नेपाल मानवअधिकार वर्ष पुस्तक २००५

यस वर्षको उल्लेख्य

अलमलिएको शान्ति प्रक्रिया

मानवअधिकार वर्ष पुस्तक २००५

(०६० पुस १७ गतेदेखि ०६१ पुस १६ गतेसम्म अर्थात् सन् २००४ भरिका घटनाहरूको संकलन)

मुख्य संयोजक
कुन्दन अर्याल

सम्पादक
कृष्ण गौतम

सम्पादन मण्डल
योगीश खरेल
प्रकाश ज्ञवाली
निर्मलमणि अधिकारी

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. ४२७८७७०, फ्याक्स नं. ४२७०५५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np
www.inseconline.org

मानवअधिकार वर्ष पुस्तक २००५

संयोजक

प्रेक्षा ओझा

(प्रमुख, मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्र)

प्रकाशन मिति

०६१ चैत २७ गते

संख्या

तीन हजार प्रति

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार

इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ।)

आई.एस.बी.एन. ९९९३३-८५८-५-९

आवरण तथा ले-आउट

गोविन्दप्रसाद त्रिपाठी

तथ्यांक प्रशोधन

प्रमीन घिमिरे

स्वागतराज प्याकुरेल

मूल्य

रु. २५०।-

मुद्रक

इन्द्रेणी अफसेट प्रेस

अनामनगर, फोन नं. ४७७१४४८

विषय सूची

		पृष्ठ संख्या
भूमिका		
परिच्छेदहरु		
परिच्छेद १	सन् २००४ को मानवअधिकार स्थिति : समग्र मूल्यांकन	१
परिच्छेद २	अलमलिएको शान्ति प्रक्रिया	१७
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	३३
	३.२ कार्यपालिका	५१
	३.३ व्यवस्थापिका	७५
परिच्छेद ४	माओवादी विद्रोह र त्रास	९१
परिच्छेद ५	सशस्त्र द्वन्द्व र जेनेभा महासन्धिको साझा धारा ३	१०१
परिच्छेद ६	वञ्चित समुदाय र विशेष व्यवस्था	१२५
अनुसूचीहरु		
अनुसूची १	सन् २००४ र मानवअधिकार उल्लंघनका तथ्यहरु	
	१. पूर्वाञ्चल	१४१
	२. मध्यमाञ्चल	२५७
	३. पश्चिमाञ्चल	४०९
	४. मध्यपश्चिमाञ्चल	५०९
	५. सुदूरपश्चिमाञ्चल	६२१
अनुसूची २	मानवअधिकार उल्लंघन तथ्यांक २००४	६६७
अनुसूची ३	सन् २००४ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरुको धारणा	६७९
अनुसूची ४	सन् २००४ को मानवअधिकार स्थितिबारे विभिन्न निकायहरुको धारणा	६९५
अनुसूची ५	क्रिया प्रतिक्रिया	७०७
अनुसूची ६	वर्ष पुस्तक २००४ तयारीका क्रममा संलग्न व्यक्तिहरु	७२१
अनुसूची ७	सन् २००४ मा राज्यद्वारा पीडित भएकाहरुको संख्या	७२६

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १४५
१.२ इलाम १५३
१.३ पाँचथर १६३
१.४ ताप्लेजुङ १७१
१.५ मोरङ १७६
१.६ सुनसरी १९१
१.७ धनकुटा १९६
१.८ तेह्रथुम २०५
१.९ भोजपुर २११
१.१० संखुवासभा २१५
१.११ सप्तरी २२०
१.१२ सिरहा २२९
१.१३ उदयपुर २३८
१.१४ खोटाङ २४४
१.१५ ओखलढुङ्गा २५१
१.१६ सोलुखुम्बु २५४

२. मध्यमाञ्चल

२.१ धनुषा २५९
२.२ महोत्तरी २६९
२.३ सर्लाही २७५
२.४ सिन्धुली २८६
२.५ रामेछाप २९७
२.६ दोलखा ३०४
२.७ रौतहट ३०९
२.८ बारा ३१८
२.९ पर्सा ३२२
२.१० चितवन ३२७
२.११ मकवानपुर ३३६
२.१२ ललितपुर ३४३
२.१३ काभ्रे ३४९
२.१४ भक्तपुर ३६४
२.१५ काठमाडौं ३६७
२.१६ धादिङ ३८६
२.१७ सिन्धुपाल्चोक ३९५
२.१८ नुवाकोट ४०२
२.१९ रसुवा ४०६

३. पश्चिमाञ्चल

३.१ तनहुँ ४११
३.२ गोरखा ४१७
३.३ लमजुङ ४२२
३.४ स्याङ्जा ४२७
३.५ कास्की ४३१
३.६ मनाङ ४४१
३.७ नवलपरासी ४४२
३.८ रुपन्देही ४५३
३.९ पाल्पा ४६१
३.१० कपिलवस्तु ४६४
३.११ अर्घाखाँची ४७३
३.१२ गुल्मी ४७९
३.१३ वाग्लुङ ४८७
३.१४ पर्वत ४९५
३.१५ म्याग्दी ५०२
३.१६ मुस्ताङ ५०७

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ५११
४.२ प्युठान ५२०
४.३ रोल्पा ५२४
४.४ सल्यान ५२९
४.५ रुकुम ५३५
४.६ बाँके ५४१
४.७ बर्दिया ५५३
४.८ सुर्खेत ५६६
४.९ जाजरकोट ५८०
४.१० दैलेख ५८७
४.११ डोल्पा ५९६
४.१२ जुम्ला ५९९
४.१३ कालिकोट ६०५
४.१४ मुगु ६१०
४.१५ हुम्ला ६१७

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ६२३
५.२ अछाम ६३१
५.३ डोटी ६३६
५.४ बाजुरा ६३९
५.५ बझाङ ६४३
५.६ कञ्चनपुर ६४८
५.७ डडेलधुरा ६५३
५.८ बैतडी ६५८
५.९ दार्चुला ६६२

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ५० वटा आवद्ध संस्थाहरु मार्फत यसका कार्यक्रमहरु देशभर संचालित छन्। मानवअधिकार उल्लंघनका घटनाहरुलाई अध्ययन अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरुको व्यवस्था गरेको छ। पाँचवटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरु छन्।

०५९ चैत २८ गते सम्पन्न साधारण सभाले ३ वर्षका लागि चयन गरेको कार्यसमिति

सल्लाहकार - सुशील प्याकुरेल
- विनयकुमार कसजू

निवर्तमान अध्यक्ष - डा. शिव शर्मा

अध्यक्ष - सुबोधराज प्याकुरेल
महासचिव - कुन्दन अर्याल
कोषाध्यक्ष - सुजिता शाक्य

सदस्यहरू
- हमिद अन्सारी
- आर के मण्डल
- पुष्पा कर्ण
- मुक्तसिंह लामा
- योगेन्द्र गुरुङ
- ज्ञानु गैरे
- विजन पन्त
- गंगादेवी कसजू

निर्देशकहरु तथा निम्न केन्द्रहरु मार्फत् इन्सेकको दैनान्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार शिक्षा तथा तलिम केन्द्र (HRE)
साक्षरता सचेतना मार्फत ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा, मानवअधिकार सम्वन्धी तालिम, मानवअधिकारको सम्वर्द्धनमा स्थानीय क्षेत्रका मानवअधिकार संस्थाहरुसँग सहकार्य।

वञ्चित समुदायका लागि अभियान केन्द्र (DGC)
बालबालिका, महिला, दलित, कृषिमजदुर, शान्ति र विकासका लागि द्वन्द्व व्यवस्थापन, जनजाति तथा अन्य पिछडिएका समुदायको अधिकार प्राप्तिको लागि उनीहरुलाई नै सक्रिय बनाउदै विभिन्न अभियान कार्यक्रममार्फत् सशक्तिकरण कार्यक्रम, बाल अधिकार सचेतना समूह (२३५), महिला सचेतना समूह।

मानवअधिकार प्रलेख तथा प्रसारण केन्द्र (DDC)
मानवअधिकार उल्लंघन सम्वन्धी घटनाहरुको अध्ययन, अनुसन्धान र मानवअधिकार रक्षा कार्यक्रम, मानवअधिकार उल्लंघन तथा ज्यादतिका घटनाका सम्वन्धमा स्थलगत अध्ययन, दैनिक रुपमा मानवअधिकार सम्वन्धी घटनाहरुको अध्यावधिक विभिन्न प्रकाशनहरु मानवअधिकार वर्ष पुस्तक, मानवअधिकार स्थिति सूचक (त्रैमासिक), प्राची (द्वैमासिक), इन्फर्मल (त्रैमासिक), इन्सेक अभियान (मासिक), वेव पेज, इन्सेक अनलाइन नियमित सञ्चालन, मानवअधिकार शिक्षा रेडियो कार्यक्रम (प्रत्येक शनिवार बिहान ८.१५ बजे रेडियो नेपालबाट) मार्फत प्रसारण एवं वितरण, रेडियो श्रोता क्लब ।

मानवअधिकार सन्धी अनुगमन केन्द्र (TMC)
मानवअधिकार सम्वन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नियम, नियमावली, सन्धि, सम्झौताको नियमित अध्ययन, अनुसन्धान, प्राथमिकता ६ महासन्धिहरु ICCPR, ICESCR, CAT, CRC, CEDAW, CERD यिनीहरुको सम्वन्धमा राज्य पक्षको दायित्व नियमित प्रतिवेदन पठाउने, जनवकालत, पठाइएका प्रतिवेदनको अनुगमन तथा वैकल्पिक एवम् छायाँ प्रतिवेदन पठाउन अन्य मानवअधिकार एवम् नागरिक समाजका विभिन्न संस्थाहरुसंग संयोजन, सहजीकरण, सञ्चारमाध्यमबाट राजनीतिक, नागरिक, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरुबाट प्राप्त सूचना, अभिव्यक्ति एवम् लेख रचनाहरुको नियमित विश्लेषण।

व्यवस्थापन सहयोग केन्द्र
माथिका सबै कार्यक्रमहरुको व्यवस्थापनमा सहयोग।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय**, जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८५२१
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय**, कलंकी, स्युचाटार, काठमाण्डौं। फोन नं. ०१- ४२८५४६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नागढुंगा, पोखरा। फोन नं. ०६१- ५२६५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नेशनल ट्रेनिङ्ग रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०३८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, हसनपुर, धनगढी। फोन नं. ०९१- ५२३२४४, ५२१०८९

हामी मानवअधिकार रक्षक

मानवअधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति मानवअधिकार रक्षकको स्वतन्त्रता एवम् सुरक्षा आजको विश्वमा ज्वलन्त विषय बनेको छ। छ वर्षअघि नै, मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिएको पचासौं वार्षिकोत्सवका अवसरमा संयुक्त राष्ट्रसंघले संसारभरका मानवअधिकार रक्षकको रक्षाका निम्ति घोषणापत्र नै जारी गरेको थियो।

"विश्वव्यापी रूपमा स्वीकारिएका मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन गर्ने व्यक्ति, समूह र समाजका अंगहरूको अधिकार र उत्तरदायित्वसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र"को पहिलो अनुच्छेदमै स्पष्ट भनिएको छ- "प्रत्येक व्यक्तिको व्यक्तिगत वा समूहगत, मानवअधिकारको संरक्षण र सम्मानका साथै मानवअधिकार र आधारभूत स्वतन्त्रता राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा सम्वर्द्धन र संरक्षणका निम्ति अग्रसर हुने अधिकार हुन्छ।"

प्रजातन्त्र र मानवअधिकारका निम्ति मानवअधिकार रक्षकहरूको सक्रियता आधारभूत शर्त हो। मानवअधिकार र सामाजिक न्यायमूखी अवधारणाको सम्मान गर्ने राज्य व्यवस्थाले संयुक्त राष्ट्रसंघको मानवअधिकार रक्षकको स्वतन्त्रतासम्बन्धी अवधारणाको पनि सम्मान गर्दछ।

संयुक्त राष्ट्रसंघको परिभाषाअनुसार मानवअधिकारकर्मीहरूका अतिरिक्त आफ्नो अधिकार र कर्तव्यप्रति सजग पत्रकार, वकिल, शिक्षक, प्राध्यापक जस्ता सम्पूर्ण सचेत व्यावसायिक बुद्धिजीवीहरू मानवअधिकार कार्यकर्ता हुन्। प्रजातान्त्रिक हक अधिकारहरू खतरामा परेको समयमा मानवअधिकार रक्षकहरू पनि स्वतः जोखिममा पर्ने गर्दछन्। विश्वका विभिन्न मुलुकको यस्तै यथार्थबाट पाठ सिकेर मानवअधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्रको तयारी शुरू भएको थियो। राष्ट्रसंघका सदस्य मुलुकहरूले मानवअधिकार रक्षकहरूका निम्ति मानवअधिकारको संरक्षण र सम्वर्द्धनको कार्य स्वतन्त्र वातावरणमा गर्न पाउने कुराको प्रत्याभूति गर्नैपर्छ भन्ने अभिप्रायका साथ "विश्वव्यापी रूपमा स्वीकारिएका मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन गर्ने व्यक्ति, समूह र समाजका अंगहरूको अधिकार र उत्तरदायित्वसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र" जारी गरियो। जसलाई छोटकरीमा मानवअधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्र भन्ने गरिन्छ। यद्यपि अन्य घोषणापत्रहरूझैं यो घोषणापत्र पनि राज्यहरूका निम्ति कानुनी बन्धन होइन। तर, राष्ट्रसंघद्वारा पारित कैयन् अन्तर्राष्ट्रिय कानुनहरूले यो घोषणापत्रमा समेटिएका मर्मको प्रत्याभूति गरेका छन्। खासगरी नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले प्रत्याभूत गरेका अधिकारहरूलाई यो घोषणापत्रमा मानवअधिकार रक्षकको अधिकारका रूपमा समेटिएको छ।

मानवअधिकार रक्षकहरूको अधिकारसम्बन्धी घोषणापत्रले मानवअधिकार उल्लंघनसम्बन्धी सूचनाको माग गर्ने, पाउने र प्रसार गर्ने स्वतन्त्रताको स्पष्ट उल्लेख गरेको छ। घोषणापत्रमा राज्यले यससम्बन्धी व्यवस्था गर्नुपर्ने कुरामा जोड दिइएको छ। मानवअधिकार रक्षकहरूले राज्यका क्रियाकलापको आलोचना गर्न पाउनु पर्छ। किनकी, संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्र मानवअधिकार रक्षकको स्वतन्त्र भूमिकाको सम्मान गर्नुपर्ने दायित्वमा बाँधिएका छन्।

मानवअधिकार रक्षकको सुरक्षा र उनीहरूलाई सहयोग गर्ने नीति युरोपेली समुदायको वैदेशिक सम्बन्धका सन्दर्भमा निर्णायक रहँदै आएको छ। युरोपेली समुदायले यही अवधारणालाई समेटेर आफ्ना लागि मानवअधिकार रक्षकको सुरक्षासम्बन्धी निर्देशिका नै तयार गरेको छ। निर्देशिका अनुसार युरोपेली राष्ट्रहरूले वैदेशिक सहयोगका सन्दर्भमा मानवअधिकारको सम्वर्द्धन र संरक्षणलाई आधारभूत शर्तका रूपमा ग्रहण गर्ने गरेका छन्।

मार्गदर्शनमा कुनै पनि देशको मानवअधिकारको अवस्थामा सुधार ल्याउन राष्ट्रसंघीय मानवअधिकार आयोगको विशेष प्रक्रियाको उपयोग गर्न मानवअधिकार रक्षकहरूलाई सघाउने विषयमा पनि स्पष्ट उल्लेख गरिएको छ। यसअनुसार देशभित्रका विद्यमान मानवअधिकार संयन्त्रहरूले अनुगमनलगायतका कामहरू गर्न नसक्ने अवस्था भएको खण्डमा राष्ट्रसंघको मानवअधिकार रक्षकसम्बन्धी विशेष प्रतिनिधि र उपयुक्त क्षेत्रीय संरचनाको स्थापनाका लागि पहल वा सहयोग गरिने कुरा पनि पर्दछ।

यसरी आजको प्रजातन्त्र र मानवअधिकारको सम्मान गर्ने मानव सभ्यताले मानवअधिकार रक्षकको सक्रियता र सुरक्षालाई प्राथमिक सवालका रूपमा मान्यता प्रदान गरेको छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले मानवअधिकार रक्षकहरूको सक्रियताका निम्ति आवश्यक अधिकारहरूसहितको मानवअधिकारको प्रत्याभूति गरेको छ। तीमध्ये सूचनाको पहुँच र पारदर्शीताका साथै सरकारी काम-कारवाहीमा उत्तरदायित्वको प्रत्याभूति माग गर्ने अधिकारहरू समेत पर्दछन्।

हामी, नेपालका मानवअधिकार रक्षकहरू उल्लेखित प्रावधान वा व्यवस्थाहरूको व्यावहारिक प्रत्याभूतिका निम्ति संघर्षरत रहँदै मानवअधिकार अभियानलाई अगाडि बढाइरहेका छौं। सन् २००४ मा पनि इन्सेकका प्रतिनिधिहरूले घटनाको जानकारी वा तथ्यांक संकलनका क्रममा अनेक जटिलता र चुनौतीको सामना गर्नुपर्‍यो। तर, नागरिक हक अधिकारमाथि ग्रहण लागेको आजको अवस्थामा पनि हामीले बाधा अड्चनलाई पन्छाउँदै मानवअधिकार रक्षकको एउटा तत्कालीन दायित्व पूरा गरेका छौं। देशका समस्त मानवअधिकार रक्षकहरूको साझा प्रयत्नको प्रतिफलका रूपमा हामीले मानवअधिकार वर्ष पुस्तक २००५ तपाईंको हातमा पुर्‍याएका छौं।

०६१ चैत २७ गते, काठमाडौं

सुबोधराज प्याकुरेल
अध्यक्ष

आभार :

मानवअधिकार वर्ष पुस्तक २००५ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दुतावास, इको तथा इइडीप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लंघनका घटनाहरुको विवरण संकलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरु विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्ष पुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नु हुने तमाम संस्था तथा व्यक्तिहरुमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २००४ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेशागत संघसंस्थाहरुप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद १

सन् २००४ को मानवअधिकार स्थिति : समग्र मूल्यांकन

सन् २००४ मानवअधिकार र प्रजातान्त्रिक अभ्यासका दृष्टिकोणले सकारात्मक रहेन। यस वर्ष हिंसात्मक द्वन्द्वकै कारण करिब ३ हजार नेपालीको ज्यान गयो। यही द्वन्द्व वा यसको नियन्त्रण गर्ने नाममा भएका कारबाहीका क्रममा यो वर्ष पनि हत्या, स्वेच्छाचारी गिरफ्तारी, यातना, नक्कली भिडन्त, अपहरण वा बेपत्ता पार्ने जस्ता घटना प्रकाशमा आए। जनताको युद्धका नाममा ठूलो संख्यामा नेपालीले माओवादीहरुबाट अपहरित हुनु पर्‍यो। देशव्यापी रुपमा यस वर्ष २६ हजारभन्दा बढीले अपहरणबाट पीडित हुनु परेको तथ्यांकमा देखिन्छ। विद्युतीय धराप यस वर्ष पनि अर्को त्रासका रुपमा रह्यो। यो वर्ष माओवादीहरुले थापेको विद्युतीय धरापमा परेर १ सय १२ जनाको ज्यान गयो भने झण्डै ३ सय जना घाइते हुन पुगे। देशका विभिन्न ठाउँमा भएका विस्फोटबाट १ सय ३२ जनाको मृत्यु भयो भने ३ सय ६३ जना घाइते भए।

यो वर्ष माओवादीले कूल १ हजार ७७ जनाको ज्यान लिए। सुरक्षाकर्मीको माओवादी नियन्त्रण गर्ने नाममा भएका कारवाहीहरुमा कूल १ हजार ६ सय ४ जनाको मृत्यु भयो। खासगरी माओवादीहरुले फैलाएको त्रासका कारण यस वर्ष पनि ठूलो संख्यामा सर्वसाधारणले बसी आएको थालो छाड्नु पर्‍यो। इन्सेकको अभिलेख तथा प्रसार केन्द्रमा मात्रै यस वर्ष देशव्यापी रुपमा १२ हजार १ सय ७९ जना विस्थापित हुनु परेको अभिलेख छ। तर विस्थापितहरुको वास्तविक संख्या अभिलेखमा आएको यो संख्याको चार गुना हुनसक्ने अनुमान छ।

बितेका केही वर्षहरु झैं वर्ष २००४ मा पनि युद्धरत् दुबै पक्षप्रति असहमत शान्तिकामी जनता दुई ढुंगाको चेपुवामा परे। एकथरीको नारा छ, समाजको आमूल रुपान्तरण वा नयाँ सत्ताको स्थापना। अर्कोको घोषणा छ, आतंकवादको अन्त्य। दुबैको शक्ति अभ्यासको योगका रुपमा सन् २००४ पनि हिंसात्मक आन्तरिक द्वन्द्वमै बित्यो। यस्तै भीषण द्वन्द्वका कारण बितेको नौ वर्षको अवधिमा ११ हजार २ सय ३१ मानिसको ज्यान गइसकेको छ। तीमध्ये अधिकांश देशको उत्पीडित र वञ्चित समुदायका सर्वसाधारणहरु नै छन्। ग्रामीण इलाकाका गरिब, दलित, जनजाति र आदिवासी युद्धरत् दुबै पक्षबाट सबभन्दा बढी क्षति यिनीहरुकै भएको छ। मानवअधिकार वर्ष पुस्तक सन् २००५ मा यही तथ्य प्रष्ट झल्किन्छ। आजको नेपालमा नागरिक तथा राजनीतिक अधिकार एवम् आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्थाको समीक्षा गर्दा मूलत: निम्नलिखित यथार्थको सेरोफेरोमा रहेर गर्न सकिन्छ :

क) वर्षौंदेखि विद्यमान विभेद, शोषण, कुरीतिजन्य संरचनागत समस्या

ख) मानवअधिकार उल्लंघनको तत्कालीन कारण

हिंसात्मक द्वन्द्व

विगतका मानवअधिकार वर्ष पुस्तकहरुझैं यसमा पनि नेपालको मानवअधिकार अवस्थाको चर्चा गर्दा संरचनागत र तत्कालीन विषयवस्तुलाई खोतलिएको छ। यसक्रममा यतिखेरको नेपाली जनजीवनको सबभन्दा टड्कारो त्रासो हिंसात्मक द्वन्द्वका बारेमा मात्र होइन, नेपाली समाजलाई यहाँसम्म ल्याइपुर्‍याउने संरचनागत कारकतत्वहरुका सम्बन्धमा समेत सैद्धान्तिक छलफल गरिएको छ। यी दुई आयाममा नेपालको मानवअधिकार अवस्थाको चर्चा गर्दै समाधानका उपायहरुका सम्बन्धमा अपेक्षित राजनीतिक इच्छाशक्तिको पनि समीक्षा गरिएको छ।

सन् २००४ मा नेपाली जनता मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र ती कानुनहरुलाई घरेलुकरण गर्ने क्रममा बनेका राष्ट्रिय कानुनहरुको निर्वाध उपभोगबाट वञ्चित रहे। जनताको बाँच्न पाउने आधारभूत अधिकारको राज्यले सम्मान र रक्षा गर्न सकेन। यस वर्ष पुस्तकमा निम्नलिखित अन्तर्राष्ट्रिय कानुनका प्रावधान र नेपालको यथार्थबीचको अन्तरलाई देखाउने प्रयत्न गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र

- जीवन र व्यक्तिगत सुरक्षाको अधिकार (धारा ६)
- गैरकानुनी गिरफ्तारी व्यक्तिगत सुरक्षा (धारा ९)
- निष्पक्ष अदालती कारवाही तथा सुनुवाईको अधिकार (धारा १४)
- विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १९)
- राजनीतिक जीवनमा सहभागिताको अधिकार (धारा २५)
- शान्तिपूर्ण भेला हुने अधिकार (धारा २१)
- स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने तथा बसोबासको अधिकार (धारा १२)
- विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १९)

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र

- जीवन यापनका लागि काम गर्न पाउने अधिकार (धारा ६)
- दासताबाट मुक्त हुन पाउने अधिकार (६)
- शिक्षाको अधिकार (१३)
- खाना पाउने अधिकार (धारा ११)
- आवास तथा बसोबासको अधिकार (धारा ११.१)

महिला विरुद्ध हुने गरेका सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि

बालअधिकारसम्बन्धी महासन्धि

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

यातना तथा क्रूर अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको महासन्धि

क. वर्षौंदेखि विद्यमान विभेद, शोषण, कुरीतिजन्य संरचनागत समस्या

नेपाली समाजमा शताब्दीऔंदेखि अनेक विभेदहरु रहिआएका छन्। वञ्चित समुदायहरु राज्यको मूलधारमा अझ समेटिएका छैनन्। उनीहरु आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा अवसरहरुबाट वञ्चित छन्। त्यही कारण उनीहरु नागरिक तथा राजनीतिक अधिकारहरुको उपभोग गर्ने सवालमा पनि सदैव पछाडि पारिंदै आएका छन्।

सन् २००४ मा पनि जातीय विभेद, छुवाछुत र बालविवाहका घटनाहरु अभिलेखमा आएका छन्। महोत्तरी जिल्ला गौशाला गाविसका स्थायी बासिन्दा कृषि विकास बैंक, गौशालाका पियन राजेन्द्र महतोले आफ्नै नाता पर्ने त्यही ठाउंकी एक २२ वर्षीय युवतीलाई भारतको मज्जफरपुरको वेश्यालयमा पुऱ्याई बिक्री गरे। तर, पीडित आफैं भाग्न सफल भई प्रहरीको शरणमा पुगे पनि पीडकलाई कारवाही भएन।

यो वर्ष पनि अबोध बालबालिकादेखि ५५ वर्षकी महिलासमेत बलात्कारको शिकार भएका छन्। कानुन बहाल गराउने र शान्ति सुरक्षा कायम गराउने निकायको अनुपस्थितिका कारण मानवताविरुद्धको यस्तो अपराधमा बढोत्तरी भएको हुनसक्ने आधार देखिन्छ। यस सन्दर्भमा सुनसरी जिल्लामा भएको बलात्कारका श्रृंखलाबद्ध घटनाहरुको उदाहरण उल्लेखनीय छ।

नेपाली महिला आजको युगमा पनि घरबाहिर मात्र होइन, घर भित्रसमेत असुरक्षित छन्। सर्लाही जानकीनगर गाविसकी एक १६ वर्षीय महिलालाई आफ्नै पति बेचु मण्डलले हातगोडा बाँधी कुटपिट गर्दै शरीरमा मट्टितेल खन्याई आगोमा जलाइदिए। मण्डलले पत्नीद्वारा वैवाहिक बलात्कारको प्रतिकार भएको झोंकमा त्यस्तो ज्यादति गरेका थिए। पीडितको शरीर पूरै कुरुप भएको छ। तर उनले कहीं कतै उजुरी गरेकी छैनन्।

नेपालले सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरेको छ। सन् २००३ मा सरकारले संयुक्त राष्ट्रसंघको यससम्बन्धी समितिमा एकैपटक दुईवटा आवधिक प्रतिवेदन पनि बुझायो। नेपालमा जातीय विभेद र छुवाछुतलाई कानुनीरुपमै निषेध गरिएको छ। तर, राज्यले सन् २००४ मा पनि नेपाली जनताको यस्तो अधिकारको संरक्षण गर्न नसकेको उदाहरणको सूची लामो बन्न सक्छ। सर्लाही जिल्ला अत्रौली गाविस, खोरगाउंका लेखबहादुर विश्वकर्मालाई त्यही गाविसका प्रेमबहादुर बलले गाईको मासु बोक्न लगाई दलित समुदायका घरघरमा घुमाएका थिए। त्यसरी अत्यन्त अपमानजनक व्यवहार गरिएकोमा पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। तर पीडक कागज गरेर उम्किए। माफी माग्छु भनेर उनी दण्ड-जरिवाना बिना नै मुक्त भए।

नेपालमा एकातिर जातीय र लैंगिक विभेदका संरचनागत समस्याहरु छन्। अर्कोतिर हिंसात्मक द्वन्द्वका कारण महिला, दलितलगायत्का वञ्चित समुदायउपरको ज्यादति अझ बढेको छ। यससम्बन्धमा हामीले गएको वर्ष पनि चर्चा गरिसकेका छौं। सन् २००४ को अन्त्यतिर एम्नेष्टी इन्टरनेशनलले "लाइभ्स ब्रोकन अपार्ट-क्राइम अगेन्स्ट वीमन इन टाइम्स अफ कन्फ्लिक्ट- स्टप भायलेन्स एगेन्स्ट वीमन" शीर्षकमा यही समस्यालाई समेट्दै एउटा विश्वव्यापी प्रतिवेदन सार्वजनिक गरेको थियो। प्रतिवेदनमा अफगानिस्तान, कोलम्बिया, सुडान जस्ता देशहरुसँगै नेपालको नाम पनि उल्लेख गरिएको छ। हिंसात्मक द्वन्द्वका कारण महिलामाथि भएको ज्यादतिको एउटा उल्लेखनीय उदाहरणका रुपमा यस वर्ष काभ्रेको खरेलथोककी मैना सुनारको विभत्स हत्याको घटनालाई लिन सकिन्छ।

चितवन जिल्ला खैरेनी गाविसका १२ वर्षीय ध्रुवप्रसाद थर्पलिया जनकपुरको एक मध्यम वर्गीय परिवारमा घरेलु कामदारका रुपमा रही आएका थिए। एकदिन घरकी मालिक्नी पैंतालीस वर्षीय मधु मल्लिकले दुध चोरेर खाएको अभियोगमा पन्यूँ तताएर बालश्रमिक थर्पलियाको दुवै गाला, ओंठ, निधार र पिठ्यूँमा डामिदिइन्। बालकलाई यातना दिने पीडकलाई जिल्ला महिला अधिकार सरोकार समूहको पहलमा जिल्ला प्रशासन कार्यालयले दश हजार रुपैयाँ क्षतिपूर्ति बापत तिरायो। तर, वर्ष २००४ मा यसरी यातना दिने सबैलाई दण्ड जरिवाना भयो भन्न सकिने आधार छैन।

सन् २००४ मा समेत बालविवाहका केही घटना अभिलेखमा आएका छन्। यसबाट नेपालमा बालविवाह जीवित रहेको देखिन्छ। जाजरकोटको ढिमे गाविस, नारेका १३ वर्षीय रामबहादुर शाही र त्यही ठाउंकी १२ वर्षीय डिलमाया थापालाई अभिभावकहरुले विवाह बन्धनमा बाँधिदिए। महोत्तरी जिल्लाको मठिहानी गाविसकी पांच वर्षीय रेखाकुमारी डोम र धनुषा जिल्ला बर्तनिया गाविसका ६ वर्षीय अरुण मल्लिक डोमबीच सम्पन्न विवाहलाई बालविवाहको अर्को उदाहरणका रुपमा लिन सकिन्छ।

ख. हिंसात्मक द्वन्द्व : मानवअधिकार र मानवीय कानुनको चिहान

सन् २००४ मा पनि मानवअधिकार र मानवीय कानुनको अपहरण र अवहेलनाको मूल कारणका रुपमा

हिंसात्मक द्वन्द्व नै रह्यो। वितेका नौ वर्षहरु झैं यो वर्ष पनि देशव्यापी रुपमा वर्वर हत्या, अराजकता र दण्डहीनताका घटना भए।

दुई ढुंगाको चेपुवामा

झापाको चारपाने गाविसका १५ वर्षीय दिनेश मगर विरामीका साथमा एम्वुलेन्समा अगाडि वसेर गइरहेका थिए। वेलुकीको समय थियो। चन्द्रगढी केन्द्रमोडमा प्रहरीले अन्धाधुन्ध चलाएको गोली देब्रे पाखुरामा लागेपछि उनी घाइते भए।

उदयपुरको ठोक्सिला गाविस रामपुरका युवक उत्तम गुरागाईंलाई माओवादीको सशस्त्र हतियारधारी समूहले वाटोमा विछ्याएको धराप विगारीदिएको अभियोगमा अत्यन्त वर्वरतापूर्वक मारे। माओवादीले विछ्याएको धरापको तार चलाउँदै गर्दा उनीहरुको कब्जामा परेका गुरागाईंलाई नजिकैको खोलाको किनारमा ढुंगाले किचेर मारियो।

यसरी सन् २००४ मा पनि युद्धमा असंलग्न सर्वसाधारण युद्धरत् दुवै पक्षवाट पीडित भए। माओवादीद्वारा सञ्चालित गतिविधिवाट वालवालिकादेखि वृद्धवृद्धा र युद्धको कुनै पनि पक्षमा संलग्न नभएकाहरु पीडित भएका कैयन् घटना यस वर्ष पुस्तकमा समेटिएका छन्। माओवादीको गतिविधिउपर नियन्त्रण कायम गर्ने नाममा भएका कारवाहीका क्रममा पनि सर्वसाधारणले पीडित हुनु परेको छ।

पाँचथर जिल्ला ओयाम गाविस लिख्याङका दाजुभाई १७ वर्षीय छत्रवहादुर र १५ वर्षीय चन्द्रवीर काम्वाङलाई थर्पू गाविसको वन्दूके भन्ने ठाउँमा सुरक्षाकर्मीले पर्ख भनेर रोक्न खोजे। उनीहरु रोकिएनन्, सुरक्षाकर्मीलाई गोली चलाउन त्यति नै पर्याप्त भयो। दुवैजना तत्काले मारिए। वावु सारवहादुरका अनुमार पीडित दुवै कान नसुन्ने थिए। सुरक्षा निकायले कारवाहीमा माओवादी मारिएको दावी गर्‍यो। त्यही व्यहोराको मुल्चुका वनाइयो। तर तेत्तीस जना स्थानीयवासीले निर्दोष व्यक्तिको हत्या भएको जनाउँदै हस्ताक्षर संकलन गरे।

धनुषाको वेङ्गाडावर गाविसका ५२ वर्षीय लक्ष्मेश्वर पुर्वे र ३५ वर्षीय वेचन साह लहेरी डाँकावाट गाउँलाई जोगाउन वजारमा पहरा दिइरहेका थिए। उनीहरु स्थानीय गाउँ सुरक्षा समितिमा संलग्न थिए। गाउँको सुरक्षाका निम्ति राती पहरा दिने गरिएको सम्वन्धमा उनीहरुले प्रहरी प्रशासनलाई लिखित रुपमै अवगत गराएका पनि थिए। तर एक रात सुरक्षाकर्मी गस्तिमा आए र उनीहरुले आफ्नो परिचय पनि दिन नपाउँदै गोली चलाए। दुवैको घटनास्थलमै मृत्यु भयो।

माओवादीको नियन्त्रण गर्ने नाममा सुरक्षाकर्मीद्वारा जथाभावी गोली चलाइएका घटना सन् २००४ मा पनि अभिलेखमा आएका छन्। सर्लाही जिल्लाको सिसौटीया गाविसको नयाँवस्तीमा पनि त्यस्तै घटना भयो। २५ वर्षीय वालकेशरीदेवी वर्ष दिन पनि नपुगेकी आफ्नी छोरीलाई काखमा लिएर घरभित्र वसिरहेकी थिइन्। अकस्मात् गोली चल्यो। उनले छोरीको जीवन आफूले गोली थापेर जोगाइन्। तर आमाको काखमा रमाइरहेकी नावालिका चन्दा सहनीलाई पनि गोली लाग्यो र उनी गम्भीर रुपमा घाइते भइन्।

नेपालगञ्ज-गुलरिया मार्गमा पर्ने वाँके उढरापुर गाविसस्थित वीपी प्रतिक्षालयनजिकै दिउँसोको उज्यालोमै दुई साइकल यात्री युवक सुरक्षाकर्मीको गोलीवाट मारिए। वर्दिया

सन् २००४ मा भएका मानवअधिकार उल्लंघनका घटनामा पीडित संख्या (महासन्धि अनुसार)



गल्गियाका २४ वर्षीय सुरबहादुर चौधरी नेपालगन्ज नगरपालिकाको घरबारीटोलस्थित कृष्ण इन्टरप्राइजेजमा काम गर्दथे। अर्को पीडित बाँकेको मितापुर गाविसका २३ वर्षीय मनोजकुमार विश्वकर्मा साथीसँग फाग् मनाउन साइकलमा घर गइरहेका थिए। सुरक्षाफौज चढेको गाडीको बम विद्युतीय धरापमा पार्न खोज्दै गरेका अवस्थामा चलाइएको गोलीबाट दुई माओवादीको मृत्यु भएको संयुक्त सुरक्षाफौजले जनायो। तर, प्रत्यक्षदर्शीहरुका सुरक्षाकर्मीले साइकलमा आफ्नो बाटो गइरहेका सर्वसाधारणलाई माओवादी हुन् की भन्ने आशंका मात्रका आधारमा गोली चलाइएको थियो।

युद्धबाट अपहरित बालापन

बालअधिकारका सम्बन्धमा आधुनिक अवधारणा वा सैद्धान्तिक जानकारीको कमी रहेको नेपाली समाज र राजनीतिक वृतका कारण संरचनागत समस्या त कायमै छ। त्यससमाथि हिंसात्मक द्वन्द्वका कारण तमाम नेपाली बालबालिकाको बालापन अपहरित भएको छ।

यो वर्ष झापाको बाहुनडाँगी जाने यात्रुवाहक बसमा माओवादीले चलाएको अन्धाधुन्ध गोलीबाट बाहुनडाँगी गाविसकी ९ वर्षीय गायत्री निरौला ठहरै भइन्। त्यसको एक महिना पनि नबित्दै तेह्रथुमको खाम्लालुङ गाविसकी १४ वर्षीय तारादेवी ढुंगाना र त्यहींकी ४ वर्षीय कला तिम्सिनाको घरमै भएको बम विस्फोटनमा परी मृत्यु भयो। बास बसेको घरमा लापरवाहीपूर्वक माओवादीका सैन्य दस्ताले राखेको विस्फोटका कारण ती दुई निर्दोष बालिकाको ज्यान गएको थियो।

गोरखाको पृथ्वीनारायण नगरपालिका लक्ष्मीबजारमा घर नजिकको एसेलुबारीमा माओवादीले छाडेको बम खेलाउदा विस्फोट भई चार वर्षीय विशाल श्रेष्ठको तत्कालै मृत्यु भयो। सँगै खेल्दै गरेका अर्को चार वर्षीय बालक संगम थापा मगर गम्भीर रुपमा घाइते भए।

अर्घाखाँचीको जलके गाविस लामातालका ९ वर्षीय नरबहादुर मगरले बाटोमा खेल्दाखेल्दै अनौठो चिज भेट्टाए। कौतुहलतापूर्वक उनी त्यसलाई ओल्टाइपोल्टाइ हेर्न थाले। त्यतिले चित्त नबुझेर उनले त्यसलाई घरै लगे। खेलाउदा-खेलाउदै त्यो विस्फोट भयो र नरबहादुरको तत्कालै मृत्यु भयो। उनले अज्ञानतावश त्यसरी खेलाएको चिज अरु केही होइन, माओवादीले बेवारिशे अवस्थामा छाडेर गएको सकेट बम नै थियो।

विद्यालयलाई शान्ति क्षेत्र बनाइनुपर्ने नागरिक समाजको मागलाई माओवादीहरुले सन् २००४ मा पनि बेवास्ता गरे। कपिलवस्तु जिल्लाको निग्लिहवा गाविसस्थित कनकमनी माध्यमिक विद्यालय श्रीनगर जगदीशपुरमा माओवादी कार्यकर्ताले पठन-पाठन रोकेर माध्यमिक तहका सबै विद्यार्थीलाई जबर्जस्ती विद्यालय प्राङ्गणमै बंकर खन्न लगाए। कक्षा ८ देखि १० सम्मका करिब दुई सय विद्यार्थीहरुलाई त्यसरी करिब चार घण्टासम्म खन्न लगाइयो। खाडल खन्ने कार्य सकिइसकेपछि मात्र सुरक्षाकर्मीलाई थाहा भयो। खनिएको बंकर पुर्न त्यसपछि सुरक्षाकर्मीले वरपरका स्थानीयबासीलाई पठाए।

रामेछाप गुन्सी गाविसकी १४ वर्षीय नमिता तामाङ गुराँसेडाँडामा गाई चराउदै थिइन्। अकस्मात उनले नजिकै केही पड्किएको सुनिन्। उनी तत्कालै बेहोश भइन्। सुरक्षाकर्मीले चलाएको गोली उनको खुट्टामा लागेको थियो।

अभिव्यक्ति स्वतन्त्रता

सन् २००४ नेपाली समाजका प्रजातन्त्र र मानवअधिकारपक्षीय व्यावसायिक बुद्धिजीवीलगायत्का तमाम मानवअधिकार रक्षकका निम्ति चुनौतिपूर्ण रह्यो। युद्धरत दुवै पक्षमा रहेको आफ्नो गल्ती, कमजोरी वा अपराध सार्वजनिक नहोस् भन्ने चाहनाका कारण पत्रकार, वकिल वा मानवअधिकारकर्मीहरु शारीरिक र मानसिक आक्रमणको शिकार भए।

बझाङ लामातोला गाविस देहलीका अर्जुनबहादुर थापाले कम्बोडियाका पोलपोटको "वामपन्थी उग्रवाद" को उल्लेख गर्दै "कम्युनिष्ट आन्दोलनको एक झलक (विश्व-नेपाल-बझाङ" नामक पुस्तक प्रकाशित गरे। माओवादीलाई उनीमाथि ज्यादती गर्न त्यति नै पर्याप्त हुन गयो। लेखक थापालाई दश-दश दिनसम्म अपहरित अवस्थामा राखियो। अकल्पनीय यान्त्रणा उनी, उनका परिवारजन, आफन्त, मित्र र हितैषीहरुले सहन गर्नु पर्‍यो।

बाजुरा कोल्टी गाविसस्थित नेपाल समाचारपत्र दैनिकका सम्वाददाता छक्कबहादुर मल्ललाई झुठा समाचार सम्प्रेषण गरेको अभियोगमा प्रहरीले गिरफ्तार गर्‍यो। उनलाई समाचार लेखेकै कारण धम्कीसमेत दिएर दोश्रो दिन रिहा गरियो। अन्नपूर्णपोष्ट दैनिक तथा राससका रौतहट सम्वाददाता प्रभातकुमार झालाई समाचार लेखेकै कारण जिल्ला प्रहरी कार्यालय गौरमा बोलाइयो। सुरक्षाकर्मीद्वारा साढे दुई घण्टासम्म बयान लिइएपश्चात् उनलाई छाडियो। देशका विभिन्न ठाउमा भएका यस्ता घटनाहरु मानवअधिकार वर्ष पुस्तकमा समेटिएका छन्।

आफ्नो आलोचना भएको, गलत क्रियाकलापको भण्डाफोर गरिएको वा सुधार गर्न आव्हान गरिएको सूचना वा टिप्पणीप्रति माओवादीहरु पनि अत्यन्त असहिष्णु हुने गरेका छन्। सन् २००४ मा पनि त्यस्ता घटना प्रकाशमा आएका छन्। रेडियो नेपालका दैलेख सम्वाददाता एवम् मानवअधिकार तथा शान्ति समाज जिल्ला समितिका

मल्लाहकार डेकेन्द्रराज थापालाई माओवादीले अपहरण गरी सात हप्तासम्म यातना दिँदै नियन्त्रणमा राखे। अपहरण गरे। देशव्यापी रुपमा उनको सकुशल मुक्तिको माग हुन थालेपछि माओवादीद्वारा उनको हत्या गरिएको सूचना सार्वजनिक गरियो। थापाको गाउँ नारायण नगरपालिका वरपर उनको सफाया गरिसकिएको विज्ञप्ति छरेर त्यस्तो जानकारी दिइएको थियो।

दण्डहीनता र कानुनको बेवास्ता

वितेका केही वर्षहरुझैं यस वर्ष पनि नेपालमा दण्डहीनता र अराजकताको नियन्त्रण हुन सकेन। माओवादीका अराजकताका घटनाहरुले आम जनजीवन र शान्ति-सुरक्षामा प्रतिकूल असर पार्‍यो। साथै, राज्यका प्रतिनिधिहरुबाटै घरेलु कानुन र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुनको समेत बेवास्ता गरिएपछि स्थितिमा सुधार आउने कुरै भएन।

संखुवासभाको खाँदवारी नगरपालिकाका सर्वसाधारण कुलबहादुर राई र उनकी पत्नी लक्ष्मीमायालाई माओवादीहरु आफ्नो वर्ग शत्रु ठहर्‍याउन सक्दैनन्। राई दम्पतिउपर उनीहरुले गरेको ज्यादतिको माओवादीहरुसँग कुनै जवाफ पनि छैन्। एकदिन संखुवासभाका माओवादीले जाँड बेच्नु अपराध हो भन्ने ठहर्‍याए। त्यसपछि उनीहरु जाँड बेच्नेलाई सजाय दिने तथाकथित अभियानमा लागे। त्यही क्रममा उनीहरुले जाँड बेचेको आरोप लगाई कुलबहादुरलाई अरुण नदीमा मिल्क्याइदिए। उनकी पत्नी लक्ष्मीमायालाई गोली हानेर मारियो।

राज्यको अनुपस्थितिका कारण दण्डहीनता र माओवादीको ज्यादति बढेका उदाहरण अनेक छन्। कपिलबस्तु गजेहडा गविस डुंगाकी २२ वर्षीय दुर्गा पौडेलको रहस्यमय ढंगले मृत्यु भयो। उनको लाश झुण्डिएको अवस्थामा भेट्टिएको थियो। पति हुमनाथ, सासु लक्ष्मी र आमाजूले मिलेर दुर्गाको हत्या गरेको निष्कर्षमा स्थनीयवासिन्दा पुगे। तर प्रहरीले घटनाको जाहेरी लिन मानेन। स्थानीय महिला समूहको अग्रसरतामा आमा-छोरीलाई मोसो दलेर गाउँ घुमाइयो। त्यसपछि दुर्गाको सासुलाई माओवादीले अपहरण गरे। पति हुमनाथ भने हालसम्म फरार छन्। सासु लक्ष्मीलाई माओवादीले अर्घाखाँचीको श्रम शिविर पुर्‍याएका थिए। सुरक्षा फौजले उनलाई त्यहाँबाट छुटाई घरमै ल्याएर छाडिदियो।

देशका सबैजसो जिल्लामा खासगरी जिल्ला सदरमुकाम बाहिर राज्यको उपस्थिति देखिन छाडेको छ। राज्यको पहुँचभन्दा बाहिर माओवादीहरुको अराजकताले सीमा नाघेको छ। पर्वत बाच्छा गाविस सिम्लेमा सार्वजनिक टेलिफोन सञ्चालन गरेर बसिरहेकी भगवती आचार्य माओवादीहरुको कालो खातामा परिन्। उनमाथि गाउँलेलाई ठगी गरेको तथा हिसाब-किताबमा पारदर्शिता नअपनाएको आरोप लगाइयो। त्यसपछि सजायस्वरुप माओवादीले उनलाई मोसो दलेर जुत्ताको माला पहिर्‍याई तीन पटकसम्म गाउँ घुमाए। उनको टेलिफोन सेटसमेत माओवादीहरुले आफ्नो कब्जामा लिए।

खासगरी दुर्गम ठाउँमा माओवादीहरुको अराजकताका कारण सर्वसाधारण अत्यन्त पीडित भएका छन्। रुकुम घेत्मा गाविसका अड्चालीस वर्षीय टिकाराम उपाध्याय पूजापाठ गरी जीविकोपार्जन गर्दथे। माओवादीलाई उनी त्यसरी

धराप तथा बम विस्फोटमा मारिएका पीडितहरु (उमेर अनुसार, २००४)



जजमानी गर्न हिंडेको मन परेन। एकदिन सत्यनारायणको पूजा गर्न गराउन गाविसतिर जान लाग्दा माओवादीले उनलाई आफ्नो कब्जामा लिए। त्यसपछि उनको छातीमा "ब्राम्हणवाद मुर्दावाद" लेखेको कागज झुण्ड्याइयो। उनलाई कागजको फर्के टोपी पहिऱ्याइयो। पुरोहित भएर हिंडेको आरोपमा त्यसपछि उनलाई त्यही अवस्थामा चारचार वटा गाविसमा घुमाइयो।

तर यस्तै-यस्तै प्रकारको अराजक क्रियाकलापमा विद्रोहीहरु मात्र होइन, सुरक्षाकर्मीहरु समेत संलग्न देखिएका छन्। बझाङ रिठापाटा गाविसका भीमबहादुर बोहोरालाई चेकपोष्टमा बसेका सुरक्षाकर्मीले पक्राउ गरे। घरेलु रक्सी सदरमुकाम लग्न लागेको आरोपमा उनलाई गिरफ्तार गरियो। त्यसपछि उनलाई नै रक्सी खान लगाइयो। उनले भने, "पाँच-पाँच लिटर रक्सी खान सक्दिन।" त्यसपछि उनलाई त्यही रक्सीले नुहाउन लगाइयो। त्यसरी टाउकोमा रक्सी खन्याउन लगाउँदै उनलाई कुटपिट गरियो।

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकाको अस्पताल चोकमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान खड्गबहादुर कार्कीलाई एकजना असईको नेतृत्वमा कुटपिट गरी गम्भीर रुपमा घाइते बनाइयो। असई भरत ठाकुर उनका छोरा रोशन र हवल्दार बन्धन सिंहले सार्वजनिक स्थलमा प्रहरीलाई नै गरेको कुटपिटको घटनाबाट हिरासतमा सर्वसाधारणमाथि कस्तो व्यवहार होला भन्ने अनुमान गर्न सकिने आधार प्रदान गरेको छ। असईका छोरा रोशनसगको विवाद बढ्दै गएपछि कुटपिट गरिएको थियो। प्रहरी जवान कार्कीलाई अत्यन्त निर्मम तरिकाले कुटपिट मात्र गरिएन, घाइते अवस्थामा उनले पानी माग्दा असई ठाकुरले मुखमा पिसाबसमेत गरिदिए। तीनजना पीडकहरुमध्ये रोशन ठाकुरउपर मात्र कारबाही अघि बढाइयो। उनीमाथि सार्वजनिक अपराधमा संलग्न भएको अभियोगमा मुद्दा चलाइयो।

माओवादीको अपहरण र सरकारको बेपत्ता पार्ने क्रम

माओवादीको अपहरण र सरकारको बेपत्ता पार्ने क्रम सन् २००४ मा पनि मानवअधिकार उल्लघनको उल्लेखनीय कारण बन्न पुग्यो। माओवादीहरुले अपहरणलाई आफ्नो राजनीतिक प्रचार, आर्थिक सहयोगका निम्ति दबाब वा राज्यसग आफ्ना साथीको रिहाइका निम्ति मोलतोल गर्ने उपायका रुपमा लिएको पाइयो। त्यसक्रममा उनीहरुले युद्धमा असंलग्न वा प्रत्यक्षरुपमा संलग्न नभएकाहरुलाई समेत पीडित बनाएको देखिन्छ।

राज्यका तर्फबाट बेपत्ता पारिएकाहरुमध्ये कतिपयको हिरासत वा थुनामा राखिएको ठाउँमा यातनाका कारण मृत्यु भएको हुनसक्ने आशंका गरिंदै आएको छ। हिरासतमा रहेको व्यक्ति सुरक्षित हुनुपर्ने र त्यस्तो व्यक्तिको यातनाबाट मृत्यु हुन नहुने विषयमा यातना तथा क्रूर अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको महासन्धिले स्पष्ट प्रत्याभूति गरेको छ। महासन्धिमा कसैको यातनाबाट मृत्यु भएमा क्षतिपूर्ति उपलब्ध गराइनु पर्ने विषयमा पनि सुस्पष्ट व्यवस्था गरिएको छ। महासन्धिको धारा १४(१) मा उल्लेख गरिएको छ, "प्रत्येक पक्षराष्ट्रले यातनाको कार्यबाट पीडित व्यक्तिले उद्धार पाउने तथा संभव भएसम्म सो व्यक्तिको पूर्ण पुनर्स्थापनाका उपायहरु लगायत् उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न लागू गराउन सकिने अधिकार प्राप्त गर्छ भन्ने कुरा आफ्नो कानुनी प्रणालीमा सुनिश्चित गर्नेछन्। यातनाको फलस्वरुप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरुलाई क्षतिपूर्ति पाउने अधिकार हुनेछ।" तर त्यस्ता विवादास्पद घटनाहरुउपर राज्यले भरिसक्य पर्दा लगाउन खोज्ने गरेको छ। मानवअधिकार उल्लंघनका घटनामा प्रत्यक्षरुपमा संलग्न सुरक्षाकर्मीको जिम्मेवारीको प्रश्न लामो समयदेखि उठ्दै आएको हो। यस सन्दर्भमा सन् २००४ मा व्यापक राष्ट्रिय-अन्तर्राष्ट्रिय दबाबपछि केही सुरक्षाकर्मीहरुमाथि कारबाहीको प्रक्रियागत शुरुवातसम्म हुनसक्यो।

रोल्पा तालाबाङ गाविस आरुबाका इन्द्रबहादुर घर्ती माडीचौर हुँदै आलु बोकेर सदरमुकामतर्फ जाँदै थिए। कोटगाउँ गाविस माडीचौरमा उनी माओवादीको कब्जामा परे। उनीहरुले सदरमुकाम नाकाबन्दी गरेको समयमा आलुको आपूर्ति गर्न खोजेको आरोप लगाई अन्ठाउन्न वर्षीय घर्तीलाई त्यसपछि आलुसहित अपहरण गरियो। उनी दुई महिनापछि मात्र मुक्त भए।

रोल्पाकै लिबाङ गाविस सिमलबाङकी उनान्साठी वर्षीय नोरथा डाँगी पनि नाकाबन्दीका समयमा सदरमुकाममा आलु पुऱ्याउन खोजेको आरोपमा कब्जामा परिन्। उनलाई माडीचौरबाट लुकाएर आलु लैजान खोजेको आरोप लगाउँदै माओवादीले घरबाटै अपहरण गरेका थिए। गहुँ काट्न लगाएर पाँच दिनपछि आइन्दा नाकाबन्दीको अपहेलना गर्न नपाइने शर्तमा उनलाई छाडिएको थियो।

माओवादीको अपहरणबाट पीडित सर्वसाधारण शान्ति सुरक्षा बहाल गराउने जिम्मेवारी पाएका राज्यका प्रतिनिधिहरुको बेपत्ता पार्ने शैलीबाट उत्तिकै पीडित भएका छन्। सन् २००४ मा पनि कैलाली जिल्ला फुलबारी गाविसका युवक लिलानाथ सापकोटाजस्ता कतिपयलाई माओवादी भएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। लिलानाथजस्ता कतिपय पीडितको अवस्था यो वर्षको अन्त्यसम्मै अज्ञात रह्यो।

यो वर्ष पनि जिल्ला-जिल्लामा माओवादीहरुले सर्वसाधारणको समूह-समूहलाई नै अपहरण गरे। त्यस्ता आम

अपहरणका घटनाबाट सबभन्दा बढी विद्यालय शिक्षक र विद्यार्थीहरु पीडित भएका छन्। सुर्खेतको भेरी माध्यमिक विद्यालय घुमखहरेका शिक्षक चन्द्रबहादुर वलीसहित तीनजना शिक्षक र पन्ध्र जना विद्यार्थीलाई जनसैन्य मार्च अभियानमा संलग्न गराउने जनाउँदै विद्यालयबाटै अपहरण गरियो। पीडितहरु पाँच दिनपछि मात्र मुक्त भए।

सुर्खेतकै आनन्द उच्च माध्यमिक विद्यालय गुमीका पचास वर्षीय विक्रम रानासहित तीन जना शिक्षक र ४७ जना विद्यार्थीलाई पनि माओवादी अभियानमै संलग्न गराउन भनी अपहरण गरियो। उनीहरुलाई पनि पाँच दिनपछि मुक्त गरियो।

जुम्ला लाम्रा गाविसस्थित दुर्गा माध्यमिक विद्यालयका शिक्षक र बीस जना विद्यार्थीलाई पनि माओवादीको जनसैन्य मार्च अभियानमा संलग्न गराउन अपहरण गरी पाँच दिनसम्म कब्जामा राखियो। जिल्लाका विभिन्न भागमा हिंडाएर पाँच दिनपछि मात्र उनीहरुलाई मुक्त गरियो।

एकातिर माओवादीहरुले यसरी देशका विभिन्न भागमा सर्वसाधारणलाई एक्लाएक्लै वा आमरुपमा अपहरण गरे। अर्कोतिर राज्यको बेपत्ता पार्ने क्रम सन् २००४ मा पनि मानवअधिकार उल्लंघनको उल्लेखनीय प्रवृत्तिका रुपमा रह्यो।

इन्सेकको अभिलेखअनुसार, राज्यद्वारा अहिलेसम्म विभिन्न समयमा बेपत्ता पारिएका नागरिकहरुको संख्या १ हजारभन्दा माथि पुगिसकेको छ। राज्यपक्षद्वारा बेपत्ता पारिएका नागरिकहरुको स्थिति सार्वजनिक गर्नेक्रममा सन् २००४ को १२ अक्टोबरका दिन सरकारले थप १ सय २६ जनाको अवस्था सार्वजनिक गर्‍यो। राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरुका सम्बन्धमा छानविन गरी उनीहरुको स्थिति पत्ता लगाउन गठित छानविन समितिले त्यसअघि दुई चरणमा क्रमश: २४ र ५४ जना गरी ७८ जनाको स्थिति सार्वजनिक गरेको थियो। बेपत्ता पारिएका सम्पूर्ण व्यक्तिको स्थिति सार्वजनिक भएको छैन। आगामी दिनहरुमा पनि सुरक्षाकर्मीद्वारा मानिस बेपत्ता नपारिउन् भन्ने विषयमा सरकारले सन् २००४ मा पनि स्पष्ट व्यवस्था गरेन। बरु आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ लागू गरेर बेपत्ता पार्ने क्रम बढ्न सक्ने आधार तयार गर्‍यो। सरकारले अहिलेसम्म कूल ३ सय २० जनाको अवस्था सार्वजनिक गरेको छ। तर, बेपत्ता पारिएका सयौं नागरिकहरुको अवस्था वर्ष २००४ को अन्त्यसम्मै अज्ञात रह्यो।

द्वन्द्वसृजित विस्थापन : जो देशभित्रै परदेशी भएका छन्

मानवअधिकार वर्ष पुस्तक सन् २००४ मा नेपालमा आन्तरिक विस्थापितहरुको संख्या ३८ हजार १ सय ९१ उल्लेख गरिएको थियो। तर, यसबीच यो धर्तीमा नेपालीको अझ बढी रगत बगिसकेको छ। अवस्था अझ विकराल बनिसकेको छ। नर्वेजियन रिफ्युजी काउन्सिल नामक अन्तर्राष्ट्रिय संस्थाले ग्लोबल आईडीपी प्रोजेक्ट अन्तर्गत सन् २००४ मा प्रकाशन गरेको प्रतिवेदन अनुसार नेपालमा सन् १९९६ यता हिंसात्मक द्वन्द्वका कारण दुई लाख सर्वसाधारण आफू बसिआएको थलोबाट विस्थापित भइसकेका छन्।

बाँकेको रझेना, दैलेखको नारायण नगरपालिका, धनुषाको गोपाल धर्मशाला आदि केही ठाउँहरुमा देशभित्रै शरणार्थी हुन पुगेका पीडित परिवारहरुको शिविर नै देख्न सकिन्छ। तर भयग्रस्त भएर उठिबास हुने नेपालीहरु आज देशव्यापीरुपमा छरिएका छन्। कैयन सीमा काटेर भारततर्फ पुगेका छन्। कथाहरु अनेक छन्। व्यथा अनन्त छन्। ...भदौको महिना भर्खरै लागेको थियो। एकदिन बिहानै धनजीतले मनमनै योजना बनाए, आज त जसैगरी उम्किनुपर्छ। दिनभरी उनलाई कुनै काम गर्न मन लागेन। उनले आफ्नी जहानलाई दिनभर केही बताएनन्। दुई लालाबालालाई झन् केही भन्ने कुरै भएन। दिनभरी उनले रातलाई पर्खिरहे। रातपरेपछि आँखा रसिलो पार्दै उनले घरलाई राम्रोसँग नियाले। जहानसँग उनले खुइय काढ्दै भने यत्ति नै रहेछ यहाँको भोग। एउटा सन्तानलाई डोर्‍याउँदै, अर्कोलाई डोकोमा बोकेर त्यसपछि उनी जहानसहित जुम्लातिर लागे। भेट भएजतिका सबै गाउँलेलाई उनले भने- "जहान साह्रै बिमारी भई अस्पताल लैजादै छु।" त्यसपछि उनले थलो छाडे।

जुम्ला जिल्लाको वनमालिका गाविसका ४५ वर्षीय धनजीत थापा एक्ला होइनन्- यसरी गाउँ छाड्ने। सन् २००३ को अन्त्यसम्म मध्यपश्चिमाञ्चल क्षेत्रमा मात्र बाइस हजारभन्दा बढी मानिसले घरठाउँबाट विस्थापित हुनु परेको थियो। यसरी गाउँ-गाउँबाट विस्थापित हुनेहरु जिल्ला सदरमुकाम वा अन्य जिल्लामात्र होइन भारतसम्म पुगेका छन्। गम्भीर आर्थिक संकटबाट ग्रस्त विस्थापितहरु नयाँ ठाउँमा पनि त्रास मुक्त भने छैनन्।

द्वन्द्व पीडितहरु देशका विविध भागमा विस्थापित जीवन बिताउन बाध्य छन्। बाँकेको रझेनामा पनि जुम्लादेखि मुगु र बझाङसम्मका स्थायी बासिन्दाले आश्रय लिएका छन्।

झापा तोपगाछी गाविसका नरबहादुर खड्काको घरमा माओवादीले तालाबन्दी गरे। आरोप थियो- सुराकी गरेको। त्यसपछि सम्पूर्ण परिवार विस्थापित हुन बाध्य भयो।

संखुवासभा जिल्लामा हालसम्म १ सय १८ जना विस्थापित भइसकेका छन्। विस्थापित हुनेहरुले पाथिभरा, हटिया, नुम, मकालु, माम्लिङ, मादीमुलखर्क जस्ता ठाउँमा आश्रय लिएका छन्। तर यसरी विस्थापित हुनेहरुमध्ये प्राय: सदरमुकाम खादबारी र चैनपुरमा बसोबास गरिरहेका छन्।

केही काठमाडौं आइपुगेका छन्। जिल्लामै बस्नेहरुले बाटो खन्ने वा भारी बोक्ने कामबाट जीविकोपार्जन गरिरहेका छन्। कोही सानोतिनो पसल खोलेर गुजारा चलाइरहेका छन्। सखुवासभामा हालसम्म २७ जनाले मात्र राहत पाएका छन्। सखुवासभामा जस्तै माओवादीका कारण देशका विभिन्न जिल्लामा विस्थापनको समस्या देखिएको छ।

सन् २००४ को उल्लेख्य विषय तथा राज्य र मानवअधिकार अलमलिएको शान्ति प्रयास

राजनीतिक चुनौतिलाई कसरी समाधान गर्ने भन्नेबारेमा आधारभूत मान्यतामै रहने गरेको द्विविधाग्रस्त सोच नेपालका निम्ति नौलो होइन। समस्याको समाधानका लागि बन्दुक र वार्तामध्ये के रोज्ने भन्ने सवालमा जहिल्यै दुई मत रहेको नेपाली इतिहास छ। सन् २००४ को अन्त्यसम्मै पनि "न शान्ति वार्ता न त चुनावको आव्हान" को स्थितिमा सरकार रुमल्लिएपछि देश अर्को राजनीतिक दुर्घटनाका निम्ति तम्तयार भएजस्तो देखियो।

सन् २००४ मा शान्ति स्थापनाको प्रयास सार्थक रहेन। सरकार र माओवादीबीच विश्वासको संकट झन् चुलियो। नेपाली जनताको शान्तिको उत्कट चाहना यो वर्ष पनि अपूरो रह्यो। शान्ति प्रकृयाको थालनी यो वर्षभरि प्रमुख कार्यसूचीमा रह्यो। तर अलमलमै वर्ष बित्यो।

सन् २००४ को छैठौं महिना काट्ने बित्तिक्कै सरकारमा पुगेका चार पार्टीहरुले माओवादी समस्याको शान्तिपूर्ण समाधानका निम्ति अधिकतम लचकता दर्शाउने घोषणा गरे। तर सरकारभित्रैबाट अधिकतम लचकताको सिद्धान्त विपरीतको मनसाय प्रकट भयो। त्यसैले सरकारमा पुगेका पार्टीहरुबीच नै शान्ति प्रकृयाका सम्बन्धमा मतैक्य कायम नरहेको देखियो।

प्रधानमन्त्रीको पदमा देउवाको बहालीलाई एमालेले प्रतिगमनको आंशिक सुधार मात्र ठानेको थियो। तर असारको तेश्रो सातामा एमाले लचकताको नारा लगाउँदै सरकारमा सामेल हुन पुग्यो। भोलिपल्टै उपप्रधानमन्त्री भरतमोहन अधिकारीले उत्साहित हुँदै भन्नुभयो, सरकार माओवादीका सबै एजेण्डामा छलफल गर्न तयार रहेको छ। तर त्यसपछि आएका सञ्चारमन्त्री मोहम्मद मोहसिनको सीमा अतिक्रमण गर्न नहुने भनाई। सरकारमा दरबारका प्रतिनिधिका रुपमा रहनुभएका मोहसिनले सरकारलाई नै लचकताको सीमासम्बन्धी पाठ सार्वजनिक रुपमै पढाइदिनु भयो।

देउवा प्रधानमन्त्रीमा नियुक्त हुनु भएको केही दिनपछि नै एमाले केन्द्रीय कमिटीले आह्वान गरेको थियो- समस्या समाधानका निम्ति जिम्मेवारी र गम्भीरताका साथ अग्रसर हुन पनि सरकार र माओवादीसँग आग्रह गर्दछ। देउवा केही वर्षअघि नै माओवादी समस्याको अद्योपान्त अध्ययन गरी वार्ता गर्नुपर्छ भन्ने निष्कर्षमा पुग्नु भएकै थियो। तसर्थ त्यो सरकारले वार्ताद्वारा शान्ति प्रकृयालाई अघि बढाउने आशा गरिएको थियो। त्यसक्रममा संविधानसभाको मागको सुनुवाई गरेर भए पनि शान्तिको ढोका खोलिनुपर्ने राय पार्टीहरु र बुद्धिजीवीहरुबाट समेत आएको थियो।

तर वार्ताका निम्ति म्याद तोक्ने सरकारले वर्षको अन्त्यसम्मै माओवादीहरुलाई नेपाली राजनीतिको मूलधारमा ल्याउने घोषणा व्यवहारमा रुपान्तरित हुन सकेन। देउवा सरकारको हैसियतमाथि प्रश्न उठाएर वार्ताको प्रस्तावलाई माओवादीहरुले ठाडै लत्याइदिए।

न्यायपालिका

कानुनको शासनको अवधारणाले कानुनको सर्वोच्चता, कानुनको समान संरक्षण तथा संवैधानिक कानुनको स्रोत सामान्य कानुन रहने अवधारणालाई आत्मसात गरेको हुन्छ। कानुनको शासनलाई प्रभावकारी बनाउनका लागि शक्ति पृथकीकरण र सन्तुलन तथा नियन्त्रणलाई अत्यावश्यक मानिन्छ। कानुनी व्यवस्थामा एकरूपता, राजनीतिक स्वतन्त्रता र प्रजातान्त्रिक प्रणाली तथा स्वतन्त्र र सक्षम न्यायपालिका कानुनको शासनका लागि अत्यावश्यक हुन्छन्।

नेपाल अधिराज्यको संविधान २०४७ ले कानुनको शासनको अवधारणालाई आत्मसात गरेको छ। यसले कानूनी राज्यको अवधारणालाई स्वतन्त्र न्यायपालिकाको माध्यमबाट साकार पार्ने उद्देश्य राखेको छ। न्याय प्रशासनको सम्पूर्ण जिम्मेवारी न्यायपालिकालाई प्रदान गर्नुका साथै संविधानमा न्यायपालिकालाई असाधारण अधिकारक्षेत्र समेत प्रदान गरी शक्तिशाली बनाइएको छ। न्यायिक पुनरावलोकन तथा सार्वजनिक सरोकारका विषयमा सुनुवाइजस्ता माध्यमबाट न्यायिक सक्रियता देखाएर न्यायपालिकाले जनअधिकारको संरक्षण र सम्वर्द्धनमा विशेष योगदान गर्न सक्दछ। न्यायपालिकालाई शक्तिशाली बनाइनुमा यसप्रतिको अपेक्षा पनि प्रतिविम्बित छ।

सिद्धान्ततः कानुनको शासन तथा शक्तिपृथकीकरण र शक्तिसन्तुलन तथा नियन्त्रणलाई राम्ररी व्यवस्थित गर्न सकिएको छ। तर संवैधानिक दायित्वअनुरूप न्यायसम्पादन भने हुन नसकेको स्थिति यो वर्ष पनि देखियो। मुद्दाको सुनुवाइ नहुनु, फैसला समयमा नहुनु, न्यायिक आचरण राम्रो नदेखिनु तथा अत्यन्तै कम सङ्ख्यामा मुद्दा फर्स्यौट हुनुजस्ता कारणले गर्दा न्याय सम्पादनको स्थिति चिन्ताजनक रह्यो। राजनीतिक परिदृश्यमा आएको हरेक उतार-चढावबाट न्यायपालिका पनि पृथक रहन सकेको छैन र त्यसको प्रतिकूल असर न्याय सम्पादनमा पनि परेको छ। साथै, मानव संसाधन र भौतिक संसाधनको कमी, राज्यका विभिन्न अङ्गहरूका असहयोगी

व्यवहार, फैसलाको कार्यान्वयन हुन नसक्नु तथा देशमा चर्केको सशस्त्र द्वन्द्वजस्ता कारणले न्यायालयले न्यायसम्पादन क्षमतामा ह्रास ल्याइदिएको देखिन्छ।

न्यायसम्पादनमा रहेका कमी कमजोरी हटाउन र न्यायालयको भूमिकालाई प्रभावकारी बनाउन विविध न्यायिक सुधार कार्यक्रम पनि शुरु भएका छन्। स्वयं न्यायपालिका क्षेत्रको अगुवाइमा पाँचवर्षे रणनीतिक योजना तर्जुमा, न्यायिक प्रतिष्ठानको स्थापना, नमूना अदालतको व्यवस्था जस्ता कार्यहरू भएका छन् भने नीजी क्षेत्रको पहलमा महिला अदालतको अवधारणा पनि कार्यसूचीमा प्रवेश गरिसकेको छ।

विभिन्न मुद्दा फैसला गर्ने क्रममा नजीर प्रतिपादन गर्ने; कानुन निर्माणका लागि आदेश दिने तथा गैरकानूनी काम कारवाही वदर गराई जनताका मौलिक हक संरक्षण गर्ने कार्यलाई गत वर्ष पनि अदालतले निरन्तरता दियो। तर विवादमा पर्ने भयले कतिपय महत्वपूर्ण मुद्दालाई पन्छाएकाले कतै सर्वोच्च अदालत आफ्नो दायित्व निर्वाह गर्नबाट चुकेको हो कि भन्ने आशंका पनि उठिरह्यो। रविन्सनको मुद्दामा भएको जस्तो कतिपय फैसला विवादित हुन पुगे। त्यस्ता फैसलावाट न्यायालयको गरीमामाथि प्रतिकूल असर पर्‍यो।

संक्षेपमा भन्नुपर्दा, नेपालमा कानूनको शासनको अवस्था निरन्तर गिर्दो छ। शक्तिपृथकीकरण तथा शक्तिसन्तुलन र नियन्त्रण पनि संविधानका पुस्तकमा सीमित हुन पुगेको छ। न्याय सम्पादनको स्थिति सन्तोषजनक छैन। संवैधानिक प्रावधानको यथार्थ र व्यावहारिक यथार्थवीचको अन्तर सन् २००४ मा पनि देखियो। यो वर्ष पनि न्यायपालिकाको प्रभाव घट्ने क्रममा रहेको अनुभव गरियो।

कार्यपालिका

पुनः शान्ति वार्ता प्रारम्भ गराउन सरकारले यो पनि वर्ष प्रयास नगरेको होइन। तर वर्षको अन्त्यसम्मै त्यो प्रयासले मूर्त रुप लिएको देखिएन। यस सन्दर्भमा शान्ति समितिको गठन, शान्ति प्रकृयाको थालनीको कार्यसूचीका साथ विभिन्न राजनीतिक पार्टीहरुबीच भएका केही वैठकहरु तथा माओवादीसँगको सवाल-जवाफ आदि महत्वपूर्ण रहे। यो वर्ष नेपाल दक्षिण एसियामै पहिलो पटक राष्ट्रिय मानवअधिकार कार्ययोजना सार्वजनिक गर्ने राष्ट्रका रुपमा देखा पर्‍यो। यही वर्ष महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयनका लागि सार्वजनिक गरेको राष्ट्रिय कार्ययोजना ०६० लाई पनि सकारात्मक रुपमा लिनु पर्दछ। यसका साथै यही वर्ष सरकारले पक्राउ परेका केही व्यक्तिहरुको अवस्थाका बारेमा सार्वजनिक जानकारी प्रकाशित गर्‍यो। तर, यति हुँदाहुँदै पनि वर्ष २००४ समष्टिगत रुपमा शान्ति प्रकृयाको थालनी र मानवअधिकार अवस्थाका निम्ति सकारात्मक भने रहेन। सरकार मानवअधिकारको प्रत्याभूति गराउने सन्दर्भमा यो वर्ष पनि उदासीन नै रह्यो।

मानवअधिकार उल्लंघनका विभिन्न घटनामा पीडित
(उमेर र लिंग अनुसार, २००४)



व्यवस्थापिका

संसदीय प्रणालीमा सर्वोपरि मानिने संसद जनताको अधिकार अभ्यास गर्ने संगठित थलो हो। सार्वभौमसत्तासम्पन्न जनताले आफ्नो अधिकारको प्रयोग संसद्मार्फत् नै गर्ने भएकाले प्रजातन्त्रमा यसको भूमिका अपरिहार्य मानिन्छ। कानुन बनाउने एवं मन्त्रिमण्डल वा सरकार गठन गर्नेलगायत्का कार्यमा संसदको अहम् भूमिका रहन्छ। जनमतको प्रत्यक्षत: प्रतिनिधित्व गर्ने भएकाले संसदीय प्रणालीमा तीन अंगमध्येमा व्यवस्थापिकाको महत्वलाई बढी जोड दिइन्छ। वास्तवमा संसदीय प्रजातन्त्रमा संसदको नै केन्द्रीय भूमिका हुन्छ।

संसदीय प्रणालीको सर्वमान्य विशेषताअनुरूप नेपालमा पनि प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने र निजकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने प्रावधान रहेको छ। तर संसदविहीनताले यो प्रावधान बेवारिसे बनेको छ। धारा ३६ र ४२ बमोजिम मन्त्रिपरिषदको गठन र सो बमोजिम प्रधानमन्त्रीको नियुक्ति प्रक्रियासम्बन्धी संवैधानिक व्यवस्था अतिक्रमण भई प्रतिनिधिसभाका सदस्य नरहेका व्यक्तिहरू प्रधानमन्त्रीमा नियुक्त हुनुले संविधानको मर्ममा आघात मात्र परेको छैन, देश यही कारण प्रजातन्त्रविहीनतातर्फ धकेलिएको छ। संसदविहीनताको कारणले १४ वर्ष लामो संसदीय शासन पद्धति अवरुद्ध भएको छ।

प्रतिनिधिसभाको विघटनपश्चात् राष्ट्रियसभा तथा विभिन्न संसदीय समितिहरू पनि मृतप्राय: रहे। प्रतिनिधिसभा विघटन भएको अवस्थामा राष्ट्रियसभालाई क्रियाशील बनाउन सकिने भए तापनि त्यसो नगर्नाले संसदीय अभ्यासको आभाष पटक्कै पाउन सकिएन। सरकारमा प्रवेश गर्नुअघि नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), राप्रपा र नेपाल सद्भावना पार्टीद्वारा स्वीकार गरिएको ४३ बुँदामध्येको प्रमुख एक बुँदा राष्ट्रियसभालाई सक्रिय पार्ने रहेको भए तापनि सन् २००४ को अन्त्यसम्मै त्यो प्रतिबद्धतालाई कार्यान्वयन गर्न दलहरूले वास्ता गरेनन्। संसद पुनर्स्थापनाको बहसले पनि यो वर्ष कुनै निकास पाउन सकेन।

संसदीय प्रणालीका वाहकका रूपमा रहने दलहरू संसदको अभावमा सडकमा सङ्घर्ष गर्न बाध्य भए। दश वर्षदेखि सशस्त्र सङ्घर्ष गर्दै आएका माओवादीहरू पनि दल र दलीय व्यवस्थालाई कमजोर पार्न जिम्मेवार छैनन् भन्ने अवस्था रहेन। यसैलाई दृष्टिगत गरेरै विश्लेषकहरूले विद्यमान अवस्थामा राजा, राजनीतिक दल र माओवादीहरू राष्ट्र र जनताप्रति गम्भीर नभएको भनी टिप्पणी गर्न बाध्य भए। संसदविहीनतामा देश रुमल्लिएअनुरूप नै राष्ट्रिय निकायको मूलधारमा कोही समाहित हुन सकेनन्। अर्कोतिर, संवैधानिक अङ्गहरूले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनहरु संसदविहीनताका कारण पारित हुन सकेनन्। संवैधानिक परिषद्मा जनप्रतिनिधिको बहुमत हुनु पर्ने संविधानको मर्म कायम रहन नसक्दा विभिन्न संवैधानिक निकायमा हुने नियुक्तिमा समेत जनमतको प्रतिनिधित्व सही रूपमा नहुने स्थिति छ। संसदविहीनताले न्यायपालिका तथा विभिन्न संवैधानिक निकायका प्रक्रियागत कार्यहरूमाथि पनि प्रतिकूल असर पारेको देखिएको छ। मानवअधिकारको प्रवर्द्धन र संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने संसद नै अस्तित्वमा नरहेपछि मानवअधिकार तथा प्रेस स्वतन्त्रता धरापमा पऱ्यो।

वैधानिकता नै परीक्षण नगरिएका अध्यादेशहरूका आधारमा देश चल्नाले नेपाल अधिराज्यको संविधानल २०४७ ले आँघि सारेको कानुनको सर्वोच्चताको सोच पनि व्यर्थ हुन पुगेको छ। संसदलाई प्रतिनिधिविहीन बनाई अध्यादेशमार्फत् राज्य सञ्चालनका लागि संविधानको धारा ७२ को व्यवस्था गरिएको पक्कै होइन। कानून बनाउने प्रमुख कार्य, जिम्मेवारी र अधिकार संसदको हो। तर संसदको कानून बनाउने अधिकार नै कार्यपालिकाको हातमा पुग्नाले शक्तिसन्तुलन र शक्तिपृथकीकरणको सिद्धान्तमा आघात पऱ्यो भने सरकारको स्वेच्छाचारिता बढ्यो। यस्तो अवस्थामा प्रजातान्त्रिक व्यवस्था बचाउन र जनताका संवैधानिक एवं कानूनी अधिकारको संरक्षणका निमित्त न्यायिक निकायहरूले बढी क्रियाशीलता देखाउने अपेक्षा गरिएको थियो। तर यस दिशामा सकारात्मक प्रयास ती निकायहरुबाट भएको सन् २००४ को अन्त्यसम्मै देखिएन।

माओवादी विद्रोह र त्रास

माओवादी विद्रोह र त्यसविरुद्ध राज्यले अवलम्बन गरेको प्रतिकारात्मक कार्यका कारण नेपालको राजनीतिक, सामाजिक, आर्थिक क्षेत्र विश्रृंखलित हुने क्रमसँगै मानव सुरक्षामाथि त्रासको वातावरण पनि एकदमै बढेर गएको छ। यसले सर्वसाधारणको नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमाथि पनि असर परेको छ। बर्बर हत्या, ज्यान लिने धम्की, मानसिक तथा शारीरिक यातना आदिका कारणले आममानिसमा आतंकको छायाँ परेको छ। राष्ट्रको दैनन्दिन जनजीवनमा आतंकको मनोसामाजिक असर नराम्ररी परेको देख्न सकिन्छ।

बाग्लुङ जिल्लाको दमेक गाविसका जनमोर्चाका कार्यकर्ताहरुको घर-घरमा राति सुतिरहेको अवस्थामा आक्रमण गरी माओवादीहरुले गरेको ज्यादति यस सन्दर्भमा उल्लेखनीय छ। आ-आफ्नो घरमा सुतिरहेका मानिसलाई उठाएर माओवादीहरुले काठ छेड्ने बर्माको प्रयोग गरी घिग्रा, पिँडौलालगायत् खुट्टाका अन्य भागमा रोपेर यातना दिए।

बाँसका लठ्ठी, भालाजस्ता हतियारले हिर्काएर तीनजनालाई गम्भीर घाइते बनाइयो। त्यसक्रममा गर्भवती महिलासहित १८ जना जनमोर्चा समर्थक घाइते भए। तीन जनालाई अपहरण गरियो।

माओवादी ज्यादतिका घटना सन् २००४ मा विभिन्न जिल्लामा भए। इलाम र पाँचथरमा माओवादीले आम जनतालाई सदरमुकाम खाली गर्न आह्वान गरेपछि जनजीवन अत्यन्त भयग्रस्त भएको थियो। आफ्नो पक्षवाट भएका एक दुई घटनाका सम्बन्धमा माओवादीले गल्ती स्वीकार नगरेको पनि होइन। तर उनीहरुले हिंसात्मक द्वन्द्वका क्रममा ज्यादति हुनु अनौठो नठानेको देखिन्छ। ०५९ माघमा प्रकाशन विभाग, विशेष केन्द्रीय कमाण्ड नेकपा (माओवादी) द्वारा प्रकाशित "जनप्रतिरोधका गौरवशाली चार सय दिनहरु, ०५८ मंसिर ६-०५९ पुस ११", नामक पुस्तकमा संकलित माओवादी अध्यक्ष प्रचण्डको अन्तरवार्तामा एक ठाउँमा भनिएको छ, "विज्ञानको नियम र इतिहासको अनुभवले बताइरहेको छ कि कुनै पनि विद्रोह र क्रान्ति कहिल्यै पनि शिष्ट, भद्र र पूरै नापे-तौले जस्तो हुँदैन। ठूलाठूला क्षति र उपलब्धी, सीमा र कमजोरी, निर्ममता र कोमलता, प्रेम र घृणा तथा पीडा र आक्रोशका अत्यन्त तीव्र अभिव्यक्ति दिँदै अगाडि बढ्नु विद्रोह र क्रान्तिको आफ्नो नियम र गतिशीलता हो। नेपाली जनयुद्ध पनि त्यसवाट अलग रहेको छैन र रहन पनि सक्दैन।"

पुस्तकको पृष्ठ १०६ मा छापिएको त्यही अन्तरवार्तामा प्रचण्डको थप भनाई यस्तो छ, "हाम्रो पार्टीले कहिल्यै पनि राजनैतिक आस्थाका आधारमा निर्दोष र निहत्था व्यक्तिको हत्या गर्ने कुरालाई छूट दिएको छैन। त्यस प्रकारको नीति र छूटको परिणाम धेरै घातक हुने कुरा स्वतः स्पष्ट छ। तर जसले जनताको सेवा र मुक्तिका लागि सम्पूर्ण रुपले समर्पित भएर आन्दोलनमा होमिएका जनताकै छोराछोरीहरुको हत्या गर्न पुरानो सत्ताका सेना, पुलिस र प्रशासनलाई मद्दत गर्दछ, चेतावनीका बावजूद त्यस प्रकारका अपराध गर्न रोक्दैन, त्यो अवस्थामा जनताको रक्षाका लागि केही छानिएका अपराधीहरुलाई सफाया गर्नु अनिवार्य हुन जान्छ। यस सन्दर्भमा हाम्रो तर्फवाट कहीं कमजोरी भएकै छैन भन्ने दावी हामीले गरेका छैनौं। भूल र भ्रमवश हुन गएका कतिपय कमजोरीहरुको हामीले सार्वजनिक क्षमायाचना पनि गर्दै आएका छौं।"

तर व्यवहारमा माओवादीको गतिविधि पार्टी अध्यक्ष प्रचण्डको भनाइसँग मिल्दो छैन। गुल्मी धुर्कोटरजस्थल गाविसका २१ वर्षीय प्रेमबहादुर खड्कालाई माओवादीहरुले आर्थिक हिनामिना गरी पार्टी छोडेको आरोपमा कुटपिट गरी दाहिने हात र दाहिने खुट्टा भाँचिदिए। उनमाथिको ज्यादति त्यतिले मात्र टुंगिएन। माओवादीको धम्कीका कारण उनले उपचारका लागिसमेत सहयोग पाएनन्। स्थानीय मानवअधिकार संस्था अग्रसर भएपछि मात्र उनको उपचारको व्यवस्था हुन सक्यो।

सशस्त्र द्वन्द्व र जेनेभा महासन्धिको साझा धारा ३

झापा जिल्ला बुधबारे गाविसका स्थायी बासिन्दा बलभद्र भट्टराई जिल्लाकै राष्ट्रिय अनुसन्धान कार्यालयमा प्रहरी हवल्दार थिए। उनी बुधबारेको ओशो ध्यानकेन्द्रमा नियमित रुपमा जाने गर्दथे। एकदिन ध्यान गरिरहेकै अवस्थामा उनलाई बाहिर बोलाइयो। त्यसपछि उनलाई तत्कालै गोली हानेर मारियो। राष्ट्रिय अनुसन्धान कार्यालय, झापाका अमई शिरोमणि ओली अनारमनी गाविसस्थित आफ्नै घरमा बसिरहेका थिए। बिहानको समय थियो। माओवादीले घरमै पुगी गोली हानेर उनको हत्या गरे।

जेनेभा महासन्धिको अवहेलना सुरक्षाकर्मीका कामकार्वाहीका क्रममा पनि उत्तिकै भएका उदाहरणहरु छन्। सिरहाको फुलकाहाकट्टी गाविसको तेत्तीस बिगाहमा सुरक्षाकर्मीद्वारा लोकनाथ यादव, परमेश्वर यादव, बालेश्वर यादव र बीरेन्द्र यादव पक्राउ परे। पक्राउ परेको केही घण्टापछि त्यही रात नै माओवादी भएको अभियोगका साथ उनीहरु सुरक्षाकर्मीको गोलीबाट मारिए। चारै जनालाई सुखिपुर बजारबाट नाच हेरेर फर्की लोकनाथको घरमा सुतिरहेको बेला पक्राउ गरिएको आफन्तहरुको दावी छ।

नेपालले जेनेभा महासन्धि अनुमोदन गरेको एकचालीस वर्ष बितिसकेको छ। अनुमोदनयताका बत्तीस वर्षसम्म महासन्धिका बारेमा खासै चर्चा भएन। माओवादीको हिंसात्मक द्वन्द्व शुरु भएयता यसको सान्दर्भिकता बढेको छ। तर करिब एक दशकको आन्तरिक सशस्त्र द्वन्द्व भोगिसक्दा पनि नेपालले जेनेभा महासन्धिको दोश्रो अतिरिक्त आलेखको अनुमोदन गरेको छैन। नेपालमा महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि सर्वोच्च न्यायिक निकाय - सर्वोच्च अदालतले आवश्यक कानुन निर्माण गर्न निर्देशनात्मक आदेश दिएको एक वर्ष बितिसकेको छ। तर त्यसदिशामा सरकारले केही गरेको छैन।

उदयपुरको रिस्कू गाविसका प्रहरी जवान भक्तबहादुर विश्वकर्मालाई आफ्नो कब्जामा लिएपछि माओवादीहरुले बर्बरतापूर्वक मारे। सोही गाविसको सोमबारेबाट अपहरित विश्वकर्मालाई करिब दुई किलोमिटर पर पुर्‍याएर ढुंगाले किचेर मारिएको थियो। पीडित संयुक्त सुरक्षाफौजअन्तर्गत इलाका प्रहरी कार्यालय, कटारीमा कार्यरत थिए। तर उनको लाशको पोष्टमार्टम पनि गरिएन।

उदयपुरको भुट्टार गाविसका प्रितम भनेर चिनिने चौध वर्षीय भनिने इन्द्रबहादुर पाखिनलाई माओवादी गतिविधिमा संलग्न रहेको अभियोगमा पञ्चावती गाविसको गोइया भन्ने ठाउँमा गिरफ्तार गरियो। त्यसपछि उनलाई

यातना दिएर गोली हानी मारियो। सुरक्षाकर्मीले उक्त घटनालाई दोहोरो भिडन्त भन्यो। तर पीडित प्राविन कक्षामा पढ्दै गरेका अनेरास्ववियु (क्रान्तिकारी) का सामान्य कार्यकर्ता भएको बुझियो। लाशको पोष्टमार्टम गरिएन्। यसरी मारिने प्रायः कसैको पोस्टमार्टम हुने गरेको छैन्।

यस वर्ष पुस्तकमा सशस्त्र संघर्षको अवस्थामा लागु हुने अन्तर्राष्ट्रिय मानवीय कानुन- जेनेभा महासन्धिहरूको साझा धारा ३ का मूलभूत मान्यताहरू पालनाको अवस्था र युद्धरत पक्षहरूको व्यवहारलाई केही प्रतिनिधिमूलक घटना र प्रवृत्तिको उदाहरणसहित एउटा छुट्टै परिच्छेदमा चर्चा गरिएको छ।

साझा धारा ३ को पालनाका सन्दर्भमा देखिएको सरकारहरुको राजनीतिक इच्छाशक्तिको कमीका कारण यसको उल्लंघनमा बृद्धि भएको छ। यस्तो बृद्धि दण्डहीनतामार्फत् तीब्र बनेको छ। यस्तो दण्डहीनताको अन्त्यका लागि राष्ट्रिय संयन्त्रहरुलाई क्रियाशील बनाउनुका साथै आईसीसीसम्बन्धी रोम विधानको अनुमोदन गर्नु आवश्यक छ। जेनेभा महासन्धिको दोश्रो अतिरिक्त आलेख र रोम विधानको अनुमोदनपश्चात् मात्र दण्डहीनताको अन्त्यका दिशामा अगाडि बढ्न सकिन्छ।

नेपालमा बन्धक बनाउने, सौदाबाजी गर्ने र लामो समयसम्म बेपत्ता पार्ने क्रम बढिरहेको छ। स्वेच्छाचारी गिरफ्तारी र बेपत्ताका घटनामा पीडित भएकाहरूलाई शारीरिक तथा मानसिक यातनाबाट थप पीडित बनाइएको छ। केही नगन्य अपवादबाहेक, अधिकांश घटनामा बन्धक बनाइएका र कब्जामा लिइएका विपक्षी समूहका सदस्य र संघर्षमा असंलग्न व्यक्तिहरूप्रति मानवीय व्यवहार भएको छैन र त्यसतर्फ अगाडि बढाइनुपर्ने प्रक्रियाप्रति दुवै पक्षले बेवास्ता गरेका छन्। व्यक्तिको सम्मानित ढंगले बाँच्न पाउने अधिकारमाथि गम्भीर चोट पुऱ्याउने क्रियाकलापहरू भएका छन्। मानवीयताका घेरा तोडेर, दुवै पक्षबाट अत्यन्त अपमानजनक एवम् निम्नस्तरका व्यवहारहरू भएका छन्, जसका कारण संघर्षमा असंलग्न ठूलो समुदायले पीडित बन्नु परेको छ। मान्यताप्राप्त न्यायिक फैसलाविपरीतका क्रियाकलापहरू राज्य पक्षबाटै भएका छन्। न्यायिक उपचारबाट वञ्चित गराउने र अदालती फैसलाबेगर स्वेच्छाचारी रुपमा दुःख दिने गरिएको समेत पाइएको छ। माओवादीहरुले भने पार्टीगत आधारमा घोषणा गरिएका उनीहरुकै संयन्त्रमार्फत् सजाय तोक्ने र अमानवीयताको शिकार बनाउने प्रवृत्तिलाई तीव्र बनाएका छन्।

युद्धमा संलग्न भएर घाइते भएकाको उपचार वा युद्धकै क्रममा बिरामी भएकाको हेरचाह गर्ने कुरा त परै जाओस्, युद्धमा असंलग्न व्यक्तिहरूलाई समेत युद्धको मारमा पारिएको छ। युद्धरत तरहरूकै अवस्थामा जहाँसुकै जतिसुकै बेला एकले अर्कालाई आक्रमण अमानवीय प्रवृत्ति झन् झन् बढ्दै छ। यस्ता मामिलामा दुवै पक्ष पछाडि छैनन्।

कैलाली कालिदास गुल्म बोगटाडीमा कार्यरत सैनिक जवान पच्चीस वर्षीय लोकेन्द्र भट्टकी बहिनीले दाजुलाई तिहारको टिका लगाइदिदै दीर्घजीवनका निम्ति आराधना गरिन्। तर दाजुसँग उनको त्यही दिनको भेट नै अन्तिम हुन पुग्यो। टिका थापेर फर्किने क्रममा उनी माओवादीहरुको कब्जामा परे। उनलाई नाताले भाइ पर्ने लोकेन्द्रराज पनेरुसँगै अपहरण गरियो। भोलिपल्ट भट्टको लाश धनगढी नगरपालिकास्थित कैलाली बहुमुखी क्याम्पसको पूर्वी गेट नजिकै फेला पऱ्यो। अपहरित पनेरु केही दिनपछि मुक्त भए।

काठमाडौं महानगरपालिका सामाखुसीका सशस्त्र प्रहरी बलका इन्स्पेक्टर विष्णुविक्रम अधिकारी त्यतिखेर कतै लडाइँमा थिएनन्। उनी कामविशेषले कतै गइरहेका थिए। त्यही अवस्थामा माओवादीले गोली हाने। नयाँबजार म्हेपीमा त्यसरी अकस्मात गरिएको आक्रमणका कारण उनको मृत्यु भयो । मोटरसाइकलमा सवार पीडितलाई माओवादीले अगाडिबाट चार र पछाडिबाट दुई गोली प्रहार गरेका थिए।

सरकारले अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुन कार्यान्वयनको प्रतिबद्धता जाहेर गरे पनि निश्चित कार्ययोजना भने बनाएको छैन। मानवअधिकार कार्ययोजना सार्वजनिक गरिए पनि त्यसले विद्यमान अवस्थामा मानवीय कानुनको पालना र नियमिततालाई उपयुक्त र अपेक्षित सम्बोधन गर्नसक्ने देखिदैन। तसर्थ, प्रतिबद्धताको कार्यान्वयनका लागि उपयुक्त संयन्त्र निर्माण र त्यसको प्रभावकारितातर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। कागजी प्रतिबद्धतालाई व्यवहारमा रूपान्तर गर्न सकियो भने मात्र त्यसबाट उपलब्धी हासिल हुन्छ भन्नेतर्फ गम्भीर हुनु उत्तिकै अपरिहार्य छ। त्यसैगरी माओवादीले साझा धारा ३ लाई केवल प्रचारबाजीका लागि होइन वास्तविक रुपमा पालना गर्नका लागि ग्रहण गर्नु जरुरी छ। त्यस्तो वास्तविकता साझा धारा ३ का आधारभूत मान्यताहरूको उल्लंघनमाथि कडाइका साथ रोक, दोषीमाथि कारबाही, संघर्षमा संलग्न भई कब्जामा परेका विपक्षीहरू र असंलग्न नागरिकहरूप्रतिको मानवीय व्यवहारबाट अनुभूत गर्न सकियोस्। युद्धरत पक्षहरूले जेनेभा महासन्धि र साझा धारा ३ को ज्ञानको अभावका कारणले उल्लंघनमा लागेको भन्न मिल्दैन।

विद्रोही माओवादी पक्षले देशको संविधान, कानुन नमान्ने घोषणा गरेको छ। तर त्यस पक्षले पनि मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र मानवीय कानुनको भने पालना गर्ने प्रतिबद्धता पटक-पटक प्रकट गर्दै आएको छ। तर दुःखको कुरा के छ भने, दुवै पक्षका प्रतिबद्धता व्यवहारको धरातलमा भने अनेकन पटक

तोडिएको देखिएका छन्। हतियारधारी दुवै पक्ष अत्यन्त गैरजिम्मेवार देखिएका छ। युद्धरत पक्षहरूद्वारा प्रतिबद्धता त व्यक्त गरिएको छ, तर व्यवहारमा पालना भएको देखिँदैन।

नेपालको सन्दर्भमा विशेष व्यवस्था

पिछडिएका तथा कमजोर वर्गको उत्थान, विकास तथा मूलप्रवाहीकरण नभई नेपालको विकास हुन सक्दैन। नेपालमा विभिन्न जातजाति तथा वर्गहरूबीच आर्थिक, सामाजिक, शैक्षिक विकासमा ठूलो अन्तर छ। उनीहरूका बीचमा असमानता धेरै छन्। विभिन्न जातजाति, महिला, दलित आदि ज्यादै पिछडिएका र विपन्न अवस्थामा रहेका छन्। यिनीहरूको उत्थानका लागि जवसम्म ठोस कार्यक्रम आउन सक्दैन, तवसम्म यी विपन्न पिछडिएका वर्गहरू सामाजिक, आर्थिक रूपमा सक्षम हुने अवस्था रहँदैन।

अहिलेसम्म विद्यमान आर्थिक, सामाजिक र शैक्षिक, राजनीतिकलगायत्का क्षेत्रमा रहेको असमानताको ठूलो खाडल पुर्न विशेष व्यवस्था नितान्त आवश्यक छ। जवसम्म हाल कायम रहेको असमानताको न्यूनीकरण हुँदैन, पिछडिएका वर्ग समुदायले तवसम्म आर्थिक, सामाजिक न्याय अनुभूत गर्न सक्दैनन्। पिछडिएका वर्गलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन जति ढिलो हुन्छ, त्यति नै सामाजिक असन्तोष बढ्न गई समाजमा विशृङ्खलता फैलदैँजान्छ। नेपालको विद्यमान द्वन्द्वको समस्या आउनुमा पिछडिएका वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरणमा राज्यले वेवास्ता गर्नु पनि एक प्रमुख कारक तत्व हो भन्ने तथ्य अध्ययनहरुवाट देखिएको छ। पिछडिएका वर्गलाई अन्य सक्षम वर्गको हाराहारी तथा समानताको अवस्थामा ल्याउने र विगत तथा वर्तमानको विभेदको असरलाई अन्त्य गरी उनीहरूको उत्थान गर्ने उपायका रूपमा विशेष व्यवस्था वा सकारात्मक विभेदको अवधारणा त्यही कारण आएको हो।

यो विषयलाई सैद्धान्तिक रुपमा राज्यले स्वीकार गरेका पनि देखिन्छ। माओवादी समस्याको अध्ययन गर्न शेरबहादुर देउवाको नेतृत्वमा गठित समितिले स्पष्ट शब्दमा निष्कर्ष खिंचेको थियो-"जवसम्म देशको ठूलो जनसंख्यामाथि सामाजिक र आर्थिक भेदभाव विद्यमान रहन्छन्, वेरोजगारीको अवस्था रहन्छ, वृहत्तर नेपाली समाज तनावग्रस्त नै रहन्छ र यस्तो तनाववाट फाइदा उठाउने विभिन्न नाम र उद्देश्य लिएर विविध समूहहरू उचत हुनेछन्।"

यद्यपि नेपालमा राज्य अहिलेसम्म विपन्न बर्गमा पुग्न अनिच्छुक देखिएको छ। तैपनि पिछडिएका वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरणका लागि राज्यले अहिलेसम्म नीतिगत तहमा केही नगरेको भने होइन। तर कानूनी वा नीतिगत प्रावधानको कार्यान्वयन पक्ष प्रभावकारी देखिँदैन। पिछडिएका वर्गका निमित्त भएको भनिएका संस्थागत प्रयासहरू पनि नाम मात्रका र अधिकार तथा स्रोत साधनविहीन रहेका छन्। महिला आयोग तथा दलित आयोगवाट अपेक्षा राखिएअनुरूप परिणाममुखी कार्य भएको देखिएको छैन।

परिणामका लागि औपचारिकता होइन, पिछडिएका वर्गभित्र पनि अति विपन्न वर्गसम्म पुग्ने ठोस तथा प्रभावकारी कार्य तत्काल शुरुवात गर्नु पर्दछ।

पिछडिएको वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरण गर्न सर्वप्रथम समाजमा विद्यमान रहेको समूहगत-संस्थागत असमानता र विभेदको अन्त्य हुनु पर्छ। साथमा, समूहगत-संस्थागत असमानता र विभेदको अन्त्यका साथै व्यक्तिगत रूपमा रहेका असमानता र विभेदहरूको अन्त्य अझ महत्वपूर्ण हुन्छ।

नेपालको सन्दर्भमा सरकार ठोस तथा प्रभावकारी रूपमा विशेष व्यवस्थाको अवधारणालाई व्यवहारमा साकार पार्न सफल भएको देखिँदैन। तर, न्यायपालिकाले विभिन्न फैसलाहरूमार्फत् यस दिशामा ध्यान पुर्‍याएको देखिन्छ।

पिछडिएका वर्गको पूर्ण रूपमा उत्थान, विकास, सशक्तिकरण तथा मूलप्रवाहीकरणका निमित्त तत्परता नदेखाए राज्य प्रजातान्त्रिक र लोककल्याणकारी सावित हुन सक्दैन। समाजमा द्वन्द्व व्यवस्थापनका निमित्त पनि पिछडिएका वर्ग समुदायको उत्थान आवश्यक छ। गएको वर्ष पनि वर्ष पुस्तकमा हामीले आदिवासी जनजाति तथा अल्पसंख्यकहरुको अधिकारको कुरा उठाउँदै यही धारणा अघि सारेका थियौं। यस सम्बन्धमा गएको वर्ष एउटा छुट्टै परिच्छेदमा विस्तारपूर्वक चर्चा गरिएको थियो।

नेपालमा विशेष व्यवस्थाको आवश्यकताका विषयमा प्रस्तुत वर्ष पुस्तकमा एउटा छुट्टै परिच्छेदमा विस्तारपूर्वक चर्चा गरिएको छ।

निष्कर्ष र सुझाव

सन् १९९६ यताको कुरा गर्ने हो भने इन्सेकको

राज्यद्वारा बेपत्ता पारिएकाहरु (१९९६–२००४)



अभिलेखअनुसार, हिंसा-प्रतिहिंसाका कारण प्रतिदिन तीन जनाभन्दा बढी नेपालीको ज्यान गइरहेको छ। यस अवधिमा हिंसात्मक द्वन्द्वको अन्त्यका निम्ति प्रयासहरु नभएका होइनन्। तर, अहिलेसम्म भएका सरकार र माओवादीबीचको वार्तामा आवश्यक गम्भीरता नदेखिएको ठहर सबैले गर्दै नै आएका छन्। सन् २००४ मा पनि अपेक्षाकृत प्रभावकारीरुपमा शान्तिका निम्ति राज्यको प्रयास भएको देखिएन। यस परिवेशमा युद्धलाई अझ बढी अमानवीय हुन नदिन मानवअधिकार अभियान अझ सशक्त हुन आवश्यक छ। किनकी शान्तिकामी नेपालीको मनोबल उठाउन मानवअधिकार अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

यो वर्ष पनि हरेक दिनजसो निर्दोष सर्वसाधारण मारिए। कैयन् मानिस बेपत्ता पारिए। सर्वसाधारण मानसिक र शारीरिक यातनाको शिकार भए। युद्धको कुनै पक्षमा नलागेका युद्धविरोधी जनमतलाई कमजोर बनाउने दुष्प्रयासमा यो वर्ष पनि युद्धरत् दुवै पक्षबीच गजबको तादात्म्यता देखियो। देशमा युद्ध निरपेक्ष नागरिक समाजको स्थान झन्झन् साँघुरो बनाउने प्रयास २००४ मा पनि भयो।

यो वर्ष प्रकाशित ह्युमन राइट्स वाचको चर्चित प्रतिवेदन- "नेपाल : बिट्विन अ रक एण्ड अ हार्ड प्लेस" का अनुसार, द्वन्द्वको मारमा पर्नेमध्ये अधिकांश देशको सबभन्दा उत्पीडित समुदायका सर्वसाधारणहरु नै थिए। हिंसात्मक द्वन्द्व चलिरहेकै अवस्थामा पनि सर्वसाधारणको बाँच्न पाउने अधिकारको रक्षा गर्ने सवालमा राज्य गंभीर देखिएन। माओवादीहरुले अपहरण गरेजस्तै राज्यका तर्फबाट पनि सर्वसाधारणलाई बेपत्ता पार्ने क्रम जारी रह्यो। बेपत्ता पार्ने क्रमको अन्त्य गर्ने सवालमा राज्यले प्रतिबद्धता जनायो। तर ठोस काम सन् २००४ मा पनि गर्न सकेन। प्रत्येक जिल्ला र केन्द्रमा समेत पक्राउ परेका मानिसको सूची राख्ने व्यवस्था मिलाइयो भने यो समस्याको अन्त्य हुनसक्छ। सरकारले यसतर्फ ध्यान दिनु जरुरी छ।

युद्धरत् दुवै पक्षले आ-आफ्नो प्रतिबद्धता बिर्सने गरेका छन्। उनीहरुलाई त्यस्ता प्रतिबद्धताप्रति जवाफदेही बनाउन जरुरी छ। त्यसका निम्ति जनता नै अग्रसर हुनुपर्छ। युद्धविरोधी जनमतको सम्वर्द्धन जनता स्वयम्को अग्रसरताबाट मात्र संभव छ। जनताको त्यस्तो सचेत अग्रसरताका निम्ति मानवअधिकार कार्यकर्ताहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्। मानवअधिकारकर्मीहरुले तत्कालै युद्ध रोक्न सक्दैनन्। तर मानवअधिकारका निम्ति शान्तिको अपरिहार्यता र दीगो शान्तिका उपायहरुका सम्बन्धमा खुला बहस– छलफल चलाउन सक्छन्।

युद्धरत पक्षहरुलाई अझ बढी अमानवीय बन्नबाट कसरी रोक्ने भन्ने सवाल सन् २००४ मा नउठेको होइन। तर सम्पूर्ण नेपालीलाई हिंसाको आगोबाट जोगाउने बाटो यो वर्ष पनि खुल्न सकेन। वर्ष २००४ मा नागरिक तथा राजनीतिक अधिकार मात्र होइन, सबै उमेरका महिला पुरूषको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको उल्लंघन भएको छ। यस वर्ष पुस्तकका पन्नाहरुमा यससम्बन्धी विवरण भेट्टाइन्छ।

हिंसा र अशान्तिबीच मानवअधिकारको अस्तित्व रहन सक्दैन। आज हामी त्यस्तै अफठ्यारो अवस्थामा पुगेका छौं। क्षत-विक्षत हुन पुगेको मानव सभ्यताको पुनर्उत्थान हिंसा र अशान्तिको अन्त्यबाट मात्र हुन्छ। साढे पाँच दशकभन्दा पहिले यही निष्कर्षकासाथ संयुक्त राष्ट्रसंघले मानवीय गरीमा र शान्तिलाई एउटै सिक्काका दुई पाटाका रुपमा व्याख्या गर्दै मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो। घोषणापत्रको प्रस्तावनामै भनिएको छ, "मानिसले अत्याचार र दमनलाई पन्छाउने अरु बाटा नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने नठानून्। त्यसो भन्ने हो भने मानवअधिकारहरुको कानुनी शासनद्वारा रेखदेख हुनु जरुरी छ।" त्यसैले सामाजिक न्यायको अभावमा शान्तिको कल्पना गर्नु मृगतृष्णा मात्र हुन जान्छ।

मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्र र त्यसपछि बनेको नागरिक तथा राजनीतिक अधिकारहरुसम्बन्धी प्रतिज्ञापत्रले शान्तिको अधिकारका रुपमा कुनै एउटा धारालाई अघि सारेको छैन। तर शान्ति यस्तो अवस्था हो, जसले घोषणापत्रमा समेटिएका सबै अधिकारहरुको आधारभूमि तयार गर्दछ वा सबैलाई समेट्दछ। शान्तिको अभावमा आधारभूत मानवअधिकारहरुको प्रत्याभूति हुन सक्दैन। मानवअधिकारबिना सामाजिक न्यायको कल्पना गर्न सकिँदैन। सामाजिक न्याय बिना शान्तिको बहाली कोरा कल्पना मात्र हुन जान्छ। त्यसैले शान्तिको बहाली मानवअधिकार संरक्षण र सम्वर्द्धनका निम्ति आधारभूत शर्त हो। हिंसा र अशान्ति मानवअधिकारहरुको व्यापक उल्लंघन भैइरहेको तथ्यको द्योतक हो। कुनै पनि समाजलाई सबै मानवअधिकारहरुको बहाली भएको अवस्थामा मात्र शान्तिपूर्ण समाजका रुपमा देख्न सकिन्छ।

यस्तै पृष्ठभूमिमा सन् २००४ दीगो शान्तिको मूर्त प्रस्ताव र त्यसैबमोजिमको प्रयास बिना नै बिदा भयो। मानवअधिकारको संरक्षण र सम्वर्द्धनको परिपाटीलाई मजबुत बनाउँदै सामाजिक न्याय बहाली गर्ने शान्ति प्रकृयाको सवाल प्राथमिकताको सूचीमा सबभन्दा माथि पर्न जरुरी छ। उग्रताको अन्त्य र समस्याहरुको निदानका लागि संवाद र सहमति नै दीगो शान्तिको उपाय हुनसक्छ।

कुन्दन अर्याल
मुख्य संयोजक

परिच्छेद २

अलमलिएको शान्ति प्रक्रिया

१. विषय प्रवेश

सन् २००४ मा पनि 'शान्ति' नेपालीको इच्छित तर अप्राप्य शब्द बन्यो। शान्ति स्थापनार्थ अनेकन् बौद्धिक प्रयास- थरि-थरिका गोष्ठी, अन्तक्रिया, पदयात्रा सम्पन्न भए। यस्ता गतिविधिमध्ये अधिकांश राजधानीमा सीमित रहे। ती गतिविधिले नेपाली जनता शान्तिको पक्षमा रहेको कुरालाई जोडदार ढङ्गले थप प्रष्ट पार्‍यो। तर यो वर्ष पनि हिंसामा कुनै छेकबार लागेन र राज्यपक्षबाट १६ सय ४ र माओवादीबाट ११ सय ३ जना नेपालीले ज्यान गुमाउनु पर्‍यो। बितेका दश वर्षको अवधिमा सबैभन्दा बढी सन् २००२ मा नेपालीले ज्यान गुमाएका थिए। त्यसपछि सबैभन्दा बढी नेपालीले ज्यान गुमाउनु परेको वर्ष यही हो। युद्धविराम भई सरकार माओवादीबीच अब त वार्ता होला कि भन्ने नेपाली जनताको आशा तुहेर गयो।

नेपाली काँग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाको नेतृत्वमा एमाले, राप्रपा, सद्भावना र नागरिक समाजका प्रतिनिधिका नाममा राजाका प्रतिनिधिसमेत सम्मिलित सरकार गठन भएपछि त्यसले शान्ति वार्ता आरम्भ गर्ला भन्ने आशा प्रखर बनेको थियो। सरकारले शान्ति समिति गठन गरी पुस मसान्तभित्र वार्तामा आउन माओवादीलाई पटक-पटक आह्वान समेत गरेको थियो। माओवादीले शुरूमा त्यसप्रति रूचि देखाएको भान भए तापनि पछिल्ला दिनमा बेवास्ता गर्‍यो। माओवादीसँग वार्ता गर्ने र चैत मसान्तभित्र आमनिर्वाचन आरम्भ गर्ने राजादेश पाएको सरकारले वार्ता नभए निर्वाचनमा जाने उद्घोष बारम्बार गर्‍यो। तर सन् २००४ को अन्त्यसम्म "न शान्तिवार्ता न त चुनावको आह्वानको स्थिति" मा सरकार रूमल्लिएपछि देश अर्को राजनीतिक दुर्घटनाका लागि तम्तयार भएजस्तो देखियो।

२. निरन्तर चलेका दुई धार : बन्दुक र वार्ता

राजनीतिक द्वन्द्व र अस्थिरता नेपालका निम्ति नौलो कुरा होइन। राजनीतिक चुनौतीलाई कसरी समाधान गर्ने भन्ने बारेमा आधारभूत मान्यतामै रहने गरेको द्विविधाग्रस्त सोच पनि नेपालका निम्ति नौलो होइन। समस्याको समाधानका लागि बन्दुक र वार्तामध्ये के रोज्ने भन्ने सवालमा जहिल्यै दुई मत रहेको नेपाली इतिहास छ।

नेपालको पहिलो राजनीतिक दल प्रजापरिषदले राणा शासनविरूद्ध आन्दोलन सुरू गरेपछि यसलाई हेर्ने शासक वर्गको दृष्टिकोणमा पनि त्यस्तो द्विविधाग्रस्त सोच पाउन सकिन्छ। एकातिर भावी श्री ३ महाराजका रूपमा रहेका पद्मशमशेर उदारवादी वैधानिक सुधारलाई द्वन्द्व व्यवस्थापनको उपाय मान्ने र अर्कोतिर मोहनशमशेरलगायत ठूलो हिस्सासहित श्री ३ जुद्धशमशेर चाहिँ बन्दुककै बलमा मिच्न चाहने, यी दुई सोचको संघर्षमा बन्दुकवादीहरू हावी भएपछि १९९७ सालको घटना भएको देखिन्छ। नेपाली काँग्रेसले राणाशासनविरूद्ध सशस्त्र विद्रोह गरेपछि मोहनशमशेरको नेतृत्वमा शासक वर्गको ठूलो हिस्सा राज्यसत्ताको बलमा विद्रोह दबाउन प्रयत्नशील रह्यो। तर सुवर्णशमशेरको नेतृत्वमा केही राणाहरू भने क्रान्तिमा सहभागी बने।

००७ फागुन ७ गते राजा त्रिभुवनबाट राणा-काँग्रेस संयुक्त मन्त्रिमण्डलको गठन भयो। यसै दिनलाई प्रजातन्त्र दिवसको संज्ञा दिइयो। यसरी नेपालमा प्रजातन्त्रको प्रादूर्भाव भयो। नेपाल कम्युनिस्ट पार्टी लगायत्‌ले दिल्ली सम्झौताको विरोध गरे। सात सालको क्रान्तिमा ००६ सालमा गठित कम्युनिस्ट पार्टीको भूमिका गौण थियो। सो पार्टीले ०१५ सालको आम निर्वाचनमा संसदमा चारजना मात्र प्रतिनिधि पठाउन सक्यो। जबकी नेपाली काँग्रेस दुई तिहाई बहुमतसहित सत्तारूढ हुन सफल भयो। ०१७ सालमा राजा महेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए। नेपाली काँग्रेसले पञ्चायती व्यवस्थाविरूद्ध सशस्त्र विद्रोह शुरू गर्‍यो।

०१७ देखिका तीस वर्षसम्म नेपाल वार्ता र बन्दुकको द्विविधामै रूमल्लिइ रह्यो। दुईपल्ट पञ्चायती शासनविरूद्ध हतियार उठाएको नेपाली काँग्रेसले अन्ततोगत्वा आफूलाई राष्ट्रिय मेलमिलापको पक्षमा उभ्यायो भने पञ्चहरू चाहिँ पञ्चायती व्यवस्था निर्विकल्प भएको भन्दै विपक्षीहरूप्रति झन्-झन् असहिष्णु भए। यसबीच जनमत सङ्ग्रहको घोषणा गरेर राजाले आफूलाई बन्दुक भन्दा वार्ता नै मन पर्ने संकेत दिन खोजेका भए तापनि सुधारिएको पञ्चायती व्यवस्थालाई जिताएर उक्त जनमत सङ्ग्रह सकियो। पञ्चायतइतर शक्तिका सन्दर्भमा चर्चा गर्दा, कम्युनिष्ट र काँग्रेसको संयुक्त प्रयासबाट मात्र पञ्चायती व्यवस्था समाप्त गर्न सकिन्छ भन्ने नेकपाका संस्थापक महासचिव पुष्पलालको विचारलाई नेपाली काँग्रेसले छयालीस साल अघि सदाशयताकासाथ लिएन। कम्युनिष्टसँगको कार्यगत एकता काँग्रेसका नेता वीपी कोइरालालाई आजीवन स्वीकार्य भएन। भारतमा निर्वासित वीपी कोइरालालगायत काँग्रेसका नेता मेलमिलापको राजनीतिक दर्शनकासाथ ०३३ सालमा नेपाल फर्किनु भयो। ०३६ सालमा जनमतसंग्रह घोषणा भएपछि उहाँले नेपालका कम्युनिष्टहरूलाई पञ्चायतमा घुसपैठ गरेको आरोप लगाउँदै आउनु भएको थियो। जनमतसङ्ग्रह घोषणा हुनु भन्दा आठ वर्ष अघि सीमा पारी चर्किएको नक्सलवादी आन्दोलनबाट प्रेरित भएर झापामा कम्युनिष्टहरूले सशस्त्र आन्दोलन सुरू गरे। ०४६ सालसम्म विभिन्न समूह र पार्टीको नाममा महत्वपूर्ण राजनीतिक शक्तिका रूपमा कम्युनिष्टहरू स्थापित भइसकेका थिए। कम्युनिष्ट र नेपाली काँग्रेस दुवैको संयुक्त आन्दोलनबाट तीस वर्षे पञ्चायती व्यवस्थाको पतन भयो।

उक्त आन्दोलन पनि बल प्रयोग गरी दबाउन नखोजिएको भने होइन।

पञ्चायतको अवसान र प्रजातन्त्रको पुनर्स्थापना देशका तीन शक्तिहरूबीचको सम्झौता थियो। काँग्रेस, वाममोर्चा र राजाबीच भएको सो सम्झौताले तत्कालका लागि नेपालमा बन्दुकलाई वार्ताले जितेको देखायो। तर यस्तो परिस्थिति धेरै समय रहेन।

प्रजातन्त्र पुनर्स्थापनापश्चात् भएको पहिलो आमनिर्वाचनमा बहुमत प्राप्त दल नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनुभयो। जसले 'माले, मसाले र मण्डले एकै हुन्' भन्ने धारणा व्यक्त गरी संसदमा समेत भीडन्त निम्त्याएर द्वन्द्वलाई चर्काउनु भयो। तर द्वन्द्वले त्यतिबेला खतरनाक मोड लियो, जब विगतमा संयुक्त जनमोर्चाको नाममा एक पटक संसदमा पुगिसकेका एकथरी कम्युनिष्टहरूले नेकपा (माओवादी) को नाममा सशस्त्र विद्रोह सुरू गरे।[१]

३. हिंसात्मक द्वन्द्वमा अलमलिएको शान्ति प्रक्रिया

संयुक्त जनमोर्चा नेपालका डा. बाबुराम भट्टराईसमेतको एक टोलीले ०५२ साल माघ २१ गते तत्कालीन प्रधानमन्त्री देउवासँग भेट गरी ४० सूत्रीय माग पेश गऱ्यो। त्यस समूहले फागुन ५ गतेसम्म माग पूरा गर्न समय दिएको थियो। ती मागमध्ये संविधानका अपरिवर्तनीय धाराबाहेक अन्य मागबारे छलफल गर्न सकिने आश्वासन देउवाले दिनुभयो।[२] तर, फागुन १ गते देखि नै माओवादीले जनयुद्ध शुरू गरे। नेकपा (माओवादी) ले सुरू गरेको जनयुद्ध नीतिगतरूपमा उनीहरूको ०४७ सालअघिदेखिकै राजनीतिक अवधारणाको विकसित र फस्टाएको रूपमात्र हो। यही पृष्ठभूमिमासमेत केन्द्रित रहेर यस समस्याको समाधान खोजिनु पर्ने हो।

माओवादीले जनयुद्ध घोषणा गरेको लगत्तै ०५२ फागुन २२ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले सर्वदलीय बैठक बोलाई साझा विज्ञप्ति दिन आग्रह गर्दा काँग्रेसका तत्कालीन प्रवक्ता तारानाथ रानाभाटले यस सम्बन्धमा आफ्नो पार्टीको आधिकारिक धारणा सार्वजनिक नभएको जानकारी गराउनु भयो।[५] तर, यस अघि नै माओवादीलाई इंगित गर्दै उहाँले भन्नुभएको थियो, "मुलुकलाई अस्थीर बनाई विकास निर्माणका काम कारवाही ठप्प गराउन खोज्ने प्रतिकृयावादीहरूप्रति श्री ५ को सरकार सजगमात्र नभई निर्ममतापूर्वक दबाउनपट्टि लाग्नु पर्छ।"[६]

नेपाली काँग्रेसका प्रवक्ताको उपरोक्त भनाईले माओवादी जनयुद्धलाई जसरी भएपनि दबाउने नियत प्रष्टिन्छ।

०५२-०५५ सालको अवधिमा गठबन्धन सरकारको शृङ्खला सुरू भयो। यसै अवधिमा नेकपा (एमाले) मा विभाजन आयो। एमालेका तत्कालीन स्थायी समिति सदस्य वामदेव गौतमको नेतृत्वमा नेकपा (माले) निर्माण भयो। यसबीच माओवादीको गतिविधि दिनानुदिन बढ्न थाल्यो। "सन् २००० मा ६८ जिल्लामा माओवादी गतिविधि देखा पऱ्यो।"[३]

सरकार टिकाउनु नै सरकारको मुख्य काम देखियो भने सरकार ढाल्नु प्रतिपक्षीहरूको कर्तव्य। बहुदलीय व्यवस्थाका विरोधीहरू काँग्रेस र नेकमा (एमाले) मा प्रवेश गर्ने लहर नै चल्यो। पञ्चायती शासनको अन्त्यपछि शासन गर्ने दलहरूमा शक्ति सञ्चय गर्ने होडबाजीका क्रममा पञ्चायती शासन कालमा सत्ताका आडमा हुर्किएकाहरू र राजनीतिक अपराधीहरू नेपाली काँग्रेस र कम्युनिस्ट पार्टीहरू खासगरी नेकपा (एमाले) भित्र समाहित भए।[४] नेपाली काँग्रेसले राप्रपा नेता सूर्यबहादुर थापाको नेतृत्वमा सरकार बनायो भने आफ्नो नेतृत्वमा कहिले नेकपा (माले) र कहिले नेकपा (एमाले) सँग मिलेर गठबन्धन सरकार बनायो। कम्युनिष्टको घोर विरोधीका रूपमा प्रस्तुत हुँदै आएका गिरिजाप्रसाद कोइरालाको व्यवहारमा परिवर्तन देखा पऱ्यो। यता ०५४ मा नेकपा (एमाले) ले ०४६ साल चैत २४ गते भएको घटनाका प्रमुख जिम्मेवार मानिएका लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार बनायो।

०५६ सालमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा नेपाली काँग्रेसले बहुमत प्राप्त गरी कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार बनायो। यो सरकारद्वारा शेरबहादुर देउबाको संयोजकत्वमा ०५६ पुस २२ गते माओवादी समस्या समाधानका लागि "माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समिति" गठन गरियो। जसले ०५७ कार्तिक २२ गते आफ्नो प्रतिवेदन सरकारलाई बुझायो। कृष्णप्रसाद भट्टराईलाई राजीनामा गर्न लगाएर ०५७ चैत ९ गते गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री बन्नु भयो। समितिले माओवादी समस्याको अध्ययनमात्र गरेन। माओवादीसँग वार्ता गर्ने तारतम्य मिलाउन थालिसकेको थियो। तर माओवादीहरू गिरिजाप्रसाद कोइरालाको कार्यप्रति असन्तुष्ट थिए।

देउवा प्रतिवेदनलाई कोइराला सरकारले कुनै वास्ता गरेन। विभिन्न कारण देखाई कोइरालाले राजिनामा दिनु भएपछि ०५८ साउन १० गते शेरबहादुर देउवा प्रधानमन्त्री हुनु भयो। शपथग्रहण गर्नु अघि नै देउवाले माओवादीलाई युद्धविराम गरी वार्तामा आउन आग्रह गर्नु भयो।

४. माओवादी समस्या र वार्ता प्रसङ्ग

माओवादीले "जनयुद्ध" सुरू गरेको पाँच महिनापछि नै वार्ताद्वारा समस्या समाधान गर्न सरकारले पहल नगरेको होइन। ०५३ साल असारमा तत्कालीन सरकारले पहिलो पटक माओवादीलाई वार्तामा आउन आह्वान गरेको थियो।

तर सो आह्वानलाई माओवादीले पराजित मानसिकताको संज्ञा दिँदै अस्वीकार गऱ्यो। यसरी माओवादीहरू वार्ताको सम्भावनालाई नकार्दै सशस्त्र सङ्घर्षलाई निरन्तरता दिँदै

नेकपा (माओवादी) का तत्कालीन महामन्त्री प्रचण्डको २०५७ साउन २१ गतेको पत्र

नेपाल कम्युनिस्ट पार्टी माओवादी

केन्द्रीय कार्यालय

श्री शेरबहादुर देउवाजी,

संयोजक, मा स स उ सुझाव समिति।

तपाईंद्वारा प्रेषित ०५७/४/१३ को पत्र प्राप्त भयो। तपाईंद्वारा वार्ताका लागि भइरहेको प्रयासलाई हामीले सकारात्मक रूपमा लिइरहेका छौं। तर यसबीचमा गिरिजा सरकारले मानवअधिकारवादी समुदाय तथा व्यापक जनसमुदायले अनुमोदन गरेको वार्ताको न्यूनतम वातावरण बनाउनेतिर भन्दा बारा हत्याकाण्ड लगायत कैयौं हत्याकाण्डहरू मच्चाएर जनहत्या तीव्र पार्ने, हाम्रो पार्टीका क मातृका यादव, चित्रनारायण श्रेष्ठलगायत कैयौंलाई गिरफ्तार गरी बेपत्ता पार्ने तथा राज्य आतङ्क यथावत जारी राख्दै जनदमनका लागि अरबौं बजेट छुट्याउनाले सरकार वार्ताको वातावरण बनाउने भन्दा बिगार्ने र वार्ता भाँड्ने तथा गृहयुद्ध चर्काउने दिशामा नै लागिरहेको छ भन्ने देखिएको छ। हालै प्रम गिरिजाको भारत भ्रमणमा पनि नेपाली जनसमुदायको न्यायपूर्ण आन्दोलन दबाउन भारतीय सरकारको सहयोग माग्नुले पनि गिरिजा सरकारको राष्ट्रघाती र जनघाती कदमहरू अझै बढ्न थालेको देखिएको छ। यस्तो स्थितिमा विगतका पत्रहरूमा उल्लेख गरिए अनुसारको जनअनुमोदित न्यूनतम वातावरण गिरिजा सरकारले नबनाएको हुनाले वार्ताको लागि प्रतिनिधि पठाउने कुरा युक्तिसङ्गत नभएको स्पष्ट नै छ।

साथै न्यूनतम वातावरण बनेमा वार्ताका लागि यथाशीघ्र प्रतिनिधिमण्डल पठाइने कुरा पुन यहाँ दोहऱ्याउन चाहन्छौं। अन्यथा गिरिजा सरकारको दमन गर्ने नीति जारी रहेमा त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवार गिरिजा सरकारनै हुनुपर्ने तथ्य पनि तपाई मार्फत स्पष्ट गर्न चाहन्छौं।

तपाईंको सकारात्मक पहलका लागि धन्यवाद सहित।

प्रचण्ड

महामन्त्री

ने क पा माओवादी

स्रोत-माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समिति प्रतिवेदन २०५७

आफ्नो राजनीतिक लक्ष्य हासिल गर्न अग्रसर रहे। साथै, सरकार पनि प्रहरी कारवाहीहरूमै बढी केन्द्रित रह्यो।

माओवादीसँग वार्ता गरी समस्या समाधान गरिनु पर्ने पार्टीगत धारणा प्रष्ट पार्न सबैभन्दा पहिले नेकपा एमालेको ध्यान गएको थियो। ०५३ सालमा सो पार्टीले तत्कालीन स्थायी कमिटी सदस्य सीपी मैनालीको संयोजकत्वमा "माओवादी गतिविधि अध्ययन कार्यदल" गठन गरेको थियो। कार्यदलले ०५४ साउन २३ गते प्रस्तुत गरेको प्रतिवेदनमा समस्या समाधानार्थ १५ बुँदे अल्पकालीन एवं दीर्घकालीन उपाय अवलम्वन गर्नु पर्ने सुझाव दिएको थियो। अन्य सुझाव सँग-सँगै समस्यालाई राजनीतिक ढंगले समाधान गर्न सरोकारवाला पक्षहरूसँग वार्ताको पहल गरिरहन सुझाव दिइएको थियो।

नेकपा (एमाले) ले झलनाथ खनालको संयोजकत्वमा पनि माओवादी समस्या समाधान गर्न कार्यदल बनाएको थियो। खनाल प्रतिवेदनले माओवादी समस्यालाई राजनीतिक समस्या ठहर गर्दै वार्ताको निमित्त आफ्नो पार्टीले भूमिका निर्वाह गर्नु पर्ने निष्कर्ष निकाल्दै वार्ताको निमित्त तयार हुनुपर्ने, वार्ताका लागि अनुकूल वातावरण बनाउनुपर्ने, वार्ताका लागि पूर्वाधारहरूको निर्माण गर्नु पर्ने, सहजकर्ता र मध्यस्थकर्ताको उपयोग गर्नु पर्ने, वार्ता प्रकृयामा दृढता र लचकता दुवै हुनु पर्ने र राष्ट्रिय सहमति निर्माणका सम्बन्ध आफ्नो सुझाव दिएको थियो।

०५४ साल वैशाख महिनामा श्री ५ को सरकारले तत्कालीन सांसद प्रेमसिंह धामीको संयोजकत्वमा गठित "माओवादी क्रियाकलाप र समाधानको खोजी कार्यदल" ले माओवादी समस्याका विविध पक्षहरूको गंभीर अध्ययन र विश्लेषण गरी आवश्यक सुझावसहितको प्रतिवेदन ०५४ साउन ३० गते सरकारलाई बुझायो।

सो प्रतिवेदनले माओवादी जनयुद्धलाई राजनीतिक समस्या स्वीकार्दै समाधान गर्न विभिन्न पक्षको विश्लेषण गर्दै सुझाव दियो। कार्यदलद्वारा सुझाइएको पहिलो उपाय - माओवादी जनयुद्धलाई राजनैतिक ढङ्गले समाधान गर्नका लागि प्रथमत: नेकपा (माओवादी) लाई वार्ताको टेबलमा ल्याउन जरूरी ठानिएको थियो। यद्यपि यो समूह सहज ढंगले वार्तामा आउने सङ्केत नदेखिए पनि वार्ताको लागि उपयुक्त माहौल तयार पारेर राजनैतिक दवाबको स्थिति सृजना गर्न र माओवादीसँग वार्ताका लागि सर्वदलीय वार्ता टोली गठन गर्न विश्वासको वातावरण सृजना गर्न पनि कार्यदलले सुझाएको थियो।

यसरी के देखिन्छ भने प्रमुख संसदवादी दल नेपाली काँग्रेस माओवादी समस्या समाधान गर्न दुई मतमा विभाजित थियो। एउटा पक्ष वार्ताद्वारा समस्या समाधान गर्ने धारणा राख्दथ्यो भने अर्को माओवादीलाई शक्ति प्रयोग गरी दबाउनु

पर्ने मान्यता राख्दथ्यो। उता नेकपा (एमाले) माओवादीले उठाएका समस्यालाई सम्वोधन गरी वार्ताद्वारा समस्या समाधान हुन्छ भन्ने कुरामा विश्वस्त देखिन्थ्यो।

०५६ सालमा माओवादीले आफ्नो तीन बुँदे मागलाई अघि सारेर वार्ताका लागि आह्वान गर्दै माओवादी नेता प्रचण्डले भन्नुभयो "यदि यी न्यूनतम सर्तहरू पूरा गरिएमा हामी वार्ताको लागि उच्चस्तरीय वार्ता टोली पठाउन तयार छौं र वार्ताको अवधिभर हाम्रा सम्पूर्ण क्रियाकलाप बन्द गर्दछौं।"

"माओवादीका सर्त थिए -

१. माओवादी केन्द्रीय कमिटीका सदस्यसहित राज्यद्वारा बेपत्ता पारिएका सम्पूर्ण माओवादी कार्यकर्ताको स्थिति सार्वजनिक गरिनु पर्ने,
२. पक्राउ गरिएका सम्पूर्ण कार्यकर्ता तथा पार्टीप्रति सहानुभूति राख्ने व्यक्तिहरू रिहा गर्न तत्काल पहल गर्नु पर्ने र सम्पूर्ण राज्य आतङ्क बन्द गरी रूकुमलगायत्का जिल्लाहरूमा भएको आगजनी रोकी दोषीलाई कारवाही गरिनु पर्ने र
३. पीडितलाई उचित राहत प्रदान गरिनुपर्ने।"[७]

यसको ठिक एक वर्षपछि ०५७ माघमा माओवादीले वार्ताको लागि पुन: आह्वान गरे। उनीहरू वार्ताको माध्यमवाट सर्वपक्षीय सम्मेलन गरी उक्त सम्मेलनद्वारा अन्तरिम सरकारको चुनाव सुनिश्चित गर्न चाहन्थे।[८]

०५८ साउन १० गते देउवा सरकारले सुरक्षा कारवाही रोकी माओवादीलाई युद्धविराम गर्न अनुरोध गऱ्यो। सरकारको आह्वानलाई माओवादीले स्वीकारी वार्ताको लागि तयार भयो। युद्धविरामपूर्व दुवै पक्षवीच के कस्ता समझदारी विकसित भएका थिए, त्यसको उत्तर अझै पाइएको छैन। यी उत्तर सार्वजनिक भएमा भावी शान्तिवार्ताका लागि उपयोगी हुने थियो।

सरकार र माओवादीवीच पहिलो चरणको वार्ता ०५८ भदौ १५ गते ललितपुरको गोदावरीमा, दोस्रो चरणको वार्ता ०५८ भदौ २८ र २९ गते वर्दियाको ठाकुरद्वारामा र तेस्रो चरणको वार्ता ०५८ कार्तिक २८ गते ललितपुरको गोदावरीमा सम्पन्न भयो।

वार्तामा सरकारी पक्षवाट मन्त्री चिरञ्जीवी वाग्ले संयोजक र महेश आचार्य, विजय गच्छेदार र नरहरि आचार्य सदस्य हुनुहुन्थ्यो। माओवादीपक्षवाट कृष्णवहादुर महरा संयोजक, टोपवहादुर रायमाझी र अग्नीप्रसाद सापकोटा सदस्य हुनुहुन्थ्यो। सहजकर्ताको रूपमा पद्मरत्न तुलाधर र दमननाथ ढुंगाना हुनुहुन्थ्यो।

पहिलो वार्ता भङ्ग भएपछि माओवादीले पहिलो पल्ट सैनिक व्यारेकमा आक्रमण गरे। यसअघि प्रतिरक्षात्मक स्थितिमा रहेका माओवादीको आक्रामकता दिनानुदिन बढ्दै गयो।

पहिलो वार्ता क्रममा ०५८ कार्तिक २८ गते माओवादीका अध्यक्ष प्रचण्डले एक विज्ञप्ति प्रकाशन गरी गणतन्त्रको माग स्थगन गरिएको जानकारी गराउनु भयो। यही क्रममा माओवादीको माग अनुसार सरकारले सुरक्षा नियमावली खारेज तथा थुनामा रहेका मातृका यादवलगायत्का माओवादी नेता तथा कार्यकर्तालाई रिहा गर्दै ६८ जनाको मुद्दा फिर्ता लिने निर्णय गऱ्यो। तेश्रो चरणको वार्ता सकिएको सात दिन पछि ०५८ मंसिर ६ गते माओवादीले वार्ताको औचित्य समाप्त भएको घोषणा गर्दै युद्धविराम भङ्ग गरेर मंसिर ८ गते दाङको सैनिक व्यारेकमा आक्रमण गरे। मंसिर ८ गतेदेखि ११ गते स्याङ्जा र सोलुखुम्बुका जिल्ला सदरमुकाममा पनि माओवादीले आक्रमण गरे। उक्त अवधि भित्र तीनसय मानिस मारिए। वार्ताका तत्कालीन सहजकर्ता दमननाथ ढुंगानाका अनुसार दुवै पक्षहरू युद्धको मनस्थितिमा थिए। दुवै पक्ष सैन्य शक्ति वृद्धिमा तल्लीन भएकाले उनीहरू वार्ताप्रति इमान्दार थिएनन्। तसर्थ, वार्ता असफल हुनुमा एउटा मात्र पक्षलाई दोष दिनु नाजायज ठहर्छ।[९]

तर माओवादी नेता प्रचण्डको विचार भने फरक देखियो, "गत साल पुरानो सत्ताले युद्धविरामसहित वार्ताको निम्ति आह्वान गरेपछि हामीले त्यसको सकारात्मक प्रत्युत्तर दिंदै तीन महिनासम्म वार्ताको टेबुलमा बसेको कुरा पनि कसैबाट छिपेको छैन। तर जब पुरानो सत्ताले वार्तालाई हाम्रो हदैसम्मको लचकताका बाबजुद कुनै राजनैतिक निकास विनाको नाटकका रूपमा लिएको र भित्रभित्रै जनयुद्धलाई सखाप पार्न शाही सेना परिचालन गरेको देख्यौं, तब हामी त्यसको प्रतिरोधमा अगाडि बढ्यौं र आजको अवस्थासम्म आइपुगेका छौं। यसबाट कुनै कुरा स्पष्ट हुन्छ भने हामी वार्ताका निमित्त वार्ताको नाटकको पक्षमा होइन जनताको सर्वोत्तम हित गर्ने सकारात्मक र अग्रगामी राजनैतिक निकासका निमित्त वार्ताको पक्षमा छौं।"[१०]

०५८ मंसिर ११ गते सङ्कटकालीन अवस्थाको घोषणा, आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ जारी गर्नुकासाथै माओवादीविरूद्ध सेना परिचालन र माओवादीलाई आतंककारी घोषणा गऱ्यो। जेठ १३ गते पुन: सङ्कटकालीन अवस्थाको घोषणा भयो। ०५९ असोज १८ गते प्रधानमन्त्री शेरबहादुर देउवा राजावाट असक्षम भनी बर्खास्त हुनु पऱ्यो। संविधानको धारा १२७ बमोजिम असोज १८ गते राजाबाट लोकेन्द्रवहादुर चन्द प्रधानमन्त्री नियुक्त हुनु भयो। यस कदमलाई संसदवादी दलहरूले प्रतिगमनको संज्ञा दिएर आन्दोलन सुरू गरे।





माओवादीका औपचारिक मागहरू

माओवादीद्वारा जनयुद्ध संचालनको सेरोफेरोदेखि अहिलेसम्म राज्यपक्षसमक्ष कूल तीन पटक औपचारिक मागहरू राखिएको छ। अहिलेसम्मका मागहरूमा समावेश गरिएका सवाल र बुँदाहरू हेर्दा, उनीहरूका कूल मागहरूमध्ये वि.सं. ०५२ सालका मागहरूको प्रतिशत २९ थियो भने त्यसयता सम्पन्न दुईवटा वार्ताका क्रममा प्रस्तुत गरिएका मागहरूमा बढोत्तरी भई ०५८ र ०६० मा क्रमशः ३२ र ३९ प्रतिशत पुग्यो। यसरी जनयुद्धसँगै माओवादीको 'बार्गेनिङ पावर' बढ्दै आएको देखिन्छ। यस्तो 'बार्गेनिङ पावर'को सही व्यवस्थापन गर्न नसक्ने हो र निकास दिन नसक्ने हो भने झन् पछि झनै समस्या थपिँदै जाने र शान्तिपूर्ण समाधानको बाटो जटिलतातर्फ धकेलिने सम्भावना नरहला भन्न सकिँदैन। यद्यपि, माओवादीहरूले राख्दै आएका मागहरूमा उतारचढाव भने प्रशस्तै देखिन्छ। ०५२ सालको मागको तुलनामा ०५८ सालका मागहरूमा ३४ प्रतिशत बुँदा थपिएका थिए भने २८ प्रतिशत हटाइएका थिए। त्यसैगरी ३८ प्रतिशत बुँदाहरूका भाषा-शैली परिवर्तन गरिएका थिए। ०५८ सालमा प्रस्तुत मागहरूको तुलनामा ०६० का मागहरूमा केही कम परिवर्तन छ। ०६० का मागहरूमध्ये ३४ प्रतिशतमा भाषा-शैली परिवर्तन छ भने ४४ प्रतिशत नयाँखाले मागहरू थपिएका र अघिल्लोमा राखिएका २२ प्रतिशत मागहरू हटाइएको छ।

५. दोस्रो वार्ताको सुरूवात र अन्त्य

०५९ माघ १५ गते राज्य र माओवादीपक्षले युद्धविरामको घोषणा गरे। माओवादीलाई आतङ्ककारी घोषित निर्णय फिर्ता लिइयो। मन्त्री नारायण सिंह पुनलाई सरकारकोतर्फबाट वार्ताको जिम्मेवारी दिइयो। पहिलो चरणको वार्ता ०६० वैशाख १४ गते र दोस्रो चरणको वार्ता वैशाख २६ गते काठमाडौंको शङ्कर होटलमा सम्पन्न भयो। ०६० जेठ १६ गते लोकेन्द्रबहादुर चन्दले राजिनामा दिनुभयो। ०६० जेठ २१ गते सूर्यबहादुर थापा प्रधानमन्त्री हुनु भयो। जेठ २९ गते सरकारले मन्त्रीद्वय प्रकाशचन्द्र लोहनी र कमल थापालाई वार्ताको जिम्मेवारी दियो। सरकारले माओवादीसँगको वार्तालाई व्यवस्थित गर्न प्रधानमन्त्रीको कार्यालयमा शान्तिवार्ता केन्द्रीय समन्वय सचिवालय स्थापना गर्‍यो।

पहिलो र दोस्रो वार्तामा केही महत्वपूर्ण अन्तर थिए। पहिलो वार्तामा जनादेश प्राप्त सरकार सामेल थियो भने दोस्रो वार्ता राजावाट नियुक्त सरकारले गरेको थियो र सेना परिचालन भइसकेको अवस्था थियो। आचार संहितामा दुवै पक्षवाट हस्ताक्षर गरिनु थप विशेषता थियो। यसवाहेक राजाको सक्रियता सवैभन्दा महत्वपूर्ण रहेको थियो। यस प्रसङ्गमा वार्ताका तत्कालीन सहजकर्ता पद्मरत्न तुलाधरको भनाई छ - "प्रचण्डले मसँग भन्नुभएको थियो-चन्द सरकारसँग वार्ता हुन सक्दैन। अब वार्ता हुने हो भने सिधा राजासँग गर्ने भनेर उनीहरू आएका थिए। राजा आफैले सक्रियता देखाएपछि मात्र उनीहरूमाथिको रेडकर्नर नोटिस, टाउकाको मोल र आतङ्ककारी बिल्ला हटाइएको थियो। यस कारण राजा आफै यस प्रक्रियामा सहभागी हुने भन्ने ठानिएको थियो। लोकेन्द्रबहादुरजीले केही गर्न सक्नु भएको थिएन। टाउकाको मोल मात्रै खारेज गरिदिनु भनेर मैले पटक-पटक भन्दा पनि चन्दले सक्नुभएको थिएन। तर राजा आफैबाट मात्र यो सम्भव भएको थियो।"[११]

०६० जेठ १० गते सुरू भएको वार्ता तेस्रो चरणमा दाङको हापुरेमा सम्पन्न भयो। साउन ३२ गते सुरू भएको वार्ता भदौ ३ गतेसम्म जारी रह्यो। जुन दिन हापुरेमा वार्ता सुरू भयो त्यही दिन रामेछाप जिल्लाको दोरम्बामा सुरक्षाकर्मीले १९ जना निशस्त्र माओवादीलाई नियन्त्रणमा लिई हत्या गरे। युद्धविराम र वार्ताका लागि जारी आचारसंहिताको दुवै पक्षले उल्लङ्घन गरे। वार्ता अवधिमा राज्यपक्षवाट ८० जना र माओवादीवाट ४७ जना मारिए। ०६० भदौ १० गते माओवादीले युद्धविराम भङ्ग गरे र त्यसको भोलिपल्ट राजधानीमा सैनिक अधिकृतको हत्या गरे।

पहिलो वार्ता अवधिमा माओवादीले गणतन्त्रको माग

प्रचण्डको प्रश्न सरकारको उत्तर

प्रचण्डका प्रश्न	सरकारका उत्तर
• के उनीहरू असोज १८ को शाही कदम उल्टाएर देशलाई पहिलेकै स्थितिमा लैजान सक्छन् ?	• राजकीय सत्ताको प्रयोग सार्वभौमसत्तासम्पन्न जनताका प्रतिनिधिबाट हुने कुरालाई व्यवहारमा स्थापित गर्न सरकार अधिकारसम्पन्न र सक्षम छ।
• के उनीहरूले दरबार र शाही सेनाका जनरलहरूका इच्छाविपरीत संसदीय राजनीतिक दलहरूलाई समेत विश्वासमा लिएर ठोस आधिकारिकरूपमा वार्ताको विश्वासयोग्य वातावरण बनाउन सक्छन् ?	• शान्ति समितिमा संसद्मा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलहरूको संलग्नताका लागि सरकारले आह्वान गरिसकेको छ।
• के उनीहरू सरकारमै सामेल एमालेका हेमनारायण यादवजस्ता व्यक्तिहरूको हत्या गर्नेहरूलाई कारवाही गर्न सक्छन् ?	• मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन गरी पीडितहरूलाई क्षतिपूर्ति दिनसमेत सरकार प्रतिबद्ध छ।
• के उनीहरू संविधानसभामार्फत् जनतालाई वास्तविक अर्थमा सार्वभौम तुल्याउने प्रतिबद्धता र आचरण प्रदर्शन गर्न सक्छन् ?	• राज्यसंयन्त्रको पुनसंरचना गरी अग्रगमन तथा आर्थिक एवम् सामाजिक रूपान्तरणको कामलाई अघि बढाउन सरकार तयार छ।
• के उनीहरू समस्या समाधानका निमित्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय मानवअधिकार संस्थालाई संलग्न गराएर वार्ताको आयोजना गर्न सक्छन् ?	• छिमेकी मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसङ्घ र विभिन्न मानवअधिकारवादी संस्थाहरूको सद्भाव, सहयोग र उपयोगितालाई सरकारले बुझेको छ।
• के उनीहरू शाही सेनामाथि आफ्नो नियन्त्रण भएको कुरा साबित गर्न एउटा पनि आधिकारिक व्यवहार प्रदर्शन गर्न सक्छन् ?	• सुरक्षालगायत्का सबै सरकारी निकायहरू संवैधानिक, राजनीतिक र व्यावहारिक सबै किसिमले सरकारको मातहतमा रहेको स्पष्ट छ।

स्थगन गरी संविधानसभालाई वार्तामा स्थान दिए। दोस्रो वार्ता अवधिमा पनि संविधान सभा नै वार्ताको केन्द्रविन्दुमा रहेको थियो। सरकारले भने संविधानसभाको विकल्प प्रस्तुत गर्न सकेन। न त माओवादीले संविधानसभाबाट निर्माण हुनुपर्ने संविधानको प्रारूप प्रस्तुत गर्‍यो।

यी दुवै असफल वार्ताले मुलुकमा "संविधानसभा" लाई बहसको विषय बनाएर नेपाली काँग्रेस, एमाले, सद्भावना पार्टी र राप्रपासमेतलाई संविधानसभाको विषयमा सोच्न बाध्य तुल्याए। माओवादीले बटमलाइन मानेको संविधानसभाका लागि "राजा तयार छैनन् भन्ने कुरा संसदीय दलहरूले बुझेका छन्। त्यसैले संविधानसभालाई प्राथमिकताको सूचीमा राख्न सकेका छैनन्।"[१२] तथापि बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रका हिमायती संसदवादी दललाई आफ्नो मागप्रति आकर्षित गराउन माओवादी सफल भयो।

०६० असोज २७ र २८ गते शाही जङ्गी अड्डामा देशका सुरक्षा निकायका प्रमुख पदाधिकारीहरूको समन्वयात्मक बैठकपछि संयुक्त सुरक्षा संयन्त्रको अवधारणा आयो। प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा कार्तिक १८ गते संयुक्त सुरक्षा संयन्त्रको औपचारिक घोषणा गरियो। सरकारले यसलाई समस्याको निकास खोज्ने नयाँ अध्याय बतायो भने आन्दोलनरत दलहरूले यसबाट सैनिकीकरण बढ्ने बताए। यसपछि गाउँ सुरक्षाबलको अवधारणा प्रस्तुत भयो।

६. सन् २००४ मा शान्ति प्रक्रिया

०६१ वैशाख २५ गते प्रधानमन्त्री सूर्यबहादुर थापाले

शान्ति समिति

अध्यक्ष : प्रधानमन्त्री शेरबहादुर देउवा
सदस्य : माधवकुमार नेपाल, महासचिव नेकपा (एमाले)
सदस्य : पशुपति शमसेर जबरा, अध्यक्ष राप्रपा
सदस्य : मोहम्मद मोहसीन, सूचना तथा सञ्चारमन्त्री
सदस्य : बद्री मण्डल, अध्यक्ष, ने.स.पा.

शान्ति समितिको परामर्श र सहयोग उपसमिति

संयोजक : मोहम्मद मोहसीन, सूचना तथा सञ्चार मन्त्री
सदस्य : जोगमेहर श्रेष्ठ, मन्त्री
सदस्य : युवराज ज्ञवाली, मन्त्री
सदस्य : विमलेन्द्र निधि, मन्त्री
सदस्य : डा. प्रकाशशरण महत, राज्यमन्त्री
सदस्य : भीम रावल, नेता, नेकपा (एमाले)
सदस्य : डा. मिनेन्द्र रिजाल, नेता, नेकाँ (प्रजातान्त्रिक)
सदस्य : खेमराज पण्डित, नेता, राप्रपा
सदस्य : अमृता अग्रहरी, नेता, ने.स.पा.

राजिनामा गर्नु भयो। ०५९ असोज १९ गतेको शाही कदमलाई प्रतिगमनको संज्ञा दिंदै आन्दोलनरत राजनीतिक दलहरू र राप्रपा समेतले थापा सरकारको विघटनको माग राख्दै आएका थिए। सन् २००४ को अघिल्लो चरणमा सूर्यबहादुर थापाको प्रधानमन्त्रित्वको सरकार थियो। राजनीतिक गतिरोध बढ्दै जाँदा ०६१ वैशाख २५ गते संविधानको धारा १२७ को आधारमा राजाद्वारा शेरबहादुर देउवालाई ०६१ जेठ २० गते प्रधानमन्त्री नियुक्त गरियो। सरकारमा नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), राप्रपा र नेपाल सद्भावना पार्टी सामेल भए। नागरिक समाजको तर्फबाट भनी डा. मोहम्मद मोहसिनलाई पनि मन्त्री एवं सरकारका प्रवक्तासमेत बनाइयो। यस सरकारलाई राजाबाट शान्ति स्थापना गर्ने र चैत मसान्त भित्र निर्वाचन आरम्भ गर्न आदेश भएको थियो। विघटित संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल सामेल भएको सरकार भएकोले शान्ति बहाली गर्न सक्ने विश्वास लिनु अस्वाभाविक

संयुक्त राष्ट्रसंघका सहायक महासचिव तथा राष्ट्रसंघीय बालकोष (युनिसेफ) का नायव कार्यकारी निर्देशक कुलचन्द्र गौतमको मध्यस्थतासम्बन्धी धारणा

नेपालको वर्तमान अवस्थालाई कसरी मूल्यांकन गरिरहनु भएको छ ?

नेपाल गरीबी, अन्याय, असमानता र सामन्ती प्रथाबाट ग्रस्त छ। यस्तो अवस्था अन्त्य होस् भन्ने हामी सबैको चाहना छ। तर, यो चाहना पूरा गर्ने बहानामा हिंसा र घृणा, हत्या र आतङ्क, भौतिक संरचनाको विध्वंस र समाजको सैनिकीकरणलाई स्वीकार गर्न भने सकिँदैन। नेपालमा एकातर्फ जनक्रान्तिको नाममा र अर्कोतर्फ प्रतिआतङ्कवादको नाममा सृजित हिंसाको संस्कृति र त्रासले उत्पन्न गर्ने दीर्घकालीन परिणामहरूको बारेमा म चिन्तित छु। देशमा लागेको गहिरो घाउ निको हुन द्वन्द्वको अन्त्य तथा शान्ति पुनर्बहालीपछि पनि वर्षौं, संभवत: दशकौं लाग्न सक्छ।

वर्तमान द्वन्द्व समाधानका लागि संयुक्त राष्ट्रसंघले के सहयोग गर्नसक्छ ?

संक्षेपमा भन्नुपर्दा, नेपालीहरू स्वयंले पहल नगर्दासम्म अरू कसैले वा संयुक्त राष्ट्रसंघले समेत केही गर्न सक्दैन। नेपालीहरू, विशेषत: श्री ५ को सरकारले अनुरोध नगर्दासम्म आन्तरिक द्वन्द्वको सवालमा सक्रियतापूर्वक भूमिका निर्वाह गर्न संयुक्त राष्ट्रसंघलाई गाह्रो हुन्छ। तर, यदि नेपालीहरू साँच्ची नै संयुक्त राष्ट्रसंघसमक्ष आउँछन् र यसको भूमिका चाहन्छन् भने, शान्तिका लागि मात्र हैन द्वन्द्वपश्चात्को पुनर्निर्माण र विकास कार्यमा समेत यसले उल्लेख्य सहयोग पुऱ्याउन सक्छ।

यस्तो सहयोगका लागि के-कस्तो औपचारिक प्रक्रिया पूरा हुनुपर्छ ?

सम्वन्धित देशको सरकारले अनुरोध नगरेसम्म वा त्यस देशको अवस्थाले सुरक्षा परिषद्द्वारा निर्धारित अन्तर्राष्ट्रिय शान्तिमा खतरा पुग्ने अवस्था नभएसम्म कुनै पनि सार्वभौम राष्ट्रको आन्तरिक मामलामा राष्ट्रसंघले हस्तक्षेप गर्न मिल्दैन। यस्तो अवस्थामा समस्याप्रति चासो देखाउने, समाधानका लागि ऐक्यबद्धता जाहेर गर्ने र आफ्ना कार्यालयहरू राख्नेजस्ता कामहरूमात्र गर्न सक्छ।

केही टिप्पणीकारहरूले नेपालमा शान्ति प्रक्रियामा राष्ट्रसंघीय भूमिकाका कारण परोक्षरूपमा विद्रोही पक्ष (नेकपा माओवादी) लाई पनि सरकारसरह वैधानिकता प्रदान हुन्छ भन्ने तर्क पनि राखेको पाइन्छ । यस्तो तर्कका सम्बन्धमा तपाई के भन्नुहुन्छ ?

यस्तो तर्क आधारहीन छ। आन्तरिक द्वन्द्वहरूमा राष्ट्रसंघ आफैले मध्यस्थता गर्ने नभई एउटा निष्पक्ष पर्यवेक्षकका रूपमा सहजीकरण गर्ने, निगरानी गर्ने, आवश्यकताअनुरूप सहयोग पुऱ्याउने, अनुगमन गर्ने जस्ता कार्य गर्न सक्छ। त्यसैले कुनै पक्षलाई वैधानिकता प्रदान गर्ने या दुवैलाई समान रूपमा स्वीकार गर्ने भन्ने तर्कको कुनै अर्थ छैन। राष्ट्रसंघले मध्यस्थताको भूमिका निर्वाह गर्ने भन्ने कुरा पनि द्वन्द्वरत पक्षहरूको पूर्वस्वीकृतिबाट मात्र निर्धारण हुन्छ। त्यसकारण राजनीतिक मान्यता र वैधानिकताको आशङ्का गर्नु आवश्यक छैन।

नेपालको भू-राजनीतिक अवस्थितिले गर्दा पनि शान्ति प्रक्रियामा राष्ट्रसंघीय भूमिका कठीन छ भन्ने तर्कहरू पनि सुनिएको छ । यस सम्बन्धमा तपाईको धारणा के छ ?

नेपाल राष्ट्रसंघको एउटा सक्रिय सदस्य राष्ट्र हो। उसलाई राष्ट्रसंघसँग सहयोग माग्ने अधिकार छ र यस्तो सहयोग पुऱ्याउनु राष्ट्रसंघको कर्तव्य हो। तसर्थ, राष्ट्रसंघलाई तेश्रो पक्षका रूपमा नभई वार्तामा संलग्न हुने पक्षहरूको एउटा साझा सहयोगीका रूपमा लिइनुपर्दछ। दुई ठूला देशहरूले घेरिएको नेपालमा शान्ति प्रक्रियालाई अगाडि बढाउन राष्ट्रसंघजस्तो निष्पक्ष र तटस्थ संस्थाको भूमिका झन् उपयुक्त हुन्छ।

साभार : प्राची संचेतना द्वैमासिक, इन्सेक, पूर्णाङ्क ५१, साउन ०६१

राष्ट्रिय मानव अधिकार आयोगद्वारा ०६१ असोज २१ गते तयार गरिएको श्री ५ को सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचको मानव अधिकारसम्बन्धी सम्झौतापत्रको मस्यौदा

प्रस्तावना

द्वन्द्ववाट जनसंख्याको ठूलो हिस्सा प्रभावित भएको र यसले निरन्तररूपमा असाधारण मानवीय क्षति, र पीडा पुऱ्याएको, विस्थापित हुन वाध्य तुल्याएको, विध्वंस फैलाई सामान्य जीवनमा अवरोध सृजना गर्नुका साथै नेपाली समाजलाई अझ गरीबीतर्फ धकेल्दैछ भन्ने कुरालाई स्वीकार गर्दै,

सामाजिक अन्याय र दण्डहीनताजस्ता विषयहरू नेपाली जनताको मानव अधिकार, मर्यादा र प्रतिष्ठाका विपरीत छन् र यिनले द्वन्द्वलाई उर्जा दिइरहेका छन् भन्ने कुरालाई हृदयङ्गम गर्दै,

शान्ति, न्याय र विकासका लागि मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको सम्मान प्रारम्भिक सर्त भएको कुरालाई आत्मसात गर्दै,

मानव अधिकार तथा मानवीय कानुनसम्बन्धी प्रमुख सन्धि सम्झौताहरूको नेपाल पक्ष राष्ट्र भएको, अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय कानुनका सर्वमान्य सिद्धान्तहरूका साथसाथै मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरू तथा प्रचलित राष्ट्रिय कानुनहरूद्वारा पनि नेपाल अनुवन्धित भएको कुरालाई मध्यनजर गर्दै,

श्री ५ को सरकारको २०६०।१२।१३ को प्रतिवद्धतापत्र र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को २०६०।१२।३ को वक्तव्यमार्फत दुवै पक्षले मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति व्यक्त प्रतिवद्धताका साथै दुवै पक्षद्वारा २०५९।११।२९ मा हस्ताक्षरित आचारसंहितामा उल्लेख भएअनुसार वार्ताद्वारा समस्याको निकास खोज्ने इच्छा व्यक्त भएको तथ्यलाई पुनःस्मरण गर्दै,

नेपाली जनताले शान्तिप्रतिको आफ्नो तीव्र इच्छालाई वारम्वार व्यक्त गरिरहेको र द्वन्द्व सम्वद्ध पक्षवाटसमेत न्यायपूर्ण र मानव अधिकारको सम्मान हुने समाजको निर्माण गरी नेपाललाई शान्त र समृद्धशाली वनाउने आकाङ्क्षा व्यक्त भएको र उनीहरूमा त्यस्तो क्षमतासमेत भएको तथ्यलाई ध्यानमा राख्दै,

मानव अधिकार समझदारीपत्रको प्रभावकारी अनुपालनले मानव अधिकारको अवस्थामा सुधार ल्याउन योगदान गर्ने मात्र नभई यसले सम्वद्ध पक्षवीच विश्वासको वातावरण सृजना गर्न सारभुत तत्वको भूमिका खेल्ने हुँदा वार्ताको वातावरण वनाउन पनि सहयोग गर्छ भन्ने वास्तविकतालाई स्वीकार गर्दै,

मानव अधिकार आयोग ऐन, २०५३ (१९९७) ले राष्ट्रिय मानव अधिकार आयोगलाई दिएको मानव अधिकार संरक्षण र सम्वर्द्धनको गहन दायित्व पूरा गर्ने वातावरण सृजना गरी शान्ति प्रयाशको माध्यमवाट मानव अधिकारको वर्तमान अवस्थामा सुधार ल्याउन यस्तो समझदारीपत्रले पुऱ्याउनसक्ने योगदानलाई विचार गर्दै,

सम्वद्ध पक्षहरू निम्नानुसार सहमत भएका छन्

परिच्छेद एक

सामान्य व्यवस्थाहरू

सम्वद्ध पक्षहरू मानव अधिकारप्रतिको सम्मान र रक्षा तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको आफ्नो प्रतिवद्धनाको पुनर्पुष्टि गर्दछन् र कुनै पनि नागरिकउपर वर्ण, लिङ्ग, भाषा, धर्म, जाति, वंश, राजनैतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत वा अवस्थामध्ये कुनै कुराको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाईसमेत आत्मसात गर्नेछन्।

सम्वद्ध पक्षहरू नेपाली जनताको नागरिक, राजनैतिक, साथसाथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अभ्यास गर्ने अधिकार र विशेष गरी परिच्छेद दुईमा उल्लेख भएका अधिकारहरू उल्लंघनको कार्य तुरुन्त रोक्ने कुरालाई स्वीकार गर्दछन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण वनाउन सहमत छन्।

आफ्ना अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू अनुरूप श्री ५ को सरकारले प्रचलित नेपाल कानुनहरू, मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन सुहाउँदो वनाउने दृष्टिले पुनरावलोकन गर्नेछ र मानव अधिकार र मानवीय कानुनलाई आत्मसात गर्ने सम्पूर्ण राष्ट्रिय कानुनहरूको प्रभावकारी कार्यान्वयनको प्रत्याभुति गर्नेछ।

युद्धसम्वन्धी कानुनहरूले युद्धरत पक्ष (लडाकूहरू) लाई असीमित र स्वेच्छाचारीरूपमा लडाइँका तरीका र साधन छनौट गर्ने अधिकार दिएको हुँदैन भन्ने कुरालाई सम्वद्ध पक्ष स्वीकार गर्दछन्। यस सन्दर्भमा सम्वद्ध पक्ष गैरसैनिक व्यक्ति, तिनीहरूको सम्पत्ति र जिउने आधारका साथै अन्य कुनै गैरसैनिक भौतिक संरचना कुनै प्रत्यक्ष वा अप्रत्यक्ष आक्रमणवाट सुरक्षित रहनेछन् भन्नेसमेत प्रत्यभुति गर्नेछन्। त्यसैगरी, युद्धकार्यमा सक्रियरूपमा भाग नलिएका, वा आफ्नो हतियार विसाईसकेका सशस्त्र दस्ताका सदस्यहरू र रोग, चोटपटक, थुना वा अन्य कारणले अशक्त अवस्था (जयचक मभ अयफदवत) मा रहेका व्यक्तिहरूसमेत आक्रमणवाट सुरक्षित हुनुपर्छ भन्ने कुरामा सम्वद्ध पक्षहरू प्रतिवद्धता जाहेर गर्दछन्।

समझदारी पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा वाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू, छानविनको पात्र हुनेछन् र प्रमाणहरूको आधारमा उनीहरूउपर अनुसन्धान, अभियोजन, गिरफ्तार, र न्यायिक निरूपण गर्ने कार्य हुनेछ।

माथिल्ला निकाय वा आफूभन्दा माथिल्लो अधिकारीको आदेशले मानव अधिकारको उल्लंघनको कार्यलाई न्यायोचित बनाउँदैन र सम्बन्धित उल्लंघनकर्ता नै जिम्मेवार हुन्छ भन्ने कुरा दुवै पक्ष स्वीकार्दछन् र दण्डहीनताको अवस्थालाई सहन गर्न सकिँदैन भन्ने कुरामासमेत प्रतिबद्ध रहन्छन्। यसका साथै पीडित र तिनका परिवारको राहत प्राप्त गर्ने अधिकारलाईसमेत स्वीकार गर्दछन्।

परिच्छेद दुई

विशिष्ट अधिकार

माथि उल्लेख भएका व्यवस्थाहरू र मानव अधिकारको महत्वलाई स्वीकार गरेर, सम्बद्ध पक्षहरू देहायमा उल्लेखित अधिकारहरूको सम्मान र रक्षाको सुनिश्चितता प्रदान गर्न तत्काल कदम चाल्न र त्यसको लागि आवश्यक सहयोग गर्नसमेत सहमत भएका छन्।

बाँच्न पाउने अधिकार

प्रत्येक मानव जातिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र रक्षा हुनुपर्छ भन्ने कुरा सम्बद्ध पक्ष आत्मसात गर्दछन्। यस सन्दर्भमा कोही पनि यो आधारभूत अधिकारबाट बञ्चित हुनेछैन, न त स्वेच्छाचारी हत्या (प्राणदण्ड) वा दण्डसम्बन्धी आदेशहरूका माध्यमबाट सजाय नै दिइनेछ। यो अधिकार युद्ध कार्यमा सक्रिय सहभागी नभएकाहरू, हतियार बिसाएका सशस्त्र दस्ताका सदस्यहरू, निवृत्त सुरक्षाकर्मी वा बिदामा घरमा बसेका सुरक्षाकर्मी र रोग, चोटपटक, थुना वा अन्य कारणले अशक्त अवस्था (hors de combat) मा रहेका व्यक्तिहरूको हकमा पनि लागू हुनेछ।

वैयक्तिक स्वाभिमान र मर्यादाको अधिकार

सम्बद्ध पक्षहरूले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन्। यस सिलसिलामा कानुनबमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित व्यक्तिलगायत कोही पनि यातना वा अन्य अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुनेछैनन्।

स्वतन्त्रता र सुरक्षाको अधिकार

सम्बद्ध पक्षहरूले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान र रक्षा गर्नुपर्ने तथ्यलाई आत्मसात गर्नेछन्। यसको मतलब कोही पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा रहने, अपहरण हुने वा बन्धक बनाइनेछैनन्। सम्बद्ध पक्ष बेपत्ता पारिएका भनिएका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन्। कुनै पनि व्यक्ति तिनका परिवारका सदस्य, कानुनी सल्लाहकारलगायत बाहिरी दुनियासँगको सम्पर्क स्थापना गर्ने स्वतन्त्रताबाट वञ्चित हुनेछैनन्। कोही पनि संवाद वा सञ्चारविहीन अवस्थामा हुनेछैनन् र प्रत्येक व्यक्ति जो आफ्नो स्वतन्त्रताबाट बञ्चित छन् तिनीहरूमाथि मानवोचित मर्यादाको पूर्ण सम्मानका साथ उचित व्यवहार गरिनेछ।

आवत-जावत गर्ने स्वतन्त्रताको अधिकार

आफ्नो बसोवासको स्थान छान्ने हक तथा स्वतन्त्रतालाई सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरामा सम्बद्ध पक्षहरू सतर्क रहनेछन्। यस सन्दर्भमा विस्थापित भएका व्यक्तिहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार बसोवासको लागि पर्याप्त स्थानको अधिकारको सम्मान गर्न पक्षहरू प्रतिबद्धता व्यक्त गर्दछन्।

मानव अधिकार तथा मानवीय कानुनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूले गरेका कामको महत्वलाई स्वीकार गर्दै तिनलाई बिना व्यवधान देशभर आवत-जावत तथा घुमफिर गर्ने सुनिश्चितता गर्न पक्षहरू प्रतिबद्ध छन्। यसैगरी खाना, औषधी एवम् कपडा जस्ता मानवीय सहायताका लागि कुनै बाधा नपुऱ्याई स्वतन्त्र मार्गको सृजना गर्न पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन्।

विचार र अभिव्यक्ति, संघसंस्था खोल्ने, भेला हुने र राजनैतिक अधिकारको उपभोग गर्ने स्वतन्त्रताको अधिकार

प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको हकको सम्मान र संरक्षण गर्नुपर्ने कुरामा पक्षहरू प्रतिबद्ध छन्। प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने र निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको हकको सम्बद्ध पक्षहरू सम्मान गर्दछन्।

यस सन्दर्भमा पत्रकार, मानव अधिकार प्रतिरक्षक, शिक्षक, राजनैतिक दलका सदस्य, निर्वाचित नागरिक पदाधिकारी एवम् व्यक्तिलाई मार्ने, मार्ने धम्की दिने, बेपत्ता पार्ने, अपहरण गर्नेजस्ता कार्यहरू तुरुन्त बन्द गर्ने तथा यस्ता कार्यमा प्रतिबन्ध लगाउने कुराको पत्याभूति गर्नेछन्।

काम गर्न पाउने अधिकार

काम गर्न पाउने हकको सम्मान तथा संरक्षण गर्नुपर्ने कुरालाई सम्बद्ध पक्षहरूले आत्मसात गर्नेछन्। कामको अधिकार भन्नाले व्यक्तिले स्वतन्त्र रूपले छानेको वा स्वीकारेको काम गरी कमाइ गर्ने अधिकार सम्झनुपर्छ। यस सिलसिलामा कुनै व्यक्तिले पदीय हैसियत प्राप्त गरेका कारण त्यस्तो व्यक्ति वा निजको परिवारका सदस्यलाई मार्ने, मार्ने धम्की दिने, दुःख पीडा दिने वा मानव अधिकार उल्लंघन हुने अन्य कुनै कार्य हुनबाट तुरुन्त रोक्न वा प्रतिबन्ध लगाउन सम्बद्ध पक्षहरू प्रतिज्ञा गर्दछन्।

खाना (भोजन)सम्बन्धी अधिकार

सम्बद्ध पक्षहरूले खाना (भोजन)सम्बन्धी हकको सम्मान एवम् संरक्षण गर्नुपर्ने कुरालाई अति महत्व दिनेछन्। खाद्यवस्तु तथा खाद्य उत्पादन ल्याउने लाने कार्यमा कुनै हस्तक्षेप नहुने कुराको जिम्मेवारी पक्षहरूले लिनेछन्। साथै, खाद्यान्नको प्रयोग र ओसार पसारको विषयलाई युद्ध रणनीतिको रूपमा प्रयोग गरिनेछैन। यसैगरी पिउने पानी तथा सिंचाइसम्बन्धी काम, गाईवस्तु, बालीनाली, खाद्य उत्पादन, कृषिजन्य क्षेत्रसमेतका सर्वसाधारण जनताको जीविकोपार्जनका साधनको सम्मान तथा संरक्षण गर्नुपर्छ भन्ने कुरामा पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन्।

स्वास्थ्यसम्बन्धी अधिकार

सम्बद्ध पक्षहरूले स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्नेछन्। यस सन्दर्भमा सैनिक वा नागरिकसम्बन्धी उपचार एकाई, यातायात र कर्मचारीको सम्मान एवम् संरक्षण गरिनेछ। औषधीको आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा नपुऱ्याई त्यस्तो प्रक्रियालाई सहयोग गर्न पक्षहरू प्रतिबद्धता जाहेर गर्दछन्। कुनै पनि स्वास्थ्य चौकी वा अस्पताललाई कुनै पनि रूपमा उपयोग नगर्न सम्बद्धपक्षहरू वचनबद्ध छन्।

शिक्षासम्बन्धी अधिकार

सम्बद्ध पक्षहरूले शिक्षासम्बन्धी अधिकारको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई ध्यानमा राख्नेछन्। यस सन्दर्भमा विद्यालयलाई "शान्ति क्षेत्र"को रूपमा सम्मान गर्न र शिक्षासम्बन्धी हकको उल्लङ्घन हुनेछैन भन्ने सुनिश्चित गर्न पक्षहरू प्रतिबद्ध छन्। सशस्त्र व्यक्तिद्वारा स्कूललाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरूलाई समूहगतरूपमा अपहरण गर्ने कार्यको दुवै पक्ष जोडदार निन्दा गर्दछन्। यस्तो गैरकानुनी कार्य तुरुन्त बन्द गर्न, अपहरितलाई मुक्त गर्न र विद्यालयहरू शैक्षिक निकायलाइ फिर्ता गर्न पक्षहरू प्रतिबद्धता व्यक्त गर्दछन्।

महिला तथा बाल अधिकार

महिला तथा बालबालिकाहरू विशेष संरक्षणका विषय हुन् भन्ने कुरामा सम्बद्ध पक्षहरूको पूर्ण मान्यता रहनेछ। दुवै पक्षले बलात्कार अथवा कुनै पनि प्रकारको अश्लील वा अनुचित व्यवहारलगायत महिला तथा बालबालिकाविरुद्ध हुने हिंसात्मक कार्यहरूमाथि रोक लगाउनेछन् र त्यस किसिमका कार्यहरू हुन सक्ने अवस्थामा पनि त्यसको स्वतन्त्ररूपमा अनुसन्धान हुनेछ,, पीडकलाई न्यायालयसमक्ष उपस्थित गराइने र पीडितको लागि पर्याप्त क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

बालबालिकालाई सेना, भरिया, भान्सेका रूपमा प्रयोग गर्नका साथै जबर्जस्ती कुनै सिद्धान्तप्रति अभिप्रेरित गर्ने उद्देश्यले (Indoctrination) अपहरण गर्नेलगायत अठार वर्ष वा सो भन्दा मुनिका केटाकेटीहरूलाई सशस्त्र द्वन्द्वमा समावेश गर्ने कार्यलाई रोक्न दुवै पक्ष पूर्णरूपमा सहमत छन्। साथै त्यस किसिमका क्रियाकलापहरू तुरुन्त बन्द गरिनेछ, त्यस्ता बालबालिकाहरू मुक्त गरिनेछन् र तिनिहरूको पुनर्स्थापनाको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ।

परिच्छेद तीन

कार्यान्वयन तथा अनुगमन

सम्बद्ध पक्षहरू राष्ट्रिय मानव अधिकार आयोगको वैधानिक भूमिकालाई स्वीकार गर्दछन् र प्रस्तुत सहमतिपत्रको कार्यान्वयनको अनुगमन र घटनाको सत्यताको जाँच गर्न राष्ट्रिय मानव अधिकार आयोगको जिम्मेवारीप्रति पूर्ण विश्वस्त हुनेछन्। राष्ट्रिय मानव अधिकार आयोगले प्रस्तुत सहमतिपत्रको पालनाका सम्बन्धमा सूचनाहरू प्राप्त गर्ने, जाँच गर्ने र विश्लेषण गर्नेछ र उचित ठानेको विषयमा आयोग आफैले अरुद्वारा अनुसन्धान गर्न सक्नेछ। साथै मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको अतिक्रमण भएको छ वा छैन भन्ने विषयमा प्राप्त सूचनाहरूका आधारमा राष्ट्रिय मानव अधिकार आयोगले निर्णय गर्नेछ। जुनसुकै पक्षबाट पीडित भएको भए पनि द्वन्द्वपीडितलाई हेर्ने राष्ट्रिय मानव अधिकार आयोगको दृष्टिकोणको सम्मान गरिनेछ। आयोगले पीडितको लागि पर्याप्त उपचारको व्यवस्थाको सम्बन्धमा अनुगमन गर्ने, प्राप्त सूचना तथा आवश्यक सुझाव वा सिफारिसहरूसमेत आयोगले सम्बन्धित पक्षहरू समक्ष नियमितरूपमा प्रेषित गर्ने र आवश्यकताअनुसार यसको प्रतिवेदन सार्वजनिक गर्नसक्ने जस्ता आयोगका कार्यक्षेत्रको सम्मान गरिनेछ।

प्रस्तुत सहमतिपत्रको कार्यान्वयनको अनुगमन गर्ने सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आफ्ना सम्पूर्ण अधिकारहरूको प्रयोग गर्न सक्ने कुरालाई पुनर्पुष्टि गरिएको छ । आचारसंहिताको पालनाको अनुगमन गर्ने लगायतका वैधानिक भूमिका अनुकूलका कार्यहरू सम्पादन गर्न सम्बद्ध पक्षहरू आयोगलाई पूर्ण समर्थन र सहयोग प्रदान गर्न वचनबद्धता व्यक्त गर्दछन्। सम्बद्ध पक्षहरू राष्ट्रिय मानव अधिकार आयोग वा यसको तर्फबाट कार्यरत कुनै पनि व्यक्तिको मुलुकभरि स्वतन्त्र आवतजावतका साथै त्यस्तो व्यक्ति वा आयोगलाई कुनै सूचना दिने व्यक्तिको सुरक्षाको सुनिश्चितता प्रदान गर्न स्वीकार गर्दछन्। मानव अधिकार आयोगका प्रतिनिधिहरू वा त्यसको तर्फबाट कार्यरत व्यक्तिहरूको पूर्ण स्वाधीनता र अखण्डताको आदर गर्ने स्वीकारोक्ति सम्बद्ध पक्षहरू व्यक्त गर्दछन् र सो स्वीकारोक्ति कुनै पनि स्थान, कागजात, भौतिक सरसामान, औजार र सञ्चार तथा यातायातका विभिन्न साधनहरूसमेतको लागि हुनेछ। दुवै पक्षहरूले मानव अधिकार आयोगले अनुरोध गरेका सूचनाहरू समय समयमा प्रदान

गर्नेछन् र आयोगद्धारा निर्धारित सुझाव तथा सिफारिसहरू पूरा गर्न यथोचित ध्यान दिनेछन्।

परिच्छेद चार

अन्तिम व्यवस्थाहरू

यस दस्तावेजमा लेखिएका कुनै पनि कुराले मानव अधिकार आयोग ऐन, २०५३ ले आयोगलाई प्रदान गरेका अधिकारहरूलाई नकारात्मक प्रभाव पार्ने वा सीमित गर्नेछैनन्।

२०६०।११।२७ मा श्री ५ को सरकारलाई प्रदान गरिएको "मानव अधिकार संरक्षणका लागि तत्काल चाल्नुपर्ने न्यूनतम कदमहरू" र नेकपा माओवादीलाई बुझाइएको २०६१।२।१४ को "अन्तराष्ट्रिय मानव अधिकार कानुन र मानव अधिकारका सिद्धान्तहरूको सम्मान गर्न तत्काल चाल्नुपर्ने न्युनतम कदमहरू" मा तय गरिएका व्यवस्थाहरूका लागि यो सहमतिपत्रको कार्यान्वयनमा पूर्ण ध्यान दिन सम्वद्ध पक्षहरू स्वीकार गर्दछन्।

प्रस्तुत सहमतिपत्रको कार्यान्वयनका लागि आवश्यकताअनुसार अन्य पूरक सहमतिहरूमा हस्ताक्षर गर्न पक्षहरू मञ्जुर गर्दछन्।

राष्ट्रिय मानव अधिकार आयोगसँग सरलरूपमा सञ्चार आदानप्रदान गर्न सम्वद्ध पक्ष एक सम्पर्क अधिकृत नियुक्त गर्न स्वीकार गर्दछन्।

प्रस्तुत सहमतिपत्रमा उल्लिखित कुनै पनि व्यवस्था (बुँदा) को व्याख्या गर्ने अन्तिम अधिकार राष्ट्रिय मानव अधिकार आयोगलाई हुनेछ।

सम्वद्ध पक्षको सहमतिबाट प्रस्तुत सहमतिपत्रमा कुनै पनि समयमा लिखित संशोधन गर्न सकिने र सो को सूचना राष्ट्रिय मानव अधिकार आयोगलाई दिइनेछ। त्यस प्रकारवाट हुने संशोधन मान्यताप्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय मापदण्डभन्दा न्यून हुनेछैन।

सम्वद्ध पक्ष आ-आफ्ना प्रतिनिधि, आवद्ध संस्थाहरू, समर्थकहरू र शुभचिन्तकहरूमार्फत प्रस्तुत सहमतिपत्रको व्यापक पचारप्रसार, आदर र कार्यान्वयन सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्दछन्। प्रस्तुत सहमतिपत्र विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित हुनेछ।

सम्वद्ध पक्षले हस्ताक्षर गरेको मितिदेखि प्रस्तुत सहमतिपत्र लागू हुनेछ।

....	....
नेकपा (माओवादी)	**श्री ५ को सरकार**

मिति ....मा काठमाडौंमा हस्ताक्षर गरिएको

थिएन। यसरी ०५६ सालको आम निर्वाचनमा राष्ट्रिय दलको हैसियत राख्ने सबै दल कुनै न कुनै प्रकारले कुनै न कुनै समयमा सरकारमा सहभागी भए।

०६१ साउन २८ गते सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा उच्च स्तरीय शान्ति समितिको गठन गऱ्यो। समितिमा नेकपा (एमाले) का महासचिव माधव कुमार नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर जबरा, नेपाल सद्भावना पार्टीका बद्रीप्रसाद मण्डल र डा मोहम्मद मोहसिन रहेका थिए। आन्दोलनरत चार राजनीतिक दलहरू भने समितिमा सहभागी भएनन्।

७. बेवारिसे अधिकतम लचकता सिद्धान्त

सरकार गठन भएकै बेलादेखि प्रधानमन्त्री र एमाले मन्त्रीबीच शान्ति प्रक्रियामा वैचारिक भिन्नता देखिन थाल्यो। एमालेले एकतर्फी युद्धविराम गर्नु पर्ने, माओवादीविरूद्धको रेडकर्नर नोटिस र आतंककारी बिल्ला फिर्ता लिनु पर्ने धारणा पटक-पटक अघि सार्‍यो। सरकारमा सामेल नभई आन्दोलनरत नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइराला पनि एकतर्फी युद्धविरामको विपक्षमा रहनु भयो। माओवादीसित वार्ताको वातावरण वनाउन एकतर्फी युद्धविराम गर्नु पर्ने आफ्नो प्रस्ताव सरकारले अस्वीकार गरेकोमा असोज २६ गते बसेको स्थायी समितिको बैठकमा एमाले महासचिव माधव नेपालले राखेको खेद प्रस्ताव पारित भयो। तर, "अधिकतम लचकताको मूर्त रूप कस्तो हुने हो, यस सिद्धान्तका प्रणेताहरूले वताउन चाहेनन्। माओवादी समस्याको शान्तिपूर्ण समाधानका निम्ति अधिकतम लचकता दर्शाउने घोषणा सरकारमा पुग्ने पार्टीहरूले गरेका भए तापनि दरवारको मनसाय त्यस्तो लचकताको सिद्धान्तविपरीत प्रकट भइसकेको छ।

लचकताको अभावमा शान्तिको प्रयास अवरूद्ध हुनु हुँदैन भन्ने आमजनताको आग्रह रह्‍यो। त्यसो त असारको तेश्रो सातामा एमाले लचकताको अवधारणा सहित सरकारमा सामेल हुन पुग्यो। भोलिपल्टै उपप्रधानमन्त्री भरतमोहन अधिकारीले उत्साहित हुँदै भन्नुभयो- "सरकार माओवादीका सबै एजेण्डामा छलफल गर्न तयार रहेको छ। तर त्यसपछि आयो सञ्चारमन्त्री मोहसिनको सीमा अतिक्रमण नगर्न जनाउ। सरकारमा दरवारका प्रतिनिधिका रूपमा रहनु भएका मोहसिनले सरकारलाई नै लचकताको सीमासम्बन्धी पाठ सार्वजनिकरूपमै पढाइदिनु भयो।"[१३]

सत्तारूढ पार्टी प्रमुख र सूचना तथा सञ्चारमन्त्री रहेको उच्चस्तरीय शान्ति समितिका पाँचै सदस्यले ०६१ असोज १८ गते राजासँग सामूहिक भेट गरे। शान्तिवार्तामार्फत माओवादी समस्या समाधानका लागि सरकारले थालेको प्रयासप्रति पूर्ण सहयोग र समर्थन व्यक्त गर्दै प्रष्ट उद्देश्यकासाथ शान्ति वार्ता अघि बढाउन राजाबाट निर्देशन दिइयो।[१४]

देउवा सरकारले गरेको वार्ता आह्वानप्रति आफ्नो पार्टीको ध्यान आकर्पित भएको जनाउँदै माओवादीका अध्यक्ष

प्रचण्डले ०६१ असोज ८ गते प्रेस वक्तव्य जारी गर्दै सरकारसमक्ष ६ वटा प्रश्न राखे। गम्भीर अविश्वास र आशङ्काको यो स्थितिलाई विचार गरेर नै आफ्नो पार्टीले "पुरानो सत्ताका मालिकहरूलाई पदबाट बाहिर ल्याएर वार्ता गर्न आवश्यक ठानेको" बताउँदै वक्तव्यमा "प्रश्नहरूको उत्तरसहित पर्दा पछाडि रहेर कार्य गर्नेहरूलाई पर्दा बाहिर ल्याएर वार्ताको ठोस वातावरण तयार पारे" आफूहरू वार्तामा आउन तयार रहेको उल्लेख गरिएको थियो।

प्रचण्डको वक्तव्य आएपछि असोज १३ गते उच्चस्तरीय शान्ति समितिको बैठक बस्यो। बैठकले माओवादीतर्फबाट राखिएका ६ प्रश्नको उत्तर मस्यौदा गर्‍यो। सो मस्यौदालाई भोलिपल्ट बसेको मन्त्रिपरिषद्ले पारित गर्‍यो। मन्त्रिपरिषद्को निर्णय सरकारका प्रवक्ता डा. मोहम्मद मोहसिनले पत्रकार सम्मेलन गरी सार्वजनिक गर्नु भएको थियो।

वक्तव्यमा वर्तमान सरकारमा अनुमोदित राजनीतिक दलहरू भएको र संविधान तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थनका दृष्टिबाट अधिकारयुक्त रहेको बताउनुका साथै सरकार अधिकारसम्पन्न र सक्षम रहेको स्पष्ट पार्दै माओवादीलाई वार्तामा आउन पुनः आह्वान गरिएको थियो।

पुस महिनाभित्र माओवादीलाई वार्तामा आउन अन्तिम पटक मंसिर १० गते सरकारले आह्वान गर्‍यो। सोही दिन मन्त्रिपरिषद्ले त्यस्तो निर्णय गरेको थियो। सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री देउवाले पुस महिनासम्म सरकार वार्ताका माध्यमबाट राजनीतिक निकास खोज्न प्रयत्नरत रहने, तर यस अवधिमा पनि माओवादीले शान्तिपूर्ण ढङ्गले समस्याको समाधान खोज्न वार्तामा बस्ने तत्परता देखाउँदैनन् भने सरकार लामो समयसम्म पर्खेर बस्न नसक्ने बताउनु भयो। पत्रकार सम्मेलनमा प्रधानमन्त्री देउवाले माओवादीहरू वार्तामा आए वार्तामा प्रारम्भ गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू मिलाउन र वार्तामा आउने प्रतिनिधिहरूको पूर्ण सुरक्षा गर्न सरकार तयार रहेको बताउनु भयो। सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकले माओवादीले फैलाएको हत्या, हिंसा र आतङ्कविरुद्ध दैलेखको दुल्लु, नौमले र सल्लेरीमा जनताले देखाएको आक्रोस र साहसको उच्च मूल्याङ्कन गरेको जानकारी पनि प्रधानमन्त्री देउवाले दिनु भयो।

सरकारको उक्त वार्ता प्रस्तावको सन्दर्भमा माओवादीका अध्यक्ष प्रचण्डले मंसिर ११ गते एक प्रेस विज्ञप्ति जारी गर्दै वार्ताको आह्वानलाई षड्यन्त्र भन्दै अस्वीकार गरे। उक्त विज्ञप्तिमा सरकार शान्ति वार्ताका लागि गम्भीर हुन नसकेको र आफ्नो पार्टी अन्तर्राष्ट्रिय मध्यस्थता राखेर शान्ति वार्ताको पक्षमा रहेको जनाइएको थियो। विज्ञप्तिमा शाही नेपाली सेनाको सक्रियतामा हुने निर्वाचन प्रतिगमनको निरन्तरता र भविष्यमा अझै धेरै सङ्कट निम्त्याउने चालबाजी बताइएको थियो।

संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले ०६१ पुस १० गते न्युयोर्कबाट एक वक्तव्य जारी गरी माओवादीलाई अविलम्ब हिंसात्मक गतिविधि त्यागेर शान्ति वार्तामा आउन आग्रह गर्नु भयो। वार्ता प्रारम्भ गर्न सरकार र माओवादी दुवै पक्षलाई आग्रह गर्दै महासचिव अन्नानले वार्ताका लागि गरिने नेपालको राष्ट्रिय प्रयासप्रति सहयोग गर्न आफू तयार रहेको उल्लेख गर्नु भएको थियो।

कोफी अन्नानले सन् २००१ को राष्ट्रसंघको वार्षिक प्रतिवेदनमार्फत् नेपालमा शान्ति कायम हुनुपर्ने र शान्तिका लागि राष्ट्रसंघले भूमिका खेल्न सक्ने विचार राखेका थिए। यस क्रममा उनका विशेष प्रतिनिधि स्यामुल टामराटले नेपालमा पटक पटक भ्रमण गरेका थिए। उनले माओवादी पक्षसँग आफ्नो सम्पर्क रहिरहेको कुरा पनि बताएका थिए।[१५]

सरकार माओवादीसँग वार्ता गर्ने वातावरण बनाउने तैयारीमा रहेकै बेला नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले पनि वार्ताको तैयारीको कुरा गर्न थाल्नु भयो। प्रतिगमनविरूद्ध आन्दोलनरत कोइरालाले ०६१ साउन ११ गते सिरहा जिल्लाको लहानमा माओवादीसंगको वार्ताको लागि ग्राउण्ड वर्क आफूले सुरू गरेको खुलासा गर्नु भयो। यस प्रसंगमा संयुक्त राष्ट्र संघ, भारतलगायत अन्तर्राष्ट्रिय जगतले उहाँको अभियानलाई सकारात्मक रूपमा लिएको उहाँले बताउनु भयो। माओवादी नेता डा. बाबुराम भट्टराईसँग टेलिफोन वार्तामा दुवै पक्षबीच प्रत्यक्ष वार्ता हुने भएको थियो।[१६]

स्वास्थ्य उपचार गर्न दिल्ली जादा भारत सरकारको रोहबरमा माओवादीका शीर्ष नेतासंग कोइरालाले वार्ता गर्नु हुने र उहाँले माओवादी नेतासँग भेट्न भारत सरकारको अनुमती लिईसकेको बताइएको थियो।[१७] तर यस विषयमा माओवादी पक्षबाट कुनै प्रतिक्रिया आएन।

८. निष्कर्ष

यो वर्ष नेपालमा दुईवटा सरकारको शासन चल्यो। अघिल्लो सरकारको पालामा भएको माओवादीसँगको वार्ता तेस्रो चरणमा पुगेपछि भङ्ग भयो। गठन प्रक्रियाको आधारमा हेर्ने हो भने दुवै सरकार एउटै प्रकृतिका हुन्। तर अघिल्लो सरकारसंग वार्ता गर्ने माओवादीले पछिल्लो सरकारसंग वार्ता गर्ने उत्साह देखाएन। अघिल्लो सरकारको तुलनामा पछिल्लोको सुदृढ पक्ष के थियो भने सरकारमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) र नेकपा (एमाले) ०४६ सालको जनआन्दोलनका सञ्चालक र प्रजातन्त्र पुनर्स्थापनाका सम्वाहकमध्येके थिए। यो सरकारसंग वार्ता गर्न माओवादीले नचाहे जस्तै ०४६ सालको जनआन्दोलनका सहयात्रीहरू

नेपाली कांग्रेस र अन्य साना राजनीतिक दलले पनि सरकारले वार्ता गर्न नसक्ने र वार्ताका लागि बाहिरी मध्यस्थताको आवश्यकता दर्शाई वार्ताको सम्भावनालाई अर्को दिशातर्फ मोड्ने प्रयास गरे।

सरकारद्वारा दुईपटक आतङ्ककारी घोषित माओवादीलाई वार्तामा ल्याउन सजिलो थिएन। त्यसमाथि वार्ता सम्बन्धमा सरकारमा सहभागी दलहरूबीच पनि मतैक्य थिएन। सरकारको प्रमुख घटक नेकपा (एमाले) ले एकतर्फी युद्धविराम गरिनु पर्ने मान्यता दोहोऱ्याउँदै आएको थियो भने अरू दल एकतर्फी युद्धविरामको लागि तयार भएनन्। फलस्वरूप सरकारले त्यस्तो निर्णय लिन सकेन। माओवादीलाई विश्वासमा लिन विभिन्न उपाय अवलम्बन गरिनु पर्ने अवस्थामा सरकारले केही त्यस्ता निर्णय गऱ्यो, जसले उल्टै शङ्काको वातावरण सृजना गर्न मद्दत पुऱ्यायो। ०६१असोज २७ गते जारी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ जारी गर्नु त्यस्तै प्रकृतिको निर्णय थियो। अध्यादेशको पूर्व रूप आतङ्कारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ मा कुनै पनि व्यक्तिलाई न्यायिक प्रक्रिया विना तीन महिनामात्र नजरबन्दमा राख्ने प्रावधान रहेकोमा उक्त अध्यादेशमा नजरबन्दमा राख्ने अवधि बढाएर एक वर्ष तोकिएको थियो। सुरक्षा संयन्त्रको विशेषाधिकारमा यसरी बढोत्तरीको निर्णय गर्दा त्यसको असर वार्ताको वातावरणमा कस्तो पर्ला भन्ने तर्फ सरकारले विचार पुऱ्याउन सकेको देखिएन।

माओवादीहरू भारतविरूद्ध खनिइरहेको समयमा प्रधानमन्त्री देउवाले भदौ २३ देखि २७ गतेसम्मको भारत भ्रमण गर्नु भयो। दुवै मुलुकका प्रधानमन्त्रीले भदौ २७ गते जारी गरेको २५ बुँदे संयुक्त प्रेस विज्ञप्तिमा आतङ्कवाद निर्मूल गर्न उपकरण, तालिम तथा आपसी कानुनी सहयोगसम्बन्धी समझदारी बढाउने समेत उल्लेख थियो। यसले सरकारद्वारा आतङ्ककारी घोषित माओवादीसमक्ष सकारात्मक सन्देश अवश्यै पुगेन।

माओवादी समस्या जुन मापमा छ, त्यसलाई हेर्दा सरकारको मात्र बुताले यसलाई समाधान गर्न सकिने देखिएको छैन। यस्तो पृष्ठभूमिमा सरकारले गैरसरकारी पक्षबाट सहयोग र सुझाव लिन जुन पारदर्शिता अपनाउनु पर्ने थियो त्यो अपनाएन। साउन १० गते प्रधानमन्त्री देउवाले माओवादीसँग शान्ति वार्ताका लागि गोप्य सम्झौता सुरू भएको बताउनु भयो। आफ्ना नेता एवं प्रधानमन्त्रीकै उपरोक्त भनाइलाई समर्थन जनाउँदै कृषि तथा सहकारी मन्त्री होमनाथ दाहालले माओवादीसित औपचारिक वार्ताका लागि अनौपचारिक गोप्य वार्ता भइरहेको अभिव्यक्ति सार्वजनिक गर्नु भयो। भदौको दोस्रो हप्तामा त वार्ताको लागि माओवादीले हरियो झण्डा देखाइसकेकासमेत भनियो। तर माओवादी पक्षबाट त्यस्ता भनाइमा सत्यता नरहेको बताइयो।

सरकारले पुससम्म माओवादी वार्तामा नआए चैतमा चुनाव गर्ने विकल्प अघि सार्दै आयो। शान्ति वार्ताको विकल्प शान्ति वार्ता मात्रै हुनु पर्नेमा सरकार भने वार्ता वा चुनावको अन्यौलमा देखियो। कतिपय अवस्थामा मन्त्रीहरूले चुनाव गराएरै छाड्ने फूर्तिसमेत गरे। तर, उनीहरूले जुन पार्टीको प्रतिनिधित्व गर्दथे तिनका अन्य नेताहरू भने चुनाव हुनै सक्दैन भनेर भाषण गर्दै थिए।

बढिरहेको हिंसालाई मत्थर गर्ने प्रयत्न पनि सरकारले गर्न सकेन। सडकमा रहँदा विरोध कुरालाई सरकारमा पुगेपछि बेवास्ता गर्ने मात्रै होइन ढाकछोप गर्ने प्रयत्न गरियो। गैरन्यायिक हत्या, गिरफ्तारी, बेपत्ताका घटना रोखिएन। मानिसका नैसर्गिक अधिकारको रक्षा गर्न तदारूकता देकिएन। यी सबैको असरले सरकारको नैतिक धरातल कमजोर बन्दै गयो।

माओवादी समस्याजस्तो राष्ट्रिय समस्यालाई समाधान गर्ने जुन हदसम्मको राष्ट्रिय सहमति बन्नु पर्थ्यो त्यो बन्न सकेन। वास्तवमा दश वर्षसम्म पनि माओवादी समस्या प्रति एकीकृत दृष्टिकोण निर्माण भएन। शान्ति सबैको कार्यसूचीमा परेको भए तापनि व्यावहारिक रूपमा चाहिं यसले कहिल्यै प्राथमिकता पाएन। सरकार र माओवादी दुवै पक्ष यसमा इमान्दार देखिएनन् भने अरूमा पनि सरकारलाई अर्ति उपदेश दिने र आफूलाई तेस्रो पक्षको रूपमा हेर्ने प्रवृत्ति कम भएन।

दुई पटकको वार्ताबाट के प्रष्ट भयो भने माओवादीहरू ३-६ महिना भन्दा बढी युद्धविराम गर्न सक्दा रहेनछन्। युद्धविराम भङ्ग गर्नासाथ आक्रमण तीव्र पार्ने र संविधानसभा भन्दा तल ओर्लिएर वार्ता गर्न तैयार रहेनछन्। माओवादीका एजेण्डा तत्कालीन जनमोर्चाले ०४६ सालमा अघि सारेको राजनीतिक अवधारणाबाट किञ्चित परिवर्तित पाइएन। संवैधानिक राजतन्त्र र बहुदलीय व्यस्थाबाहेक अन्य सबै क्षेत्रका लागिमात्र सरकारको लचकता कायम देखियो। दुवै पक्ष राष्ट्रिय मानव अधिकार आयोगद्वारा मस्यौदा गरिएको मानवअधिकार सम्झौतापत्र प्रति गम्भीर देखिएनन्। यसरी उनीहरूको मानवअधिकारप्रतिको प्रतिबद्धता अधुरो देखियो।

सन् २००४ मा शान्ति स्थापनाको प्रयास सार्थक रहेन। सरकार र माओवादी बीच विश्वासको सङ्कटको साथसाथै नेपाली जनताको शान्तिको चाहना अपूरो रह्यो। अलमलिएको शान्ति प्रक्रिया यो वर्ष भरि प्रमुख कार्यसूचीमा रह्यो र अलमलमै वर्ष पनि बित्यो।

१. मानवअधिकार वर्ष पुस्तक १९९६, इन्सेक
२. माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन २०५७ पृष्ठ १९
३. मानवअधिकार वर्षपुस्तक २००१ पृष्ठ ४४
४. मानवअधिकार वर्ष पुस्तक १९९७ पृष्ठ ७४ -७५
५. मानवअधिकार वर्ष पुस्तक २००२
६. आजको समाचारपत्र दैनिक, ०५२ फागुन १२
७. Deepak Thapa (Ed.) Understanding the Maoist Movement in Nepal, 2003
८. Deepak Thapa (Ed.) Understanding the Maoist Movement in Nepal, 2003
९. Informal, Vol. 16, No. 3, July 2003, INSEC
१०. जनप्रतिरोधका गौरवशाली चार सय दिनहरु, प्रकाशन विभाग विशेष केन्द्रीय कमाण्ड नेकपा (माओवादी), पृष्ठ १०७/१०८
११. आगामी शान्तिवार्ता : सम्भावना र चुनौतिहरु, शा.स.का प्रकाशन, ०६१
१२. चुनबहादुर गुरुङ, वहस संविधानसभावाट उद्धृत शंकर पोखरेलको भनाई, प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ५१, ०६१ साउन
१३. कुन्दन अर्याल, अधिकतम लचकताको सीमा, प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ५१, ०६१ साउन
१४. कान्तिपुर दैनिक, ०६१ असोज १९
१५. स्पेशटाइम दैनिक, ०६१ भदौ ११
१६. अन्नपूर्णपोष्ट दैनिक, ०६१ असार ८
१७. राजधानी दैनिक, ०६१ पुस १३

परिच्छेद ३

राज्य र मानवअधिकार

३.१ न्यायपालिका

१. कानुनको शासन र न्यायपालिका

विद्यमान कानुनको भावनाअनुसार राज्य संयन्त्रलाई सञ्चालन गरी प्रत्येक निकाय वा यसका संचालकहरूले आफूले सम्पादन गर्ने कार्यमा विद्यमान कानुनको अक्षरश: पालना गर्नु कानुनको शासन हो।[१] कानुनको शासनसम्बन्धी अवधारणामा डायसीले तीन वटा कुरालाई महत्व प्रदान गरेका छन्–

(क) स्वेच्छाचारी शक्तिको अभाव तथा कानुनको सर्वोच्चता

(ख) कानुनको समान संरक्षण

(ग) संवैधानिक कानुनको स्रोत सामान्य कानुन

स्वेच्छाचारी शक्तिको अभाव भन्नाले राज्यका सवै अङ्गले कानुनबमोजिम मात्र कार्य गर्ने अवस्था बुझिन्छ। कानुनी राज्यमा कानुनको सर्वोच्चता रहने अवस्थामा राज्यले कानुनलाई सर्वोपरी प्राथमिकता दिने र कानुन सबैका लागि समान मानिने हुनाले शासक वा सरकारले विद्यमान कानुनको परिधिभित्र रही आफ्नो कार्य सञ्चालन गर्नु पर्ने हुन्छ। यस्तो भएको खण्डमा राज्यमा निरङ्कुशताको अभाव हुन गई स्वेच्छाचारिताले प्रश्रय पाउन सक्दैन र नागरिकका कानुनमा व्यवस्थित अधिकारहरू कुण्ठित हुन सक्दैनन्। कानुनले निर्दिष्ट गरेबमोजिम आ-आफ्नो क्षेत्रको कार्य सञ्चालन गरेको खण्डमा कानुनको शासन कायम रहन्छ भन्ने डायसीको कानुनी राजसम्बन्धी महत्वपूर्ण धारणा रहेको पाइन्छ। नेपालको सन्दर्भमा सन् २००४ मा कानुनको शासनको अवस्थाका सम्वन्धमा समीक्षा गर्ने क्रममा यहाँ यसका सैद्धान्तिक मान्यताका सम्वन्धमा केही चर्चा गरिएको छ।

कानुनको शासनको लागि कानुनको सर्वोच्चता कायम हुनु पर्छ र प्रत्येक नागरिकले कानुनको समान संरक्षण पाउनु पर्दछ। कानुन निर्माण गर्दा यदि कुनै कानुनले केही व्यक्ति विशेषका लागि विशेष उन्मुक्ति प्रदान गरेको छ भने त्यस कानुनले समाजमा स्थिरता कायम राख्न सक्दैन। अर्थात्, कानुनका सामु प्रत्येक व्यक्ति समान नहुने हो भने त्यसले विभेदको व्यवहार भई कानुनको शासनको मूल मर्ममाथि नै चोट पार्दछ। कानुनले अधिकार, दायित्व र सुविधाको व्यवस्था गर्दा प्रत्येक व्यक्तिले त्यस्तो अधिकार, दायित्व र सुविधा समान रूपमा प्रयोग गर्न सक्ने किसिमको हुनु पर्दछ। योसँगै जोडिएर आउने अर्को पाटो प्रभावकारी उपचार हो। उपचार दिने उपाय प्रभावकारी रहेन भने जनअधिकारप्रतिको संवैधानिक प्रतिवद्धता व्यवहारमा लागू हुन सक्दैन। कानुनको सर्वोच्चता र कानुनको समान संरक्षणको सम्वन्ध नागरिकको वैयक्तिक स्वतन्त्रतासँग रहेको हुन्छ।

संवैधानिक कानुनको स्रोत सामान्य कानुन भनेर डायसीले मौलिक तथा वैयक्तिक अधिकारहरू प्राथमिक भएकाले संविधानमा लेखिएको वा नलेखिएकै अवस्थामा पनि राज्यको सामान्य कानुनमा ती अधिकारहरू स्वत: निहीत रहन्छन् भन्नेमा जोड दिएका छन्। कानुनको उद्देश्य सामाजिक व्यवहारलाई नियमन गर्ने भएको हुनाले कानुन निर्माण गर्ने क्रममा नागरिक अधिकारवारे पनि सजग रहनु पर्दछ। राज्यद्वारा निर्माण गरिने ऐन कानुनमा नागरिक समानता, नागरिकहरूको आधारभूत हकाधिकारको सुनिश्चितता र त्यस विरुद्धको क्रियाकलापलाई निषेध गर्ने प्रतिवद्धता जाहेर हुनु पर्दछ। यस्ता अनुशासनहरू कानुन निर्माणका वखत पालना भएमा कानुनी व्यवस्थामा एकरूपता रहन्छ र त्यसले कानुनी राज्यको अवधारणालाई साकार पार्न मद्दत गर्दछ।

कानुनको शासनलाई प्रभावकारी वनाउनका लागि केही तत्वहरू आवश्यक छन्, जसको अभावमा कानुनको शासन प्रभावकारी वन्न सक्दैन। ती तत्वहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

(क) कानुनी व्यवस्थामा एकरूपता

(ख) राजनीतिक स्वतन्त्रता र प्रजातान्त्रिक प्रणाली

(ग) स्वतन्त्र र सक्षम न्यायपालिका

(घ) शक्ति पृथकीकरण, सन्तुलन तथा नियन्त्रण

कानुनी शासनको सुनिश्चितताका लागि राज्यका तीनै अङ्गहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको महत्वपूर्ण भूमिका रहन्छ। लोककल्याणकारी राज्यका रूपमा जनताप्रतिको उत्तरदायित्व वढेकाले राज्यले गर्नु पर्ने कार्यहरू पनि वढेका छन्। त्यसैले राज्यका सवै कार्य एवम् उत्तरदायित्व एउटै अङ्गवाट सञ्चालन गर्न असम्भवप्राय: हुन्छ। अर्कोतिर, यदि राज्यको सवै शक्ति एकै ठाउँमा केन्द्रित भई कुनै एक अङ्गवाट सवै कार्यहरू सञ्चालन गरिएमा सरकार निरङ्कुश भई स्वेच्छाचारिता वढ्दछ। त्यसो नहोस् भनेर नै राज्यका कार्यहरूलाई मूल रूपमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकावीच विभाजन गरिएको हुन्छ। यी तीन अङ्गहरूले आफ्ना कार्य विनाहस्तक्षेप स्वतन्त्र रूपमा गर्न पाउनु पर्दछ भन्ने नै शक्ति पृथकीकरणको सिद्धान्त हो। शक्ति पृथकीकरणको माध्यमवाट राज्यका अङ्गहरूले आफ्ना अधिकार एवम् कार्यहरू स्वेच्छाचारी तथा निरङ्कुश ढंगवाट प्रयोग गर्न नपाउन् र नागरिकका हक अधिकारको अधिकाधिक सरल एवम् सुलभ ढंगवाट प्रयोग गर्न सकियोस् भन्ने उद्देश्य राखिएको हुन्छ।

तर राज्यका अङ्गहरू पूर्ण रूपमा स्वतन्त्र एवम् निरपेक्ष रहँदा पनि निरङ्कुशता एवम् स्वेच्छाचारिता वढ्न सक्ने भएकाले त्यस्तो हुन नदिन सवै अङ्गका कार्यको प्रत्यक्ष वा परोक्ष मूल्याङ्कन गरी आवश्यकताअनुरूप सन्तुलन र नियन्त्रण गर्नु पनि आवश्यक छ। वास्तवमा राज्यका विभिन्न अङ्गका कार्यलाई पूर्ण रूपमा पृथक गर्न नसकिने हुनाले तिनीहरूका वीचमा कार्यात्मक सहभागिता वा नियन्त्रण

रहेको हुन्छ। त्यसैले शक्ति पृथकीकरणको सिद्धान्तसँगसँगै शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त पनि पूरकको रूपमा रहन आउँछ। यसले सरकारका अङ्गहरूलाई आ-आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्न बाध्य तुल्याउँछ र यदि कुनै एक अङ्गले अर्को अङ्गको कार्यमा हस्तक्षेप गर्दछ भने त्यस्तो हस्तक्षेपकारी अङ्गमाथि अर्को अङ्गले आफूमा निहीत कानुनी वा संवैधानिक अधिकारको प्रयोग गरी निस्तेज तुल्याउँछ। राज्यका अङ्गका कार्यहरूको विभाजन तथा ती अङ्गका कार्यहरूको सन्तुलन र नियन्त्रणको व्यवस्था मूल कानुन संविधानमा नै स्पष्ट व्यवस्था गरिएको हुन्छ।

कानुनी राज्यको स्थापना गर्ने दिशामा न्यायपालिकाको अभिन्न अङ्गका रूपमा रहेको अदालतको महत्वपूर्ण भूमिका हुन्छ। न्यायपालिकाको उद्देश्य कानुनको व्याख्या गर्नु र विवादको न्यायिक निरूपण गर्नु हो। यस अर्थमा पनि न्यायपालिकाको कार्य व्यवस्थापिका र कार्यपालिका भन्दा अलग्गै रहेको पाइन्छ। प्रजातान्त्रिक प्रकृया अवलम्बन गरिएका राज्यका व्यवस्थापिका र कार्यपालिकामा राजनीतिक आस्था वा राजनीतिक व्यक्तिहरू प्रतिनिधित्वको आधारमा निर्वाचित हुन्छन् र निश्चित अवधि पार गरेपछि उनीहरू पुन: निर्वाचित हुने प्रक्रिया अवलम्बन गरिएको हुन्छ। तर न्यायपालिकामा राजनीतिक दलहरूको भूमिका गौण मानिन्छ। सरकारका तीन अङ्गमध्ये न्यायपालिका त्यस्तो अङ्ग हो, जसमा राजनीतिक व्यक्तिहरूको सहभागिता व्यवस्थापिका र कार्यपालिकाको तुलनामा शून्य नै रहन्छ। यसले सम्पादन गर्ने कार्यको विशिष्टताको कारणले पनि न्यायपालिकाको स्वरूप व्यवस्थापिकाको भन्दा अलग हुनु स्वाभाविकै हो। न्यायपालिकाको उद्देश्य कानुनको व्याख्या गरी नार्गारकका हक र अधिकारको प्रचलन गराउनु हो। राष्ट्रले न्यायपालिकाबाट सामाजिक स्थिरता र प्रगतिको अपेक्षा गरेको हुन्छ। जसरी न्यायपालिका र व्यवस्थापिका दैनिक प्रशासन र नीति निर्माण तथा ऐन कानुनको निर्माणमा व्यस्त रहन्छन्, त्यसरी नै न्यायपालिका दैनिक न्याय प्रशासनमा दत्तचित्त भएर लाग्नु पर्ने हुन्छ। राज्यका तीन अङ्गमध्ये पनि कानुनको शासनलाई सुनिश्चित गर्नका लागि न्यायपालिकालाई महत्वपूर्ण मानिएको छ।

वैयक्तिक स्वतन्त्रताको संरक्षकका रूपमा अदालतको भूमिका अहम् रहन्छ। अर्को शब्दमा भन्नु पर्दा, अदालतद्वारा वैयक्तिक स्वतन्त्रताको प्रभावकारी रूपमा संरक्षण हुनु पर्दछ। विद्यमान कानुनी व्यवस्थालाई कानुनको उद्देश्यअनुसार व्याख्या गरेर अथवा कानुनमा व्यवस्थित नागरिकका अधिकार कुण्ठित भएको अवस्थामा न्यायिक निरूपण गरी निष्कृय अधिकारलाई सकृय बनाउने उत्तरदायित्व सिद्धान्तत: न्यायपालिकामा रहन्छ। त्यो उत्तरदायित्व पूरा गर्न न्यायपालिका स्वतन्त्र र सक्षम हुनु पर्दछ। अर्को शब्दमा भन्नु पर्दा, कानुनी शासनका लागि आवश्यक एक महत्वपूर्ण तत्व स्वतन्त्र र सक्षम न्यायपालिका हो। किनभने स्वतन्त्र र सक्षम न्यायपालिकाको अभावमा कानुनी राज्यको अवधारणाले पूर्णता प्राप्त गर्न सक्दैन।[२]

स्वतन्त्र र सक्षम न्यायपालिकाको सुनिश्चितताका लागि केही पूर्वशर्त पनि छन्। कार्य सम्पादन गर्न कार्यपालिका वा व्यवस्थापिकाको दबावबाट मुक्त रहने वातावरण भए मात्र न्यायपालिकाले आफ्नो दायित्व स्वतन्त्र तवरले निर्वाह गर्न सक्छ। न्यायपालिकालाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने भौतिक साधनको उपलब्धता, यथेष्ट बजेट व्यवस्था तथा योग्य र इमान्दार न्यायाधिकारी पनि अत्यावश्यक तत्वहरू हुन्। साथै, न्यायपालिकाको कार्य सम्पादन गर्ने पदाधिकारीको सेवा शर्तलाई पनि कानुनी व्यवस्थामार्फत् नै सुनिश्चित गरिएको हुनु पर्दछ। अर्थात् न्यायाधीशको नियुक्तिसम्बन्धी व्यवस्था प्रभावकारी तथा पारदर्शी हुनु पनि जरुरी छ, जसका लागि न्यायाधीशको सेवा शर्त कानुनद्वारा निर्धारण गरिनु पर्दछ। न्यायपालिकाको स्वतन्त्रतालाई राज्यले कानुन वा संवैधानिक व्यवस्थाद्वारा प्रत्याभूत गर्न सकेको हुनु पर्दछ।

न्यायालय स्थापनाको उद्देश्य कुनै पनि विवादित तथ्यगत र कानुनी प्रश्नको निराकरण गर्नु हो। यसमाथि कानुनी वा संवैधानिक अधिकारहरूको उचित किसिमले परिपालना गराई कानुनी राज्यको अवधारणालाई साकार रूप प्रदान गर्ने दायित्व रहेको हुन्छ। न्यायपालिका राष्ट्रिय मूल्य र मान्यताहरूको जगेर्ना गर्ने शक्तिशाली संगठन हो, जसले जनताको स्वतन्त्रता तथा नागरिक र राजनीतिक, सामाजिक, आर्थिक, व्यक्तिगत वा सांस्कृतिक अधिकारको रक्षा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। तर यस काममा कार्यपालिका र व्यवस्थापिकाको यथेष्ट सहयोग आवश्यक पर्दछ। आवश्यक कानुन निर्माण गरी व्यवस्थापिकाले आफ्नो भूमिका निर्वाह गर्न सक्दछ भने कार्यपालिकाले स्वच्छ वातावरण तयार पारेर, आवश्यक बजेटको व्यवस्था गरेर तथा न्यायपालिकाको स्वतन्त्रतामा अनावश्यक हस्तक्षेप नगरेर सहयोग पुऱ्याएको हुनु पर्दछ।

यसैलाई महत्व दिंदै सन् १९८५ नोभेम्बर-डिसेम्बरमा संयुक्त राष्ट्रसंघीय महासभाद्वारा स्वतन्त्र न्यायपालिकाका मान्य सिद्धान्तहरूको बीस बुँदे घोषणापत्र जारी गरिएको छ। उक्त घोषणापत्रमा न्यायपालिकाको स्वतन्त्रतालाई ध्यानमा राखी सरकारद्वारा मान्यता प्रदान गरिनु पर्ने बताउँदै व्यवहारमा लागू गर्न न्यायाधीशहरूको पनि ध्यानाकर्षण गरिएको छ। साथै, स्वतन्त्र न्यायपालिकाका लागि कानुन व्यवसायी, कार्यपालिकाका प्रतिनिधि, व्यवस्थापिकाका प्रतिनिधि र सर्वसाधारणको समेत त्यसतर्फ

ध्यान केन्द्रित गर्नु पर्ने कुरामा घोषणापत्रमा जोड दिइएको छ।

२. नेपाल अधिराज्यको संविधान २०४७ र न्यायपालिका प्रतिको अपेक्षा

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामै "स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने" भनिएको छ। यसबाट कानुनी राज्यको अवधारणालाई स्वतन्त्र न्यायपालिकाको माध्यमबाट साकार पार्ने उद्देश्य राखिएको स्पष्ट हुन्छ।

संविधानको धारा १ मै यो संविधान नेपालको मूल कानुन भएको र यससँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने तथा यस संविधानको पालन गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने उल्लेख गरेर यसले स्वेच्छाचारी शक्तिको अभाव तथा कानुनको सर्वोच्चतालाई अङ्गीकार गरेको छ। यसरी कानुनको शासन हुनका लागि आवश्यक प्राथमिक वा पहिलो शर्तलाई हाम्रो संविधानले अङ्गीकार गरेको देखिन्छ।

संविधानको धारा ११ मा समानताको हक प्रत्याभूत गरिएको छ। यसैगरी, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू उल्लेख गर्ने क्रममा धारा २६(१४) मा कानुनी राज्यको सिद्धान्तअनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वका लागि राज्यले नि:शुल्क कानुनी सेवा उपलब्ध गराउने नीति अवलम्बन गर्ने बताइएको छ। यसको मनशाय पनि कानुनको संरक्षणबाट कोही वञ्चित हुनु नपरोस् भन्ने नै हो। यसरी कानुनको शासन हुनका लागि आवश्यक दोस्रो शर्त पनि वर्तमान संविधानमा रहेको पुष्टि हुन्छ। भाग ३ अन्तर्गत मौलिक हकलाई प्रत्याभूत गरेर कानुनको शासन हुनका लागि आवश्यक तेस्रो शर्तलाई पनि यस संविधानले समेटेको पाइन्छ।

संक्षेपमा भन्नु पर्दा, नेपाल अधिराज्यको संविधान २०४७ ले कानुनको शासन भन्ने अवधारणालाई आत्मसात् गरेको र त्यसका लागि स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीप्रति ठूलो भरोसा गरेको देखिन्छ। संविधान संशोधन गर्दा संविधानको प्रस्तावनाको भावना प्रतिकूल नहुने गरी[३] मात्र गर्न पाइने प्रावधान पनि संविधानमा राखिएबाट कानुनको शासनलाई थप प्रत्याभूति गरेको देखिन्छ।

शक्ति पृथकीकरणको सिद्धान्तलाई पनि नेपाल अधिराज्यको संविधान २०४७ ले अङ्गीकार गरेको छ। नेपाल अधिराज्यको कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषदमा निहीत रहने व्यवस्था संविधानमा गरिएको छ[४] भने व्यवस्थापकीय अधिकार श्री ५, प्रतिनिधिसभा र राष्ट्रिय सभालाई प्रदान गरिएको छ।[५] त्यस्तै, नेपाल अधिराज्यको न्यायसम्वन्धी अधिकार संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था रहेको छ।[६]

शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई पनि संविधानले समेटेको छ। संविधानको धारा ८७ बमोजिम संवैधानिक परिषदको सिफारिसमा प्रधानन्यायाधीश र न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति श्री ५ बाट गरिबक्सने व्यवस्था छ। संविधानको धारा ८७(७) मा गरिएको व्यवस्था अनुसार कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको अन्य कुनै न्यायाधीशलाई प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई बहुमतले महाअभियोगको प्रस्तावमार्फत् पदबाट मुक्त गर्न सक्ने प्रावधान छ। यसरी न्यायपालिकाउपर व्यवस्थापिका र कार्यपालिकाले नियन्त्रण गर्न सक्ने देखिन्छ भने न्यायपालिकाले कार्यपालिका र व्यवस्थापिकामाथि नियन्त्रण गर्ने प्रावधानहरू पनि रहेका छन्। जसअनुसार, न्यायपालिकाले संविधानका धारा २३ तथा ८८ को प्रयोगबाट कार्यपालिकाका कार्य गैरकानुनी घोषणा गरी तथा संसदले निर्माण गरेका कानुन न्यायिक पुनरावलोकनद्वारा अमान्य वा वदर गरी कार्यपालिका र व्यवस्थापिकामाथि नियन्त्रण गर्न सक्दछ। मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नु पर्ने र मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त श्री ५ को सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्ने व्यवस्था पनि संविधानले गरेको छ।[७]

यसरी कानुनको शासन, शक्ति पृथकीकरण तथा शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई नेपाल अधिराज्यको संविधानले आत्मसात् गरेको र त्यसका लागि न्यायपालिकामाथि ठूलो भर परेको देखिन्छ। संविधानको धारा ८४ मा सम्पूर्ण न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने व्यवस्था गरी "नेपाल अधिराज्यको न्यायसम्वन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ" भनिएबाट पनि यही पुष्टि हुन्छ।

मौलिक हकको संरक्षणमा न्यायपालिकाको विशेष भूमिका रहन्छ। व्यक्तिका मौलिक हक कानुनबमोजिमबाहेक अपहरण गर्न नसकिने प्रत्याभूति संविधान स्वयंले गरेको छ भने संवैधानिक उपचारको हकको प्रावधान राखी न्यायपालिकालाई संरक्षकको भूमिका प्रदान गरेको छ। "... मौलिक हकउपर लगाइएको बन्देज अनुचित भन्न नपाइने अवस्थामा संविधानले प्रत्याभूत गरेको मौलिक हक अनुचित हुन्छ। लगाइएको बन्देज उचित हो वा अनुचित भन्ने प्रश्नको

निरूपण अदालतबाट हुनु जरुरी हुन्छ। ..सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन गरी मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा संविधानसँग कुनै कानुन बाझिएकोमा कानुन प्रारम्भ भएको मितिदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य गरी बदर घोषित गर्न सक्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरिएको छ।"[८] संविधानले न्यायपालिकालाई नागरिकहरूको संरक्षकको रूपमा खडा गरेअनुरूप नागरिकहरूले पनि न्यायपालिकासँग आशा राखेका हुन्छन्। न्यायमा छिटो-छरितोपना, न्यायमा एकरूपता, न्यायिक निष्पक्षता र न्यायमा सरलताजस्ता कुराको अपेक्षा न्यायपालिकासँग राखिएको हुन्छ।

मौलिक हकको संरक्षण गर्ने आफ्नो भूमिका राम्ररी निर्वाह गर्न न्यायपालिकाले न्यायिक सक्रियता आत्मसात् गर्नु आवश्यक हुन्छ। न्यायाधीश र वकिलहरूका न्यायिक कार्य जडसूत्रवादी नभई समाज र समयसापेक्ष होस् भनेर न्यायिक सक्रियताको अवधारणा आएको हो। यस अन्तर्गत अदालतले न्यायिक पुनरावलोकन र सार्वजनिक सरोकारको विषयमा सुनुवाइ गरेर मौलिक हकको संरक्षणमा योगदान पुर्‍याउन सक्दछ।

कुनैपनि प्रजातान्त्रिक मुलुकमा न्यायिक पुनरावलोकन सर्वोच्च शक्तिका रूपमा न्यायपालिकालाई सुम्पिएको पाइन्छ। लिखित संविधान भएको देशमा संविधान मूल कानुन हुने हुँदा उक्त कानुनसँग बाझिने अन्य कानुन बाझिएको हदसम्म बदर गराउने अधिकार न्यायपालिकालाई प्रदान गरिएको हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(४) ले सर्वोच्च अदालतले कानुनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नो फैसला एवम् अन्तिम आदेशको पुनरावलोकन गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ। तर सर्वोच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशउपरको पुनरावलोकन सबै प्रकृतिका मुद्दामा नभई केही सीमित प्रकृतिका मुद्दामा मात्र हुन सक्ने गरी न्याय प्रशासन ऐन २०४८ को दफा ११ ले व्यवस्थित गरिदिएको पाइन्छ।

व्यवस्थापिका तथा कार्यपालिकाका कार्यलाई परीक्षण गरी नियन्त्रण गर्ने कार्य न्यायिक पुनरावलोकनको माध्यमबाट हुन्छ। न्यायिक पुनरावलोकनको न्यायपालिका नागरिकहरूको हक, अधिकारको संरक्षणको लागि बढी सशक्त हुन सक्दछ, राज्य सञ्चालनका अन्य दुई निकायहरूलाई निरंकुश र स्वेच्छाचारी हुनबाट नियन्त्रण गर्दछ र अदालतको सर्वोच्चता स्थापना गरी कानुनको शासनको अवधारणा पूरा गर्न सक्षम हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ लागू भएपछि धारा ८८(१) बमोजिम सर्वोच्च अदालतबाट कार्यपालिकाको स्वेच्छाचारी निर्णय र संसदको संविधानसँग बाझिने कानुनलाई बाझिएको हदसम्म बदर गरी विभिन्न नजीर प्रतिपादन गर्दै संविधान तथा मौलिक हकको संरक्षण गरेको छ।

सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यका सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित विवादको बोध हुन्छ।[९] सार्वजनिक सरोकारको विषयमा सुनुवाइ गरेर अदालतले विभिन्न कानुनी सिद्धान्तहरू प्रतिपादन गर्ने, जनताका हक अधिकारको संरक्षणका लागि कानुन बनाउन निर्देशन दिने तथा कानुन नबन्दासम्म त्यसको अभाव परिपूर्ति गर्न निर्देशिका बनाउने जस्ता कार्य गरेको हुन्छ। वास्तवमा अदालतको यो कार्यले मौलिक हकको संरक्षणमा विशेष योगदान पुर्‍याउन सक्दछ।

वास्तवमा संविधानमा न्यायपालिकालाई यति शक्तिसम्पन्न बनाइनुमा न्यायपालिकाप्रतिको ठूलो अपेक्षा पनि कारकतत्व रहेको छ। नेपाल अधिराज्यको संविधान २०४७ को व्याख्यात्मक टिप्पणीमा भनिएको छ- "प्रजातान्त्रिक समाजको सम्वर्द्धनका निमित्त स्वतन्त्र न्यायपालिका नितान्त आवश्यक तत्व हो र यसका अभावमा प्रजातन्त्रको कल्पनासम्म पनि गर्न सकिन्न। स्वतन्त्र न्यायपालिकाको अभावमा एकातिर प्रजातन्त्र अर्थहीन हुन जान्छ भने अर्कातिर न्यायसम्पादन लङ्गडो बन्न पुग्दछ। न्यायपालिका सरकारको महत्वपूर्ण अङ्गका रूपमा रहे तापनि कार्यपालिकाका नियन्त्रणमा रहेका राज्य सञ्चालनका साधनहरू, विधायिकालाई कानुन निर्माणको क्रममा प्राप्त असीमित अधिकारको परिणामस्वरूप न्यायपालिका निर्बल बन्न सक्ने सम्भावनातर्फ सजग रही प्रजातान्त्रिक संविधानका निर्माताहरूको ध्यान न्यायपालिकाको स्वतन्त्रतालाई जोगाई प्रजातन्त्रको भरोसिलो अङ्ग बनाइराख्नेतर्फ नै केन्द्रित हुन पुगेको देखिन्छ। प्रजातान्त्रिक मुलुकहरूमा भएको संवैधानिक व्यवस्था र जनचाहनाको विचार गरी चीरकालसम्म न्यायपालिका प्रजातन्त्रको परिपोषकका रूपमा रहन सकोस् भन्ने उद्देश्यले न्यायपालिकाको स्वतन्त्रतामा पर्न सक्ने व्यवधानहरूलाई यथासम्भव हटाई एउटा स्वतन्त्र, सशक्त र सक्षम न्यायपालिकाको व्यवस्था प्रस्तुत संविधानमा गरिएको छ।"[१०]

न्यायपालिकालाई स्वतन्त्र बनाएको न्यायाधीशहरूलाई सुविधा र संरक्षण प्रदान गर्नका निमित्त नभई न्याय र संविधान रक्षाका निमित्त हो। संविधान र कानुनले सुम्पेको दायित्वलाई कार्यकुशलताका साथ निष्पक्ष एवम् स्वतन्त्ररूपमा वहन गर्न नसकेमा स्वतन्त्रता दिइनुको अर्थ रहँदैन। न्यायपालिका सदैव जनताप्रति उत्तरदायी हुनु पर्ने कुरामा दुई मत छैन।

३. न्यायपालिकाको संरचना र अधिकारक्षेत्र

कतिपय देशमा न्यायपालिकातर्फ रहने निकायहरू तोक्ने कार्य व्यवस्थापिकाको स्वविवेकमा छोडेको देखिने भए तापनि अन्य कतिपयमा चाहिँ संविधानमा नै यससम्वन्धमा उल्लेख भएको पाइन्छ। नेपालमा संविधानमै न्यायिक निकायको खाका व्यवस्थित गरिएको छ, जसअनुसार नेपाल अधिराज्यको संविधान २०४७ ले तीन किसिमका अदालतहरू रहने व्यवस्था गरेको छ। सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत नामका यी तीन तहका अदालतहरूले कानुनमा व्यवस्थित क्षेत्राधिकारअनुसार आ-आफ्नो दैनिक कार्य सम्पादन गर्दछन्। यसका अतिरिक्त कुनै खास किसिमका मुद्दाहरू हेर्न कानुनद्वारा खास किसिमका अदालत वा न्याधिकरणको स्थापना गर्न सकिने व्यवस्था पनि रहेको छ।

अदालतका संगठनमा शुरु अदालतको रूपमा जिल्ला अदालत, त्यसउपरको पुनरावेदन सुन्ने पुनरावेदन अदालत र सो भन्दा माथि सर्वोच्च अदालत राखी सर्वोच्च अदालतलाई तल्लो तहको अदालतको फैसलाउपर पुरावेदन सुन्ने अधिकार कानुनले प्रदान गरेको छ। सर्वोच्च अदालतलाई अभिलेख अदालत बनाई आफ्नो र आफ्ना मातहतका निकायहरूको अवहेलनामा कारवाही चलाउन र कानुनबमोजिम सजाय गर्न सक्ने अधिकार पनि दिइएको छ। नागरिक अधिकार ऐन २०२१ मा व्यवस्थित नागरिक अधिकारको उल्लङ्घन भएको अवस्थामा पुनरावेदन अदालतले रिटको क्षेत्राधिकार प्रयोग गरी त्यस्ता अधिकार बहाल गर्न सक्छन्। यसअनुसार पुनरावेदन अदालतलाई निषेधाज्ञा, वन्दी प्रत्यक्षीकरण तथा परमादेश जारी गर्न अधिकार प्राप्त छ।

सर्वोच्च अदालतको अधिकारक्षेत्र बारेमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ मा उल्लेख गरिएको छ। उक्त क्षेत्राधिकारलाई साधारण र असाधारण गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। अदालतको नियमित प्रक्रियाद्वारा तथ्य, प्रमाण र कानुनका आधारमा व्यक्तिको कानुनी अधिकारको संरक्षण गर्ने अदालतको अधिकार क्षेत्रलाई साधारण अधिकार क्षेत्र भनिन्छ। यो अधिकार क्षेत्रअर्न्तगत सर्वोच्च अदालतले सुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, मुद्दाको पुनरावलोकन गर्ने, राय प्रस्तुत गर्ने र न्याय प्रशासन ऐन २०४८ मा व्यवस्था गरिएअनुरूपका अधिकारहरू प्रयोग गर्ने अधिकार पर्दछ।

सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत वन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिपेध र अधिकारपृच्छालगायत्का अन्य आदेशहरू जारी गर्न सक्ने अधिकार पर्दछ। संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई दिइएको छ। साथै, कुनै कानुन संविधानसित बाझिएको देखिएमा सो कानुनलाई अमान्य ठहऱ्याई बदर गर्ने अधिकार पनि असाधारण अधिकारकै रूपमा रहेको छ। यसरी सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र नागरिक तथा मौलिक अधिकारको संरक्षण गर्नमा महत्वपूर्ण देखिन्छ।

४. सन् २००४ मा न्यायसम्पादनको अवस्था

नेपाल अधिराज्यको न्यायसम्बन्धी अधिकार संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था रहेको छ।[११] तसर्थ अदालतमा परेका मुद्दामा सही न्यायसम्पादन गरी मुद्दाहरूको उचित फैसला गर्नु अदालतको प्रमुख कार्य हुन आउँदछ। यस वर्ष नेपाल अधिराज्यका विभिन्न अदालत र न्यायाधिकरणबाट न्यायसम्पादनसम्बन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

४.१. सन् २००४ मा सर्वोच्च अदालत र अन्य न्यायिक निकायमा परेका मुद्दाको लगत र फस्यौंट तालिका[१२]

अदालत	लगत संख्या	फस्यौंट संख्या	फस्यौंट प्रतिशत	बाँकी
सर्वोच्च अदालत	२४५७०	६७९६	२७.६६	१७७७४
पुनरावेदन अदालत	२१२४९	११२०७	५२.७४	१००४२
जिल्ला अदालत	६४२८३	३६६४१	५७.००	२७६४२
विशेष अदालत	३६२	१६६	४५.८६	१९६
श्रम अदालत	१३०	१७	१३.०८	११३
प्रशासकीय अदालत	३७	२५	६७.५७	१२
राजस्व न्यायाधिकरण	९५३	४३५	४५.६५	५१८
ऋणअसुली पुनरावेदन न्यायाधिकरण	०	०	०	०
ऋणअसुली न्यायाधिकरण	९४	३०	३१.९१	६४
जम्मा	१११६७८	५५३१७	४९.५३	५६३६१

४.२. सर्वोच्च अदालतको अधिकार क्षेत्रअन्तर्गत परेका मुद्दाको लगत र फस्यौंट तालिका[१३]

निवेदनका प्रकार	लगत संख्या	फस्यौंट संख्या	फस्यौंट प्रतिशत	बाँकी
क. रिट निवेदन	४०८४	१०५७	२५.८८	३०२७
ख. पुनरावेदन, साधक र मुरु मुद्दा	१४६७६	३००९	२०.५०	११६६७
ग. पुनरावलोकन निवेदन	५१४	१७७	३४.४३	३३७
घ. पुनरावेदन अनुमति निवेदन	५१६	१६८	३२.५९	३४८
ङ. दोहोऱ्याइ पाऊँ भन्ने निवेदन	४७८०	२३८५	४९.९०	२३९५
जम्मा	२४५७०	६७९६	२७.६६	१७७७४

४.३. पुनरावेदन अदालतमा परेका मुद्दाको लगत र फस्यौंट तालिका[१४]

निवेदनका प्रकार	लगत संख्या	फस्यौंट संख्या	फस्यौंट प्रतिशत	बाँकी
रिट निवेदन	२७९०	१९२७	६९.०७	८६३
मुद्दा	१८४५९	९२८०	५०.२७	९१७९
जम्मा	२१२४९	११२०७	५२.७४	१००४२

४.४. जिल्ला अदालतमा परेका मुद्दाको लगत र फस्यौंट तालिका[१५]

मुद्दाका प्रकार	लगत संख्या	फस्यौंट संख्या	फस्यौंट प्रतिशत	बाँकी
देवानी	४१४३६	२२८९४	५५.२५	१८५४२
फौजदारी	२२८४७	१३७४७	६०.१७	९१००
जम्मा	६४२८३	३६६४१	५७.००	२७६४२

४.५. सर्वोच्च अदालतको संयुक्त इजलासमा परेका रिट निवेदनको विवरण[१६]

रिटको किसिम	लगत संख्या	फस्यौंट संख्या	फस्यौंट प्रतिशत	बाँकी
बन्दीप्रत्यक्षीकरण	२४८	१४१	५६.८५	१०७
परमादेश	५८	६	१०.६५	५२
प्रतिषेध	१५	३	२०.००	१२
अधिकारपृच्छा	१६	०	-	१६
उत्प्रेषण	३६६७	८६७	२३.६४	२८००
जम्मा	४००४	१०१७	२५.४०	२९८७

४.६. सर्वोच्च अदालतका विभिन्न इजलासमा पर्न आएका रिट निवेदनहरूको विषयगत विवरण[१७]

रिटको किसिम	लगत	फस्यौंट	फस्यौंट प्रतिशत	बाँकी
प्रचलित कानुन बदर घोषित धारा ८८ (१) ५९	३१	५२.५४	२८	
सार्वजनिक हक वा सरोकार धारा ८८(२)४६	०	-	४६	
वैयक्तिक हक प्रचलन धारा ८८ (२)	३९७९	१०२६	२५.७८	२९५३
जम्मा	४०८४	१०५७	२५.८८	३०२७

४.७. विशेष अदालत

नेपाल अधिराज्यको संविधान २०४७ ले संविधानमै उल्लेखित अदालतहरूबाहेक कुनै खास किसिमका मुद्दाहरू हेर्न कानुनद्वारा खास किसिमका अदालत वा न्यायाधिकरणको स्थापना गर्न सकिने व्यवस्था गरेको छ।[१८] भ्रष्टाचार तथा राज्यविरुद्धको अपराधको मुद्दा सुनुवाइ गर्न सोही प्रावधानअनुरूप विशेष अदालत स्थापना गरिएको छ।

मुद्दाको बिषय	लगत	फस्यौंट	फस्यौंट प्रतिशत	बाँकी
क.साबिकअदालतमा परेका	४३	३४	७९.०७	९
ख.हालकोअदालतमा परेका	३१९	१३२	४१.३८	१८७
जम्मा	३६२	१६६	४५.८६	१९६

४.८. प्रशासकीय अदालत

निजामति सेवा ऐन २०४९ को दफा ६९(१) अनुसार निजामति सेवा ऐन अन्तर्गत विभागीय सजाय दिन पाउने अधिकारीले भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरी सेवाबाट अवकास दिएको विभागीय सजायको आदेशउपर पुनरावेदन सुन्न प्रशासकीय अदालत गठन गर्न सकिने प्रावधान रहेको छ। वर्ष २००४ मा प्रशासकीय अदालतमा विभागीय कारवाहीअन्तर्गत निजामती सेवा ऐन बमोजिम ३५ वटा मुद्दा परेकोमा २३ वटा र स्वास्थ्य सेवा ऐनबमोजिम दुईवटा मुद्दा परेकोमा दुईवटै मुद्दाहरू फस्यौंट भए। यस वर्ष संसद सेवा ऐनबमोजिम कुनै पनि मुद्दा यस अदालतमा परेनन्।

४.९. श्रम अदालत

कामदार वा कर्मचारीलाई पारिश्रमिक भत्ता, उपदान, संचयकोष वा क्षतिपूर्तिको रकम भुक्तानी दिन तथा हर्जाना तिर्नु पर्ने गरी श्रम कार्यालयले व्यवस्थापकलाई दिएको आदेशउपर श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्था श्रम ऐन २०४७ मा छ। श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस्तो श्रम अदालतको गठन गर्न सक्दछ। यस वर्ष श्रम अदालतमा ८५ वटा मुद्दा पुनरावेदन परेकोमा जम्मा १५ वटा मात्र फस्यौंट भएको पाइन्छ।

४.१०. राजस्व न्यायाधिकरण

श्री ५ को सरकारले कानुन, राजस्व र लेखा, तीन विषयका एक-एक जना सदस्य रहने गरी राजस्व न्यायाधिकरणको गठन गर्न सक्ने व्यवस्था राजस्व न्यायाधिकरण ऐन २०३१ ले गरेको छ। यस आर्थिक वर्षमा राजस्व न्यायाधिकरणबाट मूल्य अभिबृद्धि कर, आय कर र भन्सारमा गरी जम्मा ९ सय ५३ मुद्दा परेकोमा ४ सय ३५ मुद्दामा सुनुवाइ भएको थियो।

यसबीचमा मौलिक हकको हननसम्बन्धी धेरै मुद्दाहरू सर्वोच्च अदालत लगायतका मातहतका अदालतमा परेका देखिन्छन्। यसमध्ये बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरू उल्लेख्य संख्यामा दायर भएका छन्। यस आर्थिक वर्षमा संयुक्त इजलासमा २ सय ४८ वटा बन्दी प्रत्यक्षीकरण रिट निवेदन परेका थिए भने विशेष इजलासमा एउटा पनि परेको थिएन।

यसरी सर्वोच्च अदालत र यसका मातहतका

निकायहरूको एक वर्षको न्यायसम्पादनको अवस्थालाई दृष्टिगत गर्दा फर्स्योट हुन नसकेका मुद्दाहरूको मात्रा बढी देखिन्छ। फैसला समयअनुसार हुन नसकेको कारणले अन्याय हुन गएको अवस्था पनि कायमै छ। अदालतको न्यायसम्पादन स्थिति चिन्ताजनक हुन पुगेकोमा सम्वन्धित निकायको ध्यान नपुगेको भने होइन। यससम्बन्धमा वरिष्ठ न्यायाधीशहरू संलग्न एक निरीक्षण टोलीले न्यायपालिकाभित्रका काम गर्ने शैली र तौर तरीकामा छिट्टै परिवर्तन नल्याए न्यायालयप्रतिको जनआस्था घट्ने निष्कर्षसहितको प्रतिवेदन प्रस्तुत गरेको छ।[२०] निरीक्षण प्रतिवेदनमा मुख्यतया निम्नलिखित कारणले गर्दा न्यायसम्पादनको स्थिति चिन्ताजनक रहेको निष्कर्ष निकालिएको छ[२१]-

- मुद्दाको सुनुवाइ नहुनु
- फैसला समयमा नहुनु
- न्यायिक आचरण राम्रो नदेखिनु
- अत्यन्तै कम सङ्ख्यामा मुद्दा फर्स्योट हुनु

तल्ला तहको अदालतमा नियमित अनुगमन र निरीक्षण नहुँदा अनियमितता बढ्ने, मुद्दाको चाप बढ्ने, सुनुवाइ ढिला हुने, सन्तोषजनक र गुणस्तरयुक्त फैसला नहुने सम्भावना पनि प्रतिवेदनले औंल्याएको छ। न्यायिक आचरण, अनुशासन, जनगुनासो र अदालती व्यवहारबारे अनभिज्ञताले न्यायिक प्रक्रियामा प्रतिकूल असर पर्ने हुँदा न्यायलाई प्रभावकारी बनाउन सर्वोच्च अदालतबाट निरीक्षण गरी आवश्यक नीति बनाएर कार्यान्वयन गर्नु पर्नेमा प्रतिवेदनले जोड दिएको छ। खर्चिलो र झन्झटिलो प्रक्रिया तथा समयमा मुद्दा टुंगो नलाग्नाले झगडियाहरू निराश हुने तथा कतिपय अदालतहरूमा त्यहाँका कर्मचारीको काम गर्ने व्यवहार, शैलीबाट पनि मुद्दाका पक्षहरू हैरान भएको कारण यस्ता असंगतिलाई रोक्नु पर्ने र नरोकिएको अवस्थामा अदालतप्रति नै वितृष्णा उत्पन्न हुन सक्नेतर्फ पनि प्रतिवेदनले सचेत तुल्याएको छ।

नेपालमा शक्ति पृथकीकरण तथा शक्ति सन्तुलन र नियन्त्रणको अवधारणालाई सिद्धान्ततः स्वीकारी संविधानले समेत त्यसलाई आत्मसात् गरेको भए तापनि व्यवहारतः ती अवधारणाले मूर्तता पाएका छैनन्। खासगरी राजनीतिक अस्थिरताको प्रत्यक्ष असर यसमा परेको देखिन्छ। देशमा प्रतिनिधिसभा नै नरहेको, प्रतिनिधिसभाबाट सरकारको स्थापना नभएको र मन्त्रिपरिषदका कार्यहरूको तत्काल मूल्याङ्कन गर्ने जनप्रतिनिधिमूलक संस्था नभएको विद्यमान राजनीतिक परिस्थितिमा शक्ति पृथकीकरण तथा शक्ति सन्तुलन र नियन्त्रण हुने कुरा कोरा सिद्धान्तबाहेक केही हुन सक्दैन।

न्यायपालिकाले आफूकहाँ आएका मुद्दामा फैसला गरी नयाँ कानुन बनाउने अथवा विद्यमान कानुनमा संशोधन गर्ने आदेश दिने गरे तापनि व्यवस्थापिकाको अभावमा निर्माण हुन सकेको पाइँदैन। यसबीचमा थुप्रै अध्यादेशहरू सरकारले जारी गरेको छ (*अध्यादेशसम्बन्धी थप जानकारीका लागि 'व्यवस्थापिका' परिच्छेदमा हेर्नु होस्*)। कार्यपालिकाको अधिकार असन्तुलित किसिमले बढेको, व्यवस्थापिका नभएको र न्यायापालिका पनि कतिपय समस्यामा अल्झिरहेको परिस्थितिमा नागरिक हक अधिकारहरूलाई राज्यले पर्याप्त मात्रामा संरक्षण गर्न सकेको छैन। विगत एक वर्षमा राजनीतिक परिदृश्यमा आएको हरेक उतार-चढावबाट न्यायपालिका पनि पृथक् रहन सकेको छैन र त्यसको प्रतिकूल असर न्यायसम्पादनमा पनि परेको छ भन्नु यथार्थवादी कुरा हुनेछ।

मानव संसाधन साथै भौतिक संसाधनको कमीले पनि न्यायालयको न्यायसम्पादन क्षमतामा ह्रास ल्याइदिएको बुझ्न सकिन्छ। अदालतले संविधानको भावना अनुरूप कार्य गर्न सफल हुनका लागि यसलाई आवश्यक संसाधनको उपलब्धतामा श्री ५ को सरकारले विशेष ध्यान दिनु पर्दछ। त्यसैगरी, संवैधानिक निकाय तथा न्यायपरिषदको भूमिकाले पनि अदालतको कार्यमा प्रभाव पारेकै हुन्छ। न्यायिक जनअपेक्षा पूरा गर्ने कार्यमा कानुन व्यवसायीहरूको भूमिका पनि कम महत्वपूर्ण छैन। मुद्दाको छिटो निर्णयको लागि आवश्यक प्रमाणहरू समयमा नै पेश गर्ने, प्रतिउत्तर वा लिखत जवाफ प्रस्तुत गर्नु पर्दा म्याद नथामी गर्ने तथा पेसी सकेसम्म स्थगित नगर्ने कार्य गरेमा पनि न्यायसम्पादनमा केही छिटो छरितोपन आउने देखिन्छ।

अदालती प्रक्रियालाई स्वयं राज्यका विभिन्न अङ्गहरूले नै कतिपय अवस्थामा नसघाउने गरेको पनि देखिएको छ। उदाहरणका लागि कमल केसीका हकमा उनका मामा केदारबहादुर थापाले दायर गरेको बन्दी प्रत्यक्षीकरणको मुद्दालाई हेर्न सकिन्छ। उर्दी पोशाकमा आएका सुरक्षाकर्मीले कीर्तिपुर टौदहका सर्वसाधारण कमल केसीलाई घरबाटै आँखामा कालो पट्टी बाँधेर लगी सात महिनासम्म बेपत्ता पारेको आरोपमा शाही नेपाली जंगी अड्डा, गृह मन्त्रालय र भैरवनाथ गण महाराजगञ्जलगायत्का सुरक्षा निकायविरुद्ध बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरिएको थियो।

यस सम्बन्धमा पटक-पटक कारण माग गर्दा जवाफ नपठाई सुरक्षा निकायले अदालतलाई असहयोग गरेपछि प्रधानन्यायाधीश गोविन्दबहादुर श्रेष्ठ र न्यायाधीश बलराम केसीको इजलासले प्रधानसेनापति प्यारजंग थापालाई संबोधन गर्दै ०६१ असार ८ गते आदेश दिएको थियो। उक्त आदेशमा स्पष्ट रूपमा "अब आइन्दा अदालतद्वारा जारी भएको कारण देखाऊ आदेशको लिखित जवाफ लगायत सोधेको कुराको जवाफ सम्बन्धित निकायका सम्बन्धित पदाधिकारीबाटै पठाउन उचित निर्देशन हुन मानवअधिकार

संरक्षण गर्ने कार्यमा यस अदालतलाई सहयोग गर्न समेत शाही नेपाली सेनाका प्रधान सेनापतिलाई लेखी पठाउनु" भनिएको थियो। अदालतले सोधेको प्रश्नको जवाफ राज्यकै अङ्गले नदिएर त्यसका लागि अदालतले छुट्टै आदेश जारी गर्नु परेको पृष्ठभूमिमा न्यायसम्पादनमाथि परेको असर बुझ्न गाह्रो छैन। नागरिकको जीउधनको सुरक्षा र मानवअधिकार संरक्षण गर्ने सिलसिलामा सर्वोच्च अदालतद्वारा जारी सो आदेशलाई न्यायिक क्षेत्रमा महत्वपूर्ण कदमका रूपमा स्वागत गरिएको छ। शाही नेपाली सेनाका उच्च अधिकारीका नाममा यसरी आदेश जारी भएको न्यायिक इतिहासमै पहिलो हो भन्ने बताइन्छ।

न्यायसम्पादनको कुरा गर्दा अदालतले गर्ने फैसला साथै तिनको कार्यान्वयन पक्षलाई पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ। अदालती निर्णयको सबैले पालना गर्नु पर्दछ भन्ने स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई व्यवहारत: लागू गर्न नसकिएको स्थिति देखा पर्दछ। बन्दी प्रत्यक्षीकरण मुद्दामा अदालतले पीडितलाई रिहा गर्न आदेश दिएपछि अदालत परिसरबाटै पुन: पक्राउ गर्ने जस्ता अदालती आदेशको अवज्ञा गरिएका घटना सन् २००४ मा पनि थुप्रै भए। अदालतले मुद्दाको फैसलाका क्रममा आफूले दिएका आदेश कार्यान्वयन स्थितिको अनुगमन गर्न सकेको पाइँदैन।

सशस्त्र द्वन्द्वसँगै न्यायपालिकाको भूमिका पनि साँघुरिएको पक्षलाई यहाँ उल्लेख गर्नु पर्ने हुन्छ। राज्यका अन्य अङ्गको भूमिकामा समेत सङ्कुचन आइरहेको हुनाले न्यायपालिका मात्र सशक्त रहन नसक्नु स्वभाविकै हो। अर्कोतिर विद्रोही पक्षले समानान्तर न्यायप्रणाली तयार पार्न गरेको प्रयत्नले कतिपय सर्वसाधारण व्यक्तिहरूले अदालतसम्म पहुँच राख्नै नसक्ने परिस्थिति सृजना भएको तथ्य पनि उल्लेख्य छ।

न्यायाधीश नियुक्तिका क्रममा देखिने प्रक्रियालाई पनि न्यायसम्पादनमाथि पर्ने प्रभावको क्षेत्रबाट अलग्याएर हेर्न मिल्दैन। संवैधानिक परिषद र न्यायपरिषद सक्षम र स्वतन्त्र नभई अदालत मात्र सक्षम र स्वतन्त्र बन्न सक्दैन। विभिन्न तहका न्यायाधीश नियुक्त गर्ने उपयुक्त व्यवस्थाका साथै स्वयं न्यायाधीशहरूको व्यक्तिगत क्षमताले पनि न्यायसम्पादनलाई असर पारेको हुन्छ। न्याय दिने न्यायाधीश देशको सामाजिक परिस्थिति तथा कानुनी प्रावधानको जानकार त हुनु पर्छ नै संसारमा आइरहेका नवीन प्रविधिहरूसँग तथा परिस्थितिबारेमा पनि सुसूचित भइरहनु पर्दछ। न्यायाधीशहरूले न्यायिक सक्रियताको माध्यमबाट देशका लागि योगदान पुऱ्याउन सक्ने हुन कानुनको ज्ञान र कर्मठ प्रवृत्ति दुवै जरुरी हुन्छन्। न्यायसम्पादनमा प्राथमिक भूमिका खेल्न सक्ने भए तापनि व्यवहारमा भने न्यायाधीशहरूको लापरवाही पनि देखिएको पाइन्छ। संविधानमा हुँदै नभएको प्रावधानलाई उद्धृत गर्दै दिइएको फैसला तथा त्यसैलाई नजीर बनाएर गरिएको दरपीठ (बक्समा हेर्नु होला) को सन्दर्भ यहाँनेर उल्लेख्य छ।

मानवअधिकार तथा मौलिक हकको प्रत्याभूतिका लागि सर्वोच्च अदालतले कतिपय अवस्थामा प्रभावकारी योगदान पुऱ्याएको देखिन्छ। अदालतले समय-समयमा जारी गरेका विभिन्न आज्ञा-आदेशमा मानवअधिकारको संरक्षण र कानुनी शासनको पालना गर्न स्पष्ट निर्देशन दिने गरेको छ। सर्वोच्च अदालतबाट निर्वाह भएको भूमिकाको सकारात्मक पक्ष भए तापनि अदालत स्वयंले पनि गर्न सक्ने जति भूमिका निर्वाह गर्न नसकेको गुनासो रहेको पाइन्छ।

५. न्यायिक सुधार कार्यक्रम

स्वतन्त्र र सक्षम न्याय प्रणालीको संवैधानिक अभीष्ट पूरा गर्न संविधानको भावना र आदर्शलाई व्यवहारमा उतार्नु आवश्यक हुन्छ। अदालतहरूको स्थापना र अधिकार क्षेत्र व्यवस्थित गर्न र न्याय छिटो, कम खर्चिलो र सुलभ बनाउन न्याय प्रशासनसम्बन्धी अवधारणाको विकास भएको हो। यस क्रममा यस वर्ष न्यायिक सुधारका केही पहलहरू गरिएको छ।

५.१ पाँचवर्षे रणनीतिक योजना

यस वर्ष नेपालको न्यायपालिकाको इतिहासमा पहिलो पल्ट न्यायपालिकाको पाँच वर्षे रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। योजनामा वर्तमान न्यायपालिकाले भोग्नु परेका समस्या र चुनौतीहरूको विश्लेषण गर्नुका साथै समस्याका कारक तत्वहरूको पनि पहिचान गरिएको छ। पहिचान गरिएका समस्याहरूको समाधानका उपायहरू प्राथमिकता, जिम्मेवारी र अनुमानित लागतसमेत निर्धारण गरिएको छ। यसका साथै, न्यायपालिकाको लक्ष्य र परिदृश्यको पहिचान गरी ती लक्ष्यहरू हासिल गर्न अवलम्बन गरिनु पर्ने मूल्य र मान्यताहरूको पनि निर्धारण गरिएको छ।

निर्धारित मूल्य र मान्यताको आधारमा न्यायपालिकाका मूल कार्यहरूलाई चार भागमा वर्गीकरण गरिएको छ। ती हुन्– फैसला गर्ने र त्यसको कार्यान्वयन गर्ने कार्य, परामर्शदायी कार्य, अनुगमन र सुपरीवेक्षणको कार्य र व्यवस्थापकीय कार्य। उल्लेखित कार्यहरू अगाडि बढेको सम्बन्धमा प्रगति मूल्याङ्कन गर्न निम्नानुसार परिसूचकहरू निर्धाण गरिएको छ[११]-

- कानुनको संवैधानिकताको प्रश्न उठेका सबै मुद्दाहरू एक वर्षभित्र फर्स्यौट गर्ने,

- रिट निवेदनहरू एक वर्षभित्र फर्स्यौट गर्ने तथा हाल बक्यौता रहेका रिट निवेदनहरूको संख्या ७५ प्रतिशतले न्यून गर्ने,
- शुरु र पुनरावेदन क्षेत्राधिकारअन्तर्गत दायर हुने मुद्दाहरू कानुनले तोकेको समयावधि भित्र र सो सम्भव नभए दुई वर्षभित्र फर्स्यौट गर्ने तथा हाल बक्यौता रहेका यस्ता मुद्दाहरूको संख्या ५० प्रतिशतले न्यून गर्ने,
- फैसला कार्यान्वयनका लागि परेका निवेदनहरू ६ महिनाभित्र फर्स्यौट गर्ने र कुनै पनि हालतमा एक वर्ष नाघ्न नदिने। हाल बक्यौता रहेका यस्ता निवेदनहरू ७५ प्रतिशतले न्यून गर्ने,
- जटिल संवैधानिक र कानुनी प्रश्नमा श्री ५ महाराजाधिराजबाट राय माग भई आएमा १ महिनाभित्र परामर्श चढाउने,
- मातहत अदालत, कारागार र अन्य अर्धन्यायिक निकायहरूमा वर्षको एक पटक निरीक्षण गर्ने,
- अदालत व्यवस्थापनलाई चुस्त, सक्षम र प्रभावकारी तुल्याउने।

५.२. न्यायिक प्रतिष्ठानको स्थापना

यसै वर्ष न्यायिक निकायमा कार्यरत न्यायाधीश र कर्मचारी तथा कानुन व्यवसायीहरूको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न ०६० चैत ४ गतेको राजपत्रमा प्रकाशित राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश २०६० बमोजिम स्वशासित संस्थाका रूपमा राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना गरिएको छ। यसमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशको अध्यक्षतामा १३ सदस्यीय न्यायिक परिषद रहने र प्रशासकीय प्रमुखका रूपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहने व्यवस्था छ।

न्यायिक प्रतिष्ठानले मुख्यतया निम्न लिखित कार्य गर्दछ-

- न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानुन व्यवसायीहरूको कार्य क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने,
- कानुन र न्यायसम्बन्धी विषयमा अनुसन्धान गर्ने एवम् परामर्श तथा सूचना सेवा उपलब्ध गराउने,
- कानुन र न्यायको क्षेत्रमा विकसित नयाँ प्रविधि र प्रयोगका सम्बन्धमा न्यायिक निकायमा कार्यरत जनशक्तिलाई प्रशिक्षित गराउने,
- न्यायिक प्रशिक्षण कार्यक्रमलाई न्याय छिटो, छरितो, सरल र सर्वसुलभ तुल्याउने उद्देश्यसँग आवद्ध गर्ने,
- कानुन र न्यायका क्षेत्रमा देखिएका कमी कमजोरी र त्रुटी सुधार गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने।

५.३. नमूना अदालतको व्यवस्था

न्यायिक सुधार कार्यक्रम अन्तर्गत नमूना अदालतको व्यवस्था पनि उल्लेख्य छ। अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, ०५५ मा उल्लेखित सुझावअनुरूप मुद्दाको प्रकृतिअनुसार देवानी र फौजदारी इजलास गठन गरी विशिष्टिकृत सेवा प्रदान गर्ने उद्देश्यले नमूना अदालतको व्यवस्था गरिएको हो। हाल सिराहा, चितवन, कास्की र कपिलवस्तु जिल्ला अदालतहरूलाई नमूनाका रूपमा लिई परीक्षणको रूपमा न्यायिक सुधार कार्यक्रम लागू गरिएको छ।[33]

नमूना अदालतका निम्नलिखित उद्देश्यहरू रहेको पाइन्छ-

- न्याय प्राप्तिको प्रकृयालाई छिटो छरितो, कम खर्चिलो र सर्वसुलभ तुल्याउने,
- न्यायसम्पादन र न्यायप्रशासनलाई अझ बढी पारदर्शी र जवाफदेहीपूर्ण तुल्याउने,
- दक्ष न्यायसम्पादन गरी अदालतप्रतिको जनआस्था अभिबृद्धि गराउने,
- सजिलैसँग सबैले थाहा पाउन सक्ने गरी सूचना सम्प्रेषण प्रणालीको विकास गर्ने,
- कर्मचारीहरूको योग्यता, दक्षता र कामप्रतिको लगनशीलतासमेतलाई वृद्धि गर्ने,
- विचार गरी उचित जिम्मेवारी सुम्पिने र कर्मचारीको सीप र दक्षता बृद्धि गर्ने,
- न्यायसम्पादनमा सहयोग गर्ने सरकारी निकाय, कानुन व्यवसायी, स्थानीय निकायसमेतसँग समन्वयात्मक सम्बन्धको विकास गरी न्यायसम्पादनमा सहयोग अभिबृद्धि गर्ने,
- अदालतको अभिलेख प्रणालीलाई व्यवस्थित र सुदृढ तुल्याउने,
- समस्त अदालत प्रशासनलाई परिचालित गर्ने।

५.४. पारिवारिक अदालतको अवधारणा

कानुनमा महिला तथा बालबालिकाका सम्बन्धमा थुप्रै व्यवस्था भए पनि विविध कारणवश उनीहरूले त्यसको उपभोग गर्न पाएका छैनन्। बालबालिका तथा महिलासँग सम्बन्धित मुद्दालाई प्राथमिकता दिन त्यस्ता मुद्दाका लागि छुट्टै पारिवारिक अदालतको व्यवस्था हुनु पर्ने कुरा अगाडि आएको छ। बालबालिका तथा महिलालाई भयरहित बनाउन, मानसिक तथा शारीरिक आघातबाट बचाउन तथा गोपनीयता कायम गर्न बन्द इजलास जरुरी हुन्छ। सार्वजनिक शक्ति तथा सुरक्षासँग सम्बन्धित मुद्दाहरूमा पनि त्यस्तो इजलास आवश्यक हुन्छ। तथापि बन्द इजलासको सञ्चालन तथा व्यवस्थापनको लागि कानुनको अभाव भएको पाइन्छ।

घरेलु हिंसा, अपराध तथा मजाय विधेयक २०५८ र जिल्ला अदालत नियमावली २०६० चौथो संशोधनले वन्द इजलासको व्यवस्था र कार्यविधि सम्वन्धमा व्यवस्था गरेको छ। इजलासको अर्थ पीडितलाई अझ पीडा दिने नभएकाले पीडितको इज्जत, प्रतिप्ठासमेतलाई ध्यान दिई बन्द इजलासबाट मुद्दाको सुनवाइ गरिने अवधारणाको विकास भएको पाइन्छ।

५.५. महिला अदालतको अवधारणा

यस वर्ष नेपालमा महिला अदालतको अवधारणा गैरसरकारी क्षेत्रको पहलमा चर्चामा आयो। यस क्रममा महिलासँग सम्बन्धित विषयहरूमा छलफल गरी उपचारका उपायहरूको पहिचान गर्न ०६१ पुस ६-८ गतेसम्म तीन दिने कार्यक्रम आयोजना गरियो। चेलीबेटी बेचबिखनसँग जोडिएको हिंसा र यसको जोखिमवाट महिलाहरू दिनानुदिन पीडित भइरहेका सन्दर्भलाई नै मुख्य सवाल बनाएर उक्त कार्यक्रम गरिएको थियो। "सार्वजनिक सुनुवाइ र छलफल"का माध्यमबाट महिलाका समस्याहरूलाई बाहिर ल्याउनु यस महिला अदालत कार्यक्रमको उद्देश्य रहेको थियो।

देशका विभिन्न भागमा महिलाविरुद्ध हुने सबै खालका घटनाहरूको न्यूनीकरणका निमित्त आयोजित महिला अदालत कार्यक्रम काठमाडौंमा गर्नुभन्दा अगाडि १९ वटा जिल्लाहरूमा कार्यक्रमको उपादेयताको बारेमा छलफल गरी राय, सल्लाह, सुझाव मागिएको थियो। महिला अदालत कार्यक्रममा विभिन्न विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए। सशस्त्र द्वन्द्व, बसाईंसराइ र वेचविखन, सीमान्तीकृत समुदाय र बेचबिखनका संभावनाहरू तथा वेचविखनका विभिन्न स्वरूपहरू (विश्वव्यापीकरण, खुल्लावजार अर्थनीति, वैदेशिक रोजगार) कार्यपत्रहरूका विषय वनेका थिए। तिनका अतिरिक्त भ्रष्टाचार, राजनीतिक संरक्षण र वेचविखन, वेचविखनविरुद्धका अभियानमा दातृसंस्था, गैससहरू र समुदायको भूमिका, उपलब्धि र नेतृत्व, बेचविखनको वर्तमान अवस्था, राष्ट्रदेखि अन्तर्राष्ट्रिय प्रवृत्ति र वेचविखनविरुद्धका नीति तथा कानुनहरू, मानवअधिकार र वेचबिखन तथा वेचबिखनको विरुद्ध सञ्चारको भूमिका जस्ता विषय पनि कार्यपत्रहरूमा समेटिएका थिए। वेचविखनमा परेका महिलाहरूको उद्धार, पुर्नस्थापना र सामाजिकीकरणसम्वन्धमा पनि महिला अदालत कार्यक्रममा प्राथमिकतासाथ छलफल गरिएको थियो।

यसरी राज्यस्तर र गैरसरकारीस्तरवाट समेत न्यायिक सुधारका लागि विभिन्न किसिमका कार्यक्रम अगाडि आएको हामी देख्दछौं। ती सुधार कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन कानुन व्यवसायी तथा न्यायपालिकाको नेतृत्व तहको आचरण, श्री ५ को सरकारको भूमिका र अदालतका कर्मचारीको व्यवहारजस्ता पक्षहरूमा निर्भर छ। साथै सञ्चार माध्यम, राजनीतिक दलहरू, न्याय परिषद, संवैधानिक निकायहरू र जनसाधारण सवैको सहयोग पनि यस क्रममा आवश्यक हुन्छ।

६. सन् २००४ मा न्यायालयबाट फैसला भएका केही मुद्दाहरू

६.१. फाइरिङ रेञ्ज कायम गर्न मुद्दा[२४]

नगरक्षेत्रभित्रको जग्गामा फाइरिङ रेञ्ज कायम गरी सैनिक अभ्यास गर्दा वायु प्रदूषण, आवागमनमा असुविधा र जीउधनको असुरक्षा, जीवजन्तुलाई खतरा तथा हवाइक्षेत्रको नियमिततालाई प्रतिकूल असर पर्ने कुरा उठाई श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालयलाई विपक्षी बनाई भीमसेन थापासमेतद्वारा मुद्दा दायर गरिएको थियो। सार्वजनिक हित र सरोकारको विषय भएकाले सैनिक अभ्यासको क्रममा गरिआएको फाइरिङको कार्य तत्काल रोक्नु अति जरुरी छ भन्दै उत्प्रेषणयुक्त परमादेश, प्रतिषेधलगायत् आदेश जारी गरी पाउँ भन्ने माग गरिएको थियो।

यस मुद्दामा सैनिकको फायरिङबाट यस क्षेत्रमा पर्ने प्रभाव र त्यसको अध्ययन गरी अदालतलाई प्रतिवेदन उपलब्ध गराउनू भन्ने आदेश भयो। सो प्रतिवेदन तथा प्रधानसेनापति र ३ नं. वाहिनी अड्डाको लिखित जवाफलाई दृष्टिगत गरी फाइरिङ कार्य तत्काल रोकिहाल्नु नपर्ने, तर अध्ययन प्रतिवेदनका सुझावहरूलाई कार्यान्वयन गर्नु पर्ने फैसला अदालतले गऱ्यो। अध्ययन प्रतिवेदनमा निम्न लिखित सुझावहरू दिएको थियो-

- हवाइ उड्डानको व्यस्त समयमा फाइरिङ अभ्यास गर्न नहुने,
- फाइरिङ अभ्यासबाट कुनै दुर्घटना हुन गएमा क्षतिपूर्तिको उचित व्यवस्था शाही नेपाली सेनाभित्रको प्रक्रियामा रहनुपर्ने, क्षतिपूर्तिमा जनताको पहुँच सजिलो हुने व्यवस्था गर्ने,
- भविष्यमा नयाँ वन्ने क्षेत्रीय विमानस्थललाई असर नपरोस् भनी फाइरिङ रेञ्जको वैकल्पिक स्थानको छनौट गर्ने कार्यमा पनि ध्यान दिनुपर्ने,
- विद्यमान वातावरणीय असर न्यून पार्ने उपायहरूलाई लागू गर्ने।

६.२. संविधानसँग बाझिएका कानुन अमान्य र बदर घोषित गर्नेसम्बन्धी

नेपालको संविधान २०१९ ले नागरिकता समाप्तिको व्यवस्था गरेको भए तापनि हालको संविधानले सो व्यवस्था नगरेको हुनाले नागरिकता ऐन २०२० मा रहेको नागरिकता समाप्ति गर्नेसम्वन्धी व्यवस्था संविधान, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक

अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को प्रतिकूल भएको भन्दै अधिवक्ता सन्तोषकुमार महतोद्वारा रिट दायर गरिएको थियो। श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदनमा फैसला गर्दै उक्त ऐनको प्रावधान संविधानसँग नबाझिएको हुनाले निवेदन खारेज गर्ने निर्णय दियो।[25]

महिला र पुरुषलाई विभेद गर्ने कतिपय कानुनी प्रावधान संविधान तथा अन्तर्राष्ट्रिय कानुनसँग बाझिएकाले तिनलाई अमान्य र बदर घोषित गरी पाउँ भनी अधिवक्ता सपना प्रधान मल्लद्वारा मुद्दा दायर गरिएको थियो। सो मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले संविधान र मानवअधिकारसम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग बाझिएका ऐन नियमहरूलाई संशोधन गर्ने वा संविधान र मानवअधिकारसम्बन्धी महासन्धि अनुकूलको नयाँ कानुन यथोचित समयमा लागू गर्न आवश्यक व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशात्मक आदेश जारी गरेको थियो। पारिवारिक र सम्पत्तिसम्बन्धीलगायत्का विवादित विषयमा एक विशेषज्ञ समिति बनाई संविधान र मानवअधिकारसम्बन्धी महासन्धिको अनुकूल नयाँ कानुन बनाउन सर्वोच्च अदालतबाट स्पष्ट आदेश जारी भयो।[26]

६.३. जेनेभा महासन्धि लागू गर्न आदेश[27]

सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मानवीय कानुन (जेनेभा महासन्धि) अनुरूप राष्ट्रिय कानुन निर्माण गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको छ। नेपाल अधिराज्य सो सन्धिको ७ अगष्ट १९६४ मा सम्मिलन प्रक्रियाबाट पक्ष भएको छ। महासन्धि अनुमोदन गरेको ४० वर्ष पुग्न लाग्दासमेत त्यस महासन्धि अनुरूप वहन गर्नुपर्ने दायित्वबाट सरकार पन्छिनुले उक्त महासन्धिहरूमा भएका व्यवस्थाको उल्लंघन भएको भन्दै सर्वोच्च अदालतमा सरकारलाई विपक्षी बनाई अधिवक्ता राजाराम ढकालद्वारा निवेदन दर्ता गरिएको थियो।

६.४. बोक्सी दोषारोपण विरुद्ध कानुन बनाउन आदेश[28]

सर्वोच्च अदालतले महिलाविरुद्ध बोक्सी दोषारोपणका अपराध रोक्नका लागि अविलम्ब कानुन बनाउन श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका नाममा आदेश दिएको छ। अधिवक्ता रेशमा थापासमेतद्वारा दायर गरिएको मुद्दाको फैसलामा अदालतले सामाजिक संचेतना अभिवृद्धि गरी रुढीवादी अन्धविश्वासी अज्ञानता हटाउने उद्देश्यले चेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्न गराउन पनि आदेश दिएको छ।

६.५. भूमिसम्बन्धी ऐन २०२१ मा थप गरिएको दफा २६ घ ३ मा रहेको व्यवस्था बदर घोषित गर्नका लागि परेको उजुरीसम्बन्धमा[29]

श्री ५ को सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयविरुद्ध अधिवक्ता भरतमणि गौतमद्वारा भूमिसम्बन्धी (पाँचौं संशोधन) ऐन २०५८ द्वारा भूमिसम्बन्धी ऐन, २०२१ मा थप गरिएको दफा २६ घ ३ मा रहेको प्रावधान खारेज गर्न रिट दायर गरिएको थियो। संशोधित कानुनी व्यवस्थामा मोही लागेको जग्गा जग्गावाला र मोहीबीच बाँडफाँड गर्ने कारवाही भूमि सुधार अधिकारीले ऐन लागू भएको मितिले दुई वर्षभित्र टुंगो लगाइसक्नुपर्ने प्रावधान रहेको थियो। निवेदकले संविधानसँग बाझिएको भनी दावी गरेको विवादित प्रावधान नै संशोधन भई नयाँ व्यवस्था भइसकेकोले निवेदकले माग गरेबमोजिमको आदेश जारी गरिरहनु पर्ने नदेखिएको भन्दै सर्वोच्च अदालतद्वारा रिट निवेदन खारेज गरियो।

६.६. राजपत्रमा प्रकाशित सूचना बदरको लागि परेको उजुरी[30]

अधिकार नै नभएको ऐनको दफा प्रयोग गरी सशस्त्र प्रहरीको सञ्चालन गर्ने अधिकार श्री ५ को सरकारले क्षेत्रीय प्रशासकलाई प्रत्यायोजन गरेको राजपत्रमा प्रकाशित सूचना बदर गर्न अधिवक्ता सन्तोषकुमार महतोद्वारा मुद्दा दायर गरिएको थियो। प्रधानमन्त्री सूर्यबहादुर थापा, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतलाई विपक्षी बनाइएको उक्त मुद्दाको फैसलामा सर्वोच्च अदालतले कुनै पनि विशेष कानुन बमोजिमको अधिकार प्रयोग गर्दा सोही कानुन बमोजिम गर्नु पर्ने कानुनी सिद्धान्त भएको उल्लेख गर्दै उक्त सूचना कानुन अनुरूपको नदेखिएकोले बदर हुने निर्णय गऱ्यो।

६.७. बन्दी प्रत्यक्षीकरणको मुद्दा

प्रेम चौलागाईंको हकमा कृष्णकुमारी श्रेष्ठले श्री ५ को सरकार गृह मन्त्रालयविरुद्ध गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा सर्वोच्च अदालतको संयुक्त इजलासले प्रेम चौलागाईं गैरकानुनी नजरबन्दमा रहेको तथ्य उठाउँदै निजलाई नजरबन्दबाट मुक्त गर्न गृह मन्त्रालयको नाममा आदेश दियो। कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने संवैधानिक प्रावधान तथा अधिकारविहीन व्यक्तिले गरेको काम कारवाहीले कानुनी मान्यता नपाउने सिद्धान्तका आधारमा सो फैसला गरिएको थियो।[31]

राम आशिष साहको हकमा उदयचन्द्र प्रसादले श्री ५ को सरकार गृह मन्त्रालयविरुद्ध गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा सर्वोच्च अदालतको संयुक्त इजलासले उनलाई तत्काल रिहा गर्न आदेश दियो। कुनै

व्यक्तिलाई सुरक्षाकर्मी वा अधिकार प्राप्त अधिकारीले पक्राउ गरी कब्जामा लिनु र बयान गराइनु वा लिखित माग दावी लिनुले मात्र उनी उपरको अभियोग प्रमाणित भएको मान्न नमिल्ने तथा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ एवम् अध्यादेश २०६० को दफा ९ ले ९० दिन मात्र नजरवन्दमा राख्ने आदेश जारी गर्न सक्ने अधिकार प्रदान गरेकोमा कानुन प्रदत्त अधिकार क्षेत्रभन्दा वाहिर गई पटक-पटक छाडेको जस्तो देखाई लगातार नजरवन्दमा राख्ने गरेको सम्पूर्ण काम कारवाही गैरकानुनी एवम् त्रुटीपूर्ण देखिएको भन्ने आधारमा सो फैसला गरिएको थियो।[३३]

अच्युतकुमार केसीको हकमा टङ्कवहादुर केसीद्वारा श्री ५ को सरकार गृह मन्त्रालय समेतलाई विपक्षी वनाई सर्वोच्च अदालतमा दायर गरिएको वन्दी प्रत्यक्षीकरणको रिट निवेदनउपर सर्वोच्च अदालतको संयुक्त इजलासवाट उनलाई गैरकानुनी थुनावाट मुक्त गरिदिन आदेश भयो। नजरवन्दमा राख्नु पर्ने मनासिव आधारहरू उल्लेख नभएका आदेशलाई कानुन वमोजिमको मान्न नमिल्ने र मनासिव आधारको थुनुवा पूर्जिसमेत नदिइएको आधारमा सो फैसला गरिएको थियो।[३३]

६.८. उपभोक्ता संरक्षण ऐन अन्तर्गतको मुद्दा[३४]

मूल्यसूची स्पष्ट देखिने गरी राख्न लगाउने, कृत्रिम अभाव सृजना हुन नदिनेलगायत्का कार्य गराउन आवश्यक पहल गर्न श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालयको नाउँमा परमादेश जारी गरी पाऊँ भनी अधिवक्ता भरतमणि गौतमवाट निवेदन दिइएको थियो। सर्वोच्च अदालत संयुक्त इजलासले सो रिट निवेदन खारेज गर्‍यो, जसमा अस्पष्ट

सर्वोच्च अदालतद्वारा संविधानमा हुँदै नभएको वाक्यांश भएको भनी फैसला

सर्वोच्च अदालतका एक न्यायाधीशले संविधानमा नभएको धारा उल्लेख गरेर एक वर्षअघि एउटा रिट निवेदन खारेज गरेको खुलासा भएको छ।

सर्वोच्च अदालतका न्यायाधीश चन्द्रप्रसाद पराजुलीले "संविधानको धारा ५३(४)(क) को प्रतिबन्धात्मक वाक्यांश" भन्ने प्रावधान उल्लेख गरी उक्त रिट खारेज गर्नुभएको थियो। संविधानको ५३ को उपधारा (४) मा खण्ड क र प्रतिबन्धात्मक वाक्यांश नै छैन। तर न्यायाधीश पराजुलीको रिट खारेजीसम्वन्धी फैसला संविधानमै नभएको उक्त प्रावधानको हवाला दिइएको छ।

सभामुख, उपसभामुख, मन्त्रिपरिषद, संसद सचिवालय र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई विपक्षी बनाई अधिवक्ता सन्तोषकुमार महतोले एक वर्षअघि दायर गरेको उक्त रिट न्यायाधीश पराजुलीले कारण देखाऊ आदेशसमेत जारी नगरी खारेज गरिदिनु भएको थियो।

अधिवक्ता महतोले प्रतिनिधिसभा विघटन भई निर्वाचनको मिति तय हुन नसकेको अवस्थामा ६ महिनापछि सभामुख र उपसभामुख आफ्नो पदमा वहाल रहन नसक्ने दावी उक्त रिटमा गरेका थिए। रिटमा उहाँहरूलाई पदवाट हटाउन माग राखिएको थियो।

संविधानमा व्यवस्था नभएको धारा प्रयोग गरी न्यायाधीश पराजुलीले खारेज गरेको रिटलाई नजीर मानेर सर्वोच्च अदालतका रजिस्ट्रार श्रीप्रसाद पण्डितले अर्को एउटा रिट हालै दरपीठ गर्नु भएको छ। पुनरावेदन अदालत हेटौंडा वार एशोसिएसनका अध्यक्ष अधिवक्ता ध्रुवप्रसाद चौलागाईले सभामुखको संवैधानिक हैसियतमाथि प्रश्न उठाई दर्ता गर्न खोजेको रिटलाई रजिस्ट्रार पण्डितले न्यायाधीश पराजुलीले खारेज गरेको रिटलाई नजीर बनाएर दरपीठ आदेश गर्नु भएको छ।

न्यायाधीश पराजुलीको ०५९ साल पुस २९ गते रिट खारेजीको उक्त फैसला सर्वोच्च अदालतले नेपाल कानुन पत्रिकामा प्रकाशित गर्दा पनि संविधानमा नभएको धारा ५३ (४)(क) उल्लेख छ, "प्रतिबन्धात्मक वाक्यांश" भन्ने शब्द भने त्यसमा छैन।

संविधानमा नभएको प्रावधान उल्लेख गरेर रिट खारेज गरिएको रहस्य खुलेपछि सर्वोच्च अदालत प्रशासनले उक्त फैसलासम्वन्धी मुद्दाको मिसिल लुकाएको थियो। संविधानको धारा ५३ मा संसद अधिवेशनको आह्वान र अन्त्य तथा प्रतिनिधिसभाको विघटनको व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा ४ मा "श्री ५ वाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभाको विघटन गर्न सकिवक्सनेछ। त्यसरी प्रतिनिधिसभा विघटन गरिवक्सँदा छ महिनाभित्र नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन हुने मितिसमेत तोकिबक्सनेछ" भनिएको छ। त्यसमा कुनै प्रतिबन्धात्मक वाक्यांश छैन।

न्यायाधीश पराजुलीले "धारा ५३(४)(क) को प्रतिवन्धात्मक वाक्यांशमा लेखिएवमोजिमको अवस्था विद्यमान रहेको भनी निवेदकले निवेदनमा देखाउन सकेको नदेखिएवाट" भनी फैसला उल्लेख गर्नु भएको छ।

साभार : स्पेसटाइम दैनिक, ०६० माघ १४

मागको सम्बन्धमा रिट क्षेत्र आकर्षित हुन नसक्ने भन्ने आधार लिइएको थियो।

६.९. अपुताली सम्बन्धी मुद्दा[३५]

विवाह पूर्व प्राप्त गरेको अपुताली विवाहपश्चात् फिर्ता गर्नु पर्ने भन्ने अपुताली महलको १२(क) को प्रावधान अमान्य र बदर घोषित गरी पाऊँ भनी मन्त्रिपरिषद सचिवालयलाई विपक्षी बनाई अधिवक्ता मीरा ढुंगानाद्वारा सर्वोच्च अदालतमा मुद्दा दायर गरिएको थियो। सो व्यवस्था मानवअधिकारसम्बन्धी मान्य सिद्धान्तको विपरीत तथा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ प्रतिकूल भएको आधारमा अदालतले अमान्य घोषित गर्‍यो।

६.१०. रेडक्रस चिन्हको दुरुपयोगसम्बन्धी मुद्दा[३६]

रेडक्रस चिन्हको दुरुपयोग तुरुन्त रोक्न तथा सोको कानुनी प्रयोग कायम गराउन तत्काल कानुन निर्माण गराउन परमादेश जारी गर्न अधिवक्ता नारायणबहादुर खड्काद्वारा श्री ५ को सरकार गृह मन्त्रालयविरुद्ध रिट दायर गरिएको थियो। श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयले रेडक्रस चिन्हको दुरुपयोग नगर्न सार्वजनिक सूचना जारी गरेको एवम् त्यस्तो दुरुपयोग रोक्न एवम् नियन्त्रण गर्नेतर्फ आवश्यक काम भइरहेको भन्ने समेत देखिन आएको आधारमा सर्वोच्च अदालतले निवदेन माग बमोजिमको आदेश जारी गरिरहनु नपर्ने फैसला गर्‍यो।

६.११. आरक्षणसम्बन्धी मुद्दा[३७]

प्रद्योश क्षेत्रीसमेतले मन्त्रिपरिषद सचिवालयसमेतको विरुद्धमा दायर गरेको रिटउपर फैसला गर्दै सर्वोच्च अदालतले पिछडिएका, संरक्षण आवश्यक वर्ग वा समुदाय, महिलालाई उठाउन राज्यबाट विशेष व्यवस्था हुन नितान्त आवश्यक भएको हुनाले यसै वर्षभित्रमा नै स्पष्ट आधार तोकी कानुन निर्माण गरेर पिछडिएका, संरक्षण आवश्यक भएका वर्ग र महिलाको संरक्षण र सन्तुलित विकासको कार्यक्रम सञ्चालन गर्न श्री ५ को सरकार मन्त्रिपरिषदको नाममा निर्देशनात्मक परमादेश जारी गरियो। नेपाल अधिराज्यको संविधानको धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशले महिला, बालक वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको आधारमा सो फैसला गरिएको थियो।

६.१२. आयोगका सदस्यको मुद्दा[३८]

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य प्राध्यापक कपिल श्रेष्ठको खराब आचरण भएको भनी आयोगको जिम्मेवारीबाट पन्छाइएकोमा त्यसको विरुद्ध श्रेष्ठद्वारा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो। सर्वोच्च अदालतको संयुक्त इजलासले आयोगको सदस्यलाई जिम्मेवारीबाट पन्छाउन आयोग आफैंले नसक्ने र त्यसको छिनोफानो गर्ने अधिकार प्रतिनिधिसभा अन्तर्गतको मानवअधिकार समितिलाई मात्र भएको ठहर गरेको थियो।

६.१३. निस्कृय भई अस्तित्वमा नरहेको ऐनको संवैधानिकताको परिक्षण गर्नु तर्कपूर्ण नभएको[३९]

स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) अध्यादेश २०६०, संसदको दुवै सदनको अधिवेशन चालु नरहेको अवस्थामा जारी गरिएको र महिनासम्ममात्र जीवित रहन सक्ने अध्यादेशले एक वर्षको लागि कानुनी व्यवस्था गर्न नसक्ने दावी गर्दै अधिवक्ता चन्द्रकान्त ज्ञवालीले श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालयविरुद्ध उत्प्रेषणको रिट निवेदन दायर गर्नु भएको थियो। निस्कृय भई अस्तित्वमा नरहेको ऐनको संवैधानिकताको परिक्षण गर्नु र सो अनुसारको कानुनी व्यवस्थाको कार्यान्वयन गर्ने उद्देश्यले जारी गरिएको ०६० साउन ५ गतेको नेपाल राजपत्रको सूचनाको संवैधानिकताको परीक्षण गर्नु तर्कपूर्ण नभएको भन्दै सर्वोच्च अदालतद्वारा रिट निवेदन खारेज गरियो।

६.१४. नाबालकको संरक्षणसम्बन्धी मुद्दा[४०]

दुई नाबालक छोराछोरीलाई परिवारकै सदस्यबाट बन्दी बनाइएको दाबी गर्दै मञ्जु चालिसेद्वारा सत्यवती चालिसेविरुद्ध बन्दी प्रत्यक्षीकरण रिट दायर गरिएको थियो। सो मुद्दाको फैसला गर्दा सर्वोच्च अदालतले श्रीमान्-श्रीमतीको सम्बन्धविच्छेद भएको अवस्थामा नाबालकको संरक्षण गर्ने अधिकार जन्म दिने आमालाई हुने फैसला गरेको छ। बालबालिकालाई हिंड्डुलमा अवरोध गरी घरभित्रै सीमित गर्ने कार्यलाई बन्दी बनाइएको भन्ने व्याख्या गर्दै सो कार्य कानुन प्रतिकूल भएको ठहरसमेत अदालतले गरेको छ। नाबालकहरूका प्राकृतिक र कानुनी संरक्षक हुदाँहुँदै आफ्नो आमाको संरक्षकत्वबाट वञ्चित गर्दा स्वतन्त्रताको हक गैरकानुनी तरिकाले अपहरणमात्र होइन, आफ्नो आमाको संरक्षकत्वबाट पालन पोषण हुन पाउने हकबाट समेत वञ्चित हुन गएको देखिन्छ भनी छोराछोरी आमाले पाउने निर्णय दिएको थियो।

६.१५. गोर्डन विलियम्स रबिन्सनको मुद्दा[४१]

गोर्डन विलियम्स रबिन्सन प्रतिवादी रहेको लागू औषधसम्बन्धी मुद्दा यस वर्ष अत्यन्त विवादास्पद रह्यो। सर्वोच्च अदालतको संयुक्त इजलासबाट रबिन्सनलाई सफाइ दिने निर्णय भएपछि न्यायपालिकाले आलोचना खेप्नु पर्‍यो।

यसअघि विशेष अदालतद्वारा उनलाई १७ वर्ष कैद र ९० लाख रूपैयाँ जरिवाना सजाय गर्ने गरी फैसला भएको थियो। न्यायाधीशद्वय कृष्णकुमार वर्मा र बलिराम कुमारको संयुक्त इजलासले विशेष अदालत काठमाडौंको फैसला बदर गर्दै रविन्सनलाई सफाइ दिएपछि विभिन्न असन्तुष्टि, लाञ्छनायुक्त प्रतिक्रिया विभिन्न सञ्चारमाध्यमबाटसमेत सार्वजनिक भए। यसै सम्बन्धमा नेपाल बार एसोसिएसनको मूलसमितिले उक्त मुद्दाको फैसला अध्ययन गर्न एक उपसमिति गठन गर्‍यो। उक्त उपसमितिको ठहरबमोजिम नेपाल बार एशोसिएसनले फैसला न्यायिक स्वच्छता र मूल्य, मान्यता विपरीत भएको र रविन्सनविरूद्धको मुद्दाको फैसला सर्वोच्च अदालतद्वारा प्रतिपादित नजीर र सिद्धान्त प्रतिकूल रहेको राय दिएको थियो। रविन्सन फैसलाबारे अध्ययन गर्न सर्वोच्च अदालतका न्यायाधीशहरू मीनबहादुर रायमाझी अध्यक्ष तथा अनुपराज शर्मा र खिलराज रेग्मी सदस्य रहनु भएको न्यायिक समिति गठन भई त्यसले न्यायपरिषद्मा एक प्रतिवेदन बुझायो। न्यायिक समितिको प्रतिवेदनमा उक्त लागुऔषध मुद्दामा सफाइ दिने गरी फैसला गर्ने न्यायाधीशद्वयले जनविश्वास गुमाएको अवस्था देखिन आएको ठहर गरिएको छ।

यसरी गत वर्ष विभिन्न मुद्दा फैसला गर्ने क्रममा सर्वोच्च अदालतले आफ्नो संवैधानिक कर्तव्य निर्वाह गरेको देखिए तापनि कतिपय मुद्दाका फैसलाका सन्दर्भमा न्यायपालिकाको आलोचना पनि भएको देखिन्छ। न्यायपालिकाले सदैव आफ्नो कार्यलाई स्वीकृत मान्य सिद्धान्तहरू र विद्यमान ऐन-कानूनका आधारमा विवेकसम्मत रूपमा सम्पादन गर्नु पर्ने हुन्छ। यदि त्यसमा कुनै न कुनै रूपले त्रुटि हुन गएमा आलोचना उठ्नुलाई अस्वाभाविक मान्न सकिँदैन। यस्ता घटनाक्रमले न्यायपालिकाको गरीमामाथि प्रतिकूल असर पर्ने हुनाले भविष्यमा यस्तो अवस्था आइनपरोस् भनेर न्यायिक नेतृत्व अत्यन्त गम्भीर हुनु पर्ने देखिन्छ।

७. उपसंहार

कानूनको शासनको अवधारणाले कानूनको सर्वोच्चता, कानूनको समान संरक्षण तथा संवैधानिक कानूनको स्रोत सामान्य कानून रहने अवधारणालाई आत्मसात् गरेको हुन्छ। कानूनको शासनलाई प्रभावकारी बनाउनका लागि शक्ति पृथकीकरण र सन्तुलन तथा नियन्त्रणलाई अत्यावश्यक मानिन्छ। कानूनी व्यवस्थामा एकरूपता, राजनीतिक स्वतन्त्रता र प्रजातान्त्रिक प्रणाली तथा स्वतन्त्र र सक्षम न्यायपालिका कानूनको शासनका लागि अत्यावश्यक हुन्छन्।

नेपाल अधिराज्यको संविधान २०४७ ले कानूनको शासनको अवधारणालाई आत्मसात् गरेको देखिन्छ। यसले कानूनी राज्यको अवधारणालाई स्वतन्त्र न्यायपालिकाको माध्यमबाट साकार पार्ने उद्देश्य राखेको छ। न्याय प्रशासनको सम्पूर्ण जिम्मेवारी न्यायपालिकालाई प्रदान गर्नुका साथै संविधानमा न्यायपालिकालाई असाधारण अधिकारक्षेत्र समेत प्रदान गरी शक्तिशाली बनाइएको छ। न्यायिक पुनरावलोकन तथा सार्वजनिक सरोकारका विषयमा सुनुवाइजस्ता माध्यमबाट न्यायिक सक्रियता देखाएर न्यायपालिकाले जनअधिकारको संरक्षण र सम्वर्द्धनमा विशेष योगदान गर्न सक्दछ। न्यायपालिकालाई शक्तिशाली बनाइनुमा यसप्रतिको अपेक्षा पनि प्रतिविम्बित छ।

सिद्धान्ततः कानूनको शासन तथा शक्ति पृथकीकरण र शक्ति सन्तुलन तथा नियन्त्रणलाई राम्ररी व्यवस्थित गर्न सकिएको भए तापनि संवैधानिक दायित्वअनुरूप न्यायसम्पादन भने हुन नसकेको स्थिति छ। मुद्दाको सुनुवाइ नहुनु, फैसला समयमा नहुनु, न्यायिक आचरण राम्रो नदेखिनु तथा अत्यन्तै कम सङ्ख्यामा मुद्दा फर्स्योट हुनु जस्ता कारणले गर्दा न्यायसम्पादनको स्थिति चिन्ताजनक रहेको छ। राजनीतिक परिदृश्यमा आएको हरेक उतार-चढावबाट न्यायपालिका पनि पृथक् रहन सकेको छैन र त्यसको प्रतिकूल असर न्यायसम्पादनमा पनि परेको छ। साथै, मानव संसाधन र भौतिक संसाधनको कमी, राज्यका विभिन्न अङ्गहरूका असहयोगी व्यवहार, फैसलाको कार्यान्वयन हुन नसक्नु तथा देशमा चर्केको सशस्त्र द्वन्द्वजस्ता कारणले न्यायालयको न्यायसम्पादन क्षमतामा ह्रास ल्याइदिएको देखिन्छ।

न्यायसम्पादनमा रहेका कमी कमजोरी हटाउन र न्यायालयको भूमिकालाई प्रभावकारी बनाउन विविध न्यायिक सुधार कार्यक्रम पनि शुरु भएका छन्। स्वयं न्यायपालिका क्षेत्रको अगुवाइमा पाँचवर्षे रणनीतिक योजना तर्जुमा, न्यायिक प्रतिष्ठानको स्थापना, नमूना अदालतको व्यवस्था जस्ता कार्यहरू भएका छन् भने गैरसरकारी क्षेत्रको पहलमा महिला अदालतको अवधारणा पनि कार्यसूचीमा प्रवेश गरिसकेको छ।

विभिन्न मुद्दा फैसला गर्ने क्रममा नजीर प्रतिपादन गर्ने, कानून निर्माणका लागि आदेश दिने तथा गैरकानूनी काम कारवाही बदर गराई जनताका मौलिक हक संरक्षण गर्ने कार्यलाई गत वर्ष पनि अदालतले निरन्तरता दियो। तर विवादमा पर्ने भयले कतिपय महत्वपूर्ण मुद्दालाई पन्छाएकाले[४२] कतै सर्वोच्च अदालत आफ्नो दायित्व निर्वाह गर्नबाट चुकेको हो कि भन्ने आशङ्का पनि उठिरह्यो। कतिपय फैसला विवादित हुन पुग्दा त्यसबाट न्यायालयको गरीमामाथि प्रतिकूल असर परेको अवस्था पनि रह्यो।

संक्षेपमा भन्नु पर्दा, कानूनको शासनको अवस्था निरन्तर गिर्दो हुनु, शक्ति पृथकीकरण तथा शक्ति सन्तुलन र

नियन्त्रण पनि संविधानका पुस्तकमा सीमित हुने परिस्थिति आउनु र न्यायसम्पादनको स्थिति पनि सन्तोषजनक नहुनु जस्ता कटु यथार्थ पनि हाम्रै परिस्थिति भएका छन्। त्यसैले संवैधानिक यथार्थ त्यस्तो भए तापनि व्यावहारिक यथार्थको धरातलमा चाहिँ न्यायपालिकाको प्रभाव घट्दो क्रममा रहेको आशङ्का गत वर्षका घटनाक्रमले उब्जाएका छन्।

---

१. A.V. Dicey, An Introduction to the Study of the Law of the Constitution, as quoted in Essays on Constitutional Law, Vol. 38, Nepal Law Society, Kathmandu, September, 2001, pp. 27-30
२. ऐ . ऐ
३. नेपाल अधिराज्यको संविधान २०४७, धारा ११६(१)
४. नेपाल अधिराज्यको संविधान २०४७, धारा ३५(१)
५. नेपाल अधिराज्यको संविधान २०४७, धारा ४४
६. नेपाल अधिराज्यको संविधान २०४७, धारा ८४
७. नेपाल अधिराज्यको संविधान २०४७, धारा ९६
८. नेपाल अधिराज्यको संविधान २०४७ व्याख्यात्मक टिप्पणी, अन्तर्राष्ट्रिय मञ्च, काठमाडौं, २०४७, पृ.२३
९. वालकृष्ण न्यौपाने वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला २०५१, गोपाल सिवाकोटी विं. अर्थ मन्त्रालय २०५१, बालकृष्ण न्यौपाने वि. श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय २०५१, हरिप्रसाद नेपाल वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला २०५१, मिरा कुमारी ढुंगाना वि. श्री ५ को सरकार संसदीय व्यवस्था मन्त्रालय समेत २०५२, सूर्यप्रसाद शर्मा वि. गोदावरी मार्वल इन्डष्ट्रिज प्रा. लि.
१०. नेपाल अधिराज्यको संविधान २०४७ व्याख्यात्मक टिप्पणी, अन्तर्राष्ट्रिय मञ्च, काठमाडौं, २०४७, पृ. २०
११. नेपाल अधिराज्यको संविधान २०४७, धारा ८४
१२. वार्षिक प्रतिवेदन, सर्वोच्च अदालत, आ. व. २०६०।२०६१ पृ. ४
१३. ऐ.ऐ.
१४. ऐ.ऐ.
१५. ऐ.ऐ.
१६. वार्षिक प्रतिवेदन, सर्वोच्च अदालत, आ. व. २०६०।२०६१ पृ. ३६
१७. वार्षिक प्रतिवेदन, सर्वोच्च अदालत, आ. व. २०६०।२०६१ पृ. ३७
१८. नेपाल अधिराज्यको संविधान २०४७, धारा ८५(२)
१९. वार्षिक प्रतिवेदन, सर्वोच्च अदालत, आ. व. २०६०।२०६१ पृ . ५५
२०. न्याय सम्पादनको अवस्था चिन्ताजनक, कान्तिपुर, २०६०।१२।९
२१. ऐ.ऐ.
२२. वार्षिक प्रतिवेदन, सर्वोच्च अदालत, २०६०।२०६१, पृ. ५
२३. ऐ., पृ १०
२४. भीमसेन थापा समेत विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद सचिवालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १२, अंक १९, पूर्णाङ्क २७७, पृ. १२
२५. अधिवक्ता सन्तोषकुमार महतो विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १२, अंक २२, पूर्णाङ्क २८०, पृ. ३
२६. अधिवक्ता सपना प्रधान मल्ल विरूद्ध मन्त्रिपरिषद सचिवालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक ८, पूर्णाङ्क २९०, पृ. ४
२७. अधिवक्ता राजाराम ढकाल विरूद्ध प्रधानमन्त्री, प्रधानमन्त्रीको कार्यालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १२, अंक १८, पूर्णाङ्क २७६, पृ. १२
२८. अधिवक्ता रेश्मा थापा विरूद्ध मन्त्रिपरिषद सचिवालय, सर्वोच्च अदालत अप्रकाशित निर्णय
२९. अधिवक्ता भरतमणि गौतमले विरूद्ध श्री ५ को सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक २, पूर्णाङ्क २८४, पृ.१
३०. अधिवक्ता सन्तोष कुमार महतो विरूद्ध सूर्यबहादुर थापा, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक २, पूर्णाङ्क २८५, पृ. १
३१. प्रेम चौलागाईको हकमा कृष्णकुमारी श्रेष्ठ विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक ३, पूर्णाङ्क २८७, पृ. १७
३२. राम आशिष शाहको हकमा उदय चन्द्रप्रसाद विरूद्ध श्री ५ को सरकार गृह मन्त्रालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक १०, पूर्णाङ्क २९२, पृ. १९

३३. सर्वोच्च अदालत, संयुक्त इजलास २०६१ रिट नं १२४
३४. अधिवक्ता भरतमणि गौतम विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद कार्यालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक १०, पूर्णाङ्क २९२, पृ. १९
३५. अधिवक्ता मिरा ढुंगाना विरूद्ध मन्त्रिपरिषद सचिवालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक ७, पूर्णाङ्क २८९, पृ. १
३६. अधिवक्ता नारायणबहादुर खड्काद्वारा विरूद्ध श्री ५ को सरकार गृह मन्त्रालय, अप्रकाशित फैसला
३७. सर्वोच्च अदालत, अप्रकाशित फैसला
३८. नेपाल समाचारपत्र, ०६१ मंसिर ९
३९. अधिवक्ता चन्द्रकान्त ज्ञवाली विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय, सर्वोच्च अदालत बुलेटिन, वर्ष १३, अंक ४, पूर्णाङ्क २८६, पृ. ६
४०. सर्वोच्च अदालत, पूर्ण इजलास ०६१ रिट नं १९
४१. न्यायाधीशद्वयले जनविश्वास गुमाएका छन्, कान्तिपुर, ०६१ असोज ६ बुधवार
साथै हेर्नु : Who Will Judge the Judge?, Spotlight, Vol. 24, No. 03, July 23-29, 2004
(www.nepalnews.com.np/contents/englishweekly/spotlight/2004/jul/jul23/national2.htm)
४२. प्रतिनिधिसभा पुनर्स्थापनाका लागि सर्वोच्च अदालतमा परेको रिट निवेदन दुई वर्षदेखि अनिर्णित अवस्थामा रह्यो

परिच्छेद ३

राज्य र मानवअधिकार

३.२ कार्यपालिका

पुन: शान्ति वार्ता प्रारम्भ गराउन सरकारले यो वर्ष पनि प्रयास नगरेको होइन। तर वर्षको अन्त्यसम्मै त्यो प्रयासले मूर्त रुप लिएको देखिएन। यस सन्दर्भमा शान्ति सचिवालयको गठन, शान्ति प्रकृयाको थालनीको कार्यसूचीका साथ विभिन्न राजनीतिक पार्टीहरुबीच भएका केही बैठकहरु, माओवादीसँगको सवाल जवाफ आदि महत्त्वपूर्ण रहे। यो वर्ष नेपाल दक्षिण एसियामै पहिलो पटक राष्ट्रिय मानवअधिकार कार्ययोजना सार्वजनिक गर्ने राष्ट्रका रुपमा देखा पर्‍यो। यही वर्ष महिला मन्त्रालयले महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयनका लागि सार्वजनिक गरेको राष्ट्रिय कार्ययोजना ०६० लाई पनि सकारात्मक रुपमा लिनु पर्दछ। यसका साथै यही वर्ष सरकारले पक्राउ परेका केही व्यक्तिहरुको अवस्थाका बारेमा सार्वजनिक जानकारी प्रकाशित गर्‍यो। तर, यति हुँदाहुँदै पनि वर्ष २००४ समष्टिगत रुपमा शान्ति प्रकृयाको थालनी र मानवअधिकार अवस्थाका निम्ति सकारात्मक भने रहेन। सरकार मानवअधिकारको प्रत्याभूति गराउने सन्दर्भमा यो वर्ष पनि उदासीन नै रह्यो।

सरकार परिवर्तनको क्रम निरन्तर

०६० चैत १९ गतेदेखि पाँच राजनीतिक दलले प्रतिगमनविरुद्धको दोस्रो चरणको आन्दोलन शुरु गरे। त्यस आन्दोलनको नियन्त्रण गर्न केही निश्चित स्थानहरुमा निषेधाज्ञा र कर्फ्यु समेत जारी गरियो। आन्दोलनको तीन महिनापछि नेपाली कांग्रेस (प्रजातान्त्रिक), एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टी सम्मिलत सर्वदलीय सरकारको गठन गरियो। तर शान्ति प्रकृयाको थालनीलाई मूल कार्यसूची बनाएर स्थापित सरकारभित्रै पनि विभिन्न राष्ट्रिय सरोकारका विषयहरुलगायत् मूल विषयमै खिचातानी चलिरह्यो। निर्वाचन, पेट्रोलियम पदार्थको मूल्यबृद्धि, गभर्नर नियुक्ति आदि अनेक विषयमा सरकारमा सम्मिलित पार्टीहरुबीचको विवाद निकै चर्किएको थियो।

सूर्यबहादुर थापाले ०६१ वैशाख २५ गते प्रधानमन्त्रीको पदबाट राजीनामा दिएपछि तीन साताभन्दा बढी समयसम्म देश सरकारविहीन अवस्थामा रह्यो। नेपालको इतिहासमै यो अनौठो घटनाका रुपमा देखा परेको थियो। सूर्यबहादुर थापाले राजीनामा दिएपछि ०६१ जेठ १७ गते राजा श्री ५ ज्ञानेन्द्रबाट प्रधानमन्त्रीका लागि स्वच्छ छविको व्यक्तिको नामका निम्ति खुला आह्वान गरिएको थियो। राजाबाट सर्वदलीय सरकार बनाई ०६१ सालभित्र आमनिर्वाचन सम्पन्न गर्न सक्ने स्वच्छ छवि भएको व्यक्ति सिफारिस गर्न म्याद तोकिएको थियो।

राजाबाट कार्यकारी अधिकारसहित गठन गरिएको थापा सरकारको विघटनपछि अर्को सरकार नबनुञ्जेल एमाले, कांग्रेसलगायत्का पार्टीहरुले सर्वदलीय सरकारको माग जारी राखे। एमाले सरकारमा सहभागी भएपछि पनि कांग्रेस, नेपाल मजदूर किसान पार्टी, जनमोर्चा र नेपाल सद्भावना (आनन्दीदेवी) ले आन्दोलन जारी राखे।

आन्दोलनरत पाँच दलहरुबीच त्यसबेलासम्म प्रधानमन्त्रीको नामका विषयमा मतैक्य कायम हुन सकेको थिएन। यसबीच राजाबाट गोकर्ण सफारी पार्कमा बुद्धिजीवीहरुलाई दर्शनभेट बक्स भई सोही क्रममा विभिन्न राजनीतिक पार्टीका नेताहरुसँग छुट्टाछुट्टै रुपमा परामर्श ग्रहण गरिएको थियो। आन्दोलनरत् दलहरुले पटक-पटकका बैठकहरुपश्चात् समेत प्रधानमन्त्रीको नाममा सहमति कायम गर्न नसकेको र सिफारिस गरेर पठाउने सन्दर्भमा ती पार्टीहरुमा मतभेद बढेको परिप्रेक्ष्यमा राजाद्वारा ०५९ सालमा 'असक्षम' घोषणा गरिएका शेरबहादुर देउवालाई नै ०६१ जेठ २० गते पुन: प्रधानमन्त्री नियुक्त गरिएको थियो। यद्यपि प्रजातान्त्रिक कांग्रेसले पनि राजाको आह्वान बमोजिम प्रधानमन्त्रीको नाम दरबारमा सिफारिस गरेको थिएन। त्यसपछि न्यूनतम साझा सहमति कायम भएपछि देउवाद्वारा ०६१ असार २१ गते पार्टी तथा नागरिक समाजका तर्फबाट भनी दरबार, एमाले, राप्रपा र सद्भावनाका प्रतिनिधिसहित ३१ सदस्यीय मन्त्रिमण्डल गठन गरियो।

आफ्नो कार्यकालमा देउवा सरकारले पनि एकमना कार्ययोजना अघि सार्न भने सकेन। शान्ति वार्ता नभए निर्वाचनको तयारी शुरु हुन्छ भन्ने अडान प्रधानमन्त्रीसहित केही मन्त्रीहरुले दोहोर्‍याइरहे। तर निर्वाचनका लागि आवश्यक गृहकार्य भएको देखिएन। वर्तमान परिस्थितमा निर्वाचन हुन सक्दैन भन्ने कुरा विभिन्न अन्य राजनीतिक दल, निर्वाचन आयोग, विभिन्न संघ-संस्थाहरुले व्यक्त गरे। निर्वाचनको चर्चासँगसँगै संसद पुनर्स्थापनाको सवाल पनि यो वर्ष अत्यधिक उठ्यो। विभिन्न राजनीतिक दलहरुलगायत् सामाजिक तथा मानवअधिकार संघसंस्था र पेशागत समुदायले कतिपय देशमा संसद पुनर्स्थापना भएका उदाहरण दिँदै चुनाव नहुने स्थितिमा अर्को विकल्प नरहेको जनाएका थिए।

शान्ति वार्ताको प्रयास

यो वर्ष माओवादीसँग वार्ता गर्ने उद्देश्यकासाथ शान्ति समितिको गठन गरियो। निश्चित कार्ययोजना तयार गरेर शान्ति प्रकृयाको थालनी गर्ने बताइयो। तर शान्ति स्थापनाका लागि राज्यका तर्फबाट जुन लचकता दर्शाइनुपर्थ्यो, त्यो नदेखिएको गुनासो नागरिक समाजका तर्फबाट व्यक्त गरियो। सरकारले माओवादीलाई वार्ताका लागि ०६१ साल पुस मसान्तसम्मको समय दिएको थियो। तर माओवादीले त्यसको वास्ता गरेनन्। सरकारले एकतर्फी रुपमा शान्ति वार्ताको प्रस्ताव अघि सारेको थियो।

यस सम्वन्धमा सरकार र माओवादीवीच चिठीपत्र आदान-प्रदान भइरह्यो। शान्ति समितिका सदस्यहरुवीच पटक-पटक वैठक र छलफल भयो। तर सरकारले युद्धविराम र शान्ति वार्ताका लागि आफ्ना कार्यसूचीहरु अघि सारेन। माओवादी पनि आफ्ना कार्यसूचीहरु सहित प्रस्तुत भएन।

वार्ता प्रक्रिया सञ्चालनका लागि सरकारले ०६१ साउन २७ गते प्रधानमन्त्री शेरवहादुर देउवाको अध्यक्षतामा उच्चस्तरीय शान्ति समितिको गठन गऱ्यो। समितिमा एमालेका महासचिव माधवकुमार नेपाल, राप्रपा अध्यक्ष पशुपतिशमशेर राणा, सद्भावना पार्टीका अध्यक्ष वद्रीप्रसाद मण्डल र सञ्चारमन्त्री मोहम्मद मोहसिन रहेका थिए। यसैगरी माओवादीहरुसँग संस्थागत रुपमा वार्ता अघि वढाउन शान्ति सचिवालयको गठनका लागि सरकारले आवश्यक कार्यको थालनी गऱ्यो।

प्रधानमन्त्री देउवाले शान्तिवार्ता सचिवालयको गठन र यसको कार्यविधिवारे परामर्श गरी अन्तिम सहमतिका निम्ति ०६१ साउन २७ गते शान्ति सचिवालयको मस्यौदा श्री ५ समक्ष पेश गर्नु भएको थियो। सत्तासीन चार दलका नेताहरुको सहमतिमा मस्यौदालाई अन्तिम रुप दिइएको वताइएको थियो। सचिवालय गठनका सम्वन्धमा राजाको जवाफ सकारात्मक रहेको कुरा राजासँगको ०६१ असोज १८ गतेको दर्शनभेटपछि प्रधानमन्त्री देउवा, एमाले महासचिव माधवकुमार नेपाल, राप्रपा अध्यक्ष पशुपतिशमशेर राणाले वताएका थिए।

शान्ति सचिवालयको गठन पछि ०६१ साल असोज ६ गते बसेको यसको पहिलो वैठकले माओवादीलाई हिंसा त्यागेर वार्तामा आउन आह्वान गरेको थियो। शान्ति सचिवालयको असोज १२ र १४ गते वसेको अर्को वैठकले माओवादीलाई वार्तामा आउन पुन: आह्वान गरेको थियो। माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) द्वारा सरकारको नियत र हैसियतमा शंका गर्दै असोज ८ गते जारी गरिएको वक्तव्यमा छ वटा प्रश्नहरु सोधिएका थिए। शान्ति सचिवालयको असोज १४ गते वसेको वैठकवाट ती प्रश्नहरुको जवाफ प्रस्तुत गरिएको थियो *(थप विवरण : यस वर्षको उल्लेख्य- "अलमलिएको शान्ति प्रक्रिया" मा)*। त्यसै क्रममा सरकारका प्रवक्ता सञ्चारमन्त्री डा. मोहम्मद मोहसिनले एकतर्फीरुपमा तत्काल युद्धविराम नहुने जनाउँदै वार्ता गोप्यरुपमा हुने जानकारी दिनु भएको थियो। उच्चस्तरीय शान्ति समितिका सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा. मोहसिनकै संयोजकत्वमा ०६१ असोज १३ गते ९ सदस्यीय परामर्श र सुझाव उपसमिति पनि गठन गरिएको थियो।

शान्ति सचिवालयको ०६१ साल असोज १२ गते वसेको अर्को वैठकले पनि शान्ति प्रक्रियालाई अघि वढाउने विषयमा छलफल गऱ्यो। उच्चस्तरीय शान्ति समितिका पाँचैजना पदाधिकारीहरुले असोज १८ गते राजावाट पाएको दर्शनभेटका अवसरमा राजावाट शान्ति वार्ताको माध्यमले माओवादी समस्याको समाधानका लागि शुरु गर्न खोजिएको प्रयासप्रति सन्तुष्टि व्यक्त गर्दै प्रष्ट उद्देश्यका साथ वार्ता प्रक्रिया अघि वढाउन निर्देशन पाएको वताएका थिए। वार्ता प्रक्रियालाई अघि वढाउन असोज १६ गते प्रधानमन्त्री शेरवहादुर देउवाले नेकपा (माओवादी) लाई वार्ताका निम्ति पुन: आह्वान गर्नुभयो। उहाँले वार्तामा आउने माओवादी नेताहरुलाई पूर्ण सुरक्षा दिइने प्रतिवद्धता पनि व्यक्त गर्नु भयो। ०६१ भदौ १५ गते सूचना तथा सञ्चारमन्त्री डा. मोहम्मद मोहसिनले शान्ति समितिको स्वरुप तथा कार्यविधिवारे प्रेस सम्मेलनमा जानकारी गराउनु भएको थियो। सोही दिन वसेको मन्त्रिपरिषद्को वैठकले समितिको स्वरुप तथा कार्यविधिका वारेमा निर्णय गरेको थियो। तर ०६१ असोज १२ गते माओवादीका अध्यक्ष प्रचण्डले सरकारद्वारा पुसभित्र वार्ताका लागि आउन गरिएको आह्वान अमूर्त र धम्कीपूर्ण रहेको टिप्पणी गर्दै यथास्थितिमा शान्ति प्रक्रिया अघि नवढ्ने धारणा सार्वजनिक गरे।

सरकारले शान्ति वार्ताका लागि आफ्नो कार्यकालको अन्त्यसम्मै आव्हान गरिरह्यो। तर युद्धविराम गर्नेतर्फ भने सरकारले तदारुकता देखाएन। सरकारले एकतर्फी युद्धविराम गरेर शान्ति स्थापनाका निम्ति सकारात्मक पहल शुरु गर्नुपर्छ भन्ने धारणा राजनीतिक पार्टी तथा विभिन्न संघसंस्थाहरुले सार्वजनिक गरे। सरकारमा सहभागी भएको एमालेका नेताहरुले समेत यस्तो धारणा अघि सारेको भए पनि सरकारद्वारा युद्धविरामको घोषणा गरिएन। दशैं-तिहारको अवसरमा माओवादीले कार्तिक ४ गते फुलपातिदेखि कार्तिक १२ गतेसम्म युद्धविरामको घोषणा गरे। माओवादीद्वारा गरिएको एकतर्फी युद्धविरामलाई सकारात्मक रुपमा ग्रहण गर्दै सरकारले पनि त्यस अवधिमा आफ्ना तर्फवाट आक्रामक कारवाही नगर्ने घोषणा गऱ्यो। सरकारले उक्त अवधिभर सुरक्षावललाई उच्च सतर्कतामा राखिनेछ भन्ने घोषणा गऱ्यो।

सरकार र माओवादीवीच वार्ता अघि वढाउने उद्देश्यका साथ शान्ति समितिको गठन गरिनु उत्साहवर्धक शुरुवात अवश्य थियो। तर समितिका सदस्यहरुवीच मतैक्य कायम हुन नसकेको देखियो। सवै राजनीतिक कार्यसूचीमा छलफल गर्न तयार रहेको जनाउँदै पुस मसान्तभित्र वार्तामा आउन ०६१ मंसिर १० गते सरकारले अन्तिम पटक माओवादीलाई पुन: आह्वान गऱ्यो। तर सरकारले तोकेको म्यादको माओवादीहरुले वेवास्ता गरे।

सरकारले शान्ति समितिलाई दीर्घकालीन कार्ययोजनाअनुसार व्यवस्थित गर्ने उद्देश्य अघि साऱ्यो।

समितिमा परामर्श र सहयोग उपसमिति, नागरिक समाज र विशेषज्ञ समूहको व्यवस्था गरियो। शान्ति सचिवालय अन्तर्गत नीति विश्लेषण परामर्श तथा तालिम महाशाखा, द्वन्द्व पीडित राहत र पुनर्स्थापना एवम् पुनर्निर्माण महाशाखा र शान्ति वार्ता सहयोग तथा सञ्चार महाशाखाको व्यवस्था गरिएको जनाइयो। उल्लेखित महाशाखाअन्तर्गत नौ वटा शाखाहरुको पनि व्यवस्था गरियो। शान्ति सचिवालयको प्रमुखमा श्री ५ को सरकारका मुख्य सचिवलाई तोकियो। समितिमा द्वन्द्व व्यवस्थापनमा विशेष दक्षता भएका एकजना राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) का अर्को एकजना कर्मचारी रहने व्यवस्था गरियो। सचिवालयको महाशाखा प्रमुखमा एकजना राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) सरहका सम्वन्धित विषयका विज्ञ र शाखाहरुमा एक-एकजना राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) स्तरका कर्मचारी रहने व्यवस्था गरियो। सचिवालयले शान्ति समितिका उद्देश्यहरुको प्राप्तिका लागि क्रियाशील रहने र कार्ययोजना तयार गरी शान्ति समितिमा पेश गर्ने जिम्मेवारी पायो। शान्ति समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने जिम्मेवारी पनि सचिवालयलाई प्रदान गरियो।

आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश

मानवअधिकार स्थितिलाई सुधार्ने र जनतालाई सुरक्षा प्रत्याभूत गर्ने सम्वन्धमा सरकारबाट यो वर्ष उल्लेख्य कार्य भएन। सरकारले ०६१ असोज २७ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०६१ जारी गरी नजरवन्दको समय ९० दिनवाट वढाएर एक वर्ष पुऱ्यायो। यो अध्यादेशले स्वेच्छाचारी रुपमा आशंकाको भरमा मानिसलाई जथाभावी पक्रने र वेपत्ता पारिने कार्य वढ्न सक्ने निर्क्योल गर्दै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संघसंस्थाहरुले व्यापक विरोध गरे। अमेरिकास्थित मानवअधिकार संस्था ह्युमान राइट्स वाचले यो अध्यादेशले नेपालमा वेपत्ता पार्ने क्रम अरु वढ्न सक्ने आशंका व्यक्त गऱ्यो।

राष्ट्रिय मानव अधिकार आयोगले अध्यादेश संवैधानिक तथा संसदीय मनसायविपरीत रहेको जनायो। आयोगका अध्यक्ष नयनवहादुर खत्रीद्वारा ०६१ कार्तिक ११ गते प्रधानमन्त्री शेरवहादुर देउवाको नाममा प्रेषित पत्रमा उल्लेख गरिएको छ, "संसद्ले दुई वर्षको अवधि तोकी वनाएको कानुनको समयावधि पूरा भएपछि संसद् नभएको अवस्थामा पटक-पटक अध्यादेश जारी गरी संसद्ले वनाएको कानुनमा व्यवस्था भएको नजरवन्दमा राख्नसक्ने अवधिलाई वढाई एक वर्षसम्म सुरक्षा अधिकारीद्वारा नजरवन्दमा राख्न पाउने व्यवस्था संवैधानिक तथा संसदीय मनसायको समेतविपरीत देखिएको छ। वर्तमान अध्यादेशले मानवअधिकारको उपभोगलाई संकुचन गर्न सुरक्षा निकायलाई वढी अधिकार प्रदान गरेकाले यो मानवअधिकारको मान्य सिद्धान्तविपरीत पनि भएको हुँदा आयोगले यसलाई गम्भीरतापूर्वक लिएको छ।"

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ अनुसार अनुगमन समितिमा मर्का परेका पीडित व्यक्तिहरुले उजुरी गर्न सक्ने व्यवस्था भए पनि सो अनुगमन समिति यस वर्ष पनि गठन गरिएन। आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा १३ मा सो अध्यादेश बमोजिम कारवाहीबाट मर्का परेका व्यक्ति वा निजको तर्फबाट अरु कसैले समितिमा उजुरी दिएमा छानबिन हुनसक्ने जनाइएको छ। आतंककारीको आरोपमा पक्राउ गरी अध्यादेशले नजरवन्दमा राख्न दिएको अवधिभन्दा वढी समयसम्म थुनामा राखेको ठहर गरी सर्वोच्च अदालतले रिट जारी गर्दै आएको छ। तर यस्तो अवस्थामा त्यस्तो समिति गठन नभएका कारण पीडित व्यक्तिले उजुरी दिन समेत पाएनन्।

यो वर्ष लागू गरिएको अध्यादेशमा पक्राउ गरिएको व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीको निर्देशनमा ६ महिना र गृहमन्त्रालयको अनुमतिमा ६ महिनासम्म थुन्न सकिने व्यवस्था गरिएको छ। ०५८ सालमा व्यापक वादविवाद पश्चात् संसदले निर्माण गरेको आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐनमा पक्राउ परेको व्यक्तिलाई नब्बे दिनसम्म मात्र नजरबन्दमा राख्न सकिने प्रावधान थियो।

तर उक्त ऐनमा अध्यादेशको माध्यमले गरिएको संशोधनमा आतंककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम-कुरा गर्नवाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई एक वर्षसम्म कुनै मानवोचित ठाउँमा नजरवन्दमा राख्ने आदेश जारी गर्न सक्नेछ भन्ने उल्लेख गरिएको छ। आतंककारी तथा सजाय अध्यादेश २०६१ को दफा ९ मा नजरवन्दमा राख्न सकिने प्रावधानका वारेमा चर्चा गरिएको छ। उक्त दफामा भनिएको छ, "आतंककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम-कुरा गर्नवाट कुनै व्यक्तिलाई रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई छ महिनासम्म कुनै मानवोचित ठाउँमा नजरवन्द राख्ने आदेश जारी गर्न सक्नेछ। त्यसरी नजरवन्द राखिएको व्यक्तिलाई आतंककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नवाट थप समय रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयको स्वीकृति लिई थप ६ महिनासम्म यस दफावमोजिम नजरवन्द राख्ने आदेश जारी गर्न सक्नेछ।"

मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्रमा कसैलाई पनि मनोमानी ढंगले नजरबन्दमा राख्न नपाइने उल्लेख छ। नागरिक तथा राजनीतिक अधिकारहरुसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा यससम्बन्धी मानवअधिकारको प्रत्याभूति गरिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ ले निवारक नजरवन्द विरुद्धको हकको ग्यारेन्टी गरेको छ। वर्तमान संविधानको धारा १५ को उपधारा १ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरवन्दमा राख्न नपाइने जनाइएको छ। संविधानकै धारा १५ को उपधारा २ मा निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुनविपरीत वा वदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ।

प्रतिबद्धता विरुद्ध व्यवहार

स्वेच्छाचारी गिरफ्तारी र गैरन्यायिक हत्याको क्रममा यो वर्ष पनि कमी आउन सकेन। अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनाका लागि सरकारले ०६० चैत्र १३ गते पच्चीस बुँदे प्रतिबद्धता सार्वजनिक गऱ्यो। तर व्यवहार वर्षभरि नै प्रतिबद्धता अनुकूल भएको देखिएन।

उक्त प्रतिबद्धतामा प्रत्येक व्यक्तिलाई जीवन, सम्मान र सुरक्षाको अधिकार रहने उल्लेख गरिएको छ। यसका लागि विशेष गरेर जेनेभा महासन्धिको साझा धारा ३ का प्रावधानहरुलाई कार्यान्वयन गर्न तत्काल निर्देशन जारी गर्ने उल्लेख गरिएको छ। तर प्रतिबद्धतालाई व्यवहारमा रुपान्तरण गर्ने सवाल अनुसार वर्षभरी नै कुनै निर्देशन जारी गरिएन। प्रतिबद्धतामा थुनामा राखिने व्यक्तिहरुलाई आधिकारिक मान्यता प्राप्त ठाउँ तथा मानवोचित स्थानमा राखिने, अभियुक्तलाई उचित समयावधिभित्र सक्षम अदालतवाट मुद्दाको सुनुवाई गर्न पाउनेलगायत्का अधिकारहरुको प्रत्याभूति गरिने कुरा उल्लेख गरिएको छ। तर जथाभावी पक्रने, भेटघाटवाट वञ्चित गरेर थुनामा राख्ने, अदालतले छोड्नु भन्ने आदेशको अवहेलना पुन पक्राउ गर्ने, जथाभावी पक्राउ गरेर गैरन्यायिक तवरले मार्ने क्रम यो वर्ष अत्यधिक रहेको विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संघसंस्थाहरुले समेत उल्लेख गरे।

श्री ५ को सरकारले ०६० चैत १३ गते सार्वजनिक गरेको मानवअधिकार तथा मानवीय कानुनको कार्यान्वयनसम्वन्धी प्रतिबद्धतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रले सकारात्मक रूपमा लिंदै यसलाई कागजमै सीमित नगर्न तथा तत्काल र प्रभावकारी रूपमा व्यवहारमा उतार्न सुझाव दिएका थिए। एमनेष्टी इन्टरनेशनलले ०६० चैत २० गते जारी गरेको विज्ञप्तिमा सरकारको प्रतिबद्धता तुलनात्मक रूपमा अन्तर्राष्ट्रिय मापदण्डकै भएको उल्लेख छ। "विना भेदभाव सबैको मानवअधिकार संरक्षण, बाँच्न पाउने अधिकार, यातना र अन्य दुर्व्यवहार, धार्मिक स्वतन्त्रता, न्यायिक पारदर्शितालगायत् नागरिक र राजनीतिक अधिकार पालना गर्ने प्रतिबद्धता सकारात्मक पक्ष हो", एमनेष्टीले भनेको छ। सरकारी प्रतिबद्धतामा खाद्य तथा स्वास्थ्य उपचारका लागि सामाजिक र आर्थिक अधिकारको प्रत्याभूति गराउने, महिला तथा बालअधिकार संरक्षण गर्ने, अन्तर्राष्ट्रिय मानवीय कानुन पालना गर्ने, अन्तर्राष्ट्रिय रेडक्रस र राष्ट्रसंघजस्ता संगठनलाई मानवअधिकार र मानवीय कानुनका क्षेत्रमा सहयोग गर्ने तथा राष्ट्रिय मानव अधिकार आयोगलाई प्रभावकारी बनाउनेलगायत्का सवाललाई पनि सकारात्मक रूपमा लिन सकिन्छ। यसलाई एमनेष्टी, ह्युमन राइट्स वाच आदिका साथै राष्ट्रसंघका महासचिव, मानवअधिकार उच्चायुक्तलगायत्द्वारा पनि सकारात्मक रूपमा लिइएको थियो। राष्ट्रिय मानव अधिकार आयोगलगायत् राष्ट्रियस्तरमा कार्यरत मानवअधिकार संस्थाहरूले पनि प्रतिबद्धतालाई उपलब्धीका रूपमा लिंदै कार्यान्वयनका लागि तदारूकता देखाउन सरकारलाई झकझकाउँदै आएका थिए।

अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको पालनाका लागि राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार गरिएको मानवअधिकार सम्झौतापत्रमा यस वर्ष पनि द्वन्द्वरत दुवै पक्षले हस्ताक्षर गरेनन्। ०५९ साल फागुन २९ गते सरकार र माओवादी पक्षले वार्ता अघि बढाउने क्रममा आचारसंहितामा हस्ताक्षर गरेका थिए। एक वर्षपछि चैत ३ गते वार्ता नभएको अवस्थामा पनि नेकपा (माओवादी) ले वक्तव्यमार्फत् मानवीय कानुनप्रति प्रतिबद्धता व्यक्त गरेको थियो। त्यसको दश दिनपछि सरकारले पच्चीस बुँदे प्रतिबद्धता व्यक्त गरेको थियो *(हेर्नुहोस् परिच्छेद- "सशस्त्र द्वन्द्व र जेनेभा महासन्धिको साझा धारा ३")*। तर दुवै पक्षले वर्षको अन्त्यसम्मै कैयन् घटनाहरुमा प्रतिबद्धतालाई लत्याएको देखियो।

सशस्त्र द्वन्द्वका कारण आममानिसको भयरहीत वातावरणमा बाँच्न पाउने अधिकारको व्यापक उल्लंघन भएको छ। यही कारण आमजनताको स्वतन्त्ररुपमा हिंडडुल गर्ने अवसर गुमेको छ। राज्यले सुरक्षाको प्रत्यभूति दिन नसक्दा हजारौं मानिस विस्थापित भएको स्थिति यो वर्ष पनि कायमै रह्यो। पटक-पटकको नाकावन्दी र बन्दका कारण आममानिस र विद्यार्थीहरु प्रताडित भए। नेपालका विद्यालयलाई शान्ति क्षेत्र बनाउन भएको राष्ट्रिय/अन्तर्राष्ट्रिय मागप्रति माओवादीहरु मात्र होइन, सरकार समेत उदासिन रह्यो।

नागरिक तथा राजनीतिक अधिकारमाथिको सरकारी हस्तक्षेप यो वर्ष पनि देखियो। ०६१ चैत २६ गते राजधानीको चक्रपथ क्षेत्रभित्र पुन: निषेधाज्ञा जारी गरियो। साथै कीर्तिपुर नगरपालिका क्षेत्रभित्र रातीको समयमा कर्फ्यु लगाउने घोषणा गरियो। ०६१ वैशाख २१ गते उपत्यकाका केही स्थानबाट सरकारले निषेधाज्ञा फिर्ता लियो। तर सोही दिन दंगाग्रस्त क्षेत्र घोषित रत्नपार्कमा एमाले र नेपाली कांग्रेसलगायत्का पाँच राजनीतिक दलहरुद्वारा आयोजना गरिएको आमसभा हुन नदिन नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल स्थायी समिति सदस्य वामदेव गौतम, नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला एवम् महामन्त्री सुशील कोइरालालाई विनापूर्जी गिरफ्तार गरियो।

न्युनतम साझा कार्यक्रम

सरकारमा सहभागी भएका विघटित प्रतिनिधि सभाका चार दल नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीले ०६१ असार १६ गते न्युनतम साझा सहमतिका कार्यक्रम सार्वजनिक गरे। त्यसबखत चार दलका प्रमूख नेताहरुले प्रजातन्त्रको रक्षा तथा शान्तिको स्थापनासम्बन्धी विषयमा हस्ताक्षरसहीत त्रिचालीस बुँदे उक्त साझा कार्यक्रम सार्वजनिक गरेका थिए।

सत्तारोहणका साथसाथ चार पार्टीहरु प्रजातन्त्रको सुदृढीकरण, शान्तिको स्थापना र संविधानको क्रियाशीलताका लागि सरकार गठन गर्नुभन्दा अघि सञ्चालित शान्तिपूर्ण आन्दोलनको परिणामस्वरुप देउवा सरकारको पुनर्बहाली भएको निष्कर्षमा पुगे। ती दलहरुले सर्वदलीय सरकारको स्थापनाद्वारा प्राप्त उपलब्धीहरुको सदुपयोग गर्दै प्रजातन्त्रलाई सुदृढ गर्ने र माओवादी समस्या हल गर्न जनताको सार्वभौमसत्तालाई बलियो बनाउने सहमति कायम गरे। संविधानलाई क्रियाशील तुल्याउँदै प्रजातान्त्रिक प्रक्रियालाई अगाडि बढाउने, शान्ति सुरक्षा कायम गर्ने, जनतालाई राहत प्रदान गर्ने एवं शान्ति कायम गर्दै निर्वाचनद्वारा जनप्रतिनिधिमूलक संस्थालाई क्रियाशील तुल्याउने योजना न्यूनतम साझा कार्यक्रममा उल्लेख गरियो। न्यूनतम साझा कार्यक्रममा माओवादीका कारण उत्पन्न समस्याको समाधान र शान्तिको स्थापना शीर्षकमा सबै पक्षलाई मान्य हुने सम्मानजनक राजनीतिक निकासका लागि अधिकतम लचकताका साथ शान्तिवार्तालाई प्राथमिकता दिने कुरा पनि अघि सारियो। विभिन्न क्षेत्रबाट प्रस्तुत विकल्पहरुको समेत अध्ययन गरी अग्रगमनको प्रस्तावका साथ अगाडि बढ्ने र वार्ता सकारात्मक निष्कर्षमा पुगेपछि सहमतिको अग्रगामी राजनीतिक निकासको कार्यक्रम कार्यान्वयन गरिने योजना पनि साझा कार्यक्रममा प्रस्तुत गरियो। तर सरकार न्यूनतम साझा कार्यक्रमअनुरुप अगाडि नबढेको कुरा केही महिनापश्चात्देखि सरकारमा सहभागी पार्टीका नेताहरुले नै उठाउन थाले।

संयुक्त सरकारको विवाद गभर्नर पदको नियुक्तिका सम्बन्धमा निकै चर्कियो। राष्ट्र बैंकका तत्कालीन गभर्नर तिलक रावलको पदावधि ०६१ माघ १६ गते समाप्त हुनेभएपछि नयाँ गर्भनरको नियुक्तिका लागी अर्थमन्त्री भरतमोहन अधिकारी र प्रधानमन्त्री देउवाबीच मदभेद बढ्यो। अर्थमन्त्री भरतमोहन अधिकारीको संयोजकत्वमा गठित गभर्नर सिफारिस समितिले सिफारिस गरेका तीन नाममध्ये डा. युवराज खतिवडाको नाममा प्रधानमन्त्री शेरबहादुर देउवाको असहमति सार्वजनिक भयो। वर्षको अन्त्यसम्मै गभर्नर पदसम्बन्धी विवाद सुल्झिएन।

राष्ट्रिय मानवअधिकार कार्ययोजना र मानवअधिकार प्रबर्द्धन केन्द्र

गएको वर्ष गठन गरिएको मानवअधिकार प्रबर्द्धन केन्द्रले यो वर्ष मानवअधिकार सम्बन्धी केही कार्यहरु गर्‍यो। आफ्ना क्रियाकलापहरुको व्यवस्थापनका निम्ति केन्द्रको स्थापना, काम, कर्तव्य र अधिकार एवम् निर्देशक समितिलगायत्का विषयहरुलाई समेटेर एउटा निर्देशिका पनि सार्वजनिक गरियो। प्रबर्द्धन केन्द्रले "बालबालिकाको संरक्षणमा सुरक्षाकर्मीले ध्यान दिनुपर्ने कुरा" शीर्षकमा केही प्रचार सामग्री तयार गर्‍यो। प्रबर्द्धन केन्द्र र बाल बचाउ नर्वेको संयुक्त प्रयास एवं बाल बचाउ नर्वेको आर्थिक सहयोगमा प्रचार सामग्री प्रकाशन गरियो। राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरुको स्थिति सार्वजनिक गर्न गठित समितिमा पनि केन्द्रको प्रतिनिधित्व रहेको थियो।

मानवअधिकार प्रबर्द्धन केन्द्रले खोटाङको चिसापानी घटनामा राष्ट्रिय मानव अधिकार आयोगको ठहर बमोजिम घटनाका पीडित पारिवारलाई क्षतिपूर्ति प्रदान गर्नका लागि सम्बन्धित निकायमा पत्राचार गरेको थियो। श्री ५ को सरकार, संस्थान आदिमा कार्यरत कर्मचारीले बालबालिकालाई घरेलु कामदारमा लगाउन प्रतिबन्ध लगाउन राष्ट्रिय मानव अधिकार आयोगबाट अनुरोध भई आएकोमा प्रबर्द्धन केन्द्रले सबै मन्त्रालय, संवैधानिक निकायमा सो बमोजिम गर्न गराउन पत्राचार गर्नुका साथै प्रेस विज्ञप्ति प्रकाशित गरेको कुरा केन्द्रको प्रतिवेदनमा उल्लेख गरिएको छ। जेनेभास्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, संयुक्त राष्ट्रसंघका विशेष समाधिक्षकहरुलगायत्का विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाहरुलाई यस केन्द्रले यातना पाएका वा बेपत्ता पारिएका मानिसहरुका सम्वन्धमा जानकारी उपलब्ध गराउने बुझिएको छ। केन्द्रले गृह, रक्षालगायत् अन्य मन्त्रालय एवं निकायहरुसँग यथार्थ स्थिति बुझी परराष्ट्र

साझा सहमतिको न्यूनतम कार्यक्रम

०६१ असार १६

(क) राष्ट्रिय हित तथा प्रजातन्त्रको रक्षा र सम्वर्द्धन

१. २०४६ सालको जनआन्दोलनका उपलब्धीहरुको रक्षा गर्दै राज्यको अझ प्रजातान्त्रिकरण गरी मुलुकलाई अग्रगमनको मार्गमा डोऱ्याउँदै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न जनता नै राज्यशक्तिको स्रोत भएको तथा राजकीय सत्ताको प्रयोग संविधानबमोजिम हुने यथार्थलाई व्यवहारमा स्थापित गरिनेछ। सच्याइनुपर्ने निर्णयहरु भए संविधान सम्मत बनाइनेछ।

२. सरकारका प्रतिवद्धताहरु पारदर्शी बनाउँदै मानवअधिकारको पूर्ण पालनाको सिद्धान्तलाई व्यवहारमा स्थापित गरिनेछ। यसबीचमा भएका मानवअधिकारको गम्भीर उल्लंघनका घटनाहरुको छानविन गरी पीडितहरुलाई क्षतिपूर्ति दिइनेछ।

३. निर्वाचनमार्फत् जनप्रतिनिधिमूलक संस्थाहरुलाई क्रियाशील बनाई सार्वभौम जनताका निर्वाचित प्रतिनिधिहरुलाई राज्य सञ्चालनको जिम्मेवारी हस्तान्तरण गरिनेछ।

४. भ्रष्टाचार रोकथाम, नियन्त्रण र सुशासनको कार्यलाई अगाडि बढाइनेछ। यस कार्यमा नागरिक समाजको सहयोग लिइनेछ। स्वच्छ र पेशाप्रति प्रतिवद्ध प्रभावकारी प्रशासनको लागि सुधार कार्यक्रम लागू गरिनेछ।

५. स्थानीय निकायहरुमा सहमतिअनुरुप कानुनसम्मत व्यवस्था गरिनेछ।

६. राष्ट्रिय एकता, स्वतन्त्रता र अखण्डताको रक्षाका लागि क्रियाशील रहँदै त्यसका लागि आवश्यक कार्य गरिनेछ। राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति र जलश्रोतको सम्वन्धमा राष्ट्रिय सहमति निर्माण गर्न आवश्यक पहल गरिनेछ तथा राष्ट्र र जनताको सर्वोत्तम हितका लागि राष्ट्रिय साधन स्रोतको उपयोग गरिनेछ। नेपाल पक्ष भएका सन्धि सम्झौताहरुमा राष्ट्रिय हित र स्वाभिमानको संरक्षण गरिनेछ।

७. संयुक्त राष्ट्रसंघको वडापत्र र पञ्चशीलका सिद्धान्तमा आधारित विदेश नीति अवलम्वन गरिनेछ। भुटानी शरणार्थी समस्याको समाधान गर्न राष्ट्रिय सहमतिमा आधारित एकतावद्ध प्रयत्न गरिनेछ।

(ख) माओवादीका कारण उत्पन्न समस्याको समाधान र शान्तिको स्थापना

१. देशको प्रमुख समस्याको रुपमा रहेको माओवादी समस्या समाधान गरी मुलुकमा दिगो शान्ति स्थापना गर्न राष्ट्रिय सहमतिका आधारमा राष्ट्रिय राजनीतिका सबै पक्षलाई मान्य हुने सम्मानजनक राजनीतिक निकासका लागि अधिकतम लचकताका साथ शान्तिवार्तालाई प्राथमिकता दिइनेछ।

२. माओवादी समस्याको राजनीतिक समाधान एवम् निकास र दिगो शान्तिका लागि हालसम्म विभिन्न क्षेत्रबाट प्रस्तुत विकल्पहरुको समेत अध्ययन गरी अग्रगमनको प्रस्तावका साथ अगाडि बढिनेछ। वार्ता सकारात्मक निष्कर्षमा पुगेपछि सहमतिको अग्रगामी राजनीतिक निकासको कार्यक्रम कार्यान्वयन गरिनेछ।

३. हिंसात्मक द्वन्द्वबाट प्रभावित र विस्थापितहरुको पुनर्स्थापना तथा भौतिक संरचनाहरुको पुनर्निर्माणको कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

(ग) तात्कालिक राहत

१. हिंसा र द्वन्द्वबाट पीडित र विस्थापितहरुका लागि उद्धार तथा राहतको विशेष व्यवस्था गरिनेछ। माओवादी प्रभावित क्षेत्रमा विकास निर्माणका विशेष कार्यक्रममार्फत् त्यहाँका जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउन जनसहभागितामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२. जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

३. जनताका दैनिक अत्यावश्यक वस्तु तथा सेवालाई सुलभ र सुपथ बनाउन प्राथमिकताका साथ आवश्यक व्यवस्था गरिनेछ।

४. मानवीय विकासका दृष्टिले महत्वपूर्ण साक्षरता, प्रार्थमिक र अनौपचारिक शिक्षा, प्राथमिक र आधारभूत स्वस्थ खानेपानी, सरसफाई तथा ग्रामीण पूर्वाधार निर्माणका कार्यक्रममा सरकारी बजेट तथा संलग्नताको सारभूतरुपमा वृद्धि गरिनेछ।

५. युवाहरु, विशेष गरी द्वन्द्व प्रभावितहरुका लागि स्वरोजगार र वैदेशिक रोजगारका अवसरहरुको न्यायोचित व्यवस्था र उपयोग गरिनेछ। यसका लागि वित्तीय संस्थाहरुबाट कम व्याजदरमा ऋण उपलब्ध गराइनेछ।

६. विद्यालयलाई हिंसामुक्त शान्तिस्थलका रुपमा कायम गर्न सम्बन्धित सबै पक्षको समर्थन जुटाउन आवश्यक कदम चालिनेछ।

(घ) अग्रगमन र परिवर्तनका लागि प्रतिबद्धताहरु

राजनीतिक

१. प्रजातन्त्रको लाभ आम जनतामा पुऱ्याउन र समावेशी राजनीतिको जग बलियो पार्न राज्य संयन्त्रको संविधानसम्मत पुनर्संरचना गरिनेछ।

२. राजनीतिक दलहरुको आन्तरिक प्रजातन्त्रका परिपाटी र व्यवस्थापनलाई सुधार गर्दै सुदृढ बनाउने व्यवस्था गरिनेछ। कानुनी राज्यको सिद्धान्तअनुसार राज्यको संचालन गर्दै सुशासनको प्रत्याभूति दिने, प्रशासनिक सुधारमार्फत्

जनतामा शासनको पहुँच र सेवाको विस्तार गर्दै जनतामा प्रजातन्त्रको अनुभूति गराइनेछ। निजामति सेवा एवम् सुरक्षा निकायलाई राजनीतिवाट अलग राखी पेशागत रुपमा दक्ष र प्रतिबद्ध बनाउने, दण्डहीनताको अन्त्य गर्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् न्याय सम्पादनसँग सम्बन्धित निकायहरुलाई सुदृढ र प्रभावकारी बनाइनेछ।

३. निर्वाचन प्रणालीमा रहेका त्रुटीहरुलाई सच्याउन तथा स्वतन्त्र र निष्पक्ष निर्वाचन सुनिश्चित गर्न निर्वाचनको सुधारका सम्बन्धमा विगतमा गठित उच्चस्तरीय समितिको प्रतिवेदनका सुझावलाई कार्यान्वयन गरिनेछ।

४. राष्ट्रिय सभालाई क्रियाशील बनाउन संविधानसम्मत उपायको खोजी गरिनेछ। राष्ट्रिय सभालाई महिला, आदिवासी, जनजाति, दलित एवम् राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिहरु समाविष्ट सदनका रुपमा विकसित गरिनेछ।

५. स्थानीय तहमा सशक्तिकरण, उत्तरदायित्व र पारदर्शीताका लागि विकेन्द्रीकरणको भावना अनुरुप स्थानीय निकायलाई स्वायत्त तथा साधन स्रोत सम्पन्न बनाउँदै स्थानीय सरकारका रुपमा स्थापित गरिनेछ।

६. महिलाहरुको स्थानीय निकायमा प्रतिनिधितत्व र प्रतिनिधिसभामा उम्मेद्वारीलाई क्रमशः बढाउँदै लगिनेछ। राष्ट्रिय जीवनका प्रत्येक क्षेत्रमा महिला सहभागिताको व्यापक विस्तार गरिनेछ।

आर्थिक

१. गरिबी निवारणका निम्ति विकासका सम्पूर्ण प्रयासहरु केन्द्रित हुनछन्। समतामूलक समाज निर्माण गर्न सामाजिक न्याय, आर्थिक वृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवम् सामाजिक नीति र कार्यक्रम बनाइनेछ। उदार आर्थिक नीतिको उपयोगिता र सीमाको पहिचान गर्दै यसको उपयोग राष्ट्र र जनताको सर्वोपरी हितअनुकूल गरिनेछ। कृषि, जलविद्युत, पर्यटन, मानव संशाधन र भौतिक पूर्वाधारको विकासलाई उच्चतम प्राथमिकता दिइनेछ। उद्योग, बैंक तथा वित्तीय व्यवसाय, यातायात, सञ्चार र सरकारी संस्थानको व्यवस्थापनलगायत् अर्थतन्त्रका आधुनिक क्षेत्रका सुधार कार्यक्रमहरुलाई महत्वका साथ सञ्चालन गरिनेछ। राष्ट्रिय औद्योगिकीकरणका लागि सुस्पष्ट सोचका साथ कार्यक्रम लागू गरिनेछ। राष्ट्रिय हितमा विदेशी लगानीलाई आकर्षित गरिनेछ। सहकारी क्षेत्रको विकासमा जोड दिइनेछ। निजी क्षेत्रलाई प्रोत्साहन दिइनेछ।

२. भूमिसुधार कार्यक्रम लागू गरी समग्र भूमि व्यवस्थापन, कृषि विकास र किसानहरुको जीवनस्तरमा बृद्धि गरिनेछ। जमिनमा भूमिहीन किसानको पहुँचलाई सुनिश्चित गरिनेछ। कृषि मजदुर, मुक्त कमैया र भूमिहीन सुकुम्बासी जनताको आर्थिक र सामाजिक उत्थानका लागि विशेष ध्यान दिइनेछ। कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिँदै दीर्घकालीन कृषि योजनाको कार्यान्वयन गरिनेछ। भू-सूचना प्रणालीको आधारमा पिछडिएका क्षेत्र र समुदायमा राज्यले बढी लगानी गर्नेछ।

३. बेरोजगारी समस्याको समाधानका लागि विशेष कार्यक्रम लागू गरिनेछ। तथा वैदेशिक रोजगारीलाई नियमित र व्यवस्थित गरिनेछ।

४. समानुपातिक विकासको अवधारणाअनुरुप दुर्गम क्षेत्रका विकासका लागि ठोस कार्यक्रम लागू गरिनेछ र कर्णाली अञ्चलको विकासका लागि विशेष संयन्त्र निर्माण गरिनेछ।

५. बजार व्यवस्थाको पहुँच नभएका ग्रामीण क्षेत्रमा स्थानीय निकाय, समुदाय, गैरसरकारी संघसंस्था र निजी क्षेत्रको सहयोगमा प्राथमिकता साथ लगानी गर्दै राज्यले विशेष भूमिका खेल्नेछ।

६. व्यवस्थित शहरीकरण, वातावरणीय सरक्षण, जनसंख्या व्यवस्थापन र जनतालाई स्वच्छ पिउने पानी उपलब्ध गराउने तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने दिशामा ठोस पाइला चालिनेछ।

सामाजिक

१. पिछडिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि सामाजिक सुरक्षालगायत्का विशेष कार्यक्रम लागू गरिनेछ।

२. राष्ट्रिय जीवनका सबै क्षेत्रमा दलित, पिछडिएका आदिवासी, जनजाति तथा तराईबासीहरुको सहभागितामा जोड दिइनेछ।

३. दलित, पिछडिएका जनजाति र विपन्न परिवारका महिला, अपांग र टुहुराहरुका लागि शिक्षा, सीप विकास र रोजगारीको विशेष व्यवस्था गरिनेछ। दलितविरुद्धको सामाजिक भेदभाव र उनीहरुको आर्थिक पछौटेपनलाई समाप्त गरिनेछ। सामाजिक कलंकका रुपमा रहेको छुवाछूतलाई दण्डनीय अपराधका रुपमा लिँदै कडा कारवाहीको व्यवस्था गरिनेछ। दलित आयोगलाई कानुन निर्माण गरी सुदृढ बनाइनेछ।

४. सम्पत्तिमा महिलाको समान अधिकार कायम गरिनेछ तथा सबै विभेदहरुलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा र बेचबिखन जस्ता अपराधमा कडा कारवाहीको व्यवस्था गरिनेछ। महिला विकास, समानता र अवसर सृजनाका लागि विशेष कानुन र कार्यक्रमको निर्माण गरी कार्यान्वयन गरिनेछ। महिला आयोगलाई कानुन निर्माण गरी सुदृढ बनाइनेछ।

५. श्रम बजारमा रहेको असमानतालाई हटाउन श्रमिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूति तथा उद्योग व्यवसायको उत्पादकत्व बृद्धि गर्न विद्यमान श्रम कानुनमा आवश्यक सुधार गरिनेछ।

६. धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेका सबै प्रकारका भेदभावलाई पूर्णरुपमा समाप्त गरिनेछ। सबै जाति र जनजातिका भाषा तथा संस्कृतिको संरक्षण-सम्बर्द्धन एवम्

विकासका लागि विशेष व्यवस्था गरिनेछ। जनजाति प्रतिष्ठानलाई सुदृढ वनाइनेछ।

७. कला, साहित्य र संस्कृतिको विकास तथा त्यस क्षेत्रका प्रतिभाहरुको संरक्षण र विकासका लागि कार्यक्रम लागू गरिनेछ।

८. दलित र पिछडिएका समुदायका बालबालिकालाई विद्यालय जान प्रोत्साहित गर्न छात्रवृत्तिसमेतको विशेष व्यवस्था गरिनेछ। त्यस्तै उच्च शिक्षामा महिला, दलित र पिछडिएका आदिवासी जनजातिलाई आरक्षणको व्यवस्था गरिनेछ।

९. शिक्षालाई रोजगारमूलक बनाउन व्यवसायिक र प्राविधिक शिक्षामा विशेष जोड दिइनेछ। शिक्षालाई जनताको पहुँचभित्र राख्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ र निरक्षरता उन्मूलन गर्न राष्ट्रिय अभियान चलाइनेछ। औपचारिक शिक्षाको विस्तार गरिनेछ।

१०. स्थानीय समुदायलाई विद्यालय व्यवस्थापन र स्थानीय निकायलाई स्वास्थ्यचौकी, हुलाक एवम् कृषि प्रसार सम्वन्धी कार्यक्रम तथा बजेटको जिम्मेवारी हस्तान्तरण गर्ने नीतिलाई अझ विस्तारित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

११. तराई क्षेत्रमा विद्यमान नागरिकता सम्बन्धी समस्यालाई राष्ट्रिय सहमतिका आधारमा समाधान गरिनेछ।

१२. आम जनताका लागि स्वास्थ्य सेवालाई सुलभ र सहज बनाउन ग्रामीण स्वास्थ्यमा लगानी वृद्धि गर्दै सामुदायिक स्वास्थ्य नीति अवलम्बन गरिनेछ।

१३. न्याय सरल र सुलभ हुने व्यवस्था गरिनेछ तथा स्थानीय तहमा विवादको समाधानमा वैकल्पिक प्रणालीको विकास गरिनेछ।

१४. सबै प्रकारका अन्धविश्वास, सामाजिक कुरीति र कुप्रथाहरुको अन्त्यका लागि ठोस पाइला चालिनेछ।

१५. प्रवासी नेपालीहरुको हकहितको राज्यद्वारा संरक्षण गर्ने यवस्था गर्नुका साथै उनीहरुको सीप र पुँजी स्वदेशमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस (प्रजातान्त्रिक)
माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)
पशुपतिशमशेर जबरा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी
बद्रीप्रसाद मण्डल, अध्यक्ष, नेपाल सद्भावना पार्टी

मन्त्रालयमार्फत् सम्बन्धित निकायमा यसप्रकारका जानकारी पठाउने गरिरहेको छ।

मानवअधिकार प्रवर्द्धन केन्द्रले राष्ट्रिय मानव अधिकार आयोगलाई थप भवन उपलब्ध गराउन पहल गरेको कुरा आफ्नो प्रतिवेदनमा जनाएको छ। आयोगले भारतीय सर्कसमा कार्यरत बालबालिकाको उद्धारका लागि गरेको अपिलका सम्बन्धमा पनि केन्द्रले कार्य गरेको कुरा ०६१ असोजमा प्रधानमन्त्रीको कार्यालयमा बुझाएको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

देशमा मानवअधिकार संस्कृति निर्माण गर्न र मानवअधिकारको प्रभावकारी संरक्षण एवम् सम्बर्द्धन गर्न आवश्यक भएको जनाउँदै सरकारले ०६१ असार ३० गते “मानवअधिकार राष्ट्रिय कार्ययोजना” सार्वजनिक गऱ्यो। प्रधानमन्त्री शेरबहादुर देउवाले कार्ययोजना सार्वजनिक गर्दै यसले नेपाल अधिराज्यको संविधान २०४७ र नेपालद्वारा अनुमोदित मानवअधिकार सन्धिहरुको भावनाअनुरुप मानवअधिकारको रक्षाको बाटो खोल्ने बताउनु भयो। दुई वर्षअघि अर्थात् सन् २००२ देखि उक्त कार्ययोजना बनाउन शुरु गरिएको थियो। सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न विश्व मानवअधिकार सम्मेलनले गरेको आह्वानअनुरुप मानवअधिकार राष्ट्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न नेपालले पनि प्रतिबद्धता जनाएको थियो। त्यसअनुसार कार्ययोजना बनाउने नेपाल विश्वको सत्रौं मुलुक भएको छ। सार्क क्षेत्रमा यो पहिलो राष्ट्रिय मानवअधिकार कार्ययोजना हो। संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) र श्री ५ को सरकारको संयुक्त सहयोग एवम् बेलायत र स्वीट्जरल्याण्डको आर्थिक सहायतामा परियोजना शुरु गरिएको थियो।

कार्ययोजनामा शिक्षा, संस्कृति, स्वास्थ्य, वातावरण र दिगो विकास, दलित, आदिवासी, विशेष क्षमता भएका समुदाय र वरिष्ठ नागरिक, महिला सशक्तिकरण, लैंगिक समानता, बालअधिकार र विकास, कानुनी सुधार, कानुन प्रशासन र व्यवस्थापन, कारागार व्यवस्थापन र सुधार, श्रम र रोजगारी, द्वन्द्व व्यवस्थापन एवम् संस्थागत विकासलगायत्का विषयहरु समेटिएका छन्। कार्ययोजना आगामी तीन वर्षका लागि तयार गरिएको छ। कार्ययोजना जिल्ला, क्षेत्र र राष्ट्रिय तहबाट जनताको प्रत्यक्ष संलग्नतामा आएका विषयवस्तुहरुलाई समावेश गरेर तयार गरिएको छ।

सिड राष्ट्रिय कार्ययोजना सार्वजनिक

सरकारले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि कार्यान्वयनका लागि ०६० फागुन २४ गते “महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०” सार्वजनिक गऱ्यो। महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले उक्त कार्ययोजना ९४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर सार्वजनिक गरेको थियो। कार्ययोजनामा विभेदपूर्ण कानुनको संशोधन र आवश्यक कानुन निर्माण गर्ने, निजामति सेवा

ऐन र नियमावलीमा आवश्यक संशोधन गरी समायोजन गर्ने तथा महिला अधिकारको संरक्षण र सम्बर्द्धन गर्न विद्यमान कानुनको कार्यान्वयन र अनुगमनका लागि बनाइएको रणनीतिमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, कानुन न्याय तथा ससदीय व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, स्थानीय निकायसमेतका निकायहरुलाई जिम्मेवारी तोकिएको जस्ता कुराहरु समावेश गरिएका छन्। यसैगरी कार्ययोजनाले शिक्षा र व्यवसायिक तालिममा महिलाको पहुँच बढाउने, रोजगारी बृद्धि गर्नुका साथै महिला कामदारको संरक्षण गर्ने, चेलिबेटी बेचबिखन र ओसारपसारका घटना अन्त्य गर्ने विषयलाई पनि समेटेको छ।

०५६ मंसिर ८ र ९ गते आयोजित पहिलो राष्ट्रिय कार्यशाला गोष्ठीले तयार गरेको राष्ट्रिय कार्ययोजनाको मस्यौदाउपर सम्बन्धित मन्त्रालय, गैरसरकारी संस्था, बुद्धिजीवी वर्गका प्रतिनिधिहरुको महत्त्वपूर्ण सहभागिता भएको र पटक-पटकको छलफल, विचारविमर्श तथा सक्रिय योगदानको आधारमा कार्ययोजना तयार गरिएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिमा गरिएको महिलाका मानवअधिकार तथा अन्य व्यवस्थाहरुलाई सफल र प्रभावकारीरुपमा कार्यान्वयन गर्न यो राष्ट्रिय कार्ययोजनाको तर्जुमा गरिएको हो। महिलाविरुद्धको भेदभाव उन्मूलन समितिले महासन्धिको प्रभावकारी ढंगले कार्यान्वयन गर्न संयुक्त राष्ट्रसंघीय रणनीतिक राष्ट्रिय कार्ययोजना बनाउन जोड दिएको थियो। सोअनुरुप महिलाको मानवअधिको संरक्षण र सम्बर्द्धन गरी लैंगिक समतामूलक समाजको निर्माणका लागि सरकारले व्यक्त गरेको प्रतिबद्धतालाई मूर्त रुप दिन कार्ययोजना तयार गरिएको छ। यो कार्ययोजना तर्जुमा गर्दा सरकारी, गैरसरकारी, नागरिक समाज, विकासका साझेदार, स्थानीय निकाय तथा समाजका अन्य सम्बद्ध पक्षहरुसँग व्यापक रुपमा छलफल गरी सल्लाह र सुझाव लिइएको थियो। कार्ययोजनालाई मन्त्रिपरिषद्ले ०६० फागुन १७ गते स्वीकृत गरेको थियो।

राष्ट्रिय दलित आयोग र महिला आयोग नेतृत्वविहीन

जातियताका आधारमा देखिएका भेदभाव, शोषण तथा उत्पीडनका साथै अति विपन्न दलितहरुको उत्थानका लागि ३ वर्षअघि ०५८ चैत ६ गते राष्ट्रिय दलित आयोगको गठन गरिएको थियो। श्री ५ को सरकारले दलित वर्गको हकहितको संरक्षण र सम्बर्द्धनका साथै दलितहरुको उत्थान एवम् विकासमा योगदान पुऱ्याई देशको मूल प्रवाहमा दलितहरुको समेत सक्रिय सहभागिता सुनिश्चित गर्ने उद्देश्यले गठन गरिएको दलित आयोगको समयावधि ०६० चैत ६ गते सकिएको थियो। उक्त आयोगको कार्यसमितिमा यो वर्षको अन्त्यसम्म कसैलाई नियुक्त गरिएन।

राष्ट्रिय महिला आयोगका पदाधिकारीहरुको पनि यो वर्षको अन्त्यसम्म नियुक्ति भएन। राष्ट्रिय महिला आयोगको ०६० फागुन २४ गते समयावधि सकिएको थियो। दुवै आयोगको पुनर्गठन समयमा भएन। दुवै आयोग नेतृत्वविहीन अवस्थामा रहे। त्यसअघि विधेयक विना चलिरहेको महिला आयोगको विधेयक गत वर्ष सार्वजनिक गरिएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सक्रियता

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले करोडौं रुपैयाँ भ्रष्टाचार गरेको अभियोगमा तीनजना पूर्व प्रहरी महानिरीक्षकहरु मोतिलाल बोहरा, अच्युतकृष्ण खरेल र प्रदीपशमशेर राणाविरुद्ध ०६१ साउन २९ गते विशेष अदालतमा मुद्दा दायर गऱ्यो। सार्वजनिक पदको दुरुपयोग गरी हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरेको भन्ने उच्चस्तरीय सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरी उनीहरुविरुद्ध मुद्दा दायर गरेको हो। आयोगले मुद्दासँगै अभियुक्तहरुलाई पक्राउ गर्न टोली पठाएको थियो। तर, फरार रहेका कारण मुद्दा दर्ता गर्ने बेलामा तीनै जनालाई पक्राउ गर्न सुरक्षा निकायले सकेन। पछि मात्र उनीहरु अदालतमा उपस्थित भएका थिए। नेपालको प्रहरी प्रशासनमा समेत व्यापक भ्रष्टाचार रहेको भन्ने उजुरीका आधारमा छुट्टै अनुसन्धान गरेको हो। आयोगले प्रहरीका उच्च अधिकारीविरुद्ध मुद्दा दायर गरेको यो पहिलो पटक हो। सार्वजनिक पदमा बहाल भएयता तीनैजना पूर्वमहानिरीक्षकहरुले अनियमित तवरले सम्पत्ति आर्जन गरेको आयोगले आफ्नो आरोपपत्रमा उल्लेख गरेको छ। तीनैजना महानिरीक्षकहरु विशिष्ट श्रेणीसरहको पदाधिकारी भएकाले दुई वर्षको कैद सजायमा तीन वर्ष थप गरी पाँच-पाँच वर्ष कैद सजायको माग दावी आयोगले अदालत समक्ष गरेको थियो।

तीन जनामध्ये बोहराको ४ करोड ३८ लाख ९२ हजार ५ सय ६ रुपैयाँ बराबरको सम्पत्ति आयोगले फेला पाऱ्यो। त्यसैगरी खरेलको २ करोड ५६ लाख ९० हजार ६ सय ३२ रुपैयाँ बराबरको र जबराको ६ करोड ६९ लाख २३ हजार २ सय २२ रुपैयाँ बराबरको सम्पत्ति फेला पारेको आयोगले जनायो। बोहराको कूल सम्पत्तिमध्ये दुई करोड ३८ लाख २३ हजार ६ सय २७ रुपैयाँ बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको भेटिएको आयोगले जनायो। त्यसैगरी खरेलको कूल सम्पत्तिमध्ये १ करोड ६३ लाख ३६ हजार १ सय ३० रुपैयाँ बराबरको र जबराको कूल सम्पत्तिमध्ये ३ करोड ७७ लाख ८१ हजार ६ सय ३१ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत खुल्न नसकेको अयोगले जनाएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०६१ साउन २९ मै गोरुसिंगे- सन्धिखर्क सडक योजनाका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डिल्लीरमण निरौलाविरुद्ध पनि भ्रष्टाचारसम्वन्धी मुद्दा दायर गर्‍यो। निरौला र उनकी पत्नी दुर्गा निरौलाका नाममा रहेको सम्पत्तिमध्ये लुकाएर राखेको ६४ लाख १० हजार ५ सय ८७ रुपैयाँ वरावरको अवैध सम्पत्ति रहेको आयोगले दावी गर्‍यो।

यसैगरी पूर्वमन्त्री चिरञ्जीवी वाग्लेलाई भ्रष्टाचारको अभियोगमा विषेश अदालतले ०६१ साउन ७ गते दुई वर्ष छ महिना कैद र दुई करोड ७२ लाख ५८ हजार नौ सय २७ रुपैयाँ जरिवानाको फैसला सुनायो। साथै उनको नाममा रहेको स्रोत नखुलेको गैरकानुनी सम्पत्ति जफत गर्ने फैसला पनि विशेष अदालतले सुनायो।

विशेष अदालतका अध्यक्ष तपवहादुर मगर एवम् सदस्यद्वय गोविन्दप्रसाद पराजुली र भूपध्वज अधिकारीको इजलाशले सो फैसला सुनाएको हो। विशेष अदालत स्थापनापछि यति ठूलो ओहदामा रहिसकेका व्यक्तिलाई सजायको फैसला सुनाइएको यो पहिलो पटक हो। ३ करोड २९ लाख ५५ हजार ७१ रुपैयाँ बराबरको स्रोत नखुलेको सम्पत्ति रहेको दावी गर्दै पाँच वर्ष कैद, गैरकानुनी सम्पत्ति जफत र सोहीवमोजिमको जरिवानाको मागसहित मुद्दा दायर गरिएको थियो। फैसलाको लगत्तै फरार हुनुभएका मन्त्री वाग्लेले ०६१ भदौ २३ गते सर्वोच्च अदालतमा आफू विरुद्धको फैसला विरुद्ध पुनरावेदन दिनुभयो।

पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालगायत्का राजनीतिक व्यक्तित्वहरुविरुद्ध भ्रष्टाचारको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा चालिएको कारवाही वदर गर्न नमिल्ने ठहर सर्वोच्चले ०६१ भदौ ३० गते गर्‍यो। प्रधानन्यायाधीश गोविन्दबहादुर श्रेष्ठ र न्यायाधीश हरिप्रसाद शर्माको संयुक्त इजलासले पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, पूर्वमन्त्रीहरु र पूर्व शासकहरुद्वारा दायर गरिएका सम्पूर्ण रिट निवेदन खारेज गर्दै पदको दुरुपयोगसम्वन्धी कसुरमा तहकिकात गर्न आयोगले बोलाई पठाएको पत्र वदर गर्न नमिल्ने ठहर गर्‍यो।

प्रधानमन्त्रीको भारत भ्रमण

प्रधानमन्त्री शेरवहादुर देउवाले नेपाल-भारत सम्वन्ध सुदृढीकरण तथा द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने घोपित उद्देश्यका साथ ०६१ भदौ २३ देखि २७ सम्म भारतको पाँच दिने औपचारिक भ्रमण गर्नुभयो। भ्रमणवाट आतंकवादविरुद्धको लडाइँ तथा सुरक्षा सहयोग विस्तार, सीमा व्यवस्थापन, आर्थिक सहयोग, जलस्रोत, व्यापार पारवहन लगानीलगायत् आपसी हित र चासोका साझा विपयमा सहकार्य गर्न दुवै मुलुकवीच सहमति भएको जनाइयो।

भ्रमणका क्रममा प्रधानमन्त्री देउवा तथा भारतीय प्रधानमन्त्री डा. मनमोहन सिंहवीच आतंकवादलाई परास्त गर्न द्विपक्षीय सहयोगमा अझ अभिवृद्धि गर्ने विषयमा जोड दिइएको थियो। भ्रमणको अन्तिम दिन ०६१ भदौ २७ गते दुवै मुलुकका प्रधानमन्त्रीहरुद्वारा पच्चीस वुँदे संयुक्त प्रेस वक्तव्य जारी गरियो। वक्तव्यमा आतंकवादलाई निर्मूल गर्न उपकरण, तालिम तथा आपसी कानुनी सहयोगसम्वन्धी समझदारी र सम्झौतालाई अधि वढाउन गृह सचिवस्तरीय बैठक आगामी महिनाभित्रै सम्पन्न गर्न निर्देशन दिइएको जनाइएको थियो। वक्तव्यमा जलश्रोतको क्षेत्रमा पञ्चेश्वर तथा माथिल्लो कर्णालीका कार्यलाई द्रुतगतिमा अघि वढाउने, वुढी गण्डकीको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, जलश्रोतसम्वन्धी संयुक्त समिति तथा पञ्चेश्वर परियोजनाका संयुक्त प्राविधिक समूहको बैठक गर्ने जनाइएको थियो। प्रधानमन्त्री शेरवहादुर देउवाले भारत भ्रमणवाट फर्केपछि नेपालको माओवादीलगायत्का समस्या समाधानमा भारतले सहानुभूतिपूर्वक सहयोग गर्ने भएको वताउनु भएको थियो। वाढी नियन्त्रण र आर्थिक सहयोग अभिवृद्धिका सम्वन्धमा पनि भारत सकारात्मक रहेको उहाँले वताउनु भएको थियो।

व्यापार, पारवहन तथा लगानीका क्षेत्रको विस्तार, द्विपक्षीय व्यापारका लागि वीरगञ्जस्थित सुख्खा वन्दरगाहको उपयोग, नेपाल भारत सिधा यातायात सञ्चालनसम्बन्धी सम्झौताको कार्यान्वयन, नेपाली सामग्री उत्पादन निर्यात गर्न मुम्वईस्थित जवाहरलाल नेहरु बन्दरगाहको प्रयोग, भारतीय सीमा क्षेत्रमा रहेका चारवटा भन्सार नाकाको सुदृढीकरण, दुवै देशमा रेल तथा सडक सञ्जालको विकास आदि विषयमा दुवै राष्ट्रका प्रमुखले जोड दिएको जनाइएको थियो।

आरक्षणको व्यवस्था लागू गर्न सुझाव समिति गठन

सरकारले महिला, आदिवासी तथा जनजाति र दलित समुदायका लागि विविध क्षेत्रमा आरक्षणको व्यवस्था लागू गर्नका निम्ति सुझाव समिति गठन गर्‍यो। मन्त्रिपरिषदको ०६० पुस १७ गतेको निर्णयअनुसार गठित सो समितिलाई तीन महिनाभित्र निम्न वमोजिमको काम गरिसक्नुपर्ने जिम्मेवारी प्रदान गरियो:

१. महिला, आदिवासी जनजाति एवं दलितहरुको प्रतिनिधित्व हुनेगरी जनप्रतिनिधिमूलक निकाय (संसद, स्थानीय निकाय) हरुको संरचना परिवर्तन गर्न सुझाव दिने,
२. मानव विकासको एकीकृत सुचकांकलाई आधार मानी जनसंख्याको अनुपातमा राष्ट्रिय औसत कायम नभएसम्म निश्चित अवधिका लागि आदिवासी, जनजाती र दलित समुदायका लागि जनप्रतिनिधित्व, शिक्षा, स्वास्थ्य, प्रशासकीय सेवा रोजगारीलगायत्का

क्षेत्रमा आरक्षणको विशेष व्यवस्था गर्न आवश्यक सुझाव दिने, र

३. महिला विरुद्ध सबै प्रकारका विभेदको अन्त्य गर्न सबै तहका जनप्रतिनिधिमूलक संस्थाहरुमा स्थान सुरक्षित गर्न तथा शिक्षा, स्वास्थ्यलगायत्का क्षेत्रमा आरक्षणसहितको व्यवस्था गर्न आवश्यक सुझाव प्रस्तुत गर्ने।

तर उल्लेखित विभिन्न विषयमा आरक्षण व्यवस्थालाई प्रभावकारी बनाउन वर्षको शुरुवातमै गठन गरिएको सुझाव समितिले यस वर्षको अन्त्यसम्म कुनै कार्य गरेन।

०६०/०६१ को बजेटमा महिलालाई २० प्रतिशत, दलितलाई १० प्रतिशत र जनजातिलाई १० प्रतिशत आरक्षणसम्बन्धी व्यवस्था गरिएको थियो। सोवमोजिम शिक्षा तथा खेलकुद मन्त्रालयले ०६० भदौ ९ गते त्रिभुवन विश्वविद्यालयलाई त्यसअन्तर्गत रहेका निजी क्याम्पसहरुले समेत आरक्षणसम्बन्धी सरकारी नीति अपनाउनु पर्ने निर्णय गर्‍यो। निर्णय अनुसार शिक्षा मन्त्रालयले ०६० भदौ १५ गते त्रिभुवन विश्वविद्यालयलाई चिकित्साशास्त्र र इन्जीनियरिङ क्षेत्रमा निर्णय गरिएअनुसारको आरक्षणको व्यवस्था गर्न चिठ्ठी पठायो।

आरक्षणका निम्ति गरिएको निर्णय संविधानबमोजिम नभएकाले उक्त निर्णय वदर गर्न दायर गरिएको रिट निवेदनउपर सर्वोच्च अदालतद्वारा ०६१ कार्तिक १३ गते आरक्षणसम्बन्धी कानुन निर्माण गर्न श्री ५ को सरकारका नाममा निर्देशनात्मक परमादेशको आदेश जारी भयो। सर्वोच्च अदालतले त्रिभुवन विश्वविद्यालयद्वारा आरक्षण प्रदान गर्ने भनी गरिएको निर्णय वदर गर्दै आर्थिक वर्ष ०६१/०६२ भित्रै आधारहरु समेत तोकी आरक्षणसम्वन्धी त्यस्तो कानुन निर्माण गर्न परमादेश जारी गरेको हो।

द्वन्द्व पीडितका लागि राहत कार्यक्रमको घोषणा

माओवादी द्वन्द्व पीडितकाहरुका लागि ०६१ असोज २१ गते श्री ५ को सरकारले नयाँ राहत कार्यक्रमहरुको घोषणा गर्‍यो। नयाँ कार्यक्रम शिक्षा, स्वास्थ्य, रोजगारी तथा पुनर्स्थापनालगायत्का न्यूनतम मानवीय आवश्यकतासँग सम्वन्धित रहेको थियो। मन्त्रिपरिषद्ले पारित गरेको उक्त राहत कार्यक्रममा दीर्घकालीन राहतको अवधारणालाई प्राथमिकता दिइएको थियो। माओवादी द्वन्द्वका कारण मारिएका मृतकका परिवार, घाइते, अंगभंग र अपांग भएका तथा विस्थापित परिवारका एकजना महिला सदस्यलाई अनिवार्य आय आर्जनका कार्यक्रममा समावेश गराउने रहेको योजना उक्त कार्यक्रमअन्तर्गत राखिएको थियो। वावु-आमामध्ये एकजना गुमाएका वालवालिकालाई वालगृहमा आश्रय प्रदान गर्ने व्यवस्था उक्त कार्यक्रममा रहेको थियो। अंगभंग, अपांग तथा विस्थापित भएका व्यक्तिका सन्ततिलाई निम्न माध्यमिक र माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क गर्ने, मासिक छात्रवृत्ति र शैक्षिक सामग्रीवापत् एकमुष्ट एक हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था पनि राहत कार्यक्रमले समेटेको थियो। पीडित परिवारका पुरुष सदस्यलाई सीप विकास तालिममा समावेश गराउने योजना अघि सारिएको थियो। नयाँ व्यवस्थाअनुसार, सम्पत्ति नष्ट भएकाहरुलाई तीन महिनाभित्र आर्थिक सहायता उपलब्ध गराउने तथा पीडितलाई रोजगारमूलक तालिम उपलब्ध गराउने योजनासमेत अघि सारिएको थियो।

हिंसात्मक द्वन्द्वका क्रममा घाइते भएकाको उपचारका सम्बन्धमा पनि कार्यक्रममा नयाँ व्यवस्था गरिएको थियो। जसअनुसार, माओवादी आक्रमणबाट घाइते भई सरकारी अस्पतालमा ६ महिना वा सोभन्दा बढी अवधिसम्म उपचार गराउनुपर्नेहरुलाई चालू वर्षका लागि २५ हजार रुपैयाँ उपचारवापत् प्रदान गरिने भएको थियो। द्वन्द्वबाट विस्थापित ६० वर्ष माथिकालाई सरकारी अस्पतालमा नि:शुल्क उपचार गराउने व्यवस्था पनि कार्यक्रममा गरिएको थियो। त्यसका निम्ति शिक्षण अस्पतालमा कोल्ड वार्ड निर्माण गर्ने योजनासमेत अघि सारिएको थियो। तर विस्थापितहरुलाई यसअघि दिईंदै आएको मासिक एक सय रुपैयाँ निर्वाह भत्ता कटौती गरिएको थियो। त्यसको सट्टामा विस्थापितहरुलाई आफ्नै घर-जग्गा भएकै जिल्ला सदरमुकाममा सञ्चालन गरिने तालिममा समावेश गर्ने योजना अघि सारिएको थियो। तालिमअनुसार आय-आर्जन गर्न ऋण उपलब्ध गराइने योजना पनि अघि सारिएको थियो। माओवादी द्वन्द्वका कारण अपांग भएकाहरुलाई मासिक पाँचसय रुपैयाँ भत्ता उपलब्ध गराउने योजना कार्यक्रममा समावेश गरिएको थियो।

निजी क्षेत्रको प्रेसलाई राहत

सरकारले ०६१ असोज २६ गते लोककल्याणकारी विज्ञापनको सहयोगमा दोब्बर बृद्धिको घोषणा गर्‍यो। त्यसका साथै सरकारले द्वन्द्वपीडित पत्रकारको सहयोगमा पन्ध्र लाख रुपैयाँको कोष स्थापना गर्ने घोषणासमेत गर्‍यो। होडिङ् बोर्डलगायत् आउट डोर विज्ञापनलाई निषेध गर्ने योजना अघि सारियो। पत्रकारिता पुरस्कार, लेख पारिश्रमिक एवम् अनुसन्धानमा करमुक्ती तथा पत्रपत्रिकाले आयव्यय विवरण सार्वजनिक गर्नु पर्नेलगायत्का निर्णय सार्वजनिक गर्‍यो।

सूचना तथा सञ्चारमन्त्री डा. मोहम्मद मोहसिनको संयोजकत्वमा पत्रपत्रिका क्षेत्रमा देखिएका समस्या र विज्ञापनलगायत्का सुविधा तथा सहुलियतसम्बन्धी स्थितिको पुनरावलोकन गरी थप सुधारका लागि सुझाव पेश गर्न गठित समितिले सरकारलाई तत्काल र दीर्घकालीनरुपमा गरी

बेपत्ता पारिएका नागरिकसम्बन्धी छानबिन समितिले प्रकाशन गरेका नामावली

०६१ साउन २७ गते सार्वजनिक गरिएका व्यक्तिहरूको नामावली

पक्राउपछि रिहा

राधा थैहा, सिमरिया-१, पर्सा, ज्ञानेन्द्र कालाखेती, हात्तीहरी-१, मकवानपुर, लोपेन्द्रमान तिमिल्सिना, सरस्वतीनगर-६, काठमाडौं, अमृतमान थापा, कुपुमती-३, ललितपुर।

पक्राउ नपरिएका

प्रेम चापागाईं, गौरादह-४, झापा

मृत्यु

धनेन्द्रबहादुर बस्नेत, ताराखोला-१, बागलुङ

तारेखमा रिहा

कृष्णबहादुर बहादुरकी, पोखरीचौरी -१, काभ्रे

नजरबन्द

तरहरी शाहाल, दमक-४, झापा, जमणध्वज कार्की, गौडगु-८, डोल्खा, डिल्लीराम आचार्य, शिवगञ्ज-५, झापा, डीपेन्द्र सापकोटा, महेन्द्रनगर-२, सुनसरी, रानि श्रेष्ठ, चण्डेश्वरी-६, काठमाडौं, अमिर शाक्य, कुपुमती-२ ललितपुर, प्रदीप ढुंगेल, सिस्नेरी-६ सिन्धुपाल्चोक, नवलनारायण भगत, मादिपुर-८, सिरहा

कारागार शाखा, हनुमानढोका

जीतेन्द्र खड्का, तीनधारा-९, काठमाडौं

घरमै रहेको

नारायणप्रसाद पौडेल, महादेवस्थान-३, काभ्रे, धर्मप्रसाद अधिकारी, सूर्यमती-२, नुवाकोट, प्रतापराज वाग्ले, चरगा-९, गोरखा, राजकुमार लिम्बू, कुमारीगाल-७, काठमाडौं, मदन लिम्बू, कुमारीगाल, काठमाडौं, पद्महरि पौडेल, कुमारीगाल, काठमाडौं, हरीकृष्ण अधिकारी, थानसिङ-९, नुवाकोट।

अनुसन्धानमा

राजकुमार श्रेष्ठ, कट्टन्जे-२, भोजपुर

०६१ भदौ २९ गते सार्वजनिक गरिएका नामहरू

नजरबन्द

दीपक गुरागाईं, धरमपुर-४, झापा, पुष्पलाल ढकाल, गौरादह-८, झापा, सन्तोष खड्का, बेल्टार-६ फत्तेपुर, सप्तरी, सुषमा खनाल, बेलकु-७, चितवन, बद्री राई, सिमपानी-५, खोटाङ, रामआशीष साह- महादरी, लालप्रसाद घिमिरे - हरैया १, बारा, एकनाथ चौलागाईं, पोखरीचौरी-५, काभ्रे, अर्जुन खतिवडा, बालकुमारी-७, नवाकोट, कृष्ण थापा (गिरी), ब्रह्मनिवासपुर-१, रौतहट, रामचन्द्र राउत, बरै, सालमिया-७, रौतहट, ज्ञानबहादुर कोइराला, पोखरा उपमपा-८, कास्की, महेश्वरी पहरी, पोखरा उपमपा-१०, बगलीचोक, कास्की, टेकनाथ रिजाल, देउराली-३, नवलपरासी, गुरुप्रसाद सुवेदी, देउराली-३, नवलपरासी, भगिरथी शर्मा, गोठडिहा-३, धेंरनी दोड, शफिउद्दिन खाँ, रानियापुर-३, बाँके।

नजरबन्दबाट रिहा

लक्ष्मीनारायण प्रसाद रिजाल, जलामपट्टा-७ नुवाकोट, लक्ष्मण न्यौपाने (दीपक), कुमारी-६, नवाकोट, ज्ञानेन्द्र प्रसाद भिखारी, बाँके-३, भविङ्ग गजेन्द्र रोक्का, नर्दु सर्गिवस-२ भोजपुर, प्रदीप म्याग्दी, डम्बरबहादुर थापा, ठाउँसमेत, नवलपरासी, नीलाकन्त मगरातिसी, नवलपरासी, रामप्रसाद काफ्ले, उरास गाविस, पर्सा, विष्णुप्रसाद ज्ञवाली, फलवारी-५, कैलाली।

तारेखमा रिहा

नरेन्द्रप्रसाद सुवेदी, कोहलपुर-३, बसपाके, बर्दे

दोहोरो भिडन्तमा मृत्यु

सुनील राजवंशी, झापा, धर्मराज लामा, गोखरी नारायणस्थान-३, काभ्रेपलान्चोक, कान्छालाल तामाङ, गोखरी नारायणस्थान-३, काभ्रेपलान्चोक, गोपेकनाथ घिमिरे, कुमारी-२, नुवाकोट, कृष्णप्रसाद घिमिरे, लक्ष्मेश्वरी माथि नुवाकोट, सविनकुमार थापा, समुन्द्रटार-३, नवाकोट।

केन्द्रीय कारागार शाखामा राखिएको

टंक चौलागाईं, गोलबजार-९, तीनगिल्ले, काभ्रे

भुल्नामा नपरेको

राजेन्द्र लामा (समाजसेवी), सिपाली-२, काभ्रेपलान्चोक

कैदमुक्त

दिनेश गौतम, पोक्ली-२, ओखलढुंगा

छानबिनपछि छाडिएको

इन्द्रबहादुर सुनुवार, ढोकमाना-६ उदयपुर, नीलबहादुर तामाङ, ढोक्मिला-६, उदयपुर, अगरसिंह लिम्बु, ठोक्सिला-६ उदयपुर, पौदी बिगली (सुनवार), धरान, सुनसरी।

सोधपुछपछि रिहा

शैलेन्द्रकुमार राय, हरिभर्वा-२, महोत्तरी, टुकनाथ ढुंगाना, भाउसिं-४, नुवाकोट, दीपकचन्द्र आचार्य, सुन्तरा-४, झापा।

पक्राउपछि रिहा

धनप्रसाद मिश्र, कविलास-२ नुवाकोट, विष्णुदेवा पण्डित, समुन्द्रटार, नुवाकोट, यज्ञप्रसाद शर्मा, भाम्लार-६, रा सन्तानचन्द्र ज्ञवाली, उदेवल, पारसमणि पौडेल, धौलेटार।

आत्मसमर्पण

डिल्लीबहादुर सुवेदी, कविलास-१, नुवाकोट

आत्मसमर्पणपछि रिहा

चक्रपाणी अर्याल, बिसाह-३, स्याङ्जा, सूर्यप्रसाद शर्मा, नाग्लुङ-२, संकटकालको समयमा २०५८ साल माघ ८ गते जिल्लाको दक्षिणी भेग मोदी खोला तथा कालीगण्डकीको दोभानतर्फ गस्तीमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी भएको शक्तिशाली बम विस्फोट गराएकामा सुरक्षाकर्मीतर्फबाट जवाफी कारबाही गर्दा तिनै त्यसबाट भागेर कालीगण्डकीमा हाम फालेका र केही घण्टासम्म पनि नदेखिएका।

गृह मन्त्रालयका अनुसार टेकप्रसाद उपाध्याय, लिमाकोट-३, डोल्पालाई माओवादीले अपहरण गरी २०६१ चैत २३ गते मुक्त गरिदिएको जिल्ला प्रशासन कार्यालय डोल्पाले जानकारी दिएको।

डा. जीतेन्द्र महासेठ, मेडिकल कलेज, दाङ, टिकाराम सिंह, नेपालगञ्ज-१२, बाँके, सामराज अग्रवाल, डिल्लीबजार, काठमाडौं

०६१ असोज २६ गते सार्वजनिक गरिएका व्यक्तिको नाम धुनामा रहेका

तिरानाल खड्का, नलेगा-१, रुकुम, नारायण श्रेष्ठ, गिमपानी-२, बाँटाड, दीपक तामाङ, छिनापानी-२, बोटाङ, नाखर चन्द, शमाघीर-२ सल्यान, वीरबहादुर चौधरी, देउखुरी-४, दाङ, गुरुप्रसाद सिंह, कल्याणपुर, सिराहा, टेकप्रसाद सताल, पकलादी-१, स्याङ्जा, भगीरथ खनेल, उनिखाइ-६, वाग्लुङ, फान्साङ योञ्जन लामा, सिन्धुपाल्चोक, कृष्णबहादुर कार्की, भीमेश्वर-३, दोलखा, निशान विक, अमलाभीर, वाग्लुङ, रामड्याल मल्ते सिरशनी, धनुषा, अनिल राई, गोमत-४, मोरङ, प्रेम खड्का, केराबारी-५, मोरङ, धनबहादुर चेहुवाल, प्रकाशपुर-२, सुनसरी, कविराज सुब्बी, इटहरी-४, सुनसरी, दिलबहादुर शाह, थर्टी-१, अछाम, भगीरथ परियार, मोड्सा-२, अछाम, हरिप्रसाद बोलखे, फुम्बारी-८, काभ्रे, निमा दोर्जे लामा, खाले-३, काभ्रे, माधव तिमिल्सिना, काठमाडौं-४, गणेश अर्याल सिमेनी, गुल्मी, खुमबहादुर सेन, बुतिवास-२, वाग्लुङ, मनु शर्मा, झालोगाउँ-२, पर्वत, सुमित्रा पुनमगर, ढिल्ली-१, वाग्लुङ, रामबहादुर लिम्बु, इन्द्रपुर-७, मोरङ, विनोद घिमिरे, सिजुवा, मोरङ, एकलाल बस्नेत, अमरदह, मोरङ, टेकबहादुर थिम्स, मोरङ, खगेन्द्र साम्बाहाम्फे लिम्बु, बाहुनी-४, मोरङ, टेकप्रसाद अधिकारी, इमक-१४, झापा, माया गिरी, भरतपुर-९, चितवन, पीताम्बर गौडेल, कुटपानी-१, चितवन, सञ्जिव चौपाले, भरतपुर-७, चितवन, राज तुकाल, शिवनगर-४, चितवन, ओमप्रकाश शिवी, मुसा-९, रुकुम, खड्गबहादुर धनी, मुसा-९, रुकुम, बालकृष्ण केसी, मुसा-९, रुकुम, शालिकराम खड्का, मुसा-९, रुकुम, गणेश खड्का, मुसा-९, रुकुम, नातिद अली, धनकटिया-४, बाँके, जीतबहान बस्नेत, गौरी-१, रोल्पा, पुरुषोत्तम तुड्वाल, मुख्डा, झापा, मस्तबहादुर तामाङ, सिमिया-६, सुनसरी, शशिकान्त शर्मा, चालगाईं, कोहलपुर-३, बाँके, डेकराज गुरुङ, मकालु-३, सङ्खुवासभा, गोविन्द घिमिरे, केशान-१, रामेछाप, सुरेन्द्र राई, निम्बा-१, पाँचथर, दारा मोटे, हटिया-१, सङ्खुवासभा, नारायणध्वज मल्ल, बिदुर, नुवाकोट, विनोदप्रसाद ढकाल, कर्मी-८, गोर्खा, निर्मला भण्डारी, काठमाडौं चालीस, देवबहादुर महर्जन, कीर्तिपुर-१४, काठमाडौं, बाबुराजा प्रजापति, काठमाडौं-१६, गणनाथप्रसाद पाण्डे, अम्पाइ-३, गोरखा, अम्बिका मुडभरी, गुञ्जनगर-२, चितवन, लोकप्रसाद भट्टेल, पुर्वानिनगर, नवलपरासी, चेतनारायण सापकोटा, अर्गलई-४, अर्घाखाँची, भीमप्रसाद नेपाल, केरोन-१, मोरङ, गणेश ढकाल, ओख्रे-६, तेह्रथुम, कृष्णबहादुर दलाल, मिर्गे-१, दोलखा, रामचन्द्र नेपाली, फाकरबारी-१, मकवानपुर, रामराम राई, बाग्ने-२, खोटाङ, विनोद दाहाल, गुराला झामाकोली-४, सिन्धुली, रमेशप्रसाद गुरागाईं, इमक-४, झापा, रमन राई, मुगा-१, धनकुटा, सुकराम तामाङ, सातादीप-१, काठमाडौं, नवराज भण्डारी, बिदुर-१, नुवाकोट, सुविन्द महर्जन, कीर्तिपुर-१६, काठमाडौं, राजकुमार विक, धानसिङ-३, नुवाकोट, ओमबहादुर मल्ल, बिदुर-६, नुवाकोट, नरेश चौधरी, जलारमती-८, झापा, बलु तामाङ, माल्दुम-१, काभ्रे, खड्गबहादुर राई, बसार-२, उदयपुर, शुभकुमार लामा, बक्तिपुर-७ ललितपुर।

पक्राउपछि मुक्त

श्यामकृष्ण श्रेष्ठ, ननाथु, नुवाकोट, राम प्रसाई, जलाग्मती, झापा, राकेश प्रसाई, नलारमती, झापा, रामकृष्ण अधिकारी, कालेश्वरी-३, नुवाकोट, चिनीमाया मार्की, चन्द्रौल काठमाडौं, मुकुन्द घिमिरे, खामतेमा-३, भोजपुर, भीमसेनकुमार गौतम, धुलेनी शिवालय-१, काभ्रे, सीताराम भण्डारी, तडिया-४, उदयपुर, जिवन पोखेल, छोप्राक-२, गोरखा, रमेश भट्टराई, ठाकमीला-७, उदयपुर, बन्धुदेव पाण्डे, काठमाडौं-१६, बाजाजु, दीपक ठकुरी, जीवनपुर-१, धादिङ, टेकनाथ दुर्गेल, पाँचगाछी-७, झापा, श्याम भण्डारी, महेन्द्रनगर, सुनसरी, गुरुप्रसाद चौधरी, पदनाहा-२, बर्दिया, रामशंकर थारु, धधवार-८, बाँके, महादेव थारु, बर्दिया, शेरबहादुर वली, हिलैना-१, बाँके, हजारी कसी, बेलनार-२, बाँके, घनश्याम राजवंशी, चक्रचक्ले-४, झापा, रामलाल भट्टराई, अधकोट-२, अर्घाखाँची

तेजीलाल शाह, कृष्णबहादुर लिम्बू, इमक, झापा, मिलन खड्का, इमक, झापा, राकेश राई, बिर्तामोड, झापा, राजेश दुगाना, चाउथे-५, नुवाकोट, तेजप्रसाद गौतम, खोखरीचौरी-७, काभ्रे, अर्जुनकुमार केसी, जीवनपुर-८, धादिङ, विमबहादुर बानिया, लेखनाथ-११, तनहुँ, प्रकाश कार्की, डाँगीहाट-१, मोरङ, पुण्यप्रसाद भट्टराई, उर्लाबारी-४, मोरङ।

पक्राउ नगरिएको

मलिका श्रेष्ठ, समुद्रटार-३, नुवाकोट, राजकुमार राय यादव, हटवास-९, हरदीपुर धनुषा, वडी बोडगला, धप-१, सङ्खुवासभा, हिलराज कार्की, कट्टुल्ले-९, ओखलढुङ्गा।

भिडन्तमा मृत्यु

चन्द्रप्रसाद खनाल, हसपुर, गोरखा, दीपप्रकाश साह, टीका चौधरी, चैनपुर-७, चितवन

उक्त व्यक्तिहरु बाहेक नारा, चितवन र देउखका गरी आत्मसमर्पण गर्ने १७ जना व्यक्तिहरुका स्थितिसम्बन्धी विवरण पनि जेथा प्रतिवेदनमा उल्लेख गरिएका छ।

०६१ मंसिर २२ गते सार्वजनिक गरिएका व्यक्तिहरु सोधपुछपछि छाडिएको

आशा चौधरी, कैलाली, कमलराज चौधरी, कैलाली, कुमार सुब्बा, जीतपुर-२, इलाम, गणेश गैरागाई, सर्लाही, गुरुप्रसाद पाण्डे, काठमाडौं-चोक, गोविन्द थापा, जनगाल-५, काभ्रे, गामा नेहरा, कैलाली, तुलसी खनाल, मोरङ

दिलबहादुर श्रेष्ठ, थुमी-५, गोरखा, निर्मला थामी, ढुस्कुन-४, सिन्धुपाल्चोक, बाबुराम प्राखीन, चितवन, विकासकुमार भट्टराई, अर्घाखाँची, रामरतन कापर, धनुषा, शान्ताकाजी लामा, काभ्रे।

नजरबन्दपछि रिहा

श्रीराम चौधरी, बर्दिया, आन्दोलन चौधरी, दाङ, गोवर्द्धन थापा, दाङ, गीता धर्ती (रितु), दाङ, धनीराम चौधरी, बर्दिया, नरबहादुर बुढा, बाँके, प्रमोदकुमार यादव, धनुषा, फूलराम चौधरी, बर्दिया, भगीराम थारु, बर्दिया, भोलानाथ दाहाल, झापा, भोखलाल थारु, बाँके, माधव घिमिरे, लमजुङ, रितु केसी, नुवाकोट, सुरेश हमाल विक, बाग्लुङ, हरिराम चौधरी, बर्दिया, ज्ञानी चौधरी, दाङ।

नजरबन्दमा रहेको

अर्जुन ओझा, धादिङ, उमा गुरुङ, काठमाडौं, कुमार सुब्बा, इलाम, केशुराम देवट, बाँके, खड्गबहादुर राई, इलाम, गीता आचार्य, चितवन, घनश्याम अधिकारी, धादिङ, जीवछ यादव, धनुषा, जिम्दार केवट, बाँके, झवरु चौधरी, सुनसरी, तुलसी श्रेष्ठ, संखुवासभा, दुर्जन चौधरी, बर्दिया, देवेन्द्र प्याकुरेल, चितवन, धर्मप्रसाद बुढाथोकी, सुनसरी, नत्थुराम यादव, धनुषा, नसी सदाक, धनुषा, नारायण खड्का, काठमाडौं, पार्वती न्यौपाने, तनहुँ, प्रकाश लोहनी, धादिङ, प्रवेशबहादुर विष्ट, मोरङ, पुरुषोत्तम ढुंगेल, सुनसरी, विक्रम चौधरी, बाँके, युवराज चौलागाई, काभ्रे, रतीशकुमार दत्त, जनकपुर, रविन विक, बाँके, राजकुमार परियार, काठमाडौं, राजेन्द्र मण्डल, धनुषा, रामनारायण यादव, धनुषा, राधाकृष्ण यादव, धनुषा , रामविलास महत्तो, महोत्तरी, सरिता पाखिन, चितवन, साविर खाँ, बाँके, सीताराम ढकाल, सिन्धुली, होमनाराण्ण चौधरी, बाँके, दुर्गाराज गौतम, नवलपरासी, तारा पुडासैनी, गोरखा, नारायणप्रसाद चौधरी, कैलाली, रीता ढकाल, गोरखा, वरमद्दिन गोडियो, बाँके, ज्ञानेन्द्र खरेल, चितवन।

छानबिन तथा अनुसन्धान केन्द्रमा रहेका

अर्जुन ओझा, धादिङ, आनन्दराम फुयाँल, काठमाडौं, उत्तम पोखेल, मकवानपुर, कमल थापामगर, सिन्धुपाल्चोक, कमल आलेमगर, ललितपुर, कमल विक, सिनधुपाल्चोक, कृष्णदेवी महर्जन, ललितपुर, केशवप्रसाद कँडेल, धादिङ, गोटाडे तामाङ, नुवाकोट, जीवनाथ दुलाल, सिन्धुपाल्चोक, नवराज लोहनी, धादिङ, नवराज सञ्जेल, मकवानपुर, नवराज लामा, नुवाकोट, नारायण खड्का, काठमाडौं, पुण्यबहादुर राई, उदयपुर, पृथबहादुर पुनमगर, प्यूठान, फूलकुमारी पुलामीमगर, काभ्रे, वेदकुमारी मगर, सिन्धुली, भीमबहादुर जिम्म, काभ्रे, भैरवप्रसाद दुलाल, सिन्धुपाल्चोक, मीना विक, प्यूठान, यादव मगर, भोजपुर, युवराज चौलागाई, काभ्रे, राकेश राना, मकवानपुर, राजकुमार परियार, नुवाकोट, रामप्रसाद तिमिल्सिना, काभ्रे, रामेश्वर रुपाखेती, धादिङ, रामशरण ढंगोल, धादिङ, राजन पौड्याल, बारा, राजेन्द्र रेग्मी, रोल्पा, रामचन्द्र विक, सिन्धुपाल्चोक, राजेश्वर बगाले, गोर्खा, रामबहादुर क्षेत्री, सिन्धुपाल्चोक, रामशरण सुवेदी (दिवाकर), नुवाकोट, लीला थापा, प्यूठान, शम्भु मिजार, धादिङ, शारदा अर्याल, काभ्रे, शिवकुमार अरौलीय, धादिङ, शिवलाल कार्की, दोलखा, सीताराम ढकाल, सिन्धुली, सुकराम पाखिन, मकवानपुर, सुजन गुरुङ, कास्की, सुब्बा दुलाल, सिन्धुपाल्चोक, हरिप्रसाद दुलाल, ललितपुर।

आत्मसमर्पण

यमलाल पुरी, नवलपरासी

दुई चरणका सुझाव पेश गरेको थियो। मन्त्रिपरिषद्को असोज २५ गते बसेको बैठकले समितिका सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरेको थियो। सरकारले अनुगमनको जिम्मा प्रेस काउन्सिललाई सुम्पिएको छ। सरकारले ०६१ साउन ३२ गते गरेको निर्णयअनुसार सूचना तथा सञ्चारमन्त्रीको संयोजकत्वमा आठ सदस्यीय सो समिति गठन गरेको थियो। सो समितिले ०६१ असोजमा प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष प्रतिवेदन पेश गरेको थियो।

अदालती आदेशको अवज्ञा

मानिसलाई गैरन्यायिक तवरले पक्राउ गर्ने र बेपत्ता पार्ने कार्य यो वर्ष पनि कायमै रह्यो। बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा बेपत्ता परिएकाहरुको स्थिति सार्वनिक गर्न अदालतले दिएको आदेशको पनि सुरक्षा निकायले पटक-पटक बेवास्ता गऱ्यो। सेनाले गिरफ्तार व्यक्तिका सम्बन्धमा अदालतलाई पटक-पटक अन्योलमा राख्ने गरी जवाफ पठाउने गरिएको तथ्य बेपत्ता परिएकाहरुको स्थिति सार्वजनिक गर्न गठित समितिको प्रतिवेदनमा जनाइएको छ। ०६१ असोज २६ गते सार्वजनिक गरिएको उक्त प्रतिवेदनअनुसार अधिवक्ताद्वय जीतमान बस्नेत र सुजीन्द्र महर्जन हिरासतमा रहेको उल्लेख गरिएको थियो। तर, दुवै जनाको हकमा यसअघि सर्वोच्च अदालतले सोधेको प्रश्नमा सेनाले हिरासतमा नराखिएको भन्ने जवाफ दिएको थियो। यसैगरी अदालतले दिएको रिहा गर्ने आदेशको पालना गर्दै रिहा गर्ने र पुन: पक्राउ गर्ने कार्यलाई सेनाले यो वर्ष पनि पछ्याएको छ। ०६१ मंसिर २४ गते कपन गाविस-३ का ३६ वर्षीय प्रकाश थापालाई जिल्ला प्रशासन कार्यालय परिसर, बबरमहलबाट रिहा गर्नासाथ सादा पोशाकमा १५-२०

जनाको संख्यामा रहेका सुरक्षाकर्मीले पुन: गिरफ्तार गरे। प्रकाश थापालाई रिहा गर्न सर्वोच्च अदालतले मंसिर २३ गते आदेश दिएको थियो। प्रकाश थापालाई ०६१ कार्तिक २५ गते सुरक्षाकर्मीले आफ्नै घरवाट गिरफ्तार गरी वेपत्ता वनाएका थिए। थापालाई पुन: गिररुतार गरेपछि सुरक्षाकर्मीले प्रमुख जिल्ला अधिकारीको आदेशमा श्रीजंग गण, सिंहदरवारमा राखिएको जानकारी गरायो।

सुरक्षाकर्मीद्वारा वेपत्ता पारिएकाको सम्वन्धमा अदालतवाट वेला-वेला जवाफ माग गरिएको भए पनि कतिपय वेला सो सम्वन्धमा सुरक्षा निकाय गम्भीर भएको पाइएन। प्रधानन्यायाधीश गोविन्दवहादुर श्रेष्ठ सम्मिलित सर्वोच्च अदालतको संयुक्त इजलासले असार ७ गते प्रधानसेनापतिका नाममा आदेश जारी गर्दै मानवअधिकारको संरक्षण र कानुनी शासनको पालना गरी अदालतलाई सहयोग पुऱ्याउन आदेश दिएको थियो। सुरक्षाकर्मीद्वारा वेपत्ता पारिएका एक बन्दीको विषयमा जवाफ नपठाएको सन्दर्भमा सो आदेश जारी गरिएको थियो।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षले प्रधानमन्त्री तथा रक्षामन्त्रीका नाममा ०६१ भदौ ११ गते एक पत्र पठाउनु भयो। उक्त पत्रमा भनिएको छ, "आयोगको काम-कारवाहीको सन्दर्भमा आयोगको प्रत्यक्ष सम्वन्ध नागरिक प्रशासनसँग हुनु उपयुक्त हुन्छ तापनि सेनासमेत परिचालित भएको वर्तमान सन्दर्भमा शाही नेपाली सेनाको सहयोगविना आयोगले प्रभावकारी रुपमा आफ्नो दायित्व पूरा गर्न सक्दैन। यसै सिलसिलामा आयोगले आफ्नो श्रोतवाट जानकारी लिएका मानवअधिकार उल्लंघनका तथ्यहरुको सम्वन्धमा सम्वन्धित निकायहरुको पनि धारणा लिने प्रयास गरेको छ। तर यस कार्यमा सम्वन्धित निकाय विशेष गरी शाही नेपाली सेनावाट ज्यादै कम मात्र जानकारी आएको छ।"

पत्रमा अगाडि लेखिएको छ- "मानवअधिकारको संरक्षणमा के-कस्ता समस्या छन् र मानवअधिकारको संरक्षणमा सरकारका निकायहरुले आयोगबाट कसरी सहयोग लिन सक्दछन् भन्ने सम्वन्धमा आयोगको पहलमा पाँचै विकास क्षेत्रमा शाही नेपाली सेनालगायत्का सुरक्षा निकायका प्रतिनिधिहरुवीचको अन्तरक्रिया सम्पन्न भएकाले धेरै हदसम्म आपसी सहयोगको वातावरण सृजना भएको महसुस गरी यसैको निरन्तरतास्वरुप समसामयिक विषयमा छलफल गर्न आयोगले ०६१ साउन २८ गते प्रधानसेनापतिलाई आयोगमा छलफलको लागि आमन्त्रण गरी पत्र पठाइएकोमा सो सम्वन्धमा शाही नेपाली जंगी अड्डावाट कुनै चासो देखाइएको छैन।"

प्रधानसेनापतिले कार्य व्यस्तताका कारण आफू उपस्थित हुन नसक्ने जानकारी आयोगलाई दिनु भएको थियो। प्यारजंग थापाका सट्टा छलफलका लागि आयोगमा कार्यरथी विभागका उपरथी अमर पन्त, प्राड विभाग प्रमुख सहायक रथी वीएकुमार शर्मा र मानवअधिकार इकाईका प्रमुख सेनानी राजु नेपाली आयोग पुग्नुभएको थियो। आयोगमा वोलाइएको पाँच महिनापछि प्रधानसेनापति पनि आयोगमा छलफलका लागि जानुभयो। उक्त छलफलमा मानवअधिकारको वर्तमान अवस्था र मानवअधिकारको प्रभावकारी संरक्षणका लागि यथाशक्य चाँडो प्रभावकारी व्यवस्था मिलाउने र आपसी अन्तरक्रिया चालु राख्ने सहमति भएको थियो। आयोगका अध्यक्ष नयनवहादुर खत्री, प्रधानसेनापति प्यारजंग थापा र रक्षा सचिव विष्णुदत्त उप्रेतीवीच भएको उक्त छलफल सम्बन्धमा आयोगद्वारा ०६१ मंसिर १० गते जारी गरिएको विज्ञप्तिमा जनाइएको छ।

बेपत्ता पारिएका नागरिकसम्बन्धी छानबिन समितिको प्रतिवेदन सार्वजनिक

०६१ असार महिनामा रक्षा मन्त्रालयका प्रतिनिधिसहित रहने गरी गठन गरिएको समितिले यो वर्ष चार पटक बेपत्ता पारिएका नागरिकहरुको स्थिति सार्वजनिक गऱ्यो। राज्यले पक्राउपछि वेपत्ता पार्ने क्रम बढेको भन्दै राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमै दवाव आउन थालेपछि गृह सचिव नारायणगोपाल मलेगोको संयोजकत्वमा छानविन समिति गठन गरिएको थियो। ०६१ साउन २७ गतेको पहिलो प्रतिवेदनमा २४ जना र भदौ २९ गते सार्वजनिक गरिएको दोस्रो प्रतिवेदनमा ५४ जनाको स्थिति सार्वजनिक गरिएको थियो। गृह मन्त्रालयले १ सय २६ जनाको अवस्था ०६१ असोज २५ गते सार्वजनिक गऱ्यो। यसैगरी छानविन समितिले ०६१ मंसिर २९ गते चौथो प्रतिवेदन सार्वजनिक गऱ्यो। उक्त प्रतिवेदनमा १ सय १६ जनाको स्थिति सार्वजनिक गरिएको छ। तर, चारवटै प्रतिवेदनमा, व्यापक चासो देखाइँदै आएको अनेरास्ववियु (क्रान्तिकारी) का पूर्वउपाध्यक्ष कृष्ण केसी, महासचिव पूर्ण पौडेल, दिलवहादुर राई, जीवन राई, विपिन भण्डारीलगायत्का व्यक्तिहरुका सम्वन्धमा भने उल्लेख गरिएन।

पक्राउपछि वेपत्ता पारिएको सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगलगायत् विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवअधिकार संघसंस्थाहरुले सरकारको व्यापक आलोचना गर्दै आएका छन्। आयोगले यस सम्वन्धमा सरकारलाई पटक-पटक सचेत गरायो।

देशको बढ्दो राजनीतिक अस्थिरताका कारण सशस्त्र युद्धका नाममा वढ्दोरुपमा गैरन्यायिक हत्याका घटनाहरु भएका छन्। त्यस्तैगरी विनाकारण मानिसलाई पक्राउ गर्ने र वेपत्ता पार्ने कार्य जारी नै रह्यो। भने मानिसलाई गैरन्यायिक तवरले मार्ने तथा अन्य प्रकारले दु:ख दिनेहरुलाई आवश्यक

कारबाही गर्ने कार्य बिल्कुलै भएन। पूर्वाञ्चलको सुनसरीमा सैनिकहरुद्वारा एक बालिकालाई बलात्कृत गरिएको घटनामा सेनाहरुलाई पूर्वी पनाले आवश्यक कारबाही गरेको बनाए पनि त्यो हात्तीको देखाउने दाँत जस्तो मात्र भयो।

संयुक्त राष्ट्रसंघमा प्रतिवेदन प्रस्तुत

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्ध महासन्धि, १९८४ को दोस्रो, तेस्रो र चौथो आवधिक प्रतिवेदन संयुक्त रुपमा सरकारले २००४ को मार्च महिनामा संयुक्त राष्ट्रसंघको यातना विरुद्धको समितिमा पठायो। प्रतिवेदनमा धारागत रुपमा चर्चा गरिएको छ। प्रतिवेदनमा यातना तथा क्षतिपूर्ति ऐन, २०५३ मा भएका कमी-कमजोरीहरुलाई पनि उल्लेख गरिएको छ। प्रतिवेदनमा राष्ट्रिय मानव अधिकार आयोगलाई ऐनबमोजिम स्वायत्त संस्थाको रुपमा स्थापना गरिएको, सुरक्षा निकाय र गृह मन्त्रालयअन्तर्गत गठन गरिएका मानवअधिकार इकाईहरु, राष्ट्रिय मानव अधिकार प्रवर्द्धन केन्द्र गठन गरिएका कुराहरुलाई समावेश गरिएको छ। प्रतिवेदनमा यातना दिन नहुनेजस्ता कुरा पनि समावेश गरिएको छ। सन् १९९६ देखिको यातनाविरुद्धको महासन्धिको प्रतिवेदन सरकारले संयुक्त राष्ट्रसंघमा पठाउन सकेको थिएन। सन् १९९६ मा दोस्रो र सन् २००० मा तेस्रो आवधिक प्रतिवेदन सरकारले संयुक्त राष्ट्रसंघमा बुझाउनु पर्ने थियो। तर, लामो अन्तरालपछि सो प्रतिवेदन संयुक्त राष्ट्रसंघमा पठाइएको छ।

जेनेभामा भएको संयुक्त राष्ट्रसंघको ५९ औं साधारण सभामा तत्कालीन परराष्ट्र राज्यमन्त्री डा. प्रकाशशरण महत ०६१ असोज १२ गते सहभागी हुनुभयो। सभालाई सम्बोधन गर्दै परराष्ट्र मन्त्री महतले मानवअधिकार संरक्षण, शान्ति-सुरक्षा स्थापना एवं आतंकवाद र बाल सैनिक भर्ना विरुद्ध नेपालको अडान र भूमिकालाई प्राथमिकताकासाथ राख्नुभयो। त्यसअघि सूर्यबहादुर थापा सरकारका परराष्ट्रमन्त्री भेषबहादुर थापाले पनि संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको ६० औं सभामा नेपालकातर्फबाट प्रतिनिधित्व गर्दै नेपालको बिग्रदो मानवअधिकार अवस्थाका सम्बन्धमा भएको व्यापक आलोचना विपरीत सरकारको धारणा प्रस्तुत गर्दै सुरक्षानिकायअन्तर्गत रहेका मानवअधिकार इकाइहरुको प्रभावकारी कार्यान्वयनका बारेमा पनि बताउनु भएको थियो।

०६१ मंसीर २८ गते राष्ट्रिय मानव अधिकार आयोगलाई मदत पार्न सरकारले संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगसग समझदारी पत्रमा हस्ताक्षर गर्‍यो। मानवअधिकारकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त लुइस आर्बर र परराष्ट्र राज्यमन्त्री डा. प्रकाशशरण महतद्वारा हस्ताक्षरित उक्त सम्झौतामा राष्ट्रिय मानव अधिकार आयोगलाई प्राविधिक सहयोगलगायत्का विषयमा सहयोगसम्बन्धी विषयहरु समेटिएका छन्। राष्ट्रिय मानव अधिकार आयोग ऐन बमोजिमका कार्य गर्न सहयोग पुर्‍याउने उद्देश्यले सरकारले राष्ट्रसंघीय मानवअधिकार आयोगसग समझदारीपत्रमा हस्ताक्षर गरेको हो। आवश्यकता अनुसार राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय र शाखा कार्यालयहरुलाई सल्लाह र सुझावका लागि विशेषज्ञहरुको व्यवस्था गरिने, मानवअधिकारसम्बन्धी तालिम सामग्रीहरु, अनुगमन निर्देशिका र व्यवसायिक तालिमहरुको थप विकास गरिने, मानवअधिकारका घटनाहरुको प्रशोधन, विश्लेषण र रिपोर्टिङका लागि दक्षता वृद्धि गराउने, आयोगको अनुरोधमा सहयोग र सल्लाहका लागि संयुक्त राष्ट्रसंघीय स्वयंसेवकहरुको व्यवस्था गरिने, बैठकका लागि आवश्यक सामाग्रीहरु र राष्ट्रव्यापी स्थलगत अनुगमनका लागि सञ्चार साधनहरु, सुरक्षा साधनहरुलगायत् आयोगको सम्पूर्ण व्यवस्थापक र प्रशासनको प्राविधिक कार्यका लागि सहयोग उपलब्ध गराइने सम्झौता भएको छ। समझदारी पत्रमा हस्ताक्षर भएको मितिदेखि नै यो सहयोग लागु हुने जनाइएको छ।

मानवअधिकार सेलको प्रतिवेदन

शाही नेपाली सेनामा मानवअधिकार सेलको गठनपछि सेलले सेनाद्वारा गरिएका मानवअधिकार उल्लंघनका घटनाहरुका बारेमा छानबिन गर्दै विभिन्न घटनामा संलग्न दोषी सैनिकहरुलाई दिइएको दण्ड सजायका बारेमा आफ्नो प्रतिवेदन ०६१ मंसिर २३ गते शाही नेपाली सेनाको मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गर्‍यो। सन् २००१ देखि २००४ सम्म सैनिकबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरुमा छानबिनबाट देखिएका परिणामहरुलाई प्रतिवेदनमा उल्लेख गरिएको छ। मानवअधिकार उल्लंघनका ३९ वटा घटनामा सैनिक ऐन २०१६ को दफा ६० अनुसार कारबाहीको क्रममा ४३ जनालाई जेल सजाय, ३० जनालाई सेवाबाट हटाएको, ११ जनालाई घटुवा गरिएको, ४ जनाको ग्रेड रोक्का, ९ जनाको बढुवा रोक्का र ८ जनालाई चेतावनी दिइएको छ। प्रतिवेदनमा बाके चिसापानीको घटना, काठमाडौं टोखाको कान्छा डंगोलको घटना, चितवनको जीटीजेडका पदाधिकारीहरुप्रति दुर्व्यवहार गरिएको घटना, साफेबगरको घटना, काउले नुवाकोट, काभ्रेको पोखरीचौरीको घटनालगायत्का घटनाहरुमा संलग्न दोषीउपर कारबाही गरिएको छ। यसैगरी सुरक्षाकर्मीद्वारा चन्दा माग्ने, अपहरण कार्यमा सलग्न केही घटनाहरुको पनि मानवअधिकार सेलले छानबिन गरी दोषी उपर कारबाही गरेको छ। सशस्त्र द्वन्द्वका नाममा देशमा हत्या हिंसा र आतंक बढ्न थालेपछि शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला २३ नोभेम्बर २००१ मा नेपालमा पहिलो पटक संकटकाल लागु गरिएको

थियो। त्यसपछि आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ जारी गरी अधिराज्यभरी नै शाही नेपाली सेना परिचालन गरिएको थियो। शाही नेपाली सेना परिचालन गरिएपछि मानवअधिकारको रक्षा र अन्तर्राष्ट्रिय मानवीय कानुन पालनाका लागि जुलाई ८, २००२ मा शाही नेपाली सेनाअन्तर्गत मानवअधिकार सेल गठन गरिएको थियो। शाही नेपाली सेनाको मानवअधिकार सेलले मानवअधिकार उल्लंघन गर्ने सेनाहरुमाथि गरिएको दण्ड सजायले भविष्यमा नेपालमा देखिएको दण्डहीनताको प्रवृत्तिमा कमी आउने संकेत गरेको छ। शाही नेपाली सेनाको यस कदमले मानवअधिकार उल्लंघन गर्ने कोही पनि व्यक्ति यसको कानुन अनुसारको सजाय भोग्न तयार हुन पर्दछ भन्ने जनाएको छ।

गएको वर्ष शाही नेपाली सेनाको गैरप्राविधिक क्षेत्रमा महिलाहरुलाई पहिलो पल्ट भर्ति गरिएको थियो। भर्ति गरिएका महिलाहरुलाई ०६० माघ २६ गतेदेखि सैनिक आधार तालिम प्रदान गरिएको थियो। पहिलो पटक आधार तालिमवाट १ सय ९७ जना महिला सैनिक कार्यक्षेत्रमा प्रवेश गरेका छन्। महिला सैनिक आधार तालिमको अन्तिम दिन ०६१ साउन १८ गते कवाज प्रदर्शन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानसेनापति प्यारजंग थापाले शाही नेपाली सेनाको योजनाअनुरुप थप २ सय ५१ जना महिला भर्ति गरिने भएको जनाउनुभयो। प्रधानसेनापतिले योजनाअनुसार कूल संख्याको पाँच प्रतिशत महिला पुऱ्याउने लक्ष्य शाही नेपाली सेनाले लिएको बताउनुभयो। उहाँले प्रतिस्पर्धाबाट सिधै अधिकृत पदमा भर्ति हुन पाउने व्यवस्था महिलाका निम्ति पनि गरिने बताउनुभयो। त्यसैगरी महिला सैनिकलाई पनि शान्ति सेना तथा अन्य मिसनमा भाग लिन पठाउने योजनासमेत रहेको जनाइएको छ।

बृद्ध, अपांग तथा विधवा भत्ता बृद्धिलगायत्का लोककल्याणकारी प्रयास

उपप्रधानमन्त्री एवं अर्थमन्त्री भरतमोहन अधिकारीले विघटित संसद्मा प्रतिनिधित्व गर्ने चार राजनीतिक दलको संयुक्त सरकारका नीति तथा कार्यक्रमहरुलाई समेट्दै आर्थिक वर्ष ०६१/०६२ मा १ खर्व ११ अर्व ६८ करोड ९९ लाख रुपैयाँको अध्यादेश बजेट ०६१ साउन १ गते प्रस्तुत गर्नु भयो। वजेटलाई साधारण र विकास गरी दुई भागमा वर्गीकरण गर्ने परम्परालाई परिवर्तन गरी चालू, पुँजीगत र साँवा भुक्तानी गरी तीन वर्गमा विभाजन गरियो। जस अनुरुप कुल खर्च अनुमानमध्ये चालू खर्चका लागि रु ६७ अर्व ६० करोड ४ लाख ३१ हजार, पुँजीगत खर्चका लागि ३१ अर्व ५७ करोड ७५ लाख २१ हजार र ऋणको साँवा भुक्तानीका लागि रु. १२ अर्व ५० करोड ३९ लाख ४८ हजार रुपैयाँ छुट्याइयो।

आर्थिक वर्ष ०६०/०६१ को संशोधित अनुमानको तुलनामा आर्थिक वर्ष ०६१/०६२ का लागि प्रस्तावित चालू खर्च १९.१९ प्रतिशतले, पूँजीगत खर्च २९.०५ प्रतिशतले, ऋणको साँवा भुक्तानीको खर्च १४.५३ प्रतिशतले र कूल खर्च २१.२६ प्रतिशतले बढी रह्यो।

मानवअधिकारको संरक्षण र प्रजातन्त्रको सुदृढीकरणका लागि यो वर्ष राष्ट्रिय मानव अधिकार आयोगलाई शक्ति सम्पन्न वनाइने योजना बजेटमार्फत् अघि सारियो। आयोगको अनुगमन क्षमतामा बृद्धि गर्न तथा मानवअधिकार प्रवर्द्धन केन्द्रका लागि पर्याप्त बजेटको व्यवस्था गरियो। राष्ट्रिय मानवअधिकार कार्ययोजना कार्यान्वयन गर्ने क्रममा यस वर्षदेखि सो कार्ययोजनामा परेका कार्यक्रमहरु तत्-तत् मन्त्रालयको कार्यक्रममा समावेश गरी सञ्चालन गर्ने व्यवस्था मिलाइएको जनाइयो। बजेटले बृद्ध, विधवा, महिला, बालबालिकालगायत् द्वन्द्वबाट पीडित परिवार तथा अन्धा, अपांगको सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति अनुरुप यो आर्थिक वर्षमा बृद्ध, अपांग तथा विधवा भत्तामा वृद्धि गरियो। बृद्ध भत्तामा २५ रुपैयाँ थप गरी १७५, ६० वर्ष उमेर पुगेका विधवा महिलाहरुलाई पनि रु. २५ थपी रु. १२५ पुऱ्याइयो। अशक्त, अपांगहरुलाई मासिक रु. १०० भत्ता दिने गरिएकोमा रु. ७५ वृद्धि गरी रु. १७५ पुऱ्याइयो। द्वन्द्वका कारण विधवा भएका महिलाहरुले विधवा भत्ताका लागि ६० वर्ष उमेरसम्म पर्खनु नपरोस् भनेर विधवा भएकै समयबाट सो भत्ता उपलब्ध गराउने व्यवस्था यस आर्थिक वर्षको वजेटमा गरियो। आ. ब. ०५१/०५२ को बजेटबाट बृद्ध भत्ता व्यवस्था शुरु गरिएको थियो।

वजेट चार पार्टीवीचको न्यूनतम साझा कार्यक्रमलाई समेटेर तयार गरिएको बताइएको थियो। त्यसैले बजेटमा शान्ति स्थापना, राहत, पुनर्स्थापना, पुनर्निमाण, सामाजिक तथा आर्थिक रुपान्तरण र अग्रगमन, साधन, स्रोत र अवसरमा न्यायोचित पहुँच तथा अधिकारको निक्षेपण तथा आर्थिक सुधार एवम् लगानी प्रबर्द्धनको माध्यमबाट आर्थिक गतिविधिमा विस्तार तथा रोजगारीका अवसरहरु सृजना गरी गरिवी निवारणमा थप टेवा पुऱ्याउने जस्ता चार प्रमुख उद्देश्य निर्धारण गरिएका थिए। पछिल्ला वर्षहरुमा शान्ति सुरक्षासम्बन्धी समस्याले गर्दा विकास खर्च सही ढंगमा परिचालित हुन नसकेको कुरालाई विशेष जोड दिंदै बजेटले शान्ति स्थापनाका लागि विशेष प्याकेजको घोषणा गऱ्यो।

शान्ति वार्ता अघि वढाउनका लागि शान्तिकोष स्थापना गर्न २ करोड छुट्याइयो। द्वन्द्वपीडितहरुलाई तत्काल क्षतिपूर्ति र राहत प्रदान गर्न ५ करोड रुपैयाँ विनियोजन गरियो। द्वन्द्वका कारण नष्ट वा क्षतिग्रस्त विद्यालय, स्वास्थ्य चौकी, सञ्चार टावर, पुल, विद्युत गृहलगायत् पुर्वाधारहरुको पुनर्निमाण तथा विस्थापित समुदायको पुनर्स्थापना, ध्वस्त

भएका जिल्ला सदरमुकामहरुको पुनर्निमाण र पुनर्स्थापनाको लागि ६० करोड रुपैयाँ विनियोजन गरियो। बजेटको एउटै मात्र लक्षित कार्यक्रमका रुपमा शिक्षा क्षेत्रलाई विशेष जोड दिँदै "सबैका लागि शिक्षा कार्यक्रम" ०६१-०६६ घोषणा गर्दै १७ अर्ब ९२ करोड ३१ लाख रुपैयाँ विनियोजन गरियो।

बजेट वक्तव्यमा नेपालमा कार्यरत श्रमिकहरुको न्यूनतम ज्याला निर्धारण गर्न स्थायी न्यूनतम ज्याला निर्धारण समिति गठन गर्ने योजना अघि सारियो। समितिको सिफारिसका आधारमा कृषि तथा अन्य अनौपचारिक क्षेत्रको ज्याला दरको पुनरावलोकन गर्ने घोषणा गरियो।

गाविस अनुदानअन्तर्गत प्रत्येक गाविसलाई ५ लाख रुपैयाँका साथै समयमै रकमको सदुपयोग गरी कार्य सम्पन्न गर्ने गाविसलाई प्रोत्साहनस्वरुप थप २ लाख रुपैयाँ रकम उपलब्ध गराउने घोषणा समेत गरियो।

मानवअधिकार स्थितिप्रति अन्तर्राष्ट्रिय चासो

देशमा बढ्दै गएको मानवअधिकार उल्लंघन र हत्या हिंसाका विरुद्ध यो वर्ष पनि विभिन्न अन्तर्राष्ट्रिय समुदायले बेला-बेला चासो व्यक्त गरे। ०६१ असोज २१ गते न्यूयोर्कस्थित ह्युमनराइट्स वाचका वरिष्ठ अनुसन्धानकर्ता पिटर बुकार्टले मानवअधिकार उल्लंघनकर्ताहरुले भविष्यमा युद्ध अपराधीका रुपमा मुद्दा खेप्नुपर्ने चेतावनी दिनुभएको थियो। मानवअधिकारसम्बन्धी अनुसन्धानका निम्ति नेपाल सबैभन्दा अप्ठ्यारो मुलुक हो भन्दै उहाँले सरकार र माओवादी दुवैले गलत सूचना प्रवाह गर्ने गरेको बताउनु भयो।

२००३ मा नेपाल संसारमै सबैभन्दा धेरै नागरिकलाई बेपत्ता पारिने मुलुकको रुपमा चित्रित भएको उल्लेख गर्दै बुकार्टले १ हजारभन्दा बढी व्यक्ति बेपत्ता पारिनुलाई गम्भीर स्थितिका रुपमा लिनुपर्ने जनाउनु भयो। यसैगरी ०६१ मंसिर १३ गते कानुनविदहरुको अन्तर्राष्ट्रिय आयोग (आइसीजे) ले सरकारसमक्ष मानवअधिकार उल्लंघन तत्काल रोक्न माग गरेको थियो। सरकार र माओवादी दुवै पक्षबाट भएका मानवअकिार उल्लंघनप्रति गम्भीर ध्यानाकृष्ट भएको जनाउँदै आइसीजेका महासचिव निकोलास हावेनले कानुनको शासन उल्लंघन गरेर शान्ति स्थापना हुनसक्दैन भन्नुभएको थियो। मानवअधिकार स्थितिको अवलोकन गर्न नौ दिने कार्यक्रमसहित आइसीजेको प्रतिनिधिमण्डल ०६१ मंसीर ४ गते नेपाल आएको थियो। संसद स्थीर नहुँदा जनअधिकार रक्षाका लागि अदालतले मुख्य भूमिका खेल्नुपर्ने उल्लेख गर्दै आईसीजेले बन्दीप्रत्यक्षीकरण मुद्दामा जारी हुने आज्ञा आदेशहरु पालना गर्न सरकार र सेनालाई आग्रह गरेको थियो।

०६१ मंसिरको अन्तिम सातातिर नेपाल आइपुगेको युरोपेली संघको उच्च प्रतिनिधि टोली (ट्रोइका) ले नेपालमा मानवअधिकार हनन बढ्ने क्रम जारी रहेको बताएको थियो। टोलीले राष्ट्संघीय मानवअधिकार आयोगको मानवीय कार्यालय काठमाडौंमा छिट्टै स्थापना हुने जानकारी पनि दिएको थियो। टोलीले अन्तर्राष्ट्रिय समुदायको आग्रहअनुरुप सरकार र माओवादी दुवै पक्षलाई मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्न अनुरोध गरेको थियो। तीनदिने नेपाल भ्रमणका क्रममा टोलीले ०६१ मंसिर ३० गते पत्रकार सम्मेलनको आयोजना गर्दै २००५ को मार्च-अप्रिलमा जेनेभामा बस्ने राष्ट्रसंघीय मानवअधिकार आयोगको बैठकको ६१ औं सत्रमा नेपालको मानवअधिकार स्थिति पुनरावलोकन गरिने जनाएको थियो।

०६१ पुस ४ गते तीनवटा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एमनेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच तथा इन्टरनेसनल कमिसन अफ जुरिस्टले नेपालको गहिरिँदो मानवअधिकार संकटका कारण यहाँका मानवअधिकार रक्षकहरु गम्भीर जोखिममा परेको कुरा बताएका थिए। एमनेष्टी इन्टरनेशनलकी एसिया निर्देशक इन्ग्रिड मसाजेले नेपालका मानवअधिकार रक्षकहरुले सुरक्षाफौज र माओवादीले गरेका गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरुबाट नागरिकहरुलाई संरक्षण दिनका लागि प्रभावकारी भूमिका निर्वाह गरेका छन् भन्दै मानवअधिकार रक्षकहरुमाथिको प्रहारले उनीहरुको अधिकारको उल्लंघन मात्र गर्दैन, यसले त तमाम नेपाली नागरिकहरुको असहायपनामा समेत वृद्धि ल्याउँछ भन्नु भएको थियो। यसैक्रममा ह्युमन राइट्स वाचका एसिया निर्देशक ब्राड आडम्सले मानवअधिकारको प्रभावकारी अनुगमन सबैभन्दा प्रमुख कुरा भएको बताउनु भएको थियो भने आईसीजेका महासचिव निकोलास हवेनले नेपालको मानवअधिकार संकटप्रति संयुक्त राष्ट्रसंघका मानवअधिकार विज्ञहरु तथा युरोपियन युनियनको बढ्दो अनुगमन अन्तर्राष्ट्रिय चिन्ता अधिक हुँदै जानुको उदाहरण हो भन्नुभयो।

सहायता कोषको रकम वितरणमा विवाद

विपन्न तथा असहायका लागि प्रधानमन्त्री सहायता कोषबाट वितरण गरिने रकमका सम्बन्धमा पनि यस वर्ष विवाद देखापर्‍यो। असहाय र विपन्न वर्गका लागि छुट्टाएको रकम राजनीतिक कार्यकर्ताहरुलाई वितरण गरिएको र जसले पाउनु पर्ने हो त्यो समुदाय वञ्चित रहेको भन्दै रकम वितरणको आलोचना भयो।

मन्त्रिपरिषदबाट ०६१ कार्तिक २ गते निर्णय गरी ३० जना मन्त्रीले आफ्ना कार्यकर्ताका लागि प्रधानमन्त्री सहायता कोषबाट ४० लाख रुपैयाँको सिफारिस गरेको सार्वजनिक भयो। प्रधानमन्त्री सहायता कोष नियमावलीमा विपन्न, असहाय र अशक्तलाई सहायताको सिफारिस गर्न प्रधानमन्त्री

तथा मन्त्रिपरिषद सचिवालयका सचिवको संयोजकत्वमा गृह, समाजकल्याण, अर्थ सचिव रहेको समिति गठनको व्यवस्था छ।

सरकारबाट आर्थिक सहायता वितरण गर्दा विभेद भएको कुरा पनि यस वर्ष चर्चामा रह्यो। सरकारले श्री ५ अधिराजकुमारी हेलेन शाहको विदेशमा उपचारका लागि १ करोड २० लाख रुपैयाँ सहायता स्वरुप दिएको थियो। तर वरिष्ठ कलाकार शिवशंकरलाई १ लाख रुपैयाँ मात्र दिएको थियो। यसरी खर्च गरिनुलाई प्रजातान्त्रिक पद्धतिसंगत मान्न नसकिनु अस्वभाविक थिएन।

सरकारद्वारा प्रदान गरिएका आर्थिक सहायताका सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारसँग स्पष्टिकरण माग गरेको थियो। यस सम्बन्धमा अख्तियारले सरकारलाई पत्र लेखि गृह मन्त्रालयमार्फत् आर्थिक सहायता चन्दा पुरस्कारका नाममा रकम निकासा र वितरण गरिएको सम्बन्धमा उचित जवाफ मागेको थियो। उक्त प्रश्नप्रति ०६१ कार्तिक १२ गतेको मन्त्रिपरिषदको नियमित वैठकमा निकै लामो छलफलपछि जवाफका लागि प्रधानमन्त्री शेरबहादुर देउवाले मुख्य सचिवलाई ऐननियमअनुसार जवाफ दिन लगाउनु भएको थियो। सरकारद्वारा बाँडिएको रकमका सम्बन्धमा परेको एक रिट निवेदनमा ०६१ कार्तिक १७ गते प्रधानमन्त्री शेरबहादुर देउवा र उहाँको मन्त्रिपरिषद्मा संलग्न सदस्यहरुको सिफारिसमा बाँडिएको रकमको पूर्ण विवरण १५ दिनभित्र पेश गर्न सर्वोच्च अदालतले आदेश समेत जारी गरेको थियो।

पेट्रोलियम पदार्थको मूल्य बृद्धि र जनविरोध

सरकारले एक महिने अवधिमा दुई पटकसम्म पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्‍यो। अन्तर्राष्ट्रिय वजारमा मूल्यबृद्धि भएको कारण देखाएर सरकारले ०६१ साउन २८ गतेदेखि नै लागू हुनेगरी डिजेल र मट्टितेल बाहेकका पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्‍यो। जनसाधारणको हितविपरीत भए पनि पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्न सरकार वाध्य भएको भन्दै खाना पकाउने ग्याँस, पेट्रोल र हवाई इन्धनको मूल्यवृद्धि गरियो। सोही क्रममा यसभन्दा पहिले घरेलु प्रयोगका लागि सहुलियत दरमा आपूर्ति गराइँदै आएको मट्टितेलको आपूर्ति पनि वन्द गरायो। सहुलियत दरको मट्टितेल प्रतिलिटर २० रुपैयाँमा पाइन्थ्यो भने वजारमा २४ रुपैयाँ तिर्नुपर्थ्यो। मन्त्रिपरिपद्को साउन २८ गतेको वैठकले गरेको पेट्रोलियम पदार्थको मुल्यबृद्धि गर्ने निर्णयअनुसार, खाना पकाउने (एलपी) ग्याँसको मूल्यमा प्रति सिलिन्डर २५ रुपैयाँ वृद्धि गरी सातसय २५ पुऱ्याएको थियो। हवाई इन्धनमा सबैभन्दा वढी प्रतिलिटर १३ रुपैयाँ वृद्धि गरी ४६ रुपैयाँ कायम गरियो भने डिजेलको मूल्य भने यथावत रह्यो। अन्तर्राष्ट्रिय बजारमा विगत १५ महिनामा पेट्रोलियम पदार्थको मूल्यमा ६३ प्रतिशतसम्म वृद्धि हुँदा पनि मूल्य नवढाइएकाले नेपाल आयल निगमलाई एक अर्ब ५६ करोड नोक्सानी भएको दावी सरकारले गरेको थियो। सोहीक्रममा सरकारले पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय मूल्यसँग स्वतः समायोजन हुने गरी निर्धारण गर्ने व्यवस्था मिलाउन राष्ट्रिय योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो। ०६१ असोज १ गते सरकारले दोस्रो पटक पेट्रोलियम पदार्थमा मूल्यबृद्धि गर्‍यो। असोज १ गतेदेखि लागू हुने गरी डिजेल तथा मट्टितेलमा प्रतिलिटर चार रुपैयाँ र खाना पकाउने एलपी ग्याँसमा २५ रुपैयाँ मूल्य बृद्धि गरियो। मुल्यवृद्धिपछि मट्टितेल खुल्ला प्रतिलिटर २८, सहुलियतको मट्टितेल २४ तथा खाना पकाउने ग्याँस प्रतिलिटर ७ सय ५० रुपैयाँ पुगेको जानकारी नेपाल आयल निगमका कार्यकारी अध्यक्ष डा. उपेन्द्र कोइरालाले दिनुभएको थियो। सरकारले गरेको यस मूल्यबृद्धिको विरोध गर्दै विभिन्न चार विद्यार्थी संगठनले राजधानीमा ०६१ साउन ३१ गते जुलुस प्रदर्शन गरे। नेपाल विद्यार्थी संघ, नेपाल क्रान्तिकारी विद्यार्थी संगठन, नेपाल विद्यार्थी मञ्च र अनेरास्ववियु (एकीकृत) द्वारा निकालिएको जुलुसले सरकार विरोधी विभिन्न नारा लगाउँदै राजधानी शहरका विभिन्न भागको परिक्रमा गरेका थिए। विरोध जुलुसले रत्नपार्कमा आधा घण्टा चक्काजामसमेत गरेको थियो। जुलुस प्रदर्शनपछि कोणसभाको आयोजना गरी जनताको विपक्षमा गरिएको मूल्यबृद्धि फिर्ता गर्न आग्रह गरेका थिए।

आप्रवासी नेपाली श्रमिकको अधिकार र सुरक्षासम्बन्धी विवाद

वैदेशिक रोजगारसम्वन्धी विवाद र इराकमा भएको घटनाको प्रतिकृयास्वरुप काठमाडौंमा तोडफोड र आगजनिका घटनाहरु भए। वस्तुतः यो वर्ष वैदेशिक रोजगारसँग सम्वन्धित कैयन् सवालहरु व्यापक विवादमा रहे।

०६१ भदौ १२ गते इराकमा मुसलमानी विद्रोही समूह अल सुन्नाद्वारा १२ जना नेपालीको हत्या गर्‍यो। यस घटनाले सम्पूर्ण नेपालीको हृदयमा ठूलो चोट पुऱ्यायो। १२ जना निर्दोष नेपालीको हत्याले मर्माहत वनेका जनताले हत्याको विरोधमा व्यापक तोडफोड र आगजनि गरे। उक्त तोडफोड र आगजनिका सम्वन्धमा छानविन गर्न एक समिति गठन गरी समितिको प्रतिवेदन सार्वजनिक गरियो। इराकमा आतंकवादी समूह अलसुन्नाद्वारा १२ जना नेपालीको निर्मम हत्या भएपछि काठमाडौं उपत्यकालगायत् अधिराज्यका विभिन्न भागमा भदौ १६ गते भएको तोडफोड एवम् विध्वंसात्मक घटनाको छानविन गर्ने उद्देश्यले गठित आयोगले मंसिर २३ गते आफ्नो

पेट्रोलियम पदार्थको मूल्य

०६० वैशाख २ गते	**०६० वैशाख २६ गते**
डिजेल- रु. ३३।५०	पेट्रोल- रु. ५४।-
मट्टितेल- रु. २७।-	डिजेल- रु. ३१।-
	मट्टीतेल- रु. २४।-
०६१ साउन २८ गते	**०६१ असोज १ गते**
पेट्रोल- रु. ५६।-	डिजेल- रु. ३५।-
एलपी ग्याँस- रु. ७२५।-	मट्टीतेल- रु. २८।-
	एलपी ग्याँस- रु. ७५०।-

प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्‍यो। आयोगका अध्यक्ष पूर्वन्यायाधीश टोपबहादुर सिंहले प्रधानमन्त्रीसमक्ष भदौ १६ को घटनामा एक अर्व एक करोड रुपैयाँको भौतिक क्षति भएको जानकारी दिंदै पीडितलाई तत्कालीन, अल्पकालीन र दीर्घकालीन राहत उपलब्ध गराउन सुझाव दिइएको थियो। आयोगले उक्त अध्ययन शुरु गरेको ९० औं दिनको दिन प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाएको थियो।

यसैगरी भारतको मुम्वईमा गएकाहरुलाई फिर्ता ल्याउने सम्वन्धमा पनि सरकारका तर्फवाट पहल भयो। सरकारले मुम्बईमा अलपत्र अवस्थामा रहेका १६ जना कामदारलाई उद्धार गरि फिर्ता ल्यायो।

श्रम मन्त्रालयले दक्षिण कोरिया कामदार पठाउँदै आएको लुम्विनी ओभरसिज प्रालिलाई ०६१ मंसिर २९ गते खारेज गर्‍यो। चिठ्ठा प्रथामा विवादित उक्त कम्पनीलाई मन्त्रीस्तरीय निर्णयले प्रतिवन्ध लगाएको हो। लुम्विनी ओभरसिज प्रालिले झन्डै १२ वर्षदेखि दक्षिण कोरियामा प्रशिक्षार्थी कामदार पठाउँदै आएको थियो। श्रममन्त्री रघुजी पन्तले कोरिया पठाउने कामदार चिठ्ठा प्रणालीबाट छनोट गर्न निर्देशन दिएपछि लुम्विनी र सरकारवीच द्वन्द्व शुरु भएको थियो। श्रममन्त्री पन्तको पक्षमा सर्वोच्च अदालतले निर्णय गरे पनि पछि मन्त्रिपरिपदले चिठ्ठा प्रथा खारेज गर्‍यो। उक्त कम्पनीले कानुन उल्लंघन गरी कोरिया कामदार पठाएकाले अनुमति रद्द गर्नका साथै एकलाख रुपैयाँ जरिवाना गरिएको थियो। वैदेशिक रोजगार ऐन २०४२ को दफा १०, १० क र ११ विपरीत काम गरेकाले सोही ऐनको दफा २४(१) अनुसार कारवाही गरिएको थियो। लुम्विनी ओभरसिजले अनियमित रुपमा कामदार पठाएको तथा राजस्व छलेको भनी अख्तियारमा उजुरी परेको थियो। लुम्विनी ओभरसिजले ०६१ साउन १८ गते आफुले कामदार लैजान पाउनुपर्ने वताउँदै सर्वोच्चमा रिट दायर गरेको थियो। सो रिटमा लिखित जवाफ नपरेसम्म चिट्ठा प्रणाली लागू नगर्ने सर्वोच्चले आदेश जारी गरेको थियो। तर लिखित जवाफ परेपछि सर्वोच्चले चिठ्ठा प्रणाली नै लागू गर्न फैसला सुनाएको थियो। तर मन्त्रीपरिपद्को ०६१ कार्तिक १६ को वैठकले कोरियामा कामदार पठाउँदा चिठ्ठा प्रणाली लागू गर्ने श्रममन्त्री रघुजी पन्तको निर्णयलाई खारेज गर्‍यो। यसरी मन्त्रिपरिपदको निर्णय उल्टेकोले गर्दा सर्वोच्चको फैसला कुर्न नपर्ने उक्त मुद्दा हेर्नु भएका अधिवक्ता वालकृष्ण न्यौपानेले वताउनुभयो।

विदेशमा वसोवास गर्ने नेपालीलाई स्वदेशमा लगानीको निम्ति आकर्षित गर्न सरकारले त्यससम्वन्धी मामिला हेर्ने छुट्टै निकाय स्थापना गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा गैरआवासीय नेपालीसम्वन्धी गतिविधि हेर्ने र समन्वय गर्ने डेस्क ०६१ असोज २७ गते स्थापना गरिएको छ। डेस्कले गैरआवासीय नेपालीसम्वन्धी नीति तथा ऐन नियम तयार गरी त्यसलाई कार्यान्वयन गर्नेछ। गैरआवासीय नेपालीसँग समन्वय र सम्पर्क कायम गरी प्रतिवेदन लिने र गुनासो सुन्ने जिम्मेवारी पनि यही डेस्कले गर्छ। गैरआवासीय नेपालीसम्वन्धी अध्ययन अनुसन्धान, आवश्यक तथ्यांक संकलन, सूचनाको तयारी र सम्प्रेषण पनि यहि डेस्कमार्फत् गरिन्छ।

भुटानी शरणार्थी

खुदुनावारी शरणार्थी शिविर, झापाका ९ हजारभन्दा वढी भूटानी शरणार्थीहरु स्वदेश फर्काउनका लागि पन्ध्रौं चरणको नेपाल भुटान मन्त्रिस्तरीय वार्ताले तोकेको समयसीमा नाघिसक्दा पनि उनीहरुले आफ्नो देश भुटान फर्कन पाएनन्। ०६० कार्तिकको पहिलो साता थिम्पुमा सम्पन्न पन्ध्रौ चरणको मन्त्रिस्तरीय वार्तामा फेब्रुवरी १५ अर्थात् ०६० फागुन ३ गतेवाट शरणार्थीहरुको पहिलो खेप भूटान प्रस्थान गर्ने तय भएको थियो। तर, भुटानले पुस ३ गते खुदुनावारीमा नेपाल भुटान संयुक्त प्रमाणीकरण टोलीमाथी खुदुनाबारीका शरणार्थीहरुले उत्तेजित हुँदै गरेको आक्रमणको पुष्टि नहुन्जेल भुटानले शरणार्थी फिर्ता नल्याउने जनाएको थियो। त्यसकारण नेपाल भुटानको १५ औं मन्त्रिस्तरीय वैठकले थिम्पुमा गरेको निर्णयअनुसार, फागुन ३ गतेवाट शरणार्थी भुटान फिर्ता पठाउने सम्वन्धमा भुटानले अवरोध सृजना गर्‍यो। शरणार्थीले भुटानी पक्षका प्रतिनिधिलाई आक्रमणको प्रयास गरेपछि कसैलाई थाहै नदिई उक्त टोली भारत हुँदै भुटान फर्केको थियो। नेपाल भुटान संयुक्त प्रमाणीकरण टोलीले गैरभुटानी वर्गमा परेका खुदुनावारी शिविरका २ हजार ९ सय ४८ शरणार्थीले शरणार्थी वर्गीकरण नतिजाविरुद्ध दिएको उजुरीमाथि अघिल्लो वर्प अर्थात् ०६० मंसिर १५ गतेवाट छानविन थालेको थियो। भूटानी शरणार्थी समस्यालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण विपय वनाउन र भुटानी शरणार्थी फिर्तीको भरपर्दो प्रतिवद्धता नआएसम्मका लागि मानवअधिकारवादी नेता टेकनाथ रिजाल ०६० चैत १७ देखि

श्री ५ को सरकारले बन्द वा नाकाबन्दीका क्रममा सवारीसाधन क्षति भएमा आर्थिक सहायता उपलब्ध गराउन देहायबमोजिम मापदण्ड तयार गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ

१. बन्द वा नाकाबन्दीको बेला सार्वजनिक प्रयोगका यात्रुवाहक सवारीसाधन र मालवाहक सवारीसाधन र मुख्यालयबाट प्रयोग गरेका भाडाका सवारी साधनहरू आतङ्ककारी गतिविधिका कारण क्षति हुन पुगेका अवस्थामा, क्षतिबापत आर्थिक सहायता दिने प्रक्रिया र मापदण्ड।

१.१ क्षतिको वर्गीकरण र सहायता मापदण्ड

१.१.१ इन्जीन, च्यासिससमेत काम नलाग्ने गरी पूर्ण क्षति भएको अवस्थामा क्षतिको ९०% रकम आर्थिक सहायताबापत उपलब्ध गराइनेछ।

क्षति अङ्क निर्धारण देहायबमोजिम गर्ने

क) मेकानिकल इन्जिनियरबाट मूल्याङ्कन गराउने।

ख) गाडीको Scrape Value लाई क्षति अङ्कबाट घटाउने।

ग) वार्षिक १५ % को दरले ह्रास कट्टी गर्ने (गाडी चलेको वर्ष र दुर्घटना भएको मिति घटाएर निस्कने वर्ष)।

घ) बिमा गरिएको हकमा बिमित मूल्यलाई आधार मानिनेछ। न (ग) अनुसार गरिनेछैन।

ङ) आतङ्कवादविरुद्ध बिमा भए नभएको यकिन गरी नभएकोमा नं (ग) वा (घ) पछि कायम हुने क्षतिअङ्कको रकम आर्थिक सहायताबापत उपलब्ध गराउने।

च) आतङ्कवादविरुद्ध बिमा भएको अवस्थामा बिमाबाट प्राप्त रकम कटाई बाँकी रकम आर्थिक सहायताबापत उपलब्ध गराउने।

१.१.२ इन्जीन र च्यासिस नबिग्रेको तर बडी जलेको भएको अवस्थामा क्षतिको ७५% रकम आर्थिक सहायता उपलब्ध गराइनेछ। क्षति अङ्कको निर्धारण (१.१.१) मा उल्लेख भएअनुसार नै गराइनेछ।

१.१.१ को (ग) अनुसार ह्रास कट्टी गर्दा कुल क्षतिको १०% भन्दा कम नहुने गरी क्षति अङ्क कायम गर्ने।

१.१.३ सामान्य वा आंशिक क्षति : सामान्य क्षति भएको अवस्थामा मेकानिकल वर्कसपबाट मूल्याङ्कन गराइएको आधारमा कुल क्षतिको ५०% आर्थिक सहायताबापत दिने। यसमा बिमासम्बन्धमा बुझ्नु जरुरी नहुने।

२. सहायता वितरण समिति

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा शाही नेपाली सेना, नेपाल प्रहरी र श्री ५ को सरकारले तोकेको स्थानीय यातायात व्यवसायीको प्रतिनिधिसमेत रहेको एक सहायता वितरण समिति रहनेछ। समितिले आफ्नो सीमाभित्र घटेका घटनामा भएको क्षतिको मूल्याङ्कन गर्ने, सहायता रकम निर्धारण गर्ने र सहायता उपलब्ध गराउने कार्य गर्नेछ। समितिले मेकानिकल इन्जिनियर सम्बन्धित क्षेत्रको अञ्चल यातायात व्यवस्था कार्यालयबाट प्राप्त गर्नेछ। प्राविधिक उपलब्ध हुन नसकेमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयद्वारा मिलाइनेछ। तत्काल यातायात व्यवस्था कार्यालयबाट प्राविधिक उपलब्ध हुन नसकेमा श्री ५ को सरकारका कार्यालयहरू वा संस्थानमा कार्यरत प्राविधिकहरूबाट पनि समितिले मूल्याङ्कनको काम गराउन सक्नेछ।

३. सहायता वितरणको व्यवस्था

जिल्लाको सहायता वितरण समितिले सहायता रकम निर्धारण गरी गृह मन्त्रालयमा रकम माग गरेको १५ दिनभित्र गृह मन्त्रालयले समितिलाई रकम उपलब्ध गराउनेछ। यस प्रयोजनका लागि अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई आवश्यक रकम उपलब्ध गराउनेछ।

४. विशेष व्यवस्था

बन्द र नाकाबन्दीको अवस्थादेखि बाहेकको अवस्थामा सवारीसाधनहरूको क्षति भएमा गणेशमान सिंह शान्ति अभियान कार्यक्रमबाट दिने मापदण्डअनुरूप आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। तर, बन्द वा नाकाबन्दीको समाप्तिपछि पनि अवरोधित भएकाको कारणले सवारीसाधनहरू क्षति हुन गएमा गणेशमान सिंह शान्ति अभियान कार्यक्रमबमोजिम हुने रकममा ५०% थप गरी उपलब्ध गराइनेछ।

५. घाइतेको उपचारको व्यवस्था

सवारीसाधनमा यात्रा गर्ने यात्रु, ड्राइभर, परिचालक र हेल्पर आतङ्ककारीको कर्तव्यको कारण घाइते हुन गएमा गणेशमान सिंह शान्ति अभियान कार्यक्रमको निर्धारित मापदण्डअनुरूप उपचारको व्यवस्था मिलाइनेछ। यस्तो उपचारको व्यवस्था श्री ५ को सरकारका सबै अस्पतालहरू, शिक्षण अस्पताल र मिसन अस्पतालमा गर्ने व्यवस्था मिलाइनेछ। निजी नर्सिङ होम वा विदेशमा उपचार गराएकोमा यस्तो सहायता उपलब्ध गराइनेछैन।

६. मृत्यु हुनेको परिवारलाई आर्थिक सहायता

सवारीसाधनमा यात्रा गर्ने यात्रुहरू, ड्राइभर, परिचालक र हेल्परहरूको आतङ्ककारीको कर्तव्यको कारण मृत्यु हुन गएमा गणेशमान सिंह शान्ति अभियान कार्यक्रमबाट मृतकका आश्रित परिवारलाई रु १,५०,०००।- (एक लाख पचास हजार) उपलब्ध गराइनेछ। साथै, यस्ता मृतकका सन्ततीहरूलाई तोकिएको मापदण्डबमोजिम आर्थिक छात्रवृत्ति र शिक्षा अवसरसमेत उपलब्ध गराइनेछ।

श्री ५ को सरकार गृह मन्त्रालयले बन्द र नाकाबन्दी असफल पार्ने जारी गरेको सूचना

स्रोत : गोरखापत्र दैनिक, २०६१ असोज १२ गते

आमरण अनसनमा वस्नुभएको थियो। लामो समयदेखि अल्झिँदै आईरहेको भुटानी शरणार्थी समस्या समाधानका लागि आवश्यक पहल गरिदिन नेपालले औपचारिकरुपमा भारतसँग आग्रह गरेको भएपनि भारतले उक्त कुरालाई अस्वीकार गर्‍यो। ०६० फागुन ११ गते नेपाल-भारत परराष्ट्र सचिवस्तरीय वार्ताका क्रममा परराष्ट्र सचिव मधुरमण आचार्यले सो आग्रह गर्दा भारतका विदेश सचिव शशांकले शरणार्थी मामिलामा हामी मध्यस्तता गर्न सक्दैनौं, यो नेपाल र भुटानको दुईपक्षीय मामिला हो दुई पक्षीय माध्यमद्वारा नै समाधान गर्नुपर्ने बताउनु भएको थियो। यस सन्दर्भमा भुटानका वरिष्ठ मानवअधिकारवादी नेता टेकनाथ रिजालले भारत शरणार्थी मामिलावाट पन्छिन नमिल्ने बताउनु भएको थियो।

बालश्रम ऐन र बाल शिक्षा सेवासम्बन्धी बडापत्र

शिक्षामा सरकारले लगानी पारदर्शी गराउन बाल शैक्षिक बडापत्र सार्वजनिक गरियो। शिक्षा तथा खेलकुद मन्त्रालय, बाल बचाउ नर्वे र सहारा समूहले संयुक्तरुपमा तयार पारेको उक्त बडापत्र शिक्षा सचिव विद्याधर मल्लिकले ०६१ पुस ९ गते सार्वजनिक गर्नुभयो। शिक्षा क्षेत्रमा हुने आर्थिक अनियमितताविरुद्ध खबरदारी गर्न उक्त बडापत्र सार्वजनिक गरिएको हो। वडापत्रले "सबैका लागि शिक्षा", "शिक्षाका लागि खाद्यान्न", "शिशु शिक्षा", "माध्यमिक शिक्षा" र "दलित छात्रवृत्ति" कार्यक्रममा जिल्लासम्म छुट्याइएको बजेट र लक्षित वर्गबारे जानकारी समेटेको छ।

०६१ मंसिरदेखि सरकारले वालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लागु गरेको छ। मंसिर ९ गते श्रम तथा यातायात व्यवस्था मन्त्रालयले एक विज्ञप्ति प्रकाशित गरी उक्त ऐनको सफल कार्यान्वयनमा समाजका सबै वर्ग, पेशा, संघ-संस्था तथा सर्वसाधारणबाट सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गरिएको छ। ऐनमा १४ वर्षमुनिका वालबालिकालाई जुनसुकै काममा लगाउन निषेध गरिनुका साथै १६ वर्ष मुनिका वालवालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरिएको छ। उक्त ऐनमा संगठित उद्योग प्रतिष्ठानहरुले श्रम कार्यालयको स्वीकृति लिएर मात्र वालवालिकालाई काममा लगाउन सक्ने व्यवस्था गरिनुका साथै अतिरिक्त श्रम कार्यालयले निश्चित मापदण्डका आधारमा संरक्षकत्वसमेत तोकी यस्तो स्वीकृति दिनसक्ने व्यवस्था गरिएको छ।

ऐनमा व्यवस्था भएअनुसार प्रतिष्ठानहरुले वालवालिकालाई दिनमा ६ घण्टा र सातामा ३६ घण्टा मात्र काममा लगाउन सक्नेछन्। त्यतिभन्दा वढी अवधिका लागि अतिरिक्त पारिश्रमिक दिएर पनि काममा लगाउन नपाइने र वेलुका ६ वजेपछि विहान ६ वजेसम्मको अवधिभर पनि काममा लगाउन निषेध गरिएको छ।

गृह मन्त्रालय र यसअन्तर्गतका निकायहरुले सर्वसाधारण नेपाली नागरिकलाई प्रदान गर्ने विभिन्न सेवा सुविधालाई अझ सरल, पारदर्शी, छिटो छरितो र प्रभावकारी रुपमा सेवाग्रहीसमक्ष प्रवाह गर्न ०६१ चैत २ गते नागरिक वडापत्र जारी गरेको छ। बडापत्रमा यस मन्त्रालय र अन्तर्गतका निकायहरुवाट प्रदान गरिने सेवा सुविधाहरु, सेवा प्राप्त गर्ने प्रक्रिया, सम्पर्क राख्नुपर्ने शाखा र जिम्मेवार कर्मचारी, लाग्ने समय, निर्धारित शुल्क दस्तुर, तोकिएअनुसार काम नभएमा उजुरीको प्रक्रिया, गुनासो सुन्ने अधिकारीजस्ता कुराहरु समावेश गरिएका छन्।

निष्कर्ष

मानिसको आधारभूत अधिकारका रुपमा रहेको बाँच्न पाउने अधिकार यो वर्ष पनि संकटमा पर्‍यो। देशमा भयमुक्त वातावरण सृजना गर्ने सवालमा सरकार असफल रह्‌यो। शान्ति प्रकृयाको थालनी गर्ने प्रमुख कार्यसूचीका साथ सत्तामा पुगेका दलहरुले त्यस दिशामा पाइलो चाल्न सकेनन्।

आन्दोलनपश्चात् सरकारमा पुगेकाहरुबाट मानवअधिकार रक्षाका लागि पूर्वाधारहरु तयार गरिने अपेक्षा गरिएको थियो। तर सत्तामा पुगेपछि उनीहरु मानवअधिकार उल्लंघन वढाउने क्रियाकलापमा संलग्न रहे। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०६१ त्यसको ज्वलन्त उदाहरण हो। उक्त विधेयकले शंकाकै भरमा मानिसलाई जथाभावी पक्राउ गर्ने र बेपत्ता पार्ने समस्या बढाउने प्रष्ट देखियो। माओवादीहरुले गरेको पटक-पटकको बन्द र नाकावन्दीका कारण मानिसको आर्थिक सामाजिक र साँस्कृतिक अधिकारमाथि ठूलो हस्तक्षेप भयो। सरकार यस मामिला पनि निरीह देखियो।

शान्ति प्रकृयाको थालनीजस्तो बृहत्तर राष्ट्रिय स्वार्थका निम्ति वनेको संयुक्त सरकार सामान्य सवालहरुमा विवादमा रुमलियो। राष्ट्र बैंकको गभर्नर पदका लागि सरकारभित्रै मत-मतान्तर चल्यो। जनताको स्थितिलाई भन्दा संस्थानका समस्यालाई वढी महत्व दिई पेट्रोलियम पदार्थको दुई पटक मूल्य वृद्धि गरियो। यसले मानिसको दैनिक जीवनमा उथलपुथल ल्यायो। खासगरेर श्रम गरी दैनिक ज्यालामा गुजारा चलाउने वर्गका लागि यसको असर अत्यधिक पर्‍यो। वजेटमा पनि विकासका कार्य, मानिसका प्रत्यक्ष सरोकारका आधारभूत विषयवस्तुहरुमा भन्दा सुरक्षातर्फ वढी खर्च विनियोजन गरियो।

विधायिकाको अनुपस्थितिमा कानुन निर्माण प्रकृया यो वर्ष पनि स्वभाविक हुन सकेन। यस दृष्टिवाट हेर्दा यो वर्ष पनि अध्यादेशको शासन चल्यो।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.३ व्यवस्थापिका

१. पृष्ठभूमि

विगत तीन वर्षदेखि देश प्रतिनिधिसभाविहीन अवस्थामा रहेको छ। अर्को प्रतिनिधिसभा कहिले अस्तित्वमा आउला भन्ने अझै स्पष्ट भएको छैन। राज्यका प्रमुख तीन अङ्गहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामध्ये पहिलो र महत्वपूर्ण अङ्गका रूपमा व्यवस्थापिकालाई लिने गरिन्छ। शक्ति पृथकीकरण र शक्ति सन्तुलनका सिद्धान्त अनुसार तीन अङ्गको निजात्मक विशिष्टता र कार्यक्षेत्रसहित समन्वयात्मक सम्बन्ध रहे तापनि प्रजातान्त्रिक मूल्य-मान्यता अनुसार राज्य सञ्चालनार्थ आवश्यक कानुन, नीति, नियम र वैधानिकता व्यवस्थापिकाबाट नै प्राप्त हुन्छ। तर बहुदलीय प्रजातन्त्रको मेरुदण्डका रूपमा रहेको यति महत्वपूर्ण संस्था सन् २००४ को अन्त्यसम्मै जीवित हुन सकेन।

व्यवस्थापिकाको आधुनिक अवधारणा तेह्रौं शताब्दीमा बेलायतबाट सुरु भएको हो। यद्यपि प्राचीन भारतवर्षका "पौरजानपद"लाई आधुनिक संसदको प्राचीन रूप मान्न सकिन्छ। महाभारतको शान्तिपर्वमा पनि "संसद" नामको एक सभाको उल्लेख पाइन्छ। यसमा सर्वसाधारण जनताका प्रतिनिधि पनि उपस्थित रहने हुनाले "जनसंसद" नामाकरण गरिएको पाइन्छ।[१] प्रजातन्त्रको संस्थागत विकाससँगै व्यवस्थापिकाको भूमिका पनि बढ्यो। संसदले नागरिकहरूको समष्टिगत प्रतिनिधित्व गर्दै देशका कानुन र नियमहरू निर्माण गरी राज्य सञ्चालनको मार्ग निर्देशन गर्दछ। सार्वभौमसत्ता जनतामा निहित रहनुको मूलमर्मले संसदमार्फत् नै सार्थकता पाउँछ र त्यहींबाट सरकार गठन हुन्छ। आमजनताको दैनिक जीवन, भविष्य र राज्यको चरित्र वालिग मताधिकारको प्रयोग सम्वन्धी उनीरूको अभ्यास वा संसदको बनौटमा निर्भर गर्दछ। "कुनै पनि खराव सरकार उदासिन मतदाताका निम्ति स्वभाविक परिणति हो।"[२] कार्यपालिका व्यवस्थापिकाप्रति उत्तरदायी रहन्छ। यसैले गर्दा संसदीय प्रणालीमा संसदको शक्तिलाई सर्वोपरि मानिन्छ।

नेपालको सन्दर्भमा पनि संसद जनताको अधिकारको अभ्यास गर्ने संगठित थलो हो। नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामै संसदीय शासन प्रणाली तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्ने उद्देश्य राखिएवाट संसदलाई दिइएको महत्व स्पष्ट हुन्छ। सार्वभौमसत्तासम्पन्न जनताले आफ्नो अधिकारको प्रयोग संसद्मार्फत् नै गर्दछन्। सरकारको गठन तथा विभिन्न कानुन निर्माण गर्नमा व्यवस्थापिकाको भूमिका संविधानमा स्पष्ट रेखाङ्कित छ। साथै, विभिन्न संवैधानिक अङ्गहरूका लागि नियुक्तिको सिफारिसमा जनताको सहभागिता संसदमार्फत् नै हुन्छ। संसदको भूमिका व्यापक हुनुले यसको अपरिहार्यतालाई नै सङ्केत गर्दछ।

अहिले देशमा संसदको शून्यताको अवस्था विद्यमान छ, जसले गर्दा व्यवस्थापिकाको माध्यमबाट जनताले राज्यसञ्चालनमा गर्ने सहभागिता पनि वाधित छ। नागरिक अधिकारमाथि आइपरेको यस्तो सङ्कटको पृष्ठभूमिमा यो आलेख तयार पारिएको छ।

२. संसदीय शासनको रूपरेखा

संसदीय शासनप्रणाली भनेको जनताले आफ्ना प्रतिनिधिमार्फत् राज्य सञ्चालन गर्ने पद्धति हो। विश्वमा संसद भएका देशहरूमा मूलत: दुई प्रकारका शासनप्रणाली देखिन्छ– अध्यक्षात्मक र संसदीय।

जुन व्यवस्थामा राष्ट्राध्यक्ष प्रत्यक्षत: जनताप्रति उत्तरदायी हुन्छ, त्यस्तो प्रणालीलाई अध्यक्षात्मक प्रणाली भनिन्छ। यस प्रणालीमा सम्पूर्ण कार्यकारिणी अधिकार राष्ट्रपति वा राष्ट्राध्यक्षमा केन्द्रित रहन्छ। यसअनुसार व्यवस्थापिकाको नियन्त्रणबाट मुक्त एवं शक्तिशाली कार्यपालिकाको अवधारणा राखिएको हुन्छ। अध्यक्षात्मक शासनमा राष्ट्रपतिले नै आफ्नो स्वविवेक अनुसार मन्त्रीहरू नियुक्त गर्दछ र मन्त्रीहरू संसदको सदस्य हुनु पर्ने अनिवार्यता हुँदैन। संयुक्त राज्य अमेरिकाको शासन व्यवस्थालाई अध्यक्षात्मक प्रणालीको उत्कृष्ट उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ। यसको अर्थ अध्यक्षात्मक प्रणालीमा संसद कमजोर हुन्छ भन्ने होइन, त्यहाँ पनि संसदले विधायिकी अधिकारलगायत्का अधिकारहरू उपभोग गरी आफ्नो भूमिकालाई अहम् सावित गराइरहेको हुन्छ।

नेपालको सन्दर्भमा राजा र मन्त्रिपरिषद् सहितको कार्यपालिका निर्वाचित संसदप्रति उत्तरदायी हुने व्यवस्थालाई संसदीय शासन पद्धति भनिएको छ। संसदीय शासन प्रणालीमा कार्यपालिका संसदप्रति प्रत्यक्षत: उत्तरदायी हुन्छ र संसदले कार्यपालिकालाई आफ्नो नियन्त्रणमा राखेको हुन्छ। संसदमा वहुमत प्राप्त गर्ने राजनीतिक दलको नेता प्रधानमन्त्री हुने र प्रधानमन्त्रीले नै संसदका सदस्यहरू मध्येबाट मन्त्रिपरिषदको गठन गर्ने प्रावधानलाई यस प्रणालीले अङ्गीकार गरेको हुन्छ। मन्त्रिपरिषदका सदस्यहरू एकै समयमा संसदको सदस्यको रूपमा पनि रहिरहेका हुन्छन्।

संसदीय प्रणालीमा व्यावहारिक रूपमा सम्पूर्ण कार्यकारिणी शक्ति प्रधानमन्त्रीमा केन्द्रित रहेको हुन्छ। यसअनुसार राष्ट्राध्यक्षसम्वन्धी संवैधानिक प्रावधान जस्तोसुकै रहे पनि राष्ट्राध्यक्षले व्यावहारिक रूपमा प्रधानमन्त्रीको सिफारिसअनुरूपको निर्णय मात्र गर्दछ। यसरी प्रधानमन्त्रीले सम्पूर्ण कार्यकारिणी शक्तिको प्रयोग गर्ने र ऊ संसदप्रति प्रत्यक्ष उत्तरदायी हुने हुनाले संसदीय प्रजातन्त्रमा संसदको केन्द्रीय भूमिका हुन्छ। यसरी अध्यक्षात्मक र संसदीय, दुवै प्रणालीमा जनप्रतिनिधि संस्थाको रूपमा संसदको महत्व सर्वत्र स्वीकार गरिएको छ।

नेपालले ०४७ सालको संविधानअनुरूप संसदीय

प्रणालीलाई अपनाएको छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४४ मा श्री ५, प्रतिनिधिसभा र राष्ट्रियसभा गरी दुई सदनसहितको एक व्यवस्थापिका रहने र त्यसलाई संसद भनिने उल्लेखित छ। तल्लो सदनको रूपमा रहेको प्रतिनिधिसभा जनताद्वारा निर्वाचनको माध्यमद्वारा चुनिएर आएका जनप्रतिनिधिहरूको सभा हो। माथिल्लो सदनको रूपमा रहेको राष्ट्रियसभा स्थायी सदन हो र यसमा एकल सङ्क्रमणीय मतको आधारमा निर्वाचित भएका तथा श्री ५ बाट मनोनित सदस्यहरू रहेका हुन्छन्।

नेपालको आधुनिक राजनीतिक समाज मूलतः ००७ को परिवर्तनपश्चात् नै संगठित भएको मान्न सकिन्छ। ००७ सालको परिवर्तनपछि अन्तरिम शासन विधान जारी गर्दा पनि संसदीय विधानको रूपमा व्यवस्था गर्न खोजिएको थियो भने नेपाल अधिराज्यको संविधान २०१५ ले संवैधानिक राजतन्त्र र संसदीय प्रणालीलाई आत्मसात् गरेको थियो। तर ०१७ सालको राजनीतिक परिवर्तनबाट देशको संवैधानिक परिदृश्यमा पनि परिवर्तन भयो। नेपालको संविधान २०१९ ले निर्दलीय व्यवस्थालाई आत्मसात् गरेको थियो। त्यसैले बहुदलीय संसदीय पद्धति बाधित हुन पुग्यो। तर लामो संघर्ष र प्रयत्नपछि भएको सफल जनआन्दोलनको परिणामस्वरूप नेपालमा नयाँ संविधानको माध्यमद्वारा पुनः संसदीय शासन पद्धतिको पुनर्वहाली भयो।

३. संसदको काम, कर्तव्य र अधिकार

व्यवस्थापिकाको कार्य तथा अधिकारको विषय संवैधानिक कानुनका सन्दर्भमा ज्यादै जटिल विषय हो। व्यवस्थापिकाको अधिकार र कार्यसम्बन्धमा भएको संवैधानिक व्यवस्था र व्यवहारमा फरक परेको हुन सक्छ। सिद्धान्ततः संसदीय शासन प्रणालीमा संसदकै सर्वोच्चता रहनु पर्छ। प्रो. डायसीका अनुसार "संसदको सर्वोच्चता भन्नुको अर्थ हुन्छ, संसदले जस्तोसुकै कानुन बनाउन वा बिगार्न सक्दछ र संसदले बनाएको कुनै कानुनलाई नाघ्न वा बदर गर्न सक्ने कुनै व्यक्ति वा निकायलाई बेलायतको कानुनले स्वीकार गरेको छैन।"[3] त्यसो त संसदीय पद्धतिमा राज्य व्यवस्थामा संसदको अहम् स्थानलाई स्वीकार गर्दागर्दै पनि संसदलाई संविधान र संवैधानिक कानुनको अधीनमा राख्ने प्रयास कतिपय देशहरूमा भएको पाइन्छ। संविधानलाई सर्वोच्च कानुन बनाउने र संसदले बनाएको कानुन पनि संविधान वा संवैधानिक कानुनअनुकूल नै हुनुपर्ने अनिवार्यताको व्यवस्था गरेर त्यस्ता देशहरूले संसदको निरङ्कुशताबाट पनि बच्ने उपाय खोजेका छन्। नेपाल अधिराज्यको संविधान २०४७ को पहिलो धारामै संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने उल्लेखित छ।

संसदीय प्रणाली भएका सबै देशमा व्यवस्थापिकाको काम, कर्तव्य र अधिकार उस्तै र उत्ति नै हुन्छ भन्ने चाहिँ जरुरी छैन। उदाहरणार्थ नेपाली र बेलायती संसदको चर्चा गरौं। नेपालको संसदले गर्ने सबै कार्यहरू बेलायती संसदले पनि गर्दछ। यी दुई संसदीय प्रणालीबीचमा रहेको तात्विक अन्तर के हो भने बेलायतमा सार्वभौमसत्ता संसदमा मानिएको छ भने नेपालको संविधान अनुसार सार्वभौमसत्ता संसदमा नभई नेपाली जनतामा निहीत छ। यसबाटै स्पष्ट हुन आउँछ, बेलायती संसद नेपाली संसदको तुलनामा बढी शक्तिशाली रहेको छ। डायसी लगायत् विभिन्न बेलायती विद्वानहरूले बेलायती संसदको अधिकार तथा कार्यबारे निम्नलिखित विचारहरू प्रकट गर्ने गरेका छन्–

- बेलायती संसदले पारित गर्न नसक्ने कुनै कानुन छैन,
- बेलायती संसदले खारेज गर्न नसक्ने कुनै कानुन छैन,
- बेलायती संसदले पारित गरेको कानुनलाई अवैध घोषित गर्नसक्ने कुनै संस्था छैन,
- बेलायती संसदले सामान्य कानुन सरह बेलायती संविधानलाई समेत संशोधन गर्न सक्दछ र
- बेलायती संसदको सार्वभौमसत्ता सम्पूर्ण संयुक्त अधिराज्यभर निर्विवाद रूपले स्वीकार गरिन्छ।

यति शक्तिशाली भएको हुनाले नै "बेलायती संसदले पुरुषलाई स्त्री र स्त्रीलाई पुरुष बनाउनु बाहेक जेसुकै गर्न सक्दछ"[४] भनिएको हो।

बेलायती संविधान अलिखित मानिने र संसदद्वारा पारित गरिएका संवैधानिक प्रकृतिका कानुनहरूका आधारमा शासन गरिने भएकोले बेलायतमा संविधानको सर्वोच्चता भन्दा संसदको सर्वोच्चतालाई बढी व्यावहारिक मानिएको हो। यसअनुरूप बेलायती संसदले जस्तोसुकै कानुन पारित गर्न सक्दछ। नेपालको लिखित संविधानले संविधानको सर्वोच्चतालाई स्वीकार गरी संसदद्वारा पारित गरिएको कानुनलाई चुनौती दिनसक्ने गरी न्यायिक पुनरावलोकनको व्यवस्था गरेको छ, जसअनुसार संविधान विपरीत पारित गरिएको कानुनलाई सर्वोच्च अदालतले बदर घोषित गर्न सक्दछ। बेलायती संसदले संविधानलाई संशोधन र परिवर्तन गर्ने कानुन पारित गरी लागू गर्न सक्दछ भने नेपाली संसदले संविधानको संशोधन गर्नका लागि विशेष प्रक्रिया अपनाउनु पर्दछ। सैद्धान्तिक रूपमा बेलायती संसद नेपाली संसदको तुलनामा मात्र नभई विश्वका सबै संसदहरूको तुलनामा अत्यधिक स्वच्छन्द र अंकुश बेगरको संसदका रूपमा रहेको छ। यद्यपि व्यावहारिक रूपमा चाहिँ बेलायती संसदको सार्वभौमसत्ता बेलायती जनताको सार्वभौमसत्ताको पर्यायवाचीको रूपमा रहेको छ र बेलायती संसदले बेलायती जनताको हित हुने खालका कानुनहरू मात्र पारित गर्ने गरेको छ।

सामान्यतया व्यवस्थापिकाको काम, कर्तव्य र अधिकारलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ–

३.१. कानुन बनाउने

संसदको प्रारम्भिक र न्यूनतम कार्य कानुन बनाउने हो। तर यो कार्यलाई विभिन्न संविधानहरूले विभिन्न शर्तहरूद्वारा नियन्त्रित वा सीमित गरिदिएका छन्। व्यवस्थापिकाको सबैभन्दा महत्वपूर्ण कार्य जनताःलाई सुविधायुक्त जीवनयापन गर्ने वातावरण मिलाउनु, जनधनको सुरक्षाको प्रत्याभूति गर्नु, भय एवं त्रासरहित पार्नु, राज्य सञ्चालनलाई सुव्यवस्थित पार्नु र देश र जनताको बृहत्तर हितलाई कानुनी रूपमा सुनिश्चित गर्न आवश्यक पर्ने सबै किसिमका ऐन, कानुनहरूको निर्माण गर्नु हो। आवश्यकता अनुसार नयाँ नियम-कानुन बनाउने तथा अनावश्यक कानुनहरू खारेज गर्ने वा समय सापेक्ष संशोधन एवं परिमार्जन गर्नेजस्ता क्षेत्राधिकार व्यवस्थापिकामा निहीत हुन्छ।

प्रजातान्त्रिक व्यवस्थामा मुलुकको सार्वभौमसत्ता जनतामा हुनु पर्छ भन्ने अवधारणालाई कानुन निर्माण गर्ने व्यवस्थापिकाको अधिकारले नै सार्थक तुल्याएको छ।

संसद वा व्यवस्थापिकाले कतिपय अवस्थामा कानुन वनाउन नसक्ने विषय पनि हुन सक्छन्, तर त्यस्ता संवैधानिक सीमाहरू पनि संविधानमै उल्लेख गरिएको हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ ले निम्नानुसारका कानुन बनाउने अधिकार संसदलाई नहुने व्यवस्था गरेको छ–

क) मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन नवनाइने व्यवस्था संविधानको धारा १२(१) मा उल्लेख भएको हुनाले नेपाल अधिराज्यभित्र मृत्युदण्डको सजाय घोषित गर्ने वा मृत्युदण्डको सजाय कार्यान्वयन हुने गरी कानुन बनाउने क्षेत्राधिकार संसदलाई छैन।

ख) श्री ५ का वंशजहरूको राजगद्दी उत्तराधिकार सम्वन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार श्री ५ मा मात्र रहने व्यवस्था धारा २८(२) मा उल्लेख गरिएको हुँदा त्यस्ता विषयमा कानुन वनाउन संसद सक्षम रहँदैन।

ग) संविधानको धारा ११६ को उपधारा (१) वमोजिम संविधानको प्रस्तावनाको भावनाप्रतिकूल नहुने गरी संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने अधिकार संसदलाई रहेको छ। यसको अर्थ संविधानको प्रस्तावनाको भावना प्रतिकूल हुने गरी कुनै पनि धारालाई संशोधन वा खारेज गर्ने अधिकार संसदलाई छैन।

घ) धारा ३४ को उपधारा (१९) अनुसार राजपरिषद् स्थायी समितिले आफ्नो कार्य व्यवस्थित गर्न आवश्यक नियमहरू वनाउन सक्ने हुनाले सो विषयमा पनि संसदको क्षेत्राधिकार सीमित गरिएको पाइन्छ।

च) निम्न विपयहरू श्री ५ द्वारा वनाइने नियम वमोजिम तय हुने भएकाले त्यस्ता विषयहरूमा पनि ऐन बनाउने संसदको क्षेत्राधिकार नरहेको देखिन्छ:

संविधानको धारा ३५ को उपधारा (५) अनुसार श्री ५ को नाउँमा प्रस्तुत संविधान र अन्य प्रचलित कानुन वमोजिम हुनुपर्ने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्र मौसूफको स्वविवेकमा बनाइबक्सेको नियमवमोजिम प्रमाणित गरिने हुनाले सो विषयमा संसदको क्षेत्राधिकार आकर्षित हुने भएन।

श्री ५ को सरकारको कार्य विभाजन र कार्य सम्पादन श्री ५ बाट स्वीकृत गरिबक्सेको नियमावली बमोजिम हुने व्यवस्था धारा ४१(१) मा रहेकोले त्यस्ता विषयहरूमा संसदबाट ऐन बन्न सक्ने स्थिति रहेन।

राजप्रसाद सेवाका कर्मचारी नियुक्ति, बर्खास्ती, तलब, भत्ता, विदा, निवृत्तिभरण लगायत्का सेवा-शर्तसम्बन्धी कुराहरू श्री ५ बाट मौसूफको स्वविवेकमा बनाइबक्सेको नियमवमोजिम हुने व्यवस्था धारा १२१ मा रहेकोले सो सम्बन्धमा पनि छुट्टै कानुन बन्न सक्ने भएन।

३.२. मन्त्रिमण्डल गठन गर्ने

मन्त्रिमण्डल वा सरकार गठन गर्नु संसदको एक प्रमुख र महत्वपूर्ण कार्य ठानिन्छ। संसदवाट मन्त्रिमण्डल गठन गर्ने परम्परा बेलायतको संसदीय विकाससँगै भएको थियो। संसदीय प्रणालीमा राष्ट्रपतीय प्रणालीमा जस्तो राष्ट्रव्यापी निर्वाचनक्षेत्रबाट कार्यपालिका प्रमुखको निर्वाचन गरिँदैन बरु राष्ट्रलाई विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरी संसदीय निर्वाचन सम्पन्न गरिन्छ। संसदीय निर्वाचन दलीय आधारमा हुने गर्दछ र निर्वाचनमा बहुमत प्राप्त गर्ने दलले नै कार्यपालिकाको नेतृत्व लिने गर्छ। प्रायः जसो संसदीय प्रणालीहरूमा यस्तै दलीय आधारमा निर्वाचन लडिने हुनाले मन्त्रिपरिषदको नेतृत्व कसले गर्ने भन्ने कुरा वहुमतप्राप्त दलको निर्णयका लागि छाडिएको हुन्छ। संसदीय व्यवस्था भएका मुलुकमा मन्त्रिमण्डलका सदस्यहरू संसद सदस्य नै हुनु पर्ने, संसदको विश्वास पाउनु पर्ने र संसदप्रति उत्तरदायी हुनु पर्ने हुनाले यस प्रणालीको सरकारलाई संसदीय सरकार पनि भनिन्छ।

संसदीय प्रणालीको सर्वमान्य विशेषताअनुरूप नेपालमा पनि प्रतिनिधिसभामा वहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने र निजकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने प्रावधान रहेको छ।[५] प्रधानमन्त्रीको सिफारिसमा संसदका सदस्यहरूमध्येबाट आवश्यकता अनुसार

उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू नियुक्त हुने व्यवस्था पनि संविधानले गरेको छ।[६] संसदको सदस्य नभएको व्यक्ति मन्त्रिमण्डलमा (प्रधानमन्त्री वाहेक) रहेमा उसले ६ महिनाभित्र संसदको कुनै पनि सदनको सदस्यता अनिवार्य रूपमा प्राप्त गर्नु पर्दछ, अन्यथा ऊ स्वत: मन्त्रीवाट हट्छ।[७]

३.३. सरकारमाथि नियन्त्रण

संसदीय व्यवस्थामा सरकार संसदको सुपरीवेक्षण र नियन्त्रण अन्तर्गत रहन्छ। यसको अर्थ हो, सरकार आफ्नो सम्पूर्ण काम कारवाहीका लागि संसदप्रति उत्तरदायी रहन्छ। सरकारको काम कारवाहीमा संसदको नियन्त्रण रहने अभ्यास "मन्त्रीको दायित्वको सिद्धान्त"वाट विकसित भएको हो। मन्त्रिमण्डल त्यस वेलासम्म सत्तामा रहन सक्दछ, जति बेलासम्म संसदको त्यसप्रति विश्वास रहन्छ। संसदीय नियन्त्रणको सिद्धान्त अनुसार आफ्नो कामकारवाहीका लागि मन्त्रीहरू सामुहिक तथा वैयक्तिक रूपमा संसद वा प्रतिनिधिसभाप्रति जवाफदेही हुन्छन्। संसदले आफ्ना प्रतिक्रिया विश्वासको मत, अविश्वासको प्रस्ताव वा विश्वास प्रस्तावको अस्वीकृति, खेद प्रस्ताव आदि उपायद्वारा व्यक्त गर्दछ। यस्ता उपायहरूद्वारा सरकारको सामान्य नीति, प्रशासन र शासनमा संसदले समर्थन नजनाएमा सरकारप्रति संसदको विश्वास नरहेको ठानिन्छ र सरकारले राजिनामा गर्नु पर्दछ।

संसदले सरकारको काम-कारवाहीमा नियन्त्रण गर्ने माध्यमहरू निम्न बमोजिम छन्-

- विश्वासको मत तथा अविश्वासको प्रस्ताव
- खेद प्रस्ताव
- अवरोधात्मक प्रश्न
- छानबिन समिति वा आयोग
- मन्त्रिमण्डलका सदस्यहरूलाई प्रश्न
- ध्यानाकर्षण प्रस्ताव
- स्थगन प्रस्ताव
- सङ्कल्पको प्रस्ताव र
- जरुरी सार्वजनिक महत्वको प्रस्ताव

३.४. आर्थिक नियन्त्रण

आर्थिक नियन्त्रणको अर्थ राज्यले खर्च गर्ने आवश्यक धन सङ्कलन गर्न जनताका तर्फबाट अनुमति दिनु हो। आधुनिक संसदले धन खर्च गर्ने अधिकार सरकारलाई प्रदान गर्ने मात्र गर्दैन। त्यस्तो धन वा राजस्व के-कस्ता श्रोत र माध्यमबाट के-कस्तो रित पुऱ्याई सङ्कलन गर्ने, कतिसम्म सरकारले खर्च गर्ने र त्यस्तो खर्च कुन-कुन शीर्षक अन्तर्गत गर्ने आदि कुराको पनि स्पष्ट निर्धारण गर्दछ।

अर्थ संकलन र खर्च गर्ने अधिकारकै कारणवाट वेलायतमा संसदको प्रादुर्भाव र विकास भएको हुनाले यस कार्यलाई त्यहाँ संसदको पुरानो, पहिलो र प्रमुख कार्य मानिन्छ। तर, नेपालमा संसद नरहेको अवस्थामा अध्यादेश मार्फत वजेट तय गरिन्छ। राजश्व सङ्कलन गर्न कर तथा मूल्यवृद्धिसम्बन्धी कार्यहरू संसदको अनुपस्थितिमा पनि गरिन्छ।

वार्षिक आर्थिक विवरण (बजेट) सरकारले तय गरी संसदसमक्ष प्रस्तुत गर्दछ। संसदले त्यसमा छलफल गरी अनुमोदन गर्ने वा नगर्ने काम गर्दछ। नेपाल अधिराज्यको संविधान २०४७ मा पूरक वजेट प्रस्तुत गर्ने प्रावधान पनि छ।[८]

कार्यविधि जे-सुकै भए पनि सरकारबाट भएको खर्चको विवरण तथा सरकारबाट उठाइने राजस्व संसदबाट अनुमोदन गरिनु पर्दछ। यसका साथै निर्धारित रकम खर्च भएको छ/छैन भनेर स्वतन्त्र रूपमा लेखा परीक्षण हुनु पर्ने र लेखा परीक्षणको प्रतिवेदन संसदसमक्ष राख्नुपर्ने व्यवस्था पनि संविधानमा गरिएको छ। यसरी संसदीय प्रणालीको विशेषताअनुरूप नै नेपालमा पनि आर्थिक कार्यमा संसदको नियन्त्रण रहन्छ।

३.५. परराष्ट्र नीतिसम्बन्धी कार्यहरू

सिद्धान्तत: परराष्ट्र मामिलासम्बन्धमा निर्णय गर्ने अधिकार सरकारको हुनाले संसदको यसमा प्रत्यक्ष भूमिका रहँदैन। तथापि संसदीय सरकार संसदप्रति उत्तरदायी हुने हुनाले सरकारको परराष्ट्र नीति पनि संसदको नियन्त्रणबाट पूर्ण उन्मुक्त रहँदैन। नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२६(२) बमोजिम निम्नलिखित सन्धिहरूको अनुमोदन, सम्मिलन, स्वीकृती वा समर्थन संसदको दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाई बहुमतले गर्नु पर्ने व्यवस्था छ–

- शान्ति तथा मैत्री सन्धि
- सुरक्षा एवं सामरिक सम्वन्ध
- नेपाल अधिराज्यको सीमाना र
- प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड

निम्नलिखित सन्धिहरू प्रतिनिधिसभाको साधारण बहुमतवाट अनुमोदन वा सम्मिलन, स्वीकृती, समर्थन गर्नु पर्ने व्यवस्था संविधानको धारा १२६(२) र नेपाल सन्धि ऐन ०४७ को दफा ४ मा उल्लेख गरिएको पाइन्छ।

क) राष्ट्रलाई व्यापक गम्भीर वा दीर्घकालीन असर नपर्ने शान्ति तथा मैत्री र प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँड सम्वन्धी सन्धिहरू,

ख) संविधानको धारा १२६ को उपधारा (२) मा

उल्लेख भएको विषयबाहेक अनुमोदन वा सम्मिलन, स्वीकृत वा समर्थन गर्नुपर्ने अन्य कुनै विषयका सन्धिहरू,

ग) कुनै अन्तरसरकारी संगठनको स्थापना गर्ने वा त्यस्तो संगठनको सदस्यता लिने विषयका सन्धिहरू,

घ) प्रचलित नेपालको कानुनको प्रतिकूल व्यवस्था भएका सन्धिहरू,

४. कार्यपालिका र न्यायपालिकासँग व्यवस्थापिकाको सम्बन्ध[९]

नेपाल अधिराज्यको संविधान २०४७ ले शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप राज्यका तीन पृथक् र स्वतन्त्र अङ्गहरू रहने व्यवस्था गरेको छ–

क) व्यवस्थापिकाले कानुन निर्माण गर्दछ।

ख) कार्यपालिकाले व्यवस्थापिकाद्वारा निर्माण गरिएका कानुनको कार्यान्वयन गर्दछ।

ग) न्यायपालिकाले न्याय सम्पादन गर्ने कार्य गर्दछ। जसअनुसार कार्यपालिका तथा व्यवस्थापिकाद्वारा गरिएका कार्यहरू न्यायोचित भए/नभएको कुरा जाँच्नु, नागरिक अधिकारको संरक्षण गर्नु र अस्पष्ट कानुनको स्पष्ट व्याख्या गर्नु जस्ता कार्यहरू पर्दछन्।

सरकारका तीन अङ्ग स्वतन्त्र रहनु पर्दछ, साथै एक अङ्गले अर्को अङ्गको कार्यमा हस्तक्षेप गर्नु हुँदैन। यस सिद्धान्तको पूर्ण र अक्षरश: कार्यान्वयनका लागि यी तीन अङ्गहरूमा पृथक-पृथक व्यक्तिहरू रहनु जरुरी छ। अन्यथा शक्ति एकै ठाउँमा केन्द्रित भई निरङ्कुशताको उत्पत्ति हुन सक्छ। राज्य सञ्चालनका लागि तीन अङ्गबीचमा समन्वय पनि अपरिहार्य छ। त्यसैले संवैधानिक राजतन्त्र भएका मुलुकहरूमा कार्यपालिका औपचारिक रूपमा व्यवस्थापिकामा पनि सम्बद्ध रहेको पाइन्छ। उदाहरणको लागि बेलायतमा राजासहितको संसद (King in Parliament) र राजासहितको मन्त्रिपरिषद (King in Council) को औपचारिक व्यवस्था गरिएको छ। त्यसैगरी, न्यायपालिकाद्वारा नजीर प्रतिपादित हुने व्यवस्था भएका राष्ट्रहरूमा न्यायपालिकाले व्यवस्थापिकाको कार्यमा औपचारिक रूपमा हस्तक्षेप गर्न सक्छ भने व्यवस्थापिका र कार्यपालिकाद्वारा न्यायाधीशहरूको नियुक्ति वा मनोनयन गर्ने व्यवस्था रहेका मुलुकहरूमा न्यायपालिका व्यावहारिक रूपमा स्वतन्त्र हुँदैन।

नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुसार, न्यायपालिकाले व्यवस्थापिका र कार्यपालिका दुवैमाथि नियन्त्रण राख्दछ। कार्यपालिकाले व्यवस्थापिकामाथि नियन्त्रण राख्दछ र व्यवस्थापिकाले कार्यपालिका र न्यायपालिका दुवैमाथि नियन्त्रण राख्दछ।

न्यायपालिकाले व्यवस्थापिकामाथि नियन्त्रण राख्ने कार्य न्यायिक पुनरावलोकनको आधारमा गर्दछ। संवैधानिक अदालत भएका राष्ट्रमा यस्तो कार्य विशेष अदालतले र अन्य राष्ट्रहरूमा सर्वोच्च अदालतले विधायिकाद्वारा बनाइएको कुनै पनि कानुनलाई असंवैधानिक घोषणा गरी संविधानको संरक्षण गर्नुका साथै व्यवस्थापिकालाई संविधान विपरीतको कानुन वनाई अधिकारको दुरूपयोग गर्ने कार्यबाट रोक्दछ। न्यायपालिकाले कार्यपालिकामाथि गर्ने नियन्त्रणमा जुनसुकै तहको अदालतले मुद्दाको प्रकृति र आफ्नो अधिकार क्षेत्रको आधारमा कार्यपालिका र कार्यकारी अधिकृतहरूको क्रियाकलाप तथा निर्णयहरूलाई अवैध घोषणा गर्न सक्दछ।

व्यवस्थापिकाले न्यायपालिकामाथि नियन्त्रण गर्ने कार्य मुख्य रूपले महाअभियोगको प्रस्तावको आधारमा गर्दछ। खराब आचरण गर्ने न्यायाधीशलाई व्यवस्थापिकाले महाअभियोगको प्रस्तावद्वारा पदमुक्त गर्न सक्छ र आवश्यक परेमा विभिन्न सजाय पनि दिन सक्छ। न्यायाधीशको मनोनयन र नियुक्ति व्यवस्थापिकाले गर्ने प्रावधान भएका राष्ट्रमा त नियुक्तिसम्बन्धी प्रक्रियाको आधारमा समेत व्यवस्थापिकाले न्यायपालिकामाथि नियन्त्रण गर्दछ।

कार्यपालिकाले व्यवस्थापिकामाथि नियन्त्रण गर्ने कार्य व्यावहारिक प्रकृतिको छ। व्यवस्थापिकाको अधिवेशन नबसेको समयमा कार्यपालिकाले कानुन सरहको अध्यादेश जारी गर्न सक्दछ। साथै, कार्यपालिका एक सक्रिय र निरन्तर क्रियाशील रहने अङ्ग भएकाले यसले विभिन्न नियम, विनियम, निर्देशन र आदेशहरू समय-समयमा जारी गर्दछ। व्यवस्थापिकामा प्रस्तुत गरिने विधेयकहरू कार्यपालिकाद्वारा नै तयार पारिने हुनाले व्यावहारिक रूपमा कानुन निर्माण गर्ने कार्यमा पनि कार्यपालिकाद्वारा व्यवस्थापिका नियन्त्रित हुन्छ। यस्ता विधेयकहरूलाई व्यवस्थापिकाले पूर्ण रूपमा अस्वीकृत गर्न सक्ने भए तापनि पारित गरिएका सबै विधेयकहरूमा कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण रहन्छ। यद्यपि व्यवस्थापिकाद्वारा ल्याइने सबै संशोधनहरूले विधेयकलाई मौलिक रूपमा परिवर्तन गर्न सक्दैनन्। यसका साथै, संसदको अधिवेशन चलेको समयमा विभिन्न समस्याहरूतर्फ ध्यानाकर्षण गरी कार्यपालिकाले विधायिकालाई कानुन निर्माण गर्ने कार्यको सम्बन्धमा निर्देशन दिइरहेको हुन्छ।

व्यवस्थापिकाले कार्यपालिकामाथि नियन्त्रण गर्ने कार्य मुख्य रूपले दुई तरिकाबाट गर्दछ :-

क) कार्यपालिकाको गठन गर्ने र कार्यपालिकालाई परिवर्तन वा भङ्ग गर्ने क्रममा

ख) कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी तुल्याउने क्रममा।

कार्यपालिकाले गरेको कुनै पनि क्रियाकलापका

सम्बन्धमा व्यवस्थापिकामा प्रश्न उठाउन सकिन्छ। यी सबै स्थितिमा संसदीय आयोगको गठन गर्न पनि सकिन्छ। कार्यपालिकासंग सम्बन्धित जुन व्यक्ति दोषी पाइन्छ, त्यसविरुद्ध व्यवस्थापिकाले समुचित कदम चाल्न सक्ने अधिकार पनि निहीत हुन्छ। प्रायः जसो प्रजातान्त्रिक मुलुकहरूमा व्यवस्थापिका र कार्यपालिका व्यावहारिक रूपमा एक-अर्काको परिपूरकका रूपमा रहेका हुन्छन्।

यसरी कार्यपालिका र न्यायपालिकासंग व्यवस्थापिकाको जुन सम्बन्ध हुन्छ, त्यसलाई दृष्टिगत गर्दा पनि प्रजातान्त्रिक प्रणालीको सुसञ्चालनका लागि व्यवस्थापिकाको अहम् भूमिका स्पष्ट हुन आउछ। तीनवटै अङ्ग परिपुष्ट र सशक्त नभई प्रजातन्त्रले पूर्ण गति प्राप्त नगर्ने तथ्य त आफ्नो ठाउंमा छँदैछ। जनमतको प्रत्यक्षतः प्रतिनिधित्व गर्ने भएकाले संसदीय प्रणालीमा तीन अङ्गमध्येमा व्यवस्थापिकाको महत्वलाई बढी जोड दिइने गरेको हो।

५. संसदविहीन अवस्थामा देश

संसदका दुई सदनमध्ये माथिल्लो सदन स्थायी हो भने तल्लो सदन आवधिक हो। तल्लो सदनका लागि निर्वाचन कति-कति वर्षमा गर्ने भन्ने बारेमा देशको संविधानमै स्पष्ट प्रावधान राखिएको हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४५(३) अनुसार सामान्य अवस्थामा प्रतिनिधिसभाको कार्यकाल पांच वर्षको हुन्छ। संविधानबमोजिम प्रतिनिधिसभा पाच वर्षअगावै पनि भङ्ग हुन सक्ने तथा सङ्कटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधिसभाको कार्यकाल बढाउन सकिने प्रावधान पनि संविधानमा रहेको छ।

प्रतिनिधिसभाको एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिनाभन्दा बढी नहुने र प्रतिनिधिसभा विघटन गरिदा छ महिनाभित्र नयां प्रतिनिधिसभाका लागि निर्वाचनको मिति समेत तोकिने प्रावधान पनि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ मा स्पष्टसंग रहेको छ। यसरी देशमा छ महिनाभन्दा बढीको समयावधिका लागि प्रतिनिधिसभाको रिक्तता हुने परिकल्पनासम्म पनि संविधानले गरेको छैन। संविधानले संसदविहीन अवस्थाको परिकल्पना गर्न नदिए तापनि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ०५९ जेठ ८ गते विविध कारण दर्शाउंदै प्रतिनिधिसभा विघटनको सिफारिस गरेपछि र प्रतिनिधिसभाको अनुपस्थितिमंगै संसदको माथिल्लो सदन राष्ट्रियसभा समेत निष्क्रिय बन्न पुग्यो। त्यस यता देश संसदविहीन अवस्थामा रुमल्लिएको छ। सन् २००४ को अन्त्यसम्मै यस्तो अवस्था कायम रह्यो।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचन गर्न नसकिने भएकाले ०५९ कार्तिक २७ का लागि पूर्व-निर्धारित चुनाव ०६० मसिर ३ गतेपछि सार्ने सात पार्टीको समेत सहमतिमा राजासमक्ष सिफारिस गरेपछि देशको राजनीतिक परिदृश्य नै बदलियो। राजाद्वारा ०५९ असोज १८ गते "संविधानबमोजिम निर्वाचन समयमै सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई पद मुक्त" गरिएको थियो। तर राजाद्वारा बीस महिनापछि अर्थात् ०६१ जेठ २० गते शेरबहादुर देउवालाई नै पुनः प्रधानमन्त्री पदमा नियुक्त गरियो। पुनः प्रधानमन्त्रीको पदमा पुगेको क्षणमा देउवाले श्री ५ बाट तोकिएको समयमै चुनाव गराउने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। ०५९ असोज १८ को राजाको कदमपछि गठित लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र पुनः शेरबहादुर देउवाको नेतृत्वका सरकारहरूले पनि निर्वाचनको मिति तोक्न नसकेपछि सन् २००४ को अन्त्यसम्मै देश प्रतिनिधिसभाविहीन अवस्थामा रुमल्लिइरह्यो। त्यतिमात्र नभई भविष्यमा अर्को प्रतिनिधिसभा कहिले अस्तित्वमा आउने हो भन्ने कुराको सङ्केतसम्म पनि सन् २००४ को अन्त्यसम्मै पाउन सकिएन।

देशमा प्रतिनिधिसभा बहाल नरहनुको अर्थ कार्यपालिकाले व्यवस्थापिकाको नियन्त्रणबाट उन्मुक्ति पाएको भने कदापि होइन। कार्यपालिकाले गर्ने कार्यको वैधानिकता अन्ततोगत्वा संसदद्वारा नै पुष्टि हुनु पर्दछ। यतिखेर नेपाल संसदीय पद्धतिमा राज्यका हरेक क्रियाकलापमा संसदमार्फत् जनताको अनुमोदन चाहिने तथ्यलाई संसदविहीनताको अवस्थाले खिल्ली उडाइरहेको विडम्बनापूर्ण स्थितिमा रहेको देखिन्छ।

६. संसदविहीनताका असरहरू

नेपाल अधिराज्यको संविधान २०४७ ले देशलाई संसदीय पद्धतिमा चलाउने स्पष्ट प्रावधान राखेको छ। तर देशमा प्रतिनिधिसभा नहुनु र राष्ट्रियसभा पनि मृतप्रायः हुनुले उब्जिएको संसदविहीनताको स्थितिले संसदीय पद्धति नै मूर्च्छित हुनु दुःखद् भए पनि अस्वाभाविक भने होइन। संसदविहीनताले देशमा व्यापक असर पारेको देखिन्छ जसको चर्चा बुँदागत रूपमा गरिएको छ।

६.१. राष्ट्रियसभामाथि परेको असर

प्रतिनिधिसभाको विघटनपश्चात् राष्ट्रियसभा अध्यक्षविहीन रहेको, यसको आकार दिनानुदिन घट्दै गइरहेको र बहालवाला सांसदहरूले जिम्मेवारी पाउनसमेत छाडेको अवस्था रह्यो। सरकारद्वारा जारी गरिएका जति पनि अध्यादेशहरूलाई दुई सदनमध्ये एकमा प्रस्तुत गर्नु पर्ने संवैधानिक व्यवस्था भए तापनि त्यसलाई पालना गरिएन। सांसदहरूलाई जिम्मेवारी दिनुपर्ने तथा राष्ट्रियसभाको

औचित्यको विषयमा सरकारले कुनै धारणा ल्याउनु पर्ने र क्रियाशील वनाउनु पर्नेजस्ता मागहरू उपाध्यक्षसहितका सांसदहरूले नराखेका होइनन्। संसदीय प्रणालीको एक आधारको रूपमा बाँकी रहेको राष्ट्रिय सभालाई क्रियाशील वनाउने माग जति नै भए पनि त्यसले मूर्त रूप लिन भने पाएन।

संविधानत: ६० जना सदस्य हुनु पर्ने राष्ट्रिय सभामा हाल ३८ सदस्य मात्र छन् र आगामी ०६२ असारदेखि थप १९ जनाको पदावधि समाप्त हुँदैछ। त्यसपछि राष्ट्रिय सभा सदस्यको संख्या १९ जनामा सीमित हुनेछ। अहिले बाँकी रहेका सांसदहरूमा एमाले, काँग्रेस र राजावाट मनोनित मात्रै छन्। बाँकी रहेका सांसदहरूमध्ये १९ जनाको पदावधी ०६४ सम्म रहने छ। राष्ट्रियसभाको अपूर्णता पूर्णतामा वदलिने कुनै सम्भावनाको सङ्केत सन् २००४ को अन्त्यसम्म पनि देखिएन। किनभने राष्ट्रिय सभाका लागि एक-तिहाई सदस्य प्रतिनिधिसभाको माध्यमवाट छान्ने गरिन्छ। यसरी प्रतिनिधिसभाको रिक्तताको कारणले राष्ट्रियसभा मृतप्राय: वन्न पुगेको छ।

६.२. संसदीय समितिहरूमाथि परेको असर

राज्यको विधिविधान, ऐन, कानुन, नियम वनाउने र सरकारलाई राज्य सञ्चालनका लागि मार्ग निर्देशन गर्ने काम संसदले गर्दछ। यस क्रममा व्यवस्थापिकाले विभिन्नखाले प्रत्यायोजित अधिकार प्रयोग गरेर कार्यपालिकाका विविध काम कारवाहीलाई पनि ध्यानपूर्वक हेरेको हुन्छ। संसदको कार्यक्षेत्र व्यापक हुने र सदनका वैठकहरूमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत् राष्ट्रिय र अन्तर्राष्ट्रिय

तालिका नं. १

राष्ट्रिय सभाका माननीय सदस्यहरू र पदावधि

क्र.स.	नाम (०६२ असार १२ गते पदावधि पुरा हुने)	प्रतिनिधित्व	क्र.स.	नाम (०६४ असार १२ गते पदावधि पुरा हुने)	प्रतिनिधित्व
१	श्रीमती अम्बिका पन्त (भापागाई)	काग्रेस	१	अक्कलबहादुर विष्ट	काग्रेस
२	अमियकुमार यादव	काग्रेस	२	अशोक कोइराला	काग्रेस
३	उत्तमकुमार महत क्षेत्री	नेकपा (एमाले) (पू.क्षे.)	३	उर्वादत्त पन्त	एमाले (सु.प.क्षे.)
४	कृपीलाव् परिखार	मनोनित	४	दिपकबहादुर गुरुङ	काग्रेस
५	काशीनाथ अधिकारी	एमाले	५	देवनारायण चौधरी	मनोनित
६	केदारप्रसाद न्यौपाने	एमाले	६	बलबहादुर राई	काग्रेस
७	खगेन्द्रराज रेग्मी	काग्रेस	७	बेदुराम भुसाल	एमाले
८	डीलबहादुर पुरी	काग्रेस	८	महेशमणि आचार्य दीक्षित	एमाले
९	तिलकप्रसाद न्यौपाने	काग्रेस	९	सुश्री मेयादेवी थापा	काग्रेस
१०	दिलबहादुर मती	काग्रेस	१०	श्रीमती गाइत्रीका शर्मा	मनोनित
११	मोहनबहादुर घर्ति	काग्रेस	११	राधेश्याम अधिकारी	काग्रेस
१२	मोहनराज शर्मा चापागाई	मनोनित	१२	रामजीवन सिंह	काग्रेस
१३	रामचन्द्र भट्टराई	एमाले (प.क्षे.)	१३	रामप्रीत पासवान	एमाले (पू.क्षे.)
१४	रमेशनाथ पाण्डे	मनोनित	१४	रगनाथ जोशी	एमाले (म.प.क्षे.)
१५	लालबहादुर विश्वकर्मा	एमाले	१५	डा. रूपज्योति	मनोनित
१६	लालसति देवकोटा	एमाले	१६	ललितबहादुर कमल	एमाले (म.क्षे.)
१७	श्रीमती विश्वश्वरा डाहाल	एमाले	१७	लक्ष्मीदास मानन्धर	एमाले
१८	श्री वीरबहादुर सिंह	एमाले (म.प.क्षे.)	१८	लोकबहादुर थापा	रा.प्र.पा
१९	श्री शुक्रराज शर्मा	काग्रेस	१९	श्रीमाया थकाली	एमाले (प.क्षे.)

१. नेपाली कांग्रेस - ७
२. नेपाल कम्युनिष्ट पार्टी (एमाले) - ९
३. मनोनित - ३
जम्मा - १९

१. नेपाली कांग्रेस - ७
२. नेपाल कम्युनिष्ट पार्टी (एमाले) - ८
३. राष्ट्रिय प्रजातन्त्र पार्टी - १
४. मनोनित - ३
जम्मा - १९

द्रष्टव्य : ०६० असार १२ मा २० जना माननीय सदस्यहरूको पदावधि पुरा भएपछि २० स्थान रिक्त
०६२ असार १२ मा पदावधि पुरा हुने वासुदेव रिसाल (कांग्रेस) को निधन भई १ स्थान रिक्त
०६४ असार १२ मा पदावधि पुरा हुने विप्लप्रकाश शाह (मनोनित) द्वारा राजीनामा, १ स्थान रिक्त

स्रोत : संसद सचिवालय

विषयवस्तुहरूमा विस्तृत चिन्तन गर्न समयले पनि साथ नदिने परिस्थितिलाई दृष्टिगत गर्दै संसदीय दायित्व निर्वाह गर्ने विकल्पको रूपमा संसदीय समितिहरूको स्थापना र विकास हुँदै आएको हो।

विभिन्न प्रयोजनका लागि गठित यस्ता संसदीय समितिहरूले सानातिना कामहरू पनि मिहिन ढङ्गबाट गरी संसदको प्रभावकारिता अभिवृद्धि गराउँछन्। संसदीय समितिको माध्यमबाट कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी वनाउन सकिएकोले ससदीय व्यवस्था भएका सबै मुलुकले संसदीय समितिलाई अङ्गीकार गर्दै आइरहेको परम्परा छ।

प्रजातान्त्रिक राज्य व्यवस्थामा संसदीय समितिहरूको अत्यन्त महत्वपूर्ण भूमिका रहेको हुन्छ। सदनको बैठकले गर्नु पर्ने कामहरूलाई छिटो-छरितो ढङ्गबाट सम्पादन गर्न र संसदीय क्रियाकलापहरूलाई प्राथमिकताको घेरामा राख्न संसदीय समितिहरू उत्कृष्ट सावित भएका छन्। त्यसैले समितिहरूलाई उपयोगी र व्यावहारिक संयन्त्रका रूपमा अङ्गीकार गरिएको छ। कथन पनि छ, संसदीय शासन व्यवस्थामा समितिहरूद्वारा सरकार सञ्चालन गरिन्छ।

जुनसुकै मुलुकको संसदीय वा अध्यक्षात्मक शासन प्रणालीमा समितिको अभावमा विधायिकी क्रियाकलाप अघि बढाउन सकिदैन। सदनको बैठकमा प्रस्तुत हुनुअघि समितिहरूमा विधेयकको दफावार छलफल हुने र त्यसैको आधारमा ऐनको अन्तिम स्वरूप निर्धारण हुने प्रचलन संसारभर रहेको पाइन्छ। त्यसैगरी, संवैधानिक अङ्गका वा अन्य प्रतिवेदनहरू संसदमा प्रस्तुत गर्दा विषयगत रूपमा संसदीय समितिमार्फत् पेश गरिएको हुन्छ। नेपालमा पनि विधेयक तथा प्रतिवेदनहरू प्रतिनिधिसभा वा राष्ट्रियसभामा पेश गर्नुअघि समितिमा दफावार छलफल गर्ने गरिन्थ्यो। संसदीय समिति नै नभएको अवस्थामा कानुन निर्माण क्रममा विधायिकी प्रक्रियाले गर्न सक्ने योगदान पूर्णतया अवरुद्ध भएको छ। संसद विघटन भएपछि राष्ट्रियसभाका संसदीय समितिहरू समेत मृत: प्राय अवस्थामा पुगेका छन्।

जनप्रतिनिधिमूलक व्यवस्थाको उत्तरार्द्धमा आइपुग्दासम्म संसदीय काम कारवाहीमा सांसदहरूको उपस्थिति, प्रस्तुति तथा लगनशीलता अत्यन्त कम भएको गुनासो राजनीतिक विश्लेषकहरूलगायत् सभामुख समेतद्वारा सार्वजनिक गरिएको थियो। संसद विघटनसँगै संसदीय समितिहरू पनि अस्तित्वविहीन भएपछि भने प्रजातान्त्रिक अभ्यास नै अवरुद्ध हुन पुग्यो।

६.३. संवैधानिक परिषदमाथि परेको असर

नेपाल अधिराज्यको संविधान २०४७ ले प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषदमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष र प्रतिनिधिसभामा विपक्षी दलका नेता सदस्य हुने व्यवस्था

तालिका न. २

नेतृत्व विहीन प्रतिनिधिसभाका समितिहरू

समितिको नाम	कार्यक्षेत्र
१. अर्थ समिति	अर्थ र आर्थिक योजना
२. सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा र महालेखा परिक्षकको वार्षिक प्रतिवेदन।
३. परराष्ट्र तथा मानवअधिकार समिति	मानवअधिकार, विदेशी राष्ट्र र संघसंस्थासँग सम्वन्धित, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन।
४. प्राकृतिक स्रोत र साधन समिति	जलस्रोत, भूमिसुधार भूमिव्यवस्था, कृषि।
५. वातावरण संरक्षण समिति	वातावरण संरक्षण, वन र भूसंरक्षण
६. जनसख्या तथा सामाजिक समिति	शिक्षा, संस्कृति, स्वास्थ्य, श्रम र सामाजिक कल्याण।
७. राज्य व्यवस्था समिति	मन्त्रिपरिषद्, गृह, सामान्य प्रशासन, रक्षा र लोकसेवा आयोगको वार्षिक प्रतिवेदन।
८. विकास समिति	आवास, भौतिक योजना, निर्माण, यातायात, सञ्चार, उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य र स्थानीय विकास।
९. कानुन, न्याय तथा संसदीय व्यवस्था समिति	कानुन, न्याय प्रशासन, संसदीय व्यवस्था प्रत्यायोजित व्यवस्थापन

स्रोत : संसद सचिवालय

गरेको छ।[१०] यसरी संविधानले संवैधानिक परिषदमा जनप्रतिनिधिको बहुमत हुने व्यवस्था गरेको देखिन्छ।

हाल राष्ट्रियसभाका अध्यक्ष र प्रतिनिधिसभाका विपक्षी दलका नेताको पद रिक्त रहेकाले तीन सदस्यीय संवैधानिक परिषद् पूर्ण रूपमा अस्तित्वमा छ। संख्यात्मक हिसाबले संवैधानिक परिषद्को गणपूरक संख्या कायमै रहेको देखिए तापनि संसदको नेता नै प्रधानमन्त्री हुने अवस्था संसदविहीनताका कारणले नरहेको तथा जनताको प्रतिनिधित्व गर्ने राष्ट्रियसभाका अध्यक्ष र प्रतिनिधिसभाका विपक्षी दलका नेताको समेत अनुपस्थिति रहेको हुनाले जनमतको प्रतिनिधित्व संवैधानिक परिषदमा नहुने आशङ्का उब्जनु स्वाभाविकै हो। यसबाट संवैधानिक परिषदको सिफारिसमा विभिन्न संवैधानिक निकायमा हुने नियुक्तिमा समेत जनमतको प्रतिनिधित्व नहुने अवस्था पैदा भएको छ।

६.४. सर्वोच्च अदालतमाथि परेको असर

नेपाल अधिराज्यको संविधान २०४७ ले श्री ५ बाट संवैधानिक परिषद्को सिफारिसमा नेपालको प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति गरिबक्सने व्यवस्था गरेको छ।[११] तर संसदविहीनताको अवस्थाले गर्दा जनप्रतिनिधिको सहभागिता रहनुपर्ने संवैधानिक परिषद् तथा न्याय परिषद् नै अपाङ्ग हुन पुगेकाले ती निकायका नियुक्तिहरू विवादास्पद हुने सम्भावना अत्यधिक रहन्छ। प्रधानन्यायाधीश पदका लागि सर्वोच्च अदालतका एक भन्दा बढी न्यायाधीशको नाम सिफारिस भएको घटना यसै वर्ष अर्थात् ०६० माघ ७ गते भयो। संवैधानिक परिषदले सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश गोविन्दबहादुर श्रेष्ठ, हरिप्रसाद शर्मा, कृष्णकुमार वर्मा र भैरवप्रसाद लम्सालमध्ये एकलाई प्रधानन्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गरेकोमा गोविन्दबहादुर श्रेष्ठलाई प्रधानन्यायाधीश नियुक्त गरियो।

६.५. विभिन्न संवैधानिक निकायहरूमाथि परेको असर

नेपाल अधिराज्यको संविधान २०४७ ले लोकसेवा आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, निर्वाचन आयोग र महान्यायाधिवक्ता गरी पाँचवटा संवैधानिक अङ्गहरू रहने व्यवस्था गरेको छ। यी अङ्गका अध्यक्ष, प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्तिका लागि सिफारिस प्रक्रियामा समेत कानुनतः रीत पुग्न नसकेको अवस्था विद्यमान रह्यो। उदाहरणका लागि महालेखा परीक्षकको नियुक्ति प्रकरण लिन सकिन्छ। यसमा पूर्वसचिव दीपेन्द्रपुरुष ढकालको नाम सिफारिस गरिएकोमा श्री ५ बाट त्यो सिफारिसलाई अस्वीकार गरी गेहेन्द्रनाथ अधिकारीलाई नियुक्त गरिए पनि अधिकारीको नियुक्ति अघिल्लो सिफारिस बदलेर पठाएपछि भएको भन्ने चर्चा आमसञ्चार माध्यममा भयो।[१२] सूर्यबहादुर थापाको नेतृत्वमा बनेको सरकारको पालामा ०६० पुस २१ गते वेदप्रसाद शिवाकोटी, ललितबहादुर लिम्बु र इन्द्रबहादुर श्रेष्ठलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्त नियुक्त गरिएको प्रकरण पनि विवादमुक्त रहेन।

निस्कृय भएका राष्ट्रिय सभाका समितिहरू

१. दुर्गम क्षेत्र विकास समिति
२. सरकारी आश्वासन समिति
३. प्रत्यायोजित व्यवस्था समिति
४. सामाजिक न्याय समिति

संसदविहीनतासँगै संवैधानिक अङ्गहरूका क्रियाकलापबारेको प्रतिवेदन प्रतिनिधिसभामा पेश भई जनप्रतिनिधिहरूको माध्यमबाट जनता सूसुचित हुने अधिकार पनि बाधित भयो। संवैधानिक अङ्गका प्रतिवेदनहरू श्री ५ मा प्रस्तुत गर्ने/हुने र बुझाइएका प्रतिवेदन सदर गरी प्रधानमन्त्रीमार्फत् सभामुखसमक्ष बुझाउनु पर्ने हुन्छ। त्यसपछि प्रतिवेदनलाई प्रतिनिधिसभाका सम्बन्धित समितिसमक्ष बुझाइन्छ भने संसदीय समितिहरूले आवश्यकताअनुसार संवैधानिक अङ्गहरूलाई राय, सल्लाह, सुझाव दिने व्यवस्था छ। यसरी संवैधानिक अङ्गहरू प्रतिनिधिसभामार्फत मार्गनिर्देशित हुने संसदीय प्रणालीको विशेषता रहे पनि संसदविहीनताले त्यो लागू हुन सकेको छैन।

श्री ५ समक्ष प्रस्तुत गरिएका संवैधानिक अङ्गका प्रतिवेदनहरू प्रतिनिधिसभा नहुनाले अलपत्र परे। यसबाट सरकारी अधिकारीबाट सम्पादित काम-कारवाही महालेखापरीक्षक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र लोकसेवा आयोगका प्रतिवेदनको आधारमा ठीक/बेठिक छुट्याउने अवसरको अभाव रह्यो। सबै संवैधानिक अङ्गहरूका ०५९, ०६० र ०६१ सालका प्रतिवेदनहरू सन् २००४ को अन्त्यसम्म सार्वजनिक हुन सकेनन्।

भ्रष्टाचार नियन्त्रण, सरकारी आर्थिक तथा प्रशासनिक गतिविधि जाँच गरी सार्वजनिक गर्ने जिम्मेवारी पाएका संवैधानिक अङ्गका प्रतिवेदनहरू तीन वर्षदेखि थन्किनु प्रजातान्त्रिक पद्धति र सुशासनका लागि हानिकारक हुन्छ। विशेषगरी, बजेट खर्चमा हुने अनियमितता, चुहावट, हानि-नोक्सानी, अपव्यय तथा विदेशी ऋण, दान-दातव्य खर्च शैली केलाउने जिम्मेवारी पाएको महालेखा परीक्षकको प्रतिवेदन महत्वपूर्ण मानिन्छ। तर सो प्रतिवेदन सार्वजनिक नै नभई त्यसको सिफारिस कार्यान्वयन हुने सम्भावनासम्म

नरहनाले मनपरी गर्नेमाथि कारवाही नहुने, बेरुजु र पेश्की फर्स्योट नहुने तथा दण्डहीनता बढ्ने अवस्था भयो। संसद विघटन भएपछिका तीन वर्षहरूमा पेश्की खर्च हवात्तै बढेबाट पनि धेरै कुरा स्पष्ट हुन आउछ। उल्लेखनीय छ, ०५८ सालमा संसदमा प्रस्तुत भएको ३८ औं प्रतिवेदनमा २५ अर्ब ७१ करोड रुपैयां बेरुजु थियो भने ०६१ सालमा आइपुग्दा ३६ अर्ब ७१ करोड रुपैया बेरुजु पुग्यो।[१३]

प्रजातन्त्र पुन: स्थापना भएयता महालेखा परीक्षकको प्रतिवेदनमाथि संसदीय समितिमा खुल्ला बहस गर्न थालिएको थियो, जसबाट राज्य सञ्चालनमा देखिएका विकृति सार्वजनिक भई नियन्त्रणनिम्ति संसद र समाजबाट कडा दवाव पर्ने गरेको थियो। प्रतिनिधिसभा क्रियाशील हुंदा सार्वजनिक लेखा समिति सरकारी निकायका प्रमुखलाई अनियमितता रोक्न र समयमै सरकारी रकम फर्स्योट गर्नका निम्ति कडा चेतावनी दिन प्रभावकारी बनेको थियो। अनियमित रकम निश्चित अवधिभित्र कानुनबमोजिम फर्स्योट नगरे कारवाहीका निम्ति सिफारिस गर्ने समितिको चेतावनी दवावमूलक सावित भएको थियो। संसदको अभावमा आर्थिक विकृतिबारे बहस हुन नसकेपछि सरकारी अधिकारीलाई मनोमानी नवरले काम-कारवाही गर्ने वातावरणको सृजना भयो।

यसै सन्दर्भमा, प्रतिवेदन सार्वजनिक नहुँदा त्यसले दिने सुझाव र निर्देशन कार्यान्वयन हुन नसकेर मुलुकमा आर्थिक अनियमितता बढेको भन्दै मुद्दा परेपछि सर्वोच्च अदालतले ०६१ मंसिर १ गते ०५९ र ०६० सालका प्रतिवेदनहरू महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाई पेश गर्ने आदेश दिएको थियो। तर संविधानत: संसदबाहेक कुनै निकायले सार्वजनिक गर्न नसक्ने भएकाले अदालतलाई प्रतिवेदन दिनुपर्ने बाध्यात्मक अवस्था नरहेको जनाइयो। तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले बजेट भाषणको अवसरमा भन्नुभयो- "सरकारको आयव्यय र आर्थिक कारोबारका बारेमा महालेखा परीक्षकको धारणा जान्न पाउनु प्रत्येक नेपालीको हक भएको हुनाले सार्वजनिक हुन बांकी सबै प्रतिवेदनहरू सार्वजनिक गर्न उपयुक्त कानुनी व्यवस्था तीन महिनाभित्रै गरिने छ।"[१४] तर सन् २००४ को अन्त्यसम्म त्यस्तो व्यवस्था हुन सकेन।

महालेखा परीक्षकको प्रतिवेदन जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लोकसेवा आयोगको प्रतिवेदन पनि ससदमा बुझाउनु पर्ने व्यवस्था संविधानमा गरिएको छ। तर ती आयोगहरूले तयार गरेका प्रतिवेदनबारे पनि जनताले सन् २००४ को अन्त्यसम्म नै थाहा पाउन सकेनन्। यसबाट आयोगका काम, कारवाहीप्रति टिप्पणी गर्ने तथा प्रतिवेदनमा देखाइएका कमी, कमजोरी सच्याउने र गल्ती गर्नेलाई कारवाही गर्ने कार्य पनि हुन सकेको छैन।

६.६. संसदविहीनताले राजनीतिक दलमाथि पारेको असर

प्रतिनिधिसभा भङ्ग हुनु, राष्ट्रियसभा निस्क्रिय रहनु र स्थानीय निकाय पनि जनप्रतिनिधिविहीन बन्नुले राजनीतिक दलहरूको भूमिका साँघुरियो। त्यसमाथि नयां निर्वाचनको संकेतसम्म पनि नदेखिएपछि राजनीतिक रिक्तता आउनु अस्वाभाविक भएन। पछिल्लो पटक ०५८ वैशाख २३ गते समापन भएको प्रतिनिधिसभाको तथा जेठ ८ र ९ गते बसेको राष्ट्रियसभाको बैठकयता दलहरूले संसदीय अभ्यास गर्न पाएनन्। सरकार निर्माणमा पनि दलहरूको भूमिका गौण रह्यो। ०५८ जेठ १९ गते देउवा सरकार भङ्ग गरिएपछि लोकेन्द्रबहादुर चन्द (०५९ असोज २५), सूर्यबहादुर थापा (०६० जेठ २२) र शेरबहादुर देउवा (०६१ जेठ २०) का नेतृत्वमा तीन पटक सत्ता परिवर्तन हुँदा दलहरूको भूमिका निर्णायक रहेन।

दलहरूले संसदीय अभ्यास गर्ने ससद तथा निर्वाचनमार्फत् नै हो। दुवैको अस्तित्व नहुँदा आफ्ना गतिविधिका लागि दलहरूले सडकलाई रोजे। सरकारले राजनीतिक दलको क्रियाकलापमाथि नियन्त्रण गर्ने मनसायले उपत्यकालाई दङ्गाग्रस्तक्षेत्र घोषणा गर्‍यो। आन्दोलनरत दलका नेताहरूले सरकारको यसप्रकारको घोषणाको अवज्ञा गरे। आन्दोलनरत दलका शीर्षस्थ नेताहरूको गिरफ्तारी र त्यसको विरोधमा दलका कार्यकर्ताले गरेको आन्दोलनले राजधानीलगायत्का क्षेत्रहरू तनावग्रस्त रहे।

वर्षको प्रारम्भमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाल मजदुर किसान पार्टी, जनमोर्चा र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) संयुक्त रूपमा र नेपाली काङ्ग्रेस प्रजातान्त्रिक एकल रूपमा सडक आन्दोलनमा रहेका भए तापनि कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा सरकार गठन भएपछि एमाले, राप्रपा र नेपाल सद्भावना पार्टी सरकारमा प्रवेश गरे। त्यसपछिको सडक आन्दोलन गर्ने पार्टीका रूपमा नेपाली कांग्रेस, जनमोर्चा, नेमकिपा र नेपाल सद्भावना (आनन्दीदेवी) मात्र रहे। आन्दोलनले अपेक्षाकृत गति लिन सकेन र निस्क्रिय हुँदै गयो। संसदीय प्रणालीमा संसदविहीनताको अवस्थामा दलहरूको भूमिका प्रभावकारी नहुने तथ्य नै यस क्रममा पुष्टि भयो।

६.७. मानवअधिकारमा परेको असर

मानवअधिकार र प्रजातन्त्रको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। प्रजातान्त्रिक संस्कृति निर्माणका लागि मानवअधिकारको पूर्ण प्रत्याभूति हुनु आवश्यक छ भने मानवअधिकारको पूर्ण प्रत्याभूति प्रजातान्त्रिक व्यवस्थामा मात्र हुन्छ। देशमा मानवअधिकारको प्रवर्द्धन र संरक्षणमा संसदको ठूलो भूमिका रहन्छ। जनताले मानवअधिकारको उपभोग

राज्यको नीति, नियम र कानुनमार्फत् गरेका हुन्छन्।

संसद्को अनुपस्थितिका कारण महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावविरुद्धको महासन्धिको ऐच्छिक उपलेखको अनुमोदन हुन सकेको छैन। अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सम्बन्धित रोम विधानको अनुमोदनका निम्ति मानवअधिकार संस्थाहरूले चलाउँदै आएको अभियानले पनि संसद्विहिनताका कारण गति लिन सकेको छैन। मानवअधिकारको उल्लङ्घन भएमा आवाज उठाउने प्रभावकारी ठाउँ संसद नै हो। मानवअधिकारका सवालहरूमा राज्यपक्ष र प्रतिपक्षको निगरानी गरी प्रत्येक नागरिकको मानवअधिकार प्रत्याभूत गराउने दायित्व पनि संसदकै हो। तर लामो समयदेखि संसदको परराष्ट्र तथा मानवअधिकार समिति सक्रिय नहुनाले मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूले समेत शक्ति घटेको प्रत्यक्ष अनुभव गरेका छन्।

मानवअधिकारको दृष्टिबाट हालसम्म नेपालमा लागू भएका संविधानको तुलना गर्दा नेपाल अधिराज्यको संविधान २०४७ लाई सबभन्दा प्रगतिशील मानिएको छ। यसलाई मानवअधिकारपक्षीय दस्तावेज मानिएको छ। तर संसदीय पद्धति सुचारु नभएको अवस्थामा संवैधानिक प्रावधानहरू पनि शब्दमा मात्र सीमित रहन्छन्। विगत तीन वर्षदेखि संसद नरहेको यस्तो पृष्ठभूमिमा नेपालमा मानवअधिकारको प्रबर्द्धन र संरक्षणको सवाल पछाडि धकेलिएको स्पष्टै छ।

सन् २००४ भरि नै आफ्नो नेता चुन्न पाउने नागरिकको सबै भन्दा ठूलो अधिकार निर्वाचन हुन नसक्नाले अलपत्र पर्‍यो। संसदीय पद्धतिले गति लिन नसकेपछि प्रजातन्त्र मुर्च्छित अवस्थामा रही रह्यो र जनता निर्वाचन जस्तो नागरिक तथा राजनीतिक अधिकारको उपभोगबाट वञ्चित रहे। यी दुई अधिकारको अभावमा जनता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका बारेमा निर्धक्क भएर अग्रसर हुने अवस्थामा रहेनन्।

६.८. प्रेस स्वतन्त्रतामाथि परेको असर

विचार तथा अभिव्यक्तिको स्वतन्त्रतालाई प्रजातान्त्रिक प्रणालीमा आधारभूत स्वतन्त्रता मानिन्छ र यस स्वतन्त्रताको अभावमा अरु सबै स्वतन्त्रताहरू निरर्थक बन्छन्। विचार तथा अभिव्यक्ति स्वतन्त्रताको वास्तविक प्रयोगका लागि प्रेस स्वतन्त्रता अनिवार्य मानिन्छ। प्रजातन्त्रको सुसञ्चालनका लागि प्रेसको अहम् भूमिका रहन्छ। प्रेस जगत्को महत्वलाई ख्याल गरेरै यसलाई राज्यको चौथो अङ्ग भनी सम्मान गर्ने गरिएको हो। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका पछिको महत्व दिइएको प्रेसप्रति जनताको अपेक्षा संसदविहीन अवस्थामा झन् बढ्नु स्वाभाविकै हो। जनताको आवाज उनीहरूका प्रतिनिधि (सांसद) मार्फत् मुखरित हुने अवस्था नरहेपछि "आवाजविहीनहरूको आवाज" भनिने प्रेसको शक्ति घट्यो। "प्रेसको माध्यमबाटै संसद्को यति प्रचार हुन्छ र प्रेसबाटै संसद्ले जानकारी एकत्रित गर्दछ, जसबाट उसलाई प्रभावकारी ढंगले कार्यपालिकाको काममा दृष्टि पुर्‍याउन र त्यसमाथि नियन्त्रण कायम गर्न सहयोग प्राप्त हुन्छ। प्रायः समाचारपत्रहरूलाई संसद्को विस्तार मानिन्छ।"[१५] संसद्को अनुपस्थितिमा प्रेस अपेक्षाकृत विस्तारित हुन पाएन।

संसदविहीनताले ल्याएको प्रतिकूल प्रभावबाट प्रेस पनि मुक्त रहेन। समसामयिक विषयमा आवाज उठाउने थलो संसद नै नभएको अवस्थामा जनताको आवाजलाई सरकारसमक्ष पुर्‍याउने र सरकारको गतिविधिको सम्बन्धमा सर्वसाधारण जनतालाई जानकारी दिने कार्यमा प्रेस निरन्तर अग्रसर रह्यो। यस अवधिमा नेपाल प्रेस स्वतन्त्रताको अत्यन्त हनन हुने राष्ट्रको पंक्तिमा पुग्यो। संसद सक्रिय अवस्थामा रहेको भए प्रेस जगत्ले सुनुवाइ पाउने सम्भावना अवश्य रहन्थ्यो।

७. अध्यादेशीय शासनको निरन्तरता

प्राकृतिक नियमको सिद्धान्त अनुसार राज्य सञ्चालनका लागि कानुन, नीति, नियमहरू अपरिहार्य हुन्छन्। संसदीय शासन प्रणालीमा यस्ता विधि विधेयकका रूपमा संसदमा प्रस्तुत हुन्छ र संसदबाट पारित भएपछि त्यसले कानुनी हैसियत प्राप्त गर्छ। जनप्रतिनिधिको प्रत्यक्ष सहभागितामा कानुन बनाई सार्वभौम जनताले आफ्ना लागि आफैले शासन गर्ने मान्यतालाई संसदीय प्रणालीमा यसरी नै व्यवहारमा लागू गरिएको हुन्छ।

प्रजातन्त्रको पुनर्स्थापनापछि प्रतिनिधिसभाको पहिलो अधिवेशनबाट एक्काइसौं अधिवेशनसम्म आइपुग्दा जम्मा २ सय ९० वटा विधेयकहरू पारित भए। तीमध्ये २ सय २९ प्रतिनिधिसभाबाट र ६१ वटा राष्ट्रियसभाबाट पारित भएका थिए। यसबीच चारवटा अधिवेशन (सातौं, एघारौं, पन्ध्रौं र उन्नाइसौं) मा कुनै खालका कानुन निर्माण भएनन्। तीमध्ये सातौं र पन्ध्रौ अधिवेशन चल्दाचल्दै तत्कालीन प्रतिनिधिसभाहरू विघटन भएका थिए। उन्नाइसौं अधिवेशन अवधिभर (५७ दिन) बैठक अवरुद्ध भएका कारण विधेयकसम्बन्धी कार्य हुन सकेन। त्यसैगरी एघारौं अधिवेशन पनि यस दृष्टिकोणबाट उपलब्धिमूलक रहेन। तथापि समष्टिमा भन्नु पर्दा प्रतिनिधिसभा बहाल रहेको अवस्थामा कानुन बनाउने कार्य प्रक्रियागत ढङ्गले चलिरहेकै थियो। कानुन बनाउने थलोको रूपमा रहेको प्रतिनिधिसभाको अभावमा लामो समयसम्म देश अध्यादेशका भरमा सञ्चालन हुने स्थिति आइपरेको छ।

राज्यका सबै काम कानुनबमोजिम हुनुपर्ने प्रजातान्त्रिक प्रणालीको मान्यतामा कानुन बनाउने संसदको कार्य निरन्तर रूपमा चलिरहन्छ। यद्यपि देशमा कतिपय समय संसदको अधिवेशन नबसिरहेको पनि हुन सक्छ। मध्यावधि निर्वाचनका लागि प्रतिनिधिसभा भङ्ग भएको कारणले वा संसदको एउटा अधिवेशन सकिएर अर्को अधिवेशन नबोलाइदैको अवस्थामा पनि यस्तो रिक्तता हुन सक्छ।[१६] तर संसदको अधिवेशन नबसेको अवस्थामा पनि राज्य सञ्चालनका लागि कानुनी आधार आवश्यक पर्छ र त्यसका लागि विद्यमान कानुनी प्रावधान अपर्याप्त भएमा नयाँ कानुन तत्काल बनाउनु पर्ने पनि हुन सक्छ। यस्तो आवश्यकतालाई ध्यानमा राखी अध्यादेश जारी गर्न सकिने व्यवस्था संविधानमै गरिएको हुन्छ।

तर अध्यादेश त्यस्तो बेलामा मात्र जारी गरिएको हुनु पर्छ, जतिबेला तत्काल कानुन बनाउनु पर्ने भए तापनि संसदको अधिवेशन बसिरहेको वा तुरुन्तै बस्न सक्ने अवस्था हुँदैन। अध्यादेश जारी गर्नका लागि कार्यपालिकाको सजिलो हेरेर हुँदैन, केवल जारी नगरी नहुने परिस्थिति नै आइपरेको खण्डमा मात्र अध्यादेश जारी गरिनु पर्दछ। अध्यादेशलाई साधारण विधायिकी प्रक्रियाको अपवादका रूपमा मात्र लिनु पर्ने र यसलाई प्रवृत्तिका रूपमा लिन नहुनेमा संवैधानिक कानुनविद्हरू जोड दिन्छन्।[१७]

तालिका नं. ३

संसदविहीन अवस्थामा जारी भएका अध्यादेशहरू

क्र.सं.	अध्यादेश	जारी मिति
१.	राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन), अध्यादेश, ०६१	०६१/२/७
२.	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अध्यादेश, ०६१	०६१/२/७
३.	आर्थिक अध्यादेश, ०६१	०६१/४/१
४.	राष्ट्र ऋण उठाउने अध्यादेश, ०६१	०६१/४/१
५.	विनियोजन अध्यादेश, ०६१	०६१/४/१
६.	ऋण तथा जमानत (पन्ध्रौं संशोधन) अध्यादेश, ०६१	०६१/४/१
७.	बैंक तथा वित्तिय संस्था सम्बन्धी अध्यादेश, ०६१	०६१/४/२१
८.	स्थानीय स्वायत्त शासन (पहिलो संशोधन), ०६१	०६१/४/२१
९.	शिक्षा (आठौं संशोधन) अध्यादेश, ०६१	०६१/४/३१
१०.	गरीबी निवारण कोष अध्यादेश, ०६१	०६१/५/२
११.	पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा नीजि लगानी सम्बन्धी अध्यादेश, ०६१	०६१/५/३
१२.	नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) अध्यादेश, ०६१	०६१/५/३०
१३.	विद्युतीय (इलेक्ट्रोनिक) कारोबार अध्यादेश, ०६१	०६१/५/३
१४.	नेपाल सन्धि (पहिलो संशोधन), अध्यादेश, ०६१	०६१/६/४
१५.	राष्ट्रिय न्यायिक प्रतिष्ठान, अध्यादेश, ०६१	०६१/६/४
१६.	भूमि सम्बन्धी (छैठौं संशोधन) अध्यादेश, ०६१	०६१/६/२०
१७.	कारागार (दोस्रो संशोधन) अध्यादेश, ०६१	०६१/६/२०
१८.	आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश, ०६१	०६१/८/६
१९.	लुम्बिनी बौद्ध विश्वविद्यालय अध्यादेश, ०६१	०६१/८/१४
२०.	निजामति सेवा (दोस्रो संशोधन), अध्यादेश, ०५९	०५९/९/३
२१.	सार्वजनिक सेवा सञ्चालन अनुगमन तथा निरिक्षण अध्यादेश, ०५९,	०५९/८/१२

(नोट : एक पटक जारी गरिएको अध्यादेश ६-६ महिनामा पुनः जारी गरी क्रियाशील गरिने व्यवस्था छ।) स्रोत : कानुन मन्त्रालय

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७२ मा अध्यादेशको बारेमा स्पष्ट व्यवस्था गरिएको छ। जसअनुसार धारा ७२(१) मा "संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी मौसूफबाट आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ" भनिएको छ। यसरी तत्कालको आवश्यकता अनुसार अध्यादेश जारी गर्न सकिए तापनि यो संविधानप्रतिकूल हुन नपाउने बन्देज भने लगाइएको देखिन्छ। साथै, अध्यादेशको वैधानिकता अन्ततोगत्वा संसदबाट नै प्रमाणित हुनु पर्ने प्रावधानलाई पनि भुल्न मिल्दैन। धारा ७२(२) मा "तर यस्तो प्रत्येक अध्यादेश- (क) जारी भएपछि बसेको संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ (ख) श्री ५ बाट जुनसुकै बखत खारेज हुन सक्नेछ र (ग) जारी भएको छ महिनापछि वा दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वतः निस्कृय हुनेछ" भनिएबाट पनि सोही तथ्य पुष्टि हुन्छ।

संसदविहीनतासँगै मुलुकमा अध्यादेशद्वारा राज्य सञ्चालन गर्ने प्रवृत्तिको विकास भएको अवस्था छ। अध्यादेश ल्याउने बेलामै भविष्यमा उक्त अध्यादेश व्यवस्थापिकासमक्ष प्रस्तुत गर्नै पर्छ भन्ने निश्चित हुने भएकाले सरकारले अध्यादेशमा मनपरी प्रावधानहरू राख्न सक्दैन। तर, त्यो अध्यादेशले आफ्नो वैधताका लागि संसदमा जानु नपर्ने भएपछि कार्यपालिकामा निरङ्कुशता बढ्ने प्रवल सम्भावना रहन्छ। नेपालमा विद्यमान संसदविहीनताको स्थितिले कति समयसम्म निरन्तरता पाउने हो भन्ने अन्यौल रहनुले सरकारमा बस्नेहरूमा "जे अध्यादेश जारी गरे पनि कसले अङ्कुश लगाउँछ र !" भन्ने सोच बढेको देखिन्छ। प्रतिनिधिसभा विघटन भएपछि सरकारले जारी गरेका २० वटा अध्यादेशहरूलाई संसदविहीनताको कारणले गर्दा परीक्षण गर्न सकिएको छैन भने भविष्यमा अझ कति अध्यादेशहरू जारी हुने हुन् भन्ने पनि कुनै टुङ्गो छैन। यसरी नेपाल अधिराज्यको संविधानले कानुनको सर्वोच्चतामा देश सञ्चालन गर्ने सोच राखेकोमा अध्यादेशको सर्वोच्चतामा चल्ने विडम्बनापूर्ण परिस्थितिको श्रृजना भएको छ।

देश अध्यादेशको भरमा चल्ने, तर ती अध्यादेशको वैधानिकता पुष्टि गर्न संसदसमक्ष ल्याउनु नपर्ने कारणले सरकारको स्वेच्छाचारिता बढ्ने त छँदैछ, यसबाट नागरिक अधिकारको पनि हनन भएको छ। आफ्नो देशको कानुन जनप्रतिनिधिमार्फत् निर्माण गरेर जनताले आफ्नो शासन-विधान आफैं निर्धारण गर्न पाउनु प्रजातन्त्रको मूल मर्म हो। तर केही समयदेखि जुन हिसाबबाट वैधानिकता नै परीक्षण नगरिएका अध्यादेशहरूका आधारमा देश चलाइएको छ, त्यसमा जनमतको प्रतिनिधित्व हुन सक्दैन ! वस्तुतः कानुन बनाउने संसदको अधिकार नै यतिखेर कार्यपालिकाको हातमा पुगेको विडम्बनापूर्ण अवस्थामा देश पुगेको छ।

८. उपसंहार

संसदीय प्रणालीमा सर्वोपरि मानिने संसद जनताको अधिकार अभ्यास गर्ने संगठित थलो हो। सार्वभौमसत्तासम्पन्न जनताले आफ्नो अधिकारको प्रयोग संसद्मार्फत् नै गर्ने भएकाले प्रजातन्त्रमा यसको भूमिका अपरिहार्य मानिन्छ। कानुन बनाउने एवं मन्त्रिमण्डल वा सरकार गठन गर्नेलगायत्का कार्यमा संसदको अहम् भूमिका रहन्छ। जनमतको प्रत्यक्षतः प्रतिनिधित्व गर्ने भएकाले संसदीय प्रणालीमा तीन अङ्गमध्येमा व्यवस्थापिकाको महत्वलाई बढी जोड दिइन्छ। वास्तवमा संसदीय प्रजातन्त्रमा संसदकै केन्द्रीय भूमिका हुन्छ।

संसदीय प्रणालीको सर्वमान्य विशेषताअनुरूप नेपालमा पनि प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने र उसकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने प्रावधान रहेको भए तापनि संसदविहीनताले यो प्रावधान बेवारिसे बनेको छ। धारा ३६ र ४२ बमोजिम मन्त्रिपरिषदको गठन र सोबमोजिम प्रधानमन्त्रीको नियुक्ति प्रक्रियासम्बन्धी संवैधानिक व्यवस्था अतिक्रमण भई प्रतिनिधिसभाका सदस्य नरहेका व्यक्तिहरू प्रधानमन्त्रीमा नियुक्त हुनुले संविधानको मर्ममा आघात त परेको छ नै, देशलाई प्रजातन्त्रविहीनतातर्फ धकेल्न यसले मद्दत पुऱ्याएको यथार्थ पनि छर्लङ्गै छ। संसदविहीनताको कारणले १४ वर्ष लामो संसदीय शासन पद्धति हठात् अवरुद्ध भएको छ।

प्रतिनिधिसभाको विघटनपश्चात् राष्ट्रियसभा तथा विभिन्न संसदीय समितिहरू पनि मृतप्रायः रहे। प्रतिनिधिसभा विघटन भएको अवस्थामा राष्ट्रियसभालाई क्रियाशील बनाउन सकिने भए तापनि त्यसो नगर्नाले संसदीय अभ्यासको आभाष पटक्कै पाउन सकिएन। सरकारमा प्रवेश गर्नुअघि नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), राप्रपा र नेपाल सद्भावना पार्टीद्वारा स्वीकार गरिएको ४३ बुँदा मध्येको प्रमुख एक बुँदा राष्ट्रियसभालाई सक्रिय पार्ने रहेको भए तापनि सन् २००४ को अन्त्यसम्मै त्यो प्रतिबद्धता कार्यान्वयनतर्फ दलहरूले वास्ता गरेनन्। संसद पुनर्स्थापनाको बहसले पनि यो वर्ष कुनै निकास पाउन सकेन।

संसदीय प्रणालीका वाहकका रूपमा रहने दलहरू संसदको अभावमा सडकमा संघर्ष गर्न बाध्य भए। नौ वर्षदेखि सशस्त्र संघर्ष गर्दै आएका माओवादीहरू पनि दल र दलीय व्यवस्थालाई कमजोर पार्न जिम्मेवार छैनन् भन्ने अवस्था रहेन। यसैलाई दृष्टिगत गरेरै विश्लेषकहरूले विद्यमान

अवस्थामा राजा, राजनीतिक दल र माओवादीहरू राष्ट्र र जनताप्रति गम्भीर नभएको भनी टिप्पणी गर्न बाध्य भए। संसदविहीनतामा देश रुमल्लिएअनुरूप नै राष्ट्रिय निकासको मूलधारमा कोही समाहित हुन सकेनन्।

अर्कोतिर, संवैधानिक अङ्गहरूले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनहरू संसदविहीनताका कारण पारित हुन सकेनन्। संवैधानिक परिपद्मा जनप्रतिनिधिको बहुमत हुनु पर्ने संविधानको मर्म कायम रहन नसक्दा विभिन्न संवैधानिक निकायमा हुने नियुक्तिमा समेत जनमतको प्रतिनिधित्व सही रूपमा नहुने स्थिति छ। संसदविहीनताले न्यायपालिका तथा विभिन्न संवैधानिक निकायका प्रक्रियागत कार्यहरूमाथि पनि प्रतिकूल असर पारेको देखिएको छ। मानवअधिकारको प्रवर्द्धन र संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने संसद नै अस्तित्वमा नरहेपछि मानवअधिकार तथा प्रेस स्वतन्त्रता धरापमा परेको छ।

वैधानिकता नै परीक्षण नगरिएका अध्यादेशहरूका आधारमा देश चल्नाले नेपाल अधिराज्यको संविधान २०४७ ले अघि सारेको कानूनको सर्वोच्चताको सोच पनि व्यर्थ हुन पुगेको छ। संसदलाई प्रतिनिधी विहीन बनाई अध्यादेशमार्फत राज्य सञ्चालनका लागि संविधानको धारा ७२ को व्यवस्था गरिएको पक्कै होइन।[१८] कानुन बनाउने प्रमुख कार्य, जिम्मेवारी र अधिकार संसदको हो। तर संसदको कानून बनाउने अधिकार नै कार्यपालिकाको हातमा पुग्नाले शक्ति सन्तुलन र शक्ति पृथकीकरणको सिद्धान्तमा आघात पर्‍यो भने सरकारको स्वेच्छाचारिता बढ्यो। यस्तो अवस्थामा, प्रजातान्त्रिक व्यवस्था बचाउन र जनताका संवैधानिक एवं कानूनी अधिकारको संरक्षणका निमित्त न्यायिक निकायहरूले बढी क्रियाशीलता देखाउनु पर्ने आवश्यकता छ।

---

१. सत्यकेतु विद्यालंकार, *प्राचीन भारतकी शासन-पद्धति और राजशास्त्र सरस्वती सदन,* नई दिल्ली २००१ पृ. २३६
२. N. A. Palkhiwala, *We the People,* USB Publishers & Distributers, New Delhi, 1997, p.47
३. A.V. Dicey, *The Law of the Constitution,* (9^{th} ed.), 1960, p.37
४. "The British Parliament can do everything but make man a woman and woman a man" Sir Ivor Jennings, *The Law and the Constitution,* (5^{th} edition), 1976
५. *नेपाल अधिराज्यको संविधान २०४७,* धारा ३६(१)
६. ऐजन, धारा ३६(३)
७. ऐजन, धारा ३८
८. ऐजन, धारा ७०
९. भरतराज उप्रेती र कनकविक्रम थापा, *नेपालको संवैधानिक कानुन,* फ्रिडिल, काठमाडौं, २०४०
१०. *नेपाल अधिराज्यको संविधान २०४७,* धारा १७७
११. ऐजन, धारा ८७
१२. *राजधानी दैनिक,* ०६० मंसीर ११ गते
१३. *कान्तिपुर दैनिक,* ०६० फागुन २८ गते
१४. ऐजन, ०६१ साउन २ गते
१५. महेश्वर नाथ कौल, श्यामलाल शकधर, संसदीय प्रणाली तथा व्यवहार, मध्यप्रदेश, हिन्दी ग्रन्थ अकादमी, भोपाल, १९७२, पृष्ठ १४२
१६. Surya Dhungel et.al., *Commentary on The Nepalese Constitution,* DeLF, Kathmandu, 1998, p. 407
१७. ऐजन
१८. उप्रेती र थापा, ऐजन

परिच्छेद ४

माओवादी विद्रोह र त्रास

"त्रासबाट मुक्ति" लाई मानवअधिकारको सम्पूर्ण दर्शनको सार ठान्न सकिन्छ।

ड्याग ह्यामरसोल्ड

१. विषय प्रवेश

माओवादी विद्रोह र त्यसविरुद्ध राज्यले अवलम्बन गरेको प्रतिकारात्मक कार्यका कारण नेपालको राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्र विशृङ्खलित हुने क्रमसँगै मानव सुरक्षामाथि त्रासको वातावरण पनि एकदमै बढेर गएको छ। यसले सर्वसाधारणको नागरिक तथा राजनीतिक अधिकारकासाथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमाथि पनि असर पारेको छ। बर्बर हत्या, ज्यानलिने धम्की, मानसिक तथा शारीरिक यातना आदिका कारणले आममानिसमा आतङ्कको छाया परेको छ। राष्ट्रको दैनन्दिन जनजीवनमा आतङ्कको मनोसामाजिक असर नराम्ररी परेको देख्न सकिन्छ।

२. नेपालमा मानवअधिकार : एक ऐतिहासिक परिदृश्य

प्रजातन्त्र र मानवअधिकार एक-अर्काका परिपूरक हुन्। यी दुईलाई पृथक् पार्ने हो भने दुवै निरर्थक हुन पुग्छन्। कुनै पनि समाज यदि प्रजातान्त्रिक मूल्य मान्यतामा चलेको छैन भने त्यहाँ मानवअधिकारको प्रत्याभूति हुँदैन। प्रजातन्त्र र मानवअधिकारको सुदृढिकरणका लागि सरकार तथा जनप्रतिनिधिले स्पष्ट राजनीतिक सोचकासाथ समाजमा क्रियाशील भूमिका निर्वाह गर्नै पर्ने हुन्छ।

एउटा आधुनिक राज्यका रूपमा नेपालको राजनीतिक इतिहास करिब साढे दुई शताब्दी पुरानो छ। सत्रौं शताब्दीअघि यो भुरे-टाकुरे राज्यहरूमा विभाजित थियो। पृथ्वीनारायण शाहको नेतृत्वमा राष्ट्रिय एकीकरण अभियानपश्चात् यसले आधुनिक नेपाल अधिराज्यको स्वरूप पाएको हो। त्यसपछिका दिनमा नेपाल शाहवंशको प्रत्यक्ष वा अप्रत्यक्ष शासनमा रहिआएको छ। यसबीचमा नेपाल संवैधानिक राजतन्त्रअन्तर्गत पनि रह्यो। ००७ सालमा राणाशासनको पतनपछि आएको प्रजातन्त्र एक दशक मात्र रह्यो। जननिर्वाचित सरकारलाई सैन्यशक्तिको आडमा बर्खास्त गर्ने ०१७ सालको कदमले नेपालको प्रजातान्त्रिक प्रणालीको विकासलाई अवरुद्ध पार्‍यो। राजाद्वारा लागू गरिएको निर्दलीय पञ्चायती व्यवस्था करीब तीस वर्षसम्म कायम रहँदाको अवधिमा आधारभूत मानवअधिकारको उपभोगबाट जनता वञ्चित रहे।

अन्तर्राष्ट्रिय संयन्त्रहरूमा व्यवस्थित गरिएजस्तो मानवअधिकारको आधुनिक अवधारणा नेपालका लागि नयाँ कुरा हो। सन् १९५४ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेको र सन् १९६४ मा जेनेभा महासन्धि अनुमोदन गरिसकेको भए तापनि प्रजातन्त्र पुनर्स्थापनाअघि मानवअधिकारको अवधारणालाई प्रबर्द्धन गर्न राज्यले कुनै विशेष प्रयत्न भने गरेन। त्यसो त, मानवअधिकार भन्ने शव्दावली नयाँ भए तापनि नेपालमा मानवअधिकारको अवधारणा चाहिँ हिन्दू-बौद्ध संस्कृतिले शताब्दीयौं अघिदेखि अङ्गीकार गर्दै आइरहेको देखिन्छ। उदाहरणका लागि, लिच्छवीहरूले धार्मिक सिद्धान्तमा आधारित स्वतन्त्रताको सिद्धान्तलाई विकास गरेका थिए र उनीहरूले मानवअधिकारलाई शासकको अत्याचार, उग्र महत्वाकाङ्क्षा र शक्ति केन्द्रिकरणविरुद्ध सामूहिक स्वतन्त्रता प्राप्त गर्ने शब्दावलीको रूपमा आत्मसात् गरेका थिए।[1] व्यवहारतः लागू हुन नसके पनि मानवअधिकारका केही मान्यतालाई नेपालको पहिलो संविधान मानिने वैधानिक कानून २००४ ले पनि समावेश गरेको पाइन्छ। प्रजातन्त्रको आगमनपछि ०१२ सालमा नागरिक अधिकार ऐन यस दिशामा उल्लेख्य फड्को थियो भने नेपाल अधिराज्यको संविधान ०१५ ले पनि कतिपय मानवअधिकारको प्रत्याभूति गरेको थियो।

पञ्चायतकालको उत्तरार्धतिर "नेपाली जनतालाई एशियाली मापदण्डमा पुर्‍याउने" तथा "आधारभूत आवश्यकता परिपूर्ति गर्ने" नाराहरू अघि सारिए। तर पञ्चायतकाल नेपालको राजनीतिक इतिहासमा यस्तो कालखण्डको रूपमा रह्यो, जहाँ मानवअधिकारको प्रबर्द्धनका लागि कुनै ठोस कार्य गर्नु त के कुरा, मानवअधिकार भन्ने शब्द उच्चारण गर्नसमेत डराउनु पर्ने अवस्था थियो। कानूनको सर्वोच्चता स्वीकार नगर्ने निर्दलीय पञ्चायत व्यवस्थामा मानवअधिकारको प्रत्याभूति नहुनु अस्वाभाविक कुरा थिएन।

छयालीस सालको राष्ट्रव्यापी जनआन्दोलनले पञ्चायती व्यवस्थाको अवसान गराई नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गरायो। नयाँ व्यवस्थाको भावनाअनुकूल ०४७ सालमा नयाँ संविधानको निर्माण पनि भयो। नेपालको इतिहासमा पहिलोपल्ट सुस्पष्ट तवरले नागरिक-राजनीतिक साथै सामाजिक-आर्थिक अधिकारहरू सहितको मानवअधिकारलाई संविधानले प्रत्याभूत गर्‍यो।

जनआन्दोलनले केही अत्यन्त महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको हामी देख्छौं। संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र तथा नेपालको सार्वभौमसत्ता जनतामा निहीत रहनु अवश्यै त्यसका महान् उपलब्धिहरू हुन्। साथै, कानूनको शासनलाई जीवित यथार्थमा बदल्न संविधानले नेपालका प्रत्येक नागरिकका लागि आधारभूत मानवअधिकार, संसदीय पद्धतिको सरकार तथा स्वतन्त्र र सक्षम न्यायप्रणालीको प्रत्याभूति गर्‍यो। नेपालमा मानवअधिकारको ऐतिहासिक विकासक्रममा प्रजातन्त्र पुनर्स्थापना एवं नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण हालसम्मकै सबै भन्दा ठूलो

उपलब्धिको रूपमा रहेको छ। संविधानमा "उल्लेखित विभिन्न अधिकारलाई केलाएर हेर्ने हो भने यस संविधानले मानवअधिकारको विश्वव्यापी घोषणापत्रले निर्देशित गरेका अधिकांश अधिकारलाई यथासम्भव समेट्ने प्रयास गरेको पाइन्छ।"[२]

३. माओवादी विद्रोह

प्रजातन्त्र पुनर्स्थापनाको छ वर्ष वित्दा नवित्दै ०५२ सालमा नेकपा (माओवादी)ले विद्यमान राज्यसत्ताको विरुद्धमा सशस्त्र विद्रोह, उनीहरूकै भाषामा भन्नु पर्दा जनयुद्ध, आरम्भ गऱ्यो। माओवादी विद्रोह नेपालमा विद्यमान सामाजिक-आर्थिक संरचना विरुद्धमा थियो, जसलाई उनीहरूले अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ती प्रकृतिको भन्ने गरेको पाइन्छ। माओवादी विद्रोहको उद्देश्य माओत्से तुङ्गको पदचिह्नलाई पछ्याउँदै नेपालमा नौलो जनवादी व्यवस्था स्थापना गर्ने रहेको कुरा अघि सारिएको छ। माओवादी नेतृत्वको विचारमा देशमा नौलो जनवादी क्रान्ति सम्पन्न गर्ने एक मात्र उपाय जनयुद्ध हो, जसअन्तर्गत गाउँबाट शहर घेर्ने तथा छापामार युद्धको एक रणनीतिक भूमिका हुन्छ।[३]

माओवादी विद्रोहले वितेका वर्षहरूमा नेपाली समाजमा ठूलो असर पारेको छ। प्रारम्भिक दिनहरूमा नेपालको मध्यपश्चिम क्षेत्रका पहाडी इलाकामा केन्द्रित मानिने भए तापनि हाल माओवादी गतिविधि देशका ७५ जिल्लामध्ये ७३ जिल्लामा फैलिइसकेको देखिन्छ। यसले नेपालको जनसङ्ख्यामध्ये दुईतिहाइलाई असर पारिसकेको मानिन्छ। सन् २००४ को अन्त्यसम्मको आँकडालाई हेर्दा यसवीचमा करीव ११ हजार मानिसहरू यही विद्रोहका कारण मारिएका छन्। यसरी दैनिक सरदर चार जना मानिस नेपालमा माओवादी विद्रोहका कारण मारिने गरेको देखिन्छ। मारिनेमध्ये सात हजार एक सय १७ जना राज्यतर्फबाट मारिएका छन्। विद्रोहका क्रममा माओवादी पक्षले आफूले १९ वटालियन तथा लाखौं जनमिलिसियाको आधार शक्ति तयार पारेको दावी गरेको पाइन्छ[४] भने सेनाले गतवर्ष सार्वजनिक गरेको विवरणअनुसार माओवादी समूहभित्र तीन/चार हजार लडाकू दस्ता र १०–१५ हजारको जनमिलिसिया तथा तिनका डेढ-दुई लाख अप्रत्यक्ष समर्थक रहेको अनुमान छ।[५]

विद्रोहलाई दबाउने प्रयत्न अन्तर्गत प्रारम्भमा प्रहरी र ०५८ साल मंसीर ११ गतेदेखि शाही नेपाली सेना परिचालन गरिएको भए तापनि हेर्दाहेर्दै माओवादी "जनयुद्ध"ले एक दशक पूरा गरिसकेको छ। यसवीचमा राज्यले आफ्ना विद्यमान सुरक्षासंयन्त्रले मात्र कानून-व्यवस्था कायम गर्न नसक्ने अनुभूत गरेर अर्द्ध-सैनिक वलको रूपमा सशस्त्र प्रहरी वलको स्थापना गऱ्यो।

माओवादी जनयुद्ध चर्कंदै जाँदा नेपाल हत्या र प्रतिहिंसाको दुस्चक्रमा फस्न पुगेको छ। यस क्रममा नेपाली समाजको कुनै पनि हिस्सा सशस्त्र द्वन्द्वको चङ्गुलवाट मुक्त रहन सकेको पाइँदैन। कुनै वेला शान्तिक्षेत्रको रूपमा विश्वमै पहिचान वनाउन अग्रसर देश नेपाल आज मानवअधिकारको अत्यधिक हनन हुने देशका रूपमा संसारभर वदनाम हुने अवस्थामा आइपुगेको छ। नेपालमा मानवअधिकार हनन वहुआयामी र जटिल हुँदै गएको देखिन्छ। राज्य र माओवादीका कारण मानिसको वाँच्न पाउने अधिकारको हनन हुन छाडेको छैन भन्नु त सामान्य कुरा भयो, हिंसाका पनि नयाँ नयाँ प्रयोग देखिन थालेको छ।[६]

राज्य र माओवादी दुवै पक्षले हालका वर्षहरूमा गरेको मानवअधिकार तथा मानवीय कानूनको उल्लङ्घनले त्रासदी निम्त्याएको छ। विद्रोह तथा विद्रोह साम्य पार्ने भन्दै थुप्रै निर्दोष नागरिकहरू भीडन्तको नाममा मारिएका छन्। सुरक्षाफौजले माओवादी वा तिनका समर्थक भनेर र माओवादीले सुराकी भएको आरोप लगाउँदै सशस्त्र द्वन्द्वसँग निरपेक्ष जनताको हत्या गरेका अनेक उदाहरणहरू छन्। माओवादीलाई चन्दा नदिएको, खाना नखुवाएको तथा उनीहरूको विद्रोहमा सरिक नभएको कारण ज्यान गुमाउनेहरूको संख्या पनि कम छैन। विद्रोहको प्रतिकूल असर समाजको कुनै एक तह वा तप्कासम्म मात्र सीमित छैन। किसान, शिक्षक, विद्यार्थी, पत्रकार, कानून व्यवसायी, व्यापारीलगायत सवै यसवाट पीडित भएका छन्। हजारौं व्यक्तिको विस्थापन, विधवाहरूको बढ्दो सङ्ख्या तथा वालसैन्यको भर्तीजस्ता त्रासदी पनि सशस्त्र विद्रोहले नेपाली समाजमा देखिएको छ।

सङ्कटको समाधानका लागि विगतमा सरकारवाट द्वन्द्व रूपान्तरणका प्रयत्नहरू नभएका होइनन्। दुईपटकसम्म भएका युद्धविराम र ती अवधिमा भएका विभिन्न चरणका शान्तिवार्ता *(यससम्वन्धी थप चर्चाका लागि यसै वर्ष पुस्तकको "यस वर्षको उल्लेख्य" अल्मलिएको शान्ति प्रक्रिया हेर्नुहोला)।* यहाँनेर स्मरणीय छन्। यद्यपि ती प्रयत्नहरू फलदायी भएनन्। आपसी अविश्वास र वार्तालाई अर्को पक्षले कतै रणनीतिक उद्देश्यका लागि मात्र उपयोग गरिरहेको त छैन भन्ने आशङ्का दुवै पक्षमा रह्यो। आपसी विश्वास अभिवृद्धि तथा वार्ताप्रति इमान्दारी पुष्टि गर्न आचारसंहिता पालन गर्न र त्यसको प्रभावकारी अनुगमन गर्ने संयन्त्र निर्माण गर्न पनि द्वन्द्वरत पक्षहरू सफल रहेनन्। त्यसको परिणति हामी देख्दैछौं कि द्वन्द्वरत पक्षहरूवाट वर्वर एवं अनपेक्षित तवरले मानवअधिकार तथा मानवीय कानूनको उल्लङ्घन भइरहेको छ। स्वास्थ्यचौकी, विद्यालय, खानेपानी आपूर्ति संरचना, दूरसञ्चार टावर, जलविद्युत परियोजनालगायतका आधारभूत संरचनात्मक ढाँचा ध्वस्त

गर्नु माओवादी पक्षको नियमित कार्य नै भइसकेको देखिन्छ। समष्टिमा भन्नु पर्दा, सर्वसाधारण जनतामा सशस्त्र विद्रोह तथा त्यससँग जोडिएका क्रिया-प्रतिक्रियाका कारणले त्रास व्याप्त भएको छ।

४. विद्रोहले निम्त्याएको त्रास

यतिखेर नेपालको सम्पूर्ण जनजीवन हिंसा र अशान्तिबाट ग्रस्त छ। खासगरी ग्रामीण जनजीवन विद्रोह-सिर्जित त्रासबाट पीडित छ। नेपालको ग्रामीण भेगका ९० प्रतिशत भन्दा बढी बासिन्दाहरूको जीवनशैलीमा बितेको नौ वर्षमा यही कारण गंभीर असर परेको छ। माओवादी विद्रोहका कारण खासगरी ग्रामीण युवापंक्ति त्रसित देखिन्छ। विगतदेखि नै माओवादीले युवाहरूलाई अपहरण गर्ने र आफ्नो "जनसेना" तथा "जनमिलिसिया"मा भर्ती गर्ने गरेका छन्।

माओवादीद्वारा बालसैन्य भर्ती गरिने कार्य पनि गम्भीर चासोको विषय बन्दै आएको छ। एमनेस्टी इन्टरनेसनल (एआई) ले सन् २००२ डिसेम्बरमा प्रकाशन गरेको प्रतिवेदनले माओवादीद्वारा आफ्ना प्रभाव क्षेत्रमा "एक घर एक सदस्य" भर्तीको अभियान चलाइएको बारेमा उल्लेख गरेको छ। माओवादीद्वारा विद्यालयमा अध्ययनरत बालबालिकालाई हतियार चलाउने तालिम सञ्चालन गरिएको दृष्टान्त समेत एआईले पेश गरेको छ। उनीहरूका सुरक्षा र कल्याणमा असर पर्ने गरी थुप्रै बालबालिकाहरू माओवादी आन्दोलनमा संलग्न रहेका र यस्ता बालबालिकाको यकीन संख्या थाहा हुन नसके तापनि उनीहरू सयौंको संख्यामा रहेको बुझिने पनि प्रतिवेदनले उल्लेख गरेको छ।[७]

सन् २००४ को मार्च महिनामा दक्षिण एशिया इन्टेलिजेन्स रिभ्यूले माओवादीको बलियो प्रभाव रहेको मध्यपश्चिम क्षेत्रमा अपहरित बालबालिकालाई सैन्य तालिम दिइएको प्रतिवेदन दिएको थियो। एक माओवादी स्रोतलाई उद्धृत गर्दै प्रतिवेदनमा बताइए अनुसार, माध्यमिक तथा उच्चमाध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई माओवादीद्वारा अपहरण गरिएपछि गोप्य स्थलमा सैन्य तालिम दिइयो। अछाम, रोल्पा तथा रुकुम जिल्लामा बढेका अपहरणका घटनाको आफ्नो सैन्य दस्तालाई बालसैन्य सामेल गराएर भए पनि सुदृढ गराउने माओवादीको निर्णयसँग सम्बन्ध रहेको पनि प्रतिवेदनले सङ्केत गरेको छ। रिभ्यूको प्रतिवेदनअनुसार, १८ वर्षमुनिका किशोर-किशोरीहरू माओवादी मिलिसिया र "जनसेना"मा ३० प्रतिशत रहेका छन्। माओवादीले बालबालिकालाई सूचनादाता, गुप्तचर, भरिया, बम विस्फोटन कार्यका सहयोगी, मानवढाल तथा लडाका आदिको रूपमा समेत प्रयोग गरेको समेत बुझिन्छ।[८] यसैगरी, बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धमा संयुक्त राष्ट्रसङ्घका महासचिवले सन् २००३ नोभेम्बरमा सुरक्षा परिषद्मा प्रस्तुत गर्नु भएको एक प्रतिवेदनमा पनि नेपालका विद्रोहीलाई सशस्त्र द्वन्द्वमा बालबालिका भर्ती वा प्रयोग गर्नेहरुको सूचीमा सामेल गरिएको थियो।[९]

बालसैन्य भर्ती तथा बालबालिकालाई उनीहरूका "जनयुद्ध"मा गरिने प्रयोगबारे माओवादीपक्षको भनाइमा एकरूपता पाइँदैन। "जनयुद्ध"का प्रारम्भिक वर्षदेखि नै माओवादी नेतृत्वले त्यसमा महिलाहरूको महत्वपूर्ण भूमिका रहेको बताउने गरेको थियो। बालसैन्यको प्रयोगविरुद्ध सञ्जालले प्रस्तुत गरेको एक प्रतिवेदनमा[१०] उद्धृत गरिएका एक माओवादी नेताको भनाइअनुसार, महिलाहरूको बढ्दो भूमिकासँगै "जनयुद्ध"मा बालबालिकाको पनि सहभागिता बढेको छ र विशेषतः ग्रामीण क्षेत्रमा सूचनाको सङ्कलन र सम्प्रेषणमा उनीहरूको महत्वपूर्ण योगदान रहेको छ। यसका साथै, खासगरी माध्यमिक तथा कलेज तहमा अध्ययनरत किशोर-किशोरीहरू ठूलो मात्रामा "जनयुद्ध"मा सामेल हुन आउनु सामान्य घटना भएको भन्ने माओवादीपक्षको भनाइ पनि प्रतिवेदनमा उद्धृत गरिएको छ। यद्यपि सन् २००० मा माओवादी अध्यक्ष प्रचण्डले माओवादीको जनसेनामा बालसैन्य भर्ती गर्ने कुनै नीति नरहेको दाबी गरेका थिए।[११] स्थानीय माओवादी कमाण्डरहरूले बालबालिकाहरूलाई बन्दुक बोक्ने तथा बम विस्फोटन गर्ने कार्यमा सहयोगीका रूपमा प्रयोग गरिएको भए तापनि लडाकूका रूपमा भर्ती नगरिएको एआईसँग दाबी गरेका पाइन्छ।[१२]

नेकपा (माओवादी)को विद्यार्थी सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का एक नेता कमल शाहीलाई उद्धृत गर्दै दिइएको जानकारीअनुसार ०६० पुषमा बसेको त्यस संगठनको वार्षिक भेलाले केही महिनाभित्रैमा ५० हजार बालमिलिसिया तयार पार्ने निर्णय गरेको थियो। माओवादी पक्षको यो निर्णयलाई नेपाली मिडियाले समाचारको रूपमा प्रकाशन गरेको पाइन्छ।[१३] यसको खण्डन माओवादीले नगरेबाट समाचारको विश्वसनीयता स्थापित भएको देखिन्छ। सशस्त्र द्वन्द्वमा बालबालिकाको सहभागिता माओवादीले सुरु गरेको "एक घर एक सदस्य" अभियानपछि त झनै बढ्यो। युद्धका क्रममा मर्ने, अङ्गभङ्ग हुने तथा अन्य पीडामा पर्ने बालबालिकाको सङ्ख्या निक्कै बढेको छ।

नेपालमा बालबालिकालाई युद्ध तथा सङ्कटकालमा समेत सेनामा भर्ती गरिने प्रावधान छैन। बालसैन्यको प्रयोगविरुद्ध सञ्जालले प्रस्तुत गरेको एक प्रतिवेदनमा सरकारी पक्षले जनाएअनुसार शाही नेपाली सेनामा १८ वर्ष भन्दा मुनिका बालबालिकालाई भर्ती गर्ने कुनै नीति वा व्यवहार भएको छैन।[१४] तर माओवादी पक्षले १२ देखि १६ वर्षसम्मका किशोर-किशोरीहरूलाई गुप्तचरी, सूचना

आदान-प्रदान तथा भरियाका रूपमा प्रयोग गरिएको हुन सक्ने पनि प्रतिवेदनले बताएको छ। साथै, बेरोजगारीको उच्च दरका कारण १८ वर्ष नपुगेकै अवस्थामा पनि कतिपय व्यक्तिहरू जन्मदर्ता गर्ने कार्यमा रहेको अव्यवस्थाको फाइदा उठाएर शाही नेपाली सेनामा भर्ती भएको हुन सक्ने सम्भावनालाई पनि प्रतिवेदनले औंल्याएको छ। तर १८ वर्षमुनिका बालबालिकालाई आफ्नो तर्फबाट द्वन्द्वको कुनै पनि उद्देश्यमा प्रयोग नगरिएको सरकारी अधिकारीहरू बताउछन्।

बालबालिका तथा युवालाई उनीहरूको स्वेच्छाविना जबर्जस्ती भर्ती गर्ने माओवादी अभियानसँग त्रसित भएर थुप्रै व्यक्तिहरू गाउँबाट पलायन भएका छन्। केही वर्षअघिसम्म यस्तो विस्थापन गाउँबाट जिल्ला सदरमुकामहरूतर्फ हुने गरेको थियो। पछिल्लो समयमा त जिल्ला सदरमुकामलाई पनि असुरक्षित ठानेर क्षेत्रीय सदरमुकाम तथा राजधानीतर्फ विस्थापनको क्रम बढेको छ। यसका अलावा युवा जनसंख्याको ठूलो हिस्सा भारत तथा अन्य विदेशी मुलुकतर्फ पलान भएको छ। विद्रोहीको आक्रमणको लगत्तै जिल्लाको ७० हजार जनसङ्ख्यामध्ये अधिकांश युवाहरूसहित ३५ हजार मानिसहरुले जिल्ला छाडेर भारत प्रवेश गरेको दृष्टान्तबाट माओवादीको जबर्जस्ती भर्ती अभियानको त्रासको असर कतिसम्म परेको छ भन्ने छर्लङ्ग हुन्छ।[१५]

माओवादी भन्दा पृथक् राजनीतिक मान्यता राखेको, विद्रोहीहरूलाई चन्दा, खाना तथा आश्रय (सेल्टर) नदिएको तथा परिवारको कुनै सदस्य सरकारी जागिरमा भएको कारण धम्की, यातना वा सर्वस्वहरणको सजाय पाई विस्थापनको पीडा भोग्नेहरूको सङ्ख्या दिन-प्रतिदिन बढ्दो छ। विद्यालयहरू त्रासको कारण खाली भएका छन्। स्वास्थ्यचौकीहरू पनि त्रासकै कारणले रित्तिएका छन्। बालबालिका जन्मेपछि पाउनु पर्ने नाम दर्ता तथा खोप सेवाका अधिकारबाट उनीहरू वञ्चित छन्। बाटोघाटोमा नौलो मान्छे, बेवारिसे सामान तथा केही अस्वभाविक घटना देख्दा भयभीत हुनु स्वाभाविक भइसकेको छ। माओवादीसँग त्रसित भएर जागिरबाट राजिनामा दिने शिक्षक, गाविसका सचिव तथा अन्य कर्मचारीहरूको आँकडातर्फ ध्यान पुऱ्याउने हो भने पनि नेपाली समाजमा माओवादी विद्रोहले कति ठूलो त्रासको हुण्डरी मच्चाएको छ भन्ने देखिन्छ।

नेपाली सामाजिक जनजीवनमा माओवादी विद्रोहपश्चात् कस्तो परिवर्तन आएको छ भन्ने बुझ्नका लागि हामी यस समाजमा रहेको "अतिथि देवो भवः"को अवधारणामा कसरी परिवर्तन आइरहेको छ भन्ने उदाहरण हेर्न सक्छौं। केही वर्षअघिसम्म कुनै पनि नेपाली गाउँमा वास पाउन कुनै समस्या थिएन। कहिल्यै नचिनेको व्यक्तिलाई पनि स्नेहपूर्वक वास दिनु र खाना खुवाउनु नेपाली ग्रामीण जनजीवनमा स्वाभाविक कुरा थियो। तर माओवादी विद्रोहसँगै हतियारधारीहरूलाई जबर्जस्ती गाम-वास दिनेबाहेक अपरिचित व्यक्तिलाई स्नेहपूर्वक पाहुनाको रूपमा स्वीकार्ने चलन हराएको छ। आफ्ना बालबच्चालाई सामाजिकीकरणको पाठ पढाउंदा पनि नयाँ मान्छेलाई सहयोग र सम्मान होइन, बरु शङ्का गर्न सिकाइन थालेको छ। नेपाली समाज अपरिचित मानिस मात्र होइन, आफन्त-आफन्तबीचमा पनि अविश्वास र त्रासको पर्दा खडा भइरहेको स्थितिमा पुगेको छ।

देशमा चलेको सशस्त्र द्वन्द्वका कारण सर्वसाधारण दुई ढुङ्गाको चेपुवामा परेको तरुल झैं बनेका छन्। चरम यातना भोग्नु तथा अकल्पनीय घटना देख्नु परेका कारण मानसिक रोगी बन्नेहरूको संख्या पनि कम छैन। आफ्नै आँखाअगाडि पतिको हत्या गरिएपछि मानसिक समस्या आएकाले सिभिक्टको सहयोगमा उपचारका लागि ल्याइएकी डडेलधुरा जिल्लाको जोगबुढा गाजलगडाकी मगर थरकी एक महिला र सोही घटनाका कारणले मानसिक रोगी बनेका उनका कान्छा छोरा यस्ता घटनाका प्रतिनिधिपात्र हुन्। पतिलाई माओवादीले जबर्जस्ती अपहरण गरी अभियानमा लगेको र परिवारलाई माओवादी र सुरक्षाकर्मी दुवैले धम्क्याउँदै आएपछि भारत जाने कि भन्ने कुराको सम्बन्धमा घरायसी सल्लाह हुँदैमा उनको पति मारिएका थिए।[१६] यस्ता घटनाले अरु सबैमा त्रास फैलाउने स्पष्टै छ।

विद्रोहको जरो जति फैलँदै छ, उति नै नेपालमा विधवा र टुहुराहरूको सङ्ख्या पनि बढ्दो छ। यीमध्ये धेरै मानसिक समस्यामा फस्ने र कतिपयमा बदलाको भाव आउन सकदछ। तसर्थः स्थिति अझै बिग्रियो भने भावी नेपाल पनि हिंसाको छायाबाट मुक्त रहन नसक्ने अवस्था छ। निरन्तर चलेको सशस्त्र द्वन्द्वका कारण नेपाली मनमस्तिष्कले हिंसालाई स्वाभाविक प्रवृत्तिका रूपमा स्वीकार गर्ने मनोवृत्ति आएमा त्यसले समाजलाई पर्ने दूरगामी असर अझ चिन्ताजनक छ।

"सशस्त्र द्वन्द्व, विशेषत आन्तरिक द्वन्द्वहरु आमरुपमा मानवअधिकारको उल्लंघनका निम्ति उर्वर हुन्छन्। सशस्त्र द्वन्द्वको उत्पत्तिसँगै आमरूपमा यसका गैरन्यायिक हत्या, बलात्कार र अन्य प्रकृतिका यौनजन्य हिंसा, यातना र आधारभूत आर्थिक तथा सामाजिक अधिकारको अपहरणजस्ता चरित्रहरू सादृश्य हुन्छन्। मानवअधिकारको उल्लंघन र यातनाको प्रतिकूल असर सर्वव्यापी भइरहेको छ र यस्तो प्रवृत्ति बढ्दो छ। सशस्त्र विद्रोहीको निहुँमा यातनाको व्यवस्थित प्रयोग राज्य संयन्त्रले गरिरहेको देखिन्छ।[१७]

उदयपुर जिल्लामा माओवादीले प्रतिबन्ध लगाएकै कारण पहाडी भेगका २४ गाविसबाट जग्गा खरिदबिक्री रोकियो। जबकि माओवादी प्रभाव तुलनात्मक रूपमा कम रहेका नगरपालिका र आसपासका तराई क्षेत्रमा भने जग्गा खरिदबिक्री कार्य भइरह्यो।[१८] मोरङ जिल्लाको बबियाबिर्ता–

३ का दुलाराम मरण्डीले छिमेकीलाई २० हजार रुपैयाँ ऋण दिएका थिए। सो पैसा फिर्ता माग्दा माओवादी लगाई ज्यान मार्ने धम्की पाएपछि ज्यान जोगाउन घरपरिवार छोडेर हिँडे।[२०] अर्को एक घटनामा, स्थानीय व्यक्तिहरूको सामूहिक पहलमा सिन्धुपाल्चोक जिल्लाको महाङ्कालमा ०३६ सालदेखि सञ्चालित महाङ्काल स्वास्थ्य सेवा समितिको ढोकामा धम्कीपूर्ण पत्रका साथ तालावन्दी गरिएपछि त्यसलाई खोल्ने आँट कसैमा आएन। कुनै आधिकारिकतासमेत नभएको सो पत्रमा सिन्धुपाल्चोक पश्चिमी जनसरकारको निर्णय भन्दै ढोका नखोल्न भनिएको थियो।[२१] यी प्रतिनिधि घटनाहरू मात्र हुन्, जसले "माओवादी" शब्द उल्लेख हुनु मात्रै पनि कति त्रासपूर्ण हुन सक्छ भन्ने देखाएका छन्। माओवादी गतिविधिका कारण फैलिएको भयको परिमाण कति व्यापक हुन थालेको छ भन्ने बताउन लागि पूर्वी नेपालका इलाम तथा पाँचथरमा ०६१ भदौमा भएका घटनाक्रम पर्याप्त छन्।

नेकपा (माओवादी), सोही पार्टीको "जनमुक्ति सेना १९ औं वटालियन बी कम्पनी" तथा माओवादीको "किराँत स्वायत्त जिल्ला जनसरकार पाँचथर"को तर्फबाट विज्ञप्ति जारी गर्दै २०६१ भदौ २३ गते पाँचथर सदरमुकाम फिदिम वन्द गर्ने र उक्त दिन सबै वजारवासीहरूले सदरमुकाम अनिवार्य रुपमा छोड्नै पर्ने "सङ्घर्षको कार्यक्रम" सार्वजनिक गर्‍यो। त्यसअघि माओवादी पक्षले भदौ नौ गतेदेखि १५ गतेसम्म अन्य कार्यक्रमकासाथै सदरमुकामतर्फ घेरावन्दी, भदौ १६ देखि २२ गतेसम्म सदरमुकाम नाकावन्दी गर्ने र यस अवधिभित्रै सबै सदरमुकामबासीहरू आ-आफ्नो गाउँ र आफन्तजनहरूकहाँ फर्किनु पर्ने पनि माओवादी पक्षले बताएको थियो। माओवादीले यस्तै प्रकृतिको "सङ्घर्षको कार्यक्रम" इलाम जिल्लामा पनि सार्वजनिक गरेको थियो।

यसको उद्देश्य "शाही सत्ता"लाई सदरमुकाममा मात्र सीमित तुल्याएर सदरमुकामलाई "सङ्घर्षमय" बनाउने तथा विद्रोहको "रियल्सन" (रिहर्सल, अर्थात् पूर्वाभ्यास) गर्ने रहेको खुलासा पनि विज्ञप्तिमार्फत् गरिएको थियो। माओवादीपक्षले विभिन्न व्यक्तिहरूको नाम उल्लेख गरी उनीहरूलाई विभिन्न धम्की दिँदै "हिट लिस्ट"समेत प्रकाशन गरेको थियो।[२२]

यसको प्रत्युत्तरमा जिल्ला सुरक्षा समिति फिदिमको नाममा ०६१ साउन १८ गतेको मिति राखी विभिन्न सार्वजनिक स्थलहरूमा एक अपीलपत्र टाँसियो। उक्त अपीलपत्रमा सम्पूर्ण पाँचथरवासीहरूलाई निर्भीक भई सदाझैं आ-आफ्नो घरवासमा रही नियमित बन्द-व्यापार, पेशा र व्यवसायमा ढुक्कसाथ लाग्न आव्हान गरिएको थियो। अपीलपत्रमा जिल्ला प्रशासन तथा सम्पूर्ण सुरक्षासंयन्त्र विगतमा झैं सर्वसाधारणको स्वतन्त्रतापूर्वक रहन बस्न तथा जीवनयापन गर्न पाउने मौलिक अधिकारको सुरक्षार्थ निरन्तर क्रियाशील रहँदै आवश्यक परेमा थप स्रोत साधनसहित सबै प्रकारका सुरक्षा प्रबन्ध मिलाउन किञ्चित कसर बाँकी नराख्नेमा विश्वस्त तुल्याउन समेत प्रयत्न गरिएको थियो। साथै, सुरक्षाफौज पाँचथरको नाममा १२ बुँदे सुरक्षात्मक जानकारीहरू पनि ठाउँ-ठाउँमा टाँसिएका थिए। इलाममा पनि सुरक्षाफौजले सुरक्षाको प्रत्याभूति दिने प्रयत्न गर्‍यो। तर सर्वसाधारण जनता भने त्रासबाट मुक्त हुन सकेको देखिएन। वरु वालवालिकादेखि सेतै फुलेका बूढापाकासमेत घर छाडेर हिँड्दा अन्यत्र जानेको घुइँचो लागेको थियो।[२३]

इलाममा माओवादीले लगाएको एकहप्ते नाकाबन्दी र भदौ २३ गते अप्रिय घटना हुन सक्ने हल्लाले सदरमुकाम र अन्य व्यापारिक केन्द्रका बासिन्दाहरू घरमा ताला लगाउँदै जिल्ला वाहिरिएकाले सदरमुकाम र अन्य व्यापारिक केन्द्रहरू सुनसान बने। मानव ढालको रूपमा प्रयोग भइने डरले जिल्लाका ग्रामीण क्षेत्रका बासिन्दाहरू पनि अत्याधिक रूपमा जिल्ला छाडेर अन्तै लागे।[२४] यसरी माओवादीले सदरमुकामलाई मात्र लक्ष्य गरेको भए तापनि त्रासको लहर भने त्यहाँ मात्र सीमित रहेन।

भदौ २३ गतेको दिन त सदरमुकाम इलाम बजार पूरै खाली भयो। आक्रमणको त्रासले सातादेखि आफ्ना छोरीबुहारी तथा बालबालिकालाई अरु जिल्लामा भएका आफन्तकहाँ पुर्‍याएर बसेका सबैजसो परिवारका एक दुई पुरुष पनि अघिल्लो दिन साँझ नपर्दै बजार बाहिरका घरमा शरण लिन गए। इलाम बजारमा उक्त दिन दिउँसो एक दुई जना पनि हिँडेको देखिँदैनथ्यो। स्थानीयवासी त के कुरा, दर्जनौं सरकारी कार्यालयका प्रमुख तथा कर्मचारी पनि जिल्लामा थिएनन्।[२५] इलाम अस्पताल समेत त्यस अवधिमा डाक्टर र विरामीविहीन बन्यो। माओवादीको हल्लाका कारण बिरामीहरू केही दिन अगाडिदेखि नै उपचार नसकिँदै हिंड्न थालेका थिए भने बाँकी रहेका एकजना विरामी पनि स्लाइन लगाएको सिरिन्जसँगै भदौ २१ गते भागे।[२६] जुनसुकै बेला अप्रिय घटना हुन सक्ने माओवादी चेतावनीको त्रासले इलाम र पाँचथरका गरी २० हजार भन्दा बढी सर्वसाधारण सदरमुकामबाट बाहिरिए।[२७]

विद्रोही पक्षको व्यवहारका कारण यसरी भयग्रस्त हुनु परेको जनताले सरकारी पक्षबाट राहत पाउनु पर्थ्यो। तर त्यसो हुन सकेन। सुरक्षाफौजले माओवादीविरुद्ध गरेको प्रतिकारात्मक कारबाहीले लक्षित समूह माओवादी भन्दा पनि सर्वसाधारण जनता नै पीडित हुनु परेको स्थिति कम विडम्बनापूर्ण छैन। प्राय: जसो घटनामा आफ्नो कारबाहीमा मारिएका व्यक्ति माओवादी कार्यकर्ता भएको दावी सुरक्षाफौजले गर्ने गरेको भए तापनि सुरक्षाफौजले गरेका हत्यामा स्वयम् उसैलाई सघाउन चाहने नागरिकहरू समेत

पर्ने देखिनु विडम्बनाको अर्को पाटो हो। उदाहरणका लागि, इलाम जिल्लाको चुलाचुली गाविसका ५३ वर्षीय मणिकुमार राईलाई कार्तिक २४ गते राती नागरिक सुरक्षा समितिसँग गस्तीमा गएको बेलामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। नागरिक सुरक्षा समिति गठन गरी एक महिना अघिदेखि गस्ती गर्दै आएको कुरा सुरक्षाफौजलाई जानकारी गराउँदा गराउँदै राई गोली प्रहार गरियो र उनको घटनास्थलमा नै मृत्यु भयो। झापाबाट गएको सुरक्षाफौजले नागरिक सुरक्षा समितिका अन्य व्यक्तिहरूलाई पनि नियन्त्रणमा लिई सबैलाई भुइँमा सुत्न लगाएर अत्यन्त अमानवीय व्यवहार गरेको थियो।[२८]

राज्यका तर्फबाट हुने गिरफ्तारी तथा बेपत्ता अपहरणका घटनामा ह्वात्तै वृद्धि भएको छ। जसले गर्दा जनमानसमा त्रासको भाव साह्रै बढेको छ। सुरक्षाफौजबाट शङ्काकै भरमा बिना कुनै छानबिन स्वेच्छाचारी तवरले हुने गिरफ्तारीले राज्यलाई बदनाम पार्ने गर्दछ। न्यायालयले छाड्ने आदेश दिएको लगत्तै अदालत परिसर भित्रैबाट गिरफ्तार गर्ने कार्यले राज्य आफैले संरक्षण एवं पालना गर्नु गराउनु पर्ने कानूनको अवहेलना हुन जान्छ। कसैले पोल लगाएकै भरमा गिरफ्तार भइने र सुरक्षाफौजको अधीनमा परेपछि यातनाको शिकार हुनु पर्ने अवस्थाले अन्ततोगत्वा त्रासको वातावरणलाई नै बढावा दिन्छ। गिरफ्तार गरिएकालाई नागरिक प्रशासनको जानकारीविना सैनिक क्याम्पहरूमा राख्ने तथा अझ कतिपय अवस्थामा त बेपत्ता समेत पार्ने कार्य पनि सुरक्षाफौजबाट भएका छन्। मान्छे बेपत्ता हुने मुलुकका रूपमा नेपालले संसारभर बदनामी कमाउनुमा द्वन्द्वरत दुवै पक्षहरू जिम्मेवार रहेको देखिन्छ।

आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन ०५८ वा पछिल्लो समयको आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०६१ पनि त्रासको भावना बढाउने अर्को साधन भएको छ। ऐनमा कुनै पनि व्यक्तिलाई एक वर्षसम्म कुनै न्यायिक प्रक्रियाविना थुनामा राख्न सकिने प्रावधानले एकातिर सुरक्षाकर्मीमा स्वेच्छाचारिता बढाउने र अर्कोतिर सर्वसाधारण जनतामा त्रास-भावलाई अझ गहिरो पार्ने स्थिति देखिन्छ। यसरी माओवादी विद्रोहीबाट पीडित र त्रसित हुनु परिरहेको अवस्थामा राज्य पक्षबाट पनि झन् पीडा र त्रास थपिनुले सर्वसाधारण जनताको स्थिति "तावाबाट उम्केको माछो भुङ्ग्रोमा पर्नु" भनेजस्तो भइरहेको देखिन्छ।

मानवअधिकारको हनन र त्रासको खेती माओवादी र सरकारी पक्षबाट मात्र भइरहेको छ भन्ने होइन, प्रत्युत यिनीहरूको द्वन्द्वबाट फाइदा उठाउँदै विभिन्न असामाजिक तत्वहरूले समेत चलखेल गर्न पाएका छन्। सुनसरी जिल्लाको बडगाउ सिनबारी गाविसकी ३४ वर्षीय एक महिला र उनकी १२ वर्षीय छोरीमाथि भएको सामूहिक बलात्कारको घटनाले नेपालमा कानुनविहीनताको भयावह स्थितिको सङ्केत दिन्छ। त्यो घटना वरपरका गाउँहरुमा एक वर्ष भित्रै शृङ्खलाबद्ध तवरले भएका एक दर्जन घटनाहरूमध्ये एक थियो। उनीहरूलाई नकाबधारी १२ जनाको समूहले बलात्कार गर्दा कारण आमा र छोरी दुवै मुर्च्छित भई मरणासन्न अवस्थामा पुगे। त्यसमाथि, बलात्कारको कुरा कसैलाई भनेमा मारिदिने र घर जलाइदिने धम्की पनि पीडकहरूले दिएका थिए। उनीहरूसँग उपचारका लागि आवश्यक रकमसमेत नभएकाले मानवअधिकारकर्मीको सहयोगमा उपचार गरिएको थियो।[२९] सशस्त्र द्वन्द्वको कारणले कानून-व्यवस्था कायम गर्नमा भएको असफलताले यस्ता घटना बढ्दै गएको हो भन्ने बुझ्न गाह्रो छैन। यस्ता घटनाले जनतामाझ भयानक असुरक्षाको भावना फैलिएकोछ।

०६१ मंसिर २५ गते शुक्रबारका दिन सशस्त्र माओवादीहरुको एक समूहले लालमटिया गाविस वाड नं ४ स्थित ६५ वर्षीय दुर्गा भुषालको घरमा जनकारवाहीका नाममा क्षति पुऱ्याए। दुई वटा ग्यास सिलिण्डर बम पड्काइएपछि लागेको आगोले भुषालको घर क्षतिग्रस्त तुल्यायो र गोठलाई पुरै जलाइयो। भुषालको घर नजिकै रहेका मजदुरी काम गरेर जीवन बिताइरहेका चार स्थानीय चौधरी परिवारको घर जलेर खरानी हुन पुग्यो। विस्फोट र आगजनीबाट चौधरी परिवारका पच्चीस जना र र भुषाल परिवारका नौ गरी कूल चौतीस जना प्रत्यक्ष प्रभावित भए। बसिआएको जग्गाको स्वामित्वसमेत् आफ्नो नभएका चौधरी परिवार बस्ने घर, लगाउने लुगा, थोरै धेरै खाद्यान्न लगायतका सामान जलेर नष्ट हुँदा तिनीहरु ज्यादै ठूलो विपत्तिमा परे। पीडित दुर्गा भुषालको घर जलेर नष्ट भई त्यहाँका भौतिक सम्पत्ति सबै नष्ट भयो। स्थलगत अध्ययन गर्न गएको मानवअधिकार संस्थाहरूको टोलीले तत्कालका लागि केही राहतस्वरूप बच्चाहरूको लागि कापी, कलम, लगाउने कपडा र चारवटा ओड्ने कम्बल उपलब्ध गरायो।[30] तर पुस २ र ३ गते मानव अधिकार सन्धि अनुगमन समन्वय समिति प्रतिनिधिहरूको तथ्य संकलन टोली घटनास्थलमा पुगेको दिनसम्म पनि माओवादीहरुको भयका कारण पीडितहरूको सहयोगका निम्ति गाउँलेहरू अग्रसर भएका थिएनन्।

विद्रोहजन्य भयबाट प्रत्यक्ष रूपमा पीडित जनताको समस्या केलाएर मात्र विद्रोहसिर्जित त्रासको अध्ययन पूरा हुँदैन। त्रासको श्रृंखलाले अप्रत्यक्ष असर पारेका पक्षहरूको जटिलता पनि कम छैन। उदाहरणका लागि विद्रोहबाट पीडित व्यक्तिको राहतका लागि आडभरोसा दिनमा पनि उसको छरछिमेकसमेत त्रासकै कारण अगाडि नआउने अवस्था छ। विद्रोहीको धम्कीका कारण लाशसमेत अलपत्र परेर सुरक्षाफौजको सहयोगमा सद्गति गर्नु परेका, सुरक्षाफौजको घेराभित्र किरिया बस्नु परेका तथा आफन्त

प्रताडित भइरहँदा पनि मानिसहरू मूकदर्शक हुन बाध्य पारिएका अनेक घटनाले त्रासको साम्राज्य नेपाली समाजमा कति हदसम्म व्याप्त भएको छ भन्ने कुरा शब्दातीत भइसकेको हो कि जस्तो देखिन्छ।

५. त्रासले मानवअधिकारमाथि पारेको असर

नेपाल अधिराज्यको संविधान २०४७ ले मानवअधिकारको शासनको प्रत्याभूति गरेको छ (थप जानकारीका लागि परिच्छेद ३, न्यायपालिका)। नेपाल मानवअधिकार सम्बन्धी १६ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्र हो। राष्ट्रिय कानूनमार्फत् मानवअधिकारका सिद्धान्तहरूलाई व्यवहारमा रुपान्तरण गर्ने व्यवस्था समेत गरिएको छ। तर यसको व्यावहारिक पक्ष भने उत्साहवर्धक छैन। मानवअधिकारको उल्लङ्घनको पनि विकृत अवस्थामा नेपाल प्रवेश गर्न लागेको देखिन्छ।

नेपालको मानवअधिकार स्थिति अब आन्तरिक विषय मात्र रहेन। यो त विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको चासोको विषयवस्तु बनिसकेको छ। नेपालमा चर्केको विद्रोह तथा यसलाई साम्य पार्ने नाममा चालिएका कदमले मानवअधिकारमाथि पारेको असरबारेमा विश्वसमुदायले नै सरोकार राखेर हेर्न थालेको छ।

सशस्त्र द्वन्द्वको जरा समाजमा गहिरिँदै जाँदा कसैले चाहेर पनि द्वन्द्वबाट निरपेक्ष रहन नसक्ने स्थिति अवश्यंभावि हुन पुग्दछ। नेपाली समाज त्यस्तै अवस्थामा पुगेको छ। निरन्तर एवं व्यापक रूपमा भइरहेका हत्या, यातना, धम्की, कुटपीट, विस्थापन तथा बेपत्ता/अपहरणका घटनाले आतङ्क र त्रासलाई प्रगाढ बनाउँदै लगेको छ। हिंसाले पिल्सिएका जनताले त्रासलाई नै आफ्नो नियतिका रूपमा स्वीकार्नु पर्दा मानवअधिकारको अवधारणा नै अलपत्र पर्न जान्छ। यस्तो अवस्थामा रहेसम्म विद्रोहसिर्जित त्रासले कुनै निकास पाउन सक्दैन।

मानवअधिकारको बहालीका निम्ति सम्मान, संरक्षण र प्रबर्द्धन आधारभूत मान्यताहरू हुन्। मानिस जन्मैदेखि समान हुन्छ र जन्मजात् नै जिउन पाउनु, स्वतन्त्र तथा खुशी रहन पाउनुजस्ता केही अधिकारहरूमाथि उसको हक लाग्दछ। स्वतन्त्रता, उत्पादनमूलक साधनमाथि अधिकार, स्वतन्त्र बजार, अवसरको समानता, मताधिकार जस्ता अधिकारहरू वैयक्तिक गरिमाका लागि अपरिहार्य छन्। यी अधिकारहरू साध्य भने होइनन, प्रत्युत व्यक्तिले सत्य, प्रेम तथा न्याय प्राप्त गर्ने साधन मात्र हुन्। प्रत्येक व्यक्तिको सर्वोच्च दायित्व उसको जीवनमा अरुसँगको सम्वद्धतामा आर्थिक तथा सामाजिक न्याय र सारभूत मान्यता धारण गर्नु हो।

प्रत्येक व्यक्तिको मानवअधिकार हरेक आयाममा समान हुन्छ। यसका लागि उसले मानव मर्यादायोग्य व्यवहार पाउनु तथा त्रासरहित वातावरणमा बाँच्न पाउनु अनिवार्य छ। विभेद,हिंसा, अपहरण, धम्की, हतासा तथा त्रासबाट मुक्त नरही मानिसले मानवअधिकार उपभोग गर्न सक्दैन। संविधान तथा अन्य राष्ट्रिय कानूनहरू र अन्तर्राष्ट्रिय संयन्त्रहरूले प्रत्याभूत गरेका मानवअधिकारको उपभोग गर्ने सक्षमता व्यक्तिमा त्यतिखेरसम्म आउँदैन, जबसम्म ऊ त्रासबाट मुक्त हुँदैन। यसैले त्रासबाट मुक्ति पाउनुलाई मानवअधिकारको सार पनि भन्ने गरिएको हो। नेपालमा माओवादी सशस्त्र संघर्ष र यसको प्रतिकारात्मक कारबाहीको श्रृंखला अघि बढ्दै जाँदा त्रासको जुन चक्र सिर्जना भएको छ, त्यसले मानव मर्यादामाथि नै प्रतिकूल असर परेको छ। त्रासको कुचक बाट समाजलाई बाहिर नल्याई मानवअधिकारको प्रत्याभूतिको कुरा दिवास्वप्न मात्र हुनेछ।

---

१. Lal Deosa Rai, HUMAN RIGHTS IN THE HINDU BUDDHIST TRADITION, Nirala Publications, Jaipur, India, 1995, pp. 188-189

२. प्रा. पवनकुमार ओझा (सम्पादक), मानवअधिकार संगालो, इन्सेक, ०५३, पृष्ठ १८

३. आनन्दस्वरुप वर्मा, रोल्पा से डोल्पा तक नेपालका माओवादी आन्दोलन, समकालीन तीसरी दुनिया, नोएडा, सन् २००१, पृ. १८

४. प्रचण्ड, माओवादीको फौजी छलाङ, दृष्टि साप्ताहिक, वर्ष २१ अङ्क ३९, २६ साउन– १ भदौ, २०६१

५. सङ्कटकालको नौ महिना, नेपाल पाक्षिक, १६–३१ भदौ, २०५९

६. मानवअधिकार स्थिति सूचक, वर्ष १२, अङ्क ४, इन्सेक, २०६१

७. Nepal: A Spiralling Human Rights Crisis, Amnesty International, 2002 (www.amnesty.org)

८. South Asia intelligence Review Cited in 'Caught in the Middle: Mounting Violations Against Children in Nepal's Armed Conflict', Watchlist on Children and Armed Conflict, New York, January 2005, pp. 38

९. Caught in the Middle: Mounting Violations Against Children in Nepal's Armed Conflict, Watchlist on Children and Armed Conflict, New York, January 2005, pp. 37

१०. Ibid

११. As Cited by Prakash Gnyawali, "Anguish of the Silent Voice", INFORMAL- INSEC's Periodcal, Vol.15, No. 2, April 2003, pp. 28

१२. Caught in the Middle: Mounting Violations Against Children in Nepal's Armed Conflict, Watchlist on Children and Armed Conflict, New York, January 2005, pp. 37

१३. Himalayan News Service. Children of Violence" April 22,2004.

१४. Caught in the Middle: Mounting Violations Against Children in Nepal's Armed Conflict, Watchlist on Children and Armed Conflict, New York, January 2005, pp. 37

१५. Paul Collier et. al., Breaking the Conflict Trap: Civil War and Development Policy, The World Bank and Oxford University Press, 2003, pp. 17 quoting Holt

१६. माओवादी द्वन्द्वका कारण निर्दोष नागरिकहरू अकल्पनीय यातना भोग्न वाध्य, गोरखापत्र, २०६१ असोज १३

१८. Alternative Report to Second, Third & Fourth Periodic (Combined) State Report of Nepal Submitted to UN Committee Against Torture, covered period 1992-2004, December 004,Human Rights Treaty Monitoring Coordination Committee Nepal

१९. माओवादीले रोकेपछि जग्गाको कारोवारमा मन्दी, अन्नपूर्ण पोष्ट, ०६१ साउन ९

२०. प्रतिकार माओवादीको, कान्तिपुर, ०६१ साउन १९

२१. माओवादीको पत्रले वन्द स्वास्थ्य संस्था अझै खुलेन, राजधानी दैनिक, ०६१ साउन १९

२२. हिटलिस्टको चर्चा र मानसिक त्रास, आँखा साप्ताहिक, वर्ष २, अङ्क ३७, ०६१ भदौ २३

२३. माओवादीद्वारा इलाम र पाँचथर जिल्लाको सदरमुकाम फिदिम खाली गर्न गरेको आव्हानको घटनावाट सो जिल्लाहरुमा परेको प्रभाववारे मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले गरेको स्थलगत अध्ययन प्रतिवेदनको सारांश,०६० असोज ७, ललितपुर

२४. माओवादीको कार्यक्रमले सर्वत्र असर, आँखा साप्ताहिक, ऐ.

२५. इलाम दिउँसै सुनसान, कान्तिपुर, ०६१ भदौ २४

२६. डाक्टर र विरामीविहीन वन्यो अस्पताल, आँखा साप्ताहिक, ऐ.

२७. विस्थापितले भरिए झापाका लज, कान्तिपुर, ०६१ भदौ २४

२८. मानवअधिकार स्थिति सूचक, वर्ष १२, अङ्क ४, इन्सेक, ०६१

२९. प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ५२, इन्सेक, ०६१ असोज

३०. दाङ जिल्लाको लालमटियामा सर्वसाधारणको घरमा माओवादीद्वारा गरिएको विस्फोट र आगजनीको स्थलगत अध्ययन प्रतिवेदन, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, ०६१ पुस १६, काठमाण्डौ

परिच्छेद ५

सशस्त्र द्वन्द्व र जेनेभा महासन्धिको साझा धारा ३

नेपालले जेनेभा महासन्धि अनुमोदन गरेको ४१ वर्ष बितिसकेको छ। अनुमोदनयताका ३२ वर्षसम्म महासन्धि कार्यान्वयन र पालनाको विषय टड्कारो बनेन। तर विगत ९ वर्षदेखि आन्तरिक सशस्त्र संघर्षबाट प्रभावित भएको अवस्थामा भने यसको सान्दर्भिकता र महत्व बढेको छ। करिब एक दशकको आन्तरिक सशस्त्र भोगे तापनि नेपालले जेनेभा महासन्धिको यससम्बन्धी दोश्रो अतिरिक्त आलेख अनुमोदन गरेको छैन। महासन्धिको कार्यान्वयनका लागि सर्वोच्च न्यायिक निकाय "सर्वोच्च अदालत" ले आवश्यक कानुन निर्माण गर्न निर्देशनात्मक आदेश दिएको एक वर्ष बितिसक्दा पनि त्यसमा कुनै उपलब्धी हासिल हुन सकेको छैन। युद्धरत पक्षहरूद्वारा प्रतिबद्धता त व्यक्त गरिएको छ तर व्यवहारमा पालना भएको देखिँदैन। बरु, नियोजित उल्लंघन प्रवृत्ति हावी छ।

यस आलेखमा सशस्त्र संघर्षको अवस्थामा लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानुन जेनेभा महासन्धिहरूको साझा धारा ३ का मूलभूत मान्यताहरू पालनाको अवस्था र युद्धरत पक्षहरूको व्यवहारलाई केही प्रतिनिधिमूलक घटना र प्रवृत्तिको उदाहरणसहित संक्षेपमा आँकलन गरिएको छ।

१. पृष्ठभूमि

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) का अनुसार, अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले अन्तर्राष्ट्रिय र गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्षहरूबाट प्रत्यक्षरूपमा उत्पन्न मानवीय समस्याको समाधान गर्ने विशेष उद्देश्य राख्ने र मानवीय कारणबाट युद्धका आफूले रोजेअनुसारका तरिका र साधनको प्रयोग गर्ने सशस्त्र संघर्षका पक्षहरूको अधिकारलाई सीमित पार्ने अथवा संघर्षबाट प्रभावित हुने अथवा हुनसक्ने व्यक्तिहरू र वस्तुहरूलाई सुरक्षा प्रदान गर्ने सन्धि अथवा प्रथाद्वारा स्थापित अन्तर्राष्ट्रिय नियमहरू भन्ने बुझिन्छ।[१]

सशस्त्र संघर्षका बेला मानवीयतासम्बन्धी केही विषयहरू अगाडि आएका हुन्छन्। जस्तो: संघर्षको नियमितता, सर्वसाधारणहरूको रक्षा, क्षतिहरूको न्यूनीकरण, बिरामी र घाइतेहरूको रेखदेख, बन्दी तथा कब्जामा लिइएकाहरूप्रति मानवीय व्यवहार, सर्वसाधारण तथा अन्य घाइतेहरूको स्वास्थ्य उपचारको व्यवस्था[२] आदि कार्यहरूले सशस्त्र संघर्षका असरहरूमा कमी ल्याउने र मानवीय व्यवहारलाई वढावा दिने गर्दछन्। यस्ता सवालहरूलाई सम्बोधन गर्ने हेतुले विभिन्न नियमहरू बनेका छन्।

युद्धका नियमहरूको आधारमा हेर्दा, अन्तर्राष्ट्रिय मानवीय कानुनको इतिहास युद्धको इतिहासजत्तिकै पुरानो छ। महाभारत, रामायणकालीन युद्धमा लागू भएका नियमहरूलाई पनि अन्तर्राष्ट्रिय मानवीय कानुनका ऐतिहासिक आधारका रूपमा लिन सकिन्छ। तर, यसको ठोस इतिहास भने धेरै पुरानो छैन। सन् १८५६ को पेरिस घोषणापत्रदेखि यता विभिन्न नियम/कानुनहरू बनेका छन्। यसैक्रममा सन् १८६४ मा स्वीट्जरल्याण्डमा सम्पन्न कुटनीतिक सम्मेलनद्वारा पारित युद्ध मैदानमा घाइतेहरूलाई सहयोग पुऱ्याउने सम्बन्धी महासन्धि (Convention for the Amelioration of the condition of the wounded in Armies in the Field) लाई अन्तर्राष्ट्रिय मानवीय कानुनको मूर्त शुरूवातका रूपमा लिइन्छ। अहिलेसम्म अन्तर्राष्ट्रिय

तालिका नं. १

नेपालमा जेनेभा महासन्धिको साझा धारा ३ को स्थिति

सबल पक्ष	दुर्बल पक्ष
- राज्यद्वारा जेनेभा महासन्धिको अनुमोदन	- जेनेभा महासन्धिका अतिरिक्त आलेखहरु अनुमोदन नगरिनु
- मानवीय कानुन कार्यान्वयनसम्बन्धी प्रतिबद्धता	- युद्धरत पक्षहरुद्वारा गरिएको प्रतिबद्धता कार्यान्वयन नहुनु
- युद्धरत दुवै पक्षद्वारा लिखित/मौखिक प्रतिबद्धता	- दुवै पक्षद्वारा नियोजित उल्लंघन
- दुवै पक्षद्वारा कतिपय घटना र सवालमा पालना	- दण्डहीनता
- सरकारी/सुरक्षा अंगहरुमा मानवअधिकार निकायको स्थापना	- अदालतको अपहेलना
- आईसीआरसीको कार्यालय स्थापना र सक्रियता	- उल्लंघनलाई वढावा दिने कानुनहरु
- राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र यसका गतिविधि	- मानवअधिकार संस्थाहरुप्रति दुवै पक्षको नकारात्मक व्यवहार
- मानवअधिकार संस्थाहरुको सक्रियता	- अन्तर्राष्ट्रिय समुदाय, राष्ट्रिय मानव अधिकार आयोग र मानवअधिकार संस्थाहरुद्वारा उठाइएका सवालहरुप्रति द्वन्द्वरत पक्षहरुको बेवास्ता
- अन्तर्राष्ट्रिय ऐक्यबद्धता र चासो	- सरकारी/सुरक्षा अंगका मानवअधिकार निकायहरुको निष्पक्षता र प्रभावकारिताको अभाव
- जेनेभा महासन्धिको प्रचार-प्रसार	
- सर्वोच्च अदालतको सकारात्मक फैसला	

मानवीय कानुनका मूलत: दुई धार विकसित भएका छन्- पहिलो, हेग कानुन र दोश्रो, जेनेभा कानुन (महासन्धि)। हेग कानुन युद्धका साधन र तरिकाहरूलाई व्यवस्थित/सीमित गर्ने पक्षसँग सम्वन्धित छ, जसका लागि विभिन्न घोपणापत्र र महासन्धिहरू बनेका छन्। त्यसैगरी जेनेभा कानुन जसलाई हामी जेनेभा महासन्धि भनेर वुझ्छौं, सन् १९४९ का चारवटा महासन्धि र १९७७ का दुई अतिरिक्त आलेखहरू मिलेर बनेको छ। यी महासन्धि र आलेखहरूले यस विपयमा सरोकार राख्ने विगतका कानुनी दस्तावेजहरूको मर्म र भावना समेट्ने मात्र नभई त्यसयताका विभिन्न अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरूलाई दिशानिर्देश पनि गरेका छन्।

यस्ता नियमहरूले केवल युद्धलाई व्यवस्थित र मर्यादित गर्नेमात्र नभई मानिसका आधारभूत अधिकारहरू र युद्धमा प्रत्यक्ष संलग्न र असंलग्न सबै प्रकारका नागरिकहरूप्रति हुनुपर्ने व्यवहारलाई सूत्रवद्ध गरेका छन्। यस्ता कानुनले पीडामा रहेका मानिसहरूको कष्टमा कमी ल्याउने वा त्यसको अन्त्य गर्ने प्रकृयासँग सरोकार राख्दछन्। सबै समयमा लागू हुने मानवअधिकार कानुनहरूको विपरीत मानवीय कानुनहरू युद्धको समयमा अर्थात् विशेष परिस्थितिमा मात्र लागू हुन्छन्। यस अर्थमा अन्तर्राष्ट्रिय मानवीय कानुन मानवअधिकारसम्वन्धी कानुनको त्यो भाग हो, जुन सशस्त्र संघर्षमा लागू हुन्छ।[3] यस्ता कानुनले केवल नि:शस्त्र व्यक्तिको सुरक्षा गर्ने मात्र नभई संघर्षमा प्रत्यक्ष संलग्न सैनिकहरूको रक्षा र युद्ध संचालनका तौरतरिकाहरूलाई व्यवस्थित गर्ने दायित्वसमेत निर्वाह गरेका हुन्छन्। सशस्त्र संघर्षमा लागू हुने भएकाले अन्तर्राष्ट्रिय मानवीय कानुनको कुनै पनि प्रावधानको अनादर कुनै पनि अवस्थामा गर्न नहुने स्पष्ट हुन्छ।

वर्तमान परिप्रेक्ष्यमा मानवअधिकार र मानवीयतासम्वन्धी विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूको व्यवस्था गरिएको छ। संयुक्त राष्ट्रसंघ, आईसीआरसीलगायत्का संयन्त्रहरूमार्फत् यस्ता कानुनहरूको कार्यान्वयन प्रक्रिया सहज तुल्याउने र पर्यवेक्षण/अनुगमन गर्ने कार्य हुँदै आएको छ।

२. जेनेभा महासन्धि र साझा धारा ३

आईसीआरसीको अगुवाइमा सन् १९४९ अगस्त १२ मा जेनेभामा चारवटा महासन्धि पारित भएका थिए। त्यसैगरी सन् १९७७ जुन ८ मा दुई अतिरिक्त आलेखहरू पारित भए, जो अघिल्ला चार महासन्धिहरूको पूरकका रूपमा रहेका छन्। यी ६ वटा दस्तावेजहरू नै सशस्त्र द्वन्द्वसम्वन्धी अन्तर्राष्ट्रिय मानवीय कानुन हुन्। ०६१ जेठ २० गतेसम्ममा पहिला चार जेनेभा महासन्धिहरूलाई विश्वका १९२ तथा पहिलो र दोश्रो अतिरिक्त आलेखहरूलाई क्रमश: १६२ र १५७ देशले अनुमोदन गरेका छन्। यी दस्तावेजहरूले सशस्त्र संघर्षमा संलग्न नभएका असैनिक नागरिक तथा वस्तुहरूको सुरक्षा गर्नुका साथै युद्धभूमि र समुद्रमा विरामी र घाइते भएका सैनिकहरू, क्षतिग्रस्त पानीजहाजहरू र तिनका सदस्यहरूको सुरक्षा गर्दछन्। यसका अतिरिक्त, कब्जामा लिइएका विपक्षीहरूप्रति गरिनुपर्ने मानवीय व्यवहारहरूका मापदण्ड र तरिकाहरू पनि स्पष्ट गर्दछन्। त्यसैगरी अन्तर्राष्ट्रिय र राष्ट्रिय सशस्त्र संघर्षका पीडितहरूको सुरक्षाको प्रत्याभूति गर्दछन्।

जेनेभा महासन्धिहरूको साझा धारा ३ हरेक प्रकारका सशस्त्र संघर्पहरूको अवस्थामा र सबै उच्च संविदाकारी पक्षहरूलाई लागू हुन्छ। यसले युद्धको अवस्थामा पनि मानवीय कल्याणलाई प्रमुख सरोकारको विपयका रूपमा लिएको हुन्छ। यसलाई प्रथाजनित अन्तर्राष्ट्रिय कानुनका रूपमा पनि स्वीकार गरिएको छ, जसका आधारभूत नियमहरू सबै राष्ट्रहरूमा लागू हुन्छन् चाहे त्यो राष्ट्र पक्ष बनेको होओस् या नहोओस्। तसर्थ, उच्च संविदाकारी पक्षको भूमिमा हुने गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र संघर्पका हकमा संघर्पका हरेक पक्ष यस धाराका प्रावधानहरू लागू गर्न वाध्य हुन्छन्। साझा धारा ३ विस्तृत महासन्धिभित्र आफैंमा एउटा सानो महासन्धि हो र यसले न्यूनतम मानवीय व्यवहारको व्यवस्था गरेको छ।[4] यसको पालना राज्य र गैरराज्य पक्ष दुवैको लागि वाध्यकारी भएको कुराले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरिसकेको छ।

तालिका नं. २

सशस्त्र द्वन्द्वसम्बन्धी जेनेभा महासन्धि र तिनका अतिरिक्त आलेखहरू

- रणभूमिमा घाइते तथा बिरामी भएका सशस्त्र सेनाका जवानहरूको सुरक्षा व्यवस्थासम्वन्धी जेनेभा महासन्धि नं. १
- समुद्रमा रहेका जल-सेना, घाइते, बिरामी तथा नष्ट पानीजहाजका सशस्त्र सेनाहरूको सुरक्षा व्यवस्थासम्वन्धी जेनेभा महासन्धि नं. २
- युद्धवन्दीहरूप्रति गरिने व्यवहारसम्वन्धी जेनेभा महासन्धि नं. ३
- युद्धको समयमा असैनिक नागरिकहरूको सुरक्षासम्बन्धी जेनेभा महासन्धि नं. ४
- अन्तर्राष्ट्रिय सशस्त्र संघर्षबाट पीडितहरूको सुरक्षासम्बन्धी पहिलो अतिरिक्त आलेख
- गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्षका पीडितहरूको सुरक्षासम्बन्धी दोश्रो अतिरिक्त आलेख

संघर्षमा सक्रिय भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू र घाइते भई लडाइँबाट अलग भएका व्यक्तिहरूलाई जुनसुकै परिस्थितिमा पनि बिना भेदभाव मानवीय व्यवहार गर्नुपर्ने कुरामा यो धाराले जोड दिएको छ। साझा धारा ३ मा व्यवस्था गरिएको छ- हतियार छाडिसकेका तथा बिरामी, घाइते, थुनाई वा अन्य कारणले लड्न नसक्ने अवस्थामा पुगेका सैन्य दलका सदस्यहरूलगायत् लडाइँमा सक्रियरूपमा भाग नलिने व्यक्तिहरूलाई कुनै पनि अवस्थामा जाति, वर्ण, धर्म वा आस्था, लिंग, जन्म वा सम्पत्ति वा त्यस्तै अन्य आधारमा कुनै प्रतिकूल भेदभाव हुने गरी अमानवीय व्यवहार गरिने छैन। यसका लागि (क) जीवन तथा शरीर विरूद्ध हिंसा, खासगरी, सबै प्रकारका हत्या, अंगभंग, क्रूर व्यवहार र यातना, (ख) बन्धक बनाउने, (ग) व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरू जस्तै अपमान एवम् निम्नस्तरको व्यवहार, (घ) सभ्य समाजले अपरिहार्य भनी मान्यता दिएका सबै न्यायिक प्रत्याभूतिहरू प्रदान गर्ने नियमित अदालतले अघि नै फैसला गरिसकेको अवस्थामा बाहेक सजाय सुनाउने र त्यसको कार्यान्वयन गर्ने कार्यहरू हरेक समयमा र हरेक स्थानमा माथि उल्लेखित व्यक्तिहरूका हकमा निषेधित छन् र रहनेछन्। त्यसैगरी घाइते र बिरामीहरूलाई एकत्रित र हेरविचार गरिने, आईसीआरसीजस्तो निष्पक्ष मानवीय निकायले युद्धरत पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्नसक्ने, संघर्षका पक्षहरूले वर्तमान महासन्धिका अन्य सबै वा केही प्रावधानहरूलाई विशेष सम्झौताको माध्यमद्वारा थप कार्यान्वयन गर्न प्रयाससमेत गर्नुपर्ने, र माथि उल्लेखित प्रावधानहरूको पालनाले युद्धरत पक्षहरूको कानुनी हैसियतमा फरक नपर्ने प्रावधान यस धारामा उल्लेख छ।

३. आन्तरिक सशस्त्र द्वन्द्व र नेपाल

अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार, सशस्त्र द्वन्द्व वा संघर्ष (क) आन्तरिक वा राष्ट्रिय र (ख) अन्तर्राष्ट्रिय गरी दुई प्रकारका हुन्छन्। नेपालमा ०५२ फागुन १ मा नेकपा (माओवादी) ले "जनयुद्ध" को घोषणा गरेयता, माओवादीद्वारा यसको संचालन र राज्यपक्षद्वारा यसको नियन्त्रणका नाममा जारी कारवाहीहरू राष्ट्रिय सीमाभित्रको सशस्त्र संघर्ष हो। यस्तो अवस्थामा अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्त तथा मान्यताहरू सक्रिय हुन्छन्। तिनको कार्यान्वयन र पालनाको आधारमा नै मानवीय कानुनको स्थिति मापन गर्न सकिन्छ।

४. जेनेभा महासन्धि र द्वन्द्वरत पक्षहरूको प्रतिबद्धता

नेपालले जेनेभा महासन्धिहरूलाई ०२० माघ २४ गते अर्थात् १९६४ फेब्रुवरी ७ मा अनुमोदन गरेको हो। तर हालसम्म पनि अतिरिक्त आलेखहरूको अनुमोदन गरिएको छैन। आन्तरिक सशस्त्र द्वन्द्वको भूमरीमा फसेको नौ वर्ष वितिसक्दा पनि महासन्धिहरूजत्तिकै महत्वपूर्ण मानिने अतिरिक्त आलेखहरू अनुमोदन गर्नेतर्फ राज्यपक्षको तदारूकता नदेखिनु बिडम्बना हो। दोश्रो अतिरिक्त आलेखले गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्षका पीडितहरूको सुरक्षा गर्ने भएकाले यसको अनुमोदन झनै टड्कारो भए तापनि यसतर्फ चासो देखाइएको छैन। यद्यपि, जेनेभा महासन्धिहरूलाई अनुमोदन गरेका कारण तिनका आधारभूत मान्यताविपरीत कार्य गर्न भने पाइँदैन। अर्कातर्फ, दोश्रो अतिरिक्त आलेख अनुमोदन नगरिएकाले जेनेभा महासन्धिहरूको साझा धारा ३ कडाइका साथ प्रभावित हुन्छ। साझा धारा ३ मा भएको व्यवस्था सरकारी सुरक्षाकर्मीहरूका लागि मात्र लागू हुने नभई सशस्त्र संघर्षमा संलग्न विद्रोही समूहहरूमाथि समेत समानरूपमा लागू हुन्छ। उदाहरणको लागि, नेकपा (माओवादी) ले पनि सशस्त्र संघर्ष र त्यसको प्रतिकार गर्ने कार्यमा प्रत्यक्षरूपमा संलग्न नभएका सर्वसाधारण व्यक्ति वा समुदायको जीउधनमाथि क्षति पुग्नेगरी कुनै पनि कार्य गर्न पाउँदैनन्। त्यस्तै आफूले कब्जामा लिएका सुरक्षाकर्मीहरूलाई पनि उनीहरूले पारस्परिकरूपमा उचित मानवीय व्यवहार गर्नुपर्दछ। बिरामी परेका वा घाइते भएका सुरक्षाकर्मीहरूको स्याहार, उपचार र संरक्षणजस्ता कुराको पनि उत्तिकै ख्याल राख्नुपर्दछ।[५]

राज्य र माओवादी दुवै पक्षले आफूले जेनेभा महासन्धि अर्थात् अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान र पालना गर्ने प्रतिबद्धता पटक-पटक जाहेर गरेका छन्। राज्यपक्षको प्रतिबद्धता मानवीय कानुनको अनुमोदन, प्रतिबद्धता र संयन्त्रहरूको विकासमार्फत् र माओवादीहरूको प्रतिबद्धता उसका विज्ञप्तिहरू, अग्रणी नेताका लेखहरू, पार्टी दस्तावेजहरू, विभिन्न समयमा मानवअधिकारकर्मी तथा सञ्चारकर्मीहरूसँगका अन्तरक्रिया र कब्जामा लिइएका व्यक्तिहरूको मुक्तिका वखत तयार गरिएका "रिहाई पत्र" मार्फत् प्रष्ट भएका छन्।

सरकारले जेनेभा महासन्धिहरूको अनुमोदन गर्नुका अलावा राष्ट्रसंघीय बैठकलगायत्का अन्तर्राष्ट्रिय मञ्चहरूमा यसको प्रभावकारी कार्यान्वयनको प्रतिबद्धता जाहेर गर्दै आएको छ। त्यस्तो प्रतिबद्धतालाई ठोस संयन्त्रको रूप दिन सरकारले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनसम्बन्धी प्रतिबद्धतासमेत सार्वजनिक गरिसकेको छ (हेर्नुहोस् तालिका नं. ३)।

विद्रोही पक्ष माओवादीले विभिन्न समयमा कब्जामा लिएका सरकारी सुरक्षाकर्मीहरूलाई आईसीआरसीका प्रतिनिधि, मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूको जिम्मा र रोहवरमा मुक्त गर्दा तयार पारिएका सामग्रीहरूमा स्पष्टरूपमा "जेनेभा महासन्धिको पालना गर्दै" भन्ने कुरा

तालिका नं. ३

मानवअधिकार तथा मानवीय कानुनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिबद्धता (संक्षेप)

(०६० चैत १३)

१. जात, जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक आस्था वा विचार, वा सामाजिक उत्पत्ति, अशक्तता, सम्पत्ति, जन्म वा अन्य कुनै आधारमा भेदभाव नगरी प्रत्येक नागरिकलाई मानवअधिकार संरक्षणको प्रत्याभूति प्रदान गरिने।

२. प्रत्येक व्यक्तिलाई जीवन, सम्मान र सुरक्षाको अधिकार रहने। यसका लागि खासगरी जेनेभा महासन्धिको साझा धारा ३ (तीन) का प्रावधानलाई कार्यान्वयन गर्न तत्काल निर्देशन जारी गरिने।

३. कसैलाई पनि विनाकारण पक्राउ नगरिने र नजरबन्दमा नराखिने र गैरकानुनी वा विना कारण पक्राउ र जबर्जस्ती बेपत्तालाई रोक्न उपायहरू अवलम्बन गरिने।

४. पक्राउ भएको व्यक्तिलाई पक्राउ गर्नुपर्ने कारण सहितको सूचना यथाशक्य चाँडो दिइने, प्रचलित कानुनबमोजिम बाहेक कसैलाई पनि रातको समयमा पक्राउ नगरिने, थुनामा रहेको स्थान र स्थानान्तरणसम्बन्धी सूचना थुनुवाको परिवारका सदस्य, निजको कानुन व्यवसायी र त्यस्तो सूचना प्राप्त गर्न योग्य व्यक्तिलाई उपलब्ध गराइने, थुनुवा राखिने प्रत्येक स्थानमा त्यहाँ रहेका प्रत्येक व्यक्तिको नाम, प्रवेश मिति वा छुटेको वा स्थानान्तरण भएको मिति उल्लेख गर्न एक रजिष्टर राखिने।

५. निर्वाध कानुनी पुर्पक्षको अधिकारलाई सम्मान र संरक्षण गरिने, अभियुक्त स्वयं वा निजले रोजेको कानुन व्यवसायीबाट सल्लाह लिने अधिकार रहने।

६. थुनामा राखिने व्यक्तिलाई आधिकारिक मान्यता प्राप्त ठाउँ तथा मानवोचित स्थानमा राखिने।

७. अभियुक्तलाई उचित समयावधिभित्र सक्षम अदालतबाट मुद्दाको सुनुवाइ गर्न पाउने अधिकार हुने।

८. थुनामा रहेका अभियुक्तलाई शारीरिक तथा मानसिक यातना नदिइने, यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिइने तथा जिम्मेवार व्यक्तिउपर कानुनबमोजिम कारवाही र सजाय हुने।

९. थुनाबाट मुक्त हुँदा भरपर्दो प्रमाण उपलब्ध गराई व्यक्तिको आत्मसम्मान र अधिकार प्रत्याभूत गरिने।

१०. अदालतबाट दिइएका बन्दी प्रत्यक्षीकरणलगायत्का आदेशहरूको सम्मान गरिने, थुनुवाको अवस्था, स्वास्थ्य स्थिति जाँच्ने अधिकार एवम् पक्राउ गर्ने र सो अधिकार दिने अधिकारीहरूको पहिचान गर्ने अधिकारहरूको प्रत्याभूति गरिने।

११. सोही कसूरमा एक पटकभन्दा बढी मुद्दा नचलाइने, सक्षम अदालतलाई मात्र सजाय तोक्ने अधिकार हुने।

१२. प्रत्येक नागरिकलाई अधिराज्यभरी आवत-जावतको स्वतन्त्रता हुने र विस्थापित व्यक्तिलाई आफ्नो घर वा रोजेको वासस्थानमा फर्कने अधिकार हुने।

१३. खाद्य, औषधीलगायत् मानवीय आवश्यकताहरूको आपूर्तिलाई अधिराज्यभरी सुनिश्चित गरिने।

१४. शैक्षिक क्षेत्रलाई शान्ति क्षेत्रको रूपमा मान्यता दिइने।

१५. प्रत्येक व्यक्तिलाई विचार, अभिव्यक्ति तथा धर्मसम्बन्धी स्वतन्त्रता रहने।

१६. प्रत्येक व्यक्तिलाई कानुनबमोजिम अरूसँग मिली संघसंस्था खोल्ने स्वतन्त्रता हुने, विना हातहतियार शान्तिपूर्वक भेला हुने अधिकार निर्वाध रहने।

१७. महिला तथा बालबालिकालाई विशेष संरक्षणको अधिकार रहने, बालअधिकारसम्बन्धी महासन्धि एवम् महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको सम्मान गरिने र यस्ता भेदभावहरूको समाप्तिका लागि सम्बन्धित संयन्त्रलाई सुदृढ गरिने।

१८. मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनमा लागेका मानवअधिकारवादी समूहहरू, अन्य गैरसरकारी संस्था तथा मानवअधिकारकर्मीहरूलाई संरक्षण प्रदान गरिने।

१९. मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका सम्बन्धमा सुरक्षा निकायलाई दिइने तालिममा निरन्तरता दिइने।

२०. आतङ्कवाद विरूद्धको कुनै पनि कानुन यस सम्बन्धमा स्थापित अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मान्यतासम्मत हुने।

२१. विगतका मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लंघनका घटनाहरूलाई हेर्ने र आवश्यक उपायहरूको मूल्याङ्कन गर्नका लागि श्री ५ को सरकारले एउटा उपयुक्त संयन्त्रको स्थापना गर्ने।

२२. हराएका भनिएका व्यक्तिहरूको स्थिति तथा स्थान निश्चित गर्नका लागि सरकारको पूर्ण सहयोग रहने तथा अन्तर्राष्ट्रिय रेडक्रसलाई थुनुवा राखिने सबै स्थानमा पहुँचलगायत्का कार्यमा सहयोग निरन्तर रहने।

२३. राष्ट्रिय मानव अधिकार आयोगको मानवअधिकार अनुगमन तथा छानविन कार्यलाई सहज तुल्याउन र आयोगले दिएका

सुझावहरूलाई कार्यान्वयन गर्नका लागि एक उच्चस्तरीय मानवअधिकार संरक्षण समितिको गठन गरिने, जसले गर्ने कार्यहरूमा:-

- मानवअधिकार उजुरीको छानबिन गर्ने र उल्लंघन गर्ने जिम्मेवारमाथि कारबाही गर्ने
- थुनुवाईसम्बन्धी कानुनको पालना
- सुरक्षाबलको सम्पर्कमा आउने सबै व्यक्तिको मानवअधिकारको संरक्षण
- गैरकानुनी वा बिना कारण थुनिएकाहरूको तत्काल रिहाई
- अदालतका आदेश तथा निर्णयहरूको तत्काल कार्यान्वयन
- मानवअधिकार हननका लागि जिम्मेवारहरू विरूद्ध आवश्यक कानुनी कारबाही
- पीडितहरूलाई क्षतिपूर्तिका लागि सिफारिस

२४. श्री ५ को सरकारले देहायबमोजिमका कार्यहरू सम्पन्न गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई आवश्यक सहयोग उपलब्ध गराउने:-

- मानवअधिकार उल्लंघनका उजुरीहरूको अनुसन्धान गर्ने
- कुनै पनि निकाय वा बन्दीगृह वा संस्थाहरूको भ्रमण, अवलोकन गर्ने
- कानुनी प्रावधानको पुनरावलोकन तथा कार्यान्वयनका लागि सुझाव दिने
- नेपाल पक्ष भएका सन्धिअनुरूप पठाउने प्रतिवेदनमा सुझाव दिने
- मानवअधिकारसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने
- मानवअधिकारको प्रवर्द्धन गर्ने
- मानवअधिकार स्थितिको समीक्षा गर्ने
- मानवअधिकारसम्बन्धी प्रतिबद्धताको पालना भए/नभएको अनुगमन गर्ने
- आयोगको क्षमता अभिवृद्धि गर्ने
- आयोगका कर्मचारी वा प्रतिनिधिलाई मुलुकभर निर्बाध आवत-जावत गर्न दिने र कुनै पनि व्यक्ति वा समूहसँगको बन्दीगृहमा वा बन्दी बनाई राखेको शंका लागेको ठाउँमा गोप्य वा खुल्ला अन्तर्वार्ता लिन दिने
- आयोगलाई सूचना उपलब्ध गराउने व्यक्तिको संरक्षण गर्ने
- आयोगद्वारा मानवअधिकार संरक्षण तथा गरिएका अनुरोधको शीघ्र जवाफ दिने
- आयोगबाट गरिएको अनुसन्धानपछि आपराधिक अनुसन्धान र कानुनी कारबाही गर्नुपर्ने भएमा सम्बन्धित कानुनी निकायमा पठाउने
- आयोगको संस्थागत र मानव संशाधन विकास गर्नका लागि संयुक्त राष्ट्रसंघलगायतबाट सहयोग उपलब्ध गराउन सघाउ पुऱ्याउने

२५. मानवअधिकार उल्लंघन रोक्नका लागि र त्यस्ता उल्लंघन गर्नेहरूलाई जवाफदेही बनाउन श्री ५ को सरकारले आवश्यक व्यवस्था गर्ने

उल्लेख गर्ने गरेको छ। माओवादीद्वारा ०६० चैत ३ गते जारी एक अपिलमा पनि उक्त पार्टीले युद्धसम्बन्धी जेनेभा महासन्धिलगायत् मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणाहरूप्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्दै आएको उल्लेख गरिएको थियो। विभिन्न प्रकाशनहरूमा पनि मानवअधिकारको विश्वव्यापी सिद्धान्त र जेनेभा महासन्धिहरूको पालनाका सवालमा प्रतिबद्धता जनाउने गरेको पाइएको छ।[६] ०६१ पुस ७ गते वर्दियाको कर्णाली चिसापानीबाट कब्जामा लिइएका शाही नेपाली सेनाका सहसेनानी रमेश बञ्जारा र सिपाही दिलबहादुर भुजेल तथा सुर्खेत जिल्लामा नियन्त्रणमा लिइएका सेनामा भर्ति हुन हिँडेका उत्तरगंगाका चारजना युवाहरूलाई मानवअधिकारकर्मी तथा पत्रकारहरूको रोहवरमा मुक्त गर्दाका छुट्टाछुट्टै आधिकारिक पत्रहरूमा क्रमश: "जेनेभा महासन्धिको युद्धबन्दीसम्बन्धी नियमको उच्च पालना गर्दै" र "अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्दै" भन्ने व्यहोरा उल्लेख गरिएको थियो। यसलाई पनि उदाहरणका रूपमा लिन सकिन्छ।

५. सन् २००४ मा अन्तर्राष्ट्रिय चासो

नेपालमा सशस्त्र संघर्षका क्रममा भएका मानवअधिकार हनन र अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीतका क्रियाकलापहरूलाई अन्तर्राष्ट्रियस्तरबाट आलोचना हुँदै आएको छ। राष्ट्रसंघीय महासचिव, मानवअधिकार उच्चायुक्तको कार्यालयदेखि एमनेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, इन्टरनेशनल कमिसन

अफ जुरिष्ट्स, इन्टरनेशनल क्राइसिस ग्रुप, एसियन ह्युमन राइट्स कमिशनलगायत्का संस्थाहरूले गम्भीर चासो देखाउँदै आएका छन्। सर्वसाधारणहरू पीडित भइरहेको र मानवअधिकारको गम्भीर हनन बढिरहेको यथार्थप्रति चासो देखाउँदै संयुक्त राष्ट्रसंघका महासचिव अन्नानले जारी गर्नुभएको विज्ञप्तिमा वर्तमान द्वन्द्वले जनजीवनमा गम्भीर असर बढाएको उल्लेख गरिएको तथ्य पनि मननयोग्य छ।[७] एमनेष्टीले सन् २००४ अगस्तमा सार्वजनिक गरेको 'नेपाल : इस्कलेटिड डिस्अपियरेन्सेज अमिड अ कल्चर अफ इम्प्युनिटी' शीर्षकको प्रतिवेदनमा नेपालमा दण्डहीनतासाथ हत्याको श्रृंखला बढेको तथ्य औंल्याइएको छ। त्यसैगरी ह्युमन राइट्स वाचद्वारा सन् २००४ अक्टोबरमा प्रकाशित 'नेपाल : बिटविन अ रक एण्ड अ हार्ड प्लेस' मा राज्य र माओवादी पक्षबाट भएका गैरन्यायिक हत्या, बेपत्ता, यातना तथा स्वेच्छाचारी गिरफ्तारी जस्ता घटना र प्रवृत्तिहरू औंल्याई सर्वसाधारणहरु पीडित भएको तथ्य उजागर गरिएको छ। मानवअधिकार संस्थाहरूले विभिन्न समयमा सार्वजनिक गर्ने नेपालसम्बन्धी प्रतिवेदन र विज्ञप्तिहरूमार्फत् मानवअधिकार र मानवीय कानुनको उल्लंघन भएको तथ्य औंल्याउँदै युद्धरत दुवै पक्षलाई जेनेभा महासन्धिको साझा धारा ३ मा व्यवस्था भएबमोजिम लगायत्का न्यूनतम मानवीय मापदण्डहरूको पालना गर्न आग्रह गर्दै आएका छन्। अर्कातर्फ, मानवअधिकार र मानवीय कानुन पालनाको समग्र अवस्थाबारे जानकारी लिने र अनुगमन गर्ने उद्देश्यले राष्ट्रसंघीय निकायहरूबाट समेत चासो देखाइएको छ। पछिल्लो अवधिमा जवर्जस्ती बेपत्ता पारिनेहरूका सम्बन्धमा कार्यरत राष्ट्रसंघीय कार्यसमूहको प्रतिनिधिमण्डलको नेपाल भ्रमणलाई उल्लेख्य मान्न सकिन्छ। उक्त कार्यसमूहका प्रतिनिधिमण्डल डिसेम्बर २००४ मा नेपाल आएका थिए।

६. युद्धरत पक्षहरूको व्यवहार

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट जे-जस्तो चासो देखाइएको भए तापनि द्वन्द्वरत पक्षहरूको व्यवहारमा सुधार हुन भने सकेको छैन। अन्तर्राष्ट्रिय मानवीय कानुन, जेनेभा महासन्धिहरू र साझा धारा ३ को बारेमा दुवै पक्षद्वारा प्रतिबद्धता जनाइए पनि पालना भए नभएको अनुगमन र मूल्यांकन गर्ने परिपाटी एवम् संयन्त्रको अभाव देखिन्छ। तैपनि केही घटनाहरुमा भने गल्ती स्वीकार र तत्सम्बन्धी कारवाही अघि बढाइएको पाइन्छ।

शाही नेपाली सेनाले नुवाकोटको काउलेमा ५ सर्वसाधारण (०५९ मंसिर १२), खोटाङको चिसापानीमा ३ शिक्षक (०६० मंसिर २१) र रामेछापको दोरम्बामा २ सर्वसाधारण र १९ माओवादी (०६० साउन ३२) लाई हत्या गरेकोलगायत्का घटनामा आफ्नो गल्ती सार्वजनिकरूपमा स्वीकार गरेको थियो। तीमध्ये दोरम्बा घटनाका जिम्मेवार सेनानी राममणि पोखरेलसहितका पदाधिकारीहरूलाई कारवाही गरिएको जनाइयो भने काउले घटनाका पीडितहरूलाई क्षतिपूर्तिका लागि सरकारसमक्ष सिफारिस गरियो। बर्दियाको मानपुर टपरामा भएको हत्या (०६० पुस २७) को घटनामा दोषी संयुक्त सुरक्षा बलका एक जवानलाई कोर्ट मार्सलद्वारा ७ वर्ष कैद तोकियो भने सशस्त्र प्रहरी बलका एक अधिकृतलाई पदबाट घटुवा गरियो। त्यसैगरी काठमाडौंको बालाजुमा राजीव श्रेष्ठको हत्यामा संलग्न सैनिक जवानलाई ४ महिना कैदसहित सेवाबाट बर्खास्त गरिनुका साथै पीडित परिवारलाई २ लाख रूपैयाँ क्षतिपूर्ति प्रदान गरिएको जनाइयो।

अर्कातर्फ, माओवादी पक्षले चितवनको भण्डारामा यात्रुवाहक बसमा आगजनी गर्दा एक बालिकासहित ५ सर्वसाधारणको मृत्यु भएको, दैलेखमा सर्वसाधारणमाथि गरिएका आक्रमणहरू, दोलखामा यात्रुवाहक बसलाई एम्बुसमा पारेको, कास्कीका उपप्राध्यापक इन्द्रबहादुर आचार्यको हत्यालगायत्का विभिन्न घटनामा आफ्नो गल्ती स्वीकार गरेको छ। तर, त्यस्ता घटनामा को-कसलाई के-कति कारवाही भयो र पीडितहरूले के-कति क्षतिपूर्ति पाए भन्ने कुरा सार्वजनिक भएको पाइएको छैन।

दुवै पक्षका व्यवहार र प्रवृत्तिहरूका आधारमा जेनेभा महासन्धिको पालना केवल "हात्तीका देखाउने दाँत" जस्तै भएको देखिन्छ। पालनाको सवाललाई प्रभावकारी ढंगले अनुगमन-मूल्यांकन तथा दण्डसजाय गर्न आफैभित्र संयन्त्र निर्माण गर्ने र तिनलाई प्रभावकारी बनाउनेतर्फ दुवै पक्षको उदासिनता देखिन्छ। खासगरी राज्यपक्ष र यसअन्तर्गतका सुरक्षा निकायहरूमा बेग्लाबेग्लै संयन्त्रहरू भए तापनि त्यस्ता संयन्त्रहरूले आ-आफ्नो निकायद्वारा गरिएका मानवअधिकार उल्लंघनलाई ढाकछोप गर्नतर्फ बढी ध्यान केन्द्रित गरेको पाइन्छ।[८] यसको तुलनामा दोषीमाथि कारवाही नगण्य छ। अर्कातर्फ, माओवादी पक्षमा यस्तो प्रवृत्ति बढी हावी छ। सर्वसाधारण र युद्धमा असंलग्न राजनीतिक कार्यकर्ताहरूलाई नियन्त्रणमा लिई निर्ममतापूर्वक हत्या गरेका घटनाहरूलाई पनि उनीहरूले सहजता साथ "सुराकीलाई जनकारवाही गरिएको" भन्नेजस्ता असंगत तर्कका आधारमा पुष्टि गर्ने प्रयत्न गरेको पाइन्छ। यसो भनिरहँदा उनीहरूले "हत्यालाई कुनै पनि आधारले पुष्टि गर्न पाइँदैन" भन्ने मानवीय मान्यतामाथि भने पूर्णरूपले आँखा चिम्लेको पाइन्छ। यस्तो अवस्थालाई मूल्यांकन गरेर नै एमनेष्टी इन्टरनेशनलले २० जनवरी २००५ मा सार्वजनिक गरेको एक प्रतिवेदनमा निष्कर्ष निकालिएको छ, व्यापक र चर्चित ढंगबाट मानवअधिकारप्रति प्रतिबद्धता व्यक्त गरिएको भए तापनि नेपाल सरकार तथा सेना र नेकपा (माओवादी) को नेतृत्व

मानवअधिकार ज्यादतीका घटनाहरूको अनुसन्धान गर्न र दोषीलाई कारवाही गर्न असफल भएका छन्।[९]

त्यसैगरी दुवै पक्षद्वारा मानवविरूद्धका 'माइन्स'को प्रयोग व्यापक पारिएको छ। इन्टरनेशनल क्याम्पेन टु ब्यान ल्याण्डमाइन्स (आईसीबीएल) को 'ल्याण्डमाइन मोनिटर २००४' का अनुसार, सन् २००२ सम्ममा नेपालका ७५ वटै जिल्लाहरू माइन तथा विभिन्न खाले विस्फोटक पदार्थहरू (Improved Explosive Devices-IEDs) बाट प्रभावित भइसकेका थिए। जसका कारण सर्वसाधारणहरू निशाना बन्ने संभावना अझ बढ्न पुगेको छ। यस्ता क्रियाकलापले असंलग्न नागरिकहरूलाई पीडा दिनुका साथै संघर्षका प्रकृतिलाई अझ बढी जटिलतातर्फ धकेलेका छन्।

७. जेनेभा महासन्धिको साझा धारा ३ को स्थिति

नेपालमा विगत नौ वर्षयता जेनेभा महासन्धिको साझा धारा ३ पालनाको सवालले प्रमुख चर्चा पाउँदै आएको छ। राज्य र विद्रोही माओवादी दुवै पक्षले आफ्नो तर्फबाट यसको पालना भएको र अर्को पक्षबाट हनन भएको कुरालाई बढी प्रचारमा ल्याएका छन्। दुवै पक्षले जारी गर्ने विज्ञप्तिहरूमा विपक्षीलाई साझा धारा ३ को पालना गर्न आग्रह गर्ने गरिएको छ। तर, आफूले पालना गर्नेतर्फ भने ध्यान दिएका छैनन्। अर्को पक्षलाई आग्रह गर्नेले आफूले नै पूर्णरूपेण पालना गर्ने सवाललाई किन जोड दिएका छैनन् भन्ने प्रश्न सँगसँगै उठेको छ। राज्यपक्षबाट व्यक्त गरिने धारणा र विज्ञप्तिहरूमा अधिकांश घटनामा 'दोहोरो भीडन्त' वा 'सुरक्षा घेरा तोड्न खोज्दा कारवाही' मा मारिएको भन्ने गरिन्छ। तर, वास्तविकतामा कैयौं त्यस्ता घटनाहरू छन्, जसमा व्यक्तिलाई गिरफ्तार गर्नसक्ने अवस्था हुँदाहुँदै वा गिरफ्तार गरिसकेपछि नृसंश तरिकाले हत्या गरिएको छ। कतिपय घटनामा अनावश्यक बल प्रयोग गरिएको र नियन्त्रणमा लिइसकेपछि नि:शस्त्र बनाइएकाहरूलाई मारिएको कुरा स्वयम् सरकारी सुरक्षा निकायहरूले स्वीकार गरिसकेका छन्। अर्कातर्फ माओवादी पक्षद्वारा 'सुराकी' को आरोपमा कब्जामा लिइसकेपछि हत्या गरिएका सयौं घटनाहरू भएका छन्।[१0]

नियन्त्रणमा लिएपछि हत्या, स्वेच्छाचारी गिरफ्तारी, यातना, बेपत्ता, कुटपिट, असैनिक स्थलहरूमा आक्रमण, धम्की, बलात्कार, हवाई आक्रमण, विद्यालयभित्र र वाहिर सशस्त्र कारवाही, अत्यधिक र अन्धाधुन्ध शक्तिको प्रयोग आदि राज्यपक्षबाट भएको उल्लंघनका प्रमुख शैली हुन्। अर्कातर्फ माओवादी पक्षबाट हत्या, अपहरण, कुटपिट, धम्की, जबर्जस्ती युद्धमा संलग्न गराउने, विद्यालयमा सशस्त्र कार्यक्रम गरी युद्धभूमि बनाउने, वाल सैन्य प्रयोग, जबर्जस्ती चन्दा असुली, लुटपाट, विद्युतीय धराप र विष्फोटक पदार्थहरूको अनियन्त्रित र अत्यधिक प्रयोग, वंन्द/नाकाबन्दी, यात्रुवाहक तथा रेडक्रस चिन्ह भएका सवारी साधनहरूमाथि आक्रमण आदि कार्यवाट उल्लंघन कार्य बढाइएको छ।

जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघनका प्रवृत्तिलाई मुख्यरूपमा ८ बुँदाका आधारमा आँकलन गर्न सकिन्छ।

७.१ हतियार छाडिसकेका तथा लड्न नसक्ने अवस्थामा पुगेका सैन्य दलका सदस्यहरू र लडाइँमा सक्रिय भाग नलिने व्यक्तिहरूप्रति अमानवीय व्यवहार निषेध

साझा धारा ३ मा यस्ता व्यक्तिहरूप्रति अमानवीय व्यवहार गर्न नहुने व्यवस्था छ। हतियार छाडेका सैनिकहरूबाहेक बिरामी, अशक्त भएर वा अन्य कुनै कारणले लड्न नसक्ने अवस्थामा पुगेका सैनिकहरूलाई पनि द्वन्द्वरत पक्षहरूले अमानवीय व्यवहारको शिकार बनाउनु हुँदैन। लडाइँमा असंलग्न नागरिकहरूप्रति त्यस्तो व्यवहार गर्न पनि साझा धारा ३ ले निषेध गरेको छ। तर, व्यवहारमा हेर्ने हो भने राज्य र माओवादी दुवै पक्षले बारम्बार यस्ता सीमाहरू तोडेका छन्। दुवै तर्फबाट मानवीय व्यवहार गर्नेतर्फ बेवास्ता गरिएको पाइन्छ। आन्तरिक तालिम, प्रशिक्षण जे-सुकै भए पनि, दुवै पक्षका हतियारधारीहरूले सर्वसाधारण जनतालाई धम्क्याउने, जबर्जस्ती गर्ने, कुटपिट गर्ने, अपहरण र बेपत्ता पार्नेजस्ता कार्यहरू गरेका छन्। मानवअधिकार वर्ष पुस्तक २००५ र यसअघिका वर्ष पुस्तकहरूमा जिल्लागत विवरणमा समावेश गरिएका घटनाहरूले देखाउँछन् कि राज्य र माओवादी दुवै पक्ष जेनेभा महासन्धिको साझा धारा ३ को हननमा उत्तिकै जिम्मेवार छन्। दुवै तर्फबाट यस्ता अमानवीय व्यवहारहरू भएका सयौं घटनाहरूको प्रलेख राखिएको छ। खासगरी ०५८ को संकटकालयता अमानवीय घटनाहरूले द्रुतता पाएका छन्।

अमानवीय व्यवहारको त कुरै छाडौं, युद्धमा भागै नलिएका सर्वसाधारणहरूलाई नृसंश ढंगले मारिएका सयौं घटनाहरू छन्। चाहे सुरक्षाकर्मीद्वारा माओवादीको आरोपमा होस् या माओवादीद्वारा सुराकीको आरोपमा, सर्वसाधारण र कब्जामा लिइएका व्यक्तिहरूमाथि अमानवीय व्यवहार मात्र होइन, उनीहरूको बाँच्न पाउने आधारभूत अधिकारको समेत व्यापक हनन भएको छ।

बाँके जिल्लाको बनकटवा गाविसमा ०६० फागुन ८ गते सुरक्षाकर्मीले सातजना माओवादी कार्यकर्ताहरूलाई आफ्नो नियन्त्रणमा लिई हत्या गरेको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। त्यसैगरी ०६० चैत ७ गते माओवादीले म्याग्दी जिल्लाको सदरमुकाम वेनी आक्रमण गर्दा सुरक्षाकर्मीको नियन्त्रणमा परेका नि:शस्त्र व्यक्ति दिलवहादुर अरमजालाई गोली प्रहार गरी हत्या गरिएको थियो। तेह्रथुम

जिल्ला श्रीजङ्ग गाविस-५ का अनेकिसंघ क्रान्तिकारी का जिल्ला उपाध्यक्ष दयाराम भट्टराईलाई ०६१ जेठ २० गते श्रीदल गुल्मबाट गल्नीमा गएका सुरक्षाकर्मीले सोही गाविस-८ बाट गिरफ्तार गरी नजिकैको बारीमा लगी यातना दिई घाइते बनाएपछि पुन: गिरफ्तार गरेको ठाउँमा ल्याई गोली हानी हत्या गरेका थिए। गोरखा जिल्ला घर भई बर्दियामा कार्यरत ५२ वर्षीय माओवादी कार्यकर्ता हरि श्रेष्ठलाई ०६१ असार १३ गते बिहान पदनाहा गाविस-२ बाट गिरफ्तार गरी पदनाहा गाउँमा लगी दुवै हात डोरीले बाँधेर सोही गाविस-९ गुरुवागाउँ नजिक बबई नदी छेउस्थित सामुदायिक वनमा लगी गोली हानी हत्या गरिएको थियो। हत्याअघि उनलाई कुटपिट गरिएको थियो। सर्लाही जिल्ला दशरथपुर गाविसमा परिचालित दुईजना माओवादी महिला छापामारलाई ०६१ साउन २ गते रामघाट-४ बाट आफ्नो कब्जामा लिई बाँधेर राखेकोमा डेढ घण्टापछि गोली हानी हत्या गरिएको थियो।

अर्कातर्फ माओवादी पक्षबाट सरकारी सुरक्षाकर्मीहरूलाई नि:शस्त्र अवस्थामा कब्जामा लिई हत्या गरिएका प्रशस्त उदाहरण छन्। बिदामा आफ्नो घर गएका सुरक्षाकर्मीहरू पनि मारिएका छन्। बर्दिया जिल्ला सोरहवा गाविस-३ घर भई रोल्पा जिल्लाको इरिवाङ इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान मेनबहादुर घर्तीलाई ०६० भदौ १३ गते घरमा आएको अवस्थामा घरबाटै अपहरण गरी बाँके र बर्दिया जिल्लाको सीमामा पर्ने मान खोलामा धारिलो हतियार प्रहार गरी हत्या गरेको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। त्यसैगरी दाङ जिल्ला त्रिभुवननगर नपा-११ घर भई हेटौंडास्थित देवीदत्त गणमा कार्यरत सैनिक हवल्दार कुलबहादुर सुवेदीलाई घरमा आएको अवस्थामा ०६१ वैशाख २५ गते माओवादीले घरबाट बाहिर निकाली १ किमी टाढा लगी गोली र धारिलो हतियार प्रहार गरी घाइते बनाएकोमा उपचारार्थ नेपालगञ्ज लैजाँदा-लैजाँदै बाटोमा मृत्यु भएको थियो। नेहथुम जिल्ला खरी गाविस-८ घर भई श्रीदल गुल्ममा कार्यरत सैनिक जवान सन्तबहादुर अधिकारीलाई ०६१ भदौ २६ गते माओवादीले जिरीखिम्ती बजारबाट अपहरण गरेकोमा पर्सीपल्ट बाँधेर सोही बजारमा ल्याई चोकको बीचमा खुकुरीले घाँटी रेटी हत्या गरेका थिए। काभ्रे जिल्ला जैशीथोक गाविस-१ घर भई चितवन जिल्ला पुरानो गोरखगणमा कार्यरत सैनिक २० वर्षीय दिनेश थापा मगरलाई घर गई नजिकैको चिया पसलमा बसेको अवस्थामा ०६१ असोज १८ गते बेलुका अपहरण गरी महादेवस्थान गाविस-९ हिगुवापाटीमा पुर्‍याई दुवै हात बाँधेर घाँटी रेटी हत्या गरिएको थियो। त्यसैगरी उदयपुर जिल्ला रिस्कू गाविस-९ का प्रहरी जवान २७ वर्षीय भक्तबहादुर विकलाई आफ्नी बिरामी आमाको उपचारका लागि घर गएको अवस्थामा ०६१ मंसिर १५ गते माओवादीले सोही गाविस-२ बाट अपहरण गरी २ किमी पर लगेर ढुंगाले टाउको किचेर हत्या गरेका थिए। उनी संयुक्त सुरक्षाफौजअन्तर्गत इलाका प्रहरी कार्यालय, कटारीमा कार्यरत थिए।

लडाइँको क्रममा आत्मसमर्पण गरिसकेका विपक्षी समूहका सदस्यहरूलाई मानवीय व्यवहार गर्नुपर्ने साझा धारा ३ को मान्यतामा यस्ता व्यवहारहरूबाट ठाडो प्रहार भएको देखिन्छ। आत्मसमर्पणकारीहरूप्रति मानवीय व्यवहार गर्नुपर्ने र उनीहरूको सुरक्षाको प्रत्याभूति गर्ने सवालमा सम्बन्धित पक्षहरूको ध्यान गएको छैन। बरु, आत्मसमर्पण गरिसकेका व्यक्तिहरूलाई हत्या गर्ने, उनीहरूलाई थुनामा राख्ने र उनीहरूका मागप्रति बेवास्ता जनाउने गरिएका घटना छन्।

सखुवासभा जिल्लामा ०५८ सालमा आत्मसमर्पण गरेका कूल ३ सय ४ जनामध्ये १२ जनालाई "माओवादीलाई सहयोग पुर्‍याएवापत्" भन्ने पुर्जीसहित कारागारमा थुनिएको तथ्य राष्ट्रिय मानव अधिकार आयोगले ०५८ माघ ५ देखि ७ गतेसम्म गरेको स्थलगत अध्ययन प्रतिवेदनमा उल्लेख गरेको थियो।[११] त्यसैगरी आत्मसमर्पण गर्दागर्दै तेह्रथुममा २१ र सिन्धुपाल्चोकमा ४ जना व्यक्ति राज्यपक्षद्वारा मारिएका थिए।[१२] यसबाट पनि राज्यपक्षबाट आत्मसमर्पणकारीहरूप्रति गरिएको व्यवहार आँकलन गर्न सकिन्छ।

आत्मसमर्पण गरेका माओवादीहरूलाई संरक्षण प्रदान गर्ने उद्देश्यले तयार पारिएको सरकारी पुनर्स्थापना केन्द्रमा राखिएका आत्मसमर्पणकारीहरूले मानवीय र घोषणा गरिएबमोजिमको व्यवस्था उपलब्ध नभएको गुनासो गरेका छन्। माओवादी बनेर हतियार उठाई सशस्त्र संघर्षमा लागेका आत्मसमर्पणकारीहरूलाई राख्ने उद्देश्यले सरकारद्वारा ०६० माघमा स्थापित देशको एक मात्र यस्तो पुनर्स्थापना केन्द्र तनहुँ जिल्लाको आँबुखैरेनी गाविस-४ ढकालटारमा अवस्थित छ। स्थापनाकालमा आत्मसमर्पण गर्ने माओवादीहरूका लागि रोजगारलगायत्का विभिन्न सुविधाहरूको घोषणा गरिए पनि त्यस्ता सुविधाहरू प्रदान नगरिएको बताउँदै ०६१ पुस १० गते केन्द्रका ९८ जना पूर्वमाओवादी कार्यकर्ताहरूले २४ घण्टे रिले अनशनसमेत गरेका थिए। उनीहरू, सरकारद्वारा रोजगारी उपलब्ध गराइनुपर्ने, हिँडडुल गर्न पाउनुपर्ने, उपचार र वैदेशिक रोजगारीको व्यवस्था तथा सुरक्षाको प्रत्याभूति हुनुपर्नेलगायत्का मागहरू राखेर अनशन बसेका थिए। त्यस्तै, आफ्नो घर फर्कन पाउनुपर्ने माग राखेकाहरूमध्ये केहीलाई केन्द्रबाट मुक्त गरिए पनि उनीहरूको सुरक्षाको सवाल अन्यौलपूर्ण छ। 'अन्तर्घात' गरेको आरोपमा माओवादी पक्षबाट उनीहरूमाथि हुनसक्ने आक्रमणको खतरा उत्तिकै छ।

माओवादीहरूले आफ्नो कब्जामा लिएका सुरक्षाकर्मीहरूलाई हत्या गरेका कैयन् उदाहरणहरू छन्।

०५८ माघ २३ गते काभ्रे जिल्लाको भकुण्डेबेंशीस्थित प्रहरी चौकीमा आक्रमण गर्दा कब्जामा लिएका प्रहरीहरूलाई केही परसम्म घिसार्दै लगी गोली र खुकुरी प्रहार गरी निर्मम तरिकाले हत्या गरिएको थियो। ०५७ चैत २४ गते दैलेख जिल्लाको नौमुलेस्थित इलाका प्रहरी कार्यालयमा माओवादीले आक्रमण गर्दा आत्मसमर्पण गरिसकेका केही प्रहरीहरूलाई कब्जामा लिएपश्चात् हत्या गरिएको तथ्य मानवअधिकार तथा शान्ति समाजको स्थलगत अध्ययन प्रतिवेदनले औंल्याएको थियो। त्यसैगरी रूपन्देही जिल्ला छपियास्थित इलाका प्रहरी कार्यालयमा ०६० भदौ १४ गते माओवादीले आक्रमण गर्दा आत्मसमर्पण गरेका भान्सेको समेत हत्या गरिएको थियो। प्रहरी कार्यालयमा कार्यरत भान्से स्थानीय बलराम न्यौपानेले, आक्रमण हुन थालेपछि टाढैबाट आत्मसमर्पण गरेका थिए तर वरपर गोली वर्षिन नरोकिएपछि ज्यान जोगाउन नजिकैको पोखरीमा लुकेको अवस्थामा माओवादीले पोखरीबाट बाहिर निकाली प्रहरी कार्यालय भवन अगाडि लगी गोली हानी हत्या गरेका थिए।

७.२ जीवन तथा शरीरविरूद्ध हिंसा, खासगरी सबै प्रकारका हत्या, अंगभंग, क्रूर व्यवहार र यातनाको निषेध

साझा धारा ३ ले कसैलाई पनि हत्या, अंगभंग तथा क्रूर व्यवहार गर्न र यातना दिन निषेध गरेको छ। यस्ता व्यवहारहरू मानवताविरोधी अपराध हुन् र तिनले मानवीय मान्यताहरूलाई ठाडो प्रहार गर्दछन्। हत्या, अंगभंग, क्रूर व्यवहार र यातना केवल एउटा व्यक्तिसँग मात्र नगाँसिएर सामाजिकरूपमा समेत गहिरो असर पार्ने व्यवहार हुन् र ती अक्षम्य छन् भन्ने मान्यता छ। यस्ता व्यवहारहरूको अन्त्य जेनेभा महासन्धिहरूको साझा धारा ३ को प्रमुख जोड हो। तर, नेपालमा यस्ता व्यवहार र प्रवृत्तिहरू व्यापक छन्, जसले मानवीय मान्यताका न्यूनतम मापदण्डहरूको समेत चरम उल्लंघन गरेका छन्।

गैरन्यायिक हत्या, आतंक, आक्रमण, गिरफ्तारी र यातना नौवर्षे "जनयुद्ध" र यसको नियन्त्रणमा चालिएका कदमहरूबाट सृजित मूल प्रवृत्ति हुन्। राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनले पनि दुवै पक्षबाट साझा धारा ३ का यस्ता विषयहरूको उल्लंघन भएको देखाएको छ। राज्यपक्षद्वारा भिडन्तमा मारिएका भनिएका कतिपय व्यक्तिहरू हिरासतमा रहेको समयमा वा नि:शस्त्र वा आत्मसमर्पण गरेपछि वा आत्मसमर्पण गर्दागर्दै मारिएका छन्।[१३] कब्जामा लिइसकेपछि र हिरासतमा अत्यधिक यातना दिएर हत्या गर्ने प्रवृत्तिहरू बढेका छन्। सरकारी सुरक्षाकर्मीहरूबाट व्यापकरूपमा गैरकानुनी हत्या भएका छन्। युद्धमा संलग्न माओवादी विद्रोहीका कतिपय कार्यकर्ताहरूलाई कब्जामा लिइनुको सट्टा गोली प्रहार गरी हत्या गरिएको छ। सुरक्षाकर्मीहरूले नि:शस्त्र शंकास्पद व्यक्तिलाई भाग्दै गर्दा गोली हानी हत्या गरेर पटक-पटक आफ्नै नियमहरूको उल्लंघन गरेका छन्। हिरासतमा यातनाबाट हत्यालगायत्का कैयौं हत्याका घटनाहरूका लागि सरकारी सुरक्षाकर्मीहरू जिम्मेवार रहेको तथ्य विभिन्न प्रतिवेदनले समेत औंल्याएका छन्।[१४] राज्यपक्ष, हजारौं गैरन्यायिक हत्याका लागि जिम्मेवार छ। राष्ट्रिय मानवअधिकार आयोगका अनुसार, सन् २००१ देखि २००३ सम्म राज्यपक्षबाट २ हजार जनाको गैरन्यायिक हत्या भएको थियो।[१५] सन् २००३ मा मात्र १ सय ६६ जनालाई गिरफ्तारपछि हत्या गरिएको थियो।[१६] त्यसैगरी, राज्यपक्षबाट बेपत्ता पारिएका भनिएकाहरूमध्ये कतिपय मारिएका पनि हुनसक्छन्।

राज्यपक्षबाट अत्यधिक पीडादायी र अन्धाधुन्ध शैली अपनाइएको छ, जसबाट ठूलो संख्यामा सर्वसाधारणहरू पीडित भएका छन्। ०५८ फागुन १२ गते कालिकोट जिल्लाको कोटवाडा गाविस सुन्थरालीमा विमानस्थल निर्माण कार्यमा संलग्न ३२ जना मजदुरहरूलाई सुरक्षाकर्मीले अन्धाधुन्ध गोली प्रहार गरी हत्या गरेको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। त्यस्तै शैली अपनाई रोल्पा जिल्लाको खुमेल गाविसमा ०५८ मंसिर १५ गते स्थानीय बराह पूजा गर्ने मेलामा जम्मा भएका सर्वसाधारणलाई सुरक्षाकर्मीले हेलिकप्टरबाट अन्धाधुन्ध गोली प्रहार गर्दा १२ वर्षीय फुसी रोका र ६५ वर्षीय मनबहादुर गुरुङसमेत ५ जनाको मृत्यु भएको थियो भने २ महिलासहित ६ जना घाइते भएका थिए। मानवअधिकारकर्मीहरूको हत्यामा पनि राज्यपक्षको संलग्नता उत्तिकै आलोच्य छ। सल्यानका मानवअधिकारकर्मी हेमराज केसीसमेत ३ जनालाई ०५४ फागुन १४ गते थारमारेमा प्रहरीले अन्धाधुन्ध लाठीचार्ज र गोली प्रहारद्वारा गरेको हत्या यस्तो प्रवृत्तिको उल्लेख्य र व्यापक आलोचित घटना हो।

कसैलाई माओवादीको आशंकाकै भरमा लक्षित गरी गोली प्रहारद्वारा हत्या गर्ने कार्यमा पनि राज्यपक्षको संलग्नता व्यापक छ। बाँके जिल्लाको नौबस्ता गाविस-८ का ३५ वर्षीय दलबहादुर थापा र ३३ वर्षीय पार्वती थापाले आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीको गोली प्रहारबाट ज्यान गुमाउनु परेको थियो भने सँगै सुतिरहेकी १० महिनाकी छोरी दिपा थापा घाइते भएकी थिइन्। काभ्रे जिल्ला महादेवटार गाविस-७ निगालेका ६७ वर्षीय चन्द्रबहादुर ठाडा मगरलाई ०६० फागुन २ गते बिहान सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी जंगलमा पुर्‍याई गोली हानी हत्या गरेका थिए। उनको लास भोलिपल्ट नजिकैको जंगलमा हातखुट्टाको मासु लुछिएको अवस्थामा फेला परेको थियो। बर्दिया जिल्ला धधवार गाविस-५ का कक्षा ९ मा अध्ययनरत विद्यार्थी १७ वर्षीय

अनिलकुमार चौधरीलाई ०६० चैत २ गते बाटोमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए भने धनुषा जिल्ला प्रकेमहवा गाविस-६ का लेखापढी व्यवसायमा संलग्न मुखित मण्डललाई ०६१ साउन १ गते बिहान २ बजे घरबाट प्रहरीले गिरफ्तार गरी जनकपुर नपा-१६ मा ल्याई गोली प्रहार गरी हत्या गरेका थिए। सर्लाही जिल्ला सिसौटिया गाविस-१ की २८ वर्षीय कलावतीदेवी महतोलाई साउन २१ गते आफ्नै घरमा बसिरहेको अवस्थामा गोली प्रहार गर्दा मृत्यु भएको थियो भने उनको काखमा रहेको शिशुलाई पनि गोली लागेको थियो।

त्यसैगरी कास्कीको ल्वाङ्घलेल गाविसका एमाले कार्यकर्ता गोविन्द गौतम र सर्वसाधारण लालकाजी गुरुङको ०६१ भदौ १ गते बेलुका क्रमशः घाँस काटिरहेको र नजिकैको विद्यालयमा भलिबल खेल्न गएको अवस्थामा सुरक्षाकर्मीको स्वेच्छाचारी गोली प्रहारबाट मृत्यु भएको थियो। गौतमलाई गोली हानेर र गुरुङलाई कुटपिट गरिसकेपछि गोली हानेर हत्या गरिएको थियो। कैलाली जिल्ला उर्मा गाविस-६ का जानकी चौधरीलाई ०६१ असोज ११ गते धनगढीबाट आफ्नो घर जाँदैगर्दा धनगढी नपा-७ नजिकैको नदीबाट नियन्त्रणमा लिई दुवै आँखा निकाली गोली हानी हत्या गरिएको थियो। सुरक्षाकर्मीले धनुषा जिल्लाको परशुरामतलाउमा ०६१ साउन १४ गते, केउटानीमा असोज १६ गते र पटेहर्वा बल्टियामा कार्तिक १ गते गरी १० जनालाई घरबाट पक्राउ गरेर र एकजनालाई खेतको बीचमा सुतिरहेको अवस्थामा आफ्नो कब्जामा लिई हत्या गरेका थिए। रौतहट जिल्ला फतुहा हर्वाहा गाविसका झगरु पासवान ०६१ कार्तिक २९ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिइएपछि लक्ष्मिनिया गाविस-९, भैंसही टोलमा पुऱ्याई गोली हानी मारिएका थिए। उनी बिरामी भई घरमै बसिरहेको अवस्थामा नियन्त्रणमा लिई मारिएको पीडितको पारिवारिकस्रोतले जनायो। सुरक्षानिकायले भने दोहोरो भीडन्तमा मारिएको दावी गऱ्यो।

नियन्त्रणमा लिइएपश्चात् हत्या गरिएका घटनाहरूलाई पनि "दोहोरो भीडन्त" को संज्ञा दिने गरिन्छ। यस्ता संज्ञाका कारण घटनाको सत्यतथ्य र दोषीमाथि कारवाहीको सवाल छायामा परेको छ।

हत्या, अंगभंग, यातना आदिमा माओवादी पक्षको संलग्नता झनै क्रूर देखिन्छ। माओवादीबाट हत्या गरिएका घटनाहरूमध्ये प्रायः कुटपिट वा धारिलो हतियार प्रहारबाट भएका छन्। आफूले भनेको नमान्ने वा आफ्नो विचारसँग असहमत हुनेहरूलाई "सुराकी" को आरोप लगाई हत्या गर्ने गरिएको छ। जो-कसैलाई पनि कुनै आरोप लगाउने र ज्यान जोखिममा पार्ने कार्यले अमानवीयतालाई प्रश्रय दिएको छ। सर्वसाधारण व्यक्तिहरूबाहेक, राजनीति, मानवअधिकार, समाजसेवा, शिक्षण, स्वास्थ्य, पत्रकारिता आदि क्षेत्र र पेशामा संलग्न व्यक्तिहरूलाई निशाना बनाइएका प्रशस्त उदाहरणहरू छन्।

माओवादीद्वारा ०६० भदौ १५ गते रामेछाप जिल्लाको दोरम्बामा ग्रामीण स्वास्थ्य कार्यकर्ता रेलीमाया मोक्तान र नेपाली काँग्रेसका कार्यकर्ता भीमबहादुर श्रेष्ठ, ०६० फागुन ३ गते काठमाडौंमा बस्दै आएका माओवादीपीडित संघका अध्यक्ष गणेश चिलुवाल र ०६१ मंसिर ६ गते धादिङ जिल्ला सलाङ गाविसका राजनीतिकर्मी ४८ वर्षीय खिनबहादुर थापा मगरलाई गरिएको निर्मम हत्याका घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। खिनबहादुरलाई हत्याअघि कुटपिट गर्दै जंगल र गाउँको बाटो हिँडाइएको थियो। त्यसैगरी ०६१ साउन २७ गते दैलेख जिल्लाका रेडियो नेपालका सम्वाददाता तथा मानवअधिकारकर्मी डेकेन्द्रराज थापाको हत्याले अमानवीयताको अर्को प्रवृत्ति छर्लंग पाऱ्यो। उनको लाससमेत कतै देखाइएन। यसबाट पनि बर्बरताको आँकलन गर्न सकिन्छ। माओवादीले यसअघि अर्का पत्रकार ज्ञानेन्द्र खड्कालाई पनि बर्बरतापूर्ण ढंगले हत्या गरेका थिए। सिन्धुपाल्चोक जिल्ला ज्यामिरे गाविस-३ का ३५ वर्षीय खड्कालाई ०६० भदौ २१ गते दिउँसो विद्यालयमा बैठक बसिरहेको अवस्थामा बोलाएर केही पर भलिबल खेल्ने मैदानमा लगी पोलमा बाँधेर खुकुरी प्रहार गरी हत्या गरिएको थियो। पर्वत जिल्ला तिलाहार गाविस-२ का भूतपूर्व भारतीय सैनिक ५८ वर्षीय देवबहादुर हमाललाई ०६१ वैशाख २३ गते माओवादीले घरबाट निकाली लछारपछार गर्दै केही पर नवदुर्गा प्रावि नजिक पुऱ्याई कुटपिट गरी रुखमा झुण्ड्याई हत्या गरेका थिए भने कपिलवस्तु जिल्ला पिपरा गाविसका ५ जना सर्वसाधारणलाई ०६१ असार ३ गते नियन्त्रणमा लिई डोरीले हात पछाडि बाँधेर गोली हानी हत्या गरेका थिए। तीमध्ये एकजनालाई परिवारकै अगाडि छातिमा गोली हानिएको थियो। अन्यलाई घरदेखि केही पर लगिएको थियो। उनीहरूमध्ये पेट र गुप्तांगमा गोली हानिएका गोवर्धन लोध २-३ घण्टा छटपटिएर मरेका थिए। मोरङ जिल्ला थलाह गाविस-३ की २० वर्षीय सविता कार्कीलाई ०६१ साउन ३ गते माइती जाँदै गर्दा माओवादीले बाटोबाट अपहरण गरी साउन ८ गते धारिलो हतियारले घाँटी रेट्नुका साथै गोलीसमेत प्रहार गरी हत्या गरेका थिए।

खाना नखुवाएकै आधारमा सर्वसाधारणलाई हत्या गरिएका दृष्टान्तहरू छन्। यसबाट माओवादी पक्षबाट जेनेभा महासन्धिको साझा धारा ३ प्रति पूरै बेवास्ता जनाएको र आफूलाई फाइदा लिनु परेको वा प्रचारमा ल्याउनु परेको अवस्थामा मात्र पालनाको कुरा गर्ने गरेको स्पष्ट हुन्छ। कैलाली जिल्ला पथरैया गाविस-१ की ८५ वर्षीय लालमतिदेवी

जैशीलाई खाना नदिएको आरोपमा ०५९ जेठ २१ गते माओवादीले निर्मम कुटपिट गरी हत्या गरेका थिए। अर्कातर्फ, कसैले कुनै पेशा अपनायो भने पनि त्यसप्रति दूराग्रह पाल्ने गरेको पाइन्छ। आफूलाई मन नपर्नेबित्तिकै "जनविरोधी" कार्यमा संलग्न भएको वा "जनयुद्धको विरुद्ध काम गरेको" आरोप लगाउन माओवादी निकै अगाडि छन्। बाग्लुङ जिल्ला ताराखोला गाविस-६ का सर्वसाधारण ६१ वर्षीय लालबहादुर रोका मगरलाई ०६१ साउन २९ गते माओवादीले आफ्नै निवासबाट अपहरण गरी सोही जिल्लाको हिल गाविसमा पुऱ्याई ०६१ साउन ३१ गते टाउकोमा दाउरा प्रहार गरी हत्या गरेका थिए। मगरका छोरालाई घरबाट बोलाई उनकै अगाडि बाबुको टाउकोमा चिरपट दाउराले हिर्काई "जनयुद्धलाई सहयोग नगरे यस्तै तरिकाले अरुको पनि हत्या हुने" दिइएको थियो। दैलेख जिल्ला गोगनपानी गाविस-९ का सरस्वती नेपाल राष्ट्रिय प्राविका शारीरिकरूपमा अशक्त शिक्षक ५० वर्षीय लक्ष्मण गिरीलाई चन्दा नदिएको आरोपमा ०६१ साउन १५ गते बेलुका घरबाट बाहिर निकाली निर्ममतापूर्वक हत्या गरिएको थियो भने पाँचथर जिल्ला पञ्चमी गाविस-८ का बासिन्दा तथा सोही गाविसका सचिव ५२ वर्षीय मोहनप्रसाद ढकाललाई ०६१ कार्तिक २२ गते घरबाट अपहरण गरी लगेकोमा २६ गते बिहान ३ बजे नागी गाविस-३ मा पुऱ्याई यातनापश्चात् छुरा प्रहार गरी हत्या गरिएको थियो।

माओवादीले ०५४ चैतमा गोरखाको सौरपानी गाविस-४ स्थित सिद्धार्थ निमाविका प्रधानाध्यापक नन्दलाल कोइरालालाई विद्यालयमा पढाइरहेको अवस्थामा कक्षा कोठाबाटै अपहरण गरी जंगलमा लगी गोली हानेर हत्या गरेका थिए। काभ्रे जिल्ला न्याले गाविसका निवर्तमान अध्यक्ष कृष्णप्रसाद सापकोटालाई ०५९ भदौ ३० गते राति घरबाट अपहरण गरी कुशादेवी र भुमेडाँडा गाविसको सीमानामा पर्ने ठाटीगैरोमा पुऱ्याई खुकुरीले छियाछिया पारी हत्या गरिएको थियो। उनको टाउको घटनास्थलको बाटोमा र शरीर त्यसको ५० मिटर जति तल खोल्सामा फेला परेको थियो। भोजपुर जिल्ला हेलौंछा गाविस-९ का महेन्द्र राईलाई ०५९ असोज २५ गते राति राँगो काट्ने मौलामा लगी राँगोलाई झैं घाँटीमा खुकुरी प्रहार गरी हत्या गरिएको थियो।

त्यसैगरी लमजुङ जिल्ला दुराडाँडास्थित पाणिनी संस्कृत माविका प्रधानाध्यापक ४५ वर्षीय मुक्ति अधिकारीलाई ०५८ माघ ३ गते दिउँसो विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले अपहरण गरी कम्मरको पछाडि हात बाँधेर डोरीले खुट्टा कसी उनकै घरको बाटो हुँदै चन्द्रपाटा भन्ने ठाउँमा पुऱ्याई रुखमा झुण्ड्याएर गोली हानी हत्या गरेका थिए। उनलाई पहिला दुवै हात पछाडि फर्काई रुखमा बाँधेर गलबन्दीले घाँटी कसेपछि छट्पटाइरहेको अवस्थामा दायाँ काँध र पेटमा छुरा धसिएको थियो। र, अन्त्यमा कञ्चटमा गोली हानिएको थियो। त्यसको एक हप्ता बित्दा-नबित्दै मोरङ जिल्ला केराबारी गाविस-६ का प्रावि शिक्षक रेवतबहादुर तुम्बाहाम्फे (लिम्बू) लाई ०५८ माघ १० गते विद्यालयबाट बाहिर ल्याई नांगै पारेर शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरी हत्या गरिएको थियो।

परिवारका कसैको मृत्यु भएको शोकमा किरिया बसिरहेका व्यक्तिहरू पनि क्रूर व्यवहार र हत्याको शिकार भएका कैयन् उदाहरणहरू छन्। पाल्पा जिल्ला झुडेवा गाविस-६ का ५५ वर्षीय रवीकुमार थापालाई ०५९ असार १ गते दाजुभाइसँगै आमाको किरिया बसिरहेको ठाउँबाट माओवादीहरूले बाहिर बोलाई नजिकैको गोठमा लगी शुरुमा खुकुरी र त्यसपछि गोली प्रहार गरी हत्या गरेका थिए भने दाङ जिल्लाको श्रीगाउँ गाविसमा आफ्नो बाबुको किरिया बसिरहेका तारानाथ योगीलाई ०५८ फागुन २१ गते बाहिर बोलाई सडकमा लगेर हत्या गरिएको थियो। ०६० भदौ २१ गते धादिङ जिल्ला नलाङ गाविस-९ स्थित आफ्नै घरमा आमाको किरिया गरेर बसेका ४० वर्षीय मोतीराम सिलवाललाई माओवादीको एक समूहले अपहरण गरेकोमा हात पछाडि बाँधिएको र रूमालले मुख छोपिएको अवस्थामा पर्सीपल्ट घर नजिकै लास फेला परेको थियो। उनको टाउकोमा गोली प्रहार गर्नुका साथै घाँटीसमेत रेटेर हत्या गरिएको थियो।

सशस्त्र संघर्षसँग सरोकार नै नभएको क्षेत्रमा पनि माओवादीको क्रूर व्यवहार प्रदर्शन भएका कारण बालबालिका, महिलासहित संघर्षमा असंलग्न सर्वसाधारणहरू निशाना बनेका छन्। यस्तो कुरता यात्रुबाहक बसमा माओवादीद्वारा भएको आक्रमणका घटनामा पनि देखिन्छ। चितवनको भण्डारामा ०५८ फागुन १० गते काठमाडौंबाट वीरगञ्जतर्फ गइरहेको रात्री बस रोकेर माओवादीले यात्रुलाई ओर्लनसमेत नदिई आगो लगाइदिंदा ९ वर्षीय बालिका काजोल खातुनसमेत ५ जनाले जलेर ज्यान गुमाएका थिए। यसको चार महिना अघि पनि यस्तै घटना भएको थियो। सर्लाही जिल्लाको सासापुरमा ०५८ कार्तिक १८ गते काठमाडौंबाट सिरहातर्फ गइरहेको एक बसमा माओवादीले अन्धाधुन्ध पेट्रोल बम प्रहार गर्दा गर्भवती महिला अञ्जु रेग्मीको मृत्यु भएको थियो भने उनका छोराछोरीलगायत् कैयौं व्यक्ति घाइते भएका थिए।

हत्या, यातना र अंगभंगका यस्ता उदाहरणहरूले संघर्षमा संलग्न पक्षको क्रूर व्यवहारको प्रतिनिधित्व गर्दछन्। युद्धमा संलग्न र असंलग्नहरूलाई छुट्याउनुपर्ने आधारभूत दायित्वबाट समेत पन्छिएर असंलग्न व्यक्तिहरूलाई नै लक्षित गरेर जारी यस्ता क्रियाकलापहरूबाट मानवीयताका मान्यताहरूको ठाडो उल्लंघन भएको छ।

सुरक्षाकर्मीद्वारा भएको गिरफ्तारी र यातनाका घटनाहरूबाट पनि साझा धारा ३ को यो मान्यताको गम्भीर हनन भएको छ। मानवअधिकार संस्था सिभिक्टका अनुसार, नेपालमा गिरफ्तार गरिएका व्यक्तिहरूमध्ये ७० प्रतिशत यातनाबाट पीडित हुने गरेका छन्।[१७]

रोल्पा जिल्ला थवाङ गाविसका तलव रोका, मूलबहादुर रोका र कमल बुढालाई ०५४ पुस १९ गते प्रहरीले पक्राउ गरी नङमा पीन घोच्ने, पाइतालामा हिर्काउने, तिघ्रामा बेल्ना लगाउनेजस्ता अमानवीय यातना दिइयो। उनीहरूलाई पर्सीपल्ट तारेखमा छोडियो। प्रहरीले उनीहरूलाई तारेख लिन जाँदा १-१ भारी दाउरा पनि अनिवार्यरूपमा ल्याउन बाध्य पारेका थिए। त्यसैगरी कैलाली जिल्ला पहलमानपुर गाविस-२ का ३७ वर्षीय दुर्गानाथ ढकाललाई ०६१ जेठ २९ गते बिहान ७ गते सुखड सुरक्षा बेस क्याम्पका सुरक्षाकर्मीहरूले माओवादीको आशंकामा घरबाट गिरफ्तार गरी ब्यारेकमा दुई दिनसम्म खुट्टामा डोरीले बाँधेर राखी उल्टो झुण्ड्याएर नाक र मुखबाट रगत निक्कनेगरी २ घण्टासम्म पोलिथिन पाइपले तिघ्रा र नितम्बमा प्रहार गर्ने, कुटपिट गर्ने, हात र खुट्टा थिची नाक र मुखमा पानी खन्याइदिने, नालीमा सुताउनेजस्ता यातना दिएका थिए। यी त उदाहरणमात्र हुन्।

आफूले भनेको नमानेकै आधारमा व्यक्तिको शारीरिक जीवनमा गम्भीर आघात पार्ने कार्यमा माओवादीहरू पनि उत्तिकै दोषी छन्। फरक विचार राखेकै भरमा कुटपिट र अगभंग गरिएका उदाहरणहरू प्रशस्त पाइन्छन्। कालिकोट जिल्ला मान्म गाविस छेपडेका सर्वसाधारण ४५ वर्षीय लक्ष्य विश्वकर्मालाई आफ्नो कार्यक्रममा सहभागी हुन नगएको झोंकमा माओवादीले ०६१ जेठ २४ गते राति कुटपिट गर्नका साथै दायाँ आँखामा छुरा प्रहार गरी फुटाइदिएको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। सोही दिन उक्त गाविसका अर्का एकजनालाई सुराकीको आरोपमा माओवादीले नाक काटिदिएका थिए। नृसंशताको प्रवृत्ति रुकुम जिल्लाको एक घटनाबाट पनि आकलन गर्न सकिन्छ। माओवादीहरूले आठबीसकोट गाविस-२ का शिक्षक ३५ वर्षीय वीरेन्द्रकुमार शाहलाई ०५९ भदौ २८ गते गोइरी भन्ने ठाउँमा काठ चिर्ने आराले चिरेर सख्त घाइते बनाएका थिए। उनले "मार्ने नै हो भने गोली हानेर मार बरु गोलीको पैसा मैले नै दिन्छु, यति पीडा नदेऊ" भनेपछि माओवादीहरूले गोली हानेर हत्या गरे। त्यसपछि उनीहरूले शाहकी पत्नीबाट प्रतिगोली १ सय ७५ रूपैयाँका दरले तीनवटा गोलीको रकम असुल गरेका थिए।

माओवादी पार्टीको नियमविपरीत भनिएका कार्य गर्ने सर्वसाधारणहरू पनि पीडित भएका छन्। अछाम जिल्ला थालसा गाविसका ८ दलितहरूलाई हलिया पेशामा लागेको आरोपमा ०६१ असार ८ गते माओवादीले मुसलले पेलेर गम्भीर यातना दिएका थिए। यो तथ्यबाट पनि यातनाको स्वरूप देख्न सकिन्छ।

व्यक्तिको जीवन तथा शरीरविरुद्ध हिंसा, खासगरी सबै प्रकारका हत्या, अंगभंग, क्रूर व्यवहार र यातना दिने कार्यलाई निषेध गर्नुको सट्टा अधिक पीडा दिनेतर्फ दुवै पक्ष जिम्मेवार छन्। जथाभावी विस्फोटक पदार्थहरू राख्ने, सर्वसाधारणको माझमा सशस्त्र क्रियाकलाप गर्ने, भौतिक संरचना ध्वस्त पार्नेजस्ता कार्यमा द्वन्द्वरत पक्षहरूको संलग्नताले नागरिकमा झनै ठूलो पीडा थपेको छ। यस्ता घटनाहरूमा ठूलो सङ्ख्यामा सर्वसाधारणहरू नै शिकार बनेका छन्।[१८] साझा धारा ३ को मान्यतामाथि दुवै पक्षका व्यवहारले विभिन्न कोणबाट पटक-पटक प्रहार गरेका छन्।

७.३ बन्धक बनाउन नहुने

युद्धमा असंलग्न व्यक्तिहरूलाई कुनै पनि अवस्थामा बन्धक बनाउन पाइँदैन। युद्धमा संलग्न विपक्षी सैनिकलाई पनि कब्जामा लिइसकेपछि अमानवीय व्यवहार गर्न पाइँदैन। उसलाई युद्धबन्दीको मान्यता प्रदान गरी तदनुरूपको मानवीय व्यवहार गरिनु पर्दछ। नेपालमा युद्धरत पक्षहरूद्वारा नागरिकलाई (क) अपहरण गिरफ्तार गरी बेपत्ता पार्ने, र (ख) कतिपय घटनामा आफ्नो कब्जामा राखिएकालाई सौदाबाजीमा उपयोग गर्ने मूल प्रवृत्तिहरू देखिन्छन्। राज्य र माओवादीद्वारा गरिएका व्यवहारहरूका आधारमा के भन्न सकिन्छ भने, दुवै पक्षहरू मानिसलाई बन्धक बनाउने र उसलाई आफ्नो रणनीतिक फाइदाका लागि मोलतोलको साधन बनाउने हदसम्म ओर्लिएका छन्। मानिसलाई कब्जामा लिने र उसको मुक्तिका लागि पूर्वशर्त अगाडि सार्ने कार्यमा माओवादीहरू अगाडि देखिन्छन्।

पछिल्लो उदाहरणलाई हेर्दा, माओवादीद्वारा ०६० चैत ७ गते म्याग्दीको सदरमुकाम बेनी आक्रमणपश्चात् अपहरण गरिएका प्रमुख जिल्ला अधिकारी, प्रहरी नायब उपरीक्षकलगायत् ३३ जनालाई मुक्त गर्नुअघि माओवादी नेताहरू मातृकाप्रसाद यादव, सुरेश आले मगर र तिलक शर्माको रिहाईको माग राखिएको थियो। यद्यपि यादव, मगर र शर्माको रिहाई नभए तापनि अपहरितहरूलाई भने मुक्त गरियो। माओवादीले यसअघि पनि ०५६ सालमा प्रहरी नायब उपरीक्षक ठूले राईलाई रूकुमबाट अपहरण गरी त्यसको बदलामा आफ्नो पार्टीका पोलिटब्यूरो सदस्य देव गुरूङको रिहाईको शर्त राखेका थिए। देव गुरूङलाई सरकारले रिहा गरेपछि मात्र उनीहरूले ठूले राईलाई मुक्त गरेका थिए। सन् १९९६ यता माओवादीले ४ सय २० प्रहरी अपहरण गरेकोमा ३ सय ८२ जना मुक्त भए भने २९ जना मारिएको र १२

जनाको स्थिति अझै अज्ञात नै रहेको प्रहरीको तथ्यांकले देखाउँछ।[१९]

अर्कातर्फ राज्यपक्षले पनि नागरिकहरू, चाहे ती माओवादी होउन् वा सर्वसाधारण, लाई स्वेच्छाचारी ढंगले गिरफ्तार गर्ने र बेपत्ता पार्ने कार्यलाई वढावा दिएको छ। संख्यात्मक हिसाबले हेर्दा, माओवादी पक्षवाट भन्दा राज्यपक्षवाट बढी नागरिकलाई बेपत्ता पारिएको छ। जनयुद्ध शुरू भएको वर्षदेखि नै राज्यपक्षबाट मानिसलाई बेपत्ता पार्ने क्रमको शुरूवात गरिएको थियो। सन् १९९८ मा सरकारले "किलो शेरा टु" अपरेशन संचालन गरेपछि बेपत्ता पार्ने घटनाहरुमा उल्लेख्य वृद्धि भएको थियो। सन् २००१ मा संकटकाल लागू भएयता यो क्रम झनै बढ्यो। सन् २००४ को अन्त्यसम्म आइपुग्दा राज्यपक्षबाट १ हजार १ सय ४७ जनालाई बेपत्ता पारिएको थियो। यस्तो कार्य पनि मानिसलाई बन्धक बनाउने प्रमुख प्रवृत्ति हो। तर, राज्यपक्षले कसैलाई नियन्त्रणमा लिएर माओवादीसँग मोलतोल गरेको भने सार्वजनिक भएको छैन। यद्यपि राज्यपक्षद्वारा बेपत्ता पारिएका माओवादीका केन्द्रीय सदस्य दण्डपाणि न्यौपाने, अधिवक्ता राजेन्द्र ढकाल, मिलन नेपालीलगायत्का व्यक्तिहरूको अवस्था हालसम्म अज्ञात नै छ। अहिलेसम्मको अवस्था विश्लेषण गर्दा, बेपत्ता पार्ने क्रम तीव्ररूपमा बढिरहेको छ।[२०] माओवादी शंकास्पद व्यक्तिहरूलाई सादा पोशाकका सुरक्षाकर्मीहरूले पक्राउ गर्ने, लामो समयसम्म अवस्था सार्वजनिक नगर्ने, सैनिक ब्यारेक, सशस्त्र प्रहरी क्याम्प र प्रहरी हिरासतमा राख्ने गरिएको छ।

कब्जामा लिइएका व्यक्तिहरूप्रति अमानवीय र क्रूर व्यवहार हुने गरेको पाइन्छ। दुवै पक्षबाट सर्वसाधारण, राजनीतिक कार्यकर्ता तथा युद्धमा असंलग्न पक्षहरूलाई अपहरण, गिरफ्तार गर्ने र बेपत्ता पारी उनीहरू स्वयम् र परिवारका सदस्यहरूलाई यातनाको शिकार बनाइएको छ। अपहरित र बेपत्ता पारिएका व्यक्तिहरूलाई पनि चरम यातना दिई सत्य कुरा सार्वजनिक गर्नबाट नै हिच्किचाउनुपर्ने अवस्था सृजना गरिएको छ।[२१] यहाँसम्मकी स्वयम् मानवअधिकारकर्मीहरूसमेत यस्तो व्यवहारबाट पीडित भएका छन्। सुर्खेतमा इन्सेकको मानवअधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधि तथा नेपाल समाचारपत्र दैनिकका सम्वाददाता दुर्गा थापालाई माओवादीले ०६१ साउन १६ गते अपहरण गरेकोमा मानवअधिकारकर्मीहरूको व्यापक दबाब र पहलपछि मुक्त गरेका थिए। उनलाई ज्यानमार्ने धम्कीका साथ विभिन्न "कसूर" हरूमा दोषी भएको स्वीकारोक्ति लेख्न लगाइएको थियो। अर्कातर्फ, सुरक्षाकर्मीद्वारा ०६० माघ २१ गते गिरफ्तार गरी करिब १० महिना बेपत्ता पारिएका पत्रकार तथा अधिवक्ता जीतमान बस्नेतलाई निर्मम शारीरिक तथा मानसिक यातना दिइएको थियो। यस्ता सयौं घटना भएका छन्, जसबाट सर्वसाधारण, राजनीतिकर्मी र मानवअधिकार रक्षकहरू पीडित भएका छन्। दुई वर्षयता नेपाल संसारमा सबैभन्दा बढी मानिसहरू बेपत्ता पारिने मुलुकहरूको अग्रणी सूचीमा रहिआएको छ।[२२]

यस सवालमा केही सकारात्मक कार्य नभएका भने होइनन्। माओवादीद्वारा ०६० चैत ७ गते म्याग्दीको सदरमुकाम बेनी आक्रमणपश्चात् अपहरण गरिएका प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरीक्षकलगायत्का कर्मचारी तथा सुरक्षाकर्मी गरी ३३ जनालाई जेनेभा महासन्धिअनुरूप व्यवहार गरिएको जनाउँदै आईसीआरसीका प्रतिनिधिको रोहवरमा मुक्त गरिएको थियो। ०६० फागुन २६ गते भोजपुर आक्रमणपछि अपहरित सरकारी कर्मचारीहरूलाई त्यसैगरी मुक्त गरिएको थियो। माओवादीले धनुषा जिल्ला यदुकुहास्थित इलाका प्रहरी कार्यालयमा ०६० पुस २९ गते आक्रमण गरी नियन्त्रणमा लिएका सुरक्षाकर्मीहरूलाई जेनेभा महासन्धिको पालना गर्दै सकुशल मुक्त गरेको जनाएका थिए। ०६१ पुस ७ गते वर्दियाको कर्णाली चिसापानीबाट कब्जामा लिइएका सैनिकहरूलाई पनि जेनेभा महासन्धिअनुरूप मुक्त गरिएको थियो। अर्कातर्फ सरकारले पनि सन् २००४ मात्र ४ पटकसम्म गरी बेपत्ता पारिएका भनिएका ३ सय २० जनाको अवस्था सार्वजनिक गऱ्यो।

तर, यस्ता एकाध सकारात्मक कार्यहरूलाई "देखाउने हतियार" का रूपमा उपयोग गरेको देखिन्छ। मानिसलाई बन्धक बनाउन, बेपत्ता पार्न र अमानवीय व्यवहार गर्न नहुने सवालमा दुवै पक्ष गम्भीर भएको पाइँदैन। युद्ध मैदानबाट कब्जामा परेका लडाकुहरूलाई युद्धबन्दीको रूपमा लिने र तदनुरूपको व्यवहार गर्नेतर्फ ध्यान दिइएको छैन। फलतः हत्या, यातना, बेपत्ता, कुटपिट र अमानवीय व्यवहारहरू दोहोरिएका छन्।

७.४ व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरू जस्तै अपमान एवम् निम्नस्तरको व्यवहार गर्न नहुने

मानवीय सम्मान सापेक्षित कुरा हो। तर, यसका पनि निश्चित मापदण्ड र सीमाहरू हुन्छन्। सशस्त्र संघर्षमा भाग नलिने र लिन नसक्ने अवस्थामा पुगेका व्यक्तिहरूप्रति द्वन्द्वरत पक्षहरूले अपमानजनक व्यवहार र कुनै पनि प्रकारको दुर्व्यवहार गर्न नहुनेतर्फ साझा धारा ३ मा व्यवस्था गरिएको छ। तर पनि, नागरिकको सम्मानमाथि घात गर्ने व्यवहारहरू भएका प्रशस्त उदाहरणहरू छन्। मानवअधिकार वर्ष पुस्तकमा पनि यस्ता घटनाहरूको अभिलेख छ। जबर्जस्ती खाना उपलब्ध गराउन लगाउने, त्यसो नगरेमा कुटपिट गर्ने, ज्यानमार्ने धम्की दिने, कसैले गर्दै नगरेको कसूर जबर्जस्ती स्वीकार्न लगाउने, त्यसको लिखतमा हस्ताक्षर गर्न लगाउने,

जबर्जस्ती कुनै सभा-समारोहमा भाग लिन लगाउने, सार्वजनिक बेइज्जती गर्ने (मोसो दल्ने, उठबस गराउने आदि) व्यवहारहरू भएका छन्। राज्यपक्ष र माओवादी दुवैले व्यक्तिको सम्मानित ढंगले बाँच्न पाउने अधिकारको हनन गरेका छन्। बलात्कार र यौन दुर्व्यवहारका घटनाहरु भएका छन्। बालसैन्यको प्रयोग गरिएको छ।

दृष्टान्तहरूले देखाउँछन् कि, द्वन्द्वरत पक्षहरूले असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले सामान्य नागरिक र युद्धरतलाई छुट्याउने तथा असैनिक नागरिक, आवादी अथवा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य नतुल्याउनेतर्फ बेवास्ता गरेका छन्। बरु, उल्टै उद्देश्यमूलक ढंगबाट यस्ता कार्य भएको देखिन्छ। त्यसैगरी असैनिक नागरिकहरूलाई युद्धभूमिमा ढालका रूपमा प्रयोग गर्ने प्रवृत्ति पनि घातक छ। जसका कारण निर्दोषहरूको ज्यान जोखिममा परेको छ। सुरक्षाकर्मीद्वारा 'मिसन' मा जाँदा सर्वसाधारणलाई बाटो देखाउने र भरियाका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ, जसका कारण भीडन्त हुँदा त्यस्ता व्यक्तिको जीवन खतरामा पर्ने गरेको छ। माओवादीद्वारा प्रत्यक्ष र अप्रत्यक्ष ढंगले ढालका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। डोटीको मुढभरास्थित शारदा उच्च मावि‌मा ०६० असोज २६ गते भएको दोहोरो भीडन्तमा विद्यार्थीलाई आड बनाइएको र म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा ०६० चैत ७ र ८ गते माओवादीले आक्रमण गर्दा घरमा बसिरहेका कतिपय सर्वसाधारणलाई कोठामा थुनी त्यहींबाट सुरक्षाकर्मीमाथि आक्रमण गरेको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ।

सर्वसाधारणहरू युद्धरत पक्षहरूको दोहोरो मारमा परेका छन्। एकातर्फ माओवादी आएर सेल्टर तथा खाद्यान्न माग्ने र जबर्जस्ती उपभोग गर्ने गर्छन् भने अर्कातर्फ सुरक्षाकर्मीले "माओवादीलाई सहयोग गरेको" आरोपमा कुटपिट र गिरफ्तारीको शिकार बनाउँछन्। सुरक्षाकर्मी गाउमा आएको अवस्थामा माओवादीतर्फ केही क्षति भयो भने पुन: माओवादीहरू आएर "सुराकी" को आरोपमा सर्वसाधारणमाथि जाइलाग्ने गर्दछन्। यस्तो हिंसात्मक व्यवहारिक चक्रका कारण व्यक्तिको सम्मानमाथि चोट पुग्ने मात्र नभई उसको बाँच्न पाउने नैसर्गिक न्यूनतम अधिकारको समेत हनन भएको छ।

सर्वसाधारणका घरमा आगो लगाउने र उनीहरूको उठिबास गर्नेजस्ता क्रियाकलापहरू पनि भएका छन्। यस्ता घटनामा युद्धमा असंलग्न नागरिकहरू प्रत्यक्ष पीडित भएका छन्। सुरक्षाकर्मीले ०५६ फागुन १० गते रुकुम जिल्लाको खारा गाविसका करिब २ सय ३० र रुघा गाविसका २० वटा घरमा आगो लगाएको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। त्यसैगरी, माओवादीले ०५५ माघ २७ गते गोल्मा जिल्लाको हार्जङ गाविसको एउटा घरमा बसेका व्यक्तिहरूलाई घरमा आगो लगाई आक्रमण गर्दा बालकदेखि वृद्धासम्म ९ जनाको घटनास्थलमै र एक जनाको उपचार गर्दागर्दै मृत्यु भएको थियो। सो घटनालाई हिटलरको च्याम्बरको पुनरावृत्तिका रूपमा चित्रण गर्दै सबै क्षेत्रबाट निन्दा गरिएको थियो।[23] सिन्धुली जिल्लाको कल्पवृक्ष गाविसका १९ घरमा ०५९ वैशाख वैशाख १२ गते माओवादीले आगो लगाई सर्वसाधारणको उठिबास लगाएका थिए।

सर्वस्वहरण गरिनु अमानवीयताको अर्को उदाहरण हो। खासगरी माओवादी पक्षबाट यस्ता क्रियाकलापहरू व्यापक मात्रामा भएका छन्। आफूले भनेको नमानेमा कुनै बहाना गरी सर्वस्वहरण र परिवारलाई नै विस्थापित गराइएकाले सयौं सर्वसाधारण, राजनीतिक कार्यकर्ताहरू र सुरक्षाकर्मीका परिवारजन पीडित भएका छन्। सुर्खेत जिल्ला लालिकाँडा गाविस-६ का चक्रबहादुर थापालाई माओवादीले ०६१ जेठ २१ गते बिहान सर्वस्वहरण गरेको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। थापाका दुई छोरा शाही नेपाली सेनामा कार्यरत रहेका कारण उनको सर्वस्वहरण गरिएको माओवादीले सार्वजनिक गरेका थिए।

सर्वसाधारणलाई माओवादी देखाउन भन्दै कुटपिट र दुर्व्यवहार गर्ने घटनाहरू पनि भएका छन्। कैलाली जिल्ला धनगढी नपा-७ का भरतनाथ योगी, धुम्मन राना र खुसीराम चौधरीलाई ०६१ साउन १५ गते सुरक्षाकर्मीले 'माओवादी कहाँ छन् बताऊ' भन्दै बुट र बन्दुकका कुन्दा प्रहार गरी गम्भीर घाइते बनाएका थिए। अर्कातर्फ, माओवादीले आफ्नो विरोध गरेको र भनेको नमानेको आरोपमा कुटपिट र दुर्व्यवहार गर्ने गरेका छन्। पर्वत जिल्ला देवीस्थान गाविस-८ का नेपाली कांग्रेसका कार्यकर्ता ७३ वर्षीय हरिप्रसाद श्रेष्ठलाई ०६१ साउन १ गते बेलुका घरमा बसिरहेको अवस्थामा आफूहरूको विरोध गरेको आरोपमा मरणासन्न हुनेगरी कुटपिट गरिएको थियो। कुटपिटबाट श्रेष्ठको बायाँ खुट्टा र कञ्चटमा गम्भीर चोट लागेको थियो। राजनीतिक प्रतिशोधका कारण पनि कुटपिट र आक्रमणका घटना भएका छन्। बाग्लुङ जिल्लाको दमेक गाविसमा ०६१ मंसिर १४ गते जनमोर्चा नेपालका कार्यकर्ताहरूमाथि माओवादीद्वारा गरिएको आक्रमणको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ।

अमानवीयता यतिसम्म बढेको छ कि, कसैलाई कुनै व्यक्ति मन परेन भने वा उसप्रति कुनै व्यक्तिगत रिसइबी छ भने पनि त्यस्तो रिसलाई सशस्त्र संघर्षअन्तर्गत आक्रमणको घेराभित्र तानी सोहीबमोजिम पीडित बनाउने गरिएको छ। कतिपय घटनामा त बिना कुनै कारण सर्वसाधारणमाथि अमानवीय कार्य भएका छन्, यद्यपि त्यस्ता कारणहरूको

वैधता र सत्यता आफैमा प्रश्न गर्नुपर्ने विषय हुन्छ। तनहुँ जिल्ला वरभञ्ज्याङ गाविस सेपाको बगैंचास्थित महादेवता प्राविकी प्रधानाध्यापिका ३० वर्षीय सोविता न्यौपानेलाई ०५८ माघ ५ गते दिउँसो माओवादीहरूले कक्षा कोठावाट वाहिर निकाली कुटपिट गर्नुका साथै कपाल मुण्डनसमेत गरिदिएका थिए। यस्ताखाले अमानवीय व्यवहारले व्यक्ति स्वयम्लाई त पीडित वनाएको छ नै, उनीहरूको सामाजिक जीवनमा समेत गम्भीर नकारात्मक असर पुऱ्याएको छ।

बलात्कार, यौन दुर्व्यवहार र वालसैन्यको प्रयोगले पनि व्यक्तिको सम्मानमा गम्भीर चोट पुऱ्याएका छन्। यस्ता क्रियाकलाप प्रत्यक्ष शारीरिक खतरामात्र नभई मनोगत र सामाजिक असरका हिसाबले पनि गम्भीर नकारात्मक हुन्छन्। राज्य र माओवादी दुवै पक्षवाट वलात्कार र यौन दुर्व्यवहारका घटनाहरु सार्वजनिक हुने गरेका छन्। दैलेख जिल्ला भैरीकालिकाथुम गाविस-३ का लक्ष्मी शर्मा र लक्ष्मीकुमारी शाहीलाई ०५९ जेठ १९ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी बलात्कारपछि हत्या गरिएको हुनसक्ने लास देखेका स्थानीय बासिन्दाहरुले बताएका थिए। यस घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। माओवादी गतिविधिमा संलग्न भई पछि सो पार्टी छोडेका कतिपय युवती र महिलाहरुले आफूहरुलाई यौन दुर्व्यवहार गरिएको कुरा विभिन्न सञ्चार माध्यमहरुमार्फत् सार्वजनिक गर्ने गरेका छन्। तैपनि बलात्कार र यौन दुर्व्यवहारका घटना सार्वजनिक हुने गरेका छैनन्। सामाजिक सुरक्षाका दृष्टिकोणले पनि खतरा उत्पन्न हुने भएकाले पीडितहरुले घटना गुपचुप राख्ने गरेको पाइन्छ। सशस्त्र संघर्षको अवस्थामा भएका यस्ता अपराधहरुको छानविन र दोषीमाथि कारवाहीको सवालले पनि महत्व पाएको छैन। अर्कातर्फ बाल सैन्यको प्रयोग पनि व्यापक छ। खासगरी माओवादीहरुद्वारा वालसैन्य प्रयोग गरिएको तथ्य राष्ट्रसंघीय महासचिव, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मानवअधिकार संस्था/निकायका प्रतिवेदनहरुले समेत औंल्याएका छन्।[३४]

यसरी युद्धरत दुवै पक्ष व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउन सक्रिय छन्। दुवै तर्फवाट उल्लेख्य संख्यामा अपमानजनक र निम्नस्तरका व्यवहार भएका छन्। यसवाट साझा धारा ३ को गम्भीर हनन भएको प्रप्ट हुन्छ।

७.५ सभ्य समाजले अपरिहार्य भनी मान्यता दिएका सबै न्यायिक प्रत्याभूतिहरू प्रदान गर्ने नियमित अदालतले अघि नै फैसला गरिसकेको अवस्थामा बाहेक सजाय सुनाउन र त्यसको कार्यान्वयन गर्न निषेध

यो मान्यतालाई युद्धरत दुवै पक्षले वेवास्ता गरेका मात्र नभई नियोजित उल्लंघन गर्दै आएका छन्। तर, उल्लंघनका शैलीहरू भने फरक छन्। एकातर्फ राज्यपक्षवाट कतिपय संयन्त्रहरूलाई हतियार वनाएर ॰॰ मान्यताको उल्लंघन गरिएको छ भने अर्कातर्फ माओवादीद्वारा पनि राज्यकै शैलीमा आफ्ना क्रियाकलापलाई वैधता दिने अमूक संयन्त्रको घोषणा गरिएको छ। एकातर्फ मान्यताप्राप्त न्यायिक निकायहरूको फैसलालाई बेवास्ता गरी राज्यपक्षवाट गैरन्यायिक क्रियाकलापहरू भएका छन् भने अर्कातर्फ आफूले घोषणा गरेको संयन्त्रलाई जबर्जस्त "मान्यताप्राप्त" बनाउने होडवाजीमा लागेका माओवादीबाट त्यस्ता संयन्त्रको उपयोगमार्फत् अमानवीय व्यवहारहरूलाई प्रोत्साहन दिइएको छ।

नियमित अदालतको फैसलावाहेकका सजाय सुनाउने र कार्यान्वयन गर्ने पक्ष मूलतः सैनिक हिरासत, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश र माओवादीको जनअदालतका कारण वढेको पाइन्छ। कुनै पनि व्यक्तिलाई गिरफ्तार गर्दादेखि नै न्यूनतम मान्यताहरूको हनन हुने गरेको छ। कुनै आरोप र पुर्जीविना स्वेच्छाचारी ढंगले गिरफ्तार गर्ने, मान्यताप्राप्त र न्यायिक हिरासतमा नराखी अज्ञात स्थलमा राखी बेपत्ता पार्ने, यातनाका कारण "अपराध" स्वीकार्न वाध्य पार्नेजस्ता कार्यहरू सरकारी पक्षवाट भएका हननका प्रवृत्ति हुन्। सैनिक हिरासतको व्यापक प्रयोग र सामान्य न्यायिक प्रक्रियाहरूविना गरिएका कारवाहीहरूबाट यस्ता क्रियाकलापले बढावा पाएका छन्। ०५८ सालयता लगातारूपमा म्याद थप्दै ऐन र अध्यादेशका रूपमा सरकारद्वारा जारी गरिएको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशले नागरिकलाई स्वेच्छाचारी ढंगले गिरफ्तार गर्ने, न्यायिक उपचारवाट विमुख पार्ने र लामो समयसम्म सजायको भागी बनाउने प्रवृत्तिलाई पुठ दिएको छ। जसका कारण मानवीय व्यवहार, कानुनी राज र न्यायिक सजाय तथा तिनको कार्यान्वयनको पक्षमा व्यवधान खडा भएको छ। सजायपश्चात् कारण खोजिने र कारण नभेटिए पनि सजाय दिने सरकारी सुरक्षा निकायहरूको व्यवहारका कारण साझा धारा ३ को यो मान्यताको उल्लंघन भएको पाइन्छ।

अर्कातर्फ, माओवादीद्वारा घोषणा गरिएका 'जनअदालत'ले मान्यताप्राप्त न्यायिक प्रणालीको उपहास गरेको पाइन्छ। यस्तो अदालतले अहिलेसम्म न समाजबाट मान्यता पाएको छ न त त्यसका निश्चित संयन्त्र र प्रणालीहरू देखिएका छन्। केवल पार्टीगत ढंगले घोषणा गरिएको आधारमा 'अदालत' वा 'जनसरकार'को 'फैसला' भन्दै नागरिकलाई अमानवीय र अपमानजनक व्यवहारको शिकार बनाउने क्रियाकलापहरू भएका छन्। वैधता, कार्यप्रणाली, संस्थागत संरचना र स्वीकृति आदि सवै हिसावले माओवादीको 'जनअदालत'लाई अदालतका रूपमा स्वीकार

गर्न सकिने अवस्था नरहेको अवस्थामा "अरूलाई गरिने आक्रमण र दुर्व्यवहार ठिक हुन् भन्ने देखाउन" यस्तो अदालतको प्रचार-प्रसार भएको छ। त्यसैगरी कतिपय घटनाहरुमा 'जनसरकार'को ठहर भन्दै ज्यादति गरिएको छ। माओवादीहरूले पटक-पटक "जेनेभा महासन्धि र साझा धारा ३ को पालना गर्छौं" भनेर दोहोऱ्याए तापनि यसतर्फ भने आखा चिम्लेका र 'जनअदालत' वा 'जनसरकार' का नाममा नागरिकहरूलाई पीडित बनाएका छन्। दैलेख जिल्लाका पत्रकार तथा मानवअधिकारकर्मी डेकेन्द्रराज थापालाई विभिन्न आरोप लगाएर अपहरणपश्चात् ०६१ साउन २७ गते हत्या गरिएको घटना होस्, या ताप्लेजुङ जिल्ला फुङलिङ गाविस-२ का शिक्षक नारदप्रसाद निरौलालाई विद्यालयमा पढाइरहेको अवस्थामा ०५९ पुस १९ गते अपहरण गरी चारदिनपछि गोली हानी हत्या गरिएको घटना, विभिन्न आरोप लगाएर व्यक्तिहत्याजस्तो अमानवीय कार्यको पुष्टि गर्ने दुस्प्रयास गरिएको थियो। त्यसैगरी गोरखा जिल्ला मसेल गाविसस्थित बिन्द्रावती माविकी प्रधानाध्यापिका अमृतादेवी वस्नीलाई ०६० जेठ ५ गते कुटपिट गरी गम्भीर घाइते पारिएको घटना होस्, या गुल्मी जिल्ला भनभने गाविस-२ का ३९ वर्षीय खुमानन्द पन्थीलाई ०६१ वैशाख २६ गते अपहरण गरी लामो समयसम्म 'श्रम शिविर'मा राखिएको घटना, विभिन्न आरोप लगाउनुका साथै उजुरी परेको भनी सर्वसाधारणहरुमाथि माओवादीद्वारा ज्यादती हुने गरेको छ।

७.६ घाइते र बिरामीहरूलाई एकत्रित र हेरविचार गरिने

संघर्षमा भाग लिने पक्षहरूले आफूले कब्जामा लिएका घाइते र बिरामीहरूलाई एकत्रित गरेर राख्न तथा तिनीहरूको हेरविचार गर्नुपर्दछ। यसरी सुरक्षा प्रदान गरिएकाहरूमध्ये औषधी उपचारसम्बन्धी कर्मचारीहरू, प्रतिष्ठान, परिवहनका साधन र उपकरणहरू पनि पर्दछन्। रेडक्रस चिन्हले यस्तो सुरक्षा प्रदान गर्दछ र त्यस चिन्हको आदर गर्नुपर्छ भन्ने मान्यता पनि यसैअन्तर्गत आउँछ। तर, स्थिति हेर्ने हो भने यसप्रति बेवास्ता गरिएका घटनाहरू भएको पाइन्छ।[३५]

दुवै पक्षले विपक्षी घाइतेहरूप्रति मानवीय व्यवहार देखाएको कमै पाइन्छ। सरकारी पक्षबाट घाइते र बिरामीहरूको उपयुक्त उपचार र हेरविचारको व्यवस्था भएको पाइँदैन। यहाँसम्म कि सुरक्षा निकायकै नियन्त्रणमा रहेका र बेपत्ता पारिएको भनिएका व्यक्तिको समेत रहस्यमय मृत्यु भएको छ। सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका ललितपुर जिल्लाका खड्गबहादुर घर्ती मगरको बेपत्ताकै अवस्थामा मृत्यु भएको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। ०६० असोज ५ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई बेपत्ता पारिएका घर्तीको ०६० फागुन १८ गते मृत्यु भएको फागुन २० गते परिवारलाई जानकारी दिइएको थियो। उनको मृगौलाले काम गर्न छाडेकाले मृत्यु भएको भनियो तर वास्तविक रोग, उपचार र त्यसको आधिकारिकतामा परिवारहरू सहमत हुन सकेनन्।

तर, केही घाइते माओवादीहरूलाई देशका विभिन्न अस्पतालमा उपचार गराइरहेको सवाललाई भने सकारात्मक रूपमा उल्लेख गर्नुपर्दछ। शाही नेपाली सेनाको मानवअधिकार सेलका अनुसार, हालसम्म काठमाडौंस्थित सैनिक अस्पतालमा मात्र ४६ जना घाइते माओवादीहरूको उपचार गरिएको छ। माओवादीद्वारा घाइते पारिएका कतिपय व्यक्तिहरूलाई सरकारी पक्षबाट उपचार उपलब्ध गराइएको छ। ०५८ सालमा संघटकाल घोषणा भएपछि गठन गरिएको 'समूहगत घाइते व्यवस्थापन टोली' ले नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा माओवादीपीडित घाइतेहरूलाई उपचार सेवा उपलब्ध गराएको थियो।

ग्रामीण क्षेत्रमा औषधी तथा अन्य उपचार सामग्रीमाथि रोक लगाइएको घटनालाई पनि यसै मान्यताविपरीत कार्यको उदाहरण मान्न सकिन्छ। युद्धका क्रममा घाइते भएकाहरूबाहेक युद्धप्रभावित क्षेत्रहरूमा पनि स्वास्थ्य सुविधा उपलब्ध गराउनु राज्यको दायित्व हो। तर, देशका विभिन्न भागहरुमा प्रशासन र सुरक्षा निकायहरु माओवादीलाई सुविधा पुग्छ भन्ने निहुँमा जनताका खाद्यान्न र स्वास्थ्यका अधिकारप्रति संवेदनशील नभएको पाइयो र यस्तो कार्यमा सरकारले पहल नगरेको पाइयो।[३६] जसका कारण सर्वसाधारणहरू खाद्यान्न र औषधी उपचारजस्ता आधारभूत सुविधाहरुबाट वञ्चित भएका छन्।

माओवादी पक्षबाट घाइते भएका व्यक्तिहरुको उपचारसम्बन्धी तथ्यांक बाहिर आएको पाइँदैन। बरु, रेडक्रस चिन्ह अंकित भौतिक सामग्री नष्ट गर्ने कार्यमा भने उल्लेख्य संलग्नता भएको छ। चाहे ०५८ मंसिर २४ गते बर्दियामा एम्बुलेन्सलाई एम्बुसमा पारेको घटना होस् या धादिङमा रेडक्रसको एम्बुलेन्स कब्जामा लिएको घटना, रेडक्रस चिन्हमाथि नै आक्रमण भएका छन्। त्यसैगरी तनहुँमा हत्या र रोल्पामा अपहरणका घटनामा रेडक्रसका पदाधिकारीहरूलाई पीडित बनाइएको थियो। माओवादीद्वारा कब्जामा लिइएका घाइते सुरक्षाकर्मीहरूको हत्याका घटनाहरुलाई पनि उदाहरणका रूपमा लिन सकिन्छ। स्वास्थ्योपचार सेवा प्राप्त गर्नबाट वञ्चित भएका कारण गर्भवती महिलाको मृत्यु भएका घटना पनि भएका छन्। युद्धरत पक्षहरुका क्रियाकलापका कारण मानवीय गतिविधि अवरुद्ध पारिएको, रोक लगाइएको र संकटमा पारिएको छ।

असुरक्षा, सशस्त्र गतिविधि तथा माओवादी पक्षबाट हुने गरेका बन्द र नाकाबन्दीले देश मानवीय संकटको गहिरो खाडलमा धकेलिएको छ। महिला तथा बालबालिका

विशेषरूपमा जोखिममा परेका छन्। द्वन्द्वरत पक्षहरुको यस्तो व्यवहारले घाइते र विरामीहरूलाई एकत्रित र हेरविचार गर्नुपर्ने मान्यतामाथि पूर्ण बेवास्ता भएको देखाउँछ।

७.७ आईसीआरसीजस्तो निष्पक्ष मानवीय निकायले युद्धरत पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्नसक्ने

आईसीआरसीले युद्धरत पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्दै आउनु आफैमा सकारात्मक पक्ष हो। खासगरी द्वन्द्वले भयावह रूप लिंदै जाने क्रममा सन् १९९८ देखि यसले नेपालमा गतिविधि शुरू गरेको हो। त्यसयता यसले दुवै पक्षका सशस्त्र बलहरूलाई प्रशिक्षण तथा छलफल कार्यक्रमको आयोजना गर्दै आउनुका साथै संघर्षबाट पीडित नेपाली जनताको हितका लागि संघर्षका दुवै पक्षहरूलाई आफूसँग मानवीय संवाद कायम गर्न तथा संवादलाई अझै बढावा दिन आग्रह गर्दै आएको छ।

आईसीआरसीले अन्य मानवीय कार्यहरू पनि गर्दै आएको छ। हालसम्म यसले दुवै पक्षका गरी ४ हजार ७ सय ४९ जना बन्दीसँग भेटघाट गरेको छ। त्यसैगरी बन्दी र उनीहरूका परिवारबीच ३ हजार १ सय ५१ रेडक्रस सन्देशको आदान-प्रदान गरेको छ। सन् २००४ मा आईसीआरसीको चिकित्सा इकाईले लगभग सयजना चिकित्सक तथा चिकित्साकर्मीहरूलाई युद्ध शल्य चिकित्सासम्बन्धी तालिम प्रदान गरेको थियो। झण्डै ६० जना हातखुट्टा गुमाएका व्यक्तिहरूमा कृत्रिम खुट्टा जडान गरेको थियो। नेपालका विभिन्न स्थानमा गरी झण्डै ४ सय जनालाई प्राथमिक उपचार प्रशिक्षक र स्वयम्सेवकका रूपमा तालिम दिइएको थियो भने नेपाल रेडक्रस सोसाइटीलाई सहयोगस्वरूप ३ वटा एम्बुलेन्सहरू पनि उपलब्ध गराइएको थियो। आफ्नो कार्य थालनी गरेयता आईसीआरसीले ५ वटा बन्दीगृहहरूमा शुद्ध पिउने पानीको व्यवस्था गरेको छ भने नेपाल रेडक्रस सोसाइटीसँग मिलेर देशका दुर्गम गाउँहरूमा पानी आपूर्ति प्रणालीमा सुधार गर्ने कार्य भइरहेको जनाएको छ।[२७]

बेपत्ता हुन पुगेका तथा हराएका ९ सयभन्दा बढी मानिसको अवस्था र तिनका परिवारहरूले व्यहोर्नु परेको पीडाप्रति आफू सचेत भएको कुरा समेत आईसीआरसीले व्यक्त गरेको छ।[२८] यसबाट नेपालमा हिंसाबाट पीडितहरूलाई सहयोग, संरक्षण गर्ने तथा मानवीय कानुनको पालनाका लागि क्रियाशील रहने सवालमा आईसीआरसीले महत्वपूर्ण भूमिका निर्वाह गरेको स्पष्ट हुन्छ।

७.८ संघर्षका पक्षहरूले वर्तमान महासन्धिका अन्य सबै वा केही प्रावधानहरूलाई विशेष सम्झौताको माध्यमद्वारा थप कार्यान्वयन गर्न प्रयास समेत गर्नुपर्ने

जेनेभा महासन्धिको साझा धारा ३ ले यस्तो अपेक्षा गरे पनि युद्धरत पक्षहरू यसप्रति अनुदार रहेको पाइएको छ। दुवै पक्षद्वारा मानवअधिकार र मानवीय कानुन पालनाको प्रतिबद्धता कागजीरूपमा दोहोर्‍याए पनि त्यस्तो प्रतिबद्धता व्यवहारमा रूपान्तर भएको देखिँदैन। सरकारद्वारा मानवअधिकार र मानवीय कानुन कार्यान्वयनका लागि प्रतिबद्धतासमेत सार्वजनिक गरिसकिएको र माओवादीका शीर्षस्थ नेता तथा सन् २००३ मा माओवादीका तर्फबाट वार्ता टोलीका संयोजक रहेका डा. बाबुराम भट्टराईद्वारा राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा मानवअधिकारसम्बन्धी सन्धि, सम्झौताप्रति आफूहरू सकारात्मक रहेको बताइएको सन्दर्भमा पनि उपलब्धी हासिल हुन सकेको छैन।

मानवीय कानुनको पालनामा बल पुर्‍याउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रस्तावित मानवअधिकार सम्झौतापत्रमा हस्ताक्षर गर्नेतर्फ दुवै पक्षले उदासिनता देखाएका छन्। यसका लागि संयुक्त राष्ट्रसंघलगायत् विभिन्न मानवअधिकार संस्थाहरूले बारम्बार आग्रह गर्दै आएको भए तापनि त्यसतर्फ तत्परता देखिएको छैन। न त अन्य कुनै विशेष सम्झौतामार्फत् महासन्धिका प्रावधानहरुको कार्यान्वयन गर्ने चासो देखाइएको छ। सर्वोच्च अदालतले आदेश दिँदा पनि कानुन निर्माण गर्ने तत्परता नदेखाइएको अवस्थामा साझा धारा ३ को यो अपेक्षा कसरी पूरा होला भन्ने प्रश्न स्वभाविकरूपले उब्जिएको छ।

८. सकारात्मक पक्ष

अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालनाका निम्ति नेपालमा कुनै प्रयास र सकारात्मक पक्षहरू नभएका होइनन्। सशस्त्र संघर्षको शुरूवातसँगै यसको प्रचार-प्रसारले पनि क्रमश: व्यापकता पाउँदै आएको छ। आईसीआरसी र मानवअधिकार संस्थाहरूद्वारा जेनेभा महासन्धिको नेपाली रूपान्तर प्रकाशन र वितरण, तालिम, गोष्ठी, छलफल/अन्तरक्रिया आदिको माध्यमबाट यस्तो कार्य अगाडि बढाइएको छ। सुरक्षा निकायका पदाधिकारीहरुलाई जेनेभा महासन्धिसम्बन्धी तालिम दिने परिपाटी रहिआएको छ। सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय निकायहरूबाट समेत यसको प्रचार र संघर्षमा संलग्न पक्षहरूद्वारा पालना गराउन आ-आफ्नो स्थानबाट दवाब दिने, प्रयत्न गर्ने तथा प्रशिक्षित गर्ने कार्यहरू भइरहेका छन्। विभिन्न संघसंस्था र निकायहरूमा मानवीय कानुनसम्बन्धी संयन्त्रहरूको विकास भएको छ। रेडियो, पत्रपत्रिका आदिका माध्यमबाट यससम्बन्धी जानकारी प्रवाह गर्ने कार्य भएको छ। यस्तो परिप्रेक्ष्यमा जेनेभा महासन्धिसम्बन्धी सामग्री र प्रचारप्रसारको अभाव पक्कै छैन। फलस्वरूप, यसप्रति युद्धरत दुवै पक्षद्वारा

प्रतिवद्धता व्यक्त गर्ने मात्र होइन, आफ्नो प्रतिवद्धता रहिआएको र पालना गर्न कटिवद्ध रहेको कुरा पटक-पटक दोहोऱ्याइएको छ।

अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न, गराउन सम्बन्धमा परेको उजुरीमा पनि न्यायपालिकाबाट सकारात्मक फैसला भई त्यसका लागि सम्बन्धित निकायलाई निर्देशन भएको छ। सर्वोच्च अदालतले ०६० पुस २५ गते गरेको फैसलामा आवश्यक अध्ययन-अनुसन्धान गरी उपयुक्त कानुन निर्माणको लागि कारवाही चलाउन सरकारलाई निर्देशनात्मक आदेश दिएको छ। यस सम्बन्धमा ०५९ पुस १२ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३, ८८ (२) बमोजिम प्रदत्त हक, अधिकारअनुसार सर्वोच्च अदालतमा उत्प्रेषण, परमादेशको रिट दायर भएको थियो। उक्त रिटमा नेपाल अधिराज्यले ७ फेब्रुवरी १९६४ मा अनुमोदन गरेको अन्तर्राष्ट्रिय मानवीय कानुनको व्यापकरूपमा उल्लंघन भएको, संविधानप्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रता, विनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, अधिराज्यभरी आवत-जावत र बसोवास गर्ने स्वतन्त्रताको व्यापकरूपमा हनन र उल्लंघन भएको, नागरिकहरूको जीवनको अधिकारको रक्षा नभएको भन्दै त्यस्ता कार्यहरूले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (२), २५ (१), (४) र नेपाल सन्धि ऐन २०४७ को दफा ९, उपदफा (२) र प्रथम जेनेभा महासन्धिको धारा ४९, दोश्रो महासन्धिको धारा ५०, तेश्रो महासन्धिको धारा १२९, चौथो महासन्धिको धारा १४६ तथा पहिलो आलेखको धारा ८०, ८० (१) को विपरीतको कार्य भएको जिकिर लिँदै श्री ५ को सरकारलाई तत्काल जेनेभा महासन्धि लागू गर्न राष्ट्रिय कानुन तर्जुमा गर्न गराउन, प्रधानमन्त्रीको कार्यालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, श्री ५ को सरकार संसद सचिवालय र राष्ट्रिय सभालाई विपक्षी बनाई सो रिट दायर गरिएको थियो।[२८]

कतिपय घटनाहरूमा दुवै पक्षद्वारा साझा धारा ३ को पालना पनि गरिएको छ। त्यसैगरी सरकारी सुरक्षा निकायहरू - गृह मन्त्रालय, शाही नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी - मा छुट्टाछुट्टै मानवअधिकार सेलहरू गठन गरिएका छन्। सरकारीस्तरमा मानवअधिकार प्रवर्द्धन केन्द्र र शान्ति सचिवालयको स्थापना समेत गरिएको छ। मानवअधिकार तथा मानवीय कानुनको कार्यान्वयन गर्ने प्रतिवद्धता सार्वजनिक गरिएको छ। बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा छानविन गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न समिति गठन गरिएको छ। ०६१ असार १७ गते गृह मन्त्रालयका सहसचिव नारायणगोपाल मलेगोको अध्यक्षतामा गठित यस्तो समितिले ०६१ पुस १६ सम्म ३ सय २० जना व्यक्तिको स्थिति सार्वजनिक गरेको थियो।

सरकारले ०६१ असार ३० गते मानवअधिकारको प्रवर्द्धनका लागि दीर्घकालीन रणनीति - राष्ट्रिय मानवअधिकार कार्ययोजना - सार्वजनिक गऱ्यो। यद्यपि यसले विद्यमान द्वन्द्वको क्रममा देखा परेको मानवअधिकारको संकट, र मानवअधिकार एवम् मानवीय कानुन हननका प्रवृत्तिहरूलाई सम्बोधन नगरेको आरोप लाग्ने गरेको छ।

राष्ट्रिय मानव अधिकार आयोगले मानवीय कानुनको पालनाका लागि अपिल, अन्तरक्रिया, स्थलगत अध्ययन, लबी-एड्भोकेसीको माध्यमबाट सक्रिय भूमिका निर्वाह गर्नुका साथै युद्धरत पक्षहरूलाई पालनाका निम्ति दबाब सृजना गर्दै आएको छ। ०५८ सालमा घोषणा गरिएको संकटकालको ६ महिनापछि आयोगले देशका ३५ वटा जिल्लामा मानवअधिकार र मानवीय कानुनको स्थितिको स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो। प्रतिवेदनमा मानवीय कानुन हननको अवस्था विश्लेषण गर्दै द्वन्द्वरत पक्षहरूलाई सचेत गराइएको थियो। त्यसयता पनि आयोगले अनुगमन कार्य जारी राखेको छ र मानवीय कानुनको पालनाको अवस्था उजागर गरेको छ। द्वन्द्वरत पक्षहरूबाट जनाउँदै आइएको मानवीय कानुन पालनाको प्रतिवद्धताहरूको व्यवहारिक कार्यान्वयनका लागि आयोगले ०६१ जेठ १४ गते सरकारको लागि "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुको परिपालनसम्बन्धी श्री ५ को सरकारको प्रतिवद्धताको कार्यान्वयन गर्न राष्ट्रिय मानव अधिकार आयोगका व्यवहारिक सुझावहरू" र नेकपा (माओवादी) को लागि "अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारका सिद्धान्तलाई सम्मान गर्न नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले तत्काल अवलम्बन गर्नुपर्ने न्यूनतम शर्तहरू" नामक छुट्टाछुट्टै सुझाव दस्तावेजहरू सार्वजनिक गरेको थियो। त्यसैगरी, जुझारू मानवअधिकार संस्थाहरूको उपस्थिति र यिनका क्रियाकलापबाट युद्धरत पक्षहरूलाई यसतर्फ गम्भीर हुन र आफ्ना प्रतिवद्धताहरू व्यवहारमा देखाउन थप दबावकारी भूमिका निर्वाह भएको छ।

नेपालमा ६ वर्षअघि आईसीआरसीको कार्यालय स्थापना भई कार्य सञ्चालन हुँदै आएको छ। आईसीआरसीले संघर्षका पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनका आधारभूत नियमहरूको पालना गर्न आग्रह गर्नुका साथै सशस्त्र संघर्ष र हिंसाबाट पीडितहरूलाई सहयोग एवम् संरक्षण प्रदान र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान अभिवृद्धिका कार्यहरू गर्दै आएको छ। यसबाहेक अन्तर्राष्ट्रिय ऐक्यबद्धता र चासोले पनि मानवीय कानुनको पालनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। राष्ट्रसंघीय मानवअधिकार संयन्त्रलगायत् अन्तर्राष्ट्रियस्तरका

मानवअधिकार संस्थाहरूले दुवै पक्षलाई मानवीय कानुन उल्लंघनप्रति सचेत हुन, आफ्ना गतिविधिलाई मानवीय परीधिमा सीमित राख्न र संघर्षमा संलग्न नभएका सर्वसाधारण नागरिकहरूको अधिकार रक्षा गर्न विशेष आग्रह गर्दै आएका छन्।

९. प्रमुख चुनौतीहरू

जेनेभा महासन्धिको साझा धारा ३ को पालनाका लागि गम्भीर चुनौति रहेको तथ्य यसको हननका घटना र प्रवृत्तिहरूबाट स्पष्ट भएको छ।

संकटकालीन अवस्थाको घोषणाका आफ्नै कारणहरू भए पनि त्यसपछि उत्पन्न हुनसक्ने अवस्थामा पर्याप्त ध्यान दिन नसक्दा साझा धारा ३ को उल्लंघनमा उल्लेख्य बृद्धि हुन पुगेको तथ्य छिपेको छैन। सन् २००१ मा सरकार-माओवादी युद्धविराम भंग भएयता हिंसाका घटनाहरूसँगै मानवीय कानुनको उल्लंघनले झनै व्यापकता पाएको छ। अनियन्त्रित र अव्यवस्थित युद्धका कारण असंलग्न पक्षहरू बढी पीडित भएका छन्।

सरकारद्वारा जारी 'आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन/अध्यादेश' का कारण अत्यधिक शक्ति र अख्तियारको दुरूपयोगका घटनाहरूमा बृद्धि भएको छ। सर्वसाधारण जनता चेपुवामा परेका छन्। यो कानुनले सुरक्षा निकायहरूलाई बलियो र नागरिक प्रशासनलाई कमजोर बनाएको छ, जसबाट अन्ततः मानवीय कानुनको पालनाले प्राथमिकता पाउन सकेको छैन। अर्कातर्फ, यो अध्यादेशमा व्यवस्था गरिएका प्रावधानहरू स्वयम्ले पनि मानवीय कानुनविपरीतका कार्यमा प्रोत्साहन दिएका छन्। अहिले लागू अध्यादेशमार्फत् सुरक्षा निकायलाई शंका लागेको व्यक्तिलाई गिरफ्तार गरी एक वर्षसम्म नजरबन्दमा राख्न सक्ने विशेषाधिकार दिइएको छ। यस्तो विशेषाधिकारका कारण बेपत्ता पार्ने क्रम अझ तीव्र हुने आशंका बढेको छ।

मानवीय कानुनप्रति द्वन्द्वरत पक्षहरूको व्यवहारिक बेवास्ताका कारण यसको परिपालना संकटमा परेको हो। प्रतिवद्धता गर्ने, सार्वजनिक समारोह र विज्ञप्तिहरूमा आफूहरूबाट पालना भएको कुरामा जोड दिने तर व्यवहारमा पटक-पटक गम्भीर उल्लंघनका प्रवृत्तिहरूको पुनरावृत्ति गरिरहने परिपाटीले बेवास्तालाई सुनियोजित परिणतिको रूपमा हेर्नुपर्ने अवस्था आएको छ।

मानवीय कानुनको पालनाका लागि वकालत गरिरहेका मानवअधिकार संस्था तथा निकायहरूप्रति द्वन्द्वरत पक्षहरूको निशाना अर्को प्रमुख चुनौति हो। दुवै पक्षले त्यस्ता संस्थाहरूलाई स्वतन्त्रतापूर्वक काम गर्न बाधा खडा गरिरहेका छन्। प्रत्यक्ष र अप्रत्यक्षरूपमा आफ्नो प्रभावमा ल्याउन खोज्ने, आफ्ना गल्ती-कमजोरीहरू ढाकछोप गर्न उपयोग गर्न खोज्ने जस्ता प्रवृत्तिहरू पनि नदेखिएका होइनन्। साथै, यस्ता संस्था तथा निकायहरूले उठाएका सवालहरूको बेवास्ता गर्ने विषयमा पनि दुवै पक्ष जिम्मेवार छन्। राष्ट्रिय मानव अधिकार आयोग र मानवअधिकार संस्थाहरूले दुवै पक्षलाई मानवीय कानुनको पालनाका निम्ति बारम्बार आग्रह-अनुरोध गर्दै आएको भए तापनि द्वन्द्वरत पक्षहरूको व्यवहारमा अपेक्षित परिवर्तन आएको छैन। राष्ट्रिय मानव अधिकार आयोगलाई "भेटघाट, निरीक्षण र पर्यवेक्षण" को कार्यमा समेत बाधा पुऱ्याइएका दृष्टान्तहरूबाट पनि यस्तो व्यवहार स्पष्ट हुन्छ।[१९] यस्ता व्यवहारहरू साझा धारा ३ पालनाको पक्षलाई कमजोर बनाउन सहयोगी छन्।

सरकारी सुरक्षा निकायहरूमा गठित मानवअधिकार सेलहरूको निष्पक्षता र प्रभावकारिताको अभाव अर्को चुनौति हो। त्यस्ता निकायहरूले आफ्नो पक्षबाट मानवीय कानुनको हनन हुन नदिने र अर्को पक्षलाई पनि पालनातर्फ प्रेरित गर्ने रणनीति अवलम्बन गर्न सकेका छैनन्। बरू, कतिपय घटनाहरूमा मानवअधिकार तथा मानवीय कानुनको चरम हनन भएको अवस्थामा पनि आफ्नो पक्षलाई ढाकछोप गर्नतर्फ उद्धत रहेका दृष्टान्तहरू छन्। यस्ता संयन्त्रहरूको अधिकार र कार्यक्षेत्र पनि अर्को विचारणीय पक्ष हो, जसमा उनीहरूको प्रभावकारिता र निष्पक्षता निर्भर गर्दछ।

कतिपय अवस्थामा मानवअधिकार संस्थाहरूबीच सहकार्यको अभाव पनि एउटा चुनौति बनेको अनुभूत गर्न सकिन्छ। निष्पक्ष र प्रभावकारी अनुगमनका लागि सहकार्यको अभाव बेला-बेला खट्कने गरेको छ। द्वन्द्वरत पक्षहरूलाई दबाब दिन तथा उनीहरूको व्यवहारमा परिवर्तन ल्याउन बृहद् सहकार्य अपरिहार्य हुन्छ। त्यसतर्फ नेपालका मानवअधिकार संस्थाहरूको संयुक्त पहल परिणाममुखी हुन सकेको छैन। यद्यपि, यस्ता संस्थाहरूको सक्रियताका कारण मानवीय कानुनको पालना र अनुगमनमा उल्लेख्य उपलब्धी हासिल नभएका होइनन्।

द्वन्द्वरत पक्षहरूले युद्धको अवस्थामा गर्ने रणनीतिक र नियोजित प्रपोगण्डा अर्को महत्वपूर्ण चुनौति हो। जुनसुकै युद्धहरूमा पनि कारवाही र प्रचार सँगसँगै आउने गर्दछन्। यस्तो अविभाज्यतालाई राज्य र माओवादी दुवै पक्षले आफूबाट भएको मानवीय कानुन उल्लंघनका घटना ढाकछोप गर्न र निरन्तर अर्को पक्षबाट भएको उल्लंघनतर्फ अन्य निकाय र क्षेत्रहरूको ध्यानाकर्षण गराइरहन उपयोग गरेका छन्। त्यसैगरी आफ्नो तर्फबाट पुऱ्याइएको मानवीय र भौतिक क्षतिको विवरण सार्वजनिक गर्नेतर्फ पनि दुवै पक्षले उदासिनता देखाएका छन्। अझ युद्धमा प्रत्यक्ष सामेल भएका निकाय र संयन्त्रहरूलाई बढी शक्तिसम्पन्न बनाइएको अवस्थामा त यस्ता प्रपोगण्डाहरूको होडबाजी नै चल्ने गरेको पाइन्छ। जसबाट यथार्थ स्थितिबारे थप अन्यौलता सृजना हुने

र मानवीय कानुन पालनाको सवाल ओझेलमा पर्ने गरेको छ।

मानवीय कानुनको पालनाका लागि अर्को महत्वपूर्ण चुनौती हो- दण्डहीनता। ०४६ सालको जनआन्दोलनका क्रममा भएका मानवअधिकारविरोधी र अमानवीय व्यवहारमा संलग्न दोषीहरुलाई दण्डमुक्त गरिएयता दण्डहीनता एउटा संस्कृतिकै रूपमा हावी भएको छ, जसका कारण मानवीय कानुन उल्लंघनकर्ताहरूले बारम्बार न्यायिक कारवाहीबाट उन्मुक्ति पाउने गरेका छन्। ०४६ साल फागुन ७ देखि चैत मसान्तसम्म जनआन्दोलनको क्रममा भएका जनधनको क्षतिबारे छानबिन गर्न तत्कालीन पूर्वाञ्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश जनार्दन मल्लिकको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा दोषीहरुलाई कारवाही गर्न नमिल्ने भनी नेपाल अधिराज्यका तत्कालीन महान्यायाधिवक्ता मोतिकाजी स्थापितले ०४८ असार २३ गते राय दिएपछि मानवअधिकारविरोधी र अमानवीय व्यवहारमा संलग्न दोषीहरुलाई राज्यपक्षबाट प्रोत्साहन मिल्यो, जुन परिपाटी अहिले निकै गहिरिएर गएको छ। युद्धमा संलग्न दुवै पक्षका सशस्त्र बलका सदस्यहरू दण्डोन्मुक्तिबाट प्रोत्साहित हुने र थप उल्लंघनकारी घटनाहरूमा संलग्न हुने खतरा बढेको छ। अर्कातर्फ, यस्तो दण्डहीनतालाई सुरक्षा निकायबाट अदालतको अपहेलना गर्ने कार्यहरूबाट थप प्रोत्साहन मिलेको देखिन्छ। सन् २००३ मा सुरक्षाकर्मीहरूद्वारा बन्दी बनाएकाहरूलाई गैरकानुनी थुनामुक्त गर्न माग गर्दै दायर भएका करिब आधा दर्जन बन्दी प्रत्यक्षीकरणका रिट निवेदनमा लिखित जवाफ पठाउन भनी अदालतले पठाएको म्याद बुझ्न अस्वीकार गरिएको थियो।[30] यसबाट पनि न्यायिक प्रक्रिया पूरा र दण्डहीनता रोकथाम गर्ने दायित्वबाट सुरक्षा निकाय नियोजितरूपमा पन्छिन खोजेको स्पष्ट हुन्छ।

सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न, गराउन सम्बन्धमा आवश्यक अध्ययन-अनुसन्धान गरी उपयुक्त कानुन निर्माणको लागि कारवाही चलाउन सरकारलाई निर्देशनात्मक आदेश दिएको एक वर्ष बितिसक्दा पनि त्यस्तो कानुन बनाउन नसक्नु विडम्वनापूर्ण देखिन्छ। सरकारको यस्तो बेवास्ताले भएका कानुनहरूको पालना गर्ने, गराउनेतर्फ यसको प्रभावकारिता र तत्परतामा पनि आशंका उब्जाएको छ।

नेपालले जेनेभा महासन्धिहरूको अनुमोदन त गरेको छ तर न यसका अतिरिक्त आलेखहरूको अनुमोदनप्रति चासो देखाइएको छ न त राष्ट्रिय संयन्त्रहरूको माध्यमबाट महासन्धिका मान्यताहरूको ठोस कार्यान्वयनतर्फ ध्यान दिइएको छ। उल्टो, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ जस्ता कानुनहरू प्रादुर्भाव गरेर मानवीयताविपरीतका कार्यहरूलाई प्रोत्साहन दिइएको छ।

१०. दण्डहीनता र अन्तर्राष्ट्रिय फौजदारी अदालत

अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना नहुनुको प्रमुख कारणका रुपमा रहेको दण्डहीनताको अन्त्यका लागि राष्ट्रियस्तरमा उपयुक्त कानुनी र न्यायिक संयन्त्रहरुको अभाव खट्किएको छ। यस्तो अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को महत्व झनै बढेको छ। युद्ध अपराध, मानवताविरोधी अपराध, आमहत्या र अतिक्रमणका दोषीहरुमाथि अनुसन्धान गर्न, मुद्दा चलाउन तथा दण्डको व्यवस्था गर्न आईसीसीले व्यक्तिको स्तरमा समेत कारवाहीको क्षेत्राधिकार राख्ने भएकाले अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लंघनका सन्दर्भमा विद्यमान दण्डहीनताको अन्त्यका लागि यो उत्तम माध्यम हो।

आईसीसीको स्थापनाले दण्डहीनताको अन्त्य गर्न राष्ट्रिय न्यायिक निकायहरु सक्षम नभएको अवस्थामा अन्तर्राष्ट्रिय विकल्प प्रस्तुत गरेको छ। त्यसकारण यो अदालत अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनाका दृष्टिकोणले राष्ट्रिय न्यायिक संयन्त्रहरुका लागि सहयोगीसिद्ध हुन्छ। करिब डेढ दर्जन अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धिहरु र जेनेभा महासन्धिको अनुमोदन गरिसकेको अवस्थामा नेपालले यो अदालतसम्बन्धी रोम विधान अनुमोदन गर्नबाट पछि हट्नु हुँदैन। अनिमात्र जेनेभा महासन्धिप्रतिको प्रतिबद्धता अनुरुपका कारवाही अगाडि बढाउन सकिन्छ।

०५९ असार १७ गते स्थापना भई नेदरल्याण्डको हेगमा कार्यालय रहेको आईसीसी स्थायी अदालत हो, जसको स्थापना संयुक्त राष्ट्रसंघीय कुटनीतिक सम्मेलनद्वारा पारित विधान (रोम विधान) का आधारमा भएको हो। यो विधानलाई अहिलेसम्म करिब एक सय (९८) देशले अनुमोदन र १ सय ३९ देशले हस्ताक्षर गरिसकेका छन्।

११. निष्कर्ष र सुझाव

दुवै पक्षले जेनेभा महासन्धिको साझा धारा ३ को पालनामा प्रतिबद्धता जनाएको भए तापनि व्यवहारमा देखाउन सकेका छैनन्। सरकारी पक्षबाट महासन्धि अनुमोदन गरिएको भए पनि अतिरिक्त आलेखहरू अनुमोदन गर्नेतर्फ चासो देखाइएको छैन। विशेषगरी आन्तरिक सशस्त्र द्वन्द्वसम्बन्धी दोश्रो अतिरिक्त आलेखका व्यवस्थाहरू बाध्यकारी हुन नसक्दा अन्ततोगत्वा साझा धारा ३ का मान्यताहरूको उल्लंघनमा बढावा मिलेको छ। यसतर्फ ध्यान दिँदै, सरकारले यथाशीघ्र गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्षका पीडितहरूको सुरक्षासम्बन्धी जेनेभा महासन्धिको दोश्रो अतिरिक्त आलेख अनुमोदन गर्नुपर्दछ।

साझा धारा ३ को पालनाका सन्दर्भमा देखिएको राजनीतिक इच्छाशक्तिको कमीका कारण पनि उल्लंघनमा

बृद्धि भएको छ। यस्तो बृद्धि दण्डहीनतामार्फत् तीव्र वनेको छ। यस्तो दण्डहीनताको अन्त्यका लागि राष्ट्रिय संयन्त्रहरुलाई क्रियाशील बनाउनुका साथै आईसीसीसम्वन्धी रोम विधानको अनुमोदन गर्नु आवश्यक छ। जेनेभा महासन्धिको दोश्रो अतिरिक्त आलेख र रोम विधानको अनुमोदनपश्चात् मात्र दण्डहीनताको अन्त्यका दिशामा अगाडि बढ्न सकिन्छ।

सरकारले अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुन कार्यान्वयनको प्रतिबद्धता जाहेर गरे पनि निश्चित कार्ययोजना भने बनाएको छैन। मानवअधिकार कार्ययोजना सार्वजनिक गरिए पनि त्यसले विद्यमान अवस्थामा मानवीय कानुनको पालना र नियमिततालाई उपयुक्त र अपेक्षित सम्बोधन गर्नसक्ने देखिँदैन। तसर्थ, प्रतिबद्धताको कार्यान्वयनका लागि उपयुक्त संयन्त्र निर्माण र त्यसको प्रभावकारितातर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। कागजी प्रतिबद्धतालाई व्यवहारमा रूपान्तर गर्न सकियो भने मात्र त्यसबाट उपलब्धी हासिल हुन्छ भन्नेतर्फ गम्भीर हुनु उत्तिकै अपरिहार्य छ। त्यसैगरी माओवादीले साझा धारा ३ लाई केवल "प्रचार" का लागि भन्दा पनि वास्तविक पालनाका लागि ग्रहण गर्नु जरुरी छ। त्यस्तो वास्तविकता साझा धारा ३ का आधारभूत मान्यताहरूको उल्लंघनमाथि कडाइका साथ रोक, दोषीमाथि कारवाही, संघर्षमा संलग्न भई कब्जामा परेका विपक्षीहरू र असंलग्न नागरिकहरूप्रतिको मानवीय व्यवहारबाट अनुभूत गर्न सकियोस्। युद्धरत पक्षहरूले जेनेभा महासन्धि र साझा धारा ३ को ज्ञानको अभावका कारणले उल्लंघनमा लागेको भन्न मिल्दैन। दुवै पक्षबाट जानाजान नै उल्लंघन भइरहेको छ।

यस्तो परिप्रेक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रस्तावित मानवअधिकार सम्झौतापत्रमा हस्ताक्षर गरेमा यस्तो नियोजित उल्लंघनमा कमी ल्याउन सकिने तथ्यलाई दुवै पक्षले गम्भीरताका साथ लिनु पर्दछ। यसतर्फ उदासिनता देखाइरहुञ्जेलसम्म उल्लंघन रोक्नेतर्फ संवेदनशिलता नदेखिने भएकाले सम्झौतापत्र हस्ताक्षरमा ढिलाई गर्न हुँदैन।

जेनेभा महासन्धिको पालनाका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय चासो सराहनीय र उत्साहबर्द्धक छ। तर, युद्धरत पक्षहरूले यस्तो चासोलाई हृदयंगम गरेको पाइएको छैन। दुवै पक्षद्वारा साझा धारा ३ का न्यूनतम मापदण्डहरूको पनि व्यापक र गहिरो उल्लंघन भएको छ। हतियार छाडिसकेका तथा लड्न नसक्ने अवस्थामा पुगेका सैन्य दलका सदस्यहरू र लडाइँमा सक्रिय भाग नलिने व्यक्तिहरू अमानवीय व्यवहारका शिकार भएका छन्। हत्या, अंगभंग, क्रूर व्यवहार र यातनाका हजारौं घटना भएका छन्। यस्ता घटनाका प्रकृति अत्यन्त पीडादायी हुँदै आएका छन्। यसलाई निरुत्साहित गर्नेतर्फ दुवै पक्ष जिम्मेवारीसाथ लाग्नु जरुरी छ।

बन्धक बनाउने, सौदाबाजी गर्ने र लामो समयसम्म बेपत्ता पार्ने क्रम बढिरहेको छ। स्वेच्छाचारी गिरफ्तारी र बेपत्ताका घटनामा पीडित भएकाहरूलाई शारीरिक तथा मानसिक यातनाबाट थप पीडित बनाइएको छ। केही नगण्य अपवादबाहेक, अधिकांश घटनामा बन्धक बनाइएका र कब्जामा लिइएका विपक्षी समूहका सदस्य र संघर्षमा असंलग्न व्यक्तिहरूप्रति मानवीय व्यवहार भएको छैन, र त्यसतर्फ अगाडि बढाइनुपर्ने प्रक्रियाप्रति दुवै पक्षले बेवास्ता गरेका छन्। व्यक्तिको सम्मानित ढंगले बाँच्न पाउने अधिकारमाथि गम्भीर चोट पुऱ्याउने क्रियाकलापहरू भएका छन्। मानवीयताका घेरा तोडेर, दुवै पक्षबाट अत्यन्त अपमानजनक एवम् निम्नस्तरका व्यवहारहरू भएका छन्, जसका कारण संघर्षमा असंलग्न ठूलो संख्या पीडित बन्नु परिरहेको छ। मान्यताप्राप्त न्यायिक फैसलाविपरीतका क्रियाकलापहरू भएका छन्। न्यायिक उपचारबाट वञ्चित गराउने र अदालती फैसलाबेगरका सजायबाट पीडित बनाउने क्रियाकलापलाई कतिपय कानुनी व्यवस्थाहरूले प्रोत्साहन दिएका छन्। अर्कातर्फ, पार्टीगत आधारमा घोषणा गरिएका "संयन्त्र" (संयन्त्रमा हुनुपर्ने गुणहरू नभएका नै किन नहोउन्), मार्फत् सजाय तोक्ने र अमानवीयताको शिकार बनाउने प्रवृत्ति बढ्दै गएको छ। संघर्षमा संलग्न भई बिरामी र घाइते भएका तथा असंलग्न व्यक्तिहरूको उपचार, घाइते र बिरामीहरूलाई एकत्रित एवम् हेरविचार गर्नेतर्फ सम्बन्धित निकाय र पक्षहरूको ध्यान गएको छैन। भएका संरचनाहरूलाई पनि कमजोर र कार्यविहीनतातर्फ धकेल्नेखालका कदम चालिएका छन्। जसबाट आधारभूत मानवीय व्यवहारको सिद्धान्तको खिल्ली उडाउने प्रयत्न भएको पाइन्छ। यस्तो प्रवृत्तिको अन्त्यका लागि युद्धरत दुवै पक्षले आ-आफ्नो क्षेत्र र संरचनाअन्तर्गत विशेष संयन्त्र, नीति-नियम र कार्यपद्धति विकास गरी निष्पक्ष एवम् प्रभावकारी कार्यान्वयन गरेमा मात्र सुधारको अपेक्षा गर्न सकिन्छ।

कार्य थालनीको छोटो समयमा पनि आईसीआरसीद्वारा भएका कार्यहरू सराहनीय छन्। तर पर्याप्त भने पक्कै छैनन्। राष्ट्रिय मानव अधिकार आयोग तथा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूका गतिविधिहरूले मानवीय कानुन र साझा धारा ३ को पालनाका लागि उल्लेख्य सहयोग र दबाब पुगेको छ। यस्ता कार्यहरूको समन्वयात्मक प्रभावकारिता अपेक्षित छ। यस्ता निकाय र क्षेत्रहरूले आफ्नो सक्रिय उपस्थिति र साझा धारा ३ को उपलब्धिमूलक पालनाका लागि सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। साझा धारा ३ को पालनाका सन्दर्भमा भएका सकारात्मक पक्षहरूलाई अझ सबल र प्रभावकारी वनाउनु अर्को महत्वपूर्ण पक्ष हो, जसबाट

विद्यमान चुनौतिहरूको सामना गर्न सहयोग मिल्दछ। यसका लागि सबै सरोकारवालाहरूको तत्परता, प्रतिबद्धता, योजना, प्रभावकारी कार्यान्वयन, निरन्तरको अनुगमन मूल्यांकन र ग्रहण आजको प्रमुख आवश्यकता हो। यसतर्फ कदम अगाडि बढाउन सकियो भने मात्र जेनेभा महासन्धि र साझा धारा ३ को पालनाले महत्व पाउने छ।

---

१. *अन्तर्राष्ट्रिय मानवीय कानून : एक परिचय,* आईसीआरसी, ०५८
२. आरनी हिंगोरानी, *ह्युमानिटेरियन ल,* अक्सफोर्ड एण्ड आईबीएच पब्लिसिङ कं. प्रालि, नयाँदिल्ली, १९९१
३. *अन्तर्राष्ट्रिय मानवीय कानून : एक परिचय,* आईसीआरसी, ०५८
४. *मानवीय कानून मनन गर्नका लागि जेनेभा महासन्धि तथा तिनका अतिरिक्त सन्धिपत्रहरु सम्बन्धी आधारभूत नियमहरु,* आईसीआरसी, २००२
५. गोपाल सिवाकोटी 'चिन्तन', *संकटकालीन अवस्था र आन्तरिक सशस्त्र द्वन्द्वका स्थितिमा लागू हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार एवम् मानवीय कानून,* त्रिभुवन विश्वविद्यालय मानवअधिकार केन्द्र, ०५९
६. हेर्नुहोस्, *माओइस्ट इन्फर्मेसन बुलेटिन-७,* डिसेम्बर १५, २००३
७. हेर्नुहोस्, महासचिव अन्नानद्वारा जारी *प्रेस विज्ञप्ति,* २२ मार्च २००४ र २३ डिसेम्बर २००४
८. दोरम्बामा नियन्त्रणमा लिएपछि माओवादी कार्यकर्ता तथा सर्वसाधारणहरुलाई हत्या गरिएको घटनामा शाही नेपाली सेनाको मानवअधिकार सेलका पदाधिकारीहरुले घटनाको आन्तरिक छानविनपूर्व नै, मानवअधिकार हनन नभएको, नियन्त्रणमा लिएर मारेको नभई दोहोरो भीडन्तमा मारिएको र मानवअधिकार उल्लंघन भएको भनी मानवअधिकार संस्थाहरुले पूर्वाग्रही भएर कार्य गरेको भन्नेजस्तो गैरजिम्मेवार अभिव्यक्ति सार्वजनिक गरेका थिए। यसलाई एक उदाहरणका रुपमा लिन सकिन्छ।
९. *नेपाल : किलिङ्स विद इम्प्युनिटी,* एमनेष्टी इन्टरनेशनल, २००५
१०. विस्तृत जानकारीका लागि हेर्नुहोस्, *मानवअधिकार वर्ष पुस्तकहरु* (१९९६-२००५), इन्सेक
११. हेर्नुहोस्, *राष्ट्रिय मानव अधिकार आयोग वार्षिक प्रतिवेदन,* ०५८/०५९
१२. *संकटकाल र मानवअधिकार,* राष्ट्रिय मानव अधिकार आयोग, ०६०
१३. उही प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोग, ०६०
१४. हेर्नुहोस्, *नेपाल : कन्ट्रि रिपोर्टस् अन ह्युमन राइट्स प्राक्टिसेज - २००४,* ब्युरो अफ डेमोक्रेसी, ह्युमन राइट्स एण्ड लेवर, युएस डिपार्टमेन्ट अफ स्टेट, फेब्रुवरी २००५
१५. *नेपालमा मानवअधिकारको स्थिति,* राष्ट्रिय मानव अधिकार आयोग, २००३
१६. *मानवअधिकार वर्ष पुस्तक २००४,* इन्सेक
१७. *नेपालमा मानवअधिकारको स्थिति,* राष्ट्रिय मानव अधिकार आयोग, २००३
१८. हेर्नुहोस्, मानवअधिकार वर्ष पुस्तकहरु (१९९६-२००५) को जिल्लागत विवरणमा हत्या, गोली, यातना, कुटपिट, धम्की आदि शीर्षकका घटनाहरु
१९. *नेपाल : कन्ट्रि रिपोर्टस् अन ह्युमन राइट्स प्राक्टिसेज - २००४,* ब्युरो अफ डेमोक्रेसी, ह्युमन राइट्स एण्ड लेवर, युएस डिपार्टमेन्ट अफ स्टेट, फेब्रुवरी २००५
२०. हेर्नुहोस्, *उनीहरु कहाँ छन्? भाग-२,* इन्सेक, १९९९, *क्लियर कल्पाबिलिटी,* ह्युमन राइट्स वाच, २००५; *नेपाल : वाइडस्प्रेड डिस्अपियरेन्सेज इन दि कन्टेक्स्ट अफ आर्म्ड कन्फ्लिक्ट,* एमनेष्टी इन्टरनेशनल, २००३; *नेपाल : इस्कलेटिङ डिस्अपियरेन्सेज अमिड अ कल्चर अफ इम्प्युनिटी,* एमनेष्टी इन्टरनेशनल, २००४
२१. हेर्नुहोस्, *क्लियर कल्पाबिलिटी,* ह्युमन राइट्स वाच, २००५
२२. उही प्रतिवेदन, ह्युमन राइट्स वाच, २००५
२३. कृष्ण गौतम, *बढ्दै गएको नृसंशता,* प्राची, पूर्णांक ४४, इन्सेक, मंसिर-पुस ०५९
२४. हेर्नुहोस्, *बालबालिका र द्वन्द्वसम्बन्धमा महासचिवको प्रतिवेदन,* संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्, २००२; *नेपाल : अ डीपनिङ ह्युमन राइट्स क्राइसिस,* एमनेष्टी इन्टरनेशनल, २००२; *वर्ल्ड रिपोर्ट,* ह्युमन राइट्स वाच, २००४; *प्रेस विज्ञप्ति,* राष्ट्रिय मानव अधिकार आयोग, ०५९, कार्तिक ३
२५. प्रकाश ज्ञवाली, *व्यवहारमा जेनेभा महासन्धि र उच्च करार पक्षहरु,* प्राची, पूर्णांक ४२, इन्सेक, साउन ०५९
२६. पैतीस जिल्लाको मानवअधिकार अनुगमन गरेपछि प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसमक्ष दिइएको पत्र, *संकटकाल र मानवअधिकार,* राष्ट्रिय मानव अधिकार आयोग, ०६०
२७. *नेपाल : अन्तर्राष्ट्रिय मानवीय कानूनको आदरका लागि आईसीआरसीको आग्रह,* प्रेस विज्ञप्ति, ०६१ माघ २९
२८. उही प्रेस विज्ञप्ति, आईसीआरसी, ०६१ माघ २९
२९. *मानवअधिकार वर्ष पुस्तक २००४,* इन्सेक
३०. उदाहरणका लागि हेर्नुहोस्, *क्लियर कल्पाबिलिटी,* ह्युमन राइट्स वाच, २००५
३१. *मानवअधिकार वर्ष पुस्तक २००४,* इन्सेक

परिच्छेद ६

वञ्चित समुदाय र विशेष व्यवस्था

१. विषय प्रवेश

लोक कल्याणकारी राज्यले आफ्नासबै नागरिकको समुचित विकासमा ध्यान पुऱ्याउँछ। कुनै पनि समाजमा सबै सदस्यहरूको अवस्था एकनास हुँदैन, कुनै वर्ग सक्षम हुन्छ भने कुनै वर्ग कमजोर हुन्छ। तर समाजको सर्वाङ्गीण विकासका लागि सबै वर्ग वा समुदायको विकास हुनै पर्छ। सक्षम वर्गलाई मात्र हरेक कुराको अवसर प्राप्त हुने अवस्था रहेमा समाजमा विभेद झन् बढ्ने हुनाले त्यसलाई हटाउन प्रजातान्त्रिक राज्यले वञ्चित वर्गको उत्थानका निमित्त विशेष ध्यान पुऱ्याउनु पर्दछ। राज्य सबैको साझा थलो भएको तथा राज्यको अवधारणा आफैमा कल्याणकारी अवधारणा भएकाले प्रत्येक नागरिकले राज्यबाट संरक्षण पाउनु उसको नैसर्गिक हक हो।

नागरिकहरूबीचमा विभेद हुन नपाओस् र सबैको कल्याण होस् भनेर कुनै पनि आधुनिक प्रजातान्त्रिक देशमा मौलिक हकका रुपमा समानताको हक प्रत्याभूत गरिएको हुन्छ। यस्तो प्रत्याभूतिलाई नेपाल अधिराज्यको संविधान २०४७ ले धारा ११ मार्फत् आत्मसात् गरेको छ। तर समानताको औपचारिक व्यवस्था मात्रले कमजोर वर्ग लाभान्वित हुन सक्दैनन्। वैधानिक प्रावधानबाट लाभान्वित हुनका लागि कमजोर तथा पिछडिएका वर्गलाई पहिले त समानताको अवसर उपभोग गर्न सक्ने अवस्थामा पुऱ्याउनु आवश्यक हुन्छ। समानताको प्रावधान राखिदिने, तर नागरिकको जीवनमा त्यस प्रावधानले तात्विक रूपमा प्रभाव परे/नपरेको चाहिँ मतलव नराख्ने हो भने त्यसको व्यावहारिक औचित्य पुष्टि हुँदैन। उनीहरूको वास्तविक उत्थानका लागि राज्यले सारभूत समानताको प्रत्याभूति गर्नु पर्दछ। त्यही सारभूत समानताको प्रत्याभूतिका लागि विशेष व्यवस्थाको अवधारणा आएको हो।

प्रजातन्त्र पुनर्स्थापनापछि नेपालमा पनि वञ्चित वर्गका लागि विशेष व्यवस्था वा सकारात्मक विभेदको अवधारणाले प्रवेश पाइसकेको छ। नेपाल अधिराज्यको संविधान २०४७ ले विशेष गरी महिला, बालबालिका, वृद्ध र शारीरिक तथा मानसिक रूपमा कमजोर वर्गका साथै आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ।[1] यसलाई व्यवहारत: आत्मसात् गर्न सके/नसकेको पक्षलाई थाती राखेर सिद्धान्तत: हेर्ने हो भने वञ्चित वर्गका निमित्त विशेष व्यवस्थाको अवधारणाले आजको नेपालको कार्यसूचीमा स्थान पाइसकेको छ भन्दा अत्युक्ति हुँदैन।

२. विशेष व्यवस्थाको अवधारणा

वञ्चित वर्गका निमित्त गरिने विशेष व्यवस्थालाई बेलायती सन्दर्भमा संरक्षणात्मक विभेद (Protective Discrimination) र अमेरिकी सन्दर्भमा सकारात्मक कार्य (Affirmative Action) तथा कतिपय सन्दर्भमा सकारात्मक विभेद (Positive Discrimination) पनि भन्ने गरेको पाइन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा मौलिक हकअन्तर्गत धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांश तथा भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत धारा २६(९ र १०) मा यसलाई "विशेष व्यवस्था" भनेर जनाइएको छ। यस लेखको सन्दर्भमा विशेष व्यवस्था, संरक्षणात्मक विभेद, सकारात्मक कार्य तथा सकारात्मक विभेदलाई पर्यायवाची मानिएको छ।

आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा सांस्कृतिक कारणले देश विकासको मूलप्रवाहमा आउन नसकेका वर्गका लागि राज्यद्वारा उनीहरूको पक्षमा गरिने कार्यलाई सकारात्मक कार्य भनिन्छ।[2] यो विगत तथा वर्तमानका विभेदको असरलाई अन्त्य गर्नका लागि राज्यद्वारा गरिने कार्य हो।[3] राज्यमा पिछडिएका वर्गको समानुपातिक सहभागिता र पहुँचका लागि गरिने विभिन्न नीतिगत कार्यलाई विशेष व्यवस्थाका रूपमा लिन सकिन्छ। यस्ता कार्य विशेष रूपमा पिछडिएका वर्गको उत्थान, विकास तथा मूलप्रवाहीकरणका लागि गरिएको हुन्छ। अर्को शब्दमा भन्नु पर्दा, राज्यद्वारा समाजका कमजोर वर्गहरूलाई सक्षम बनाउनका लागि यस्तो कार्य गरिन्छ। समाजमा विद्यमान असमानता हटाउने सार्वजनिक नीति भएकाले यसबाट पिछडिएका वर्ग समुदायको पिछडिएको अवस्थालाई उत्थान गरी मूलप्रवाहीकरण गरिन्छ।

विशेष व्यवस्थाले पिछडिएको वर्ग समुदायलाई राज्यको निर्णायक तह तथा राज्यका श्रोत साधनको बाँडफाँड र प्रयोग गर्न सक्ने अवस्थामा पुऱ्याउँछ। यो कार्य खासगरी राज्यद्वारा गरिन्छ। अहिलेको विश्वव्यापीकरणको युगमा निजी क्षेत्रबाट पनि पिछडिएका वर्गका लागि सकारात्मक कार्यका रूपमा विभिन्न कार्यहरू भइरहेका छन्। तसर्थ राज्य तथा नीजि क्षेत्रबाट पिछडिएका वर्ग समुदायको उत्थानका लागि गरिने वृहत कार्यहरूलाई वञ्चित वर्गका निमित्त विशेष व्यवस्था मानिन्छ। पिछडिएका वर्ग तथा समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक न्याय प्राप्तिका लागि यस्तो व्यवस्था गरिन्छ।

विशेष व्यवस्थाको अवधारणा श्रमको क्षेत्रबाट सुरुवात भएको पाइन्छ। लोककल्याणकारी राज्यको अवधारणाअनुरूप लैङ्गिक विभेद घटाउने तथा पिछडिएका वर्गको उत्थान, विकास तथा एकीकरण र मूलप्रवाहीकरण गर्ने जिम्मेवारीबमोजिम विशेष व्यवस्थाका गतिविधिहरू अगाडि बढेका हुन्। यो अवधारणा १९ औं शताब्दीको अन्त्य र बिसौं शताब्दीको सुरुवातसँगै आएको भए तापनि सन्

१९६१ सम्म नागरिक अधिकारको रूपमा आउन सकेको थिएन। अमेरिकी राष्ट्रपति जोन.एफ. केनेडीले सन् १९६१ मा आफ्नो कार्यपालिकीय आदेशमा सकारात्मक कार्य (Affirmative Action) शब्दको प्रयोग गरे, जसमा उनले विशेष गरी अश्वेत र श्वेत जातिबीच विद्यमान विभेदलाई अन्त्य गर्न यो अवधारणा अगाडि सारेको पाइन्छ।[४] नेपालको सन्दर्भमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् विशेष व्यवस्थाको अवधारणाले महत्त्व पाएको देखिन्छ।

२.१. समानता र विशेष व्यवस्था

समानताको अधिकार र विशेष व्यवस्थाबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। विशेष व्यवस्थाको उद्देश्य सारमा समानता सुनिश्चित गर्नु नै भएकाले यस अवधारणालाई बुझ्न सर्वप्रथमत: समानताको अधिकारलाई नै बुझ्नु जरुरी हुन्छ।

सबै मानिस पूर्ण रूपमा समान हुन् भन्ने मूल्य र मान्यतालाई समानताको अवधारणाले समेट्दछ। समानता भन्नाले जात, जाति, वर्ण, लिंग, धर्म आदि कुनै पनि आधारमा भेदभाव नगर्नु भन्ने बुझिन्छ। कुनै पनि व्यक्तिलाई विशेष अधिकार प्रदान नगरी सबैलाई समान व्यवहार गर्नु समानता हो।[५] समानताको अधिकार प्रजातन्त्रको महत्त्वपूर्ण पाटो हो। जहाँ समानताको अधिकारको प्रत्याभूति हुँदैन त्यहाँ प्रजातन्त्र हुन सक्दैन। कानुनको शासनका लागि समानताको अधिकार अपरिहार्य छ। मानिसको जीवनमा समानताको अधिकारको अहम् महत्त्वलाई आत्मसात् गरेरै मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्र, १९४८ को पहिलो धारामै सबै मानिस अधिकार र स्वाभिमानमा समान भएको उल्लेख गरिएको छ। त्यसैगरी, घोषणापत्रको धारा ७ मा सबै मानिस कानुनका अगाडि समान भएको र सबैलाई कानुनको समान संरक्षण रहेको उल्लेख गरिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ ले पनि धारा ११(१) मार्फत् सबै नागरिक कानुनको दृष्टिमा समान रहने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था गरेको छ।

समानताको अधिकार भन्नासाथ यसका दुई आयाम देखिन्छन्- कानुनका अगाडि समानता र सबैलाई कानुनको समान संरक्षण। यी दुई अवधारणाहरू समानजस्ता देखिए तापनि फरक छन्। कानुनको अगाडि समानताको अवधारणाले कुनै पनि व्यक्तिलाई अरु भन्दा विशेष सुविधा प्रदान गर्नबाट रोक लगाउँदछ र कुनै पनि व्यक्ति कानुनभन्दा माथि हुन नसक्ने कुराको प्रत्याभूति गर्दछ। कानुनको समान संरक्षणको अवधारणाले समान परिस्थितिमा सामान्य कानुनको प्रयोग र व्यवहार समान रूपले हुने व्यवस्थाको प्रत्याभूति गर्दछ।[६] यस सन्दर्भमा प्रथम अवधारणा अन्तर्गत सबै नागरिक कानुनको दृष्टिमा समान रहने, कानुन भन्दा माथि कोही नहुने, कसैलाई पनि विशेष सुविधा प्रदान नगर्ने र सबैलाई समानताको व्यवहार गर्ने भन्ने बुझिन्छ। दोस्रो अवधारणा कानुनको समान संरक्षण अन्तर्गत समान अवस्थामा समान संरक्षण अर्थात अवस्था असमान भएकामा असमान व्यवहार वा भेदभाव हुन सक्ने अवस्था हो भन्ने व्याख्या सर्वोच्च अदालतबाट भएको पाइन्छ।[७]

समानता दुई प्रकारका मानिन्छन्–

(क) औपचारिक समानता (Formal Equality) र

(ख) सारभूत समानता (Substantive Equality)

औपचारिक समानता परम्परागत अवधारणा हो। यसले सबै मानिसहरू समान छन् र उनीहरू प्रत्येक अवसरका लागि प्रतिस्पर्धा गर्न योग्य छन् भन्ने ठानी नागरिकहरूलाई समान व्यवहार गर्नु पर्ने कुरामा जोड दिन्छ। अर्को शब्दमा भन्नु पर्दा, यस किसिमको समानताले समानहरूका बीच समान अवसरको अधिकार प्रदान गर्दछ।[८] तर असहाय, कमजोर तथा पिछडिएका वर्गलाई सम्पन्न वर्गको अवस्थामा ल्याई प्रतिस्पर्धा योग्य बनाउने कुरालाई भने यसले बेवास्ता गर्दछ। यस्तो खालको समानताले कमजोर, पिछडिएका तथा असहाय वर्गको स्थिति झन् कमजोर हुँदै जान्छ।

"कसैले बढी साधन र स्रोत उपभोग गरिरहेको र कसैले केही पनि उपभोग गर्न नपाएको अवस्थामा पहिले कसले कति उपयोग गरिरहेको छ भन्ने तिर ध्यान नदिई अबचाहिँ सबैलाई बराबरी बाँड्ने भन्दा असमानता हट्दैन। कुनै साधन बाँड्नु भन्दा अगाडि समाजमा असमानता छ भने अब बाँडिने कुरा मात्र बराबरी बाँड्दा पनि असमानता कायम रहन्छ। समानताको नयाँ अवधारणाले के कुरामा जोड दिन्छ भने समाजमा मानिसहरूको अवस्था एक समान छैन भने उनीहरूलाई एक समान व्यवहार गरिनु हुँदैन।"[९]

समानताको यस्तो नयाँ अवधारणा नै सारभूत समानताको अवधारणा हो। "निरपेक्ष समानता असम्भव कुरा हो र कहीं उपलब्ध भइहाल्यो भने पनि त्यो नितान्त अस्थायी हुन्छ। त्यसैले सामाजिक विकासको क्षेत्रमा यसको "सापेक्षता"को सीमालाई स्वीकार गरिन्छ र आम समानताभित्र अनेकौं असमानता र विभेद हुन सक्छन् भन्ने कुरालाई सामान्य ढङ्गले लिइन्छ। आम समानता भन्नाले सामाजिक क्षेत्रमा सबैका आधारभूत आवश्यकताहरू पूरा भएका छन् वा छैनन्, सबैमा सक्षमता छ वा छैन र सामाजिक वञ्चनाको शिकार हुनबाट सबै मुक्त भएका छन् वा छैनन् भन्ने निरपेक्ष अर्थमा होइन बरु ती तीन विषयहरूमा वर्गहरू, जातिहरू एवं महिला-पुरुषहरूबीच परिमाणात्मक फरक कति छ र त्यसले न्याय र प्रगतिलाई प्रोत्साहित गर्दै फरकलाई घटाउँछ वा त्यसको उल्टो परिणाम दिन्छ भन्ने गुणवत्ता भिन्नताको सन्दर्भमा लिइन्छ।"[१०]

अर्को शब्दमा भन्नु पर्दा, बञ्चित वर्गलाई वास्तविक रूपमा समानताको अवसर उपभोग गर्ने अवस्थामा ल्याउन र योग्य बनाउन उनीहरूलाई सारभूत समानता अपरिहार्य छ। सारभूत समानताले पिछडिएका वर्गलाई अन्य सक्षम वर्गसम्मको स्थितिमा ल्याउनका लागि कार्य गर्न जोड दिन्छ[११] र उनीहरूलाई अवसरको समान उपभोग गर्न सक्ने क्षमतामा ल्याउनका लागि विभिन्न कल्याणकारी योजना तथा योजनाबद्ध कार्यक्रमहरूको व्यवस्था गर्दछ।[१२] सारभूत समानताको लागि नै विशेष व्यवस्था वा सकारात्मक विभेदको अवधारणा आएको हो। वास्तवमा सकारात्मक विभेद गरेर राज्यले आफ्ना नागरिकको समानताको हकलाई व्यावहारिक तवरले नै प्रत्याभूत गर्न खोजेको हुन्छ।

सारभूत समानता वा वास्तविक समानताको प्रत्याभूति गर्ने दायित्व राज्यको हो। यदि यस्तो दायित्व पूरा भएन भने राज्यको विकासमा अवरोध सृजना हुन्छ। किनभने राज्यको हरेक क्षेत्रको विकासका लागि पिछडिएका वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरण हुनु अनिवार्य छ।[१३] सारभूत समानताको प्रत्याभूतिमा नै राज्य र नागरिकहरूको भलाइ निहित हुन्छ।

२.२. **विशेष व्यवस्थाका उद्देश्यहरू**

विशेष व्यवस्था वा सकारात्मक विभेदका लक्ष्य निम्नानुसार छन्[१४]-

(क) समाजमा विद्यमान समूहगत-संस्थागत विभेद र असमानता अन्त्य गर्ने, र

(ख) व्यक्तिहरूबीच रहेको असमान व्यवहार अन्त्य गर्ने।

उपर्युक्त लक्ष्य प्राप्तिका लागि निम्नानुसारका उद्देश्यहरू राखिएका हुन्छन्–

- धर्म, वर्ग, लिङ्ग, जातजाति वा असक्षमताका आधारमा विभेद नगर्ने अवस्था सृजना गर्ने
- विगत तथा वर्तमानको विभेदको असरलाई अन्त्य गर्ने
- पिछडिएका समुदायको उत्थान, विकास, सशक्तीकरण तथा मूलप्रवाहीकरण गर्ने
- प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने
- राज्यको हरेक क्षेत्रको सहभागितामा संख्यात्मक वृद्धि गर्ने
- पिछडिएको वर्गलाई देश विकासमा संलग्न गराउने
- आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिकलगायतका विभिन्न क्षेत्रहरूमा भएका विकृति विसंगतिहरूमा सुधार गर्ने
- राज्य निर्माणमा समान अंशियार बनाउने
- राज्यका स्रोत साधनहरूको न्यायिक वितरण गर्ने

२.३. **विशेष व्यवस्थाका स्वरूपहरू**

राज्यले विभिन्न रूपमा विशेष व्यवस्था गर्न सक्दछ। तिनीहरू मध्ये कतिपय नीतिगत रूपमा रहन्छन् भने कतिपय कानुनी रूपबाटै लागू हुने गर्दछन्।[१५] राज्यले आफ्नो अवस्था, परिस्थिति, साधन स्रोतको उपलब्धताका आधारमा विशेष व्यवस्था गर्दछ। विशेष व्यवस्था निम्न रूपहरूमा लागू गर्न सकिन्छ-

- छात्रवृत्ति
- आरक्षण
- योजनाबद्ध कार्यक्रमहरू
- सहुलियतहरू
- छुटहरू
- प्राथमिकता
- उदारता
- विभिन्न व्यवसायहरूको व्यवस्था
- एकमुष्ठ कार्यक्रमहरू
- सहायता
- संस्थागत विकास
- जागरण कार्यक्रमहरू
- क्षमता अभिवृद्धि कार्यक्रमहरू
- अध्ययन अनुसन्धान
- आयस्रोतमूलक कार्यक्रमहरू
- उत्थानसम्बन्धी अभियानहरू
- तालिमहरू (प्राविधिक तथा व्यवसायिक)
- विशेष सहयोगका व्यवस्था
- आवास तथा पुनर्वासको अवस्था
- रोजगारीको व्यवस्था
- विशेष अनुदान
- कृषि उद्योग सञ्चालन
- नीति निर्माण तहमा प्रभाव पार्न सक्ने क्रियाकलापहरू
- छुट्टै पञ्च वर्षीय योजनाहरूको सञ्चालन
- आर्थिक कार्यक्रमहरू
- शैक्षिक कार्यक्रमहरू
- स्वास्थ्यसम्बन्धी कार्यक्रहरू
- सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरू
- राजनीतिक कार्यक्रमहरू
- धार्मिक कार्यक्रमहरू

३. **विशेष व्यवस्थासम्बन्धी विभिन्न देशहरूका अनुभव**

शब्द जेसुकै प्रयोग गरे तापनि विशेष व्यवस्थालाई विभिन्न देशहरूमा विविध रूपमा लागू गरिएको पाइन्छ। यससम्बन्धी विभिन्न देशका अनुभव पनि फरक फरक रहेका पाइन्छन्।

संयुक्त राज्य अमेरिकाको सन्दर्भमा सन् १८९०

मा अमेरिकाको लुसियाना राज्यले अश्वेत र श्वेत जातिका मानिसलाई अलग, तर समान भन्ने आधारमा रेलरोड कम्पनीको आवास सुविधा प्रदान गरेको पाइन्छ। यसले उनीहरूका वीच पृथकता कायम गराए तापनि अश्वेत जातिका मानिसहरूको पक्षमा केही कार्य गरेको देखिन्छ। सन् १९५० को दशकसम्म पनि अश्वेत र श्वेत जातिहरूले पढ्ने सार्वजनिक विद्यालयहरूमा विभेद यथावत कायमै रहेकोमा सन् १९५४ मा अमेरिकी सर्वोच्च अदालतले सार्वजनिक विद्यालयमा गरिने विभेदलाई असवैधानिक ठहर गरी वदर गऱ्यो। त्यसका साथै रङ्गको आधारमा विभेद गरेका कारण पछाडि परेका अश्वेतको उत्थान पृथकताको आधारमा होइन समानताको आधारमा गर्नु पर्दछ भन्ने अवधारणा कायम भयो।[१६] सन् १९६१ मा राष्ट्रपति जोन एफ. केनेडीले सकारात्मक कार्यका लागि कार्यपालिकीय आदेश जारी गरी जाति, रङ्ग, धर्म, लिङ्ग वा उत्पत्तिसमेतको भेदभावविना रोजगारीको समान अवसरलाई सुनिश्चित गरे। सन् १९६४ मा नागरिक अधिकार ऐन वन्यो भने रोजगारीमा समान अवसरका लागि आयोग स्थापना भयो। सन् १९६५ मा अल्पसंख्यकहरूको रोजगारीको अवसरमा वृद्धि गरियो। सन् १९६७ मा उक्त सकारात्मक कार्यमा महिलालाई पनि समावेश गरियो।[१७]

संयुक्त राज्य अमेरिकामा विगतमा गरिएको जातीय विभेदको गल्ती र असरलाई उन्मूलन गर्नका लागि सकारात्मक कार्यको व्यवस्था गरी लागू गरिएको हो। त्यहाँ अश्वेत जातिका मानिसहरूलाई पहिले दास बनाइयो। त्यसपछि शताब्दीयौंसम्म कानुनी र पटक-पटकको हिंसात्मक विभेद गरियो। त्यस विभेदको असर न्यूनीकरण तथा समाप्त पार्न कालान्तरमा सकारात्मक विभेद को नीति लिइएको हो। यसको प्रभावकारिता विशेषत: विश्वविद्यालय तथा विद्यालय प्रवेशमा रहेको छ। वकिल, न्यायाधीश, डाक्टर, इन्जिनियर, कलेज तथा विश्वविद्यालय प्राध्यापकहरूमा पिछडिएका, महिला तथा अल्पसंख्यकहरूको संख्या व्यापक वृद्धि भएकोले यससम्वन्धी नीतिको प्रभावकारिता स्पष्ट देखिन्छ।[१८]

सकारात्मक विभेद लागू गरेका राष्ट्रहरूमध्ये भारतसँग धेरै लामो ऐतिहासिक अनुभव छ। भारत स्वतन्त्र हुनु भन्दा अगाडिदेखि नै आरक्षणको माग हुँदै आएको थियो। भारतमा सन् १८८५ देखि नै यसको अवधारणा अगाडि वढ्दै आएको पाइन्छ। सन् १९१६ मा ब्रिटिस सरकारद्वारा मद्रासमा केही डेपुटी कलेक्टरको पदहरूमा भारतीयहरूलाई आरक्षण प्रदान गरेको पाइन्छ। सन् १९२१ मा केही राज्यमा आरक्षण अनिवार्य गरियो। तर उत्तरी भागमा चाहिँ आरक्षण लागू भएन। त्यो समयमा पिछडिएका वर्गका लागि भनेर विशेष ध्यान दिइएको भने पाईदैन।

उपनिवेशवाट स्वतन्त्र भएपछि भारतमा पिछडिएका वर्गका लागि संवैधानिक रूपमै आरक्षणको प्रत्याभूति गरियो[१९] र सन् १९५० देखि हालसम्म पनि आरक्षण लागू रहेको छ। त्यहाँ अनुसूचित जाति (Scheduled Caste), अनुसुचित जनजाति (Scheduled Tribes) र अन्य पिछडिएका वर्ग (Other Backward Classes) हरूका लागि आरक्षणको प्रावधान छ। केन्द्र र राज्यलगायतका सबै तहका व्यवस्थापकीय निकाय तथा सार्वजनिक सेवा र शैक्षिक संस्थाहरूमा पनि विविध स्वरूपका आरक्षणको व्यवस्था लागू रहेको छ।[२०] ती वर्गलाई औपनिवेशिक कालमा राज्यका विभिन्न शक्ति/अवसरवाट वञ्चित गरिएको क्षतिपूर्तिस्वरूप सकारात्मक विभेदको रूपमा आरक्षण प्रदान गरिएको पाइन्छ। आरक्षणले अवसरको उपयोगमा व्यापकता ल्याएको र विशेषत: आर्थिक र राजनीतिक मूलप्रवाहीकरण गर्न वढी मद्दत पुऱ्याएको देखिन्छ। आरक्षणको प्रभावले भारतका करिव सवै राज्यहरूमा सरकार र कर्मचारीतन्त्रमा आरक्षणका लाभान्वितहरूको महत्वपूर्ण र प्रभावकारी स्थान रहेको छ। यद्यपि भारतमा लागू रहेको आरक्षणको प्रभाव हेर्ने हो भने मध्यम वर्गसम्म मात्र पुग्न सकेको पाइन्छ। विपन्न तथा सीमान्त वर्गका मानिसहरू अहिलेसम्म पनि उही विभेदका शिकार तथा अवसरहरूबाट वञ्चित भैरहेका छन्।[२१]

दक्षिण अफ्रिकामा सन् १९९५ देखि सरकारले बृहत् रूपमा विभिन्न खालका सकारात्मक कार्यक्रमहरूको शुरुवात गऱ्यो। विशेष गरी लामो समयसम्म विभेदमा परेका अफ्रिकी मूलका अश्वेत जातिहरूका लागि त्यस्ता कार्यक्रमहरूको व्यवस्था गरिएको छ। त्यसकममा सन् १९९८ मा दक्षिण अफ्रिका रोजगारी समन्याय ऐन (South Africa Employment Equity Act, 1998) निर्माण गरियो। उक्त ऐनको दफा २०(५) ले संरक्षित वर्गका व्यक्तिहरूमा आवश्यक अनुभवको योग्यता नभएको भए पनि रोजगारीमा नियुक्त गर्न असर नपर्ने व्यवस्था गरेको छ। उक्त ऐनले समानुपातिक आयस्रोत नभएका संरक्षित वर्गलाई समन्यायको रूपमा क्षतिपूर्ति र रोजगार सुविधास्वरूप प्रदान गरिएको छ।

यसरी विभिन्न देशका अनुभवलाई ध्यानमा राख्दा, समाजमा रहेको विभेद हटाउने र पिछडिएका वर्गलाई समानताको प्रत्याभूति गराउने दिशामा विशेष व्यवस्थाले प्रभावकारी योगदान पुऱ्याउन सक्ने देखिएको छ। समाजमा विद्यमान समूहगत-संस्थागत विभेद र असमानता अन्त्य गर्न तथा व्यक्तिहरूवीच रहेको असमान व्यवहार अन्त्य गर्नमा विशेष व्यवस्थाले पुऱ्याउन सक्ने योगदानको आँकलन गरेर नै नेपालमा पनि संवैधानिक रूपमै यस अवधारणालाई स्वीकार गरिएको हो।

४. नेपालका पिछडिएका वर्गको वर्तमान अवस्था

नेपाल एक वहुजातीय, बहुभाषिक तथा वहुसांस्कृतिक

देश हो। यहाँका विभिन्न वर्ग तथा समुदाय अहिलेसम्म पनि पिछडिएको र कमजोर अवस्थामा छन्। विशेष गरी महिला, बालबालिका, वृद्ध र शारीरिक तथा मानसिक रूपमा कमजोर वर्गका साथै दलित तथा जनजाति राज्यको मूलप्रवाहमा पर्न नसकेको अवस्था कायमै छ। वञ्चित वर्गभित्रका पनि अति विपन्न वर्गको अवस्थामा अहिलेसम्म पनि कुनै परिवर्तन हुन सकेको छैन भन्दा अत्युक्ति हुँदैन।

महिलाहरू अहिले पनि लैंगिक आधारमा विभेदित छन्। छोरा र छोरीबीच विभेद अहिले पनि यथावत नै छ। बालविवाह कायमै रहेको छ। पैतृक सम्पत्तिमा अहिले पनि बराबर हक प्राप्त नभएको अवस्था छ। कानुनले निषेध गर्दागर्दै पनि अनमेल विवाह तथा बहुविवाह भइरहेको देख्न सकिन्छ। महिला ओसार-पसार तथा बेचबिखन अहिले पनि भइरहेको छ। यौन शोषणको अवस्था विद्यमान नै छ। महिलामाथि बोक्सीको आरोपमा हिंसात्मक गतिविधि भइरहेका छन्। छाउपडीलगायतका कुसंस्कारयुक्त प्रथा परम्पराहरू अहिले पनि यथावत छन्। महिलाहरू आर्थिक परनिर्भरतामा बाँच्नु परिरहेको छ। उनीहरू अहिले पनि घरेलु कामकाजमा मात्र व्यस्त रहनु परेको छ र राजनीतिक सहभागिता तथा रोजगारीमा उनीहरुको पहुँच अत्यन्त न्यून छ। स्वास्थ्यसम्बन्धी समस्याहरू यथावत नै छन्। शिक्षाको पहुँचमा केही वृद्धि भए पनि अपेक्षित रूपमा हुन सकेको छैन। अहिले पनि १३७ ओटा कानुनी प्रावधानहरू महिलाविरुद्ध वा विभेदयुक्त रहेका छन्। कानुनहरूको अपर्याप्तता तथा भएका कानुनहरूको पनि कार्यान्वयन नभएका कारण महिलालाई अझ कमजोर र विभेदबाट पीडित बनाएको छ। हरेक क्षेत्रमा अहिले पनि लैंगिक संवेदनशीलताले ठाउँ पाउन सकेको छैन।[२२]

नेपालका दलित समुदायको अवस्था ज्यादै दुखद् रहेको छ। अहिलेसम्म पनि जातीय छुवाछूतको भेदभाव कायम रहेका कारण दलित समुदायको अवस्था सबैभन्दा पिछडिएको छ। आज पनि उनीहरू सामाजिक रुपमा बहिष्कृत अवस्थामै छन्। सार्वजनिक स्थलमा अहिले पनि उनीहरू प्रवेशबाट वञ्चित छन्। अन्तरजातीय विवाह समाजमा अस्वीकार्य छ। अन्तरजातीय विवाह गरेकाहरूले घर तथा गाउँ निकालाको समस्या भोग्नु परेको छ। उनीहरु अहिले पनि परम्परागत पेशा नगरेका कारण नाकाबन्दी समस्या भोगिरहेका छन्। परम्परागत प्रवृनियुक्त विभेद रहेको देखिन्छ। खलो, बालीघरे, हलीलगायतका प्रथाका कारण पनि दलितहरू थप पीडामा परेका छन्। शिक्षामा अहिले पनि दलितहरूको पहुँच नभएकाले उनीहरूको उच्च शिक्षाको अवस्था शून्य छ। उनीहरूको राजनीतिक नेतृत्व, प्रतिनिधित्व तथा सहभागिता अत्यन्त न्यून रहेको छ। विधमान कानुनहरूको पनि कार्यान्वयन भएको छैन। जातीय छुवाछुत कानुनतः दण्डनीय भएपनि समाजमा टड्कारो रूपमा विद्यमान रहेको छ। दलित समुदाय अहिले पनि निरक्षर, बेरोजगार, भूमीहीन, गरिब, शोषित, नियन्त्रित आदि विशेषताले चिनिन्छन्।[२३] दलित समुदायमाथि युगौंदेखि हुँदै आएको विभेदको गम्भीर असर यसबाट पनि स्पष्ट हुन्छ कि तुलनात्मक रूपमा प्रगतिशील सोच राख्ने मानिएको गैरसरकारी क्षेत्र (एनजीओ/आईएनजीओ) मा समेत उनीहरूको नियुक्ति अत्यन्त कम छ। सन् २००४ मा गरिएको एक अध्ययनले एनजीओमा ४.१ प्रतिशत र आईएनजीओमा ५.९ प्रतिशत नियुक्ति मात्र दलितले पाएको देखाएको छ।[२४]

नेपालमा रहेका जनजातिहरू पनि विभिन्न क्षेत्रको पहुँचबाट वञ्चित रहेका देखिन्छन्। नीति निर्माण तहमा उनीहरूको अहिले पनि उल्लेख्य सहभागिता हुन सकेको छैन। उनीहरूका परम्परागत सीपको अहिले पनि संरक्षण हुन सकेको छैन भने भाषा, लिपी, संस्कृति, साहित्य, कला तथा कृतिहरूको संरक्षण र प्रवर्द्धनका लागि ठोस कार्यहरू हुन सकेका छैनन्। कैयन जनजाति समुदायहरू अहिले पनि शिक्षाको पहुँचबाट वञ्चित रहेका छन्। कतिपय जनजातिहरू अहिले पनि भूमिहीन अवस्थामा छन्। आदिवासी जनजातिअन्तर्गत पर्ने थारु समुदायका मानिसहरू कमैया तथा बँधुवा मजदुरका रूपमा काम गर्न बाध्य छन् भने अदिवासी जनजाति समूहका ५८ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि छन्। आदिवासी समुदायका धेरै बालबालिकाहरू ईट्टा भट्टा र कार्पेट कारखानामा काम गर्न बाध्य भएका छन् भने शहरका गल्ली गल्लीमा बास गर्ने सडक बालबालिकामध्ये ३६ प्रतिशत आदिवासी जनजाति समुदायका छन्। नेपालका आदिवासी जनजातिका मातृभाषाहरूमध्ये अधिकांश लोपोन्मूख अवस्थामा छन् भने करिब २० भाषा त मृतप्रायः छन्। त्यस्ता समूहका महिलाको साक्षरता दर निकै कम रहेको छ। निजामति र सार्वजनिक निकायमा उनीहरूको उपस्थिति ज्यादै न्यून छ। न्यून साक्षरता, स्रोत साधनबाट विमुख र निर्णय प्रक्रियाको सहभागिताबाट वञ्चित भएका कारण आदिवासी महिला गरिबी, शोषण र पक्षपातबाट पीडित छन्। आदिवासी जनजातिको सहभागिता राजनीति, सरकारी कर्मचारीतन्त्र, न्यायपालिकामा मात्र कम नभई निजी क्षेत्रलगायत नागरिक समाजका अन्य क्षेत्रहरूमा पनि नगण्य रहेको छ।[२५]

बालबालिकाको सन्दर्भमा चर्चा गर्दा, राज्यद्वारा शिक्षा तथा बालबालिकालाई शान्ति क्षेत्रको रूपमा लिएको कुरा सकारात्मक देखिए तापनि बालअधिकारको संरक्षण तथा सम्बर्द्धनका निमित्त राज्यको भूमिका प्रोत्साहनयुक्त देखिँदैन। बालश्रम शोषण, बेचबिखन तथा ओसार-पसार, सडकबालबालिकाको अवस्था, यौन दुर्व्यवहार, शारीरिक यातना, संरक्षणबाट बञ्चित, स्वास्थ्य समस्या, बालविवाहको समस्या कायमै रहेको देखिन्छ। सशस्त्र द्वन्द्वका कारण

वालवालिकाको हत्या हुने तथा उनीहरू घाइते, टुहुरा, सहाराविहीन हुनु परेको अवस्था विद्यमान नै छ।[२६] वालिकामाथि यौन शोषण हुने क्रम पनि रोकिएको छैन। बालवालिकामाथि द्वन्द्वको असर कतिसम्म परेको छ भने अधिकांश वालवालिका त खोप लगाउन र जन्म दर्ता हुनवाट समेत वञ्चित छन्। कुपोषणको अवस्था यथावत नै छ।[२७] वालश्रम, गरिवी र असमानता बढ्दो छ। वालवालिकामा पनि लैङ्गिक विभेद यथावत छ। यस्तो विभेद विशेषगरी स्वास्थ्य र शिक्षामा वढी रहेको छ। सडकबालबालिकाको समस्या झन् टड्कारो रूपमा रहेको छ भने वालश्रम, वाँधा वालश्रम, बालिकाहरूको बेचविखन अहिले पनि कायमै छ।

पिछडिएका वर्गको नाजुक अवस्थालाई दृष्टिगत गर्दा उनीहरूलाई विकासको मूलप्रवाहमा ल्याउन र संविधानद्वारा प्रत्याभूत समानताको हकको वास्तविक हकदार बनाउन औपचारिक समानताको प्रावधान अपर्याप्त हुने स्पष्टै छ। यसका लागि उनीहरूका पक्षमा सकारात्मक विभेद को व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनु पर्ने माग भइरहेको देखिन्छ।

५. विशेष व्यवस्था र राज्यको दायित्व

राज्य तथा निजी क्षेत्रद्वारा नीतिगत रूपमा गरिने विभिन्न कार्यक्रमहरूमार्फत् नै विशेष व्यवस्थाहरू व्यवहारमा लागू हुने हुन्। विशेष व्यवस्थालाई बाध्यात्मक रूपमा लागू गर्ने गरी कानुनद्वारा पनि व्यवस्था गरिएको हुन्छ। राज्य आफैले नीति तथा कानुनको माध्यमवाट विगतदेखि नै विभेद गरेको कारणवाट वा वेवास्ता गरेको कारणबाट वा वर्तमानमा विभेद गरेको कारणबाट कुनै पनि वर्ग समुदाय पछाडि परेको हुन्छ। यस्तो अवस्थामा त्यो वर्गको उत्थान, मूलप्रवाहीकरण गर्नुपर्ने दायित्व पनि राज्यको हुन्छ। राज्यले यस्तो दायित्व बाध्यात्मक रूपमा पूरा गर्नु पर्दछ। संक्षेपमा भन्नु पर्दा विशेष व्यवस्था लागू गर्ने प्रमुख दायित्व पनि राज्यकै हो। यस क्रममा राज्यका अगाडि दुई प्रकारका दायित्वहरू हुन्छन्- अन्तर्राष्ट्रिय संयन्त्रहरूप्रतिको दायित्व र संवैधानिक दायित्व।

५.१. अन्तर्राष्ट्रिय संयन्त्रहरूप्रतिको दायित्व

नेपालले हालसम्म १६ वटा अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरूलाई अनुमोदन गरिसकेको छ। ती सन्धि/महासन्धिहरूलाई अनुमोदन गरी पक्षराष्ट्र भएको हैसियतले तिनका प्रावधानहरूलाई कार्यान्वयन गर्नका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले तत्परता देखाएको छ। कुनै पनि अन्तर्राष्ट्रिय कानुनको पक्षराष्ट्र भइसकेपछि त्यसको कार्यान्वयनका लागि सम्बन्धित पक्षराष्ट्र, अन्तर्राष्ट्रिय क्षेत्र र आफ्ना जनताप्रति उत्तरदायी रहनु पर्दछ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरू नेपाल कानुन सरह लागू हुने र नेपालका अन्य कानुनहरू उक्त सन्धि/महासन्धिहरूसँग वाझिएमा अन्तर्राष्ट्रिय सन्धि/महासन्धिका प्रावधानहरू नै मान्य हुने व्यवस्था गरेको छ। नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय कानुन तथा मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्र, १९४८ समेतले पिछडिएका तथा कमजोर वर्गको उत्थान र विकासका लागि निम्नानुसारका दायित्वहरू तोकेका छन्।

(क) *मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८*

मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्रले मानिसको अन्तरनिहित अधिकारका रुपमा मानवअधिकारहरुको सुस्पष्ट परिभाषा प्रस्तुत गरेको छ। यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि मार्गदर्शन गरेको छ। घोषणापत्रको धारा १ ले जन्मदेखि नै सबै मानिस आफ्नो स्वाभिमान र अधिकारमा समान छन् भन्ने उल्लेख गरेको छ। धारा २ ले विभेदविरुद्धको अधिकार र धारा ७ ले कानुनको अगाडि समानता र कानुनको समान संरक्षणको अधिकारलाई प्रस्तुत गरेको छ।

(ख) *महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७९*

यस महासन्धिको धारा १ ले महिलाउपर लिङ्गको आधारमा हुने भेदभावलाई स्पष्ट रूपमा परिभाषित गर्दै त्यस्ता कुनै पनि भेदभाव गर्न नपाइने अधिकारको प्रत्याभूति गरेको छ। ती अधिकारहरुको प्रत्याभूति गर्नु पर्ने दायित्व नेपालले निर्वाह गर्नुपर्दछ। यसले महिलाको उत्थान तथा विकासका लागि सारभूत समानतालाई अंगिकार गरेको छ। साथै सारभूत समानताको प्रत्याभूतिका लागि विशेष व्यवस्था गर्नुपर्ने दायित्वसमेत पक्षराष्ट्रलाई तोकिएको छ। महासन्धिको धारा २ देखि १६ सम्म महिला वर्गको उत्थान, विकास र समानताको प्रत्याभूतिका लागि आवश्यक र उपयुक्त कानुन निर्माण गर्नेलगायत विभिन्न सकारात्मक कार्यहरू गर्नुपर्ने दायित्व तोकिएको छ।

(ग) *सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५*

नेपालमा विद्यमान जातीय विभेदको कारणले पछाडि परेका दलित समुदायउपर हुने विभेदको उन्मूलन गर्नका लागि र दलित समुदायको उत्थान र विकासका लागि यो महत्त्वपूर्ण महासन्धि हो। यसले धारा १ मा जातीय विभेदको विस्तृत परिभाषा गर्दै त्यसको उन्मूलन र जातीय

विभेदको कारणले पछाडि परेका वर्ग समुदायको उत्थानका लागि धारा २ मा पक्षराष्ट्रलाई विभिन्न दायित्वहरू तोकेको छ। सोको लागि धारा ३, ४, ५, ६ र ७ ले विभिन्न तत्कालिन र प्रभावकारी उपयुक्त तथा आवश्यक सम्पूर्ण कार्यहरू गर्नुपर्ने दायित्व राज्यलाई तोकेको छ।

(घ) बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९

वालवालिकाको संरक्षण र विकासका लागि यस महासन्धिको धारा २ ले बालबालिकाउपर भेदभाव गर्न नपाइने अधिकार प्रत्याभूत गरेको छ। साथै, विभेदवाट संरक्षण प्रदान गर्नका लागि पक्षराष्ट्रले विशेष उपायहरू अवलम्वन गर्नुपर्ने दायित्व समेत यसले तोकेको छ। त्यस्तो विशेष र उपयुक्त उपायहरूको कार्य गर्नका लागि महासन्धिको धारा ३ देखि ४१ सम्म कानुन निर्माण गर्ने लगायनका कार्यहरू गर्नु पर्ने दायित्व तोकिएको छ। नेपाल पनि यसको पक्षराष्ट्र भएको हैसियतले उक्त महासन्धिमा उल्लेख गरेअनुरूपका दायित्व अनिवार्य रूपमा पूरा गर्नु पर्दछ।

(ङ) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६

नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले पक्षराष्ट्रलाई प्रतिज्ञापत्रमा व्यवस्था गरिएका अधिकारहरूको प्रत्याभूतिका लागि दायित्व तोकेको छ। प्रतिज्ञापत्रको धारा २ ले जातजाति, वर्ण, लिङ्ग आदिको आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गरेको छ। धारा २६ ले कानुनको अगाडि समानता र कानुनको समान संरक्षणको अधिकारलाई प्रत्याभूत गरेको छ। यो प्रतिज्ञापत्रले सकारात्मक विभेदका वारेमा स्पष्ट व्यवस्था गरेको छैन। तर सकारात्मक विभेद समानताको अधिकारको एक पक्ष हो। तसर्थ: यसको पक्षराष्ट्रले समानताको अधिकार प्रत्याभूतिका लागि सकारात्मक कार्य गर्नैपर्ने हुन्छ।

(च) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६

यस प्रतिज्ञापत्रमा उल्लेखित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू विनाभेदभाव आफ्ना नागरिकहरूलाई प्रदान गर्नु पर्ने दायित्व प्रतिज्ञापत्रको धारा २(२) ले गरेको छ। आफ्ना नागरिकद्वारा प्रतिज्ञापत्रमा उल्लेखित अधिकारहरूको पूर्ण उपभोगका लागि पक्षराष्ट्रले आवश्यक सम्पूर्ण कदमहरू चाल्नुपर्ने दायित्व धारा २(१) ले तोकेको छ। धारा ११(१) ले सवै नागरिकको उपयुक्त जीवनस्तरको अधिकार प्रदान गर्नुपर्ने र उपयुक्त भोजन, कपडा र वासस्थान तथा जीवनस्तर सुधारको अधिकार समेतलाई व्यवस्थित गर्नुपर्ने दायित्व तोकेको छ। प्रतिज्ञापत्रमा उल्लेखित अधिकारहरू प्रदान गर्नका लागि पक्षराष्ट्रले उपयुक्त कदमहरू चाल्नुपर्ने व्यवस्था गरेको छ।

५.२. संवैधानिक दायित्व

नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा मानवअधिकारको सुरक्षाको प्रत्याभूति गर्दै नेपाली जनतालाई चीरकालपर्यन्त सामाजिक, राजनीतिक एवं आर्थिक न्याय प्राप्त गराउने उद्देश्य लिइएको छ। संविधानको धारा ११ मा समानताको मौलिक अधिकार प्रदान गरिएको छ। सवै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणवाट वञ्चित नगर्ने कुराको प्रत्याभूति गरिएको छ। वर्तमान संविधानमा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने समेत व्यवस्था गरिएको छ। धारा ११(३) को प्रतिवन्धात्मक वाक्यांशले सारभूत समानता प्रदान गर्नका लागि राज्यलाई निश्चित दायित्व तोकेको छ। उक्त प्रतिबन्धात्मक वाक्यांशमा महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ।

संविधानमा समाविष्ट राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूद्वारा पनि पिछडिएका तथा कमजोर वर्गको उत्थानका लागि सकारात्मक कार्य गर्नु पर्ने व्यवस्था गरिएको छ। धारा २५(१) ले खुल्ला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्ने, २५(२) ले सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाउने, २५(३) ले सवै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाउने उद्देश्यसहितको निर्देशक सिद्धान्तहरूवाट राज्यलाई दायित्व तोकेको छ। धारा २६(७) ले महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी वनाउने, २६(८) ले राज्यले वालवालिकाको शोषण हुन नदिने, उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्ने र नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमश: गर्दै जाने, २६(९) ले राज्यले अनाथ वालवालिका, असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिको लागि शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने, २६(१०) ले शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने, २६(१४) ले असमर्थ पक्षका लागि नि:शुल्क कानुनी सेवा उपलव्ध गराउने दायित्व राज्यलाई तोकेको छ।

६. नेपालमा विशेष व्यवस्था

नेपालमा विशेष व्यवस्था वा सकारात्मक विभेदको कार्य योजनागत रूपमा नवौं पञ्चवर्षीय योजनाबाट मात्र शुरु भएको पाइन्छ। पिछडिएका समुदायलाई लक्ष्य गरी एकीकृत कार्यक्रम सञ्चालन नगरिएको भए तापनि समाज कल्याणका विभिन्न कार्यक्रम सञ्चालन गर्ने लक्ष्य भने राखिएको पाइन्छ। सामाजिक एवं आर्थिक दृष्टिले पिछडिएका समुदायलाई लक्ष्य गरी एकीकृत सामुदायिक विकास कार्यक्रम, अध्ययन, अनुसन्धान एवं सर्वेक्षण कार्यक्रम, सामाजिक सुरक्षा, छात्रवृत्ति आयोजना, समाज कल्याण केन्द्र सुदृढीकरण एवं विकास कार्यक्रम, पुन:स्थापना कार्यक्रम, सीपमूलक प्रशिक्षण आयोजना, नारी कल्याण गृह, महिला विकास कार्यक्रम, सामाजिक सर्वेक्षण तथा अध्ययन कार्यक्रम, ग्रामीण स्वरोजगार कार्यक्रम, सामाजिक जनजागरण कार्यक्रम, बँधुवा मजदुर पुन:स्थापना कार्यक्रम, शैक्षिक विकास पर्यावरण संरक्षण आदि कार्यक्रम सञ्चालन गरिए। यस्ता कतिपय कार्यक्रम आठौं योजना अघिदेखि नै संचालित देखिन्छन्। कार्यक्रमहरूको समग्रमा मुल्यांकन गर्दा समुदाय समुदाय वीचको दूरी कम भएको पाईदैन। साथै पिछडिएको वर्गको उत्थानमा अपेक्षाकृत सुधार हुन सकेको छैन।[२८]

६.१. वञ्चित वर्गका लागि राज्यद्वारा तय गरिएका नीति र कार्यहरू

(क) नवौं पञ्चवर्षीय योजनाका उपलब्धिहरू

नवौं योजनाको समीक्षाबमोजिम दशौं योजना लागु हुने अवस्थासम्म पिछडिएका वर्गको उत्थानका निमित्त श्री ५ को सरकारले निम्न बमोजिमका सकारात्मक कार्य गरेको देखाएको छ :

- *महिला*
  - राष्ट्रिय महिला आयोगको गठन
  - महिलाविरुद्धका भेदभावपूर्ण कानुनहरू उन्मूलन गर्ने प्रयास स्वरूप महिला अधिकारसम्बन्धी मुलुकी ऐन (एघारौं संशोधन) पारित
  - महिलाविरुद्धका सम्पूर्ण भेदभावपूर्ण कानुनहरू पुनरावलोकन गर्न उच्चस्तरीय समिति गठन भई प्रतिवेदन श्री ५ को सरकारमा प्रस्तुत
  - सबै मन्त्रालयहरूमा लैंगिक सम्पर्क केन्द्र स्थापना
  - चेलीबेटी बेचबिखन तथा ओसार पसार नियन्त्रणका लागि केन्द्रीय तथा जिल्लास्तरीय कार्यदलहरू गठन गरी सक्षम बनाउने प्रयास
  - १६ वटा जिल्लामा प्रहरी महिला सेल गठन
  - महिलालाई विकासको मूलप्रवाहमा समाहित गर्न गरिएको विशेष व्यवस्थाको फलस्वरूप झण्डै ४० हजार महिला स्थानीय तहमा निर्वाचित
  - निजामती सेवामा महिला सहभागिता अभिवृद्धिका निमित्त कानुनमा केही विशेष व्यवस्था गरिएको र सेवा प्रवेशका लागि विशेष तयारी कक्षा सञ्चालन
  - केन्द्रदेखि स्थानीय तहसम्म लैंगिक तथा महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्ने सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी सचेतना ल्याउन प्रचार प्रसार र तालिमहरू सञ्चालन
  - महिला शिक्षिका २६ प्रतिशत पुगेको
  - स्वास्थ्य सम्बन्धित कार्यक्रमले प्रजनन दरमा कमी
  - महिलाको आर्थिक सशक्तिकरणका लागि विभिन्न कार्यक्रम संचालित
  - कृषक महिलाको कुशलता बढाउन विभिन्न सहुलियत प्रदान
  - विभिन्न क्षेत्रमा महिला सहभागिता बढेको
  - महिलाहरूको वन उपभोक्ता समूह गठन

- *बालबालिका*
  - केन्द्रीय तथा जिल्ला बालकल्याण समिति गठन
  - बाल इजलासको व्यवस्था
  - बालबालिकाको संरक्षण तथा पुनर्स्थापनाका लागि संस्थागत विकास तथा बालअधिकारसम्बन्धी जनचेतना वृद्धि, विद्यालय भर्नामा वृद्धि
  - जन्म दर्तामा वृद्धि, बाल विवाह र मृत्युदरमा कमी
  - भिटामिन "ए" तथा पोलियो/खोप कार्यक्रम सञ्चालन, प्राथमिक विद्यालय आहार कार्यक्रम विस्तार

- *अपाङ्ग*
  - अपाङ्गहरूका लागि सेवा, सुविधा र अवसर उपलब्ध गराउने पूर्वाधार तयारी
  - रोजगारमूलक तालिम
  - ३५ जिल्लामा विशेष शिक्षा कार्यक्रम
  - अपाङ्गपन न्यूनीकरणका लागि निरोधात्मक तथा प्रतिरोधात्मक कार्यक्रम
  - समुदायमा आधारित पुनर्स्थापना

- *जेष्ठ नागरिक*
  - जेष्ठ नागरिकसम्बन्धी नीति तर्जुमा
  - मासिक भत्ता पाउनेको अभिलेख
  - नमूना वृद्धाश्रमको सञ्चालन
  - स्वास्थ्य सेवा र हवाई यातायात शुल्कमा छुट

- *दलित तथा उपेक्षित समुदाय*
  - राष्ट्रिय दलित आयोगको गठन
  - उपेक्षित उत्पीडित र दलित समुदाय उत्थान

कार्यक्रमअन्तर्गत उच्च शिक्षाका ५१३ र विद्यालयस्तरका ५१८३ जना दलित विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको
- स्वास्थ्य, सरसफाई र खानेपानी व्यवस्थाका लागि ७ वटा परियोजना सञ्चालन
- दलित बालगृहलाई आर्थिक सहयोग उपलब्ध गराएको
- चेतना अभिवृद्धि गर्न साप्ताहिक रेडियो कार्यक्रम र गोष्ठीहरू सञ्चालन
- ३७ जिल्लामा ६५ वटा आयमूलक तथा सीपमूलक परियोजना सञ्चालन
- रोजगारमूलक कम्प्युटर तालिम प्रदान गर्न शुरुवात

▸ ***आदिवासी/जनजाति***
- आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गठन
- प्राविधिक तथा अप्राविधिक विषयका आदिवासी/जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराई प्रोत्साहन गरिएको
- व्यवसायमूलक तथा रोजगारीमूलक कार्यक्रमबाट विशेष गरी युवायुवती तथा महिलाहरू लाभान्वित
- अत्यन्त पिछडिएका आदिवासी/जनजातिहरूका लागि विभिन्न क्षेत्रमा चेतना अभिवृद्धि भएको
- केही जनजातिहरूको मातृभाषामा पाठ्यपुस्तक तयार गरी अनौपचारिक शिक्षा सञ्चालन हुँदै आएको
- केही जनजातिहरूको मातृभाषामा शब्दकोष तयारी भइरहेको
- विवरणीका तयार भएको
- आर्थिक उन्नतिका निमित्त आय आर्जनसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको

(ख) दशौं योजनामा वञ्चित वर्गका लागि विशेष व्यवस्थाको नीति[३९]

दशौं योजना (२०५९-२०६४)

▸ ***महिला***
- केन्द्रदेखि ग्रामीणस्तरसम्म राजनीतिक प्रशासनिक तथा आर्थिक क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्न विशेष पहल गर्ने
- राष्ट्रिय महिला आयोगलाई देशको लैंगिक समानतामा सुधार ल्याउन कानुनी अधिकार प्राप्त सशक्त निकाय बनाउने
- रोजगारी, व्यवसायीक, प्रविधि र स्रोत साधनको बाँडफाँडमा महिलाको पहुँच बढाउने
- एकल महिलालाई सीपमूलक तालिम दिई स्वरोजगार उन्मूख गराउने
- महिला सशक्तिकरण, लैंगिक मूलप्रवाहीकरण एवं समानतासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने
- लैंगिक समानताको आधारमा कानुन संशोधन र आवश्यक कानुन निर्माण गर्ने र अल्पकालीन विशेष व्यवस्था गर्ने

▸ ***बालअधिकार र विकास***
- बालअधिकारसापेक्ष कानुनी व्यवस्था गर्ने र संस्थागत विकास र संरचनालाई सुदृढिकरण गर्ने
- विभिन्न क्षेत्रलाई बालअधिकारमुखी कार्यक्रम सञ्चालन गर्न उन्मूख गराउने
- निकृष्ट बालश्रम उन्मूलन गर्ने
- पोषण स्थिति सुधार गर्ने

▸ ***अपाङ्ग***
- समान अवसर उपलब्ध गराउन कानुनी र नीतिगत विशेष व्यवस्था गर्ने
- शिक्षा, तालिम, स्वास्थ्य, रोजगारी आदि सेवा, सुविधा र अन्य अवसरहरू प्राप्त गराउने
- योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा अपाङ्गहरू पुग्ने वातावरण सृजना गर्ने

▸ ***जेष्ठ नागरिक***
- अनुभव र ज्ञानलाई राष्ट्रिय विकासमा उपयोग गर्ने
- अधिकारको प्रत्याभूति र आर्थिक, सामाजिक सुरक्षाको संरक्षण सुनिश्चित गर्न आवश्यक ऐन, नियम, कार्य योजना, संजालको व्यवस्था गर्ने
- जेष्ठ नागरिकसम्बन्धी सामाजिक सुरक्षा तथा अधिकार उन्मुख कार्यक्रमहरू गर्ने

▸ ***दलित तथा उपेक्षित समुदाय***
- दलित, उपेक्षित, उत्पीडित समुदायको पहिचान गरी उनीहरूको आर्थिक तथा सामाजिक विकासको माध्यमबाट परम्परादेखि चलिआएका सबै असमानताको अन्त्य गर्ने
- दलित तथा उपेक्षित समूहको आर्थिक र सामाजिक सशक्तिकरणको माध्यमबाट उनीहरूको ज्ञान सीप र प्रतिभालाई विकासको मूलप्रवाहमा समाहित गराउने तथा राष्ट्रियस्तरमा हुन सक्ने विशेष योगदानका सम्भावनाहरू पहिचान गरी सोको कार्यान्वयन गर्न उनीहरूलाई प्रोत्साहन गर्ने
- परम्परागत पेशालाई आधुनिकीकरण गर्दै उत्पादनलाई प्रतिस्पर्धात्मक बनाई उपयुक्त बजारसम्म पुर्‍याउन आवश्यक संस्थागत व्यवस्था गर्ने

- राष्ट्रिय स्रोत साधन र अवसरको वितरण गरिँदा दलित समुदायको सामाजिक प्रतिष्ठा अभिवृद्धि गर्ने कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिने

- *आदिवासी तथा जनजाति*

- सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्वन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गिण विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने
- आदिवासी/जनजातिको भाषा, लिपी, संस्कृति/साहित्य, कला इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने
- परम्परागत सीप, प्रविधि र विशिष्ठ जानकारीको संरक्षण र प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने
- विभिन्न आदिवासी/जनजाति तथा सम्प्रदायवीच सुमधुर सम्बन्ध, सद्भाव कायम गरी समाष्टिगत विकासको मूलप्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने।

६.२. विशेष व्यवस्था को प्रावधान र न्यायपालिका

नेपालमा वञ्चित वर्गका लागि विशेष व्यवस्थाको अवधारणा र त्यससम्बन्धी प्रावधानको चर्चा गर्दा न्यायपालिकाको सन्दर्भमा पनि चर्चा गर्नु आवश्यक हुन्छ। विभिन्न मुद्दाका फैसला गर्ने क्रममा अदालतवाट प्रतिपादित सिद्धान्त तथा दिइएका आदेशहरू यस सन्दर्भमा उल्लेख्य छन्।

(१) प्रद्योश क्षेत्रीसमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत[३०]

यस मुद्दाको फैसला गर्ने क्रममा सर्वोच्च अदालतले संरक्षण गर्न आवश्यक वर्ग वा समुदाय तथा महिलाको उत्थान गर्न राज्यवाट विशेष व्यवस्था गर्न निर्देशनात्मक परमादेश जारी गरेको छ। परमादेशमा अदालतले श्री ५ को सरकार मन्त्रिपरिषदलाई आर्थिक वर्ष २०६१/०६२ भित्रमा यथाशक्य चाँडो आर्थिक सामाजिक वा शैक्षिक दृष्टिवाट पिछडिएको र अशक्त भन्ने कुराको निरूपणका स्पष्ट आधार तोकी कानुन निर्माण गरी पिछडिएका, संरक्षण आवश्यक भएका वर्ग महिलाको संरक्षण र संतुलित विकासको कार्यक्रम सञ्चालन गर्न भनिएको छ।

(२) रिना बज्राचार्यसमेत विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत[३१]

यस मुद्दाको फैसलाका क्रममा सर्वोच्च अदालतले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३(३) को प्रतिवन्धात्मक वाक्यांशमा निहीत सकारात्मक विभेदको अवधारणालाई व्याख्या गरेको छ। अदालतले उक्त धारामा गरिएको व्यवस्था सकारात्मक प्रकृतिको महिलाको विकास र संरक्षण गर्नका लागि कानुनद्वारा अतिरिक्त व्यवस्था गरी कानुन वनाउन सक्ने व्यवस्था भएको स्पष्ट पारेको छ। तर, राज्यले सकारात्मक विभेद गर्न सक्ने भन्नुको अर्थ महिलाउपर असमान व्यवहार गर्न छुट दिने व्यवस्था होइन। सो प्रतिबन्धात्मक व्यवस्थाले महिलाहरूका लागि विशेष संरक्षण प्रदान गर्न सक्ने व्यवस्था गरेको अवस्था हो भन्ने पनि सो निर्णयले छर्लङ्ग पारेको छ।

(३) ***कृष्णप्रसाद शिवाकोटी विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषदसमेत***[३२]

यस मुद्दाको फैसलामा सर्वोच्च अदालतले राज्यव्दारा आवश्यक ठानिएको बखत जुनसुकै वेला पनि संविधानको धारा ११(३) बमोजिम दलित समुदायको उत्थान गर्न विशेष कानुन निर्माण गर्न सक्ने स्पष्ट पारेको छ।

(४) दलित गैरसरकारी संस्था महासङ्घसमेत विरुद्ध श्री ५ को सरकार म.प.स. समेत[३३]

यस मुद्दाको फैसलामा सर्वोच्च अदालतले दलितहरूको हक हितमा कुनै आयोग निर्माण गर्न आवश्यक छ भनी देख्ने र निर्माण गर्ने अधिकार र दायित्व श्री ५ को सरकारकै हुने वताएको छ। यसवाट सकारात्मक विभेदलाई लागू गरी पिछडिएका वर्गको उत्थान गर्ने दायित्व मूलत: सरकारको हो भन्ने सिद्धान्तलाई नै वल मिलेको देखिन्छ।

(५) डा. चन्दा बज्राचार्य विरुद्ध संसद सचिवालयसमेत[३४]

संविधानको धारा ११ बमोजिम महिलालाई समानताको अधिकार प्रदान गर्न विभिन्न कानुनहरूको संशोधनका लागि आवश्यक अध्ययन मनन तथा विचार विमर्श गरी आदेश प्राप्त भएको मितिले दुई वर्षभित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न यस मुद्दाको फैसलामार्फत् सर्वोच्च अदालतले श्री ५ को सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ।

(६) मीराकुमारी ढुङ्गाना समेत विरुद्ध कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत[३५]

छोरीलाई पैतृक सम्पत्तिमा समान हकदार नवनाउनु समानताको अधिकार विपरित हुने कुरा यस मुद्दाको फैसलामा उठाइएको छ। सम्पत्तिसम्वन्धी पारिवारिक कानुनलाई समष्टिगत रूपमा विचार गरी पैतृक सम्पत्तिमा समानता ल्याउने गरी एक वर्षभित्र उपयुक्त विधेयक प्रस्तुत गर्न यस मुद्दाको फैसलामार्फत् सर्वोच्च अदालतले श्री ५ को सरकारलाई निर्देशनात्मक आदेश जारी

गऱ्यो। जसको आधारमा मुलुकी ऐन एघारौं संशोधन पारित भई लागू रहेको छ।

(७) अधिवक्ता सपना प्रधान मल्लविरुद्ध मन्त्रिपरिषद सचिवालय समेत[३६]

मुलुकी ऐन अपुतालीको महलको १२ क नं. ले छोरा र छोरीलाई अपुताली दिने प्रावधान विभेदकारी भएकाले वदर घोषित गरी पाऊँ भनी मागदावी लिइएको यस रिटउपर निर्णय दिँदै उक्त व्यवस्था र संविधान तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँग बाझिने कानुनहरूको संशोधन गर्ने वा नयाँ कानुन वनाई यथोचित समयमा लागू गर्न आवश्यक व्यवस्था गर्न श्री ५ को सरकारको नाममा सर्वोच्च अदालतले आदेश जारी गऱ्यो। साथै, मुलुकी ऐन अपुतालीको महलको १२ क नं. ले गरेको विवाहपश्चात अपुताली फिर्ता गर्नु पर्ने व्यवस्था अधिवक्ता मीरा ढुंगाना विरुद्ध मन्त्री परिपद सचिवालय समेतको मुद्दामा अमान्य र वदर घोषित गरेको पनि यहाँ उल्लेख्य छ।

(८) तिलोत्तम पौडेल विरुद्ध गृह मन्त्रालय समेत[३७]

यस मुद्दाको फैसलाको क्रममा सर्वोच्च अदालतले वाल सहभागिताको अधिकारका पक्षमा महत्वपूर्ण निर्णय गरेको छ। जागृति वाल क्लव नवलपरासी जिल्लामा दर्ता गर्न खोजिएकोमा उमेर नपुगेका व्यक्तिहरूको क्लव दर्ता गर्न मिल्ने वा नमिल्ने भनी जिल्ला प्रशासन कार्यालय नवलपरासीले गृह मन्त्रालयमा सोधी पठाएको थियो। यससम्बन्धमा गृह मन्त्रालयले दर्ता गर्न नमिल्ने भनी निर्णय गरेपछि त्यसलाई वदर गरी क्लव दर्ता गरी पाउन मुद्दा परेकोमा सर्वोच्च अदालतले वालअधिकारसम्वन्धी महासन्धि १९८९ को धारा १५(२) बमोजिम क्लव दर्ता गर्न मिल्ने भनी निर्णय गऱ्यो।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा मौलिक हकको व्यवस्था गर्दा वालवालिकाको संरक्षण र विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने परिकल्पनासमेत गरिएको अदालतको फैसलाले स्पष्ट पारेको छ। त्यसैगरी, कानुनको स्पष्ट वन्देजवाहेक नागरिकले उपभोग गर्न पाउने मौलिक हकवाट वालवालिकालाई नावालक रहेकै कारणले वञ्चित गर्न नमिल्ने व्याख्या पनि सोही फैसलामा गरिएको देखिन्छ।

७. उपसंहार

समग्र राष्ट्रको विकास त्यहाँ वसोवास गर्ने सम्पूर्ण वर्गको विकाससँग गाँसिएको हुन्छ। पिछडिएका तथा कमजोर वर्गको उत्थान, विकास तथा मूलप्रवाहीकरण नभई देशको पूर्ण विकास हुन सक्दैन। तसर्थः पिछडिएका वर्गलाई अन्य सक्षम वर्गको हाराहारी तथा समानताको अवस्थामा ल्याउने र विगत तथा वर्तमानको विभेदको असरलाई अन्त्य गरी उनीहरूको उत्थान गर्ने उपायका रूपमा विशेष व्यवस्था वा सकारात्मक विभेदको अवधारणा आएको हो।

विशेष व्यवस्था सारभूत समानताको एक महत्वपूर्ण पक्ष हो। पिछडिएको वर्ग समुदायमाथि विगत तथा वर्तमानमा भएको विभेदको असर र विद्यमान रहेका समूहगत-संस्थागत तथा व्यक्तिगत असमानताहरू हटाई तिनीहरूको उत्थान, विकास र मूलप्रवाहीकरणका लागि विशेष व्यवस्था वा सकारात्मक विभेद आवश्यक हुन्छ।

नेपालमा विभिन्न जातजाति तथा वर्गहरूवीच आर्थिक, सामाजिक, शैक्षिक विकासमा ठूलो अन्तर छ। उनीहरूका बीचमा असमानता धेरै छन्। विभिन्न जातजाति, महिला, दलित आदि ज्यादै पिछडिएका र विपन्न अवस्थामा रहेका छन्। यिनीहरूको उत्थानका लागि जवसम्म ठोस कार्यक्रम आउन सक्दैन, तवसम्म यी विपन्न पिछडिएका वर्गहरू सामाजिक, आर्थिक रूपमा सक्षम हुने अवस्था रहँदैन।

अहिलेसम्म विद्यमान आर्थिक, सामाजिक र शैक्षिक, राजनीतिकलगायतका क्षेत्रमा रहेको असमानताको ठूलो खाडल पुर्न विशेष व्यवस्था नितान्त आवश्यक छ। समष्टिगत रूपमा जवसम्म हाल कायम रहेको असमानताको न्यूनीकरण हुँदैन, पिछडिएका वर्ग समुदायले तवसम्म आर्थिक, सामाजिक न्याय अनुभूत गर्न सक्दैनन्। पिछडिएका वर्गलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन जति ढिलो हुन्छ, त्यति नै सामाजिक असन्तोष वढ्न गई समाजमा विशृङ्खलता सुरु हुन जान्छ। "जवसम्म देशको ठूलो जनसङ्ख्यामाथि सामाजिक र आर्थिक भेदभाव विद्यमान रहन्छन्, वेरोजगारीको अवस्था रहन्छ, वृहत्तर नेपाली समाज तनावग्रस्त नै रहन्छ र यस्तो तनाववाट फाइदा उठाउने विभिन्न नाम र उद्देश्य लिएर विविध समूहहरू उद्यत हुने हुन्।"[३८] अर्को शव्दमा भन्नु पर्दा, नेपालको विद्यमान द्वन्द्वको समस्या आउनुमा पिछडिएका वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरणमा राज्यले वेवास्ता गर्नु पनि एक प्रमुख कारक तत्व हो।

पिछडिएका वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरणका लागि राज्यले अहिलेसम्म गरेको कार्यहरू हेर्दा कानुनी वा नीतिगत प्रावधान वनाएको भए तापनि कार्यान्वयन पक्ष प्रभावकारी देखिँदैन। पिछडिएका वर्गका निमित्त भएको भनिएका संस्थागत प्रयासहरू पनि नाम मात्रका र अधिकार तथा स्रोत साधनविहीन रहेका छन्। महिला आयोग तथा दलित आयोगवाट अपेक्षा राखिएअनुरूप परिणाममुखी कार्य भएको देखिएको छैन।

नेपालको सन्दर्भमा विशेष व्यवस्थाको अवधारणावाट हेर्ने हो भने सरकारद्वारा अहिलेसम्म गरिएका सकारात्मक

कार्यहरूलाई हेर्दा विपन्न वर्गमा पुग्न राज्य अनिच्छुक देखिएको छ। पिछडिएको वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरण गर्ने भनेर मात्र नीति, योजना निर्माण गर्ने हो भने त्यो कहिले पनि सफल हुन सक्दैन र सम्पूर्ण प्रयास निरर्थक रहन्छ। त्यसका लागि सर्वप्रथम समाजमा विद्यमान रहेको समूहगत-संस्थागत असमानता र विभेदको अन्त्य आवश्यक छ। त्यतिमात्रले ती वर्ग समुदायको उत्थान, विकास तथा मूलप्रवाहीकरण हुन सक्दैन। समूहगत-संस्थागत असमानता र विभेदको अन्त्यका साथै व्यक्तिगत रूपमा रहेका असमानता र विभेदहरूको अन्त्य अझ महत्वपूर्ण हुन्छ।

अहिले नेपालको अवस्था हेर्दा विशेष व्यवस्थाको अवधारणा प्रवेश गरिसकेको र राज्यद्वारा सकारात्मक कार्य गर्नु पर्दछ भन्ने महसुस केही हदसम्म भएको देखिन्छ तर ठोस र प्रभावकारी रूपमा कार्य गर्ने तत्परता देखिँदैन। सरकारले ठोस तथा प्रभावकारी रूपमा विशेष व्यवस्थाको अवधारणालाई व्यवहारमा साकार पार्न सफल नभएको अवस्था भए तापनि न्यायपालिकाले चाहिँ विभिन्न फैसलाहरूमार्फत् ध्यान पुऱ्याएको देखिन्छ।

पिछडिएका वर्गको पूर्ण रूपमा उत्थान, विकास, सशक्तिकरण तथा मूलप्रवाहीकरण अपरिहार्य छ। त्यसका निमित्त तत्परता नदेखाए राज्य प्रजातान्त्रिक र लोककल्याणकारी सावित हुन सक्दैन। समाजमा द्वन्द्व व्यवस्थापनका निमित्त पनि पिछडिएका वर्ग समुदायको उत्थान आवश्यक छ। यसका लागि औपचारिकता होइन, पिछडिएका वर्गभित्र पनि अति विपन्न वर्गसम्म पुग्ने ठोस तथा प्रभावकारी कार्य तत्काल सुरुवात गर्नु पर्दछ। यसका लागि विशेष व्यवस्था अत्यावश्यक छ। यससम्बन्धी अवधारणालाई व्यवहारतः साकार पार्नका लागि स्पष्ट रूपमा आधारहरू तय गरी विभिन्न किसिमका संस्थागत, योजनागत कार्यक्रमहरूसहितका तत्कालीन र दीर्घकालीन सकारात्मक कार्यहरू गर्नु अत्यावश्यक छ।

---

१. नेपाल अधिराज्यको संविधान २०४७, धारा ११ (३) को प्रतिबन्धात्मक वाक्यांश
२. National Academy of Science. AFFIRMATIVE ACTION, Washington D.C., 2004, pp. 319
३. UNDP, HUMAN DEVELOPMENT REPORT, New York, 2004, pp. 71
४ Americans for a Fair Chance, THE HISTORY OF AFFIRMATIVE ACTION POLICIES, Washington D.C., 2003, pp.
५ MP Jain, INDIAN CONSTITUTIONAL LAW, Wadha & Co., Nagpur, 2003, pp. 1000
६. Surya Prasad Dhungel et.al.,COMMENTARY ON THE NEPALESE CONSTITUTION, DeLF, KTM, 1998, pp. 104
७. प्रद्योश क्षेत्री समेत विरुद्ध म.प. समेत रिट न. ३०५९, निर्णय मिति २०६१ ७ १३
८. MP Jain op cit
९. नीरा चन्द्रोक, आरक्षणको आवश्यकता, समावेशी लोकतन्त्रका आधारहरु, सोसल साइन्स बहाः, सन् २००४, पृ. १३३ १३४
१०. गोविन्द न्यौपाने, सहभागितामूलक सामाजिक विकास, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, सोसल साइन्स बहाः, सन् २००४, पृ. ३६६–३६७
११. FWLD, SPECIAL MEASURES FOR WOMEN & THEIR IMPACT, KTM (2003) pp. 18-21
१२. National Academy of Science. AFFIRMATIVE ACTION, Washington D.C., 2004, pp.
१३ प्रद्योश क्षेत्रीसमेत विरुद्ध मन्त्रिपरिषद्समेत, रिट नं. ३०५९, निर्णय मिति ०६१ ७ १३
१४ UNDP, HUMAN DEVELOPMENT REPORT, New York, 2004, pp. 69
१५ Ibid
१६ Ibid
१७ Americans for a Fair Chance op cit
१८ Ibid
१९ See Article 15(4), 16, 330, 332, 334, 243, 243(d) and 144 of Indian Constitution
२० UNDP, HUMAN DEVELOPMENT REPORT, New York, 2004, pp. 69-71
२१ Ibid
२२ HRTMCC, FWLD, SHADOW REPORT ON CEDAW, (2003) pp. 14 -47

२३. Ibid

२४. Save the Children US and INSEC, Is There Room Enough? Dalit Recruitment Policies and Practices in Selected I/NGOs and Bi/Multilateral Organizations of Nepal; Kathmandu, Nepal; 2004; pp. 18-19

२५. Ibid

२६. सिविन, नेपालमा वाल अधिकारको स्थिति २००४, काठमाडौं pp. 10 -23

२७. इन्सेक, सशस्त्र द्वन्द्वले महिला र वालवालिकामा पारेको असरको अध्ययन प्रतिवेदन, काठमाडौं (०६१) पृ. ७

२८. राष्ट्रिय योजना आयोग, नवौं योजना, काठमाण्डौ (०५५) पृ. ६५१-६५२

२९. राष्ट्रिय योजना आयोग, दशौं योजना

३०. रिट नं. ३०५९, ३०६२, ३०७५ निर्णय मिति ०६१ कार्तिक १३

३१. रिट नं. २८१२, निर्णय मिति ०५७ जेठ २६

३२. 236 SC Bullrtin 2 (2059) p. 4

३३. रिट नं. ३६४३, निर्णय मिति– ०५६ असोज १२

३४. ने का प ०५३ अंक ७ पृ. ५३७

३५. ने का प ०५२ अंक ६ पृ. ४६२

३६. रिट नं. निर्णय मिति २०६१/४/१४

३७. ने का प ०५८ अंक ७-८ पृ. ४२३

३८. माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समिति, माओवादी समस्या र समाधानका लागि सुझाव, ०५७, पृ. ५८

अनुसूची १

सन् २००४ र मानवअधिकार उल्लंघनका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्ष पुस्तकमा सन् २००४ भरिका अर्थात् ०६० पुस १७ देखि ०६१ पुस १६ गतेसम्मका घटनाहरु समावेश गरिएका छन्।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तर तथ्यांकमा समावेश गरिएको छैन।
- संकलन गरिएका मध्ये विश्वसनीय घटना मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनालाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्ष पुस्तकले राखेको छ। पुस्तकमा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्ष पुस्तकका निम्ति घटना संकलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्ला-जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना संकलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको संकलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्ष पुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरु मध्ये ठूला ६ वटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरु विभक्त गरी जिल्लागत रुपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना सम्पत्ति क्षति भएका घटनाहरुलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षक अन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विद्युतीय धराप सम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामन्यत: व्यक्तिगत तवरमा भएका घटनालाई विवरणमा नदिई तथ्यांकमा मात्र समावेश गरिएको छ।
- बेवारिसे बमका कारण भएका घटना र कतिपय विवादास्पद घटनाहरु (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि अन्यबाट अन्तर्गत शीर्षकमा समावेश गरेका छौं।
- जिल्लाको तथ्यांकमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट संकलित तथ्यांक नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- गत वर्षदेखि मानवअधिकार वर्ष पुस्तकमा समेटिएका घटनाको अनुगमनलाई "विगतको अनुगमन" शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्ष पुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरु पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षक अन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

तथ्यांकका अन्य स्रोत

क. केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय प्रतिवेदन २००१
ख. Nepal Human Development Report, UNDP 2004
ग. स्थानीय सामाजिक संघ, संस्था र व्यक्तिहरु
घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरु
ङ. १९९२ देखि २००४ सम्मका मानवअधिकार वर्ष पुस्तक
च. District Development Reoprt of Nepal, 2004, Publisher, Informal Sector Research and Study Centre
छ. विविध

पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० संखुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुंगा

१.१६ सोलुखुम्बु

१.१ झापा



जनसंख्या :	७२९७५८
साक्षरता प्रतिशत :	७५.८५
महिला साक्षरता प्रतिशत :	६७.८०
क्षेत्रफल (वर्ग कि. मि.) :	१६०६
गाविस/नपा संख्या :	४७/३
निर्वाचन क्षेत्र :	५
विद्यालय :	५७२
क्याम्पस/उच्च मा.वि. :	७/३९
अस्पताल/ स्वास्थ्य चौकी :	७/५६
टेलिफोन लाइन :	१२०००
मोटर सडक (कि. मि.) :	५८१
प्रहरी कार्यालय संख्या :	७
हुलाक संख्या :	५५
मानव विकास सूचकांक :	०.४९४
प्रति परिवार सरदर संख्या :	५.२१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

बालुवाडी गाविसका माओवादी कार्यकर्ता ३० वर्षीय विजय राजवंशीको ०६० पुस २५ गते राजगढ वजारमा गस्तीमा गएका सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

खुदुनावारी गाविस-१ फर्सिगाउँमा माओवादी कार्यकर्ताहरु ५० वर्षीय प्रेमवहादुर राई, ३५ वर्षीय सुदर्शन लिम्बू, २५ वर्षीय क्षितिज र २५ वर्षीय मिक्सोको ०६० पुस २७ गते गस्तीमा गएका सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

गोल्धाप गाविस घर भएका माओवादी कार्यकर्ता २८ वर्षीय टंक न्यौपानेको ०६० फागुन २९ गते धरमपुर गाविस-३ स्थित एक घरमा वसिरहेको अवस्थामा सुरक्षाकर्मीले प्रहार गरेको गोलीवाट मृत्यु भयो।

पृथ्वीनगर गाविस-२ का माओवादी कार्यकर्ता ३५ वर्षीय मानवीर राईको ०६१ जेठ ३१ गते जलथल गाविस-६ वडावारीमा सुरक्षाकर्मीको गोलीवाट मृत्यु भयो।

इलाम जिल्ला शान्तिपुर गाविस-७ का माओवादीका इलाम जिल्ला सदस्य ३५ वर्षीय तुलसी प्रधान ०६१ साउन ६ गते विहान घरैबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी खुदुनावारी गाविस-१ साधुटारमा गोली हानी मारिए।

शान्तिनगर गाविस-४ का माओवादी कार्यकर्ताहरु २२ वर्षीय डिल्लीराम गौतम र मोरङ जिल्ला शनिश्चरे गाविस-६ का २५ वर्षीय जीवन श्रेष्ठ ०६१ भदौ २२ गते दिउँसो मेचीनगर नपा-७ स्थित एक घरमा सेल्टर लिई वसिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए।

इलाम जिल्ला इरौटार गाविसका माओवादी कार्यकर्ता २३ वर्षीय पूर्णबहादुर गुरुङ ०६१ असोज २४ गते सुरक्षाकर्मीको कारवाहीमा बाहुनडाँगी गाविस-४ मा मारिए।

इलाम जिल्ला शान्तिपुर गाविसका माओवादी पार्टीको झापा जिल्ला सेक्रेटरी २८ वर्षीय देवेन्द्र पौडेल र राजगढ गाविस-५ का ३ नं. एरिया सेक्रेटरी २६ वर्षीय केशव रिजाल ०६१ कार्तिक ३० गते दिउँसो वाटोमा सुरक्षा जाँचमा वसेका सुरक्षाकर्मीद्वारा घैलाडुब्वा गाविस-८ खाडीवस्तीमा गोली प्रहार गरी मारिए।

तोपगाछी गाविसका अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष २५ वर्षीय अविरल भनिने रमेश सुवेदी र दमक नपा-१८ का १ नं. एरिया सेक्रेटरी २५ वर्षीय विष्णु प्रधान ०६१ मंसिर ६ गते बेलुकी मोटरसाइकल चढी जाँदै गर्दा गौरादह गाविस-४ को दमक-गौरीगञ्ज सडक खण्डको मूलबाटोमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

राजगढ गाविस-४ का २२ वर्षीय खिरेन राजवंशीलाई सुराकीको आरोपमा ०६० माघ ९ गते माओवादीले राजगढ वजारमा धारिलो हतियार र गोली हानी हत्या गरे।

गोलधाप गाविस-२ का २५ वर्षीय हरिराज लिम्बूलाई गोलधाप वजार नजिकै हिंडिरहेको अवस्थामा सुरक्षाकर्मी भएको आशंकामा ०६० फागुन १४ गते माओवादीले गोली हानी हत्या गरे।

वाहुनडाँगी जाने यात्रुवाहक वसमा ०६० फागुन २२ गते माओवादीले गाडागली चोकमा अन्धाधुन्ध गोली चलाउँदा वाहुनडाँगी गाविसकी ९ वर्षीय गायत्री निरौलाको मृत्यु भयो।

पाँचथर जिल्ला नवमीडाँडाका २३ वर्षीय कुवेर

दर्नाललाई नक्कली माओवादी भई समाजमा आतंक मच्चाएको आरोपमा ०६० चैत २ गते माओवादीले वनियानीबाट अपहरण गरी गोल्धाप गाविस-१ मा ल्याई गोली हानी हत्या गरे।

बुधबारे गाविस-१ घर भई राष्ट्रिय अनुसन्धान कार्यालय, झापामा कार्यरत प्रहरी हवल्दार ३५ वर्षीय बलभद्र भट्टराईलाई बुधबारे ओशो ध्यानकेन्द्रमा ध्यान गरिरहेको अवस्थामा बाहिर बोलाई ०६० चैत ८ गते दिउँसो माओवादीले गोली हानी हत्या गरे।

चुलाचुली गाविस-६ का ४३ वर्षीय चेतनप्रसाद वान्तवालाई ०६० चैत १० गते दिउँसो ३.३० बजे दमक नपा-१० स्थित जोशीचोकमा साइकल चढेर घर फर्कने क्रममा माओवादीले गोली हानी हत्या गरे। उनलाई टाउकोमा र ढाडमा गरी ३ गोली लागेको थियो। माओवादीहरुले उनीबाट १ थान पेस्तोल र १ थान मोबाइल सेट लगे। माओवादी प्रतिकार समितिमा ०५७ सालबाट नै क्रियाशील वान्तवालाई जनदुश्मनको संज्ञा दिदै कारवाहीको लिष्टमा परेको सूचनासमेत माओवादीले प्रकाशित गरिसकेको थियो। उनलाई प्रतिकार गर्न ०५९ सालबाट नै हतियारसमेत दिइएको थियो। उनीमाथि नामुद तस्करी र फटाहा भएको आरोप माओवादीको छ। चुलाचुली र बाँझोमा गरी लगभग १ सय ५० जनाको संख्यामा रहेको प्रतिकार समितिको नेतृत्व वान्तवाले गर्दै आएका थिए।

सतासीधाम गाविस-९ का ४१ वर्षीय मोहन रोक्कालाई नक्कली माओवादी बनी जथाभावी समाजमा आतंक मच्चाएको आरोपमा ०६० चैत २३ गते गौरादह बजारमा माओवादीले गोली हानी हत्या गरे।

तोपगाछी गाविस-१ की ५८ वर्षीय टंककुमारी दाहाललाई आफ्नी बुहारीको हत्या गरेको आरोपमा ०६१ वैशाख २५ गते माओवादीले घाँटीमा खुकुरी प्रहार गरी घरनजिकै हत्या गरे।

राजगढ गाविस-५ का ३९ वर्षीय लेवु राजवंशीलाई नक्कली माओवादी भई आतंक मच्चाएको आरोपमा ०६१ जेठ ८ गते माओवादीले राजगढ बजारमा पुऱ्याई गोली हानी हत्या गरे।

शरणामती गाविस-४ का २२ वर्षीय कुमारलाल चौधरीलाई नक्कली माओवादी भएको भन्दै ०६१ जेठ ८ गते माओवादीले कुटपिट गरी हत्या गरे।

सिन्धुली जिल्ला रातमाटा घर भई जब्बरजंग गण चन्द्रगढीमा कार्यरत शाही नेपाली सेनाका अमल्दार तिलक देवकोटालाई ०६१ जेठ १३ गते भद्रपुर बजार गएको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

मेचीनगर नपा-८ का २६ वर्षीय दीपक नेम्वाङलाई समाजमा विकृति-विसंगति फैलाएको आरोपमा ०६१ जेठ १७ गते माओवादीले घरनजिकैको चोकबाट अपहरण गरी लगेकोमा भोलिपल्ट स्थानीय राईसिङ खोलामा उनको लाश फेला पऱ्यो।

बैगुन्धुरा गाविस-६ का ३५ वर्षीय चेतन निरौलालाई नक्कली माओवादी बनी समाजमा आतंक मच्चाएको र जथाभावी चन्दा संकलन गरेको आरोपमा ०६१ जेठ २३ गते दिउँसो घैलाडुब्बा बजारबाट माओवादीले अपहरण गरी राति सोही स्थानमा ल्याई गोली हानी हत्या गरे।

राष्ट्रिय वाणिज्य बैंक दमकमा सुरक्षार्थ खटिएका सादा पोशाकमा रहेका शाही नेपाली सेनाका जवान २२ वर्षीय हर्क सुब्बालाई ०६१ जेठ ३१ गते माओवादीले गोली हानी हत्या गरे।

अनारमनी गाविस-५ घर भई राष्ट्रिय अनुसन्धान कार्यालय, झापाका असई शिरोमणी ओलीलाई ०६१ भदौ ३०

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३८	१८	११	२९	३०	१९	२		३१	९	४१			४१
घाइते	४	४	२	६	६	६			६	२	२			२
बम विस्फोट					१			१	१					
गिरफ्तारी यातना										४२	६२	३		६४
बेपत्ता										३	४			४
कुटपिट	२	२		२	१९	२९	२		३१	८	१४	१	१०	२४
धम्की					१	१			१					
भेला/संगठित हुने अधिकार										४	१५		१	१६
महिलाअधिकार	१४		१८	१८						१		१		१
बालअधिकार	११		१६	१६										
आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार	३	४		४	१	३	१		४					
अमानवीय व्यवहार	३	२	१	३	३	४	२		६					
अपहरण	१	१		१	८५	१७६	१९		१९८					
जम्मा	[illegible]	३१	४९	८०	९६	१९०	२६	१	२१६	६६	१२४	५	११	१४०

गते बिहान आफ्नै घर बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

मोरङ जिल्ला विराटनगर उमनपा-१८ घर भई इलाका प्रहरी कार्यालय, धुलाबारीका असई विनय देवान र जिल्ला हल्दिबारी गाविस-६ घर भई सोही कार्यालयका प्रहरी हवल्दार प्रेमकुमार राईलाई ०६१ भदौ ३१ गते दिउँसो चन्द्रगढीबाट मोटरसाइकलमा कार्यालयतर्फ जाँदै गर्दा मेचीनगर नपा-२ महेन्द्र राजमार्गको नाती समिल नजिकै माओवादीले गोली हानी हत्या गरे।

जलथल गाविस-६ का राप्रपा झापा जिल्ला उपाध्यक्ष ५४ वर्षीय केशव कन्दङ्वालाई सुराकीको आरोपमा ०६१ असोज ८ गते बेलुकी माओवादीले घरबाट बोलाई घर नजिकै टाउको र छातीमा गोली हानी हत्या गरे ।

संखुवासभा जिल्ला घर भई १३ दिन अगाडि शाही नेपाली सेनामा प्रवेश गरी बटुकदल गण चारआलीमा तालिमरत सेनाका जवान १८ वर्षीय कमल राईलाई ०६१ असोज १८ गते दिदीको घर जाँदै गर्दा खुदुनाबारी बजारबाट माओवादीले अपहरण गरी सोही बजारभन्दा केही दक्षिण सुखानी खोलामा पुऱ्याई राति गोली हानी हत्या गरे।

गौरादह गविस-४ का ४४ वर्षीय कृष्ण खड्कालाई आफ्ना कार्यकर्ता रमेश सुवेदी र विष्णु प्रधानलाई मार्न प्रमुख भूमिका खेलेको आरोपमा ०६१ मंसिर ८ गते माओवादीले अपहरण गरी ०६१ मंसिर ९ गते गौरादह हाँसखोरामा पुऱ्याई गोली हानी हत्या गरे।

गोली/ बम/विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

चारपाने गाविस-१ का १५ वर्षीय दिनेश मगर एम्बुलेन्समा बिरामी लिई अगाडि बसेर गइरहेको अवस्थामा चन्द्रगढी केन्द्रमोडमा प्रहरीले ०६० चैत ११ गते बेलुकी अन्धाधुन्ध गोली चलाउँदा देब्रे पाखुरामा गोली लागी सख्त घाइते भएकोमा लामो उपचारपछि स्वस्थ भए।

जलथल गाविस-४ का शम्भु मेचेलाई ०६१ मंसिर २ गते दिउँसो माओवादीको आशंकामा सुरक्षाकर्मीले गोली हान्दा दायाँ तिघ्रामा लागी गम्भीर घाइते भए। पीडित घर नजिकै बसिरहेकोमा डाँका आएको सम्झी सुरक्षाकर्मीतर्फ आउँदै गर्दा एक्कासी गोली प्रहार गरिएको थियो।

माओवादीबाट

राजगढका २८ वर्षीय रामभगत साहलाई सुराकीको आरोपमा ०६० पुस २७ गते माओवादीले टाउको र ढाडमा गोली हानी घाइते पारे।

सुरुङ्गा गाविस-२ महेन्द्र राजमार्गको बाघेखोलाको पुलमा कन्काई मावि सुरुङ्गामा भइरहेको एसएलसी

सुरक्षाकर्मीको कारवाहीमा मारिएका अविरल भनिने रमेश सुवेदी

परीक्षाको प्रश्न पत्र लगिरहेको सेनाको गाडी ०६० चैत २२ गते माओवादीले थापेको विद्युतीय धरापमा पर्दा चालक रामबहादुर चौहान सामान्य घाइते भए।

जुरोपानी गाविसको ग्वालडुब्बा बजारमा धनकुटा घर भई युनिफाइड कमाण्ड गौरीगञ्ज बेस क्याम्पमा कार्यरत प्रहरी जवान दिनेश सुवेदीलाई ०६१ असोज ५ गते दिउँसो माओवादीहरुले तिघ्रामा र छातीमा गोली हानी घाइते पारे।

जेल र बन्दीहरु

झापा जेलको बन्दी क्षमता कूल २ सय जना भए पनि ३ सय ४२ जना बन्दीहरु राखिएको छ। जेलमा चाहिने आधारभूत आवश्यकताका सुविधाहरु उपलब्ध छैनन्।

यस वर्ष कैद नतोकिएका १ सय ६५ पुरुष र ११ जना महिला छन् भने, कैद तोकिएकोमा १ सय ५८ जना पुरुष, ७ जना महिला र १ जना नाबालक गरी १ सय ६६ जना छन्। जेलको भौतिक अवस्था जीर्ण रहेको र औषधी उपचारको व्यवस्था राम्रो नभएको बन्दीहरुको गुनासो छ। जेलमा ५१ जना विदेशी बन्दीहरु राखिएको छ, जसमध्ये १७ जना पुरुष र १ महिला भारतीय छन् भने ३३ जना भुटानी शरणार्थीहरु छन्।

माओवादीको आरोपमा ३९ पुरुष र ५ महिलालाई आतकंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश र शान्ति सुरक्षा ऐन अन्तर्गत थुनुवाको रुपमा नजरबन्दमा राखिएको छ। माओवादी आरोपमा नजरबन्दमा रहेका व्यक्तिहरुलाई म्याद सकिएर अदालतबाट छोडिएता पनि, लगत्तै सादा पोशाकमा सुरक्षाकर्मीले गिरफ्तार गरी पुन: नजरबन्दमा राख्ने गरिएको छ।

बेपता/अपहरण

राज्यबाट

पाँचथर जिल्ला नवमीडाँडा गाविसका माओवादीका प्लाटुन कमाण्डर असिम भनिने दिलबहादुर आङ्दम्बेलाई ०६१ मंसिर २२ गते दिउँसो पश्चिमबाट पूर्वतर्फ आउँदै गर्दा

लखनपुर पाडाजुङ्गीको सशस्त्र प्रहरी वल पाथीभरा गणको सुरक्षा जाँचमा सुरक्षाकर्मीले मोटरसाइकलसहित गिरफ्तार गरी वेपत्ता पारे।

माओवादीबाट

चकचकी गाविस-२ का ४६ वर्षीय दयानन्द गोस्वामीलाई सुराकीको आरोपमा ०६० चैत १७ गते माओवादीले अपहरण गरी ०६० चैत १८ गते मुक्त गरे।

महारानीझोडा गाविस-५ घर भई पाथिभरा सशस्त्र प्रहरी गण पाडाजुङ्गीका प्रहरी हवल्दार जीवन उप्रेतीलाई ०६१ वैशाख ८ गते माओवादीले अपहरण गरी वैशाख २२ गते जागिर छोड्ने शर्तमा मुक्त गरे।

धरमपुर गाविस-३ का हिमाली प्रावि घैलाडुव्वाका प्रधानाध्यापक केशव ओझालाई आफ्ना कार्यकर्ता विरुद्ध सुराकीको आरोपमा ०६१ वैशाख २३ गते माओवादीले विद्यालयबाटै अपहरण गरेपछि उनी माओवादीको कब्जावाट भागेकोमा माओवादीले उनीमाथि लागेका सवै आरोपमा छुट दिई मुक्त गरे। अहिले उनी साविक स्थानमा नै कार्यरत छन्।

गौरादह गाविस-९ का राप्रपा कार्यकर्ता शेरवहादुर खड्कालाई मनोनित गाविस अध्यक्षको पदबाट राजीनामा दिनुपर्ने भन्दै ०६१ वैशाख २७ गते घरबाट माओवादीले अपहरण गरी वैशाख २८ गते राजीनामा दिने शर्तमा मुक्त गरे।

जुरोपानी गाविस-६ का शोभाध्वज माक्रालाई मनोनित गाविस अध्यक्ष पदवाट राजीनामा दिनुपर्ने भन्दै ०६१ वैशाख २७ गते घरवाट माओवादीले अपहरण गरी वैशाख २८ गते पद छोड्ने शर्तमा मुक्त गरे।

पृथ्वीनगर गाविस-५ का प्रेम अधिकारीलाई भारतीय गुप्तचर संस्था सिविआईको एजेण्ट भई काम गर्दै भारतलाई माओवादीवारे जानकारी दिएको आरोपमा ०६१ असार ६ गते घरैवाट माओवादीले अपहरण गरेकोमा ०६१ असार १६ गते जागिर छाड्ने शर्तमा मुक्त गरे।

शनिश्चरे गाविस-२ का सुरेन्द्र धिमाललाई आफ्ना कार्यकर्ताहरुको वारेमा सेनालाई सुराकी गर्ने गरेको आरोपमा ०६१ साउन ३२ गते माओवादीले घरैवाट अपहरण गरी आइन्दा यस्तो कार्य नगर्ने शर्तमा भदौ १ गते मुक्त गरे।

महाभारा गाविस-६ का भरत राजवंशी र उनकी वहिनी सन्तोषी राजवंशीलाई माओवादीले ०६१ भदौ १२ गते अपहरण गरी भदौ १३ गते मुक्त गरे।

पञ्चरत्न निमावि चारपानेका शिक्षक भवानी राजवंशी र मोहनमाया निमावि चारपानेकै शिक्षक डम्वर देउजालाई आफूहरु सरकारी विद्यालयको शिक्षक भई छोराछोरी बोर्डिङ स्कुलमा पढाएको आरोपमा ०६१ भदौ १४ गते माओवादीले आ-आफ्नै घरवाट अपहरण गरेकोमा छोराछोरी वोर्डिङ्वाट निकाल्ने शर्तमा भोलिपल्ट मुक्त गरे।

चद्रगढी गाविस-४ का राष्ट्रिय अनुसन्धान कार्यालय झापामा कार्यरत प्रहरी हवल्दार रमेश राजवंशीलाई ०६१ भदौ १७ गते माओवादीले अपहरण गरी जागिर छोड्ने शर्तमा भदौ १९ गते मुक्त गरे।

मेचीनगर नपा-७ का पशुपतिप्रसाद गण, सिन्धुलीमा कार्यरत सेनाका जवान तारा खनाललाई ०६१ भदौ १८ गते माओवादीले घर आएको समयमा अपहरण गरी भदौ १९ गते जागिर छोड्ने शर्तमा मुक्त गरे।

जनता मावि गौरादहका प्रधानाध्यापक वुद्धिमान कार्कीलाई आफू सरकारी विद्यालयको शिक्षक भई छोराछोरी वोर्डिङ् स्कूलमा पठाएको आरोपमा ०६१ भदौ २८ गते माओवादीले अपहरण गरी छोराछोरी बोर्डिङ्वाट निकाल्ने शर्तमा भदौ ३० गते मुक्त गरे।

शिवगञ्ज गाविसका नेकाँ महासमिति सदस्य पुण्य ढकाल, कार्यकर्ताहरु भोला मैनाली, पाँचगाछीका भक्ति सिटौला, सूर्यनारायण ताजपुरिया र एमालेका जिल्ला कमिटी सदस्य तथा नेपाल शिक्षक संगठनका केन्द्रीय सदस्य खोदनाथ चापागाई र एमाले कार्यकर्ता अम्विका अधिकारीलाई माओवादीले ०६१ असोज १ गते शिवगञ्जको विभिन्न ठाउँवाट अपहरण गरी असोज २ गते मुक्त गरे।

बनियानी गाविस-८ का कपडा व्यापारी भुपाल दंगाललाई सुराकी गरेको आरोपमा कपडा वेच्न पथरीया वजार गएको अवस्थामा ०६१ असोज २ गते माओवादीले अपहरण गरी आइन्दा यस्तो कार्य नगर्ने शर्तमा असोज ४ गते मुक्त गरे।

पाँचगाछी गाविस-६ घर भई गुरुध्वज गुल्म संखुवासभामा शाही नेपाली सेनामा कार्यरत सैनिक जवान अमर श्रेष्ठलाई ०६१ कार्तिक १२ गते दशैंमा घर आएको समयमा माओवादीले अपहरण गरी जागिर छोड्ने शर्तमा कार्तिक १६ गते सञ्चारकर्मी तथा इन्सेक प्रतिनिधिको रोहवरमा मुक्त गरे।

धरमपुर गाविस-३ घर भई शाही नेपाली सेनामा कार्यरत दाजुभाई अमृत वस्नेत र भद्रवहादुर वस्नेतलाई दशैमा घर आएको वेला ०६१ कार्तिक २९ गते घरैवाट माओवादीले अपहरण गरी जागिर छोड्ने शर्तमा मंसिर २ गते सञ्चारकर्मी तथा इन्सेक प्रतिनिधिको रोहवरमा मुक्त गरे।

लखनपुर गाविस घर भई तोपगाछी गाविस कार्यालयका सचिव विष्णु पौडेललाई माओवादी नीति निर्देशन विपरीत काम गरेको भन्दै ०६१ मंसिर २ गते कार्यालयबाटै माओवादीले अपहरण गरी जागिर छोड्ने शर्तमा सोही दिन मुक्त गरे।

अन्यबाट

दमक नपा-१ का ४७ वर्षीय हेमलाल सुवेदीलाई ०६० माघ २० गते विहान आफ्नै घरबाट अज्ञात व्यक्तिले अपहरण गरी वेपत्ता पारे। पीडितको स्थिति हालसम्म अज्ञात छ।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

मेचीनगर नपा-१० का साना व्यापारीहरु काले यादव, विनोद सहनी र मंगल राजवंशीलाई जथाभावी पसलहरु राखेको आरोपमा स्थानीय काँकडभिट्टा इलाका प्रहरी कार्यालयका प्रहरीले ०६० चैत २० गते वेलुकी कुटपिट गरे।

राष्ट्रिय वाणिज्य वैंक, विर्तामोड शाखाका कर्मचारीहरु जयेन्द्र प्रमाई र यादव पराजुलीलाई ०६१ भदौ १६ गते कर्फ्यूको समयमा कार्यालयभित्र वसी काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले अपशव्द प्रयोग गर्दै कुटपिट गरी गम्भीर घाइते पारे।

पूर्वाञ्चल दैनिक विर्तामोडका पत्रकार रवीन मण्डललाई ०६१ भदौ १६ गते दिउँसो विर्तामोड वजारमा कर्फ्यू लाग्नुभन्दा अगाडि आफ्नो निवासतर्फ जाँदै गर्दा "म पत्रकार हुँ" भनी परिचय पत्र देखाउँदा पनि सुरक्षाकर्मीले फलामको रडले कुटपिट गरी घाइते वनाए।

माओवादीबाट

वाहुनडाँगीस्थित तेलपानी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष पर्शुराम पोखरेललाई पार्टीलाई सहयोग नगरेको भन्दै ०६० माघ ४ गते माओवादीले कुटपिट गर्दा हात तथा खुट्टामा चोट लाग्यो। उपचारपश्चात् उनी स्वस्थ भए।

घैलाडुव्वा गाविस-५ का गंगावहादुर थापालाई आफ्ना घर-परिवारका सदस्यहरुलाई दुर्व्यवहार गरेको आरोपमा ०६१ वैशाख १४ गते माओवादीले घरैमा आई लाठी तथा मुग्रो प्रहार गरी दुई हात-खुट्टा भाँचिदिए। पीडित उपचारपश्चात् सामान्य भएका छन्।

मेचीनगर नपा-६ का रमेश आचार्यलाई माओवादीले छिमेकी महिलालाई यौन दुर्व्यवहार गरेको आरोपमा ०६१ जेठ १९ गते मासो दली यातना दिई माफी मगाए।

मुरुङ्गा कोटीहोममा किराना पसल सञ्चालन गरी वस्ने सन्तोष रिजालला‌ई यौन दुराचारीको आरोप लगाई ०६१ साउन ३० गते माओवादीले कुटपिट गर्दा दायाँ खुट्टा भाँचिनुका साथै शरीरका विभिन्न भागमा चोट-पटक लाग्दा गम्भीर घाइते भए। त्यसैगरी स्थानीय गणेश रावनलाई पनि माओवादीले सोही दिन कुटपिट गरी सामान्य घाइते वनाए।

महारानीझोडा गाविस-७ का विष्णु चुडाललाई ०६१ भदौ २ गते राति उनकी वुहारीको शंकास्पद मृत्यु भएको भन्दै अनुसन्धान गर्ने नाममा माओवादीले गम्भीर कुटपिट गरे।

पृथ्वीनगर गाविस-८ का एमाले जिल्ला कमिटी सदस्य प्रदीप मेयाङ्वोलाई सुराकीको आरोपमा ०६१ भदौ ४ गते वेलुकी आफ्नै घर नजिकै माओवादीले कुटपिट गर्दा दुवै हात भाँचिनुका साथै शरीरका विभिन्न भागमा गम्भीर चोटपटक लागेकोमा मेची अञ्चल अस्पताल, भद्रपुरमा उपचार गरियो।

वाहुनडाँगी गाविस-२ का शम्भु निरौलालाई चोरीको सामान खरीद गरेको आरोपमा ०६१ भदौ १४ गते माओवादीले कुटपिट गरे।

शनिश्चरे गाविस-६ का गंगा प्रसाईंलाई सुराकीको आरोपमा ०६१ भदौ २० गते साँझमा घरैमा आई माओवादीले कुटपिट गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सरकारद्वारा विद्यार्थीहरुमाथि भएको ज्यादतीको विरोधमा सात विद्यार्थी संगठनद्वारा ०६० पुस २३ गते विर्तामोडमा आयोजित शान्तिपूर्ण जुलुशमाथि प्रहरीले अन्धाधुन्ध लाठी र अश्रुग्याँस प्रहार गर्दा अखिल एकीकृतका नेता ज्योति सिंह दर्लामी र एमाले निकट अनेरास्ववियुका मदन खरेल घाइते भई स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गराए।

विर्तामोडको लागु पदार्थ दुर्व्यसनी पुनर्स्थापना केन्द्रले ०६१ मंसिर १६ गते विश्व एड्स दिवसको अवसरमा निकालेको शान्तिपूर्ण जुलुशले आधाघण्टा सडक जाम गरी विरोध गर्ने कार्यक्रम अन्तर्गत विरोध प्रदर्शन गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरी संस्थाका सदस्यहरु गुरु ओली, सवीन ढकाल, लीला खतिवडा, नवीन पोखरेल, अर्जुन भट्टराई, अर्जुन संग्रौला, राजु धमला, राजु गौतम र मनोज वुढाथोकीलाई १ घण्टापछि सकुशल रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी फौजदारी मुद्दा ९५ वटा दर्ता भएकोमा १४ वटा फर्स्यौट भए। त्यसैगरी सरकारवादी फौजदारीतर्फ १ सय ८८ वटा मुद्दा दर्ता भएकोमा ७७ वटा फर्स्यौट भए भने देवानीतर्फ २ सय ६३ दर्ता भएकोमा ८४ वटा फर्स्यौट भए। संक्षिप्त देवानीतर्फ ६४ वटा मुद्दा दर्ता भएकोमा ३३ वटा फर्स्यौट भए भने वाल इजलासतर्फ २ वटा मुद्दा दर्ता भएकोमा २ वटै फर्स्यौट भए।

यस वर्ष जिप्रका (मातहतका प्रहरी कार्यालय समेत) मा चोरी, डकैती, ज्यान, देवानी, सडक दुर्घटना, आगो

लगाउने, भवितव्य, ज्यानमार्ने उद्योग गरी कूल ४ सय ८ वटा उजुरी दर्ता भए।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६० को दफा ९ र सोही अध्यादेश २०६१ को दफा ९ बमोजिम जिल्ला प्रशासन कार्यालय, झापाबाट ४८ जनालाई माओवादीको आरोपमा मुद्दा चलाइएकोमा नजरबन्द अन्तर्गत झापा जेलमा राखिएको छ।

सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा ३.१ र दफा ५.२.१ बमोजिम जिल्ला प्रशासन कार्यालय झापाबाट जम्मा ५७ जना व्यक्तिलाई मुद्दा चलाइएकोमा धेरैजना व्यक्तिहरु नजरबन्दमा रहेका छन् भने केही नजरवन्द मुक्त भइसकेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

तोपगाछी गाविस-१ का नरबहादुर खड्कालाई सुराकीको आरोपमा ०६१ पुस ८ गते माओवादीले घरमा तालाबन्दी गरी विस्थापित गराए।

संरचना/सम्पत्ति क्षति

मेचीनगर नपाको भवनमा ०६१ वैशाख १५ गते राति माओवादीले शक्तिशाली बम विस्फोट गराउँदा भवनमा क्षति पुग्यो भने कम्प्युटर टेलिफोन सेटसमेत उनीहरुले नै लिएर गए।

यसवर्ष यस जिल्लामा १ गाविस भवन, १ नयाँ भवन, १ कृषि विकास बैंक, १ इलाका प्रहरी कार्यालयको खाली चौकी प्रहरी कार्यालयमा माओवादीले विस्फोट गराई करिब ३० लाख रुपैयाँ बराबरको भौतिक क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सुरुङ्गा गाविसका माओवादी पार्टीका तत्कालीन २ नम्बर एरिया सेक्रेटरी पुरुषोत्तम चुडाल र घेराबारीका गंगा राजवंशीलाई ०६० पुस २७ गते सुरक्षाकर्मीले सुरुङ्गाको प्रजापति क्षेत्रबाट गिरफ्तार गरे। पीडितहरुलाई हाल कारागार शाखा झापामा नजरबन्दमा राखेको छ।

सुरुङ्गा गाविस-५ का राजेश घतानी र राजेश लाम्गादेलाई ०६० फागुन ३० गते धरानबाट सुरुङ्गातर्फ जाँदै गर्दा सशस्त्र प्रहरी गण पाथीभरा लखनपुरका सुरक्षाकर्मीले माओवादीको आरोपमा पाडाजुगीमा गिरफ्तार गरी आँखामा पट्टी बाँधी गम्भीर कुटपिट गरी राजेश लाम्गादेलाई तत्काल रिहा गरे भने राजेश घतानीलाई बटुकदल गण चारआलीमा सैनिक हिरासतमा राखी ०६० चैत १९ गते तारेखमा रिहा गरे।

घेराबारी गाविस-६ की अनेमसंघ (क्रान्तिकारी) झापाकी सदस्य २८ वर्षीय भगिरथा अधिकारीलाई ०६१ वैशाख ११ गते संयुक्त सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी शान्ति सुरक्षा ऐनअन्तर्गत नजरबन्दमा राखी ६ महिनापछि जिल्ला अदालतको रोहवरमा रिहा हुने बित्तिकै ०६१ कार्तिक १३ गते अदालत परिसर बाहिरबाट सादा पोशाकका सुरक्षाकर्मीहरुले पक्राउ गरी पुन: झापा जेलमै नजरबन्दमा राखिएको छ।

शिवगञ्ज गाविस-३ का माओवादी कार्यकर्ता डिल्लीराम आचार्यलाई ०६१ जेठ ९ गते संयुक्त सुरक्षाकर्मी बेस क्याम्प गौरीगञ्जले माहारानीझोडा गाविस-७ डोरामाडीबाट गिरफ्तार गरी हाल झापा जेलमा नजरबन्दमा राखेको छ।

दमक नपा-५ का नरहरि आचार्यलाई माओवादीको आरोपमा ०६१ जेठ ९ गते सादा पोशाकका सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी ०६१ जेठ २५ गते तारेखमा रिहा गरे।

महाभारा गाविस-१ का ३५ वर्षीय बलराम थपलियालाई ०६१ जेठ १० गते माओवादीको आरोपमा सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ जेठ २५ गते बटुकदल गण चारआलीबाट तारेखमा रिहा गरे।

महारानीझोडा गाविस-३ का नवीन पौडेललाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६१ जेठ १६ गते गिरफ्तार गरी बटुकदल गण चारआलीमा राखेकोमा एक हप्तापछि रिहा गरे।

खुदुनाबारी गाविस-२ का विष्णु तामाङ् र इलाम जिल्ला बदामटारका पदमबहादुर तामाङ्लाई सुरक्षाकर्मीले विर्तामोड शनिश्चरे सडकको सवारी जाँचमा माओवादीको आशंकामा ०६१ जेठ १७ गते गिरफ्तार गरी केही दिनपश्चात् बटुकदल गण चारआलीबाट सकुशल रिहा गरे।

राजगढ गाविस-५ का देवीप्रसाद दाहाललाई माओवादीको आरोपमा ०६१ जेठ २२ गते सादा पोशाकका सुरक्षाफौजले गिरफ्तार गरी कारागार शाखा झापामा नजरबन्दमा राखेका छन्।

शरणार्थी शिविर वेलडाँगीका शरणार्थीहरु बलराम प्रधान, चन्द्रलाल प्रसाईं, गंगालाल लामिटारे, डिल्लीराम दाहाललाई नेपालका माओवादीहरुसँग साँठगाँठ रहेको आरोपमा ०६१ जेठ २४ गते शिविरबाटै गिरफ्तार गरे। बलराम प्रधान र चन्द्रलाल प्रसाईंलाई थुनामा राखेको छ भने अन्यलाई सोधपुछपछि तत्काल रिहा गरियो।

चारपाने गाविस-७ का मातृका दंगाललाई ०६१ असार १ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बटुकदल गण चारआलीमा हिरासतमा राखी ०६१ असार १२ गते तारेखमा रिहा गरे।

दमक नपा-१५ का माओवादी कार्यकर्ता टंक अधिकारी, तोपगाछी गाविस-८ का नेत्र कार्की र सर्वसाधारणहरु महारानीझोडा गाविस-७ का शालिकराम भण्डारी, खड्ग भण्डारी र रोनिश अधिकारीलाई माओवादीको आरोपमा ०६१ असार १९ गते दिउँसो गौरीगञ्ज बेस क्याम्पका सुरक्षाकर्मीले स्थानीय डोरामाडी बजारबाट गिरफ्तार गरे। शालिकराम भण्डारी, खड्ग भण्डारी र रोनिश अधिकारीलाई बटुकदल गण चारआलीबाट एक हप्तापछि रिहा गरे भने टंक अधिकारी र नेत्र कार्की नजरबन्दमा छन्।

विर्तामोडबाट निस्कने पूर्वाञ्चल दैनिकका सह-सम्पादक सुब्रत न्यौपाने र कञ्चनजंघा एफएमका समाचारवाचक केशव भट्टराईलाई विर्तामोडको डेनियल होटलमा भएको पत्रकार सम्मेलनबाट निस्कँदै गरेको बेला सादा पोशाकमा आएका बटुकदल गण चारआलीका सुरक्षाकर्मीले ०६१ असार ३१ गते गिरफ्तार गरी ब्यारेकमा लगि २ घण्टासम्म मानसिक यातना दिई रिहा गरे।

विर्तामोडको भद्रपुर रोडमा प्रेस सञ्चालन गरी बस्ने भद्रपुरका शिवशंकर घोसलाई माओवादीका पर्चा-पम्प्लेट छापेको आरोपमा ०६१ साउन ९ गते प्रेसबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल, इटहरीमा तीन हप्तासम्म हिरासतमा राखी तारेखमा रिहा गरे।

दमक नपा-११ का पुष्प न्यौपाने, गौरादह गाविस-७ का पुष्प ढकाल, पाँचगाछीका याम गिरी, धरमपुरका दीपक बुढाथोकी र भोजपुरका देवराज राईलाई माओवादी भएको आरोपमा झापाका विभिन्न ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६१ साउन १० गते कारागारबाट अदालतको आदेशमा रिहा हुने बित्तिकै सुरक्षाकर्मीले पुनः गिरफ्तार गरी नजरबन्दमा राखेकोमा पुष्प ढकाल र पुष्प न्यौपाने केही समयपछि रिहा भए।

महारानीझोडा गाविस-७ का गणेश कार्की र लिलाराज मैनालीलाई माओवादीको आरोपमा ०६१ साउन २३ गते सुरक्षाकर्मीले स्थानीय डोरामारी बजारबाट गिरफ्तार गरी बटुकदल गण चारआलीमा हिरासतमा राखेकोमा लिलाराज मैनालीलाई ०६१ साउन २५ गते रिहा गरे भने गणेश कार्कीलाई नजरबन्दमा राखी ०६१ कार्तिक १३ गते अदालतको रोहवरमा रिहा गरे।

शरणामती गाविस-६ का सर्वसाधारण प्रकाश उप्रेतीलाई माओवादीको आरोपमा ०६१ साउन ३० गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी बटुकदल गण चारआलीमा राखी एक हप्तापछि कारागार शाखा झापामा नजरबन्दमा राखेकोमा हाल रिहा गरिएको छ।

ओखलढुङ्गाका माओवादी कार्यकर्ता पदमबहादुर राई, रामेछापका कृष्ण मगर र स्याङ्जाका रामप्रसाद पराजुलीलाई झापाका विभिन्न ठाउँबाट सुरक्षाकर्मीले विभिन्न मितिमा पक्राउ गरी कारागार शाखा, झापामा नजरबन्दमा राखेकोमा अदालतको आदेशबमोजिम ०६१ भदौ १० गते नजरबन्द मुक्त हुने बित्तिकै अदालत परिसर बाहिरबाट सुरक्षाकर्मीद्वारा पुनः गिरफ्तार गरी नजरबन्दमा राखियो।

घेराबारी गाविस-७ का माओवादी कार्यकर्ता गंगा राजवंशीलाई नजरबन्दमा राखिएकोमा अदालतको आदेशबमोजिम ०६१ भदौ ११ गते मुक्त हुने बित्तिकै सादा पोशाकका सुरक्षाकर्मीले अदालत परिसर बाहिरबाट पुनः गिरफ्तार गरी नजरबन्दमा राखियो।

बुधबारे गाविस-६ का पुण्य पौडेल, केदार घिमिरे, सोही गाविस-१ का जय घिमिरे र सोही गाविस-६ का ठाकुर कोइरालालाई ०६१ भदौ १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी अन्य तीनै जनालाई एक हप्ता बटुकदल गण चारआलीमा राखी रिहा गरे भने जय घिमिरेलाई नजरबन्दमा राखेको छ।

खुदुनाबारी गाविस-१ का हरि ढुंगेल, उनका छोरा देशबन्धु ढुंगेललाई माओवादीलाई आश्रय दिएको आरोपमा ०६१ भदौ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ सोधपुछ गरी रिहा गरे।

गोल्धाप गाविस-२ की पुष्पा उप्रेतीलाई माओवादीको आरोपमा ०६१ भदौ १८ गते सुरक्षाकर्मीले गोलधाप गाविस-२ स्थित मामा घरबाट गिरफ्तार गरी केही दिन बटुकदल गण चारआलीमा सैनिक हिरासतमा राखी हाल कारागार शाखा झापामा नजरबन्दमा राखिएको छ।

गोलधाप गाविस-९ का रामकुमार घिमिरेलाई माओवादीको आरोपमा ०६१ भदौ १९ गते घरैबाट बटुकदल गण चारआलीका सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ भदौ ३० गते रिहा गरे।

राजगढ गाविस-८ का एमाले कार्यकर्ता केशव बराललाई माओवादीको आरोपमा ०६१ भदौ २२ गते राति घरैबाट जबरजंग गण चन्द्रगढीका सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासतमा राखी ०६१ भदौ २६ गते रिहा गरे।

मेचीनगर नपा-७ का चन्द्रप्रकाश मैनाली, उनका छोरा दिनेश र नातेदार मुना नेपाललाई माओवादीलाई आश्रय दिएको आरोपमा ०६१ भदौ २२ गते बटुकदल गण चारआलीका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा चन्द्रप्रकाशलाई हप्तादिन पछाडि बटुकदल गण चारआलीबाट रिहा गरियो भने अन्य दुई जनालाई कारागार शाखा, झापामा नजरबन्दमा राखिएको छ।

धरमपुरका रमेश बुढाथोकी, गौरादहकी कमला रायमाझी, सतासीधामका टेकबहादुर कार्की र सोलुखुम्बु घर भई दुधेमा बस्ने चन्द्रकुमार राईलाई जिल्ला कारागारमा नजरबन्दमा राखिएकोमा ०६१ असोज ३ गते अदालतको

आदेशमा रिहा हुने बित्तिकै सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी नजरबन्दमा राखे।

वनियानी गाविस-४ का भोलानाथ दाहाललाई माओवादीको आरोपमा ०६१ असोज १० गते राति घरैवाट सुरक्षाकर्मीले गिरफ्तार गरी जवरजंग गण चन्द्रगढीमा राखी हप्तादिन पछि कारागार शाखा, झापामा नजरवन्दमा राखेकोमा ०६१ कार्तिक २३ गते अदालतको आदेशमा रिहा गरे।

वनियानी हुलाकका कर्मचारी आनन्द राजवंशीलाई माओवादीको आरोपमा ०६१ असोज १७ गते विहान सुरक्षाकर्मीले घरैवाट गिरफ्तार गरेकोमा १५ दिनपछि रिहा गरे।

अर्जुनधारा गाविस-४ का मनवहादुर शिवालाई माओवादीको आरोपमा ०६१ कार्तिक २४ गते खुदुनावारी बजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरी वटुकदल गण चारआलीमा राखेकोमा सोधपुछपश्चात् रिहा गरे।

कुमरखोद गाविसका नेपाल मुस्लिम नागरिक समाजका केन्द्रीय सदस्य ४० वर्षीय नसरुद्दीन अन्सारीलाई माओवादीको आरोपमा ०६१ मंसिर २० गते घरैवाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ मंसिर २५ गते रिहा गरे।

महारानीझोडा गाविस-८ का २३ वर्षीय टिकाराम दुलाल र २४ वर्षीय महानन्द दाहाललाई माओवादीको आरोपमा ०६१ पुस ६ गते सुरक्षाकर्मीले दमकवाट गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

बालअधिकार

महामारा गाविस-२ की १२ वर्षीय एक वालिकालाई ०६१ असार २० गते ५२ वर्षीय लक्ष्मी दाहालले वलात्कार गरे।

बेलडाँगी शरणार्थी शिविर-३ सेक्टर डी ४ की १५ वर्षीय एक वालिकालाई ०६१ साउन १९ गते शरणार्थीहरु अभिमन्यू माझी र रामचन्द्र राईले वलात्कार गरे।

वेलडाँगी शरणार्थी शिविर-३ की १५ वर्षीय एक वालिकालाई ०६१ साउन २८ गते विद्यालय जादै गर्दा स्थानीय दुई शरणार्थी युवकहरुले वलात्कार गरे।

मेचीनगर नपा-४ की ९ वर्षीय एक वालिकालाई सोही ठाउँका सुस्त मनस्थितिका नारायण उप्रेतीले ०६१ भदौ ६ गतेदेखि १३ गते सम्म पटक-पटक वलात्कार गरे। पीडकलाई स्थानीय भद्रभलाद्मीले माफ मगाई छाडिदिए।

वेलडाँगी शरणार्थी शिविर सेक्टर-३ इ (२) की ५ वर्षीय एक वालिकालाई उनकै वावु नरवहादुर गुरुङले ०६१ पुस ३ गते वलात्कार गरे। पीडक यो वर्पको अन्त्यसम्म प्रहरी हिरासनमा छन्।

वेलडाँगी शरणार्थी शिविर सेक्टर ३ इ (३) की १२ वर्षीय एक बालिकालाई उनकै वावु सानमान रसाइलीले ०६१ पुस ५ गते वलात्कार गरे। पीडक यो वर्पको अन्त्यसम्म प्रहरी हिरासतमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

महिला किनबेच

नुवाकोट जिल्ला घ्याङ्फेदी गाविस-७ की माया तामाङ र सीतामाया तामाङलाई सोही ठाउँका राजेश तामाङ र जन्तरे तामाङले बेच्नको लागि भारततर्फ लैजादै गर्दा मेचीनगर नपा-१ वाट ०६१ वैशाख १९ गते प्रहरीले पक्राउ गरे। पीडितहरुलाई माइती नेपालले परिवारको जिम्मा लगायो भने पीडकहरुलाई प्रमाणको अभाव भएको भन्दै इलाका प्रहरी कार्यालय, काँकडभिट्टाले रिहा गर्‍यो।

अनारमनीका १३ वर्षीय र ११ वर्षीय दुई बालिकालाई एक अज्ञात युवकले ललाई-फकाई भारतको दार्जिलिङ् लगेकोमा दार्जिलिङ्की एक महिला र भारतीय प्रहरीको सहयोगमा ०६१ कार्तिक १३ गते नेपाल फर्काइयो।

बलात्कार/बलात्कार प्रयास

मेचीनगर नपा-८ का राजन गिरीले घैलाडुब्वा मन्दिरमा ०६० चैत ८ गते पूजा गर्न आएकी ५५ वर्षीय एक महिलालाई वलात्कार गरे। हाल पीडक फरार छन्।

गरामनी गाविस-३ की एक महिलालाई सोही ठाउँमा उत्तम मैनालीले ०६० चैत २८ गते वलात्कार गरे। पीडक हाल थुनामा रहेका छन्।

तोपगाछी गाविस-६ की १७ वर्षीय एक युवतीलाई ०६१ भदौ ८ गते विद्यालयबाट घर फर्कदै गर्दा जंगलको वाटोमा अज्ञात समूहले वलात्कारपछि हत्या गरे।

सुरुङ्गा गाविस-५ की ३० वर्षीय एक महिलालाई ०६१ भदौ ११ गते राति स्थानीय २० वर्षीय दीपक अधिकारीले हतियार देखाई पतिकै अगाडि वलात्कार गरे। पीडक हाल फरार छन्।

गरामनी गाविस-५ की १९ वर्षीय, १६ वर्षीय र १३ वर्षीय गरी तीन जना वालिका तथा युवतीलाई ०६१ भदौ १६ गते सोही ठाउँका अशोक राई, कुमार गुरुङ, तारा कटुवाल र गंगा न्यौपानेले वलात्कार प्रयास गरे। पीडकहरुमध्ये अशोक र कुमार थुनामा छन् भने अन्य फरार छन्।

टिमाई भुटानी शरणार्थी शिविरकी २२ वर्षीय एक महिलालाई ०६१ पुस २ गते सोही शिविरका २५ वर्षीय फुर्वा शेर्पाले घरमै वलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरे।

टिमाई शरणार्थी शिविरकी ५५ वर्षीय र ३५ वर्षीय दुई महिलालाई ०६१ पुस १५ गते स्थानीय खोलावाट माछा मारेर फर्कदै गर्दा मेची नगर नपा-६ का वासुदेव वस्नेत र

शान्तिनगर गाविस-३ का गोपाल बस्नेतले बलात्कार गरे। पीडकहरु हाल फरार छन्।

पारिवारिक हिंसा

भद्रपुर नपा-९ की रितादेवी साहलाई ०६० माघ १५ गते आफ्नै घरमा पति जयनारायण साहले शरीरमा आगो लगाई हत्या गरे।

शनिश्चरे गाविस-५ की मनमाया चेम्जोङ्लाई ०६० चैत २२ गते पति दिलकुमार चेम्जोङ्ले हत्या गरे पीडक हाल थुनामा छन्।

शनिश्चरे गाविस-६ की फूलमती सुवेदीलाई ०६० चैत २५ गते पति सन्तोष सुवेदीले चरम यातनापश्चात् खुकुरीले स्तन काटी हत्या गरे। पीडक हाल थुनामा छन्।

चारपाने गाविस-३ की बाहा टुडुलाई ०६१ वैशाख २ गते पति सञ्जु टुडुले आफ्नै घरमा यातना दिई घाँटी थिची हत्या गरे। पीडक हाल थुनामा छन्।

तोपगाछीकी कमला दाहाललाई ०६१ वैशाख १९ गते उनकै सासु टंककुमारी, देवर गणेश, राजन, नन्द, कल्पना र भाञ्जी पवित्रा मिली यातना दिई हत्या गरे। पीडकहरुमध्ये टंककुमारीको ०६१ वैशाख २५ गते माओवादीले हत्या गरे। पीडकहरु थुनामा छन्।

धरमपुर गाविस-८ की दुर्गादेवी दर्जीलाई ०६१ साउन २० गते आफ्नै पति साने दर्जीले बञ्चरोले टाउकोमा हानी हत्या गरे। पीडक हाल थुनामा छन्।

इलाम नपा-१ घर भई विर्तामोडमा डेरा गरी बस्ने सुशीला भट्टराईलाई पति अर्जुन भट्टराईले मट्टीतेल छर्केर ०६१ असोज ४ गते आगो लगाउँदा उपचार हुँदाहुँदै ०६१ असोज १३ गते मृत्यु भयो। पीडक हाल थुनामा छन्।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

व्यक्तिगत कुटपिटका कारण ३ जना पुरुष र ५ जना महिला घाइते भए। १६ जना महिला र ८ पुरुषले आत्महत्या गरे। चोरीका २० वटा घटना भए। डकैतीका ३० वटा र लुटपाटका १८ वटा घटना भए। चट्याङले हानेर र करेन्ट लागेर १ १ जनाको मृत्यु भयो। बम विस्फोट आगजनी र तोडफोडका ७ वटा घटना भए। ८ वटा आगलागीका घटना भए। सर्पले टोकेर २ जनाको मृत्यु भयो। हात्ती आतंकका १८ वटा घटना भए भने २ जनाको मृत्यु भयो। बाढी-पहिरोले १७ घर विस्थापित भए भने १०० विगाह खेतीयोग्य जमीन कटान भयो। भीरबाट लडेर १ जनाको मृत्यु भयो। ६ वटा बेवारिसे लाश फेला परे। सडक दुर्घटनाका १९ वटा घटनामा २० जना घाइते भए भने १५ जनाले ज्यान गुमाए। पानीमा डुबेर ६ जनाको मृत्यु भयो।

मेचीनगर नपा-१० घर भई ब्लाष्ट टाइम्स दैनिक, धरानको काँकडभिट्टा सम्वाददाता कृष्ण सिंजालीलाई ०६१ असोज ३० गते कार्यालय बन्द गरी घर जाँदै गर्दा स्थानीय हुल्याहाहरुको एक समूहले बेलुका गम्भीर कुटपिट गरे। घटनामा संलग्न पीडकहरुलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाको रोहबरमा स्थानीय भद्रभलाद्मीहरुले माफी मगाई छाडे।

१.२ इलाम



जनसंख्या :	३०७३२०
साक्षरता प्रतिशत :	६६.२३
महिला साक्षरता प्रतिशत :	३९.५
क्षेत्रफल (वर्ग कि. मि.) :	१७०३
गाविस/नपा संख्या :	४८/१
निर्वाचन क्षेत्र :	३
विद्यालय :	४७२
क्याम्पस/उच्च मा.वि. :	२/८
अस्पताल/स्वास्थ्य चौकी :	१/४८
टेलिफोन लाइन :	१४३१
मोटर सडक (कि. मि.) :	१२३
प्रहरी कार्यालय संख्या :	७
हुलाक संख्या :	४८
मानव विकास सूचकांक :	०.५२१
प्रति परिवार सरदर संख्या :	६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

चुलाचुली गाविस-८ का १८ वर्षीय दीपेन्द्र तामाङ्को ०६० माघ २२ गते बिहान ५ बजे सुरक्षाकर्मीद्वारा चलाएको गोलीबाट मृत्यु भयो। माओवादी सो क्षेत्रमा आएको जानकारी प्रतिकार समितिले गराएपछि कारवाहीका क्रममा आएका

सुरक्षाकर्मीहरु र प्रतिकार समितिका सदस्यहरुको सामूहिक टोलीले सो जंगल क्षेत्रमा माओवादी खोजतलाश गर्ने क्रममा असावधानीवश सुरक्षाकर्मीले गोली चलाउँदा प्रतिकार समितिका सदस्य तामाङको घटनास्थलमा नै मृत्यु भएको थियो। पीडितको लाश सुरक्षाकर्मीले बाबु सुवास बल तामाङलाई जिम्मा लगाए।

बाँझो गाविस-७ का २१ वर्षीय रामकुमार राईको ०६० माघ २३ गते आम्दा अस्पताल, दमकमा उपचारका क्रममा बेलुकी ४ बजे मृत्यु भयो। ०६० असोज २६ गते विहान ६ बजे ब्रिटिश आर्मीका लागि परीक्षा दिएर जीतपुरबाट फर्कने क्रममा मंगलबारे गाविस-१ को बुधबारे बजारमा बास बसी विहान घर फर्कने क्रममा माओवादी जस्तो पोशाकमा आएका सुरक्षाकर्मीले ११ जनाको संख्या देखेर माओवादी भएको आशंकामा गोली हानेका थिए। सोही घटनामा सुमन कुमारको अस्पताल नै नपुगी मृत्यु भएको थियो।

धुसेनी गाविस-१ को बोरीबोटे भन्ने ठाउँमा २० वर्षीय विक्रम भनिने टेकबहादुर राई र २२ वर्षीय प्रकाश भनिने सोनम लावती ०६० फागुन २० गते साँझ सुरक्षाकर्मीद्वारा पक्राउ गरेकोमा करिब २ किमी दक्षिणमा पर्ने धुसेनी गाविस-७ को आङदाङमा यातनापश्चात् गोली हानी मारिए। घटनाको ३ दिनपछि सेनाद्वारा छाडिएका लाश माओवादीले स्थानीयवासीहरुको सहयोगमा गाडेर सो स्थानमा झण्डा राखे।

झापा जिल्ला सुरुङ्गा गाविस-८ का सुधीर भनिने २९ वर्षीय प्रेम श्रेष्ठको ०६० चैत १० गते दिउँसो वरबोटे गाविस-९ धारापानी भन्ने ठाउँमा सुरक्षा कारवाहीमा मृत्यु भयो। ३ जनाको संख्यामा रहेका माओवादीहरुलाई स्थानीय एक घरमा आराम गरी बसेको अवस्थामा सुरक्षाकर्मीले भेटेका थिए। मृतकसँग २ सेट मोबाइल, एक थान सकेट र २३ हजार रुपैयाँ फेला परेको सुरक्षाश्रोतले जनाएको छ।

माइमझुवा गाविस-१ स्थित माइपाताल भन्ने ठाउँमा ०६१ वैशाख ५ गते सुरक्षाकर्मीहरुलाई लक्षित गरी सकेट बम प्रहार गर्न लाग्दा सुरक्षाकर्मीले गरेको जवाफी कारवाहीमा एकजना माओवादी कार्यकर्ताको मृत्यु भएको सुरक्षा स्रोतले जनायो। मृतकको विवरण खुलेको छैन।

धुसेनी गाविस-७ का २९ वर्षीय सन्तबहादुर तामाङको माओवादीको आशंकामा ०६१ वैशाख २१ गते दिउँसो देउमाई खोलामा माछा मारिरहेको अवस्थामा सुरक्षा कारवाहीमा गोली लागी मृत्यु भयो। निर्दोष छोरा सुरक्षाकर्मीद्वारा मारिएकोमा दुःख प्रकट गर्दै बाबु जीतबहादुर तामाङ र मृतककी पत्नी फूलमाया तामाङले जिल्ला प्रशासन कार्यालयमा क्षतिपूर्तिको माग गर्दै दोषीउपर कारवाही गर्न लिखित निवेदन गरेपनि प्रशासनले बेवास्ता गरेका कारण पीडितले सो विषयमा प्रधानमन्त्रीको कार्यालयमा न्यायका लागि लिखित उजुरी पठाए।

लक्ष्मीपुर गाविस-७ का २७ वर्षीय ईश्वर भनिने देवी मिश्र ०६१ वैशाख २७ गते दिउँसो गोदक गाविस-३ को शिलपुर भन्ने ठाउँमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। उनलाई सुरक्षाकर्मीले घट्टा भन्ने ठाउँबाट पक्राउ गरी ल्याएका थिए। यातना र सोधपुछपश्चात् तीन किलोमिटरमा पर्ने सो ठाउँमा ल्याइएको थियो। सुरक्षास्रोतले भने मुठभेडका क्रममा माओवादीको जिल्लास्तरीय कार्यकर्ताको मृत्यु भएको जनायो।

महमाई गाविस-३ का २१ वर्षीय चन्द्रबहादुर शिवाको ०६१ असार १८ गते बाँझो गाविस-४ स्थित बिजुवानीमा सुरक्षाकर्मीले गरेको कारवाहीमा मृत्यु भयो। सो घटनामा अमिसा भनिने एक महिला कार्यकर्तालाई सेनाले निःशस्त्र अवस्थामा पक्राउ गरी लगेको माओवादीले सार्वजनिक जानकारी गराए। स्थानीय एक घरमा माओवादीहरुको समूह खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले आक्रमण गरेका थिए।

शान्तिपुर गाविस-७ का २८ वर्षीय तुलसी प्रधानलाई ०६१ साउन ६ गते बिहान ४ बजे आफ्नै घरमा सुतेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिएकोमा दिउँसो ३ बजे झापा जिल्ला खुदुनावारी गाविस-१ साधुटारमा सुरक्षा कारवाहीका क्रममा मृत्यु भयो। प्रधान किराँत स्वायत्त जिल्ला जनसरकारमा सैन्य विभाग प्रमुख थिए।

महमाई गाविस-३ का माओवादी एरिया नं. ५ का सेक्रेटरी आशिष भनिने २६ वर्षीय टेकबहादुर एत्तेन (लिम्बू) लाई ०६१ साउन १८ गते बिहान ६ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले घर घेरेको थाहा पाई भाग्ने क्रममा सुरक्षा कारवाहीमा घटनास्थलमा नै मृत्यु भयो।

चुलाचुली गाविस-५ का २२ वर्षीय समीर खम्बु र १९ वर्षीय सरोज खम्बुको ०६१ भदौ ७ गते सोमबार दिउँसो बाँझो गाविस-७ मा सुरक्षा कारवाहीमा घटनास्थलमै मृत्यु भयो। सुरक्षा स्रोतले आफूमाथि सकेट प्रहार गर्न लाग्दा कारवाही गरिएको जनायो भने माओवादीले अस्वीकार गरेको सार्वजनिक जानकारी प्राप्त भयो।

लक्ष्मीपुर गाविस-६ ठाडेगाउँमा ०६१ भदौ २८ गते विहान २ नं. बाहिनी धनकुटाबाट सर्चको क्रममा आएका सुरक्षाकर्मीद्वारा गरेको कारवाहीमा नयाँबजार गाविस-४ का अनेरास्ववियु (क्रान्तिकारी) ६ नं. सचिव २२ वर्षीय प्रवल भनिने चेतन पौडेलको घटनास्थलमा नै मृत्यु भयो। सुरक्षाकर्मीद्वारा लाश स्थानीयवासीको सहयोगमा त्यहीं पुरियो। पीडितको परिवारलाई जानकारी दिइएन। दोहोरो भिडन्त भएको सुरक्षाकर्मीले जनाए पनि दोहोरो भिडन्त नभएको स्थानीयवासीले बताए।

एकतप्पा गाविस-९ का २६ वर्षीय विदुर भनिने होमबहादुर गोदार (थापा) लाई ०६१ असोज ७ गते दिउँसो जनकल्याण निमावि दोकानडाँडामा विद्यालय व्यवस्थापन समितिको छनौटका लागि अभिभावक भेला भइरहेको अवस्थामा सुरक्षाकर्मी देखेपछि भाग्न लाग्दा सुरक्षा कारवाहीमा घटनास्थलमै मृत्यु भयो। उनी पाँच महिनादेखि माओवादीको गाउँ जनसरकार उपप्रमुख थिए।

पुशपतिनगर गाविस-४ स्थित बजार क्षेत्रमा सुरक्षाकर्मीको गस्ती टोलीले ०६१ असोज १२ गते दिउँसो १२ बजे स्थानीय २० वर्षीय नुरी शेर्पालाई माओवादी कार्यकर्ता भएको आरोपमा गोली प्रहार गर्दा मृत्यु भयो। वर्षौंदेखि भरिया पेशामा संलग्न शेर्पाको ३ गोली लागि घटनास्थलमा नै मृत्यु भयो। मृत्युपश्चात् सुरक्षाकर्मीले दिनभर कसैलाई लाश हेर्न नदिई नियन्त्रणमा राखियो। १३ गते पोष्टमार्टमका लागि ल्याए पनि पत्रकार तथा मानवअधिकारकर्मी समेतलाई लाशबारे बुझ्न र फोटो खिच्न दिइएन। मृतक भारतीय नागरिक भएको र निर्दोष नागरिक मारिएको सेनाले स्वीकार गरे। १३ गते पीडितको लाश सेनाले परिवारलाई क्षतिपूर्ति दिने गरी जिम्मा लगाइयो।

चुलाचुली गाविस-९ का ५३ वर्षीय मणिकुमार राईलाई माओवादीको आरोपमा ०६१ कार्तिक २४ गते राति सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडित गाउँ सुरक्षा समितिअन्तर्गत २ महिनादेखि दैनिक गाउँको सुरक्षार्थ गस्ती गरिरहेका थिए। उनी निर्दोष भएको सुरक्षाकर्मीले स्वीकार गरी क्षतिपूर्ति दिने जनायो।

गजुरमुखी गाविस-९ मा इलामस्थित २१ नम्बर बाहिनीबाट गस्तीका क्रममा गएको सुरक्षाफौजले ०६१ मंसिर १५ गते दिउँसो ३ बजे आफूहरुमाथि सकेट प्रहार गरेको आरोपमा गरेको कारवाहीमा दुईजना माओवादी कार्यकर्ताहरु विवेक र शर्मिला शर्माको घटनास्थलमै मृत्यु भयो। माओवादीले सो घटनालाई नि:शस्त्र व्यक्तिहरुलाई नियन्त्रणमा लिएर घण्टौंको यातनापश्चात् हत्या गरेको आरोप लगाएका छन्।

माओवादीबाट

इलाका प्रहरी कार्यालय, पशुपतिनगरमा ०६० चैत २५ गते राति १०:४५ बजे माओवादीले आक्रमण गर्दा प्रहरी इन्स्पेक्टर ५० वर्षीय प्रजुकुमार राई र हवल्दार ४५ वर्षीय सुरेश श्रेष्ठको क्रमश: कन्चट र दायाँ कोखामा गोली लागी घटनास्थलमा मृत्यु भयो। ६२ जनाको संख्या रहेको उक्त इलाका प्रहरी कार्यालयलाई दश मिनेटको भिडन्तपश्चात् माओवादीले पूर्ण नियन्त्रणमा लिएका थिए। सो आक्रमणमा उनीहरुले भारतीय भूमिको प्रयोग गर्नुका साथै प्रहरी कार्यालय, भन्सार, वाणिज्य बैंक र सीमा प्रशासन कार्यालयमा विस्फोट गराई क्षति पुऱ्याए। प्रहरी चौकीबाट नगद, हातहतियार सहित ४३ जनालाई माओवादीले सो घटनामा अपहरण गरेका थिए।

इलाम नपा-१ प्रकाशपथमा ०६१ जेठ ११ गते दिउँसो ३ बजे प्रहरी असई ३८ वर्षीय चुडामणि न्यौपानेलाई माओवादीले गोली हानी हत्या गरे। सादा पोशाकमा रहेका झापा जिल्ला राजगढ गाविस-६ का पीडितलाई इलामबजारको बीच सडकमा माओवादीले दुई गोली प्रहार गरेका थिए।

वरबोट गाविस-९ धारापानीका ५९ वर्षीय सूर्यप्रसाद आचार्यलाई ०६१ असार १ गते बेलुका माओवादीले माइमझुवा गाविस-७ को बुधबारे बजारमा गोली हानी हत्या गरे। घटनास्थलमा ०६० चैत १० गते बरबोटेको धारापानीमा माओवादीका जिल्ला सचिव सुधीर भनिने प्रेम प्रधानको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको घटनामा संलग्न रहेको आरोपमा अपहरणमा परेका आचार्यलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१		४	८	६			६	१८	१९	२	१	२२
घाइते	१	२			२	३	५			५	१		२		२
गिरफ्तारी, यातना											५	४	४		८
बेपत्ता											२	२			२
कुटपिट	१	१			१	१	१			१	१	८			८
धम्की						८	११		४०२	४१३					
भेला, संगठित हुने अधिकार											१	४			४
जातीय विभेद	१	१			१						१	१			१
महिलाअधिकार	१		१		१										
बालअधिकार	२		१	१	२										
आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार						३	६			६					
अपहरण						३२	१०९	८	३४	१५१					
जम्मा	१०	६	३	१	११	५२	१३९	८	४३८	५८३	२९	३८	८	१	४६

अनुसन्धानपश्चात् सफाया गरिएको सार्वजनिक सूचना घटनास्थलमा माओवादीले टाँसेका थिए।

महमाई गाविस-३ का ४८ वर्षीय तिलबहादुर लिम्बूलाई आशिपको हत्यामा संलग्न भएको आरोपमा ०६१ साउन २८ गते आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा भदौ २ गते राति ९ बजे दानाबारी गाविस-८ स्थित माइखोलाको बगरमा गोली हानी हत्या गरे। नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका संगठन विभाग प्रमुखसमेत रहेका लिम्बू नेकाँ महासमिति सदस्य पनि हुन्।

गोदक गाविस-४ स्थित मेची राजमार्गमा रहेको बन्द बाटो खुलाउने क्रममा आइतवारेमा कार्यरत संयुक्त सुरक्षाकर्मीका सैनिक जवान झापा जिल्ला दमक नपा-८ का २४ वर्षीय रमेश भुजेलको माओवादीद्वारा राखिएको विद्युतीय धरापमा परि ०६१ पुस ९ गते दिउँसो २ बजे घटनास्थलमै मृत्यु भयो। लाश सोही दिन परिवारको जिम्मा लगाएको २१ नम्बर वाहिनी इलामले जनाएको छ। सडकको छेउमा राखिएको सो धराप विस्फोटनमा पैदल यात्रामा रहेका सुरक्षाकर्मीमध्ये भुजेल सात मिटर पर ढलेका थिए।

माओवादीद्वारा पशुपतिनगरमा मारिएका इन्स्पेक्टर प्रजुकुमार राई र हवल्दार सुरेश श्रेष्ठ

मुखिया नामका माओवादी कार्यकर्ता घाइते भए। ती घाइते मुखियालाई उपचार गराउन मानवीय सहयोगका लागि गएका तीन सर्वसाधारण समाल्वुङ्ग गाविस-२ का तारा प्रधान, बालकुमार विक र सोही गाविस-३ का भीमराज प्रधानलाई ०६१ भदौ १३ गते भारतको ओकाइटी भन्ने ठाउँमा भारतीय प्रहरीले गिरफ्तार गरी अनुसन्धानको क्रममा राखेको छ। त्यसको विरोध गर्दै माओवादी जिल्ला संगठन समिति इलामले विज्ञप्ति जारी गरी सकुशल रिहाईका लागि भारतसँग अनुरोध गऱ्यो।

माइपोखरी गाविस-८ आलुबारीमा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीद्वारा विस्फोट गराइएको विद्युतीय धरापमा परी ०६१ कार्तिक १७ गते ३ सुरक्षाकर्मी घाइते भए। उनीहरुलाई उपचारार्थ तत्काल हेलिकप्टरमार्फत् घटनास्थलबाटै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगिएको थियो। घाइतेहरुमा एक सैनिक जवान र दुई जनपथ प्रहरी थिए। तीनै जना हाल उपचारपश्चात् काममा फर्किएको श्रीवक्स गुल्मले जनाएको छ।

माओवादीद्वारा मेची राजमार्गका विभिन्न स्थानमा अवरुद्ध गरिएको सडक खोल्ने क्रममा कोल्वुङ्ग गाविस-२ को सडकमा राखिएको वम सुरक्षाकर्मीद्वारा निस्कृय बनाउने क्रममा ०६१ पुस ५ गते दिउँसो पञ्चकन्या गाविसका १९ वर्षीय प्रेम थुलुङ्ग घाइते भए। उनको दायाँ हात र टाउकोमा चोट लागेका कारण तत्काल उपचारका लागि पठाइयो।

दोहोरो भिडन्त

माइपोखरी गाविस-८ का ३२ वर्षीय होम गुरुङ्ग र सोही ठाउँकी १८ वर्षीय निशा भनिने कमला राईलाई सुरक्षाकर्मीमाथि सकेट वम प्रहार गरेको आरोपमा ०६० माघ २५ गते दिउँसो सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। दोहोरो भिडन्तलाई स्वीकार गर्दै माओवादीले मृतकहरु पार्टीको सक्रिय कार्यकर्ता भएको जनायो।

दोहोरो भिडन्त

इलाम बजारको भीमसेनस्थानमा ०६१ असार ३ गते दिउँसो सादा पोशाकमा रहेका सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा मे. १ ज ४३१ नम्बरको ट्याक्सीमा यात्रा गरिरहेका सर्वसाधारण मंगलबारे गाविस-६ का ८ वर्षीय सुमन बास्तोला र ३६ वर्षीय शिक्षक रुद्र पराजुली घाइते भए। इलाम अस्पतालमा उपचारपश्चात् पराजुली घर फर्किए। सुमनको गोली निकाल्न बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगियो। सर्वसाधारणलाई लागेको गोली सुरक्षाकर्मीको हो या माओवादीको भन्ने यकिन हुन सकेन।

गोली / बम / विधुतीय धरापद्वारा घाइते

राज्यबाट

गजुरमुखी गाविस-९ स्थित बजारमा ०६१ असोज ६ गते विहान सुरक्षाकर्मी जीतपुर हुँदै गजुरमुखीतर्फ गइरहेको अवस्थामा २ जना महिला माओवादी कार्यकर्ताहरु अचानक सेना देखेर इभाङतर्फ भाग्दै जानेक्रममा अन्दाजी १९-२० वर्षीय राई थरकी कार्यकर्ता सेनाको गोली लागी घाइते भइन्।

माओवादीबाट

श्रीअन्तु गाविस-३ तकपथ भन्ने ठाउँमा ०६१ भदौ ११ गते आफैंले बोकेको सकेट वम विस्फोट हुँदा यामबहादुर

जेल र बन्दीहरू

इलाम जिल्लामा रहेको 'घ' श्रेणी अन्तर्गत पर्ने जेलको कूल क्षमता ५५ रहे पनि हाल ९५ जना बन्दी छन्। १० महिला र २७ पुरुष गरी ३७ जना कैद नतोकिएका र २

महिला र ३५ पुरुष गरी ३७ जना कैद तोकिएका बन्दी छन्। थुनुवाहरुमध्ये ४ महिला र १३ पुरुष सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनुवा रहेका छन्। यो संख्या जेलको क्षमताभन्दा झन्डै दोब्बर छ। जेलमा १ जना आश्रित बालिका आमा धर्मशिला चापागाईंसँग रहेकी छन्। ०४५ सालको भुकम्पबाट चर्किएको जेलको अगाडिको भाग हालसम्म मर्मत गरिएको छैन। बन्दीहरुको आय आर्जनका लागि टोपी बुन्ने, मुडा बुन्ने र सजावटका सामग्रीहरु बनाउने गरेका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

समाल्बुङ्ग गाविस-८ का २३ वर्षीय मदनकुमार राईलाई माओवादीको आरोपमा ०६० फागुन २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनको स्थिति हालसम्म सार्वजनिक भएको छैन। पीडितलाई हालसम्म गोप्य ढंगबाट सैनिक ब्यारेकमा राखिएको छ। प्रजिअले भने राईलाई पक्राउ पुर्जीसहित हिरासतको रुपमा राखेको जनाएका छन्। पीडितलाई कहाँ, कुन अवस्थामा राखिएको छ भन्नेबारे अभिभावकलाई भने कुनै जानकारी गराइएको छैन।

दानाबारी गाविस-४ का २६ वर्षीय तोयानाथ भट्टराईलाई ०६१ जेठ १९ गते बिहान घरमै सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिइएकोमा हालसम्म बेपत्ता पारिएको छ। उनको स्थिति अज्ञात छ। सोही दिन उनीसँगै नियन्त्रणमा लिइएका सोयाक गाविस-८ का सागरमणि आचार्यलाई भने भोलिपल्ट उनकै घरमा पुऱ्याएर छाडिएको थियो।

लक्ष्मीपुर गाविस- ५ को सानुवर्दुका उत्तम भनिने हिम राना 'चितौरे' लाई ०६१ भदौ २८ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरे। सेनाले माओवादी भएको आरोपमा उनलाई नियन्त्रणमा लिएको जनायो। सुरक्षाकर्मीलाई लक्षित गरी सकेट प्रहार गर्न लाग्दा प्रतिकारात्मक फायरिङ्गबाट माओवादी समूह तितरबितर भएपछि रानालाई पक्राउ गरिएको सेनाले जनाए। राना हालसम्म सुरक्षा नियन्त्रणमा रहेका छन्।

माओवादीबाट

चिसापानी गाविस-५ मा नापी शाखाका अमिन ४५ वर्षीय गणेशप्रसाद शाहलाई ०६० फागुन २९ गते जग्गा नापेर फर्कने क्रममा पाँच जनाको समूहमा रहेका माओवादीहरुले अपहरण गरी आइन्दा सो क्षेत्रमा कुनै पनि काम लिएर नआउने शर्तमा ३ दिनपछि मुक्त गरे।

इलाका प्रहरी कार्यालय पशुपतिनगरमा ०६० चैत २५ गते राति माओवादीले आक्रमण गरी ४३ जना सुरक्षाकर्मीलाई अपहरण गरे। अपहरित सुरक्षाकर्मीहरुमा सई १, असई ५, हवल्दार १० र जवान २७ जना थिए। प्रहरी जवान सुधीर दाहाललाई पशुपतिनगरको मेहेलबोटेबाट सोही रात मुक्त गरियो। असई हरिकृष्ण बस्नेतलाई सुरक्षाकर्मीको समूहले पाँचथरको प्राङ्बुङबाट उद्दार गरेको थियो। बाँकी ४० सुरक्षाकर्मीलाई आईसीआरसीका प्रतिनिधि, मानवअधिकारकर्मी र पत्रकारहरुको संयुक्त प्रयासमा ०६१ वैशाख १७ गते संखुवासभाको नुनढाकी गाविस-९ को गुफा पोखरीबाट मुक्त गरे। असई केशव कटुवाललाई माओवादीले ०६१ वैशाख १८ गते ताप्लेजुङको सिनामबाट सिनाम उच्च माविका प्रधानाध्यापक कृष्णप्रसाद नेपालको रोहवरमा मुक्त गरे।

सोयाङ्ग गाविस-२ का ३० वर्षीय बन्धु राई, ४० वर्षीय अशोक राई र सोही गाविस-६ का पूर्व वडाध्यक्ष ४५ वर्षीय पदम राई, ३८ वर्षीय गोविन्द राई, २५ वर्षीय टीका राई, २२ वर्षीय राजेन्द्र राई र २० वर्षीय नरेन्द्र सेती र सुरुवाल विश्वकर्मालाई घर-घरबाट ०६१ वैशाख २३ गते दिउँसो १२ बजे माओवादीले अपहरण गरी अज्ञातस्थलतर्फ लगे। उनीहरुलाई प्रशिक्षण कार्यक्रममा सहभागी गराई पाँच दिनपछि वैशाख २८ गते मुक्त गरे।

बरबोटे गाविस-९ धारापानीका ५९ वर्षीय सूर्यप्रसाद आचार्यलाई ०६१ वैशाख २३ गते साँझ ८ बजे माओवादीले घरबाट अपहरण गरे। माओवादीका जिल्ला सचिव सुधीर भनिने प्रेम प्रधानको हत्या गराउन सुराकी गरेको आरोपमा माओवादीले अपहरण गरेका थिए। सूर्यप्रसादको सकुशल रिहाईका लागि परिवारले पटक-पटक विज्ञप्तिमार्फत् आग्रह गरे।

शान्तिपुर गाविस-६ का जेतबहादुर खड्का, गोविन्द कट्टेल, डिल्ली कट्टेल, मेघबहादुर अधिकारी, छविलाल खड्का र केशबहादुर दाहाललाई तास-जुवा खेलेको अवस्थामा माओवादीले आफ्नो नियन्त्रणमा लिई उनीहरुसँग भएको ७ हजार २ सय २७ रुपैयाँ जफत गर्दै ०६१ वैशाख १३ देखि १८ गतेसम्म स्थानीय घोडेटो बाटो खन्ने गरी श्रम शिविरमा राखी ५ दिनपछि काम सम्पन्न गरी उनीहरुलाई मुक्त गरे।

धुसेनी गाविसका मनोनित अध्यक्ष ४५ वर्षीय

माओवादीद्वारा मारिएका महमाईका तिलबहादुर लिम्बू

मित्रलाल चापागाईंलाई राजीनामा गर्न पटक-पटक दबाव दिंदा समेत राजीनामा नगरेको आरोपमा ०६१ वैशाख २७ गते वेलुका माओवादीद्वारा घरबाटै अपहरण गरिएकोमा तत्काल पदबाट राजीनामा गर्ने र अन्य स्थानीय निकायका मनोनित पदाधिकारीहरुलाई राजीनामा गर्न आग्रह गर्ने शर्तमा तीन दिनपछि मुक्त गरे। मुक्त भएको भोलिपल्ट नै विज्ञप्तिमार्फत् चापागाईंले गाविस अध्यक्ष पदबाट राजीनामा दिएको जानकारी गराए।

चमैता गाविस-८ का ५९ वर्षीय खड्गप्रसाद लावती र उनका छोरा १७ वर्षीय अजय लावतीलाई ०६१ वैशाख २८ गते सोमबार बेलुकी माओवादीले "केही कुरा गर्नुछ" भनी अपहरण गरे। लावतीद्वयको सकुशल रिहाईका लागि परिवारले जेठ ६ गते विज्ञप्ति जारी गरे। लावतीद्वयलाई दुई हप्तापछि मुक्त गरे।

पाँचथर जिल्ला याङ्नाम घर भई धनगढीमा कार्यरत सशस्त्र प्रहरी जवान महेन्द्र जवेगुलाई घरबाट फर्कने क्रममा पुवामझुवाको बाघखोरबाट ०६१ जेठ १० गते माओवादीले अपहरण गरे। तत्काल जागिर छाड्ने शर्तमा माओवादीले जवेगुलाई उनकै परिवारको रोहवरमा जेठ २० गते पुवामझुवा गाविसबाट मुक्त गरे।

दानावारी गाविस-९ डाँडागाउँबाट २३ वर्षीय डम्बरसिं कार्कीलाई ०६१ जेठ २३ गते माओवादीले घरबाट अपहरण गरी सेनामा जागिर नखाने शर्तमा १२ घण्टापछि मुक्त र :। गत असोजमा सेनामा भर्ती भएका कार्कीलाई ६ महिने तालिम पूरा गरी घर विदामा आएको अवस्थामा माओवादीले अपहरण गरेका थिए।

जीतपुर गाविस-२ का ३० वर्षीय देवेन्द्र बराललाई माओवादीविरुद्ध अभिव्यक्ति दिएको आरोपमा ०६१ जेठ २३ गते स्थानीय नवमीबजारबाट माओवादीले अपहरण गरे। स्थानीय साना किसान सहकारी संस्थामा कार्यरत बराललाई ४ दिन पछि २७ गते माओवादीले सकुशल मुक्त गरेका छन्। शर्तहरुबारे खुलेको छैन।

चमैता गाविस-२ छेलेडाँडाको सडक सर्भे गर्न गएका जिविसका सब-ओभरसियर राजकुमार यादवसहित राप्रपाका स्थानीय कार्यकर्ता प्रेमकुमार गुरुङ र नरवीर गुरुङलाई जनताको चाहनाविपरीत बाटो सर्भे गरेको आरोपमा ०६१ असार ११ गते माओवादीले अपहरण गरे। पीडितलाई असार १४ गते डम्बरदेवी मावि भएर जाने नयाँ स्थानमा बाटो सर्भे गराई अब आइन्दा जनचाहना अनुरुप काम गर्ने गरी मुक्त गरे।

माओवादीद्वारा इलाम बजारमा मारिएका असई चुडामणि न्यौपाने

हिमालय मावि गोर्खेबाट ५ छात्रा, ९ छात्र, ३ शिक्षक र १ शिक्षिकालाई ०६१ असार १८ गते माओवादीले अपहरण गरे। चारजनाको समूहमा आएका माओवादीले दिउँसो २ बजे विद्यालय परिसरबाट ९ र दश कक्षामा पढ्ने विद्यार्थीहरु छानेर लगेका थिए। उनीहरुले अपहरित सबैलाई जनवादी शिक्षासम्बन्धी आफ्नो प्रशिक्षण कार्यक्रममा सरिक गराएर ०६१ असार २३ गते मुक्त गरे।

गोदक गाविसको पूर्ण स्मारक माविका २५ विद्यार्थीहरुलाई ०६१ असार २० गते माओवादीले स्कुल गइरहेको अवस्थामा ९:३० बजे गोदकको घट्टाबाट अपहरण गरे। उनीहरुले अपहरित सबैलाई जनवादी शिक्षासम्बन्धी आफ्नो प्रशिक्षण कार्यक्रममा सरिक गराएर ०६१ असार २३ गते मुक्त गरे।

साङ्गम्बा गाविस-४ का ४० वर्षीय दिपकिशोर लिङ्दम र ३५ वर्षीय प्रेमराज लिङ्गदमलाई ०६१ असार ३१ गते बिहान माओवादीले "केही कुरा गर्नुछ" भन्दै अपहरण गरी दुवैलाई बाँधेर लगेकोमा ४ दिन पछि साङ्गरुम्बा गाविस-३ स्थित माविको प्राङ्गणमा स्थानीय ३५ जनाको रोहवरमा मुक्त गरे। विकास निर्माणका लागि आएको रकम हिनामिना गरेको, जनसत्ताको घोषित नीतिको अवज्ञा गरेको, विद्यालयमा व्यवस्थापना समितिले चन्दा उठाएको जस्ता आरोप लगाई सदरमुकाम आवत-जावत बन्द गर्नुपर्ने, साङ्रुम्बा विद्यालय व्यवस्थापन समितिबाट राजीनामा गर्नुपर्ने, स्थानीय रत्नलक्ष्मी प्राविको खेलमैदान ८० मिटर लामो र ५० मिटर चौडाइ तयार गर्नुपर्ने, उनीहरुले चलाइरहेका निजी विद्यालय बन्द गर्नुपर्ने जस्ता शर्तमा दुवैलाई माओवादीले मुक्त गरे।

गोदक गाविस-४ का ३३ वर्षीय नरेन्द्र श्रेष्ठलाई सुराकीको आरोपमा ०६१ साउन १७ गते बेलुका ८ बजे आफ्नै घरबाट माओवादीले अपहरण गरी ०६१ भदौ ६ गते मुक्त गरे। पीडित सोही वडाको घट्टामा औषधी पसल सञ्चालन गर्दछन्।

गोदक गाविस-४ का २७ वर्षीय जयनारायण श्रेष्ठलाई सुराकीको आरोपमा ०६१ भदौ ३ गते बेलुकी खाना खाइरहेको अवस्थाबाट माओवादीले अपहरण गरे। उनलाई ०६१ भदौ ८ गते मुक्त गरे।

फाकफोक गाविस-९ घर भई सिंहदेवी मावि एकतप्पाका प्रधानाध्यापक ५८ वर्षीय नगेन्द्रराज भट्टराईलाई ०६१ भदौ १० गते दिउँसो विद्यालय परिसरबाट माओवादीले अपहरण गरी "केही सोध्नु

छ” भनी लगेकोमा ०६१ भदौ १४ गते मुक्त गरे।

फिक्कल गाविस-६ बाट फिक्कल माविका प्रधानाध्यापक ५१ वर्षीय दौलतराज पाण्डेलाई अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरुले ०६१ भदौ २२ गते बिहान आफ्नै घरबाट अपहरण गरी ०६१ असोज ३ गते मानवअधिकारकर्मी र सञ्चारकर्मीहरुलाई जिम्मा लगाए।

इलाम नपा-५ निगुरेबेंशीका ६५ वर्षीय कोमलप्रसाद लुईटेललाई ०६१ असोज ६ गते दिउँसो घरमा काम गरिरहेको अवस्थामा माओवादीले अपहरण गरे। ०६१ भदौ १६ गते माओवादी जिल्ला जनसरकारद्वारा प्रकाशित हिटलिष्टमा उनको नाम सार्वजनिक गरिएको थियो। सकुशल रिहाईका लागि परिवारले २ पटक विज्ञप्ति जारी गरे।

माओवादीद्वारा अपहरण गरी मुक्त गरिएका झापा जिल्ला न्यायाधीश टंकबहादुर मोक्तान

सोयाङ्ग गाविस-१ की २९ वर्षीय करुणा खाती र स्थानीय इभरग्रिन बोर्डिङ्ग स्कूलमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय कल्पना सुन्दासलाई ०६१ असोज ७ गते बिहान ५ बजे घरमा सुतिरहेको अवस्थामा ४/५ जनाको संख्यामा आएका माओवादी कार्यकर्ताले अपहरण गरे। कसुरको बारेमा थाहा हुन सकेको छैन। उनीहरुको अवस्था अझै अज्ञात छ।

साङ्गरुम्बा गाविस-६ का विजय राई र सोही गाविस-३ का वीरप्रसाद कट्टेललाई ०६१ मंसिर २ गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा ०६१ मंसिर ४ गते सोही गाविस-३ स्थित माविमा स्थानीयबासीहरुको रोहवरमा आइन्दा त्यसो नगर्ने र स्थानीय १ किलोमिटर बाटो मर्मत गर्ने शर्तमा मुक्त गरे। विजय राईले आफ्नो अपमान भएको महसुस गरी सोही दिन बेलुका झुण्डिएर आत्महत्या गरे।

इलाम नपा-३ घर भई सोयाक गाविस सचिवमा कार्यरत ५१ वर्षीय यज्ञप्रसाद आचार्यलाई ०६१ मंसिर ८ गते गाविसमा काम गर्न गएको सन्दर्भमा माओवादीले अपहरण गरे। उनलाई १० हजार रुपैयाँ आर्थिक सहयोग गर्ने र एक महिनासम्म श्रम कैदस्वरुप इलाम नपा-३ स्थित पोखरी प्राविमा नियमित सरसफाई गर्ने शर्तमा नागरिक समाजको रोहवरमा मंसिर १३ गते मुक्त गरे।

झापा जिल्ला अदालतका न्यायाधीश ४६ वर्षीय टंकबहादुर मोक्तान पुख्यौली घर इलामको जिर्मले गाविस-५ मा आएको मौका पारी दुईजना सहयोगी सुरेश राजवंशी र मनोज शेर्पा सहित ०६१ मंसिर १८ गते बेलुका माओवादीले आफ्नो क्षेत्रमा विना अनुमति प्रवेश गरेको आपरोपमा अपहरण गरे। ०६१ मंसिर २८ गते शान्तिपुर गाविस-७ को बरफल्याङ्गस्थित एक कार्यक्रमबाट मानवअधिकारकर्मी र सञ्चारकर्मीको रोहवरमा आइन्दा अनुमति लिएर मात्र प्रवेश गर्ने शर्तमा मुक्त गरे। मुक्त भएका तीनमध्ये मनोज शेर्पा माओवादीमै बस्ने जनाएपछि बाँकी २ लाई सोही दिन झापा जिल्ला अदालतमा बुझाइयो।

लक्ष्मीपुर गाविस-६ का ३६ वर्षीय धनबहादुर राईलाई ०६१ पुस ८ गते बेलुका शान्तिपुर गाविस-३ स्थित टाङटिङ्गबेंशीबाट माओवादीले कुनै कारण नै नबताई अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

धम्की /ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

गोर्खे गाविस-१ का ४३ वर्षीय इन्द्रबहादुर सुब्बा, जोगमाई गाविस-८ का २९ वर्षीय धीरेन राई, ३५ वर्षीय अमर राई, ३७ वर्षीय सनबहादुर थामी, ३९ वर्षीय महावीर मगर, ४० वर्षीय खड्गबहादुर थामी, जोगमाई गाविस-९ का ४५ वर्षीय यामबहादुर भण्डारी र ४० वर्षीय मिनबहादुर दासलाई ०६१ साउन १३ गते सुरक्षाकर्मीले विनाकारण कुटपिट गरी सख्त घाइते बनाए।

माओवादीबाट

आमचोकमा माओवादी एरिया नं. १ बाट प्रकाशित उज्ज्वल नामक मासिक भित्ते पत्रिकामा ०६० चैत ५ गते जनदुश्मनको संज्ञा दिँदै सिंहदेवी मावि आमचोकका प्रधानाध्यापक त्रिलोचन रेग्मीलाई भौतिक कारवाही गर्ने धम्की दिइएको थियो। सो सूचनामा अन्य ४ जनासहित ५ जनाको नाम सार्वजनिक गरिएको छ। फुएतप्पा गाविस-५ का त्रिलोचन विगत ३२ वर्षदेखि शिक्षण पेशामा संलग्न रहेका छन्।

नयाँबजारका ३३ वर्षीय उदय भण्डारी र अन्य ५ जनालाई ०६० चैत ४ गते माओवादी एरिया नं. ५ को मासिक भित्ते पत्रिका “नयाँ आवाज” मा पार्टीविरुद्ध सुराकीको आरोप लगाउँदै कारवाहीको सूचीमा प्रकाशित गरियो। पीडितले जीवन रक्षाको पहल समेतका लागि नागरिक समाजसँग अनुरोध गर्दै विज्ञप्ति जारी गरे।

जिविस अन्तर्गत इलाका नम्बर ६ का मनोनित क्षेत्रीय सदस्य डबलसिंह योङ्हाङ्गले माओवादी धम्कीका कारण ०६१ असार ८ गते पदबाट राजीनामा गरे। पटक-पटक

भन्दा समेत नटेरेको जनाउदै गजुरमुखी गाविस-४ स्थित उनको घरमा माओवादीले ०६१ जेठ २६ गते परिवारलाई वाहिर निकाली घरमा तालावन्दी समेत गरेका थिए। योङ्हाङ्गले राजीनामा दिएपछि विज्ञप्तिमार्फत् माओवादीलाई आफ्नो जायजेथा फिर्ता गर्न समेत आग्रह गरे।

साङ्रुम्वा गाविस-७ का यामवहादुर राईलाई स्थानीय वालिकालाई वलात्कार गरेको आरोपमा ०६१ जेठ २६ गते माओवादीले कुटपिट गरी ३० दिन स्थानीय वाटो मर्मत गर्नेगरी श्रम शिविरमा राखे।

जिविसका मनोनित सदस्य कोलवुङ गाविस-६ का मेघनाथ आचार्यलाई राजीनामा नगरेको आरोपमा ०६१ जेठ ३१ गते माओवादीले परिवारलाई वाहिर निकाली घरमा तालावन्दी गरे। तत्काल राजीनामा गर्ने र स्थानीय निकायको कुनै पनि तहमा वसेर काम नगर्ने शर्तमा ०६१ असार १३ गते माओवादीले घरको ताला खोलिदिए।

नामसालिङ गाविस-४ का ६४ वर्षीय रुद्रप्रसाद घिमिरेलाई स्थानीय ११ वर्षीय वालिकालाई वलात्कार गरेको आरोपमा ०६१ असार १८ गते सोयाङ र नामसालिङ जोड्ने तीन किलोमिटर वाटो खन्ने गरी माओवादीले १ सय ८० दिनको श्रम शिविर तोके। एक वर्ष अघि वालिका वलात्कार गरेको आरोपमा उनलाई कारवाहीका लागि पीडित पक्षले जिप्रकामा जाहेरी गरेका थिए। पीडक फरार रहेका कारण कारवाही हुन सकेको थिएन।

माओवादीद्वारा गठित किराँत स्वायत्त जिल्ला जनसरकारद्वारा ०६१ साउन २४ गते एक अपिल जारी गरी ०६१ भदौ २-६ प्रचार प्रसार र जनपरिचालन, ०६१ भदौ ७-१५ जन कारवाही र हिटलिष्ट प्रकाशन, ०६१ भदौ १६-२२ जिल्लाका मुख्य बजारहरु इलाम नपा, विवल्याटे, पशुपतिनगर, फिक्कल, आइतवारेमा नाकावन्दी र २३ गते इलाम सदरमुकाम पूर्णरुपले खाली गर्नुपर्ने भन्दै सार्वजनिक गरिएको अपिलले अत्यन्त ठूलो त्रासको अवस्था सृजना भयो। त्यसलाई फिर्ता लिन नागरिक समाजले आग्रह गर्दा पनि माओवादीले बेवास्ता गरेका कारण सर्वसाधारण एक सातादेखि जिल्ला वाहिरिएका थिए।

माओवादीद्वारा गठित किराँत स्वायत्त जिल्ला जनसरकारद्वारा ०६१ भदौ १६ गते सुराकी, घुसखोर आदि आरोप लगाउदै लयप्रसाद निरौला, रत्न खत्री, मानवहादुर थापा, पदम गुरुङ्ग, कृष्ण गुरुङ्ग, अर्जुन कार्की र कमल लुइँटेललाई 'क' श्रेणीका जघन्य अपराधीको घोषणा गर्दै "हिटलिस्ट" प्रकाशित गरे। पेशावाट राजीनामा गर्नुपर्ने, सम्पूर्ण चलअचल सम्पत्ति ।घर-जग्गा। अनुमतिविना किनवेच गर्न नपाइने तथा उनीहरुको अन्य कसुरको वारेमा वुझ्न र छलफल गर्न चाहेमा सम्पर्क गर्नुपर्ने कुरा हिटलिस्टमा उल्लेख गरियो। यस्तो लिस्ट क्रमश: प्रकाशित गरिने कुराले जिल्लाभरी त्रास र आतंक फैलियो।

सुरक्षाकर्मीद्वारा घाइते बनाइएका माओवादी कार्यकर्ता सुरेश

नामसालिङ्ग गाविस-६ का सरदिप राईलाई स्थानीय व्यापारी पारस घिमिरेलाई कुटपिट गरेको आरोपमा ०६१ कार्तिक १५ गते कव्जामा लिई कुटपिट गरे। उनलाई स्थानीय व्यक्तिहरुको भेला गराएर ६ महिनासम्म श्रम शिविरमा राख्ने कतै जान नपाउने, मादक पदार्थ सेवन नगर्ने, पारस घिमिरेलाई उपचार खर्च वापत ५ सय रुपैयाँ दिने र कुटपिटका क्रममा पसलवाट हराएको ५ हजार रुपैयाँ घिमिरेलाई तिर्नुपर्ने शर्तमा उनलाई छोडियो। श्रम शिविरअन्तर्गत उनलाई गाविस जाने बाटो मर्मत गर्नुपर्ने भनियो। कुनै पनि शर्तको उल्लंघन भएमा उनको सम्पूर्ण चलअचल सम्पत्ति कव्जा गर्ने धम्की दिइयो।

माओवादीको गाउँ जनसरकारद्वारा प्राय: सवै गाविसमा ०६१ पुस १२ गतेदेखि वितरित सार्वजनिक अपिलमा विभिन्न ८ वटा शर्तहरुसहित मानवअधिकारकर्मी र सञ्चारकर्मीहरु समेतलाई गाउँ प्रवेशमा रोक लगाए। स्थानीय सत्तासँग अनुमति लिएरमात्र गाउँ प्रवेश गर्नुपर्ने अन्यथा गाजसले कारवाही समेत गर्ने कुराले सम्पूर्णमा त्रास र भय उत्पन्न गरायो। त्यसको मानवअधिकार मञ्च र पत्रकार महासंघ शाखाले संयुक्त प्रेश विज्ञप्ति जारी गरी कडा आलोचना गरेका थिए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमा ०६१ वैशाख २१ गते इलाम चोक वजारमा दिउँसो दुई बजे प्रहरीले लाठी र अश्रुग्याँस प्रहार गरी हस्तक्षेप गरे। त्यस क्रममा प्रदर्शनकारीतर्फका मातृका दाहाल, उदय राई, दीपक चापागाईं र ऋतुनाथ वास्तोला सामान्य घाइते भएका कारण इलाम अस्पतालमा उपचार भयो। सुरक्षाकर्मीतर्फ तीन प्रहरी हवल्दार सामान्य घाइते भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत इलाममा गत वर्षवाट दुनियावादी देवानी ९७, सरकारवादी फौजदारी ३७, दुनियावादी फौजदारी ३५ र रिट १४ गरी जम्मा १ सय ८३ वटा मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दुनियावादी देवानी ७६ सरकारवादी फौजदारी १ सय १६ दुनियावादी फौजदारी ३१ र रिट ३४ गरी

जम्मा २ सय ५७ मुद्दा दर्ता भए। सरेका र परेका गरी जम्मा ४ सय ४० थान मुद्दा दर्ता भएकोमा यो वर्ष भरीमा दुनियावादी देवानी १ सय ५, सरकारवादी फौजदारी ९७, दुनियावादी फौजदारी ३५ र रिट ३५ गरी जम्मा २ सय ७२ थान मुद्दा फैसला भए। यस अदालतमा १ सय ६८ थान मुद्दा फर्स्योट हुन बाँकी छन्। रिट अन्तर्गत बन्दी प्रत्यक्षीकरण ५ वटा दर्ता भएकोमा १ वटा जारी भई अरु खारेज र तामेली भए। पुनरावेदन अदालतमा मुल्तवी रहेकावाहेक १ वटा अदालतको अवहेलना मुद्दा २ वर्ष नाघेको छ। सर्वोच्च अदालतवाट प्रमाण मिसिल प्राप्त हुन नसकेका कारणबाट फैसला हुन नसकेको हो।

इलाम जिल्ला अदालतमा गत वर्षबाट फौजदारी १ सय ३७ र देवानी १ सय ६ गरी जम्मा २ सय ४३ मुद्दा सरेका थिए। यो वर्ष फौजदारी ५७, देवानी ५४ गरी जम्मा १ सय ११ वटा मुद्दा दर्ता भए। परेका र सरेका गरी जम्मा ३ सय ५४ वटा मुद्दा रहेकोमा यो वर्ष देवानी ९७ र फौजदारी ९३ गरी जम्मा १ सय ९० वटा मुद्दा फैसला भई जम्मा १ सय ६४ वटा मुद्दा बाँकी रहे। यस अदालतमा देवानी १७ र फौजदारी ५ गरी जम्मा २२ वटा मुद्दा २ वर्ष नाघेका छन्। यीमध्ये केही सर्वोच्च अदालतवाट मिसिल प्राप्त नभएको कारणबाट, केही स्थलगत रुपमा नक्सा सर्जमिन गर्न र म्याद तामेल गर्न नसकेको कारणवाट फैसला नभएका हुन्। यो वर्ष लगभग ६० वटा मुद्दा माओवादी दवाबका कारणवाट मिलापत्र फैसला भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

साँखेजुङ्ग गाविस-४ का माओवादीको भातृ संगठन अनेकिसंघ (क्रान्तिकारी) एरिया नं. ३ ले वासु बस्नेत, चन्द्रवहादुर बस्नेत, टुङ्गबहादुर वस्नेत र कृष्णवहादुर वस्नेतको घरमा ०६० फागुन १७ गते सूचना टाँस गरी उनीहरुको १३० रोपनी भन्दा बढी रहेको जग्गा कब्जा गरी हटाऔं भन्ने केन्द्रीय अभियान अनुरुप उक्त जग्गा कब्जा गरिएको जनाए। पहाडमा १ सय ३० रोपनी र तराईमा १० विगाहा भन्दा वढी जग्गा हुनेहरुको कब्जा गर्ने नीति रहेको उल्लेख गरियो।

शान्तिपुरका जयनारायण ढुंगानाको स्वामित्वमा रहेको अञ्जना टी स्टेट र जग्गा ०६१ जेठ २१ गतेदेखि माओवादीले आफूहरुको नियन्त्रणमा लिएको घोषणा गर्दै झण्डा गाडे। दिउँसो पन्ध्र/सोह्रको संख्यामा आएका माओवादी कार्यकर्ताहरुले चिया वगानमा कार्यरत मजदुरहरुलाई काम नगर्न र सो जग्गा भोगचलन नगर्न दवाव दिए।

विस्थापन

माइमझुवा गाविस-७ का ५३ वर्षीय कृष्णवहादुर गुरुङ्गलाई माओवादीविरुद्ध सेनालाई सुराकी गरेको आरोपमा भौतिक कारवाही गर्ने चेतावनी दिएका कारण ०६१ असार ३ गतेदेखि गाउँ छोडेर उनी सदरमुकाम बस्दै आएका छन्। "१० दिन भित्र हामीलाई भेटोस्" भनी उनकी पत्नीलाई घरमै आएर माओवादीले धम्की दिनुका साथै घरमा तालावन्दी गर्नेसमेत बताएका थिए। गुरुङ्गले ६ महिना अगाडि मात्र अवकाश प्राप्त गरेका थिए। त्यसअघि उनी गडीथुम्का गुल्म, इलाममा कार्यरत थिए।

संरचना/सम्पत्ति क्षति

इलाम जिल्लामा माओवादीले हालसम्म ३२ वटा गाविस भवन, ३ वटा रेन्जपोष्ट, १ इलाका वन कार्यालय, ५ वटा अतिरिक्त हुलाक कार्यालय, १३ वटा प्रहरी चौकी, १ इलाका प्रहरी कार्यालय, मार्ट्स लाइन टेलिफोन ३ सेट विस्फोटन र आगजनी गराई क्षतिग्रस्त बनाए। जिल्ला प्रशासन कार्यालयले गराएको प्राविधिक मूल्याङ्कन अनुसार जम्मा ८० लाख ४१ हजार २ सय २८ रुपैयाँ क्षति भएको अनुमान गरिएको छ। जसका अतिरिक्त विद्युतको आवास गृह, कोष तथा लेखा नियन्त्रण कार्यालयको भवन, २ वटा सहकारी भवन र जिविसको एउटा डोजरमा क्षति पुऱ्याएका छन्। जसको मूल्याङ्कन सम्बन्धित कार्यालय तथा निकायले गरेको छैन।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पाँचथर जिल्ला यासोक गाविस-३ का १४ वर्षीय सचिन खनाल "लुसुन"लाई ०६० फागुन ११ गते सैनिकले नियन्त्रणमा लिए। उनले माओवादीवाट भागेर ०६० माघ २९ गते इलाम आई जिल्ला

सुरक्षाकर्मीद्वारा मारिएका होमबहादुर गोदारका पत्नी, आमा र अन्य परिवार

माओवादीद्वारा पशुपतिनगरबाट अपहरण गरी संखुवासभाबाट मुक्त गरिएका सुरक्षाकर्मीहरु

प्रहरी कार्यालयमा आफ्नो विवरण वताएपछि उनका काका टिका खनालले जिम्मा बुझेर ल्याएकोमा सेनाले पुन: नियन्त्रणमा लिएको थियो। सो घटनालाई लिएर मानवअधिकार मञ्चले व्यारेकमा नराख्न, श्री ५ को सरकारको नीतिअनुरुप आत्मसमर्पण गर्नेहरुको सम्मान गर्न र नावालक सचिन खनाललाई तत्काल रिहा गर्न माग गर्दै विज्ञप्ति जारी गऱ्यो। सो विषयमा पत्रकारहरुको समेत दवावका कारण १२ दिनपछि फागुन २३ गते नियमअनुसार आत्मसमर्पण गराई पीडितलाई रिहा गरियो।

इलाम नपा-७ सिम्फ्रिङका ५३ वर्षीय भीमवहादुर राउतलाई ०६१ वैशाख ९ गते दिउँसो माओवादीलाई नक्सासम्बन्धी तालिम दिएको भन्दै सुरक्षाकर्मीले पक्राउ गरी चरम यातना दिए। ३ दिनसम्म हिरासतमा राखेर यातना दिएपश्चात् 'तिमी निर्दोष रहेछौ' भन्दै जिल्ला प्रहरी कार्यालयको हिरासतवाट ०६१ वैशाख ११ गते रिहा गरियो।

धुसेनी गाविसका तिलक तामाङ्ग, विष्णु तामाङ्ग, खिलनाथ चापागाईं, लालबहादुर कटुवाल, रामबहादुर कार्की र पदमबहादुर बस्नेतलाई सामुदायिक वनमा कार्यरत रही जथाभावी वन फडानी गरेको आरोपमा ०६१ जेठ १७ गते नियन्त्रणमा लिई स्थानीय आलटारस्थित जनकल्याण प्राविको पक्की शौचालय निर्माणका लागि माओवादीले कारवाहीस्वरुप श्रम शिविरमा राखेर काम गराए।

जीतपुर गाविस-९ का १८ वर्षीय गंगाबहादुर मगरलाई गाउँमा चोरी गरेको आरोपमा माओवादीद्वारा अपहरण गरी सिद्धिथुम्काको पञ्चमीतर्फ लाने क्रममा ०६१ जेठ २० गते सुरक्षाकर्मीसँग जम्काभेट भएपछि माओवादीले छाडेका केही सामग्री र झोलासहित सुरक्षाकर्मीद्वारा पक्राउ गरियो। हाल तारेखमा रिहा भएका छन्।

बालअधिकार

जोगमाई गाविस-८ की ८ वर्षीय एक वालिकालाई पर्यटकका पथप्रदर्शक २२ वर्षीय सलिम खालिदले ०६० चैत १० गते जोगमाईकै मेग्मा भन्ने ठाउँमा वलात्कार गरे। उनलाई भारतीय प्रहरी एसएसीले घटनास्थलमै पक्राउ गरे। पीडक वालिका पर्यटकको भारी वोकेर माने भञ्ज्याङ्गबाट सन्दकपुरतर्फ जानेक्रममा राति बास वसेको अवस्थामा वलात्कृत भएकी थिइन्। पीडितको यौनाङ्ग क्षतविक्षत भएका कारण उपचारका क्रममा भारतीय प्रहरीले वालिकालाई दार्जिलिङ्गको सदर अस्पतालमा राखे। पीडकलाई नेपाल प्रहरीलाई बुझाइयो।

सोयाङ्ग गाविस-१ का २२ वर्षीय गंगामाया खातीले आफैंले जन्माएको बच्चालाई घाँटी निमोठेर हत्या गरी ०६१ साउन ५ गते बोरामा पोको पारी आफ्नै चर्पीमा फ्याँकेकी थिइन्। गंगाको बयानअनुसार कन्याम गाविस-२ का २४ वर्षीय प्रकाश लुहारसँगको सम्वन्धवाट गर्भ रहेको थियो। ९ गते जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएका लुहारले पीडितको भनाइ अस्वीकार गरे। दुवैलाई प्रहरीले अनुसन्धानपश्चात् मुद्दा चलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

नामसालिङ्ग गाविस-४ का २८ वर्षीय रणबहादुर वस्यालले ०६० पुस १७ गते "अछुत जातको हो" भनी दुध फर्काइदिएका कारण गाईको दुध स्थानीय दुग्ध सहकारी संस्थाले बारम्बार अनुरोध गर्दासमेत नलिएका कारण खुलाई डेरी सञ्चालक छविलाल घिमिरे र भेषराज घिमिरे विरुद्ध जिल्ला प्रशासन कार्यालय इलाम ०६० माघ ४ गते निवेदन दिए। एक हप्तापछि सम्वन्धित पक्षलाई बोलाएर मिलाई दिन्छु भनी पठाएको तर सोबारे हालसम्म कुनै प्रयत्न नभएको पीडितको भनाइ छ। सोही वडामा मात्र २५ घर रहेको तर त्यहाँस्थित दुईवटै संस्थाले उनीहरु कसैको परिवारबाट पनि दुध वेच्न लाँदा फर्काइदिने गरेको छ।

इलाम नपा-४ का ५० वर्षीय कुलमान दियालीले ०६० चैत ११ गते स्थानीय इलाम दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडले ६ महिनादेखि आफूले बारम्वार अनुरोध गर्दासमेत "तेरो घरको दुध चल्दैन" भनी फर्काइदिएका कारण न्यायका लागि मानवअधिकार मञ्च, इलाममा निवेदन दिए। मानवअधिकार मञ्चले संस्थालाई उक्त समस्याको न्यायपूर्ण समाधान आफै गर्नका लागि ७ दिनको समय दियो। सो समयमा समाधान नभए पीडितको तर्फबाट न्यायका लागि मानव अधिकार मञ्चले जिल्ला प्रहरी कार्यालयमा जाहेरी गर्ने र दोषी उपर कानुनी कारवाहीको माग गर्ने जनाएकोमा हाल जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भएको छ तर प्रहरीले कारवाही अगाडि वढाएको छैन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानव अधिकार मञ्चद्वारा ०६० फागुन १९ गते एक विज्ञप्तिमार्फत् गैरकानुनी रुपमा, व्यारेकमा नागरिकहरुलाई राखिनु र तिनको स्थितिको वारेमा जानकारी

नगराएबाट संस्थाको ध्यानाकर्षण भएको जनाउँदै तिनिहरुको स्थिति सार्वजनिक गर्न र कैदीउपर कानुनसम्मत व्यवहार गर्न अनुरोध गरियो। मानव अधिकार मञ्चको पहलका कारण हाल ब्यारेकमा रहेका सबै कैदीहरुलाई हिरासत सरहको सुविधा दिएर अनुसन्धानको लागि पक्राउ पुर्जी दिई राखिएको कुरा प्रजिअ प्रेमप्रसाद सापकोटाले जनाए। थुनुवाको संख्या हालसम्म खुलाइएको छैन।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

माइपोखरी गाविस-८ आलुबारी भन्ने ठाउँमा ०६१ जेठ २१ गते आफैले बोकेको सकेट वम पड्किएर करुणा खम्वु भनिने माओवादी कार्यकर्ताको घटनास्थलमै मृत्यु भयो। विस्फोटबाट खम्बुको शरीर र टाउको अलग-अलग भएको थियो। मृतक जिल्लास्तरको कार्यकर्ता भएको माओवादीले सार्वजनिक गरे।

१.३ पाँचथर



जनसंख्या : २१३८६४
साक्षरता प्रतिशत : ५५.३१
महिला साक्षरता प्रतिशत : ४४.०३
क्षेत्रफल (वर्ग कि. मि.) : १२४१
गाविस/नपा संख्या : ४१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३७१
क्याम्पस/उच्च मा.वि. : १/१०
अस्पताल/स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : ५०२
मोटर सडक (कि. मि.) : ९१
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ४६
मानव विकास सूचकांक : ०.४८४
प्रति परिवार सरदर संख्या : ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

पञ्चमी गाविस-१ गोपेटार प्रहरी चौकीमा ०६० पुस १७ गते विहान ५ बजे माओवादीले विद्युतीय धराप थाप्दा थाप्दै जोरपोखरी सुरक्षापोष्टबाट गएका सुरक्षाकर्मीले चलाएको गोलीद्वारा आकाश भनिने १७ वर्षीय सुभास एक्तेन लिम्बूको मृत्यु भयो।

याङ्नाम गाविस-८ लुवाफूका १८ वर्षीय सन्तोष फागोलाई ०६० माघ २४ गते नागीन गाविस-७ सठ्ठीमुरेमा सुरक्षाकर्मीको कारवाहीमा घेरा लगाई हिँडिरहेको अवस्थाबाट नियन्त्रणमा लिएकोमा सकेट प्रहार गर्ने हुँदा कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

कुरुम्बा गाविस-१ सल्लेरी भन्ने ठाउँमा सोही ठाउँका एटम भनिने २२ वर्षीय हस्त सावदेन लिम्बू माओवादीको आरोपमा ०६० फागुन २२ गते सुरक्षाकर्मीद्वारा सल्लेरी छेउमा ल्याई गोली प्रहारबाट मारिए। सोही दिन लिम्बा गाविस-९ मा नाम नखुलेका र चिन्न नसकिने अवस्थामा रहेका एक माओवादीको आरोपमा मारिएको एक लाश फेला परेको प्रत्यक्षदर्शीले बताए।

नागी गाविस-१ याङ्सीबुङ्का १४ वर्षीय लोकेन्द्र लक्समलाई माओवादीको आरोपमा ०६० चैत १२ गते दिउँसो वाटोमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीको कारवाहीमा गोलीद्वारा मृत्यु भयो। याङ्सीबुङ् खोल्साबाट साथै लिएर सोही गाविस-७ का देउरालीमा लगी गोली हानिएको स्थानीयवासीले वताए। सोही दिन भारपा गाविस-७ डाँडागाउँका १७ वर्षीय खगेन्द्र योङ्या पनि मारिए। दुईजनाको मृत्यु भएको बारेमा सम्पर्क राख्दा दोहोरो भिडन्त र विद्युतीय धराप थापिरहेको अवस्थामा कारवाहीमा मृत्यु भएको सुरक्षाकर्मीले बताए।

पाङ्बुङ् गाविस-२ खेदोकका ५२ वर्षीय थामवीर राईको ०६० चैत ३० गते बिहान फापरबारीमा बसेको अवस्थामा सुरक्षाकर्मीले माओवादीलाई प्रहार गरेको गोलीद्वारा मत्यु भयो। इलाम जिल्ला पशुपतिनगरबाट अपहरित प्रहरीलाई खोज्ने क्रममा सुरक्षाकर्मीले माओवादी देखेर सिगिन गाविसको ओंगम्बावाट लङ्रेन्ज चलाउँदा गोली लागी मत्यु भएको प्रत्यक्षदर्शीले बताए। घटनास्थल पुग्दा माओवादीको झण्डा ओढाइएको सुरक्षाकर्मीले बताए भने आधार इलाका भएकाले झण्डा ओढाएको माओवादीले सार्वजनिक गरे।

मेभेङ् गाविस-४ ताङ्लेपाका अन्दाजी २० वर्षीय प्रकाश राई र सोही गाविस- ४ का ३० वर्षीय प्रवीण जवेगु माओवादीको आरोपमा ०६१ वैशाख ४ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। अपहरित प्रहरीको खोजीमा गएका सुरक्षाकर्मीले खोजी गर्ने क्रममा मृत्यु भएको बताइयो।

अमरपुर गाविस-१ का ४३ वर्षीय मणीकुमार श्रेष्ठ माओवादीको आरोपमा ०६१ वैशाख २२ गते लिफैचा आँपडाँडा भन्ने ठाउँमा सुरक्षाकर्मीको कारवाहीमा मारिए। उनी माओवादीद्वारा गठित जनसरकारमा रहेका थिए। सुरक्षाकर्मीले घर घेरा हालेपछि भाग्न लाग्दा चलाइएको गोली लागेर मृत्यु भएको स्थानीयवासीले वताए।

लिम्बा गाविस-५ लामागाउँका ३२ वर्षीय लोकेन्द्र तामाङ् लाक्पा ०६१ वैशाख २३ गते घर घेरा हाली भाग्न लाग्दा सुरक्षा कारवाहीमा मृत्यु भयो। उनी माओवादीका कमाण्डर रहेको बताइयो।

मौवा गाविस-८ नेवार गाउँका अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला सदस्य संगम भनिने २२ वर्षीय डिकेन्द्र सुन्दासको ०६१ जेठ १ गते दिउँसो ११ वजे इलामवाट खटिएका सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। पीडित रवीवजारवाट किनमेल गरी फर्कंदै गर्दा कारवाहीमा मत्यु भएको स्थानीयबासीले वताए।

फाक्तेप गाविसका माओवादी कार्यकर्ता २२ वर्षीय रामकुमार चेम्जोङ् ०६१ असार २ गते बिहान नागीन गाविस-४ तृतियाभञ्याङ्मा सुरक्षा कारवाहीमा मारिए। माओवादी कार्यकर्ता वसिरहेको ठाउँवाट भाग्न लाग्दा गोली हानिएको प्रत्यक्षदर्शीले वताए भने सकेट बम फाल्दै गरेको अवस्थामा कारवाहीमा परी मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

इलाम जिल्ला श्रीअन्तु गाविस-१ का माओवादी कार्यकर्ता ३० वर्षीय प्रेम राई सुरक्षाकर्मीद्वारा आफ्नो नियन्त्रणमा लिई ०६१ असार २५ गते साँझ पाँचथरको जोरपोखरामा यातनापश्चात् नागी गाविस-७ गणेशचोक पूर्वपट्टि गोली हानी मारिए।

सिदिन गाविस-४ का २५ वर्षीय प्रेमकुमार विश्वकर्मालाई ०६१ साउन १ गते विहान ७ वजे सिदिन गाविस-५ हिङ्खामदिन भन्ने ठाउँमा जम्काभेट हुँदा सुरक्षा घेरा तोड्न लाग्दा कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

सिदिन गाविस-५ का नासो भनिने २८ वर्षीय सुन्दर सुब्वा ०६१ साउन १ गते सुरक्षाकर्मीद्वारा आफ्नै घरवाट नियन्त्रणमा लिई घुमाएर ०६१ साउन २ गते पानी परुवा भन्ने ठाउँमा पुऱ्याई गोली हानी मारिए। सुरक्षाकर्मीले पीडित जनसरकार प्रमुख रहेको र कारवाहीमा मृत्यु भएको वताए।

थर्पू गाविस-५ का २२ वर्षीय भीम मावोको ०६१ साउन २८ गते विहान भाग्ने क्रममा नागी गाविसको कालापानी भन्ने ठाउँमा सुरक्षाकर्मीको गोली लागेका कारण ९ घण्टा पछि मृत्यु भयो। मावोको झोला जाँच गर्दा भाग्न खोज्दा चलाइएको गोली लागेर मृत्यु भएको गाउँलेले वताए।

मोरङ जिल्ला घर भएका सशस्त्र प्रहरी जवान २३ वर्षीय दीपक वस्नेतको ०६१ साउन २४ गते ताप्लेजुङ् जिल्लाको सादेवा गाविस-८ मा नियमित गस्ती गई फर्कने क्रममा थकाई लागेर बसेको समयमा एक जना जवान ढिलो गरी आउनाले दुश्मन भनी चलाएको गोलीले मृत्यु भयो।

ओयाम गाविस-९ लिख्याङ्का १७ वर्षीय छत्रवहादुर र १५ वर्षीय चन्द्रवीर काम्बाङ्लाई ०६१ भदौ ४ गते ३ बजेतिर थर्पू गाविस-४ र ५ को सीमाना बन्दुके भन्ने ठाउँमा सुरक्षाकर्मीको गोलीद्वारा मारिए। बाबु सारबहादुरका अनुसार पीडित दुवै कान नसुन्ने भएकाले सुरक्षाकर्मीले "पर्ख" भन्दा नसुनी हिंडेका थिए। सुरक्षा निकायले माओवादी रहेको दावी गऱ्यो भने ३३ जना स्थानीयबासीले निर्दोष व्यक्तिको हत्या भएको हस्ताक्षर संकलन र मुचुल्का बनाए।

सराङ्डाँडा गाविस-९ सप्तमी बजारनजिक गस्तीमा गएका सुरक्षाकर्मीलाई फायर गर्ने माओवादीलाई ०६१ भदौ १६ गते विहान सुरक्षाकर्मीले कारवाही गर्दा ठेगाना नखुलेका १९ वर्षीय संगम तामाङ् २१ वर्षीय तिलविक्रम सम्बाहाङ्वे र १८ वर्षीय एक जना नाम नखुलेका माओवादी कार्यकर्ताको मृत्यु भयो।

अमरपुर गाविस-१ भालुचोक छेउमा जोरपोखरी बेसक्याम्पवाट गएका सुरक्षाकर्मीको कारवाहीमा ०६१ असोज १२ गते बिहान माओवादीका १ नं. एरिया कमाण्डर अन्दाजी २१ वर्षीय रोहित राईको मृत्यु भयो।

नवमीडाँडा गाविस-९ साखेवा रातमाटे भन्ने ठाउँमा ०६१ असोज ३० गते दिनको ३ बजे सुरक्षाकर्मीको कारवाहीमा ३ जना महिला छापामार मारिए। माओवादीले ०६१ भदौ २६ गते अपहरण गरी नियन्त्रणमा लिइएका सिवा गाविस-५ का पदम सुन्दर तुम्ब्रोक र जेवी तुम्ब्रोकलाई मुक्त गर्न जाँदै गर्दा सुरक्षाकर्मीसँग जम्काभेट भई भिडन्त हुँदा ३ महिलाको मृत्यु भएको थियो। मृतक छापामारहरुमा ठेगाना नखुलेका अनु सम्वाहाम्फे, रानीगाउँ गाविसकी राजकुमारी जवेगु र याङ्नाम गाविसका झरना राई रहेका छन्।

रानीगाउँ गाविस-१ का माओवादी कार्यकर्ता २६ वर्षीय भिम सम्वाहाम्फेको ०६१ कार्तिक १४ गते रानीगाउँ गाविस-८ तिङदेन गाउँ भन्ने ठाउँमा जम्काभेट हुँदा सुरक्षा कारवाहीमा मृत्यु भयो।

माओवादीबाट

प्राङ्वुङ् गाविस-४ हात्तीखेम्वा भन्ने ठाउँमा माओवादीले राखेको विद्युतीय धरापमा परी ०६१ वैशाख १३ गते विहान ७ वजे एक सैनिक जवानको मृत्यु भयो भने २ जना प्रहरी घाइते भए। इलाम जिल्ला पशुपतिनगरबाट अपहरित प्रहरीलाई खोजी गर्ने क्रममा सुरक्षाकर्मीलाई लक्ष्य गरी धराप थापिएको थियो। घटना सम्वन्धमा सुरक्षापक्षसँग सम्पर्क राख्दा थाहा नभएको वताए।

सिदिन गाविस-९ नक्कले भन्ने ठाउँमा माओवादीले

वनाउँदै गरेको वम अचानक विस्फोट हुँदा ०६१ वैशाख ५ गते वादल, राकेश र केदार उपनाम गरेका ३ जनाको मृत्यु भयो।

ओलने गाविस-८ का मानसिक स्थिति ठिक नभएका शिक्षक ४५ वर्षीय इन्द्र अधिकारीलाई ०६१ असोज २४ गते राति ८ वजे समयमा माओवादीले लक्षित गरी फ्याँकेको सकेट बम टिप्न लाग्दा विस्फोट भई मृत्यु भयो।

पञ्चमी गाविस-८ का गाविस सचिव ५२ वर्षीय मोहनप्रसाद ढकाललाई सुराकीको आरोपमा ०६१ कार्तिक २६ गते विहान माओवादीले नागी गाविस-३ खाङ्गा खोल्सामा पुऱ्याई छुरा प्रयोग गरी हत्या गरे। ढकाललाई ०६१ कार्तिक २२ गते घरबाट अपहरण गरिएको थियो।

अन्यबाट

मोरङ जिल्ला इन्द्रपुर-९ का प्रहरी २२ वर्षीय निलम पोखरेललाई ०६० चैत २ गते बिहान फिदिम गाविस-१ ट्राफिक कार्यालय अगाडि बाटोमा अज्ञात व्यक्तिले गोली प्रहार गरी हत्या गरे।

कुरुम्बा गाविस-४ का ३० वर्षीय वीरेन्द्र लावतीलाई ०६१ वैशाख ६ गते राति ३ जनाको अज्ञात समूहले "केही गफ गर्नु छ" भनी घरबाट अपहरण गरी गोली हानी हत्या गरे। घटना सम्बन्धमा माओवादीले नघटाएको दाबी गरेको छ।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

प्राङ्वुङ् गाविस-३ स्थित कालिका माध्यमिक विद्यालयमा विद्युतीय धरापमा परी ०६१ असोज ११ विहान ७ बजे कालिध्वज गणका जवान २८ वर्षीय कविराज आमगाईं र नाम नखुलेका एक जना घाइते भए।

नागी गाविस-२ हिटीधारामा माओवादीले ०६० असोज १५ गते विहान ८ वजे वम विस्फोट गराई २ सैनिक जवान घाइते भए। जोरपोखरी सुरक्षा वेश क्याम्पबाट नियमित गस्तीमा गएका घाइते २ सैनिकलाई उपचारका लागि काठमाडौं लगियो।

अन्यबाट

एकतिन गाविस-१ का १३ वर्षीय सोमबहादुर आङ्थोपो ०६१ पुस १० गते विहान डुम्रेबोटे भन्ने ठाउँमा घाँस काटिरहेको अवस्थामा बेवारिसे अवस्थामा रहेको बम विस्फोटबाट दायाँ खुट्टामा चोट लागेर सख्त घाइते भए।

जेल र बन्दीहरु

पाँचथर जेल "घ" श्रेणीको छ। २५ जना बन्दी क्षमता भएको जेलभित्र ४४ जना बन्दी छन्। ती मध्ये १४ जना माओवादीको आरोपमा नजरबन्दमा राखियो। बाँकी ३० जना अन्य अपराधमा संलग्न छन्। थुनुवामा यो वर्ष परेका २३ मध्ये २० जना पुरुष र ३ महिला छन्। ३ महिलामध्ये २ जना नजरबन्दी छन्। एकजना ज्यान मुद्दामा रहेकी छन्। महिलाहरुबीच पनि घुलमिलमा राम्रो छ। जेलमा १५ देखि ४५ वर्षसम्मका २३ मध्ये थुनुवा २० पुरुष ३ महिला छन्। जम्मा १५ जना पुरुष वन्दी छन्। ४५ वर्षभन्दा माथिका बन्दी जम्मा ६ मध्ये ६ जना पुरुष रहेका छन्। जेलभित्रको महिला र पुरुषको भएको चर्पीको मर्मत नगर्नाले असजिलो भएको देखिन्छ। क्षमताभन्दा बढी थुनुवा भएकाले पानीको समस्या सरसफाइ, स्वच्छ पानीको व्यवस्था भए राम्रो हुने र आवश्यकता परेको नजरबन्दी छवि खनाल बताउँछन्। खनाल भन्छन्, "हामीलाई मुद्दा चलाएको छैन। मुद्दा चलाएको भए निश्चित समयमा निस्कने थियौं।"

जेलभित्रका निरक्षरलाई प्रौढ शिक्षाको कक्षा संचालन

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१	८	१०			१०	२२	२६	३	३०
घाइते	१	१		१	३	३		३	६				
गिरफ्तारी/यातना										५	८	४	१२
बेपत्ता										२	४		४
कुटपिट	२	५		५	३	२	१		३	३	४		४
धम्की					२	२			२	१	१		१
भेला/संगठित हुने अधिकार										१	३		३
बालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१				
अपहरण					३३	८६	४	३६८	३८६				
जम्मा	५	६	२	८	५०	८५	५	३६९	३९९	३४	४६	६	५४

भए राम्रो हुने कुराको माग राखेका छन्। आईसीआरसीले पुस्तक, सामग्री दियो। जेल प्रमुख रेणुप्रसाद ओझाका अनुसार गृह विभागमा जेल मर्मत गर्न पटकपटक लेखा पढी गरी अनुरोध गरिएको तर व्यवस्था चाहिँ भएको छैन। भइरहेकोलाई मर्मत गरी क्षमता भन्दा वढी वन्दी भएका हुनाले थप अर्को भवनको आवश्यक परेको बताउनुभयो। इन्सेकका प्रकाशन वाहेक अन्य पत्रपत्रिका पनि अध्ययन गर्ने अवसर भएदेखि राम्रो हुने वन्दी बताउछन्।

बेपत्ता / अपहरण

राज्यबाट

प्राङबुङ् गाविस-१ तारेगाउँका २२ वर्षीय दोज्रे तामाङ्, १८ वर्षीय चन्द्र तामाङ र ७ वर्षीय बालक सुरेश तामाङलाई ०६१ वैशाख ३ गते बाटोबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरु माओवादीसँग संलग्न रहेको सेनानी हर्कवहादुर शाहीले बताए। पीडितको स्थिति हालसम्म सार्वजनिक गरिएको छैन।

प्राङबुङ् गाविस-५ का २४ वर्षीय पदम राई ०६१ कार्तिक २६ गते दिउँसो जिल्ला प्रशासनको कार्यालयबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारे। प्रहरीमा सम्पर्क राख्दा थाहा नभएको बताए। पीडितका बाबु देवी राईका अनुसार, पासपोर्ट बनाएर वैदेशिक रोजगारीमा जाने क्रममा जिल्ला प्रशासन कार्यालयबाट पक्राउ गरी छानविन पछि चाँडै छाडिने सुरक्षाले जनाए पनि हालसम्म स्थिति सार्वजनिक गरिएको छैन।

माओवादीबाट

पञ्चमी गाविस-१ का ६१ वर्षीय रामकुमार लिङ्देनलाई सुराकीको आरोपमा ०६० पुस १८ गते दिउँसो माओवादीले अपहरण गरी कुटपिट गरे।

सुभाङ् गाविस-६ का ५२ वर्षीय हरिप्रसाद ओझालाई माओवादीले ०६० फागुन १३ गते अपहरण गरी १५ गते मुक्त गरे। रिहाइका लागि इन्सेक प्रतिनिधि, हुकोडेक नेपाल, पत्रकार महासंघ शाखा, नागरिक समाज, शान्ति समाज, प्राध्यापक संघ, मानवअधिकार तथा सामाजिक न्याय मञ्च आदिले पहलको लागि प्रेस विज्ञप्ति जारी गरेका थिए।

सप्तरी जिल्ला रुपनगर गाविस-७ का प्रहरी जवान २६ वर्षीय दिनेश वस्नेतलाई ०६० चैत १२ गते विहान अमरपूर गाविस-४ भालुचोक वजारवाट माओवादीले अपहरण गरी जागिर छोड्ने शर्तमा ०६० चैत २१ गते भालुचोकमा एक कार्यक्रम गरी मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा मुक्त गरे।

सप्तरी जिल्ला रामपुर गाविस-२ का प्रहरी जवान ३६ वर्षीय रञ्जनकुमार गुरमैत्तालाई ०६० चैत १८ गते पञ्चमी गाविस-१ गोपेटारवाट माओवादीले अपहरण गरी ०६० चैत २१ गते अमरपुर गाविस- ४ मा पीडितलाई एक कार्यक्रम गरी मानवअधिकारकर्मी र पत्रकार बीच मुक्त गरे।

यासोक गाविस-६ का ५० वर्षीय जिविस पूर्व सदस्य दुर्गा राई चाम्लिङ, रानीगाउँ गाविस-६ का ३८ वर्षीय फगेन्द्र सम्बाहाम्फेलगायत् ८० जना जतिलाई ०६० चैत २३ गते दिउँसो यासोक वजारवाट माओवादीले "रवीबजारमा कार्यक्रम छ" भनी अपहरण गरी भोलिपल्ट मुक्त गरे।

निमित्त जिशिअ ३६ वर्षीय डिल्लीराम लुइँटेल, परिचर २७ वर्षीय गणेश कटुवाल, पशुसेवा कार्यालयका प्राविधिक सहायक ५२ वर्षीय हरिप्रसाद घिमिरे, नायव प्राविधिक सहायक २८ वर्षीय घनेन्द्र भण्डारीलाई ०६१ वैशाख १७ गते विहान फाक्तेप गाविस-४ घुर्मिसेबाट स्वास्थ्य शिविर सञ्चालन गरी फर्किरहेको अवस्थामा माओवादीले अपहरण गरे। माओवादीले घुम्ती शिविरबारे सोधपुछ गरी पशुसेवाका कर्मचारी घिमिरे र भण्डारीलाई ०६१ वैशाख १९ गते घटनास्थलमा ल्याई मुक्त गरे। निमित्त जिशिअ डिल्लीराम र परिचर गणेशलाई ०६१ जेठ १० गते लुङ्रुपा गाविसमा एक कार्यक्रम गरी स्थानीय पत्रकारसमक्ष जिम्मा लगाए।

भारपा गाविस-७ का ३० वर्षीय लक्ष्मीप्रसाद काफ्लेलाई ०६१ जेठ ३२ गते प्राङ्वुङ् गाविस-८ स्थित एक घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई ०६१ असार १२ गते मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका चन्द्रवीर काम्वाङ र छत्रबहादुर काम्वाङ

लुम्फाबुङ् गाविस-३ काफलबोटेका २८ वर्षीय महेन्द्र लुईटेलगायत २ सय जनालाई ०६१ असार ८ गते माओवादीले अपहरण गरी असार ११ गते मुक्त गरे।

नागी गाविस-१ याङसिबुङका २० वर्षीय कुमार खतिवडालाई सुराकीको आरोपमा ०६१ असार ८ गते ताप्लेजुङबाट फर्किंदा अमरपुर गाविस-१ भालुचोकबाट माओवादीले अपहरण गरे। पीडित ०६१ असोज १५ गते भागेर मुक्त भए। उनी बटुकदल व्यारेक चारआली, झापामा तालिम लिन छनौट भएका थिए। हाल खतिवडाका सबै परिवार विस्थापित छन्।



माओवादीद्वारा मारिएका मोहन ढकाल

अमरपुर गाविस-४ का ४० वर्षीय इन्द्रनारायण ढकाललाई सुराकीको आशंकामा ०६१ असार २७ गते युवा विकास मञ्चको कार्यालय, अमरपुरबाट माओवादीले अपहरण गरी भदौ १४ गते एक सार्वजनिक कार्यक्रम गरी मुक्त गरे।

रवि गाविस-५ स्थित उच्च माविका ५२ वर्षीय गंगाप्रसाद अधिकारी, इलामको चिसोपानी माविका शिक्षक ४५ वर्षीय जयप्रसाद राईलगायत् विभिन्न गाविसका विद्यालय शिक्षकलाई ०६१ असार २८ गते राजनीतिक प्रशिक्षणका लागि अपहरण गरी सोही दिन मुक्त गरे।

झापा जिल्ला धरमपुर गाविस-८ का ३५ वर्षीय जनकबहादुर चेम्जोङ, यासोक गाविस-२ का ३० वर्षीय सुन्दर लावती र सोही ठाउँका २५ वर्षीय मेदनी लावतीलाई रुपरेखा साप्ताहिकमा समाचार छपाएको विषयमा ०६१ भदौ ७ गते राति १२ बजे घरवाट माओवादीले अपहरण गरी भदौ ९ गते समाचार छपाएको स्वीकार गर्न लगाई मुक्त गरे।

दुर्दिम्बा गाविस-४ का भगवती प्रस्तावित माविका प्रधानाध्यापक ३५ वर्षीय रामेश्वर लिम्बू, सोही गाविस-३ का शिक्षक ४५ वर्षीय रामवहादुर लिम्बू, सोही गाविस-४ का ३२ वर्षीय पूर्ण अधिकारीलगायत् १० जनालाई ०६१ साउन २ गते माओवादीले अपहरण गरी ०६१ साउन ४ गते मुक्त गरे।

चोकमागु गाविस-६ का एमाले कार्यकर्ता ३८ वर्षीय वीरेन्द्र तुम्वापो र ५२ वर्षीय महेन्द्र तुम्वापोलगायत् ५ जनालाई ०६१ साउन ८ गते माओवादीले राजनीतिक प्रशिक्षणमा सहभागी हुन अपहरण गरी सोही दिन मुक्त गरे।

रानीटार गाविस-२ का ५१ वर्षीय रमेश मिश्र, नागीन गाविसस्थित उच्च माविका वद्री वास्कोटा, फिदिम गाविसका शिक्षकसहित स्थानीय वुद्धिजीवी गरी १ सय ६३ जनालाई ०६१ साउन १३ गते जनवादी शिक्षा प्रशिक्षण कार्यक्रममा सहभागी गराउन माओवादीले अपहरण गरी साउन १६ गते मुक्त गरे।

थर्पू गाविस-७ का ४० वर्षीय भिष्म कोइरालासमेत विभिन्न पाँच गाविसका विद्यालय शिक्षक, सर्वसाधारण गरी २ सय जनालाई राजनीतिक र शहीद स्मरण अभियान विषयक अन्तक्रिया कार्यक्रममा सहभागी गराउन ०६१ साउन १७ गते बिहान माओवादीले अपहरण गरी साउन १८ गते बेलुका मुक्त गरे।

भारपा गाविस-७ सिद्धेश्वरी माविका ४७ वर्षीय तीर्थ तिम्सिना, सोही विद्यालयका ३० वर्षीय गुरुप्रसाद तिम्सिना, ५१ वर्षीय गौरी रिजाल, ५५ वर्षीय लोकनाथ रिजाल, ३७ वर्षीय वीरेन्द्र रिजाल, ३३ वर्षीय नेत्र योक्पाङदेन र सर्वसाधारण, शिक्षक गरी भारपा गाविसभित्रका ३० जनालाई ०६१ साउन १७ गते माओवादीले अपहरण गरी राजनीतिक प्रशिक्षण दिलाई ०६१ साउन २० गते मुक्त गरे।

रानीटार गाविस-१ नाङलापाका ४५ वर्षीय सुपरभाइजर मोदनाथ अधिकारी, २० वर्षीय बलबहादुर विश्वकर्मा, २१ वर्षीय खड्ग गुरुङलगायत्लाई ०६१ भदौ २० गते साँझ ६ बजेतिर माओवादीले अपहरण गरी भदौ २६ गते मुक्त गरे। अपहरण गरी लगिनुको कारण भने बताइएन।

फाक्तेप गाविस-५ स्थित चिलिङ्दिन भन्ने ठाउँमा जाँदै गर्दा माओवादीले ०६१ भदौ २८ गते चिलिङदिन नपुग्दै ३७ वर्षीय लालबहादुर गुरुङ, केहरसिंह चेम्जोङ्, हरिमाया राई, जुनु लावती, डिल्लीहाङ् चेम्जोङ्, इन्जीना राई, कोपीला लावतीलगायत् ८ जनालाई अपहरण गरी ०६१ असोज ३ गते मुक्त गरे। जनमोर्चाले जिल्ला भरी संगठन विस्तार कार्यक्रम गर्ने क्रममा फरक विचार राख्ने पार्टी भएकाले अपहरण गरिएको पीडित वताउँछन्।

भारपा गाविस-७ का अन्दाजी ३६ वर्षीय कालिबहादुर योञ्जन (तामाङ) लाई ०६१ असोज ५ गते दिउँसो ३ बजे माओवादीले अपहरण गरे। असोज ११ गते भागेर मुक्त भए। योञ्जन नयाँ गोरख गण रोल्पा (लिवाङ् व्यारेक) मा कार्यरत भई व्यवहारिक कामले घरमा आएका अवस्थामा माओवादीले अपहरण गरेका थिए।

सराङ्डाँडा गाविस-३ का ३४ वर्षीय विष्णु राईलगायत् जनमोर्चा नेपालका ४१ जना कार्यकर्तालाई ०६१ असोज ८ गते दिउँसो माओवादीले सोही ठाउँबाट अपहरण गरी ०६१ असोज ११ गते सराङडाँडा गाविसको दुर्गामाविमा समाजसेवी नरेन्द्र बस्नेत र लाखबहादुर नेम्वाङको उपस्थितिमा मुक्त गरे। पीडित राईका अनुसार जनमोर्चाले



माओवादीद्वारा कुटपिट गरिएका सिवा गाविस-५ का जेवी तुम्बोक

देशव्यापी रुपमा माओवादीको भण्डाफोर अभियानमा लागेकाले अपहरण गरिएको वताए।

लिम्वा गाविस-४ का डाइन्द्र माखिम, इन्द्र रेग्मी, पुष्प वस्नेत र पूर्ण घिमिरेलाई ०६१ असोज ११ गते राति ९ वजे माओवादीले अपहरण गरे। सोही ठाउँकै लुवाङदिनका देविन्द्र माखिमलाई असोज ७ गते बेलुका ७ वजे आफ्नै घरबाट अपहरण गरेका थिए। पीडित सबैलाई ०६१ असोज १३ गते आ-आफ्नो घरमा ल्याइदिए।

नागी गाविस-१ सिम्लेका एमाले जिल्ला सदस्य तथा पूर्व जिविस सभापति ५२ वर्षीय उपेन्द्र दंगाललाई ०६१ असोज २३ गते बिहान ७ वजे माओवादीले जग्गाको तिरो तिरेको विषयमा घरवाट अपहरण गरी चार घण्टापछि मुक्त गरे।

थर्पु गाविस-४ का ६२ वर्षीय धनबहादुर तावा, ४८ वर्षीय रणमाया तावा र छिमेकी १९ वर्षीय दीपक नेपालीलाई ०६१ कार्तिक १० र ३६ वर्षीय पूर्ण तावालाई कार्तिक १२ गते माओवादीले अपहरण गरे। दीपकलाई मुक्त गरेका छन् भने हालसम्म तावाद्वयलाई श्रम शिविरमा नियन्त्रणमा रहेको र मुक्त नगरेको परिवारका सदस्यले वताए।

झापा गाविस-६ टुवाका ५० वर्षीय शिक्षक लोकनाथ रिजाल र ५१ वर्षीय गौरीप्रसाद रिजाललाई ०६१ कार्तिक ११ गते अपहरण गरे। पीडितलाई १३ गते मुक्त गरियो। जनवादी शिक्षा प्रशिक्षणमा लगिएको पीडितले वताए।

कृषि विकास वैंक क्षेत्रीय कार्यालय, विर्तामोड झापाका शाखा प्रवन्धक लक्ष्मणप्रसाद बराल, शाखा प्रवन्धक ज्योतिप्रसाद अधिकारी, लेखा सहायक खिवलाल अधिकारी, ऋण अधिकृत रञ्जन खनाल, कृषि विकास वैंक फिदिमका प्रमुख तेजवहादुर दाहाललाई राँके वजारवाट ०६१ कार्तिक १६ गते साँझतिर ऋण लगानी र असुलीवारे वुझ्न माओवादीले अपहरण गरी १७ गते मुक्त गरे।

झापा गाविस-९ का २२ वर्षीय तुलसी थापा र फिदिम गाविस-२ पल्लोटारका २२ वर्षीय लिला भण्डारीलाई हुकोडेक नेपालको आयोजनामा अभिभावक भेला कार्यक्रम गरेकोमा सो सम्वन्धी सोधपुछ गर्न भनी ०६१ मंसिर १५ गते साँझ ७ वजे दुर्दिम्वा गाविस-४ बाट अपहरण गरी मंसिर १७ गते मुक्त गरे।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

राज्यबाट

फिदिम गाविस-७ साम्दिनका २७ वर्षीय लवदेव ढुंगानालाई ०६० माघ १० गते दिउँसो फिदिम बजारबाट घर फर्कन लाग्दा प्रहरी हवलदार ४० वर्षीय विशेश्वर विश्वकर्मा र प्रहरी जवान ३५ वर्षीय डम्वर खड्काले बिना कारण आतंककारी भन्दै ज्यानमार्ने धम्की दिए। पत्रकार ढुंगानाले परिचय पत्र देखाउँदा पनि बेवास्ता गरी धम्की दिए। पत्रकार महासंघ शाखाले विज्ञप्ति जारी गरी प्रनाउसँग कारवाहीको माग गरेको थियो। पीडकलाई कुनै कारवाही भएन।

मेमेङ् गाविस-२ मच्छेबुङ्का २६ वर्षीय इन्द्रवहादुर चौहानलाई माओवादीलाई खाना खुवाएर आरोपमा ०६० चैत २९ गते दिउँसो सुरक्षाकर्मीले कुटपिट गरे।

मेमेङ् गाविस-२ मच्छेबुङ्का ६३ वर्षीय ताराप्रसाद सुवेदी र छोरा २३ वर्षीय नरपति सुवेदीलाई ०६१ वैशाख १ गते आफ्नै घरमा सुरक्षाकर्मीले माओवादीले राखेको चामलको विषयमा सोधपुछ गर्दा कुटपिट गरे। पीडितले चामल राखेको नबताएपछि कुटपिट गरेको वताए। उनी हाल तारेखमा छन्।

नागीन गाविस-४ का ३० वर्षीय ओमनाथ अधिकारीलाई माओवादीको आरोपमा ०६१ जेठ २५ गते विहान १० वजे खेतमा काम गरेर घरतर्फ आउँदै गर्दा सुरक्षाकर्मीले तृतिया वजारनजिक भाटा र हातले कुटपिट गरे।

माओवादीबाट

यासोक गाविस-२ का २३ वर्षीय रामकुमार लावती (सन्देश) लाई ०६१ वैशाख २० गते विहान १० वजे घरैमा माओवादीले रुपरेखा साप्ताहिकमा समाचार लेखेका आधारमा धम्की दिई दुर्व्यवहार गरे। उनीहरुले पीडितका दाजु मेदनी लावतीलाई जेठ २० गते ५० हजार ठिक पार्नु भनेर गएको वताए। पीडित नेपाल पत्रकार महासंघका सदस्य रहेका छन् भने रुपरेखा साप्ताहिकमा समाचार लेख्न छाडेको ४ वर्ष भएको वताए।

फिदिम गाविस-३ का ३४ वर्षीय हर्क राईलाई ०६१ भदौ २९ गते राति १२ बजे माओवादीले आफ्नै घरमा विनाकारण मरणासन्न हुनेगरी कुटपिट गरे। पीडाग्रस्त राईका बारेमा चासो र उपचार गर्नेलाई कारवाही गरिने धम्की दिएको प्रत्यक्षदर्शीले वताए।

नागी गाविस-८ की ४५ वर्षीय शिवमाया खतिवडालाई अपहरित आफ्नै भतिजा कुमार खतिवडालाई माओवादीको कब्जावाट भगाएको आरोपमा ०६१ असोज २३ गते विहान माओवादीले घरमा कुटपिट गरे। कुमार खतिवडा असार ८ गते अपहरित भएका थिए।

शिवा गाविस-५ धुपीडाँडाका ४१ वर्षीय जेवी तुम्ब्रोकलाई ०६१ कार्तिक १७ गते माओवादीले कुटपिटसहित धारिलो हतियार प्रहार गरी सख्त घाइते वनाए। पीडित हाल विस्थापित भएका छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संयुक्त विद्यार्थी जनआन्दोलन समितिले ०६१ जेठ २५ गते साँझ मशाल जुलुस गरी फाल्गुनन्द चोकमा भेला भएको सभामा बोल्दै गरेको अवस्थामा प्रहरीले २२ वर्षीय केशव खतिवडा, ३६ वर्षीय तरुण दलका डिगेन्द्र चेम्जोङ्, गौरादह गाविस-१ का ४५ वर्षीय भुवन केसीलाई लाठी प्रहार गरे।

माओवादीद्वारा ०६१ असार २८ गते प्रेषित विज्ञप्तिले जिल्लाका बजारबासीहरु आतंकित भए। ०६१ भदौ २ गतेदेखि २३ गतेसम्मको संघर्षका कार्यक्रमप्रति अनेरास्ववियु (क्रान्तिकारी) द्वारा ऐक्यबद्धता जनाइएको साउन ३१ गते प्रेस विज्ञप्तिमा उल्लेख गरियो। नागरिक समाजमा शिक्षक, कर्मचारी, बुद्धिजीवी पत्रकार, मानवअधिकारकर्मी सबैलाई सहयोग गर्न अपिल गरियो। माओवादीको घोषित कार्यक्रम अनुसार १६ गतेदेखि २२ गतेसम्मको नाका र भदौ २३ गते जिल्ला सदरमुकाम खाली गरी संघर्षमय बनाउने रहेकाले वजारमा महंगी र कालो वजारी गरेको थियो। आक्रान्त अवस्थालाई शान्ति वनाउन कार्यक्रम फिर्ता लिन नागरिक समाज, पत्रकार, बुद्धिजीवीलगायत् संघसंस्थाले अपिलमार्फत् अनुरोध गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानीतर्फका १ सय ३० वटा मुद्दामा ६९ फर्स्यौट भई ६१ वटा मुद्दा वाँकी छन्। सरकारवादी फौजदारीतर्फ २४ वटा मुद्दा रहेकोमा ९ वटा फर्स्यौट भई १५ वटा वाँकी रहे भने दुनियावदी फौजदारीतर्फका १ सय ३३ वटा मुद्दामा ५८ वटा मुद्दा फर्स्यौट भई ७४ वटा मुद्दा बाँकी छन्। अदालतको लगतमा रहेका २ सय ८७ वटा मुद्दामा १ सय ३६ वटा मुद्दा फर्स्यौट भई १ सय ५० वटा मुद्दा वाँकी रहे। अदालतमा दुनियावादी देवानीतर्फ २० वटा, सरकारवादी फौज्दारी तर्फ ६ वटा र दुनियावादी फौजदारीतर्फ २७ वटा मुद्दा दुई वर्षभन्दा पुराना छन्। न्यायाधीश शिवनारायण यादवले मुद्दाको म्याद तामेल गर्न नसकिएकाले बाँकी मुद्दाहरु फर्स्यौट हुन नसकेको वताउनु भयो।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका प्राङबुङ गाविस-५ का पदम राई

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

नागीन गाविस-३ सेजेपाका ४४ वर्षीय अम्विका नेउपानेका सवै परिवारलाई छोरीको विवाहमा शाही सेना र प्रहरी ल्याई विवाह गराएको आरोपमा ०६० फागुन ३० गते दिउँसो ११ वजे २ जना माओवादीले घरमा ताला लगाई आफ्नो कब्जामा लिई विस्थापित गराए। पीडितहरु ०६० जेठ १७ गते घर फर्किए। इन्सेक जिल्ला प्रतिनिधि र पत्रकार महासंघको पहलमा दुवै पक्षवीच वार्ता गराई सशर्त घर फर्काइए।

आङसराङ् गाविस-६ का ७२ वर्षीय रणवीर चेम्जोङको घर ०६१ भदौ १२ गते बेलुका माओवादीले ताला लगाई घर सम्पत्ति कब्जा गरे। फाक्तेप गाविसको घर पनि एक कोठा खाली गरी सवै कब्जामा लिए। भूतपूर्व जिविस सदस्य तथा राप्रपाका नेता हुन्।

ओयाम गाविस-४ चरिभञ्याङ्का ३४ वर्षीय मकरबहादुर योङ्या, चन्द्रप्रसाद योङ्या र जीतबहादुर योङ्याको घर ०६१ भदौ २२ गते दिउँसो माओवादीले भत्काई सवै सामान लुटेर लगे। मकरबहादुर योङ्यालाई ०५९ असार १२ गते विस्थापित गराएका थिए। माओवादीले पुलिसको घर हो, भत्काउनुपर्छ भनी घर भत्काए। घरबाट ४० ढिक्का चापको काठ समेत लगेको मकरबहादुरका भाई प्रहरी जवान अइन्द्र योङ्याले वताए।

संरचना/सम्पत्ति क्षति

पूर्वाञ्चल सिंचाई विकास सव डिभिजन नं. १ को कार्यालयमा ०६० पुस १८ गते साँझ ७ वजे ४ जना माओवादीले प्रेसर कुकर बम विस्फोट गराई क्षति पुऱ्याए। फिदिम गाविस-२ पल्लोटारमा भएको एक मात्र सरकारी भवनको तल्लो भाग क्षति भई ६० हजार रुपैयाँ जति क्षति पुऱ्याएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

थर्पू गाविस-७ का ४२ वर्षीय



माओवादीद्वारा अपहरण पछि मुक्त गरिएका
तुलसी थापा र लीला भण्डारी

भिष्म कोइरालालाई ०६० पुस २८ गते बेलुका ७ बजेतिर फिदिम गाविस-१ काफ्ले होटलबाट माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडित तारिखमा छन्।

चोकमागु गाविस-३ का १८ वर्षीय प्रेमा तुम्वापोलाई ०६१ जेठ ४ गते सिवा गाविस-९ आहाले भन्ने ठाउँबाट सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरी जेठ ५ गते रिहा गरे। पीडित खेतमा काम गर्न गएका अवस्थाबाट घरतर्फ आउँदै गर्दा सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिइएको पीडितले वताइन्।

नागीन गाविस-६ पुलभञ्ज्याङ् भन्ने ठाउँबाट नागीन गाविस-६ की १२ वर्षीय रेशमा भनिने इन्दिरा अधिकारी, लुङ्रुपा गाविस-३ की आशा भनिने २० वर्षीय रमला राई र झापा जिल्लाका १३ वर्षीय दिनेश विश्वकर्मालाई माओवादीको आरोपमा ०६१ साउन २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। अन्यलाई जेलमा नजरवन्दमा दिनेशलाई सुधार्न भनी प्रहरी हाताभित्र राखिएको छ।

पौवा सार्ताप गाविस-७ का २२ वर्षीय हर्कवहादुर वागदश, चोकमागु गाविस-९ का १६ वर्षीय विक्रम शिवा, नवमीडाँडा गाविस-३ का २० वर्षीय भूपेन्द्र शिवालाई माओवादीको आशंकामा प्रहरीले फिदिम गाविस-४ स्थित ४ खम्वे भन्ने ठाउँवाट ०६१ कार्तिक ८ गते गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये हर्कवहादुर वागदशले आफू माओवादी भएको स्वीकारी कार्तिक १३ गते नजरबन्दमा राखिएको डिएसपी कमल जिटीले वताए। अन्य दुईजनालाई तारेखमा रिहा गरियो।

बालअधिकार

प्राङवुङ् गाविस-८ का ४० वर्षीय कुलवहादुर पुलामीले ०६१ कार्तिक ३० गते सोही गाविसकी ११ वर्षीय एक बालिकालाई घर नजिकैको जंगलमा बलात्कार गरे। घटना माओवादीले थाहा पाई पुलामीलाई ३ वर्ष श्रम शिविरमा कैद बनाएर काममा राखेको सार्वजनिक जानकारीमा आयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

भवितव्य मृत्युअन्तर्गत ६ वटा घटनामा ६ पुरुषले ज्यान गुमाए। व्यक्तिगत हत्याका ७ वटा घटनामा २ महिला र ५ पुरुष पीडित भए। लागु औषधबाट १ पुरुषको मृत्यु भयो। गाडी दुर्घटनामा एक महिला र एक पुरुषको मृत्यु भयो। ४ महिला र २ पुरुषले आत्महत्या गरे।

नागीन गाविस-६ माल्बासे भन्ने ठाउँमा ०६० पुस २६ गते २ बजेतिर माओवादीले आफूले बोकेको सकेट बम विस्फोट हुँदा एक माओवादीको मृत्यु भयो। पीडितको नाम खुल्न सकेन।

नागीन गाविस-६ का १९ वर्षीय अटल भनिने बुद्धराज राईको हिँडिरहेको अवस्थामा आफूले बोकेको ग्रिनेट बम विस्फोट भई ०६० माघ १७ गते मृत्यु भयो।

च्याङ्थापु गाविस-९ का १८ वर्षीय ओमप्रकाश लकान्द्रीको ०६० माघ २९ गते जोरमौवा भन्ने ठाउँमा आफैले बोकेको बम विस्फोटन भई मृत्यु भयो भने सुरक्षाकर्मीमाथि आक्रमण गर्दा कारवाहीमा मृत्यु भएको समाचार प्रसारण गरिएको थियो।

फलैचा गाविस-७ की २१ वर्षीय मनिषा वेघा र सोही ठाउँका ३५ वर्षीय विकास साम्पाङ्सँग राजी खुशी यौन सम्पर्कपछि गर्भवती भएकाले गाउँलेले छलफल गरी विवाह गर्ने सल्लाह दिएपछि ०६१ भदौ ११ गते बिहान ४ बजे घरवाट हिँडेका थिए। २१ गते गर्भवती महिला मृत अवस्थामा फेला परिन्। घटनापछि विकास साम्पाङ् बेपत्ता छन्।

विगतको अनुगमन

लिम्बा गाविस-७ का ३९ वर्षीय खगेन्द्र माखिमलाई ०६० कार्तिक २३ गते दिनको ११ वजे सार्वजनिक माविमा विद्यार्थीलाई पढाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ असार ९ गते रिहा गरे। माओवादीको आरोपमा गिरफ्तार परेका माखिमलाई झापा जिल्लाको चारआली ब्यारेक सैनिक हिरासतमा राखी चन्द्रगढी जेल चलान गरिएको बताइयो। एक महिना हिरासतमा बसी ५ महिना जेल वसेर रिहा भएको पीडितले बताए।

१.४ ताप्लेजुङ



जनसंख्या :	१४१००२
साक्षरता प्रतिशत :	५१
महिला साक्षरता प्रतिशत :	४१
क्षेत्रफल (वर्ग कि. मि.) :	३६४६
गाविस/नपा संख्या :	५०/०
निर्वाचन क्षेत्र :	२
विद्यालय :	२४४
क्याम्पस/उच्च मा.वि. :	१/८
अस्पताल/स्वास्थ्य चौकी :	१/५१
टेलिफोन लाइन :	५१०
मोटर सडक (कि. मि.) :	४५
प्रहरी कार्यालय संख्या :	२
हुलाक संख्या :	५१
मानव विकास सूचकांक :	०.४६७
प्रति परिवार सरदर संख्या :	५.६९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

साब्लाखु गाविस-६ का २५ वर्षीय ऐश्वर्य रिजालको माओवादीको आशंकामा ०६० पुस २२ गते सुरक्षाकर्मीले पेदाङ गाविस-४ मा गोली प्रहार गर्दा मृत्यु भयो।

फावाखोला गाविस-४ का २५ वर्षीय कुमार ईजमको माओवादीको आशंकामा ०६० पुस २४ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

साँबा गाविस-९ का माओवादी कार्यकर्ता ४० वर्षीय मोहन विक्रम साँवा गस्तीमा गएको सुरक्षाकर्मीद्वारा ०६० पुस २५ गते नियन्त्रणमा लिई गोली हानी मारिए।

खेजेनिम गाविस-४ का ३७ वर्षीय दिलकुमार लिम्बू र सिनाम गाविस-७ का २७ वर्षीय धनवहादुर वुढा क्षेत्रीको ०६० पुस २७ गते गस्तिमा गएका सुरक्षाकर्मीले चलाएको गोली लागी पेदाङ गाविस-१ को जंगलमा मृत्यु भयो।

पाँचथर जिल्ला नागी गाविसका माओवादी कार्यकर्ता संगिता राई ०६१ वैशाख ११ गते सिनाम मावि छेउवाट सुरक्षाकर्मीद्वारा पक्राउ गरेको भोलिपल्ट दिउँसो थुम्बेदिन माविको छेउमा पुऱ्याई सोही दिन गोली हानी मारिए। अर्का माओवादी कार्यकर्ता सिकैचा गाविस-५ का २० वर्षीय कुमार लिम्बू भाग्दै गर्दा गोली हानी मारिए। लाश त्यहीँ छाडियो। पछि स्थानीय गाउँले आएर छुट्याई कपडाले छोपेको एक प्रत्यक्षदर्शीले वताए।

खेवाङ गाविस-४ को सांगादिन माविको चौरमा ०६१ वैशाख २२ गते गस्तीमा गएका सुरक्षाकर्मीले भाग्दै गरेका माओवादी कार्यकर्ता किशोर श्रेष्ठमाथि चलाएको गोली लागी उनको मृत्यु भयो।

फाकुम्बा गाविस-९ का माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ३० वर्षीय पदम प्रसाईं ०६१ भदौ ५ गते सुरक्षाकर्मीद्वारा घरबाट नियन्त्रणमा लिई एक दिनपछि चांगेमा ल्याई गोली हानी मारिए।

सादेवा गाविस-९ का माओवादी कार्यकर्ता २५ वर्षीय बुधराज लिम्बूको फुरुम्बु गाविस-५ मा ०६१ भदौ २५ गते सुरक्षाकर्मीसँग जम्काभेट हुँदा सुरक्षाकर्मीले चलाएको गोली लागी घटनास्थलमै मृत्यु भयो।

फाकुम्बा गाविस-३ का माओवादी कार्यकर्ता २७ वर्षीय विशाल देवान र नाम नखुलेका २ जना ०६१ कार्तिक १५ गते बिहान सान्थाका गावस-३ मा सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी मारिए।

ताप्लेजुङ र पाँचथरको सीमाना काबेली भन्ने ठाउँमा ०६१ मंसिर १३ गते नाम नखुलेका सन्तोष भनिने माओवादी कार्यकर्ताको गस्तीमा गएको सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो।

सिकैचा गाविस-६ का माओवादी कार्यकर्ता २५ वर्षीय तीर्थ नेपाल फुडलिङ गाविस-२ मेदिबुङस्थित एक घरवाट नियन्त्रणमा लिई ०६१ मंसिर १४ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

घुम्ती सिविर सञ्चालन गर्न गएको सुरक्षाकर्मीलाई लक्षित गरी ०६० माघ १७ गते साँझ माओवादीद्वारा विस्फोट गराइएको एम्वुसमा परि शाही नेपाली सेनाका हवल्दार रामबहादुर कार्कीको घटनास्थलमै मृत्यु भयो।

ढुंगेसाँघु गाविस-३ का २७ वर्षीय पिपलबोटे कान्छालाई सुराकीको आरोपमा ०६१ मंसिर ८ गते माओवादीले नियन्त्रणमा लिई काटेर मारे।

दोहोरो भिडन्त

थुम्बेदिन गाविस-७ का २७ वर्षीय चन्द्र गुरागाईंको ताप्लेजुङ र तेह्रथुमको सीमानामा पर्ने खाम्लालुङ भन्ने ठाउँमा ०६० पुस २३ गते सुरक्षाकर्मीसँग भएको दोहोरो भिडन्तमा परि मृत्यु भयो।

ताप्लेजुङ र तेह्रथुमको सीमानामा पर्ने खाम्लालुङ भन्ने ठाउँमा ०६१ जेठ ५ गते सुरक्षाकर्मी र माओवादीवीच भएको दोहोरो भिडन्तमा २ जना नाम नखुलेका माओवादीको मृत्यु भएको सुरक्षास्रोतले जनायो।

दोभान र थुकिम्बा गाविसमा ०६१ जेठ ६ गते माओवादी र सुरक्षाकर्मीवीच दोहोरो भिडन्त भयो। सुरक्षाकर्मीले घटनामा माओवादीतर्फ एक जना घाइते भएको बताए पनि माओवादीले आफूतर्फ कुनै क्षति नभएको जानकारी गराए।

फाकुम्बा गाविस-५ का माओवादी कार्यकर्ता २३ वर्षीय पेम्बा शेर्पालाई आफ्नै कार्यकर्ता पेम्मा शेर्पा र प्रकाश भन्नेले ०६१ जेठ १७ गते राति सेन्ट्रीमा बसेका बेला काटी हत्या गरे भने शुक्रराज वराईलीलाई सख्त घाइते बनाए।

दोभान बजार र थुकिम्मा गाविसमा ०६१ साल असोज ६ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो फायरिङ भयो। फायरिङमा १ माओवादी घाइते भएको सुरक्षास्रोतले जनाए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

फुरुम्बु गाविस-९ का २३ वर्षीय चन्द्रकला लिम्बूको घरमा ०६१ साउन २१ गते माओवादी आई बसेका वेला सुरक्षाकर्मी पुगी गोली चलाउँदा चन्द्रकला गोली लागी सख्त घाइते भइन्। उनलाई उपचारार्थ सुरक्षाकर्मीले सदरमुकाम ल्याई जिल्ला अस्पतालमा उपचार गरेका थिए।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ३८ वर्षीय योगेन्द्र श्रेष्ठलाई ०६१ कार्तिक ६ गते सदरमुकामको छेउमा रहेको भेटनरीचौकमा गस्तिमा रहेका वेला माओवादीले समाती राईफल खोसेर अपहरण गर्न खोज्दा त्यही लडेकाले दुई फायर हानेर माओवादी भागे। हवल्दार सख्त घाइते भई जिल्ला अस्पतालमा सामान्य उपचार गरी काठमाडौं लगियो।

जेल र बन्दीहरू

२५ जनाको क्षमता भएको यस जेलमा हाल कैद तोकिएका ९ र नतोकिएका १२ जना गरी २१ जना बन्दी छन्। गत चैत महिनामा प्रहरी कार्यालय सुरक्षाका कारण ब्यारेक छेउमा रहेको जिविसको भवनमा सार्ने निर्णय भएपछि सम्पूर्ण बन्दीहरुलाई विराटनगर सार्ने निर्णय भएकोमा ८ जनालाई लगिसकिएको छ। विराटनगर लगिएका ८ र अन्य २ गरी १० जना माओवादी अभियोगसँग सम्वन्धित छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

नाल्बु गाविस-६ का ३० वर्षीय देउप्रसाद लिम्बूलाई माओवादीले विभिन्न आरोप लगाई ०६० पुस ७ गते अपहरण गरी १ महिनापछि मुक्त गरे।

थुकिम्मा माविका शिक्षक ईश्वरी भट्टराईलाई ०६० माघ ३ गते माओवादीले विद्यालयबाट अपहरण गरी ५ दिन पछि मुक्त गरे।

पापुङ गाविस-६ का २५ वर्षीय लाक्पा ग्याबु शेर्पालाई ०६० माघ १० गते माओवादीले सदरमुकाम छेउबाट अपहरण गरे।

सिनाम, साब्लाखु, सांगु, जुकेटार, ढुंगेसाँघु र थुम्वेदिनका ४ सय भन्दा बढी शिक्षकलाई ०६१ वैशाख १

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	३	३			३	१६	१६	१	२	१९
घाइते					२	२			२	१	१			१
गिरफ्तारी / यातना										२६	२५	१		२६
धम्की					९	५७		३५	९२					
महिलाअधिकार	१		१	१										
बालअधिकार										१		१		१
अमानवीय व्यवहार	१	१		१										
अपहरण					२५	५०८	२१०	९६३	१६८१					
जम्मा	३	२	१	३	३९	५७०	२१०	९९८	१७७८	४४	४२	३	२	४७

सुरक्षाकर्मीद्वारा यातना दिइएका प्रेमबहादुर सापकोटा

गते देखि पटकपटक गरी जनवादी शिक्षा सिकाउने नाममा माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

साँगु मावि र छातेढुंगा निमाविका शिक्षक र विद्यार्थी गरी ३ सयभन्दा बढीलाई ०६१ वैशाख १६ गते माओवादीले विद्यालयबाट अपहरण गरी गुफापोखरीमा भएको प्रहरी रिहाई कार्यक्रममा सहभागी गराई तीन दिनपछि मुक्त गरे।

फुङलिङ गाविस-३ का ३५ वर्षीय चन्द्र विश्वकर्मालाई ०६१ असार १० गते कावेलीबाट माओवादीले अपहरण गरी लगेको पीडितका परिवारले जनाए। हालसम्म उनको स्थिति अज्ञात छ। परिवारले उनको सिघ्र रिहाईको माग गरेको छ।

नाल्बु गाविस-६ का नाल्बु गाविसका निवर्तमान अध्यक्ष डम्बरध्वज तुम्बाहाम्फेलाई ०६१ असोज ११ गते घरवाट माओवादीले अपहरण गरी ५ दिनसम्म विभिन्न ठाउँ घुमाई सदरमुकाम नजाने, माओवादीले भने अनुसार चन्दा दिने, पार्टीबाट राजीनामा दिने शर्तमा मुक्त गरे।

फुङलिङ गाविस-२ का ३७ वर्षीय सोमनाथ गुरागाईंलाई माओवादीले ०६१ मंसिर २५ गते घरवाट अपहरण गरे। हालसम्म उनको स्थिति अज्ञात छ।

पेचुम्वा गाविसबाट प्रति परिवार एकजना अनिवार्य भनी ०६१ पुस ८ गते माओवादीले करिब २ सय १० महिला र ४ सय ८९ पुरुष गरी करिव ६ सय ९९ जनालाई अपहरण गरी आफ्नो कार्यक्रममा सहभागी गराई मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

फुङलिङ गाविस-२ का ३० वर्षीय हेमसागर भट्टराईलाई ०६१ जेठ २२ गते गस्तिमा गएका सुरक्षाकर्मीले वाटोमा भेटी मरणासन्न हुनेगरी कुटपिट गरे। मिलको सामान लिन घोडामा सदरमुकामतिर आइरहेका वेला वाटोमा भेटी घोडावाट ओराली एक्कासी कुटपिट गरिएको पीडितले वताए।

माओवादीबाट

साब्लाखु गाविस-१ की एक महिलालाई अनुचित यौन सम्पर्क गरी गर्भपतन गराएको आरोपमा निगुरादीन गाविस-४ का किरण पोमुलाई ०६१ जेठ ५ गते माओवादीले मरणासन्न कुटपिट गरी विद्यालयबाट समेत निकाला गरे।

जिविस सभापति बोधराज गुरुङलगायत् सम्पूर्ण सदस्यहरुलाई तत्काल राजीनामा दिन माओवादीले फोनबाट पटकपटक धम्की दिएको सभापति गुरुङले वताए। गाविस सचिवहरुलाई पदवाट राजीनामा नगरे भौतिक कारवाहीसमेत हुनसक्ने धम्की दिएपछि सचिवहरुले रोजिरोटी नखोस्न माओवादीलाई अनुरोध गरे। अन्त्यमा सचिवहरुले पदबाट राजीनामा दिए।

कञ्चनजङ्घा संरक्षण क्षेत्र आयोजना आफ्नो सत्तामा दर्ता नभएको, १० प्रतिशत नतिरेको भनी माओवादीले ०६१ पुस १४ गते आयोजनाको कार्यालयमा आगो लगाउनुका साथै भवनबाट ५० लाखभन्दा बढीको सामान लगे। कर्मचारीलाई तत्काल गाउँ छाड्ने धम्की दिई उनीहरुलाई गाउँ छाड्न वाध्य पारियो। माओवादीले अन्य कार्यालय र संस्थाहरुलाई १० प्रतिशत बुझाई जनसरकारमा दर्ता नभए कार्यक्रम सञ्चालन गर्न नदिने धम्की दिए।

माओवादीका कार्यकर्ताहरुले सदरमुकामभन्दा बाहिरका सर्वसाधारण, शिक्षक, विद्यार्थी र महिलाहरुलाई जबरजस्ती बंकर खन्न लगाउने, घरमा झन्डा गाड्न लगाउने, जनवादी शिक्षासम्बन्धी तालिम लिन लाने र अन्य विभिन्न खाले काम गर्न बाध्य बनाउने गरेको सम्बन्धित पीडित पक्षहरुले बताउनु भयो। गस्तीमा गएका सुरक्षाकर्मीले बन्द बाटो खोल्न, बंकर पुर्न, सर्वसाधारणलाई नै बाध्य बनाउने गरेको गुनासो पीडितहरुको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी देवानी ५४, सरकारवादी फौजदारी २ र दुनियावादी फौजदारी ३३ गरी १ सय ७ वटा मुद्दा रहे। विगत तीन वर्षदेखि फैसला हुन वाँकी मुद्दा २ वटा, २ वर्षदेखि फैसला हुन बाँकी १५ वटा, १ वर्षदेखि फैसला हुन बाँकी १९ वटा र ६ महिनादेखि फैसला हुन बाँकी १७ वटा मुद्दा छन्। मुद्दाहरु प्राय अंश, सम्वन्ध विच्छेद र जालसाझीसम्बन्धी परेका छन्। सदरमुकाम आसपासबाहेक बाहिरबाट मुद्दा आउन छाडेको छ। विगत वर्षहरुको तुलनामा यो वर्ष ज्यादै कम मुद्दा पर्न आएको अदालतका कर्मचारीले वताए भने कानुन व्यवसायीहरु पेशाबाट विस्थापित भई अन्य पेशामा लाग्न वाध्य हुनुपर्ने स्थिति आएको कुरा कानुन व्यवसायीहरुले बताए। यसरी मुद्दा कम हुँदै जानुको कारण माओवादीले गाउँमै मुद्दा मिलाउन र अदालत नजान धम्की दिनुले गर्दा पनि हो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

यस जिल्लामा १ वर्ष अघिदेखि नै गाविस सचिवहरु पूर्णरुपले सदरमुकामको विभिन्न ठाउँमा कोठा लिई वस्न थालेको हुनाले सर्वसाधारण जनता गाउँवाट तीन दिनसम्मको बाटो हिंडेर गाविसको काम गर्न आउँदा पनि सचिव भेट्नलाई गाह्रो परेको गुनासो सम्बन्धित पक्षहरुको छ। सामाजिक सुरक्षाअन्तर्गत पाउनुपर्ने वृद्ध भत्ता, विधवा भत्ता र गाउँमा जाने बजेट सहि ठाउँमा लगानी हुन नसकेको समुदायको गुनासो रहेको पाइयो। वर्षको अन्त्यमा आएर सम्पूर्ण सचिवहरुले राजीनामा गरेको हुनाले गाउँको विकास निर्माण र सामाजिक सुरक्षाको रकम ठप्प भएको मात्र होइन, जन्म दर्ता, मृत्यु दर्ता, नागरिकता र अन्य सिफारिसजस्ता मानव जीवनका संवेदनशील पक्षहरुमा समेत बन्देज हुनाले सर्वसाधारण जनता अलपत्र परेका छन्।

विस्थापितका नाममा जिल्ला प्रसाशन कार्यालयले प्रदान गर्ने राहत रकममा पहुँचवालाको मात्र हालीमुहाली भएको सर्वसाधारणको गुनासो छ।

विस्थापन

यस जिल्लामा माओवादी "जनयुद्ध" शुरु भएयता विभिन्न गाविसका ७ सय ५० भन्दा वढी घर परिवार घरवार त्यागी सदरमुकाम, विर्तामोड, विराटनगर र काठमाडौं आदि शहरमा गई वस्न वाध्य भए। माओवादीहरुले विस्थापितहरुलाई गाउँ फिर्न आव्हान गरे पनि अविश्वासका कारण फर्केको पाइएन। अहिले धेरैको घरमा ताला लागेको छ भने कति ठाउँमा माओवादीहरुले घर कब्जा गरी अलैंचीलगायत् आम्दानी पनि लाने गरेका छन्। विस्थापितको नाममा जिल्ला प्रशासनवाट बाँढिने राहत पाउनुपर्ने व्यक्तिले नपाई पहुँचवाला, नेता र विस्थापितभित्र नपर्ने व्यक्तिले पाएको पीडित संघका उपाध्यक्ष टंकबहादुर साँवाले गुनासो व्यक्त गरे।

यस वर्ष विस्थापित हुनेहरुमा साँबा गाविस-७ का ५४ वर्षीय श्रीजंग लिम्बु, कृष्णप्रसाद दाहाल, डिमा शेर्पा फुरुम्बुका बृखबहादुर लिम्वु, गोपाल थोंप्रालगायत् १० जना भन्दा वढीले घर छाडी भाग्न वाध्य भए। उनीहरुमध्ये कतिपयलाई सुराकी गरेको र कतिपयलाई गाउँमा अन्याय गरेको आरोप माओवादीले लगाएका छन्। केही दोहोरो मारबाट वच्न सुरक्षित ठाउँतिर लागेका छन्।

संरचना/सम्पत्ति क्षति

माओवादी जनयुद्ध शुरु भएयता यस जिल्लाका दुई वटा पुल पूर्णरुपमा ध्वस्त पारिएको छ, १३ वटा गाविस भवन पूर्ण रुपमा नष्ट गरिएको छ, १८ वटा आंशिकरुपमा क्षति पुऱ्याइएको छ। गाउँमा रहेका ६ वटा प्रहरी चौकी भवन नष्ट पारिएको छ। जिल्ला वन कार्यालयको भवन र जिल्ला हुलाक कार्यालयको भवन पूर्णरुपमा ध्वस्त पारिएको छ भने कृषि विकास कार्यालयमा समेत वम विस्फोट गराई क्षति पुऱ्याइएको छ। सिनाममा रहेको टेलिफोन टावर र अन्य विभिन्न ठाउँमा रहेका टेलिफोन गरी करोडौंको क्षति पुगेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

फुङलिङ गाविस-२ का शिक्षक ३३ वर्षीय शारदा गौतमलाई माओवादीको आशंकामा ०६० माघ १५ गते सदरमुकाम आएका बेला वजारबाट गिरफ्तार गरी १ महिनासम्म हिरासतमा राखी रिहा गरियो।

हांदेवा गाविस-७ का शिक्षक ४५ वर्षीय दुर्गा कार्कीलाई माओवादीको आशंकामा ०६० माघ १५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी १ महिनापछि तारिखमा रिहा गरे।

खोक्लिङ गाविस-५ का शिक्षक ३५ वर्षीय कृष्ण थापालाई माओवादीको आशंकामा ०६० माघ २१ गते सुरक्षाकर्मीले सदरमुकाम आएका वेला गिरफ्तार गरी जेल चलान गरेको छ

फुलबारी गाविस-५ का २२ वर्षीय रामचन्द्र अधिकारीलाई ०६० माघ २२ गते गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी १ महिनासम्म राखी तारिखमा रिहा गऱ्यो।

हाम्पाङ गाविस-९ का ४० वर्षीय पूर्णहाङ लिम्बुलाई माओवादीको आशंकामा ०६० माघ २३ गते गस्तिमा गएका सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी ७ दिन पछि रिहा गऱ्यो।

तिरिङ्गे गाविस-५ का ४३ वर्षीय ईन्द्र विष्ट र उनका भाई ३० वर्षीय रामचन्द्र पौडेललाई आत्मसमर्पण गर्न आएका वेला ०६० चैत २० गते गिरफ्तार गरी ईन्द्रलाई एक महिनापछि तारिखमा रिहा गरियो भने रामचन्द्रलाई जेल चलान गरियो।

नाल्वु गाविस-२ का गुरु शेर्पालाई ०६० चैत्र २२ गते सदरमुकाम आएको वेला सुरक्षाकर्मीले गिरफ्तार गरी ७ दिनपछि रिहा गऱ्यो।

ढुंगेसाँघु गाविस-६ का ३० वर्षीय गणेश लिम्बूलाई माओवादीको आशंकामा ०६० चैत २८ गते सदरमुकाम आएका बेला सुरक्षाकर्मीले गिरफ्तार गरी ७ दिनपछि रिहा गरे।

थुकिम्मा गाविस-६ का ३० वर्षीय प्रेम तामाङलाई माओवादीको आशंकामा ०६१ जेठ १० गते सदरमुकाम

आएका बेला सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

फुङलिङ गाविस-९ का ३५ वर्षीय प्रेमबहादुर सापकोटालाई ०६१ जेठ २१ गते सदरमुकाममा भारी बोक्न आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी १० दिनपछि रिहा गरे। उनलाई मुक्त गर्दा हिंडडुल गर्नसक्ने अवस्था थिएन। उनलाई निर्दोष देखिएपछि रिहा गरियो तर उनको अवस्था भने कमजोर भइसकेको थियो। हाल उनी उपचार गराइरहेका छन। उपचारमा सुरक्षाकर्मीले सामान्य सहयोग गरेको पीडितले बताए।

आम्वेगुदिन गाविस-८ का ४४ वर्षीय गंगाराम विष्ट, ३७ वर्षीय बीरेन्द्र विष्ट र डम्वर पौडेललाई ०६१ साउन २१ गते आत्मसमर्पण गर्न आएको बेला गिरफ्तार गरी एक महिनासम्म राखी तारिखमा रिहा गरियो।

फावाखोला गाविस-७ का माओवादी कार्यकर्ता २५ वर्षीय तस्वीर लिम्बू ०६१ मंसिर ५ गते आत्मसमर्पण गर्न आएको एक महिना बितिसक्दा पनि सैनिक हिरासतमा रहे।

फुङलिङ गाविस-२ का गणेश न्यौपाने, गणेश मादेन, छविलाल गुरागाई, गणेश दाहाल, र नेत्र भट्टराईलाई ०६१ मंसिर १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १ महिनापछि रिहा गरे।

बालअधिकार

फावाखोला गाविस-७ की शर्मिला बेघावाट जन्मिएकी १ वर्षीय बालिका बाबुको टुंगो नलाग्नाले बेसहारा हुने स्थितिमा पुगेकी छन्। शाही नेपाली सेनाका जवान पहलमानको बच्चा हो भनेर आमाले दाबी गरी रहँदा पनि उनको कुरा सुनुवाई भएको छैन। अहिले शर्मिलालाई माओवादीले सुराकीको आरोप लगाएका छन् भने सरकारीतर्फबाट माओवादीको आरोप थियो। अहिले बच्चाको जन्म दर्ता गर्नसमेत समस्या परेको शर्मिला बताउँछिन्।

देशमा "जनयुद्ध" शुरु भएयता यस जिल्लामा १ सय ५० जनाभन्दा बढी बालबालिका टुहुरा भएका छन्। ती मध्ये विद्यालय जानवाट वञ्चित भएका मात्र होइन खान-बस्नको समेत समस्या परेको छ। भारी वोक्ने, होटलमा काम गर्ने र सडकमा हिड्ने वालबालिकाको संख्या दिन-प्रतिदिन थपिंदै गएको छ। माओवादी पक्षद्वारा ठूलो संख्यामा वालबालिकालाई युद्धमा होमिएको छ। त्यस्तै लिङखिम गाविस-१ का बालिका गंगामाया लावुङ भन्छिन्, "मलाई माओवादीले १ वर्ष अघि विद्यालयबाट लगे, २ महिनापछि भागेर आएपछि पुन: घरमा आई लगे। ३ महिना बसेपछि भागेर सदरमुकाम आत्मसमर्पण गर्न आउँदै गर्दा सुरक्षाकर्मीसँग भेट भई आएर आत्मसमर्पण गरें।" यसरी विद्यालयवाट माओवादीले केही दिन हिँडाउने र पढाइ छाडेर माओवादीमा लागेर हिंड्नेको संख्या दिन-प्रतिदिन बढिरहेको छ।

वातावरण संरक्षण तथा विकास मञ्चले निकालेको प्रतिवेदनअनुसार यस जिल्लामा अहिले विद्यालय जानवाट वञ्चित वालवालिकाको संख्या ४ हजार १ सय जना छ।

हांदेवा माविको चौरमा खेलिरहेका विद्यार्थी हांदेवा गाविस-७ का १३ वर्षीय बालक मातृका भट्टराई वैशाख १३ गते बेवारिसे अवस्थामा राखेको बम अचानक विस्फोट हुँदा सख्त घाइते भए भने अन्य बालबालिका त्रसित भएर भागाभाग भए ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा ३ महिला र २ पुरुष गरी ५ जनाले झुण्डिएर आत्महत्या गरे। १ जनाको आगोमा जलेर र १ जनाको खोलाले बगाएर मृत्यु भयो। फुङलिङ वजारको बीच भागमा भएको आगलागीमा ५० घर जलेर नष्ट भई ५० करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ।

दोखु गाविस-२ का ३७ वर्षीय सर्नबहादुर लिम्बूलाई सोही ठाउँ बस्ने बुद्धराज लिम्बूले ०६१ वैशाख २० गते पीडितको आफ्नै घर आँगनमा खुकुरीले काटी हत्या गरे। पीडक हाल धुनामा छन्।

फावाखोला गाविसमा सुरक्षाकर्मी गस्तीमा गएको बेला ०६० फागुन ७ गते भाग्न खोज्ने नाम नखुलेका २ जना माओवादी कार्यकर्ताहरुको आफैले बोकेको वम विस्फोट भई घटनास्थलमै मृत्यु भयो।

डुम्रीसे गाविस-४ मा पर्ने ख्वाङ भन्ने ठाउँमा ०६१ कार्तिक ५ गते विधवा ३५ वर्षीय कान्छी लिम्बूलाई नाम खुल्न नसकेका दुई महिलाले कुटपिट गरी हत्या गरे।

विगतको अनुगमन

विगत २ बर्ष अघि माओवादीद्वारा बेपत्ता बनाइएका दोखु गाविस-४ का ट्रक चालक विशाल सुनुवार र स्थानीय एक युवकद्वारा बेपत्ता बनाइएकी थेचम्बु गाविस-१ की विमला नेपालीको अवस्था अज्ञात छ।

१.५ मोरङ



जनसंख्या	: ९२०९८८
साक्षरता प्रतिशत	: ५६.७
महिला साक्षरता प्रतिशत	: ४६.६
क्षेत्रफल (वर्ग कि. मि.)	: १८५५
गाविस/नपा संख्या	: ६५/१
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ६८२
क्याम्पस/उच्च मा.वि.	: १४/३६
अस्पताल/स्वास्थ्य चौकी	: ३/७३
टेलिफोन लाइन	: ९१९४
मोटर सडक (कि. मि.)	: ९७६
प्रहरी कार्यालय संख्या	: ९
हुलाक संख्या	: ७०
मानव विकास सूचकांक	: ०.५३१
प्रति परिवार सरदर संख्या	: ५.४८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

मृगौलिया गाविस-९ का माओवादी कार्यकर्ता विशाल भनिने अर्जुन भट्टराई ०६० फागुन १७ गते सिसवनी बडहरा गाविस-५ को डल्लेपुरमा सुरक्षाकर्मीद्वारा गिरफ्तारपछि गोली हानी मारिए। पीडितको लाश सुरक्षाकर्मीले लगे।

माओवादी कार्यकर्ता आशिलाल राजवंशी ०६० चैत ६ गते दिउँसो सुरक्षाकर्मीद्वारा टकुवा गाविस-७ मा गोली प्रहार गरी मारिए। उनको ठेगाना खुल्न सकेन।

थलाहा गाविस-२ स्थित धनवहादुर कार्कीको आँगनमा माओवादी जिल्ला जनसरकार सदस्य, कटहरी गाविस-४ का ५१ वर्षीय होलाई राजवंशी, माओवादी कार्यकर्ताद्वय थलाहा गाविस-५ का शंकर सरदार र दादरबैरिया गाविस-३ का घनश्याम कामत ०६० चैत २० गते दिउँसो ३ वजे सादा पोशाकका सुरक्षाकर्मीको कब्जामा परी घाँटी र लिङ्ग थिची गोली हानी मारिए।

इन्द्रपुर गाविस-६ का माओवादी जिल्ला संगठन समिति सदस्य तथा अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २२ वर्षीय विष्णु बाँस्कोटा ०६१ वैशाख २२ गते साँझ ५ वजे झोराहाट गाविसस्थित मिलनचोकमा टेलिफोन गरिरहेको वेला सुरक्षाकर्मीद्वारा गिरफ्तारपश्चात् गोली हानी मारिए।

डंग्राहा गाविस-८ का, अनेकिसंघ (क्रान्तिकारी) सँग सम्वद्ध ६१ वर्षीय टंक पौडेल र वनिगामा गाविस-१ का माओवादी कार्यकर्ता २६ वर्षीय इन्द्रवहादुर पाँचकोटी ०६१ वैशाख २४ गते डंग्राहा गाविस-५ को कमलपुरस्थित सर्वहितैषी प्रावि परिसरमा गिरफ्तारपछि मारिए। मृतकद्वयको लाश सुरक्षाकर्मीले विराटनगर लगी पोस्टमार्टमपछि दाहसंस्कार गरे।

दादरबैरिया गाविसका माओवादी एरिया कमाण्डर तथा मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल, जिल्ला समिति मोरङका अध्यक्ष विक्रम भनिने देवीलाल राजवंशीलाई ०६१ वैशाख ३१ गते सुरक्षाकर्मीले अमाही बरियाती गाविसबाट गिरफ्तार गरे। पीडितको हातखुट्टा बाँधेर, आँखामा पट्टी बाँधी, पाँच किमी टाढा लगे। पाँच घण्टापछि ढुङ्गाले टाउको र छातीमा किच्याएपश्चात् तीन गोली प्रहार गर्दा मृत्यु भयो।

केरावारी गाविस-६ स्थित डाँगीहाटका, माओवादीद्वारा घोषित गाउँ जनसरकारका उपाध्यक्ष सीताराम भारती ०६१ जेठ ६ गते सोही गाविस-९ स्थित भलुवामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

केराबारी गाविस-९ लक्ष्मी मावि कक्षा ८ की छात्रा शर्मिला सुवेदीलाई माओवादीको आरोपमा ०६१ जेठ ६ गते विहान सुरक्षाकर्मीले भोगटेनी गाविस-८ मा गोली प्रहार गर्दा मृत्यु भयो। पीडितको लाश सुरक्षाकर्मीले नातेदारलाई जिम्मा लगाए।

झापा जिल्ला कुमारखोद गाविस सिनुमारीका माओवादी मेची-कोशी सातौं ब्रिगेड विशेष कम्पनी कमाण्डर तथा झापा जिल्ला सैन्य विभाग प्रमुख भीम खनाललाई ०६१ साउन ११ गते मोरङको उर्लाबारी गाविस-२ स्थित सूर्यचोकको एक घरमा शरण लिन पुगेकोमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी घरभित्र मारिए। सोही क्रममा सो पार्टीको झापा जिल्ला बटालियन सदस्य शक्ति गोली लागी घाइते भएकोमा सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे।

भोजपुर जिल्लाका माओवादी मोरङ जिल्ला संगठन जिल्ला समिति सदस्य तथा जिल्ला मिलिसिया कमाण्डर तीर्थ राई ०६१ साउन १६ गते कसेनी गाविस-६ मा

सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिए।

भारतको अररिया जिल्ला सिक्टीका ताहिर मियाँ ०६१ साउन २३ गते सुरक्षाकर्मीद्वारा डायनिया गाविस-३ स्थित हर्चनगढीमा डकैती गरेको भनी गोली प्रहार गर्दा मृत्यु भयो। मृतकमाथि ज्यान मारेको र डकैती गरेको गरी दुईवटा मुद्दा प्रहरीमा थिए।

रंगेली गाविस-८ मा ०६१ भदौ १२ गते डकैतीको आरोपमा सुरक्षाकर्मीद्वारा गोली प्रहार गर्दा दुई अज्ञात भारतीय नागरिकको मृत्यु भयो। करिव ३० देखि ३५ वर्षका मृतकद्वय सोराभाग गाविस-७ स्थित नरसिंह गनगाईको घरमा डकैती गरेको सुरक्षाकर्मीले जनाएको छ।

संखुवासभा जिल्ला जनजला गाविस माओवादी निकट जनादेश साप्ताहिकका मेची-कोशी सम्वाददाता एवम् व्यवस्थापक बद्री खड्कालाई मोरङको बरडंगा गाविसको कल्याणपुर बजारबाट ०६१ भदौ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गोली प्रहार गर्दा मृत्यु भयो।

कटहरी गाविस नयाँवस्तीका हरिश्चन्द्र कामतलाई माओवादीको आरोपमा ०६१ भदौ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविसको सामचौकस्थित नहरमा मारी वोरामा हालेर फालिदिए।

सिजुवा गाविस-७ का माओवादी कार्यकर्ता अर्जुन सन्थाल ०६१ भदौ १८ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही दिन सिसवनी जहदा गाविसमा गोली हानी मारिए। पीडितको लाश स्थानीय बासिन्दाले खाल्डो खनी पुरिदिए।

इलाम जिल्ला जोगमाई गाविस-२ स्थित गोर्खेका माओवादी जनमुक्ति सेनाको १९ औं बटालियन सी कम्पनीका व्यवस्थापन विभागका सदस्य अकिरा भनिने कुमार गजमेर ०६१ भदौ २१ गते मोरङको जाँते गाविसस्थित अँधेरीवाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए।

पाँचथर जिल्ला भारपा गाविसका माओवादीनिकट जनादेश साप्ताहिक पत्रिकाका मेची-कोशी सम्वाददाता तथा व्यवस्थापक नन्दकुमार थापा ०६१ भदौ ३० गते मोरङको वरडंगा गाविसस्थित कल्याणपुर वजारबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही दिन कुटपिट गरी आँखा निकालेर गोली हानी मारिए।

हसन्दह गाविस-७ का सर्वसाधारणद्वय नगेन्द्र पराजुली र टोमनाथ पौडेल र माओवादी कार्यकर्ता धनवहादुर ०६१ असोज ११ गते साँझमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी भोलिपल्ट बिहान चार वजे सोही गाविस-८ स्थित हिलेटोलमा गोली हानी मारिए।

पोखरिया गाविस-७ का चमरु मण्डल ०६१ असोज १९ गते सुरक्षाकर्मीले मझारे गाविस-३ बाट राति गिरफ्तार गरी भोलिपल्ट गोली हानी मारिए।

इलाम जिल्ला चुलाचुली गाविसका माओवादी मेची-कोशी सातौं विगेड २९ औं बटालियन सी कम्पनीका कमाण्डर कुमार भनिने २८ वर्षीय भुपेन लिम्वू ०६१ कार्तिक २८ गते दिउँसो १२ बजे मोरङको बयरवन गाविस-९ स्थित महेन्द्र राजमार्ग (खण्ड) कानेपोखरीमा सुरक्षाकर्मीले को. १ प ६६२० नं. मोटरसाइकलमा हिंडिरहेको अवस्थामा गोली प्रहार गर्दा मारिए। पीडितको लाश नजिकको जंगलमा सुरक्षाकर्मीले गाडेका थिए। मंसिर २ गते पीडितका नातेदारले सोही ठाउँमा दाहसंस्कार गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३७	३४	४	३८	३६	३६	२	३८	३०	४२	२	४४
घाइते	३	७		७	१३	२२	१	२३	३	६	१	७
हिरासत वा थुनामा मृत्यु									१	१		१
गिरफ्तारी/यातना									५५	७८	१२	९०
बेपत्ता									२८	४५	३	४८
कुटपिट					५	११	२	१३	१	५	३	८
भेला/संगठित हुने अधिकार									२	३		३
जातीय विभेद	१	१		१								
महिलाअधिकार	९		१०	१०					१		१	१
बालअधिकार	४		४	४								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					६	२०	३	२३				
अमानवीय व्यवहार	३	३		३	२	२		२				
अपहरण	१	१		१	४८	७५	३	७८				
जम्मा	४८	३६	१८	५४	१००	१५६	११	१६७	१२१	१८०	२२	२०२

सुरक्षाकर्मीद्वारा हसन्दहमा मारिएका माओवादी कार्यकर्ता चन्द्रबहादुर तामाङ र सर्वसाधारण नरेन्द्र पराजुली

वयरवन गाविस-८ नर्सरीटोलका २८ वर्षीय पूर्व माओवादी कार्यकर्ता वरुण विश्वकर्माको ०६१ मंसिर ११ गते बिहान घरनजिक सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। मृतकको लाश घरदेखि सय मिटर उत्तरको भलुवाखोला किनारमा सुरक्षाकर्मीले गाडेकोमा मानवअधिकारकर्मीको रोहवरमा स्थानीय वासिन्दाले निकालेर डेढ किमी टाढा दही खोलामा दाहसंस्कार गरे।

भोगटेनी गाविस-९ स्थित कुरइकुण्डामा ०६१ मंसिर १५ गते सुरक्षाकर्मीको गोली प्रहारवाट सन्तोष उपनामका माओवादी कार्यकर्ताको मृत्यु भयो भने सोही क्रममा स्थानीय ५१ वर्षीय कर्णमाया मगर तिघ्रामा गोली लागि घाइते भइन्। मृतकको लाश सोही दिन माओवादी कार्यकर्ताले गाडिदिए। घाइते महिलाको सुरक्षाकर्मीले धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराए।

पथरी गाविस-३ लामाटोलीका माओवादी एरिया कमिटी सदस्य तथा गाजस प्रमुख ४२ वर्षीय धनञ्जय गिरी, सोही गाविस-४ का सर्वसाधारण २५ वर्षीय रत्न कार्की, सोही ठाउँका सर्वसाधारण ३८ वर्षीय नारद राई र शनिश्चरे गाविस-७ का सो पार्टीको सुनसरी-मोरङ जिल्ला संगठन समिति सदस्य माधुराम गौतमलाई ०६१ पुस ३ गते विहान १० बजे सुरक्षाकर्मीले अलग-अलग ठाउँबाट गिरफ्तार गरी सोही दिन ११ बजे पथरी ३ र ४ को सीमाना कच्ची सडक मायालु चोकमा गोली हानी मृत्यु भयो। मृतकमध्ये रत्नबाहेक तीनजनाको लाश सुरक्षाकर्मीले नै लगे। भोलिपल्ट मानवअधिकारकर्मीको रोहवरमा मृतकका आफन्तलाई पोष्टमार्टमपश्चात् लाश बुझाइयो।

विराटनगर उमनपा-२ का माओवादी जनमुक्ति सेना २९ औं बटालियन सी कम्पनीका भीसी दिवाकर पोखेल र सोही कम्पनीका सदस्य तेतरिया गाविसका हिमाल भनिने रोशन दाहाललाई ०६१ पुस ३ गते सुरक्षाकर्मीले विहान ८:३० वजे शनिश्चरे गाविस-७ कीर्तिपुर वजारबाट गिरफ्तार गरी आधा घण्टापछि सोही गाविसको सिरिसे डाँडामा गोली हानी मृत्यु भयो। मृतकको लाश माओवादी कार्यकर्ताले सोही दिन गाडिदिए।

अमरदह गाविस-९ का माओवादी ९ नं. एरिया कमिटी सदस्य ३२ वर्षीय सहदेव गनगाईंलाई ०६१ पुस १५ गते सुरक्षाकर्मीले बरडंगा गाविस कल्याणपुरवाट गिरफ्तार गरी दुई घण्टापछि सोही गाविसको चैतामा गोली हानी मृत्यु भयो। मृतकको लाश रंगेलीका सुरक्षाकर्मीले नै लग्यो।

दुलारी गाविस-७ का माओवादीनिकट मधेसी मुक्ति मोर्चा जिल्ला समिति सदस्य चर्तुदेव चौधरी, मृगौलिया गाविस-२ का हरि गौतम, सुनसरी जिल्ला विष्णुपादुका गाविसका माओवादी कार्यकर्ता रमेश खड्का, सोही जिल्ला भरौल गाविसका माओवादी कार्यकर्ता दिलीप विक र झापा जिल्लाका माओवादी कार्यकर्ता सागर लिम्बू ०६१ पुस १६ गते राति १ बजे मृगौलिया गाविस-३ स्थित बेलडाँगी टोलस्थित आइबहादुर तुम्बाहाम्फे र समरलाल चौधरीको घरबाट गिरफ्तार गरी सोही दिन बिहान ४.३० बजे दुलारी गाविस-८ स्थित त्रिजुगा भन्ने ठाउँमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। मृतकको लाश सुरक्षाकर्मीद्वारा विराटनगर लगी पोस्टमार्टमपछि दाहसंस्कार गरियो।

माओवादीबाट

स्याङ्जा जिल्ला पौवेगौडा गाविस-९ घर भई क्षेत्रीय प्रहरी कार्यालय, धरानमा कार्यरत असई चेतबहादुर कार्कीलाई ०६० पुस २२ गते साँझ ५ बजे काम विशेषले तेतरिया गाविस पुगेकोमा माओवादीले अपहरणपछि कञ्चटमा गोली हानी हत्या गरे।

गोविन्दपुर गाविस-८ का पटियापाडा प्राविका शिक्षक करमचन्द दासलाई सुराकीको आरोपमा ०६० माघ ३ गते साँझ ६ बजे माओवादीले घरवाट ५० किलोमिटर टाढा पिपलको रुखमा दुवै हात बाँधेर छातीमा गोली हानी हत्या गरे।

कटहरी गाविस-६ का जिल्ला कारागार मोरङ विराटनगरमा कार्यरत प्रहरी जवान उमेशचन्द्र मोचीलाई ०६० फागुन ११ गते विहान घरवाट साइकलमा वजार जाँदै

गर्दा माओवादीले चार राउण्ड गोली प्रहार गरी हत्या गर्‍यो। सोही घटनामा स्थानीय वासिन्दा गोली लागी सामान्य घाइते भए। घाइतेको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

सुन्दरपुर गाविस-२ का रोशन ओझालाई ०६० चैत ७ गते माओवादीले वलात्कार गुण्डागर्दीजस्ता विभिन्न आरोप लगाएर सोही दिन अपहरणपछि टाउकोमा तीन राउण्ड गोली प्रहार गरी हत्या गरे।

भारतको सिक्टीस्थित मुरारीटोलका माहेतव हवुवा अन्सारीलाई ०६० चैत १० गते माओवादी सशस्त्र समूहले अपहरण पछि डकैत गरेको आरोपमा ०६० चैत १३ गते गोविन्दपुर गाविस-६ मुमीटोलस्थित बक्राहा खोलाको पुलमुनी दुवै हात बाँधी टाउकोमा चार राउण्ड गोली प्रहार गरी हत्या गरे।

सुरक्षाकर्मीद्वारा मारिएका इन्द्रबहादुर पाँचकोटी

धरान नपा-८ का कञ्चनजङ्घा कन्स्ट्रक्सन प्रालिका व्यवस्थापक राजु लामा, विराटनगर उमनपा-२ का गाडी चालक उत्तम पौडेल र ललितपुर जावलाखेलका गोकर्ण खनाललाई सो प्रालिको ग. १ च २१०० नम्बरको जीपमा पूर्वतर्फ गइरहेको वेला ०६० चैत ११ गते बयरवन गाविस-९ महेन्द्र राजमार्गखण्ड कानेपोखरीमा माओवादीले गोली प्रहार गर्दा राजु र उत्तमको तत्काल मृत्यु भयो भने गोकर्ण घाइते भए। घाइते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारपछि ठीक भए। मृतकद्वयको लाश नातेदारले बुझिलिए।

डायनिया गाविस-९ का छुवाछुदिन मियालाई ०६० चैत २१ गते माओवादीले डकैती गरेको आरोपमा गोली हानी हत्या गरे। पीडितको लाश अमरदह गाविस-७ स्थित नरभौम चोकमा फेला पर्‍यो।

कदमहा गाविस-२ का किराना पसले फारुख मियालाई ०६१ वैशाख २२ गते माओवादीले अपहरण गरी नक्कली माओवादीको आरोपमा वैशाख २४ गते सोही गाविस-३ स्थित गदिया खोलामा धारिलो हतियार प्रहार गरी हत्या गरे।

सुरक्षाकर्मीद्वारा हसन्दहमा मारिएका टोमनाथ पौडेल

कटहरी गाविस कटहरी वजारमा भारतीय नागरिक प्रकाश झालाई सुराकीको आरोपमा ०६१ वैशाख २७ गते माओवादीले गोली हानी हत्या गरे।

धनकुटा जिल्ला घर भई झापाको चारआली कटुकदल गुल्मका सैनिक जवान कुलबहादुर लिम्वूलाई ०६१ जेठ १८ गते माओवादीले शनिश्चरे गाविस-३ मा समाती आँखामा पट्टी र हातमा डोरी बाँधेर सुराकीको आरोप लगाई गोली हानी हत्या गरे।

डाँगीहाट गाविस-५ लक्ष्मीमार्गका २५ वर्षीय बाबुराम थापालाई सुराकीको आरोपमा ०६१ जेठ २० गते माओवादीले घरैबाट अपहरण गरी जेठ २४ गते बिहान ८ बजे घरबाट आधा किमी उत्तरको खेल मैदानमा पुर्‍याई कञ्चटमा गोली हानी हत्या गरे।

तनहुँ जिल्ला भानु गाविस-३ चुँदीबारीका २६ वर्षीय शाही नेपाली सेना २ नं. बाहिनी हिलेअन्तर्गत श्रीमेयर गुल्मका सिपाही लक्ष्मण बाँस्तोलालाई सुराकीको आरोपमा ०६१ असार ११ गते माओवादीले हसन्दह गाविस खोलाबजारमा भोलिपल्ट हत्या गरे। पीडितको शरीरमा नीलडाम र घाँटीमा ठूलो चोट थियो।

संखुवासभा जिल्ला सिद्धकाली गाविस-६ का आशिष तामाङ, सिर्जन तामाङ, भक्त जोगी, धनबहादुर सुनुवार र शेरबहादुर जोगीलाई चोरीको आरोपमा ०६१ साउन २० गते माओवादीले अपहरण गरेकोमा सिर्जन र शेरबहादुरलाई ०६१ असोज २६ गते केरौन गाविस-१ स्थित माने चोकमा धारिलो हतियार र गोली प्रहार गरी हत्या गरे । अरु तीनको अवस्था अज्ञात छ।

धनकुटा जिल्ला धनकुटा नपा-२ का महेन्द्र नेपाललाई ०६१ साउन २१ गते माओवादीले मोरङको कसेनी गाविसबाट अपहरण गरेर सैनिक भनी भोलिपल्ट सोही गाविसमा हत्या गरे।

खोटाङ जिल्ला दिक्तेल गाविस-५ का होमबहादुर श्रेष्ठलाई नक्कली माओवादी बनेको आरोपमा ०६१ भदौ १९ गते माओवादीले मधुमल्ला गाविस-६ बाट अपहरण गरी भोलिपल्ट घाँटी रेटी हत्या गरे। पीडितको लाश इलाका प्रहरी कार्यालय उर्लावारीले पोस्टमार्टम गर्‍यो।

झापा जिल्ला ज्यामिरगढी गाविस-३ का इलाका प्रहरी कार्यालय वेलवारी मोरङमा कार्यरत प्रहरी जवान

प्रकाश तामाङलाई कार्यालय नजिक महेन्द्र राजमार्ग खण्डमा ट्राफिकपोष्टमा ड्युटीमा बसिरहेको अवस्थामा ०६१ मंसिर २० गते दिउँसो अढाई बजे माओवादीले गोली हानी हत्या गरे। पीडितको लाश पोष्टमार्टमपश्चात् नातेदारलाई बुझाइयो।

थलाहा गाविस-६ का पूर्वप्रहरी दिलीप काफ्लेलाई सुराकीको आरोपमा ०६१ मंसिर २५ गते माओवादीले घरैवाट अपहरण गरी सोही साँझ गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

रमितेखोला गाविसमा माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा ०६० माघ २ गते प्रहरी जवान अमर गुरुङको गोली लागी मृत्यु भयो। सोही घटनामा अर्का एकजना सैनिक जवान घाइते भए।

तेतरीया गाविस-४ का ३५ वर्षीय कपडा व्यापारी शिवनारायण माझी र माओवादीको मेची-कोशी विशेष कम्पनी २ नं. प्लाटुन सेक्सन ए का उज्ज्वल भनिने केरुङको गाउँले र माओवादीबीच तेतरिया गाविस-४ को गिधनीया चोकमा भिडन्त हुँदा मृत्यु भयो। सोही भिडन्तमा परी तेतरिया गाविस-५ का ५५ वर्षीय बेचन माझी र २५ वर्षीय शशीनारायण माझी गोलीको छर्रा लागि घाइते भए। गम्भीर घाइते बेचनको खुट्टा र हातमा र शशीको टाउकोमा गोलीको छर्रा लागेको थियो। दुवैको कोशी अञ्चल अस्पताल, विराटनगरमा उपचार गरियो।

अन्यबाट

शनिश्चरे गाविस-१ का मणि राईलाई ०६० फागुन २४ गते राति अज्ञात व्यक्तिले हत्या गरे। पीडितको लाश स्थानीय खोल्सामा शरीरमा चोटपटक लागेको अवस्थामा भोलिपल्ट फेला परेको थियो।

तेतरिया गाविस-१ का नेपाली काँग्रेसका कार्यकर्ता तथा स्थानीय नहर उपभोक्ता समितिका अध्यक्ष ५५ वर्षीय सम्पतलाल चौधरीलाई ०६१ वैशाख २४ गते साँझ अज्ञात समूहले कुटपिट गरी हत्या गर्‍यो। पीडितको लाश भोलिपल्ट विहान सोही गाविस-४ गिधनियास्थित नहरमा फेला परेको थियो।

माओवादीनिकट अखिल नेपाल ट्रेड युनियन महासंघका मेची-कोशी संयोजक तथा सो महासंघका केन्द्रीय सदस्य प्रेम भनिने टंकनारायण राजवंशी र सोही महासंघका जिल्ला उपाध्यक्ष इटहरा गाविस-६ का प्रकाश भनिने लिलम अधिकारीलाई ०६१ वैशाख २९ गते दिउँसो मोतीपुर गाविस-८ लुहासुर गाउँलेहरुको समूहले माओवादी भनी बाँसका लाठी र ढुंगाले प्रहार गरी हत्या गरे। पीडितद्वयको लाश सुरक्षाकर्मीले विराटनगर लगी कोशी अञ्चल अस्पतालमा पोष्टपार्टमपश्चात् स्थानीय सिंगिया खोलामा दाहसंस्कार गर्‍यो।

डंग्राहा गाविस-५ कमलपुरकी ४० वर्षीय भगवती बस्नेतलाई ०६१ जेठ १२ गते राति १ बजे सुतेको अवस्थामा अज्ञात समूहले घरबाट अपहरण गरी धारिलो हतियार प्रयोग गरी हत्या गर्‍यो। पीडितको लाश घरबाट दुई किमी टाढा तेतरिया गाविस-४ स्थित गिदनिया पश्चिमको खदम खोलामा अर्धनग्न अवस्थामा रक्ताम्मै फेला परेको थियो। पीडितलाई माओवादी प्रतिकार समितिले हत्या गरेको पीडित पक्षले आरोप लगाएको छ। पीडितका पति माओवादी आरोपमा एक महिनाअघिदेखि प्रहरी हिरासतमा थिए।

डंग्राहा गाविसका इमान एलकेर केटा झाँगरलाई ०६१ जेठ ४ गते दिउँसो माओवादी बनी चन्दा संकलन गरेको आरोपमा तेतरिया गाविस-७ स्थित नहरमा लाठी र ढुंगा प्रहार गरी गाउँले समूहले हत्या गर्‍यो। पीडित सर्वसाधारण व्यक्ति थिए।

सुन्दरपुर गाविस-८ बाँसवारीका रामनारायण चौधरीलाई डकैती गर्न हिंडेको भनी ०६१ जेठ ३१ गते राति टोल सुरक्षा समितिले आक्रमण गर्दा मृत्यु भयो। पीडितका साथबाट एउटा कटुवा पेस्तोल र तीन थान पेस्तोलको गोली फेला पारी सुरक्षा समितिले इलाका प्रहरी कार्यालय, बेलवारीमा बुझायो ।

माओवादीद्वारा मारिएका तेतरिया गाविसका शिवनारायण माझी र गाउलेद्वारा मारिएका माओवादी कार्यकर्ता उज्ज्वल केरुङ

माओवादीको गोली लागी घाइते भएका तेतरिया गाविस-५ का वेचन माझी र शशिनारायण माझी

बाहुनी गाविस-९ का सुनसरी जिल्ला इटहरीस्थित शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालयका लेसनायक नगेन्द्र भुजेललाई ०६० फागुन ११ गते विहान घर नजिकको पिसीओ काउण्टरमा फोन गर्न गएको वेला माओवादीले अपहरण गरी गोली प्रहार गरे। पीडित हातमा गोली लागेर घाइते अवस्थामा भागी इलाका प्रहरी कार्यालय वेलबारीको सम्पर्कमा पुगे। उनको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

जाँते गाविस-९ का १४ वर्षीय सनम मगर र १२ वर्षीय विमला खाती ०६० चैत १४ गते विहान ७.३० बजे माओवादीले फालेको सकेट बम खेलाउँदा पड्कन गई गम्भीर घाइते भए। पीडितद्वयको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो। उपचार खर्च पीडितका अभिभावकले व्यहोरे।

सुनसरीको इटहरी नपास्थित शाही नेपाली सेना पूर्वी पृतना मुख्यालयका जमदार ईश्वरकुमार श्रेष्ठ, सिपाही शंकर दाहाल र पूर्ण क्षेत्री ०६० चैत २२ गते पथरी गाविसस्थित पञ्चायत माविमा एसएलसी परीक्षाको सुरक्षार्थ जाँदा महेन्द्र राजमार्ग खण्डमा माओवादीको सकेट बम प्रहारवाट गम्भीर घाइते भए। पीडितहरुको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

सुनसरीको इटहरीस्थित शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालयका सिपाही रामकेशर थापा ०६० चैत २४ गते गस्तीमा गएको वेला महेन्द्र राजमार्ग खण्डअन्तर्गत लक्ष्मीमार्गमा माओवादीले सकेट बम प्रहार गर्दा घाइते भए। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

बुधनगर गाविस-८ का घनश्याम साहलाई सुराकीको आरोपमा ०६१ वैशाख १ गते माओवादी कार्यकर्ताले गोली हानी घाइते बनाए। पीडितको टाउको र पेटमा दुई गोली लागेको थियो। पीडितको भारतको सिलिगुढीमा उपचार गरियो।

झापा जिल्ला गौरादहबाट टेन्ट हाउसको सामान लिन हिंडेको को. १ ख ६९८ नं को ट्रकका चालक इन्द्रजीत कुँवर ०६१ वैशाख २० गते महेन्द्र राजमार्गको कानेपोखरी भाउन्नेखण्डको चिसाङमा माओवादीको गोली प्रहारवाट घाइते भए। उनको खुट्टामा गोली लागेको थियो। पीडितको आम्दा अस्पताल, दमकमा उपचार गरियो। माओवादीले सदरमुकाम नाकाबन्दीको अवज्ञा गरेको आरोप लगाई सो आक्रमण गरेका थिए।

रंगेली गाविस-५ का ३५ वर्षीय ताराचन्द सहनीलाई ०६१ भदौ ११ गते राति सन्तलाल साहको घरमा चोरी गर्न गएको भनी गाउँले समूहले कुटपिट गरी हत्या गरे। पीडकहरुलाई कारवाही गरिएन।

गोली / बम / विद्युतीय घरापद्वारा घाइते

राज्यबाट

मझारे गाविस-३ का माओवादी कार्यकर्ता अशोककुमार कामत ०६१ जेठ १५ गते सुरक्षाकर्मीको गोली लागि घाइते भए। पीडित घाइते अवस्थामा नै भारततिर फरार भए।

भोगटेनी गाविस-९ स्थित कुइकुण्डामा ०६१ मंसिर १५ गते सुरक्षाकर्मीले माओवादीलाई हानेको गोली लागि सोही ठाउँकी ५१ वर्षीय कर्णमाया मगर घाइते भइन्। उनी आँगनमा धान कुटिरहेकी थिइन्। एक्कासी तिघ्रामा गोली लागेपछि उनी ढलिन्। पीडितको सुरक्षाकर्मीद्वारा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराइयो।

माओवादीबाट

विराटनगर उमनपा-१६ का रिक्साचालक रामचन्द्र कामत र उत्तर सहनी, सोही उमनपा-१५ का मजदुर जीवन खनाल र रिक्सा चालक सुन्दरलाल राम तथा सोही उमनपा-१४ का प्रकाश सिंह ०६० माघ २९ गते माओवादीले सोही उमनपा-१५ मा दुईवटा वम विस्फोट गराउँदा घाइते भए। पीडितहरुको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

कटहरी गाविस-६ का ज्ञानु भट्टराई ०६० फागुन ११ गते सशस्त्र माओवादीले प्रहरी जवान उमेशचन्द्र मोचीलाई हानेको गोली लागि घाइते भइन्। तिघ्रामा गोली लागि घाइते पीडितको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरू

यस जिल्लाको जेलको वन्दी क्षमता २ सय ५० जना छ। हाल कूल ५ सय २६ जना वन्दी छन्। एक जना आश्रित वालक पनि छन्। कुल बन्दीमध्ये ३ सय २४ थुनुवा पुरुष र २१ महिला थुनुवा छन्। त्यस्तै २ सय १ पुरुष र ६ महिला वन्दी कैद तोकिएका छन्।

ती बन्दीहरुमध्ये माओवादीको आरोपमा नजरवन्दमा १ सय ३८ जना छन्। दुईजना आतकंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ अन्तर्गत अदालतमा मुद्दा चलाइएका छन्। जेलमा पुरुष बन्दीगृहको छत चुहिने अवस्थाको छ। अति जीर्ण अवस्थाको यो भवनको "विद्युत वाइरिङ पुरानो भएकाले कुन दिन आगो लागेर वन्दीहरु मर्ने हुन् ठेगान छैन्", जेलर वावुराम खतिवडाको भनाइ छ। यसअघि धेरै पटक विद्युतको तार सर्ट भएर आगो लागेको उनी वताउँछन्। बन्दीहरु भन्छन्- "स्वच्छ हावा आवतजावत गर्ने अवस्था छैन्। पर्खाल पनि पुरानो भएकाले लडेर कुन दिन किच्छ टुंगो छैन।"

सुनसरी जिल्लामा जेल नभएकाले सो जिल्लाका वन्दीहरुलाई अड्डा-अदालत लान-ल्याउन जेलको आफ्नै यातायातको साधन नहुँदा अप्ठेरो हुने गरेको छ। हुन त सरकारले एउटा गाडी खरीदका लागि १८ लाख रुपैयाँ छुट्ट्याएको छ तर कारागारले २ वटा गाडीको माग गरेकाले समस्या सृजना भएको जेलर खतिवडा बताउँछन्।

आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत तीन महिनाको पूर्जी दिएर राखिएकाहरुलाई तीन वर्षसम्म म्याद थप्दै राख्दै गरेको पाइन्छ। उदाहरणको रुपमा इन्द्रपुर गाविस-६ का रामवहादुर लिम्बूलाई ०६० असोजमा तीन महिनाको पुर्जी थमाएर आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत राखिएकोमा १५ महिना नाघिसक्दा पनि छाडिएको छैन।

आस्थाका बन्दीलाई कानुन व्यवसायी, मानवअधिकारकर्मी र सञ्चारकर्मीसँग भेट गर्न दिइएको छैन। वन्दीहरुका लागि कारागारभित्र उपलब्ध टेलिफोन सुविधा कटौती गरिएको छ।

बेपत्ता / अपहरण

राज्यबाट

सिद्राहा गाविस-२ रङटोलीका रमेशकुमार भगतलाई माओवादीको आरोपमा ०६० माघ १३ गते विहान ५ वजे सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

उर्लाबारीमा प्रहरीद्वारा यातना दिइएकी देउमाया श्रेष्ठ

झुर्किया गाविस-९ का भरत भनिने अर्जुन दाहाल, नमुना भनिने राधिका पौडेल र सिन्धुलीका विपिनलाई ०६० फागुन १६ गते विराटनगर उमनपा-४ पोखरियावाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये भरतलाई मोरङ जेलमा नजरवन्दमा राखिएको छ भने अन्य दुईको स्थिति अज्ञात छ।

सिसवनी वडहरा गाविस-५ स्थित वजारवाट ०६० फागुन १७ गते सुरक्षाकर्मीले खगेन्द्र लिम्वू र झुलाई चौधरीलाई माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितद्वयलाई सुरक्षाकर्मीद्वारा गोली हानी हत्या गरिएका अर्जुन भट्टराईको लाश वोक्न लगाई विराटनगर लगिएको थियो। पीडितद्वयको स्थिति अज्ञात छ।

हसन्दह गाविस-७ शुक्रबारेकी कल्पना श्रेष्ठलाई ०६० चैत १२ गते विहान ५ बजे सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

डाँगीहाट गाविस-८ का माओवादी कार्यकर्ता अशोक चौधरीलाई ०६० चैत १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

टाँडी गाविस-५ का सोमनाथ कोइरालालाई माओवादीको आरोपमा ०६१ वैशाख २५ गते सुरक्षाकर्मीले विराटनगरस्थित पोखरीयाबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा बाँसका भाटा र वुटले कुटपिट गरिएको पीडितका आफन्तले बताए। पीडितहरुको स्थिति अज्ञात छ।

लेटाङ गाविस-५ का कुलवहादुर सुव्बा, सोही गाविस-३ का लिट भनिने मानवहादुर तामाङ र गोपाल दर्जीलाई माओवादीको आरोपमा ०६१ वैशाख २६ गते विहान ओछ्यानबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये कुलबहादुर वैशाख २८ गते छुटे भने अरु दुईको स्थिति अज्ञात छ।

माओवादी कार्यकर्ताहरु कालिकोट जिल्लाका युवराज, रामेछाप जिल्लाका विधान, दैलेख जिल्लाका कोशेली र झापा जिल्ला गौरादहका प्रेम चौलागाईंलाई ०६१ जेठ १ गते सुरक्षाकर्मीले मधुमल्ला गाविस-२ वाट गिरफ्तार गरे। पीडितमध्ये प्रेमलाई पाखुरामा गोली लागेको थियो। पीडितहरुको स्थिति अज्ञात छ।

याङ्शिला गाविस-५ का गौतमकुमार मगर र रामवहादुर मगरलाई माओवादीको आरोपमा ०६१ जेठ २५ गते सुरक्षाकर्मीले घरैवाट गिरफ्तार गरे। पीडितद्वयको स्थिति अज्ञात छ।

हसन्दह गाविसका देवनारायण पौदार, जोगवहादुर धिमाल, सुरेश साह र

पप्पु गुप्तालाई माओवादीको आरोपमा ०६१ असार ११ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरुको अवस्था अज्ञात छ।

वयरवन गाविस-१ का अर्जुन चौधरीलाई माओवादीको अरोपमा ०६१ साउन ५ गते सुरक्षाकर्मीले स्थानीय चिया पसलबाट गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

माओवादी झापाका बटालियन सदस्य शक्ति ०६१ साउन ११ गते उर्लाबारी गाविस-२ स्थित सूर्यचोकमा सुरक्षाकर्मीले गोली हान्दा घाइते भए। उनलाई सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा अवस्था अज्ञात छ।

शनिश्चरे गाविस-८ का सोवित रहपाल, खड्ग राई र गाविसका पूर्वअध्यक्ष जहरमान लिम्बूलाई माओवादीको अरोपमा ०६१ साउन २४ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितद्वयको स्थिति अज्ञात छ।

पाँचथर जिल्ला निगुरादिन गाविस-६ की माओवादी पूर्वी कमाण्ड १८ औं बटालियन कम्पनी छापामार निर्मला भनिने १५ वर्षीय सम्झना लामालाई ०६१ जेठ ३० गते सुरक्षाफौजले लेटाङ गाविस बजारबाट गिरफ्तार गरेकोमा स्थिति अज्ञात छ।

इन्द्रपुर गाविस-२ का शालिग्राम घिमिरे, शनिश्चरे गाविस-८ का पूर्णबहादुर चाम्लिङ र लालमणि राई, झापा जिल्ला दमक नपाका नारायणप्रसाद खरेल र रमेश अधिकारीलाई ०६१ भदौ २ गते जिल्ला वन कार्यालयबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरुको स्थिति अज्ञात छ।

इटहरा गाविस-१ का दुर्गाबास बहुउद्देश्यीय वचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक नगेन्द्र गुरागाईलाई माओवादीलाई सघाएको अरोपमा ०६१ भदौ ६ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

शनिश्चरे गाविसबाट माओवादी एरिया कमिटी सदस्य विकास उपनामका कार्यकर्तालाई ०६१ भदौ १८ गते सुरक्षाकर्मीले हसन्दह गाविस शान्तिचोकबाट गिरफ्तार गरेकोमा स्थिति अज्ञात छ।

मधुमल्ला गाविस-२ को जनसेवा उपचार केन्द्रका स्वास्थ्यकर्मी ४३ वर्षीय पशुपति बराल र ४३ वर्षीय किराना पसले खड्ग बास्तोला, मधुमल्ला गाविस-३ का २४ वर्षीय लक्ष्मण पौडेल र २७ वर्षीय दीपेन राई तथा सोही गाविसका जुत्ता पसले भरत राजवंशीलाई ०६१ असोज ६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गऱ्यो। पीडितहरुको अवस्था अज्ञात छ।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका हसन्दहका टुकेन्द्र आचार्य र रमेश न्यौपाने

बुधबारे गाविस-१ का पशुपति साहलाई माओवादीको आरोपमा ०६१ असोज १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

टाँडी गाविस-२ का माओवादीनिकट अखिल नेपाल जनसाँस्कृतिक मञ्च सुनसरी-मोरङका संयोजक २६ वर्षीय तारा भनिने गोपालप्रसाद आचार्यलाई ०६१ कार्तिक १४ गते सुरक्षाकर्मीले विराटनगर उमनपा-४ स्थित बरगाछीबाट गिरफ्तार गरेकोमा स्थिति अज्ञात छ।

सिजुवा गाविस-२ का चन्द्र उप्रेतीलाई ०६१ मंसिर १४ गते माओवादीलाई हतियार सप्लाई गरेको आरोपमा सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। उनको स्थिति अज्ञात छ।

डाँगीहाट गाविस-१ की अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला कमिटी सदस्य कल्पना भनिने हिमा ओझालाई ०६१ मंसिर १ गते सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरे। उनको अवस्था अज्ञात छ।

इटहरा गाविस-३ का टीका गौतमलाई ०६१ मंसिर ११ गते सुरक्षाकर्मीले माओवादीलाई सहयोग गरेको भनी गिरफ्तार गऱ्यो। उनको अवस्था अज्ञात छ।

उर्लाबारी गाविस-२ स्कूलडाँडाका १५ वर्षीय योगराज भनिने कमानसिंह फागोलाई माओवादीको आरोपमा ०६१ मंसिर १३ गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

झापा जिल्लाका माओवादी केन्द्रीय स्पेशल टास्कफोर्स प्रमुख पुष्प भनिने विमल नेपाललाई ०६१ पुस २ गते दिउँसो सुरक्षाकर्मीले उर्लाबारी गाविसस्थित सुनगाभा होटलबाट मोबाइल सेट, कम्प्युटर फ्लपीसहित गिरफ्तार गरेकोमा अवस्था अज्ञात छ।

हसन्दह गाविसका माओवादी गाजस प्रमुख तथा अनेकिसंघ (क्रान्तिकारी) जिल्ला अध्यक्ष नेत्रप्रसाद पोखरेल र सोही वडाका इरफान मियाँलाई ०६१ पुस ३ गते सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरेकोमा स्थिति अज्ञात छ।

माओवादीबाट

वाहुनी गाविस-७ का विमल बस्नेतलाई ०६० माघ २७ गते राति माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई ०६० फागुन १२ मा मुक्त गरियो।

केरौन गाविस-५ का, नेकपा (माले) निकट प्रगतिशील युवासंघ जिल्ला सदस्य ३५ वर्षीय टेकबहादुर विष्ट र उनका बाबु ६० वर्षीय

दीपबहादुर विष्टलाई ०६० फागुन १७ गते माओवादीले अपहरण गरे। पीडितद्वयलाई सात दिनपछि मुक्त गरियो।

वेलबारी गाविस-१ का सिंहदेवी गाविस सचिव सूर्य महतारालाई ०६० फागुन १८ गते राति माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई चार दिनपछि लेटाङ गाविसवाट दाजु यामलाई जिम्मा लगाई मुक्त गरे।

इन्द्रपुर गाविस-६ का ५० वर्षीय इन्द्र आचार्यलाई चन्दा नदिएको आरोपमा ०६० चैत ५ गते माओवादीले राति घरैबाट आँखामा पट्टी बाँधी हवाइ फायर गर्दै अपहरण गरे। पीडितलाई चैत ९ गते मुक्त गरियो।

झापा जिल्ला दमक नपाका मधुमल्ला गाविसका सचिव चन्द्रप्रसाद पराजुलीलाई ०६० चैत २२ गते माओवादीले कार्यालयबाटै अपहरण गरे। पीडितलाई चैत २४ गते राजीनामा दिने शर्तमा मधुमल्ला बजारबाट मुक्त गरियो।

तेतरिया गाविसका थारुवान मुक्ति मोर्चाका पूर्वकेन्द्रीय सदस्य विजयकुमार चौधरी, पूर्वजिल्ला अध्यक्ष किशनलाल चौधरी र पूर्वजिल्ला सचिव राजेन्द्रकुमार खवासलाई सुराकीको आरोपमा ०६० चैत ३० गते तेतरिया गाविस-८ को बुधहाट चोकबाट माओवादीले अपहरण गरे। पीडितमध्ये विजय भाग्न सफल भए भने अरुलाई हप्ता दिनपछि मुक्त गरियो।

उर्लाबारी गाविस-६ मंगलबारेका लेटाङ गाविस सचिव हरिश्चन्द्र भ्याल श्रेष्ठलाई कार्यालय सञ्चालन गरेको आरोपमा ०६० चैत ३० गते दिउँसो कार्यालयबाटै माओवादीले अपहरण गरे। पीडित चैत ५ गते मुक्त भए।

केरौन गाविस-२ का रमेश ढकाल, गणेश ढकाल र विकास मैनालीलाई सुराकीको आरोपमा ०६१ वैशाख ११ गते माओवादीले अपहरण गरे। पीडितत्रयलाई वैशाख १४ गते मुक्त गरियो।

केरौन गाविस-१ का कपिल जिमीलाई को. १ प ७०१२ नं. को मोटरसाइकलसहित ०६१ वैशाख १५ गते बिहान ८ वजे माओवादीले जहदाको किराना पसलबाट अपहरण गरे। पीडितलाई मोटरसाइकलसहित हप्ता दिनपछि मुक्त गरे।

दादरवैरिया गाविस-३ का जिविसका तत्कालीन उपसभापति मानकुमार राजवंशी र छोरा राजेन्द्र राजवंशीलाई ०६१ वैशाख २६ गते बिहान ६ वजे माओवादीले घरैवाट अपहरण गरे। मानकुमारलाई राजीनामा दिने शर्तमा हसन्दह गाविस-३ बाट सोही दिन मुक्त गरे। राजेन्द्र पनि सँगै मुक्त भए।

सिसवनी जहदा गाविसका पंकज रायलाई ०६१ वैशाख २२ गते सोही गाविसको रामचोकवाट माओवादी कार्यकर्ताले मोटरसाइकलसहित अपहरण गरे। पीडितको स्थिति अज्ञात छ।

डायनिया गाविस-३ का शेखरवल मियालाई ०६१ जेठ ५ गते राति घरैबाट भारतीय डाँकाहरुले अपहरण गरे। पीडितलाई कुटपिट गरी भोलिपल्ट मुक्त गरे। पीडितको जिल्ला अस्पताल रंगेलीमा उपचार गरियो।

होक्लाबारी गाविस-२ का नेकाँका क्रियाशील सदस्य राजेन्द्र कार्कीलाई भ्रष्टाचारको आरोपमा ०६१ जेठ ८ गते बिहान ६ वजे माओवादीले घरवाट अपहरण गरे। सुनसरी-मोरङ सिंचाइ योजनाको नहर उपभोक्ता समितिका प्रतिनिधि पीडितलाई सुधिने शर्तमा जेठ २० गते मुक्त गरियो।

इन्द्रपुर गाविस-७ का इनरुलाल खवास र सत्यनारायण खवासलाई ०६१ जेठ २९ गते माओवादीले आफन्तको घर वबियाविर्ता गाविसवाट अपहरण गरे। पीडितहरुको स्थिति अज्ञात छ।

केरावारी गाविस-६ का ६० वर्षीय सन्तवीर तामाङ र ५३ वर्षीय तेन्दोर्जे तामाङलाई सुराकीको आरोपमा ०६१ असार १३ गते राति ११ बजे चारजना माओवादीले अपहरण गरे। पीडितहरुलाई केही दिनपछि मुक्त गरे।

पथरी गाविस-३ का ३० वर्षीय भुपाल राईलाई गुण्डागर्दी गरेको आरोपमा ०६१ असार २१ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई सुधिने शर्तमा मुक्त गरियो।

पथरी गाविस-९ का ३० वर्षीय राजेन्द्र राईलाई गुण्डागर्दीको आरोपमा ०६१ असार २२ गते माओवादीले अपहरण गरे। पीडितलाई सुधिने शर्तमा मुक्त गरियो।

तेतरिया गाविस-१ का सोनालिका सो रुम कम्पनी, विराटनगरका सुरेश पुरीलाई सुराकीको आरोपमा ०६१ असार २३ गते माओवादीले वाहुनी गाविस- ८ स्थित गोविन्द राईको घरबाट को. १ ख ६१९६ नं. को मोटरसाइकलसहित अपहरण गरे। पीडितलाई असार २४ गते मुक्त गरे भने मोटरसाइकल फिर्ता गरेनन्।

होक्लाबारी गाविस-३ का जिल्ला प्रहरी कार्यालय, धनकुटाका प्रहरी जवान २३ वर्षीय अमित चौधरीलाई ०६१ असार २३ गते साँझ ५.१९ वजे घरैबाट अपहरण गरे। पीडितलाई जागिर छाड्ने शर्तमा मुक्त गरियो।

रंगेली गाविसका नेपाल विद्युत् प्राधिकरण, रंगेलीमा कार्यरत मिटररिडर टेकबहादुर माझीलाई ०६१ साउन ९ गते ग्राहकसँग राजश्व उठाएको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई विद्युत उपभोक्तासँग रकम नउठाउने शर्तमा सोही दिन साँझ मुक्त गरियो।

पथरी गाविस-१ का विदुर तिवारी, राम राई, शुक्र धिमाल र महम्मद मुन्नालाई चोरीको आरोपमा ०६१ साउन १२ गते माओवादीले राति हिंडिरहेको बेला अपहरण गरे। पीडितहरुलाई सुधिने शर्तमा ०६१ भदौको पहिलो हप्ता मुक्त गरियो।

पथरी गाविस-९ का जीवन तामाङ र भीम तामाङलाई चोरीको आरोपमा ०६१ साउन १३ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई सुध्रिने शर्तमा ०६१ भदौको पहिलो हप्ता मुक्त गरियो।

उर्लावारी गाविस-४ का वव्लु मियाँ, भक्तवहादुर र राकेशलाई गुण्डागर्दी गरेको आरोपमा ०६१ साउन १४ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये भक्तवहादुर र राकेशलाई ०६१ साउन १६ गते मुक्त गरियो भने वव्लुको अवस्था अज्ञात छ।

पथरी गाविस-३ को पञ्चायत उच्चमा मावि कक्षा १० मा अध्ययनरत प्रतापसिंह तामाङलाई सुराकीको आरोपमा ०६१ साउन १५ गते पथरी गाविस-४ वुद्धचोकवाट माओवादीले अपहरण गरे। पीडितलाई सुध्रिने शर्तमा ०६१ असोज १ गते मुक्त गरियो।

शनिश्चरे गाविस- ६ का रुकुम जिल्लामा कार्यरत सैनिक हवल्दार चित्रवहादुर खड्कालाई ०६१ साउन २० गते विहान ९ वजे घरैवाट माओवादीले अपहरण गरे। पीडितलाई राजीनामा दिने शर्तमा साउन २५ गते घरैमा ल्याइ मुक्त गरियो।

भोगटेनी गाविसका रुद्रवहादुर तामाङ र श्यामन्त राईलाई सुराकीको आरोपमा ०६१ भदौ ११ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई सुराकी नगर्ने शर्तमा भदौ २७ गते मुक्त गरियो।

तेतरिया गाविस-२ का ४६ वर्षीय केशवप्रसाद वराललाई ०६१ भदौ २४ गते सम्पतलाल चौधरीको हत्यासम्वन्धी वुझ्न भनी माओवादीले घरैवाट अपहरण गरे। पीडितलाई भदौ ३० गते हरैंचा गाविसवाट मुक्त गरियो।

डाँगीहाट गाविस- ५ का ज्ञानु धिमाललाई ०६१ भदौ ३० गते माओवादीले भाउन्ने चोकवाट अपहरण गरी ०६१ असोज ९ गते डाँगीहाट गाविस-२ वाट मुक्त गरे।

झापा जिल्ला वनियानी गाविसका एमाले कार्यकर्ता भुपाल दंगाललाई ०६१ असोज २ गते मोरङको पथरी गाविस-१ पथरी वजारवाट माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

पथरी गाविस-१ का विजय साँवालाई विभिन्न हत्याका घटनामा संलग्न रहेको आरोपमा ०६१ असोज १६ गते माओवादी कार्यकर्ताले अपहरण गरी लगेकोमा असोज १८ गते स्थानीय शनिश्चरे खोलामा पीडित घाइते तथा वेहोस अवस्थामा फेला परे।

उर्लावारी गाविस-७ स्थित मंगलवारे डुम्रेका दुर्गा खतिवडालाई ०६१ कार्तिक ११ गते माओवादीले राजघाट गाविसस्थित दुर्गापुरी वजारवाट अपहरण गरी असोज १३ गते मुक्त गरे।

शनिश्चर गाविस-४ का टीका लिम्बू, प्रेम लिम्बू र तारावीर लिम्वूलाई ०६१ मंसिर १५ गते माओवादीले अपहरण गरे। पीडितमध्ये टीकालाई १६ गते तथा प्रेम र तारावीरलाई मंसिर १८ गते मुक्त गरियो।

विराटनगर उमनपाका कृषि विकास वैंक झुर्किया शाखा प्रमुख गोविन्दप्रसाद तिम्सिनालाई ०६१ मंसिर २९ गते माओवादीले कदमहा सडकखण्डवाट को १ प ९२ नम्वरको मोटरसाइकलसहित विहान अपहरण गरी सोही दिन साँझ मुक्त गरे।

अन्यबाट

भोगटेनी गाविस-८ का ५० वर्षीय लक्ष्मी सुव्वा र उनकी वुहारी फूलमायालाई ०६० चैत १० गते विहान घरैवाट अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो। पीडितको स्थिति अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

राजघाट गाविस-७ का निशासन वस्नेत, सोही गाविस-९ की मीनु तामाङ, सोही गाविस-५ का अमर धिमाल, दीपक गुरुङ, महेश तामाङ, प्रकाश लेखु र रामप्यारी तामाङलाई विकृति, विसंगति फैलाएको आरोपमा ०६० चैत २० गते माओवादीले अपहरण गरी २१ गते दुर्गापुरी वजारमा वाँसका भाटा, ढुंगा प्रहार गरी घाइते वनाए। पीडितहरुलाई दमकको आम्दा र धरानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आफन्तहरुले उपचार गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष ललित श्रेष्ठलाई शाही घोषणाको विरोधमा जुलुस प्रदर्शन गरेको आरोपमा ०६० माघ ८ गते प्रहरीले लाठीचार्ज गरी गिरफ्तार गरे। श्रेष्ठसहित एकदर्जन कार्यकर्तालाई गिरफ्तार गरिएकोमा सोही दिन रिहा गरियो।

उदयपुर जिल्ला रामपुर ठोक्सिला गाविसका विराटनगरस्थित महेन्द्र मोरङ वहुमुखी क्याम्पस नेविसंघ इकाइ समिति सदस्य रामकुमार खत्री र सोही क्याम्पसका विद्यार्थी युवराज वुढाथोकीलाई ०६० माघ १४ गते शाही घोषणाको विरुद्ध नाराजुलुस प्रदर्शनका क्रममा विराटनगरमा प्रहरीले लाठीचार्ज गरी घाइते वनाए। पीडित खत्रीको स्थानीय कोशी अञ्चल अस्पतालमा उपचार गरी टाउकोमा तीन टाँका लगाइयो भने वुढाथोकीको सामान्य उपचार गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष पुनरावेदन अदालत, विराटनगरमा १ सय ६५ वटा निवेदन परे। तीमध्ये ८३ वटा फर्स्यौट भई ८२ वटा बाँकी रहे। जसमा बन्दीप्रत्यक्षीकरणतर्फ २२ वटा निवेदनमा सबै फर्स्यौट भए। निषेधाज्ञामा १ सय ८ वटा निवेदनमा ४७ वटा फर्स्यौट भए भने ६१ वटा बाँकी रहे। त्यस्तै १ सय ६५ परमादेशका निवेदन परेकामा १४ वटा फर्स्यौट भई २ वटा बाँकी रहे।

त्यस्तै मुद्दातर्फ १ हजार २ सय ७८ वटामा २ सय ९९ फर्स्यौट भई ९ सय ७९ वटा बाँकी रहे। जसमा सरकारवादी फौजदारीतर्फ २ सय ४० वटा मुद्दा परेकोमा ५५ वटा फर्स्यौट भई १ सय ८५ वटा बाँकी रहे। त्यस्तै व्यक्तिवादी फौजदारीतर्फ २ सय १३ वटा मुद्दा परेकोमा ४९ वटा फर्स्यौट भई १ सय ६४ वटा बाँकी रहे। उता व्यक्तिवादी देवानीका ८ सय २५ वटा मुद्दा परेकोमा १ सय ९५ फर्स्यौट भई ६ सय २० वटा बाँकी रहे।

पुनरावेदनका कूल १ हजार ४ सय ४३ वटा परेका निवेदन तथा मुद्दामा ३ सय ८२ फर्स्यौट भई १ हजार ६१ वटा बाँकी रहे।

जिल्ला अदालतमा यस वर्ष १ हजार ४ सय ७३ वटा मुद्दा दर्ता भएकोमा ५ सय ५४ फर्स्यौट भई ९ सय १९ वटा बाँकी रहे। तीमध्ये दुनियावादी देवानीतर्फ ८ सय ४५ वटा मुद्दा दर्ता भएकोमा २ सय ३६ वटा फर्स्यौट भई ६ सय ९ वटा बाँकी रहे। त्यस्तै सरकारवादी फौजदारीतर्फ ३ सय १२ वटा मुद्दा दर्ता भएकोमा २ सय १० वटा फर्स्यौट भई १ सय २ वटा बाँकी रहे। दुनियावादीतर्फ ३ सय १६ वटा मुद्दा दर्ता भएकोमा १ सय ८ वटा फर्स्यौट भई २ सय ८ वटा बाँकी रहे।

यस अदालतमा चार वर्षअघि फर्स्यौट नभएको एउटा, तीनवर्षदेखि फर्स्यौट नभएका २ वटा, दुई वर्षअघिदेखि फर्स्यौट नभएका ८ वटा, १ वर्षदेखि फर्स्यौट नभएका २९ वटा र छ महिनादेखि फर्स्यौट नभएका २९ वटा मुद्दा छन्।

यस अदालतले वन्दी लक्ष्मीप्रसाद पौडेललाई यातनासम्बन्धी क्षतिपूर्तिवापत ५० हजार रुपैयाँ दिलाउन ०६० असार १७ गते फैसला गरेकोमा ०६१ पुस १६ गतेसम्म पनि उनले रकम पाएका छैनन्। जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने सो रकम अर्थ मन्त्रालयवाट निकासा नभएको सहायक प्रमुख जिल्ला अधिकारी कैलाशनाथ खरेलले बताए। पौडेल ०६१ असार २३ गते रिहा भए। उनले ०६१ भदौ ३० गते जिल्ला प्रशासन कार्यालयमा क्षतिपूर्तिका निम्ति निवेदन हालेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

घरजग्गा कब्जा तथा विस्थापन

बवियाविर्ता गाविसका युवराज धाडेवाको २८ विगाह, बवियाविर्ताकै पूर्व प्रम सूर्यवहादुर थापाको २४ विगाह, सोही गाविसकै दिलीप धाडेवाको २० विगाह, बनिगामा गाविसका विष्णुप्रसाद दाहालको १० विगाह र मृगौलिया गाविसका पद्मनारायण चौधरीको १७ कठ्ठा जग्गा ०६० चैत ७ गते माओवादी निकट अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष गोविन्द गिरीले कब्जामा लिएको घोषणा गरे। पीडितहरु कोही विराटनगर त कोही काठमाडौं बस्दछन्।

बरडंगा गाविस-५ का गिरिजा यादवको १ सय १० विगाह, अमरदह गाविसका निर्मल श्रेष्ठको १ सय ८ विगाह, गोविन्दपुर गाविसका नरेश दुगडको ९२ विगाह, डाँगीहाट गाविसका सुरेन्द्रबहादुर बस्नेतको ९२ विगाह, बनिगामा गाविसका तुलसीजङ कार्कीको ४९ विगाह र दुलारी गाविसका तिलक रिजालको ३५ विगाह जग्गा ०६० चैत ७ गते माओवादी निकट अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला समिति अध्यक्ष गोविन्द गिरीले प्रेस वक्तव्य जारी गरी कब्जामा लिएको घोषणा गरे। पीडितहरु जग्गा अर्कैलाई कमाउन दिई गाउँमा बस्दैनन्।

विराटनगर उमनपा-४ का बद्री पहाडी, रामबाबु दाहाल, राधा पहाडी, कष्ण पहाडी, पुजन र शोभाको थलाहा गाविसको ४० विगाह जमीन ०६१ जेठ ३० गते माओवादीले खेतमा हँसिया-हथौडा अंकित रातो झण्डा गाडेर कब्जामा लिएको घोषणा गरे।

टकुवा गाविस-७ का चन्द्रप्रसाद राजवंशी र रामप्रसाद राजवंशीको घरबाट ०६१ असार १० गते माओवादीले एक-एक थान कटुवा बन्दुक र तीन थान गोली कब्जामा लिए।

मधुमल्ला गाविस-७ का गोविन्द उप्रेती, हरिप्रसाद उप्रेती, दुरेन्द्र उप्रेती, देवेन्द्र उप्रेती, महालक्ष्मी उप्रेतीको गरी कूल २९ विगाह जग्गा ०६१ असार १८ गते माओवादीनिकट अनेकिसंघ (क्रान्तिकारी) ले कब्जामा लिएको घोषणा गरे। पीडित जग्गाधनीहरु पहिलेदेखि मधुमल्लामा बस्दैनन्। जग्गामा उनीहरुले हसिया हथौडा अंकित झण्डा गाडेर कब्जामा लिएको घोषणा गरे।

मधुमल्ला गाविसका गणेशबहादुर श्रेष्ठको घरजग्गा ०६१ भदौ १७ गते माओवादीले हसिया हथौडा अंकित झण्डा गाडेर जग्गा कब्जा गरेको घोषणा गरे। पीडित अर्कैलाई खेती गर्न लगाइ विराटनगर बस्दै आएका छन्।

संरचना/सम्पत्ति क्षति

उर्लाबारी गाविस कार्यालय भवनमा ०६१ भदौ ६ गते माओवादी कार्यकर्ताले कुकर वम प्रहार गरी पाँच लाख रुपैयाँ वराबरको क्षति पुऱ्याएको सचिव जयधर्म आचार्यले बताए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

टाँडी गाविस-४ का दिलप्रसाद महतराजलाई माओवादीको आरोपमा ०६० माघ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन दिनपछि रिहा गरियो।

उर्लाबारी गाविस-८ सुनझोडा सामुदायिक वन उपभोक्ता समूहका सचिव मानबहादुर खड्कालाई माओवादीको आरोपमा ०६० माघ ७ गते विहान सुरक्षाकर्मीले छिमेकीको घरवाट गिरफ्तार गरे। पीडितलाई हप्ता दिनपछि रिहा गरियो।

विराटनगर उमनपा-१८ को बाल प्राविका शिक्षक वीरेन्द्र यादवलाई माओवादीको आरोपमा ०६० माघ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन महिना नजरबन्दमा राखी रिहा गरियो।

रमितेखोला गाविस-६ का आइतलाल राई, अर्जुन लिम्वू, धर्मराज राई र शेरबहादुर राईलाई माओवादीको आरोपमा ०६० फागुन ४ गते दिउँसो मधुमल्ला वजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित झापा जिल्लाको जेलमा नजरबन्दमा राखिएका छन्।

टाँडी गाविसका दिनेश श्रेष्ठ र सोही गाविस-६ का देउप्रकाश राई, मधुमल्ला गाविसका नरेन्द्र सुवेदी र नारायण श्रेष्ठलाई ०६० फागुन ४ गते सुरक्षाकर्मीले मधुमल्ला बजारबाट माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितहरुलाई डोरीले बाँधेर कुटपिट गरियो। पीडितमध्ये दिनेशलाई चारदिनपछि रिहा गरियो भने अरु दुई जनालाई झापा जिल्लाको जेलमा राखिएको छ।

टाँडी गाविस-८ का टंक घिमिरे, टेकराज भट्टराई र नारायण लिम्बूलाई माओवादीको आरोपमा ०६० फागुन ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये टंकलाई चार दिनपछि रिहा गरियो भने टेकराज र नारायणलाई झापाको जेलमा राखियो।

सिजुवा गाविसका दयाराम भट्टराईलाई माओवादीको आरोपमा ०६० फागुन ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

शनिश्चरे गाविस-८ का त्रिवेणी फोटो सेन्टरका फोटोग्राफर पदमबहादुर राईलाई ०६० फागुन ९ गते सुरक्षाकर्मीले माओवादी कार्यकर्ताको फोटो धुलाएको आरोपमा गिरफ्तार गरे। पीडितलाई फागुन १३ गते रिहा गरियो।

राजघाट गाविस-८ का राजकुमार श्रेष्ठलाई माओवादी ओसारेको आरोपमा ०६० चैत १ गते बयरवन गाविसवाट मोटरसाइकलमा घरतर्फ आइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चैत ९ गते रिहा गरियो।

मझारे गाविस-८ का शिक्षक अजयकुमार सिंहलाई माओवादीलाई चन्दा दिएको आरोपमा ०६० चैत २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा कुटपिट गरी चैत २६ गते रिहा गरियो।

राजघाट गाविस-८ का गोपाल नेपालीलाई माओवादीको आरोपमा ०६० चैत ५ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई झापाको चारआली बुटुकदल गुल्मबाट चैत ९ गते रिहा गरियो।

केरौन गाविस-५ का बद्री पोखरेल र ३ का वमवहादुर कार्कीलाई ०६० चैत ६ गते सादा पोशाकका सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरे। पीडितद्वयलाई सोही दिन साँझ रिहा गरियो।

बयरवन गाविस-८ का लक्ष्मी पोखरेललाई माओवादीको आरोपमा ०६० चैत ६ गते सुरक्षाकर्मीले बयरवन गाविस-९ स्थित आइतबारेबाट गिरफ्तार गरे। पीडितलाई चैत ११ गते रिहा गरियो।

केरौन गाविस-३ की महिला सशक्तीकरण कार्यकर्ता मन्दिरा भट्टराईलाई माओवादीको आरोपमा ०६० चैत ६ गते बिहान सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

केरौन गाविस-१ का दिनेश चापागाईं, सोही गाविस-२ का डिल्ली लुईंटेल र भीम आचार्यलाई माओवादीको आरोपमा ०६० चैत ६ गते बिहान विद्युत प्राधिकरणको गाडी चढेका सादा पोशाकका सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरीबाट रिहा गरियो।

केरौन गाविस-१ का टेलिफोन अपरेटर रामबाबु दनुवार राईलाई माओवादीको आरोपमा ०६० चैत ११ गते विहान सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरीवाट चैत ३० गते रिहा गरियो।

विराटनगर उमनपा-१६ का चन्द्र न्यौपानेलाई ०६० चैत १३ गते चोरीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कुटपिट गरी चैत १६ गते रिहा गरियो।

कदमहा गाविसका सरोज सापकोटालाई माओवादीको आरोपमा ०६० चैत १९ गते विराटनगरस्थित हाटखोलाको रंगेली वसपार्कवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चैत २२ गते रिहा गरियो।

टाँडी गाविस-८ का धनवहादुर मगरलाई ०६० चैत २४ गते सुरक्षाकर्मीले मावली घर दार्जीलिङ जाँदै गर्दा उर्लाबारी वजारबाट गिरफ्तार गरे। पीडितलाई झापाको

चारआलीस्थित शाही नेपाली सेनाको वटुकदल गुल्ममा राखियो।

सिन्धुली जिल्लाका रामप्रसाद बराललाई ०६१ वैशाख २४ गते उपचार गर्न आएको वेला विराटनगर जिल्ला प्रहरी कार्यालय अगाडिबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। भोलिपल्ट पीडितलाई विनाशर्त रिहा गरियो।

तेतरिया गाविस-१ का केशव बराललाई ०६१ वैशाख २५ गते सुरक्षाकर्मीले सोही ठाउँका सम्पतलाल चौधरीको हत्याको आशंकामा गिरफ्तार गरेकोमा हिरासतमा लाठी र प्लाष्टिकका पाइपले हिर्काए। पीडितलाई ०६१ भदौमा रिहा गरियो।

डाँगीहाट गाविस-५ लक्ष्मीमार्गका माओवादीद्वारा घोषित गाजस प्रमुख ४० वर्षीय थानेश्वर भनिने हिमप्रसाद मिश्रलाई ०६१ वैशाख २७ गते सुरक्षाकर्मीले लक्ष्मीमार्गबजारबाट बिहान गिरफ्तार गरे। पीडितलाई मोरङ जेलमा नजरबन्दमा राखिएको छ।

विराटनगर उपनपा-१६ का अजय कट्वाल र केशव पराजुलीलाई माओवादीको आरोपमा ०६१ जेठ २ गते दिउँसो वीरेन्द्र सभागृहबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितद्वयलाई जेठ ४ गते रिहा गरियो।

केरौन गाविस-३ का माओवादी कार्यकर्ता दिनेश भनिने भीम नेपाल, अमरदहका माओवादी कार्यकर्ता विवेक भनिने कृष्ण राजवंशी र ठेगाना थाहा नभएका लम्बु खवासलाई ०६१ जेठ १२ गते सुरक्षाकर्मीले भौसावारीवाट गिरफ्तार गऱ्यो। पीडितमध्ये लम्वुको स्थिति अज्ञात छ भने भीम र कृष्ण मोरङ जेलमा नजरवन्दमा छन्।

बाहुनी गाविस-९ का राप्रपा कार्यकर्ता पूर्णबहादुर खड्का, एमालेका कार्यकर्ता धनपति गौतम, एमाले समर्थकद्वय राजेश राई र गणेश गुरुङ तथा उहाँहरुका तीनवटा मोटरसाइकल, दर्वेशा गाविस-१ का माओवादी कार्यकर्ता कल्याण भनिने डम्बर अधिकारी, बाहुनी गाविस-६ की सुनिता भनिने रेणुका बस्नेत र केरौन गाविस-१ की सृष्टि भनिने रीता न्यौपानेलाई ०६१ असार ३१ गते बाहुनी गाविस-६ क्याम्पवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये माओवादी कार्यकर्ताहरुलाई मोरङ जेलमा नजरवन्दमा राखियो भने अरुलाई तीन दिनपछि रिहा गरियो।

तेतरिया गाविस-१ का अनेरास्ववियु (क्रान्तिकारी) २ नं एरियाका अध्यक्ष सुरेश गुरागाईंलाई ०६१ असार १ गते सुरक्षाकर्मीले मृगौलिया गाविस-९ स्थित पूर्वाञ्चल विश्वविद्यालय भवन निर्माणस्थलवाट गिरफ्तार गरे। पीडित मोरङ जेलमा नजरवन्दमा राखिएका छन्।

सुन्दरपुर गाविस-१ का अनेरास्ववियु (क्रान्तिकारी) २ नं एरियाका उपाध्यक्ष पूर्णवहादुर भनिने जीवनराज वञ्जारा, सोही गाविस-२ का अनेरास्ववियु (क्रान्तिकारी) २ नं का सदस्य लक्ष्मी फुयाल र सदस्य टंक न्यौपानेलाई ०६१ असार १ गते सुरक्षाकर्मीले मृगौलिया गाविस-९ वाट गिरफ्तार गरे। पीडितहरुमध्ये लक्ष्मी र टंकलाई रिहा गरियो भने जीवनराजलाई नजरवन्दमा राखियो।

मधुमल्ला गाविस-३ का एमाले कार्यकर्ता महेन्द्र भण्डारीलाई माओवादीको आरोपमा ०६१ असार २९ गते बिहान सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई कुटपिट गरी भोलिपल्ट सातदिनमा हाजिर हुने शर्तमा रिहा गरियो।

पथरी गाविस-२ का विक्रम राई, शेरवहादुर मगर र सोही गाविस-५ का शुक्र सुब्बालाई ०६१ साउन १६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा पथरीको बुद्धचोकबाट गिरफ्तार गरे। पीडित विक्रमबाहेक दुई जनालाई साउन १७ गते शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरीले १५ दिने तारेखमा रिहा गऱ्यो। शुक्रलाई नजरवन्दमा राखिएको छ।

उर्लाबारी गाविस-५ की ४६ वर्षीय देउमाया श्रेष्ठ र खड्ग श्रेष्ठलाई ०६१ साउन २१ गते इलाका प्रहरी कार्यालय उर्लावारीले घरायसी झगडाको निहुँमा गिरफ्तार गऱ्यो। भोलिपल्ट मुक्त गर्नुअघि देउमायालाई कार्यालयभित्र बाँसका लाठी र टायरले कुटपिट गरी शख्त घाइते तुल्याइयो। प्रहरीले पीडितलाई औषधी गर्न भनी ९ हजार रुपैयाँ दियो। पीडितको उपचार सिभिक्टले काठमाण्डौ लगी गऱ्यो।

इटहरा गाविस-१ का झमक घिमिरेलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०६१ भदौ ५ गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। पीडितलाई १२ भदौमा रिहा गरियो।

वयरवन गाविस-८ की अनेमसंघ (क्रान्तिकारी) जिल्ला समिति कोषाध्यक्ष विनिता घिमिरे र अखिल नेपाल मजदुर संघ जिल्ला समिति सदस्य पुण्य राजवंशीलाई ०६१ भदौ १२ गते सुरक्षाकर्मीले हात्तीमुढा गाविसवाट गिरफ्तार गरी ०६१ भदौ १९ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत मोरङ जेलमा राखे।

शनिश्चरे गाविस-४ का मगरात मुक्ति मोर्चा मोरङका सचिव वालकुमार ठाडामगरलाई ०६१ भदौ २० गते सुरक्षाकर्मीले हसन्दह गाविसवाट गिरफ्तार गरे। पीडितलाई मोरङ जेलमा नजरवन्दमा राखिएको छ।

मधुमल्ला गाविस-५ का विवेक भनिने जीतबहादुर मगर र लेटाङकी १४ वर्षीय कल्पना भनिने गंगा मगरलाई ०६१ भदौ २६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गऱ्यो। पीडितहरुलाई मोरङ जेलमा नजरवन्दमा राखिएको छ।

टाँडी गाविस-४ की माओवादी जनसरकार सदस्य मनकुमारी तामाङ र सोही वडाकी सो पार्टीका जिल्ला

जनमिलिसीया सदस्य बविता भनिने ममता तामाङलाई ०६१ भदौ २९ गते सुरक्षाकर्मीले लेटाङ गाविस-५ बाट गिरफ्तार गरे। पीडितहरुलाई मोरङ जेलमा नजरवन्दमा राखिएको छ।

हसन्दह गाविस-७ का रमेश न्यौपाने र टुकेन्द्र आचार्य, सोही गाविस-८ का ५१ वर्षीय मिठु पासवान र १६ वर्षीय राजु पासवानलाई माओवादीको आरोपमा ०६१ असोज ११ गते साँझ सुरक्षाकर्मीले घर-घरबाट गिरफ्तार गरे। पीडितहरुलाई ०६१ असोज १९ गते मोरङ जेलमा राखिएको छ।

सुनसरी जिल्ला राजगञ्ज सिनुवारी गाविस-९ का अमरेशकुमार मेहतालाई माओवादी आरोपमा ०६१ कार्तिक २१ गते सुरक्षाकर्मीले विराटनगर उमनपा-७ सरौचियाबाट गिरफ्तार गरे। पीडितलाई नजरवन्दमा राखिएको छ।

झापा जिल्ला गरामनी गाविस-८ का माओवादी कार्यकर्ता ३८ वर्षीय रुद्र पौडेल र मोरङ जिल्ला झोराहाट गाविस- २ का २२ वर्षीय मोहन कोइरालालाई ०६१ कार्तिक २३ गते स्वास्थ्य उपचारका लागि विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा रहँदा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित कारागार शाखा मोरङमा नजरबन्दमा राखिएका छन्।

हरैंचा गाविस-३ लक्ष्मीपुरका ३२ वर्षीय शिवनारायण खवासलाई माओवादीको आरोपमा ०६१ कार्तिक २६ गते दिउँसो गाविस परिसरमा स्थानीय बासिन्दाहरुसँग कुरा गरिरहेको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई मोरङ जेलमा नजरबन्दमा राखिएको छ।

डाँगिहाट गाविस-३ का राजु गुरागाईलाई माओवादीको आरोपमा ०६१ कार्तिक २७ गते इन्द्रपुर गाविस-३ स्थित विराटचोकको स्वस्तिक पुस्तक पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित मोरङ जेलमा नजरबन्दमा छन्।

सिजुवा गाविस-६ का ट्रयाक्टर चालक शंकर पुरीलाई माओवादीको सामान ओसारेको आरोपमा ०६१ मंसिर ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर १४ गते तारेखमा रिहा गरे।

बयरवन गाविस-७ की अनेमसंघ (क्रान्तिकारी) जिल्ला सदस्य ववीता भनिने मनकुमारी गिरी र उर्लाबारी गाविसकी सो संघकी कार्यकर्ता प्रियंका भनिने कमला दाहाललाई ०६१ मंसिर २० गते सुरक्षाकर्मीले उर्लाबारी गाविस-६ स्थित मंगलबारेबाट गिरफ्तार गरे। पीडितहरुमध्ये बबितालाई कारागारमा नजरवन्दमा राखिएको छ भने प्रियंकाको स्थिति अज्ञात छ।

बयरवन गाविस-८ का एकराज फुयाललाई माओवादीको आरोपमा ०६१ मंसिर २५ गते इलाका प्रहरी कार्यालय, बेलबारीका सुरक्षाकर्मीले सोही कार्यालय अगाडि महेन्द्र राजमार्ग खण्डबाट गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

बालअधिकार

केरौन गाविस-३ की १३ वर्षीय एक छात्रालाई ०६० माघ ९ गते सोही गाविस प्रेमलक्ष्मी प्राविका शिक्षक जीतेन्द्र धिमालले सुनसरी, इटहरी नपाको एक रेस्टुरेन्टमा मादक पदार्थ खुवाएर यौन शोषण गरे। पीडकलाई इलाका प्रहरी कार्यालय बेलवारीले पक्राउ गरी चार दिनपछि रिहा गऱ्यो।

विराटनगर उमनपा-२० मिल्स एरियाकी ८ वर्षीय सरस्वती राईलाई ०६० माघ २५ गते पिता कर्णबहादुर र माता सीताले डोरीले बाँधेर हिलोमा राखी लाठीले कुटपिट गरेको कुरा सार्वजनिक भयो। पीडितलाई सिविन विराटनगरको कार्यालयमा केही दिन राखी कुटपिट नगर्ने शर्तमा आमाबाबुलाई जिम्मा लगायो।

शनिश्चरे गाविस-१ को भुटानी शरणार्थी शिविरकी पाँच वर्षीय एक बालिकालाई ०६१ चैत २० गते सोही ठाउँका १४ वर्षीय भविलाल विश्वकर्माले फिङ्गर चिप्स किनिदिन्छु भनी आफ्नै घर लगी बलात्कार गरे। पीडक थुनामा छन्। पीडितलाई उपचार गरियो।

काठमाडौं जिल्ला घर भई मृगौलिया गाविस-६ स्थित एक घरमा कामदार रहेकी १५ वर्षीय एक बालिकालाई ०६१ साउन १८ गते सुनसरी जिल्ला भोक्राहा गाविस-२ घर भई मृगौलियास्थित सलकपुरमा डेरा गरी बस्ने विवाहित हानेप अन्सारीले विवाह गर्ने बहानामा बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा विराटनगरको मिल्स एरियाबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

पथरी गाविसकी ३० वर्षीय मानसिक सन्तुलन गुमाएकी एक अविवाहित महिलालाई ०६० चैत ३ गते राति उर्लाबारी गाविस-६ स्थित मंगलबारे सोही ठाउँका दिलीप चाहार र कृष्ण धिमालले वलात्कार प्रयास गरे। पीडकहरुलाई कारवाही भएन।

राजघाट गाविस-२ की ४५ वर्षीय एक विवाहित महिलालाई ०६१ वैशाख १ गते राति डाँकाहरुले सामूहिक बलात्कार गरे।

विराटनगर उमनपा-४ कञ्चनबारीकी ११ वर्षीय कमला धिमाललाई ०६१ वैशाख २१ गते सोही ठाउँका झमरु ऋषिदेवले नजिकको नहरको डिलमा बलात्कारपछि हत्या गरे। पीडितको लाश माटोले पुरिएको अवस्थामा भेटियो। पीडक थुनामा छन्।

सिद्राहा गाविस-९ की बोल्न नसकने २१ वर्षीय

अविवाहित युवतीलाई ०६१ असार ८ गते विहान ३ वजे सोही ठाउँका ३८ वर्षीय हरिनारायण माझीले पीडितको ओछ्यानमै गई बलात्कार गरे। पीडक थुनामा छन्।

शनिश्चरे गाविस-१ स्थित भुटानी शरणार्थी शिविर, सेक्टर चारकी १८ वर्षीय एक युवतीलाई ०६१ साउन १९ गते दिउँसो सोही शिविर सेक्टर ८ का नरवहादुर भट्टराईले मार्ने धम्की दिई घरमा बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार गरियो। पीडितले प्रहरीमा उजुर गरिन्। पीडक फरार छन्।

डायनिया गाविस-३ हर्चनगढीका २८ वर्षीय र २७ वर्षीय दुई विवाहित महिलालाई ०६१ साउन २१ गते राति घरैमा भारतीय डाँकाहरुले सामुहिक बलात्कार गरे। पीडितहरु विस्थापित भई रंगेली गाविसमा बस्छन्। पीडकहरु फरार छन्। पीडितले रंगेली प्रहरीमा उजुरी गरे।

डायनिया गाविस-३ हर्चनगढीका २२ वर्षीय एक महिलालाई ०६१ साउन २२ गते राति भारतीय डाकाहरुले सामूहिक बलात्कार गरे। पीडितले इलाका प्रहरी कार्यालय, रंगेलीमा उजुरी दिइन्। पीडकहरु फरार छन्।

पारिवारिक हिंसा

बरडंगा गाविस-६ की १८ वर्षीय संजिता खातुनलाई ०६१ भदौ १४ गते उनकै पति सौकत खातुन मियाले दाइजो नल्याएको भनी कुटपिट गरी हत्या गरे। पीडकलाई इलाका प्रहरी कार्यालय, रंगेलीले भदौ १६ गते पक्राउ गरे। पीडकलाई थुनामा राखिएको छ।

दुर्व्यवहार

विराटनगर उमनपा-५ कञ्चनवारीकी ४५ वर्षीय रमनी राजवंशीलाई ०६१ कार्तिक १४ गते विराटनगर विमानस्थलका राजु नामका शाही नेपाली सेनाका जवानले बोक्सीको आरोपमा कुटपिट गरी गम्भीर घाइते तुल्याए। पीडक पक्षले पीडितलाई कुहिएको चामल, दालजस्ता खाद्यान्न दिई घटना सार्वजनिक नगर्न भन्यो। पीडितको सामान्य उपचार खर्च पीडक पक्षले दिए पनि स्वास्थ्य ठीक हुन सकेन। पीडितले उजुरी हालेर पनि डरका कारण झिक्न बाध्य भइन्।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ९ महिला र ३६ पुरुष गरी ४५ जनाले आत्महत्या गरे। भवितव्यमा परी ७ महिला १० पुरुष गरी १७ जनाले ज्यान गुमाए। ट्राफिक दुर्घटनामा परी ४ महिला र १५ पुरुष गरी १९ जनाले ज्यान गुमाए। डुवेर र करेन्ट लागेर एक-एक जनाको मृत्यु भयो।

सार्वजनिक अपराधसम्बन्धी १४ वटा मुद्दा दर्ता भएकामा सवै फर्स्यौट भए। सवारी ज्यानसम्वन्धी १९ वटा मुद्दा दर्ता गरिएकोमा १८ वटा फर्स्यौट भए। बलात्कारसम्वन्धी ९ वटा मुद्दा दर्ता भइ सबै फर्स्यौट भए।

कर्तव्य ज्यानसम्बन्धी १४ वटा मुद्दा दर्ता भएकामा ५ वटा फर्स्यौट भए।

सिजुवा गाविस-७ का धर्मप्रसाद खनाल ०६० माघ १ गते घरवाट हिंडेकोमा ०६० माघ १० गते मधुमल्ला र उर्लाबारीको सीमा नुनसरी खोलामा गाडिएको अवस्थामा लाश फेला पर्‍यो। पीडितलाई अज्ञात व्यक्तिले हत्यापश्चात् गाडेको प्रहरीले आशंका गरेको छ।

टंकिसिनवारी गाविस-७ का सशस्त्र प्रहरी गण रानी, विराटनगरका प्रहरी जवान सुजितकुमार खवासले ०६० चैत ६ गते दाजुको विवाहमा जाने विषयमा पत्नीसित विवाद हुँदा विराटनगर उमनपा-२० मिल्सएरियास्थित आफ्नै डेरामा कञ्चटमा गोली हानी आत्महत्या गरे।

मृगौलिया गाविस- का ४८ वर्षीय गोपीकृष्ण घिमिरेलाई ०६१ जेठ ११ गते पत्नी इन्दिराले धारिलो हतियार प्रहार गरी हत्यापश्चात् कुकरमा पकाएर मासु खाएको घटना जेठ १८ गते सार्वजनिक भयो। पीडकले सँगै सुतेको अवस्थामा ओछ्यानमा हत्या गरेकी र सेफ्टीट्याङ्कीमा मासुका टुक्रा तथा हड्डी लुकाएकी थिइन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कदमाहा गाविस-८ का मोतिलाल मण्डललाई ०६१ भदौ ३ गते विराटनगर-रंगेली चल्ने को. १ ख ९५५ नम्बरका बस कर्मचारीले कुटपिट गरेकोमा भदौ ५ गते राति कोशी अञ्चल अस्पतालमा मृत्यु भयो। पीडकहरु थुनामा छन्।

बिगतको अनुगमन

दादरवैरिया गाविस-३ का ४० वर्षीय पनिलाल पासवानलाई ०६० कार्तिक ६ गते सुरक्षाकर्मीले भारतको अररिया जिल्ला फोवाडी बजारवाट गिरफ्तार गरेको भनी पत्नी कल्पनादेवी पासवानले ०६० चैत १३ गते इन्सेक विराटनगरमा निवेदन दिइन्। पीडितको स्थिति अज्ञात छ।

१.६ सुनसरी

जनसंख्या	: ६२५६३३
साक्षरता प्रतिशत	: ४५
महिला साक्षरता प्रतिशत	: ३०.३
क्षेत्रफल (वर्ग कि. मि.)	: १२५७
गाविस/नपा संख्या	: ४९/३
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३०५
क्याम्पस/उच्च मा.वि.	: ११/१८
अस्पताल/स्वास्थ्य चौकी	: ३/५७
टेलिफोन लाइन	: ८०००
मोटर सडक (कि. मि.)	: ३१५
प्रहरी कार्यालय संख्या	: ८
हुलाक संख्या	: ५५
मानव विकास सूचकांक	: ०.५००
प्रति परिवार सरदर संख्या	: ५.२१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

भरौल गाविस-३ नडाहाका ४० वर्षीय गोपाल राई माओवादी आरोपमा ०६० फागुन १ गते पक्राउ गरी दिनभरी गाउँ घुमाएर हात पछाडि फर्काएर सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सुरक्षास्रोतले दोहोरो भिडन्तमा मृत्यु भएको जनायो।

महेन्द्रनगर गाविस-४ का ३५ वर्षीय लक्ष्मण दाहाल माओवादीको आरोपमा ०६० फागुन १४ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिए।

बविया गाविसका २७ वर्षीय उमेश उराँव माओवादीको आरोपमा ०६० फागुन १४ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई चिमडी गाविस-८ मा गोली हानी मारिए। प्रतिकारात्मक कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

भरौल गाविस-४ का ३० वर्षीय माओवादी कार्यकर्ता रामबहादुर कार्की ०६० चैत १९ गते चतरामा सुरक्षाकर्मीद्वारा गोली प्रहार गर्दा मारिए। सुरक्षास्रोतले दोहोरो भिडन्तमा मारिएको जनायो।

विष्णु पादुका गाविस-३ पटनालीमा २३ वर्षीय उमा नामकी माओवादी कार्यकर्ता ०६१ वैशाख ५ गते सुरक्षाकर्मीको नियन्त्रणमा परी मारिइन्। सुरक्षास्रोतले दोहोरो भिडन्तमा मृत्यु भएको जनायो।

पाँचकन्या गाविस-५ देउरालीटोलका २७ वर्षीय समसिं राई ०६१ साउन २० गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी २१ गते गोली हानी मारिए। सुरक्षास्रोतका अनुसार पीडित दोहोरो भिडन्तमा मारिएका थिए।

भोजपुर जिल्ला घर भई धरानमा मजदुरी गर्ने २४ वर्षीय मनोज वोगटी र २७ वर्षीय टिका परियार माओवादीको आरोपमा ०६१ साउन २२ गते सुरक्षाकर्मीको गोलीद्वारा मारिए। सुरक्षास्रोतले भिडन्तमा मारिएको जनायो।

तनमुना गाविस चरैया बस्ने पोक्चा चौधरी र भारत सुपौल बस्ने अब्दुल कुलाम ०६१ भदौ १८ गते इटहरी-७ गैसारमा उमेश थापाका घरमा डकैती गर्दागर्दै प्रहरीसँगको भिडन्तमा गोली लागि मारिए।

सिंगिया गाविसस्थित चतरा नहरको छेउमा ०६१ मंसिर १९ गते माओवादी कार्यकर्ता विद्रोही भनिने २४ वर्षीय बसन्त केसी खनारबाट पक्राउ गरी सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सुरक्षास्रोतले दोहोरो भिडन्तमा मारिएको जनायो।

इटहरी नपा-५ का २४ वर्षीय माओवादी विद्या भण्डारी र तेह्रथुमका २५ वर्षीय घायल भनिने माओवादी कार्यकर्ता ०६१ मंसिर २३ गते भरौल गाविस-३ मा सुरक्षाकर्मीद्वारा गोली लागी मारिए। सुरक्षास्रोतले भिडन्तमा मृत्यु भएको जनायो।

माओवादीबाट

छिटहा गाविस-९ का बौवालाल मेहता र सोही गाविस-५ का जीतन मेहतालाई सुराकीको आरोपमा ०६१ असार ६ गते माओवादीले पाता फर्काएर बाँधी घाँटी रेटेर हत्या गरे।

मोरङ जिल्ला वयरवन गाविस-९ घर भई इटहरी बस्दै आएका २७ वर्षीय जीवन खड्कालाई ०६१ साउन १३ गते सुराकीको आरोपमा घाँटी रेटी हत्या गरे।

पूर्वकुशाहा गाविस-५ का २५ वर्षीय अरुण चौधरीलाई उसको बाबु राप्रपा भएको र प्रतिकार समितिको नेतृत्व गरेको आरोपमा ०६१ मंसिर २७ गते कुटपिट गर्नुका साथै गोली हानी हत्या गरे।

गोली / बम / एम्बुसद्वारा घाइते

राज्यबाट

महेन्द्रनगर गाविस-९ का १९ वर्षीय कमल भट्टराई ०६० फागुन १ गते साँझ सुरक्षाकर्मीले चलाएको गोली तिघ्रामा लागि घाइते भए। उनी सर्वसाधारण हुन्।

उदयपुर जिल्ला गाइघाटवाट विवाहको जन्ती पुऱ्याएर फर्केको ना २ ख ३९४० नम्बरको वसमा ०६१ वैशाख २६ गते राति ९:३० वजे भरौल-धरान रोडको पनालीमा सुरक्षाकर्मीले चलाएको गोली लागी एकम्वा गाविस-८ का मिठाराम चौधरी, धरान नपा-१८ का १२ वर्षीय दीपक राई र धरान नपा-१७ का १६ वर्षीय कृष्ण विक घाइते भए।

धरान नपा-१५ का २५ वर्षीय सन्तोष राईलाई ०६१ साउन ४ गते सुरक्षाकर्मीले चलाएको गोली खुट्टामा लागि घाइते अवस्थामै फरार भए।

भरौल गाविस-३ का ३२ वर्षीय अमृत राई ०६१ मंसिर २० गते सुरक्षाकर्मीले चलाएको गोली खुट्टामा लागि घाइते भए।

माओवादीबाट

बक्लौरी गाविस-३ घर भई हाल जिल्ला प्रहरी कार्यालयमा कार्यरत असई ३९ वर्षीय देवीलाल चौधरीलाई नि:शस्त्र अवस्थामा घरमा बसिरहेको वेला माओवादीले अपहरण गरी लगेर महेन्द्रनगर गाविस-२ को चक्रघट्टी बजारमा पुऱ्याई ३ गोली हानी घाइते बनाए।

पाँचकन्या गाविस-५ का ११ वर्षीय गुड्डु श्रेष्ठ र ९ वर्षीय माला कार्की ०६१ मंसिर २० गते माओवादीले सार्वजनिक बाटोमा राखेको बम विस्फोटन हुँदा घाइते भए।

माओवादीद्वारा धरान-इटहरीको सेउतीपुलमा राखेको वम ०६१ पुस १५ गते निस्कृय पार्ने शाही नेपाली सेनाका जवान बमको छर्रा लागि घाइते भए।

बेपता / अपहरण

राज्यबाट

बराहक्षेत्र गाविस-१ का २५ वर्षीय दीपक पनेरु (दर्जी) लाई ०६१ साउन २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता वनाए।

माओवादीहरु भक्तवहादुर बुढाथोकी, किरण चौधरी, सरोज पराजुली र रमेश खड्कालाई ०६१ मंसिर २२ गते भरौल गाविस-३ को खोरिया बस्तीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

प्रकाशपुर गाविस-५ का १७ वर्षीय राजेश खड्कालाई ०६० माघ २८ गते माओवादीले अपहरण गरी ०६० चैत २ गते मुक्त गऱ्यो।

महेन्द्रनगर गाविस-७ का २१ वर्षीय सठदीप वानिया र १६ वर्षीय योगेश लामिछानेलाई ०६० चैत ७ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

भरौल गाविस-४ घर भई जिविसमा कार्यरत ३६ वर्षीय पुण्यप्रसाद ढकाललाई ०६१ साउन १४ गते माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे।

धरान नपा-१७ का १९ वर्षीय बागधन राई, सोही नपा-१५ का २१ वर्षीय इन्द्रमान राई, सोही नपा-१६ का २४ वर्षीय तिलक राई र बक्लौरी गाविस-९ का २७ वर्षीय लिलाबहादुर सुनवारलाई दुर्व्यसनीको आरोपमा ०६१ साउन ३१ गते भरौल गाविस-३ बाट माओवादीले अपहरण गरी ०६१ भदौ १६ गते मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	४	४	८	५	६		६	११	१०	३	१	१४
घाइते					३	२	२	४	४	६			६
गिरफ्तारी/यातना									१६	२२	१		२३
बेपत्ता									३	८			८
कुटपिट									२	४			४
महिलाअधिकार	१७		१९	१९									
बालअधिकार	८		९	९					२		२		२
अपहरण	४	४		४	५	९		९					
जम्मा	३७	८	३२	४०	१३	१७	२	१९	३८	५१	६	१	५८

भरौल गाविस-९ का ३७ वर्षीय सिंहवहादुर कार्कीलाई ०६१ कार्तिक १५ गते राति आफूलाई माओवादी वताउने ३ जनाको समूहले अपहरण गरी ३ लाख रुपैयाँ दिने शर्तमा २ दिनपछि मुक्त गर्‍यो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

इनरुवा नपा-१ का ३६ वर्षीय पत्रकार सुविद गुरागाईंलाई ०६१ असार ३ गते श्रीमेहर गुल्मका सेनाको एक समूहले जिल्ला प्रहरी कार्यालयको मूलगेट अगाडिको सार्वजनिक वाटोमा कुटपिट गर्दा पीडितको अनुहार र आँखाको माथिल्लो भागमा गहिरो चोट लाग्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी फौजदारी १ सय ४०, दुनियावादी फौजदारी ३ सय र देवानी ४ सय ४० गरी कूल १ हजार ३ सय ४९ वटा मुद्दा रहेकोमा ४ सय ४८ वटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

बृद्धा, विधवा, जेष्ठ र अशक्तका लागि १ करोड ६५ लाख ४५ हजार ९ सय ७५ रुपैयाँ बजेट आएकोमा प्रथम चौमासिकमा ५५ लाख ६६ हजार वितरण गरिसकेको जिविसले जनायो।

यस जिल्लामा हाल करिब १५ हजार भूमिहीन सुकुम्बासी रहेका भएपनि कसैले पनि यसवर्ष जग्गा धनी प्रमाण पूर्जा पाएनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सिंगिया गाविस-१ का ३० वर्षीय प्रकाश भनिने सन्तबहादुर तामाङ, दिनेश भनिने राजेन्द्र चौधरीलाई

सुरक्षाकर्मीद्वारा मारिएकी विद्या भण्डारी

माओवादीको आरोपमा ०६० माघ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

झापा जिल्ला कोरोवारी गाविस- १ का २४ वर्षीय प्रकाश भनिने प्रेम खड्कालाई माओवादीको आरोपमा ०६० माघ १२ गते सुरक्षाकर्मीले पक्राउ गरी थुनामा राखे।

अखिल नेपाल ट्रेड युनियन महासंघका महासचिव तथा माओवादी पूर्वाञ्चल ब्यूरो सदस्य एवम् सुनसरी इन्चार्ज कृष्ण प्याकुरेललाई ०६० फागुन १२ गते संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

पूर्वकुसाहा गाविस-४ का २४ वर्षीय सन्तोष चौधरीलाई माओवादीको आरोपमा ०६० फागुन १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

सिंगिया गाविस-३ का ३८ वर्षीय लिलु पौडेललाई माओवादीको आरोपमा ०६० फागुन २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ महिनापछि रिहा गरे।

महेन्द्रनगर गाविस-७ का २५ वर्षीय श्यामकुमार भण्डारीलाई ०६० चैत ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ महिनापछि रिहा गरे।

पूर्व कुशाहा गाविसबाट हिंडिरहेको अवस्थामा माओवादीको आरोपमा ०६० चैत ६ गते अरुणा भनिने श्याम कृष्ण पहाडी र रामलाल उराँवलाई गिरफ्तार गरे।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य २१ वर्षीय चन्द्रप्रसाद दाहाल र २२ वर्षीय सुरेश सुवेदीलाई ०६० चैत ११ गते झुम्का बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

मधेसा गविस-६ का ४० वर्षीय ज्ञानलाल चौधरी र २४ वर्षीय रामनारायण चौधरीलाई माओवादीको आरोपमा ०६१ वैशाख १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

हाँसपोसा गाविस-२ का ३३ वर्षीय गणेश घिमिरेलाई माओवादीको आरोपमा ०६१ जेठ २० गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

धरान नपा-१५ का २१ वर्षीय जीवन लिम्बूलाई माओवादीको आरोपमा ०६१ साउन ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

वराहक्षेत्र गाविस-५ का ४३ वर्षीय वलवहादुर थापालाई माओवादीको आरोपमा ०६१ साउन १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

बराहक्षेत्र गाविस-४ का ४५ वर्षीय पुरुषोत्तम ढुंगेललाई माओवादीको आरोपमा ०६१ साउन २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

बराहक्षेत्र गाविस-४ वयरवनका १६ वर्षीय ईशा पोखरेललाई माओवादीको आरोपमा ०६१ भदौ ८ गते गिरफ्तार गरी थुनामा राखे।

बराहक्षेत्र गाविस-१ का २३ वर्षीय तुलसी पाण्डेलाई माओवादीको आरोपमा ०६१ असोज १ गते मोरङको जाँते खेरुवा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी रिहा भए।

महेन्द्रनगर गाविस-७ का २५ वर्षीय श्याम भण्डारी र उनका भाई २३ वर्षीय सन्तोष भण्डारीलाई माओवादीको आरोपमा ०६१ पुस १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

बालअधिकार

धरान नपा-१६ का १५ वर्षीय राज चोङवाङलाई ०६० माघ ८ गते, धरान-१५ का २५ वर्षीय केवल राई र वयरवनका १७ वर्षीय शेरवहादुर लिम्बूले अपहरण गरी एक करोड रुपैयाँ माग गरेकोमा प्रहरीको सकृयतामा फागुन ११ गते सकुशल मुक्त गरी पीडकलाई कानुनी कारवाही गरियो।

भरौल गाविस-३ का १२ वर्षीय एक बालिकालाई घाँस काट्न गएको अवस्थामा ०६० फागुन १० गते सोही ठाउँका २९ वर्षीय किर्तनधामीले वलात्कार गरे। पीडक हाल थुनामा छन्।

डुम्राहा गाविस-१ का १२ वर्षीय पुनमकुमारी साहलाई ०६० फागुन २४ गते बाख्रा चराउन गएको बेला सोही गाविस-४ का ३६ वर्षीय सबुरलाल चौधरीलगायत् चारजनाले बलात्कारपश्चात् हत्या गरे। पीडक हाल थुनामा छन्।

रामनगर भुटाहा गाविस-५ का ३ वर्षीय उज्ज्वल नन्दीलाई ०६० फागुन १५ गते भारतीय डाँकाहरुको एक समूहले अपहरण गरी लाखौं रुपैयाँ फिरौती माग गरेकोमा दुवै देशका प्रहरीको सकृयतामा फागुन २९ गते भारतको फारवीसगञ्जबाट मुक्त गरियो।

इनरुवा नपा-६ की १५ वर्षीय सीता सदा (मुसहर) लाई ०६१ जेठ ४ गते भारत भवानीपुर घर भई चाँदबेलामा बस्दै आएका ३४ वर्षीय महादेव पासवान, डुम्राहा गाविसका २९ वर्षीय कृष्णराम चौधरी, सोही ठाउँका ३१ वर्षीय तेजनारायण सिंह खवास र ३२ वर्षीय दुलाफचन्द्र यादवले अपहरण गरी लगेर सामूहिक वलात्कार पछि हत्या गरे। पीडकहरु हाल थुनामा छन्।

इनरुवा नपा-४ की ८ वर्षीय बालिकालाई ०६१ जेठ ४ गते १०/१२ जनाको नकावधारी समूहले उनकी दिदी सहितलाई सामूहिक बलात्कार गरी फरार भए।

महेन्द्रनगर गाविस- ४ की ५ वर्षीय एक बालिकालाई सोही ठाउँका नांगा बाबा भनेर चिनिने जोगी ५९ वर्षीय अभिकेशर कोइरालाले ०६१ साउन ११ गते वलात्कार प्रयास गरेकै अवस्थामा गाउँलेले फेला पारे। पीडकलाई मोसो दली गाउँ निकाला गरे।

भादगाउँ सिनबारी गाविस-८ का १२ वर्षीय एक बालिकालाई ०६१ साउन १५ गते उनकी आमासहितलाई

सुरक्षाकर्मीद्वारा मारिएका माओवादी कार्यकर्ता घायल

सामूहिक बलात्कार गरियो। बलात्कारको अभियोगमा सोही गाविस-९ का २५ वर्षीय विनोद चौधरी, सोही नपा-५ का २३ वर्षीय विपद चौधरी र १७ वर्षीय सन्तोष धमलालाई पुर्पक्षका लागि थुनामा राखेको भए पनि आफ्नो कमजोरी ढाकछोप गर्न निर्दोषलाई जेल हालेको स्थानीय बासिन्दाको गुनासो छ।

नाम, ठेगाना खुल्न नसकेकी १४ वर्षीय एक बालिकालाई अमाही बेला गाविस-१ का ३० वर्षीय नारायण साहले ०६१ साउन २१ गते वलात्कार गरे। पीडित बालिकालाई स्थानीय बासिन्दाले देवानगञ्ज इलाका प्रहरी कार्यालयमा उद्धारका लागि दिएकोमा त्यहाँ कार्यरत असई सानुबाबु राजवंशीले अन्य स्टाफलाई बन्दुक देखाएर तर्साई २२ गते दुईपटक बलात्कार गरे। पीडकद्वयलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महेन्द्रनगर गाविस-४ का ३९ वर्षीय शुक्रबहादुर सार्कीले ०६१ भदौ १८ गते झड्केली छोरी १५ वर्षीय बालिकालाई बलात्कार गरे। पटक-पटकको बलात्कारको कारण गर्भसमेत रहेको थियो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखियो।

भरौल गाविस-५ की १४ वर्षीय एक बालिकालाई ०६१ कार्तिक २५ गते सर्चमा गएको संयुक्त सुरक्षाकर्मीमा रहेका ६ जनाले कब्जामा लिएर सामूहिक वलात्कार गरे। पीडकमध्ये प्रहरीका यामप्रसाद खाम्दाकलाई पुर्पक्षका लागि थुनामा राखियो भने सेनातर्फका खेम खड्का, वसन्त आचार्य र विशाल राईको नाउँमा मुद्दा चलाइए पनि अदालतमा हाजिर गर्न नपाउँदै सेनाको हिरासत रहेकै बखत फरार भएको सेनाको फुस्रे ब्यारेकबाट थाहा हुन आयो।

रामगञ्ज बेलगछिया गाविस-४ की १४ वर्षीय बालिकालाई सोही ठाउँका २५ वर्षीय सन्तोष साहले ०६१ कार्तिक २८ गते बलात्कार गरी फरार भए।

इनरुवा नपा-२ की १४ वर्षीय एक बालिकालाई ०६१ मंसिर २३ गते राति घरवाट अपहरण गरी लगेर सामूहिक बलात्कार गरे। बलात्कार गरेको अभियोगमा इनरुवा नपा-२ का २९ वर्षीय सरोज हिङ्वाङ, मधेसा गाविसका ३१ वर्षीय

शंकर सिवा, भरौल गाविस-५ का १७ वर्षीय सुरज विश्वकर्मा र १७ वर्षीय अर्जुन विश्वकर्मालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

चाँदबेला गाविस-६ का ३० वर्षीय र ३३ वर्षीय दुई महिलालाई ०६० फागुन १२ गते राति लोग्ने मान्छे घटना नभएको मौका छोपी सोही गाविस-२ का ३१ वर्षीय विक्की गुरुङ र ३० वर्षीय सत्यनारायण चौधरी लगायत् ५/७ जनाको समूहले सामूहिक बलात्कार गरे। पीडकहरुलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

इनरुवा नपा-६ का २२ वर्षीय एक युवतीलाई ०६१ जेठ ४ गते राति ५/७ जनाको नकावधारी समूहले बलात्कार गरे। पीडक फरार छन्।

डुम्राहा गाविस-९ का २२ वर्षीय लठेब्री युवतीलाई ०६१ जेठ २२ गते सोही ठाउँका मण्डल थरका ३२ वर्षीय एक युवकले बलात्कार गरे। ५ सय रुपैयाँ जरिवाना गरी घटना गाउँमै मिलाइयो।

मधुवन गाविस-५ का २५ वर्षीय एक महिलालाई ०६१ जेठ २२ गते डुम्राहा गाविस-७ का ३५ वर्षीय कैला नट, मधुवन गाविस-५ का ३८ वर्षीय रणटर रजक र २७ वर्षीय किस्मत नटलगायत्ले सामूहिक बलात्कार गरे। पीडक थुनामा छन्।

छिटाहा गाविस-९ का ३२ वर्षीय एक महिलाहरुलाई ०६१ असार २ गते दश जनाको समूहमा आएका नकावधारी समूहले बलात्कार गरी फरार भए।

भादगाउँ सिनुवारी गाविस-८ का ३४ वर्षीय एक महिला र उनकी छोरीलाई ०६१ साउन २५ गते सामूहिक बलात्कार गरे। बलात्कारको आरोपमा भादगाउँ सिनवारी गाविस-९ का २५ वर्षीय विनोद चौधरी, सोही गाविस-५ का २३ वर्षीय विपद चौधरी र १७ वर्षीय सन्तोष धमलालाई पुर्पक्षको लागि थुनामा राखे पनि स्थानीय बासिन्दा र अभियुक्तले आरोप भुठा भएको बताए।

रौतहट जिल्लाको फूलबारी गाविस-१ घर भई हाँसपोसा गाविस-३ मा रहेको एक क्याबिन रेस्टुटेण्टमा कार्यरत ३५ वर्षीय एक महिलालाई ०६१ भदौ १ गते इटहरी नपा-५ का टिम्बर कर्पोरेशनका कर्मचारी ४१ वर्षीय वीरबहादुर भण्डारीले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

हरीनगरा गाविस-४ का १६ वर्षीय रामवतीकुमारी ठाकुरलाई ०६१ भदौ ५ गते अज्ञात समूहले बलात्कारपश्चात् हत्या गऱ्यो।

भरौल गाविस-२ की २६ वर्षीय एक महिलालाई ०६१ भदौ ८ गते सोही ठाउँका ३० वर्षीय रामेश्वर मुसहर, ४० वर्षीय बंझड मुसहर र ३० वर्षीय बन्ठा मुसहरले सामूहिक बलात्कार गरे। पीडकहरुलाई पुर्पक्षका लागी थुनामा राखिएको छ।

भोक्राहा गाविस-३ की २६ वर्षीय एक लठेब्री महिलालाई ०६१ कार्तिक ८ गते सोही ठाउँका ४८ वर्षीय हिरालाल साहले बाखाको खोरमा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मधेसा गाविस-४ की २० वर्षीय एक महिलालाई ०६१ मंसिर १९ गते पकलीका हविस मियाँ र सलिम भनिने अलिमुद्धिन मियाँलगायत् चारजनाले अपहरणपश्चात् बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

धरान नपा-१७ की ४१ वर्षीय एक महिलालाई ०६१ मंसिर २८ गते सोही ठाउँका २८ वर्षीय सुरज राई र २६ वर्षीय दुर्गा चौधरीले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस जिल्लामा यस वर्ष भएका २० बलात्कारका घटनामा एक घटना दर्ता भएन भने पाँचवटा घटनामा नकावधारी अज्ञात समूहको संलग्नता रहेको छ। चौध घटनाका पीडकहरुलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। यस्तै यस वर्ष १६ वर्ष मुनिका १० बालिकाको बलात्कार भएकोमा दुई बालिकाको बलात्कारमा राज्य पक्षको (सेना, प्रहरी) संलग्नता रह्यो। भरौल गाविस-३ मा ६ जनाले १४ वर्षकी बालिकालाई बलात्कार गरे।

दुर्व्यवहार

सिमरिया गाविस-४ का ७० वर्षीय पाल्टिदेवी उराँवलाई बोक्सीको आरोपमा ०६० फागुन १२ गते सोही ठाउँका ७१ वर्षीय फणिन्द्र उराँवले कुटपिट गर्दा टाउको, छाती र मुखमा घाउ लाग्यो। पीडकलाई कारवाही भएन।

भोक्राहा गाविस-३ का ५२ वर्षीय चम्पादेवी मेहतालाई बोक्सीको आपरोपमा ०६१ जेठ १६ गते सोही ठाउँका ४८ वर्षीय लक्ष्मी मेहता, २७ वर्षीय जगत मेहता र २४ वर्षीय देवनारायण मेहताले कुटपिट गरी मलमूत्र ख्वाए। पीडकहरुलाई सार्वजनिक अपराध ऐन अन्तर्गत कारवाही भयो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) सुनसरी जिल्ला कमिटीले ०६१ जेठ ४ गते एक विज्ञप्ति जारी गरी जिल्लामा बढिरहेको

बलात्कार, चोरी, डकैती र शान्ति सुरक्षाको खस्कँदो अवस्थाप्रति चासो व्यक्त गर्‍यो।

महेन्द्र निमावि तित्रीगाछीका प्रधानाध्यापक काशीनाथ वराललगायत् विद्यालयका सम्पूर्ण शिक्षक कर्मचारी र व्यवस्थापन समितिका पदाधिकारी तथा महेन्द्र उच्च माविका प्रधाानाध्यापक ईश्वरीप्रसाद न्यौपानेलगायत् सम्पूर्ण शिक्षक र व्यवस्थापक समितिका पदाधिकारीले ०६१ असोज २४ गते संयुक्तरुपमा अपिल प्रकाशित गरी अनेरास्ववियु (क्रान्तिकारी) ले विद्यालयको नाम परिवर्तन गरी शहीदको नाममा विद्यालय सञ्चालन नगरे भौतिक कारवाही गर्ने लिखित धम्की दिइएवाट आफूहरु दोहोरो मारमा परेको उल्लेख गर्दै जीवन रक्षाको लागि आग्रह गरे।

जिल्लामा श्रृंखलाबद्धरुपमा भएका सामूहिक बलात्कार र हत्याका घटनाका प्रत्यक्षरुपमा वालवालिका पीडित भएका र शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासन उदासीन रहेको आरोप लगाउँदै सामाजिक सचेतनाका लागि सूचना केन्द्र (सिक्सा) आवद्ध जिल्ला बाल शाखाले ०६१ पुस १४ गते विज्ञप्ति जारी गरी बालअधिकारको संरक्षणका निम्ति सम्वन्धित पक्षहरुको ध्यानाकर्षण गर्‍यो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ८ जनाले झुण्डिएर आत्महत्या गरे भने विष सेवन गरी ४ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा ९ जनाले ज्यान गुमाए। डकैती र चोरीका ११ वटा घटना भए। भवितव्यमा परि ९ जनाको ज्यान गयो। खोटाचलनमा ४ मुद्दा दर्ता भएका र दुईवटा बम विस्फोटको घटना माओवादीले गराएको जिप्रकाले जनायो।

इटहरी नपा भवनमा लक्षित गरी बम विस्फोटन गराउन खोज्ने कञ्चन नामका माओवादीको ०६० माघ ३ गते आफैंले बोकेको बम विस्फोट हुँदा मृत्यु भयो।

धरान नपा-१६ स्थित विद्युत प्राधिकरण कार्यालयमा विस्फोट गर्ने उद्देश्यले बोकेको बम विस्फोटन हुँदा ०६० फागुन १ गते राजन नामका माओवादीको मृत्यु भयो।

१.७ धनकुटा



जनसंख्या	: १७५२३७
साक्षरता प्रतिशत	: ५६.५६
महिला साक्षरता प्रतिशत	: ४४.१३
क्षेत्रफल (वर्ग कि. मि.)	: ८९१
गाविस/नपा संख्या	: ३५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३१५
क्याम्पस/उच्च मा.वि.	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/३७
टेलिफोन लाइन	: ८३४
मोटर सडक (कि. मि.)	: २१७.२२
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३८
मानव विकास सूचकांक	: ०.५०७
प्रति परिवार सरदर संख्या	: ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

फाक्सिव गाविस-७ लेउतीखोलामा सुरक्षाकर्मीको कारवाहीमा मोरङ जिल्ला जाँते घर भएका माओवादी कार्यकर्ता वादल भनिने ३५ वर्षीय पुष्पलाल भट्टराईको ०६१ साउन २३ गते मृत्यु भएको छ। सुरक्षाफौजमाथि सकेट बम प्रहार गर्न खोज्दा कारवाहीमा परेको सुरक्षाकर्मीले दाबी गरे भने माओवादीले पक्राउपश्चात् गोली हानी हत्या गरेको जनायो।

धनकुटा जिल्लाको आँखिसल्ला गाविस-६ एक्लेबरमा ०६१ भदौ ३० गते करिब १९ वर्षीय नकुल भनिने माओवादी कार्यकर्ताको गस्तीमा गएका सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। आफूमाथि सकेट बम प्रहार गर्न लाग्दा कारवाहीमा परेको श्री २ नं. वाहिनी अड्डा हिलेले जनायो।

माओवादीबाट

पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालयमा कार्यरत प्रहरी जवान चन्द्रबहादुर खड्कालाई ०६० माघ १ गते कार्यालयमै माओवादीले गोली हानी हत्या गरे। सोही घटनामा प्रहरी जवान कृष्णबहादुर लिम्बू गोली लागी घाइते भए।

धनकुटा नपा-४ स्थित सल्लेरी ब्यारेकको चेकपोष्टमा बसन्तपुरबाट धरान हिंडेको को. १ ख १३९१ नम्बरको गाडीमा ०६० माघ २ गते १:५० बजेतिर माओवादीले राखेको बम विस्फोट हुँदा १ सेनाका जवानसहित ४ जनाको मृत्यु भयो। मृत्यु हुनेमा सुनसरी जिल्ला महेन्द्रनगरका सैनिक हवल्दार नगेन्द्र कटुवाल, भोजपुर जिल्ला घर भएका गाडी कर्मचारी जीवन राई, मुगा गाविस-४ का भूपाल भण्डारी र धनकुटा नपा-४ का २४ वर्षीय राजेश थापामगरको मृत्यु भयो भने २ जना घाइते भए। उक्त बम विस्फोट भएपछि १०:५० देखि २ बजेसम्म सबै गाडी त्यहीं रोकी शंका लागेकालाई समाती केहीलाई यातनासमेत दिई मुक्त गरेका थिए।

मुगा गाविस-२ का ४८ वर्षीय रामजी थापालाई सेना पालेको र सुराकीको आरोपमा ०६१ असार १० गते माओवादीले घरदेखि केही पर लगेर धारिलो हतियारले घाँटी रेटी हत्या गरे।

मुगा गाविस-४ का ४५ वर्षीय राजन भट्टराईलाई सुराकीको आरोपमा ०६१ असार ४ गते अपहरण गरी ०६१ असार १० गते साँझ बेलहारा गाविस-३, चुङवाङ गाविस-४ को सीमाना हिले-छिन्ताङ सडक खण्डमा पुर्‍याई कञ्चटमा गोली हानी हत्या गरे। उनलाई गस्तीमा गएका सुरक्षाकर्मीले फेला पारी धनकुटा ल्याएका थिए। रामजी थापा र राजन भट्टराईको सँगै दाहसंस्कार गरिएको थियो।

चुङवाङको उत्तरपानी बजारमा ३५ वर्षीय आशबहादुर राईलाई सुराकीको आरोपमा ०६१ साउन १ गते बेलुका माओवादीले गोली हानी हत्या गरे।

मुढेबास गाविस-७ का १५ वर्षीय सन्तोष विश्वकर्मालाई बालिका बलात्कार गरेको र डकैती गरेको आरोपमा ०६१ साउन २३ गते दिउँसो ४ बजेतिर माओवादीले कुटपिट गरी गोली हानी हत्या गरे।

भोजपुर जिल्ला जरायोटार घर भई धनकुटाको श्री २ नं. बाहिनी हिलेमा कार्यरत सैनिक हवल्दार गंगाबहादुर राईलाई ०६१ साउन ३० गते बेलुका धरान नपा-१ हिले बजारमा एक सैनिक साथीसँग बसेर चिया पिइरहेको बेला गोली हानेर हत्या गरे भने सँगैका साथी सामान्य चोटका साथ बाहिनीमा पस्न सफल भए।

आहाले गाविस-१ का पूर्व सैनिक २१ वर्षीय केशबहादुर राईलाई सुराकीको आरोपमा ०६१ असोज २६ गते माओवादीले अपहरण गरी कार्तिक २ गते डाँडाबजार गाविस-९ मा गोली हानी हत्या गरे।

तेह्रथुम जिल्ला म्याङलुङ गाविस-२ का २० वर्षीय तेजबहादुर विशंखेलाई सुराकीको आरोपमा ०६१ असोज २८ गते माओवादीले अपहरण गरी ०६१ कार्तिक २ गते हत्या गरे।

धनकुटा जिल्ला आहाले गाविस-१ का २१ वर्षीय केशबहादुर राई र तेह्रथुम जिल्ला म्याङलुङ गाविस-२ का तेजबहादुर विशंकेलाई सेना भएको र सुराकीको आरोपमा ०६१ कार्तिक २ गते राति डाँडाबजार गाविस-९ मा माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

परेवादिन गाविस-५ स्थित सिंधुवा बजारमाथिको हिलटप होटलनजिक ०६१ मंसिर २३ गते रिपिटर टावर चित्रेबाट बजार आएका सुरक्षाकर्मीमाथि माओवादीले विद्युतीय धराप थापी आक्रमण गरेपछि दोहोरो भिडन्त भयो। उक्त

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	१	२		३	१२	१४			१४	२	२			२
घाइते	१	२			२	४	४		६	१०					
गिरफ्तारी/यातना											११	१०	१		११
बेपत्ता											६	६			६
कुटपिट	११	११	२		१३	४	४			४	८	८			८
धम्की	३	१	१	२	४	२	६			६	२	२			२
जातीय विभेद	२	२			२										
महिलाअधिकार	३		३		३										
बालअधिकार	६	१	४	२	७										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	२	१३			१३					
अमानवीय व्यवहार	१	१			१						१			६	६
अपहरण						८४	९२	११	७	११०					
जम्मा	३१	४०	१२	४	३६	११०	१३४	१९	१३	१६९	२६	२४	१	६	३१

भिडन्तमा २ जना सैनिक जवानको मृत्यु भयो भने परेवादिन गाविस-३ का ४५ वर्षीय रुद्रबहादुर लिम्बूको दोहोरो फायरिङमा परी मृत्यु भयो। तर सुरक्षाकर्मीले माओवादीको गोली लागी मृत्यु भएको दावी गरे। सिंधुवा वजारमा बुधबार हाट लाग्ने भएकोले हाट नै चिलविल भएको र माओवादीले जुलुस लगाउँदै हिंडेको जानकारीमा आयो। त्यसको केही समयपछि सिंधुवा बजार मंसिर २७ गते बेलुकासम्म सेनाको नियन्त्रणमा थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

तेह्रथुम जिल्ला घर भई श्री २ नं. वाहिनी हिले अड्डामा कार्यरत नायक मेहनली राईलाई ०६० माघ ७ गते डेरातर्फ जाँदा माओवादीले गोली हानी घाइते वनाए।

बोधे गाविस-१ का २२ वर्षीय प्रकाश लिम्बूले माओवादीले घर नजिकै वारीमा राखेको वम खेलाउँदा ०६० माघ ८ गते वम विस्फोट भई घाइते भए। उनको वीपी कोइराला विज्ञान प्रतिष्ठान, धरानमा भएको थियो।

सल्लेरी ब्यारेकको चेकपोष्टमा बस जाँच गर्दा बम विस्फोटमा परी मारिएका सैनिक तथा सर्वसाधारण

श्री २ नं वाहिनी हिलेमा कार्यरत नायक रवीन तामाङलाई धनकुटा नपा-१ हिलेमा ०६१ जेठ १६ गते माओवादीले कञ्चटमा गोली हानी घाइते वनाए। पीडितको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भयो।

जेल र बन्दीहरु

"घ" श्रेणीको धनकुटा जेलको वन्दी क्षमता २५ जना मात्र भएकोमा थुनुवातर्फ १४ र बन्दीतर्फ ३६ गरी ५० जना रहेका छन्। १४ जना थुनुवामा २ जना महिला छन्। बन्दीहरुमध्ये आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत ५ जना माओवादी नजरबन्दमा छन्। १ जना कर्तव्य ज्यानमा रहेका छन्। ५० जना बन्दीहरुमध्ये २ जना विद्यार्थी छन्। उनीहरुलाई पढ्ने र परीक्षा दिने व्यवस्था जेलभित्रै मिलाइएको छ। जेलमा २ जना क्षयरोगका बिरामीहरु छन्। उनीहरुलाई जेल प्रशासनको रोहवरमा दिनैपिच्छे क्षयरोगको औषधी खुवाइन्छ।

पुरानो र अत्यन्तै जीर्ण अवस्थामा रहेको धनकुटा जेलमा क्षमताभन्दा वढी वन्दीहरु राखिएको कारण समस्या देखिन्छ। जेलका कोठाहरु अत्यन्तै साँघुरा र ओसिला छन्। धेरै वन्दीहरु एकै ठाउँमा रहेका छन्। बन्दी-वन्दी बीच राम्रो सम्बन्ध छ। जेलभित्र १ र बाहिर ३ गरी ४ वटा चर्पी छन्। पानीको सुविधा सामान्य छ। बन्दीहरुलाई लुगाफाटो नियमअनुसार वर्षको २ पटक दिइन्छ। उडुस, जुम्रा, उपियाँ मार्ने प्रबन्ध भए पनि जेलको भौतिक अवस्थाको कारण र बन्दीहरु धेरै भएका कारण उडुस परेको बन्दीहरु बताउँछन्। आवश्यकताअनुसार, बन्दीहरुलाई औषधी उपचार गर्ने गरेको कारागार शाखाले बताएको छ।

महिला बन्दीलाई जेलको माथिल्लो तलाको एक कोठामा राख्ने गरिएको छ।

बेपता / अपहरण

राज्यबाट

सुनसरी जिल्ला भरौल गाविस-८ कलावञ्जर घर भएका माओवादीका स्काउट कमाण्डर अनेकिसंघ (क्रान्तिकारी) जिल्ला कमिटी सुनसरीका सदस्य यादव भनिने हरिप्रसाद दाहाललाई ०६१ वैशाख १७ गते सुरक्षाकर्मीले धनकुटा नपा-७ स्थित वसपार्कबाट गिरफ्तार गरी वेपत्ता पारे।

राजारानी वजारवाट पाँचथर जिल्ला यासोक गाविस-७ घर भएका शक्ति भनिने आनन्द आचार्यलाई दशैंको फौजीकारवाही बन्द रहेको समयमा ०६१ कार्तिक १२ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता वनाए।

आँखिसल्ला गाविस-६ का २१ वर्षीय जीतबहादुर विश्वकर्मालाई ०६१ मंसिर ४ गते गस्तीमा गएको सुरक्षाकर्मीले आँखिसल्लाबाट गिरफ्तार गरी बेपत्ता पारे।

छिन्ताङ गाविस-४ कुमाङका २७ वर्षीय मनोज राईलाई माओवादीको आरोपमा ०६१ मंसिर ९ गते सादा पोशाकका सुरक्षाफौजले खोकू गाविस-४ को थलथले बजारबाट गिरफ्तार गरी बेपत्ता बनाए।

मोरङ विराटनगर उमनपा-२ की २४ वर्षीय माओवादी कार्यकर्ता श्रद्धा भनिने सीता पौडेललाई ०६१ पुस ९ गते गस्तिमा गएका सुरक्षाकर्मीले मुगा गाविस-८ बाट गिरफ्तार गरी बेपत्ता बनाए।

माओवादीबाट

छिन्ताङ गाविस-३ का कृष्णबहादुर राईलाई सुराकीको आरोप लगाउँदै ०६० माघ २० गते माओवादीले कुटपिट गरी माघ २२ गते मुक्त गरे।

छिन्ताङ गाविस-३ का रत्नबहादुर तुम्रिहाङ राईलाई ०६० फागुन १९ गते माओवादीले अपहरण गरी कुटपिट गरी मोसो र जुत्ताको माला लगाएर २३ गते मुक्त गरे।

छिन्ताङ गाविस-९ का राजेन्द्र राईलाई पूर्व पञ्च भएको आरोपमा ०६० फागुन १९ गते माओवादीले अपहरण गरी यातना दिँदै फागुन २० गते मुक्त गरे।

मुगा गाविस-७ का नारायण टी स्टेटमा काम गर्ने सोमबहादुर राउतलाई ०६० चैत १२ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

मुगा गाविस-७ स्थित नारायण टी स्टेटमा काम गर्ने अमृत कार्कीलगायत् ७ जनालाई ०६० चैत १५ गते माओवादीले अपहरण गरी चैत १६ गते मुक्त गरे।

बूढीमोरङ गाविस-७ घर भई फाक्सिव गाविसका सचिव पित्रमान लिम्बूलाई ०६० चैत १८ गते गाविस कार्यालयबाट अपहरण गरी २ दिनपछि मुक्त गरे।

छिन्ताङ गाविस-४ का ३० वर्षीय कमल राईलाई ०६१ वैशाख ४ गते आफूहरुसँग केही छिन काम भएको भन्दै माओवादीले अपहरण गरी लगेकोमा र केही दिनपछि मुक्त गरियो।

छिन्ताङ गाविस-९ का श्रीमान राई र सोही गाविस-४ का २५ वर्षीय नन्द राई, बेनबहादुर राई, हेमबहादुर राई, सोही गाविस-४ का शुभकमल प्राविका प्रधानाध्यापक हेमकुमार राई र शिशुसेवा प्राविका प्रधानाध्यापक रत्न राईलाई ०६१ वैशाख ४ गते माओवादीले आफूसँग काम रहेको भन्दै अपहरण गरे। पीडितहरुलाई वैशाख ८ गते कुरुले तेनुपा पुऱ्याएर मुक्त गरियो।

छिन्ताङ गाविस-४ का २५ वर्षीय नन्द राईलाई ०६१ वैशाख ४ गते माओवादीले आफूसँग काम छ भनी नियन्त्रणमा लिई वैशाख ८ गते कुरुले तेनुपाबाट मुक्त गरे।

फाक्सिव गाविसका पियन केशव घिमिरेलाई ०६१ वैशाख १८ गते माओवादीले अपहरण गरी केही समयपछि कार्यालय नखोल्ने धम्की दिएर मुक्त गरे।

छिन्ताङ गाविस-५ का २८ वर्षीय केदार राईलाई ०६१ वैशाख २८ गते माओवादीले अपहरण गरी केही दिन पछि मुक्त गरे।

आँखिसल्ला गाविस-६ थलथलेका शिक्षक अर्जुन भण्डारीलाई ०६१ जेठ १० गते माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

डाँडाबजार गाविस-२ मा अस्थायी बसोबास गर्ने डाँडाबजार प्राविकी शिक्षिका इटहरा घर भएकी नरमाया सुवेदीलाई आफूले पठाएको स्कूलभन्दा अन्यत्रै नियुक्ति लिएको आरोपमा ०६१ जेठ १२ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

धनकुटा जिल्लाका मुगा, आँखिसल्ला, खोकू र छिन्ताङ गाविसका विभिन्न स्कूलका ७१ जना शिक्षक शिक्षिकालाई ०६१ जेठ २७, २८ र २९ गते आफ्नो नयाँ जनवादी शिक्षाको बारेमा प्रशिक्षण दिन माओवादीले अपहरण गरी अज्ञातस्थलमा लगे। उनीहरुलाई कार्यक्रम सकिनासाथ मुक्त गरियो।

माओवादीद्वारा मारिएका राजन भट्टराई र रामजी थापा

तांखुवा गाविस-४ घर भई हाल श्री २ नं. वाहिनी, हिलेमा तालिममा रहेका सैनिक जवान ३० वर्षीय मानबहादुर लिम्बूलाई ०६१ असार २० गते घर गएको वेला माओवादीले अपहण गरी केही दिनपछि मुक्त गरे।

चुङवाङ गाविस-६ का हाल ठाकुरदेवी मावि आँखिसल्ला गाविस-६ का प्रधानाध्यापक ५२ वर्षीय गोपाल चापागाईंलाई ०६१ जेठ २७ गते माओवादीले अपहरण गरी केही समय आफ्नो कार्यक्रममा राखेर सोही दिन मुक्त गरे।

आँखिसल्ला गाविस-६ का सोही गाविस-३ स्थित राजदेवी प्राविका प्रधानाध्यापक ३८ वर्षीय शुकदेव राईलाई ०६१ जेठ २७ गते माओवादीले अपहरण गरी केही समय आफ्नो कार्यक्रममा राखेर सोही दिन मुक्त गरे।

आँखिसल्ला गाविस-५ घर भई पञ्चवती प्राविका प्रधानाध्यापक ५० वर्षीय सूर्यप्रसाद राईलाई ०६१ जेठ २७ गते माओवादीले अपहरण गरी केही समय आफ्नो कार्यक्रममा सहभागी गराई सोही दिन मुक्त गरे।

मुगा गाविस-७ का कृषक मानवहादुर कार्कीलाई ०६१ असार ९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी ०६१ साउन १७ गते मुक्त गरे।

मारेककटहरे गाविस-९ का देवराज पोखेललाई ०६१ असार ९ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी जीतपुर वजारमा ल्याई सामान्य कुटपिट गरेर, सुराकी गरेको र माओवादीविरुद्ध लागेको आरोपमा उनले सम्हाल्दै आएका सम्पूर्ण संघ-संस्था र राजनीतिबाट अलग रहने र घर नजाने शर्तमा मुक्त गरे र मुक्त भएपछि उनी १ महिनासम्म विस्थापित जीवन विताई इन्सेक प्रतिनिधिको पहलमा घर फर्केका छन्।

आहाले गाविस-८ की १५ वर्षीय फूलमाया राई र १५ वर्षीय विना राईलाई ०६१ साउन १६ गते माओवादीले घरवाटै अपहरण गरे।

मौनावुधुक गाविस-२ का २० वर्षीय नगेन्द्र परियारलाई ०६१ साउन २२ गते माओवादीले वुधुकवाट अपहरण गरेको र पछि उनलाई उद्धारको लागि सुरक्षा श्रोतले लिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

सुनसरी जिल्ला इटहरी नपा घर भई हाल धरान डाँडाबजार रुटमा चल्ने विष्णु सेवा वसका कन्डक्टर प्रेम तामाङलाई ०६१ भदौ २१ गते माओवादीले अपहरण गरी भदौ २२ गते मुक्त गरे।

राजारानी गाविसस्थित दिगो गाउँ विकास कार्यक्रमका सामाजिक परिचालक २७ वर्षीय युवराज कटुवाललाई ०६१ भदौ २७ गते माओवादीले अपहरण गरी पदवाट राजीनामा दिने शर्तमा ०६१ भदौ २८ गते राजारानी वजारबाट मुक्त गरे।

धनकुटा जिल्ला र पाँचथर जिल्लाको सीमानामा पर्ने पाँचथरको लिम्वा घर भई सार्वजनिक माविमा काम गर्ने ३२ वर्षीय खगेन्द्र माक्खिमलाई ०६१ असोज २२ मा माओवादीले अपहरण गरी लिम्वावाटै भोलिपल्ट मुक्त गरे।

परेवादिन गाविस-५ घर भई सोही गाविसको सिंधुवा वजारमा रहेको वस काउण्टरमा टिकट काट्ने काम गर्ने २६ वर्षीय मोहन श्रेष्ठलाई सुराकीको आशंकामा ०६१ मंसिर ११ गते माओवादीले अपहरण गरी मंसिर १३ गते साँझ सिंधुवा वजारवाट मुक्त गरे।

बुढीमोरङ गाविस-५ स्थायी घर भई हाल खुवाफोक गाविस-४ मा खेती-किसानी गरेर बस्ने ३० वर्षीय संचरवहादुर लिम्वूलाई घरमा सुतिरहेको वेला ०६१ मंसिर १२ गते राति माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

वुढीमोरङ गाविस-७ का प्रकाश लिम्वूलाई ०६१ मसिर १७ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

धनकुटा जिल्लाका मूगा, छिन्ताङ र आँखिसल्ला गाविसका १४ जना विद्यार्थीहरु इन्द्रमणि राई, भीमबहादुर थापा, हस्त राई, ठरसिंह राई, थामकुमार राई, नन्द राई, यमकुमार राई, दिवस राई, अनिल राई, मोहन थापा, विष्णुवहादुर राई, सुमित्रा राई, सुनिता बुढाथोकी, जेसीका राईलगायत्का विद्यार्थीलाई ०६१ मंसिर २५ र २७ गते गरेर अनेरास्ववियु (क्रान्तिकारी) को सम्मेलनमा सहभागी गराउन अपहरण गरी लगेर कुरुले तेनुपावाट मंसिर २९ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

धरान नपा-७ का हरिभक्त बान्तावालाई ०६१ वैशाख ५ गते शाही सेनाका नायक भक्त पौडेललाई हात

माओवादीद्वारा अपहरण गरिएका अर्जुन भण्डारी र युवराज कटुवाल

लगाएको आरोपमा सुरक्षाकर्मीले सिकिस्त हुनेगरी कुटपिट गरी छोरा गुणराज बान्तावा र बुहारीलाई समेत जिल्ला प्रहरी कार्यालयमा बुझाए। यस्तो कार्यको सर्वत्र विरोध भएपछि सैनिक क्याप्टेन र नायक भक्तले माफी मागी यस्तो गल्ती नहुने वताए।

भेडेटार वजारमा ०६१ साउन १६ गते दिउँसो एमालेको विद्यार्थी संगठन अनेरास्ववियु कोशी अञ्चल स्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी भएर फर्किएका एमाले वैकल्पिक केन्द्रीय सदस्य लालबाबु पण्डितको डायरी हेरेर सेनाले केही समय आफ्नो नियन्त्रणमा लिए। साथमा रहेका अनेरास्ववियुका फणिन्द्र मिश्रलाई कुटपिट गरे भने मञ्जु भण्डारीलाई गाली बेइज्जती गरे। करिब ६०/७० जनाको विद्यार्थी समूहले नारा-जुलुस गरेपछि सबैलाई मुक्त गरेका थिए। सेनाले गरेको उक्त कार्यले आफूलाई समेत दुःखी वनाएको सैनिक अधिकारीले बताए।

परेवादिन गाविस-६ का सिंधुवा बजारस्थित पानी ट्याङ्कीमा पानी खोल्ने काम गर्ने निङमा छिरिङ शेर्पालाई ०६१ मंसिर ९ गते सुरक्षाकर्मीहरुले कुटपिट गरे।

मूर्तिढुंगा गाविस-१ भालुखोलामा संखुवासभा र ताप्लेजुङवाट धरान र काठमाडौं हिंडेका ६ जना युवालाई ०६१ पुस १६ गते जाँच गर्ने वहानामा सुरक्षाकर्मीले लुगा खोल्न लगाई निर्वस्त्र बनाएको कुरा सिधुवामा आएर पीडितहरुले बताए।

माओवादीबाट

छिन्ताङ गाविस-२ का छिन्ताङ जालपादेवी मन्दिरका वृद्ध पुजारी डम्बरबहादुर राईलाई ०३६ सालको काण्डमा संलग्न रहेको र गाउँको दलाल भएको आरोपमा ०६१ जेठ २० गते माओवादीले छिन्ताङ गाविस-२ को बुधबारे वजारमा मोसो दली कुटपिट गरे।

वोधे गाविस-६ का देवेन्द्र याख्खा र कृष्णमाया याख्खालाई देवर-भाउजूबीच अवैध यौन सम्पर्क राखेको आरोपमा ०६१ भदौ १२ गते माओवादीले जनकारवाही भन्दै कुटपिट गरे। उनीहरुलाई केही समय श्रम शिविरमा काम गर्न लगाइयो।

अर्खौले जीतपुर गाविस-५ का भक्तबहादुर रानालाई गाउँमा फटाइं गरेको आरोपमा ०६१ असोज ९ गते माओवादीले सोही ठाउँको छात्रावासडाँडामा कुटपिट गरे। जनकारवाही भन्दै जीतपुर वजारमा रहेको ठूलो ढुंगा केही समय फुटाउन लगाए।

मारेककटहरे गाविस-९ का देवराज पोखेल र अर्खौले जीतपुरका ५६ वर्षीय रुद्र तुम्वालाई आफ्नो भन्दा फरक विचार राखेको र सुराकी गरेको आरोपमा ०६१ असोज १० गते माओवादीले उठवस गराए।

धनकुटा जिल्ला मुगा गाविसका राजेन्द्र राई, शंकर थापा, रामप्रसाद राई, केदार घिमिरे, लोकेन्द्र तिगेला, घोर्लिखर्कका गोपाल थापा, चुङवाङका नारायण पौडेल, फलाँटेका रमेश राई, केवलराम राई, घोर्लिखर्कका विदुर पौडेल, फलाँटेका वालकृष्ण अधिकारी, मुगाका दधिराम तिम्सिनाको नाममा माओवादीले विभिन्न आरोप लगाएर ०६१ मंसिरको पहिलो हप्तामा प्रेस विज्ञप्ति जारी गरी मानसिक यातना दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी २ वटा अदालत छन्। यस वर्ष पुनरावेदन अदालतमा रिट तर्फ कुनै पनि निवेदन परेनन्।

परमादेशतर्फ गत वर्ष परेको रिटमध्ये एउटा वाँकी छ भने यो वर्ष रिट परेको छैन। गत वर्षबाट सरेर आएका कुल मुद्दा १ सय १ छन्। जसमध्ये सरकारवादी देवानीतर्फ कुनै मुद्दा छैन। व्यक्तिवादी देवानीतर्फ ५७, व्यक्तिवादी फौजदारीतर्फ १४ र सरकारवादी फौजदारी तर्फ ३० छन् भने यो वर्ष जम्मा ३३ मुद्दा परे। गत वर्षका १ सय १ र यो वर्षका ३३ गरी १ सय ३४ मुद्दामा १९ मुद्दा फर्स्यौट भई १ सय १५ बाँकी छन्।

जिल्ला अदालतमा गत वर्षको जिम्मेवरी सरेर आएका ७७ मुद्दामध्ये हाल १६ मुद्दा फर्स्यौट भएको देखिन्छन्। ती मध्ये दुनियावादीतर्फ ५० वटामा ९ वटा फर्स्यौट भएका छन्। सरकारवादी फौजदारीतर्फ ९ वटामा ४ वटा फर्स्यौट भएका छन्। दुनियाबादी फौजदारीतर्फ १८ वटामा ३ वटा फर्स्यौट भएका छन्। यो वर्ष साउनदेखि ४५ वटा मुद्दा परेकोमा १५ मुद्दा फर्स्यौट भए। गत वर्षका बाँकी र यो वर्ष परेका १ सय २२ वटा मुद्दामा ३१ वटा फर्स्यौट भएका छन् भने ९१ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

धनकुटा जिल्लाको राजारानी वजार नजिक रहेको नागीबाट मौनाबुधुकतिर खाद्यान्न र अन्य सामान बोकेका २ ट्रकलाई ०६१ पुस ३ गते माओवादीले आफ्नो कब्जामा लिए। ट्रकमा २ लाख ५० हजार रुपैयाँ पर्ने माल सामान रहेको व्यापारी मोहन अधिकारीले बताए। आफ्नो माल फिर्ताको लागि बेलाबेला पहल गरिरहे पनि हालसम्म पाउन सकेका छैनन्।

मुगा गाविस-१ का शम्भुनारायण थापा, अजितनारायण थापा, अर्जुन थापा, रामप्रसाद देवान, मुगा गाविस-२ का हेडम थापा, मन्सीकाजी थापा, भैरवबहादुर थापा, पहलमान थापा, प्रकाश थापा, मानबहादुर थापा र

लक्ष्मण थापाको घर माओवादीले ०६१ पुस ३ गतेदेखि कब्जा गरेको एक विज्ञप्तिमार्फत् जानकारी गराए।

विस्थापन

माओवादीले आफ्नो गतिविधि तीव्र पारेपछि विभिन्न आरोप लगाई चानुवा गाविस-१ का लेखकबहादुर बुढाथोकी, खड्काबहादुर चापागाईले घर छोडी विस्थापित जीवन बिताउन बाध्य भएका छन्। नेकाँ (प्रजातान्त्रिक) का नेता कुरुले निवासी अग्निप्रसाद बराललाई माओवादीविरुद्ध गतिविधि गरेको आरोप लगाई ०५८ सालदेखि नै विस्थापित जीवन बिताउन बाध्य बनाएका छन्। हाल सवै परिवार धनकुटा नपामा बस्दै आएका छन्। मौनाबुधक गाविस-६ का कृष्णगोविन्द लिम्बू, सोही गाविस-५ का दिनेश भण्डारी, बोधे गाविस-२ का पदम लिम्बू, चुङमाङका नेकाँ (प्रजातान्त्रिक) का जिल्ला नेता शरण राई पनि विस्थापित जीवन बिताउन बाध्य भएका छन्। मुगा गाविस-२ का संकर थापाको घर माओवादीले कब्जा गरेपछि दमकमा विस्थापित जीवन बिताइरहेका छन्। मुगा गाविस-१ का रामप्रसाद देवानलाई माओवादीले आफ्नो कारवाहीको सूचीमा पारेपछि काठमाडौंमा विस्थापित जीवन बिताइरहेका छन्। मुगा गाविस-४ का मानबहादुर थापा माओवादीकै कारण झापाको जिरोपानीमा विस्थापित जीवन बिताइरहेका छन्। बेलाहारा गाविस-५ का विश्वप्रकाश जोशी माओवादीकै कारण धनकुटा नपा-७ मा विस्थापित जीवन बिताइरहेका छन्। घोर्लिखर्कका विदुर पौडेल माओवादीकै कारण विस्थापित जीवन बिताउन बाध्य भएका छन्। आँखिसल्ला गाविस-१ का केशरबहादुर भण्डारी र उनका परिवारलाई ०६० फागुन १८ गते माओवादीले छोरा सेनामा भएको कारण देखाई घरवाट विस्थापित बनाए।

संरचना/सम्पत्ति क्षति

कृषि विकास कार्यालयको भवनमा ०६० पुस १८ गते माओवादीले बम विस्फोटन गरी करिव ४५ हजार रुपैयाँको क्षति पुऱ्याए।

लोकसेवा आयोग, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयको भवनमा ०६० माघ २९ गते माओवादीले बम विस्फोट गरी ३० हजार रुपैयाँको क्षति पुऱ्याए।

जिल्ला शिक्षा कार्यालय भवनमा ०६० फागुन २३ गते बिहान माओवादीले बम विस्फोट गराई करिव १ लाख ५० हजार रुपैयाँको क्षति पुऱ्याए।

सिंहकाली मावि अहालेको भवनमा ०६० फागुन २७ गते राति माओवादीले आगो लगाई ९० हजार रुपैयाँ बराबरको क्षति पुऱ्याए।

सुरक्षाकर्मीद्वारा यातना दिइएका परेवादिन गाविसका प्रकाश श्रेष्ठ

अखौंले जीतपुर गाविस-५ जीतपुर बजारमा रहेको गाविसको पिसीओमा ०६० चैत ६ गते माओवादीले तालाबन्दी गरे।

भू-संरक्षण कार्यालयमा ०६० चैत २० माओवादीले बम विस्फोटन गराई करिव ५० हजार रुपैयाँको क्षति पुऱ्याए।

धनकुटा नपा-२ स्थित कागतेस्थित चुलिवन रेन्जपोष्टको भवनमा ०६० चैत २२ गते माओवादीले वम विस्फोट गराए।

पूर्वाञ्चल सडक डिभिजन कार्यालय, मूलघाटको कार्यालयमा ०६० चैत २३ गते माओवादीले वम विस्फोट गरी १५ लाख रुपैयाँ बराबरको क्षति पुऱ्याए भने २ वटा कम्प्युटर र ३ वटा टाइप मेसिन लुटेर लगे।

धनकुटा बहुमुखी क्याम्पसमा सोही क्याम्पसका विद्यार्थीले स्ववियु सभापतिको कमजोरी देखाउँदै ०६१ वैशाख १० गते स्ववियु भवन तोडफोड गरी सभापतिको कुर्सी जलाए।

कोशी राजमार्गस्थित घण्टेखोलाको पुल भेडेटार गाविस-२ मा ०६१ वैशाख ३० गते माओवादीले वम विस्फोट गरी क्षतिग्रस्त पारे।

बेलहारा गाविसको रुद्रवारी सडक खण्डमा ०६१ जेठ ४ गते माओवादीले जाल्पादेवी पाखीबासको को. १ च २६५२ नं. को एम्बुलेन्स, को. १ ज ७५५ को ल्याण्ड रोवर, को. १ ज १०४४ मारुती भ्यानमा आगजनी गरी क्षतिग्रस्त पारे।

जिल्ला प्रशासन कार्यालय भवनमा ०६१ जेठ १६ गते माओवादीले वम विस्फोट गरी करिव ८० हजार रुपैयाँ बराबरको क्षति पुऱ्याए।

त्यसैगरी आँखिसल्ला गाविस भवन, स्वास्थ्य चौकीको निवास भवन र धनकुटा नपा-१ हिलेबजारस्थित बोर्डिङ स्कूलमा पनि यसै वर्ष माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

धनकुटा नपा-१ हिले वजारमा रहेको सेनानी गोविन्द श्रेष्ठको बोर्डिङ इङ्लिश स्कूलमा ०६१ असोज ९ गते राति माओवादीले बम विस्फोट गरी ३० हजार रुपैयाँको क्षति गराए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

फलाँटे गाविस-८ का ३२ वर्षीय बलबहादुर दर्जीलाई माओवादीको आशंकामा ०६० माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिएर माघ १० गते रिहा गरे।

फलाँटे गाविस-८ का अमर मावि

फलाँटेका शिक्षक ४२ वर्षीय वासुदेव वस्तीलाई माओवादीलाई सघाएको आरोपमा ०६० माघ १० गते गस्तीमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधेर ११ गते तारिखमा रिहा गरे।

आँखिसल्ला गाविस-७ माङफिङ घर भई धनकुटा नपा-७ मा डेरा गरी बस्ने २४ वर्षीय लालकुमारी राईलाई ०६१ वैशाख १० मा उनकै डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी केही समयपछि रिहा गरे।

भोजपुर जिल्ला जरायोटार गाविस-४ का १४ वर्षीय दिपक विकलाई ०६१ जेठ २५ गते गस्तीमा गएका सुरक्षाकर्मीले घोर्लिखर्क गाविसबाट गिरफ्तार गरी करिब २ महिना हिरासतमा राखि रिहा गरे।

आँखीसल्ला गाविस-७ घर भएका १६ वर्षीय खगेन्द्र राईलाई ०६१ भदौ ३१ गते चार्जर ब्याट्री चार्ज गर्न ल्याउँदै गरेको अवस्थामा गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई हाल जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

आँखिसल्ला गाविस-७ का माओवादीका पूर्व जनसरकार उपप्रमुख तथा जिल्ला सदस्य ७७ वर्षीय पञ्चलाल राईलाई ०६१ असोज ३ गते उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ असोज ५ गते बृद्ध अवस्था र मानवियताको नाताले मुक्त गरेको भन्दै इन्सेक प्रतिनिधिलगायत् पत्रकार र मानवअधिकारकर्मीको रोहवरमा सल्लेरी बयारेकबाट रिहा गरे।

ताप्लेजुङ जिल्ला ढुंगेसाँघु गाविस-७ का १५ वर्षीय कुमार शेषलाई ४ कक्षामा पढ्दै गर्दाको अवस्थामा माओवादीले आफ्नो कार्यकर्ता बनाएकोमा माओवादीको डरले घर फर्की आफ्नो भाइलाई साथ लिएर भाग्दै धनकुटा आइपुगेकोमा ०६१ मंसिर ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि हुसाडेक, नेपाल र इन्सेक विराटनगरको पहलमा ०६१ मंसिर १६ गते हुसाडेक नेपाल आईसीआरसी विराटनगरको जिम्मा लगाइयो।

परेवादिन गाविस-५ घर भई सिंधुवा बजारमा होटल गरी बस्ने ३५ वर्षीय प्रकाश श्रेष्ठलाई ०६१ मंसिर २३ गतेको सिंधुवा बजारको दोहोरो भिडन्तको समयमा माओवादीलाई पालेको आरोप लगाउँदै रिपिटर टावर चित्रेबाट गस्तिमा आएका सुरक्षाकर्मीले ०६१ मंसिर २४ गते गिरफ्तार गरी भिडन्त भएको ठाउँमा पुऱ्याई ३ घण्टा जति सुताएर उत्तानो पारी अनुहारमा चिसो पानीको फोहोरा दिई कुटपिट गरेर सोही दिन रिहा गरे। पीडितको स्वास्थ्य स्थिति हालसम्म राम्रो भएको छैन।

परेवादिन गाविस-५ का ३० वर्षीय सिचिन लिम्बू र ५९ वर्षीय रामकुमार श्रेष्ठलाई ०६१ मंसिर २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिन पछि रिहा गरे।

कुरुले तेनुपा र वोधे गाविसको सीमानामा पर्ने छरुवा खोलाबाट ०६१ मंसिर २९ गते अखिल (क्रान्तिकारी) ले आफ्नो सम्मेलनमा लगेका मुगा, छिन्ताङ र आँखिसल्ला गाविसका १४ जना विद्यार्थीलाई सुरक्षा दिएको भन्दै गस्तीमा गएका संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी ल्याएर पुस २ गते जिल्ला प्रशासन कार्यालयबाट इन्सेक वर्षपुस्तक प्रतिनिधिलगायत्का मानवअधिकारकर्मी र पत्रकारहरुको रोहवरमा रिहा गरियो। सेनाले १४ जना विद्यार्थीलाई घरसम्म पुग्ने गरी रु. ५० का दरले बाटो खर्च समेत दिएको थियो।

बालअधिकार

मुढेवास गाविस-७ का कौशिला लिम्बूले आफ्नो पति विदेश गएको ३ वर्षपछि अवैध बच्चा जन्माई ०६१ वैशाख १३ गते नजिकैको जंगलमा लगी मारेर फ्याँकिन्। हाल उनलाई थुनामा राखिएको छ।

कुरुलेतेनुपा गाविस-७ की १४ वर्षीय एक बालिकालाई ०६१ असार २१ गते राति आफू माओवादी भएको बताउँदै एक अज्ञात समूहले घरबाट अलि पर लगि बलात्कार गऱ्यो। घरबाट १९ हजार रुपैया, २ तोला चाँदी, घडी, चश्मा र पीडितकी आमाको नागरिकतासमेत पीडकहरुले लुटे। उक्त समूह माओवादी नभएको माओवादीले सार्वजनिक जानकारी गराए।

भेडेटार गाविस-५ का कन्यामाया लिम्बूले पति विदेश गएको बेला छिमेकी गोरेमान लिम्बूसँग अवैध यौन सम्पर्क गरी बच्चा जन्माई ०६१ असार ३१ गते हत्या गरिन्। हत्यापछि जेठाजु अशोकबहादुर लिम्बूले थाहा पाएर उजुर गरेपछि जिप्रकामा ल्याएको केही समयपछि गोरेमानलाई जमानतमा रिहा गरियो।

फाक्सिव गाविस-६ का पूर्णमाया लिम्बूले आफ्नो पति विदेश गएको बेला गाउँले सन्तोष खेवा लिम्बूसँग अवैध यौन सम्बन्ध राखी बच्चा जन्माएर नजिककैको जंगलमा लगि ०६१ मंसिर ४ गते मारेर फ्याकिदिए। दुवैलाई प्रहरीले गिरफ्तार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

चुङमाङ गाविस-१ की २० वर्षीय एक महिलालाई ०६० चैत १७ गते राति आफ्नै घरमा सुतिरहेको बेला सोही गाविसका ३५ वर्षीय टुकुने जेठा भन्ने आयबहादुर आलेमगरले बलात्कार प्रयास गरे। पीडितले पीडक विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेकी छन्।

धनकुटा नपा-७ टोड्केका ४१ वर्षीय बुद्धिबहादुर विश्वकर्माले ०६१ भदौ १ गते १८ वर्षीय छोरीलाई

घरमा खुकुरी देखाई बलात्कार गरे। पीडक हाल जिप्रकामा छन्।

इलाम जिल्ला इलाम नपा-९ का प्रेमकुमारी गुरुङलाई निःशुल्क कानुनी सरोकार परियोजना, धनकुटाका अध्यक्ष इलाम घर भएका भीमबहादुर वोहोराले १०/११ वर्षदेखि विवाह गर्छु भन्दै सम्वन्ध राख्दै आएकोमा विवाह दर्ता गर्न नमानेपछि धनकुमारीले ०६१ कार्तिक २० गते जिप्रकामा मुद्दा हालेकी छिन्। हाल भीमवहादुर फरार छन्।

मौनाबुधुक गाविस-२ घर भई बुधुक उच्च माविमा कक्षा १० मा अध्ययनरत १६ वर्षीय एक युवतीलाई आँखिसल्ला गाविस-७ घर भएका पूर्व माओवादी कार्यकर्ता विकास विश्वकर्माले ०६१ कार्तिक २१ गते तिमी हाम्रो सूचीमा परेकी छौ भन्दै नजिकैको जंगलमा लगी बलात्कार गरेर फरार भए।

धनकुटा नपा-७ की मानसिक सन्तुलन ठिक नभएकी २४ वर्षीय एक युवतीलाई ०६१ कार्तिक २३ गते बेलुका धनकुटाका सुरज गुरुङ, दिलबहादुर राई, शम्भु राई, महेश मल्लिकलगायत्का व्यक्तिहरुले धनकुटा नपा-७ हस्पिटल रोडको सुरभी होटल पछाडि लगि बलात्कार गरे। पीडितलाई १ रात धनकुटा हस्पिटलमा राखी भोलिपल्ट घर लगिएको थियो।

पारिवारिक हिंसा

डाँडाबजार गाविस-२ का हेमलता सुवेदीलाई ०६१ वैशाख १२ गते उनकै पति पुण्य मावि राजारानीका शिक्षक डमरुवल्लभ सुवेदीले राति घाँटी थिची हत्या गरे। हत्या गरेपछि आफू पनि झुण्डिएर आत्महत्या गरे।

अर्खौले जीतपुर गाविस-६ का मोहनकुमार लुम्वाले आफ्नी पत्नी ३७ वर्षीय फूलकुमारी लुम्वालाई ०६१ भदौ १७ गते राति सुतिरहेको बेला खुकुरी प्रहार गरी सख्त घाइते वनाए। साथमा दुई छोरालाई पनि घाइते वनाए। फूलकुमारीको धरानस्थित वीपी कोइराला मेमोरियल कलेजमा उपचार गर्दागर्दै मृत्यु भयो। मोहनले आफ्नो सपरिवारलाई खुकुरी प्रहार गरेर मरणासन्न वनाएपछि आफू पनि नजिकै एउटा रुखमा झुण्डिएर आत्महत्या गरेका थिए।

सबै प्रकारका जातीय विभेद

चुङवाङ गाविस-९ का रमेश अधिकारीलाई तल्लो जातको केटीसँग विवाह गरेको आरोपमा ०६१ मंसिर ६ गते उनका बावुको मृत्यु भएपछि लाश वोक्न दिइएन। उनले अलग्गै बसेर काम गरे। दाजुभाइले उनलाई परियार केटीसँग विवाह गरेकोमा अपमान र दुर्व्यवहार गरेका थिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नागरिकका आधारभूत अधिकारको सम्मान गर्दै व्यक्तिलाई निर्वाहक रुपमा आवातजावत गर्न दिन, पक्राउ परेका व्यक्तिहरुको स्थिति सार्वजानिक गर्न, व्यक्ति वा सार्वजानिक सम्पत्ति क्षति नगर्न, पेशामा रहेका व्यक्तिहरुलाई पेशा छोड्न दवाव नदिन, जफत गरिएको व्यक्तिहरुको सम्पत्ति फिर्ता दिन, मानिसहरुलाई भयरहित ढंगले आफ्नो घरमा बस्ने वातावरण सृजना गर्न र कारवाहीको सूचीकृत गरिएका व्यक्तिहरुको कारवाही फिर्ता गर्न ०६१ पुस १५ गते हुसाडेक, इन्सेक, नेपाल वार एशोसिएसन, पुनरावेदन वार इकाई, पत्रकार महासंघ, गैसस महासंघ, मानव अधिकार तथा शान्ति समाजद्वारा संयुक्तरुपमा विज्ञप्ति जारी गरियो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष करेन्ट लागी ३ पुरुषको मृत्यु भयो। सडक दुर्घटनामा १ पुरुषले ज्यान गुमाए।

जिल्ला प्रहरी कार्यालयमा रहेको तथ्याङ्क अनुसार, हालसम्म आत्मसर्मपण गर्नेहरुको संख्या १ सय ७७, पक्राउ परेका व्यक्तिहरु १ सय ६७ जना, पक्राउ परेर छोडिएका व्यक्तिहरु १ सय ६५ जना, नजरवन्दमा माओवादी ५ जना, कर्तव्यज्यान तर्फ १ जना रहेका छन्।

विगतको अनुगमन

लेगुवा गाविस-१ छुम्लिङ घर भई अखौले जीतपुर गाविसस्थित जीतपुर वजारमा लुगा सिलाई काम गर्ने केशव दर्जीलाई माओवादीका लुगा सिलाएको आरोपमा ०६० कार्तिक २९ गते जीतपुर बजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि लेगुवामा पुर्‍याई रिहा गरे।

संखुवासभा जिल्ला तामाफोक घर भई धनकुटा क्याम्पसमा अध्ययनरत नेविसंघका क्याम्पस इकाई सह-सचिव द्वारिका घिमिरे, सोही क्याम्पसमा अध्ययनरत भोजपुर जिल्लाका नइन्द्र विष्ट र मोरङ जिल्ला लक्ष्मीमार्गका २४ वर्षीय भक्तवहादुर वस्नेतलाई आ-आफ्नै डेरामा वसिरहेको अवस्थामा ०६० पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालयवाट रिहा गरे।

१.८ तेह्रथुम



जनसंख्या : ११७४७१
साक्षरता प्रतिशत : ६४.२५
महिला साक्षरता प्रतिशत : ३९.१५
क्षेत्रफल (वर्ग कि. मि.) : ६७९
गाविस/नपा संख्या : ३२/०
निर्वाचन क्षेत्र : १
विद्यालय : ३६७
क्याम्पस/उच्च मा.वि. : २/८
अस्पताल/स्वास्थ्य चौकी : १/३१
टेलिफोन लाइन : ४६४
मोटर सडक (कि. मि.) : २६
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ५१
मानव विकास सूचकांक : ०.५२३
प्रति परिवार सरदर संख्या : ५.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

श्रीजुङ गाविस- ८ का ३८ वर्षीय रामकुमार तामाङ ०६० पुस २३ गते आफ्नै घरमा डोको बुनिरहेको अवस्थामा गस्तिमा गएको सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गाउँ जनसरकार प्रमुख भएको आरोपमा गोली हानी मारिए। मृतक गाउँ जनसरकार प्रमुख नभएको खुल्न आयो।

सिम्ले गाविस-३ सिमरानदी किनारमा खाम्लालुङ गाविस-९ का अन्जान राई भनिने लालबहादुर चोङवाङ र जाजरकोट जिल्ला घर भएका माओवादी कार्यकर्ता विशाल शर्मा ०६० माघ १० गते गस्तिमा गएका सुरक्षाकर्मीमाथि सकेट वम प्रहार गरेको आरोपमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

खाम्लालुङ गाविस-९ सानथाङको जंगलमा ०६० माघ २२ गते ताप्लेजुङ जिल्लाद्वारा गस्तिमा आएका सुरक्षाकर्मीलाई सकेट वम प्रहार गरेको आरोपमा ताप्लेजुङ जिल्ला घर भएका दिपक लिम्बू र सल्यान जिल्ला घर भएकी माओवादी छापामार प्रतिमालाई सुरक्षाकर्मीद्वारा गोली प्रहार गर्दा मृत्यु भयो।

मोरङ जिल्ला डाँगीहाट गाविस-६ का २५ वर्षीय व्यापारी चन्द्र वाँस्कोटाको ०६० फागनु ८ गते सुरक्षामा खटिएका सुरक्षा गार्डको बन्दुक अचानक पड्किँदा गोली लागेर घटनास्थलमा नै मृत्यु भयो। मृतक निर्दोष भएकोले जिल्ला प्रशासन कार्यालयद्वारा क्षतिपूर्तिस्वरुप एक लाख रुपैयाँ पीडित परिवारलाई दिइयो। उक्त घटनामा अन्य तीनजना समेत घाइते भए।

सम्दू गाविस-५ का माओवादी कार्यकर्ता २६ वर्षीय तेजवहादुर लिम्बूलाई माओवादीको आरोपमा ०६० फागुन २१ गते गस्तिमा गएका सुरक्षाकर्मीले इसिवू गाविस-८ लाइम्बा भन्ने ठाउँमा भागिरहेको अवस्थामा गोली प्रहार गर्दा मृत्यु भयो।

पश्चिम नेपाल घर बताउने अन्दाजी १९ वर्षीय उदय भनिने व्यक्ति माओवादीको आरोपमा ०६० चैत ३० गते गस्तिमा गएका सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा मारिए।

दैलेख जिल्ला घर भएका माओवादी कार्यकर्ता ३० वर्षीय गोविन्दबहादुर थापा मगर र २८ वर्षीय गणेशबहादुर थापा मगर ०६१ वैशाख १८ गते श्रीजुङ गाविसमा सुरक्षाकर्मीले गरेको इन्द्रबज्र नामक अप्रेशनमा गोलीद्वारा मारिए।

श्रीजुङ गाविस-५ का ५७ वर्षीय अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला उपाध्यक्ष दयाराम भट्टराईलाई ०६१ जेठ २२ गते गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी श्रीजुङ गाविस-८ सोखिम्वा भन्ने ठाउँमा यातनापछि मृत्यु भयो।

छातेढुङ्गा गाविस-२ माओवादी जिल्ला जनसरकार सदस्य अन्दाजी ४० वर्षीय प्रेमराज कन्दङ्वालाई ०६० जेठ २९ गते ओयाक्जुङ गाविस-१ मा सुरक्षाकर्मीले गिरफ्तार गरी पौठाक गाविसस्थित लाली पाटी भन्ने ठाउँमा लगेर माओवादी भएको आरोपमा गोली प्रहार गर्दा मृत्यु भयो।

धनकुटा जिल्ला मुगा गाविस-१ का माओवादी कार्यकर्ता भक्तवहादुर तामाङ र सिन्धुली जिल्ला घर भएका झपडवहादुर खतिवडालाई पाँचथर जिल्लाबाट गस्तीमा आएका सुरक्षाकर्मीले ०६१ साउन २५ गते तेह्रथुम क्याम्पस चुहानडाँडा नजिकै गिरफ्तार गरी सोही दिन छातेढुङ्गा गाविस-२ पुऱ्याई ढुङ्गाले किच्दा मारिए।

छातेढुंगा गाविस-२ की २४ वर्षीय माओवादी जिल्ला जनसरकार सदस्य जसोदा कन्दङ्वा र संखुवासभा जिल्ला घर

भएकी मकालु नामले चिनिने महिला कार्यकर्तालाई ०६१ मंसिर १२ गते गस्तिमा गएका सुरक्षाकर्मीले जनप्रिय मावि पौठाक नजिकै लखेटेर गोली प्रहार गर्दा मारिए। मृतक कन्दङ्वा सो पार्टीको महिला संघकी केन्द्रिय सदस्यसमेत थिइन्।

श्रीजुङ गाविस-५ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य २७ वर्षीय महेन्द्र भट्टराईलाई ०६१ मंसिर १२ गते बेलुकी गस्तिमा गएको सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए।

साब्ला गाविस-९ पाटीगाउँ भन्ने ठाउँमा नाम र ठेगाना खुल्न नसकेका एकजना हतियारधारी युवकलाई ०६१ पुस ५ गते विहान गस्तिमा गएको सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। मृतक माओवादी भएको खुल्न आएको छ।

इसिवू गाविस-२ का अनेरास्ववियु (क्रान्तिकारी) का लोकमणि भण्डारीलाई ०६१ पुस १५ गते गस्तिमा गएका सुरक्षाकर्मीले खाम्लालुङ गाविसस्थित खनाल मिल नजिकै गोली प्रहार गर्दा घाइते भएकोमा गिरफ्तार गरेपछि मृत्यु भयो।

माओवादीबाट

खाम्लालुङ गाविस-९ की १४ वर्षीय तारादेवी ढुंगाना र सोही ठाउँकी ४ वर्षीय कला तिम्सिना ०६० चैत १३ गते माओवादीका सैन्य दस्ता वास बसेको घरमा वम विस्फोटन परी मृत्यु भयो। मृतकको घर पूर्ण ध्वस्त भयो। घटनालाई माओवादीले भूलवश भएको भनी क्षमा याचना गरे।

धादिङ जिल्ला खरी गाविस-३ का श्री दल गुल्म तेह्रथुमका सैनिक जवान २२ वर्षीय शन्तवहादुर अधिकारीलाई ०६१ भदौ २६ गते जिरिखिम्ती वजारमा माओवादीले अपहरण गरे। पीडितलाई मोराहाङ गाविससम्म पुर्‍याई आत्मसमर्पण गर्न नमानेको आरोपमा भदौ २८ गते बिहान जिरिखिम्ती बजारको चोकमा ल्याई गोली हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

छातेढुंगा गाविस-५ की माओवादी कार्यकर्ता २५ वर्षीय दिवाना कन्दङवालाई ०६१ जेठ १८ गते श्रीजुङ गाविस-७ मा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए।

माओवादीबाट

साब्ला गाविस-१ का ३२ वर्षीय राजन कोइराला ०६० फागुन १० गते माओवादीद्वारा विस्फोटन गराइएको रेडियो बमद्वारा घाइते भए।

जिप्रकामा कार्यरत प्रहरी जवान श्याम दाहाल ०६१ भदौ १५ गते माओवादीद्वारा पौठाक गाविसमा गरिएको आक्रमणमा घाइते हुँदा एउटा आँखामा क्षति पुग्यो। पीडितको उपचार भइरहेको छ।

श्रीदल गुल्ममा कार्यरत सैनिक जवानहरु ३२ वर्षीय बेलबहादुर क्षेत्री र २९ वर्षीय इन्द्रबहादुर श्रेष्ठलाई ०६१ असोज १ गते माओवादीले म्याङलुङ बजारको वीच सडकमा गोली प्रहार गरी घाइते बनाए। कन्चटमा गोली लागेका सैनिक जवान वेलबहादुरको काठमाडौंस्थित सैनिक अस्पताल छाउनीमा उपचार गरियो। इन्द्रबहादुरको पेटमा गोली लागेकाले उपचारको लागि सुनसरीस्थित घोपा क्यापमा लगियो।

जेल र बन्दीहरू

"ख" श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको भए तापनि हाल १४ पुरुष र ५ महिला गरी कूल १९ जना वन्दी छन्। माओवादी अभियोगमा १ महिला र ३ पुरुष गरी ४ जना

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५		५	४	३	२		५	१४	१६	२		१८
घाइते	१	१		१	५	६	१		७	२	३	१		४
गिरफ्तारी / यातना										२६	४२	७	२	५१
कुटपिट					१६	१६	९	१	२६	७	१६	४	४	२४
धम्की					१	१			१					
भेला / संगठित हुने अधिकार					१			१	१	१			१	१
जातीय विभेद	१	२		२										
महिलाअधिकार	३		३	३										
बालअधिकार	१		१	१										
अपहरण					२५	२८	७	६५	१००					
जम्मा	११	८	४	१२	५२	५४	१९	६७	१४०	५०	७७	१४	७	९८

छन्। बन्दीहरुमध्ये १४ जना कैद तोकिएका छन्।

यस जेलमा महिला र पुरुषका लागि एक-एक वटा छुट्टाछुट्टै घर, चर्पी, खानेपानीको व्यवस्था गरिएको छ। बत्तीको व्यवस्था छ। तर जेल ज्यादै पुरानो भवनमा छ। महिला र पुरुष वन्दीहरुलाई छुट्टाछुट्टै टेलिभिजनको व्यवस्था गरिएको छ। भलिबल, चेस, ब्याडमिन्टन खेलको व्यवस्था छ। विरामी भएका बन्दीलाई स्वास्थ्यकर्मी लगेर उपचार गरिन्छ।

जेलका बन्दीहरु ढाका, कपडा, टोपी बुन्ने गर्दछन्। आफूले तयार गरेका समान उचित मूल्यमा बिक्री गर्न नसकेको उनीहरुको गुनासो छ।

यसै वर्ष जिविस र जेलको आर्थिक सहयोगमा बन्दीहरु वस्नका लागि सिमेन्टको भुईंमाथि काठ विछ्याइएको र रेडक्रस शाखाबाट बन्दीलाई १-१ वटा कम्मल, १-१ जोर लगाउने कपडा, १ सेट भाडा बर्तन सुविधा दिइएको छ।

जेलमा गुणस्तरीय खाद्यान्न नदिएको, माओवादी आरोपमा बन्दी भएकालाई हप्ताको १ पटक प्रजिअको सिफारिसमा मात्र भेट्न दिने गरिएको बन्दीहरुको गुनासो छ।

बेपत्ता / अपहरण

माओवादीबाट

संक्रान्तिबजार गाविस-८ का ४९ वर्षीय जिल्ला शिक्षा कार्यालयका श्रोत व्यक्ति टंक सेढाईंलाई कार्यक्रमको बारेमा जानकारी नदिएको आरोपमा ०६० पुस २८ गते माओवादीले अपहरण गरे। पीडितलाई ह्वाकू गाविससम्म पुऱ्याइएको दोस्रो दिन मुक्त गरियो।

इवा गाविस-५ का २३ वर्षीय दिपक घिमिरेलाई गलत क्रियाकलाप गरेको आरोपमा ०६० फागुन १६ गते माओवादीले अपहरण गरे। पीडित लामो समयपछि मात्र सार्वजनिक भए।

मोराहाङ गाविस-२ गौखुरी उच्चमाविका प्रधानाध्यापक ४८ वर्षीय विश्वराज खापुङलाई १ लाख रुपैयाँ चन्दा नदिएको आरोपमा ०६० फागुन २९ गते माओवादीले अपहरण गरेर श्रीजुङ गाविस पुऱ्याई भोलिपल्ट मुक्त गरे।

माओवादीद्वारा अपहरण गरी मारिएका सैनिक जवान शन्तबहादुर अधिकारी

मोराहाङ गाविसस्थित गौखुरी उच्च माविका १० जना शिक्षक र सोही विद्यालयका कक्षा ६ देखि १० सम्मका विद्यार्थी गरी ५५ जनालाई ०६० चैत ५ गते माओवादीले कार्यक्रमका लागि अपहरण गरेर सोही दिन मुक्त गरे।

सिम्ले गाविस-५ का गाविस सचिव ४३ वर्षीय भानुभक्त गजुरेललाई गाविसको काम नियमित गरेको आरोपमा ०६१ वैशाख २२ गते माओवादीले अपहरण गरे। पीडितलाई गाविसको काम नगर्ने शर्तमा ६ दिनपछि मुक्त गरियो।

जिरिखिम्ती गाविस-३ का गाविस सचिव ५१ वर्षीय राजेन्द्रकुमार श्रेष्ठलाई गाविसको काम सञ्चालन गरेको आरोपमा ०६१ वैशाख २६ गते माओवादीले अपहरण गरेर २ दिनपछि मुक्त गरे।

फाक्चामारा गाविस-७ का निवर्तमान जिविस सदस्य ४४ वर्षीय भुगनन्द पाराघरीलाई जिविस सदस्य पदमा रहँदा भ्रष्टाचार गरेको आरोपमा ०६१ भदौ १ गते माओवादीले अपहरण गरेर सोही दिन बेलुका मुक्त गरे।

जलजले गाविस-६ का २१ वर्षीय झमकबहादुर कार्कीलाई चोरीको अभियोगमा ०६१ साउन १६ गते माओवादीले अपहरण गरेर १ महिनासम्म बेपत्ता बनाई मुक्त गरे।

हमरजुङ गाविस-६ का २४ वर्षीय आइतराज लिम्बू र सोही ठाउँका मनकुमार लिम्बूलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६१ साउन ३२ गते माओवादीले अपहरण गरी सोही दिन मुक्त गरे।

साब्ला गाविस-४ का ४९ वर्षीय रघुनाथ सुवेदीलाई ग्रामीण सडक निर्माण कार्यमा अनियमितता गरेको आरोपमा ०६१ भदौ ४ गते माओवादीले अपहरण गरेर भोलिपल्ट मुक्त गरे।

म्याङलुङ गाविस-६ का भूपू प्रहरी जवान ३२ वर्षीय दिलिप घिसिङलाई ०६१ असोज १ गते धरानवाट तेह्रथुम आउँदै गरेको अवस्थामा जिरिखिम्ती गाविसबाट माओवादीले पार्टीलाई सहयोग गर्नुपर्ने भन्ने शर्तमा अपहरण गरेर पाँच दिनपछि मुक्त गरे।

दाँगपा गाविस-५ का निवर्तमान जिविस सदस्य ४३ वर्षीय पूर्णवहादुर लिम्बूलाई ०६१ असोज १० गते माओवादीले अपहरण गरी असोज १२ गते मुक्त गरे।

सिम्ले गाविस-५ की १७ वर्षीय राधिका कन्दङ्वा, सोही ठाउँका १७ वर्षीय कृष्णमाया भण्डारी, १८ वर्षीय लिलामाया थापा र १६ वर्षीय मञ्जु बर्देवालाई ०६१ मंसिर २ गते माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडितमध्ये २ जना राधिका र कृष्णमाया भागेर फर्किए भने अन्य २ को अवस्था अज्ञात छ।

पिप्ले गाविस-३ का गाविस सचिव ५० वर्षीय नरेन्द्र श्रेष्ठलाई ०६१ मंसिर ४ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

जिरिखिम्ती गाविसमा डेरा गरी बस्ने आम्वुङ गाविस-२ का शिक्षक ३८ वर्षीय टंकसिंह गुरुङलाई सामुदायिक वनको सचिव पदमा रहँदा अनियमितता गरेको आरोपमा ०६१ मंसिर ५ गते दिउँसो माओवादीले अपहरण गरी मंसिर ६ गते बेलुका मुक्त गरे।

सुङ्नाम गाविस-२ का एमाले जिल्ला सदस्य ४० वर्षीय गणेश सेनेलाई ०६१ मंसिर ६ गते बिहान आफ्नै निवासबाट अपहरण गरेर दोस्रो दिन मुक्त गरे।

छातेढुंगा गाविस-६ का पूर्व जिविस उपसभापति तथा एमाले जिल्ला सदस्य ४८ वर्षीय तेजमान कन्दङ्वा र सोही ठाउँका एमाले जिल्ला सदस्य ५३ वर्षीय तेजबहादुर कन्दङ्वालाई ०६१ मंसिर ७ गते राजनीतिक कुराकानी गर्न भनि माओवादीले अपहरण गरे। पीडितहरुलाई दोस्रो दिन मुक्त गरियो।

थोक्लुङ गाविस-४ का एमाले जिल्ला सदस्य ३० वर्षीय विष्णुविक्रम सुब्बालाई ०६१ मंसिर ८ गते माओवादीले राजनीति नगर्न आग्रह गर्दै अपहरण गरी सोही दिन बेलुकी मुक्त गरे।

सोल्मा गाविस-७ का ३० वर्षीय अनुभुती बम नेपाली, सोही गाविस-३ का ४२ वर्षीय सोभित बानिया, ओयाक्जुङ गाविस-५ का कर्मचारी २५ वर्षीय शुक्रराज नेपाली र संक्रान्ति गाविस-९ का कर्मचारी लक्ष्मी लामिछानेलाई मंसिर १२ गते सामुदायिक वन उपभपोक्ता महासंघको कार्यक्रमबारे जानकारी नदिएको आरोपमा माओवादीले अपहरण गरी सोही दिन एक दिने तारिखमा मुक्त गरे।

ओयाक्जुङ गाविस-२ देउराली सोसाइटीका कर्मचारी ३३ वर्षीय नरबहादुर लिम्बूलाई ०६१ मंसिर २५ गते संस्थाको कार्यक्रमबारे विवरण लिन भनी साब्ला गाविसबाट माओवादीले गरेर अपहरण गरी सोही दिन मुक्त गरे।

जलजले गाविस-८ का १८ वर्षीय गणेशवहादुर वुढाथोकी र सोही ठाउँका १९ वर्षीय कृष्णवहादुर सुतार कार्कीलाई सुराकीको आरोपमा ०६१ पुस १५ गते बिहान माओवादीले अपहरण गरेर वेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सिम्ले गाविस-३ का ४६ वर्षीय शन्तवहादुर कार्की र सोही ठाउँका ३९ वर्षीय तिलमाया कार्कीलाई माओवादीलाई गाँसवास दिएको आरोपमा ०६० माघ १० गते सुरक्षाकर्मीले कुटपिट गरे।

पौठाक गाविस-५ का अतिरिक्त हुलाकका हल्कारा ३१ वर्षीय नारायणप्रसाद ढकाललाई माओवादी पक्षको धान भण्डार गरिदिएको आरोपमा ०६० माघ १९ गते गस्तिमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

ओयाक्जुङ गाविस-७ का ३५ वर्षीय गंगावहादुर जोशी, सोही ठाउँका २४ वर्षीय कुरमा जोगी, ३१ वर्षीय तेजबहादुर कामी, ५२ वर्षीय बलहादुर कामीलगायत् आठ जनालाई गस्तिमा खटिएका सुरक्षाकर्मीले कुटपिट गरे।

ओयाक्जुङ गाविस-२ का ४५ वर्षीय नगेन्द्र लिम्बूलाई ०६१ पुस १५ गते गस्तिमा गएका सुरक्षाकर्मीले कुटपिट गरे। माओवादीले सोही समय सुरक्षाकर्मीलाई लक्षित गरेर वम विस्फोट गराए। विस्फोटबाट कुनै क्षति भएन।

माओवादीबाट

सिम्ले गाविस-१ स्थित बाल निकुञ्ज प्राविका शिक्षक ३६ वर्षीय गंगा भट्टराईलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६० फागुन ९ गते माओवादीले कुटपिट घाइते बनाए।

तम्फूला गाविस-२ की ३६ वर्षीय कमलमाया तामाङलाई मादक पदार्थ बनाएर बेचबिचखन गरेको आरोपमा ०६० माघ १८ गते माओवादीले कुटपिट गरी घाइते पारे।

जलजले गाविस-४ का २१ वर्षीय शरणकुमार लिम्बूलाई बलात्कार गरेको आरोपमा ०६१ वैशाख २५ गते माओवादीले कुटपिट गरेर घाइते पारे।

ओयाक्जुङ गाविस-९ का ४० वर्षीय देवीप्रसाद गुरागाईलाई ०६१ साउन २७ गते माओवादीले सिद्धकाली माविको खेलमैदानमा कुटपिट गरे।

जलजले गाविस-९ स्थित शंकर उच्च माविका शिक्षक ४२ वर्षीय भूपेन्द्र वुढाथोकीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६१ मंसिर २७ गते शंकर माविको खेल मैदानमा माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आठराई संक्रान्ति वजारमा ०६० चैत १ गते एमाले जिल्ला कमिटीले आयोजना गरेको शान्तिपूर्ण आमसभामा आफ्नो आधार इलाकामा विना सूचना कार्यक्रम संचालन गरेको भन्ने आरोप लगाएर माओवादीले हस्तक्षेप गरे।

जिल्ला सदरमुकाम म्याङलुङ्मा ०६१ वैशाख ११ गते पाँच दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरे। स्थानीय टुँडिखेलमा शान्तिपूर्ण सभा गर्न रोक लगाएर आन्दोलनका सहभागीलाई समेत हातपात गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत सालको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी १९ वटा, सरकारवादी फौजदारी २ वटा, दुनियावादी फौजदारी ४ वटा गरी २५ वटा मुद्दा रहे। यस वर्ष दर्ता भएका दुनियावादी देवानी ७ वटा, दुनियावादी फौजदारी ५ वटा गरी कूल १२ वटा मुद्दा भए पनि सरकारवादी फौजदारी मुद्दा दर्ता हुन सकेनन्। कुल मुद्दा संख्या ३७ रहेको छ। त्यसमध्ये यस वर्ष दुनियावादी देवानी ६ वटा मात्र फर्च्योट भए भने ३१ थान मुद्दा फर्स्योट हुन बाँकी छन्।

अदालतमा दुई वर्षभन्दा बढी म्याद नाघेको एउटा मात्र मुद्दा छ। अदालतको रेकर्डअनुसार, सबै खाले मुद्दा दायरमा तीन वर्षयता ५० प्रतिशतले कमी आएको र सामान्य मुद्दा २ सय ५८ वटा मात्र दर्ता भएको अदालतले जानकारी गरायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्लामा २ हजार १ सय ७९ जना जेष्ठ नागरिक, १ हजार ५ सय ८१ जना विधवा र ४८ जना अपाङ्ग रहेको जिविसले जनायो। वृद्ध, विधवा र अपाङ्गले मासिकरुपमा भत्ता नपाएको गुनासो छ। जिल्ला प्रशासन कार्यालयले यस वर्ष अपाङ्गहरुको लागि परिचयपत्र व्यवस्था गरेको छ।

विस्थापन

आन्तरिक द्वन्द्वका कारण यस वर्ष ४७ जना व्यक्तिहरु विस्थापित भए।

संरचना/सम्पत्ति क्षति

माओवादीले यस वर्ष जिल्ला वन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला पशु कार्यालय, जिल्ला कृषि विकास कार्यालय, कृषि विकास बैंक, नापी शाखाका भवनमा वम विस्फोट गराई क्षति पुऱ्याए। जसबाट करिव ५० लाख रुपैयाँ बराबरको क्षति भयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

श्रीजुङ गाविस-८ का ३५ वर्षीय तीलबहादुर तामाङलाई ०६० पुस २३ गते गस्तिमा गएका सुरक्षाकर्मीले गाउँ जनसरकारका सचिव भएको आरोपमा गिरफ्तार गरी सात महिनासम्म हिरासतमा राखेर रिहा गरे।

ओयाक्जुङ गाविस-५ का २४ वर्षीय गंगा नेउपानेलाई ०६० माघ १७ गते म्याङलुङ् वजार टुँडिखेलबाट माओवादी भएको आशंकामा प्रहरीले गिरफ्तार गरी सोही दिन वेलुकी तरिखमा रिहा गरे। एक हप्तापछि तारिख सकियो।

ताप्लेजुङ जिल्ला फूलबारी गाविस हाल संक्रान्ति बजारमा पसल गरी वस्ने व्यापारी ३८ वर्षीय रामचन्द्र अधिकारीलाई माओवादीको आरोपमा ताप्लेजुङ जिल्लाबाट गस्तिमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित एक महिनाको अनुसन्धान पछि रिहा भए।

ईवा गाविस-५ का ३२ वर्षीय हिमलाल घिमिरेलाई माओवादीको आरोपमा ०६० फागुन २४ गते गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित माओवादी भएको प्रमाण नजुटेपछि ३ दिनपछि रिहाई भए।

छातेढुंगा गाविस-८ पोखरी माविकी १९ वर्षीय छात्रा हरिकला चापागाईंलाई ०६० चैत ९ गते एसएलसी परीक्षाका दिन जिल्ला सदरमुकाम आएको अवस्थामा सुरक्षाकर्मीले माओवादी कार्यकर्ता भएको आरोपमा डेराबाट गिरफ्तार गरे। पीडितले हिरासतमा बसेर परीक्षा दिइन्। पीडितलाई १७ दिनपछि घर नजाने शर्तमा रिहा गरियो।

आम्बुङ गाविस-५ का २१ वर्षीय गौरव सुब्बा र सोही गाविस-४ का २० वर्षीय वीरेन्द्र बुढाथोकीलाई ०६१ चैत ११ गते म्याङलुङ वजार बसपार्कमा माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरे। पीडितहरु कुनै प्रमाण प्राप्त नभएपछि दोस्रो दिन रिहा भए।

इवा गाविस-२ प्रणामी माविका विद्यार्थीहरु १९ वर्षीय कृष्ण संग्रौला सोही गाविस-४ का २२ वर्षीय हरि चिमोरिया, १८ वर्षीय देवीमाया चिमोरिया र पोखरी मावि छातेढुंगा गाविस-८ की देवीमाया रसाइली र सोही ठाउँका मोहन ओलीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० चैत १२ गते म्याङलुङस्थित आफ्नै डेरावाट सुरक्षाकर्मीले गिरफ्तार गरी १४ दिनपछि तारिखमा रिहा गरे।

आम्बुङ गाविस-४ का २२ वर्षीय कमल लिम्बूलाई माओवादीको आरोपमा ०६० चैत २५ गते गस्तिमा गएका सुरक्षाकर्मीले साब्ला गाविस-२ बाट गिरफ्तार गरे। पीडितलाई जेल चलान गरियो।

संखुवासभा जिल्ला मादी मूलखर्क गाविस-२ का ३४ वर्षीय एकवहादुर गुरुङ र सोही जिल्ला तामाफोक गाविस-४ का भूपालसिंह तामाङलाई ०६० चैत २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी प्रहरी हिरासतमा राखी एक महिनापछि अनुसन्धान गर्न जेल चलान गरे।

छातेढुंगा गाविस-६ का १९ वर्षीय भीम राई, सोही ठाउँका १९ वर्षीय नरेन्द्र राई, सोही गाविस-१ का सविता कन्दङ्वा र संक्रान्ति गाविस-७ का १८ वर्षीय लक्ष्मी श्रेष्ठलाई माओवादीको आरोपमा ०६० चैत २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

हवाकू गाविस-७ का २६ वर्षीय कैलाश लिम्बूलाई

माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ वैशाख २३ गते गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १ महिना हिरासतमा राखी अनुसन्धानपछि रिहा गरे।

छातेढुंगा गाविस-६ का १३ वर्षीय जीवन चापागाईंलाई ०६१ जेठ २८ गते गस्तिमा गएका सुरक्षाकर्मीले ओयाक्जुङ गाविस-१ मा गिरफ्तार गरे। पीडितलाई अनुसन्धानको सन्दर्भमा सैनिक हिरासतमा राखिएको छ।

आम्वुङ गाविस-७ का क्याप्टेन भनिने २० वर्षीय राजेन्द्र लिम्बूलाई ०६१ साउन ३ गते गस्तिमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी अनुसन्धानको सन्दर्भमा सैनिक हिरासतमा राखे।

ह्वाकू गाविस-७ का एमाले निकट अनेरास्ववियुका जिल्ला अध्यक्ष २५ वर्षीय भरत इङ्नामलाई माओवादीको आशंकामा ०६१ साउन ३० गते पाँचथर जिल्लाबाट गस्तिमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितबाट कुनै प्रमाण फेला नपरेपछि सोही दिन रिहा गरियो।

जिरिखिम्ती वजारमा डेरा गरी वस्ने पसले २४ वर्षीय इन्द्रा लिम्बू, ३० वर्षीय कुण्डले तामाङ र ३२ वर्षीय कमल बुढाथोकीलाई माओवादीको आरोपमा ०६१ भदौ २८ गते गिरफ्तार गरी सोही दिन बेलुका तारिखमा रिहा गरे।

जलजले गाविस-१ का ३८ वर्षीय तोयानाथ भट्टराईलाई माओवादी समूहलाई आश्रय दिएको आरोपमा ०६१ असोज १ गते तेह्रथुममा संयुक्त सुरक्षाकर्मीले कुटपिट गरी गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि तारिखमा रिहा गरियो।

तम्फूला गाविसस्थित उपस्वास्थ्य चौकीका ४७ वर्षीय अहेब विनोद कन्दङ्वा, सोही ठाउँ बस्ने युवराज भट्टराई, सन्तोष लिम्बू, गणेश आलेमगर, शिव राईलगायत् १५ जनालाई ०६१ असोज १ गते सुरक्षाकर्मीले अन्धाधुन्ध कुटपिट गर्दै गिरफ्तार गरेर सोही दिन रिहा गरे।

जाजरकोट जिल्ला लहँ गाविस-५ की २५ वर्षीय पार्वता रावललाई ०६१ असोज ५ गते सुरक्षाकर्मीले छथर इलाकाबाट गिरफ्तार गरे। पीडितलाई १ महिनासम्म प्रहरी हिरासतमा राखि कार्तिक १३ गते अनुसन्धानको लागि जेल चलान गरियो। पीडित हाल जेलमा छिन्।

माओवादीद्वारा बम विस्फोट गरी क्षति पुऱ्याइएको जिल्ला पशु कार्यालय भवन

हर्मजुङ गाविस-१ शुक्रबारे वजारस्थित पसले ३९ वर्षीय धर्म खुलाल, सोही ठाउँका ३५ वर्षीय दिपा खुलाल, ३२ वर्षीय नारायण सुव्वा, पञ्चकन्या गाविस सचिव सुरेन्द्र खड्का लगायत् अन्य २ जना व्यापारीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ पुस १६ धनकुटाबाट गस्तिमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरेर सोही दिन रिहा गरे ।

बालअधिकार

मोराहाङ गाविस-७ का भोटे भनिने १९ वर्षीय एकबहादुर भूजेलले सोही ठाउँकी ८ वर्षीय एक बालिकालाई ०६० फागुन ११ गते फकाएर बलात्कार गरे। पीडितले न्यायको निम्ति उजुरी गरिनन्। प्रहरीले पीडकलाई गिरफ्तार गरी रिहा गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जनचेतना अभियान, मानवअधिकार तथा सामाजिक न्याय मञ्च (एलायन्स) नेपाल, नेपाल पत्रकार महासंघ, उद्योग वाणिज्य संघलगायत्का विभिन्न संघ-संस्थाले माओवादीले सदरमुकाम नाकाबन्दी गरेको अवस्थामा नाकावन्दी फिर्ता गर्न र अपहरण गरिएका व्यक्तिहरुलाई तत्काल सकुशल मुक्त गर्न अनुरोध गर्दै विज्ञप्ति जारी गरे।

एमाले, नेकाँ, नेकाँ (प्रजातान्त्रिक) र ती पार्टीका जनसंगठनले माओवादीद्वारा आव्हान गरिएको बन्द फिर्ता गर्न आग्रह गर्दै विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

व्यक्तिगत कारणले भएका कुटपिटका ७ वटा घटनामा ६ पुरुष र २ महिला गरी ८ जना पीडित भए। ४ महिला र ९ पुरुषले झुण्डिएर आत्महत्या गरे। एउटा वेवारिसे लाश फेला पऱ्यो। सवारी दुर्घटनामा एक जनाको मृत्यु भयो। भीरबाट लडेर एकजना र खोलामा डुबेर १ जना गरी २ जनाको मृत्यु भयो। आगलागीका ६ वटा घटना भए।

व्यक्तिगत कारणले भएका हत्याका ३ वटा घटनामा ३ जना पुरुष पीडित भए।

१.९ भोजपुर



जनसंख्या :	२०४७२९
साक्षरता प्रतिशत :	५८.७
महिला साक्षरता प्रतिशत :	४३.२
क्षेत्रफल (वर्ग कि. मि.) :	१५०७
गाविस/नपा संख्या :	६३
निर्वाचन क्षेत्र :	२
विद्यालय :	३६७
क्याम्पस/उच्च मा.वि. :	१/४
अस्पताल/स्वास्थ्य चौकी :	१/६३
टेलिफोन लाइन :	४
मोटर सडक (कि. मि.) :	०
प्रहरी कार्यालय संख्या :	१
हुलाक संख्या :	३६
मानव विकास सूचकांक :	०.४७२
प्रति परिवार सरदर संख्या :	५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

दोभाने गाविसस्थित फेदीमा ०६० फागुन १५ गते सुरक्षाकर्मीद्वारा चलाइएको गोली लागी माओवादीका सेक्सन सदस्य देव भनिने २४ वर्षीय मंगलसिं लोक्ताङको मृत्यु भयो। १९ औं वटालियन सदस्य रहेका उनको साथबाट ४ वटा सकेट वम, गोली र डेटोनेटर सुरक्षाकर्मीले वरामद गरेको जनाइयो।

भोजपुर सदरमुकामस्थित टेलिफोन टावरमा ०६० फागुन १९ गते आक्रमण गर्न आएका माओवादीको वटालियन बी कम्पनी कमाण्डरसहित ५०-६० जनाको मृत्यु भएको बताइयो। त्यस क्रममा भएको भीडन्तमा कम्पनी कमाण्डर कपिलसहित २१ जना मात्र मारिएको माओवादीले दावी गरे।

वोया गाविसस्थित विहिवारे वजारमा ०६१ वैशाख १७ गते माओवादी कार्यकर्ताले चन्दा उठाइरहेको अवस्थामा सुरक्षाकर्मीले लामो दूरीको हतियार प्रयोग गर्दा किराँत राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला सदस्य योजना भनिने लक्ष्मीदेवी राई र एरिया कमिटी सदस्य जनम भनिने मिहाङ राईको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा वोया गाविसका १५ वर्षीय देवी सुन्दासको मृत्यु भयो। उनलाई सौता गएको आरोपमा पतिसँगै माओवादीले अपहरण गरेर लैजाँदै गर्दा सुरक्षाकर्मीद्वारा चलाएको गोलीद्वारा मृत्यु भएको थियो।

हेलौंछा गाविसमा ०६१ असार १० गते तुम्लिङटारवाट आएका सशस्त्र प्रहरीको गस्ति टोलीले 'लोहार' थरका एक माओवादीलाई गोली प्रहार गर्दा मृत्यु भयो।

जिल्ला सदस्य जिवन्ता भनिने चन्द्रकला खम्बू र अनेमसंघ (क्रान्तिकारी) जिल्ला सदस्य कमला भनिने निर्मला खम्बूलाई किराँत राष्ट्रिय मुक्ति मोर्चाका भोजपुरबाट गएको सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। उनीहरुलाई लेखर्कको पाँचधारे छेउबाट गिरफ्तार गरेर ओखे गाविसको वान्ताङ भन्ने स्थानमा पुऱ्याई गोली हानिएको थियो।

वासिखोरा गाविस-१ मा ०६१ भदौ २५ गते माओवादी कार्यकर्ताहरु संकल्प भनिने हिराराम राई, उषा भनिने इन्द्रकला राई र करुणा भनिने जिना राईको सुरक्षाकर्मीको गस्ति टोलीको गोलीद्वारा मृत्यु भयो।

माओवादीबाट

खावा गाविस-७ मझौलेस्थित दावा शेर्पाको घरमा काम गरेर बस्ने काजीमान तामाङका छोरा ३ वर्षीय सुनील तामाङको ०६० चैत १७ गते माओवादीले छाडेको सकेट वम विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो भने उनका दाजु ५ वर्षीय सुजन तामाङ गम्भीर घाइते भए।

भोजपुर सदरमुकामस्थित टेलिफोन टावरमा ०६० फागुन १९ गते माओवादीले आक्रमण गर्दा त्यहाँ खटिएका ३३ सुरक्षाकर्मी मारिए। पीडितहरुमा जमदार मुक्त परियार, हुद्धा भुवनेश्वर थनेत, अमल्दार चित्रबहादुर सिजापति, प्यूठ बसन्त लम्साल, प्यूठ गोविन्द सुवेदी, सिपाही हरिबहादुर क्षेत्री, सिपाही वेदराज अधिकारी, अमल्दार बलवहादुर मगर, सिपाही नवराज खडका, सिपाही वसन्त राजधामी, खेमराज पाण्डे, धनवहादुर चन्द थिए भने प्रहरीहरुमा जवान हिमाल सार्की, हवल्दार मानबहादुर खत्री, जवान आशा राई, हवल्दार भीमवहादुर श्रेष्ठ, जवान शुक्र केसी, हवल्दार भवानी कार्की, जवान विमल उराउ, हवल्दार कृष्ण सिटौला, जवान दानबहादुर राई, हवल्दार युवराज कार्की, जवान विनोदकुमार यादव, हवल्दार कुमार तामाङ, हवल्दार कुमार चौलागाईं, जवान भेवानन्द राजवंशी, जवान जय आचार्य, जवान ईश्वरी फुयाल, जवान भरत चौधरी, हवल्दार भवानी कार्की, जवान

दिलिप कार्की, सई आनन्दकुमार तामाङ, देवीलाल मुसहर रहेका छन्।

टक्सार गाविस-१ का ८३ वर्षीय दानवहादुर कार्कीलाई ०६१ पुस ८ गते वेलुका आफ्नै निवासमा माओवादीले गोली तथा खुकुरीले घाँटीमा प्रहार गरी हत्या गरे। कार्की खाना खाएर वाहिर चुठ्न निस्केका वेला छातीमा पेस्तोल र खुकुरीले हानेका थिए। लर्खराउँदै भित्र छिरेका कार्कीलाई परिवारका अन्य सदस्यलाई भित्र कोठामा थुनी पुन: गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

देउराली गाविसमा ०६१ वैशाख ३० गते सुरक्षाकर्मी र माओवादीवीच भएको भिडन्तमा नाम नखुलेका ३ जना माओवादीको मृत्यु भयो।

देउराली गाविसमा ०६१ वैशाख ३० गते सशस्त्र प्रहरी बल तुम्लिङटारका प्रहरी र माओवादीवीच भएको भिडन्तमा दुईजना प्रहरी मोहन पाण्डे र सुरज खड्काको मृत्यु भयो।

अन्यबाट

कुलुङ गाविस-३ मा ०६१ जेठ १ गते स्थानीयबासीहरुले एक पूर्व माओवादी कार्यकर्तालाई हँसियाले घाँटी रेटी हत्या गरे। स्थानीयबासी विजय थापाको घरमा आएर तिमीहरुलाई एकै चिहान वनाउँछु भन्दै आक्रमण गर्न खोजेपछि परिवारले प्रत्याक्रमण गर्ने क्रममा उनको घाँटी रेटी हत्या गरे।

कुलुङ गाविस घर भएका माओवादी विशेष जिल्ला सदस्य गणेश भनिने इन्द्रबहादुर कार्कीलाई ०६१ मंसिर १६ गते चन्दा उठाइरहेको अवस्थामा नेपालेडाँडा गाविस-१ मा स्थानीय तीन युवाहरुले आक्रमण गरी हत्या गरे। पीडकहरु फरार भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

भोजपुर सदरमुकामस्थित टेलिफोन टावर सुरक्षार्थ खटिएका १५ सुरक्षाकर्मीहरु ०६० फागुन १९ गते माओवादीको गोली लागेर घाइते भए। घाइते सुरक्षाकर्मीमा सई विष्णुप्रसाद गुप्ता, हवल्दार हरी थापा, हवल्दार महेन्द्र खवास, हवल्दार इन्द्रप्रसाद फुयाल, जवान कृपानन्द यादव, राजन लामिछाने, बुद्धिनारायण जगेवु, लालबहादुर श्रेष्ठ, शेख मिराज, वद्री खड्का, जीतबहादुर आचार्य, धनवहादुर खत्री, मोहनदत्त भट्ट, बलवहादुर शाही र कुलवहादुर मगर रहेका छन्। पीडितहरुले उपचार गराइसकेका छन्।

जेल र बन्दीहरु

भोजपुर जेल 'घ' श्रेणीको हो। यसको बन्दी क्षमता संख्या २५ हो। हाल यस जेलमा कैद तोकिएका २५ पुरुष र ३ महिला छन् भने ३ महिला र १ पुरुष कैद नतोकिएका छन्। जेलको वनावट पुरानो र काम चलाउ भए पनि त्यसलाई सुविधाजनक वनाउन प्रयत्न गरिएको छ। महिलातर्फ १ र पुरुषतर्फ ३ गरी ४ वटा शौचालय छन्। महिलातर्फ १, पुरुषतर्फ २ गरी ३ वटा धारा रहेका छन्। जेलमा बन्दी विकास समितिसमेत गठन गरिएको छ। सम्पूर्ण बन्दीहरुको विषयमा सो समितिले काम गर्दछ। बन्दी विकास समितिबाट संकलन गरिएको कोषबाट जेलभित्रै खुद्रा पसलसमेत सञ्चालन गरिएको छ। यसैगरी ०६० पुस २५ गते गिरफ्तार गरिएकी अनेमसंघ (क्रान्तिकारी) जिल्ला सहसचिव तारा प्रधानलाई भोजपुर जेलबाट ०६१ साल मंसिर ८ गते अनुसन्धान गर्न भनेर छानबिन तथा अनुसन्धान केन्द्र सुन्दरीजल, काठमाडौं लगिएको प्रजिअले वताए।

बेपत्ता / अपहरण

माओवादीबाट

भोजपुर सदरमुकामस्थित टेलिफोन टावर सुरक्षार्थ खटिएका सुरक्षाकर्मी तथा कर्मचारीहरुलाई ०६० फागुन १९

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२	२	५	३७			३७	८	४९	७	५६
घाइते				३	१६			१६				
गिरफ्तारी / यातना									३	२	४	६
कुटपिट									१	२		२
धम्की				१	२			२				
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार				१		२		२				
अपहरण				१०	१७	५	१७०	१९२				
जम्मा	२	२	२	२०	७२	७	१७०	२५०	१२	५३	११	६४

गते माओवादीले अपहरण गरे। अपहरणपछि सबैलाई एक सातापछि छाडे भने एक सैनिकलाई एक महिनापछि मुक्त गरे। अपहरणमा पर्नेहरुमा सई नकुल भट्टराई, असई कृष्ण सापकोटा, हवल्दार राजेन्द्र केसी, जवान रमेश विक, प्रविण ठाकुर र वासुदेव नेपाल रहेका थिए। त्यस्तै टावरको ड्युटीमा रहेका दूरसञ्चारका हेल्पर राजनारायण सिंहलाई खोटाङबाट मुक्त गरे। सोही बेलुका अपहरणमा परेका वाणिज्य बैंकका गार्ड खड्ग राई र उनका छोरा मोहन राईलाई भोलिपल्ट छाडेका थिए। सेनाका सिपाही गोपीलाल श्रेष्ठलाई भने तेन्हथुमबाट छाडेका थिए। अपहरित सुरक्षाकर्मीहरु हाजिर हुन आएनन्।

सदरमुकामदेखि पश्चिमी तथा दक्षिण क्षेत्रका अधिकांश मावि तथा निमाविका १ सय जति शिक्षक एवम् विद्यार्थीहरुलाई माओवादीको भातृ संगठन अनेरास्ववियु (क्रान्तिकारी) र दलित मुक्ति मोर्चाको जिल्ला सम्मेलनमा सहभागी गराउन ०६१ जेठ १७ गते अपहरण गरे। अपहरित शिक्षक तथा विद्यार्थीहरुलाई ४ दिनपछि मुक्त गरियो।

प्याउली गाविस-६ का अनेरास्ववियु, भोजपुरका जिल्ला अध्यक्ष प्रेम किराँतलाई सुराकी तथा सामाजिक अपराध गरेको आरोप लगाउँदै ०६१ जेठ २४ गते माओवादीले अपहरण गरी २४ घण्टापछि मुक्त गरे।

कुलुङ गाविस-२ का जिल्ला शिक्षा कार्यालय भोजपुरका श्रोत व्यक्ति एकराज गिरीलाई ०६१ भदौ ६ गते माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे।

सरस्वती मावि दुम्मानाका कक्षा ९ र १० मा अध्ययनरत ६ विद्यार्थीहरुलाई ०६१ भदौ ३० गते माआवादीले अपहरण गरे। उनीहरु विद्यालयबाट घर फर्कदै गर्दा बाटोबाटै अपहरण गरेका थिए। उनीहरुलाई केही दिनपछि मुक्त गरे।

दुम्माना गाविस-८ की उपस्वास्थ्य चौकी दुम्मानाअन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मञ्जु विष्टलाई ०६१ भदौ ३० गते माओवादीले अपहरण गरे। राष्ट्रिय दादुरा खोप अभियानमा बाधा पुऱ्याएको भन्दै जिल्ला स्वास्थ्य कार्यालयले विज्ञप्ति जारी गरी शीघ्र रिहाईको लागि माग गरेको थियो। उनलाई केही दिनपछि मुक्त गरियो।

पाल्तेपानी र हसनपुर गाविसबाट ०६१ भदौ ३० गते १२ जना सुरक्षाकर्मीका आफन्तहरुलाई माओवादीले अपहरण गरे। उनीहरुलाई प्रहरी तथा सेनामा रहेका आफन्तलाई जागिर छोडाउने शर्तमा केही दिनपछि मुक्त गरियो।

नवदुर्गा मावि दलगाउँ र पञ्चकन्या मावि भुल्केबाट ०६१ भदौ ३१ गते ५० जना विद्यार्थी र ८ जना सर्वसाधारणलाई माओवादीले अपहरण गरे। अपहरितहरुमध्ये अधिकांशलाई २४ घण्टापछि मुक्त गरियो भने ४ जना उनीहरुसँगै गएको बताइएको छ।

नेपालेडाँडा गाविस-७ का ६० वर्षीय गंगाराम गौतमलाई ०६१ पुस १० गते माओवादीले अपहरण गरे। उनका छोरा प्रहरीमा काम गरेकाले अपहरण गरेको जनाइयो। पीडित भागेर संखुवासभा गएका छन्।

सन्त मावि नेपालेडाँडाका शिक्षक अमृत भण्डारीलाई ०६१ पुस ५ गते माओवादीले अपहरण गरे। उनी भागेकोमा हाल कहाँ छन् भन्ने थाहा हुन सकेको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सगरमाथा उच्च माविका प्रधानाध्यापक ईश्वरमान राई, एमाले इलाका नं. १२ का सचिव नारायण निरौलालगायत्का स्थानीयबासीलाई माओवादीलाई पालेको भन्दै ०६० फागुन २२ गते बिहान रानीबास गाविसस्थित घोरेटार बजारमा ५०-६० जनाको संख्यामा आएका सुरक्षाकर्मीले कुटपिट तथा लछार-पछार गरे।

माओवादीबाट

भोजपुरमा कार्यरत पत्रकारहरु एवम् मानवअधिकार कार्यकर्ता चित्राङ्गत चौलागाईं, श्यामकृष्ण दाहाल र नेत्रविनोद लुइँटेललाई ०६० फागुन १५ गते माओवादीले धम्की दिए। 'अनिश' नाम बताउने ती माओवादीले टेलिफोनमार्फत् स्थानीयरुपमा प्रकाशित हुने भोजपुर साप्ताहिक बन्द गर्नुपर्ने, नभए पत्रिकाको कार्यालयमा रेडियो वम विस्फोट गराइदिने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका ३२ मुद्दा र यस वर्ष दर्ता भएका गरी ४४ वटा मुद्दा रहेकोमा दुनियावादी देवानीतर्फ २८ मुद्दामा १९ फर्स्यौट भई ९ वटा मुद्दा बाँकी छन्। सरकारवादी फौजदारीतर्फ ४ वटा मुद्दा रहेकोमा ३ वटा फर्स्यौट भई १ वटा बाँकी रहे भने

माओवादीद्वारा आक्रमण गरिएको सदरमुकाम स्थित दूरसञ्चार टावरको सुरक्षापोष्ट

दुनियावादी फौजदारीतर्फ १२ मुद्दामा ८ वटा मुद्दा फर्स्यौट भई ४ मुद्दा बाँकी छन्। यसैगरी गतवर्षबाट जिम्मेवारी सरेर आएका ३२ वटा मुद्दामा २६ वटा फर्स्यौट भई ६ वटा मुद्दा बाँकी रहे। जसमा गत वर्षबाट सरेर आएका र यस वर्षका फर्स्यौट हुन बाँकी गरी जम्मा १४ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिविसले आर्थिक वर्ष ०६१/०६२ मा २ हजार ५ सय व्यक्तिलाई वृद्ध भत्ता र ३ हजार २ सय जनालाई असहाय विधवा भत्ता वितरण गर्‍यो।

विस्थापन

प्याउली गाविस-६ का ५७ वर्षीय शुभमती राई र छोरी चन्द्रकला राईलाई ०६१ साउन ४ गतेदेखि माओवादीले घर निकाला गरेकाले गाउँलेको घरमा आश्रय लिएर बसेका छन्। दोभाने गाविसका पूर्व गाविस अध्यक्ष वीरबहादुर राईलाई कुटपिट गरी घरमा ताला लगाइदिएपछि उनी, उनका तीन पत्नी र बालबच्चाहरु संखुवासभा र भोजपुरमा बसिरहेका छन्। नेपालेडाँडा गाविस-७ का गंगाराम गौतम माओवादीले अपहरण गरेपछि भागेर संखुवासभामा बसिरहेका छन्। अनेरास्ववियुका अध्यक्ष प्रेम किराँत सदरमुकाममा बसिरहेका छन्।

संरचना/सम्पत्ति क्षति

नेपाल दूरसञ्चार संस्थानको रिपिटर टावरमा ०६० फागुन १९ गते माओवादीले विस्फोट गरी ध्वस्त गरेकाले करोडौंको क्षति भयो।

नागरिक उडड्यन प्राधिकरणको टर्मिनल भवन र विमानस्थल सुरक्षागार्डको खालि भवनमा माओवादीले ०६० चैत १९ गते बम विस्फोट र आगजनी गरी क्षति पुर्‍याए।

जिल्ला शिक्षा कार्यालयको तालिम हलमा ०६१ जेठ ४ गते माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए। विस्फोटबाट कार्यालयका १५ वटा झ्यालका शिशा फुटे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तिम्मा गाविसस्थित श्रीकुमार राईको घरबाट ०६० पुस २४ गते अनेमसंघ (क्रान्तिकारी) का सह सचिव तारा प्रधानसहित 'सुशील', 'प्रकृति' र 'समीक्षा' भनिने कार्यकर्तालाई गिरफ्तार गरी हालसम्म म्याद थप्दै जेलमा राखिएको छ। तारालाई ०६१ मंसिर ८ गते हेलिकप्टरमार्फत् सुन्दरीजल, काठमाडौं लगिएको बताइएको छ।

बालंखा गाविस-७ का २२ वर्षीय काजीमान विष्टलाई ०६० चैत ६ गते सदरमुकामबाट सेनाले गिरफ्तार गरे। सदरमुकाममा आफ्नै गाउँकी एक बृद्धा बोकेर ल्याउँदै गर्दा सेनाले सोधीखोजी गर्दा ठीक ठेगाना नबताएकाले गिरफ्तार गरेका थिए। उनलाई सैनिक हिरासतमा यातना दिंदा एउटा दाँतसमेत भाँचिएको छ। उनलाई ९० दिन कारागारमा राखी छाडिएको छ।

सिद्धेश्वर गाविस-६ का कृषि विकास बैंकमा कार्यरत २८ वर्षीय टेकबहादुर खड्कालाई ०६१ भदौ २० गते गिरफ्तार गरी ११ दिनसम्म हिरासतमा राखी रिहा गरियो। पीडितले माओवादीलाई बस्न-खान दिएको आरोपमा गिरफ्तार गरिएको बताइएको छ।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष जिल्ला प्रहरी कार्यालयमा ४ महिला र २ पुरुष गरी ६ जनाले आत्महत्या गरेको घटना दर्ता भए भने भवितव्य तर्फ लडेर १ महिला र १ पुरुष गरी दुई जनाको मृत्यु भयो।

मानेभञ्ज्याङ्ग गाविस-८ का माओवादी कार्यकर्ता रवी भनिने ज्ञानेन्द्र पराजुलीको ०६१ जेठ ४ गते बालंखामा सेन्ट्री बसेको अवस्थामा आफैंले बोकेको सकेट बम विस्फोट हुँदा मृत्यु भयो।

१.१० संखुवासभा

जनसंख्या : १६६६५४
साक्षरता प्रतिशत : ६१.५
महिला साक्षरता प्रतिशत : ३४
क्षेत्रफल (वर्ग कि. मि.) : ३४८६.१६
गाविस/नपा संख्या : ३३/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३५४
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : २/७
टेलिफोन लाइन : ३३३
मोटर सडक (कि. मि.) : ६३
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ३६
मानव विकास सूचकांक : ०.४८१
प्रति परिवार सरदर संख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

वानेश्वर गाविस-२ का माओवादी कार्यकर्ता १८ वर्षीय कविता राई ०६० पुस १८ गते खाँदवारीबाट गस्तिमा गएका सुरक्षाकर्मीद्वारा वाना गाविस-७ मा नियन्त्रणमा लिई गोली हानी मारिइन्।

हटिया गाविस-६ का माओवादी कार्यकर्ताहरु २३ वर्षीय पञ्चमान राई, पाङ्देन शेर्पा र हटिया गाविस-४ का २३ वर्षीय जेम्वा भोटेको खाँदवारीबाट गस्तिमा गएका सुरक्षाकर्मीले ०६० माघ १ गते वरुण मेलामा गरेको कारवाहीमा मृत्यु भयो।

तामाफोक गाविस-२ मा माओवादीका कार्यकर्ता चन्द्रवहादुर तामाङ ०६० माघ २३ गते चैनपुरबाट गस्तिमा गएका सुरक्षाकर्मीको कारवाहीमा मारिए।

वाना गाविस-९ की २२ वर्षीय माओवादी कार्यकर्ता हिमा राई र सोही ठाउँकी २५ वर्षीय राधा राईको चैनपुरवाट गस्तिमा गएका सुरक्षाकर्मीद्वारा खराङ गाविस-६ मा नियन्त्रणमा लिई ०६० फागुन १० गते गोली प्रहारबाट मृत्यु भयो।

वाना गाविस-३ का माओवादी कार्यकर्ता ३० वर्षीय रमेश विकलाई सदरमुकाम खाँदवारीबाट गस्तिमा गएका सुरक्षाकर्मीद्वारा ०६० चैत ९ गते स्याबुन गाविस-९ बाट नियन्त्रणमा लिई अन्दाजी १ सय मिटर टाढा पुऱ्याई गोली हानी मारिए।

तेह्रथुम जिल्लाका कुसुम भनिने लिलाबहादुर कटुवाल र विजय भनिने माओवादी कार्यकर्ताको ०६१ वैशाख २८ गते मादीमुलखर्क गाविस-५ मा चैनपुरबाट गएका सुरक्षाकर्मीको गोली प्रहारवाट मृत्यु भयो।

मादीमुलखर्क गाविस-५ का माओवादी कार्यकर्ता पर्वत भनिने भीमबहादुर सुब्बा र ताप्लेजुङका प्रदीप भनिने माओवादी कार्यकर्ता चैनपुरबाट गस्तिमा गएका सुरक्षाकर्मीले ०६१ जेठ ९ गते मादी रामवेनी गाविसमा गरेको सुरक्षा कारवाहीमा मारिए।

झापा जिल्ला चन्द्रगढीका माओवादी कार्यकर्ता १६ वर्षीय श्रीवहादुर सुब्बा र वाना गाविस-९ का १७ वर्षीय सुवास राई ०६१ असार २४ गते जलजला गाविस-५ मा चैनपुरबाट गस्तिमा गएका सुरक्षाकर्मीको कारवाहीमा मारिए।

सभापोखरी गाविस-७ फापुङमा माओवादीका कार्यकर्ता शर्मिला विकसहित ३ जनाको इटहरीबाट हेलिकप्टरमा गएका सुरक्षाकर्मीको टोलीले ०६१ असोज ११ गते गरेको कारवाहीमा मृत्यु भयो। उनीहरुलाई नियन्त्रणमा लिई गोली प्रहार गरिएको स्थानीय वासिन्दाले बताए।

सिद्धपोखरी गाविसमा सशस्त्र प्रहरी बेसक्याम्प चैनपुरबाट गस्तिमा गएका प्रहरीको गोली प्रहारबाट माओवादीका कार्यकर्ता मणिराज राईको ०६१ असोज २९ गते मृत्यु भयो।

मादी रामवेनी गाविसमा ०६१ असोज ३० गते चैनपुरवाट गस्तिमा गएका सुरक्षाकर्मीको कारवाहीमा माओवादीका कार्यकर्ता निमाकाजी शेर्पा वम फालेर भाग्दै गर्दा मारिए।

माओवादीबाट

बाँके जिल्ला घर भई खाँदबारी गुरुवक्स गुल्ममा कार्यरत २५ वर्षीय शेरबहादुर विकलाई वाना गाविस-१ मा गस्तिमा गएको वेला ०६० पुस १८ गते माओवादीले गोली हानी हत्या गरे। लाशलाई सोही दिन सुरक्षाकर्मीको टोलीले काठमाडौं लगे।

मत्स्यपोखरी गाविस-४ की ९० वर्षीय ठगीमाया निरौला र शितलपाटी गाविस-८ की ५१ वर्षीय डिल्लीमाया काफ्लेलाई ०६१ जेठ ३ गते माओवादीले निरौलाको घरभित्रै खुकुरी प्रहार गरी हत्या गरे।

खाँदवारी नपा-३ का सर्वसाधारण ५५ वर्षीय कुलवहादुर राई र उनकी पत्नी लक्षीमाया राईलाई माओवादीले जाँड बेचेको आरोपमा ०६१ साउन ४ गते पतिलाई अरुण नदीमा फ्याँकी पत्नीलाई गोली हानी हत्या गरे।

वानेश्वर गाविस-९ का सर्वसाधारण १८ वर्षीय प्रेमवहादुर भण्डारीको घरमा माओवादीहरुले झुण्ड्याएर राखेको वम विस्फोट हुँदा ०६१ पुस ९ गते विहान प्रेमवहादुर भण्डारीको घटनास्थलमै मृत्यु भयो। उनको भाई घाइते भइ खाँदवारी अस्पतालमा उपचार गराए।

अन्यबाट

भोजपुर जिल्ला कुलुङ गाविस-३ का माओवादी कार्यकर्ता जर्सिङ राईलाई ०६१ वैशाख १२ गते सोही ठाउँका विजय थापाले खुकुरी प्रहार गरी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

मकालु गाविस-२ की ४८ वर्षीय फरबुटी शेर्पालाई माओवादीले चुलामा वम पड्काई ०६१ वैशाख २८ गते घाइते बनाए।

जेल र बन्दीहरु

"घ" श्रेणीको संखुवासभा जेलको क्षमता २५ जनाको भए पनि कैद तोकिएका र नजरवन्दमा राखिएका गरी जम्मा ३२ जना बन्दी छन्। महिला र पुरुषको लागि दुई-दुई कोठाको व्यवस्था छ भने जेलभित्र पानी र चर्पीको व्यवस्था भए पनि ढलको व्यवस्था छैन। ३२ जना बन्दीहरुमध्ये १ जना महिलासहित २४ जना कैद तोकिएका छन्। २ जना महिलासहित ८ जना नजरवन्दमा राखिएका छन्। जेलभित्र मनोरञ्जनका लागि क्यारेमवोर्ड खेल्ने व्यवस्था छ। जेल भित्र १ जनालाई पसल राख्न दिइएको छ। पसलेलाई हप्तामा १ दिन सामान खरिद गर्न जाने सुविधा छ। आय-आर्जनको लागि जेलभित्र टोपी वुन्ने सुविधा पनि उपलवध गराइएको छ।

वेपत्ता / अपहरण

माओवादीबाट

सिद्धकाली गाविस-२ का २५ वर्षीय गणेश तामाङलाई चैनपुर गाविस-१ का योगेन्द्र दाहाल र मंगल लिम्बूलाई खुकुरी प्रहार गरी घाइते पारेर भाग्दै गर्दा मादीबाट ०६० फागुन १० गते माओवादीले अपहरण गरी १५ दिनपछि मुक्त गरे।

खाँदवारी नपा-३ का एमाले जिल्ला कमिटी सदस्य ४० वर्षीय जीतबहादुर घिमिरे र जिल्ला कमिटी सचिव ५० वर्षीय डेढराज खड्कालाई आफ्नो पार्टीको जनअभियान कार्यक्रमको सिलसिलामा वाला गाविस-२ पुगेको बेला ०६० चैत ५ गते माओवादीले अपहरण गरी ०६० चैत ७ गते सोही ठाउँमा ल्याई मुक्त गरे।

ताम्कु गाविस-१ का २० वर्षीय योगेश राई र १९ वर्षीय राजन राईलाई ०६१ वैशाख २ गते आफ्नै घरवाट माओवादीले अपहरण गरी ०६१ वैशाख ३ गते मुक्त गरे।

ताम्कु गाविस-३ का १७ वर्षीय सन्तोष राई, २३ वर्षीय ज्ञानबहादुर राई र सोही गाविस-२ का १४ वर्षीय गंगाबहादुर राईलाई ०६१ वैशाख २ गते माओवादीले अपहरण गरी वैशाख १५ गते आ-आफ्नै घरमा ल्याई मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	३	१	४	६	८	३	११	१४	१५	३	१६	३४
घाइते	१	१		१	२	२		२	१	१			१
गिरफ्तारी/यातना									३५	४८	३	२	५३
कुटपिट					६	९		९	२४	२८	१		२९
धम्की									२	३			३
वालअधिकार	१		१	१									
अपहरण					२९	३५	२	३७					
जम्मा	४	४	२	६	४३	५४	५	५९	७६	९५	७	१८	१२०

तामकु गाविस-२ का २७ वर्षीय ध्यानवहादुर राई र १९ वर्षीय नवीन राईलाई ०६१ वैशाख २ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी वैशाख १५ गते मुक्त गरे।

वाना गाविस-२ का भूपू गाविस अध्यक्ष ४० वर्षीय कुमारजंग राईलाई ०६१ वैशाख ३ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी ०६१ वैशाख ४ गते मुक्त गरे।

जलजला गाविस-२ का १२ वर्षीय विद्यार्थी कमल ढकाल, १४ वर्षीय सुवास ढकाल र १३ वर्षीय प्रवीण ढकाललाई ०६१ वैशाख २२ गते आफ्नै घरवाट माओवादीले अपहरण गरे। माओवादीको राजनीतिक शिविरमा सहभागी गराएर ०६१ वैशाख २६ गते मुक्त गरे।

शीतलपाटी गाविस-८ का ३५ वर्षीय घनश्याम गुरुङलाई प्रतिकार समिति गठन गरेको आरोपमा ०६१ वैशाख ३१ गते राति ९ बजे आफ्नै घरबाट माओवादीले अपहरण गरी असार २१ गते मुक्त गरे।

खराङ गाविस-१ की २८ वर्षीय मिना शाक्य शेर्पालाई सुराकीको आरोपमा ०६१ वैशाख १४ गते राति माओवादीले अपहरण गरी ०६१ साउन ६ गते मादीमा ल्याई मुक्त गरे।

पाथीभरा गाविस-४ का २५ वर्षीय मानध्वज राई, ३५ वर्षीय खड्गवहादुर राई र ३० वर्षीय हेकबहादुर राईलाई ०६१ वैशाख १ गते माओवादीले अपहरण गरी वैशाख २४ गते मुक्त गरे।

जलजला गाविस-८ का २८ वर्षीय हेमबहादुर खत्री र ३० वर्षीय अशोक न्यौपानेलाई ०६१ वैशाख ३१ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी कतै नजाने शर्तमा ०६१ जेठ १० गते मुक्त गरे।

स्यावुन गाविस-९ का ५० वर्षीय पदमनाथ दाहाललाई ०६१ जेठ २ गते माओवादीले घरवाट अपहरण गरेकोमा ०६१ जेठ ११ गते भागेर फर्किए।

वाना गाविस-८ का ३५ वर्षीय कुलवहादुर श्रेष्ठलाई आफ्नै बाबुसँग झगडा गरेको आरोपमा ०६१ जेठ १५ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी ०६१ असार ७ गते मुक्त गरे।

दिदिङ गाविस-४ का कृषक ४५ वर्षीय ओङगेल शेर्पालाई ०६१ जेठ २० गते माओवादीले आफ्नै घरवाट अपहरण गरी ०६१ जेठ २२ गते मुक्त गरे।

तामाफोक गाविस-५ का ३८ वर्षीय राजन पाखिनलाई ०६१ जेठ ३२ गते माओवादीले अपहरण गरी ०६१ असार ७ गते मुक्त गरे।

वाना गाविस-८ का शिक्षक ३० वर्षीय बुद्धिवहादुर श्रेष्ठलाई ०६१ असार २ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी ०६१ असार ४ गते मुक्त गरे।

खराङ गाविस-१ का ३५ वर्षीय विना रायमाझीलाई सुराकीको आरोपमा ०६१ असार १५ गते माओवादीले आफ्नै घरवाट अपहरण गरेकोमा ०६१ असार २४ गते भागेर सदरमुकाम फर्किन।

खराङ गाविस-१ का ५५ वर्षीय धर्मा शाक्यलाई सुराकीको आरोपमा ०६१ असार २० गते माओवादीले आफ्नै घरवाट अपहरण गरी ०६१ असार २३ गते मुक्त गरे।

सुनसरी जिल्लाका चैनपुर सशस्त्र प्रहरी वेस क्याम्पका प्रहरी जवान २५ वर्षीय प्रदीप चौधरीलाई ०६१ साउन ८ गते घरवाट फर्कंदै गर्दा आँखीभूइँ गाविस वैरेनीबाट माओवादीले अपहरण गरी कुटपिट गरेर जागिर छोड्ने शर्तमा ०६१ साउन २७ गते मुक्त गरे।

तामाफोक गाविस-८ का ४० वर्षीय प्रेमबहादुर गुरुङ र धर्मबहादुर गुरुङलाई ०६१ कार्तिक २ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी ०६१ कार्तिक ६ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

वाना गाविस-३ का कृषक ३० वर्षीय टंकबहादुर श्रेष्ठलाई ०६० पुस १८ गते खाँदबारीबाट गस्तीमा गएका सुरक्षाकर्मीले वाना बजारमा कुटपिट गरे।

वाना गाविस-२ का ४५ वर्षीय कुलबहादुर श्रेष्ठलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० पुस १९ गते खाँदबारीवाट गएका सुरक्षाकर्मीले कुटपिट गरे।

खाँदबारी नपा-१ का २२ वर्षीय नरेन्द्र राईलाई ०६० फागुन १२ गते पोखरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक क्याम्प लगी कुटपिट गरी बेलुका रिहा गरे।

खाँदवारी नपा-६ का विद्यार्थी १९ वर्षीय सञ्जय घलेलाई मोटरवाटोमा साइकल कुदाइरहेको बेला ०६० फागुन २० गते साँझपख प्रजिअका सुरक्षागार्डले कुटपिट गरे।

खाँदबारी नपा-६ का विद्यार्थी १६ वर्षीय प्रेमकुमार तामाङलाई खाँदवारी वजारवाट फर्कदै गर्दा ०६० फागुन २३ गते जिल्ला प्रशासन कार्यालय अगाडि प्रहरीले कुटपिट गरे

दिदिङ गाविस-४ का २२ वर्षीय रिन्जीन शेर्पालाई ०६० फागुन ३० गते खाँदवारी नपा-३ मानेभञ्ज्याङमा गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

खाँदवारी नपा-१० मा डेरा गरी वस्ने पाथीभरा गाविस-४ का २१ वर्षीय जंगवहादुर राईलाई ०६० चैत ८ गते सुरक्षाकर्मीले सैनिक क्याम्पमा पुऱ्याई कुटपिट गरे।

खराङ गाविस-४ का ४५ वर्षीय गंगाबहादुर अधिकारीलाई माओवादीको आरोपमा ०६० चैत २५ गते चैनपुरवाट गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

मत्स्यपोखरी गाविस-१ का १९ वर्षीय नीरवहादुर

थापालाई माओवादीको आरोपमा ०६१ वैशाख १३ गते खाँदवारीवाट गस्तीमा गएको सुरक्षाकर्मीले सुरक्षाकर्मीकै अघिल्लो टोलीलाई बाटो देखाएर फर्कँदै गर्दा आफ्नै घर छेउमा कुटपिट गरे।

स्यावुंन गाविस-५ का २० वर्षीय केवलमान मादेनलाई ०६१ जेठ २५ गते गस्तीमा गएका सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा गालामा गोली लागि घाइते भए।

सुनसरी जिल्ला धरान घर भएका व्यापारीहरु ३५ वर्षीय सन्दीप चौलागाईं र ३० वर्षीय अनिल धिमाललाई ०६१ असार ५ गते खाँदवारी वजारमा पैसा उठाउन आएको समयमा एक होटलमा वसेको अवस्थामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले होटलवाट वाहिर बोलाई कुटपिट गरी सैनिक क्याम्पसम्म पुऱ्याएर रिहा गरे।

स्यावुन गाविस-२ सिभुवाका १८ वर्षीय विद्यार्थी मुक्ति श्रेष्ठलाई ०६१ असार ४ गते खाँदवारीबाट गस्तीमा गएको सुरक्षाकर्मीले वाटोमा हिंडिरहेको अवस्थामा कुटपिट गरे।

वाना गाविस-२ का ४० वर्षीय टीकाप्रसाद गुरागाईं र ३५ वर्षीय मदन निरौलालाई माओवादीको आरोपमा ०६१ असार ४ गते तुम्लिङ्टारवाट गस्तीमा गएको प्रहरीले फर्कने क्रममा माओवादीले थापेको धरापमा परी तीनजना प्रहरीको मृत्यु भएपछि बारीमा कोदो रोपिरहेको वेला कुटपिट गरी ज्यानमार्ने धम्की समेत दिएको पीडित बताउँछन्।

स्यावुन गाविस-१ का २२ वर्षीय राजीन राईलाई माओवादीको आरोपमा ०६१ असार ५ गते सदरमुकामवाट गस्तिमा गएका सुरक्षाकर्मीले आफ्नै घरनजिक कुटपिट गरे।

वाला गाविस-३ का एमाले जिल्ला कमिटीका पूर्व सदस्य ४५ वर्षीय हस्तमान राईलाई एमालेको मुखपत्र नवयुग पत्रिका बोकेको आरोपमा ०६१ असार ६ गते खाँदबारी नपा-१ निरौलागाउँमा सुरक्षाकर्मीले कुटपिट गरे।

चेपुवा गाविस-३ घर भई खाँदवारी नपा-१० मा डेरा गरी वस्ने एमालेका जिल्ला कमिटी सदस्य ६० वर्षीय छिदाजुक भोटेलाई ०६१ साउन २९ गते प्रहरीले डेरामा गई खानतलासी गरी किताबहरु लुटी प्रहरी कार्यालय पुऱ्याएर तारिखमा रिहा गरे।

खाँदवारी नपा-३ का २४ वर्षीय विक्रम राई र २३ वर्षीय विनोद राईलाई ०६१ भदौ २४ गते तुम्लिङटारमा सुरक्षाकर्मीले कुटपिट गरे।

खाँदवारी नपा-११ का सर्वसाधारण १५ वर्षीय गणेश चर्मकारलाई आफ्नै बुवासँग झगडा गरेको आरोपमा ०६१ असोज ८ गते दिउँसो देवकोटा चोकमा सादा पोशाकमा आएका सुरक्षाकर्मीले कुटपिट गरे।

खाँदवारी नपा-१३ का २५ वर्षीय राजकुमार विक, २० वर्षीय तेजबहादुर विक र २७ वर्षीय पुष्प हलिदेलाई देउसी खेलिरहेको अवस्थामा ०६१ कार्तिक २६ गते सशस्त्र प्रहरीले कुटपिट गरे।

खाँदबारी नपा-३ का २३ वर्षीय कपुर घिमिरे र ३० वर्षीय विकास श्रेष्ठलाई ०६१ कार्तिक २९ गते तुम्लिङटारका सशस्त्र प्रहरीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

धुपु गाविस-३ का सर्वसाधारण २० वर्षीय निरवहादुर विकलाई माओवादीको आरोपमा ०६१ मंसिर १६ गते छिमेकीलाई निम्ता गर्न जाँदै गर्दा खाँदबारीवाट गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

ताक्कु गाविस-९ का ३५ वर्षीय रामवहादुर राईलाई ०६० माघ १४ गते ताक्कुबाट खाँदबारी आउँदै गर्दा माओवादीले सकेट बम विस्फोट गराई घाइते पारे।

खाँदवारी नपा-५ का दिदिङ गाविस जालपा निमाविका शिक्षक २८ वर्षीय वीरेन्द्र कोरडीलाई ०६० फागुन २५ गते विद्यालयको चौरमा माओवादीले कुटपिट गरे।

वाना गाविस-४ का शिक्षक ५० वर्षीय धनबहादुर बमजनलाई छिमेकी दलित केटीसँग यौन सम्पर्क राखेको आरोपमा ०६१ वैशाख ७ गते माओवादीले आफ्नै घरमा कुटपिट गरे।

खोराङ गाविस-१ का १८ वर्षीय भीमप्रसाद श्रेष्ठ, राजनकुमार तामाङ र छवी काफ्लेलाई ०६१ असार १ गते माओवादीले कुटपिट गरे।

शीतलपाटी गाविस-८ लामागाउँका ६० वर्षीय ठक्करवहादुर गुरुङ र ३५ वर्षीय प्रेमबहादुर गुरुङलाई ०६१ असार १८ गते माओवादीले आफ्नै घरमा आई कुटपिट गरे।

शीतलपाटी गाविस-८ का भूपू सैनिक ४५ वर्षीय उत्तरकुमार गुरुङलाई ०६१ कार्तिक ४ गते राति माओवादीले घरवाट केही पर लगेर कुटपिट गरे।

दिदिङ गाविस-५ का समाज विकास केन्द्रमा कार्यरत ३० वर्षीय निलम शेर्पालाई ०६१ पुस ७ गते राति ९ वजे माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ६८ वटा मुद्दा दर्ता भएकोमा ३४ फर्स्यौट भएको छ। जसमा, साधारण देवानी २६ मा १६ वाँकी, विशेष देवानी २ मा एक वाँकी, साधारण फौजदारी १४ मा ७ वाँकी, संक्षिप्त फौजदारी २ मा २ नै वाँकी र सरकारवादी फौजदारी २२ मा १३ वाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

संखुवासभा जिल्लामा हालसम्म १ सय १८ जना

विस्थापित भएका छन्। विस्थापित हुनेहरु पाथिभरा, हटिया, नुम, मकालु, माम्लिङ, मादीमुलखर्क जस्ता ठाउँका वढी छन्। विस्थापित हुनेहरु वढीजसो सदरमुकाम खाँदवारी र चैनपुरमा वसोवास गरेको र केही काठमाडौं गएको पाइन्छ। जिल्ला वस्नेहरु मोटर वाटो खनेर, भारी वोकेर, सानातिना पसल गरेर जीविकोपार्जन गरिरहेको पाइन्छ। हालसम्म २७ जनाले मात्र राहत पाएका छन्। सवै विस्थापित माओवादीको कारण भएको देखिन्छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

वाना गाविस-९ का विद्युत कार्यालयमा कार्यरत ३५ वर्षीय वमवहादुर राईलाई माओवादीको आरोपमा चैनपुरबाट गएका सुरक्षाकर्मीले ०६० पुस १० गते सिद्धकालीवाट गिरफ्तार गरेकोमा हाल जेलमा राखिएको छ।

शितलपाटी गाविस-८ का कृषक ३५ वर्षीय किशोर गुरुङलाई पत्नीको नागरिकता बनाउन आएको समयमा जिल्ला प्रशासन कार्यालयबाट ०६० पुस २० गते प्रहरीले गिरफ्तार गरी ०६० फागुन १ गते तारिखमा रिहा गरे।

खाँदबारी नपा-११ का जिविस कर्मचारी २७ वर्षीय नारायण कटुवाललाई तराईमा आफ्नो दाजुको विवाहमा जानको लागि पोखरी आएको बेला माओवादीको आरोपमा ०६० माघ २४ गते प्रहरीले गिरफ्तार गरी ०६० फागुन ६ गते रिहा गरे।

पावाखोला गाविस-३ का माओवादी कार्यकर्ता २५ वर्षीय भोकवहादुर गुरुङलाई ०६० फागुन ११ गते खाँदबारीबाट गस्तीमा गएका सुरक्षाकर्मीले मानेभञ्ज्याङवाट गिरफ्तार गरेकोमा हाल ढकालटार पुऱ्याइएको छ।

धुपु गाविस-५ का खेमबहादुर राईलाई माओवादीको आरोपमा ०६० फागुन १७ गते सुरक्षाकर्मीले खाँदवारी नपा-१ घिमिरेगाउँबाट गिरफ्तार गरी ०६० चैत २० गते रिहा गरे।

स्यावुन गाविस-८ का पूर्व गाविस अध्यक्ष एमालेका कार्यकर्ता हिन्दुकुमार राईलाई ०६० चैत ३ गते खाँदवारीबाट गस्तिमा गएका सुरक्षाकर्मीले आफ्नै घरवाट गिरफ्तार गरी भोलिपल्ट तारिखमा रिहा गरे।

पाथीभरा गाविस-५ घर भई खाँदवारी नपामा डेरा गरी वस्ने ३० वर्षीय रामसिंह राई र २२ वर्षीय वीरवहादुर राईलाई माओवादीको आरोपमा ०६० चैत ८ गते सुरक्षाकर्मीले आफ्नै कोठावाट गिरफ्तार गरी वेलुकी रिहा गरे।

पाथीभरा गाविस-४ का माओवादी कार्यकर्ता जीतवहादुर राईलाई ०६० चैत १० गते आत्मसमर्पण गर्न आएको वेला जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ वैशाख १ गते रिहा गरे।

जलजला गाविस-३ का ३० वर्षीय तीर्थबहादुर वस्नेतलाई माओवादीको आरोपमा ०६१ वैशाख ३ गते खाँदबारीवाट गस्तीमा गएका सुरक्षाकर्मीले आफ्नै घरवाट गिरफ्तार गरी वैशाख ६ गते रिहा गरे।

भोजपुर जिल्ला दोभाने गाविस-६ का २२ वर्षीय किपा शेर्पालाई माओवादीको आरोपमा ०६१ जेठ ३० गते तुम्लिङटारबाट प्रहरीले गिरफ्तार गरी ०६१ असार ४ गते खाँदबारीवाट रिहा गरे।

माओवादी कार्यकर्ताहरु माम्लिङ गाविस-७ का निमा शेर्पा र नुम गाविस-४ का बसन्तबहादुर विकलाई ०६१ साउन २० गते चैनपुरबाट गस्तीमा गएका सशस्त्र प्रहरीले मादी गाविसवाट गिरफ्तार गरेकोमा हाल जेलमा राखिएको छ।

नुम गाविस-७ का माओवादी कार्यकर्ता दिलकुमारी विक र केउरेपानी गाविस-९ का योगराज ढकाललाई ०६१ असोज ११ गते खाँदबारीबाट गस्तीमा गएका सुरक्षाकर्मीले सभापोखरी गाविस-९ फापुङबाट गिरफ्तार गरेकोमा हाल जेलमा राखिएको छ।

मूलखर्क गाविस-७ का माओवादी कार्यकर्ता दिनेशकुमार देवान र सिद्धपोखरी गाविस-४ का दिनदावा शेर्पालाई चैनपुर सशस्त्र प्रहरी वेस क्याम्पवाट ०६१ कार्तिक ११ गते गस्तीमा गएका सुरक्षाकर्मीले सिद्धपोखरीवाट गिरफ्तार गरी हाल खाँदबारी कारागारमा राखिएको छ।

मत्स्यपोखरी गाविस-२ का २२ वर्षीय दीपेन्द्र गुरुङलाई खाँदबारी आउँदै गर्दा माओवादीको आरोपमा ०६१ कार्तिक १२ गते मानेभञ्ज्याङबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हाल जिल्ला कारागारमा राखिएको छ।

चैनपुर गाविस-३ का २५ वर्षीय गोपाल श्रेष्ठ, २८ वर्षीय भरत शाक्य, सोही गाविस-४ का २० वर्षीय सुशील जोशी, २५ वर्षीय रञ्जन श्रेष्ठ र सोही गाविस-२ का ३५ वर्षीय अनिल जोशी र ३० वर्षीय विवेक श्रेष्ठलाई ०६१ कार्तिक २९ गते सुरक्षाकर्मीले आफ्नै घरवाट गिरफ्तार गरी कुटपिट गरेर भोलिपल्ट रिहा गरे।

नुम गाविस-६ का शंकर राईलाई खाँदवारी आएको समयमा माओवादीको आरोपमा ०६१ मंसिर ११ गते सुरक्षाकर्मीले खाँदबारी वजारवाट गिरफ्तार गरेकोमा हाल जेलमा राखिएको छ।

बालअधिकार

हटिया गाविस-४ की १४ वर्षीय वालिकालाई ०६० माघ १ गते खाँदवारी गाविस-५ पाङ्माका देउसे राईले खाँदवारी नपा-५ स्थित आफ्नै डेरामा बलात्कार गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा ६ जना पुरुष र ३ जना महिलाले झुण्डिएर तथा १ जनाले आफैं खुकुरी प्रहार गरी आत्महत्या गरे।

१.११ सप्तरी



जनसंख्या	:	६१८०१८
साक्षरता प्रतिशत	:	३९
महिला साक्षरता प्रतिशत	:	१७
क्षेत्रफल (वर्ग कि. मि.)	:	१३६३
गाविस/नपा संख्या	:	११४/१
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३१४
क्याम्पस/उच्च मा.वि.	:	२/९
अस्पताल/स्वास्थ्य चौकी	:	१/१२१
टेलिफोन लाइन	:	३४२०
मोटर सडक (कि. मि.)	:	३३०
प्रहरी कार्यालय संख्या	:	४२
हुलाक संख्या	:	११६
मानव विकास सूचकांक	:	०.४५३
प्रति परिवार सरदर संख्या	:	६.११

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

नर्घो गाविस-७ का ३२ वर्षीय रामविलाश राम तथा ताप्लेजुङ जिल्लाका मिलनकुमार गुरागाईंलाई माओवादीको आरोपमा ०६० माघ २ गते सुरक्षाकर्मीले नर्घो गाविस-७ खेतमा गोली प्रहार गर्दा मृत्यु भयो। पीडितहरुको लाश सुरक्षाकर्मीले मुतनी खोलामा फ्याँकिदिए।

कल्याणपुर गाविस-३ का ३० वर्षीय रमेशलाल राम माओवादीको आरोपमा ०६१ असार ४ गते सुरक्षाकर्मीद्वारा वोदेवर्साइन गाविस-३ वरसाइन बजारमा गोली हानी मारिए। लाश माओवादीले लगी सद्गत गरे।

नेगडा गाविस-४ का २८ वर्षीय उमेश यादव माओवादीको आरोपमा ०६१ पुस १ गते सुरक्षाकर्मीद्वारा काचन गाविस-६ बाट पक्राउ गरी वेल्ही गाविसको विहुल भन्ने चापिन खोलामा पुऱ्याई गोली हानी मारिए। लाश माओवादीले लिएर गए।

माओवादीबाट

वेल्ही गाविस-४ का अलिजन मिया, जमिर मिया, गुदीस मिया, टिकुलीया गाविस-७ का माउद्दिन मिया, मल्हनिया गाविस-४ का इसर मिया, बनरझुला गाविस-१ का मजीत मिया र मल्हनिया गाविस-१ का रमा यादवलाई डाँकाको आरोपमा ०६० फागुन १८ गते माओवादीले कुटपिट गर्नुका साथै धारिलो हतियारले घाँटी रेटेर तथा पासो लगाएर गोली हानी हत्या गरे। माओवादीले लाश बलान खोलामा फ्याँकिदिए।

जण्डौल गाविस-४ का ३५ वर्षीय रामवृक्ष सिंहलाई सुराकीको आरोपमा ०६० चैत २ गते माओवादीले जण्डौल गाविसको महेन्द्र राजमार्गमा पर्ने जण्डौल बजारमा गोली हानी हत्या गरे।

सिरहा जिल्ला भगवानपुर गाविस-१ का नेकाँका महासमिति सदस्य ३० वर्षीय सुशीलकुमार यादवलाई ०६१ जेठ ३ गते माओवादीले मल्हनिया गाविस-१ स्थित आफन्तको घरबाट अपहरण गरी बलान खोलामा पुऱ्याई गोली हानी हत्या गरे।

लोहजरा गाविस-१ का ७० वर्षीय सोनाई मेहता, उनकै छोरा ४७ वर्षीय महिनारायण मेहता र बकधुवा गाविस-४ का ४५ वर्षीय बेचन यादवलाई माओवादीको हत्यामा संलग्न भएका आरोपमा ०६१ साउन १४ गते माओवादीले लोहजरामा धारिलो हतियार प्रहार गरी हत्या गरे।

लोहजरा गाविस-४ का ४६ वर्षीय गेनालाल मण्डललाई माओवादीको हत्यामा संलग्न भएको आरोपमा ०६१ भदौ १४ गते माओवादीले लोहजरा गाविस-४ मा धारिलो हतियारले घाँटी रेटेर हत्या गरे।

कटैया गाविस-८ का ४२ वर्षीय दामोदर साहलाई सुराकीको आरोपमा ०६१ असोज १७ गते माओवादीले अपहरण गरी हत्या गरे। लाश वेल्हीको पाची खोलामा गाडिदिए।

पर्सा जिल्ला हरपटगञ्ज गाविस-६ का प्रहरी हवल्दार ३० वर्षीय राजेश पुरी र सिन्धुली जिल्ला घर भई

रुपनी संयुक्त सुरक्षा क्याम्पमा कार्यरत सैनिक हवल्दार ३२ वर्षीय डम्वरबहादुर कार्कीलाई ०६१ असोज २० गते माओवादीले रायपुर गाविस-७ रुपनीवजारमा गोली हानी हत्या गरे।

मैना सहस्रबाहु गाविस-६ का ३२ वर्षीय महमद जाकीरलाई डाँका भएको आरोपमा ०६१ मंसिर १९ गते माओवादीले खाँडो नदीको किनारमा लगी गोली हानी हत्या गरे।

अन्यबाट

झापा जिल्ला पृथ्वीनगरका ३८ वर्षीय हिरा तामाङ् र सिरहा जिल्ला धनगढी गाविस-८ का ३५ वर्षीय विवेक थिङ्लाई माओवादीको नाममा चन्दा उठाइरहेका कारण ०६० फागुन २२ गते मधुपट्टी गाविसको कदमाहा चोकमा स्थानीय व्यक्तिहरुले कुटपिट गरी हत्या गरे।

लोहजरा गाविस-६ का ३० वर्षीय जीवानन्द यादवलाई माओवादी भएको आरोपमा ०६१ साउन ९ गते सोही गाविस-४ का सत्यनारायण मण्डलले खुकुरी प्रहार गरी हत्या गरे। पीडक थुनामा छन्।

शम्भुनाथ गाविस-३ की २० वर्षीय कमलावती सदालाई ०६१ भदौ १ गते पति प्रितमलाल सदाले भनेको नमानेको भनी टाउकोमा बञ्चरोले हानी हत्या गरे। पीडक फरार भएको अवस्थामा सवारी साधनले किचेर खोक्सर गाविस-४ मा मृत्यु भयो।

राजविराज नपा-९ का सीतादेवी शर्मा सुतिहारलाई ०६१ मंसिर ३० गते पति भोलाप्रसाद शर्माले धारिलो हतियारले काटी हत्या गरे। पीडक फरार छन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

भारत कुनौली घर भई सप्तरी जिल्ला मलेकपुर गाविस-१ मा पाहुना आएका १४ वर्षीय हरिवचन सदा ०६१ साउन २० गते मलेकपुर गाविस-१ मा सेनाको गोली लागी घाइते भए। जनदबाबका कारण पीडितलाई सेनाले उपचार गरे।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ३४ वर्षीय राजकुमार यादवलाई ०६० पुस २७ गते इनरुवा गाविसको नहरमा माओवादीले गोली हानी घाइते बनाए।

बथनाहा गाविस-३ का ३४ वर्षीय प्रमोद यादवलाई ०६० माघ ९ गते माओवादीले कुटपिट गरी बम विस्फोट गरी घाइते बनाए।

पटेहर्वा गाविस-९ का ३० वर्षीय पाण्डव मण्डल, २५ वर्षीय अर्जीदास मण्डल, ५५ वर्षीय विरजी मण्डलसमेतलाई ०६० माघ १० गते माओवादीले ज्यानमार्ने धम्की दिई हजारौं नगद तथा जिन्सी सामानहरु लुट्नुका साथै पाण्डव मण्डललाई छुरा प्रहार गरी घाइते बनाए।

पन्सेरा गाविस-६ का ५० वर्षीय अमिन मियालाई ०६१ असार १ गते माओवादीले अपहरण गरी गोली हानी घाइते बनाए। पीडितको उपचार सगरमाथा अञ्चल अस्पतालमा गरियो।

घोघनपुर गाविस-१ का वन उपभोक्ता समितिका अध्यक्ष ४२ वर्षीय बलदेव चौधरीलाई वन समितिको रकम हिनामिना गरेको आरोपमा ०६१ साउन २३ गते माओवादीले कुटपिट गरी घाइते बनाए। पीडितको गाइघाटमा उपचार गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१२	११	५		१६	८	१६		१६	४	४			४
घाइते	३	३			३	१	१		१	३	३			३
बम विस्फोट						२		२	२					
गिरफ्तारी / यातना										२३	४१	२		४३
कुटपिट	१२	२१	८		२९	४	९		९	१३	१६			१६
धम्की	२	३			३	६	६		६	१	३			३
भेला / संगठित हुने अधिकार										२	५		१	६
जातीय विभेद	८	८	३	२५१	२६२									
महिलाअधिकार	१०		११		११									
बालअधिकार	३	१	२		३					१		१		१
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार						३	३		३					
अमानवीय व्यवहार	२	३			३									
अपहरण						१६	२२		२२					
जम्मा	५३	५०	२९	२५१	३३०	४१	५८	२	६०	४६	६४	३	१	६८

जेल र बन्दीहरु

कूल १ सय २५ जनाको क्षमता भएको राजविराज जेल 'ग' श्रेणीको हो। यस जेलमा १ महिला र ४९ पुरुष गरी ५० थुनुवा तथा १ महिला ५९ र पुरुष गरी ६० वन्दी गरी कूल १ सय १० जना बन्दी छन्। यहाँ ७ जना राजनीतिक बन्दीहरु रहेका छन्। अनौपचारिक शिक्षाको व्यवस्था, पुस्तकालय र पत्रपत्रिका, सीपमूलक तालिमवाट उत्पादित सामानको वजार व्यवस्था, खेल सामग्रीको व्यवस्था र बन्दी हुने वित्तिकै ओढ्ने-ओच्छयाउने कपडाको व्यवस्था हुनुपर्ने बन्दीको माग छ। भवनको जिर्णोद्धार गरिनुपर्ने, जग्गाको संरक्षण गरिनुपर्ने, जेलमा सूचना प्रविधिको आधुनिकीकरण गरिनुपर्ने धारणा जेलर दीपक कोइरालाको छ।

बेपता / अपहरण

माओवादीबाट

कञ्चनपुर गाविस-६ का वकधुवा गाविस सचिव ३० वर्षीय राजेन्द्रप्रसाद ठाकुरलाई ०६१ जेठ ११ गते माओवादीले कार्यालयबाट अपहरण गरी ३ दिनपछि मुक्त गरे।

राजविराज नपा-१ का कृषि विकास बैंक, राजविराजमा कार्यरत ३० वर्षीय अधनु सेठलाई ०६१ जेठ १५ गते माओवादीले अपरहण गरी २ दिनपछि मुक्त गरे।

भगवतपुर गाविस-८ घर भई जिल्ला प्रहरी कार्यालयका असई ३० वर्षीय राजनारायण मण्डललाई ०६१ असार ११ गते घर जाँदै गर्दा बाटोबाट माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

राजविराज नपा-७ घर भई निमावि, सखुवाका प्रधानाध्यापक रामेश्वर मण्डललाई ०६१ असार १९ गते माओवादीले विद्यालयबाट अपहरण गरी २ दिनपछि मुक्त गरे।

प्रसवनी गाविस-५ का ६७ वर्षीय खुशीलाल चौधरी, ३० वर्षीय धमेन्द्र चौधरी, ३० वर्षीय सन्तोष चौधरी र ३० वर्षीय अशोक चौधरीलाई सुराकीको आरोपमा ०६१ असार २५ गते माओवादीले घरवाट अपहरण गरी १० दिनपछि मुक्त गरे।

सुनसरी जिल्ला घर भई वसका मजदुर केदार कार्कीलाई ०६१ साउन ३ गते माओवादीले वीरेन्द्र वजारवाट अपहरण गरी २ दिनपछि मुक्त गरे।

सिरहा जिल्ला लहानस्थित डिभिजन सडक कार्यालयका इन्जिनियर ४६ वर्षीय हरिभक्त श्रेष्ठलाई ०६१ साउन ४ गते कठौना वजारवाट माओवादीले अपहरण गरी २ दिनपछि मुक्त गरे।

पकरी गाविस-७ घर भई सशस्त्र प्रहरी गुल्म, राजविराजका प्रहरी जवान ३० वर्षीय शिवशंकर इसरलाई ०६१ साउन ११ गते माओवादीले घरवाट अपहरण गरे। मानवअधिकारकर्मीहरुको पहलमा ३ दिनपछि मुक्त गरे।

हरिहरपुर गाविस-१ का ४५ वर्षीय बद्रीनारायण चौधरीलाई सुराकीको आरोपमा ०६१ भदौ २६ गते माओवादीले घरवाट अपहरण गरी ५ दिनपछि मुक्त गरे।

राजविराज नपा-७ घर भई रायपुर माविमा कार्यरत प्रधानाध्यापक ५० वर्षीय भागवत यादवलाई भ्रष्टाचार गरेको आरोपमा ०६१ भदौ ३१ गते माओवादीले विद्यालयवाट अपहरण गरी ५ दिनपछि मुक्त गरे।

पकरी गाविस-९ का ३५ वर्षीय रामकिशुन यादवलाई ०६१ असोज ११ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

लालापट्टी गाविस-९ का ४० वर्षीय गोविन्द मण्डललाई ०६१ असोज २५ गते माओवादीले घर जाँदै गर्दा बाटोमा पर्ने नहरवाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

लोहजरा गाविस-२ का २० वर्षीय सीयाराम यादवलाई ०६१ असोज २९ गते माओवादीले घरवाट अपहरण गरी ५ दिनपछि मुक्त गरे।

पिप्रापूर्व गाविस-८ का २९ वर्षीय मोहम्मद हजरत र बैरवा गाविस-९ का २८ वर्षीय मजलुम मन्सुरीलाई बलात्कार गरेको आरोपमा ०६१ कार्तिक १३ गते माओवादीले अपहरण गरेकोमा १० दिनपछि भागेर आए।

धरमपुर गाविस-६ का १३ वर्षीय वीरेन्द्र साह र २५ वर्षीय हरेराम मालीलाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६१ मंसिर १८ गते माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

ओद्राहा गाविस-८ का श्याम चौधरी र सोही गाविस-४ का प्रकाश चौधरीलाई माओवादीको नाममा गाविस भवन तोडफोड गरेको आरोपमा ०६१ मंसिर २१ गते माओवादीले घरवाट अपहरण गरी २ दिनपछि मुक्त गरे।

माओवादीद्वारा बेल्ही गाविसमा मारिएकाहरु

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

राजविराज नपा-६ का २५ वर्षीय सुजित पोखरेल, २० वर्षीय अजित पौडेल तथा इटहरी विष्णुपुरका २५ वर्षीय सुरेन्द्र यादवलाई विद्यार्थीको जुलुसमा प्रहरीले ज्यादती गरेकोमा विरोध जनाएका कारण ०६० फागुन १२ गते प्रहरीले धम्की दिई दुर्व्यवहार गरे।

लालापट्टी गाविस-२ का अनेरास्ववियु केन्द्रीय सदस्य दिनेशकुमार यादवलाई ०६१ वैशाख १८ गते महेन्द्रको शालिकमा मोसो दलेको आरोपमा प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

कञ्चनपुर गाविस-३ का ३३ वर्षीय जीवछ सरदारलाई बस भाडा मागेको आरोपमा ०६१ जेठ २३ गते कञ्चनपुर प्रहरी कार्यालयमा कार्यरत असई मीनबहादुर कार्कीले कुटपिट गरे।

कमलपुर गाविस-४ का २२ वर्षीय सुरेन्द्र यादव र २५ वर्षीय जगदीश यादवलाई लेनदेनको विषयमा उजुरी परेको भनी ०६१ साउन ९ गते फत्तेपुर संयुक्त सुरक्षा क्याम्पका सैनिकले कुटपिट गरे।

कमलपुर गाविस-२ का ४५ वर्षीय प्रितमलाल खंग खत्वेलाई बेचेको जग्गामा हकदावी मुद्दा हालेको आरोपमा ०६१ साउन १४ गते संयुक्त सुरक्षा क्याम्प फत्तेपुरका सैनिकले कुटपिट गरे।

राजविराज नपा-१ का रिक्सा चालक ३० वर्षीय महेन्द्र यादवलाई ०६१ साउन १६ गते रिक्सा पार्किङ्को विषयलाई लिएर सेनाले कुटपिट गरे।

राजविराज नपा-८ का ३० वर्षीय विभाकर मिश्रलाई ०६१ साउन २१ गते राजविराज सैनिक क्याम्पका सैनिकले मरणासन्न हुनेगरी कुटपिट गरे। उनको उपचार सगरमाथा अञ्चल अस्पतालमा गरियो।

इनरुवा गाविस-१ का ३५ वर्षीय महेश्वर खंग खत्वेलाई ०६१ भदौ ४ गते मौखिक उजुरीका आधारमा इलाका प्रहरी कार्यालय हनुमाननगरका सई नेत्रबहादुरले कुटपिट गरी हातको हड्डी भाँचिदिए। पीडितले अदालतमा निवेदन दिए।

माओवादीद्वारा मारिएका सोनही मेहेता र महिनारायण मेहता

इलाका प्रहरी कार्यालय हनुमाननगरका सई ३८ वर्षीय नेत्रबहादुरलाई ०६१ भदौ १४ गते गलत नगर्न भनेकै कारण सशस्त्र प्रहरी गण वरमझियामा कार्यरत सई नवराज खत्रीले कुर्सी प्रहार गरी कुटपिट गरे। पीडकलाई विभागीय कारवाही भएको प्रहरीले जनाए।

कमलपुर गाविस-६ का ५० वर्षीय महेन्द्र यादव, ३५ वर्षीय इन्द्रनारायण पैकरा र २८ वर्षीय जागेश्वर साहलाई माओवादीले तुल झुण्डाएको बारेमा नवताएको भनी ०६१ असोज १४ गते फत्तेपुर सुरक्षा क्याम्पमा कार्यरत सैनिकले कुटपिट गरे।

सकरपुरा गाविस-७ का ४२ वर्षीय हरिलाल मुखियालाई दण्डभन्दा बढी पैसा मागेको विषयमा जानकारी लिन खोजेका कारण ०६१ कार्तिक २२ गते इलाका प्रहरी कार्यालय हनुमाननगरका सई नेत्रबहादुरले कानको जाली फुट्ने गरी कुटपिट गरे।

सेहरा गाविस-७ का १५ वर्षीय रामविहारी यादव र १४ वर्षीय योगेन्द्र मण्डललाई ०६१ मंसिर १३ गते नेविसंघको जिल्ला अधिवेशनमा भाग लिन आइरहेको समयमा रुपनी सुरक्षा क्याम्पमा कार्यरत सेनाले शम्भुनाथचोकमा बस रोकी कुटपिट गरे।

माओवादीबाट

कल्याणपुर गाविस-३ का चन्द्र गुरुङलाई ०६० पुस १९ गते माओवादीले ज्यानमार्ने धम्की दिई १ लाख ७५ हजार रुपैयाँ लुटेर लगे।

बकधुवा गाविस-१ का राजेन्द्र यादवलाई चन्दा दिन नमानेको भनी ०६० माघ १२ गते माओवादीले आफ्नै घरमा कुटपिट गरे।

रामपुर मल्हनिया गाविस-५ का सीताराम यादवलाई चन्दा नदिएको आरोपमा ०६० चैत १६ गते माओवादीले कुटपिट गरी १० हजार रुपैयाँ लुटेर लगे।

भारदह गाविस-१ का बनारसी महतो र उमेश महतोलाई ०६१ जेठ १० गते आफूलाई माओवादी बताउने हतियारधारी समूहले कुटपिट गरी औषधी पसलमा रहेको नगद लुटेर लगे।

वकधुवा गाविस-२ का ४५ वर्षीय हदिस मियालाई कल्भर्ट बनाउँदा भ्रष्टाचार गरेको आरोपमा ०६१ असार १८ गते माओवादीले ज्यान मार्ने धम्की दिए।

कल्याणपुर गाविस-३ स्वावलम्बन बैंकमा कार्यरत ३० वर्षीय सुजन न्यौपानेलाई ०६१ साउन १७ गते माओवादीले ज्यानमार्ने धम्की दिई १४ हजार रुपैयाँ लुटेर लगे।

तेरहौता गाविस-३ का सरस्वती सामुदायिक विकासका अध्यक्ष ३५ वर्षीय दीलिप चौधरीलाई दलितलाई उक्साएको आरोपमा ०६१ भदौ २३ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

राजविराज ग्रामीण वैंकमा कार्यरत कर्मचारी २४ वर्षीय अनिलकुमार झालाई आफूलाई ०६१ भदौ २४ गते माओवादीले फर्सेठ गाविस-१ स्थित नहरको छेउमा ज्यानमार्ने धम्की दिई २० हजार रुपैयाँ नगद लुटेर लगे।

भारदह गाविस-१ का ३२ वर्षीय सुरेन्द्र माझीलाई ०६१ असोज ९ गते माओवादीले ज्यानमार्ने धम्की दिई कञ्चनपुर गाविस-३ मा रहेको उनको होटलमा तोडफोड गरे।

नर्घो गाविस-३ स्थित नर्घो माविमा कार्यरत शिक्षक शम्भु अधिकारी तथा वेल्ही भन्सारका खरिदार ३५ वर्षीय प्रेमबहादुर खड्कालाई ०६१ असोज २५ गते तराई मुक्ति मोर्चाका सदस्यले जागिर छाडेर नगए ज्यानमार्ने धम्की दिए।

वकधुवा गाविस-९ का रामचरित्र ठाकुरलाई ०६१ पुस ५ गते माओवादीले कुटपिट गरी पसल तोडफोड गर्दै ६० हजार नगदसहित अपहरण गरी लोहजरामा लगी खुट्टा भाँचेर मुक्त गरे।

पत्रकार वैद्यनाथ यादवलाई पत्रिकामा माओवादी नेतृत्वमा व्यापक परिवर्तन भन्ने शीर्षकको समाचार प्रकाशित गरेको आरोपमा ०६१ पुस ११ गते माओवादी सेक्रेटरी अमरले ज्यानमार्ने धम्की दिएको पत्रकार यादवले प्रेस विज्ञप्तिमार्फत् जानकारी गराए। उनलाई ज्यानमार्ने धम्की नदिइएको तर समाचार प्रकाशित गर्दा आधिकारिक श्रोत उल्लेख गर्न भनी चेतावनी दिएको माओवादीले सार्वजनिक गरे।

अन्यबाट

पोर्ताहा घर भएका पत्रकार जीतेन्द्र खड्कालाई समाचार प्रकाशित नगरेको आरोपमा ०६१ वैशाख २२ गते राजविराज नपा-३ का परवेज अन्सारीले हातपात गरी दुर्व्यवहार गरे। पत्रकार महासंघद्वारा पीडकलाई माफी मगाई मिलापत्र गराइयो।

पत्रकार श्यामसुन्दर यादवलाई "प्रधानाध्यापकद्वारा विद्यालयको रकम भ्रष्टाचार" शीर्षकको समाचार राजविराज टुडे दैनिकमा प्रकाशित गरेको आरोपमा ०६१ साउन २२ गते खुरहुरिया माविका शिक्षक बमभोला यादवले हातपात गरी दुर्व्यवहार गरे। पीडकलाई माफी मगाई मिलापत्र गराइयो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु, नेविसंघ र नेविमञ्चको संयुक्त आयोजनामा "नेपालमा राजतन्त्रको सान्दर्भिकता" विषयक विचार गोष्ठी भइरहेको समयमा ०६० पुस २४ गते सेनाले कार्यक्रमस्थल राजविराज नपा-३ नेता चोकमा रहेको कुर्सी टेवुल फ्याँकेर बिथोल्ने प्रयास गऱ्यो।

राजविराज नपा-३ का नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, छिन्नमस्ता गाविस-७ का अनेरास्ववियु जिल्ला अध्यक्ष केदार यादव र राजविराज-७ का नेकाँ (प्रजातान्त्रिक) नगर अध्यक्ष २३ वर्षीय ध्रुव देवको विरोधमा गैरकानुनी गिरफ्तार गरेको भनी ०६० फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा हिरासतमा अनसन बसे। २४ घण्टापछि माग पूरा भएपछि अनसन तोडेका थिए।

वोरीया गाविस-४ का ४५ वर्षीय शंकर देवलाई सडकमा हिँडिरहेको अवस्थामा विद्यार्थीहरुले गर्न लागेको कार्यक्रम हेरिरहेको भनी ०६१ वैशाख १८ गते सुरक्षाकर्मीले लाठीचार्ज गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

आर्थिक वर्ष ०६०/०६१ मा जिल्ला अदालतमा दायर भएका मुद्दा संख्या १ हजार ९ सय वटा, गत आर्थिक वर्षवाट जिम्मेवारी सरेर आएका मुद्दा संख्या १ हजार ९ सय ५५ समेत गरी कूल ३ हजार ८ सय ५५ वटा मुद्दा रहेकोमा ०६०/०६१ मा दायर भएका मुद्दा संख्या १ हजार ९ सयमध्ये दुनियावादी देवानी १ हजार ४ सय ४८, दुनियावादी फौजदारी ३ सय ८५, सरकारी फौजदारी ६७ र गत आर्थिक वर्षको जम्मा मुद्दा १ हजार ९ सय ५५ मध्ये दुनियावादी देवानी १ हजार ४ सय ९०, दुनियावादी फौजदारी ४ सय ४ र सरकारी फौजदारी ६० र सरकारवादी देवानी १ वटा मुद्दा रहेको थियो।



माओवादीद्वारा मारिएका गोपाललाल मण्डल, सुनिलकुमार यादव र वचन यादव

गत आर्थिक वर्ष ०५९/०६० मा लगत कायम देखिएका ३ जार ९ सय ८९ वटा मुद्दामा दुनियावादी देवानीमा ३ हजार ९८ थान मध्ये १ हजार ६ सय ८ फर्स्यौट भई १ हजार ४ सय ९० बाँकी, दुनियावादी फौजदारी ७ सय ८५ मध्ये ३ सय ८१ वटा फर्स्यौट भई ४ सय ४ बाँकी, सरकारी फौजदारी १ सय ४ वटा मध्ये ४४ वटा फर्स्यौट भई ४० थान बाँकी र सरकारवादी देवानी १ थान फर्स्यौट हुन बाँकी थिए। आर्थिक वर्ष ०६०/०६१ मा लगत कायम देखिएका कूल मुद्दा संख्या ३ हजार ८ सय ५५ मा दुनियावादी देवानी २ हजार ९ सय ३० मध्ये १ हजार ५ सय ४२ वटा फर्स्यौट भई १ हजार ३ सय ९२ थान बाँकी, दुनियावादी फौजदारी ७ सय ९२ मध्ये ४ सय ३२ वटा फर्स्यौट भई ३ सय ६० थान बाँकी, सरकारवादी फौजदारी १ सय २७ मध्ये ७२ वटा फर्स्यौट भई ५५ थान बाँकी र सरकारी देवानी १ थान फर्स्यौट भए।

यसरी गत आर्थिक वर्ष ०५९/०६० मा कूल मुद्दा संख्या ३ हजार ९ सय ८९ मध्ये २ हजार ३४ वटा फर्स्यौट भए र ०६०/०६१ मा रहेका कूल मुद्दा संख्या ३ हजार ८ सय ५५ मध्ये २ हजार ४७ वटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

भारदह गाविस-१ कोशी नदीको किनारमा बसेका १ सय ५० घर सुकुम्बासीलाई हट्नका लागि जिल्ला प्रशासन कार्यालयले ०६० चैत २ गते सूचना जारी गऱ्यो। जन दवाबका कारण उक्त निर्णय फिर्ता लिइएको थियो।

बदगामा गाविस-९ का २७ परिवार सुकुम्बासी मुसहरहरुलाई आफूले बसोबास गरिरहेको जग्गाबाट उठिबास लगाउन स्थानीय जमिन्दार नरेन्द्रप्रसाद सिंहले ०६१ जेठ २८ गते मालपोत कार्यालयमा कारवाही चलाए।

भूमि, नागरिकता र आरक्षणका लागि संयुक्त संघर्ष समिति सप्तरी, सिरहा समेतका दलित संघ-संस्थाको आयोजनामा राजविराजमा ०६१ असोज १३ गतेदेखि ५ सय दलितले ४८ घण्टे अनसन गरी असोज १५ गते १० औं हजारको उपस्थितिमा बृहत् सभा सम्पन्न गरे।

माओवादीद्वारा धम्की दिइएका पत्रकार बैद्यनाथ यादव

यसवर्ष ४ हजार ४ सय ७ जना सुकुम्बासीले जग्गा पाउन भुमिसुधार कार्यालयमा निवेदन दिए। गत वर्ष २ सय ४४ सुकुम्बासी र ६० अव्यवस्थित बसोबास अन्तर्गत निवेदन परेको २ सय ९० सुकुम्बासी र ७ सय ७५ अव्यवस्थित बसोबास अन्तर्गत सुकुम्बासीलाई ३ सय ३७ र अन्य व्यक्तिलाई ४ सय ९९ जग्गा धनी पूर्जा वितरण गरियो। ५३ सुकुम्बासी र २ सय ५५ अवस्थित बसोबास अन्तर्गत ३ विगाह ३ कठ्ठा ६ धुर सुकुम्बासीलाई र १ सय ५१ विगाह ४ कठ्ठा १३ धुर अव्यवस्थित बसोबासलाई जग्गा दिने निर्णय भई अनुमोदन भएको तर वितरण गर्न बाँकी रहेको भूमिसुधार कार्यालयले जनायो।

जिल्ला शिक्षा कार्यालयबाट प्राप्त तथ्यांकअनुसार, महिला शिक्षा कार्यक्रमअन्तर्गत १ हजार ४६ जना छात्रालाई ३ सय रुपैयाँका दरले ३१ लाख ३८ हजार रुपैयाँ, माध्यमिक छात्र छात्रावृत्ति कक्षा ९ र १० का लागि छात्रवृत्ति १ सय जनालाई १ हजार रुपैयाँका दरले १ लाख रुपैयाँ, प्रोत्साहन छात्रा छात्रवृत्ति १० जनालाई १ हजारका दरले १ लाख रुपैयाँ, विशेष लक्षित समूहका लागि छात्रवृत्ति ५ सय २४ छात्र र १ हजार ४ सय ७६ छात्रा गरी २ हजारलाई २ सय ५० रुपैयाँका दरले जम्मा ५ लाख रुपैयाँ, राष्ट्रिय छात्रवृत्ति कार्यक्रमअन्तर्गत २ हजार ८ सय ३९ जनालाई २ सय ५० रुपैयाँका दरले ७ लाख ९ हजार ७ सय ५० रुपैयाँ, स्थानीय छात्र छात्रावृत्तिकक्षा ६ देखि दशसम्म ६ सय देखि १ हजार रुपैयाँका दरले ५३ जनालाई जम्मा ४२ हजार रुपैयाँ विशेष छात्रवृत्ति ५० जनालाई ५ सयका दरले २५ हजार रुपैयाँ र माध्यमिक शिक्षा सहयोग कार्यक्रमअन्तर्गत ४५ जना कक्षा ६ का छात्र-छात्रालाई १ हजार रुपैयाँका दरले ४५ हजार रुपैयाँ छात्रवृत्ति रकम वितरण गरिएको छ।

जिविसले जनाएअनुसार यस जिल्लामा जेष्ठ नागरिक १ हजार ८ सय ८८ पुरुष र १ हजार ६ सय ७८ महिला गरी जम्मा ३ हजार ५ सय ६६ जना छन् भने असहाय विधवा महिलाको संख्या ६ हजार ६ सय १३ छ। कूल जम्मा जेष्ठ नागरिक, असहाय, विधवा र अपांगको संख्या १० हजार २ सय २९ छ। आर्थिक वर्ष ०६०/०६१ मा सामाजिक सुरक्षावापत् निकाशा गरिएको १२ लाख ६८ हजार ६ सय रुपैयाँ वितरण भएको र यस वर्ष ०६१ मंसिर मसान्तसम्ममा ५८ लाख ५४ हजार २ सय रुपैयाँ निकाशा भई आएको तर वितरण हुन बाँकी नै रहेको जिविसले जनायो।

विस्थापन

यस वर्ष सशस्त्र द्वन्द्वका कारण १६ घरका ३६ महिला र ४९ पुरुष गरी जम्मा ८५ जना विस्थापित भए। विस्थापित हुनेहरु सबैजसो माओवादीका कारण विस्थापित भएका छन्। विस्थापित हुनेहरुमा राजनीतिक कार्यकर्ता र निवर्तमान जनप्रतिनिधि छन्। उनीहरुमध्ये

प्राय: सदरमुकाम राजविराज र केही भारतमा बस्दै आएका छन्। हालसम्म रेकर्ड मात्र तयार पारिएको र कुनै सुविधा उपलब्ध नगराइएको जिल्ला प्रशासन कार्यालयले जनायो।

संरचना/सम्पत्ति क्षति

यस वर्ष माओवादीले गाविस भवन, प्रहरी कार्यालय, हुलाक, स्वास्थ्य चौकी र सवारी साधन गरी १२ संरचनामा आक्रमण गरी क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

राजविराज नपा-२ का ३० वर्षीय दिलिप झालाई नागरिकता बनाउन लाइनमा बस्दा प्रहरीको जवाफ फर्काएको आरोपमा ०६० पुस १७ गते प्रजिअका सुरक्षा गार्ड प्रहरी जवान खड्ग श्रेष्ठले कुटपिट गरी बन्दुक खोस्न खोजेको भनी गिरफ्तार गरी सार्वजनिक अपराधमा मुद्दा चलाइ रिहा गरे।

लालापट्टी गाविस-२ का अनेरास्ववियु केन्द्रीय सदस्य ३२ वर्षीय दिनेश यादव, जिल्ला अध्यक्ष ३२ वर्षीय केदार यादव, नेविसंघ केन्द्रीय सदस्य ३३ वर्षीय इर्साद अन्सारी, जिल्ला अध्यक्ष ३० वर्षीय अर्जुन साहसमेतलाई सोही जुलुसमा सहभागी भएको भनी ०६० माघ १४ गते प्रहरीले गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

बकधुवा गाविस-१ का ३० वर्षीय विन्दी शर्मा र ३२ वर्षीय सुकदेव शर्मालाई प्रहरीलाई कुटेको आरोपमा ०६० माघ १६ गते प्रहरीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

फत्तेपुर गाविस-४ का २५ वर्षीय पुष्प बस्नेत, गोष्ठी गाविस-३ का ३० वर्षीय कपिलेश्वर सरदार, प्रसवनी गाविस-८ का ३३ वर्षीय सञ्जय मण्डल, जगतपुर गाविस-९ का २० वर्षीय उषा कार्की, प्रसवनी गाविस-५ का २० वर्षीय ज्ञानदेव चौधरी, सोही गाविस-६ का २० वर्षीय रामी यादवसमेतलाई माओवादीको आरोपमा ०६० माघ २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये पुष्प बस्नेत, कपिलेश्वर सरदार र सञ्जय मण्डल नजरबन्दमा छन् भने अरु रिहा भए।

हर्दिया गाविस-१ का ३३ वर्षीय हृदयनारायण चौधरीलाई माओवादीको आरोपमा ०६० माघ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १५ दिनपछि रिहा गरे।

राजविराज नपा-३ का नेविसंघ केन्द्रीय सदस्य इर्साद अन्सारी, अनेरास्ववियु जिल्ला अध्यक्ष केदार यादवसमेतलाई स्ववियू निर्वाचन सन्दर्भमा तोडफोड गरेको आरोपमा ०६० फागुन ११ गते प्रहरीले गिरफतार गरी मुद्दा चलाए। मुद्दा लगाएको भनी अनसन बसेपछि ५ दिनपछि रिहा गरे।

कविलाशा गाविस-७ का सुरेशकुमार यादव र वनौला गाविस-८ का तारणी यादवलाई माओवादीको आरोपमा ०६० चैत १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडितलाई रिहा गरियो।

प्रसवनी गाविस-५ का ३० वर्षीय शिवनारायण सरदारलाई माओवादी भएको आरोपमा ०६१ वैशाख २३ गते प्रहरीले राजविराज नपा-३ नेता चोकबाट गिरफ्तार गरी ५ दिनपछि रिहा गऱ्यो।

अनेरास्ववियु जिल्ला अध्यक्ष ३० वर्षीय केदार यादवसमेत ५ जनालाई जिविसमा तालाबन्दी गरेको आरोपमा ०६० वैशाख २८ गते प्रहरीले गिरफतार गरी भोलिपल्ट रिहा गऱ्यो।

अनेरास्ववियुका केन्द्रीय सदस्य दिनेश यादव, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साहलगायत्का विद्यार्थीलाई प्रतिगमन विरुद्ध पुत्ला जलाएको आरोपमा ०६१ जेठ ४ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

बकधुवा गाविस-१ का ललितनारायण मेहता र हरेराम शर्मालाई माओवादिको आरोपमा ०६१ जेठ २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

खोजपुर गाविस-८ का ३० वर्षीय महेन्द्र मण्डल खत्वे र ३० वर्षीय चलितर मण्डल खत्वेलाई प्रशासनले नजरबन्दबाट मुक्त गरिएको पुर्जी थमाए पनि ०६१ जेठ ३२ गते कारागारमै गिरफ्तार गरे। पीडित हाल रिहा भइसकेका छन्।

प्रसवनी गाविस-५ का ३० वर्षीय रमानन्द चौधरी र ब्रम्हपुर गाविस-४ का ३० वर्षीय रामअशिष मण्डललाई प्रहरीले नजरबन्दबाट रिहा हुने आदेश भए पनि ०६१ असार १ गते जेल परिसरबाट गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरियो।

फत्तेपुर गाविस-३ का ३० वर्षीय चतुरमान विश्वकर्मालाई पत्नीलाई बोक्सी भनेको आरोपमा ०६१ असार १० गते प्रहरीले गिरफ्तार गरी चरम यातना दिई रिहा गरे।

टिकुलीया गाविस-२ का ३० वर्षीय चतुरनारायण चौधरीलाई माओवादीको आरोपमा ०६१ भदौ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखेको छ।

डिमन गाविस-१ का ४० वर्षीय सुकदेव यादवलाई माओवादीको आरोपमा ०६१ असोज १८ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरेकोमा हाल रिहा गरिएको छ।

छिन्नमस्ता गाविस-९ का १८ वर्षीय सुकराम सदालाई माओवादीको आरोपमा ०६१ असोज १८ गते प्रहरीले घरबाट गिरफ्तार गरी नजरबन्दमा राखियो। ३ महिनापछि उनी नजरबन्दबाट रिहा भए।

कमलपुर गाविस-३ का ४८ वर्षीय सत्यनारायण साहलाई ०६१ कार्तिक १७ गते पत्रिकालाई समाचार दिएका कारण फत्तेपुर प्रहरी चौकीमा कार्यरत असई गोविन्द वदैवाले

गिरफ्तार गरी चौकीमा लगि निर्मम कुटपिट गरे। पीडकलाई प्रहरीकै सकृयतामा गिरफ्तार गरी विभागीय कारवाही गरियो भने पीडितको धरानमा उपचार गरियो।

राजविराज नपा-९ का ३५ वर्षीय सिकन्दर खालाई माओवादीको आरोपमा ०६१ मंसिर ७ गते सादा पोशाकका प्रहरीले गिरफ्तार गरी १० दिनपछि रिहा गरे।

प्रसवनी गाविस-२ का निवर्तमान गाविस उपाध्यक्ष ३२ वर्षीय रामलगन सरदारलाई सोधपुछ गर्ने निहुँमा सर्चमा गएका सेनाले ०६१ मंसिर १० गते गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

राजविराज नपा-३ का निवर्तमान वडा सदस्य कासिम अन्सारी एवम् सोही ठाउँका नेकाँ नगर कमिटी अध्यक्ष कपिलेश्वर साहलाई गलत मान्छेलाई नागरिकताका लागि सिफारिस गरेको आरोपमा ०६१ मंसिर १५ गते प्रहरीले गिरफ्तार गरी धरौटीमा रिहा गरे।

नेविसंघ जिल्ला अध्यक्ष ३० वर्षीय अर्जुन साहलाई तोडफोडमा संलग्न भएको आरोपमा ०६१ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

मधुपट्टी गाविस-१ का ३५ वर्षीय सत्रुघन चौधरीलाई माओवादीको आरोपमा ०६१ पुस १ गते लाहानबाट आएका सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

धरमपुर गाविस-१ का ३० वर्षीय रामु रामलाई माओवादी बन्दको क्रममा बाटोमा रुख काटेर अवरुद्ध गरेको आरोपमा ०६१ पुस ९ गते सशस्त्र प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

बालअधिकार

बकधुवा गाविस-९ की १४ वर्षीय कमला परियारलाई सोही ठाउँका धनदेवी परियारले बेपत्ता पारेको ०६१ वैशाख १६ गते पीडित पक्षले जानकारी गरायो। पीडित हालसम्म बेपत्ता छन्।

मलेकपुर गाविस-३ का १४ वर्षीय एक बालिकालाई अस्पतालमा कुरुवा बसेको समयमा ०६१ जेठ ७ गते बिरामी पत्नीको कुरुवा बसेका सुरक्षाकर्मीले बलात्कार प्रयास गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कारको प्रयास

फत्तेपुर गाविस-३ का १६ वर्षीय एक युवतीलाई कोशी मेलाबाट फर्किरहेको अवस्थामा सोही गाविस-७ स्थित बाँसको झाङ नजिक सोही गाविस-३ का ३० वर्षीय देवेन्द्र कार्की, २२ वर्षीय भैरव कार्की र जीवन खड्कासमेतले ०६० पुस २३ गते बलात्कार गरे। पीडक फरार छन्।

पोर्ताहा गाविस-२ का ५६ वर्षीय एक महिलालाई पोर्ताहा गाविस-५ का अनिल खिडहरी यादवले ०६० फागुन ७ गते विहान पोर्ताहा गाविस-२ मा दिसा गर्न गएको समयमा बलात्कार गरे। पीडक धरौटीमा रिहा भए।

रोक्सर प्रवाहा गाविस-७ की २५ वर्षीय एक महिलालाई सोही ठाउँका ४५ वर्षीय बिरजु चौधरीले ०६१ मंसिर २६ गते बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकी छिन्।

पारिवारिक हिंसा

बोदे बरसाइन गाविस-७ की २० वर्षीय सुनिता साहको ०६१ वैशाख २८ गते रहस्यमय तवरले मृत्यु भयो। विष सेवन गरी आत्महत्या गरेको भनिए पनि दाइजोका कारण मारिएको माइती पक्षले बताए।

बिषहरिया गाविस-९ का ३० वर्षीय अञ्जुदेवी रजकलाई पानी फालेको निहुँमा ससुरा मुसहरु रजकले ०६१ मंसिर १६ गते गम्भीर घाइते हुनेगरी कुटपिट गरे। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो भने प्रहरीले कारवाही अघि बढाएको बतायो।

हनुमाननगर गाविस-५ का २१ वर्षीय सुशीलादेवी साहको ०६१ पुस ६ गते रहस्यमय तरिकाले मृत्यु भयो। माइती पक्षले हत्या गरिएको आरोप लगाएको छ।

दुर्व्यवहार

बभनगामाकट्टी गाविस-९ मंसापुरका ६० वर्षीय रवियादेवी मण्डललाई बोक्सीको आरोपमा आफ्नै छोरा रामप्रसाद मण्डलले ०६१ असार ९ गते घरबाट निकालिदिए।

फत्तेपुर गाविस-३ का भगवती विश्वकर्मालाई बोक्सीको आरोपमा पति चतुरमान विश्वकर्मा र सौता विष्णु कुमारी विश्वकर्माले ०६१ असार ९ गते कुटपिट गरे। पीडकलाई प्रहरीद्वारा पक्राउ गरिएकोमा आइन्दा त्यसो नगर्ने शर्तमा रिहा गरियो।

बभनगामाकट्टी गाविस-३ की ७० वर्षीय फुजुदेवी मण्डललाई बोक्सी मन्त्र सिकाएको आरोपमा ०६१ वैशाख २८ गते वमनगमाकट्टी गाविस-३ का नारायण मण्डलसमेतका गाउँलेले कुटपिट गरी रातभर डोरीले बाँधी भोलिपल्ट मान्छेको दिसा खुवाए। उजुरी नपरेको भनी प्रहरीले कुनै कारवाही चलाएन।

राजविराज नपा-२ का २२ वर्षीय सुरेखा चौधरीलाई वोक्सी भएको आरोपमा र सोही ठाउँका वीरेन्द्र चौधरीलाई कुटपिटको विरोध गरेको आरोपमा राजविराज नपा-२ का पुनम चौधरी, ललिता चौधरीलगायत्का गाउँलेले ०६१ भदौ २७ गते कुटपिट गरे। पीडकउपर सार्वजकि मुद्दा चलाइयो। पीडक जिल्ला प्रशासनको तारिखमा छन्।

घोघनपुर गाविस-४ की ५५ वर्षीय किताबनी खातुनलाई बोक्सीको आरोपमा ०६१ कार्तिक ५ गते

घोघनपुर गाविस-४ का अनवर मिया, मजलुम मिया, जीवरील मिया, महमद मियाले कुटपिट गरी गाउँ निकाला गरे। डरले प्रहरीमा उजुरी नै नगरेको पीडितले बताए।

सबै प्रकारका जातीय विभेद

इटहरी विष्णुपुर गाविस-९ का १२ परिवार खत्वे जातिका मानिसलाई खत्वेका छोराले कथित उपल्ला जातको छोरीलाई भगाएर विवाह गरेको र जातीय मर्यादा उल्लंघन गरेको आरोपमा इटहरी विष्णुपुर गाविस-९ का जगदीश राउतको उक्साहटमा यादव जातिका मानिसले ०६० माघ १६ गते कुटपिट गरी घर तोडफोड गरी घर छोडन बाध्य वनाए। छलफल गरी घटनालाई मिलाउने प्रयास गरियो।

मधवापुर गाविस-४ का महेश राम, घोघन रामसमेत २५ परिवार चमार बस्तीमा, सिनो नफालेको कारण मधवापुरका नारायण यादवसमेतका गाउँलेले ०६१ जेठ २४ गते बाटो नाकाबन्दी गरे। प्रहरीले बाटो खुलाए।

वनौला गाविस-९ खत्वेटोलका २४ वर्षीय सुशीलादेवी खत्वे, ७० वर्षीय फुलियादेवी खत्वे, ३२ वर्षीय सहदेव मण्डललगायत्का एक दर्जन दलितलाई बाखाले बाली खाएको निहुँमा दलित भएको भनी ०६१ वैशाख २ गते बनौली गाविस-९ बस्ने नारायण साह समेतले कुटपिट गरे। कुटपिटबाट सुशीलादेवी खत्वे र सहदेव मण्डल सख्त घाइते भए। पीडितको तर्फबाट सार्वजनिक मुद्दा दायर गरेको भए पनि प्रहरीले ठाडो उजुरी लिएर कारवाही गर्ने आश्वासन दिएको पीडितले बताए।

मलहन्मा गाविस-३ का दलित युवा संघका अध्यक्ष चन्द्रनारायण पासवान, सदस्य वीरेन्द्रकुमार पासवान, दीपेन्द्रकुमार पासवान र प्रमिला पासवानलाई ऐलानी जग्गामा सहकारी कार्यालय बनाउन खोज्दा नम्वरी जग्गा मिचेको भनी सोही ठाउँका रामकिशुन साह समेतले घर बनाउन थालेपछि रोक्न जाँदा ०६१ साउन १४ गते मलहन्मा गाविस-३ का रामकिशुन साहलगायत्का ४०-५० जनाको समूहले भाला, फर्सा, लाठी प्रहार गरी घाइते बनाए। पीडकलाई गिरफ्तार गरी १५ दिनपछि धरौटीमा रिहा गरियो।

ठेलीया गाविस-१ का ४५ वर्षीय पलट सदा, ४० वर्षीय भवर सदा, बौकाई सदासमेत मुसहर वस्तीका २० परिवार मुसहरलाई ०६१ साउन ३१ गते १५-२० जनाको हतियारधारी समूहले कुटपिट गरी आँखामा पट्टी बाँधेर बकधुवा गाविसको धिमार भन्ने ठाउँमा लगी यातना दिई छाडे। सोही कारण २० परिवार भागाभाग भए। अहिले उनीहरु घर फर्केका छन्।

कुशहा गाविस-२ का लक्षुमनियादेवी पासवानलाई दलितउपर भएको ज्यादतीको विरोध गरेका कारण ०६१ भदौ १३ गते कुशाहा गाविस-२ का हीरादेवी चौधरी, श्रवण चौधरी र दुर्गा चौधरीसमेतले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितको लहानमा उपचार भयो भने पीडकउपर कुनै कारवाही भएन।

भगवतपुर गाविस-९ का ३५ घर चमार जातिका मानिसले सिनो नफाल्ने निर्णय गरेका कारण उपल्ला जातका भनिने गाविस निवर्तमान अध्यक्ष वैद्यनाथ मण्डल, हरिहर मण्डल, लालप्रसाद मण्डल समेतका मानिसले ०६१ भदौ २२ गतेदेखि बाटोघाटो, पोखरीगौचर, औषधी पसल, हाटबजार, पसलमा नाकावन्दी गरे। पीडकहरुलाई गिरफ्तार गरी मिलापत्र भएपछि नाकावन्दी खोलियो।

कुशाहा गाविस-२ का २० घर चमार जातिका मानिसले पानी खाने इनारमा गैरदलितसँग झगडा भएको निहुँमा स्थानीय मानिसले ०६१ भदौ ३१ गते मान्छेको दिसा हालिदिए। घटनाका सम्वन्धमा दुवै पक्षलाई छलफल गराई मिलापत्र गराइएको थियो।

मलहन्मा गाविस-३ का २५ वर्षीय महेन्द्र सिंह, गुल्मीदेवी मरिक, वुकनीदेवी मरिक र सुनिता मरिकलाई अभिभावकले दलितउपर कुटपिट भएको घटनामा साक्षी बसेको आरोपमा ०६१ भदौ ३२ गते राम किशुन साह, शिवकुमार साहसमेतका मानिसले कुटपिट गरे।

बिषहरिया गाविस-४, ७ र ८ का जीवन रामलगायत् २५ परिवार चमार जातिका मानिसलाई दशैंमा ढोल नबजाएको आरोपमा ०६१ कार्तिक ३ गते विसहरिया गाविस-७ का टेकनारायण यादवलगायत् कथित उपल्ला जातका मानिसले नाकाबन्दी गरे। घटनासम्बन्धमा प्रहरीले चासो नदेखाएको पीडितले बताए।

बिसहरिया गाविस- ४, ७ र ८ का २५ घर चमार बस्तीमा सिनो नफालेको कारण विसहरिया गाविस-७ का रामसेवक देव तथा जयराम यादवको नेतृत्वमा ०६१ कार्तिक ९ गतेदेखि नाकाबन्दी गरियो। घटनाका सम्बन्धमा गाउँमै गएर मिलाएको सिडियोले बताए।

भगतवपुर गाविस-७ का ४७ वर्षीय जुगेश्वर रामलाई आफ्नो मरेको गाई आफैले फ्याक्नु परेको रिसमा भगवतपुर गाविस-८ का रोशीराम मण्डल, सुरेन्द्र मण्डल र जोगानन्द मण्डलसमेतले ०६१ मंसिर १४ गते पानीमा डुबाएर कुटपिट गरे। छलफल गरी दुवै पक्षलाई मिलापत्र गराइयो।

छिन्नमस्ता गाविस-९ रम्पुराका अढाई वर्षे सन्तोष सदा, १७ वर्षीय चन्देश्वर सदा, १५ वर्षीय डकाई सदा, १८ वर्षीय सिदली सदा, २७ वर्षीय राजेन्द्र सदा, १७ वर्षीय गुनेश्वर सदा, १८ वर्षीय मौलेश्वर सदा, ३० वर्षीय बसन्त सदा, १२ वर्षीय वीरेन्द्र सदा, ५० वर्षीय वुदुनी मुखिया, ६० वर्षीय महादेव मुखिया, १५ वर्षीय शिवकुमार सदा, १८ वर्षीय शिवनारायण सदा र ३० वर्षीय चन्द्र मुखियासमेतलाई

सार्वजनिक पोखरीमा अधिकार खोजेको भनी ०६१ मंसिर १७ गते पूर्व गाविस अध्यक्ष सूर्यनारायण मण्डलको नेतृत्वमा रहेको समूहले घर-घरमा गई घर तोडफोड गर्नुका साथै कुटपिट गरी घाइते वनाए भने मधेशिया सदाको घरमा आगो लगाइदिए। घाइतेको सगरमाथा अञ्चलमा उपचार गरियो। पीडकलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइयो। पीडक ८५ हजार रुपैयाँ धरौटी राखि रिहा भए।

राजविराज नपा-७ की ३० वर्षीय ललिता डोमीनलाई तल्लो जातका मानिसले फूल टिपेको आरोपमा ०६१ पुस १२ गते सोही ठाउँका सकलदेव यादवले टाउको र ढाडमा गम्भीर चोट लाग्ने गरी कुटपिट गरे। प्रहरीले उजुरी लिन मानेन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

भूमि, नागरिकता र आरक्षणका लागी दलितहरुले ०६१ असोज १३ गते राजविराज रंगशालामा ४८ घण्टे रिले अनसन गरे र असोज १५ गते दशौं हजारको उपस्थितिमा दलित सभा सम्पन्न गरे।

यस बाहेक, अनसन, धर्ना, जुलुस र ज्ञापनपत्रसहित विभिन्न १५ विरोध कार्यक्रम गरिए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा भएका व्यक्तिगत हत्याका ५ घटनामा ६ पुरुष र ३ महिला गरी ८ जना पीडित भए। आत्महत्याका १४ घटनामा १२ महिला र २ पुरुष गरी १४ जनाको मृत्यु भयो। ट्राफिक दुर्घटनाका १९ घटनामा १० महिला र १८ पुरुष गरी २८ जनाको मृत्यु भयो। बाढीबाट ३ घटनामा १ महिला र २ पुरुष गरी ३ जना, रुखवाट लडेर १ जना, डुबेर १ जना र करेन्ट लागेर ३ घटनामा ३ पुरुषको मृत्यु भयो भने सितलहरीका कारण जाडोले कठाङ्ग्रिएर २ महिला र ५ पुरुष गरी ७ जनाको मृत्यु भयो। आगलागीका २ घटनामा ६८ परिवार प्रभावित भए।

यो वर्ष सप्तरी जिल्लामा पटक-पटक गरी १५ दिन सप्तरी बन्द गरियो।

वरमझिया गाविस-५ का ४० वर्षीय माधव गोश्वामी र ३१ वर्षीय शम्भु गोश्वामीलाई टुनामुना गरी देवता लगाइएको आरोपमा बरमझिया गाविस-५ का भोगेन्द्र पण्डित र मिश्रीलाल पण्डितले कुटपिट गरी दुर्व्यवहार गरे। पीडकलाई प्रहरी कार्यालयमा ल्याई माफी मगाई मिलापत्र गराइयो।

विगतको अनुगमन

कल्याणपुर गाविस-२ का १६ वर्षीय मीना तामाङलाई वलात्कार गर्ने कल्याणपुर गाविस-२ का मोहम्मद हजरत, मो. ताहिर र मोहम्मद अलाउद्दिनलाई सप्तरी जिल्ला अदालतका न्यायाधीश गोपाल भट्टराईको इजलाशले ०६१ भदौ २ गते जनही दश वर्ष कैदको फैसला सुनाइयो। वर्ष पुस्तक २००४ मा प्रकाशित उक्त घटनाका दोषीहरु थुनामा छन्।

१.१२ सिरहा



जनसंख्या	:	६२३७२४
साक्षरता प्रतिशत	:	४०.३१
महिला साक्षरता प्रतिशत	:	२६.८०
क्षेत्रफल (वर्ग कि. मि.)	:	११८८
गाविस/नपा संख्या	:	१०६/२
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३६४
क्याम्पस/उच्च मा.वि.	:	३/६
अस्पताल/स्वास्थ्य चौकी	:	२/११२
टेलिफोन लाइन	:	२५००
मोटर सडक (कि. मि.)	:	१४४
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	९८
मानव विकास सूचकांक	:	०.४२७
प्रति परिवार सरदर संख्या	:	६.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

नरहा गाविसस्थित बाटोमा ०६० माघ २ गते साँझ करिव ५ बजे सुरक्षाकर्मीद्वारा चलाइएको गोलीद्वारा एक अज्ञात व्यक्तिको मृत्यु भयो। मृतकको परिचय खुल्न सकेन।

रक्षा मन्त्रालयद्वारा जारी गरिएको विज्ञप्तिअनुसार उक्त ठाउँमा केही माओवादीहरु लुकेको खबर प्राप्त भएपछि सुरक्षाकर्मी सर्च गर्न गएकाले भाग्न लाग्दा गोली चलाइएको थियो। शवको पोष्टमार्टम भएन।

गाढा गाविस-६ का माओवादी कार्यकर्ता करिब ३२ वर्षीय मोतिलाल चमारको ०६० चैत १७ गते सुरक्षाकर्मीद्वारा सर्चको क्रममा चलाइएको गोली लागी मृत्यु भयो। मृतकको शव उनकी आमालाई जिम्मा लगाइएको प्रहरीले जनायो। लाशको पोष्टमार्टम भएन।

ब्रम्हानगोर्छारी गाविस-२ स्थित मोतिपुरमा ०६१ जेठ ४ गते बिहान सुरक्षाकर्मीको गोलीद्वारा एक माओवादी कार्यकर्ताको मृत्यु भयो। सुरक्षाकर्मीद्वारा मारिएका व्यक्ति चन्देश्वर सिंह भएको वताइए पनि माओवादीले गाढा गाविसका अजितालाल यादव भएको सार्वजनिक गऱ्यो।

राजपुर गाविस-६ का माओवादी कार्यकर्ताहरु मोहन सदा, मार्गैन महरा र वडहरामाल गाविस-४ का वीरेन्द्र महतो अर्नमा गाविसको बननिया भन्ने ठाउँमा ०६१ साउन २१ गते सुरक्षाकर्मीको गोली लागी घाइते भएकोमा मोहन सदाको जिल्ला अस्पतालमा उपचार गराउँदा-गराउँदै साउन २३ गते बिहान मृत्यु भयो। अन्य दुई जनालाई जेलमा राखिएको छ। मोहन माओवादी निकट मधेशी मुक्ति मोर्चाका जिल्ला सचिव भएको माओवादीले सार्वजनिक गरे।

विष्णुपुरकट्टी गाविस-१ का रामकुमार परियारको ०६१ साउन २३ गते बिहान फुल्काहाकट्टी गाविस-७ स्थित मोतियाही भन्ने ठाउँमा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। सुरक्षास्रोतले भाग्न थालेकाले चेतावनी दिँदा नमानेपछि गोली चलाइएको जनायो। माओवादीले विज्ञप्तिमार्फत् परियार माओवादीको एरिया कमिटी सदस्य भएको र नियन्त्रणमा लिई हत्या गरेको सार्वजनिक जानकारी गराए।

राजपुर गाविस-५ का २२ वर्षीय गणेशकुमार महतो, सोही गाविस- ६ का २५ वर्षीय सञ्जयकुमार राम र सोही गाविस-४ का ३५ वर्षीय विन्देश्वर महरालाई ०६१ भदौ १७ गते राति घरमै सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले पक्राउ गरी विष्णुपुर चोकदेखि केही उत्तरतर्फ लगी गोली हानी मारिए। मृत्यु भएकाहरुमध्ये गणेशकुमार सशस्त्र प्रहरीमा रहेको र काम छोडेर केही महिनादेखि घरमै बसेका थिए भने सञ्जयकुमार स्थानीय विद्यालयमा पढाउँदै आएका थिए। पीडितहरुको लाश पोष्टमार्टम हुन सकेन। दाहसंस्कारको लागि लाश माग गर्दासमेत नपाएको पीडितका आफन्तले बताए।

लक्ष्मीपुर गाविसको धन्छवार भन्ने ठाउँमा ०६१ भदौ २० गते दिउँसो माओवादीका केन्द्रीय सदस्य विशाल भनिने शेरमान कुँवर र ओखलढुंगा सोलुका इन्चार्ज कुमार गौतमलगायत् सिरहाका जिल्ला सदस्य मुकेश भनिने देवेन्द्रप्रताप सिंह, शैलेन्द्र यादव, तालेश्वर भनिने सिन्धुलीका रामचन्द्र कार्की र नाम थाहा नभएका अर्को एक गरी ६ जना माओवादीको सुरक्षा कारवाहीमा मृत्यु भयो। माओवादीको वैठक सकेर खाना खाई आराम गर्न वसेको बेला सुरक्षाकर्मीद्वारा चारैतिरवाट घेरा हालेर नियन्त्रणमा लिइएपछि हत्या भएको पाइयो। मृत्यु भएका केन्द्रीयस्तरका दुवै माओवादीको लहान अस्पतालमा पोष्टमार्टम गरी बलान खोलामा सेनाद्वारा शव जलाइयो भने अन्य चारजनाको शव धन्छवारकै एक पोखरीको डिलमा खाल्डो खनेर गाडियो। सुरक्षाकर्मीले दोहोरो भिडन्तमा मारिएको जनाइयो भने हिमराइट्सले गरेको स्थलगत अध्ययनमा पीडितहरुलाई नियन्त्रणमा लिई हत्या गरेको उल्लेख छ।

कुशहा लक्ष्मीनिया गाविस-९ स्थित चरारी भन्ने ठाउँका फेकन यादव, रामनारायण यादव, लर्कन्हाका भरत सदाय र नाम थाहा नभएका दुई महिलाहरुसहित ५ जनालाई माओवादीको आरोपमा ०६१ असोज ३ गते राति मोहनपुर कमलपुर गाविसमा पर्ने आँपघारीको बगैंचामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितमध्ये फेकन, रामनारायण र भरत सुरक्षास्रोतले भिडन्तमा मारिएको बताउँदै महिलाहरु मञ्जु र रिमा नामका छापामार भएको जनायो। तर फेकनका आफन्तका अनुसार, फेकनलगायत् उनका घरमा बसेका आठ जनालाई केही दिनअघि घरबाटै पक्राउ गरी लगिएकोमा पाँचजनालाई छोडिएको र तीनको हत्या गरिएको थियो। मृतकहरुको शव सोही ठाउँमा खाल्डो खनेर गाडिएको थियो।

कर्जन्हा गाविसको बजारनजिक सुरक्षाकर्मीको कारवाहीमा ०६१ असोज ७ गते साँझ माओवादी कार्यकर्ताहरु हजारी यादव र दिलीप यादवको घटनास्थलमै मृत्यु भयो। उक्त घटनापछि पवन र रुपेश नामका दुई व्यक्तिलाई पक्राउ गरिएको स्थानीय बासिन्दाले बताए।

महेन्द्र राजमार्गको मैनावती खोलामा ०६१ असोज ३० गते साँझ माओवादी कार्यकर्ताहरु प्यारे मियाँ, धनराज महतो र नेजाम मियाँको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। मारिएका तीनैजना माओवादीलाई आसोपुर बल्कवा गाविस-४ स्थित वजारबाट पक्राउ गरिएको थियो।

भवानीपुर गाविसका श्रीमण्डल माओवादीको आरोपमा ०६१ कार्तिक ७ गते दिउँसो बस्तीपुर गाविसस्थित गणेशपुर चोकनजिक एक समिलमा सुरक्षाकर्मीको कारवाहीमा मारिए। चन्दा उठाउँदै गरेका माओवादी भाग्न थालेकोले गोली चलाइएको सुरक्षास्रोतले बतायो।

फुल्काहाकट्टी गाविस-५ को तेत्तीस विघा भन्ने ठाउँमा सुरक्षाकर्मीद्वारा लोकनाथ यादव, परमेश्वर यादव, बालेश्वर यादव र वीरेन्द्र यादव माओवादीको आरोपमा ०६१ कार्तिक १४ गते राति गोली हानी मारिए। मृत्यु भएका माओवादीहरुलाई सुखीपुर वजारबाट नाच हेर्रेर लोकनाथको

घरमा सुतेका बेला पक्राउ गरिएको उनीहरुका आफन्तले बताए।

माओवादीका जिल्ला कमिटी सदस्य धनपैत महतो ०६१ पुस २ गते राति सुरक्षाकर्मीको कारवाहीमा भदैया गाविसको अमही भन्ने ठाउँमा मारिए। सुरक्षास्रोतले भिडन्तमा मारिएको र शव सोही स्थानमा गाडिएको जनायो। तर, पीडित आफन्तले ढोढना गाविस-८ (हसनपुर) मा मेला लागेको ठाउँबाट पीडित समातिएको बताए।

माओवादीबाट

फुल्काहाकट्टी गाविस-७ का करिब २५ वर्षीय शम्भु सिंहलाई ०६१ वैशाख २० गते बल्ही गाविस-१ स्थित एक मन्दिरनजिक माओवादीले धारिलो हतियार प्रहार गरी हत्या गरे। माओवादीले मृतक सिंहलाई बलात्कार र पकेटमारी जस्ता घटनामा संलग्न भएको आरोपमा सफाया गरेको सार्वजनिक गऱ्यो। पीडितलाई ०६१ वैशाख १९ गते अपहरण गरिएको थियो।

मझौलिया गाविस-५ का करिब ४० वर्षीय दीपनारायण सिंहलाई डकैती र बलात्कारजस्ता घटनामा संलग्न रहेको आरोपमा ०६१ साउन १३ गते राति माओवादीले बेल्हा गाविसनजिक पुऱ्याई धारिलो हतियारले घाँटी रेटेर हत्या गरे।

विद्यानगर गाविस-८ का राप्रापाका कार्यकर्ता तथा पूर्व इलाका सदस्य ६० वर्षीय रामप्रसाद यादवलाई ०६१ असोज ३ गते साँझ छजना चोकमा माओवादीले गोली हानी हत्या गरे।

नहरा रिगोल गाविसको निमाविका पियन ३५ वर्षीय दुखी ठाकुरलाई ०६१ असोज ७ गते साँझ माओवादीले स्कूल हाताभित्र गोली हानी हत्या गरे। विद्यालयको कोठा बन्द गर्न लागेका पियन ठाकुरलाई सुराकीको आरोपमा हत्या गरिएको सार्वजनिक गरियो। पीडितलाई यसअघि पनि गोली हानी हत्या गर्ने प्रयास भएकोले उनी उपचारको क्रममा थिए।

कल्याणपुर कालाबन्जर गाविसस्थित बेताहा टोलका २२ वर्षीय रुपेश ठाकुरलाई सुराकीको आरोपमा ०६१ कार्तिक २८ गते साँझ कर्जन्हा गाविस-७ स्थित मनहरवा टोलनजिक नाच हेर्न गएको बेला माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

कल्याणपुर कालबन्जर गाविसको ग्रामीण बजार छेउमा ०६१ साउन ३२ गते साँझ सर्चमा गएका सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त भयो। भिडन्तपछि चारजना माओवादीको मृत्यु भएको र लाश सोही ठाउँमा गाडिएको इन्द्रध्वज गण, चोहर्वाले जनायो भने माओवादीले उक्त घटनामा कोही नमारिएको सार्वजनिक जानकारी गराए।

अन्यबाट

सिरहा नपा-७ क्षेत्र नं.४ का निवर्तमान सांसद तथा एमाले जिल्ला कमिटीका सदस्य हेमनारायण यादवलाई ०६० माघ १९ गते सिरहाबाट धनगढी गाविसतर्फ आफ्नो निजी मोटरसाइकलमा गइरहेको बेला बाटोबाट अज्ञात समूहले अपहरण गरी हत्या गरे। मृतकको लाश कमलाखोलादेखि केही पश्चिम दक्षिणस्थित लवटोली गाविस-५ को चौरमा फेला परेको थियो। पीडित यादव त्यसबेला धनगढी गाविसस्थित पार्टी सचिव हिराबहादुर सुनुवारको घरमा पार्टी बैठकका लागि गएका थिए। दिउँसो १२ बजेदेखि १ बजेको बीचमा चोहर्वादेखि धनगढीबीचको सडकबाट उनी अपहरण शैलीमा मारिएको अनुमान गरिएको छ। सभास्थल पुगेका एक प्रत्यक्षदर्शीका अनुसार मृतकको टाउकोमा २ वटा र कम्मर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९	९			९	८	६			६	१४	२२	२	१०	३४
घाइते	१	४			४						१	१			१
गिरफ्तारी/यातना											१५	४०	१		४१
बेपत्ता											४	४			४
कुटपिट						२	२			२	६	१८	१		१९
धम्की						६	५		१	६	१	१			१
सभा/संगठित हुने अधिकार											२	२		१	३
जातीय विभेद	३	१०			१०										
भूमिहीन/सुकुम्बासी समस्या	२	४८	८		५६										
महिलाअधिकार	६		६		६										
बालअधिकार	३		२	१	३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						२	२	१		३	२	३			३
अपहरण	२	१	१		२	२१	२१	२		२३					
जम्मा	३६	६०	१८	१	७६	३८	३८	३	१	४२	४८	८६	४	११	१०२

नजिक एक गरी ३ गोली लागेको लाश घोप्टो अवस्थामा थियो। घटनास्थल वरपरमा २ वटा माओवादीको नामबाट पर्चा छरिएको थियो भने लाश भन्दा केही मिटर पर एक झण्डा (हँसिया हथौडा) समेत छोडिएको थियो। घटना माओवादीबाट भएको हो भन्ने देखाउन खोजेपनि घटना प्रकृति अनुसार घटना शंकास्पद र रहस्यमय देखियो। पीडित यादवको शवको पोष्टमार्टम सिरहा अस्पतालमा ०६० माघ २१ गते गरिएको थियो। नेकपा एमालेका वैकल्पिक पोलिटब्युरो सदस्य अशोक राईको संयोजकत्वमा गठित छानबिन टोलीले उक्त घटनामा माओवादीको र कुनै आपराधिक समूह संलग्नता नदेखिएको धारणा सार्वजनिक गऱ्यो।

यादव हत्याबारे गठित समितिहरु

क. राष्ट्रिय मानव अधिकार आयोगका का.मु. सचिव केदारप्रसाद पौडेलको संयोजकत्वमा गठित छानबिन समितिका सदस्यहरु सतिशकृष्ण खरेल, विनोद भट्टराई र शंकरनाथ अधिकारी रहेका थिए। उक्त छानबिन समितिले यादवको हत्या कसले गरेको हो भन्ने स्पष्ट भइनसकेको वर्तमान अवस्थामा पीडितको हत्याको सम्बन्धमा लाश नजिक पाइएको माओवादीको नामको पर्चामा आफूले हत्या गरेको भन्ने आधारमा मात्र हत्या जस्तो सम्वेदनशील विषयमा अपराध अनुसन्धान गर्ने निकायबाट विस्तृत अनुसन्धान नभई सुरक्षाफौजतर्फका जिम्मेवार अधिकृतहरुले प्रकट गरेको आशय अनुसार माओवादीहरुले उक्त घटना घटाएको हो भनी अनुसन्धानको दायरा साँघुरो हुनसक्ने सम्भावना देखिएको र उक्त विषयमा सही तवरबाट अनुसन्धान नभएमा मृतक र उनका परिवारलाई नेपाल अधिराज्यको संविधानको धारा ११ ले प्रत्याभूत गरेको कानुनको समान संरक्षणका हक र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २६ ले प्रदान गरेको हकमा आघात पुग्न सक्ने देखिएको कुरा उल्लेख गरेको छ।

अज्ञात समूहद्वारा मारिएका हेमनारायण यादव

ख. मानवअधिकार तथा शान्ति समाजले सभापति कृष्ण पहाडीको संयोजकत्वमा गठित एक छानबिन समिति गठन गऱ्यो। उक्त समितिले यादव हत्याकाण्ड आकस्मिक नभएर नियोजित भएको, अपहरण र हत्यामा संलग्न व्यक्तिहरु संगठित भएको र कानुनी दाउपेचको कारण नै पछि गएर सिरहामा अपहरित यादवलाई जिल्लाको सीमाना बाहिर लगी हत्या भएको प्रतित हुन्छ भन्ने निष्कर्ष निकाली सार्वजनिक गऱ्यो।

ग. पूर्व क्षेत्रीय प्रहरी कार्यालय विराटनगरद्वारा ०६० फागुन ४ गते गठित छानबिन समितिले १ महिनाभित्र अर्थात् चैत ४ गतेभित्र प्रतिवेदन बुझाउने भनिएपनि फागुन १५ गतेको गोरखापत्र दैनिकबाट यो समितिले आफ्नो काम शुरु गरेको समाचार प्रकाशित गरेको थियो।

घटनाबारे माओवादीको प्रतिक्रिया : वेवसाइटमा

यादवको हत्याकाण्ड बारेमा आफ्नो संलग्नता नरहेको बारम्बार दोहोऱ्याइयो। माओवादीको वेवसाइटमा समेत सोबारे खण्डन गरेको र इमेलबाट प्रवक्ता कृष्णबहादुर महराले जारी गरेको विज्ञप्तिमा यादव हत्या माओवादीले नगरेको जनाइएको थियो।

इनरुवा गाविस-९ स्थित कल्याणपुरका एमाले कार्यकर्ता ३५ वर्षीय योगेन्द्र यादवलाई ०६१ वैशाख ६ गते साँझ साइकल चढेर घरतर्फ गइरहेको बेला भगवानपुर गाविसस्थित बाटोमा अज्ञात व्यक्तिहरुले गोली हानी हत्या गरे। लाशको पोष्टमार्टम लहान अस्पतालमा गरियो। घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय लहानले जनायो।

भगवानपुर गाविस कल्याणपुरका करिव ४५ वर्षीय वतहु भनिने बन्नु यादवलाई ०६१ जेठ ९ गते साँझ अज्ञात व्यक्तिहरुले इटहर्वा गाविसको महेशवारीस्थित चौरमा लगी मुखमा बम राखेर विस्फोट गराई हत्या गरे। पीडकहरु माओवादी भएको उनका परिवारले बताए। तर, माओवादीले सो घटनाको जिम्मेवारी लिएको सार्वजनिक भएन। पीडितलाई हत्या गरिनु अघि दिउँसो नहरा चोकबाट बसमा लहान जानलाग्दा बसबाटै अपहरण गरिएको थियो। लाशको पोष्टमार्टम लहान अस्पतालमा गरियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

माडर गाविस-६ का रक्सीले मातेका करिव ३५ वर्षीय मदन गुप्ता ०६१ कार्तिक १९ गते साँझ इलाका प्रहरी कार्यालय लहानबाट भाग्न लागेको आरोपमा प्रहरीद्वारा चलाइएको गोली लागि घाइते भए। अत्यधिक मदिरा सेवन गरेकाले गुप्ताको परिवारद्वारा नै प्रहरी नजिक पुऱ्याइँदा उनी भाग्न लागेपछि गोली हानिएको थियो। पीडित उपचारपछि घर फर्किए।

अन्यबाट

सन्हैठा गाविस-१ का ४० वर्षीय कुश्वेश्वर यादव, ३२ वर्षीय रामअयोधी यादव, २० वर्षीय नवीनकुमार यादव र प्रवीणकुमार यादव ०६१ कार्तिक १२ गते स्थानीय केही व्यक्तिहरुले चलाएको बन्दुकको छर्रा लागी घाइते भए। पीडितहरु सिरहा अस्पतालमा उपचारपछि घर फर्किए।

जेल र बन्दीहरू

"घ" श्रेणीको सिरहा जेलको क्षमता १ सय ५० जनाको छ। यस वर्षको अन्त्यमा यस जेलमा कैद नतोकिएका २८ पुरुष र कैद तोकिएका ४२ पुरुष र ४ महिला गरी ७४ जना बन्दीहरु रहे। यसबाहेक एकजना आश्रित बालक रहे। यस वर्ष कूल ६० जना बन्दीहरु आएकोमा पटक-पटक गरी ९३ जना बन्दीहरु मुक्त भए। दुई बन्दीहरुलाई बिरामीको कारण ०६० पुस २४ गते विराटनगरस्थित जेल सरुवा गरिएको छ। यस जेलमा हाल १३ जना नजरबन्दमा रहेका छन्। बन्दी बस्ने कोठामा बिजुली र पंखाको व्यवस्था गरिएको छ। पिउने पानीको लागि धारो र ट्यूबवेलको व्यवस्था गरिएको छ। जेलमा बन्दीहरुलाई पढाउनका लागि एकजना प्राथमिकस्तरको शिक्षक र स्वास्थ्य उपचारका लागि एकजना स्वास्थ्य सहायकको व्यवस्था गरिएको छ। साधारण विरामीको जेलभित्रै उपचार गरिने र जेलभित्र उपचार हुन नसक्ने बिरामीलाई जिल्ला अस्पताल लैजाने गरिएको जेलर टेकनाथ चापागाईंले बताए।

कैद तोकिएकी एक वन्दी महिलाबाट जेलभित्र जन्मिएर आश्रितका रुपमा रहेका तीन वर्षीय एक बालकलाई जेलवाट दैनिक २०० ग्राम चामल र ३०।- रुपैयाँ पाउनुका अतिरिक्त प्रमुख जिल्ला अधिकारी दीपककुमार जोशी, प्रहरी उपरीक्षक मीनप्रसाद पाण्डे र सिरहा नपाले समय-समयमा सहयोग उपलब्ध गराउँदै आएको जेलर बताउँछन्।

बेपत्ता / अपहरण

राज्यबाट

कल्याणपुर जन्दी गाविस-५ स्थित कौरनियाही टोलका करिव २२ वर्षीय फुल्गेन पासवानलाई ०६० पुस ११ गते लहान नपास्थित सगरमाथा चौधरी आँखा अस्पतालको ढोका नजिकवाट सादा पोशाकमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

कल्याणपुर कालाबन्जर गाविसस्थित कल्याणपुर बजारबाट सोही ठाउँका माओवादी एरिया कमिटी सदस्य गुरु सिंहलाई ०६१ साउन ३२ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल उनको अवस्था अज्ञात छ। सादा पोशाकमा चारवटा मोटरसाइकलमा चढेर आएका सुरक्षाकर्मीले बिहान पक्राउ गरेकाले जीवन रक्षाका लागि परिवारजनले आग्रह गरे।

पोखरभिण्डा गाविसस्थित पर्सा टोलका जोगिन्दर मण्डल (राजधोवी) लाई माओवादीको आरोपमा ०६१ पुस १६ गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। हालसम्म उनको स्थिति अज्ञात छ।

माओवादीबाट

वडहरामाल गाविस-७ का दरभंगी साहलाई ०६० माघ १४ गते माओवादीहरुले घरबाटै अपहरण गरे। पीडितलाई ०६० माघ १५ गते मुक्त गरियो।

ढोढना गाविस-२ वानोटोलका १९ वर्षीय प्रकाश चौधरी र सोही ठाउँका सुरेन्द्र चौधरीलाई ०६० चैत ३ गते बिहान कालो पोशाकमा रहेका ४ जना माओवादीले घरबाटै अपहरण गरे। पीडितद्वय मानवअधिकारकर्मीहरुको पहलमा चैत ४ गते साँझ अपहरणमुक्त भए।

असनपुर गाविस-९ स्थित टोडकेका १८ वर्षीय युवती राधा नायकलाई ०६० चैत ४ गते राति माओवादीले घरबाटै अपहरण गरे। उनको स्थिति थाहा हुन सकेन।

धनगढी गाविस-२ स्थित जिरोमाइलका १८ वर्षीय हरिओम साहलाई ०६१ वैशाख ८ गते माओवादीले अपहरण गरे। पीडितलाई अपहरण गरिने कारण थाहा भएन। उनी वैशाख ९ गते मुक्त भए।

जिविस ८ नम्बर इलाकाका मनोनित सदस्य तथा राप्रपाका कार्यकर्ता हरिनारायण यादवलाई पदवाट राजीनामा

माओवादीद्वारा अपहरणपछि मारिएका शम्भु सिंह

नदिएको आरोपमा ०६१ जेठ १४ गते साँझ अयोध्यानगर गाविसस्थित कसहा चोकबाट माओवादीले अपहरण गरे। पीडित केही दिनपछि मुक्त भए।

गाढा गाविसका २६ वर्षीय वीरेन्द्र ठाकुर र १७ वर्षीय सुरेन्द्र ठाकुरलाई ०६१ जेठ १७ गते राति माओवादीले घरबाटै अपहरण गरे। पीडितहरुका पिताले गाविसको मनोनित अध्यक्षवाट राजीनामा दिने शर्तमा केही दिनपछि मुक्त भए।

बल्ही गाविसका मनोनित पूर्व अध्यक्ष रामपृत महतोलाई ०६१ असार १४ गते माओवादीले गाविस कार्यालयबाटै अपहरण गरे। उनलाई पदबाट राजीनामा दिने शर्तमा सोही दिन मुक्त गरे।

माओवादीद्वारा अपहरित संगीता सेन ठकुरी

बेतौना गाविसका पूर्व गाविस अध्यक्ष तथा राप्रपाका जिल्ला कमिटी सदस्य ५५ वर्षीय उद्धवबहादुर अधिकारीलाई ०६१ असार २२ गते दिउँसो माओवादीले गोलबजारदेखि घर जानेक्रममा बाटोबाट अपहरण गरे। पीडित अधिकारीलाई ७२ दिनपछि उत्तरी सीमाबाट मुक्त गरियो।

हरकट्टी गाविसका ५५ वर्षीय मनोनित पूर्व गाविस अध्यक्ष झमेली भन्ने रासधारी यादवलाई ०६१ साउन ९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित केही दिनपछि मुक्त भए।

धनगढी गाविस-२ का २५ वर्षीय व्यापारी अमरनाथ साहलाई ०६१ साउन २० गते माओवादीहरुले केही बुझ्नु छ भनी बोलाई अपहरण गरे। पीडित केही दिनपछि मुक्त गरे।

सोनमति मझौरा गाविस-३ स्थित छरौपट्टीका ५० वर्षीय सिताराम यादवलाई ०६१ साउन ३१ गते साँझ माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई अपहरण गर्ने कारण थाहा हुन सकेन। उनलाई केही दिनपछि मुक्त गरियो।

माओवादीद्वारा मुखमा विस्फोट गराई मारिएका बन्नु यादव

गाढा गाविस-८ स्थित गढियाका ६५ वर्षीय विश्वनाथ साह (गुप्ता) लाई माओवादीहरुले ०६१ साउन ३१ गते राति घरबाटै अपहरण गरे। पीडित परिवारले चन्दा दिन नसकेका कारण अपहरण गरिएको बताए। उनलाई केही दिनपछि मुक्त गरियो।

सुखिपुर गाविस-२ का ६० वर्षीय केशवप्रसाद चौधरीलाई माओवादीले ०६१ साउन ३२ गते राति चन्दा दिन नसकेका कारण अपहरण गरे। उनी केही दिनपछि मुक्त भए।

ब्रम्हान गोर्छारी गाविस-९ का रामदेव महतोलाई ०६१ भदौ २० गते साँझ घरमा बसिरहेको बेला माओवादीले अपहरण गरे। अपहरण गर्नुपर्ने कारण थाहा हुन सकेन। तीन महिना अघि माओवादीको आरोपमा पक्राउ परेका महतो केही दिनअघि आत्मसमर्पण गरी तारेखमा रिहा भएका थिए।

धनगढी गाविस-२ मा डेरा गरी बस्ने मुक्सार गाविस-५ की २३ वर्षीय युवती संगिता सेन ठकुरीलाई ०६१ असोज १९ गते साँझ मोटर साइकलमा आएका माओवादीहरुले डेराबाट अपहरण गरे। अपहरित युवतीको स्थिति हालसम्म अज्ञात छ। पीडित ५ वर्षदेखि सो स्थानमा एक पोल्ट्री फर्ममा काम गर्दै आएकी थिइन्। मोटरसाइकलमा जबर्जस्ती चढाई धनगढीदेखि उत्तरतिर लगिएकी पीडितलाई माओवादीले अपहरण गर्नुपर्ने कारण हालसम्म सार्वजनिक गरिएको छैन।

अन्यबाट

महादेवा पोर्ताहा गाविस-५ का ३५ वर्षीय हरिप्रसाद यादवलाई ०६१ जेठ २३ गते साँझ अज्ञात व्यक्तिहरुले नहरा रिगोल गाविसको ठाडीबाट अपहरण गरे। पीडितको स्थिति हालसम्म अज्ञात रहेको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नेपाल पत्रकार महासंघका तत्कालीन जिल्ला शाखा सचिव २४ वर्षीय राजेश बर्मालाई ०६० माघ ९ गते बिहान सिरहा नपास्थित आफ्नै निवासबाट क्याम्पसतर्फ गइरहेको वेला पुस्तकालयनजिक वाटोमा सुरक्षाकर्मीले बन्दुक देखाउँदै ज्यानमार्ने धम्की दिए। पीडित पत्रकार उक्त समयमा क्याम्पसमा अध्ययनरत एक छात्रासँग हिँडिरहेको अवस्थामा बाटोमा वसेका सुरक्षाकर्मीले ती छात्रालाई जिस्काएकाले त्यसो

नगर्न आग्रह गर्दा मार्ने धम्की दिएको पीडितले बताए।

धनगढी गाविसस्थित जिरोमाइलका नवजागृती साप्ताहिक पत्रिकामा कार्यरत पत्रकार १९ वर्षीय सुभक महतोलाई ०६० चैत १९ गते जेएस मुरारका क्याम्पसमा भइरहेको एसएलसी परीक्षामा शिक्षकले ब्ल्याक बोर्डमा उत्तर लेखाइरहेको वखत तस्वीर खिचेको आरोपमा मण्डल थरका एक सईले क्यामराको रील खोसी दुर्व्यवहार गरे। पीडित प्रहरीकै अनुमतिबाट कक्षाभित्र गएका थिए।

नेपाल पत्रकार महासंघ, सिरहा शाखाका पूर्व सभापति तथा हिमालय टाइम्सका जिल्ला समाचारदाता ४५ वर्षीय रामानन्द गुप्तालाई ०६१ जेठ ४ गते बिहान लहान बजारमा समाचार संकलन गर्न उभिएको बेला एक सैनिक जवानले घाँटीमा समातेर गाली गर्दै दुर्व्यवहार गरे।

विष्णुपुरकट्टी गाविस-७ का पत्रकार ३२ वर्षीय राममणी मिश्रलाई ०६१ साउन ४ गते दिउँसो लहान नपाको महेन्द्र चोकनजिक सेनाले विनाकारण कुटपिट गरे। पीडित नेपाल पत्रकार महासंघका राष्ट्रिय पार्षद हुन्।

बल्ही गाविस-४ स्थित बजारमा ०६१ असोज ६ गते साँझ सर्चमा गएका सुरक्षाकर्मीले एकजना व्यक्ति मोटरसाइकल लिएर भागेको निहुँमा सो ठाउँका शिक्षक सत्यदेवप्रसाद सुमन, पसलेहरु अर्जिलाल महतो, सञ्जयकुमार सिंह, विश्वनाथ महतो, उपेन्द्र महतो, देवनारायण साहलगायत् ४० जना स्थानीय बासिन्दाहरुलाई कुटपिट गरे।

माओवादीबाट

लहान नपा-४ का ३६ वर्षीय अरुण पासवानलाई ०६० फागुन १३ गते दिउँसो सोनमति मझौरा गाविसको छरौपट्टी भन्ने ठाउँमा माओवादीहरुले नेपाल बन्दको दिन रिक्सा चलाएको आरोपमा कुटपिट गरे। कुटपिटवाट घाइते भएका पासवानलाई उपचारका लागि सोही दिन लहान अस्पताल लगिएकोमा उपचारपछि घर फर्किए।

गाढा गाविसमा ७० वर्षीय मोहर ठाकुरलाई ०६१ जेठ १७ गते राति माओवादीले कुटपिट गरे। पीडितका छोरा रामआशिष ठाकुरले मनोनित अध्यक्ष पदबाट राजीनामा नदिएको कारण कुटपिट भएको स्थानीयबासीले बताए। घाइते मोहर लहान अस्पतालमा उपचारपछि घर फर्किए।

सखुवा नन्कारकट्टी गाविसस्थित मनोनित उपाध्यक्ष तथा राप्रपा कार्यकर्ता कमल यादवले ०६१ जेठ २४ गते माओवादीको धम्कीका कारण आफ्नो पदबाट राजीनामा दिए।

वल्ही गाविस कार्यालयका सचिव जीवन धिताललाई ०६१ असार १४ गते गाविस कार्यालयमा बृद्ध, विधवा र अशक्त भत्ता बाँड्न बसेको बेला हतियार सहितका माओवादीले रकम लुट्नुको साथै गाविसमा नआउन धम्की दिए। माओवादीले नगद ५५ हजार र एकथान मोटरसाइकल लुटेर लगेको पीडितले बताए।

कथित उच्च जातिका व्यक्तिद्वारा कुटपिट गरिएका विल्टुराम महरा

सिरहा जिल्लास्थित कान्तिपुर दैनिकका सम्वाददाता विजयप्रसाद मिश्रलाई आफ्नो पक्षको समाचार नआएको आरोपमा ०६१ भदौ १७ गते आफूलाई माओवादी बताउने विवेकले महासंघका जिल्ला सचिवलाई टेलिफोन गरी मिश्रको ज्यानमार्ने धम्की दिए।

बरियारपट्टी गाविस चोकबाट राजविराजतर्फ गइरहेको ना. १ ख ९९७९ नम्बरको यात्रुवाहक बसबाट ०६१ असोज ११ गते साँझ माओवादीले यात्रुहरु ओरालेर बसमा आगो लगाउनुका साथै स्टाफ र यात्रुलाई बन्दमा नहिड्न धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्राविधिक शिक्षालय लहानमा अध्ययनरत विद्यार्थीहरु रामबाबु यादव, नरेन्द्र चौधरी, पशुपति महतो र गणेशकुमार कर्णलाई सुरक्षाकर्मीले ०६१ जेठ ३ गते बिहान शिक्षालयमा तालाबन्दी गरेको आरोपमा शिक्षालय हाताभित्रै कुटपिट गरे।

प्राविधिक शिक्षालय लहानका विद्यार्थीहरुको विभिन्न मागहरु राखेर ०६१ जेठ ४ गते बिहान निकालेको विरोध जुलुश नगर परिक्रममा गर्नेक्रममा परमेश्वर साह, योगेन्द्र चौधरीलगायत्का विद्यार्थीहरुलाई बाटोमा सुरक्षाकर्मीद्वारा बल प्रयोग गरी हस्तक्षेप भयो। हस्तक्षेपको क्रममा केही विद्यार्थीहरुलाई कुटपिट समेत गरे। शिक्षालयमा अघिल्लो दिन विद्यार्थीहरुले तालाबन्दी गरेका कारण सेनाद्वारा केही विद्यार्थीहरु कुटपिट गरिएपछि सो दिन विद्यार्थीहरुद्वारा सैनिक हस्तक्षेप बन्द हुनुपर्ने, निमित्त प्रमुखले राजीनामा दिनुपर्ने जस्ता मागहरु राखि नारा जुलुश गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २ वर्षसम्म फर्स्योट नभएका ३७ वटा दुनियावादी देवानी तथा २ वटा सरकारवादी फौजदारी र ४ वटा दुनियावादी फौजदारी मुद्दा रहे।

एक वर्षसम्म फर्स्योट नभएका कूल १ सय ७७ वटा मुद्दाहरुमा दुनियावादी देवानीतर्फ १ सय ४९ र फौजदारीतर्फ २८ वटा छन् । ६ महिनासम्म फर्स्योट नभएका ६ सय ४६ वटा मुद्दामध्ये दुनियावादी

देवानीतर्फ ५ सय ६९ र फौजदारीतर्फ ७७ वटा छन्।

यस अदालतमा ०६१ पुस १६ गतेसम्ममा कूल १ हजार ४ सय ४३ मुद्दा रहेकोमा ५ सय ७७ फर्स्यौट भए भने ८ सय ६६ वटा फर्स्यौट हुन बाँकी छन् । जसमा देवानीतर्फको १ हजार २ सय ५४ मध्ये ४ सय ९९ मुद्दाहरु फर्स्यौट भए भने फौजदारीतर्फ कूल १ सय ९ मध्ये ७ वटा फर्स्यौट भई १ सय ११ मुद्दा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिविसले यस वर्ष बृद्ध, विधवा र अपाङ्गहरुका लागि १ करोड ३१ लाख ७७ हजार ६ सय र दैनिक प्रकोपअन्तर्गत बाढीपीडितलाई १ लाख र अग्निपीडितलाई ५९ हजार ९ सय ९ रुपैयाँ बराबरको सहयोग वितरण गरेको जनायो।

वस्तीपुर गाविस-३ का सिल्टु यादव, रामउद्गार यादव, सोही गाविस-५ का भागवत यादव र शिशवनी गाविसका चतुर दास तत्मालाई मजदुर युनियनमा लागेर राजनीति गरेको आरोपमा कुणाल प्लाईउड फ्याक्ट्रीका मालिक अनिलकुमार अग्रवालले ०६० जेठ १० गतेदेखि कारखानामा श्रम गर्न रोक लगाए। मानवअधिकारकर्मीको पहलमा जेठ १३ गते देखि पुन: काममा लगाइयो।

लहान नपा-१ का ४५ वर्षीय गनपैत सदा विगत दशौं वर्षदेखि बस्दै आएको ऐलानी जमीनबाट लहान नपाले बाटो विस्तार गर्ने नाउँमा ०६१ असार १७ गते त्यस ठाउँबाट हटाई विस्थापन गरायो। पीडितले क्षतिपूर्ति पाउन नसकेको बताए।

पडरिया गाविस-९ स्थित ऐलानी जमीनमा बसोवासका लागि ०६१ कार्तिक ७ गते गएका पडरिया गाविस ३, ४, ७ र ९ का ४० घर-परिवारका दलित र सुकुम्वासीहरुलाई स्थानीय थारु समुदायका व्यक्तिहरुले कुटपिट गरे।

आर्थिक अधिकार

स्वावलम्बन विकास बैंक, लहानका कर्मचारी पुलितकुमार साहलाई ०६१ जेठ १४ गते विहान भदैया गाविसमा ऋण संकलन गर्न गएका बेला माओवादीले धम्की दिनुका साथै कर्मचारीसँग भएको २३ हजार २ सय रुपैयाँ लुटेर लगे।

विस्थापन

विभिन्न गाविसहरुबाट २३ जना विस्थापित भएको र ३ जनाले राहत प्राप्त गरेको जिल्ला प्रशासन कार्यालयले जनायो।

संरचना/सम्पत्ति क्षति

लहानस्थित जेएस मुरारका क्याम्पसको स्ववियु कोठामा ०६० फागुन १० गते माओवादीले बम विस्फोट गराए। क्याम्पस प्रशासनले स्ववियु निर्वाचन स्थगित गराउन नमानेका कारण विस्फोट गराउनु परेको प्रतिक्रिया माओवादीले सार्वजनिक गरे।

यस जिल्लाअन्तर्गत १ सय ६ गाविसहरुमध्ये ५६ वटा गाविस भवनमा माओवादीद्वारा विस्फोट तथा आगजानी गरिएको कारण ३१ लाख ७० हजार ५ सय २७ रुपैयाँ बराबरको क्षति भएको जिविसले जनायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सरस्वती सामुदायिक विकास मञ्च, फिल्ड कार्यालय, लहानका सहायक टिम लिडर रामप्रसाद भट्टराईलाई सादा पोशाकमा रहेका लहान व्यारेकका सुरक्षाकर्मीले ०६१ वैशाख २० गते बिहान केही कुरा बुझ्नु छ भनी कार्यालयबाट बोलाई थुनामा राखे। पीडितलाई चार दिनसम्म आँखामा पट्टी बाँधी राखेर वैशाख २४ गते उदयपुरको बाहिनीवाट रिहा गरियो।

ब्रम्हान गोर्छारी गाविस-९ का माओवादी कार्यकर्ता ४७ वर्षीय रामदेव महतोलाई संयुक्त सुरक्षाकर्मीले ०६१ जेठ ४ गते बिहान सोही गाविस-३ को मोतीपुर भन्ने ठाउँबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला कारागार शाखामा नजरबन्दमा राखिएकोमा केही महिनापछि तारेखमा रिहा गरिए।

विष्णुपुरकट्टी गाविस-१ स्थित मोर्लेनी टोलका जनमोर्चा समर्थक २९ वर्षीय नारा लामालाई ०६१ असार ८ गते धनगढी गाविस-२ स्थित जिरोमाइल भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई गिरफ्तार गर्नुपर्ने कारण थाहा हुन सकेन। उनी केही दिनपछि रिहा भए।

गोविन्दपुर गाविस-४ स्थित घलेटोलका २२ वर्षीय विनोद मुखियालाई ०६१ असार २६ गते बस्तीपुर गाविसस्थित छपराडी बजारबाट सुरक्षाकर्मीले पक्राउ गरे। केही दिनपछि रिहा भएका पीडितलाई केही सोधपुछ गर्न लगिएको सुरक्षास्रोतले जनायो।

गौरीपुर गाविसस्थित लट्टाटोलका झरीलाल यादवलाई माओवादीको आरोपमा ०६१ भदौ ३ गते साँझ करिब ४ बजेतिर सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादी कार्यकर्ता यादवलाई जिल्ला कारागार शाखामा नजरबन्दमा राखिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

गौरीपुर गाविस लट्टाटोलका २० वर्षीय महेशकुमार यादवलाई ०६१ भदौ ४ गते विहान सुखिपुर चोकनजिक

वसबाट ओर्लन लाग्दा माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) का उदयपुरको जिल्ला सदस्य भएको माओवादीले सार्वजनिक गरे। पक्राउ परेका यादवलाई जेलमा नजरबन्दमा राखिएको प्रशासनले जनायो।

हकपारा गाविस-५ का २७ वर्षीय शितल यादव र सोही गाविस-९ का १६ वर्षीय घनश्याम यादवलाई ०६१ भदौ १५ गते दिउँसो सुरक्षाकर्मीले घरबाटै पक्राउ गरे। पीडितहरुलाई केही दिनपछि रिहा गरिएको आफन्तले बताए।

कुशहा लक्ष्मीनिया गाविसको चरारी भन्ने ठाउँबाट सोही ठाउँका फेकन यादव, १५ वर्षीय जयराम यादव, २० वर्षीय प्रवीणकुमार कामैत, २२ वर्षीय सोनेलाल मोची, २० वर्षीय प्रमोदकुमार यादव, २० वर्षीय रमेशकुमार यादव, रामनारायण यादव र भरत सदायलाई ०६१ भदौ १६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितहरुमध्ये केही व्यक्तिलाई केही दिनपछि रिहा गरिएको आफन्तले बताए।

विष्णुपुरकट्टी गाविस-३ का रमेशबहादुर कार्की उदयपुर जिल्ला भलायडाँडा गाविस-९ का रामबहादुर मगर, केदारसिंह आलेमगर, सूर्य पुलामी मगर, पञ्चावती गाविस-४ का तिलककुमार खड्का, इन्द्रबहादुर खड्का, भैरवप्रसाद विश्वकर्मा, उद्धवकुमार राई, बेताहा गाविसका केशबहादुर राई, गोपाल विश्वकर्मा, जगतबहादुर अधिकारी (खत्री), इन्द्रबहादुर विश्वकर्मा, निरबहादुर श्रेष्ठ, त्रियुगा नपाका सिङबहादुर राई र वीरबहादुर तामाङलगायत् १७ जनालाई ०६१ कार्तिक २ गते विहान सुरक्षाकर्मीले लहान नपा-५ स्थित नयाँबजारको मासु बेच्ने ठाउँ नजिकबाट गिरफ्तार गरे। पीडितहरु सबैलाई कार्तिक ३ गते मानवअधिकारकर्मीको उपस्थितिमा रिहा गरियो।

बल्ही गाविस-२ का ४० वर्षीय श्यामसुन्दर महतोलाई माओवादीको आशंकामा ०६१ मंसिर २ गते दिउँसो घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। मोटरसाइकलमा पुगेका सुरक्षाकर्मीले पीडितको आँखामा कालो पट्टी बाँधेर लगेको परिवारले बताए। उनलाई मंसिर ४ गते रिहा गरियो।

नेपाल पत्रकार महासंघद्वारा यस जिल्लामा सञ्चालित एकहप्ते पत्रकारिता तालिममा सहभागी भएका लहान नपा-१ का २३ वर्षीय राधेश्याम रामलाई ०६१ मंसिर २० गते साँझ सिरहा नपाको एक होटलमा खाना खाई सुत्न जान लाग्दा सेनाले पक्राउ गरी सिरहा सैनिक पोष्टमा लगेर कुटपिट गरे। पीडितलाई ज्यानमार्ने धम्की दिनुका साथै शारीरिक र मानसिक यातनासमेत दिइएको उनले बताए। पीडकलाई आन्तरिक कारवाही भएको प्रशासनिक निकायले जनायो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कारको प्रयास

खरुक्याही गाविस-८ का १७ वर्षीय एक दलित युवतीलाई सोही ठाउँका ट्र्याक्टर चालक बेचन यादवले विवाह गर्ने प्रलोभन देखाई ०६० पुस २८ गते बलात्कार गरे। पीडितले आफूमाथि यौन शोषण भइसकेपछि युवकले विवाह गर्न नमानेको बताइन्। पीडितले जिल्ला अदालतमा न्यायको मुद्दा दायर गरेकोमा फैसला भएको छैन।

भवानीपुर गाविस-९ की ७ वर्षीय बालिकालाई ०६१ जेठ ४ गते दिउँसो सोही गाविसको मस्जिदमा पढाउने भारत मधुवनका ३० वर्षीय हापीज इस्लामले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीद्वारा कारवाही गरिएको जनाइयो।

पारिवारिक हिंसा

भगवतीपुर तमासुइया गाविस-१ स्थित गेरुजाहाका २८ वर्षीय अनिता यादवलाई दाइजो नल्याएको आरोपमा पतिले कुटपिट र मानसिक यातना दिएको भन्दै ०६१ असार १ गते कारवाहीको माग गरिन्।

दुर्व्यवहार

सुखचैना गाविस-४ स्थित बुधौराटोलका करिब ३५ वर्षीय एक महिलालाई सोही ठाउँका देवर पर्ने परमेश्वर यादव र गुलाई यादवले ०६० फागुन २४ गते बोक्सीको आरोप लगाई कुटपिट गरे। पीडितले न्यायको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिइन्।

राजपुर गाविस-३ का ४१ वर्षीय रामपरिदेवी यादवलाई सोही गाविसका जोगेन्द्र यादव, महेन्द्र यादव र सुरेन्द्र यादवले ०६१ वैशाख ८ गते बोक्सीको आरोप लगाई कुटपिट गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

मझौलिया गाविस-८ का ४५ वर्षीय सौखिया महरा, ४४ वर्षीय सुवैया महरा, ३२ वर्षीय प्रकाश महरा र ५५ वर्षीय असर्फी महरालाई ०६० फागुन १८ गते साँझ मुसलमान जातिको “दाहा” पर्वमा वाजा बजाउन गएको आरोपमा ०६० फागुन १९ गते बिहान सोही ठाउँका ठूला जातिका भनिने नरेन्द्रसिंह राजपुत, लालवीर चौधरीलगायत्का व्यक्तिहरुले गाली बेइज्जती र कुटपिट गरे। पीडितहरुले कारवाहीको लागि प्रहरीमा उजुरी गरे पनि कारवाही नभएको बताए।

गोविन्दपुर गाविस-४ की १८ वर्षीय एक युवतीलाई सप्तरीका विजयकुमार मण्डलसँग अन्तरजातीय विवाह गरेका

कारण युवतीका आफन्तले ०६० पुस २२ गते इलाका प्रहरी कार्यालय, लहानमा कुटपिट गर्नुका साथै छुटाउने प्रयास गरे।

इटारी प्रसाही गाविस-४ का सीता महरा, वासोदेवी महरा, पूर्णदेवी महरा, वेचनीदेवी महरा, जलेश्वरीदेवी महरा, रामेश्वर महरा, कौशिलादेवी महरा, दीपक महरा, रामबाबु महरालगायत्का १५ दलित घर-परिवारलाई ऐलानी जमीनमा बसेको ठाउँबाट स्थानीय व्यक्तिहरुले ०६१ वैशाख १० गते घर उजाडेर विस्थापित गराए।

मझौरा गाविस-४ का नौ घरका दलितहरु रामचन्द्र राम, विल्टुराम, चलितर राम, रामजतन राम पुरन राम, छठु राम, पञ्चीराम, तेतरी राम र रामसखी रामको घर छेउबाट स्थानीय व्यक्तिहरुले नाला बनाएको कारण ०६१ वैशाख २४ गते सो ठाउँबाट विस्थापित भए।

लहान नपा-५ का नथुनी मेस्हतर, लक्ष्मण मेस्हतर, सिकैत मरिक र सुर्जा मेस्हतरलाई ०६१ असोज २४ गते साँझ सोही वडामा होटल गरी बस्ने जगदीश साहको होटलमा नास्ता खान जाँदा अछूत जाति भनी खानबाट वञ्चित गरे। जातीय भेदभावको आधारमा नास्ता खानबाट वञ्चित गरिएको कारण स्थानीय संघसंस्थाको पहलमा पीडकमाथि कारवाहीको माग गरिएपछि भोलिपल्ट छलफलमा पुनः यस्तो व्यवहार नगर्ने शर्तमा समाधान गरियो।

रामनगर मिर्चैया गाविस-४ का ४५ वर्षीय विल्टुराम चमारलाई ०६१ कार्तिक ११ गते सोही ठाउँको डिहिवार मन्दिरमा सानो जातले परेवा चढाएको आरोपमा सोही ठाउँका शिवशंकर साह, नन्की साह, दिनेश साह र उत्तिमलाल साहले कुटपिट गरे। पीडितले कुटपिट गर्नेहरुलाई कारवाहीको माग गरेपछि इलाका प्रहरी कार्यालय, मिर्चैयामा छलफल गरी अब उप्रान्त जातीयताका कारण मन्दिर जान नरोक्ने र दलित र गैरदलित दुवैले मन्दिरको ढोकाको साँचो एक/एक वटा राख्ने सहमति कायम भयो।

विगतको अनुगमन

लहानस्थित विभिन्न कार्यालयहरुमा माओवादीहरुले ०६० भदौ १५ गते गरेको दोस्रो पटकको आक्रमणका क्रममा वम विस्फोटमा परी घाइते भएका लहान नपा-१ का १३ वर्षीय नावालिका सरिताकुमारी रामको उपचारको क्रममा दुई दिनपछि मृत्यु भएकोमा पीडित परिवारलाई क्षतिपूर्तिवापत यसवर्ष १ लाख ५० हजार रुपैयाँ उपलव्ध गराइएको प्रजिअ दीपककुमार जोशीले बताए।

१.१३ उदयपुर



जनसंख्या	: ३१९१६९
साक्षरता प्रतिशत	: ५३
महिला साक्षरता प्रतिशत	: ४०
क्षेत्रफल (वर्ग कि.मी.)	: २०६३
गाविस/नपा संख्या	: ४४/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३५९
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/४५
टेलिफोन लाइन	: ७७८
मोटर सडक (कि.मी.)	: २५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४७
मानव विकास सूचकांक	: ०.४८८
प्रति परिवार सरदर संख्या	: ६.१९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

गाईघाटबाट गस्तीमा सुरक्षाकर्मीको कारवाहीमा ०६० चैत १ गते नाम नखुलेका एक माओवादी कार्यकर्ताको मृत्यु भयो। लाशको पोष्टमार्टम गरिएन। उक्त घटना मुठभेडमा भएको सुरक्षा निकायले जनाए।

माओवादी र संयुक्त सुरक्षाकर्मीबीच ०६० चैत १ गते उदयपुर जिल्लाको रुपाटार गाविस-७ कटहरेमा गोली हानाहान हुँदा सुरक्षाकर्मीको गोली लागि माओवादी जिल्ला जनसरकार सदस्य अप्सरा श्रेष्ठको मृत्यु भयो। श्रेष्ठ माओवादी उदयपुर जिल्ला सदस्यसमेत भएको बुझियो। उनको लाश पोष्टमार्टम गरिएन।

भुट्टार गाविस-४ का १४ वर्षीय प्रितम भनिने इन्द्रबहादुर पाखिनलाई माओवादी गतिविधिमा संलग्न रहेको

अभियोगमा ०६० चैत १३ गते पञ्चावती गाविसको गोइया भन्ने ठाउँमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी यातना दिएर गोली हानी मारिए। सुरक्षाकर्मीले उक्त घटना दोहोरो भिडन्तमा भएको जनायो। पीडित ८ कक्षा पढ्दै गरेका अनेरास्ववियु (क्रान्तिकारी) र माओवादीका सामान्य कार्यकर्ता भएको बुझियो। लाशको पोष्टमार्टम गरिएन।

रामपुर गाविस-७ हरिपुर टोलमा सुरक्षाकर्मीले गरेको कारवाहीमा ०६० माघ २६ गते माओवादीका उदयपुर जिल्ला कमिटी सदस्य तथा त्यस एरियाका इन्चार्ज प्रकाश क्षेत्रीको मृत्यु भएको सुरक्षाकर्मीले जनाए। माओवादीले भने नियन्त्रणमा लिएर हत्या गरेको सार्वजनिक जानकारी गराए।

लिम्पाटार गाविस-४ मा ०६१ साउन १७ गते सुरक्षाकर्मीको गोली लागी सिन्धुली जिल्ला घर भएकी २० वर्षीय भावना गिरीको मृत्यु भयो। पीडितको मृत्यु मुठभेडमा भएको सुरक्षा निकायले जनाए पनि माओवादीले नियन्त्रणमा लिएपछि हत्या गरेको सार्वजनिक गरे। लाशको पोष्टमार्टम भएन्।

सप्तरी जिल्ला हर्दिया गाविस-८ का ४० वर्षीय अर्जुन कोइरालाको सुरक्षाकर्मीको गोलीबाट ०६१ असोज ५ गते रिस्कु गाविस-९ मा मृत्यु भयो। माओवादीको आरोपमा गिरफ्तारपछि मारिएका कोइरालालाई सुरक्षाकर्मीले दोहोरो मुठभेडमा मृत्यु भएको जनायो। लाशको पोष्टमार्टम भएन।

माओवादीका ओखलढुंगा जिल्लाको ३ वटा गाविस हेर्ने एरिया कमान्डर २५ वर्षीय सुशील भनिने पर्वत भट्टराईको ०६१ असोज ५ गते उदयपुरको घुर्मिमा सुरक्षाकर्मीको कारवाहीमा गोली लागि मृत्यु भयो। लाशको पोष्टमार्टम गरिएन।

माओवादीबाट

सुनसरी जिल्ला प्रकाशपुर गाविस-२ का २६ वर्षीय घुरन चौधरीलाई रामपुर गाविस-२ मा डकैती गरेको अभियोगमा ०६० चैत १८ गते माओवादीले उदयपुरको सेतिखोलाको जंगलमा मार हानेर हत्या गरे। लाशको पोष्टमार्टम भएन।

रैता गाविसका सचिव ४८ वर्षीय रामबहादुर रायलाई सुराकीको आरोपमा ०६० चैत २३ गते माओवादीले कार्यालय हातावाट नकाप लगाएर नजिकैको मुर्कुची गाविस वजारमा लगी दुई गोली हानी हत्या गरे। सेनाले रायको लाश सदरमुकाम ल्याई भोलिपल्ट पोष्टमार्टम गरे।

सिरिसे आहाले गाविस-२ का मनोनित गाविस अध्यक्ष ३५ वर्षीय कर्ण श्रेष्ठलाई अध्यक्ष पद स्वीकार गरेको अभियोगमा ०६१ जेठ १७ गते माओवादीले घर नजिकैबाट अपहरण गरी भोलिपल्ट १८ गते छिमेकी गाविस ओखलेको जंगलमा पुऱ्याई गोली हानेर हत्या गरे।

रामपुर ठोक्सिला गाविस-३ का २६ वर्षीय उत्तम गुरागाईंलाई माओवादीको सशस्त्र हतियारधारी समूहले बाटोमा बिछ्याएको धराप बिगारिदिएको आरोपमा ०६१ जेठ ११ गते नजिकैको खोलामा ढुंगाले किचेर हत्या गरे। माओवादीले बिछ्याएको धरापको तार चलाउने क्रममा पीडितलाई कब्जामा लिएका थिए।

मैनामैनी गाविसका मनोनित गाविस अध्यक्ष ३६ वर्षीय मानबहादुर राईको अपहरणपछि ०६१ असार १० गते राति सोही गाविसमा चरम यातना दिएर खुकुरीले काटेर हत्या गरे। मानवअधिकार र वातावरण विकास केन्द्रका साधारण सदस्य र राप्रपा जिल्ला सदस्यसमेत रहेका राईलाई अध्यक्षको पद त्याग्न पटक-पटक माओवादीले धम्की दिँदै आएका थिए। पीडितलाई छिमेकी रामपुर गाविसको इलाका स्वास्थ्य कार्यालयमा पत्नीको उपचार गराउन आएको बेला ९ गते बेलुका माओवादीले अपहरण गरेर हत्या गरेका थिए। लाशको पोष्टमार्टम गरिएन।

त्रियुगा नपा-८ का पूर्व सैनिक जवान अन्दाजी ३१ वर्षीय ओमप्रकाश कोइरालालाई माओवादीले अपहरण गरी ०६१ असार १६ गते पञ्चावती गाविस-५ मा पर्ने जंगलमा पुऱ्याएर चरम यातना दिई हत्या गरे। माओवादीले सर्वसाधारण र त्यस क्षेत्रका कर्मचारीसँग हत्या गरेको बताए पनि पटक-पटक मानव अधिकारकर्मीले घटना सार्वजनिक गर्न अनुरोध गर्दा समेत अनभिज्ञता प्रकट गरेका थिए। पीडितलाई चरम यातना दिएर हत्या गरेको प्रत्यक्षदर्शीले बताए। दिमाग सन्तुलित नभएका पीडित काठमाडौं जान भनी घरबाट निस्केका थिए। हत्याको पुष्टि नभएकाले उनको काजकिरिया अझै हुन सकेको छैन।

रिस्कु गाविस-९ का प्रहरी जवान २७ वर्षीय भक्तबहादुर विकलाई ०६१ मंसिर १५ गते सोही गाविस-२ सोमबारेबाट माओवादीले अपहरण गरी २ किमी पर लगेर ढुंगाले टाउको किचेर हत्या गरे। पीडित संयुक्त सुरक्षाफौजअन्तर्गत इलाका प्रहरी कार्यालय, कटारीमा कार्यरत थिए। लाशको पोष्टमार्टम हुन सकेन।

दोहोरो भिडन्त

लिम्पाटार गाविस-४ को गाउँमा नियमित गस्तीमा रहेको सुरक्षाकर्मी र माओवादीबीच ०६० पुस २७ गते भिडन्त हुँदा ताराधारी ब्यारेक, कटारीका सैनिक जवान राजु रानाको मृत्यु भयो। लाश हेलिकप्टरबाट आफ्नै गाउँमा पुऱ्याइदिएको १८ नम्बर बाहिनीले जनायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

त्रियुगा नपा-७ मोतिगडास्थित श्रीराम जानकी माविमा अध्ययन गर्दै आएका १३ वर्षीय केशव खत्री र १४

वर्षीय रोशन खतिवडा ०६० चैत ६ गते बेवारिसे रुपमा छाडिएको बम खेलाउँदै जाँदा विद्यालय नजिक पुगेपछि विस्फोट हुँदा घाइते भए। घाइते दुवैको जिल्ला अस्पताल, उदयपुरमा उपचार गराइयो। उक्त बम सुरक्षाकर्मीले माओवादीले छाडेको भने तापनि माओवादीले भने सुरक्षाकर्मीकै रहेको सार्वजनिक अभिव्यक्ति दिएका छन्।

पञ्चावती गाविस-५ मौवासीका १० वर्षीय वीरबहादुर परियार ०६१ जेठ १७ गते बेवारिसे अवस्थामा छाडेको बम खेलाउँदा सख्त घाइते भए। उनीसँगै अन्य २ जना बालकसमेत घाइते भए। घाइतेहरुको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गराइयो। उक्त बम कसले छाडेको हो भन्ने खुल्न सकेन।

जेल र बन्दीहरु

कूल ५० जना बन्दी क्षमता भएको उदयपुर जेलमा यस वर्ष ५० जना बन्दी रहे। हाल यस जेलमा २ महिला र १३ पुरुष गरी २१ जना कैद नतोकिएका र २९ जना कैद तोकिएका बन्दी छन्।

जेलमा ४५ वर्षभन्दा माथिका २५ जना बन्दी छन्। जेलको भौतिक अवस्था जीर्ण भए पनि भित्र र बाहिर गरी ७ वटा शौचालय र २ वटा धारा चालू अवस्थामा छन्।

महिला कक्षको अभावमा सुरुङजस्तै कोठामा महिला बन्दीहरु राखिएको छ। जेलभित्र स्वच्छ हावाको अभाव छ। कम्पाउण्ड साँघुरो छ। टोपी, झोला, मुडा बुन्ने तानहरु टाँगिएर पनि त्यस्ता सामग्री बेच्ने बजारको अभाव रहेको बन्दीहरुको गुनासो छ। यस वर्ष बन्दी र थुनुवा गरी २३ जना थपिए भने ६ जना छुटे। जेलभित्र वर्षायाममा पानी चुहिने भएकाले मर्मत भइरहेको छ।

जेलभित्र जिविस, नपा र सामाजिक संघ-संस्थाहरुको पहलमा टीभी, क्यारेमबोर्ड, चेस र ५ वटा पत्रपत्रिकाहरु उपलब्ध गराइएको छ। जेलमा विशेष बन्दी गृह र गोप्य बन्दी गृह छैन।

भवन जीर्ण हुँदै गएको जेलमा रेडक्रसको अन्तर्राष्ट्रिय समितिले खानेपानीको ट्यांकी बनाइदिएका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

माओवादी उदयपुर जिल्ला जनसरकार सदस्य तथा कटुन्जे बवला गाविस-७ का २६ वर्षीय प्रकाश तामाङ (वाइवा) लाई ०६० पुस २४ गते सुनसरीको धरान तीनकुनेबाट सुरक्षाकर्मीले गिरफ्तार गरेर बेपत्ता पारे। पीडितकी आमाले छोराको जीवनरक्षा र अवस्था सार्वजनिक गर्न आग्रह गर्दै इन्सेकका प्रतिनिधिमार्फत् राष्ट्रिय मानव अधिकार आयोगमा ०६० पुसमा नै उजुरी गरे पनि हालसम्म स्थिति अज्ञात छ।

माओवादीबाट

त्रियुगा नपा-११ स्थित बुर्जाकाल्ला प्राविका व्यवस्थापन समितिका अध्यक्ष ३५ वर्षीय सूर्यबहादुर बस्नेत र सोही ठाउँका रामकुमार सुन्दासलाई ०६० पुस २९ गते माओवादीले अपहरण गरी ३ दिन पछि मुक्त गरे। माओवादीले "केही कुरा गर्नु छ" भनी राति अपहरण गरेको परिवारका सदस्यले बताए।

ओखलढुङ्गा जिल्ला विलन्दु गाविस-२ का ४६ वर्षीय सन्तबहादुर गुरुङलाई ०६० फागुन २६ गते दिउँसो घुर्मी बजारबाट माओवादीले अपहरण गरी जडीबुटी ठेकेदारलाई भेटाइदिने शर्त राखी फागुन ३० गते ओखलढुङ्गा जिल्लाकै

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					९	९		९	९	५	३	१	९
घाइते	२	५		५	२	३	२	५					
गिरफ्तारी / यातना									१७	२४	९		३३
बेपत्ता									१	१			१
कुटपिट	१		१	१	१	२		२	६	१३			१३
धम्की					४	७		७					
महिलाअधिकार	३		३	३									
बालअधिकार	१	१		१									
अपहरण					२०	२२	१०१३	१०३५					
जम्मा	७	६	४	१०	३८	४३	१०१५	१०५८	३३	४३	१२	१	५६

सिस्नेरीको ढाँडखोलामा पुऱ्याई मुक्त गरे।

रिस्कु गाविस-७ का ४० वर्षीय धनबहादुर गुर्वछान र कासबहादुर राईलाई माओवादीले ०६० चैत १ गते अपहरण गरी ३ दिनपछि मुक्त गरे। पीडितहरुलाई अघिल्लो वर्ष सुरक्षाकर्मीलाई बाटो देखाइदिएको आरोपमा अपहरण गरेको जनाइयो।

रिस्कु गाविस-७ सोमवारेका ४० वर्षीय धनसेर राईलाई ०६० चैत २ गते माओवादीले अपहरण गरी ३ गते साँझ मुक्त गरे। पीडितलाई सुरक्षाकर्मीलाई सहयोग गरेको अभियोगमा अपहरण गरेको बताए।

रामपुर गाविस-२ बरगाछीमा औषधी पसल गरेर बसेका सप्तरी जिल्ला ओद्राहाका २४ वर्षीय पारसकुमार गिरीलाई ०६० चैत ५ गते दिउँसो माओवादीले पसलबाट कुटपिट गर्दै अपहरण गरे। पीडितलाई अनैतिक काम गरेको अभियोगमा अपहरण गरेको आरोपमा तीन दिनपछि मुक्त गरियो।

जिविस सदस्य ४९ वर्षीय एकबहादुर कार्कीलाई ०६० चैत १३ गते १ घण्टासम्म माओवादीले रौता गाविसस्थित रौता मन्दिरमा कब्जामा लिएर छाडे। पीडितलाई पदबाट राजीनामा दिनसमेत माओवादीले दबाब दिएका थिए।

रामपुर गाविसका सचिव धर्मराज खड्कालाई भ्रष्टाचारलगायत् गलत काम गरेको आरोपमा ०६० चैत १५ गते माओवादीले घरबाट अपहरण गरी १८ दिनपछि सोही गाविसमा एक सार्वजनिक कार्यक्रम गरी मुक्त गरे।

वसाहा गाविसका ३६ वर्षीय नवराज राईलाई ०६० चैत १७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी दश दिनपछि मुक्त गरे।

रामपुर गाविस ४ घर भई जिल्ला सप्तरीमा कार्यरत कराँते प्रशिक्षक ३५ वर्षीय विजय थापा मगरलाई सुराकीको आरोपमा ०६० चैत २२ गते माओवादीले घरैबाट अपहरण गरी ०६१ वैशाख ५ गते मुक्त गरे।

रामपुर गाविस-२ का कारवारी भनिने अन्दाजी ३५ वर्षीय कृष्णवहादुर तामाङलाई ०६१ वैशाख ५ गते माओवादीले अपहरण गरी मानसिक यातना दिएर तीन दिनपछि मुक्त गरे। तामाङलाई पारिवारिक भै-भगडाको आरोप लगाइएको थियो।

रामपुर ठोक्सिला गाविसका मनोनित गाविस अध्यक्ष ४५ वर्षीय चित्रवहादुर केसीलाई पद स्वीकार गरेको भन्दै ०६१ जेठ २ गते माओवादीले अपहरण गरे। पीडितलाई १२ घण्टासम्म कब्जामा लिएर सोही दिन पद त्याग गर्ने शर्तमा मुक्त गरियो।

सुन्दरपुर गाविसका भूपू गाविस अध्यक्ष मुरारीप्रसाद चौधरीलाई ०६१ जेठ ३२ गते अज्ञात समूहले अपहरण गरी दुई दिनपछि मुक्त गरे भने सोही गाविस-५ का पूर्व असई धर्मवहादुर वस्नेतलाई खुकुरी प्रहार गरी घाइते पारे। घाइतेको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो भने अपहरित चौधरी तीन दिनपछि मुक्त भए।

माओवादीले यस जिल्लाको पहाडी क्षेत्रका करिव २ सय ५० जना शिक्षकहरुलाई ०६१ जेठ १८ गते अपहरण गरी दुर्गमावारा गाविसबाट चार दिनपछि मुक्त गरे। पीडितहरुलाई जनवादी शिक्षाको पाठ्यक्रमको प्रशिक्षण दिन अपहरण गरेको माओवादीले सार्वजनिक गरे।

माओवादीको एक समूहले उदयपुर जिल्लाका पूर्वीक्षेत्रका १ सय ५० शिक्षकहरुलाई ०६१ असार २ गते अपहरण गरी भोलिपल्ट ववला गाविसवाट मुक्त गरे।

उदयपुर सिमेन्ट उद्योगको चिलाउने गाविसमा रहेको खानी महाशाखामा कार्यरत ८४ जना मजदुर तथा यातायात क्षेत्र, कलकारखानामा कार्यरत ६२ जना मजदुरलाई ०६१ साउन ८ गते माओवादीले अपहरण गरी इनामे गाविसमा पुऱ्याएर प्रशिक्षण कार्यक्रम गरी चार दिनपछि मुक्त गरे। माओवादीका जिल्ला सचिव मिनकुमारले मजदुरहरुलाई अपहरण गरेको नभई मजदुरहरुकै कार्यक्रममा लगेको सार्वजनिक जानकारी गराए।

माओवादीले उदयपुरको उत्तरपश्चिममा पर्ने २८ वटा विद्यालयका २ सय १८ जना विद्यार्थीलाई ०६१ भदौ १८ गते अपहरण गरी तीन दिनपछि मुक्त गरे। विद्यार्थी अपहरणसँगै जिल्लाका अधिकांश विद्यालयहरु वन्द रहे। उनीहरुलाई जनवादी शिक्षाको प्रशिक्षण दिन विद्यार्थीकै कार्यक्रममा लगिएको माओवादीले सार्वजनिक गरे।

जोगीदह गाविस-६ का अन्दाजी ४८ वर्षीय रवीलाल चौधरी र ३५ वर्षीय कृष्णकुमार खड्कालाई ०६१ असोज १२ गते माओवादीले अपहरण गरे। उनीहरुलाई दश दिनपछि मानवअधिकारकर्मीको पहलमा मुक्त गरे।

नेपाल शिक्षक युनियनका अध्यक्ष कुमार सिंह कार्कीसहित १ सय ५० शिक्षकलाई ०६१ असार २२ गते माओवादीले जनवादी शिक्षाको प्रशिक्षण दिन अपहरण गरेको बताए। यसभन्दा अघि जेठ १८ गते जिल्लाको पश्चिम-उत्तर क्षेत्रका २ सय ५० शिक्षकहरु अपहरणमा परेका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नेपाल बार एशोसिएसनको निर्वाचनमा भाग लिएर गाइघाटतर्फ फर्किँदै गरेका २ दर्जन कानुन व्यवसायीहरुलाई ०६० पुस २६ गते बेलुकी त्रियुगा नपा-१० जलजले वजारमा सुरक्षाकर्मीले कुटपिट गर्दै अभद्र व्यवहार गरे। १८ नम्बर वाहिनी भुल्केका सैनिक र इलाका प्रहरी कार्यालय, जलजलेका सुरक्षाकर्मीले सीएलआरसीका अध्यक्ष वलदेव चौधरी र शान्ति

समाजका अध्यक्ष शुक्रराम श्रेष्ठलाई हातपात गरेको पीडितहरुले बताए।

वसाहा गाविस-८ का २३ वर्षीय दोर्जीनुर्बु शेर्पालाई सुरक्षाकर्मीले मार्ने धम्की दिए। पीडितको फोटोसमेत सुरक्षाकर्मीले घरैबाट बरामद गरे। पीडितलाई वैशाख महिनामा गस्तिमा रहेको सुरक्षा गस्तीले घाइते हुन्जेल कुटपिट समेत गरेको थियो। पीडितका बुवा दोर्जे नर्बुले छोराको जीवन रक्षाको लागि निवेदनसमेत दिए।

माओवादीबाट

त्रियुगा नपा-१ बोक्सेका भूपू रापंस चक्रवहादुर बस्नेतको घरमा ०६० माघ २९ गते माओवादीले बम विस्फोट गराए। घटनापछि माओवादीले घर-जग्गा आफूहरुले कब्जामा लिइसकेकाले पाँच दिनभित्र घर छाड्न धम्कीसमेत दिएको पीडितले बताए। पाँच कोठे पक्का भवन क्षतिग्रस्त भएको छ।

काकरभिट्टाबाट गाइघाटतर्फ आउँदै गरेको त्रियुगा ट्राबल्सको यात्रुबाहक बसका यात्रुलाई उतारी ०६० चैत १८ गते माओवादीले आगजनी गर्ने प्रयास गरे।

जिविस उपसभापति विष्णुबहादुर वस्नेत र इलाका नं १० का क्षेत्रीय सदस्य रामकुमार राई र त्रियुगा नपा-१२ का वडाध्यक्ष कनकबहादुर रानाले माओवादी धम्कीका कारण ०६१ वैशाख १ गते पदवाट राजीनामा गरे। पीडित बस्नेतलाई राजीनामा नगरे घर-जग्गा कब्जामा लिने माओवादीले धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा दर्ता भएका २ सय ९७ र गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ५४ गरी कूल ६ सय ५१ वटा मुद्दा रहे। जसमा, दुनियावादी देवानी ४ सय ३९ वटा, दुनियावादी फौजदारी १ सय ६३ वटा तथा सरकारवादी फौजदारी ५२ वटा छन्।

गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल ४ सय २९ वटा मुद्दा फर्स्यौट भए। अदालतमा ३ वर्ष नाघेको रामचरण चौधरीसँग जोडिएको एउटा वन मुद्दा छ भने २ वर्ष नाघेका १४ वटा र अन्य सवै २ वर्ष भित्रका मुद्दा छन्।

अदालतमा यो वर्ष करणी र आसय करणीसम्वन्धी ३ वटा र सम्वन्ध विच्छेदसम्वन्धी १२ वटा मुद्दा दर्ता भए। उदयपुर बार इकाइले यो वर्ष असहाय महिलासम्बन्धी २० वटा मुद्दामा पीडितलाई नि:शुल्क सेवा प्रदान गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धार्मिक अधिकार

इराकमा १२ जना नेपालीको निर्मम हत्या गरेको भन्दै आन्दोलनमा उत्रेका विद्यार्थीले ०६१ भदौ १६ गते त्रियुगा नपा-२ मा रहेको मुस्लिमहरुको जामे मस्जिदमा प्रवेश गरी तोडफोड गरे। उक्त घटनाको विरोध गर्दै धार्मिक स्वतन्त्रतामाथि आँच आउन नदिन मुस्लिम समुदायले आग्रह गऱ्यो।

विस्थापन

रिस्कु गाविस-४ का पूर्व गाविस अध्यक्ष चक्रबहादुर राई र सोहीका एमाले कार्यकर्ता अन्दाजी ४५ वर्षीय प्रतिमान राईको घरमा ०६० चैत १ गते माओवादीले तालाबन्दी गरे। पीडितहरु माओवादी धम्कीकै कारण गाउँ बस्न नसकी हाल जिल्ला सदरमुकाममा बस्दै आएका छन्। उनीहरुमध्ये अध्यक्ष राईको घर-जग्गा माओवादीले कब्जामा लिएका छन्।

रिस्कु गाविस-३ का ५५ वर्षीय देवीप्रसाद ढुंगाना र ३२ वर्षीय राजु ढुङ्गानालाई सामन्त भएको भन्दै ०६० चैत ८ गते माओवादीका कार्यकर्ताले घर जग्गा छाडेर जान धम्की दिए। उक्त धम्कीपश्चात् पीडितहरु घर छोडेर कटारीमा बस्दै आएका छन्। पीडितमध्ये देवीप्रसाद ढुंगाना पूर्व जिल्ला पञ्चायतका सदस्य र राजु ढुंगाना स्थानीय माध्यमिक विद्यालयका शिक्षक हुन्।

हर्देनी गाविस-९ का जिविस सदस्य तथा राप्रपाका जिल्ला सदस्य ५८ वर्षीय क्षेत्रबहादुर खड्कालाई माओवादीले मार्ने धम्की दिएर घर-जग्गा तथा चौपाया सम्पति कब्जामा लिएर ०६१ जेठ २६ गते घर तालाबन्दी गरे।

बसाहा गाविस-९ का ४६ वर्षीय रामबहादुर बस्नेतको घरमा छोराले सेनाको जागिर खाएको विषयलाई लिएर ०६१ साउन ४ गते माओवादीका जिल्ला जनसरकार प्रमुख उद्धवको नेतृत्वमा गएको टोलीले तालाबन्दी गरी परिवारलाई गाउँ छाड्न धम्की दिए। पीडित घर छाडेर गाई गोठमा बस्दै आएका पीडित बस्नेतका तीन नाबालक छोरी र पत्नीसमेतलाई पुन: दुवै छोरालाई २४ घण्टाभित्र नझिकाए सबैको हत्या गर्ने धम्की दिएपछि पीडितहरु सुरक्षा वेसक्याम फत्तेपुरमा शरण लिएर बस्दै आएका छन्।

संरचना/सम्पत्ति क्षति

रिस्कु गाविसमा रहेको सम्पूर्ण कागजात माओवादीको समूहले ताला तोडेर निकाली ०६० फागुन ११ गते जलाइदिए। सो घटनामा ६० हजार रुपैयाँ बराबरको क्षति भएको पाइएको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०६० पुस २९ गते चिसापानी गाविस ४ का ४५ वर्षीय

चन्द्रबहादुर श्रेष्ठ ४२ वर्षीय लक्ष्मण श्रेष्ठलाई १८ नं. बाहिनी अन्तर्गत सुरक्षाकर्मीले गिरफ्तार गरी ८ दिनसम्म थुनामा राखी तारिखमा रिहा गरे। पीडितहरुलाई माओवादीले जबरजस्ती वस्न बाध्य बनाएको पीडितहरुले वताए।

माओवादी गतिविधिमा लागेको आशंकामा ०६० माघ ११ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार तावाश्रीका राजकुमार तामाङ र सिरहा जिल्ला विसनपुरकी दुर्गा खपाङ्गी मगरलाई बयान लिने क्रममा मानसिक र शारीरिक यातना दिई माघ २३ गते आत्मसमर्पण गराएर रिहा गरे। पीडितमध्ये तामाङ प्लाटुन कमाण्डर भएको सुरक्षा श्रोतले जनाएको थियो।

उदयपुरको रुपाटार गाविस-७ कटहरेमा ०६० चैत १ गते सुरक्षाकर्मी र माओवादीबीच मुठभेड हुँदा सुरक्षाकर्मीले सोरुङ छविसे गाविस-४ का मोनिका भनिने सरिता भुजेल, प्रमिला भनिने जानकी मगर, वर्षा भनिने देविका राई र मकवानपुर जिल्लाको मकवानपुरगढी गाविस-८ रानीखलाकी शर्मिला भनिने कान्छी लामा तामाङ र सप्तरी जिल्ला हर्दिया गाविस-५ का सागर भनिने खेमराज दाहाललाई गिरफ्तार गरे। उनीहरुमध्ये शर्मिलाको लडेर कम्मरको हड्डी भाँचिएकाले धरान लगी उपचार गरियो भने हाल चारजनालाई आईसीआरसीलाई बुझाइयो भने खेमराज नजरबन्दमा छन्।

जोगीदह गाविस-६ का २८ वर्षीय रुद्रबहादुर अधिकारीलाई ०६१ असार ६ गते माओवादीले अपहरण गरेकोमा ०६१ असार १५ गते सोधपुछ गर्ने बहानामा १८ नम्बर बाहिनी, भुल्केका सुरक्षाकर्मीले १ दिनसम्म मानसिक यातना दिएर भोलिपल्ट रिहा गरे।

बसाहा गाविस-९ का सन्तोष खड्का र सोही गाविस-५ का देवन राईलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६१ असार ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे। हिरासतमा यातना दिइएका उनीहरुलाई तीन महिनापछि रिहा गरियो।

माओवादी जिल्ला जनसरकार प्रमुखका पूर्व सुरक्षा गार्ड तथा माओवादीका एरिया कमाण्डर दुर्गाबहादुर राईलाई ०६१ भदौ १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखी आत्मसमर्पण पछि पुस १९ गते रिहा गरे।

भोजपुर जिल्ला नागी गाविस-७ वाकाटाङका २२ वर्षीय एकराज राईलाई माओवादीको आरोपमा ०६१ भदौ १७ गते उदयपुरको इनामे गाविसबाट सुरक्षाकर्मीले पक्राउ गरेर तीन महिनासम्म थुनामा राखी इन्सेकका प्रतिनिधिको जिम्मा लगाई ०६१ कार्तिक २२ गते रिहा गरे। उनलाई माओवादीको दस्तावेज लिन जाँदै गरेको बेला सुरक्षाकर्मीले पक्राउ गरेका थिए। राईले आफूलाई माओवादी कार्यकर्ताले भोजपुरबाट लिएर आएको वताए।

आँपटार गाविस-२ रसुवाघाटका ४५ वर्षीय कर्णशेर राई र ४७ वर्षीय जोगबहादुर राईलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६१ असोज १३ गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। पीडितहरुलाई यातना दिएर एकहप्ता पछि रिहा गरियो।

गाईघाटस्थित राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत सुरक्षागार्ड ५६ वर्षीय गेहरमान खड्कालाई ०६१ भदौ २२ गते प्रजिअ सीताराम पोखरेलले सार्वजनिकरुपमा कुटपिट गरे भने प्रहरीले पक्राउ गरे। पीडितको हातबाट सोही दिन माओवादीले बैंक हाताभित्रैबाट राइफल खोसेर फरार भएका थिए। उनलाई करिब १ महिनापछि जमानतमा रिहा गरियो।

रौता गाविस-३ का अन्दाजी २५ वर्षीय दुर्गाकुमारी कार्कीलाई माओवादी गतिविधिमा लागेको आरोपमा ०६१ असोज १० गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल १८ नं. बाहिनी भुल्केको कस्टडीमा राखिएको छ। पीडितका आफन्तले समेत भेटघाट गर्न नपाएको भन्दै बुबा दलबहादुरले असोज १६ गते इन्सेक र हुरेण्डेकमा रिहाइको लागि पहल गरी दिन आग्रह गर्दै निवेदनसमेत दिए।

आँपटार गाविस-२ का ३० वर्षीय रणबहादुर राई र सोही ठाउँको रसुवाघाटमा किराना पसल गरी बस्ने खड्का थरका एक व्यापारीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ असोज १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ६ दिनसम्म यातना दिएर रिहा गरे।

त्रिवेणी गाविस-२ चौरवालका ३८ वर्षीय ओदराज कार्की, २७ वर्षीय रमेश कार्की र ३० वर्षीय शंकर कार्कीलाई माओवादीको आरोपमा ०६१ कार्तिक ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्टसम्म राखेर यातना दिई मुक्त गरे। पीडितहरु माओवादी नभई सामुदायिक वनका पदाधिकारी भएको गाउँलेले बताए।

चोरीको अभियोगमा ०६१ कार्तिक २७ गते थुनामा परेका त्रियुगा नपा-३ का २२ वर्षीय शम्भु विक बयान दिने क्रममा सरकारी वकिल कार्यालयबाट भागेपछि उनलाई लुकाएको आरोप लगाउँदै प्रहरीले उनका बाबु र भाईलाई गिरफ्तार गरे। उनीहरुलाई हिरासतमा यातना दिइयो। प्रहरीले भने यातना दिएको अस्वीकार गर्दै हतकडी काट्ने र अपराधी लुकाउने कार्यमा संलग्न रहेकोले गिरफ्तार गरेको जनाए।

पञ्चावती गाविस-२ का २२ वर्षीय रामजी विश्वकर्मा र २० वर्षीय साने विश्वकर्मालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ मंसिर २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुले आफूहरु माओवादी भएको स्वीकार गरेको भन्दै एक हप्तापछि सानेले आत्मसमर्पण गरेपछि रिहा गरियो भने रामजीलाई सिरहा जेल पठाइयो।

त्रियुगा नपा-११ मोहनपुरका ४२ वर्षीय दुर्गाबहादुर राउतलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१

सालमा सुरक्षाकर्मीले पटक-पटक मानसिक यातना दिए। पीडितले जीवन रक्षाको लागि आग्रह गर्दै मानवअधिकार संघसंस्थामा निवेदन दिए।

बालअधिकार

कटारी गाविस-२ कटारीवजारका १४ वर्षीय एक वालिकालाई खोलामा नुहाउन गएको अवस्थामा ०६१ कार्तिक १० गते अज्ञात समूहले सामूहिक वलात्कार गर्ने प्रयास गरे। घटनावाट वचेर भाग्न सफल पीडितलाई आक्रमण गर्न खोज्नेको वारेमा वुझ्न घटनास्थल पुगेका गिरीका दाजु २४ वर्षीय मानवहादुर गिरीलाई उक्त समूहले कुटेर हत्या गरेको प्रहरीले जनाए। पीडकको अझै पत्ता लाग्न सकेको छैन।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

दुर्व्यवहार

त्रियुगा नपा-१ बाँसबारीका ४० वर्षीय कमला घिमिरेलाई ०६१ जेठ ४ गते लाञ्छना लगाउँदै छिमेकी ईतमाया अधिकारी, लक्ष्मी खड्का र सिताराम खड्काले एसिड खन्याएर हत्या गर्ने प्रयास गरे। शरीर एसिडले डढेकी घिमिरेलाई आर्थिक अभावका कारण राम्रो उपचार हुन सकेन। उक्त घटनामा न्यायका लागि जिप्रका आएका पीडितका छोरालाई दर्ता नगरी प्रहरी नायव उपरीक्षक माधव बस्नेतले हप्काएर पठाए। पीडितले क्षेत्रीय प्रहरी कार्यालय गृह मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालयमा निवेदन दिँदासमेत मुद्दा दर्ता भएन। पछि सरकारी वकिल कार्यालयको प्रतिवेदनले हाल उक्त मुद्दा चलिरहेको छ।

हडिया गाविस-८ खैराहाका ५५ वर्षीय अमैयादेवी चौधरीलाई ०६० फागुन १६ गते बोक्सीको आरोप लगाई मलमूत्र समेत खुवाउँछु भन्दै सोही ठाउँका सुखेद लाल चौधरीले कुटपिट गरे। पीडितको स्थानीय उपस्वास्थ्य चौकीमा उपचार गराईयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

कटारी गाविस-३ का २८ वर्षीय हिराकुमारी तामाङलाई बलात्कार गर्न खोजिएपछि प्रतिकार गर्दा ०६१ मंसिर २८ गते ४० वर्षीय जेठाजु पदमवहादुर तामाङको मृत्यु भयो। हिराकुमारीलाई प्रहरीले आवश्यक अनुसन्धानको लागि पक्राउ गरी थुनामा राखेको छ।

१.१४ खोटाङ



जनसंख्या	:	२३७८३८
साक्षरता प्रतिशत	:	४१. ८३
महिला साक्षरता प्रतिशत	:	३८.२९
क्षेत्रफल (वर्ग कि. मि.)	:	१५९१
गाविस/नपा संख्या	:	७६ /०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	५७१
क्याम्पस/उच्च मा.वि.	:	१ /११
अस्पताल/स्वास्थ्य चौकी	:	१/७१
टेलिफोन लाइन	:	२१०
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	७६
मानव विकास सूचकांक	:	०.४४२
प्रति परिवार सरदर संख्या	:	५.५५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

ओखेडाँडागाउँ गाविस-४ मा ०६० पुस २६ गते गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीवीच भेट हुँदा सावित्रा भनिने टिका खड्काको सुरक्षा कारवाहीमा मृत्यु भयो।

अर्खौले गाविस-५ मा ०६१ जेठ १८ गते गस्तीमा गएका संयुक्त सुरक्षाकर्मीसँग जम्काभेट हुँदा पसलमा सामान खरिद गर्दै गरेका अन्दाजी २४ वर्षीय रुपक भनिने माओवादी कार्यकर्ता भाग्न खोजेपछि घर घेरा हाली सुरक्षा कारवाहीमा गोली लागि मृत्यु भयो। ताप्लेजुङ घर वताइएका पीडितको लाश सुरक्षाकर्मीले नजिकैको मकैवारीमा पुरेर छोडेका थिए।

च्यास्मिटार गाविस-१ मौरीमिर जंगलमा ०६१ पुस ६ गते गस्तीका क्रममा पुगेका संयुक्त सुरक्षाकर्मीसँग जम्काभेट हुँदा सुरक्षाकर्मीमाथि वम प्रहार गरी भाग्न खोज्ने

दुई माओवादीमध्ये ठेगाना खुल्न नसकेका अन्दाजी १४ वर्षीय दिनेश चाम्लिङको गोलीद्वारा मृत्यु भयो भने अर्को माओवादी भागे। सुरक्षाकर्मीतर्फ फ्याँकिएको बम विस्फोट भए पनि कुनै क्षति भएन।

माओवादीबाट

लिच्किराम्चे गाविस-९ का १९ वर्षीय दुर्गाप्रसाद सुवेदीलाई पार्टीविरुद्ध सुराकी गरी ३ जना कार्यकर्ता मार्न सहयोग गरेको आरोपमा ०६० माघ १२ गते माओवादीले राजापानी गाविसको रेश्मिटारबाट अपहरण गरी उत्तरतर्फ छितापोखरीको पञ्चमी भन्ने ठाउँमा पुर्‍याई माघ १४ गते कुटपिट गरी गोली हानेर हत्या गरे। पीडित खेती किसानी गर्ने सामान्य व्यक्ति हुन्।

दर्पा चिउरीडाँडा गाविस-३ का २५ वर्षीय टेकराज भट्टराईलाई सुराकीको आरोपमा ०६० माघ २३ गते दिदीको घर जाँदै गर्दा घर नजिकै बाटोमा माओवादीले पाता फर्काई भाटा प्रहार गरी हत्या गरे। पीडितको टाउको, ढाड र खुट्टामा नीलडाम थियो।

दिक्तेल गाविस-३ का सान्के भनिने ५७ वर्षीय टंकनाथ आचार्यलाई पार्टीविरुद्ध सुराकीको तथा सर्वसाधारण जनतामाथि शोषण-दमन गरेको आरोपमा ०६१ जेठ २३ गते कामको सिलसिलामा दिक्तेल अस्पतालतर्फ जाँदै गर्दा ३ जनाको समूहमा आएका माओवादीले अस्पताल नजिकै गोली हानी हत्या गरे। दिउँसो भएको सो घटनामा पीडितमाथि ५ गोली प्रहार गरिएको थियो। माओवादीले आफ्नो रेडियो प्रशारणमार्फत् उनलाई सार्वजनिक अपराधी घोषित गरी तत्काल पार्टीको जनअदालतमा सम्पर्क नगरे जहाँ भेटिए पनि कडा भौतिक कारवाही गरिने सूचना सार्वजनिक गरेका थिए। तत्पश्चात् पुर्खौली घर नेरपा छाडी सदरमुकाम दिक्तेल आई बसेका पीडितमाथि माओवादीले विगतमा चार पटक मार्ने असफल प्रयास गरेका थिए।

महेश्वरी गाविस-८ का ३८ वर्षीय शिक्षक भलकाजी वनलाई सुराकीको आरोपमा ०६१ वैशाख २३ गते केही कुरा गर्ने वहाना बनाई माओवादीले घरबाट अपहरण गरी उत्तरतर्फ सोलुखुम्बु जिल्लाको जुबु गाविस-७ लुहारेमा लगी वैशाख २५ गते धारिलो हतियार प्रहार गरी हत्या गरे।

दोहोरो भिडन्त

नुनथला गाविस-१ र लामीडाँडा गाविस-४ बीचको जंगलमा ०६० पुस २१ गते लामीडाँडामा घुम्ती शिविर सम्पन्न गरी सदरमुकाम दिक्तेल फर्कदै गरेका संयुक्त सुरक्षाकर्मी र माओवादीबीच अढाई घण्टा भएको दोहोरो भिडन्तमा परी अछाम घर भई नन्दवक्स गुल्ममा कार्यरत सिपाही सूर्य सुवेदी र मगर थरका अर्को एक गरी दुई सैनिकको मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयका असई हिराकाजी श्रेष्ठ, जवानहरु यामबहादुर वस्नेत, कृष्ण माझीलगायत् १६ सुरक्षाकर्मीहरु घाइते भए। सो भिडन्तका क्रममा जिप्रकाका हवल्दार वसन्त राई र जवान लिलाप्रसाद कोइरालालगायत्, जिशिअ हरि वम्ती, विद्यालय निरीक्षक सूर्यराज घिमिरे, लेखापाल भुवन आचार्य गरी ५ जनालाई अपहरण गरे। भिडन्तमा माओवादीतर्फ कुनै क्षति भएन। उनीहरुले सुरक्षाकर्मीबाट एसएलआर एक थान, इन्सास २ थान, थ्री नट थ्री दुई थान, म्यागन गरी जम्मा ६ थान हतियार लुटेर लगेको सुरक्षास्रोतले बतायो।

सप्तेश्वर गाविस-७ मालदेन गाउँमा ०६० पुस २९ गते गस्तीमा गएका संयुक्त सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तका क्रममा दिक्तेल गाविस-४ का नवराज भनिने ३१ वर्षीय ईश्वर मोत्तान र ओखलढुंगाकी सलिना भनिने कमला कार्कीको गोली लागि मृत्यु भयो। घटनामा सुरक्षाकर्मीतर्फ क्षति भएन। उक्त घटनामा २ महिला माओवादी कार्यकर्तालाई गिरफ्तार गरी दिक्तेल लगिएको थियो।

ऐंशेलुखर्क बजारदेखि उत्तरतर्फ झुलेडाँडा जंगलमा ०६० फागुन ८ गते संयुक्त सुरक्षाकर्मीमाथि आक्रमण गर्दा भएको दोहोरो भिडन्तमा रणभीम सशस्त्र प्रहरी बल दिक्तेलमा कार्यरत हवल्दार धनबहादुर दमाई, बर्दिया घर भएका नन्दवक्स गुल्म दिक्तेलमा कार्यरत प्युठानका नन्दलाल सुनुवार र झापाका सिपाही रमेश गिरीको मृत्यु भयो। उक्त घटनामा १८ जना सुरक्षाकर्मी घाइते भए। दिउँसो करिब ३ बजेदेखि करिब १४ घण्टा जति भएको भीडन्तका क्रममा ३ महिला र ५ पुरुष गरी ८ माओवादीको मृत्यु भयो। राति सैनिक हेलिकप्टरबाट माओवादीमाथि आक्रमण गरिए पनि स्थानीयवासीलाई कुनै क्षति भएन। घाइते सहसेनानी वसन्त गौतम, उपसेनानी विशाल थापालगायत् १८ सुरक्षाकर्मीलाई ९ गते उपचारार्थ काठमाडौं लगियो।

अन्यबाट

दोर्पाचिउरीडाँडा गाविस-६ दोबेलाका १४ वर्षीय दीपक कठायतको ०६१ असार ५ गते गोठालो जाँदा बेवारिसे अवस्थामा छाडिएको बम भेटाई घरमा ल्याएर खेलाउने क्रममा विस्फोट भई मृत्यु भयो। विस्फोटमा परि पीडितको दायाँ हत्केला चुँडिएको थियो भने पेट र दायाँ खुट्टामा गहिरो चोट लागेको थियो। विस्फोटबाट घरको बार्दली र भित्तासमेत भत्कियो।

जेल र बन्दीहरु

खोटाङ जिल्ला १ जना महिलासहित १० जना बन्दी छन्। जसमा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत नजरबन्दमा ९ जना र डाँकाको अभियोगमा १ जना बन्दी छन्।

बेपता / अपहरण

माओवादीबाट

नुनथला गाविस-१ र लामीडाँडा गाविस-४ वीचको जंगलमा घुम्ति शिविर संचालन गरी दिक्तेल फर्किंदै गरेका संयुक्त सुरक्षाफौज र माओवादीवीच भिडन्त हुँदा शिविरवाट फर्किने क्रममा रहेका जिशिअ हरी वस्ती, विद्यालय निरीक्षक सूर्यराज घिमिरे र खानेपानी कार्यालयका लेखापाल भुवन आचार्य तथा मोरङ जिल्ला शनिश्चरे गाविस- ३ घर भई जिल्ला प्रहरी कार्यालय, खोटाङमा कार्यरत हवल्दार ३० वर्षीय बसन्त राई र ओखलढुंगा जिल्ला रातमाटे गाविस-१ घर भएका २७ वर्षीय प्रहरी जवान लिलाप्रसाद कोइरालासहित ५ जनालाई माओवादीले अपहरण गरे। वस्ती, घिमिरे र आचार्यलाई २ दिनपछि राजापानी गाविसबाट स्थानीय शिक्षक, पार्टी प्रतिनिधि र गाउँलेको रोहवरमा मुक्त गरे भने २ जना सुरक्षाकर्मीलाई ०६० पुस २१ गते शारीरिक एवं मानसिक यातना दिई जागिर छोड्ने शर्तमा माघ ३ गते भोजपुरको घोडेटारबाट मुक्त गरे।

महेश्वरी गाविस-७ का ४७ वर्षीय अमृत राईलाई विद्यालयबाट कुरा गर्ने बहानामा ०६१ वैशाख २३ गते माओवादीले अपहरण गरी वैशाख २५ गते मुक्त गरे। पीडित शिशु मावि महेश्वरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हुन्।

खाल्ले गाविस-१ का १७ वर्षीय कल्पना कार्कीलाई ०६१ वैशाख २५ गते दिदीको घर गई फर्किंदै गर्दा माम्खाको टिकुरे जंगलबाट माओवादीले अपहरण गरी लगे। उनी हालसम्म मुक्त भएकी छैनन्।

माक्पा गाविस-२ का ४३ वर्षीय विश्व निरौलालाई ०६१ जेठ ४ गते पृथ्वी मावि वाक्सिलामा विद्यालयका प्रधानाध्यापकहरुसँग छलफलमा वसिरहेको अवस्थामा आएका ३ जना माओवादीले केही कुरा बुझ्नु छ हामीसँग हिंड्नुस् भन्दै दिउँसो ४.३० बजे अपहरण गरे। ऐंशेलुखर्क र वाक्सिला वनस्थली हुँदै फेदी गाविस पुऱ्याई जेठ ६ गते विहान मुक्त गरे। उनलाई सो क्रममा कुनै प्रकारको शारीरिक यातना नदिएको र शैक्षिक गतिविधिबारे सामान्य कुराकानी भएको वताए।

पाथेका गाविस-६ का ४८ वर्षीय डम्बर गिरी, २९ वर्षीय विनोद गिरी, सोही गाविस-८ का राप्रविसंघका सदस्य २४ वर्षीय दिपक गिरी, ५१ वर्षीय बमप्रसाद गिरी र सोही गाविस-५ का ३२ वर्षीय रमेश गिरीलाई ०६१ जेठ २५ गते माओवादीले घरबाट अपहरण गरी दक्षिणतर्फको खिदिमा गाविस पुऱ्याई २८ गते मुक्त गरे। खिदिमामा सम्पन्न माओवादीको जनवर्गीय संगठनको संयुक्त जिल्ला सम्मेलनको क्रममा पीडितहरुलाई लगिएको थियो। डम्वर राप्रपाका क्षेत्रीय सदस्य हुन् भने रमेश सरस्वती माविका शिक्षक हुन्।

अर्खौले गाविस-५ का ४९ वर्षीय गोपाल श्रेष्ठलाई ०६१ जेठ ३१ गते करिब १५ जनाको माओवादीका एक समूहले सेनासँग टेलिफोन सम्पर्क गरी सुराकीको आरोपमा घरबाट अपहरण गरी दक्षिणतर्फको राजापानी, छितापोखरी हुँदै सिम्पानी पुऱ्याई ९ दिनपछि असार ७ गते अर्खौले गाविस-९ मा नवलपुरबाट मुक्त गरे। पीडितले मार्ट्स प्रणालीबाट अर्खौलेमा फोन र फ्याक्स सञ्चालन गरेका थिए भने कर्डलेसबाट छिमेकी लामीडाँडा, बुईपा, बडहरे र दिक्तेलमा समेत टेलिफोन सुविधा दिने गरेका थिए। अपहरणका क्रममा सोलार प्यानल, तारलगायत्का सामानहरुसमेत लगिएको थियो। अपहरण समयमा कुनै शारीरिक यातना नदिइएको तर पार्टी विरुद्ध बोलेको, कार्यक्रमबारे सेनालाई जानकारी दिई आफ्ना कार्यकर्ता गिरफ्तार गर्न सहयोग गरेकोलगायत्का ६ वटा मुद्दामा माओवादीसँग छलफल भएको उनले बताए। उनी नेकाँबाट विजयी पूर्व गाविस अध्यक्ष हुन्। उनले सञ्चालन गरेको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	१		५	७	१०		१०	५	४	१	८	१३
घाइते						१	१८		१८	१	७			७
गिरफ्तारी/यातना										१३	१९	२		२१
कुटपिट	१	४	१		५	३	२	३	५	२	२			२
धम्की	२	१	१		२									
जातीय विभेद	१	१	२		३									
महिलाअधिकार										१		३		३
बालअधिकार	२		२		२									
अपहरण	१			१	१	१२	२९	१	३०					
जम्मा	१२	१०	७	१	१८	३३	५९	४	६३	२२	३२	६	८	४६

टेलिफोन बन्द गर्नुपर्ने बताएपछि हाल सो सेवा बन्द छ। पीडित आफू नेकाँ समर्थक भएकोले माओवादीसँग फरक मत राखे पनि सुराकी भने नगरेको बताउँछन्।

सप्तेश्वर गाविस-६ दाह्रेगौडाका शिक्षक एवम् नेपाल शिक्षक संघका केन्द्रीय प्रतिनिधि ५४ वर्षीय पदम निरौलालाई ०६१ असार १३ गते सोही गाविस मालिकादेवी प्राविबाट माओवादीले "केही कुरा बुझ्न कमाण्डरले बोलाउनु भएको छ जाऔं" भनी अपहरण गरी असार १४ गते सुङ्देल पुऱ्याए। बाटोमा आफूसँग कुनै प्रकारको यातना तथा अभद्र व्यवहार नभएको उनले बताए। सुङ्देलमा गाजस प्रमुख तथा एरिया कमाण्डरलाई भेटेको तर अपहरणको कारण नखुलाएको बताए। बासको समयमा गोली हानेर खुकुरीले काटेर मार्ने भन्ने माओवादीको गोप्य सल्लाह सुनेपछि पीडित सोही रात भागेर जंगलमा बसी काविसल्ला खामी हुँदै १६ गते दिक्तेल आए। हाल उनी काठमाडौंमा बसेका छन्। ०५७ सालमा शिक्षकहरुको सरुवा, खोसुवाजस्ता कामका लागि सिफारिस गरी दुःख दिएको आरोपमा उनको दायाँ हात र दुवै खुट्टा ढुंगाले किचेर माओवादीले भाँचिदिएका थिए।

डुम्रेधारापानी गाविस-६ का ३५ वर्षीय वासु खनाल, ५२ वर्षीय तिर्थसिं मगर र सोही गाविस-१ का ४६ वर्षीय गाविस सचिव दानबहादुर पोखरेल (मगर) लाई ०६१ भदौ २८ गते माओवादीले कार्यक्रममा जानुपर्छ भनी घर-घरबाट अपहरण गरे। सोही दिन महेश्वरी गाविस-७ का ४२ वर्षीय भोजराज घिमिरे र ५१ वर्षीय सोभितबहादुर खत्री, ज्यामिरेका ४८ वर्षीय रोमन लम्साल तथा जलेश्वरी गाविस-८ का वन थर भएका २ जना पुरुषको समेत अपहरण गरे। पीडितहरुलाई खोटाङ र सोलुखुम्बु जिल्लाको उत्तरी सीमा क्षेत्रमा पुऱ्याई असोज ४ गते मुक्त गरे। दानबहादुर गाउँमा नै बसेर गाविसको कामकाज गर्ने गर्दथे। अपहरणको समयमा कसैलाई पनि यातना नदिएको बताए। रोमनलाई उनका छोरा सशस्त्र प्रहरीबाट छुटाएर ल्याउनुपर्ने शर्त माओवादीले राखेका थिए।

छोरम्बु गाविस-६ का ३८ वर्षीय कर्णबहादुर बस्नेतलाई ०६१ मंसिर ७ गते माओवादीले "केही कुरा गर्नुछ" भनी घरबाट माओवादीले अपहरण गरे। सोही ठाउँका शिक्षक ३२ वर्षीय कुमार बस्नेत, ३० वर्षीय गणेशकुमार वस्नेत र ७ का गणेशबहादुर बस्नेतलाई मंसिर ११ गते अपहरण गरी मंसिर १४ गते सबैलाई मुक्त गरे।



बम खेलाउदा विस्फोट भई मृत्यु भएका दिपक कठायत

इन्द्रेनीपोखरी गाविस- ८ का निवर्तमान एमालेबाट विजयी गाविस अध्यक्ष ३९ वर्षीय प्रदीप राईलाई ०६१ मंसिर २५ गते बिहान आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा हाल मुक्त गरिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पाँचथर जिल्ला चोकमागु गाविस-९ घर भई नेपाल विद्युत प्राधिकरण दिक्तेल शाखामा जुनियर इलेक्ट्रिसियन पदमा कार्यरत ३७ वर्षीय गोपीकृष्ण नेपाललाई विद्युत मर्मत नगरेर उल्टै गाली गरेको आरोप लगाई ०६१ असार १३ गते राति दिक्तेल गाविस-२ संगमटोलमा ६/७ जना सुरक्षाकर्मीले डेराबाट बाहिर निकाली कुटपिट गरी घाइते बनाए। केही दिनअघिदेखि विद्युत आपूर्ति नियमित नभएको र सो रात कर्फ्यूको समयमा लाईन बिग्रन गई मर्मत गर्न नसकेको अवस्थामा डेरा खोज्दै पुगेका सुरक्षाकर्मीसँग विवादका क्रममा सो घटना भएको थियो। कुटपिटका कारण पीडितको नाक र मुखबाट रगत बगी बेहोस भएका थिए। पीडितलाई १४ गते उपचारार्थ हेलिकप्टरबाट विराटनगर लगियो। हाल उनी सामान्य छन्। घटनाका दोषी सुरक्षाकर्मीलाई कारवाहीका साथै क्षतिपूर्तिस्वरुप पीडितलाई उपचार खर्च उपलब्ध गराइयो।

माओवादीबाट

खर्मि गाविस-५ का ५७ वर्षीय अडे भनिने लालबहादुर राईलाई ०६० फागुन ७ गते सर्वसाधारण गाउँलेमाथि शोषण-दमन गर्नुका साथै गत वर्ष खार्मी गाविस-८ का कटकवहादुर, धनबहादुर र वीरबहादुर तामाङ गरी ३ निर्दोष दाजुभाईलाई हत्याको आरोपमा सजाय दिलाउन जालझेल गरी आफ्ना भतिजाहरु केमल र ज्ञानराजलाई बचाएको आरोपमा माओवादीले घरदेखि उत्तरतर्फको पंखे ठाँटीमा लगि ढुङ्गाले किचेर दायाँ खुट्टा भाँचिदिए।

च्यास्मिटार गाविस-२ का १८ वर्षीय गणेश परियारलाई मादक पदार्थ सेवन गरी झगडा गर्नुका साथै ०५७ सालमा गाउँकै एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६० चैत ८ गते च्यास्मिटार माविको मैदानमा माओवादीले ३ घण्टा भाटा प्रहार गरी कुटपिट गरे। पीडितको शरिरभरी नीलडाम थियो। उनी १० दिनसम्म उठ्न सकेनन्। उनीमाथि लगाइएको बलात्कारको आरोप गलत

भएको सोही समयमा समाजले ठहऱ्याएको गाउँलेहरुले वताए। कुटपिटपछि माओवादीले उनलाई च्यास्मिटार गाविस-१ र दुर्दिम गाविस-८ वीचको १ किलोमिटर वाटोसमेत खन्न लगाए।

छोपा चिउरीडाँडा गाविस-२ का ४४ वर्षीय सिता राईलाई मादक पदार्थ विक्री गरेको आरोपमा ०६१ साउन १२ गते माओवादीले दुम्लीस्थित जनता प्राविको प्रांगणमा भाटा प्रहार गरी कुटपिट गरे। भाटाले वायाँ खुट्टामा गहिरो चोट पुगेका कारण पीडित २ दिन जिल्ला अस्पताल दिक्तेलमा उपचार गराई घर फर्किए। सागपात, घ्यू चामलसहित रक्सी वेच्न पीडितसँगै दिक्तेल आउँदै गरेका दोपा गाविस-९ का ४६ वर्षीय लालसरी राई र सन्चमाया तामाङको सामान माओवादीले खोस्नुका साथै भाटा प्रहार गरी कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी २२ र फौजदारी ४१ गरी ६३ वटा मुद्दा दर्ता भए। गतवर्षको जिम्मेवारी सरि आएको देवानी ३३ र फौजदारी ५९ गरी कुल १ सय ५५ मुद्दा मध्ये १८ देवानी र ४६ फौजदारी गरी ६४ वटा मुद्दा फैसला भए। जिम्मेवारी सरेर आएका १७ र यो वर्षको २० गरी ३७ थान देवानी तथा जिम्मेवारी सरेर आएका २६ र यस वर्षका २८ गरी ५४ फौजदारीसहित कूल ९१ वटा मुद्दा बाँकी छन्। २ वर्ष नाघेका ५ देवानी र ६ फौजदारी मुद्दा विचाराधीन छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा हातहतियार सम्बन्धी १ र सार्वजनिक ३ गरी ४ वटा मुद्दा दर्ता भए। जसमा हातहतियार १ र सार्वजनिक १ मुद्दा फैसला भई सार्वजनिक अपराधका २ वटा मुद्दा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना सम्पत्ति क्षति

माओवादीले बम विस्फोट गराएका ४ घटना सार्वजनिक भए। जसमा ०६० चैत २१ गते राति सदरमुकाम दिक्तेलस्थित जिल्ला प्रसाशन कार्यालयको कम्पाउण्डभित्र वम विस्फोट गराउँदा पर्खाल भत्किएको थियो भने सँगै रहेको जिविस भवनका शिशाहरु फुटेका थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

ओखेडाँडागाउँ गाविस-४ मा ०६० पुस २६ गते गस्तीमा गएका सुरक्षाकर्मीले अनेमसंघ (क्रान्तिकारी) जिल्ला सचिव सरिता भनिने नानीमैया कार्कीलाई गिरफ्तार गरे। घटनास्थलवाट सकेटवम, झोला तथा माओवादी पुस्तकहरु वरामद गरिएको थियो।

चिसापानी गाविस-२ का ४३ वर्षीय चन्द्रवहादुर प्रधानलाई माओवादीको आरोपमा ०६० पुस २८ गते गस्तीमा गएको सुरक्षाकर्मीले चिसापानी वजारवाट र ४० वर्षीय लक्ष्मण प्रधानलाई घरवाट गिरफ्तार गरी माघ १ गते उदयपुर जिल्लास्थित १८ नम्वर वाहिनीमा राखियो। सोधपुछको क्रममा शारीरिक एवम् मानसिक यातना दिई माघ २ गतेदेखि जिप्रकामा राखी माघ २७ गते दुवैलाई तारेखमा रिहा गरियो।

निर्मलीडाँडाका ४६ वर्षीय वखतवहादुर कठायतलाई मादक पदार्थ सेवन गरी माओवादी समर्थक कुरा गरेको आरोपमा ०६० फागुन २१ गते गस्तीमा गएका सुरक्षाकर्मीले घर नजिकै बाटोवाट गिरफ्तार गरी फागुन २५ गते दिक्तेलस्थित सैनिक क्याम्पमा ल्याई सोधपुछको क्रममा समान्य शारीरिक यातना दिई फागुन २६ गते रिहा गरे।

बुईपा गाविस-९ धिवाका एमालेवाट विजयी पूर्व गाविस अध्यक्ष ५२ वर्षीय गणेश राईलाई माओवादीलाई खान दिएको तथा सामान राखिदिएर सहयोग गरेको आरोपमा ०६० चैत ७ गते घर नजिकैवाट सुरक्षाकर्मीले गिरफ्तार गरी दिक्तेलस्थित सैनिक क्याम्पमा राखे। गस्तिको क्रममा पुगेका सुरक्षाकर्मीले "माओवादी कति पालिस् ? अहिले कता छन् ? देखा" भन्दै कुटपिट गरी गिरफ्तार गरेका थिए। सैनिक हिरासतमा आँखामा पट्टी वाँधेर राख्नुका साथै पटक-पटकको सोधपुछमा लात्ती र वन्दुकको कुन्दाले समेत हिर्काएको पीडितले वताए। उनलाई चैत ९ गते जिप्रकामा वुझाई १० गते वुईपा गाविस-५ का इन्द्र श्रेष्ठको रोहवरमा तारेखमा रिहा गरियो।

डम्वर्खु शिवालय गाविस-३ का व्यापारी ३० वर्षीय राजकुमार विष्टलाई माओवादीको आरोपमा ०६० चैत १० गते दिक्तेल गाविस-१ स्थित बजारमा चुरा-धागो बेच्दै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरी १७ दिनपछि रिहा गरे। गिरफ्तारपछि सैनिक हिरासतमा राखिएका पीडितलाई शारीरिक यातना दिइएको वताए।

ओखलढुङ्गा जिल्ला पाल्ले गाविस-८ का २२ वर्षीय मिलन भनिने पदमवहादुर लामा र उदयपुर जिल्ला रिस्कु गाविस-४ का दिलिप भनिने ३० वर्षीय जीतवहादुर विकलाई ०६० चैत १० गते दिक्तेल र लफ्याङको सीमा क्षेत्रमा जाँचको क्रममा गिरफ्तार गरे। जाँचको क्रममा पदमवहादुरको झोलावाट घाउचोट लाग्दा प्रयोग गरिने मल्हमपट्टीलगायत् औषधीहरु फेला पारेपछि माओवादीको आरोपमा गिरफ्तार गरिएका थिए। हाल दुवैलाई शान्तिसुरक्षा ऐनअन्तर्गत नजरवन्द राखिएको छ।

दुर्छिम गाविस-४ का १७ वर्षीय विनय राईलाई

माओवादीको आरोपमा ०६१ वैशाख २५ गते राहदानी वनाउन दिक्तेल जाने क्रममा दिक्तेल गाविस-६ स्थित सैनिक क्याम्प अगाडि मूलवाटोवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेठ २३ गते रिहा गरियो।

सम्पेश्वर गाविस-५ का २५ वर्षीय लक्ष्मण राई र सोही गाविस-९ की जनता प्रावि सप्तेश्वरकी शिक्षिका २७ वर्षीय प्रमिला राईलाई माओवादीको आशंकामा ०६१ असार ६ गते दिक्तेलवाट घर फर्कंदै गर्दा दिक्तेल गाविस-६ स्थित सैनिक क्याम्प अगाडिबाट सुरक्षाकर्मीले गिरफ्तार गरी प्रमिलालाई ३ घण्टा र लक्ष्मणलाई ३ दिनपछि नागरिकता प्रमाणपत्र र राहदानी राखी तारेखमा रिहा गरियो। प्रमिला असार ५ गते हुने स्थायी अध्यापन अनुमतिपत्रको परीक्षा दिन र लक्ष्मण विदेश जान गाविसको सिफारिस वनाउन दिक्तेल आई सँगै फर्कंदै थिए।

वाकाचोल गाविस-९ देउरालीका २४ वर्षीय लाक्पा तामाङलाई माओवादी क्रियाकलापमा संलग्न रहेको आरोपमा ०६१ असार ६ गते गस्तिमा गएका सुरक्षाकर्मीले घर नजिकैवाट गिरफ्तार गरे। पीडितलाई अनुसन्धानको क्रममा केही दिन ऐंशेलुखर्क वेस क्याम्पमा राखी ओखलढुङ्गा लगियो।

छोरम्बु गाविस-३ का १८ वर्षीय निर्जल भनिने राजु राईलाई ०६१ असोज ५ गते पाथेका गाविस-८ स्थित सरस्वती माविनजिकै गाउँमा चन्दा संकलन गर्दै गरेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी ५/६ महिना अघिदेखि माओवादीमा संलग्न भई काम गर्दै आएको बताए। गिरफ्तारपछि सार्वजनिक सुरक्षा ऐनअन्तर्गत कारागारमा नजरवन्द राखिएकोमा ०६१ पुस १३ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी रिहा भए।

च्यास्मिटार गाविस-५ का माओवादीद्वारा घोषित इलाका जनसरकार सचिव २५ वर्षीय जीवन राईलाई माओवादीको आरोपमा ०६१ असोज ९ गते वडहरे गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर २५ गतेदेखि नजरवन्दमा राखे।

च्यास्मिटार गाविस-५ का माओवादी जिल्ला कमिटी सदस्य २६ वर्षीय संगिन भनिने जीवन राईलाई ०६१ असोज १० गते राति गस्तिमा गएका संयुक्त सुरक्षाकर्मीले वडहरे गाविस-२ घोपाटारको घरमा वसिरहेको अवस्थामा घेरा हाली गिरफ्तार गरे। गिरफ्तारपछि सामान्य कुटपिट गरी ११ गते च्यास्मिटार मावि परिसरमा राखि परिवारसँग भेट गर्न दिइएको थियो। उनलाई १३ गते ओखलढुंगा लगियो।

उदयपुर जिल्ला आँपटार गाविस-२ का व्यापारी ३६ वर्षीय कर्णशेर राई र ५५ वर्षीय जोगवहादुर राईलाई माओवादी संगठनमा रही खाद्यान्न संकलन गरेको आरोपमा ०६१ असोज १३ गते गस्तिमा गएका संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरे। सोही आरोपमा रोशन भनिने २५ वर्षीय रणवहादुर राई र शंकर भनिने ३२ वर्षीय जीतवहादुर खड्का र खच्चडमा सामान लिई दिक्तेल जाँदै गरेका विचारी भनिने ३४ वर्षीय दहलमान राईलाई असोज १४ गते गिरफ्तार गरी सैनिक क्याम्प दिक्तेलमा राखियो। सुरक्षास्रोतले कर्णशेर, दहलमान र रणवहादुर किरात राष्ट्रिय मुक्ति मोर्चाको क्रमश: अध्यक्ष, उपाध्यक्ष र सचिव पदमा रहेको र बाँकी अनेकिसंघ (क्रान्तिकारी) का सदस्य रहेको पीडितहरुले बताए। उनीहरुले स्थानीय कनकवहादुर राईको घरमा खाद्यान्न संकलन गरेको बताए। आफूहरुलाई जवरजस्ती संगठनमा राखेको र जिम्मेवारी पूरा नगरे कारवाही गर्ने बताएपछि सो काम गरेको पीडितहरुले बताए। कर्णशेर र दहलमानलाई कार्तिक ८ गते र रणवहादुरलाई १० गते तारेखमा रिहा गरियो।

टेम्मा गाविस-४ का २५ वर्षीय नवराज राईलाई माओवादीको आरोपमा ०६१ असोज २४ गते टेम्मा हेल्थपोष्ट नजिकवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि शारीरिक यातना दिँदै दिक्तेल ल्याइएका पीडितलाई ५ दिन जिप्रकामा राखी मानवअधिकारकर्मीको रोहवरमा असोज २८ गते रिहा गरियो।

सोलुखुम्वु जिल्ला छेस्कामाका १८ वर्षीय गोविन्द राईलाई माओवादीले एंशेलुखर्क कार्यक्रममा लगि जबरर्जस्ती भात पकाउने काम लगाइरहेकोमा ०६१ कार्तिक १७ गते ओखलढुङ्गावाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर १८ गतेदेखि नजरबन्दमा राखे।

सल्ले गाविस-६ का २६ वर्षीय दिनेश राई र सोही गाविस-४ का २८ वर्षीय रमेश पौड्याललाई माओवादीको आरोपमा ०६१ पुस ३ गते गस्तिमा गएका सुरक्षाकर्मीले घर नजिकैबाट गिरफ्तार गरी दिक्तेलस्थित सैनिक क्याम्पमा राखे। दुवैलाई सोधपुछको क्रममा शारिरीक यातना दिइएको बताए। पीडितहरुलाई आत्मसमर्पण गराई पुस १२ गते रिहा गरियो।

बालअधिकार

नेर्पा गाविस-८ का १५ वर्षीय एक वालिकालाई ०६१ वैशाख २० गते मेलाबाट घर फर्कंदै गर्दा सोही ठाँउका २० वर्षीय गौतम गुरुङ, २१ वर्षीय पदम तामाङ र सोही गाविस-१ का २४ वर्षीय राजमणी राईले ठाँटी खोला जंगलमा बलात्कारको प्रयास गरे। पीडितले चिच्याएर प्रतिकार गरेको छिमेकीले थाहा पाई घटनास्थलमा आएपछि पीडकहरु फरार भए। घटनावारे भोलिपल्ट गाउँ भेला गर्दा पीडक गौतमका वुवा धनकेशरले घटनाका वारेमा ढाकछोप गर्न डर धम्की देखाए। आफ्नो वेइज्जत हुने तथा ठूलावडाका डर धम्कीका कारण विपन्न पीडित परिवारले कतै उजुरी दिएनन्। पीडकहरुमाथि कारवाही भएन।

ऐंशेलुखर्क गाविस-२ शुक्रबारे वजारका ७ वर्षीय एक बालिकालाई ०६१ भदौ २३ गते सोही ठाउँका १४ वर्षीय

पुष्प लयालुले चकलेट दिएर फकाउँदै घर पूर्व बजार लाग्ने ठाउँको खाली कटेरोमा लगि बलात्कार गरे। पीडित चिच्याएपछि गाउँलेहरुले थाहा पाएका थिए। बस्दासमेत रगत बग्ने अवस्थाकी बालिका हाल सामान्य छन्। पीडक माथि कानुनी कारवाही भए। घटना लगत्तै स्थानीय आमा समूहको भेलाले पीडकलाई तत्काल विद्यालयबाट निष्काशन गर्नुपर्ने, पीडितलाई अंश दिएर राख्नु पर्ने र उमेर पुगेपछि पीडितसँग विवाह गर्नुपर्ने शर्तनामा गरी छाडिदिए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार / बलात्कार प्रयास

दिक्तेल गाविस-४ की १८ वर्षीय एक युवतीलाई ०६१ कार्तिक १४ गते दाउराको भारी लिई जंगलबाट घर फर्किँदै गर्दा दिक्तेल गाविस-६ थामखोटे पाखामा सादा पोशाकका एक सुरक्षाकर्मीले बलात्कार प्रयास गरे। पीडकको हात टोकी फुत्किन सफल भएको पीडितले बताइन। पीडकले ज्यान मार्ने धम्कीसमेत दिएका थिए।

पारिवारिक हिंसा

अर्खौले गाविस-७ की २९ वर्षीय लक्ष्मी सुवेदीलाई ०६० चैत ६ गते १८ वर्षीय रुद्रप्रसाद सुवेदीले घरदेखि पश्चिमतर्फ हुर्वे जंगलमा लगी सँगै मर्ने बहाना बनाई खुकुरीले घाँटी रेटी हत्या गरे। पीडितका पति मलेशियामा गएपछि पीडकसँग अनुचित यौन सम्बन्ध रहेको र ८ महिनाको गर्भ रहेपछि समाजिक लोकलाज एवम् डरबाट बच्न दुवैले सँगै मर्ने सल्लाह गरेको बताइयो। भाउजुको हत्या गरी भाग्न लागेका पीडकलाई ०६० चैत ७ गते गिरफ्तार गरेकोमा हाल ज्यान मुद्दामा जेलमा राखिएको छ।

बुईपा गाविस-५ का ३७ वर्षीय अमृतबहादुर अछामीलाई घरायसी झगडाका कारण ०६१ साउन २६ गते आफ्नै पत्नी ३१ वर्षीय सिता अछामीले टाउको तथा शरीरका विभिन्न भागमा धारिलो हतियारले प्रहार गरी हत्या गरिन्। पतिको हत्यापछि उनको लाशलाई झुण्डिएर आत्महत्या गरेको बनाउन सोही गाविस-६ स्थित जंगलमा लगी डोरीले बाँधेर रुखमा झुण्ड्याएकी थिइन्। पीडकलाई ज्यान मुद्दामा थुनामा राखिएको छ।

दुर्व्यवहार

दिक्तेल गाविस-५ की ५२ वर्षीय निर्मला आचार्यलाई बोक्सीको आरोपमा ०६१ असोज २३ गते सोही ठाउँका ४५ वर्षीय देवीप्रसाद आचार्यले लछार-पछार गरी मार्ने धम्की दिए। केही समयपूर्व पीडकको एउटा भैंसी मरेकोमा मर्नुको कारण पीडितले टुनामुना गरेको आरोप लगाएका थिए। घटनाबारे पीडितले असोज २४ गते जिप्रकामा निवेदन दिए।

सबै प्रकारका जातीय विभेद

बुईपा गाविस-३ का १८ वर्षीय शिवकुमार दर्जीले सोही ठाउँका १७ वर्षीय देवी बाँस्तोलासँग प्रेम सम्बन्ध राखेका कारण ०६१ असोज ११ गते देवीका बाबु बमप्रसाद बाँस्तोलाले शिवकी आमा ४१ वर्षीय सोवर्णमाया दर्जीलाई घरमा बोलाई "तेरो छोराले मेरी छोरीको भविष्य बिगार्‍यो, अब म तँलाई पनि छाड्दिन" भन्दै टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाए। देवी शिवकुमारसँगै छिन्। सोवर्णमाया उपचारपछि सामान्य भएकी छिन्। पीडकलाई ज्यानमार्ने उद्योग मुद्दामा थुनामा राखिएको छ।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यसवर्ष झुण्डिएर आत्महत्याका ११ वटा घटना सार्वजनिक भए, जसमा ८ पुरुष र ३ महिला गरी ११ जनाको मृत्यु भयो, विष सेवन गरी १ महिलाले आत्महत्या गरिन्। आगजनीका १३ घटना सार्वजनिक भए, जसमा पाँच महिनाको १ बालिकाको मृत्यु भयो भने १२ सहितका सम्पत्ति नष्ट भयो।

यसवर्ष बाढी पहिरोका कारण १ महिला र ४ पुरुष गरी ५ जनाको मृत्यु भए। ०६१ असार २६ गते परेको अविरल वर्षका कारण वडहरे, च्यास्मिटार, बाहुनीडाँडा, धितुङ, अर्खौले, दुर्दिम र हलेसी बढी प्रभावित भए। उक्त समयमा ४ जनाको मृत्युका साथै करिब ५६ घर बगाएर थुप्रै मानिसहरु विस्थापित हुनुपर्‍यो। तत्कालीन राहतका रुपमा खाद्यान्न, दाल, चामल, नुन-तेल लगायत् पाल तथा नगद सरकारी तथा गैरसरकारी संस्थाहरुले उपलब्ध गराए। जिल्ला प्रशासन कार्यालयले बाढी पीडितहरुलाई क र ख श्रेणीमा विभाजन गरी राहतस्वरुप नगद वितरण गर्‍यो। हाल पूर्णरुपले विस्थापित हुनुपरेका ५६ घरपरिवारलाई रेडक्रस शाखा, दिक्तेलले प्रति परिवार १२ हजार रुपैयाँका दरले कूल ७ लाख ८५ हजार २ सय ९३ रुपैयाँको लागतमा टहरा निर्माण गरिरहेको छ।

कोशीमा डुवेर २ महिलाको र खोलाले बगाएर १ पुरुषको मृत्यू भएको घटना सार्वजनिक भयो। रुखबाट खसेर १ पुरुषको मृत्यु भयो।

१.१५ ओखलढुंगा



जनसंख्या :	१६४१६९
साक्षरता प्रतिशत :	३९.७
महिला साक्षरता प्रतिशत :	२२.८
क्षेत्रफल (वर्ग कि. मि.) :	१०७४
गाविस/नपा संख्या :	५६/०
निर्वाचन क्षेत्र :	२
विद्यालय :	३४८
क्याम्पस/उच्च मा.वि. :	१/५
अस्पताल/स्वास्थ्य चौकी :	२/५५
टेलिफोन लाइन :	९२
मोटर सडक (कि. मि.) :	०
प्रहरी कार्यालय संख्या :	२
हुलाक संख्या :	५६
मानव विकास सूचकांक :	०.४८१
प्रति परिवार सरदर संख्या :	५.४५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

मोली गाविस-३ मा भाग्दै गरेका माओवादी कार्यकर्ताहरु अस्मिता, शोभा र दयाराम गिरी ०६१ असोज १८ गते सदरमुकाम ओखलढुंगावाट सर्चमा गएका सुरक्षाकर्मीको कारवाहीमा मारिए। लाशहरु त्यहीं छोडेकोमा माओवादीले लगे।

माओवादी कार्यकर्ताहरु विक्रम, विष्णु, इश्वरी खत्री, विनिता र नाम नखुलेको एक पुरुषसमेत ५ जनाको ०६१ असोज २९ गते मूलखर्कको चित्रे भन्ने ठाउँमा सुरक्षाकर्मी सर्चमा गएको अवस्थामा सुरक्षाकर्मीले चलाएको गोलीवाट मृत्यु भयो। सुरक्षाकर्मीले उक्त घटनालाई भिडन्त भने तापनि स्थानीयवासीहरुले भिडन्त नभएको सार्वजनिक जानकारी गराए। लाशको पोष्टमार्टम हुन सकेन, माओवादीहरुले नै लिएर गए।

माओवादीबाट

पोकली गाविस-७ का २२ वर्षीय मेखबहादुर गोले, २४ वर्षीय पहलमान गोले र २६ वर्षीय गोरे तामाङलाई २, ३ वर्ष अगाडि माओवादीको नाममा लुटपिट गरी १ महिलाको हत्यासमेत गरेको र माओवादीको बदनाम गरेको आरोपमा ०६१ वैशाख २६ गते पीडितको घरबाटै माओवादीले अपहरण गरी रंगेनी गाविसमा पुऱ्याई घाँटी रेटेर हत्या गरे। लाशको सद्‌गद् गरिएन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

रणभीम गणका सुरक्षाकर्मीहरु गस्तिमा गइरहेको अवस्थामा सदरमुकामनजिकै सोलु जाने मूल बाटोमा माओवादीले राखेको विद्युतीय धरापमा पर्दा ०६१ असार ३१ गते ३ जना सुरक्षा जवान घाइते भए।

जेल र बन्दीहरु

कूल ५० जना क्षमता रहेको ओखलढुङ्गा जेल "घ" श्रेणीको हो। हाल यस जेलमा ४ महिला र २० पुरुष गरी १४ जना कैद नतोकिएका तथा ५ पुरुष र १ महिला गरी ६ जना कैद तोकिएका बन्दी छन्। बन्दीहरु जेलभित्र टोपी तथा झोला बुन्ने काम गर्दछन्। सञ्चारको साधनमा गोरखापत्र तथा कान्तिपुर पत्रिका र रेडियो रहेको छ। बिजुली बत्तीको अभावले टिभी हेर्न सकेका छैनन्। झोला बुन्ने तालिम घरेलु तथा साना उद्योग कार्यालयले दिएको बन्दीहरुले बताए।

बेपत्ता / अपहरण

माओवादीबाट

वाक्सा गाविस-८ का ४४. वर्षीय प्रेमबहादुर अधिकारीलाई सुराकीको आरोपमा ०६० माघ ४ गते दिउँसो माओवादीले पीडितकै घरवाट अपहरण गरी सोही दिन उवु गाविसमा पुऱ्याई मुक्त गरे।

कटुन्जे माविका शिक्षक २६ वर्षीय ओमप्रसाद पराजुलीलाई सुराकीको आरोपमा ०६० माघ १८ गते माओवादीले विद्यालयबाटै हात बाँधी आँखामा पट्टी लगाई अपहरण गरी माघ २० गते सोही विद्यालयमा ल्याई मुक्त गरे।

फेदीगुठ गाविसका ४४ वर्षीय उत्तम कार्कीलाई सुराकीको आरोपमा ०६० माघ २६ गते माओवादीले

पीडितकै घरवाट अपहरण गरी माघ २८ गते अपहरण मुक्त गरी ०६० माघ ३० गते पुन: अपहरण गरी ३ महिना पछि मुक्त गरे।

उदयपुरको घुर्मिवजारमा जडीवुटी संकलन र प्रशोधनसम्वन्धी दुई दिने तालिममा प्रशिक्षकको रुपमा गएका जिल्ला वन कार्यालयका ४१ वर्षीय शुभनारायण झालाई ०६० माघ २६ गते माओवादीले अपहरण गरी माघ २७ गते सिस्नेरी गाविसको ढाँडखोलामा पुऱ्याई मुक्त गरे।

नवजीवन मावि फेदीगुठका शिक्षक ४५ वर्षीय कृष्ण गिरीलाई सुराकीको आरोपमा ०६० माघ २६ गते माओवादीले विद्यालयवाटै अपहरण गरी माघ २८ गते सिस्नेरी गाविसको ढाँडखोलामा पुऱ्याई मुक्त गरेकोमा पुन: ३० गते अपहरण गरी ३ महिनापछि मुक्त गरे।

उँवु गाविस-३ का ६७ वर्षीय टेकवहादुर अधिकारीलाई सुराकी र चर्को व्याजमा ऋण दिएको अरोपमा ०६० फागुन १३ गते घरवाट माओवादीले अपहरण गरी चन्दा नदिएमा मारिदिने धम्की दिंदै सोही दिन मुक्त गरे।

थाक्ले गाविस-३ का ४५ वर्षीय चन्द्रप्रसाद वास्तोलालाई ०६० चैत २७ गते माओवादीले अपहरण गरी सोही दिन वेलुकी सिन्धुली जिल्लाको रत्नावती गाविसमा पुऱ्याई मुक्त गरिदिए।

खोटाङ जिल्लाको खाल्ले गाविस घर भएका मूलखर्क गाविस सचिव २७ वर्षीय युवराज रेग्मीलाई ०६० चैत २९ गते बेलुकी सदरमुकाम आउँदा माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

शिक्षा सेवा आयोगवाट शिक्षक पदमा छनौट भई फेदी गुठ गाविसको घर्तीगाउँमा पुगेका शिक्षक ३० वर्षीय कृष्णकुमार राईलाई सुराकीको आरोपमा ०६१ वैशाख १० गते माओवादीले अपहरण गरे। "आइन्दा विद्यालयमा नआउनू" भनी भोलिपल्ट मुक्त गरियो।

ठूलाछाप गाविस-६ की १९ वर्षीया कोपिला खत्रीलाई ०६१ वैशाख ११ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी लगेकोमा पीडित भाग्न सफल भई वैशाख १७ गते सुरक्षा निकायमा आइपुगिन्।

तलुवा गाविस-२ की १९ वर्षीय खिनमाया मगरलाई ०६१ वैशाख ११ गते माओवादीले आफ्नै घरवाट अपहरण गरे। उनको अवस्था हालसम्म अज्ञात छ।

सेर्ना गाविस-७ की १८ वर्षीय कल्पना कटुवाललाई ०६१ वैशाख ११ गते माओवादीले घेरा हाली अपहरण गरी अज्ञातस्थलतर्फ लगे। पीडितको स्थिति हालसम्म अज्ञात छ।

तलुवा गाविस-६ की १८ वर्षीय मुना श्रेष्ठलाई ०६१ वैशाख ११ गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा भाग्न सफल भई ०६१ वैशाख १८ गते सदरमुकाम आइपुगिन्।

सिस्नेरी गाविस-३ का ४५ वर्षीय विष्णुवहादुर खड्का र सोही ठाउँका ४० वर्षीय खडगवहादुर थापालाई ०६१ वैशाख १९ गते माओवादीले अपहरण गरी वैशाख २४ गते घरमा ल्याई मुक्त गरिदिए। अपहरण गर्नुको कारण खुल्न सकेन।

टारकेरावारी गाविस-४ की १७ वर्षीय रञ्जिता पौडेललाई ०६१ जेठ २४ गते ग्रागोदय मावि गाम्नाङ्टारवाट माओवादीले अपहरण गरी अज्ञात स्थलतर्फ लगे। पीडितको स्थिति हालसम्म सार्वजनिक भएको छैन।

भुसिङ गाविस-७ की ४० वर्षीय पवित्रा गुरुङलाई ०६१ असार १२ गते ग्रामीण महिला जागरण समूहमा काम गर्दै गरेको अवस्थामा माओवादीले अपहरण गरी असार १४ गते मुक्त गरे।

वलखु निमाविका शिक्षक शंकरप्रसाद लुइँटेललाई विद्यालयको सम्पत्ति हिनामिना गरेको तथा चन्दा नदिएको आरोपमा ०६१ असार १५ गते घरवाटै माओवादीले अपहरण गरी अज्ञातस्थलतर्फ लगी ५ दिनपछि पश्चात् मुक्त गरे।

प्रास्चा गाविस सचिव २५ वर्षीय युवराज वाँस्तोलालाई ०६१ असार १८ गते घरतर्फ जाँदै गर्दा

घटनाको प्रकार	माओवादीबाट					राज्यबाट				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	३			३	२	३	४	१	८
घाइते	१	३			३					
गिरफ्तारी/यातना						२०	१७	६	१	२४
कुटपिट	५	४	१		५					
धम्की	१			२६	२६					
अपहरण	२२	१८	५		२३					
जम्मा	३०	२८	६	२६	६०	२२	२०	१०	२	३२

मानेभञ्ज्याङ्वाट माओवादीले अपहरण गरी अज्ञात स्थलतर्फ लगी असार २७ गते मुक्त गरे।

मानेभञ्ज्याङ् स्वास्थ्य चौकीमा कार्यरत अहेव वीरेन्द्रकुमार यादव र अनमी सुमित्रा चेम्जोङ्लाई अवैध र अनुचित सम्बन्ध राखेको आरोपमा ०६१ साउन ६ गते राति १० वजे आफ्नै कोठावाट माओवादीले अपहरण गरे। पीडितहरुको अवस्था हालसम्म थाहा हुन सकेको छैन।

टारकेरावारी गाविस-४ का पूर्व अध्यक्ष तथा एमालेका जिल्ला कमिटीका वैकल्पिक सदस्य ४५ वर्षीय गोविन्दबहादुर पौडेललाई विभिन्न आरोप लगाई ०६१ असोज ११ गते माओवादीले अपहरण गरी असोज १७ गते सोही गाविसमा ल्याई मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

गाम्नाङ्टार उपस्वास्थ्य चौकीका अहेब २४ वर्षीय ज्ञानेन्द्र गुरुङलाई महिलाप्रति अभद्र व्यवहार गरेको अरोपमा ०६१ जेठ १३ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गर्नुका साथै ०६१ जेठ १३ देखि १९ गतेसम्म गिट्टी कुट्न लगाए।

ज्यामीरे गाविस घर भएका विगुटार गाविसका सचिव ४३ वर्षीय पेशलकुमार खड्कालाई चन्दा नदिएको आरोपमा ०६१ जेठ १८ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे।

गाम्नाङ्टार गाविस-५ का ४४ वर्षीय इन्द्रवहादुर पौडेललाई ०६१ वैशाख १ गते छिमेकीको विवादमा माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे।

गाम्नाङ्टार गाविस-४ की १५ वर्षीय राधादेवी विडारीलाई ०६१ जेठ १३ गते माओवादीले विभिन्न आरोप लगाई मरणासन्न हुनेगरी कुटपिट गरी ५ दिनसम्म गिट्टी कुट्न लगाए।

ओखलढुंगाका ३६ जना सचिवलाई आफ्नो काम छोडी १५ दिनभित्र राजीनामा नदिएमा ०६१ पुस ३ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ५३ वटा र यस वर्ष १५ वटा दर्ता भई ६८ वटा पुगेकोमा ११ वटा फर्स्यौट भई ५७ वटा वाँकी रहे। दुनियावादी फौजदारी मुद्दामा गत सालको ४४ वटा मुद्दा जिम्मेवारी सरेर आएकोमा यसवर्ष १९ वटा थप भई ६३ वटा पुगेकोमा यसवर्ष १२ वटा फर्स्यौट भई ५१ वटा वाँकी रहे। सरकारी फौजदारी २ वटा मुद्दा रहेकोमा फर्स्यौट हुन वाँकी छ।

जिल्ला प्रशासन कार्यालयमा यसवर्ष ३ सय वटा भन्दा वढी निवेदन परेकोमा सवै सुनवाई भइसकेको पाइयो भने सार्वजनिक अपराधसम्बन्धी ३ वटा मुद्दा र २ वटा हातहतियार खरखजना मुद्दा परेकोमा सार्वजनिक अपराधको एउटा मुद्दा फैसला भई २ वटा सार्वजनिक अपराध र २ वटा हातहतियार खरखजना सम्वन्धी मुद्दा वाँकी रह्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ४ सय २४ जना भूमिहीन सुकुम्वासीहरुले आफ्नो नाम दर्ता गराएकोमा हालसम्म जग्गा वितरण भएको छैन। त्यसैगरी जिविसबाट वितरण हुने विधवा, जेष्ठ नागरिक र अपांग भत्ता क्रमशः २ हजार १ सय २१ जना, १ बजार ७ सय ३ र ९ सय ४३ गरी जम्मा ३ हजार ८ सय ६७ जनाले पाए।

संरचना/सम्पत्ति क्षति

माओवादीले जिल्ला सदरमुकामस्थित जिविस भवनमा ०६० माघ २५ गते राति ११ वजे बम विस्फोट गरी ध्वस्त पारे। उक्त भवन ३४ लाख रुपैयाँको लागतमा बनेको जिविसले जनायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सोलुखुम्बु जिल्ला काकु गाविस-३ का १५ वर्षीय धनकुमार बस्नेतलाई ०६१ वैशाख ११ गते सर्चमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछ र अनुसन्धानपश्चात् ०६१ जेठ ३ गते जिल्ला प्रशासन कार्यालय ओखलढुंगा ल्याई रिहा गरे।

तेह्रथुम जिल्ला एवा गाविस-४ की १९ वर्षीय लक्ष्मी नेपालीलाई ०६१ वैशाख २७ गते सर्चमा गएका सुरक्षाकर्मीले खिजी फलाटेबाट पक्राउ गरी जेठ ७ गतेदेखि नजरवन्दमा राखे।

उदयपुर जिल्ला वसेरी गाविस-८ का ट्र्क्याटर चालक १९ वर्षीय डिकबहादुर विश्वकर्मालाई माओवादीको आशंकामा ०६१ वैशाख २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछपश्चात् वैशाख २५ गते रिहा गरे।

पर्वत जिल्ला मल्लाज घर भई आफन्त भेट्न आएका ४५ वर्षीय धनप्रसाद कुँवरलाई माओवादीको आशंकामा ०६१ वैशाख २३ गते सुरक्षाकर्मीले ओखलढुंगा बजारवाट गिरफ्तार गरी २ दिनपश्चात् रिहा गरे।

भुसिडा गाविस-५ घर भई माओवादीले कार्यक्रममा ल्याई खाना बनाउने काममा लगाइएका १२ वर्षीय कर्मा

शेर्पालाई ०६१ वैशाख २५ गते सर्चमा गएका सुरक्षाकर्मीले रंगनीबाट गिरफ्तार गरी जेठ ३ गते जिल्ला प्रशासन कार्यालयमा ल्याई रिहा गरे।

सोलुखुम्बु जिल्ला बेनीका १९ वर्षीय काजी शेर्पा, रंगनी गाविस-८ का २४ वर्षीय लाल सुनुवार र भुसिङका २४ वर्षीय मानबहादुर सुनुवारलाई ०६१ वैशाख २५ गते सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ ३ गते नजरबन्दमा राखेकोमा लालबहादुरलाई ६ महिना र मानबहादुरलाई ३ महिनापछि रिहा गरे।

सोलुखुम्बु जिल्ला काकु गाविस-३ की १८ वर्षीय छोकी शेर्पालाई माओवादीको आरोपमा ०६१ वैशाख २६ गते सर्चमा गएका सुरक्षाकर्मीले रंगनीबाट गिरफ्तार गरी जेठ ३ गते जिल्ला प्रशासन कार्यालयमा ल्याई मुक्त गरेकोमा पुन: सोही आरोपमा ०६१ असार ३० गते बिगुटारबाट गिरफ्तारी गरी नजरबन्दमा राखे।

कुइभीर गाविस-६ की २२ वर्षीय उर्मिला राईलाई माओवादीको आशंकामा ०६१ असार ५ गते शिक्षक अध्यापन अनुमतिको परीक्षा दिएर निस्कँदै गर्दा सदरमुकाम ओखलढुंगाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

गाम्नाङ्टार गाविस-७ का १९ वर्षीय पुष्पराज खत्रीलाई माओवादीको आशंकामा ०६१ असार ५ गते एसएलसीको पुरक परीक्षामा सामेल भई सदरमुकाम ओखलढुंगा बजारमा सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछपश्चात् भोलिपल्ट रिहा गरे।

फूलबारी गाविस-६ का १८ वर्षीय पोषकराज सुवेदीलाई माओवादीको आशंकामा ०६१ साउन ४ गते एसएलसीको पूरक परीक्षामा आएको बखत सुरक्षाकर्मीले पक्राउ गरी साउन १५ गते रिहा गरे।

कटुञ्जे गाविस-१ का ५२ वर्षीय भक्तलाल गिरीलाई माओवादीको आशंकामा ०६१ साउन २८ गते ओखलढुंगा गाविस-६ को गणेश टोलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी साउन ३२ गते रिहा गरे।

पोकली गाविस-२ का २४ वर्षीय मदन नेपाललाई माओवादीको आशंकामा ०६१ वैशाख १० गते जिल्ला प्रशासन कार्यालयमा आएको अवस्थामा सुरक्षाकर्मीले पक्राउ गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

खिजीफलाटे गाविस-५ का ३३ वर्षीय शेरा लाक्पा शेर्पालाई खिजीहटियामा चन्दा उठाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ मंसिर २३ गते सुरक्षाकर्मीले ०६१ पुस ६ गतेदेखि नजरबन्दमा राखियो।

सेर्ना घर भएका खिजीको प्रावि शिक्षक ४० वर्षीय वेगप्रसाद कोइराला र पोकली गाविसका ३३ वर्षीय भोला दाहाललाई माओवादीलाई सहयोग गरेको आशंकामा ०६१ पुस ७ गते ओखलढुंगाबाट पक्राउ गरी सोधपुछपश्चात् पुस १४ गते रिहा गरे।

बालअधिकार

माओवादीले विभिन्न १५ सूत्रीय माग राखी ०६१ असोज १ गतेदेखि २३ गतेसम्म यस जिल्लामा ३ सय ४८ वटा विद्यालयहरु बन्दको आव्हान गरे, जसबाट ४३ हजार ६ सय ५१ विद्यार्थीको पठनपाठन प्रभावित भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यसवर्ष ९ जनाले झुण्डिएर आत्महत्या गरे। पहिरोमा परी १७ जनाको मृत्यु भयो भने भीरबाट लडेर २ जनाको मृत्यु भयो। १ नाबालक शिशुको हत्या भयो।

१.१६ सोलुखुम्बु



जनसंख्या	: ११२१४७
साक्षरता प्रतिशत	: ४५.८१
महिला साक्षरता प्रतिशत	: ३५.४१
क्षेत्रफल (वर्ग कि.मी.)	: ३३११
गाविस/नपा संख्या	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २४८
क्याम्पस/उच्च मावि	: २/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: ३९१
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३६
मानव विकास सूचकांक	: ०.४७९
प्रति परिवार सरदर संख्या	: ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सोताङ गाविसमा सल्लेरीबाट गएका सुरक्षाकर्मी र माओवादीबीच ०६१ वैशाख १७ गते भिडन्त हुँदा माओवादीको एरिया कमाण्डर प्रशान्तसमेत महिला छापामार प्रतिमा, मनिला र कल्पना उपनाम गरेका ४ जना माओवादीको मृत्यु भयो। माओवादी पक्षबाट उक्त घटना दोहोरो भिडन्त नभई खाना खाइरहेको समयमा पक्राउ नि:शस्त्र भएको बेला कुटपिट गरी हत्या भएको जनाइयो।

सुरक्षाकर्मी र माओवादीबीच देउसा गाविसमा ०६१ जेठ २५ गते भएको भिडन्तमा २ जना माओवादीको मृत्यु भयो। मृत्यु हुने माओवादीहरु टाक्सिन्दु गाविसको एक जना शेर्पा र अर्को तामाङ जातको भएको खुल्न आए तापनि नाम भने थाहा हुन सकेन।

भकान्जे गाविस-३ का रक्तिम उपनाम भएका दोर्जी तामाङलाई ०६१ असार २ गते चौरीखर्क गाविसको लेलुप भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी र हात बाँधी लगेको र एक दिनपछि टाप्टिङ गाविसको झाँप्रे भन्ने ठाउँमा गोली हान्दा मृत्यु भएको स्थानीयबासीले बताए।

पावै गाविसमा ०६१ असार १३ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा बाकु गाविस-५ कक्षा ८ मा पढ्ने हेमबहादुर विकको गोलीद्वारा घटनास्थलमा नै मृत्यु भयो। पीडित त्यस बेला खसी र राँगाको व्यापारको सिलसिलामा त्यहाँ पुगेका थिए भने उनको दुवै पक्षसँग सम्बन्ध नभएको बुझियो।

सुरक्षाकर्मी र माओवादीबीच ०६१ साउन २९ गते सोताङ गाविसमा भएको भिडन्तमा वासु भन्ने देउसा गाविस-३ का मदन थुलुङ र बुङ गाविस-१ का सिद्धे राईको मृत्यु भयो।

सोलुखुम्बु जिल्लाको नेचामा ओखलढुंगाबाट गएको सुरक्षाकर्मीको गस्ती र माओवादीबीचको मुठभेडमा ०६१ भदौ २९ गते अजेय भन्ने भुपेन्द्र कार्की, उर्मिलालगायत् अन्य ३ जना गरी ५ माओवादी छापामारको मृत्यु भयो।

भकान्जे गाविस-९ किन्जामा सल्लेरीबाट गएका सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा ०६१ मंसिर ५ गते सोलुखुम्बु जिल्ला कांगेल घर भएका ढमनबहादुर भन्ने माओवादीको मृत्यु भएको छ।

गोली गाविस-३ मा सुरक्षाकर्मी र माओवादीबीच भएको भीडन्तमा ०६१ मंसिर ८ गते शिशिर र रक्तिम उपनाम गरेका दुई माओवादीको घटनास्थलमा मृत्यु भयो।

माओवादीबाट

नेचा बतासे स्वास्थ्य कार्यालयका तेजबहादुर श्रेष्ठलाई ०६० पुस १९ दिउँसो माओवादीले अपहरण गरी पुस २० गते नेचा बजार क्षेत्रभित्र ल्याई हातखुट्टामा गलले हानेर भाँचेपछि गाउँलेले नजिकको घरमा लगेको एक दिनपछि पीडितको मृत्यु भयो।

छेस्कम गाविसका शिक्षक रामकुमार बस्नेतलाई सुराकीको आरोपमा ०६० माघ ५ गते माओवादीले अपहरण गरी ०६० माघ ६ गते कुटपिट गरी हत्या गरे। पीडित लाश स्कूल नजिक फ्याँकिएको अवस्थामा भेटिएको थियो।

सोताङ गाविस-८ का शिक्षक ३० वर्षीय भोजराज बस्नेतलाई ०६१ वैशाख २४ गते सुराकीको आरोपमा माओवादीको एक समूहले कुटपिट गरी छोडेकोमा उपचार हुन नपाई मृत्यु भएको छ।

गोली गाविस-३ मा ०६१ मंसिर ८ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको एम्बुसमा परी दुई सैनिकको घटनास्थलमा नै मृत्यु भयो। सोही घटनामा सुरक्षाकर्मीको गोलीबाट अशोक भनिने माओवादीको पनि मृत्यु भयो।

फाप्लु एयरपोर्टको सुरक्षाका लागि ०६१ पुस ७ गते सल्लेरीबाट गएका सुरक्षाकर्मीलाई लक्षित गरी फाप्लुमा माओवादीले विद्युतीय धरापमा परी एक सैनिकको घटनास्थलमा नै मृत्यु भयो भने केही समयसम्म भिडन्त पनि भएको थियो।

दोहोरो भिडन्त

नेले गाविसमा ०६० फागुन १८ गते सुरक्षाकर्मी र माओवादी वीचको मुठभेडमा क्षितिज नामको माओवादीको मृत्यु भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	४	३	२	५	१०	१५	३	५	३३
अपहरण				२	१	६	७					
जम्मा	१	१	१	६	४	८	१२	१०	१५	३	५	३३

जुभिङ गाविस-५ मा ०६१ जेठ २५ गते सुरक्षाकर्मी र माओवादीवीच भिडन्त हुँदा माओवादी कार्यकर्ताहरु वासा गाविसका दिनेश उपनाम गरेका वलसिं राई, पावै गाविस-२ का अम्वरबहादुर राई र टाक्सिन्दु गाविस-४ का कान्छा शेर्पाको मृत्यु भयो। दोहोरो भिडन्तमा मृत्यु भएको भनिए तापनि आफ्नो नियन्त्रणमा लिएपछि गोली हानिएको माओवादी पक्षले सार्वजनिक जानकारी गरायो।

अन्यबाट

नेचा वतासे गाविसका गाउँलेहरुले माओवादीका कार्यकर्ता रोशन राईलाई ०६१ वैशाख १७ गते कुटपिट गरी हत्या गरे।

जेल र बन्दीहरु

माओवादीले ०५८ सालमा क्षतिग्रस्त पारेको जेल अहिलेसम्म पनि पूर्णरुपमा निर्माण भइसकेको छैन। निर्माण भइरहेको जेलमा कति संख्यासम्म वन्दीहरु राख्न सकिन्छ भन्ने यकिन भएको छैन। हाल बन्दीहरुलाई व्यारेक नजिकैको भाडामा लिइएको घरमा राखिएको छ। अहिलेसम्म बन्दीहरुको सरुवा गरेको संख्या खुल्न आएको छैन। यस वर्ष १८ जना वन्दीहरुलाई रिहा गरिएको छ। जेल सरुवासमेत गरी अहिले वन्दीहरुको संख्या ९ छ।

बेपता / अपहरण

माओवादीबाट

वाकु गाविसका मनोनित गाविस अध्यक्ष केदार राईलाई ०६० चैत १४ गते माओवादीले अपहरण गरी चैत १६ गते अध्यक्ष पदवाट राजीनामा दिने शर्तमा मुक्त गरे।

काँगेल माविका ६ जना विद्यार्थीलाई ०६१ पुस १३ गते माओवादीले विद्यालयबाट अपहरण गरी लगेकोमा ५ जनालाई २ दिनपछि मुक्त गरे भने एकजनालाई सँगै लगे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

भाप्रे जंगलवाट कुइभीर गाविस-४ का ४० वर्षीय युवाकुमारी कटुवाल र सोही गाविस-६ का २७ वर्षीय मनिना राईलाई माओवादी आशंकामा ०६१ मंसिर २० गते ओखलढुंगाबाट सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा युवाकुमारीलाई मंसिर २३ र मनिनालाई २४ गते रिहा गरे।

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौं
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जनसंख्या	: ७२९८४६
साक्षरता प्रतिशत	: ४८.७३
महिला साक्षरता प्रतिशत	: ३६.०३
क्षेत्रफल (वर्ग कि. मि.)	: ११८०
गाविस/नपा संख्या	: १०१/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३५६
क्याम्पस/उच्च मा.वि.	: २/१८
अस्पताल/स्वास्थ्य चौकी	: ३/१०२
टेलिफोन लाइन	: ६२२५
मोटर सडक (कि. मि.)	: ५९७
प्रहरी कार्यालय संख्या	: १२
हुलाक संख्या	: ८९
मानव विकास सूचकांक	: ०.४४९
प्रति परिवार सरदर संख्या	: ६.२२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

पुश्वलपुर गाविस-२ का २२ वर्षीय दिनेश महतो माओवादीको आरोपमा ०६० पुस २५ गते राति सुरक्षाकर्मीद्वारा घरबाट गिरफ्तार गरी एक घण्टा पछि घर पछाडि ल्याई गोली हानी मारिए।

शान्तिपुर गाविस-९ का माओवादी एरिया इन्चार्ज ३० वर्षीय लक्ष्मी यादव ०६० माघ ११ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी १२ गते घरभन्दा उत्तरतर्फ ल्याई गोली हानी मारिए।

सोनिगामा गाविस-९ का ३५ वर्षीय रमतुल्ला मन्सुरी र सुगामधुकरही गाविस-५ का ४० वर्षीय राजेन्द्र यादव माओवादीको आरोपमा ०६० माघ २० गते सुरक्षाकर्मीद्वारा सोनिगामा गाविस-९ बाट गिरफ्तार गरी धिटकोहिया भन्ने ठाउँमा पुऱ्याई गोली हानी मारिए।

उमाप्रेमपुर गाविस-५ का प्रदीपदास तत्मा र भुतही पटेर्वा गाविस-९ का राकेश महरा माओवादीको आरोपमा ०६० माघ २८ गते सुरक्षाकर्मीद्वारा उमाप्रेमपुर गाविसबाट गिरफ्तार गरी सोही गाविसमा मारिए।

ठाडीभिmया गाविस-८ का २८ वर्षीय इन्दल पासवान डाँकाको आरोपमा ०६० फागुन २१ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

खरियानी गाविस-८ का १८ वर्षीय शिवशंकर यादव र लग्मापर्साका २१ वर्षीय धनेश्वर यादव माओवादीको आरोपमा ०६० चैत ८ गते सुरक्षाकर्मीद्वारा पटेर्वा गाविस-१ मा गोली हानी मारिए।

नौवाखोर परसाही गाविस-५ का २५ वर्षीय रुदल मन्सुरीको माओवादीको आरोपमा ०६१ वैशाख ४ गते सुरक्षाकर्मीले घरमै गोली प्रहार गर्दा मृत्यु भयो।

पटेर्वा गाविस-९ का माओवादी कार्यकर्ता २७ वर्षीय महेन्द्र साह ०६१ वैशाख ४ गते सुरक्षाकर्मीद्वारा सतोखर गाविस-६ मा गोली हानी मारिए। माओवादीले नियन्त्रणमा लिइसकेपछि गोली हानी हत्या गरेको सार्वजनिक जानकारी गरायो भने सुरक्षा निकायले सकेट बम प्रहार गर्दा कारवाहीमा मारिएको जनायो।

उमाप्रेमपुर गाविस-७ का २८ वर्षीय मोहम्मद रोस्तम राइन माओवादीको आरोपमा ०६१ वैशाख २३ गते दिउँसो सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी दिगम्बरपुर गाविसमा पुऱ्याई गोली हानी मारिए।

हैरने गाविस-४ का ६५ वर्षीय धुरी मण्डल माओवादीको आरोपमा ०६१ जेठ २३ गते बिहान सुरक्षाकर्मीद्वारा सोही गाविसमा गोली हानी मारिए।

अन्दुपट्टी कटरैत गाविस-८ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला उपाध्यक्ष २३ वर्षीय रामउद्गार मुखिया ०६१ असार ११ गते सुरक्षाकर्मीद्वारा कनकपट्टी गाविस-४ मा गिरफ्तार गरी गोली हानी मारिए।

प्रकोमहुवा गाविस-६ का ४२ वर्षीय सुखित मण्डल माओवादीको आरोपमा ०६१ असार ३१ गते राति सुरक्षाकर्मीद्वारा घरबाटै गिरफ्तार गरी जनकपुर नपा-१६ मा गोली हानी मारिए

बेङ्गाडावर गाविस-६ का ५२ वर्षीय लक्ष्मेश्वर पुर्वे र ३५ वर्षीय बेचन साह लहेरी माओवादीको आरोपमा ०६१ साउन ८ गते राति सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। दुवैले हात उठाई आत्मसमर्पण गरेपछि गोली हानी मारिएको प्रत्यक्षदर्शीले बताए। उनीहरु गाउँ सुरक्षा समिति सदस्य थिए।

धनुषा गोविन्दपुर गाविस-९ का ४५ वर्षीय भोली सदा, धनुषाधाम गाविस-६ का ३२ वर्षीय फुलगेन पासवान र

४५ वर्षीय मनसीव राइन माओवादीको आरोपमा ०६१ साउन १३ गते उनीहरुकै घर-घरवाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी १४ गते विहान मिथिलेश्वर निकास गाविसको पारुशमा गोली हानी मारिए।

वरमझिया गाविस-५ का ३२ वर्षीय जगदीश यादव र सोही गाविस-२ का ५० वर्षीय इद्रिरिश नदाफ ०६१ साउन १८ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी साउन २२ गते सोही गाविसमा गोली हानी मारिए। उनीहरु अन्दुपट्टी कटरैतमा सुरक्षाकर्मीको कारवाहीमा मारिएको सुरक्षा निकायले बतायो।



सुरक्षाकर्मीद्वारा मारिएका धनुषाधामका फुलगेन पासवान

देउरी परवाहा गाविस-६ का माओवादी कार्यकर्ता ३५ वर्षीय रामपृत यादव ०६१ साउन २२ गते सुरक्षाकर्मीद्वारा पौडेश्वर गाविसबाट गिरफ्तार गरी गोली हानी मारिए।

यज्ञभूमी गाविसमा ०६१ साउन २९ गते नाम थर नखुलेका अन्दाजी ३५ वर्षीय एक युवक डकैती गर्न आएको आरोपमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

सपही गाविस-४ का ४० वर्षीय राजेश्वर यादव र सखुवा महेन्द्रनगरका ३० वर्षीय रामअशीष सदा माओवादीको आरोपमा ०६१ भदौ ९ गते सुरक्षाकर्मीद्वारा सपही गाविस-४ बाट गिरफ्तार गरी सोही गाविसमा गोली हानी मारिए।

रघुनाथपुर गाविसका ३० वर्षीय श्रीचन यादव, र भरतपुर गाविस-७ का ४५ वर्षीय विहारी दनुवार ०६१ भदौ १६ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी निर्मम यातनापश्चात् भरतपुर गाविसस्थित चारनाथ खोलामा पुऱ्याई गोली हानी मारिए।

दुवरकोट हठलेटवा गाविसका फुदुर भनिने २५ वर्षीय राजु मण्डल माओवादीको आरोपमा ०६१ भदौ १६ गते सुरक्षाकर्मीद्वारा घरबाट गिरफ्तार गरी भदौ २९ गते सखुवा महेन्द्रनगर गाविसमा गोली हानी मारिए।

तारापट्टी सिर्सिया गाविस-४ का २० वर्षीय वृजकुमार यादव माओवादीको आरोपमा ०६१ भदौ २६ गते सुरक्षाकर्मीद्वारा सखुवा महेन्द्रनगरबाट गिरफ्तार गरी सोही ठाउँमा भदौ २९ गते गोली हानी मारिए।

ठाडीझिझा गाविस-७ का ५० वर्षीय स्कुलिया पासवान र ४८ वर्षीय फुलेश्वर पासवान डाँकाको आरोपमा ०६१ असोज ४ गते सुरक्षाकर्मीद्वारा लवटोली गाविसमा गोली हानी मारिए। पीडितहरुलाई केही दिन पहिले नै गिरफ्तार गरिएको थियो।

दुहवी गाविस-८ का ४५ वर्षीय रामसोगारथ यादव ०६१ असोज ९ गते राति सुरक्षाकर्मीद्वारा घरबाटै गिरफ्तार गरी हठिपुर हरवडा गाविसमा पुऱ्याई गोली हानी मारिए।

भूचक्रपुर गाविस घर भएका माओवादी एरिया इन्चार्ज ३५ वर्षीय गोपाल भनिने धर्मेन्द्र यादव ०६१ असोज ११ गते दिउँसो सुरक्षाकर्मीद्वारा सुगामधुकरी गाविसमा गोली हानी मारिए। माओवादीले नियन्त्रणमा लिएपछि हत्या गरेको आरोप सार्वजनिक रुपमा लगाए भने सुरक्षा निकायले कारवाहीमा मारिएको बतायो।

चोहराकोयलपुर गाविस-३ का ४५ वर्षीय रामपुकार यादव, सोही गाविस-६ का ३३ वर्षीय राजगिर यादव, वालावाखर गाविस-५ का २५ वर्षीय सत्रुघन यादव, सोही गाविस-२ का विरिन्ची भनिने ३० वर्षीय कृष्णकुमार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२२	३०	३	१	३४	२०	३३			३३	३६	९४			९४
घाइते	२	२			२	८	१७	१		१८	१	१			१
गिरफ्तारी/यातना											७३	९१	३	८४	१७८
बेपत्ता											३	३			३
कुटपिट						२	२			२	२	६			६
भेला/संगठित हुने अधिकार											८	४९			४९
महिलाअधिकार	४		४		४										
बालअधिकार	२	२			२										
अपहरण	१	१			१	१३	१३		२३	३६					
जम्मा	३१	३५	७	१	३३	४३	६४	१	२३	९०	१०१	२०५	३	८४	२९२

यादव, ४३ वर्षीय रामनाथ यादव र ४५ वर्षीय लपटेन यादव माओवादीको आरोपमा ०६१ असोज १५ र १६ गते सुतिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा घर-घरवाट गिरफ्तार गरी निर्मम यातना दिई हात उल्टो वाँधी १६ गते विहान गोठकोयलपुर गाविस-९ मा पुऱ्याई गोली हानी मारिए। सुरक्षा निकायले उनीहरु भिडन्तमा मारिएको जनायो।

पटेर्वा गाविस-६ का माओवादी कार्यकर्ता ४५ वर्षीय रामनारायण सदा ०६१ कार्तिक १ गते राति सुरक्षाकर्मीद्वारा सोही गाविस-७ मा गोली हानी मारिए।

पटेर्वा गाविस-३ का ४५ वर्षीय बौएलाल मुरा कवाडी माओवादीको आरोपमा ०६१ कार्तिक १ गते विहान सुरक्षाकर्मीद्वारा घरवाट गिरफ्तार गरी रघुनाथपुर गाविस-२ परसाही टोलनजिक पुऱ्याई गोली हानी मारिए।

ठाडीझिझा गाविस-३ का ४० वर्षीय अखतर साह फकिर डाँकाको आरोपमा ०६१ कार्तिक २५ गते सुरक्षाकर्मीद्वारा बेङ्गाशिवपुर गाविसमा गोली हानी मारिए। उनलाई अघिल्लो दिन घरबाट गिरफ्तार गरिएको थियो।

धनुषाधाम गाविस-२ का माओवादी एरिया इन्चार्ज ३६ वर्षीय रामपृत यादव ०६१ कार्तिक २६ गते दिउँसो सुरक्षाकर्मीद्वारा भारतबाट गिरफ्तार गरी इटहर्वा गाविसमा ल्याई गोली हानी मारिए।

पटेर्वा गाविस-२ का माओवादी कार्यकर्ता ४२ वर्षीय राजकुमार यादव ०६१ मंसिर २ गते सुरक्षाकर्मीद्वारा वालावाखर गाविस-१ मा गोली हानी मारिए। गोली लागी घाइते भएका यादवलाई पुन: गोली हानिएको थियो।

सुगानिकास गाविस-५ का ४५ वर्षीय राजदेव मण्डल माओवादीको आरोपमा ०६१ मंसिर २ गते सुरक्षाकर्मीद्वारा जनकपुर नपावाट गिरफ्तार गरी गोली हानी मारिए। मारिएको सार्वजनिक गरिएन।

मिथिलेश्वर महुवाई गाविस- ८ का २५ वर्षीय रामअशीष दास माओवादीको आरोपमा ०६१ मंसिर ४ गते सुरक्षाकर्मीद्वारा घरवाट गिरफ्तार गरी ठेराकचुरी गाविसमा पुऱ्याई गोली हानी मारिए।

माओवादीबाट

सुगामधुकरी गाविस-५ का २६ वर्षीय विनोद पासवान, २६ वर्षीय शम्भु पासवान र २९ वर्षीय नथुनी पासवानलाई डाँकाको आरोपमा ०६० माघ ८ गते माओवादीले पौडेश्वर गाविसबाट अपहरण गरी बफै गाविसमा पुऱ्याई हत्या गरे।

नौवाखोर परसाही गाविस-६ का ५० वर्षीय मखिचन साहलाई ०६० फागुन २४ गते माओवादीले घरबाट अपहरण गरी बाटोमा ल्याई कुटपिट गरी हत्या गरे।

सुरक्षाकर्मीको कारवाहीमा मारिएका प्रकोमहुवा गाविस-६ का सुखित मण्डल

खरीयानी गाविस-६ का ३० वर्षीय अरुण पासवानलाई चोरी डकैती र सुराकीको आरोपमा ०६० फागुन २८ गते माओवादीले घरबाटै अपहरण गरी सत्तोखर गाविसमा ल्याई धारिलो हतियार र गोली हानी हत्या गरे।

बरमझिया गाविस-१ का ४२ वर्षीय शिवनारायण यादवलाई ०६० चैत २२ गते राति घरमै बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी सोही ठाउँमा हत्या गरे।

सोनिगामा गाविस-९ का ५३ वर्षीय राजिशरण यादव र ५५ वर्षीय युसुफ राइनलाई सुराकीको आरोपमा ०६१ वैशाख १८ गते माओवादीले घरबाट अपहरण गरी गोली हानी हत्या गरे।

बालाबाखर गाविस-५ का ३५ वर्षीय दीपनारायण यादवलाई ०६१ वैशाख २२ गते राति माओवादीले अपहरण गरी धारिलो हतियार प्रहार गरी हत्या गरे।

रघुनाथपुर गाविस-४ का ४२ वर्षीय दीपनारायण साहलाई सुराकीको आरोपमा ०६१ जेठ १८ गते माओवादीले नियन्त्रणमा लिएपछि सोही गाविसमा गोली हानी हत्या गरे।

पटेर्वा गाविस-३ का २८ वर्षीय रामप्रसाद साहलाई सुराकीको आरोपमा ०६१ जेठ १८ गते राति माओवादीले अपहरण गरी सोही गाविसमा गोली हानी हत्या गरे।

धवौलीका मिथिलेश मण्डललाई चोरी डकैतीको आरोपमा ०६१ साउन २२ गते माओवादीले हत्या गरे। उनलाई केही दिन पहिले अपहरण गरेका थिए।

भरतपुर गाविस-१ का ६४ वर्षीय बद्रीबहादुर कार्कीलाई सुराकीको आरोपमा ०६१ भदौ १० गते राति माओवादीले



सुरक्षाकर्मीद्वारा तारापट्टी सिसिंया गाविस-४ मा मारिएका वृजकुमार यादव

घरबाट बाहिर बोलाई घर अगाडि गोली र धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडित केही वर्षदेखि राजनीतिमा निस्कृय रही आफ्नो खेतिपाती गर्दै आएका थिए।

धनुषा गोविन्दपुर गाविस-८ का ४५ वर्षीय राजाराम यादवलाई ०६१ भदौ १७ गते माओवादीले घरबाट बोलाएर लगी घाँटी, हातखुट्टा र दाँत भाँची निर्मम यातना दिँदै गोली हानेपछि उनको उपचार गर्न लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो।

ठेराकचुरी गाविस-७ का ४५ वर्षीय लालबाबु भनिनें सत्यनारायण झालाई ०६१ भदौ १७ गते माओवादीले अपहरण गरी भदौ २५ गते वेङ्गाशिवपुर गाविसमा गोली र धारिलो हतियार प्रयोग गरी हत्या गरे।

दिगम्बरपुर गाविस-६ का २८ वर्षीय ध्यानिदास तत्मालाई सुराकीको आरोपमा ०६१ भदौ २८ गते माओवादीले सखुवा महेन्द्रनगर गाविसबाट अपहरण गरी सोही गाविसमा गोली हानी हत्या गरे। उनी माओवादी पार्टी छाडी घरबाट विस्थापित भई सखुवा महेन्द्रनगर बस्दै आएका थिए।

सोनिगामा गाविस-१ का ३३ वर्षीय प्रमोद पुर्वेलाई ०६१ मंसिर ३ गते माओवादीले अपहरण गरी सोही गाविसमा

सुरक्षाकर्मीको कारवाहीमा चोहराकोयलपुर गाविसमा मारिएका राजगिर यादव, शत्रुघन यादव, लपटेन यादव, रामपुकार यादव र कृष्णकुमार यादव

सुरक्षाकर्मीको कारवाहीमा मारिएका रामउदगार मुखिया

गोली हानी हत्या गरे। उनको लाश ५ गते भेटिएको थियो।

मिथिलेश्वर महुवाइ गाविस-९ का ५० वर्षीय अकवर साह फकिरलाई ०६१ पुस १५ गते माओवादीले घरबाटै अपहरण गरी तारापट्टी सिरसियामा निर्मम ढंगले गोली र धारिलो हतियारले हानी हत्या गरे

दुहवी गाविस-८ का मालपोत कार्यालय जलेश्वरमा कार्यरत ५० वर्षीय रामस्नेही रायलाई ०६१ पुस १५ गते माओवादीले घरबाटै अपहरण गरी गिद्धा गाविस-२ मा पुऱ्याई गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

मिथिलेश्वर महुवाइ गाविस-६ मा ०६० पुस २९ गते माओवादी र प्रहरीबीच भएको भिडन्तमा रामेछाप जिल्ला बिजलुकोट गाविस-८ का प्रहरी जवान २६ वर्षीय झलक महत र भुतही पटेर्वा गाविसका माओवादी कार्यकर्ता ३० वर्षीय क्रान्ति भनिने दीपक दाहा (मण्डल) को मृत्यु भयो। धनुषाधामबाट बस चढी आइरहेका सुरक्षाकर्मीलाई माओवादीले मिथिलेश्वर महुवाइ गाविस-६ मा आक्रमण गरेका थिए। घटनामा सई जनक पुन र एक माओवादी कार्यकर्ता शंकर साह घाइते भए, उनको उपचारको क्रममा मृत्यु भएको माओवादीले सार्वजनिक गरे।

यदुकुहास्थित इलाका प्रहरी कार्यालयमा ०६० चैत २२ गते माओवादीले आक्रमण गरी दोहोरो भिडन्त हुँदा बैतडी जिल्ला आमचौर गाविस-५ का प्रहरी इन्स्पेक्टर ३८ वर्षीय गम्भीर चन्द, सर्लाही जिल्ला सुदामा गाविस-३ का इन्स्पेक्टर ३५ वर्षीय रामबालक यादव, महोत्तरी जिल्ला पर्सापटौती गाविस-५ का प्रहरी हवल्दार २८ वर्षीय बेचनकुमार राउत, प्रहरी जवानहरु कास्की जिल्ला सल्यान गाविस-७ का २५ वर्षीय सोमहर्ष पाध्या, सर्लाही जिल्ला सुदामा गाविस-३ का २८ वर्षीय दिलिपकुमार सिंह, रौतहट जिल्ला मर्यादापुर गाविस-४ का २३ वर्षीय राम बलराम यादव, झापा जिल्ला दमक नपा-७ का २८ वर्षीय चेतप्रसाद भट्टराई, सोलुखुम्बु जिल्ला देउसा गाविस-१ का २८ वर्षीय बलबहादुर राई र सिन्धुली जिल्ला भद्रकाली गाविस-२ का २३ वर्षीय निर्मलकुमार फुलामीको मृत्यु भयो। सोही भिडन्तमा माओवादीतर्फ ओखलढुङ्गा जिल्ला हर्कपुरका देवेन्द्र

पाखिन, सिन्धुपाल्चोक जिल्ला चोकटी गाविस-८ का उपेन्द्र जिरेल, सोही जिल्ला ठूलोपाखर गाविस-५ का मिलन श्रेष्ठ, काभ्रे जिल्ला सालधारा गाविस-८ का सञ्जीव वाइवा र रामेछाप जिल्ला खनियापानीका जनक श्रेष्ठको मृत्यु भयो। सो घटनामा प्रहरीतर्फ असई शुक्रबहादुर लामा, जवानहरु घनश्याम पोखरेल, सिपाही मिया, शम्भुसिंह धामी, रामउदगार यादव र रामनाथ महतो, सर्वसाधारण दुखारी मण्डल घाइते भए। प्रहरीले सो घटनामा ६ जनालाई माओवादीले नियन्त्रणमा लिइसकेपछि हत्या गरेको आरोप लगाए भने माओवादीले जेनेभा महासन्धिको पालन गर्दै नियन्त्रणमा लिएका सुरक्षाकर्मीहरुलाई सकुशल रिहा गरेको जनायो।

इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा ०६१ मंसिर १ गते माओवादीले आक्रमण गरी दोहोरो भिडन्त हुँदा नकटाझिज गाविस-७ का प्रहरी जवान २१ वर्षीय वीरकुमार महतो र सितापुर भङ्गहा गाविस-१ का सर्वसाधारण ३२ वर्षीय शिवशंकर चौधरीको मृत्यु भयो। सो घटनामा माओवादीले केही हातहतियार लुटेर लगे।

अन्यबाट

धनुषा गोविन्दपुर गाविस-६ का ४५ वर्षीय मदन यादवलाई ०६१ वैशाख २६ गते राति घरमै सुतिरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरुले गोली हानी हत्या गरे। प्रहरीले सो घटना माओवादीले गरेको बताए तापनि माओवादीले घटनाको जिम्मा लिएको सार्वजनिक भएन।

धनुषा गोविन्दपुर गाविस-६ का ३० वर्षीय चिनकी महतोलाई ०६१ असोज २२ गते केही अज्ञात व्यक्तिले धारिलो हतियारले हानी हत्या गरे। प्रहरीले उनको हत्या माओवादीले गरेको बताए पनि माओवादीले सो घटनाको जिम्मेवारी लिएको सार्वजनिक भएन।

गोली/बम/विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

देवपुरा रुपैठा गाविस-४ का माओवादी कार्यकर्ता ४० वर्षीय राजकिशोर महरालाई ०६१ भदौ ६ गते सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। हाल उनी नजरबन्दमा छन्।

माओवादीबाट

भरतपुर गाविस-४ का ३५ वर्षीय शिवजी जयसवाललाई ०६० पुस २८ गते माओवादीले सोही गाविसमा गोली हानी घाइते बनाए।

रौतहट जिल्लाका प्रहरी हवल्दार २८ वर्षीय अवधेश चौवेलाई ०६० पुस २८ गते माओवादीले जनकपुर नपा-१ मा गोली हानी घाइते बनाए।

बरमझिया गाविस-१ का ५० वर्षीय गर्भु यादवलाई ०६० माघ १६ गते माओवादीले गोली हानी घाइते बनाए। हाल उनी विस्थापित भई जनकपुरमा बसेका छन्।

काभ्रे जिल्लाका ३८ वर्षीय देवनाथ आचार्य, पर्सा जिल्ला विर्ता गाविस-५ की ५० श्रीकान्ती देवी, नुवाकोट जिल्लाका ३२ वर्षीय हरिप्रसाद दाहाल, रामेछाप जिल्लाका ३३ वर्षीय शिवकुमार श्रेष्ठ ०६० फागुन १२ गते राति माओवादीले जनकपुर नपा-४ स्थित क्षेत्रीय पशु विकास तालिम केन्द्र भवनमा गराएको बम विष्फोटमा घाइते भए। उनीहरु त्यहाँ तालिम लिन आएका थिए।

लक्ष्मीपुर बगेवाका ४५ वर्षीय धुपेश्वर झालाई सुराकीको आरोपमा ०६० फागुन १७ गते माओवादीले सोही गाविस-५ स्थित लक्ष्मिनिया बजारमा देव्रे पेटमा गोली प्रहार गरे। उपचारपछि उनको अवस्था सामान्य छ।

जनकपुर नपा-१ का ३५ वर्षीय सोभित साह र बेङ्गाशिवपुर गाविस-३ का उदितनारायण मण्डल ०६० फागुन २४ गते साँझ माओवादीद्वारा जनकपुर नपा-१ पुल्चोकमा गराएको बम बिस्फोटमा परी घाइते भए।

बेपत्ता / अपहरण

माओवादीबाट

सुगामधुकरी गाविसका निवर्तमान अध्यक्ष ५५ वर्षीय किशोरी यादवलाई ०६० पुस २६ गते माओवादीले घरबाट अपहरण गरे। उनी एघार दिनपछि भागेर फर्किए।

माओवादीद्वारा मारिएका प्रहरी असई रामबाबु यादव, प्रहरी जवान दिलिप सिंह र बलबहादुर राई

कजरा रमौल गाविस-५ का ३६ वर्षीय शिवजी यादवलाई ०६० पुस २६ गते माओवादीले घरबाट अपहरण गरे। पीडित पछि मुक्त भए।

हैरने गाविस-८ का ५० वर्षीय जीतन मरिकलाई ०६० फागुन ६ गते माओवादीले घरवाट अपहरण गरी कुटपिट गर्नुका साथै ५ लाख रुपैयाँको तमसुक वनाउन लगाई मुक्त गरे।

वालावाखर गाविस-२ का ३२ वर्षीय सत्यनारायण साहलाई ०६१ असार ८ गते माओवादीले घरवाट अपहरण गरी कुटपिट गरे। उनी सोही रात माओवादीको कब्जावाट भागेर मुक्त भए। उनी हाल विस्थापित छन्।

माओवादीले जनवादी शिक्षाको लागि भनी ०६१ असार १२ गते धनुषा क्षेत्र नं. १, २ र ३ वाट २ सय ५० जना जति शिक्षकहरुलाई अपहरण गरे। उनीहरुलाई सोही दिन मुक्त गरे।

सबैला गाविस-२ का ३२ वर्षीय महेन्द्र यादवलाई ०६१ असार १४ गते राति माओवादीले घरमै बसिरहेको अवस्थामा अपहरण गरी कुटपिट गरे। उनी हाल विस्थापित भई सदरमुकाममा बस्दै आएका छन्।

सिङ्ग्याही मरान गाविस-५ का १८ वर्षीय राजवीरकुमार महतोलाई ०६१ असारमा माओवादीले घरबाट अपहरण गरी कुटपिट गरे। उनी २ महिनापछि माओवादीको कब्जावाट भागेर मुक्त भए। हाल विस्थापित भई यदुकुहामा बस्दै आएका छन्।

रौतहट जिल्ला चन्द्रनिगाहपुर घर भएका ४५ वर्षीय माधव निरौलालाई आफ्नो अनुमति नलिई प्रवेश गरेको आरोपमा ०६१ साउन १४ गते माओवादीले झटियाही परसाही गाविस नजिकवाट अपहरण गरे। उनी जिल्ला अदालत धनुषावाट विभिन्न मुद्दाको म्याद तामेली वुझाउन गएको अवस्थामा अपहरणमा परेका थिए। उनलाई मानवअधिकारकर्मी, पत्रकार र कानुन व्यवसायीको रोहवरमा साउन २० गते मुक्त गरियो।

हँसपुर कठपुल्ला गाविस-७ का पूर्व सई ४५ वर्षीय हरिनारायण सिंहलाई सुराकीको आरोपमा ०६१ भदौ २५ गते माओवादीले हँसपुर चोकवाट अपहरण गरी असोज १ गते मानवअधिकारकर्मी, पत्रकार र कानुन व्यवसायीको रोहवरमा मुक्त गरे।

उदयपुर जिल्ला माउने गाविस-२ का १७ वर्षीय विष्णु सुन्चौरीलाई सुराकीको आरोपमा ०६१ असोज २९ गते माओवादीले खजुरी गाविसवाट अपहरण गरी दुवै हातका नाडीमा धारिलो हतियार प्रहार गर्नुका साथै कुटपिट गरी यातना दिए। उनी कार्तिक १४ गते भागेर मुक्त भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सुगानिकास गाविस-३, ४ र ५ का स्थानीय ४०-५० जनालाई माओवादीको आरोपमा ०६१ भदौ ६ गते विहान सर्चमा गएका सुरक्षाकर्मीले सोही ठाउँमा कुटपिट गरे। सो घटनाको विरोधमा स्थानीय बासिन्दाहरु जिल्ला प्रशासन कार्यालयमा भन्न जाँदा सिडियोले "तपाईंहरु माओवादीलाई खान/बस्न नदिनुस्, सेना जाँदैन" भन्ने जवाफ दिए।

सबैला गाविसका कक्षा ८ मा अध्ययनरत बसन्त यादव र नरेश यादवलाई माओवादीको आरोपमा ०६१ भदौ १२ गते सुरक्षाकर्मीले सोही ठाउँमा कुटपिट गरे।

सुगामधुकरी गाविस-८ का ४२ वर्षीय विन्दे यादव, सोही गाविस-७ का १५ वर्षीय रोशनकुमार यादव, ५५ वर्षीय जमुना यादव, ३५ वर्षीय जिरेखन यादव र ४२ वर्षीय मोहन यादवलाई माओवादीको आरोपमा ०६१ मंसिर ६ गते सुरक्षाकर्मीले सोही ठाउँमा कुटपिट गरे।

माओवादीबाट

वरमझिया गाविस-७ का ३४ वर्षीय पुरन यादवलाई ०६० माघ २० गते माओवादीले भरतपुर गाविसबाट अपहरण गरी कुटपिट गरेर हात भाँचिदिए। उनी हाल विस्थापित भई जनकपुर बस्दै आएका छन्।

सिङ्गायाही मरान गाविस-३ का ४० वर्षीय देवनाथ यादवलाई सुराकीको आरोपमा ०६१ वैशाख ३१ गते माओवादीले खेतबाट अपहरण गरी काठको भाटा प्रहार गरी कुटपिट गरे।

पटेर्वा गाविस-१ का ३४ वर्षीय कुशेश्वर ठाकुरलाई



माओवादीद्वारा मारिएका प्रहरी इन्स्पेक्टर गम्भीर चन्द, प्रहरी जवान निर्मलकुमार पुलामीमगर र रामवाय यादव

सुराकीको आरोपमा ०६१ जेठ १८ गते राति माओवादीले घरवाट अपहरण गरी कुटपिट गरे। उनी माओवादीको कब्जावाट भागेर विस्थापित भई जनकपुरमा वस्दै आइरहेका छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

"नेपालमा राजतन्त्रको सान्दर्भिकता" विषयमा सार्वजनिक सुनवाईको क्रममा सुरक्षाकर्मीले हस्तक्षेप गरी ०६० माघ ८ गते विश्वप्रकाश शर्मा, वासु कोइराला, योगेश भट्टराई, डाचाराम वाग्ले, खिमलाल भट्टराई, ब्रहमदेव यादव, जगत नारायण यादव, सञ्जीव हाथी, दिपेन्द्र नारायण पुर्वे, कैलाश यादव, कमलेश यादव, श्याम किशोर यादव, सुरेश कर्ण, वीरेन्द्र यादव, बालेश्वर मण्डल, कमलेश यादव, श्यामकिशोर यादव, सुरेश कर्ण, प्रवेन्द्रकुमार पाठक, रन्धीरप्रसाद साह, रामरिझन यादव, दिलिपकुमार यादव, लालबाबु मण्डल, योगनारायण यादव, जोगी यादव, नागेन्द्रप्रसाद यादव, रामवली साह, राजीवकुमार झा, प्रदिप मरवैता, विरु वलम पाखी, रामनाथ यादव, विनोद श्रेष्ठ, दिपेन्द्र झा, अरविन्द साह, अमितकुमार झा, मोहम्मद अनवर, रामकृष्ण यादव, निर्मल वराल, चन्द्रदेव राउत, कमलदेव साह, शत्रुधन पटेल, रामगोविन्द यादव, भोला पजियार, रमेशरञ्जन झा, वृखेशचन्द्रलाल कर्ण, ललन चौधरीलगायत् सयौं जनालाई जनकपुर नपाको विभिन्न ठाउँबाट गिरफ्तार गरी सोही साँझ रिहा गरियो।

पाँच विद्यार्थी संगठनद्वारा ०६० माघ १४ गते निकालेको जुलुसमा प्रहरीले लाठीचार्ज गर्दा ४ जना आन्दोलनकारी र १ जना प्रहरी घाइते भए। सो घटनामा केदार भण्डारी सख्त घाइते भए भने सैयौं प्रदर्शनकारीहरुलाई जनकपुर नपा-१ र २ बाट गिरफ्तार गरी सोही साँझ रिहा गरियो।

पाँच दलद्वारा निकालिएको मशाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी ०६१ वैशाख २८ गते साँझ जनकपुर नपा-१/२ वाट एमालेका सुरेन्द्र राई र नेकाँका ललन चौधरीलगायत् २ दर्जन नेता तथा कार्यकर्तालाई कुटपिट गर्दै गिरफ्तार गरे। उनीहरुलाई सोही दिन रिहा गरियो।

रमदैया गाविस-१, २, ३, ४, ९ र सखुवा महेन्द्रनगरका विजय यादव, नरेश यादव, वैद्यनाथ यादव, रामपुकार यादव, श्यामकिशोर यादव, चन्द्रदेव यादव, विनयकुमार यादव, उदय यादव, उदित यादव, रामनारायण साह, सुरेश यादव, जुगलकिशोर यादव र उमेश यादवलाई ०६१ असार १६ गते शान्तिपूर्ण धर्ना गरिरहेको बेला रम्दैया भवाडी गाविस-२ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। उनीहरु सबैलाई भोलिपल्ट रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानीतर्फ १ हजार १ सय ५९, फौजदारीतर्फ ५ सय ११ र सरकारवादीतर्फ ९९ मुद्दा दर्ता भए। जसमा देवानीतर्फ २ सय ५७, फौजदारीतर्फ ८९, सरकारी फौजदारीतर्फ ४० मुद्दा फर्स्यौट भए। देवानी ९ सय २, फौजदारी ४ सय २२ र सरकारीवादी फौजदारवादी ५९ बाँकी रहे। जसमा जिम्मेवारी सरेर आएका देवानीतर्फ ७ सय २७ मध्ये ३ सय २३ फर्स्यौट भई बाँकी ४ सय ४ बाँकी रहे। फौजदारीतर्फ २ सय ३९ मध्ये १ सय १८ फर्स्यौट भई १ सय २१ बाँकी छ भने सरकारवादी फौजदारीतर्फ ५९ मध्ये २३ फर्स्यौट भई ३६ वटा मुद्दा बाँकी रहे।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान ३५, खुन डाँका ६, ज्यानमार्ने उद्योग ३, डाँका ४, चोरी ७, झुण्डिएर ६, विष खाएर २४, जबरजस्ती करणी १, जीउ मास्नेवेच्ने २, कालाबजार १, कुटपिट अंगभंग १, ठगी ३, किर्ते ५, लागु औषध ५, केही सार्वजनिक अपराध २३, नागरिकता १०, राहदानी १, बहुविवाह २, भवितव्य २३, सवारी ज्यान ३१, घाइते ११, आगलागी २, आतंककारी तथा विध्वंसात्मक अपराध १, परीक्षा मर्यादा उल्लंघन २, फुटकर ३, डाँकाज्यान १ मुद्दा दर्ता भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

यस वर्ष गर्भु यादव, सहदेव यादव, उर्मिलादेवी यादव, दिपनारायण यादव, हरिनारायण यादव, लुटन यादव,



माओवादीद्वारा मारिएका प्रहरी जवान रोमहर्ष पाध्य र चेतप्रसाद



माओवादीद्वारा मारिएका सुगामधुकरी गाविस-५ का शम्भु पासवान



माओवादीद्वारा मारिएका रघुनाथपुर गाविसका दीपनारायण यादव

विजयनारायण यादव, रामअजोधी यादव, पशुराम यादव, जीवन यादव, दिपो यादव, सुशिलादेवी यादव, ठकहर यादव, राजलाल यादव, रामकृष्ण यादव, श्रवणकुमार यादव, आसमोहम्मद राइन, शारदा देवी सिंह, रामपरीदेवी यादव, राजेन्द्र यादव, महेन्द्र साह सुडी, कुशेश्वर ठाकुर, सिता पासवान, तेजीलाल यादव, राम तपेश्वर यादव, जोगी यादव, दिपनारायण यादव, योगनारायण यादव, श्यामकिशोर साह, रामबाबु यादव, रामनारायण यादव, सुलेमान धोवी, रामविलास यादव, गणेश यादव, सुरजदेव यादव, जिवछ गडेरी, चन्द्रदेव यादव, धनिकलाल यादव, देवेन्द्र ठाकुर बरही, रामभक्त महतो, रामविलास पासमान, राम ईश्वर यादव, जिवछ यादव, रामचन्द्र यादव, जीतनारयण यादव, राजुप्रसाद गुप्ता, रामवली साह, लक्ष्मी यादव, सोभित महतो, रामदयाल महतो, देव गोइत, आलीसन कवारी, ब्रह्मदेव यादव, राजेन्द्र दासलगायत् ६ सयजना १९ वटा गाविसबाट विभिन्न मितिमा माओवादीद्वारा विस्थापित भई जनकपुरमा आन्तरिक शरणार्थीको जीवन बिताइरहेका छन्।

विसरभोरा गाविस-३ का ५३ वर्षीय मुक्ति साह हलुवाइसँग ०६० माघ १६ गते माओवादीले १ लाख २५ हजार रुपैयाँ चन्दा मागेपछि तिर्न नसक्दा उनी सो गाविसबाट विस्थापित भई यदुकुहामा बस्दै आएका छन्। पीडितले पहिले पनि ६ हजार ५ सय रुपैयाँ चन्दा तिरिसकेको वताए।

सिङ्याही मरान गाविस-३ की ७५ वर्षीय शारदादेवी महतोलाई ०६१ असार ३१ गते राति माओवादीले घर निकाला गरी तालाबन्दी गरे। छोरासँगको राजनीतिक द्वन्द्वका कारण आमालाई घरवाट निकाला गरे। उनका छोरा सिङ्याही मरान गाविसका निर्वतमान अध्यक्ष सोभित महतो हुन्।

संरचना/सम्पत्ति क्षति

यस वर्ष माओवादीले क्षेत्रीय पशु सेवा तालिम केन्द्र र आहार विकास कार्यालय, कमला सिंचाई कार्यालयको लोडर, डोजर, टिपरमा बम विस्फोट र आगो लगाई क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सुगामधुकरी गाविस-७ का ४० वर्षीय रामअभित यादवलाई ०६० माघ ७ गते, देवपुरा रुपैठा गाविस-५ का ६० वर्षीय सदिक कवारीलाई ०६० पुस १७ गते, मिथिलेश्वर महुवाइ गाविस-५ का इन्द्रकान्त झालाई ०६० माघ ८ गते, मिथिलेश्वर महुवाइ गाविस-५ का २९ वर्षीय विनोदकुमार मण्डल, ४२ वर्षीय रामपुकार साह, सोही गाविस-७ का ५० वर्षीय रामलखन मण्डल, ३५ वर्षीय शिवदुलार मण्डल, २१ वीरेन्द्र ठाकुर, सोही गाविस-२ का १४ वर्षीय पप्पु ठाकुर, सोही गाविस-७ का ४० वर्षीय विन्देश्वर बैठा, सोही गाविस-१ का १९ वर्षीय लक्ष्मण साह, तारापट्टी सिर्सिया गाविस-२ का २२ वर्षीय नागेन्द्रप्रसाद यादव, २५ वर्षीय अशोककुमार साह, २२ वर्षीय जिवछ साह, १९ वर्षीय सञ्जय गडेरी र सोही गाविस-१ का २२ वर्षीय सञ्जीव यादवलाई ०६० माघ १३ गते, उमाप्रेमपुर गाविस-६ का ३० वर्षीय विषुनदेव यादवलाई माघ २२ गते, सोनिगामा गाविस-९ का ४० वर्षीय कामेश्वर मण्डल, २५ वर्षीय रामसेवक मण्डल र ३५ वर्षीय दुखी मण्डललाई ०६० माघ २० गते, माची झिटकैयाका ठकाइ यादव र रामचन्द्र यादवलाई ०६० माघ २२ गते गिरफ्तार गरियो। उनीहरुलाई थुनामा यातना दिई पछि रिहा गरियो।

तारापट्टी सिर्सिया गाविस-५ का १९ वर्षीय सुशील कापर यादवलाई माओवादीको आशंकामा ०६० चैत ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिई चैत १३ गते रिहा गरे।

दुवरकोट गाविस-३ का १७ वर्षीय रवीन्द्रकुमार मण्डललाई माओवादीको आरोपमा ०६० फागुन १३ गते सुरक्षाकर्मीले जनकपुर नपा-४ स्थित डेराबाट गिरफ्तार गरे। उनी पछि रिहा भए।

झोझीकटैया गाविस-८ का ३० वर्षीय विनोद यादवलाई माओवादीको आरोपमा ०६० फागुन १४ गते बिहान सुरक्षाकर्मीले घर नजिकै रहेको खेतबाट गिरफ्तार गरे। उनी पछि रिहा भए।

मखनाहा गाविस-८ का ४५ वर्षीय राजदेव साहलाई माओवादीको आशंकामा ०६१ वैशाख ७ गते बिहान सुरक्षाकर्मीले सबैला गाविस-८ बाट गिरफ्तार गरी निर्मम यातना दिई ०६१ वैशाख १२ गते रिहा गरे।

सगामधुकरी गाविस-६, ७ र ८ का दिनेश साह, बिल्टु राउत, फेकन साह, नरेश साह, रामउदगार साह, सुरेश

राउत, राजकिशोर साह, सहबुल कवारी, रमेश ठाकुर, रामप्रसाद दास, सम्सुल कवारी, हरिनारायण साह, जयकिशोर साह, योगेन्द्र राउत, मोहम्मद समिम, मोहम्मद अजिज राइन, मोहम्मद अजिज कवारी, मनोजकुमार ठाकुर, जयकुमार साह, पवनकुमार साह, मोहम्मद इसमाइल, विजयकुमार राउत, रामपुकार साह, रामसागर राउत, कमलेश साह, श्यामबहादुर साह, दिपेन्द्रकुमार साह, सुरेशकुमार ठाकुर, विजयकुमार मण्डल, भोला यादव, रसिलाल यादव, इन्दल यादव, सत्यनारायण मण्डल, योगेन्द्र मण्डल, रञ्जीतकुमार मण्डल, जीतेन्द्र यादव, रामरतन मण्डल, लालबाबु मण्डल, फेकन मण्डल, रामदिनेश मण्डल, रामकिशुन मण्डल, शिवशरण मण्डल, धनपैत मण्डल, धनवीर यादव, गंगा मण्डल, दिलिपकुमार मण्डल, आशा कापर, रामकिशोर यादव, गोविन्दप्रसाद मण्डल, राजेन्द्र यादव, शत्रुघन यादव, उपेन्द्र यादव, रामतुल मण्डल, हरेराम यादव, रामनारायण यादव, सुखचैन मण्डल, साइनारायण मण्डल, सुजीत यादव, भरतनारायण यादव, रामभरोस ठाकुर, शिवशंकर मण्डल, सूर्यनारायण मण्डल, विशेश्वर साह, उमेशकुमार मण्डल, जिवछ साह, नथुनी यादव, मोहम्मद आकुम, मोहम्मद हकिम, सोमन कवाडी, राजेन्द्र यादव, महेन्द्र यादव, जयकुमार मण्डल, अमिर यादव, रामउद्गार यादव, ध्रुवप्रसाद यादव, दिलिप मण्डल, रामसोगारथ यादव, नवल यादव, इन्दल दास, रामचन्द्र कापर, रमन मण्डल र बद्री मण्डललाई माओवादीको आरोपमा ०६१ वैशाख २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ७१ जनालाई २६ गते र अरुलाई केही दिनपछि रिहा गरे।

माओवादीद्वारा मारिएका धनुषा गोविन्दपुरका राजाराम यादव

तारापट्टी सिरसिया गाविस-३ का २५ वर्षीय जोगी यादवलाई माओवादीको आरोपमा ०६१ वैशाख २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखिएकोमा हाल रिहा भएका छन्।

तारापट्टी सिर्सिया गाविस-१ का २० वर्षीय दिलिपकुमार यादव, २० वर्षीय प्रदीपकुमार झा, २२ वर्षीय रन्धीरकुमार यादव, सोही गाविस-२ का २५ वर्षीय जीतनारायण गडेरी तथा सोही गाविस-२ का १५ वर्षीय नरेश यादव र १६ वर्षीय विनय यादवलाई माओवादीको आरोपमा ०६१ वैशाख २६ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी ३-४ दिनपछि रिहा गरे।

कजरा रमौल गाविस-५ का ३२ वर्षीय सुरेश मण्डललाई माओवादीको आशंकामा ०६१ वैशाख २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिन पछि रिहा गरे।

बरमझिया गाविस-५ का २५ वर्षीय राजकुमार मुखियालाई माओवादीको आशंकामा ०६१ वैशाख ३० गते सुरक्षाकर्मीले जनकपुर नपा-४ स्थित पगलाबाबा धर्मशालाबाट गिरफ्तार गरी नरबन्दमा रहने गरी ०६१ जेठ १० गते जेल चलान गरे। पीडित हाल नजरबन्दमै छन्।

गिद्धा गाविस-४ का ३० वर्षीय राजकुमार मण्डललाई माओवादीको आशंकामा ०६१ जेठ १३ गते बिहान सडक निर्माण गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई माओवादी गतिविधिमा संलग्न रहेको हुँदा नजरबन्दमा राखिएको छ।

धनुषाधाम गाविस-२ का ४० वर्षीय लक्ष्मेश्वर साह र ३२ वर्षीय जयनारायण यादवलाई माओवादीको आरोपमा ०६१ जेठ १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरुलाई नजरबन्दमा रहने गरी जिल्ला प्रशासनले ०६१ जेठ २० गते जेल चलान गरिएकोमा हाल दुवै जना रिहा भएका छन्।

बरमझिया गाविस-८ का ४५ वर्षीय राधाकृष्ण यादव र सोही गाविस-९ का ४० वर्षीय जिवछ यादवलाई माओवादीको आरोपमा ०६१ असार ५ गते बिहान घरमै सुतिरहेको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। जिल्ला प्रशासनले ०६१ असार १५ गत नजरबन्दमा पठाउने भनी पूर्जी काटे पनि उनीहरुलाई असार २२ गतेसम्म धारापानी ब्यारेकमा राखिएको बतायो। हाल दुवैजना नजरबन्दमा रहेका छन्।

बरमझिया गाविस-१ का ५० वर्षीय सन्तोषी यादवलाई माओवादीको आशंकामा ०६१ असार ५ गते बिहान सुरक्षाकर्मीले घरनजिकै भैंसी चराइरहेको अवस्थामा गिरफ्तार गरे। उनलाई तारिखमा रहने गरी ८ गते रिहा गरियो। हाल मासिक तारिखमा रहेका छन्।

बालाबाखर गाविस-१ का ५३ वर्षीय रामनारायण

माओवादीद्वारा मारिएका पटेर्वा गाविस-३ का रामप्रसाद साह

माओवादीद्वारा मारिएका प्रहरी जवान झलक महत

यादवलाई माओवादीको आरोपमा ०६१ असार ५ गते विहान सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। जिल्ला प्रशासन धनुषाले आतङ्ककारी गतिविधिमा लागेको भनी ०६१ असार २३ गतेदेखि नजरबन्दमा राखेका छन्।

बालाबाखर गाविस-२ का ४५ वर्षीय बुधन साहलाई माओवादीको आशंकामा ०६१ असार ६ गते विहान सुरक्षाकर्मीले भुतही पटेर्वा गाविस-९ स्थित राष्ट्रिय प्राथमिक विद्यालय सिसमपुरबाट गिरफ्तार गरी रिहा गरे।

भुतही पर्टेवा गाविस-९ का ३२ वर्षीय लट्टाराय अमातलाई नजरबन्दमा रहने गरी ०६१ असार १३ गते जेल चलान गरेको सुरक्षाकर्मीले वताए। पीडितलाई हाल रिहा गरियो।

वालाबाखर गाविस-१ का २० वर्षीय रामजतन यादवलाई ०६१ भदौ ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी केही दिनपछि रिहा गरे। हिरासतमा यातना दिइएको पीडितले बताए।

सवैला गाविस-४ का ६० वर्षीय लक्ष्मण यादव, सोही गाविस-५ का रामकिशुन साह, सोही गाविस-१ का राजकिशोर महतो र सत्यनारायण साहलाई माओवादीको आरोपमा ०६१ भदौ १२ गते राति सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। हाल उनीहरु नजरवन्दमा छन्।

खरियानी गाविस-८ का ६६ वर्षीय रामहरी यादवलाई माओवादीको आशंकामा ०६१ भदौ २७ गते सुरक्षाकर्मीले हसपुर कठपुल्ला गाविसबाट गिरफ्तार गरी मानवअधिकारकर्मीहरु रोहवरमा भदौ ३० गते रिहा गरे।

सतोखर गाविस-८ का ३३ वर्षीय रतन कापरलाई माओवादीको आशंकामा ०६१ भदौ ३० गते जनकपुर नपावाट सुरक्षाकर्मीले गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

झोभीकटैया गाविस-८ का ६५ सहदेव यादवलाई ०६१ साउन १ गते जनकपुर नपा-४ बाट र भुतही पटेर्वा गाविस-१ की ६० वर्षीय मर्नीदेवी साहलाई ०६१ साउन ४ गते जनकपुर नपाबाट, बालाबाखर गाविस-४ का ३५ वर्षीय रामतपेश्वर यादवलाई ०६१ भदौ १० गते घरवाट, वालाबाखर गाविस-४ का २४ वर्षीय नत्थु यादवलाई जनकपुर नपा-४ बाट ०६१ असोज ४ गते, दुहवी गाविस-७ का ५१ वर्षीय रामकृष्ण यादव, ४० वर्षीय रामगुलाम यादव, ६० वर्षीय जागेश्वर यादव, ३६ वर्षीय रेवती देवी मण्डल, सोही गाविस-८ की ३५ वर्षीय अचलन देवी यादव र ५० वर्षीय बौएलाल यादवलाई ०६१ असोज १० गते राति सुरक्षाकर्मीले यातना दिई रिहा गऱ्यो।

रघुनाथपुर गाविस-४ का २५ वर्षीय दिलिप मल्लिक, २५ वर्षीय ब्रह्मदेव पण्डित, २० वर्षीय रामबाबु महरा, १९ वर्षीय फुलगेन साह, १६ वर्षीय सन्तोष दास, विसरभोरा गाविसका २२ वर्षीय मनोज महरा, सिङ्याही मरान गाविस-३ का २० वर्षीय खडानन्दप्रसाद यादव र ३५ वर्षीय पल्टु यादवलाई ०६१ असोज २३ गते जनकपुर नपा-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरुमध्ये दिलिप र ब्रहमदेवलाई पाइप र काठको भाटाले छाती, खुट्टा, टाउको, पिठ्युँमा कुटपिट गरी निर्मम यातना दिए। उनीहरुलाई सोही साँझ रिहा गरियो।

मिथिलेश्वर महुवाही गाविस-४ का ३५ वर्षीय राजेन्द्र मण्डललाई ०६१ मंसिर ४ गते घरबाट, सोही गाविस-९ का ५० वर्षीय सहवुद राइनलाई ०६१ मंसिर ४ गते र मिथिलेश्वर गाविस-८ का ४५ वर्षीय रामचन्द्र मुखियालाई ०६१ मंसिर २३ गते घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिई रामचन्द्र र सहबुदलाई रिहा गरे भने राजेन्द्र नजरबन्दमा छन्।

सगामधुकरी गाविस-८ का २५ वर्षीय गणेश यादव, ४५ वर्षीय किशोरी यादव, ४० वर्षीय चन्दर यादव, २५ वर्षीय रामउद्गार यादव, सोही गाविस-७ का ४० वर्षीय चन्देश्वर यादव, ५० वर्षीय सुभद्र यादव, ४५ वर्षीय महेन्द्र यादव र २५ वर्षीय अरुण यादवलाई माओवादीको आरोपमा ०६१ मंसिर ६ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरी यातना दिई ०६१ मंसिर १३ गते रिहा गरे। उनीहरुमध्ये चन्दर र चन्देश्वरलाई नजरवन्द्रमा राखियो।

माओवादीद्वारा मारिएका विनोद पासवान

बालअधिकार

नक्टाझिज गाविस-७ की १० वर्षीय रिनाकुमारी महतोलाई ०६० माघ ५ गते सोही ठाउँका ३५ वर्षीय ननु भनिने विने दास तत्माले उखु काट्न गएको अवस्थामा बलात्कार गरी हत्या गरे।

पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

गोठकोयलपुर गाविस-१ की ८ वर्षीय एक वालिकालाई सोही गाविस-४ का २४ वर्षीय मानिकचन सदाले ०६० माघ ७ गते बलात्कार गरे। पीडक फरार छन्।

चितवन जिल्ला खैरेनी गाविस-४ का १२ वर्षीय धुवप्रसाद थपलियालाई जनकपुर नपा-११ की ४५ वर्षीय मधु मल्लिकले ०६० माघ १३ गते दुध चोरेर खाएको निहुँमा पन्यूँ तताई दुवै गाला, ओठ, निधार, पिठ्यूँमा डामेर यातना दिइन्। पीडकलाई जिल्ला महिला अधिकार सरोकार समूहको पहलमा जिल्ला प्रशासन कार्यालयले १० हजार रुपैयाँ क्षतिपूर्ति वापत तिरायो। पीडित उनको घरमा घरेलु कामदार थिए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

बेङ्गाडावर गाविस-३ की ३१ वर्षीय एक महिलालाई पति मरेको निहुँ पारी ०६१ असार २५ गते नवलपरासी जिल्ला पर्सोनी गाविस-२ का ३५ वर्षीय नवीनकुमार पाण्डेले बेच्न लाने प्रयास गरे। पीडकलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

बलात्कार/बलात्कार प्रयास

काभ्रे जिल्ला भीमखोरी गाविस-८ की १८ वर्षीय एक युवतीलाई ०६१ असार २५ गतेदेखि साउन २ गतेसम्म महोत्तरी जिल्ला बगराका २७ वर्षीय नागेन्द्र यादव, जनकपुर नपा-१३ का २५ वर्षीय सन्जीव सिंह र सोही नपा-६ का ३५ वर्षीय लालबाबु ठाकुरले विवाह गर्ने लोभ देखाई सोही नपाको विभिन्न लजमा राखी यौन शोषण गरे। सन्जीव सिंह र लालबाबुलाई प्रहरीद्वारा गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखियो।

पारिवारिक हिंसा

जनकपुर नपा-११ की २० वर्षीय मिथिला साहलाई पति सपही गाविस-७ का २५ वर्षीय प्रमोद साहले ०६१ असोज २५ गते कुटपिट गरी घरवाट निकाले। महिलाअधिकार संघ-संस्थाको पहलमा पीडकले विवाहमा लिएको दाइजो फिर्ता गराई, हाल दुवै छोडपत्र गरी छुट्टिएका छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रघुनाथपुर गाविस-९ का एमाले कार्यकर्ता श्रीचन यादवलाई सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम तरिकाले मारेको घटनाको विरोध गर्दै निर्दोष व्यक्तिको हत्या भएकोमा छानबिनको लागि आयोग गठन गरी दोषीउपर कारवाही र पीडित परिवारलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दै एमाले जिल्ला सचिव सत्रुघन महतोले ०६१ भदौ १८ गते एक प्रेस विज्ञप्ति जारी गरे।

समाज उत्थान केन्द्र, धनुषाले माओवादीवाट अपहरण गरिएका २ र सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका १७ वटा घटनाका मानिसहरुको स्थिति सार्वजनिक गर्न विभिन्न मितिमा प्रेस विज्ञप्ति जारी गऱ्यो। कनकपट्टी, प्रकोमहुवा र बेङ्गाडावर घटनाको सम्वन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गऱ्यो। सोही घटनालाई लिएर जनमोर्चा नेपाल, धनुषाले विरोध वक्तव्य जारी गर्नुका साथै विरोधसभा समेत गऱ्यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर ६ र विष सेवन गरी २४ जनाले आत्महत्या गरे। जसमा महिला १६ र पुरुष १४ थिए। सवारी दुर्घटनामा २२ पुरुष र ९ महिलाको मृत्यु भयो।

१.२ महोत्तरी



जनसंख्या	:	६०५९४८
साक्षरता प्रतिशत	:	३१.२८
महिला साक्षरता प्रतिशत	:	२२.७३
क्षेत्रफल (वर्ग कि. मि.)	:	१००२
गाविस/नपा संख्या	:	७६/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	२५३
क्याम्पस/उच्च मा.वि.	:	२/४
अस्पताल/स्वास्थ्य चौकी	:	१/८१
टेलिफोन लाइन	:	७९६
मोटर सडक (कि. मि.)	:	२३८
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	७४
मानव विकास सूचकांक	:	०.४०७
प्रति परिवार सरदर संख्या	:	६.४३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

सुर्खेत जिल्लाका माओवादी कार्यकर्ता २३ वर्षीय श्याम दत्त ०६० पुस २२ गते हलखोरी गाविस-१ मा सुरक्षा कारवाहीमा मारिए।

सुन्दरपुर गाविस-६ मा ०६० फागुन ६ गते गैंडा भेटपुर गाविस-३ का १८ वर्षीय कान्छा भनिने राजकुमार मुसहर र नाम ठेगाना नखुलेका २२ वर्षीय अर्का युवक सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। स्थानीय प्रत्यक्षदर्शीले भने नियन्त्रणमा लिएर गोली हानी मारिएको बताए। सुरक्षाकर्मीले दोहोरो भिडन्तमा मारिएको बताए।

अन्कार गाविस-७ घर भई माओवादीद्वारा घोषित जिल्ला जनसरकार र जिल्ला कमिटी सदस्य ३० वर्षीय प्रभाकर भनिने जयकिशोर झा ०६१ वैशाख १५ गते महोत्तरी गाविस-८ को सनुखडा टोलमा सुरक्षाकर्मीको कारवाहीमा मारिए।

वगडा गाविस-६ मधेपुराटोलका ३८ वर्षीय दयाराम यादव तथा उनका भाइ ३१ वर्षीय राजाराम यादव ०६१ जेठ १६ गते राति सुरक्षाकर्मीद्वारा घरबाट बाहिर निकाली गोली हानी मारिए।

सम्सी गाविस-१ स्थित बजारनजिक सुरक्षाकर्मीसँग भएको भिडन्तमा ०६१ साउन १ गते नाम, ठेगाना खुल्न नसकेका अन्दाजी २६ वर्षीय एक युवकको मृत्यु भयो।

फुलकाहा गाविस-४ घर भई बलवा गाविस-६ ससुराली आएका २७ वर्षीय गगनदेव चौधरी माओवादीको आरोपमा ०६१ साउन १४ गते गस्तीमा गएका सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

सोनमा गाविस-२ का २६ वर्षीय उपेन्द्र यादव ०६१ असोज ११ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही दिन छिमेकी श्रीपुर गाविसमा पुऱ्याई गोली हानी मारिए।

खोपी गाविस-२ का ४० वर्षीय किशोरी मुखिया विन माओवादीको आरोपमा ०६१ पुस ३ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। उनी सर्वसाधारण भएको सुरक्षाकर्मीले समेत स्वीकार गरे।

माओवादीबाट

धमौरा गाविस-२ का राप्रपा गाउँ इकाई अध्यक्ष ३८ वर्षीय मुनिफ कवाडीलाई चन्दा नदिएको आरोपमा ०६० पुस २५ गते माओवादीले गोली हानी हत्या गरे।

धनुषा जिल्ला बरमझिया गाविस-६ घर भई बिजलपुरा गाविस-९ स्थित ससुराली बस्दै आएका ३० वर्षीय श्रीप्रसाद यादवलाई सुराकीको आरोपमा ०६१ जेठ २ गते माओवादीले गोली हानी हत्या गरे।

गौशाला गाविस-३ का ५५ वर्षीय रामलखन चौधरीलाई गाविस अध्यक्ष पदबाट राजीनामा नदिएको आरोपमा ०६१ जेठ ६ गते माओवादीले गोली हानी हत्या गरे।

बर्दिवास गाविस-७ का २८ वर्षीय भोला खड्का र सोही गाविस-५ का ३२ वर्षीय बसन्त घिमिरेलाई महेन्द्र राजमार्गस्थित बर्दिवासको औरही चोकमा ०६१ असार ३१ गते माओवादीले गोली हानी हत्या गरे।

सिरहा जिल्ला भगवानपुर गाविस-४ घर भई इलाका प्रहरी कार्यालय, गौशालाका असई ३२ वर्षीय भगवान सिंह दनुवार र बेलगाछी गाविस-१ घर भई सोही कार्यालयका प्रहरी जवान लेखबहादुर श्रेष्ठको बाढीले पुऱ्याएको क्षति विवरण संकलन गरी फर्कंदै गर्दा सम्सीबजार नजिक ०६१

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०	७	४	११	१०	१३		१३	९	१२		१२
घाइते	१०	१५		१५	३	५		५				
गिरफ्तारी/यातना									१९	२०	१	२१
कुटपिट									२	५		५
अनमेल विवाह	१		१	१								
महिलाअधिकार	२७		२८	२८					१		२	२
बालअधिकार	११	२२	८	३०								
अमानवीय व्यवहार	२	२		२					१	१		१
अपहरण	१	१	१	२	८	७	३२	३९				
जम्मा	६२	४७	४२	८९	२१	२५	३२	५७	३२	३८	३	४१

साउन १ गते माओवादीसँगको मुठभेडमा मृत्यु भयो।

रघुनाथपुर गाविस-६ का ४० वर्षीय सुरेश राय यादवलाई सुराकीको आरोपमा ०६१ साउन १४ गते सदरमुकामबाट फर्कँदै गर्दा पोखरभिन्डा चोकमा माओवादीले गोली हानी हत्या गरे।

धमौरा गाविस-७ स्थित कच्ची सडकमा माओवादीले थापेको विद्युतीय धराप विस्फोटमा परी ०६१ साउन ३० गते चितवन जिल्ला बछौली गाविस-७ घर भई इलाका प्रहरी कार्यालय, रामगोपालपुरमा कार्यरत प्रहरी जवान २९ वर्षीय छन्नु महतो र धमौरा गाविस-१ का सर्वसाधारण ३५ वर्षीय हासिम शेखको घटनास्थलमै मृत्यु भयो।

सुन्दरपुर गाविस-२ का ३५ वर्षीय रामविनय यादवलाई सुराकीको आरोपमा ०६१ भदौ ६ गते माओवादीले अपहरण गरी भदौ ७ गते लक्ष्मीनिया गाविस-२ को खेतमा पुऱ्याई घाँटी रेटी हत्या गरे।

माईस्थान गाविस-३ घर भई गोरखबक्स गण पपरिकौलीमा कार्यरत सैनिक जवान २८ वर्षीय बद्रीबहादुर स्याङ्तान महेन्द्र राजमार्गस्थित बाँके खोलामा ०६१ कार्तिक १७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी घाइते भएकोमा उपचारकै क्रममा कार्तिक ३० गते मृत्यु भयो।

गैंडाभेटपुर गाविस-५ का ४५ वर्षीय लच्छो साह सुनारलाई ०६१ कार्तिक २९ गते विभिन्न एक दर्जन जति अपराधिक घटनामा संलग्न रहेको आरोपमा माओवादीले सहसौला गाविस-६ स्थित टिकुलीया बजारमा झुण्ड्याएर हत्या गरे।

अन्यबाट

गोरखा जिल्ला पृथ्वीनारायण नपा-५ घर भई महोत्तरीस्थित गोरख बक्स गणमा कार्यरत सैनिक जवान २८ वर्षीय अशोक थापालाई ०६१ वैशाख ९ गते ब्यारेक छेउमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

सिंगियाही गाविस-६ का २२ वर्षीय नवल मण्डललाई ०६० फागुन २५ गते होली पर्वमा मादक पदार्थ सेवनको विषयमा विवाद हुँदा माओवादीले गोली हानी घाइते पारे।

बथनाहा गाविस घर भई जिल्ला प्रहरी कार्यालयका असई ४२ वर्षीय भरत ठाकुर तथा सर्वसाधारणहरु जलेश्वर नपा-१ का २७ वर्षीय दिलिप चौधरी र १६ वर्षीय मनोज यादवलाई ०६१ वैशाख १२ गते जलेश्वर नपा-२ स्थित शंकर चोकमा बसेर गफ गरिरहेको अवस्थामा माओवादीले अन्धाधुन्ध गोली प्रहार गरी घाइते पारे।

अन्यबाट

अन्कार गाविस-९ का ३५ वर्षीय नरेश ठाकुर तथा उनका अढाई वर्षीय छोरा ०६० चैत २४ गते अज्ञात व्यक्तिले छाडेको वम विस्फोटमा परी घाइते भए।

बिजलपुरा गाविस-२ का ५० वर्षीय सलीम अन्सारीलाई ०६१ वैशाख १७ गते खेतमा काम गरिरहेको अवस्थामा अज्ञात व्यक्तिले कन्चटमा गोली हानी घाइते पारे।

बिजलापुर गाविस-६ का ४५ वर्षीय तेजबहादुर समाललाई ०६१ साउन १० गते अज्ञात समूहले आक्रमण गरी गोली हानी घाइते बनाए।

एकरहीया गाविस-७ का ३१ वर्षीय कमलकुमार यादवलाई ०६१ मंसिर २ गते अज्ञात समूहले गोली हानी घाइते पाऱ्यो।

जेल र बन्दीहरू

'ख' श्रेणीको जलेश्वर जेलको क्षमता १ सय ३५ भए पनि हाल २ सय ४ जना बन्दी छन्। जसमध्ये पुरुष १ सय ९२ र महिला १२ जना छन्। आश्रित बालिका ६ रहेकोमा ४ बालक र २ बालिका छन्। कैद तोकिएका ८७ जनामध्ये ६ महिला छन्। कैद नतोकिएका १ सय १७ मध्ये पनि महिला ६ जना छन्। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत २६ जना नजरबन्दमा छन्।

यस जेलमा धनुषा जिल्ला अदालतले पठाएका भारत बलरामपुर मोतिसागरका ४५ वर्षीय अहमद फरिद खानको ०६१ साउन १६ गते हृदयघातबाट मृत्यु भयो। ठगी मुद्दामा सात वर्ष कैद सजाय पाई थुनामा रहेका खान ०५८ वैशाख १७ देखि थुनामा थिए।

यस जेलमा खानेपानी बिजुली बत्ती, शौचालय, पत्रपत्रिका, रेडियो, टिभीको उचित व्यवस्था भए पनि जेल जीर्ण भएकाले पानी चुहिने र वर्षात्मा झ्यालसम्म पानी आउने गरी डुबाउने समस्या छ। वर्षौंदेखि यस्तो समस्या रहिआएको भए तापनि हालसम्म समाधानतर्फ चासो देखाइएको छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

गौशाला गाविस-६ का ३५ वर्षीय धनमई महतोलाई ०६० माघ १७ गते माओवादीले अपहरण गरी माघ २५ गते मुक्त गरे।

लक्ष्मीनिया गाविस-३ का शिक्षक ४२ वर्षीय रामवृक्ष महतोलाई ०६० फागुन ७ गते माओवादीले अपहरण गरी फागुन १३ गते मुक्त गरे।

फुलहा गाविस-७ का ४० वर्षीय सफि कवारी र उनकी बुहारी २१ वर्षीय सेटर खातुनलाई ०६० फागुन ४

गते माओवादीले अपहरण गरी फागुन १४ गते मुक्त गरे।

सुन्दरपुर गाविस-८ घर भई एभरेष्ट सुगर मिल रामनगरमा कार्यरत सहायक कृषि अधिकृत जुगल किशोर सहनीलाई कटान पूर्जी वेचेको आरोपमा ०६० फागुन १४ गते माओवादीले अपहरण गरी चैत १७ गते मुक्त गरे। पीडितलाई अपहरण गरी लैजाँदा कुटपिट गरेको प्रत्यक्षदर्शीले बताए।

हतिसर्वा गाविस-३ का ३५ वर्षीय राकेश सिंहलाई डकैती काण्डमा संलग्न रहेको आरोपमा ०६१ असार १ गते माओवादीले अपहरण गरे।

फुलकाहा गाविस-३ का ५९ वर्षीय विकाउ यादवलाई सुराकीको आरोपमा ०६१ असार २६ गते माओवादीले अपहण गरे। पीडितलाई शर्तनामाको कागज गराई साउन ४ गते मुक्त गरियो।

धमौरा गाविस-९ का ४५ वर्षीय योगेन्द्र यादवलाई ०६१ भदौ २४ गते खेतवाट घर फर्कदै गर्दा माओवादीले अपहरण गरी भदौ ३० गते मुक्त गरे।

गोनरपुरा गाविस-४ का पूर्व गाविस अध्यक्ष ४५ वर्षीय वैजनाथ यादवलाई ०६१ मंसिर २९ गते माओवादीले अपहरण गरी ०६१ पुस ७ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

भरतपुर गाविस-४ का ४५ वर्षीय कमल वराल, ३२ वर्षीय आकाश साह र सोही गाविस-३ का ३२ वर्षीय नथुनी साहलाई माओवादी नदेखाएको आरोपमा ०६१ जेठ ३१ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

हाथिलेट गाविस-९ का ४५ वर्षीय भोला श्रेष्ठलाई जंगलबाट दाउरा ल्याई वेचेको आरोपमा ०६१ वैशाख २१ गते माओवादीले कुटपिट गरे।

माओवादीले ०६१ असार १९ गते एक प्रेस विज्ञप्ति जारी गरी सम्पूर्ण मनोनित स्थानीय पदाधिकारी तथा गाविस सचिवलाई समेत तीन दिनभित्र राजीनामा नगरे ज्यानमार्ने धम्की दिए।

अन्यबाट

जलेश्वर नपा-४ स्थित अस्पताल चोकमा जिप्रकामा कार्यरत प्रहरी जवान २५ वर्षीय खड्गवहादुर कार्कीलाई ०६० फागुन ६ गते असईका छोरासँगको विवादमा असई भरत ठाकुर, हवल्दार वन्धन सिंह तथा असई भरतका छोरा रोशन ठाकुरसमेतले कुटपिट गरे। मरणासन्न अवस्थामा पुऱ्याई घाइतेले पानी माग्दा असई ठाकुरले मुखमा पिसाव गरी दुर्व्यवहार गरे। अन्य पीडकलाई कुनै कारवाही भएन भने रोशन ठाकुर एक जनालाई मात्र सार्वजनिक अपराधमा मुद्दा चलाइयो।

जलेश्वर नपा-५ घर भएका जनता मावि सोनका प्रधानाध्यापक महेन्द्र ठाकुरलाई ०६१ असार ११ गते सोही विद्यालयका विद्यार्थीले चुनमोसो दली जुत्ताको माला लगाएर सोनमा गाविस पुरै घुमाई दुर्व्यवहार गरे।

सिरहा जिल्ला अठुआइन गाविस-४ घर भई सोनमा माविका शिक्षक ३५ वर्षीय रामचन्द्र यादवलाई ०६१ असार १८ गते छात्रावासमा अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते पाऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष दर्ता भएका १ हजार ३ सय ६ वटा तथा गत वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार ४ सय ४० गरी जम्मा २ हजार ७ सय ४६ मुद्दा रहेकोमा १ हजार ३ सय ७६ वटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

सिंगयाही गाविस-२ का ६५ वर्षीय विपीन विहारी साहको ०६० फागुन ३ गते माओवादीले ट्र्याक्टरसहित घरका सवै अन्नपात, फर्निचर, लत्ताकपडा लुटपाट गर्नुका साथै घरजग्गा कव्जा गरिएको सूचना टाँस गरेपछि सम्पूर्ण परिवार विस्थापित भई जनकपुर सरेका छन्।

डाम्ही मडै गाविस-६ का ३१ वर्षीय आलोक झाको ०६० फागुन ८ गते एक करोड रुपैयाँ बराबरको धनमाल माओवादीले लुट्नुका साथै घरजग्गा कव्जा गरेको सूचना टाँसेपछि परिवार विस्थापित भए।

संरचना/सम्पत्ति क्षति

जलेश्वर नपास्थित जिल्ला पशु सेवा कार्यालयमा ०६० चैत २२ गते माओवादीले दुई शक्तिशाली बम विस्फोट गराई क्षति पुऱ्याए। विस्फोटबाट भवनका २ कोठा, फ्रिज तथा अन्य यान्त्रिक उपकरण नष्ट हुँदा पाँच लाख मूल्य बराबरको क्षति भएको बताइयो।



माओवादीद्वारा मारिएका धनुषा जिल्ला वरमझिया गाविस-७ का श्रीप्रसाद यादव

जलेश्वर-जनकपुर सडक खण्डमा पर्ने विगही नदीको पुलमा ०६० चैत २४ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

माओवादीले ०६० चैत २८ गते वर्दिबास गाविसस्थित जिल्ला वन कार्यालयको सभाकक्षमा आगो लगाई ध्वस्त पारे।

माओवादी "जनयुद्ध" शुरु भएयता यस जिल्लाका २५ गाविस भवनमा माओवादीद्वारा क्षति पुऱ्याइयो। क्षति भएका गाविसहरुमा श्रीपुर, औरही, पशुपतिनगर, विजलपुरा, खैरमारा, बर्दिबास, बेलगाछी, भरतपुर, धर्मपुर, सितापुर भंगाहा, डाम्ही मडै, पोखरभिन्डा, बलवा, अनकार, नैन्ही, धिरापुर, फुलहट्टा, परिकौली, कोल्हुवा बगेया, बदिया बन्चौरी, लक्ष्मीनिया, बनौटा, भटौलिया, सहोडवा, गोनरपुरा र एकडाराबेला छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

हलखोरी गाविस-१ का ३६ वर्षीय राजकिशोर यादवलाई माओवादीको आशंकामा ०६० पुस २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ १० गते रिहा गरे।

सरपल्लो गाविस-३ का एमालेबाट निर्वाचित पूर्व गाविस अध्यक्ष ४५ वर्षीय राजकिशोर साहलाई माओवादीको आशंकामा ०६० फागुन ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चैत ५ गते रिहा गरे।

भंगहा गाविस-७ का २२ वर्षीय रामबहादुर कार्कीलाई ०६० फागुन ४ गते र सोही ठाउँका १८ वर्षीय अलाउदिन साफीलाई माओवादीको आशंकामा ०६० फागुन ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

बलवा गाविस-५ का २६ वर्षीय राजकुमार चौधरीलाई माओवादीको आशंकामा ०६० फागुन १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चैत ६ गते रिहा गरे।

बेलगाछी गाविस-९ का २८ वर्षीय लक्ष्मी महतो र सोही ठाउँका २६ वर्षीय रामविलास महतोलाई माओवादीको आरोपमा ०६० फागुन ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

अन्कार गाविस-१ का शिक्षक ४५ वर्षीय शिवजी पासवानलाई माओवादीको आशंकामा ०६१ वैशाख ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ जेठ १ गते रिहा गरे।

भंगहा गाविस-३ का ४० वर्षीय जैलुन अन्सारीलाई माओवादीको आशंकामा ०६१ वैशाख १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

गैंडाभेटपुर गाविस-७ का २८ वर्षीय विनोदकुमार रायक्षेत्रीलाई माओवादीको आशंकामा ०६१ जेठ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ २४ गते रिहा गरे।

फुल्काहा गाविस-३ का माओवादी महोत्तरी जिल्ला सेक्रेटरी किसन भनिने भरत साहलाई ०६१ असार ६ गते खयरमारा गाविसबाट सुरक्षाकर्मीले गोली हानी घाइते अवस्थामा गिरफ्तार गरे।

हाथिलेट गाविस-७ की ३२ वर्षीय मनमाया विश्वकर्मालाई माओवादीको आरोपमा ०६१ असार २१ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असार २९ गते रिहा गरियो।

अन्कार गाविस-९ का ५५ वर्षीय जयकिशोर शर्मा र उनकै छोरा १५ वर्षीय पूर्णानन्द शर्मालाई ०६१ साउन ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी साउन २१ गते रिहा गरे।

लक्ष्मीनिया गाविस-५ का २५ वर्षीय शिवु महतोलाई माओवादीको आशंकामा ०६१ भदौ १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ २४ गते रिहा गरे।

भरतपुर गाविस-७ का ३१ वर्षीय रामभजन महतोलाई माओवादीको आशंकामा ०६१ असोज २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असोज १५ गते रिहा गरे।

भरतपुर गाविस-६ का ३८ वर्षीय रामबाबुलाई ०६१ मंसिर १ गते र सोही गाविस-५ का ३० वर्षीय लक्ष्मण महतोलाई माओवादीको आशंकामा ०६१ पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तीन हप्तापछि रिहा गरे।

बालअधिकार

जलेश्वर नपा-१२ स्थित सीमा प्रहरी चौकी भिठामोडले ०६० माघ ५ गते भारतको मुम्बईतर्फ बालश्रमका लागि लगिँदै गरेका धनुषा जिल्ला अखनाहा गाविस-५ का १४ वर्षीय कमलेश यादव, सबैला गाविस-८ का १४ वर्षीय राजु यादव, वरमझिया गाविस-१ का १० वर्षीय सन्तोष यादव, ननुपट्टी गाविस-७ का १२ वर्षीय अमरजित यादव, तारापट्टी गाविस-२ का १२ वर्षीय प्रदीप यादव, सोही ठाउँका १२ वर्षीय सुदीप यादव, मखनाहा गाविस-५ का १२ वर्षीय जयनारायण यादव, सोही ठाउँका १४ वर्षीय चन्द्रदीप यादव, मखनाहा गाविस-५ का १२ वर्षीय जयराम यादव र सोही ठाउँका १३ वर्षीय चन्द्रदीपकुमार यादवको उद्धार गऱ्यो।

गौरीवास गाविस-२ की ११ वर्षीय एक बालिकालाई उनकै छिमेकी सविना सार्कीले काठमाडौंमा काम लगाइदिन्छु भन्ने प्रलोभन दिई भारतको मुजफ्फरपुरमा बिक्री गरेकोमा पाँच वर्षपछि ०६० फागुन १३ गते आफू बेचिएको जनाउँदै पीडितले लेखेको चिठी उनका परिवारले हात पारेपछि स्थानीय समाजसेवीको सहयोगमा ०६० चैत १० गते भारतबाटै उनलाई उद्धार गरी फर्काइयो।

मठिहानी गाविस-१ की ५ वर्षीय रेखाकुमारी डोम

र धनुषा जिल्ला वनिनिया गाविस-४ का ६ वर्षीय अरुण मरिक डोमवीच ०६१ वैशाख १७ गते परम्पराअनुसार बालविवाह भयो।

जलेश्वर नपा-११ का कक्षा ४ मा अध्ययनरत ११ वर्षीय समिन खानलाई रोजगारीको प्रलोभन दिई ०६१ असार १३ गते नैन्ही गाविस-३ का ५५ वर्षीय अमिन नदाफले बालश्रमका लागि भारतको बम्बई लगे।

पडौल गाविस-९ की १४ वर्षीय एक बालिकालाई ०६१ भदौ २४ गते बजारबाट घर फर्कंदै गर्दा सोही ठाउँका २८ वर्षीय गोविन्द झा र २१ वर्षीय दीपेन्द्र झाले बलात्कार गरे। गाउँमै बसेको भेलाले पीडकलाई ५० हजार रुपैयाँ जरिवाना गराई मिलापत्र गरायो।

धमौरा गाविस-७ का ८ वर्षीय इन्साफिल नदाफ, १० वर्षीय कलामुद्धिन नदाफ, ९ वर्षीय गुलाम सेख, १४ वर्षीय फिजुल नदाफ, ९ वर्षीय ओमप्रकाश राउत, १० वर्षीय रोजगार कवारी, १० वर्षीय सद्धाम कवारी, १४ वर्षीय समूह सेद, १२ वर्षीय ताजमहम्मद सेख र १० वर्षीय मंजर अली कवारीलाई ०६१ कार्तिक १५ गते धमौरा गाविस-७ का १६ वर्षीय फुलमहम्मदले बालश्रमका लागि भारतको बम्बई लगे।

वसपट्टी गाविस-९ की १४ वर्षीय एक बालिकालाई विवाह गर्ने प्रलोभन दिई ०६१ कार्तिक २१ गते सोही ठाउँका साविर खानले यौन सम्पर्क गरे। पीडित हाल गर्भवती भएकोमा पीडकले अस्वीकार गर्दा बिचल्लीमा परेकी छन्।

बर्दिबास गाविस-६ की ७ वर्षीय एक बालिकालाई ०६१ मंसिर ४ गते सोही ठाउँका १९ वर्षीय कमलप्रसाद पौडेलले बलात्कार प्रयास गरे। गाउँलेहरुको भेलाले पीडकलाई गाउँ निकाला गर्ने निर्णय गऱ्यो।

महदैया तपनपुर गाविस-६ की ३ वर्षीय सविला खातुनलाई ०६१ पुस १५ गते आफ्नै आमा २२ वर्षीय मिना खातुनले बिग्ही नदीमा फाली दोस्रो विवाह गरिन्। बालिकालाई २४ घण्टापछि गाउँलेले उद्धार गरे।

यस वर्ष यो जिल्लाको धमौरा गाविसबाट मात्र ९ देखि १४ वर्षसम्मका २४ जना बालबालिका विभिन्न वहानामा भारतका मुम्बइ पुऱ्याइए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

गौशाला गाविस-६ रजखोर टोल घर भई कृषि विकास बैंक, गौशालामा कार्यरत पियन राजेन्द्र महतोले आफ्नै नाता पर्ने सोही ठाउँकी २२ वर्षीय एक युवतीलाई ०६० फागुन २१ गते भारतको मुजफ्फरपुर स्थित वेश्यालयमा बिक्री गरे। पीडित आफै भाग्न सफल भई प्रहरी कार्यालयमा निवेदन दिए पनि पीडकलाई कारवाही भएन।

बलात्कार/बलात्कार प्रयास

हातिसर्वा गाविस-७ श्रीपुर टोलकी २७ र १७ वर्षीय दुई महिलालाई ०६१ जेठ १३ गते अज्ञात हतियारधारी समूहले वलात्कार गऱ्यो। पीडितले कतै उजुरी गरेनन्। पीडकलाई कारवाही भएन।

गौशाला गाविस-३ की ३२ वर्षीय र ३० वर्षीय दुई गरी ३ जना महिलालाई ०६१ जेठ २९ गते गस्तिमा गएका सादा पोशाकका सशस्त्र सुरक्षाकर्मीले बलात्कार गरे। पीडकहरुलाई कारवाही भएन।

खयरमारा गाविस-६ की १६ वर्षीय एक युवतीलाई ०६१ जेठ ३२ गते बाटो ढुकी बसेका सोही ठाउँका २३ वर्षीय रमेश खड्काले बलात्कार प्रयास गरे। पीडकलाई माओवादीले कुटपिट गरी एक किमी सडक ग्राभेल गर्ने श्रम सजाय सुनाए।

धमौरा गाविस-१ की २० वर्षीय एक महिलालाई ०६१ भदौ ३० गते ४१ वर्षीय अक्बर रहिमले बलात्कार गरे। गाउँलेको भेलाले पीडकलाई ११ हजार जरिवाना गरी मिलापत्र गरायो।

रामनगर गाविस-१ की २१ वर्षीय एक महिलालाई ०६१ असोज १५ गते सोही ठाउँका २१ वर्षीय ललन मुखिया, २९ वर्षीय उपेन्द्र मुखिया र २१ वर्षीय रामप्रित मुखियाले बलात्कार गरे। पीडकहरुलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

गौशाला गाविस-४ रजखोरकी २६ वर्षीय एक महिलालाई ०६१ पुस ११ गते सोही ठाउँका रिझन महतो र १८ वर्षीय परमेश्वर महतोले बलात्कार गरे। गाउँमै बसेको भेलाले पीडकलाई ३५ हजार रुपैयाँ जरिवाना गरी मिलापत्र गरायो।

पारिवारिक हिंसा

परिकौली फुहट्टा गाविस-८ की २१ वर्षीय जरिना खातुनलाई ०६० फागुन ११ गते आफ्नै पति २५ वर्षीय अलाउद्धिन अन्सारी, ससुरा ४५ वर्षीय हकिम अन्सारी, सासु ४० वर्षीय हसिना खातुनले खान-लाउन नदिई कुटपिट गरी घरबाट निकाले।

सुगा भगवानीपट्टी गाविस-३ की २५ वर्षीय लिलादेवी दत्तलाई ०६० फागुन १४ गते पति ३४ वर्षीय ईश्वरनारायण दत्त तथा सौता उर्मिला दत्तले कुटपिट गरी घरबाट निकाले।

परिकौली फुलहट्टा गाविस-५ की २१ वर्षीय विणादेवी यादवलाई ०६० चैत २ गते पति २७ वर्षीय विपती राय यादव र ससुरा ४५ वर्षीय रामकृपाल यादवले कुटपिट गरी घरबाट निकाले।

गौरीवास गाविस-३ पाटुकी ३५ वर्षीय कुसुम

घिमिरेलाई ०६१ वैशाख २ गते आफ्नै पति ४२ वर्षीय मेघराज घिमिरेले खान-लाउन नदिई दोस्रो विवाह गरे।

दुर्व्यवहार

पर्सा देवाड गाविस-६ की ४८ वर्षीय ललीया खातुनलाई बोक्सी मन्त्रद्वारा देवरानी नेमती खातुनलाई बिरामी पारेको आरोपमा सोही ठाउँका उनका देवर ५१ वर्षीय शेष जाविर, ३५ वर्षीय शेष सहिद, देउरानीका ४० वर्षीय नेमती खातुन र देवर शेष निजार मुद्दिनले ०६० फागुन १९ गते कुटपिट गरे।

धमौरा गाविस-१ का ६५ वर्षीय दुखा महरालाई छोरा ४० वर्षीय रामसिकील महराले नातिनीलाई तन्त्रमन्त्र गरी बिरामी पारेको आरोपमा ०६१ साउन २० गते कुटपिट गरी घर निकाला गरे।

हथिसर्वा गाविस-५ की २८ वर्षीय आसमुन खातुनलाई बोक्सीको आरोपमा ०६१ भदौ २ गते आफ्नै ससुरा ४० वर्षीय सबुर अन्सारी, सासु ३५ वर्षीय अैनुल अन्सारी र जेठानी ३१ वर्षीय सैनुन खातुनले कुटपिट गरे।

पिपरा गाविस-१ की ४५ वर्षीय रेणुदेवी चौधरीलाई बोक्सीको आरोपमा ०६१ भदौ ७ गते छिमेकी ४६ वर्षीय सिताराम यादव, ४० वर्षीय कामिनी देवी, २५ वर्षीय सुरजी यादव, २२ वर्षीय मोहन यादवले कुटपिट गरे।

नैन्ही गाविस-३ की ५१ वर्षीय अमिना खातुनलाई बोक्सी मन्त्रद्वारा काम्ने रोग लगाइदिएको आरोपमा ०६१ मंसिर ६ गते सोही गाविस-६ का ५५ वर्षीय सदिक कवारी, ५३ वर्षीय सविला खातुन, २५ वर्षीय रुवेदा खातुन, ३१ वर्षीय तबीजा खातुन र ४१ वर्षीय सलिम कवारीले निर्घात कुटपिट गरी घाइते बनाए। पीडकमध्ये सदिकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकाँका जिल्ला सभापति महेन्द्रकुमार राय, एमाले जिल्ला सचिव रामर्दयाल मण्डल र नेसपा (आनन्दीदेवी) का लालबाबु यादवले संयुक्तरुपमा हस्ताक्षर गरी ०६१ जेठ १७ गते जारी प्रेस विज्ञप्तिमा जेठ १६ गते वगडा गाविस-६ मा सुरक्षाकर्मीद्वारा हत्या गरिएका यादव दाजुभाइ निर्दोष भएको बताउँदै घटनाको भर्त्सना गरे। नेकाँ, एमाले, नेसपा (आनन्दीदेवी), जनमोर्चासहित स्थानीय जनताले हत्याकाण्डको छानबिन हुनुपर्ने, पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने र दोषी सुरक्षाकर्मीमाथि कारवाही हुनुपर्ने माग गर्दै ०६१ जेठ २९ गते जिल्ला प्रशासन कार्यालय घेराउ गरे।

सुरक्षाकर्मीले गौशाला गाविस-३ का ३ महिलालाई बलात्कार गरेको विरोधमा स्थानीय जनताले ०६१ असार १ गते गौशाला बजार बन्द गर्नुको साथै कुचो, झाडु, जुत्ता, चप्पल देखाउँदै जुलुस प्रदर्शन गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा विष सेवन गरी १५, आगो लागेर १ र झुण्डिएर ५ जनाले आत्महत्या गरे भने सवारी दुर्घटनामा ९ जनाको मृत्यु भयो।

अन्कार गाविस-९ का ५५ वर्षीय इन्द्रदेव शर्मा र सोही ठाउँका २५ वर्षीय सुधीर शर्माको ०६१ कार्तिक ७ गते जिप्रकामा कार्यरत प्रहरी हवल्दार उपेन्द्र सिंहसँग विवाद हुँदा उपेन्द्रसँग रहेको बम विस्फोट भई तीनै जनाको मृत्यु भयो। मृत्यु भएकाहरुमध्ये इन्द्रदेवको उपचारका क्रममा र सुधीर र उपेन्द्रको घटनास्थलमा मृत्यु भएको थियो।

२.३ सर्लाही

जनसंख्या	:	७०३६५
सासाक्षरता प्रतिशत	:	४२.१३
महिला साक्षरता प्रतिशत	:	३३.०६
क्षेत्रफल (वर्ग कि. मि.)	:	१२५९
गाविस/नपा संख्या	:	९९/१
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३२१
क्याम्पस/उच्च मा.वि.	:	३/७
अस्पताल/स्वास्थ्य चौकी	:	१/१०३
टेलिफोन लाइन	:	१२४३
मोटर सडक (कि. मि.)	:	२०५
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	८९
मानव विकास सूचकांक	:	०.४०८
प्रति परिवार सरदर संख्या	:	६.३३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

नेत्रगञ्ज गाविस-२ का ३२ वर्षीय देवनाथ पासवानलाई चोरी/डकैतीको आरोपमा ०६० फागुन ११ गते विहान प्रहरीले घरबाटै गिरफ्तार गरी गोली हानी घाइते भएकोमा अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो।

हजरिया गाविस-१ का माओवादी कार्यकर्ता ४६ वर्षीय गोपालबहादुर कार्की र सलेमपुर गाविस-८ का मधेशी मुक्ति मोर्चाका जिल्ला अध्यक्ष ३० वर्षीय राजनारायण राय ०६० फागुन १२ गते बिहान हजरिया चोकबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी चार घण्टा जति मुखमा पट्टी बाँधी गाउँ घुमाई सुन्दरपुर-चुहड्वा गाविस-८ स्थित बागमती नदीको किनारमा पुऱ्याई गोली हानी मारिए।

परवानीपुर गाविस-१ स्थित प्रावि अरनीडाँडामा ०६० फागुन २६ गते नाम ठेगाना नखुलेको एक जना माओवादी कार्यकर्ता सुरक्षा कारवाहीमा मारिए।

हजरिया गाविस-९ का माओवादी कार्यकर्ता ४४ वर्षीय हुसेनी राय ०६० चैत २७ गते लौकट गाविसमा सुरक्षाकर्मीको कारवाहीमा मारिए।

पत्थरकोट गाविस-९ का माओवादी कार्यकर्ता दिवश भनिने २३ वर्षीय कमल माझी ०६० चैत २८ गते दिउँसो नारायणखोला गाविस-४ सिलामडाँडाबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए।

धनगढा गाविस-५ का माओवादी कार्यकर्ता जीतेन्द्र भनिने २९ वर्षीय धीरेन्द्र पासवान ०६१ वैशाख ९ गते बिहान धनगढा गाविस-५ स्थित बाटोबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी दिउँसो सोही गाविस-७ स्थित चौरमा पुऱ्याई गोली हानी मारिए।

लालबन्दी गाविस-१ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सचिव २० वर्षीय गौरवहरि अधिकारी ०६१ वैशाख २० गते बिहान पत्थरकोट गाविस-९ जियाजोरबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी निर्ममतापूर्वक कुटपिट गर्दै सोही गाविस-७ कोइरीटोल नजिकैको खोलाको किनारमा पुऱ्याई गोली हानी मारिए।

मानपुर गाविस-५ का ३२ वर्षीय वीरेन्द्र ठाकुर चोरी/डकैती गरेको आरोपमा ०६१ जेठ १ गते राति प्रहरीद्वारा लौकट गाविसस्थित हिरापुर ब्यारेक नजिकै गोली हानी मारिए।

संग्रामपुर गाविस-७ का माओवादी जिल्ला कमिटी सदस्य शंकर भनिने ३२ वर्षीय रामकृपाल राय ०६१ जेठ २९ गते बिहान सुरक्षाकर्मीद्वारा भक्तिपुर गाविस-६ वैधनाथपुरमा गिरफ्तार गरी नजिकै खोलाको डिलमा पुऱ्याई गोली हानी मारिए।

सिसौटीया गाविस-१ नयाँबस्तीकी २५ वर्षीय वालकेशरी देवी सहनीको ०६१ साउन २१ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो। पीडितको काखमा रहेकी ११ महिनाकी नाबालिका चन्दा सहनी गोली लागी सख्त घाइते भइन्।

परवानीपुर गाविस-४ का शारीरिकरुपमा अशक्त २३ वर्षीय नारायणकाजी रायमाझी ०६१ मंसिर ६ गते साँझ सोही गाविसको बाटोमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सोही घटनामा एमालेका कार्यकर्ता ४५ वर्षीय हितबहादुर दाहाल दायाँ पाखुरामा गोली हानी सख्त घाइते भए। सुरक्षास्रोतले भने दोहोरो भिडन्तमा सो घटना हुन पुगेकोमा दु:ख व्यक्त गऱ्यो।

माओवादीबाट

हरिऔन गाविस-९ स्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा माओवादीले राखेको विद्युतीय धरापमा परी ०६० फागुन २० गते दिउँसो सैनिक जवानद्वय पूर्खबहादुर थापा र ज्ञानेन्द्र अधिकारीको मृत्यु भयो।

वसतपुर गाविस-८ का एमाले संगठित सदस्य दमरी भनिने २२ वर्षीय गजेन्द्र रायलाई सुराकीको आरोपमा ०६१ जेठ १९ गते राति माओवादीले घरभित्रै मरणासन्न हुनेगरी कुटपिट गर्दै बाटोमा पुऱ्याई गोली हानी हत्या गरे।

छटौल गाविस-४ का सर्वसाधारण २७ वर्षीय रामाज्ञा राय यादवलाई सुराकीको आरोपमा ०६१ असार १० गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी नजिकैको वागमती नदी किनारमा पुऱ्याई गोली हानी हत्या गरे।

राजघाट गाविस-४ का नेकाँ कार्यकर्ता ३० वर्षीय रामप्रसाद तिमिल्सिनालाई सुराकीको आरोपमा ०६१ असार १२ गते राति माओवादीले घर अगाडि बाटोवाट अपहरण गरी निर्ममतापूर्वक कुटपिट गर्दै वागमती नदी किनारको सिसौबारीमा पुऱ्याई गोली हानी हत्या गरे।

हजरिया गाविस-९ का ५२ वर्षीय विन्देश्वर महतो र उनकै छोरा ३३ वर्षीय दिनेश महतोलाई सुराकीको आरोपमा ०६१ साउन २ गते राति माओवादीले हजरिया गाविस-३ स्थित वागमती नदी किनारमा पुऱ्याई गोली हानी हत्या गरे।

भक्तिपुर गाविस-६ शंकरगञ्जका ४३ वर्षीय रामकृत मण्डललाई ०६१ साउन १९ गते साँझ चौलिखा बजारबाट घरतर्फ फर्कदै गर्दा बाटोमा माओवादीले गोली हानी हत्या गरे। माओवादी स्रोतले भने घटनामा आफ्नो संलग्नता नरहेको सार्वजनिक जानकारी गरायो।

सुन्दरपुर-चुहड्वा गाविस-१ हरिपूर्वाका ३२ वर्षीय थरुवा भनिने मखन ठाकुरलाई चोरी/डकैती र बन्दुक वनाउने कार्य गरेको आरोपमा ०६१ साउन २९ गते घरबाटै माओवादीले अपहरण गरी वागमती नदी किनारमा पुऱ्याई गोली हानी हत्या गरे।

छटौल गाविस-९ इनरवाटोलका २९ वर्षीय रघुनी सहनीलाई डाँकाको सरदार भएको आरोपमा ०६१ असोज ४ गते माओवादीले मानपुर गाविस-२ मा गोली हानी हत्या गरे।

हरिपूर्वा गाविस-८ का २६ वर्षीय मनोज साहलाई सुराकी, लुटपाट तथा बलात्कार गरेको आरोपमा ०६१ असोज १३ गते बिहान घरबाटै माओवादीले अपहरण गरी बाँकेखोला किनारमा पुऱ्याई गोली हानी हत्या गरे।

ईश्वरपुर गाविस-२ का २३ वर्षीय रामेश्वर झालाई एक नाबालिकालाई बलात्कार गरी हत्या गरेको आरोपमा ०६१ कार्तिक १७ गते माओवादीले ब्रम्हपुरी गाविसस्थित धर्मपुर टोलनजिकै पोखरीमा गोली हानी हत्या गरे।

छटौल गाविस-६ का ४० वर्षीय राजिन सहनीलाई लुटपाट, बलात्कार तथा हत्या गरेको आरोपमा ०६१ मंसिर १३ गते माओवादीले मानपुर गाविस-२ स्थित गहुँबारीमा गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

नारायणखोला गाविस-४ तोरीबारीमा ०६१ असार १३ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा झापा जिल्ला लखनपुर गाविस-९ का सैनिक २० वर्षीय दिलकुमार उराऊको मृत्यु भयो भने मोरङ जिल्ला भोगटेनी गाविस-८ का सैनिक २० वर्षीय चन्द्रबहादुर लिम्बू र नुवाकोट जिल्ला सिक्रे गाविस-९ का १९ वर्षीय काजी थापा घाइते भए। त्यसैगरी सोही घटनामा सिन्धुली जिल्ला कमलामाई नपा-३ सिलामेका 'सी' कम्पनीका कमिसार समिर भनिने २८ वर्षीय टिका श्रेष्ठ र सर्लाही जिल्ला मधुवनगोठ गाविस-९ का माओवादी एरिया कमिटी सदस्य पवन भनिने ३२ वर्षीय साधुशरण महतोको मृत्यु भयो। समिर दोहोरो भिडन्तमा मारिएका थिए भने पवनलाई नारायणखोला गाविस-२ सँतासमा भाग्दाभाग्दै सुरक्षाकर्मीद्वारा लखेट्दै रुम्बाखोल्सीमा गोली हानी मारिए। सोही घटनामा चारजना सुरक्षाकर्मी घाइते भए।

नारायणखोला गाविस-५ तोरीबारीमा ०६१ साउन २० गते दिउँसो सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा सप्तरी जिल्ला नगडा गाविस-४ वैरियाका प्रहरी जवान तारेश्वर यादवको मृत्यु भयो भने प्रहरी हवल्दार रामउदय शर्मा र दुई सैनिक जवान सख्त घाइते भए।

पत्थरकोट गाविस-१ जल्किनेका माओवादी कार्यकर्ता अविरल भनिने १९ वर्षीय श्यामबहादुर कुस्वार माझीको ०६१ भदौ ३० गते दिउँसो पत्थरकोट गाविसस्थित भालुखोपडाँडामा सुरक्षाकर्मी र माओवादीको दोहोरो भिडन्तमा मृत्यु भयो।

वरहथवा गाविस-४ मा ०६१ मंसिर २१ गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा काभ्रे जिल्लाका माओवादी कार्यकर्ता २३ वर्षीय कल्याण दोङको मृत्यु भयो भने प्रहरी इन्स्पेक्टर ४२ वर्षीय अरुणकुमार घले गोली लागी सख्त घाइते भए। घाइतेलाई तत्काल उपचारको लागि काठमाडौं लगिएको थियो।

अन्यबाट

हरिऔन गाविस-९ का ४५ वर्षीय रामवली साहलाई ०६१ जेठ १३ गते साँझ डाँकाहरुको समूहले गोली हानी हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट					माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२५	११	१३	२	२६	१३	१५		१५	१५	१६	१	१७
घाइते	४	४	२		६	९	३१		३१	३	२	१	३
गिरफ्तारी/यातना										४४	५१	४	५५
वेपत्ता										१	१		१
कुटपिट						३	३	१	४	६	१०	९	१९
भेला/संगठित हुने अधिकार										१	६	१	८
जातीय विभेद	२	३			३								
महिलाअधिकार	९		११		११					२		५	५
वालअधिकार	६		६		६								
अपहरण						१९	६१	१	६२				
जम्मा	४६	१८	३२	२	५२	४४	११०	२	११२	६३	८६	२१	१०८

वरहथवा गाविस-३ का ३४ वर्षीय सरोज कार्कीलाई ०६१ असोज २३ गते घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

सुदामा गाविस-४ का २८ वर्षीय राजीव सिंह र ३२ वर्षीय लालबाबु सिंहलाई ०६० माघ २१ गते राति सुदामा गाविस-१ का पूर्व गाविस अध्यक्ष सिताराम सिंहको घरमा माओवादीले बम विस्फोट गराई घाइते बनाए। विस्फोटबाट मोटरसाइकल, केही फर्निचर र घर सामान्य क्षतिग्रस्त भयो।

सुरक्षाकर्मीद्वारा मारिएका चन्दा सहनी

हरिऔन गाविस-९ स्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा माओवादीले राखेको विद्युतीय धरापमा परी ०६० फागुन २० गते दिउँसो सैनिक जवानहरु श्रीलाल सुनुवार, प्रेमबहादुर सुमाई, प्रेम बुर्छे, केशव ढुंगाना, किशोर विष्ट, श्रीराम थापा, भेषबहादुर के.सी., गोकर्ण ध्वज, बलबहादुर थापा र खड्कबहादुर अधिकारी सख्त घाइते भए।

बरहथवा गाविस-४ का पूर्व प्रहरी हवल्दार ५६ वर्षीय रामवहादुर कार्कीलाई ०६१ जेठ १७ गते दिउँसो हजरिया गाविस-८ स्थित खेत नजिकै माओवादीले गोली प्रहार गरी घाइते पारे।

वरहथवा गाविस-८ पासवान टोलका ९ वर्षीय प्रमोद पासवान र १० वर्षीय अजय पासवान ०६१ भदौ १२ गते बिहान सर्च गर्न गएको अवस्थामा बाटोमा माओवादीले छाडेको वम विस्फोट भई घाइते भए। पीडितहरुलाई तत्काल स्थानीय स्वास्थ्य चौकीमा उपचार गराइएको थियो।

हजरिया गाविस-१ का १० वर्षीय दीपक दास, ८ वर्षीय शत्रुघन दास, ८ वर्षीय सन्तोष दास र २ वर्षीय सरोज दास ०६१ मंसिर १२ गते माओवादीले छाडेको वम विस्फोट भई घर आँगनमा सख्त घाइते भए।

सुरक्षाकर्मीद्वारा मारिएका बालकेयरीदेवी सहनी

दोहोरो भिडन्त

कालिन्जोर गाविस-४ गुइडुङमा ०६१ जेठ १९ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा तीनजना सैनिक घाइते भए। सोही घटनामा सिन्धुली कमलाखोज घर भएकी माओवादी कार्यकर्ता सीमा भनिने २२ वर्षीय नन्दिका तामाङलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल गोरखबक्स गण परकौली, महोत्तरीमा रहेकी छन्।

अन्यबाट

खुटौना गाविस-६ की ६ वर्षीय नाबालिका रविताकुमारी पासवानलाई ०६१ भदौ १४ गते साँझ अज्ञात समूहले गोली हानी सख्त घाइते भए। पीडितको उपचार गर्दागर्दै मृत्यु भयो।

गम्हरिया गाविस-२ की ३५ वर्षीय सिकियादेवी यादव र छोरा १५ वर्षीय नन्दकिशोर यादवलाई ०६१ असोज १५ गते राति अज्ञात समूहले गोली हानी सख्त घाइते पारे।

जेल र बन्दीहरु

'ग' श्रेणीको जिल्ला कारागार शाखामा १ सय जना वन्दी क्षमता रहेकोमा कैद तोकिएका १४ पुरुष र २ महिला तथा कैद नतोकिएका ६७ पुरुष र २ महिला गरी ८५ जना छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा हाल १५ जना पुरुषलाई नजरबन्दमा राखिएको छ। जेलमा पानी र चर्पीको व्यवस्था रहेको छ। जेलमा, टिभी क्यारमबोर्ड, लुँडो, पुस्तकालय, सिलाउने मेशिनको व्यवस्था छ। बन्दीहरुको प्राथमिक उपचार जेलभित्र र त्यसपछि स्थानीय अस्पतालमा गरिने र नहुने भएमा विभागमा जानकारी गराई जेल सरुवा गरिने व्यवस्था रहेको जेलर अनिलकुमार आचार्यले बताए।

जेलभित्र नजरबन्दमा म्याद थप गरेर ल्याइएका थुनुवाहरु वीरेन्द्रसिंह दनुवार र गगनदेव रायलाई भगाउन प्रयत्न गरेको गलत आरोपमा चौकीदार पवनकुमार मिश्रलाई ०६१ जेठ २५ गते प्रहरीले हत्कडी लगाएर राखेपछि बन्दी र प्रहरीबीच भनाभन हुँदा प्रहरीले दुई राउण्ड गोली प्रहार गरे। गोलीबाट कुनै मानवीय क्षति भएन। गोली प्रहार गर्ने हवल्दार रामप्रित शर्मालाई तत्काल अन्यत्र सुरुवा गरियो। सोही विषयलाई लिएर वन्दीहरुले भोलिपल्ट कारागारको मूलढोकामा भित्रबाट ताल्चा लगाई जेलर र पीडक

हवल्दारको विरुद्धमा अनशन बसेका थिए। तत्पश्चात् प्रमुख जिल्ला अधिकारीले वन्दीहरुलाई जुस तथा फलफुल खुवाई अनशन तोडाएका थिए।

माओवादी कार्यकर्ताहरु सिन्धुली जिल्ला कमलामाई नपा-४ का २५ वर्षीय विदुर खड्का, रोल्पा जिल्ला पाखापानी गाविस-८ का २२ वर्षीय राजेन्द्रप्रकाश शर्मा, झापा जिल्ला चारपाने गाविस-४ का २५ वर्षीय भानुभक्त आचार्य, मकवानपुर जिल्ला राईगाउँ गाविस-८ का १९ वर्षीय सुकराम पाखिन, हेटौंडा नपा-९ का २९ वर्षीय उत्तम पोखरेल, बारा जिल्ला सिमरा गाविस-५ का २५ वर्षीय राजन पौडेल र टेडाकट्टी गाविस-५ का ३० वर्षीय हरिप्रसाद मण्डल ०६१ असोज १४ गतेदेखि विभिन्न ४० सूत्रीय मागहरु राखी जेलमा आमरण अनशनमा बसेकोमा ०६१ असोज २२ गते कारागार प्रशासनसँग बन्दीहरुले एक महिनाभित्र केही मागहरु पूरा गर्ने शर्तमा सहमतिपत्रमा हस्ताक्षर गरी मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा अनशन तोडे।

जिल्ला कारागार शाखामा रहेका माओवादी बन्दीहरु विदुर खड्का, राजेन्द्रप्रकाश शर्मा, भानुभक्त आचार्य, सुकराम पाखिन, उत्तम पोखरेल, राजन पौडेल र हरिप्रसाद मण्डलले ०६१ मंसिर १२ गतेदेखि विभिन्न राजनीतिक तथा जेल सुधारसम्बन्धी ४१ सूत्रीय मागहरु राखी धर्ना तथा आन्दोलन गरिरहेकोमा ०६१ मंसिर १९ गते जेल प्रशासनद्वारा ७ जना बन्दीहरु काठमाडौंको सुन्दरीजल तथा नख्खु जेलमा सरुवा गरियो।

बेपत्ता / अपहरण

राज्यबाट

रौतहट जिल्ला माधोपुर गाविसका माओवादी मधेशी मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्ष ४३ वर्षीय सत्यनारायण भगतलाई ०६० चैत ९ गते राजघाट गाविस-६ स्थित सडकमा साइकलमा हिंडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको स्थिति हालसम्म अज्ञात छ।

माओवादीबाट

महोत्तरी जिल्ला लक्ष्मीनियाँ गाविस-३ का शिक्षक ४२ वर्षीय रामवृक्ष महतोलाई ०६० फागुन ७ गते माओवादीले गौरीशंकर गाविसबाट अपहरण गरी ५ दिनपछि मुक्त गरे।

रौतहट जिल्ला चन्द्रनिगाहपुर गाविस-९ का २६ वर्षीय रमेश बस्नेतलाई ०६० चैत १५ गते माओवादीले सर्लाहीको राजघाट गाविसबाट अपहरण गरे। पीडितलाई ७ दिनपछि मुक्त गरे।

हरिऔन गाविस-७ घर भई



सुरक्षाकर्मीद्वारा मारिएका हजरियाका गोपाल कार्की

सुरक्षाकर्मीको कारवाहीमा मारिएका कल्याण दोङ

शाही सेनाको सिंहनाथ गण भक्तपुरमा कार्यरत २३ वर्षीय रामबाबु काफ्लेलाई ०६१ जेठ १ गते महोत्तरी जिल्ला खयरमारा गाविस-८ स्थित चिया पसलमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरेकोमा जेठ ६ गते मुक्त गरे।

परवानीपुर गाविसस्थित शीर प्राविका शिक्षक रामहरि पाण्डे, हरिशचन्द्र बम्जन, ठाकुर गौतम, रामाशिष शाह, अर्जुन चौलागाईं, हरिप्रसाद ढुंगेललगायत् २७ जनालाई ०६१ जेठ ४ गते तालिम सञ्चालन भइरहेको शीर प्राविबाट माओवादीले अपहरण गरेकोमा जेठ ५ गते १० बजे मुक्त गरे।

बारा जिल्ला सिमरा गाविस बँजेनीका २७ वर्षीय सुवास पौडेललाई शंकास्पद व्यक्ति भएको आशंकामा ०६१ जेठ १० गते माओवादीले लालबन्दी गाविसबाट अपहरण गरेकोमा जेठ १७ गते मुक्त गरे।

हरिऔन गाविस-१ का २३ वर्षीय रत्नबहादुर खड्का, २१ वर्षीय डोरबहादुर खड्का र हरिऔन गाविस-१ बेतालीका २० वर्षीय सन्तोष कुश्वारलाई चोरी, बलात्कार र माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६१ असार १ गते घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितहरु असार १० गते माओवादीको कब्जाबाट भागे।

काठमाडौं जिल्ला जोरपाटीका ३८ वर्षीय रामेश्वर पुडासैनीलाई सोझासिधा जनतालाई ठगी गरेको आरोपमा ०६१ असार ४ गते कर्मैया गाविस-६ स्थित एक घरमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडित असार ९ गते माओवादीको कब्जाबाट भागी सेनाको कार्यालयमा पुगेका थिए।

गम्हरिया गाविस-१ का २० वर्षीय अजय राय, सोही गाविस-८ का २३ वर्षीय रामप्रवेश राय र भारत वैशालीका

प्रेम शर्मालाई चोरी/डकैती गरेको आरोपमा ०६१ भदौ १५ गते माओवादीले अपहरण गरी भदौ १८ गते मुक्त गरे।

गौरीशंकर गाविस-२ का ३६ वर्षीय फतुरी चमारलाई ०६१ असोज ४ गते घरबाटै माओवादीले अपहरण गरे। पीडित माओवादी कब्जाबाट ०६१ असोज १० गते भागेर फर्किए।

परवानीपुर गाविस-४ का ५६ वर्षीय सूर्यबहादुर खड्का र २० वर्षीय अलैंची खड्कालाई बुहारी मारेको आरोपमा ०६१ असोज २३ गते माओवादीले घरबाटै अपहरण गरी मंसिर ५ गते मुक्त गरे।

सुरक्षाकर्मीद्वारा मारिएका सलेमपुर गाविस-८ का राजनारायण राय

रौतहट जिल्ला जोकाहा गाविस-१ का चारलिक रेन्जपोष्टमा कार्यरत रेन्जर ४८ वर्षीय रामचन्द्र ठाकुरलाई अनियमिततापूर्वक रकम असुल गर्नुका साथै ठेकेदारहरुसँग मिली निकासीको छुट पूर्जी दिएको आरोपमा ०६१ असोज २५ गते ढुंग्रेखोला गाविसस्थित धरहरा चोकबाट माओवादीले अपहरण गरे। पीडितलाई असोज २९ गते मुक्त गरे।

ईश्वरपुर गाविस-२ का १६ वर्षीय इन्दलराम चमारलाई एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६१ कार्तिक ५ गते माओवादीले अपहरण गरी कार्तिक १७ गते मुक्त गरे।

ईश्वरपुर गाविस-२ का १९ वर्षीय हर्कराम चमारलाई एक बालिकालाई बलात्कार गरी हत्या गरेको आरोपमा ०६१ कार्तिक ५ गते माओवादीले अपहरण गरे। हाल पीडितको अवस्था अज्ञात छ।

पत्थरकोट गाविस-३ का ३८ वर्षीय फौदसिंह घिसिङलाई सुराकीको आरोपमा ०६१ कार्तिक १४ गते राति घरबाटै माओवादीले अपहरण गरे। पीडितलाई कार्तिक ३० गते मुक्त गरे।

नारायणखोला गाविस-९ का ४२ वर्षीय सोमबहादुर लामालाई सुराकीको आरोपमा ०६१ कार्तिक १५ गते घरबाटै माओवादीले अपहरण गरे। हाल पीडितको अवस्था अज्ञात छ।

सुरक्षाकर्मीको कारवाहीमा मारिएका नारायणकाजी रायमाझी

छटौल गाविस-६ वैरियाटोलका ४० वर्षीय राजिन सहनीलाई लुटपाट तथा बलात्कार गरेको आरोपमा ०६१ मंसिर ९ गते हजरिया गाविसबाट माओवादीले अपहरण गरे।

राजघाट गाविस-३ का भरत लामा, गंगाराम चमार र जेठा कामीलाई काठ चोरी गरेको आरोपमा ०६१ मंसिर १० गते माओवादीले अपहरण गरी मंसिर १३ गते मुक्त गरे।

मलंगवा नपा-४ का ३१ वर्षीय मनोज पाण्डेलाई नाकाबन्दीको अवज्ञा गरेको आरोपमा ०६१ पुस १२ गते जमुनिया गाविसबाट ट्याक्टरमा धान लिएर मलंगवातर्फ जाँदै गर्दा बाटोमा माओवादीले अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

घुर्कौली गाविस-५ का नेविसंघका जिल्ला अध्यक्ष ३२ वर्षीय निरमुनी मैनाली र हरिऔन गाविस-९ का २७ वर्षीय सञ्जीव मैनालीलाई ०६१ वैशाख २१ गते सुरक्षाकर्मीले घरभित्रै प्रवेश गरी कुटपिट गरे। पीडित सञ्जीवको कुटपिटबाट संवेदनशील अंगमा गम्भीर चोट पुग्यो।

हजरिया गाविस-८ का ३२ वर्षीय लालबहादुर थापालाई ०६१ साउन २५ गते विनाकारण प्रहरी इन्सपेक्टर अरुणकुमार घलेले बुट र बन्दूकको कुन्दा प्रहार गर्दै कुटपिट गरे। स्थानीय गाउँलेले आपत्ति गरेपछि पीडकले पीडितसँग माफी मागे।

मानपुर गाविस-२ की ३४ वर्षीय रुपसागरदेवी राय, ४० वर्षीय निर्मलादेवी राय, ललितादेवी राय, श्रीपतीदेवी राय, दुलरियादेवी रायलगायत् ९ जनालाई विनाकारण ०६१ कार्तिक १६ गते प्रहरीले घरभित्रै प्रवेश गरी कुटपिट तथा गालीगलौज गरे।

स्थानीय नवीन विस्फोट साप्ताहिकका समाचारदाता २३ वर्षीय रवीन्द्र साहलाई ०६१ मंसिर २४ गते हथिऔल गाविसमा भएको डकैतीको घटनामा जानकारी लिन इलाका प्रहरी कार्यालय गडैया-डुमरिया जाँदा प्रहरीले कुटपिट गरे। पीडितले पीडकमाथि कारवाहीको माग गरे पनि कारवाही भएन।

माओवादीबाट

हजरिया गाविस-९ का ५२ वर्षीय विन्देश्वर महतोलाई ०६० पुस २५ गते राति माओवादीले कुटपिट गरी सख्त घाइते बनाए। आफ्नो तीनजना कार्यकर्ताहरुलाई समाती प्रहरीमा बुझाएको आरोपमा पीडितलाई माओवादीले कुटपिट गरेका थिए।

हजरिया गाविस-९ का ६० वर्षीय जिमदार महतोलाई सुराकीको आरोपमा ०६१ भदौ ३ गते माओवादीले घरबाट बाहिर निकाली मरणासन्न हुनेगरी कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मलंगवा नपा-३ का ३० वर्षीय मोहम्मद रिजवान अन्सारी, २६ वर्षीय फैजान अन्सारी, सोही नपा-४ का ३२ वर्षीय अनवर मिकरानी, सोही नपा-१० का ३१ वर्षीय रामपुकार ठाकुर र कौशलकिशोर सिंहलाई विभिन्न नारा लगाएको आरोपमा ०६० माघ २२ गते प्रहरीले लाठीचार्ज गरी घाइते बनाए। लाठीचार्जबाट मिकरानी र रामपुकार ठाकुर गम्भीर घाइते भए। पीडितहरुलाई सोही दिन साँझ रिहा गरे।

जुम्ला जिल्ला भोरागाउँ गाविस-१ का ३२ वर्षीय राजु रोक्का क्षेत्री (जुम्ली) लाई ०६० माघ २८ गते प्रतिगमनविरोधी आन्दोलनको क्रममा हरिऔन गाविस-९ स्थित महेन्द्र राजमार्गमा टायर बाली विद्यार्थीहरुले गरेको चक्काजाम कार्यक्रममा आगो निभाउन लाग्दा सुरक्षाकर्मीले लाठी तथा बुट प्रहार गरी घाइते पारे। पीडित साधारण मजदुरी पेशामा संलग्न थिए।

हरिऔन गाविस-९ का माधवलाल श्रेष्ठ, अर्जुन कार्की, दिपककुमार थापा, दीपक शाह, मनोजकुमार र मजदुर जुँगे पल्दारलाई ०६१ वैशाख १३ गते दिउँसो प्रतिगमनविरोधी आन्दोलनमा जुलुश हेरिरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे।

हजरिया गाविस-८ का एमाले निकट अनेरास्ववियुका जिल्ला सचिव २१ वर्षीय सुरेश कार्कीलाई प्रतिगमनविरोधी आन्दोलनको क्रममा ०६१ वैशाख १३ गते हरिऔन गाविस-९ स्थित महेन्द्र राजमार्गबाट सेनाले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई चार घण्टापछि रिहा गर्नु अघि डेराबाट केही सामानहरु लगी ३/४ दिनपछि फिर्ता गरे।

कर्मैया गाविस-८ का एमाले अञ्चल कमिटी सदस्य ४४ वर्षीय लक्ष्मण पौडेल, एमाले जिल्ला सचिव केशव ढुंगाना, मलंगवा नपा-३ का एमाले अञ्चल समन्वय कमिटीका सदस्य ३१ वर्षीय मोहम्मद रिजवान अन्सारी र एमाले जिल्ला कमिटी सदस्य ४७ वर्षीय राजनारायण

माओवादीद्वारा मारिएका विन्देश्वर महतो र दिनेश महतो

शाहलाई ०६१ वैशाख २८ गते मलंगवामा प्रतिगमनविरोधी मशाल जुलुस निकाल्ने क्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। पीडितहरुलाई दुई घण्टापछि रिहा गरियो।

मलंगवा नपा-१० स्थित जिविस कार्यालयको गेटमा ०६१ जेठ ४ गते बिहान प्रतिगमनविरोधी आन्दोलनको क्रममा आन्दोलनकारीहरुले ताला लगाउँदा प्रहरीले हस्तक्षेप गरी मोहम्मद रिजवान अन्सारी, महेन्द्र साह, लक्ष्मण राय, गोविन्द महत, देवेन्द्र राय, कमलादेवी महतो, अखलाल मिकरानी, तेजनारायण राय, सुबोध साह र दीपलाल रायलाई गिरफ्तार गरी तीन घण्टापछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएकासमेत जम्मा मुद्दा संख्या १ हजार ७ सय ८६ छ। जसमध्ये देवानी १ हजार २ सय ८३ र फौजदारी ५ सय ३ छ। यस वर्ष फर्स्यौट भएका देवानी ९ सय ३६, दुनियावादी फौजदारी २ सय ७४, सरकारवादी फौजदारी ९४ समेत जम्मा १ हजार ३ सय ४ मुद्दा फर्स्यौट भइसकेको छ। यस जिल्ला अदालतमा देवानी ३ सय ४७, दुनियावादी फौजदारी ८१, सरकारवादी फौजदारी ५४ समेत जम्मा ४ सय ८२ मुद्दा फर्स्यौट हुन बाँकी छ।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ४७ वटा मुद्दा दायर भएकोमा १७ वटा फर्स्यौट भई ३० वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति

संग्रामपुर गाविस-७ स्थित सीमा प्रहरी चौकी, इलाका हुलाक कार्यालय लालबन्दी र हरिऔन, इलाका वन कार्यालय फुलजोर, कृषि विकास बैंक मलंगवा, जिविस र गाविस भवनहरु बहादुरपुर, बेला, बबरगञ्ज, ढुङ्ग्रेखोला, श्रीपुर, कर्मैया र मलंगवा नपा भवन इलाका प्रहरी कार्यालय वरहथवामा माओवादीले आगजनी तथा बम विस्फोट गराई

क्षति पुऱ्याए। त्यसैगरी केही व्यक्तिहरुका घरमा पनि आगजनी तथा बम विस्फोट गराई पूर्णरुपमा क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बलरा गाविस-४ का माओवादी कार्यकर्ता ३२ वर्षीय शम्भु पासवानलाई ०६० माघ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ २३ गतेदेखि नजरबन्दमा राखी ०६१ वैशाख २४ गते रिहा गरियो।

हरिपूर्वा गाविस-४ का २४ वर्षीय रामेश्वर यादवलाई माओवादीको आरोपमा ०६० चैत ३ गते सुरक्षाकर्मीले घर नजिकै बाटोबाट गिरफ्तार गरे। पीडितलाई चैत ३ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ साउन ११ गते रिहा गरियो।

ढुङ्ग्रेखोला गाविस-२ धापडाँडाका ४३ वर्षीय नजरमान बललाई माओवादीको आरोपमा ०६१ वैशाख ९ गते बिहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई वैशाख १६ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ साउन १४ गते रिहा गरे।

हरिपूर्वा गाविस-२ का ३४ वर्षीय खेहरु राय यादवलाई माओवादीको आरोपमा ०६१ वैशाख १० गते सुरक्षाकर्मीले घरनजिकै बाटोमा हिंडिरहेको अवस्थामा गिरफ्तार गरे। पीडितलाई वैशाख १६ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ साउन १४ गते रिहा गरियो।

कर्मैया गाविसका सचिव ४३ वर्षीय रामदेव महतो, पियन ५२ वर्षीय चक्रबहादुर अधिकारी र हुलाकी ४६ वर्षीय मोतिराज कोइरालालाई ०६१ जेठ २ गते राति गाविस भवनको कागजपत्र जलाएको आरोपमा ०६१ जेठ ३ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। माओवादीले घटनाको जिम्मेवारी लिएपछि पीडितहरुलाई जेठ ४ गते रिहा गरियो।

ढुङ्ग्रेखोला गाविस-५ का २१ वर्षीय आमुनी भनिने पृथ्वीबहादुर बललाई माओवादीको आरोपमा ०६१ जेठ ८ गते बिहान कर्मैया गाविस-२ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई निर्मम यातना दिई जेठ २४ गते रिहा गरियो।

अत्रौली गाविस-५ का ३८ वर्षीय रामबाबु महतोलाई माओवादीको आरोपमा ०६१ जेठ १० गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि रिहा गरियो।

हजरिया गाविस-३ का २२ वर्षीय अनिल भनिने राधा सहनीलाई माओवादीको आरोपमा ०६१ जेठ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा असार ८ गतेदेखि नजरबन्दमा राखिएको छ। पीडितलाई ०६१ कार्तिक १ गतेदेखि पर्सा (वीरगञ्ज) जेलमा सरुवा गरिएको छ।

बाराउधोरण गाविस-२ का २७ वर्षीय जयशंकर मिश्रलाई माओवादीको आरोपमा ०६१ जेठ १२ गते काठमाडौंबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ जेठ १५ गते सर्लाही लगेका थिए। पीडित असार ८ गतेदेखि सर्लाही जेलमा नजरबन्दमा रहेकोमा ०६१ कार्तिक १ गतेदेखि वीरगञ्ज जेलमा सरुवा गरिएको छ।

सिन्धुली जिल्ला कमलामाई नपा-४ की अनेरास्ववियु (क्रान्तिकारी) की जिल्ला सदस्य २२ वर्षीय कविता पुन मगरलाई ०६१ असार ३ गते दिउँसो साइकलमा हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले हरिऔन गाविस-५ स्थित नयाँरोडबाट गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई हाल अर्जुन वाण गुल्म, नवलपुरमा राखिएको छ।

सलेमपुर गाविस-१ का २९ वर्षीय उपेन्द्र रायलाई माओवादीको आरोपमा ०६१ असार १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असार १३ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ भदौ २८ गते रिहा भए।

जमुनिया गाविस-५ मदनपुरका २९ वर्षीय रामविश्वास राय र २१ वर्षीय सुनिल रायलाई माओवादीको आरोपमा ०६१ असार १० गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई असार १३ गतेदेखि नजरबन्दमा राखिएको छ।

सलेमपुर गाविस-२ का २० वर्षीय सञ्जयकुमार ठाकुरलाई माओवादीको आरोपमा ०६१ असार १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असार २२ गतेदेखि नजरबन्दमा राखिएको छ।

घुर्कौली गाविस-८ का ४६ वर्षीय टुकनाथ भुर्तेललाई माओवादीको आरोपमा ०६१ असार १६ गते बिहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ५ घण्टापछि रिहा गरे।



माओवादीद्वारा मारिएका राजघाट गाविस-४ का रामप्रसाद तिमल्सिना

लालबन्दी गाविस-४ का २५ वर्षीय प्रेम कार्की र २४ वर्षीय कुमार भण्डारीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ असार १७ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी ६ घण्टापछि रिहा गरे।

पत्थरकोट गाविस-७ का २२ वर्षीय पासाङ लामालाई माओवादीको आरोपमा ०६१ असार २९ गते सुरक्षाकर्मीले लालबन्दी बजारबाट गिरफ्तार गरेकोमा असोज २४ गते रिहा गरे।

बेला गाविस-७ करमोहनका ४०

वर्षीय श्यामदेव पासवानलाई माओवादीको आरोपमा ०६१ साउन १९ गते घरवाटै सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरे।

रामनगर-वोहर्वा गाविस-२ का ३० वर्षीय पुनित मण्डललाई ०६१ साउन २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी साउन ३० गतेदेखि नजरबन्दमा राखे।

फुलकाहा गाविस-२ महोत्तरीका ३५ वर्षीय भरत यादवलाई ०६१ साउन २८ गते हरिपूर्वा गाविसवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ ३० गतेदेखि जेलमा नजरवन्दमा राखिएकोमा ०६१ मंसिर २९ गते रिहा गरे।

अत्रौली गाविस-५ का माओवादी कार्यकर्ता नागेन्द्र भनिने २९ वर्षीय रामपुकार महतोलाई ०६१ साउन ३१ गते घर नजिकै उखुबारीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल अर्जुन वाण गुल्म, नवलपुरमा राखिएको छ।

ब्रम्हपुरी गाविस-९ का एमाले कार्यकर्ता ४१ वर्षीय सहुव अन्सारीलाई माओवादीको आरोपमा ०६१ भदौ १५ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भदौ १९ गते रिहा गरे।

ढुंगेखोला गाविस-५ का २० वर्षीय शशी गोलेलाई माओवादीको आशंकामा ०६१ असोज ४ गते घर नजिकै नहरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरे।

लालबन्दी गाविस-१ का २१ वर्षीय दीपेन्द्र साहलाई माओवादीको आरोपमा ०६१ कार्तिक १३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरेकोमा पुस १५ गतेदेखि जेलमा नजरबन्दमा राखियो।

लालबन्दी गाविस-१ का २२ वर्षीय विनोद साहलाई सुरक्षाकर्मीलाई अल्मल्याएको आरोपमा ०६१ कार्तिक १३ गते सुरक्षाकर्मीले लालबन्दी बजारवाट गिरफ्तार गरी कार्तिक १५ गते रिहा गरे।

मानपुर गाविस-२ का ३४ वर्षीय वैद्यनाथ रायलाई ०६१ कार्तिक १४ गते वरहथवा बजारबाट प्रहरीले गिरफ्तार गरी कार्तिक १९ गते रिहा गरे।

लालबन्दी गाविस-१ का १८ वर्षीय सुनिल साहलाई माओवादीको आरोपमा ०६१ कार्तिक १४ गते घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पुस १५ गतेदेखि जिल्ला कारागार शाखामा नजरबन्दमा राख्यो।

मानपुर गाविस-३ का २४ वर्षीय इन्दल सहनीलाई विनाकारण ०६१ कार्तिक १६ गते प्रहरीले गिरफ्तार गरी कार्तिक १९ गते रिहा गरे।

मलंगवा नपा-५ का २२ वर्षीय बालकृष्ण राय यादवलाई ०६१ मंसिर ८ गते, हरिऔन गाविस-६ की १८ वर्षीय सरिता स्याङ्तानलाई ०६१ मंसिर १० गते र जानकीनगर गाविस-६ का २३ वर्षीय रामचन्द्र मण्डललाई माओवादीको आशंकामा ०६१ मंसिर २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछ पछि सोही दिन रिहा गरे।

जानकीनगर गाविस-३ का १९ वर्षीय डिल्लीराम न्यौपानेलाई माओवादीको आरोपमा ०६१ मंसिर २१ गते दिउँसो हजारविघाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडितलाई अर्जुन वाण गुल्म, नवलपुरमा राखिएको छ।

नौकेल्वा गाविस-५ मोहनगञ्जका १७ वर्षीय दीपेन्द्रकुमार महतोलाई माओवादीको आरोपमा ०६१ मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडितलाई पुस १५ गतेदेखि जेलमा नजरबन्दमा राखिएको छ। पीडितको मानसिक स्थिति असन्तुलित छ।

बालअधिकार

पिपरिया गाविस-९ की १५ वर्षीय एक बालिकालाई ललाई-फकाई गरी बलात्कार गरी गर्भवती बनाएको आरोपमा सोही ठाउँका ४० वर्षीय श्यामबाबु साहको विरुद्धमा ०६० पुस २१ गते माइती नेपाल सर्लाही शाखा र जिल्ला अदालतमा उजुरी गरिन्।

अत्रौली गाविस-७ की १३ वर्षीय एक बालिकालाई ०६० चैत १६ गते आफ्नै बाबु ४० वर्षीय आइते परियारले बलात्कार गरे। हाल दुवैजना बेपत्ता छन्।

बेला गाविस-७ की १४ वर्षीय एक बालिकालाई ०६१ साउन ३ गते सोही ठाउँका ३० वर्षीय निरञ्जन सहनीले बलात्कार गरे। पीडकलाई गाउँलेले सजाय दिए।

पत्थरकोट गाविस-९ नयाँटोलकी ११ वर्षीय एक बालिकालाई ०६१ साउन १३ गते हरिऔन गाविस-२ का ३८ वर्षीय सुरेश सापकोटाले बलात्कार प्रयास गरे। पीडित पक्षले पीडकलाई मोसो दलेर कुटपिट गरी छाडिदिए।

हरिऔन गाविस-९ की ११ वर्षीय एक बालिकालाई ०६१ साउन १८ गते साँझ सोही गाविस-८ का ३५ वर्षीय लालबाबु शेषले बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले



लुटेराको गोली प्रहारबाट ०६१ जेठ १३ गते मारिएका नेपाल उद्योग वाणिज्य संघ हरिऔनका उपाध्यक्ष रामवली साह



माओवादीले छोडेको बम विस्फोट हुँदा घाइते भएका दीपक दास

तत्काल नियन्त्रणमा लिई पाँच घण्टापछि रिहा गरे।

भक्तिपुर गाविस-८ की ९ वर्षीय एक बालिकालाई घरमै सुतिरहेको अवस्थामा ०६१ साउन ३१ गते सोही ठाउँका २३ वर्षीय मिथलेस परियारले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको छ।

मोतिपुर गाविस-३ की १५ वर्षीय एक बालिकालाई ०६१ असोज १७ गते घरमा सुतिरहेको अवस्थामा दिउँसो सोही ठाउँका १८ वर्षीय जोगी पासवानले बलात्कार गरे। पीडकलाई यो वर्षको अन्त्यसम्म हिरासतमा राखिएको छ।

बजगञ्ज गाविस-८ की ८ वर्षीय रेखाकुमारी झालाई ०६१ कार्तिक ३ गते ईश्वरपुर गाविस-२ का ३३ वर्षीय रामेश्वर झा, १९ वर्षीय हर्के चमार र १६ वर्षीय इन्दलराम चमारले सामूहिक बलात्कार गरे। पीडितलाई सर्टले घाँटी बाधेर हत्या गरे। पीडकहरुलाई माओवादीले अपहरण गरे।

बवरगञ्ज गाविस-८ की ८ वर्षीय एक बालिकालाई ०६१ कार्तिक ३ गते ईश्वरपुर गाविस-२ का २३ वर्षीय रामेश्वर झा, १९ वर्षीय हर्केराम चमार र १६ वर्षीय इन्दल राम चमारले बलात्कार गरी हत्या गरे। पीडकहरुलाई माओवादीले अपहरण गरे।

हरिऔन गाविस-९ की ७ र ९ वर्षीय बालिकाहरुलाई ०६१ पुस १३ गते स्थानीय इन्दुशंकर चिनी मिलमा कार्यरत भारतीय नागरिक अलाउल रहमानले बलात्कार गर्ने प्रयास गरे। प्रहरीले पीडकलाई तत्कालै नियन्त्रणमा लिए। पीडकले भने आफूले गल्ती नगरेको बताए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार / बलात्कार प्रयास

सुन्दरपुर-चुहड्वा गाविस-९ सुकुम्वासी टोलकी २३ वर्षीय एक महिलालाई ०६१ वैशाख २४ गते राति घरभित्रै पसी प्रहरीले बलात्कार गरे। उक्त घटनालाई प्रहरीले अस्वीकार गरेको छ।

ढुंग्रेखोला गाविस-२ की ३५ वर्षीय एक महिलालाई ०६१ साउन २ गते हरिऔन गाविस-१ बेतालीका ५० वर्षीय मानवहादुर पाँडे र घट्टेसाइलो भनिने ४७ वर्षीय डम्बरबहादुर भुजेलले बलात्कार गरे।

लक्ष्मीपुर गाविस-३ की १६ वर्षीय एक युवतीलाई ०६१ साउन ३२ गते दिउँसो बाखा चराउन गएको अवस्थामा सोही ठाउँका काँस धुनिया मियाले बलात्कार गरे। पीडकलाई प्रहरीले नियन्त्रणमा लिए।

लक्ष्मीपुर कोद्राहा गाविस-४ की ३५ वर्षीय एक महिलालाई ०६१ कार्तिक ५ गते अज्ञात समूहले जानकीनगर जंगलमा बलात्कार गरी हत्या गरे।

सोहड्वा गाविस-९ की २३ वर्षीय एक महिलालाई ०६१ कार्तिक २४ गते दिउँसो इलाका प्रहरी कार्यालय, वरहथवामा कार्यरत प्रहरी जवान धादिङ जिल्ला त्रिपुरेश्वर गाविस-७ का ३१ वर्षीय ध्रुवबहादुर थापाले बाटोमा हिंडिरहेको अवस्थामा जबरजस्ती उखुबारीमा लगी बलात्कार गरे। पीडकलाई हाल प्रहरी हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालयले बताएको छ।

पारिवारिक हिंसा

जानकीनगर गाविस-७ की १६ वर्षीय एक महिलालाई पति ३३ वर्षीय बेचु मण्डलले यौन सम्पर्क गर्न नदिएको आरोपमा ०६० माघ १५ गते घरमा हातगोडा बाँधी कुटपिट गरी शरीरमा मट्टितेल खन्याई आगो लगाए। पीडितको शरीर पूरै कुरुप भएको छ। पीडित महिलाले कहींकतै उजुर गरिनन्।

रानीगञ्ज गाविस-७ का ३५ वर्षीय पुष्करप्रसाद खतिवडाले घरमा पत्नी हुँदाहुँदै ०६० माघ १८ गते दोस्रो विवाह गरे। पीडित पत्नीको जाहेरीमा ०६० फागुन १८ गतेदेखि पीडक थुनामा रहेकोमा जिल्ला अदालतले एक वर्ष कैद तोक्यो।

जानकीनगर गाविस-२ की ३५ वर्षीय पूर्णकुमारी दाहाल र ४३ वर्षीय अम्विका दाहाललाई ०६० चैत १७ गते पति तथा भाइ ४० वर्षीय ऋषिकुमार दहालले घरमै गम्भीर कुटपिट गर्दै खसीवाखा बाँध्ने खोरमा थुनिदिए।

वहरथवा गाविस-४ का २४ वर्षीय श्याम चौधरीले ०६१ जेठ १३ गते पत्नी १८ वर्षीय रुवी चौधरीलाई कुटपिट गरेकोमा चौधरीको समाजले व्यवहारिकरुपमा छोडपत्र गराई घरबाट निकालिदिए।

संग्रामपुर गाविस-४ की २१ वर्षीय प्रमिलादेवी रायलाई छोरा नजन्माएको आरोपमा ०६१ भदौ २४ गते राति पति दिनेश राय, ससुरा रामसोगारथ राय र सासु मनिदेवी रायले कुटपिट गरी हत्या गरे। पीडकहरुलाई प्रहरीले गिरफ्तार गरी आवश्यक कारवाही अघि बढायो।

धनकौल गाविस-४ की १९ वर्षीय चन्द्रकलादेवी रायलाई दाइजो कम ल्याएको आरोपमा ०६१ असोज १० गते पति २४ वर्षीय विजय राय र ससुरा ४७ वर्षीय रामदरेश रायले घरमै कुटपिट गरी हत्या गरे।

परवानीपुर गाविस-४ की २२ वर्षीय लक्ष्मी खड्कालाई ०६१ असोज २१ गते ससुरा ५६ वर्षीय सूर्यबहादुर खड्का र २० वर्षीय नन्द अलैंची खड्काले घरमा कुटपिट गरी हत्या गरे। पीडक दुवैले पीडितलाई हेला गरी मानसिक यातना दिइरहेका थिए।

बोक्सीको आरोपमा यातना दिइएकी धनवतीदेवी साह

आफ्नो चाहिँ राम्रो भएको तर पीडकहरुको नराम्रो भएको आरोपमा यातना दिइएको थियो। पीडितले जिल्ला अदालत र माइती नेपालमा न्यायको लागि निवेदन दिइन्।

सबै प्रकारका जातीय विभेद

अत्रौली गाविस-९ खोरगाउँका ३० वर्षीय लेखबहादुर विश्वकर्मालाई ०६० फागुन १२ गते सोही गाविसका ४२ वर्षीय प्रेमबहादुर बलले जबरजस्ती गाईको मासु बोक्न लगाई दलितका घर-घरमा घुमाए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएकोमा छलफल गरी कागजात गराइए भने पीडकले माफी मागे।

दुर्व्यवहार

हरिऔन गाविस-२ की ५७ वर्षीय कुन्द्रीदेवी साहलाई बोक्सीको आरोपमा ०६० चैत ३ गते सोही गाविस-२ की ३४ वर्षीय रामकुमारी चौधरी र १९ वर्षीय पिताम्बरी चौधरीले कुटपिट तथा अभद्र व्यवहार गरे। पीडितले स्थानीय गाविसमा उजुरी दिई दुवै पक्षलाई राखी छलफल गराई पीडकलाई औषधी उपचारबापत खर्च र माफी मगाई छाडिदिए।

मलंगवा नपा-३ की ५२ वर्षीय धनवतीदेवी साहलाई बोक्सीको आरोपमा ०६१ जेठ २६ गते सोही नपा-३ का कारी भनिने १७ वर्षीय राजकिशोर शाह, २४ वर्षीय फुलोदेवी शाह र २७ वर्षीय शितली साहले कुटपिट गर्नुका साथै मानव मलमूत्र खुवाए। पीडकहरुमध्ये कारी र फुलोदेवीका पति रामबाबु साहलाई प्रहरीले गिरफ्तार गरे भने अन्य फरार छन्। पीडितले १२ जनाको नाममा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्।

सिमरा गाविस-३ की ५२ वर्षीय लक्ष्मीदेवी पासवानलाई बोक्सीको आरोपमा ०६१ असोज १७ गतेदेखि छिमेकी रामचन्द्र, चुलाई, फेकन र दीपक पासवानले मानसिक यातना दिए। पीडितलाई खेतिपाती र पशुपालन

बलात्कारपछि हत्या गरिएकी रेखाकुमारी झा

पडरिया गाविस-१ का १८ वर्षीय वीरेन्द्रकुमार मण्डल र सोही गाविस-६ की १४ वर्षीय रेखाकुमारी पासवानबीच ०६१ जेठ २४ गते अन्तरजातीय प्रेम विवाह सम्पन्न भएपछि वीरेन्द्रका बाबुले दुवैलाई अस्वीकार गरी घरबाट निकालिदिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अनेरास्ववियु (क्रान्तिकारी) का सचिव गौरवहरि अधिकारीलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली प्रहार गर्दा मृत्यु भएकोमा ०६१ वैशाख २१ गते सो संगठनले भर्त्सना गऱ्यो।

छटौल गाविसका रामाज्ञा राय यादवलाई ०६१ असार १० गते र राजघाट गाविस-४ का रामप्रसाद तिमिल्सिनालाई ०६१ असार १२ गते, हजरिया गाविस-९ का विन्देश्वर महतो र उनकै छोरा दिनेश महतोलाई ०६१ साउन ५ गते माओवादीले तथा सिसौटिया गाविस-१ की बालकेशरी देव सहनीलाई ०६१ साउन २१ गते, माओवादीले हत्या गरेको घटना र परवानीपुर गाविस-४ का अपांग नारायणकाजी रायमाझीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरेको र स्थानीय हितबहादुर दाहाललाई गोली हानी सख्त घाइते बनाएको घटनाको विरोध गर्दै इन्सेक वर्ष पुस्तक प्रतिनिधि, ग्रामीण विकास संस्थालगायत्का संस्थाले विज्ञप्ति जारी गरे।

त्यसैगरी हजरिया गाविस-१ का नाबालक दीपक, शत्रुघन, सरोज र सन्तोष दास ०६१ पुस १२ गते माओवादीले छाडेको बेवारिसे बम विस्फोट भई घाइते भएकोमा मानवअधिकार संस्थाहरुले छुट्टाछुट्टै प्रेस-विज्ञप्ति जारी गर्दै बालअधिकारको गम्भीर उल्लंघन भएकोमा दु:ख प्रकट गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष कर्तव्य ज्यान २८, खुन डाँका २, ज्यान मार्ने उद्योग ४, डाँका १४, चोरी १७, झुण्डिएर आत्महत्या १६, विष सेवन गरी आत्महत्या १४, डुबेर ३, आगलागी ३, जबरजस्ती करणी ४, सवारी अंगभंग ४, भवितव्य ज्यान २१, सवारी दुर्घटना २१ र केही सार्वजनिक अपराधका २४ वटा घटनाहरु भए।

विगतको अनुगमन

गौरीशंकर गाविस-१ का ३५ वर्षीय वरुणकुमार शर्मालाई माओवादीको आरोपमा ०६० कार्तिक २३ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ०६० मंसिर १ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ जेठ २ गते रिहा गरे।

फरहदवा गाविस-७ का १९ वर्षीय राहुल हैदरलाई माओवादीको आरोपमा ०६० असोज ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० असोज २८ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ कार्तिक १ गतेदेखि पर्सा जिल्लामा सरुवा गरियो।

खुटौना गाविस-३ की एक महिलालाई ०६० पुस ६ गते जिप्रकामा कार्यरत प्रहरी जवान २९ वर्षीय जयनारायण यादव र २८ वर्षीय सरोजकुमार सिंहले बलात्कार गर्ने प्रयास गरेको आरोपमा गत वर्षको अन्त्यसम्ममा प्रहरी हिरासतमा राखिएकोमा जनही ६ हजार रुपैयाँ जरिवानाको साथै एक वर्ष कैद भोगी ०६१ पुस ४ गते रिहा भए।

मलंगवा नपा-३ का ३० वर्षीय तसलिम अन्सारीलाई माओवादीको आरोपमा ०६० साउन २५ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ०६० भदौ १२ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ कार्तिक १ गतेदेखि वीरगञ्ज (पर्सा) जेलमा सरुवा गरियो।

कर्मैया गाविस-४ की ६० वर्षीय रत्नमाया सुवेदी र ७० वर्षीय गोमामाया सिंजाली मगरलाई बोक्सीको आरोपमा ०६० पुस ९ गते सोही गाविस-४ का उत्तम भनिने डिकबहादुर भुजेलले खुकुरी प्रहार गरी हत्या गरेकोमा पीडकसहित उनकी पत्नी विष्णुकुमारी भुजेल, भाइहरु रामबहादुर भुजेल, सन्तबहादुर भुजेल, तिलकबहादुर भुजेल र धामी कृष्णबहादुर भुजेललाई गत वर्षको अन्त्यसम्म जिप्रकामा हिरासतमा राखिएकोमा ०६० माघ ७ गतेदेखि जेलमा राखियो। जिल्ला अदालतको फैसलाअनुसार विष्णुकुमारी भुजेल, रामबहादुर भुजेल र धामी कृष्णबहादुर भुजेल ०६१ जेठ ३२ गते तारिखमा रिहा भए भने बाँकी सबै जेलमै छन्।

सलेमपुर गाविस-८ का २० वर्षीय अशोककुमार राम चमारलाई ०६० मंसिर ३ गते र हरिपूर्वा गाविस-५ का १९ वर्षीय प्रदीप रायलाई माओवादीको आरोपमा ०६० मंसिर ८ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ०६० मंसिर ११ र १५ गतेदेखि नजरबन्दमा राखिएकोमा क्रमशः ०६० चैत १२ र १६ गते रिहा भए।

भक्तिपुर गाविस-६ का २० वर्षीय गगनदेव रायलाई ०६० मंसिर १५ गते, बसन्तपुर गाविस-७ का ३५ वर्षीय नरेश राय यादवलाई ०६० मंसिर १५ गते र भक्तिपुर गाविस-४ का २६ वर्षीय रामबाबु शाहलाई ०६० मंसिर २१ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गगनदेव र नरेशलाई माओवादीको आरोपमा ०६० मंसिर १८ गते र रामबाबुलाई ०६० मंसिर २५ गतेदेखि नजरबन्दमा राखिएकोमा गगनदेवलाई ०६१ भदौ २० गते, नरेशलाई ०६१ भदौ २९ गते र रामबाबुलाई ०६० फागुन २६ गते रिहा गरियो।

२.४ सिन्धुली



जनसंख्या	: ३०५६०८
साक्षरता प्रतिशत	: ३९.२८
महिला साक्षरता प्रतिशत	: २५.२४
क्षेत्रफल (वर्ग कि. मि.)	: २४९१
गाविस/नपा संख्या	: ५३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४७०
क्याम्पस/उच्च मा.वि.	: २/१४
अस्पताल/स्वास्थ्य चौकी	: १/५५
टेलिफोन लाइन	: ४७९
मोटर सडक (कि. मि.)	: १४०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५
मानव विकास सूचकांक	: ०.४६९
प्रति परिवार सरदर संख्या	: ६.२७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

महादेवस्थान गाविस-८ महेश्वताका माझी मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा माओवादी पार्टीको जिल्ला कमिटी सदस्य संकेत भनिने २७ वर्षीय लालकाजी माझीको ०६० माघ १८ गते तामाजोर गाविसको कोलटारमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। रक्षा मन्त्रालयको विज्ञप्तिमा दोहोरो भिडन्तमा मारिएको जनाइयो।

जरायोटार गाविसको कटौजे इलाकामा ०६० माघ २४ गते सुरक्षाकर्मीको कारवाहीमा नाम, ठेगाना नखुलेका एक माओवादीको मृत्यु भयो। पीडितहरु मुठभेडमा मारिएको रक्षा मन्त्रालयको विज्ञप्तिमा जनाइयो।

तिनकन्या गाविस-९ रानिखोलाका ३० वर्षीय केदार विश्वकर्मा ०६० फागुन १ गते बिहान आफ्नै घरमा खाना खाँदै गर्दा सादा पोशाकका सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

तिनकन्या गाविस-७ कुभिन्डेका ३७ वर्षीय बलबहादुर रम्तेल सार्की, सोही ठाउँका ३२ वर्षीय ज्ञानबहादुर रम्तेल सार्की ०६० फागुन १ गते दिउँसो सुँगुर काटिरहेको ठाउँबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही गाविस-६ र रानीचुनी गाविस-९ को सीमानामा पर्ने महाभारतको जंगलको सरस्वती दोबाटोमा पुर्‍याई गोली हानी मारिए। स्थानीय साने सार्कीको घरबाट दिउँसो ३ बजे तिमीहरुको नाम माथि पुगेको छ भनी गिरफ्तार गरिएको र पीडितहरु सर्वसाधारण व्यक्ति भएको स्थानीय बासिन्दाले बताए। घटनालाई सुरक्षा निकायले दोहोरो मुठभेडमा मारिएको जनायो।

क्यानेश्वर गाविसमा अनेमसंघ (क्रान्तिकारी) सर्लाहीकी जिल्ला सचिव लक्ष्मी पाण्डे, माओवादी कार्यकर्ता संगीता, शिला, प्रकृति, राज र भीसी भनिने प्लाटुन कमान्डरसमेत ६ जना घरभित्र बसेको अवस्थामा सर्लाही जिल्लावाट गस्तीमा गएका सुरक्षाकर्मीद्वारा ०६० फागुन १ गते गोली हानी मारिए। माओवादीको भेषमा सुरक्षाकर्मी गएर घर घेरी हत्या गरिएको स्थानीय बासिन्दाले जनाए। घटनालाई सुरक्षा निकायले दोहोरो भिडन्तमा मारिएको जनायो

हत्पते गाविस-७ का अजित भनिने ३५ वर्षीय केशव विश्वकर्मा, अमले गाविसका रकेट भनिने कृष्णबहादुर विश्वकर्मा, कपिलाकोट गाविसकी बिहानी भनिने सुचित्रा परियार, मरिणका धनबहादुर माझी र बिजुलसमेत ५ जना ०६० फागुन ३ गते लाम्पानटार गाविस-३ सिकारीडाँडाका घरभित्र बसिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। उक्त ठाउँमा बेलुका माओवादी गएर बसेका र सुरक्षाकर्मीले रातिदेखि घेरा हाली बिहान गोली फायर गरेको स्थानीय बासिन्दाले बताए। घटनालाई रक्षा मन्त्रालयको विज्ञप्तिले दोहोरो भिडन्तमा मारिएको र ठूलो परिमाणमा बन्दोबस्तीका सामान फेला पारेको जनायो।

जरायोटार गाविसको मझुवा दोभान नजिकै निबुवाटारमा ०६० चैत १५ गते नाम, ठेगाना नखुलेका दुई जना महिला माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। पीडितहरुलाई गाविसको चकमकेबाट सुरक्षाकर्मीले गिरफ्तार गरेर लगेकोमा भोलिपल्ट मारिएको सूचना आएको स्थानीय बासिन्दाले बताए। गस्तीमा गएका सुरक्षाकर्मीमाथि सकेट बम प्रहार गर्न खोज्दा दुई माओवादी मारिएको रक्षा मन्त्रालयको विज्ञप्तिमा जनायो।

बेलघारी गाविस-४ हातिसारमा ०६१ जेठ १० गते उदयपुर जिल्लाका तिमल्सिना थर भएका एकजना माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। घटनामा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	२	३	५	४	१		५	१४	१९	८	२७
घाइते					४	६	२		८	१	१		१
गिरफ्तारी/यातना										१२	१७	३	२०
बेपत्ता										२	२		२
कुटपिट					७	७	२		९	७	१६	१	१७
धम्की					१	२			२				
भेला/संगठित हुने अधिकार										५	२०		२०
महिलाअधिकार	४		४	४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१	१	१		१
अपहरण					५६	२६४	४	४१४	६८२				
जम्मा	७	१	६	७	७४	२८४	९	४१४	७०७	४२	७६	१२	८८

एकजना माओवादी घाइते भएको स्थानीय वासिन्दाले बताए। यस घटनालाई रक्षा मन्त्रालयको जेठ १२ गतेको विज्ञप्तिमा दोहोरो भिडन्त भएको जनाइयो।

अमले गाविस-३ सिम्लेखोलाका ३७ वर्षीय प्रेमबहादुर खड्का माओवादीको आरोपमा ०६१ जेठ २३ गते राति स्थानीय सिम्लेखोलामा माछा मार्न गएको अवस्थामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडित सँधै माछा मार्ने व्यवसाय गर्दै आएका सर्वसाधारण व्यक्ति भएको बुझियो। पीडितको लाश २६ गते मानवअधिकारकर्मीको पहलमा गाड्न लगाइयो। पीडितलाई सरकारले ०६१ कार्तिक २२ गते १ लाख रुपैयाँ क्षतिपूर्ति दिएको छ।

शान्तेश्वरी गाविसमा ०६१ असार १८ गते काभ्रे जिल्लाको भकुण्डेबेंशीबाट गस्तीमा गएको सुरक्षाकर्मीको कारवाहीमा दुईजना माओवादीको मृत्यु भयो। पीडितहरुको नाम, ठेगाना खुल्न सकेन। यस घटनालाई रक्षा मन्त्रालयको असार १९ गतेको विज्ञप्ति भिडन्तमा मारिएको जनाइयो।

लाम्पानटार गाविस-३ का माओवादी कार्यकर्ता २३ वर्षीय पूर्णबहादुर कार्की ०६१ साउन २० गते सुरक्षाकर्मीद्वारा जरायोटार गाविसमा गोली हानी मारिए। उनी माओवादीले सञ्चालन गरेको "रेडियो जनगणतन्त्र नेपाल" का युद्ध सम्वाददाता रहेको माओवादीले सार्वजनिक जानकारी गराएका थिए। सुरक्षाकर्मीमाथि सकेटबम फाल्ने क्रममा भएको भिडन्तमा मारिएको रक्षा मन्त्रालयको विज्ञप्तिले जनायो।

खोटाङ जिल्ला माम्ती गाविस-१ घर भई सिन्धुली जिल्ला माओवादी एरिया समिति सदस्य सिर्जना भनिने चन्द्रकला अधिकारी ०६१ असोज १ गते सिन्धुलीको बाहुनतिल्पुङ गाविस-८ लायोगाउँमा विरामी भई सेल्टर लिएर एक घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी तिल्पुङ र महादेवडाँडा गाविसको सीमानामा पुऱ्याई असोज १३ गते गोली हानी मारिइन।

डुडभञ्ज्याङ्ग गाविसको सुङ्नामबेंशीमा माओवादीका सिन्धुली, उदयपुर र ओखलढुंगाको १४ औं वटालियन कमिसार डी. वी. लामा र संकल्प भनिने वुद्धिराज परियार ०६१ असोज २४ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडित पक्षले उनीहरुलाई कब्जामा लिएर मारेको जनायो भने कार्तिक २ गते प्रकाशित रक्षा मन्त्रालयको विज्ञप्तिमा दोहोरो भिडन्तमा मारिएको जनाइयो।

माओवादीबाट

कपिलाकोट गाविस-९ धमिलेका १९ वर्षीय फत्तेबहादुर श्रेष्ठलाई सुरक्षाकर्मीलाई माओवादी देखाएको आरोपमा ०६० फागुन २० गते महादेवस्थान गाविस-८ बाट माओवादीले अपहरण गरी भोलिपल्ट सोही ठाउँमा घाँटी रेटेपछि गोली हानी हत्या गरे। पीडित घरवाट जिल्ला सदरमुकामतर्फ जाँदै गर्दा बाटोबाटै माओवादीले अपहरण गरेका थिए। लाश विद्यालय नजिकै सार्वजनिक स्थानमा राखिएकोमा तीन दिनपछि गाडियो।

कमलामाई नपा-१३ रानिचुरीका ६४ वर्षीय कालीप्रसाद दाहाललाई सुराकीको आरोपमा ०६० फागुन २२ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी भोलिपल्ट बेलघारी गाविसमा पुऱ्याई गोली हानी हत्या गरे।

रानिचुरी गाविस-१ की ५ वर्षीय कोपिला मोक्तानको ०६१ वैशाख १६ गते माओवादीले फालेको बम खेलाउँदा विस्फोट भई घाइते भएकोमा उपचारार्थ जनकपुर लैजाँदा-लैजाँदै मृत्यु भयो। उक्त विस्फोटबाट सोही ठाउँकी ८ वर्षीय उर्मिला मोक्तान र ७ वर्षीय विनु जोशी पनि घाइते भए। उक्त दिन गाई/बाख्रा चराउन जंगलमा जाँदा उनीहरुले उक्त बम फेला पारेका थिए।

निपाने गाविस-६ तल्लो खुट्टेपानीका ३० वर्षीय कृष्णबहादुर बस्नेतलाई सुराकीको आरोपमा ०६१ मंसिर १२ गते साँझ माओवादीले अपहरण गरी सोही राति कमलाको बगरमा पुऱ्याई गोली हानी हत्या गरे।

सुरक्षाकर्मीको कारवाहीमा महाभारत जंगलमा मारिएका ज्ञानबहादुर सार्की र बलबहादुर सार्की

दोहोरो भिडन्त

भीमस्थान गाविस-७ सिपालीमा ०६० पुस २३ गते बिहान माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा एक माओवादीको मृत्यु भयो भने दुईजना सुरक्षाकर्मी घाइते भए। घटनास्थलको वरपर गरी पछि थप ५ वटा माओवादीका लाश फेला परेको स्थानीय बासिन्दाले जनाए। तर रक्षा मन्त्रालयको २३ गतेको विज्ञप्तिमा दोहोरो भिडन्तमा एक माओवादीको मृत्यु भएको जनाइयो।

गोली / बम / एम्बुसद्वारा घाइते

माओवादीबाट

भीमस्थान गाविस-६ झार्लाङ्टारमा ०६० पुस २१ गते माओवादीले विछ्याएको विद्युतीय धरापमा पर्दा दुईजना सुरक्षाकर्मी घाइते भए। घाइतेहरुको विवरण जिल्लास्थित सुरक्षा निकायले खुलाएको छैन।

कल्पवृक्ष गाविस-५ ठूलोदमारका १३ वर्षीय सोमबहादुर विश्वकर्मा ०६१ जेठ २० गते माओवादीले फालेको वम खेलाउँदा विस्फोट भई घाइते भए। सुरक्षाकर्मीसँग जम्काभेट भएपछि माओवादीले उक्त बम जंगलमा फालेर भागेका र पीडितका ठूलो बुबा (लाटो) ले जंगलबाट भेटेर घरमा ल्याएका थिए। पीडितलाई उपचारार्थ जनकपुर लगियो।

कल्पवृक्ष गाविस-१ को भालुओर्ले जंगलमा ०६१ भदौ ६ गते माओवादीले राखेको विद्युतीय धराप विस्फोट हुँदा तीनजना सुरक्षाकर्मी घाइते भए। कपिलाकोटको छापस्थित सैनिक क्याम्पबाट जंगलमा दाउरा लिन गएको बेला उक्त विस्फोट भएको थियो। घाइतेको विवरण खुलाइएको छैन।

जेल र बन्दीहरू

सिन्धुली जेलको क्षमता २५ जनाको भए पनि हाल ४१ जना बन्दी राखिएको छ। बन्दीहरुमध्ये कैद नतोकिएका ११ पुरुष र ३ महिला गरी १४ जना तथा कैद तोकिएका २७ जना पुरुष छन्। हाल यस जेलमा माओवादी गतिविधिमा संलग्न भएको आरोपमा १ पुरुष र २ महिलालाई नजरबन्दमा राखिएको छ।

जेलमा पानी र चर्पीको राम्रो व्यवस्था छ। महिला बन्दीतर्फको कोठामा चर्पीनजिकै भान्सा भएकाले खाना खान जाँदासमेत दुर्गन्ध आउने गरेको गुनासो छ। तीन वर्ष अघि जिविस र नगरपालिकाले एक/एक वटा टिभी उपलब्ध गराएका थिए भने बन्दीहरुले आईसीआरसीको पहलमा स्थापित एक सानो पुस्तकालय सञ्चालन गरिरहेका छन्। हप्तामा तीन दिन आफन्तहरुसँग भेटघाट गर्न दिने गरिएको छ। जाडोको समयमा भूईंमा ओछ्यान लगाएर सुत्नुपर्दा चिसोका कारण निकै कठिनाई हुने गरेको, आफूहरुले जानेको सीपअनुसारको व्यवसाय बजारको अभावले नचलेको गुनासो बन्दीहरुको छ।

बन्दीहरुको सामान्य उपचार जिल्ला अस्पतालमा गरिने, कारागार ऐन, नियमानुसार पैसा र विस्तरा दिने गरिएको, जेल धेरै पुरानो भई विभिन्न ठाउँमा चर्केको, महिला बन्दीको लागि छुट्टै बन्दीगृहको व्यवस्था नभएकोले जेलर बस्ने कोठामा राख्ने गरेको र कारागार व्यवस्थापनको लागि बजेट न्यून भएको निमित्त जेलरले बताए।

बेपत्ता / अपहरण

राज्यबाट

रानीचुरी गाविस-९ कवासेका माओवादी कार्यकर्ता ४६ वर्षीय हिराबहादुर मगरलाई ०६० माघ २१ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

भीमस्थान गाविस-२ का राप्रपा कार्यकर्ता ३५ वर्षीय लक्ष्मण दाहाललाई स्थानीय स्तरमा सुरक्षाकर्मीद्वारा बनाइएको प्रतिकार समितिमा बसेको आरोपमा ०६० पुस १७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई जिल्लाका विभिन्न गाविस घुमाई आठ दिनपछि पुस २४ गते डुँडभञ्ज्याङ गाविसबाट मुक्त गरियो।

अमले गाविस-३ पटवासका सैनिक ३२ वर्षीय जीतबहादुर स्याङ्तानलाई ०६० पुस २५ गते घरबाट काठमाडौंतर्फ जाँदै गर्दा बाटोबाट माओवादीले अपहरण गरे। पीडितलाई विभिन्न ठाउँहरु घुमाई जागिर छोड्ने शर्तमा माघ ५ गते मुक्त गरियो।

हत्पते गाविस-८ का ३६ वर्षीय षोडसराज भण्डारीलाई चन्दा नदिएको आरोपमा ०६० फागुन ४ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितसँग माओवादीले २५ हजार चन्दा मागेकोमा १० हजार बुझाई बाँकी पछि बुझाउने

सुरक्षाकर्मीको कारवाहीमा अमले गाविस-३ स्थित सिमले खोलामा माछा मार्दै गरेको अवस्थामा मारिएका प्रेमबहादुर खड्का

शर्तमा दुई दिनपछि मुक्त गरे।

सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका रोंगेदोभान प्राविका शिक्षक बुद्धिबहादुर राई

कपिलाकोट गाविस-९ धमिलेका २३ वर्षीय धनबहादुर श्रेष्ठ र सोही ठाउँका ४२ वर्षीय वीरबहादुर श्रेष्ठलाई सुराकीको आरोपमा ०६० फागुन २० गते घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितहरुलाई लाठी र मुक्काले निर्मम ढंगले कुटपिट गरियो। पीडित वीरबहादुरलाई सात दिनसम्म दैनिक तारिख दिई माफी मगाएर भोलिपल्ट मुक्त गरे भने अर्का पीडित धनबहादुरलाई ६ महिनासम्म तोकिएको चार सीमाना नाघेर बाहिर जान नपाउने शर्तमा फागुन २७ गते एक सार्वजनिक सुनुवाई कार्यक्रममा परिवारलाई बोलाई जिम्मा लगाए। पीडित मानसिक रोगी थिए। माओवादीको कुटपिटका कारण ढाडको छाला फुटेको, छाती, अनुहार र खुट्टामा गम्भीर असर परेको पीडितले बताए।

भद्रकाली गाविस-९ बोहोरेका भूपू सैनिक सुवेदार तथा बर्दिवास-बनेपा सडक आयोजनाको धनमना वेचिङ प्लान्टका सुरक्षा इन्चार्ज ५० वर्षीय अम्वरबहादुर लामालाई ०६१ वैशाख १ गते भद्रकालीको धनमना खोलामा ड्युटी बसिरहेको अवस्थामा दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई विभिन्न गाउँहरु घुमाई १५ दिनपछि मुक्त गरे।

मझुवा गाविस-३ गैरीगाउँका गाविस सचिव रामबाबु कार्की र सोही ठाउँका उनकै काका जीतबहादुर कार्कीलाई ०६१ वैशाख १ गते आफ्नै गाउँको एक पसलबाट माओवादीले अपहरण गरे। पीडितहरुको केही दिन पहिले माओवादीसँग झगडा भएकाले उक्त दिन नयाँ वर्ष मनाइरहेको अवस्थामा अपहरण गरिएको थियो। पीडितहरुलाई जिल्लाका विभिन्न गाविसहरु घुमाई गाउँमा एउटा चौतारो बनाउनुपर्ने शर्तमा वैशाख ४ गते मुक्त गरियो।

लाम्पानटार गाविस-३ चकमकेका व्यापारी शंकर कार्कीलाई ०६१ वैशाख ३ गते आफ्नै पसलबाट माओवादीले अपहरण गरे। पीडितलाई विभिन्न ठाउँ घुमाई वैशाख ११ गते जरायोटार गाविसको मझुवा दोभानबाट मुक्त गरे।

जलकन्या गाविस चपौली घर भई लाम्पानटार गाविस-३ चकचकेमा व्यापार गरी बस्ने ३२ वर्षीय खोजमणि देवकोटालाई ०६१ वैशाख ४ गते र सोही ठाउँका व्यापारी आनन्दबहादुर कार्कीलाई वैशाख ७ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई वैशाख ३ गते सोही ठाउँका व्यापारी शंकरलाई अपहरण गरेको कार्यको विरोध जनाउँदै साथी खोज्ने भनी जाँदा बाटोमा माओवादीसँग जम्काभेट भएको र "नेता बनेर आएको" भनी दुवै जनालाई पनि अपहरण गरेर लगेका थिए। दुवैजनालाई वैशाख ११ गते जरायोटार गाविसको मझुवा दोभानबाट मुक्त गरियो।

सोल्पाठाना गाविस-९ जाङ्गजाङ्गका ७२ वर्षीय भक्तबहादुर खड्कालाई ०६१ वैशाख ८ गते र सोही ठाउँका जाङ्गजाङ्ग प्राविका प्रधानाध्यापक अर्जुन शर्मा घोरसाइनेलाई वैशाख ९ गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरे। भक्तबहादुरले गत फागुन २० गते माओवादीले गाउँ जनसरकारमा राखेको जनाउँदै जिप्रकामा आत्मसमर्पण गरेका थिए। सोही कारण उनलाई अपहरण गरिएको थियो। उनलाई प्रशासनमा हाजिर हुन नजाने, माओवादीले लगाएको काम गर्नुपर्ने, भनेको दिन हाजिर हुनुपर्ने, माओवादीका पोल कहीं नखोल्ने आदि शर्त गराएर पहिले दैनिक र पछि साधारण तारिखमा वैशाख १४ गते मुक्त गरे। अर्का पीडित अर्जुन शर्मालाई फिकल मावि सोल्पाको विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट राजीनामा गराई वैशाख १३ गते मुक्त गरे।

झाँगाझोली रातमाटा गाविस-५ मरुवाडाँडाका ३२ वर्षीय गुणराज चौलागाईलाई ०६१ वैशाख ११ गते पुरानो झाँगाझोली गाविस-४ परेवाडाँडाका २४ वर्षीय चन्द्रकेशर दाहाल र काभ्रे जिल्ला भीमखोरी गाविस केराबारीकी १७ वर्षीय सरस्वती रायमाझीलाई ०६१ वैशाख १३ गते "यौन दुराचार" गरेको आरोपमा माओवादीले अपहरण गरे। उनीहरुलाई निर्मम कुटपिट गरी पेस्तोल समाएर बयान गराएको र अत्यन्तै अमानवीय व्यवहार गरिएको पीडित पक्षले जनाए। माओवादीले गुणराजलाई दश महिना, चन्द्रकेशरलाई एक वर्ष र सरस्वतीलाई ९ महिनाको श्रम गर्नुपर्ने भनिएको पीडित पक्षले जनाए।

सिर्थौली गाविस-१ डकाहास्थित सरस्वती उच्च मावि सिर्थौलीका शिक्षकहरु विष्णु सापकोटा, ध्रुव घिमिरे, डम्बर दाहाल, रेशमबहादुर लामा, लिलाबहादुर श्रेष्ठ, विष्णु घिमिरे, नागेन्द्र ठाकुर, बुद्धिबहादुर बस्नेतलगायत् १४ जना, हत्पते गाविस-६ भलुवाहीस्थित कमला उच्च माविका पियन ६० वर्षीय नारायणप्रसाद बरालसहित ८ जना शिक्षक, सिर्थौलीका मावि शिक्षकहरु लक्ष्मी धामी, हेमराज कुँवर, राजकुमार शाह, टेकबहादुर लामा, रामशंकर कर्ण, रामबहादुर साह, चन्द्रकिशोर थारु, खेम पहाडीलगायत् दशजना गरी ३२ शिक्षक र एक पियनलाई ०६१ वैशाख २० गते माओवादीले आ-आफ्नै विद्यालयबाट अपहरण गरे। शिक्षकहरुलाई सिर्थौली, हत्पते, जरायोटार, लाम्पानटार र रानीवास गाविस

घुमाउँदै लगेका र रानीवास गाविसको मडाहामा राति ११ बजे पुऱ्याउँदा सुरक्षाकर्मी सोही ठाउँमा पुगेका कारण माओवादी भागेपछि शिक्षकहरु ४१ घण्टापछि मुक्त भए भने नारायणप्रसादलाई सँगै लगेकोमा वैशाख २६ गते हत्पते गाविसको गैरी कुर्थौलीबाट मुक्त गरे।

पीपलमाढी गाविस-९ बखफरका राप्रपा ३ नं. क्षेत्रीय सदस्य ४२ वर्षीय होमप्रसाद गौतमलाई ०६१ वैशाख २४ गते सरकारद्वारा मनोनित भई गाविस अध्यक्ष हुन लागेको तथा स्थानीय जखौली प्राविको व्यवस्थापन समितिको अध्यक्ष भई मनोमानी गरेको आरोपमा माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई कुटपिट गरी विभिन्न शर्त गराई भोलिपल्ट मुक्त गरे। होमप्रसाद अपहरण भएको समाचार कान्तिपुर एफ. एम. मा प्रशारण भएपछि यो समाचार कसले दियो ? किन दिएको ? भनी पुन: माओवादीले ०६१ वैशाख २७ गते अपहरण गरे। पीडितलाई माओवादीले कुटपिट गरी गाउँदेखि बाहिर जान नपाउने, कसैसँग माओवादीका कुरा गर्न नपाउने, नयाँ भर्ना गरिएका बाहिरका शिक्षकलाई तुरुन्तै हटाउने आदि शर्त गराएर जेठ २ गते तारिखमा मुक्त गरे।

कुशेश्वर र दुम्जा गाविसका विद्यालयहरु मावि कुशेश्वर विद्यापिठ पानीपोखरीका तीन जना, प्रावि घ्याम्पेटारका तीन जना, प्रावि वालुवा, प्रावि नेपालथोकलगायत् सो गाविसका १० विद्यालयका ३५ शिक्षक तथा बुद्धिजीवीहरुलाई ०६१ वैशाख २५ गते माओवादीले अपहरण गरे। उनीहरुलाई एक दिने जनवादी शिक्षासम्बन्धी अन्तरक्रियामा सहभागी गराई मुक्त गरियो।

भद्रकाली गाविस-३ का एमाले कार्यकर्ता ५१ वर्षीय हरिप्रसाद थापा मगरलाई ०६१ जेठ ४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। माओवादीले थापेको विद्युतीय धरापको तार बाहिर देखिएकाले उक्त कुरा सुरक्षाकर्मीलाई खबर गरेको आरोपमा उनलाई अपहरण गरेका एमालेका कौशल कोइरालाले बताए। पीडितलाई जेठ ७ गते मुक्त गरे।

सिर्थौली गाविसको सिर्थौली माविका शिक्षक हेमप्रसाद गौतम, बैंकटेश्वर उच्च मावि बाहुनतिल्पुङ्गका चेतप्रसाद तिमल्सिना, तेजनारायण कापडी, लाम्पानटार उच्च माविका प्रधानाध्यापक अनन्तराज श्रेष्ठ, बुद्धिलाल तामाङ, प्रस्तावित मावि आमबोटेका टेकबहादुर खत्री, तुलसीप्रसाद पोखरेल, वाङ्गरिङ्ग फेदी माविका प्रधानाध्यापक ज्ञानप्रसाद तिमल्सिना, जलकन्या मावि चपौलीका प्रधानाध्यापक चुडामणि देवकोटा र महन गौतम, गालटार माविका सुरेश फुयाल, ध्रुव कोइराला, सहस्रधारा निमावि नागेडाँडाका प्रधानाध्यापक रेवतीप्रसाद दाहाल र चिरन्जीवी दाहाल, प्रगतिशील उच्चमावि भाँगाभोली रातमाटाका देवकुमार आचार्य र प्रेम बस्नेत, कुशेश्वर विद्यापिठ मावि दुम्जाका बच्चु कोइरालालगायत् जिल्लाका ५० वटा विद्यालयका करिब दुई सय शिक्षकहरुलाई ०६१ जेठ ७ गतेदेखि १२ गतेसम्म आ-आफ्नै विद्यालयवाट माओवादीले अपहरण गरे। उनीहरुलाई माओवादीले जिल्लाको शान्तेश्वरी गाविसमा लगी जनवादी शिक्षासम्बन्धी तालिममा सहभागी गराई जेठ १४ गते मुक्त गरे।

विराटनगर उमनपा घर भई रामेछापस्थित सैनिक ब्यारेकका पूजारी २७ वर्षीय हिमाल कोइरालालाई ०६१ जेठ ३ गते आफ्नो घरबाट रामेछाप जाँदै गर्दा रतनचुरा गाविस-१ को खानीनिगालेबाट माओवादीले अपहरण गरे। पीडितलाई विभिन्न गाउँहरु घुमाउँदै लैजाँदा कपिलाकोट गाविसमा सुरक्षाकर्मीसँग जम्काभेट भई दोहोरो भिडन्त हुँदा माओवादी भागेकाले जेठ १८ गते मुक्त भए।

लाम्पानटार गाविस-९ फेदीका जिल्ला शिक्षा कार्यालयका स्रोतव्यक्ति ४० वर्षीय भीमप्रसाद अधिकारीलाई ०६१ जेठ २३ गते सोल्पाठाना माविमा प्रशिक्षण दिइरहेको अवस्थामा माओवादीले अपहरण गरे। माओवादीले सोल्पा माविमा विद्यालय व्यवस्थापन समितिको गठन गरेका र उक्त समितिलाई शिक्षा कार्यालयले मान्यता नदिने बताएका कारण अपहरण गरिएको स्थानीय व्यक्तिले बताए। पीडितलाई ८ दिनपछि मुक्त गरियो।

सिर्थौली, टाँडी, हर्साही, दुधौली, लहाभीरलगायत् कमलाखुँज क्षेत्रका ६ वटा गाविसका १७ वटा विद्यालयबाट करिब २ सय शिक्षक-शिक्षिकालाई ०६१ जेठ २५ गते माओवादीले अपहरण गरे। विद्यालय हाताभित्रैबाट शिक्षकहरु अपहरण गरी विद्यार्थीहरुलाई जेठ ३० गतेबाट मात्र स्कूल आउन भनेका थिए। अपहरित शिक्षकहरुलाई जिल्लाकै जिनखु गाविसमा पुऱ्याई जनवादी शिक्षासम्बन्धी तालिममा सहभागी गराई एक क्रान्तिकारी शिक्षक संगठनसमेत गठन गरी जेठ २७ गते मुक्त गरे।

फिकल मावि खोल्पाठानाका करिब एक दर्जन विद्यार्थी, सुनकोशी मावि खाङ्गसाङ्गका एक दर्जन, प्रस्तावित मावि रातमाटा खोलागाउँका एक दर्जन, बैंकटेश्वर उच्च मावि बाहुनतिल्पुङ्का १५ जनालगायत् उक्त क्षेत्रका विद्यालयका करिब ७० जना विद्यार्थीहरुलाई ०६१ जेठ २७ गते आ-आफ्नै विद्यालयबाट माओवादीले अपहरण गरे। अपहरित विद्यार्थीहरुलाई अनेरास्ववियु (क्रान्तिकारी) को १२ औं जिल्ला सम्मेलनमा सहभागी गराउन लगेकोमा सहभागी गराई फर्कने क्रममा बितिजोर गाविसको धनेघाटमा रामेछापबाट गस्तीमा आएका सुरक्षाकर्मीको टोलीसँग जम्काभेट भएपछि माओवादीहरु विद्यार्थीलाई छोडेर भागेकाले ०६१ असार ३ गते मुक्त भए। विद्यार्थीहरुलाई सुरक्षाकर्मीले उद्धार गरेको सुरक्षास्रोतले जनायो।

सिर्थौली गाविस-१ डकाहा बजारका व्यापारीहरु रितबहादुर कार्की, सत्यनारायण चौधरी, बलराम शाह, दुर्गाबहादुर राउत, रामरतन राउत, पूर्णबहादुर मानन्धर, रामकुमार परियार, गौतम विक, सूर्यबहादुर सुनुवार, लालबहादुर पाण्डे, अहेब दिनेशकुमार यादव, कर्मचारी ईश्वर तिमल्सिना र दुधौली गाविसका ५० जना व्यापारीहरुलाई ०६१ जेठ ३१ गते माओवादीले आ-आफ्नै पसलबाट अपहरण गरे। पीडितहरुलाई जिल्लाकै जिनखु गाविस-९ को जंगलमा पुऱ्याई प्रशिक्षण दिइएको थियो। माओवादीलाई कर तिर्नुपर्नेलगायत्का निर्देशन दिई बजार मूल्यसूची समेत दिएर जेठ ३२ गते राति डकाहा बजारवाट मुक्त गरे।

हत्पते गाविसको कमला उच्च मावि, भुलुवाहीका प्रधानाध्यापक केशव बरालसहित १२ जना, चन्द्रवती मावि वेलघारीका ८ जना, भवानी उच्च मावि भीमस्थानका ७ जना, प्रभात मावि माथिल्लो रानीबासका प्रधानाध्यापक भोला बरालसहित ४ जना, जरायोटार गाविसको मावि मझुवा दोभानका करिब एक दर्जन, उच्चमावि लाम्पाटारका करिव एक दर्जन, रानीबास गाविस-८ मडाहा प्राविका एक पियनसहित ४ जना, गिचिहानी निमाविका प्रधानाध्यापक रेवतीरमण पहाडीसहित ४ जना र रतनपुर प्राविबाट एकजना गरी ७५ जना शिक्षकलाई ०६१ असार ९ गते आ-आफ्नै विद्यालयवाट माओवादीले अपहरण गरे। पीडितहरुलाई जरायोटार गाविस-९ शहरेको सिसाबोटे प्राविमा लगी जनवादी शिक्षासम्बन्धी अन्तरक्रियामा सहभागी गराई असार १० गते साँझ मुक्त गरे।

बेलघारी गाविस-९ का २० वर्षीय मेगबहादुर विकलाई ०६१ भदौ २ गते आफ्नो घरबाट जिल्ला सदरमुकामतर्फ आउँदै गर्दा बेलघारी गाविस-१ को वाटोबाट माओवादीले अपहरण गरे। उनी शाही सेनामा भर्ना हुन आवश्यक कागजपत्र बोकी जाँदै थिए। पीडितलाई सेनामा भर्ना हुनवाट रोक्न लगेका र पछि कागजपत्र खोसेर छोडिदिएको स्थानीय बासिन्दाले बताए।

सिर्थौली गाविसस्थित सरस्वती उच्च मावि डकाहाका करिब चार दर्जन, मावि हर्षाहीका तीन दर्जन र मावि सिर्थौलीका तीन दर्जन विद्यार्थीहरुलाई ०६१ भदौ ११ गते आफ्नै विद्यालयबाट माओवादीले अपहरण गरे। पीडितहरुलाई उनीहरुको कार्यक्रममा सहभागी गराई दुई दिनपछि मुक्त गरे।

निपाने गाविस-६ खुट्टेपानीका पदमप्रसाद वराल, सोही ठाउँका युवराज पौडेल, रामचन्द्र कटुवाल र जनकबहादुर खत्रीलाई ०६१ असोज १९ गते माओवादीले अपहरण गरे। स्थानीय खगेन्द्र कटुवालको लडेर मृत्यु भएकोमा उनीहरुले भीरवाट लडाइदिएको आशंकाको उजुरी (मौखिक) मोहनबहादुर कटुवालले गरेको कारण उनीहरुलाई अपहरण गरिएको स्थानीय बासिन्दाले बताए। सबैलाई असोज २२ गते मुक्त गरे।

निपाने गाविस-२ कालापानीका १५ वर्षीय अजय लामा र सोही ठाउँकी १५ वर्षीय अप्सरा अधिकारीलाई उमेर नपुगी विवाह गरेको भनी ०६१ मंसिर १२ गते माओवादीले अपहरण गरे। उनीहरुबीच प्रेम सम्बन्ध बढ्दै गएपछि अभिभावकले छुटाउने प्रयास गरेका कारण उनीहरुले घरबाट भागेर प्रेम विवाह गरेका थिए। पीडितहरुलाई दुई दिनपछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तिनकन्या गाविस-७ कुभिन्डेका ३६ वर्षीय शिव गौदासे मगर, सोही ठाउँका हेमे दमाई, विष्णुबहादुर पूर्वाछाने, सूर्यबहादुर नेपाली र सोही गाविस-९ रानीखोलाकी ३० वर्षीय गिता विकलाई ०६० फागुन १ गते गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे। सोही गाविस-७ बाट दुईजनालाई सुरक्षाकर्मीले गिरफ्तार गरेर लैजान लाग्दा यी निर्दोष हुन् भन्दा सुरक्षाकर्मीले जनसरकार भनेको के हो ? यिनीहरु जनसरकामा बसेका हुन् कि होइनन् ? भनेर सोधेका र थाहा छैन भन्दा कुटपिट गरिएको पीडितले बताए। त्यसैगरी गीता विकका पति केदारलाई गोलीद्वारा हत्या गरिसकेपछि आफू खोल्सामा सँगै लाश हेर्न जाँदा घोक्र्याउँदै लडाएर कुटपिट गरी घरभित्र थुपारिदिएको पीडितले बताइन्। सुरक्षाकर्मीले लाश भएको ठाउँमा कोही गएमा मारिदिने धम्की दिएको स्थानीय बासिन्दाले बताए।

वस्तीपुर गाविस-९ हायुटारका ४५ वर्षीय गोपाल नेपालीलाई माओवादीको आशंकामा ०६० माघ १८ गते आफ्नै घरमा बसेको अवस्थामा गस्तिमा गएका सुरक्षाकर्मीले कुटपिट गरे। "पूर्णबहादुर नेपाली भनेको तँ होस्" भनेर कुटपिट गरी विद्यालयसम्म ल्याएको र सबैले पूर्णबहादुरलाई देखाइदिएपछि उनलाई छोडिएको थियो। पीडितले रगत छादेको र हाल काम गर्न नसक्ने भएको पीडितपक्षले जनायो।

बेलघारी गाविस-२ खत्रीटारका शिक्षक २७ वर्षीय पुरुषोत्तम दाहाल र उनका दाजु राधाकृष्ण दाहाललाई ०६० फागुन १९ गते आफ्नै घरमा बसिरहेको अवस्थामा गस्तिमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

रौतहट जिल्ला चन्द्रनिगाहपुर गाविस-५ थलही घर भई सिन्धुलीको क्यानेश्वर गाविस-७ स्थित राँगेदोभान प्राविका शिक्षक ३६ वर्षीय बुद्धिबहादुर राईलाई माओवादीको आरोपमा ०६१ वैशाख १६ गते विद्यालयबाट घरतर्फ जाँदै गर्दा बाटोमा पौराई गाविसको वागमती किनार नुनथरमा सर्लाहीको कर्मैयाबाट गएका सुरक्षाकर्मीले कुटपिट गरे। त्यसैगरी उनीसँगै वागमती मंगलपुर ससुराली हिंडेका

क्यानेश्वर गाविस-७ राँगेदोभानका विद्यार्थी २२ वर्षीय जयराम मोक्तानलाई पनि कुटपिट गरेका थिए।

माओवादीबाट

महादेवडाँडा गाविसकी ५१ वर्षीय मञ्जुमाया आचार्यलाई ०६० पुस २७ गते माओवादीले सिस्नोपानी लगाएर कुटपिट गरी गाउँबाट निकाला गरे। सौतेनी दिदीसँग सधैं अंशका विषयमा झगडा हुने गरेकाले आफूले प्रहरीकहाँ उजुरी गरेको र प्रहरीमा उजुरी गरेको भनी माओवादीले तीन दिनसम्म घरमै कुटपिट गरी बायाँ हात भाँचिदिएको र कार्तिकमा माओवादीले नाङ्गै बनाएर सिस्नुपानीले कुटपिट गरेकाले गाउँमा बस्न नसकी आफन्तकहाँ बस्न आएको पीडितले बताइन्। सात वर्षअघि पतिको मृत्यु भएको र आफ्नो भागमा परेको ३५ रोपनी जग्गा सौतेनी दिदीले हडपेको र गाउँ जाँदा फेरि अंश खान आई भनी लखेट्ने गरेको पीडितले बताइन्।

तोश्रामखोला गाविस-७ का नेकाँका कार्यकर्ता एवम् पूर्व वडाध्यक्ष ४५ वर्षीय फुट्टे सार्कीलाई ०६० माघ ८ गते गाउँ जनसरकारमा नबसेको कारण माओवादीले कुटपिट गरे। पीडितलाई घरबाट बाहुनतिल्पुङ गाविसमा पुऱ्याएर कुटपिट गरी चौतारो बनाउनु पर्ने शर्तमा मुक्त गरेको पीडितले बताए।

बाहुनतिल्पुङ्ग गाविस-८ का बमबहादुर तामाङलाई भनेजति चन्दा नदिएको आरोपमा ०६० माघ १० गते माओवादीले कुटपिट गरे।

लाम्पानटार गाविस-३ शिकारीडाँडाकी खरिमाया परियार, सोही ठाउँका बुद्धिमान परियारसमेत तीनजनालाई ०६१ वैशाख २५ गते माओवादीले सोही ठाउँमा उनीहरुका कार्यकर्ता मारिँदा खुशी मनाएको आरोपमा कुटपिट गरी २ किमी घोडेटो बाटो खन्नुपर्ने सजाय गरे। उक्त ठाउँमा फागुन ३ गते सुरक्षाकर्मीद्वारा ५ जना माओवादी मारिएका थिए।

पिपलमाढी गाविस-९ बखफुरका विद्यार्थी १५ वर्षीय कृष्णबहादुर राईलाई ०६१ जेठ ५ गते उनी अध्ययनरत जनता भावि मरिण बखफुरमा माओवादीहरु प्रवेश गरी माओवादीको विरोध गरेको आरोपमा कुटपिट गरे।

भीमस्थान गाविस-१ साखाजोरका नानीराम कार्की र गोही गाविस-९ का लालबहादुर पाखिनलाई ०६१ असार १६ गते माओवादीले उनीहरुको विरुद्ध कार्य गरेको आरोपमा १५ दिनभित्र माओवादीमा हाजिर नभए कडा कारवाही गरिने भनी '१५ दिने अल्टिमेटम" सार्वजनिक स्थानमा टाँस गरी धम्की दिए।

खोलागाउँ गाविसका २५ वर्षीय कुशहरि काफ्लेलाई ०६१ असोज १० गते काठमाडौंबाट आफ्नो घरतर्फ जाँदै गर्दा रानीचुरी गाविसमा बाटोमा हिंडिरहेको अवस्थामा माओवादीले कुटपिट गरे। जिल्लाका एक सादा पोशाकका प्रहरीसँग उनको नाम मिलेका कारण उनले कुटाई खाएको जनाएका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रिले अनशनमा बसेका नेकाँ जिल्ला सभापति एवम् पूर्व स्वास्थ्यमन्त्री विपिन कोइराला, नेकाँ कार्यकर्ताहरु होमबहादुर घिमिरे र दिलबहादुर खड्कालाई ०६१ साउन १८ गते, नेकाँ जिल्ला उपसभापति चिरिञ्जीवी ढकालगायत् तीन जनालाई साउन १९ गते, नेकाँ जिल्ला कमिटीका सचिव उज्ज्वल बराल, बद्रीनाथ अधिकारी, काशीनाथ अधिकारीलगायत् ५ जनालाई साउन २० गते, नेकाँ जिल्ला कमिटी सदस्य प्रेमचन्द्र दाहाल, काशीनाथ दाहाल, तरुण दलका मोहन बराललगायत् ५ जनालाई साउन २१ गते, रंगराज खतिवडा, रणमर्दन कार्की, अच्युत ढकाललगायत् ६ जनालाई साउन २२ गते, कमलामाई नपा-६ स्थित खुलामञ्चमा अनशन स्थलबाटै प्रहरीले गिरफ्तार गरे। पीडितहरु सबैलाई गिरफ्तार भएको भोलिपल्ट रिहा गरिएको थियो। संवैधानिक अधिकारमाथि हस्तक्षेप गरेको भनी पीडित पक्षले विज्ञप्तिमार्फत् विरोध र भर्त्सना गरे। कर्फ्यूको समयमा बाहिर बस्न नमिल्ने भएकाले सुरक्षार्थ लगिएको सुरक्षास्रोतले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानी ४४, दुनियावादी फौजदारी १५, सरकारवादी फौजदारी ११, संक्षिप्त फौजदारी ३ र विशेष अदालतमा ३ गरी कूल ७६ वटा मुद्दा दर्ता भए। जसमा देवानी ५, सरकारवादी फौजदारी ३, संक्षिप्त फौजदारी १ र विशेष अदालतमा २ गरी जम्मा ११ वटा मुद्दा फर्स्यौट भई ६५ वटा बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका ३, एक वर्ष नाघेका १५ र ६ महिना नाघेका ४७ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान ६, झुण्डिएर आत्महत्या ४, विष सेवन १, केही सार्वजनिक अपराध ८, हातहतियार खरखजाना १, भवितव्य १०, जवरजस्ती करणी २, सवारी ज्यान २, फुटकर ज्यान २, अंगभंग १, किर्ते नागरिकता १, आतंककारी तथा विध्वंसात्मक कार्य सम्बन्धी २ र बहुविवाह १ गरी ४१ वटा मुद्दा दर्ता भएकोमा १७ वटा फर्स्यौट भई २४ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष असहाय र अपाङ्ग गरी ५ हजार ६ सय ५८ जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरुमा वृद्ध २ हजार ६ सय ७८ जना, विधवा तथा असहाय २ हजार ९ सय २४ जना, अपाङ्ग-अशक्त ४७ जना छन्। साथै, माओवादीबाट मारिएका ९ परिवारले समेत यो भत्ता प्राप्त गरेका छन्। ०६१ कार्तिकदेखि पुससम्म भत्ता नपाएको बृद्धहरुको गुनासो छ।

धार्मिक अधिकार

कमलामाई नपा-६ पानी ट्यांकीका ३५ वर्षीय वीरबहादुर थापालाई ०६० माघ २७ गते इसाई धर्मग्रन्थ वाइबल बोकेर हिंडेको देखी एक सैनिक अधिकृतले "यस्तो किताब बोक्न प्रतिबन्ध छ" भनी दैनिक तारिख लगाइदिए। बिहान स्थानीय विद्युत चोकको एक होटलमा दुध पुऱ्याएर होटलबाट बाइबलको किताब लिएर आएको र स्वेच्छाले धर्म मान्न पाउने स्वतन्त्रतामाथि कुठाराघात गरी प्रशासनले तारिख लगाएको दलित सेवा संघका सचिव एवम् इसाई धर्मावलम्बी दीपक विक सेन्चुरीले बताए।

आर्थिक अधिकार

जिल्लाको पूर्वी क्षेत्रका बेलघारी, भीमस्थान, रानीचुरी, जरायोटार, लाम्पानटार गाविस, कमलाखोँच र मरिण क्षेत्रका गाविसका किसानलाई माओवादीले धान विक्री वितरण गर्न प्रतिबन्ध लगाए। माओवादीले जसले धान बाहिर लैजान्छ, उसको सबै धान बाटोमा झारेर आगो लगाइदिने धम्की दिएकाले गुजारा चलाउन समस्या परेको पीडितहरुले बताए। गाउँमा खाद्यान्न लैजान प्रशासनले स्वीकृति नदिने र गाउँबाट बजारसम्म ल्याउन माओवादीले प्रतिबन्ध लगाएपछि सिन्धुलीबासी दोहोरो मारमा परेका छन्।

बेलघारी गाविस-२ का पूर्व असई ४८ वर्षीय कुलबहादुर कार्कीलाई ०६१ असार १६ गते माओवादीले आफ्नो भतिजो कृष्णबहादुर कार्कीलाई आत्मसमर्पण गराई माओवादीविरुद्ध सुराकी गर्न लगाएर क्षति गराएको आरोपमा घर-जग्गा कब्जा गरी गाउँबाट खेदाए। आफूले त्यस्तो किसिमको कुनै कार्य नगरेकोले आफ्नो घर-जग्गा फुकुवा गर्न पहल गरिदिन पीडितले मानवअधिकारकर्मीहरुसँग अपिल गरे।

विस्थापन

विद्यमान सशस्त्र द्वन्द्वका कारण जिल्लाबाट ५१ घरधुरीका १ सय ९२ जना विस्थापित भएको जिप्रकाको रेकर्डमा छ। तर यस तथ्यांकमा राज्यवाट विस्थापित हुन पुगेकाहरुको उल्लेख नभएको र माओवादीबाट विस्थापित हुनेहरुको पनि पूर्णरुपमा नसमेटिएको विस्थापितहरुले जनाए। पछिल्लो युद्धविराम भंग भएयता जिल्लाका २८ घर-परिवारका ८५ जना विस्थापित भएको प्रशासनको उक्त अभिलेखमा देखिन्छ। तर यस जिल्लामा दुवै पक्षबाट गरी करिब ३ सय ५० जना विस्थापित भएको जानकारीमा आएको छ। विस्थापितहरु जिल्ला सदरमुकाम, छिमेकी जिल्लाहरु, राजधानी, देशका अन्य ठूला शहरहरु तथा भारततर्फ गएका छन्। विस्थापितहरुमध्ये प्राय:लाई माओवादीले विभिन्न आरोप लगाउँदै ज्यानमार्ने धम्की दिएका, ठूलो रकम चन्दा मागेका तथा घरजग्गा कब्जा गरेका कारण गाउँबाट विस्थापित भएको पीडितहरुले बताए। विस्थापितमध्ये धेरैलाई जीवन धान्न कठिन भएको उनीहरुको गुनासो छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

वस्तीपुर गाविस-८ का पूर्णबहादुर नेपालीलाई ०६० माघ १८ गते गस्तिमा गएका सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी निर्मम यातना दिए। सोही ठाउँका लालबहादुर बैंजु र भीमबहादुर स्याङ्तान ०६० माघ २० गते आत्मसमर्पण गर्न जिल्ला सदरमुकाम आउँदा गिरफ्तार गरियो। माओवादीले पूर्णबहादुरलाई गाउँ जनसरकार प्रमुख र भीमबहादुरलाई उपप्रमुख बनाएका थिए। स्याङ्तान पूर्व गाविस उपाध्यक्षसमेत थिए। उनीहरुलाई हिरासतमा यातना दिइएको पीडित पक्षले जनाए। पीडितहरुलाई लामो समयसम्म प्रहरी हिरासतमा राखी आत्मसमर्पण गराएर दैनिक तारिखमा रिहा गरियो।

कमलामाई नपा-१२ भिमानका अधिवक्ता २८ वर्षीय पुष्पराज पौडेललाई ०६० फागुन १८ गते कमलामाई नपा-६ बजारबाट प्रहरीले गिरफ्तार गरे। इलाका प्रहरी कार्यालय भिमानले गराएको एउटा कागजको सम्बन्धमा कुरा गर्न जाँदा आफूलाई समेत गाली-बेइज्जती गरेकाले प्रहरीको विरुद्धमा उक्त करकापको कागज र गाली-बेइज्जतीसम्बन्धी मुद्दा अदालतमा दर्ता गराएका कारण आफूलाई गिरफ्तार गरिएको पीडितले बताए। उक्त मुद्दा १० दिनभित्रमा फिर्ता गराउने शर्तमा भोलिपल्ट रिहा गरियो। पछि ती दुवै मुद्दा मिलापत्र गरी मिलाइए।

लाम्पानटार गाविस-२ लंगुरखोलाका कुखुरा व्यापारी ५० वर्षीय टंकवीर विश्वकर्मालाई ०६० माघ ७ गते जिल्ला सदरमुकाममा छोरालाई भेट्न आउँदा कमलामाई नपा-६ स्थित सैनिक चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित कुखुरा बेच्दै जाँदा गाउँमा माओवादीको कार्यक्रममा पुगेका र त्यहीं माओवादीले गाउँ जनसरकारमा राखिदिएका

थिए। तर, जनसरकारमा बस्दा के हुन्छ उनीलाई केही पनि जानकारी नभएको पीडितले बताए। हिरासतमा यातना दिइएको पीडितले जनाए। पीडितलाई ०६० माघ २६ गतेदेखि कारागारमा नजरबन्दमा राखिएकोमा ०६१ भदौ ८ गते तारिखमा रिहा गरियो।

बालाजोर गाविसका ४५ वर्षीय फणिन्द्र भनिने खडेन्द्र विकलाई ०६० माघ ११ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६० फागुन ३ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ भदौ ८ गते तारिखमा रिहा गरियो।

भीमेश्वर गाविस-२ खुर्कोटका ४८ वर्षीय भोजबहादुर देवकोटालाई ०६१ असार १७ गते बिहान आफ्नै घरमा चिया खाँदै गरेको अवस्थामा रामेछापबाट गस्तिमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई दुई दिनसम्म सोही गाउँ घुमाएर रामेछाप लगियो। हाल रामेछाप जेलमा थुनामा राखिएको छ।

कमलामाई नपा-४ मधुटारका ४३ वर्षीय अर्जुन थापा र सोही ठाउँका सुभाष रायमाझीलाई ०६१ भदौ २० गते राति आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरुलाई माओवादी गतिविधिसम्बन्धी विविध प्रश्नहरु सोधी भोलिपल्ट बेलुका तारिखमा रिहा गरियो।

कल्पवृक्ष गाविस-८ का ३८ वर्षीय लिलाशंकर सिवाकोटीलाई माओवादीको आशंकामा ०६१ भदौ ३१ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई लामो समयसम्म बेपत्ता पारी ०६१ कार्तिक ४ गते कपिलाकोटबाट रिहा गरियो।

भुवनेश्वरी गाविस-६ ओखलेका ३४ वर्षीय टंक भुजेललाई ०६१ असोज ८ गते र सोही ठाउँका ५६ वर्षीय पूर्णबहादुर घलानलाई असोज ९ गते साहुको पसलको सामान बोक्न जिल्ला सदरमुकाम आएको समयमा माओवादीको आशंकामा कमलामाई नपा-६ हाटेचौरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। टंकलाई आत्मसमर्पण गराईपाउँ भन्ने कागजमा सही गराएर १० दिनपछि असोज १७ गते र पूर्णवहादुरलाई ४ दिन प्रहरी हिरासतमा राखी असोज १३ गते तारिखमा रिहा गरियो।

कमलामाई नपा-६ अँधेरीकी २७ वर्षीय अमृता देवकोटालाई ०६१ असोज १७ गते दिउँसो १२ बजे आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई ०६१ कार्तिक २ गतेदेखि जेलमा नजरबन्दमा राखिएको छ।

कल्पवृक्ष गाविस-१ की २८ वर्षीय लाङ्ग्री तामाङलाई ०६१ असोज २० गते बिहान महादेवस्थान गाविस-३ मा माओवादीले पठाएको चिठी लिएर हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीलाई कार्तिक २ गतेदेखि जेलमा नजरबन्दमा राखिएको छ।

बालअधिकार

यस जिल्लामा ६ वर्षअघि स्थापित "टिफा बालिका गृह" मा १९ जना बालिका आश्रित छन्। प्रहरी र माओवादी दुवै पक्षवाट आफ्ना अभिभावक गुमाई सहाराविहिन बालिका आश्रित छन्। त्यसैगरी गत वर्षदेखि क्रियाशील "विकासका लागि सहयोग हातहरु" नामक संस्थाले वर्तमान सशस्त्र द्वन्द्वका कारण अभिभावकविहीन हुन पुगेका ६ जना बालबालिकालाई आश्रय दिएकोमा जिल्ला प्रशासन कार्यालयले उक्त संस्थाको दर्ता खारेज गरेका कारण उनीहरुलाई आ-आफ्नै घर फर्काइएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

दुधौली गाविस-८ की ३० वर्षीय एक महिलालाई दुधौली रेञ्जपोष्टमा कार्यरत वनपाले सर्लाही जिल्ला अर्नाहा गाविस-१ का प्रमोद झाले खेतबारीमा काम गर्न गएको अवस्थामा ०६१ कार्तिकमा बलात्कार गरेकोमा उनी गर्भवती भएको थाहा पाएपछि पीडक भागे। पीडित गर्भवती भएको थाहा भएपछि गाउँलेहरुले ०६१ वैशाखमा गाउँबाटै निकाली दिए। पतिको दुई वर्षअघि मृत्यु भएको, हाल तीन छोरी भएका, पीडकले पत्नी स्वीकार्नु पर्ने, पहिला बलात्कार हुँदा नबोल्ने गाउँलेहरुले अहिले गाउँबाटै निकाली अन्याय गरेको पीडितले बताइन्। पीडक उक्त ठाउँबाट सरुवा भई कपिलाकोट रेञ्जपोष्टमा गएको जिल्ला वन कार्यालयले जनायो। पीडित माइती घरमा बस्दै आएकी छिन्।

पारिवारिक हिंसा

लदाभीर गाविस-७ की देवकी भारतीलाई सौता ४५ वर्षीय मिना भारती र कृष्णबहादुर पुरीले ०६१ जेठ १७ गते राति घाँटी थिचेर हत्या गरे। दुवै सौताबीच घरमा झगडा हुँदै आएको र उक्त दिन पीडकले आफ्ना नातेदारको सहयोगमा हत्या गरेको प्रहरीसमक्ष स्वीकार गरेकी छिन्। पीडकद्वयलाई जिल्ला अदालतले साउन ३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकाले जिल्ला कारागारमा राखिएको छ।

दुधौनी गाविस-१ की हिम्ती दनुवारलाई पति १८ वर्षीय महेन्द्र दनुवारले ०६१ जेठ २१ गते राति घाँटी थिचेर हत्या गरे। आफू यौन दुर्बल भएका कारण पत्नीले हरेक दिन विभिन्न किसिमका गाली गर्ने गरेका कारण आवेशमा आएर हत्या गरेको पीडकले स्वीकार गरे। पीडकलाई ०६१ असार १८ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

भुवनेश्वरी गाविस-८ की २२ वर्षीय तारा घिमिरेलाई आफ्नै जेठाजु बच्चु घिमिरेले खेतमा बाली लगाउनसमेत नदिई मानसिक यातना दिएका कारण घरमा

बस्न नसकेर ०६१ पुस ११ गते घर छोडी जिल्ला सदरमुकाम आएकी छिन्। जेठाजुले उनको अंशमा परेको ३० मुरी धान आउने खेतमा बाली लगाउन नदिई "सबै सम्पत्ति मेरो हो, तँ कहाँ जान्छेस् जा" भन्दै मानसिक यातना दिएको पीडितले बताइन्। उनका पति कुमार घिमिरेलाई ०५९ असोज १६ गते सुरक्षाकर्मीले माओवादीको भिमान आक्रमणको योजनाकार भनी घरबाटै लगेकोमा गोलीद्वारा मृत्यु भएको थियो।

दुर्व्यवहार

रानीचुरी गाविस-४ शिखरपुरकी ३० वर्षीय विन्दामाया थिङ्गलाई ०६१ साउन १३ गते आफ्नै देवर सूर्यबहादुर थिङ्ग र पदमबहादुर थिङ्गले बोक्सी लागेको भनी गाउँ निकाला गरे। पीडक सूर्यबहादुर थिङ्गले नाङ्गो खुकुरी नचाउँदै "मुला काटे झैं काटिदिन्छु" भनी घरभित्रबाट घिसार्दै बाहिर आँगनमा ल्याएर दिसा खुवाउने प्रयास गरेको पीडितले बताए। एक वर्ष अघि सूर्यबहादुरको छोराको मृत्यु भएको र तीन महिनाअघि एउटा गोरु मरेपछि विन्दालाई बोक्सीको आरोप लगाउन थालिएको थियो। पीडकहरुले बासी, सुकेको मकै, फलफुल, तरकारीहरु यही बोक्सीले मारेको हो भन्दै घरको आँगनमा ल्याएर फालिदिएको, पीडितका पतिलाई बोक्सी, पत्नीलाई गाउँबाट ननिकाले कपाल चारपाटा मुढेर गाउँ निकाला गर्ने धम्की समेत दिए। पीडितले न्यायका लागि ०६१ साउन १७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल बार एशोसिएसन मानवअधिकार नेटवर्किङ्ग समिति सिन्धुलीका पुष्पराज पौडेल, एमालेका प्रदीप कटुवाल, इन्सेक वर्षपुस्तक प्रतिनिधि आनन्द दाहाल, ह्युरेन्सका कृष्णहरि घिमिरे, हुडेकका विष्णु पहाडी, पत्रकारहरु कृष्णप्रसाद गौतम, द्वारिका काफ्ले, श्यामहरि अधिकारी, कर्णबहादुर कार्कीसमेत ९ जनाले ०६० फागुन ८ गते एक संयुक्त वक्तव्य जारी गरी ०६० फागुन १ गते तिनकन्या गाविस-७ कुभिन्डेका दुईजना सर्वसाधारणको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएकोमा उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरे।

नेकपा (एमाले) ले ०६१ जेठ ५ गते एक विज्ञप्ति जारी गरी जेठ ४ गते आफ्नो पार्टीको इलाका नं. ९ का सचिव एवम् भद्रकाली गाविसका पूर्व अध्यक्ष हरिबहादुर थापामगरलाई माओवादीले अपहरण गरेकोमा तुरुन्तै सकुशल रिहाई गर्न र यस्तो कार्य पुन: नदोहोऱ्याउन आग्रह गऱ्यो। त्यसैगरी पीडितकी पत्नी राधालक्ष्मी थापा र छोरी रमा थापाले पनि अपिल जारी गरी सकुशल रिहाइको लागि पहल गरिदिन मानवअधिकारकर्मी संघसंस्था, वकिल, पत्रकार, राजनीतिक दल एवम् नागरिक समाजसँग अपिल गरे।

लाम्पानटार गाविस-९ का स्रोत व्यक्ति भीमप्रसाद अधिकारीलाई ०६१ जेठ १३ गते माओवादीले अपहरण गरी बेपत्ता बनाएकोमा जीवन रक्षा एवम् सकुशल रिहाईको लागि पहल गरिदिन मानवअधिकारकर्मी, पत्रकार एवम् अन्य सम्बद्ध निकायलाई भाई तीर्थराजले एक विज्ञप्तिमार्फत् अनुरोध गरे।

अमले गाविस-३ सिम्लेखोलाका सर्वसाधारण प्रेमबहादुर खड्कालाई ०६१ जेठ २३ गते सुरक्षाकर्मीले हत्या गरेकोमा नेपाल बार एशोसिएशन, मानवअधिकार नेटवर्किङ्ग समितिका प्रवीण हायू, इन्सेकका आनन्द दाहाल, एमालेका धुव देवकोटा, जनमोर्चाका गणेश बुढाथोकी र पानीराज बम्जन र ह्युरेन्सका कृष्णहरि घिमिरे, इह्विकनकी चिनाकुमारी लामा (थिङ्ग) ले एक संयुक्त विज्ञप्ति जारी गरी उक्त घटनामा सर्वसाधारण मारिएकाले उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरे।

सदरमुकाममा ०६१ साउन २० गतेदेखि शान्तिपूर्ण ढंगले अनसनमा बसेका नेकाँ कार्यकर्ताहरुलाई प्रहरीले अनसनस्थलबाट गिरफ्तार गरेकोमा नेकाँ, सिन्धुलीले साउन २१ गते एक विज्ञप्ति जारी गरी संवैधानिक अधिकारमाथि हस्तक्षेप गरेकोमा विरोध र भर्त्सना गऱ्यो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर २ महिला र २ पुरुष तथा विष सेवन गरी १ पुरुष गरी ५ जनाले आत्महत्या गरे। भवितव्यबाट ५ महिला र ७ पुरुष गरी १२ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा परी २ पुरुषको मृत्यु भयो भने २ महिला र ५ पुरुष अंगभंग भए। व्यक्तिगत हत्याका ६ वटा घटनामा ४ महिला र २ पुरुष गरी ६ जनाको मृत्यु भयो।

विगतको अनुगमन

सिर्थौली गाविस-१ की १३ वर्षीय सन्तोषी दनुवारलाई ०६० कार्तिक १९ गते काठमाडौं जान लाग्दा कमलामाई नपा-११ भिमानस्थित सुरक्षा चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता छिन्। उनलाई त्यतिखेर नै काठमाडौं माइती नेपालमा पठाइएको भनी सुरक्षास्रोतले जनाएको तर माइती नेपालको बारेमा आफूहरुलाई जानकारी नभएकोले त्यहाँ भए-भएको कुनै जानकारी नभएको पीडित पक्षले जनायो।

माओवादीको आरोपमा ०६० असोज ३० गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी जेलमा राखिएका रणबहादुर गोले र हेमलाल माझी तथा ०६० कार्तिक ११ गते गिरफ्तार गरिएका हत्पतेका बद्री भण्डारीलाई ०६१ वैशाख ३१ गते र तिलकबहादुर श्रेष्ठलाई यस वर्ष तारिखमा रिहा गरियो।

२.५ रामेछाप



जनसंख्या	२२२९६५
साक्षरता प्रतिशत	४६
महिला साक्षरता प्रतिशत	२९.७१
क्षेत्रफल (वर्ग कि. मि.)	१५४६
गाविस/नपा संख्या	५५/०
निर्वाचन क्षेत्र	२
विद्यालय	४११
क्याम्पस/उच्च मा.वि.	२/६
अस्पताल/स्वास्थ्य चौकी	३/५३
टेलिफोन लाइन	१८९
मोटर सडक (कि. मि.)	२००
प्रहरी कार्यालय संख्या	३
हुलाक संख्या	५५
मानव विकास सूचकांक	०.४३४
प्रति परिवार सरदर संख्या	५.५२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

ओखेनी गाविस-१ घर भई सालुबजारमा होटलमा काम गर्ने मजदुर १८ वर्षीय कृष्णवहादुर तामाङ ०६० पुस २७ गते दिसा बस्न राति वाहिर निस्किएको बेला सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

दोरम्बा गाविस-२ की अनेरास्ववियु (क्रान्तिकारी) की जिल्ला कमिटी सदस्य २१ वर्षीय सरस्वती योन्जन ०६० पुस २७ गते काभ्रे जिल्लाको पाथिभरा पाखामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिइन्। पीडित सुरक्षाकर्मी देखी भाग्दै गर्दा लडेपछि गोली हानिएको आरोप माओवादीले लगाएको छ।

लखनपुर गाविस-२ का ३० वर्षीय केदार गौतमलाई ०६१ जेठ २३ गते सोही स्थानमा दाउरा वोकेर आउँदै गर्दा सुरक्षाकर्मीले बाटोमा गोली प्रहार गर्दा मृत्यु भयो। पीडित सुरक्षाकर्मीलाई देखेपछि भागेकाले गोली हानिएको सुरक्षास्रोतले वतायो।

भुजी गाविस-७ का माओवादी गाजस प्रमुख अनन्त थापा ०६१ असार २ गते सोही ठाउँमा सुरक्षाकर्मीको गोलीद्वारा मारिए।

खिम्ती गाविस-१ का माओवादी गाजस प्रमुख शंकर भुजेल र गुन्सी गाविस-६ का माओवादी एरिया सदस्य निलराज तामाङ ०६१ असार ३ गते विजुलीकोट गाविस-१ को धोबीस्थित एक गोठमा लुकिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा आफ्नो नियन्त्रणमा लिई मारिए।

गुन्सी गाविसका अनेरास्ववियु (क्रान्तिकारी) रामेछाप जिल्ला सचिव विष्णु गौतम ०६१ असार ३० गते दोरम्बा क्याम्पबाट गस्तिमा गएका सुरक्षाकर्मीद्वारा गौश्वारा गाविस-७ को चौरीगोठमा गोली हानी मारिए।

माओवादी कार्यकर्ता उन्नत श्रेष्ठ ०६१ साउन ३० गते दोरम्बा क्याम्पबाट गस्तिमा गएका सुरक्षाकर्मीद्वारा गोश्वार गाविस-९ को आक्रिथलामा गोली हानी मारिए।

माओवादी पार्टीका ओखलढुंगा जिल्ला कमिटी सदस्य अनन्त पौडेल र तामाङ मुक्ति मोर्चाका जिल्ला सदस्य बमबहादुर तामाङ ०६१ साउन १२ गते ठोसे गाविस-१ मा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। दोलखाको जिरीस्थित सैनिक गणबाट गस्तिमा गएका टोलिसँग जम्काभेट हुँदा माओवादी कार्यकर्ताहरु मारिएका थिए।

राकाथुम गाविस-४ का मगरात मुक्ति मोर्चाका जिल्ला सदस्य ४० वर्षीय अर्जुन रानामगर ०६१ साउन १६ गते गस्तिमा गएको सुरक्षाकर्मीद्वारा बेथान गाविस-१ को डहुमा कब्जामा लिई मारिए।

खाँडादेवी गाविस-२ का माओवादी कार्यकर्ता १९ वर्षीय लोकवहादुर घिसिङ ०६१ भदौ १५ गते दोरम्बा क्याम्पवाट गस्तिमा गएको सुरक्षाकर्मीद्वारा हिलेदेवी गाविसबाट नियन्त्रणमा लिई दिमीपोखरी गाविसको गाल्वा नजिकै पुर्‍याई मारिए।

दोलखा जिल्लाको नाम्दु गाविसकी माओवादी कार्यकर्ता जानुका दाहाल र अन्य दुईजना माओवादीको ०६१ मंसिर ८ गते लखनपुर गाविस-७ को थापागाउँमा सुरक्षा कारवाहीमा मृत्यु भयो।

लखनपुर गाविस-१ को चौरीखोलामा ०६१ मंसिर २३ गते सुरक्षाकर्मीले गरेको कारवाहीमा दुईजना माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडितहरुको सनाखत हुन नसकेको सुरक्षा निकायले जनायो।

माओवादीबाट

हिमगंगा गाविस-२ का ५५ वर्षीय असलसिङ तामाङलाई सुराकीको आरोपमा ०६० पुस २५ गते

माओवादीले घरबाटै अपहरण गरी ०६० माघ १ गते सोही गाविस-५ मा गोली हानी हत्या गरे।

चुचुरे गाविस-२ का १५ वर्षीय नदिन कार्की र उनका भाइ १२ वर्षीय नवीन कार्कीको ०६० फागुन १८ गते आफ्नै बारीमा खेल्न जाँदा माओवादीले फालेर गएको बम विस्फोट हुँदा मृत्यु भयो।

सोलुखुम्बु जिल्ला टापटिङ गाविस घर भएका एक सैनिक जवानलाई ०६१ वैशाख २८ गते घरबाट ब्यारेकतर्फ जाँदै गर्दा चुचुरे गाविस-९ को देउराली डाँडामा माओवादीले हत्या गरे। पीडितको लाश जेठ १ गते माओवादीले नै गाडिदिए।

प्रिती गाविस-७ का ३२ वर्षीय कुमारबहादुर थापालाई ०६१ कार्तिक ९ गते माओवादीले घरबाटै अपहरण गरी लगेकोमा कार्तिक १२ गते लिखु खोलामा लाश फेला पर्‍यो। माओवादीले पीडित आफै खोलामा फाल हालेको जनाए।

दोहोरो भिडन्त

माओवादी र सुरक्षाकर्मीबीच ०६० माघ २६ गते चुचुरे गाविस-१ गर्जाङमा भएको दोहोरो भिडन्तमा १० जना माओवादी कार्यकर्ताहरु मारिए। उक्त घटनामा माओवादीले आफ्ना कार्यकर्ता मारिएको स्वीकारे पनि नाम सार्वजनिक गरेन।

माओवादी र सुरक्षाकर्मीबीच ०६१ मंसिर २४ गते प्रिति गाविस-१ लाप्चानेमा बिहान ८ बजेदेखि लगातार ८ घण्टासम्म भएको दोहोरो भिडन्तमा एक महिला माओवादी कार्यकर्तासहित तीन जनाको लाश घटनास्थलमै भेटियो। सुरक्षाकर्मीले हवाई आक्रमणसमेत गरेको सो भिडन्तमा माओवादीका ४० जनाभन्दा बढी कार्यकर्ताहरु मारिएको आशंका गरिएको भए तापनि घटनाको बारेमा माओवादीले केही सार्वजनिक जानकारी गराएनन्। सोही घटनामा जिप्रकामा कार्यरत प्रहरी जवान जीतेन्द्र पाण्डेको दोहोरो भिडन्तका क्रममा मृत्यु भयो भने आफ्नै घरको वरण्डामा बसिरहेकी ठोसे गाविस-१ की ८ वर्षीय सुस्मिता कार्कीको गोली लागी मृत्यु भयो। उनको परिवारलाई जिल्ला सुरक्षा समितिले राहतको लागि सिफारिस गर्‍यो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

गुन्सी गाविसकी १४ वर्षीय नमिता तामाङ ०६१ जेठ ३० गते गुराँसेडाँडामा गाई हेर्न गएको अवस्थामा सुरक्षाकर्मीले गोली चलाउँदा खुट्टामा गोली लागी घाइते भइन्। घाइतेलाई उपचारको लागि काठमाडौं लगियो।

माओवादीबाट

दोरम्बा क्याम्पबाट गस्तिमा गएका सुरक्षाकर्मीलाई ०६० फागुन १४ गते माओवादीले डडुवा गाविस-३ मा विद्युतीय धराप विस्फोट गराउँदा तीनजना सुरक्षाकर्मी गम्भीर घाइते भए। घाइतेहरुलाई हेलिकोप्टरबाट काठमाडौं लगियो।

चुचुरे गाविस-२ का ४५ वर्षीय भक्तबहादुर कार्की ०६० फागुन १८ गते बारीमा जोत्न जाँदा बारीमा माओवादीले राखेको बम विस्फोटमा परी घाइते भए।

दोरम्बा क्याम्पबाट गस्तिमा गएका सुरक्षाकर्मीमाथि ०६० चैत १८ गते माओवादीले दिमी र खाँडादेवी गाविसको सीमानामा पर्ने गाल्वामा विद्युतीय धराप विस्फोट गराउँदा प्रहरी जवान उमेश चौधरी घाइते भए। घाइतेलाई उपचारार्थ काठमाडौं लगियो।

दोरम्बा क्याम्पबाट गस्तिमा गएको सुरक्षाकर्मी ०६१

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	१		५	६	६	१		७	१४	२६	४		३०
घाइते	१	१			१	५	४		२	६	१		१		१
गिरफ्तारी यातना											१७	२०			२०
कुटपिट	३	४		१	५	७	८	३		११	८	१४	१		१५
धम्की						५	१४			१४					
भेला संगठित हुने अधिकार											३	१४			१४
जातीय विभेद	४	४	४		८										
महिलाअधिकार	९		११		११										
बालअधिकार						२	१		१	२	३			६	६
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार	३	१०	९		१९	१	१			१					
अमानवीय व्यवहार	१		१		१										
अपहरण	१	१			१	५६	१२५	५	४३२	५६२					
जम्मा	२७	२४	२६	१	५१	८२	१५९	९	४३५	६०३	४५	७४	६	६	८६

असार २९ गते डडुवा गाविसको खोलाखर्कमा माओवादीले राखेको विद्युतीय धरापमा परी दुई जना सुरक्षाकर्मी घाइते भए। घाइतेहरुलाई उपचारार्थ काठमाडौं लगियो।

दोरम्वा क्याम्पवाट गस्तिमा गएका सुरक्षाकर्मी टोली ०६१ साउन ३० गते माओवादीले पुरानागाउँ गाविस-३ को एक्लेमानेमा विद्युतीय धरापमा परी एक सुरक्षाकर्मी घाइते भए।

जेल र बन्दीहरू

रामेछाप जेलमा कूल १३ जना बन्दी छन्। जसमध्ये कैद नतोकिएकी एकजना महिला छन्। त्यस्तै कैद तोकिएका ६ पुरुष, ५ महिला छन्। यस बाहेक नजरबन्दमा एक पुरुष बन्दी रहेका छन्।

०६१ असार २६ गतेदेखि २८ गतेसम्म परेको अविरल वर्षाका कारण असार २८ गते जेलको पर्खाल भत्कियो। ३५ मिटर पर्खाल ढलेको थियो।

बेपत्ता / अपहरण

माओवादीबाट

टोकरपुर गाविस-२ का ३० वर्षीय नारायण पाठकलाई ०६० पुस १८ गते माओवादीले अपहरण गरी मरणासन्न हुने गरी कुटपिट गरे। पीडितलाई ५ दिनपछि मुक्त गरे।

साँघुटार गाविस-२ की ५० वर्षीय डम्बरकुमारी खत्री र उनका पति ५८ वर्षीय डिल्लीबहादुर खत्रीलाई ०६० पुस १८ गते माओवादीले घरैबाट अपहरण गरी पुस २० गते बिजुलीकोट गाविसमा पुऱ्याई मुक्त गरे।

गोठगाउँ गाविस-४ का २२ वर्षीय भीमबहादुर बस्नेतलाई नक्कली माओवादी र सैनिक बनी ठगी गरेको आरोपमा ०६० फागुन ४ गते माओवादीले खिम्ती गाविस-७ बाट अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

गौश्वार गाविस-१ का ३५ वर्षीय जगतबहादुर मगरलाई ०६० फागुन १० गते माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी हातसमेत भाँचेर लगेकोमा पछि मुक्त गरियो।

जिविसका प्राविधिक शशी साह, भोला कलुवारलगायत्का प्राविधिकहरु मन्थली-खुर्कोट सडकको काममा गएको अवस्थामा ०६० फागुन १६ गते माओवादीले भलुवाजोर गाविसको सेलेघाटबाट आफ्नो नियन्त्रणमा लिई पाँच घण्टापछि मुक्त गरे।

हिमगंगा गाविस-२ रेणुकादेवी प्राविका शिक्षक रामजीप्रसाद ढकाललाई ०६० फागुन २२ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

फर्पु गाविस-१ घर भई भारती प्रावि फर्पु गाविस-२ का शिक्षक तालवहादुर खड्कालाई ०६० फागुन २७ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

बेथान गाविस-१ का २३ वर्षीय आलेच्याङ्वा दोङलाई सोही ठाउँका रामशरण घिमिरेको हत्या गरेको आशंकामा ०६० चैत ५ गते माओवादीले अपहरण गरे। उनको अवस्था अज्ञात छ।

काभ्रे जिल्ला वितदिउराली गाविस-२ का ३२ वर्षीय मिलन भुजेललाई जंगलमा आगो लगाएको आरोपमा ०६० चैत १३ गते माओवादीले अपहरण गरे। हाल उनको अवस्था अज्ञात छ।

बिजुलीकोट गाविस-४ का शिक्षक ५० वर्षीय जीतजंग महतलाई ०६० चैत १३ गते माओवादीले घरबाटै अपहरण गरी भोलिपल्ट साँघुटार बजारबाट मुक्त गरे।

राकाथुम गाविस-१ माझीगाउँका २४ वर्षीय माझी युवाहरुलाई जंगलमा आगो लगाएको आरोपमा ०६० चैत २८ गते माओवादीले अपहरण गरे। अपहरण गरिएकामध्ये ७ जनालाई छापामारको तालिमका लागि लगेका थिए। उनीहरु पछि मुक्त भए।

राकाथुम गाविस-७ का २२ वर्षीय नारायणबाबु लामालाई छिमेकीसँग जग्गामा झगडा गरेको आरोपमा ०६१ वैशाख ७ गते माओवादीले अपहरण गरी वैशाख १३ गते मुक्त गरे। सोही दिन राकाथुम गाविस-८ का २२ वर्षीय राजकुमार लामा र सोही गाविस-५ का १८ वर्षीय डिबी लामालाई मुस्कान सेनामा लागेको आरोपमा ०६१ वैशाख १५ गते माओवादीले अपहरण गरेकोमा लखनपुर र गौश्वाराको सीमानाबाट माओवादीको घेरा तोडी भागे।

दोरम्बा गाविस-२ का १४ वर्षीय कर्मासिं योन्जनलाई ०६१ वैशाख २६ गते विद्यालयबाट ट्युसन पढेर घर फर्कंदै गर्दा बीच बाटोबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

निलकण्ठेश्वर मावि, पात्ले प्रावि र गुन्जेश्वरी प्रावि तथा पिप्ले कठजोर गाविसका विभिन्न विद्यालयबाट ०६१ वैशाख २९ गते माओवादीले २५ जना शिक्षकहरुलाई विद्यालयहरुमा नै गई अपहरण गरी सोही दिन साँझ मुक्त गरे।

जनता निमावि कुभुकास्थलीका ९ जना, चण्डेश्वरी मावि प्रितिका ९ जना र त्रिपुरेश्वर मावि दुरागाउँका ६ जना विद्यार्थीहरुलाई ०६१ जेठ २ गते माओवादीले विद्यालयहरुमा नै गई अपहरण गरी लगेकोमा विभिन्न मितिमा मुक्त गरे।

खिम्ती गाविस-१ का २९ वर्षीय कुमार भूजेललाई ०६१ जेठ २ गते माओवादीले घरैबाट अपहरण गरे। उनलाई जेठ १९ गते मुक्त गरियो।

नागदह गाविस-२ का १४ वर्षीय ज्ञानबहादुर

वरुवाल र २० वर्षीय राजु वरुवाललाई ०६१ जेठ २ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये ज्ञानवहादुर जेठ २१ गते मुक्त भए। राजु भने माओवादी कार्यकर्ता वनेको जनाइयो।

मोरङ जिल्लास्थित घरवाट रामेछाप व्यारेक आउँदै गरेका नारायणदल गुल्म रामेछापका पूजारी ३५ वर्षीय हिमाल कोइरालालाई ०६१ जेठ ३ गते माओवादीले रतनचुरा गाविसबाट अपहरण गरे। पीडित जेठ २३ गते कपिलाकोट गाविसबाट माओवादीको घेरा तोडी भागे।

पिङखुरी गाविस-९ का १८ वर्षीय मानवहादुर तामाङ, १७ वर्षीय वद्री तामाङ र १७ वर्षीय लखन तामाङलाई ०६१ जेठ ३ गते माओवादीले अपहरण गरे। पीडितहरु एक हप्तापछि मुक्त भए।

पकरवास गाविस-५ का १९ वर्षीय सुब्बा सार्की र पकरबास गाविस-४ का १८ वर्षीय विष्णुबहादुर कामीलाई ०६१ असार ३ गते विद्यालय पढ्न जाँदै गर्दा माओवादीले अपहरण गरे। पीडितहरुलाई भीरपानी गाविस हुँदै सिन्धुलीतर्फ लगिएको थियो। उनीहरु असार १५ गते मुक्त भए।

खिम्ती गाविस-८ का १९ वर्षीय विवेक श्रेष्ठ, २५ वर्षीय वेदवहादुर श्रेष्ठ र खिम्ती गाविस-७ का २६ वर्षीय विष्णु घिमिरेलाई ०६१ जेठ २ गते, तिल्पुङ गाविस-३ का २२ वर्षीय कृष्णवहादुर बुढाथोकी र तिल्पुङ गाविस-१ का २५ वर्षीय भीमबहादुर तामाङलाई ०६१ जेठ ३ गते माओवादीले अपहरण गरे। अपहरित मध्ये विवेक, वेदबहादुर, कृष्णवहादुर र भिमबहादुरलाई जेठ १९ गते र विष्णुलाई जेठ २१ गते मुक्त गरियो।

जिविसका प्राविधिक विकासचन्द्र भण्डारी र सञ्जय झालाई ०६१ जेठ १० गते तथा सडक उपभोक्ता समितिका अध्यक्ष र सचिव क्रमश: दिपक राना र शंखलाल तामाङलाई ०६१ जेठ ११ गते फुलासी डडुवा सडकको काममा गएको अवस्थामा फुलासी गाविस-८ देउरालीबाट माओवादीले अपहरण गरे। अपहरितमध्ये २ जनालाई जेठ १४ गते र अन्य २ जनालाई जेठ १५ गते मुक्त गरे।

गुप्तेश्वर गाविस-७ का १९ वर्षीय लोकेन्द्र सुनुवारलाई ०६१ जेठ १७ गते माओवादीले घरवाटै अपहरण गरेकोमा जेठ २२ गते मुक्त भए।

दोरम्बा गाविस-१ का भुपू सैनिक जवान ५० वर्षीय दीपवहादुर लामालाई ०६१ जेठ २३ गते माओवादीले अपहरण गरे। पीडितको एक महिनापछि मृत्यु भयो।

गागल गाविस-२ का २९ वर्षीय कुमार घिसिङ र उनका भाइ १८ वर्षीय डिकवहादुर घिसिङलाई ०६१ जेठ २५ गते माओवादीले घरवाटै अपहरण गरे। कुमार घिसिङ भोलिपल्ट माओवादीको घेरा तोडी भाग्न सफल भए भने भाईलाई जेठ २७ गते मुक्त गरे।

पिङखुरी गाविस-९ का मानबहादुर घिसिङ र सागर घिसिङलाई ०६१ जेठ २८ गते माओवादीले अपहरण गरी असार १ गते मुक्त गरे। त्यस्तै सोही ठाउँका १८ वर्षीय मानवहादुर घिसिङ, १७ वर्षीय बद्री तामाङ र १७ वर्षीय लखन तामाङलाई ०६१ जेठ ३० गते माओवादीले अपहरण गरी असार १५ गते मुक्त गरे।

पकरवास गाविस-५ का १९ वर्षीय सुब्वा सार्की र सोही गाविस-३ का १८ वर्षीय विष्णुवहादुर विकलाई ०६१ असार ३ गते माओवादीले विद्यालय जाँदै गर्दा बाटोबाट अपहरण गरे। पीडितहरुलाई असार १५ गते मुक्त गरे।

टोकरपुर गाविस-२ का २५ वर्षीय राजन कँडेललाई ०६१ असार १४ गते माओवादीले मुस्कान सेनामा लागेको आरोपमा घरैबाट अपहरण गरे। पीडितलाई माओवादीले भारी बोक्न लगाउने, हातगोडा बाँधेर सुताउने जस्ता यातना दिई सँगै हिंडाए। पीडित दोलखा जिल्लाको पोगटीमा सुरक्षाकर्मीसँग माओवादीको दोहोरो भिडन्त हुँदा असार ३० गते भागेर मुक्त भए।

नागदह गाविस-४ का भीमबहादुर तामाङ, वीरसिं तामाङ, नरजंग तामाङ, साङ्वा तामाङ र तीर्थ बहादुरकी छोरीलाई ०६१ साउन १७ गते माओवादीले अपहरण गरेकोमा दुई दिनपछि मुक्त गरे। उनीहरुसँगै अपहरणमा परेका वेदबहादुर पुवाँर र ललितबहादुर पुवाँरलाई पनि मुक्त गरे।

माकादुम गाविस-१ का १४ वर्षीय जयबहादुर तामाङलाई ०६१ साउन २० गते माओवादीले विद्यालयवाट फर्कदै गर्दा बाटोबाट नै अपहरण गरे। पीडित माओवादीको कब्जामा रहेकै अवस्थामा सुरक्षाकर्मी आएको थाहा पाएपछि भागेका थिए।

राकाथुम गाविस-५ का पूर्व उपप्रधानपञ्च ६१ वर्षीय मानबहादुर तामाङलाई ०६१ साउन २३ गते माओवादीले अपहरण गरे। पीडित साउन २७ गते ३० हजार रुपैयाँ तिर्ने शर्तमा मुक्त भए।

विजुलीकोट गाविस-८ का ९ कक्षामा अध्ययनरत १४ वर्षीय भरत महत, सन्तोष महत र रवीन महतलाई ०६१ भदौ २३ गते माओवादीले विद्यालयवाट अपहरण गरे। पीडितहरु भदौ २७ गते खिम्ति गाविसबाट भाग्न सफल भई घर पुगे। घरवाट पुन: माओवादीले अपहरण गर्ने डरले सदरमुकामतर्फ आउँदै गर्दा ०६१ भदौ २७ गते दिउँसो माओवादीले देउराली गाविसवाट अपहरण गरे। पीडितहरुमध्ये भरत महत भदौ २९ गते पुन: साँघुटार गाविसवाट भाग्न सफल भए। बाँकी दुईलाई असोज ७ गते गाउँमा पुऱ्याई मुक्त गरे।

विजुलीकोट गाविस-१ का पूर्व गाविस अध्यक्ष ५५ वर्षीय कमलवहादुर खड्कालाई ०६१ भदौ २६ गते

माओवादीले केही बुझ्नु छ भनी घरबाट अपहरण गरी लगेकोमा भोलिपल्ट खिम्ती गाविसबाट मुक्त गरे।

तिल्पुङ मावि कटहरेका ४ सयजना शिक्षक तथा विद्यार्थीहरुलाई ०६१ साउन ३२ गते माओवादीले विद्यालयबाट अपहरण गरी आफ्ना कार्यक्रममा सहभागी गराई बेलुका नागदह गाविसबाट मुक्त गरे।

गागल गाविस-६ का २२ वर्षीय टलकबहादुर श्रेष्ठ र १८ वर्षीय कालुमान श्रेष्ठलाई ०६१ भदौ २३ गते काठमाडौंतर्फ जाँदै गर्दा दोलखा जिल्लाको काटाकुटी गाविसबाट माओवादीले अपहरण गरे। पीडितहरुमध्ये कालुमानलाई ७ दिनपछि मुक्त गरियो भने टलकबहादुरको अवस्था अज्ञात छ।

त्रिपुरेश्वर मावि बुरागाउँका प्रधानाध्यापक यौवनकुमार सुनुवारसहित ९ जना शिक्षकहरुलाई ०६१ भदौ २८ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई भदौ ३१ गते भुजी गाविसबाट मुक्त गरियो।

कण्ठेश्वर मावि टोकरपुरका ६ जना शिक्षक तथा ३२ जना विद्यार्थीहरुलाई ०६१ असोज १ गते माओवादीले विद्यालयबाट अपहरण गरे। पीडित शिक्षक र विद्यार्थीहरुलाई माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराई असोज ३ गते लखनपुर गाविस-१ बाट मुक्त गरे।

भटौली गाविस-१ का ३० वर्षीय भालु माझीलाई ०६१ असोज ३ गते माओवादीले मन्थलीबाट घरतर्फ फर्कंदै गर्दा भटौली गाविस-१ बाट अपहरण गरी रातभरि हिंडाएर भीरपानी गाविस-८ मा पुर्‍याई मुक्त गरे।

नागदह गाविस-४ का पूर्व गाविस अध्यक्ष ४५ वर्षीय आशबहादुर तमाङलाई ०६१ असोज ५ गते माओवादीले अपहरण गरी यातना दिएर भोलिपल्ट मुक्त गरे।

तिल्पुङ गाविस-८ का २२ वर्षीय विष्णु बोहोरा, २१ वर्षीय हरेराम बोहोरा र १७ वर्षीय सानु बोहोरालाई ०६१ असोज ८ गते माओवादीले तिल्पुङ गाविस-५ बाट अपहरण गरी केही दिनपछि मुक्त गरे।

ओखेनी गाविस-९ की १७ वर्षीय मीना कार्कीलाई ०६१ असोज ८ गते माओवादीले अपहरण गरेकोमा केही दिनपछि मुक्त गरे।

सुकाजोर गाविस-८ का १८ वर्षीय श्यामकुमार केसीलाई ०६१ कार्तिक १९ गते माओवादीले रामेछाप बजारबाट अपहरण गरी लगेकोमा राति सिन्धुलीको ढुंगेभञ्ज्याङबाट भाग्न सफल भए।

नामडी गाविस-८ का ५२ वर्षीय जयबहादुर खड्कालाई ०६१ मंसिर १ गते माओवादीले सामुदायिक वनको विषयमा कुरा गर्ने भनी अपहरण गरी लगेकोमा चार दिनपछि मुक्त गरे।

सैपु गाविस-४ की १५ वर्षीय सुमित्रा ढुंगेल, दीपक गौतम, माधव कार्की, नानीराम पौडेल र बाबुराम पौडेललाई ०६१ मंसिर २९ गते माओवादीले अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

दुरागाउँ गाविस-७ का ११ वर्षीय उब्जन पौडेललाई ०६१ मंसिर २९ गते माओवादीले घरबाट अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

अरनिको यातायातका मजदुरहरु रमेश कार्की, धनबहादुर खड्का, ईश्वर केसीलाई ०६० चैत ८ गते राति प्रहरीले मन्थलीस्थित बसपार्कको होटलमा सुतिरहेको अवस्थामा कुटपिट गरे।

बेथान गाविस-१ का ३८ वर्षीय सुवर्ण लामालाई ०६० चैत १७ गते मन्थलीस्थित न्यू भिलेज रेष्टुरेन्टमा बास बसेको अवस्थामा दुईजना सुरक्षाकर्मीले कुटपिट गरे। एसएलसी दिन आएका दुईजना छात्रालाई सुरक्षाकर्मीले जबरजस्ती गर्न खोज्दा प्रतिवाद गरेपछि लामा कुटिएका थिए। पीडकहरुमाथि कुनै कारबाही भएन।

मन्थली गाविस-४ स्थित ओखलढुंगा होटलका सञ्चालक गंगाबहादुर कटुवाललाई ०६० चैत २१ गते मदिरा सेवन गरेका दुई प्रहरीले कुटपिट गरी होटलको शिशासमेत फोडिदिए। पीडकमाथि कारवाही गरिएको प्रहरीले बताए।

मन्थली गाविस-४ का व्यापारी ४० वर्षीय रामजीवन साहलाई ०६१ वैशाख २० गते गस्तिमा गएको प्रहरीले बाहिर निकाली कुटपिट गरे। पीडितलाई उधारो नदिएको रिसमा कुटपिट गरिएको थियो।

मन्थली गाविस-४ का हिन्दे माझी र सोही ठाउँकै पूर्व जिविस सदस्य जगन्नाथ दाहालको घरमा ०६१ असोज २५ गते सुरक्षाकर्मीहरु घरभित्र पसी अश्लील गाली गर्दै धम्कीपूर्ण व्यवहार गरे।

उपस्वास्थ्यचौकी टोकरपुरका अहेब ३५ वर्षीय नरेश महतोलाई माओवादीलाई औषधी दिएको आरोपमा ०६१ असोज २८ गते दोरम्बा क्याम्पबाट गस्तिमा गएको सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

जिविस सभापति रमेश बस्नेत र उपसभापति धुवराज लामालाई ०६० फागुन ९ गतेदेखि ७ दिनभित्र राजीनामा नगरे भौतिक कारवाही गरिने चेतावनीसहितको विज्ञप्ति माओवादीद्वारा गठित जनसरकार प्रमुख धावा लामाले जारी गरे। त्यस्तै किसिमको विज्ञप्ति माओवादी सेक्रेटरीले ०६१ वैशाख २१ गते जारी गरी दुई दिनभित्र राजीनामा

गर्नुपर्ने चेतावनी दिए। त्यसको दुई दिनमा जिविस उपसभापतिले विज्ञप्ति मार्फत् पद त्याग गरेको घोषणा गरे। माओवादीहरुकै दवाबका कारण मुस्कान सेना नेपालका सम्पूर्ण पदाधिकारीहरुले ०६१ वैशाख २४ गते पत्रकार सम्मेलन गरी पदत्याग गरे।

गागल गाविस-२ की ५० वर्षीय लाउरेनी तामाङ र सोही ठाउँका ५० वर्षीय बद्री तामाङलाई ०६१ जेठ २५ गते माओवादीले बास बस्न नदिएको भनी कुटपिट गरी घरसमेत तोडफोड गरे।

बिजुलीकोट गाविस-१ की ५१ वर्षीय भीमकुमारी खड्कालाई ०६१ भदौ २६ गते माओवादीले धोवी वजारमा कुटपिट गरी घाइते बनाए। माओवादीले पीडितको पतिलाई अपहरण गरेको सुनेपछि घटना बुझ्न धोवीबजार गएकी थिइन्।

भृङ्गेश्वर मावि बिजुलीकोटका शिक्षक ३६ वर्षीय केवल तिमल्सिनालाई ०६१ भदौ २७ गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा कुटपिट गरी मुक्त गरे। पीडित विस्थापित भई सदरमुकाममा बस्दै आएका छन्।

चुचुरे गाविस-५ का ७२ वर्षीय वीरबहादुर कार्कीलाई ०६१ भदौ १९ गते माओवादीले नियन्त्रणमा लिई डोकोले छोप्ने, मुङ्ग्राले कुट्नेलगायत्का यातना दिई ५० हजार रुपैयाँ बुझाउने शर्तमा मुक्त गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शान्तिपूर्ण सडक आन्दोलनमा हिँडेका राजनीतिक पार्टीका कार्यकर्ताहरु भरत भण्डारी, पुष्कर प्रसाई, नारायण पौडेल, नेकाँका कृष्ण महत, नवीन केसीलगायत्लाई ०६१ वैशाख २९ गते प्रहरीले गिरफ्तार गरी केही घण्टा नियन्त्रणमा राखी रिहा गरे।

सडक आन्दोलनमा उत्रिएका एमाले कार्यकर्ताहरु भरत भण्डारी, कमल सुनुवार र चित्रबहादुर कार्की ०६१ जेठ ४ गते मन्थलीमा प्रहरीको लाठीचार्जमा परी घाइते भए।

शान्तिपूर्ण जुलुशका सहभागी अनेरास्ववियु र नेविसंघका ८ जना कार्यकर्ताहरुलाई ०६१ वैशाख ३० गते प्रहरीले मन्थली बजारवाट गिरफ्तार गरी रणजोर खोलामा पुर्‍याई रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म कूल ९४ वटा मुद्दा फर्स्यौट बाँकी रहे। जसमध्ये ४९ वटा देवानी मुद्दा र ४५ वटा फौजदारी मुद्दा रहे। अदालतमा यस वर्ष जिम्मेवारी सरेर आएका ४१ वटा फौजदारी र ४२ वटा देवानी गरी ८३ वटा मुद्दा आएका थिए। त्यस्तै यस वर्ष ३७ वटा देवानी र ३१ वटा फौजदारी गरी ६ वटा नयाँ मुद्दाहरु दर्ता भए। यस वर्ष देवानी ३० र फौजदारी २७ गरी ५७ वटा मुद्दा फर्स्यौट भए। देवानी २ र फौजदारी ११ गरी १३ वटा दुई वर्ष पुराना मुद्दाहरु फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धार्मिक अधिकार

दोरम्बा गाविस-४ स्थित हृगसुम गुम्बाको नाममा रहेको ४२ रोपनी जग्गाको आम्दानी माओवादीले कब्जा गरेपछि गुम्बाको दुई वर्षदेखिको नियमित पूजा बन्द भयो।

आर्थिक अधिकार

जिविस उपसभापति ध्रुवराज लामाको मझुवा गाविस-८ स्थित घरमा रहेका मानिसहरुलाई ०६० फागुन ८ गते माओवादीले कुटपिट गरी बाहिर निकालेर घरमा बम विस्फोट गराई नष्ट पारे।

सालु गाविस-३ का ६८ वर्षीय धनबहादुर बस्नेत र उनकी पत्नीलाई ०६० फागुन १३ गते माओवादीले कुटपिट गरी घरबाट बाहिर निकाली घरमा बम विस्फोट गराए। पीडितहरु जिविस सभापति रमेश बस्नेतका बाबु आमा हुन्।

राप्रपा केन्द्रीय अनुगमन समिति सदस्य बाबुराम पौडेलको दुरागाउँ गाविस-८ स्थित घर र जग्गामा ०६१ साउन २० गते माओवादीले आफ्नो कब्जामा लिए। माओवादीले पौडेलका दुई वटै घरको ढोकामा ताला लगाइदिए।

रस्नालु गाविस-१ का छत्रबहादुर कार्कीको घरमा ०६१ साउन २८ गते माओवादीले आगो लगाई घर जलाइदिए।

नेपाली काँग्रेसका जिल्ला सचिव झपडराज भण्डारीको प्रिति गाविसस्थित घरबाट परिवारहरुलाई बाहिर निकाली ०६१ असोज २६ गते माओवादीले घरजग्गा कब्जामा लिए।

संरचना/सम्पत्ति क्षति

कठजोर गाविसस्थित इलाका हुलाक कार्यालय ०६० चैत १७ गते माओवादीले जलाइदिए।

सिन्धुलीबाट रामेछापतर्फ ल्याइएको विद्युत लाइनको तार ०६० चैत १९ गते माओवादीले भलुवाजोर गाविसको सुनकोशी नदीमाथि काटिदिएपछि ०६१ वैशाख ८ गतेसम्म रामेछाप जिल्लामा बत्ती बलेन।

बेथान गावस-१ को डहु माविका कागजपत्रहरु ०६१ असोज १२ गते बन्दको दिन माओवादीले विद्यालय खोलेको भनी जलाइदिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नागदह गाविस-४ का पूर्व सैनिक अमलदार ४० वर्षीय धनबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६० माघ ६ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई पछि नजरबन्दबाट रिहा गरियो।

तिल्पुङ गाविस-४ का ३० वर्षीय गोपाल सार्कीलाई माओवादीको आरोपमा ०६० माघ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मन्थली पुऱ्याई भोलिपल्ट रिहा गरे।

नागदह गाविस-४ का ३४ वर्षीय बुद्धबहादुर तामाङलाई माओवादीको आरोपमा ०६० माघ ६ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी रामेछाप जेलमा नजरबन्दमा राखी रिहा गरे।

गोठगाउँ गाविस-१ का ४६ वर्षीय लिलाबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६० माघ २२ गते सुरक्षाकर्मीले बिजुलीकोट गाविस-१ धोबीबजारबाट गिरफ्तार गरी माघ २७ गते रिहा गरे।

दुरागाउँ गाविस-८ का ३८ वर्षीय ध्रुव घिमिरेलाई माओवादीको आरोपमा ०६० माघ २२ गते गस्तिमा गएका सुरक्षाकर्मीले धोबीबजारबाट गिरफ्तार गरी माघ २७ गते रिहा गरियो।

भ्रटेश्वर मावि बिजुलीकोटका शिक्षक ३६ वर्षीय केवल तिमल्सिनालाई माओवादीलाई सघाएको आरोपमा ०६० फागुन ५ गते कामको सिलसिलामा मन्थली आएको अवस्थामा प्रहरीले गिरफ्तार गरी फागुन १३ गते रिहा गरे।

डडुवा गाविस-३ का ३६ वर्षीय स्याउले थामी र ३५ वर्षीय कामी थामीलाई ०६० चैत १ गते र दोरम्बा गाविस-१ का ३५ वर्षीय बलबहादुर थामीलाई माओवादीको आरोपमा ०६० चैत २ गते सुरक्षाकर्मीले उनीहरुकै घरबाट गिरफ्तार गरे। पीडितहरुलाई रामेछाप ब्यारेकमा नजरबन्दमा राखिएकोमा ०६१ वैशाख २८ गते रिहा गरियो।

टोकरपुर गाविस-६ का २२ वर्षीय इन्द्रबहादुर थापा, दोरम्बा गाविस-६ का ३२ वर्षीय उद्धव कँडेल, लखनपुर गाविस-२ का ३५ वर्षीय कोमल ढुंगेल र सोही गाविस-२ का टीका गौतमलाई ०६० चैत १३ गते सुरक्षाकर्मीले मन्थली बजारबाट गिरफ्तार गरी दुई जनालाई सोही दिन र दुई जनालाई भोलिपल्ट रिहा गरे। पीडितहरुलाई बाटो र ब्यारेकमा कुटपिट गरिएको थियो।

गौश्वार गाविस-७ का २२ वर्षीय बलबहादुर नेपालीलाई ०६१ वैशाख ७ गते काठमाडौंबाट मन्थली आउँदै गर्दा सुरक्षाकर्मीले खरिढुंगाबाट गिरफ्तार गरे। उनलाई एक महिनापछि रिहा गरियो।

लखनपुर गाविस-२ का ३२ वर्षीय दीपक चौलागाईलाई ०६१ वैशाख २६ गते गस्तिमा गएको सुरक्षाकर्मीले माओवादीलाई औषधी दिएको आरोपमा गिरफ्तार गरी केही समय नियन्त्रणमा लिई रिहा गऱ्यो। पीडितको औषधी पसलसमेत तोडफोड गरिदिए।

लखनपुर गाविस-२ का २८ वर्षीय भोजराज ढुंगेललाई माओवादीको आरोपमा ०६१ जेठ २३ गते सुरक्षाकर्मीले गाउँबाट गिरफ्तार गरे। उनलाई नजरबन्दमा राखी रिहा गरियो।

लखनपुर गाविस-२ का २६ वर्षीय नेत्रप्रसाद गौतमलाई प्रावि स्थायी शिक्षकको नियुक्ति लिन मन्थली आएको अवस्थामा माओवादीको आरोपमा ०६१ असार ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १० गते रिहा गरे।

सिन्धुली जिल्ला खुर्कोटका भोजराज देवकोटालाई माओवादीको आरोपमा ०६१ असार १७ गते रामेछापबाट गस्तिमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी रामेछाप जेलमा नजरबन्दमा राखी रिहा गरे।

बालअधिकार

बेताली गाविस-१ को गोकुलगञ्ज प्राविको कक्षा ५ का १० छात्र र ९ छात्रालाई ०६० माघ १९ गते आदर गर्ने निहुँमा प्रधानाध्यापक सिकन्दर यादवले आफ्नो खुट्टामा ढोग्न लगाए। पीडकलाई अभिभावकहरुले मोसो दली गाउँ घुमाए।

टोकरपुर गाविस-२ का १५ वर्षीय प्रल्हाद खड्कालाई ०६० फागुन ३० गते माओवादीले नियन्त्रणमा लिई कुटपिट गरी अपहरण गरे। पीडितलाई चैत ७ गते हाजिर हुने शर्तमा मुक्त गरियो। पीडित विद्यालयको परीक्षा नै नदिई सदरमुकाम आई बसेका छन्।

शारदा मावि ठोसेका अभिभावकहरुले विद्यार्थीहरु लैजान नदिएपछि ०६१ जेठ ४ गते माओवादीले विद्यालयमा तालाबन्दी गरे। विद्यालय जेठ १३ गतेदेखि खुल्यो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

दुरागाउँ गाविस-४ की ४५ वर्षीय धनमाया कार्कीलाई ०६० फागुन १८ गते पति ५० वर्षीय कमलबहादुर कार्कीले कुटपिट गरी घरबाट निकालिदिए। उनले जिल्ला प्रशासनमा उजुरी गरेकी छिन्।

कठजोर गाविस-८ की ३० वर्षीय सीता नेपालीलाई ०६० फागुन २० गते पति ३६ वर्षीय एकबहादुर नेपालीले कुटपिट गरी गाउँबाट खेदेपछि जिल्ला प्रशासनमा उजुरी गरेकी छिन्।

गोठगाउँ गाविस-५ की ३३ वर्षीय लक्ष्मी खत्रीलाई पति ४२ वर्षीय गणेशबहादुर खत्रीले पटक-पटक यातना दिएपछि सम्बन्ध विच्छेदको लागि ०६१ असोज २७ गते

अदालतमा मुद्दा दर्ता गराएकी छिन्। मुद्दा विचाराधीन छ।

यस बाहेक जिल्लामा यस वर्ष पारिवारिक हिंसाका ३ वटा घटनाहरु सार्वजनिक भए। जसमा ३ जना महिला पीडित भए।

सबै प्रकारका जातीय विभेद

सालु गाविस-२ का ४५ वर्षीय कृष्णबहादुर दमाई, ४० वर्षीय सुन्तली दमाई र १३ वर्षीय प्यारी दमाईलाई ०६० माघ ५ गते सोही ठाउँका ४० वर्षीय ढुकुने सार्कीले पँधेरोमा पानी छोएको भनी कुटपिट गरी घरबाट निकाले। पीडितहरु सदरमुकाम आएकोमा प्रशासनले अब त्यस्तो हुन नदिने आश्वासन दिएपछि आफ्नै गाउँ फर्के।

बेताली गाविस-७ का काजीबहादुर विकलाई ०६० चैत २३ गते मन्दिरमा पसी बोको पूजा गरेको आरोपमा स्थानीय गाउँलेहरुले एउटा बोको जरिवाना गराई भोज गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

आफ्ना कार्यकर्ताहरुको हत्या गरिएको जनाउँदै ०६१ असार २५ गते माओवादीले रामेछाप बन्द गऱ्यो।

पत्रकारमाथि प्रहरीले गरेको दमनविरुद्ध ०६१ वैशाख ८ गतेदेखि २४ गतेसम्म पत्रकारहरुले विरोध कार्यक्रम प्रदर्शन गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

एक महिलाको बेवारिसे लाश भेटियो भने पहिरोमा परी १ बालिकासहित ३ महिला र १ पुरुषले ज्यान गुमाए। एक महिलाको खोलाले बगाएर मृत्यु भयो। झाडा पखालावाट एक बच्चासहित २ पुरुषको मृत्यु भयो।

यस वर्ष अन्य पक्षबाट हत्याका ६ वटा घटना भए। जस्मा १ महिला र ५ पुरुषले ज्यान गुमाए। जसमध्ये-

नागदह गाविस- २ का ३८ वर्षीय रामवहादुर खड्का र गेलु गाविस-२ का ४९ वर्षीय हुमवहादुर खत्रीको रहस्यमय तरिकाले हत्या भयो। घटनाको पीडक पत्ता लाग्न सकेको छैन।

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका ५ वटा घटनामा ४ जना महिला र ९ जना पुरुष पीडित भए।

२.६ दोलखा

जनसंख्या	: २१८०४५
साक्षरता प्रतिशत	: ५४.१
महिला साक्षरता प्रतिशत	: ३३.४७
क्षेत्रफल (वर्ग कि. मि.)	: २१९१
गाविस/नपा संख्या	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७६
क्याम्पस/उच्च मा.वि.	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/५४
टेलिफोन लाइन	: ४७६
मोटर सडक (कि. मि.)	: १४९.७
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५४
मानव विकास सूचकांक	: ०.४५०
प्रति परिवार सरदर संख्या	: ५.०५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

डाँडाखर्क गाविस-४ का माओवादी कार्यकर्ता १९ वर्षीय यज्ञबहादुर थापामगर ०६० माघ ५ गते सुरक्षाकर्मीद्वारा सोही गाविसको-७ मा गोली हानी मारिए।

लापिलाङ गाविस-६ का ठिले थामीको ०६० माघ ६ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। माओवादी गतिविधिमा लागेको आशंकामा सोधपुछ गर्न लाग्दा भागेकाले गोली हान्दा मृत्यु भएको सुरक्षास्रोतले वतायो।

चिलंखा गाविसमा ०६० माघ ६ गते सुरक्षा कारवाहीमा नौ जना माओवादीको मृत्यु भयो। मृत्यु हुनेहरुमा साधुराम भनिने श्रीराम कार्की, विना, इन्दु, सुमन, अर्जुन, रवी, शेर्पा उपनामका, कुमारी थामी र अर्को एक जना महिला गरी ४ महिला र ५ पुरुष रहेका छन्।

मार्बु गाविसको गोंगटा भन्ने ठाउँमा ०६० माघ ७ गते सुरक्षा कारवाहीमा तामाङ मुक्ति मोर्चा दोलखाका अध्यक्ष जीवन भनिने कृष्णबहादुर तामाङ, चंखु गाविस-६ जयन्तीपुरकी प्रगति भनिने २५ वर्षीय पाली शेर्पा र मार्बु गाविस-१ गोंगटाका गोकुल भनिने २५ वर्षीय गोपाल दर्जीको मृत्यु भयो।

मालु गाविस-५ मा सुरक्षाकर्मीको गोलीद्वारा ०६० माघ २२ गते दुईजना माओवादी कार्यकर्ताको मृत्यु भयो। स्थानीय पसलमा चिया खान लागेको समयमा गस्तिमा रहेको सुरक्षाटोलीले भेटी खानतलासी गर्न लाग्दा भागेकाले कारवाही गर्दा मृत्यु भएको सुरक्षास्रोतले बतायो। मारिनेहरुमा संगीन र रवीन भनिने रहेको माओवादीले सार्वजनिक गरे।

लादुक गाविस-३ चित्रेको जंगलमा ०६० चैत २३ गते सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा ३ जना माओवादीको मृत्यु भयो। गस्तिमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी दुईवटा सकेट बम प्रहार पछि सुरक्षाकर्मीको गोलीद्वारा जुंगु गाविस-४ कि १८ वर्षीय सुन्दरी कार्की, सोही गाविस-७ की ३५ वर्षीय सुमित्रा जिरेल र जिरी गाविस-६ की विनिता भनिने ३० वर्षीय सुनमांया जिरेलको घटनास्थलमै मृत्यु भयो भने जुंगु गाविस-४ कि १४ वर्षीय मेनका कार्की गिरफ्तार भइन्। मेनका जुंगु नागेश्वरी प्राविको कक्षा ४ र सुन्दरी निलकण्ठेश्वर माविको कक्षा ८ मा ०६० सालको वार्षिक परीक्षामा संलग्न भएकी थिइन्। मेनकालाई सुरक्षाकर्मीले चार दिनपछि परिवारको जिम्मा लगाए।

शैलुङ्गेश्वर गाविस-१ पैतिमा ०६१ वैशाख २४ गते सुरक्षाकर्मीको कारवाहीमा प्लाटुन कमाण्डर सरिता भनिने र नतिजा भनिने रहेको र मृतकहरुबाट १४ थान डिटोनेटर, ४ थान सकेट बम र ३ मिटर फ्यूज तारसमेत फेला पारेको कुरा सुरक्षास्रोतले जनायो।

चिलंखा गाविसमा ०६१ वैशाख २९ गते सुरक्षाकर्मीको गोलीद्वारा निकिता तामाङको मृत्यु भयो। पीडितबाट माओवादी दस्तावेज फेला परेको सुरक्षास्रोतले बतायो।

भीरकोट गाविस-९ स्थित जंगलमा ०६१ जेठ ८ गते सुरक्षाकर्मीको कारवाहीमा सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे गाविस-२ की अञ्जु पौडेल र सिन्धुली जिल्लाकी अम्बिका थापामगरको मृत्यु भएको सुरक्षास्रोतले बतायो।

शैलुङ्गेश्वर र पवटी गाविस सीमामा ०६१ असार ३० गते सुरक्षा कारवाहीमा ४ जना माओवादीको मृत्यु भएको सुरक्षास्रोतले जनायो भने माओवादीले सुशान्त, लक्ष्मी र कविता तीन जनाको मृत्यु भएको दाबी गरे।

भुषाफेदा गाविसको जंगलमा ०६१ कार्तिक २ गते सुरक्षाकर्मीको गोलीद्वारा सिन्धुपाल्चोक जिल्ला कुभिन्डे गाविस-७ का राजीव भनिने गणेश सापकोटा र सोही जिल्ला साँगाचोक गाविस-४ का विश्वास भनिने माओवादीको मृत्यु भयो।

माओवादीबाट

जिरी गाविस-६ रातमाटेमा माओवादीले फ्याँकेको सकेट बम खेलाउँदा ०६० फागुन ३० गते स्थानीय ५ वर्षीय बालिका पुष्पा जिरेलको घटनास्थलमै मृत्यु भयो भने ९ वर्षीय बालक हर्कबहादुर जिरेल सख्त घाइते भए

नाम्दु गाविस-१ का २६ वर्षीय राजकुमार उप्रेतीलाई ०६१ भदौ ३० गते माओवादीले अपहरण पछि हत्या गरे। पीडितले माओवादीका नाममा गाउँमा चन्दा असुल्नेलगायत्का दुःख दिएको र पटक-पटक चेतावनी दिंदासमेत बेवास्ता गरेकाले अन्तिम कारवाही गरेको माओवादीले सार्वजनिक गरे।

दोहोरो भिडन्त

काब्रे गाविसको मैनापोखरी र सीताथान बीचमा ०६१ वैशाख २७ गते माओवादी र सुरक्षाकर्मीबीच भएको भिडन्तमा ६ जना सैनिक, छ जना सर्वसाधारण र एकजना प्रहरी गरी १३ जनाको मृत्यु र करिब दुई दर्जन घाइते भए। जिरीबाट काठमाडौं जाने सडक खण्डको मैनापोखरी, नाम्दू लगायतका स्थानमा माओवादीले गराएको सडक अवरोध हटाई यातायात संचालन गराउने क्रममा जिरीबाट यात्री बसमा आएका सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले गोली चलाएको र दोहोरो गोली हानाहान भएको थियो। घाइतेहरुलाई हेलिकप्टरद्वारा काठमाडौं लगी वीरेन्द्र प्रहरी अस्पतालमा उपचार गरियो। उक्त घटनामा सर्वसाधारणतर्फ हावा गाविस-३ की विष्णुमाया सुनुवार, गुणमाया सुनुवार, शर्मिला सुनुवार जफे गाविस-६ का सोविन्द्र काफ्ले र रामेछाप जिल्ला बेताली गाविस-६ का खड्गबहादुर कार्की र गुप्तेश्वर गाविस-५ की आङदोमा शेर्पा र अर्को एकजनाको नाम, ठेगाना खुल्न नसकेको र रौतहट जिल्ला भोटवलवा गाविस-७ घर भई दोलखामा कार्यरत प्रहरी जवान राम सिंहासन प्रसाद गुप्ताको मृत्यु भयो भने मृतक सैनिकको विवरण प्राप्त हुन सकेन। सोही घटनामा सर्वसाधारण र सुरक्षाकर्मी गरी १८ जना घाइते भएका थिए। घाइतेहरुमा भूले गाविस-१ का शिक्षक विक्रम कार्की उनकी पत्नी संगीता कार्की र छोरीसमेत १८ जना थिए।

दोलखा र सिन्धुपाल्चोकको सीमानामा रहेको लाँकुरीडाँडा गाविस-७, धोद्रें भन्ने स्थानमा ०६१ पुस ४ गते भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीतर्फ ९ र माओवादीतर्फ ३ जनाको मृत्यु भयो। सुरक्षाकर्मीको नाम थाहा हुन सकेन भने माओवादीतर्फ मृत्यु हुनेमा कम्पनी सह कमिसार कृष्ण, एलएमजी सेक्सन मेम्बर सुरेन्द्र र प्लाटुन कमाण्डर जय

रहेको जनाइयो। सोही क्रममा माओवादीले ८ थान इन्सान राइफल, २ थान एसएलआर, १ थान एलएमजी, १ थान एसएमजी, १ थान २ इन्च सेल र १८०० गोली सुरक्षाकर्मीबाट लगेको जानकारीमा आयो।

अन्यबाट

जिल्ला प्रहरी कार्यालय चरिकोटमा कार्यरत प्रहरी बीच विवाद हुँदा ०६१ साउन २६ गते प्रहरी जवान २६ वर्षीय उद्धव खड्काको कार्यालय हाताभित्रै गोलीद्वारा मृत्यु भयो। ड्युटीमा जाने क्रममा विवाद हुँदा धादिङ जिल्ला घर भई जिप्रकामा कार्यरत प्रहरी हवल्दार झमकनारायण गिरीले चलाएको गोलीद्वारा मारिए र पीडकलाई कानुनी कारवाही गरिएको जिप्रकाले जनायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

नाम्दु गाविस-३ मा माओवादीले बिछ्याएको पुत्ला बम पन्छाउने क्रममा ०६० चैत २८ गते जिल्ला जिप्रकामा कार्यरत प्रहरी जवान २० वर्षीय तेजबहादुर बस्नेत घाइते भए। उनको चरिकोटमा उपचार भयो।

जुँगु गाविस-७ का २२ वर्षीय लालध्वज जिरेल ०६१ जेठ २४ गते माओवादीले राखेको विद्युतीय धरापमा परी घाइते भए। बिहान पसलतर्फ जान लाग्दा बाटामा माओवादीले सोही गाविस-६ मा बनाएको गेटमा पुग्दा विद्युतीय धराप विस्फोट भई हातखुट्टा भाँच्चिएका पीडितलाई उपचारार्थ एम्बुलेन्सद्वारा काठमाडौं लगियो।

नाम्दु गाविस-३ मा माओवादीले ०६१ भदौ १२ गते राखेको विद्युतीय धरापमा परी धुलिखेल नपा खावाका गाडी चालक ३५ वर्षीय यमबहादुर गिरी, धादिङका वसका कण्डक्टर २३ वर्षका कृष्ण रेग्मी र नाम्दु गाविस-३ का ३५ वर्षीय बलराम ढुंगेलको घटनास्थलमै मृत्यु भयो। मृगे गाविस-२ का २४ वर्षीय अपिल तामाङ, नाम्दु गाविस-३ का १४ वर्षीय हरिराम रिमाल र सोही गाविस-४ का १६ वर्षीय शंकर दाहाल घाइते भए।

दोहोरो भिडन्त

सुनखानी गाविस-१ स्थित सोतीकालिपोखरी जंगलमा ०६१ पुस १५ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा एक सुरक्षाकर्मी घाइते भए। सोही घटनामा सिन्धुपाल्चोक जिल्ला हैबुङ गाविस-१ का १६ वर्षीय राजकुमार गुरुङलाई सुरक्षाकर्मीले गिरफ्तार गरे।

जेल र बन्दीहरू

दोलखा जेलमा कैद नतोकिएका बन्दी ३०, कैद तोकिएका १२ र अन्य २ गरी ४४ जना बन्दी छन्। जसमध्ये हतियार खरखजाना मुद्दा अन्तर्गत ४ पुरुष र ४ महिला गरी ८ जना, कैद नतोकिएका बन्दी र नजरबन्दमा ६ पुरुष र २ महिला रहेका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

रामेछाप जिल्ला गौश्वारा गाविस-७ का २२ वर्षीय बलबहादुर नेपालीलाई ०६१ वैशाख ७ गते खरिढुंगास्थित सैनिक गुल्मले काठमाडौंबाट घर फर्किने क्रममा गिरफ्तार गरेकोमा पीडितको हालको अवस्था अज्ञात छ।

माओवादीबाट

आलम्पु गाविस-७ का २१ वर्षीय सुवास थामीलाई ०६१ जेठ २ गते सुनखानी गाविस-४ स्याउले बजारबाट माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

चिलंखा गाविसस्थित हिमालय निमाविका शिक्षक

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या				५	२२	६		२८	१५	२४	१३	३७
घाइते				४	३०	१		३१				
गिरफ्तारी / यातना									१०	९	१	१०
कुटपिट									७	१३		१३
धम्की				३	३			३				
बालअधिकार	१	१	१									
अपहरण				११	९	५	४१०	४२४				
जम्मा	१	१	१	२३	६४	१२	४१०	४८६	३२	४६	१४	६०

सरोजबहादुर खड्का र सोही गाविसका सचिव अनिल लामिछानेलाई ०६१ जेठ १४ गते माओवादीले सोही गाविसबाट अपहरण गरे। पीडितहरुलाई ४ दिनपछि मुक्त गरे।

आलम्पु गाविस-७ का १८ वर्षीय विकेश थामीलाई ०६१ जेठ १६ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। हिमालय मावि खोपाचागुमा कक्षा ९ मा अध्ययनरत पीडितलाई हालसम्म मुक्त गरिएको छैन। पीडितको पुस्तक र झोला माओवादीले घरमै पुऱ्याइदिएको पीडितका परिवारले बताए।

भीमेश्वर नपा-४ का ३१ वर्षीय ईश्वर खड्कालाई ०६१ जेठ २५ गते माओवादीले अपहरण गरे। उपस्वास्थ्य चौकी सुन्द्रावतीका अहेब समेत रहेका खड्कालाई दिउँसो कार्यालयबाटै अपहरण गरिएकोमा ०६१ साउन ९ गते चिलंखा गाविसमा एक कार्यक्रमको आयोजना गरी पत्रकार र मानवअधिकारकर्मीको रोहवरमा मुक्त गरी परिवारलाई जिम्मा लगाए।

भीमेश्वर नपा-११ का दुर्गा सुवेदीलाई ०६१ असार ११ गते लामीडाँडा गाविसबाट माओवादीले अपहरण गरे जिल्ला अदालतमा तामिल्दार पदमा कार्यरत पीडित म्याद तामेल गर्न गाउँमा जान लाग्दा अपहरण गरिएकोमा १८ दिनपछि मुक्त गरियो।

सुनखानी गाविस-७ का ३३ वर्षीय जलहरि सिवाकोटीलाई ०६१ असार ११ गते माओवादीले कालिञ्चोकको जंगलबाट अपहरण गरे। पीडित कालिञ्चोक जंगलमा आरो लगाउन कर्मी सहित गएकोमा ७ दिनपछि मुक्त गरे।

सुन्द्रावती गाविस-७ का ३२ वर्षीय पूर्णबहादुर थामीलाई ०६१ साउन ८ गते माओवादीले वोसिम्पा प्राविबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

सुष्माक्षमावती गाविस-७ का लामनागी निमाविका शिक्षक ४१ वर्षीय राधाकृष्ण सिवाकोटीलाई ०६१ साउन ८ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

फस्कु गाविस स्थित कालिका माविका १० शिक्षक र करिब ४ सय विद्यार्थीलाई ०६१ भदौ २३ गते हतियारसहित आएका १० जना माओवादीले विद्यालयबाटै अपहरण गरी सोही गाविस-९ को कालापानीमा आफ्नो कार्यक्रममा सहभागी गराई बेलुकी मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सुनखानी गाविस-६ का २५ वर्षीय प्रेमप्रसाद खरेललाई ०६० पुस १९ गते सुनखानी गाविस-४ सित्कामा सुरक्षाकर्मीले कुटपिट गरे। विगु गाविस-१ देउढुंगा प्राविका शिक्षक पीडित खरेललाई विद्यालय जान लाग्दा माओवादीका बारेमा सोधपुछ गर्दै पिट्दै गरेको र सो पिटाईबाट गाला सुन्निएको, टाउको दुख्ने गरेको र कान बज्ने गरेको पीडितले बताए।

भीमेश्वर नपा-१० का नेपाल पत्रकार महासंघका सदस्य ३३ वर्षीय कुमार थापालाई ०६१ मंसिर ३ गते जिप्रकामा कार्यरत प्रहरी इन्स्पेक्टर यादव ढकाल र राजकुमार खिउजुले कुटपिट गरी कानको जालीसमेत फुटाइदिए।

जिरी गाविस-७ का जिरी उच्चमाविमा कक्षा १० मा अध्ययनरत १५ वर्षीय अनिल जिरेल र १७ वर्षीय सूर्य जिरेललाई ०६१ असार २४ गते विद्यालयबाट घर फर्कंदै गर्दा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

मालु गाविस-७ का ४८ वर्षीय ठाकुर पोखरेलको घरमा ०६१ कार्तिक २ गते स्वीकृती बेगर गाउँ परिषद् गराएकोमा सञ्चारमाध्यमद्वारा गाउँ परिषद् रद्द गरिएको समाचार प्रशारण नगरेमा जुनसुकै बेला अपहरण गरी कडा कारवाही गरिने सूचना माओवादीले टाँसे।

जिल्लाका सम्पूर्ण गाविस सचिवले आफ्नो पदबाट तुरुन्त राजीनामा दिनुपर्ने अन्यथा जुनसुकै बेला कारवाही गरिने माओवादीको धम्कीपछि ०६१ मंसिर २० गते सम्पूर्ण सचिवले संयुक्त राजीनामा दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दर्ता भएका र गत वर्षबाट जिम्मेवारी सरेर आएकासमेत गरी ५५ देवानी र ३६ फौजदारी गरी ९१ वटा मुद्दा फर्स्योट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ३ सय ६८ परिवार सुकुम्बासी छन्।

आर्थिक अधिकार

नाम्दु गाविस-८ वेतानेका राप्रपा क्षेत्र नं.१ का सभापति शान्तबहादुर उप्रेतीको घरमा ०६१ वैशाख २६ गते माओवादीले ताला लगाइदिए। बेलुकीको समयमा आएका माओवादीले घरमा बसेका परिवारलाईसमेत निकाली घरमा ताला लगाएको र दुई वटा खसी र भाँडाकुडासमेत लिएर गएको पीडितका छिमेकीले बताए।

लादुक र लामिडाँडा गाविस सीमा सोरुङ खोलाको पुलमा माओवादीले ०६१ असार १४ गते टाँसेको सूचनाअनुसार जिल्लाको उत्तरी भेकमा रहेका सामुदायिक वन

उपभोक्ताहरु, विद्यालय व्यवस्थापन समितिहरु स्थानीय माओवादी जनसरकारमा दर्ता हुनुपर्ने, अन्तर्राष्ट्रिय गैसस र अन्य गैससले कार्यक्रम सञ्चालन गर्नुपूर्व माओवादीद्वारा गठित जनसकारको स्वीकृती लिनुपर्ने, वन पैदावार निकासी बन्द गरेको, तितेमाछाको ठेक्का टेन्डर गाजसमा हाल्नु पर्ने, एलजीपी र आरएचडीपीजस्ता संस्थाले हाल कुनै पनि कार्यक्रम गर्न प्रतिबन्ध लगाएको जस्ता कार्यले स्थानीय स्तरका काम प्रायः ठप्प भएकाछन्।

विस्थापन

यस जिल्लामा यस वर्ष द्वन्द्वका कारण २१ जना विस्थापित भएका छन्।

संरचना/सम्पत्ति क्षति

काव्रे गाविस-५ स्थित मैनापोखरी बजारमा ०६० चैत १ गते जिरीबाट काठमाडौं जान लागेको एक परियोजनाको पजेरो गाडी माओवादीले जलाए।

नाम्दू गाविस-३ कोटगाँउमा जिविसका सभापति रामप्रसाद उप्रेतीका दुईवटा घरमा ०६१ वैशाख २६ गते माआवादीले बम विष्फोट र आगजनी गराई ध्वस्त पारे। उक्त विस्फोट र आगजनीबाट १० लाख रुपैयाँ बराबरको क्षति भएको हुनसक्ने बताइयो।

भीमेश्वर नपास्थित दोलखाबजारमा रहेको घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालयको दुईवटा भवनमा ०६१ वैशाख २६ गते राति माओवादीले बम विष्फोट गराई ध्वस्त पारे। राति ११ बजेतिर आएका माओवादीले कार्यालयमा रहेका प्रशिक्षक धनकुमारी चौधरी र पियन उदय गुरुङलाई कार्यालयबाट निकाली तीनवटा बम विष्फोट गराई भवन ध्वस्त हुँदा कार्यालयका महत्वपूर्ण कागजपत्र, तालिम सामग्रीहरु गरी २५ लाख रुपैयाँ बराबरको क्षति भएको जनाइयो।

काव्रे गाविस मैनापोखरी बजार नजिक ०६१ वैशाख २७ गते माओवादीले एउटा निजी मोटरसाइकल आगो लगाई जलाए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

फर्पू गाविस-६ रामेछापका २५ वर्षीय रमेश कार्कीलाई दोलखा-रामेछाप सीमा पलाती बजारबाट ०६० पुस १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। रामेछाप जिल्ला बेताली-९ स्थित ससुराली घरमा जान लागेको बेला गिरफ्तार गरी पलाती गुल्ममा ७ दिन र किर्ने गुल्ममा ७ दिन राखिएका पीडितलाई हाल जेलमा नजरबन्दमा राखिएको छ।

मिर्गे गाविस-५ का १८ वर्षीय जीतबहादुर दाहाललाई ०६० पुस २५ गते सुरक्षाकर्मीले दिउँसो घरबाट गिरफ्तार गरे। पीडितलाई शेर गणअन्तर्गत जिरी गुल्ममा ५ दिन राखी ०६० माघ १ गतेदेखि चरिकोट जेलमा नजरबन्दमा राखिएकोमा ०६० चैत २३ गते रिहा भए।

विगु गाविस-१ की १९ वर्षीय मन्जु भनिने रीता भुजेललाई ०६० चैत ८ गते लाकुरीडाँडा गाविस-९ खरिढुंगामा रहेको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ चैत ९ गतेदेखि चरिकोट जेलमा राखिएको छ।

झ्याँकु गाविस-६ का २५ वर्षीय कुमार खड्कालाई ०६० चैत २६ गते लाँकुरीडाँडा गाविस-९, खरिढुंगामा सुरक्षाकर्मीले गिरफ्तार गरे। घरायसी कामले काठमाडौंतर्फ बसबाट जान लाग्दा गिरफ्तारीमा परेका पीडितलाई १ महिना २७ दिन जिल्ला कारागार चरिकोटमा राखी रिहा गरियो।

सिन्धुपाल्चोक जिल्ला कर्थली गाविस-३ का २० वर्षीय भीमप्रसाद पराजुलीलाई ०६१ वैशाख १९ गते सुरक्षाकर्मीले खोपाचाँगु गाविसको साङ्वा बजारबाट गिरफ्तार गरे। अनेरास्ववियु (क्रान्तिकारी) सिन्धुपाल्चोक ७ नं. एरियाका अध्यक्षसमेत रहेका भीमप्रसादलाई ०६१ वैशाख २१ गतेदेखि चरिकोट जेलमा राखिएको छ।

पवटील गाविस-३ दियालेखर्कका सीताराम कोइरालालाई ०६१ वैशाख २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सत्यश्वर मावि पवटीका शिक्षक रहेका पीडितलाई साँझ घरबाट गिरफ्तार गरी श्रीशेर गणअन्तर्गत खिम्ती गुल्मतर्फ लगेको छिमेकीले बताए। पीडित ४ दिनपछि सैनिक हिरासतबाट रिहा भए।

मागापौवा गाविस-२ मानेडाँडाका ४० वर्षीय जीतकुमार तामाङ्लाई ०६१ वैशाख २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। बिहान ८:३० को समयमा घरमै आएका सुरक्षाकर्मीले पीडितलाई जिल्ला सदरमुकाम चरिकोटतर्फ लगेको परिवारले बताए। पीडित रिहा भए।



माओवादीको बम विस्फोटमा परी मृत्यु भएका यमराज गिरी, कृष्ण रेग्मी र बलराम ढुंगेल

पीडित खड्कालाई गत वर्ष माओवादीले अपहरण गरी १ महिना पछि मुक्त गरे।

बालअधिकार

जिरी गाविस-७ स्थित खोलामा ०६१ साउन २३ गते नवजात शिशुको लाश फेला पर्‍यो। जिरी गाविस-७ का ६० वर्षीय मानवहादुर जिरेल र सोही ठाउँकी १७ वर्षीय युवतीबीच अनुचित सम्बन्धबाट जन्मेको उक्त शिशु मानबहादुरलाई जिम्मा लगाएको युवतीले बताइन् भने मानबहादुरले उक्त शिशु अनुचित सम्बन्धका कारणले जन्मेको स्वीकारे तापनि शिशु आफूले जिम्मा नलिएको बताए। पीडक दुवै कारागारमा रहेका छन्।

अतिरिक्त जानकारीहरू
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा विष सेवन गरी ४ पुरुषले, झुण्डिएर २ महिला र ४ पुरुषले, भवितव्य ज्यानका २ घटनामा १ महिला र १ पुरुष र करेन्ट लगाई १ पुरुषले आत्महत्या गरे। सवारी ज्यानका १० घटनामा २ महिला र ८ पुरुषको मृत्यु भयो।

लाकुरीडाँडा गाविस-९ खरिढुंगा गुल्ममा कार्यरत सैनिक रामेछाप जिल्ला गेलु गाविसका पुष्कर केसीको ०६१ असोज २६ गते आफैले बोकेको ग्रिनेट विस्फोट हुँदा मृत्यु भयो।

घरायसी विवादमा एक युवतीलाई उनकै भाउजुले कुटपिट गर्दा मृत्यु भयो।

विगतको अनुगमन

हावा गाविस-८ का ३० वर्षीय खड्गबहादुर सुनुवारलाई ०६० कातिक १ गते काठमाडौंस्थित कलंकी डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। सामान लोड-अनलोड गरी जीविकोपार्जन गर्ने पीडितलाई ३ महिनासम्म काठमाडौंमा सेनाको ब्यारेकमै राखी ०६० पुस २९ गते देखि चरिकोट जेलमा नजरबन्दमा राखिएको छ।

२.७ रौतहट

जनसंख्या : ६०८१६१
साक्षरता प्रतिशत : ३३.४
महिला साक्षरता प्रतिशत : २१.६६
क्षेत्रफल (वर्ग कि. मि.) : ११२६
गाविस/नपा संख्या : ९६/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : ३९९
क्याम्पस/उच्च मा.वि. : ३/६
अस्पताल/स्वास्थ्य चौकी : १/९३
टेलिफोन लाइन : १२६५
मोटर सडक (कि. मि.) : १३८०
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ८५
मानव विकास सूचकांक : ०.४०९
प्रति परिवार सरदर संख्या : ६.८९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

सखुवा धमौरा गाविस-६ का १८ वर्षीय भोलादास तत्मा ०६० पुस २५ गते साँझ ६ बजे गरुडा गाविस-७ स्थित चाँदी नदीको किनारमा प्रहरीद्वारा गोली हानी मारिए। इलाका प्रहरी कार्यालय गरुडामा ड्युटीमा रहेका प्रहरी विगबहादुर तामाङलाई गोली प्रहार गरी भागेपछि पिछा गर्दै गोली चलाउँदा उनको मृत्यु भएको थियो।

रमौली बैरिया गाविस-३ का माओवादी कार्यकर्ता २८ वर्षीय विसुन्दर सहनी ०६० माघ २० गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। विश्रामपुर गाविस-९ का लक्ष्मण भण्डारीको घरमा धान लुट्न आएको थाहा पाई त्यहाँ

पुगेका सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

लक्ष्मीनिया गाविस-८ हिमालीबासकी अनेमसंघ (क्रान्तिकारी) का जिल्ला सचिव तथा जिल्ला जनसरकार सदस्य २७ वर्षीय शारदा मैनाली ०६० माघ २४ गते साँझ विश्रामपुर गाविस-९ बलेरीखोरमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिइन्। पीडितलाई पक्राउ गरी ट्र्याक्टरमा राखी ल्याएर बाटोमा हत्या गरिएको माओवादीले सार्वजनिक जानकारी गराए।

हर्दिया पल्टुवा गाविसको आँपखोलामा ०६० माघ २६ गते प्रगतिशील सांस्कृतिक मञ्चका जिल्ला सचिव तेजापाकड घर भएका उचितचन राय यादव र दलित मुक्ति मोर्चाका जिल्ला उपाध्यक्ष लौकाहा घर भएका श्रीराम महरा चमार सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा मारिए। पीडितहरु दोहोरो भिडन्तमा मारिएको सुरक्षा निकायले जनायो।

जेठरहिया गाविसका ३० वर्षीय अच्छेलाल पटेल ०६० माघ २७ गते जेठरहिया चोकभन्दा दक्षिणतर्फ सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। चन्द्रनिगाहपुरबाट गौरतर्फ माओवादी कार्यकर्ताहरुलाई आत्मसमर्पण गराउन लैजाँदै गर्दा राजमार्गमा विद्युतीय धराप थापेर बसेको अवस्थामा सुरक्षाकर्मीले गोली चलाउँदा उनको मृत्यु भएको सुरक्षा निकायले जनायो।

लौकाहा गाविस-१ का भोला भनिने २९ वर्षीय रामबाबु पटेल ०६० फागुन ४ गते सुरक्षाकर्मीद्वारा बसन्तपट्टी गाविस-६ मा गोली हानी मारिए।

चन्द्रनिगाहपुर गाविस-४ का ५५ वर्षीय पदमबहादुर एस्माली ०६० फागुन ८ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिइसकेपछि गोली हानी मारिए। सुरक्षाकर्मीले पीडित दोहोरो भिडन्तमा मारिएको जनाए।

सिम्रा भवानीपुर गाविस-४ का ५० वर्षीय बद्री महतो ०६० फागुन ९ गते सुरक्षाकर्मीद्वारा प्रतापपुर पल्टुवा गाविसमा गोली हानी मारिए। दोहोरो भिडन्तमा उनको मृत्यु भएको सुरक्षास्रोतले जनायो।

हर्दिया पल्टुवा गाविस-२ का ३८ वर्षीय दशै राय यादव ०६० फागुन १२ गते राति नाच हेरेर बसिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिएको स्थानीय बासिन्दाले बताए।

सिम्रा भवानीपुर गाविस-९ का ४८ वर्षीय भोला चौधरी र कनकपुर गाविस-८ का ३० वर्षीय शम्भु चौधरी ०६० फागुन १९ गते सुरक्षाकर्मीद्वारा लक्ष्मीपुर गाविसको हरिहरपुर बजारमा गोली हानी मारिए। पीडितहरु दोहोरो भिडन्तमा मारिएको सुरक्षास्रोतले जनायो भने माओवादीले कब्जामा लिई हत्या गरिएकाले निष्पक्ष छानबिनको लागि सार्वजनिकरुपमा आग्रह गरे।

देवाही गाविस-३ पोखरिया टोलका रामवरण राउत कुर्मी ०६१ वैशाख २४ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सर्चको क्रममा त्यहाँ पुगेका सुरक्षाकर्मीलाई माओवादीले आक्रमण गरी भाग्न खोज्दा सुरक्षाकर्मीले गरेको प्रतिकारमा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

मर्यादपुर गाविस-१ का माओवादीद्वारा गठित जिल्ला जनसरकार सदस्य ३५ वर्षीय गौरीशंकर राय यादव ०६१ भदौ २३ गते बिहान सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई पर पुऱ्याई गोली हानी मारिए। पीडित आफ्नै घरमा धानको दाँई गरेर बसेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिई हत्या गरिएको पीडितकी पत्नी जयकली देवीले बताइन्।

सोनरनिया गाविस घर भएका माओवादी कार्यकर्ता नन्दलाल दास ०६१ कार्तिक १७ गते सुरक्षाकर्मीद्वारा सन्तपुर दोस्तिया गाविसमा गोली हानी मारिए। सुरक्षाकर्मीले सञ्चालन गरेको खोजतलासको क्रममा सन्तपुर दोस्तिया इलाकामा पुगेका सुरक्षाकर्मीको कारवाहीमा पीडितको मृत्यु भएको र पीडितसँगै रहेका अन्य दुई जना भागेको सुरक्षास्रोतले जनायो। माओवादी जिल्ला जनसरकार प्रमुख विन्देश्वर राय यादवले आफ्नो कार्यकर्तालाई नियन्त्रणमा लिई हत्या गरिएकोले निष्पक्ष छानबिनको लागि सार्वजनिक रुपमा आग्रह गरे।

इनरबारी गाविस-९ का ४० वर्षीय सतलाल साह ०६१ कार्तिक २० गते बिहान सुरक्षाकर्मीद्वारा गम्हरिया विर्ता गाविस-५ मा गोली हानी मारिए। सुरक्षाकर्मीले सञ्चालन गरेको सर्चको क्रममा सकेट बम प्रहार गरी भाग्न खोज्दा भएको कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

फतुहा हर्वाहा गाविसका झगरु पासवान ०६१ कार्तिक २९ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई लक्ष्मीनिया गाविस-९ भैंसही टोलमा पुऱ्याई गोली हानी मारिए। पीडित बिरामी भई घरमै बसिरहेको अवस्थामा नियन्त्रणमा लिई हत्या गरेको पीडितको पारिवारिक स्रोतले बतायो भने दोहोरो भिडन्तमा मारिएको सुरक्षास्रोतले जनायो।

अजगैवी गाविस-२ बौधा टोलका ३५ वर्षीय महिपन राय यादव ०६१ मंसिर ५ गते बिहान सुरक्षाकर्मीद्वारा देवाही गाविस-८ मा गोली हानी मारिए। सर्चमा गएका सुरक्षाकर्मीलाई देखी सकेट बम प्रहार गरी भाग्न खोज्दा भएको कारवाहीमा पीडितको मृत्यु भएको सुरक्षास्रोतले जनायो।

सखअवा धमौरा गाविस घर भएका माओवादी जिल्ला जनसरकार सदस्य तथा दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य ४३ वर्षीय लालबाबु दास तत्मा ०६१ मंसिर ८ गते दिउँसो सुरक्षाकर्मीद्वारा लक्ष्मीनिया गाविसबाट नियन्त्रणमा लिई गोली हानी मारिए। पीडित दोहोरो भिडन्तमा मारिएको

सुरक्षास्रोतले जनायो भने माओवादीले नियन्त्रणमा लिई हत्या गरिएको जनायो।

हजमिनिया गाविसका ३८ वर्षीय मखन साह ०६१ मंसिर २२ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिए। पीडित दोहोरो भिडन्तमा मारिएको सुरक्षास्रोतद्वारा जनाइयो।

माओवादीबाट

सिन्धुली जिल्ला घर भई जिल्ला वन कार्यालयमा सशस्त्र वन रक्षक पदमा कार्यरत कृष्णहरी दाहाल र तनहुँ जिल्ला घर भई सोही कार्यालयमा कार्यरत भान्से राजु रानाभाटलाई ०६० पुस १९ गते साँझ चन्द्रनिगाहपुर गाविस-७ स्थित बजारमा माओवादीले गोली हानी हत्या गरे। पीडितहरुको हत्या भुलवस भएको भनी माओवादीले वक्तव्य निकाली क्षमायाचना गरे।

गोनाही प्रेमपुर गाविस-१ का ३६ वर्षीय राजेन्द्र देव यादवलाई ०६० पुस २० गते माओवादीले गोली हानी हत्या गरे।

चन्द्रनिगाहपुर गाविस-३ का ३६ वर्षीय विष्णुप्रसाद फुयाललाई ०६० फागुन ७ गते माओवादीले घरबाटै अपहरण गरी फागुन १० गते घाँटी रेटी हत्या गरी गाउँ नजिकैको पोखरीमा लाश फ्याँकिदिए। माओवादी कार्यकर्ता दीपक, फिरोज भनिने जनक राई र पुनित धामीलाई अघिल्लो वर्ष कार्तिकमा हत्या गरेको आरोपमा पीडितको हत्या गरिएको माओवादीले वक्तव्य निकाली सार्वजनिक गरे।

गंगापिप्रा गाविस-९ की ९ वर्षीय मानकी हजराको ०६० फागुन १४ गते माओवादीले छाडेको बम खेलाउँदा विस्फोट भई मृत्यु भयो।

रमौली वैरिया गाविस-२ का ६० वर्षीय नारायण ठाकुर लोहारलाई सुराकीको आरोपमा ०६० चैत १९ गते राति ९ बजे वागमती नदीको किनारमा पुऱ्याई माओवादीले गोली हानी हत्या गरे।

जिप्रका रौतहटमा कार्यरत प्रहरी जवान लालबाबुप्रसाद यादवलाई ०६१ वैशाख ६ गते साँझ गौर भन्सारमा ड्युटीमा रहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

डुमरिया (म.) गाविस-१ का २३ वर्षीय खहेरु चौधरीलाई डकैती काण्डमा संलग्न भएको र सुराकीको आरोपमा ०६१ वैशाख ६ गते फतुहा हर्साहा गाविसको दुधिअबा बजारमा माओवादीले गोली हानी हत्या गरे। पीडित सशस्त्र प्रहरीको जागीर छाडी घरमा बसेकोमा वैशाख ५ गते रंगपुर गाविस-५ बाट माओवादीले अपहरण गरेका थिए।

सन्तपुर (म.) गाविस-३ का २३ वर्षीय सञ्जु सहनीलाई ०६१ वैशाख ७ गते क्रिकेट खेलिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। पीडित सहनी विभिन्न डकैती काण्डमा संलग्न रहेकाले हत्या गरिएको माओवादीले सार्वजनिक गरे।

लक्ष्मीपुर गाविस-९ हरिहरपुरका ३० वर्षीय लालबाबु राय यादवलाई सुराकी र डकैतीमा संलग्न भएको आरोपमा ०६१ वैशाख ७ गते फतुहा हर्साहा गाविसको दुधिगवामा माओवादीले गोली हानी हत्या गरे।

विश्रामपुर गाविस-९ धनगढी टोलका एमालेका पूर्व गाविस अध्यक्ष ५३ वर्षीय घनश्याममोहन भण्डारीलाई ०६१

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१३	१४		१४	२१	२१	१		२२	१८	१९	१	२०
घाइते	९	१२		१२	६	८			८				
बम विस्फोट					१			१	१				
गिरफ्तारी यातना										१०	१८		१८
बेपत्ता										१	२		२
कुटपिट	१	१		१	१	१			१				
धम्की										१	१		१
जातीय बिभेद	१	३	४	७									
महिलाअधिकार	४		५	५									
बालअधिकार	३	१	३	४									
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					२	२			२				
अपहरण					२२	३१		१५०	१८१				
जम्मा	३१	३१	१२	४३	५३	६३	१	१५१	२१५	३०	४०	१	४१

वैशाख १३ गते साँझ विद्यालयको वैठक सकेर घर फर्कंदै गर्दा विश्रामपुर गाविस-४ स्थित बाटोबाट माओवादीले कब्जामा लिई छातीमा गोली हानी हत्या गरे।

गौर नपा-१० का ५० वर्षीय शेप दोस महमदलाई अवैध मदिरा बेचबिखन र सुराकीको आरोपमा ०६१ वैशाख २१ गते भसेडवा गाउँबाट माओवादीले अपहरण गरेकोमा ०६१ वैशाख २७ गते अज्ञात स्थलमा गोली हानी हत्या गरेको जानकारी गराए।

माधोपुर घर भएका रामपुकार यादवलाई सुराकीको आरोपमा ०६१ वैशाख २७ गते जिल्लाको अज्ञात स्थानमा माओवादीले हत्या गरेको टेलिफोनबाट सार्वजनिक जानकारी गराए।

दिपही गाविस-९ का पूर्व जिविस सदस्य तथा नेकाँका कार्यकर्ता ५० वर्षीय नथुनीराय यादवलाई ०६१ साउन १ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

पिप्रा पोखरिया गाविस-३ का ३० वर्षीय दिनेश राय यादवलाई ०६१ साउन ८ गते माओवादीले घरबाटै अपहरण गरी साउन १० गते घाँटी रेटेर हत्या गरी गरुडा कटहरिया सडकमा शव फ्याँकिदिए। माओवादी कार्यकर्तालाई पक्राउ गर्न सुराकी गरेको र माओवादी कार्यकर्तालाई अपहरण गरी हत्या गराएकोले पीडितको हत्या गरिएको माओवादी ३ नं. एरिया सेक्रेटरी अभयले एक विज्ञप्ति जारी गरे।

कनकपुर गाविस-२ का ४२ वर्षीय शेख अब्दुललाई ०६१ साउन २७ गते माओवादीले कुटपिट गरी हत्या गरे। जग्गाको विवाद टुंग्याउन जबरजस्ती निर्णय लाद्न खोजेपछि पीडितले नमानेकोले कुटपिट गरी हत्या गरेको पारिवारिक स्रोतले बताए।

चन्द्रनिगाहपुर गाविस-३ गैंडाटारका एमाले कार्यकर्ता तथा पूर्व गाविस सदस्य अर्जुनप्रसाद हुमागाईलाई ०६१ भदौ ८ गते माओवादीले खेतबाट अपहरण गरी हत्या गरे। पीडितलाई हत्या नगरिएको र अनुसन्धानको लागि ल्याउँदै गर्दा हृदयाघात भई मृत्यु भएको भनी माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुख विन्देश्वर राय यादवले भदौ २३ गते एक विज्ञप्ति जारी गरे।

प्रतापपुर पल्टुवा गाविस-३ का ४५ वर्षीय महेशी चौधरीलाई ०६१ भदौ २० गते राति माओवादीले रंगपुर गाविसको मैरा जंगलमा गोली हानी हत्या गरे। जंगलमा काठ तस्करी गर्न आएका तस्कर र माओवादीवीच दोहोरो भिडन्त हुँदा पीडितको मृत्यु भएको थियो।

सन्तपुर (म.) गाविस-६ का ३० वर्षीय रामपुकार साहलाई ०६१ असोज १४ गते माओवादीले धरमपुर गाविसबाट अपहरण गरी असोज १६ गते सखअवा धमौरा गाविसको हरसाहा चोकमा पुऱ्याई घाँटी रेटी हत्या गरे। पीडितलाई विभिन्न चोरी, डकैती तथा बलात्कार काण्डमा संलग्न रहेको र माओवादीविरुद्ध सुराकी गरेको भनी हत्या गरिएको माओवादीले जनाए। पीडित साहलाई यस अघि पनि माओवादीले मार्ने प्रयास गरी गोली प्रहार गरेकोमा बच्न सफल भए।

चितवन जिल्ला भण्डारा गाविस-१ घर भई हाल पौराई गाविस-६ मा बसोबास गर्दै आएका माओवादी कार्यकर्ता ४० वर्षीय लालबहादुर दोङलाई ०६१ असोज २५ गते बेलुका माओवादीले पौराई गाविस-६ को नर्सरीमा छुरी र रड प्रहार गरी हत्या गरे। माओवादीले भने हालसम्म जिम्मेवारी लिएको छैन।

हर्दिया गाविस-७ का २८ वर्षीय निरस राय यादवलाई ०६१ कार्तिक ६ गते राति माओवादीले अपहरण गरी हत्या गरे। पीडितको अपहरण गरिएको एक महिनापछि माओवादीले हत्या गरेको स्वीकार गरे पनि पीडितलाई कहिले, कहाँ र किन हत्या गरिएको भन्ने केही खुलाएनन्।

पौराई गाविस-४ का ३५ वर्षीय हेमबहादुर ठाडामगरलाई ०६१ मंसिर १० गते बिहान माओवादीले घाँटी रेटी हत्या गरेर जुडिबेला गाविसस्थित मावि जुडिबेलाको चोकमा ल्याएर लाश फ्याँकिदिए। हेमबहादुरलाई असोज २५ गते माओवादी कार्यकर्ता लालबहादुर दोङको हत्या गरेको आरोपमा हत्या गरिएको माओवादीले बताए।

अन्यबाट

प्रेमपपुर गोनाही गाविस-१ का ३६ वर्षीय राजेन्द्र राय यादवलाई ०६० पुस २० गते राति अज्ञात समूहले गोली हानी हत्या गरे। पीडितलाई माओवादीले हत्या नगरेको भनी वक्तव्य जारी गरे पनि परिवारले भने माओवादीले नै हत्या गरेको जनाए।

तेजापाकड गाविस-४ का ३५ वर्षीय राजदेव प्रसाद महतोलाई ०६० चैत ६ गते साँझ बसन्तपट्टी गाविसको उखु तौल गर्ने काँटामा अज्ञात व्यक्तिको समूहले गोली हानी हत्या गऱ्यो। पीडितलाई माओवादीले हत्या गरेको सुरक्षास्रोतले



माओवादीद्वारा मारिएका घनश्याममोहन भण्डारी

वतायो भने माओवादीले एक विज्ञप्ति जारी गरी हत्यामा आफ्नो पार्टीको कुनै संलग्नता नभएको र पीडितलाई सुरक्षाकर्मीले नै हत्या गरेको जनायो।

पटौरा गाविस-४ का ६५ वर्षीय बाबुलाल साह तेलीलाई ०६१ जेठ ७ गते राति अज्ञात समूहले गोली हानी हत्या गरे। पीडितका छोरा सुरेन्द्र साह माओवादीमा संलग्न भई हाल भूमिगत रहेकाले पीडितलाई सुरक्षाकर्मीले हत्या गरेको भनी माओवादीले विज्ञप्ति जारी गरी छानबिनको लागि सार्वजनिक रुपमा आग्रह गरे।

धरहरी गाविस-९ का २९ वर्षीय मनोज साहलाई ०६१ साउन २९ गते राति अज्ञात हतियारधारी समूहले गोली हानी हत्या गरे। पीडितलाई माओवादीले गोली हानी हत्या गरेको हुनसक्ने प्रहरीले जनाएको छ भने माओवादीले साहको हत्यामा कुनै संलग्नता नरहेको भनी विज्ञप्ति जारी गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

इलाका प्रहरी कार्यालयमा ड्युटीमा रहेका प्रहरी जवान विगबहादुर तामाङलाई ०६० पुस २५ गते साँझ माओवादीले गोली हानी घाइते पारे। पीडितको वीरगञ्जमा उपचार गरियो।

गमहरिया पर्साका ४० वर्षीय नसरुद्दिन मिया र उनकै ११ वर्षीय छोरा फिरोज अहमद ०६० माघ २६ गते माओवादीले गराएको विद्युतीय धराप विस्फोटमा परी घाइते भए। पीडितहरु माओवादीले जेठरहिया गाविसको सडकमा प्रहरीलाई लक्षित गरी थापेको विद्युतीय धराप विस्फोट हुँदा घाइते भएका थिए।

चन्द्रनिगाहपुरस्थित इलाका प्रहरी कार्यालय कार्यरत प्रहरी असई श्रीबहादुर थापा ०६० माघ २९ गते माओवादीले थापेको विद्युतीय धराप विस्फोटमा परी घाइते भए। पीडितको टाउकोमा चोट लागेकाले उपचारार्थ लगिएको प्रहरीले बताए।

डुमरिया (म.) गाविस-१ का भगलु भनिने सूर्यनारायण यादव र दिपही घर भएका जयप्रकाश गुप्ता



माओवादीद्वारा मारिएका प्रेमपुर गोनाहीका राजेन्द्रराय यादव

०६१ मंसिर २ गते माओवादीले चन्द्रनिगाहपुर गाविस-८ स्थित गौर सडकमा विद्युतीय धराप विस्फोट गराउँदा घाइते भए। पीडितहरुको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार गरियो।

जेल र बन्दीहरू

"ग" श्रेणीको रौतहट जेलको कूल बन्दी क्षमता ७५ ज्नाको भए पनि हाल १ सय १६ जना बन्दी छन्। जसमा १ सय १० जना पुरुष र ६ जना महिला छन्।,पुरुष बन्दीमध्ये ७४ जना नजरबन्दमा र ३६ जना अन्य मुद्दामा तथा महिला बन्दीमध्ये २ जना नजरबन्दमा र ४ जना अन्य मुद्दामा रहेका छन्। कूल बन्दीहरुमध्ये ९३ जना कैद नतोकिएका र २३ जना कैद तोकिएका छन्।

यस जेलमा पुरुष र महिला बन्दी गृह गरी छुट्टाछुट्टै छ। जेलभित्र मुडा, फुलदानी, फर्निचर र बिंडी बनाउने व्यवसायहरु संचालन गरिँदै आएको छ। खेलकुदका सामानमा क्यारेमबोर्ड, ब्याडमिन्टन, चेस र लुँडो छन्। मनोरञ्जनका साधनमा तीन वटा रेडियो छन्।

जेलभित्र पुस्तकालय संचालनमा रहेको छ भने प्राथमिक विद्यालय पनि संचालनमा छ। यस विद्यालयमा हाल ३० जना बन्दीहरु नियमित अध्ययन गर्ने गरेको जेलर देवीप्रसाद गौतमले बताए। यस वर्ष आईसीआरसीले कक्षा १ देखि ५ सम्म पुस्तकहरु उपलब्ध गराएको थियो। पत्रपत्रिकामा कान्तिपुर दैनिक र राजधानी दैनिक मात्र पढ्न दिइन्छ भने अन्य उपन्यासहरुसमेत पढ्न दिइने गरेको बन्दीहरु बताउँछन्।

जेलका बन्दीले इच्छा गरेअनुसार यस वर्ष ओम शान्तिको आयोजनामा ७ दिने आचरण शुद्धि तालिम समेत दिइएको थियो।

राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा निर्मित यस जेल अत्यन्त जीर्ण छ। जाडोमा बन्दीहरुलाई घाम ताप्न छतमा जान दिइने गरेको छैन। पुरुष बन्दी गृहमा पिसाब फेर्ने अलग्गै शौचालय र ४ वटा चर्पी भए पनि बन्दी संख्या धेरै भएकोले चर्पीको समस्या परेको बन्दीहरु बताउँछन्।

जेलकै स्वास्थ्य निरीक्षकबाट स्वास्थ्य जाँच गराउने व्यवस्था रहेको यस जेलमा कुनै कडा रोग लागेमा अस्पतालमा लगी स्वास्थ्य परीक्षण गराउने गरेको जेलरले बताए। यस वर्ष माओवादीको आरोपमा थुनामा रहेका वन्दी हरदेव पटेलको आँखाको उपचार गराउन काठमाडौं पठाइएको थियो।

बेपत्ता / अपहरण

राज्यबाट

सरमुजवा गाविस-६ का २८ वर्षीय त्रिभुवन साह

तेली र हजमिनिया घर भएका रामदेवप्रसाद साहलाई माओवादीको आरोपमा ०६० चैत ५ गते गौरबाट प्रहरीले गिरफ्तार गरेको र कसैसँग पनि भेटघाट गर्न नदिई चैत ११ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६१ असार १० गते नजरबन्दबाट रिहा गराएको सही गराई सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरुको स्थिति सार्वजनिक गर्न त्रिभुवन शाहका पिताले आग्रह गरे।

माओवादीबाट

प्रेमपुर गोनाही गाविस-१ का गेनालाल पटेललाई ०६० पुस २८ गते घरबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

नेविसंघका जिल्ला सभापति अशोककुमार कुशवाहा, गम्हरियाविर्ताका मुक्ति साह र देवन राउतलाई ०६० पुस ३० गते माओवादीले अपहरण गरेकोमा माघ ३ गते मुक्त गरे।

माधोपुर गाविस-८ का ३५ वर्षीय जोगी राय यादवलाई ०६० माघ २ गते सन्तपुर (दो.) गाविसबाट माओवादीले अपहरण गरेकोमा एक हप्तापछि मुक्त गरे।

रघुनाथपुर गाविस-४ का पूर्व मन्त्री तथा राजपरिषद् सदस्य ६५ वर्षीय शेख सराजुललाई ०६० फागुन १६ गते माओवादीले अपहरण गरी अज्ञातस्थलतर्फ लगे। पीडितलाई अपहरण गर्नुपूर्व मोटरसाइकल, ट्रेक्टर तथा घरमा आगो लगाई १० लाख रुपैयाँ बराबरको सम्पत्तिसमेत लुटेर लगेको पीडितका परिवारले बताए। पीडितलाई फागुन २३ गते पत्रकार र मानवअधिकारकर्मीको रोहवरमा मुक्त गरियो।

धरमपुर गाविस-३ का २५ वर्षीय लालबाबु यादव र सोही ठाउँका सिवा राय यादवलाई ०६० फागुन १७ गते माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे।

माधोपुर गाविस-७ का सञ्जय यादव, सोही गाविस-९ का दिनबन्धु यादव र वीरेन्द्र पासवान र सोही गाविस-६ का फेकु दासलाई ०६० फागुन १७ गते माओवादीले अपहरण गरेकोमा फागुन २१ गते मुक्त गरे।

जिल्लाको कटहरिया, विर्तिप्रष्टोका, कनकपुर, हयियाहीलगायत् गाविसका विभिन्न विद्यालयका १ सय ५० जना शिक्षकहरुलाई ०६१ जेठ ४ गते माओवादीले अपहरण गरी उनीहरुको सभामा भाग लिन लगाई जेठ ५ गते मुक्त गरे।

देवाही गाविस-३ का ३८ वर्षीय धर्मेन्द्र पटेललाई ०६१ जेठ १८ गते माओवादीले घरबाट अपहरण गरी जेठ २० गते मुक्त गरे।

जुडिबेला गाविस-३ का ५१ वर्षीय धनबहादुर प्रसाइँलाई ०६१ जेठ ३२ गते घरबाटै माओवादीले अपहरण गरी असार १३ गते इन्सेक वर्षपुस्तक प्रतिनिधि र कान्तिपुर दैनिकका पत्रकारको रोहवरमा मुक्त गरे।

चन्द्रनिगाहपुर गाविस-३ गैँडाटारका ४० वर्षीय गोविन्द भुजेललाई ०६१ साउन २ गते राति माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई साउन ६ गते मुक्त गरे।

पिपरिया दोस्तीया गाविस-१ का ४० वर्षीय शम्भु राय यादव र सोही ठाउँकै ३० वर्षीय श्रीनारायण राय यादवलाई ०६१ साउन ४ गते राति माओवादीले अपहरण गरे। पीडित साउन ९ गते भागेको माओवादीले जनाए।

चन्द्रनिगाहपुर गाविस-३ गैँडाटारका २८ वर्षीय तेजप्रसाद फुयाललाई ०६१ साउन ७ गते राति घरबाटै अपहरण गरे। उनीसँगै अपहरणमा परेका विष्णुप्रसाद फुयाललाई साउन १० गते घाँटी रेटी हत्या गरे भने पीडितलाई ४२ दिनपछि ०६१ भदौ १७ गते इन्सेक वर्षपुस्तक प्रतिनिधि र कान्तिपुर सम्वाददाताको रोहवरमा मुक्त गरे।

चन्द्रनिगाहपुर गाविस-४ का ३८ वर्षीय रिडिप्रसाद धितालललाई ०६१ भदौ ९ गते माओवादीले घरबाटै अपहरण गरी कुटपिट गरेर भदौ ११ गते मुक्त गरे।

फुन्खुनवा गाविस-३ पथराटोल घर भएका प्रहरी जवान राम सोगारथ राय यादवलाई ०६१ भदौ ११ गते माओवादीले घरबाटै अपहरण गरे। काठमाडौं स्थित २ नं. प्रहरी गण महाराजगञ्जमा कार्यरत पीडितलाई घर विदामा आएको अवस्थामा अपहरण गरेकोमा भदौ १५ गते इन्सेक प्रतिनिधि र सञ्चारकर्मीहरुको रोहवरमा मुक्त गरे।

मिठुअवा गाविस-१ घर भई चितवन जिल्लास्थित सशस्त्र वेस क्याम्प कुरिनटार कार्यरत सशस्त्र प्रहरी हवल्दार २२ वर्षीय रामरेख महतोलाई ०६१ भदौ २० गते राति माओवादीले अपहरण गरे। अपहरित प्रहरीलाई जागिर छाड्ने शर्तमा ०६१ भदौ २३ गते मुक्त गरियो।

जुडिबेला गाविस-६ का २८ वर्षीय वृजमोहन चौधरीलाई ०६१ असोज १ गते राति माओवादीले घरबाटै अपहरण गरे। पीडित चौधरी माओवादी कब्जाबाट असोज १४ गते भागेको माओवादीले जनाए।

रौतहट जेलका खरिदार बडहरवा गाविस-४ का ५० वर्षीय हृदयनारायण साहलाई ०६१ असोज २ गते राति माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई दुई महिनापछि मंसिर २ गते आईसीआरसीका प्रतिनिधि, इन्सेक प्रतिनिधि र सञ्चारकर्मीहरुको रोहवरमा सकुशल मुक्त गरे।

मत्सरी गाविस-४ घर भएका जिल्ला भुमिसुधार कार्यालयका पियन ४९ वर्षीय रामनरेश चौधरीलाई ०६१ असोज ९ गते माओवादीले कनकपुर गाविस-५ बाट अपहरण गरे। कार्यालयको कामले त्यहाँ पुगेका चौधरीलाई पुरानो सत्ताको काम गर्न आएको भन्दै कागजपत्रसहित कब्जामा लिएकोमा इन्सेक वर्षपुस्तक प्रतिनिधि, कान्तिपुर सम्वाददाता

र च्यानल नेपालका सम्वाददाताको रोहवरमा ०६१ असोज १० गते मुक्त गरे।

सोनरनिया गाविसका प्रहरी सई ४८ वर्षीय हरेन्द्र साहलाई ०६१ असोज १४ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई असोज १७ गते सञ्चारकर्मीहरुको रोहवरमा मुक्त गरियो।

करुनिया गाविस-३ का २८ वर्षीय सेख तवारकलाई ०६१ कार्तिक १९ गते साँझ माओवादीले सुकदेव चोक बजारबाट अपहरण गरी ५ दिनपछि मुक्त गरे।

प्रिपा पोखरिया गाविसका निवर्तमान गाविस अध्यक्ष प्रदीपविक्रम साह र उनकै भाइ प्रतापविक्रम साहलाई ०६१ कार्तिक २१ गते राति माओवादीले अपहरण गरे। पीडितहरु दुवै जनालाई मानवअधिकारकर्मीहरुको अनुरोधमा कार्तिक २६ गते मुक्त गरियो।

अन्यबाट

समनपुर गाविस-८ का ३० वर्षीय रामानारायण राय यादव र हर्दिया गाविस-७ का २७ वर्षीय हरिनारायण राय यादवलाई ०६१ पुस १२ गते माओवादीबाट अलग भएको एक समूहले गठन गरेको मधेशी टाइगर्सका कार्यकर्ताले अपहरण गरी पाँच दिनपछि हत्या गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिक तथा राससका रौतहट प्रतिनिधि प्रभातकुमार झालाई ०६० माघ २९ गते शाही नेपाली सेनाका अधिकृतले जिल्ला प्रहरी कार्यालय गौरमा साढे दुई घण्टा राखी बयान लिए। सोही दिन अन्नपूर्णपोष्टमा प्रकाशित समाचारको विषयमा पीडितलाई बयान लिइएको र बयान लिने क्रममा ज्यानमार्ने धम्की समेत दिइएको पीडितले बताए।

माओवादीबाट

सितलपुर बैरगनिया गाविस-९ का शम्भु साह तेलीलाई ०६० माघ १७ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे। पीडितको गौर अस्पतालमा उपचारपछि घर फर्किए।

डुमरिया (म.) गाविस-९ श्रीनगर टोलका ३० वर्षीय मुनिलाल महतो कोइरीलाई ०६१ असार ३० गते राति माओवादीले खुकुरी प्रहार गरी घाइते पारे। पीडित स्थानीय क्लिनिकमा उपचारपछि घर फर्किए।

अन्यबाट

पिपरिया (प.) गाविसका पूर्व गाविस अध्यक्ष तथा एमालेका ८ नं. इलाका सचिव राजेन्द्र राय यादवलाई ०६० पुस २४ गते नेकाँका कार्यकर्ता रामचन्द्र गिरी, जमिल अख्तर, रामकिशोर राय यादव र हृदयनारायण यादवले जिल्ला विकास समिति रौतहट भित्र ठेक्काको विषयमा विवाद भई मरणासन्न हुने गरी कुटपिट गरे। पीडितलाई कुटपिट गरेपछि माओवादी भनी उल्टै पीडकहरुले जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडकहरुविरुद्ध उजुरी दिइए पनि कुनै कारवाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६१ असार मसान्तपछि गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दा संख्या ६ सय ५० र ०६१ पुस मसान्तसम्म दर्ता भएका ६ सय ४० समेत जम्मा १ हजार २ सय ९० वटा मुद्दा रहेकोमा ०६१ पुस मसान्तसम्म ५ सय ७९ वटा फर्स्यौट भई ७ सय ११ वटा बाँकी रहे। फर्स्यौट हुन बाँकी मुद्दाहरुमा दुनियावादी देवानी ५ सय ६०, दुनियावादी फौजदारी १ सय २२ र सरकारवादी फौजदारी २९ छन्। जिल्ला अदालतमा तीन वर्ष नाघेका मुद्दा एउटा पनि छैनन् भने दुई वर्ष नाघेका मुद्दा दुनियावादी देवानी १३, सरकारवादी फौजदारी १ र दुनियावादी फौजदारी २ वटा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

कनकपुर गाविस-५ का शिक्षक केशव आचार्यको घर जग्गा ०६० चैत २५ गते माओवादीले कब्जा गरी तालाबन्दी गरे। २५-३० जनाको संख्यामा आएका माओवादीले परिवारका सदस्यलाई घरबाट बाहिर निकाली घरमा तालाबन्दी गर्नुका साथै पीडितको १० विगाह जग्गासमेत कब्जा गरी भोग-चलन गर्न प्रतिबन्ध लगाए।

लक्ष्मीनीया गाविस-५ घर भई वीरगञ्ज चिनी कारखानाका मेनेजर सुशीलचन्द्र गौतमको सोही ठाउँमा रहेको घर र १० विगाह जग्गा ०६१ वैशाख ९ गते माओवादीले कब्जा गरी भोग-चलन गर्न प्रतिबन्ध लगाए।

पूर्वमन्त्री कमलप्रसाद चौलागाईंको सन्तपुर (म.) गाविस-८ मा रहेको जग्गा ०६१ कार्तिक २८ गते देखि माओवादीले कब्जामा लिएको घोषणा गरे।

संरचना/सम्पत्ति क्षति

सन्तपुर (म.) गाविस-३ स्थित वागमती सिंचाई आयोजनाको कार्यालयमा ०६० पुस २८ गते माओवादी प्रवेश गरी पार्किङ् गरिराखेका ६ वटा मोटरसाइकलमा आगो लगाई ध्वस्त पार्नुकासाथै एउटा मोटरसाइकल लुटेर लगे।

आगलागीबाट करिब ६ लाख रुपैयाँ बराबरको क्षति भएको कार्यालयले जनायो।

काठमाडौंबाट वयलवास तर्फ गइरहेको चण्डेश्वरी ट्राभल्सको यात्रुवाहक बसलाई ०६० पुस ३० गते माओवादीले महेन्द्र राजमार्गको धनसर खोलामा आगो लगाई ध्वस्त पारे। माओवादीले बन्द आह्वान गरेको दिन बस चलाएको भन्दै यात्रु ओरालेर आगो लगाएको बस धनी भीमसेन तिमल्सिनाले बताए।

चन्द्रनिगाहपुर गाविस-३ स्थित महेन्द्र राजमार्गमा रहेको धनसर खोलाको पक्की पुल र सोही स्थानमा रहेको वन चेक पोष्टमा ०६० माघ २९ गते माओवादीले बम विस्फोट र आगजनी गरी क्षति पुर्‍याए।

गौर-चन्द्रनिगाहपुर सडकअन्तर्गत बम नहरमा सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी ०६० फागुन ७ गते माओवादीले बम विस्फोट गराए। बम विस्फोटबाट कुनै मानवीय क्षति भएन।

इनरवारी गाविसका पूर्व अध्यक्ष किशोरी राय यादवको घरमा ०६० फागुन ११ गते माओवादीले लुटपाट गरी घरमा आगजनी गरिदिए। पीडितको घरमा रहेको नगद, सुन चाँदी, अन्नसमेत करिब ८ लाख बराबरको लुटपाट गरिएको पीडितले बताए।

नेकाँ (प्रजातान्त्रिक) का महासमिति सदस्य तथा शिक्षक रामनिवास यादवको माघोपुर गाविसमा रहेको घरमा ०६० फागुन १७ गते माओवादीले लुटपाट गर्नुका साथै आगो लगाई ध्वस्त पारे।

राप्रपाका जिल्ला सभापति जयमंगलेप्रसाद यादवको मुडवलवा गाविसमा रहेको घरमा ०६० फागुन १८ गते माओवादीले लुटपाट गरी घर तथा ट्रेक्टरमा आगो लगाई ध्वस्त पारे।

पूर्व प्रहरी महानिरीक्षक प्रदीपशमशेर जबराको जिंगडिया गाविस-६ स्थित घरमा ०६० चैत २२ गते माओवादीले बम विस्फोट गराउनुका साथै घरमा रहेको ट्रेक्टरसमेत जलाएर ध्वस्त बनाए। विस्फोटन र आगलागीबाट करिब २० लाख रुपैयाँ बराबरको क्षति पुगेको स्थानीय गाउँलेहरुले बताए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चन्द्रनिगाहपुर गाविस-१ का ४० वर्षीय कृष्णबहादुर थापालाई ०६० माघ १८ गते चन्द्रनिगाहपुरबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी कसैसँग पनि भेटघाट गर्न दिइएन। पीडितलाई हाल नजरवन्दमा राखिएको छ।

विश्रामपुर गाविस-९ का ३६ वर्षीय रामचन्द्र तिमल्सिना र सोही ठाउँका ३२ वर्षीय दशरथ न्यौपानेलाई ०६० माघ २४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरुलाई चार दिनपछि रिहा गरियो।

प्रतापपुर पल्टुवा गाविस-४ का ३८ वर्षीय इन्द्रजी महरा चमारलाई ०६० फागुन ३ गते चन्द्रनिगाहपुरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई किन गिरफ्तार गरियो भन्ने खुल्न नसके पनि पाँच दिनपछि रिहा गरियो।

जेठरहिया गाविस-९ का ३० वर्षीय भोजेन्द्र पटेललाई ०६१ वैशाख १६ गते सादा पोशाकका प्रहरीले घरबाटै गिरफ्तार गरे। पीडितलाई पाँच दिनपछि रिहा गरियो।

सखुअवा गाविस-४ का पीडित राय यादव, शम्भु राय यादव, पनिलाल राय यादव र नागेन्द्र राय यादवलाई माओवादीको आशंकामा ०६१ जेठ ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुउपर अनुसन्धान भइरहेको जनाइयो।

डुमरिया (म.) गाविस-७ का ३० वर्षीय भोला चौधरी र चन्द्रनिगाहपुर गाविस-१ का १७ वर्षीय गगनदेव महरालाई ०६१ असार २३ गते प्रहरीले गिरफ्तार गरी साउन ७ गते रिहा गरे।

सन्तपुर (दो.) गाविसका सोभराति मियालाई ०६१ कार्तिक २९ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी मंसिर ६ गते रिहा गरे।

सिम्रा भवानीपुर गाविस-९ का माओवादी निकट थारुवान मुक्ति मोर्चाका जिल्ला अध्यक्ष ३२ वर्षीय रामसुरेश चौधरी र सन्तपुर (म.) गाविस-६ का ३० वर्षीय मोहन फनैतलाई ०६१ मंसिर २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये मोहनलाई १० दिनपछि रिहा गरियो भने रामसुरेशलाई पुस १० गते नजरवन्दमा राखियो।

बालअधिकार

बगही गाविस-८ की ८ वर्षीय बालिकासँग ०६० फागुन १५ गते सोही ठाउँका ४० वर्षीय गनि आलमले विवाह गरे। पीडित बालिकाको बाबु र पीडकबीच रक्सी खाएको सुरमा कुरा मिलेपछि विवाह गरेका थिए। पछि स्थानीय गाउँलेहरुको दबावमा उक्त विवाह बदर गरिएको थियो।

पौराइ गाविस-३ की ४ वर्षीय एक बालिकालाई ०६१ साउन ७ गते सोही ठाउँका २५ वर्षीय गोविन्द सहनीले बलात्कार गरे। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

बलात्कार/बलात्कार प्रयास

हजमिनिया गाविस-५ की २४ वर्षीय एक महिलालाई

०६१ जेठ ५ गते राति हजमिनिया गाविस-८ का सन्जय पण्डित, सोही गाविस-४ का नन्द महतो, सोही गाविस-६ का ललन पण्डितसमेतले पीडितकै घरमा सामूहिक बलात्कार गरे। पीडकहरुलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

जुडिबेला गाविस-२ की कक्षा ६ मा अध्ययनरत १६ वर्षीय एक बालिकालाई ०६१ जेठ ३१ गते सोही सोही गाविस-४ का १८ वर्षीय ओमकृष्ण अधिकारीले खेतमा घाँस काट्न गएको समयमा बलात्कार गरे। पीडितले उजुरी गरे पनि पीडक फरार रहेकाले कुनै कारवाही भएको छैन।

दुर्व्यवहार

गौर नपा-५ की ५५ वर्षीय सुनरपतिया देवी र उनकै बुहारी २५ वर्षीय सुमित्रा देवी चमारलाई ०६१ साउन २० गते राति उनीहरुकै छिमेकी रामकृत चमारसमेतले बोक्सीको आरोपमा निर्वस्त्र पारी कुटपिट गरे। पीडकहरुले कतै उजुरी गरेमा ज्यान मार्नेधम्की दिएकाले कतै उजुरी नगरेको पीडितहरुले बताए।

सबै प्रकारका जातीय विभेद

अजगैवी गाविसमा रहेको सार्वजनिक माइस्थान मन्दिरमा पूजा-अर्चना गर्न ०६० माघ १८ गते प्रवेश गरेका स्थानीय दलितहरु शुभनारायण चमारसमेतलाई सोही गाविसका पूर्व गाविस अध्यक्ष काशी राउत कुर्मीसमेतले कुटपिट गरी पूजा सामग्री फ्याँकिदिनुकासाथै एक लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने निर्णय गरे। पीडकहरुउपर कारवाहीका लागि उजुरी दिए पनि कुनै कारवाही भएन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

एमालेका ८ नं. इलाका सचिव राजेन्द्र राय यादवलाई नेकाँका कार्यकर्ता रामचन्द्र गिरीसमेतले कुटपिट गरेकोमा एमालेले ०६० पुस २४ गते विज्ञप्ति जारी गरी विरोध गर्नुका साथै दोषीमाथि कारवाहीको माग गर्‍यो।

नेविसंघका जिल्ला सभापति अशोककुमार कुशवाहासमेतलाई माओवादीले अपहरण गरेकोमा नेकाँले एक विज्ञप्ति जारी गरी घटनाको विरोध गर्नुका साथै सकुशल मुक्तिको माग गर्‍यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

जटहरा गाविस-९ का २२ वर्षीय शेख अहमदको ०६१ असोज ६ गते आफूले बोकेको बन्दुक पड्किएर मृत्यु भयो। पीडित माओवादी कार्यकर्ता भएको र आफैले बोकेको बन्दुक पड्किँदा घाइते भई मृत्यु भएको स्थानीय बासिन्दाले बताए। माओवादीले भने यस सम्बन्धमा आफ्नो धारणा सार्वजनिक गरेका छैनन्।

विगतको अनुगमन

कुमरिया (म.) गाविस-२ का बुद्धराज गिरीको ०६० जेठ १० गते अपहरण गरी हत्या भएको थियो। उक्त हत्या माओवादीद्वारा गरिएको खुल्न आएको छ।

चन्द्रनिगाहपुर गाविस-३ गैंडाटारका फिरोज भनिने जनक राई, दीपक हुमागाई र पुनित धामीलाई सोही ठाउँका गोविन्दहरि फुयालसमेतले हत्या गरेको भनी माओवादीले सार्वजनिक गरे।

हथियाही गाविस-१ का गम्भीरा साह कानुलाई ०६० भदौ २० गते प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएकोमा हालसम्म सार्वजनिक गरिएको छैन।

पिपरिया (प.) गाविस-५ का किशोरी यादव र वेलवा भनिने नगिना राय यादवलाई ०६० साउन ६ गते अपहरण गरी बेपत्ता बनाएकोमा हालसम्म पनि उनीहरुको अवस्था सार्वजनिक गरिएको छैन।

लक्ष्मीनिया गाविस-८ हिमालीवासका ब्रम्हदेव महरा चमार र राजेन्द्र महरा चमारलाई ०६० साउन २७ गते माओवादीले अपहरण गरी बेपत्ता पारेकोमा पीडितहरुको हत्या भइसकेको माओवादीले जानकारी गराए।

शितलपुर गाविस-५ का रामबहादुर रायलाई ०६० असोज २५ गते माओवादीले अपहरण गरी बेपत्ता बनाएकोमा पीडितको अवस्था हालसम्म सार्वजनिक गरिएको छैन।

प्रतापपुर पल्टुवा गाविस-१ की १७ वर्षीय एक महिलालाई ०६० मंसिर २८ गते सोही ठाउँका ४० वर्षीय छठु महरा चमारले अवैध यौन सम्पर्क गरी ८ महिनाको गर्भ तुहाउने बहानामा भारतमा पुर्‍याई बिक्री गरे। पीडित चार महिनापछि भारतबाट फर्की फागुन २४ गते प्रहरीमा उजुरी गरिन्। पीडक फरार छन्।

२.८ बारा



जनसंख्या	: ६२८३३४
साक्षरता प्रतिशत	: ४२.३५
महिला साक्षरता प्रतिशत	: २८.९८
क्षेत्रफल (वर्ग कि. मि.)	: ११९०
गाविस/नपा संख्या	: ९८/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २९१
क्याम्पस/उच्च मा.वि.	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/९८
टेलिफोन लाइन	: २५००
मोटर सडक (कि. मि.)	: १३७
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ३७
मानव विकास सूचकांक	: ०.४६५
प्रति परिवार सरदर संख्या	: ७.१७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

रघुनाथपुर गाविस-४ का ३० वर्षीय किशोरी राउत कुर्मी र १९ वर्षीय सुरेश राउत कुर्मी ०६० माघ २९ गते सिसहनियामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। घटनामा निर्दोष सर्वसाधारण मारिएको भन्दै स्थानीय वासीले व्यापक विरोध जनाएका थिए।

निजगढ गाविस-३ की अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला कोषाध्यक्ष अर्मिला अधिकारी, सिन्धुपाल्चोक जिल्ला घर भई माओवादीको नारायणी, वागमती क्षेत्रीय संयोजन समिति सदस्य एवं अनेमसंघ (क्रान्तिकारी) जिल्ला अध्यक्ष शान्ति पराजुली, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) बारा जिल्ला सचिव टिका नेपाल, रतनपुरी गाविसका वीरबहादुर घलान र मकवानपुरका सामदेव भोलन ०६१ वैशाख १७ गते बिहान ८ बजे रतनपुरी गाविस-८ को भालुखोला भन्ने ठाउँमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

भतौडा गाविस-३ का मजदुर ३५ वर्षीय अनिल महतो कोइरीलाई ०६१ भदौ १८ गते जीतपुर बजारमा प्रहरीद्वारा गोली हानी मारिए।

पर्सा जिल्ला घर भई माओवादीको बारा-पर्सा संयुक्त जिल्ला कमिटी साँस्कृतिक फाँटका संयोजक भोकड राय ०६१ मंसिर १७ गते मनहर्वा गाविस-७ को बडहर्वा चोकमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

भक्तपुर जिल्ला छालिङ गाविस-६ घर भई जीतपुर ट्राफिक प्रहरी पोष्टमा कार्यरत बिलबहादुर गोइडा र रौतहट जिल्ला घर भई सोही कार्यालयमा भान्से काम गर्ने कपिलदेव चौधरीलाई ०६० पुस १८ गते माओवादीले कार्यालयमा नै गोली हानी हत्या गरे।

सिंहासनी गाविस-४ का ४९ वर्षीय फिरतप्रसाद चौधरीलाई ०६० पुस २१ गते माओवादीले घाँटी रेटी हत्या गरे। पीडितलाई चार दिन अघि अपहरण गरिएको थियो।

परशुरामपुर गाविस-८ का ४१ वर्षीय कलाम खानलाई ०६० माघ ४ गते माओवादीले निजगढ गाविस-४ स्थित वकैया खोला किनारमा गोली हानी हत्या गरे। पीडितहरुलाई तीन दिनअघि अपहरण गरिएको थियो।

फत्तेपुर गाविस-४ का प्रहरी जवान जोखन चौधरीलाई ०६० फागुन ८ गते महेन्द्र राजमार्ग छेउमा गोली हानी हत्या गरे। पीडितलाई एक दिन अघि घरैबाट अपहरण गरिएको थियो।

महेन्द्र आदर्श गाविस-७ का ४१ वर्षीय भोला पटेल कुर्मीलाई ०६० फागुन ९ गते माओवादीले घरबाट २ किमी पर श्रीपुर गाउँमा पुऱ्याई गोली हानी हत्या गरे।

देवपुर गाविस-१ का शिक्षक ४२ वर्षीय रामेश्वरप्रसाद यादवलाई ०६० फागुन ९ गते माओवादीले घरैमा गोली हानी हत्या गरे।

परशुरामपुर गाविस-१ का ३३ वर्षीय कैलाश यादवलाई ०६० फागुन ११ गते घरैमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

लमजुङ जिल्ला घर भई शाही नेपाली सैनिक शिक्षालय अमलेखगञ्जमा कार्यरत सैनिक हवल्दार खम्वबहादुर थापालाई ०६० फागुन १९ गते माओवादीले निजगढमा गोली हानी हत्या गरे। पीडितलाई एक दिन अघि अमलेखगञ्जबाट अपहरण गरिएको थियो।

तेलकुवा गाविस-९ का नेरामावि इनर्वामालका शिक्षक ३५ वर्षीय यदुनन्दन यादवलाई ०६० फागुन २३ गते

माओवादीले घरमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे।

गडहल गाविस-६ का उद्योगी व्यवसायी एवम् नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सल्लाहकार ४५ वर्षीय नागेन्द्र साह तेलीलाई ०६० फागुन २६ गते माओवादीले घरमा गोली हानी हत्या गरे।

कबहीजब्दी गाविस-६ का ३४ वर्षीय इशू मियाँ अन्सारीलाई ०६० चैत ८ गते माओवादीले घरमै बसेको अवस्थामा गोली हानी हत्या गरे।

परमानिपुरस्थित हिमाल अक्सिजन प्रालिको मूल गेटमा ०६० चैत १० गते माओवादीले गराएको बम विस्फोटबाट सोही उद्योगमा कार्यरत मजदुरहरु शिववालक महतो, राम आषिश राउत र कन्हाई राउतको मृत्यु भयो।

कलैया नपा-२ का ६० वर्षीय द्वारिका राउतको ०६१ वैशाख ६ गते बजारबाट फर्कंदै गर्दा माओवादीले गराएको बम विस्फोटमा परि मृत्यु भयो।

निजगढ गाविस-५ का ३२ वर्षीय राजनप्रसाद चौलागाईंलाई ०६१ जेठ १९ गते सुराकीको आरोपमा माओवादीले रतनपुरी गाविस-८ को भालुखोलामा गोली हानी हत्या गरे।

इनर्वासिरा गाविस-८ का काठ व्यापारी ३२ वर्षीय हृदयनारायण गिरीलाई ०६१ साउन ४ गते घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

इनर्वामाल गाविस-६ घर भएका रामचरित्र मावि च्युटाहाका प्रधानाध्यापक ४९ वर्षीय सियाराम यादवलाई ०६१ भदौ ६ गते घरैमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

ललितपुर जिल्ला घर भई संयुक्त सुरक्षा बेस क्याम्प, सिमरामा कार्यरत प्रहरी जवान बसन्त घलानलाई ०६१ भदौ १८ गते जीतपुर गाविसस्थित मस्जिद सुरक्षार्थ खटिएको बेला माओवादीले गोली हानी हत्या गरे।

दोहोरी गाविस-२ का ३८ वर्षीय विसुन महतोलाई ०६१ भदौ २५ गते राति आफ्नै घरमा बसिरहेको बेला माओवादीले गोली हानी हत्या गरे।

रतनपुरी गाविस-३ घर भई जिप्रका धनुषामा कार्यरत प्रहरी जवान जीतबहादुर घिसिङलाई विदामा घर आएको बेला ०६१ असोज १६ गते घरैबाट माओवादीले अपहरण गरी गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

महेन्द्र आदर्श गाविस-३ मा ०६० माघ २८ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा माओवादी निकट मजदुर संगठन अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी) का अध्यक्ष शम्भु पौडेल र अन्य एक नाम नखुलेका माओवादी कार्यकर्ताको मृत्यु भयो।

हरैया गाविस-६ का माओवादी कार्यकर्ता पुष्पराज थापा र नाम नखुलेका अर्का एक जनाको ०६० फागुन १४ गते मनहर्वा गाविसमा सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तमा गोलीद्वारा मृत्यु भयो।

खोपुवा गाविस-१ का माओवादी कार्यकर्ता ३५ वर्षीय हिरा पण्डितको ०६० चैत ५ गते महेन्द्र आदर्श गाविसको जमुनी खोलानजिक सुरक्षाकर्मीसँगको भिडन्तमा परी मृत्यु भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	६	१	७	१९	२२		२२	९	१४	३	१७
घाइते	३	४		४	८	१९	१	२०	२	२		२
गिरफ्तारी/यातना									२	३		३
वेपत्ता									१	१		१
कुटपिट									४	१५		१५
धम्की									१	१		१
महिलाअधिकार	२		२	२								
वालअधिकार	२		२	२								
अमानवीय व्यवहार	२	१	१	२								
अपहरण	६	६		६	७	७		७				
जम्मा	२२	१७	६	२३	३४	४८	१	४९	१९	३६	३	३९

देवापुर गाविस-७ टेटाका माओवादी कार्यकर्ता २५ वर्षीय रामप्रित यादवको ०६१ असार १४ गते सुरक्षाकर्मीसँग दोहोरो भिडन्तमा गोली लागी मृत्यु भयो।

अन्यबाट

सिंहासनी गाविस-४ घर भएका माओवादी कार्यकर्ता सन्तु महरा चमारको ०६० फागुन २६ गते गडहल गाविसमा स्थानीय बासिन्दाहरुको प्रतिकारमा परी मृत्यु भयो।

देवापुर गाविस-२ का माओवादी कार्यकर्ता २३ वर्षीय रामकिशोर यादवलाई ०६१ भदौ ७ गते इनर्वामाल गाविसका गाउँलेहरुले कुटपिट गरी हत्या गरे। रामचरित्र माविका प्रधानाध्यापक सियाराम यादवको माओवादीले हत्या गरेपछि गाउँलेहरुले रामकिशोरको हतया गरेका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

सपही गाविस-४ का २० वर्षीय रामप्रसाद रामलाई माओवादीको आरोपमा ०६१ वैशाख १६ गते सुरक्षाकर्मीले गोली हानी घाइते पारे।

माओवादीबाट

निजगढ गाविस र पथलैयाको बीच महेन्द्र राजमार्गमा ०६० पुस १८ गते माओवादीले विद्युतीय धराप विस्फोट गराए। उक्त विस्फोटमा परी पाँच सैनिक जवान घाइते भए।

कुडुवा गाविस-२ मा ०६० पुस २३ गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा सैनिक जवान हेमबहादुर कटुवाल घाइते भए।

खोपुवा गाविस-२ का शिक्षक ३८ वर्षीय महेन्द्रप्रसाद साहलाई ०६० माघ १६ गते घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते पारे।

परवानीपुरस्थित हिमाल अक्सिजन प्रालिको मूल गेटमा ०६० चैत १० गते माओवादीले बम विस्फोट गराउँदा उद्योगमा कार्यरत मजदुरहरु उमाशंकर राउत, दिनुदेवी कुर्मी, आरती देवी, कृष्णप्रसाद, प्रभुकुमार, जीतेन्द्र, मुनरीदेवी र सुशील राउत कुर्मी घाइते भए।

पचरौता बेनौली गाविस-३ का नेकाँ (प्रजातान्त्रिक) का जिल्ला कार्य समिति सदस्य २९ वर्षीय रामबाबु रौनियारलाई ०६१ जेठ ९ गते घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते पारे।

निजगढ गाविस-५ का २६ वर्षीय वेदप्रसाद गौतमलाई ०६१ जेठ २१ गते निजगढ गाविस-४ स्थित वकैया खोला किनारामा माओवादीले गोली हानी घाइते पारे।

दहियार गाविस-१ का ३५ वर्षीय शिवदयाल साहलाई ०६१ साउन ३ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते पारे।

ईनर्वासिरा गाविस-८ का ४५ वर्षीय देवानन्द गिरी, ४१ वर्षीय शेख गरिब मिया र ५१ वर्षीय शकुन्तलादेवीलाई ०६१ साउन ४ गते घरैमा बसिरहेको अवस्थामा माओवादीले बम विस्फोट गराई घाइते पारे।

बेपत्ता / अपहरण

राज्यबाट

बन्जरिया गाविस-७ का २६ वर्षीय हुकुम मिया अन्सारीलाई ०६० पुस २८ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

सिंहासनी गाविस-४ का ४९ वर्षीय फिरतप्रसाद चौधरीलाई ०६० पुस १७ गते माओवादीले घरबाट अपहरण गरे।

लमजुङ जिल्ला घर भई शाही नेपाली सेनाको शिक्षालय अमलेखगञ्जका सैनिक हवल्दार खम्बबहादुर थापालाई ०६० फागुन १८ गते अमलेखगञ्जस्थित डेराबाट माओवादीले अपहरण गरे।

निजगढ गाविस-५ का ३२ वर्षीय राजनप्रसाद चौलागाईलाई ०६१ जेठ १४ गते माओवादीले घरबाट अपहरण गरे।

निजगढ गाविस-५ का २६ वर्षीय वेदप्रसाद गौतमलाई ०६१ जेठ १४ गते घरमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे।

रतनपुरी गाविस-३ का प्रहरी जवान १९ वर्षीय जीतबहादुर घिसिङलाई ०६१ असोज १४ गते विदामा घर आएको अवस्थामा उनकै घरबाट माओवादीले घरवाट अपहरण गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पिपरा सिमरा गाविस-९ पथलैयाका नेपाल पत्रकार महासंघका जिल्ला सचिव एवम् स्पेशटाइम दैनिकका सम्वाददाता विभु अधिकारीलाई ०६० फागुन १० गते सूचना माग्न कार्यालयमा जाँदा आन्तरिक राजश्व कार्यालय, पथलैयाका प्रमुख कुलप्रसाद चुडालले धम्की दिई अमानवीय व्यवहार गरे।

धर्मनगर गाविस-२ का ४२ वर्षीय लक्ष्मण साह तेलीलाई ०६१ वैशाख १८ गते विनाकारण ज्यानमार्ने धम्की दिँदै जिप्रकाका प्रहरी मोतिलाल साहले गोली प्रहार गरे। गोली कान नजिक पड्केको कारण पीडितका कानको जाली फुटेको छ।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रसौनी गाविस-२ का अनेरास्ववियु केन्द्रीय सदस्य मनोज पौडेल, बारा जिल्ला अध्यक्ष दुर्गा गौतम, सदस्य जवाहिर अन्सारी र गोरख यादवलाई ०६१ असार १४ गते प्रतिगमनविरुद्धको कार्यक्रममा सहभागी हुँदा प्रहरीले कुटपिट गरे।

कलैया नपाका पूर्व मेयर रवीन्द्रदास श्रेष्ठ, बारा जिविसका पूर्व सभापति छठुप्रसाद यादव, एमाले बाराका सचिव अच्युत मैनाली, प्रराचुसंघका केन्द्रीय सदस्य रामचन्द्र प्यासी र अनेरास्ववियुका पप्पु सिंहलाई ०६१ वैशाख २८ गते कलैयामा भएको मशाल जुलुशमा सहभागी हुँदा प्रहरीले कुटपिट गरे।

कलैया नपा-३ का नेपाल पत्रकार महासंघका जिल्ला उपसभापति तथा बारा सन्देश साप्ताहिकका सम्पादक रमेश सुवेदी, महासंघका जिल्ला सदस्य एवम् प्रतीक दैनिकका सम्वाददाता रामदेव दास र मभिरा सहनीलाई ०६१ वैशाख २८ गते कलैयामा भएको प्रतिगमन विरुद्धको आन्दोलनको समाचार संकलन गर्न जाँदा प्रहरीले कुटपिट गरे।

पिपरा सिमरा गाविस-४ का जनमोर्चा नेपालका नारायण पोखरेल, एमाले जिल्ला सदस्य दिनेश राई र पलटप्रसाद चौधरीलाई ०६१ वैशाख २९ गते सदरमुकाममा भएको प्रतिगमनविरुद्धको कार्यक्रममा सहभागी हुँदा प्रहरीले कुटपिट गरे।

छातापिपरा गाविस-२ स्थित शिवशक्ति केमो प्लास्ट उद्योगमा कार्यरत मजदुरहरु छोटेलाल राम र राजकुमार रामलाई विगत केही समयदेखि उद्योग व्यवस्थापन समक्ष मजदुरहरुले विभिन्न मागहरु राख्दै आएकाले ०६१ जेठ १४ गते उद्योग व्यवस्थापनको मिलोमतोमा प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई एक हप्तापछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी ५ सय ४ र फौजदारमि सरकारवादी ५५ र दुनियावादी १ सय २३ गरी जम्मा ६ सय ८२ वटा मुद्दा दर्ता भए। अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका देवानी ८ सय ५० र फौजदारी अन्तर्गत सरकारवादी ९३ र दुनियावादी २ सय २९ वटा मुद्दा थिए। अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका र यस वर्षको समेत गरी कूल १ हजार ८ सय ५४ वटा मुद्दा मध्ये देवानी ४ सय २१ र फौजदारी सरकारवादी २३ तथा दुनियावादी ९६ वटा गरी ५ सय ४० वटा मुद्दाको फैसला भए।

जिल्ला अदालतमा देवानी १ हजार ३, फौजदारी सरकारवादी १ सय ३१ र फौजदारी दुनियावादी २ सय ६५ गरी कूल १ हजार ३ सय ९९ वटा मुद्दा फैसला हुन बाँकी रहेको देखिन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाका रतनपुरीमा ९ सय ८५, सिमरामा २ सय ९२, ककडीमा ८ सय ७३, डुम्बरवानामा २ सय १७, मनहर्वामा ३ सय १७, हरैयामा ३ सय ७, निजगढमा ४ सय २२ गरी कूल ३ हजार ४ सय १३ परिवार भूमिहीन सुकुम्बासी रहेको सम्बन्धित गाविस कार्यालयबाट थाहा भयो।

विस्थापन

गडहल गाविस-२ का ३७ वर्षीय लोचन हजारा दुसातसहित उनको ७ जनाको परिवारलाई सुराकीको आरोप लगाउँदै ०६० माघ २५ गते माओवादीले गाउँ निकाला गरे। पीडितको घरमा ताला लगाइएको छ। पीडितहरु हाल विस्थापित जीवन बिताउँदै सदरमुकाममा बसिरहेका छन्।

संरचना/सम्पत्ति क्षति

यस वर्ष माओवादीले जिल्लाका विभिन्न गाविस भवन, खाली प्रहरी चौकी, कच्ची सडकका पुलहरु, कृषिबाली अनुसन्धान केन्द्र परवानीपुरको भवन लगायत्का भौतिक संरचनाहरुमा विस्फोट गराउँदा १ करोड ७० लाख रुपैयाँ बराबरको क्षति पुगेको कुरा जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

निजगढ गाविस-७ का ३७ वर्षीय वासु गौतमलाई ०६० फागुन १९ गते दिउँसो सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

बालअधिकार

डुम्बरवाना गाविस-६ की ११ वर्षीय एक बालिकालाई ०६१ जेठ १९ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिले बलात्कार गरे। पीडित बालिकाको घरमा आमा मात्र भएका कारण प्रतिकार गर्न नसकेको कुरा पीडित बालिकाका बाबुले बताए।

परवानीपुर गाविस-४ की ३ वर्षीय एक बालिकालाई

०६१ पुस १ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका १७ वर्षीय राजेन्द्रप्रसाद कुशवाहाले बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

पिपरा सिमरा गाविस-५ की ४० वर्षीय एक महिलालाई ०६० पुस २४ गते सोही ठाउँका सरोज मगर र माइला कार्कीले बजारबाट फर्कँदै गर्दा बलात्कार गरे।

पारिवारिक हिंसा

ककडी प्रसौना गाविस-४ की २३ वर्षीय सुनिता देवीलाई दाइजो नल्याएको भनी ०६० फागुन ११ गते पति वीरेन्द्र सहनीले स्थानीय इनारमा खसाल्ने प्रयास गरे।

दुर्व्यवहार

बसन्तपुर गाविस-६ की ३५ वर्षीय अदयादेवी साहलाई बोक्सीको आरोप लगाउँदै ०६१ साउन २८ गते सोही ठाउँका लक्ष्मीप्रसाद साह, उनका छोराहरु प्रमोद साह र मनोज साहले कुटपिट गरे। लक्ष्मीप्रसादकी २५ वर्षीय गर्भवती छोरीलाई टुनामुना गरी बिरामी बनाएको आरोप लगाउँदै उनीहरुले पीडित अदयादेवीलाई गाली बेइज्जती गर्दै कुटपिट गरेका थिए। लक्ष्मीप्रसादकी छोरी निलम उच्च रक्तचापका कारण बेहोस हुने गरेको स्थानीय स्वास्थ्यकर्मीहरुले बताए पनि लक्ष्मीप्रसादको परिवारले टुनामुना गरी बिरामी बनाएको भनी कुटपिट गरेको पीडितका पति बाबुलालले बताए।

सबै प्रकारका जातीय विभेद

नरही गाविस-४ की १३ वर्षीय रिमुकुमारी रामलाई ०६१ भदौ २७ गते सोही ठाउँका ३२ वर्षीय जादोलाल यादवले स्कूलमा राखिएको पानी छोएको भनी कुटपिट गरे। पीडकले माफी मागे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अभिव्यक्ति स्वतन्त्रतालगायत्का मागहरु गर्दै पत्रकार महासंघ, मानवअधिकार जागरण केन्द्र, मानवअधिकार संरक्षण मञ्च, हिमराइट्सलगायत्का मानवअधिकार संस्थाहरुले कलैयामा विरोध कार्यक्रम गरे।

२.९ पर्सा



जनसंख्या	: ५५७२३८
साक्षरता प्रतिशत	: ३४
महिला साक्षरता प्रतिशत	: १८.१
क्षेत्रफल (वर्ग कि. मि.)	: १३५३
गाविस/नपा संख्या	: ८२/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २९१
क्याम्पस/उच्च मा.वि.	: ३/९
अस्पताल/स्वास्थ्य चौकी	: २/३८
टेलिफोन लाइन	: १००००
मोटर सडक (कि. मि.)	: १७९
प्रहरी कार्यालय संख्या	: ८
हुलाक संख्या	: १०२
मानव विकास सूचकांक	: ०.४४८
प्रति परिवार सरदर संख्या	: ७.०२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

माओवादीद्वारा घोषित जिल्ला जनसरकार उपप्रमुख ४७ वर्षीय खिमलाल आचार्यसहित रोशनी, समीक्षा र सुगा भनिने चार जना जिल्ला स्तरीय माओवादी कार्यकर्ता ०६० माघ २९ गते पर्सा वन्यजन्तु आरक्षणमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

निर्मलवस्ती गाविस-३ मा माओवादी एरिया इन्चार्ज २७ वर्षीय हिरा श्रेष्ठ र २२ वर्षीय रामेश्वर राम ०६१ भदौ ५ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सुरक्षाकर्मीले दोहोरो भिडन्त भएको जनाए तापनि माओवादी पक्षले पक्राउ गरी हत्या गरेको आरोप लगायो।

महुवन गाविस-५ बाट गिरफ्तार गरिएका माओवादी कार्यकर्ता ३५ वर्षीय रामनारायण राम र भुलन महतो ०६१ पुस १ गते सुरक्षाकर्मीद्वारा देवखाना गाविस-९ स्थित ढोगाई खोलामा पुऱ्याई गोली हानी मारिए। दुवैलाई सोही दिन सुरक्षाकर्मीद्वारा सवारी चेक जाँच गर्दा भागेपछि पक्राउ गरिएको थियो।

माओवादीबाट

वीरगञ्ज उमनपाका प्रमुख ५५ वर्षीय गोपाल गिरीलाई ०६० माघ १ गते वीरगञ्ज उमनपा-१७ पिप्राबाईपास सडक हनुमान मन्दिर छेउमा माओवादीले कन्चट, निधार र पिठ्यूँमा गोली हानी हत्या गरे।

लंगडी गाविस-३ बखटी टोलका २८ वर्षीय मनोज पट्टेललाई ०६० चैत १० गते माओवादीले आह्वान गरेको बन्दमा मोटरसाइकल चलाएको आरोपमा गोली हानी हत्या गरे।

पर्सा जिल्ला अदालतका पियन ३८ वर्षीय जयनारायण साहलाई ०६० चैत २५ गते माओवादीले सिर्सिया गाविस-८ घरबाट बोलाएर केही पर पुऱ्याई टाउको र छातीमा गोली हानी हत्या गरे।

हरिहरपुर विर्ता गाविस-१ का ३२ वर्षीय रामप्रसाद वरैलाई ०६१ वैशाख १४ गते राति १० बजे माओवादीले घरबाट बाहिर बोलाई कन्चट र छातीमा गोली हानी हत्या गरे।

पञ्चरुखी गाविस-९ हर्दिया टोलका ३१ वर्षीय रामबालक यादवलाई डकैतीमा संलग्न रहेको र सुराकी गरेको आरोपमा ०६१ जेठ ११ गते माओवादीले गोली हानी हत्या गरे।

वीरगञ्ज उमनपा-१९ नगवा प्रहरी चौकीमा कार्यरत हवल्दार ३० वर्षीय लेखनाथ रेग्मीलाई ०६१ असार ८ गते बेलुका ड्युटी गरिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

बहुअर्वाभाट्टा गाविस-९ गर्दोलमा क्षेत्रीय प्रहरी इकाई कार्यालय, वीरगञ्जका सई ३८ वर्षीय अजय कुशवाहाको नेतृत्वमा गस्तीमा गएको १२ जना प्रहरी र एक सर्वसाधारण रहेको गाडी ०६१ असार २१ गते माओवादीको विद्युतीय धरापमा पर्दा गाडीमा रहेका १३ जनाको घटनास्थलमै मृत्यु भयो। यस घटनामा रौतहटका असई दुर्गाशरण झा, प्रहरी हवल्दार सुशील झा, महोत्तरीका प्रहरी हवल्दार वीरेन्द्रप्रसाद यादव, प्रहरी जवानहरु सर्लाहीका राजकुमार वैठा, बाराका मुकेश गुप्ता, पर्साका वीरेन्द्रप्रसाद यादव, राजेश्वर मिश्र, गुल्मीका वीरसिंह श्रेष्ठ, तनहुँका तापबहादुर थापा, रौतहटका शम्भुबहादुर सिंह, बाराका शम्भु यादव र बारा प्रस्टोका गाविसका पूर्व अध्यक्ष पारस साहको मृत्यु भयो।

बहुअरी गाविस-१ डकैती चोकमा भारत रक्सौल हरैया तुमरियाका २८ वर्षीय धीरज कुमार झालाई ०६१ असार २९ गते माओवादीले नक्कली माओवादी बनेर चन्दा उठाएको आरोपमा गोली हानी हत्या गरे। माओवादीले चार दिन अघिदेखि नै उनलाई आफ्नो नियन्त्रणमा लिएका थिए।

बेलवा गाविस-१ मिलन चौकका भारत साठी निवासी ३५ वर्षीय काटीमियालाई अपहरणकारी भएको आरोपमा ०६१ साउन १ गते माओवादीले गोली हानी हत्या गरे।

सेढवा गाविस-३ को जिराभवानीमा इलाका वन कार्यालय, बसन्तपुरमा कार्यरत रेन्जर ३४ वर्षीय रामेश्वर ठाकुरलाई ०६१ साउन २ गते दिउँसो माओवादीले गोली हानी हत्या गरे। माओवादीले पीडितउपर काठ तस्करसँग मिलेको र सुरक्षाकर्मीको सुराकीको काम गरेको आरोप लगाए।

विरुवागुठी गाविस-१ का ३२ वर्षीय मंगल साह कानुलाई ०६१ साउन १६ गते दिउँसो माओवादीले बेलवा गाविसको मिलन चौकबाट पक्राउ गरी भेडाहा खोलामा पुऱ्याई गोली हानी हत्या गरे।

महादेवपट्टी गाविस-६ पकैडी जंगलमा जिल्ला प्रहरी कार्यालय पर्साका सई ३९ वर्षीय बज्रबहादुर सिंहलाई ०६१ साउन २५ गते माओवादीले पकैडी चोकबाट पक्राउ गरी गोली हानी हत्या गरे।

नागरदह गाविस-७ का ४१ वर्षीय पन्नालाल साहलाई ०६१ भदौ ३ गते माओवादीले खेतमा धान गोडमेल गरिरहेको बेला गोली हानी हत्या गरे।

औराह गाविस-९ का २६ वर्षीय दिलिपकुमार पट्टेललाई ०६१ भदौ २२ गते माओवादीले अपहरणकारीको आरोपमा लंगडी चोकको पूर्वपट्टी पुऱ्याई गोली हानी हत्या गरे। माओवादीले चोरी, डकैती, अपहरणलगायत्का अपराधीलाई ७ दिनभित्र आत्मसमर्पण गर्न अल्मिेटम दिएका थिए।

छातापिप्रा गाविस-१ का ३२ वर्षीय छोटेलाल प्रसाद महतोलाई ०६१ कार्तिक १५ गते माओवादीले अपराधजन्य कार्यमा संलग्न रहेको आरोपमा हिमाल आइरन उद्योगको पछाडि पुऱ्याई कन्चटमा गोली हानी हत्या गरे। माओवादीले पीडितलाई तीन दिन अगाडि नै घरबाट अपहरण गरी आफ्नो नियन्त्रणमा राखेका थिए।

बेलवा गाविस-४ भेडाहा खोलामा पर्सा वन्यजन्तु आरक्षणबाट वन गस्तीमा नीलो प्लेटको ६६-१-०-८५१ नम्बरको जीपमा गएका रेन्जरहरु कुलबहादुर थापा, रामेश्वर पण्डित, सिनियर गेम स्काउटर नारायणबहादुर खत्री, स्काउटर विजयकान्त अधिकारी र चालक रामजी धितालको ०६१ मंसिर ७ गते माओवादीले थापेको विद्युतीय धरापमा मृत्यु भयो।

विश्रामपुर गाविस-३ का ३३ वर्षीय अब्दुल अन्सारीलाई ०६१ मंसिर ८ गते माओवादीले घरबाट अपहरण गरी बेलवा गाविसको भेडाहा खोलामा पुऱ्याई गोली हानी हत्या गरे।

अन्यबाट

सोनवर्षा गाविस-८ का १८ वर्षीय सलट चौधरीलाई ०६१ वैशाख ८ गते आफूलाई माओवादी बताउने लम्बु, दिलखुस र कान्छा भनिने व्यक्तिहरुले छातीमा छुरा प्रहार गरी हत्या गरे। स्थानीय व्यक्तिहरुले पीडकहरुलाई पक्राउ गरी सुरक्षाकर्मीको जिम्मा लगाए। माओवादीले पीडकहरु आफ्नो कार्यकर्ता नभएको जनाए।

लखनपुर गाविस-६ का ३५ वर्षीय नथुनीराम चमारलाई ०६१ वैशाख २५ गते घरमा बेलुकाको खाना खाइरहेको अवस्थामा अज्ञात समूहले अपहरण गरी नजिकैको चमारी नदीको किनारमा पुऱ्याई घाँटी रेटेर हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

निर्मलवस्ती गाविस-४ का १८ वर्षीय विकास थापा र २३ वर्षीय सूर्यबहादुर थिङलाई काठ तस्करी गर्दा ०६१ कार्तिक २२ गते पर्सा वन्यजन्तु आरक्षणका सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते पारे।

माओवादीबाट

वीरगञ्ज उमनपा-६ कुम्हालटोलकी ७१ वर्षीय दिपमाया डंगोल ०६० माघ १३ गते माओवादीले सोही उमनपा-६ को वडा कार्यालयमा बम विस्फोट गराउँदा घाइते भइन्।

अशोक स्टिल फर्निचर उद्योगका गार्ड ३२ वर्षीय पर्वतकुमार कार्कीलाई ०६१ जेठ १६ गते विहान ७ बजे वीरगञ्ज उमनपा-१७ प्रिपा बाइपास सडक हनुमान मन्दिर छेउमा माओवादीले छाती र पेटमा गोली हानी घाइते पारे।

निर्मलवस्ती गाविस-४ वसन्तपुर रेञ्जपोष्ट इलाकामा काठ तस्कर र माओवादीबीच गोली हानाहान हुँदा २८ वर्षीय राजदेव यादव ०६१ असार १४ गते माओवादी तर्फबाट प्रहार गरिएको गोली लागि घाइते भए।

वीरगञ्ज उमनपा-२ भकुवा प्रहरी पोष्टमा कार्यरत असई ३२ वर्षीय रामबहादुर सोनाललाई ०६१ भदौ २६ गते माओवादीले छपकैया पुल छेउमा गोली हानी घाइते बनाए।

जेल र बन्दीहरू

यस जिल्लामा १ हजार ५ सय बन्दी क्षमताको जेल छ। यो जेल अति नै जीर्ण भइसकेको छ र केही भवनहरु काम नलाग्ने अवस्थामा पुगेका छन्। यस जेलमा हाल कैद नतोकिएका ३ सय ५५ पुरुष र २० महिला तथा कैद तोकिएका १ सय ७८ पुरुष र १४ महिला र यसबाहेक पाँच वर्ष मुनिका एक बालक र ४ बालिका छन्। त्यसैगरी ३१ जना माओवादी छन्। यस वर्ष ४ जना बन्दीहरु कृष्णबहादुर प्रजा, कृष्णसिंह धामी, महावीर राजवंशी र विश्वनाथ सहनीको जेलभित्र मृत्यु भयो। यीमध्ये सहनी एड्स पीडित रहेको जेल प्रशासनले जनायो।

बेपत्ता / अपहरण

राज्यबाट

सुवर्णपुर गाविस-४ की १६ वर्षीय रीता श्रेष्ठ र १७ वर्षीय रिया लामालाई ०६० माघ १९ गते सुरक्षाकर्मीले वीरगञ्ज रानीघाटबाट गिरफ्तार गरी बेपत्ता पारे।

गादी गाविस-८ का ३२ वर्षीय पुण्यध्वज बस्नेतलाई ०६१ असार १० गते राति ११ बजे सुरक्षाकर्मीले घरबाट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	११	१०	३	१३	१९	३५			३५	३	५		५
घाइते	११	१३		१३	४	३	१		४	२	३		३
गिरफ्तारी / यातना										१०	२३	१	२४
बेपत्ता										२	१	२	३
कुटपिट	३	६		६						२	३		३
धम्की					२	८६२		१	८६३				
भेला / संगठित हुने अधिकार										१	५		५
महिलाअधिकार	६		८	८									
बालअधिकार	६	३	३	६									
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार	१	५	१	६									
अपहरण	१६	१५	१	१६	४	४			४				
जम्मा	५४	५२	१६	६८	२९	९०४	१	१	९०६	२०	४०	३	४३

गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई पञ्चगावा बेस क्याम्पवाट २५ जनाको संख्यामा आएका सुरक्षाकर्मीले "केही कुरा सोधपुछ गर्ने" भनी घरवाट गिरफ्तार गरेका थिए।

माओवादीबाट

औराह गाविस-४ का ३५ वर्षीय शिवपुजन साहलाई ०६१ वैशाख ३ गते राति ११ बजे माओवादीले "केही कुरा बुझ्नु छ" भनी अपहरण गरे।

अन्यबाट

वीरगञ्ज उमनपा-१ छपकैयाका ३ वर्षीय बालक सन्दिपकुमार साहलाई ०६० पुस १९ गते अपहरणकारीले घरबाट बेपत्ता बनाए। भारतीय प्रहरीको सहयोगमा सात दिनपछि पीडितलाई भारत मोतिहारी जिल्लाको सन्दरपुरमा सुभाष तिवारीको घरमा लुकाएर राखिएको अवस्थामा फेला पारी फिर्ता ल्याइयो।

भिस्वा गाविस-८ का ६ वर्षीय श्रीकान्त कुशवाहलाई ०६० माघ २४ गते भारतीय अपहरणकारीहरुले घरबाट अपहरण गरे। पीडकहरुले सात दिनभित्र फिरौती रकम ७ लाख रुपैयाँ नदिए बच्चालाई मार्ने धम्कीसहितको पत्र पठाएका थिए।

वीरगञ्ज उमनपा-१६ का उद्योगपति ३४ वर्षीय मनोजकुमार दासलाई ०६१ जेठ २५ गते नेपाल र भारतका अपहरणकारीहरुले परवानीपुरस्थित मनोज ग्यास उद्योगको गेटभन्दा केही अगाडिबाट अपहरण गरे। पीडित १५ दिनपछि मुक्त भए।

वीरगञ्ज उमनपा-१० भानुचोकस्थित होटल गंगोत्रीका मालिक १८ वर्षीय विक्की साहलाई ०६१ जेठ २६ गते मारुती भ्यानमा आएका अपहरणकारीले दिउँसै अपहरण गरी बेपत्ता पारे। पीडकहरु फरार छन्।

वीरगञ्ज उमनपा-१३ आदर्शनगरका उद्योगपति ५६ वर्षीय घनश्याम चाचनलाई ०६१ भदौ ३ गते अपहरणकारीहरुले परवानीपुरबाट अपहरण गरे। पीडित २५ दिनपछि मुक्त भए।

माओवादीद्वारा मारिएका वीरगञ्ज नपाका प्रमुख गोपाल गिरी

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

अन्नपूर्णपोष्ट दैनिकका सम्वाददाता २४ वर्षीय रवी दाहाललाई ०६० फागुन १ गते वीरगञ्ज उमनपास्थित घण्टाघरमा ड्युटीमा रहेका प्रहरीले कुटपिट गरे। पीडितले प्रहरीद्वारा रिक्सा चालकमाथि भइरहेको अन्धाधुन्ध लाठी प्रहारको विरोध गरेका थिए। प्रहरी हवल्दार मनोज मिश्र, प्रहरी जवान राजेश चौधरी र अरविन्द पाण्डेको कुटपिटबाट घाइते भएका पत्रकारको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो। पीडकहरुमाथि कुनै कारवाही भएन।

वीरगञ्ज उमनपा-२ इनरुवा सीमा क्षेत्रमा समाचार संकलन गर्न गएका पत्रकारहरु २९ वर्षीय शिव पट्टेल र २६ वर्षीय राम सर्राफलाई ०६० चैत ४ गते प्रहरीले "सीमा क्षेत्रमा कसको अनुमति लिएर फोटो खिचेको" भनी कुटपिट गर्दै दुई घण्टासम्म हिरासतमा राखे।

माओवादीबाट

माओवादी निकट अखिल नेपाल ट्रेड युनियनका केन्द्रीय सदस्य सोनालाल साहले ०६१ जेठ २८ गते एक प्रेस विज्ञप्ति जारी गरी जी फोर ग्रुपअन्तर्गत कार्यरत सेक्युरिटी गार्डले १५ दिनभित्र जागिर नछोडे भौतिक कारवाही गर्ने धम्की दिए।

माओवादीद्वारा १५ दिने अल्टिमेटमसहित पर्सा जिल्लाका ८२ गाविसका सचिवहरुले ०६१ मंसिर १ गते राजीनामा नदिए भौतिक कारवाही गर्ने धम्की दिए। मंसिर ५ गते ८२ गाविसका सचिवहरुले राजीनामा दिइयो।

जिविसका ३० जना कर्मचारीले माओवादी धम्कीकै कारण ०६१ मंसिर ८ गते राजीनामा दिए।

वीरगञ्ज उमनपाका ७ सय ५० जना कर्मचारीले माओवादी धम्कीकै कारण ०६१ मंसिर १५ गते राजीनामा दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरगञ्ज उमनपा-१३ आदर्शनगरमा सात विद्यार्थी संगठनले प्रतिगमनको पुत्ला दहन गर्ने कार्यक्रममा ०६० पुस २३ गते प्रहरीले हस्तक्षेप र लाठीचार्ज गरी १३ जना विद्यार्थीहरुलाई गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन रिहा गरियो।

वीरगञ्ज उमनपा-११ माइस्थानमा विद्यार्थी संगठनहरुद्वारा आयोजित "नेपालमा राजतन्त्रको औचित्य"

विषयक गोष्ठीमा ०६० माघ १३ गते प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा अनेरास्ववियुका अरविन्द सिंह र नेविसंघका मनोज यादव घाइते भए। प्रहरी र विद्यार्थीबीच दुई घण्टासम्म दोहोरो भिडन्त भएको थियो।

सात विद्यार्थी संगठनद्वारा विभिन्न माग राखी ०६० माघ १४ गते वीरगञ्ज उमनपा-१३ आदर्शनगरमा आयोजित लाठी जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा सर्वसाधारण ३७ वर्षीय ददनप्रसाद कुशवाहसहित सात विद्यार्थी घाइते भए। सोही घटनामा २ प्रहरी घाइते भए। सोही घटनामा प्रहरीले अनेरास्ववियुका केन्द्रीय सदस्य नवराज शर्मा, नेविसंघका कन्हैया झालगायत् १७ जना विद्यार्थीलाई गिरफ्तार गरी ६ घण्टासम्म वडा प्रहरी कार्यालय, विर्तामा नजरबन्द गरी बेलुका रिहा गरे।

पाँच राजनीतिक दलहरुले प्रतिगमनको विरोधमा ०६१ वैशाख १३ गते आयोजित मशाल जुलुसमाथि माईस्थानमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज र हवाइफायर गरे। उक्त घटनामा १२ वर्षीय विजय साह र मानसिक सन्तुलन बिग्रिएका विनय श्रेष्ठ गम्भीर घाइते भए। प्रहरीले एक दर्जनभन्दा बढी पार्टीका नेता र कार्यकर्ताहरुलाई गिरफ्तार गरी ६ घण्टापछि हिरासतवाट मुक्त गरे।

नेविसंघ (प्रजातान्त्रिक) का जिल्ला स्तरीय नेता जलान्दर सिंह, सहाबुद्दिन अन्सारीलगायत्लाई ०६१ वैशाख २९ गते जिविसमा तालाबन्दी गर्न गएको अवस्थामा प्रहरीले लाठीचार्ज गरी घाइते बनाए। घाइतेहरुको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको उत्तर पश्चिम भेगका करिब १० गाविसमा १५ हजार भन्दा वढी संख्यामा सुकुम्बासीहरु छन्।

धार्मिक अधिकार

वीरगञ्ज उमनपा-१९ इनरुवाको सार्वजनिक गौचरणको जग्गामा वडाध्यक्ष असाहव मियाले कव्रिस्तान निर्माण गर्न शुरु गरेपछि ०६१ वैशाख ७ गते बेलुका ८ बजे हिन्दू र मुस्लिमवीच दोहोरो भिडन्त भयो। भिडन्तमा दुवै पक्षका महम्मद जान मिया, मोजाहिर मिया, सलमान मिया, मनोज महतो, अजय यादवलगायत् दुई दर्जन व्यक्ति घाइते भए। सर्वपक्षीय वैठकले उक्त जग्गा गौचरण नै छाड्ने निर्णय गरेपछि झगडा साम्य भयो। घाइतेहरुको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

मुस्लिमका दुई समुदाय देववन्दी र वरौलीबीच आ-आफ्नो वर्चश्व कायम राख्न भएको होडवाजीले वीरगञ्ज उमनपा-३ छपकैया ०६१ असार ३ गतेदेखि ६ गतेसम्म अशान्त भयो। दोहोरो भिडन्तमा जाहुर हसन, हसहार आलम, यहमद अलीलगायत् दर्जनौं घाइते भए। सोही स्थानमा रहेको उलम मस्जिद सञ्चालक समितिमा आफ्नो आधिपत्य रहोस् भन्ने अडानले गर्दा भएको भिडन्तमा बाटो हिंडिरहेका १५ वर्षीय सुरेश चौधरीको दायाँ आँखा फुट्यो। पीडितको उपचार खर्च दुवैपक्षबाट व्यहोर्ने निर्णय पछि स्थिति सामान्य भयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बागबन्ना गाविस-३ छतिवानका हरिखेतान क्याम्पसका विद्यार्थी २७ वर्षीय शान्त अधिकारीलाई ०६० माघ १४ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले डेराबाट गिरफ्तार गरी बेपत्ता पारे। क्याम्पसबाट पीडितको स्थिति सार्वजनिक गर्न माग गरिएपछि माघ १६ गते रिहा गरियो।

वीरगञ्ज जेलमा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत ९० दिनको नजरबन्दको म्याद समाप्त भई रिहा गरिएका माओवादी कार्यकर्ता राजन पौडेल, गंगाराम महरा, नागेन्द्र महतो, अवधेश महतो, जुजु महतो र मल्लिका स्याङ्तानलाई ०६१ साउन ३० गते सुरक्षाकर्मीले जेल गेटबाट पुन: गिरफ्तार गरे।

वीरगञ्ज जेलमा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत नजरबन्दको म्याद समाप्त भएका माओवादी कार्यकर्ता बारा जिल्ला हरैया गाविस-१ का लालप्रसाद घिमिरे, कडुवा गाविस-८ का सुरेशप्रसाद यादव र कलैया नपा-३ का चन्द्रप्रसाद यादवलाई ०६१ भदौ ६ गते प्रहरीले जेल गेटबाट पुन: गिरफ्तार गरी तीन दिन हिरासतमा राखी पुन: जेल पठायो।

जिल्ला अदालतले वीरगञ्ज जेलमा नजरबन्दमा राखिएका माओवादी कार्यकर्ता सिन्धुली जिल्ला कमलामाई नपा-४ का विदुर खड्का र पर्सा जिल्ला शंकरसरैयाका विजय महतोलाई रिहा गर्न दिएको आदेश उल्लंघन गर्दै ०६१ भदौ ११ गते सुरक्षाकर्मीले अदालत परिसरबाटै गिरफ्तार गरी पुन: जेल चलान गरे।

वीरगञ्ज उमनपा-१३ आदर्शनगरमा डेरा गरी बस्ने ५० वर्षीय रघुनाथ भाष्कर र २१ वर्षीय साहिना भाष्कर राउतलाई ०६१ भदौ १३ गते बेलुका ६:३० बजे सुरक्षाकर्मीले लछार-पछार गर्दै गिरफ्तार गरी मोटरसाइकलमा हालेर लगे। पीडितहरुलाई ३६ घण्टासम्म हिरासतमा राखी रिहा गरियो।

बालअधिकार

विरुवागुठी गाविस-५ औराहकी १३ वर्षीय एक वालिकालाई ०६० माघ १५ गते सोही ठाउँका ५८ वर्षीय गणेशबहादुर थापाले पैसा र चाउचाउको लोभ देखाई

बलात्कार गरे। पीडक केही दिन फरार भई माघ २४ गते गाउँ फर्कनासाथ स्थानीय बासिन्दाले पक्राउ गरी प्रहरीलाई बुझाए।

वीरगञ्ज उमनपा-१९ नयाँ बसपार्कस्थित स्टाफ होटलका ८ वर्षीय एक बालकलाई ०६१ वैशाख १५ गते अस्ताफ अलीले आफ्नो कोठामा अस्लिल चलचित्र देखाई यौन दुर्व्यवहार गरे। स्थानीय बासिन्दाले पीडकलाई पक्राउ गरी प्रहरीमा बुझाए।

फुलकल गाविस-६ की १३ वर्षीय एक बालिकालाई ०६१ साउन १७ गते रामप्रसाद यादवले बलात्कार प्रयास गरे। पीडकलाई माओवादीले चारपाटा मुडी मोसो दलेर गाउँ घुमाए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

रौतहट जिल्ला पौरही गाविस-३ का १३ वर्षीय एक बालिका र १८ तथा २१ वर्षीय दुई युवती गरी ३ जनालाई ०६१ साउन १५ गते अमृतबहादुर तामाङ, वीरबहादुर तामाङ र दलकुमार लामाले जागिर लगाइदिने प्रलोभनमा पारी बम्बई तर्फ लैजाँदै गर्दा वीरगञ्ज उमनपा-१७ गण्डक स्थित चौकीका प्रहरीले गिरफ्तार गरे। पीडकहरुमाथि कानुनी कारवाही गरियो भने पीडितहरुलाई परिवारको जिम्मा लगाइयो।

बलात्कार/बलात्कार प्रयास

भौराटार गाविस-८ की ३४ वर्षीय एक महिलालाई ०६१ असार १९ गते बाल किशन मण्डलले बलात्कार गर्न खोज्दा माओवादीले ५० हजार रुपैयाँ जरिवाना र कुटपिट गरे।

पारिवारिक हिंसा

लिपनीविर्ता गाविस-४ की २३ वर्षीय राजकुमारी देवीलाई ०६१ असार ६ गते बेलुका आफ्नै पति सुरेश साहले मागअनुसारको दाइजो नल्याएको भनी जीउमा मट्टितेल खन्याएर आगो लगाई हत्या गर्ने प्रयास गरे। पीडितका अभिभावकले दुई वर्ष अघि ३० हजार रुपैयाँ दिएर विवाह गरिदिएका थिए। पीडकले पुन: ५ धुर जग्गा, साइकल र घडी माग गर्दै पत्नीलाई माइत पठाएको र पत्नी खाली हात फर्किएकी हुँदा सासु-ससुरा समेतले हत्या गर्न छोरालाई लगाएका थिए। पीडकहरु फरार छन्।

वीरगञ्ज उमनपा-१३ आदर्शनगरकी ३२ वर्षीय विन्दु देवीलाई पति स्मृति तिवारीले दिनहुँ यातना दिएको भन्दै ०६१ असार १७ गते उनीहरुका नाबालक छोरा-छोरीले वडा प्रहरी कार्यालय, विर्तामा उजुरी दिएपछि प्रहरीद्वारा पीडकलाई ३ दिन हिरासतमा राखी आइन्दा पत्नीमाथि कुटपिट नगर्ने कागज गरी रिहा गरियो।

पोखरिया गाविस-७ बनकटुवाकी ३७ वर्षीय मिना देवीलाई ०६१ साउन २३ गते आफ्नै जेठाजु नन्दलाल राउतले कुटपिट गर्दै गरगहनासमेत लुटेर गाउँ छाडेर नगए ज्यानमार्ने धम्की दिए। पीडकले विधवा बुहारीलाई गाउँबाट लखेटी भएको सम्पत्ति हडप्न खोजेको पीडितले बताइन्।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसाग प्रत्यक्ष असम्बन्धित)

वीरगञ्ज उमनपा-१० मिनाबजारस्थित नेपाल टेलिकमको काउन्टर रहेको भवनमा बम विस्फोट गराउन आएका माओवादीका तराई विशेष कम्पनीअन्तर्गतका सेक्सन कमान्डर काभ्रे जिल्ला तालढुंगाका दर्शन भनिने सञ्जय तामाङ र माओवादी कार्यकर्ता दीपन सिंहको ०६१ भदौ ७ गते बेलुका आफैले गराएको बम विस्फोटमा मृत्यु भयो।

२.१० चितवन



जनसंख्या	:	५२८४११
साक्षरता प्रतिशत	:	६५
महिला साक्षरता प्रतिशत	:	५२
क्षेत्रफल (वर्ग कि. मि.)	:	२२१८
गाविस/नपा संख्या	:	३६/२
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	४६०
क्याम्पस/उच्च मा.वि.	:	११/३०
अस्पताल/स्वास्थ्य चौकी	:	४/४२
टेलिफोन लाइन	:	१०९००
मोटर सडक (कि. मि.)	:	५७७.४२
प्रहरी कार्यालय संख्या	:	९
हुलाक संख्या	:	५४
मानव विकास सूचकांक	:	०.५१८
प्रति परिवार सरदर संख्या	:	५.६९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

कविलास गाविस-१ बाङ्गेसालका सर्वसाधारण २८ वर्षीय कामी गुरुङको ०६० पुस २० गते बिहान सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। अघिल्लो राति जलवीरेमा माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा सुरक्षाकर्मीको गाडी परेपछि सर्चमा गएका सेनाको टोली उकालो लाग्दै गर्दा उनी ओरालो लाग्दै थिए। पीडित सेनालाई देखेर भाग्न लाग्दा गोली हानिएको थियो।

कविलास गाविस-६ का सर्वसाधारण ८२ वर्षीय चन्द्रबहादुर प्रजाको ०६० पुस २० गते घाम तापेर बसेको अवस्थामा सुरक्षाकर्मीद्वारा हवाई गस्तीको क्रममा प्रहार गरिएको गोली लागी मृत्यु भयो।

रत्ननगर नपा-११ का आशिष भनिने सागर हुमागाई, कपिलवस्तुका केशव, आकाश, सुशील र रुपेशसमेत पाँचजना ०६० माघ ९ गते नारायणगढमा संयुक्त सुरक्षाकर्मीको कारवाहीमा मारिए। दिउँसो बैंक लुट्न आएका उनीहरुले सम्पूर्ण रकम लिन नभ्याउँदै सुरक्षाकर्मीहरु आइपुग्दा सागरलाई बैंकमुनि पसलमा लुकिरहेको अवस्थामा र अन्य चारजनालाई माथिल्लो तलासँग जोडिएको चितवन मिलको छानाबाट गिरफ्तार गरी सोधपुछ गर्ने क्रममा गोली प्रहार गर्दा मृत्यु भएको थियो। बैंकवाट लुटेको सम्पूर्ण रकम सुरक्षा निकायले कब्जा गऱ्यो। उक्त घटनामा सर्वसाधारण मजदुर ३२ वर्षीय हरेराम ठाकुर भाग्दै गर्दा सुरक्षाकर्मीको गोलीवाट मारिए।

कविलास गाविस-१ जुगेडीका २१ वर्षीय विराज गुरुङ, तिर्को प्रजा र १५ वर्षीय सुनिल गुरुङको ०६० फागुन ६ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। शिवरात्रीको दिन बिहान मिर्मिरे नहुँदै आगोको धुनी लगाएर, क्यासेट बजाएर ड्राइभर खलासीलाई टिका लगाएर ढाटको मद्दतले गाडी रोकी चन्दा संकलन गरिरहेको बेला माओवादीले चन्दा उठाउँदै छन् भन्ने आशंकामा पुगेका सुरक्षाकर्मीहरुले गोली प्रहार गर्दा मृत्यु भयो। उक्त घटनाको सम्बन्धमा मानवअधिकार तथा शान्ति समाजले छानविन गरी सुरक्षाकर्मीहरुले सर्वसाधारणमाथि गोली चलाएको ठहर सार्वजनिक गऱ्यो। उनीहरु सर्वसाधारण भएको सुरक्षानिकायले समेत स्वीकार गऱ्यो।

कृषि विकास बैंक लुट्ने क्रममा नारायणगढवाट गिरफ्तारमा परेकी माओवादी कार्यकर्ता सुनिता अधिकारी ०६० फागुन २८ गते सुरक्षाकर्मीद्वारा पिठुवा गाविस-७ स्थित केराघारीमा पुऱ्याई मुठभेडको नाममा राति १० बजे मारिइन्।

अयोध्यापुरी गाविस-६ देवेन्द्रपुरका २६ वर्षीय निलकण्ठ सुवेदी ०६० चैत २ गते जुटपानी गाविस-६ खोलेसिमल बजारमा सेनाद्वारा गोली हानी मारिए। दुई छापामार महिलासमेत तीनजना एउटै मोटरसाइकलमा आइरहेकोमा सेनाहरुसँग जम्काभेट हुँदा मोटरसाइकल मोडेर भाग्न खोज्दै गर्दा कारवाहीमा परेका थिए।

माओवादी कार्यकर्ता रोशन भनिने मङ्गोलियन अनुहारको अन्दाजी २५ वर्षीय एक व्यक्ति ०६० चैत ६ गते भरतपुर नपा-७ कृष्णपुर कटहर चोकनजिक सुरक्षाकर्मीको गोलीद्वारा मारिए।

कोराक गाविस-७ का माओवादी कार्यकर्ता ढेवा तामाङ र मणि भनिनेको ०६० चैत १२ गते चैनपुर गाविस-७ लदरीको राइचोकमा सर्चको क्रममा सेनाको कारवाहीमा मृत्यु भयो।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला कमिटी सदस्य एवं रामपुर कृषि क्याम्पसका बिएस्सीएजी तेस्रो वर्षका विद्यार्थी रामबहादुर खड्का, माओवादी कार्यकर्ताहरु अनु लामा, मनोज चौधरी, ऋषि रेग्मी तथा चैनपुर गाविस-७ लदरीका कंकाली पोल्ट्री फर्मका प्रोपाइटर टिका अधिकारीको ०६१ वैशाख ३१ गते संयुक्त सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। रामबहादुरलाई बिहान जुटपानीबाट र टिकालाई साढे ११ बजे घरबाटै गिरफ्तार गरेर अन्य तीनजनालाई खोजतलासको क्रममा भाग्दै गर्दा गोली हानिएको थियो।

लमजुङ जिल्ला भलायखर्कका माओवादी गण्डक क्षेत्रीय ब्यूरो सदस्य सुशील भनिने मुकुन्द न्यौपानेको ०६१ जेठ ११ गते भरतपुर नपा-७ मा सुरक्षा कारवाहीमा मृत्यु भयो।

शक्तिखोर गाविस-४ का खेमबहादुर खत्रीलाई ०६१ साउन १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी रत्ननगरस्थित बेस क्याम्पतर्फ ल्याउँदै गर्दा गाडी विद्युतीय धरापमा परेपछि खेमबहादुरले मेरो त कानको जाली फुट्यो क्यार भन्दै अलिपर घरमा पानी खान जाने अनुमति मागे र केही पर धान रोप्दै गरेको खेतमा ढलेर बसेको अवस्थामा सुरक्षाकर्मीले लुकेर बसेको ठानी गोली प्रहार गर्दा घटनास्थलमै मृत्यु भयो। उनीसँगै पक्राउ परेका अन्य तीनजनामध्ये दुईजनालाई घटनास्थलवाट र एकजनालाई बेस क्याम्पमा लगेपछि सामान्य सोधपुछ पछि रिहा गरियो। पत्रकार र मानवअधिकारकर्मीको टोलीको छानबिनमा मृतक सर्वसाधारण भएको ठहर भयो।

तनहुँ जिल्ला देवघाट गाविस माओवादी कार्यकर्ता संयोग भनिने मेघनाथ लामिछानेको ०६१ भदौ ३० गते जुटपानी गाविस-४ स्थित कालिका जंगलमा सुरक्षा कारवाहीमा मृत्यु भयो। पीडितलाई दुईघण्टा अघि पिठूवा

मावि अगाडिबाट गिरफ्तार गरिएको स्थानीय व्यक्तिहरुले बताए।

गुञ्जनगर गाविसकी ३५ वर्षीय शशी रेग्मी र नवलपरासी जिल्ला उखुवारीकी १८ वर्षीय रीता खरेलको ०६१ मंसिर २५ गते सादा पोशाकमा मोटरसाइकलमा खोजतलासमा गएका सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भयो। रीताको नातेदार र छिमेकीले मानवअधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि र कानुन व्यवसायीको सहयोगमा लाश बुझेर सद्‌गत गरे भने शशीका नातेदार र छिमेकीले 'भिडन्तमा मारिएको' भनेर लाश बुझ्न मानेनन्।

गुञ्जनगर गाविस-१ का १८ वर्षीय सन्तबहादुर तामाङको ०६१ कार्तिक १३ गते गुञ्जनगर गंगाप्रसादको चौतारो नजिक सुरक्षाकर्मीको गोली लागि मृत्यु भयो। घटनाको बारेमा मानवअधिकारकर्मीहरुको एक टोलीले स्थलगत अध्ययन गरेकोमा पीडित सर्वसाधारण र निहत्था विद्यार्थी भएको ठहर गरिएको थियो।

माओवादीबाट

मुगलिङ्ग नारायणगढको सडकखण्डको जलवीरे भन्ने ठाउँमा ०६० पुस २१ गते माओवादीले थापेको विद्युतीय धरापमा परी शाही नेपाली सेनाका प्युठहरु पुरुषोत्तम कोजू, गिरबहादुर कमर, अमृतबहादुर कार्की, सिपाहीहरु दिनेश सिंजापति, पवनकुमार थारु र ज्ञानेन्द्र गौतमको मृत्यु भयो।

प्रहरी जवान ध्रुवकुमार माझी र ताराबहादुर बुढाको दारेचोक गाविसको फिस्लिङ् र चुम्लिङ्टारको बीचमा ०६० फागुन २० गते माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो।

राष्ट्रिय अनुसन्धान विभाग भरतपुरका प्रहरी इन्स्पेक्टर ३७ वर्षीय भरत खड्कालाई ०६० चैत ६ गते माओवादीले भरतपुर नपा-१० स्थित आफ्नो निवासतर्फ जाँदै गर्दा कन्चटमा गोली हानी हत्या गरे। दुईवटा साइकलमा आएका चार माओवादीहरु उक्त घटनामा संलग्न रहेको स्थानीय व्यक्तिहरुले बताए।

माओवादी कार्यकर्ता आस्था भनिने तिलकुमारी पौडेल ०६० चैत २८ गते नारायणगढको संगम चोकमा बम विस्फोट गराउन लाग्दा विस्फोट भई घाइते भइन्। पीडितलाई सुरक्षाकर्मीले उद्दार गरी भरतपुर अस्पतालमा उपचार गरिएकोमा मानवअधिकारकर्मी र नागरिक समाजको अनुरोधमा मेडिकल कलेज र पछि वीर अस्पताल काठमाडौं पठाइयो। उपचारकै क्रममा उनको वीर अस्पतालमा मृत्यु भयो।

काभ्रे जिल्ला सिफाली गाविस घर भएका रक्तकाली सशस्त्र प्रहरी गण, सुर्खेतमा कार्यरत २४ वर्षीय पूर्णसिंह लामालाई ०६१ वैशाख ६ गते दिउँसो रत्ननगर नपा-११ जयमङ्गलास्थित साहुदाइको घरबाट माओवादीले अपहरण गरी आधा घण्टापछि जयमङ्गला मावि अघिल्तिरको बाटोको छेउमा टाउकोमा गोली हानी हत्या गरे। पीडितलाई जबरजस्ती मोटरसाइकलमा राखी पौने १२ बजेतिर तीन सय मिटर पर पुऱ्याई हत्या गरेका थिए।

भरतपुर नपा-३ नारायणगढका १४ वर्षीय इजन श्रेष्ठको ०६१ जेठ ३१ गते शहीद चोकमा माओवादीले रिक्सा बम विस्फोट गराउँदा मृत्यु भयो।

दिव्यनगर गाविस-७ का शाही नेपाली सेनाका हवल्दार ३८ वर्षीय सिंहबहादुर भण्डारीलाई ०६१ असार २४ गते माओवादीले घरबाट ५ मिटर पर पुऱ्याई टाउकोमा गोली हानी हत्या गरे। पीडित आफ्नी बिरामी आमालाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२	१३	१९	१	२०	१४	२५	५	३०
घाइते					११	१५	५	२०				
गिरफ्तारी/यातना									२६	३०	८	३८
बेपत्ता									४	४	१	५
कुटपिट	१	१		१					५	१८		१८
धम्की	२	२		२	७	८		८	१		१	१
भेला/संगठित हुने अधिकार									३	१०		१०
बालअधिकार	२		५	५								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१				
अमानवीय व्यवहार									१	१		१
अपहरण					५	६		६				
जम्मा	७	५	५	१०	३७	४९	६	५५	५४	८८	१५	१०३

उपचार गर्न अघिल्लो दिन घर आएका थिए। उनी सैनिक अस्पताल, छाउनीका स्वास्थ्यकर्मी थिए। घटनाको मानवअधिकारकर्मी र नागरिक समाजले स्थलगत अध्ययन गरेको थियो।

गोरखा जिल्ला फुजेल गाविस-७ घर भई रत्ननगर नपा-१३ मा आफ्नो हजुरवुवालाई भेट गर्न आएका १८ वर्षीय कृष्णप्रसाद अधिकारीलाई ०६१ असार २४ गते माओवादीले सोही नपा-८ पर्सौनीवाट अपहरण गरे। उनलाई दुईजनाले समातेर मोटरसाइकलमा राखी लगेकोमा चार घण्टापछि साँझ बकुलहरचोकमा गोली हानी हत्या गरेका थिए। मानवअधिकारकर्मी र नागरिक समाजको एक अनुसन्धान टोलीले पीडित सर्वसाधारण भएको ठहर सार्वजनिक गऱ्यो। प्रत्यक्षदर्शीहरुले उनलाई मार्नु अघि पीच सडकमा सुताएर उनीमाथि मोटरसाइकल गुडाएर यातना दिई मरणासन्न पारेपछि टाउकोमा गोली प्रहार गरिएको बताएका थिए।

रत्ननगर नपा-९ बैरिया मावि नजिक सुरक्षाकर्मी गस्तीबाट फर्केको ना. १ ज १५०३ को माइक्रोबस ०६१ साउन १५ गते माओवादीले राखेको विद्युतीय धरापमा पर्दा सशस्त्र प्रहरी इन्स्पेक्टर भरत प्रसाई, प्रहरीहरु प्रभुराम कार्की, चेतराम फुँयाल, ध्रुव कार्की र माइक्रोबसका कन्डक्टर नवराज श्रेष्ठ घाइते भएकोमा भरतको उपचारार्थ काठमाडौं ल्याँदै गर्दा बाटोमै मृत्यु भयो। तीन प्रहरीको काठमाडौंमा र कन्डक्टरको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

रत्ननगर नपा-११ जिरौना घर भई रातमाटे चौकी, मकवानपुरमा कार्यरत प्रहरी जवान २३ वर्षीय छविराज श्रेष्ठलाई ०६१ असोज ५ गते माओवादीले खानतलासी लिएर उनको परिचयपत्र देख्नासाथ टाउकोमा गोली हानी हत्या गरे।

रत्ननगर नपा-१ बकुलहर स्थित युनिफाइड बेस क्याम्पका क्याप्टेन प्रेम थापालाई ०६१ असोज १३ गते बेस क्याम्पनिर माओवादीले टाउकोमा गोली हानी गम्भीर घाइते बनाए। पीडितको उपचारको क्रममा मृत्यु भयो।

गोरखा जिल्ला नाम्जुङ गाविस-७ घर भई रत्ननगर नपा-१ बकुलहरस्थित संयुक्त सुरक्षा बेस क्याम्पमा कार्यरत सेनाका जवान सुवास श्रेष्ठको ०६१ मंसिर ५ गते माओवादीले वेस क्याम्पदेखि ५० मिटर पूर्व उभिइरहेको बेला पिठ्युँमा तीन, बायाँ कोखामा दुई र हातमा एक गोली लागी सख्त घाइते भएपछि भरतपुरस्थित मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो।

सौराहास्थित पुरानो गोरखगणमा कार्यरत एक सैनिक जवानलाई ०६१ पुस १४ गते बछ्यौली गाविस-६ स्थित वछ्यौली मावि अगाडि माओवादीले टाउको र गर्धनमा गोली हानेकोमा गम्भीर घाइते भएपछि शिक्षण अस्पताल मेडिकल कलेजमा उपचार गर्दागर्दै मृत्यु भयो।

दोहोरो भिडन्त

दाहखानी निमावि नजिक ०६१ जेठ ६ गते माओवादी र सुरक्षाकर्मीबीच विहान ६ बजेदेखि ४ घण्टासम्म भएको दोहोरो भिडन्तमा एक सैनिक र चार माओवादी कार्यकर्ताको मृत्यु भयो। घटनामा माओवादीका दुई जना कार्यकर्ता घाइते भए भने सुरक्षाकर्मीले केही हातहतियार र विस्फोटक पदार्थसमेत फेला पारेको जनाए।.

दोहोरो भिडन्त

माओवादी र सुरक्षाकर्मीबीच ०६१ साउन ४ गते भएको दोहोरो भिडन्तमा परी सैनिक जवान कृष्णबहादुर विष्टको मृत्यु भयो।

अन्यबाट

भरतपुर नपा-८ गौरगञ्जका नारायणी मावि, भरतपुरका शिक्षक ३८ वर्षीय तोपबहादुर खड्काको ०६१ वैशाख १६ गते ७-८ जनाको हतियारधारी अज्ञात समूहले घरभित्र धारिलो हतियार प्रयोग गरी हत्या गरे। हतियारधारीहरुले “हामी माओवादी हौं, हामीलाई खाना खान दिनुपऱ्यो” भनेर घरभित्र प्रवेश गर्न दिन भनेका, खाना बनाइदिन खोज्दा आफै बनाउँछौं भनेको र पछि “क्रान्तिको लागि ५० हजार रुपैयाँ सहयोग गर्नुहोस्” भनेका थिए। आफूसँग पैसा नभएको बताएपछि तीनवटी छोरीहरु दिएमात्र छुट पाउने भन्ने शर्त राखेका थिए। पीडितले “पैसा दिन समय चाहिन्छ, अहिले छैन” भन्दा “जसरी पनि चाहिन्छ” भनेकोमा बाहिर अरुसँग मागेर ल्याउँछु भन्दा “बाहिर जान पाइँदैन” भनेका थिए। घरको सबै कोठाको बत्ती निभाएर सबैलाई एउटै कोठामा राखी अँध्यारोमा पीडितलाई हतियार प्रहार गरी पीडकहरु भागेका थिए।

रत्ननगर नपा-३ शान्तिचोकको १० वर्षीय सुभद्रा परियारले ०६१ असोज १६ गते माओवादीले टाँडी बजारको

माओवादीको बम विस्फोटमा परी मृत्यु भएकी शुभद्रा परियार

लौरी घोलनेर सडकको छेउमा राखेको झोला बम टिपेर घर ल्याउँदै गर्दा सोही नपा-३ को शहीद स्मृति बहुमुखी क्याम्पसनेर विस्फोट भई मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

दाहखानी गाविस-४ स्थित दाहखानी निमावि नजिक ०६१ जेठ ६ गते सेना र माओवादी बीच भएको चारघण्टा लामो भिडन्तमा दुईजना माओवादी कार्यकर्ताहरु घाइते भए। घाइतेहरुलाई माओवादीले नै बोकेर लगे।

माओवादीबाट

तनहुँ जिल्ला छिम्केश्वरी गाविस-५ का जीतबहादुर राना, शान्तमाया राना र चित्रबहादुर रानालाई ०६० पुस १९ गते कविलास गाविस-९ दासढुंगामा माओवादीले विद्युतीय धराप विस्फोट गराएपछि भिडन्तमा उछिट्टिएको गोली लागी घाइते भए। पीडितहरु सर्वसाधारण हुन्।

कविलास गाविसका फुलमाया विक, विष्णुमाया माम्डी र जीतबहादुर माझी ०६० पुस २० गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तको क्रममा गोली लागी घाइते भए।

भरतपुर नपा-५ का गोविन्द काफ्लेलाई सुराकीको आरोपमा ०६० पुस २९ गते शिवघाटमा माओवादीले गोली हानी घाइते बनाए। पीडितको भरतपुरमा उपचार गरियो।

दारेचोक बेस क्याम्पबाट गस्तीमा गएका सशस्त्र प्रहरीहरु ०६० फागुन ३० गते फिस्लिङ र चुम्लिङटारको बीचमा विद्युतीय धरापमा पर्दा प्रहरी हवल्दार सुरेन्द्र तमाङ घाइते भए। उनको काठमाडौंमा उपचार भयो।

भरतपुर नपा-३ संगमचोकका झुलनप्रसाद गुप्ताको पसलमा ०६० चैत २३ गते माओवादीले बम विस्फोट गराउँदा तीनजना घाइते भए।

चैनपुर गाविस-२ ज्यामिरे पुल नजिकै सुरक्षा सामग्री लिएर आएको सेनाको गाडीलाई लक्षित गरी ०६१ असार १ गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा गाडीको अघिल्लो भाग सामान्य क्षति हुनुका साथै गाडीका चालक घाइते भए।

रत्ननगर नपा-३ की ८ वर्षीय विनु नेपाली ०६१ असोज १६ गते सुभद्रा परियारले बोकेर ल्याएको झोला बम सोही नपा-३ मा विस्फोट हुँदा घाइते भइन्। पीडितको स्थानीय व्यक्तिहरुको सहयोगमा भरतपुर अस्पतालमा उपचार गरियो।

अन्यबाट

भरतपुर नपा-९ का बोटलर्स नेपाल तराई लिमिटेडका सुपरभाइजर ३५ वर्षीय ओम गुरुङलाई ०६१ असार २४ गते साँझ अज्ञात समूहले नारायणगढस्थित दिव्य होटल नजिक गोली प्रहार गऱ्यो। मोटरसाइकलमा आएका दुईमध्ये एकले गोली हानेर मोटरसाइकलमा चढी फरार भए। पीडितको मेडिकल कलेजमा उपचार भयो।

जेल र बन्दीहरु

कूल ७५ जनाको क्षमता भएको चितवन जेलमा १ सय ९६ जना बन्दीहरु छन्। महिलाको संख्या १५ छ। कैद तोकिएका महिला ४ सहित ५४ जना र थुनुवा महिला ११ सहित १ सय ४२ जना छन्। २ जना नाबालक छन्। ज्यादै साँघुरो भएकाले बन्दीहरु एकै पटक सुत्न पनि सक्दैनन्। बन्दीहरु पालैपालो ४/५ घण्टा सुत्ने गरेका छन् । ट्वाइलेट र धाराको प्रयोगमा कठिनाई छ। गर्मीको समयमा वातावरण प्रदुषित बनेर अनेक रोग लाग्नसक्ने खतरा छ।

बेपत्ता / अपहरण

राज्यबाट

धादिङ जिल्ला घर भएकी माओवादी महिला कार्यकर्ता विद्यालाई ०६१ मंसिर २ गते सुरक्षाकर्मीले भरतपुर नपा-११ दियालोबङ्गला सुरक्षा चेकपोष्टबाट गिरफ्तार गरी बेपत्ता पारे। माओवादीद्वारा घोषित जिल्ला जनसरकारका सदस्य विश्वनाथ चौधरी र धादिङका कार्यकर्ता सविनलाई ०६१ मंसिर ५ गते सुरक्षाकर्मीले भरतपुर नपा-१० स्थित मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार गराइरहेको बेला गिरफ्तार गरेकोमा स्थिति अज्ञात रहेको छ। माओवादीका जिल्ला इन्चार्ज अविनाश र क्रान्तिकारी जनपरिषद्का प्रमुख दण्डपाणि पौडेलले संयुक्त विज्ञप्ति जारी गरी पीडितहरुको खोजी गर्न सबैसँग अनुरोध गरे।

माओवादीबाट

भरतपुर नपाका मनोनित उपप्रमुख चेतप्रसाद भट्टराईलाई ०६० फागुन ७ गते माओवादीले सोही नपा-१० ढुंगानाचोकबाट अपहरण गरी अज्ञात स्थलमा लगे। उनलाई राजीनामा दिने शर्तमा २२ घण्टापछि मुक्त गरियो।

भरतपुर नपा-९ का मनोनित वडाध्यक्ष असीम भट्टराईलाई ०६० फागुन २५ गते माओवादीले अपहरण गरे। उनलाई दुई घण्टापछि राजीनामा गर्ने शर्तमा मुक्त गरियो। पीडितले तत्काल राजीनामा गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

भण्डारा गाविस-१ चौकीडाँडाकी अप्सरा सेढाईंलाई ०६० चैत १० गते सुरक्षाकर्मीले घरमा गई पतिलाई

झिकाउनु पर्ने र नझिकाए कडा कारवाही गर्ने चेतावनी दिए।

चैनपुर गाविस-१ वहेराका चारजना, तरकारीचोकका तीन जना र पर्साका तीनजनालाई ०६० चैत १५ गते संयुक्त सुरक्षाकर्मीले कुटपिट गरी घाइते पारे। सिताराम श्रेष्ठसमेत तीन जनालाई पक्राउ गरिएकोमा रत्ननगर नपा-३ बेल्छीमा लगेर रिहा गरे। पीडितहरु सर्वसाधारण हुन्।

कठार गाविस-७ खरखुट्टेका एक जनालाई ०६१ वैशाख १० गते सुरक्षाकर्मीले घरमा गएर कुटपिट गरे। उनका भाइ माओवादीमा लागेको भनी कुटपिट गरिएको थियो।

वीरेन्द्रनगर गाविस-६ पाखिबासकी एक महिलालाई ०६१ वैशाख २ गते सुरक्षाकर्मीले घरमा आई पतिलाई झिकाउन चेतावनी दिए।

माओवादीबाट

रत्ननगर नपाका ४४ जना कर्मचारीहरुलाई ०६० फागुनको अन्तिम हप्ता पालैपालो माओवादीले जागिर छोड्न धम्की दिएका कारण ०६० चैत २ गते एक पत्रकार सम्मेलन गरी सार्वजनिकरुपमा राजीनामा दिए।

गीतानगर गाविस-७ का क्षेत्रबहादुर थापालाई ०६१ वैशाख ३ गते माओवादी हौं भन्ने व्यक्तिहरुले घरबाट पसल हटाउन धम्की दिए।

अन्यबाट

भरतपुर नपाका मनोनित मेयर गणेशबहादुर थापालाई ०६० पुस २८ गते आन्दोलनकारी पाँच दलका युवा विद्यार्थीहरुले कुर्सीबाट उठाएर जबरजस्ती बाहिर निकाले। स्थानीय निकायका मनोनित पदाधिकारीहरुलाई काम गर्न नदिने पाँच दलको घोषित कार्यक्रमअन्तर्गत त्यसो गरिएको थियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बालकुमारी कलेज नारायणगढमा ०६१ वैशाख २५ गते भइरहेको विद्यार्थीहरुको जनमत संग्रहलाई असफल पार्न प्रहरीले हस्तक्षेप गर्दा बिहान ९ बजेदेखि शुरु हुने 'प्लस टु' को परीक्षा रद्द हुनुका साथै सुरक्षाकर्मीको पिटाइबाट रेडक्रसकर्मी, कर्मचारी, प्राध्यापक र विद्यार्थी गरी ७ जना घाइते भए।

पाँच विद्यार्थी संगठनको आयोजनामा ०६१ जेठ ३ गते आयोजित मशाल जुलुशमा प्रहरीले हस्तक्षेप गर्दा विद्यार्थी नेताहरु उत्तम अधिकारी, सुरेश कोइराला, रामप्रसाद न्यौपाने, अशोक लामिछाने र नेकाँका कार्यालय सचिव दुर्गा गैरे घाइते भए। तिलचन्द्र अधिकारी, निरज शाह, देवनारायण साह, रामप्रसाद पौडेल र वृहस्पति कँडेललाई कार्यक्रम स्थलबाट र कार्यक्रम शुरु नहुँदै जनमोर्चाको जिल्ला कार्यालयबाट विद्यार्थी नेता कैलाश कोइराला, मिलन लामिछाने र सुरज तिवारीलाई गिरफ्तार गरियो। गिरफ्तार गरिएका सबैलाई सञ्चारकर्मी र विद्यार्थी नेताहरुको रोहवरमा बेलुका रिहा गरियो।

पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा ०६१ भदौ १० गते नेकाँ र जनमोर्चा समर्थित युवा विद्यार्थीहरुले नारायणगढमा आयोजित मशाल जुलुशमा प्रहरीले हस्तक्षेप गरे। सो क्रममा रत्ननगर नपा-११ का नरहरि पुरी र एक जना प्रहरी सामान्य घाइते भए।

मानवअधिकार तथा शान्ति समाज चितवन शाखाको आयोजनामा ०६१ मंसिर २५ गते जिल्ला प्रशासन कार्यालय अगाडि भएको धर्ना कार्यक्रममा प्रहरीले हस्तक्षेप गरे। ब्यानरसहित जिप्रका गेटको छेउमा रहेको चौतारामा धर्ना बसिरहेको अवस्थामा ब्यानर र अन्य सामग्री जफत गरियो। हस्तक्षेपको विरुद्ध इन्सेक, मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि मुकुन्दराज दाहालद्वारा सोही दिन प्रेस विज्ञप्ति जारी गरिएको थियो। मानवअधिकार शिक्षा रेडियो श्रोता क्लबको मंसिर २६ गते बैठकले समेत उक्त कार्यको घोर भर्त्सना गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानीतर्फ ५ सय २७ र फौजदारी तर्फ ७ सय २८ गरी १ हजार २ सय ८५ मुद्दा दर्ता भए। देवानीतर्फ १ सय ९१ र फौजदारीतर्फ ३ सय ५ गरी ४ सय ९६ मुद्दा फर्स्यौट भए। देवानीतर्फ ३६ र फौजदारी तर्फ ४ सय ५३ गरी ७ सय ८९ मुद्दा फैसला हुन बाँकी छन्। एक वर्षभित्रका देवानी १ सय ३२ र फौजदारी ७६ गरी २ सय ५७, १ वर्षदेखि दुई वर्षसम्मका देवानी ३४ र फौजदारी १९ गरी ५३ वटा, दुई वर्ष नाघेका देवानी र फौजदारी १/१ गरी २ वटा मुद्दा फैसला हुन बाँकी छन्। नमूना अदालत बनाइएपछि मुद्दा मिलापत्रको संख्या निकै बढेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

बछ्यौली गाविस-६ सौराहास्थित होटल गैंडा वाइल्ड लाइफ क्याम्पका ८० जना मजदुरहरुलाई ०६१ मंसिर २० गते तलब, सञ्चयकोष, ग्रेड र उपदानसमेतको १ करोड २० लाख रुपैयाँ नदिई कम्पनीका सञ्चालक विजयकुमार पाण्डेले भिक्टोरिया ट्राभल्सका सञ्चालक भरत बस्नेतलाई होटल बिक्री गर्न लागेको विरोधमा ०६१ मंसिर १० गते नेपाल होटल स्वतन्त्र मजदुर युनियनले पत्रकार सम्मेलनको

आयोजना गरी उक्त रकम भुक्तानी नभएसम्म नयाँ व्यवस्थापनलाई बिक्री गर्न नदिने अडान सार्वजनिक गऱ्यो। कम्पनी पास रोक्का गर्न रजिष्ट्रारको कार्यालयलगायत् सम्वन्धित कार्यालयहरुमा युनियनले पत्राचार गरेपछि मजदुर र व्यवस्थापनबीच समझदारी गर्न पन्ध्र दिन समय तोकिए पनि पुस ५ गते म्याद सकिँदासम्म कुनै निष्कर्ष निस्किएन।

विस्थापन

कठार गाविस-१ कुसहनाका ३३ वर्षीय सिमन महतो ०६१ असोज २५ गतेदेखि सुरक्षाकर्मी र माओवादीको क्रियाकलापका कारण आफूमाथि थप पीडा हुने ठानी ०६१ मंसिर १७ गते विदेशतिर गए। महतो ०६१ वैशाख १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भण्डारा बेस क्याम्पबाट पूर्व सांसद जेपी भेटवाल, स्थानीय विद्यालयका प्रधानाध्यापक जीवनकुमार पाठक र विद्यालय सञ्चालक समितिका अध्यक्षको जमानीमा पटक-पटक हाजिर हुन आउने शर्तमा रिहा भएका थिए। पीडितलाई ०६१ असोज १२ गते माओवादीले अपहरण गरी १६ गते मुक्त गरियो।

संरचना/सम्पत्ति क्षति

जिल्ला जनस्वास्थ्य कार्यालयको बा. १ झ २४२६ नम्बरको टोयोटा ल्याण्डक्रुजर गाडी ०६० पुस २१ गते माओवादीले शिवनगर उपस्वास्थ्य चौकीबाट कब्जामा लिई भएको सामानसहित जलाइदिए। दुई दिनपछि उक्त घटनाप्रति माओवादीले क्षमायाचना गऱ्यो।

कृषि विकास बैंक, पर्सा शाखा, भरतपुरको कार्यालयमा ०६० पुस २३ गते माओवादीले कागजपत्र जलाए। ५/७ जना माओवादीले कर्मचारीलाई धम्क्याएर चुपचाप बस्न लगाएका थिए।

खैरहनी गाविस-४ नयाँपर्सामा ०६० पुस २४ गते नारायणगढतर्फ जाँदै गरेको एक मारुती भ्यान माओवादीले जलाइदिए। सोही दिन ज. १ ध ७० नम्बरको जनकपुर चुरोट कारखाना लिमिटेडको एक ट्रक भण्डारास्थित पान्पाखोला पुलमा जलाए।

भरतपुर नपा-६ को वडा कार्यालयमा ०६० फागुन २५ गते माओवादीले आगजनी र विस्फोट गरे। त्यसकै पर्सीपल्ट सोही नपाको ७, १२, १३ र १४ वडा कार्यालयमा माओवादीले बम विस्फोट गर्नुका साथै आगजनी गरे।

मंगलपुर गाविस-५ स्थित महिला विकास शाखामा ०६० फागुन २७ गते माओवादीले आगो लगाएर कागजपत्र नष्ट गरे।

नारायणगढतर्फ आइरहेका गाडीहरुलाई चैनपुर गाविस-२ को बहेरामा ०६० चैत १५ गते माओवादीले रोक्ने क्रममा गोलीसमेत हाने। ढुंगा प्रहारबाट गाडीको अगाडिका शिशा फुटे।

सूर्यटोबाको कम्पनीको ना. १ ख ९४११ नम्बरको मिनिट्रकलाई ०६१ जेठ २४ गते माओवादीले पटिहानी गाविस-२ बरौजी बजारमा आगो लगाए। चालकलाई गाडी चलाए ज्यानमार्ने धम्की दिई गाडीबाट ओरालेका थिए।

शिवनगर गाविस-५ स्थित रञ्जित थापा र सञ्जीत थापाको दुई तले घरमा ०६१ जेठ २५ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। घरमा बसेका मानिसहरुलाई धम्की दिई बाहिर निकालेर विस्फोट गराएका थिए। रञ्जीत काभ्रे पाँचखाल र सञ्जीत २ नं. बाहिनी, धनकुटामा सेनामा कार्यरत छन्।

काठमाडौंबाट जगतपुर जाँदै गरेको ना. २ ख १२५१ नम्बरको मकालु बसका चालकलाई ०६१ असार २ गते माओवादीले गीतानगर गाविस-७ पुल्लरमा रोकेर सबै यात्रुलाई ओराल्न लगाई बसमा आगजनी गरे। माओवादीले बन्द आयोजना गरेको बेला पनि गाडी चलाएकाले उक्त कारवाही गरिएको बताएका थिए।

खैरहनी गाविस-७ स्थित भूमिगत जल सिंचाई आयोजनाको कार्यालयमा ०६१ भदौ ६ गते माओवादीले तोडफोड र आगजनी गरे। कार्यालयमा भएका कर्मचारीहरुलाई बन्दुक देखाएर चुप लाग्ने र कसैलाई खबर नगर्न धम्की दिई तीनवटा कार्यालय प्रमुख भवनमा बम विस्फोट गराए।

मंगलपुर गाविस-५ स्थित सुनिलकुमार अग्रवालको पशुपति फर्मको १४ विगाह जग्गा ०६१ भदौ २० गतेदेखि माओवादीले आफ्नो कब्जामा लिएको घोषणा गरे। माओवादीका जिल्लास्तरीय किसान नेता भूमिश्वर कँडेलले उक्त जग्गा हदबन्दीभन्दा बढी भएकाले बेच्न नपाउने र अरुले पनि नकिन्न चेतावनी दिए।

भरतपुर नपा-६ यज्ञपुरीमा ०६१ भदौ ३१ गते सामान लिएर गएको नेपाल विद्युत प्राधिकरणको ना. १ घ ५२९ नम्बरको मिनिजीपलाई माओवादीले जलाए।

ना. २ ख ९८३४ नम्बरको ट्रक माओवादीले ०६१ असोज २ गते भरतपुर नपा-६ लंकुमा आगो लगाएर क्षतिग्रस्त पारे। माओवादीले आयोजना गरेको चितवन बन्दमा गाडी चलाएकोले कारवाही स्वरुप त्यसो गरिएको चालकलाई बताए।

भरतपुर नपा-११ भोजाडका गणेश सुवेदीको घरमा ०६१ असोज १४ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

बा. १ झ ८०२१ नम्बरको जीप ०६१ असोज २० गते माओवादीले भरतपुर नपा-५ विशालचोकमा कब्जामा लिई मट्टितेल छर्केर आगो लगाए। उक्त दिन ना. १ ह ६६३

नम्बरको टेम्पोलाई पनि नारायणगढमा माओवादीले जलाए।

माओवादीद्वारा गरिएको विस्फोट र आगजनीमा २६ वटा घर, ३२ वटा अन्य भौतिक ठूला भवन, २ वटा संरचना र ३९ वटा सवारी साधनमा क्षति पुग्यो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

रत्ननगर नपा-३ बेल्छीका चन्द्रप्रसाद नेपाल र पत्नी सावित्री नेपाललाई ०६० फागुन ६ गते घरबाटै गिरफ्तार गरी सैनिक हिरासतमा राखिएकोमा तीन महिनापछि रिहा भए।

भरतपुर नपा-७ प्रेमवस्ती मावि कक्षा ८ मा फुलबारी गाविस-१ का कृष्ण श्रेष्ठ, गीतानगर गाविस-३ का सुरेन्द्र दुवाडी र भीमराज पौडेल, सिद्धी गाविस-२ का लालबहादुर तमाङ र मानबहादुर प्रजा, जगतपुर गाविस-३ शितलपानीका हिरामणि अधिकारी, रत्ननगर नपा-१ हिमालय माविका एकिन शेख, अमर उच्च माविका शेरबहादुर थापालाई विभिन्न मितिमा माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरी अनुसन्धानपछि विभिन्न मितिमा रिहा गरे।

अयोध्यापुरी गाविस-३ का नेत्रप्रसाद काफ्ले र गिरिधारी सुवेदी, भरतपुर नपा-११ का विष्णुहरि अधिकारी, शुक्रनगर गाविस-२ नयाँवस्तीका जीतबहादुर विक, गीतानगर गाविस-२ का रोशन सापकोटा, जुटपानी गाविस-१ का पिताम्बर पौडेल, जगतपुर गाविस-९ की दिलमाया बुढाथोकी, दिव्यनगर गाविस-६ का हरिप्रसाद पौडेल र नारायणप्रसाद पौडेल, भरतपुर नपा-९ मा डेरा गरी बस्ने माया गिरी र यामलाल पुरी, रत्ननगर नपा-१ स्थित हिमालयन माविका गोविन्दप्रसाद पौडेल, वीरेन्द्रनगर गाविस-९ का देकप्रसाद पौडेल, पटिहानी गाविस-८ का अर्जुन महतो (रामराज चौधरी) समेत १४ जनालाई विभिन्न मितिमा सुरक्षाकर्मीले गिरफ्तार गरी माओवादीको अभियोगमा जेलमा नजरबन्दमा राखियो।

भरतपुर नपा-१० ऐलानमा डेरा गरी बस्ने समुद्र कट्टेल र अर्को एकजनालाई ०६१ वैशाख १५ गते सुरक्षाकर्मीले सिनर्जी चोकबाट गिरफ्तार गरी ब्यारेक गेटदेखि कुट्दै लगी जिउभरी नीलडाम हुने गरी कुटपिट गरे। पीडितलाई भोलिपल्ट राम्ररी उठेर हिंड्नसमेत नसक्ने अवस्थामा रिहा गरे। गल्ती भएपछि दुःख नमान्नुहोला भनेर छोडेका थिए। ड्रेस मिलेका कारण खोजेको व्यक्ति हुनसक्ने आशंकामा गिरफ्तार गरिएको र पुष्टि नभएपछि छोडियो।

हिमालयन आवासीय माविका प्रिन्सिपल गोविन्द पौडेल र शिक्षक एकीन शेखलाई ०६१ जेठ ११ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई माओवादीले अपहरण गरेर लगिरहेको अवस्थामा भरतपुर नपा-७ कृष्णपुरमा सुरक्षाकर्मीले जाँच गर्दा माओवादी भागेकाले पौडेल र शेखलाई गिरफ्तार गरे। पीडितहरुमध्ये एकीनलाई एक हप्तापछि र गोविन्दलाई दुई महिना नजरबन्दमा राखी रिहा गरियो।

पर्वत जिल्ला घर भई भरतपुर नपा-९ मा डेरा गरी बस्ने माया गिरी र यमलाल पुरीलाई माओवादीको आरोपमा ०६१ जेठ २० गते सुरक्षाकर्मीले डेराबाट गिरफ्तार गरे। पीडितहरुलाई ०६१ असार १० गतेदेखि जेलमा नजरबन्द राखिएकोमा साउन ११ गते माया गिरीलाई रिहा गरियो। यमलाल पनि आत्मसमर्पण गरेर छुटेको कुरा जिप्रकाले जानकारी गरायो।

गितानगर गाविस-२ का रोशन सापकोटालाई ०६१ जेठ ३० गते भरतपुर नपा-१० स्थित मेडिकल कलेज शिक्षण अस्पतालबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। नवलपरासी जिल्लाको एक घटनामा संलग्न भएको आशंकामा उनलाई गिरफ्तार गरिएकाले तत्काल नवलपरासी प्रहरीलाई बुझाएको जिप्रकाले जनायो। उनीसँगै गिरफ्तार गरिएका सोही गाविस-३ का सुरेन्द्र दुवाडी र भीमराज पौडेललाई भने अनुसन्धानपछि असार ८ गते रिहा गरियो।

शुक्रनगर गाविस-२ नयाँ बस्तीका जीतबहादुर विकलाई माओवादीको आशंकामा ०६१ असार २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई एक हप्ता हिरासतमा राखी असार ९ गतेदेखि जेलमा नजरबन्द गरियो।

भरतपुर नपा-७ का १८ वर्षीय सुलभ श्रेष्ठलाई ०६१ असार ७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडित अनेरास्ववियु (क्रान्तिकारी) को क्रियाकलापमा संलग्न भएको आशंकामा गिरफ्तार गरिएकोमा असार १८ गते तारिखमा रिहा गरियो।

रत्ननगर नपा-१ बकुलहरस्थित प्रशान्त होटलका सञ्चालक खडकबहादुर कार्कीलाई सादा पोशाकका ६/७ जना सुरक्षाकर्मीले ०६१ असार ३१ गते होटलबाट गिरफ्तार गरे। पीडितलाई अनुसन्धानपछि साउन ६ गते रिहा गरियो।

फुलबारी गाविस-१ का ३५ वर्षीय कृष्ण श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६१ साउन २ गते बिहान खाना खाँदै गरेको समयमा सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

चैनपुर गाविस-२ ज्यामिरेकी गीता आचार्य, तनहुँकी पार्वती न्यौपाने र शिवनगर गाविस-५ का राजु शर्मा ढकाललाई ०६१ साउन ३ गते रामपुर बजारनेरको गोपालगञ्जबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। शारदानगर गाविस-१ की सरिता पाखिनलाई पनि सोही दिन मंगलपुर

गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरुको स्थिति सार्वजनिक नभएकोले चितवनका सम्पूर्ण शिक्षण संस्था बन्दको आयोजना गरी शिक्षा क्षेत्र अस्तव्यस्त भएपछि मानवअधिकारकर्मी, नागरिक समाज, अभिभावक, शिक्षक र विद्यार्थी प्रतिनिधि, सञ्चारमाध्यम सबैको व्यापक पहलमा पीडितहरुलाई सार्वजनिक गर्न स्थानीय प्रशासनमार्फत् श्री ५ को सरकार र अखिल (क्रान्तिकारी) लाई व्यापक दबाब दिएपछि उनीहरुको स्थिति पनि सार्वजनिक भयो। शिक्षण संस्था बन्द पनि फिर्ता भयो।

गुञ्जनगर गाविस-४ चनौलीका एमालेसँग सम्बन्धित उत्पीडित जातीय मुक्ति समाजको क्षेत्र नं. ४ को क्षेत्रीय सदस्य बुद्धिबहादुर विकलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ साउन ११ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई साउन २२ गतेदेखि जेलमा नजरबन्द गरिएको छ।

भरतपुर नपा-८ पारसनगरका ६१ वर्षीय हिरामणि पौडेललाई माओवादीको आरोपमा ०६१ भदौ ७ गते सुरक्षाकर्मीले घर अगाडिबाट गिरफ्तार गरे। पीडितलाई दुई हप्तापछि रिहा गरियो।

गितानगर गाविस-७ का बालकृष्ण ढकाललाई ०६१ भदौ १२ गते भरतपुर ब्यारेकका सैनिकले हिरासतमा राखिएका आफ्नै छोरा भेट्न गएको अवस्थामा गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई तीन दिनपछि नजरबन्दमा राखियो।

कविलास गाविस-१ का पुष्कर तिमिल्सिना र खैरहनी गाविस-४ का अमरबहादुर श्रेष्ठलाई ०६१ असोज १९ गते सुरक्षाकर्मीले अदालत परिसरबाटै गिरफ्तार गरी पुन: जेल पठायो। सर्वोच्च अदालतको आदेशमा रिहा भएका व्यक्तिहरुलाई पुन: गिरफ्तार गरिएको विरोधमा जिल्ला स्थित मानवअधिकारकर्मीहरुले प्रेस वक्तव्य जारी गरेका थिए।

सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरण आदेशबाट जिल्ला कारागारबाट मुक्त भएका भरतपुर नपा-१४ का निलकण्ठ अधिकारी, सितावास नवलपरासीका शोभाखर अधिकारी र पिढुवा गाविस-७ का दिलबहादुर अधिकारीलाई ०६१ असोज २० गते अदालत परिसरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरु तीनै जनालाई प्रहरीको ना. १ च ४४९ नम्बरको सेतो मारुती जिप्सी भ्यानमा राखेर पुन: जेलमै लगियो।

प्रेमवस्ती मावि कक्षा ८ मा अध्ययनरत १८ वर्षीय हेमन्त खरेललाई ०६० चैत ६ गते, कठार गाविस-५ की उर्मिला थपलियालाई ०६१ वैशाख १६ गते, भण्डारा गाविस-४ की १४ वर्षीय चेतना कँडेललाई ०६० वैशाख १८ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। उनीहरु सबैलाई अनुसन्धान पछि रिहा गरियो।

गुञ्जनगर गाविस-४ का तिलक भण्डारीलाई माओवादीको आरोपमा ०६१ कार्तिक १३ गते घरबाट राति ११ बजे सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई हप्तापछि जेलमा नजरबन्द गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

रुपन्देही जिल्ला परेवानी गाविस-७ की १८ वर्षीय र धादिङ जिल्ला चैनपुर गाविस घर भई भरतपुर नपा-२ बेलटाँडीमा परिवासँग डेरा गरी बसेकी १५ वर्षीय सुकमाया नेपालीलाई ०६१ मंसिर २० गते बर्दिया जिल्ला जमुना पुरी घर भई पिपले गाविस-५ नयाँबस्तीका सोनाम लामा, पिपले गाविस-५ कै सुनिल लामा, भरतपुर नपा-११ का विवेद दोङ्ग, काठमाडौंका राजन ठकुरी र एकजना अपरिचित महिलासमेतको मिलोमतोमा भारतमा बिक्री गरे। पीडित वेश्यालयबाट भागेर आएपछि प्रहरीलाई दिएको सूचनाका आधारमा पीडकलाई प्रहरीले गिरफ्तार गऱ्यो भने अन्य पीडकहरु फरार छन्।

बलात्कार/बलात्कार प्रयास

रत्ननगर नपा-१ बकुलहरकी ५ वर्षीय, ७ वर्षीय, ९ वर्षीय बालिकाहरुलाई ०६० चैत २८ गते पहिलो पटक, चैत २० गते दोस्रो पटक, ०६१ वैशाख २ गते तेस्रो पटक र वैशाख ३ गते चौथो पटक सोही ठाउँका १४ वर्षीय प्रभाकर पौडेलले बलात्कार गरे। ०६१ वैशाख १ र २ गते पीडककै दाजु १५ वर्षीय पुष्कर पौडेलले फकाई-फुलाई बलात्कार गरे। पीडक दाजुभाई हुन्। पीडकहरुलाई वैशाख ३ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिएको थियो। वैशाख २४ गते जिल्ला अदालतको आदेशले प्रभाकरलाई नाबालक भएकोले शुद्ध तारिखमा र पुष्करलाई कारवाहीस्वरुप बालसुधार गृहंमा पठाउने फैसला गऱ्यो।

गीतानगर गाविस-४ की ८ वर्षीय बालिकालाई ०६१ मंसिर २ गते सोही ठाउँका २५ वर्षीय रविलाल सुनारले घरमा कोही नभएको बेला पैसाको लोभ देखाई बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

भरतपुर नपा-६ लंकु स्थित बैंकटेश मन्दिर प्रवेश गरी पूजा आजा गर्न गएका उत्पीडित समुदायका प्रतिनिधिहरुलाई ०६१ मंसिर १९ गते मन्दिर व्यवस्थापन समितिका स्वयंसेवकहरुले अवरोध पुऱ्याएपछि भएको भिडन्तमा प्रवेश गर्न खोज्ने, गर्न नदिने र मध्यस्थता गर्ने सबैगरी ७० भन्दा बढी घाइते भए। घटनामा नेमाधिसंका

बेपत्ता र अपहरण गरिएकाहरुको स्थिति सार्वजकि गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिँदै मानवअधिकारकर्मीहरु

सचिव बालकृष्ण पौडेलको अनुहारमा गम्भीर चोट लागेको, हरि परियार र दिनु बरालीको खुट्टा भाँचिएको, जनमोर्चा नेपालका नेताहरु ठाकुर ढकाल, श्रीराम घिमिरे र अर्जुन पुरीको टाउकोमा गम्भीर चोट लागेको थियो भने २६ जनाले उपचार गराउनु परेको थियो। उक्त घटना हुनुअघि नारायणगढबाट मानवअधिकारकर्मी कृष्ण पहाडी, घनश्याम शर्मा पौडेल, खगेन्द्र संग्रौला, जेपी भेटवाल, पदमलाल विश्वकर्मा, रणेन्द्र बराइली, रामसिंह विक र बालकृष्ण पौडेलको नेतृत्वमा हजारौंको र्‍यालीसहित मन्दिरभन्दा ५० मिटर वर सभामा परिणत भएको थियो। जिप्रकामा भएको त्रिपक्षीय सहमतिअनुसार मन्दिर प्रवेश गर्न गएकाहरुलाई पूजा गर्ने ठाउँमा प्रवेश गर्न नदिएपछि तोडफोड र कुटपिट भएको थियो। सो घटनामा प्रहरीले लाठीचार्ज गरेको थियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राज्यद्वारा बेपत्ता पारिएका ११ जना नागरिकहरुको स्थिति सार्वजनिक गर्न माग गर्दै जिल्लाका मानवअधिकारकर्मी संस्थाहरुको संयुक्त आयोजनामा ०६१ पुस ३ गते दिउँसो ११ बजेदेखि १२ बजेसम्म धर्ना दिई प्रजिअसमक्ष ज्ञापनपत्र दिइयो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

जिल्ला प्रहरी कार्यालयले जनाएअनुसार, दुर्घटनामा ५० पुरुष, २० महिला र ७ नावालक गरी ७९ जनाको मृत्यु भयो भने ५४ जना घाइते भए। यसैगरी ६० जनाले आत्महत्या गरे।

२.११ मकवानपुर



जनसंख्या	:	४२८६४५
साक्षरता प्रतिशत	:	६३.१८
महिला साक्षरता प्रतिशत	:	५३.७
क्षेत्रफल (वर्ग कि. मि.)	:	२४२६
गाविस/नपा संख्या	:	४४/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४२४
क्याम्पस/उच्च मा.वि.	:	२/१०
अस्पताल/स्वास्थ्य चौकी	:	१/४४
टेलिफोन लाइन	:	४६९३
मोटर सडक (कि. मि.)	:	३५०
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	४४
मानव विकास सूचकांक	:	०.४७९
प्रति परिवार सरदर संख्या	:	६.०३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

बारा जिल्ला घर भएका माओवादी पर्सा जिल्ला सेक्रेटरी विकास भनिने वासुदेव लामिछानेसहित १७ जना ०६० माघ २२ गते सुरक्षाकर्मीद्वारा हाडिखोला गाविस-४ भिमानमा आश्रय लिएको अवस्थामा गोली हानी मारिए। उक्त घटनामा मारिएका ८० वर्षीय सुकुमाया बल र ३१ वर्षीय राजकुमार घलान सर्वसाधारण थिए। सुरक्षाकर्मीले १७ जनालाई आफ्नो कब्जामा लिएर गोली प्रहार गरेको माओवादीले सार्वजनिक गरे।

हेटौंडा नपा-९ का सर्वसाधारण २३ वर्षीय गणेशबहादुर स्याङ्तान माओवादीको आरोपमा ०६० चैत ६

गते सुरक्षाकर्मीद्वारा हेटौंडा नपा-११ र पदमपोखरी गाविसको वीचमा पर्ने कुखुरेनी खोलामा गोली हानी मारिए। सुरक्षाकर्मीलाई देख्ने बित्तिकै भागेको आरोपमा उनलाई गोली हानिएको थियो।

शिखरपुर गाविस-९ का ३५ वर्षीय धनबहादुर थिङ र शिखरपुर गाविस-२ की २६ वर्षीय दिलकुमारी गोले माओवादीको आरोपमा ०६१ वैशाख २२ गते दिउँसो सुरक्षाकर्मीद्वारा छतिवन गाविस-२ हात्तिसुढेमा गोली हानी मारिए। सुरक्षाकर्मीलाई विद्युतीय धराप विस्फोट गराउन लाग्दा गोली प्रहार गरिएको सुरक्षाकर्मीले जनाए।

आमभञ्ज्याङ गाविस-२ का ४८ वर्षीय कुवेर ढुंगाना माओवादीको आरोपमा ०६१ वैशाख २९ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। बेतिनी गाविसमा ढुंगानालाई सुरक्षाकर्मीले कब्जामा लिएर हत्या गरेको माओवादीले सार्वजनिक जानकारी गराए।

चुरेमाई गाविस-३ का सर्वसाधारण ४० वर्षीय झम्कबहादुर सारुमगर लुटेराको आरोपमा ०६१ कार्तिक २२ गते राति सुरक्षाकर्मीद्वारा राजमार्गमा गोली हानी मारिए। मनहरि गाविसका सुरक्षाकर्मीले लुटेरामाथि गोली चलाउँदा उनको मृत्यु भएको थियो।

राईगाउँ गाविसका २४ वर्षीय मानबहादुर पाखिन माओवादीको आरोपमा ०६१ मंसिर १४ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडितलाई सुरक्षाकर्मीले बेतिनी गाविस-२ मा कब्जामा लिएको सार्वजनिक भयो।

माओवादीबाट

ललितपुर माल्टा गाविस-९ का ३३ वर्षीय गगनबहादुर घर्तीलाई सुराकीको आरोपमा ०६० पुस २४ गते माओवादीले इपापञ्चकन्या गाविसमा हत्या गरे।

चनवन ब्यारेकबाट सर्चमा गएका सैनिकहरु ४२ वर्षीय लालबहादुर थापा र २६ वर्षीय मिनबहादुर थापाको ०६० चैत ६ गते माओवादीले आग्रा गाविसको घले पाखामा थापेको विद्युतीय धरापमा परी मृत्यु भयो भने दुई सुरक्षाकर्मी घाइते भए।

छतिवन गाविस-४ हात्तिखोलाका पूर्व सिपाही ३७ वर्षीय नरबहादुर खत्रीलाई सुराकीको आरोपमा ०६१ वैशाख २ गते माओवादीले हत्या गरे। पीडितलाई ०६० चैत २९ गते घरैबाट माओवादीले अपहरण गरेका थिए।

पथलैया सशस्त्र गणका २८ वर्षीय प्रहरी हवल्दार महेन्द्र कक्षपतिको ०६१ वैशाख २१ गते माओवादीले छतिवन गाविस-६ जुरेलीमा थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। सुरक्षाकर्मी उक्त क्षेत्रमा सर्च अभियानमा गएका थिए।

हेटौंडा नपा-५ पिप्लेका ४२ वर्षीय बुधुका पराजुलीको ०६१ जेठ ९ गते माओवादीले घरमा बम विस्फोट गराउँदा मृत्यु भयो। पीडितका पति चन्द्रप्रकाश पराजुली पूर्वसैनिक अधिकृत भएकाले माओवादीले उनको घरमा बम विस्फोट गराएका थिए। विस्फोटमा परी दुई जना घाइते भएका थिए।

मकवानपुरगढी गाविस-२ फुलबारीका ३५ वर्षीय सूर्यबहादुरलाई सुराकीको आरोपमा ०६१ जेठ २५ गते माओवादीले कुटपिट गरी हत्या गरे। पीडितलाई जेठ २३ गते अपहरण गरेका थिए।

सात नम्बर बाहिनी चनवन ब्यारेकका २८ वर्षीय सिपाही डोजबहादुर दर्लामीको ०६१ जेठ ३१ गते माओवादीले गोगने गाविसमा थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। सुरक्षाकर्मी उक्त क्षेत्रमा सर्चमा गएका थिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	१	६	१५	२०	१		२१	६	१७	५	२२
घाइते					४	७		१९	२६	१	१		१
बम विस्फोट					२			२	२				
गिरफ्तारी/यातना										९	१८		१८
बेपत्ता										६	७		७
कुटपिट	१		१	१									
धम्की					१	२८			२८				
भेला/संगठित हुने अधिकार										१	५		५
महिलाअधिकार	२		२	२									
बालअधिकार	४		६	६									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	४			४				
अपहरण	१	१		१	१४	१८	१	१०६	१२५				
जम्मा	१४	६	१०	१६	३९	७७	२	१२७	२०६	२३	४८	५	५३

हेटौंडा नपा-१ चौकीटोलकी २६ वर्षीय पूर्णिमा आलेलाई डकैती गरेको आरोपमा ०६१ साउन ३० गते माओवादीले हत्या गरे। पीडितलाई माओवादीले हटिया गाविसबाट जेठ २० गते अपहरण गरेका थिए।

दामन गाविस-६ किरनीका २४ वर्षीय सिपाही आत्माराम विष्टलाई ०६१ साउन ३१ गते माओवादीले फापरबारीमा हत्या गरे। पीडितलाई साउन २० गते हेटौंडा नपा-७ बाट अपहरण गरेका थिए।

मनहरी गाविस-२ बिजौनका ३३ वर्षीय मानबहादुर थिङलाई सुराकीको आरोपमा ०६१ भदौ ६ गते माओवादीले मनहरीमा गोली हानी हत्या गरे। पीडितलाई साउन २ गते अपहरण गरेका थिए।

सात नम्बर बाहिनी चनवन ब्यारेकका भक्तपुर निवासी २९ वर्षीय सिपाही रामप्रसाद फुयाल, सिन्धुली घर भएका सिपाही ३० वर्षीय नारायण विष्ट र दामन गाविस-३ घर भएका २४ वर्षीय सिपाही राजकुमार विष्टको ०६१ भदौ १६ गते माओवादीले दामन गाविस-१ घर्तिखोलाको कच्ची बाटोमा थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। सोही घटनामा दुई सर्वसाधारण घाइते भए।

जिप्रकामा कार्यरत प्रहरी हवल्दार ३३ वर्षीय पदम श्रेष्ठ र हवल्दार ३४ वर्षीय लालवहादुर श्रेष्ठलाई ०६१ भदौ २२ गते माओवादीले प्रहरी बिटमा विद्युतीय धराप विस्फोट गराई हत्या गरे।

छतिवन गाविस-६ का २१ वर्षीय फागुन पौडेललाई बलात्कार र पार्टीविरोधी काम-कारवाही गरेको आरोपमा ०६१ कार्तिक ३० गते माओवादीले हत्या गरे।

हेटौंडा नपा-९ का २४ वर्षीय शुकबहादुर पाख्रिनलाई डकैतीको आरोपमा ०६१ मंसिर २० गते माओवादीले पदमपोखरी गाविस-१ मा घाँटी रेटेर हत्या गरे।

अन्यबाट

कुलेखानी गाविस-६ का १२ वर्षीय दिनेश विक, १२ वर्षीय रञ्जीत थापा र रवी थापाको ०६१ असार ९ गते बेवारिसे बम खेलाउँदा विस्फोट भई मृत्यु भयो। माओवादीले सुरक्षाकर्मीले छाडेको बम खेलाएर तीन वालकको मृत्यु भएको आरोप लगाए भने सुरक्षाकर्मीले माओवादीले छाडेको बम खेलाएर मृत्यु भएको आरोप लगाए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

हाँडिखोला गाविस-४ का १९ वर्षीय प्रदीप घलानलाई शाही चितवन राष्ट्रिय निकुञ्जका ०६१ मंसिर १५ गते दिउँसो कुरिलो खोज्न लागेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते बनाए। घलानको देब्रे पाखुरामा गोली लागेको छ।

माओवादीबाट

हेटौंडा नपा-४ स्थित तत्कालीन गृहमन्त्री कमल थापाको घरमा ०६० चैत २१ गते बेलुका माओवादीले बम विस्फोट गराउँदा जिप्रकाका प्रहरी २५ वर्षीय जनक धिताल घाइते भए। उनको शरीरमा सामान्य चोट लागेको थियो।

महेन्द्र राजमार्गको हेटौंडा-नारायणघाट सडक खण्डमा ढकालटारमा शाही नेपाली सेनाको ट्रक ०६१ जेठ २७ गते माओवादीले विद्युतीय धरापमा पार्दा ६ जना सर्वसाधारण र १३ जना सुरक्षाकर्मी गरी १९ जना घाइते भए।

जिप्रकामा कार्यरत प्रहरी हवल्दार २८ वर्षीय धर्मबहादुर थापा ०६१ मंसिर १८ गते माओवादीले हेटौंडा नपा-८ स्थित महेन्द्र राजमार्गमा राखेको बम निस्कृय गर्न लाग्दा विस्फोट भई घाइते भए।

जेल र बन्दीहरू

जिल्लाको पूर्व सदरमुकाममा रहेको 'घ' श्रेणीको भीमफेदी जेलको क्षमता ४१ जनाको रहे पनि अहिले ३ जना महिलासहित ६७ जना बन्दी छन्। गत वर्ष महिला वार्डमा बन्दीहरु राख्न छाडिएको थियो तर यस वर्षदेखि पुन: राख्न शुरु गरिएको छ। महिलाहरुमध्ये एक मानसिक रोगी र दुई लागु औषध ओसार-पसारको अभियोगमा थुनामा परेका छन्।

हेटौंडाबाट करिब २३ किमी टाढा रहेको यस जेलमा माओवादीलगायत् कुनै पनि राजनीतिक दलसँग आबद्ध रहेका बन्दीहरु छैनन्। जेलमा रहेकामध्ये २७ जना कैद तोकिएका र ४० जना नतोकिएका छन्। महिलाहरुको कैद तोकिएको छैन। जेलमा कर्तव्य ज्यानसम्बन्धी १३, डाँका ८, जवरजस्ती करणी ८, लागु औषध १४, जीउ मास्नेबेच्नेमा ६ जना, किर्ते मुद्दा १ जना, सवारी ज्यान ४ जना, आगजनी २ जना र चोरीमा ५ जना बन्दी छन्।

जेलमा दैनिक एवम् साप्ताहिक पत्रपत्रिका पढ्न समस्या छ भने मुद्दा पेशीको समयमा अदालतमा उपस्थित हुने वातावरण नहुँदा उनीहरु चिन्तित छन्। क्याम्पसस्तरको परीक्षा दिने व्यवस्था नभएकाले बन्दीहरुलाई समस्या भएको छ। जेल सानो भएकाले घुमफिर गर्न, खेल्न आदि समस्या भएको गुनासो बन्दीहरुको छ।

बन्दीहरुको सामान्य उपचार प्राथमिक स्वास्थ्य केन्द्रमा गरिन्छ भने आवश्यक भएमा बाहिर लैजाने गरेको बन्दीहरु बताउँछन्।

बेपत्ता / अपहरण

राज्यबाट

चुरेमाई गाविस-९ का १९ वर्षीय बाबु तिलुङलाई ०६१ वैशाख १५ गते दिउँसो सुरक्षाकर्मीले रतनपुर गाविसमा पक्राउ गरी बेपत्ता पारे।

घियाल गाविस-९ सरस्वतीका ३० वर्षीय शिव ढुंगानालाई माओवादीको आरोपमा ०६१ असार २८ गते सुरक्षाकर्मीले गाउँबाट गिरफ्तार गरी बेपत्ता पारे।

छतिवन गाविस-९ ज्यामिरेका ३३ वर्षीय प्रेमबहादुर बल र सोही ठाउँका ३० वर्षीय दिपकसिं वललाई ०६१ भदौ २७ गते दिउँसो खेतमा काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

हाडिखोला गाविस-४ का २४ वर्षीय देव स्याङ्वोलाई माओवादीको आरोपमा ०६१ असोज २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

गोगने गाविस-४ का २४ वर्षीय रामबहादुर वुलुनलाई माओवादीको आरोपमा ०६१ मंसिर ८ गते काठमाडौंतर्फ जाँदा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

हाडिखोला गाविस-४ का २१ वर्षीय कृष्णबहादुर तिलुङलाई ०६१ मंसिर १४ गते निकुञ्जको जंगलभित्र कुरिलो खोज्न गएको अवस्थामा चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

मकवानपुरगढी गाविस-९ का १७ वर्षीय दिपक खड्का र सोही ठाउँका १७ वर्षीय सन्तोष भुजेललाई ०६० पुस ३० गते दिउँसो माओवादीले अपहरण गरी शाही सेनामा भर्ती हुन नजाने शर्तमा १७ दिनपछि मुक्त गरे।

राक्सिराङ गाविस-८ रावाङका ३७ वर्षीय कान्छाराम प्रजालाई ०६० चैत २२ गते बेलुका माओवादीले अपहरण गरी तीन महिनापछि मुक्त गरे।

आश्राङ गाविस-४ का २८ वर्षीय हुद्धबहादुर बम्जनलाई स्थानीयवासीको हत्या गरेको आरोपमा ०६१ वैशाख ३० गते माओवादीले अपहरण गरी श्रम शिविरमा राखे। उनलाई सर्च अभियानमा उक्त क्षेत्रमा गएका सुरक्षाकर्मीले मुक्त गरे।

सिस्नेरी गाविस-३ का ५५ वर्षीय मनोनित गाविस अध्यक्ष कृष्णप्रसाद पुरीलाई ०६१ जेठ १ गते माओवादीले अपहरण गरेकोमा हालसम्म बेपत्ता पारे।

ठिगन गाविस-४ का ६१ वर्षीय चक्रे घलेलाई ०६१ जेठ १५ गते माओवादीले ठूलोदमारबाट अपहरण गरी दुई वर्षपछि मुक्त गरे।

मनहरी गाविस-३ स्थित रोटरी प्राथमिक विद्यालयका शिक्षक ३१ वर्षीय तीर्थलाल चौलागाईलाई ०६१ असार ७ गते माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे।

हटिया गाविस-१ चुच्चेखोलाका ५५ वर्षीय जीतबहादुर राई, ३५ वर्षीय कृष्ण मानन्धर, ४० वर्षीय नन्दलाल मगर र ३३ वर्षीय श्यामकृष्ण मानन्धरलाई मादक पदार्थ विक्री गरेको आरोपमा ०६१ साउन ७ गते माओवादीले अपहरण गरी दण्ड जरिवानापछि मुक्त गरे।

मनहरी गाविस-३ का ३५ वर्षीय भुवनलाल जोशी र सोही ठाउँका ३१ वर्षीय तीर्थलाल चौलागाईलाई ०६१ भदौ ३ गते माओवादीले घरबाट अपहरण गरी ५ गते मुक्त गरे।

काकडा गाविस-१ ठिलिङ्गेका ३४ वर्षीय सिताराम सुब्बा र ३८ वर्षीय सूर्यबहादुर मोक्तानलाई ०६१ असोज २७ गते बेलुका माओवादीले अपहरण गरी तीन हप्तापछि मुक्त गरे।

हेटौंडा नपा-११ नवलपुर र बसामाडी गाविसका पाँचवटा विद्यालयका ७० जना शिक्षकलाई ०६१ मंसिर २५ गते माओवादीले अपहरण गरी मंसिर २६ गते मुक्त गरे।

हेटौंडा नपा-५ स्थित इलाका प्रहरी कार्यालयका प्रहरी जवान ३४ वर्षीय रामबहादुर साहलाई ०६१ पुस ४ गते दिउँसो माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

जिप्रकाकी महिला हवल्दार राज्यलक्ष्मी कँडेललाई ०६१ पुस १४ गते दिउँसो हटियाबाट माओवादीले अपहरण गरी सोही दिन मुक्त भइन्।

अन्यबाट

छतिवन गाविस-४ का ३५ वर्षीय ठाकुर बोलखेलाई ०६० माघ १० गते दिउँसो हेटौंडाबाट अज्ञात समूहले अपहरण गरी ४ लाख २० हजार रुपैयाँ लुटेर दश दिनपछि मुक्त गऱ्यो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

जिविस र हेटौंडा नपाका २८ जना मनोनित पदाधिकारीहरुलाई ०६० पुस २६ गते माओवादीले राजीनामा दिनुपर्ने धम्कीपत्र दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रतिगमन विरुद्धको आन्दोलनका क्रममा ०६० माघ १५ गते हेटौंडामा भएको शान्तिपूर्ण जुलुशमा प्रहरीले हस्तक्षेप गरी हेटौंडा नपा-४ का नवीन सिग्देल, महेश बर्तोला, भारती पाठक र राजकुमार कायस्थलाई गिरफ्तार गरी बेलुका रिहा गरे।

हेटौंडा नपा-४ का राष्ट्रियसभा सदस्य ५० वर्षीय

ललित बस्नेतलाई ०६१ वैशाख २९ गते प्रहरीले गिरफ्तार गरी बेलुका रिहा गरे। हेटौंडा बजारमा मशाल जुलुश निकाल्न लाग्दा बस्नेतलाई गिरफ्तार गरिएको थियो। जुलुशमा लाठीचार्ज गर्दा कृष्ण लम्साल, चन्दबहादुर गुरुङ, भवसागर श्रेष्ठ र रामेश्वर राना घाइते भए।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका सन्तबहादुर वाइबा

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईवटा अदालत छन्। पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ८ सय ८७ र यस वर्ष दर्ता भएका १ हजार ५ सय ५६ गरी २ हजार ४ सय ४३ मुद्दा छन्। जसमध्ये १ हजार ६ सय ६३ मुद्दा फर्स्यौट भएर ८ सय २० वटा बाँकी रहे। ती मध्ये २ वर्ष नाघेका ३० वटा र एक वर्ष नाघेका १ सय ३ वटा छन्।

जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका २ सय ३८ र यस वर्ष दर्ता हुन आएको २ सय ७ वटा गरी ४ सय ४५ वटा मुद्दामा २ सय ६७ वटा फर्स्यौट भई १ सय ७८ फर्स्यौट हुन बाँकी रहे। एक वर्षदेखि फर्स्यौट नभएका ७४ वटा मुद्दा छन् भने ६ महिनादेखि फर्स्यौट नभएका ४१ वटा मुद्दा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

दैवी प्रकोपका कारण वर्षेनी करिब चार सय परिवार सुकुम्बासी बन्दै गएका छन्।

एक सर्भेक्षणका अनुसार, जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले वर्षेनी आउने बाढी पहिरोबाट यहाँ थप चार सय परिवार विस्थापित हुने क्रम छ। विगत तीन वर्षअघि सुकुम्बासी आयोगले २ हजार ८ सय परिवार सुकुम्बासी रहेको जनाएको थियो। त्यो संख्या अहिले चार हजार पुगेको अनुमान गरिएको छ भने ०५९/६० मा आएको भीषण बाढी-पहिरोले करिब ८ सय परिवार घरवार विहीन भएका छन्। ८ सय परिवारका करिब ५ हजार मानिस सुकुम्बासी बनेका छन्। मकवानपुरका परम्परागत रुपमा बस्दै आएका र बाढी पहिरोबाट घरबारविहीन सुकुम्बासी संख्या करिब ९ हजार छ।

०६१ असारमा आएको भीषण बाढी-पहिरोबाट २६ जनाको मृत्यु भएको थियो भने तीन सय परिवार घरवारविहीन भएका छन्। बाढी पहिरोबाट आमभञ्ज्याङ, मनहरी, भैसे, मकवानपुरगढी, फापरवारी, घियाल लगायत् २० गाविस बाढी पहिरोबाट प्रभावित भए। जिल्लाको पश्चिम क्षेत्रमा पर्ने काकडा, मनरी, भार्ता, सरिखेत, राक्सिङ र कालिकाटार गाविसका बाढी-पहिरोबाट घरबार विहीन भएका करिब ८ सय परिवार मनहरी गाविस-३ विजौनास्थित राप्ति किनारमा स्याउले छाप्रो हालेर बसेका छन्। सरकारसँग उनीहरुले बसोबासको निम्ति माग गरिरहेका छन् तर पाउन सकेका छैनन्।

इपापञ्चकन्या गाविसद्वारा आर्थिक वर्ष ०६०/६१ को बृद्ध भत्ता गाउँमा वितरण गरिएन। भत्ता पाउन नसकेको कुरा स्थानीय बृद्धहरुले जिविसमा लेखेर दिएका छन्।

जिविस, शिक्षा कार्यालयलगायत् यहाँका गैरसरकारी संस्थाहरुले चेपाङ, दलित, वनकरियालगायत् अन्य जनजातिका करिब ४ हजार बालबालिकालाई छात्रवृत्ति दिँदै आएका छन्। यो संख्या गत वर्षको तुलनामा अहिले बृद्धि भएको छ।

हेटौंडा नपा-६ र हटिया गाविस-१ बीचमा पर्ने चुच्चेखोलाका बासिन्दाले विगत दुई वर्षदेखि बृद्धाश्रम स्थापना गरेका छन्। आश्रममा अहिले पाँचजना बृद्धबृद्धाहरु छन्। बृद्धाश्रमको स्थायी स्रोत नभएकोले खान-बस्न समस्या भएको छ। मुठिदानबाट संकलित खाद्यान्न र पैसाबाट बृद्धाश्रम चलिरहने छ।

जिल्लाको पूर्व सदरमुकाम भीमफेदीमा नेपाल बाल संगठन बालगृह छ। जहाँ १३ बालिकासहित ३३ जना बालवालिका छन्।

जिविसले चेपाङ जातिका तीन सय विद्यार्थीहरुलाई शैक्षिक सामग्रीका साथै विद्यालय पोशाक र मासिकरुपमा नगद दिएको छ। जिल्ला शिक्षा कार्यालयले दलित जातिका १ हजार ८ सय विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ।

आदिवासी जनजाति उत्थान महिला मञ्च काठमाडौंले वनकरिया जातिका १६ जना बालबालिकालाई अध्ययनमा सहयोग गर्दै छात्रवृत्ति, विद्यालय पोशाक र शैक्षिक सामग्री प्रदान गरेको छ।

आर्थिक अधिकार

आमभञ्ज्याङ गाविस-९ का ५२ वर्षीय कृष्णप्रसाद सञ्जेलको घरमा ०६० पुस २५ गते माओवादीले ताला लगाइदिएकोमा दुई महिनापछि खोलियो।

भार्ता गाविस-७ का ३१ वर्षीय ठाकुर मोक्तान, सोही ठाउँका ३६ वर्षीय चंखे मोक्तान र राक्सिराङ गाविस-२ का राजकुमार मोक्तानको घर-जग्गा ०६० पुस २८ गतेदेखि आफ्नो कब्जामा लिएको माओवादीले सार्वजनिक गरे।

छतिवन गाविस-७ भडौराका ६५ वर्षीय

शरणबहादुर भण्डारीको घर ०६१ जेठमा माओवादीले कब्जामा लिएको घोषणा गरेपछि उनको १८ जनाको परिवार काठमाडौंमा विस्थापित भए।

धियाल गाविस-९ का तेजप्रसाद चौलागाईंको घर जग्गा ०६१ वैशाखमा माओवादीले कब्जा लिएपछि उनको परिवार विस्थापित भई हेटौंडामा बसिरहेका छन्। उनको एक पत्नी र दुई छोराछोरी छन्।

मनहरी गाविस-७ मा वीरगञ्जबाट गोरखातर्फ ट्रकमा राखी लगिरहेको २ सय ५० बोरा चामल ०६१ साउन ५ गते माओवादीले लुटे।

बसामाडी गाविस-५ स्थित नेपाल लिभर लिमिटेडमा सुरक्षाका लागि ०६१ भदौ १३ गतेदेखि शाही नेपाली सेना राख्न थालेपछि मजदुरहरुले सुरक्षाका लागि शाही सेना राख्न हुँदैन भनी माग गर्दै पाँच दिनसम्म उद्योग प्रवेश गरेनन्। शाही सेना उद्योगबाट बाहिरिएपछि मात्र उद्योगका मजदुरहरु काम गर्न गएका थिए।

टिष्टुङ तारुकाडाँडामा काठमाडौंतर्फ तरकारी बोकेर गइरहेको तीनवटा ट्रकलाई ०६१ भदौ ७ गते माओवादीले आगो लगाई जलाए।

बसामाडी गाविस-५ स्थित नेपाल लिभर लिमिटेडको उत्पादन प्लान्ट मेसिनमा ०६१ भदौ ११ गते माओवादीले बम विस्फोट गराई ८ करोड रुपैयाँ बराबरको क्षति गराए।

हेटौंडा औद्योगिक क्षेत्रस्थित त्रिशक्ति पोलिप्याकबाट निष्काशित १७ मजदुरहरुले ०६१ असोज २० गते बहालीको माग गर्दै उद्योगको मूल गेटमा धर्ना दिएका थिए। उद्योग व्यवस्थापन र मजदुरबीच सहमतिपश्चात् धर्ना दिने काम रोकिएको थियो।

महेन्द्र राजमार्गको मनहरी-हेटौंडा सडक खण्डमा पर्ने रजैयामा काठमाडौंबाट हेटौंडातर्फ आइरहेको टाटा सुमो जीप र एक ट्रकमा ०६१ असोज ११ गते माओवादीले आगजनी गरी क्षति पुऱ्याए।

टिस्टुङ गाविस नौखण्डेमा पालुङबाट काठमाडौंतर्फ गइरहेको ना. २ ख ८३५४ नम्बरको ट्रकलाई ०६१ असोज २६ गते दिउँसो माओवादीले आगो लगाई जलाए।

संरचना/सम्पति क्षति

हेटौंडा नपा-९ औद्योगिक क्षेत्रस्थित लक्ष्मी लाइम उद्योगको प्लान्टमा ०६१ जेठ ८ गते बेलुका माओवादीले बम विस्फोट गराए।

महेन्द्र राजमार्गको मनहरी गाविस-८ स्थित खरङ्गामा ०६१ पुस ६ गते बेलुका माओवादीले १८ वटा मालबाहक ट्रकमा आगो लगाएर जलाए। उक्त आगलागीबाट ४ करोड रुपैयाँको क्षति भएको जनाइयो।

हेटौंडा नपा-८ कुमानेस्थित श्रम कार्यालयको भवनमा ०६० चैत १९ गते दिउँसो माओवादीले बम विस्फोट गराएर २० लाख रुपैयाँ बराबरको क्षति पुऱ्याए।

हेटौंडा औद्योगिक क्षेत्रमा रहेको लक्ष्मी लाइम उद्योगको प्लान्टमा ०६१ जेठ ८ गते बेलुका माओवादीले बम विस्फोट गराउँदा १० लाख रुपैयाँको क्षति पुऱ्याए।

हेटौंडा नपा-७ को वडा कार्यालय भवनमा ०६१ जेठ १७ गते, हेटौंडा नपा-२ स्थित जिल्ला वन कार्यालय भवनमा ०६१ जेठ १८ गते, हेटौंडा नपा-२ स्थित मालपोत कार्यालयमा ०६१ असोज ९ गते, हेटौंडा नपा-१० स्थित भूमिसुधार कार्यालयमा ०६१ असोज १५ गते, हेटौंडा नपा-५ पिप्लेस्थित नीरशंकर श्रेष्ठको घरमा ०६१ पुस ६ गते र पालुङ गाविसको कार्यालय भवनमा ०६१ पुस ८ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

फाखेल गाविस कार्यालयको कागजपत्र र फर्चिनरहरु ०६१ भदौ २८ गते माओवादीले आगो लगाए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

आमभञ्ज्याङ गाविस-८ का २१ वर्षीय कृष्णप्रसाद पुडासैनीलाई ०६० माघ ५ गते सुरक्षाकर्मीले हेटौंडा बजारबाट गिरफ्तार गरे। पीडितलाई एक महिना सैनिक हिरासतमा राखेर रिहा गरियो।

सरिखेत गाविस-५ केराबारीका १५ वर्षीय मनोज थोक्रा र १६ वर्षीय मिलन तामाङलाई ०६० माघ ९ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी ४५ दिंन सैनिक हिरासतमा राखी रिहा गरे।

हेटौंडा नपा-४ का २१ वर्षीय दिपेन्द्र पाठकलाई माओवादीको आरोपमा ०६० माघ १८ गते बुढीचौर गाविसमा सुरक्षाकर्मीले गिरफ्तार गरी आत्मसमर्पण गर्न लगाएकोमा तनहुँको ढकालटारमा राखिएको छ।

बेतिनी गाविस-२ का ६१ वर्षीय भीमबहादुर विश्वकर्मालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ वैशाख २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिन सैनिक हिरासतमा राखी रिहा गरे।

सरिखेत गाविस-६ का २९ वर्षीय रामबहादुर स्याङ्तानलाई ०६१ जेठ २६ गते जंगलमा गोठालो गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

छतिवन गाविस-२ हस्तिसुढेका ३५ वर्षीय तुलसीराम लामिछानेलाई ०६१ भदौ २३ गते दिउँसो सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

मनहरी गाविस-७ ज्यामिरेका नेकपा (माले) का जिल्ला सचिव ५५ वर्षीय रामलाल गोपाली, सोही ठाउँका ३८ वर्षीय प्रल्हाद लम्साल, ४५ वर्षीय होतनाथ ढुंगाना र ३६ वर्षीय मानवहादुर मुक्तानलाई माओवादीको आरोपमा ०६१ मंसिर १ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरी सैनिक हिरासतमा १० दिन राखी रिहा गरे।

वेतिनी गाविस-१ का २६ वर्षीय उत्तम ठाडामगरलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ मंसिर १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्तापछि रिहा गऱ्यो।

बालअधिकार

यस जिल्लाका उद्योग, प्रतिष्ठानमा बाल मजदुर नरहेको दावी गरिएको छ। तर होटल, भट्टी र वर्कशपहरुमा एक हजारभन्दा बढी बालबालिका कार्यरत छन्। हेटौंडा नपा, पदमपोखरी र चुरियामाई गाविसका गरी ८ सय ९० जना बालबालिकाहरु गिटी कुट्दैछन्। उनीहरुलाई विद्यालयमा ल्याउन उद्योग वाणिज्य संघलगायत् यहाँका केही गैरसरकारी संस्थाहरुले बालश्रम उन्मूलन कार्यक्रम संचालन गरिरहेका छन्।

हेटौंडा बजार त्रिभुवन राजपथ र महेन्द्र राजमार्गको संगमस्थलमा परेको कारण सडक बालबालिकाको संख्या क्रमश: बढ्दैछ। अहिले हेटौंडा वजारमा करिव २ सय सडक बालबालिका रहेको विभिन्न गैरसरकारी संस्थाहरुको सर्वेक्षणले बताएको छ।

यस जिल्लाका चेपाङ र तामाङ तथा वनकरिया जातिमा बाल विवाह प्रथा व्याप्त छ। काउडा गाविस-८ का मनबहादुर प्रजाले ११ वर्षीय सानुमाया प्रजाको ०६१ मंसिर १९ गते स्थानीय १४ वर्षीय किशोरसँग विवाह गरिदिए।

भैसे गाविस-४ का १३ र १५ वर्षीय दुई बालिकालाई ०६० फागुन २ गते सोही ठाउँका श्यामबहादुर प्रजाले भारतको वम्वइमा लगी बिक्री गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पदमपोखरी गाविस-४ की ११ वर्षीय रोशना लामा र १२ वर्षीय सुनिम लामालाई ०६१ कार्तिक २० गते वसामाडी गाविस-३ की ५४ वर्षीय फुलमती श्रेष्ठ र हेटौंडा नपा-४ का ३६ वर्षीय धनवहादुर गुरुङले अभिभावकलाई विभिन्न प्रलोभनमा पारेर भारतीय सर्कसमा पुऱ्याए। पीडकहरुलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

हाडिखोला गाविस-१ मकरीकी १३ वर्षीय बालिकालाई ०६१ मंसिर ४ गते सोही ठाउँका २८ वर्षीय नवराज विकले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पदमपोखरी गाविस-१ की १२ वर्षीय एक बालिकालाई सोही गाविसका १८ वर्षीय राजकुमार ढुंगानाले ०६१ मंसिर १६ गते बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस जिल्लाका कूल बालवालिकामध्ये २४ प्रतिशतले विद्यालय जाने अवसर पाएका छैनन्। माओवादीलगायत् विभिन्न राजनीतिक दल र तिनका भातृ संगठनले बन्द र शैक्षिक हड्ताल गरेर यस वर्ष पटक-पटक गरी दुई साता विद्यार्थीहरुले पढ्न पाएनन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

हाडिखोला गाविस-७ च्यावलकी १६ वर्षीय एक युवतीलाई ०६० माघ १३ गते पदमपोखरी गाविस-१ का २८ वर्षीय राजकुमार घलानले भारतमा जागिर खान पाइन्छ भनी वीरगञ्ज लगिरहेको अवस्थामा हेटौंडाबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

चुरेमाई गाविस-१ की १६ वर्षीय एक युवतीलाई सोही गाउँका २६ वर्षीय भीमसेन मोक्तानले ०६० फागुन १४ गते भारतमा जागिर खान पाइन्छ भनी वीरगञ्ज लगिरहेको अवस्थामा पथलैयाबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

बलात्कार/बलात्कार प्रयास

भैसे गाविस-४ की १३ र १५ वर्षीय दुई बालिकालाई भारतको वम्बईमा बिक्री गरेको अभियोगमा ०६० फागुन २ गते सोही ठाउँका २७ वर्षीय श्यामबहादुरलाई प्रहरीले गिरफ्तार गरे। श्यामलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

चुरेमाइ गाविस-३ की १८ वर्षीय एक युवतीलाई घरमा सुतिरहेको अवस्थामा ०६१ मंसिर ५ गते दिउँसो सोही ठाउँका २२ वर्षीय अशोक लामा र २१ वर्षीय रामशरण गोलेले बलात्कार गरे। पीडकहरुलाई थुनामा राखिएको छ।

पारिवारिक हिंसा

आमभञ्ज्याङ गाविस-१ की ५४ वर्षीय गोमादेवी तिमल्सिनालाई परपुरुषसँग बोलेको आरोपमा ०६१ असार १४ गते उनकै पति ५८ वर्षीय भरत तिमल्सिनाले घरबाट निकालिदिए।

पदमपोखरी गाविस-१ की २१ वर्षीय कान्छीमाया मोक्तानलाई ०६१ भदौ २० गते आफ्नै पति जीवन मोक्तानले कुटपिट गरी घरबाट निकालिदिए। पीडित माइती नेपाल, हेटौंडाको सहारा बसेकी छन्।

बसामाडी गाविस-९ की २९ वर्षीय सुन्तली वजगाईलाई माइती गएको निहुँमा ०६१ मंसिर ६ गते उनकै पति ३२ वर्षीय उद्धव बजगाईंले सख्त घाइते हुनेगरी कुटपिट गरे। घाइते सुन्तलीलाई छिमेकीहरुको सहयोगमा उपचारार्थ हेटौंडा लगियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत कारण भएका कुटपिटमा ११ पुरुष र ४ महिला १५ जना पीडित भए। २४ महिला र २३ पुरुषसहित ४७ जनाले आत्महत्या गरे। सडक दुर्घटनामा २९ जनाको मृत्यु भयो भने १ सय १ जना घाइते भए। बाढी-पहिरोबाट २६ जनाको मृत्यु भयो। चट्याङबाट ३ जना, खोलामा डुबेर ४ जना र करेन्ट लागेर ३ जनाको मृत्यु भयो। सनाखत हुन नसकेका २ लाश फेला परे।

विगतको अनुगमन

मनहरी गाविस-४ का २४ वर्षीय ज्ञानेन्द्र कालाखेतीलाई ०५९ असार ८ गते दिउँसो मनहरी बजारबाट अज्ञात व्यक्तिले अपहरण गरेका थिए। पीडितलाई सादा पोशाकमा आएका सुरक्षाकर्मीले अपहरण गरेको आशंका गरिएको छ भने सुरक्षाकर्मीले उक्त कुरा इन्कार गरेको छ। अहिलेसम्म पीडित फेला परेका छैनन्।

मकवानपुरगढी गाविस-३ का ३६ वर्षीय सन्तबहादुर वाइबालाई माओवादीको आशंकामा ०६० कार्तिक १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता पारेका छन्।

शिखरपुर गाविस-३ की ३६ वर्षीय एक महिलालाई ०५२ सालमा बिक्री गरेकोमा सोही गाविस-३ की ४४ वर्षीय जरिमाया वाइबालाई ०६१ साउन २० गते प्रहरीले गिरफ्तार गरेकोमा हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

२.१२ ललितपुर



जनसंख्या	:३७६२०९
साक्षरता प्रतिशत	:७०.७७
महिला साक्षरता प्रतिशत	:६०.२६
क्षेत्रफल (वर्ग कि.मी.)	:३८५
गाविस/नपा संख्या	:४१/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:४१५
क्याम्पस/उच्च मावि	:११/१३
अस्पताल/स्वास्थ्य चौकी	:४/३५
टेलिफोन लाइन	:३४००८
मोटर सडक (कि.मी.)	:३८५
प्रहरी कार्यालय संख्या	:२५
हुलाक संख्या	:४६
मानव विकास सूचकांक	:०.५८८
प्रति परिवार सरदर संख्या	:५.४६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

देवीचौर गाविस-२ बुरुङचुलीकी १४ वर्षीय शोभालक्ष्मी तामाङलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६० फागुन २२ गते बेलुका घर नजिकै खाल्टोमा पिसाव गर्न गएको अवस्थामा गस्तीमा गएको सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

धुसेल गाविस-३ भागलकोट इलाकामा ०६० फागुन २८ गते बेलुकापख नाम, ठेगाना नखुलेका एक माओवादी कार्यकर्ता सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

चापागाउँ गाविसका २० वर्षीय शंकर लामा, शंखु गाविसका १९ वर्षीय मणि लामा, काभ्रे जिल्ला घर भई ववरमहल बस्ने २३ वर्षीय कमल र सर्लाही जिल्लाका २०

वर्षीय रामशरण बस्नेत ०६१ भदौ १६ गते दिउँसो पुल्चोकस्थित इजिप्टियन राजदूतावासका सुरक्षाकर्मीले गोली चलाउँदा गम्भीर घाइते भएकोमा रामशरणको सोही दिन बेलुका ४ बजे पाटन अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो। इराकमा १२ जना नेपालीलाई इस्लामिक लडाकु समूहले घाँटी रेटेर विभत्स हत्या गरेको विरोध प्रदर्शनका क्रममा उक्त घटना भएको थियो।

माओवादीबाट

छम्पी गाविसका प्रहरी हवल्दार ३२ वर्षीय जनार्दन गिरी र सैनिक ३४ वर्षीय कुलबहादुर श्रेष्ठको ०६० माघ २६ गते दिउँसो गोटिखेल गाविसस्थित नासुर भन्ने ठाउँमा माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। कुलबहादुरको छाउनीमा उपचारको क्रममा र जनार्दनको घटनास्थलमा नै मृत्यु भएको थियो। उक्त टोली युनिफाइड कमान्डको कामको सिलसिलामा विभिरेचौर बेस क्याम्पबाट पैदल गस्तीमा गइरहेको अवस्थामा घटना भएको थियो।

धनकुटा जिल्ला मारेककटहरे गाविस-९ घर भई ललितपुर उमनपा-१० ज्वागल बस्ने २५ वर्षीय दिलबहादुर रायमाझीलाई आर्थिक हिनामिना गरी आफ्नो पार्टीबाट अलग्गिएर छुट्टै पार्टी खोलेको आरोपमा ०६१ वैशाख २८ गते बिहान ९ बजे ज्वागलमा माओवादीले गोली हानी हत्या गरे। पीडितलाई कुपण्डोलबाट दुईजनाले अपहरण गरी ज्वागलमा पुऱ्याई टाउकोमा तीनवटा गोली हानी हत्या गरेका थिए।

शंखु गाविस एमाले गाउँ कमिटीकी पूर्व सदस्य तथा नेपाल तामाङ राष्ट्रिय महासंघकी जिल्ला सदस्य गोरीमाया तामाङलाई ०६१ असार ६ गते माओवादीले हत्या गरे। पीडितलाई ०६१ जेठ १० गते शंखु गाविसस्थित आफ्नै घरबाट माओवादीले अपहरण गरेका थिए। पीडितको लाश आश्राङ गाविसको सीमानामा फेला परेको थियो।

ललितपुर उमनपा-१३ एकान्तकुनाकी ७३ वर्षीय मैयादेवी क्षेत्रीको ०६१ असार ३१ गते बिहान माओवादीले जावलाखेलस्थित नेपाल टेलिकमको मूल ढोकामा बम विस्फोट गराउँदा घटनास्थलमा मृत्यु भयो। उक्त घटनामा काभ्रे जिल्ला पनौति नपा-८ की ३१ वर्षीय मञ्जु ताम्राकार आफ्नो माइती जान लाग्दा घाइते भइन्। घटनामा संलग्न भएको आरोपमा दिनेश बराल, राजकुमार राना, अशोक रानालगायत् आठ जनालाई प्रहरीले गिरफ्तार गरी छानबिनपछि सोही दिन बेलुका रिहा गरे।

कालेश्वर गाविस र गोटीखेल गाविसको सीमानामा पर्ने सिसवन भन्ने ठाउँमा ०६१ असोज २२ गते बिहान माओवादीले थापेको विद्युतीय धरापमा परी २२ वर्षीय सन्देश कार्कीको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

ललितपुर उमनपा-१७ को वडा कार्यालयमा ०६० फागुन २२ गते बिहान माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। विस्फोटबाट कार्यालयका सचिव रामगोपाल श्रेष्ठ घाइते भए।

जेल र बन्दीहरू

०२७ सालमा स्थापित नख्खु जेलको बन्दी क्षमता १ सय ५० जनाको छ। तर, हाल कैद तोकिएका ९५ जना र थुनुवा १ सय ६८ जना कैद नतोकिएका गरी २ सय ६१ जना बन्दी छन्। यस जेलमा राजनीतिक बन्दी नभएको बताइएपनि २ जनालाई आतंककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय), अध्यादेश २०६१ अन्तर्गत राखिएको छ। त्यसरी नजरबन्दमा राखिएकोमा रामकृष्ण तिमिल्सिना र ओमकृष्ण श्रेष्ठ छन्।

यस जेलमा राज्यविरुद्धको अपराधमा ३, हातहतियार खरखजनामा २, कर्तव्य ज्यान मुद्दामा ५७, ज्यान मार्ने उद्योगमा ११, डाँकामा १६, जीउ मास्नेबेच्नेमा १०, चोरीमा ३९, लागु औषधमा ५४, आगलागीमा १, जबरजस्ती करणीमा १०, पुरातत्व चोरीमा १४, कसुरवापत विगोमा १, भ्रष्टाचारमा १, नजरबन्दमा २, ठगीमा १४, भिसामा १, विध्वसात्मक कार्यमा १६, खोटाचलनमा ४ र सार्वजनिक अपराधमा ५ बन्दी छन्।

बेपत्ता / अपहरण

राज्यबाट

प्युठान जिल्ला घर भई लुभु गाविसमा डेरा गरी बस्ने ३८ वर्षीय दुर्गा थापालाई माओवादीको आरोपमा ०६० चैत २ गते राति ११ बजे घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। नकाव लगाएका सादा पोशाकका ३ जना सुरक्षाकर्मीले घर अगाडि नीलोरंगको टोयोटा गाडी रोकी "तपाईसँग केही सोधपुछ गर्नुछ, भोली छाडिदिन्छौं" भनी लगेकोमा पीडितको अवस्था अज्ञात छ।

ठैव गाविस-८ का भूपू गाविस सचिव, एमाले गाउँ पार्टी सचिव तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला सदस्य ४५ वर्षीय ओमकृष्ण श्रेष्ठलाई माओवादीको आरोपमा ०६१ वैशाख १८ गते दुईजना सादा पोशाकका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी बेपत्ता पारे।

सिन्धुपाल्चोक जिल्ला ठूलोसिरुबारी गाविस-९ का ५४ वर्षीय भैरवप्रसाद दुलाललाई माओवादीको आरोपमा ०६१ असोज २ गते पाटन गावहालस्थित कोठाबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडित आफ्नो छोरालाई सुरक्षाकर्मीले बेपत्ता बनाएपछि छोराको

खोजी गर्न आएको अवस्थामा गिरफ्तार गरिएको थियो।

सिन्धुपाल्चोक जिल्ला ठूलोसिरुबारी गाविस-९ का २१ वर्षीय सुब्बा दुलाललाई माओवादीको आरोपमा ०६१ असोज १६ गते राति पाटन गाबहालस्थित आफ्नै कोठाबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडित पाटन संयुक्त क्याम्पसमा अध्ययनरत र विहान पत्रिका बिक्री गरी दिउँसो क्याम्पस जाने गर्दथे। पीडितलाई सुन्दरीजल जेलमा राखिएको छ।

ठेंचो गाविस-६ का २० वर्षीय बाबुराज मालीलाई माओवादीको आरोपमा ०६१ पुस ३ गते ललितपुर उमनपा-१३, नटोलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित मूर्ति बनाउने कामको सिलसिलामा नटोल जाँदा उग्रचण्डी मन्दिर अगाडिबाट गिरफ्तार गरिएको थियो। पीडितको अवस्था अज्ञात छ।

माओवादीबाट

मिनभवनस्थित नापी विभागमा कार्यरत नापी अधिकृत ४७ वर्षीय गंगाबहादुर श्रेष्ठ, सर्वेक्षकहरु ४३ वर्षीय नवराज आचार्य, ४० वर्षीय कृष्णप्रसाद न्यौपाने, ३० वर्षीय विकासकुमार श्रेष्ठ, ३० वर्षीय कुमार देव र सवारी चालक ४० वर्षीय बाबुकाजी श्रेष्ठलाई ०६१ वैशाख ८ गते माओवादीले ललितपुरको भट्टेडाँडा गाविस-५ छवेली इलाकाबाट अपहरण गरे। पीडितहरु जग्गा जाँचका लागि प्राविधिक सामग्रीहरुसमेत भट्टेडाँडा इलाकामा गएका थिए। पीडितहरुलाई ०६१ वैशाख ११ गते मुक्त गरे।

इकुडोल गाविसस्थित जनजागृति माविबाट १५ जना, आश्राङ गाविसस्थित विद्यालयबाट ३ जना, प्युटार कालिदेवी माविबाट २० जना र गिम्दी गाविसस्थित नारायणडाँडा प्रस्तावित माविबाट ७ जना विद्यार्थीलाई ०६१ असार २ गते विद्यालय छुट्टी भएर घर फर्किरहेको अवस्थामा माओवादीले अपहरण गरी अज्ञातस्थलतर्फ लगे।

देवीचौर गाविस-५ बाबियागाउँका २९ वर्षीय रवी खड्कालाई चन्दा नदिएको निहुँमा ०६१ जेठ ७ गते देविचौर चोकबाट माओवादीले अपहरण गरे।

देवीचौर मावि, देवीचौरका प्रधानाध्यापक लक्ष्मण रजगाँई, दीपक तिमिल्सिना, कृष्णप्रसाद न्यौपाने, विष्णुहरी केसी, खेमप्रसाद अर्याल, जीतेन्द्रप्रसाद शाह, राजकिशोर यादव र रमेश रिजाललगायत् शिक्षकहरुलाई ०६१ असार १३ गते विद्यालय परिसरबाट माओवादीले अपहरण गरे।

देवीचौर, धुसेल गाविसस्थित विद्यालयबाट ०६१ साउन ३ गते माओवादीले २० जना विद्यार्थी र शिक्षकको अपहरण गरे। उनीहरुलाई माओवादीले जनवादी शिक्षाको बारेमा तालिम दिएर साउन ५ गते मुक्त गरे।

वुखेल गाविसका एमाले गाउँ कमिटी सचिव केदार घिमिरे, शिक्षक माधव घिमिरे र सर्वसादारण खिरमान लामालाई ०६१ कार्तिक २० गते माओवादीले अपहरण गरे। पीडितहरुलाई अपहरणपछि भट्टेडाँडा गाविस्मा लगेर बाटो बनाउने कार्यमा संलग्न गराएका थिए। पीडितहरुलाई कार्तिक २९ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पुल्चोक इन्जिनियरिङ क्याम्पसमा अध्ययनरत विद्यार्थी सुरज लामिछाने, धुव भट्टराई, मनोज भट्टराई, मनोज पोखेल र नारायण केसीलाई ०६० माघ १४ गते क्याम्पस परिसरभित्र जबरजस्ती प्रवेश गरी कक्षामा पढिरहेको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	५	४	२		६	३	२	१	३
घाइते	१	१		१	२	१	१		२	१	३		३
बम विस्फोट					२			२	२				
गिरफ्तारी/यातना										७	१४		१४
बेपत्ता										५	५		५
कुटपिट	१	१		१						१	९		९
धम्की					१	४			४				
भेला/संगठित हुने अधिकार										३	१५		१५
वालअधिकार	२		२	२						१		१	१
अपहरण	१		१	१	६	१०	१	६५	७६				
जम्मा	७	३	४	७	१६	१९	४	६७	९०	२१	४८	२	५०

अवस्थामा प्रहरीले बन्दुकको कून्दा र लाठी प्रहार गरी घाइते बनाए। पीडितहरुको टाउको, हातखुट्टा र ढाडमा गहिरो चोट लागेको थियो। पीडितहरुको उपचार पाटन अस्पतालमा भयो। प्रहरीले झ्याल, ढोका र कम्प्युटरसमेत तोडफोड गरेका थिए। उक्त क्याम्पसबाट नारायण अधिकारी, परासर भण्डारी, अजय घिमिरे, श्रीजन मानन्धर र सुदर्शन महर्जनलगायत् १२ जनालाई दुई घण्टासम्म प्रहरीले थुनामा राखी रिहा गरे।

माओवादीबाट

टिकाभैरव गाविसका रमेश नगरकोटी, देवीचौर बुरुङचुली गाविसका अशोक लामा, प्रकाश, सुमन लगायत्लाई आर्थिक अनियमितता गरेको आरोपमा ०६१ वैशाख ३० गते माओवादीले एक वक्तव्यमार्फत् आइन्दा त्यस्तो कार्य नगर्न धम्की दिए। पछि पुनः त्यस्तो क्रियाकलाप दोहोरिएमा ज्यानमार्ने धम्कीसमेत दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जावलाखेल चोकमा पाँच विद्यार्थी संगठनहरुले ०६० पुस २८ गते प्रतिगमनविरुद्ध मशाल जुलश प्रदर्शन गरे। जुलुशमाथि प्रहरीले हस्तक्षेप गरी तितरवितर गरेको थियो।

पाँच संसदीय दलका कार्यकर्ताहरुले ०६० माघ १८ गते बेलुका धौबहाल, मंगलवजारबाट लगनखेलसम्म मशाल जुलुश निकाली लगनखेल पुगेपछि प्रहरीसँग झडप हुँदा जीवन खड्का, सुरेन्द्रमोहन शर्मा, राजन घिमिरेलगायत्का कार्यकर्ता घाइते भएका थिए।

पाटन अस्पतालका चिकित्सकहरुले ०६० फागुन ३ गते बिरामी पक्षले कुटपिटसमेत गरी अभद्र व्यवहार गरेको जनाउँदै कालो पट्टी बाँधेर विरोध प्रदर्शन गरे। सुभाष भन्नेले आफ्नो आमालाई डाक्टरहरुले बेवास्ता गरेपछि उनले डाक्टर प्रज्वलवीर सिंहलाई हातपात गरेका थिए।

माओवादीद्वारा मारिएका दिलबहादुर रायमाझी

ललितपुर जिल्लाका पूर्व जिविस सभापति ५० वर्षीय माधव पौडेल, पूर्व जिविस सदस्य केदार केसी र जनमोर्चाका जिल्ला सचिव ४० वर्षीय दिपेन्द्र श्रेष्ठलाई ०६१ वैशाख २ गते विरोध प्रदर्शन गरिरहेको अवस्थामा त्यागलबाट प्रहरीले गिरफ्तार गरी बेलुका रिहा गरे।

त्यागलबाट मंगलबजारतर्फ आइरहेको पाँच दलको विरोध ऱ्यालीमाथि ०६१ वैशाख १० गते बेलुका प्रहरीले लाठीचार्ज गरी हस्तक्षेप गर्दा एमालेका नेता केशव बडाल, रघुवीर महासेठ, नेकाँका गोपालराज शाक्य, एमाले जिल्ला कमिटी सचिव मधुसुदन पौडेल सख्त घाइते भएका छन्। उनीहरुको हात, खुट्टा र टाउकोमा चोट लागेको थियो। पीडित सबैजनालाई उपचारको लागि पाटन अस्पताल लगिएको थियो। प्रहरीले दुई राउण्ड अश्रुग्याँस छाडेपछि स्थिति तनाबग्रस्त भएको थियो।

प्रतिगमनविरुद्ध आन्दोलनरत चार दलका विद्यार्थी संगठनले ०६१ असोज १४ गते बिहान एक घण्टा पुल्चोक मन्त्री निवास अगाडि धर्ना दिएको अवस्थामा प्रहरी हस्तक्षेप भएपछि झडप हुँदा नेविसंघ अध्यक्ष केशव सिंह, नेपाल क्रान्तिकारी विद्यार्थी युनियनका अध्यक्ष सरोजराज गोसाईं, मानबहादुर सिजापति, स्पेना नेवाः, केबिका तनेखु, दुर्गा अर्याल, रमेश तोयना, रामकृष्ण प्रजापति, प्रभात सुवाल, मुकेश थापा र कल्याण सिजापति घाइते भए। प्रहरीले अखिल एकीकृतका अध्यक्ष कृष्ण अधिकारी, नेविसंघका पुष्प पराजुली, गोविन्द पुडासैनी, राम रोकाया, तेज लिम्बू, पूर्ण कुँवर र कमल भुसाललाई गिरफ्तार गरी सोही दिन रिहा गरे। विद्यार्थीले सोही दिन पाटन क्याम्पस अगाडि बा. १ झ ६१२९ नम्बरको सरकारी गाडी पनि जलाएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईवटा अदालत छन्। पुनरावेदन अदालतमा देवानी, फौजदारी, परमादेश, निषेधाज्ञा गरी विभिन्न शीर्षक अन्तर्गत जिम्मेवारी सरेर आएका ३ हजार ४ सय ४८ मा १ हजार २२ फर्स्यौट भई ४ सय २६ बाँकी रहे। यो वर्ष दर्ता भएका १ हजार ७ सय ७२ मुद्दामा १ सय ६३ फर्स्यौट भई १ हजार ६ सय ९ वटा मुद्दा बाँकी रहे । जिम्मेवार सरेर आएका र यो वर्ष दर्ता भएको गरी जम्मा ५ हजार २ सय २० मा १ हजार १ सय ८५ मुद्दा फर्स्यौट भई ४ हजार ३५ वटा मुद्दा बाँकी रहे। पुनरावेदन अदालतमा १ सय ५० थुनुवा मुद्दा संख्या रहेका छन् भने २ वर्ष नाघेको मुद्दा संख्या ५ सय ५ रहेको छ।

यसैगरी जिल्ला अदालतमा देवानी शीर्षकमा

जिम्मेवारी सरी आएका ७ सय ३१ र यो वर्ष दर्ता भएको ३ सय २७ गरी १ हजार ५८ मुद्दामा २ सय ३७ फर्स्यौट भई ८ सय २१ मुद्दा बाँकी रहे। फौजदारी अन्तर्गत जिम्मेवारी सरेर आएका ३ सय ९३ र यस वर्ष दर्ता भएका १ सय ९३ गरी ५ सय ८३ मुद्दामा १ सय ६४ मुद्दा फर्स्यौट भई ४ सय २२ वटा मुद्दा बाँकी रहे। जिल्ला अदालतमा दुई वर्ष नाघेको मुद्दा संख्या १ सय ४५ छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा रहेको भूमिसुधार कार्यालयले सुकुम्बासीहरुको तथ्यांक राख्न नसकेकाले सकुम्बासीहरुको संख्या यकीन हुन सकेको छैन। जिल्लामा अवस्थित बाग्मती, विष्णुमति, नख्खु खोला किनारलगायत्का स्थानहरुमा साना भुप्रा बनाएर सुकुम्बासीहरु बसेका छन्। यसरी बस्नेहरुमा उपत्यकाका विभिन्न ठाउँबाट र बाहिरका नेपाली र भारतीय नागरिकहरु छन्। नगरपालिकाद्वारा ४० जनालाई अशक्त, ३ हजार ३ सय ३८ जनालाई जेष्ठ नागरिक र २ हजार २ सय ९० जनालाई असहाय विधवा भत्ता वितरण गरियो।

आर्थिक अधिकार

माओवादीद्वारा गरिएको ०६१ जेठ १ देखि ५ गतेसम्मको साताव्यापी नाकाबन्दीले ललितपुरको दक्षिण भेगका किसानहरुको तरकारी, दुध बिक्री हुन नसकेपछि ठूलो आर्थिक नोक्सान व्यहोर्न बाध्य भए। माओवादीले गोटीखेल, भट्टेडाँडालगायत्का गाविसका २२ वटा गाउँबाट २४ हजार लिटर दुध र अन्य उपभोग्य वस्तु बिक्री हुनबाट वञ्चित गराए।

ललितपुर उमनपा ग्वार्कोस्थित सांगाई प्लाष्टिक उद्योग र श्रवण गार्मेन्ट उद्योग, बालकुमारीका कारखाना व्यवस्थापनलाई ०६१ साउन १८ गते माओवादीले धम्की दिई बन्द नै गराए। कारखाना व्यवस्थापनसमक्ष मजदुरलाई समयभन्दा बढी काम नलगाउने शर्तमा कारखाना खुल्ला गरिएको थियो।

संरचना/सम्पत्ति क्षति

पाँच संसदीय दलका कार्यकर्ताहरुले ०६० चैत २१ गते बिहान १० बजे पाटनढोकास्थित बाटोमा पार्किङ गरी राखेको बा. १ च ५३२४ नम्बरको निजी गाडीमा तोडफोड गरी क्षति पुऱ्याए।

ढल निकास संस्थान, ललितपुरको बा. १ ज्ञ ७२७ नम्बरको सेतो रंगको पिकअप गाडीलाई ०६१ वैशाख ८ गते दिउँसो २ बजे पाँच दलका आन्दोलनकारीले ललितपुर उमनपा-१० चाकुपाटमा गाडी रोकी आगो लगाई जलाइदिएका थिए।

पाँच दलका विद्यार्थीहरुले ०६१ वैशाख १५ गते विहान १० बजेतिर कुपण्डोल हिमालय होटल अगाडि बा. १ भ ३५२१ नम्बरको सरकारी गाडीलाई आगो लगाई ध्वस्त पारे।

ठेचों गाविसस्थित नेपाल दूरसञ्चार कम्पनीको महसुल काउन्टरमा ०६६ जेठ १३ गते बेलुका ७:३० बजे माओवादीले बम विस्फोट गराई काउन्टर र कम्प्युटरमा क्षति पुऱ्याए।

जिल्ला प्रशासन कार्यालयको परिसरभित्र रहेको शौचालयमा ०६१ असार २५ गते दिउँसो १ बजे माओवादीले बम विस्फोट गराई क्षति बनाए। विस्फोटबाट कुनै मानवीय क्षति भएन। प्रत्यक्षदर्शीका अनुसार माओवादीहरु पछाडिबाट पर्खाल नाघेर आएका थिए।

ललितपुर उमनपा पुल्चोकस्थित सञ्चयकोषको भवनमा ०६१ साउन ५ गते बिहान ९:३० बजे माओवादीले राखेको बम सुरक्षाकर्मीले निस्कृय पारे।

ललितपुर उमनपा कुमारीपाटीमा ०६१ असोज १२ गते बा. १ ज ८५४४ नम्बरको सेतो मारुती ट्याक्सीमा जावलाखेलबाट चढि आएका दुईजना व्यक्ति ओर्लिएपछि उनीहरुद्वारा गाडीभित्र राखिएको भोलालाई चालक जीतबहादुर राईले बाहिर फ्याँकेपछि बम विस्फोट भयो। विस्फोटबाट वरिपरिका घरका भ्यालका शिशाहरु फुटेको थियो। प्रहरीले चालकलाई एकहजार रुपैयाँ पुरस्कार दिएका थिए।

धापाखेल गाविस-१ हात्तिवनस्थित जिल्ला वन कार्यालयको भवनमा ०६१ असोज २१ गते बिहान ६ बजेतिर चारजनाको संख्यामा आएका माओवादीले प्रेसरकुकर बम विस्फोट गराई क्षति पुऱ्याए।

ललितपुर उमनपा-१५ सिन्चाहिंटीस्थित जिल्ला निर्वाचन कार्यालयको भवनमा ०६१ मंसिर १७ गते बेलुकी

माओवादीको बम विस्फोटमा परी मारिएकी ७३ वर्षीय मैयादेवी क्षेत्री

४ बजे माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। विस्फोटबाट कार्यालयका झ्यालका शिशा र गेटमा क्षति पुगेको थियो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गोरखा जिल्लाका मुनाल भनिने २५ वर्षीय अर्जुन थापामगरलाई माओवादीको आरोपमा ०६० पुस २७ गते सादा पोशाकका सुरक्षाकर्मीले पुल्चोकस्थित एक घरबाट गिरफ्तार गरे। पीडितलाई नख्खु कारागारमा राखिएको छ।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी रिहा गरिएका ठक्कर शर्मा

अनेरास्ववियुका उपाध्यक्ष भक्त गुरुङ, महासचिव खिमलाल भट्टराई, संगठन विभाग प्रमुख यज्ञराज सुनुवार, अनुशासन विभाग प्रमुख झपट रावल, वाग्मती अञ्चल अध्यक्ष माधव ढुंगेल, नेविसंघका उपाध्यक्ष प्रदिप पौडेल, केन्द्रीय सदस्य दीपक अधिकारी, पूर्व केन्द्रीय सदस्य सृजना अधिकारी, नेविसंघका पाटन क्याम्पस इकाई उपाध्यक्ष शिवराज फागु र महेन्द्ररत्न क्याम्पस ताहाचलका इकाई अध्यक्ष ताराबहादुरलाई ०६० पुस ३० गते राजा विरोधी भाषण गरेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई ०६० माघ १४ गते रिहा गरे।

तरुणदलका अनन्तराज भट्टराई र पाटन क्याम्पसका उपाध्यक्ष शिवराज फागुलाई नेपाल बन्दको दिन ट्याक्सी, मोटरसाइकल र ट्रक तोडफोड गरेको आरोपमा ०६० माघ १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई भोलिपल्ट रिहा गरियो।

सिन्धुपाल्चोक जिल्ला सानो सिरुबारी गाविस घर भई ललितपुर बागडोलका २५ वर्षीय प्रदीप दुलाललाई ०६१ वैशाख १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई राजदल गण लगनखेलमा राखिएको छ।

सिन्धुपाल्चोक जिल्ला सानो सिरुबारी गाविस-९ का ३६ वर्षीय जीवनाथ दुलाललाई माओवादीको आरोपमा ०६१ वैशाख २५ गते ललितपुरको बागडोलस्थित आफ्नो डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनले माओवादीबाट ०६० पुसमा राजीनामा दिई बसेका थिए। पीडितलाई राजदल गण, लगनखेलमा राखिएको छ।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका ओमकृष्ण श्रेष्ठ

गोदामचौर गाविस-२ स्थित अल हर्मन मदरसा विद्यालयमा कार्यरत २२ वर्षीय सद्ज्जाद अलाम, ३० वर्षीय अमिर हुसेन तथा ३२ वर्षीय मोहम्मद हुसेनलाई ०६१ साउन २३ गते राति ९ बजे सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरुलाई काश्मिरी आतंककारीसँग संलग्न भएको आरोपमा गिरफ्तार गरिएको सुरक्षास्रोतले बतायो। उनीहरुलाई तारिखमा रिहा गरियो।

ललितपुर उमनपा-१३ कुसुन्तीस्थित ज्ञानकुन्ज अंग्रेजी विद्यालयका प्रिन्सिपल ठक्कर शर्मालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ मंसिर १ गते बिहान ११ बजे स्कूल परिसरबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ कार्तिक २० गते बुखेल गाविसका एमाले कार्यकर्ता केदार घिमिरे, माधव घिमिरे र खिरमान लामालाई माओवादीले अपहरण गरेपछि उनीहरुको मुक्तिका लागि माओवादीसँग वार्ता गरी छुटाएपछि उनलाई गिरफ्तार गरिएको पीडितका परिवारले बताए।

बालअधिकार

नुवाकोट जिल्ला थानसिङ गाविस घर भई धापाखेल बस्ने ११ वर्षीय एक बालिकालाई ०६० पुस २७ गते धापाखेल गाविस-१ का २१ वर्षीय कृष्ण थापाले घरमा गई चकलेट दिएर बलात्कार गरे। पीडितको योनीमा तीनवटा टाँका लगाइएको थियो। पीडितकी आमा गार्मेन्टमा काम गर्न गएको अवस्थामा पीडक कोठामा गई बलात्कार गरेका थिए। पीडकलाई थुनामा राखिएको छ।

दोलखा जिल्ला भिमेश्वर नपा-४ घर भई ललितपुर उमनपा-१३ कुसुन्तीका ८ वर्षीय एक बालिकालाई ०६० फागुन ३ वजे रौतहट जिल्ला पौराही गाविस-२ घर भई कुसुन्ती बस्ने २२ वर्षीय साइँला लामाले कोठामा गई जबरजस्ती बलात्कार गरे। पीडक थुनामा छन्।

ललितपुर उमनपा-१० चाकुपाट स्थित हेराल्ड ऐकेडेमीमा कक्षा १ मा अध्ययनरत रक्षक बज्राचार्यलाई ०६१ जेठ ८ गते बिहान आर्थिक प्रलोभनका कारण रोशन लामिछाने र माहिला तामाङले अपहरण गरे। पीडकलाई जेठ ९ गते प्रहरीले पीडकहरुलाई हाल थुनामा राखिएको छ।

मकवानपुर जिल्ला छतिवन गाविस-१ घर भई सैंबु गाविस-१ बस्ने ११ वर्षीय एक बालिकालाई ०६१ साउन १५

गते विहान कञ्चनपुर जिल्ला हल्दुखाल गाविस-९ घर भई सैंबुस्थित सेनाको ब्यारेकमा कार्यरत जवान प्रकाशसिंह ठगुन्नाले कोठामा गई ललाई-फकाई बलात्कार गरे। पीडक थुनामा छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटीले ०६१ जेठ १२ गते एक विज्ञप्ति जारी गरी शंखु गाविसको निवर्तमान गाउँ परिषद् अध्यक्ष गोरीमाया लामालाई ०६१ जेठ १० गते दिउँसो माओवादीले अपहरण गरी हत्या गरेको घटनाप्रति यथार्थ पत्ता लगाउन नेपाल मानवअधिकार आयोग लगायत सम्पूर्ण मानवअधिकारवादी संघसंस्था, पत्रकार तथा नागरिक समाज समक्ष आग्रह गऱ्यो।

जिल्ला शिक्षा कार्यालयका प्रमुख बलिरामप्रसाद सिंहले विभिन्न प्रकारका अनियमितता गरेको आरोपमा ०६१ असोज ५ गते संयुक्त शिक्षक संघर्ष समितिले सिंहको कार्यकक्षमा तालाबन्दी गरे। केयर टप बोर्डिङ स्कूल, अल्मा मेटर, केन्ट र श्री ५ महेन्द्र मावि जस्ता विद्यालयबाट आर्थिक अनियमितता गरेको ठहर नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल राष्ट्रिय शिक्षक परिषद् र प्याब्सनले गरेका थिए। तालाबन्दी असोज ६ गते तोडिएको थियो।

नेकपा (माले) का केन्द्रीय संगठक, नेपाल प्रगतिशील शिक्षक संगठनका केन्द्रीय उपाध्यक्ष तथा ज्ञानकुञ्ज आवासीय माविका प्रिन्सिपल ठाकुरप्रसाद शर्मालाई ०६१ मंसिर ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा आपत्ति जनाउँदै ०६१ मंसिर १ गते नेकपा (माले) केन्द्रीय कार्यालयले एक विज्ञप्ति जारी गऱ्यो।

पुल्चोक इन्जिनियरिङ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षाकर्मीले क्याम्पस परिसरभित्र प्रवेश गरी कुटपिट गरेको र तोडफोड गरेको विरोधमा उक्त क्याम्पसको अनेरास्ववियुका उपाध्यक्ष निर्मल पौडेल र नेविसंघ इकाई उपाध्यक्ष राजेन्द्र सेंढाईले ०६१ पुस १४ गते एक विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ६ महिला र ५ पुरुषले आत्महत्या गरे भने ५ महिला र ५ पुरुष आत्महत्याको प्रयासबाट पीडित भए। १३ वटा सवारी दुर्घटनाको घटनामा ८ पुरुष र ५ महिला पीडित भए। ८ पुरुष र १ महिलाको लाश फेला पऱ्यो। त्यसैगरी आगजनी वा भवितव्यको २४ घटनामा १५ पुरुष र ९ महिला पीडित भए। चोरी र ठगीको ११ वटा घटनामा ८ पुरुष र ३ महिला पीडित भए।

२.१३ काभ्रे



जनसंख्या	:४१३०६१
साक्षरता प्रतिशत	:६३.७५
महिला साक्षरता प्रतिशत	:५२.५३
क्षेत्रफल (वर्ग कि.मी.)	:१३९६
गाविस/नपा संख्या	:८७/३
निर्वाचन क्षेत्र	:३
विद्यालय	:६१६
क्याम्पस/उच्च मावि	:६/१५
अस्पताल/स्वास्थ्य चौकी	: ७/९४
टेलिफोन लाइन	:४०३५
मोटर सडक (कि.मी.)	:८०२
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:८२
मानव विकास सूचकांक	:०.५४३
प्रति परिवार सरदर संख्या	:५.८६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

भक्तपुर नपा-८ छिछें घर भई ख्वप कलेजमा कक्षा १२ मा अध्ययनरत माओवादी कार्यकर्ता सनिस भनिने २० वर्षीय पुण्यराम आचार्य ०६० पुस २१ गते सुरक्षाकर्मीद्वारा शंखु गाविस-५ एक्लेखेतमा मारिए। सेनाको घेरा तोडी भाग्नखोज्दा गोली लागि ढलेपछि खुकुरीले काटेर त्यहीं गाडि हिडेको माओवादीका जिल्ला सदस्य समरको दावी छ।

माओवादीका कोलाती गाजस प्रमुख ज्वाला पहरी र कोलाती गाजस उपप्रमुख श्यामकाजी पहरी ०६० पुस २७ गते धुसेनी गाविस-७ देउपोखरीमा सुरक्षाकर्मीको कारवाहीमा मारिए। पुस १९ गते कोलातीबाट नियन्त्रणमा लिएको

मान्छेलाई त्यहाँ ल्याएर मारेको भनी माओवादी ८ नम्वर एरिया कमिटी रामेछापद्वारा छानबिनका लागी मानवअधिकारकर्मीहरूलाई आग्रह गरे।

रामेछाप जिल्ला दोरम्बा गाविस-२ घर भएकी अनेमसंघ (क्रान्तिकारी) की रामेछाप जिल्ला सदस्य २५ वर्षीय सरस्वती तामाङ मोक्तान ०६० पुस २७ गते सुरक्षाकर्मीद्वारा धुसेनीसिवालय गाविस-९ ढाडाखर्क भञ्ज्याङमा जम्काभेट हुँदा गोली हानी मारिइन्।

ढुंखर्क गाविस-६ स्थित सोला भञ्ज्याङमा ०६० माघ ४ गते सुरक्षाकर्मीले समाएर डाँडापारिवाट ल्याएका एकजना माओवादी कार्यकर्तालाई मारी गाडेर हिंडे। रक्षा विज्ञप्तिमा सो दिन सोलाभञ्ज्याङमा भिडन्तका क्रममा एकजना माओवादी मारिएको बताइयो। माओवादीले राप्ती एरिया सदस्य कान्छामान तामाङ, बद्रीवहादुर श्रेष्ठ मारिएको जनाउँदै उनीहरु उक्त घटनामा शहीद घोषणा गरेका थिए।

काभ्रे गाविस-७ भट्टेडाँडाका भूपू सैनिक ४५ वर्षीय भीमसेन पुरीको ०६० माघ १५ गते सुरक्षाकर्मीले धुलिखेल नपा-२ स्थित सैनिक क्याम्पभित्र छिर्न खोजेको भनी गोली चलाउँदा मृत्यु भयो। केही समय अगाडिदेखि उनको मानसिक स्थिति ठिक थिएन। लाशलाई क्याम्प नजिकै गाडियो।

ढुंखर्क गाविस-८ गेल्डुङस्थित फोटो स्टुडियोमा फोटो खिच्न आएका विजय भनिने २० वर्षीय तामाङ थरका माओवादी कार्यकर्ता ०६० माघ २८ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिएर अमिलचौरको जंगलमा लगि मारिए। स्टुडियोमा हातमा फोटोको एल्वम लिएर कुरा गरिरहेको अवस्थामा सुरक्षाकर्मी आइपुगेको थाहा पाएर झोला छोडेर उनी भागेका थिए। अपरिचित व्यक्ति भागेको देखेर सुरक्षाकर्मीले झोला खानतलासी लिँदा मोवाइल र सकेट वम भेटिएपछि लखेट्दै फाँटबाट समाई दाँत झारी बाँधेर अमिलचौरतिर लगेको प्रत्यक्षदर्शीले बताए। सुरक्षाकर्मीले स्टुडियो मालिकलाई पनि चार घण्टासम्म नियन्त्रणमा लिएर सोधपुछ गरेका थिए।

नारायणस्थान गाविस-८ का २० वर्षीय विक्रम लामा माओवादीको आरोपमा ०६० फागुन १ गते दिउँसो १ ब्जे सोही गाविस-५ ठूलोगिम्दीमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडितको लाशसमेत परिवारलाई दिइएन। गोकर्णको सहयोगी उच्च माविमा १२ कक्षामा पढ्दै गरेका विक्रम सुत्केरी पत्नीलाई भेट्न माघ २४ गते घर आएका थिए। गाउँमा गएको बेला ससुराली गई फर्किएपछि आमाको आज्ञाअनुसार भैंसीको पैसा उठाउन त्यही दिन बिहान उनी गिम्दी गएका थिए। विक्रम, पैसा लिनुपर्ने सोभित त्यो बेला नभेटिएपछि नजिकैको कासीडाँडामा रहेको बाँदर कुर्ने छाप्रोबाट ५ सय मिटर तल सडक "स्याउलेमा किन धेरै मान्छेहरू आएका रहेछन्" भनी घोरिएर हेरिरहेका थिए। त्यति नै बेला सादा पोशाकमा आएका सुरक्षाकर्मीले विक्रमको कुरा नसुनी "साले माओवादी" भन्दै दुई झापड हानेपछि "मलाई नमार्नुस्, म माओवादी होइन" भन्दा पालैपालो तीन लात्ती हानेर डाँडाबाट गुल्टाइदिएको प्रत्यक्षदर्शीले बताए। लाश बाँसको झाङमा अड्केपछि दुई गोली छाडेर माओवादी मऱ्यो भन्दै लाश गुल्टाउँदै खोलासम्म लगिएको प्रत्यक्षदर्शीले बताए। घटनापछि आक्रोशित गाउँलेहरू सदरमुकाम आएर लाश माग्दै नाराजुलुश गरेपछि प्रशासनले मरेको फोटो उपलब्ध गराएको थियो। गाउँलेले श्रद्धाञ्जली सभा गर्ने भनेपछि फागुन ५ गते घटनास्थल आसपासका घरमा खानतलासी लिएर गिम्दीका धेरै युवालाई समाउँदै मुख छाड्दै

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१	४	१५	२८	३		३१	३०	२७	९	४	४०
घाइते	२	३		३	६	१०		१	११	१	१			१
बम विस्फोट					३			३	३					
गिरफ्तारी यातना										३९	४१	५		४६
बेपत्ता										१२	१०	२		१२
कुटपिट	११	११	१	१२	१	२			२					
धम्की					३	२		१	३	१	१			१
भेला, संगठित हुने अधिकार										२	५		१	६
जातीय विभेद	१	१		१										
महिलाअधिकार	३		३	३										
बालअधिकार	४	१६	५	२१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	४	२		६					
अपहरण	१	१		१	२०	३४	१		३५					
जम्मा	२६	३५	१०	४५	५०	८०	६	५	९१	८५	८५	१६	५	१०६

जिल्लामा ल्याएको पीडित लालमहिन लामाले बताए। “हप्तैपिच्छे तारेख दिएर विक्रम निर्दोष थियो भनेमा मारिदिन्छौं भने।” सुरक्षाकर्मीहरूले वाँदर कुर्ने छाप्रोलाई “अब्जरभेसन प्वाइन्ट” भन्ठानी मृतकको कुरासमेत नसुनी मारेपछि रातो गाडीमा लाश हालेर फर्किएका थिए। घटनाको निष्पक्ष छानबिन गरी दोषीहरूलाई कारवाहीको माग राखी नेकपा (एमाले) जिल्ला कमिटीले राज्यका कानुनी मान्यताहरूलाईसमेत कुल्चेर निर्दोष व्यक्तिको हत्याले पार्टीलाई आक्रोशित बनाएको उल्लेख गरी वक्तव्य निकाल्यो। एमालेले फागुन ४ गते स्थानीय प्रशासनलाई ज्ञापन-पत्र दिएर सदरमुकाममा जुलुश प्रदर्शन गऱ्यो। राष्ट्रिय मानव अधिकार आयोगले घटनास्थलमा टोली पठाई छानविन गऱ्यो।

पोखरीचौरी गाविस-३ की माओवादी कार्यकर्ता १५ वर्षीय सुभद्रा चौलागाई ०६० फागुन १ गते घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा उठाएर घरभन्दा तल लगी गोली हानी मारिइन्। घटनापछि अस्मिता भनिने सुभद्रा माओवादीको एरिया कमाण्डर रहेको भन्ने रक्षा मन्त्रालयको विज्ञप्ति सार्वजनिक भयो। राति सुतेको अवस्थामा समातेर तल्लो घरमा ल्याई केरकार गरेपछि भाग भन्दै गोली हानिएको प्रत्यक्षदर्शीहरूले बताए। बारीमा उनको लाश आन्द्रा निस्केको अवस्थामा छरपस्ट पाइयो। छोरीलाई नमार्न अनुरोध गरेबापत सुरक्षाकर्मीले बाबु काइलालाई गाला सुन्निनेगरी पिटेका थिए।

गोठपानी गाविस-८ मादनकुँडारीका माओवादी एरिया कमाण्डर टासी लामा ०६० फागुन १ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई सोही गाविसको बालज्योती प्राविको प्रांगणमा लगी गोली हानी मारिए। उनको साथबाट सुरक्षाकर्मीले ग्रिनेट फेला पारेका थिए।

पोखरीचौरी गाविस-४ रैकरटोलकी जागृती माविमा कक्षा ७ मा अध्ययनरत १५ वर्षीय रिना रसाइली ०६० फागुन १ गते बिहान सुरक्षाकर्मीद्वारा घरपछाडि गोली हानी मारिइन्। प्रत्यक्षदर्शीहरु उनीमाथि बलात्कारको प्रयास भएको लाशको प्रकृतिबाट पाइएको बताए। बहिनी गिता रसाइली माओवादी वनेर हिँडेको आरोपमा सुरक्षाकर्मीले माघ २९ गते राति १२ बजे ढोका फोरी भित्र पसेर सुतिरहेको अवस्थामा उठाई विहानीपख गोली हानेका थिए। गोली हान्नु अगाडि रिना र उनकी फुपाजु मुरलीलाई छुट्टाछुट्टै राखेर बयान लिइएको थियो। सुरक्षाकर्मीले रिनालाई डोरीले बाँधी घरपछाडिको पाटोमा लगेर उत्तीसको फेदमा बाँधेर ३ राउन्ड गोली हानी पछ्यौराले छोपी हिँडेका थिए। रिनाको गैरन्यायिक हत्या गरिएको भन्दै नेकपा (एमाले) काभ्रेले फागुन ३ गते एक वक्तव्य जारी गऱ्यो। जागृती माविमा फागुन ३ गते भएको अभिभावक भेलामा जुटेका ३६ जना अभिभावकले उक्त घटनाप्रति खेद व्यक्त गर्दै आइन्दा विद्यालयमा अध्ययन गरिरहेका निर्दोष विद्यार्थीलाई नमारियोस् भन्दै वक्तव्य निकाले। रक्षा मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उनलाई माओवादीको एरिया कमाण्डर भनिएको छ।

सुरक्षाकर्मीद्वारा मारिएका
विक्रम लामा र चन्द्रबहादुर ठाडामगर

डाँडागाउँ गाविस-४ का ४५ वर्षका लोकबहादुर सिङ्तान र भीमखोरी गाविस-८ घर भएका लक्की भनिने २१ वर्षीय वीरबहादुर तामाङ ०६० फागुन १ गते सुरक्षाकर्मीद्वारा गोली हान्दा मारिए। लोकबहादुरलाई घरबाट समाएर सोही गाविस-९ जगथलीको पुलमुनि लगी गोली हानी हत्या गरे। सादा पोशाकमा गएका सुरक्षाकर्मीले “माओवादी साथीहरू कहाँ हुनुहन्छ” भनेर सोधेपछि गाउँ जनसरकार उपप्रमुख पदमा रहेका लोकबहादुरले माओवादीका कार्यकर्ता लक्कीलाई देखाइदिएका थिए। रक्षा मन्त्रालयको विज्ञप्तिमा फागुन १ गते काभ्रेको चुरेभञ्ज्याङमा एक माओवादी मारिएको बताइयो।

बोल्देफेदिचे गाविसका अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य १८ वर्षीय रकम लामा ०६० फागुन ४ गते सुरक्षाकर्मीद्वारा नमोबुद्धको डाँडाकटेरीमा गोली हानी मारिए।

चलाल गणेशस्थान गाविस-१ स्थित सल्लाको फेद भन्ने स्थानमा ०६० फागुन ४ गते सुरक्षाकर्मीले एकजना माओवादीलाई गाडेको बताइयो। वनमा सेनाले घेरा हालेको देखेको तर को मारिएको हो थाहा नभएको भन्दै सेनाले कोदालो र साबेल मागेर लगेको स्थानीयवासीले बताए।

शिखरआम्बोटे गाविस-६ का ३० वर्षीय काले तामाङ ०६० फागुन १ गते शिशाखानी गाविसको रोशीखोलामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। ४ महिना अघि माओवादीमा लागेका तामाङको २ वटा पत्नी रहेका छन्। सुरक्षाकर्मीले मृतकको साथबाट सकेट बम बरामद गऱ्यो। लाश गन्हाउन थालेपछि स्थानीयबासीले सोही ठाउँमा खाल्डो खनेर पुरे।

गुन्सिभदौरे गाविस-२ ढोढिनीका ३० वर्षीय प्रेम चौलागाई ०६० फागुन २ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। कोशीपारी क्षेत्रमा जान लागेका बेला विद्युतीय धराप राखेको भनी सुरक्षाकर्मीले स्थानीयबासीलाई समेत कुटपिट गरेका थिए। सुरक्षाकर्मीको कारवाहीमा फागुन ३ गते भाइको विवाहका लागि सामान किनेर घरमा जान अबेला

भएकाले दोलालघाटमा बास बसेका पोखरीचौरी गाविस-८ खारका एकजना सर्वसाधारणको आँखा फुटेको थियो भने केटाको दाइको मृत्यु भएको थियो। सुरक्षाकर्मीले बसमा चढेर घर जान लागेका सबैलाई कुटेका थिए भने बेलुकी दोलालघाटको खोलामा बालुवा झिकिरहेका ज्यामी काजीमान माझी र नरबहादुर माझी गोलीको छर्राबाट घाइते भएका थिए। घाइतेहरूलाई तत्काल अस्पताल लगियो।

अनैकोट गाविसका माओवादी ४ नम्बर कम्पनीकी २१ वर्षीय सिता तामाङ ०६० फागुन २ गते सुरक्षाकर्मीद्वारा महादेवटार गाविस-७ निगालेमा गोली हानी मारिइन्। माओवादीकी कार्यकर्ता तामाङ केही दिनदेखि सो इलाकामा पार्टी काममा रहेकी थिइन्। सुरक्षाकर्मीले उनलाई नजिकैको चौरमा गाडी हिडेका थिए।

महादेवटार गाविस-७ निगालेका ६७ वर्षीय चन्द्रबहादुर ठाडामगरलाई ०६० फागुन २ गते बिहान ९ बजे सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी जंगलमा लगी गोली हानी मारिए। डोको बेचेर परिवारको पेट धान्ने चन्द्रबहादुर सो दिन बिहान मलखादमा बसेर चिया खाँदै डोको बुन्दै गरेको अवस्थामा तीनजना सुरक्षाकर्मी आएर "तपाईं चौरमा जानुपर्‍यो" भनी बोलाएर मारेका थिए। ठाडामगरको लाश खोज्दै जाँदा फागुन ३ गते नजिकको जंगलमा हात-खुट्टाको मासु लुछेको अवस्थामा फेला परेको थियो। घटनाको विरोध गर्दै नेकपा (एमाले) ले पीडकलाई कारवाहीको माग राखी फागुन ६ गते एक वक्तव्य निकाल्यो। घटनाको राष्ट्रिय मानव अधिकार आयोगले घटनास्थलमा टोली पठाई छानबिन गरिरहेको छ।

खरेलथोक गाविस-६ स्थित भगवती मावि खरेलथोक कक्षा ९ मा अध्ययनरत १५ वर्षीय मैना सुनुवारलाई ०६० फागुन ५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारेकोमा उनी मारिएको स्थानीय प्रशासनले बतायो। स्थानीय प्रशासनले गिरफ्तारमा परेकी सुनुवारलाई बुझ्न त्यही स्कुलको शिक्षक पठाइदिनु भने पनि शिक्षकहरू आउँदा कुनै चासो नलिएको पीडितका बाबु पूर्णबहादुर र आमा देवी सुनवारले बताए। छात्रा सुनुवारको स्थिति सार्वजनिक गर्न एमनेष्टी इन्टरनेशनलले "अर्जेन्ट एक्सन" जारी गर्‍यो। मानव अधिकार आयोग लगायत्का संघसंस्थाहरूमा रिहाईका लागि पहल गरिदिन सम्बन्धित परिवारले अनुरोध गरे। गिरफ्तारी पछि आफन्तलाई ९ नम्बर बाहिनी पाँचखालको शान्ति गेटमा भोलिपल्ट आउनु भनेर बोलाए पनि भेट दिइएन। सैनिक मुख्यालयका अनुसार, उनको मृत्यु ०६१ साउन ४ गते ब्यारेकभित्र गलत ढंगले भएको आशंका भएकोले छानबिन हुँदैछ।

बालुवा गाविसका अनन्त भनिने मच्छिन्द्र दनुवार, पाँचखाल गाविस-९ का सन्देश भनिने २४ वर्षीय रमेश

माओवादीद्वारा मारिएका पूर्व प्रहरी इन्स्पेक्टर अमरबहादुर लामा

सापकोटा र भुमेडाँडाका सानु भनिने रेशम लामा ०६० चैत २६ गते दिउँसो सुरक्षाकर्मीले खरेलथोक गाविस-७ स्थित बोहोरे दोभानमा नुहाइरहेको अवस्थामा गोली हानी मारिए। अन्य दुईजना माओवादी कार्यकर्ताको लाश स्थानीय व्यक्तिहरूलाई खाल्डो खन्न लगाई सोही ठाउँमा गाडियो। उनीहरूलाई बागवानी केन्द्र पाँचखालको गाडी जलाउने काममा संलग्न रहेको आरोप सुरक्षा निकायले लगायो। मृतकहरूको साथबाट कट्टुवा पेस्तोल दुई थान र त्यसको गोली सात थान, सकेट बम १३ थान, डेटोनेटर एक थान, सुतली बम एक थान र अन्य बन्दोबस्तीका सामान, माओवादी दस्तावेज र नगद ३ हजार १ सय ३४ रुपैयाँ बरामद गरेको नौ नम्बर बाहिनी भकुण्डेले बतायो। माओवादीहरूले रेशमलाई ३ नम्बर प्लाटुनका उपकमाण्डर, अनन्तलाई कम्पनी कार्यालय स्टाफ र सन्देशलाई अखिल (क्रान्तिकारी) भएको सार्वजनिक गर्‍यो।

च्यासिङखर्क गाविसको गुण्डुमा ०६० चैत २९ गते एकजना माओवादी मारिएको रक्षा विज्ञप्ति आयो। अघिल्लो दिन सो इलाकामा माओवादीले कार्यक्रम गरेका र कार्यक्रम सकेर फर्किरहेको अवस्थामा उनी मारिएको हुनसक्ने आशंका गरियो। मृतकको नाम, थर खुल्न सकेको छैन।

भुमेडाँडा गाविसको गागल इलाकामा ०६१ जेठ ११ गते सुरक्षाकर्मीको कारवाहीमा २ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। रक्षा विज्ञप्तिअनुसार गस्तिमा गएका सुरक्षाकर्मीलाई माओवादीले सकेट बम प्रहार गरेपछि दोहोरो भीडन्त हुँदा माओवादीहरू मरेका थिए। मृतकहरूको नाम थर खुल्न सकेको छैन्।

नाग्रेगँगर्चे गाविस-४ बाँझखेतका २२ वर्षीय लोप्साङ लामा ०६१ जेठ २३ गते सुरक्षाकर्मीले लखेट्दै भालुखोलामा पुगेपछि गोली हानी मारिए। माओवादीको ५ नं एरिया सदस्य रहेका लोप्साङलाई कोशीपारी क्षेत्रमा रहेका सुरक्षाकर्मीले खोजतलासको कारवाहीमा मारेको बताए। सुरक्षाकर्मीले बास बसेको ठाउँ पत्ता लगाएर घर घेरा हालेपछि उनी त्यहाँबाट भागेका थिए। सुरक्षाकर्मीले मृतकको

लाश घटनास्थलमै छाडी हिंडेका थिए।

पोखरीचौरी गाविस-३ का ४५ वर्षीय पुण्यप्रसाद गौतम ०६१ जेठ २४ गते सुरक्षाफौजद्वारा बास वसेको घर घेरा हाली बरण्डामा बाँधेर गोली हानी मारिए। कोशीपारी क्षेत्रमा रहेका सुरक्षाकर्मीले खोजतलासको कारवाहीमा उनलाई मारी लाश घटनास्थलमै छाडी- हिंडेका थिए।

कुशादेवी गाविस-५ का २१ वर्षीय जगत भनिने शालिकराम हुमागाई र सर्लाही जिल्लाकी २० वर्षीय मिना तामाङ ०६१ जेठ १२ गते बिहान भुमेडाँडा गाविस नजिकै अमिलचौरमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। आफ्नो पति माओवादीमा लागेर सर्लाहीबाट काभ्रे आइपुगेको र उनलाई भेट्नका लागि माओवादी कार्यकर्ता जगतमार्फत् जाँदै गर्दाको अवस्थामा अमिलचौरमा सुरक्षाकर्मीसँग जम्काभेट भई विना सोधपुछ गोली प्रहार गरिएको बताइयो।

मेच्छे गाविसको पौवामा ०६१ असार १८ गते सुरक्षा कारवाहीमा २ जना माओवादीं कार्यकर्ताको मृत्यु भयो। ९ नम्बर बाहिनी भकुण्डेका अनुसार रातमाटे भन्ने स्थानमा गस्तिमा गएका सुरक्षाकर्मीलाई माओवादीले सकेट बम प्रहार गरेपछि दोहोरो भिडन्त हुँदा माओवादीहरू मरेका थिए। मृतकहरूको नाम, थर खुल्न नसके पनि घटनास्थलबाट एक थान पेस्तोल, सकेट बम, ग्रिनेट र विभिन्न खाले माओवादी दस्तावेज फेला परेको बताइयो। मृतकहरूको लाश माओवादीले नै बोकेर लगे।

शिखरआम्बोटे गाविसकी माओवादी कार्यकर्ता १७ वर्षीय पुतली विश्वकर्मा ०६१ साउन १ गते चापाखोरी गाविस-६ चौरमा सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिएपछि

माओवादीद्वारा छोडिएको बम विस्फोटमा परी घाइते भएका खोपासीका एक बालक



माओवादीले छाडेको बम विस्फोटमा परी खोपासीमा मारिएका सुरज लामा

मारिइन। बिहानको साढे ८ बजे स्थानीय पसलमा बसिरहेको बेला तिमाल क्षेत्रमा रहेका सुरक्षाकर्मीले नियन्त्रणमा लिएपछि गोली हानेर सोही ठाँउमा खाल्डो खनी पुरि हिँडेको स्थानियबासीले बताए।

भिमखोरी गाविसमा ०६१ भदौ ९ गते सुरक्षा कारवाहीमा सर्स्यूखर्क गाविसका २२ वर्षीय कमल दोङ र मकवानपुर जिल्लाका भिम तामाङको मृत्यु भयो। सुरक्षाकर्मीका अनुसार गस्तिमा गएका सुरक्षाकर्मीलाई माओवादीले सकेट बम प्रहार गरेपछि दोहोरो भिडन्त हुँदा माओवादीहरू मरेका थिए।

सर्स्यूखर्क गाविसका माओवादीका एरिया मिलिसिया नदी भनिने २३ वर्षीय सेते लामा र ठेगाना थाहा नभएका एरिया सदस्य २७ वर्षीय सूर्यमान तामाङ ०६१ असोज १० गते सुरक्षाकर्मीद्वारा सरमथली गाविसको पचुवारघाटमा गोली हानी मारिए।

मादनकुँडारी गाविस-६ का माओवादी कार्यकर्ता पञ्जाबहादुर तामाङको ०६१ असोज १३ गते बिहान सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। कोशी पारि क्षेत्रमा गएका सुरक्षाकर्मीले तामाङको घरमा खानतलासी लिनलाग्दा भागेर धुरीमा गई लुकेका कारण गोली प्रहार गर्दा उनको मृत्यु भएको थियो। सुरक्षाकर्मीले उनलाई माओवादीको वडा जनसरकार प्रमुख रहेको बतायो भने स्थानीयबासीले माओवादी परित्याग गरी घरमा बस्दै आएको बताए।

कटुञ्जेबेंशी गाविस-२ का माओवादी कार्यकर्ता प्रभु भनिने २५ वर्षीय राज न्यौपाने ०६१ मंसिर १४ गते बिहान साढे ८ बजे सुरक्षाकर्मीद्वारा नारायणस्थान गाविसको काडलिङ भन्ने स्थानमा गोली हानी मारिए। स्थानीय प्रशासनका अनुसार, मृतकको साथबाट उपेन्द्र महतो नाम गरेको परिचयपत्र फेला परेको थियो। सुरक्षाकर्मीले उनको साथबाट मोबाइल, सकेटबम र नगद ३० हजार रुपैयाँ बरामद गऱ्यो।

माओवादीबाट

गोरखा जिल्ला बुङकोट गाविस-१ घर भई चितवन जिल्ला चैनपुर गाविस-८ का प्रहरी चौकी नालामा दरबन्दी रहेका ३४ वर्षीय प्रहरी हवल्दार बिष्णुबहादुर थापाको ०६० पुस १७ गते बनेपा नपा-१० चारदोबाटोमा ड्यूटीमा बसेको अवस्थामा माओवादीले चलाएको गोली लागि उपचारार्थ काठमाडौ लैजाँदा-लैजाँदै मृत्यु भयो।

बारा जिल्ला कवाई गाविस घर भई च्याम्राङबेंशी दरबन्दी रहेर बनेपामा कार्यरत प्रहरी जवान २५ वर्षीय

श्यामसुन्दर यादवको ०६० माघ ७ गते कुशादेवी गाविस-९ पुच्छरीगाउँस्थित खेतको भित्तामा माओवादीले बनाएको गेट भत्काउँदा विस्फोटमा मृत्यु भयो।

खार्पाचोक गाविस-१ स्याउलेबजार नजिकै माओवादीले थापेको विद्युतीय धरापमा परि ०६० माघ २८ गते दिउँसो साढे १२ बजे सात जना सर्वसाधारणको मृत्यु भयो भने ४ सुरक्षाकर्मीसहित १८ जना घाइते भए। धराप विस्फोटमा कानपुर गाविस डाँडागाउँका ६६ वर्षीय बाबुलाल लामा, उनकी ६० वर्षीय पत्नी राम्री लामा, रामेछाप जिल्ला राकाथुम गाविस-१ मौलाडीका ४२ वर्षीय श्यामबहादुर रानामगर र उनकी पत्नी ३२ वर्षीय ठूलीमाया रानामगर, सोही ठाउँका १४ वर्षीय नेत्रबहादुर दंगाली, वाल्टिङ गाविस-३ बतासेका २२ वर्षीय कुमार हमाल र नाम नखुलेका एक बालकको मृत्यु भयो। घटनामा परी मृत्यु भएकामा राकाथुमका नेत्रबहादुर दंगाली ट्राफिक प्रहरी बुद्धिलालका जेठो छोरा थिए। उनी गाउँको प्रस्तावित निमाविमा ७ कक्षामा पढ्दै थिए। विस्फोटनमा घाइते भएका सेनानी दिवस त्रिपाठी, जमदारद्वय नरबहादुर भण्डारी, रामसुन्दर गिरी र सिपाही कुमार कार्कीको काठमाडौंस्थित वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार भयो। त्यसैगरी घाइते भएका रामेछापका ५० वर्षीय लिलाबहादुर श्रेष्ठ, माकाडुम गाविस-३ का ५४ वर्षीय गोपालबहादुर राउत, उनका छोरा १५ वर्षीय नारायण राउत, रामु थापा, काभ्रे जिल्ला मंगलटारका लीलाराज ठकुरी तथा साम्दे तामाङको काठमाडौं र गोपाल राउतको धुलिखेलमा उपचार भयो। बन्दको पूर्वसन्ध्यामा माओवादीहरूले तुल र रोडसाइड बम राखी यातायात बन्द गरेको बेला सुरक्षाकर्मी र सर्वसाधारण ग. १ ख ३५९ को यात्रुबाहक बसमा अगाडि बढ्दा विद्युतीय धरापमा परेर सर्वसाधारण मरेको तथा घटना अगाडि डाँडामा रहेका माओवादीले बम र गोली छाडेका थिए। १३ जना घाइतेहरूलाई सेनाको हेलिकोप्टर र एम्बुलेन्सबाट उद्धार गरिएको थियो। गाडी विद्युतीय धरापमा परेर विस्फोट हुँदा सय मिटर टाढासम्म शरीरका भागहरू उछिट्टिएका थिए। विस्फोट लगत्तै माओवादीले फायरिङ शुरु गरेपछि केहीबेर सुरक्षाकर्मीले पनि जवाफी फाइरिङ गरेको थियो। घटनास्थलबाट सुरक्षाकर्मीले चारवटा रोड साइड बम, सकेट बमहरू तथा अन्य विस्फोटक पदार्थ बरामद गरेको जनायो।

चौवास गाविसमा ०६० फागुन ३ गते माओवादीले भुक्किएर माओवादीलाई नै मारे। राति ७:३० बजेको समयमा "को" भनेर सोध्दा सेन्ट्री बसेका माओवादी नबोलेकाले माओवादीले गोली हानेपछि जुटको बोरामा हाली लिएर गएको स्थानीयबासीले बताए।

देवीटार गाविस-५ स्थित देवीटार प्राविको भवन अगाडि नुवाकोटका रणबहादुर तामाङ र अनैकोटका

नेपाल विद्युत प्राधिकरण बनेपामा रोकी राखेको गाडीमा बम विस्फोट गराउन लाग्दा विस्फोट भई मरेका माओवादी कार्यकर्ता

च्यादुबहादुर तामाङलाई नक्कली माओवादी तथा डाँका गरेको आरोपमा ०६० फागुन ८ गते माओवादीले काटेर हत्या गरे। केही दिनपछि उनीहरूको लाश बेवारिसे अवस्थामा भेटिएको थियो। डोरीले तीन ठाउँमा बाँधिएको रक्तपिच्छे अवस्थामा भेटिएको लाशको छातीमा टाँसिएको पर्चामा माओवादीले आफूहरूले हत्या गरेको उल्लेख गरे। रणबहादुर खरिपाटीको सैनिक तालिम केन्द्रमा कार्यरत थिए।

भकुण्डेबेशीको ९ नम्बर बाहिनीमा कार्यरत जमदार काजीबहादुर खड्का र सिपाही दुर्गाबहादुर थापाको ०६० फागुन १९ गते कटुञ्जेबेंशी गाविसको २५ किलो भन्ने स्थानमा माओवादीले राखेको विद्युतीय धराप विस्फोटमा परी मृत्यु भयो। माओवादीले राजमार्गमा बम राखी लामो समय यातायात बन्द गरेकाले सडक खुलाउन गएका अन्य एकजना सैनिक जवान घाइते भई उपचारका लागि हेलिकप्टरद्वारा काठमाडौं लगिएको थियो।

कुशादेवी गाविस-९ का ५१ वर्षीय अमरबहादुर लामालाई ०६० चैत ११ गते माओवादीले बजारबाट घरतर्फ जाँदै गर्दा लालीगुराँस प्रावि नजिकै चामखोलास्थित बाटोमुनि अग्निसोघारीमा खुकुरी प्रहार गरी हत्या गरे। राष्ट्रिय अनुसन्धानका भुतपूर्व इन्स्पेक्टर रहेका लामालाई खुकुरीले काटेपछि पनि टाउकोमा २ वटा गोली हानिएको बताइयो। बेलुकी ६ बजे गोली लागेपछि स्थानीय जनताको सहयोगमा बनेपाको शिर मेमोरियल अस्पतालमा ल्याएर उपचार हुँदाहुँदै उनको मृत्यु भएको थियो।

पाल्लेखेत गाविस-३ स्थित ठूलोखोलामा ०६० चैत २३ गते दिउँसो पौने १२ बजे माओवादीले थापेको विद्युतीय धरापमा परि शाही नेपाली सेनाका हुद्दा मिनबहादुर खड्का, अमल्दार तेजबहादुर क्षेत्री र प्युठ दानबहादुर महतको घटनास्थलमै मृत्यु भयो भने अन्य १० जना घाइते भए। शाही नेपाली सेनाको नौ नम्बर बाहिनी, भकुण्डेका अनुसार काठमाडौंबाट तालिमका लागि बन्दोबस्तीका सामान लिएर भकुण्डेतर्फ गइरहेको बा. १ ग १६६१ नम्बरको सैनिक ट्रक

विद्युतीय धरापमा परी घाइते हुने सुरक्षाकर्मीलाई ३ वटा हेलिकप्टरबाट काठमाडौं लगी वीरेन्द्र सैनिक अस्पतालमा उपचार गरियो। विस्फोटबाट ट्रकको अघिल्लो भाग पूर्णरुपमा क्षति भयो। विद्युतीय धरापमा परी घाइते हुनेहरूमा ३४ वर्षीय कर्ण सुवेदी, ४२ वर्षीय टेकबहादुर थापा, २२ वर्षीय तारा सुवेदी, ३४ वर्षीय युवराज पोखरेल, २२ वर्षीय कर्णबहादुर थापामगर, ३२ वर्षीय केशव राई, ३७ वर्षीय लालबहादुर बस्नेत र ३० वर्षीय भक्त रानामगर रहेका छन्।

बनेपा नपा-४ नालादोबाटोस्थित नेपाल विद्युत प्राधिकरण परिसरमा पार्किङ गरिराखेको जिल्ला शिक्षा कार्यालयको जीपमा ०६१ जेठ ४ गते प्रेसरकुकर बम बिस्फोट गराउँदा-गराउँदै दुई माओवादी कार्यकर्ता देवीटारका सुन्दर भनिने २३ वर्षीय चन्द्र लामा र रवीओपी गाविस-२ का रवी भनिने २२ वर्षीय राजाराम पौडेलको विस्फोटमा परि मृत्यु भयो। विस्फोटबाट प्राधिकरणको झ्यालका पूरै शिशा फुट्नुका साथै जीप काम नलाग्ने गरी ध्वस्त भयो। घटनास्थलमा लाशहरु क्षतविक्षत अवस्थामा भेटिएका थिए।

कटुञ्जे गाविस-१ चौकीडाँडामा ०६१ जेठ २३ गते बिहान विद्युतीय धरापमा परी रामेछाप जिल्ला बेथानचोक गाविस-१ घर भएका ३६ वर्षीय कर्णध्वज लामा र कटुञ्जे गाविस-९ का २५ वर्षीय गोपाल मल्लको घटनास्थलमै मृत्यु भयो। बनेपाबाट सामान बोकी भकुण्डे हुँदै रामेछापतर्फ जाँदै गरेको बा. १ ख ७०१७ नम्बरको मिनी ट्रक चढी गएका उनीहरूको कटुञ्जे चौकीडाँडा नजिकै पुगेपछि बाटोमा पुत्ला देखेर सो पुत्ला हटाई बाटो खुलाउन लाग्दा एक्कासी बम विस्फोट भई मृत्यु भएको थियो। सुरक्षाफौजका लागि लक्षित गरी राखेको सो धरापमा सर्वसाधारण परेकोमा माओवादीले दु:ख व्यक्त गऱ्यो।

जैसिथोक गाविस-१ का शाही नेपाली सेनामा कार्यरत २० वर्षीय दिनेश थापामगरलाई ०६१ असोज १८ गते बेलुकी माओवादीले महादेवस्थान गाविस-९ हिगुवापाटीमा अपहरित अवस्थामा दुवै हात बाँधेर घाँटी रेटी हत्या गरे। पुरानो गोरखगण, चितवनमा कार्यरत तालिमको सिलसिलामा वीरेन्द्र शान्ति तालिम केन्द्र, पाँचखालमा आएको समयमा घर गएको र बिहान घर नजिकैको पसलमा चिया खाइरहेको बेला माओवादी कार्यकर्ता जीवन लामा र खड्के रिमालले बोलाएर लगेको मृतकका बाबुको भनाई छ। उनीसँगै अपहरणमा परेका स्थानीय प्राथमिक तहमा कार्यरत दुई शिक्षकहरूलाई भने माओवादीले सोही दिन राति मुक्त गरे। लाश १९ गते बिहान बीच सडकमा फेला परेको थियो। माओवादीले लाशमाथि छाडेको पत्रमा सुराकीको आरोप लगाइएको छ।

बनेपा नपा-६ स्थित कोठामा बसिरहेको अवस्थामा ०६१ मंसिर १६ गते बेलुकी ६ बजे महिला प्रहरी हवल्दार ३० वर्षीय अमृता खिउजुलाई माओवादीले गोली हानी हत्या गरे। ओखलढुंगा जिल्ला ओखलढुंगा गाविस-९ की अमृता इलाका प्रहरी कार्यालय, बनेपामा कार्यरत थिइन्। गोली लागि उपचारको लागि वीर अस्पतालमा भर्ना गरिएकोमा मंसिर २२ गते दिउँसो १ बजे उनको मृत्यु भएको थियो।

चौवास गाविस-२ गुफाका निवर्तमान वडा सदस्य ज्ञानबहादुर पहरीलाई ०६१ पुस ३ गते शनिबार साँझ ७ बजे माओवादीले घरनजिकै टाउकोमा दुई गोली हानी हत्या गरे। भोलिपल्ट माओवादीहरू आई पीडितको लाश दाहसंस्कार गर्न लगाएर परिवारलाई किरिया खर्च बापत चार हजार रुपैयाँ दिएर गएका थिए। पीडित नेकपा (एमाले) बाट आफ्नो वडामा निर्विरोध निर्वाचित भएका थिए।

पनौती नपा-१२ खोपासी मयलबोट नजिकै डेरा गरी बस्ने ९ वर्षीय सुरज लामाको ०६१ पुस ५ गते दिउँसो ४ बजे माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। सिन्धुली जिल्ला महादेवस्थान-३ घर भई बाबु भिमबहादुर लामासँगै ज्याला मजदुरी गरी पढ्दै आएका सुरज निगालोको लौरो झिक्ने क्रममा विस्फोटमा परेका थिए। विस्फोटबाट उनको शरिर टुक्रा-टुक्रा भएको थियो। उनी स्थानीय बाल आदर्श प्राविको कक्षा ३ मा पढ्दै थिए। घटनामा पनौती

माओवादीको विद्युतीय धरापमा परी खार्पाचोक स्याउले बजार नजिकै मारिएका सर्वसाधारण रामेछापका मेमाया (ठूलीमाया) राना र श्यामबहादुर रानामगर

नपा-१२ का ८ वर्षीय सञ्जय कोइराला र मकवानपुर छतिवन गाविस-६ का आले थिङ घाइते भएकाले उपचारार्थ अस्पतालमा भर्ना गरियो। उनीहरूको दायाँ फोक्सो र मुख क्षतविक्षत भयो। माओवादीहरूले पुस ३ गतेवाट पुस ७ गतेसम्म हिगुवापाटी, दोलालघाट र पाल्लेखेत क्षेत्रका सडकमा वम विच्छ्याएर यातायात अवरुद्ध बनाएका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

भकुन्डेबेंशीमा घुमि हिंड्ने सेराप नामको मानसिक असन्तुलन भएको व्यक्ति ०६१ मंसिर ३ गते बेलुकी क्याम्पमा छिर्न खोजेको भनी सेनाले हानेको गोलीद्वारा घाइते भए। पीडितलाई उपचारार्थ अस्पताल भर्ना गरियो।

माओवादीबाट

माओवादीले थापेको विद्युतीय धरापमा परेर ०६० माघ २९ गते महाभारत जंगलमा ५ जना सेना घाइते भएको माओवादीले आफ्नो एफएममार्फत् दाबी गरे। यस घटनाका बारेमा सुरक्षा निकायबाट केही बोलिएको छैन।

बल्थली गाविसको डाँडागाउँमा ०६० चैत ३० गते बिहान ६ बजे माओवादीले थापेको विद्युतीय धरापमा परि शाही नेपाली सेनाका सूर्य बिष्ट घाइते भएर उपचारार्थ वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा लगियो। सुरक्षाकर्मीले सो स्थानबाट धराप थाप्न प्रयोग भएको तार, नौ थान बम लगायत्का सामान बरामद गऱ्यो।

माओवादीले थापेको विद्युतीय धरापमा परेर खहरेघाटमा ०६१ भदौ १३ गते एकजना सैनिक घाइते भएको माओवादीले आफ्नो एफएममार्फत् बताए। स्थानीयबासीका अनुसार सो दिन त्यहाँ आएको हेलिकोप्टरले एक सैनिकलाई बोकी लगेको थियो।

रवीओपी गाविस-२ का ३० वर्षीय रूद्रबहादुर गेलाललाई ०६१ पुस १५ गते बेलुकी साढे ६ बजे माओवादीले गोली हानी घाइते बनाए। बेलुकीको समयमा किराना पसलमा बसिरहेको बेला ४/५ जना माओवादी आएर चक्लेट किनी “तपाईसँग केही कुरा छ, माथि जाऔँ” भनी घरभन्दा केही माथि ल्याएपछि गोली हानेर घाइते बनाए। पीडित दुग्ध व्यवसाय र किराना पसल गरेर घरमै बस्दथे।

जेल र बन्दीहरू

वि.सं. १९६० मा जेलको रूप दिइएको काभ्रे जेल “घ” श्रेणीमा पर्दछ। बन्दी क्षमता ६१ रहेको यो जेलमा हाल कैद नतोकिएका ४४ जना बन्दीसहित जम्मा ९० जना बन्दी छन्। यो जेलमा महिला तथा नाबालक राखिँदैन।

जेलको कूल १० वटा कोठामध्ये ७ वटा साना छन्। बन्दीहरूका लागि ७ वटा चर्पीको व्यवस्था छ। बाहिर र भित्र गरी चारवटा धारा छन्। जेलमा चर्पीको मर्मत र भवन जिर्णोद्धार गर्नुपर्ने आवश्यकता देखिन्छ। खानाको गुणस्तर राम्रो रहेको यस जेलमा बन्दीहरूलाई खाद्यान्नतर्फ दैनिक ७ सय ग्राम चामल र नगदतर्फ ३० रुपैयाँ दिइन्छ। जेलमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था छैन तर बिरामी अवस्थामा डाक्टरद्वारा परीक्षण हुने र डाक्टरको सिफारिसमा जेलरले औषधीहरू ल्याइदिने गरेको पाइन्छ। गम्भीर अवस्थाको बिरामी हुँदा काठमाडौंको वीर अस्पताल र शिक्षण अस्पतालमा उपचारका निम्ति पठाउने गरिएको जेलर मेघराज घिमिरेले बताउनु भयो। बन्दीहरूलाई कारागार शाखाले रेडियो, पत्रपत्रिका, खेलकुद सामग्री र ३ वटा टिभी उपलब्ध गराएको छ। बन्दीहरूका लागि वर्षमा दुई जोर कपडा र सिरक, डस्ना, तकिया, तन्दा, गुन्द्री दुई वर्षमा एकपटक उपलब्ध गराइन्छ। जेलमा घोषित राजनीतिक बन्दी नभए तापनि कृष्णप्रसाद घिमिरेलाई ०६० साउन ११ गतेदेखि, रामप्रसाद सुवाललाई ०६१ असोज १८ गतेदेखि, विवेक भनिने कृष्णप्रसाद गौतमलाई ०६१ असोज १२ गतेदेखि, दिलिप सत्याललाई ०६१ भदौ १३ गतेदेखि, बिष्णुबहादुर मिजारलाई ०६१ भदौ ६ गतेदेखि र शालिकराम काफ्लेलाई ०६१ कार्तिक २ गतेदेखि नजरबन्दमा राखिएको छ।

बेपता / अपहरण

राज्यबाट

वनेपा नपा-४ मा कोठा गरी बस्ने बुढाखानी गाविसका २१ वर्षीय ईश्वरी जर्गा मगरलाई ०६० पुस २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। धुलिखेलको कञ्चन सहकारीमा तालिम लिँदै पढ्दै गरेका मगरलाई सकुशल रिहा गर्न जनमोर्चाले आग्रह गऱ्यो।

मादनकुडारीका स्वास्थ्य कार्यकर्ता २५ वर्षीय

माओवादीद्वारा मारिएका प्रहरी हवल्दारद्वय अमृता खिउजु र विष्णुबहादुर थापा

इन्द्रराज पाठकलाई धादिङबाट काठमाडौ गइरहेको अवस्थामा ०६० फागुन २५ गते सादा पोशाकमा रहेका सुरक्षाकर्मीले भिमसेनस्थानबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई बा. १ फ ७२६२ नम्बरको गाडीमा हाली लगिएको जानकारी धुलिखेल अस्पतालले दियो।

उग्रचण्डी नाला गाविस-८ का बालकृष्ण दाहाललाई ०६० फागुन २२ गते बिहान सुरक्षाकर्मीले नलिनचोकबाट गिरफ्तार गरी बेपत्ता बनाए। बा. ३ च ९६५४ को टाटा मोबाइल गाडीमा दुध पुऱ्याएर आएका दाहालको स्थिति सार्वजनिक गर्न पत्नी विमलाले अनुरोध गरिन्। यसभन्दा अघि पनि उनी गिरफ्तार गरिएका थिए।

अनैकोट गाविस-२ का २७ वर्षीय बद्रीप्रसाद सापकोटालाई ०६१ जेठ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी घरपरिवारलाई कुनै जानकारी दिएनन्। उनी पसलको कामको सिलसिलामा काठमाडौंको टेकुमा गएको बेला गिरफ्तारीमा परेका थिए। पीडितको अवस्था हालसम्म अज्ञात छ।

महादेवस्थान गाविस-२ का ५२ वर्षीय माधवप्रसाद तिमल्सिनालाई माओवादीलाई सेल्टर दिएको आरोपमा ०६१ असार १ गते दिउँसो खेतमा मकै गोडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। एमालेका सदस्य रहेका तिमल्सिनाको रिहाईका लागि सम्बन्धित परिवारले अनुरोध गरे।

मकवानपुर जिल्ला राइगाउँ बस्ने माओवादी कार्यकर्ता कवितालाई ०६१ असार १७ गते पनौतीको खड्पुबाट सुरक्षाकर्मीले समाएर बेपत्ता बनाएको माओवादीहरूले जनाए।

सिन्धुपाल्चोक जिल्ला कदम्बास गाविस-१ का सपना भनिने माओवादी कार्यकर्ता इन्दिरा तामाङलाई ०६१ असार १७ गते पनौतीको खड्पुबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएको माओवादीले जनाए। उनलाई रिहाइ गर्न अनुरोध गर्दै माओवादीले ०६१ साउन ३२ गते वक्तव्य जारी गरे।

ढुंखर्क गाविस-९ डाँडागाउँबाट विशाल भनिने माओवादी कार्यकर्ता केनामसिं तामाङलाई ०६१ असार १७ गते सुरक्षाकर्मीले समाएर बेपत्ता बनाएको माओवादीले जनाए।

मंगलटार गाविसको पिन्थलीबाट गौरव भनिने माओवादी कार्यकर्ता दावा लामालाई ०६१ असार १७ गते सुरक्षाकर्मीले समाएर बेपत्ता पारेको माओवादीले जनाए।

पोखरीचौंरी गाविस-२ का नेकपा (माले) का कार्यकर्ता मिनप्रसाद गौतमलाई ०६१ साउन २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सालधारा गाविस-१ का बसका खलासी सागर थोकरलाई ०६१ साउन २८ गते सुरक्षाकर्मीले पनौतीबाट गिरफ्तार गरे। उनकी दिदी माओवादीमा लागेकाले सोबारे बुझ्न उनलाई गिरफ्तार गरिएको हुनसक्ने बताइयो। उनको हालको अवस्था थाहा हुन सकेन।

खहरेपाँगु गाविस घर भएका रूपक भनिने माओवादी समर्थित तामाङ राष्ट्रिय मुक्ति मोर्चाका कोषाध्यक्ष तारामान लामालाई ०६१ मंसिर ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

पोखरीचौरी गाविस-३ सुलिकोटस्थित महादेव प्राविका शिक्षक मेघराज चौलागाईंलाई ०६० माघ ६ गते साँझ ५ बजेतिर घरमा बसिरहेको बेला माओवादीले अपहरण गरे। पीडितलाई जागृति माविमा आयोजित माओवादीको एक कार्यक्रममा फागुन १९ गते मुक्त गरिएको बताइयो।

शारदाबतासे गाविस-५ का साने भनिने कृष्णराम थापालाई सुराकीको आरोपमा ०६० फागुन १० गते च्यासिङ्खर्क गाविसको प्याङखोलाबाट माओवादीले अपहरण गरे।

शंखुपाटीचौर गाविस-५ का शंखेश्वर माविमा कक्षा ९ मा अध्ययनरत १८ वर्षीय सविना भट्टराई र सोही ठाउँका ५५ वर्षीय रामशरण खत्रीलाई अज्ञात व्यक्तिले ०६० फागुन १२ गते अपहरण गरी बेपत्ता बनाए। पीडितहरुमध्ये सविना मुक्त भएकी छिन्।

ढुंखर्क गाविस-९ पार्थलीडाँडामा पसल गरी बस्ने पनौतीका राजकुमार श्रेष्ठलाई ०६० फागुन १५ गते माओवादीले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

फलामेटार गाविस-१ का पूर्व गाविस अध्यक्ष डम्बरबहादुर थिङलाई ०६० फागुन १६ गते माओवादीले घरबाट अपहरण गरे। पीडित लामो समयदेखि विस्थापित भई शहरतिरै बस्थे। पीडितलाई १९ दिनपछि मुक्त गरे।

शारदाबतासे गाविस-५ का २४ वर्षीय सुमन केसी र २२ वर्षीय माधव थापालाई ०६० फागुन १९ गते माओवादीले च्यासिङखर्क गाविसबाट अपहरण गरी केसीलाई खुकुरीले काटेर मऱ्यो भनी शंखेश्वरी खोलामा छाडी हिंडे। पीडित केसी २ दिनपछि मरणासन्न अवस्थामा फेला परेपछि शिक्षण अस्पतालमा उपचार भयो। माओवादीले गाउँमा जानेलाई जासुसी गर्न आएको भन्दै थापालाई साथमै लिएर गए। उनको अवस्था अज्ञात छ।

बालुवा गाविस-८ लुइँटेलगाउँका नेकाँ कार्यकर्ता तथा जिविसको स्थानीय विकास कोषअन्तर्गत सञ्चालित गरिबसँग विश्वेश्वर कार्यक्रमका परिचालक ३६ वर्षीय पिताम्बर लुइँटेललाई ०६० चैत १६ गते माओवादीले

खार्पाचोक गाविसबाट अपहरण गरी लगेकोमा ४ दिनपछि मुक्त गरे।

गोठपानी गाविस-५ का राष्ट्रिय एकता परिषद्का कार्यकर्ता ४८ वर्षीय बाबुलाल लामालाई ०६१ वैशाख २१ गते माओवादीले अपहरण गरे। उनी हाल मुक्त भएका छन्।

च्याम्राङबेंशी गाविसमा रहेको चक्रेश्वर निमाविका प्रधानाध्यापक रामहरि तिमल्सिनालगायत् आसपासका विद्यालयबाट करिब सयजना शिक्षकलाई अपहरण गरेर माओवादीले तालढुंगामा ०६१ जेठ ११ र १२ गते भएको जनअभियान भेलामा सहभागी गराए। अपहरित शिक्षकहरू तिन दिनपछि मुक्त भए।

सापिङ गाविस-१ घर भएका २५ वर्षीय रोमप्रकाश पन्तलाई ०६१ जेठ २१ गते माओवादीले अपहरण गरे। दोलालघाटमा आफ्नै किराना पसलमा बसेको बेला बिहान ८ बजेको समयमा "कुरा गर्नुछ" भनी माओवादीले लगेको पीडित परिवारले बताए। उनी हाल मुक्त भएका छन्।

विर्तादिउराली गाविसका २० वर्षीय मिलन भुजेललाई ०६१ जेठ २५ गते बेलुकी माओवादीले अपहरण गरे। देशभक्त संघको परिचयपत्र देखाएर आफू विशेष प्रहरी भन्दै गाउँलेहरूलाई तर्साएका कारण माओवादीले लगेको बताइयो।

पनौती नपा-१० का २५ वर्षीय कृष्ण भण्डारी र दोलखा जिल्ला काब्रे गाविस-६ का जिल्ला प्राविधिक कार्यालयका सबओभरसियर ३२ वर्षीय टीकाप्रसाद दाहाललाई ०६१ असार ७ गते माओवादीले अपहरण गरी असार ११ गते मुक्त गरे। दाहाल र भण्डारीलाई माओवादीले आफ्नो आधार इलाका भनिने डाँडापारीमा झोलुङ्गे पुलको काम गर्न गएका बेला "विना अनुमती गएको" भनी अपहरण गरेको बताइयो।

शंखुपाटीचौर गाविस-५ एक्लेखेतका ७८ वर्षीय मानबहादुर तामाङलाई ०६१ असार ९ गते बिहान ८ बजे घरमा बसिरहेको बेला माओवादीले अपहरण गरेकोमा असोज ८ गते रिहा गरे।

कोशिदेखा गाविसका नेकाँ (प्रजातान्त्रिक) का क्षेत्रीय कार्य समिति सल्लाहकार ६५ वर्षीय दुर्गाप्रसाद उप्रेतीलाई ०६१ असार २७ गते बेलुकी माओवादीले अपहरण गरे।

कानपुर गाविस–६ बोहोरेका शाही नेपाली सेनामा कार्यरत सैनिक हरिवहादुर श्रेष्ठलाई ०६१ असोज ७ गते दिउँसो ३ बजे मेथिनकोट गाविस-१ वाट पत्नी निर्मलाको उपचार गराई घर पुऱ्याउन गएको अवस्थामा माओवादीले अपहरण गरी जागिर छाड्ने शर्तमा असोज १० गते मुक्त गरे।

ढुंखर्क गाविस-६ का महाङ्काल भुग्देउका गाविस सचिव भरत घिमिरेलाई ०६१ असोज १८ गते माओवादीले अपहरण गरेकोमा असोज २१ गते मुक्त गरे। सरस्वती मावि भुग्देउमा गाविसको परिषद् बैठक बसिरहेको अवस्थामा उनलाई माओवादीले अपहरण गरी लगेका थिए।

धुलिखेलमा लेखापढी गर्दै आएका सर्स्युखर्क गाविसका औतारसिंह तामाङले स्थानीय होमकुमारी दोङलाई माओवादी भनेर ०६१ कार्तिक २ गते थुनाएको भनी सोही दिनमा माओवादीले नियन्त्रणमा लिएकोमा आइन्दा त्यसो नगर्ने शर्तमा मुक्त गरे।

मङ्गलटार गाविस-६ घर भई जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा दरबन्दी रहेका प्रहरी जवान सलाम लामालाई ०६१ मंसिर ७ गते घर आएको समयमा माओवादीले अपहरण गरी निर्घात यातना दिए। उनीसँगै दाजुलाई पनि अपहरण गरियो। सलामलाई माओवादीले जागिर छोड्ने शर्तमा रिहा गरेका छन्।

नयाँगाउँ गाविस-६ तिमल्सिनागाउँका नेकाँ जिल्ला सल्लाहकार समितिका सदस्य ६५ वर्षीय कुशप्रसाद तिमल्सिनालाई ०६१ मंसिर ११ गते दिउँसो खेतमा धान चुटिरहेको बखत ४ जना माओवादी कार्यकर्ताले अपहरण गरे। माओवादीले मंसिर १६ गते उनी भागेको बताए पनि हालसम्म परिवारको सम्पर्कमा आएका छैनन्। माओवादी धम्कीका कारण पटक-पटक दुःख पाएका कुशप्रसादको रिहाइका लागि नेकाँ, काभ्रेले अनुरोध गऱ्यो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

माओवादी जिल्ला जनसमितिले ०६० चैत ४ गते एक विज्ञप्ति जारी गरी स्थानीय निकायका मनोनित जनप्रतिनिधिहरूलाई राजीनामा दिन धम्की दिए। नगरका मनोनितहरूले राजीनामा नगरेका कारण ९६ घण्टाको अल्टिमेटम दिएर धम्की दिएपछि धुलिखेल नपाका पदाधिकारीले ०६१ जेठ ५ गते, बनेपा नपाका पदाधिकारीले ०६१ जेठ ११ गते, जिविस पदाधिकारीले ०६१ जेठ ८ गते र पनौती नपाका पदाधिकारीले ०६१ जेठ ३० गते राजीनामा दिए।

अरनिको राजमार्गमा चल्ने गाडीहरूलाई माओवादीको सत्तामा दर्ता गरेर चलाउन अनुरोध गर्दै माओवादीका ६ नम्बर इन्चार्ज विगुलले एक वक्तव्य निकाली जेठ २५ गतेदेखि एक हप्तासम्म मालबाहक गाडीहरूलाई आवत-जावत गर्न रोक लगाए। ०६१ वैशाख २८ गतेदेखि जेठ ४ गतेसम्म मालवाहक ट्रक आवत जावतमा माओवादीले रोक लगाए। कटुन्जेबेंशीदेखि मंगलटारसम्मको रोशीखोलामा ०६१ जेठ १४ गतेदेखि माओवादीले रोडा, ढुंगा र गिट्टी ओसारपसार गर्न रोक लगाए।

अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला समितिले

कुशादेवी माविका प्रधानाध्यापक रामप्रसाद अधिकारीलाई भर्नाको समयमा लिएको शुल्क फिर्ता नगरे कारवाही गर्ने भन्ने धम्की दिएपछि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भीम न्यौपाने र प्रधानाध्यापक रामप्रसादले ०६१ भदौ ४ गते संयुक्त रुपमा विज्ञप्ति जारी गरी आधिकारिक धारणाको माग गरे। डरका कारण विद्यालयले सो रकम फिर्ता गऱ्यो। त्यस्तै डेडीथूम्का उच्च माविका विद्यार्थीसँग लिइएको शुल्क फिर्ता गर्न भनी सोही संगठनले ०६१ साउन २१ गतेदेखि साउन २४ गतेसम्म विद्यालयमा तालाबन्दी गऱ्यो।

भैरव प्रावि गोकुलेका प्रधानाध्यापक खुवनाथ दुलाल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तस्वीर योञ्जनलाई ०६१ जेठ ३१ गते विद्यालय हाताभित्रै माओवादीले कुटपिट गरे।

जनागालस्थित बिरूवा उत्पादन गर्ने डाबर नेपालको ग्रिन हाउसलाई माओवादीले बन्द गर्न चेतावनी दिएकाले ०६१ भदौ १ गतेदेखि लामो समय बन्द भयो।

माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी) द्वारा अनिश्चितकालीन उद्योगहरू बन्द गर्ने क्रममा हिमालयन स्न्याक्स् एण्ड नुडल्स् प्रा.लि, हिमाल ग्याँस प्रा.लि., बनेपाको सलाई कारखाना, क्वालिटी स्वीट प्रोडक्टस् र जनागालस्थित क्यूरेक्स् फर्मास्युटिकले ०६१ भदौ २५ गतेदेखि आफ्नो उत्पादनहरू लामो समय बन्द गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात विद्यार्थी संगठनद्वारा ०६० माघ १७ गते वनेपामा आयोजित विद्यार्थी आन्दोलनका क्रममा प्रहरी हस्तक्षेप भई दीपक गौतमलगायत्का १७ जना विद्यार्थी एवम् नेताहरूलाई गिरफ्तार गरेको विरुद्धमा ०६० माघ १९ गते काभ्रे बन्दको आयोजना गरे। बन्दका क्रममा अनेरास्ववियुका यादव कोइरालालाई प्रहरीले केही समय नियन्त्रणमा लिए। प्रतिगमनको विरोधमा जिल्लाका विभिन्न भागमा ऱ्याली पनि भयो।

पाँच दलले सञ्चालन गरेको प्रतिगमन विरोधी आन्दोलनका क्रममा ०६१ जेठ ९ गते धुलिखेलमा मशाल जुलुश गर्दा प्रहरीले हस्तक्षेप गरेका कारण मुकुन्द गौतमको टाउकोमा चोट लाग्यो।

पाँच दलले ०६१ जेठ ४ गते जिविस र ३ वटै नपामा तालाबन्दी गरे। जिविसमा तालाबन्दी गर्दा चन्द्र ढकाल, राजन पराजुली, रेशम श्रेष्ठ र केदार श्रेष्ठलाई प्रहरीको कुटपिट गरे।

प्रतिगमनका विरुद्व आन्दोलनरत पाँच दलको ०६० चैत्र १९ गते काठमाडौंमा हुने विरोध कार्यक्रमलाई असफल पार्न सरकारले उपत्यका प्रवेश पूर्वको नाका मानिने अरनिको राजमार्गमा व्यापक सुरक्षा जाँच गरी दर्जनौं राजनीतिक कार्यकर्तालाई बीचबाटै फर्काएको आरोप लाग्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानी १ सय ८१, फौजदारी १ सय १७ र सरकारवादी २२ गरी ३ सय २० थान मुद्दा परे भने यस अवधिमा देवानी १ सय ६०, फौजदारी ९३ र सरकारवादी २० गरी २ सय ७३ मुद्दाहरू फर्स्योट भए। यस अदालतमा दुई वर्ष नाघेका १ सय ४०, १ वर्ष नाघेका १ सय ८१ र १ वर्ष भित्रका २ सय ९२ वटा गरी ६ सय १३ वटा मुद्दाहरू फैसला गर्न बाँकी देखिन्छ। यस अवधिमा अदालतमा जग्गा, अंश र लेनदेन सम्बन्धी मुद्दाहरू बढी परेको देखिन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

काभ्रेमा दैनिक १ लाख २० हजार लिटर दुध बिक्री वितरण हुन्छ। बन्द, हड्ताल र नाकाबन्दीजस्ता समस्याले ०६० साउनदेखि ०६१ असारसम्म सिपाघाटमा ६० दिन, रानीटारमा ४७ दिन, पाँचखालमा ४० दिन, बनेपा र पनौतीमा २३ दिन सहकारी, नीजि डेरी र व्यापारी कसैले पनि दुध संकलन र बिक्री वितरण गर्न सकेनन्। दुर्गम स्थान ढुंखर्क, कुशादेबी, रोशी, देउपुर, दाप्चा, चण्डेनी र ज्याम्दी क्षेत्रमा एरिया बन्दका नाममा थप किसानहरूले मर्का सहनुपरेको दुग्ध उत्पादक सहकारीले जनाए। एकदिन मात्र दुध बिक्री नहुँदा २४ लाख रुपैयाँको नोक्सानी पर्दछ भने बन्द र हड्तालका कारण संकलकहरूले बाटोमा पनि दुध पोखेका थिए।

माओवादीले ०६० चैत २६ गतेदेखि तीनदिने नेपाल बन्दसँगै पाँच दिनसम्म जिल्ला सदरमुकाम नाकाबन्दी गरे। तीनदिने नेपाल बन्द र पाँचदिने नाकाबन्दीका कारण कृषकहरूद्वारा उत्पादित दुध तथा तरकारी बिक्री गर्न नपाएका कारण जिल्लाले ठूलो घाटा व्यहोर्नुपऱ्यो। नाकाबन्दीका कारण गाउँसँगको सम्पर्क टुट्नुका साथै सदरमुकाममा सामान ल्याउन माओवादीले रोक लगाए। नाकाबन्दी फिर्ता लिन नेपाली काँग्रेस र एमालेले विज्ञप्ति निकाले पनि त्यसको सुनुवाई भएन।

संरचना/सम्पत्ति क्षति

पाँचखाल गाविस-९ स्थित तिनपिप्लेमा बागवानी केन्द्र, पाँचखालको ग. १ भ ९८ नम्बरको जीपलाई माओवादीले ०६० चैत २३ गते बिहान सात बजे विस्फोट गराई ध्वस्त बनाए।

पनौती नपा-१२ खोपासीको रेशमखेती अगाडि

रहेको एसएसपी परशुराम खत्रीको घरलाई माओवादीले ०६० चैत २१ गते राति प्रेसर कुकर बम विस्फोट गराई क्षति पुऱ्याए। सो विस्फोटमा ५ लाख बराबरको क्षति भएको बताइयो।

पनौती नपा-१३ पस्थली महतगाउँस्थित शाही नेपाली सेनाका कर्णेल बलदेवराज महतको घरमा माओवादीले ०६० चैत २१ गते राति सकेट बम विस्फोट र आगो लगाई क्षति पुऱ्याए।

बालुवा गाविस-५ मा रहेको एस्पी रमेश खरेलको दुईवटा कच्ची घरमा माओवादीले ०६० चैत २३ गते राति बम विस्फोट गराई क्षति पुऱ्याए।

गैरिबिसौना देउपुर गाविस-३ स्थित पूर्व कर्णेल शम्भु डोटेल र उनका भाई लप्टन सानुकाजी डोटेलको संयुक्त घरमा माओवादीले ०६० चैत २३ गते राति विस्फोट गराए। विस्फोटबाट दुवै घर पूर्णरुपमा ध्वस्त भए।

ढुंखर्क गाविस-८ स्थित गणेशबहादुर केसीको औषधी पसल ०६० चैत २२ गते माओवादीले कब्जामा लिएर करिब २५ हजार रुपैयाँ बराबरको औषधी लगे। औषधी पसल कब्जामा लिएपछि उनका छोरा विदुर केसीको मोटरसाइकललाई जलाइदिए।

कुशादेवी गाविसस्थित शाही नेपाली सेनामा कार्यरत जवान रवीन्द्र थापाको घरमा माओवादीले ०६० चैत २४ गते आगो लगाई ध्वस्त पारे।

पाल्लेखेत गाविस-३ का धनबहादुर खत्रीको घरमा ०६१ असार ८ गते राति माओवादीले प्रेसरकुकर बम बिस्फोट गराई घरलाई ध्वस्त बनाए।

रविओपी गाविस-२ स्थित चिसापानीको पातलमा ०६१ पुस ९ गते बेलुकी सवा १० बजे बा. १ ख ५७०३ नम्बरको मिनिट्रकमा माओवादीले आगो लगाई पूर्णरुपमा ध्वस्त बनाए।

देउपुर गाविस-३ कोदारीस्थित सडक भत्काएर ०६१ वैशाख ३० गतेदेखि माओवादीले हेलम्बु राजमार्गमा अवरोध पुऱ्याए। बस व्यवसायीहरूले लामो समयपछि उक्त मार्ग खोलेका थिए। उक्त गतिविधिले सिन्धुपाल्चोकका जनता पुरै प्रभावित भए। ०६१ असार २२ गते परेको अविरल बर्षाबाट मङ्गलटार, वाल्टिङ, खार्पाचोक, कटुञ्जेमा भएको भीषण क्षतिप्रति माओवादीले दुःख व्यक्त गरि एक कार्यक्रमको आयोजना गरी राहत वितरण गऱ्यो। माओवादीले पूर्णरूपमा घर-गोठ र चौपाया क्षति भएका ३३ परिवारलाई कार्यक्रमको आयोजना गरी प्रारम्भिक राहत वितरण गरेको बतायो।

अनिश्चितकालीन उपत्यका नाकाबन्दीलाई उल्लंघन गरी सवारी चलाएका कारण दोलालघाट गाविसको पुलमा यात्रुहरू कुरेर बसेका बा. १ ज २२९७ र बा. १ ज ५२७८ को ट्याक्सी र पुलपारी बिरामी लिन आएको बा. १ च ८९ नम्वरको कार तथा रोकी राखेको बा. १ च १११६ को हरियो जिप्सी ०६१ पुस १२ गते दिउँसो ११:४० बजे माओवादीले बम राखी विस्फोट गराए। पीडितहरूका अनुसार, १५ जनाको समूहमा आएका माओवादीलाई गाडी नजलाउन आग्रह गर्दा बा. १ ज २२९७ का चालक माधव बुढाथोकीलाई छातीमा सकेट बमले हिर्काएका थिए। माओवादी कार्यकर्ताले जिरो किलोदेखि घटनास्थलसम्मको ७ ठाउँमा ढुंगा तथा काठले अवरोध पुऱ्याएका थिए।

पाँचखाल गाविस-१ स्थित युवराजाधिराज पारसको १४ रोपनी जग्गा कब्जामा लिएको भन्दै माओवादीले ०६० फागुन ११ गते सो स्थानमा झण्डा गाडेर बम विस्फोट गराए। उनीहरूले बालुवा गाविस-६ कर्के बगैंचा नामको राप्रपाका अध्यक्ष पशुपतिशमशेर जंगबहादुर राणाको छोरी देवयानी राणाको ५० रोपनी, श्यामराज्यशमशेर जबराकी पत्नी सरस्वती जबराको ३९ रोपनी, लोकभक्त राणाको ५५ रोपनी, सानुरत्न स्थापितको २५ रोपनी तथा बालुवा गाविस-३ आँपघारीमा रहेको झरेन्द्रशमशेरको ३८ रोपनी, अमरशमसेरको ४८ रोपनी र सिंहशमशेरको ५८ रोपनी जग्गा कब्जा गरिएको घोषणा गरे। उक्त जग्गामा विभिन्न जातका फलफुलहरू छन्।

विस्थापन

पोखरीचौरी गाविस-७ क्यूरेनीमा मागी हिड्ने परमेश्वर गौतम र उनका तीनजना छोरालाई ०६१ जेठ ८ गते माओवादीले गाउँ निकाला गरी घरमा ताला लगाइदिए। स्थानीय गुलाफ महिला समूहले गाउँका सबैभन्दा धनी मानिने व्यक्ति मागि हिडेकाले गाउँलेको बेइज्जत भएको बताएकाले माओवादीले सो कारवाही गर्नुपरेको बताए। माओवादीले यो कुराको जानकारी उनकै घरमा सूचना टाँसेर दिए।

खहरेपांगु गाविस-९ घर भएका जिविस उपसभापतिमा मनोनित पाल्साङ लामाको घरमा माओवादीले ०६१ जेठ ३ गते तालाबन्दी गरी पूर्ख्यौली सम्पत्ति कब्जामा लिएको घोषणा गरे। अहिले उनको परिवार काठमाडौमा बस्दै आएको छ।

संरचना/सम्पत्ति क्षति

माओवादीका कार्यकर्ताले ०६० फागुन २४ गते बनेपा नपा कार्यालयमा बम विस्फोट गराए। विस्फोटबाट भवनको पछाडिपट्टिको शिशा फुट्नुका साथै गाह्रो चर्कियो।

०६१ वैशाख २९ गते राति दोलालघाट चौकीमा माओवादीद्वारा विस्फोट गराउँदा स्थानीय गयासागर श्रेष्ठको टाउकोमा चोट पुग्नुका साथै आसपासका घरहरूका शिशा फुटे। बिस्फोटबाट स्थानीय दीलबहादुर श्रेष्ठको पसलमा पनि क्षति पुग्यो।

बनेपामा निर्माणाधीन सूचना प्रविधि पार्कको प्रमुख बस्ने कोठामा ०६० चैत २३ गते राति माओवादीले शक्तिशाली प्रेसर कुकर वम विस्फोट गराई क्षति पुऱ्याए।

कटुञ्जे गाविसमा रहेको कटुञ्जेपुलमा ०६१ जेठ १७ गते माओवादीले बम राखी क्षति पुऱ्याए। उक्त पुल ६८ मिटर लामो छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बनेपा नपा-१० मा डेरा गरी बस्ने मोरङका सर्वसाधारण कृष्णराज पौडेललाई ०६० पुस १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी धेरै समय बेपत्ता बनाए। हाल उनी रिहा भएका छन्।

वनेपा नपा-२ का ४० वर्षीय रघु कर्माचार्यलाई ०६० पुस १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी लामो समय बेपत्ता बनाए। उनलाई गिरफ्तार गरेपछि पटक-पटक बेहोस हुने गरी यातना दिई माघ ५ गते रिहा गरियो।

बनेपा नपा-७ मा मकवानपुर जिल्ला घर भएकी सिता रानामगरलाई काकी रुबी रानाको कोठामा बसेको अवस्थामा सर्च गर्न आएका सुरक्षाकर्मीले ०६० पुस २० गते गिरफ्तार गरी बेपत्ता बनाए। उनलाई धेरै दिनपछि रिहा गरियो।

बनेपा नपा-४ मा डेरा गरी बस्ने फोक्सिङटारका जनमोर्चाका २९ वर्षीय कार्यकर्ता दानबहादुर अस्तानीलाई ०६० पुस २० गते कोठामा दाजुबहिनी बसेको बेला सर्च गर्न आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भएका छन्।

बनेपा नपा-८ का २३ वर्षीय देवराज प्रधान, बनेपा नपा-६ का १७ वर्षीय सञ्जीव भैल र बनेपा नपा-१ मा डेरा गरी बस्ने झापाका १८ वर्षीय अर्जुन रेग्मीलाई लागु औषध दुर्व्यसनीमा लागेको आरोपमा ०६० पुस २२ गते इलाका प्रहरी कार्यालय बनेपाले गिरफ्तार गरी हिरासतमा लियो। उनीहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाइयो। ०६१ भदौ ६ गते भएको फैसलामा देवराजलाई २ हजार ४ सय ७५ र अन्य दुईजनालाई १०/१० हजार रुपैयाँ धरौटीमा रिहा गरियो।

उग्रचण्डी नाला गाविस-७ का शरणप्रसाद पराजुलीलाई तारेख बुझेर फर्किदा ०६० पुस २४ गते धुलिखेल बसपार्कबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। धेरै दिनपछि उनी रिहा भए। यसभन्दा अघि उनले २ पटक आतंककारीको अभियोगमा जेल जीवन बिताइसकेका थिए। पीडित हाल मलेसिया गएका छन्।

पाँचखाल गाविस-९ घर भएकी अन्दाजी ३० वर्षीय रुकु चौलागाईंलाई ०६० पुस २६ गते राति सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी बेपत्ता बनाए। उनी माओवादी पार्टी परित्याग गरी घरमा बसेकी थिइन्। अहिले उनलाई काठमाडौंस्थित केन्द्रीय कारागारमा राखिएको छ।

पनौती नपा-३ बञ्जारा गाउँका ५२ वर्षीय वाबुराम बञ्जारालाई ०६० माघ २ गते राति ११ बजे सुतिरहेको अवस्थामा सेनाले भोलि पठाइदिन्छौं भन्दै गिरफ्तार गरी ३ दिनसम्म बेपत्ता बनाए। हाल उनलाई तारेखमा छाडिएको छ।

सिन्धुली जिल्लाका गोपालबहादुर स्याङ्तानलाई ०६० माघ १७ गते पेस्तोलमा राख्ने २ थान गोली भेटिएर प्रहरीले गिरफ्तार गरे। स्थानीय प्रशासनले मागेको २४ हजार रुपैयाँ धरौटी राख्न नसकी उनलाई धुलिखेल जेलमा राखिएको छ।

खरेलथोक गाविस-३ की अञ्जना भनिने विमला विश्वकर्मालाई ०६० फागुन ५ गतेदेखि सुरक्षाकर्मीले नियन्त्रणमा लिए। उनलाई ०६१ असोज ७ गतेदेखि नजरबन्दमा लिइएको स्थानीय प्रशासनले जनायो। अहिले उनलाई काठमाडौंस्थित डिल्लीबजारस्थित सदरखोर कारागारमा राखिएको छ।

पनौती नपा-५ का एमालेको पनौती नपा-५ वडा कमिटीका सदस्य प्रभुराम केसीलाई ०६० फागुन ७ गते काठमाडौ गएको अवस्थामा बागबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। उनको सकुशल रिहाइका लागि पीडित परिवार र एमालेले विज्ञप्ति जारी गरे। पीडित हिरासतबाट ०६१ साउन १९ गते रिहा भए।

भीमखोरी गाविस-२ करमडाँडाका नेकाँ क्षेत्रीय सभापति गैसस महासंघका जिल्ला अध्यक्ष ४१ वर्षीय शंखबुद्ध लामालाई ०६० फागुन १२ गते गैसस कार्यालयबाट दुईजना सादा पोशाकमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडित लामालाई सदरमुकाममा रहेर माओवादीलाई सूचना उपलब्ध गराएको आरोपमा ९२ दिनसम्म विभिन्न ब्यारेकहरूमा राखेर ०६१ जेठ १४ गते भक्तपुर ब्यारेकबाट रिहा गरियो।

ढुंखर्क गाविस-८ का ५० वर्षीय श्याम तिमल्सिना र सोही ठाउँका ४२ वर्षीय महेन्द्र लामालाई फागुन २४ गते सुरक्षाकर्मीले समाएर भारी बोकाई तालढुंगातर्फ लगेको स्थानीयबासीले बताए। महेन्द्रलाई ०६० चैत १ गते तामाङ मुक्ति मोर्चाको वडा प्रमुख रहेको भन्दै आत्मसर्मपण पछि र श्यामलाई पनि सोही दिन रिहा गरियो।

उग्रचण्डिनाला गाविस-७ का कृष्णप्रसाद दाहाललाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६० चैत ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा

लिए। पीडितलाई ०६१ असार ४ गते रिहा गरिएको स्थानीय प्रशासनले जनायो।

काभ्रे गाविस-७ का ३३ वर्षीय बिष्णुबहादुर मिजारलाई ०६० चैत २६ गते दिउँसो नुहाइरहेको अवस्थामा खरेलथोक गाविस-७ स्थित बोहोरेदोभानबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल धुलिखेल जेलमा राखिएको छ।

पाँचखाल गाविस-१ खावाका ४० वर्षीय रामप्रसाद पराजुलीलाई ०६० चैत २७ गते दिउँसो २ बजे सुरक्षाकर्मीले घर घेरा हाली खानतलासी लिएपछि "केही कुरा बुझ्नु छ" भनी गिरफ्तार गरिएको पीडित परिवारले बताए। पीडित ४ दिनपछि रिहा भए।

पाल्तेखेत गाविस-८ कल्छेका ३६ वर्षीय हरिभजन सेढाईंलाई माओवादीको सम्मान कार्यक्रममा दोसल्ला किनेर लगिदिएको आरोपमा ०६१ वैशाख ७ गते मालपोत कार्यालय धुलिखेलमा काम गरिरहेकै अवस्थामा शत्रुमर्दन गुल्मले पक्राउ गऱ्यो। उनको रिहाईका लागि एमालेले अनुरोध गऱ्यो। पीडित ०६१ जेठ १९ गते रिहा भए।

पाल्लेखेत गाविस-८ कल्छेका २१ वर्षीय देवराज अधिकारीलाई ०६१ वैशाख २० गते बिहान ५ बजे सादा पोशाकका सुरक्षाकर्मीले सोधपुछका लागि भनेर गिरफ्तार गरे। पीडितलाई सात/सात दिनको तारेख दिएर जिल्ला प्रशासन कार्यालयमार्फत् वैशाख २३ गते रिहा गरियो।

महादेवस्थान गाविस-२ का ३८ वर्षीय नारायणप्रसाद पौडेललाई ०६१ जेठ २८ गते राति सुतिरहेको अवस्थामा माओवादीलाई सेल्टर दिएको भनी सुरक्षाकर्मीले गिरफ्तार गरे। जेठ १४ गते राति उनको घर खानतलासी गरेर पाँचखाल चौकीमा नियमित तारेख दिइएको थियो। गृह मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनमा "उनी घरमै रहेको भन्ने जिल्ला प्रशासनको साउन ५ गतेको पत्रबाट थाहा भएको" बताइयो।

पोखरीचौरी गाविस-७ का भरतप्रसाद चौलागाई र चौवास गाविस-७ का चन्द्रसिंह लामालाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६१ असार ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा लिए। पीडितहरुलाई असार २२ गते रिहा गरिएको स्थानीय प्रशासनले जनायो।

रविओपी गाविस-२ का पूर्व अध्यक्ष तथा एमालेका १२ नम्बर इलाकाका उपसचिव उद्धव चौलागाईंलाई धुलिखेलबाट बुहारीको पूरक एसएलसी परीक्षा दिनका लागि सञ्जीवनी उच्च मावि परीक्षा केन्द्रमा सहयोग गर्न गएको बेला पसलबाट माओवादीलाई फोन गर्न दिएको र उनकै नाममा दर्ता भएको मोबाइल फोन माओवादीले प्रयोग गरेको आरोपमा ०६१ साउन ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पाँच दिनपछि रिहा भए। उनलाई दाजु विश्वामित्र चौलागाईंको जिम्मामा तारेखमा छाडियो।

उग्रतारा जनागाल गाविस-७ का २८ वर्षीय गोविन्द थापालाई चारदोबाटोबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले बा. १७ प १४६९ को मोटरसाइकलसहित ०६१ भदौ ३ गते गिरफ्तार गरेकाले सकुशल रिहाइका लागि उनकी पत्नी रेणु थापाले आग्रह गरिन्। पीडित ३५ दिनपछि रिहा भए।

फुलबारी गाविस-५ का दीलिप सत्याललाई माओवादी गतिविधिमा संलग्न भएको भनी ०६१ भदौ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा लिए। पीडितलाई धुलिखेल जेलमा राखिएको स्थानीय प्रशासनले जनायो।

महादेवस्थान गाविस-४ मैदानका २२ वर्षीय हरेराम सापकोटालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ असोज १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ कार्तिक २ गतेदेखि धुलिखेल जेलमा राखिएको बताइयो।

भक्तपुर नपा-९ का रामप्रसाद सुवाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ असोज १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा लिए। उनलाई धुलिखेल जेलमा राखिएको स्थानीय प्रशासनले जनायो।

जैसिथोक गाविस-३ का २४ वर्षीय शालिकराम काफ्लेलाई ०६१ असोज १९ गते राति १ बजे सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले "केही कुरा गर्नु छ" भनी गिरफ्तार गरेकोमा ०६१ कार्तिक २ गतेदेखि धुलिखेल जेलमा राखिएको छ।

सर्स्युंखर्क गाविस-६ का अस्मिता भनिने होमकुमारी दोङलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ कार्तिक २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

भक्तपुर जिल्ला चाँगुनारायण गाविस-५ घर भएका देवराज भनिने उदय तामाङलाई सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ०६१ कार्तिक ३ गतेदेखि नजरबन्दमा राखिएको छ।

मंगलटार गाविस-७ की निरा भनिने धनकुमारी

माओवादीद्वारा बम विस्फोट गराई क्षति पुऱ्याइएको दोलालघाट प्रहरी चौकी

लामालाई ०६१ कार्तिक १० गतेदेखि स्थानीय प्रशासनले नजरबन्दमा राखियो। हाल उनलाई जेलमा राखिएको छ।

फोक्सिङटार गाविस-७ का मानध्वज मोक्तानलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ मंसिर १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई तारेख दिएर रिहा गरियो।

पोखरीचौरी गाविस-९ घर भई बनेपा नपा-११ मा बस्ने पत्रकार २४ वर्षीय राजकुमार बुढाथोकीलगायत्का ६ जनालाई शाही नेपाली सेनाले ०६१ मंसिर १५ गते बेलुकी ७ बजे उनकै निवासस्थानबाटै गिरफ्तार गरी बेपत्ता बनाए। सुरक्षाकर्मीले रातको समयमा घर खानतलासी लिएर परिवारका सबै सदस्यलाई तयार भएको खाना पनि खान नदिएर घरमा ताला लगाई बेपत्ता बनाएका थिए। गिरफ्तारीमा पर्नेहरूमा उनका बाबु ५० वर्षीय शिक्षक तिलकबहादुर बुढाथोकी, आफन्तहरू २२ वर्षीय मिनप्रसाद फुयाल, ४० वर्षीय जगतबहादुर बुढाथोकी र २४ वर्षीय राजकुमार गौतम छन्। उनीहरूको सकुशल रिहाइका लागि नेपाल पत्रकार महासंघ काभ्रे शाखा, मानवअधिकार संस्था हुरेक, इन्सेक वर्ष पुस्तक प्रतिनिधि, नेपाल शिक्षक संघ, असल शासन जिल्ला समन्वय समिति, जिल्लास्थित नागरिक अनुगमन समिति, प्रेस चौतारी, प्रेस युनियन र पीडित परिवारलगायतले आग्रह गरे। पत्रकारहरूको अन्तर्राष्ट्रिय संस्था रिपोर्टर्स विदआउट बोर्डर्स्ले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई पत्र लेखी पत्रकार राजकुमारलाई रिहाइ गर्न अनुरोध गरेको थियो। पीडितहरूलाई मंसिर २६ गते शिवपुरी ब्यारेकबाट रिहा गरियो। पीडितहरूलाई ब्यारेकमा राखेर खुट्टामा करेन्ट लगाउने, पानीमा डुबाउने र कुटपिट गर्ने गर्दा अशक्त भएका थिए।

कृषि विकास कार्यालयअर्न्तगत भकुन्डे क्षेत्रमा कार्यरत प्राविधिक सहायक उपेन्द्र महतोलाई ०६१ मंसिर २७ गते सेनाले गिरफ्तार गरी बेपत्ता बनाए। मंसिर १४ गते सेनाद्वारा मारिएका प्रभु भनिने माओवादी कार्यकर्ताको गोजीबाट उपेन्द्र महतोको परिचयपत्र फेला परेर रक्षा मन्त्रालयले उपेन्द्र महतो मरेको समाचार प्रचार गरेको थियो। रेडियो, टेलिभिजनबाट समाचार आएपछि उनले प्रमुख जिल्ला अधिकारीसमक्ष हाजिर भई आफ्नो परिचय-पत्र हराएको जानकारी दिएका थिए। प्रजिअले उनलाई आफन्तको जिम्मामा छाडेको लगत्तै पुन: सेनाले समाएको थियो।

माओवादीद्वारा दोलालघाट पुलमा बन्दको अवज्ञा गरेको भनी जलाइएको गाडी

बालुवा गाविस-८ रानीपानीका शिक्षक २८ वर्षीय बद्री आचार्यलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६१ पुस ११ गते सुरक्षाकर्मीले सोही गाविस-७ चापबोटबाट गिरफ्तार गरेर पुस १२ गते रिहा गरे।

सरमथली गाविस-८ की रेणु भनिने माओवादी कार्यकर्ता लालमाया तामाङलाई ०६१ पुस १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई काठमाडौं, भद्रगोल जेलमा राखिएको स्थानीय प्रशासनले जनायो।

बालअधिकार

काभ्रेनित्य चण्डेश्वर गाविसका आठ वर्षभन्दा कम उमेरका १६ जना बालबालिकाहरूलाई जापान पठाउने भनी बेच्न खोज्नेमध्येकी रूपा काफ्लेलाई ०६१ असार ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। बच्चाहरू लैजाने तयारी गरिरहेको बेला रूपालाई नियन्त्रणमा लिइएको थियो। रूपा बनेपाको एड्रा नेपाल एड्रामा तालिम लिदा सबिना पराजुली र सुजन कार्की नाम गरेका व्यक्तिसँग भेटघाट भएकाले उनीहरूले पढाइदिने भनेर आफूलाई फकाएको बताइन्। रूपालाई प्रशासनले नियन्त्रणमा लिएपछि बेचबिखनमा संलग्न व्यक्तिहरूले उनलाई धम्क्याएको बताइन्। हाल उनी रिहा भएकी छिन्।

कुशादेवी गाविस-९ का ७ वर्षीय एक बालिकालाई ०६१ जेठ २ गते बिहान सोही ठाउँका ओमबहादुर तामाङले बलात्कार गर्न खोजेको भनी प्रहरीकोमा उजुरी पर्‍यो। बालिकाले घरमा गएर बरफ खान दिएर आफूमाथि त्यस्तो काम गर्न खोजेको बताएकाले कुरा गर्न गएका पीडितका बाबुलाई ओमबहादुरले खुकुरी प्रहार गरी घाइते बनाए। घाइतेको धुलिखेल अस्पतालमा उपचार गरियो भने पीडक फरार छन्।

महेन्द्रज्योति गाविस-१ की ८ वर्षीय एक बालिकालाई सोही ठाउँका ६५ वर्षीय रामबहादुर भुजेलले ०६१ जेठ ४ गते ललाई फकाई बलात्कार गरे। बनेपा नपा-५ मा डेरा गरी बस्ने पिडितका बाबु नानीराम खवासका अनुसार उनको जेठी छोरीलाई भुजेलले घरको कोठामा लगि ५ रुपैयाँ दिन्छु भनी बलात्कार गरेका थिए। पीडकलाई

प्रहरीले पक्राउ गरे। हाल पीडक पुर्पक्षका निम्ति जेलमा छन्।

दाङ जिल्ला विजौरी गाविस-८ घर भई खनालथोक गाविस-६ स्थित नौवीसेको इँट्टा भट्टामा काम गर्ने ८ वर्षीय बालिकालाई ०६१ जेठ ३ गते बेलुकी स्थानीय १७ वर्षीय राजकुमार न्यौपानेले चक्लेट दिएर निर्माणाधीन एक घरमा लगी बलात्कार गरे। पीडकलाई २ हजार रुपैयाँ धरौटीमा रिहा गरियो

खरेलथोक गाविस-५ का ५५ वर्षीय नेत्रप्रसाद खरेलले सोही ठाउँका ७ वर्षीय एक बालिकालाई ०६१ असार १५ गते दिउँसो बलात्कार गरेको र ६ वर्षीय अर्की एक बालिकालाई बलात्कार गर्ने प्रयास गरेको भनी एकैपटक पीडक उपर दुई मुद्दाहरू दर्ता भए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अनेरास्ववियु (क्रान्तिकारी) ले ०६१ जेठ २४ गतेदेखि अनिश्चितकालीन शैक्षिक हड्तालको आयोजना गरेका कारण सार्वजनिक तथा नीजि विद्यालयहरू बन्द भएको भनी जेठ २५ गते नीजि तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) ले चिन्ता व्यक्त गऱ्यो। बन्द र नाकाबन्दी जस्ता कुराले विद्यार्थीको भविष्यमाथि प्रतिकूल असर पर्ने भएकाले यस्ता कुराहरू नगर्न सो संगठनका जिल्ला अध्यक्ष गोविन्दलाल प्रधानाङ्गले विज्ञप्तिमार्फत् अनुरोध गरे। यसैगरी नेकपा (एमाले) का सचिव विदुर सापकोटाले ०६१ जेठ २७ गते एक विज्ञप्ति प्रकाशन गरी बन्द र नाकाबन्दीको विरोध गरे।

नेकपा (एमाले) सँग सम्वन्धित अनेरास्ववियुका जिल्ला अध्यक्ष दीपककुमार गौतमलाई ०६१ जेठ २४ गते बेलुकी सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले बन्दुक देखाएर तर्साएको विरोधमा सो संगठनले विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

माओवादीद्वारा आह्वान गरिएका ०६१ जेठ ६ गते तिनदिने वन्दका कारण अस्पताल लैजान नसकेर झाडापखाला लागेका न्याले गाविस-२ का वीरबहादुर तामाङको पाटीमै मृत्यु भयो।

यो वर्ष १३ महिला र २० पुरुषले आत्महत्या गरे। उग्रचण्डिनाला गाविस-५ की रूपा श्रेष्ठले ०६० चैत २३ गते परीक्षा बिग्रिएका कारण आत्महत्या गरिन् भने न्याले गाविस-३ का उद्धव थापाले गरिबीका कारण आत्महत्या गरे। होक्सेका प्रहरी बालकृष्ण गौतम र काभ्रे गाविस-३ का सेना राजाराम थापाले पनि बिष सेवन गरी आत्महत्या गरे। आत्महत्याका घटनामध्ये १४ वटा विष सेवन गरी र अरु झुण्डिएर भए।

यो वर्ष १७ सवारी दुर्घटनामा ३ महिलासहित १७ जनाको मृत्यु भयो। एकजना महिलासहित ७ वटा बेवारिसे लाश फेला परे। आगलागीका ३ वटा घटना भए जसमा १ जनाको ज्यान गयो। आगलागीमा सर्वसाधारणका घर र गोठहरूको क्षति हुँदा करिब ५ लाख रुपैयाँ बराबरको क्षति भयो। माटोले पुरिएर, निर्माणाधीन घरबाट लडेर, बाघले आक्रमण गरेर, रुखबाट लडेर, मिलको धुरामा परेका १२ वटा घटनामा ६ महिलासहित १२ जनाको ज्यान गयो। चट्याङका २ वटा घटनामा ५ जनाको मृत्यु भयो भने १८ जना घाइते भए।

२.१४ भक्तपुर



जनसंख्या	: २५०३२७
साक्षरता प्रतिशत	: ५९.१५
महिला साक्षरता प्रतिशत	: ४९.०८
क्षेत्रफल (वर्ग कि. मि.)	: १३८.४६
गाविस/नपा संख्या	: १६/२
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३००
क्याम्पस/उच्च मा.वि.	: १२/१०
अस्पताल/स्वास्थ्य चौकी	: ६/२६
टेलिफोन लाइन	: १४०००
मोटर सडक (कि. मि.)	: १८२
प्रहरी कार्यालय संख्या	: १६
हुलाक संख्या	: २२
मानव विकास सूचकांक	: ०.५९५
प्रति परिवार सरदर संख्या	: ६.०७

नागरिक तथा राजनीतिक अधिकार

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

भक्तपुर नपा-१२को वडा कार्यालयमा ०६० चैत १८ गते माओवादीले राखेको बम विस्फोट हुँदा सोही नपा-१२ स्थित वडा कार्यालयका परिचर विनोद खड्का र कुचीकार पूर्णबहादुर लवजु घाइते भए। घाइतेहरुको भक्तपुर अस्पतालमा उपचार गरियो।

मध्यपुर थिमी नपा-३ स्थित सिन्टीटार जग्गा एकीकरण आयोजनाको भवनमा ०६१ वैशाख २१ गते माओवादीले राखेको बम विस्फोट हुँदा कार्यालयका इन्जीनियर राजेश श्रेष्ठ, नासु कृष्णभक्त श्रेष्ठ र ग्राहक प्रभा न्यौपाने घाइते भए। घाइतेहरुमध्ये राजेश र कृष्णभक्तको स्थानीय स्वास्थ्य क्लिनिकमा र प्रभाको शिक्षण अस्पतालमा उपचार गरियो। कार्यालयको दोश्रो तल्लामा बम विस्फोट हुँदा झ्यालका शिशा फुट्नुका साथै फर्निचर र कागजपत्र जलेर नष्ट हुनका साथै ४ लाख रुपैयाँ बराबरको क्षति भएको बताइयो।

मध्यपुर थिमी नपा-१७ स्थित जिल्ला वन कार्यालयको भूइँ तल्लामा रहेको लेखा शाखामा ०६१ जेठ १३ गते माओवादीले बम विस्फोट गराउँदा सोही कार्यालयका परिचर मानबहादुर सारु मगर, १२ वर्षीय शर्मिला सारु मगर, ४ वर्षीय उर्मिला सारु मगर र चालक राजु थापा घाइते भए। घाइतेहरुमध्ये मानबहादुर र राजुको भक्तपुर अस्पतालमा र शर्मिला, उर्मिलाको शिक्षण अस्पतालमा उपचार गरियो।

भक्तपुर नपा-१६ स्थित जिल्ला सहकारी कार्यालयको तेश्रो तल्लामा ०६१ भदौ १६ गते बिहान माओवादीले बम विस्फोट गराउँदा कार्यालयको तीन तल्ला पूर्णरुपमा क्षति हुनुका साथै बाटो हिंड्दै गरेकी कटुञ्जे गाविस-६ की मायादेवी माक घाइते भइन्। घाइतेको छाउनी अस्पतालमा उपचार गरियो।

भक्तपुर नपा-१२ स्थित आन्तरिक राजश्व कार्यालयको भूइँ तल्लामा ०६१ कार्तिक २४ गते दिउँसो माओवादीले बम विस्फोट गराउँदा कार्यालयको झ्यालका शिशा फुट्नुका साथै कागजपत्र र फर्निचर जलेर नष्ट भए भने कार्यालयका परिचर ५२ वर्षीय हरिनारायण उपाध्याय कोइराला, दोलखा जिल्ला बिजु गाविस-३ का ३० वर्षीय जयबहादुर थामी र काभ्रे जिल्ला कानपुर गाविस-५ का १६ वर्षीय जसमान तामाङ घाइते भए। घाइतेहरुमध्ये जयबहादुरको वीर अस्पतालमा र हरिनारायण र जसमानको भक्तपुर अस्पतालमा उपचार गरियो। घाइतेहरुको टाउको र हात खुट्टामा चोट लागेको थियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

भक्तपुर जिविसका उपसभाति सुरेन्द्र केसीलगायत् दुईजना क्षेत्रीय सदस्यलाई पदवाट राजिनामा दिन माओवादीले धम्की दिए। उनीहरुले ०६१ जेठ ८ गते आफ्नो पदवाट राजीनामा दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भक्तपुर नपा- ३, ८, १२ र १६ वडाका सडकबाट ०६० माघ ९ गते सात विद्यार्थी संगठनहरुले जुलुश निकाल्ने क्रममा नेपाल विद्यार्थी संघका महामन्त्री गगन थापा, अनेरास्ववियुका महासचिव ठाकुर गैरेलगायत् १२ महिला विद्यार्थीसमेत ६७ जनालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई सोही दिन रिहा गरियो। नेक्राविसंघ, नेविसंघलगायत् सात वटा विद्यार्थी संगठनहरुले "राजतन्त्रको सान्दर्भिकता कति" भन्ने विषयमा आयोजना गरेको सभास्थलमा जुलुस सहित जाने क्रममा प्रहरीले गिरफ्तार गरेका थिए।

भक्तपुर नपा-७ बाट नेमकिपाका कार्यकर्ता रामचन्द्र वजीको र एमालेका चन्द्रप्रसाद रिमाललाई जुलुश प्रदर्शनका क्रममा प्रहरीलाई ढुंगामुढा गरेको आरोपमा ०६० माघ १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन रिहा गरियो।

भक्तपुर नपा-१६ बाट उपत्यका बन्द गराउन जुलुसमा सहभागी भएका नेमकिपाका कार्यकर्ता शर्मिला खाइजु र सविन ख्याजुलाई ०६० माघ १९ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिंहा गरे।

प्रतिगमन विरुद्ध पाँच राजनीतिक दलका कार्यकर्ताहरुले ०६१ जेठ ४ गते जिविस र भक्तपुर नपामा तालाबन्दी गरे। सोही क्रममा आन्दोलनकारीले जिविसमा कोणसभा गरिरहेको समयमा प्रहरीले लाठीचार्ज गरे। लाठीचार्जमा एमाले जिल्ला कमिटी उपसचिव सोमप्रसाद मिश्रसहित १२ जना घाइते भए। घाइतेहरुलाई भक्तपुर अस्पतालमा उपचार गरियो।

भक्तपुर नपा-१३ का २५ वर्षीय हरिरत्न गोर्खाली र सोही नपा-१६ का मुक्तिसुन्दर जधारीलाई ०६१ जेठ ४ गते प्रतिगमनविरुद्ध पाँच राजनीतिक पार्टीका कार्यकर्ताहरुले भक्तपुर जिविस र नपामा तालाबन्दी गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई सोही रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियावादी देवानी, दुनियावादी

फौजदारी र सरकारवादी फौजदारी मुद्दा गत वर्षको बाँकी र यस वर्ष दर्ता भएका गरी १ हजार ३ सय ४६ मुद्दामध्ये ५ सय १६ वटा फर्स्यौट भई ८ सय ३० बाँकी रहे। यस वर्ष माओवादीको आरोपमा ३८ जना व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। जसमध्ये ३ जनालाई तारेखमा छाडियो भने ३५ जना नजरबन्दमा रहेको जिल्ला प्रशासन कार्यालयले जनायो।

राजश्व कार्यालयमा माओवादीद्वारा गरिएको बम विस्फोटमा घाइते भएका हरिनारायण कोइराला

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

ताथली गाविस-२ झौखेल गाविसका इँटाभट्टा मजदुर हरिप्रसाद प्रजापतिसमेत ५ सयजना मजदुरले ०६० पुस २८ गते इँटाभट्टा नहटाउन आग्रह गर्दै जिल्ला प्रशासन कार्यालयमा घेराउ गरे। प्रमुख जिल्ला अधिकारी गेहनाथ भण्डारीसँग मजदुरहरुले सरकारद्वारा हटाउन लागेका इँटाभट्टा नहटाउन आग्रह गरी वार्ता गरे।

संरचना/सम्पत्ति क्षति

भक्तपुर नपा-१५ र १६ वडा कार्यालयमा ०६० चैत १८ गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

मध्यपुर थिमी नपा-१४ अरनिको राजमार्गमा बा. २ ज ५०७१ नं. को ट्याक्सीमा ०६० चैत २६ गते माओवादीले बम विस्फोट गराए।

भक्तपुर नगर विकास कार्यालयको बा. १ प ३१८९ नम्बरको मोटरसाइकल ०६१ जेठ ४ गते पाँच राजनीतिक दलका कार्यकर्ताहरुले प्रतिगमन विरुद्धको आन्दोलनका क्रममा आगो लगाई क्षतिग्रस्त पारे। आन्दोलनकारीहरुले कार्यालय भवन तोडफोडसमेत गरेका थिए।

मध्यपुर थिमी नपा-१५ गठ्ठाघरस्थित दूरसञ्चार कार्यालयमा ०६१ असार २७ गते बिहान माओवादीले बम विस्फोट गराए। कार्यालयको लेखा शाखाको काउण्टर नजिक फालेको बम विस्फोट हुँदा ६ वटा झ्यालका शिशा फुट्नुका साथै १० हजार रुपैयाँको क्षति भयो।

मध्यपुर थिमी नपा-८ स्थित संयुक्त वडा कार्यालयको भूइँ तल्लामा ०६१ असार २९ गते बिहान माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटबाट १ लाख रुपैयाँ बराबरको क्षति भएको सोही कार्यालयमा कार्यरत कर्मचारी कृष्णा श्रेष्ठले जानकारी दिए। मानवीय क्षति भने भएन।

सिपाडोल गाविस-२ स्थित जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयमा ०६१ भदौ ७ गते बिहान ७:४५ बजे माओवादीले बम विस्फोट गराए। विस्फोटबाट भवनमा क्षति पुग्नुका साथै २ लाख रुपैयाँ बराबरको क्षति भएको बताइयो।

कटुन्जे गाविस-६ स्थित कृषि विकास कार्यालयको पहिलो तलाको प्रशासन शाखामा ०६१ असोज ८ गते बिहान १०:३० बजे माओवादीले बम विस्फोट गराए। विस्फोटबाट २ लाख रुपैयाँ बराबरको क्षति भएको जनाइयो।

भक्तपुर नपा- १५ ब्यासी स्थित मालपोत कार्यालयको भूईं तलामा ०६१ पुस २ गते बिहान १०:१५ बजे माओवादीले बम विस्फोट गराए। विस्फोटबाट ४ लाख रुपैयाँ बराबरको क्षति भएको जानकारी घर धनी कृष्ण वैद्यले दिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते	१		१	१	७	१३	४	१७	१		१		१
गिरफ्तारी/यातना									६	२०	१	७१	९२
कुटपिट	१०	११	१	१२									
धम्की					१	३		३					
भेला/संगठित हुने अधिकार									१	१२			१२
महिलाअधिकार	६		६	६									
बालअधिकार	३		४	४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	२		२									
अमानवीय व्यवहार	१	२		२									
जम्मा	२२	१५	१२	२७	८	१६	४	२०	८	३२	२	७१	१०५

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

काठमाडौं जिल्ला नाइ्लेभारे गाविस-९ का मिलन भनिने रामबहादुर तामाङलाई भक्तपुर नपा-१५ व्यासीस्थित मालपोत कार्यालयमा बम बिस्फोट गराएको शंकामा ०६१ पुस २ गते सुरक्षाकर्मीले झौखेल गाविस-७ बाट गिरफ्तार गरे। पीडितलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अर्न्तगत मुद्दा चलाइएको छ।

बालअधिकार

भक्तपुर नपा-१४ की ११ वर्षीय एक बालिकालाई ०६१ जेठ ११ गते सोही ठाउँका ५५ वर्षीय बुद्धिरत्न बज्राचार्यले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएको छ।

मध्यपुर थिमी नपा-१७ स्थित मुक्ति सेवा संघमा बस्दै आएका ९ वर्षीय र १० वर्षीय दुई बालिकालाई ०६१ असार ७ गते सोही संस्थाका शिक्षक ३५ वर्षीय चिरञ्जीवी राइले बलात्कार गरे। पीडित बालिकाहरुलाई पटक-पटक बलात्कार गरेको भनी सिविनले भक्तपुर प्रहरीमा जाहेरी दिएको थियो। हाल प्रहरीले पीडकलाई गिरफ्तार गरी कारवाही चलाइरहेको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

ताथली गाविस-८ की २० वर्षीय एक महिलालाई ०६१ जेठ १२ गते १५/२० जनाको नकावधारी समूहले घर परिवारलाई हातखुट्टा बाँधेर बलात्कार गऱ्यो। पीडित तीन दिनपछि भक्तपुर अस्पतालमा आएर उपचार गराएकी थिइन्।

पारिवारिक हिंसा/बहुविवाह

भक्तपुर नपा-११ का २२ वर्षीय दिनेश सुवालले ०६० फागुन ६ गते भक्तपुर नपा-६ की १६ वर्षीय रस्मिला ख्याजुसँग दोस्रो विवाह गरे। जेठी पत्नी २१ वर्षीय मन्जना सुवालले भक्तपुर प्रहरीमा जोहरी दिएकी छन्।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

जिल्लास्थित सरकारी वकिलको कार्यालयले दिएको जानकारी अनुसार यस वर्ष सवारी दुर्घटनाबाट १७, पानीमा डुबेर ४ र झुण्डिएर १५ जनाको मृत्यु भयो। केही सार्वजनिक अपराध मुद्दा २४, चोरी मुद्दा १२, जीउ मास्ने-बेच्ने १, करेन्ट लागेर मृत्यु २, आगोले जलेर मृत्यु ११, कुटपिट मुद्दा ६, विष सेवनबाट मृत्यु ११, भवितव्यबाट मृत्यु १०, बलात्कार उद्योग मुद्दा १ थान, बलात्कार मुद्दा ३, किर्ते मुद्दा १, ठगी मुद्दा १, चौपाया हत्या मुद्दा १, आतंककारी मुद्दा १, आगजनीबाट ध्वस्त मुद्दा १ र व्यक्तिगत हत्या ३ भए।

यस वर्ष व्यक्तिगत रीसइवीका कारण २ महिला र १ पुरुष समेत ३ जनाको हत्या भयो।

यस वर्ष व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका १४ घटनामा ५ महिला र १० पुरुष पीडित भए।

विगतको अनुगमन

मध्यपुर थिमी नपा-१५ कौशलटारका ४१ वर्षीय धुव कार्की र राजेन्द्र रेग्मीलाई माओवादीको आरोपमा ०६० मंसिर ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा ०६० माघ महिनामा रिहा गरिएको पारिवारिक श्रोतले जानकारी दियो।

२.१५ काठमाडौं



जनसंख्या : १३००५२२
साक्षरता प्रतिशत : ७७.७
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : ३९५
गाविस/नपा संख्या : ५७/२
निर्वाचन क्षेत्र : ७
विद्यालय : ९४५
क्याम्पस/उच्च मा.वि. : ५७/१०४
अस्पताल/स्वास्थ्य चौकी : ३७/६८
टेलिफोन लाइन : २८००००
मोटर सडक (कि. मि.) : ८१०
प्रहरी कार्यालय संख्या : १९
हुलाक संख्या : ७१
मानव विकास सूचकांक : ०.६०३
प्रति परिवार सरदर संख्या : ४.६७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

दहचोक गाविसको भीरकोटमा अन्दाजी २५ वर्षीय नाम नखुलेका दुई माओवादीको ०६० माघ २२ गते राति सुरक्षाफौजको कारवाहीमा मृत्यु भयो। रक्षा मन्त्रालयले विज्ञप्ति जारी गरी शंकास्पद क्रियाकलापमा संलग्न माओवादीको मृत्यु भएको जनायो।

कामनपा-८ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उत्तरी भागमा शंकास्पद तरिकाले हिंडिरहेको अवस्थामा एक अज्ञात व्यक्तिको ०६१ जेठ १३ गते सैनिकले चलाएको गोलीबाट मृत्यु भयो। शंकास्पद तरिकाले बोरा बोकी धावनमार्गतर्फ प्रवेश गरिरहेका ती अपरिचित युवकलाई नभाग्न चेतावनी दिंदादिंदै पनि अटेर गरी हिडेकोले, गोली हान्दा घटनास्थलमा नै मृत्यु भएको सुरक्षाकर्मीले बताए।

रामकोट गाविस-५ स्थित सितापाइला गाविससँग जोडिएको पिपलबोट भन्ने ठाउँमा ०६१ असार ५ गते बिहान ४ बजे तीन वटा भ्यानमा आएका सुरक्षाकर्मीको कारवाहीमा एक अज्ञात व्यक्तिको मृत्यु भयो। बिहान ५.३० बजे स्थानीय व्यक्तिहरु बाहिर दुध बेच्न निस्किएपछि सुरक्षाफौजले उक्त व्यक्तिलाई चिनेका छौ भनेर सोधपुछ गरेको तर कसैले पनि चिन्न नसकेको बताए। अनुहार गोलीले क्षतविक्षत भएको चिन्न नसक्ने अवस्था थियो। सुरक्षाकर्मीले घटनास्थलदेखि ४ सय मिटर टाढा रहेको घरबाट कोदालो ल्याई लाशमा मट्टितेल छर्केर आगो लगाई अनुहार नचिनिने अवस्था खोल्सामा खाल्डो खनेर पुरेको प्रत्यक्षदर्शीले बताए। सुरक्षाकर्मीले आफूहरुमाथि बम हान्न खोज्दा प्रतिकारमा मारिएको वताएर स्थानीय व्यक्तिलाई सनाखत गराएका थिए।

पर्सा जिल्ला वीरगञ्ज घर भई कामनमा-९ मा बस्ने नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयका निर्देशक ५२ वर्षीय उल्लास वैद्य र नुवाकोट जिल्ला टुकुचे गाविस-१ घर भई मध्यान्ह दैनिकमा वितरकको रुपमा काम गर्ने २२ वर्षीय कृष्ण अधिकारी ०६१ असार २९ गते बेलुका कामनपा-१० स्थित पुरानो बानेश्वर चोकमा सुरक्षाकर्मीले चलाएको गोली लागी मारिए। उल्लासले माओवादी कृष्णलाई चन्दा दिइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए।

कामनपा-२० गणेशस्थानका २८ वर्षीय अनोद शाहीको ०६१ असोज १८ गते राति वसन्तपुरस्थित हनुमानढोकाको पश्चिम ढोकातर्फ गद्दी वैठकमा सुरक्षार्थ खटिएका एक सैनिकले प्रहार गरेको गोली लागि मृत्यु भयो। उक्त घटनामा कामनपा-१७ ढल्कोका दीपेन्द्र वज्राचार्य टाउकोमा गोली लागी सख्त घाइते भएकोमा उनको वीर अस्पतालमा उपचार गरियो।

ताप्लेजुङ जिल्लाका ३० वर्षीय शिवराम राईको ०६१ भदौ १६ गते काठमाडौंस्थित रत्नपार्कमा ०६१ भदौ १५ गते इराकमा अन्सर अल सुन्ना नामक आतंकवादी समूहद्वारा १२ जना नेपाली युवाहरु मारिएको घटनाको विरुद्ध प्रदर्शन गर्दा सुरक्षाकर्मीको गोलीद्वारा घाइते भएकोमा उपचारका क्रममा वीर अस्पतालमा मृत्यु भयो।

माओवादीबाट

दक्षिणकाली गाविस-९ को जंगलमा ०६० माघ १ गते राति सर्चमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा शाही नेपाली सेनाका जवान रनदीप मगरको मृत्यु भयो।

लमजुङ जिल्ला धमिलीकुवा गाविस-२ घर भई गोंगबु बस्ने नेपाल माओवादी पीडित संघका अध्यक्ष ३६ वर्षीय गणेश चिलुवालको ०६० फागुन ३ गते बेलुकी ५.१५ बजे कामनपा-३१ बागबजार स्थित पुरानो बसपार्कको पछाडि चार तला माथि रहेको संघको कार्यालय बन्द गरी तल झर्दा माओवादीले तेस्रो तलामै गोली हानी हत्या गरे। चिलुवालले ०५६ सालमा नेपाल माओवादी पीडित संघ खोली काठमाडौंमा विस्थापित जीवन बिताइरहेका र माओवादी हत्याहिंसाको विरोधमा कार्यरत थिए। चिलुवाल अध्यक्ष रहेको नेपाल माओवादी पीडित संघले ०६० फागुन १ गतेलाई कालो दिवस घोषणा गरी फागुन १ गते माओवादी नेता प्रचण्ड र बाबुरामको विरुद्धमा नाराबाजी गर्दै पुतला जलाएको थियो। माओवादीको उपत्यका समन्वय समितिका इन्चार्ज प्रभाकिरणले तीन महिनाअघि चिलुवालको नाउँमा पत्र पठाएर संघलाई विघटन गर्न र घर फर्कन आग्रह गर्दै, नगरेमा भौतिक रुपमा सफाया गर्न चेतवानी दिएको संघका उपाध्यक्षले बताए।

कामनपा-१ स्थित प्रहरी प्रधान कार्यालयमा प्राविधिक पदमा कार्यरत प्रहरी जवान २७ वर्षीय नीरविक्रम शाहलाई ०६० फागुन १८ गते कामनपा-७ चाबहिल गोपिकृष्ण सिनेमा हल नजिक माओवादीले गोली हानी हत्या गरे। पीडित कार्यालयबाट मोटरसाइकलमा निवासतर्फ गइरहेको बेला माओवादीले टाउकोमा अन्धाधुन्ध गोली हानेका थिए।

कामनपा-२९ सोह्रखुट्टे खुसिबुका शाही नेपाली सेनाको छाउनी व्यारेकमा कार्यरत क्याप्टेन ३६ वर्षीय धनबहादुर थापालाई ०६० चैत १४ गते बिहान १०.३० बजे मोटरसाइकलबाट कार्यालयतर्फ जान लाग्दा माओवादीले गोली हानी हत्या गरे। पीडितको छाती र घाँटीमा गरी दुई गोली लागी घाइते भएको अवस्थामा छाउनीस्थित सैनिक अस्पतालमा उपचार गराउँदा-गराउँदै १२ बजे मृत्यु भएको थियो।

आरएनएसी भवन अगाडि ०६१ जेठ १७ गते विहान काठमाडौंबाट बाग्लुङतर्फ जाँदै गरेको बा. १ ख ४२९४ नम्बरको साझा बसमा माओवादीले बम विस्फोटन गराउँदा बाग्लुङ जिल्ला घर भएका सोही बसका खलासी २२ वर्षीय विष्णुबहादुर चन्दसहित बसमा यात्रा गरिरहेका २१ यात्रु घाइते भएकोमा वीर अस्पतालमा उपचार हुँदाहुँदै विष्णुबहादुरको सोही दिन बेलुका मृत्यु भयो। उक्त विस्फोटमा परी पर्वत जिल्लाका ईश्वर दाहाल र नरबहादुर रिजेसी, पाल्पाका तारा रानाभाट, बाग्लुङका मुना पौडेल र खिमा पौडेल, काभ्रेका उज्ज्वल तामाङ र धनप्रसाद गौतम, बुटवलका बविशिशिर सेन, स्याङ्जाका प्रकाश आचार्य, दोलखाका ठाकुर कार्की, पोखराका उमानाथ पौडेल, रुपन्देहीका सन्तोष मिश्र, भैरहवाका जैन उल्लाह र ललितपुर जिल्ला भैंसेपाटीका खड्ग त्रिपाठी घाइते भए। घाइतेहरुको वीर अस्पतालमा उपचार गरियो।

गोलढुंगा गाविस भवनमा ०६१ जेठ १८ गते राति माओवादीले कुकर बम विस्फोट गराउँदा सोही ठाउँका २९ वर्षीय योगेन्द्र आचार्यको मृत्यु भयो। बिस्फोटबाट गाविस भवनमा रहेका जनस्वास्थ्य कार्यालय, इलाका हुलाक कार्यालयलगायत्का कोठाहरुमा क्षति पुगी १३ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले अनुमान गरे।

म्याग्दी जिल्ला बबियाचौर गाविस घर भई गोंगबु गाविस-६ मा बस्दै आएका पूर्व शिक्षक ५७ वर्षीय रामप्रकाश श्रेष्ठलाई ०६१ जेठ ३१ गते बेलुका माओवादीले गोली हानी हत्या गरे। दुईजना हतियारधारी माओवादीले छोरीको घरमा बसिरहेका रामप्रकाशलाई घरमै गोली हानी हत्या गरेका थिए।

कामनपा-१२ का मनोनित वडाध्यक्ष ४८ वर्षीय महेशमान श्रेष्ठलाई ०६१ असार २२ गते बिहान १० बजे माओवादीले गोली हानी हत्या गरे। मोटरसाइकलमा घरबाट कार्यालय आएका पीडितलाई कार्यालय अगाडि मोटरसाइकल रोकेर उत्रनासाथ अन्धाधुन्ध गोली प्रहार गरिएको थियो। श्रेष्ठको काँध, छाती, पेट र ढाडमा गोली लागेको थियो। गोली लागी घाइते भएका पीडितलाई उपचारार्थ वीर अस्पताल पुऱ्याउने बित्तिकै मृत्यु भएको थियो।

क्षेत्रीय प्रहरी इकाई कार्यालय, प्रदर्शनीमार्गमा कार्यरत डीएसपी उत्तम कार्कीलाई गोंगबु गाविस भण्डारी गाउँस्थित घरबाट बा. ७ प ७९१ नम्बरको मोटरसाइकल चढेर कार्यालयतर्फ जाँदै गरेको अवस्थामा ०६१ असार २२ गते बिहान ९ बजे माओवादीले गोली हानी घाइते बनाएकोमा त्रिवि शिक्षण अस्पतालमा उपचार गराउँदा-गराउँदै मृत्यु भयो।

कामनपा-७ गौरीघाटका गृह मन्त्रालयका सहलेखापाल राजन कुइँकेललाई ०६१ असार २३ गते बेलुका माओवादीले गोली हानी हत्या गरे। कार्यालयबाट घर आउने बित्तिकै दुई जनाको संख्यामा आएका माओवादीले हानेको गोली राजनको टाउको र छातीमा लागेको थियो। उपचारार्थ चाबहिलस्थित मेडिकेयर अस्पतालमा लगिएकोमा उपचारकै क्रममा पीडितको मृत्यु भएको थियो।

कामनपा-१९ वाफलका बद्री त्रिपाठीलाई ०६१ असार २६ गते बिहान ५.३० बजे बसन्तपुरस्थित गणेशस्थानमा रहेको कोल्डस्टोरमा दुईजनाको संख्यामा आएका माओवादीले गोली हानी हत्या गरे। पसल खोल्ने बित्तिकै माओवादीले हानेको दुई गोली छातीमा लागेका त्रिपाठीलाई तत्काल उपचारार्थ वीर अस्पतालमा ल्याउँदा-ल्याउँदै बाटामै मृत्यु भएको थियो।

कामनपा-२९ सामाखुशीमा शिक्षक ३८ वर्षीय टीकाबहादुर केसीलाई ०६१ असार ३१ गते साँझ माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२		२	१६	२२			२२	६	९			९
घाइते	२	२		२	१०	२५	७	१३	४५	५	९	१		१०
बम विस्फोट					९			९	९					
हिरासत वा थुनामा मृत्यु										२	२			२
गिरफ्तारी/यातना										४०	७३	१	२४	९८
बेपत्ता										६०	७८	२	१	८१
कुटपिट										६	९			९
धम्की										१	१			१
बालअधिकार	२		७	७										
अपहरण	४	४		४	३	१४		४७	६१					
जम्मा	१०	८	७	१५	३८	६१	७	६९	१३७	१२०	१८१	४	२५	२१०

गोली हानी हत्या गरे। पीडित सोही ठाउँको स्थानीय होटलमा खाना खाइरहेको अवस्थामा दुई माओवादी कार्यकर्ता आई टाउकोमा गोली हानी भागेका थिए।

कामनपा-३५ कोटेश्वरस्थित तरकारी वजारमा ०६१ साउन ३ गते बिहान १०:१५ बजे माउण्टेन बाइकमा राखिएको बम विष्फोट हुँदा बारा जिल्ला कलैया घर भएका गणेश ठाकुरको वीर अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो भने अन्य ४ जना घाइते भए। पीडित सोही ठाउँमा कपाल काट्ने पेशा गर्दै आएका थिए।

कामनपा-७ चाबहिलस्थित प्रहरी बिटमा कार्यरत प्रहरी असई पृथ्वीबहादुर सिंहलाई ०६१ भदौ ५ गते बिहान ८ बजे माओवादीले गोली हानी हत्या गरे। मृतक सिंहलाई दुईजनाको संख्यामा आएका माओवादीले गोपिकृष्ण सिनेमा हल अगाडि सडकसम्म पुऱ्याएर कन्चट र टाउकोमा गोली प्रहार गरी घाइते बनाएपछि उपचारार्थ ओम नर्सिङ होम लगिएको थियो। उनको उपचार हुँदाहुँदै मृत्य भयो।

मकवानपुर जिल्ला गोगने घर भई कामनपा-७ स्थित सरस्वतीनगरमा डेरा गरी बस्ने बालुवा ठेकेदार ३१ वर्षीय रामकुमार तामाङलाई ०६१ भदौ ७ गते बिहान ७ बजे चोकमा चिया खाएर घर फर्कदै गर्दा माओवादीले ६ राउण्ड गोली हानी घाइते बनाएकोमा उपचार गर्दागर्दै मृत्यु भयो। पीडितको दायाँ छाती, पेट, करङ र पाखुरामा गोली लागेकोमा उपचारार्थ ओम नर्सिङ् होम लगिएको थियो।

गोंगबु नयाँ बसपार्कस्थित ट्राफिक प्रहरी कार्यालयमा कार्यरत प्रहरी सई राजन श्रेष्ठलाई ०६१ भदौ १२ गते दिउँसो माओवादीले गोली प्रहार गर्दा घाइते भएकोमा वीरेन्द्र सैनिक अस्पतालमा उपचार गराउँदा-गराउँदै मृत्यु भयो।

कामनपा-२९ सामाखुसीका सशस्त्र प्रहरी बलका इन्स्पेक्टर ३८ वर्षीय विष्णुविक्रम अधिकारीलाई ०६१ असोज २२ गते बिहान ९.२० बजे माओवादीले कामनपा-१६ नयाँबजार म्हेपीमा गोली हानी हत्या गरे। पीडित दीपशिखा बोर्डिङ् स्कूलमा कार्यरत पत्नी विभिता अधिकारीलाई स्कूलमा पुऱ्याएर मोटरसाइकलमा फर्कदै गरेको अवस्थामा म्हेपीस्थित रायमाझी टोलमा आइपुग्दा माओवादीले अगाडिबाट चार र पछाडिबाट दुई गोली प्रहार गरेका थिए। छाती र कोखामा गोली लागी सख्त घाइते भएका अधिकारीलाई उपचारार्थ वीर अस्पताल पुऱ्याउँदा मृत्यु भइसकेको थियो।

पुखुलाक्षी गाविस-८ साँखुमा रहेको इलाका प्रहरी कार्यालयमा ०६१ पुस ३ गते साँझ ५ बजे माओवादीले आक्रमण गर्दा ५ जना प्रहरीको मृत्यु भयो। आक्रमणबाट भक्तपुर जिल्ला बागेश्वरी गाविस-८ घर भएका प्रहरी इन्स्पेक्टर इन्द्रबहादुर लामा, हवल्दारद्वय सर्लाही जिल्लाका ज्ञानबहादुर केसी र काभ्रे जिल्लाका गणेश मैनाली तथा प्रहरी जवानहरु पाल्पा जिल्लाका पुष्कर सुनुवार र बुद्धिमान

माओवादीद्वारा गोली हानी मारिएकका माओवादी पीडित संघका अध्यक्ष गणेश चिलुवाल

परियारको मृत्यु भयो। घाइते भएका ११ मध्ये प्रहरी जवान दिनेश रावल, धनवहादुर सुनुवार, जयबहादुर थापा, ज्ञानवहादुर तामाङ र भीम थापा गम्भीर घाइते भएका थिए भने भान्से माधव चौंलागाईको दुवै खुट्टामा गोली लागेको थियो। घाइते भएका ३ प्रहरीको साँखुस्थित सुष्मा कोइराला मेडिकल ट्रष्टमा उपचार भयो। बस र ट्याक्सीमा आएका माओवादीले बाहिरबाट आउने बाटोमा अवरोध खडा गरी आक्रमण गरेका थिए। उक्त घटनाबाट माओवादीले कार्यालयमा रहेका १५ थान थ्रीनटथ्री राइफल, दुई वटा टियर ग्याँस, राइफल, चार वटा माउजर, ६ वटा सटगन, तीन वटा पेस्तोल, दुई वटा सञ्चार सेट र २४ सय गोली लगेको सुरक्षास्रोतले जनायो।

दोहोरो भिडन्त

डाँछी गाविसस्थित थलीमा ०६१ असोज २ गते अपरान्ह ३ बजे गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त भयो। उक्त भिडन्तमा घाइते भएका खोटाङ जिल्ला चिउरीडाँडा घर भएका माओवादी दीपक राईको चावहिलस्थित मेडिकेयर अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो। घटनामा घाइते भोजपुर जिल्ला घर भएका माओवादी फुर्वा शेर्पा र प्रहरी जवान पुष्प खत्रीको मेडिकेयर अस्पताल, चावहिलमा उपचार भयो।

गोली / बम / एम्बुसद्वारा घाइते

राज्यबाट

धापासी गाविस-९ बसुन्धारा वीरेन्द्र स्मृति पार्कका २६ वर्षीय किशोर खड्कालाई ०६० चैत ७ गते राति सशस्त्र प्रहरी जवान बुद्धिबहादुर लामाले गोली प्रहार गरी घाइते पारे। प्रहरीले चलाएको गोलीबाट किशोरको आँखा समेत बाहिर आएको थियो। पीडितको त्रिवि शिक्षण अस्पतालमा उपचार गरिएकोमा एउटा आँखा काम नलाग्ने भएको छ।

त्रिभुवन विमानस्थल कार्यालयको सुरक्षार्थ खटिएका शाही नेपाली सेनाका जवानले ०६१ जेठ ११ गते वरिष्ठ प्रहरी उपरीक्षक मानबहादुर रावलको सामान लिएर गएको बा. २ च ३६९२ नम्बरको जीप विमानस्थलबाट फर्कने क्रममा गोली प्रहार गर्दा प्रहरी जवान जयसिं रावल, हवल्दार सोमबहादुर भुजेल र पर्यटक बाहनका चालक गणेश कोइराला घाइते भए। घाइतेहरुको उपचार काठमाडौ मेडिकल कलेजमा गरियो। सेनाको जनसम्पर्क निर्देशनालयले एक व्यक्तव्य जारी गरी प्रहरीहरुले अश्लील शब्द प्रयोग गर्दै गाडी लिएर भाग्दै गरेको अवस्थामा गोली प्रहार गरेको जनाएको थियो।

माओवादीद्वारा गोली हानी मारिएका मनोनित १२ नं. वडाध्यक्ष महेशमान श्रेष्ठ

पर्सा जिल्ला वीरगञ्ज घर भई कामनपा-३३ रातोपुल बस्दै आएका विशाल शर्मालाई ०६१ असार २ गते दिउँसो आफूलाई माओवादी भएको बताउँदै पटकपटक एक डाक्टरसँग पैसा असुल्दै आएको आरोपमा सर्वोच्च अदालतअगाडि सुरक्षाकर्मीले गोली हानी गिरफ्तार गरे। थापाथलीमा क्लिनिक सञ्चालन गरेर बसेका डा. एन.सी. राईसँग ती व्यक्तिले यस अघि १ लाख ५० हजार रुपैयाँ चन्दा मागेर लगेको र असार २ गते पुन: २५ हजार रुपैयाँ चन्दा मागेपछि सुरक्षाकर्मीले क्लिनिक वरिपरि निगरानी राखेको थियो। विशाल चन्दा माग्न गएको समयमा क्लिनिक वरपर सुरक्षाकर्मी देखी भागेपछि सुरक्षाकर्मीले गोली प्रहार गर्दा गोली लागी घाइते भएका थिए। उनलाई गिरफ्तार गरी उपचारार्थ वीरेन्द्र सैनिक अस्पताल छाउनी लगिएको थियो। माओवादीका काठमाडौं विशेष संगठन समिति संयोजक प्रशान्तले असार ३ गते एक विज्ञप्तिमार्फत् पक्राउ गरिएका विशाल शर्मा माओवादीको सम्पर्कमा नरहेको जनाए।

हिरासतमा मृत्यु भएका माओवादी कार्यकर्ता प्रशान्त भनिने साधुराम देवकोटा

कामनपा-३ पानीपोखरी पेट्रोलपम्प नजिकैको एक रेष्टुराँमा दिक्षान्त मल्ललाई ०६१ भदौ १३ गते सशस्त्र प्रहरीका एक हवल्दारले गोली प्रहार गरी घाइते बनाए। घाइतेको त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भयो। उनको पाखुरा र कोखामा गोली लागेको थियो। गोली प्रहार गर्ने हवल्दारलाई जनपथ प्रहरीले नियन्त्रणमा लिए।

माओवादीबाट

कामनपा-३ लाजिम्पाटस्थित मुनड्रप्स ओभरसिज सर्भिस प्रा. लि.को कार्यालयमा ०६१ वैशाख २८ गते बिहान माओवादीले बम विस्फोट गराए। विस्फोटनबाट सोही कार्यालयमा कार्यरत भोजपुर जिल्ला घर भएका २३ वर्षीय कुशल कटुवाल घाइते भए।

कामनपा-१२ टेकुस्थित श्रम कार्यालयमा ०६१ जेठ १४ गते साँझ माओवादीले कार्यालयको पछाडि पट्टि बम विस्फोट गराउँदै कार्यालय पछाडि डेरा लिई बसेका एकै परिवारका दुईजना सामान्य घाइते भए।

कास्की जिल्ला पोखरास्थित यातायात व्यवस्था विभागका कार्यालय प्रमुख जीवन सेढाईलाई ०६१ जेठ २८ गते दिउँसो माओवादीले कामनपा-१० बानेश्वरस्थित शिवशक्ति ट्रेडर्स, हजुरको पसल अगाडि गोली हानी घाइते बनाए। पीडितलाई उपचारार्थ त्रिवि शिक्षण अस्तपताल लगियो।

कामनपा-३२ चारखालस्थित मालपोत कार्यालयमा सुरक्षार्थ खटिएका प्रहरी जवान टोपबहादुर बुढाथोकी ०६१ भदौ ४ गते बिहान माओवादीले प्रहार गरेको गोली लागी गम्भीर घाइते भए। पीडितको घाँटी र देब्रे गालामा गोली लागेको थियो। चिन्ताजनक अवस्थामा रहेका पीडितको वीर अस्पतालमा उपचार भयो। माओवादीले प्रहरी जवानलाई गोली प्रहार गरेपछि सोही कार्यालयमा दुई प्रेसरकुकर बम विस्फोट गराउँदा दुई सर्वसाधारण घाइते भए भने मालपोत कार्यालय अगाडिका दुई सटरसमेत भत्किनुका साथै झ्यालका केही शिशासमेत फुटे। घाइतेहरुको पाटन अस्पतालमा उपचार गरियो।

बिष्णु बुढानीलकण्ठ गाविस-३ बाँसघारीको पसिकोटस्थित कलभर्टमा शाही नेपाली सेनाका पूर्वी पृतना हेडक्वार्टर, इटहरीमा कार्यरत कर्णेल प्रदीपविक्रम राणाकी पत्नी अम्बु राणा चढेको बा. १ झ ३६४२ नं. गाडी ०६१

असोज १५ गते साँझ ६ वजे माओवादीले विद्युतीय धरापमा पारी विस्फोट गराए। विस्फोटमा अम्बु र गाडी चालक जनकप्रसाद मैनाली सख्त घाइते भए। पीडितहरुको वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार भयो।

कामनपा-५ सुकेधारास्थित जिल्ला कृषि विकास कार्यालयमा ०६१ भदौ ८ गते मंगलबार माओवादीले बम विस्फोट गराउंदा चारजना घाइते भए। विस्फोटनबाट कार्यालयको दश लाखको धनमाल क्षति भयो। घरको भुईं तलामा घरधनीहरू बस्ने गर्थे र माथिका सबै तला कृषि कार्यालयलाई भाडामा दिइएको थियो। विस्फोटनमा घाइते भएका द्विपिका खड्का, शिवहरि खतिवडा, दानबहादुर कार्की र तुलबहादुर तामाङको अवस्था सामान्य छ। डिएस्पी गणेश केसीका अनुसार साँघुरो कोठामा विस्फोटन हुँदा त्यसको प्रभाव सिंगै घरमा परेको थियो। केसीका अनुसार भवन र कार्यालय गरी झन्डै २५ लाखको क्षति भएको छ। विस्फोटनले दोस्रो तलाका सबै भित्ता ध्वस्त भयो।

सुन्धारास्थित सञ्चयकोष भवनको पहिलो तलाको लिफ्ट नजिक ०६१ कार्तिक २४ गते दिउँसो २.३० बजे माओवादीले राखेको बम विस्फोट हुँदा ३८ जना सर्वसाधारण घाइते भए। घाइते हुनेहरुमा दोलखाका ३० वर्षीय पूर्ण डंगोल र टेम्पो चालक २७ वर्षीय गोकुलसिंह तामाङ, सुनसरीका १९ वर्षीय चिरन थापा र १७ वर्षीय खुशीलाल, कीर्तिपुरका २८ वर्षीय राजु महर्जन, वानेश्वरका २६ वर्षीय अनुप शाह, काभ्रेका भवनाथ हुमागाईं, २६ वर्षीय ध्रुवकुमार रायमाझी र शम्भु दवाडी, दाङका २७ वर्षीय प्रकाश न्यौपाने, विराटनगरकी ३४ वर्षीय दीपा पोखेल, कालिमाटीकी १५ वर्षीय सीता नेपाली, वाफलकी ५७ वर्षीय दयाकुमारी महर्जन, कालिमाटीकी यमुना कार्की, धादिङका ४२ वर्षीय रामकृष्ण श्रेष्ठ, हेटौंडाका ३२ वर्षीय कृष्णबहादुर लामा, सुनसरीका १९ वर्षीय विजय मुखिया, ज्याठाका ३९ वर्षीय राम श्रेष्ठ, बानेश्वरका ६२ बर्षीय रामवहादुर गौचनलगायत् थिए। घाइते हुनेमध्ये १२ जना सोही भवनमा कार्यरत मजदुर, केही टेम्पो चालक र अन्य बाटोमा हिड्ने सर्वसाधारण र यात्रुहरु थिए।

सशस्त्र प्रहरी उपरीक्षक सनतकुमार बस्नेतलाई ०६१ मंसिर १४ गते जितपुरफेदी गाविस-८ तीनपिप्लेमा काठमाडौबाट सशस्त्र प्रहरी तालिम केन्द्र ककनी जाने क्रममा माओवादीले गोली हानी घाइते पारे। वायाँ खुट्टामा गोली लागेका पीडितको उपचार वीरेन्द्र सैनिक अस्पताल छाउनीमा भयो।

छैमले गाविस-९ चोबुस्थित गाविस भवनमा माओवादीले राखेको बम निष्क्रिय बनाउन लाग्दा प्रहरी हवल्दार र सैनिक जवान खिमवहादुर अधिकारी घाइते भए। माओवादीले गाविस भवनमा विस्फोट गराई बाटोमा स्वागतद्वार वनाएर तुल, झन्डा र जमीनमुनि गाडेर चारवटा बम राखेका थिए। सुरक्षाकर्मीले तीनवटा वम निस्कृय बनाएको थियो भने जमीनमुनि गाडेर राखेको एउटा प्रेसरकुकर बम विस्फोट हुँदा दुई सुरक्षाकर्मी घाइते भएका थिए।

अन्यबाट

गोरखा जिल्ला आरुघाटका २० वर्षीय बुद्ध गुरुङ ०६१ भदौ ११ गते अज्ञात व्यक्तिले कामनपा-७ चावहिलस्थित ओम नर्सिङ्ग होम नजिकै हानेको गोली प्रहारबाट घाइते भए।

जेल र बन्दीहरू

नेपालकै सबैभन्दा बढी क्षमता र सुविधा सम्पन्न मानिने केन्द्रीय कारागारको बन्दी क्षमता ७ सय जनाको रहे पनि हाल ७ सय ८९ जना बन्दी छन्। बन्दीहरुमध्ये कैद तोकिएका ४ सय ४९ र कैद नतोकिएका ३ सय ४० जना छन्। जसमध्ये, ६० जना बन्दी विदेशी छन्। यस जेलमा २ जना नाबालक पनि आफ्ना अभिभावकसँगै छन्। केन्द्रीय कारागारअन्तर्गतकै ७५ जना बन्दी क्षमता रहेको महिला कारागारमा जम्मा १ सय १ जना महिला बन्दी छन्। यसमा ५९ जना कैद तोकिएका र ४२ जना कैद नतोकिएका छन्। जसमध्ये ७ जना विदेशी महिला बन्दी छन् भने ३ जना नाबालक पनि आफ्ना अभिभावकसँगै रहेका छन्।

भद्रबन्दी गृहमा भने २ सय ८७ जना कैद तोकिएका र १ सय ९१ जना कैद नतोकिएका गरी कूल ४ सय ७८ जना बन्दी छन्। भद्रबन्दी गृहको बन्दी क्षमता ४ सय जनाको छ। यसमा रहेकाहरुमध्ये ३५ जना विदेशी छन्।

चारखाल अड्डामा रहेको सदरखोर जेलको बन्दी क्षमता १ सय ५० रहे पनि हाल ३ सय २८ जना बन्दी छन्। यी बन्दीमध्ये १७ जना कैद तोकिएका र ३ सय ११ जना कैद नतोकिएका छन्। जेलमा १३ जना विदेशी रहेका छन् भने २८ जना महिला बन्दी छन्। राणाकालमा निर्मित जीर्ण अवस्थामा रहेको यस जेलमा खानेपानी, ढललगायत्को समस्या छ।



सुरक्षाकर्मीद्वारा गोली हानी घाइते बनाइएका किशोर खड्का

हिरासतमा मृत्यु

कामनपा-३ महाराजगञ्जस्थित भैरवनाथ गणमा राखिएका गोरखा जिल्ला घेरुङ गाविस-७ का तोपबहादुर आलेमगरको ०६१ कार्तिक ३ गते मृत्यु भयो। भद्रकाली गाविस-८ स्थित कृष्णकुमार राईको घरबाट पीडित आलेमगरसहित झापा घर भई कामनपा-४ बालुवाटार बस्ने मेघराज श्रेष्ठ, गोरखा जिल्ला घर भई कामनपा-४ चुनीदेवी बस्ने सन्त गुरुङ र कामनपा-३ महाराजगञ्ज बस्ने पवनबहादुर पुनलाई ०६१ असोज ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी भैरवनाथ गणमा हिरासतमा राखेका थिए। तर, सेनाले आलेमगरलाई हृदयघात भए पछि उपचारार्थ अस्पतालमा लाँदालाँदै बाटोमा मृत्यु भएको जनायो।

गोरखा जिल्ला फुजेल गाविस-६ घर भई शाही नेपाली सेनाको १ नम्बर बाहिनी बालाजुमा सैनिक हिरासतमा रहेका माओवादीका पूर्व उपत्यका संयोजक प्रशान्त भनिने साधुराम देवकोटाले ०६१ पुस ४ गते अपरान्ह ३.४० बजे आफ्नै जुत्ताको तुनाको पासो लगाई आत्महत्या गरेको प्रमुख सेनानी ध्रुव शाहले एक पत्रकार सम्मेलनमार्फत् जानकारी गराए। प्रशान्तलाई ०६१ कार्तिक १९ गते भोटेबहालबाट सुरक्षाकर्मीले गिरफ्तार गरेको बताइएको थियो।

बेपत्ता / अपहरण

राज्यबाट

धादिङ जिल्ला बेनिघाट गाविस-७ घर भई कामनपा-१४ कलंकी डेरा गरी बस्ने नेपाल राष्ट्र बैंकका कर्मचारी ४५ वर्षीय कृष्णराज सिलवाललाई ०६० पुस २६ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले डेराबाट गिरफ्तार गरी बेपत्ता पारे।

सिन्धुपाल्चोक जिल्ला घर भई कामनपा-१० पुरानो बानेश्वर बस्ने ३३ वर्षीय कृष्णबहादुर खड्कालाई ०६० पुस २७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। खुद्रा व्यापार सञ्चालन गर्दै आएका पीडितलाई सुरक्षाकर्मीले गिरफ्तारपछि नीजि भ्यानमा हाली लगेका थिए।

धादिङ जिल्ला जीवनपुर गाविस-२ घर भई कामनपा-१८ नरदेवी डेरा गरी बस्ने २४ वर्षीय विदुर रेग्मीलाई ०६० पुस २९ गते सादा पोशाकमा आएका ४ जना सुरक्षाकर्मीले सुरज आर्केडबाट गिरफ्तार गरी बेपत्ता पारे।

धादिङ जिल्ला फुलखर्क गाविस घर भई कामनपा-२९ ठमेलमा पर्यटन व्यवसाय सञ्चालन गरी बसेका नेपाल एशोसिएसन अफ ऱ्याफ्टिङ एजेन्टस्का संस्थापक अध्यक्ष ३३ वर्षीय ज्योति अधिकारीलाई माओवादीको आरोपमा ०६० माघ ९ गते कार्यालयबाटै सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

रामेछाप जिल्ला घर भई कामनपा-९ पुरानो बानेश्वर डेरा गरी बस्ने २७ वर्षीय राजेश भन्ने चुडामणि कार्कीलाई ०६० माघ १५ गते गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नुवाकोट जिल्ला कुमरी गाविस-४ का दाजु भाइ २३ वर्षीय देवीप्रसाद ढुङ्गेल र २१ वर्षीय प्रकाश ढुङ्गेललाई ०६० माघ १५ गते दिउँसो कामनपा-१४ कलंकी खसीबजारबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। दुई वर्षदेखि खसी व्यापार गर्दै आएका देवीप्रसादसँग ५० हजार रुपैयाँ पनि साथमै थियो। पीडितलाई आफन्तले सादा पोशाकका सुरक्षाकर्मीसँग भोलिपल्ट बालाजु र त्यसपछि कलंकीमा देखेका थिए। तर, सुरक्षाकर्मीले बोल्न पनि नदिई धम्क्याएर पठाएका थिए।

नुवाकोट जिल्ला थान्सिङ गाविस-२ घर भई कामनपा-१३ वाफल डेरा गरी बस्ने ३१ वर्षीय रामचन्द्र भण्डारीलाई ०६० माघ १७ गते दिउँसो वाफलबाट सादा पोशाकमा आएका आफूलाई सुरक्षाकर्मी हौं भन्नेहरुले सोधपुछ गर्नु छ भनी गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

नुवाकोट जिल्ला अमर प्राविका प्रधानाध्यापक ४५ वर्षीय यमनाथ लोहनीलाई ०६० फागुन १८ गते नुवाकोट र काठमाडौंको सीमा रानीवनबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।



सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका बायाँबाट क्रमशः लोकप्रसाद भुर्तेल, प्रकाश थापा, नारायणध्वज महत र विदुर रेग्मी

नुवाकोट जिल्ला घर भई गोंगबु गाविस-८ महादेवटार बस्ने काठ उद्योग सञ्चालक २२ वर्षीय सिताराम तामाङलाई ०६० फागुन २२ गते सोही ठाउँबाट १० जनाको संख्यामा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

गोरखा जिल्ला घर भई कामनपा-१६ नयाँबजार डेरा गरी बस्ने सरस्वती क्याम्पसमा बीबीएस तेस्रो वर्षमा अध्यनरत २४ वर्षीय विनय पोखरेललाई ०६० चैत ५ गते बिहान सादा पोशाकमा आएका सुरक्षाकर्मीले "केही कुरा बुझ्नु छ" भनी गिरफ्तार गरी बेपत्ता पारे।

नुवाकोट जिल्ला कुमरी गाविसका कपडा व्यापारी रामप्रसाद मुडभरीलाई ०६० चैत ५ गते मोटरसाइकलमा सादा पोशाकमा आएका आफुलाई सुरक्षाकर्मी बताउने दुई जनाले कामनपा-१३ सितापाइलाबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई गृह मन्त्रालयको छानबिन समितिद्वारा नजरबन्दबाट रिहा गरिएको जनाइएको छ।

काठमाडौंबाट अखिल नेपाल राष्ट्रिय बुद्धिजीवी संगठनका अध्यक्ष प्रताप वन्तलाई ०६० चैत ६ गते सुरक्षाककर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

गोरखा जिल्ला तान्द्राङ्ग गाविस-९ घर भई कामनपा-१६ बस्ने माउण्ट पुमोरी एड्भान्चर ट्रेक्स एण्ड एक्स्पीडिसन प्रालिका कार्यकारी निर्देशक ३६ वर्षीय सूर्यप्रसाद बस्ताकोटीलाई ०६० चैत ९ गते आफ्नै कोठाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। वडा प्रहरी कार्यालय सोह्रखुट्टेको प्रहरी भ्यानमा राखी लगिएका पीडितलाई प्रहरी कार्यालय नपुग्दै बेपत्ता पारिसकिएको थियो।

काभ्रे जिल्ला पोखरीचौरी गाविस-९ का २६ वर्षीय कृष्णबहादुर बुढाथोकीलाई ०६१ वैशाख २६ गते कामनपा-३१ पुतलीसडकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बालुवा गाविस गोकर्ण सुन्तखान घर भई कान्तिपुर सेक्युरिटी सर्भिसमा कार्यरत २८ वर्षीय रवीन्द्र भण्डारीलाई ०६१ वैशाख ३१ गते सेनाले गिरफ्तार गरेकामा हालको अवस्थाबारे केही थाहा हुन सकेको छैन।

फुटुङ गाविसका शैलेन्द्रकुमार मास्केलाई ०६१ असार ५ गते दिउँसो कपन क्षेत्रबाट सादा पोशाकका सुरक्षाकर्मीले अपहरण गरी बेपत्ता पारेको भनी उनका परिवारले जीवन रक्षाको लागि अपिल गरेका छन्। बालाजुबाट साथी भेट्न भनी कपन गएका मास्केलाई दिउँसो २ बजे समूहले अपहरण गरी बेपत्ता पारेको थियो। पीडितको हालको अवस्था अज्ञात छ।

कामनपा-४ सुयोग मार्गका ३८ वर्षीय सञ्जय श्रेष्ठलाई आफ्नै घरबाट ०६१ असार १८ गते राति करिब ९, १० जनाको सशस्त्र हतियारधारी टोलीले अपहरण गरी बा. २ च ७०१९ नम्बरको सेतो रंगको गाडीमा लगी बेपत्ता पारे। पीडितका आफन्तहरुले श्रेष्ठको जीवन रक्षा तथा सकुशल रिहाइका लागि अनुरोध गरे।

सतुंगल गाविस-३ का २३ वर्षीय हरिशरण महर्जनलाई सोही गाविस-४ मा रहेको मछिन्द्रनाथ इँट्टा उद्योगबाट ०६१ असार १८ गते अपरान्ह ४ बजेतिर एक सादा पोशाकका सुरक्षाकर्मीले बोलाएर लगेकोमा हालसम्म बेपत्ता भएका छन्।

दोलखा जिल्ला घर भई स्थानीय भैरव टेलरमा काम गरी कामनपा-७ बौद्ध टुसाल डेरा गरी बस्ने ४७ वर्षीय सुरज मुखियालाई ०६१ साउन ६ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे।

कामनपा-१६ बालाजु हाइटमा डेरा लिई बस्ने अनिल राई र रोहित राईलाई ०६१ साउन १७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले अपहरण गरी बेपत्ता बनाए। पीडितलाई हाल हिरासतमा राखिएको छ।

दाङ जिल्ला पुरन्धारा गाविस-१ सुन्दरखालका ५० वर्षीय नेत्रलाल बुढा मगरलाई ०६१ साउन २४ गते आफ्नो छोरा टेकबहादुर बुढा मगरलाई विदेश पठाउन काठमाडौं गएको बेला माओवादीको आशंकामा काठमाडौं बालाजुस्थित राप्ती बबई होटलबाट गिरफ्तार गरिएको उनका आफन्तले जनाए। उनको अवस्था अज्ञात छ।

आलापोट गाविस-५ का जयबहादुर बस्नेतलाई ०६१ साउन २४ गते बिहान ५ बजे सुरक्षाकर्मीले सोधपुछको लागि भनी घरबाट गिरफ्तार गरी बेपत्ता पारे।

साङ्ला गाविस-४ घर भई कामनपा-२० जैसीदेवलमा डेरा गरी बसेकी ३० वर्षीय सरीता रञ्जितलाई ०६१ भदौ ३ गते राति ११:३० बजे १० जनाको समूहमा आएका सादा पोशाकका सुरक्षाकर्मीले कोठा खानतलासी गरी गिरफ्तार गरे। पीडितका पतिलाई साँगा गाविस-४ कुखुरा फार्ममा सुतिरहेको अवस्थामा राति सुरक्षाकर्मीले कान्छी पत्नी कहाँ छ भनी सोधनी गर्दा काठमाडौंमा डेरा गरी बसेकी छ भन्दा हामीलाई लगी दे भनी साथमा राखी कोठामा लगेका थिए।

धादिङ जिल्ला बेनिघाट गाविस-१ घर भई त्रिपुरेश्वरस्थित विश्व निकेतन उच्च माविमा कार्यालय सहायक पदमा कार्यरत नवराज लोहनी र केशवप्रसाद कँडेललाई ०६१ कार्तिक १९ गते बिहान १० बजे कामनपा-२१ लगनबाट सादा पोशाकका सुरक्षाफौजले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई थुनामा राखिएको छ।

धनुषा जिल्ला बेङ्गाडाबर गाविस ९ का २६ वर्षीय अमर विकलाई ०६१ मंसिर ५ गते दिउँसो कामनपा-१२ टेकुबाट ४/५ जनाको संख्यामा आएका सादा पोशाकका सशस्त्र सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नुवाकोट जिल्ला कुमरी गाविस-८ घर भई सोही गाविसको वीरेन्द्र माविका शिक्षक ३४ वर्षीय विश्वनाथ

न्यौपानेलाई ०६१ मंसिर १९ गते आफ्ना बिरामी बुबालाई टिकाभैरवस्थित कुष्ठरोग सेवा केन्द्रमा उपचार खर्च लिई भेटघाट गर्न आउने क्रममा नागढुङ्गा सुरक्षा चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादी समर्थित अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी) का महासचिव तथा वागमती/नारायणी संयोजक गणेश रेग्मी र कार्यकर्ता प्रदीप देवानलाई ०६१ मंसिर २७ गते बेलुका न्युरोडस्थित एक क्लिनिकमा आँखाको उपचार गराउँदा-गराउँदै क्लिनिकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेको महासंघले जनायो।

ताप्लेजुङ जिल्ला आङ्खोप गाविस-५ घर भई हाल धुम्बाराहीमा बस्ने ३३ वर्षीय ओमनाथ सिवाकोटीलाई ०६१ मंसिर २७ गते सादा पोशाकमा आएका ६ जनाको सुरक्षाकर्मीले कामनपा-४ स्थित घरबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडित रिहा भएकाछन्।

नुवाकोट जिल्ला घर भएका नेवा मुक्ति मोर्चाका केन्द्रीय सदस्य अर्जुनलाल श्रेष्ठलाई ०६१ पुस ३ गते बेलुका सादा पोशाकमा हतियारसहित आएका ६ जना सुरक्षाकर्मीले मनमैजु गाविसबाट बेपत्ता पारे। पीडितलाई गिरफ्तार पछि हातकडी लगाई आँखा छोपेर गाडीमा हाली लगिएको थियो।

कीर्तिपुर नपा पाँगाका सुजिन्द्र महर्जन र अर्जुन न्यौपानेलाई ०६१ पुस १० गते कामनपा-१६ बालाजुबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितका आफन्तले घरायसी कामको सिलसिलामा बालाजु पुगेर गंगा चलचित्र हल अगाडि चिया पिइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तारी गरेको बताए।

माओवादीबाट

छैमले गाविस-३ स्थित श्रीकृष्ण माविबाट ४७ विद्यार्थी र १४ शिक्षकलाई ०६१ साउन ३ गते दिउँसो

विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीद्वारा लाठी प्रहार गरी घाइते बनाइएकी अनेरास्ववियुकी रामकुमारी झाँक्री

माओवादीले अपहरण गरे। माओवादीले श्रीकृष्ण माविबाट कक्षा १० का सबै र कक्षा ९ का केहीलाई अपहरण गरी लगेका थिए। यस्तै सोही ठाउँको पञ्चकन्या प्राविबाट पनि शिक्षक विदुर गौतम र राममणि बिडारीलाई माओवादीले अपहरण गरी बेपत्ता पारे। माओवादीले श्री कृष्ण माविबाट अपहरण गरेकाहरुमा विद्यालयका प्रधानाध्यापक जगदीशप्रसाद सिंहसहित शिक्षकहरुमा सुन्दर आचार्य, रामशरण खनाल, रमेश आचार्य, रमेश ज्ञवाली, आदिभक्त अमात्य, विश्वनाथ आचार्य (क), विश्वनाथ आचार्य (ख), मधुसुधन न्यौपाने, कृष्णप्रसाद आचार्य, श्यामप्रसाद चापागाईं, रामबहादुर थापालगायत् १२ जना शिक्षक थिए। घटनाका प्रत्यक्षदर्शी विद्यार्थीहरुका अनुसार, माओवादीले अपहरण गरिएका शिक्षक तथा विद्यार्थीहरुलाई केही दिनपछि छोडिने जानकारी गराएका थिए। सोही दिन एमाले काठमाडौं जिल्ला कमिटीको तर्फबाट सचिव रामेश्वर फुयालले एक विज्ञप्ति जारी गरी अपहरणमा परेका शिक्षक तथा विद्यार्थीहरुलाई यथाशीघ्र सकुशल रिहाई गरिदिन माओवादीसँग अनुरोध गरे। साथै, मानवअधिकारको क्षेत्रमा कार्यरत सम्पूर्ण संघ-संस्थाहरुलाई उपरोक्त घटनाप्रति ध्यानाकर्षण गराउँदै अपहरित शिक्षक तथा विद्यार्थीहरुको शीघ्र रिहाइका लागि पहल गरिदिनुहुनसमेत अनुरोध गरेका थिए। अपहरित शिक्षक र विद्यार्थीहरुलाई ०६१ साउन ५ गते दिउँसो मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कामनपा-१६ वनस्थलीका शान्तिका लागि साझा अभियान नामक संस्थाका संयोजक दिनेश प्रसाईंलाई ०६० पुस २८ गते मध्ये राति आफ्नै निवासमा बसेको अवस्थामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले कुटपिट गरे।

प्रतिगमन विरुद्ध आन्दोलनरत विद्यार्थीहरुले प्रदर्शनीमार्गस्थित रत्नराज्य लक्ष्मी क्याम्पसबाट ०६१ जेठ ३ गते निकालेको मशाल जुलुशमाथि प्रहरीले हस्तक्षेप गर्दा समाचार संकलन गर्न गएका कान्तिपुर टेलिभिजनका पत्रकार जगत नेपाललाई प्रहरीले कुटपिट गरी घाइते बनाए। पत्रकार नेपाललाई प्रहरीले टाउको र खुट्टामा बुट र लाठी प्रहार गरेका थिए। पीडितको उपचार मोडल अस्पतालमा गरियो।

महाराजगञ्जबाट चक्रपथ हुँदै गोगंबुतर्फ आईरहेका व्यापारी छत्र श्रेष्ठलाई ०६१ जेठ १३ गते राती आफूहरुलाई माओवादी बताई लुट्ने समूह मध्येका एक शाही नेपाली सेनाका जवान लीला कार्कीलाई नाइन एमएमको गोली तथा पेस्तोलसहित सेना र प्रहरीको संयुक्त टोलीले घटनास्थलबाट गिरफ्तार गर्‍यो। नियन्त्रणमा लिएका पीडक लीला कार्की तथा पीडित छत्रलाई सेनाले राति अबेरसम्म छाउनीस्थित सेनाको जगदल ब्यारेकमा राखेको थियो।

प्रकाश साप्ताहिकका सम्वाददाता जन्मदेव जैशीले ०६१ जेठ ११ गते एक विज्ञप्ति जारी गर्दै सुरक्षाकर्मीले आफूलाई बारम्वार धम्की दिई मानसिक यातना दिएकाले निर्वाध आफ्नो पेशा गर्ने वातावरण वनाइदिन तथा आफ्नो सुरक्षाको लागि सहयोग गरिदिन मानवअधिकार संस्थासमक्ष अनुरोध गरे।

सीतापाइला गाविस- १ का व्यापारी विक्रम श्रेष्ठको पसलबाट ०६१ असोज २५ गते सशस्त्र प्रहरी बलका हवल्दार वलवहादुर पुन, अमन बुढा, प्रहरी जवान ज्ञानवहादुर विक र अर्का एक नाम नखुलेका प्रहरीले लुटपाट गरे।

सतुंगल गाविसका स्थानीय गोपालकृष्ण श्रेष्ठ र बद्री श्रेष्ठलाई ०६१ कार्तिक ७ गते सशस्त्र प्रहरीको एक समूहले विनाकारण कुटपिट गरे। उक्त कुटपिटको विरोधमा बासिन्दाले ०६१ कार्तिक ८ गते बिहान १ घण्टा थानकोट-कलंकी मुख्य सडकमा टायर वालेर बाटो अवरुद्ध पारे। सोही घटनाको विरोधमा स्थानीय बासिन्दाले सतंगुलको अस्थायी प्रहरी चौकीमा धर्नासमेत दिए। स्थानीय बासिन्दा र प्रहरीबीच छलफल गरी भएको सहमतिपछि बाटो खुलेको थियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात विद्यार्थी संगठनले ०६० पुस २३ गते प्रतिगमनको लाश वनाएर रत्नपार्क, भोटाहिटी, बाजबजार, पुतलीसडक आदि ठाउँको परिक्रमापछि अन्त्येष्टी गर्दा रत्नपार्कमा आन्दोलनकारी युवा-विद्यार्थीमाथि प्रहरीले लाठीचार्ज गरे। उक्त लाठीचार्जबाट एमाले निकट अनेरास्ववियुका केन्द्रीय अध्यक्ष राजेन्द्रकुमार राई र केन्द्रीय सदस्य रामकुमारी झाँक्री गम्भीर घाइते भए।

संयुक्त शिक्षक संघर्ष समितिअन्तर्गतका राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघ र क्रान्तिकारी शिक्षक संघले शिक्षकका सात सूत्रीय मागसहित ०६० पुस २३ गते शिक्षा मन्त्रालय घेराउ कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी १ सय ५८ शिक्षकलाई गिरफ्तार गरे। गिरफ्तार सवै शिक्षकलाई सोही दिन साँझ प्रहरीले रिहा गरे।

शिक्षा मन्त्रालय घेर्न पुगेका शिक्षकमाथि ०६० पुस २४ गते प्रहरीले हस्तक्षेप गरी दुई सयभन्दा बढीलाई पक्राउ गरे। मन्त्रालयमा काम रोक धर्ना कार्यक्रमअन्तर्गत दोस्रो दिन विहानै केशरमहल पुगेका शिक्षकमाथि कार्यालय समय भएपछि बिहान साढे नौ वजेतिर प्रहरीले एक्कासी आएर हस्तक्षेप गरेको थियो। पक्राउ परेका शिक्षकलाई सोही दिन साँझ रिहा गरियो।

प्रतिगमनविरुद्ध आन्दोलनमा विद्यार्थीले ०६० पुस २८ गते विहान मिनभवनस्थित नेपाल कमर्श क्याम्पसअगाडि

प्रतिगमन विरुद्धको आन्दोलनमा सुरक्षाकर्मीद्वारा प्रदर्शनकारीहरुलाई गिरफ्तार गरिदै

विरोध प्रदर्शन गर्ने क्रममा सरकारी सवारीसाधन तोडफोड गरेको आरोपमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्नुका साथै मीनभवन क्याम्पसका अनेरास्ववियु प्रारम्भिक कमिटीका अध्यक्ष कमल सुनुवारलाई गिरफ्तार गरे।

कामनपा-७ चाबहिलस्थित पशुपति बहुमुखी क्याम्पसका नेविसंघका विकास पाण्डेलाई ०६० पुस २८ गते प्रहरीले गिरफ्तार गरे। प्रतिगमनको विरुद्धमा मशाल जुलुश निकाल्ने तयारी गर्दागर्दै प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेका थिए।

सात विद्यार्थी संगठनले प्रतिगमनविरुद्ध काठमाडौंका विभिन्न ठाउँहरुमा निकालेको शान्तिपूर्ण जुलुशमाथि ०६० माघ १४ गते बागबजार र पुरानो वसपार्कअगाडि प्रहरीले अन्धाधुन्ध लाठीचार्ज गर्दा एमालेका केन्द्रीय सदस्यद्वय सुवास नेम्वाङ र कृष्णगोपाल श्रेष्ठ तथा नेकाँकी सुजाता कोइराला, अनेरास्ववियुका पूर्व अध्यक्ष रूपनारायण श्रेष्ठ, उपाध्यक्ष भक्त गुरुङ, केन्द्रीय सदस्य रूपेश खतिवडा, फूलमान बल, टेकराज पछाईसहित दुई दर्जन घाइते भए। सख्त घाइते श्रेष्ठ र बलको एभरेष्ट नर्सिङ होममा उपचार गरियो। श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरी गाडीभित्र हालेपछि पनि लाठीले हिर्काएका थिए। प्रहरीले लैनचौरबाट ६ जना र बागबजारबाट तीन गरी नौजना विद्यार्थी गिरफ्तार गरेका थिए। उनीहरूलाई साँझमा रिहा गरियो।

पाँच पार्टीले उपत्यका बन्दको अघिल्लो दिन ०६० माघ १८ गते आयोजित मशाल जुलुस प्रदर्शनलाई नियन्त्रण गर्ने नाममा प्रहरीले वागबजारस्थित दृष्टि साप्ताहिकको कार्यालयभित्र प्रवेश गरी कार्यालय तोडफोड गर्नुका साथै उक्त कार्यालयमा काम गरिरहेका पत्रकार र कर्मचारीमाथि अन्धाधुन्ध लाठी प्रहार गरे।

उपत्यका बन्दका क्रममा पाँच दलले निकालेको जुलुशमा ०६० माघ १९ गते प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गर्नुका साथै प्रहरीले वीर अस्पतालभित्र पसी घाइतेलाई उपचारका लागि गएका आन्दोलनकारी र बिरामी कुरुवालाई लाठी प्रहार गरे। नगर प्रहरीका हवल्दार विष्णु चौधरीको नेतृत्वमा वीर अस्पताल प्रवेश गरेका चारजना प्रहरीले घाइतेलाई उपचार गर्न गएका पशुपति क्याम्पस, चाबहिलका

स्ववियु सचिव कुन्दन काफ्लेलाई आँखामा लाठीले घोच्दै लाठी प्रहार गरी गम्भीर घाइते तुल्याएपछि गिरफ्तार गरे।

कामनपा-३१ बागबजार पद्मकन्या क्याम्पसलाई लक्षित गरी ०६१ वैशाख २१ गते प्रहरीले ९ सेल अश्रुग्याँस प्रहार गर्नुका साथै रत्नराज्यलक्ष्मी क्याम्पसमा प्रवेश गरी विद्यार्थीलाई कुटपिट गरे। विद्यार्थीको जुलुशमा हस्तक्षेप गर्दा बागबजार र रत्नपार्क क्षेत्र झन्डै दुई घण्टा तनावग्रस्त रह्यो। प्रहरीले पद्मकन्या क्याम्पसलाई लक्षित गरेर ६ सेल अश्रुग्याँस प्रहार गर्नुका साथै प्रवेशद्वार तोडफोड गरेका थिए। विद्यार्थीहरूले गुलेली हान्न थालेपछि प्रहरीले ४०/५० रबर गोली प्रहार गरी भगाउन खोजेको थियो। बागबजारबाट निस्किएको जुलुश पुतलीसडकतर्फ जान खोज्दा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरेको विरोधमा विद्यार्थीहरूले क्याम्पसभित्रबाट प्रहरीलाई ढुंगा, इँटा र शिशाले हिर्काएका थिए। क्याम्पसको ढोकाको ताल्चा फुटाई खोलेपछि प्रहरीले ढुंगा बर्साएका थिए। सशस्त्र प्रहरीका वरिष्ठ अधिकृतको निर्देशनसमेत अटेर गरी प्रहरीले विद्यार्थीलाई कुटपिट र ढुंगा हानेको देखिन्थ्यो। दुई घन्टासम्म चलेको भिडन्तका क्रममा विद्यार्थीले तीन जनालाई घाइते बनाए। दोहोरो भिडन्तका क्रममा स्थानीय पसलका विज्ञापन बोर्डहरू क्षतिग्रस्त भए। प्रहरीले झडपका कारण बागबजारस्थित भक्तपुर बसपार्क बन्द गरेको थियो। प्रहरीले हानेको ढुंगा लागी नेविसंघका उपाध्यक्ष बद्री पाण्डे, महामन्त्री गगन थापा, रामहरि खतिवडा, गजेन्द्र कार्की, रामप्रसाद अधिकारी, अनिष राई, प्रकाश बुढाथोकी, मोहन पोखरेल, प्रदीपलगायत् एक दर्जनभन्दा वढी घाइते भए। मानवअधिकारको पर्यवेक्षणका लागि आएका सञ्जय शर्मा र सुदीपलाई प्रहरीले कुटपिट गरे। प्रहरीले बालविक्रम र सुधीर भण्डारीलाई गिरफ्तार गरी महेन्द्र पुलिस क्लब लगेका थिए। प्रहरीले प्रजातान्त्रिक कांग्रेस समर्थित नेविसंघका महामन्त्री किरण पौडेल, सहमहामन्त्री कल्याणकुमार गुरुङ, स्ववियु सभापति सन्तोष भट्टलगायत्लाई लाठीचार्ज गर्दै गिरफ्तार गरे। रत्नराज्यलक्ष्मी क्याम्पसमा प्रहरीले हस्तक्षेप गरी विद्यार्थी, पत्रकार र सर्वसाधारणलाई समेत कुटपिट गरेका थिए।

प्रतिगमन विरुद्धको आन्दोलनमा अश्रुग्यास प्रहार गर्दै प्रहरी घाइते भएका प्रदर्शनकारीहरु

नेकाँका सभापति गिरिजाप्रसाद कोइराला ०६१ वैशाख २१ गते निवासबाट निस्कँदै गर्दा प्रहरीले विनापुर्जी गिरफ्तार गरे। उनलाई सोही दिन रिहा गरियो।

प्रतिगमनविरुद्ध आन्दोलनरत चार दलले ०६१ असार ११ गते निकालेको मशाल जुलुसमाथि प्रहरीले विशालबजार, असन, इन्द्रचोक र भोटाहिटीमा लाठीचार्ज गर्दा नेकाँ गुल्मीका पूर्व सभापति त्रैलोक्यप्रताप सेन, गोविन्द पुडासैनी, विनिता अधिकारी, तारा चौधरी, दीपा शिवाकोटी, स्वस्तिका पोखरेल, कृष्णप्रसाद भट्टराई, बद्री अर्याल, भरत चौलागाईलगायत् एक दर्जन आन्दोलनकारी घाइते भए।

राजधानीका विभिन्न क्याम्पसबाट विद्यार्थीले जुलुश निकाली चोक-चोकमा जम्मा भई ०६१ भदौ १३ गते सुरक्षाकर्मीले विद्यार्थीको जुलुशमाथि हस्तक्षेप गरी बल्खुबाट नेविसंघका प्रमानन्द खनाल र मीनभवनबाट नारायण भारती एवम् र सुरथ शाहलाई कुटपिट गरी गिरफ्तार गरे। यसैगरी बानेश्वरमा कान्तिपुर टेलिभिजनका क्यामराम्यान राजु तिमिल्सिनालाई विद्यार्थी र सुरक्षाकर्मीबीच भइरहेको झडपको तस्वीर खिच्न गएको बेला सुरक्षाकर्मीले कुटपीट गरी घाइते बनाए।

मानवअधिकार तथा शान्ति समाजका सभापति पुरुषोत्तम दाहाल, निवर्तमान सभापति कृष्ण पहाडी र पत्रकार महासंघका महासचिव विष्णु निष्ठुरीलगायत् २४ जना मानवअधिकारकर्मी तथा पत्रकारहरुलाई ०६१ कार्तिक १९ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको विरोधमा प्रर्दशन गर्दागर्दै प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका समेत गरी ९ हजार ७ सय १३ मुद्दा रहे। यस अवधिमा ४ हजार २ सय २८ मुद्दा फर्स्यौट भए भने ५ हजार ४ सय ८५ वटा मुद्दा बाँकी छन्। देवानीतर्फका जम्मा मुद्दा संख्या ५ हजार ७ सय १६ मा २ हजार २ सय ९१ फर्स्यौट भई ३ हजार ४ सय २५ वटा बाँकी रहे। सरकारवादी फौजदारीतर्फ १ हजार ५ सय ६३ वटा मुद्दामा ८ सय ५ वटा फर्स्यौट भई ७ सय ५८ वटा बाँकी रहे। दुनियावादी फौजदारीतर्फ २ हजार ४ सय ३४ मुद्दामा १ हजार १ सय ३२ वटा फर्स्यौट भई १ हजार ३ सय २ वटा बाँकी रहे। जिल्ला अदालतबाट सरकारी फौजदारी मुद्दा ५१.५० प्रतिशत, दुनियावादी फौज्दारी मुद्दा ४६.५० प्रतिशत र देवानी मुद्दा ४०.०८ प्रतिशत फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान गर्न विगत वर्षहरुमा आयोग बन्ने र खारेज हुने क्रम चलिरहे पनि हाल सुकुम्वासी समस्या समाधान आयोग नरहेको ५ वर्षभन्दा बढी भइसकेको छ। पहिले बनेका आयोगहरुले पनि भूमिहीन सुकुम्वासीको लगत राख्न सकेको छैन। सुकुम्बासीहरुको आफ्नै पहलमा सुकुम्बासीसम्बन्धी काम गर्ने र संगठित हुने सुकुम्बासी संघ-संगठनहरुले बेलाबेलामा सरकार र नगरपालिकासमक्ष आफ्ना माग राख्दै आएका छन्। नगरपालिकाले अव्यवस्थित र अतिक्रमण गरी बसोबास गरेको भनी विभिन्न ठाउँमा सुकुम्बासीहरुका घर टहरा भत्काउँदै पनि आएको छ। यस जिल्लामा पर्ने बल्खुखोला, धोबी खोला, विष्णुमति वागमतीलगायत्का अन्य खोला किनार तथा सरकारी जग्गाहरु अतिक्रमण गरी स्थानमा स्थानीय तथा अस्थायी घर, टहरा, झुप्रा बनाई बस्ने भूमिहीन, सुकुम्बासीहरुको संख्या ६० हजार भएको सो क्षेत्रमा काम गर्दै आएका संघसंस्थाहरुले जनाएका छन्। काम र रोजगारीका कारण शहरी क्षेत्रमा यसरी बसोबास गर्ने सुकुम्वासीहरुको बाहुल्यता रहेको छ। ग्रामीण क्षेत्रमा यो समस्या न्यून देखिन्छ। यसरी सुकुम्बासीका नाममा बसोबास गर्नेहरुमा सुकुम्बासीभन्दा पनि बाहिर जिल्लाबाट आएका र भारतीय नागरिकहरुको बाहुल्यता रहेको अनुमान छ।

यो वर्ष यस जिल्लामा बृद्ध, विधवा र अशक्त भत्ता समयमा बजेट निकासा हुन नसक्दा सम्बन्धित व्यक्तिहरुले आफूले पाउनु पर्ने समयमा नपाए पनि दशैं आदि विशेष चाढ पर्व पारेर जिविस, मनपा, नपा र गाविसले वितरण गरेका छन्। कुनै क्षेत्रमा विशेष कार्यक्रम गरेर मन्त्रीहरु आफै पनि बृद्धभत्ता वितरण गर्न पुगेका थिए।

संरचना/सम्पत्ति क्षति

विशालबजारमा ०६० माघ २७ गते बिहान विशालबजार खुल्नासाथ आएका दुईजना माओवादी कार्यकर्ताले भूइँ तलामा रहेको शालिकसँगै उपहार जस्तो देखिने पोको छोडी बम छ भनी भागेको १५ मिनेट भित्रै बम विस्फोट भयो। विस्फोटवाट विशालबजार भित्रका भुइँतला र पहिलो तलाका अधिकांश पसलका शिशाहरु फुटे।

कामनपा-१४ कलंकी खसीवजारमा ०६० फागुन १९ गते कान्तिपुर यातायातको बा. १ ख ६६४८ नम्बरको भाडाको बस माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

कीर्तिपुर नपाको कार्यालयमा ०६० चैत १० गते बिहान माओवादीले बम विस्फोट गराए। उक्त घटनामा सुरक्षार्थ बसेका एक प्रहरी घाइते भए। ७-८ जनाको समूहमा आएका माओवादीले नपा कार्यालयको मूलगेटमा दुईवटा बम

माओवादीद्वारा विस्फोट गरिएको साझा बस, र घाइतेहरुको उपचार गरिँदै

राखेर भागेको लगत्तै विस्फोट भएको थियो। विस्फोटबाट कार्यालयका ४-५ वटा कोठामा क्षति पुग्नुका साथै महत्वपूर्ण कागजातसमेत नष्ट भए। घाइते प्रहरीको वीरेन्द्र प्रहरी अस्पताल महाराजगञ्जमा उपचार भयो।

कामनपा-२९ वडाको सामाखुशीस्थित कार्यालयमा ०६० चैत १० गते माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटनबाट भवनका दुई कोठामा क्षति पुग्यो।

कामनपा-७ चाबहिलस्थित विद्युत प्राधिकरणको कार्यालयमा ०६० चैत ११ गते माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटबाट दुई लाख रुपैयाँ बराबरको क्षति भयो।

भद्रकाली गाविस भवनमा ०६० चैत २२ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट भवनको गाह्रो र झ्याल ढोका तथा फर्निचर क्षतिग्रस्त भए।

कामनपा-२० को कार्यालयमा ०६१ जेठ २ गते बिहान माओवादीले बम विस्फोट गराए। विस्फोटबाट कार्यालय भवनका झ्यालका शिशाहरु फुट्नका साथै समान्य क्षति भएको थियो।

कामनपा-१६ बालाजु स्थित रोली गार्मेन्टमा ०६१ जेठ ३ गते बिहान माओवादीले राखेको बम विस्फोट भयो। उक्त विस्फोटका कारण कार्यालयमा सामान्य क्षति भयो।

कामनपा-३ ज्ञानेश्वरस्थित श्रम अदालतमा ०६१ जेठ ४ गते बिहान ९ बजेर १० मिनेटमा माओवादीले बम

विस्फोट गरे। विस्फोटबाट कार्यालय भवनको उत्तरी भाग पूर्ण रुपमा क्षतिग्रस्त भयो।

कामनपा-१४ रविभवन स्थित हस्तकला केन्द्रमा ०६१ जेठ ६ गते बिहान माओवादीले बम विस्फोट गराए। विस्फोटबाट घरको झ्यालको शिशा र सामान्य क्षतिबाहेक अरु केही भएन। माओवादीले २ वटा गाडीमा तोडफोड गरे।

बालाजु बसपार्कबाट त्रिशुलीतिर बिरामी लिएर गएको बा. १ च ३११६ नम्बरको ट्याक्सी ड्राइभर र बिरामीलाई ओर्लन लगाई ०६१ जेठ ७ गते साँझ ओखरपौवा डम्पिङ साइटनजिक माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटबाट ट्याक्सीमा सामान्य क्षति पुग्यो।

गोंगबु चक्रपथको रुटमा सर्वसाधारणलाई बोकेर गुडिरहेको बा. १ ख ८६७४ नम्बरको बसलाई ०६१ जेठ ८ गते गोंगबु नयाँ बसपार्क नजिकै यात्रुको रूपमा चढेका माओवादीले बम विस्फोट गराए। बसमा बम राखेपछि माओवादीहरूले भित्र बम भएको सूचना दिएर भागेका थिए। विस्फोट हुँदा सबै यात्रुहरू उत्रन सकेको कारण कसैलाई केही भएन। विस्फोटले बसमा भने क्षति भएको छ। त्यस्तै पुरानो बसपार्कमा बिग्रेर राखेको गाडी नजिकै र कोटेश्वर प्रहरी चौकीपछाडि झन्डै एकै समयमा साँझ बम विस्फोट भएको थियो।

कामनपा-१२ टेकुस्थित श्रम कार्यालय पछाडि ०६१ जेठ १४ गते साँझ माओवादीले बम विस्फोट गराए। विस्फोटबाट कार्यालय पछाडि डेरा लिई बसेका एकै परिवारका दुईजना सामान्य घाइते भए।

चाबहिलस्थित गोपिकृष्ण सिनेमा हल नजिक रोकी राखिएको जनता यातायातको बा. १ ख ८०७३ नम्बरको बसमा ०६१ जेठ १८ बिहान करिब १२ बजे राखिएको बम खलासीले बाहिर बाटोमा फाल्दा विस्फोट भयो। उक्त विस्फोटबाट बसमा क्षति भयो।

कामनपा-१ टंगालस्थित पाकिस्तानी राजदुतको निवासमा ०६१ जेठ २६ गते राति अज्ञात व्यक्तिले पेट्रोल बम विस्फोट गराए। विस्फोटबाट कुनै क्षति भएन।

कीर्तिपुर चोभारस्थित मोडर्न इण्डियन बोर्डिङ स्कूलमा ०६१ जेठ २७ गते बिहान माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटबाट ४५ वटा कम्प्युटर र ७ वटा बसमा क्षति पुगेको छ। जसमध्ये एउटा वस जलेर पूर्णरुपमा क्षतिग्रस्त भयो। विस्फोटबाट करिब ६० लाख रुपैयाँको क्षति भएको जनाइयो।

कामनपा-३२ डिल्लीवजारस्थित रेड थ्रेड डिजाइन ग्रुप कार्पेट कारखानामा ०६१ जेठ ३० गते सवा दुई बजे माओवादीले शक्तिशाली प्रेसर कुकर बम विस्फोट गराए। विस्फोटबाट कसैलाई केही नभए पनि झन्डै आठ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भयो। विस्फोटबाट तानमै बनाइरहेको गलैंचा, धागो र संरचना नष्ट भएको थियो।

कामनपा-३५ सुविधानगरस्थित कान्तिपुर टेलिभिजनको भवनमा ०६१ भदौ १६ गते इराकमा १२ नेपालीको हत्या भएको विरोधमा प्रदर्शन गरिरहेका व्यक्तिहरुले तोडफोड गरे। संस्थामा कार्यरत संवाददाता विजय घिमिरेलगायत् सातजनालाई प्रर्दशनकारीहरुले कुटपिट गर्नुका साथै गाडी र मोटरसाइकलमा क्षति पुऱ्याएका थिए। त्यसैगरी स्पेसटाइम्स दैनिक पत्रिका र च्यानल नेपाल टेलिभिजनको कार्यालयमा प्रदर्शनकारीहरुले तोडफोड गरी त्यहाँ भएका सबै सवारी साधन र भिडियो क्यामराहरुसमेत तोडफोड गरी आगजनी गरेका थिए।

काठमाडौं उपत्यकामा ०६१ भदौ १६ गते बिहान ८ बजेदेखि नै ठाउँ–ठाउँमा तोडफोड र आगजनीका घटना भए। प्रर्दशनकारीहरुले कामनपा-७ चाबहिल चोकमा रहेको जिनीयन ओभरसिज प्रालि र सँगै रहेको एमएन इण्टरनेशनल म्यानपावर प्रालिको कार्यालयमा तोडफोड गरे। अल सौगात ओभरसिज प्रालि, जील इन्टरनेशनल ओभरसिज प्रालि, आयुस मार्केटिङ् एण्ड म्यानेजमेण्ट कन्सल्टेन्सी प्रालि, ब्लुस्टार ओभरसिज प्रालिलगायत् ६० वटा ओभरसिजहरुमा प्रर्दशनकारीहरुले आक्रमण गरे। त्यसक्रममा ती म्यानपावर संस्थाका कार्यालयहरुमा रहेका कागजपत्र, कम्प्युटर, करिब साठीवटा मोटरसाइकल र पन्ध्रवटा चार पांग्रे सवारी साधनहरुमा क्षति पुऱ्याए। चक्रपथभित्रका दशवटा नाकामा टायर बालेर सडक अवरुद्ध पारिएकोले जनजीवन प्रभावित भएको थियो।

ज्ञानेश्वरस्थित अमेरिकी सूचना केन्द्रमा ०६१ भदौ २५ गते बेलुका माओवादीले दुईवटा बम बिस्फोट गराए। विस्फोटबाट शौचालयका शिशा फुट्नुका साथै भवनमा क्षति पुग्यो।

कामनपा-३४ सिनामंगलस्थित जिविस भवनमा ०६१ असोज १९ गते दिउँसो माओवादीले बम विस्फोट गराए। जिविस भवनमा बम राखिसकेपछि फोनद्वारा बम राखेको जानकारी गराएका थिए।

कामनपा-१४ कुलेश्वरस्थित कृषि सामग्री संस्थानको भवनमा ०६१ मंसिर २४ गते बिहान माओवादीले बम बिस्फोट गराए। वम विस्फोटबाट दुई तले भवन क्षतिग्रस्त भयो।

कामनपा-२० स्थित सामुदायिक स्वास्थ्य केन्द्रमा ०६१ मंसिर २९ गते माओवादीले स्वास्थ्य केन्द्रका कर्मचारीलाई बम भएको जानकारी दिई झोलामा ल्याएको बम राखेको केही समयमै विस्फोट भयो। विस्फोटबाट स्वास्थ्य परीक्षण गर्ने कोठालगायत् दुई वटा कोठा, औषधी राख्ने फ्रिजसहित अन्य औषधी, झ्याल ढोका तथा फर्निचरमा र भवनको गाह्रो क्षति पुग्यो।

थानकोट सुरक्षा चौकीनजिकै ०६१ असोज ७ गते राति चारवटा बम विस्फोट भए। प्रहरी जाँच चौकीको दक्षिण र पश्चिममा दुईवटा बम र केही मिनेटको अन्तरमा बैंक नजिकै थप दुईवटा बम विस्फोट भएका थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नुवाकोट जिल्ला विदुर नपा-९ घर भई कीर्तिपुर नपा गल्छे डेरा गरी बस्ने नेपाल विद्युत प्राधिकरण मिटर रिडिङ शाखा, रत्नपार्कमा कार्यरत ४० वर्षीय अजितमान तामाङलाई ०६० पुस १७ गते कार्यालयबाटै सादा पोशाकमा आएका २ जना सुरक्षाकर्मीले सोधपुछका लागि भन्दै गिरफ्तार गरी बेपत्ता पारेका थिए। पीडितको डेरामा सोही दिन राति १५-२० जना सुरक्षाकर्मीले खानतलासी गरी कम्प्युटरलगायत्का सामानहरु कब्जा गरी लगे। पीडित आदिवासी जनजाति संस्था नेपाल तामाङ घेदुङ संघका पूर्व सचिव तथा आदिवासी जनजाति पत्रकार संघका पूर्व महासचिव पनि हुन्। पीडित रिहा भइसके।

नुवाकोट जिल्ला मदनपुर गाविस-८ घर भई कामनपा-१६ म्हेपीमा डेरा गरी बस्ने ३१ वर्षीय बसन्त पाण्डे र १८ वर्षीय प्रकाश पन्तलाई ०६० पुस २० गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई सैनिक हिरासतबाट फागुन २७ गते रिहा गरियो। उनलाई आँखामा पट्टी बाँधी राखिएको थियो।

कामनपा-३१ मा सञ्चालित मितेरी हस्पिटलका डाइरेक्टर ४८ वर्षीय वीरेन्द्र झापालीलाई ०६० पुस २४ गते दिउँसो अस्पतालकै माथिल्लो तलामा रहेको निवासबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले "केही सोधपुछ गर्नु छ, २ घण्टा पछि छाडिदिन्छौं, हामीसँग जाउँ" भनी गिरफ्तार गरी बेपत्ता पारे। पीडित सरकार माओवादी शान्तिवार्ताका सम्पर्क सूत्रधार थिए। गिरफ्तारपछि आँखामा पट्टी बाँधिएका झापालीलाई सैनिक हिरासतबाट ०६० फागुन १२ गते घरैमा ल्याएर रिहा गरियो।

सिन्धुली जिल्ला कमलामाई नपा-४ घर भई कामनपा-१६ बालाजुका २८ वर्षीय सीताराम ढकाललाई ०६० पुस २६ गते सुरक्षाकर्मीले आफ्नै घरबाट सोधपुछका लागि भनी गिरफ्तार गरे। पीडितलाई जगदल गण, छाउनीमा राखिएको छ।

झापा जिल्ला गरामनी गाविस-२ घर भई सितापाइला गाविस-२ सितापाइला डेरा गरी बस्ने ३० वर्षीय ओमप्रकाश तिमिल्सिनालाई ०६० पुस २७ गते कामनपा-१४ कलंकीस्थित वासु गार्मेन्टमा कार्यरत भएकै अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई सादा पोशाकमा आएका व्यक्तिले "हामी आफन्त हौं" भनी गार्मेन्टका पालेलाई बोलाउन लगाईसँगै लिएर गएका थिए। पीडितलाई ०६१ जेठमा रिहा गरियो।

सिन्धुपाल्चोक जिल्ला फुल्पिङ् गाविस-५ घर भई थली बस्ने २९ वर्षीय महेन्द्र थापालाई ०६० पुस २७ गते कामनपा-७ चावहिल चुच्चेपाटीबाट आठजना सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई हप्तापछि रिहा गरियो।

रामेछाप जिल्ला तिल्पुङ्ग गाविस-३ डाँडागाउँ घर भई कामनपा-७ चाबहिल डेरा गरी बस्ने ३० वर्षीय प्रेमबहादुर तामाङलाई ०६० पुस २७ गते चाबहिल चुच्चेपाटीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई सादा पोशाकमा आएका सुरक्षाकर्मीले पेस्तोल देखाई गाडीमा राखी गौशालातर्फ लगेका थिए। पीडित जिल्ला प्रहरी कार्यालय हनुमानढोकाबाट ०६० माघको दोस्रो हप्ता रिहा भए।

कामनपा-१६ नयाँबजार खुसिबुका अधिवक्ता ४१ वर्षीय गोपीबहादुर भण्डारीलाई ०६० माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा हाल रिहा भइसकेका छन्।

बाँके जिल्ला कोहलपुरका शेषकान्त शर्मा चापागाईलाई ०६० माघ ५ गते सुरक्षाकर्मीले पक्राउ गरी ०६१ बैशाख ४ गतेदेखि भद्रबन्दी गृहमा नजरबन्दमा राखेकोमा ०६१ असार ३१ गते नजरबन्दबाट मुक्त गरिएको पूर्जी दिइए तापनि ०६१ साउन ३ गते रिहा गर्नासाथ जनसेवा वडा प्रहरी कार्यालयको १६५१ नम्बरको भ्यानमा राखी जिप्रका हनुमानढोकामा बुझाइयो। पीडितलाई जिप्रका हनुमानढोकाका रामचन्द्र वस्नेतले बुझेको पीडितका परिवारजनले जनाए। पीडित रिहा भइसके।

तनहुँ जिल्ला अरुणोदय गाविस-५ घर भई कामनपा-१३ वाफल डेरा गरी बस्ने अधिवक्ता ४० वर्षीय वासुदेव सिग्देललाई ०६० माघ ८ गते बिहान कामनपा-३१

सुरक्षाकर्मीद्वारा बेपत्ता पारी एक महिनापछि रिहा गरिएका मदन लिम्बू र राजु लिम्बू

वागवजारस्थित आफ्नै शुभकामना ल फर्मवाट सादा पोशाकमा आएका आफूलाई सुरक्षाकर्मी वनाउने तीनजनाले गिरफ्तार गरे। पीडितलाई फागुन १६ गते रिहा गरियो।

कामनपा-३४ शान्तिनगरका अधिवक्ता ३२ वर्षीय जीतमान वस्नेतलाई ०६० माघ २१ गते आफ्नै घरवाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। पीडितको तर्फवाट नेपाल वार एशोसिएसनले सर्वोच्च अदालतमा रिहाइको माग गर्दै दिएको रिट निवेदनमा फागुन २८ गते शाही नेपाली सेना र नेपाल प्रहरीले गिरफ्तार नगरिएको दावी गरी सर्वोच्च अदालतमा पत्र पठाए। सुरक्षाकर्मीले पीडितलाई ०६१ कार्तिक २ गते छाउनी व्यारेकवाट रिहा गरे। पीडितलाई सैनिक हिरासतमा राख्दा लाठी, प्लाष्टिकको पाइप, जुत्ता आदि प्रहार गरी दिएको यातनाको निशान ९ महिना पछि रिहा हुँदा पनि देख्न सकिन्थ्यो।

कामनपा-१६ वालाजु माछापोखरीका अधिवक्ता ३८ वर्षीय लक्ष्मणप्रसाद अर्याललाई ०६० माघ २१ गते गते सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारेकोमा हाल रिहा भइसके।

कामनपा-४ वालुवाटारका ५६ वर्षीय लोककृष्ण भट्टराईलाई ०६० फागुन ६ गते विहान सादा पोशाकमा आएका सुरक्षाकर्मीले आफ्नै घरवाट गिरफ्तार गरी वेपत्ता पारेकोमा फागुन १६ गते सुरक्षाकर्मीले घरैमा ल्याएर रिहा गरे।

सितापाइला गाविस-२ का अधिवक्ता ३८ वर्षीय वालकृष्ण देवकोटालाई ०६० फागुन ९ गते सादा पोशाकमा आएका ३ जना सुरक्षाकर्मीले घरवाटै गिरफ्तार गरे। पीडितलाई फागुन १४ गते रिहा गरियो।

गोरखा जिल्ला तान्द्राङ्ग गाविस-२ घर भई कामनपा-१६ वनस्थली डेरा गरी वस्ने सरस्वती क्याम्पसमा अध्ययनरत २० वर्षीय गणेश वन्जरालाई ०६० फागुन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। पीडितलाई सुरक्षाकर्मीले आँखामा पट्टी बाँधेर सैनिक हिरासतमा राखी ०६० चैत पहिलो हप्ता डेरा नजिकै ल्याएर रिहा गरे।

काभ्रे जिल्ला धुसेनी शिवालय गाविस-१ घर भई कामनपा-१० मिनभवन वस्ने पीस प्वाइन्ट वोर्डिङ् स्कूलका शिक्षक ४० वर्षीय भीमसेनकुमार गौतमलाई ०६० फागुन १९ गते राति आफ्नै निवासवाट हतियार सहित सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। पीडितलाई "केही सोधपुछ छ हामीसँग जानु पर्‍यो" भनी घरवाट पश्चिमतिर हिंडाएर लगेका थिए। पीडित हाल रिहा भइसकेका छन्।

नवलपरासी जिल्ला प्रगतिनगर गाविस घर भई कामनपा-१३ रविभवन वस्ने ४० वर्षीय लोकप्रसाद भूर्तेललाई ०६० चैत ३ गते टेकुस्थित यातायात संस्थान कार्यालयमा कार्यरत अवस्थामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारेकोमा हाल नजरवन्दमा राखिएको गृह मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको छ।

नुवाकोट जिल्ला विदुर नपा-४ घर भई कामनपा-१६ वालाजुमा वसी लेखापढी व्यवसाय गर्ने २५ वर्षीय नारायणध्वज महतलाई ०६० चैत ३ गते सादा पोशाकमा आएका दुईजना सुरक्षाकर्मीले कामनपा-१४ स्थित मालपोत कार्यालय हातावाट गिरफ्तार गरी वेपत्ता पारे। पीडितलाई यस अघि ०५८ चैत १६ गते पनि सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारेकोमा तीन महिनापछि जिल्ला प्रहरी कार्यालयमा परिवारलाई भेट गर्न दिइएको थियो। सर्वोच्च अदालतको आदेशवाट ०५९ चैत ११ गते रिहा भएका पीडितले ०६० माघ २६ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी १५ दिने तारिख धाइरहेका थिए। पीडितलाई हाल सुन्दरीजलस्थित अनुसन्धान केन्द्रमा राखिएको छ।

खोटाङ जिल्ला दिक्तेल घर भई वुढानिलकण्ठमा खुद्रा व्यापार गरी वस्ने ३६ वर्षीय मैया शोभा राईलाई ०६० चैत ५ गते राति केही सादा पोशाक, मुखमा नकाव लगाएका र दुईजना हतियारधारी प्रहरीसहितको सुरक्षाकर्मीले गिरफ्तार गरे। विरामी ६ वर्षीय छोरा सन्देशलाई छाडेर उनलाई गिरफ्तार गरेकोमा पीडितहरुलाई भोलिपल्ट रिहा गरियो।

धादिङ जिल्ला थाक्रे गाविस-३ महादेववेंशीका २४ वर्षीय साधुराम थापालाई ०६० चैत १२ गते राति सीतापाइला गाविस-४ वाट सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। पीडित हाल रिहा भइसके।

कामनपा-१० वानेश्वरस्थित आफ्नै घरवाट नेपाल कृषि अनुसन्धान परिषद्, वाली तथा वागवानी निर्देशक सचिवालयमा कार्यरत वरिष्ठ वैज्ञानिक ४८ वर्षीय पुष्पराज भुर्त्याललाई ०६० चैत २३ गते साँझ सादा पोशाकमा आएका ३ जना सुरक्षाकर्मीले "तपाईसँग केही कुराकानी गर्नुछ" भनी केही समय कौशिमा कुरा गरी थप कुरा गर्नुछ भनी गाडीमा राखी वेपत्ता पारे। भुर्त्याललाई चैत २८ गते रिहा गरियो।

सुनसरी जिल्ला महेन्द्रनगर गाविस-२ का ३२ वर्षीय दीपेन्द्र सापकोटालाई ०६१ वैशाख ६ गते कामनपा-७ सिफलवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

कामनपा-७ कुमारीगालका ४८ वर्षीय मदन लिम्वू, ३७ वर्षीय राजकुमार लिम्वू र ४९ वर्षीय पदमहरि पौडेललाई ०६१ वैशाख ६ गते दिउँसो आ-आफ्नै घरवाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले वेपत्ता पारे। सुरक्षाकर्मीले पीडितहरुलाई ०६१ जेठ ६ गते दिउँसो आ-आफ्नै घरमा ल्याई

परिवारको रोहवरमा रिहा गरे।

सिन्धुपाल्चोक जिल्ला वतासे गाविस-४ घर भई हाल कामनपा-७ चाबहिल बस्ने २० वर्षीय प्रदीप दुलाललाई ०६१ वैशाख २६ गते दिउँसो करिब १२ बजे आफूलाई सुरक्षाकर्मी बताउने केही व्यक्तिहरुले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई हाल सुन्दरीजल अनुसन्धान केन्द्रमा राखिएको छ।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका पदम पौडेल

नुवाकोट जिल्ला थप्रेकस्थित निम्न माध्यमिक विद्यालयका शिक्षक हरिकृष्ण अधिकारीलाई कामनपा-१६ बालाजुबाट ०६१ वैशाख २७ गते दिउँसो आफूलाई सुरक्षाकर्मी बताउने सादा पोशाकमा रहेका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकोमा हाल रिहा गरिसकिएको छ।

गुल्मी जिल्ला सिर्सेनी गाविस १ का १८ वर्षीय सुरेश अर्याललाई ०६१ जेठ १ गते कामनपा १५ छाउनीबाट सादा पोशाकमा अएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई हाल सुन्दरीजलस्थित अनुसन्धान केन्द्रमा हिरासतमा राखिएको छ।

कामनपा-३१ प्रदर्शनीमार्गस्थित रत्नराज्य लक्ष्मी क्याम्पसमा ०६१ जेठ १ गते बिहान ७ बजेदेखि स्ववियुद्वारा आयोजित “प्रजातान्त्रिक गणतन्त्र, संवैधानिक राजतन्त्र र सक्रिय राजतन्त्र” विषयक मिनी जनमत संग्रह संचालन भइरहेको अवस्थामा स्ववियु सभापति वालगोपाल उपाध्यायलाई प्रहरीले गिरफ्तार गरी वडा प्रहरी कार्यालय सिंहदरबारमा राखेकोमा भोलिपल्ट रिहा गरियो।

तिनथाना गाविस-९ ढुंगेअड्डाका २३ वर्षीय जीतेन्द्र खड्कालाई ०६१ जेठ ५ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा हाल जगन्नाथ देवलस्थित कारागार शाखामा थुनामा छन्। पीडित विगतमा अनेरास्ववियु (क्रान्तिकारी) मा संलग्न रही संकटकालपश्चात् उक्त संगठन छोडी आत्मसमर्पण गरी घरैमा बसेका थिए।

सुकेधारास्थित विडारी सप्लायर्समा कार्यरत दीपक विडारी, हरिप्रसाद विडारी र रामप्रसाद विडारीलाई ०६१ जेठ १४ गते राति सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरु धादिङ जिल्ला महादेवबेंशी घर भई निर्माण कार्यका लागि आवश्यक रोडा, ढुंगालगायत्का सामग्री आपूर्ति गर्दै आएका थिए। पीडितहरुलाई असार ७ र १७ गते रिहा गरियो।

कामनपा-४ शंखपार्क, चण्डोलचोकबाट माझी जनजाति समूहकी अध्यक्ष चिनीमाया माझीलाई ०६१ जेठ १८ गते राति “हामी सुरक्षाकर्मी हौं, तपाईसँग सोधपुछ गर्नुछ” भनी गिरफ्तार गरी बेपत्ता पारेकोमा एक हप्तापछि रिहा गरियो।

कामनपा-७ चाबहिलस्थित आफ्नै निवासबाट राजधानी राष्ट्रिय दैनिकका सम्वाददाता २८ वर्षीय रेवती सापकोटालाई ०६१ असार १० गते बिहान ११.३० बजे चार जनाको संख्यामा सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा सोही दिन बेलुका रिहा गरे। आफूलाई सुरक्षाकर्मी हौं भन्ने व्यक्तिले उनलाई आँखामा पट्टी बाँधी गाडीमा राखेर अज्ञात स्थानतर्फ लगेका थिए। पारिवारिक श्रोतका अनुसार, तपाईहरु को हो भनेर सोध्दा एकजनाले सुरक्षाकर्मी हौं भनी परिचयपत्र देखाएका थिए र रेवतीलाई गाडीमा राखेका थिए।

मनमैंजु गाविस-४ ढोकाटोलका ३४ वर्षीय धर्मनारायण महर्जन र ३५ वर्षीय आशानारायण महर्जनलाई ०६१ असार १४ गते राति ११ बजे सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई दुई हप्ता पछि रिहा गरियो।

कामनपा-३० ज्याठाका एमालेका सक्रिय कार्यकर्ता गोपाल महर्जनलाई ०६१ असार १९ गते राति पौने १ बजे पसलबाट घर फर्की सुत्न लाग्दा हतियारसहित आएका आठ जना सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

काभ्रे जिल्ला पोखरीचौंरी गाविस घर भई कामनपा-३४ भीमसेनगोला बस्ने २७ वर्षीय मेघराज कोइरालालाई ०६१ असार २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी साँझ रिहा गरे। पीडित कोइरालालाई सुरक्षाकर्मीले पुन: असार २१ गते पुतलीसडक बोलाई गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई साउन ३ गते छाउनीस्थित सैनिक ब्यारेकबाट १५ दिने तारिखमा रिहा गरियो।

रामेछाप जिल्ला घर भई मनमैंजु गाविस-८ मा डेरा गरी बस्ने ४५ वर्षीय दीपक भनिने जगतबहादुर तामाङलाई ०६१ असार २८ गते बिहान सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सैनिक ब्यारेकमा राखी साउन ७ गते जिल्ला प्रहरी कार्यालयमा ल्याई भोलिपल्ट आफ्नै निवासमा पुर्‍याई रिहा गरे।

कामनपा-४ सुयोगमार्गका ३८ वर्षीय सञ्जय श्रेष्ठलाई ०६१ असार १८ गते राति ९, १० जना सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी बेपत्ता पारे। सुरक्षाकर्मीहरु घरभित्र पसी पुरै घर खानतलासी गरी पीडित श्रेष्ठलाई बा. २ च २०७१ नम्बरको सेतो रंगको गाडीमा राखी लगेका थिए। पीडितलाई हाल रिहा गरियो।

रामेछाप जिल्ला गुन्सी गाविस-८ घर भई हाल जोरपाटीस्थित एमबी मजदुर फर्निचर उद्योग संचालन गरी

बसेका तमाङ घेदुङ संघका केन्द्रीय कोषाध्यक्ष ४० वर्षीय मानबहादुर लामालाई ०६१ असार ३१ गते आफूलाई सुरक्षाकर्मी बताउने चारजनाले "तपाईसँग एक छिन काम छ" भनी गिरफ्तार गरी गाडीमा राखि बेपत्ता पारे। पीडित रिहा भइसकेका छन्।

सुनसरी जिल्लाको इटहरी नपा घर भई कामनपा-१६ बालाजुस्थित रारा ईंट्टा डिपो एण्ड सप्लायर्सको प्रबन्धक पदमा कार्यरत ३९ वर्षीय नगेन्द्र राईलाई ०६१ असार ३१ गते राति १ बजे आफ्नै डेरामा सुतिरहेको अवस्थामा आफूलाई सुरक्षाकर्मी बताउने समूहले बेपत्ता पारे। पीडित रिहा भइसकेका छन्।

कामनपा-१६ म्हेपीका ४१ वर्षीय बाबुराजा प्रजापतीलाई ०६१ असार २२ गते राति १२ बजे सादा पोशाकमा आएका चार जनाको संख्यामा आएका आफ्नो परिचय नबताउने व्यक्तिले घर खानतलास गरी केही नभेटेपछि केही कुरा गर्नु छ भनी गाडीमा राखेर लगी बेपत्ता पारे। बाबुराजालाई जिल्ला प्रसाशनले साउन ८ गते सेनाबाट बुझी साउन ११ गते भद्रबन्दी गृह कारागार शाखामा थुनामा राखिएको छ।

खोटाङ जिल्ला दिक्तेल हलेसी गाविस-४ घर भई हाल कामनपा गोपिकृष्ण नगर चाबहिल बस्ने गोपिकृष्ण सिनेमा हलको बुकिङ काउण्टरमा कार्यरत गुणराज पौडेललाई ०६१ साउन १ गते राति एघार बजे आफूलाई सुरक्षाकर्मी बताउने सातजनाको एक समूहले अपहरण शैलीमा अज्ञातस्थलतर्फ लगे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

नुवाकोट जिल्लाका धर्मप्रसाद अधिकारीलाई माओवादीको आरोपमा गिरफ्तार गरिएकोमा ०६१ साउन १२ गते सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिए पनि केन्द्रीय कारागारबाट रिहा भएको केही बेरपछि प्रहरीले पुन: गिरफ्तार गरे।

कामनपा-६ बौद्ध घर भएका सगरमाथा आरोही मिङ्मा छिरिङ्ग लामालाई ०६१ साउन १६ गते राति १२ बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। प्रत्यक्षदर्शीका अनुसार, सादा पोशाकका सुरक्षाकर्मीलाई परिचय पत्र देखाउ भन्दा उनीहरुले नमानेको र पीडितलाई "केही बुझेपछि पठाइदिन्छौ" भनेका थिए। पीडितलाई भोलिपल्ट घरमै पुऱ्याई रिहा गरियो।

रामेछाप जिल्ला सुकाजोर गाविस २ घर भई कामनपा-१० बुद्धनगर डेरा गरी बस्ने ३८ वर्षीय दुर्गाबहादुर बस्नेतलाई ०६१ साउन १७ गते कामनपा-१० नयाँ बानेश्वरबाट गिरफ्तार गरे। पीडितलाई श्रीजंग गण सिंहदरबारमा आँखामा पट्टी बाँधेर एक रात राखी भोलिपल्ट रिहा गरियो। पीडितलाई सैनिक हिरासतमा पानी खन्याएर यातना दिइएको थियो।

काभ्रे जिल्ला धुसेनी शिवालय गाविसका नेकाँ इकाई सभापति शेरबहादुर लामालाई ०६१ साउन २१ गते राति १ बजे कामनपा बालाजुबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारिएकोमा काभ्रेबाट रिहा गरियो।

कामनपा-३५ कोटेश्वरका एकनाथ चौलागाईंलाई ०६१ साउन ३२ गते दिउँसो काठमाडौं भद्रगोल जेलबाट रिहा गरे लगत्तै प्रहरीले पुन: गिरफ्तार गरे। पीडिताई ०६१ जेठ ६ गते माओवादीको आरोपमा नजरबन्दमा राखिएको थियो। पीडितहरुलाई रिहा गरियो।

कामनपा-७ चाबहिल, मैजुबहालबाट अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी) का केन्द्रीय सदस्य विष्णु थापा मगर र ललितपुर जिल्ला संयोजक रेशम लामालाई ०६१ भदौ ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा सरकार-मजदुर युनियनको सम्झौतापछि भदौ ३० गते रिहा गरियो।

कामनपा-१५ ताहाचलका रामजीप्रसाद रौनियारलाई ०६१ भदौ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितका भाइ रामप्रसाद रौनियारले जिल्ला प्रहरी कार्यालयलगायत्का सुरक्षा निकायमा सम्पर्क गर्दा पनि दाजुका बारेमा केही थाहा हुन नसकेको बताए। पीडित हाल गृह मन्त्रालयको छानबिन समितिद्वारा नजरबन्दमा रहेको जनाइएको छ।

सुरक्षाकर्मीद्वारा हिरासतमा यातना दिइएका जीतमान बस्नेत

चुनिखेल गाविस-७ का नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय, सुन्धारामा कार्यरत हरिप्रसाद पौडेललाई ०६१ भदौ २८ गते कार्यालय जाँदै गर्दा सुन्धारामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले तपाईसँग केही सोधपुछ गर्नुछ भनी गिरफ्तार गरी बेपत्ता पारेकोमा हाल नजरबन्दबाट रिहा भएका छन्।

कीर्तिपुर नपा-१५ का विनोद महर्जन, मधुसुधन कार्की, राजाराम केसीलाई ०६१ असोज २ गते राति दक्षिणकाली अस्थायी पोष्टमा कार्यरत सैनिक जवानहरुले गिरफ्तार गरेर कुटपिट गरे। रत्नपार्कबाट दक्षिणकाली चल्ने बसका चालक र स्थानीय युवाहरुबीच दिउँसो सामान्य झगडा भएको र त्यसै विषयमा बस चालकले सेनालाई बोलाएर ल्याई गिरफ्तार गरी कुटपिट गर्न

लगाएको सोही स्थानीय व्यक्तिहरुले वताए।

कामनपा-१० शंखमूलमा वस्ने साप्ताहिक आवाजका सम्पादक यज्ञ ढकाललाई ०६१ असोज २३ गते विहान वानेश्वरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सुरक्षाकर्मीले वेलुका आफ्नो निवास शंखमूलमा खानतलासको लागि लगी श्रीजंग गण सिंहदरबारमा राखे। पीडितलाई भोलिपल्ट मध्यान्ह श्रीजंग गण सिंहदरवारबाट १५-१५ दिनको तारिखमा रिहा गरियो।

साप्ताहिक विमर्शका उपसम्पादक शंकर रोक्कालाई ०६१ कार्तिक ३ गते दिउँसो सादा पोशाकमा आएका सुरक्षाकर्मीले कामनपा-१५ शोभाभगवतीबाट अपहरणको शैलीमा गिरफ्तार गरी ५ घण्टासम्म यातना दिई रिहा गरे। पत्रकार रोक्कालाई साप्ताहिक विमर्शको वर्ष ३४ अंक १४ (०६१ असोज २९ गते) को "दशैं अवधिभर वन्दुक विश्राम हुने, युद्धविरामसँगै माओवादीको नयाँ रणनीति" शीर्षकको समाचारलाई लिएर सुरक्षाकर्मीले मानसिक यातनासमेत दिए।

नुवाकोट जिल्ला कुमरी गाविस-६ घर भई विगत ६ वर्षदेखि पुरानो नैकाप गाविस-८, थानेटारमा कुटानी-पिसानी मिल सञ्चालन गरी स्थायी वसोबास गर्दै आएका ३४ वर्षीय देवीप्रसाद न्यौपानेलाई ०६१ कार्तिक १९ गते राति ११ वजे कम्ब्याट ड्रेसमा आएका १०-१२ जना सुरक्षाकर्मीले घरमा खान-तलासी गरी "भोलिपल्ट बिहान ८ बजेसम्ममा पठाइदिन्छौं, केही सोधपुछ गर्नुछ" भनी गिरफ्तार गरे। पीडितलाई कार्तिक २६ गते रिहा गरियो।

कपन गाविस-१ का ३३ वर्षीय शंकर थापालाई ०६१ कार्तिक २५ गते सादा पोशाकका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी मंसिर ६ गते रिहा गरियो।

दोलखा जिल्ला भिमेश्वर नपा-२ का हेमबहादुर श्रेष्ठ र मालु गाविस-५ का पूर्णबहादुर खड्का ०६१ कार्तिक २६ गते भद्रगोल जेलबाट रिहा भएकोमा सुरक्षाकर्मीले पुन: गिरफ्तार गरे।

सुकेधारास्थित साइप्रस सेकेण्डेरी स्कूलका शिक्षक डिल्ली अधिकारीलाई ०६१ मंसिर २ गते विहान १० वजे सादा पोशाकमा आएका ३-४ जना सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

कामनपा-२९ सामाखुसीबाट भीमसेन पोखेल, आकृति र शर्मिला उपनाम गरेका माओवादी कार्यकर्ता ०६१ मंसिर ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई सैनिक हिरासतमा राखिएको छ।

कपन गाविसका ३६ वर्षीय प्रकाश थापालाई ०६१ मंसिर २४ गते जिल्ला प्रशासन कार्यालय परिसर, बबरमहलबाट रिहा गर्नासाथ सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। प्रकाशलाई ०६१ कार्तिक २५ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी वेपत्ता वनाएका थिए। पीडितका परिवारले मंसिर १ गते सर्वोच्च अदालतमा वन्दी प्रत्यक्षीकरणको रिट हालेकोमा मंसिर २३ गते सर्वोच्चले रिहा गर्ने आदेश दिएको थियो। सुरक्षाकर्मीद्वारा प्रमुख जिल्ला अधिकारीको आदेशमा श्रीजंग गण, सिंहदरबारमा राखिएको जानकारी दिई पीडितकी पत्नी कल्पना थापालाई जिल्ला प्रहरी कार्यालयमा बोलाइएको थियो। श्रीजंग गणवाट जिल्ला प्रशासन कार्यालयमा ल्याइएका थापालाई बुझ-बुझारथको कागजना हस्ताक्षर गर्न लगाई कार्यालय परिसरभित्रैबाट १५-२० जनाको संख्यामा रहेका सादा पोशाकका सुरक्षाकर्मीले बा. १ च ९७६९ नम्वरको जीपमा हालेर लगे। पीडितलाई हाल जेलमा राखिएको छ। पीडित एमनेष्टी इन्टरनेशनल नेपाल शाखाका सदस्य हुन्।

कामनपा-११ स्थित केन्द्रीय कारागारबाट तीन महिनाको नजरबन्दको म्याद पछि रिहा भई आफन्तको निवास जाँदै गर्दा ललितपुरको कोपुण्डोलबाट २३ वर्षीय वालकुमार देवकोटालाई ०६१ मंसिर २७ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। यस अघि सादा पोशाकमा आएका सुरक्षाकर्मीले देवकोटालाई ०६० मंसिर २९ गते अनेरास्ववियु (क्रान्तिकारी) मोरङका जिल्ला सदस्य भएको आरोपमा काठमाडौंको रत्नपार्कबाट गिरफ्तार गरी बेपत्ता पारेका थिए। बा. २ च ३९७९ को रातो रङको गाडीमा आएका प्रहरीहरुले ललितपुरको कोपुण्डोलबाट पीडितलाई गिरफ्तार गर्दा उनीसँगै रहेका मानवअधिकारकर्मीलाई समेत हातपात गरेको थियो। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

ओखलढुंगा जिल्ला कटुञ्जे गाविस-९ स्थायी घर भई कामनपा-१० बस्ने पत्रकार सीताराम पराजुलीलाई ०६१ पुस १३ गते बेलुका सादा पोशाकका सुरक्षाकर्मीले "तपाईंसँग काम छ" भनी सोधपुछ गर्नु छ भनेर गाडीमा राखेर लगे। पीडितलाई बेलुका नयाँ बानेश्वर चोकबाट पत्रिका कार्यालयतर्फ जाँदै गर्दा सुरक्षाफौजले गिरफ्तार गरेका थिए। पीडित हाल रिहा भइसकेका छन्।

माओवादीद्वारा बम विस्फोट गराई क्षति पुऱ्याइएको कर्मचारी सञ्चयकोष भवन र सोही घटनाका घाइते गोकुलसिंह तामाङ (इन्सेटमा)

बालअधिकार

जोरपाटी गाविसकी एक ८ वर्षीय बालिकालाई ०६० चैत १ गते सोहि ठाउँका १३ वर्षीय अमृत थापा र ८ वर्षीय नेत्रबहादुर थापाले बलात्कार गरे। पीडितको वीर अस्पतालमा उपचार भयो भने पीडकलाई बौद्ध वडा प्रहरी कार्यालयमा लगी आवश्वक कारवाही गरियो।

गोठाटार गाविस-८ की १४ वर्षीय एक बालिकालाई ०६१ असार ७ गते दोलखा घर भई हाल गोठाटार बस्दै आएका हरि सुवेदीले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे। पीडितको हारगुहार सुनेर स्थानीय बासिन्दाले पीडकलाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका थिए।

ओखलढुंगा जिल्ला नारायणस्थान गाविस-१ घर भई काठमाडौंको कपन गाविसस्थित दिपाङ्कर आवासीय विद्यालयका ५१ वर्षीय शिक्षक टिकाराम दाहाललाई सोही विद्यालयका ९ वर्ष देखि १३ वर्ष सम्मका छ जना छात्राहरुलाई ट्युसन पढाउने निहुँमा पटक-पटक यौन दुर्व्यवहार गरेको आरोपमा ०६१ साउन १२ गते प्रहरीले गिरफ्तार गरेको छ। पीडक टिकाराम सोही विद्यालयमा अंग्रेजी विषय अध्यापन गर्दै आएका थिए। पीडकलाई हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल चिकित्सक संघको ०६० माघ २० गते बसेको आकस्मिक बैठकले वीर अस्पतालभित्र माघ १९ गते प्रहरी प्रवेश गरी जथाभावी लाठीचार्ज गरी बिरामीका कुरुवालाई समेत घाइते बनाएको र सेवारत स्वास्थ्यकर्मीलाई आतंकित तुल्याएको विरोधमा माघ २३ गते अधिराज्यभरका सम्पूर्ण स्वास्थ्यकर्मीले कालोपट्टी बाँधेर प्रहरी दमनको विरोध गरे। संघद्वारा जारी विज्ञप्तिमा अस्पतालजस्तो संवेदनशील ठाउँमा प्रहरी प्रवेश गरी गरेको दमनको घोर भर्त्सना गरियो।

मानवअधिकारसँग सम्वन्धित विभिन्न ९ वटा संस्थाहरुको एक टोलीले ०६० चैत ८ गते धापासी गाविस-९ बसुन्धारामा ०६० चैत ७ गते बेलुका भएको गोली काण्डबारे तथ्य संकलन गरी एक विज्ञप्ति जारी गरे। घटनाका सम्वन्धमा सामान्य अवस्थामा पनि गाडीबाट ओर्लिएका सादा पोशाकमा रहेका सशस्त्र प्रहरीहरुद्वारा अनावश्यक रुपमा बल प्रयोग गरी एक जनाले समातेर नियन्त्रणमा लिई अर्काले गोली प्रहार गरी २६ वर्षीय किशोर खड्कालाई मरणासन्न हुनेगरी घाइते बनाएको देखिन आएको हुँदा यस घटनाको सम्वन्धमा न्यायिक छानबिन गरी दोषिमाथि कारवाही गर्न र पीडित पक्षलाई यथोचित क्षतिपूर्ति प्रदान गर्नुका साथै घाइतेको यथोचित उपचार गर्न सरकारसँग माग गरियो। उक्त प्रेस विज्ञप्ति जारी गर्नेहरुमा यातना पीडित सरोकार केन्द्र (सिभिक्ट, बालमजदुर सरोकार केन्द्र (सिविन), इन्हुरेड, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), आरआरएन, बियण्ड बेइजिङ कमिटी, सिविस, हिराइट्स, एलायन्स नेपाल रहेका थिए।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले अनेरास्ववियु (क्रान्तिकारी) द्वारा गरिएको अनिश्चितकालीन शैक्षिक संस्था बन्द आह्वान तथा शिक्षण संस्थाहरुको भौतिक सम्पत्तिमाथि भइरहेको श्रृंखलाबद्ध आक्रमणहरुको भर्त्सना गर्दै ०६१ जेठ २८ गते एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समितिले ०६१ कार्तिक २१ गतेदेखि आफ्नो विभिन्न माग राखेर २४ घण्टे रिलेअनसन गर्‍यो। देशभरका २८ हजार अस्थायी शिक्षकहरुलाई स्थायी गरियोस भनी अस्थायी शिक्षकहरुले विभिन्न चरणका आन्दोलन गरेका थिए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

कामनपा-१० नयाँबानेश्वरमा कान्तिपुर साप्ताहिकका संवाददाता कृष्ण भट्टराईलाई ०६० माघ १४ गते बिहान ५ बजे गलबन्दी र टोपी लगाएका चार लुटेराले घाँटीमा तरवार राखी तीन हजार रुपैयाँ नगद र मोबाइल सेट लुटे।

कामनपा-२१ वसन्तपुरस्थित शाही नेपाली सेनाको ग्यारिजन गणमा ०६१ पुस १० गते साँझ ड्युटीमा रहेका सेनाका जमदारको हातबाट स्वचालित हतियार भूइँमा खस्दा सेनाका एक जवान र दुई जमदार घाइते भएकोमा सेनाको जवानको उपचारको क्रममा मृत्यु भयो। घाइते दुवैलाई उपचारार्थ वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा लगिएको थियो।

यो वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्यज्यानका १७ वटा, आत्महत्याका २ सय १३ वटा, चोरीका ६७ वटा, डकैतीका ५४ वटा, लागुऔषध खोटा चलनका ४३, भवितव्य मृत्युका ९९ र देहव्यापार तथा जीउ मास्ने-बेच्ने सम्वन्धी २२ वटा घटना दर्ता भए। सवारी दुर्घटनामा ४३ जनाको ज्यान गयो भने ११ जना गम्भीर घाइते भए।

२.१६ धादिङ



जनसंख्या : ३३८६५८
साक्षरता प्रतिशत : ४३.४८
महिला साक्षरता प्रतिशत : ३३.८१
क्षेत्रफल (वर्ग कि. मि.) : १९२४.६
गाविस/नपा संख्या : ५०/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५३९
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : १/४९
टेलिफोन लाइन : ५५१
मोटर सडक (कि. मि.) : ४८५
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ५०
मानव विकास सूचकांक : ०.४१०
प्रति परिवार सरदर संख्या : ५.८४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

केवलपुर गाविस-७ केरावारीमा मुना भनिने माओवादी कार्यकर्ता २० वर्षीय कल्पना श्रेष्ठ ०६० पुस २६ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरेपछि गोली हानी मारिइन।

मूलपानी गाविस-१ मूलचोकका कृषक १९ वर्षीय सानु गुरुङ, माओवादी कार्यकर्ताहरू सरु भनिने सुमित्रा थापा र राजेश ०६० माघ ३ गते सुरक्षाकर्मीको कारवाहीमा मारिए। पीडित सानु खहरेवाट सामान किनेर घर फर्कदै गरेका थिए।

सल्यानकोट गाविस-७ मा माओवादी कार्यकर्ता सुन्दर ०६० माघ ५ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

भुमेस्थान गाविस र थाक्रे गाविसको वीच आगरा खोलामा माओवादी कार्यकर्ता चट्याङ ०६० माघ ८ गते सुरक्षा कारवाहीमा मारिए।

छत्रेदेउराली गाविसको दमाहाढुङ्गाका २८ वर्षीय रामप्रसाद कँडेल माओवादीको आरोपमा ०६० माघ २० गते सुरक्षाकर्मीद्वारा पक्राउ गरी गोली हानी मारिए।

साङकोप गाविसको जुम्रेडाँडामा मार्पाक गाविसका कृषक सीताराम पन्थ र नाम नखुलेका एक माओवादी कार्यकर्ता ०६० माघ २२ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

सल्यानकोट गाविस-८ का कृषक ४५ वर्षीय मोहनी प्रसाद सिंखडा ०६० माघ २९ गते साङकोप गाविसको स्याउलीवजार नजिकैको आफ्नै घरवाट गिरफ्तार गरेर सदरमुकामतर्फ लाँदै गर्दा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

झापाका २४ वर्षीय माओवादी कार्यकर्ता टेकनारायण राजवंशी, आगिनचोक गाविसका २२ वर्षीय सुजित खड्का आगीनचोक गाविसको पुल भत्काउन लागेको आरोपमा ०६० फागुन ३ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

मैदी गाविस-४ काफलपानीमा माओवादी कार्यकर्ताहरू नुवाकोटका दिवश भनिने डुकु मग्राती र रामेछापका दर्शन भनिने वासु कँडेललाई एउटा घरमा वसिरहेको अवस्थामा ०६० चैत ४ गते सुरक्षाकर्मीद्वारा घेरा हाली गोली हानी मारिए।

मकवानपुर जिल्ला आग्रा गाविस-२ का २८ वर्षीय किरण कार्कीलाई माओवादीलाई सघाएको आरोपमा ०६० चैत ६ गते आग्रा गाविस-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी ६ नं. वाहिनी अड्डामा ल्याई ०६१ जेठ ११ गते गजुरी गाविस-९ बाट भाग्न लागेको भनी चलाइएको गोली लागेर मृत्यु भयो। पीडितलाई सेनाले आफ्नो हिरासतमा राखी माओवादी चिनाउन लगेको वेला घरतर्फ जान निर्देशन गरेपछि हिंड्न लागेको बेला गोली हानिएको स्थानीय व्यक्तिले बताए। पीडितको लास एउटा खाडल खनी पुरेर छाडिएको थियो।

सल्यानकोट गाविस-२ का माओवादी कार्यकर्ता २७ वर्षीय चेतनारायण श्रेष्ठ ०६० चैत १२ गते सुरक्षाकर्मीद्वारा आगिनचोक गाविसको कास्टेमा गोली हानी मारिए। एउटा घरमा वसेको ठाउँवाट गिरफ्तार गरी सकेट वम हान्न लागेको भनी नियन्त्रणमा लिएपछि गोली हानिएको थियो।

गोरखा जिल्ला धावा गाविस-४ का दिनेश भनिने होमप्रसाद रेग्मी र रोल्पा जिल्लाका अरुण भनिने अरुण पुन सकेट बम हान्न लागेको आरोपमा ०६१ वैशाख ७ गते सुरक्षाकर्मीद्वारा बसेरी गाविस-८ हटियामा वसिरहेको घरमा घेरा हाली गोली हानी मारिए।

महादेवस्थान गाविस-४ ताल्तीमा माओवादी

कार्यकर्ता सुजिता ०६१ वैशाख २५ गते सुरक्षाकर्मीको कारवाहीमा मारिइन्।

आगिनचोक गाविस गोलाङका माओवादी प्लाटुन कमाण्डर अनिशा भनिने २२ वर्षीय इन्दिरा श्रेष्ठ ०६१ वैशाख २७ गते भाग्न लागेको अवस्थामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सल्यानकोट गाविस-४ चिसापानीमा पुऱ्याई गोली हानी मारिइन्। पीडितको लाश सुरक्षाफौजले पानी मुहानमा गाडिदिएका थिए।

मुरलीभञ्ज्याङ गाविस-४ का माओवादी समर्थित शिक्षक संगठन सदस्य ४२ वर्षीय असिम भनिने अर्जुन लम्साललाई ०६१ जेठ ३२ गते सुरक्षाकर्मीद्वारा गुम्दीबाट गिरफ्तार गरेर असार १ गते बिहान ज्यामरुङ गाविस-१ लामाथानमा पुऱ्याई गोली हानी मारियो। सुरक्षाकर्मीले असार १ गते सकेटबम हान्न लागेको भनी भीडन्तमा मारिएको जनायो। पीडितको कन्चटमा गोली हानिएको थियो।

अनेकिसंघ (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य, नुवाकोट जिल्ला जिलिङ गाविस-४ का ३९ वर्षीय जंगवीर भनिने भरत ढुंगाना र अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय वैकल्पिक सदस्य नुवाकोट जिल्ला थानापति गाविस-३ का रणदीप भनिने २५ वर्षीय वैकुण्ठ पोखेल घेरा तोडी भाग्न लागेको र सकेटवम हान्न लागेको आरोपमा ०६१ असार ३१ गते बिहान गुम्दी गाविस-५ इमनस्वाँराबाट बिहान ६ बजे सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी एक घण्टापछि नजिकै दुवालो खोलामा पुऱ्याएपछि गोली हानी मारिए। पीडित ढुंगानाको टाउकोमा र पोखेलको पेटमा गोली प्रहार गरिएको थियो।

नुवाकोट जिल्ला सूर्यमति गाविस-५ घर भएका गोगनपानी गाविस-१ पौवामा माओवादी कार्यकर्ता श्रवण भनिने २२ वर्षीय प्रकाश न्यौपाने विद्युतीय धराप थाप्दै गर्दा ०६१ असोज १० गते सुरक्षाकर्मीको कारवाहीमा मारिए। प्रेसरकुकर वम राख्दै गर्दा सुरक्षाकर्मीले व्यारेकबाटै गोली हानेपछि उक्त वमसमेत विस्फोट भएको थियो।

माओवादीबाट

निलकण्ठ गाविस-५ रिजालगाउँका १० वर्षीय डम्बरबहादुर नेपाली ०६० माघ २ गते माओवादीले छाडेको बम खेलाउँदा विस्फोट भई घाइते भएकोमा उपचारको क्रममा माघ ५ गते मृत्यु भयो। सो घटनामा घाइते भएका अन्य दुई जनाको जिल्ला अस्पतालमा उपचार भयो।

आगिनचोक गाविस-१ का राप्रपा कार्यकर्ता ६० वर्षीय टेकबहादुर पाण्डेलाई सुराकीको आरोपमा ०६० फागुन १ गते माओवादीले घरबाट अपहरण गरी छड र खुकुरीले हानी घाँटी रेटेर आखु खोलाको किनारमा हत्या गरे। पीडितको लाश क्षतविक्षत अवस्थामा २ गते फेला परेको थियो।

सल्यानकोट गाविस-८ का एमाले कार्यकर्ता ४२ वर्षीय इच्छाविक्रम मल्ललाई सुराकीको आरोपमा ०६० फागुन ३ गते दिउँसो माओवादीको घरबाट अपहरण गरी रुखमा हात बाँधेर ढुङ्गा, रड र खुकुरीले हानी मरणासन्न पारेपछि गोली हानेर हत्या गरे।

साङकोष गाविसको खल्चेतमा गस्तिमा गएका सुरक्षाकर्मीलाई ०६० फागुन १६ गते माओवादीले विद्युतीय धरापमा पार्दा सुर्खेत जिल्ला घर भएका सेनाका जवान कृष्णवहादुर घर्ती थापाको मृत्यु भयो। विस्फोटमा सिपाही दुर्गाबहादुर तिमल्सिना, मनबहादुर दर्लामी, राजु थारु र

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३	२	५	११	२८		५	३३	१७	१९	५	७	३१
घाइते	१	१	१	२	८	२५	४		२९	४	७	१	३५	४३
बम विस्फोट					४	१		३	४					
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										१६	३१	३		३४
बेपत्ता										४	४			४
कुटपिट	३	३		३						२	२			२
धम्की					४	४७	१		४८					
जातीय विभेद	१	३		३										
महिलाअधिकार	३		३	३										
बालअधिकार	४	१	३	४										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१					
अमानवीय व्यवहार	१	१		१										
अपहरण					२४	११५	३	११४	२३२					
जम्मा	१८	१२	९	२१	५२	२१७	८	१२२	३४७	४४	६४	९	४२	११५

शत्रुघन शाही गम्भीर घाइते भएकोले वीरेन्द्र सैनिक अस्पतालमा उपचार गरियो। अन्य दुई सैनिक सामान्य घाइते भए।

जिल्ला शिक्षा कार्यालयमा कार्यरत निलकण्ठ गाविस-५ का २२ वर्षीय रामशरण रिजालको ०६० चैत २० गते बेलुका माओवादीले शिक्षा कार्यालयमा तीनवटा शक्तिशाली बम विस्फोट गराउँदा मृत्यु भयो। सो घटना गणेश प्रजापतीको भाडामा लिइएको घरमा भएको थियो।

निलकण्ठ गाविस-५ धादिङवेशीका मनोनित जिविस सभापति मोहनकुमार श्रेष्ठ पदवाट राजीनामा नदिएको आरोपमा ०६१ वैशाख २ गते घरमा माओवादीले बम विस्फोट गराउँदा उनका ८५ वर्षीय पिता वेदभक्त श्रेष्ठ सख्त घाइते भएकोमा उपचारको क्रममा मृत्यु भयो।

सल्यानकोट गाविस-९ का राप्रपा कार्यकर्ता एवम् मनोनित गाविस अध्यक्ष ४८ वर्षीय मानबहादुर गुरुङलाई सुराकीको आरोपमा ०६१ वैशाख १३ गते माओवादीले घरवाट अपहरण गरे। मार्पाक गाविस-७ सापटार जंगलको नजिकै आँखु खोलाको किनारमा ०६१ वैशाख १७ गते नीलडाम र चोटपटक लागेको अवस्थामा पीडितको लाश फेला परेको थियो।

सुनौलाबजार गाविस-५ नवलपुरका प्रहरी जवान २२ वर्षीय मोहनसिंह श्रेष्ठ र कृषक २४ वर्षीय रामकृष्ण श्रेष्ठको ०६१ साउन २७ गते माओवादीले छाडेको बम विस्फोट हुँदा मृत्यु भयो। बेवारिसे अवस्थामा थोत्रो बोरामा राखिएको वम मोहनले घर विदामा आएको बेला चलाउँदा विस्फोट भई मृत्यु भएको थियो।

धनुषा जिल्ला घर भई रिगाउँ उपस्वास्थ्य चौकीमा कार्यरत अहेब ४० वर्षीय अभिनन्दन चौधरीलाई ०६१ मंसिर १० गते माओवादीका एक कार्यकर्ताले कुटपिट गरी भीरबाट खसाल्दा मृत्यु भयो। यो घटनालाई दुर्घटना भनी स्वास्थ्य कार्यालयले एक प्रतिवेदन वनाई पीडितलाई क्षतिपूर्ति दियो। पीडितको हत्या भएको जानकारी स्थानीय बासिन्दाले दिए।

सुरक्षाकर्मीको कारवाहीमा मारिएका अनेकिसंघ (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य भरत ढुंगाना

सलाङ गाविस-६ सलाङमैदानका एमाले जिल्ला सदस्य एवम् जनसांस्कृतिक मञ्च जिल्ला इन्चार्ज ४८ वर्षीय खिनबहादुर थापा मगरलाई सुराकीको आरोपमा ०६१ मंसिर २६ गते बिहान माओवादीले घरवाट अपहरण गरी सोही दिन बेलुका सोही गाविस-३ इटपानीमा पुऱ्याई गोली हानी हत्या गरे। पीडितलाई अपहरण गरेपछि, एक माओवादी कार्यकर्ताको लास पुर्न खाडल खन्न लगाई कुटपिट गरी घाइते पारेपछि टाउकोको देब्रेतर्फ गोली हानी मारिएको थियो। पीडितको शरीर भरी नीलडाम थियो। एउटा हात भाँची कुम खुस्किएको अवस्थामा लास फेला परेको थियो। पीडितलाई १०/११ घण्टासम्म कुटपिट गर्दै जंगल र गाउँको बाटो घुमाइएको प्रत्यक्षदर्शीले बताए। सलाङ भीडन्तमा सेनालाई खवर गरेको आरोप लगाए तापनि भिडन्त भएको दिनमा पीडित घरैमा भएको र त्यस दिन दिउँसो मात्र बजार झरेकाले सुराकी नगरेको र गर्न सक्ने अवस्था समेत नरहेको पीडितका छिमेकीहरुले बताए।

दोहोरो भिडन्त

माओवादी र सुरक्षाकर्मीबीच पृथ्वी राजमार्गस्थित जोगीमारा गाविसमा पर्ने कोजवाङखोलामा ०६१ वैशाख २९ गते दिउँसो २:३० बजेदेखि चार घण्टासम्म दोहोरो भिडन्त भयो। गस्तीमा गएका सुरक्षाकर्मीमाथि माओवादीले डाँडाबाट सकेट बम प्रहार गरी विस्फोट गराएका थिए भने सुरक्षाफौजले फायरिङ गरेको थियो। त्यसपछि सुरक्षाकर्मी भागाभाग गरेको र त्रिशुली नदीमा हाम फालेका थिए। सो भिडन्तमा प्रहरी इन्स्पेक्टर मोहन लिंखा राई, प्रहरी जवान ऋषिराम शर्मा, सैनिकतर्फ कुबेर विष्ट, धनबहादुर थारु नातीकाजी बस्नेतको भिडन्तमा, सैनिक सिपाही राजेन्द्र चौधरी र केदार सौदारीको उपचारको क्रममा र सैनिक जवानहरू रमेश वस्नेत, रवी थापा, विष्णुराज केसी र प्यूठ बृखराज चौधरीको त्रिशुली नदीमा हाम फालेर मृत्यु भएको थियो। यस बाहेक ५ सुरक्षाकर्मी घाइते भए। सोही घटनामा माओवादीतर्फ केहीको मृत्यु भयो भने ३५ जना घाइतेलाई माओवादीले बोकेर लगेका प्रत्यक्षदर्शीले जनाए। सोही घटनामा प्रहरीको जीप, बा. १ च १४१४ को सेनाको ट्रक र ना. २ ख १४८९० को भाडाको ट्रकसमेत माओवादीले जलाइदिएका थिए।

धुषा गाविस-१ कृष्णभीरमा गस्तीमा गएको सुरक्षाकर्मी र माओवादीबीच ०६१ मंसिर १ गते दोहोरो भिडन्त भयो। भिडन्तको क्रममा तरकारी पकाउँदै गरेकी ३५ वर्षीय नानी थापा र १७ वर्षीय पशुपति थापा घाइते भए। उनीहरुको काठमाडौंमा उपचार भयो। भिडन्तका क्रममा ५ जना सेनाको लाश घटनास्थलमा थियो भने माओवादीतर्फ कम्पनी कमान्डर लखन थापा क्षेत्री र सरीता तामाङको लाश

भेटियो। कृष्णभीर नजिक वारीमा ७-८ जनाको लाश खाडल खनेर गाडियो भने गोरखाको घालचोकमा ५ वटा लाश गाडिएको स्थानीयबासीले बताए। एक जना सेनाको जवानलाई माओवादीले अपहरण गरेपछि पत्रकारको जिम्मामा छाडेका थिए। गस्तीमा गएका सुरक्षाकर्मीलाई विद्युतीय धरापमा पारेपछि माओवादीले आक्रमण गरेका थिए। धरापमा परेको बा. १ ग १४१३ को सेनाको गाडीमा आगोसमेत लगाइएको थियो।

सलाङ गाविस-४ कोट्लेभञ्ज्याङमा सुरक्षाकर्मी र माओवादीबीच ०६१ मंसिर ३ गते दोहोरो भिडन्त भयो। भिडन्तमा सेनाको गोलीबाट विद्यार्थी १२ वर्षीय बुधे मगर र सुदीप पाठक सामान्य घाइते भए। यस भिडन्तमा माओवादीतर्फ स्वास्थ्य कार्यकर्ता चट्याङको घटनास्थलमै मृत्यु भयो। जंगलदेखि तल खोलामा माओवादीका चारवटा लाश देखिएका थिए। माओवादीको ६२ वटा झोला जम्मा गरी सेनाले पोलेका थिए। सुरक्षाकर्मीतर्फ कुनै क्षति भएन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

त्रिपुरेश्वर गाविस-४ ढाडेबजारकी व्यापारी ३० वर्षीय विनीता अधिकारी ०६० माघ १६ गते साँघुडाँडाबाट सेनाले गोली चलाउँदा सख्त घाइते भइन्। पीडितको उपचार स्थानीय बासिन्दाले काठमाडौंमा गराए।

माओवादीबाट

बेनिघाट गाविस-१ पतौरीमा ०६० माघ २९ गते सुरक्षा फौज र माओवादीबीच केहीबेर दोहोरो गोली हानाहान भयो। माओवादीले बन्दको सिलसिलामा शक्तिशाली बम विस्फोट गराउँदा जनजीवन आतंकित भएको थियो।

नलाङ गाविसको च्याङुखोला नजिकै कालुपाण्डे मार्ग विद्युत प्राधिकरणका कर्मचारी ४५ वर्षीय हेमन्तप्रसाद चौधरी, खाल्टे गाविस-१ का ६० वर्षीय पदमबहादुर गुरुङ र अर्का एक सर्वसाधारण ०६० फागुन ६ गते माओवादीले राखेको बम विस्फोट हुँदा सख्त घाइते भए। सडकमा ढालेर राखिएको रुखमुनि सो बम राखिएपछि हटाउन लाग्दा पड्किएको थियो।

शिक्षा कार्यालयका कर्मचारी शिवप्रसाद रेग्मी, सर्वसाधारण कृष्णबहादुर श्रेष्ठ र नवीन सापकोटा ०६० चैत २० गते माओवादीले बम विस्फोट गराउँदा घाइते भए भने सँगै रहेको विशाल फर्मा औषधी पसलसमेत ध्वस्त भएको थियो। घाइतेहरुको उपचार काठमाडौंमा गरियो।

मुरलीभञ्ज्याङ गाविस-२ कमेरे नजिकै विद्यार्थी ११ वर्षीय भैरव कोइरालासहित १ बालिका र २ सुरक्षाकर्मी ०६१ असार १६ गते माओवादीले दुईवटा बम विस्फोट गराउँदा घाइते भए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

निलकण्ठ गाविस-५ बीचबजारका ३५ वर्षीय खेमलाल श्रेष्ठ, ३२ वर्षीय डमाकुमारी श्रेष्ठ, १३ वर्षीय प्रकाश श्रेष्ठ र १४ वर्षीय गणेश तिमल्सिना ०६१ पुस २ गते घरमा माओवादीले बम विस्फोट गराउँदा घाइते भए।

निलकण्ठ गाविस-५ शान्तबजारमा १० वर्षीय प्रकाश तामाङ, प्रहरी हवल्दार गणेश सुनार, प्रहरी जवान कृष्णबहादुर अधिकारी, सैनिक जवान रामबहादुर खड्का र कृष्णबहादुर अधिकारी ०६१ पुस ६ गते माओवादीले बिजुलीको पोलको फेदमा बम विस्फोट गराउँदा घाइते भए। पीडितहरुको उपचार धादिङबेंशीमा भयो। यस घटनापछि एकघण्टासम्म सुरक्षाकर्मीले अन्धाधुन्ध फायरिङ गरे भने माओवादीहरु केही राउण्ड फायर गरी भागे।

लापा सेर्तुङ र तिप्लिङ गाविस सचिव ५८ वर्षीय जोगनारायण श्रेष्ठ ०६१ पुस ११ गते निलकण्ठ गाविस-५ सिरानबजारस्थित फैसिंह घलेको घरमा माओवादीले बम विस्फोट गराउँदा घाइते भए। घर पूर्ण रुपमा क्षतिग्रस्त भयो।

जेल र बन्दीहरु

२५ जनाको बन्दी क्षमता रहेको धादिङ जेलमा ११ जना कैद नतोकिएका र २२ जना कैद तोकिएका ३३ जना बन्दीहरु राखिएको छ।

दैनिक ३० रुपैयाँ र ७ सय ग्राम चामल माओवादी र अरु बन्दीलाई एकै किसिमले दिइने व्यवस्था छ। सधैंभरि क्षमताभन्दा बढी बन्दी राखिने र जीर्ण बनेको जेल भित्र फोहोर छ। दुई वर्षमा मात्र डस्ना-सिरक र ६-६ महिनामा लगाउने लुगा दिइने व्यवस्था छ, जसले गर्दा बन्दीहरुलाई मर्का परेको छ।

बन्दीहरुलाई जेलभित्र सीप सिक्ने व्यवस्था छैन। चिठीपत्र बाहिर पठाउन र भित्र पठाउन सेन्सरसिप लागू छ। सबै बन्दी एकै ठाउँमा राखिन्छन्।

सुरक्षाकर्मीद्वारा मारिएका अनेरास्ववियु (क्रान्तिकारी) का वैकल्पिक केन्द्रीय सदस्य बैकुण्ठ पोखेल

हिरासतमा मृत्यु

सल्यानकोट गाविस-२ का ५० वर्षीय अचने मावि खहरेका शिक्षक चक्रबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०६१ कार्तिक २५ गते त्रिपुरेश्वर गाविस-३ विद्यालय परिसरबाट सेनाले गिरफ्तार गरे। दुई दिन खहरेस्थित सेनाको ब्यारेकमा राखिएपछि धादिङवेंशी भगवती दल गुल्ममा ल्याइयो। ०६१ कार्तिक ३० गते बेलुका सेनाको सो हिरासतको कच्ची घरको ब्लीमा स्लिपिङ ब्यागको पासो लगाई आत्महत्या गरिएको भनी पासो काटेर लडेको अवस्थामा राति नै पत्रकार, मानवअधिकारकर्मी र केही पार्टीका नेताहरुलाई सेनाले देखाएका थिए। पीडितलाई क्षतिपूर्ति दिन जिल्ला प्रशासन कार्यालयले सिफारिस गरेको छ।

बेपत्ता / अपहरण

राज्यबाट

नौबीसे गाविस-२ का ३२ वर्षीय हरिप्रसाद लुइँटेललाई माओवादीको आरोपमा ०६० फागुन १७ गते राति घरमा सुतिरहेको अवस्थामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बेनिघाट गाविस-७ का २५ वर्षीय विनोद सिलवाललाई माओवादीको आरोपमा ०६१ मंसिर १४ गते चितवनको सीमाना कुरिनघाटबाट सेनाको सर्च टोलीले गिरफ्तार गरी बेपत्ता पारे।

ललितपुर जिल्ला ललितपुर उपमनपा-२ सानेपाका शिक्षक ३२ वर्षीय श्यामसुन्दर विष्टलाई माओवादीलाई सघाएको आरोपमा ०६१ मंसिर २२ गते सेनाको एक टोलीले तसर्पु गाविसस्थित महाकाली माविको विद्यालयबाट गिरफ्तार गरी बेपत्ता पारे।

नुवाकोट जिल्ला घर भई निलकण्ठ गाविस-२ अल्छीडाँडामा मजदुरी गरी बस्ने २६ वर्षीय शम्भु श्रेष्ठलाई माओवादीको आरोपमा ०६१ पुस ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।



सुरक्षा कारवाहीमा मारिएका अर्जुन लम्साल

माओवादीबाट

केवलपुर गाविस-२ की एमाले कार्यकर्ता ३२ वर्षीय गोमा कोइरालालाई सुराकीको आरोपमा ०६० पुस २७ गते घरबाट काखको २ महिनाको बच्चाबाट छुटाएर माओवादीले अपहरण गरी बेपत्ता पारे।

गजुरी गाविस-२ भैसीखोरका राप्रपाका कार्यकर्ता एवं विश्व हिन्दू महासंघका गोरखा, नुवाकोट र धादिङका पूर्व अध्यक्ष २८ वर्षीय अणु पाण्डेलाई भ्रष्टाचार गरेको आरोपमा ०६० पुस १९ गते उनकै घरबाट माओवादीले अपहरण गरी माघ २ गते मुक्त गरे। पीडितहरूलाई बानि नसुधारे भौतिक कारवाही गर्ने धम्कीसमेत दिएका थिए।

त्रिपुरेश्वर गाविसको खहरेबाट ना. १ ख ८५९७, ना. २ ख १२९०, ना. २ ख १२४४ र आरुघाट बजारबाट ना. २ ख ५२६१ र ना. २ ख १६९६ को बसलाई सेना बोकेको आरोपमा ०६० फागुन ३ गते अपहरण गरी कब्जामा लिई उत्तरी क्षेत्रमा माओवादीले नाकाबन्दी लगाए। सात दिनपछि नाकाबन्दी फिर्ता गरी बससमेत सेना नबोक्ने शर्तमा मुक्त गरे।

मैदी गाविस-९ मजुवाका राप्रपा कार्यकर्ता ४५ वर्षीय रामप्रसाद लामिछानेलाई राजनीति गरेको र सुराकीको आरोपमा ०६० फागुन २० गते माओवादीले उनकै घरबाट अपहरण गरी पार्टीबाट राजीनामा गर्ने, सुराकी नगर्ने र गाउँ छाड्दा माओवादी स्वीकृति लिनुपर्ने शर्तमा फागुन २६ गते घर नजिकै माझी गाउँमा पुऱ्याई मुक्त गरे।

आगिनचोक गाविस-६ का ३४ वर्षीय तोपबहादुर बुर्लाकोटी, ५२ वर्षीय मोहनकुमार शाह, ३१ वर्षीय अम्बिका रुवाली, २८ वर्षीय ज्ञानु अधिकारी ४३ वर्षीय बाबुराम बुर्लाकोटी, ५० वर्षीय बाबुकाजी अधिकारी र आगिनचोक गाविस-५ का ३० वर्षीय लक्ष्मण शर्मा र सल्यानकोट गाविस-१ का ३३ वर्षीय तिलकबहादुर अधिकारीलाई माओवादीविरुद्ध लागेको आरोपमा ०६० चैत १९ गते घर-घरबाट माओवादीले अपहरण गरे। मोहनबहादुर र लक्ष्मणलाई चैत २७ गते र बाँकीलाई चैत २४ गते आइन्दा यस्तो नगर्ने शर्तमा मुक्त गरे। पीडित टोपबहादुर, अम्बिका, ज्ञानु र तिलक शिक्षक हुन्।

रिगाउँ उपस्वास्थ्य चौकीका पियन २५ वर्षीय दुलबहादुर तामाङलाई सुराकी गरेको आरोपमा ०६१ वैशाख १ गते माओवादीले अपहरण गरी बेपत्ता पारेकोमा बाटो खन्ने, भारी बोक्नेजस्ता कठोर काम लगाई दुई महिनापछि मुक्त गरे।

रिगाउँ गाविसका निवर्तमान उपाध्यक्ष ताराबहादुर तामाङलाई सुराकीको आरोपमा ०६१ वैशाख १ गते माओवादीले अपहरण गरे। पीडितलाई तीन दिनपछि मुक्त गरे।

मूलपानी गासिव-७ का भूपू सैनिक ४८ वर्षीय शालिकराम अधिकारी, ४६ वर्षीय ध्रुव थापा र ४६ वर्षीय मानबहादुर अधिकारीलाई चन्दा नदिइ सुराकी गरेको आरोपमा ०६१ जेठ ३ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई चार दिनपछि मुक्त गरे।

नेपाल शिक्षक संघका जिल्ला सचिव दीपक सिंखडा, रिगाउँ माविका खेमसिं तामाङ, शिरबहादुर तामाङसहित २५ जना शिक्षकलाई ०६१ जेठ २३ गते माओवादीले घर र विद्यालयवाट अपहरण गरी माओवादीको जनवादी शिक्षासम्वन्धी तालिममा सहभागी गराई तीन दिनपछि मुक्त गरे।

उत्तरी क्षेत्रस्थित आठ गाविसका कार्कीगाउँ प्रमावि सल्यानकोटका प्रधानाध्यापक अर्जुन नगरकोटी, रानीपौवा उमाविका सल्यानटारका प्रधानाध्यापक विष्णु तिमिल्सिना, अचने मावि खहरेका प्रधानाध्यापक रामलाल राय, सुन्दरी मावि आगिनचोकका प्रधानाध्यापक कृष्ण रुवाली, त्रिपुरासुन्दरी मावि सल्यानकोटका प्रधानाध्यापक गणेश सिटौलासहित २४ जना शिक्षकलाई ०६१ असार १३ गते माओवादीले अपहरण गरी जनवादी शिक्षासम्बन्धी तालिममा सहभागी गराई असार १६ गते मुक्त गरे।

महादेवस्थान गाविस-३ स्थित चन्द्रोदय प्राविका शिक्षक विष्णु थापालाई ०६१ असार २१ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी असार २५ गते कुटपिट गरी मुक्त गरे।

संस्कृत मावि मैदीका शिक्षक मैदी गाविस-९ का ४५ वर्षीय लोकवहादुर सामरी र मैदी गाविस-५ का ४६ वर्षीय धीरेन्द्रप्रताप शाहलाई सुराकीको आरोपमा ०६१ साउन १७ गते माओवादीले अपहरण गरी आफूहरुलाइ सघाउन र सुराकी नगर्न चेतावनी दिई तीन दिनपछि मुक्त गरे।

सेमजोङ गाविस-४ का ३० वर्षीय वीरे विश्वकर्मालाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६१ साउन २५ गते माओवादीले अपहरण गरी आइन्दा त्यस्तो कार्य नगर्न धम्की दिई दुई दिनपछि मुक्त गरे।

सेमजोङ गाविस-३ का १४ वर्षीय कालु तामाङ, १५ वर्षीय काले तामाङ, १६ वर्षीय ठगु तामाङ र सोही गाविस-३ का १५ वर्षीय विजय तामाङलाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६१ साउन २५ गते माओवादीले अपहरण गरे। चौतारा मावि सेमजोङमा अध्ययनरत पीडितहरुलाई धम्की दिई मुक्त गरे।

सुनौलावजार गाविस-७ का १४ वर्षीय ईश्वर पोखेल, १४ वर्षीय प्रमोद पोखेल र सोही गाविस-६ का १४ वर्षीय प्रल्हाद सिंखडालाई ०६१ साउन ३१ गते कर्णेश्वर प्रमाविवाट अपहरण गरे। पीडितहरु घर फर्किएका छैनन्।

धुषा र जोगिमारा गाविसवाट ९० जना शिक्षकलाई ०६१ असोज ७ गते माओवादीले विद्यालयहरुवाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

माओवादीद्वारा मारिएका एमाले जिल्ला कमिटी सदस्य खिनबहादुर थापामगर

महादेवस्थान गाविस-८ का कृषक ४० वर्षीय दिलिपसिंह तामाङ, शिक्षक ३० वर्षीय मणि लामा र कृषक ३० वर्षीय अजय तामाङलाई माओवादीविरुद्ध लागेको आरोपमा ०६१ कार्तिक २९ गते माओवादीले अपहरण गरी मंसिर २ गते मुक्त गरे।

लापा गाविस-४ का पूर्व गाविस अध्यक्ष एवम् राप्रपा कार्यकर्ता ४३ वर्षीय सिंहबहादुर तामाङलाई माओवादीको विरोध गरेको आरोपमा ०६१ मंसिर ८ गते माओवादीले घरबाट अपहरण गरी बेपत्ता पारे।

सलाङ गाविस-६ सलाङ मैदानका एमाले कार्यकर्ता ४७ वर्षीय इन्द्रबहादुर थापामगर र नेकाँका कार्यकर्ता ७४ वर्षीय कर्णबहादुर थापामगरलाई सुराकीको आरोपमा ०६१ मंसिर २६ गते बिहान माओवादीले अपहरण गरी कर्णबहादुरलाई बेलुका र इन्द्रबहादुरलाई भोलिपल्ट खाडल खन्न लगाई लास पुर्न लगाएर मुक्त गरे।

दार्खा गाविस-७ का गाविस सचिव ४२ वर्षीय तेजसिंह गुरुङ, सोही गाविस-४ का राप्रपा कार्यकर्ता ६४ वर्षीय अमरसिंह तामाङ र सोही गाविस-६ का ५४ वर्षीय प्रेमबहादुर तामाङलाई सुराकीको आरोपमा ०६१ पुस ७ गते उनीहरुकै घरबाट माओवादीले अपहरण गरे। अमरसिंहलाई तीन हप्तापछि मुक्त गरियो भने दुईजना बेपत्ता छन्।

त्रिपुरेश्वर गाविस-६ का जिल्ला शिक्षा कार्यालयका स्रोत व्यक्ति ४० वर्षीय गोपाल सिंखडालाई सुराकीको आरोपमा ०६१ पुस ११ गते गुम्दी गाविस-७ सालदुमवाट माओवादीले कुलपूजावाट फर्कन लाग्दा अपहरण गरी बेपत्ता पारे।

ढोला गाविस-९ का नेकाँ कार्यकर्ता ४६ वर्षीय बलराम दुवाडीलाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६१ पुस १२ गते माओवादीले अपहरण गरे। पीडित राति सुतेको ठाउँबाट भागी सदरमुकाम पुगे।

सल्यानकोट गाविस-२ कार्कीगाउँ प्रमाविका प्रधानाध्यापक ३८ वर्षीय अर्जुन नगरकोटी र अचने मावि खहरेका शिक्षक राजलाल रायलाई ०६१ पुस १२ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी बेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कुम्पुर गाविसका ना. २ ख १३६१ नम्बरको बस चालक २८ वर्षीय हिरा दरईलाई धुलो उडाएर गाडी चलाएको आरोपमा ०६० चैत ६ गते निलकण्ठ गाविस-५ को चेकपोष्ट नजिकै सादा पोशाकममा रहेका सेनाले कुटपिट गर्दा घाइते भए। पीडितको उपचार काठमाडौंमा गरियो भने भोलिपल्ट त्यसको विरोधमा बजार बन्द गरियो। सेनाले गल्ती स्वीकार गरी आइन्दा त्यस्तो नगर्ने प्रतिबद्धता व्यक्त गऱ्यो।

माओवादीबाट

मार्पाक गाविसका पूर्व उपाध्यक्ष ५० वर्षीय धनबहादुर तामाङलाई ०६१ असार २० गते माओवादीले ज्यानमार्ने धम्की दिई घर कब्जा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई वर्षभन्दा पहिलेका देवानी २ र फौजदारी ४ गरी ६ वटा मुद्दा फैसला हुन बाँकी छन्। ०६०/६१ मा देवानी ४१ र फौजदारी ८० गरी १ सय २१ वटा मुद्दाहरु जिल्ला अदालतमा दर्ता भए भने अघिल्लो वर्ष देवानी ६८ र फौजदारी ६३ गरी १ सय ३१ वटा मुद्दाहरु फैसला हुन नसकी यस वर्ष बाँकी रहे। यस वर्ष २ सय ५ वटा मुद्दामध्ये देवानी ७६ वटा र फौजदारी ८६ वटा गरी १ सय ६२ वटा फैसला भई देवानी ३३ र फौजदारी ५७ वटा गरी ९० वटा मुद्दा फैसला भएको छ।

कर्तव्यज्यानका ४, जबरजस्ती करणी १, पारिवारिक १७, सवारी ज्यान १३, गाली बेइज्जति ७, जग्गासम्बन्धी १९, चोरी २, लुटपिट ४ र कुटपिटका २ मुद्दा फर्स्यौट हुन बाँकी रहे। १० वटा थुनुवा मुद्दामा १३ जना थुनिएका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ११ वटा केही सार्वजनिक अपराधका मुद्दा परे। तीन वर्ष अघिका ३ वटा मुद्दा अझै फर्स्यौट भएका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

निलकण्ठ गाविस-५ का प्रहरी हवल्दार गिरीराज भण्डारीको घर ०६१ असार १४ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

निलकण्ठ गाविस-५ को खाद्य संस्थान भाडामा रहेको प्रेमकुमारी श्रेष्ठको घरमा ०६१ कार्तिक २९ गते माओवादीले बम विस्फोट गराई क्षतिग्रस्त पारे।

पृथ्वी राजमार्गको नौबीसे-मुङ्लिङ् सडक सुधार कर संकलन काउन्टर नौबीसे गाविस-१ मा ०६१ असोज १० गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

संरचना/सम्पत्ति क्षति

निलकण्ठ गाविस-५ पुछारबजारमा रहेको सुरक्षा जाँचचौकी ०६० फागुन ३ गते राति माओवादीले १३/१४ वटा सकेटबम प्रहार गरी ध्वस्त पारे। राति १० बजे यसरी लगातार आक्रमण गरेपछि गंगा श्रेष्ठ र विचारी श्रेष्ठको घरसमेत क्षति भएको थियो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नलाङ गाविस-१ का एमाले कार्यकर्ता ३८ वर्षीय कमल गुरुङ, ४५ वर्षीय कृष्णमान श्रेष्ठ र पाल्ले प्राविका शिक्षक ३० वर्षीय अमृत गुरुङलाई माओवादी भएको आरोपमा ०६० पुस १७ गते सुरक्षाकर्मीले घरमा सुतेकै ठाउँबाट गिरफ्तार गरी ब्यारेकमा लगे। पीडितहरुलाई



माओवादीको विद्युतीय धरापमा परी मारिएका कृषक रामकृष्ण श्रेष्ठ र प्रहरी हवल्दार मोहनसिंह श्रेष्ठ

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका बायाँबाट क्रमशः रमेश विक, इन्द्रबहादुर अर्याल, बुद्धिमान कुमाल, नवराज थापा र अर्जुन लम्साल

कपडासमेत लगाउन नदिई ब्यारेकमा कुटपिट र धम्की दिई तीन दिनपछि रिहा गरियो।

केवलपुर गाविस-३ का रामप्रसाद पुडासैनी, हरि सुवेदी, चोकबहादुर बास्कोटा र ज्ञानकुमार श्रेष्ठलाई माओवादीको आरोपमा ०६० पुस २५ गते सादा पोशाकमा आएका सेनाले गिरफ्तार गरी ब्यारेकमा लगी कुटपिट गरे। पीडितहरूलाई हालसम्म रिहा गरिएको छैन।

मकवानपुर जिल्लाको आग्रा गाविस-९ का एमाले कार्यकर्ता ३८ वर्षीय धनराम लामालाई थाक्रे र भुमेस्थान गाविसस्थितबीच आग्राखोलाबाट माओवादीको आरोपमा ०६० माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बैरेनी ब्यारेकमा पुऱ्याई कुटपिट गरे। पीडितसँग भएको ३६ हजार रुपैयाँ नगदसमेत जफत गरी कुटपिट र मानसिक यातना दिई फागुन १ गते बेलुका रिहा गरे। पीडितको उपचार काठमाडौंमा भयो।

भूमेस्थान गाविस-६ का गाडी चालक २४ वर्षीय नवराज रिजाल र हेल्पर २० वर्षीय सन्तोष रिजाललाई माओवादीलाई सघाएको आरोपमा ०६० चैत १८ गते ना. २ ख ७३७६ नम्बरको ट्रकसहित सेनाले नागढुङ्गाबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरुलाई हाल रिहा गरिएको छ।

नुवाकोट जिल्ला कल्याणपुर गाविस-३ का १९ वर्षीय राजकुमार विश्वकर्मा र २० वर्षीय राजन विश्वकर्मालाई आतंककारी गतिविधिमा लागेको आरोपमा ०६१ वैशाख २२ गते निलकण्ठ गाविस-५ धादिङबेंशीबाट प्रहरीले गिरफ्तार गरी मानसिक दबाब र यातना दिई नागरिकता राखेर भोलिपल्ट रिहा गरे।

त्रिपुरेश्वर गाविस-७ को अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला सदस्य निशा अधिकारी तथा देवकी तिमल्सिना र तामाङ मुक्ति मोर्चाका अध्यक्ष गुम्दी गाविसका रामजंग तामाङलाई ०६१ जेठ ३२ गते गुम्दी गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडित दुवैजनालाई वर्षको अन्त्यमा रिहा गरियो।

माओवादीद्वारा अपहरण गरिएका गाविस सचिव तेजसिंह गुरुङ

गुडस्टार बोर्डिङ नौबीसेका २४ वर्षीय भीमसेन काफ्ले, कन्यादेवी प्रावि कटुञ्जेका ३० वर्षीय हरिनारायण श्रेष्ठ र सरस्वती मावि धुवाकोटका ३५ वर्षीय सूर्यनाथ दासलाई स्थायी लाइसेन्सको परीक्षा भाड्न लागेको आरोपमा ०६१ असार ५ गते निलकण्ठ गाविस-५ धादिङबेंशीका प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेर कुटपिट गरेपछि हिरासतबाटै स्थायी लाइसेन्सको परीक्षा दिन लगाए। प्रहरीले प्रदर्शन गर्न लाग्दा हस्तक्षेप गरेको थियो।

सेमजोङ गाविस-५ की व्यापारी ३० वर्षीय दिलमाया तामाङलाई माओवादीलाई सघाएको आरोपमा ०६१ साउन १६ गते सेनाले घरबाट गिरफ्तार गरी लगेर तीन हप्तापछि रिहा गरे।

निलकण्ठ गाविस-२ का बिजुली पसले २८ वर्षीय कृष्ण कँडेल र सुनौलाबजार गाविस-७ का कपडा पसलमा काम गर्ने ३३ वर्षीय नानीराम थापालाई माओवादीको आरोपमा ०६१ साउन १७ गते निलकण्ठ गाविस-५ स्थित पसलवाट सेनाले गिरफ्तार गरी लगेर भदौको तेस्रो हप्ता रिहा गरे। रिहा गरिँदा कुटपिट गरिएकोले बिरामी परेका पीडितहरुको उपचार गरियो।

निलकण्ठ गाविस-५ धादिङबेंशीका कानुन व्यवसायी गोविन्दबहादुर श्रेष्ठ, लेखापढी व्यवसायी पदमप्रसाद पोखेल, वन कार्यालयका कर्मचारी विष्णुप्रसाद अधिकारी, सहकारी कार्यालयका कर्मचारी देवराज न्यौपाने र ड्राइभर विष्णु अधिकारीलाई तास खेलेको आरोपमा ०६१ भदौ ५ गते प्रहरीले सोही गाविस-५ वाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

थाक्रे गाविस-३ का ३५ वर्षीय रामप्रसाद विडारीलाई माओवादीलाई सघाएको आरोपमा ०६१ असार १४ गते सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई काठमाडौंको छाउनीस्थित ब्यारेकमा राखिएकोले परिवारले भेट गर्न पाएका छन्।

नुवाकोट जिल्ला मदानपुर गाविस-६ का २२ वर्षीय रामकृष्ण रैलालाई माओवादीको आरोपमा ०६१ असोज २० गते सेनाको सर्च टोलीले मार्पाक गाविस निमारचोकबाट गिरफ्तार गरे। पीडितलाई मंसिर ३ गतेदेखि जेलमा नजरबन्दमा राखिएको छ।

सल्यानकोट गाविस-२ का शिक्षक ४० वर्षीय अर्जुन नगरकोटीलाई माओवादीलाई सघाएको आरोपमा ०६१ कार्तिक १५ गते सेनाले निलकण्ठ गाविस-५ बाट गिरफ्तार गरी ६ नं. वाहिनी अड्डामा लगी कार्तिक २६ गते तारिखमा रिहा गरे।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका अमृत कँडेल

बालअधिकार

मुरलीभञ्ज्याङ गाविस-३ की ११ वर्षीय एक कुमाल थरकी बालिकालाई ०६० चैत ११ गते साङकोष गाविस-३ का १९ वर्षीय भरत कुमालले जवरजस्ती विवाहको नाटक गरी वलात्कार गरे। पीडित पक्षले कारवाही र क्षतिपूर्तिको माग गर्दै उजुरी गरेपछि पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मैदी गाविस-२ अमराइकी १३ वर्षीय एक वालिकालाई ०६१ साउन १२ गते ४२ वर्षीय रुद्रमान श्रेष्ठले वलात्कार गरेपछि वालिका विरामी परिन्। स्थानीय बासिन्दाले उद्धार गरी उपचार गराए। पीडक फरार छन्।

बोक्साको आरोपमा कुटपिट गरी आगोले पोलिएका सिताराम गिरी

धनुषा जिल्ला डिगम्पुर गाविस-५ की ४ वर्षीय एक बालिकालाई ०६१ कार्तिक ४ गते केवलपुर गाविस-७ का २५ वर्षीय कमल श्रेष्ठले थाक्रे गाविस-२ मा आमा ज्याला मजदुरी गर्न गएको वेला फकाई चकलेट खान दिएर वलात्कार गरे। बालिका घाइते भइन्। उनको उपचार गरियो। पीडकले अदालतको वयानमा आफ्नो गल्ती स्वीकार गरे।

साङकोष गाविस-३ की ७ वर्षीय एक बालिकालाई ०६१ कार्तिक ५ गते पिङ खेलिरहेको वेला सोही गाविस-३ का २३ वर्षीय अर्जुनबहादुर पाण्डेले नजिकै झाडीमा लगी वलात्कार गरे। पीडकले अदालतको वयानमा उक्त कुरा स्वीकार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार / बलात्कार प्रयास

भक्तपुर जिल्ला कटुञ्जे गाविसकी २६ वर्षीय एक महिलालाई ०६१ साउन २३ गते धुषा गाविस-१ कृष्णभीरमा ना. २ ख ६४११ का चालक हिराबहादुर थापामगरले वलात्कार प्रयास गरे। माइतवाट घर फर्केको वेला गाडीमा चढेपछि बलात्कारको प्रयास गरेपछि पीडितले प्रहरीमा उजुरी गरेकी थिइन्। पीडक फरार छन्।

सबै प्रकारका जातीय विभेद

जीवनपुर गाविस-२ का मदन परियार, गणेश परियार र वलराम मिजारलाई होटलमा चिया खाएर भाँडा नमाझेको आरोपमा ०६१ मंसिर २२ गते सोही गाविस-२ का दिलिपराज रेग्मी, सोही गाविस-९ का राजेन्द्र रेग्मी र सोही गाविस-४ का रामबहादुर मगरले कुटपिट गरेर गाउँ निकाला गर्ने धम्की दिए। पीडित पक्षवाट कतै उजुरी गरिएन।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी यातना दिइएका प्रकाश लोहनी र धनराम लामा

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

धादिङ जिल्लामा कार्यरत ४२ जना गाविस सचिवहरुले ०६१ साउन २५ गते स्थानीय विकास अधिकारी समक्ष माओवादीको दवावमा राजीनामा दिए। उनीहरु पाँच दिनपछि काममा फर्किए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष २३ जनाले आत्महत्या गरे। १० महिला र १३ पुरुषले आत्महत्या गरेकोमध्ये झुण्डिएर १२ पुरुष, ८

महिला र विष सेवन गरी २ महिला र १ पुरुषले आत्महत्या गरेका थिए। घरायसी झगडा र मानसिक असन्तुलनका कारण आत्महत्या गर्ने गरेको पाइयो।

यस वर्ष ३७ वटा दुर्घटनामा ५९ जनाको मृत्यु भयो। जसमा १३ महिला, ४२ पुरुष, र ४ नावालक थिए। यस बाहेक सामान्य किसिमका ५० भन्दा वढी दुर्घटना भएको छ।

यो वर्ष विभिन्न हातहतियार देखाई, धम्की दिएर लुटपाट गर्ने समूहले ल्मपुरमा ५ घर, नलाङमा १२ घर, गोगनपानीमा ६ घर, बेनिघाटमा ५ घर र दर्जनौं गाडीहरु, थाक्रेमा ७ घर, मैदीमा ९ घर, ढोलामा ३ घर, साङकोषमा १२ घर लगायतमा लुटपाट गरे। यसमध्ये केही लुटपाट गर्ने मध्येलाई पक्राउ गरिए पनि छाडिएको छ।

नलाङ गाविस-६ काम्दीका ३१ वर्षीय सीताराम गिरीलाई बोक्साको आरोपमा ०६१ पुस ३ गते सलाङ गाविस-८ स्थित ससुराली घरमा ससुरा ५० वर्षीय प्रेम गिरी, सासु ४९ वर्षीय आइतकुमारी गिरी, १६ वर्षीय गोरे गिरी, २३ वर्षीय राजु गिरी, १६ वर्षीय पार्वती गिरी र माइला गिरीले कुटपिट गरी सख्त घाइते पारे। बेहोस अवस्थामा पुगेका पीडितलाई आगोले समेत पोलेर अचेत अवस्थामा छाडिएपछि गाउँलेहरुले थाहा पाई उपचार गराए। पीडक विरुद्ध क्षतिपूर्ति र कारवाहीको माग गरी प्रशासनमा उजुरी दिइएको छ।

विगतको अनुगमन

ललितपुर जिल्ला ठेचो गाविस-४ की सानु माली र माइली माली, धादिङ जिल्ला थाक्रे गाविस-२ का दिने थापा, कुम्पुर गाविस-३ का पुष्प थपलिया, नौवीसे गाविस-२ का घनश्याम अधिकारी, किरान्चोक गाविस-५ का दर्जबहादुर तामाङ, वैरेनी गाविस-८ का राजकुमार न्यौपाने, थाक्रे गाविस-३ का ज्ञानेन्द्र विडारी, सोही गाविस-५ का मुकुन्द पन्थ, नौवीसे गाविस-१ का सुदर्शन रेग्मी, जीवनपुर गाविस-९ का वासु वास्कोटा, सोही गाविस-९ का जनक लामिछाने, केवलपुर गाविस-१ का अर्जुन पौडेल र आगिनचोक गाविस-१ का प्रकाश श्रेष्ठलाई सुरक्षाकर्मीद्वारा गत वर्ष विभिन्न समयमा गिरफ्तार गरी वेपत्ता पारिएकोमा यस वर्ष विभिन्न समयमा रिहा गरियो।

धुवाकोट गाविस-१ का समिता अधिकारी बेपत्ता भएकोमा आत्मसमर्पण गरेकी छिन्।

गोरखा जिल्लाका विनोदप्रसाद भट्टलाई माओवादीले गजुरी गाविस-२ वाट अपहरण गरी लगेकोमा यस वर्ष मुक्त गरे।

२.१७ सिन्धुपाल्चोक



जनसंख्या : ३०५८७
साक्षरता प्रतिशत : ४१
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : २५४२
गाविस/नपा संख्या : ७९/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४९६
क्याम्पस/उच्च मा.वि. : ३/८
अस्पताल/स्वास्थ्य चौकी : १/७८
टेलिफोन लाइन : २१२
मोटर सडक (कि. मि.) : २५०.५
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ७९
मानव विकास सूचकांक : ०.४१४
प्रति परिवार सरदर संख्या : ५.३९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

सिपापोखरे गाविस-४ का १७ वर्षीय पदमवहादुर तामाङ माओवादीको आरोपमा ०६० फागुन ४ गते सुरक्षाकर्मीद्वारा नवलपुर गाविस-५ वाट नियन्त्रणमा लिई सोही ठाउँमा गोली हानी मारिए।

हगाम गाविस हाप्राका नाम नखुलेकी २३ वर्षीय एक महिला माओवादीको आरोपमा ०६० फागुन १८ गते सुरक्षाकर्मीद्वारा घुम्थाङ् गाविस-७ मा गोली हानी मारिइन्।

भीमटार गाविसका २२ वर्षीय पूर्णबहादुर दनुवार र हगाम गाविसका सूर्यबहादुर श्रेष्ठ माओवादीको आरोपमा ०६० फागुन २५ गते सुरक्षाकर्मीद्वारा ज्यामिरे गाविस-३ र शिखरपुर गाविस-२ को वीचमा पर्ने अँधेरी खोलामा गोली हानी मारिए।

पेडकु गाविसका खड्गबहादुर नेपाली माओवादीको आरोपमा ०६० फागुन २६ गते सुरक्षाकर्मीद्वारा लिसंखु गाविसस्थित घ्याङडाँडामा गोली हानी मारिए।

दुवाचौर गाविस-९ का राजकुमार गिरी र नाम नखुलेका अर्का एक पुरुष माओवादीको आरोपमा ०६० चैत ११ गते सुरक्षाकर्मीद्वारा सोही ठाउँस्थित केउरिनी खोलामा गोली हानी मारिए।

वाँसबारी गाविस-९ का भुपाल तमाङ र फूर्पा तामाङ माओवादीको आरोपमा ०६१ साउन २१ गते सुरक्षाकर्मीद्वारा गोल्चे गाविसमा गोली हानी मारिए।

साँगाचोक गाविस-८ का २३ वर्षीय भरत गिरी माओवादीको आरोपमा ०६१ भदौ ४ गते सुरक्षाकर्मीद्वारा घरवाट गिरफ्तार गरी केही तल पुऱ्याई गोली हानी मारिए।

कालिका गाविसका २४ वर्षीय कृष्णबहादुर कार्की माओवादीको आरोपमा ०६१ असोज १३ गते सुरक्षाकर्मीद्वारा लिसंखु गाविस-९ चिप्लेबाट गिरफ्तार गरी सोही ठाउँमा गोली हानी मारिए।

माओवादीबाट

थाम्पालधाप गाविस घर भई मेलम्ची प्रहरी चौकीमा कार्यरत प्रहरी जवान दानवहादुर बस्नेतलाई ०६० पुस १८ गते दिउँसो मेलम्ची बजारमा हिंडिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

फुल्पिङकोट गाविस-८ का ३६ वर्षीय सुनबहादुर लामालाई सुराकीको आरोपमा ०६० फागुन ६ गते माओवादीले घरबाट वोलाई फुल्पिङ्डाँडा गाविस-२ स्थित वलेफी पुऱ्याई सोही दिन गोली हानी हत्या गरे।

इर्खु गाविस-१ का ३३ वर्षीय टेकबहादुर श्रेष्ठको ०६० फागुन १६ गते दिउँसो माओवादीले साँगाचोकस्थित मानेडाँडामा राखेको वम विस्फोट हुँदा घटनास्थलमा नै मृत्यु भयो। सुरक्षाकर्मीले वम फिक्न सँगै लिएर जाँदा सो घटना भएको थियो। पीडित सडकको नाली सफा गर्ने कुल्ली काम गर्दथे।

थाम्पालधाप गाविस-७ का ३३ वर्षीय युक्तबहादुर अधिकारीलाई सुराकीको आरोपमा ०६० फागुन १६ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले वोलाई घर भन्दा केही तल पुऱ्याई गोली र खुकुरी प्रहार गरी हत्या गरे।

साँगाचोक गाविसस्थित हर्रेडाँडामा ०६१ जेठ ८ गते दिउँसो माओवादीले गराएको सडक अवरोध हटाउन चौताराबाट गएका रौतहट जिल्ला घर भएका प्रहरी जवान चेतथरु राउत र एक सैनिक जवानको अवरोध हटाउन खोज्दा वम विस्फोट भई घटनास्थलमै मृत्यु भयो।

शिखरपुर गाविस-८ बगुवाका २५ वर्षीय गोविन्द खनाललाई ०६१ जेठ ३० गते दिउँसो माओवादीले सिपाघाटबाट गाविसमा पुग्दा बम प्रहार गरी हत्या गरे। पीडित दूध संकलन केन्द्रको दूधको क्यान वोक्ने भरिया हुन्।

सेलाङ गाविस-९ का १७ वर्षीय भीमबहादुर नेपालीलाई प्रहरीको लुगा सिएको आरोपमा ०६१ जेठ ३० गते माओवादीले घरबाट अपहरण गरी असार ८ गते स्याउले गाविस-६ धाउखानीमा पुऱ्याई खुकुरीले टाउको काटी हत्या गरे।

मार्मिङ् गाविस-४ का ५२ वर्षीय छोइतान शेर्पालाई सुराकीको आरोपमा ०६१ भदौ ६ गते माओवादीले घरबाट वोलाई घरभन्दा केही पर पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे।

साँगाचोक गाविस-७ की २२ वर्षीय देवकी गिरीलाई सुराकीको आरोपमा ०६१ असोज ६ गते माओवादीले घरबाट बोलाई केही पर पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे। पीडितको लाश चार दिनपछि मात्र उठाइएको थियो।

कर्थली गाविस-१ का ६५ वर्षीय सानो नुर्पु शेर्पा ०६१ मंसिर १५ गते दिउँसो माओवादीले सदरमुकाम चौतारास्थित जिल्ला प्रशासन कार्यालयको नजिक चेकपोष्टमा पुग्दा गोली हानी हत्या गरे। पीडित आफ्नो छोराको नागरिकता बनाउन जान लागेका थिए।

दोहोरो भिडन्त

फुल्पिङडाँडा गाविसमा ०६० पुस १७ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा तीन जना माओवादीको मृत्यु भएको भन्ने रक्षा मन्त्रालयको विज्ञप्ति सञ्चार माध्यमद्वारा आयो तर त्यस दिन सो ठाउँमा सुरक्षाकर्मी नगएको र कुनै किसिमको भिडन्त नै नभएको स्थानीय जनताले बताए।

सेलाङ गाविसमा ०६० माघ ४ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा चार जना माओवादीको मृत्यु भएको भन्ने सञ्चार माध्यमद्वारा रक्षा मन्त्रालयको विज्ञप्ति प्रकाशित भयो तर त्यस दिन सो गाउँमा सुरक्षाकर्मी नगएको र कुनै किसिमको भिडन्त नभएको स्थानीय जनताले बताए।

गाती गाविसमा ०६० माघ ८ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा तीन जना माओवादीको मृत्यु भएको भन्ने सञ्चार माध्यमद्वारा रक्षा मन्त्रालयको विज्ञप्ति प्रकाशित भयो तर त्यस दिन सो गाउँमा सुरक्षाकर्मी नगएको र कुनै किसिमको भिडन्त नभएको स्थानीय जनताले बताए।

साँगाचोक गाविसस्थित चेहेरेमा माओवादीद्वारा गराइएको सडक अवरोध हटाउन वाह्रबीसे सैनिक व्यारेकवाट सुरक्षाकर्मी त्यसतर्फ जाँदा चेहेरेमा ०६१ भदौ ८

गते दिउँसो माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भयो। भीडन्तमा ३३ वर्षीय भीमलाल घिमिरे, ३० वर्षीय रामकृष्ण गुरुङ, २१ वर्षीय कुमार पहरी, २२ वर्षीय लालबहादुर कार्की, २१ वर्षीय ढालबहादुर क्षेत्री र २५ वर्षीय जगत खड्का गरी ६ जना सुरक्षाकर्मी र धर्ती भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो। सञ्जय र विजय भनिने माओवादी कार्यकर्ता घाइते भए। सोही घटनामा आफ्नो दुईजना कार्यकर्ता घाइते भएको माओवादी पूर्वी केन्द्रीय कमान्डका इन्चार्जले एक प्रेस विज्ञप्ति मार्फत् सार्वजनिक गरे।

खरिढुंगास्थित सैनिक ब्यारेकबाट गस्तीमा हिंडेका सुरक्षाकर्मी र माओवादीबीच ०६१ पुस ४ गते दिउँसो जेठल गाविस मुडेस्थित निगालेमा दोहोरो भिडन्त भयो। भिडन्तमा दश जना सुरक्षाकर्मी र तीन जना माओवादीको घटनास्थलमै मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

खोटाङ जिल्ला घर भई क्षेत्रपालेश्वरी निमावि भोटेनाग्लाङका शिक्षक बृखराज राई, बाँसखर्क घर भई इन्द्रेश्वरी उच्च माविका विद्यार्थी प्रदीप कक्षपती, भोटेनाम्लाङ गाविस-८ की सीता गुरुङ, सोही गाविस-९ का राम गिरी र सोही ठाउँका १२ वर्षीय कृष्ण गिरी ०६० पुस १७ गते लागर्चे गाविस-९ मा माओवादीले राखेको बम विस्फोट हुँदा घाइते भए। पीडितहरु मेलम्चीतर्फ जान लाग्दा विस्फोट भएको थियो। पीडितहरुलाई उपचारार्थ काठमाडौं लगियो।

मेलम्ची बजारमा हिंडिरहेका एक सैनिक जवानलाई ०६० पुस १८ गते दिउँसो माओवादीले गोली हानी घाइते पारे। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

चौतारा गाविस-८ का सूर्यमान श्रेष्ठको ग्रिल पसलमा ०६० फागुन ६ गते दिउँसो माओवादीले बम विस्फोट गराउँदा ग्रिल पसलका कामदार शिव विश्वकर्मा र काइँला विक घाइते भए। पीडितहरुलाई उपचारार्थ चौतारा अस्पताल लगियो।

साँगाचोक गाविस-८ स्थित मानेडाँडामा माओवादीले झुन्ड्याएको तुल बम विस्फोट हुँदा ०६० फागुन १६ गते सुरक्षाकर्मी सर्जनबहादुर थापा घाइते भए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

अरनिको राजमार्गअन्तर्गत दोलालघाट-बाह्रबीसे खण्डमा माओवादीले गराएको अवरोध हटाउन ०६० चैत २९ गते बाह्रबीसे सैनिक ब्यारेकबाट गएका सुरक्षाकर्मी साँगाचोक गाविसस्थित सुकुटेमा पुग्दा माओवादीले राखेको बम विस्फोट हुँदा दुईजना सुरक्षाकर्मी घाइते भए। पीडितहरुलाई उपचारार्थ काठमाडौं लगियो।

सानोसिरुबारी गाविस-७ का ४५ वर्षीय गोपिलाल तामाङ ०६१ जेठ ८ गते बिहान यात्रुबाहक बस चढेर काठमाडौंतर्फ जान लाग्दा साँगाचोक गाविस-२ स्थित हर्रेडाँडामा पुग्दा माओवादीले राखेको बम विस्फोट भई घाइते भए। पीडितलाई उपचारार्थ बनेपा अस्पताल लगियो। त्यसैगरी सोही ठाउँमा सडक अवरोध हटाउन चौताराबाट गएका सुरक्षाकर्मी सोही दिन दिउँसो पुग्दा माओवादीले राखेको बम विस्फोट भई प्रहरी जवान विश्वनाथ यादव र अर्का एक जना सैनिक जवान घाइते भए। पीडितहरुलाई उपचारार्थ चौतारा अस्पताल लगियो।

चौतारा गाविस-४ की अक्कली घले काठमाडौं जाँदै गर्दा यात्रुवाहक बस चढेर जाँदा ०६१ असार १० गते साँगाचोक गाविस-७ मा माओवादीले राखेको बम विस्फोट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	१३	३०	२		३२	१३	३५	१	३६
घाइते	१	१		१	१२	२९	३	२	३४	१	२		२
गिरफ्तारी / यातना										८	१२	२	१४
बेपत्ता										३	७	१	८
कुटपिट	२	१	१	२	७	७			७	१	१		१
धम्की										१	१		१
बालअधिकार	१		१	१	१			८२	८२				
अपहरण					१८	२१		१५३	१७४				
जम्मा	६	३	३	६	५१	८७	५	२३७	३२९	२७	४८	४	५२

भई घाइते भइन्। पीडितलाई उपचारार्थ चौतारा अस्पताल लगियो।

अरनिको राजमार्गअन्तर्गत साँगाचोक खण्डमा माओवादीद्वारा गराइएको सडक अवरोध हटाउने क्रममा ०६१ असार १३ गते साँगाचोक गाविस-२ का ४६ वर्षीय हिरालाल तामाङ, सोही ठाउँका ४५ वर्षीय आइमान तामाङ, ४० वर्षीय परेलाल तामाङ, २४ वर्षीय गम्भीर तामाङ र तीनजना सैनिक जवान माओवादीद्वारा साँगाचोक गाविस-२ मा राखिएको वम विस्फोट हुँदा घाइते भए। घाइते पीडितहरुलाई उपचारार्थ काठमाडौं तथा चौतारा लगियो।

मेलम्ची सैनिक ब्यारेकबाट सुरक्षाकर्मीहरु सर्च अभियानमा नवलपुरतर्फ जान लागिरहेको अवस्थामा ०६१ असोज १९ गते नवलपुर गाविस-१ मा माओवादीले राखेको वम विस्फोट हुँदा एक सैनिक जवान घाइते भए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

चौतारा गाविस-८ स्थित सिडियो कार्यालय जाने चेकपोष्टमा ०६१ मंसिर १५ गते दिउँसो माओवादीले गोली प्रहार गर्दा कर्थली गाविस-१ का फुजु शेर्पा, पिपलडाँडा गाविस-८ की सोल्मा तामाङ, सोही ठाउँका हरिवहादुर श्रेष्ठ र महिला प्रहरी ललिता थापा गोली लागी घाइते भए। पीडितहरुलाई उपचारार्थ काठमाडौं लगियो।

जेल र बन्दीहरू

जिल्ला सदरमुकामस्थित सिन्धुपाल्चोक जेलमा ५ महिने एक आश्रित बालिका, ३ महिला र ४९ पुरुष बन्दी छन्। १ महिलासहित २२ जना पुर्पक्षको लागि थुनामा र अन्य ३१ जना कैद तोकिएका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

पिस्कर गाविसबाट ०५९ फागुन १४ गते गिरफ्तार गरी हातहतियार खरखजना मुद्दामा चौतारा जेलमा राखिएका

सुरक्षाकर्मीको कारवाहीमा मारिएका पूर्णबहादुर दनुवार र सूर्यबहादुर श्रेष्ठ

पिस्कर गाविस-४ की नक्कली श्रेष्ठ, राम्चे गाविस-४ का दुर्गावहादुर तामाङ, हिमगंगा गाविस-४ रामेछाप जिल्लाका दिलवहादुर थापा, ओखलढुंगा जिल्ला पोकली गाविस-२ का दिनेश गौतम र रामेछाप जिल्ला हिलेदेवी गाविस-२ का रामवहादुर मगर ०६० पुस २१ गतेबाट वेपत्ता भएको पीडित परिवारले वताए। प्रशासनिक निकायले भने कानुन अनुसार जेलमा राखी ०६० पुस २१ गते विहान १० वजे रिहा गरेको बताएको छ।

घुम्थाङ गाविस-७ का सुरेश कुमार नाम गरेका व्यक्तिलाई माओवादीको आरोपमा ०६१ वैशाख २ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म पीडितको अवस्था अज्ञात छ।

सोनोसिरुवारी गाविस-९ का १९ वर्षीय भरत दुलाल र बासबारी गाविसका ज्ञानबहादुर सापकोटालाई ०६१ असार ३० गते सुरक्षाकर्मीले नवलपुर गाविस-५ स्थित एक चिया पसलबाट माओवादीको आरोपमा गिरफ्तार गरेकोमा हालसम्म पीडितको अवस्था अज्ञात छ।

माओवादीबाट

वतासे गाविस-१ का कमलबहादुर थापालाई प्रहरीमा जागिर खाएको आरोपमा ०६० माघ ५ गते माओवादीले सोही गाविस-४ स्थित आफ्नै ससुराली घरवाट अपहरण गरे। पीडित चार दिनपछि घेरा तोडेर भाग्न सफल भए।

कर्थली गाविस-८ का शिक्षक २५ वर्षीय प्रेमकुमार राउतलाई ०६० माघ २८ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी दुई महिनापछि मुक्त गरे।

घुम्थाङ गाविसका निवर्तमान गाविस अध्यक्ष धर्मबहादुर श्रेष्ठलाई ०६० चैत २६ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी लगेकोमा ०६१ वैशाख २ गते जलविरेवाट घेरा तोडी फर्किए।

सानोसिरुवारी गाविस-९ का ४५ वर्षीय एकप्रसाद दुलाललाई ०६१ वैशाख ९ गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा ठूलोसिरुबारीवाट घेरा तोडी भागेर मुक्त भए।

ठूलोसिरुवारी गाविस-४ का १८ वर्षीय रामहरि नेपाल र सोही ठाउँका रामसुन्दर नेपाललाई ०६१ वैशाख १० गते वतासे गाविस-३ मा जन्ती गएको वेला माओवादीले अपहरण गरी दुई दिनपछि सोही ठाउँवाट मुक्त गरे।

फुल्पिङकोट गाविसस्थित फुल्पिङ माविका १० जना शिक्षकहरुलाई ०६१ जेठ १७ गते माओवादीले विद्यालयवाट अपहरण गरी चार दिनपछि हगामवाट मुक्त गरे।

मांखा गाविस-६ का पितमवहादुर कार्कीलाई ०६१ असार ४ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

बाँसवारी गाविस-२ का ३१ वर्षीय विष्णुप्रसाद

नेपाललाई ०६१ साउन २० गते माओवादीले घरैवाट अपहरण गरी पाँच दिनपछि हैवुङ गाविसस्थित काउले दोभानबाट मुक्त गरे।

नवलपुर गाविस-५ का सोही गाविसका सचिव ४२ वर्षीय जगतमान श्रेष्ठ, सोही गाविस-४ का वद्री खत्री र केदार खत्रीलाई ०६१ असार ३१ गते माओवादीले नवलपुर बजारवाट सुराकीको आरोपमा अपहरण गरी साउन ५ गते सोही गाविस-१ भेडिचौर सल्लाघारीबाट धरौटीमा मुक्त गरे।

ठोकर्पा गाविसस्थित बाघ भैरव माविका २० जना विद्यार्थीहरुलाई ०६१ भदौ २१ गते माओवादीले विद्यालयबाट अपहरण गरी दोलखा जिल्लातर्फ लान लाग्दा ७-८ दिनपछि बीच बाटोबाट पीडितहरु भागेर फर्किए भने केही विद्यार्थीका आफ्नो अभिभावकहरु आफै गएर फिर्ता ल्याए।

तालामाराङ्ग गाविसका ४० वर्षीय जीतराज थापालाई ०६१ भदौ २२ गते माओवादीले विचारसँग असहमत भएको आरोपमा अपहरण गरेकोमा भदौ २९ गते ग्याल्थुम बजारमा एक सभा गरी मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद तथा घटना र विचार साप्ताहिकका जिल्ला सम्वाददाता पवित्रकुमार खड्कालाई ०६० माघ २२ गते बेलुका तातोपानी भन्सार कार्यालयका नासु इन्द्रदेव पाण्डे, जाचकीहरु श्रीलाल थापा, देवी थापा, बटुकृष्ण अधिकारी, लक्ष्मण बास्तोलालगायत्का समूहले तातोपानी स्थित सोनाम लजमा बसिरहेको बेला एक्कासी भित्र पसी भन्सारको अनियमितता सम्बन्धी समाचार सम्प्रेषण गरेको आरोपमा लछार-पछार तथा कुटपिट गरी कुनै पनि बेला मार्ने धम्की दिए। पत्रकार महासंघ जिल्ला समितिले भोलिपल्टै एक प्रेस विज्ञप्ति प्रकाशित गरी घटनाको विरोध गर्दै पीडकमाथि कारवाहीको माग गऱ्यो तर कारवाही भएन।

चौतारा गाविस-२ का २० वर्षीय फोटोग्राफर कृष्ण श्रेष्ठलाई ०६० चैत १५ गते चौतारा गाविस-५ मा पर्ने बजारमा हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले विनाकारण मुक्का र लात्ती प्रहार गरी कुटपिट गरे। पीडकलाई कारवाहीको माग पीडित आफैले गर्दा पनि कारवाही भएन।

माओवादीबाट

साँगाचोक गाविस-५ का ७५ वर्षीय कृष्णवहादुर गिरीलाई पैसा नदिएको आरोपमा ०६० चैत ५ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी कुटपिटपछि सोही दिन मुक्त गरे।

वाडेगाउँ गाविस-७ का ३५ वर्षीय वृखवहादुर तामाङलाई ०६० चैत १७ गते माओवादीले कुटपिट गरी दुवै खुट्टा भाँचिदिए। पीडितलाई उपचारको लागि काठमाडौं लगियो।

कुन्चोक गाविस-२ का ३४ वर्षीय राजेन्द्र गिरीलाई ०६१ असार १६ गते माओवादीले घरमा वसिरहेको अवस्थामा माओवादीविरुद्ध वोलेको आरोपमा कुटपिट गरी घाइते पारे।

सानोसिरुबारी गाविस-९ का ४० वर्षीय नारायणदत्त दुलाललाई सुरक्षाकर्मीलाई चामल बेचेको आरोपमा ०६१ साउन १४ गते माओवादीले घरैमा बसेको अवस्थामा कुटपिट गरे।

भोटसिपा गाविस-५ का २५ वर्षीय डिले तामाङलाई माओवादी विरुद्ध बोलेको आरोपमा ०६१ पुस ११ गते माओवादीले भीमटार गाविस-१ स्थित टुटाको चौरमा डेढ घण्टासम्म कुटपिट गरे। पीडित उपचारको लागि अस्पताल गए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १२ वटा मुद्दा दर्ता भए। जसमा दुनियावादी देवानी ४, दुनियावादी फौजदारी ४, सरकारवादी फौजदारी १, संक्षिप्त कार्यविधि फौजदारी ३ छन्। तीमध्ये ६ वटा फर्स्यौट भए। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका २ सय ६ वटा मुद्दामध्ये यस वर्ष ४९ वटा फर्स्यौट भए। बाँकी १ सय ६४ वटा मुद्दा विचाराधीन रहेको जिल्ला अदालतको रेकर्ड अनुसार देखिन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा जिविसको प्रलेख अनुसार, ४ हजार ४ सय २ जेष्ठ नागरिक, ४ हजार १ सय ६६ विधवा र ५० जना अपांगले सरकारले तोकेको रकम गत कार्तिक महिनासम्म पाए।

माओवादीद्वारा खुकुरी प्रहार गरी मारिएकी देवकी गिरी

माओवादीद्वारा खुकुरी प्रहार गरी मारिएका भीमबहादुर नेपाली

आर्थिक अधिकार

बनेपाबाट चौतारातर्फ आइरहेको बा. १ ख ४०७४ नम्बरको मालबाहक मोटर उनीहरुको "जनसरकार" मा दर्ता नगराएको आरोपमा ०६१ जेठ ३० गते बेलुका माओवादीले साँगाचोकबाट अपहरण गरी असार १ गते ठूलोसिरुबारीबाट मुक्त गरे।

बनेपाबाट चौतारातर्फ आइरहेको बा. १ ख २३२९ र बा. १ ख ८९४९ नम्बरका मालबाहक मोटर "जनसरकार" मा दर्ता नगराएको आरोपमा ०६१ जेठ ३१ गते माओवादीले साँगाचोक गाविस-७ बाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

विस्थापन

यस वर्ष सशस्त्र द्वन्द्वका कारण विभिन्न गाविसका ६४ जना व्यक्तिहरु घर छाडी काठमाडौं तथा सदरमुकाममा विस्थापित भए।

संरचना/सम्पत्ति क्षति

तातोपानी गाविसस्थित एक गैरसरकारी संस्था बसेको घरमा ०६० चैत २५ गते माओवादीले बम विस्फोट तथा आगो लगाई घर ध्वस्त पारे।

थाम्पालधाप गाविसमा रहेको जिविस उपसभापति इन्द्रबहादुर तामाङको घरमा रहेका पाँचजना व्यक्तिलाई ०६० चैत २७ गते बाहिर निकाली घरमा बम विस्फोट तथा आगो लगाई ध्वस्त पारे।

सदरमुकामस्थित जिल्ला वन कार्यालयको भवनमा ०६० चैत २७ गते राति माओवादीले बम विस्फोट गराई भवनमा क्षति पुऱ्याए।

बाँसबारी गाविसस्थित बाहुनेपाटीमा रहेको मेलम्ची खानेपानी आयोजनाको ठेकेदार हेनील कोनेको कम्पनीको कार्यालयमा ०६१ जेठ ६ गते माओवादीले बम विस्फोट तथा आगो लगाई करोडौंको क्षति पुऱ्याए।

काठमाडौंबाट जिरीतर्फ जान लागिरहेको ना २ ख ८१०३ नम्बरको मालवाहक ट्रक ०६१ असार २ गते बेलुका माओवादीले साँगाचोक गाविसस्थित सुकुटे बजार छेउमा आगो लगाउँदा मोटर पूर्णरुपले ध्वस्त भयो।

सदरमुकामस्थित जिविसको कर्यालयमा ०६१ असार ३ गते बेलुका माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पाङताङ गाविस-२ का ४६ वर्षीय जीतबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०६० पुस २८ गते सुरक्षाकर्मीले तातोपानीबाट आउँदा बाह्रबीसेस्थित खोर्सानिबारी चेकपोष्टबाट गिरफ्तार गरी कुटपिटपछि माघ १३ गते रिहा गरे।

फुल्पिङकोट गाविसका आनन्द उच्चमावि जलविरेका प्रधानाध्यापक शिव क्षेत्रीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० माघ २८ गते सुरक्षाकर्मीले चौताराबाट गिरफ्तार गरी चार दिनपछि बाह्रबीसे सैनिक ब्यारेकबाट रिहा गरे।

धुस्कुन गाविस-८ का १९ वर्षीय भुवन थामीलाई ०६० चैत २१ गते कर्थली गाविस-१ स्थित दुरमथलीबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। गिरफ्तारी गर्दा सुरक्षाकर्मीले गोलीसमेत चलाएका थिए।

भोटसिपा गाविस-८ का २० वर्षीय गणेश भट्टराईलाई ०६० चैत २३ गते सुरक्षाकर्मीले एसएलसी परीक्षा दिन चौतारा गएको बेला गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

ठूलोसिरुबारी गाविस-४ की १६ वर्षीय कल्पना दाहाललाई माओवादीको आरोपमा ०६१ असोज १४ गते बिहान आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नवलपुर गाविस-१ का राजु अधिकारीलाई माओवादीको आरोपमा ०६१ असोज १९ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी गाउँलेहरुको दबाबपछि २१ गते रिहा गरे।

मानेश्वारा गाविसका अरुण भनिने लालकान्छा तामाङ, सोही ठाउँका परिवर्तन भनिने सानोकान्छा तमाङ, ठूलोसिरुबारी गाविसका निलम भनिने बासु दुलाल, धुस्कुन गाविस-४ का सुस्मिता, राम्चे गाविसकी लक्ष्मी, दोलखा

जिल्ला नाम्दु गाविस-५ का कपिल भनिने परशुराम रिमाल र रमेशलाई ०६१ असार २१ गते मार्मिङ गाविसस्थित एक घरमा बैठक बसिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बाह्रबीसे सैनिक ब्यारेकमा राखिएको छ।

चोकटी गाविस-५ का २६ वर्षीय लिलाबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६१ असार १६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई बाह्रबीसे सैनिक हिरासतमा राखियो।

बालअधिकार

नवलपुर गाविस घर भई ऐंसेलुखर्क माविमा अध्ययनरत १५ वर्षीय उमेश मिश्रको ०६१ जेठ १४ गते दिउँसो माओवादीले विद्यालयबाट जबरजस्ती कार्यक्रममा लगेपछि उसको मानसिक असन्तुलन भयो। उमेश हाल मानसिक र मुटु दुवै रोगबाट पीडित छन्। पीडितलाई उपचारार्थ शहीद गंगालाल हृदय रोग केन्द्र, काठमाडौंमा लगियो।

थुम्पाखर गाविस-४ की १३ वर्षीय एक बालिकालाई ०६१ साउन १५ गते बेलुका सोही ठाउँका २० वर्षीय रामजी विश्वकर्माले सोही ठाउँ स्थित कच्ची सडकको कुनामा बलात्कार गरे। पीडक उपर जिल्ला अदालतमा मुद्दा चलिरहेको छ भने पीडक फरार छन्।

नवलपुर गाविस-४ स्थित टाकुरे प्राविको वरिपरी माओवादीले ०६१ पुस १० गते बंकर तथा माइन बिछ्याउने खाडल खनेपछि त्यस विद्यालयमा अध्ययनरत ८२ जना बालबालिकाले विद्यालयमा बसेर पढ्न पाएनन्।



माओवादीद्वारा खुकुरी प्रहार गरी मारिएका युक्तबहादुर अधिकारी

माओवादीद्वारा दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्या गरिएको विरोधमा पत्रकार महासंघ, सिन्धुपाल्चोकद्वारा निकालिएको जुलुस

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

तातोपानी भन्सार कार्यालयका सातजना कर्मचारीको समूहले पत्रकार पवित्रकुमार खड्कामाथि गरेको आक्रमण र धम्कीको विरोधमा नेपाल पत्रकार महासंघ जिल्ला समिति, सिन्धुपाल्चोकले ०६० माघ २३ गते प्रेस विज्ञप्तिमार्फत् कारवाहीको माग गर्‍यो।

माओवादीका सिन्धुपाल्चोक सेक्रेटरीको हवाला दिँदै विभिन्न पत्रपत्रिका र एफएम रेडियोमार्फत् एमालेका विभिन्न तहका कार्यकर्ताहरुले जनविरोधी काम गरेकाले सचेत गरिएको छ भन्ने समाचारप्रति विरोध जनाउँदै एमाले जिल्ला कमिटीले ०६१ वैशाख ३१ गते प्रेस विज्ञप्ति जारी गरी पार्टी कार्यकर्ताहरुमाथि लगाइएको आरोप सार्वजनिक ढंगले पुष्टि गर्न माओवादीलाई चुनौति दिँदै फरक मत र आस्थाको आधारमा कुनै पनि पार्टी र व्यक्तिउपर कुनै किसिमको आग्रह नपाल्न अनुरोध गर्‍यो।

सुरक्षाकर्मीद्वारा नवलपुर बजारबाट बाँसबारीका ज्ञानबहादुर सापकोटा र सानोसिरुबारीका भरत दुलाललाई गिरफ्तार गरी बेपत्ता बनाएको विरोधमा मानवअधिकारका लागि सहकर्मी प्रतिष्ठानले ०६१ साउन १३ गते प्रेस विज्ञप्तिमार्फत् पीडितहरुको अवस्था सार्वजनिक गर्न माग गर्‍यो।

माओवादीको एक समूहले बाडेगाउँ गाविसस्थित लालुपाते जनसेवा समिति, बाडेगाउँलाई आक्रमण गरी संस्थाको कागजपत्र जलाएको विरोधमा मानवअधिकारका लागि सहकर्मी प्रतिष्ठान सिन्धुपाल्चोकले ०६१ असार २० गते एक विज्ञप्तिमार्फत् सो कार्यको विरोध जनायो।

एचबीसी एफएम रेडियोबाट सिन्धुपाल्चोकका माओवादी सेक्रेटरीको हवाला दिँदै जिल्लाका विभिन्न राजनीतिक दलका कार्यकर्ता तथा शिक्षकलाई धम्की भन्ने समाचारको विरोधमा नेपाल बार एशोसिएसन, मानवअधिकारका तथा सामाजिक न्याय मञ्च नेपाल, मानवअधिकार लागि सहकर्मी प्रतिष्ठान, इन्सेक वर्ष पुस्तक

जिल्ला प्रतिनिधि, शान्ति समाज, डायरिडलगायत्का मानवअधिकार संस्थाहरुले ०६१ भदौ ४ गते प्रेस विज्ञप्ति जारी गरी नागरिकहरुलाई आतंकित पार्ने काम बन्द गर्न र समाचार सम्प्रेषित गर्दा नागरिकहरुलाई पर्नसक्ने असरप्रति ध्यान पुऱ्याउन सम्वन्धित पक्षलाई अनुरोध गरे।

माओवादीले बाँसबारी गाविसका एमाले कार्यकर्तालाई अपहरण गरेको जनाउँदै एमाले जिल्ला कमिटी, सिन्धुपाल्चोकले निन्दा र भर्त्सना गर्दै सकुशल रिहाइको माग गऱ्यो।

माओवादीले तालामाराङ् गाविसका जीतराज थापाको अपहरण गरेको जनाउँदै एमाले जिल्ला कमिटी र मानवअधिकार तथा सामाजिक न्याय मञ्च, इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि र डायरिङ्ले ०६१ भदौ २४ गते प्रेस विज्ञप्ति जारी गरी अपहरित थापाको सकुशल रिहाइको माग गर्दै नि:शस्त्र नागरिकहरुको अपहरण र बेपत्ता पार्ने काम तत्काल बन्द गर्न माओवादीसमक्ष अनुरोध गरे।

माओवादीले अनिश्चितकालिन सदरमुकाम नाकाबन्दी गरी स्वतन्त्रतापूर्वक हिडडुल गर्न पाउने नागरिकहरुको अधिकारमाथि बन्देज लगाएको जनाउँदै इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि, शान्ति समाज र पत्रकार महासंघले ०६१ पुस १० गते संयुक्त प्रेस विज्ञप्ति जारी गरी सर्वसाधारणलाई प्रत्यक्ष असर पुग्नेगरी गरिएको सदरमुकाम नाकाबन्दी तुरुन्त फिर्ता लिन अनुरोध गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर १७ र विष सेवन गरेर ४ जनाले आत्महत्या गरे भने २ वटा बेवारिसे लाश फेला परे। १ जनाको लडेर, ७ जनाको खोलामा डुबेर, २ जनाको आगलागीबाट, १ जना एसिड परि, १ जनाको घरको छतबाट खसेर र ५ जनाको सवारी दुर्घटनामा मृत्यु भयो।

ठूलोपाखर गाविसकी ४५ वर्षीय फुलमाया तामाङ, सोही ठाउँका १५ वर्षीय माइला तामाङ र नाम नखुलेका एक पुरुषको ०६१ जेठ ४ गते माओवादीले सोही ठाउँमा बम राख्न लागेको अवस्थामा विस्फोट भई मृत्यु भयो।

२.१८ नुवाकोट



जनसंख्या	: ३०७६३१
साक्षरता प्रतिशत	: ५१.७
महिला साक्षरता प्रतिशत	: ४०.७
क्षेत्रफल (वर्ग कि. मि.)	: ११२१
गाविस/नपा संख्या	: ६१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५०१
क्याम्पस/उच्च मा.वि.	: १/६
अस्पताल/स्वास्थ्य चौकी	: १/६६
टेलिफोन लाइन	: ११००
मोटर सडक (कि. मि.)	: २३८
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६४
मानव विकास सूचकांक	: ०.४६३
प्रति परिवार सरदर संख्या	: ५.७९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

रालुकादेवी गाविस-२ का २२ वर्षीय गोकर्ण परियार र थप्रेक गाविस-७ आरुखर्क घर भई रालुकादेवी गाविस-२ मा बस्ने पुण्डरिक परियार ०६० पुस १९ गते रालुकादेवी गाविस-२ स्थित ससुराली मुडुलेमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सुरक्षाकर्मीले बोलाउँदा-बोलाउँदै भाग्न खोजेकाले गोली चलाउँदा मृत्यु भएको जना र नेपाल बार एशोसिएसन, मानवअधिकार सञ्जालको निरीक्षण टोलीको प्रतिवेदनमा पीडित साधारण मजदुरी काम गरी बस्ने निर्दोष रहेको उल्लेख गरियो।

मदानपुर गाविस घर भएका माओवादीद्वारा गठित गाउँ जनसरकार प्रमुख माधव खनाल ०६० पुस २४ गते बेलकोट गाविसको मिजारथोक भन्ने ठाउँमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

सामरी गाविस-२ सामरीभञ्याङमा करण भनिने गरेका माओवादी कार्यकर्ता ०६० माघ २२ गते सुरक्षाकर्मीको कारवाहीमा मारिए।

सुन्दरादेवी गाविसका माओवादीद्वारा गठित गाजस वडा प्रमुख २५ वर्षीय कुमार पाण्डे ०६० फागुन १ गते सुरक्षाकर्मीको कारवाहीमा सोही गाविसमा मारिए।

सुरक्षाकर्मीद्वारा मारिएका चित्रबहादुर लामिछाने

रातमाटे गाविस-२ गौरीथोकका ४४ वर्षीय गोविन्द भनिने चित्रबहादुर लामिछाने ०६० फागुन २० गते सुरक्षाकर्मीद्वारा घरबाटै हात बाँधेर ल्याई दुई पिपल गाविस-१ घ्याम्पे चौतारामा भाग्न खोजेको आरोपमा गोली हानी मारिए। पडित माओवादीद्वारा गठित गाजस वडा सदस्य रहेका थिए।

भद्रुटार गाविसका माओवादीद्वारा गठित गाजस प्रमुख केशव पाण्डे ०६० चैत २६ गते सुरक्षाकर्मीद्वारा थानसि गाविस-२ महादेव स्थानमा गोली हानी मारिए।

खानीगाउँ गाविसका माओवादीद्वारा गठित गाजस प्रमुख बद्री ढकाल र गणेशस्थान गाविसका माओवादीद्वारा गठित गाजस प्रमुख मुकुन्द अधिकारी ०६१ वैशाख ३ गते सुरक्षाकर्मीद्वारा बागेश्वरी गाविस चोगतेमा गोली हानी मारिए।

तारुका गाविसका माओवादी कार्यकर्ता ध्रुव ढुंगाना र नाम खुल्न नसकेका एकजना ०६१ वैशाख ९ गते सुरक्षाकर्मीद्वारा देउराली गाविस-२ देउरालीमा गोली हानी मारिए।

कुमरी गाविसका लगभग २५ वर्षीय सूर्य तामाङ ०६१ जेठ ४ गते सुरक्षाकर्मीद्वारा जलिङ्ग गाविसमा गोली हानी मारिए।

सुन्दरादेवी गाविसका अणिक भनिने रामशरण तामाङ र रोचक भनिने रामकृष्ण भण्डारी दुईजना माओवादी कार्यकर्ता ०६१ जेठ १८ गते सुरक्षा कारवाहीमा थप्रेक गाविस-५ आरुखर्कमा मारिए।

चौघडा गाविस घर भएका माओवादी कार्यकर्ता श्रीकृष्ण राई ०६१ जेठ २६ गते सुरक्षाकर्मीद्वारा बेलकोटगाविस-७ अमारे भन्ने स्थानमा गोली हानी मारिए।

थानसिङ गाविस-७ का माओवादी कार्यकर्ता राजकुमार श्रेष्ठ ०६१ असार ८ गते सुरक्षाकर्मीद्वारा गणेशस्थान गाविस-३ माछापोखरीमा गोली हानी मारिए।

चारघरे गाविसकी माओवादी कार्यकर्ता स्मृति भनिने १९ वर्षीय विमला पौडेल ०६१ साउन ५ गते सुरक्षाकर्मीद्वारा बुधसिङ गाविसमा गोली हानी मारिइन्।

गणेशस्थान गाविस-७ डढुवापाटीमा भएको सुरक्षाकर्मीको कारवाहीमा माओवादी कार्यकर्ता कल्याणपुर का प्लाटुन कमान्डर विषम, इलाका सदस्य हल्लेकालिका गाविस दारमेका विषम भनिने रामप्रसाद खतिवडा र रसुवाका धरमपानीका सेक्सन कमान्डर पृथ्वी भनिने ठाकुर गौतम ०६१ साउन ८ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

नर्जामण्डप गाविसका १६ वर्षीय रामशरण भट्टराई ०६१ भदौ २९ गते सुरक्षाकर्मीद्वारा लच्याङ गाविस-७ भगेरीमा गोली हानी मारिए।

कुमरी गाविस-५ जलजले कुमरीमा ०६१ भदौ २५ गते सुरक्षाकर्मीको कारवाहीमा अस्मिता भनिने १९ वर्षीय सञ्चमाया तामाङको मृत्यु भयो।

सिन्धुपाल्चोक जिल्लाका माओवादीद्वारा घोषित जनसरकारका सदस्य सत्कार भनिने गणेश सिग्देल, सोही

घटनाको प्रकार	माओवादीबाट				राज्यबाट पीडित			
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१२	१५		१५	३०	३०	३	३३
घाइते	४	७	१	८				
गिरफ्तारी/यातना					४	३	१	४
कुटपिट	१	१		१				
अपहरण	११	११		११				
जम्मा	२८	३४	१	३५	३४	३३	३	३६

जिल्लाका माओवादी छापामार विज्ञान भनिने राजबहादुर मिजार र सिन्धुपाल्चोक जिल्ला भोटेचौर गाविसका माओवादी जनसरकार प्रमुख निरुता भनिने शान्ति विक ०६० असोज ४ गते सुरक्षाकर्मीद्वारा भद्रुटार गाविस-४ बुढीसेरामा गोली हानी मारिए।

खडकभञ्ज्याङ गाविसका माओवादी कार्यकर्ता निर्दोष भनिने ४१ वर्षीय वासु रिमालको ०६१ असोज २१ गते तारुका गाविस-८ मा सुरक्षा कारवाहीमा मृत्यु भयो।

माओवादीबाट

वुङताङ गाविसका ५४ वर्षीय धनसिङ तामाङलाई ०६० फागुन ५ गते घर नजिकैको दोबाटोमा पुऱ्याई माओवादीले घाँटी रेटी हत्या गरे। मृतक सोही गाविसका पूर्व अध्यक्ष तथा एमालेका जिल्ला कमिटी सदस्य थिए।

बेलकोट गाविस-२ धमलेमा मालवाहक ट्रक विद्युतीय धरापमा परी विदुर नपा-४ बट्टारका कृष्णबहादुर तामाङको घटनास्थलमै मृत्यु भयो। सो घटनामा परी ट्रक मालिक विदुर नपा-४ बट्टारका ४० वर्षीय केशव रिमाल र खलासी १८ वर्षीय श्यामकृष्ण चालिसे घाइते भए। सो घटना भएको २ दिनपछि माओवादीले क्षमायाचना मागे।

थानसिङ गाविस-३ महादेव स्थानमा ०६० चैत २८ गते विदुर नपा-९ थुम्का घर भई तारादल गण देविघाटमा कार्यरत सैनिक जवान २१ वर्षीय शिवकुमार सिक्देलको माओवादीद्वारा फालिएको सकेट बम प्रहारबाट मृत्यु भयो।

वागेश्वरी गाविस-७ का विष्णुप्रसाद अधिकारीलाई ०६१ वैशाख २२ गते माओवादीले अपहरण गरी राउतबेंशी-७ गोल्फ भञ्ज्याङ पुऱ्याई ०६१ वैशाख ३१ गते खुकुरी प्रहार गरी हत्या गरे। पीडितको लाश घरका मानिसले बुझे।

वागेश्वरी गाविस-३ का एमाले गाउँ कमिटी सदस्य ३३ वर्षीय नवराज ढकाललाई ०६१ वैशाख २२ गते घरैबाट अपहरण गरी ०६१ जेठ २ गते सुन्दरादेवीमा खुकुरी प्रहार गरी हत्या गरे। उनको लाश भेटिएको ३ दिनपछि अन्तिम सस्कार गरियो।

थप्रेक गाविस-३ आरुखर्कका ४६ वर्षीय डोलराज थापा (बलराम) लाई ०६१ असार १५ गते माओवादीले राउतबेंशी गाविस-१ नयाँछेपारमा घाटी रेटी हत्या गरे। पीडितलाई ०६१ असार २ गते घरबाट अपहरण गरिएको थियो।

काभ्रे जिल्ला बनस्थली गाविसका २५ वर्षीय राजु विकलाई ०६१ असार २६ गते सुराकीको र नक्कली माओवादीको आरोपमा माओवादीले विदुर नपा-८ राईसिंमा घाँटी रेटी हत्या गरे।

रालुका गाविस-४ थापागाउँका २३ वर्षीय सूर्यकुमार श्रेष्ठलाई लुटपाट र सुराकीको आरोपमा ०६१ मंसिर १८ राति माओवादीले घाँटी रेटी सोही स्थानमा हत्या गरे।

थानसिंङ गाविस-८ आरुचौरका शाही नेपाली सेनामा कार्यरत ३० वर्षीय तीर्थबहादुर लामिछानेलाई ककनी गाविस-५ मानेगाउँस्थित निगाले वनमा ०६१ मंसिर २३ गते माओवादीले खुकुरीले घाँटी रेटी हत्या गरे।

दोहोरो भिडन्त

कविलास गाविस-८ आठबीसेमा भएको दोहोरो भिडन्तमा माओवादी कार्यकर्ता ख प्लाटुनको बी सेक्सन कमाण्डर दिनेश र सिन्धुली घर भएका भक्तबहादुर थापामगर ०६० माघ ४ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

अन्यबाट

भक्तपुर जिल्ला सुडाल गाविस घर भएका शिवप्रसाद दाहालको लाश कुहिएको अवस्थामा ककनी गाविस-५ मानेगाउँस्थित निगाले वनमा ०६१ मंसिर २३ गते भेटियो। मृतक माओवादी कार्यकर्ता रहेको र दोस्रो युद्धविराममा हिरासतमुक्त भएकोमा युद्धविराम भंग भएपछि माओवादीमा लागेका थिए। मृतकले विष सेवन गरी आत्महत्या गरेको प्रहरीले जनायो।



माओवादीद्वारा अपहरण गरी मारिएका विष्णुप्रसाद अधिकारी र नवराज ढकाल

गोली / बम / एम्बुसद्वारा घाइते

माओवादीबाट

ओखरपौवा गाविस ठूलोचित्रे भन्ने ठाउँमा ०६० माघ ४ गते माओवादीद्वारा राखिएको विद्युतीय धरापमा परी सशस्त्र प्रहरी

तालिम केन्द्र ककनीका हवल्दार खुमबहादुर बुढाथोकी र परिचर गणेशसिंह थापा घाइते भए।

मदानपुर गाविस पाखुरेमा ०६१ असार २० गते माओवादीले थापेको विद्युतीय धरापमा परी युनिफाइड कमान्ड बाराहीका एक प्रहरी र एक सैनिक घाइते भए।

बेलकोट गाविस-२ धमलेमा माओवादीद्वारा थापिएको एम्बुस विस्फोट हुँदा ०६१ असोज ८ गते बेलकोट गाविस-३ का ४० वर्षीय पाण्डवप्रसाद पन्त र बेलकोट गाविस-२ धमलेकै शारदा तिवारी गम्भीर घाइते भए। पीडित दुवै सर्वसाधारण थिए।

जेल र बन्दीहरु

यस जिल्लामा शान्ति सुरक्षा ऐनअन्तर्गत एक महिला र तीन पुरुष गरी ४ जनालाई नजरबन्दमा राखिएको छ भने कैद तोकिएका ८ र कैद नतोकिएका ४ गरी जम्मा १२ जना बन्दी छन्। जेलमा जिल्ला विकास समितिले रंगीन टेलिभिजन र नेपाल रेडक्रस सोसाइटीले मन्डी उपलब्ध गराएको छ। हाल भाडामा बस्दै रहेको जेल आर्थिक वर्ष ०६२/६३ मा आफ्नै भवन सर्ने जेलर निर्मलकुमार पोखरेलले बताए। विदुर नपा-१ ढुंगेमा निर्माणाधीन रहेको जेल भवनको क्षमता १८ जना महिला र ३२ जना पुरुष गरी जम्मा ५० जनाको क्षमता रहको छ।

बेपता / अपहरण

माओवादीबाट

रालुकादेवी गाविस-३ मुसुरेका ४० वर्षीय रामशरण तिमल्सिनालाई ०६० पुस २३ गते घरबाट माओवादीले अपहरण गरे। पीडित १० दिनपछि मुक्त भई हाल विदुरमा बस्दै आएका छन्।

रातमाटे गाविस-६ नन्दुटारका मनोनित जिविस उपसभापति ५५ वर्षीय डम्बरबहादुर लामालाई ०६० माघ ५ गते माओवादीले अपहरण गरी ०६० माघ ९ गते उपसभापतिबाट राजीनामा गर्ने शर्तमा दुईजना पत्रकारको रोहवरमा अपहरण मुक्त गरियो।

थप्रेक गाविस-३ आरुखर्कका ३० वर्षीय रामकृष्ण केसीलाई सुराकीको आरोपमा ०६१ असार २ गते माओवादीले अपहरण गरी ०६१ असार १५ गते राउतबेंशी गाविस-३ भ्रुगडेना पुऱ्याई मुक्त गरे।

कविलास गाविस-८ का ५० वर्षीय श्याम अधिकारीलाई ०६१ असार १५ गते माओवादीले अपहरण गरी स्थानीय जनताको दवाबपछि ०६१ असार २० थानापती गाविसको सत्तरीमा पुऱ्याई मुक्त गरे।

गणेशस्थान गाविस-४ माछापोखरीका २९ वर्षीय राजु गिरीलाई सुराकीको आरोपमा ०६१ असार २१

माओवादीको विद्युतीय धरापमा परी मारिएका ट्रक ड्राइभर कृष्णबहादुर तामाङ

माओवादीले अपहरण गरी असार २६ गते मुक्त गरे।

गणेशस्थान गाविस-३ माछापोखरीका ३० वर्षीय जुनिल श्रेष्ठलाई ०६१ असार २१ माओवादीले अपहरण गरी लच्याङ गाविसमा पुऱ्याएकोमा भोलिपल्ट माओवादी कब्जाबाट भागेर सदरमुकाम आइपुगे।

मदानपुर गाविस घर भई विदुर नपा-४ का व्यापारी ४१ वर्षीय सुन्दर रेग्मीलाई ०६१ असार २१ गते माओवादीले बेलकोट गाविस-२ धमलेबाट अपहरण गरेकोमा बेलकोट गाविस-३ चिसापानीबाट ०६१ असार २२ गते बिहान माओवादी कब्जाबाट भागी सदरमुकाम आए।

कविलास गाविस-२ का ३५ वर्षीय ठाकुर कुइँकेललाई ०६१ भदौ २५ गते दिउँसो घरमा बसिरहेको अवस्थामा माओवादी अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरियो।

गोरखा जिल्ला घर भएका नेपाल विद्युत प्राधिकरण रसुवा नुवाकोट शाखाअन्तर्गत आप्रहस्थित नो लाइट शाखामा कार्यरत ४५ वर्षीय चन्द्रबहादुर गुरुङलाई माओवादीले हल्लेकालिका गाविसबाट ०६१ असोज १० गते अपहरण गरी ०६१ असोज १४ गते सोही गाविसबाट मुक्त गरे।

वागेश्वरी गाविस-३ चोगते घर भएका औषधी व्यापारी ४५ वर्षीय ताराबहादुर प्याकुरेललाई ०६१ पुस १४ गते माओवादीले अपहरण गरी पुस १६ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अन्यबाट

राजधानी दैनिकका पत्रकार २५ वर्षीय ध्रुवकुमार रावललाई भ्रष्टाचारसम्बन्धी समाचार प्रकाशित गरेको आरोपमा विदुर नपा-३ का २७ वर्षीय सुशील केसीले ज्यानमार्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा अघिल्लो वर्ष जिम्मेवारी सरेर

आएका ९२ र यस वर्ष दर्ता भएका ७४ गरी जम्मा १ सय ६६ मुद्दा छन्। जिम्मेवारी सरी आएका ७१ र यस वर्ष १५ गरी जम्मा ८६ वटा मुद्दा फर्स्यौट भए भने ८० वटा बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

विदुर नपा-७ देवीघाटमा रहेको श्री ५ वडा महाराजधिराज पृथ्वीनारायण शाहको शालिक ०६० चैत २४ गते माओवादी कार्यकर्ताले बम विस्फोट गराई ध्वस्त बनाए।

विदुर नपा-५ माझिटारका सुभाकर थापा मगरको घरमा ०६१ जेठ ४ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

विदुर नपा-९ स्थित मत्स्यपालन केन्द्रमा ०६१ जेठ १८ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

विदुर नपा-५ माझिटार घर भएका राजधानी दैनिकका समाचारदाता २८ वर्षीय दिनेश आचार्यलाई स्थानीय एक पत्रिकामा छापिएको लेखको बारेमा ०६१ वैशाख १९ गते सुरक्षाकर्मीद्वारा घर खान तलासी गरी ५ घण्टा हिरासतमा लिई सोही दिन रिहा गरियो।

चतुराली गाविस-७ का १८ वर्षीय नवराज लामिछानेलाई ०६१ मंसिर २८ गते थानसिङ् गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा विष सेवन गरी २ महिला र ३ पुरुष गरी ५ जना, झुण्डिएर ३ महिला, ४ पुरुष गरी ७ जनाले आत्महत्या गरे। खोलामा हाम फाली १ महिला, २ पुरुष गरी जम्मा ३ जनाको मृत्यु भयो भने सवारी दुर्घटनामा १ जनाको ज्यान गयो।

विदुर नपा-९ आँगुटारमा आफैंले बोकेको बम विस्फोट हुँदा ०६१ साउन २१ गते दुईजना माओवादी कार्यकर्ताको मृत्यु भयो।

२.१९ रसुवा



जनसंख्या : ४९३०१
साक्षरता प्रतिशत : ३४
महिला साक्षरता प्रतिशत : २४
क्षेत्रफल (वर्ग कि. मि.) : १५१४
गाविस/नपा संख्या : १८/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १०७
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१९
टेलिफोन लाइन : भिस्याट ६
मोटर सडक (कि. मि.) : १७०
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : १८
मानव विकास सूचकांक : ०.३९४
प्रति परिवार सरदर संख्या : ५.५६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

माओवादीबाट

धुन्चे गाविस-५ का जिविस सभापति ४३ वर्षीय भीमलाल हिराचनलाई ०६१ वैशाख २७ गते साँझ माओवादीले सरमथली गाविस-७ घिचेतगाउँ अगाडि पुँखोलाको पुल नजिकै पुऱ्याई धारिलो हतियारले घाँटी छिनालेर हत्या गरे। माओवादीले उनलाई सुराकी, भ्रष्टाचारलगायत्का थुप्रै आरोपहरु लगाएको सूचना हत्या गरेपछि टाँसे। छलफल गर्नका लागि भनेर माओवादीले सूचना गरेकाले ०६१ वैशाख २६ गते बिहानै घरबाट त्यसतर्फ हिंडेका हिराचनलगायत् तीन जनालाई भोर्ले गाविसको सर्स्यू गाउँबाट उनीहरुले अपहरण गरी अज्ञातस्थलतर्फ लगेर सम्पर्कविहीन अवस्थामा राखी भोलिपल्ट

२७ गते साँझ हिराचनको टाउको छिनालेर हत्या गरेका थिए।

जेल र बन्दीहरु

रसुवा जेलमा विभिन्न अभियोगमा कैद तोकिएका ११ र कैद नतोकिएका ६ जना बन्दी जीवन बिताइरहेका छन्। त्यसैबीच शान्ति सुरक्षा ऐनअन्तर्गत १ महिला र १ पुरुष गरी २ जना नजरबन्दमा छन्।

राज्यपक्षबाट बेपत्ता पारिएका माओवादी कार्यकर्ता धादिङको खल्टे गाविस-६ का फुलमाया श्रेष्ठ र धादिङ बुढाथुम गाविस-६ का कृष्णप्रसाद बस्ताकोटीलाई सुरक्षा निकायद्वारा अहिले पुर्पक्षको लागि थुनामा राखिएको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

यार्सा गाविस-१ का पूर्व गाविस अध्यक्ष तथा एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय मेन्दो छिरिङ थोक्रा र भोर्ले गाविस-३ सर्स्यूगाउँका एमाले कार्यकर्ता पूर्णबहादुर तामाङलाई ०६१ वैशाख २६ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई वैशाख ३१ गते सरमथलीको निर्कुभूमि माविबाट मुक्त गरे।

धैवुङ गाविस-४ का १७ वर्षीय उद्धव विश्वकर्मालाई ०६१ कार्तिक ६ गते माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

जिविसका सम्पूर्ण कर्मचारीहरुलाई ०६० पुस २५ गते भित्र राजीनामा गर्न माओवादीले एक पत्रमार्फत् चेतावनी दिए। माओवादीको संयुक्त क्रान्तिकारी जनपरिषद्, रसुवाका संयोजक काजीमान तामाङले पत्राचार गरी जिल्लाका सबै सरकारी कार्यालयमा कर्मचारीको राजीनामा माग गरेपछि पत्रकार सम्मेलन गरी सम्पूर्ण गाविस सचिवहरु र जिविसका कर्मचारीहरुले राजीनामा गरे।

यार्सा गाविस-७ लाङगुस्थित निकुञ्जपोष्टमा ०६० चैत २५ गतेदेखि माओवादीले तालाबन्द गरिदिए। उक्त कार्यालय खोलिएमा भौतिक कारवाही गर्ने धम्की दिएर सूचना टाँसिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाका अदालतमा कमै मात्रामा मुद्दाहरु आउने गर्दछन्। यस वर्ष कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३, पुरातात्विक मूर्ति चोरी १, आगजनी १ गरी ५ वटा मुद्दा परे। ती मुद्दाहरु फर्स्यौट हुन बाँकी छन्।

त्यसैगरी जिल्ला प्रहरी कार्यालयमा यस वर्ष १० वटा मुद्दा दायर भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

जिल्लाका यार्सा, ठूलोगाउँ, लहरेपौवा, भोर्लेलगायत्का गाविसबाट ११ जना विस्थापित भए। माओवादी र सुरक्षाकर्मीबीच भएका भिडन्तमा मारिएका आफन्तहरु र केही गाविसबाट डर, त्रास र धम्कीका कारण विस्थापित हुनेहरुको संख्या यकीन गर्न सकिएको छैन।

संरचना / सम्पत्ति क्षति

राम्चे गाविस-८ स्थित लाङटाङ राष्ट्रिय निकुञ्जको पोष्टमा ०६० चैत २३ गते माओवादीले आगजनी गरी क्षति पुर्‍याए। उक्त आगजनीबाट ५ लाख रुपैयाँ बराबरको क्षति भएको बताइयो।

यस जिल्लामा १८ वटा गाविस रहेकोमा माओवादी "जनयुद्ध" शुरु भएयता ८ वटा गाविस भवन, जिविस गेष्ट हाउस, ३ वन रेञ्जपोष्ट, ४ प्रहरी चौकी र १ निकुञ्जपोष्ट आगजनीबाट क्षति भए। माओवादीले हाकु गाविस भवनमा रहेका कागजपत्रहरु जलाएर नष्ट गरे।

तीन वर्ष अघिदेखि नुवाकोटको फिकुरीस्थित रिपिटर टावर माओवादीले ध्वस्त पारेपछि जिल्ला सञ्चार सम्पर्क विहीन भएको छ। हाल केही कर्डलेस भिस्याटहरु मात्र सञ्चालित छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित						राज्यबाट पीडित		
	अन्यबाट			माओवादीबाट					
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	१	१	१	१	१	१			
गिरफ्तारी / यातना							१	१	१
अपहरण				२	३	३			
जम्मा	१	१	१	३	४	४	१	१	१



माओवादीद्वारा टाउको छुट्याई मारिएका भीमलाल हिराचन

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गत्लाङ गाविस-२ का १४ वर्षीय सज्जन तामाङलाई ०६० वैशाख १८ गते नक्कली परीक्षार्थी बनेर प्रवेशिका परीक्षा दिन गएको आरोपमा प्रहरीले गिरफ्तार गरी वैशाख २६ गते धरौटीमा रिहा गरे।

बालअधिकार

जिल्लामा हुने गरेका शिक्षण संस्था बन्द कारण १ सयभन्दा बढी विद्यालयहरु पटक-पटक बन्द भए। ती विद्यालयहरुका ११ हजार ४ सय ३० जना विद्यार्थीहरु प्रभावित भएको जिल्ला शिक्षा अधिकारी रणोदिप बस्नेतले जानकारी गराए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

हाकु गाविस-९ मैलुङबेंशीका ४५ वर्षीय सुवदेउ तामाङले ०६१ कार्तिक २९ गते साँझ आफ्नै पत्नी एकमाया तामाङलाई डाडुले हिर्काएर कुटपिट गर्दा मृत्यु भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिविस सभापति भीमलाल हिराचनको माओवादीले हत्या गरेको तथा यार्सा गाविस अध्यक्ष मेन्दोछिरिङ तामाङ र एमाले कार्यकर्ता पूर्णबहादुर तमाङको अपहरण गरेको घटनाप्रति विरोध जनाउँदै व्यक्ति हत्याको सिलसिला र अपहरण रोक्न आग्रह गर्दै नेपाल राष्ट्रिय शिक्षक संगठन, एमाले, अनेरास्ववियु, नेपाल निजामति कर्मचारी संगठन, इन्सेक वर्षपुस्तक प्रतिनिधि र स्थानीय संघसंस्थाहरुले ०६१ वैशाख ३० गते प्रेस विज्ञप्ति जारी गरे।

धैवुङ गाविस-४ का सर्वसाधारण १७ वर्षीय उद्धव विश्वकर्मालाई ०६१ कार्तिक ६ गते माओवादीले अपहरण गरेकोमा कार्तिक ८ गते स्थानीय नागरिक समाज, इन्सेक वर्षपुस्तक प्रतिनिधिलगायत्ले शीघ्र रिहाइको लागि प्रेस विज्ञप्तिमार्फत् अनुरोध गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

दोलखा जिल्ला जिरी गाविस-७ का ५१ वर्षीय भीमबहादुर जिरेलको ०६० फागुन १६ गते स्याफ्रु गाविस-४ को भीरबाट लडेर मृत्यु भयो। लाश ५० मिटर तल त्रिशुली नदीमा दुई दिनपछि फेला परेको थियो।

एक पुरुष र एक महिलाले विष सेवन गरेर आत्महत्या गरे।

जापानी नागरिक ७० वर्षीय ओगानीवा नोवोवाको गोसाँइकुण्ड जान लाग्दा स्याफ्रु गाविस-२ थोप्राङडाँडामा ०६१ वैशाख २६ गते रक्तचापका कारण मृत्यु भयो।

भोर्ले गाविस-३ का ३७ वर्षीय मेम्बर निगी तामाङको ०६१ जेठ १ गते विषालु च्याउ खाएर मृत्यु भयो।



पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसंख्या	: ३३६१६६
साक्षरता प्रतिशत	: ६१.६६
महिला साक्षरता प्रतिशत	: ५५.६
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस/नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५३१
क्याम्पस/उच्च मावि	: ४/१६
अस्पताल/स्वास्थ्य चौकी	: २/४४
टेलिफोन लाइन	: २५९५
मोटर सडक (कि. मि.)	: ६८४
प्रहरी कार्यालय संख्या	: ९
हुलाक संख्या	: ५२
मानव विकास सूचकांक	: ०.५२४
प्रति परिवार सरदर संख्या	: ५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

व्यास नपा-६ साँगेमा ०६० चैत ३ गते नीता भनिने र नाम खुल्न नसकेका अर्का एक माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। दोहोरो भिडन्तमा मृत्यु भएको सुरक्षास्रोतले जनायो। उक्त स्थानमा दोहोरो भिडन्त नभएको स्थानीय बासिन्दाले बताए।

रिसिङ रानीपोखरी गाविस-७ पल्ट्याङका एमालेका संगठित सदस्य ४१ वर्षीय खिमलाल परियार ०६१ वैशाख २१ गते विहान आफ्नै घर नजिकैको चौतारीबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरेर छाङ्ग गाविस-३ को काहुलेपानी खोल्सामा पुऱ्याई गोली हानी मारिए।

डोल्पा जिल्लाका माओवादी एरिया उपकमाण्डर संजोग भनिने गणेश विक र छापामार नवलपरासीकी सञ्जु भनिने कृष्ण सारुमगर ०६१ असार २ गते सुरक्षाकर्मीद्वारा भीरकोट गाविस-७ को रुभुम भन्ने ठाउँमा गोली हानी मारिए। उक्त स्थानमा नै पक्राउ गरिएका ती माओवादीलाई खाल्डो खन्न लगाई खाल्डोमा बस्न भनेर गोली हानेको माओवादीले सार्वजनिक जानकारी गराए। त्यस घटनालाई दोहोरो भिडन्त बताउँदै माओवादीका केही महत्वपूर्ण हतियारसमेत बरामद भएको सुरक्षा निकायले जनायो।

चितवन जिल्ला घर भएकी माओवादी जिल्ला इन्चार्ज तथा गण्डक क्षेत्रीय ब्यूरो सदस्य एवम् अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय सदस्य रितु भनिने शारदा श्रेष्ठ, सोही जिल्लाकी एरिया कमिटी सदस्य दीपा भनिने सुमित्रा मोक्तान र तनहुँ जिल्ला घाँसिकुवाका एरिया सदस्य प्रज्ज्वल भनिने ५३ वर्षीय शान्तकुमार श्रेष्ठ ०६१ असार २९ गते खैरेनीटार गाविस-९ को दोभान खोलामा सुरक्षाकर्मीको कारवाहीमा मारिए। साभुङ्गभगवतीपुर गाविस-४ ध्यानुङ्गभञ्ज्याङ इलाकाबाट ६०-७० जनाको संख्यामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले सोही दिन गिरफ्तार गरी हात पछाडि बाँधी भिमाद बजार हुँदै राति खैरेनीटार गाविस-९ को दोभान खोलामा पुऱ्याई गोली हानी मारेर सेती नदीमा बगाइदिएको सार्वजनिक भयो।

बन्दीपुर गाविस-६ गेरुखोला भञ्ज्याङमा ०६१ असोज ५ गते माओवादीका पाल्पा जिल्ला जनसरकार सदस्य क्षितिज भनिने केशवबहादुर भट्ट, स्याङ्जाका विषम भनिने रेशम मल्ल र पाल्पाका सञ्जय भनिने दीपक पाण्डे सुरक्षाकर्मीको गोलीद्वारा मारिए। टेलिफोन रिपिटर टावरको सुरक्षार्थ खटिएका संयुक्त सुरक्षाकर्मीको टोली गस्तिमा गई फर्कँदै गरेको अवस्थामा सुरक्षाकर्मीलाई लक्षित गरी विद्युतीय धराप विस्फोट गराउन खाल्डो खन्दै गरेको अवस्थामा सुरक्षाकर्मीले देखी गोली चलाउँदा मृत्यु भएको सुरक्षास्रोतले जनायो। आफ्ना कार्यकर्तालाई सुरक्षाकर्मीले समातेर गोली हानी मारेको माओवादीले सार्वजनिक जानकारी गराए।

माओवादीबाट

चितवन जिल्लाका सशस्त्र प्रहरी गण, भानुमा कार्यरत सशस्त्र प्रहरी हवल्दार राजु पुरीलाई ०६० माघ ८ गते बन्दीपुर गाविस-१ को डुम्रेबजारमा माओवादीले गोली हानी हत्या गरे। उनलाई पत्रिका लिन गएको समयमा बीच बजारमा गोली हानिएको थियो।

अरुणोदय गाविस-३ जौपानीको १४ वर्षीय रामबहादुर थापा ०६१ वैशाख २९ गते माओवादीले राखेको बम विस्फोटबाट गम्भीर घाइते भएकोमा पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो।

घाँसीकुवा गाविस-५ पृथ्वी राजमार्गअन्तर्गत

डुम्रे-दमौली सडक खण्डमा पर्ने मुसेखोलामा ०६१ जेठ १४ गते बा. २ च ५६२२ नम्बरको टाटा मोवाइल माओवादीले थापेको विद्युतीय धरापमा पर्दा लमजुङ जिल्ला इशानेश्वर गाविस घर भई पोखरामा बस्दै आएका सोही गाडीका चालक ५५ वर्षीय कन्यारश गुरुङको मृत्यु भयो। राजधानीबाट प्रकाशित हुने अन्नपूर्णपोष्ट दैनिक पत्रिका चितवनको मुग्लिङबाट पोखरातर्फ लग्दै गरेको गाडी धरापमा परेको थियो। घटनामा सो गाडीमा यात्रा गर्ने आँबुखैरेनी गाविस-३ मार्कीचोकका तरकारी व्यापारी ५० वर्षीय छविलाल श्रेष्ठ गम्भीर घाइते भए। उनलाई उपचारार्थ सेनाको हेलिकप्टरबाट काठमाडौं लगियो। यस घटनामा माओवादीले गल्ती भएको स्वीकार गरी सार्वजनिक जानकारी गराए।

खोटाङ जिल्ला घर भई तनहुँमा कार्यरत सैनिक जवान २० वर्षीय तिलकबहादुर बन्जारा खत्री र स्याङ्जा जिल्लाका प्रहरी जवान २० वर्षीय पदम श्रेष्ठलाई ०६१ जेठ २७ गते बन्दीपुर गाविस-६ बाहुनभञ्ज्याङमा माओवादीले रुखमा बाँधी बम प्रहार गरी हत्या गरे। सादा पोशाकका नि:शस्त्र पीडितहरुलाई माओवादीले समाई रुखमा बाँधी निर्मम कुटपिट गरी बम प्रहार गरेका थिए।

कास्की जिल्ला घर भई सरमसुर गुल्म, दमौलीमा कार्यरत सैनिक जवानहरु २२ वर्षीय खेम गुरुङ र २३ वर्षीय विनोद गुरुङ एवम् लमजुङका जवान चीजकुमार श्रेष्ठको ०६१ भदौ २० गते माओवादीले व्यास नपा-१ तालघारेमा विद्युतीय धराप विस्फोट गराउँदा मृत्यु भयो। बिहानको नियमित व्यायामका लागि दौड्दै घाँसिकुवा पुगी फर्कदै गरेका सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले उक्त विस्फोट गराएका थिए। सो घटनामा परी सोही गुल्ममा कार्यरत सैनिक जवानहरु कास्कीका शम्भु केसी, गोरखाका पदम गुरुङ, तनहुँका दीर्घबहादुर गुरुङ, वीरगञ्जका सञ्जय महतो, कञ्चनपुरका रोहितकुमार चन्द, बैतडीका सुरेन्द्रप्रसाद पाण्डे र सञ्जय कनौजिया गम्भीर घाइते भए। घाइतेहरुलाई सेनाको हेलिकप्टरबाट काठमाडौंस्थित वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा उपचार गरियो।

बन्दीपुर गाविस-१ डुम्रेका शाही नेपाली सेनाका भूपू सिपाही ३७ वर्षीय राजकुमार श्रेष्ठलाई ०६१ पुस २ गते साँझ माओवादीले उनकै घर छेउमा गोली हानी हत्या गरे। आफ्नो घरमा व्यापार गरी बसिरहेको अवस्थामा उनलाई माओवादीले आफूसँग लान खोज्दा छिमेकीको घरमा पस्न खोज्दा पछाडिबाट गोली हानिएको थियो। उनको घटनास्थलमा मृत्यु भएको थियो।

अन्यबाट

राम्जाकोट गाविस-३ का २४ वर्षीय ऋषिराम आलेलाई कोटदरबार गाविसमा ०६० फागुन ६ गते एक समूहले आक्रमण गरी घाइते बनाएकोमा काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार गर्दागर्दै फागुन ११ गते मृत्यु भयो। उक्त घटनामा सोही ठाउँका मिनबहादुर थापा, बसन्तबहादुर थापा, शेरबहादुर नेपाली र बाबुराम परियार घाइते भए।

छाङ्ग गाविस-२ आमडाँडाका ५२ वर्षीय टेकबहादुर विक र सामुङ्गभगवतीपुर गाविसका ३१ वर्षीय खिमबहादुर थापाको ०६१ असोज ११ गते राति अज्ञात समूहले गराएको बम विस्फोटमा परि मृत्यु भयो। दिनभरि ज्याला मजदुरी गरी साँझ खाना खाएर सुतिरहेका टेकबहादुरलाई राति १ बजे उनका साथी खिमबहादुर आई घरबाट उठाएर बाहिर लगेको पाँच मिनेटपछि बम विस्फोट भएको थियो। उक्त विस्फोटको जिम्मा कुनै पक्षले लिएको छैन।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३	७	१०			१०	५	७	४	११
घाइते	३	४		४	६	१४			१४				
गिरफ्तारी/यातना										९	१६	१	१७
कुटपिट	३	६		६	३	६			६	१	१		१
धम्की	७	८	१	९									
भेला/संगठित हुने अधिकार										१	५		५
महिलाअधिकार	३		३	३									
अपहरण					१४	२७	२	५१०	५३९				
जम्मा	१७	२१	४	२५	३०	५७	२	५१०	५६९	१६	२९	५	३४

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

मनपाङ गाविस-३ रिठेपानीअन्तर्गत पृथ्वी राजमार्गमा गस्तिमा गएका सुरक्षाकर्मीलाई निशाना बनाई ०६० चैत २५ गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा इलाका प्रहरी कार्यालय, बेलचौताराका सैनिक जवान राजेन्द्र लामा र प्रहरी जवान यादव अर्घेली घाइते भए। घाइतेहरुको पश्चिमाञ्चल अस्पताल, पोखरामा उपचार गरियो।

भानु गाविस-७ नारेश्वरटारमा डुम्रे-चन्द्रावती सडक खण्डमा गस्तिमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी ०६१ वैशाख १३ गते बिहान माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा सशस्त्र प्रहरी गण भानुमा कार्यरत प्रहरी हवल्दार वीरबहादुर बराल र प्रहरी जवान भीमसेन अधिकारी घाइते भए। घाइतेहरुको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार गरियो।

बर्दिया जिल्ला घर भई सशस्त्र प्रहरी गण भानुमा कार्यरत प्रहरी जवान मिनकुमार श्रेष्ठ ०६१ जेठ २६ गते माओवादीले डुम्रे-बेंशीशहर सडक खण्डमा पर्ने भन्सारमा विद्युतीय धराप विस्फोट गराउँदा गम्भीर घाइते भए। घाइतेलाई सेनाको हेलिकप्टरमा काठमाडौं पुऱ्याई, वीरेन्द्र सैनिक अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरु

कूल २५ जना क्षमता रहेको तनहुँ जेल "घ" श्रेणीको हो। जेलमा यस वर्षको अन्त्यसम्ममा ४८ जना बन्दीहरु राखिएका छन्। सबै बन्दीहरु पुरुष छन्। कर्तव्य ज्यान मुद्दामा कैद नतोकिएका २ र कैद तोकिएका १३ गरी १५ जना बन्दीहरु छन्। चोरी मुद्दामा ४ जना छन्। जबर्जस्ती करणी मुद्दामा कैद तोकिएका २ जना छन्। कुटपिट अङ्गभङ्गको मुद्दामा कैद तोकिएका १ जना छन्। यसैगरी नकवजनी चोरी मुद्दामा १ कैद नतोकिएको र २ कैद तोकिएका गरी ३ जना छन्। बहुविवाहको मुद्दामा १ जनालाई कैद तोकिएको छ। हतियार खर-खजाना सम्बन्धी मुद्दामा कैद नतोकिएको १ जना छन्। सवारी ज्यानसम्बन्धी मुद्दामा कैद नतोकिएको १ जना छन्। डाँका-चोरी मुद्दामा कैद नतोकिएका १ र कैद तोकिएका ६ गरी ७ जना छन्। जबर्जस्ती चोरी मुद्दामा कैद नतोकिएको ४ र कैद तोकिएका ३ गरी ७ जना छन्। सार्वजनिक सुरक्षा ऐनअन्तर्गत कैद नतोकिएका ४ र कैद तोकिएका ४ जना छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

पर्वत जिल्ला घर भएका जनज्योति उच्च मावि भिमादका शिक्षक ३६ वर्षीय जीवलाल भुसाल र कास्की जिल्ला भरतपोखरी घर भएका सोही विद्यालयका शिक्षक ३२ वर्षीय नन्दलाल काफ्लेलाई ०६० फागुन २ गते बिहान भिमाद बजारको आफ्नै कोठामा खाना खान लागेको समयमा माओवादीले अपहरण गरी फागुन ३ गते छाङ्ग गाविसबाट मुक्त गरे।

स्याम्घा गाविस-४ का महेन्द्रज्योति उच्च मावि सिसाघाटका प्रधानाध्यापक ४५ वर्षीय तीर्थराज पराजुलीलाई ०६० फागुन ३ गते माओवादीले विद्यालयबाट अपहरण गरी अज्ञात स्थलतर्फ पुऱ्याई सोही दिन ३ घण्टापछि मुक्त गरे।

भिमाद गाविस-१ का शिव मावि रिसिङका प्रधानाध्यापक ३३ वर्षीय हरिभक्त सुवेदी, सोही माविका शिक्षकहरु ४३ वर्षीय केशवराज पौडेल र ३६ वर्षीय विष्णुप्रसाद बराललाई ०६० चैत २ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले अपहरण गरी चैत ३ गते बिहान राम्जाकोट गाविसबाट मुक्त गरे।

भानु गाविस-३ का भानु जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक ५० वर्षीय शम्पा उपाध्यायलाई ०६१ जेठ ७ गते माओवादीले घरबाटै अपहरण गरी जेठ ८ गते बिहान सोही ठाउँबाट मुक्त गरे।

व्यास नपा-९ का ५० वर्षीय शंकर गिरीलाई ०६१ जेठ १८ गते माओवादीले उनकै घरबाट अपहरण गरी जेठ २२ गते बरभञ्ज्याङ गाविसबाट मुक्त गरे।

जिविसका कर्मचारीहरु २४ वर्षीय अनिल गोदार, २४ वर्षीय शिवलाल भूल, २५ वर्षीय विष्णु चापागाईं र २६ वर्षीय नारायणप्रसाद अधिकारीलाई ०६१ जेठ १९ गते माओवादीले छिपछिपे गाविसबाट अपहरण गरी आफ्नो शिविरमा काम लगाई २१ गते मुक्त गरे।

भानु मावि बन्दीपुरका प्रधानाध्यापक एवम् नेपाल शिक्षक परिषद्का केन्द्रीय सदस्य गोबर्धन भट्टराई, नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय प्रतिनिधि विन्दुकुमार श्रेष्ठ, जिल्ला अध्यक्ष इन्द्रबहादुर कुँवर, अमरज्योति माविका प्रधानाध्यापक पार्वती कोइराला, दिल प्राविका प्रधानाध्यापक

माओवादीद्वारा मारिएका राजकुमार श्रेष्ठ

हरिप्रसाद भट्टराईलगायत् ३ सय ६ जना शिक्षक शिक्षिका एवम् गैरसरकारी संस्था प्रतिनिधि र गाविस सचिवहरुसमेत गरी ३ सय ४० जनालाई ०६१ जेठ २९ गते माओवादीले अपहरण गरी छिपछिप गाविसको शंकर प्राविमा पुऱ्याई उनीहरुलाई जनवादी प्रशिक्षण दिई जेठ ३० गते मुक्त गरे।

घाँसिकुवा गाविस-८ छिर्कनेका अमरज्योति मावि घाँसिकुवामा कक्षा ९ मा अध्ययनरत १८ वर्षीय प्रकाश पन्थ, कक्षा १० मा अध्ययनरत १७ वर्षीय प्रतिमा खत्री र घाँसिकुवा गाविस-१ का कक्षा ९ मा अध्ययनरत १६ वर्षीय प्रतिमा अधिकारीलाई ०६१ साउन २५ गते माओवादीले विद्यालयबाटै अपहरण गरी साउन २९ गते मुक्त गरे।

अरुणोदय गाविस-३ गोटडाँडाका राप्रपा कार्यकर्ता ६४ वर्षीय दीर्घसिंह थापालाई ०६१ भदौ १३ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी भदौ १४ गते किहुँ गाविस-४ को बेलडाँडा भञ्ज्याङ्गबाट मुक्त गरे।

बैदी गाविस-४ खाल्टे घर भई जिविसमा कार्यरत २९ वर्षीय दुर्गाबहादुर थापालाई ०६१ भदौ १५ गते माओवादीले माझकोट गाविस-१ पिरुङ्गबाट अपहरण गरी भदौ १७ गते सोही ठाउँबाट मुक्त गरे। जिविसअर्न्तगत महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्यक्रम (डकाउ) का सहजकर्तासमेत रहेका थापालाई माओवादीले आफ्नो अनुमतिविना काम गरेको आरोपमा अपहरण गरेका थिए।

व्यास नपा-६ घर भई जनजुक्त शाही माविका शिक्षक ४२ वर्षीय लक्ष्मण शाही र मनपाङ्ग गाविस-८ का सोही माविका शिक्षक ४१ वर्षीय पदम रानालाई ०६१ भदौ २१ गते आ-आफ्नो घरबाट माओवादीले अपहरण गरी ०६१ भदौ २२ गते मनपाङ्ग गाविसबाट मुक्त गरे।

किहुँ गाविस-७ बोमाका एमाले जिल्ला कमिटी सदस्य एवम् क्षेत्र नं. ३ का सचिव ४१ वर्षीय केदार सिग्देल, अरुणोदय गाविस-५ का एमाले गाउँ कमिटी सचिव ४५ वर्षीय भवानी शंकर लम्साल, अरुणोदय गाविस-३ का गाउँ कमिटी सदस्य ५० वर्षीय तुलसीप्रसाद सुवेदी र जिविस तनहुँका ग्रामीण पूर्वाधार विकास कार्यक्रमका इन्जिनियर ३० वर्षीय हरिश्चन्द्र पौडेललाई ०६१ असोज ५ गते चिहानडाँडा–दरकाङ खण्डको उपभोक्ता समितिको साधारण सभामा सहभागी भइरहेको समयमा अरुणोदय गाविस-७ को टेक्रेभञ्ज्याङ्गबाट माओवादीले अपहरण गरी ०६१ असोज ६ गते किहुँ गाविसको बडहर भञ्ज्याङ्गबाट मुक्त गरे।

रुपाकोट गाविसस्थित त्रिभुवन उच्च माविका २ सय जना विद्यार्थी र ९ जना शिक्षक गरी २ सय ९ जनालाई ०६१ कार्तिक २४ गते माओवादीले सोही विद्यालयबाट अपहरण गरी उनीहरुको जनवादी प्रशिक्षण दिई कार्तिक २५ गते लमजुङ्ग जिल्लाबाट मुक्त गरे।

भानु गाविस-४ का एमाले जिल्ला कमिटी सदस्य ४० वर्षीय विद्या ढकाललाई ०६१ मंसिर १५ गते दिउँसो विद्यालयमा पढाएर फर्किरहेको समयमा माओवादीले अपहरण गरे। पीडितलाई मानसिक यातना दिई सात घण्टापछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

व्यास नपा-१ तालघारेका २५ वर्षीय कुमार विकलाई घरनजिकै माओवादीले विद्युतीय धराप विस्फोट गराई तीन सुरक्षाकर्मीको हत्या गरेपछि धराप थाप्ने काममा संलग्न भएको आरोपमा ०६१ भदौ २० गते आफ्नै घरनजिक सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। उनको दमौली अस्पतालमा उपचार गरियो।

माओवादीबाट

माओवादी धम्कीका कारण जिल्लाका सम्पूर्ण गाविस सचिवहरुले ०६१ भदौ ११ गते सामूहिक राजीनामा गरे। उनीहरु मानवअधिकारकर्मीहरुको पहलमा पुनः काममा फर्किए।

स्याम्घा गाविस-४ सिसाघाटका ३० वर्षीय रेशम दुरालाई माओवादीको नाममा चन्दा संकलन गरेको आरोपमा ०६१ भदौ २४ गते माओवादीले महेन्द्र ज्योति उच्च मावि सिसाघाटको प्राङ्गणमा कुटपिट गरी घाइते बनाए। माओवादीले उनलाई बञ्चरोको पछाडिपट्टिको भागले खुट्टामा हिर्काई घाइते बनाएकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार गरियो।

राईपुर गाविस-४ भुस्नापुरका २२ वर्षीय लच्छु शाही, सोही ठाउँका २२ वर्षीय विनोद शाही र २२ वर्षीय अमृत चन्दलाई ०६१ पुस ३ गते माओवादीले राईपुर गाविस-४ हटियाको महेन्द्र माविको प्राङ्गणमा कुटपिट गरी घाइते बनाए।

ढोरफिर्दी गाविस-१ फिर्दीका एमाले गाउँ कमिटी सचिव ५७ वर्षीय प्रेमबहादुर महत र खैरेनीटारका गाविस सचिव ६५ वर्षीय भोजराज शर्मालाई गाविसको काम गर्न लगाएको र गरेको आरोपमा ०६१ पुस ५ गते ढोरफिर्दी गाविस-३ स्थित गाविस भवनको प्राङ्गणमा माओवादीले कुटपिट गरे।

अन्यबाट

पोखरीभञ्ज्याङ्ग-४ का ५४ वर्षीय टेकबहादुर पाण्डेलाई ०६१ वैशाख ६ गते राति घरमा सुतिरहेको समयमा १०-१२ जनाको हतियारधारी समूहले घरभित्र पसी कराएमा मारिदिने धम्की दिई आफूहरु माओवादी भएको

बताउँदै पार्टीलाई चन्दा दिनुपर्ने भन्दै घरमा भएको गरगहना र नगद गरी ३५ हजार रुपैयाँ बराबरको धनमाल लुटे।

व्यास नपा-५ का एमाले जिल्ला कमिटी सदस्य ५१ वर्षीय मायानाथ कोइराला, व्यास नपाका कर्मचारी ३३ वर्षीय दुर्गा पौडेल र ४० वर्षीय चन्द्रबहादुर श्रेष्ठलाई व्यास मार्गमा ग्राभेल गर्ने विषयमा विवाद हुँदा ०६१ असोज ३० गते व्यास नपा-५ दुम्सीमा नेकाँका कार्यकर्ताहरु नरेश्वर सापकोटा, लक्ष्मी सापकोटा, वीरबहादुर थापा, यादव आचार्य र तुल्सीराम सापकोटालगायत्ले कुटपिट गरी घाइते बनाए। घाइतेमध्ये मायानाथको स्थिति गम्भीर भएका कारण तत्काल दमौली अस्पतालमा उपचार गरियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तीन विद्यार्थी संगठनहरुद्वारा दमौली बजारमा आयोजित "वर्तमान सर्न्दभमा राजतन्त्रको औचित्य कति" विषयक सार्वजनिक सुनुवाई कार्यक्रममा ०६० माघ २८ गते प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटी सचिव प्रतापलाल श्रेष्ठ, सोही पार्टीका जिल्ला कमिटी सदस्यहरु एकबहादुर राना, भगवती न्यौपाने, अनेरास्ववियुका विष्णुभक्त सिग्देल, श्रीराम कार्की, प्रकाशचन्द्र भट्टराई, रमेशप्रसाद आचार्य, नेविसघंका हिरा थापा, हरि सिग्देल, कमलमणि ढकाल, शिवराज गौतम, ज्ञानेन्द्र काफ्ले, तरुण दलका केन्द्रीय सचिव पुष्प पराजुली, वीरबहादुर थापा, अनेरास्ववियु (एकीकृत) का भानुभक्त पोखेललगायत् ३८ जनालाई गिरफ्तार गरी १० घण्टापछि रिहा गरे।

पाँच राजनीतिक दलहरुद्वारा आह्वान गरिएको दुई दिने आम हड्तालको पहिलो दिन ०६१ वैशाख २९ गते सुरक्षाकर्मीले जिल्ला प्रशासन कार्यालय अगाडि लाठीचार्ज गर्दा एमालेका जिल्ला कमिटी सदस्य श्रीप्रसाद श्रेष्ठ, विष्णुप्रसाद ढकाल र नेविसंघ जिल्ला सचिव हरी सिग्देल घाइते भए। जिल्ला प्रशासन कार्यालय बन्द गराउने क्रममा आन्दोलनकारी र प्रहरीबीच केही बेर धकेलाधकेल भएपछि त्यहाँ रहेका प्रहरीले लाठीचार्ज गरेका थिए। लाठीचार्ज गर्ने प्रहरीलाई तत्काल एक प्रहरी अधिकृतले कारवाही गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय ४९ थान र यस वर्ष दर्ता भएका ६२ मध्ये ४९ वटा मुद्दा फर्स्यौट भई १ सय ६२ वटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका २० वटा र यस वर्ष दर्ता भएका २३ वटामध्ये १३ वटा फर्स्यौट भई ३० वटा बाँकी छ। त्यसैगरी दुनियाँवादी फौजदारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ८९ वटा र यस वर्ष दर्ता भएका ४० मध्ये ४६ वटा मुद्दा फर्स्यौट भई ८३ वटा बाँकी रहे। अदालतमा यस वर्ष दर्ता भएको ३ सय ९४ वटा मुद्दामध्ये १ सय २५ वटा फर्स्यौट भई २ सय ७५ वटा मुद्दा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

यस जिल्लामा माओवादी सशस्त्र द्वन्द्वका कारण ६४ जना विस्थापित भई सदरमुकाम र अन्य ठाउँहरुमा बसाइँ सर्न बाध्य भए।

संरचना/सम्पत्ति क्षति

व्यास नपा-१ का तत्कालीन मनोनित मेयर तमबहादुर दरैको सोही नपा भादगाउँमा रहेको दुइतले पक्की घरमा ०६१ जेठ ४ गते माओवादीले प्रेसरकुकर बम विस्फोट गराई क्षति पुऱ्याए। मेयर पदबाट राजीनामा दिन पटक-पटक आग्रह गर्दा बेवास्ता गरी राजीनामा नदिएका कारण घरमा बम विस्फोट गराएको माओवादीले सार्वजनिक गरे।

व्यास नपा-१ गल्बुबेंशीस्थित जिल्ला भू-संरक्षण कार्यालयमा ०६१ जेठ २७ गते माओवादीले प्रेसरकुकर बम विस्फोट गराई क्षति पुऱ्याए।

छाङ्ग गाविस-९ धारापानीमा ०६१ साउन १४ गते दमौलीबाट पेय पदार्थ लिएर भिमाद पुऱ्याई फर्केको ना. १ क १०७९ को मिनी ट्रकमा माओवादीले आगो लगाई ध्वस्त पारे।

क्यामिन गाविस-१ छापथोकमा रहेको क्यामिन गाविसको सम्पूर्ण कागजात र फर्निचर ०६१ असोज ४ गते माओवादीले आगो लगाई नष्ट पारे।

ढोरफिर्दी गाविस-३ मा रहेको ढोरफिर्दी गाविसको सम्पूर्ण कागजात र फर्निचर ०६१ पुस ५ गते माओवादीले आगो लगाई नष्ट पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

ढोरफिर्दी गाविस-२ का रामबहादुर राउत र लुकबहादुर थापालाई ०६० माघ २१ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी ०६१ वैशाख २२ गते रिहा गरे।

ढोरफिर्दी गाविस-२ का ४५ वर्षीय होमबहादुर थापामगर, ३५ वर्षीय नेत्रबहादुर विक, ५२ वर्षीय काले विक र ४५ वर्षीय माइला विकलाई ०६० माघ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ वैशाख २२ गते रिहा गरे।

रिसिङ रानीपोखरी गाविस-७ पल्ट्याङका ३० वर्षीय प्रेमराज श्रेष्ठलाई ०६१ वैशाख २१ गते, व्यास नपा-११ का २० वर्षीय राजेन्द्र शर्मालाई ०६१ वैशाख ३० गते, घाँसीकुवा गाविस-६ का अनेरास्ववियु जिल्ला कमिटीका सह-सचिव २२ वर्षीय रमेशप्रसाद आचार्यलाई ०६१ जेठ १ गते, घिरिङ सुन्धरा गाविस-८ का २२ वर्षीय चेतबहादुर थापा र सोही ठाउँका २३ वर्षीय यमबहादुर थापालाई ०६१ भदौ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये राजेन्द्रलाई एकदिनपछि र अन्यलाई सोही दिन रिहा गरियो।

भीरकोट गाविस-७ रुभुमका ३२ वर्षीय हिरालाल विश्वकर्मालाई ०६१ असोज ११ गते बिहान घरबाट दमौली आउने क्रममा कांहुशिवपुरबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई केही दिन बेपत्ता पारी हाल दमौली जेलमा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

दुर्व्यवहार

काहुँशिवपुर गाविस-४ चारघरेकी १९ वर्षीय नरीमाया थापालाई बोक्सीको आरोपमा ०६१ असार २४ गते सोही ठाउँका दमन्ती थापा मगर, वेलीमाया थापा मगर, बसन्ती थापा मगर र लालुमाया थापा मगरले गाली बेइज्जती गरे। पीडितले गाउँको झाँक्रीले समेत आफूलाई बोक्सी भनी गाउँबाट निकाल्नुपर्छ भनी बेइज्जत गरेको भन्दै ०६१ भदौ ९ गते पीडकहरुमाथि आवश्यक कारवाही गरिपाउँ भनी जिप्रकामा निवेदन दिइन्।

पारिवारिक हिंसा

खैरेनीटार गाविस-८ का २९ वर्षीय मसिनी विकलाई ०६१ साउन १३ गते ससुरा ४८ वर्षीय बलबहादुर विकले घरमा बस्न नदिई निकालेकोमा पीडकलाई कारवाही गराई पाउँ भनी जिप्रकामा पीडितले निवेदन दिइन्। प्रहरीले बुहारीलाई सम्मानका साथ घरमा नै राख्नुपर्ने नत्र सजाय दिने गरी ०६१ साउन १५ गते मिलापत्र गराए।

व्यास नपा-३ पोल्याङ्का २५ वर्षीय अम्बिका न्यौपानेलाई ०६१ असोज ९ गते ससुरा ४५ वर्षीय मुक्तिनाथ न्यौपाने, भतिजा १८ वर्षीय नवराज न्यौपाने र आमाजू देवी ढुङ्गानाले कुटपिट गरी घरमा बस्न नदिई निकाले। उनीहरुले पीडितलाई छिमेकीको घरमा समेत बस्न नदिई लखेटेका थिए। पीडितले ०६१ असोज १० गते पीडकहरुलाई कारवाही गरी पाउँ भनी जिप्रकामा निवेदन दिइन्। प्रहरीले घरमा बस्न दिने नत्र कारवाही गर्ने शर्तमा मिलापत्र गरायो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादी गतिविधि परित्याग गरेकाहरुलाई राख्नको लागि सरकारले स्थापना गरेको पुनर्स्थापना केन्द्र ढकालटारमा यस वर्षको अन्त्यसम्म आत्मसमर्पण गरेका ८५ जना माओवादीहरु रहे। उनीहरु स्थानीय प्रशासनसमक्ष विभिन्न माग राखी ०६१ पुस १० गते रिले अनशन बसे। पुस १६ गते अनशनकारीहरुमध्ये १३ जनालाई राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक, शान्तिका लागि नागरिक सञ्जाल कास्की र तनहुँका प्रतिनिधिहरुको रोहवरमा एक कार्यक्रम गरी फुलमाला लगाएर रिहा गरियो।

यस वर्ष यस जिल्लामा माओवादी गतिविधिमा लागेका १० जनाले प्रशासनसमक्ष आत्मसमर्पण गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा खोलामा डुबेर ३ जनाको मृत्यु भयो भने ३५ जनाले आत्महत्या गरे। सवारी दुर्घटनामा परी ३५ जनाको मृत्यु भयो।

चोक चिसापानी गाविस-६ चिती खोला नजिक सवारी साधनलाई लक्षित गरी माओवादीले राखेको बम विस्फोट हुँदा घटनामा संलग्न नाम नखुलेको एक माओवादीको ०६० चैत ३ गते मृत्यु भयो। डुम्रेबाट लमजुङको बेंशीशहरतर्फ गइरहेको सवारी साधनलाई लक्षित गरी बम विस्फोट गर्न लाग्दा उक्त घटना भएको थियो।

३.२ गोरखा



जनसंख्या	: ३०३६५१
साक्षरता प्रतिशत	: ५८.८७
महिला साक्षरता प्रतिशत	: ५३.२४
क्षेत्रफल (वर्ग कि. मि.)	: ३६१०
गाविस/नपा संख्या	: ६६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९६
क्याम्पस/उच्च मावि	: ३/४
अस्पताल/स्वास्थ्य चौकी	: २/७४
टेलिफोन लाइन	: ७९४
मोटर सडक (कि. मि.)	: २४
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ६९
मानव विकास सूचकांक	: ०.४५४
प्रति परिवार सरदर संख्या	: ५.१५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

वारपाक गाविसका पसगाउँमा ०६० पुस २६ गते संयुक्त सुरक्षाकर्मीले कारवाही गर्दा अनेमसंघ (क्रान्तिकारी) का जिल्ला सदस्य अनिता भनिने सम्भना काराखेती र जनमुक्ति सेनाका सदस्य शंकर तमुको सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। स्थानीय सार्वजनिक टेलिफोन बुथमा बसिरहेको बेला उनीहरु दुवैजनालाई गोली हानेको माओवादीले सार्वजनिक जानकारी गराए।

सल्यान जिल्ला घर भएका माओवादीको वासु स्मृति १० नम्बर बटालियनअन्तर्गत प्लाटुन उपकमाण्डर चिर्को भनिने हुकुम वली र अर्का माओवादी कार्यकर्ता सुशील भनिने सुरेश कुवँरको ०६० पुस २९ गते आरुचनौटे गाविस-४ मंगलटारमा सुरक्षाकर्मीलाई लक्षित गर्दै विद्युतीय धराप सञ्चालन गर्न लाग्दा सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भयो। सोही घटनामा माओवादीको आशंकामा धादिङ्ग घर भएका ललितबहादुर बरुवाल नामका बोल्न नसक्ने (लाटा) सर्वसाधारण मजदुरको पनि सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको स्थानीय बासिन्दाले बताए।

माओवादी जिल्ला सदस्य कल्पना भनिने विनिता धिताल र जनमुक्ति सेनाका सेक्सन कमाण्डार स्वीकृति भनिने रामकुमारी चौधरीको ०६० माघ २० गते गुम्दा गाविसमा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

माओवादी कार्यकर्ताहरु सल्यानकी निर्मला भनिने अनिता खड्का र तान्द्राङ्गकी रुशा भनिने रिता लामिछाने ०६० फागुन २७ गते ताप्ले गाविसको छापथोकमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। दुवै जनालाई गोरखाको अश्राङ्गबाट गिरफ्तार गरिएको खुल्न आयो।

मसेल घर भएका अखिल (क्रान्तिकारी) का जिल्ला सचिव बेञ्जु भनिने तारा पुडासैनी ०६१ वैशाख १२ गते बुंकोट गाविस-१ घलेको वनमा सुरक्षाकर्मीद्वारा गिरफ्तारपश्चात् गोली हानी मारिए। पीडितलाई बुंकोटको काउले भंगारबाट गिरफ्तार गरिएको थियो।

सौरपानी गाविसका सर्वसाधारण २१ वर्षीय राजेन्द्र पनेरु माओवादीको आशंकामा ०६१ जेठ २ गते गाईखुर गाविसको बडहरे खोलामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। काठमाडौंमा गई ज्याला मजदुरी गरी जीवनयापन गर्दै आएका पनेरु घर आउँदै गर्दा बाटोमा सो घटना भएको थियो।

तनहुँ जिल्ला चिसापानीका माओवादीको वासु स्मृति १० नम्बर बटालियनअर्न्तगत प्लाटुन उपकमाण्डर किरण भनिने गणेश जिसीको ०६१ जेठ २१ गते बुंकोट गाविस-५ सिउडेनीमा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

सौरपानी गाविस-८ का काका भनिने प्रेमबहादुर घलेको ०६१ असार २१ गते सिम्जुङ्ग गाविस-९ बालुवामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडित माओवादी छापामार रहेको खुल्न आयो।

चितवन जिल्लाका लिला आले, गोरखाका प्रमिला भनिने जुना रम्तेल र धादिङ्गका आशबहादुर तामाङ्गको ०६१ असार २४ गते गरी काशीगाउँ गाविसमा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। सोही घटनामा माओवादीको आशंकामा सुरक्षाकर्मीको गोलीबाट स्थानीय सर्वसाधारण विक्रम घलेको पनि मृत्यु भएको स्थानीय बासिन्दाले बताए।

घैरुङ्ग गाविसका माओवादीको संयुक्त जिल्ला जन समिति, गोरखाका सदस्य अर्पण भनिने केशरबहादुर आलेको ०६१ असोज १७ गते बुंकोट गाविसमा सुरक्षाकर्मीमाथि सकेट बम प्रहार गरी भाग्न खोजेपछि सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

आँपपिपल गाविसका माओवादी एरिया सदस्य आकाश भनिने क्षेत्रबहादुर महत, ताकुमाझ लाकुरीबोटकी अनेमसंघ (क्रान्तिकारी) जिल्ला अध्यक्ष सरु भनिने विमला भट्ट र उपाध्यक्ष चेतना भनिने सुजिता त्रिखतीको ०६१ कार्तिक १९ गते ताकुमाझ लाकुरीबोट गाविस-७ आरसीयुपीको भवनमा बसिरहेको बेला सुरक्षाकर्मीले कारवाही गर्दा मृत्यु भयो।

दाङ जिल्लाका माओवादी एरिया सदस्य बलवीर भनिने निलप्रसाद शर्मा र अखिल (क्रान्तिकारी) गोरखाकी सदस्य आशा भनिने पार्वती पोखरेलको ०६१ कार्तिक २२ गते बारपाक गाविसमा सुरक्षाकर्मीले कारवाही गर्दा मृत्यु भयो। घटनास्थलबाट २५ हजार रुपैयाँ, एउटा कर्डलेस फोन र केही सकेट बमहरु बरामद गरेको सुरक्षाकर्मीले बताए।

माओवादी एरिया सदस्य सुधा भनिने सुनिता सुनारको ०६१ मंसिर २३ गते भिरकोट गाविस-५ बढुवामा सुरक्षाकर्मीले कारवाही गर्दा गोली लागी मृत्यु भयो। घटनास्थलबाट केही सकेट बम र व्यक्तिगत डायरी बरामद भएको सुरक्षाकर्मीले जनाए।

माओवादीबाट

वारपाक गाविसका राप्रपा कार्यकर्ता ७६ वर्षीय जोगबहादुर तमूलाई ०६० माघ २९ गते माओवादीले गोली हानी हत्या गरे।

लापु गाविस भीरकुनामा ०६० फागुन १६ गते गस्तिमा गएका सुरक्षाकर्मी माओवादीले थापेको विद्युतीय धरापमा पर्दा मोरङ्ग जिल्ला लेटाङ्ग घर भई गोरखामा कार्यरत सैनिक जवान तुलसी कट्टेल र सशस्त्र प्रहरी जवान देवबहादुर केसीको घटनास्थलमै मृत्यु भयो। सैनिक जवान ताराबहादुर खड्का सख्त घाइते भए।

पृथ्वीनारायण नपा-८ लक्ष्मीबजारमा ०६० चैत १७ गते घर नजिकको ऐंशेलु बारीमा माओवादीले छाडेको बम खेलाउँदा विस्फोट भई ४ वर्षीय विशाल श्रेष्ठको मृत्यु भयो भने ४ वर्षीय संगम थापा मगर गम्भीर घाइते भए।

श्रीनाथकोट गाविस-९ का सर्वसाधारण ४८ वर्षीय खिलकुमारी भट्टको ०६१ वैशाख २७ गते खोप्लाङ्ग गाविस-४ अमराई चौतारामा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले थापेको धरापमा पर्दा घटनास्थलमा नै मृत्यु भयो भने उनकी छोरी १९ वर्षीय मनिषा भट्ट र गस्तिमा गएका सैनिक जवान नवराज खड्का सख्त घाइते भए।

ताकुकोट गाविस-६ का भूपू प्रहरी २० वर्षीय चक्रबहादुर बरामलाई ०६१ असार १३ गते माओवादीले गोली हानी हत्या गरे। पीडितलाई ०६१ असार ९ गते माओवादीले घरबाटै अपहरण गरेर लगेका थिए।

खरीबोट गाविसका पूर्व अध्यक्ष तथा नेकाँका कार्यकर्ता ईश्वरलाल तामाङ्गलाई ०६१ साउन १५ गते माओवादीले सोही गाविसको ओलाङमा गोली हानी हत्या गरे।

खोप्लाङ गाविस-३ का ५१ वर्षीय डिल्लीराम न्यौपानेलाई सुराकीको आरोपमा ०६१ साउन १८ गते माओवादीले गोली हानी हत्या गरे।

बारपाकका पूर्व माओवादी कार्यकर्ता देउबहादुर घलेलाई व्यक्तिगत रिसइवीका कारण सौरपानीको गाइजात्रे मेलामा एक सर्वसाधारणको हत्या गरेको आरोपमा ०६१ भदौ १९ गते माओवादीले हत्या गरेको सार्वजनिक रुपमा जनाए।

ताकुमाझ लाकुरीबोट गाविस-७ का एमाले जिल्ला कमिटी सदस्य तथा इलाका नं. ९ का इन्चार्ज ४७ वर्षीय भोजराज भट्टलाई ०६१ कार्तिक २४ गते माओवादीले घरभन्दा केही पर जफती भन्ने ठाउँमा पुऱ्याई घाँटीमा गोली हानी हत्या गरे।

जौवारी गाविस-५ का २५ वर्षीय प्रदीप गुरुङ्गलाई सुराकीको आरोपमा ०६१ मंसिर १६ गते माओवादीले घाँटी रेटी हत्या गरे।

सिम्जुङ गाविस-१ का सैनिक जवान २० वर्षीय ज्ञानबहादुर तमुलाई ०६१ मंसिर २८ गते माओवादीले घाँटी रेटी हत्या गरे। सदरमुकाम आइरहेको बेला माओवादीले सोधपुछ गर्दा पीडितसँग सेनाको पास भेटिँदा श्रीनाथकोट

घटनाको प्रकार	माओवादीबाट					राज्यबाट पीडित			
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१२	१२	१		१३	१४	१३	१२	२५
घाइते	४	४	१	५	१०				
गिरफ्तारी / यातना						२	६		६
अपहरण	२८	२८	६	४१४	४४८				
जम्मा	४४	४४	८	४१९	४७१	१६	२०	१२	३२

गाविस-९ स्थित भालुश्वाराबाट कब्जामा लिई हत्या गरेका थिए।

छोप्राक गाविस-७ खेपुवाका नेकाँ कार्यकर्ता ५५ वर्षीय पदम हमाललाई ०६१ पुस १ गते माओवादीले गोली हानी हत्या गरे। पीडितको हत्यापछि माओवादीले लाश नजिकै सकेट बम छाडी गएकोमा ग्रामीण सुदृढीकरण केन्द्रको नेतृत्वमा गएको मानवअधिकारकर्मी तथा सञ्चारकर्मी सम्मिलित एक टोलीले बम हटाई ०६१ पुस ३ गते परिवारलाई लाश बुझाएको थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

गुम्दामा गस्ति गरिरहेका सुरक्षाकर्मीको टोली ०६० माघ १८ गते माओवादीले थापेको विद्युतीय धरापमा पर्दा सशस्त्र प्रहरीका सहायक हवल्दार अमर कटुवाल घाइते भए।

जेल र बन्दीहरु

३५ पुरुष र २० महिला गरी कूल ५५ जना बन्दी क्षमता रहेको गोरखा जेल "घ" श्रेणीको हो। हाल जम्मा ७ जना बन्दी रहेको यस जेलमा महिला र राजनीतिक बन्दी छैनन्। बन्दीहरुमध्ये कैद तोकिएका ४ र कैद नतोकिएका ३ जना छन्। जसमध्ये १ जना ७१ वर्षीय बृद्ध पनि कर्तव्य ज्यानअन्तर्गत बन्दी भएका छन्।

खानेपानीको समस्या रहेको यस जेलमा बन्दीहरुलाई पत्रपत्रिका, टिभी र रेडियोको सुविधा छ। आवश्यकता अनुसार स्वास्थ्य उपचार गराउने गरिन्छ।

बेपत्ता / अपहरण

माओवादीबाट

ताकुमाझ लांकुरीबोट गाविसस्थित जलकन्या माविका प्रधानाध्यापक उमाकान्त ढकाललाई ०६० फागुन १२ गते माओवादीले अपहरण गरी फागुन २८ गते सकुशल मुक्त गरे।

बंकोट गाविस-५ सिंउडेनीका राप्रपा जिल्ला उपाध्यक्ष दिलबहादुर केसीलाई ०६० चैत ४ गते माओवादीले घरबाटै अपहरण गरी चैत ६ गते मुक्त गरे।

म्याग्दी जिल्ला शीघ्र गाविस-७ घर भई गोरखा जिल्ला भच्चोकमा कार्यरत प्रहरी असई ३५ वर्षीय युद्धवीर खड्कालाई ०६१ वैशाख २ गते घर फर्कन लाग्दा जौवारी गाविस नयाँ गाउँबाट माओवादीले अपहरण गरी लमजुङको विभिन्न ठाउँमा आफूसँगै हिंडाएका थिए। विभिन्न मानवअधिकारकर्मी र उनको परिवारले रिहाईको माग गरेका कारण लमजुङ जिल्ला चन्द्रेश्वर गाविस-४ दुराडाँडा भन्ने ठाउँमा ०६१ वैशाख २२ गते इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि र पत्रकारको रोहवरमा मुक्त गरे।

सुर्खेत जिल्ला घर भई दी फेमस महिन्द्र दल गणमा कार्यरत सैनिक जवान रमेश चौधरीलाई ०६१ जेठ २४ गते आफ्नो कार्य क्षेत्रमा हाजिर हुन जाँदै गर्दा ताप्ले गाविस-६ श्यामबजारबाट माओवादीले अपहरण गरे। पीडितलाई सोही दिन अश्राङ्गबाट मानवअधिकारकर्मी र पत्रकारहरुको रोहवरमा मुक्त गरियो।

मुच्चोक गाविस-२ चनौटेकी राप्रपा (राष्ट्रवादी) की ३६ वर्षीय अमृता भट्टलाई ०६१ जेठ २६ गते माओवादीले अपहरण गरी कुटपिट गरे। गाँखु गाविसमा पुऱ्याएपछि ०६१ जेठ २८ गते माओवादीहरु खाना पकाइरहेको बेला पीडित भागेर फर्किन्।

धावा गाविस-४ का जितबहादुर विक, रामप्रसाद खनाल र ठूलो कान्छा विकलाई ०६१ जेठ २८ गते माओवादीले अपहरण गरी ०६१ असार १ गते मुक्त गरे।

श्रीनाथकोट गाविस-२ का ४३ वर्षीय जगतबहादुर खड्कालाई ०६१ जेठ ३० गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

जौवारी गाविस-५ की कुमारी गुरुङलाई आफूहरुलाई सहयोग नगरेको आरोपमा ०६१ असार ९ गते घरबाट माओवादीले अपहरण गरी असार १२ गते मुक्त गरे।

ताकुकोट गाविस-५ का सूर्यज्योति माविका शिक्षक ३० वर्षीय नेत्रबहादुर निरौलालाई ०६१ असार १२ गते माओवादीले अपहरण गरी असार १८ गते सोही गाविसको पाल्खु भञ्ज्याङमा पुऱ्याई मुक्त गरे।

छोप्राक गाविस-४ का निवर्तमान उपाध्यक्ष गणेशकुमार श्रेष्ठ र गाँखु गाविसका धर्मप्रसाद श्रेष्ठलाई ०६१ असार २० गते माओवादीले अपहरण गरी असार २१ गते मुक्त गरे।

ताङ्लीचोक गाविसका सशस्त्र प्रहरी हवल्दार भक्तबहादुर गुरुङ र उनका काका जीतबहादुर गुरुङलाई ०६१



सुरक्षाकर्मीद्वारा मारिएका अनेरास्ववियु (क्रान्तिकारी) का सचिव तारा पुडासैनी

साउन ३ गते माओवादीले अपहरण गरी साउन ४ गते सोही ठाउँमा एक सभाको आयोजना गरी मुक्त गरे।

सौरपानी गाविस-८ का कक्षा ९ र १० मा अध्ययनरत क्रमश: १९ वर्षीय आशा गुरुङ्ग र १६ वर्षीय जसमाया गुरुङ्गलाई ०६१ साउन १० गते माओवादीले अपहरण गरे। पीडितहरुलाई माओवादी कार्यकर्ता काका भनिने प्रेमबहादुर घलेको हत्यामा संलग्न भएको आरोपमा अपहरण गरी हालसम्म श्रम शिविरमा राखेको माओवादीले सार्वजनिक गरे।

वोर्लाङ्ग गाविसका निवर्तमान अध्यक्ष तथा एमाले जिल्ला कमिटी सदस्य साधुराम थापालाई ०६१ भदौ ११ गते माओवादीले अपहरण गरी भदौ १२ गते मुक्त गरे।

जौवारी गाविस-९ फिनामटारका विष्णु अधिकारी, हरि श्रेष्ठ र तनहुँ जिल्लाका अशोक लौडारीलाई अमेरिकी रेस सोलार कम्पनीमा काम गरेको आरोपमा ०६१ भदौ १६ गते माओवादीले अपहरण गरी जागिर छाड्ने शर्तमा भदौ १९ गते मुक्त गरे।

पृथ्वीनारायण नपाका नेपाल शिक्षक युनियनका जिल्ला अध्यक्ष तथा महेन्द्र मावि कुन्दुरका प्रधानाध्यापक याङ्नाथ अर्याललाई ०६१ भदौ २४ गते माओवादीले घरबाट अपहरण गरी भदौ २५ गते मुक्त गरे।

गाईखुर गाविसका निवर्तमान गाविस उपाध्यक्ष ओमबहादुर बराकोटीलाई ०६१ भदौ २५ गते माओवादीले अपहरण गरी कुटपिट गरे। पीडितलाई भदौ २७ गते मुक्त गरियो।

पृथ्वीनारायण नपाका नेराशिसंगठनका जिल्ला सचिव तथा हिमालय मावि, घैरुङ्गका शिक्षक शिवराम कट्टेललाई ०६१ भदौ २७ गते माओवादीले विद्यालयबाट अपहरण गरी भदौ २९ गते मुक्त गरे।

बुंकोट गाविस-२ का रामजी श्रेष्ठलाई ०६१ भदौ २८ गते माओवादीले घरबाट अपहरण गरी असोज २ गते गाउँलेहरुको रोहवरमा मुक्त गरे।

ताकुमाभ्र लाकुरीबोट गाविस-७ का गोविन्द भट्टलाई

माओवादीको विद्युतीय धरापमा परी मृत्यु भएकी खिलकुमारी भट्ट

०६१ कार्तिक २१ गते माओवादीले अपहरण गरी कार्तिक ३० गते मुक्त गरे।

छोप्राक गाविसका मण्डली माविमा अध्ययनरत माधव लामिछाने र रामशरण पोखेललाई ०६१ मंसिर १७ गते माओवादीले घरबाट अपहरण गरेकोमा मंसिर २४ गते दुवैजना भागेर फर्किए।

ताकुमाभ्र लाकुरीबोट गाविस-७ घर भई मुच्चोक गाविस-२ मा बस्ने जलकन्या मावि ताकुमाभ्र लाकुरीबोटमा अध्ययनरत १९ वर्षीय रोलकबहादुर गुरुङ्गलाई सुराकीको आरोपमा ०६१ मंसिर २७ गते माओवादीले अपहरण गरे। साथै, उनलाई खोज्न गएकी सोही विद्यालयमा कक्षा ८ मा अध्ययनरत उनकी पत्नी १७ वर्षीय दुरमाया गुरुङ्ग र बुबा रामबहादुर गुरुङ्गलाई ०६१ पुस ४ गते अपहरण गरेकोमा दुरमायालाई १८ दिनपछि मुक्त गरे। पीडित रोलकबहादुर र रामबहादुर हालसम्म माओवादीको कब्जामा छन्।

पन्द्रुङ्ग गाविस-२ का निर्वतमान गाविस अध्यक्ष मीनबहादुर गुरुङ्ग र सोही गाविस-१ का पूर्व शिक्षक यमबहादुर गुरुङ्गलाई ०६१ मंसिर २८ गते माओवादीले अपहरण गरेकोमा हालसम्म मुक्त गरेका छैनन्।

छोप्राक गाविस-९ घर भई शाही नेपाली सेनामा कार्यरत चन्द्रबहादुर कुमाललाई ०६१ मंसिर ३० गते घर आएका बेला माओवादीले अपहरण गरी पुस २ गते मुक्त गरे।

घ्याल्चोक गाविसस्थित ज्ञानमार्ग मावि, सूर्योदय निमाविलगायत्का विद्यालयहरुबाट ०६१ पुस १ गते माओवादीले जनवादी शिक्षाको प्रशिक्षण दिने भनी २ सय जना विद्यार्थी र ५० जना शिक्षकलाई अपहरण गरी लगे। यसैगरी दर्बुङ्ग गाविसस्थित रत्नेश्वर मावि र भगवती माविबाट २ सय ३० जना शिक्षक-विद्यार्थीहरु र मकैसिंङ गाविसस्थित विजयभवानी माविबाट १३ शिक्षक र १ सय ५० विद्यार्थीलाई पनि सोही दिन अपहरण गरे। सबैलाई ०६१ पुस ३ गते मुक्त गरियो।

आरुआर्वाङ्ग गाविसस्थित सिद्धदेवी माविबाट १२ जना, वासुदेवी निमाविबाट ६ जना, मायादेवी प्राविबाट २ जना, जलदेवी प्राविबाट ४ जना, कल्लेरी प्राविबाट ४ जना, अलैंचे प्राविबाट ४ जना, आरुपोखरी गाविसस्थित दरबार माविबाट १० जना र धारापानी निमाविबाट ६ जना शिक्षकहरुलाई ०६१ पुस १ गते प्रशिक्षण दिन भनी माओवादीले अपहरण गरेकोमा पुस २ गते सबैलाई मुक्त गरे।

आरुचनौटे गाविसस्थित भीमोदय माविबाट ९ जना र जनशक्ति निमाविबाट ५ जना शिक्षकहरुलाई ०६१ पुस ५ गते प्रशिक्षण दिन भनी माओवादीले अपरहण गरेकोमा पुस ६ गते सबैलाई मुक्त गरे।

धम्की / ज्यान मार्ने धम्की / कुटपिट

माओवादीबाट

गोरखा जिल्लाका ६६ गाविसका सचिवहरुलाई भदौ मसान्तभित्र राजीनामा गर्न माओवादीले धम्की दिएपछि सम्पूर्ण गाविस सचिवहरुले ०६१ असोज ४ गते सामूहिक रुपमा जिविससमक्ष राजीनामा दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका ७७ र नयाँ दर्ता भएका ७० गरी १ सय ४७ वटा मुद्दा रहे। देवानी ८१ मध्ये ३० फर्स्यौट भई ५१ बाँकी र फौजदारी ६६ मध्ये ३२ फर्स्यौट भई ३४ बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा भूमिहीनहरुको लागि सरकारको तर्फबाट कुनै पनि पहल भएको छैन। सामाजिक सुरक्षा अन्तर्गत वितरण गरिँदै आएको बृद्ध, विधवा र अशक्त भत्ता गाविस सचिवहरु गाउँ जान नसक्ने अवस्था भएकाले भत्ता पाउने अधिकांश मानिसहरुले विगत ६ महिनादेखि नपाएको गुनासो छ।

विस्थापन

यस जिल्लामा माओवादीहरुले आफन्तको हत्या गरेपछि २७ जना विस्थापित भएकामध्ये २६ जना महिला र १ पुरुष छन्। यसैगरी डर र त्रासका कारण विस्थापित भएकाहरुको संख्या ४० छ। विस्थापितहरुमध्ये अधिकांश सदरमुकाममा नै बस्ने गरेका छन्। तर सरकारबाट विस्थापितहरुलाई कुनै पनि व्यवस्था भएको छैन।

गाखुँ गाविस-६ चिलाउनेका ५२ वर्षीय सिताराम भट्ट र उनकी पत्नी सेतीमाया भट्टलाई छोराले शाही नेपाली सेनामा जागिर खाएको आरोपमा ०६१ मंसिर १९ गते माओवादीवादीले गाउँ निकाला गरे। पीडितहरु अहिलेसम्म गाउँ फर्किन सकेका छैनन्।

मुच्चोक गाविस-२ चनौटे बजारमा करिब १५ वर्षदेखि बसोबास गर्दै आएका बासिन्दाहरुलाई शाही नेपाली सेनालाई सहयोग गरेको आरोपमा माओवादीले सात दिनभित्र गाउँ छाड्ने धम्की दिएपछि त्यहाँ रहेका ३० घर परिवारले ०६१ पुस १६ गतेसम्ममा सम्पूर्ण गाउँ नै खाली गरे। त्यहाँका ३० घर परिवारका १ सय ३४ जना विस्थापित भए।

संरचना/सम्पत्ति क्षति

मनोनित नगरप्रमुख रुद्रराज पाण्डेको पृथ्वीनारायण नपा-९ छेवेटारस्थित कृषि मिलमा ०६० माघ २० गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

मनोनित जिविस सभापति जगतबहादुर रोकाको पालुङटार गाविस-२ स्थित घरमा ०६० माघ २१ गते राति माओवादीले घरमा आगो लगाई ध्वस्त पारे।

पृथ्वीनारायण नपा-११ को नौकिलो भन्ने ठाउँमा ०६० चैत ५ गते ना. २ ख २४२२ नम्बरको खाली ट्रकमा माओवादीले आगजनी गरे।

दशकिलो बजारमा ०६० चैत २३ गते काठमाडौंतर्फ गइरहेको २३६५ नम्बरको साझा बस माओवादीले आगो लगाई ध्वस्त पारे।

पृथ्वीनारायण नपाको अबुवास्थित जिविस र नपाको यातायात संयुक्त कर चौकीमा ०६० चैत २४ गते माओवादीले आगजनी गरे।

देउराली इलाका रेन्जपोष्टमा ०६० चैत २५ गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

लक्ष्मीबजारस्थित दी एक्स्प्लोर ग्रुप, नेपालद्वारा सञ्चालित होटल हिल रिर्सोटमा माओवादीले ०६१ साउन १ गते बम विस्फोट गरी क्षति पुऱ्याएपछि रिर्सोट बन्द भयो।

इराकमा १२ नेपालीको हत्या भएको विरोधमा ०६१ भदौ १६ गते विद्यार्थीहरुले सिउरेनीटारस्थित मस्जिद तोडफोड गर्दा क्षतिग्रस्त भयो।

नेपाल क्याथोलिक संघद्वारा सञ्चालित एघारकिलोस्थित सेन्ट जोसेफ स्कूलमा ०६१ भदौ २७ गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पृथ्वीनारायण नपा-११ स्थित महेन्द्र मावि, कुन्दुरमा अध्ययनरत छात्रद्वय नारायण न्यौपाने र अमृत कुमाल, स्थानीय बासिन्दाहरु खड्गबहादुर कुमार र गंगाबहादुर कुमाललाई माओवादीको आरोपमा ०६० फागुन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत नजरबन्दमा राखेकोमा हाल रिहा भइसकेका छन्।

थुमी गाविस-५ आर्खेतका दिलबहादुर श्रेष्ठ, अर्जुन श्रेष्ठ र विमला दाहाललाई ०६१ असार ५ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले सोही ठाउँबाट गिरफ्तार गरी हिरासतमा राखे। उनीहरु हाल रिहा भइसकेका छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राप्रपा जिल्ला समितिले ०६० चैत ५ गते एक प्रेस विज्ञप्ति जारी गरी जिल्ला उपाध्यक्ष दिलबहादुर केसीलाई सकुशल रिहा गर्न माओवादी पक्षलाई आग्रह गऱ्यो।

अनेरास्ववियु (क्रान्तिकारी) र माओवादी जिल्ला

कमिटीले ०६१ वैशाख १५ गते छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरी अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सचिव तारा पुडासैनीको हत्या गैरन्यायिक भएको उल्लेख गरे।

इन्सेक सहकर्मी संस्था ग्रामीण सुदृढीकरण केन्द्र र मानवअधिकार तथा शान्ति समाज जिल्ला शाखाले ०६१ वैशाख २१ गते एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी तारा पुडासैनीको हत्या गैरन्यायिक भएको ठहर गर्नुका साथै अपहरित असई युद्धवीर खड्कालाई अविलम्ब मुक्त गर्न माओवादीसमक्ष अनुरोध गरे।

ग्रामीण सुदृढीकरण केन्द्र र मानवअधिकार तथा सञ्चार प्रतिष्ठानले ०६१ कार्तिक २६ गते एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी फरक राजनीतिक आस्थाको आधारमा माओवादीद्वारा गरिने व्यक्तिहत्या तत्काल बन्द गरी मानवअधिकार र मानवीय कानुन पालना गर्न माओवादीलाई सचेत गराए। यसैगरी एमाले जिल्ला कमिटी सदस्य भोजराज भट्टको हत्याको सम्बन्धमा सो पार्टीको जिल्ला कमिटीले ०६१ कार्तिक २५ गते एक प्रेस विज्ञप्ति जारी गरी व्यक्तिहत्याको विरोध गरेको थियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १२ पुरुष र १४ महिला गरी २६ जनाले आत्महत्या गरे। जसमा झुण्डिएर १० जना पुरुष र १३ महिला, हामफालेर १ पुरुष र विष सेवन गरेर १ पुरुष र १ महिलाले आत्महत्या गरेका थिए। सवारी दुर्घटनामा परी ९ पुरुष र ३ महिलाको मृत्यु भयो।

विगतको अनुगमन

गत वर्षको गिरफ्तारी र यातना शीर्षकमा घैरुङ्का सरिता कुवँर र घ्याल्चोकका राजेन्द्र कोइराला हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ। गत वर्ष दुई जनालाई निवारक नजरबन्दरमा राखिएको उल्लेख भएकोमा यस वर्ष दुवै जना रिहा भइसकेका छन्।

गत वर्षको धम्की/ज्यानमार्ने/कुटपिट (माओवादीबाट) शीर्षकअन्तर्गत तेश्रो अनुच्छेदमा हाल उनी विस्थापित भई पृथ्वीनारायण नपाको रत्नराज्य मावि वीरेन्चोकमा पढाउँदैछिन् हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ।

गत वर्षको वर्ष पुस्तकमा बेपत्ता र अपहरण शीर्षकअन्तर्गत राज्यबाट गिरफ्तार व्यक्ति धुवाँकोट गाविस-१ का सुकबहादुर कुमाल हुनुपर्नेमा अन्य हुन गएकोले सच्चाइएको छ।

३.३ लमजुङ



जनसंख्या	:१९५३९०
साक्षरता प्रतिशत	:५६.६१
महिला साक्षरता प्रतिशत	:४६
क्षेत्रफल (वर्ग कि. मि.)	:१६९२
गाविस/नपा संख्या	:६१/०
निर्वाचन क्षेत्र	:२
विद्यालय	:२७८
क्याम्पस/उच्च मावि	:५/१५
अस्पताल/स्वास्थ्य चौकी	:१/६१
टेलिफोन लाइन	:१७
मोटर सडक (कि. मि.)	:११९
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:६१
मानव विकास सूचकांक	:०.४९२
प्रति परिवार सरदर संख्या	:५.१३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

इलमपोखरी गाविसको फूलङगिरीमा ०६० माघ ९ गते सुशील नाम गरेका एक माओवादी कार्यकर्ताको सुरक्षा कारवाहीमा मृत्यु भयो।

पाचोक गाविस-२ छैलुङ भन्ने ठाउँमा ०६० चैत ९ गते माओवादी कार्यकर्ता दोर्जे भनिने चितवनका अमर पाखरेन, रोशन भनिने गोरखाका पदमबहादुर थापा र सोही ठाउँकी सर्वसाधारण २२ वर्षीय योगमाया गुरुङको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

विचौरका माओवादी कार्यकर्ता सुजन भनिने मसिने नेपाली र सल्यान जिल्लाका विकास भनिने धनबहादुर पुनमगर ०६१ जेठ २९ गते मञ्ज्याङ गाविसको शेरा

बजारमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

उदयपुर जिल्लाका २० वर्षीय दर्शन भनिने लोकबहादुर पुन ०६१ भदौ १३ गते परेवाडाँडा गाविस-४ देउराली भन्ने ठाउँमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

गौंडा गाविसको बेतेनी भन्ने ठाउँमा ०६१ कार्तिक २० गते चितवनका १० नं. बटालियन सहायक कमाण्डर नीमा भनिने एक महिला माओवादी कार्यकर्ता सुरक्षा कारवाहीमा मारिए।

सूर्यपाल गाविस-४ का सर्वसाधारण ३४ वर्षीय कृष्णबहादुर थापा माओवादीको आरोपमा ०६१ मंसिर २३ गते सुरक्षाकर्मीद्वारा आफ्नै घरवाट गिरफ्तार गरी भोर्लेटार गाविस-४ गुम्बाबेंशीमा पुर्‍याई सोही दिन गोली हानी मारिए।

माओवादीबाट

पाचोक गाविस-२ वारीगाउँका भूपू प्रहरी हवल्दार तथा विन्ध्यवासिनी प्रावि व्यवस्थापन समितिका अध्यक्ष ४३ वर्षीय श्रीप्रसाद गुरुङलाई सुराकीको आरोपमा ०६१ वैशाख २२ गते माओवादीले उनकै घरवाट अपहरण गरी केही पर पुर्‍याई गोली हानी हत्या गरे।

भुजुङ गाविस-३ का ४७ वर्षीय भूपू सैनिक नन्दजङ्ग गुरुङलाई सुरक्षाकर्मीलाई हतियार बुझाएको आरोपमा ०६१ जेठ २० गते माओवादीले आफ्नै घरवाट अपहरण गरी घनपोखरा गाविसको नायूमा पुर्‍याई गोली हानी हत्या गरे।

बन्सार गाविस-५ का ४० वर्षीय मिनराशी गुरुङलाई नक्कली माओवादी बनेर चन्दा उठाएको आरोपमा ०६१ साउन ४ गते माओवादीले गोली हानी हत्या गरे।

धमिलिकुवा गाविसमा ०६१ साउन १९ गते माओवादीले थापेको विद्युतीय धरापमा परि नवलपरासी जिल्लाका सशस्त्र प्रहरी हवल्दार सञ्चय चौधरी र गोरखा जिल्लाका सैनिक जवान रामचन्द्र बानियाको मृत्यु भयो।

चण्डिस्थान गाविस-८ का १८ वर्षीय राजकुमार रिमाललाई सुराकी गरेको र सेनामा भर्ती हुन गएको आरोपमा ०६१ भदौ ११ गते माओवादीले सोही गाविसको ढगै भन्ने ठाउँबाट अपहरण गरी बेपत्ता पारेकोमा मंसिर २५ गते हत्या गरिएको सार्वजनिक गर्‍यो।

चण्डिस्थान गाविसका ३५ वर्षीय इन्द्रबहादुर रिमाललाई सुराकीको आरोपमा ०६१ भदौ १३ गते बाँझाखेत गाविसको खासुर भन्ने ठाउँमा माओवादीले झुण्ड्याएर हत्या गरे।

परेवाडाँडा गाविस-४ का ६६ वर्षीय मोहनलाल श्रेष्ठलाई सुराकीको आरोपमा ०६१ असोज ९ गते माओवादीले कुटपिट गरी हत्या गरे।

गाउँशहर गाविस-४ का भारतीय सेनामा कार्यरत ३० वर्षीय सूर्यबहादुर बानिया र सोही ठाउँका २६ वर्षीय शाही नेपाली सेनाको जागिर छाडेर घर आएका दीपक बानियालाई सुराकीको आरोपमा ०६१ मंसिर १ गते दिउँसो गाउँशहर गाविस-३ रानीकुवा भन्ने ठाउँमा सडक नजिक खाजा खाइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

पाचोक गाविसमा ०६१ वैशाख १० गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा ३ सुरक्षाकर्मी र ४ माओवादीको मृत्यु भयो। मृत्यु हुनेहरुमा सुरक्षाकर्मीतर्फ दाङका सशस्त्र निरीक्षक नरबहादुर थापा, गोरखाका सशस्त्र प्रहरी ईश्वर श्रेष्ठ, नवलपरासीका जनपथ प्रहरी सुदर्शन वेलदार थिए भने माओवादीतर्फ गोरखाका अविरल भनिने मधुबाबु थापा, गोरखाका अनिल भनिने सिताराम ढकाल, रुकुम खाराका अमृत भनिने भद्र बली, नुवाकोटका संवाद भनिने सुधनप्रसाद खनाल थिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	१०	१०		९	१९	९	९	१	१७	२७
घाइते					६	३	२	३	८					
गिरफ्तारी/यातना										६	७	१		८
कुटपिट	३	३		३	१	१			१	१			२८	२८
महिलाअधिकार	१		१	१										
बालअधिकार	२		२	२										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३			३					
अपहरण					१९	१२७	२	१०९६	१२२५					
जम्मा	७	४	३	७	३९	१४४	४	११०८	१२५६	१६	१६	२	४५	६३

वाहुनडाँडा गाविस-३ अर्न्तगत भीरपुस्तन रिपिटर टावर सुरक्षार्थ खटिएका सैनिकको क्याम्पमाथि ०६१ मंसिर ३० गते राति माओवादीले आक्रमण गरेपछि भएको भिडन्तमा १६ माओवादी कार्यकर्ताको मृत्यु भयो भने ६ सुरक्षाकर्मी घाइते भए।

अन्यबाट

श्रीमञ्ज्याङ गाविसको कपासेडाँडामा ०६० माघ १९ गते एक बेवारिसे लाश भेटियो। उक्त लाश माओवादीले आफ्नो कार्यकर्ताको भएको र सुरक्षा निकायद्वारा मारिएको आरोप लगायो तर सुरक्षाकर्मीले स्वीकार गरेन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

बेंशीशहर गाविस-२ स्थित युनिभर्सल बोर्डिङ स्कूलमा ०६१ जेठ १० गते माओवादीले बम विस्फोट गराउँदा मेरिसा श्रेष्ठ र सुशिला घिमिरे सामान्य घाइते भए।

उदिपुर गाविस नजिक पर्ने मोटरबाटोमा ०६१ जेठ २७ गते माओवादीद्वारा थापिएको विद्युतीय धरापमा परि ५ जना सुरक्षाकर्मी घाइते भए।

धमिलिकुवा गाविसमा ०६१ साउन १९ गते माओवादीले थापेको विद्युतीय धरापमा परि सैनिक जवान कृष्ण भण्डारी घाइते भए।

उदिपुर गाविसमा पर्ने मोटर बाटोमा ०६१ साउन २१ गते १९३ नम्बरको गाडीका सहचालक ऋषि रेग्मीलाई माओवादीले गोली प्रहार गरी घाइते बनाए।

बेंशीशहर गाविस-२ तिलकबहादुर पौडेलको घरमा ०६१ भदौ ९ गते माओवादीले बम विस्फोट गराई पसलमा रहेको सामानमा क्षति पुऱ्याउनुका साथै ६ महिनाका नेकोन पौडेललाई सामान्य घाइते पारे।

गाउँशहर गाविसको गैरी भन्ने ठाउँमा ०६१ मंसिर ७ गते माओवादीद्वारा थापिएको विद्युतीय धरापमा परी दुई सुरक्षाकर्मी घाइते भए।

जेल र बन्दीहरु

कूल २५ जना क्षमता भएको लमजुङ जेल 'घ' श्रेणीको हो। यस जेलमा अहिले ३० जना बन्दी छन्, जसमा २९ पुरुष र १ महिला छन्। २५ जना कैद तोकिएका र ५ जना नतोकिएका छन्। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत ४ पुरुष र १ महिला गरी ५ जना छन्। बन्दीहरुले जेलभित्र दाम्ला, मुडा, स्वीटर बुन्ने गरेको पाइयो। टिभी, पत्रिका आदिको सुविधा छ।

बेपत्ता / अपहरण

माओवादीबाट

नौथर गाविसका राप्रपा जिल्ला सदस्य तथा जिविसका मनोनित सदस्य विष्णुकुमारी गुरुङलाई ०६० चैत २४ गते माओवादीले घरबाट अपहरण गरी राजीनामा गर्ने शर्तमा चैत २७ गते मुक्त गरे।

श्रीमञ्ज्याङ गाविसस्थित लक्ष्मी मावि र गौंडा गाविसमा पर्ने गौंडा माविका २ सय १० जना विद्यार्थी र २१ जना शिक्षकलाई ०६१ वैशाख २७ गते माओवादीले जनवादी शिक्षा सिकाउने भन्दै नियन्त्रणमा लिई ५ घण्टापछि गौंडा मावि ओखरीबाट मुक्त गरे।

सुन्दरबजार गाविस-१ र २ का रामशरण केसी, सन्तोष केसी, हरिश्चन्द्र केसी, अमृत केसी, कृष्णबहादुर गुरुङ, चन्द्रबहादुर केसी, ठूले कमार, नवराज केसी र राजकुमार केसीलाई कुटपिट गरेको आरोपमा ०६१ जेठ ६ गते माओवादीले अपहरण गरे। पीडितहरु सबैलाई जेठ ७ गते मुक्त गरियो।

खुदी गाविस-३ का लाक्पा गुरुङ, घनपोखरा गाविस-८ का कक्षा ९ मा अध्ययनरत पूर्णबहादुर गुरुङ र सोही ठाउँका कक्षा-८ का विद्यार्थी टेकबहादुर पौडेललाई ०६१ जेठ १६ गते माओवादीले नियन्त्रणमा लिई अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला सम्मेलनपछि जेठ २१ गते मुक्त गरे।

वन्सार गाविस-५ स्थित फलेनी माविबाट कक्षा ८, ९ र १० का १ सय ६ जना विद्यार्थी र ९ जना शिक्षकलाई ०६१ जेठ १९ गते माओवादीले अपहरण गरी अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला सम्मेलनपछि जेठ २१ गते मुक्त गरे।

ग्रामीण क्षेत्रका २० वटा माविबाट माओवादीले जनवादी शिक्षा सिकाउने नाउँमा विद्यार्थी र शिक्षकलाई विभिन्न मितिमा नियन्त्रणमा लिएका कारण २ हजार २ सय विद्यार्थी र ३ सय शिक्षक पीडित भए।

दुराडाँडा गाविस-१ सत्रसयफाँटका राप्रपा कार्यकर्ता एवम् जिविस इलाका ३ का मनोनित सदस्य ५५ वर्षीय तारानाथ खनियालाई जिविस सदस्यबाट राजीनामा नदिएको आरोपमा ०६१ असार १२ गते राति माओवादीले उनको आफ्नै घरवाट अपहरण गरे। उनलाई राजीनामा दिने शर्तमा सोही दिन राति मुक्त गरे। माओवादीले आफूलाई कुटपिटसमेत गरेको पीडितले बताए।

कुन्छा गाविस-७ का प्रहरी हवल्दार रामबहादुर खत्रीलाई विदामा घर आएको बेला ०६१ असार ३१ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। उनलाई जागिर छोड्ने शर्तमा ०६१ साउन १ गते धुसेनी गाविसबाट मुक्त गरियो।

चिति गाविसका एमालेका क्षेत्रीय सचिव फूलबहादुर थापालाई ०६१ भदौ १२ गते इलाका नं. ७ को पार्टी भेलामा

गएको बेला माओवादीले भूलभूले गाविसबाट अपहरण गरे। उनी ०६१ भदौ १३ गते माओवादी कब्जाबाट भागेर फर्किए।

चण्डिस्थान गाविसका ३७ वर्षीय कृष्ण रिमाललाई सुराकीको आरोपमा ०६१ भदौ १३ गते माओवादीले अपहरण गरे। उनलाई ०६१ भदौ २५ गते चिति गाविसको रामचोकबेंशीबाट मुक्त गरे।

चक्रतीर्थ गाविस-६ का भलायखर्क गाविस सचिव ५९ वर्षीय विष्णुप्रसाद कट्टेललाई राजीनामा दिएर पनि काम गरेको आरोपमा ०६१ कार्तिक १५ गते माओवादीले अपहरण गरे। उनलाई ०६१ कार्तिक २८ गते राजीनामा दिने र काम नगर्ने शर्तमा मुक्त गरे।

तनहुँ जिल्ला रिस्ती गाविस-४ का जिप्रकामा कार्यरत महिला प्रहरी सुशीला मिश्रलाई तिहारमा टीका लगाउन घर गएको बेला ०६१ कार्तिक २३ गते घरबाट माओवादीले अपहरण गरे। उनलाई ०६१ मंसिर १ गते जागिर छाड्ने शर्तमा कुन्छा गाविसबाट मुक्त गरियो।

रम्घा गाविस-९ कुमालका सैनिक २५ वर्षीय टिकाराम कुमाललाई विदामा घर आएको बेला ०६१ कार्तिक २५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। उनलाई जागिर छोड्ने शर्तमा कार्तिक २८ गते मुक्त गरे।

गाउँशहर गाविस-३ का जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा ५० वर्षीय तीर्थबहादुर अधिकारीलाई ०६१ पुस १२ गते राति उनकै घरबाट माओवादीले अपहरण गरे। उनलाई इन्सेक वर्ष पुस्तक प्रतिनिधि र पत्रकारको रोहवरमा १२ दिनपछि तनहुँ जिल्लाको रुपाकोट गाविसबाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बाग्लुङपानी गाविसका एमाले कार्यकर्ता दुर्गाबहादुर गुरुङ र उत्तरकन्या गाविसका आशवीर गुरुङलाई ०६० फागुन १८ गते राति सुतिरहेको बेला सुरक्षाकर्मीले उठाएर आफ्नो झोला बोकेर हिड्न लगाए।

माओवादीबाट

परेवाडाँडा गाविस-४ देउरालीका ३७ वर्षीय सन्तलाल श्रेष्ठलाई सुराकीको आरोपमा ०६१ असोज ९ गते राति माओवादीले सख्त घाइते हुनेगरी कुटपिट गरे।

अन्यबाट

माओवादी कार्यकर्ता दर्शन भनिने लोकबहादुर पुनलाई ०६१ जेठ ४ गते सुन्दरबजार गाविस-१ र २ का युवाहरुले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय १८ मुद्दा दर्ता भए। ५८ मुद्दा फर्स्यौट भए भने ६० बाँकी रहे। सरकारवादी फौजदारी अन्तर्गत १८ मुद्दा दर्ता भएकोमा ८ फर्स्यौट भई १० बाँकी रहे। सामान्य फौजदारीमा ४२ मुद्दा दर्ता भए, जसमध्ये २२ मुद्दा फर्स्यौट भई २० बाँकी रहे। देवानी मुद्दा ५८ वटा दर्ता भए, जसमध्ये २८ फर्स्यौट भई ३० बाँकी रहे। त्यस्तै, जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधसम्बन्धी ४ मुद्दा परेकोमा ३ फर्स्यौट भई १ बाँकी रह्यो। यस वर्ष जिल्ला वन कार्यालयमा कुनै पनि मुद्दा नपरेको सो कार्यालयले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

ताघ्रिङ गाविसका पूर्व उपाध्यक्ष शुकलाल तामाङको घर-जग्गा ०६१ जेठ २४ गते माओवादीले कब्जा गरे।



माओवादीद्वारा मारिएका दीपक बानिया, सूर्यबहादुर बानिया र राजकुमार रिमाल

घनपोखरा गाविसका तत्कालीन मनोनित जिविस सभापति एवम् राप्रपा जिल्ला अध्यक्ष हेमजङ गुरुङको घर-जग्गा ०६१ जेठ २५ गतेदेखि माओवादीले कब्जामा लिए। उनको बेंशीशहरस्थित घरमा ०६१ जेठ २९ गते बम विस्फोट गराएपछि उनी काठमाडौं विस्थापित भए।

चन्देश्वर गाविस छहरेपानीका लक्ष्मी केसीको घर-जग्गा ०६१ जेठ ३० गते माओवादीले कब्जा गरे।

मध्यमर्स्याङ्दी परियोजना माओवादीले दिविध कारण देखाई ०६१ भदौ ९ देखि बन्द गराएपछि त्यहाँ काम गर्ने १ हजार ५ सय मजदुरहरुको रोजगारी खोसियो। विभिन्न मानवअधिकार संस्था, मजदुर युनियन, राजनीतिक पार्टी, मध्यमर्स्याङ्दी समन्वय सरोकार केन्द्र लगायत्का संस्थाले विकास योजना नरोक्न र १ हजार ५ सय मजदुरलाई रोजगारबाट वञ्चित नगर्न माओवादीलाई आग्रह गरेपछि पुस १९ बाट माओवादीले वार्ता गर्ने शर्तमा परियोजना पुन: सञ्चालन गर्न दिए।

चिती गाविस-२ स्याउतका सोमनाथ पन्त, खिलाविलाश पन्त, भाग्यशाली पन्त, दिपेशराज पाण्डे, राजनबाबु पन्त, गेहेन्द्र पन्त र बच्चुराम पाण्डेलाई सुन्तला बिक्री वितरण गर्न रोक लगाई माओवादीले आफ्नो कब्जामा लिए। प्रति परिवार ५० हजार रुपैयाँ नोक्सान भएको ती कृषकहरुले बताए।

चन्द्रेश्वर गाविस-२ स्वारा घर भई काठमाडौं बस्दै आएका नरकान्त अधिकारी र चन्द्रेश्वर गाविस-९ का राप्रपा जिल्ला उपाध्यक्ष छविलाल पौडेलको घर-जग्गा माओवादीले कब्जामा लिए।

विस्थापन

यस जिल्लामा असुरक्षाको कारण ०५७ सालदेखि हालसम्म १ सय ७० घर परिवार विस्थापित भइसकेका छन्। विस्थापित हुनेहरुमा राजनीतिक पार्टीका नेता तथा कार्यकर्ता रहेका छन्। नेकाँले आफ्ना ६० घर परिवार गाउँ फर्किसकेको बताएको छ। एमालेका ५ घर परिवार, राप्रपाका ५ घर परिवार विस्थापित छन्। यी बाहेक अन्य सर्वसाधारण पनि विस्थापित भएका छन्। विस्थापितहरु प्राय: आफूलाई विस्थापित हुँ भन्न चाहँदैनन्। जिल्ला प्रशासन कार्यालयमा १ सय ४३ जना व्यक्तिले विस्थापितको विवरणमा आफ्नो नाम दर्ता गराएका छन्। जिल्ला प्रशासन कार्यालयले विस्थापित भत्ता दिन नसकेको जनाएको छ।

संरचना/सम्पत्ति क्षति

बेंशीशहरमा रहेको अन्नपूर्ण संरक्षण क्षेत्र क्याम्पको कार्यालयमा ०६१ जेठ २ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

खुदी गाविसस्थित हिमचुली बोर्डिङ्ग स्कूलमा ०६१ जेठ ४ गते माओवादीले बम विस्फोट गराई आगो लगाइदिए।

जिल्ला जनस्वास्थ्यको औषधी बोकेर गएको गाडी ०६१ असार २४ गते माओवादीले तार्कु गाविस-६ किरिन्चे खोलामा गाडी औषधी र मान्छेलाई झारेर जलाइ दिए।

मध्यमर्स्याङ्दी परियोजनाअन्तर्गत प्रमुख ठेकेदार डीडीसी जेभीको ना. २ ख २१२२ नम्बरको यात्रु बोक्ने गाडी, आफ्नो अनुमति विना परियोजना सञ्चालन गरेको आरोपमा ०६१ कार्तिक २० गते माओवादीले उदिपुरको खहरे खोलामा जलाइदिए। सो घटनामा अन्य २ गाडीसमेत क्षतिग्रस्त भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चक्रतीर्थ गाविस-८ का सर्वसाधारण १८ वर्षीय विकास न्यौपानेलाई माओवादीको आशंकामा ०६० फागुन २८ गते भलायखर्क गाविस-७ बोराङबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चैत १४ गते रिहा गरियो।

भोर्लेटार गाविस-८ का व्यापारी ३८ वर्षीय गोपाल लामिछानेलाई माओवादीको आशंकामा ०६० चैत २१ गते बेंशीशहर आउँदै गर्दा बीचबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी भोलिपल्ट रिहा भए।

भोटेओडार गाविसका पत्रकार २७ वर्षीय अन्जानकुमार हिमालीलाई माओवादीको आरोपमा ०६० चैत २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित वैशाख ४ गते तारेखमा रिहा भए।

गोरखा जिल्लाका माओवादी महिला कार्यकर्ता २१ वर्षीय सुशीला भुजेललाई ०६१ जेठ ३ गते नौथर सोडी खोलाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासतमा राखेको र उनी जेठ ८ गते राति हत्कडीसहित भागेर फर्केको माओवादीले सार्वजनिक जानकारी गराए।

चक्रतीर्थ गाविसस्थित शौभाग्योदय मावि, अल्कारटारबाट ०६१ मंसिर १८ गते, भलायखर्क गाविसस्थित ज्ञानोदय मावि साइलीटारबाट मंसिर ७ गते, भलायखर्क गाविसस्थित चम्पावती प्राविबाट मंसिर ५ गते गरी २७ जना शिक्षक र १ जना शिक्षिका सहित २८ जना शिक्षक-शिक्षिकालाई माओवादीले अपहरण गर्दा आफूलाई खबर नगरेको आरोपमा गोरखा जिल्ला हर्मीस्थित सुरक्षाकर्मीले बोलाएर बङकरमा दिनभरी राख्ने र कुटपिट गर्ने गरेको पीडित शिक्षकहरुले बताए। यसको विरोध गर्दै इन्सेक वर्ष पुस्तक प्रतिनिधि, मानवअधिकार संस्था सफर र पत्रकार महासंघले विज्ञप्ति जारी गरे।

रुकुम जिल्ला शोभा गाविसकी १८ वर्षीय नमुना भनिने रुपा विक र चितवन जिल्ला शान्तिखोर गाविसका २६

वर्षीय पवन भनिने आइतराम ढकाललाई ०६१ पुस ८ गते बेंशीशहर बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाएकोमा मानवअधिकारकर्मी र पत्रकारको दबाबमा दश दिनपछि आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत ६ महिनाका लागि थुनामा राखिएको जनाइयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ६ जनाले झुण्डिएर आत्महत्या गरे। भीरबाट खसेर २, रुखबाट लडेर १ र पानीमा डुबेर १ जनाको मृत्यु भयो।

भोटेओडार गाविस-८ का बेंशीशहरमा राइस मिल सञ्चालन गर्दै आएका रामप्रसाद अधिकारी ०६१ मंसिर १४ गतेदेखि बेंशीशहरबाट बेपत्ता भए। उनको लाश सिम्पानी गाविस-९ स्थित मर्स्याङ्दी नदी किनारमा भेटियो। उनी आफै मरे वा कसैले मार्‍यो खुल्न सकेको छैन। माओवादीले यस घटनामा आफ्नो संलग्नता नरहेको सार्वजनिक गर्‍यो।

३.४ स्याङ्जा



जनसंख्या : ३२७३३७
साक्षरता प्रतिशत : ६६.३२
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ११६४
गाविस/नपा संख्या : ६०/२
निर्वाचन क्षेत्र : ३
विद्यालय : ८०९
क्याम्पस/उच्च मावि : ४/२८
अस्पताल/स्वास्थ्य चौकी : १/६०
टेलिफोन लाइन : ५११
मोटर सडक (कि. मि.) : ३७५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ६६
मानव विकास सूचकांक : ०.५३५
प्रति परिवार सरदर संख्या : ५.०५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सिर्सेकोट गाविस-४ छापको एक घरमा बसेका माओवादीका नेता तथा कार्यकर्ताहरु पर्वत जिल्ला छापका मोहनसिंह भनिने ६० वर्षीय शालिग्राम थापा, पर्वत जिल्ला पिपलटारीका विकास भनिने २५ वर्षीय विजय सुवेदी र स्याङ्जा जिल्ला थुमपोखरा गाविस-६ की पुनम भनिने ३२ वर्षीय कुविजा पराजुली ०६१ मंसिर १७ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सोही घटनामा पर्वत जिल्ला हुवास गाविस-३ का माओवादीद्वारा गठित चिन्तन भनिने पर्वत जिल्ला जनअदालतका न्यायाधीश ४० वर्षीय कृष्ण गौतम र विहादी गाविस-५ का गाजस प्रमुख ३० वर्षीय खडकबहादुर कुँवर सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई सोधपुछ गरी राइफलको कून्दाले हानेर आँखा फोरी अढाई घण्टापछि मारिएका थिए। उनीहरुको लाश घरको नजिकै सामान्य किसिमबाट पुरिएको थियो।

किचनास गाविस-२ बाट ०६१ मंसिर २१ गते नाम र ठेगाना खुल्न नसकेको माओवादीको एक कार्यकर्ता सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई सोधपुछ गर्दा ससुराली बिरुवा बजार आएको बताएपछि सुरक्षाकर्मीले उनलाई लिएर बिरुवाबजार आई सोध्दा त्यहाँ ससुराली नभएको थाहा पाई खेतमा काम गर्दै गरेका कामदारसँग कोदालो मागी कोदालोको पासोले हान्दै किचनास गाविस-१ लामाखेतमा पुर्‍याई मारिए।

माओवादीबाट

वालिङ नपा-४ मास्केडाँडाका पूर्णामृत भवानी उच्च माविमा कक्षा ७ मा अध्ययनरत १६ वर्षीय युक्त मास्केको ०६० चैत १२ गते माओवादीले राखेको बम खेलाउँदा विस्फोट भई मृत्यु भयो।

कपिलवस्तु जिल्ला मोतिपुर गाविस-९ का इलाका प्रहरी कार्यालय, वालिङमा कार्यरत प्रहरी जवान २६ वर्षीय श्यामलाल गैरेलाई ०६१ वैशाख ९ गते वालिङ नपा-८ रामबाच्छा बजारको एक होटलमा बसेका बेला माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

चित्रेभञ्ज्याङ्ग गाविस गिरकोटको जंगलमा ०६१ असोज २८ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा ७ जना माओवादीको मृत्यु भयो। मृतकहरुको नाम र ठेगाना खुल्न सकेन।

श्रीकृष्णगण्डकी गाविस-४ मा ०६१ जेठ ४ गते

कक्षा ११ को प्रश्नपत्र लिएर गएको सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी माओवादीले थापेको विद्युतीय धराप विस्फोट भएपछि माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा नाम, ठेगाना नखुलेका एक माओवादीको घटनास्थलमै मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

वालिङ नपा-८ का नेपाल आदर्श उच्च माविका शिक्षक २९ वर्षीय भरत अर्याललाई ०६० चैत १२ गते राति माओवादीले आफ्नो नियन्त्रण लिन गोली चलाउँदा दायाँ खुट्टामा लागी घाइते भए। पीडितलाई उपचारार्थ पोखरा लगियो।

नवलपरासी जिल्ला घर भई हाल सशस्त्र प्रहरी तालिम केन्द्र, वालिङमा कार्यरत सशस्त्र प्रहरी जवान २० वर्षीय रोशन चौधरी ०६० चैत १५ गते वालिङ नपा-८ मा माओवादीले राखेको विद्युतीय धराप विस्फोट भई घाइते भए। पीडितलाई उपचारार्थ हेलिकप्टरद्वारा काठमाडौं लगियो।

वालिङ नपा-४ का पूर्णामृत भवानी उच्च माविमा कक्षा ६ मा अध्ययनरत १५ वर्षीय कर्णबहादुर राना माओवादीले राखेको बम खेलाउँदा विस्फोट भई घाइते भए। पीडितलाई वालिङ स्वास्थ्य चौकीमा उपचार गराइयो।

गल्याङबजारबाट करिब २ किमी पश्चिमतर्फ बल्पुक भन्ने ठाउँमा ०६१ वैशाख १६ गते माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा जीपमा, यात्रा गरिरहेका सर्वसाधारण २८ वर्षीय जुद्ध थापा र राजेन्द्र श्रेष्ठ सख्त भए। उपचारका लागि राजेन्द्रलाई काठमाडौं र जुद्धलाई पाल्पा लगियो।

जेल र बन्दीहरू

यस जिल्लामा 'ङ' श्रेणीको ३५ जना बन्दी क्षमता रहेको जेल छ। यहाँ महिला तथा बालबालिका छैनन्। हाल ३५ जना बन्दी छन्। जसमध्ये ५ जना कैद नतोकिएका र ३० जना कैद तोकिएका छन्। कैद नतोकिएका ५ जना बन्दीमध्ये २ जना माओवादीको आरोपमा र ३ जना डाँकाको आरोपमा छन्।

बेपत्ता / अपहरण

राज्यबाट

मग्याम चिसापानी गाविस-६ का माओवादी कार्यकर्ता ३४ वर्षीय परशुराम शर्मालाई सुरक्षाकर्मीले ०६१ वैशाख १७ गते विहान सोही गाविस-५ बाट गिरफ्तार गरी तनहुँको बाटो हुँदै पोखरातर्फ लगे। हाल उनको अवस्था अज्ञात छ।

माओवादीबाट

साँखर गाविस-८ का राधादामोदर जनजागृति उच्च माविका शिक्षक ३८ वर्षीय ज्योतिलाल गैरे र सोही विद्यालयका शिक्षक-अभिभावक संघका अध्यक्ष तारानाथ ढकाललाई सुराकीको आरोपमा ०६० पुस १९ गते माओवादीले आ-आफ्ना घरबाट अपहरण गरी विभिन्न ठाउँ डुलाउँदै तनहुँ जिल्लाको गजरकोट पुऱ्याई सदरमुकाम नजाने शर्तमा २१ गते मुक्त गरे।

वालिङ नपा-८ का मनोनित वडाध्यक्ष २९ वर्षीय रमेश ढुंगानालाई ०६० चैत १२ गते राति घरबाटै "केही कुरा गर्नु छ" भनी माओवादीले अपहरण गरी मनकामना गाविसतर्फ लगे। पीडितलाई ६ दिनसम्म नियन्त्रण राखी वडाध्यक्ष पदबाट राजीनामा गराई मुक्त गरे।

मालुङ्गा गाविस-६ का समाजसेवी ६७ वर्षीय उदयराज बस्याललाई जिविसको मनोनित सदस्य भएको आरोपमा ०६१ जेठ ३२ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई जिविस सदस्य पदबाट राजीनामा गराई असार १ गते मुक्त गरे।

पुतलीबजार नपा प्रगतिनगरका ४५ वर्षीय

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट			माओवादीबाट									
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				३	३			३	४	८	१	५	१४
घाइते				४	४			४					
गिरफ्तारी/यातना									१३	१५			१५
बेपत्ता									१	१			१
कुटपिट	१	१	१					१	१	१			२
धम्की				१	३			३					
अपहरण				६	८	३	६६०	६७१					
जम्मा	१	१	१	१४	१८	३	६६०	६८१	१९	३३	१	५	३३

महेन्द्रमान श्रेष्ठ "व्यथित" लाई ०६१ असार २ गते मनकामना गाविस-३ ज्याग्दीको पुल उद्घाटन गरी फर्कने क्रममा मोचाबारी भन्ने स्थानबाट माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

निबुवाखर्क गाविस-३ का कालिका प्राविका प्रधानाध्यापक ४८ वर्षीय रामचन्द्र ढकाललाई सुराकीको आरोपमा ०६१ साउन २३ गते बेलुका माओवादीले घरबाटै अपहरण गरे। साउन २८ गते रामचन्द्र ढकालले घेरा तोडी भाग्यो भन्दै माओवादीले ढकालको घरमा जानकारी दिए। हालसम्म पीडितको अवस्था अज्ञात छ।

सेखाम गाविस-२ मर्सदी घुरपालका लमजुङ् जिल्ला भोटेओढार गाविस-८ संयुक्त सुरक्षा क्याम्पका सशस्त्र प्रहरी सहायक हवल्दार २० वर्षीय वीरबहादुर मल्ललाई विदामा घरमा आई क्याम्प फर्कने क्रममा ०६१ असोज १७ गते बिहान माओवादीले जगतभञ्ज्याङ्बाट अपहरण गरी चापाकोट, रत्नपुर, दामाचौर, क्याक्मी र चित्रेभञ्ज्याङ्ग हुँदै तनहुँ जिल्लाका विभिन्न ठाउँहरु डुलाएर बेला-बेलामा जुत्ता र राइफलको कून्दाले हिर्काउँदै र मानसिक यातना दिँदै जनमिलिसियामा भर्ना हुन धम्की दिए। पुनः सशस्त्र प्रहरीमा हाजिर हुन नजाने गरी एक वर्षसम्म घरमै रहनुपर्ने शर्तमा कार्तिक १६ गते क्याक्मीको दग्दी बजारबाट मुक्त गरियो।

जनवादी शिक्षासम्बन्धी प्रशिक्षण दिने भनी एलादी, माझकोट शिवालय, मनकामना, वानेथोक देउराली, पेल्काचौर, कोल्मा बाहाकोट, बिरुवाअर्चले, ओरस्टे, किचनास, मल्याङ्गकोट, क्याक्मी, चिन्नेबास, साँखर, सेखाम र चित्रेभञ्ज्याङ्ग गाविसअन्तर्गत रहेका प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक विद्यालयहरुका शिक्षक तथा शिक्षिकाहरुलाई ०६१ भदौ २५ गते माओवादीले अपहरण गरी किचनास गाविस-६ स्थित नागस्थान प्राविमा पुऱ्याएर २६ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

किचनास गाविस-१ का कृषक ४५ वर्षीय भगरीलाल वाग्लेलाई माओवादी पालेको आरोपमा ०६१ असार ३ गते सुरक्षाकर्मीले घरबाट नियन्त्रणमा लिई कुटपिट गर्दै बिरुवा बजार ल्याई आइन्दा माओवादी पालेमा ज्यानमार्ने धम्की दिए।

स्याङ्जाबाट गस्तिमा गएका सुरक्षाकर्मीले ०६१ मंसिर १७ गते सिर्सेकोट गाविस-४ छापामा माओवादीका कार्यकर्तालाई गोली हानी हत्या गरेपछि स्थानीय जनतालाई माओवादीसँग दोहोरो भिडन्त शीर्षक लेखिएको खाली कागजमा हस्ताक्षर गर्न लगाएपछि गाउँलेहरुले नमान्दा गोली हान्ने धम्की दिनुका साथै गाई चराइरहेका ३४ वर्षीय चित्रबहादुर गुरुङ्गलाई माओवादी पालेको आरोपमा कुटपिट गरे।

माओवादीबाट

एमाले जिल्ला कमिटी सचिव चक्रबहादुर पराजुली, प्ररायुसंघ जिल्ला अध्यक्ष रामचन्द्र भट्टराई र अनेरास्ववियु वैकल्पिक सदस्य किशोरविक्रम मल्ललाई सुराकीको आरोपमा ०६० माघ २० गते माओवादीले एक विज्ञप्तिमार्फत् कारवाही गर्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष अदालतमा जिम्मेवारी सरेर आएका र नयाँ दर्ता भएका ७८ वटा साधारण देवानी मुद्दामध्ये ३१ वटा फर्स्यौट भए। ४१ वटा साधारण फौजदारी मुद्दामध्ये १४ वटा फर्स्यौट भए भने संक्षिप्त फौजदारीका २० वटा मुद्दामा १५ वटा फर्स्यौट भए। ३ वटा सरकारवादी मुद्दा दर्ता भए। १० वटा मुद्दाको अवधि २ वर्षभन्दा बढी छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

वालिङ नपा-८ को वडा कार्यालयमा ०६१ जेठ ३ गते माओवादीले कुकर बम विस्फोट गराई ध्वस्त पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तीनदोबाटे गाविस-५ का नेपाल आदर्श उच्च माविका शिक्षक एवम् गोरखापत्र दैनिकका समाचारदाता ३१ वर्षीय नारायण अर्याललाई सुराकीको आरोपमा ०६१ वैशाख २ गते वालिङ नपा-३ बाट सशस्त्र प्रहरीले गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

पकवादी गाविस-४ का जानकी मावि अमिलाथुम, पकवादीका शिक्षक ३५ वर्षीय कुलप्रसाद खनाललाई माओवादीको आशंकामा ०६१ वैशाख २ गते सशस्त्र प्रहरीको गस्ति टोलीले घर नजिकैको चौपारीबाट गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

वालिङ नपा-२ का ५२ वर्षीय पाण्डवप्रसाद खनाललाई माओवादीलाई सघाएको आरोपमा ०६१ वैशाख ३ गते सशस्त्र प्रहरीले घरबाटै गिरफ्तार गरे। पीडितलाई ४ दिनसम्मको अनुसन्धानपछि ७ गते तारेखमा रिहा गरियो।

रत्नपुर गाविस-४ क्वामीका ३५ वर्षीय तीर्थ बराललाई माओवादीको आरोपमा ०६१ वैशाख ९ गते आफन्तको घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

पकवादी गाविस-२ का ३८ वर्षीय ज्ञानोदय निमाविका शिक्षक टंकप्रसाद खनाललाई माओवादीको आरोपमा ०६१ वैशाख १६ गते दिउँसो सुरक्षाकर्मीले स्कूलबाटै गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

फेदीखोला गाविस-४ की १९ वर्षीय हरिमाया नेपालीलाई ०६१ वैशाख २९ गते गस्तिमा गएका सैनिक टोलीले स्याङ्जा र पर्वतको सीमाबाट माओवादीको दस्तावेज सहित गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

वालिङ नपा-३ का इलाका प्रहरी कार्यालय वालिङका कर्मचारी ४२ वर्षीय धनप्रसाद तिवारीलाई माओवादीलाई चन्दा दिएको आरोपमा ०६१ जेठ ५ गते वन कार्यालय वालिङबाटै प्रहरीले गिरफ्तार गरी ८ गते रिहा गरे।

सिरहा जिल्ला भगवानपुर गाविस-१ घर भई वालिङ नपा-३ मा अस्थायी बसोबास गर्दै आएका इलाका वन कार्यालय वालिङका रेन्जर ३६ वर्षीय कालिकान्त पण्डितलाई माओवादीलाई चन्दा दिएको आरोपमा ०६१ जेठ ५ गते डेराबाटै सशस्त्र प्रहरीले गिरफ्तार गरी ११ गते रिहा गरे।

किचनास गाविस-२ का ४१ वर्षीय शिक्षक रामप्रसाद चापागाईंलाई माओवादीको आरोपमा ०६१ असार ३ गते सादा पोशाकमा गएको सैनिक गस्ति टोलीले घरबाट गिरफ्तार गरी ६ दिनपछि तारेखमा रिहा गरे।

स्वरेक गाविस-३ का ३७ वर्षीय कृष्णप्रसाद पराजुलीलाई माओवादीको आशंकामा ०६१ साउन २९ गते सशस्त्र प्रहरीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

स्वरेक गाविस-६ का २८ वर्षीय ताराबहादुर मगर, २९ वर्षीय भीमलाल तिवारी र १९ वर्षीय विनोद तिवारीलाई माओवादीको आशंकामा ०६१ साउन ३० गते आ-आफ्नै घरमा रहेका बेला सशस्त्र प्रहरीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

मग्याम चिसापानी गाविस-८ का किचनास निमाविका शिक्षक ३७ वर्षीय घनश्याम भण्डारीलाई ०६१ असार ३ गते सादा पोशाकका सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी ५ दिनपछि तारेखमा रिहा गरे।

सबै प्रकारका जातीय विभेद

स्वरेक गाविस-३ मा गरिब किसानका लागि आयआर्जन हुने उद्देश्यले ०६१ असोज २४ देखि सञ्चालन गरिएको दुग्ध डेरीमा २८ गते दलित जातिले पनि दूध बिक्री गर्न पाउनु पर्छ भन्ने जिकिरका साथ दूध मिसाएपछि स्वरेक गाविस-३ का सूर्यप्रसाद पराजुलीले ४६ लिटर दूध बाटोमा पोखिदिए। हालसम्म उक्त डेरी सञ्चालन भएको छैन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

एमाले जिल्ला कमिटीले ०६० माघ २० गते एक प्रेस विज्ञप्ति जारी गरी माओवादीले सो पार्टीका जिल्ला कमिटी सचिव चक्रबहादुर पराजुली, प्ररायुसंघका जिल्ला अध्यक्ष रामचन्द्र भट्टराई र विद्यार्थी नेता किशोर विक्रम मल्ललाई सुराकी गरी आफ्ना कार्यकर्ता मारेको घटना सत-प्रतिशत गलत भएको जनायो।

सिर्सेकोट गाविस-४ छापमा माओवादीका ५ जना नेता तथा कार्यकर्ताको ०६१ मंसिर १७ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको घटनाप्रति विरोध जनाउँदै मंसिर २९ र ३० गते सो पार्टीले गण्डक क्षेत्र बन्दको घोषणा गऱ्यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष २१ जनाले आत्महत्या गरे, जसमध्ये ११ जना पुरुष र १० जना महिला थिए। सवारी दुर्घटनामा १४ जनाको मृत्यु भयो।

विगतको अनुगमन

वालिङ नपा-१ की ७ वर्षीय एक बालिकालाई ०५९ वैशाख २८ गते सोही ठाउँका ५५ वर्षीय पदमप्रसाद श्रेष्ठले बलात्कार गरेको अभियोगमा थुनामा रहेकै बेला ०६१ वैशाख ३ गते जिल्ला अदालतले १० वर्षको कैद सजाय तोक्यो।

३.५ कास्की



जनसंख्या	: ४२२००१
साक्षरता प्रतिशत	: ७१.९
महिला साक्षरता प्रतिशत	: ६१.५
क्षेत्रफल (वर्ग कि. मि.)	: २०१७
गाविस/नपा संख्या	: ४३/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५५९
क्याम्पस/उच्च मावि	: १३/४८
अस्पताल/स्वास्थ्य चौकी	: ५/४८
टेलिफोन लाइन	: १९४००
मोटर सडक (कि. मि.)	: ४००.९६
प्रहरी कार्यालय संख्या	: ११
हुलाक संख्या	: ५१
मानव विकास सूचकांक	: ०.४५०
प्रति परिवार सरदर संख्या	: ४.९६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

मोरङ जिल्ला घर भई रणशार्दुल गणमा कार्यरत सिपाही शुकबीर सार्कीको ०६० माघ १९ गते बिहान माओवादी ठानी सुरक्षाकर्मीले चलाएको गोली लागि मृत्यु भयो। लमजुङ र पोखरातर्फबाट गस्तिमा गएका सुरक्षाकर्मीबीच मिजुरेडाँडामा जम्काभेट हुँदा गोली हानाहान भएको थियो। सोहीक्रममा शुकबीरको मृत्यु भएको सुरक्षास्रोतले जनायो।

वाग्लुङ जिल्ला घर भएका माओवादी कार्यकर्ता प्रभात भनिने प्रकाश सुवेदी र रोल्पा घर भएका सुरेश भनिने चित्रबहादुर ओलीको ०६० माघ २१ गते धम्पुस गाविस-४ लेककुनामा सुरक्षा कारवाहीमा मृत्यु भयो। सुरक्षाकर्मीले दोहोरो भिडन्तमा ती दुई माओवादी कार्यकर्ताको मृत्यु भएको बताए पनि माओवादी कास्कीका इन्चार्ज जीवनले एक विज्ञप्ति जारी गरी दोहोरो भिडन्तको नाममा घरमा सुतिरहेका ती कार्यकर्तालाई गिरफ्तार गरी मारिएको सार्वजनिक गरे। पीडितहरुको लाश ०६० माघ २४ गते माओवादी कार्यकर्ताले घटनास्थलमै खाल्डो खनेर गाडे।

गोरखा जिल्लाको ध्याम्पेसाल घर भएकी माओवादी कार्यकर्ता रोजीना भनिने सावित्रा खनालको ०६० माघ २३ गते निर्मलपोखरी गाविसको दोविल्ला पुलमा विद्युतीय धराप थाप्ने क्रममा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षाकर्मीको घेरा तोडी भाग्न खोजेकाले गोली हानेको सुरक्षा निकायले बतायो।

ढिकुरपोखरी गाविस घर भई माओवादीको साँस्कृतिक फाँटमा कार्यरत समीक्षा भनिने १४ वर्षीय धनमाया विक र ज्वाला भनिने सूर्य विकको ०६० माघ २५ गते ल्वाङघलेल गाविसको घलेल गाउँमा भएको सुरक्षा कारवाहीमा मृत्यु भयो। सर्चको क्रममा गिरफ्तार परेका ती माओवादी कार्यकर्ता घेरा तोडी भाग्न खोज्दा गरिएको कारवाहीमा मृत्यु भएको सुरक्षा निकायले दाबी गऱ्यो। तर, माओवादीका कास्की इन्चार्ज जीवनले ०६० माघ २८ गते सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा पीडितहरुलाई गिरफ्तार गरी मारिएको जनाए।

ढिकुरपोखरी गाविस-१ अधिकारीडाँडाका माओवादी कार्यकर्ता २२ वर्षीय नमूना भनिने मुना अधिकारी र माछापुच्छ्रे गाविस-८ का योगेश भनिने ३० वर्षीय हर्कबहादुर पुन ०६० चैत ७ गते आर्वा गाविसमा सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिए। सादा पोशाकमा गएका करिब २० जना सुरक्षाकर्मीले आर्वा गाविस-६ गाइपानीस्थित एक घरबाट दुवैजनालाई गिरफ्तार गरी भद्रेबिसाउने पाखोको जंगलमा पुऱ्याई मारेका थिए। सुरक्षाकर्मीले गिरफ्तार गरी दुवै जनाको हात पछाडि पुऱ्याई जुटको डोरीले बाँधेर आँखामा कालोपट्टी बाँधेर पिट्दै लगेको प्रत्यक्षदर्शीले जनाए। सुरक्षाकर्मीले हर्कबहादुरलाई जंगलमा पुऱ्याएर टिसर्ट खोल्न लगाई घाँटी, ढाड र खुट्टामा गोली हानेका थिए। हर्कबहादुरको लाशभन्दा १ सय ५० फिट उत्तरतर्फ मुनाको लाश रहेको पाइएको थियो। मृतकको लाश दाहसंस्कारको लागि परिवारले अनुमति माग्दा प्रहरी प्रशासनले स्वीकृति दिएन। लाश ०६० चैत १२ गते सुरक्षाकर्मीले माटोले पुरेर फर्केका थिए।

पर्वत जिल्ला लिमीठाना गाविस-३ दमाईका माओवादीका पर्वत जिल्ला समिति सदस्य २४ वर्षीय सोमबहादुर दर्जी ०६० चैत १२ गते ढाडसिङ गाविसबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए।

लुम्ले गाविस-९ लान्दुककी आमा समूह अध्यक्ष ४५

वर्षीय वीरसुवा गुरुङ्गको ०६० चैत १३ गते बिहान ३ बजे सुरक्षाकर्मीले माओवादीलाई लक्षित गरी प्रहार गरेको गोली लागी मृत्यु भयो। ०६० चैत ७ गते म्याग्दीको बेनी आक्रममणपछि माओवादीको खोजतलास गर्दै आएका सुरक्षाकर्मीले रुकुम जिल्ला दुलीगाउँ घर भएका माओवादीका सेक्सन कमाण्डर विज्ञान भनिने टंकबहादुर घर्ती, गोरखा वरपाङ पोखरी घर भएकी कम्पनी सदस्य अस्मिता भनिने मिनकुमारी र सर्लाही जिल्ला सुइकोट घर भएका भावना भनिने भवानी सुनार पनि मारिए। लालीगुराँस चोकबाट गिरफ्तार गरेर माओवादी कार्यकर्ता टंकबहादुरलाई सुरक्षाकर्मीले घरको खाँवोमा बाँधेर बयान लिएको प्रत्यक्षदर्शीले बताए। जिल्ला सुरक्षा समिति कास्कीले घटनामा निर्दोष महिला पनि परेको स्वीकार्दै पीडित परिवारलाई क्षतिपूर्तिको लागि गृहमन्त्रालयमा सिफारिस गर्‍यो।

पोखरा उपनपा-५ पर्स्याङ्गका माओवादीद्वारा गठित गण्डक प्रादेशिक जन सरकारका यातायात तथा भौतिक पूर्वाधार विभागीय प्रमुख ५४ वर्षीय राजविक्रम भूर्तेल र उनकी पत्नी ३७ वर्षीय सिता भूर्तेल ०६१ वैशाख ३१ गते राति सादा पोशाकका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सराङ्गकोट गाविस-१ स्थित भकुण्डे माछापोखरीमा गोली हानी मारिए। उनीहरुलाई कास्कीकोट गाविस-४ माझथुमकार्कीको तगराबाट गिरफ्तार गरिएको थियो। पारिवारिक स्रोतका अनुसार, सिता ०६१ वैशाख ३१ गते दिउँसो पतिलाई भेट्न त्यसतर्फ गएकी थिइन्। उनको साथमा घरमा डेरा गरी बस्ने शर्मिला परियार पनि गएकी थिइन्। उनीहरु कार्कीको तगरा र पामेको बीचमा पर्ने सालघारीको जंगलमा पुगेपछि सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। त्यसपछि सुरक्षाकर्मीको नियन्त्रणमा रहेकी सिताले कार्कीको तगरास्थित टेलिफोन बुथबाट पतिलाई "म एक्लै बिचल्लीमा परेकी छु मेरो खुट्टा सारै दु:खेको छ" भनेर बोलाएकी थिइन् र राजविक्रमले खबर पाएपछि घरमा छोरीहरुलाई फोन गरी "आमाको खुट्टा मर्केकोले लिन जान्छु, अब सम्पर्क नगर" भनेका थिए। राजविक्रम सो ठाउँमा आउने बित्तिकै सुरक्षाकर्मीले नियन्त्रणमा लिई चश्मा र मोबाइल बरामत गरेका थिए। भूर्तेल दम्पतीलाई पोखरातर्फ ल्याउने क्रममा सराङ्गकोट गाविसअन्तर्गत बैदाम-पामे सडक खण्डको भकुण्डे माछापोखरीमा ल्याएर गोलीद्वारा मारिएका थिए। घटनास्थलको अनुगमन गर्न गएका मानव अधिकारकर्मीहरुलाई स्थानीय बासिन्दाहरुले सिताको लाश सडकमा र राजविक्रमको लाश सडक तलको खेतमा देखेको बताएका थिए। घटनास्थलमा कहिँकतै रगत देखिएको थिएन। सुरक्षा निकायले नियन्त्रणमा लिएका भूर्तेल दम्पतीको सुरक्षाघेरा तोड्दा भएको कारवाहीमा मृत्यु भएको बतायो। मृतकहरुको लाश पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोष्टमार्टम गरिएको सुरक्षा निकायले जनायो। पीडित परिवारलाई लाश दिइएन। धर्म संस्कृति अनुसार काजकिरिया गर्नका लागि परिवारले लाश माग्दा प्रशासनले मृतकहरुको फोटो मात्र देखाएको थियो।

एकजना नाम र ठेगाना नखुलेका माओवादी कार्यकर्ताको ०६१ जेठ २६ गते दिउँसो मर्दीखोलामा सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भयो। पोखराबाट हेम्जा गाविस-९ मर्दीमा पुगेका सुरक्षाकर्मीलाई खोलापारी लाहाचोक गाविस-३ को डाँडामा रहेका माओवादीले जिस्काइरहेको अवस्थामा सादा पोशाकका सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भएको थियो। सोही घटनामा नाम, ठेगाना नखुलेका एक माओवादी कार्यकर्ता गोलीद्वारा घाइते भए।

कास्कीकोट गाविस-७ की माओवादी कार्यकर्ता सुमन भनिने करिब २५ वर्षीय कोपिला रानाभाट, लुमजुङ्ग

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३	२	५	१२	१७			१७	१३	१६	९	२५
घाइते	१	१		१	७	२०	१	१२	३३	१	१		१
गिरफ्तारी/यातना										२२	३८	५७	९५
बेपत्ता										८	९	२	११
कुटपिट					३	७			७	८	४०	१	४१
महिलाअधिकार	२		३	३									
बालअधिकार	१		१	१									
अमानवीय व्यवहार	१	१		१									
अपहरण					६	१९	८		२७				
जम्मा	८	५	६	११	२८	६३	९	१२	८४	५२	१०४	६९	१७३

जिल्लाकी प्रज्ञा भनिने २२ वर्षीय उषा लामिछाने कास्की जिल्लाको ल्वाङघलेल गाविस-५ खोराको मुखबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ०६१ असार १६ गते बिहान गोली हानी मारिए। प्रत्यक्षदर्शीका अनुसार घलेलखोरको धारामा मुख धुन लागेको बेला सुरक्षाकर्मीले घेरा हालेको थाहा पाएर उनीहरु उत्तरतर्फको मकैबारीमा भागेका थिए। उनीहरुलाई लखेट्दै गएर सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए। त्यसको लगत्तै कोपिलालाई घलेल प्रावि हुँदै करिब २ सय ५० मिटर उत्तरतर्फ भिरालो पाखोमा पुऱ्याई गोली हानिएको थियो। मृतकहरुको लाश सुरक्षाकर्मी आफैले खोल्डो खनेर गाडेका कारण पोष्टमार्टम भएन।

ल्वाङघलेल गाविस-१ खोराको मुखबाट ०६१ असार १६ गते माओवादीका सहायक प्लाटुन कमाण्डर तुफान भनिने कुमार विष्ट र माओवादी कार्यकर्ता लोकेन्द्र भनिने नवराज न्यौपाने सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी करिब १ किमी उत्तर-पश्चिमतर्फ सकेट बम र गोली प्रहार गरी मारिए। कम्ब्याट ड्रेसका कुमार र नवराजलाई ११/१२ जनाको संख्यामा रहेका सुरक्षाकर्मीले खोराको मुखको पसलबाट गिरफ्तार गरी ल्वाङगाउँ जाने बाटोको ४ सय मिटर जति हिँडाए पनि तल्लो मन्दिर छेउमा पुऱ्याइ दुवैको हात पछाडि लगेर रुमालले बाँधेका थिए। त्यसभन्दा केही माथि चौतारामा पुऱ्याएपछि सुरक्षाकर्मीले कुटपिट गर्न थालेको प्रत्यक्षदर्शीले जनाए। स्थानीय बासिन्दाको घरमा बेल्चा र गैचीमागी लगेको केही समयपछि उनीहरुलाई मारिएको थियो। मृतकहरुको लाश सुरक्षाकर्मी आफैले खोल्डो खनेर गाडे, पोष्टमार्टम भएन।

तनहुँ जिल्ला रामकोट गाविस-६ का माओवादीका एरिया कमिटी सदस्य २८ वर्षीय संकल्प भनिने देवेन्द्र पोखरेल र कास्कीको सिद्ध गाविसका अजित भनिने विजयराज बास्तोला ०६१ असार १६ गते अर्मला गाविस-९ अर्मलाकोटस्थित दुई वटा घरबाट खाना खाएर बाहिर निस्केको बेला बिहान गिरफ्तार गरी एक घण्टा दूरीमा पर्ने अर्मला गाविस-६ पुड्केडाँडामा मारिए। सुरक्षाकर्मी आफैले खोल्डो खनेर लाश गाडे, पोष्टमार्टम भएन।

सुरक्षाकर्मीद्वारा मारिएका हर्कबहादुर पुन

ल्वाङघलेल गाविस-७ सैंतीखोलाका एमाले कार्यकर्ता २९ वर्षीय लालकाजी गुरुङ्ग र सोही गाविस-४ फलाम खानी बस्ने सोही पार्टीका कार्यकर्ता ४८ वर्षीय गोविन्द गौतमको ०६१ भदौ १ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। माओवादी र सुरक्षाकर्मीबीच हवाइफायर हुँदा ज्यान जोगाउन मेडिकल हलमा लुकेर बसेका लालकाजीलाई बाहिर निकाली सुरक्षाकर्मीले बुटले हिर्काएपछि पीडाले रन्थनिएर निहुरिएर वरपर गर्दा भाग्न खोज्यो भनेर अर्का सुरक्षाकर्मीले गोली हानेका थिए। घरको उत्तरको खेतमा घाँस काटिरहेका गोविन्दलाई १ किमी टाढा कुइवाङको डिलको चौताराबाट सुरक्षाकर्मीले गोली हानेका थिए।

माओवादीबाट

स्याङ्जा जिल्ला कुवाकोट गाविस-९ का प्रहरी असई टीकाराम श्रेष्ठ, सोही जिल्ला पुतलीबजार नपा-१३ का प्रहरी हवल्दार टीकाबहादुर गुरुङ्ग, तनहुँ जिल्ला ब्यास नपा-३ का प्रहरी जवान बलबहादुर दराई, नवलपरासी जिल्ला पक्लिहवा गाविस-९ का दुरविजय पासवान र तनहुँ जिल्ला चोक चिसापानी गाविसका सैनिक जवान क्षेत्रबहादुर खड्काको ०६० फागुन २६ गते राति लेखनाथ नपा-८ मोहरीयाको सडकमा माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। टिकाराम, बलबहादुर र क्षेत्रबहादुरको घटनास्थलमै र अन्यको मणिपाल शिक्षण अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको थियो।

शाही नेपाली सेनाका प्यूठ दीपक खड्कालाई ०६१ वैशाख २० गते निर्मलपोखरी गाविसमा माओवादीले गोली हानी हत्या गरे। गस्तिमा सुरक्षाकर्मी गएको बेला प्युठ खड्का एक्लै भएको बखत माओवादीले घेरेर गोली प्रहार गरी हत्या गरेका थिए। पीडितको पोष्टमार्टम पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा गरियो।

पुरञ्चौर गाविस-६ घर भई सोही गाविस-५ स्थित इलाका हुलाक कार्यालय, चुरुङ्गमा हुलाकी पदमा कार्यरत ४२ वर्षीय रामजी पौडेललाई ०६१ वैशाख १२ गते राति माओवादीले घरबाट अपहरण गरी गाँडापारी भन्ने ठाउँमा पुऱ्याई कुटपिट गरी हत्या गरे।

हेम्जा गाविस-९ मर्दीमा ०६१ वैशाख २७ गते बिहान ११ बजे माओवादीले थापेको विद्युतीय धरापमा परी गस्तिमा गएका एक सैनिक हवल्दारको घटनास्थलमै मृत्यु भयो।

घान्द्रुक गाविस-३ पञ्जेका ३४ वर्षीय ईश्वर गुरुङ्ग र घान्द्रुक गाविस-४ माझगाउँका लज व्यवस्थापन समिति घान्द्रुकका अध्यक्ष ६५ वर्षीय डिलमान गुरुङ्गलाई सुराकीको आरोपमा ०६१ वैशाख २८ गते राति माओवादीले घान्द्रुक

गाविस-६ को एक्यापडाँडामा पुऱ्याई कुटपिट गरी गोली हानी हत्या गरे।

नुवाकोट जिल्ला सुखानी गाविस-३ का सशस्त्र प्रहरी हवल्दार सोनाम तामाङ्गको ०६१ पुस ९ गते साँझ पोखरा उमनपा-६ लेकसाइड खहरे चोकस्थित सुरक्षा जाँचपोष्टमा माओवादीले आक्रमण गर्दा गोली लागी मृत्यु भयो। गोली लागी घाइते भएका पीडितको उपचारका लागि लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो।

हंसपुर गाविस-८ लिप्यानी ओभ्जागाउँ घर भई लेखनाथ नपा-८ मोहरीयामा डेरा गरी बस्ने भूतपूर्व भारतीय सैनिक ७१ वर्षीय पशुपति रानाभाटलाई सुराकीको आरोपमा ०६१ जेठ ३ गते माओवादीले डेराबाट अपहरण गरी एक सय मिटर दक्षिणतर्फ कच्ची बाटोमा पुऱ्याई गोली हानी हत्या गरे। आफ्नै डेरामा खाना पकाउँदै गर्दा साँझ माओवादीले "एकैछिन काम छ" भनी बाहिर बोलाएर निर्मम कुटपिट गरी कञ्चट र छातीमा गोली हानेको प्रहरीले जनाए।

पोखरा उपमनपा-७ रत्नचोक माछापुच्छ्रे टोल बस्ने राप्रपाका पोखरा कोषाध्यक्ष तथा उमनपाका प्रमुख ६८ वर्षीय हर्कबहादुर गुरुङ्गलाई ०६१ असार १८ गते दिउँसो कार्यालय जान घर बाहिर निस्किने बित्तिकै माओवादीले गोली हानी हत्या गरे भने स्याङ्जा जिल्लाका गाडी चालक प्रसाद गुरुङ्ग र स्याङ्गजा जिल्ला फेदीखोला गाविस घर भएका नगर प्रमुखका अंगरक्षक नगरप्रहरी हवल्दार ३३ वर्षीय कर्णबहादुर गुरुङ्गलाई घाइते पारे। घाइतेहरुमध्ये प्रसादको पोखरा र कर्णबहादुरको काठमाडौंमा उपचार भयो।

लमजुङ्ग जिल्ला दुईपिप्ले गाविस-३ समिभञ्ज्याङ्ग घर भई लेखनाथ नपा-१२ मन्दीमिलन चलचित्र मन्दिरमा रहेको ड्रिमल्याण्ड रेष्टुरेन्टमा कार्यरत २० वर्षीय विजय अधिकारी र एक सर्वसाधारणको ०६१ साउन ३ गते दिउँसो माओवादीले सो चलचित्र मन्दिरमा बम विस्फोट गराउँदा मृत्यु भयो।

लेखनाथ नपा-११ एकान्तकुनामा घर भई शाही नेपाली सेनाको नं. ३ बाहिनी विजयपुरमा कार्यरत तथा अन्तर्राष्ट्रिय फुटबल महासंघका सहायक रेफ्री ४४ वर्षीय नरेन्द्रबहादुर बस्नेतलाई ०६१ साउन १५ गते राति माओवादीले घरबाट अपहरण गरी २ किमी टाढा सोही वडाको किमबेंशीमा पुऱ्याई गोली हानी हत्या गरे।

पोखरा उपमनपा-३ नदीपुरका ४३ वर्षीय टंक गौचनलाई ०६१ साउन २७ गते दिउँसो माओवादीले सराङ्गकोट गाविस-९ लामागाउँमा गोली हानी हत्या गरे।

पोखरा उपमनपा-६ वैदाम मूलथोकका त्रिभुवन विश्वविद्यालय, पश्चिमाञ्चल परीक्षा नियन्त्रण कार्यालयका सहपरीक्षा नियन्त्रक ५१ वर्षीय इन्द्रबहादुर आचार्यलाई ०६१ मंसिर ४ गते बिहान माओवादीले उनकै घर अगाडि सडकमा गोली हानी हत्या गरे। पीडितको लाश पश्चिमाञ्चल क्षेत्रीय

सुरक्षाकर्मीद्वारा मारिएकी मुना अधिकारी

अस्पताल, पोखरामा पोष्टमार्टम गरियो। पीडितको हत्या सम्बन्धमा माओवादीको जनमुक्ति सेना नेपाल परिवर्तन स्मृति नवौं बिग्रेडका कमिसार रश्मीले एक प्रेस विज्ञप्तिमार्फत् गल्तीबस उनी मारिएको भन्दै क्षमा मागेका थिए। उनले प्राविधिक कमजोरीले निशाना बाहिर रहेका प्राज्ञिक व्यक्तिको हत्यामा संलग्न छापामारलाई छानबिन गरी आवश्यक कारवाही गर्ने जानकारी सार्वजनिक गरे। यस वर्षको अन्त्यसम्मा कारवाही गरिएको जानकारी सार्वजनिक भएन।

दोहोरो भिडन्त

लाहाचोक गाविस-३ भीरकोटमा नाम ठेगाना खुल्न नसकेको करिब २०-२२ वर्षीय एक महिला माओवादी कार्यकर्ताको ०६१ साउन ३२ गते दिउँसो १२ बजे सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा परी मृत्यु भयो। लाशको पोष्टमार्टम गरिएन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

हेम्जा गाविस-१ फेदीस्थित घट्टेखोलामा ०६० चैत १४ गते दिउँसो १ बजे माओवादीले थापेको विद्युतीय धरापमा परी १२ जना सुरक्षाकर्मी घाइते भए। घाइते हुनेमा ३ सेना, २ सशस्त्र प्रहरी, ६ जना नेपाल प्रहरी र १ कण्डक्टर छन्। घाइतेहरुको उपचार पोखराको मणिपाल शिक्षण अस्पताल र पश्चिमाञ्चल क्षेत्रीय अस्पतामा भयो।

स्याङ्गजा जिल्ला सेतीदोभानका असई टेकबहादुर केसी र नवलपरासी जिल्लाका प्रहरी जवान विष्णु चौधरी ०६१ मंसिर २४ गते बिहान पोखरा उमनपा-२ विन्ध्यवासिनीस्थित प्रहरी बिटमा माओवादीले आक्रमण गर्दा गोली लागी घाइते भए। घाइतेहरुको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

लमजुङ्ग जिल्ला कुन्छा गाविसका प्रहरी हवल्दार धनबहादुर अछामे र ठेगाना नखुलेका सशस्त्र प्रहरी जवान चेतराज कुँवर ०६१ पुस ९ गते साँझ पोखरा उमनपा-६

लेकसाइड खहरेचोकस्थित सुरक्षा जाँचपोष्टमा माओवादीले आक्रमण गर्दा गोली लागि घाइते भए।

सैनिक जवानहरु तनहुँ जिल्ला किहुँका सोमबहादुर थापा, फराकचौर गाविस-४ का रामचन्द्र केसी, रुपाकोट गाविस-७ का दिनेश केसी र सप्तरी जण्डोल गाविस-६ का सिपाही विष्णुदेव चौधरी तथा प्रहरीहरुतर्फ स्याङ्जा जिल्ला विर्घा गाविस-८ का चन्द्रबहादुर थापा, दाङ्ग जिल्ला हेकुली गाविस-८ का दीपक सुनार र सोही ठाउँका लालबहादुर विक ०६० फागुन २६ गते लेखनाथ नपा-८ मा माओवादीद्वारा थापिएको विद्युतीय धरापमा परी घाइते भए।

अन्यबाट

पुम्दीभुम्दी गाविस-१ ढुङ्गेपानीका ३२ वर्षीय केदार भन्ने युवराज बराललाई ०६१ कार्तिक ५ गते शुरुमा सेना र पछि माओवादी बताउने अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी घाइते बनायो। घाइतेको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो।

जेल र बन्दीहरू

महिला २० र पुरुष ४० गरी कूल ६० जना बन्दी क्षमताको कास्की जेल "ग" श्रेणीमा पर्दछ। यस वर्षको अन्त्यमा २८ महिला र १ सय ४४ पुरुष गरी १ सय ७२ जना बन्दीहरुमध्ये १४ जना विदेशी छन्। एक जना आश्रित बालक छन्।

बेपत्ता / अपहरण

राज्यबाट

बाग्लुङ्ग जिल्ला अमलाचौर गाविस-७ मेहलबोटका विद्यार्थी २२ वर्षीय निशान विकलाई माओवादीको आशंकामा ०६० माघ १० गते सादा पोशाकका ४ जना सुरक्षाकर्मीले पोखरा उमनपा-२ स्थित मुस्ताङ्ग शेरचन गेष्ट हाउसबाट गिरफ्तार गरे। पीडितलाई रेडियो तथा घडी मर्मतसम्बन्धी कामको सिलसिलामा पोखरा आएको बेला गिरफ्तार गरिएको उनका दाजु लिलाबहादुरले बताए। उनको स्थिति अज्ञात छ।

कालिका गाविस-२ ध्रुवपुरका, जनज्योति माविमा कक्षा १० मा अध्ययनरत २० वर्षीय सन्तोष रानाभाटलाई ०६० फागुन ६ गते लेखनाथ नपा-९ बेगनास तालबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा स्थिति अज्ञात छ।

सुरक्षाकर्मीद्वारा मारिएका गोविन्द गौतम

अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता अनिल पौडेल र दीपक न्यौपानेलाई ०६० फागुन ६ गते पोखरा उपनपा-१७ विरौटाबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा स्थिति हालसम्म अज्ञात छ।

पुर्दीभुम्दी गाविस-३ का बौद्ध गुम्बाका चौकिदार मिनबहादुर भुजेललाई माओवादीको आशंकामा ०६० चैत ११ गते गुम्बाबाट घर फर्कदै गर्दा गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

तनहुँ जिल्ला भानु गाविस-५ का नमूना भनिने पार्वती पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० चैत २९ गते राति पोखरा उमनपा सिमलचौरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा स्थिति अज्ञात छ।

सराङकोट गाविस घर भई पोखरा उमनपा-५ पर्स्याङ्गमा डेरा गरी बस्ने ३३ वर्षीय शर्मिला परियारलाई ०६१ वैशाख ३१ गते कास्कीकोट गाविस-४ माझथुम कार्कीको तगराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। सुरक्षाकर्मीले ४ वर्षीय छोरीलाई स्थानीय बासिन्दाको जिम्मा लगाएर शर्मिलालाई गिरफ्तार गरेका थिए। पीडितको अवस्था अज्ञात छ।

रिभान गाविस-९ मोहराका सर्वसाधारण २१ वर्षीय पूर्णबहादुर थापा र सोही ठाउँका वीरबहादुर बुढाथोकीलाई माओवादीको आशंकामा ०६१ जेठ १४ गते जिल्ला प्रशासन कार्यालयमा पासपोर्ट बनाउन आउँदै गरेको अवस्थामा हेम्जा गाविसको मिलनचोकबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुको स्थिति अज्ञात छ।

माओवादीबाट

लेखनाथ नपाका मनोनित प्रमुख ५१ वर्षीय विष्णुप्रसाद पोखरेललाई ०६० पुस २२ गते राति माओवादीले लेखनाथ नपा-१२ स्थित उनकै निवासबाट अपहरण गरी राजीनामा गर्ने शर्तमा १३ घण्टापछि मुक्त गरे।

घान्द्रुक गाविस-३ का होटल व्यवसायी ५२ वर्षीय रामेश्वर गुरुङ्ग, सोही गाविस-३ का कृषक ३५ वर्षीय सेते भनिने ध्रुव गुरुङ्ग र सोही गाविस-२ व्यासी किम्चेका होटल व्यवसायी ५८ वर्षीय तिलबहादुर गुरुङ्गलाई सुराकीको आरोपमा ०६१ वैशाख २८ गते माओवादीले अपहरण गरे। ध्रुवलाई ०६१ जेठ १ गते र रामेश्वर र तिलबहादुरलाई ०६१ जेठ १७ गते मुक्त गरियो।

लाहाचोक गाविस-३ मर्दीपुलका व्यापारी २२ वर्षीय तिलबहादुर गुरुङ्ग, सोही ठाउँका व्यापारी १८ वर्षीय सूर्यबहादुर गुरुङ्ग,

सोही ठाउँमा पसल गरी बस्ने ३३ वर्षीय शंकर पौडेल, १८ वर्षीय रमेश केसी, २२ वर्षीय टेकबहादुर केसी, २४ वर्षीय मिना केसी, ४२ वर्षीय दिलबहादुर दवाडी, २४ वर्षीय कुमारी दवाडी, ३३ वर्षीय चन्द्रा गुरुङ्ग, ३७ वर्षीय दण्डपाणी अधिकारी, २९ वर्षीय दुर्गा थापा मगर, २२ वर्षीय विष्णु ढकाल, नुवाकोट जिल्ला नर्जा गाविस-३ घर भई मजदुरी गरी बस्ने २७ वर्षीय शेरबहादुर तामाङ्ग, अक्कले तामाङ्ग र बाग्लुङ्ग जिल्ला घर भई सोही स्थानमा मजदुर गरी बस्ने ३२ वर्षीय नरबहादुर शाहीलाई मर्दी खोलामा सुरक्षाकर्मीलाई माछा मार्न सघाएको आरोपमा ०६१ असार २५ गते राति माओवादीले सोही ठाउँबाट अपहरण गरे। पीडितहरुलाई ०६१ असार २६ गते मुक्त गरियो।

पोखरा उमनपा-१ मोहरीया घर भई सोही उमनपा-६ बैदाम खहरे बस्ने ट्याक्सी चालक ३९ वर्षीय रवी प्रधान र ढिकुरपोखरी गाविस-९ ठूलाचौर घर भई हाल पोखरा उमनपा-६ खहरेका ट्याक्सी चालक ४३ वर्षीय रविलाल दाहाललाई ०६१ पुस ९ गते माओवादीले सोही ठाउँस्थित सुरक्षा जाँच पोष्टमा आक्रमणपछि ग. १ ज ५२२ र ग. १ ज ७२४ नम्बरको ट्याक्सीसहित अपहरण गरे। पीडितहरुलाई ०६१ पुस १२ गते मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा परिवारको जिम्मा लगाइयो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

लेखनाथ नपा-१० घर भई सोही ठाउँस्थित आनन्द ज्योति माविका पियन शुकबहादुर भुजेललाई माओवादीलाई खान-बस्न दिएको आरोपमा ०६० फागुन ६ गते सुरक्षाकर्मीले कुटपिट गरे।

लुम्ले गाविस-९ लान्द्रुकका भूपू भारतीय सैनिक ५५ वर्षीय पूर्णबहादुर गुरुङ्ग, लुम्ले गाविस-८ तोल्काका कृषक ७० वर्षीय हर्कमान गुरुङ्ग, लान्द्रुकका होटल व्यवसायी ४६ वर्षीय घनश्याम चापागाईं, सोही ठाउँका ६७ वर्षीय कृष्णबहादुर गुरुङ्ग, रामप्रसाद लामिछाने, सोमबहादुर गुरुङ्ग र सराङ्गकोट गाविसका गंगाप्रसाद पहारीलाई माओवादीलाई संरक्षण दिएको आरोपमा ०६० चैत १३ गते राति सुरक्षाकर्मीले कुटपिट गरे।

पोखरा उमनपा-४ का पूर्व अध्यक्ष तथा व्यापारी कृष्ण पराजुली, शाक्य भण्डार तेर्सापट्टीका भरत शाक्य, सुशील शाक्य, अखिलेश श्रेष्ठ, व्यापारीहरु पिताम्बर पराजुली, शिव पराजुली, प्रशान्त ढुंगाना र शंकर ढुंगानालाई माओवादीले आव्हान गरेको बन्दमा पसल नखोलेको आरोपमा ०६० चैत २५ गते सुरक्षाकर्मीले कुटपिट गरे। पीडितहरुमध्ये केहीलाई आँखामा पट्टी बाँधेर अभद्र व्यवहार गर्दै ब्यारेकमा पुऱ्याई ४ घण्टासम्म घाममा पल्टाएर राखेको पीडितहरुले बताए।

सुरक्षाकर्मीद्वारा मारिएकी विरसुवा गुरुङ

घिताल गाविस-३ गैरीगाउँका विद्यार्थी २८ वर्षीय चित्रनाथ सुवेदी, लेखनाथ नपा-१२ का घर ठेकेदार ३२ वर्षीय अक्कलबहादुर तामाङ्ग, नुवाकोट जिल्ला त्रिशुली घर भएका मजदुर २७ वर्षीय सोमबहादुर गुरुङ्ग, जीतबहादुर मगर, २६ वर्षीय रुद्र केसीलगायत्का व्यक्तिलाई ०६१ वैशाख २८ गते हेम्जा गाविस-९ मर्दी र लाहाचोक गाविस-३ मर्दीपुलमा सुरक्षाकर्मीले विद्युतीय धराप थाप्ने माओवादी कता गए भनी सोध्दै कुटपिट गरे। चित्रनाथलाई चिलाउनेको रुखमा हात बाँधेर आँखामा पट्टी बाँधी बन्दुकको कून्दा र बुटले हिर्काइएको थियो।

उदयपुर जिल्ला भलायडाँडा गाविस-९ घर भई पोखरा उमनपा-१२ माटेपानी डेरा गरी बस्ने पोखराबाट प्रकाशित समाधान दैनिकका प्रमुख वितरक ३५ वर्षीय नारद काफ्लेलाई ०६१ जेठ ३ गते बिहान पोखरा उमनपाको महेन्द्रपुलमा सादा पोशाकका सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई सोही दिन प्रकाशित माओवादीका नेता राजविक्रम भूर्तेल दम्पतीलाई नियन्त्रणमा लिई हत्या गरेको आरोप शीर्षकको समाचार पढ्न लगाएर लात्ती र मुक्का प्रहार गरिएको थियो।

ल्वाङघलेल गाविस-७ सैतीखोलाका एमाले ल्वाङघलेल गाउँ कमिटी सदस्य टेकबहादुर श्रेष्ठ, कुलप्रसाद अधिकारी, अर्जुन केसी, जीतबहादुर गुरुङ्ग, रामबहादुर गुरुङ्ग, अर्जुन प्रसाई र जगत गुरुङ्गलाई ०६१ भदौ १ गते सुरक्षाकर्मीले कुटपिट गरे। माओवादीको खोजतलासमा गएका सुरक्षाकर्मीले उनीहरुलाई आँखामा पट्टी बाँधी कुटपिट गरेको पीडित पक्षले जनाए। सुरक्षाकर्मी र माओवादीबीच केही समय गोली हानाहान भएपछि उनीहरु घरभित्र लुकेका थिए। माओवादीले गोली हान्न बन्द गरेपछि सुरक्षाकर्मीले बाहिर निकाली कुटपिट गरेका थिए।

पुरन्चौर गाविस-९ का कृषक ५० वर्षीय रुद्रनाथ गौतमलाई एकजना व्यक्तिको घर देखाउन भन्दै ०६१ मंसिर ६ गते राति सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई रातिदेखि



माओवादीद्वारा मारिएका त्रि.वि. का सहपरीक्षा नियन्त्रक इन्द्रबहादुर आचार्य

बिहान ४ बजेसम्म कुटपिट गरिएको पीडित पक्षले जनायो। रुद्रनाथको गर्धनमा गम्भीर असर परेकोले उनी भारी बोक्न सक्दैनन्।

माओवादीबाट

रुपाकोट गाविस वराह चोकका गोपी गुरुङ्गलाई माओवादी बनी लुटपाट गरेको आरोपमा ०६१ वैशाख २१ गते माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए।

घान्द्रुक गाविस-२ का एमाले गाउँ कमिटी सचिव चन्द्रबहादुर गुरुङ्गलाई ०६१ वैशाख २७ गते माओवादीका कार्यकर्ताले कुटपिट गरी सख्त घाइते पारे।

पोखरा उमनपा-४ चिप्लेढुंगास्थित नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेडका प्रबन्धक वरुण श्रेष्ठ, कर्मचारी पदमप्रसाद गौतम, सुरक्षागार्डहरु भीमबहादुर गुरुङ्ग, गजबहादुर गुरुङ्ग र तनहुँ जिल्ला खैरेनी घर भएका ग्राहक हेमबहादुर रानामगरलाई ०६१ जेठ ११ गते बैंक लुट्न आएका माओवादीले धारिलो हतियार प्रहार गरी घाइते बनाए। घाइतेहरुको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पोखरा उमनपा-७ मासबारका पृथ्वीनारायण क्याम्पस नेविसंघ इकाई सभापति कमलमणि ढकाल, एमाले निकट अनेरास्ववियु प्रारम्भिक कमिटी सदस्य ओमराज अर्याल र जनमोर्चा नेपाल निकट अनेरास्ववियु (एकीकृत) का इकाई अध्यक्ष नवराज ढुंगानालाई ०६० माघ १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। "राजसंस्थाको औचित्य" विषयक सार्वजनिक सुनुवाई कार्यक्रमको माइकिङ गर्दै हिंडेको अवस्थामा गिरफ्तार गरिएको थियो। तीनैजनालाई ०६० माघ ११ गते रिहा गरियो।

नेविसंघका केन्द्रीय सदस्य सुदीपमोहन भट्टराई, अनेरास्ववियु (एकीकृत) का कृष्ण पाठक, अनेरास्ववियुका केन्द्रीय सदस्य किशोरविक्रम मल्ल, कमल कोइराला, युवराज सुवेदी, तेजेन्द्र खड्का, नवीन आचार्य, गोपाल आचार्य, अर्जुन सुवेदी, खिमबहादुर बुढाथोकी र कुलप्रसाद खनालगायत्का विद्यार्थी कार्यकर्ताहरु "राजतन्त्रको औचित्य" विषयक सार्वजनिक सुनुवाई कार्यक्रममा ०६० माघ ११ गते भएको प्रहरी हस्तक्षेपमा परी घाइते भए। पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्प अगाडि भएको कार्यक्रममा प्रहरीले हस्तक्षेप गर्दा गम्भीर घाइते भएका सुदीप मोहन र कृष्णको काठमाडौंमा र अन्यको पोखरामा उपचार भयो। प्रहरी हस्तक्षेपपछि आक्रोशित विद्यार्थीले ढुंगा प्रहार गर्दा डिएसपी श्याम बस्नेत, इन्स्पेक्टरहरु तुलबहादुर कार्की, वामदेव गौतम र सञ्जय वञ्जाडे सामान्य घाइते भए।

नेकपा (एमाले) जिल्ला कमिटीका सदस्यहरु ईश्वरी न्यौपाने, दामोदर वैरागी, कार्यकर्ताहरु जगन्नाथ बास्तोला, झंकनाथ पौडेल र धनप्रसाद घमाललाई सरकारी तथा संस्थानका गाडी चल्न नदिने आन्दोलनका क्रममा ०६१ वैशाख ७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले पोखरा उमनपा-९ पृथ्वीचोकमा निर्मम कुटपिट गरे। आफ्नो गाडी रोकेको आरोपमा हतियारधारी सुरक्षाकर्मीले एमाले कार्यकर्ता कुशबहादुर सारु र हर्कबहादुर गुरुङ्गलाई गिरफ्तार गरी ०६१ वैशाख ८ गते रिहा गरे। सुरक्षाकर्मीले गाडिएका झण्डाको लाठी, मुक्का र बुटले हिर्काउँदा गम्भीर घाइते भएका ईश्वरी, दामोदर र जगन्नाथको पोखरा उमनपा-८ सृजनाचोकस्थित अस्पतालमा उपचार भयो। घाइतेहरुको टाउको, पिठ्यूँ र हातमा चोट लागेको एमाले कास्कीले जानकारी गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

कास्की जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका ४ सय ९६ देवानी तथा यस वर्ष दर्ता भएका ३ सय ७५ गरी कूल ८ सय ९८ मुद्दामध्ये ४ सय ६३ फर्स्यौट भई ४ सय ३५ वटा मुद्दा बाँकी रहे। त्यस्तै फौजदारी मुद्दातर्फ गतवर्षबाट जिम्मेवारी सरेर आएका २ सय ७३ र यस वर्ष दायर भएका ३ सय ६७ गरी कूल ६ सय ६० मध्ये ३१ मुद्दा फर्स्यौट भई २ सय २९ मुद्दा बाँकी रहे। गत वर्षबाट जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका देवानी तथा फौजदारीतर्फ कूल १ हजार ५ सय ५८ वटा मुद्दामध्ये ८ सय ९४ वटा फर्स्यौट भई ६ सय ६४ वटा बाँकी रहे।

पुनरावेदन अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी तथा फौजदारी गरी ८ सय ५१ मध्ये ३ सय ३९ फर्स्यौट भई ५ सय १२ मुद्दा बाँकी रहे। देवानीतर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका कूल ४ सय ३७ मुद्दामध्ये १ सय ८६ मुद्दा फर्स्यौट भई २ सय ५१ मुद्दा बाँकी रहे। त्यस्तै फौजदारीतर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका तथा यस

वर्ष दर्ता भएका ४ सय १४ मुद्दामध्ये १ सय ५३ मुद्दा फर्स्यौट भई २ सय ६१ मुद्दा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

पोखरा उमनपा-१० औद्योगिक क्षेत्रस्थित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय र दुग्ध विकास संस्थानको काउन्टरबाट ०६० पुस २८ गते माओवादीको एक समूहले ३ लाख ३० हजार ४ सय ७५ रुपैयाँ लुटेर लगे।

लेखनाथ नपा-११ बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रको ग. १ ब २०८ नम्बरको मोटर साइकल ०६० माघ ८ गते माओवादीले लगे।

पोखरा उमनपा-१० औद्योगिक क्षेत्रस्थित पोखरा दुग्ध वितरण आयोजनाको कार्यालयबाट ०६० माघ ११ गते माओवादीले ३ लाख ७२ हजार ९५ रुपैयाँ लुटेर लगे।

बाग्लुङ जिल्ला हटिया गाविस-१ घर भई भारतीय गोरखा सैनिकमा कार्यरत जवान धनकुमार थापाको १ लाख ५० हजार रुपैयाँ ०६१ जेठ २४ गते कास्कीको ढिकुरपोखरी गाविसको काँडेबाट माओवादीले लुटे।

संरचना/सम्पत्ति क्षति

पोखरा उमनपा-७ शहीदचोक नजिकै रहेको पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको कार्यालय भवनमा ०६० माघ ७ गते दिउँसो माओवादीले बम विस्फोट गराउँदा विद्यालय शाखालगायत् अन्य २ कोठा क्षतिग्रस्त भए।

पोखरा उमनपा-७ पार्दीस्थित पश्चिमाञ्चल सडक डिभिजन कार्यालयमा ०६० फागुन १२ गते दिउँसो माओवादीले बम विस्फोट गराउँदा ३ वटा कोठामा क्षति पुग्यो।

लेखनाथ नपा-१३ राजाको चौतारास्थित वडा सेवा केन्द्रमा ०६० चैत १२ गते साँझ माओवादीले गरेको आगजनीबाट ८ कुर्ची, २ टेबल र भवनसहित ५० हजार रुपैयाँ बराबर क्षति भयो।

लामाचौर गाविस कार्यालयमा ०६० चैत १४ गते राति माओवादीले बम विस्फोट गराए। विस्फोटबाट ३० हजार रुपैयाँ बराबरको क्षति भएको जनाइयो।

हेम्जा गाविसको गाविस भवनमा ०६० चैत २३ गते राति माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। विस्फोटबाट करिब २ लाख रुपैयाँ बराबरको क्षति भयो।

पोखरा उमनपा-१५ र १६ को कार्यालयमा ०६० चैत २३ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

पोखरा उमनपा-३ नदीपुरस्थित जल उत्पन्न प्रकोप नियन्त्रण सब डिभिजन कार्यालयमा ०६१ वैशाख १४ गते दिउँसो माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

पोखरा उमनपा-२ विन्ध्यवासिनी परिसरमा रहेको खानेपानी संस्थानको कार्यालयको महसुल संकलन काउन्टरमा ०६१ वैशाख २५ गते माओवादीले बम विस्फोट गराउँदा दुईवटा कोठामा क्षति पुग्यो।

पोखरा उमनपा-५ मालेपाटनस्थित खाद्य अनुसन्धान प्रयोगशालामा ०६१ वैशाख २७ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट कार्यालयका २ वटा कोठा, कागजपत्र, दराज, टेबुल र कुर्ची क्षतिग्रस्त भए।

घान्द्रुक गाविस-३ स्थित ट्रेकर्सइन र सोही गाविस-६ स्थित होटल बुद्ध एण्ड रेष्टुरेन्टमा ०६१ वैशाख २८ गते राति माओवादीले तालाबन्दी गरे। यस वर्षको अन्त्यसम्ममा पनि माओवादीले ताला खोलेनन्।

लेखनाथ नपा-७ तालचोकस्थित लेखनाथ नपाको कार्यालयमा ०६१ वैशाख २८ गते माओवादीले बाल्टीन बम विस्फोट गराए। विस्फोटबाट कार्यालयको राजस्व शाखा, जिन्सी र दर्ता चलानी रहेको कोठाको कागजात र फर्निचरसमेत थरी २० लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ।

हेम्जा गाविस फेदी घट्टेकुलोमा नाकाबन्दीको अवज्ञा गरेको आरोपमा माओवादीले ०६१ वैशाख २८ गते ग. १ ज २०२८ र ग. १ ज २९३९ नम्बरको भाडाको ट्याक्सीमा आगो लागएर नष्ट पारे। सोही समयमा माओवादीले पृथ्वीराज मार्ग बस संचालक समिति अन्तर्गतको ग. १ ख २२४० नम्बरको माइक्रोबस ०६१ वैशाख २८ गते तोडफोड गरेर क्षति पुऱ्याए।

पोखरा उमनपा-२ नयाँ बसपार्कका कृष्ण सुवेदीको ग. १ ज २५४६ नम्बरको महिन्द्रा पिक अप भ्यान ०६१ वैशाख ३१ गते दिउँसो लेखनाथ नपा-१५ मा माओवादीले जलाएर नष्ट पारे। १३ जनाको संख्यामा आएका माओवादीले ३ किमी टाढाबाट सो भ्यान कब्जा गरेका थिए।

पोखरा उमनपा-७ मासवारस्थित घरेलु तथा साना उद्योग कार्यालयमा ०६१ जेठ १५ गते माओवादीले बम विस्फोट गराए।

माओवादीद्वारा मारिएका पोखराका नगरप्रमुख हर्कबहादुर गुरुङ

सल्यान गाविसको नयाँपुलस्थित हिलसाइड आवासीय माविको ४ वटा कम्प्युटर ०६१ जेठ १८ गते अखिल क्रान्तिकारीले लुटेर लगे भने विद्यालयका कागजात र झ्यालहरु जलाएर नष्ट गरे।

पोखरा उमनपा-१० रामघाटस्थित पश्चिमाञ्चल क्षेत्रीय पशु रोग निदान प्रयोगशालामा ०६१ जेठ २६ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट औषधी, क्यामरा र कार्यालयको ३ वटा कोठा क्षतिग्रस्त भए।

पोखरा उमनपा-७ पार्दीस्थित पश्चिमाञ्चल क्षेत्रीय कोष तथा लेखा नियन्त्रण कार्यालयमा ०६१ असार ८ गते विहान माओवादीले बम विस्फोट गराए। विस्फोटबाट दुई कोठामा क्षति पुग्यो।

लेखनाथ नपा-११ स्थित साना किसान सहकारी संस्थाको कार्यालयमा रहेका सम्पूर्ण कागजात ०६१ मंसिर ५ गते माओवादीले जनाएर नष्ट पारे।

लेखनाथ नपा-१२ रामबजारमा रहेको शाही नेपाली सेनाका मेजर रामजी घिमिरेको घरमा ०६१ मंसिर ५ गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए। विस्फोटबाट दुईवटा कोठामा क्षति पुग्यो। मेजर घिमिरेका परिवार १ वर्ष पहिलेदेखि पोखरा बस्दै आएका थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पोखरा उमनपा-५ पर्स्याङ्का ४७ वर्षीय ज्ञानबहादुर कोइराला र सोही उमनपा-१० बुद्धचोक घर भई पोखराबाट प्रकाशित हुने राष्ट्रिय स्वाभिमान साप्ताहिकमा कार्यरत २७ वर्षीय महेश्वर पहारीलाई ०६० पुस १८ गते ल्वाङघलेल गाविसको खोराको मुखबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल दुवै जना कास्की जेलमा छन्।

पोखरा उमनपा-१७ छोरेपाटन घर भई पोखराबाट प्रकाशित हुने सञ्चार दर्पण साप्ताहिकका प्रमुख समाचारदाता १९ वर्षीय शक्तिराज भट्टराईलाई ०६० माघ १८ गते पोखरा उमनपा-११ रानीपौवाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ २६ गते रिहा गरे।

पोखरा उमनपा-७ का मानवअधिकार कार्यकर्ता ५० वर्षीय लीलारमण भुर्तेललाई ०६० माघ १९ गते सुरक्षाकर्मीले उनकै घरबाट गिरफ्तार गरी माघ २० गते रिहा गरे।

स्याङ्जा जिल्ला आरुखर्क गाविस-६ घर भई पोखरा उमनपा-१७ छोरेपाटन डेरा गरी बस्ने सञ्चार दर्पण साप्ताहिकका व्यवस्थापक पुरुषोत्तम पौडेललाई माओवादीको आंशकामा ०६० फागुन ३ गते सुरक्षाकर्मीले पोखरा उमनपा-१७ पातले छाँगोबाट गिरफ्तार गरे। पीडितलाई ०६० चैत २ गते रिहा गरियो।

भरतपोखरी गाविस-३ का लेखनाथ नपा-१२ गगनगौडामा पसल गरी बस्ने ४२ वर्षीय भक्तबहादुर पुनलाई माओवादीको आशंकामा ०६० चैत १ गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। हाल रिहा भएका छन्।

पोखरा उमनपा-५ मालेपाटनका कृषक ३८ वर्षीय राधेश्याम भन्ने श्यामराज कोइरालालाई माओवादीको आशंकामा ०६० चैत २८ गते दिउँसो पोखरा उमनपा-९ पृथ्वीचोक नजिकै तरकारी मण्डीबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित परिवारका अनुसार, बा. १ प ३१२६ नम्बरको मोटरसाइकल चढेर आएका सुरक्षाकर्मीले कोइरालाको छिमेकीको घरमा फोन गरेर बोलाई गिरफ्तार गरेका थिए। उनी ०६१ वैशाख ५ गते विजयपुर ब्यारेकबाट रिहा भए।

स्याङ्जा जिल्ला चिलाउनेबास गाविस-२ का एमाले कार्यकर्ता ३६ वर्षीय गुणाखर सापकोटालाई ०६१ वैशाख १९ गते पुर्दीभुम्दी गाविसको पोखरा भ्यू प्वाइन्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई ०६१ वैशाख २० गते पत्नी कमला शर्माको रोहवरमा विजयपुर ब्यारेकबाट रिहा गरियो।

हेम्जा गाविसका ३४ वर्षीय भीमबहादुर नेपालीलाई माओवादीको आशंकामा ०६१ जेठ १४ गते दिउँसो घर नजिकै पसलमा क्यारमबोर्ड खेलिरहेको अवस्थामा सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेठ १६ गते घरमै पुऱ्याएर रिहा गरियो।

पुरञ्चौर गाविस-६ बगरका ४७ वर्षीय नेत्रनाथ अधिकारीलाई ०६१ जेठ २५ गते दिउँसो ३ बजे खेतबारीमा काम गरिरहेको सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भएका छन्।

सिद्ध गाविस-६ ढुङ्गागाडेका माओवादी कार्यकर्ता २० वर्षीय निरमाया शाहीलाई ०६१ भदौ



माओवादीद्वारा मारिएका डिलमान गुरुङ र रामजी पौडेल

७ गते सादा पोशाकका सुरक्षाकर्मीले माछापुच्छ्रे गाविसको मिसुन गाउँबाट गिरफ्तार गरेकोमा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत कास्की जेलमा नजरबन्दमा राखिएको छ।

अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय सदस्य हरिशरण आचार्य र कास्की जिल्ला सदस्य दुर्गा विकलाई ०६१ भदौ ९ गते कास्की र स्याङ्जाको सीमानामा रहेको कुभिण्डेबाट सुरक्षाकर्मीले गिरफ्तार गरी असोज १५ गते रिहा गरे।

लेखनाथ नपा-११ पचभैया घर भई रुपाकोट गाविस-६ जमनकुनास्थित रुपाताल पुनर्स्थापना तथा मत्स्यपालन सहकारी संस्थाका सुपर भाइजर २१ वर्षीय नवीन गुरुङ्गलाई माओवादीको आशंकामा ०६१ भदौ २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। नवीनलाई सुरक्षाकर्मीले कार्यालयबाट बाहिर निकाली दुर्व्यवहार गरेपछि उनी भागेका थिए। त्यसपछि लेखेट्दै तीन राउण्ड हवाई फायर गर्दै नजिकैको होटलबाट गिरफ्तार गरेको थियो। पीडितलाई भदौ २९ गते रिहा गरियो।

लेखनाथ नपा-११ एकान्तकुना घर भई बेगनासताल बसपार्कमा भिडियो पसल गरी बस्ने १९ वर्षीय भीमसेन भनिने दिलबहादुर बानिया र लेखनाथ नपा-११ एकान्तकुना घर भई लेखनाथ नपा र शिशुवास्थित न्यूलाइट बोर्डिङ्ग स्कूलका शिक्षक २६ वर्षीय भरतराज पौडेललाई माओवादीको आंशकामा ०६१ भदौ ३१ गते सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। दिलबहादुरलाई भिडियो पसलबाट र भरतराजलाई विद्यालयबाट गिरफ्तार गरी सेतो महिन्द्रा गाडीमा राखी शाही नेपाली सेनाको ३ नं. बाहिनी, विजयपुरमा लगिएकोमा दुवैलाई ०६१ असोज ८ गते रिहा गरियो।

सार्दीखोला गाविस-२ का ३३ वर्षीय दिलसुवा गुरुङ्ग, थुमाको डाँडा गाविस-५ का कुखुरा व्यापारी १८ वर्षीय सूर्यमान अधिकारी र सार्दीखोला गाविस-५ का ३२ वर्षीय देवबहादुर तामाङ्गलाई माओवादीको आशंकामा ०६१ असोज ५ गते पार्चे गाविसको सिग्लेसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई ०६१ कार्तिक २ गते रिहा गरियो।

माओवादी कार्यकर्ताहरु स्याङ्जा जिल्ला वालिङ्ग नपा-७ का कुशल भनिने २५ वर्षीय नारायण कारुले र गोरखा जिल्ला छोप्राक गाविसका २२ वर्षीय ठाकुर भनिने बाबुराम कुमाललाई ०६१ असोज ६ गते सादा पोशाकका सुरक्षाकर्मीले पोखराबाट गिरफ्तार गरे।

तनहुँ जिल्ला मनपाङ्ग गाविस-६ का माओवादी कार्यकर्ता ४० वर्षीय डिलबहादुर नेपालीलाई ०६१ मंसिर १ गते सुरक्षाकर्मीले पोखरा उमनपा-१३ मियाँपाटन, भद्रकाली मार्गबाट गिरफ्तार गरेकोमा हाल कास्की जेलमा नजरबन्दमा राखिएको छ।

सिद्ध गाविस-१ टाकञ्जाका पूर्व शिक्षक ५२ वर्षीय हिमालय पराजुलीलाई माओवादीको आरोपमा ०६१ मंसिर २५ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई गह्रौं भारी बोकाएर कुटपिट गर्दै लगेको उनका आफन्तले बताए। पीडित हाल रिहा भएका छन्।

दाङ्गसिङ्ग गाविस-५ छहरोकुनाका विद्यार्थी १५ वर्षीय अर्जुन गुरुङ्ग, २१ वर्षीय कृष्ण कुँवर, २१ वर्षीय विनोद पुन, २० वर्षीय रोशन गुरुङ्ग, ३१ वर्षीय श्याम गुरुङ्ग र लुम्ले गाविस-२ घर भई कक्षा ६ मा पढ्ने १८ वर्षीय पूर्णबहादुर पुनलाई माओवादीबारे सोधपुछको लागि भनी ०६१ पुस ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सुरक्षाकर्मीले यातना दिएपछि उनीहरुले एक स्थानीय व्यक्तिलाई माओवादीको आरोप लगाएपछि पुस ७ गते बेलुका पर्वतको कुश्माबाट रिहा गरियो।

बालअधिकार

लुम्ले गाविस-९ लान्द्रुकका १५ वर्षीय साइली भन्ने सिता पुनलाई घरमा अन्य ठूलो मान्छे नभएको भनी ०६१ जेठ १ गते राति १७ वर्षीय अमरबहादुर थापाले बलात्कार प्रयास असफल भएपछि हत्या गरे। पीडकलाई कर्तव्य ज्यानको मुद्दा चलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

पोखरा उमनपा-५ पस्याङ्गकी १० वर्षीय एक बालिकालाई ०६० माघ २८ गते बिक्री गर्ने प्रयास गरेको अभियोगमा तनहुँ जिल्ला दुलेगौंडा घर भई हाल पोखरा उमनपा-१० बुद्धचोकका ६३ वर्षीय कुलबहादुर शाही, १४ वर्षीय शान्ति शाही र स्याङ्जा जिल्ला मग्याम चिसापानी घर भई लेखनाथ नपा-७ खुदीका दुपता पौडेललाई प्रहरीले गिरफ्तार गरे। ती बालिकालाई उनीहरुले पोखरा उमनपा-४ चिप्लेढुङ्गाबाट बेच्ने प्रयास गरेको प्रहरीको आरोप छ। उनीहरुलाई जीउ मास्ने बेच्नेविरुद्धको मुद्दा चलाएकोमा हाल ५/५ सय रुपैयाँको धरौटीमा रिहा भएका छन्।

बाँके जिल्ला बागेश्वरी गाविस-१ घर भई पोखरा उमनपा-१३ स्थित एक रेष्टुरेन्टमा कार्यरत १४ वर्षीय एक बालिकालाई राम्रो रोजगारीको प्रलोभन देखाएर ०६० फागुन १५ गते पोखरा उमनपा-१० का ४० वर्षीय टुल्की भन्ने सीता गुरुङ्ग, सोही उमनपा-१३ बस्ने २८ वर्षीय विमला गुरुङ्ग र ३५ वर्षीय विना गुरुङ्गले बिक्री गर्ने प्रयास गरे। जीउ मास्नेबेच्ने उद्योगमा मुद्दा चलाएकोमा पीडकलाई एक हजार रुपैयाँको धरौटी बुझाई रिहा भएका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

पोखरा उमनपा-१० का दुई महिलालाई सोही ठाउँको बुद्धचोकका ६४ वर्षीय भीम सिलवालले बलात्कार गरे। पीडकलाई ०६१ भदौ २३ गते गिरफ्तार गरी पुर्पक्षको लागि थुनामा राखिएको छ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत हत्याका १० घटनामा ६ पुरुष र ४ महिलाको मृत्यु भयो। प्राकृतिक विपत्ती तथा दुर्घटनाका ४ वटा घटनामा २ पुरुष र २ महिलाको मृत्यु भयो। खोला, ताल र नहरमा डुबेका ६ वटा घटनामा १० पुरुष र १ महिलाको मृत्यु भयो। आत्महत्याका १८ वटा घटनामा ९ पुरुष र ९ महिला पीडित भए। सवारी दुर्घटना तथा सवारी साधनले ठक्कर दिएका २४ वटा घटनामा १९ पुरुष र ५ महिलाको मृत्यु भयो।

तनहुँ जिल्ला आँबुखैरेनीका उपेन्द्र भनिने माओवादीको परिवर्तन स्मृति नवौं बिग्रेडका कम्पनी उपकमाण्डर आकाश चुमान, रोल्पा घर भएका सेक्सन कमाण्डर सलमान भनिने वीरबहादुर चन्द र सल्यानका माधव भनिने उपकमाण्डर भीमबहादुर महराको ०६१ मंसिर २५ गते राति सुरक्षाकर्मीलाई लक्षित गरी विद्युतीय धराप थाप्ने क्रममा अचानक विस्फोट भई मृत्यु भयो।

विगतको अनुगमन

पुरन्चौर गाविस-१ सुकुम्बासी टोलका १९ वर्षीय इन्द्रकुमारी पौडेललाई ०६० भदौ २५ गते उनको पति २१ वर्षीय इन्द्र पौडेलले भारतको दिल्ली पहाडगन्जमा लगेर २० हजार भारतीय रुपैयाँमा बिक्री गरे। पतिबाट बेचिएकी इन्द्रकुमारीद्वारा ५ महिनापछि प्रवासी नेपालीको सहयोगमा नेपाल फर्केकी थिइन्। उनकै जाहेरीका आधारमा प्रहरीद्वारा ०६१ असोज ४ गते इन्द्रलाई गिरफ्तार गरी जिल्ला अदालतमा जीउ मास्नेबेच्ने मुद्दा दायर गरी पुर्पक्षका लागि कास्की जेलमा थुनामा राखिएको छ।

३.६ मनाङ



जनसंख्या	: १२०१७
साक्षरता प्रतिशत	: ५९.९
महिला साक्षरता प्रतिशत	: ३०.१
क्षेत्रफल (वर्ग कि. मि.)	: २२४६
गाविस/नपा संख्या	: १३/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ३०
क्याम्पस/उच्च मावि	: ०/२
अस्पताल/स्वास्थ्य चौकी	: १/१३
टेलिफोन लाइन	: १७
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: १४
मानव विकास सूचकांक	: ०.५०२
प्रति परिवार सरदर संख्या	: ६.७७

नागरिक तथा राजनीतिक अधिकार

जेल र बन्दीहरू

मनाङ्ग जिल्लाको जेल जीर्ण अवस्थामा छ र भवन भाडामा लिइएको छ। यस वर्ष एक जना बन्दी मात्र भए पनि जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पिसाङ गाविस-१ पिसाङ गाउँमा धावा डेन्जो गुरुङ्ग, कमला गुरुङ्गलगायत् ७ जनाको घरमा ०६१ जेठ ४ गते राति १२ बजे गोरखा जिल्ला सौरपानी गाविस-१ निवासी हाल सीमा प्रहरी चौकी हुम्डेमा कार्यरत प्रहरी जवान २८ वर्षीय जगदीश ढकालले नक्कली माओवादी बनेर लुटपाट मच्चाएका थिए। पीडकलाई हाल रु. १५ हजार ४ सय ९२

जरिवानसहित ३ महिना जेल सजाय पूरा गरी जागिरबाट निलम्वन गरिएको छ।

अन्यबाट

थोंचे गाविस-५ तिल्चे गाउँका ४७ वर्षीय ङिभा वङ्ग्याल लामालाई ०६१ वैशाख २२ गते बिहान चिया पसलमा सोही गाउँका ३६ वर्षीय चुडामणि गुरुङ्ग र ३३ वर्षीय टङ्कबहादुर गुरुङ्गले ढुङ्गा प्रहार गरी कुटपिट गरे। पीडकहरुलाई जिल्ला प्रशासन कार्यालय चामेमा सार्वजनिक अपराध मुद्दा लगाएपछि धरौटीमा रिहा गरिएकोमा हालसम्म पुन: सम्पर्कमा आएका छैनन्।

नार गाविस-२ नारगाउँका ३५ वर्षीय नाङसाङ बुटीलाई ०६१ जेठ १० गते दिउँसो सोही गाविस-५ का ४२ वर्षीय छौं नम्गेल लामाले गोली प्रहार गरे। पीडकको प्रहरीको पञ्जाबाट भागी भीरबाट हामफाली मृत्यु भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा कुनै मुद्दा दर्ता र फैसला भएन।

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

माथिल्लो मनाङ्गका ७ गाविसमा स्थानीय बासिन्दाबाहेक अन्य गाविसका नागरिकहरुले वा अन्य कुनै जिल्लाका व्यक्तिहरुले जग्गा-जमिन खरीद-बिक्री गर्न नपाउनुका साथै कुनै स्थायी रुपमा व्यापार, होटल, उद्योग धन्दाहरु गर्न नपाइने चलन यथावत छ। सो सम्बन्धमा तल्लो मनाङ्गका नागरिकहरुले स्वतन्त्र रुपमा आफ्नो अधिकारहरुको प्रयोग गर्न पाउनु पर्ने माग गरेका छन्।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

मनाङ्ग गाविस-९ का ४६ वर्षीय माया गुरुङ्गको ०६१ भदौ ४ गते मर्स्याङ्दी नदीमा हामफाली मृत्यु भयो भने चामे गाविस-५ का पेम्वा याङ्चेन लामाको ०६१ कार्तिक १३ गते भीरबाट लडेर मृत्यु भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित		
	अन्यबाट		
	घटना संख्या	पुरुष	जम्मा
घाइते	१	१	१
कुटपिट	१	१	१
जम्मा	२	२	२

३.७ नवलपरासी



जनसंख्या	: ६२२५१६
साक्षरता प्रतिशत	: ६२.२
महिला साक्षरता प्रतिशत	: ३०
क्षेत्रफल (वर्ग कि. मि.)	: २१६२.२
गाविस/नपा संख्या	: ७३/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ५४१
क्याम्पस/उच्च मावि	: ७/१६
अस्पताल/स्वास्थ्य चौकी	: ३/८२
टेलिफोन लाइन	: १५८५
मोटर सडक (कि. मि.)	: ३९०६
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ७४
मानव विकास सूचकांक	: ०.४८२
प्रति परिवार सरदर संख्या	: ५.९९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

तिलकपुर गाविस-६ का माओवादी कार्यकर्ता २४ वर्षीय रामप्रसाद खनाल र नाम, ठेगाना नखुलेका २६ वर्षीय अर्का एक माओवादी ०६० माघ १२ गते मुकुन्दपुर गाविस-१ स्थित पूर्व-पश्चिम राजमार्गमा सुरक्षा कारवाहीमा मृत्यु भयो।

जहदा गाविस-२ का तराई मुक्ति मोर्चाका जिल्ला अध्यक्ष २६ वर्षीय शंकर गुप्ता ०६० माघ १९ गते छिमेकीको घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी यातना दिँदै नजिकैको टोलमा पुर्याई गोली हान्दा घटनास्थलमै मृत्यु भयो। लाश परिवारलाई दिइएन।

वेणिमणिपुर गाविस-२ स्थित राजकुमार प्रतिक्षालय नजिक ०६० माघ २४ गते नाम ठेगाना नखुलेका २ जना

माओवादी कार्यकर्ता सुरक्षा कारवाहीमा मारिए।

पञ्चनगर गाविस-३ का नेकपा (माले) गाउँ कमिटी सदस्य एवम् सुसेली कला समूहका सदस्य २७ वर्षीय खोरबहादुर चौधरी ०६० चैत ८ गते बिहान ५ वजे आफ्नै घरबाट सशस्त्र प्रहरीद्वारा गिरफ्तार गरी आँखामा पट्टी बाँधी, पछाडि हात फर्काएर माकर गाविस-१ चिसापानीस्थित जंगलमा पुऱ्याई गोली हानी मारिए। लाशको पोष्टमार्टम भएन।

जहदा गाविस-७ का अनेकिसंघ (क्रान्तिकारी) जिल्ला उपाध्यक्ष शंकर भनिने ५६ वर्षीय बाबुराम खनाल, गैडाकोट गाविसका विमल भनिने २२ वर्षीय बैकुण्ठ पौडेल र तनहुँ जिल्लाका नवलपरासीमा कार्यरत सन्ध्या भनिने २३ वर्षीय दिलमाया विकलाई ०६१ वैशाख २५ गते डेढगाउँ गाविस-३ स्थित एकको घरमा नि:शस्त्र बसिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी हात पछाडि फर्काएर बाँधी सोही ठाउँमा रहेको डेढगाउँ माविमा पुऱ्याई यातना दिई विद्यालयमा राखेर सोही राति २ बजे त्यहाँबाट हिंडाएर भारतीपुर गाविस-७ बोटेटारीमा पुऱ्याइएकोमा कञ्चटमा गोली लागेको अवस्थामा लाश फेला पऱ्यो।

जहदा गाविस-७ की कविता भनिने २२ वर्षीय गायत्री खनाल, प्रगतिनगर गाविस-७ की १८ वर्षीय पूराया भनिने रमा राना, दुम्कीबास गाविस-३ की विनिता भनिने १७ वर्षीय इन्द्रा गुरुङ्ग, रामनगर गाविस-५ जर्गाहाकी सोसनी भण्डारीसमेत ४ जना माओवादीलाई ०६१ वैशाख २६ गते बिहान रजहर गाविस-८ स्थित वरटारी भन्ने ठाउँको एक घरमा २ जना धारामा नुहाइरहेको र २ जना घरको पालीमा बसी कपाल कोरिरहेको बेला सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी र हात पछाडि फर्काएर बाँधी करिब ९ सय मिटर उत्तरको वरटाँडी सामुदायिक वनमा पुऱ्याई यातना दिई गोली हानेपछि मृत्यु भयो। लाशहरुको पोस्टमार्टम भएन।

पाल्ही गाविस-४ का ३२ वर्षीय रामकेवल हरिजन, प्रतापुर गाविस-४ बेलाटारीका २४ वर्षीय ध्रुवप्रसाद गुप्ता, रामनगर गावस-६ बेलुवाका २३ वर्षीय सरोज चौधरी, जमुनिया गाविस-४ की २१ वर्षीय लक्ष्मी चौधरीसमेत ४ माओवादीलाई ०६१ जेठ ६ गते सरावल गाविस-९ हात्तीवनबाट सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधी परासीस्थित सैनिक क्याम्पमा पुऱ्याई निर्मम यातना दिएर पुन: गाडीमा राखेर रामग्राम नपा-७ बौद्ध स्तुपनजिक खोलामा पुऱ्याई गोली हानी मारिए। लाश पोष्टमार्टम गरेको भए पनि पीडितका आफन्तलाई दिइएन।

रुचाङ गाविस-६ आमडाँडाका कृषकद्वय ३८ वर्षीय तलसिंह गाहामगर र २२ वर्षीय नवबहादुर रानामगर बारीमा खेती खाने गरेको दुम्सी तर्साउन भरुवा बन्दुक लिएर बारीतर्फ जाँदै गर्दा ०६१ कार्तिक २ गते सैनिकहरुले माओवादीको आरोपमा बाटोबाट गिरफ्तार गरी उनीहरुको छिमेकीको घरमा ल्याई गोली मारिए। लाश स्थानीय विद्यालयमा गाडेर छाडे।

अमरापुरी गाविस-१ का दलित मुक्ति मोर्चाका पूर्व अध्यक्ष सुशील भनिने ३० वर्षीय मनराज सुनार, शिवमन्दिर गाविस-७ हसौराका माओवादी कार्यकर्ता २८ वर्षीय लक्ष्मण भनिने रामबहादुर थापा र माओवादी पार्टी परित्याग गरी व्यापार गर्दै आएका मैनाघाट गाविस-६ का ३५ वर्षीय हरि शर्मा डोटेल ०६१ कार्तिक १७ गते शंकाचली गाविस-१ मा पर्ने आरुङ्गखोला र दावन खोलाको दोमैमा हुप्सेकोटतर्फबाट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२०	२१	५	२६	२५	२६	४		३०	१३	२४	६	३०
घाइते	३	४		४	१२	२२	१	३	२६	२	१०	२	१२
गिरफ्तारी/यातना										२१	२६	४	२९
बेपत्ता										३	३		३
कुटपिट	१	३		३	२	२			२	३	६	१	७
धम्की	१	१		१	३	४			४	१	१		१
जातीय विभेद	२	२	१	३									
महिलाअधिकार	३		३	३									
बालअधिकार	६		६	६									
अमानवीय व्यवहार	२	२	१	३	१	१			१				
अपहरण	८	१२	१	१३	३६	३९	२	१०२	१४३				
जम्मा	४६	४५	१७	६२	७९	९४	७	१०५	२०६	४३	७०	१२	८२

आउँदै गर्दा सैनिक गस्ति टोलीसँग जम्काभेट भएपछि निर्मम यातनापछि गोली हानी मारेर लाश आफन्तले लगे भने दुई लाशलाई माओवादीले ढुङ्गाको कपेरामा पुरे।

पाल्पा जिल्लाबाट आउँदै गरेका माओवादीको वासु स्मृति चौथो बिग्रेडका ३ जना नाम, ठेगाना नखुलेका कार्यकर्ताहरुलाई नुहाएर घाम तापिरहेको बेला राँकाचुली गाविस-१ स्थित राइकोटिया खोलामा गस्ति टोलीको गोलीद्वारा ०६१ कार्तिक १७ गते मृत्यु भयो। क्षतविक्षत अवस्थामा रहेका लाशलाई दोस्रो दिन माओवादी आई ढुङ्गा र स्याउलाले छोपेर पार्टीको झण्डा गाडेर छाडे।

चितवन जिल्लाका अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २२ वर्षीय नमूना भनिने जयन्ती कँडेल, धुकोट गाविस-५ का किसान संगठनका जिल्ला सदस्य रामप्रसाद भनिने ४२ वर्षीय गंगाराम अधिकारी र ३० वर्षीय गोपाल ओझालाई ०६१ कार्तिक २५ गते एउटा घरमा खाना खाई आराम गरी अमिलो खाने तयारी गरिरहेको बेला सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। ११ जना २४ गते राति सोही गाउँमा आई बसेकोमा बिहानको खानापछि ३ जना मारिए भने अरु भागे। पीडितहरुको लाश भोलिपल्ट नजिकैको जंगलमा पुऱ्याई माओवादीले पार्टीको झण्डा गाडेर छाडे।

माओवादीबाट

पञ्चनगर गाविस-४ अलावलका नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति एवम् राष्ट्रिय सभाका पूर्व सदस्य ५८ वर्षीय खेमनारायण फौजदारलाई सुराकी गरेको र क्षमता अनुसार चन्दा नदिएको आरोपमा ०६० चैत ५ गते माओवादीले निवासमै गोली हानी हत्या गरे। आफन्तले परम्पराअनुसार दाहसंस्कार गरे।

ठूलो खैरटहवा गाविस-५ का निवर्तमान गाविस अध्यक्षको घरमा ०६० चैत ७ गते माओवादीले बम विस्फोट गराउँदासोही ठाउँका ७० वर्षीय रामलक्ष्मण तेलीको मृत्यु भयो।

शिवमन्दिर गाविस-३ घर भई लुम्बिनी डिग्री कलेजमा कक्षा १२ मा अध्यनरत २२ वर्षीय मोहन श्रेष्ठलाई सुरक्षाकर्मीलाई सघाएको आरोपमा ०६० चैत २३ गते माओवादीले उनकै घरमा गोली हानी हत्या गरे।

जहदा गाविस-९ की ३६ वर्षीय शकुन्तला केसीलाई ०६१ वैशाख १३ गते सुराकीको आरोपमा अपहरण गरी शंकर गुप्ताको हत्या गराउन सुराकी गरेको, सुरक्षाकर्मीसँग अनैतिक सम्बन्ध राखेको स्वीकारेको जनाउँदै ०६१ जेठ ६ गते अपहरण गरेको २५ दिनपछि स्याँठी गाविस-५ बनकट्टीमा ल्याई गोली हानी हत्या गरे।

दुर्गाभजन गुल्म परासीमा कार्यरत सैनिक जवान बलबहादुर क्षेत्रीको ०६१ जेठ ६ गते सुरक्षाकर्मीको गाडी माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। शकुन्तला केसीको लाश पोष्टमार्टमको लागि लैजाने क्रममा उक्त घटना भएको थियो।

रजहर गाविस-८ वरटाँडीका पूर्व सैनिक हवल्दार ३७ वर्षीय चन्द्रसिंह गुरुङ्गलाई सुराकीको आरोपमा ०६१ जेठ १३ गते माओवादीले दिव्यपुरी गाविस-४ स्थित महेन्द्र राजमार्गमा पुऱ्याई गोली हानी हत्या गरे। पोष्टमार्टमपछि लाशको सद्‌गत गरे।

त्रिवेणीसुस्ता गाविस-१ रानीनगर घर भई विन्ध्यवासिनी सशस्त्र प्रहरी गण, बर्दघाटमा कार्यरत स्वीपर ३० वर्षीय रामजी हेलालाई सुराकीको आरोपमा ०६१ जेठ २४ गते पञ्चनगर गाविस-३ स्थित बजारमा माओवादीले गोली हानी हत्या गरे। लाशको पोष्टमार्टम गरी दाहसंस्कार गरियो।

अम्रोट गाविस-५ का ३२ वर्षीय गोपी चौधरीलाई सुराकीको आरोपमा ०६१ असार २ गते मोटरसाइकलमा



सुरक्षाकर्मीद्वारा मारिएका नवबहादुर राना मगर, तुलसिंह गाहा मगर र खोरबहादुर चौधरी

आएका २ जना माओवादीले उनकै निवासमा कञ्चटमा गोली हानी हत्या गरे।

सुनवल गाविस-४ तुरियाका ३० वर्षीय मनोज श्रेष्ठलाई आफ्नो पार्टीको नाम लिई चोरी डकैती गरेको आरोपमा ०६१ असार २९ गते माओवादीले नियन्त्रणमा लिई घर नजिकै हातखुट्टा काटेर कुटपिट गरी हत्या गरे।

रामपुरवा गाविस-३ महेशपुरका जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २२ वर्षीय सन्तोष पाण्डेलाई सुराकीको आरोपमा अपहरणपश्चात् ०६१ साउन १० गते आफ्नै घरको नजिक माओवादीले गोली हानी हत्या गरेको विज्ञप्ति सार्वजनिक गरे। पीडितको लाश उपलब्ध भएन।

कुश्मा गाविस-४ का ३२ वर्षीय रामप्यारे काहारलाई सुराकीको आरोपमा ०६१ असार १६ गते उनकै घरमा गोली हानी हत्या गरे। लाशको पोष्टमार्टमपछि दाहसंस्कार गरियो।

अम्रोट गाविस-४ ऐचावलका पूर्व माओवादी कार्यकर्ता २२ वर्षीय रम्भा पाण्डेलाई दुई वर्ष पहिले ९ जना माओवादी कार्यकर्तालाई आफ्नै गाउँमा हत्या गराउन सहयोग गरेको आरोपमा ०६१ भदौ ७ गते अपहरण गरी अनुसन्धानबाट आरोप सत्य भएको जनाउँदै हकुई गाविस-३ स्थित हकुइ चोकमा गोली हानी हत्या गरे। लाशको पोष्टमार्टम भई आफन्तले दाहसंस्कार गरे।

माकर गाविस-४ वर्दघाटका रजहर गाविसस्थित स्थानीय मन्दिरका पूजारी ३६ वर्षीय सुमन थापा मगरलाई सुराकीको आरोपमा ०६१ भदौ ८ गते दिव्यपुरी गाविस-२ स्थित बौलाहा खोलामा माओवादीले गोली हानी हत्या गरे।

कावासोती गाविस-५ घर भई इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार २९ वर्षीय तुल्सीप्रसाद सिग्देललाई ०६१ भदौ १५ गते आफ्नै अफिस अगाडि रहेको मोटर ग्यारेजमा गाडी मर्मत गराउने क्रममा माओवादीले गोली हानी घाइते बनाएकोमा भरतपुरस्थित मेडिकल

माओवादीद्वारा मारिएका नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति खेमनारायण फौजदार

कलेजमा उपचार हुँदाहुँदै तेस्रो दिन मृत्यु भयो। लाशको पोष्टमार्टमपछि आफन्तले दाहसंस्कार गरे।

हरपुर गाविस-९ पिपरहवा घर भई जिप्रका नवलपरासीका असई ३८ वर्षीय रमाकान्त हरिजनलाई ०६१ असोज १५ गते भारतको सीमा महेश्वरपुरबाट परासीतर्फ आउँदै गर्दा हरपुर गाविस-४ भक्सीपुर चोकमा माओवादीले गोली हानी हत्या गरे। पीडितको मोटरसाइकल, पेस्तोल र सञ्चार सेटसमेत लुटेर लगे। लाशको पोष्टमार्टमपछि दाहसंस्कार गरियो।

रामग्राम नपा-७ घर भई जिप्रका रुपन्देहीका प्रहरी जवान २८ वर्षीय रामनरेश यादवलाई घरबाट अफिसतर्फ जाँदै गर्दा नवलपरासीको झुँगा र रुपन्देहीको धकधई सीमाबाट ०६१ कार्तिक १७ गते माओवादीले अपहरण गरी घाँटी रेटेर हत्या गरे।

सनही गाविस-८ का ५५ वर्षीय रामप्यारे हरिजनलाई ०६१ कार्तिक २२ गते हातहतियारसहित आएका ६ माओवादीले सोधपुछ गर्नुछ भनी घरबाट बाहिर बोलाई केही पर पुऱ्याई गोली हानी हत्या गरे। लाशको दाहसंस्कार आफन्तले गरे।

तमसरिया गाविस-१ बसन्तपुर घर भई चितवन राष्ट्रिय निकुञ्ज कसहरा ब्यारेकका सैनिक नायक ४१ वर्षीय भीमबहादुर आले मगरलाई ०६१ कार्तिक २२ गते चोरमारा बजारबाट आफ्नो घरतर्फ गाडीमा जाँदै गर्दा घर नजिक उत्रन खोज्दा माओवादीले उत्रन नदिएपछि देउराली गाविस-२ कोलीयामा उत्रेर भाग्न खोज्दा सोही गाडीमा यात्रा गरिरहेका माओवादीले गोली हानी हत्या गरे। पीडितले १८ वर्ष सेवा पूरा गरी अवकाशको लागि निवेदन पेश गरिसकेका थिए।

माकर गाविस-१ का पूर्व माओवादी कार्यकर्ता २४ वर्षीय वासुदेव चौधरीलाई ०६१ मंसिर ९ गते आफ्नै घरमा बसिरहेको अवस्थामा ३ जनाको संख्यामा आएका माओवादीले आफूहरुसँगै हिँड्न भनेको र जान अस्वीकार गरेपछि केही परसम्म छोड्न हिँड भनी लिएर गएकोमा सँगै जान नमानेपछि अपहरण गरी लैजाने प्रयास गर्दा उनीहरुको पेस्तोलसमेत खोसेर फालेकोमा माओवादीले पुन: पेस्तोल निकाली गोली हानी हत्या गरे।

नारायणी गाविस-९ बाघखोरकी पूर्व माओवादी कार्यकर्ता २१ वर्षीय ताराकुमारी परियारलाई सुराकीको आरोपमा ०६१ मंसिर १० गते बिहान माओवादीले उनकै निवासबाट अपहरण गरी केही पर पुऱ्याई गोली हानी हत्या गरे। पीडितको लाश पोष्टमार्टमपछि आफन्तलाई बुझाइयो।

गुठिप्रसौनी गाविस-५ स्थित चोकमा रामनगर-२ बडेराका ३२ वर्षीय भोला भनिने थापा पश्चिमाहा थारु, तिलकपुर गाविस-६ बासाकी कल्पना भनिने २३ वर्षीय लक्ष्मी खनाल, ठेगाना नखुलेका राम नरेश हरिजन र मनोज

हरिजनलाई ठूलोखैरटहवा गाविस-८ मा इशाक मियालाई अपहरण गरी कुटपिट गरेको आरोपमा ०६१ मंसिर ३० गते गोली माओवादले हानी हत्या गरे।

पक्लिहवा गाविस-४ रतनगञ्ज घर भई माओवादी प्रतिकार समितिका सचिव ३० वर्षीय मुन्ना कोइरी र सोही ठाउँ घर भई सोही समितिका सदस्य २८ वर्षीय मइयूद्दिन खाँलाई ०६१ पुस १५ गते उनकै घरमा माओवादीले गोली हानी हत्या गरे।

माकर गाविस-२ चिसापानी घर भई कावासोती गाविस-५ स्थित आफ्नो ससुराली घर बस्दै आएका अवकाश प्राप्त सैनिक ३० वर्षीय जयलाल गिरीलाई सुराकीको आरोपमा ०६१ पुस १५ गते माओवादीले प्रगतिनगर गाविस-३ लोकाहाखोलामा पुऱ्याई गोली हानी हत्या गरे।

अन्यबाट

माओवादीका सेक्सन कमाण्डर नवीन भनिने ३८ वर्षीय रमेश चौधरीलाई चन्दा आतंक मच्चाएको आरोपमा ०६१ मंसिर २९ गते ठूलोखैरहवा गाविस-८ रामबाच्छा कडियामा माओवादी प्रतिकार समितिका व्यक्तिहरुले गोली, खुकुरी र भाला प्रहार गरी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

सुनवल गाविस-७ ज्यामिरेमा सुरक्षाकर्मीको गाडी विद्युतीय धरापमा परेपछि ०६० चैत २५ गते सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा रुपन्देही जिल्ला केरवानी गाविस-५ की नाम नखुलेकी एक महिला गम्भीर घाइते भइन्। पीडितको उपचार बुटवलस्थित अञ्चल अस्पतालमा गरियो।

सुनवल गाविस-४ स्थित महेन्द्र राजमार्गमा ०६१ जेठ ३ गते माओवादीले थापेको विद्युतीय धराप विस्फोट भएपछि सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा सोही ठाउँकी ५ वर्षीय लिला पुन दायाँ हातमा गोली लागी घाइते भइन्। पीडितको उपचार बुटवलस्थित अञ्चल अस्पतालमा गराइयो।

माओवादीबाट

रामनगर गाविस-२ बडेरामा ०६० पुस २५ गते माओवादीले बिछ्याएको विद्युतीय धराप विस्फोट हुँदा भारतीय ट्रक चालक शिवलाल चौहान, विनोदकुमार सिंह र अमरसिंह घाइते भए।

रामग्राम नपा-१ सहुवाटिकस्थित नगरप्रमुखको घरमा माओवादीले बम विस्फोट गराउँदा ०६० फागुन ४ गते सोही ठाउँका लखपति चौधरी गम्भीर घाइते भए।

स्याँठी गाविस-८ दुर्गाभजन गुल्म परासीमा कार्यरत सैनिक जमदार भीमसेन कार्की, सैनिक जवान माधव थापा र ट्राफिक हवल्दार पूर्ण ओलीलाई ०६० फागुन २८ गते माओवादीले गोली हानी घाइते पारे। पीडितहरुमध्ये सैनिकहरुलाई उपचारार्थ हेलिकप्टरद्वारा काठमाडौं लगियो भने पूर्णको बुटवल अञ्चल अस्पतालमा उपचार भयो।

मुकुन्दपुर गाविस-१ वेल्डियामा नारायणघाटबाट कावासोतीतर्फ मोटरसाइकलमा आउँदै गरेका सादा पोशाकका सैनिक जवान नेत्रबहादुर थापा र पदमबहादुर थापालाई ०६० चैत ४ गते माओवादीले गोली हानी घाइते पारे। पीडित ढलेपछि मोटरसाइकलसमेत लुटेर लगे। पीडितको भरतपुरमा उपचार हुन नसकी काठमाडौं लगियो।

रामनगर गाविस-२ वडेरामा सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी थापेको विद्युतीय धराप विस्फोट हुँदा ०६० चैत २५ गते सैनिक जवानद्वय रामु खड्का र दीपक सुनार घाइते भए। पीडितहरुलाई उपचारार्थ काठमाडौं लगियो।

सुनवल गाविस-७ ज्यामिरेमा सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी माओवादीले राखेको विद्युतीय धराप ०६० चैत २५ गते विस्फोट हुँदा दुई जना सुरक्षाकर्मी हरि अर्गली र गोविन्द श्रेष्ठ घाइते भए। पीडितको परासीस्थित जिल्ला अस्पतालमा उपचार गराइयो।

अर्ग्यौली गाविस-९ का शिवमन्दिर गाविस-३ कावासोतीका होटल व्यवसायी ४० वर्षीय मीना तिवारीलाई ०६१ वैशाख १२ गते माओवादीले गोली हानी घाइते पारे। पीडितको भरतपुरस्थित मेडिकल कलेजमा एक महिनासम्म उपचार भयो।

जहदा गाविसका रामग्राम नपा-५ परासीका व्यापारी ३३ वर्षीय मोतिलाल चौधरीलाई आफ्ना कार्यकर्तालाई कुटपिट गर्नुका साथै हातसमेत काटेको आरोपमा ०६१ भदौ ७ गते उनकै पसलमा माओवादीले गोली हानी घाइते पारे। सामान किन्न आएका लिटिल एन्जेल्स इङ्लीश बोर्डिङ्ग स्कूलका



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका टेकनाथ सिग्देल र गुरुप्रसाद सुवेदी

विद्यार्थी १६ वर्षीय जीतेन्द्र अग्रहरी पनि सो घटनामा घाइते भए। पीडित दुवै जनाको पृथ्वीचन्द्र जिल्ला अस्पताल, परासीमा उपचार भयो।

प्रगतिनगर गाविस-२ मा माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी राखेको बम ०६१ मंसिर ७ गते विस्फोट हुँदा प्रगतिनगर गाविस-१ घर भई जनज्योति उच्च मावि, प्रगतिनगरमा कक्षा ९ मा अध्ययनरत १३ वर्षीय सरोज पाठक र ३ जना सैनिक जवान घाइते भए। पीडितहरुको स्थानीय अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

३५ जना बन्दी क्षमता भएको नवलपरासी जेल अत्यन्त जीर्ण छ। राणा सरकारको पालामा घोडा बाँध्न प्रयोग गरिएको भवनलाई जेलको रुपमा प्रयोग गरिएको हो। जेलमा हाल ५८ जना बन्दी छन्। जसमा २२ जना कैद तोकिएका र ५ महिला सहित ३६ जना नतोकिएका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

देउराली गाविस-२ कोलियाका ३० वर्षीय दुर्गाराज गौतमलाई ०६० फागुन ८ गते राति सादा पोशाकका सुरक्षाकर्मीले घर खानतलासी गरी गिरफ्तार गरी बेपत्ता पारे। सैनिक प्रवक्ताले पीडित मुठभेठमा मारिएको बताए पनि आधिकारिक पुष्टि हुन सकेन।

माओवादीबाट

अमरापुरी गाविस-६ का २८ वर्षीय डिल्लीराम पौडेललाई सुराकीको आरोपमा ०६० माघ ११ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई सोही ठाउँको सार्वजनिक चौतारामा ल्याई एक हप्तापछि मुक्त गरे।

रजहर गाविस-७ का ५३ वर्षीय शिवबहादुर खड्का र उनकी पत्नी ५१ वर्षीय विजुलादेवी खड्कालाई स्थानीय धुसेरी सामुदायिक वन समितिमा रही आर्थिक अनियमिनता गरेको आरोपमा ०६० फागुन ९ गते आफ्नै निवासबाट माओवादीले अपहरण गरे। पीडितहरुलाई यस्ता गल्ती नदोहोऱ्याउने शर्तमा ९ दिनपछि घरमा ल्याई मुक्त गरियो।

स्याङ्जा जिल्ला फापरथुम गाविस-३ घर भई सशस्त्र प्रहरी बेस क्याम्पका प्रहरी हवल्दारलाई ०६० फागुन २८ गते रामनगर गाविस-१ भुमहीबाट माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडितलाई सफाया गरेको भनिए तापनि आधिकारिक पुष्टि हुन सकेको छैन।

गैंडाकोट गाविस-५ का भवानी प्याकेजिङ्गका संचालक तारापति खरेल र चितवन जिल्ला भरतपुर नपाका कल्याण पियालाई जालसाजी गरी २० लाख रुपैयाँ ठगीको आरोपमा ०६० चैत ४ गते अफिसबाट माओवादीले अपहरण गरे। पीडितहरुलाई उक्त रकम फिर्ता गर्ने शर्तमा १५ दिनपछि मुक्त गरे।

मुकुन्दपुर गाविस-१ का एमाले इलाका कमिटी सदस्य ३९ वर्षीय पदमप्रसाद पौडेललाई सुराकीको आरोपमा ०६० चैत ११ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई एक हप्तासम्म आफ्नो नियन्त्रणमा राखी कुटपिट गरेर मुक्त गरे।

वेणिमणिपुर गाविस-१ का सोही गाविसका सचिव ३५ वर्षीय राजेन्द्र देवकोटालाई पुरानो सत्ताको आडमा पार्टीले प्रतिबन्ध लगाएका कार्य गरेको आरोपमा ०६० चैत २१ गते उनकै घरबाट माओवादीले अपरहण गरे। पीडितलाई त्यस्ता कार्य नदोऱ्याउने शर्तमा ३ दिनपछि मुक्त गरे।

जहदा गाविस-१ लेवडा घर भई पश्चिम नहर सिंचाई प्रणाली जमुनिया गाविस-४ मा सचिव ३५ वर्षीय मोहन चौधरीलाई सुराकीको आरोपमा ०६१ वैशाख १५ गते उनकै अफिसबाट माओवादीले अपहरण गरे। पीडिताई ५ दिनपछि मुक्त गरे।

जहदा गाविस-६ भटौलीया घर भई सोही गाविसका सचिव ४१ वर्षीय गणेशकुमार पौडेललाई सुराकीको आशंकामा ०६१ वैशाख १६ गते उनकै घरबाट माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

रजहर गाविस-८ वरटाँडीका २८ वर्षीय राजकुमार तामाङ्गलाई सुराकीको आरोपमा ०६१ जेठ ७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरे।

सरावल गाविस-८ का निवर्तमान वडाध्यक्ष ६० वर्षीय कृष्णप्रसाद पन्तलाई सुराकीको आरोपमा आफ्नै घरबाट ०६१ जेठ १६ गते माओवादीले अपहरण गरे। पीडित नुहाउन जाने बहानामा २ दिनपछि भागेर फर्किए।

डेढगाउँ गाविस-३ का निवर्तमान गाविस अध्यक्ष एवम् एमाले जिल्ला कमिटी सदस्य ४० वर्षीय श्यामसुन्दर श्रेष्ठलाई सुराकीको आरोपमा ०६१ जेठ १८ गते माओवादीले उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई जेठ २९ गते मुक्त गरे।

डेढगाउँ गाविस-९ का डेढगाउँ मावि उपभोक्ता समितिका अध्यक्ष तथा छात्रवृत्ति अक्षय कोषका अध्यक्ष ४८ वर्षीय सुदर्शन श्रेष्ठलाई टेलिफोन राखी सुरक्षाकर्मीलाई सघाएको आरोपमा ०६१ जेठ १८ गते उनकै घरबाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

नयाँबेलाहानी गाविस-२ का २६ वर्षीय लोकबहादुर गुरुङ्ग र सोही ठाउँका २४ वर्षीय विकास गुरुङ्गलाई माओवादीको नाममा विभिन्न घटना गरेको अरोपमा ०६१ जेठ २३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे।

पीडितमध्ये विकासलाई ३ दिनपछि र लोकबहादुरको दायाँ खुट्टा भाँची अपाङ्ग बनाएर अरुणखोला पुल नजिक पुऱ्याई मुक्त गरे।

नयाँबेलाहानी गाविस-८ का २८ वर्षीय निर्मल कुमाललाई विरोधी क्रियाकलाप गरेको आरोपमा ०६१ जेठ २५ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई ३ दिनपछि मुक्त गरे।

नयाँबेलाहानी गाविस-८ आरुङ्खोलाका २८ वर्षीय बुद्धिप्रसाद गौतमलाई ०६१ जेठ २५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरे।

नयाँबेलाहानी गाविस-८ का २२ वर्षीय रामेश्वर श्रेष्ठलाई ०६१ जेठ ३२ गते मैनाघाट गाविस-५ दमारबाट माओवादीले अपहरण गरी ४ दिनपछि सोही ठाउँबाट मुक्त गरे।

पक्लिहवा गाविसका निवर्तमान गाविस अध्यक्ष कृष्णानन्द कुर्मीलाई पार्टीलाई आँच आउने क्रियाकलाप गरेको आरोपमा ०६१ असार १ गते घरबाट माओवादीले अपरहण गरे। यस्ता कार्य दोहोऱ्याएमा कडा कारवाही गर्ने चेतावनी दिँदै तारेखमा आउने गरी ६ दिनपछि मुक्त गरियो।

बुलिङ्टार गाविस-१ बगैचाका दलित कल्याणकारी संघका गाउँ अध्यक्ष तथा एमाले गाउँ कमिटी सदस्य ६० वर्षीय ऋषिराम विकलाई चन्दा नदिएको र कार्यकर्तालाई धम्याएको आरोपमा ०६१ असार ४ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडित भागेर भारत गएकोमा सवारी दुर्घटनामा परी मृत्यु भयो।

पिठौली गाविस-५ घर भई लुम्बिनी डिग्री कलेज कावासोतीमा अध्यनरत विद्यार्थी २२ वर्षीय जीतेन्द्र सापकोटालाई ०६१ साउन ९ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई २ दिनपछि मुक्त गरे।

तिलकपुर गाविस-६ बासा घर भई पर्वत जिल्ला कुश्मामा कार्यरत सैनिक जवान ३१ वर्षीय ऋषिराम भरलाई घर बिदामा आएको बेला ०६१ साउन १७ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई जागिर छाड्ने शर्तमा भोलिपल्ट घरमै ल्याएर मुक्त गरे।

वेणिमणिपुर गाविस-५ का ६३ वर्षीय धनबहादुर वयम्बुलाई ०६१ साउन ३१ गते माओवादीले घरबाट अपहरण गरी धम्की दिई ३ दिनपछि मुक्त गरे।

जहदा गाविस घर भई प्रगतिनगर गाविस-४ मा बस्दै गरेका राष्ट्रिय अनुसन्धान विभाग कावासोतीमा कार्यरत २८ वर्षीय नारायणप्रसाद पौडेललाई ०६१ भदौ २१ गते प्रगतिनगर गाविस-३ स्थित बजारबाट माओवादीले अपहरण गरे। पीडितलाई जागिर छाड्ने शर्तमा प्रगतिनगर-८ धारापानीबाट माओवादीले सात दिनपछि मुक्त गरे।

पक्लिहवा गाविस-७ का ३५ वर्षीय ओमप्रकाश गुप्तालाई माओवादी प्रतिकार समिति गठन गर्दै हिँडेको आरोपमा ०६१ भदौ २४ गते उनकै घरबाट अपहरण गरे। पीडितलाई यस्तो कार्य दोहोऱ्याएमा भौतिक कारवाही गर्ने धम्की दिई दुई दिनपछि मुक्त गरे।

गुठीप्रसौनी गाविस-५ का दीपक मावि पक्लिहवाका प्रधानाध्यापक ४२ वर्षीय मख्खनलाल गुप्तालाई विद्यालयको आर्थिक रकम हिनामिना गरेको आरोपमा ०६१ भदौ २४ गते विद्यालयबाटै माओवादीले अपहरण गरे। हिनामिना गरेको रकम फिर्ता गर्ने गरी ३ दिनपछि मुक्त गरे।

पक्लिहवा गाविस-७ का ३६ वर्षीय कमलाकान्त तिवारीलाई माओवादी गतिविधिको विरोध गरेको र चोरी-डकैती गर्दै हिँडेको आरोपमा ०६१ भदौ २६ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरे।

मुकुन्दपुर गाविस-१ वेल्डीयाका अम्मरज्योति बाल आश्रयका संचालक एवम् एमालेका कार्यकर्ता ५५ वर्षीय डण्डलाल बरालीलाई सुराकीको आरोपमा ०६१ कार्तिक १४ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई मंसिर १३ गते मुक्त गरे।

दुर्गम पहाडी गाविसमा रहेका विभिन्न विद्यालयमा अध्यापन गर्ने १ सय ३ जना शिक्षकहरुलाई ०६१ पुस २ गते जनवादी शिक्षा दिन भनी अपहरण गरे। पीडितहरुलाई अपहरण नगरको, कार्यक्रममा उपस्थित गराउन लगेको भन्दै भोलिपल्ट मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जिल्ला वन कार्यालयका कर्मचारी ५५ वर्षीय तिलकबहादुर थापालाई माओवादीले कार्यालयमा बम पड्काउँदा ध्यान नदिएको भन्दै ०६० पुस २३ गते कार्यालय हातामै सुरक्षाकर्मीले कुटपिट गरे। पीडितले कारवाहीको माग गरे पनि कारवाही भएन।

वेणिमणिपुर गाविस-५ देउराली टाँडीका ४० वर्षीय पिताम्बर विकलाई सोही गाउँमा माओवादी आएर बास बसेको आरोपमा ०६१ कार्तिक २५ गते छातीमा बन्दुक तेर्स्याई सुरक्षाकर्मीले ज्यानमार्ने धम्की दिए।

डेढगाउँ गाविस-३ की महिला स्वास्थ्यसेविका ४० वर्षीय भागिरथी ओझालाई माओवादीको आरोपमा ०६१ कार्तिक २५ गते परिचय दिँदादिँदै पनि सुरक्षाकर्मीले गाली-बेइज्जती गर्नुका साथै झोला र औषधी फालिदिए।

माओवादीबाट

रामग्राम नपाका मेयर किरण ज्ञवाली र उपमेयर शंकर रायलाई पटक-पटक दवाब दिँदा पनि राजीनामा

नदिएको आरोपमा कारवाही गर्ने धम्कीसहित ०६० माघ १७ गते माओवादीले विज्ञप्ति जारी गरे।

पडहरा दुवौलिया गाविस-५ का निवर्तमान गाविस अध्यक्ष ५७ वर्षीय पोखुप्रसाद गौडालाई माओवादी कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६१ वैशाख १८ गते उनकै घरमा माओवादीले कुटपिट गरी सख्त घाइते पारे। पीडितलाई उपचारार्थ गोरखपुर लगियो।

सरावल गाविस-७ का ३८ वर्षीय अफ्तार खाँलाई ०६१ वैशाख २३ गते राति आएका माओवादीले मुक्का र लाठी प्रहार गरी घाइते पारे। पीडितलाई उपचारार्थ भारतको गोरखपुर लगियो।

बुलिङ्टार गाविस-८ का २१ वर्षीय मानसिंह मुस्लिङमगर र सोही ठाउँका १९ वर्षीय भीमबहादुर सारुमगरलाई ०६१ कार्तिक २६ गते हेटौडाबाट सैनिकमा भर्ना हुन गेट पास लिएर आएका बेला अमरापुरी गाविस-३ बाट अपहरण गरी हात र आँखामा पट्टी बाँधी अज्ञातस्थलतर्फ पुऱ्याई भोलिपल्ट अमरापुरी गाविस ५ र ६ मा पर्ने पुलको डिलमा राखी दुवै जनाको दायाँ घुँडामा घन प्रहार गरी अपाङ्ग बनाए। पीडितहरुको भरतपुरमा उपचार गरियो।

गुठिसूर्यपुरा गाविस-५ का २६ वर्षीय इशाक अन्सारीलाई ०६१ मंसिर ३० गते उनकै घरबाट माओवादीले अपहरण गरी ठूलोखैरहवा गाविस-८ स्थित एक घरमा पुऱ्याई निर्मम यातना दिए। पीडितलाई उपचारार्थ भारतको गोरखपुर लगियो।

अन्यबाट

रामनगर गाविस-२ वडेराकी गीता पौडेललाई ०६१ मंसिर ९ गते माओवादी प्रतिकार समितिले समाती सुरक्षाकर्मीलाई बुझाए। त्यसरी नै ०६१ पुस १ गते गुठी सूर्यपुरा गाविस-३ गोवरैयाका ४५ वर्षीय रामकिशुन कुर्मीलाई, भुजहवा गाविस-३ का २६ वर्षीय रामबहादुर हरीजन, ठूलो खैरहवा गाविस-३ का ५८ वर्षीय माधव शाही र जमुनिया गाविस-४ गोपीगञ्जका ५२ वर्षीय गुणनिधी पोखरेललाई माओवादी प्रतिकार समितिको समूहले आ-आफ्नै घरबाट समाती निर्मम कुटपिट गरेर सुरक्षाकर्मीलाई बुझाए। पीडितहरुलाई नजरबन्दमा राखिएको छ।

नेपाल पत्रकार महासंघका जिल्ला सभापति एवम् मासमका अध्यक्ष ६५ वर्षीय कृष्णबहादुर कार्कीलाई माओवादी प्रतिकार समितिले आफ्ना भनाई नलेखेकोमा हत्या गर्ने धम्की दिँदै ०६१ पुस १२ गते एक प्रेस विज्ञप्ति जारी गरे।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका मानवअधिकारकर्मी नसरुल्लाह अन्सारी

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला प्रशासन कार्यालयमा १४ वटा मुद्दा दर्ता भए। १० वटा मुद्दा फैसला भए जसमा अधिकांश सार्वजनिक अपराध र हात हतियार तथा खरखजनासम्बन्धी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

मिथुकरम गाविसका निवर्तमान गाविस अध्यक्ष एवम् माओवादीद्वारा गठित गाउँ जनसरकार प्रमुख ऋषिराम ठाडामगरले ०६१ भदौ १ गते गाविस सचिव हरिनारायण आचार्यबाट बृद्ध र असाहय बृद्ध भत्ताको ३६ हजार ५ सय रुपैयाँ लिई फरार भए।

संरचना/सम्पत्ति क्षति

लुम्बिनी चिनी कारखाना सुनवलको स्टाफ ओसार-पसार गर्ने बसमा ०६० माघ ६ गते रामनगर गाविस-१ भुमहीमा स्टाफलाई उत्रन लगाई माओवादीले मट्टितेल छर्केर आगो लगाए। उक्त आगो स्थानीय जनताले निभाएकोले पुरै क्षति हुन पाएन।

वडहरा दुवौलीया गाविस-४ मा रहेको पूर्व गृह राज्यमन्त्री देवेन्द्रराज कँडेलको घरमा ०६० माघ २५ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

दिव्यपुरी र प्रगतिनगरको सीमा जंगलस्थित बौलाहा खोला पुलमा ०६० चैत ६ गते बुटवलबाट नारायणघाटतर्फ जाँदै गरेको १२३१ नम्बरको यात्रुबाहक बसमा यात्रा गरिरहेका यात्रुलाई उत्रन लगाई माओवादीले आगो लगाएर क्षति पुऱ्याए।

ठूलोखैरहवा गाविस-५ का निवर्तमान गाविस अध्यक्ष रमानन्द सिंहको दुई तले घरमा ०६० चैत ७ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारेर २ वटा ट्र्याक्टरमासमेत आगो लगाई क्षति पुऱ्याए।

प्रतापपुर गाविस-५ मा रहेको पूर्व भारतीय डिएसपी शम्भू दयालको घरमा रहेकी बृद्धालाई माओवादीले घरबाट बाहिर निकाली ०६० चैत १७ गते बम विस्फोट गराई ध्वस्त बनाए।

शाही नेपाली सेनाका कर्णेल ज्ञानेन्द्रजंग रायमाझीको प्रसौनी गाविस-७ स्थित दुई तले पक्की घरमा ०६० चैत १८ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

सुनवल गाविस-४ मा रहेको

काँइला इन्टरप्राइजेजको कोकाकोला लिएर गइरहेको ट्रकमा ०६० चैत १९ गते माओवादीले सोही गाविस-६ मा आगो लगाई १ लाख ८० हजार रुपैयाँ बराबरको कोक, ट्रक ध्वस्त पारे।

जमुनिया गाविस-१ सेमरीका तुलसी सुवेदीको घरबाट माओवादी निकट मधेशी मुक्ति मोर्चाको एक समूहले ०६१ जेठ २१ गते ७० हजार १ सय ६५ रुपैयाँ, एउटा भिडियो क्यामरा, एउटा टिभी, एउटा मोटरसाइकल र महत्वपूर्ण कागजात लुटेर लैजानुका साथै बाँकी सामानहरु तोडफोड गरेर ध्वस्त पारे। भाडामा बसेका एक व्यक्तिका छोराछोरीका पढ्ने किताब-कपीहरुसमेत नष्ट गरियो।

जिल्ला वन कार्यालयमा ०६० पुस २२ गते माओवादीले कुकर बम विस्फोट गराइ क्षति पुऱ्याएं।

नयाँबेलाहनी इलाका वन कार्यालयका सम्पूर्ण कागजात ०६० माघ ७ गते माओवादीले आगो लगाई नष्ट गरे।

कावासोती गाविस-५ स्थित सैनिक प्रवक्ता दीपक गुरुङ्को घरमा ०६० माघ ५ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। उक्त घटनाबाट १३ तोला सुन, १२ तोला चाँदी, ५० हजार नगद र ५० मुरी धान नष्ट भएको उनका बुबा पूर्व मेजर प्रेम गुरुङ्ले बताए।

जिल्ला शिक्षा कार्यालय भवनमा ०६० माघ २५ गते माओवादीले बम विस्फोट गराउँदा दर्ता-चलानी कोठा पूरै क्षतिग्रस्त भयो भने भवन चर्कियो।

रामग्राम नपा-२ स्थित मनोनित नगरप्रमुख किरण ज्ञवालीको घरमा ०६० फागुन ४ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

तमसरिया गाविसस्थित चोरमारा बजारमा ०६० फागुन ७ गते स्थानीय विकास मन्त्रालयको बा. १ झ ५७६४ को जीपमा माओवादीले आगो लगाई क्षति पुऱ्याए।

स्वाठी गाविस-८ स्थित परासी-सुनवल सडक खण्डमा ०६० फागुन २८ गते लु. १ त ८४ नं. को यात्रुवाहक जीपमा माओवादीले आगो लगाई क्षति पुऱ्याए।

विन्ध्यवासिनी सशस्त्र प्रहरी गण, बर्दघाटमा कार्यरत प्रहरी इन्स्पेक्टरको मनरी गाविस-२ स्थित घरमा माओवादीले ०६० चैत ६ गते बम विस्फोट गराई ध्वस्त पारे।

मनोनित जिविस सभापति चिन्तामणी पोखरेलको सरावल गाविस-२ स्थित घरमा ०६० चैत १३ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। सोही दिन प्रतापपुर गाविस-४ बेलटारीका अजय शाहीको घरमा पनि बम विस्फोट गराई क्षति पुऱ्याए।

जमुनिया गाविस-४ गोपीगञ्जस्थित जिल्ला सिंचाई कार्यालयको कम्पाउण्डमा पार्किङ्ग गरी राखिएको लु. १ ग. ४३२ र ११३ नं को ट्रक माओवादीले आगो लगाएर ध्वस्त पारे।

यस बाहेक कावासोती बजारस्थित इलाका मालपोत कार्यालय र रजहर स्थित इलाका प्रहरी कार्यालय तथा पञ्चनगर गाविस-२ स्थित एक जना सैनिक मेजरको घरमा पनि यसै वर्ष माओवादीले वम विस्फोट गरी क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

माकर गाविस-४ बर्दघाटका स्थानीय व्यापारी, शिक्षक, ठेकेदारलगायत्का व्यक्तिहरु माकर गाविस-४ बर्दघाटका धीरज शर्मा, धादिङ जिल्लाका ठेकेदार ३१ वर्षीय उमेश अर्याल, माकर गाविस-४ का ठेकेदार ४५ वर्षीय धुवप्रसाद उपाध्याय, सोही ठाउँका व्यापारी ५५ वर्षीय शोभाकर पोखरेल, २७ वर्षीय रामु सुवेदी, सोही ठाउँकी ५५ वर्षीय धनकुमारी सुवेदी, सोही ठाउँका त्रिवेणी बसपार्कमा गाडीभित्र सुतिरहेका ड्राइभर, खलासी, निकिता होटलका बसन्त थापालगायत् २५ जनालाई कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६० फागुन २२ गते सशस्त्र प्रहरी गण, बर्दघाटका प्रहरीले हातखुट्टा डोरीले बाँधी छाती र कुइनाले टेकेर हिंड्न लगाई, हिंड्न नसक्दा पछिल्तिरबाट बुटले हान्दै एक घण्टासम्म यातना दिए।

बडहरा दुवौतीय गाविस-७ का ४० वर्षीय अलिसेर धुनिया र सोही ठाउँका ३५ वर्षीय झिनक चमारलाई माओवादीको आरोपमा ०६० फागुन ३ गते उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लामो समयसम्म बेपत्ता पारे। पीडितहरुलाई नजरबन्दमा राखी ०६१ जेठ २५ गते पुनरावेदन अदालतको आदेशमा रिहा गरेकोमा पुनः रामग्राम गाविस-५ बुद्ध चोकबाट गिरफ्तार गरे। मानव अधिकारकर्मीहरुले त्यसको विरोधमा नाराबाजी गरेपछि तत्काल रिहा गरे।

पडहरा दुवौलीया गाविस-६ का ३५ वर्षीय झिनक चमार र सोही ठाउँका ३३ वर्षीय अलिशेर धुनियालाई माओवादीको आरोपमा ०६० फागुन ४ गते उनकै घरबाट गिरफ्तार गरी नजरबन्दमा राखी रिहा गरे।



विद्युतीय धरापमा परी घाइते भएका सरोज पाठक

प्रतापपुर गाविस-४ का २३

वर्षीय सन्दीप मिश्रलाई ०६० फागुन ९ गते विन्ध्यवासिनी सशस्त्र प्रहरी गण, बर्दघाटका प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि रिहा गरियो।

देउराली गाविस-४ की महिला संघकी जिल्ला सचिव एवम् शिक्षिका ३३ वर्षीय लक्ष्मी पाण्डेलाई माओवादीको आरोपमा ०६० फागुन १० गते राति उनकै घरबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ दिनपछि रिहा गरियो।

देउराली गाविस-३ का टेकनाथ सिग्देल र सोही गाविस-४ का गुरुप्रसाद सुवेदीलाई ०६० फागुन १० गते उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ३ महिना १४ दिनसम्म बेपत्ता बनाई नजरबन्दमा राखेकोमा ०६१ भदौ १९ गते ९० दिन पूरा गरी रिहा गरे लगत्तै पुन: गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितहरुलाई ०६१ मंसिर १९ गते रिहा गरियो।

देउराली गाविस-४ का ३४ वर्षीय गुरुप्रसाद सुवेदीलाई ०६० फागुन १० गते उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी लामो समयसम्म सार्वजनिक नगरी राखेकोमा पछि नजरबन्दमा राखी ०६१ मंसिर १९ गते रिहा गरे।

देउराली गाविस-३ का ३६ वर्षीय टेकनाथ सिग्देललाई ०६० फागुन १० गते राति उनकै घरमा सुतिरहेको बेला सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट अपहरण शैलीमा गिरफ्तार गरी ३ महिना सम्म बेपत्ता बनाई नजरबन्दमा राखेकोमा ०६१ मंसिर १९ गते रिहा गरे।

देउराली गाविस-२ का ४५ वर्षीय लेकबहादुर विक र ३० वर्षीय बलबहादुर विकलाई माओवादीको आरोपमा ०६० फागुन १० गते राति सादा पोशाकका सुरक्षाकर्मीले घर खानतलासी गरी उनकै घरबाट गिरफ्तार गरे। पीडितलाई ९ दिनसम्म सैनिक हिरासतमा राखी रिहा गरियो।

पञ्चनगर गाविस-८ का पुरोहित ५५ वर्षीय शनी अधिकारीलाई ०६० चैत ६ गते सादा पोशाकमा आएका सशस्त्र प्रहरीले गिरफ्तार गरी नम्बर प्लेट ढाकेको मोटरसाइकलमा लगेकोमा १ महिनापछि रिहा गरे।

पञ्चनगर गाविस-८ का ३५ वर्षीय जीतबहादुर चौधरीलाई माओवादीको आशंकामा ०६० चैत ७ गते उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २१ दिनसम्म हिरासतमा राखी २७ गते रिहा गरे।

पञ्चनगर गाविस-३ का २६ वर्षीय कृष्णबहादुर पौडेललाई माओवादीको आशंकामा ०६० चैत ८ गते उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी २० दिनसम्म हिरासतमा राखी रिहा गरे।

सुनवल गाविस-८ संगमटोलका ३२ वर्षीय पदमप्रसाद सिलवाललाई ०६० चैत २७ गते राति उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी १ महिनापछि रिहा गरे।

डेढगाउँ गाविस-९ का जनता प्राविका प्रधानाध्यापक ४० वर्षीय छविलाल ओझालाई माओवादीको आरोपमा ०६१ वैशाख २५ गते विद्यालय परिसरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिँदै डेढगाउँ माविमा क्याम्प खडा गरी निर्मम यातना दिए। पीडितलाई सोही दिन जमानतमा रिहा गरियो।

डेढगाउँ गाविस-३ को एक घरमा काम गरी बस्ने १४ वर्षीय बुद्धिबहादुर थापालाई माओवादीको आरोपमा ०६१ वैशाख २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन जमानतमा रिहा गरे।

सुनवल गाविस-७ की १४ वर्षीय लिला परियारलाई सोही ठाउँको जंगलमा दाउरा काट्न गएको बेला ०६१ असार ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी उमेर बढाएर नजरबन्दमा राखिएकोमा ३ महिनापछि बाबु र विद्यालयका प्रधानाध्यापकको जमानतमा रिहा गरियो।

शिवमन्दिर गाविस-८ हात्तीखोलाका विद्यार्थीहरु १६ वर्षीय मनोज बिरकट्टा, दलबहादुर ठाडा मगर, १६ वर्षीय टेकबहादुर पुलामी र १५ वर्षीय युवराज पुलामीलाई ०६१ साउन २८ गते उनकै घरबाट गिरफ्तार गरी आफूहरुका सामग्री र हात हतियारसमेत बोकाई पहाडतिर उकालो बाटोमा भारी बोकाई ४ घण्टापछि रिहा गरे।

चितवन जिल्ला गितानगर गाविस-२ घर भई भरतपुर मेडिकल कलेजमा उपचार गर्न गएका १९ वर्षीय रोशन सापकोटालाई सुरक्षाकर्मीले गिरफ्तार गरी परासीस्थित कारागारमा नजरबन्दमा राखेकोमा ९० दिन पूरा गरी रिहा भए लगत्तै ०६१ असोज १४ गते पुन: गिरफ्तार गरी नजरबन्दमा राखे।

हरपुर गाविस-१ सुगौलीका २५ वर्षीय नाजीर दर्जीलाई माओवादीको आरोपमा ०६१ साउन १ गते हरपुर गाविस-४ भक्सीपुर चोकबाटसुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई ३ महिनापछि कार्तिक १२ गते रिहा गरे लगत्तै पुन: गिरफ्तार गरी नजरबन्दमा राखियो।

शिवमन्दिर गाविस-८ कोइलापानीका अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष एवम् माओवादीका न्याय प्रमुख ३८ वर्षीय गोविन्द अधिकारी, धोवादी गाविस-६ शंखदेवका माओवादीद्वारा घोषित मगरात स्वायत्त प्रदेशका सदस्य एवम् राष्ट्रिय मुक्ति मोर्चाका सदस्य २८ वर्षीय ईश्वर गाहामगरलाई ०६१ कार्तिक २३ गते बुलिङटार गाविस-३ स्थित एक पसलमा चिया पिउँदै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरु दुवै जनालाई तनहुँ जेलमा नजरबन्दमा राखिएको छ।

नेमाधिसं जिल्ला अध्यक्ष एवम् मानवअधिकार समन्वय समितिका जिल्ला सदस्य तथा पाल्ही बहुमुखी

क्याम्पसका प्रमुख ४२ वर्षीय कैलाश ठाकुर, एमनेष्टी इन्टरनेशनलका जिल्ला संयोजक तथा नेपाल वार एशोसिएसन मानवअधिकार समिति संयोजक धन शर्मा जैसी र अधिवक्ता एवम् नेमाधिसंका जिल्ला सह-सचिव २८ वर्षीय नसरुल्लाह अन्सारीलाई ०६१ पुस ९ गते राति माओवादी आक्रमणबाट भएको क्षतिको अध्ययन-अनुगमन गर्न पुस १० गते पक्लिहवा गाविस-४ रतनगञ्जमा गएको बेला आक्रोशित माओवादी प्रतिकार समितिका व्यक्तिहरुले समातेर कुटपिट गर्दा प्रहरी इन्स्पेक्टर नेत्र कार्कीले सुरक्षित लैजान भनी ट्रकमा राखेकोमा उक्त ट्रकभित्र आँखामा पट्टी बाँधी पछाडि हात फर्काएर यातना दिँदै परासी पुऱ्याए। परिचय दिँदादिँदै पनि पीडितहरुलाई अपमानजनक व्यवहार गरियो। उनीहरुलाई बारका अध्यक्ष एवम् मानवअधिकार समन्वय समितिका संयोजक सुदर्शन पन्तको जमानतमा तारेखमा रिहा गरियो।

बालअधिकार

मुकुन्दपुर गाविस-३ की १४ वर्षीय एक बालिकालाई ०६० पुस २३ गते हतियारधारी डाँकाहरुले जबरजस्ती घरभित्र पसी अभिभावक सबैलाई एकै ठाउँमा बाँधी जबरजस्ती पालैपालो बलात्कार गरी बेहोस बनाई फरार भए।

शिवमन्दिर गाविस-२ का १४ वर्षीय एक बालकलाई सोही गाविस-३ स्थित एक होटलबाट भारतीय मुलुकको जस्तो देखिने लट्टा पालेको एक व्यक्तिले सेतो रुमाल सुँघाई बेहोस बनाई ०६१ असार २३ गते अपहरण गऱ्यो। पीडित भोलिपल्ट रेल स्टेशन अगाडि ठूला-ठूला अटैंची र झोला देखी त्यहाँबाट भागेर आउन सफल भए।

त्रिवेणी सुस्ता गाविस-६ का राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रबन्धक ५८ वर्षीय सयलसुन्दर मिश्रको डेरामा काम गरी बस्ने १० वर्षीय एक बालिकालाई मिश्रले आफ्नै डेरामा ०६१ असार ३१ गते बलात्कार गर्ने प्रयास गरे। पीडित रुँदै आएकाले स्थानीय महिलाले पीडकलाई मोसो र जुत्ताको माला लगाई बर्दघाट बजार घुमाई सुरक्षाकर्मीलाई बुझाए पनि कारवाही भएन।

बेणिमणिपुर गाविस-५ की १४ वर्षीय एक बालिकालाई ६३ वर्षीय धनबहादुर वयम्पुले ०६१ साउन २२ गते बलात्कार गरे। पीडकलाई कारवाही भएन।

गेरमी गाविस-१ की १२ वर्षीय एक बालिकालाई ०६१ भदौ २२ गते सोही गाविस-७ का १९ वर्षीय शबिर अलीले घर नजिकको सिसौघारीमा पुऱ्याई बलात्कार प्रयास गरे। पीडक फरार छन्।

शिवमन्दिर गाविस-३ की १३ वर्षीय बालिकालाई ०६१ असोज ३ गते सोही गाविस-९ का भुलकप्रसाद दाहाल र ४० वर्षीय केमराज डुमेले बलात्कार गरे। पीडकहरु फरार छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

दाउन्ने गाविस-७ की ३६ वर्षीय एक लाटी र अपाङ्ग महिलालाई ०६१ साउन १० गते बारीमा घाँस काट्दै गर्दा सोही ठाउँका २२ वर्षीय विजय लामाले बलात्कार प्रयास गरे। गाउँलेले थाहा पाएपछि पीडकलाई भाग्ने प्रयास गर्दागर्दै गाउँलेले समाती प्रहरीलाई बुझाएपछि पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पारिवारिक हिंसा

अग्यौली गाविस-९ की २७ वर्षीय शान्ती महतोलाई ०६१ असार १ गते सासु ४५ वर्षीय महर्जनी महतो र जेठाजू २८ वर्षीय भिमबहादुर महतोले घरमै सुतिरहेको बेला घाँटी च्यापेर हत्या गरे। पीडकहरु पुर्पक्षको लागि थुनामा छन्।

सबै प्रकारका जातीय विभेद

रामग्राम नपा-२ का २० वर्षीय सुनिता हरिजन र सोही ठाउँका २२ वर्षीय विदेश काहारले अन्तरजातीय विवाह गरेको आरोपमा ०६० पुस २५ गते काहारका बाबु जीतबहादुरले घरभित्र पस्नबाट वञ्चित गरेकोमा हरिजन सेवा समितिको पहलमा समझदारी भई घरभित्र पस्न दिइयो।

रामपुर खडौना गाविस-५ का २६ वर्षीय छोटेलाल चमारलाई ०६० पुस २६ गते सोही गाविस-८ को रघुनाथ गुप्ताको घरमा मजदुरी गरेको पारिश्रमिक लिन गएको बेला सोही ठाउँका २७ वर्षीय मधुसुधन तिवारीले अछुत भन्दै अमानवीय व्यवहार तथा कुटपिट गरे। पीडितलाई उपचार खर्च दिने र अब त्यस्ता कार्य नगर्ने शर्तमा मिलापत्र भयो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ३१ महिला र ४२ जना पुरुष गरी ७३ जनाले आत्महत्या गरे। सवारी दुर्घटनामा २७ पुरुष र १४ महिलाको मृत्यु भयो। ३ महिला र ५ पुरुष गरी ८ लाश फेला परे। बाघको आक्रमणबाट १ महिला र १ पुरुषको मृत्यु भयो।

त्यसैगरी व्यक्तिगत रिसइवीका कारण भएका हत्याका १८ घटनामा ५ महिला र ३ बालबालिकासहित २४ जनाको मृत्यु भयो।

विगतको अनुगमन

०५५ साल यता गिरफ्तार गरिएका ११ जना माओवादी कार्यकर्ताको अवस्था सार्वजनिक भएको छैन।

३.८ रुपन्देही



जनसंख्या : ७९८८८१
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३३
क्षेत्रफल (वर्ग कि. मि.) : १४०१
गाविस/नपा संख्या : ६९/२
निर्वाचन क्षेत्र : ५
विद्यालय : ४६७
क्याम्पस/उच्च मावि : २/३०
अस्पताल/स्वास्थ्य चौकी : ५/६९
टेलिफोन लाइन : २२०००
मोटर सडक (कि. मि.) : १०९२.६४
प्रहरी कार्यालय संख्या : १३
हुलाक संख्या : ४५
मानव विकास सूचकांक : ०.३६१
प्रति परिवार सरदर संख्या : ६.७८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

परौंहा गाविस-९ सेरुवा गाउँमा एक घरमा बसिरहेका माओवादी कार्यकर्ताहरु शिवहरी तिमिल्सिना, दुर्गा पाण्डे, प्रकाश काफ्ले र गोविन्द थापाको ०६० फागुन १७ गते राति सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। घरभित्र बसेका माओवादीहरुसँग एक रसियन पेस्तोल भेटिएको सुरक्षाकर्मीले बताए। घटनापश्चात् गाउँलेका घरमा खानतलाश गरी सुरक्षाकर्मीले राति चारवटा लाश लिई हिँडेको प्रत्यक्षदर्शीले बताए।

मधुवनी गाविस-४ का राकेश लोध नामका एक माओवादीको लाश ०६१ जेठ १५ गते फेला पर्‍यो। इलाका प्रहरी कार्यालयबाट गस्तिमा हिँडेको बेला मधुवनी पुग्दा ८-१० जना माओवादीले आक्रमण गरेपछि प्रतिकार गर्दा १ जनाको मृत्यु भएको र अन्य भागेको प्रहरीले बताए। माओवादीले आफ्नो कार्यकर्ता राकेश लोधलाई सिपवा गाविस-४ बाट गिरफ्तार गरी मधुवनी पुर्‍याई गरिएको सार्वजनिक जानकारी गराए।

सिपवा गाविस-५ का ३५ वर्षीय त्रिभुवन यादव र सोही गाविस-२ का ३० वर्षीय महेश यादव माओवादीको आरोपमा ०६१ असार २० गते बिहान सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सुरक्षाकर्मी गस्तिमा हिँडेको बेला सकेट बम प्रहार गर्ने २ माओवादीको सुरक्षा कारवाहीमा मृत्यु भएको र १ थान पेस्तोल, ३ गोली, बमसमेत बरामत गरको कुरा प्रहरीले बताए। माओवादीले सो घटनामा आफ्नो पार्टीको कुनै संलग्नता नरहेको र मारिनेहरु आफना कार्यकर्ता नभई सर्वसाधारण भएको सार्वजनिक गरे। मृतकहरु माओवादी नभएको र राति घरमा सुतिरहेको बेलामा घर घेरा हाली गिरफ्तार गरी राजमार्गमा हात बाँधी "भाग घर जा" भनी दौडन लगाई गोली हानी बिहान गाई-भैंसी चराउनेहरुसँग सही गराई मुचुल्का खडा गरी हिंडेको मृतकहरुका आफन्तले बताए।

अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष रवीलाल न्यौपाने र सदस्य पिताम्बर पौडेलको ०६१ असार २२ गते सूर्यपुरा गाविस-१ धुस्सामा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। गिरफ्तार गरेपछि सुरक्षा घेरा तोडी भाग्न लाग्दा कारवाही हुँदा मृत्यु भएको र विभिन्न खालका कागजपत्र, चन्दा रसिदहरु बरामद गरेको सुरक्षास्रोतले जनायो।

बेतकुइया गाविस-३ का ३० वर्षीय रामउग्र कुर्मीको ०६१ असार ३१ गते सुरक्षाकर्मीले चलाएको गोलीबाट मृत्यु भयो भने सोही गाविस-४ का २० वर्षीय सिपाइस अली घाइते भए। दिनभर खेतमा काम गरी साँझ बजारमा गई केही गहुँ बेची तरकारी खरीद गरिरहेको बेला सुरक्षाकर्मीले गोली चलाउँदा सो घटना भएको थियो। घाइतेको भीम अस्पताल, भैरहवामा उपचार गरियो। गाउँलेहरुले ०६१ साउन १ गते लाश बोकी जिल्ला प्रशासन कार्यालयमा आई दोषीउपर कारवाही गरिनुपर्ने, मृतकका परिवार र घाइतेलाई क्षतिपूर्ति दिनुपर्ने माग राख्दै घेराऊ गरेपछि प्रशासनले घाइतेलाई उपचार खर्च र मृतकका परिवारलाई क्षतिपूर्ति दिने बताएपछि घेराउ रोकिएको थियो।

आमा गाविस-३ मा माओवादीका जिल्ला सदस्य दरोजा थारुको ०६१ भदौ ४ गते बिहान सुरक्षा कारवाहीमा मृत्यु भयो। माओवादीले गिरफ्तार गरी हत्या गरेको भन्दै भदौ १५ गते रुपन्देही बन्दको आयोजना गरी विरोध जनायो।

सूर्यपुरा गाविस-३ का नेभद अली, हर्नैया गाविस-२ का सुनकेशरी लोध, मानपकडी गाविस-३ का रामसुवास चौधरी, अमवा गाविस-९ का इन्द्र सहनीलगायत्का माओवादी कार्यकर्ताको ०६१ असोज ११ गते

राति सूर्यपुरा गाविस-२ मा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। सुरक्षाकर्मीले प्रत्याक्रमण गर्दा मृत्यु भएको जनायो भने माओवादीले आफ्ना कार्यकर्तालाई नियन्त्रणमा लिई हत्या गरेको सार्वजनिक गरे। घटना भएको ३ दिनसम्म कसैले लाश नउठाएपछि मानवअधिकारकर्मी, पत्रकारसमेत घटनास्थल गई प्रशासनको सहमत जुटाई अन्तिम संस्कार गरिएको थियो।

मानमटेरिया गाविस-३ का ३५ वर्षीय नाथुप्रसाद चौधरी र सोही ठाउँका ३६ वर्षीय रामकिसुन यादवलाई माओवादीको आरोपमा ०६१ असोज २७ गते सुरक्षाकर्मीले कारवाहीमा मृत्यु भयो। संयुक्त सुरक्षाकर्मीले सर्चमा गएको वेला मृतकहरुको प्रत्याक्रमणमा मृत्यु भएको बताउँदै सकेट वम र कागजात बरामद गरेको जनाए पनि गाउँलेहरुले मृतकहरु सामान्य कृषक रहेको बताए।

रुद्रपुर गाविस-४ सन्डवाका ६१ वर्षीय कमल पौडेलको आफूहरुमाथि सकेट बम प्रहार गरेको आरोपमा ०६१ मंसिर ३ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। सुरक्षाकर्मीले उनलाई मंसिर ३ गते विहान घरबाट गिरफ्तार गरेका थिए।

छिपागढ गाविस-६ का ३२ वर्षीय मुन्ना पासी र रुपन्देही जिल्ला माओवादी पार्टी सदस्य २८ वर्षीय कुस्माखर गैरेलाई ०६१ मंसिर १० गते सुरक्षाकर्मीद्वारा धकधई गाविस-५ झुमा परासीमा जाँच गरिरहेको र उक्त स्थानमा पुगेका पीडितहरुलाई रोक्न खोज्दा नरोकिएको र फर्कन लागेपछि पिछा गर्दै गोली प्रहार गरेपछि मृत्यु भयो।

चितवन जिल्ला भरतपुर नपा-१ का २८ वर्षीय गोकुल भनिने विकास अधिकारी र धादिङका बसन्त भनिने ३२ वर्षीय नवराज सिम्खडा माओवादीको आरोपमा ०६१ मंसिर २५ गते सुरक्षाकर्मीद्वारा मधौलिया गाविस-५ वोहियाडाँडामा गोली हानी मारिए।

माओवादीबाट

गंगोलीया गाविस-१ मुडवरीका राष्ट्रिय अनुसन्धान विभागअन्तर्गत बुटवलमा कार्यरत सई २७ वर्षीय महेन्द्र खातीलाई ०६० फागुन १३ गते विहान माओवादीले गोली हानी हत्या गरे। पीडित घरमा बसिरहेको बेला २-३ जना आई "काम छ" भनी केही पर पुर्‍याई गोली हानेका थिए।

दुधराक्ष गाविस-९ बाँसगढीका गाडी चालकको काम गर्ने ३० वर्षीय गिरीराज अर्याललाई सुराकीको आरोपमा ०६० चैत १० गते माओवादीले गोली हानी हत्या गरे।

गुल्मी जिल्ला अग्लुङ गाविस-३ घर भई फस्ट राइफल गण, भरतपुरका सिपाही २० वर्षीय रामचन्द्र चन्दलाई सुराकीको आरोपमा ०६० चैत ११ गते राति देवदह गाविस-२ खैरेनीमा माओवादीले गोली हानी हत्या गरे। अस्थायी बसोबास गर्दै आएका पीडित घरमा आमा विरामी भएकाले भेट्न विदामा आएको बेला ०६० चैत ११ गते राति माओवादीले घरबाट बाटोमा पुर्‍याई गोली हानी हत्या गरिएको प्रहरीले बताए।

आनन्दवन गाविस-५ का राष्ट्रिय अनुसन्धानका सई ४८ वर्षीय यज्ञप्रसाद गैरेलाई सुराकीको आरोपमा ०६१ वैशाख १० गते सोही गाविस-३ मा माओवादीले गोली हानी हत्या गरे। जन्ती जानका लागि छिमेकीकोमा गएको बेला "तपाईसँग काम छ" भनी माओवादीले केही पर पुर्‍याई कञ्चटमा गोली हानी हत्या गरेका थिए।

दुधराक्ष गाविस-५ का २४ वर्षीय बुद्धि बस्याललाई नक्कली माओवादी बनी जनतालाई दुःख दिई पार्टीको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	९		९	३१	३३	२	३५	११	२२		२२
घाइते	१	१		१	४	२०		२०	४	४		४
गिरफ्तारी/यातना									४	६	२	८
वेपत्ता									५	७	१	८
कुटपिट	२	२		२	४	४		४	२	१३		१३
धम्की	१	१		१								
महिलाअधिकार	२		२	२								
वालअधिकार	२		२	२								
अपहरण					२	४		४				
जम्मा	१६	१३	४	१७	४१	६१	२	६३	२६	५२	३	५५

बदनामी गरेको आरोपमा ०६१ वैशाख २३ गते माओवादीले कुटपिट गरेकोमा उपचार हुँदाहुँदै भोलिपल्ट मृत्यु भयो।

देवदह गाविस-२ खैरेनीकी ४० वर्षीय देउकी गुरुङ्गलाई सुराकीको आरोपमा ०६१ जेठ ४ गते राति माओवादीले गोली हानी हत्या गरे। पीडितका पति देवबहादुर गुरुङ्ग घरमा नभएको बेला घरमा आई "काम छ" भनी माओवादीले लगेकोमा भोलिपल्ट उनको लाश फेला परेको थियो।

सकौनपकडी गाविस-४ का ४५ वर्षीय कुदे लोनियालाई सुराकीको आरोपमा ०६१ जेठ २९ गते माओवादीले हत्या गरे।

गुल्मी जिल्ला म्यालपोखरी घर भई ०६१ असार १ गते सेनामा नियुक्ति पाएका २५ वर्षीय विजय खत्रीलाई चोरीका विभिन्न घटनामा संलग्न भएको आरोपमा ०६१ असार ४ गते सौराहा फर्साटिकर गाविस-१ मा बिहान माओवादीले गोली हानी हत्या गरे।

मसिना गाविस-९ का ३५ वर्षीय आसिक अलीलाई चोरीको विभिन्न घटनामा संलग्न भएको आरोपमा ०६१ असार ३ गते माओवादी र गाउँलेहरुले कुटपिट गर्दा मृत्यु भयो। मृतकले भैंसी व्यापार गर्ने गरेको र चोरीका विभिन्न घटनामा संलग्न भएकाले नियन्त्रणमा लिई कारवाही गर्दा पार्टी कार्यकर्ताको रोहवरमा गाउँले जनताको सामुहिक कुटपिटबाट मृत्यु भएको माओवादीले सार्वजनिक जानकारी गराए। लाश पोष्टमार्टमका लागि भीम अस्पताल, भैरहवा पठाइयो।

तेनुहवा गाविस-३ का ३८ वर्षीय रियाज मुसलमानलाई सुराकीको आरोपमा ०६१ असार १७ गते माओवादीले हत्या गरे। लाश पोष्टमार्टमका लागि भैरहवा अस्पतालमा पठाइएको प्रहरीले जनाए।

बोदवार गाविस-६ घर भई जिप्रकाका परिचर ३५ वर्षीय शंकर नाउलाई सुराकीको आरोपमा ०६१ असार २७ गते माओवादीले गोली हानी हत्या गरे। काम विशेषले धकधई गएको बेला त्यहाँबाट समाती छोटकी रामनगर गाविस-६ मझौलीया चोकमा पुऱ्याई हत्या गरी लाश फ्याँकिएको थियो।



सुरक्षाकर्मीद्वारा मारिएका कमल पौडेल

मोतिपुर गाविस-९ मनहरापुर घर भई राष्ट्रिय अनुसन्धानमा असई पदमा धादिङ दरबन्दी भई बुटवलमा काजमा कार्यरत ३९ वर्षीय अरुण केसीलाई सुराकीको आरोपमा ०६१ असार २९ गते राति सौराहा फर्साटिकर गाविस-१ मा पुऱ्याई माओवादीले गोली हानी हत्या गरे।

फर्साटिकर गाविस-१ का ४५ वर्षीय रामप्रसाद भट्टराईलाई सुराकीको आरोपमा ०६१ साउन ४ गते दयानगर गाविस-३ छपीयामा पुऱ्याई माओवादीले गोली हानी हत्या गरे। सार्वजनिक टेलिफोन बुथ सञ्चालन गरी बसेका पीडितलाई "केही काम छ" भनी घरबाट दयानगर पुऱ्याएर गोली हानिएको थियो।

आमा गाविस-३ का ४० वर्षीय मख्खु लोध, सोही गाविसका ३० वर्षीय नग्गु लोध र बेतकुइया गाविस-३ का ३५ वर्षीय ध्रुवप्रसाद मौर्यलाई प्रतिकार समितिमा बसेको आरोपमा ०६१ भदौ ३ गते माओवादीले कुटपिट गरी हत्या गरे।

रायपुर गाविस-५ सुवरहवाका ६० वर्षीय चिनक तिवारीलाई गाउँले जनतालाई दु:ख दिएको भन्दै ०६१ भदौ १० गते राति माओवादीले कुटपिट गरी हत्या गरे।

दशरथचन्द नपा-६ का शार्दुलगण रामनगर बुटवलका सैनिक ३० वर्षीय देवानसिंह कार्की र सोही ठाउँमा कार्यरत सुनाखरी गाविस-३ दोलखाका २८ वर्षीय रामशरण रानालाई ०६१ भदौ १२ गते बिहान बुटवल नपा-६ हाटबजारमा माओवादीले गोली हानी हत्या गरे।

दुधराक्ष गाविस-६ का ४० वर्षीय मानप्रसाद श्रेष्ठलाई सुराकीको आरोपमा ०६१ भदौ १२ गते राति माओवादीले परौहा गाविस-१ मा घाँटी रेटी हत्या गरे।

भगवानपुर गाविस-२ नन्दनगरका ३५ वर्षीय इन्द्रजीत गिरीलाई माओवादीको विरोधमा लागी प्रितम पाण्डेलाई सघाएको आरोपमा ०६१ भदौ १२ गते राति लुम्बिनी आदर्श गाविस-१ मा माओवादीले कुटपिट गरी हत्या गरे।

दुधराक्ष गाविस-५ रामापुरका २५ वर्षीय हरि अधिकारीलाई सुराकीको आरोपमा ०६१ भदौ १६ गते बुटवल नपा-१४ तामनगरमा माओवादीले घाँटी रेटी हत्या गरे।

रुद्रपुर गाविस-६ का ३८ वर्षीय जीवन केसीलाई सुराकीको आरोपमा ०६१ भदौ १८ गते माओवादीले घाँटी रेटी हत्या गरे।

आमा गाविस पैसहीयाका ५० वर्षीय मुरली यादवलाई आफ्नो कार्यकर्ताको हत्यामा संलग्न भएको भन्दै ०६१ भदौ १८ गते माओवादीले कुटपिट गरी हत्या गरे।

असुरैना गाविस-२ का ४५ वर्षीय रामचन्द्र गुप्तालाई सुराकीको आरोपमा ०६१ भदौ १८ गते बजार गएको बेला ६ जनाको समूहमा आएका माओवादीले गोली



सुरक्षाकर्मीद्वारा मारिएका मुन्ना पासी

हानी घाइते बनाएकोमा उपचारार्थ अस्पताल ल्याउँदा बाटोमा मृत्यु भयो।

बिसुनपुरा गाविस-४ क्योटीलीयाका ३६ वर्षीय अब्दुल मजीदलाई घमण्ड देखाएको आरोपमा ०६१ भदौ २० गते माओवादीले कुटपिट गरी हत्या गरे। माओवादीले उक्त घटनाको जिम्मा नलिए पनि उक्त घटना माओवादीबाट भएको गाउँलेहरुले बताए।

चितवन जिल्ला भरतपुर नपा-१ घर भई जिप्रकामा कार्यरत २५ वर्षीय रामकुमारी कुवँर र स्याङ्जा जिल्ला पुतलीबजार नपा-८ का इन्द्रबहादुर घर्तीलाई ०६१ भदौ २५ गते बिहान सिद्धार्थनगर नपा-९ अञ्चलपुर चेकपोष्टमा ड्युटीमा रहेको बेला माओवादीले बम विस्फोट गराई हत्या गरे।

स्याङ्जा जिल्ला ठूलादिही गाविस-१ घर भई जिप्रका कपिलवस्तुमा कार्यरत असई ३५ वर्षीय छविलाल रेग्मीलाई ०६१ भदौ २५ गते राति लुम्बिनी आदर्श गाविस-१ लुम्बिनीमा माओवादीले गोली हानी हत्या गरे। पीडित कपिलवस्तुबाट कामको सिलसिलामा भैरहवा आउँदै गरेको बेला माओवादीले अपहरण गरी हत्या गरेका थिए।

चिल्हीया गाविस-२ का ५० वर्षीय वासुदेव चौधरी ०६१ भदौ २५ गते सिद्धार्थनगर नपा-९ मा माओवादीले गरेको बम विस्फोटमा परी घाइते भएकोमा ०६१ असोज १० गते उपचार हुँदाहुँदै मेडिकल कलेज, पक्लिहवामा मृत्यु भयो। पीडित घटनास्थल नजिकै रहेको न्यू गौतम सेनेटरीमा मजदुरी गरिरहेको बेला माओवादीद्वारा बम विस्फोट गराउँदा २ प्रहरीको समेत मृत्यु भएको थियो।

नवलपरासी जिल्ला रामग्राम गाविस-७ घर भई जिप्रका रुपन्देहीका प्रहरी जवान २५ वर्षीय रामनरेश यादवलाई सुराकीको आरोपमा ०६१ कार्तिक १७ गते धकधई गाविस-७ मा माओवादीले घाँटी रेटी हत्या गरे। बिदामा घर गई घरबाट हाजिर हुन मोटरसाइकलमा रुपन्देहीतर्फ आइरहेका बेला धकधई गाविस-७ मा समाती माओवादीले हत्या गरेका थिए।

पाल्पा जिल्ला गेझा गाविस-९ घर भई जिप्रका कपिलवस्तुमा कार्यरत प्रहरी हवल्दार ३५ वर्षीय देवबहादुर नेपालीलाई सुराकीको आरोपमा ०६१ कार्तिक १९ गते रुद्रपुर गाविस-४ गरगरेमा माओवादीले गोली हानी हत्या गरे। पीडित निजी कामको सिलसिलामा रुपन्देही आएका थिए।

काठमाडौं जिल्ला धुम्बाराहीका, बुटवलमा कार्यरत राष्ट्रिय अनुसन्धान विभागका डीएसपी ५० वर्षीय हेमराज रेग्मीलाई ०६१ कार्तिक २६ गते बिहान माओवादीले गोली हानी हत्या गरे। २ वटा मोटरसाइकलमा आएका ४ जनाले आफ्नो घर अगाडि उभिएका रेग्मीलाई टाउको र पेटमा ३ गोली हान्दा घटनास्थलमै मृत्यु भएको थियो।

खुदाबगर गाविस-६ पिपराका राप्रपा जिल्ला सदस्य ४० वर्षीय वयतुल्ला फकीरलाई सुराकीको आरोपमा ०६१ पुस ४ गते माओवादीले घरबाट अपहरण गरी सूर्यपुरा गाविस-१ बजारमा पुस ४ गते बिहान टाउकोमा गोली हानी हत्या गरेका थिए।

बसन्तपुर गाविस-२ पतनीका १९ वर्षीय प्रहरी मदनमोहनकुमार भुजलाई सुराकीको आरोपमा ०६१ पुस ७ गते साँझ माओवादीले गोली हानी हत्या गरे। उक्त घटनामा पीडितका भाई सुदीपकुमार भुज र आशुतोष भुज पनि घाइते भए। घाइतेहरुको उपचार गोरखपुरमा गरियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

चितवन जिल्ला भरतपुर नपा-१२ घर भई बुटवल नपा-६ लक्ष्मीनगर डेरा गरी बस्ने २५ वर्षीय अर्जुन विक ०६१ जेठ १३ गते कर्फ्यू उल्लंघन गरेको आरोपमा प्रहरीले गोली हान्दा घाइते भए। राति १० बजेपछि कर्फ्यू लाग्ने गरेको भए पनि १० बजेको ख्याल नगरी कोठातर्फ जान लागेका पीडित गोली लागी घाइते भएपछि स्थानीय अस्पतालमा उपचार भयो।

सिद्धार्थनगर नपा-१२ देवकोटा चोकमा ०६१ भदौ ७ गते साँझ सैनिकले चलाएको गोलीबाट भारत घर भई युनिभर्सल मेडिकल कलेजमा अध्ययनरत २५ वर्षीय नवील भुजीम खाँ घाइते भए। राष्ट्र बैंकको सुरक्षामा रहेका सुरक्षाकर्मी मादक पदार्थ सेवन गरी प्रहरीलाई गाली गरेर हिंडेको बेला प्रहरीले नियन्त्रणमा लिएपछि अन्य सुरक्षाकर्मी आई सुरक्षापोष्टतर्फ लगेपछि मातेका सेनाले हतियार लिई पोष्टमा गई प्रहरीलाई लक्षित गरी गोली चलाउँदा प्रहरीको बा. १ भ ४७४७ नं. को गाडीमा गोली लाग्यो र पसलमा सामान किन्दै गरेका खाँलाई गोली लागेको थियो।

मुजुङ गाविस-६ घर भई बुटवलमा व्यापार गर्ने ३० वर्षीय चन्द्रबहादुर बमडेल ०६१ भदौ १७ गते प्रहरीले चलाएको गोली लागी घाइते भए। इराकमा १२ जना नेपालीको हत्या गरिएको विरोधमा र्‍याली प्रदर्शन र तोडफोड भएको बेला प्रहरीले १२ राउण्ड हवाई फायर गर्दा पीडितको बायाँ कोखामा १ गोली लागी घाइते भएका थिए। उनको उपचार बुटवल अञ्चल अस्पतालमा भयो।

माओवादीबाट

बुटवल नपा-५ गोलपार्कका बुटवल नपाका मनोनित प्रमुख ५० वर्षीय पुनाराम पोखरेललाई राजीनामा नगरेको आरोपमा ०६१ वैशाख १५ गते माओवादीले गोली हानी घाइते बनाए। मनोनित नगर प्रमुखलाई माओवादीले राजीनामा दिन दबाब दिइरहेको र राजीनामा नदिएपछि हत्या गर्न गोली प्रहार गरिएको थियो। पीडितलाई ६ वटा गोली लागेको थियो।

बुटवल नपा-११ बसपार्कनजिकै ०६१ जेठ १२ गते गस्तिमा हिँडेको प्रहरीको गाडीमा बम प्रहार गर्दा प्रहरी र सर्वसाधारण घाइते भए। घाइते हुनेमा बुटवल नपा-११ का २३ वर्षीय विक्रम श्रेष्ठ, सोही ठाउँका १४ वर्षीय सविन खाँ, ४२ वर्षीय गंगाराम चौधरी, १२ वर्षीय केशव थापा, देवदह गाविस-४ का ४० वर्षीय चिन्तामणी खनाल, प्रहरीहरुमा हवल्दार भरत रोक्का, जवान पासाङ्ग तेन्जीङ्ग शेर्पा, चुडामणि कार्की, सहविन भण्डारी, दीपक खड्का, मोती गुरुङ्ग, तिलक विक र मिनबहादुर खत्री छन्। घाइतेहरुको बुटवल अञ्चल अस्पतालमा उपचार भयो।

सूर्यपुरा गाविसमा ०६१ पुस ४ गते माओवादीद्वारा हत्या गरिएका बयतुल्ला फकीरको लाश लिन भनी पुग्न लाग्दा विसुनपुरा काजीहवा कलभडमा सुरक्षाकर्मीको गाडी माओवादीले थापेको विद्युतीय धरापमा पर्दा ९ जना सुरक्षाकर्मीहरु घाइते भए। घाइतेहरुको काठमाडौंमा उपचार भयो। घाइते प्रहरीहरुमा नवीन कार्की, प्रभाकर रसाइली, टेकबहादुर खत्री, डिलबहादुर थापा, ओमनारायण पौडेल र ४ जना सैनिकका जवान थिए।

जेल र बन्दीहरू

यस जिल्लामा 'ख' श्रेणीको ६० जना बन्दी क्षमता भएको जेल छ। हाल यहाँ १ सय ६३ जना र बन्दी छन्। जसमध्ये ८४ जना कैद नतोकिएका र ७९ जना कैद तोकिएका छन्। ७९ जना केद तोकिएका बन्दीमध्ये ४ जना रहेका छन्। हप्ताको ३ पटक बन्दीहरुलाई आफन्तसँग भेट गर्न दिइन्छ। महिला र बालबालिका बन्दी छैनन्।

बेपत्ता / अपहरण

राज्यबाट

पर्रोहा गाविस-९ सेरुवाकी १४ वर्षीय पवित्रा थापालाई माओवादीको आरोपमा ०६० फागुन १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। कक्षा ८ मा अध्यनरत पवित्रा दुई वर्ष अगाडि माओवादीको साँस्कृतिक कार्यक्रममा नाचेको आरोपमा गिरफ्तार गरेका थिए। उनलाई भेट्न जादाँसमेत भेट्न नदिई यहाँ छैन भन्ने गरेको पीडितका बाबु रुपबहादुरले बताए।

माओवादीद्वारा मारिएका गणेश सापकोटा

गुल्मी जिल्ला देउराली गाविस-६ मुसीकोटका ४२ वर्षीय प्रेम नेपालीलाई माओवादीको आशंकामा ०६१ जेठ १६ गते सिद्धार्थनगर नपा-१ बेलीहयाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। दिल्लीबाट बोर्डिङ्ग स्कूलहरुका सामान ल्याई बेच्ने पीडितलाई सुनौली नाकाबाट विनाकारण गिरफ्तार गरी हालसम्म बेपत्ता बनाएको उल्लेख गर्दै पुनरावेदन अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दिएको र हालसम्म पत्ता लाग्न नसकेको उनकी पत्नीले बताइन्।

जोगदा गाविस-४ का २८ वर्षीय अयोध्या पासी र विसुनपुरा गाविस-९ का २६ वर्षीय ओमप्रकाश लोधलाई ०६१ भदौ ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कपिलवस्तु जिल्ला पटना गाविस-५ का राजन थापा, सोही गाविसका ढोढेप्रसाद यादव र प्युठान जिल्ला पकला गाविस-८ का प्रकाश रानालाई ०६१ भदौ ६ गते पुनरावेदन अदालत, बुटवलबाट रिहाइको आदेश दिइएकोमा सुरक्षाकर्मीले अदालत परिसरबाट पुनः गिरफ्तार गरी बेपत्ता पारे। भारतले ९० दिन अगाडि गिरफ्तार गरी सुपुर्दगी गरी कपिलवस्तु जेलमा रहेका पीडितहरुलाई बन्दी प्रत्यक्षीकरणको सुनुवाइमा पुनरावेदन अदालतले रिहाइको आदेश दिएपछि सादा पोशाकका सुरक्षाकर्मीले पुनः गिरफ्तार गरी बेपत्ता बनाए।

स्याङ्जा जिल्ला घर भई सिद्धार्थनगर नपा-८ का ४९ वर्षीय लक्ष्मीप्रसाद अर्याललाई माओवादीको आरोपमा ०६१ असोज २० गते सोही नपा-१२ स्थित जनता ल फर्मबाट प्रहरीले गिरफ्तार गरे। उनको ल फर्मबाट सकेट बम ८ थान, तार, रिमोट बम बनाउने घडी २, सादा पेपरमा कान्छाबहादुरको नामबाट हस्तलिखित उपप्रमुखमा नियुक्त गरिएको पत्र, माओवादीद्वारा गठित रुपन्देही जनसरकार उपप्रमुखको छापसमेत बरामद भएको र लक्ष्मीप्रसादले बयानमा घटना स्वीकारेको प्रहरीले जनायो।

माओवादीबाट

दुधराक्ष गाविस-३ का रामापुर क्याम्पस संचालन समितिका अध्यक्ष ५५ वर्षीय डिल्लीराज ज्ञवाली, पर्रोहा गाविस-१ का ५० वर्षीय क्याम्पस प्रमुख चन्द्रमूर्ति कोइराला र दुधराक्ष गाविस-२ का ३३ वर्षीय क्याम्पसका कार्यालय सहायक ओमप्रकाश पाण्डेलाई ०६१ कार्तिक १६ गते माओवादीले अपहरण गरेकोमा क्याम्पसको ७ लाख रुपैयाँ भष्टाचार गरेको उजुरी आफूकहाँ परेको र वास्तविकता बुझ्न

नियन्त्रणमा लिएको भनी एक महिनाभित्र क्याम्पसको हिसाब सार्वजनिक गर्ने शर्तमा मानवअधिकारकर्मी र सञ्चारकर्मीको रोहवरमा ०६१ कार्तिक २३ गते रुद्रपुर गाविस-६ हरैयाबाट मुक्त गरे।

पाल्पा जिल्ला घर भई काठमाडौं वस्ने पूर्व सचिव ६० वर्षीय डा. चेतबहादुर कुवँरलाई माओवादीले ०६१ मंसिर १८ गते टिकुलीगढ गाविस-६ बाट अपहरण गरेकोमा ०६१ मंसिर २७ गते नवलपरासी जिल्ला नवलपुरबाट मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा मुक्त गरे। बौद्ध सम्मेलनका लागि लुम्बिनी आएका कुवँर आफन्तको घरमा टिकुलीगढतर्फ जाँदै गर्दा अपहरण गरिएका थिए।

माओवादीद्वारा मारिएका हरिप्रसाद अधिकारी

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बुटवल वाणिज्य क्याम्पसका विद्यार्थीहरुले ०६१ वैशाख २५ गते मिनी जनमत संग्रह गर्न लागेको बेला पत्रकारहरु समाचार संकलन गर्न भनी मिलनचोक पुग्दा प्रहरीले पत्रकारहरुलाई कुटपिट गरी घाइते बनाए। घाइते पत्रकारहरुमा पत्रकार महासंघका जिल्ला सचिव दीपक ज्ञवाली, सदस्य दीपेन्द्र कुवँर, युवराज पाण्डे, पत्रकार शेरबहादुर केसी, जितेन्द्र जिसी, ज्ञानेन्द्र जिसी, विष्णुप्रसाद घिमिरे, रामप्रसाद अचार्य, विष्णुप्रसाद पौडेल, दीपेन्द्र बडुवाल, रामकृष्ण भण्डारी, दिनेश पाण्डे थिए। घटनाको बारेमा पत्रकार महासंघले विरोध गर्दै ज्ञापनपत्र बुझायो भने सिडियो, पत्रकार प्रतिनिधि र प्रहरी प्रमुखसमेतको बैठक बसी प्रशासनले माफी माग्यो।

माओवादीबाट

साडी गाविस-४ का ४५ वर्षीय अवकर अलकीरलाई सुराकीको आरोपमा ०६० फागुन ११ गते राति माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितको उपचार मेडिकल कलेज, पक्लिहवामा भयो।

विसुनपुरा गाविस-२ का शिक्षक ४५ वर्षीय बाधे यादवलाई आफ्नो विरुद्ध सुरक्षा निकायलाई खबर गरेको आरोपमा ०६१ जेठ २९ गते माओवादीले घनले हिर्काई कुटपिट गरी बायाँ खुट्टा भाँचिदिए। माओवादीले पीडितलाई घरबाट "काम छ" भनी सूर्यपुरा गाविस-८ गुलेरिया चौराहामा पुऱ्याई कुटपिट गरेका थिए।

मकहर गाविस-४ महुबारीका एमाले जिल्ला कमिटी सदस्य ४२ वर्षीय कविराम अर्याललाई ०६१ असार २८ गते राति माओवादीले "काम छ" भनी घरवाट केही पर पुऱ्याई कुटपिट गरी बाँया हात भाँचिदिए। पार्टी सरकारमा गएकोले यिनका कार्यकर्तालाई चेतावनी दिनुपर्छ र जनता भड्काउने विभिन्न गलत कार्य गर्ने गरेकोले कारवाही गर्नु पर्छ भन्दै माओवादीले कुटपिट गरेको पीडितले बताए।

मोतीपुर गाविस-१ रानीगञ्जका २८ वर्षीय अमरविक्रम शाहलाई सुराकीको आरोपमा ०६१ भदौ २ गते राति माओवादीले कुटपिट गरी दायाँ खुट्टा भाँचिदिए। पीडित घरमा रहेको अवस्थामा "तपाईसँग काम छ" भन्दै घरबाट केही पर पुऱ्याएर कुटपिट गरी खुट्टा भाँचेका थिए। पीडितको उपचार बुटवल अञ्चल अस्पतालमा भयो।

अन्यबाट

अर्घाखाँची जिल्ला मऱ्याङ गाविस-४ घर भई बुटवल दैनिक पत्रिकाका सम्वाददाता २३ वर्षीय रामप्रसाद आचार्यलाई ०६० माघ २१ गते अज्ञात व्यक्तिले फोनबाट ज्यानमार्ने धम्की दिए। ०६० माघ १९ गतेको दैनिक लुम्बिनीमा "गैरपत्रकारहरुद्धारा पत्रकारिताको दुरुपयोग" शीर्षकमा समाचार प्रकाशित भएकोमा सोही समाचारको विषयलाई लिएर अज्ञात व्यक्तिले फोनबाट धम्की दिएको पीडितले बताए। घटनाको विरोधमा पत्रकार महासंघ र प्रेस चौतारीले अपराधी पत्ता लगाई कारवाही गर्न प्रशासनसमक्ष माग गर्दै विज्ञप्ति जारी गरे।

मानमटेरीया गाविस-१ का एमाले जिल्ला कमिटी सदस्य ४० वर्षीय तुलसीप्रसाद चौधरीलाई ०६१ असोज २० गते राति अज्ञात समूहले कुटपिट गरी हातखुट्टा भाँचिदिए। ४ जनाको संख्यामा २ वटा मोटरसाइकलमा कम्ब्याट ड्रेस लगाएर आएका पीडकहरुले "केही काम छ" भनी घरबाट केही पर पुऱ्याएर कुटपिट गरी हातखुट्टा भाँची छोडिएको अवस्थामा गाउँलेहरुले भेटेर बुटवल अस्पताल पुऱ्याई उपचार गराएका थिए। माओवादीले उक्त घटनाको जिम्मा नलिए तापनि एमालेले उक्त घटना माओवादीले नै गराएको जनाएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका ६ सय ७७ वटा र यस वर्ष दर्ता भएका ३ सय ४८ गरी १ हजार २५ वटा मुद्दा रहे। यस वर्ष ४ सय ७ वटा मुद्दा फैसला भए भने ६ सय १८ वटा मुद्दा बाँकी रहे। पुनरावेदन अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका ८ सय ३२ वटा मुद्दा आए भने यस वर्ष ६ सय ४२ मुद्दा मुटा दर्ता भए। २ सय ६३ फैसला भए। जिप्रकामा १ सय १९

मुद्दा दर्ता भए। जिल्ला प्रशासन कार्यालयमा १ सय ३ वटा मुद्दा दर्ता भए। द्वन्द्व पीडित ३ जनाले ५२ हजार ५ सय रुपैयाँ उपचार खर्च पाए भने यो वर्ष मारिने ७ जनाका परिवारलाई ९ लाख ५० हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

मंगलापुरस्थित रेडियो नेपालको सब स्टेशन र कृषि विकास बैंकको क्षेत्रीय तालिम केन्द्रमा ०६० पुस २१ गते माओवादीले बम विस्फोट र आगजनी गरी क्षति पुऱ्याए।

जिल्ला मालपोत कार्यालयमा ०६० पुस २४ गते, भूमिसुधार कार्यालयमा ०६० पुस २९ गते, बुटवल नपा र इलाका प्रशासन कार्यालयमा ०६० पुस २९ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

त्रिवेणी डिष्टिलरीको रक्सी बेच्न हिंडेको गाडी सूर्यपुरामा ०६० माघ २ गते माओवादीले रक्सी नष्ट गरी जलाइदिए।

मक्रहर गाविस-६ मुडवरीमा टेलिफोन बनाउन गएको दूरसञ्चारको गाडीमा ०६० माघ १४ गते माओवादीले आगो लगाई क्षति पुऱ्याए।

जोगीकुटीस्थित बुटवल नपाको कर चौकीमा ०६० माघ २४ गते, बुटवल नपा-४ वडा कार्यालयमा ०६० फागुन २२ गते र बुटवल नपा-१४ वडा कार्यालयमा ०६० फागुन २४ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

भारतीय नम्बर प्लेटको एक ट्रक मकहर कप्छी बजारमा ०६० चैत २२ गते माओवादीले जलाए।

हर्नैया गाविस-९ भैंसाखादर रामजानकी मन्दिरको जग्गामा सुकुम्बासीले बनाएका ५०-६० वटा टहरा ०६१ जेठ २९ गते सुरक्षाकर्मीले जलाइदिए।

पर्रोहा गाविसस्थित नापी शाखामा ०६१ जेठ २ गते माओवादीले तोडफोड गरी क्षति पुऱ्याए।

सनसाइन माविको लु. १ ख १७२ नम्बरको गाडी ०६१ जेठ १७ गते माओवादीले जलाइदिए।

पर्रोहा रानीबगीयामा पेप्सीकोला कम्पनीका २ वटा गाडी ०६१ जेठ २४ गते माओवादीले आगो लगाई जलाइदिए।

भैरहवास्थित प्राथमिक शिक्षक तालिम केन्द्रमा ०६१ साउन १२ गते, बुटवल नपा-११ बसपार्क नजिक रहेको इलाका वन कार्यालयमा ०६१ साउन १३ गते माओवादीले बम विस्फोट गराई भवनमा क्षति पुऱ्याए।

करौता गाविसका प्रकाश शुक्लाको घरमा ०६१ साउन २४ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

माओवादीद्वारा मारिएका रामप्रसाद भट्टराई

रुद्रपुर गाविस-४ मा बा. २ च ५८९१ नम्बरको सरकारी गाडी अनुमति नलिई प्रवेश गरेको भन्दै ०६१ असोज ७ गते माओवादीले जलाए।

बन्दको बेला चलाएको भन्दै बा. १ ख २५३४ नम्बरको बस ०६१ असोज १४ गते माओवादीले आनन्दवन गाविस-३ मा जलाए।

बुटवल पब्लिक स्कूलको लु. १ ख २५०५ र लु. १ ख ७८७ नं. का बस शंकरनगर गाविस-८ मा राखेको बेला ०६१ कार्तिक २२ गते अज्ञात समूहले जलाए।

कम्हरीया गाविसका जगनारायण शुक्लाको घरमा ०६१ मंसिर ३ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

प्युठानमा कार्यरत सुवेदार ओमबहादुर सुर्यवंशीको देवदह गाविस-६ स्थित घरमा ०६१ मंसिर ३ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

भैरहवाबाट काठमाडौंतर्फ जाँदै गरेको बा. १ ख २३५३ नं को साझा बसमा ०६१ मंसिर ४ गते माओवादीहरुले मधौलिया गाविस-४ मा आगो लगाई क्षति पुऱ्याए।

करहीया गाविस-९ का तुलसी घिमीरेको एक तले घरमा ०६१ मंसिर १३ गते घर परिवारलाई बाहिर निकाली माओवादीले बम विस्फोट गराए। तुलसी नवलपरासीमा राष्ट्रिय अनुसन्धानमा कार्यरत थिए।

पडसरी गाविस-८ कटैयामा रहेको रणबहादुर शाहको गोदाम घरमा ०६१ मंसिर १४ गते माओवादीले बम विस्फोट गराई सामान्य क्षति पुऱ्याए।

साडी गाविसका पूर्व अध्यक्ष उजहल कुँवरको घरमा ०६१ पुस १३ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

मंगलापुरस्थित प्रहरी चौकीमा ०६१ पुस ६ गते, विसुनपुरा गाविसस्थित रेन्जरपोष्टमा ०६१ पुस १४ गते, पडसरी गाविस-१ अञ्चलपुरस्थित गहुँबाली कृषि अनुसन्धान केन्द्रमा ०६१ मंसिर २ गते, बुटवल नपा-५ स्थित लोकसेवा आयोगको भवनमा ०६१ असोज १० गते, सालझण्डीस्थित रेन्जरपोष्टमा ०६१ असोज ११ गते, वगाह गाविसमा रहेको खाली प्रहरी चौकीमा ०६१ असोज १२ गते, पडसरी गाविस-८ करैयामा टेलिकमको बा. १ झ १२२२ नम्बरको गाडी ०६१ असोज २७ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

मोतीपुर गाविस-४ मा पूर्व डिआईजी गोविन्द कार्कीको घरमा ०६१ जेठ ५ गते, मधौलीयास्थित पूर्व प्रजिअ विनोद ज्ञवालीको घरमा ०६१ जेठ १२ गते, सिद्धार्थ नपा-८ स्थित सल्यानका सिडियो बालकृष्ण पन्थीको घरमा ०६१ जेठ ३० गते, मानमटेरीया गाविस-६ का सैनिक मेजर अर्जुन बोहराको घरमा ०६१ जेठ ३१ गते, केरवानी गाविस-९ का महेन्द्र मुनाकर्मीको घरमा ०६० पुस २४ गते, गंगोलीया गाविस-१ स्थित राकेश ब्याट्री रुयाक्ट्री मा ०६० पुस २८ गते, साडी गाविसका पूर्व अध्यक्षको घरमा लुटपाट गरी ०६० माघ २४ गते, असुरैनाका योगेन्द्रनाथ शुक्लाको घरमा ०६० माघ २६ गते, आनन्दवन गाविस-१ का सशस्त्र प्रहरी अधिकृत लक्ष्मी बस्नेतको घरमा ०६० चैत १ गते, सक्रौनपकडीका राप्रपा कार्यकर्ता विकास शुक्लाको घरमा ०६० चैत १ गते, बुटवल नपा-१३ का राप्रपा जिल्ला अध्यक्ष शेरबहादुर शाहीको घरमा ०६० चैत ३ गते, बिसुनपुरा गाविस-४ का उमाशंकर यादवको घरमा ०६० चैत ४ गते, आनन्दवन गाविस-३ का एसपी मिनप्रसाद पाण्डेको घरमा ०६० चैत ५ गते, टिकुलीगढ गाविस-९ स्थित कृष्णविक्रम शाहको घरमा ०६० चैत १२ गते, गंगोलीया गाविस-१ मा रहेको प्रहरी अधिकृतको घरमा ०६० चैत १७ गते, सुन्धीस्थित पेपर मिलमा ०६० चैत २२ गते राति पडसरी कटैयास्थित दुर्गा मोर्डन दाल मिलमा ०६० चैत २३ गते र बुटवल नपा-१५ नयाँगाउँस्थित प्रहरी नायव महानिरीक्षक गोविन्दबहादुर थापाको घरमा ०६० फागुन १३ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

माओवादीको कुटपिटबाट हात भाँचिएका कविराम अर्याल

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

खडवा वनगाई गाविस-५ का ३४ वर्षीय सुरज यादवलाई बोदवार गाविस-२ मा चन्दा उठाएको आरोपमा ०६० पुस २४ गते प्रहरीले गिरफ्तार गरे।

सिद्धार्थनगर नपा-३ स्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्समा उपचार गराइरहेका केरवानी गाविस-६ का लेखनाथ न्यौपाने, अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य कपिलवस्तु जिल्ला खुरहरीया गाविस-७ की नीरा थापा, लमजुङ जिल्ला भलायखर्क गाविस-५ की गोमा घिमिरेलाई माओवादीको आरोपमा ०६१ वैशाख २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। घाइते गोमाको उपचार भइरहेको र गोमाका सहयोगीका रुपमा लेखनाथ न्यौपाने र नीरा थापा अस्पतालमा रहेको वेला सुरक्षाकर्मीले तीनै जनालाई नियन्त्रणमा लिएका थिए। लेखनाथलाई प्रेम शाहीको हत्यामा संलग्न भएको आरोपमा अदालतमा पेश गरिएको र सो हत्याको जिम्मेवारी लिई मुद्दाको कारवाही अगाडि बढेको तथा अन्य दुई जनालाई आ-आफ्नो जिल्लामा पठाएको प्रहरीले जनाए।

देवदह गाविस-२ का ३८ वर्षीय चन्द्रकान्त ढकाललाई माओवादीको आरोपमा ०६१ भदौ ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखेकोमा कार्तिक १७ गते तारेखमा रिहा गरे।

रुद्रपुर गाविस-४ का ४० वर्षीय चुडामणी ढकाल, १३ वर्षीय रमेश र ११ वर्षीय दिनेशलाई ०६१ मंसिर ५ गते बिहान सालभण्डी बेस क्याम्पका सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

बालअधिकार

बोगडी गाविस-३ की ६ वर्षीय एक बालिकालाई ०६० फागुन १५ गते सोही ठाउँका १८ वर्षीय राजु यादवले बलात्कार प्रयास गरे। पीडितलाई फकाएर बलात्कार प्रयास गरेको बेला गाउँलेहरुले देखेपछि पीडक भागेका थिए। पीडक हालसम्म फरार छन्।

मकहर गाविस-४ की ६ वर्षीय एक बालिकालाई ०६१ मंसिर ३ गते सोही ठाउँका १५ वर्षीय युवराज भुसालले बलात्कार प्रयास गरे। पीडितका अभिभावकले पीडकलाई समाती प्रहरीसमक्ष कारवाहीको लागि बुझाएकोमा जिल्ला अदालतको ०६१ मंसिर २६ गतेको आदेशअनुसार तारेखमा रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

महिला किनबेच

रसुवा जिल्ला स्याफ्रुबेंशी गाविस-९ की दुई युवतीलाई बेलहीया नाकाबाट दलालले ०६१ साउन २९ गते बिक्रीका लागि भारत लगी बिक्री गरे। सँगै लगिएकी अर्की एक युवतीलाई माइती नेपालको सहयोगमा फर्काई परिवारको जिम्मा लगाइयो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ८६ वटा घटनामा ५४ जना पुरुष, १ नाबालक र ३१ महिलाले आत्महत्या गरे। सडक दुर्घटनामा ३० पुरुष र ७ महिला पीडित भए।

३.९ पाल्पा



जनसंख्या	: २८२५७४
साक्षरता प्रतिशत	: ५४.५
महिला साक्षरता प्रतिशत	: ४१
क्षेत्रफल (वर्ग कि. मि.)	: १३६६
गाविस/नपा संख्या	: ६५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४५६
क्याम्पस/उच्च मावि	: ५/२१
अस्पताल/स्वास्थ्य चौकी	: २/६५
टेलिफोन लाइन	: २१२३
मोटर सडक (कि. मि.)	: ४८१
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ६६
मानव विकास सूचकांक	: ०.४८६
प्रति परिवार सरदर संख्या	: ५.६६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

बौघागुम्बा गाविस-५ मा ०६० फागुन २८ गते नाम, ठेगाना खुल्न नसेको एक व्यक्तिको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

गोठादी गाविस-५ माथामा २३ वर्षीय सरोज भनिने माओवादी कार्यकर्ताको ०६१ असार २३ गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

तानसेन नपा-१२ धरमपानीका २४ वर्षीय माधव कार्कीलाई माओवादीको आरोपमा ०६१ भदौ २ गते मदनपोखरा गाविस-३ छापमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

मदनपोखरा गाविस-८ का १९ वर्षीय दीपक पौडेल, रोल्पा घर भएकी २० वर्षीय चित्रा बुढामगर ०६१ कार्तिक २२ गते गल्धा गाविस-३ ढुङ्गानाबेंशीमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

पालुङ्गमैनादी गाविस-१ बतासेमा ०६१ मंसिर १२ गते माओवादीद्वारा गठित जिल्ला जनसरकार सदस्य ३५ वर्षीय पृथबहादुर सोमैको सुरक्षाकर्मीको कारवाहीमा मारिए।

सत्यवती गाविस-४ मा नाम, ठेगाना खुल्न नसकेको अन्दाजी १६ वर्षीय एक युवकको ०६१ पुस ११ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

माओवादीबाट

सहलकोट गाविस-७ जुरेमा ०६० माघ १९ गते सोही गाविसका ९ वर्षीय सागरबहादुर सारुको माओवादीले छाडेको बम विस्फोट हुँदा मृत्यु भयो।

खालीवन गाविस-५ अर्वासिङ्गमा ०६० माघ २८ गते माओवादीले गरेको बम विस्फोटबाट सोही ठाउँका ८ वर्षीय अइतुबहादुर रानाको मृत्यु भयो।

चिदीपानी गाविस-४ हुलगैरामा माओवादी कार्यकर्ताहरु मदनपोखरा गाविस-८ का २४ वर्षीय तुलबहादुर विक, २८ वर्षीय भीषण भनिने, नाम, ठेगाना खुल्न नसेका २९ वर्षीय विजय भनिने माओवादी कार्यकर्ता, र दुर्गा भनिने २१ वर्षीय माओवादी कार्यकर्ताको खाना बनाइरहेको बेला ०६१ वैशाख ८ गते झोलामा रहेको बम विस्फोट हुँदा मृत्यु भयो।

मदनपोखरा गाविस-४ भालेवासमा ०६१ साउन १७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी ३ जना सुरक्षाकर्मीको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

तानसेन नपा-६ बसन्तपुरमा ०६० चैत २४ गते माओवादीद्वारा राखिएको बम विस्फोट भई सोही ठाउँका ४ वर्षीय मनिषा रोका र १३ वर्षीय संगिता रोका घाइते भए। पीडितहरुको पाल्पा मिसन अस्पतालमा उपचार गरियो।

नायरनमतलेस गाविस-५ आर्यभञ्ज्याङमा ०६१ वैशाख ११ गते माओवादीले राखेको बम विस्फोट हुँदा सोही ठाउँ बस्ने १४ वर्षीय कमल गाहा मगर घाइते भए। घाइतेको मिसन अस्पतालमा उपचार गरियो।

चिदीपानी गाविस-९ सातदोबाटेमा ०६१ असोज ४ गते माओवादीले थापेको विद्युतीय धरापमा परी नाम नखुलेका एक सिपाही घाइते भएकोमा उपचार पोखरा अस्पतालमा पठाइयो।

मित्याल गाविस-६ मुढाबासमा ०६१ कार्तिक १८ गते माओवादीले हानेको गोलीद्वारा तीन जना सुरक्षाकर्मी घाइते भए। पीडितहरुलाई उपचारार्थ पोखरा मणिपाल अस्पतालमा पठाइयो।

पालुङमैनादी गाविस-५ मा ०६१ कार्तिक १९ गते

माओवादीले राखेको विद्युतीय धराप विस्फोट हुँदा सर्चमा गएका २ सैनिक घाइते भए। घाइते सैनिकहरुलाई उपचारार्थ काठमाडौं लगियो।

जेल र बन्दीहरू

कूल ३ सय ५० जना क्षमता रहेको पाल्पा जेलमा हाल १ सय ४३ जना बन्दी छन्। बन्दीहरुमध्ये कैद नतोकिएका १७ पुरुष र ३ महिला तथा कैद तोकिएका १ सय ७ पुरुष र महिला १६ छन्। यहाँ आश्रित नावालक १ र बालिका २ छन्। ४ जना भारतीय छन्।

जेलमा निम्न माध्यमिकस्तरको विद्यालय छ। घरेलु कार्यालयद्वारा संचालित घरेलु मेशिन धेरै बिग्रेका र केही मात्रै चालु अवस्थामा छन्। उत्पादित वस्तुको बजार राम्रो नभएकोले ज्याला पाउन नसकेको गुनासो बन्दीहरुको छ। जेलमा गोरखापत्र, कान्तिपुर दैनिक नियमितरुपमा उपलब्ध गराइएको छ भने टिभीको पनि व्यवस्था छ। जेलमा ३ जना राजनीतिक बन्दी छन्।

बेपता / अपहरण

माओवादीबाट

पोखराथोक गाविस-५ का ५८ वर्षीय मोहन न्यौपानेलाई भ्रष्टाचार गरेको आरोपमा ०६१ जेठ १४ गते माओवादीले अपहरण गरे। पीडितलाई माफी मगाई कागज गरेर साँझ मुक्त गरियो।

हुमिन गाविस-२ का ३२ वर्षीय मानबहादुर रसाइली, ३५ वर्षीय खगेन्द्र गहतराज र ३२ वर्षीय हरि गौतम विकलाई चोरीको आरोपमा ०६१ साउन ४ गते माओवादीले अपहरण गरी ६/६ हजार रुपैयाँ दिनुपर्ने र श्रम शिविरमा २/२ महिना बाटो खन्नुपर्ने शर्तमा मुक्त गरे।

ताहुँ गाविसस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत विनोदविन्दु शर्मासमेत ७ जना स्वास्थ्य कार्यकर्तालाई ०६१ भदौ १८ गते माओवादीले अपहरण गरी भदौ १९ गते रामपुरबाट मुक्त गरे।

चिदीपानी गाविस-९ बाट दिवाकर आचार्यलगायत् १ सय ५० जना शिक्षकलाई ०६१ भदौ ३१ गते माओवादीले अपहरण गरी असोज १ गते पिपलडाँडाबाट मुक्त गरे।

बल्ढेङगढी गाविस-३ का ५२ वर्षीय कुलबहादुर खड्कालाई माओवादीले ०६१ कार्तिक ३० गते अपहरण गरी सुराकी नगर्न चेतावनी दिदैं मुक्त गरे।

छहरा गाविस-४ का बुटवल हाइड्रोपावरका कर्मचारी ३८ वर्षीय दामोदर सापकोटालाई ०६१ मंसिर ८ गते माओवादीले अपहरण गरी मंसिर १६ गते हार्थोकबाट मुक्त गरे।

अर्गली गाविस-२ घर भई सोही ठाउँका विद्यालयमा कक्षा ६ मा अध्ययनरत १३ वर्षीय विद्यार्थी बलराम पाण्डेलाई ०६१ मंसिर १९ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

खानीछाप गाविसको राम्दीबजारबाट ०६१ मंसिर ३० गते ट्रक ड्राइभर ४८ वर्षीय होमनाथ शर्मालाई सुराकीको आरोपमा माओवादीले अपहरण गरी पुस १ गते हुमिनबाट मुक्त गरे।

बराङदी गाविस-८ का ४५ वर्षीय एकबहादुर थापालाई छिमेकीको जग्गा मिचेको आरोपमा ०६१ पुस ६ गते माओवादीले अपहरण गरी मिचेको जग्गा १४ रोपनी छिमेकी फत्तेबहादुरलाई फिर्ता गर्ने शर्तमा ०६१ पुस ९ गते मुक्त गरे।

तानसेन नपा-१० ध्रुवघाटका ५४ वर्षीय ठाकूरध्वज कार्कीलाई छोराहरुलाई सेनामा जागिर खुवाएको आरोपमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित			
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	४	२		६	४	६		३	९	८	६	१	७
घाइते	१	२			२	६	५	३	५	१३	१	१		१
गिरफ्तारी/यातना											४	५		५
बेपत्ता											१	१	१	२
कुटपिट						१	२			२	१	६		६
धम्की						२	५			५	१		२	२
जातीय विभेद											१		१	१
महिलाअधिकार	२		२		२									
बालअधिकार	२		१	१	२									
अपहरण						१२	२१		१४८	१६९				
जम्मा	११	६	५	१	१२	२५	३९	३	१५६	१९८	१५	१९	५	२४

०६१ पुस ६ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

मदनपोखरा गाविस-५ डुम्रेमा पसल गरी बस्ने ४० वर्षीय कमल ढकाललाई जन्तीलुङ रिपिटर टावरस्थित सेनाको व्यारेकमा राशन 'सप्लाई' गरेको र सुराकीसमेत गरेको आरोपमा ०६१ पुस ६ गते माओवादीले अपहरण गरी पुस ९ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तानसेन नपा-३ बसपार्कस्थित एक होटलकी महिलालाई ०६१ कार्तिक २९ गते दिउँसोसेनाका २ जना सिपाही नन्दलाल आचार्य र दामोदरले मादक पदार्थ सेवन गरी अभद्र व्यवहार गर्न खोजेका कारण व्यापारीसँग भनाभन भई होटलबाट बाहिर निकालेको विषयमा सेनाका थप सिपाही गई कुटपिट गरे। कोही बोले सबैलाई उडाइदिने धम्की दिए। बसपार्क पूरै बन्द भयो भने मेजर रवीन्द्र केसीले बसपार्कमा ४० वर्षीय राम उदय, ३२ वर्षीय राजन सुवाल, २२ वर्षीय प्रेम कार्की, २४ वर्षीय सूर्य थापा, बर्तुङ्गका २२ वर्षीय शिव श्रेष्ठ र २१ वर्षीय सोमबहादुर गाहालाई कुटपिट गर्नुका साथै गिरफ्तार समेत गरी ५० हजार रुपैयाँ लिएर रिहा गरे।

माओवादीबाट

दर्छा गाविस-५ का एमाले जिल्ला सचिव राधाकृष्ण कँडेल, उक्त पार्टीकै जिल्ला सदस्य लेखनाथ पोखरेल, बुद्धिराज खनाल, युवराज खनालसमेतलाई ०६१ साउन २९ गते रामपुर गाविस बेभ्काइबजारमा माओवादीका नेता नवीन शर्माले कोणसभामार्फत् "जनकारवाही" गर्ने धम्की दिए।

माओवादीद्वरा गठित पाल्पा जिल्ला माओवादीको जनअदालतका न्यायिक प्रमुख देवीबहादुर पुनको नामवाट ०६१ कार्तिक १ गतेको मितिले ७० दिनभित्र सबै सुरक्षाकर्मीले राजीनामा दिन र नदिएमा उनीहरुको भौतिक कारवाही हुने धम्की सार्वजनिक गरियो।

कसेनी गाविस-७ सराई ४९ वर्षीय तिलकराम घिमिरेलाई सुराकीको आरोपमा ०६१ कार्तिक २७ गते माओवादीले "जनकारवाही" गर्ने धम्की दिए।

अन्यबाट

तानसेन नपा-४ लहरेपिपलस्थित त्रिभुवन बहुमुखी क्यापसका स्ववियु सभापति २५ वर्षीय हिमालदत्त श्रेष्ठ र २१ वर्षीय रेवत रानालाई ०६१ वैशाख १० गते क्याम्पसमा कार्यक्रम चलेकै बेलामा देशभक्त संघका जिल्ला अध्यक्ष २५ वर्षीय अखण्ड बैजु र ३४ वर्षीय दुर्गा थापाले फलामको रड प्रहार गरी अंगभंग हुने गरी घाइते पारे। पीडित उपचारपछि घर फर्केका छन्। पीडकहरुलाई केही दिन थुनामा राखी जरिवाना तिराई रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा विगत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल १ सय १४ मुद्दामध्ये ४३ फर्स्यौट भई ७१ वटा बाँकी रहे। दुई वर्ष नाघेका ५ वटा मुद्दा छन्। थुनुवा मुद्दा ६ वटा छन् भने थुनुवा संख्या १५ छ।

जिल्ला प्रशासन कार्यालयमा जिम्मेवारी सरेर आएका ३ वटा र यस वर्षका ४ वटा गरी ७ वटा मुद्दा रहेकोमा ४ वटा फैसला भई ३ वटा बाँकी रहे।

जिल्ला वन कार्यालयमा गत वर्षबाट जिम्मेवारी सरेर आएको वन फडानीसम्वन्धी एउटा मुद्दा कार्यालय प्रमुखको अभावमा फैसला हुन सकेन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रामपुर, दर्छा, कसेनी, अर्गली गाविस र तानसेन नपाका विभिन्न वडाहरुमा ५ सयभन्दा बढी सुकुम्बासी बसोबास गर्दछन्।

जिल्लाका जेष्ठ नागरिकहरु ३ हजार ९ सय ९३ , असहाय ३ हजार ७ सय ३४ र अपाङ्ग ५७ लाई भत्ता उपलब्ध गराइएको छ।

विस्थापन

आन्तरिक द्वन्द्वका कारण जिल्लाका विभिन्न गाविसका ३९ परिवारका ७३ पुरुषसमेत १ सय ५ जना विस्थापित छन् भने २३ जनाले जिल्ला प्रशासन कार्यालयबाट विस्थापित भत्ता लिने गरेका छन्।

संरचना/सम्पत्ति क्षति

यस वर्ष माओवादीले ४ वटा गाविस भवन, सडक कार्यालयको भवन, वन कार्यालयको भवन, बाल कल्याण समितिको निर्माणाधीन भवन, २ वटा प्रहरी चौकी, ८ वटा गाडी र ४ वटा मोटरसाइकलमा आगजनी गरी क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तानसेन नपा-१० मिसन टोलबाट ०६१ वैशाख २३ गते राति सुरक्षाकर्मीले १७ वर्षीय प्रदीप भनिने नुरदेव बस्याल र अन्जली भनिनेलाई गिरफ्तार गरी नुरदेवलाई ०६१ भदौ

१४ जेल चलान गरे भने अञ्जलीको अवस्था अज्ञात छ।

रोल्पा जिल्ला घर भएका १६ वर्षीय प्रतापसिंह घर्तीलाई ०६१ भदौ १ गते तानसेन बसपार्कबाट सुरक्षाकर्मीले गिरफ्तार गरी १ महिना ५ दिनपछि रिहा गरे।

रामपुर बेभाडबजारस्थित फोटो स्टुडियोको लागि धुलाएको फोटो लिएर हिँडेका २४ वर्षीय सुरेशकुमार पोखरेललाई ०६१ भदौ ६ गते तानसेन नपा-९ बर्तुङ्ग चौकीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिदै ३ दिनपछि तारेखमा रिहा गरे।

रामपुर किसानबारीका ३८ वर्षीय भीमविश्व भट्टराईलाई उनका बुवा माओवादीद्वारा घोषित नगर प्रमुख भएकोले ०६१ असोज २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असोज २९ गते रिहा गरे।

बालअधिकार

बन्दीपोखरा गाविस-४ की १२ वर्षीय एक बालिकालाई ०६१ जेठ २५ गते सोही ठाउँका २२ वर्षीय वराल कान्छा भनिने वासु खासुमगरले बाटोमा बलात्कार गरे। पीडक थुनामा छन्।

मदनपोखरा गाविस-९ चौरथोकस्थित ४ वर्षीय निक्ती बस्याल र ५ वर्षीय निश्मा बस्याललाई ०६१ भदौ ३ गते सुरक्षाकर्मीले हप्काएर आतंकित पारे। ती बालिका अरुलाई देख्नासाथ तर्सेर भाग्ने गर्छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

तानसेन नपा-२ नारायणस्थानकी २२ वर्षीय एक महिलालाई ०६१ मंसिर २ गते सोही नपा-५ टक्सारस्थित दाँत क्लिनिकमा दाँत बनाउन पुगेको अवस्थामा दाँतका टेक्निसियन ४० वर्षीय मिलन सुवालले बलात्कार प्रयास गरे। उजुरीपछि हिरासतमा लिइएका पीडकलाई रिहा गरियो।

पारिवारिक हिंसा

तेल्धा गाविस-९ की २० वर्षीय कल्पना कार्कीलाई ०६१ जेठ २१ गते पति २३ वर्षीय केशव कार्कीले मट्टितेल खन्याई आगो लगाएर हत्या गरे। पीडकलाई कुनै कारवाही भएन।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ९ पुरुष र १० महिलाले आत्महत्या गरे। सवारी दुर्घटनामा ४८ पुरुष र १७ महिला तथा आगलागी, खोलाले बगाएर, ढुङ्गाले किचेर र पहिरोमा परी ७ जनाको मृत्यु भयो। भवितव्यमा परी ४ जनाको मृत्यु भयो।

३.१० कपिलवस्तु



जनसंख्या	: ५३४०९१
साक्षरता प्रतिशत	: ४१.५
महिला साक्षरता प्रतिशत	: २९.३
क्षेत्रफल (वर्ग कि. मि.)	: १७३८
गाविस/नपा संख्या	: ७७/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३५५
क्याम्पस/उच्च मावि	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: ३/७८
टेलिफोन लाइन	: १७३६
मोटर सडक (कि. मि.)	: १५०७
प्रहरी कार्यालय संख्या	: ६
हुलाक संख्या	: ७४
मानव विकास सूचकांक	: ०.४३७
प्रति परिवार सरदर संख्या	: ७.३२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

शिवगढी गाविस गट्टाघाटमा सुरक्षाकर्मीको कारवाहीमा ०६० पुस २५ गते माओवादीका सूचना तथा सञ्चार विभाग सदस्य ओशन भनिने मारिए। उनलाई नि:शस्त्र अवस्थामा फोन गरिरहेको बेला गिरफ्तार गरिएको थियो।

माओवादीका कार्यकर्ता सन्देश ०६० फागुन ८ गते बिहान दुविया गाविस-९ वक्टापुरबाट सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई मारिए। सोही दिन, माओवादीद्वारा गठित हरिहरपुर गाउँ जनसरकार प्रमुख मनिराम केसी पनि सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई मारिए।

रङ्गापुर गाविसका निवर्तमान गाविस अध्यक्ष रामदेव

कलवारको छोरालाई घरमा माओवादीको झण्डा झुण्डाएको आरोपमा ०६० फागुन १० गते सुरक्षाकर्मीले कुटपिट गर्दा घाइते भई ६ दिनपछि उपचार हुँदाहुँदै मृत्यु भयो। उनको घरमा माओवादीले भण्डा गाडिदिएका थिए।

भगवानपुर गाविसमा ०६० फागुन १७ गते सुरक्षाकर्मीको कारवाहीमा यात्रा, सविना र विश्व भनिने माओवादी कार्यकर्ता मारिए।

शिवगढी गाविसको सुन्दरीडाँडामा ०६० फागुन १९ गते सर्चमा गएका सुरक्षाकर्मीको कारवाहीमा नाम नखुलेका एक माओवादी कार्यकर्ताको मृत्यु भयो।

पत्थरदेहिया गाविसका ३५ वर्षीय विर्जलाल पासी र लालपुर गाविस शितलापुरका २२ वर्षीय विनोद मिश्र ०६० चैत ९ गते मिल्मी गाविसमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी चैत १५ गते मारिए। उनीहरु क्रमश: माओवादी निकट मधेशी मुक्ती मोर्चाका इलाका सदस्य र अनेरास्ववियुका जिल्ला सदस्य थिए।

दुविया गाविस-४ मा गजेहडा गाविस-३ गंगेलियाकी १९ वर्षीय मूना भनिने लक्ष्मी परियार, दाङ जिल्ला घर भएकी निशा भनिने १८ वर्षीय कमला थापा र बरकलपुर गाविस-२ की १६ वर्षीय विमला दर्जी ०६० चैत २७ गते सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गाउँदेखि केही परको जंगलमा पुऱ्याई मारिए।

कोपवा गाविस-४ लक्ष्मणघाट भन्ने ठाउँमा माओवादी जिल्ला सदस्य, अनेमसंघ (क्रान्तिकारी) जिल्ला अध्यक्ष एवम् माओवादीद्वारा गठित जिल्ला जनसरकार सदस्य लक्ष्मी नेपाली ०६१ वैशाख १७ गते सर्चमा गएका सुरक्षाकर्मीद्वारा नि:शस्त्र अवस्थामा रहेको बेला नियन्त्रणमा लिई मारिइन्।

माओवादी कार्यकर्ता ३५ वर्षीय विश्व पुन मगर ०६१ वैशाख २० गते थुनिया गाविस-१ मा गस्तिमा गएका सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिए।

गुगौली गाविसका माओवादी कार्यकर्ता सरोज भनिने १८ वर्षीय राजु विक ०६१ साउन १७ गते सर्चमा गएका सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिएर मारिए।

मानपुर गाविसमा माओवादी एरिया नं. ५ का सेक्रेटरी गुगौली गाविस घर भएका २५ वर्षीय हिमालय घर्ती मगर, एरिया सदस्य दाङ जिल्ला सतबरियाका ४० वर्षीय ठूल्दाई भनिने उमाकान्त थारु, बरकलपुर गाविस घर भएका पार्टी सदस्य २४ वर्षीय बोमबहादुर थापा र थुनिया गाविसका पार्टी सदस्य २२ वर्षीय रेहन्दार कुर्मीको ०६१ असोज ५ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

अजिगरा गाविसका ३५ वर्षीय रामशरण पासी, ४० वर्षीय खालीजा दर्जी र भलवाडी गाविसका ३७ वर्षीय राममिलन कुर्मीको ०६१ कार्तिक २६ गते सर्चमा गएका सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। पीडितहरु अनेकिसंघ (क्रान्तिकारी) का कार्यकर्ता थिए।

अमिराव गाविस-५ मलखोरियाका १८ वर्षीय कान्छा थारुको ०६१ मंसिर १९ गते बिहानै खेतमा दिसा गर्न बसेको बेला तौलिहवा ब्यारेकबाट सर्चमा गएका सुरक्षाकर्मीको गोली प्रहारबाट मृत्यु भयो। पीडित सर्वसाधारण भएको र उनलाई एक्कासी गोली हानी मारिएपछि मानवअधिकारकर्मीहरुले क्षतिपूर्ति दिन प्रशासनलाई दबाब दिएपछि सिडियोले क्षतिपूर्तिको लागि गृह मन्त्रालयमा प्रतिवेदन पठाएको जानकारी गराए।

शिवगढी गाविसका माओवादीका जिल्लास्तरीय कार्यकर्ता विपिन भनिने २५ वर्षीय रेखबहादुर थापा ०६१ मंसिर २१ गते गजेहडाबाट सुरक्षाकर्मीको कारवाहीमा परी घाइते अवस्थामा नियन्त्रणमा लिएर मारिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१६	१३	४	१७	१९	३०	२	३२	१६	२५	५	३०
घाइते	१	१		१	८	१४	६	२०	१	२		२
गिरफ्तारी/यातना									१५	१९	४	२३
बेपत्ता									२	२		२
कुटपिट	३	७		७					१०	३४	१	३५
धम्की					३	७९		७९				
महिलाअधिकार	२		३	३								
बालअधिकार	३	१	२	३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					६	८		८				
अमानवीय व्यवहार	१		१	१								
अपहरण					२०	२९	३	३२				
जम्मा	२६	२२	१०	३२	५६	१६०	११	१७१	४४	८२	१०	९२

माओवादीबाट

दुविया गाविस-४ का ३५ वर्षीय अवधेश चौधरीलाई सुराकीको आरोपमा ०६० चैत ३० गते माओवादीले अपहरण गरी ०६१ वैशाख २ गते बुड्ढी गाविस-८ को ड्राइनाला, महेन्द्र राजमार्गमा पुऱ्याई गोली हानी हत्या गरे।

सुनसरी जिल्ला घर भएका प्रहरीका भान्से ३० वर्षीय राजेश विकलाई सुराकीको आरोपमा ०६१ वैशाख २ गते चनई गाविस-५ मा माओवादीले हत्या गरे। पीडितको लाश महेन्द्र राजमार्गमा पर्ने खैरेन्दपुरको बाटोमा हात बाँधिएको अवस्थामा फेला परेको थियो।

वीरपुर गाविस-५ चनौटा घर भएका २२ वर्षीय वरुण खनाललाई सुराकीको आरोपमा ०६० चैत ३० गते माओवादीले अपहरण गरी ०६१ वैशाख २ गते बरकलपुर गाविस-९ डुमरामा टाउको काटी हत्या गरी महेन्द्र राजमार्गमा फाले। पीडित प्रहरी सेवाबाट एक वर्ष पहिले राजीनामा गरी घरमा बस्दै आएका थिए।

नवलपरासी जिल्ला घर भई कृष्णनगर इलाका प्रहरी कार्यालयमा कार्यरत ३८ वर्षीय महेन्द्र यादवलाई कृष्णनगर गाविसस्थित कृष्णनगर बजारमा फोन गर्न गएको अवस्थामा ०६१ वैशाख ७ गते साँझ गोली हानी हत्या गरे। मोटरसाइकलमा आएका दुई माओवादीले ५/६ राउण्ड गोली हानी फरार भएका थिए।

सिद्धार्थ क्याम्पस बुङ्चीमा ०६१ जेठ ४ गते १२ कक्षाको परीक्षा प्रश्नपत्र लिएर आएका सुरक्षाकर्मीलाई लक्षित गरी राखिएको तुल बम विस्फोट हुँदा सशस्त्र प्रहरी तालिम केन्द्र, चनौटामा कार्यरत ३५ वर्षीय चिन्तामणि गुरुङको घटनास्थलमै मृत्यु भयो। क्याम्पस नजिकै तुल बम राखिएकोले सो निकाल्न सुरक्षाकर्मी जाँदा विस्फोट भएको थियो।

तितिर्खी गाविस-४ का राप्रपाबाट निर्वाचित पूर्व गाविस उपाध्यक्ष ४० वर्षीय कमलापति यादवलाई ०६१ जेठ ६ गते माओवादीले अपहरण गरेकोमा जेठ १० गते मरणासन्न हुनेगरी कुटपिट गरी दोहनी गाविसको चौरहा नजिकै अचेत अवस्थामा छोडे। पीडितलाई स्थानीय बासिन्दाले उपचारार्थ भैरहवा शिक्षण अस्पताल पुऱ्याएकोमा उपचार हुदाहुँदै जेठ १० गते राति मृत्यु भयो।

बुड्ढी गाविस-६ प्रतापपुरमा फ्याँकिएको बेवारिसे बम ०६१ जेठ २९ गते खेलौना भनी खेलाउँदा विस्फोट भई ८ वर्षीय अनिता ठाकुरको घटनास्थलमै मृत्यु भयो भने१० वर्षीय विनोद भर, ८ वर्षीय कृष्णबहादुर भर गम्भीर घाइते भए। उक्त बम माओवादीले फ्याँकेको हुनसक्ने स्थानीय बासिन्दाले बताए।

महुवा गाविस-८ कर्दैलियामा ०६१ जेठ ३१ गते बेवारिसे बम खेलाउँदा ७५ वर्षीय राधा धोबिनीको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा ४५ वर्षीय सुन्नानी धोबिनी, २० वर्षीय सही उद्दीन धोबी, ४ वर्षीय अनियार धोबी र २ वर्षीय रहमान धोबी गम्भीर घाइते भए। बाटोमा बेवारिसे अवस्थामा फ्याँकिएको बम केटाकेटीले खेलाउँदा विस्फोट भई एक जनाको मृत्यु र अन्य घाइते भएका थिए। उक्त घटनामा माओवादीले आफ्नो गल्ती स्वीकारे।

पिपरा गाविस-३ का ५० वर्षीय मोहमद मुक्ताफन, ३२ वर्षीय गोवर्द्धन लोध, ५० वर्षीय मोहमद फकिर, २८ वर्षीय रघुवर लोध र एक जना नाम नखुलेका व्यक्तिलाई ०६१ असार ३ गते माओवादीले गोली हानी हत्या गरे। पिपरा गाविस-६ पिपरीगाउँमा माओवादीले गाउँ घेरा हाली ५० राउण्ड हवाई फायर गरी सबैलाई घर बाहिर ननिस्कन माइकिङ गरेर गाउँ कब्जामा लिएपछि पीडितहरको हत्या गरिएको थियो।

विढुवा गाविस-७ का ३८ वर्षीय कैलाश धोबीलाई सुराकीको आरोपमा ०६१ असार ७ गते माओवादीले धारिलो हतियारले घाँटी रेटी हत्या गरे। पीडित दिउँसो छोरीलाई फोन गर्न हिँडेको अवस्थामा माओवादीले अपहरण गरी लवनी चौडाहामा पुऱ्याई हत्या गरेका थिए।

सौरहा गाविस-७ का ३५ वर्षीय देवेन्द्रकुमार मिश्रलाई माओवादी प्रतिकार समितिको कमाण्डर भएको आरोपमा ०६१ असार २२ गते कपिलवस्तु नपा-८ कुदान नजिकै माओवादीले गोली हानी हत्या गरे।

कपिलवस्तु र दाङ जिल्लाको सीमानामा पर्ने चोर खोलामा माओवादीले ०६१ साउन ४ गते विद्युतीय धराप विस्फोट गराउँदा गोरखाका सशस्त्र प्रहरी जवान ३० वर्षीय चन्द्रबहादुर कुमाल र गोरुसिंहे गणमा कार्यरत सैनिक श्यामबहादुर घर्तीको मृत्यु भयो।

गोरुसिंहेस्थित गणका सैनिक जवान २२ वर्षीय विनोद पौडेललाई ०६१ साउन १७ गते मोतिपुर गाविसको वनगाईमा माओवादीले हत्या गरी राजमार्गमा फाले। सो दिन ४ नं. जीतपुरमा अर्को सैनिक जवान १९ वर्षीय दीपक मिश्रलाई घाइते र अचेत अवस्थामा राजमार्गमै फ्याँकेकोमा पीडित उपचारपछि घर फर्किए।

बाग्लुङ जिल्लाका सैनिक जवान लालबहादुर बस्नेत र सशस्त्र प्रहरी जवान दलबहादुर छन्त्याललाई सुराकी गर्न गाउँमा आएको भन्दै ०६१ साउन २४ गते खुरहुरीया गाविस-५ मा माओवादीले अपहरणपछि हत्या गरे।

दोहोरो भिडन्त

शिवगढी गाविस-४ धानखोलामा ०६० फागुन १० गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा सिन्धुली जिल्ला घर भएका सशस्त्र प्रहरी जवान ३५ वर्षीय युवराज मोक्तान र लमजुङ जिल्ला घर भएका प्रहरी हवल्दार

३६ वर्षीय जगदीश न्यौपानेको घटनास्थलमा नै मृत्यु भयो। सोही घटनामा घाइते भएका चार सुरक्षाकर्मीलाई उपचारार्थ हेलिकप्टरबाट काठमाडौं लगियो। माओवादीले पुलमा बम राखेको खबर पाई सुरक्षाकर्मी त्यसतर्फ जान लाग्दा उक्त घटना भएको थियो।

शिवपुर गाविस-५ धानखोला नजिकै सुराइनाकामा ०६१ मंसिर १९ गते गोरुसिंगेबाट गएका सुरक्षाकर्मी माओवादीले थापेको विद्युतीय धरापमा परीं ६ जनाको घटनास्थलमा र एक जनाको उपचारका लागि बुटवल लैजाने क्रममा मृत्यु भयो। मृत्यु हुनेहरुमा भैरवप्रसाद गुल्मका प्युठ विवेक न्यौपाने, सिपाही ओपेन्द्रबहादुर डाँगी, विष्लाल चौधरी, रामेश्वर झा, तेजमान तामाङ र रुपलाल दर्लामी थिए। माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धराप विस्फोट भएपछि भिडन्त भएको थियो। भिडन्तमा घाइते भएका लोकबहादुर दर्लामीको उपचार गर्न लैजाने क्रममा मृत्यु भयो। त्यसैगरी सुरक्षाकर्मीहरु डिल्लीराम भट्टराई र जगदम्बा श्रेष्ठ घाइते भए। माओवादीतर्फ कम्पनी कमाण्डर गृष्म, उपकमाण्डर सगरमाथा, प्लाटुन कमाण्डर दर्पण र सुमनको घटनास्थलमै मृत्यु भयो।

अन्यबाट

हथिहवा गाविस-१ का ४० वर्षीय घनश्याम पाण्डेलाई ०६१ जेठ ८ गते माओवादी प्रतिकार समितिका व्यक्तिहरुले हत्या गरेको स्थानीय बासिन्दाले बताए। माओवादी समर्थक भएकोमा हत्या गरिएको माओवादीले जनाए।

हथिहवा गाविस-१ का मुडभराका २५ वर्षीय चौधरी कुर्मी र १६ वर्षीय चेतन कुर्मीलाई ०६१ जेठ १८ गते साँझ भैरहवाबाट टेक्टरमा घर आउँदै गर्दा बाटो कुरेर बसेका हतियारधारी, प्रितम पाण्डेको समूहले गोली हानी हत्या गऱ्यो भने उनीसँग भएको एक लाख भारतीय रुपैयाँ लुटेर लग्यो। पीडकउपर प्रशासनले कुनै कारवाही गरेन।

कपिलवस्तु नपा-१२ का ४० वर्षीय रामदास सहनी ०६१ साउन ९ गते राति अज्ञात समूहले सकेट बम प्रहार

माओवादीद्वारा मारिएका अवधेश चौधरी

गर्दा घाइते भए। उनलाई मेडिकल कलेज, भैरहवामा उपचार गरियो। उक्त घटना माओवादीले गराएको हुनसक्ने आशंका गरिएको छ।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

कपिलवस्तु नपा-३ स्थित एक होटेलमा खाजा खान गएका सुरक्षाकर्मीले बोकेको राइफल पड्कँदा ०६० फागुन १ गते तौलिहवाका १४ वर्षीय कसोधन र ६१ वर्षीय बबुला कहार गम्भीर घाइते भए। सुरक्षाकर्मीहरु होटलबाट खाजा खाएर बाहिर निस्कने क्रममा राइफल पड्कँदा बाहिर उभिएका दुई जना घाइते भएका थिए।

माओवादीबाट

गजेहडा गाविस-१ मा बेवारिसे अवस्थामा फ्याँकिएको बम फलामको डल्लो भनी झ्याङबाट निकाल्दा ०६० फागुन ७ गते विस्फोट भई रुपन्देही जिल्ला झिमझिमे घर भएका ३५ वर्षीय बडका चौधरी र गजेहडा गाविस-१ की आशा चौधरी गम्भीर घाइते भए। उक्त बम माओवादीले विद्युत ट्रान्समिटर नजिकै झाडमा फ्याँकेका थिए। उक्त घटनामा माओवादीले आफ्नो गल्ती स्वीकार गरी क्षमायाचना गरे।

हथौसा गाविस-२ देउवापार भन्ने ठाउँमा ०६० फागुन २० गते माओवादीले थापेको विद्युतीय धरापमा परी प्रहरी जवान पदम ढकाल र हवल्दार रघुनाथ पौडेल गम्भीर घाइते भए। माओवादीले बनाएको गेट भत्काउन जाँदा विस्फोट भएको थियो।

मानपुर गाविस-४ का १० वर्षीय बालक शिवप्रसाद कुर्मीले बोरामा राखिएको बेवारिसे बम ०६१ वैशाख १७ गते बगैंचामा भेटाएपछि घरमा पुऱ्याई परिवारलाई देखाउँदा हातबाट भूईंमा खसेर विस्फोट हुँदा १० वर्षीय शिवप्रसाद कुर्मी, ७० वर्षीय आमा गौरी कुर्मी, २७ वर्षीय दिदी केसमती र फुपु ३५ वर्षीय वासमती कुर्मी गम्भीर घाइते भए। उक्त बम माओवादीले छाडेको हुनसक्ने स्थानीयबासीले बताए।

शिवपुर गाविसस्थित महेन्द्र राजमार्गमा पर्ने धानखोलादेखि ३ किमी पूर्वमा ०६१ जेठ ३ गते सुरक्षाकर्मीलाई लक्षित गरी थापिएको विद्युतीय धरापमा परी ७ जना सुरक्षाकर्मी गम्भीर घाइते भए। पीडितहरुलाई उपचारार्थ हेलिकोप्टरबाट काठमाडौं लगियो।

गोरुसिंहेको भैरवप्रसाद गुल्ममा कार्यरत सैनिक अमल्दार ३० वर्षीय वीरबहादुर मगरलाई ०६१ भदौ १८ गते बिहान बुड्ढी गाविस-४ को जोतपुरमा माओवादीले मोटरसाइकलमा मलवा बेस क्याम्पतर्फ जाँदै गर्दा

माओवादीले गोली हानी घाइते पारे। पीडित चढेको मोटरसाइकलसमेत माओवादीले लुटेर लगेका थिए।

जेल र बन्दीहरू

कपिलवस्तु जेल हाल जीर्ण भएको छ। भवनको पूर्वपट्टिको पर्खाल ढल्ने अवस्था भएका कारण ७/८ वटा टेका लगाएर अड्याइएको छ। भवनको पर्खाल चर्केको छ भने छत चुहिन्छ। साँघुरा कोठा, चिसा भूइँ, खुल्ला शौचालयका कारण बन्दीहरुलाई समस्या परेको छ। एक सयजना बन्दी राख्ने क्षमता भएको कपिलवस्तु जेलमा ०६१ पुससम्म ४४ जना कैद नतोकिएका र ३९ जना कैद तोकिएका गरी ८३ जना बन्दी छन्। जसमा ३ जना कैद नतोकिएका र ४ जना कैद तोकिएका गरी ७ महिला छन्।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत २ जना बन्दी छन्। ०६० पुसदेखि ०६१ पुससम्म १३ जनालाई आतंककारीको आरोपमा राखिएको भए पनि २ जनाबाहेक सबै रिहा भइसकेका छन्। यस वर्ष जिल्ला घरेलु तथा साना उद्योग कार्यालयले १० जनालाई सिलाइ-कटाई तालिम र १२ जनालाई विद्युत वायरिङ्गको तालिम दियो। बन्दीहरुलाई रेडियो, टिभी, कान्तिपुर दैनिक र इन्सेकका वर्ष पुस्तकलगायत्का प्रकाशन उपलब्ध छन्। महिलातर्फको शौचालय खुल्ला रहनाले दिसा-पिसाब गर्न अप्ठ्यारो परेको गुनासो छ।

बेपत्ता / अपहरण

राज्यबाट

रोल्पा जिल्ला घर भएका अभियान भनिने एक माओवादी कार्यकर्तालाई ०६० फागुन ८ गते गस्तिमा गएका सुरक्षाकर्मीले दुविया गाविस-६ वक्टापुरबाट गिरफ्तार गरी बेपत्ता पारे।

वरइपुर गाविस-९ का ३५ वर्षीय किशोर पासीलाई ०६१ मंसिर १७ गते सुरक्षाकर्मीले कृष्णनगरबाट गिरफ्तार गरे। उनकी पत्नीले पुस २ गतेसम्म कुनै जानकारी नभएको र बेपत्ता पारिएको भनी मानवअधिकारकर्मी र सञ्चारकर्मीलाई पतिको स्थिति सार्वजनिक गर्न आग्रह गरेकी थिइन्। उनको स्थिति सार्वजनिक भएको छैन।

माओवादीबाट

धनकौली गाविस-२ मलवाका ३५ वर्षीय रामजी चौधरीलाई ०६० माघ २७ गते जीपमा गइरहेको अवस्थामा वैदौली गाविसबाट माओवादीले अपरहण गरे।

महुवा गाविसका पूर्व गाविस उपाध्यक्ष ४० वर्षीय रामचन्द्र केवटलाई ०६० फागुन २४ गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मी र सञ्चारकर्मीले रिहाइको लागि पहल गरेपछि १२ दिनपछि मुक्त गरियो।

माओवादीद्वारा टाउको छुट्याई मारिएका वरुण खनाल

वाणगंगा गाविस-६ का ३८ वर्षीय अर्जुन सेन र ४५ वर्षीय दुर्गाबहादुर सेनलगायत् ५ जनालाई ०६१ वैशाख २६ गते उनकै घरबाट माओवादीले अपहरण गरी वैशाख ३० गते मुक्त गरे।

बुड्ढी गाविस-४ की ४५ वर्षीय सुमित्रा खड्का र उनकी छोरी १९ वर्षीय विमला खड्कालाई यौनजन्य क्रियाकलाप सञ्चालन गरेको आरोपमा ०६१ जेठ २९ गते राति माओवादीले अपहरण गरे। पीडितलाई मोसो दली गाउँ घुमाई असार २ गते मुक्त गरियो।

फुलिका गाविस-१ घर भई भगवानपुर गाविसका सचिवका ३८ वर्षीय सत्यराम यादवलाई ०६१ असार २२ गते कृष्णनगरमा गाउँपरिषद् गरी भगवानपुर गाउँमा गई होटलमा चिया खाइरहेको अवस्थामा माओवादीले अपहरण गरेकोमा असार २८ गते कृष्णनगरबाट मुक्त गरे।

महाराजगञ्ज गाविसका सचिव ४० वर्षीय भुवनेश्वर यादवलाई आर्थिक हिनामिना गरेको आरोपमा ०६१ असार २८ गते माओवादीले अपहरण गरे। पीडितलाई यसभन्दा अघि असार २२ गते एक दिन माओवादीले अपहरण गरेकामा मुक्त गरी पुन: अपहरण गरेका हुन्।

सुर्खेत जिल्लाका ३३ वर्षीय कमल ओली, अर्घाखाँची जिल्लाका २८ वर्षीय द्रोण श्रेष्ठ र कञ्चनपुर जिल्ला का ३५ वर्षीय सुरज विष्टलाई ०६१ साउन ४ गते माओवादीले अपहरण गरेकोमा मानवअधिकारकर्मीहरुले रिहाइको माग गरेपछि असोजमा रोल्पाबाट इन्सेक वर्ष पुस्तक प्रतिनिधिको रोहवरमा मुक्त गरियो।

राजपुर गाविस-७ का ३५ वर्षीय जुम्मन मुसलमानलाई किसानलाई ज्याला नदिएको, काठ तस्कर गरेको, सुकुम्बासी हटाएको, गाउँलेलाई कुटपिट गरेको आरोपमा ०६१ साउन २० गते माओवादीले अपहरण गरे। पीडितलाई ३ दिनपछि मुक्त गरियो।

चनई गाविस-५ खैरेन्द्रपुरमा औषधी पसल गर्दै

आएका ४० वर्षीय डा. घनश्याम सापकोटालाई ०६१ साउन २४ गते माओवादीले उनकै घरवाट अपहरण गरी २ दिनपछि दायाँ खुट्टा भाँची साउन ३० गते राति घरमै ल्याई मुक्त गरे।

नवलपरासी जिल्ला गैडाकोट गाविस-२ लखनचोकका ४३ वर्षीय नारायण पोखरेललाई ०६१ भदौ २५ गते भैरहवाबाट तौलिहवा आउने क्रममा पकडी गाविस वर्रोहिया चोकबाट माओवादीले बस रोकी बसबाटै अपहरण गरे। पीडितलाई भदौ २८ गते मुक्त गरियो।

धनकौली गाविस-९ का निवर्तमान गाविस अध्यक्ष तथा एमाले गाउँ कमिटी उपसचिव ५९ वर्षीय केदारप्रसाद चौधरीलाई गाविस अध्यक्ष हुँदा लिएको पेश्की रकम फर्स्यौट नगरेको तथा बुड्ढी-विजगौरी सडक बनाउँदा जनतालाई जबरजस्ती श्रमदान गर्न लगाएको आरोपमा ०६१ मंसिर १३ गते मौवा गाविसबाट मोटरसाइकलसहित माओवादीले अपहरण गरे। पीडितलाई ०६१ मंसिर २३ गते इन्सेक वर्ष पुस्तक प्रतिनिधि, मासम र पत्रकारको रोहवरमा मौवा गाविसबाट मुक्त गरियो।

सशस्त्र तालिम केन्द्र चनौटामा कार्यरत प्रहरी हवल्दारहरु २४ वर्षीय तुल्सीराम कँडेल र २६ वर्षीय रुपनारायण चौधरीलाई ०६१ मंसिर ३० गते अर्घाखाँची जिल्लाको सिद्धारा गाविस-१ सिस्नेमा भएको दोहोरो भिडन्तपछि माओवादीले अपहरण गरे। पीडितहरुको अवस्था हालसम्म अज्ञात छ।

तिलौराकोट गाविसस्थित जनज्योति प्रावि, बर्मेलीटोलका प्रधानाध्यापक रघुनाथ पाण्डेलाई ०६१ पुस ८ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

गोटीहवा गाविस डंगरीका निवर्तमान उपाध्यक्ष ५५ वर्षीय श्रीराम यादवलाई ०६१ पुस ११ गते माओवादीले गोटिहवास्थित उनकै मिलबाट अपहरण गरे। पीडितलाई विभिन्न आरोप लगाउदै दुई दिनपछि गोटिहवाको तौलिहवा मृजादपुर सडकको पेट्रोल पम्प अगाडि ढुङ्गाले दायाँ खुट्टा थिलोथिलो हुनेगरी हिर्काई कुटपिट गरेर फ्याँकिएको थियो। पीडितको उपचार भारतको गोरखपुरमा गरियो।

प्रतिकार समितिमा बसेको भनी माओवादीद्वारा मारिएका कैलाश धोवी

जिप्रका कपिलवस्तुका प्रहरी जवान नरेन्द्रबहादुर केसीलाई ०६१ पुस १५ गते आफन्तलाई भेट्न मकहर गाविस गएको बेला माओवादीले अपहरण गरी २ दिनपछि जागिर छोड्ने शर्तमा पुस १६ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तिलौराकोट गाविस-९ सगरहवाका शिक्षक हाकिमप्रसाद थारु, रामआगे थारु, हेमन्त थारु, सम्मल थारु, मनजु थारु, श्रीराम थारु, जयराम थारु, वेचन थारु, रामरक्षा थारु, झगरु थारु, सुमित्रा थारु, त्रिलोकी थारु, चामु थारु, चिन्का थारु, भगौती थारु र दशात थारुलाई माओवादी पालेको आरोपमा ०६० पुस १८ गते बिहान सुरक्षाकर्मीले कुटपिट गरी घाइते पारे।

शिवपुर गाविस-५ बेलैतेस्थित भूपू सैनिक हवल्दार ३६ वर्षीय जयवल्लभ भट्टराई, सोही गाविस-८ का ३५ वर्षीय भोला थारु, शिवपुर उच्चमाविका विद्यार्थी १५ वर्षीय जीतेन्द्र बानिया, १७ वर्षीय लेखेन्द्रबहादुर थापा, ७० वर्षीय लख्खु बानिया, ८ वर्षीय साइकिल मिश्री, लगत थारु, ३५ वर्षीय विष्णु थारु र १७ वर्षीय भगवता चौधरीलाई ०६० फागुन ३ गते चनैटाबाट गएका सुरक्षाकर्मीले कुटपिट गरे।

दुविया गाविस-६ बक्टापुरका ४० वर्षीय विष्णु खनाललाई ०६० फागुन ८ गते गस्तिमा गएका सुरक्षाकर्मीले कुटपिट गरे। सुरक्षाकर्मीहरु अर्को विष्णु बेलवासेको खोजीमा गएकोमा नाम मिलेको भनी कुटपिट गरी गम्भीर घाइते बनाएका थिए। पीडितलाई उपचारार्थ सुरक्षाकर्मीले १ हजार रुपैयाँ दिएको पीडित बताए।

धनकौली गाविस-६ पिरहवाका ३५ वर्षीय सिताराम गुप्ता, ५६ वर्षीय काशिराम गुप्ता, ३८ वर्षीय रामदेव गुप्तालाई सामान्य झगडाको आरोपमा ०६१ जेठ ६ गते विहान सर्चमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी क्याम्पमा कुटपिट गरे।

वाणगंगा गाविस-४ का ३५ वर्षीय नरेश पौडेल, २८ वर्षीय राजु पाण्डे, ३२ वर्षीय ज्ञानु गैरे, ४० वर्षीय तुलसीराम थारु, ४० वर्षीय वीरेन्द्र पौडेललगायत्लाई ०६१ भदौ १२ गते दिउँसो जनमोर्चाको आमसभा गरी फर्केपछि गोरुसिंहे सैनिक ब्यारेकबाट गएका सुरक्षाकर्मीले कुटपिट गरी घाइते पारे। घाइतेहरुको उपचार स्थानीय मेडिकलमा गरियो।

बुड्ढी गाविस-४ जोतपुरका ४० वर्षीय केशव कुवँर र राजपुर गाविस-१ का रामप्रसाद उपाध्यायलाई ०६१ भदौ २० गते सुरक्षाकर्मीले कुटपिट गरे।

भलवाड गाविस-७ पडेरीका २८ वर्षीय कर्णबहादुर

कार्कीलाई ०६१ असोज १२ गते घरबाट तौलिहवातर्फ आउने क्रममा लक्ष्मणघाट भन्ने ठाउँमा सुरक्षाकर्मीले कुटपिट गरे।

कपिलवस्तु नपा-२ नयाँटोलमा आफन्तको घरमा आएका कान्तिपुर दैनिक पत्रिकाका फोटो पत्रकार ३२ वर्षीय प्रकाश माथेमालाई ०६१ कार्तिक २४ गते साँझ सादा पोसाकका सुरक्षाकर्मीले कुटपिट गरी अमानवीय व्यवहार गरे। सेनाका जवानले घाइते आफ्ना साथीलाई वाणगंगा नदि तार्दै गरेको फोटो कान्तिपुरमा प्रकाशित भएको कारण उनलाई कुटपिट गरेका थिए। शाही सेनाका लेफ्टिनेन्टसहितको टोलीले पीडितसँग माफी मागे।

अन्यबाट

नन्दनगर गाविसस्थित नन्दनगर माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकबीच विवाद भएका कारण ०६१ जेठ ८ गते विद्यालयका प्रधानाध्यापक र शिक्षक मिली विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामविलाश चौधरीलाई कुटपिट गरे। पीडितले तीन दिनसम्म शिक्षकहरु विद्यालयमा हाजिर नभएपछि हाजिर कपिमा रातो लगाएपछि कुटपिट गरिएको थियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कपिलवस्तु जिल्लाका एमाले, राप्रपा, नेकाँ (प्रजातान्त्रिक) र सद्भावना पार्टीका गतिविधि गाउँमा गर्न नदिने भन्दै ०६१ साउनमा माओवादीले एक प्रेस विज्ञप्ति जारी गरी प्रतिबन्ध लगाएपछि गाउँमा राजनीतिक गतिविधि शून्य भए।

सामाजिक संघ-संस्थाहरुलाई गाउँमा चलन नदिई कार्यालयमा माओवादीले तालाबन्दी गर्नुपर्ने र उनीसमक्ष दर्ता गराउनु पर्ने भनिएका कारण संघ-संस्थाहरु प्रभावित भए। प्रभावित हुनेमा सिद्धार्थ सामाजिक विकास केन्द्र, जन आदर्श सामाजिक विकास केन्द्र, निगाली क्लबलगायत्का संघ संस्थामा तालाबन्दी गरिएको थियो। त्यस्तै रोजगारीको लागि विदेश जानेहरु मध्येबाट १५ देखि ३० हजार रुपैयाँसम्म पहिल्यै नै दिनुपर्ने उर्दी माओवादीले जारी गरेपछि र शिक्षक कर्मचारीलाई अनिवार्य रकम माग गरेपछि उद्योग व्यवसायी, व्यापारी, शिक्षक, कृषक, कर्मचारी पीडित भएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

नमुना जिल्ला अदालतमा यस वर्ष विभिन्न शीर्षकमा ६ सय ४६ वटा मुद्दा दर्ता भए। गत वर्षबाट ६ सय ६२ मुद्दा जिम्मेवारी सरेर आएका थिए। यस वर्ष ८ सय १० वटा मुद्दा फैसला भए। सरकारी वकिल कार्यालयबाट ४० वटा मुद्दा अदालतमा पेश गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

माओवादीद्वारा मारिएका प्रहरीका भान्से राजेश विक

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि
वृद्ध भत्ता

जिल्लामा रकम पर्याप्त मात्रामा नपठाउँदा दामासाहीको हिसाबमा ०६१ कार्तिक सम्मको वृद्ध भत्ता बाँडिएको थियो। मंसिर २ गतेदेखि माओवादीले गाविस सचिवहरुलाई काम नगर्न चेतावनी दिएपछि वृद्ध, अपाङ्ग र असहायहरुले भत्ता पाउन सकेनन्। ०६० सालको तथ्याङ्कअनुसार यस जिल्लामा ७५ वर्ष पुगेका वृद्ध २ हजार ४ सय ४३ जना र असाहाय विधवा ३ हजार ७ सय २५ जना र अपाङ्ग ५० जना छन्।

आर्थिक अधिकार

हथिहवा गाविसका पूर्व गाविस अध्यक्ष तथा नेकाँ कार्यकर्ता राजेन्द्र सिंहको घरमा ०६० फागुन १७ गते साँझ माओवादीले खाद्यान्न, कपडा, भाँडा, नगद, सुनचाँदी, टिभी, दराज, पलङ, मोटरसाइकल लगायत्का २० लाख रुपैयाँ बराबरको सामान लुट्नुका साथै राजेन्द्रको नाममा रहेको सम्पूर्ण जग्गा कब्जा गरी घरको छानामा झण्डा गाडी कब्जा गरेको घोषणा गरे।

हर्दैना गाविसका पूर्व गाविस अध्यक्ष ४० वर्षीय झिन्कनप्रसाद तिवारीको घरमा ०६० फागुन १७ गते राति डेढ सयको संख्यामा आएका माओवादीले घर परिवारलाई कब्जामा लिई सम्पूर्ण खाद्यान्न, लत्ताकपडा, भाँडाकुडा, सुनचाँदी गरी १० लाख रुपैयाँ बराबरको सम्पत्ति लुट्नुका साथै सर्वस्वहरण गरी घर तोडफोड गरे।

अमिराव गाविस-१ का मनोनित जिविस सभापति सलाउद्दीन मुसलमानको घरमा रहेको सम्पूर्ण खाद्यान्न, लत्ताकपडा, सुनचाँदी, भाडाकुँडा ०६० चैत १२ गते माओवादीले लुटे। माओवादीले चैत १८ गते घरमा बम विस्फोट गरी ध्वस्त पारी घरजग्गा कब्जा गरेको घोषणा गरे।

निग्लिहवा गाविस-९ का पूर्व गाविस अध्यक्ष दीपक गुरुङको घरमा ०६० चैत २० गते माओवादीले ८० वर्षीय फुपु र काम गर्ने मान्छेलाई कब्जामा लिई घरमा रहेको

खाद्यान्न, लत्ताकपडा, सम्पूर्ण भौतिक सम्पत्ति लुट्नुका साथै घरमा ताला लगाई घरको छानामा झण्डा गाडेर कब्जाको घोषणा गरे। माओवादीले करिब १० लाख रुपैयाँ बराबरको धनमाल लुटेका थिए। गुरुङ दुई वर्षदेखि काठमाडौं बस्दै आएका छन्।

सिद्धार्थ सामाजिक विकास केन्द्र, गजेहडास्थित कार्यालयमा ०६१ असार २१ गते माओवादीले आक्रमण गरी त्यहाँ रहेका कम्प्युटर, नगदलगायत् सामान लुटे। माओवादीले भवन कब्जा गरी झण्डासमेत गाडे।

विस्थापन

यस जिल्लामा सशस्त्र द्वन्द्वका कारण राज्य पक्ष र माओवादी पक्षको डर, धम्की र कारवाहीका कारण विस्थापित हुनेहरुको संख्या यकिन हुन नसके पनि करिब १ हजारदेखि १५ सय जनासम्म विस्थापित भएको अनुमान गरिएको छ। जिल्ला प्रशासन कार्यालयमा ३२ जना विस्थापित भएको जानकारी भएको भएपनि विभिन्न राजनीतिक अन्य पार्टी थप १९ जना गरी ५१ जनाको अभिलेख देखिन्छ।

संरचना/सम्पत्ति क्षति

भिल्मी गाविसका वीरेन्द्रकुमार मिश्रको घरमा ०६१ भदौ २४ गते माओवादीले बम विस्फोट गराउँदा २ तल्ले भवन ध्वस्त भयो। विस्फोटपछि वीरेन्द्रकुमार सपरिवार विस्थापित भई अन्यत्र बस्दै आएका छन्। बम विस्फोटबाट करिब १० लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीको अनुमान छ।

पकडी गाविस-४ चाकरचौडाका परशुराम पाठकको घरबाट ०६१ कार्तिक २० गते राति करिब ५ सय जनाको संख्यामा आएका माओवादीले सम्पूर्ण खाद्यान्न, लत्ताकपडा, भाँडा र एक लाख नगदसमेत लुटे भने उनका ४ वटा पक्की घर र २ वटा ईंट्टाभट्टा, जग्गासमेत कब्जा गरेको घोषणा गरे।

प्रतिकार समितिमा बसेको आरोपमा माओवादीद्वारा मारिएका मोहमद मुस्तफा, गोवर्धन लोध, मोहमद फकिर, रघुवर लोध र नाम नखुलेका एक जना

कृष्णनगर गाविसका डा. रुद्रप्रताप शाह, उनका छोरा डा. दिनेश शाह र राकेश शाहको वीरपुरस्थित करिब ३० बिगाह खेतमा लगाइएको धानबाली ०६१ कार्तिक २० गते माओवादीले खेतबाटै लुटेर लगे।

गोटिहवा गाविस-५ डंगटीका राजबहादुर कुर्मीको घरबाट ०६१ कार्तिक ३० गते हतियारसहित आएका माओवादीले सम्पूर्ण खाद्यान्न, लत्ताकपडा, टिभी, दराज, मोटरसाइकल, नगद गरी करिब २० लाख रुपैयाँको सम्पत्ति लुट्नुका साथै उनका नाममा रहेको २ वटा पक्की घर र जग्गा कब्जा गरेको प्रेस विज्ञप्ति जारी गरे। हाल उनको परिवार विस्थापित भएको छ।

तौलिहवाबाट काठमाडौंतर्फ गइरहेको डाँफे यात्रुबाहक बस ०६१ मंसिर ४ गते माओवादीले लवनी नजिकै कोठी नदीमा रोकी मट्टितेल छर्केर आगो लगाए।

बहादुरगञ्ज गाविस-१ मा रहेको निवर्तमान सांसद अजयप्रताप शाहको पेट्रोल पम्पमा ०६१ मंसिर ९ गते ५०/६० जनाको समूहमा आएका माओवादीले आगो लगाई क्षति पुऱ्याए। पम्पमा रहेको ३ हजार लिटर मट्टीतेल भूइँमा पोखी आगो लगाइदिए भने कार्यालय भवन तोडफोड गरेका थिए। घटनामा करिब २ लाख रुपैयाँको क्षति भयो।

पश्चिमाञ्चल सब-डिभिजन कार्यालयका २ वटा पिकअफ भ्यान, एउटा जहदी र अर्को वनगाईमा ०६१ मंसिर १२ गते माओवादीले मट्टितेल छर्केर आगो लगाई क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जयनगर गाविस-९ का ३९ वर्षीय विष्णु पौडेललाई ०६० फागुन १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिन सैनिक हिरासतमा राखी फागुन १४ गते रिहा गरे।

मोतिपुर गाविस-४ बोडगाउँका ४० वर्षीय तुलसीराम भण्डारीलाई माओवादीको आरोपमा ०६० फागुन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिन सैनिक हिरासतमा राखी फागुन २३ गते रिहा गरे।

रुपन्देही जिल्ला सिद्धार्थनगर नपा-१० बर्मेलीटोलका २८ वर्षीय विष्णु केसीलाई माओवादीको आरोपमा ०६० चैत ४ गते तिलौराकोट गाविस-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी २० दिन सैनिक हिरासतमा राखी आतंककारीको अभियोगमा नजरबन्दमा राखे। पुनरावेदन अदालत बुटवलमा बन्दी प्रत्यक्षीकरणको मुद्दा परेकोमा पीडितलाई ०६१ असार २३ गते रिहा गरियो।

तिलौराकोट गाविस-६ का ५८ वर्षीय धनबहादुर भुसाललाई माओवादीको आरोपमा ०६० चैत ४ गते बिहान

सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २० दिन सैनिक हिरासतमा राखी चैत २३ गते नजरबन्दको लागि जेलमा राखिएकोमा बन्दी प्रत्यक्षीकरणको लागि पुनरावेदन अदालतमा मुद्दा परेपछि ०६१ असार २३ गते अदालतको आदेशमा रिहा गरियो।

जयनगर गाविस-९ वडहराका विष्णु पौडेललाई ०६० चैत ८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी चैत १४ गते रिहा गरे।

हजैसा गाविस-३ मर्थीचोकका ४० वर्षीय नापु थारुलाई ०६० चैत २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीले उक्त स्थानमा अघिल्लो दिन विद्युतीय धराप राखेको र दुई सुरक्षाकर्मी घाइते भएकोमा थारुलाई गिरफ्तार गरिएको थियो। पीडितलाई चार दिन हिरासतमा राखी रिहा गरियो।

माओवादी कार्यकर्ता अञ्जली भनिने २० वर्षीय झुमा चन्दलाई ०६१ वैशाख २० गते थुनिया गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १० दिन सैनिक हिरासतमा राखी वैशाख ३१ गतेदेखि जेलमा राखियो।

तितिर्खी गाविस-४ का ३५ वर्षीय रामलखन जैसवाल र सोही गाविस-२ का ४० वर्षीय पारस यादवलाई माओवादीलाई बस्न र खान दिएको आरोपमा ०६१ वैशाख २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तौलिहवा व्यारेकमा पुऱ्याई आँखामा पट्टी र हात बाँधी कुटपिट गरी यातना दिए। पीडितलाई २४ घण्टा पानी खान नदिई राखिएकोमा वैशाख २७ गते रिहा गरियो।

पकडी गाविस-१ का ४८ वर्षीय विक्रम तिवारीलाई माओवादीको आरोपमा ०६१ वैशाख ३१ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई पाँच दिन पछि रिहा गरियो।

बुड्ढी गाविस-८ का ३५ वर्षीय पूर्णबहादुर सुनारलाई माओवादीको आशंकामा ०६१ जेठ ७ गते तरकारी बेचिरहेको अवस्थामा बजारबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई दिन सैनिक व्यारेकमा राखी जेठ ९ गते रिहा गरियो।

दुविया गाविस-४ का ६० वर्षीय मुमाराम गैरे, ३५ वर्षीय लेखनाथ गैरे, २८ वर्षीय बाबुराम गैरेलाई माओवादीको आशंकामा ०६१ जेठ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई जेठ १२ गते रिहा गरियो।

शिवपुर गाविस-५ वलापुरकी ३५ वर्षीय सीता भट्टराईलाई ०६१ कार्तिक २७ गते गुगौलीबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी केही दिन हिरासतमा राखी मंसिर ६ देखि नजरबन्दमा राखियो।

महाराजगञ्ज गाविस-३ गैडहवा का २८ वर्षीय श्यामसुन्दर चौधरीलाई माओवादीको आशंकामा ०६१ मंसिर २० गते सुरक्षाकर्मीले कृष्णनगर बजारबाट गिरफ्तार गरे। चौधरीलाई ५ दिनपछि रिहा गरियो।

सुरक्षाकर्मीको कुटपिट र यातनाबाट घाइते भएका रामलखन जैसवाल

बालअधिकार

बाणगंगा गाविस पिपराकी ४० वर्षीय कुमार विश्वकर्माले ०६१ साउन २७ गते आफ्नो ५ वर्षीय छोरीलाई बलात्कार गरे। बलात्कारपछि बेहोस भएकी बालिकाको उपचारको लागि बुटवल लगियो भने कुमाललाई स्थानीय बासिन्दाको सहयोगमा गिरफ्तार थुनामा राखिएको छ।

गणेशपुर गाविस-३ का २५ वर्षीय ओमप्रकाश कुर्मीले सोही ठाउँकी १२ वर्षीय एक बालिकालाई बलात्कार गरे। पीडकलाई ०६१ भदौ २२ गते माओवादीले मोसो दली बजार घुमाई २० हजार रुपैयाँ जरिवाना गराएर यस्ता घटना नदोहोऱ्याउने शर्तमा मुक्त गरे।

निग्लीहवा गाविसस्थित कनकमुनि मावि श्रीनगर जगदीशपुरमा ०६१ मंसिर ५ गते माओवादीका कार्यकर्ताहरुले विद्यालय चलिरहेको बेला कक्षा ८, ९ र १० का करिब २ सय विद्यार्थीलाई जबरजस्ती विद्यालय प्राङ्गणमा बंकर खन्न लगाए।

रुकुम, रोल्पा, प्यूठान, सल्यान, अर्घाखाँची र दाङ जिल्लाका ६७ जना र कपिलवस्तुका ५ जना गरी ७२ जना बालबालिका कपिलवस्तु बालगृहमा राखिएका छन्। सरकारले प्रति व्यक्ति १ हजारका दरले मासिक खर्च दिएको भए पनि पर्याप्त नहुँदा अन्य संघसंस्थाहरुले आर्थिक भौतिक सहयोग गरिदिएका छन् भने सदरमुकाममा रहेको बोर्डिङ्ग स्कूलहरुले नि:शुल्क अध्ययन गराएका छन्। ती सबै बालबालिकालाई पठनपाठन गर्ने, खाने र बस्नेलगायत्का सबै प्रकारका सुविधा उपलब्ध गराइएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

महेन्द्रकोट गाविसका ४० वर्षीय कनैयालाल चौधरी र उनकी पत्नी लक्ष्मी चौधरीलाई ०६१ भदौ २९ चेलिबेटी बेचबिखन गरेको भनी प्रहरीले कृष्णनगरको एक होटलबाट गिरफ्तार गरे। चौधरी दम्पतिले कपिलवस्तुका ४

जना र दाङका २ जनालाई बेचबिखन गरेकोमा गिरफ्तार परेपछि साथी संस्थाका प्रतिनिधि र जिप्रकाको संयुक्त टोली भारत गई उद्दार गरी ६ जना चेलीलाई नेपाल ल्याए। पीडितहरुलाई चेलिबेटी बेचबिखन मुद्दा लगाई जेल चलान गरिएको छ।

बलात्कार/बलात्कार प्रयास

पत्थरदेहिया गाविस मानपुरकी २२ वर्षीय एक युवतीलाई ०६१ साउन ११ गते सोही ठाउँका ३८ वर्षीय कल्लू यादवले बलात्कार गरे। पीडकलाई अनेमसंघ (क्रान्तिकारी) ले मोसो दली ४ पाटा मुडेर बजार परिक्रमा गराई माफी मगाए।

पारिवारिक हिंसा

गजेहडा गाविस-७ डंगाकी २२ वर्षीय दुर्गा पौडेललाई ०६१ असार २९ गते रहस्यमय तरिकाबाट झुण्डाएर हत्या गरियो। उनका पति हुमनाथ पौडेल, सासु लक्ष्मी पौडेल र आमाजुलगायत् ३ जना मिली हत्या गरेको आरोपमा स्थानीय महिला समूहले आमा-छोरीलाई मोसो लगाई गाउँ घुमाए। प्रहरीले घटनाको जाहेरी लिएन। हाल पति हुमनाथ पौडेल फरार छन् भने आमा लक्ष्मी पौडेललाई माओवादीले श्रम शिविरमा राखेको बेला सुरक्षाकर्मीले अर्घाखाँचीबाट उद्धार गरेर घरमै ल्याएर छाडी दिएका छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादी कपिलवस्तुले जनताको काम नगर्न भनी दिएको चेतावनीपश्चात् जनताका आभारभूत अधिकार, नागरिकता, राहदानी, जन्मदर्ता, मृत्युदर्ता, नामसारीलगायत्का कामकाज हुन नसकेकाले जनताका काम निर्वाध सञ्चालन गर्न दिन माओवादीलाई आग्रह गर्दै इन्सेक वर्ष पुस्तक प्रतिनिधि, हुर्लेस्क संयोजक, मासम जिल्ला अध्यक्षलगायत्ले संयुक्त विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

हथिहवा गाविस-४ फुलुवापुरमा ४० वर्षीय एवलावती यादव र ४१ वर्षीय कवुतरी मुसलमानले समयमा उपचार नपाउँदा मृत्यु भयो। ०६१ असोज २१ गतेदेखि झाडापखाला लागेकोमा स्थानीय उपस्वास्थ्य चौकीका स्वास्थ्यकर्मीले समयमा औषधी पुर्‍याउन नसक्दा थुप्रै व्यक्ति झाडा पखालाबाट प्रभावित बने।

३.११ अर्घाखाँची



जनसंख्या	: २२०४८२
साक्षरता प्रतिशत	: ४७.४
महिला साक्षरता प्रतिशत	: ३२
क्षेत्रफल (वर्ग कि. मि.)	: ११९३
गाविस/नपा संख्या	: ४२/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४२४
क्याम्पस/उच्च मावि	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: १८४
मोटर सडक (कि. मि.)	: ५८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ४२
मानव विकास सूचकांक	: ०.४७१
प्रति परिवार सरदर संख्या	: ५.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

ढाकावाङ गाविस-२ का ३५ वर्षीय रमेश नेपाली माओवादीको आरोपमा ०६० माघ २ गते सन्धिखर्कबाट गएको सुरक्षाकर्मीद्वारा घरबाट गिरफ्तार गरी धारापानी गाविस-१ को घाटखोलामा पुर्‍याई गोली हानी मारिए। लाशको पोष्टमार्टम भएन।

प्युठान जिल्ला घर भएका माओवादी कार्यकर्ता मानबहादुर बुढालाई ०६० माघ २ गते खिदिम गाविस-३ बाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी नरपानी गाविस-१ मा पुर्‍याई गोली हानी मारिए। लाशको पोष्टमार्टम भएन।

रोल्पा जिल्लाका इन्द्रबहादुर घर्ती, सिरहा जिल्लाका बसन्त लामा र कपिलवस्तु जिल्लाका मनकुमारी डाँगीको

०६१ वैशाख २३ गते सिमलपानी गाविस-४ छेडामा सुरक्षा कारवाहीमा मृत्यु भयो। लाशको पोष्टमार्टम भएन।

जलुके गाविस-२ का भीमबहादुर खड्का, जुकेना गाविस-९ का झवीन्द्र आचार्य, सोमनाथ लामिछाने र नाम ठेगाना नखुलेका सुशील भनिने व्यक्ति ०६१ वैशाख २३ गते ढाकावाङ गाविस-९ पिपलनेटाबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी २४ गते हंशपुर गाविस-६ भेडीराख्नेमा गोली हानी मारिए। सोही दिन पिपलनेटामा रोल्पा जिल्ला घर भइ अर्घाखाँची जिल्लामा कार्यरत माओवादी ३ नं एरिया इन्चार्ज शिशिर भनिने अम्मर केसी सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडितलाई सेनाले गाडेर हिँडेका थिए। लाशको पोष्टमार्टम भएन।

ढाकावाङ गाविस-९ का उगबहादुर घर्ती, रवन गाविस-२ कार्वनेटाकी १५ वर्षीय अनु विक माओवादीको आरोपमा ०६१ जेठ १८ गते हंशपुर गाविस-९ रतनमारेमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिइन्।

सिद्धारा गाविस-१ पाकुरीमा नाम र ठेगाना नखुलेको ४ जना माओवादी कार्यकर्ताको ०६१ असार १५ गते दिउँसो सुरक्षा कारवाहीमा मृत्यु भयो। लाशको पोष्टमार्टम भएन।

रुकुम जिल्ला घर भई अर्घाखाँची जिल्लामा माओवादी एरिया नं ४ को इन्चार्जको रुपमा कार्यरत सुदीप भनिने प्रेमप्रकाश चन्द ०६१ साउन २० गते सुरक्षाकर्मीद्वारा खनदह गाविस-४ मा गोली हानी मारिइन्। लाशको पोष्टमार्टम भएन।

अर्घा गाविस-१ का ४१ वर्षीय आशा आचार्य (नेपाली) माओवादीको आरोपमा ०६१ भदौ ३१ गते धारापानी गाविस-६ रातामाटामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। लाशको पोष्टमार्टम गरिएन।

रोल्पा जिल्ला थवाङ्ग गाविसका ७२ वर्षीय तेजमान घर्ती, विशेष क्षेत्रीय ब्यूरो सदस्य ५० वर्षीय दीर्घ, नाम नखुलेका विमल र कपिलवस्तु जिल्ला शिवगढका ३५ वर्षीय दिलकुमार रोका माओवादीको आरोपमा ०६१ असोज २५ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। लाशको पोष्टमार्टम भएन।

सिमलपानी गाविस-४ का १६ वर्षीय सीता मगर र सिद्धारा गाविस-२ की शान्ता थापा माओवादीको आरोपमा ०६१ असोज २७ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। उनीहरुको लाशको पोष्टमार्टम भएन।

जलुके गाविस-५ राप्तीबगरमा ठाडा र गोरुसिंगेबाट सर्चमा गएका सुरक्षाकर्मीले ०६१ मंसिर २२ गते चलाएको गोली लागी ३ जना माओवादी कार्यकर्ता र प्यूठान जिल्ला वाङ्गेसाल गाविसका-४ का सर्वसाधारणको मृत्यु भयो। मृतकहरुको नाम र ठेगाना खुलेको छैन।

माओवादीबाट

हंसपुर गाविस-५ सिन्दुरका ५५ वर्षीय जीतबहादुर मगरलाई सुराकीको आरोपमा ०६१ वैशाख २८ गते साँझ अपहरण गरी जेठ ९ गते हंसपुर गाविस-६ को भेडीराख्ने ठाउँमा पुऱ्याई माओवादीले गोली हानी हत्या गरे। लाशको ३ दिनपछि दाहसंस्कार गरियो।

गोरखा जिल्ला अर्वाङ गाविस-६ का जिप्रका अर्घाखाँचीमा कार्यरत प्रहरी जवान ३५ वर्षीय विकास गुरुङ, सोही जिल्ला ताकुकोट गाविस-८ घर भएका प्रहरी जवान कुमार पनेरु, नवलपरासी जिल्ला मैनाघाट गाविस-९ का २९ वर्षीय वीरबहादुर राना र सोही जिल्ला उन्वच गाविस-५ का ३१ वर्षीय गोविन्दकुमार यादवलाई ०६१ असार ३ गते दिउँसो माओवादीले सन्धिखर्क गाविस-६ मा गोली प्रहार गरी हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	२	२	४	११	३१		३	३४	१७	२५	८	३१	६४
घाइते					१	३			३					
बम विस्फोट					२			२	२					
गिरफ्तारी/यातना										७	६	१		७
बेपत्ता										२	२			२
कुटपिट					२	४			४	१	१	२		३
धम्की					४	६	१		७					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१५	१६			१६					
अपहरण					१७	१९	२		२१					
जम्मा	४	२	२	४	५२	७९	३	५	८७	२७	३४	११	३१	७६

जलुके गाविस-५ लामातालका ९ वर्षीय नरबहादुर मगरको ०६१ असार ५ गते माओवादीले बाटोमा छाडेको सकेट वम घरमा ल्याई खेलाउँदा विस्फोट भई मृत्यु भयो।

हंसपुर गाविस-२ दोबाटोका ६१ वर्षीय विष्णुराज अधिकारीलाई सुराकीको आरोपमा ०६१ कार्तिक १३ गते साँझ माओवादीले गोली हानी हत्या गरे। पीडितलाई घरदेखि २ सय मिटर तल खेतमा पुऱ्याई हत्या गरेका थिए भने लाशको पोष्टमार्टम गर्न ४ दिनपछि सदरमुकाम लैजाँदा बाटोमा सन्धिखर्कबाट गएका सुरक्षाकर्मीले पोष्टमार्टम गर्न नपर्ने भनेपछि अन्तिम संस्कार गरियो।

जुकेना गाविस-५ जुकेना का ३९ वर्षीय दुर्गा बेल्वासेलाई सुराकीको आरोपमा ०६१ कार्तिक १५ गते माओवादीले गोली हानी हत्या गरे। लाशको पोष्टमार्टम नगरी जलाइयो।

सिमलपानी गाविस-५ का ३७ वर्षीय लिलाधर न्यौपानेलाई सुराकीको आरोपमा ०६१ भदौ ४ गते माओवादीले अपहरण गरेकोमा ०६१ कार्तिक २७ गते गोली हानी हत्या गरे। लाशको पोष्टमार्टम गरिएन।

दोहोरो भिडन्त

कञ्चनपुर जिल्ला महेन्द्रनगर घर भई गोरख दल गण, अर्घाखाँचीमा कार्यरत सैनिक जवान टेकसिंह साउदको ०६१ असार १६ गते जुकेना गाविस-७ फुर्सामाटामा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। सोही भिडन्तमा जुकेना गाविस-५ का सर्वसाधारण रामबहादुर परियार र नाम, ठेगाना नखुलेको माओवादी कार्यकर्ता ज्योति, अमृता र क्रान्तिको मृत्यु भयो। मृतकहरुलाई सेनाले एकै ठाउँमा गाडेर हिँडेका थिए। लाशको पोष्टमार्टम भएन।

सिद्धारा गाविस-१ सिस्नेखोलामा सुरक्षाकर्मी र माओवादीबीच ०६१ मंसिर ३० गते भएको दोहोरो भिडन्तमा २१ सुरक्षाकर्मी र ६ माओवादीको मृत्यु भयो। भिडन्तमा परी शाही सेनाका १९ र सशस्त्र प्रहरी बलका २ जनाको मृत्यु भयो। मृत्यु सैनिकहरुमा रामेछापका प्यूठ नानीबाबु माझी, नवलपरासीका बमबहादुर गाहामगर, ओमबहादुर माक्मि, भक्तपुरका राजेश आलेमगर, जीवन तामाङ, राजबहादुर थापा, ललितपुरका सुरेश विष्ट, गोरखाका रमेश खत्री, रुद्र बरामु, पाल्पाका रामबहादुर कार्की, नुवाकोटका चन्द्रबहादुर तामाङ्ग, तनहुँका सञ्जीव भण्डारी, स्याङजाका नारायण सुवेदी, कैलालीका हिराबहादुर तामाङ्ग, सोमबहादुर थापा, तनहुँका गोविन्द केसी थिए भने सशस्त्र प्रहरीको नाम, ठेगाना खुल्न सकेन। मृत्यु भएका माओवादीको नाम र ठेगाना पनि हालसम्म खुल्न सकेन।

सिद्धारा गाविस-५ लामडाँडामा सुरक्षाकर्मी र माओवादीबीच ०६१ पुस ८ गते भएको दोहोरो भिडन्तमा २२ माओवादी र दुई सैनिक जवानको मृत्यु भयो। मृतकहरुको नाम खुल्न सकेन। आफूतर्फ २ जनाको मृत्यु भएको माओवादीले सार्वजनिक गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

जलुके गाविस-५ लामातालका निरबहादुर मगर, उनका बुबा ३९ वर्षीय खड्कबहादुर मगर र आमा ३० वर्षीय शान्ता मगर ०६१ असार ५ गते माओवादीले बाटोमा छाडेको सकेट बम विस्फोट हुँदा घाइते भए।

बेपत्ता / अपहरण

राज्यबाट

बाँगी गाविस-४ की १६ वर्षीय यमुना खड्का र प्युठान जिल्लाका बाबुराम शर्मालाई माओवादीको आशंकामा ०६१ असोज २५ गते जलुके गाविस-४ टाकुराबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा यमुनालाई मंसिर १२ गते मुक्त गरियो भने बाबुरामको स्थिति अज्ञात छ।

माओवादीबाट

पाली गाविस-६ कमला मावि चोकका नेकाँ गाउँ





सुरक्षाकर्मीद्वारा मारिएका उगबहादुर घर्ती र अनु विक

समिति अध्यक्ष ४१ वर्षीय कमलप्रसाद खनाललाई सुराकीको आरोपमा ०६० फागुन २३ गते माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

ठाडा गाविस-५ खुम्चिकोट का ५८ वर्षीय जुद्धप्रसाद पौडेल र उनकी २० वर्षीय छोरी कमला पौडेललाई सुराकीको आरोपमा ०६० चैत २३ गते साँझ आफ्नै घरबाट माओवादीले अपहरण गरी जुद्धप्रसादलाई ०६१ वैशाख १६ गते र कमलालाई ०६१ असोजमा मुक्त गरे।

ठाडा गाविस-५ खुम्चिकोटकी १८ वर्षीय शान्ता पौडेललाई सुराकीको आरोपमा ०६० चैत २५ गते माओवादीले अपहरण गरी ६ महिनासम्म श्रम शिविरमा राखी मुक्त गरे।

हंसपुर गाविस-९ रतनमारेका एमाले ५ नं इलाका सचिव ४५ वर्षीय छविलाल अधिकारीलाई सुराकीको आरोपमा ०६१ वैशाख २८ गते माओवादीले अपहरण गरी ९ दिनपछि मुक्त गरे।

सिमलपानी गाविस-४ छेडापोखरीका सर्वसाधारण ३५ वर्षीय विष्णुबहादुर जिसी र सोही ठाउँका टेकलाल न्यौपानेलाई सुराकीको आरोपमा ०६१ जेठ १ गते साँझ माओवादीले अपहरण गरे। पीडितहरुलाई सुराकी नगर्न चेतावनी दिई १० दिनपछि मुक्त गरियो।

सिमलपानी गाविस-४ का ३५ वर्षीय विष्णुप्रसाद न्यौपानेलाई सुराकीको आरोपमा ०६१ जेठ ३ गते साँझ माओवादीले अपहरण गरेकोमा भदौ १ गते मुक्त गरे।

खिदिम गाविस-३ का २० वर्षीय खिमबहादुर विकलाई सुराकीको आरोपमा ०६१ असार ४ गते माओवादीले अपहरण गरेकोमा दुई महिनापछि मुक्त गरे।

सन्धिखर्क गाविस-७ घट्टेटारीका ५५ वर्षीय पिताम्बर रायमाझीलाई ०६१ असार ४ गते माओवादीले अपहरण गरेकोमा ४ दिनपछि मुक्त गरे।

जुकेना गाविस-५ का गाविस सचिव ५५ वर्षीय मिनलाल पौडेल, सोही गाविस-७ फुर्सामाटाका २९ वर्षीय मिनबहादुर आचार्य र सोही ठाउँकी ३३ वर्षीय सुमित्रा अधिकारीलाई सुराकीको आरोपमा ०६१ साउन २ गते माओवादीले अपहरण गरे। पीडितमध्ये सुमित्रालाई सोही दिन र अन्यलाई ४ दिनपछि मुक्त गरे।

घातीवाङ्ग गाविस-८ का ३० वर्षीय हुमनाथ पौडेललाई माओवादीद्वारा अपहरण गरिएका मोती अधिकारीलाई भगाएको आरोपमा ०६१ साउन २७ गते माओवादीले अपहरण गरे। पीडितलाई ८ दिनपछि मुक्त गरियो।

माओवादीद्वारा मारिएका विष्णुराज अधिकारी

वल्कोट गाविस-१ पौंवाका व्यापारी ४४ वर्षीय मोती अधिकारीलाई सुराकीको आरोपमा ०६१ साउन २० गते माओवादीले अपहरण गरे पनि यो वर्षको अन्त्यसम्म उनी फेला परेनन्।

नुवाकोट गाविस-५ पानडाँडाका ५६ वर्षीय धनबहादुर रायमाझीलाई सुराकीको आरोपमा ०६१ भदौ ४ गते माओवादीले अपहरण गरेकोमा ४ दिनपछि मुक्त गरे।

ढिकुरा गाविस-२ घर भई खाँचिकोट गाविस-६ गच्छेबजारका निवर्तमान गाविस अध्यक्ष तथा एमाले क्षेत्रीय कमिटी सदस्य ५१ वर्षीय नारायणप्रसाद खनाललाई सुराकीको आरोपमा ०६१ भदौ ९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई इन्सेक वर्ष पुस्तक प्रतिनिधिको रोहवरमा भदौ १६ गते मुक्त गरियो।

ठाडा गाविस-५ जलुकेका ५५ वर्षीय गजबहादुर समाललाई सुराकीको आरोपमा ०६१ भदौ १९ गते माओवादीले अपहरण गरे। पीडितको स्थिति अझै पनि अज्ञात छ।

सितापुर गाविस-४ झिर्टाका ५५ वर्षीय गोविन्द वञ्जाडे र सोही ठाउँका शालिक पन्थीलाई सुराकीको आरोपमा ०६१ असोज १० गते माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

अडगुरी गाविस-९ झन्द्रेकका ४१ वर्षीय तिलक टण्डनलाई ०६१ साउन ९ गते माओवादीले अपहरण गरी १५ दिनसम्म श्रम शिविरमा राखी मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जुकेना गाविस-७ फुर्सामाटाकी २६ वर्षीय मनकला खनाल, १८ वर्षीय रेशम खनाल र ३३ वर्षीय सुमित्रा लामिछानेलाई माओवादी पालेको आरोपमा ०६१ असार १६ गते सुरक्षाकर्मीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

माओवादीबाट

नुवाकोट गाविस-७ बरवासका ५८ वर्षीय भेषबहादुर थापा, उनका छोरा ३० वर्षीय रेशम थापा र २४ वर्षीय प्रेम थापालाई चन्दा नदिएको आरोपमा ०६१ जेठ ३ गते माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिई ८ लाख रुपैयाँ बराबरको सम्पत्ति नियन्त्रणमा लिए।

मरेङ्ग गाविस-३ का ४५ वर्षीय मणी पौडेल, ३३ वर्षीय छर्पता भुसाल, ४२ वर्षीय पुष्कर आचार्य र ४६ वर्षीय चुडामणि भुसाललाई सुराकीको आरोपमा

०६१ जेठ १९ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

अर्घातोस गाविस-९ का ५९ वर्षीय खिमानन्द वञ्जाडेलाई ०६१ जेठ १९ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

अर्घा गाविस-९ का ५१ वर्षीय शशी आचार्य र उनका छोरा २६ वर्षीय कृष्णप्रसाद आचार्यलाई सुराकीको आरोपमा ०६१ भदौ १० गते राति माओवादीले खुट्टा भाँची ज्यानमार्ने धम्की दिए।

अर्घा गाविस-५ का ३६ वर्षीय चेतबहादुर कुवँरलाई सुराकीको आरोपमा ०६१ कार्तिक १९ गते माओवादीले कुटपिट गरी दायाँ हात भाँची ज्यानमार्ने धम्की दिए।

पटौटी गाविस-१ देउरालीका मनोनित जिविस उपसभापति ५५ वर्षीय इन्द्रमणि घिमिरेलाई आफ्नो पार्टी विरुद्ध कार्य गरेको आरोपमा ०६१ कार्तिक २५ गते माओवादीले ५ दिनभित्र जिल्ला छोड्न र नछोडे ज्यानमार्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

अर्घाखाँची जिल्ला अदालतमा गत वर्षका दुनियावादी देवानी १ सय २० र सरकारवादी फौजदारी ४६ गरी जम्मा जिम्मेवारी सरेर आएका १ सय ६६ मुद्दा छन्। त्यसैगरी यस वर्षका दुनियावादी देवानी २२ र सरकारवादी फौजदारी २२ थान गरी ४४ वटा मुद्दा छन्। यस अदालतमा जम्मा २ सय १० वटा मुद्दामध्ये गत वर्षका फर्स्यौट भएका मुद्दाको संख्या दुनियावादी देवानी ८ छन्भने यस वर्षको एउटा मुद्दा पनि फर्स्यौट भएका छैन। यस जिल्ला अदालतमा फर्स्यौट हुन बाँकी मुद्दाको संख्या २ सय २ वटा छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा २ सयदेखि २ सय ५० जना सुकुम्बासी रहेको भए तापनि हालसम्म कसैले जग्गा पाउन सकेका छैनन्।

१ हजार ३ सय पुरुष र १ हजार १ सय ७ महिला गरी कूल २ हजार ४ सय ७ जनाले बृद्ध भत्ता पाउँदै आएको भए तापनि गाविस सचिवहरुले काम गर्न नसकेका कारण उक्त भत्ता कसैले पाउन सकेका छैनन्। विगत वर्षमा अशक्त अपाङ्ग भत्ता ५० जनालाई र विधवा भत्ता ११ जनालाई विगत वर्षमा दिइए तापनि यस वर्ष उपलब्ध गराइएन।

आर्थिक अधिकार

मरेङ गाविस-७ चुतिकाफलका ५८ वर्षीय कृष्णदेव वञ्जाडे र सोही गाविस-३ का निवर्तमान गाविस अध्यक्ष चूडामणि भुसाललाई सुराकीको आरोपमा ०६१ जेठ ७ गते माओवादीले घरजग्गा कब्जामा लिई तालाबन्दी गरे।

केरुङ्गा गाविस-१ अमराईका ४५ वर्षीय लक्ष्मण ज्ञवालीलाई सुराकीको आरोपमा ०६१ जेठ १० गते माओवादीले घरका सामान लुटपाट गरी ताला बन्दी गरे।

पाली गाविस-६ का ४० वर्षीय रोमबहादुर पाण्डेलाई सुराकीको आरोपमा ०६१ जेठ ११ गते उनको घरमा माओवादीले तालाबन्दी गरी ८ दिनपछि खोलिदिए।

हंसपुर गाविस-६ पाखापानी घर भई हंसपुर गाविस-५ रतनमारेमा व्यापार गरी बस्ने ४६ वर्षीय लालबहादुर खत्रीलाई सुराकीको आरोपमा ०६१ कार्तिक १३ गते माओवादीले पसल लुटपाट गरी तालाबन्दी गरे।

हंसपुर गाविस-५ रतनमारेमा व्यापारी ५० वर्षीय देवबहादुर खनाललाई सुराकीको आरोपमा ०६१ कार्तिक १७ गते माओवादीले पसल कब्जा गरी तालाबन्दी गरे।

बाँगी गाविस-२ गुराँसेका एमाले जिल्ला कमिटी सदस्य तथा भूपू गाविस अध्यक्ष ४१ वर्षीय पिताम्बर भुसाललाई जनयुद्ध विरोधी कार्य गरेको आरोपमा ०६१ कार्तिक २० गते माओवादीले घरमा तालाबन्दी गरे। पीडित हाल सन्धिखर्कमा विस्थापित भई बसेका छन्।

सुवर्णखाल गाविस-६ मन्द्रेका ४१ वर्षीय कर्ण भट्टराईलाई माओवादी गतिविधि विरुद्ध कार्य गरेको आरोपमा ०६१ कार्तिक २७ गते माओवादीले घरमा तालाबन्दी गरे।

सुवर्णखाल गाविस-३ सुवर्णखालका ५६ वर्षीय घनश्याम वेल्बासेलाई सुराकीको आरोपमा ०६१ कार्तिक २७ गते माओवादीले घरमा तालाबन्दी गरे।

पाली गाविस-१ कुखुरे देउरालीका ४५ वर्षीय कौशर मियालाई सुराकीको आरोपमा ०६१ कार्तिक २५ गते माओवादीले २० लाख रुपैयाँ बराबरको सामान कब्जा गरी घरमा तालाबन्दी गरे।

माओवादीद्वारा मारिएका प्रहरी जवानद्वय विकास गुरुङ र वीरबहादुर राना

वागी गाविस-६ भेडीराखनेका एमाले जिल्ला परिषद् सदस्य ४५ वर्षीय मुमबहादुर महतलाई सुराकीको आरोपमा ०६१ कार्तिक २५ गते माओवादीले पसल र घर कव्जा गरी तालावन्दी गरे।

ढाकावाङ्ग गाविस मलाएटारीका गाविस अध्यक्ष ५५ वर्षीय शिवप्रसाद खनाललाई माओवादी गतिविधि विरुद्ध कार्य गरेको आरोपमा ०६१ मंसिर २ गते माओवादीले सम्पत्ति कव्जा गरी घरमा तालाबन्दी गरे।

खिदिम गाविस-१ खुलौलेका ५७ वर्षीय कुलचन्द्र गौतमलाई माओवादी गतिविधी विरोधी काम गरेको आरोपमा ०६१ मंसिर ८ गते घरमा माओवादीले तालावन्दी गरे।

वल्कोट गाविस-७ काभ्रेपारीका ६० वर्षीय काशी पौडेलले आफूहरु विरुद्ध कार्य गरेको आरोपमा ०६१ मंसिर १३ गते माओवादीले घरमा तालाबन्दी गरे।

चिदिका गाविस-७ का ५७ वर्षीय भुवनेश्वर ज्ञवालीलाई सुराकीको आरोपमा ०६१ मंसिर १३ गते माओवादीले सम्पत्ति कब्जा गरेको घोषणा गरी घरमा तालाबन्दी गरे।

संरचना/सम्पत्ति क्षति

सन्धिखर्क गाविस-६ स्थित मालपोत कार्यालयमा माओवादीले ०६० चैत २३ गते बम विस्फोट गराउँदा श्रीकृष्ण भुसालको ५ तले घर चर्कियो भने ५५ वटा झ्यालका शिशा फुट्नुका साथै ढोकाहरुमा क्षति पुग्यो।

सन्धिखर्क गाविस-६ स्थित नापी कार्यालयमा ०६१ कार्तिक २७ गते माओवादीले बम विस्फोट गराउँदा घर चर्किनुका साथै झ्याल ढोकामा क्षति पुग्यो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गुल्मी जिल्ला अर्जे गाविस-६ का प्रकाश थापालाई माओवादीको आरोपमा ०६० माघ २ गते ढाकावाङ्ग गाविस-२ वाट सुरक्षाकर्मीले गिरफ्तार गरी २८ दिनपछि रिहा गरे।

हंसपुर गाविस-२ डाँडाखर्कका २८ वर्षीय टेकराज अधिकारी र जुकेना गाविस-५ का विष्णु न्यौपानेलाई माओवादीको आरोपमा ०६१ वैशाख २४ गते सुरक्षाकर्मीले हंसपुर गाविस-९ वाट गिरफ्तार गरे। पीडितहरुमध्ये टेकराजलाई ४ दिनपछि र विष्णुलाई ५ महिनापछि रिहा गरे।

घनचौर गाविस-५ टोड्केबाट २६ वर्षीय शान्ता कुवँरलाई माओवादीको आरोपमा ०६१ जेठ ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ असोजमा तारेखमा रिहा गरियो।

बल्कोट गाविस-८ का ३५ वर्षीय गोकर्ण भुसाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६१ असोज १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असोज २९ मा रिहा गरे।

अर्घा गाविस-१ राजुपानीकी १८ वर्षीय मञ्जु परियारलाई माओवादीको आशंकामा ०६१ पुस ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ६ दिनपछि तारेखमा रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

सितापुर गाविस-४ झिर्राकी २८ वर्षीय पार्वती केसीलाई चरित्रमा शंका लागेको आरोपमा ०६० फागुन ११ गते पति ३१ वर्षीय विष्णु खत्रीले घाँटी अठ्याएर हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सिमलपानी गाविस-९ का ३३ वर्षीय मिना सुनारलाई ०६१ कार्तिक ३० गते पति लुमबहादुर सुनारले कुटपिट गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ५ पुरुष र १ महिलाले झुण्डिएर र १ पुरुष र १ महिलाले विष सेवन गरी आत्महत्या गरे। सवारी दुर्घटनामा परी १२ जनाको मृत्यु भयो भने २४ जना घाइते भए। आगजनी र चोरीका ५ वटा घटनामा १८ जना पीडित भए।

३.१२ गुल्मी



जनसंख्या	: ३०९६७९
साक्षरता प्रतिशत	: ६६
महिला साक्षरता प्रतिशत	: ५४५
क्षेत्रफल (वर्ग कि. मि.)	: ११४९
गाविस/नपा संख्या	: ७९/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५४३
क्याम्पस/उच्च मावि	: ३/१५
अस्पताल/स्वास्थ्य चौकी	: १/ १६
टेलिफोन लाइन	: १२
मोटर सडक (कि. मि.)	: ५१
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ७२
मानव विकास सूचकांक	: ०.४६७
प्रति परिवार सरदर संख्या	: ५.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

अर्खवाङ्ग गाविस-४ का ४० वर्षीय गुमानसिंह विश्वकर्मा माओवादीलाई सहयोग गरेको आरोपमा ०६० पुस २८ गते सुरक्षाकर्मीद्वारा घर नजिकै गोली हानी मारिए। सुरक्षाकर्मीले भिडन्तमा मृत्यु भएको जनाए भने प्रत्यक्षदर्शीकाले घरबाट समातेर गोली हानिएको बताए।

बीरवास गाविस-१ बाखेका माओवादी इलाका कमाण्डर ४५ वर्षीय हरिप्रसाद कँडेलको ०६० माघ ४ गते सुरक्षाकर्मीले सोही गाविस-३ को रुमपोखरामा आयोजित माओवादीको कार्यक्रममा सुरक्षाकर्मी पुग्दा भाग्दै गरेको अवस्थामा गोलीद्वारा मृत्यु भयो।

अर्खले गाविस-३ को बर्दबासमा ०६१ वैशाख १० गते शिवदल गुल्मबाट गएका सादा पोशाकका सुरक्षाकर्मीको कारवाहीमा मिलन भनिने माओवादी कम्पनी कमिसारको मृत्यु भयो। ५ जनाको समूहमा आएका माओवादी होटलमा चिया-नास्ता गर्दै गरेको अवस्थामा सुरक्षाकर्मी पुगेपछि भागेर केही परको खोल्सामा पुग्दा सुरक्षाकर्मीले चलाएको गोली लागी उनको मृत्यु भएको थियो भने शक्ति भनिने अर्का माओवादी कार्यकर्ता घाइते भएका थिए।

ठूलोलुम्पेक गाविस-८ का माओवादी कलाकार २१ वर्षीय मनोज त्रामुमगरको ०६१ वैशाख २८ गते सोही गाविस-४ को क्वाङ्ग भन्ने ठाउँमा शिवदल गुल्मबाट गएका सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा मृत्यु भयो। उक्त घटनामा तीनजना सुरक्षाकर्मीहरू घाइते भएको भनिए तापनि कोही पनि घाइते नभएको जानकारीमा आयो।

हस्तिचौर गाविस-९ का माओवादी कलाकार १९ वर्षीय बाबुराम नेपाली ०६१ असोज ८ गते दोहली गाविस-७ को चैंया भन्ने ठाउँमा सुरक्षाकर्मीसँग जम्काभेट हुँदा सुरक्षाकर्मीको गोलीद्वारा मारिए।

माओवादीबाट

कास्की जिल्ला पोखरा घर भई शिवदल गुल्म गुल्मीमा कार्यरत नायक ३३ वर्षीय गणेश सापकोटालाई ०६० पुस १८ गते दिउँसो माओवादीले तम्घास गाविस-१ को भीमचोक बजारमा गोली हानी हत्या गरे।

वस्तु गाविस-९ का ४० वर्षीय गमबहादुर विकलाई ०६० माघ १७ गते भनभने गाविसमा माओवादीले हत्या गरे। उनले आफ्नो भाइबुहारी २५ वर्षीय जुठी विक र जुठीको १८ महिनाको छोरा सुनिल विकको ०५९ फागुन १५ गते हत्या गरेका कारण माओवादीले उनलाई ०५९ फागुन ३० गते कब्जामा लिई श्रम शिविरमा राखेका थिए।

घमिर गाविस-२ का ५८ वर्षीय भीमलाल लम्साललाई ०६१ असार २ गते मदिरा सेवन गरी अन्य व्यक्तिहरूलाई कुटपिट गरेको आरोपमा माओवादीले अपहरण गरी माओवादीले आफ्नो नियन्त्रणमा राखेको अवस्थामा ०६१ असार ६ गते उनको मृत्यु भयो।

घमिर गाविस-३ अर्चिङ्गका ७२ वर्षीय टेकबहादुर बुढामगरलाई ०६१ मंसिर १३ गते माओवादीले कुटपिट गरी हत्या गरे। उनलाई सोही ठाउँका २९ वर्षीय नरिश्वर लम्सालको हत्या गरेको आरोपमा मंसिर १२ गते माओवादीले कब्जामा लिएका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

वाग्ला गाविस-३ का १८ वर्षीय श्यामबहादुर विश्वकर्मा र सोही गाविस-८ की १६ वर्षीय गोरी विश्वकर्मालाई गीत गाउन लागेको अवस्थामा ०६१ कार्तिक

१६ गते राति वाग्ला गाविस-८ भीरकुनामा अर्घाखाँची जिल्लाबाट आएका सुरक्षाकर्मीले गोली प्रहार गरे। दुवै कुममा गोली लागी घाइते भएका श्यामबहादुर र छाती र पेटमा गोली लागि घाइते भएकी गोरीलाई सेनाले ०६१ कार्तिक १७ गते हेलिकप्टरबाट उपचारार्थ पोखरा लगे। उपचारपछि गोरी घर फर्केकी छन् भने श्यामबहादुरको काठमाडौंस्थित सैनिक अस्पतालमा उपचार भयो।

माओवादीबाट

तम्घास गाविस-७ स्थित तम्घास गाविसको कार्यालय भवनमा ०६० चैत १४ गते बिहान माओवादीले बम विस्फोट गराए। यसभन्दा पहिले पनि बम विस्फोट गराइएको हुँदा उक्त भवन पूर्णरुपमा क्षतिग्रस्त भएको छ।

अन्यबाट

दर्लामचौर गाविस-४ का १७ वर्षीय दीपक महतको ०६० फागुन १ गते उनकै घर नजिकको बाटोमा भेटिएको बम विस्फोट भई मृत्यु भयो भने उनीसँगै हिँडेका सोही ठाउँका १६ वर्षीय तारा खत्री घाइते भए। उक्त बम माओवादीले छोडेको हुन सक्ने अनुमान गरिएको छ।

जेल र बन्दीहरू

२५ जना बन्दीको क्षमता भएको तम्घास जेलमा हाल कैद तोकिएका ४ महिला र १७ पुरुष गरी २१ जना र कैद नतोकिएका १ महिला र ८ पुरुष गरी ९ जना गरी जम्मा ३० जना बन्दी छन्। यस जेलको भौतिक अवस्थामा केही सुधार आएको छैन। यस वर्ष जिविसद्वारा बन्दीहरूलाई घरेलु तथा कपडा बुन्ने तालिम दिइएको थियो। तालिमपछि उनी र सुतीका कपडाहरू जेलभित्रैबाट बन्दीहरूले तयार गर्न थालेका छन्। बन्दीहरुका लागि मानवअधिकारकर्मीलगायत्का विभिन्न संघ-संस्थाहरूले नियमित पत्रपत्रिका उपलब्ध गराउने गरेका छन्। बन्दीहरुले जेलभित्र खानेपानीको धारा थप्नु पर्ने, कपडा सिलाउने मेसिन उपलब्ध गराउनु पर्ने, महंगीअनुसार सिदासुविधा बढाउनु पर्ने र जेलभित्र उत्पादित कपडाको बजार व्यवस्थापन गर्नुपर्ने जस्ता कुराहरूमा ध्यान दिनुपर्ने बताएका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

अर्घाखाँची जिल्ला घर भई गुल्मी जिल्लामा कार्यरत माओवादी कार्यकर्ता सम्झना भनिने २२ वर्षीय विष्णु पोखेललाई ०६१ असोज २४ गते सुरक्षाककर्मीले पुर्कोटदह गाविस-४ सौतामारेबाट गिरफ्तार गरे। हालसम्म उनको स्थिति सार्वजनिक भएको छैन।

माओवादीबाट

भनभने गाविस-७ का ३६ वर्षीय गोपाल केसीलाई सुराकी र बहुविवाह गरेको आरोपमा ०६० फागुन २५ गते माओवादीले सोही गाविस ८ बाट अपहरण गरी चैत २ गते मुक्त गरे।

शान्तिपुर गाविस-३ का १६ वर्षीय दीपक फौजदार, सोही गाविस-५ का ४५ वर्षीय सहवीर थापा र सोही गाविस-२ का ४५ वर्षीय कुलबहादुर थापालाई ०६० फागुन २७ गते शान्तिपुर बजारबाट माओवादीले अपहरण गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२		२	५	५			५	६	६		१	७
घाइते	१	१	१	२	१	१			१	१	१			१
बम विस्फोट					२	१		१	२					
गिरफ्तारी / यातना										२१	२९	१		३०
बेपत्ता										२	२	१		३
कुटपिट	४	२	२	४	३	४			४	३	५	१		६
धम्की					२	१	१		२					
भेला / संगठित हुने अधिकार										१	५	२		७
जातीय विभेद	४	१	४	५										
महिलाअधिकार	६		७	७										
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					२	४	२		६					
अमानवीय व्यवहार	२	१	२	३										
अपहरण					३७	५४	३	७५	१३२					
जम्मा	१९	७	१६	२३	५२	७०	६	७६	१५२	३४	४८	५	१	५४

पीडितहरुमध्ये दीपक र सहवीरलाई २ दिनपछि तथा कुलबहादुरलाई ११ दिनपछि मुक्त गरे।

भनभने गाविस-२ का ३९ वर्षीय खुमानन्द पन्थीलाई कुलो र जलविद्युत योजनाका बारेमा परेको उजुरीको आरोपमा ०६१ वैशाख २६ गते माओवादीले उनको घरबाटै अपहरण गरी असार ५ गते मुक्त गरे।

अर्नापुर गाविस-४ सर्लाही घर भई गुल्मी जिप्रकामा प्रहरी जवान ३२ वर्षीय रामबाबु महतोलाई ०६१ जेठ ४ गते माओवादीले जोहाङ्ग गाविस-५ को खैरेनी बजारबाट अपहरण गरेकोमा हाल माओवादी कार्यकर्ताको रुपमा कार्यरत रहेको माओवादीले सार्वजनिक जानकारी गराए।

शान्तिपुर गाविस-१ का ६१ वर्षीय चित्रबहादुर रानामगरलाई जिविस सदस्यबाट राजीनामा नगरेको आरोपमा ०६१ वैशाख ३१ गते माओवादीले उनकै घरबाट अपहरण गरी ०६१ जेठ ८ गते सोही ठाउँमा ल्याई राजीनामा गर्नुपर्ने शर्तमा मुक्त गरे।

रुद्रपुर गाविस-६ रुपन्देही घर भई जिप्रका गुल्मीमा कार्यरत प्रहरी हवल्दार तुलबहादुर क्षेत्रीलाई ०६१ जेठ २२ गते माओवादीले बलेटक्सार गाविस-४ स्थित बजारबाट अपहरण गरी २ महिनापछि शान्तिपुर बजारबाट मुक्त गरे।

गुल्मी जिप्रकामा कार्यरत प्रहरी जवानहरु स्याङ्गजा जिल्ला आरुखर्क गाविस-९ का २७ वर्षीय रामचन्द्र गोदार र नवलपरासी जिल्ला नरसही गाविस-३ का २५ वर्षीय जयराम सैथवारलाई ०६१ जेठ २७ गते माओवादीले पल्लिकोट गाविस-१ भेंडुवा र बलेटक्सार गाविस-४ बाट अपहरण गरी प्रहरीमा जागीर नखाने शर्तमा असार ८ गते बम्घा गाविस रानीवासबाट मुक्त गरे।

पाल्पा जिल्ला घर भई हाल शिवदल गुल्म गुल्मीमा कार्यरत २८ वर्षीय विष्णु थापामगरलाई ०६१ जेठ २९ गते माओवादीले गौंडाकोट गाविस-४ बाट अपहरण गरी सेनामा जागिर नखाने कबुल गराई ०६१ असार ८ गते मुक्त गरे।

आँपचौर गाविस-१ का २७ वर्षीय कृष्ण खरेल र सोही गाविस-२ का २३ वर्षीय भानु खरेललाई सुराकीको आरोपमा ०६१ जेठ २९ गते माओवादीले घरबाटै अपहरण गरी ०६१ असार ३ गते मुक्त गरे।

अर्खले गाविस-९ भाडगाउँका ५७ वर्षीय मानबहादुर बस्नेतलाई जिविस सदस्यबाट राजीनामा नगरेको आरोपमा ०६१ असार १ गते माओवादीले उनकै घरबाट अपहरण गरी राजीनामा गर्ने शर्तमा असार ७ गते गणेश मावि पिपलधाराबाट मुक्त गरे।

हुँगा गाविस-९ का ३० वर्षीय अधिवक्ता भीम न्यौपाने र पुर्कोटदह गाविस-३ का अभिवक्ता ३३ वर्षीय टुकबहादुर कुँवरलाई आफ्नो स्वीकृति विना कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६१ असार ७ गते माओवादीले दर्लिङ्ग गाविसबाट अपहरण गरे। पीडितहरु नेपाल बार एशोसिएसन गुल्मीका तर्फबाट महिला कानुनी साक्षरता अभियान कार्यक्रम सञ्चालन गर्न त्यहाँ गएका थिए। पीडितहरुलाई असार ९ गते मुक्त गरियो।

आँपचौर गाविस-६ इन्द्रेगौंडाकी ४६ वर्षीय माया गुरुङ्ग र सोही ठाउँकी १९ वर्षीय सीता भट्टराईलाई ०६१ असार १२ गते राति माओवादीले अपहरण गरे। पीडितहरुमध्ये मायालाई असार १६ गते र सीतालाई ४ महिनापछि मुक्त गरियो।

आँपचौर गाविस-६ इन्द्रेगौंडास्थित नेपाल राष्ट्रिय माविका शिक्षक ५० वर्षीय घनश्याम खरेल र सोही वार्डका निवर्तमान वडाध्यक्ष ४७ वर्षीय सुरेश गिरीलाई ०६१ असार १४ गते माओवादीले उनीहरुकै घरबाटै अपहरण गरी असार १५ गते मुक्त गरे।

गुल्मी जिल्ला अदालतमा कार्यरत तामेलदार पाल्पा जिल्ला सोमादी गाविसका ५० वर्षीय नित्यानन्द पाण्डेलाई ०६१ असार २० गते अश्लेवा गाविसको लुक्दीखोलाबाट माओवादीले अपहरण गरी सरकारी जागिर छोड्ने शर्तमा असार २२ गते मुक्त गरे।

रुपाकोट गाविस-१ का ५० वर्षीय थानेश्वर भण्डारी, सोही गाविस-२ का ४५ वर्षीय विष्णु भण्डारी, सोही गाविस-९ का ४१ वर्षीय कृष्ण गैरे र सोही गाविस-८ का

बम विस्फोटमा घाइते भएका तारा खत्री र मृत्यु भएका दिपक महत

५५ वर्षीय फर्सुराम गैरेलाई स्थानीय दलित जातिलाई अपमान गरेको आरोपमा ०६१ असार २१ गते माओवादीले रुपाकोट गाविस-८ को एक्लेपीपलबाट अपहरण गरी असार २२ गते शान्तिपुर बजारबाट मुक्त गरे।

पुर्कोटदह गाविसका निर्वतमान अध्यक्ष तथा जनमोर्चा नेपालका जिल्ला समिति सदस्य ५७ वर्षीय पृथ्वी कुवँरलाई भ्रष्टाचार गरेको आरोपमा ०६१ असार २३ गते माओवादीले घरबाटै अपहरण गरी ३ हप्तापछि मुक्त गरे।

नयाँगाउँ गाविस-१ का शिक्षक २७ वर्षीय बाबुराम पोखरेललाई हाडनातामा विवाह गरेको आरोपमा ०६१ असार २३ गते माओवादीले उनकै घरबाट अपहरण गरी एक हप्तासम्म श्रम शिविरमा राखी मुक्त गरे।

वस्तु गाविस-५ का ५२ वर्षीय भीमकान्त पन्थीलाई भ्रष्टाचार गरेको आरोपमा ०६१ असार २७ गते माओवादीले अपहरण गरी भदौ ५ गते मुक्त गरे।

तुराङ्ग गाविस-१ का गुल्मी जिविसका निवर्तमान सदस्य ३९ वर्षीय चेतन बस्नेतलाई ०६१ साउन २० गते माओवादीले "केही कुरा बुझ्नु छ" भनी अपहरण गरी साउन २४ गते शान्तिपुरबाट मुक्त गरे।

दोहली गाविस-३ का एमाले जिल्ला कमिटी गुल्मीका सदस्य ५४ वर्षीय लक्ष्मण विष्टलाई भ्रष्टाचार गरेको आरोपमा ०६१ साउन २३ गते साँझ माओवादीले घरबाट अपहरण गरे। आफूलाई मानसिक र शारीरिक यातना दिएको पीडितले बताए। पीडितलाई मानवअधिकारकर्मीहरुको रोहवरमा भदौ ८ गते मुक्त गरिएको थियो।

इश्मारजस्थल गाविस-४ का २५ वर्षीय जीवन जिसी र सोही गाविस-६ का ४० वर्षीय लक्ष्मण रिजाललाई ०६१ साउन २४ गते माओवादीले "केही कुरा बुझ्नु छ" भनी घरबाट अपहरण गरी साउन २५ गते मुक्त गरे।

माओवादीद्वारा कुटपिट गरिएका प्रेमबहादुर खड्का

वामीटक्सार गाविस-२ का ३० वर्षीय अरुण कक्षपतीलाई ०६१ साउन २५ गते माओवादीले जुहाङ्ग खैरेनीबाट अपहरण गरी भदौ ८ गते मुक्त गरे।

दोहली गाविस-७ का ५४ वर्षीय धनबहादुर बस्नेतलाई खानेपानी योजनाको हिसाब जाँच गर्न भनी ०६१ साउन ३० गते माओवादीले घरबाट अपहरण गरी हिसाब बुझाउने शर्तमा भदौ १ गते मुक्त गरे।

दोहली गाविस-७ का ५२ वर्षीय लंकबहादुर बस्नेतलाई खानेपानी योजनाको हिसाब जाँच गर्न भनी ०६१ साउन ३१ गते माओवादीले घरबाट अपहरण गरी हिसाब बुझाउने शर्तमा भदौ १ गते मुक्त गरे।

कुर्घा गाविस-२ की २० वर्षीय शशीकला गुरुङ्गलाई शाही सेनासँग सम्पर्क भएको आरोपमा ०६१ भदौ ६ गते माओवादीले आँपचौर गाविस-६ इन्द्रेगौंडाबाट अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ

बलेटक्सार गाविस-३ का सोही ठाउँस्थित साना किसान विकास आयोजनाका प्रमुख ४० वर्षीय पिताम्वर गौतमलाई ०६१ असोज २ गते माओवादीले अपहरण गरे। पीडितलाई असोज ५ गते मुक्त गरियो।

वस्तु गाविस-५ का ४५ वर्षीय विष्णु भण्डारीलाई ०६१ असोज १ गते माओवादीले घरबाटै अपहरण गरी १५ दिनपछि घमिर गाविसबाट मुक्त गरे।

ठूलोलुम्पेक गाविस-१ का जनमोर्चा नेपालका जिल्ला अध्यक्ष ४४ वर्षीय जीवन राना र ठूलोलुम्पेक गाविस-७ का सोही पार्टीका जिल्ला सदस्य ३२ वर्षीय गोपीराम थापालगायत् १ सय जना कार्यकर्ताहरुलाई माओवादीको विरोध गरेको आरोपमा ०६१ असोज १९ गते छापचौर गाविस-३ बाट माओवादीले अपहरण गरी अन्यलाई सोही दिन मुक्त गरे भने जीवन र गोपीरामलाई शारीरिक तथा मानसिक यातना दिएर असोज २३ गते दोहलीबाट मुक्त गरे। पीडितहरू जनमोर्चा नेपालद्वारा प्रतिगमन र माओवादी ज्यादतीको विरोधमा सञ्चालित भण्डाफोर कार्यक्रमको सिलसिलामा उक्त ठाउँमा कार्यक्रमको लागि गएका थिए।

ह्वाङ्दी गाविस-१ का १६ वर्षीय टीका बुढामगर, सोही गाविस-४ का २६ वर्षीय प्रेमबहादुर मगर र सोही गाविस-६ का २३ वर्षीय गोविन्द खड्कालाई ०६१ मंसिर १ गते विहान माओवादीहरुले ह्वाङ्दी गाविस-१ बाट ०६१ कार्तिक ३० गते माओवादी र जनताका बीच भैलोमा भएको विवादका कारण अपहरण गरे। उनीहरुलाई अपहरण गरेको थाहा पाएर सोही गाविस-१, ४ र ६ का जनता माओवादीको विरोधमा नारा-जुलुश गर्दै अपहरितहरुलाई लगिएको ठाउँ

अर्खबाङ्गतर्फ जाँदा बाटोमा दुईजना माओवादी कार्यकर्ताले रोक्न खोज्दा जनताले ती दुवै माओवादी कार्यकर्तालाई कब्जामा लिएपछि माओवादीले सोही दिन साँझ अपहरितहरुलाई मुक्त गरे।

धुर्कोटरजस्थल गाविस-८ का ३५ वर्षीय खिमानन्द पन्थीलाई ०६१ मंसिर १२ गते माओवादीले घरबाट अपहरण गरी ०६१ मंसिर १४ गते मुक्त गरे। पुन: उनलाई मंसिर १५ गते अपहरण गरी ३ दिनपछि मुक्त गरे।

हरेवा गाविसका निवर्तमान उपाध्यक्ष हरेवा गाविस-४ का २५ वर्षीय गिरीराज पौड्याललाई शान्तिपुर-चोरकाटे मोटरबाटोको हिसाब जाँच गर्न भनेर ०६१ मंसिर १८ गते माओवादीले घरबाट अपहरण गरी ०६१ मंसिर २६ गते शान्तिपुर बजारबाट मुक्त गरे।

फोक्सिङ गाविस-७ का ५३ वर्षीय धर्मराज सापकोटालाई ०६१ मंसिर १९ गते राजनीतिक आस्थाका कारण माओवादीले घरबाट अपहरण गरी ०६१ मंसिर २६ गते शान्तिपुर बजारबाट मुक्त गरे। पीडित फोक्सिङ माविका शिक्षक हुन्।

ग्वाघा गाविस-३ की १८ वर्षीय कमला काउछालाई ०६१ मंसिर २२ गते घरबाटै माओवादीले अपहरण गरी मंसिर २३ गते मुक्त गरे। पीडित जनमोर्चा नेपालको स्थानीय कार्यकर्ता र कलाकार भएको सो पार्टीले बतायो।

आँपचौर गाविस-६ का ५० वर्षीय घनश्याम खरेललाई ०६१ मंसिर २४ गते राजनीतिक आस्थाका कारण माओवादीले घरबाटै अपहरण गरी ०६१ मंसिर २६ गते शान्तिपुरबाट मुक्त गरे। उनी नेपाल राष्ट्रिय मावि इन्द्रगौंडाका शिक्षक हुन्।

लिम्घा गाविस-५ का ४४ वर्षीय दानबहादुर रानालाई राजनीतिक आस्थाका कारण ०६१ मंसिर २४ गते माओवादीले घरबाटै अपहरण गरी मंसिर २६ गते शान्तिपुरबाट मुक्त गरे। पीडित सरस्वती मावि लिम्घाका शिक्षक थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तम्घास गाविस-४ का २८ वर्षीय हरिकुमार श्रेष्ठ, २२ वर्षीय कृष्ण परियार, २९ वर्षीय गणेश श्रेष्ठ र सोही गाविस-१ का ४३ वर्षीय शालिकराम पाण्डेलाई ०६० पुस १९ गते सुरक्षाकर्मीले घर-घरमा आई कुटपिट गर्नुका साथै फोहोर फाल्ने खोलामा हाम फाल्ने होलामा हाम फाल्न लगाए। माओवादीले ०६० पुस १८ गते बजारमा सैनिक निकट एक व्यक्तिलाई हत्या गरेका कारण उत्तेजनामा आई सेनाले पीडितहरुलाई अमानवीय व्यवहार गरेका थिए।

जिप्रका गुल्मीमा कार्यरत महिला प्रहरी २७ वर्षीय बालकुमारी रानालाई अफिस ढिला आएको आरोपमा ०६१ भदौ १३ गते प्रहरी हवल्दार ३० वर्षीय ध्रुवराज ढुङ्गानाले अपशब्द बोल्दै गरी कुटपिट गरे। कुटपिटका कारण पीडितको स्तनलगायत् शरिरका सबैभागमा निलडाम बसेको थियो। पीडितलाई पीडकबाट उपचार खर्च दिलाइएको थियो।

नयाँगाउँ गाविस-१ का विकासका लागि जनचेतना अभियान नेपालका अध्यक्ष तथा सञ्चारकर्मी २६ वर्षीय प्रकाश पोखरेललाई ०६१ मंसिर ५ गते बलेटक्सार गाविस-४ मा सुरक्षाकर्मीले उनले चलाएको लु. १ प ७३८३ नं. को मोटरसाइकल रोकी कुटपिट गरे। आफ्नो परिचय दिंदा पनि सेनाले थप कुटपिट गरेको र आफू जिल्लास्थित सुरक्षा निकायलाई अग्रिम जानकारी दिएर काममा हिंडेको कुरा पीडितले बताए। कुटपिटबाट दायाँ कानको जालीमा असर परेका कारण गोरखपुर लगी उपचार गरियो।

माओवादीबाट

अर्जै गाविस-४ की २२ वर्षीय मञ्जु अर्याललाई सुराकीको आरोपमा ०६० माघ २५ गते राति माओवादीले उनकै घरमा आई धम्की दिई आफ्नो पार्टीमा लाग्न भनेपछि उनी डरले ३ वर्षकी छोरी बोकेर राति २:३० बजे घरबाट भागेर सदरमुकाम तम्घास आइन्।

धुर्कोटरजस्थल गाविस-६ का २१ वर्षीय प्रेमबहादुर खड्कालाई माओवादी पार्टी छोडेको र आर्थिक हिनामिना गरेको आरोपमा ०६१ जेठ ३ गते माओवादीले कुटपिट गरी दायाँ हात र खुट्टा भाँचिदिए। माओवादीको धम्कीका कारण उपचारको लागिसमेत सहयोग नपाएका पीडितको ०६१ जेठ ११ गते रेसुङ्गा मानवअधिकार सचेतन संस्थाको पहलमा उपचारको व्यवस्था मिलाइएको थियो।

श्रृङ्गा जनता माविका शिक्षक ४७ वर्षीय होमनाथ कँडेललाई सुराकी गरेको, सेनालाई हतियार बुझाएको र आर्थिक अनियमिता गरेको आरोपमा ०६१ असार १० गते दिगाम गाविस-१ श्रृङ्गास्थित उनकै घरमा माओवादीले कुटपिट गरे। कुटपिटबाट पीडितको बायाँ खुट्टा र हात भाँचिएकोले युनाइटेड मिसन अस्पताल, तानसेनमा उपचार गराइएको थियो।

बडागाउँ गाविस-४ का ६५ वर्षीय कृष्णबहादुर सिंह र ३२ वर्षीय गोविन्दसिंह ठकुरीलाई ०६१ पुस १३ गते राति ३ जनाको समूहमा घरमा आएका माओवादीले घरबाट बोलाई छिमेकी लालबहादुर पल्लीको घरमा पुऱ्याई कुटपिट गरी अर्को दिन मुसिकोट निमाविबाट मुक्त गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रेसुङ्गा बहुमुखी क्याम्पस कक्षा १२ मा अध्ययनरत

वाग्ला गाविस-६ का १९ वर्षीय लीलबहादुर घिमिरेलाई मट्टितेल व्यापारी ३९ वर्षीय ईश्वरी पौडेलले ०६० चैत ५ गते विहान कुटपिट गरेपछि विद्यार्थीहरूलाई सर्वसुलभ तरिकाबाट मट्टितेल उपलब्ध गराइयोस् भन्ने माग लिएर विद्यार्थीहरु नारा लगाउँदै जिल्ला प्रशासन कार्यालय अगाडि पुग्दा प्रहरीले लाठीचार्ज गरे। प्रहरीको लाठीबाट दोहोली गाविस-८ घर भई रेसुङ्गा बहुमुखी क्याम्पसमा बीए तेस्रो वर्षमा अध्ययनरत अनेरास्ववियु जिल्ला कमिटी सदस्यहरु २५ वर्षीय पिताम्बर भण्डारी र २२ वर्षीय खिमराज अधिकारी, रेसुङ्गा बहुमुखी क्याम्पस कक्षा १२ मा अध्ययनरत सिमिचौर गाविस-५ की २० वर्षीय मीना अर्याल, अर्खावाङ्ग गाविस-७ की २० वर्षीय सीता अर्याल, सिद्धबाबा माविमा कक्षा ६ मा अध्ययनरत सिमिचौर गाविस-४ का १४ वर्षीय नारायण कुवँर, तम्घास गाविस-४ का १३ वर्षीय तुल्सीराम पौडेल र दाङ्ग जिल्ला घर भई तम्घास गाविस-४ मा मजदुरी गर्ने १२ वर्षीय रुपसिंह राई घाइते भए। घाइतेहरुमध्ये अन्य सबैलाई जिल्ला अस्पताल तम्घासमा र रुपसिंहको बायाँ खुट्टा भाँचिएका कारण बुटवलमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दर्ता भएका २ सय ६० र अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका १ सय ५ वटा मुद्दाहरूमध्ये २ सय १५ वटा फर्स्यौट भई १ सय ५० वटा बाँकी रहे। जसमध्ये ३ वर्षभन्दा बढी समयदेखि फर्स्यौट नभएका दुनियावादी देवानी २ वटा छन् भने २ वर्ष भन्दा बढी समयदेखि फर्स्यौट नभएको दुनियावादी देवानी १ थान मुद्दा रहेको छ। त्यस्तै १ वर्षभन्दा बढी समयदेखि फर्स्यौट नभएका दुनियावादी देवानी ८, दुनियावादी फौजदारी २ र सरकारवादी फौजदारी १ गरी ११ वटा छन्। ६ महिनाभन्दा बढी समयदेखि फर्स्यौट नभएका दुनियावादी देवानी ६८, दुनियावादी फौजदारी ११ र सरकारवादी फौजदारी ७ गरी ८६ वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ३ सय ५२ वटा ठाडो उजुरी दर्ता भएकोमा सबै उजुरीहरू फर्स्यौट भए।

यसैगरी जिल्ला प्रहरी कार्यालयमा ३८ वटा मुद्दा दर्ता भएकोमा १० वटा फर्स्यौट भई २८ वटा बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

जिल्ला प्रशासन कार्यालयको रेकर्डअनुसार २ महिला सहित ३९ जना विस्थापित भएका छन्।

संरचना/सम्पत्ति क्षति

तम्घास गाविस-७ स्थित नेपाल विद्युत प्राधिकरणको कार्यालयमा ०६० फागुन २५ गते बेलुका दुई जनाको समूहमा आएका अपरिचित व्यक्तिहरुले कार्यालयको चौकिदारसँग साँचो मागी कार्यालयको प्राविधिक फाँटमा मट्टितेल खन्याएर आगो लगाइदिएका कारण त्यस कार्यालयमा आर्थिक कारोवारसँग सम्बन्धित महत्वपूर्ण कागजातहरु र करिब ५ लाख रुपैयाँ बराबरका अन्य भौतिक सामाग्रीहरु नष्ट भएको सार्वजनिक गरियो।

तम्घास गाविस-४ जिविसका मनोनित सभापति ४७ वर्षीय भरतबहादुर चन्दको घरमा ०६० चैत १७ गते साँझ ४ जनाको समूहमा आएका माओवादीले बम विस्फोट गराए। विस्फोटबाट घर पूर्णरुपमा क्षतिग्रस्त भयो। पदबाट राजीनामा नगरेका कारण उक्त घटना गराइएको माओवादीले सार्वजनिक गरे।

दरबारदेवीस्थान गाविस ७ का जिविस गुल्मीका भूपू सदस्य र नेकाँ जिल्ला कार्य समिति सदस्य ५५ वर्षीय अशोक थापाको घरमा ०६१ मंसिर १८ गते माओवादीले घरका सम्पूर्ण सामानहरू कब्जामा लिई बम विस्फोट गराई क्षतिग्रस्त बनाए।

भुर्तुङ्ग गाविस-२ हिलेका ६६ वर्षीय थम्मनबहादुर पुनको घरमा ०६१ मंसिर २० गते माओवादीले बम विस्फोट गराई ध्वस्त बनाए।

हर्दिनेटा गाविस-३ का नेकाँ सभापति ४८ वर्षीय राजेन्द्र पन्तको घरमा ०६१ मंसिर ७ गते माओवादीले तालाबन्दी गरे। माओवादीले पन्तलाई बोलाएको समयमा उपस्थित नभएको आरोपमा तालाबन्दी गर्नु परेको बताए। तालाबन्दी गर्नुअघि माओवादीले राजेन्द्रका पिता ८१ वर्षीय ईश्वरी पन्त र आमा ८० वर्षीय यमुना पन्तलाई घरबाट निकालेका थिए।

ईश्मारजस्थल गाविसका निवर्तमान अध्यक्ष ७० वर्षीय रामचन्द्र रिजालको दर्लामचौर गाविस-५ मा रहेको घरमा ०६१ मंसिर १५ गते माओवादीले सम्पूर्ण खाद्यान्न, लत्ता-कपडा, भाँडाहरूसमेत कब्जा गरी तालाबन्दी गरे। तालाबन्दी गर्नु पूर्व माओवादीले उनका परिवारहरुलाई घरमा बसे ठूलो कारवाही हुने धम्की दिएर घर निकाला गरे। ०५८ पुस १० र २७ गते पनि खाद्यान्न कब्जामा लिएर तालाबन्दी गरेकोमा पछि माओवादीको सहमतिमा उनको परिवार घरमा गएर बस्न लागेको थियो।

ईश्मारजस्थल गाविस-१ का ६२ वर्षीय नरहरी रिजालको घरमा ०६१ मंसिर १५ गते १५/१६ जनाको समूहमा आएका माओवादीले सम्पूर्ण खाद्यान्न, लत्ताकपडा र भाँडावर्तनहरु कब्जा गरे। हाल पीडितको परिवार गाउँलेको सहयोगमा त्यही घरमा बसेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

वाग्ला गाविस-२ का माओवादीद्वारा गठित गाजस प्रमुख ५८ वर्षीय झविन्द्र भण्डारी र सदस्य २९ वर्षीय मुक्तिराज गिरीलाई ०६० पुस १८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। उनीहरूमध्ये झविन्द्रलाई ०६१ वैशाख १५ गतेसम्म र मुक्तिराजलाई ०६१ कार्तिक २० गतेसम्म सैनिक हिरासतमा राखी तम्घास जेलमा पठाइयो।

मरभुङ्ग गाविस-१ सिमलटारीका ५२ वर्षीय मुक्तिराम भुसाललाई माओवादीको आशंकामा ०६० पुस २७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ६ दिनसम्म सैनिक हिरासतमा राखी सोधपुछ गरी रिहा गरे।

अर्खवाङ्ग गाविस-४ का ३० वर्षीय केहरसिंह घर्तिलाई माओवादीको आशंकामा ०६० पुस २८ गते सुरक्षाकर्मीले सोही ठाउँको उनको पसलबाट गिरफ्तार गरी ०६० माघ ४ गते सोधपुछपछि रिहा गरे।

वाग्ला गाविस-५ का ३५ वर्षीय नन्दराम पन्थीलाई ०६० माघ ५ गते सुरक्षाकर्मीले शिवदल गुल्मबाटै गिरफ्तार गरी ६ दिनपछि रिहा गरे। उनलाई घरमा माओवादीलाई खाद्यान्न राख्न दिएका कारण सोधपुछ गर्न भनी उक्त दिन सेनाले शिवदल गुल्ममा बोलाएका थिए। पीडितले आफ्नो घरमा माओवादीले जबर्जस्ती खाद्यान्न राखेको र आफू माओवादीमा संलग्न नभएको बताए।

मरभुङ्ग गाविस-८ का शिक्षक ४८ वर्षीय डम्बरबहादुर पौडेललाई माओवादीको शंकामा ०६० माघ ५ गते बिहान ४ बजे तम्घास गाविस-१ को एक होटलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी दिनभर आँखामा पट्टी बाँधी सैनिक हिरासतमा राखेर सोही दिन साँझ तारेखमा रिहा गरे।

अर्जे गाविस-४ घर भई तम्घास गाविस-१ नयाँबजारमा होटल व्यवसाय गरी बस्ने मनिष होटलका मालिक ३८ वर्षीय विष्णु अर्याललाई ०६० माघ ५ गते बिहान उनकै होटलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी १ महिना २२ दिनसम्म सैनिक हिरासतमा राखी ०६० फागुन २७ गते तारेखमा रिहा गरी पुन: ०६१ जेठसम्म तारेखमा राखे।

रेसुङ्गा निमावि, तम्घासका प्रधानाध्यापक ३५ वर्षीय प्रेम भण्डारी, तम्घास गाविस-१ झरना होटलका मालिक ४५ वर्षीय पदमबहादुर कुवँर र उनकी पत्नी ४२ वर्षीय विष्णु कुवँर, इश्माली होटलका मालिक ५६ वर्षीय भीमबहादुर जिसी र शिखर होटलका मालिक ४८ वर्षीय श्यामलाल पराजुलीसहित उनीहरूको होटलमा वास बसेका विभिन्न ठाउँका १३ जना व्यक्तिहरूलाई ०६० माघ ५ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछपछि अन्यलाई सोही दिन र श्यामलाललाई १३ दिनपछि तारेखमा रिहा गरे।

ह्वाङ्गदी गाविस-४ का शिक्षक २७ वर्षीय दलबहादुर बुढामगरलाई माओवादीको आरोपमा ०६० फागुन १० गते शिवदल गुल्मबाट सादा पोशाकमा गस्तिमा गएको सुरक्षाकर्मीले हस्तिचौर गाविस-९ को छल्दिपनाघाटबाट गिरफ्तार गरे। उनलाई २ महिनासम्म सैनिक हिरासत र त्यसपछि तम्घास जेलमा नजरबन्दमा राखी ०६१ पुस १४ गते रिहा गरियो।

वस्तु गाविस-९ का २१ वर्षीय शिवराज भण्डारीलाई माओवादीको आशंकामा ०६० फागुन २० गते सुरक्षाकर्मीले अर्खले गाविस-७ बाट गिरफ्तार गरी ४ दिनपछि रिहा गरे। छोराको गिरफ्तारीका कारण बेहोस भएका उनका बाबु ६८ वर्षीय दधिराम भण्डारीलाई गोरखपुर लगेर उपचार गराउनु परेको थियो।

रोल्पा जिल्ला कोटगाउँ गाविस-३ का ५३ वर्षीय जब्बरसिंह घर्तीलाई ०६० चैत १९ गते प्रहरीले तम्घास कारागार शाखाको परिसरबाट गिरफ्तार गरे। उनलाई ०५७ भदौ ४ गते अर्घाखाँची जिल्लाबाट गिरफ्तार गरी हातहतियार तथा खरखजना मुद्दामा ०५७ असोज ११ गतेदेखि तम्घास जेलमा राखिएकोमा उक्त दिन स्थानीय प्रशासनले कैद भुक्तान भएको पुर्जी दिएर रिहा गरेको लगत्तै पुन: गिरफ्तार गरी ७ महिनासम्म शिवदल गुल्मको सैनिक हिरासतमा राखी ०६१ कार्तिक २० गतेदेखि तम्घास कारगारमा राखिएको छ।

ग्वादी गाविस-२ का ग्वादी मावि कक्षा ७ मा अध्ययनरत १३ वर्षीय मदनमोहन मल्ललाई ०६१ असोज १६ गते रुपाकोट गाविस-१ को सोताबाट शिवदल गणबाट गस्तिमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई एक हप्ता पहिले माओवादीले अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला सम्मेलनमा सहभागी बनाउन लिएर हिँडेका थिए। मानवअधिकारकर्मी र राजनीतिक दलको पहलमा उनलाई ०६१ कार्तिक ११ गते तारेखमा रिहा गरियो।

हरेवा गाविस-४ का अनेरास्ववियु (क्रान्तिकारी) को १२ औं जिल्ला सम्मेलन आयोजक कमिटीका सदस्य २३ वर्षीय सूर्य बस्याललाई ०६१ असोज १६ गते रुपाकोट गाविस-१ को सोताबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी संगठनको सम्मेलनमा जाने क्रममा सुरक्षाकर्मीसँग जम्काभेट हुँदा गिरफ्तार भएका थिए। उनलाई ०६१ कार्तिक २० गतेदेखि तम्घास जेलमा राखिएको छ।

सिर्सेनी गाविस-३ का १४ वर्षीय लक्ष्मण अर्याललाई माओवादीको आशंकामा ०६१ असोज २५ गते सुरक्षाकर्मीले छापहिले गाविस-३ बाट गिरफ्तार गरी ०६१ मंसिर १४ गतेसम्म सैनिक हिरासतमा राखी रिहा गरे।

भनभने गाविस-८ टिमुरखर्कका ४० वर्षीय छवि नेपाली र ४१ वर्षीय खिमबहादुर परियारलाई माओवादीको आशंकामा ०६१ कार्तिक २ गते सोही ठाउँबाट सुरक्षाकर्मीले

गिरफ्तार गरे। उनीहरुलाई सोधपुछ गरेर २ दिनपछि रिहा गरियो।

अर्जे गाविस-४ का १९ वर्षीय ईश्वर अर्याललाई माओवादीको आशंकामा ०६१ कार्तिक ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी २ दिनपछि रिहा गर्‍यो।

रुकुम जिल्ला रुघा गाविस-८ का २१ वर्षीय सुन्दर वलीलाई ०६१ मंसिर २६ गते रिहा गरी तत्काल तम्घास जेल नजिकैबाट प्रहरीले गिरफ्तार गरी हिरासतमा राखी ०६१ पुस १ गते पुन: नजरबन्दमा राखे। उनलाई ०६० भदौ ८ गते अर्घाखाँची जिल्लाको मरेङ्ग गाविसबाट सेनाले गिरफ्तार गरी सैनिक हिरासतमा राखी ०६१ कार्तिक २० गतेदेखि जेलमा राखेका थिए।

ठूलोलुम्पेक गाविस-७ की २६ वर्षीय अनिता भनिने लिला थापामगरलाई ०६१ पुस ३ गते रिहाई पूर्जी दिएर तत्काल तम्घास जेल परिसरबाट प्रहरीले पुन: गिरफ्तार गरी हिरासतमा राखी ०६१ पुस ७ गतेदेखि कारगार शाखा तम्घासमा नजरबन्दमा राखेको छ। उनलाई सुरक्षाकर्मीले ०५९ जेठ ११ गते अश्लेवा गाविसको देउपाटनबाट गिरफ्तार गरी ०६० जेठ ५ गतेसम्म शिवदल गुल्ममा राखी त्यसपछि कारागार शाखा तम्घासमा राखिएकोमा ०६० भदौ १९ गते रिहाई पुर्जी दिएर जेलबाटै पुन: गिरफ्तार गरी शिवदल गुल्ममा राखी ०६१ कार्तिक २० गते पुन: जेलमा पठायो।

वाग्ला गाविस-२ का ५८ वर्षीय फविन्द्र भण्डारी र सदस्य २९ वर्षीय मुक्तिराज गिरीलाई ०६१ पुस १४ गते तम्घास जेलबाट रिहा गरी तत्काल पुन: प्रहरीले गिरफ्तार गरी हिरासतमा राख्यो।

बालअधिकार

यस जिल्लाका ४१ जना गरिब तथा असहाय बालबालिकालाई ०६१ वैशाख ८ गतेदेखि जिल्ला शिक्षा कार्यालय र नेपाल बाल संगठन जिल्ला कार्य समितिद्वारा संयुक्तरुपमा तम्घास बाल मन्दिरमा ३ वर्षे प्रारम्भिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

दुर्व्यवहार

सिमिचौर गाविस-८ की ६१ वर्षीय कमला नेपाली र उनकी लाटी छोरी ३५ वर्षीय बाटुली नेपालीलाई सोही ठाउँका २६ वर्षीय जानकी नेपाली, २९ वर्षीय रामबहादुर नेपाली, २७ वर्षीय गोकुल नेपाली, ३० वर्षीय जुनबहादुर नेपाली र लामाधामीहरु अर्घाखाँची जिल्ला केरुङ्गा गाविस-७ का ३५ वर्षीय प्रेमबहादुर विश्वकर्मा र पाली गाविस-२ का ४२ वर्षीय रामबहादुर घर्तीले बोक्सीको आरोपमा ०६१ असार २९ गते बिहान घरमै आएर कुटपिट गरे। जानकी बिरामी भएका कारण धामीहरुलाई हेराउँदा उनीहरुले बृद्ध कमला र बाटुलीले बोक्सी लागेको बताएपछि धामीहरुसहितका ६ जनाले कुटपिट गरी सख्त घाइते पारेका थिए। पीडितहरुलाई छिमेकीहरुले तम्घास अस्पतालमा ल्याएर उपचार गराउनुका साथै इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि र मुक्ति समाजको सहयोगमा पीडक विरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुर गराएपछि पीडितहरुलाई पीडक पक्षबाट ४० हजार रुपैयाँ क्षतिपूर्ति दिलाइयो।

वहुविवाह

अर्जे गाविस-४ की २२ वर्षीय मञ्जु अर्यालका पति २८ वर्षीय रवीलाल अर्यालले ०६० माघ ९ गते जुहाङ्ग गाविस उल्लीखोलाकी तुलसी ढकालसँग दोस्रो विवाह गरे। मञ्जुले जिल्ला प्रहरी कार्यालयमा पीडक पतिका विरुद्ध वहुविवाहमा र जिल्ला अदालतमा अंश मुद्दा दायर गरेकी छन्। उनका पति २८ वर्षीय रवीलाल अर्यालले ०६० कार्तिक २८ गते पढ्न बाधा पुग्छ भन्ने बहाना गरी दोस्रो विवाह गर्ने मनसायले ५ महिनाको गर्भ पतन गराउन लगाएको पीडित मञ्जुले बताइन्।

तम्घास गाविस-४ की ४० वर्षीय उजेली दर्जीलाई उनका पति ४१ वर्षीय लक्ष्मण दर्जीले दोस्रो विवाह गरेर ९ वर्ष अगाडिदेखि हेला गरी खान-बस्न नदिएको कारण उनले मजदुरी गर्दै आइरहेकी छन्। ३ छोरी र २ छोरासमेतलाई आफूले पालनपोषण गर्नु परेको, पति र सासु मिना दर्जीले कोठामा ताला लगाई घरमा बस्न नदिएको, छोरा-छोरीहरु पढ्ने-लेख्ने अधिकारबाट बञ्चित भएको र नागरिकताको प्रमाण-पत्रसमेत बनाउन नदिएको कुरा पीडितले बताएपछि इन्सेक वर्ष पुस्तक प्रतिनिधि र आमा समूहको पहलमा पीडित उजेलीलाई जिल्ला प्रशासन कार्यालयबाट नागरिकता दिलाउने र पीडकबाट पत्नी र छोरा-छोरीहरुलाई पालन-तालन गर्ने गरी मिलापत्र गराइयो।

सबै प्रकारका जातीय विभेद

तम्घास गाविस-५ की १९ वर्षीय रुपादेवी विश्वकर्मालाई सार्की जातको केटासँग विवाह गरेको आरोपमा ०६० चैत २६ गते सोही ठाउँका ४५ वर्षीय ऋषिराम विश्वकर्मा र ३२ वर्षीय डोलबहादुर विश्वकर्मालगायत ४०/५० जनाको समूहमा जम्मा भएको व्यक्तिहरुले माइती घरबाट निकालिदिए। दुई वर्ष अघि बाग्लुङ्ग जिल्ला घर भएका थम्मन नेपालीसँग विवाह गरेकी र पतिले हेला गरेका कारण माइतीमा बसेकी रुपा माइतबाटसमेत खेदिनु पर्‍यो।

तम्घास गाविस-४ की २५ वर्षीय करुणा बस्नेत (श्रेष्ठ) र उनका छोरा ७ वर्षीय निराजन श्रेष्ठलाई पति ३३

वर्षीय नवराज श्रेष्ठ र उनका परिवारले विवाह भएको ८ वर्ष भइसक्दा पनि जात नमिलेको कारण घरमा भित्र्याएका छैनन्। ०६१ असार २ गते ससुरा टोपप्रसाद श्रेष्ठको मृत्यु भएपछि काजकिरिया गर्न घरमा गएकी करुणालाई घरभित्र नभित्र्याई हुँदैन भनेर किरिया गर्न रोक लगाएपछि इन्सेक वर्ष पुस्तक प्रतिनिधि र स्थानीय आमा समूहको पहलमा उनलाई किरिया गर्ने व्यवस्था मिलाइयो।

बडागाउँ गाविस-३ की १७ वर्षीय जमुना विश्वकर्मा र सोही ठाउँका १८ वर्षीय पृथबहादुर सर्तुङ्गे मगरका बीचमा प्रेम सम्बन्ध भई ०६१ असार १ गते छोरी जन्मिएकोमा जातीय विभेदका कारण उनलाई अस्वीकार गरी पृथबहादुर भागे। पीडित जमुनाले हाल मुक्ति समाज गुल्मीको सहयोगमा जिल्ला अदालतमा पीडक विरुद्ध अंश मुद्दा दायर गरेकी छिन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीले गरेका अपहरण, कुटपिट, नाकाबन्दी आदि घटना र सदरमुकाममा सेनाले व्यापारी तथा सर्वसाधारणलाई कुटपिट गरेको र मट्टितेलको उचित व्यवस्थाको लागि माग गरिरहेका विद्यार्थीहरुमाथि प्रहरीले गरेको लाठीचार्जको विरोधमा विभिन्न राजनीतिक पार्टी, रेसुङ्गा मानवअधिकार सचेतन संस्था, नेपाल राष्ट्रिय शिक्षक संगठनलगायत्का संघ-संस्थाहरुले प्रेस विज्ञप्ति जारी गर्नुको साथै विरोधका कार्यक्रमहरु आयोजना गरेका थिए।

माओवादीले गाविस सचिवबाट राजीनामा गर्न दबाब दिएपछि जिल्लाका ५१ गाविस सचिवहरुले ०६१ पुस ४ गते "हामी न्यून वैतनिक कर्मचारीहरुलाई मानवीयरुपमा श्रम गरी बाँच्न पाउने अधिकारबाट वञ्चित नगर्न र गाविस सचिव भएको कारणबाट युद्धको तारो नबनाउन आग्रह गर्दछौं" भन्दै मानवअधिकारकर्मीलगायत्का संघसंस्था, पत्रकार र राजनीतिक दलहरुसँग काम गर्ने वातावरण मिलाई दिन प्रेस वक्तव्यमार्फत् अनुरोध गरेकोमा रेसुङ्गा मानवअधिकार सचेतन संस्थाले प्रेस विज्ञप्तिमार्फत् गाविस सचिवहरुलाई राजीनामा दिन दबाव नदिई श्रम गरी बाँच्न पाउने अधिकारको सम्मान गर्न माओवादीसमक्ष आग्रह गर्‍यो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ११ पुरुष र ४ महिला गरी जम्मा १५ जनाले झुण्डिएर र २ जना पुरुषले आगो लगाएर आत्महत्या गरे। ८ पुरुष र १ महिला गरी ९ जनाको सवारी दुर्घटनामा परी मृत्यु भयो। एक जना पुरुषको लाश फेला पर्‍यो भने भवितव्य ज्यानमा १ पुरुषको मृत्यु भयो। चोरीको एउटा घटना भयो भने २ घरपरिवार आगलागीबाट पीडित भए।

विगतको अनुगमन

तम्घास गाविस-३ बाघमारेका व्यापारी ४७ वर्षीय प्रेमचन्द्र भुसाल र उनकी पत्नी ३२ वर्षीय बालकुमारी भुसाल ०६० मंसिर ८ गते राति सुरक्षाकर्मीले चलाएको गोलीद्वारा घाइते भए भनिएकोमा उनीहरु घाइते नभई उनीहरु सुतेको कोठामा सटर छेंडी गोली भित्र गएको थियो।

१.१३ वाग्लुङ



जनसंख्या	: २८४९९०
साक्षरता प्रतिशत	: ५५.२१
महिला साक्षरता प्रतिशत	: ४६.२५
क्षेत्रफल (वर्ग कि. मि.)	: १७८४
गाविस/नपा संख्या	: ५९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४८६
क्याम्पस/उच्च मावि	: १/१७
अस्पताल/स्वास्थ्य चौकी	: २/६६
टेलिफोन लाइन	: ११९०
मोटर सडक (कि. मि.)	: ३५
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६२
मानव विकास सूचकांक	: ०.४९२
प्रति परिवार सरदर संख्या	: ५.३२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सिगान गानिस-५ चनौटेकी अनेमसंघ (क्रान्तिकारी) की जिल्ला सदस्य तथा माओवादी एरिया नं. ९ की सदस्य सपना भनिने चाँदनी पुन र ग्वालीचौर गाविसका माओवादी

एरिया सदस्य आविष्कार भनिने ज्ञानेन्द्र घिमिरे ०६० माघ ८ गते तिलाङ गाविस-५ साढखोलामा सुरक्षाकर्मीको कारवाहीमा मारिए। घटनापछि स्थानीय जनताले लाश गाडेकोमा माओवादी आई अर्को स्थानमा पुन: गाडेर भण्डा ओडाएर शहीद घोषणा गरे।

तारा गाविस-४ अस्मुखेका ३९ वर्षीय धलिन्द्र बस्नेत ०६१ वैशाख १६ गते बिहान अर्गले गाविस-१ सिलेस्थित पसलमा चिया खान बसेको अवस्थामा र हरिचौर गाविस-१ मुजुङेकी भरना भनिने २२ वर्षीय देवी विक अर्गले गाविसको मातखाने डाँडाबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी वैशाख १८ गते तारा र पाण्डवखानी गाविसको सीमाना पर्ने पाण्डवखानीको रम्भुवामा गोली हानी मारिए। पीडितहरुको लाश वैशाख २४ गते फेला पर्‍यो।

तमान गाविसको लामिलामा ०६१ जेठ ७ गते माओवादीको बीस नम्बर बिग्रेड जनमुक्ति सेनाका प्लाटुन कमाण्डर सन्देश तथा सदस्यहरु पूजा भनिने धनकुमारी बुढा र सन्जय भनिने धनबहादुर बुढासँग सुरक्षाकर्मीको जम्काभेट हुँदा सन्देश सोही ठाउँमा र धनकुमारी तथा धनबहादुर म्याग्दीको डाँडागाउँ जंगलमा पुर्‍याई गोली हानी मारिए।

पर्वत जिल्ला नाङ्लिवाङ गाविस-९ फोर्सेका विष्णुप्रसाद शर्मा माओवादीको आरोपमा ०६१ असार ४ गते बिहान घरबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बाग्लुङ नपा-११ ढोडेनीमा पुर्‍याई गोली हानी मारिए। पीडितको लाश बाग्लुङ अस्पतालमा पोष्टमार्टम गरी नपाबाट सद्गत गराइयो।

अर्गल गाविस-४ घर भई तारा गाविस-५ साँघुबोटमा पसल गरी बस्ने २९ वर्षीय पहलवीर विक र सोही गाविस-९ साधुबोटका २३ वर्षीय गंगाप्रसाद गौचन ०६१ असार २७ गते दिउँसो सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडितहरु सर्वसाधारण भएको पुष्टि भएपछि पीडितहरुको तर्फबाट पूर्णकली विक र धनबहादुर गौचनले क्षतिपूर्तिको लागि राष्ट्रिय मानवअधिकार आयोग, गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय बाग्लुङमा निवेदन दिए।

रुकुम जिल्ला चौखावाङ गाविसका माओवादी बाग्लुङ एरिया नं. ११ सदस्य तथा अनेमसंघ (क्रान्तिकारी) एरिया नं. ११ अध्यक्ष विशेषता भनिने करुणा वली ०६१ साउन १३ गते बिहान बिहुँ दहपानीबाट घोडाबाँधेतर्फ जाने क्रममा बिहुँ गाविस-८ फुर्सेमाटा भन्ने ठाउँमा बाग्लुङबाट सर्चमा गएको सुरक्षाकर्मीले नियन्त्रणमा लिई सोधपुछ गर्दा नाम बताउँदै आफूसँग सकेट बम भएको जानकारी दिएपछि तीन राउण्ड गोली हानी मारिए। पीडितलाई सोही ठाउँमा खाल्डो खन्न लगाई गाडिएकोमा साउन १४ गते राति माओवादी आई अर्को खाल्डोमा पुरे।

सल्यान जिल्ला घर भई बाग्लुङ्गका माओवादी स्वास्थ्यकर्मी २२ वर्षीय विमर्श र गुल्मी जिल्ला घर भई माओवादीको सञ्चार पोष्टमा कार्यरत धनबहादुर विक ०६१ साउन २२ गते दलिङ्ग गाविस-९ निगलपानीमा सुरक्षाकर्मीद्वारा सञ्चार पोष्ट कब्जा गरी मारिए।

पाला गाविस-५ करिनाका माओवादीद्वारा गठित पाला गाजस प्रमुख तथा एरिया नं. १० सेक्रेटरी सुशील भनिने २२ वर्षीय धनबहादुर थापा, अर्गल गाविस-२ कि एरिया कमिटी सेक्रेटरी सहनशीला भनिने २२ वर्षीय कृष्णकुमारी घर्ती, म्याग्दी जिल्ला कुइनेमंजले गाविस-९ घर भई बाग्लुङ्ग एरिया समिति सदस्य सविना भनिने १८ वर्षीय टीका विक र राजकुत गाविसकी विपना भनिने १७ वर्षीय राजकुमारी विक ०६१ असोज २७ गते सुरक्षाकर्मीद्वारा कब्जामा लिई मारिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२	६	७			७	११	१५	७	२२
घाइते					२	४			४	३	६	१	७
गिरफ्तारी/यातना										२	१	२	३
कुटपिट	६	१०	३	१३	७	११	१		१२				
धम्की					१	४			४				
भेला/संगठित हुने अधिकार										१	४		४
जातीय विभेद	१	१	१	२									
महिलाअधिकार	१		२	२									
बालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१				
अपहरण	१	३	३	६	२७	७५	५	१८७	२६७				
जम्मा	१२	१६	१०	२६	४४	१०२	६	१८७	२९५	१७	२६	१०	३६

माओवादीबाट

नरेठाँटी गाविस-४ का ५५ वर्षीय टेकबहादुर भण्डारीलाई चन्दा नदिएको आरोपमा ०६० पुस २३ गते राति माओवादीले गोली हानी हत्या गरे। गत वर्ष लमजुङको भोर्लेमा भिडन्तमा मृत्यु भएकोले पीडितका छोरा भूमिराजको सरकारबाट क्षतिपूर्ति बापत उपलब्ध गराइएको रकमको केही भाग माओवादीले मागेको पीडित परिवारले बताए।

चितवन जिल्ला घर भई खड्गदल गुल्ममा कार्यरत लेसनायक प्युठ फलकान्त सिग्देलको ०६० पुस २७ गते निसीस्थित झिप्पा डाँडाबाट माओवादीले हानेको गोली लागि मृत्यु भयो।

स्याङ्जा जिल्ला विचारीचौतारा गाविस-५ का जिविस लेखापाल विष्णुप्रसाद शर्मालाई ०६० चैत २१ गते दिउँसो माओवादीले बाग्लुङ नपा-२ स्थित लक्ष्मी मिष्ठान भण्डारमा चिया पिउँदै गर्दा गोली हानेकोमा उपचारार्थ बाग्लुङ अस्पताल लैजाँदा लैजाँदै मृत्यु भयो। घटनाको जिम्मेवारी लिँदै माओवादी जिल्ला सेक्रेटरी अनिलले एक विज्ञप्तिमार्फत् निशाना गल्ती भई हत्या हुन पुगेकोमा दुःख व्यक्त गर्दै उचित समयमा पीडितको परिवारलाई सहयोग गर्ने जानकारी सार्वजनिक गरे।

तारा गाविस-२ कर्मिलाका ५७ वर्षीय लालबहादुर रोकालाई माओवादी नेतामाथि आक्रमण गरेको आरोपमा ०६१ साउन ३१ गते माओवादीले हत्या गरे। पीडितलाई सोही राति ३ सद्गत गरियो। पीडित बाग्लुङ बजारमा विस्थापित भएका थिए।

दोहोरो भिडन्त

बाग्लुङ नपा-७ कालिमाटी विश्वकर्मा माविकी पियन विधवा भुजु भनिने ३५ वर्षीय टिकाकुमारी गैरेलाई ०६० चैत ८ गते दिउँसो दोहोरो भिडन्त भइरहेको अवस्थामा विद्यार्थीहरुको संरक्षण गर्न आँगनमा निस्केको अवस्थामा बायाँ हात र कोखामा गोली लागेकोमा बाग्लुङ अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भयो। पीडितको मृत्युपछि टुहुरा बनेका उनका छोरीहरु संगीता र सुस्मितालाई आईसीआरसीमार्फत् उद्धार गरियो। उद्धार गर्न इन्सेक, बीवाईसी, रेडक्रस लगायत्ले सहयोग गरेका थिए।

बाग्लुङ नपा-६ को पौडाकोटमा माओवादी जिल्ला संगठन कमिटी सदस्य, माओवादीद्वारा घोषित मगरात राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला अध्यक्ष दारुण भनिने अर्गल गाविसका भीमबहादुर घर्ती, जनमुक्ति सेना प्लाटुन कमाण्डर सञ्जु र प्लाटुन सदस्य दिवेन्द्रको ०६० चैत ८ गते दिउँसो सुरक्षाकर्मीसँग जम्काभेट हुँदा सुरक्षा कारवाहीमा मृत्यु भयो। पीडितहरुमध्ये भीमबहादुरको लाश माओवादीले संसारकोटमा गाडे भने अन्य दुईजनालाई स्थानीय जनताले गाडे। घटनाका पीडितहरु माओवादी भएको पुष्टि गर्दै जिल्ला सेक्रेटरी अनिलले एक विज्ञप्तिमार्फत् शहीद घोषणा गरे।

अन्यबाट

सर्कुवा गाविस-२ मादिका गोपालबहादुर गौतम र उनका भाइ पृथ्वीबहादुर गौतमलाई ०६१ जेठ २ गते बेलुका पसल बन्द गरी घरतर्फ जाँदै गर्दा कुश्मीसेरा वजारको गहलीमा २ जना अज्ञात व्यक्तिहरुले गोली तथा खुकुरी प्रहारी गरी हत्या गरे। पीडितहरुको हत्या कसले गरेको भन्ने पुष्टी भएन। माओवादीले उक्त हत्यामा आफ्नो पार्टीको संलग्नता नरहेको कुरा विज्ञप्तिमार्फत् जनाए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

बाग्लुङ नपा-८ थापाबारीका २५ वर्षीय खड्गबहादुर कार्की ०६० चैत ८ गते दिउँसो माओवादीलाई खोज्ने क्रममा गरिएको सुरक्षाकर्मीको हवाइफायरबाट घुँडामा गोली लागि घाइते भए। घटनामा सोही ठाउँमा हरिबहादुर कार्की र यामबहादुर कार्की सामान्य घाइते भए।

तारा गाविस-९ तारागाउँकी ४३ वर्षीय अमुनी घर्तीलाई ०६१ असार २७ गते दिउँसो बाग्लुङ खड्गदल गुल्मबाट गएका सुरक्षाकर्मीको टोलीले अन्धाधुन्ध गोली चलाउँदा दुवै खुट्टामा गोलीको छर्रा लागि घाइते भइन्। पीडितको उपचार बाग्लुङ अस्पतालमा गरियो।

माओवादीबाट

तारा गाविस-५ बिसौनीडाँडाबाट ०६१ असार २५ गते माओवादीले सुरक्षाकर्मीमाथि आक्रमण गर्दा तीन सुरक्षाकर्मी घाइते भए। घाइतेहरुलाई उपचारार्थ हेलिकप्टरबाट काठमाडौं लगियो।

जेल र बन्दीहरु

"घ" श्रेणीको २५ बन्दी क्षमता रहेको बाग्लुङ जेलमा यस वर्षको अत्यसम्म ४१ जना बन्दीहरु रहे, जसमा कैद तोकिएका २ महिला र १९ पुरुष छन्। कैद नतोकिएका ४ महिला र १६ पुरुष तथा तीमध्ये १० जना माओवादीको आरोपमा नजरवन्दमा छन् जसमा ७ पुरुष र ३ महिला समेत १० जना माओवादीको आरोपमा नजरबन्दमा रहेका छन्।

ज्यान मुद्दामा ५० प्रतिशत भन्दा बढी कैद भुक्तान गरेका बन्दी खिमबहादुर केसी (दाई नाईके), चन्द्रबहादुर केसी (चौकीदार) र जंगबहादुर पुन (सल्लाहकार) कारागार सुधार समितिसमक्ष ०६१ कार्तिक २४ गते ९ सुत्रीय माग राखी अनसन बसे। २६ गते मानवअधिकारकर्मी र पत्रकारको पहलमा स्थानीय तहमा पूरा हुने माग तत्काल पूरा गर्ने र

केन्द्रीयस्तरवाट पूरा हुने मागको लागि लेखी पठाउने शर्तमा प्रजिअ प्रेमनारायण शर्माले मानवअधिकारकर्मी रत्ना श्रेष्ठ, गोविन्द गौतम, पत्रकार हरिनारायण गौतम र कानुन व्यवसायी भुमिश्वर गौतमको रोहवरमा जुस खुवाएर अनसन तोडाए।

बेपता / अपहरण

माओवादीबाट

नरेठाँटी गाविस-९ फापरचौरका ६५ वर्षीय नेत्रलाल उपाध्याय भट्टराई र सोही गाविस-२ ठाँटी बजारका ५३ वर्षीय बलबहादुर केसीलाई ०६० पुस २३ गते राति बेग्लाबेग्लै ठाउँबाट माओवादीले अपहरण गरे। नेत्रलाललाई छोराको सैनिक जागिर छोडाउनु पर्ने मागबमोजिम उनका छोरा ईश्वर भट्टराईले जागिर छोडेपछि ११८ दिनपछि सकुशल मुक्त गरे भने बुलबहादुर साढे तीन महिनापछि भागेर फर्किए। तर उनलाई कडा कारवाहीको चेतावनी दिएका कारण काठमाडौंमा विस्थापित भएका छन् भने उनका पत्नी, छोरी र बुहारी बसिरहेको घर जग्गा माओवादीले आफ्नो कब्जामा लिएको घोषणा गरे।

पर्वत जिल्ला शिवालय गाविस-४ घर भई शिकार आरक्ष कार्यालय ढोरपाटनमा कार्यरत शिवकुमार श्रेष्ठलाई ०६१ वैशाख १४ गते बोहोरागाउँ गाविसमा मतदाता नामावली अद्यावधिक गर्न गएको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई ५४ दिनपछि ०६१ असार ४ गते पत्रकार तथा मानवअधिकारकर्मीको रोहवरमा मुक्त गरे।

बाग्लुङ नपा-१० कुडुले घर भई मानसिक असन्तुलनका कारण सोही नपा-११ ठोडेनीमा बस्दै आएका ६२ वर्षीय चन्द्रदत्त आचार्यलाई ०६१ असार १५ गते तारा गाविस-६ अगोतुङमा छोरीको घरमा गएको अवस्थामा जोगीको रुपमा आएको जासूस भएको आरोपमा माओवादीले अपहरण गरे। पीडितकी पत्नी कलावती आचार्यले जीवन रक्षाको पहलको माग गरी एक विज्ञप्ति जारी गरिन्।

हटिया गाविस-३ हटिया बजारका ५४ वर्षीय टंक भण्डारीलाई ०६१ असार २० गते सिसिलामा बिहुँ गाविस-८ रिजाल चोकबाट माओवादीले अपहरण गरे। पडितलाई हालसम्म मुक्त गरिएको छैन।

दुदिलाभाटी गाविस-५ टोड्के घर भई बिहुँ गाविस-८ घोडाबौघेमा व्यापार गरी बस्ने ३१ वर्षीय टेकबहादुर खत्री र सोही ठाउँका २१ वर्षीय गजेन्द्र खत्रीलाई ०६१ साउन ६ गते बेलुका माओवादीले आफ्ना पार्टीको महिला कार्यकर्तासँग यौन सम्बन्ध राखेको आरोपमा अपहरण गरे। पीडितको स्थिति अज्ञात रहेको अवस्थामा माओवादी जिल्ला सेक्रेटरी अनिलले एक वक्तव्यमार्फत् उनीहरुको जनअदालतको अनुसन्धानबाट यौन सम्पर्क गरेको देखिएकोले महिला कार्यकर्तालाई पार्टीको सबै जिम्मेवारीबाट मुक्त गरी अनिश्चितकालीन श्रम कैद र टेकबहादुर तथा गजेन्द्रलाई ६/६ महिना श्रमकैद वापत अज्ञात स्थानमा पठाएको सार्वजनिक जानकारी गराए।

सुरक्षाकर्मीद्वारा मारिएका पहलवीर विक

पर्वत जिल्ला माझफाँट गाविस-९ घर भई चारतारे युवा क्लव बाग्लुङमा कार्यरत २४ वर्षीय कमलबहादुर अधिकारीलाई ०६१ साउन २३ गते बेलुका रामडाँडा गाविस-५ पानीकटेरीबाट अनुमति नलिइ संस्थाको कार्य गर्न आएको आरोपमा माओवादीले २४ घण्टा नियन्त्रणमा लिई मुक्त गरे।

देवीस्थान गाविस-७ स्थित देवीस्थान माविका प्रधानाध्यापक ३० वर्षीय पदमबहादुर छन्त्याललाई चन्दा नदिएको आरोपमा ०६१ भदौ ६ गते माओवादीले अपहरण गरे। उनको खोजीका निम्ति जनमोर्चा नेपालले मार्च अभियान संचालन गऱ्यो। पीडितलाई ४२ दिनपछि मुक्त गरियो।

दुदिलाभारी गाविस-७ ज्यामिरेकी ६२ वर्षीय टिकाकुमारी कुवँर र २९ वर्षीय गंगाबहादुर कुवँरले गंगाकी जेठी पत्नी सरस्वती कुवँरलाई विष हाली खुवाएको आरोपमा ०६१ भदौ १५ गते माओवादी समूहले अपहरण गरे। सरस्वतीलाई स्थानीय रुपमा उपचार गरियो भने टीकाकुमारी र गंगालाई १ लाख ५० हजार रुपैयाँ लिई ६ महिनाको तारेखमा मुक्त गरियो।

बोवाङ गाविस-३ का ३६ वर्षीय धनबहादुर अर्दै, सोही ठाउँका ४२ वर्षीय पनबहादुर विक, अधिकारी चौर गाविस-९ का ४६ वर्षीय धर्मबहादुर कुवँर, बुर्तिवाङ गाविस-७ का ३४ वर्षीय गौरीश्वर पाण्डेलाई ०६१ भदौ २० गते र बुर्तिवाङ गाविस-१ का ४८ वर्षीय तुलसीराम अर्याललाई माओवादीबाट अपहरित टेकबहादुर घर्ती र पदमबहादुर छन्त्यालको खोजीमा गएको अवस्थामा बोवाङ गाविसको छोरपाटन नजिकै स्यालपाखेबाट माओवादीले अपहरण गरे। पीडितहरुमध्ये गौरीश्वरलाई भोलिपल्ट मुक्त गरियो। धनबहादुर र पनबहादुर असोज ३ गते घेरा तोडी भागे। तुलसी मंसिर ६ गते देवीस्थान गाविसको वायखोलामा बेहोस अवस्थामा फेला परेपछि बुर्तिवाङ स्वास्थ्य केन्द्रमा उपचार गरियो। उनलाई माओवादीले राखेको धान लुटेको आरोपमा र धर्मलाई छोरा सेनामा भएको आरोपमा अपहरण गरी २४ हजार ५ सय तुलसीकी

पत्नीले बुझाएकीले छोड्ने सहमति भएको अवस्थामा मंसिर ५ गते राति माग्दा तुलसी आफै लडेर घाइते भएपछि धर्मले बोकेर उपचारमा लगेको माओवादी जिल्ला सेक्रेटरी अनिलले दाबी गर्दै धर्मको घरजग्गा आफ्नो पार्टीको कब्जामा रहेको बताए।

अर्गल गाविस-४ का ४८ वर्षीय ऋषिराम रोका, बुर्तिवाङ गाविस-२ का ३९ वर्षीय उमालाल सुवेदी, सोही गाविस-३ का ४२ वर्षीय रामबहादुर बुढा र बोवाङ गाविस-३ का धनबहादुर अदैलाई ०६१ असोज १४ गते जनमोर्चाको भण्डाफोर अभियानमा सहभागी भई निषेधित क्षेत्रमा प्रवेश गरेको आरोपमा बोवाङ गाविसको देउरालीमा ३०-४० जनाको समूहमा रहेका माओवादीले कुटपिट गरी कब्जामा लिए। पीडितहरुलाई १७ गते मुक्त गरे।



माओवादीद्वारा अपहरण गरिएका टेकबहादुर कैसी

अधिकारीचौर गाविस-८ का ३६ वर्षीय जनवादी युवा संघका जिल्ला उपाध्यक्ष टेकबहादुर घर्तीलाई ०६१ भदौ १७ राति आफ्नो पार्टीको विरोध गरेको लगायतका आरोपमा माओवादीले अपहरण गरे। पीडित ०६१ कार्तिक १५ गते माओवादी कब्जाबाट भागेपछि मंसिर ५ गते पीडितको घर माओवादीले कब्जा गरी सामान लुटपाट गरे।

अमलाचौर गाविस-४ का २२ वर्षीय सूर्य ढकाललाई ०६१ कार्तिक ३० गते साँझ प्रकाशको नेतृत्वमा आएको माओवादी समूहले अपहरण गर्‍यो। पीडितलाई माओवादीको विरोधमा गतिविधि संचालन गरेको आरोप लगाई ५ महिना श्रमकैदको घोषणा गरियो। आवश्यक परेको जुनसुकै बेला पनि आउनुपर्ने शर्त राखी मंसिर ८ गते पृथ्वीमाली अमलाचौरमा एक कार्यक्रमको आयोजना गरी मुक्त गरियो।

हुग्दिशीर गाविस-३ का मनिश्वर पौडेल र राङखानी गाविस-५ का केयरसिङ पुनलाई ०६१ मंसिर १२ गते माओवादीसँग वार्ता गर्न खटिएको अवस्थामा वरेङ बजारमा सञ्चालन गरेको पर्दाफास कार्यक्रममा अभद्र व्यवहार गरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरुलाई एक महिनापछि मुक्त गरे।

जनमोर्चा नेपालका कार्यकर्ताहरु सर्कवा गाविस-९ का ४४ वर्षीय भरत पौडेललाई ०६१ मंसिर १४ गते राति विनामारे गाविस-२ सिम्ले घरबाट, दमेक गाविस-४ सुन्तलाचौरका ३३ वर्षीय लालबहादुर छन्त्याललाई सोही राति र कुश्मीसेरा गाविस-५ का कुमार थापालाई सोही राति १ बजे छुट्टाछुट्टै समूहमा आएका माओवादीहरुले अपहरण गरे। भरतलाई यस वर्षको अन्त्यसम्म मुक्त गरिएन भने कुमारलाई पुस १४ गते मुक्त गरियो।

रणसिङ किटेनी गाविस-९ फोर्साका ३८ वर्षीय मेखबहादुर पाइजा र बोहोरागाउँ गाविस-५ का ५५ वर्षीय रामबहादुर चन्दलाई माओवादीविरुद्ध भण्डाफोर अभियान सञ्चालन गर्न गएको अवस्थामा ०६१ पुस ७ गते बोहोरागाउँ गाविस-२ बाट माओवादीले अपहरण गरे। पीडितहरुको स्थिति यस वर्षको अन्त्यसम्म अज्ञात छ।

अन्यबाट

माओवादी जिल्ला पार्टी सदस्य उत्तम र विद्रोहीलाई ०६१ मंसिर १२ गते हुग्दीशिरको वरेङबाट जनमोर्चाका कार्यकर्ताले अपहरण गरे भने माओवादी जिल्ला न्यायाधीश तथा अन्य राजनीतिक पार्टीसँग वार्ता गर्न शान्ति वार्ता टोलीका सदस्य चिरञ्जीवी, माओवादी कार्यकर्ता करुणा, भवी र विनितालाई ०६१ मंसिर १३ गते बिहान दमेक गाविसको राजादहबाट अपहरण गरे। सोको विरोधमा चेतावनी दिँदै माओवादी जिल्ला सेक्रेटरी अनिलले मंसिर १९ गते एक विज्ञप्ति जारी गरे। माओवादी कार्यकर्ता करुणा, भवी र विनितालाई मंसिर २४ गते मुक्त गरियो। उत्तम, विद्रोही, चिरञ्जीवीलाई रेडक्रसकर्मीको जिम्मा लगाई हुग्दिशीरबाट मुक्त गरिएको जनमोर्चाले जनाएकोमा उनीहरु आफै उम्केको, उत्तमको सञ्चार सेट खोसिएको र पीडितहरुलाई जनमोर्चाले यातना दिएको सार्वजनिक गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

नरेठाँटी गाविस-४ का ४९ वर्षीय जगतबहादुर भण्डारीलाई सुराकीको आरोपमा ०६१ वैशाख २२ गते राति ८ बजे माओवादीले घरबाट आँखामा पट्टी बाँधी सोही ठाउँमा लालबहादुर भण्डारीको गोठमा पुर्‍याई दायाँ खुट्टाको तिघ्रा चिरी मासु निकालिदिए। पीडितले पोखरामा उपचार गरे। उपचार खर्च २० हजार रुपैयाँ लागेकोमा जिविस, रेडक्रसलगायत्का संस्थाबाट १३ हजार पाएको बताउँदै आफूले माओवादीको सुराकी नगरेको बताए।

राङखानी गाविस-५ का पूर्व अध्यक्ष ४५ वर्षीय भीमबहादुर श्रीसलाई विभिन्न आरोपमा ०६१ साउन ५ गते माओवादीले पीडितको अनुहार तथा छातीमा गम्भीर चोट पर्नेगरी कुटपिट गरी ११ घण्टासम्म पीडितकै कोठामा थुने। सो घटनाका विरुद्ध जनमोर्चा जिल्ला कार्यालयले ६ गते विज्ञप्ति जारी गर्‍यो भने साउन २० गते कुश्मीसेरा बजारमा विरोधसभा आयोजना गर्‍यो।

निसी गाविस-३ का निसी उपस्वास्थ्य चौकीका पियन बेलबहादुर कुवँरलाई ०६१ कार्तिक १८ गते विहान घरबाट कार्यालय आउँदै गर्दा माओवादीले कुटपिट गर्दा बायाँ आँखा तथा शरीरमा चोट लागेको अहेव र मासिका आएमा कारवाही गरिने धम्की दिएको पीडितले बताए। पीडितले उपचार आफै गरे।

वुङ्गादोभान गाविस वुङ्गाका शिक्षक भक्तबहादुर गुरुङ्ग र सोही ठाउँका चन्द्रबहादुर पुनलाई ०६१ मंसिर १३ गते माओवादीले कुटपिट गरी दायाँ हात भाँचिदिए भने सोही ठाउँकी तालदेवी छन्त्याललाई कुटपिट गरे। चन्द्रबहादुर पुनको पसलको ३५ हजार रुपैयाँ बराबरको धनमाल लुटे।

ग्वालीचौर गाविस-१ का ३१ वर्षीय टेकबहादुर सलामीलाई ०६१ असोज १ गते सैनिकलाई रक्सी ल्याई खुवाएको आरोपमा माओवादीले लात र लाठीले कुटपिट गर्ने, बेलना लगाउने जस्ता यातना दिएर २ घण्टासम्म पानीमा उभिन लगाए। उनी आधा घण्टापछि मुर्छा परेपछि मात्र स्थानीयरुपमा उपचार गर्न भनियो।

दमेक गाविस-४ सुन्तलाचौरकी रुपा पुन (थापा), सोही ठाउँका ३२ वर्षीय भविलाल छन्त्याल र सोही गाविस-१ बिराउनेका रामप्रसाद सापकोटालाई ०६१ मंसिर १४ गते राति माओवादीले असोज २० गते जनमोर्चाद्वारा आफ्नो पार्टीका कार्यकर्तालाई कुटपिट गरेको र युद्ध सामग्री खोसेको आरोपमा निर्मम कुटपिट गर्नुका साथै बन्दुकको कून्दाले र बर्माले तीघ्रा र पिडौलामा प्वाल पारिदिई सख्त घाइते बनाए। पीडितहरुलाई १५ गते बाग्लुङ अस्पतालमा ल्याई उपचार गरियो भने रुपा र रामप्रसादको काठमाडौंमा उपचार गरियो।

अमलचौर गाविसका एमाले कार्यकर्ता गुरुदत्त पाठक, खेमप्रकाश पाठक, नेकाँका कार्यकर्ता कपिलमणि शर्मा र गाविस सचिव तिलबहादुर विकलाई ०६१ भदौदेखि ३ महिनासम्म कतै नजान माओवादीले धम्की दिए। नेकाँ र एमालेले छुट्टाछुट्टै विज्ञप्ति निकाले।

अन्यबाट

माओवादी एरिया नं ६ सचिव ३८ वर्षीय विकासलाई राङखानी गाविसको डाँडा खानीमा जनमोर्चाका भीमबहादुर श्रीसलाई कुटपिट गरेको आरोपमा ०६१ साउन १७ गते जनमोर्चाका कार्यकर्ताले कुटपिट गरे।

अनेरास्ववियु (क्रान्तिकारी) का एरिया ६ इन्चार्ज १८ वर्षीय कर्णबहादुर केसीलाई ०६१ साउन २० गते कुश्मीसेरा गाविस शेराबजारमा जनमोर्चाका कार्यकर्ताले मरणासन्न हुने गरी कुटपिट गरे। वाक म्यान, क्यामरा र १५ हजार रुपैयाँ लुटेको र आफूलाई गाउँलेले उद्धार गरेको पीडितले बताए। कर्णबहादुरलाई कुटपिट गरेको भए पनि वाक म्यान, क्यामरा र नगद नलुटेको जनमोर्चा जनायो।

सर्कुवा गाविस-६ कोलडाँडाका एमाले कार्यकर्ता ३९ वर्षीय लक्ष्मी पौडेललाई ०६१ भदौ १६ गते सोही गाविस-६ का खगेन्द्र थापा र ५ का ओमबहादुर थापा, नारायण थापा, तेजेन्द्र थापा र महेन्द्र थापालगायत्का जनमोर्चाका कार्यकर्ताहरुले बिसौन्यचौपारीमा कुटपिट गरे। उक्त घटनाको विरोधमा अनेकिसंघ र एमालेले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी भर्त्सना गरे।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य दानबहादुर परियार तथा माओवादीद्वारा गठित विनामारे गाउँ जनसरकार प्रमुख प्रेम थापालाई ०६१ भदौ १७ गते राङखानी गाविसमा जनमोर्चाका कार्यकर्ताले कुटपिट गरे। कुटपिटपछि फरार दानबहादुर ५ दिनपछि आफ्नो सम्पर्कमा आएको बताउँदै उक्त घटनाको विरोधमा क्रान्तिकारीका जिल्ला अध्यक्ष शरद ओलीले सार्वजनिक माफी माग्नुपर्ने भन्दै विज्ञप्ति प्रकाशित गरे। यस घटनाको जनमोर्चा नेपालले जिम्मा लिएन।

माओवादी एरिया ८ सेक्रेटरी प्रकाश, उनकी पत्नी अनिता भण्डारी, अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य कर्णबहादुर केसी र झक्कुप्रकाश भण्डारी, माओवादी पार्टी सदस्य सन्देश, माओवादीद्वारा गठित बलेवानगर जनसरकार उपप्रमुख मधु शर्मा र महिला कार्यकर्ता आस्थालाई ०६१ असोज २० गते दमेक गाविसको फेदीमा असोज १४ गते जनमोर्चामाथि गरिएको यातनाको प्रतिशोधमा दमेक गाविस-४ का लालबहादुर छन्त्यालको नेतृत्वमा जनमोर्चाको समूहले कुटपिट गर्दा प्रकाशको देब्रे आँखामा चोट लागी नदेख्ने भएको, झक्कुप्रसाद टाउकोमा २ ठाउँमा चोट लागेको, कर्णबहादुरको टाउको र दायाँ हातमा चोट लागेको र सन्देशको खुट्टाको नशा काटिएकोले खोच्याउने भएको महिला कार्यकर्ता मधु, अनिता र आस्थाको शरीर भरी नीलडाम हुनेगरी कुटपिट गरेको र २ वटा ब्याग,





माओवादीद्वारा अपहरण गरिएका टंक भण्डारी र गजेन्द्र खत्री



माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका जनमोर्चा नेपालका कार्यकर्ताहरु रुपा थापा र भविलाल छन्त्याल

६ वटा ग्रिनेड, क्यामरा, १ रेडियो, १ जोर जुत्ता र ६६ हजार नगद लुटेको झक्कु भण्डारीले सार्वजनिक जानकारी गराए। सामान खोसेको भन्ने कुरा जनमोर्चाले स्वीकार गरेन।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच विद्यार्थी संगठनद्वारा आयोजित "नेपालमा अब राजतन्त्रको औचित्य कति ?" भन्ने सार्वजनिक बहस कार्यक्रम बाग्लुङ नपा-२ महेन्द्र शालिक अगाडि ०६० माघ १३ गते सञ्चालन गर्ने क्रममा निषेधाज्ञा तोडेको आरोपमा सहभागी हरिप्रसाद श्रेष्ठ, इन्द्रलाल सापकोटा, फमला न्यूरे, हिरा खत्री, राजेन्द्र ढुंगाना, गोविन्द नेपाली, भूपाल चालिसे, बद्री ढुंगाना, रामकृष्ण शर्मा, अर्जुन शर्मा, सूर्य गौतम, कमल अधिकारी, नन्दराम पौडेल, प्रताप पौडेल, कृष्ण सुवेदी मनोज विक, कृष्ण भट्टराई, रामलिला आचार्य, लेखनाथ आचार्य, बैकुण्ठ सापकोटा, खेम पुन, ससबहादुर पुन, देवराज पौडेल र कमल क्षेत्री, प्रकाश पौडेल, होमनाथ पाठकलाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तारीको विरोधमा विद्यार्थी संगठन र राजनीतिक पार्टीको तर्फबाट छुट्टाछुट्टै विज्ञप्ति जारी गरियो। पीडितहरुलाई अपरान्ह ४ बजे इन्सेक वर्ष पुस्तक प्रतिनिधिको रोहवरमा रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा यस वर्षको अन्त्य ६२ वटा मुद्दा रहे। २ वर्ष पुराना मुद्दा ४ वटा छन्। थुनुवाका ६ मुद्दामा ७ जना थुनुवा छन्। जिम्मेवारी सरेर आएका ४४ र यस वर्ष परेका ३४ गरी ७८ वटा मुद्दामध्ये १६ वटा फैसला भए।

यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा देवानी १ सय १५ र फौजदारी ३४ मुद्दा रहे भने १ सरकारवादी देवानी र ९ सरकारवादी फौजदारी मुद्दा रहे। जम्मा थुनुवा भएका मुद्दा ३, नागरिकता किर्ते मुद्दा १, बहुविवाह मुद्दा १ छन्। २ वर्ष नाघेका मुद्दामा दुनियावादी देवानी ५ र दुनियावादी फौजदारी १ छन्। १ वर्ष नाघेका मुद्दामा सरकारवादी फौजदारी ३, दुनियावादी फौजदारी ४ र दुनियावादी देवानी २२ वटा छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधका ९, हातहतियार खरखजाना १, भ्रष्टाचारका ६ मुद्दा बाँकी छन् भने भ्रष्टाचारका मुद्दा गत वर्षका ३ र यस वर्षका १३ गरी १६ मध्ये ८ वटाको पुष्टि नभएकाले तामेली पर्चा खडा गरिएको, २ वटा अख्तियार अनुसन्धान आयोगमा पठाइएको र ६ वटाको अनुसन्धान जारी रहेको पाइयो। त्यस्तै आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश अन्तर्गत ४ पुरुष र ३ महिलालाई मुद्दा चलाइएको पाइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

अमलाचौर गाविस-५ का ४४ वर्षीय नेत्रप्रसाद ढकाललाई सोही ठाउँका दिनानाथ शर्माबाट ०६१ साउन ११ गते जग्गा लिँदा माओवादीमा दर्ता नगरी मालपोत कार्यालयमा पास गरेको आरोपमा ०६१ साउन १२ गते माओवादी एरिया ८ सचिव प्रकाशको नेतृत्वमा आएको एक समूहले आफ्नो आफ्नो पार्टीमा पास नगरेसम्म जग्गा रोक्का गरेको घोषणा गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बुर्तिवाङ गाविस-२ का माओवादी जिल्ला सदस्य भुवन भनिने छमबहादुर सेनलाई ०६० चैत १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई आतंककारी तथा विध्वसांत्मक कार्य गरेको आरोपमा बाग्लुङ जेलमा राखियो।

छिस्ती गाविस-५ की अनेमसंघ (क्रान्तिकारी) जिल्ला महिला विभाग सदस्य सुमित्रा पुन र पर्वत जिल्ला खानीगाउँ गाविस-२ घर भई सोही संघकी एरिया नं. ७ अध्यक्ष सावित्रा

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका जनमोर्चा नेपालका कार्यकर्ता लक्ष्मी पौडेल

शर्मालाई ०६१ साउन २२ गते रायडाँडा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। पीडितहरुलाई साउन २७ गते बाग्लुङ जेलमा नजरबन्द राखियो।

बालअधिकार

बाग्लुङ नपा-७ भीरमुनिका ५ वर्षीय सचिन विकको ०६१ वैशाख १४ गते बारीमा भेटिएको करुवाजस्तो फलामको टुक्रा खेलाउने क्रममा जाँतोमा फाल्दा विस्फोट भई टाउकोमा चोट लागी मृत्यु भयो। उक्त सकेट बम चैत ८ गते माओवादी र सुरक्षाकर्मीबीचको दोहोरो भीडन्तमा प्रयोग गर्दा छाडिएको थियो।

बोहोरागाउँ गाविस-९ का १४ वर्षीय मनबहादुर विकले ०६१ जेठ २३ गते दिउँसो भाइ कालेले भेटेको बम चलाउँदा हातमा विस्फोट भयो। विस्फोटबाट दायाँ हात जल्नुका साथै साहिँली र कान्छी औंला झऱ्यो। पीडितको बाग्लुङ अस्पतालमा उपचार गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बहुविवाह

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा बहुविवाहका ५ घटनामध्ये २ वटा उजुरी परे।

बलात्कार/बलात्कार प्रयास

सिगान गाविस-६ चनौटे र नारायणस्थान गाविस-३ को लपाटाका एक/एक जना किशोरीलाई जनता मावि नारायणस्थानका वार्डेन नारायणस्थान गाविस-४ चौरका ५१ वर्षीय कमलबहादुर जिसीले ०५५ वैशाख २५ गतेदेखि आफूलगायत् विद्यालयमा अध्ययनरत दृष्टिविहीन छात्राहरुमाथि पटक-पटक यौन दूराचार गरेको, प्रतिकार गर्दा डर-धाक देखाएको भनी ०६० माघ १८ गते प्रहरीमा उजुरी दिएपछि बाग्लुङ जिल्ला अदालतमा यौन शोषण गरी जीउ मास्नेबेच्ने कार्य गरेको मुद्दा चलाइयो। ०६० फागुन २५ गतेको जिल्ला अदालतको आदेशअनुसार पीडकलाई पुर्पक्षको लागि थुनामा पठाइयो।

सबै प्रकारका जातीय विभेद

भकुण्डे गाविस-२ का १७ वर्षीय टेकबहादुर थापा र सोही ठाउँको १६ वर्षीय लक्ष्मी विक अन्तरजातीय विवाह गरेका कारण ०६१ जेठ २५ गते घरबाट निष्काशित भए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

दलिङ गाविस निगालपानीका टेकबहादुर थापाले विश्वकर्मा थरकी केटीसँग विवाह गरी सँस्कृति बिगार्न खोजेको आरोपमा माओवादीले २४ हजार जरिवाना गराएको विरोधमा र सोही गाविस-५ का दीपक गुरुङलाई २४ हजार रुपैयाँ तमसुक गराई सो नतिरेमा ६ महिना श्रम कैद बस्नुपर्ने भनेको विरोधमा जनवादी युवा संघ, बाग्लुङले ०६१ असार १२ गते एक विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा व्यक्तिगत हत्याका ३ वटा घटना भए। सडक दुर्घटनाका ४ घटनामा २ जनाको मृत्यु भयो भने २ जना घाइते भए। १६ जनाले आत्महत्या गरे जसमा ३ महिला र १३ पुरुष रहे। यसमध्ये १ महिला पानीमा हाम फाली, २ महिला झुण्डिएर तथा २ पुरुष पानीमा हाम फाली, १ पुरुष घाँटी सरेर १० पुरुष झुण्डिएर मरेका थिए।

बाग्लुङ्ग नपा-२ माइनडाँडास्थित बाग्लुङ्ग जेलको सुरक्षाका लागि विच्छ्याइएको विद्युतीय धराप ०६१ कार्तिक २२ गते चेक गर्दा विस्फोट भई जेल सुरक्षा प्रहरी नवलपरासी जिल्ला घर भएका २२ वर्षीय विष्णु पाण्डेको मृत्यु भयो भने प्रहरी जवान रेशम भुसाल र प्रहरी हवल्दार तुलसी तिवारी घाइते भए। घाइते भुसाललाई छातीमा चोट लागेकोले गण्डकी अञ्चल अस्पताल, पोखरामा उपचार गरियो। घाइतेहरुको अवस्था हाल सामान्य छ।

३.१४ पर्वत



जनसंख्या	: १६३९०९
साक्षरता प्रतिशत	: ६७
महिला साक्षरता प्रतिशत	: ५६
क्षेत्रफल (वर्ग कि. मि.)	: ५३६.६६
गाविस/नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२७
क्याम्पस/उच्च मावि	: ३/१२
अस्पताल/स्वास्थ्य चौकी	: २/५३
टेलिफोन लाइन	: ५३०
मोटर सडक (कि. मि.)	: २३५
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ५६
मानव विकास सूचकांक	: ०.५०४
प्रति परिवार सरदर संख्या	: ५.०१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

भंगारा र फलामखानी गाविसको तथा स्याङ्जाको आरुचौर गाविसको सीमावर्ती क्षेत्रमा अवस्थित घण्टे देउरालीमा गोरखा जिल्लाका माओवादी छापामार रोजिना भनिने १८ वर्षीय गीता ढकाल ०६० माघ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजिकैको जंगलमा पुऱ्याई गोली हानी मारिइन्। लाश पोष्टमार्टम नगरी खाल्टोमा गाडिएको अवस्थामा थियो। सुरक्षाकर्मीद्वारा भिडन्तमा मृत्यु भएको जानकारी दिइयो।

क्याङ गाविस-४ लेसपारका २० वर्षीय कालु भनिने इन्द्रप्रसाद पुनको ०६० फागुन ३ गते साँझ घरबाट खाना खाई भन्सारमा सुत्न भनि जाँदा गाउँमा क्याम्प खडा गरी बसेका सुरक्षाकर्मीले चलाएको गोलीबाट मृत्यु भयो। समता पार्टीका अध्यक्ष नारायण सिंह पुनले पीडित आफ्नो पार्टीको सदस्य भएको र क्षतिपूर्तिको लागि माग गरे।

म्याग्दी जिल्ला घर भएका माओवादी कार्यकर्ता हिक्मत भनिने लालबहादुर विकको ०६० फागुन १६ गते क्याङ्ग गाविसस्थित लेसपारमा गस्तिमा गएका सुरक्षाकर्मीसँगको जम्काभेटको क्रममा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। लाश पोष्टमार्टम नगरी खाल्डोमा गाडिएको थियो।

बाजुरा जिल्ला घर भएका माओवादी छापामार योद्धा भनिने रघु विष्ट र सञ्जय भनिने मोहन नेपालीको ०६० फागुन २७ गते शालिग्राम गाविस-७ छापको जंगलमा गस्तिमा गएका संयुक्त सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिएर गोलीद्वारा मृत्यु भयो। लाश पोष्टमार्टम नगरी खाल्डोमा गाडिएको थियो।

भोक्सिङ गाविस-३ मा माओवादी कार्यकर्ता प्रितम भनिने ०६१ असार २३ गते बिहान सुरक्षाकर्मीले नियन्त्रणमा लिएर मारिए। सुरक्षा निकायको विज्ञप्ति मुठभेडमा मारिएको जनाइएको थियो। पीडितको लाश पोष्टमार्टम नगरी खाल्डोमा गाडिएको अवस्थामा थियो।

बाच्छा गाविस-४ का तमुवान मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा जिल्ला जनसरकारका सदस्य पासाङ भनिने ३७ वर्षीय हेमबहादुर गुरुङ ०६१ भदौ १९ गते बिहान पाङराङ गाविस-७ श्रीकाङमा सुरक्षाकर्मीको कारवाहीमा मारिए। पीडितको लाश कुलोमा उत्तानो अवस्थामा थियो। लाशको पोष्टमार्टम नगरी सद्गत गरेका थिए।

लुंखु गाविस-१ का माओवादी एरिया कमाण्डर ४० वर्षीय त्रिलोचन अधिकारी ०६१ मंसिर १३ गते बिहान लुंखु गाविस-६ मा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएको लुंखु र कुर्घा गाविसको सीमानामा मुठभेडमा मारिएको सुरक्षाकर्मीको विज्ञप्तिमा जनाइएको थियो। लाश घोप्टो पारिएको अवस्थामा दुई गोली लागेको ढ उक्त ठाउँमा खाल्टो खनी माटो र स्याउलाले छोपिएको थियो। लाशको पोष्टमार्टम भएन।

भुकताङ्ले गाविस-६ घिब्राङको एक घरमा सुतिरहेका माओवादी कार्यकर्ताहरु कास्की जिल्ला सदस्य, सचिवालय सदस्य रोल्पाको उवा गाउँका लक्ष्मण पुन, कास्की जिल्ला सदस्य स्याङ्जा पुतलीबजारका सुरज भनिने पृथ्वी गौतम, जनमुक्ति सेना २५ नं. बटालियन सी कम्पनी प्लाटुन भाइस कमाण्डर रुकुम जिल्ला महत गाउँका दिनेश भनिने शेरबहादुर बुढा, एरिया सदस्य रोल्पाका लोकबहादुर पुनलाई सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई ०६१ पुस ११ गते बिहान हात बाँधिएको अवस्थामा गोली हानी मारिए। कारवाहीमा भाग्न खोज्दा कारवाहीमा मारिएको जनाएको छ। गिरफ्तार गरिएको घरदेखि अन्दाजी ५० मिटरको दूरीमा ३ ठाउँमा ४ वटा लाश माटोले पुरिएको अवस्थामा थिए।

माओवादीबाट

शंकरपोखरी गाविस-४ का नेकाँ क्षेत्र नं. २ का सभापति ७३ वर्षीय हरिदत्त तिवारीलाई ०६० पुस ३० गते बेलुका ८ बजे माओवादीले कुश्मा जाने बाटो देखाइदिने निहुँमा घरदेखि केही पर पुर्‍याई कुटपिट गरी बायाँ खुट्टा भाँचिदिए। पीडितलाई सदरमुकाममा कर्फ्यू लगाइएको कारण उपचारार्थ ल्याउने क्रममा राति कटुवाचौपारी गाविसमा उनको मृत्यु भयो।

तिलाहार गाविस-२ का भूपू भारतीय सैनिक ५८ वर्षीय देवबहादुर हमाललाई ०६१ वैशाख २२ गते आफ्ना २ जना कार्यकर्ता कटुवाचौपारी गाविस-७ का रुपक भनिने रामचन्द्र अधिकारी र बाग्लुङ्ग जैदीका बसन्त भनिने एकेन्द्र थापामगरलाई मार्न निर्देशन दिएको आरोप लगाउँदै माओवादीले उनकै घरबाट निकाली लछारपछार पार्दै केही पर नवदुर्गा प्राविको नजिकै पुर्‍याई निर्मम तवरबाट कुटपिट गरी रुखमा झुण्डाई हत्या गरे।

लुंखु देउराली गाविस-६ का भूपू भारतीय सैनिक ५३ वर्षीय श्याम भनिने चन्द्रबहादुर उचै ठकुरीलाई प्रतिकार समिति र सुराकीको आरोपमा ०६१ पुस १५ गते साँझ माओवादीले अपहरण गरेकोमा उरामपोखरीमा पुर्‍याई निर्मम कुटपिट गरी होश्राङ्दीको सुवेदीखर्कमा पुन: कुटपिट गरी हत्या गरे। लाश बाटोमा छाडिएको अवस्थामा गाउँलेले घरमा लिएर आई पोष्टमार्टम नगरी सद्गत गरेका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

पिपलटारी गाविसका १३ वर्षीय कृष्णराज अधिकारी ०६० पुस २५ गते नेपाल बन्दको दिन विद्यालय नगई चौरमा खेल्ने क्रममा माओवादीले छाडेको सकेट बम खेलाउँदा विस्फोट भई घाइते भए।

जेल र बन्दीहरु

पर्वत जेल 'घ' श्रेणीको हो। २५ जना बन्दी क्षमता भएको यो जेलमा हाल कैद तोकिएका ३ महिलासहित १९ जना र नतोकिएका ८ जना बन्दी छन्। बन्दीहरुले मासिक रु. ५ बचत गर्ने गरेका छन्। बन्दीहरुले जीवन निर्वाह गर्ने व्यावसायिक तालिमको माग गरेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

होश्राङ्दी गाविस-५ का पूर्व जिविस उपसभापति टिकाराम भुसाललाई एनजीओ सञ्चालन गरेको आरोपमा ०६० पुस २६ गते आफ्नो संस्थाको काम गरी त्रिवेणीबाट घरतर्फ फर्किंदै गर्दा माओवादीले पैयुँकोट दरबारडाँडाबाट अपहरण गरी ०६० माघ १ गते लुंखुमा पुर्‍याई मुक्त गरे।

नाङ्लीवाङ्ग गाविसका सूर्यविक्रम महतलाई सुराकीको आरोपमा ०६० माघ ३ गते माओवादीले घरबाट अपहरण गरी ११ गते भुकदेउराली गाविसमा दाजुको जिम्मा लगाई मुक्त गरे।

देउपुर गाविस-१ का जिविसका मनोनित सदस्य सिहबहादुर क्षेत्रीलाई ०६१ वैशाख २६ गते घरमा बसिरहेको बेला माओवादीले अपहरण गरी पदबाट राजीनामा दिने शर्तमा २७ गते भुक माविबाट मुक्त गरिदिए।

बेउलीवास गाविस-३ का मावि व्यवस्थापन समिति अध्यक्ष ५० वर्षीय हिमलाल तिवारीलाई ०६१ वैशाख २ गते सक्रिय राजतन्त्रको पक्षमा लागेको आरोपमा माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१	४	५			५	९	१२	१	१३
घाइते					३	२		२	४				
गिरफ्तारी/यातना										९	८	३	११
कुटपिट	१	३		३	३	३	३		५				
धम्की					७	११	३		१४	१		१	१
जातीय विभेद	२	२	१	३									
महिलाअधिकार	९		९	९									
बालअधिकार	४	१	४	५						१		१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	४	२		६				
अपहरण					४६	१४५	६७		२१२				
जम्मा	१७	६	१५	२१	६४	१७०	७५	२	२४६	२०	२०	६	२६

अपहरण गरी ५ गते त्रिवेणी गाविसको अर्थुनबजारबाट मुक्त गरे।

तिलाहार गाविस-३ गिज्यानका ५६ वर्षीय इन्द्रबहादुर मल्ल, ३१ वर्षीय अमृत मल्ल, ४४ वर्षीय सीताराम विक र सोही गाविस-२ का तुलोदय निमाविका प्रधानाध्यापक ५२ वर्षीय एकवीर श्रेष्ठलाई ०६१ वैशाख २२ गते अपहरण गरे। पीडितमध्ये इन्द्र र अमृतलाई वैशाख २६ गते लुंखुबाट र सिताराम र एकवीरलाई वैशाख ३१ गते बाच्छा गाविसबाट स्थानीय सञ्चारकर्मीको जिम्मामा मुक्त गरे।

भोक्सिङ गाविस-३ का ६१ वर्षीय प्रेमबहादुर विकलाई ०६१ भदौ १ गते बेलुका माओवादीले अपहरण गरे। पीडितलाई टेलिफोन रकम बैंकमा जम्मा गरेको कारण मोसो लगाई माओवादीलाई रकम तिर्नुपर्ने र १ महिना सो एरियामा सीमित गर्ने भन्दै ४ दिनपछि मुक्त गरे।

पाङराङ गाविस-७ का ५५ वर्षीय टिकाराम कुवँरलाई अनुमतिविना मोटरबाटो खनेको र राजाको अभिनन्दनमा सक्रिय भएको आरोपमा ०६१ भदौ २५ गते बाच्छा गाविसबाट माओवादीले अपहरण गरी भदौ ३१ गते मुक्त गरे।

कुर्घा गाविस-२ का ३६ वर्षीय बुद्धिराम पौडेललाई ०६१ भदौ २७ गते घरबाटै माओवादीले अपहरण गरे। पीडित ०६१ असोज २५ गते भोर्लेबाट भागेर फर्किए।

पाखापानी गाविस-३ स्वधर्म माविका विद्यार्थी कक्षा ५ की १५ वर्षीय गीताकुमारी दर्जी र कक्षा ९ की १६ वर्षीय हरिमाया थापालाई ०६१ भदौ ३१ गते माओवादीले अपहरण गरे। पीडितमध्ये गीता ०६१ कार्तिक ११ गते भागेर फर्किइन्।

ठानामौला गाविस-७ जनज्योति माविका कक्षा ९ का विद्यार्थी १६ वर्षीय सीता दर्जी र १५ वर्षीय चिरञ्जीवी शर्मालाई ०६१ असोज ४ गते विद्यालयबाटै माओवादीले अपहरण गरे। पीडितहरुमध्ये सिता ०६१ कार्तिक २० गते र चिरञ्जीवी शर्मा कार्तिकको अन्त्यमा भागेर फर्किए।

लुंखु गाविस-९ स्थित महेन्द्रज्योति उच्च माविका विद्यार्थी लुंखु गाविस-६ का १५ वर्षीय श्यामलाल सुनार, १४ वर्षीय भीमलाल विक, कुर्घा गाविस-८ को १५ वर्षीय विक्रम नेपाली, लुंखु गाविस-९ का १५ वर्षीय कलम श्रेष्ठ र १४ वर्षीय तिलक अधिकारीलाई ०६१ असोज ६ गते बेलुका माओवादीले अपहरण गरे। पीडितहरुमध्ये तिलक असोज ११ गते, कमल असोज १६ गते, विक्रम असोज २६ गते, भीमलाल असोज १५ गते र श्यामलाल कार्तिक २९ गते भागेर फर्किए। उनीहरु हाल विस्थापित भएका छन्।

भोक्सिङ गाविस-३ स्थित महेन्द्रोदय माविका विद्यार्थीहरु कक्षा ६ का भोक्सिङ गाविस-३ का १३ वर्षीय सविना गुरुङ, १३ वर्षीय प्रदीप गुरुङ, १४ वर्षीय मिलन विक, १२ वर्षीय कमलाकुमारी विक, १४ वर्षीय यामबहादुर नेपाली, कक्षा ७ का भोक्सिङ गाविस-२ का १४ वर्षीय पूर्णीमाया गुरुङ, १५ वर्षीय दीपकुमारी विक, १५ वर्षीय प्रेमकुमारी विक, १४ वर्षीय सुष्मा विक, लुंखु गाविस-१ का १४ वर्षीय सविना हमाल, १४ वर्षीय कल्पना मल्ल, कक्षा ९ का १५ वर्षीय मनमाया विक, १५ वर्षीय संगीता विक, भोक्सिङ-६ का १६ वर्षीय भेकबहादुर गुरुङ्ग, भोक्सिङ गाविस-१ की १५ वर्षीय दुर्गाकुमारी मल्ल र ठानामौला गाविस-३ की १५ वर्षीय अञ्जना गुरुङलाई ०६१ असोज ११ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये कक्षा ६ र ७ का सबै कार्तिक ५ गते भागेर आए। कक्षा ९ का मनमाया, संगीता, भेकबहादुर पनि कार्तिक ५ गते नै भागे भने कक्षा ९ का दुर्गाकुमारी र अञ्जना कार्तिक २७ गते मुक्त भए।

लुंखु गाविस-५ घोडेढुंगाका १९ वर्षीय कृष्णबहादुर क्षेत्री र १५ वर्षीय नैनाकुमारी क्षेत्रीलाई ०६१ असोज १२ गते साँझ माओवादीले अपहरण गरे। पीडितहरु गोठबाट गाई-भैंसी दुहेर घर फर्कंदा बाटोमा अपहरण गरिएका विद्यार्थीहरुलाई "किन लिएर हिंडेको" भन्दा "सुराकी गर्छस्" भन्दै दुवै दाजुबहिनीलाई अपहरण गरेका थिए। नैनाकुमारीलाई असोज १५ गते मुक्त गरियो भने कृष्णबहादुर कार्तिक ६ गते भागेर फर्किए।

होश्राङ्दी गाविसस्थित सूर्य माविका कक्षा १० विद्यार्थीहरु १६ वर्षीय इन्द्र सारु, १६ वर्षीय भीमबहादुर थापा, १७ वर्षीय निमलाल भुसाल, १८ वर्षीय पारेश्वर नेपाली र

सुरक्षाकर्मीको कारवाहीमा मारिएका सुरज भनिने पृथ्वी गौतम, लक्ष्मण पुन र तमुवान मुक्ति मोर्चाका केन्द्रीय सदस्य हेमबहादुर गुरुङ

कक्षा ९ का रेशम थापालाई ०६१ असोज १३ गते विद्यालयवाटै माओवादीले अपहरण गरे। पीडितहरुमध्ये रेशमवाहेक अन्य असोज २८ गते मुक्त भए।

लिमिठाना गाविस-७ का कक्षा ५ का १४ वर्षीय निर्मला श्रेष्ठ, सोही गाविस-८ की १४ वर्षीय कोपिला विक, कक्षा ८ का सोही गाविस-९ की १४ वर्षीय सरु रेग्मी र १५ वर्षीय विष्णुकुमारी शर्मालाई ०६१ असोज १७ गते वेलुका ५ वजेतिर माओवादीले अपहरण गरे। पीडितहरुमध्ये निर्मला र कोपिला असोज २४ मा भागेर घर आउन सफल भए भने सरु र विष्णुकुमारीलाई परिवारले कार्तिक ५ गते फिर्ता गराए।

भोर्ले गाविस-७ की धर्मोदय माविको कक्षा १० मा अध्ययनरत् १६ वर्षीय कोपिला शर्मालाई ०६१ असोज १७ गते विद्यालयबाट माओवादीले अपहरण गरे। पीडित हालसम्म माओवादीको कब्जावाट मुक्त हुन सकेकी छैनन्। पीडितका दाजु लिन जाँदा माओवादीले उनलाई पनि अपहरण गरी कारवाही गर्ने धम्की दिएका थिए।

लुंखु देउराली-५ की महेन्द्रज्योति उच्च मावि कक्षा १० की १६ वर्षीय कविता गैर (नेपाली) लाई ०६१ असोज १७ गते माओवादीले अपहरण गरे। पीडित कार्तिक १० गते भागेर फर्किन्।

पाखापानी गाविस-४ सिम्लेका समाजज्योति युवा क्लवका अध्यक्ष २३ वर्षीय विकास शर्मा, २४ वर्षीय टेकवहादुर शाही, २२ वर्षीय युवराज मल्ल, २० वर्षीय देवेन्द्र शाही, २० वर्षीय गणेश शाही र २२ वर्षीय प्रेमबहादुर भण्डारीलाई ०६१ कार्तिक २३ गते माओवादीले अपहण गरे। पीडितहरुलाई कार्तिक २५ गते लुंखुवाट मुक्त गरियो।

पाखापानी गाविस-४ स्थित विश्वज्योति माविका विद्यार्थी कक्षा १० का १६ वर्षीय इन्द्रकुमारी खाँण, १६ वर्षीय दीपक मल्ल, कक्षा ९ की १७ वर्षीय संगीता शाही, भोर्ले गाविस-१ का विश्वज्योति माविका विद्यार्थीहरु १६ वर्षीय सरीता शर्मा, १५ वर्षीय यामकुमारी मल्ल १५ वर्षीय मेघनाथ भुसाल र कक्षा ९ की १४ वर्षीय विष्णुकुमारी मल्ललाई ०६१ कार्तिक २४ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई कार्तिक २६ गते लुंखुवाट मुक्त गरियो।

पाखापानी गाविस-४ सिम्लेस्थित विश्वज्योति माविका शिक्षकहरु प्रधानाध्यापक ३२ वर्षीय यामप्रसाद शर्मा, ३४ वर्षीय निरञ्जन केसी, ३८ वर्षीय बमबहादुर क्षेत्री, ३८ वर्षीय कुलप्रसाद पौडेल, २५ वर्षीय दशरथ पौडेल, ४३ वर्षीय सुखबहादुर केसी, ५९ वर्षीय टिकाराम पौडेल, ३५ वर्षीय विमला सेन, ३५ वर्षीय मिन मल्ल, ३५ वर्षीय ओमप्रसाद गुरुङ, ३५ वर्षीय पवित्रा केसी र पियन ३३ वर्षीय भागीरथी खाँण, पाखापानी गाविस-२ पाखापानीस्थित स्वधर्म माविका शिक्षकहरु ३९ वर्षीय अमृतप्रसाद सुवेदी, ३२ वर्षीय रामबहादुर क्षेत्री, ३५ वर्षीय कृष्णप्रसाद शर्मा, ४१ वर्षीय अमृतप्रसाद पौडेल, २८ वर्षीय जगन्नाथ पौडेल, ३२ वर्षीय शेरबहादुर केसी, २२ वर्षीय नारायणप्रसाद रेग्मी, २३ वर्षीय चन्द्रमाया थापा, २२ वर्षीय बेलकुमारी थापा, पाखापानी गाविस-८ स्थित जनविकास माविका शिक्षकहरु ५२ वर्षीय छविलाल गुरुङ, ४० वर्षीय वमवहादुर क्षेत्री, ४३ वर्षीय रामप्रसाद शर्मा, ३८ वर्षीय चक्रबहादुर क्षेत्री, ३२ वर्षीय दीपकप्रसाद पण्डित, ५३ वर्षीय नरहरी सिग्देल, ३५ वर्षीय टिकाराम लम्साल, २१ वर्षीय उमाकान्त लम्साल, ४ वर्षीय चक्रकान्त लम्साल, ३६ वर्षीय डम्बरबहादुर गुरुङ, ४० वर्षीय टिकामाया गुरुङ, ३६ वर्षीय मनमाया गुरुङ र ३५ वर्षीय डम्बरबहादुर गुरुङलाई ०६१ कार्तिक २४ गते दिउँसो आ-आफ्नो विद्यालय परिसरवाट माओवादीले अपहरण गरे। पीडितहरुलाई लुंखु देउरालीवाट कार्तिक २६ गते मुक्त गरियो।

जनविकास मावि पाखापानीका कक्षा ८ का विद्यार्थीहरु १३ वर्षीय सावित्री शर्मा, १३ वर्षीय इन्द्रप्रसाद गौतम, १३ वर्षीय मोहदत्त लम्साल, १४ वर्षीय रामप्रसाद काफ्ले, १४ वर्षीय टिकीमाया गुरुङ, १३ वर्षीय देउमाया क्षेत्री, कक्षा ९ का १४ वर्षीय नुमाखर काफ्ले, १५ वर्षीय वुद्धिराम लम्साल, १५ वर्षीय पिताम्वर लम्साल, १४ वर्षीय भीमप्रसाद काफ्ले, १५ वर्षीय सरोजकुमारी पौडेल, १५ वर्षीय ललिताकुमारी शर्मा, १६ वर्षीय बबिताकुमारी क्षेत्री, १५ वर्षीय विष्णुकुमारी क्षेत्री, १६ वर्षीय हेलेन गुरुङ, १६ वर्षीय अनिताकुमारी क्षेत्री, १५ वर्षीय जीतबहादुर क्षेत्री, १५ वर्षीय लालबहादुर क्षेत्री, १५ वर्षीय देउबहादुर गुरुङ, १५ वर्षीय गुप्तप्रसाद लम्साल, १५ वर्षीय चन्द्रकान्त कार्की १५ वर्षीय विष्णुप्रसाद चपाई, १६ वर्षीय जीवन गुरुङ र १५ वर्षीय तेजेन्द्रप्रसाद चपाईंलाई ०६१



माओवादीद्वारा मारिएका तिलाहार गाविस-२ का देवबहादुर हमाल र शंखरपोखरी गाविस-४ का हरिदत्त तिवारी

कार्तिक २४ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई कार्तिक २६ गते मुक्त गरियो।

लुंखु देउराली गाविस-३ सरस्वती प्राविका शिक्षकहरु ३९ वर्षीय पदमराज अधिकारी र २२ वर्षीय रेणु रानालाई ०६१ कार्तिक २४ गते माओवादीले अपहरण गरी कार्तिक २६ गते मुक्त गरे।

पाखापानी गाविसस्थित जनविकास माविका कक्षा १० का विद्यार्थीहरु १६ वर्षीय कोपिला शर्मा, १७ वर्षीय कृष्णप्रसाद काफ्ले, १६ वर्षीय एकनारायण लम्साल, १७ वर्षीय धनकुमारी अधिकारी, १६ वर्षीय जमुनाकुमारी अधिकारी, १६ वर्षीय विनाकुमारी अधिकारी, १६ वर्षीय इम्मनबहादुर विक, १६ वर्षीय पुष्करबहादुर थापा, १७ वर्षीय यमबहादुर थापा, १६ वर्षीय निरमाया क्षेत्री, १६ वर्षीय धनकुमारी पौडेल र १६ वर्षीय विन्दुकुमारी केसीलाई ०६१ कार्तिक २४ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई लुंखु आहालेबाट कार्तिक २६ गते मुक्त गरियो।

लुंखु देउराली गाविस-९ महेन्द्र ज्योति माविका शिक्षकहरु ४९ वर्षीय गोपालप्रसाद शर्मा, ३० वर्षीय टुकप्रसाद शर्मा, २८ वर्षीय जनकराज पोखेल, २९ वर्षीय भवराज शर्मा, ४० वर्षीय लालबहादुर मल्ल, ४५ वर्षीय कमलापति शर्मा, ५५ वर्षीय शालिकराम पाध्ये, ३९ वर्षीय चेतप्रसाद लामिछाने, ३९ वर्षीय महेन्द्र कुवँर र ३६ वर्षीय बालकृष्ण उपाध्याय, लुंखु देउराली गाविस-३ महाशिला प्राविका प्रधानाध्यापक ४२ वर्षीय बाबुराम उपाध्याय र ३० वर्षीय देवी सुनारलाई ०६१ कार्तिक २५ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई कार्तिक २७ गते मुक्त गरे।

उरामपोखरा गाविस-४, ५ र ६ का ३५ वर्षीय वेदप्रसाद भुसाल, २७ वर्षीय हिमु थापा, ३० वर्षीय बलराम भुसाल, २१ वर्षीय सीता शर्मा, २५ वर्षीय इन्द्रप्रसाद बस्याल, २५ वर्षीय तिलक आचार्य, २२ वर्षीय जनक भुसाल, २२ वर्षीय लिल्लावल्लभ भट्टराई, ३८ वर्षीय रामप्रसाद भुसाल, ४० वर्षीय नरेशबहादुर भट्टराई, २३ वर्षीय पदमबहादुर थापा, २२ वर्षीय दुर्गा थापा, १५ वर्षीय मुना बस्याल, १७ वर्षीय राधिका क्षेत्री, १७ वर्षीय बलबहादुर थापा, २२ वर्षीय गणेश भुसाल, २६ वर्षीय यामप्रसाद भुसाल, १५ वर्षीय विनोद भुसाल, १४ वर्षीय भरत भट्टराई, ३२ वर्षीय जीवलाल भुसाल, ३२ वर्षीय हरि भुसाल, १८ वर्षीय धनश्याम भुसाल, १६ वर्षीय कमला परियार, १८ वर्षीय चमेली नेपाली, १६ वर्षीय चित्रा थापा, १६ वर्षीय प्रेमकुमारी नेपाली, १९ वर्षीय रामप्रसाद कँडेल, १८ वर्षीय ऋषिराम न्यौपाने, २१ वर्षीय रामबहादुर थापा, १८ वर्षीय नरबहादुर थापा, १६ वर्षीय मनबहादुर थापा, २५ वर्षीय कृष्णप्रसाद भुसाल, १८ वर्षीय दीपक थापा, १५ वर्षीय ठगबहादुर थापा, १६ वर्षीय खडकबहादुर नेपाली, १६ वर्षीय विनु थापा र १९ वर्षीय यामप्रसाद कँडेललाई ०६१ कार्तिक ३० गते माओवादीले अपहरण गरे। पीडितहरुलाई ०६१ मंसिर ३ गते त्रिवेणीबाट मुक्त गरियो।

बहाकीठाटी गाविस-८ नल्लातुङका ३० वर्षीय लेखनाथ न्यौपाने, ३१ वर्षीय शुभाकर न्यौपाने, २० वर्षीय गीताकुमारी न्यौपाने, १९ वर्षीय बुनाकुमारी न्यौपाने, १५ वर्षीय सीताकुमारी न्यौपाने, २१ वर्षीय शान्ति न्यौपाने, २२ वर्षीय गगन न्यौपाने, २० वर्षीय ज्ञानप्रसाद न्यौपाने, १६ वर्षीय भीमकुमारी न्यौपाने, १६ वर्षीय कमला न्यौपाने, १७ वर्षीय तुलमाया न्यौपाने, १९ वर्षीय उमाकुमारी न्यौपाने, १९ वर्षीय सुमित्राकुमारी न्यौपाने र पुरुषोत्तम न्यौपानेलाई ०६१ मंसिर १ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई मंसिर ३ गते त्रिवेणीबाट मुक्त गरियो।

जिविसको स्थानीय विकास कोषका वरिष्ठ सामाजिक परिचालक ३४ वर्षीय लिलाधर सुवेदी र प्राविधिक वेलप्रसाद शर्मालाई फलामखानीमा पानीको मुहानको सर्भे गर्न लागेको अवस्थामा ०६१ मंसिर २९ गते माओवादीले अपहरण गरी पुस ३ गते मुक्त गरे।

लुंखु देउराली-६ का १५ वर्षीय विकास दर्जीलाई ०६१ पुस १३ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

लुंखु देउराली गाविस-८ का २१ वर्षीय विशाल मल्ललाई भोर्ले गाविसको हिलेबाट ०६१ पुस १४ गते माओवादीले अपहरण गरे। पीडितलाई सामान्य कुटपिट गरी ३ दिनपछि मुक्त गरियो।

लुंखु देउराली गाविस-९ का एमाले जिल्ला कमिटी सदस्य तथा निवर्तमान गाविस अध्यक्ष ३२ वर्षीय हुमबहादुर हमाललाई प्रतिकार समिति बनाएको आरोपमा ०६१ पुस १४ गते राति घरबाट माओवादीले अपहरण गरे। पीडितलाई राजनीतिक पार्टीबाट अलग रहनु पर्ने भन्दै पुस १६ गते मुक्त गरे।

लुंखु देउराली-६ भूपू भारतीय सैनिक ६१ वर्षीय टेकबहादुर मल्ल, ३८ वर्षीय गंगाबहादुर उचै र २१ वर्षीय गणेशबहादुर क्षेत्रीलाई ०६१ पुस १५ गते साँझ घरबाटै माओवादीले अपहरण गरे। पीडितहरुलाई प्रतिकार समिति बनाएको, सुराकी गरेको, कार्यकर्ताको हत्या तथा गिरफ्तार गराएको आरोपमा अपहरण गरी निर्मम कुटपिट गरिएको थियो। गणेश र गंगाबहादुरको दायाँ खुट्टा भाँचिदिएको र टेकबहादुरको करङ् र दायाँ हातको एक औंला फुटेको अवस्थामा दुई दिनपछि मुक्त गरियो।

लुंखु देउराली गाविस-८ का एमाले इलाका कमिटी सचिव तथा निवर्तमान गाविस उपाध्यक्ष ४० वर्षीय मिनप्रसाद अधिकारीलाई राजनीतिक प्रतिशोधका कारण प्रतिकार समिति बनाएको र आफ्ना कार्यकर्ताको हत्या र गिरफ्तार गराएको आरोपमा ०६१ पुस १६ गते माओवादीले

अपहरण गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म मुक्त गरिएन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तिलाहार गाविस-६ डिमूवाकी ३६ वर्षीय देवीकुमारी गुरुङलाई माओवादीलाई पालेको आरोपमा ०६१ पुस १२ गते दुर्गादल गुल्मका सुरक्षाकर्मीले कुटपिट गरी माओवादीसँगै एउटै चिहान बनाउने धम्की दिएका थिए।

माओवादीबाट

बाच्छा गाविस-३ सिम्लेकी टेलिफोन संचालिका भगवती आचार्यलाई गाउँलेलाई ठगी गरेको तथा हिसाब किताबमा पारदर्शिता नभएको आरोपमा ०६१ वैशाख ३० गते माओवादीले मोसो दलेर, जुत्ताको माला लगाई गाउँमा ३ पटकसम्म घुमाउनुका साथै टेलिफोन सेट कब्जामा लिए।

चित्रे गाविसकी सिद्ध माविकी प्रावि शिक्षिका ५० वर्षीय पवित्रा गुरुङ्गलाई सुराकी गरेको र चन्दा नदिएको आरोपमा ०६१ जेठ ३ गते राति सुतिरहेको बेला माओवादीले कब्जामा लिई हँसियाले कपाल काटेर गाउँ निकाला गरिदिए।

बेहुलीवास गाविसका पूर्व अध्यक्ष गोपीचन्द्र काफ्लेलाई ०६१ जेठ ७ गते माओवादीले स्थानीय पालुस्तान माविमा पुऱ्याई सार्वजनिक रुपमा कान समातेर उठबस गराई आफूले लिएको जग्गा फिर्ता दिने तथा गाउँलेको व्यवहार मिलाइदिने शर्तमा मुक्त गरे।

बेहुलीबास गाविस-३ का १९ वर्षीय रोशन रानाको हत्याको आरोप लगाइएकामध्ये माओवादीद्वारा कब्जामा लिइएका बेहुलीवासका लक्ष्मण सेन, रेशम थापा, राम थापा, लिटल थापा, दीपक सारु मगर, शिवबहादुर थापा र खुनबहादुर थापा भागेका कारण उनीहरुका अभिभावक ६३ वर्षीय प्रेमप्रताप सेन, ७० वर्षीय नरबहादुर राना, ६० वर्षीय रिमा राना, हर्कबहादुर थापा, धनवहादुर थापा, देउबहादुर सारुलगायत्लाई आ-आफ्ना छोराहरुलाई ०६१ जेठ ७ गते

माओवादीद्वारा कुटपिट गरीका शंखरपोखरीका गाविस सचिव छायादत्त पौडेल

स्थानीय पालुस्तान माविमा ल्याई नबुझाएसम्म सम्पूर्ण घरजग्गा बिक्री वितरणमा रोक लगाउने र घरमा तालाबन्दी गरिदिने धम्की दिए।

देवीस्थान गाविस-८ का नेकाँ कार्यकर्ता ७३ वर्षीय हरिप्रसाद श्रेष्ठलाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०६१ साउन १ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितको देब्रे खुट्टा र कन्चटमा गम्भीर चोट लागेको थियो।

मुडिकुवा गाविस-७ का शंकरपोखरी गाविसका गाविस सचिव ४७ वर्षीय छायादत्त पौडेललाई ०६१ साउन २९ गते राति माओवादीले गाविसमा भ्रष्टाचार गरेको आरोपमा कुटपिट गरी घाइते पारे भने हिसाब नमिलाएमा ज्यानमार्ने धम्की दिए।

खौलालाकुरी गाविस-४ का कान्तिपुर दैनिकका सम्वाददाता २९ वर्षीय लालप्रसाद शर्मालाई ०६१ असोज १४ गते माओवादीले कारवाही गर्ने धम्की दिए।

बालाकोट गाविस-८ का ५१ वर्षीय नरबहादुर विक १६ वर्षीय गोपाल विक, १४ वर्षीय प्रतिमा विकलाई ०६१ असोज १५ गते माओवादीले जनकारवाही गर्ने धम्की दिए। पीडितहरु गाउँबाट भागेर विस्थापित भए।

बालाकोट गाविस-८ वालाकोटकी ४९ वर्षीय मायाकुमारी गुरुङलाई सुरक्षाकर्मी बोलाएको र विद्यार्थीहरुलाई भगाएको आरोपमा ०६१ असोज १५ गते माओवादीले घरबाट बोलाई सिस्नोपानी र लाठी प्रहार गरी घाइते बनाए।

खौलालाकुरी गाविस-२ का गाविस सचिव ४५ वर्षीय दिवाकर शर्मा पौडेललाई ०६१ पुस १३ गते बेलुका माओवादीले कुटपिट गरी रकम नदिए सफाया गर्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पर्वत जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका ५८ वटा देवानी र यस वर्ष दर्ता भएका २५ वटा गरी ८३ वटामा २७ फर्स्यौट भई बाँकी ५६ रहे। दुनियावादी फौजदारी मुद्दा जिम्मेवार सरेर आएका १४ र यस वर्ष ५ गरी १९ मा ५ वटा फर्स्यौट भई १४ वटा बाँकी रहे। सरकारवादी ज्यान मुद्दा जिम्मेवार सरेर आएका १० हाल परेका ४ गरी १४ मा १ फर्स्यौट भई १३ बाँकी रहे भने ३ वर्ष नाघेका सरकारवादी १, देवानी ५ वटा रहेका छन् भने २ वर्ष नाघेका १६ वटा छन्।

मालपोत कार्यलयमा दाखेल खारेज ३१ वटामा २८ फर्स्यौट भएका ३ वटा बाँकी, नामसारी, १४५ मा १ सय ३६ फर्स्यौट भएका बाँकी ९ रहे। छुट जग्गा दर्ता ७७ वटामा १७ वटा फर्स्यौट भई ६० वटा बाँकी रहे । नामथर संशोधन ३१

मा २८ वटा फर्स्यौट भए भने ३ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

लुंखु देउराली गाविस-२ मा रहेको विश्वास तथा बचत सहकारी संस्थामा माओवादीबाट ०६१ असोज १३ गते ताला लगाई बन्द गरे। उक्त संस्थामा ८ सय सेयर सदस्य रहेको र २७ लाख रुपैयाँ बराबर जम्मा भएको थियो। उक्त इलाकामा कुनै पनि सरकारी बैंक नरहेकाले संस्थाले बैंकको रुपमा कारोबार गरिरहेको थियो।



माओवादीद्वारा अपहरण गरिएका बुद्धिराम पौडेल

संरचना/सम्पत्ति क्षति

मुडिकुवा गाविस धुनेमौलामा ग १ ज २६७७ को जीपमा ०६१ वैशाख २७ गते माओवादीद्वारा घोषित बन्दको अघिल्लो दिन माओवादीले आगो लगाई क्षति पुऱ्याए। उक्त जीप मालिक तिलाहार गाविस-२ का ४३ वर्षीय पूर्णबहादुर मल्ल थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लमजुङ जिल्ला बेंशीशहर नपा-९ घर भई माओवादीको स्वास्थ्यकर्मीको रुपमा कार्यरत १८ वर्षीय शोभा थापालाई ०६० माघ ११ गते गस्तिमा गएका सुरक्षाकर्मीले चित्रे गाविस-५ बाट गिरफ्तार गरे। अड्डा सार गरिएकोमा उक्त ठाउँमा नभएको पारिवारिक स्रोतले जनायो।

शालिग्राम गाविस-६ की २० वर्षीय प्रतिमा भनिने सीता विकलाई ०६० फागुन २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सार्वजनिक सुरक्षा ऐनअन्तर्गत जेलमा नजरबन्दमा राखिएकी सीतालाई असार १२ गते रिहा गरेपछि पुन: सोही दिन गिरफ्तार गरी हिरासतमा राखियो र हिरासतमा म्याद थप गर्दै ०६१ पुस १४ गते गाविस सचिवको रोहवरमा रिहा गरियो।



पैसा चोरेको आरोपमा शरीरमा मट्टितेल छर्की आगो लगाइएका युवराज शर्मा

बर्राचौर गाविस-९ का माओवादी निकट दलित मुक्ति मोर्चाका सदस्य २५ वर्षीय शंकर नेपाली र ४० वर्षीय गोदबहादुर नेपालीलाई ०६० फागुन २८ गते उरामपोखराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई ११ गते रिहा गरियो।

थापाठाना गाविस-२ का २० वर्षीय बलबहादुर क्षेत्री, ५ का २१ वर्षीय राजेन्द्र जिसी र २५ वर्षीय राजु भण्डारीलाई माओवादीमा संलग्न रहेको आरोपमा ०६० चैत ११ गते गस्तिमा गएका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी आवश्यक अनुसन्धानपश्चात जिसी र भण्डारीलाई २ दिनपछि रिहा गरियो भने क्षेत्रीलाई नजरबन्दमा राखी जेठ ११ गते रिहा गरियो।

स्याङ्जा जिल्ला फेदीखोलाकी १९ वर्षीय हरिकला नेपालीलाई माओवादीको आरोपमा ०६१ वैशाख ३० गते फलामखानीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित स्याङजाबाट भदौ २५ गते रिहा भए।

तिलाहार गाविस-४ का माओवादीद्वारा गठित गाजसका उपप्रमुख ४० वर्षीय किसान भनिने छेत्रबहादुर रेग्मी, पाङराङ गाविस-१ का ३२ वर्षीय राजु बराल र कुर्घा गाविस-५ का १५ वर्षीय कमल नेपाललाई लुंखु देउराली गाविस-१ बाट ०६१ मंसिर १६ गते गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितमध्ये राजु र कमललाई मंसिर २९ गते रिहा गरियो भने क्षेत्रबहादुरलाई हालसम्म सार्वजनिक नगरी भेटघाटसमेत गर्न दिइएको छैन।

भुकताङ्ले गाविस-३ का १८ वर्षीय शालिकराम पौडेललाई माओवादीको आरोपमा ०६१ पुस ६ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित पुस २१ गते रिहा भए।

बालअधिकार

मुडिकुवा गाविस-४ का पण्डित ७० वर्षीय हेमप्रसाद घिमिरेले ०६० पुस २० गते बाँस खसाल्न जाँदा स्थानीय एक १३ वर्षीय बालिकालाई बाँसको झाङ्ग नजिकै खुट्टा बाँधी बलात्कार गरे। पीडकलाई समाजले कान समातेर उठबस गराई समाजिक बहिष्कार गरी गाउँ निकाला गऱ्यो।

दुर्लुङ गाविस-९ निम्नेका ८ वर्षीय युवराज शर्मालाई पैसा चोरेको आरोपमा ०६१ साउन २० गते लघु जलविद्युत परियोजनाका अध्यक्ष सनम गुरुङले आगो लगाएर निर्मम यातना दिए। उनलाई एक हजार चोरेको आरोपमा करेन्ट लगाई शरीरको विभिन्न भागमा पीन घोची रातभरि कोठामा राखेर भोलिपल्ट बिहान

राइस मिलमा लगी शरीरमा मट्टीतेल छर्की आगो लगाएका थिए। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

कार्कीनेटा गाविस-४ का ७ वर्षीय विष्णुदेवी र ४ वर्षीय तुलसीदेवी शर्माको ०६१ असार ४ गते झिंगा मार्ने विष खाई मृत्यु भयो। बाबु चन्द्रकान्तले मृतक २ बच्चाकी आमा पवित्रा शर्मालाई कुटपिट गरी घाइते बनाई एक वर्ष अगाडि घरवाट निकाली गत फागुनमा थापाठाना गाविसकी एक युवतीसँग विहे गरेका थिए। बच्चाको मृत्यु आफै विष खाएर भएको भनी बाबुपक्षले जाहेरी दिए पनि आमा पवित्रा शर्माले कर्तव्यवाट मृत्यु भएको भनी जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराइन्। हालसम्म कारवाही भएको छैन।

सबै प्रकारका जातीय विभेद

पाङ गाविस-७ का ४३ वर्षीय दिलबहादुर विक, ३८ वर्षीय खड्कबहादुर दर्जी र गणेशबहादुर दर्जीलाई ०६० फागुन २६ गते बेलुका अम्बरबहादुर विकको चिया पसलमा भाडा नमाझेको विषयलाई लिएर कुटपिट गरियो। पीडितहरुले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे।

पाङ गाविस-७ का डिलबहादुर विकलाई ०६० चैत २८ गत तल्लो जातको केटीसँग विवाह गरेको आरोपमा उनकी आमाको मृत्यु हुँदा गाउँलेहरुले काजकिरिया गर्न दिएनन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीले अनिश्चितकालीन शैक्षिक संस्था बन्द गरेको कारण जिल्लाका मानवअधिकार संघसंस्थाले वन्द फिर्ता लिनका आह्वान गर्दै प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ९ जनाले आत्महत्या गरे। जीप दुर्घटनामा २ बालिकासहित ४ जनाको मृत्यु भयो। साझा यातायातको वस दुर्घटनामा १९ जनाको मृत्यु भयो भने ३० जना घाइते भए। वाजुङ गाविसको एक घरमा आगो लाग्यो। ३ जनाले सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरे।

३.१५ म्याग्दी



जनसंख्या	: ११४४४८
साक्षरता प्रतिशत	: ५०.१३५
महिला साक्षरता प्रतिशत	: ३९.८२
क्षेत्रफल (वर्ग कि. मि.)	: २,२९७
गाविस/नपा संख्या	: ४०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २०६
क्याम्पस/उच्च मावि	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/४२
टेलिफोन लाइन	: ५१०
मोटर सडक (कि. मि.)	: ४५
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ३८
मानव विकास सूचकांक	: ०.४९८
प्रति परिवार सरदर संख्या	: ४.९३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

घतान गाविस-६ सल्लेरीमा ०६० माघ ६ गते सुरक्षाकर्मीको कारवाहीमा प्युठान जिल्ला घर भएका माओवादी कार्यकर्ता दिनेश विष्टको मृत्यु भयो। विष्टको लाश माओवादीले नै गाडेका थिए।

कुहुँ गाविसको तुसारेपानीमा ०६० माघ २० गते सेनाको गस्ति टोलीले गरेको कारवाहीमा कृष्ण र विशाल नाम गरेका दुई माओवादी मारिए। लाश माओवादीले गाडेका थिए।

सदरमुकाम वेनीको फुलबारी भन्ने ठाउँमा ०६१ जेठ १३ गते एक सैनिकले मादक पदार्थ सेवन गरी अचानक गोली चलाएपछि माओवादीले आक्रमण गरेको ठानी सतर्क बनेका

विभिन्न पोष्टमा रहेका सेनाले गोली चलाउँदा पुलाचौर गाविस-२ घर भएका देवीलाल उपाध्यायलाई गोली लागेकोमा सोही रात उपचारका क्रममा म्याग्दी अस्पतालमा मृत्यु भयो। घटनामा परि सदरमुकामबाट घर फर्किरहेका अर्थुङ्गे गाविस-६ का १८ वर्षीय भगवान भण्डारी सख्त घाइते भए। घाइते भण्डारीको वीर अस्पताल, काठमाडौंमा उपचार भयो।

बेनीबाट गस्ति गएका सेनाको टोलीलाई विद्युतीय धरापमा पार्न खोज्दा सेनाले पाखापानी गाविस-२ कमनाथ भन्ने ठाउँमा गरेको कारवाहीमा परी बेगखोला गाविसका माओवादी कार्यकर्ता २१ वर्षीय टिकबहादुर विकको ०६१ कार्तिक २० गते मृत्यु भयो। उनको शव माओवादीले गाडेका थिए।

दोवा गाविसमा पर्वत जिल्लाको कुश्माबाट गस्तिमा गएका सेनाको एक टोलीले ०६१ मंसिर २७ गते कारवाही गर्दा दोवा गाविस-९ का २६ वर्षीय माओवादी कार्यकर्ता बलबहादुर विकको मृत्यु भयो। मृतकको पोष्टमार्टम भएन भने लाश परिवारले विधिपूर्वक सद्गत गरे।

माओवादीबाट

भगवती गाविस-८ रिठाबोट भन्ने ठाउँमा ०६० माघ ५ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धरापमा परी पैदलयात्री नारच्याङ्ग गाविस-४ की ५५ वर्षीय उदीसरा बुढ्जा पुनको घटनास्थलमै मृत्यु भयो। मृतकका परिवारलाई सरकारले क्षतिपूर्ति दियो। सो घटनामा एक सैनिक जवानसमेत ६ जना सर्वसाधारण यात्रु घाइते भए। घाइते हुने सर्वसाधारणहरुमा नारच्याङ्ग गाविसका केशनारायण पुन, टकबहादुर पुन, कमल पुन, शिख गाविस-१ की मीना पुन, मल्कवाङ्ग गाविस-२ का मानबहादुर विक र सैनिक जवान शेरबहादुर कार्की थिए। घाइतेहरु उपचारपछि घर फर्किए।

घतान गाविस-६ गलेश्वर बजारमा ०६० माघ ६ गते ड्युटी जाँदै गरेका ओखलढुंगा जिल्ला घर भएका सैनिक प्युठ राजु भारतीलाई माओवादीले गोली प्रहार गरी हत्या गरे।

माओवादीले बारीमा छोडेको बम खेलाउँदा विस्फोट भई ०६० चैत ९ गते अर्थुङ्गे गाविस-४ का २१ वर्षीय झिल्के सार्कीको मृत्यु भयो। तीन दिनअघि बेनी आक्रमण गरि फर्कका माओवादीले बाटो तथा खेतबारीमा बम छाडेर फर्कका थिए।

निस्कोट गाविस-२ का एकै परिवारका दाजुभाई नगेन्द्र पुन र भोविन्द्र पुनको ०६१ पुस २ गते आफ्नै घर छेउमा माओवादीद्वारा राखिएको प्रेसर कुकर बम चलाउँदा विस्फोट भई मृत्यु भयो। माओवादीले आफूले राखेको आफ्नो प्रेसर कुकर बम पीडितको घरमा लगी खोल्न लाग्दा उक्त दुर्घटना भएको स्वीकार गरे।

दोहोरो भिडन्त

माओवादी र सेनाबीच ०६० चैत ९ गते बिहान निस्कोट गाविस-२ मा भएको दोहोरो भिडन्तमा परि ५ माओवादीको मृत्यु भयो। उनीहरुको नाम, ठेगाना खुल्न सकेन। मृतक माओवादीको लाश स्थानीयबासीले गाडे। मर्ने माओवादीको संख्या बढी भएको सुरक्षा निकायले बतायो।

माओवादीले ०६० चैत ७ गते राति म्याग्दी सदरमुकाम बेनीमा आक्रमण गरे। आक्रमणमा परी १७ जना सैनिक, १९ प्रहरी र ७ जना सर्वसाधारणको मृत्यु भयो। आक्रमणका क्रममा ९२ माओवादीको मृत्यु भएको र ४ सय भन्दाबढी घाइते भएको माओवादी पक्षले सार्वजनिक गऱ्यो। आक्रमणपछि माओवादीले प्रजिअ सागरमणी पराजुली, डिएसपी रणबहादुर गौतमसमेत ३३ जना सुरक्षाकर्मीलाई अपहरण गरे। उनीहरुलाई रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) को पहलमा ०६० चैत २५ गते रोल्पाबाट मुक्त गरियो। आक्रमणका क्रममा माओवादीले जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिविस, म्याग्दी पुस्तकालय लगायत्का भौतिक संरचना ध्वस्त पारे। आक्रमणको क्रममा सर्वसाधारणको पनि ठूलो मात्रामा भौतिक क्षति भयो। जिल्ला पुनर्निर्माण समितिले आक्रमणमा करिब ५ करोड रुपैयाँ बराबरको सरकारी भवन, फर्निचर लगायत्को

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट			माओवादीबाट										
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा		घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	८	४१	२		४३		९	१४	३	१५५	१७१
घाइते				३	६	१		७		१	१			१
गिरफ्तारी/यातना										५	११	१		१२
बालअधिकार				१	१			१						
अपहरण				११	६६		२६०	३२६						
जम्मा	१	१	१	२३	११४	३	२६०	३७७		१५	२६	३	१५५	१८४

भौतिक क्षति भएको बतायो। आक्रमणको भोलिपल्ट चैत ८ गते सेनाले गरेको हवाई आक्रमणमा परी ज्यामरुककोट गाविस-८ मा ६ जना मजदुरसमेत सात जनाको मृत्यु भयो। मृत्यु हुने सर्वसाधारणमा ठकाने दमै, फौजे दर्जी, खम्बे दमै, सुन्ते दर्जी, सूर्य दर्जी, जुठे दर्जी, लक्ष्मी कार्की थिए। चैत ८ गते नै भगवती गाविस-२ बैसरीका हेमलाल शर्माको सेनाको गोली लागी पिप्ले गाविसको घुमाउने तालमा मृत्यु भयो। माओवादीले आक्रमणमा प्रयोग गर्न ल्याएका र फर्कदा संभार नगरी जथाभावी बाटो, खेतबारी आदि ठाउँमा छोडेका बमहरुलाई चलाउँदा विभिन्न समयमा गरी चार जना बालबालिकाको ज्यान गयो। माओवादीको एक समूहले सर्वप्रथम म्याग्दी नदी पारी अवस्थित जिल्ला कारागारलाई आफ्नो नियन्त्रणमा लिई त्यहाँ रहेका ३३ जना बन्दीहरुलाई भगाउनुका साथै हातहतियार पनि लगेका थिए। त्यहाँ कार्यरत १८ प्रहरीहरुमध्ये प्रहरी जवान नूरबहादुर राना र रामु श्रेष्ठ मारिए। माओवादीहरुले सर्वसाधारणका २ वटा घरहरु ध्वस्त पारेका थिए भने अर्को एउटा घर भिडन्तको क्रममा धेरै गोलीहरु लागी क्षति भएको थियो। माओवादीले बेनी बजारबाट करिब डेढ घण्टाको दूरीमा रहेको डाँडाबाट सुरक्षा निकायतर्फ सयौंको संख्यामा मोर्टार प्रहार गरेका थिए। माआवादीहरुले आक्रमणको क्रममा बेनी बजारका केही घरहरु नियन्त्रणमा लिई घरका सबै परिवारलाई एउटै कोठा थुनेर ती घरहरुलाई स्वास्थ्य शिविर तथा हतियार निर्माण तथा वितरण गर्ने थलोका रुपमा प्रयोग गरेका र ठूला-ठूला घरका छतहरु आक्रमणका लागि प्रयोग गरेका थिए। सो क्रममा सुरक्षाकर्मीको नियन्त्रणमा परेका दिलबहादुर अरमजालाई जिल्ला प्रशासन कार्यालय अगाडि गोली प्रहार गर्दा मृत्यु भयो।

अन्यबाट

घतान गाविस-६ काउलेगौंडाका २६ वर्षीय पूर्णबहादुर विकलाई ०६० पुस १८ गते राति अज्ञात समूहले

माओवादीद्वारा सदरमुकाम बेनी आक्रमण पछिको दृश्य

घर नजिकै बारीमा पुर्‍याई गोली हानी हत्या गरे। उनको पोष्टमार्टम रिपोर्टमा गोली हानेको देखिएको थियो। लाश स्थानीयबासीले सद्गत गरे।

गोली/बम/विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

सदरमुकाम बेनीको कालीपुलमा ड्युटी सकेर ब्यारेक फर्किरहेका सुरक्षाकर्मीलाई ०६० पुस २५ गते माओवादीले गोली प्रहार गर्दा सैनिक जवान जगत मोक्तान घाइते भए।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता भएको म्याग्दी जेलमा हाल बन्दी छैनन्। माओवादीले म्याग्दी आक्रमणपछि जेलमा रहेका बन्दी छोडिदिएका कारण जेल खाली भएको हो। माओवादीले भगाएका ३२ जना बन्दीमध्ये सम्पर्कमा आएका तीन जनालाई बाग्लुङ जेलमा राखिएको छ। क्षतिग्रस्त जेलको अहिले मर्मत सम्पन्न भइसकेको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

चिमखोला गाविस-७ घर भई स्थानीय अमर मावि चिमखोलाका शिक्षक गमबहादुर पुनलाई अह्राएको काम नगरेको आरोपमा ०६१ असार १८ गते माओवादीले अपहरण गरे। उनलाई चार दिनपछि मुक्त गरे। पीडितलाई यस अघि पनि अपहरण गरी बेनी आक्रमणको क्रममा भरियाको रुपमा संलग्न गराइएको थियो।

चिमखोला गाविसका १४ जना युवाहरुलाई ०६० फागुन २५ गते माओवादीले अपहरण गरे। उनीहरुलाई माओवादीले ०६० चैत ७ गते बेनी आक्रमणमा प्रयोग गरी चैत ८ गते मुक्त गरे। अपहरणमा परी मुक्त भएकाहरुमा चिमखोला गाविसका रत्न पुन, ओम पुन, खिम पुन, गम पुन, कुमार पूर्जा, झिल्के नेपाली, ध्रुव पाईजा, भिम पाइजा, सोम थापा, गोरे पुन, खिम पुन, मीना गर्बुजा, विष्णुकुमारी गर्बुजा र खरमाया पुन थिए।

घतान गाविस-२ का ६० वर्षीय देवीदत्त रिजाललाई हिन्दु संस्कारको संरक्षण गरी जातीय छुवाछूत प्रथालाई संरक्षण गरेको आरोपमा ०६१ जेठ १९ गते माओवादीले अपहरण गरे। पीडितलाई सञ्चारकर्मी, रेडक्रस प्रतिनिधि र मानवअधिकारकर्मीको रोहवरमा जेठ २३ गते तातोपानीबाट मुक्त गरियो।

जनविकास मावि, मराङ्गका प्रधानाध्यापक हरि लामिछाने, शिक्षक धनबहादुर पुन र विद्यालय सञ्चालक समिति अध्यक्ष तथा पूर्व गाविस अध्यक्ष चन्द्रबहादुर पुन, किसानी मावि विमका प्रधानाध्यापक जंगबहादुर पुन र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र पूर्व गाविस अध्यक्ष रत्नप्रसाद पुन तथा दरवाङ्ग गाविसका पूर्व उपाध्यक्ष कर्णबहादुर पुनलाई ०६१ जेठ ३० गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। अपहरित पूर्व अध्यक्ष तथा उपाध्यक्षलाई असार ५ गते तारेखमा शिक्षकहरुलाई असार २७ गते मुक्त गरे।

माओवादीका किसान भनिने एक कार्यकर्ताले ०६१ साउन २४ गते घतान गाविस-७ का १५ वर्षीय राजु दर्जी र १४ वर्षीय किसान दर्जीलाई ग्रिनेट देखाई मार्ने धम्की दिएर अपहरण गरे। भोलिपल्ट सदरमुकामबाट गएका सेनाको टोलीले उनीहरुलाई भेट्टाएपछि पत्रकार तथा मानवअधिकारकर्मीको रोहवरमा अभिभावकलाई बुझाइयो।

ओखरबोट गाविस-१ फुलबारीका चक्रपाणि आचार्य र मिनराज गौतमलाई ०६१ साउन १२ गते माओवादीले अपहरण गरे। उनीहरुलाई अपहरण गर्नुको कारण नखुलाई पाँच दिनपछि मुक्त गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

माओवादीको बेनी आक्रमणपछि ध्वस्त बनेको जिल्ला अदालतमा यस वर्ष अघिल्लो वर्षको तुलनामा मुद्दाको चाप घट्दै गएको छ। यस वर्षको अन्त्यसम्ममा ५८ वटा मुद्दा रहे। बेनी आक्रमणपछि अर्थात् ०६० चैत ८ गतेपछि जम्मा १८ मुद्दा दर्ता भए। बाँकी मुद्दा त्यस अगाडिका हुन्। बेनी आक्रमण अघिका कूल ४९ वटा मुद्दा सबै जलेर नष्ट भएका कारण निवेदक पक्षहरुसँगको प्रमाणका आधारमा देवानीतर्फ ३२ र सरकारवादीतर्फ ८ वटा मुद्दा पुन: खडा भएका थिए भने अन्य ८ वटा मुद्दाका प्रमाण नआएका कारण ढिसमिस भए।

माओवादी आक्रमणपछि दर्ता भएका १८ वटा मुद्दामध्ये देवानी (लेनदेन, अंश आदि) तर्फ ८ वटा र फौजदारीतर्फ १० वटा छन्। यस वर्ष जम्मा १० वटा मात्र

बेनी आक्रमणमा मारिएका एक माओवादी कार्यकर्ता



बेनीमा सुरक्षाकर्मीले हेलिकप्टरबाट खसालेको बम लागी मृत्यु भएका लक्ष्मी कार्की

मुद्दा फैसला भए। नयाँ मुद्दा दर्ता नभएको र पुराना मुद्दा पुन: जगाउँदा यस्तो ढिलो भएको थियो। यस वर्ष न्यायाधीशको उपस्थिति पनि कम भएको गुनासो आयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

म्याग्दी बहुमुखी क्याम्पसका अनेरास्ववियुका कौप्रसाद बुढालाई ०६० माघ १३ गते राति आफ्नै डेराबाट सुरक्षाकर्मीले अपहरण शैलीमा गिरफ्तार गरे। उनलाई विद्यार्थी संगठनको दबावका कारण भोलिपल्ट बिहान रिहा गरियो।

दाना गाविस-४ का तुलबहादुर श्रेष्ठ, सोही गाविस-५ का सन्तबहादुर पूर्जा, टकबहादुर थापा र सोही गाविस-७ का नौबहादुर गर्बुजालाई ०६१ मंसिर २९ गते मुस्ताङ्ग जिल्लाको घाँसा क्याम्पबाट गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये नौबहादुर गर्बुजा र टकबहादुर थापालाई बाग्लुङ्ग जेलमा नजरबन्दमा राखिएको छ भने अन्य यस वर्षको अन्त्यसम्म सैनिक हिरासतमै रहे। उनीहरु निर्दोष भएको भन्दै आफन्तहरुले रिहाइको लागि जिल्ला प्रशासन कार्यालय, बेनीमा उजुरी गरे।

दाना गाविस-४ का ओमबहादुर श्रेष्ठ, नारच्याङ्ग गाविस-९ का जगतबहादुर गर्बुजा र दाना गाविस-७ का थमबहादुर विकलाई मुस्ताङ्ग जिल्लाको घाँसा क्याम्पबाट गस्तिमा आएका सुरक्षाकर्मीले ०६१ मंसिर १५ गते गिरफ्तार गरे। उनीहरु निर्दोष भएको भन्दै आफन्तहरुले रिहाइका लागि जिल्ला प्रशासन कार्यालय, बेनीमा उजुरी गरे तापनि ओमबहादुर र जगतबहादुरलाई मुस्ताङ जेल पठाइयो भने थमबहादुर यस वर्षको अन्त्यसम्म सैनिक हिरासतमै रहे।

दाना गाविस-४ का ओमबहादुर पूर्जालाई ०६१ मंसिर १६ गते मुस्ताङ्ग जिल्लाको घाँसा क्याम्पबाट गस्तिमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी यस वर्षको अन्त्यसम्म सैनिक हिरासतमै रहेका छन्।

शिख गाविस-१ घोडेपानीमा पर्यटकसँग चन्दा संकलन गरिरहेका माओवादी कार्यकर्ताहरु बाग्लुङ्ग जिल्ला अर्जेवा गाविस-३ का नारायण नेपाली, बडाचौर गाविस-६ का भुपलाल खड्का र लिवाङ्ग गाविस-१ की राजकुमारी केसीलाई ०६१ कार्तिक १४ गते पर्वत जिल्लाबाट सादा पोशाकमा गस्ति गएका सेनाले गिरफ्तार गरे। उनीहरुलाई तनहुँ जिल्लाको ढकालटारस्थित माओवादी पुनर्स्थापना केन्द्रमा राखिएको छ।

बाग्लुङ जिल्ला अर्जेवा गाविस-३ का नारायण नेपाली, रोल्पा जिल्ला बडाचौर गाविस-६ गोडेवाङका भुपलाल खड्का र रोल्पा जिल्ला लिवाङ गाविस-१ साङ्लीवाङकी राजकुमारी केसीलाई माओवादीको आशंकामा ०६१ कार्तिक १४ गते घोडेपानीबाट सुरक्षाकर्मीले गिरफ्तारी गरी आत्मसर्मपण गरेपछि ०६१ पुस १३ गते तनहुँ जिल्लाको ढकालटारस्थित शिविरमा पठाए।

बालअधिकार

ताकम गाविस-५ काफलडाँडाकी १४ वर्षीय गौरी गर्बुजाको ०६० चैत १० गते माओवादीले खेतमा छोडेको बम खेलाउँदा विस्फोट भई मृत्यु भयो। दैलो अघिल्तिरको बारीमा खेलौनाजस्तो डल्लो भन्दै खेलाउँदै गर्दा बम विस्फोट भएको पीडितका परिवारले बताए।

बरंजा गाविस-२ का सुजन सापकोटाको ०६१ वैशाख १० गते अर्थुङ्गे गाविस-५ मा पर्ने बाटोमा माओवादीले छोडेको बम खेलाउँदा विस्फोटमा परी मृत्यु भयो। पीडित आफ्नी आमासँगै मामा घर जाँदै थिए।

३.१६ मुस्ताङ

जनसंख्या	: १५२६५
साक्षरता प्रतिशत	: ५५.५८
महिला साक्षरता प्रतिशत	: ५०.४५
क्षेत्रफल (वर्ग कि. मि.)	: ३५७३
गाविस/नपा संख्या	: १६। ०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ६५
क्याम्पस/उच्च मावि	: ० / १
अस्पताल/स्वास्थ्य चौकी	: २। १७
टेलिफोन लाइन	: १७०
मोटर सडक (कि. मि.)	: २५
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: १६
मानव विकास सूचकांक	: ०.४८२
प्रति परिवार सरदर संख्या	: ४.७१

जेल र बन्दीहरु

मार्फा गाविस-५ स्थित जेलको क्षेत्रफल ६ रोपनी २ आना र १ पैसा छ। यस जेलमा रहेका आठ वटा कोठा अँध्यारा र साँघुरा छन्। अहिले यस जेलमा माओवादी गतिविधिमा लागेको आशंकामा छिमेकी जिल्ला म्याग्दीका ओमबहादुर श्रेष्ठ र जगतबहादुर गर्बुजा गरी दुई जना व्यक्ति ०६१ मंसिर २१ गते देखि ६ महिनाका लागि जेलमा राखिएका छन्।

अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

कागबेनी गाविस-४ का धोर्जे गुरुङले जीवन र परिवारदेखि दिक्क भएर ०६० चैत १६ गते मुसा मार्ने विष सेवन गरी आत्महत्या गरे।

जापानी पर्यटक २७ वर्षीय योर्जे एजिङको धौलागिरी हिमाल आरोहणको सिलसिलामा ०६१ साउन १६ गते हिम पहिरोमा परी मृत्यु भयो।

भक्तपुर जिल्ला मध्यपुर थिमी नपा-१२ का २७ वर्षीय रुपक भद्र अंगाईको ल्हो मन्थाङ्ग भ्रमणको क्रममा ०६१ साउन ९ गते बाटोमा लेक लागेर आकस्मिक मृत्यु भयो।

म्याग्दी जिल्लाका १८ महिनाकी एक बालिकाको ०६१ भदौ ६ गते स्याङमा सिंचाईको नहरमा पानीमा बगेर मृत्यु भयो।

ललितपुर जिल्लाका ४५ वर्षीय दावासिमो तामाङनी पर्यटकको भारी बोकी हिंडिरहेको अवस्थामा मुस्ताङमा सम्भवत: श्वास-प्रश्वासको असुविधाबाट मृत्यु भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित		
	अन्यबाट		
	घटना संख्या	महिला	जम्मा
महिला अधिकार	१	१	१
जम्मा	१	१	१

मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रुकुम
४.६ बाँके
४.७ वर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ



जनसंख्या	: ५१३५७५
साक्षरता प्रतिशत	: ५७.७
महिला साक्षरता प्रतिशत	: ४६.९
क्षेत्रफल (वर्ग कि. मि.)	: २९५५
गाविस/नपा संख्या	: ३९/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३८६
क्याम्पस/उच्च मा.वि.	: ४/११
अस्पताल/स्वास्थ्य चौकी	: ५/४०
टेलिफोन लाइन	: ३७७५
मोटर सडक (कि. मि.)	: ६३०
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ४५
मानव विकास सूचकांक	: ०.४०९
प्रति परिवार सरदर संख्या	: ६.२२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

हापुर गाविस-५ निघुवारमा सुरक्षाकर्मीको कारवाहीमा ०६० चैत ३ गते माओवादी एरिया सदस्य सरीता भनिने गोमती पुनको मृत्यु भयो।

बिजौरी गाविस-९ स्यालापानीमा सुरक्षाकर्मीको कारवाहीमा ०६० चैत ५ गते माओवादीका सेल सेक्रेटरी चट्याङ भनिने चित्रबहादुर रानाको मृत्यु भयो।

त्रिभुवननगर नपा-१० भिँगौराका विजय भनिने ओमभक्त चौधरी र सौडियार गाविस-३ का क्षितिज भनिने अर्जुन चौधरी ०६० चैत १५ गते रामपुर गाविसमा सुरक्षाकर्मीको कारवाहीमा मारिए। सोही दिन विहान बसबाट ओर्लेका उनीहरु सुरक्षाकर्मीलाई देखेपछि भाग्न थाल्दा गोली हानिएको थियो।

हेकुली गाविस-२ का माओवादी कार्यकर्ता १८ वर्षीय हिरालाल चौधरीको ०६० चैत २६ गते सुरक्षा कारवाहीमा शान्तिनगर गाविस-२ को जंगलमा मृत्यु भयो।

सोनपुर गाविस-३ बरुवागाउँका सर्वसाधारण बनराजी चौधरीको ०६१ जेठ २४ गते प्रहरीको गोली लागी मृत्यु भयो। सोनपुर गाविस-२ नर्तीमा माओवादीले अवरुद्ध गरेको बाटो खोल्न भालुवाङबाट लमहीतर्फ आउँदै गर्दा नर्तीगाउँ र सिङ्गै खोलाबीच राजमार्गमा विद्युतीय धरापबाट दुईजना सशस्त्र प्रहरी घाइते भएपछि प्रहरीले गोली प्रहार गर्दा बार बेर्नका लागि काँढा काट्न गएका पीडितलाई गोली लागेको थियो।

धर्ना गाविस-६ का माओवादी कार्यकर्ता ५२ वर्षीय टिकाराम डाँगीलाई ०६१ मंसिर २५ गते दिउँसो सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही ठाउँको हात्तिवन क्षेत्रमा गोली हानी मारिए।

तुल्सीपुर नपा-२ रक्षाचौरका प्रशान्त भनिने हेमराज शर्मा ०६१ पुस ८ गते त्रिभुवननगर नपा-४ वर्गदी हरीद्वारमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए। उनी माओवादीको जिल्ला स्तरीय नेता भएको सार्वजनिक गरियो।

माओवादीबाट

त्रिभुवननगर नपा-१० भिँगौराका स्वर्गद्वारी आश्रमका पूर्व कर्मचारी ५२ वर्षीय पूर्णबहादुर वलीलाई ०६० माघ १७ गते बिहान स्वर्गद्वारी आश्रमबाट निस्कँदै गर्दा गेट नजिक माओवादीले कन्चटमा गोली प्रहार गरी हत्या गरे।

त्रिभुवननगर नपा-११ रतनपुरका देवीदत्त गण, हेटौंडामा कार्यरत सैनिक हवल्दार कुलबहादुर सुवेदीलाई ०६१ वैशाख २५ गते राति माओवादीले गोली हानी हत्या गरे। १५-२० जनाको संख्यामा हतियारसहित आएका माओवादीले पीडितलाई घरबाहिर निकाली गोली र धारिलो हतियार प्रहार गरी सख्त घाइते पारेका थिए। घटनालगत्तै सुरक्षाकर्मीको टोलीले पीडितलाई महेन्द्र अस्पतालमा ल्याएका थिए। सामान्य उपचार गराई नेपालगन्ज लैजाँदा-लैजाँदै बाटोमा उनको मृत्यु भयो।

लालमटिया गाविस-७ बराहखुट्टीका २० वर्षीय छिते रावतलाई ०६१ वैशाख ३१ गते माओवादीद्वारा अपहरण गरी गोली हानी हत्या गरे।

सौडियार गाविस-७ घर भई जिप्रका दाङमा कार्यरत प्रहरी जवान गणेश चौधरीलाई ०६१ जेठ १ गते बिहान माओवादीले त्रिभुवननगर नपा-११ तुल्सीपुर चोक नजिक गोली हानी हत्या गरे। डेराबाट निस्कन लाग्दा साइकलमा चढेर आएका माओवादीले गोली प्रहार गरेका थिए। पीडितको घटनास्थलमा मृत्यु भयो।

फूलवारी गाविस-१ का नेकाँ कार्यकर्ता हरिराज

डाँगीलाई ०६१ जेठ ८ गते माओवादीले गोली हानी हत्या गरे। जेठ ७ गते घरमै बसिरहेको बेला अपहरित डाँगीको लाश ८ गते बेलुका सोही गाविस-५ ढकनाको पिपलबोट नजिक फेला परेको थियो।

बिजौरी गाविस-३ मनिकापुरका सैनिक जवान ३० वर्षीय चेतनाथ पौडेललाई ०६१ असार २७ गते राति माओवादीले हलवार गाविस-१ पर्सेनी चोकमा गोली हानी हत्या गरे। मृतक राजविराजस्थित सैनिक गणमा कार्यरत रहेकोमा धनगढीस्थित सैनिक ब्यारेकबाट सरुवा भई घर बिदामा बसेको बेला उक्त घटना भएको थियो।

चैलाही गाविस-२ कोलहीका ७६ वर्षीय भोजराज शर्मालाई ०६१ साउन १ गते राति उनकै घरबाट माओवादीले अपहरण गरी सोही गाविस-९ बनगाउँ चोकमा पुऱ्याई गोली हानी हत्या गरे।

हलवार गाविस-५ गहतेराका ३५ वर्षीय खिलतबहादुर घर्तीलाई ०६१ साउन २ गते माओवादीले हलवार गाविस-४ वनहरीबाट अपहरण गरी गोली हानी हत्या गरे।

त्रिभुवननगर नपा-३ हरिद्वारका महेन्द्र अस्पताल दाङका ल्याब असिस्टेन्ट ४५ वर्षीय गणेश न्यौपानेलाई ०६१ साउन ३ गते राति माओवादीले घरैबाट अपहरण गरी सोही नपा-४ भैसाही चोक पुऱ्याई गोली हानी हत्या गरे।

लक्ष्मीपुर गाविस-४ डाँडागाउँका ३८ वर्षीय गोपीलाल चौधरीलाई ०६१ साउन ४ गते राति माओवादीले गोली हानी हत्या गरे। माओवादीद्वारा केही दिन पहिले घरैबाट अपहरण गरिएका पीडितको लाश त्रिभुवननगर नपा-४ चौघेरा चोकमा फेला परेको थियो।

सौडियार गाविस-७ सौडियारका ३५ वर्षीय हुर्मत चौधरीलाई सुराकीको आरोपमा ०६१ साउन ३० गते राति माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

लक्ष्मीपुर गाविस-९ मुसोटखोला ओरालोमा घोराहीदेखि लमहीतर्फ गइरहेको सुरक्षाकर्मी चढेको ना २ ख २८६ नं. को बस ०६० फागुन १० गते माओवादीले थापेको विद्युतीय धराप विस्फोटमा परी शाही नेपाली सेनाका अमल्दार छत्र खड्का तथा जमदार भीमबहादुर तामाङ्ग र बसका चालक श्यामसुन्दर गुप्ताको मृत्यु भयो। विद्युतीय धरापमा परी घाइते हुनेहरूमा बसका खलासी राजु खड्का, सुरक्षाकर्मीहरुमा रामबहादुर गिरी, बाबुलाल लामा, लवकुमार पाठक, धीरज कार्की, रामबहादुर साह, राजकुमार बुढाथोकी, बलराम गुरुङ्ग, दिलिप केसी, टि बानिया, ताराबहादुर खड्का, खडकप्रसाद, डम्बरबहादुर, धनराम मगर, राजन थापा, पूर्णबहादुर बोहरा, बुद्धि बस्नेत, डम्बरसिंह विष्ट, दीपक भारती र इच्छामणि राई घाइते भए।

गोवरडिहा गाविस-१ चिसापानी, महेन्द्र राजमार्गमा माओवादीले आक्रमण गर्दा ०६१ असार ५ गते भएको भिडन्तमा १४ सशस्त्र प्रहरी र बसमा यात्रा गरिरहेका ४ जना सर्वसाधारण यात्रुको मृत्यु भयो। विहान भएको सो भिडन्तमा परी ४ सशस्त्र प्रहरी र बसमा यात्रा गरिरहेका २० सर्वसाधारण घाइते भए। सशस्त्र प्रहरी तालिम केन्द्र, भालुवाङबाट नियमित गस्तिमा निस्केका करिब ४७ जनाको प्रहरी टोली सोही स्थानदेखि १० किमि पूर्वको चिसापानी ढिकमा पुगेपछि उक्त घटना भएको थियो। घटनामा तुल्सीपुरबाट काठमाडौं जाँदै गरेको ना २ ख ५६८४ नम्बर बसमा सवार यात्रु मानपुर गाविस-९ का गोविन्द गौतम,

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९	५	४	१	१०	१९	३९	३		४२	९	११			११
घाइते	२	२			२	७	३५	२	१	३८	२	३			३
बम विस्फोट						३			३	३					
हिरासत वा थुनामा मृत्यु	१	१			१										
गिरफ्तारी यातना											४१	५७	१२		६९
बेपत्ता											१२	१०	२		१२
कुटपिट	२	५	१		६	६	१०		१	११	८	११	१	२	१४
धम्की						४	२		४०	४२					
भेला संगठन हुने अधिकार											१	६			६
महिलाअधिकार	७		८		८										
बालअधिकार	७		६	१५०	१५६										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						२२	२७	१	१	२९	१			१०५	१०५
अमानवीय व्यवहार	१	१			१	५	१७	४		२१	३	२		२	४
अपहरण	६	७	२		९	४५	७७	१३	४	९४					
जम्मा	३५	२१	२१	१५१	१९३	११२	१९७	२३	५०	२७०	७७	१००	१५	१०९	२२४

विजौरी गाविस-५ का विद्यामणि देवकोटा, शिर्षक बराल, सल्यान जिल्ला कपुरकोटकी कौशिल्या गिरीको बसभित्र गोली लागी मृत्यु भयो भने सशस्त्र प्रहरीतर्फ अछाम जिल्ला मंगलसेन गाविस-३ का सई रेगबहादुर बोगटी, नवलपरासी जिल्ला देउराली गाविस-४ का सई विष्णुप्रसाद पाण्डेय, सर्लाही जिल्ला ढर्कौली गाविस-३ का सई लक्ष्मणप्रसाद घिसिङ, सप्तरी जिल्ला कमलपुर गाविस-६ का प्रहरी जवान सञ्जय चौधरी, कैलाली जिल्ला धनगढी नपा- ३ का प्रहरी जवान सुनिलकुमार साउद, कञ्चनपुर जिल्ला महेन्द्रनगर नपा-९ का प्रहरी जवान मिनबहादुर कार्की, बैतडी जिल्ला श्रीकेदार गाविस-१ का प्रहरी जवान मीनबहादुर विष्ट, कञ्चनपुर जिल्ला बाइसेबिचवा गाविस-८ का प्रहरी जवान लोकबहादुर मगर, महेन्द्रनगर नपा-१० का प्रहरी जवान परमानन्द राय, बेलगाडी गाविस-९ का आनन्दबहादुर चन्द, बाँके जिल्ला बैजापुर गाविस-३ का खुसीराम चौधरी, डडेल्धुरा जिल्ला अलिताल गाविस-७ का रामबहादुर बोहरा, दाङ जिल्ला सिसहनिया गाविस-२ का सतीराम चौधरी र सुर्खेत जिल्ला महेलकुना गाविसका कमल नागलको मृत्यु भयो।

हेकुली गाविसमा ०६१ असार २२ गते बिहान सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा सशस्त्र प्रहरी बलका हवल्दार विष्णु खड्काको मृत्यु भयो।

अन्यबाट

नारायणपुर गाविस-१ पत्थरकोटीयाका ५७ वर्षीय रामी थरुनीको ०६० चैत १२ गते बम विस्फोट भई मृत्यु भयो। नजिकैको बारीमा तोरी उखल्न गएकी पीडितको बम विस्फोटमा परी घटनास्थलमै मृत्यु भएको थियो। बेवारिसे अवस्थामा रहेको सो बम माओवादीले छोडेको आशंका गरिएको छ।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

त्रिभुवननगर नपा-७ वगालेका ३५ वर्षीय डम्बरबहादुर रानालाई माओवादीको आशंकामा ०६१ भदौ १२ गते सर्चमा गएका सुरक्षाकर्मीले सोधपुछको क्रममा भाग्न लाग्दा दायाँ घुँडामा एक गोली प्रहार गरी घाइते पारे। उपचारार्थ महेन्द्र अस्पताल लगिएकोमा उनलाई नियन्त्रणमा लिइयो।

त्रिभुवननगर नपा-६ मा सुरक्षा कारवाहीमा ०६१ मंसिर २५ गते सोही ठाउँका माओवादी कार्यकर्ता ३७ वर्षीय झकबहादुर बुढालाई कोखामा गोली हानी गिरफ्तार गरे भने अर्का सोही ठाउँका सर्वसाधारण १८ वर्षीय सिताराम बुढा टाउकोमा चोट लागी गम्भीर घाइते भए। पीडितहरुलाई ४ दिनपछि रिहा गरी सुरक्षा निकायले उपचारार्थ नेपालगञ्ज पठायो।

माओवादीबाट

माओवादीले सुरक्षाकर्मी चढेको ना. २ ख ३६९७ नम्बरको बसलाई लक्षित गर्दै ०६० माघ ७ गते घोराही-लमही सडकखण्डमा पर्ने मुसोट खोला नजिक थापेको विद्युतीय धरापमा परी बस चालक नीमबहादुर थापा घाइते भए। सुरक्षाकर्मीतर्फ भने कुनै क्षति नभएको बताइयो। घाइते चालकलाई तत्काल उपचारार्थ नेपालगञ्ज पुऱ्याइयो।

तुल्सीपुर नपा-६ बरूवागाउँका १५ वर्षीय सुशीला चौधरी, ६ वर्षीय सुरेश चौधरी र ५ वर्षीय राजेश चौधरी क्षेत्रीय प्रहरी इकाई कार्यालय नजिकै फालिएको सकेट बम ०६० माघ ७ गते विस्फोट हुँदा गम्भीर घाइते भए। माओवादीले क्षेत्रीय प्रहरी इकाई कार्यालयलाई लक्षित गरेर फालेको दावी सुरक्षा श्रोतले गऱ्यो भने कार्यालयदेखि २ सय मिटर उत्तरतर्फ अलपत्र छाडिएको सो बम दाउरा खोज्न गएका ती बालबालिकाले छुन पुग्दा विस्फोट भएको थियो। उनीहरूको उपचार महेन्द्र अस्पताल घोराहीमा गरियो।

विजौरी गाविस-५ मैरहवा नजिक सुरक्षाकर्मी र माओवादीबीच ०६० माघ २४ गते दिउँसो भएको फायरिङ्गमा परी गोरखा घर भइ मावि विजौरीमा कक्षा ८ मा अध्ययनरत १३ वर्षीय बालिका सुरूची श्रेष्ठ घाइते भइन्। घोराहीबाट तुल्सीपुरतर्फ गइरहेको सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी माओवादीले फायरिङ्ग गर्दै विद्युतीय धराप विस्फोट गराएपछि सुरक्षाकर्मीले जवाफी फायरिङ्ग गरेका थिए। हातमा छर्रा लागेको बालिकाको आयुर्वेदिक चिकित्सालयमा उपचार गरियो। बालिका दोहोरो फायरिङ्गमा नभई माओवादीले विस्फोट गराएको पाइप बमको छर्रा लागेर घाइते भएको प्रहरीले बताए।

घोराही-लमही सडक खण्डको गोग्लीनजिक ०६० माघ २५ गते राति माओवादीसँग भिडन्त हुँदा एक सुरक्षाकर्मी घाइते भए। गोली लागेपछि घाइते भएका

माओवादीद्वारा मारिएका गणेश न्यौपाने

सुरक्षाकर्मीलाई जिल्ला अस्पतालमा सामान्य उपचार गराई उपचारार्थ काठमाडौं लगियो।

जेल र बन्दीहरु

"घ" श्रेणीको तुल्सीपुर जेलको बन्दी क्षमता १ सय जनाको छ। यस जेलमा ३७ जना कैद नतोकिएका र ५८ जना कैद तोकिएका बन्दी छन्। कैद नतोकिएका ५ र तोकिएका ४ महिला छन्। बालबालिका ७ जना रहेकोमा २ जनालाई नेपाल बाल संगठन बाल संरक्षण गृह सिफल काठमाडौंमा र ५ जनालाई नेपाल बाल कल्याण गृह भैरहवामा पठाइयो।

घोराहीको जेल भने अझै सञ्चालनमा आएको छैन।

माओवादीद्वारा मारिएका भोजराज शर्मा

बेपत्ता / अपहरण

राज्यबाट

रामपुर गाविस-२ का ऋषिराज सुवेदीलाई माओवादीको आशंकामा ०६० फागुन १७ गते बेलुका घोराहीको ट्राफिक चोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित सुवेदीको रिहाईका लागि उनकी पत्नी कमला सुवेदी र नागरिक समाज दाङका प्रवक्ता टिकाराम रेग्मीले विज्ञप्तिमार्फत् अनुरोध गरे।

सैघा गाविस-५ खानीगाउँका १८ वर्षीय गोपाल घर्तीलाई माओवादीको आरोपमा ०६० चैत २० गते सुरक्षाकर्मीले गणेश चित्रालय घोराहीबाट गिरफ्तार गरी ९० दिन नजरबन्दमा राखे। त्यसपछि तुल्सीपुर जेलबाट रिहा गरी पुन: सोही दिन ०६१ असार १७ गते गिरफ्तार गरी बेपत्ता पारे। उनका बुबा जीतबहादुर घर्तीले रिहाइका लागि एक विज्ञप्ति जारी गरे।

बेला गाविस-९ बसन्तपुरवाट कपिलवस्तु जिल्ला गणेशपुर घर भएका माओवादीका भीम भनिने रामप्रकाश पासवान र राजपुर गाविस-२ रोइनिहवाका अम्मर भनिने होमराज घर्तीलाई ०६० चैत २१ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरे। होमराज घर्तीलाई हाल तुल्सीपुर जेल चलान गरिएको छ भने रामप्रकाशको अवस्था अज्ञात छ।

हेकुली गाविस रावतगाउँका २२ वर्षीय हुमा भनिने धनकली चौधरीलाई आफन्तको घरमा आएको बेला ०६१ भदौ ५ गते बिहान तुनपा- ८ कटकुइयाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनको अवस्था अज्ञात छ।

रुकुम जिल्ला चौखावाङ गाविस-५ का मोहनवहादुर घर्तीलाई सुरक्षाकर्मीले ०६१ भदौ १७ गते घोराहीको नयाँ वजारवाट माओवादीको आशंकामा गिरफ्तार गरी वपत्ता पारे। उनको स्थिति अज्ञात छ।

गोवरडिहा गाविसबाट ०६१ असोज १० गते माओवादी कार्यकर्ता माया पुनलाई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

त्रिभुवननगर नपा- १० का २२ वर्षीय शिवप्रसाद चौधरीलाई माओवादी आशंकामा ०६१ कार्तिक १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्थाबारे केही थाहा हुन नसकेको गाउँलेहरुले वताए।

उरहरी गाविस-४ क्वाङ्गीका २२ वर्षीय झग्गुप्रसाद चौधरीलाई तुल्सीपुर बजार गएको बेला ०६१ कार्तिक २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

त्रिभुवननगर नपा-९ बाहुनडाँडाबाट ०६१ मंसिर ५ गते क्षितिज नाम गरेका माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

जाजरकोट जिल्ला नायकवाडा धुमाका २६ वर्षीय महेशकुमार चलाउनेलाई माओवादीको आशंकामा ०६१ पुस १२ गते सुरक्षाकर्मीले घोराहीको तुल्सीपुर चोकबाट गिरफ्तार गरे। उनको अवस्था अज्ञात छ।

माओवादीबाट

प्युठान जिल्ला रस्पुरकोट गाविस-१ का १८ वर्षीय अर्जुन गन्धर्व र १९ वर्षीय ध्रुव गन्धर्वलाई ०६० पुस १८ गते विजौरी गाविस-३ सातकुलेबाट माओवादीले अपहरण गरे। पीडितहरुलाई सोधपुछपछि प्युठानबाट मुक्त गरियो।

तुल्सीपुर नपा-८ कटकुइयाँका धनेश्वर न्यूरे, उनका भाई पारेश्वर न्यूरे र एक युवतीलाई ०६० चैत ७ गते राति माओवादीले अपहरण गरे। पारेश्वर र युवतीबीच अनैतिक सम्पर्क रहेका कारण सोधपुछका लागि भनेर तीनै जनालाई अपहरण गरी लगेको स्थानीय वासिन्दाले जनाए।

शाही नेपाली सेनाको १९ नं. वाहिनी, तुल्सीपुरमा कार्यरत सैनिक जवान धनबहादुर विकलाई ०६० चैत २८ गते पुरन्धाराको हापुरेबाट माओवादीले अपहरण गरेकोमा जागिर नखाने शर्तमा ०६१ वैशाख २२ गते मोरङ जिल्ला जाते गाविस-३ धानखेत घर भएका बुबा आमाको जिम्मा लगाए।

प्युठान जिल्ला मर्कावाङ्ग गाविस-३ का रक्तकाली गण सुर्खेतमा कार्यरत सहायक हवल्दार २२ वर्षीय दानबहादुर खत्रीलाई सुराकी गर्न आएको आशंकामा ०६१ वैशाख २४ गते माओवादीले लक्ष्मीपुर गाविस गोग्लीबाट अपहरण गरी जेठ ४ गते मुक्त गरे। पीडितलाई जागिर छोड्ने शर्तमा

उनको बुवा लालबहादुर खत्रीको जिम्मा लगाए।

गोलटाकुरी गाविस-८ बंगलापुरका शारदा ओलीलाई सुराकीको आरोपमा ०६१ जेठ ७ गते राति माओवादीले अपहरण गरे। पीडित हाल मुक्त भएकी छिन्।

हलवार गाविस-९ का काठमाडौमा कार्यरत प्रहरी जवान तिलक आचार्यलाई ०६१ जेठ ८ गते काठमाडौं जाने क्रममा हलवार गाविस-१ पर्सेनीस्थित घोराही-तुल्सीपुर सडकमा बस पर्खिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

चैलाही गाविस-२ मध्यनगरका जिप्रका दाङका प्रहरी २० वर्षीय रुद्रनारायण चौधरीलाई ०६१ जेठ १ गते सौडियार गाविस-७ डवरगाउँबाट माओवादीले अपहरण गरी ०६१ जेठ १३ गते ढिकपुर गाविस-३ दुन्द्राबाट पत्रकार महासंघ दाङ्ग शाखाका सभापति तथा इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिको रोहवरमा मुक्त गरे।

पवननगर गाविस-५ पहलुवाका शिवकुमार शर्मा लामिछानेलाई ०६१ असार १५ गते माओवादीले अपहरण गरे। उनलाई ०६१ असार १८ गते मानवअधिकारकर्मी, पत्रकार र नागरिक समाजको रोहवरमा उनका दाजुको जिम्मामा मुक्त गरे।

तुल्सीपुर नपा-१ खमारीका ३० वर्षीय कालिमान रोकालाई ०६१ साउन ५ गते बेलुका घरैमा बसिरहेको बेला माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

सिसहनिया गाविस-७ लठ्ठवाका २५ वर्षीय जञ्जीर चौधरीलाई चोरीको आरोपमा ०६१ साउन ५ गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाईपछि मुक्त गरियो।

महिला विकास कार्यालय, दाङका परिचर भीमबहादुर नेपालीलाई सुराकीको आरोपमा ०६१ साउन ५ गते हापुर गाविस-२ गुर्जेबाट माओवादीले अपहरण गरेकोमा साउन १८ गते घरमा ल्याई मुक्त गरे।

त्रिभुवननगर नपा-८ बडहराबाट ०६१ साउन ६ गते जिप्रकाका परिचर रेशम घर्तीलाई ८-१० जनाको संख्यामा आएका माओवादीले अपहरण गरे। पीडित माओवादीको कब्जाबाट भागे।

राजपुर गाविस-१ फोहराका २७ वर्षीय दिनेश गुप्ताले घरमा पत्नी हुँदाहुँदै कान्छी पत्नी भित्र्याई जेठी पत्नीलाई यातना दिएको आरोपमा ०६१ साउन १७ गते माओवादीले अपहरण गरे। पीडितलाई केही दिन श्रम शिविरमा राखी मुक्त गरे।

माओवादीले ०६१ साउन २१ गते बिहान नियन्त्रणमा लिएको रा. १ ख ९१ नम्बरको वसका चालक केशवबहादुर थपलिया र हेल्पर अमर विकलाई सोही दिन बेलुका पञ्चकुले गाविसको हंसपुरबाट मुक्त गरे। पीडितहरुलाई मालिकलाई लिएर आउने शर्तमा मुक्त गरेका थिए।

तुल्सीपुर नपा-९ र १० का ४० वर्षीय नन्दी पुन, १६ वर्षीय सावित्रा भट्टराई, १९ वर्षीय पूजा वलीलगायत् ९ जना महिलालाई ०६१ साउन २३ गते माओवादीले "एकैछिन कार्यक्रम छ" भनी अपहरण गरेकोमा ३ दिनपछि मुक्त गरे।

त्रिभुवननगर नपा-१० का पूर्णबहादुर रावतलाई अवैध रुपले काठ कटान गरेको आरोपमा ०६१ भदौ १३ गते माओवादीले अपहरण गरी लगेकोमा उनी त्यहाँबाट भागेर फर्किए।

माओवादीद्वारा ६ महिनाअघि अपहरित उरहरी गाविस-४ हसनापुरका पारेश्वर बस्नेतलाई ०६१ असोज २ गते सोही गाविसमा आयोजित कार्यक्रमबाट मुक्त गरियो। पारेश्वरसँगै अपहरणमा परेका हसनापुरकै मोहन वली भने माओवादी कब्जाबाट केही समयअघि फरार भएको सार्वजनिक जानकारी गराए।

राजपुर गाविस-८ का रात्री प्रावि गंगदीका प्रधानाध्यापक भगवतीप्रसाद चौधरी र शिक्षक भैरव चौधरीलाई सामुदायिक वनमा कार्यरत छँदा कोषमा रहेको १३ लाख रुपैयाँ र ३५ टन खयर काठ बिक्री गरेको रकम हिनमिना गरेको आरोपमा ०६१ असोज ३ गते माओवादीले अपहरण गरे।

डुरुवा गाविस-८ भोजपुरका मावि भोजपुरका प्रधानाध्यापक भीमकान्त दाहाललाई प्रशासनिक र साँस्कृतिक कमजोरीको आरोपमा ०६१ असोज ४ गते अनेरास्ववियु (क्रान्तिकारी) ले अपहरण गरी २४ दिन पछि एक कार्यक्रमको आयोजना गरी मुक्त गरे।

रामपुर गाविस-७ राइटरका गोविन्द घर्तीलाई ०६१ असोज ७ गते महिलामाथि अभद्र व्यवहार गरेको, प्रशासनलाई रिपोर्टिङ गरेको र शंकास्पद गतिविधि गरेको आरोपमा अपहरण गरिएकोमा त्यस्तो कुनै कारण नपाइएको भनी ०६१ पुस ४ गते माओवादीले मुक्त गरे।

रामपुर गाविसबाट कृषि विकास कार्यालय दाङ्गका बाली अधिकृत महेश रेग्मी, लिमड पोखराका कार्यक्रम अधिकृत कृष्णप्रसाद देवकोटा, सामुदायिक परिचालक

भिडन्तमा मारिएका बिजौरी गाविस-५ का सर्वसाधारण विद्यामणि देवकोटा

चितवनका हरिप्रसाद पौडेल र गाडी चालक गंगा गुरुङ्गलाई विऊ विजन वृद्धि कार्यक्रम अन्तर्गत धानवालीको स्थलगत निरीक्षणका क्रममा गएको बेला आफ्नो अनुमति नलिएको भन्दै माओवादीले ०६१ असोज ६ गते अपहरण गरे। पीडितहरुलाई आइन्दा अनुमति लिई काम गर्ने शर्तमा असोज १० गते मुक्त गरे।

हापुर गाविस-१ माराकोटबाट १९ वर्षीय परशुराम घर्ती, २६ वर्षीय सहवीर घर्ती, ३० वर्षीय ओइन्द्र थापा, १४ वर्षीय हिमलाल राना, १६ वर्षीय जीवबहादुर थापा, १६ वर्षीय गिरीराज शाह, २८ वर्षीय विकास विष्ट, २८ वर्षीय छविलाल केसी, १५ वर्षीय योगेन्द्र विष्ट, ३२ वर्षीय लोकबहादुर घर्ती, ३४ वर्षीय जोगमाया पुन, ३५ वर्षीय रामबहादुर वाठालाई ०६१ कार्तिक १३ गते माओवादीले अपहरण गरे। "नजिकै कार्यक्रम छ" भनी गाउँका ५०-६० जनालाई लगेकामा बाँकीलाई मुक्त गरे। उनीहरुलाई अज्ञात स्थलतर्फ लगिएको थियो।

मानपुर गाविस-४ का ४९ वर्षीय नन्दराम बस्नेतलाई ०६१ कार्तिक १५ गते माओवादीले अपहरण गरे। यसअघि जग्गासम्बन्धी विवादमा असार १५ गते तुल्सीपुर बजारबाट घर फर्कदै गर्दा अपहरण गरी असार २३ गते रोल्पा जिल्लावाट मुक्त गरे।

त्रिभुवननगर नपा-६ मसिनाका २९ वर्षीय विक्रम विक, सोही ठाउँका १६ वर्षीय सुरेश जीएम र सैघा गाविस-५ खानीगाउँका १६ वर्षीय शान्तबहादुर घर्तीलाई नक्कली माओवादी बनी लुटपाट गरेको आरोपमा ०६१ कार्तिक २६ गते माओवादीले अपहरण गरे।

डुरुवा गाविस-८ भोजपुरबाट ४० वर्षीय जुगराम चौधरी, ३२ वर्षीय लालबहादुर चौधरी, ३२ वर्षीय श्यामलाल चौधरी, २६ वर्षीय शोभाराम चौधरी र उमेर नखुलेका थाने चौधरीलाई ०६१ मंसिर १४ गते घरैबाट अपहरण गरे। पीडितहरुलाई दाङको पश्चिमतर्फ लगिएकोमा थुनुवावनवाट शोभाराम फर्केर आए भने अन्यलाई भोलिपल्ट मुक्त गरे।

सौडियार गाविस-२ गुरुवागाउँबाट ३५ वर्षीय सिताराम चौधरी, २२ वर्षीय अर्जुन चौधरी, २० वर्षीय विन्तिराम चौधरी र २१ वर्षीय मदन रावतलाई ०६१ मंसिर १३ गते माओवादीले अपहरण गरेकोमा २ दिनपछि मुक्त गरे।

तुल्सीपुर नपा वजारमा रङ्गिला रेष्टुरेन्टका मालिक तथा पूर्व प्रहरी हवल्दार ३२ वर्षीय ढालवहादुर शाहीलाई ०६१ पुस ५ गते विहान माओवादीले अपहरण गरे। पीडित कटकुइया भन्ने ठाउँबाट भागेर आए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

हलवार गाविस-३ का दृष्टिहीन असकुमार चौधरीलाई माओवादीलाई सघाएको आरोपमा ०६० माघ ५ गते गस्तिमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

शान्तिनगर गाविस-२ का ३२ वर्षीय लेवाराम आचार्य, २८ वर्षीय नाकचुराम चौधरी, २६ वर्षीय विजय बोहरा, १९ वर्षीय बलराम न्यौपाने, ४६ वर्षीय भीमबहादुर रोका र ३५ वर्षीय ताराप्रसाद तिवारीलाई ०६० चैत २६ गते सुरक्षाकर्मीले कुटपिट गरे। कुटपिटबाट नाकचुराम र लेवाराम सख्त घाइते भए।

नेपाल पत्रकार महासंघ दाङ शाखा सदस्य एवम् अन्नपूर्णपोष्ट दैनिकका सम्वाददाता तथा ज्ञानोदय कम्युनिकेशन कर्नरका प्रोप्राइटर उदय जीएमलाई ०६१ असार ८ गते बेलुका सुरक्षाकर्मीले दुर्व्यवहार गरे। उक्त समयमा पसलको सटर बन्द गर्दै रहेका पीडितलगायत् बाटोमा साइकलमा यात्रा गरिरहेका ४-५ जना र पसलमा रहेका व्यक्तिहरुलाई गाडीमा आएका सुरक्षाकर्मीले हातपात तथा दुर्व्यवहार गरे।

अनेरास्ववियुका जिल्ला कोषाध्यक्ष विवेक श्रेष्ठलाई ०६१ असार १६ गते त्रिभुवननगर नपा-१ भरतपुरडाँडामा फुटबल खेलिरहेको अवस्थामा प्रहरीले कुटपिट गरे।

त्रिभुवननगर नपा-१० नयाँबजारमा ०६१ असोज ३० गते ६ वर्षीय प्रतिभा सेन, राजेन्द्र सेन, विपना सेन, सुशीला श्रेष्ठ, शोभाराम रोका, मधु केसी, लिला वुढाथोकीलगायत् ७ घर-परिवारलाई आफूलाई सुरक्षाकर्मी बताउने तीन जनाले कुटपिट गरे।

लक्ष्मीपुर गाविस-३ भैसकुरस्थित खैरी सामुदायिक वन समितिको अधिवेशन गर्न लागेको बेला सुरक्षाकर्मी प्रवेश गरी गोविन्द शर्मा र हरी चौधरीलाई ०६१ मंसिर २३ गते आँखामा पट्टी बाँधी माओवादी आएको सूचना नदिएको आरोपमा घाइते हुनेगरी कुटपिट गरे।

माओवादीबाट

धर्ना गाविस-२ गैरीगाउँका मीठालाल चौधरीको घरमा ०६१ साउन १३ गते खानतलासी गर्न खोज्दा भएको विवादमा पीडितका छोरा हरिप्रसाद चौधरीलाई माओवादीले कुटपिट गरी घाइते बनाए।

दाङ जिल्लामा कार्यरत ३९ जना गाविस सचिवहरुले माओवादी धम्कीका कारण ०६१ मंसिर २५ गते स्थानीय विकास अधिकारीसमक्ष सामूहिक राजीनामा दिए। माओवादीले ०६१ मंसिर १४ गते एक विज्ञप्ति जारी गरी

अविलम्ब राजीनामा नगरे भौतिक कारवाहीको चेतावनी दिएका कारण आफूहरु ठूलो संकटमा परी राजीनामा दिएको उनीहरुले जनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दर्ता भएका व्यक्तिवादी देवानी मुद्दा १ सय २६, व्यक्तिवादी फौजदारी ७५, सरकारवादी फौजदारी ५२, गत वर्षको जिम्मेवारी सरेका व्यक्तिवादी देवानी ३ सय २१, व्यक्तिवादी फौजदारी १ सय ९७ र सरकारवादी ८१ वटा मुद्दा रहे। तीमध्ये व्यक्तिवादी देवानी १८, व्यक्तिवादी फौजदारी २७, सरकारवादी १७ फर्स्यौट भए। गत वर्षको जिम्मेवारी सरेर आएका मध्येबाट व्यक्तिवादी देवानी ८९, व्यक्तिवादी फौजदारी १ सय २२ र सरकारवादी फौजदारी २२ वटा मुद्दा फर्स्यौट भए।

पुनरावेदन अदालतमा जिम्मेवारी सरेर आएका दुनियावादी देवानी १ सय १ मध्ये २४ फर्स्यौट भई ७७ बाँकी रहे। दुनियावादी फौजदारी २२ मध्ये एक फर्स्यौट भयो भने सरकारवादी देवानी एउटा रहेकामा फर्स्यौट भएन। सरकारवादी फौजदारी ७१ मध्ये १३ फर्स्यौट भई ५८ वटा बाँकी रहे। सरकारवादी फौजदारी लगत ५५ मध्ये ९ फर्स्यौट भए। त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा ७ वटा मुद्दा दर्ता भएको ७ वटै फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

केही भूमिहीन मुक्त कमैयाहरु त्रिभुवननगर नपा-१ कपासीबगियाको जग्गा कब्जा गरी ०६१ साउन ४ गतेदेखि पाल टाँगेर बसे। सरकारले उचित व्यवस्था गर्न नसकेपछि १ सय ५ मुक्त कमैया परिवारले जिल्ला प्रशासन कार्यालयको नाममा रहेको २५ बिगाह क्षेत्रफलको उक्त जग्गामा पाल टाँगेका हुन्। तर खाद्यान्नको भने अभाव छ। यसअघि उनीहरुले पुनर्स्थापनाका विभिन्न माग राखी आन्दोलन गरेका थिए। सो क्रममा दुई दिनसम्म घोराहीमा जुलुश प्रदर्शन गर्नुका साथै धर्ना समेत दिएका थिए। सरकारले चाँडोभन्दा चाँडो उचित बसोबासको व्यवस्था नगरे सो स्थानमा स्थायी बसोबास गर्ने कुरा मुक्त कमैयाहरुले यस अघि बताएँदै आएका थिए। सरकारी बेवास्ताले अझै पनि जमिन्दारको काम गर्न आफूहरु बाध्य भएको बताउँदै आएका मुक्त कमैयाहरुले विभिन्न मागसहित प्रधानमन्त्रीको कार्यालय, भूमिसुधार मन्त्रालय, जिविस, भूमिसुधार कार्यालय, जिल्ला प्रशासन कार्यालयसमक्ष ज्ञापनपत्र बुझाइसकेका छन्।

आर्थिक अधिकार

हेकुली गाविस-९ सुकदेवाका मनोनित जिविस सभापति देवेन्द्र गिरीको माओवादीले घरका सम्पूर्ण सामानहरू ०६० चैत २३ गते राति लुटेर लग्नुका साथै वम प्रहार गरी क्षति पुऱ्याए।

तुल्सीपुर नपाका मनोनित प्रमुख क्षेत्रबहादुर वम्नेतको उरहरी गाविस-६ मोतिपुरमा रहेको घरमा ०६० चैत २३ गते राति माओवादीले लुटपाट गर्नुका साथै वम प्रहार गरी क्षति पुऱ्याए।

गढवा गाविस-९ चन्दनपुरका अवधराम चौधरीको घरमा ०६१ वैशाख १५ गते राति माओवादीले लुटपाट गरे।

विजौरी गाविसका मनोनित अध्यक्ष चूर्णबहादुर वलीको घरमा ०६१ असार ३० गते राति माओवादीले लुटपाट गरे। माओवादीले सोही गाविस-३ मनिकापुरस्थित उनको घरबाट औषधी, रासायनिक मल, धान, भैंसी, खसी, बाखा, हाँस, कुखुरा, राते मृग, बँदेल, तोरी, गहुँ, जौलगायत्का खाद्यान्न तथा लत्ताकपडा, सुनका गरगहना र नगद लुटेका थिए।

लालमटिया गाविस-४ कटाहाका ६५ वर्षीय दुर्गाप्रसाद भुसालको घरमा ०६१ मंसिर २५ गते राति माओवादीले आगजनी गरे भने लाखौंको धनमाल लुटे। लुटपाटपछि २ वटा घरमा वम विस्फोट गराई आगजनी गरेका थिए। आगजनीबाट सोही ठाउँका विष्णु चौधरी, सुन्दर चौधरी, लखन चौधरी र मट्टि चौधरीको घरमा समेत क्षति पुग्नुका साथै खाद्यान्न, लत्ताकपडा, भाडाकुडा नष्ट भए। माओवादीको घटनासम्बन्धमा क्षमायाचना गरे। पीडित चार परिवारलाई २२ क्वीन्टल धान, एक ट्रेक्टर काठ, ओढने-ओछ्याउने र प्रति घर ८ हजार रुपैयाँका दरले नगद दिएको माओवादीले सार्वजनिक गरे।

टरिगाउँ गाविस रझेनास्थित सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश हरिप्रसाद शर्मा, नारायण गौतम, गोविन्द गौतम र तुल्सीपुर नपा-५ का पूर्व सांसद गेहेन्द्र गिरी तथा उनीहरुको परिवारका सदस्यहरुको स्वामित्वमा रहेको जग्गा अनेकिसंघ (क्रान्तिकारी) ले कब्जा गरेको जनाउँदै खरीद-बिक्रीमा समेत रोक लगाएको सार्वजनिक गरे।

डुरुवा गाविस-७ पतखौलीका टोपबहादुर ओली, सोही गाविस-५ पहरुवाका सुरेन्द्र धिताल, यमनारायण धिताल र रेशम धिताल तथा उनीहरुको परिवारको स्वामित्वमा रहेको घर-जग्गा कब्जा गरेको अनेकिसंघ (क्रान्तिकारी) जिल्ला समितिले ०६१ वैशाख १९ गते एक कार्यक्रमवीच जनायो।

कोइलाबास गाविस कार्यालयमा रहेका सम्पूर्ण कागजपत्र, फर्निचर, नगद र गाविस सचिवले प्रयोग गर्ने सामग्रीहरुसमेत ०६१ वैशाख २८ गते माओवादीले लुटेर लगे। माओवादीले गाविस सचिव कैलाश पछाई र ठेकेदार नरबहादुर बुढाथोकीबाट १२ हजार रुपैयाँ पनि लुटेका थिए।

त्यसैगरी कोइलावास भन्सार कार्यालयका प्रमुख बस्दै आएको घरबाट केही फर्निचर र अन्य सामानहरु पनि माओवादीले लगे।

धर्ना गाविस-२ का कृष्णवहादुर वुढाथोकीको घरवाट ०६१ असोज ५ गते राति माओवादीले लाखौंको धनमाल लुटे। यस अघि साउन ३१ गते पनि पीडितको घरमा माओवादीले लुटपाट गरेका थिए।

ढिकपुर गाविस-६ अस्परीका पुष्कर गौतमको ५ विगाह जग्गामा लगाइएको धानबाली ०६१ असोज १० गते माओवादीले कब्जा गरी किसानलाई बाँडे।

रामपुर गाविसका पूर्वउपाध्यक्ष जुद्धवहादुर खड्काको घर-जग्गा ०६१ कार्तिक २० गते कब्जा गरेको माओवादीले सोही ठाउँमा आयोजित कार्यक्रममा बताए।

त्रिभुवननगर नपा-६ फुर्सेकालीका पाण्डव खनालको १९ हजार रुपैयाँ ०६१ कार्तिक १४ गते आफूलाई माओवादी बताउने एक समूहले लुट्यो। कम्ब्याट ड्रेसधारी २ जनाले "कि हिँड्नुहोस् या ५० हजार रुपैयाँ झिक्नुहोस्" भनी रकम लगेको पीडितले बताए।

तुल्सीपुर नपा-११ अस्वराका शरण शाह र गृहलक्ष्मी शाहको घरमा माओवादीले ०६१ कार्तिक १६ गते राति लुटपाट गरे।

रामपुर गाविस बलरामपुरका धनिराम खड्काको १४ विगाह जग्गा ०६१ मंसिर १ गते माओवादीले झण्डा गाडेर कब्जा गरेको बताए।

फुलबारी गाविस-४ का मनोहर भनिने हरिहर पौडेलको घर-जग्गा ०६१ मंसिर ३ गते माओवादीले आफ्नो कब्जामा लिएको बताए।

विजौरी गाविस-७ का पुष्कर मजगैयाँ, भाष्कर मजगैयाँ, नारायण मजगैयाँ, विकास मजगैयाँ र श्यामदेवी मजगैयाँको सम्पत्ति ०६१ मंसिर १४ गते अनेकिसंघ (क्रान्तिकारी) ले लुटपाट गरे।

राजपुर गाविस-३ नौसाहाराका नेकाँ जिल्ला सदस्य बिन्तीराम यादवको घरमा ०६१ मंसिर १६ गते राति माओवादीले लुटपाट गरे। लुटपाटपछि घरका सबैलाई राप्ती नदी कटाई गाउँ निकाला गर्नुका साथै घर-जग्गा कब्जा गरिएको ब्यानर टाँगेका थिए।

ढिकपुर गाविस-५ तेघराका ३५ वर्षीय महेश शाहको घर-जग्गा ०६१ मंसिर २० गते अनेकिसं (क्रन्तिकारी) ले कब्जा गरी लाखौंको सामान लुटे।

सतबरिया गाविस-७ गोजेनाका डिल्लीबहादुर खड्काको घरमा रहेको २५० क्वीन्टल खाद्यान्न तथा सबै जिन्सी सामान ०६१ मंसिर २२ गते माओवादीले लिई घर-जग्गा कब्जा गरिएको ब्यानरसमेत राखे।

उरहरी गाविस-९ सुकौराका रेशमबहादुर भण्डारीको ५० मुरी धान ०६१ मंसिर २२ गते र नेकाँ (प्रजातान्त्रिक) का बुद्धीराम भण्डारीको ४ सय मुरी धान ०६१ मंसिर १९ गते माओवादीले लुटे।

सोनपुर गाविस-८ का सोमनाथ शर्माको घरमा ०६१ मंसिर २३ गते माओवादीले लुटपाट गरे।

सोनपुर गाविस-८ सुनडवरीका भीष्मराज शर्माको घरवाट ०६१ पुस १६ गते बेलुका माओवादीले सम्पूर्ण सामानसहित करिब ८ लाख रुपैयाँ बराबरको लुटपाट गरेको पीडितले जनाए। उनको घर-खेत कब्जा गरिएको माओवादीले जनायो।

सोनपुर गाविस-५ टिकलीगढस्थित दीपेन्द्र प्रहरी बोर्डिङ स्कूलको स्वामित्वमा रहेको ३६ विगाह जग्गा माओवादीले कब्जामा लिएको सार्वजनिक गरे।

संरचना/सम्पत्ति क्षति

इलाका प्रशासन कार्यालय, लमहीमा ०६० पुस १९ गते बेलुका माओवादीले बम विस्फोट गराए। विस्फोटबाट कार्यालय भवनमा क्षति पुग्यो।

जिल्ला मालपोत कार्यालयमा ०६० पुस १९ गते राति माओवादीले बम विस्फोट गराए। विस्फोटबाट तल्लो तलाको पिलर, बरण्डा, रोक्का फाँटको कोठा तथा भवनमा झ्यालका शिशा क्षतिग्रस्त भए।

घोराहीबाट तुल्सीपुरतर्फ गइरहेको लायन्स क्लब अफ तुल्सीपुरको रा. १ च ४७ नं. को एम्बुलेन्समाथि ०६० माघ १४ गते माओवादीले हेमन्तपुरनजिक बम प्रहार गरे।

तुल्सीपुरमा रहेको सल्यानी राजाले बनाएको एक शताब्दी पुरानो दरबारमा ०६० माघ १७ गते बेलुका माओवादीले बम विस्फोट गराई क्षतिग्रस्त पारे। झण्डै ६ विगाह जग्गामा रहेको सो दरबार वि. सं. १९६४ मा सल्यानी राजा शम्सेरबहादुर शाहले निर्माण गरेका थिए।

सदरमुकाम घोराहीका ट्राफिक चोक र सिस्ने खोलावीचको क्षेत्रमा ०६० फागुन ११ गते सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले स्वचालित हतियारबाट गोली प्रहार गर्दा प्रगन्ना सिंचाई परियोजनाको बा. १ झ ५२६३ र रा. १ ज २७८ नम्बरको गाडीमा क्षति पुग्यो।

चैलाही गाविस-२ लमहीस्थित गढवा वन कार्यालयमा ०६० फागुन २३ गते राति १२ बजे माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। विस्फोटवाट सम्पूर्ण कागजपत्र जल्नुका साथै रा. १ ब १०० नं. को मोटरसाइकल काम नलाग्ने गरी क्षतिग्रस्त भयो।

लमहीस्थित भूमिगत जलस्रोत विकास परियोजनाको लु. १ झ १५५ नं. को पिकअप जिप ०६० फागुन २८ गते दिउँसो अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरुले आगो लगाइदिए। आगजनीबाट गाडी पूर्णरूपले नष्ट भयो।

पुरन्धारा गाविस-९ को जङ्गलक्षेत्रभित्र विगत सात वर्षदेखि वस्दै आएका भण्डै १ सय ५५ घर परिवारलाई ०६० चैत १ गते माओवादीद्वारा गठित गाउँ जनसरकार प्रमुखले पन्ध्र दिनभित्र घर छोड्न धम्की दिए। उनीहरु खाल्टे, जैवरी र रिमखाली जङ्गल क्षेत्र फडानी गरी ०५३ सालदेखि वस्दै आएका हुन्। उनीहरुले लगाएको बाली ०६० चैत १५ गतेभित्र स्याहारेर अन्यत्र जान माओवादीले भने।

लालमटिया गाविस भवनमा माओवादीले ०६१ वैशाख १९ गते राति वम विस्फोट गराई क्षति पुऱ्याए।

तुल्सीपुरस्थित इलाका प्रशासन कार्यालय र नेपाल खाद्य संस्थानको गोदाममा ०६१ जेठ १ गते राति ९ बजेतिर माओवादीले वम विस्फोट गरी क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

त्रिभुवननगर नपा-१ बाहुनडाँडाका २० वर्षीय चन्द्रबहादुर रावतलाई माओवादीको आशंकामा ०६० पुस ३० गते घोराहीबजार आएको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल उनी सुरक्षाकर्मीको नियन्त्रणमा रहेका छन्।

हलवार गाविस-२ नवलपुरका राधे चौधरीलाई ०६० माघ १२ गते विहान सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १ महिनापछि रिहा गरियो।

हलवार गाविस-८ खाद्रेका ५० वर्षीय गणेशप्रसाद गिरीलाई ०६० माघ १२ गते विहान सुरक्षाकर्मीले "केही बुझ्नुछ" भनी गिरफ्तार गरी ३ महिना पछि रिहा गरे।

अपाङ्ग मानवअधिकार एवम् सरोकार मञ्च दाङका उपाध्यक्ष यमराज विश्वकर्मालाई माओवादीको आशंका ०६० माघ १३ गते उनकै पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ १६ गते रिहा गरियो।

रामपुर गाविसस्थित निमाविका प्रधानाध्यापक तुलसीराम पोखेललाई माओवादीलाई सघाएको आरोपमा ०६० माघ १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ९० दिनसम्म नजरवन्दमा राखी रिहा गरियो।

त्रिभुवननगर नपा-२ गैरागाउँका २८ वर्षीय निरज गौतमलाई ०६० फागुन २ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरी दिउँसो रिहा गरे।

त्रिभुवननगर नपा-११ खिरटीयाका ३० वर्षीय खेतुलाल वुढाथोकी (केएल पीडित) लाई माओवादीको आशंकामा ०६० फागुन २७ गते दिउँसो सादा पोशाकमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरे। करिब ४ घण्टा नियन्त्रणमा लिई पत्रकार महासंघका प्रतिनिधिको रोहवरमा रिहा गरियो।

त्रिभुवननगर नपा-५ ओखराका यज्ञवहादुर दशौदीलाई ०६० चैत १२ गते रामपुर गाविसवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई अनुसन्धान पछि रिहा गरियो।

हापुर गाविस-६ वगालेका ४५ वर्षीय कृष्णवहादुर रोकालाई माओवादीलाई सघाएको आरोपमा ०६० चैत २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

गोलटाकुरी-७ कलङ्गा खोलाका ३७ वर्षीय भीमलाल पौडेललाई माओवादीको आशंकामा ०६१ वैशाख १७ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता बनाएकोमा असार २९ गते सुरक्षाकर्मीले पीडितको पत्नी गिता पौडेलको जिम्मा लगाए।

तुल्सीपुर नपा-९ वेलुवाका यज्ञबहादुर केसीलाई माओवादीलाई सघाएको आरोपमा ०६१ असार १० गते तुल्सीपुरस्थित भाँडा पसलबाट गिरफ्तार गरी ०६१ असार १९ गते रिहा गरे।

त्रिभुवननगर नपा-८ वडहराकी १५ वर्षीय सुन्तली चौधरीलाई माओवादीको आशंकामा ०६१ साउन ७ गते सुरक्षाकर्मीले घोराहीको तुल्सीपुर चोकबाट गिरफ्तार गरे। पीडितलाई हाल तुल्सीपुर जेलमा राखिएको छ।

सौडियार गाविस-५ बाट २५ वर्षीय च्यान्टु चौधरी, २० वर्षीय देशु चौधरी, १६ वर्षीय निमाकुमारी चौधरी, २० वर्षीय भरत चौधरी, १८ वर्षीय सुमित्रा चौधरी र २५ वर्षीय सागर चौधरीलाई माओवादीको आशंकामा ०६१ साउन ३० गते गिरफ्तार गरी भदौ ५ गते तारेखमा रिहा गरे।

हापुर गाविस-३ साइपुरका ३५ वर्षीय राजन गौतम र जनक वुढालाई माओवादीको आशंकामा ०६१ भदौ १ गते सुरक्षाकर्मीले गिरफ्तार भदौ २ गते रिहा गरे।

विजौरी गाविस-८ बासगढीका २६ वर्षीय शिव थापा र २२ वर्षीय अनिता थापालाई माओवादीको आशंकामा ०६१ भदौ ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ १० गते रिहा गरे।

त्रिभुवननगर नपा-९ वाहुनडाँडाका ३० वर्षीय रामजी चौधरीलाई माओवादीको आशंकामा ०६१ भदौ २५ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। पीडितलाई हाल तुल्सीपुर जेलमा राखिएको छ।

माओवादी कार्यकर्ता कुसन भनिने रमाना गिरी, सृष्टी भनिने रिता चौधरी, विज्ञान भनिने मोहन विक, आरती भनिने हिरा चौधरी र गोवर्धन घर्तीलाई ०६१ कार्तिक १७ गते सुरक्षकर्मीले हेकुली गाविस सलौरावाट गिरफ्तार गरे। उनीहरुलाई रिहा गरिएको छैन।

रोल्पा जिल्ला नुवागाउँ गाविस-९ का २० वर्षीय कुलराम विक, ४० वर्षीय सिमलाल नेपाली र हासिपुर

गाविस-१ की २१ वर्षीय विमला घर्तीलाई माओवादीको आशंकामा ०६१ भदौ २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

प्रायुसंघ जिल्ला अध्यक्ष एवम् एमाले जिल्ला कमिटी सदस्य हुकुमबहादुर वस्नेतलाई माओवादीको आशंकामा ०६१ पुस ९ गते मानपुर गाविस साइपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी तुल्सीपुर सैनिक क्याम्पबाट सोही दिन रिहा गरे।

सतवरिया गाविस-८ रिहारका मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब (रिलेक-नेपाल) जिल्ला शाखाका सहसचिव ३६ वर्षीय ज्ञानराज नेपालीलाई माओवादीको आशंकामा ०६१ पुस १५ गते लमही बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा जिप्रकाबाट ०६१ पुस १६ गते इन्सेक प्रतिनिधिको रोहवरमा तारेखमा रिहा गरियो।

बालअधिकार

मानपुर गाविस-६ रावतगाउँका केशव खत्रीले ०६१ असार १७ गते राति आफ्नै घरमा आगो लगाउँदा उनका छोराछोरी ८ वर्षीय सुशीला खत्री र ५ वर्षीय यादव खत्रीको जलेर मृत्यु भयो। पीडकलाई काठमाडौंमा गिरफ्तार गरियो।

पवननगर गाविस-३ सिराटाकी ३ वर्षीय एक बालिकालाई ०६१ वैशाख २८ गते दिउँसो छिमेकीको घरमा खेलिरहेको अवस्थामा सोही ठाउँका ४९ वर्षीय रतिमान विकले जंगलमा पुर्‍याई बलात्कार गरे। पीडकलाई गाउँलेहरुले समाती केही दिन राखेपछि माओवादीले नियन्त्रणमा लिएका थिए।

त्रिभुवननगर नपा-७ लामिडाँडाकी ६ वर्षीय एक बालिकालाई ०६१ असार ३० गते सोही नपा-८ बडहरामा घोराहीको तुल्सीपुरको चोकमा पान पसल गर्दै आएका ३६ वर्षीय रणबहादुर कुमालले घाँटी अठ्याएर बलात्कार गरे। पीडकलाई साउन ७ गते प्रहरीले गिरफ्तार गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

शान्तिनगर गाविसको पाते टाकुरामा ०६० पुस २० को राप्ती बन्दको प्रचारप्रसारका क्रममा हिँडेका माओवादी कार्यकर्ता सोही दिन राति पातेटाकुराको पिपल चौतारामा आफैले बोकेको बम विस्फोट भई मृत्यु भएको थियो। मृत्युपश्चात् सोही समूहले बोकेर लगेको स्थानीय बासिन्दाले बताएका छन् भने मृतकको नाम हालसम्म सार्वजनिक भएको छैन।

विगतको अनुगमन

राजपुर गाविस-६ सालमौरीका ३० वर्षीय नीमलाल विश्वकर्मालाई ०५९ असार ९ गते सोही गाविस- ४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनलाई सोही ठाउँबाट बेपत्ता बनाइएको तथ्य खुल्न आएको छ।

रुकुम जिल्ला काँक्री गाविस-२ का ३५ वर्षीय डोटे मगरलाई माओवादीको आशंकामा ०६० पुस ७ गते घोराही बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनको स्थिति अज्ञात छ।

पवननगर गाविस-४ कुइरेपानीका ३५ वर्षीय लक्ष्मण चौधरीलाई माओवादीको आशँकामा ०६० मंसिर २२ गते सुरक्षाकर्मीले घोराहीको तुल्सीपुरबाट गिरफ्तार गरी बेपत्ता पारे। उनको स्थिति अज्ञात छ।

४.२ प्युठान

जनसंख्या	: २२९१८९
साक्षरता प्रतिशत	: ४७
महिला साक्षरता प्रतिशत	: ३६
क्षेत्रफल (वर्ग कि. मि.)	: १३०९
गाविस/नपा संख्या	: ४९/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २९९
क्याम्पस/उच्च मा.वि.	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/११
टेलिफोन लाइन	: ३७६
मोटर सडक (कि. मि.)	: १५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: १/५०
मानव विकास सूचकांक	: ०४१६
प्रति परिवार सरदर संख्या	: ५.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

बांगेसाल गाविस-२ का माओवादीद्वारा गठित गाजस

प्रमुख ३७ वर्षीय मुसाराम धामी र सोही गाविस-८ का सीमा भनिने २० वर्षीय डिला केसीलाई ०६१ मंसिर २५ गते सुरक्षाकर्मीको गस्ति टोलीले सोही गाविस-२ भाँक्रीपोखराको जंगलमा पुऱ्याई गोली प्रहार गर्दा मृत्यु भयो। पीडितहरुमध्ये मुसारामलाई सोही वडाको फोर्साबाङ् चौरबाट र डिलालाई एक घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए।

माओवादीबाट

धर्मावती गाविस-१ वाग्दुला पुल्चोकमा ०६१ असार २९ गते माओवादीद्वारा थापिएको विद्युतीय धराप विस्फोट भई सदरमुकामबाट खटिएका एक सुरक्षाकर्मीको मृत्यु भयो भने दुई जना घाइते भए।

नयाँगाउँ गाविस-१ चकचकेका हनुमानध्वज गुल्म लामाचौरका नायक हरिकृष्ण श्रेष्ठको ०६१ साउन १४ गते माओवादीद्वारा विछ्याइएको विद्युतीय धरापमा परि मृत्यु भयो भने अन्य २ जना घाइते भए।

दोहोरो भिडन्त

अर्घाखाँची जिल्ला जलुके गाविसमा ०६१ मंसिर २२ गते खटिएका सुरक्षाकर्मी र प्युठानको बांगेसालबाट अर्घाखाँचीतर्फ लागिरहेका माओवादी छापामारबीच राप्ती नदीको वगरमा जम्काभेट हुँदा भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीको गोलीद्वारा महिला छापामारसहित ३ माओवादी र ३ सर्वसाधारणको मृत्यु भयो। त्यसैगरी २ जना घाइते भए। बांगेसालका सर्वसाधारण घाँस-दाउरा गर्न आएको अवस्थामा घटनामा परेका थिए। घटनामा परी मृत्यु हुने सर्वसाधारणहरुमा बांगेसाल गाविस-५ का ३० वर्षीय तिखु मिया, १६ वर्षीय तुल्सी विक र अर्घाखाँची जिल्ला सिद्धारा गाविस-५ फलाँसेका प्रेमवहादुर नेपाली थिए। त्यसैगरी घाइतेहरुमा बांगेसाल गाविस-३ का २४ वर्षीय भुपबहादुर परियार र सोही गाविस-५ का १६ वर्षीय वविरण मिया थिए। घाइतेहरुलाई उपचारार्थ सुरक्षाकर्मीले आफ्नै हेलिकप्टरद्वारा काठमाडौं पुऱ्याए। सुरक्षाकर्मीको टोलीले तिखु मियाको परिवारलाई किरिया खर्चवापत ४ हजार रुपैयाँ र घाइते भुपवहादुरलाई ५ सय रुपैयाँ दिए। तुल्सीको लाश ३ दिनपछि चैते नजिक फेला परेको थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

अन्यबाट

बांगेसाल गाविस-७ ददेरीका २५ वर्षीय चन्द्रप्रसाद श्रेष्ठ र २४ वर्षीय गंगाप्रसाद श्रेष्ठ ०६० चैत ८ गते बिहान चौरमा फेला परेको पोका हातमा लिएर खेलाउँदा विस्फोट भई घाइते भए। पीडितहरुको प्युठान अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरू

प्युठान जेल 'घ' श्रेणीको हो। राणा कालमा घोडा बाँध्न बनेको तबेलाई पछि जेलको रुपमा प्रयोगमा ल्याइएको हो। २५ जना क्षमता भएको यो जेलमा हाल कैद तोकिएका १४ र नतोकिएका ११ जना बन्दी छन्। बन्दीहरुको लागि टिभी, रेडियोको व्यवस्था छ। स्वास्थ्य उपचारका लागि सदरमुकामस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा लगिन्छ तर त्यहाँ उपचार हुन नसके बाहिर लाने व्यवस्था छैन। बन्दीहरु टोपी, गलवन्दी, चोलो आदि बुन्छन्। हप्ताको २ पटक आइतवार र बिहीबार बन्दीहरुसँग भेट्न पाइन्छ।

बेपता / अपहरण

माओवादीबाट

विजुवार गाविस-२ पुण्यखोलाका ४० वर्षीय रामचन्द्र थापा र ३५ वर्षीय विनिता पण्डितलाई दोस्रो विवाह गरेको आरोपमा ०६० फागुन १८ गते माओवादीले अपहरण गरे। रामचन्द्रलाई एक महिना र विनितालाई १५ दिनपछि मुक्त गरियो।

धर्मावती गाविस-१ वाग्दुलाका सैनिक र प्रहरीका राशन ठेकेदार ५८ वर्षीय द्रोणकुमार कक्षपति, उनका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	१	२	३	२	१		१	२	२	२	८		१०
घाइते					३	४		१	५	१	१	१		२
गिरफ्तारी / यातना										१०	२१	४	१	२६
धम्की					२	१०			१०	१	१			१
आर्थिक / सामाजिक सांस्कृतिक अधिकार					१			४५	४५					
अपहरण					२०	२२	५	७००	७२७					
जम्मा	३	१	२	३	२८	३७	५	७४७	७८९	१४	२६	१३	१	४०

छोराहरु ३५ वर्षीय दीपेन्द्रकुमार कक्षपति र ३० वर्षीय ऋषि कक्षपतिलाई ०६० चैत ३० गते उनकै घरबाट माओवादीले अपहरण गरे। ऋषिलाई तुसारा गाविस-५ बाट ०६१ वैशाख ३० गते सदरमुकामबाट खटिएका सुरक्षाकर्मीले मुक्त गराई ल्याउन सफल भए। द्रोणकुमार र दीपेन्द्रकुमारलाई ओखरकोटको मच्छिबाट साउन ११ गते मुक्त गरियो।

भिंगृ गाविस-९ किमिचौरका १६ वर्षीय मदनकुमार श्रेष्ठ र २४ वर्षीय सीता घर्तीलाई अवैध सम्बन्ध राखेको आरोपमा माओवादीले ०६० फागुन २४ गते आ-आफ्नो घरबाट अपहरण गरे। पीडितहरुलाई केही महिनापछि मुक्त गरियो।

तिराम गाविसको थक्लेनी वायखोलाबाट चण्डीप्रसाद गुल्ममा कार्यरत नायक ३५ वर्षीय साने खत्रीलाई ०६१ जेठ १२ गते घर जान ट्रक यात्रा गरिरहेको बेला माओवादीले अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मी र पत्रकारहरुको पहलमा बांगेसाल गाविस दर्वानबाट ०६१ जेठ २४ गते मुक्त गरियो।

रसपुरकोट गाविस-७ चोरपानीका जनमोर्चा नेपालका जिल्ला सदस्य ५० वर्षीय गोपाल पौडेललाई ०६१ असार १० गते पकला गाविस-१ भिवाङबाट माओवादीले अपहरण गरी ०६१ असोज १२ गते धुवाङको छतिउन दमारबाट मुक्त गरे।

अर्खा गाविस-४ अर्खाबाट निवर्तमान गाविस अध्यक्ष रतिमान बुढा र सचिव ४६ वर्षीय ईश्वरवहादुर खड्कालाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०६१ जेठ २७ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई आवश्यक पर्दा उपस्थित हुने शर्तमा मुक्त गरियो।

जिविसबाट रम्दी गाविस-२ तिघ्रामा फिल्ड गएका सबओभरसियरद्वय ३२ वर्षीय पदम श्रेष्ठ र २६ वर्षीय उद्धव श्रेष्ठलाई ०६१ असार २५ गते माओवादीले अपहरण गरी ०६१ असार २६ गते धुवाङबाट मुक्त गरे।

दाखाक्वाडी गाविसको चितिखोलाबाट प्रहरी जवान ३२ वर्षीय ज्ञानबहादुर खत्रीलाई ०६१ असार २९ गते घरबाट आउँदै गरेको बेला बसबाट माओवादीले अपहरण गरे। पीडितलाई धर्मावती गाविस-१ वाग्दुलाबाट ०६१ साउन ३ गते मानवअधिकारकर्मी, पत्रकार, स्थानीय जनता र आफन्तको रोहवरमा मुक्त गरियो।

लुङ गाविस-५ का ७३ वर्षीय रामप्रसाद रिजाल र उनका छोरा ४५ वर्षीय देवीप्रसाद रिजाललाई ०६१ साउन ८ गते घरबाट माओवादीले अपहरण गरे। पीडितहरुमध्ये रामप्रसादलाई ०६१ भदौ ४ गते आफ्नो छोरा हरिप्रसाद रिजाललाई १० दिनभित्र उपस्थित गराउने शर्तमा मुक्त गरेका थिए भने देवीप्रसादलाई ०६१ भदौ १४ गते मुक्त गरे।

लुङ गाविस-५ का ३५ वर्षीय प्रतिभा रिजाललाई ०६१ साउन ९ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ०६१ भदौ १४ गते लुङ वहानेवाट मुक्त गरियो। पीडित जिविस निवर्तमान उप-सभापति तथा एमाले जिल्ला उपसचिव हरिप्रसाद रिजालको पत्नी हुन्।

डामृ गाविस-२ का पूर्व गाविस अध्यक्ष ४० वर्षीय डिलवहादुर थापालाई ०६१ साउन १० गते माओवादीले अपहरण गरे। पीडितलाई सामान्य सोधपुछपछि भोलिपल्ट मुक्त गरे।

फोप्ली गाविस-२ का ५० वर्षीय शोभाराम भण्डारीलाई ०६१ भदौ २१ गते बेलुका उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई सामान्य सोधपुछपछि ०६१ भदौ २४ गते लुङ वहानेबाट मुक्त गरे।

दाङ जिल्ला डुरुवा गाविस घर भई जिप्रकामा कार्यरत प्रहरी जवान २८ वर्षीय नवराज बस्नेतलाई ०६१ असोज १२ गते दाङबाट प्युठान आइरहेको अवस्थामा बिजुवार बजारबाट माओवादीले अपहरण गरे। उनलाई पत्रकार, मानवअधिकारकर्मी र स्थानीय जनताको बीच सोही दिन मुक्त गरे।

बिजुली गाविसका निवर्तमान उपाध्यक्ष घमानसिंह रायमाझीलाई यौन शोषण गरेको आरोपमा ०६१ कार्तिक ७ गते घरबाट माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

चुँजा गाविस-४ का अन्दाजी २२ वर्षीय झविलाल राहु मगरलाई ०६१ कार्तिक १५ गते उनकै घरबाट माओवादीले अपहरण गरे। शाही सेनामा कार्यरत पीडित माओवादी दबाबका कारण जागिर छाडी घर बसिरहेका थिए।

नयाँगाउँ चकचकेका ५५ वर्षीय कृष्णादेवी खत्री र उनकी छोरी २० वर्षीय तुलसादेवी खत्रीलाई ०६१ मंसिर १९ गते माओवादीले घरबाट अपहरण गरे। तुलसादेवी माओवादी कब्जाबाट भागिन् भने कृष्णादेवीलाई १८ दिनपछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

झिमुक जल विद्युत आयोजनामा कार्यरत अपरेटर २८ वर्षीय धनबहादुर गायलाई ०६१ असार २० गते सुरक्षाकर्मीले ज्यानमार्ने धम्की दिई कुटपिट गरे। पीडितको प्युठान अस्पतालमा उपचार भयो।

माओवादीबाट

यस जिल्लाका ४५ गाविसका सचिवहरुले ०६१ मंसिर १० गते माओवादी धम्कीका कारण संयुक्त राजीनामा दिए। जिल्लाका कूल ४९ गाविसमध्ये २ रिक्त र २

अनुपस्थित रहेकाले ४५ जनाले राजीनामा दिए। ०६१ मंसिर २ गते माओवादीद्वारा गठित जिल्ला जनसरकार प्रमुख नारायणप्रसाद अधिकारीद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा मंसिर १० गतेभित्र गाविस सचिवहरु र प्राविधिक सहायकले राजीनामा गरी ४९ गाविसहरु खाली गराउन धम्की दिइएको थियो।

राष्ट्रियसभा सदस्य एवम् एमालेका केन्द्रीय सल्लाहकार समितिका सचिव बीरवहादुर सिंहसँग ०६१ मंसिर ८ गते माओवादीले ५० हजार रुपैयाँ चन्दा माग गरी गाउँमा नबस्न दवाव दिए।

आर्थिक अधिकार

तुसारा गाविस-५ का ६० वर्षीय कृष्णवहादुर जिसीको घर ०६१ वैशाख १२ गते राति माओवादीले सबै सामान निकाली वम विस्फोट गरी क्षतिग्रस्त पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

रोल्पा जिल्ला खुमेल गाविस-२ कुनापानीका सोही गाविसको प्राविधिक सहायक ३२ वर्षीय श्यामलाल केसीलाई माओवादीको आरोपमा ०६० पुस १८ गते विहान आफ्नो काकालाई ल्याउन भारत जान लाग्दा नयाँगाउँस्थित लामाचौर सैनिक चेकपोष्टवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६१ मा सदरमुकाम खलंगा लगि रिहा गरियो।

धर्मावती गाविसको दम्ती भन्ने ठाउँवाट ०६० चैत ६ गते २० वर्षीय भावना, २३ वर्षीय कलम र २५ वर्षीय नवीन भनिने ३ जना माओवादीलाई सदरमुकामबाट खटिएका सुरक्षाकर्मीले गिरफ्तार गरी सदरमुकामस्थित सैनिक व्यारेकमा राखे। तीमध्ये २० वर्षीय भावनाले आत्मसमर्पण गरेपछि तनहुँको ढकालटार लगियो।

माओवादी कार्यकर्ता २१ वर्षीय उमा केसीलाई ०६१ वैशाख २ गते दाखाक्वाडी गाविस-४ पौवा नजिकवाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

माओवादीद्वारा गठित गाजस प्रमुख पृथवहादुर पुनसहित ५ जनालाई ०६१ जेठ २२ गते डामृ गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। जसमध्ये १ जना अपांग महिला भएका कारण हेलिकप्टरद्वारा सदरमुकामसम्म ल्याई व्यारेकमा राखी केही दिनपछि रिहा गरियो।

धर्मावती गाविस-१ वाग्दुला पुल्चोकमा ०६१ असार २९ गते विहान विद्युतीय धराप विस्फोट भएको घटनालाई लिएर एमाले जिल्ला सदस्य हिक्मतवहादुर थापा, व्यापारी भेषराज ढकाल, टुकवहादुर थापा, मजदुर वलराम विक, वेगम विक र प्रेमवहादुर पुनलाई सोही दिन सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक व्यारेकमा पुऱ्याए। पीडितहरुलाई सकुशल रिहाई गर्न सम्वन्धित पक्षसँग विभिन्न संघ संस्थाहरुले संयुक्त प्रेस विज्ञप्तिमार्फत् ०६१ असार ३० गते अनुरोध गरेका थिए। पीडितहरुमध्ये भेषराज, टुकवहादुर, वलराम, वेगम विक र प्रेमवहादुरलाई ०६१ असार ३० गते र हिक्मतवहादुरलाई असार ३१ गते रिहा गरियो।

माओवादी कार्यकर्ता २१ वर्षीय विक्रम केसीलाई ०६१ साउन १४ गते विजुवार गाविस-१ टिकुरीवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

माओवादी महिला कार्यकर्ता १६ वर्षीय निर्मला विक र २२ वर्षीय विष्णा विकलाई ०६१ असोज ८ गते विजुवार गाविस-८ ढाडमंग्रा प्रावि नजिकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये निर्मलालाई पार्टीमा नहिड्ने शर्तमा ०६१ असोज १२ गते उनकी आमालाई जिम्मा लगाई रिहा गरियो भने विष्णालाई प्युठान जेलमा राखिएको छ।

विजुवार गाविस-७ र विजयनगर गाविस-३ बाट ०६१ असोज २२ गते सुरक्षाकर्मीको गस्ति टोलीले २४ वर्षीय भौतिक र १६ वर्षीय विज्ञान भनिने माओवादी कार्यकर्तालाई गिरफ्तार गरे। भौतिक ०६१ असोज २४ गते खलंगा चण्डीप्रसाद गुल्म व्यारेकवाट फरार भए भने विज्ञान सुरक्षाकर्मीकै नियन्त्रणमा छन्।

रोल्पा जिल्ला जैमाकसला गाविस-५ का १७ वर्षीय ओमबहादुर विष्टलाई ०६० पुस १९ गते र सोही जिल्ला जेलवाङ गाविस-५ का २७ वर्षीय राजकुमार रोकामगरलाई ०६० माघ १० गते नयाँगाउँ गाविस लामाचौरबाट सेनाले गिरफ्तार गरे। पीडितहरुलाई पत्रकार एवम् मानवअधिकारकर्मीहरुको रोहवरमा ०६१ पुस १ गते जिल्ला प्रशासन कार्यालयवाट रिहा गरियो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष २ जनाले झुण्डिएर र २ जनाले विष सेवन गरी आत्महत्या गरे। सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु भयो।

सदरमुकाम खलंगानजिक मल्लारानी डाँडामा रहेका सुरक्षाकर्मीले ०६० फागुन २७ गते आफ्नो सुरक्षाका लागि थापेको विद्युतीय धराप विस्फोट हुँदा २ सैनिक घाइते भए। घाइतेलाई उपचारार्थ सोही दिन हेलिकप्टरद्वारा काठमाडौं लगियो।

४.३ रोल्पा



जनसंख्या : २२३४१८
साक्षरता प्रतिशत : ५२.८४
महिला साक्षरता प्रतिशत : २२.८८
क्षेत्रफल (वर्ग कि. मि.) : १८७९
गाविस/नपा संख्या : ५१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३०१
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : ०/५२
टेलिफोन लाइन : ८
मोटर सडक (कि. मि.) : ८३
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : २
मानव विकास सूचकांक : ०.३८४
प्रति परिवार सरदर संख्या : ५.४५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

डुब्रिङ गाविस-१ होलेरी वजारको जुर्नेटामा सादा पोशाकका सुरक्षाकर्मीले ०६० चैत ११ गते दिउँसो ११ वजे गोली चलाउँदा ओत गाविस-५ भित्तावाङका माओवादी कार्यकर्ता परिणाम भनिने ३३ वर्षीय वेदु घर्तीको घटनास्थलमै मृत्यु भयो भने डुब्रिङ गाविस-१ का सर्वसाधारण २४ वर्षीय वामदेव कामी घाइते भए। घाइतेलाई सुरक्षाकर्मीले ३ किमी टाढा दाङ जिल्लाको सैघा गाविसको तोसमा पुऱ्याएकोमा उनको लाश भेटियो।

सेरम गाविस-१ सेरमका ४० वर्षीय नमकला विकको ०६१ जेठ २ गते सुरक्षाकर्मीद्वारा सोही ठाउँमा चलाइएको गोली लागी मृत्यु भयो। लाश घटनास्थलमै छोडिएको थियो।

राङ्सी गाविस-२ चौधाराकी २२ वर्षीय पूर्णकला रोका र जंकोट गाविस-५ तासीवाङका १४ वर्षीय कर्णे परियार माओवादीको आरोपमा ०६१ कार्तिक २० गते विहान कोटगाउँ प्रस्तावित मावि नजिकै सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही दिन वेलुका सोही गाविस-३ पुऱ्याई मारिए। लाश घटनास्थलमै छोडिएको थियो।

दुवीडाँडा गाविस-२ बाइजाका २१ वर्षीय पूर्णवहादुर वुढा बुढागाउँ गाविस निगालपानीको होटलमा चाउचाउ खाइरहेको बेला सुरक्षाकर्मी आएको देखेर पसलभित्र लुक्न खोज्दा सुरक्षाकर्मीद्वारा ०६१ मंसिर २३ गते सोही होटलबाट गिरफ्तार गरी केही पर पुऱ्याई मारिए।

माओवादीबाट

राङ्कोट गाविस-७ रंगनामका १२ वर्षीय मंगलसिंह पुनको सोही गाउँनजिक खरबारीमा माओवादीले लुकाएर राखेको बम फेला पारेर खेलाउँदा ०६० पुस २१ गते विस्फोट भई मृत्यु भयो।

गैरीगाउँ गाविस-१ बजिवाङका दुम्ला निमाविमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय मानवहादुर पुनले घर नजिक सकेट बम फेला पारेपछि सोही गाविस-१ र २ को सीमानामा पर्ने चिहानघाटमा माछा मार्न गएको समयमा ०६० फागुन २३ गते विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो।

खुमेल गाविस-८ खेवासेका मनोनित गाविस अध्यक्ष ५४ वर्षीय प्रेमबहादुर पुनलाई ०६१ भदौ ३१ गते राति उनकै घरवाट माओवादीले अपहरण गरी लिवाङ गाविस-१ कपासेनीमा असोज ३ गते हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
माओवादीबाट

कोटगाउँ गाविस-४ खोलावाङका नेपाल माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत १८ वर्षीय कृष्ण घर्ती ०६० चैत २० गते सदरमुकाम लिवाङ आउने क्रममा लिवाङ गाविस-४ रेउघामा निर्माणाधीन अस्पतालको कम्पाउण्डभित्र आइपुग्दा एक्कासी बम विस्फोट भई सख्त घाइते भए। विस्फोट भएको ठाउँमा ४ दिन पहिले माओवादीले ब्यानर राखेकोमा अघिल्लो दिन सुरक्षाकर्मीले ब्यानर निकालेका थिए।

जेल र बन्दीहरू

'घ' श्रेणीको रोल्पा जेलको वन्दी क्षमता ५० जनाको छ। जीर्ण अवस्थामा रहेको यो जेलमा ८ जना बन्दी छन्। जसमध्ये कैद नतोकिएका ४ पुरुष तथा कैद तोकिएका २ महिला र २ पुरुष छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएका ३ जना पुरुष छन्।

व्यक्तिगत मुद्दामा २ महिला र ३ पुरुष गरी ५ जना छन्। यस वर्ष ७ जना पुरुष थुनामा परे। माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा गिरफ्तार भई नजरवन्दका लागि ४ जना पुरुषलाई थुनामा राखिएकोमा २ जना रिहा भए। जेलमा महिला र पुरुष वन्दीगृह एउटै भएकाले महिलाहरुलाई राति कोठामा ताला लगाएर राखिन्छ जसले गर्दा उनीहरुले कोठामा नै दिसापिसाव गर्नुपर्ने वाध्यता छ। वन्दीहरु विरामी भएमा हेल्थपोष्ट र हेल्थ सेन्टरमा उपचार गरिन्छ। वन्दीका लागि टिभी, लुडो, चेस र व्याडमिन्टन उपलव्ध गराइएको छ। इन्सेकद्वारा मानवअधिकारसम्वन्धी पुस्तकहरु र रेडियो तथा आईसीआरसीद्वारा कक्षा १ देखि १० सम्मका सबै विषयका पुस्तकहरु उपलव्ध गराइएको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

तालावाङ गाविस-९ बेस्रावाङका ४५ वर्षीय पदमबहादुर खड्कालाई जिविस सदस्यमा मनोनित हुनका लागि नाम दर्ता गराएको आरोपमा ०६० फागुन ७ गते वेलुका घरबाट माओवादीले अपहरण गरी चैत १६ गते २ लाख रुपैयाँ लिई मुक्त गरे। माओवादीको कव्जामा रहँदा यातना पाएको पीडितले वताए।

बुढागाउँ गाविसका राष्ट्रिय जनमुक्ति पार्टी जिल्ला कार्य समितिका अध्यक्ष ३४ वर्षीय शेरवहादुर पुनलाई आफ्नो घरवाट ०६० फागुन २१ गते माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

जंकोट गाविस-१ माडीचौरकी ४६ वर्षीय नौमाली पुन, ४२ वर्षीय ओममाली पुन र ३५ वर्षीय शशी पुनलाई सदरमुकाम नाकाबन्दी गरेको समयमा नाकाबन्दीको नियम उल्लंघन गरेर सदरमुकाम लिवाङ गएको आरोपमा ०६० चैत २ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई ५ दिनसम्म दाउरा/घाँस कटाएर मुक्त गरियो।

मिझिङ गाविस-१ फर्साचौरका जिविस सदस्य ४२ वर्षीय सूर्यवहादुर विष्टलाई जिविसको सदस्य पदमा मनोनयनका लागि आफ्नो नाम दिएको आरोपमा ०६० चैत २ गते माओवादीले सुलीचौरवाट अपहरण गरे। पीडितलाई एक वर्षसम्म घर नछोड्ने र सुलीचौर तथा लिवाङ नजाने शर्तमा मुक्त गरियो।

दाङ जिल्ला घर भई अरनिको मावि नुवागाउँका प्रधानाध्यापक तथा नेराशिसंगठनका जिल्ला अध्यक्ष रहेका पदम न्यौपानेलाई माओवादीको नियम उल्लंघन गरेर नेपाल वन्दको दिन टेष्ट परीक्षा सञ्चालन गरेको, राजनीति गर्न खोजेको र अटेर गरेको आरोपमा ०६० चैत १२ गते नुवागाउँ गाविसको त्रिवेणीस्थित डेरावाट माओवादीले अपहरण गरे। पीडितलाई ०६१ वैशाख २२ गते मुक्त गरियो।

तालावाङ गाविस-१ आरुवाका ५८ वर्षीय इन्द्रवहादुर घर्तीलाई माओवादीले नाकावन्दीको समयमा माडीचौरवाट सदरमुकामतर्फ आलु लगेको आरोपमा ०६० चैत १७ गते आलुसहित कोटगाउँ गाविस-१ माडीचौरबाट माओवादीले अपहरण गरी जेठ २० गते मुक्त गरे। पीडित सुर्खेत जिल्लाको सहारे गाविस-९ भुल्केको कुखुरा फारममा काम गर्ने मजदुर हुन्।

लिवाङ गाविस-३ सिमलवाङकी ५९ वर्षीय नौरथा डाँगीलाई सदरमुकाम नाकावन्दी गरेको समयमा माडीचौरवाट लुकेर सदरमुकाम लिवाङमा आलु लगेको आरोपमा ०६० चैत १८ गते माओवादीले उनकै घरवाट अपहरण गरे। पीडितलाई गहुँ काट्न लगाएर र नाकावन्दी गरेको समयमा नियम उल्लंघन नगर्ने शर्तमा चैत २२ गते मुक्त गरे।

लिवाङ गाविस-३ खारवाङका ३९ वर्षीय डिलबहादुर बुढा र उनकी पत्नी २७ वर्षीय चन्द्रा बुढालाई नाकावन्दीको नियम उल्लंघन गरेर सदरमुकाम लिवाङमा माडीचौरबाट आलु लगेको आरोपमा ०६० चैत १८ गते उनकै घरवाट माओवादीले अपहरण गरे। पीडितहरुलाई गहुँ काट्ने काममा लगाएर, नाकावन्दीको समयमा सदरमुकाम

घटनाको प्रकार	माओवादीबाट पीडित				राज्यबाट पीडित			
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३	४	५	१	६
घाइते	१	१		१				
गिरफ्तारी/यातना					१३	१८	२	२०
कुटपिट					२	२		२
आर्थिक सामाजिक/सांस्कृतिक अधिकार	७	१५		१५				
अपहरण	२२	३०	११	४१				
जम्मा	३३	४९	११	६०	१८	२५	३	२८

लिवाङमा तरकारी नलैजाने शर्तमा ०६० चैत २२ गते मुक्त गरे।

जंकोट गाविस-१ माडीचौरकी ३४ वर्षीय जूनकुमारी पुन, ४२ वर्षीय गवन वुढा, ४७ वर्षीय रामसरा पुन र ३२ वर्षीय रामकला पुनलाई सदरमुकाम नाकावन्दी गरेको समयमा नियम उल्लंघन गरी सदरमुकाम लिवाङ गएको र तरकारी विक्री-वितरण गर्न लगेको आरोपमा ०६० फागुन २७ गते माओवादीले अपहरण गरे। पीडितलाई तीन दिनसम्म काम गराएर नाकाबन्दीको समयमा लिवाङ नजाने शर्तमा फागुन २९ गते मुक्त गरे।

पाङ गाविस-४ दाङवाङका राप्रपा जिल्ला अध्यक्ष ५५ वर्षीय चन्द्रवहादुर पुनलाई पाङ गाविसको अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ वैशाख ३० गते उनकै घरवाट माओवादीले अपहरण गरे। पीडितलाई सदरमुकाम लिवाङ नजाने शर्तमा ७५ हजार रुपैयाँ धरौटी लिई ०६१ जेठ १ गते मुक्त गरियो।

मिभिङ गाविस-१ धुले बारालका २९ वर्षीय लेखनाथ पोखेललाई सुरक्षाकर्मीलाई लक्षित गरेर राखिएको विद्युतीय धराप बारे सुरक्षाकर्मीलाई जानकारी दिएर आफ्नो योजना असफल बनाइएको आरोपमा ०६१ जेठ ८ गते र उनकी भाउजू २५ वर्षीय धीरा पोखेल र आमालाई सोही आरोपमा ०६१ जेठ ९ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितका दाइलाई उनकी पत्नी धीरालाई छोडिदिने भएकोले ल्याउन भनेर ०६१ जेठ १४ गते उनकै घरवाट माओवादीले लगे। पीडितकी आमालाई ०६१ जेठ ११ गते र अन्यलाई मानसिक, शारीरिक यातना दिएर ०६१ साउनमा मुक्त गरियो।

खुमेल गाविस-७ खेवासेका ४० वर्षीय दिलबहादुर पुनलाई ०६१ भदौ २९ गते उनकै घरवाट राति माओवादीले अपहरण गरे। पीडित असोज ३ गते भागेर सदरमुकाम लिवाङमा आए।

सिर्प गाविस-७ का ५२ वर्षीय गणेशबहादुर खड्का र गाविस-९ कुन्जरीका ६० वर्षीय धनवहादुर घर्तीलाई चर्को व्याज असुल गरेको आरोपमा ०६१ भदौ २ गते आ-आफ्नै घरवाट माओवादीले अपहरण गरे। पीडितहरुलाई अबदेखि चर्को व्याज नउठाउने शर्तमा तमसुक जलाइदिएर पुस १२ गते मुक्त गरियो।

गुजुल गाविस-६ पाटपभीरका २६ वर्षीय हिमाल सुवेदी र ३८ वर्षीय सीता वुढाबीच अवैध यौन सम्पर्क गरेको आरोपमा दुवै जनालाई आ–आफ्नो घरबाट ०६१ असार १५ गते वेलुका माओवादीले अपहरण गरे। पीडितहरुलाई हालसम्म मुक्त गरिएको छैन।

खुङग्री गाविस-४ कोटका जनमोर्चा नेपालका जिल्ला उपाध्यक्ष ६० वर्षीय जीतेन्द्र सिंहलाई आफ्नो पार्टीको नीति विपरीत जिविसको सहयोगमा सोही गाविस-३ धारापानीदेखि सोही गाविस-४ कोटसम्म घोडेटो वाटो निर्माण गराएको आरोपमा ०६१ असार २३ गते बेलुका सोही गाउँबाट माओवादीले अपहरण गरी ०६१ साउन ५ गते मुक्त गरे।

खुङ्ग्री गाविस-८ खलसिङजे का ६२ वर्षीय चन्द्रवहादुर पुन र सोही गाउँका ४६ वर्षीय श्याम पुनलाई आफ्नो पार्टीको नीति विपरीत जिविसको सहयोगमा सोही गाउँदेखि खेवासे जाने तल्लो खुटीसम्म घोडेटो वाटो निर्माण गराएको आरोपमा ०६१ असार २४ गते खुङग्री गाविस-८ खलसिङ्गेवाट माओवादीले अपहरण गरी असार २६ गते मुक्त गरे।

प्युठान जिल्ला खलंगा गाविसका जनमोर्चा नेपाल रोल्पा जिल्ला सचिव ४८ वर्षीय राजकुमार कक्षपति, भेनाम गाविस-९ रावतडाँडाका जनमोर्चा नेपाल जिल्ला सदस्य ३३ वर्षीय हस्तमणि पुन र अन्य कार्यकर्ताहरु खुङ्ग्री गाविस-४ कोटका ४४ वर्षीय नरेश मल्ल, २२ वर्षीय कविराज चन्द, ३० वर्षीय लोकेन्द्रबहादुर सिंह, ४४ वर्षीय मोहन सिंह, ४८ वर्षीय निमकुमार मल्ल, ४४ वर्षीय धनञ्जय सिंह, ४१ वर्षीय लक्ष्मण सिंह, २० वर्षीय उत्तम सिंह र सोही गाविस-५ का १७ वर्षीय दीपेन्द्र सिंहले जनमोर्चा नेपाल जिल्ला समिति उपाध्यक्ष ६० वर्षीय जीतेन्द्र सिंहलाई माओवादीले अपहरण गरेको विरोधमा वालपेन्टिङ गरेको आरोपमा ०६१ असार ३० गते माओवादीले पदमवहादुर सिंह, नरेश मल्ल, कविराज मल्ल, धनञ्जय सिंह, लक्ष्मण सिंह, उत्तम सिंह र दीपेन्द्र सिंहलाई अपहरण गरेर ०६१ असार ३१ गते कुटपिट गरी राजकुमार र हस्तमणिलाई ०६१ साउन ५ गते मुक्त गरे।

जनमोर्चा नेपालका जिल्ला सचिव ४८ वर्षीय राजकुमार कक्षपतिलाई ०६१ मंसिर २० गते मिभिङ गाविस-१ रुइनिवाङमा प्रतिगमन र माओवादी ज्यादतीको भण्डाफोरका क्रममा आयोजित कोणसभा गर्न लाग्दा कार्यक्रमस्थलवाट माओवादीले अपहरण गरे। पीडितलाई ०६१ मंसिर २९ गते मुक्त गरियो।

यस वर्ष जिल्ला सदरमुकाम लिवाङका प्रावि वाहेक अन्य सवै मावि र उच्च माविका विद्यार्थी, शिक्षक र प्राविका शिक्षकहरुलाई माओवादीले उनीहरुद्वारा सञ्चालित "जनसैन्य अभियान" मा विभिन्न मितिमा कम्तिमा एकहप्तासम्म सहभागी गराए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

उवा गाविस-६ ठूलोगाउँका उवा उपस्वास्थ्य चौकीका ग्रामीण स्वास्थ्य कार्यकर्ता वीरेन्द्रकुमार पुनलाई वेनी आक्रमण गरेर आएका घाइते माओवादीलाई उपचार गरेको

आरोपमा ०६१ वैशाख ३० गते दिउँसो सुरक्षाकर्मीले घरबाट निकाली कुटपिट गरे। कुटपिटका कारण पीडित २ दिनसम्म विरामी भएका थिए।

गजुल गाविस-१ ढलंघाका निमावि, रेगुनेटा उवाका शिक्षक ३० वर्षीय जोखवहादुर घर्तीलाई उवामा घाइते माओवादीहरुको उपचार गराएको सम्वन्धमा सुरक्षाकर्मीले सोधपुछ गर्दा झुठो वोलेको आरोपमा ०६१ वैशाख ३० गते दिउँसो उनकै डेरावाट वाहिर ल्याई सुरक्षाकर्मीले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा ८ वर्षसम्म फर्स्यौट नभएका ३ वटा, ७ वर्षसम्मका २ वटा, ४ वर्षसम्मका ६ वटा, ३ वर्षसम्मका २ वटा, १ वर्षसम्मका ३ वटा र ६ महिनाका २ वटा मुद्दा रहे।

देवानी मुद्दा ५ वर्षसम्मका २ वटा, ४ वर्षसम्मका ११ वटा, ३ वर्षसम्मका ५ वटा, २ वर्षसम्मका ६ वटा र ६ महिनासम्मका ५ वटा गरी जम्मा २९ वटा मुद्दा रहे।

साधारण फौजदारी मुद्दा ४ वर्षसम्म फर्स्यौट नभएको एउटा, ३ वर्षसम्मका २ वटा र २ वर्षसम्मका २ वटा रहे।

संक्षिप्त फौजदारी मुद्दा ६ महिनासम्म फर्स्यौट नभएका ४ वटा र विशेष फौजदारी मुद्दा ६ महिनासम्म फैसला नभएको एउटा गरी ५ वटा रहे।

गत वर्षका फर्स्यौट हुन बाँकी सरकारवादी फौजदारी मुद्दा १३, देवानी १४, साधारण फौजदारी ६ गरी ३३ वटा र यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी ५, देवानी ८, साधारण फौजदारी ४, संक्षिप्त फौजदारी ५ र विशेष फौजदारी ५ वटा गरी २७ वटा मुद्दा रहे। यस वर्ष फर्स्यौट भएका मुद्दा साधारण फौजदारी एउटा र संक्षिप्त फौजदारी ८ गरी ९ रहे। जम्मा ४७ वटा मुद्दा फर्स्यौट हुन वाँकी छन्। यस जिल्लामा धेरैजसो मुद्दा माओवादी जनयुद्धसम्वन्धी छन्। कतिपय मुद्दा ०५३ सालदेखि फर्स्यौट नभएका छन्। गाउँमा म्याद तामेल गर्न समस्या भएका कारण धेरैजसो मुद्दा फर्स्यौट हुन सकेका छैनन्।

जिल्ला प्रशासन कार्यालयमा १० वर्ष वा सोभन्दा वढी समयसम्म फर्स्यौट नभएका भ्रष्टाचारसम्वन्धी ४ वटा, ८ वर्षसम्म फर्स्यौट नभएको भ्रष्टाचारसम्वन्धी १, विस्फोटक पदार्थसम्वन्धी ५ र हातहतियार खरखजानासम्वन्धी १ गरी ७ वटा, ७ वर्षसम्म फर्स्यौट नभएको विस्फोटक पदार्थसम्वन्धी १, हातहतियार तथा खरखजानासम्वन्धी ५ वटा गरी ६ वटा, ६ वर्षसम्म फर्स्यौट नभएका भ्रष्टाचारसम्वन्धी १ र हातहतियार/खरखजानासम्वन्धी ३ वटा गरी ४ वटा, ५ वर्षसम्म फर्स्यौट नभएका विस्फोटक पदार्थसम्वन्धी १ वटा, ४ वर्षसम्म फर्स्यौट नभएका भ्रष्टाचारसम्वन्धी १ वटा र हातहतियार खरखजानासम्वन्धी ३ वटा गरी ४ वटा, ३ वर्षसम्म फर्स्यौट नभएका विस्फोटक पदार्थसम्वन्धी १ वटा र हातहतियार/खरखजानासम्वन्धी ४ वटा गरी ५ वटा, २ वर्षसम्म फर्स्यौट नभएका हातहतियार खरखजानासम्वन्धी १ वटा मुद्दा छन्। यस वर्ष एउटा पनि मुद्दा फर्स्यौट भएन। गत वर्षका भ्रष्टाचार मुद्दा ७ वटा, हातहतियार/खरखजाना मुद्दा १८ वटा र विस्फोटक पदार्थसम्बन्धी ८ वटा गरी ३३ वटा र यस वर्ष दर्ता भएका केही सार्वजनिक अपराध मुद्दा २ वटा गरी जम्मा ३५ वटा मुद्दा फर्स्यौट हुन वाँकी छन्। अधिकांश मुद्दा माओवादी गतिविधिमा र ०५२ साल अगाडि संयुक्त जनमोर्चा र अन्य वामपन्थी पार्टीमा संलग्न व्यक्तिहरुलाई लगाइएका मुद्दा छन्। माओवादी जनयुद्धमा संलग्न रहेका व्यक्तिहरु फरार भएका र तारेखमा नआएको हुँदा तथा अन्य वामपन्थी पार्टीमा लागेका व्यक्तिहरुको मुद्दा स्थगित गरिएको हुनाले फर्स्यौट नभएको तथ्य देखिन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा वृद्ध भत्ता ९ सय ६५, विधवा भत्ता १ हजार ९ सय ४७ र अपाङ्ग भत्ता ४९ जनालाई वितरण गरियो। गाविसका सचिवहरु सदरमुकाममा वस्ने वाध्यता र माओवादीको दबावले गर्दा राजीनामा गरेका कारण वृद्ध, विधवा र अपाङ्गहरुले भत्ता पाउन सकेका छैनन्।

आर्थिक अधिकार

राङ्सी गाविस-४ राङ्सीका ५२ वर्षीय मानवहादुर डाँगीलाई गाउँको फटाहा भएको आरोपमा ०६० फागुन १६ गते माओवादीले घरजग्गा र घरमा भएका सवै सामान कब्जा गरे।

मिभिङ गाविस-९ छिर्नेका ७० वर्षीय लीलावहादुर महरालाई गाउँको फटाहा भएको आरोपमा ०६१ जेठ २८ गते माओवादीले घरजग्गा र घरमा भएका सवै सामान कब्जा गरे।

जुँगार गाविस-९ जावलका मानवहादुर डाँगी, नरवहादुर वली, सोही गाविस-९ मजुवाका भागीराम डाँगी, सोही गाविस-४ नेर्पाका सशस्त्र प्रहरीका डीएसपी सुशीलसिंह राठौर, सोही गाविस-४ गोइतीवाङका नेकाँ जिल्ला सचिव ज्ञानवहादुर वली, सोही गाविस-५ नेर्पाका ओजवहादुर खड्का, वुढागाउँ गाविस-३ लिङदुङका शालिकराम वली, सोही गाविस-३ ल्हापडाँडाका एमाले जिल्ला सचिव शान्तकुमार वली, सोही गाविस-२ हान्जावाङका भक्तवहादुर डाँगी र सोही गाविस-७ पाछावाङका तेजमान वलीको

घरजग्गा ०६१ असार २१ गते माओवादीले एक सार्वजनिक सूचना जारी गरी बिक्री गर्न रोक लगाए।

गजुल गाविस-१ दलंघाका ४० वर्षीय विनोदजंग सुवेदीलाई सदरमुकाम लिवाङमा वसेको, गाविसको अध्यक्षमा मनोनित भएको र भ्रष्टाचार गरेको आरोपमा ०६१ असोज १७ गते माओवादीले घरजग्गा र घरमा भएका सामान कब्जामा लिए। पीडित सदरमुकाममा बस्दै आएका थिए।

कुरेली गाविस-१ सात्तालेका वीरबहादुर रोका र सोही गाविस-५ जोगीडाँडाका नन्दे रोकालाई गाउँको फटाहा भएको आरोपमा ०६० असोज २० गते माओवादीले घरजग्गा र घरमा भएका सबै सामान कब्जामा लिए। पीडित हाल दाङमा वसेका छन्।

गजुल गाविस-१ दलंघाका भूपू मन्त्री रेगवहादुर सुवेदीलाई विभिन्न आरोप लगाउँदै ०६१ कार्तिक १७ गते माओवादीले उनको घरजग्गा र घरमा भएका सामान कब्जा गरे। घरमा भएका सबै परिवारहरुलाई घरवाट निकाला गरी धनसम्पत्ति सबै लगेका थिए।

विस्थापन

रोल्पा जिल्लामा माओवादी जनयुद्धका कारण गाउँमा बस्न नसकी २ सय ८४ घर परिवारका १ हजार १ सय ५४ जना व्यक्तिहरु विस्थापित भएका छन्। ०६० पुससम्म २ सय ३ परिवारका ७ सय ७७ जना विस्थापित भएका थिए। ०६० पुस यता ८१ घर परिवारका ३ सय ७७ जना विस्थापित भए। अधिकांश व्यक्तिहरु जिल्ला सदरमुकाम लिवाङमा वसेका छन् भने केही दाङ जिल्लाको घोराही, लमही, भालुवाङ, तुलसीपुरमा वसेका छन्। केही काठमाडौं, पोखरा, नेपालगञ्ज, वुटवल, चन्द्रौटालगायत् नेपालका विभिन्न ठाउँहरुमा वसेका छन्। जिल्ला सदरमुकाममा वसेका अधिकांश विस्थापितहरु मजदुरी गरेर, केहीले होटल तथा पसल गरेर जीवन गुजारा गरिरहेका छन्। विस्थापितहरुमध्ये धेरैजसो गाउँमा प्रहरी चौकी हुँदा प्रहरीलाई सहयोग गर्नेहरु र माओवादीभन्दा फरक विचार राख्ने राजनीतिक दलका कार्यकर्ताहरु छन्।

संरचना सम्पत्ति क्षति

मिझिङ गाविस-७ सुलीचौरस्थित कृषि सेवा केन्द्र भवनमा ०६१ मंसिर १२ गते माओवादीले आगो लगाई क्षतिग्रस्त पारे।

लिवाङ गाविस-५ पिपलचौतारास्थित खानेपानी सरसफाई सव डिभिजन कार्यालयमा ०६१ पुस १० गते राति माओवादीले वम विस्फोट गराई भवन पूर्ण क्षतिग्रस्त गराए। माओवादीले कार्यालयको एउटा कम्प्युटर पनि लगे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लिवाङ गाविस-५ थलिवाङका ३७ वर्षीय सीताराम डाँगीलाई माओवादीको आरोपमा ०६१ जेठ १ गते राति ११ बजे आफ्नो घरमा सुतेको समयमा सुरक्षाकर्मीले गिरफ्तार गरी नयाँ गोरख गणमा लगे। ०६१ जेठ ७ गते हप्ताको एकपटक हाजिर हुने शर्तमा रिहा गरियो। यातनाका कारण पीडित शरीर सुन्निएर तीन दिनसम्म बिरामी भएका थिए।

सेरम गाविस-१ सेरमका निमावि सेरममा कक्षा ५ मा अध्ययनरत १३ वर्षीय वीरसिंह विकलाई माओवादीको आरोपमा ०६१ जेठ २ गते विहान सोही ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी गाम लगेका थिए। गामवाट सदरमुकाम लिवाङ लगी ०६१ जेठ १९ गते पीडितका बुबा गोमान विकको रोहवरमा रिहा गरे।

सेरम गाविस-९ उरिवाङकी १४ वर्षीय पिरमा घर्तीलाई माओवादीको आरोपमा ०६१ जेठ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गाम हुँदै लिवाङ पुऱ्याए। पीडितलाई साउन २ गते रिहा गरियो।

सेरम गाविस-२ सेरमका १८ वर्षीय जमानसिंह रोकालाई माओवादीको आरोपमा ०६१ जेठ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गाम हुँदै लिवाङ पुऱ्याए।

रुकुम जिल्ला चुनवाङ गाविस-४ घर भई कुरेली गाविसको खरीबोटमा औषधी पसल गरी बस्ने २८ वर्षीय शेरजंग वलीलाई माओवादीको आरोपमा ०६१ जेठ १० गते लिवाङ आएको समयमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ९० दिनका लागि नजरवन्दमा राखी भदौ १३ गते रिहा गरियो।

प्युठान जिल्ला खैरा गाविस-५ का १८ वर्षीय गोपाल घर्तीले माओवादी पार्टी परित्याग गरी कोर्चावाङ गाविस-८ हान्निङवाट भागेर प्युठान जान लाग्दा माओवादीको आरोपमा ०६१ असोज ७ गते खुमेल गाविस सातदोवाटोस्थित सैनिक चेकपोष्टवाट सुरक्षाकर्मीले गिरफ्तार गरी लिवाङमा लगी ९० दिनका लागि नजरवन्दमा राखे। पीडितलाई मानवअधिकारकर्मी र पत्रकारहरुको रोहवरमा ०६१ पुस १३ गते रिहा गरियो।

मिझिङ गाविस-१ रुनिवाङका २२ वर्षीय रामप्रसाद गुप्तालाई माओवादीको आरोपमा ०६१ कार्तिक १६ गते सदरमुकाम लिवाङमा आएको समयमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

मिझिङ गाविस-१ रुइनिवाङका २२ वर्षीय रामप्रसाद गुप्तालाई ०६१ कार्तिक १६ गते लिवाङ बजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नजरवन्दमा राखिएको छ।

तालावाङ गाविस-१ का १७ वर्षीय शिवराम घर्तीलाई माओवादीको आरोपमा ०६१ पुस १५ गते लिवाङ वजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेलमा नजरवन्दमा राखियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

रुपन्देही जिल्लाको सालझुण्डी गाविस-२ घर भई जिप्रकामा कार्यरत प्रहरी जवान कृष्णप्रसाद पोखेलले ०६१ वैशाख ३ गते आफ्नो डेरामा झुण्डिएर आत्महत्या गरे।

दैलेख जिल्ला नारायण नपा-७ घर भई रोल्पा जेलमा कार्यरत प्रहरी जवान २६ वर्षीय भीमवहादुर वुढाले ०६१ भदौ २ गते आफ्नै राइफलले गोली हानी आत्महत्या गरे।

यस वर्ष बाटो बनाउँदा पहिरो गई ३ पुरुष र १ महिलाको मृत्यु भयो। रुखले किचेर १ जना पुरुषको मृत्यु भयो। ३१ वटा घरमा आगलागी भयो। झाडापखालावाट १२ जनाको मृत्यु भयो। सुत्केरी हुँदा उपचार नपाई ४ जना महिलाको मृत्यु भएको जानकारीमा आयो।

विगतको अनुगमन

तेवाङ गाविस-५ तेवाङका २१ वर्षीय लिवराज घर्तीलाई लिवाङ गाविस-६ देउपुजेस्थित नयाँ गोरख गण व्यारेकको चेकपोष्टवाट माओवादीको आरोपमा ०५९ भदौ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितको अवस्था हालसम्म अज्ञात छ।

भावाङ गाविस-२ दहवाङका ३३ वर्षीय तिलकवहादुर केसीलाई ०५४ असोज १४ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरेकोमा कर्तव्य ज्यानमा मुद्दा चलाइएको छ।

कोटगाउँ गाविस-८ दाङवाङका ३० वर्षीय यमराज वली, १९ वर्षीय पम्पु वली, सोही गाविस-३ का १८ वर्षीय टेक वुढा र १७ वर्षीय भोजबहादुर वाँठालाई चोरीको आरोपमा ०६० पुस १६ गते माओवादीले अपहरण गरेकोमा चोरी गरेको सामान र रुपैयाँ फिर्ता गर्ने रुपैयाँ जरिवाना तिराएर आइन्दा नदोहोर्‍याउने शर्तमा ०६० पुस ३० गते मुक्त गरे।

४.४ सल्यान



जनसंख्या	: २२७५८५
साक्षरता प्रतिशत	: ४४.४५
महिला साक्षरता प्रतिशत	: ४०.७७
क्षेत्रफल (वर्ग कि. मि.)	: १९५१
गाविस/नपा संख्या	: ४७/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३६१
क्याम्पस/उच्च मा.वि.	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: २/४७
टेलिफोन लाइन	: २४८
मोटर सडक (कि. मि.)	: १२५
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४४
मानव विकास सूचकांक	: ०.३९९
प्रति परिवार सरदर संख्या	: ५.९८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सिउरथ गाविस-१ का झलकमान भनिने ४१ वर्षीय खिमवहादुर पुन, चेतना भनिने ४० वर्षीय विमला पुन र सदीक्षा भनिने १९ वर्षीय लक्ष्मी पुन माओवादीको आरोपमा ०६१ असोज २४ गते सुरक्षाकर्मीद्वारा आफ्नै घरवाट गिरफ्तार गरी एक किलोमिटर टाढा उत्तिसेनी खोलाको पुतलीवांस भन्ने ठाउँसम्म पुर्‍याई आत्मसमर्पण गर्न नमानेपछि सोही ठाउँमा खुकुरी तथा गोली हानी मारिए। पीडितहरु एकै घरका पति, पत्नी र छोरी हुन्। पीडितहरु माओवादीका क्रमश: क्षेत्रीय व्युरो सदस्य, एरिया कमिटी सदस्य र एरिया कमिटी सदस्य तथा स्वास्थ्य विभाग प्रमुख भएको सो पार्टीले सार्वजनिक गर्‍यो।

निगाल्चुला गाविस-३ माझखर्कका ३२ वर्षीय

खुमबहादुर खत्रीको ०६१ कार्तिक ९ गते सुरक्षाकर्मीद्वारा कुपिण्डे गाविस-८ मा कुराकानी गरिरहेको अवस्थामा थप सुरक्षाकर्मी त्यहाँ पुग्दा भाग्न लागेको अवस्थामा गोली प्रहार गरी मारिए। पीडितसहित दुई जना माओवादी सेन्ट्री वसेको स्थानीय वासिन्दाहरुले वताए।

माओवादीबाट

थारमारे गाविस-५ का २८ वर्षीय लोकेन्द्र केसीलाई आफूसँग विवाद गरेको आरोपमा ०६० पुस १९ गते सोही गाविस-४ बाट ट्रकमा वसी घरतर्फ जाँदै गरेको अवस्थामा माओवादी कार्यकर्ता २० वर्षीय मिलन भनिने तिलक मल्लले मरणासन्न हुनेगरी कुटपिट गरी घरदेखि आधा किमि अगाडि सडकमा खसालिदिए। पीडितको घटनास्थलमै मृत्यु भई भोलिपल्ट लाश फेला परेको थियो।

कुपिण्डे गाविस-९ का ३० वर्षीय ओमप्रकाश वली भनिने उमे वलीलाई सैनिक व्यारेकलाई दाउरा उपलब्ध गराएको र बाटोको ठेक्कामा भ्रष्टाचार गरेको, पटक-पटक सम्झाउँदा पनि नमानेको आरोपमा ०६१ मंसिर १७ गते स्थानीय वजारवाट घरतर्फ जाँदै गरेको अवस्थामा बीच बाटोबाटै माओवादीले अपहरण गरी जंगलतर्फ लगे। सोही गाविस-८ मा पर्ने बाटोमा खुकुरीले टाउकोमा गिदी छताछुल्ल हुनेगरी काटेर घोप्टो पारी फालिएको अवस्थामा उनको लाश फेला पऱ्यो। पीडितको लाश सुरक्षाकर्मीको सहयोगमा जिल्ला सदरमुकाम ल्याई पोष्टमार्टम गरियो।

दोहोरो भिडन्त

घाँजरिपिपल गाविस-५ मा सुरक्षाकर्मी र माओवादीवीच ०६० पुस २३ गते भएको दोहोरो भिडन्तमा सिन्धुली जिल्ला घर भई हाल सबुज गण सिमखर्कमा कार्यरत सैनिक जवान २२ वर्षीय झिपेन्द्र गोलेको मृत्यु भयो। सोही भिडन्तमा परी एक जना माओवादी कार्यकर्ताको पनि मृत्यु भएको कुरा रक्षा मन्त्रालयको विज्ञप्तिमा आए तापनि मारिएका व्यक्ति सोही ठाउँका ३२ वर्षीय तेजबहादुर रावल माओवादी नभई सेनाको खानपिनमा सहयोग गर्ने व्यक्ति भएको कुरा पुष्टि भएको छ।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मार्के गाविस-७ स्थित सबुज गणको कम्पाउण्डभित्र आफैले गाडेर राखेको बम ०६० चैत १० गते विस्फोट हुँदा नजिकै सरसफाई गरिरहेका दुई जना सैनिक सख्त घाइते भए। पीडितहरुलाई हेलिकप्टरवाट नेपालगञ्ज लगियो। उपचारपछि ठीक भए।

माओवादीबाट

मार्के गाविस-३ का १० वर्षीय वीरवहादुर बोहरा बेवारिसे अवस्थामा बारीमा फालेको वम खेलाउँदा विस्फोट हुन गई ०६० चैत ४ गते सख्त घाइते भए। उक्त वम माओवादीले फालेको आशंका गरिएको छ। पीडित औषधी उपचारपछि ठीक भए।

सुर्खेत जिल्ला घर भई देवस्थल चौरजहारीमा निर्माणाधीन मोटर वाटोमा काम गर्न आएका १९ वर्षीय टलसिंह डाँगी, १९ वर्षीय ललितबहादुर बुढा र सबुज गण सिमखर्कमा कार्यरत सैनिक जवान २२ वर्षीय कृष्णबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२	१	३	३	३		३	४	४	२	६
घाइते					२	५		५	१	२		२
गिरफ्तारी/यातना									७	१८		१८
कुटपिट	१३	१५	१	१६	२	५		५	१	३		३
धम्की	१	१		१	१	१		१				
जातीय विभेद	२	१	४	५								
महिलाअधिकार	१०		१०	१०								
वालअधिकार	१		१	१					१		१	१
अमानवीय व्यवहार	१	२		२								
अपहरण	१	२		२	४१	६९	४	७३				
जम्मा	३१	२३	१७	४०	४९	८३	४	८७	१४	२७	३	३०

अधिकारी क्षेत्रीलाई ०६१ साउन ६ गते घाँजरी पिपल गाविस-६ डुराखोलामा माओवादीले विद्युतीय धरापमा पारी सख्त घाइते पारे। उक्त मोटरबाटो निर्माण गर्ने जिम्मा शाही नेपाली सेनाले लिएको छ।

जेल र बन्दीहरू

यस जिल्लामा २० जना बन्दी क्षमता भएको 'घ' श्रेणीको जेल छ। यस वर्षको अन्त्यसम्म जेलमा १८ पुरुष, २ महिला र ३ नाबालक गरी जम्मा २३ जना छन्। जसमध्ये १२ पुरुष र २ महिला कैद तोकिएका, २ जना पुरुष पुर्पक्षका लागि थुनामा राखिएका र ४ जना पुरुष माओवादीको आरोपमा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत नजरबन्दमा राखिएका छन्।

जेल भवनको भौतिक अवस्था सुधारका लागि बारम्बार आवाज उठाउँदा कुनै सुनुवाई नभए तापनि आन्तरिक रुपमा भने ऐन-कानुनले तोके बमोजिमका सेवा-सुविधाहरु प्राप्त भइरहेको, जेल प्रशासन, सुरक्षाकर्मी र बन्दीहरुबीच राम्रो सम्बन्ध भएको कुरा सम्पूर्ण बन्दीहरु बताउँछन्।

यस जेलमा रहेका जम्मा ३ नाबालकहरुमध्ये ७ वर्षीय नाबालक र ८ वर्षीय नाबालिका आफ्नी आमासँग आश्रित छन् भने ७ वर्षीय नाबालिका आफ्ना बुबासँग आश्रित भएर आएकी छन्। तर ती नाबालिका बुबासँग आश्रित भए तापनि महिला बन्दीहरुसँग नै बस्ने गरेकी छिन्। आश्रित तीन जना बालबालिका विद्यालयमा पढ्दै छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

थारमारे गाविस-५ का ३४ वर्षीय खिमबहादुर वस्नेत, सोही गाविस-८ का ४० वर्षीय शालिकराम वली र ४५ वर्षीय शेरबहादुर वलीलाई लोकेन्द्र केसीको हत्यामा संलग्न भएको आरोपमा ०६० पुस २० गते माओवादीले थारमारे गाविस-५ बाट अपहरण गरे। पीडितहरुमध्ये दुई जनालाई एक हप्तापछि र खिमबहादुरलाई ६ महिनापछि मुक्त गरे।

बाँफुखोला गाविस-२ का ६५ वर्षीय नोखिराम वलीलाई गाविस अध्यक्ष भएर अन्यत्रै बसी भत्ता खाएको आरोपमा ०६० माघ ७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ७ महिनापछि जिल्ला सदरमुकाम नजाने शर्तमा मुक्त गरे।

कोटमौला गाविस-९ का ३२ वर्षीय नेत्रप्रकाश वलीलाई विदेशनिर कमाउन जान लागेको आरोपमा ०६० माघ १० गते आफ्नै घरबाट माओवादीले तेस्रो पटक अपहरण गरे। पीडितलाई बिरामी अवस्थामा ६ महिनापछि मुक्त गरे।

जाजरकोट जिल्ला खलंगा गाविस-२ का ७२ वर्षीय तेजविक्रम शाहलाई राजाको अभिनन्दन कार्यक्रममा सक्रिय भूमिका खेलेको आरोपमा ०६० माघ २६ गते देवस्थल गाविस-७ सल्लीबजारबाट माओवादीले अपहरण गरे। पीडितलाई तीन दिनपछि मुक्त गरे।

बाँझकाँडा गाविस-१ का २८ वर्षीय वीरबहादुर चलाउनेलाई अनुमति नलिई तालिम सञ्चालन गरेको आरोपमा ०६० फागुन २७ गते डाँडागाउँ गाविस-४ बाट वन समूहका प्रतिनिधिहरुलाई महिला सशक्तीकरण तथा पैरवी क्षमता विकाससम्बन्धी तालिम दिइरहेकै अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई आइन्दा अनुमति नलिएर कुनै पनि कार्यक्रम सञ्चालन नगर्ने शर्तमा फागुन ३० गते मुक्त गरे।

माझकाँडा गाविस-६ का १७ वर्षीय भरत पुन, २९ वर्षीय हर्कबहादुर विक, ३० वर्षीय गणेश बुढा, ६५ वर्षीय खर्के कामी र ५० वर्षीय खुमान विकलाई ०६० फागुन २९ गते "एकैछिन नजिकैको कार्यक्रम हेर्न जाऔं" भनी माओवादीले अपहरण गरे। पीडितहरुमध्ये खुमन विक र खर्के कामीलगायत् बुढापाकाहरुलाई कुनै ठाउँमा एक हप्तासम्म घर-गोठ बनाउन लगाई मुक्त गरे भने अन्य तीन जनालाई कम्ब्याट ड्रेस लगाएर ठाउँ-ठाउँमा घुमाएको कुरा प्रत्यक्षदर्शीहरुले बताए। पीडितहरुलाई एक महिनापछि मुक्त गरे।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, सल्यानको एम्बुलेन्ससहित सो शाखाका दुई कर्मचारीहरु खलंगा गाविस-५ का ड्राइभर २८ वर्षीय कुलराज डाँगी र कार्यक्रम अधिकृत २७ वर्षीय निरज श्रेष्ठलाई बिरामीलाई नेपालगञ्ज पुऱ्याई ०६० फागुन २९ गते कार्यालयतर्फ फर्कदै गरेको अवस्थामा त्रिवेणी गाविस-७ बाट माओवादीले अपहरण गरे। पीडितहरुमध्ये निरज ०६० चैत १ गते माओवादीको आँखा छली भागे। एम्बुलेन्स र ड्राइभरलाई ०६० चैत ४ गते छायाक्षेत्र गाविस-१ बाट सुरक्षाकर्मीले मुक्त गराए।

रोल्पा जिल्ला राँक गाविस घर भई जिल्ला अदालतमा कार्यरत विचारी २३ वर्षीय अमरसिंह वलीलाई आफ्नो आधार इलाकामा आएको आरोपमा ०६१ वैशाख ६ गते विहान थारमारे गाविस-४ बाट माओवादीले अपहरण गरे। पीडितलाई सोही दिन करिब ६ घण्टापछि आइन्दा प्याड लिई आफ्नो आधारक्षेत्रमा नआउने शर्तमा रेडक्रसका प्रतिनिधिको रोहबरमा मुक्त गरे।

काभ्रा गाविस-२ का ४६ वर्षीय प्रेमबहादुर पुनलाई मनोनित गाविस अध्यक्ष भएको आरोपमा ०६० चैत २६ गते, त्रिवेणी गाविस-७ का ३६ वर्षीय इन्द्रबहादुर श्रेष्ठलाई आफूहरुलाई सहयोग नगरेको र सुरक्षाकर्मीलाई सहयोग गरेको आरोपमा ०६१ वैशाख १९ गते, लेखपोखरा गाविस-५

का १७ वर्षीय जयराम वली, २६ वर्षीय दलवहादुर विक, १९ वर्षीय वलवहादुर वली र २५ वर्षीय निमवहादुर विकलाई ०६१ वैशाख १७ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये प्रेमवहादुरलाई ०६१ वैशाख ३ गते, इन्द्रवहादुरलाई दुई हप्तापछि, जयरामलाई ०६१ जेठ ४ गते तथा दलवहादुर, वलवहादुर, निमवहादुरलाई एक महिनापछि मुक्त गरे।

पिपलनेटा गाविस-१ का ७० वर्षीय थुमु वुढालाई मनोनित गाविस अध्यक्ष भएको आरोपमा ०६१ असार १० गते माओवादीले जिल्ला सदरमुकामवाट घरतर्फ जाँदै गरेको अवस्थामा सोही गाविस-३ वाट अपहरण गरे। पीडितसँग ५४ हजार रुपैयाँ असुल गरी असार १७ गते मुक्त गरे।

कालागाउँ गाविस-८ का ५६ वर्षीय कमारो कुमाईलाई ०६१ असार १६ गते, काभ्रा गाविस-७ का ४१ वर्षीय गणेशबहादुर वलीलाई ०६१ असार १८, लक्ष्मीपुर गाविस-१ घर भई हाल स्याङ्ग्युलाका ५८ वर्षीय लोकबहादुर रावतलाई ०६१ असार २२ गते, कालिमाटी रामपुर गाविस-८ का २० वर्षीय देववहादुर डाँगी र उनकी ४४ वर्षीय कान्छी आमालाई ०६१ साउन ८ गते, हिवल्चा गाविस-३ खैरावाङ घर भई हाल खलंगा गाविस-२ को घरमा वस्दै आएका ६२ वर्षीय अनन्तराज शर्मालाई ०६१ साउन ११ गते, वाँफुखोला गाविस-९ का १८ वर्षीय राजेन्द्रवहादुर खड्कालाई ०६१ साउन ११ गते, कोटबारा गाविस-६ की १७ वर्षीय चन्द्रकला भण्डारी र सोही गाविस-८ का १९ वर्षीय खगेन्द्र डाँगीलाई ०६१ साउन ११ गते, हिवल्चा गाविस-७ की ५५ वर्षीय मैश्वरी थापा, ३३ वर्षीय तेजराज थापा र २८ वर्षीय देवकुमारी थापालाई ०६१ साउन १४ गते, कोटवारा गाविस-७ का ५२ वर्षीय लोकवहादुर वली, सोही गाविस-६ का २८ वर्षीय पूर्णवहादुर खड्कालाई ०६१ भदौ ३ गते विभिन्न किसिमका आरोपहरु लगाउँदै माओवादीले अपहरण गरे। पीडितहरुलाई क्रमश: अपहरण गरेकै दिन, दुई हप्ता, तीन हप्ता र दुई महिनापछि मुक्त गरे।

कोटवारा गाविस-६ का ३२ वर्षीय डिल्लीबहादुर वली, सोही गाविस-१ का २४ वर्षीय ओमकार वलीलाई ०६१ भदौ १ गते माओवादीले विभिन्न आरोप लगाउँदै अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

माओवादीद्वारा मारिएका ओमप्रकाश ओली

पिपलनेटा गाविस-१ का ६० वर्षीय झुपलाल गिरी, सोही गाविस-२ का ४५ वर्षीय केशर खत्री, सोही गाविस-३ का सुकराम सुनार, सोही गाविस-५ का ४० वर्षीय जंगबहादुर खत्री, सोही गाविस-६ का ४२ वर्षीय पेशल कामी, सोही गाविस-७ का ५० वर्षीय देवु वुढा, सोही गाविस-८ का ६२ वर्षीय गुमान खत्री र सोही गाविस-९ का ३० वर्षीय वविता वुढाथोकीलाई ०६१ असार १६ गते मनोनित वडाअध्यक्ष भएको आरोपमा माओवादीले आ-आफ्नै घरवाट अपहरण गरे। पीडितहरुसँग माओवादीले जनही ५ हजार रुपैयाँका दरले रकम असुल गरी असार १७ गते मुक्त गरे।

कोटवारा गाविस-८ का २८ वर्षीय पदम केसीलाई ०६१ भदौ ७ गते माओवादीले अपहरण गरेकोमा हालसम्म मुक्त गरेका छैनन्।

डाँडागाउँ गाविस-६ का ४३ वर्षीय गुरुप्रसाद भण्डारीलाई ०६१ भदौ ४ गते, नवलपरासी जिल्ला घर भई सिविन नेपालका जिल्ला संयोजक २५ वर्षीय तिलोत्तम पौडेल र सिद्धेश्वरी गाविस-३ का सिविन, नेपालका सामाजिक परिचालक मनवीर वस्नेतलाई ०६१ मंसिर १० गते, कालिमाटी रामपुर गाविस-८ का ३६ वर्षीय डिलवहादुर थापालाई ०६१ मंसिर २१ गते र डाडागाउँ गाविस-८ का २२ वर्षीय दीपक धितालला‌ई ०६१ पुस १३ गते विभिन्न आरोपमा माओवादीले अपहरण गरे। जसमध्ये दीपक वाहेक अन्य मुक्त गरे।

काल्चे गाविस-७ का ३६ वर्षीय पुरुषोत्तम भट्टराईलाई एमालेको सक्रिय नेता भई जिल्ला सदरमुकाममा वसेको आरोपमा ०६१ असोज २४ गते आफ्नै घरवाट माओवादीले अपहरण गरे। पीडितलाई जिल्ला सदरमुकाम नजाने शर्तमा दुई महिनापछि मुक्त गरे।

छायाँक्षेत्र गाविस-३ का ५२ वर्षीय वीरवहादुर वुढाथोकी, ६० वर्षीय चुडामणि विष्ट र ४४ वर्षीय टेकवहादुर वुढाथोकीलाई ०६१ भदौ १ गते, काब्रे गाविस-२ का ४६ वर्षीय प्रेमवहादुर पुनलाई ०६१ भदौ २ गते, सोही गाविस-९ का ५० वर्षीय खर्कबहादुर घर्ती, सोही गाविस-८ का २३ वर्षीय नेत्रप्रसाद पौडेललाई ०६१ भदौ ४ गते, कोटमौला गाविस-२ का ४० वर्षीय उदयलाल वस्नेतलाई ०६१ भदौ ८ गते, महोत्तरी जिल्ला घर भई हाल कालिमाटी काल्चे रेन्जरपोष्टको रेन्जर पदमा कार्यरत ३६ वर्षीय मुकुन्द मगर र कालिमाटी रामपुर गाविस-८ का ३५ वर्षीय प्रदीप थापालाई ०६१ साउन २० गते, मार्के गाविस-७ का १८ वर्षीय कुलवहादुर विकलाई ०६१ भदौ १७ गते, काल्चे गाविस-७ का ३३ वर्षीय यमप्रसाद भुसाललाई ०६१ असोज

१ गते, काल्चे गाविस-६ का २९ वर्षीय प्रकाश रानालाई ०६१ असोज ३ गते माओवादीले विभिन्न आरोपहरु लगाउँदै अपहरण गरे। पीडितहरुलाई क्रमशः अपहरण गरिएकै दिनदेखि एक महिनासम्ममा मुक्त गरे। पीडितहरुमध्ये यमप्रसादसँग २० हजार रुपैयाँ, प्रकाशसँग १० हजार रुपैयाँ समेत असुल गरेको स्थानीय बासिन्दाले बताए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

ढाकाडाम गाविस-६ का २२ वर्षीय निमबहादुर रोकालाई गाविस मुखिया भई खाइपाई आएको तलब भत्ता नबुझाएमा सम्पूर्ण घरसम्पत्ति पार्टीले कब्जा गर्ने भनी ०६१ जेठ १५ र असार २८ गते दुईपटक माओवादीले धम्कीपत्र पठाए।

स्यानीखाल गाविस-३ अत्तरकाँडाका ७२ वर्षीय केशरसिंह घर्तीलाई आफ्नो पार्टीको जनअदालतको गिरफ्तार पुर्जी मागेको आरोपमा माओवादीले अनुहारमा नीलडाम हुने गरी कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सेजवालटाकुरा गाविस-१ का नेपाल शिक्षक संगठन जिल्ला अध्यक्ष ३४ वर्षीय इन्द्रकुमार शर्मालाई शिक्षक आन्दोलनको नेतृत्व गर्दै जिल्ला शिक्षा कार्यालयमा धर्ना बसेको आरोपमा ०६० माघ २८ गते सोही ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई पाँच घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी २४ र फौजदारी १८ गरी ४२ वटा मुद्दा दर्ता भए भने देवानी ९ र फौजदारी ५ गरी जम्मा १४ वटा फर्स्यौट भए। हाल फौजदारी ११ र देवानी २३ गरी जम्मा ३४ वटा मुद्दाहरु फर्स्यौट हुन बाँकी छन्। जसमध्ये २ वर्ष नाघेका मुद्दाहरुमा देवानी ४, फौजदारी १, एक वर्ष नाघेका मुद्दाहरु देवानी ४, एक वर्ष भित्रका मुद्दाहरुमा देवानी १५ र फौजदारी १० वटा छन्।

जिल्ला प्रशासन कार्यालयमा हाल कुनै पनि किसिमको मुद्दा नभएको सिडियो बालकृष्ण पन्थीले छन्।

जिल्ला सरकारी वकिल कार्यालयमा आतंककारी ऐन तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गतका एउटा पनि मुद्दा नआएको कुरा जिल्ला न्यायाधिवक्ताले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

बाँफुखोला र मूलखोला गाविसबाहेक अन्य ४५ वटा गाविसमा जेष्ठ नागरिक भत्ता ६ सय ५६ जनालाई, अशक्त तथा विधवा भत्ता १ हजार ३ सय ९० जनालाई र अपांग भत्ता ५५ जनालाई गरी २३ लाख ७१ हजार ५ सय रुपैयाँ वितरण गरेको जिविसले जनायो।

आर्थिक अधिकार

कजेरी गाविस-६ बरलाको स्थानीय बजारमा सुरक्षाकर्मी आई बस्ने गरेको र उक्त ठाउँ सम्भावित युद्ध क्षेत्र भएको कारण देखाई ०६१ मंसिर १७ गतेदेखि व्यापार गर्न माओवादीले पूर्ण रुपमा बन्देज लगाए। जसका कारण डम्बर सुनार, धनीराम खत्री, माया बली, देवबहादुर बस्नेतलगायत् ९/१० जना व्यापारीहरु आफ्नो स्वतन्त्र पेशा गरी आय आर्जन गर्न पाउने अधिकारबाट वञ्चित भए।

दार्मांकोट गाविस-६ की ७० वर्षीय पवी रोकासहित उनका ८ जनाको परिवारलाई प्रहरीमा गएको छोरालाई हतियारसहित घर बोलाएर आफ्नो पार्टीलाई सहयोग नगरेको आरोपमा ०६१ भदौ ५ गते बेलुका ७ बजे माओवादीले घरका कुनै पनि सामान निकाल्न नदिएर घरबाट निकालिदिए। पीडितहरु ०६१ भदौ १० गते जिल्ला सदरमुकाम आई विस्थापन जीवन बिताइरहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कोटमौला गाविस-६ का १६ वर्षीय प्रेमबहादुर डाँगी र १८ वर्षीय हेमराज डाँगीलाई माओवादीको आशंकामा ०६१ वैशाख ३० गते प्रहरीले खलंगा गाविस-६ बाट गिरफ्तार गरे। पीडितहरु जिल्ला सदरमुकाममा नागरिकता प्रमाणपत्र बनाउन आएका थिए। पीडितहरुलाई ०६१ जेठ ५ गते रिहा गरे।

ढाकाडाम गाविस-६ का २२ वर्षीय निमबहादुर रोकालाई माओवादीलाई सहयोग गरेको आशंकामा ०६१ असार ५ गते खलंगा गाविस-५ बाट प्रहरीले गिरफ्तार गरे। पीडित सोही गाविस कार्यालयमा कार्यरत मुखिया हुन्। पीडितलाई राप्रपा नेता तथा कार्यकर्ताको प्रयासमा सोही दिन बेलुका रिहा गरियो।

घाँजरीपिपल गाविस-७ का धारमाने भनिने ३१ वर्षीय मनवीर दमाई, ३२ वर्षीय लोकबहादुर कुवँर, बञ्चरे भनिने ४३ वर्षीय मुमे कुवँर र चाँढे गाविस-७ का ४३ वर्षीय बादी चलाउनेलाई माओवादीको आरोपमा ०६१ असार २१ गते घाँजरीपिपल गाविसकै फरक-फरक ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये बादी चलाउनेलाई एक हप्तापछि रिहा गरे भने अन्य तीनजनालाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत साउन १ गतेदेखि ९० दिनका लागि जेलमा राखिएकोमा ०६१ असोज २८ गते अदालतको आदेशमा रिहा गरियो। रिहा गरिएको केही समयपछि नै पुनः

खलंगा गाविस-६ बाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ०६१ कार्तिक २ गतेदेखि तीन महिनाका लागि थुनामा राखिएको छ। आफूहरु सैनिक हिरासतमा हुँदा सेनाले आफूहरुलाई गिट्टी राखेको ठाउँमा उत्तानो पारेर सुताई नाक, मुखमा वाल्टिनवाट पानी खन्याउनुका साथै करेन्ट समेत लगाएको कुरा पीडित लोकवहादुर कुवँरले वताए।

मुलखोला गाविस-४ का ३८ वर्षीय हस्तवहादुर सुनार, सोही गाविस-५ का २८ वर्षीय थलवहादुर परियार, २९ वर्षीय थलवहादुर साहु र २६ वर्षीय रुपसिंह परियारलाई माओवादीको आरोपमा ०६१ कार्तिक १७ गते आफ्नै गाउँवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये तीन जनालाई एक हप्तापछि रिहा गरियो भने हस्तवहादुर सुनारलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत ०६१ मंसिर २ गतेदेखि जेलमा राखिएको छ।

बालअधिकार

कालिमाटी रामपुर गाविस-६ का एक वर्षीय विकास खत्रीलाई आफ्नै आमाले ०६० फागुन १० गते घरदेखि नजिकैको रुखमा धोतीले झुण्ड्याएर हत्या गरिन्। पीडकले सोही रुखमा आफू पनि झुण्डिएर आत्महत्या गरिन्।

खलंगा गाविस-९ की १२ वर्षीय एक बालिकालाई ०६१ साउन २१ गते मकै वारीमा घाँस काट्न गएको अवस्थामा कालिकोट जिल्ला घर भई जिप्रकामा कार्यरत प्रहरी जवान २५ वर्षीय सत्यबहादुर शाहीले वलात्कार प्रयास गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

डाँडागाउँ गाविस-५ का २२ वर्षीय कालीबहादुर कसेराले घरमा पत्नी हुँदाहुँदै वच्चा नजन्माएको आरोपमा ०६० फागुन २२ गते छायाँक्षेत्र गाविस-१ मा दोस्रो विवाह गरे।

हिवल्चा गाविस-७ की २२ वर्षीय सुनिता थापालाई दाइजो नल्याएको र छोराछोरी पनि नजन्माएको आरोपमा ०६१ साउन ८ गतेदेखि पति २५ वर्षीय खेमराज थापाले जीवनको कुनै पनि क्रियाकलापमा साथ नदिने गरी तिरस्कार गरे। पीडित माइती घरमा वसिरहेकी छन्।

दूर्व्यवहार

सेजवालटाकुरा गाविस-९ की २१ वर्षीय सिता रोकालाई ०६१ जेठ १२ गतेदेखि सोही ठाउँका ३२ वर्षीय धामी जोगी वस्नेत र उनकी पत्नीले वोक्सी भनी वेइज्जती गरे।

सबै प्रकारका जातीय विभेद

मर्के गाविस-४ का ३२ वर्षीय गोपाल विकलाई सार्वजनिक धारोमा गाग्री छोइदिउको आरोपमा ०६१ वैशाख ८ गते सोही ठाउँका ३६ वर्षीय भरत केसी र २३ वर्षीय डिल्ली केसीले कुटपिट गरे। पीडितलाई पुन: वैशाख ९ गते पनि कुटपिट गर्नुका साथै बञ्चरो प्रहार गरी सख्त घाइते बनाए। पीडकलाई जिप्रकाले गिरफ्तार गरी दुवै पक्षवीच मिलापत्र गराइदियो।

खलंगा गविस-२ की २६ वर्षीय अनिता नेपाली, २७ वर्षीय मञ्जु नेपाली, २६ वर्षीय अञ्जु नेपाली र २९ वर्षीय कमली नेपालीलाई पँधेराको पानी छोइदिएको आरोपमा ०६१ साउन २ गते सोही ठाउँका ४२ वर्षीय कृष्णवहादुर थापाले गाली बेइज्जती तथा कुटपिट गरे। पीडकउपर जिप्रकामा उजुरी दिए पनि कुनै कारवाही भएन।

सेजवालटाकुरा गाविस-९ का २७ वर्षीय कर्णबहादुर बस्नेतलाई अन्तरजातीय विवाह गरेका कारण ०६१ भदौ ११ गतेदेखि सगोत्रीहरुले आफ्ना कुल देवताको मन्दिरमा पूजा गर्न नदिएर अलग गरे। पँधेरामा आफ्ना छोराछोरीलाईसमेत अपहलेना गर्ने गरेको पीडितले बताए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत कुटपिटका ५ वटा घटनामा एक महिलासहित ५ जना पीडित भए।

चिप्लिएर लड्दा आफ्नै हतियारको गोली लागी एक सैनिक जवानको मृत्यु भयो। आफैले गाडेर राखेको वम विस्फोट हुँदा दुई जना सैनिक सख्त घाइते भए। विभिन्न समयमा यस वर्ष बाघले खाएर ९ बालबालिकाको मृत्यु भयो।

यस वर्ष २ जनाले झुण्डिएर र २ जनाले विप सेवन गरेर आत्महत्या गरे। सवारी दुर्घटनामा परी एक नावालिका सहित ५ जनाको मृत्यु भयो। झाडापखालाका कारण २३ जनाको मृत्यु भयो।

यस वर्ष १४ वटा घर आगो लागेर तथा ६ वटा घर वर्पामा भत्किएर नप्ट भए। भिरवाट एक जनाको लडेर मृत्यु भयो।

विगतको अनुगमन

काल्चे गाविस-८ का २८ वर्षीय गोकुल कँडेल र सरिक भनिने माओवादी कार्यकर्तालाई ०६० साउन ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखेकोमा ६ महिनापछि रिहा गरियो।

काल्चे गाविस-३ का १२ वर्षीय जुद्धबहादुर कुवँरलाई ०६० असोज २७ गते सुरक्षामीले गिरफ्तार

गरेकोमा करिव ९/१० महिनापछि स्कूलमा पढ्न पठाएको अवस्थामा भागेर फर्किए।

०६० कार्तिक २४ गते गिरफ्तार गरिएका ३७ वर्षीय योगेन्द्रप्रसाद यादवलाई तीन महिना थुनामा राखी रिहा गरियो।

थारमारे गाविस-८ का २८ वर्षीय प्रेमबहादुर डाँगीलाई ०६० मंसिर १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा तीन महिनासम्म जेलमा राखी रिहा गरियो।

दमाचौर गाविस-८ का २२ वर्षीय दलबहादुर विकलाई माओवादीको आरोपमा ०५९ भदौ २१ गते खलंगा गाविस-२ श्रीनगरको पुलबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६१ पुस महिनासम्म पनि वेपत्ता पारेको कुरा भारतबाट घर आइसकेपछि पीडितका बुबा देवबहादुर विकले पत्रकारहरुसँग बताए। उक्त घटना यस वर्ष सार्वजनिक भयो।

४.५ रूकुम



जनसंख्या	: २०३३३२
साक्षरता प्रतिशत	: ३९.५
महिला साक्षरता प्रतिशत	: २८.६०
क्षेत्रफल (वर्ग कि. मि.)	: २८७७
गाविस/नपा संख्या	: ४३/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३१०
क्याम्पस/उच्च मा.वि.	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/४४
टेलिफोन लाइन	: ५
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४३
मानव विकास सूचकांक	: ०.३८६
प्रति परिवार सरदर संख्या	: ६.०६

नागरीक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यबाट

चौखावाङ गाविस-५ हिलका ३५ वर्षीय कविराम वुढा माओवादीको आरोपमा ०६० पुस २४ गते सुरक्षाकर्मीद्वारा घरबाटै गिरफ्तार गरी बन्दुकको कून्दा र लाठीले हिर्काई यातना दिएर अन्त्यमा सोही ठाउँको जंगलमा गोली हानी मारिए।

मग्मा गाविस-६ का २२ वर्षीय खम्वु घर्ती, बाँफीकोट गाविस-८ का ३० वर्षीय धनबहादुर खत्री, २८ वर्षीय नरबहादुर वली र एकजना नाम नखुलेको व्यक्तिलाई माओवादीको आरोपमा ०६० फागुन १७ गते सादा पोशाकका सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

शोभा गाविस-६ का ३५ वर्षीय टेकबहादुर बस्याललाई माओवादीको आरोपमा सुरक्षाकर्मीले दाङ जिल्लाको घोराहीमा गिरफ्तार गरेकोमा खलंगा गाविस-३ बाट भाग्न खोज्दा गोली प्रहार गरेपछि मृत्यु भएको सुरक्षास्रोतले जनायो।

पोखरा गाविस-२ का माओवादी गाजस प्रमुख ३८ वर्षीय टोपाराम खड्काको ०६१ असोज १७ गते सुरक्षाकर्मीले उनकै घरबाट गिरफ्तार गरी घर नजिकै गरेको कारवाहीमा मृत्यु भयो।

माओवादीबाट

स्यालापाखा गाविस-४ का १२ वर्षीय दीपक बोहराको ०६१ कार्तिक २० गते लक्ष्मी निमावि कैलदेउ नजिकै डाँडामा माओवादीले झण्डासँगै राखेको बम विस्फोट हुँदा मृत्यु भयो।

तनहुँ जिल्ला घर भई भैरवी दल गणमा कार्यरत शाही नेपाली सेनाका नायक रामचन्द्र नागिलालाई घरदैलो कार्यक्रममा साँख गएको अवस्थामा ०६१ पुस ४ गते माओवादीले राखेको विद्युतीय धरापमा परी मत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

अन्यबाट

साँख गाविस-८ का २९ वर्षीय गणेश गौतम ०६१ जेठ ८ गते खलंगावाट घर फर्किरहेको अवस्थामा खलंगा गाविस-७ ठाराढुंगामा अज्ञात व्यक्तिले प्रहार गरेको सकेट वम विस्फोट हुँदा गम्भीर घाइते भए। पीडितको उपचार रुकुम जिल्ला अस्पतालमा गरिए पनि वायाँ खुट्टामा अझै पनि वमका छर्राहरु बाँकी छन्।

जेल र बन्दीहरू

सुरक्षाका कारण तीन वर्षअघि रुकुम जेलका वन्दीहरुलाई नेपालगञ्ज स्थानान्तरण गरिएपछि अहिले जेल खाली छ।

बेपत्ता / अपहरण

माओवादीबाट

पेउघा गाविस-१ का शिक्षक ३१ वर्षीय पदमवहादुर ओलीलाई आफूहरुलाई नटेरेको आरोपमा ०६० माघ १६ गते उनकै घरवाट माओवादीले अपहरण गरे। पीडितलाई चार महिनापछि मुक्त गरियो।

छिवाङ गाविस-१ का तरकारी बीउ उत्पादन केन्द्र चाँपामा ओजीटीमा कार्यरत २२ वर्षीय लोकेन्द्र वलीलाई बन्दको समयमा गाउँ प्रवेश गरेको आरोपमा ०६० फागुन १२ गते माओवादीले अपहरण गरी फागुन २१ गते मुक्त गरे।

बाँफीकोट गाविसस्थित वीरेन्द्र उच्च माविका शिक्षक शशीराम केसी, विद्यार्थी गोर्खवहादुर विष्टलगायत् ३५ जना खेलाडीलाई आफूहरुको अनुमतिविना वीरेन्द्र सिल्डमा भाग लिएको आरोपमा ०६० फागुन १३ गते झुला गाविसको गाँराघाटबाट माओवादीले अपहरण गरे। पीडितहरु मध्ये माथि उल्लेखितलाई एक महिनापछि र अन्यलाई घटनाको भोलिपल्ट फेरि उपस्थित हुने शर्तमा मुक्त गरियो।

आठवीसकोट गाविस-२ का २६ वर्षीय गोपाल शाहीलाई आफ्नो आदेश पालना नगरेको आरोपमा ०६० फागुन १४ गते माओवादीले अपहरण गरे। पीडितलाई १७ दिनपछि मुक्त गरे।

शोभा गाविस-५ का जनता मावि पोखराका प्रधानाध्यापक ३२ वर्षीय संगम केसीलाई सुराकीको आरोपमा ०६० फागुन २५ गते सदरमुकामवाट घर फर्कंदै गरेको अवस्थामा स्यालापाखा गाविस-३ वाट माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे। पीडितलाई पुन: साउन १० गते अपहरण गरेकोमा दुई महिनापछि माओवादी कव्जावाट भागी सदरमुकाम आए।

पोखरा गाविस-४ का हरप्लेस रुकुमका सामाजिक परिचालक २३ वर्षीय उषा खड्कालाई नाकावन्दीको अवस्थामा सदरमुकाम गएको आरोपमा ०६० फागुन २५ गते सदरमुकामवाट घर फर्किरहेको अवस्थामा माओवादीले अपरहण गरे। पीडितलाई तीन महिनापछि मुक्त गरे।

शोभा गाविस-२ का १६ वर्षीय केशव वोहरा, १८ वर्षीय धनवहादुर वुढाथोकी, १८ वर्षीय सुन्दर शाह र सोही गाविस-६ का १८ वर्षीय सुनिल मल्ललाई आफ्नो अनुमति विना सदरमुकाम गएको आरोपमा ०६० फागुन २६ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई एक महिनापछि मुक्त गरियो।

शोभा गाविस-२ का २७ वर्षीय भीमवहादुर वुढाथोकीलाई आफ्नोविरुद्ध काम गरेको आरोपमा ०६० फागुन २८ गते माओवादीले अपहरण गरी तीन दिनपपछि मुक्त गरे।

छिवाङ गाविस-७ का २९ वर्षीय दीपक विष्टलाई ०६१ वैशाख ११ गते सिम्ली गाविसस्थित स्वास्थ्य चौकीबाट माओवादीले अपहरण गरी आठवीसकोट गाविसवाट वैशाख २४ गते मुक्त गरे।

खोलागाउँ गाविस-६ का शिक्षक ३८ वर्षीय तिलकवहादुर वुढालाई आफ्नो पार्टीविरुद्ध काम गरेको आरोपमा ०६१ जेठ १० गते माओवादीले अपहरण गरे। पीडितवाट १० हजार रुपैयाँ लिई १५ दिनपछि मुक्त गरियो।

आठवीस डाँडागाउँ गाविसका विश्व खाद्य कार्यक्रम रुकुमका फिल्ड मनिटर २८ वर्षीय नरेन्द्र केसीलाई आफूहरुलाई नटेरेको आरोपमा ०६१ जेठ ११ गते खोलागाउँमा माओवादीले उनलाई वस्न भनेको घरभन्दा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१		१	१	३	३			३	५	७	१	८
घाइते	१	१		१									
गिरफ्तारी / यातना										८	१७		१७
वेपत्ता										१	१		१
कुटपिट	१	१		१	३	४			४				
धम्की					१	३			३				
वालअधिकार	१		१	१									
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार	१	१		१	८	१२	१		१३				
अपहरण					४२	४६	६	६४०	६९३				
जम्मा	५	३	२	५	५७	६८	७	६४०	७१५	१४	२५	१	२६

वाहिर गएमा हातखुट्टा भाँच्ने धम्की दिई कब्जामा राखे। पीडितलाई जेठ १९ गते खोलागाउँ गाविसको सानाखोलावाट विश्व खाद्य कार्यक्रमका क्षेत्रीय प्रतिनिधिको जिम्मामा मुक्त गरे।

मुरु गाविस-४ का २१ वर्षीय लक्ष्मी ओली र उनकै दाई ४४ वर्षीय झुपलाल ओलीलाई किर्ते कागज बनाएको आरोपमा ०६१ जेठ २१ गते उनीहरुकै घरबाट माओवादीले अपहरण गरे। पीडितहरुलाई एक महिनापछि मुक्त गरे।

साँख गाविस-७ का २२ वर्षीय टिका घर्तीलाई पुरानो सत्ताको काम गरेको आरोपमा ०६१ असार ७ गते साँखवाटै माओवादीले अपहरण गरे। पीडितवाट २० हजार रुपैयाँ लिई असार १३ गते सोही ठाउँबाट मुक्त गरियो।

महत गाविस-५ गुनामका जनमोर्चा नेपाल, रुकुमका सल्लाहकार ३३ वर्षीय शत्रुघन श्रेष्ठलाई ०६१ साउन ४ गते घरबाट सदरमुकाम आउँदै गर्दा महत गाविसवाट माओवादीले अपहरण गरी कार्तिक ४ गते मुक्त गरे।

शोभा गाविस-१ का २० वर्षीय वामदेव गौतमलाई प्रतिकार समिति गठन गरेको आरोपमा ०६१ साउन २ गते माओवादीले अपहरण गरे। पीडित साउन २९ गते माओवादीको कब्जावाट भागेर सदरमुकाम आए।

पोखरा गाविस-९ का शिक्षक ३६ वर्षीय हिरालाल केसी र एमाले कार्यकर्ता ३२ वर्षीय भक्तराज शर्मालाई ०६१ साउन ४ गते सोही ठाउँबाट माओवादीले अपहरण गरे। हिरालाललाई चार महिनापछि भक्तराजलाई एक महिनापछि मुक्त गरियो।

पोखरा गाविस-४ का ३० वर्षीय प्रताप खड्कालाई ०६१ साउन ४ गते माओवादीले अपहरण गरी साउन ११ गते १० हजार रुपैयाँ लिई मुक्त गरे।

घेत्मा गाविस-८ का प्रावि खलचिउरीका प्रधानाध्यापक ३५ वर्षीय तिलकनारायण मल्ललाई जनसत्ता विरोधी काम गरेको आरोपमा ०६१ साउन ६ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

पोखरा गाविस-९ का एमाले इलाका सचिव ४८ वर्षीय परशुराम शर्मालाई राजनीतिक आस्थाका आधारमा ०६१ साउन ८ गते माओवादीले घरवाट अपहरण गरेकोमा १५ दिनपछि मुक्त गरे।

प्वाङ गाविस-४ का नेराशिसंगठन रुकुमका अध्यक्ष ३५ वर्षीय पञ्चबहादुर केसी र त्रिभुवन जनता निमावि, छिप्रिदहका शिक्षक मोहन खत्रीलाई आफूहरुलाई नटेरेको आरोपमा ०६१ साउन ११ गते सोही ठाउँबाट माओवादीले अपहरण गरी मोहनलाई १० दिनपछि मुक्त गरे भने पञ्चबहादुरलाई हालसम्म मुक्त गरिएको छैन।

शोभा गाविस-६ का एमाले गाउँ कमिटी सचिव ५१ वर्षीय टोपबहादुर मल्ल र शिक्षक ४१ वर्षीय पूर्णजंग मल्ललाई आफूलाई नटेरेको आरोपमा ०६१ साउन १२ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये पूर्णजंगलाई एक हप्तापछि र टोपवहादुरलाई भदौ ७ गते मुक्त गरे।

पोखरा गाविस-४ का १७ वर्षीय सुनिता खड्का र १६ वर्षीय ममता खड्कालाई माओवादी विरोधी काम गरेको आरोपमा ०६१ भदौ १० गते माओवादीले अपहरण गरी तीन महिनापछि मुक्त गरे।

रुँघा गाविस-७ का राजधानी दैनिकका स्थानीय सम्वाददाता २३ वर्षीय शक्तिकुमार पुनलाई सुराकीको आरोपमा ०६१ भदौ २८ गते माओवादीले घरवाटै अपहरण गरे। पीडितलाई अपहरणकै अवधिमा संयुक्त सुरक्षाकर्मीले मग्मा गाविसबाट गिरफ्तार गरी नजरबन्दको पूर्जी दिएर ६ महिना हिरासतमा राखे। पीडितलाई यस वर्षको अन्त्यसम्म रिहा गरिएन।

आठबीस डाँडागाउँ गाविस-१ का १६ वर्षीय फत्तेबहादुर विकलाई वाल विवाह गरेको आरोपमा ०६१ असोज ८ गते माओवादीले अपहरण गरी १ हजार ७ सय ५० रुपैयाँ लिई पुस ४ गते मुक्त गरे।

मग्मा गाविस-८ का जिल्ला शिक्षा कार्यालय, रुकुमका स्रोतव्यक्ति ४५ वर्षीय शेरजङ खनाललाई सदरमुकाम बसेको आरोपमा ०६१ कार्तिक ४ गते माओवादीले अपहरण गरी ५० हजार रुपैयाँ लिएर मंसिर २९ गते मुक्त गरे।

रुँघा गाविस-७ का शिक्षकहरु ३० वर्षीय लालबहादुर घर्ती र ३२ वर्षीय डिल्लीबहादुर चन्दलाई सुराकीको आरोपमा ०६१ कार्तिक ३ गते माओवादीले अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

रुँघा गाविस-३ का सिम्रुतु स्वास्थ्य चौकीका स्वास्थ्य सहायक ३८ वर्षीय भीमबहादुर चन्दलाई आफ्नो विरुद्ध काम गरेको आरोपमा ०६१ कार्तिक १० गते माओवादीले अपरण गरे। पीडितको अवस्था अज्ञात छ।

खलंगा गाविस-१ का रेडक्रसका जिल्ला सभापति ३५ वर्षीय सुरतजंग मल्ललाई ०६१ कार्तिक २६ गते माओवादीले चुनवाङ्मा बोलाएर त्यहींबाट अपहरण गरे। पीडितलाई १५ दिनपछि मुक्त गरे।

रुँघा गाविस-७ का ६१ वर्षीय बलु घर्ती र उनकै नाती १७ वर्षीय राजीव घर्तीलाई आफूहरुलाई नटेरेको आरोपमा ०६१ कार्तिक २९ गते माओवादीले घरवाटै अपहरण गरी मंसिर २१ गते मुक्त गरे।

खलंगा गाविस-६ का ६३ वर्षीय मानबहादुर ओलीलाई बैरागीठाँटीबाट पसल नउठाएको आरोपमा ०६१ मंसिर २१ गते माओवादीले अपहरण गरे। पीडितको सामान र उधारो खातासहित करिब ३० लाख रुपैयाँ जतिको सम्पति लुटी मंसिर २८ गते चौखावाङ गाविसबाट मुक्त गरियो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका पत्रकारहरु हरिविष्णु वली, नारायण शाह, सुरज परियार, कमल थापा र डिलबहादुर शाही

रुँघा गाविस-४ का २९ वर्षीय चित्रबहादुर बुढाथोकीलाई आफ्नो अनुमतिविना काम गरेको आरोपमा ०६१ पुस ७ गते घरबाट झुल्नेटा जादै गर्दा उनकै घर नजिकैबाट माओवादीले अपहरण गरी ७ हजार रुपैयाँ लिई दुई दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

खारा गाविस-१ का ४२ वर्षीय डिल्लीबहादुर वलीलाई ०६० चैत २३ गते सोही ठाउँमा आफूलाई माओवादी बताउने ४/५ जनाले मरणासन्न हुने गरी कुटपिट गरी पीडितसँग रहेको ५० हजार रुपैयाँ समेत लुटे।

मुरु गाविस-४ का ४३ वर्षीय पूर्णबहादुर खड्का सदरमुकाम बसेको आरोपमा ०६१ भदौ ५ गते उनको घरमा माओवादीले तालाबन्दी गरे।

घेत्मा गाविस-६ का ४८ वर्षीय टिकाराम उपाध्यायलाई बाहुन भएर पुजापाठ गर्दै हिंडेको आरोपमा ०६१ मंसिर २२ गते सत्यनारायणको पूजा गर्न गरायला गाविसतिर जान लाग्दा माओवादीले छातीमा "ब्राम्हणवाद मूर्दावाद" लेखेको कागज झुण्ड्याई कागजकै फुर्के टोपी लगाएर ४ वटा गाविस घुमाए।

वीवीसी नेपाली सेवाका सम्वाददाता नेत्र केसी र फ्रेन्च फोटो पत्रकार विन सान्ट प्राडोलाई ०६१ पुस १५ गते रुकुमकोटबाट खलंगा आउँदै गर्दा स्यालापाखा गाविस-३ स्थित त्रिपुरा मावि, छिङमा माओवादीले अभद्र व्यवहार गर्नुका साथै हातपात समेत गरे।

बम विस्फोटमा मृत्यु भएका दीपक बोहरा

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मानवअधिकार संरक्षण तथा कानुनी सेवा केन्द्र (हरप्लेस) रुकुमलाई आफूसँग समन्वय नगरेको आरोपमा ०६१ कार्तिक १ गतेदेखि माओवादीले प्रतिबन्ध लगाएको सार्वजनिक गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच वर्षसम्म फर्स्यौट हुन नसकेका १३ वटा, चार वर्षसम्म फर्स्यौट नभएका २ वटा र तीन वर्षसम्म फर्स्यौट नभएका एउटा मुद्दा छन्। यस वर्ष देवानी २, दुनियावादी फौजदारी २ र सरकारवादी फौजदारी २ गरी ६ वटा मुद्दा दर्ता भए भने एउटा मात्र मुद्दा फर्स्यौट भयो। हाल यस अदालतमा २१ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रुँघा गाविस-१ स्थित त्रिवेणी मावि सिम्रुतुलाई आफ्नो निषेधित क्षेत्रमा रहेको भनी ०६१ मंसिर १० गते माओवादीले त्यहाँबाट विस्थापित गराई रुँघा गाविस-७ स्थित दिव्यचक्षु निमाविमा गाभे। पुस ४ गते सुरक्षाकर्मीले पुरानै स्थानमा विद्यालय पुनर्स्थापना गराए। फेरि माओवादीले पुस ६ गते उनीहरुले भनेकै ठाउँमा विद्यालय सार्न लगाए। हाल उक्त विद्यालय रुँघा गाविस-७ मै छ। रुँघा गाविस-२ मा रहेका कृषि उपकेन्द्र, इलाका वन कार्यालय, स्वास्थ्य चौकी, पशुसेवा उपकेन्द्र र हुलाक कार्यालयहरुसमेत स्कूलसँगै मंसिर १० गते माओवादीले रुँघा गाविस-७ मा सारे।

विस्थापन

यस जिल्लामा सर्वदलीय समितिद्वारा प्रमाणित गरिए अनुसार १ सय २५ घरका ५ सय ९१ जना नागरिकहरु विस्थापन छन्।

झुला गाविसस्थित गाँराघाट वजारमा सुरक्षाकर्मीको चलखेल वढेको र सोही ठाउँमा आफ्ना कार्यकर्ताहरु मारिएको आरोपमा ०६१ वैशाख २३ गते माओवादीले वजारलाई विस्थापित गराए। उक्त वजारमा ५० जना व्यापारीहरु व्यापार व्यवसाय गरी वसेका थिए।

मुरु र खारा गाविसको सीमानामा रहेको भुल्नेटा वजारमा व्यापार गरी बस्ने १ सय ५० जति व्यापारीहरुलाई ०६१ वैशाख २८ गते माओवादीले विस्थापित गराए।



माओवादीद्वारा अपहरण गरिएका पदमबहादुर बली

खलंगा, भलाक्चा र पेउघा गाविसको सीमानामा रहेको बैरागीठाँटी वजारमा सुरक्षाकर्मीको आवतजावत बढेको र उनीहरुको व्यापारिक थलोका रुपमा प्रयोग भएको आरोपमा ०६१ मंसिर १३ गते माओवादीले बजार विस्थापित गराए। बजारमा १ सय ५० व्यापारीहरु वसेका थिए।

रुँघा गाविस-१ र २ मा रहेको सिम्रुतु वजारमा सुरक्षाकर्मीको चलखेल भएको र नाकाबन्दीको अवस्थामा सदरमुकाममा सामान बेचेको आरोपमा ०६१ मंसिर २८ गते माओवादीले त्यहाँको बजार विस्थापित गरे। उक्त घटनावाट करिव एक सयजना व्यापारीहरु प्रत्यक्ष प्रभावित भए।

रुकुम र सल्यान जिल्लाको सीमानामा रहेको खौलाबजार आफ्नो निषेधित क्षेत्रमा परेको भनी ०६१ मंसिर ३० गते माओवादीले विस्थापित गरे। त्यहाँ करिब १ सय ५० जना व्यापारीहरु व्यवसाय गरी बसेका थिए।

पोखरा गाविस-५ र ७ का ५९ वर्षीय रणवीर घर्ती र विपति घर्तीका छोराहरु प्रहरी भएको आरोपमा ०६१ पुस ३ गते माओवादीद्वारा विस्थापित भई सदरमुकाम आए।

माओवादीद्वारा दूर्व्यवहार गरिएका बीबीसी सम्वाददाता नेत्र केसी र फ्रेन्च फोटो पत्रकार विन सान्ट प्राडो

आर्थिक अधिकार

शोभा गाविस-५ का एमाले जिल्ला कमिटी उपसचिव ४८ वर्षीय नन्दलाल शर्माको घरमा खान-बस्न नदिएको आरोपमा ०६१ भदौ ५ गते माओवादीले ताला लगाए।

मुरु गाविस-७ का ६० वर्षीय गगनसिंङ पुन र ५८ वर्षीय मानबहादुर पुनलाई सदरमुकाम बसेको आरोपमा ०६१ भदौ ५ गते माओवादीले उनका घरमा तालाबन्दी गरे।

साँख गाविस-८ का ४० वर्षीय ढालबहादुर महतका चारै भाइको घरमा ०६१ भदौ १२ गते माओवादीले तालाबन्दी गरे।

नुवाकोट गाविस-२ का ४० वर्षीय बलबहादुर चन्दलाई सुराकीको आरोपमा ०६१ असोज ४ गते माओवादीले घरमा तालाबन्दी गरी सर्वश्वहरण गरे।

नुवाकोट गाविस-६ का ३६ वर्षीय टेका रानाको पतिले सदरमुकाममा बसेर राजनीति गरेको आरोपमा ०६१ असोज ९ गते माओवादीले उनको घरमा ताला लगाए।

पेउघा गाविस-७ का ३८ वर्षीय थलबहादुर खड्कालाई सुरक्षाकर्मी नजिकै टेलिफोन सञ्चालन गरेको आरोप लगाई ०६१ असोज १० गते घरमा माओवादीले ताला लगाए।

खलंगा गाविस-६ का ६० वर्षीय चन्द्रबहादुर ओलीको करिब २८ लाख मूल्य बराबरको पसल विस्थापित गरिएको ठाउँमा रहेको आरोपमा ०६१ मंसिर २१ गते माओवादीले लुटे।

संरचना/सम्पत्ति क्षति

खलंगा र झुला गाविस जोड्ने गाँराघाट पुल हुँदै सदरमुकाम आवतजावत रोक्न ०६१ असोज ९ गते माओवादीले पुलका फल्याकहरु निकालेर फाले।

सदरमुकाम नाकावन्दीलाई कडा पार्न वा त्यहाँको जनजीवन कठिन वनाउन ०६१ पुस ३ गतेदेखि माओवादीले सदरमुकामको विद्युत आपूर्ति वन्द गरे। जसले गर्दा घरका गृहिणीलगायत् घरेलु उद्योगहरु र विद्यार्थीहरुलाईसमेत गम्भीर असर पर्‍यो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चौखावाङ गाविस-९ का ४० वर्षीय नेत्रबहादुर रोकायालाई माओवादीको आरोपमा ०६० पुस १८ गते

सुरक्षाकर्मीले खलंगा बजारबाट गिरफ्तार गरी पुस २६ गते नेपालगञ्ज जेल चलान गरी तीन महिनापछि रिहा गरे।

नेपाल पत्रकार महासंघ, रुकुमका सभापति ३० वर्षीय नारायण शाह, सचिव २८ वर्षीय हरिविष्णु ओली, कोषाध्यक्ष २४ वर्षीय डिलबहादुर शाही र सदस्य २२ वर्षीय कमलप्रकाश थापालाई कार्यालय प्रमुखमाथि हातपात गरेको आरोपमा ०६१ असार २७ गते र सोही आरोपमा एमाले कार्यकर्ता सुरजकुमार परियारलाई ०६१ असार ३० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा लगाई जनही १० हजार रुपैयाँ धरौटीमा साउन ८ गते रिहा गरियो।



बम विस्फोटमा परी घाइते भएका गणेश गौतम

खलंगा गाविस-१ का मानवअधिकार तथा शान्ति समाज जिल्ला शाखा सभापति ३५ वर्षीय हिरालाल खड्कालाई माओवादीको विज्ञप्ति फोटोकपी गरी वितरण गरेको आरोपमा ०६१ भदौ १३ गते प्रहरीले फोटोकपी मेसिन सहित गिरफ्तार गरे। पीडितलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत मुद्दा लगाई नेपालगञ्ज जेल चलान गरियो भने फोटोकपी मेसिन फिर्ता गरियो। पीडितलाई कार्तिक २६ गते रिहा गरियो।

माओवादीका जिल्ला कमिटी सदस्य तथा जिल्ला जनसरकार सदस्य बालकृष्ण केसी, रुँघा गाजस प्रमुख ओमप्रकाश बिसी, एरिया इन्चार्ज शशीराम खड्का, एरिया सेक्रेटरी खड्कबहादुर घर्ती, अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य गगन खड्का र माओवादीको तारेखमा गएका २ जना शिक्षकहरु लालबहादुर घर्ती र डिल्लीबहादुर चन्दलाई रुँघाबाट ०६१ भदौ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये शिक्षकहरुलाई दुई दिनपछि रिहा गरियो। शशीराम र गगनलाई आत्मसमर्पणपछि खलंगामा बस्ने गरी रिहा गरियो भने अन्य तीनजनाको स्थिति अज्ञात छ।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका पत्रकार शक्तिकुमार पुन र मानवअधिकारकर्मी हिरालाल खड्का

रुँघा गाविस-७ का २३ वर्षीय राजधानी दैनिकका सम्वाददाता शक्तिकुमार पुनलाई माओवादीले अपहरण गरेको अवस्थामा ०६१ मंसिर २८ गते मग्माबाट संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्तिमसम्म पनि रिहा गरिएको छैन।

बाँफिकोट गाविस-६ का जिप्रका रुकुममा कार्यरत प्रहरी जवान २४ वर्षीय यज्ञबहादुर केसीलाई जागिर छोडेर माओवादी गतिविधिमा लागेको आरोपमा ०६१ मंसिर ३० गते संयुक्त सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म रिहा गरिएको छैन।

बालअधिकार

खलंगा गाविस-१ की ११ वर्षीय एक बालिकालाई ०६१ असार १० गते बाँके जिल्ला घर भई हुकाम गाविसका सचिव दशरथलाल कलवारले खलंगा बजारस्थित एक पसलेको गोदाममा बलात्कार प्रयास गरे। घटनापछि पीडक भागी आफ्नो कोठा बाहिर ताल्चा लगाई लुकेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई २५ हजार रुपैयाँ दिने शर्तमा पीडक रिहा भए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीद्वारा अपहरित आफ्ना कार्यकर्ताहरुको रिहाइका लागि राजनीतिक पार्टीहरुले विज्ञप्ति प्रकाशन र पत्रकार सम्मेलनको आयोजना गरे।

विश्व मानवअधिकार दिवसको अवसरमा द्वन्द्वरत पक्षहरुलाई जनताका न्यूनतम आवश्यकतामा ध्यान दिन र मानवीय कानुनको पालना गर्न आग्रह गर्दै इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधिले एक विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष घरको दलिन र रुखमा झुण्डिएर दुई महिला र दुई पुरुष, राइफल पड्काएर एक पुरुष गरी ५ जनाले आत्महत्या गरे। विद्युतको करेन्टबाट एकजना साढे चार वर्षीय बालक घाइते भए।

मग्मा गाविस-३ का शिक्षक ३८ वर्षीय ताराबहादुर नेपालीको लाश ०६१ वैशाख २३ गते छिवाङ गाविसको सानीभेरी किनारामा फेला पर्‍यो। पीडितका बाबु नैनसिं दमाई उक्त घटना माओवादीद्वारा घटाइएको बताउँछन् भने माओवादीले आधिकारिक रुपमा जिम्मेवारी लिएको छैन।

यस वर्ष व्यक्तिगत घटनामा एक जनाले धारिलो ढुंगा प्रहार गरी आफ्नी आमाको हत्या गरे।

विगतको अनुगमन

मग्मा गाविस-५ का साहित्यप्रेमी शान्ति जागरण रेडियो श्रोता क्लवका अध्यक्ष २३ वर्षीय रामचन्द्र शाहीलाई ०६० भदौ २३ गते माओवादीले अपहरण गरेकोमा तीन महिनापछि मुक्त गरे।

शोभा गाविस-५ का शिक्षक ३२ वर्षीय लेखनाथ गौतम र सोही गाविस-७ का शिक्षक ३५ वर्षीय गणेश शाहलाई विद्यालयमा हाजिर नभएको आरोपमा ०६० कार्तिक १५ गते माओवादीले अपहरण गरेकोमा ६ महिनापछि मुक्त गरे।

४.६ बाँके



जनसंख्या : ४३४४३५
साक्षरता प्रतिशत : ५७.३६
महिला साक्षरता प्रतिशत : ४८.३६
क्षेत्रफल (वर्ग कि. मि.) : २३३७
गाविस/नपा संख्या : ४६/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : २७२
क्याम्पस/उच्च मा.वि. : ७/११
अस्पताल/स्वास्थ्य चौकी : ३/३६
टेलिफोन लाइन : ६२३१
मोटर सडक (कि. मि.) : ४८०
प्रहरी कार्यालय संख्या : ७
हुलाक संख्या : ४७
मानव विकास सूचकांक : ०.४७९
प्रति परिवार सरदर संख्या : ६.४६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

फत्तेपुर गाविस-६ लालपुरका ४५ वर्षीय भीमबहादुर चन्द र नाम, ठेगाना नखुलेका अन्य ३ जना व्यक्ति माओवादीको आशंकामा ०६० पुस २१ गते दिउँसो सोही गाविसको भेलौनी गाउँमा सोनवर्षा बेस क्याम्पबाट गस्तिमा गएका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ०६० माघ १० गते सोही गाविस-६ लालपुरको जंगलमा गोली हानी मारिए। सुरक्षाकर्मीले खाल्टो खनी लाश पुरिदिएका थिए।

बनकटवा गाविस-३ पेडारीमा सुरक्षाकर्मीले ०६० फागुन ८ गते सर्चमा गएका सुरक्षाकर्मीले पेडारी गाउँलाई आफ्नो नियन्त्रणमा लिई माओवादीका क्षेत्रीय सञ्चार विभाग सदस्य बाँकेका प्रकाश चौधरी, कैलालीका विक्रम चौधरी तथा जिल्ला कमिटी सदस्य बर्दियाका अदिग चौधरी, बाँकेका दीपेन्द्र थापा र जाजरकोटबाट बिरामी भएर उपचारार्थ बाँकेमा आएका नाम थर थाहा हुन नसेका तीनजना कार्यकर्ता सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। सो घटनामा एक जना बाँके जिल्ला कमिटी सदस्यसमेत मारिएको माओवादीले सार्वजनिक गरे।

उढरापुर गाविस-३ स्थित बीपी प्रतीक्षालयनजिकै ०६० फागुन २२ गते नेपालगञ्ज-गुलरिया सडकमा बर्दिया जिल्ला गुलरिया घर भई नेपालगञ्ज नपाको घरबारीटोलस्थित कृष्ण इन्टरप्राइजेजमा काम गर्ने २४ वर्षीय सूर्यबहादुर चौधरी र सितापुर गाविस-२ का २३ वर्षीय मनोजकुमार विकको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षाकर्मीको भनाई अनुसार, माओवादीले सुरक्षाकर्मी चढेको माइक्रो वसलाई लक्षित गरी विद्युतीय धरापमा पार्न खोज्दा संयुक्त सुरक्षाकर्मीले गोली चलाउँदा उनीहरुको मृत्यु भएको थियो। सुरक्षाकर्मीले साइकल यात्रीद्वयलाई माओवादी कार्यकर्ता भएको आशंकामा गोली हानी मारेको प्रत्यक्षदर्शीले बताए।

सीतापुर गाविस-५ बहादुरपुरमा माओवादीका दुई कार्यकर्ताको ०६० चैत १३ गते गस्तिमा गएका सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

उढरापुर र रनियापुर गाविसमा सर्चमा गएको सुरक्षाकर्मीले ०६० चैत २१ गते माओवादीको भातृ संगठन मधेशी मुक्तिका गाउँस्तरीय कार्यकर्ता मुनब्वर खाँ, मोहम्मद खाँ, रजव खाँ, महेन्द्र बर्मा र रणबहादुर धोवीलाई गिरफ्तार गरी उढरापुर गाविसको सोनपुर नजिकै गहुँबारीमा पुर्‍याई मारेको माओवादीले सार्वजनिक गरे। तर सुरक्षाकर्मीले भने घटनाको पुष्टी गरेन।

बिनौना गाविस-९ आलिनगरको उत्तरतर्फ

सिसौघारीमा ०६१ जेठ ६ गते दिउँसो सुर्खेत जिल्ला घर भएका माओवादी कार्यकर्ता भीषण भनिने टेकवहादुर रिजालको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

वेतहनी गाविसस्थित एक घरमा छलफल गरिरहेको वेला ०६१ साउन ३ गते माओवादी कार्यकर्ता जगत, मनोज र गोविन्द भनिने धनवहादुर सुरक्षाकर्मीद्वारा घेरा हाली गोली हानी मारिए।

वैजापुरको ढकेरीमा माओवादी कार्यकर्ता पोष्टवीर थारुको ०६१ साउन १३ गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

बनकट्टी र वेतहनी इलाकामा माओवादीका ३ जना कार्यकर्ताहरु, थारुवान मुक्ति मोर्चाका सदस्य तथा एरिया नं ७ का कमाण्डर उत्तम भनिने रामअवतार चौधरी, मधेशी मुक्ति मोर्चासँग सम्वद्ध सुरज भनिने अजय सोनकर र पप्पु भनिने निर्दली शेखलाई ०६१ भदौ ९ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिन खोज्दा भाग्ने क्रममा कारवाहीमा मृत्यु भएको सुरक्षा निकायले जनायो। नियन्त्रणमा लिई गोली हानी हत्या गरेको माओवादी र मृतकका आफन्तले वताए। सुरक्षाकर्मीहरुद्वारा सुरज भनिने अजय सोनकर (लक्ष्मण खटिक) र रामअवतार चौधरीलाई बाँके जिल्लाको वनकट्टी गाविसको हलकारापुरवा भन्ने स्थानबाट र पप्पु भनिने निर्दली शेखलाई वेतहनी गाविसको बाबागाउँबाट गिरफ्तार गरी मारिएको इन्सेक, हिमराइट्स लाइफलाइन र एड्भोकेसी फोरमको स्थलगत अध्ययनवाट ठहर गरियो।

कोहलपुरको चप्परगौडी बजार क्षेत्रमा माओवादी र सुरक्षाकर्मीवीच आधा घण्टा दोहोरो फायरिङ्ग हुँदा ०६१ भदौ २० गते राति वजारमा मागेर खाने नाम ठेगाना नखुलेका एक व्यक्तिको सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो।

खासकुश्मा गाविस-४ मा सर्च अप्रेशनमा गएका सुरक्षाकर्मीमाथि ०६१ असोज १३ गते दिउँसो माओवादीले सकेट वम प्रहार गरेपछि सशस्त्र प्रहरीको प्रतिकारमा माओवादीको स्थानीय एरिया कमाण्डर दीपक भनिने वीरवहादुर कुमाल, महिला कार्यकर्ता रत्ना भनिने पुष्पा र शर्मिला भनिने दिलमाया घर्ती, गणेश भनिने मिनु वली, कृष्ण भनिने वीरवहादुर, आन्दोलन भनिने दीपक र गेहेन्द्र मारिएको सुरक्षाकर्मीले जनाए। तर सोही घटनामा २ जना निर्दोष दाजुभाई मारिएको खुल्न आयो। मारिनेहरुमा वैजापुर गाविस-२ बेलासपुरका ३३ वर्षीय धनीराम थारु, ३० वर्षीय जोरीलाल थारु थिए। मृतकका परिवारले क्षतिपूर्तिको लागि बाँके जिल्ला प्रशासन कार्यालयमा ०६१ असोज १७ गते उजुरी दिन जाँदा दर्ता समेत गरिएन।

खासकारकाँदो गाविस-१ भुजैगाउँका माओवादी निकट मधेशी मुक्ति मोर्चा, वाँकेका कार्यवाहक अध्यक्ष २१ वर्षीय रमेश भनिने दयानिधी वर्मा ०६१ कार्तिक १३ गते राति सुरक्षाकर्मीद्वारा घरवाटै गिरफ्तार गरी घरको पश्चिम नहर नजिकै धान खेतमा पुऱ्याई मारिएकको पीडितका परिवार र गाउँले वताए।

माओवादीका एरिया सदस्य जोधीप्रसाद थारु ०६१ कार्तिक १६ गते टिटिहिरियाको भिंगौरा भन्ने गाउँमा सादा पोशाकमा गएका सुरक्षाकर्मीद्वारा मारिए।

फत्तेपुर गाविस-७ निबुवाटार घर भएका माओवादी कार्यकर्ता आक्रमण र वाँके एरिया नं ७ का सदस्य ज्वाला भनिने नन्कौ केवट ०६१ कार्तिक २१ गते सोनवर्षा सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई ढाड र छातीमा गोली हानी मारिए। उक्त घटनाको मानवअधिकार संस्थाको टोलीद्वारा गरिएको स्थलगत अध्ययन अनुसार दुई माओवादी साइकल

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	४		४	२७	३८	५	८	५१	२२	५१	२	१	५४
घाइते	४	६	३	९	१८	५६	३	१	६०	३	३			३
बम विस्फोट					७	१		६	७					
गिरफ्तारी यातना										६४	१११	१६	५	१३२
वेपत्ता										८	१०			१०
कुटपिट	२	२		२	५	८	१		९	९	१६			१६
धम्की					२	१३			१३	२	२			२
महिलाअधिकार	४		४	४										
वालअधिकार	५	२	४	६						१		१		१
आर्थिक सामाजिक/सांस्कृतिक अधिकार					१	३	१		४	१	१४			१४
अपहरण	४	५		५	२६	६०	१		६१					
जम्मा	२२	१९	११	३०	८६	१७९	११	१५	२०५	१११	२०७	१९	६	२३२

चढी दक्षिण सर्रा गाउँतिर जान लागेको अवस्थामा सुरक्षाकर्मीसँग जम्काभेट हुँदा साइकल छाडेर भाग्न खोज्दा सुरक्षाकर्मीले लखेट्दै करिव १ किमी उत्तर पश्चिम भुल्कहवा भन्ने ठाउँमा गोली हानी घाइते पारेपछि दुवै जनालाई पुन: गोली हानी मारिएको र सोही ठाउँमा लाश गाडिएको थियो।

शमशेरगञ्ज गाविस-१ का माओवादी कार्यकर्ता कमल थारुको ०६१ मंसिर १४ गते दिउँसो आफ्नो घरमा नुहाइरहेको अवस्थामा सादा पोशाकमा गएका सुरक्षाकर्मीले गोली हान्दा घटनास्थलमा मृत्यु भएको मृतकका आफन्तहरुले बताए। पीडितको लाश सुरक्षाकर्मीले आफूसँगै लगेका थिए।

फत्तेपुर गाविस-९ गोडियनपुरका माओवादीको भातृ संगठन मधेशी मुक्ति मोर्चाका केन्द्रीय सदस्य २२ वर्षीय नरेश खटिक र जिल्ला सदस्य बेतहनी गाविस नौरीगौडीका २१ वर्षीय घनश्याम यादव ०६१ पुस ७ गते सुरक्षाकर्मीद्वारा मारिए। नियन्त्रणमा लिन सकिने अवस्था हुँदाहुँदै पनि गोली हानी मारिएको कुरा प्रत्यक्षदर्शी तथा त्यहाँका स्थानीय बासिन्दाहरुले बताए। सुरक्षाकर्मीले माओवादी नै मारेका हुन् भन्ने मुचुल्का गाउँलेहरुलाई गर्न लगाएका थिए। इन्सेक, सिभिक्ट, लाइफलाइन, नेमाधिसं र आरआरएनद्वारा यस घटनाको स्थलगत अध्ययन गरिएको थियो।

माओवादीबाट

नेपालगञ्ज नपा-१० त्रिभुवन चोकको पूर्व दक्षिणपट्टि रहेको प्रहरी सेन्ट्रीपोष्टमा ड्यूटीमा रहेका प्रहरीहरुलाई ३/४ जनाको संख्यामा आएका माओवादीले ०६० माघ २० गते बेलुका गोली प्रहार गर्दा कालिकोट जिल्ला घर भई नगर प्रहरी कार्यालय, नेपालगञ्जमा कार्यरत प्रहरी जवान २७ वर्षीय तुलवहादुर हमालको घटनास्थलमा मृत्यु भयो। माओवादीको गोली लागी घाइते भएका कालिकोट जिल्ला घर भएका अर्का प्रहरी जवान २५ वर्षीय गोविन्द रोकायको भेरी अञ्चल अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो।

रनियापुर गाविस-३ रनियापुरका कालाफाटा गाविस सचिव ३८ वर्षीय असफाक खाँलाई ०६० फागुन १८ गते राति मुस्लिमहरुको चाड मोहर्रमको अवसरमा ताजिया सिलाउन गएको समयमा माओवादीले अपहरण गरेका थिए। फागुन २१ गते अपहरित खाँको लाश आफ्नै घर नजिक फेला परेको थियो।

नेपालगञ्ज नपा-१६ कस्तुरीमार्गका भूपू प्रहरी इन्स्पेक्टर ५० वर्षीय लेकबहादुर पुनलाई ०६१ वैशाख २५ गते बजार घुमेर मोटरसाइकलवाट घर आउँदै गर्दा घर अगाडि माओवादीले गोली हानी हत्या गरे।

इन्द्रपुर गाविसका २३ वर्षीय रामकुमार वर्मा भनिने उमेश कुर्मीलाई ०६१ जेठ ४ गते राति शिव मन्दिरमा भजन-किर्तन भइरहेको समयमा माओवादीले गोली हानी हत्या गरे।

सोनपुर गाविस-३ का ३५ वर्षीय विमला वानियाको ०६१ असार २८ गते धनौली चौकीदेखि पश्चिम गुलरिया सडक खण्डमा माओवादीले राखेको बम विस्फोट हुँदा घटनास्थलमा र १५ वर्षीय तारा वानियाको भेरी अञ्चल अस्पतालमा उपचार गराउँदा-गराउँदै २२ दिनपछि मृत्यु भयो। विस्फोटका कारण १५ वर्षीय मञ्जु घरुको बायाँ आँखा फुट्यो।

नेपालगञ्ज नपास्थित इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर ४० वर्षीय दुर्गादत्त जोशीलाई ०६१ साउन ६ गते माओवादीले उनकै घर भृकुटीनगरमा खाना खाएर वाहिर निस्कँदै गरेको अवस्थामा गोली हानी हत्या गरे।

बाँके-बर्दिया टास्क फोर्स इन्चार्ज विप्लव नाम गरेका व्यक्तिसहित अन्य नाम नखुलेका ३ जनालाई आफूहरुलाई माओवादी बताउँदै व्यापारीहरुसँग चन्दा उठाउदै हिँडेको आरोपमा ०६१ साउन १२ गते हत्या गरेको माओवादीले सार्वजनिक जानकारी गराए।

खजुरा नजिकै किरणनाला भन्ने स्थानमा माओवादीले थापेको विद्युतीय धरापमा परी ०६१ भदौ ९ गते दिउँसो प्रहरी जवान किशोर रानाको घटनास्थलमा मृत्यु भयो भने प्रहरी जवान डिल्ली चौधरी, गुमान घर्ती, तीर्थ डाँगी, धर्म खडका, पदम थापा, नरेन्द्र विष्ट, अजयकुमार मिश्र, नरेन्द्र भट्ट, शिवराज चौधरी, जगतराम चौधरी र गाडी चालक हरि श्रेष्ठ घाइते भए।

बनकट्टी गाविस-५ का २५ वर्षीय लल्लन कोइरीलाई ०६१ असोज १ गते माओवादीले हत्या गरी राप्ती नदी किनारामा फ्याँकिदिए।

फत्तेपुर गाविस-७ छपरतल्लीका ५० वर्षीय जोखु थारुलाई सुराकीको आरोपमा ०६१ असोज २० गते राति घर नजिकै बँदेलबाट धान जोगाउन गएको समयमा सोही गाउँका हिरो भनिने पूर्व माओवादी कार्यकर्ताले नजिकैको जंगलमा पुऱ्याएर हत्या गरे।

जिप्रकाको चेकपोष्टमा खटिएका सुरक्षाकर्मीहरु हवल्दार वभाङका रंगलाल गिरी, प्रहरी जवानहरु रुकुमका वीरवहादुर खत्री र बर्दियाका लौटन थारुमाथि ०६१ मंसिर १८ गते दिउँसो मोटरसाइकलमा आएका माओवादीले गोली प्रहार गर्दा घटनास्थलमा र सोही घटनामा परी घाइते भएका सुर्खेतका मनवहादुर विकको भारतको लखनउमा उपचार गराउँदा-गराउँदै मृत्यु भयो। घाइते महिला प्रहरी अमृता थापा र उनका डेढ वर्षीय छोरा श्रीष थापाको उपचार भेरी अञ्चल अस्पतालमा गरियो। माओवादीले सुरक्षाकर्मीका ३ वटा राइफल पनि लिएर गए।

नेपालगञ्ज नपा भृकुटीनगर-१३ का ३६ वर्षीय अरुण बुढाथोकीलाई ०६१ पुस १३ गते बेलुका आफ्नै घरको आँगनमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। पोष्टमार्टम रिर्पोट अनुसार उनको छाती, टाउको र शरीरको अन्य भागमा गरी ९ गोली लागेको थियो।

दोहोरो भिडन्त

सशस्त्र प्रहरी इन्स्पेक्टर दीपक प्रधानको ०६१ मंसिर १ गते सुरक्षाकर्मी र माओवादीबीच महादेवपुरी गाविसको अगैया भन्ने स्थानमा भएको दोहोरो भिडन्तमा गोली लागी मृत्यु भयो।

महेन्द्र राजमार्गको कचनापुर गाविसस्थित खैरी खोलामा ०६१ मंसिर २ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा प्रहरी इन्स्पेक्टर दीपक लामा, सई मधुसुदन विक, असई पोषण बस्नेत, हवल्दार शेरबहादुर महरा, सहायक हवल्दारहरु नरबहादुर चौधरी र प्रेमबहादुर थापासहित आठ जनाको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

उढरापुर गाविस-३ स्थित वीपी प्रतिक्षालय नजिकै ०६० फागुन २२ गते नेपालगञ्ज-गुलरिया सडकमा माओवादीले सुरक्षाकर्मी चढेको माइक्रो बसलाई लक्षित गरी विद्युतीय धराप विस्फोट गराउँदा दैलेख जिल्ला तोली गाविस-६ खजुरीका सैनिक जवान २० वर्षीय दीपेन्द्र बुढा, प्रहरी हवल्दार ३४ वर्षीय उत्तम विष्ट र असई ४० वर्षीय नारायणदत्त बुढा घाइते भए। घाइतेहरुको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

बागेश्वरी गाविस-२ खजुरामा एसएलसीको प्रश्नपत्र बोकेर गएको सुरक्षाकर्मीको गाडी ०६० चैत १५ गते विहान माओवादीको विद्युतीय धरापमा परी परीक्षा केन्द्रका केन्द्राध्यक्ष कमलेशकुमार पौडेल, प्रहरी तीलबहादुर खत्री र दीपिका हमाल घाइते भए। विस्फोटबाट नजिकै रहेको

सुरक्षाकर्मीद्वारा मारिएका सूर्यबहादुर चौधरी

अरुणोदय स्कूलमा अध्ययनरत कक्षा ५ की छात्रा नवीन वैद्य सामान्य घाइते भइन्।

नेपालगञ्ज नपा-२ घरबारीटोलमा माओवादीद्वारा ०६० चैत २३ गते दिउँसो गराइएको बम विस्फोटबाट सोही ठाउँका ९ वर्षीय सुनिलकुमार साहु घाईते भए। बन्दको दिन खुलेको घडी पसललाई लक्षित गरी माओवादीले सकेट बम फाल्दा आफ्नै घरको भऱ्याङ चढेर माथिल्लो तलामा जाँदै गरेका पीडित बमको छर्रा लागेर घाइते भएका थिए। घाइतेको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो।

नेपालगञ्ज नपा-११ महेन्द्र पार्क पछाडि जलानपूर्वाका ४ वर्षीय इम्रान अन्सारी, ६ वर्षीय इरफान अन्सारी, ६ वर्षीय जुवेर अन्सारी, १३ वर्षीय फिरोज अन्सारी र ४५ वर्षीय नजबुन अन्सारी ०६१ वैशाख २५ गते माओवादीले फालेको बम विस्फोट हुँदा घाइते भए। घाइतेहरुको भेरी अञ्चल अस्पतालमा उपचार भयो।

कोहलपुर नपा-४ निबुवाका १२ वर्षीय देवबहादुर शाही गाउँको उत्तरपट्टि गाई चराउन गएको बेला ०६१ जेठ ११ गते दिउँसो बेवारिसे अवस्थामा रहेको बम खुट्टामा ठोकिन पुग्दा विस्फोट भई घाइते भएका थिए।

नेपालगञ्ज नपा-१३ त्रिवेणीमोडमा ०६१ जेठ ६ गते दिउँसो माओवादीले बम विस्फोट गराउँदा सोही ठाउँका ८ वर्षीय फैसल अन्सारी घाइते भए। घाइतेको हातखुट्टामा बमको छर्रा लागी घाउ भएको थियो। उनको उपचार भेरी अञ्चल अस्पतालमा भयो।

शिव सेना नेपाल, बाँकेका संगठन प्रमुख ४२ वर्षीय दिवाकर खनाललाई ०६१ जेठ ११ गते दिउँसो नेपालगञ्जको सुर्खेत रोडस्थित वीरेन्द्रचोक नजिकै कर्मचारी सञ्चयकोष जाने बाटोमा माओवादीले ५ राउण्ड गोली प्रहार गरी घाइते पारे। पीडितको शिक्षण अस्पताल, नेपालगञ्जमा उपचार गरेपछि थप उपचारार्थ काठमाडौं लगियो।

नेपालगञ्जको व्यस्त बजार एकलैनी नजिकै सुरक्षाकर्मीको गाडीमा ०६१ साउन १३ गते बेलुका माओवादीले बम प्रहार गर्दा २३ जना सर्वसाधारण र २ जना सुरक्षाकर्मी घाइते भए। घाइते हुनेहरुमा नेपालगञ्ज नपा-१४ का २९ वर्षीय रमेश साहु, ३२ वर्षीय अजय गोडीया, ४५ वर्षीय राम केवट, सोही नपा- १५ का ३५ वर्षीय चुन्नु जसगढ, २० वर्षीय मंगल पठान, १८ महिने बालक एकराम इद्रिसी, ३० वर्षीय प्रमोद गुप्ता, सोही नपा-११ का २२ वर्षीय प्रधान कुरेशी, सोही नपा-१० का ६५ वर्षीय नूर मोहम्मद कुरेशी, सोही नपा-८ का ४० वर्षीय समिउल्ला अन्सारी, सोही नपा-५ का ७६ वर्षीय दिवाना बाबा, सोही नपा- ५ का १८ वर्षीय सुशील परियार र बद्रिप्रसाद बानिया थिए।

मनिकापुरस्थित पशुपति मन्दिर परिसरमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीमाथि ०६१ असोज १ गते मोटरसाइकलमा आएका माओवादीले अन्धाधुन्ध गोली चलाउँदा नेपाल प्रहरीका हिरामणि यादव घाइते भए। उनको उपचार वीरेन्द्र प्रहरी अस्पतालमा भयो।

दाङबाट नेपालगञ्ज आउँदै गरेको यात्रु बाहक बसमा ०६१ मंसिर २३ गते पूर्व महादेवा गाउँनजिक माओवादीले गोली हान्दा कोहलपुर गाविस-४ का ४० वर्षीय गीता शर्मा घाइते भइन्। उनको उपचार कोहलपुर शिक्षण अस्पतालमा गरियो।

अगैया पुलमा ०६१ मंसिर २८ गते माओवादीद्वारा विछ्याइएको बम ट्रकका ड्राइभरहरुले हटाउन खोज्दा विस्फोट भई रोल्पा जिल्ला गुजुल गाविस-१ का ४० वर्षीय जनकबहादुर थापा, मकवानपुर जिल्लाका भरत खड्का र चितवन जिल्लाका अर्जुन ढकाल घाइते भए। पीडितहरुको उपचार भेरी अञ्चल अस्पतालमा गरियो।

नेपालगञ्ज चारबाहिनीस्थित गुल्ममा ०६१ पुस ८ गते बेलुका माओवादीले सकेट बम प्रहार गर्दा सेन्ट्रीपोष्टमा खटिएका ४ सैनिकका साथै नेपालगञ्ज नपा-३ का मुकेश ज्ञवाली र खासकुश्मा गाविस-२ का गणेश कुमाल घाइते भए। घाइतेहरुको उपचार भेरी अञ्चल अस्पतालमा गरियो।

अन्यबाट

कर्म्दी गाविसको डडुवापुल नजिकै बेवारिसे बम विस्फोट हुँदा ०६१ कार्तिक २० गते बिहान खेत जोतेर फर्किरहेका मसहारा गाउँका कृषक ४५ वर्षीय आशाराम खटिक गम्भीर घाइते भए। विस्फोटमा परी उनको दायाँ हातको हत्केला चुँडियो।

जेल र बन्दीहरु

"ख" श्रेणीको बाँके जेलको बन्दी क्षमता २ सय जनाको भए तापनि कैद तोकिएका १४ महिला र १ सय २६ पुरुष गरी १ सय ४०, कैद नतोकिएका महिला १५ र पुरुष १ सय १७ गरी १ सय ३२ बन्दीहरु छन्। यसबाहेक ४ जना नावालकमा २ बालक र २ बालिका आश्रित छन्। कैद तोकिएका गैरनेपाली ५ जना र कैद नतोकिएका ८ जना गरी १३ जना बन्दीहरु छन्। बन्दीहरुका लागि महिलातर्फ ५ कोठा र पुरुषतर्फ १६ कोठा छन्। खानेपानी धारा महिलातर्फ १ र पुरुषतर्फ ३ रहेका छन्। एक-एक वटा पानी ट्यांकीको व्यवस्था छ। बन्दीहरुको मनोरञ्जनको लागि चेस, क्यारम, भलिबल, गिटार, टिभीको व्यवस्था गरिएको छ। स्थानीय व्यक्तिहरुलाई हप्ताको २ दिन र बाहिरका व्यक्तिहरुलाई सबै दिन बन्दीहरुसँग भेट गर्न दिइन्छ। जेलमा एक सिनियर अहेव

सुरक्षाकर्मीद्वारा मारिएका अर्जुनबहादुर विष्ट

छन्। आवश्यक परेमा उपचारार्थ जिल्ला प्रशासन र कारागार प्रमुखको सिफारिसमा भेरी अञ्चल अस्पतालमा लगिने गरिन्छ।

यस जेलमा बन्दीहरुले सिलाई कटाई, टोपी बुन्ने, धागो कात्ने काम गरी उत्पादित वस्तुलाई बजारमा बिक्री-वितरण गर्ने व्यवस्था मिलाइएको छ।

जेलरका अनुसार, हालको भवनलाई एउटै बनाएर पुरुष र महिलाहरुका लागि छुट्टै भवन बनाउनुपर्ने माग जिल्ला प्रशासन कार्यालयमार्फत् गृह मन्त्रालयसमक्ष ०६१ भदौ १८ गते पत्र लेखिएको छ।

बेपत्ता / अपहरण

राज्यबाट

माओवादी कार्यकर्ता २४ वर्षीय प्रवीण शाही र वेलभार गाविस-२ का निराजन चौधरीलाई ०६० पुस २२ गते नेपालगञ्ज नपा-१६ खजुरा रोडबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेको कुरा माओवादीले सार्वजनिक जानकारी गराए।

कोहलपुर गाविस-७ का २१ वर्षीय युवराज गिरीलाई माओवादीको आरोपमा ०६१ वैशाख १७ गते दिउँसो आफ्नै घर नजिकै क्यारमबोर्ड खेलिरहेको बेला गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादी कार्यकर्ता २४ वर्षीय रवी भनिने रमेश घर्तीलाई ०६१ असार १२ गते सुरक्षाकर्मीले बैजापुरबाट गिरफ्तार गरी बेपत्ता पारे।

दैलेख जिल्ला प्रागाराका २८ वर्षीय देवीराम शर्मालाई ०६१ भदौ १४ गते नेपालगञ्जको वीपी चोकबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

बेलहरी गाविस-५ का ३५ वर्षीय जोरदार यादव र १८ वर्षीय रामशरण यादवलाई ०६१ भदौ २६ गते राति घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

उढरापुर गाविसस्थित मदिना राइस मिलका ३४ वर्षीय नदीम मोहम्मद खाँलाई ०६१ कार्तिक १६ गते दिउँसो सादा पोशाकमा गएका सुरक्षाकर्मीहरुले गिरफ्तार गरी वेपत्ता पारे।

माओवादीबाट

वैजापुर गाविस-४ वैजापुरका मुक्त कमैया ४० वर्षीय चौपरिया थारु, सोही ठाउँका ३५ वर्षीय देवीप्रसाद चौधरी र २१ वर्षीय विष्णु थारुलाई ०६० पुस १९ गते माओवादीले अपहरण गरे। ०६० पुस २३ गते १०-१० हजार रुपैयाँ लिई मुक्त गरिएको पीडितहरुले वताए।

वेतहनी गाविस नौरीगौरीका ५३ वर्षीय माताप्रसाद वर्मालाई सुराकीको आरोपमा ०६० फागुन २३ गते राति माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

बनकटवा गाविस-४ जीगाउँका ३५ वर्षीय ढकीराम दमाईलाई सुराकीको आरोपमा ०६१ वैशाख २२ गते राति आफ्नै घरमा वसिरहेको समयमा माओवादीले अपहरण गरे। पीडित वैशाख २३ गते मुक्त भए।

विनौना गाविस-८ चाँचरफर्काका ५२ वर्षीय अयोध्याप्रसाद चौधरीलाई ०६१ जेठ २ गते माओवादीले अपहरण गरी जेठ ४ गते घरमै ल्याई मुक्त गरे।

सूर्योदय मावि चिसापानीमा कक्षा ८ मा अध्ययनरत १७ वर्षीय वलेश्वर रावल, कक्षा १० मा अध्ययनरत १७ वर्षीय मंगलबहादुर शाह, १९ वर्षीय चित्रवहादुर शाह र १८ वर्षीय राजेन्द्र चन्दलाई माओवादीको नाममा लुटपाट मच्चाउँदै आएको आरोपमा ०६१ साउन ११ गते बनकटुवाको मदनचोकवाट माओवादीले अपहरण गरे। यीमध्ये ३ जना अभिभावकको सम्पर्कमा आए भने मंगलवहादुर शाहवाट २० हजार रुपैयाँ लिई मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा मारिएका मधेशी मुक्ति मोर्चाका दयानिधि वर्मा

वनकट्टी गाविस-४ र ५ का १३ देखि १८ वर्षसम्मका युवाहरुलाई ०६१ साउन १९ गते माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराउन लगे। अपहरण परेका युवाहरुमा शोभाराम पासी, गुरुदिन खटिक, पाँचे पासी, रामदीन पासी, वावुलाल चमार, नक्कु जयसवाल, रामकिशोर गुप्ता, धर्मराज चौहान, राजकुमार वर्मा, खुसिराम वर्मा, राम सागर हरिजन, जगतलाल चमार थिए। पीडितहरुमध्ये दुईको अवस्था अज्ञात छ। वाँकी मुक्त भए।

जिल्ला वन कार्यालयवाट सामुदायिक वन सुनखोली र रामकुट्टीबीच विवाद भएपछि सो विवाद मिलाउन गएका रेन्जर ३४ वर्षीय रामगणेश शाह, वनरक्षक ३३ वर्षीय बहादुर केसी र ५५ वर्षीय राममिलन जयसवाललाई ०६१ साउन ३१ गते माओवादीले अपहरण गरे। वहादुर र राममिलनलाई ०६१ भदौ १७ गते र रामगणेशलाई ०६१ भदौ २१ गते मुक्त गरियो।

वैजापुर गाविसका सचिव दुर्गाबहादुर श्रेष्ठलाई ०६१ भदौ १५ गते माओवादीले अपहरण गरी राजीनामा दिने शर्तमा ०६१ भदौ २० गते मुक्त गरे।

भारतीय सीमाका एसएसबीका जवान गिरधारीलाल र सर्वसाधारण राजकुमार पाठकलाई मोटरसाइकलसहित ०६१ असोज १७ गते वेतहनी गाविसको वजारवाट माओवादीले अपहरण गरी ०६१ असोज १८ गते मुक्त गरे भने भारतीय नम्बरको मोटरसाइकल इन्सेक क्षेत्रीय कार्यालयको पहलमा ०६१ मंसिर २४ गते फिर्ता गरे।

खासकुश्मा गाविस प्रेमनगर सिक्टाका ५२ वर्षीय विजयकुमार शाह, ४० वर्षीय दीपककुमार डाँगी र ४८ वर्षीय चित्रबहादुर भण्डारीलाई सुराकीको आरोपमा ०६१ असोज २२ गते माओवादीले अपहरण गरे। उनीहरुलाई ०६१ पुस ४ गते मुक्त गरियो।

नौबस्ता गाविस-३ कलरामपुरका २५ वर्षीय रामबहादुर विक र सुर्खेत जिल्ला मेहलकुनाका कृष्णवहादुर सुनारलाई ०६१ कार्तिक २९ गते बाँके टिटिहरिया गाविसको रंगीन बगियावाट माओवादीले अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

रोल्पा जिल्ला हुमा गाविस-६ का ४२ वर्षीय केशववहादुर वुढा मगर र विनौना गाविस-९ का ३० वर्षीय रामकली वुढाथोकीलाई छानबिनका लागि भनेर ०६१ मंसिर १२ गते माओवादीले अपहरण गरे। दुई छोरा, तीन छोरीकी आमा रामकलीले केशवबहादुरँग दोश्रो विवाह गरेपछि उनका पति ३२ वर्षीय कैलुराम बुढाथोकीले विष सेवन गरी आत्महत्या गरेपछि माओवादीले अपहरण गरेका थिए। केशवबहादुरलाई ०६१ मंसिर २७ गते मुक्त गरे भने रामकलीको अवस्था अज्ञात छ।

वैजापुर गाविस-६ खैरेनीगाउँका ३५ वर्षीय लादुराम

थारु तथा भवनियापुर गाविस-२ का ४८ वर्षीय लोकबहादुर भण्डारीलाई ०६१ मंसिर १९ गते माओवादीले अपहरण गरेकोमा १० हजार रुपैयां दिएपछि ०६१ मंसिर २० गते लादुरामलाई मुक्त गरे। लोकबहादुर भण्डारी भने निःशर्त मुक्त भए।

कम्दी गाविस-९ स्थित ज्ञानोदय माविका प्रधानाध्यापक ४५ वर्षीय अयोध्याप्रसाद यादवलाई ०६१ मंसिर २४ गते माओवादीले विद्यालयबाट अपहरण गरे। उनलाई ०६१ पुस २ गते मनिकापुर गाविस-४ बाट मुक्त गरे।

खासकुश्मा गाविस-१ का कृषक ४५ वर्षीय पारस खड्कालाई ०६१ मंसिर २५ गते बिहान माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

कम्दीमिलन चोकबाट राँझा रेन्जपोष्टमा कार्यरत रेन्जर तथा नेपाल रेन्जर संघका जिल्ला अध्यक्ष ५६ वर्षीय लालमणि चौधरीलाई ०६१ मंसिर २२ गते माओवादीहरुले मोटरसाइकलसहित अपहरण गरे। पीडितलाई ०६१ मंसिर २७ गते इन्सेकको रोहबरमा मुक्त गरे।

माओवादीले बेतहनी गाविसस्थित पशुपति निमाविबाट कक्षा ५ र कक्षा ६ का मुवारक खाँ, अनवर खान, वदलुद्धिन खाँ, जनद्धिन खान, देशराज शर्मा, साजिद खाँ, वुद्धिबहादुर गुरुङ्ग, विनोद कुमार यादव, वीरेन्द्रकुमार वर्मालाई आफ्नो कार्यक्रममा सहभागी गराउन ०६१ मंसिर २९ गते माओवादीले अपहरण गरेकोमा सबै विद्यार्थीलाई ०६१ पुस १ गते मुक्त गरे।

अन्यबाट

रझेना तिनघरुवाका काठमाडौंमा कार्यरत सैनिक जवान ३५ वर्षीय अनिल दर्लामी ०६१ असार १० गते नेपालगञ्जबाट काठमाडौं जान भनी हिंडेकोमा हालसम्म सम्पर्कमा आएका छैनन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

विनौना गाविस-८ चांचरफर्काका १५ वर्षीय खड्क पुन, ४५ वर्षीय हरिप्रसाद पोखेल, १५ वर्षीय राम अवतार वैश्य र ३५ वर्षीय खरवीर पुनलाई माओवादीको आशंकामा ०६१ जेठ ६ गते गम्निमा गएका सुरक्षाकर्मीले कुटपिट गरे। पीडितहरुले घरेलु उपचार गरी सञ्चो भएको बताए।

माओवादीबाट

नौवस्ता गाविस-२ मकैबारीका ३२ वर्षीय लोकबहादुर रोकायालाई सुरक्षाकर्मीको आशंकामा ०६० माघ ५ गते माओवादीले बर्दिया जिल्लाको सोरहवा गाविसको खेरेनिया सिक्टाबाट साइकलमा गइरहेको समयमा नियन्त्रणमा लिएर हात-खुट्टा डोरीले बाँधेर आँखामा पट्टी बाँधी कुटपिट गरेको कुरा पीडितले बताए।

कोहलपुर क्षेत्रमा विद्युत मिटर रिडिङ्ग गर्न गएका विद्युत प्राधिकरणका कर्मचारी २४ वर्षीय कृष्णबहादुर पुनलाई ०६१ साउन ११ गते माओवादीले त्यस क्षेत्रमा कार्यालयको काम लिएर आइन्दा नआउने आएमा कारवाही गरिने धम्की दिंदै बिलप्याडहरु खोसेर लगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष पुनरावेदन अदालतमा देवानीतर्फ ३ सय ३ मुद्दा दर्ता भए भने ८६ वटा फर्स्यौट भए। फौजदारीतर्फ २ सय ५२ मुद्दा दर्ता भई ३३ वटा फर्स्यौट भए। दुई वर्ष नाघेका देवानी र फौजदारी मुद्दा १/१ वटा छन्। यस वन्दी प्रत्यक्षीकरण मुद्दा ८३ वटा दर्ता भए भने ५६ वटा फर्स्यौट भए। दर्ता भएका रिट निवेदन ७३ रहेका थिए जसमा ३६ वटा फर्स्यौट भए। यस अदालतमा रहेका कूल ७ सय १३ मध्ये २ सय ४७ फर्स्यौट भई ४ सय ६६ बाँकी रहे।

जिल्ला अदालतमा यस वर्ष देवानीतर्फ ३ सय १२ मुद्दा दर्ता भए। गत वर्षको ६ सय ९८ समेत गरी १ हजार १० वटा मुद्दा मध्ये ३ सय २४ फर्स्यौट भई ६ सय ८६ बाँकी रहे। फौजदारीतर्फ यस वर्ष दर्ता भएका १ सय ४१ मुद्दा र गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ९६ गरी ५ सय ३७ मध्ये १ सय ७९ फर्स्यौट भई ३ सय ५८ बाँकी रहे। दुई वर्ष नाघेका देवानी ५९ र फौजदारी १७ गरी ७६ मुद्दा छन्। जिल्ला अदालतमा रहेका कूल १ हजार ५ सय ४७ मध्ये ५ सय ३ फर्स्यौट भई १ हजार ४४ फर्स्यौट हुन बाँकी रहे।

यस वर्ष पुनरावेदन सरकारी वकिलको कार्यालयमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत ४ वटा मुद्दा दर्ता भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

बाँके जिल्लामा यस वर्ष जेष्ठ नागरिक भत्ता १ हजार ६ सय ४८ जनालाई, असहाय विधवा भत्ता १ हजार ९ सय जनालाई र असक्त अपाङ्ग भत्ता ५१ जनालाई वितरण गरियो।

विस्थापन

यस जिल्लाबाट आन्तरिक विस्थापित भएकाहरुको संख्या ५० घरपरिवार छ। जिप्रकाले जनाए अनुसार यस जिल्लाबाट यस वर्ष विस्थापित भई भारत जानेहरुको संख्या ९ हजार ७ सय ९० थियो। यसैगरी हुम्लाबाट ९९, जुम्लाबाट २ हजार ७ सय ९६, डोल्पाबाट १ सय ७६, मुगुबाट २ सय १५, कालिकोटबाट ५ हजार १ सय ७२,

रोल्पाबाट १२ हजार ३ सय ३८, रुकुमबाट ४ हजार ३ सय ९८ , सल्यानबाट ८ हजार ३ सय ६४, प्युठानबाट १ हजार १ सय ७७, दाङबाट ८ हजार ३ सय ६४, बर्दियाबाट ५ हजार ६ सय ६४, सुर्खेतबाट ६ हजार २ सय १९, दैलेखबाट ७ हजार १ सय ८६, जाजरकोटबाट ४ हजार १ सय ४१ व्यक्ति रुपैडिया नाका हुँदै विस्थापित भई भारत भए।

आर्थिक अधिकार

नेपालगञ्जबाट खटिइएका सुरक्षाकर्मीले ०६१ पुस १५ गते विहान बाँकेको रनियापुरमा बसोबास गर्दै आइरहेका कमैयाहरुको घरभित्र पसेर डेरीमा राखेको धान लुटपाट गरे। त्यसैगरी दुवर थारु, देवीराम थारु, जगतराम थारु, राजु थारु, जगाउ थारु, पल्टु थारु, भुताउ थारु, मोलाहा थारु, शक्ति थारु, किशुन थारु र वर्षादी खाँ को घरबाट पनि धान लुटेर लगेको पीडितहरुले बताए।

संरचना/सम्पत्ति क्षति

नेपालगञ्ज नपा-१६ विलाशपुरस्थित सुर्खेत राजमार्गमा रहेको शाही नेपाल वायु सेवा निगमको टिकट बिक्री तथा आरक्षण शाखामा ०६० फागुन २० गते बेलुका माओवादीले बम विस्फोटन गराउँदा करिव एक लाख रुपैयाँ मुल्य बराबरको क्षति भयो। विस्फोटबाट टिकट काउण्टरका दुईवटा कोठा, कागजपत्र, जलेर नष्ट भए। त्यसैगरी जावलाखेल हिमालय डिष्टिलरीको थोक बिक्रेता पसल, माई रोयल लिंकर, भेरी बुक्स स्टेशनरी र साईबर क्याफेमा पनि क्षति पुग्यो।

बागेश्वरी गाविस-१ खजुरास्थित कपास विकास समितिको भवन र नेपालगञ्ज नपा-३ स्थित खानेपानी कार्यालय भवनमा ०६० फागुन २० गते माओवादीले बम विस्फोट गरी लाखौंको क्षति गराए।

टिटिहरिया गाविस-६ थपुवास्थित राप्रपा केन्दीय सदस्य एवम् पूर्वमन्त्री फत्तेसिंह थारुको २२ कोठाको दुई तले

बम विस्फोटमा परी घाइते भएका दाजुभाई इरफान अन्सारी र इम्रान अन्सारी

घरमा ०६० फागुन २१ गते राति माओवादीले बम विस्फोट गराए। विस्फोटबाट करिव ८५ लाख रुपैयाँ बराबरको क्षति भएको फत्तेसिंह थारुले बताए।

नेपालगञ्ज नपा-१७ स्थित सहकारी वकिल कार्यालयको मूलढोकामा ०६० चैत १२ गते बेलुका माओवादीले बम विस्फोट गर्दा ढोका पूर्ण क्षतिग्रस्त भयो।

नेपालगञ्ज नपा-३ सुर्खेतरोडस्थित जयबागेश्वरी उच्च मावि परिसरमा राखिएको भे. १ प ६५७ नं. को स्कूल बस ०६० चैत १२ गते माओवादीले आगो लगाई जलाए।

नेपालगञ्ज नपा-१३ गडेनपुरस्थित टिम्वर कर्पोरेसनको कार्यालयमा ०६० चैत १४ गते बेलुका माओवादीले कुकर बम विस्फोट गराई क्षति पुऱ्याए।

नेपालगञ्ज नपा-१३ गोसाईगाउँस्थित जिल्ला निर्वाचन कार्यालयको भवनमा ०६० चैत २४ गते बिहान माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

नेपालगञ्ज नपा-१३ गोसाईगाउँस्थित साल्ट ट्रेडिङ कर्पोरेशनको क्षेत्रीय कार्यालयमा ०६० चैत २६ गते बिहान माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

कोहलपुर गाविस-८ पिपरीस्थित क्षेत्रीय कृषि विकास तालिम केन्द्रमा ०६० चैत २६ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

प्लान नेपालको शाखा कार्यालयका कागजपत्र, फर्निचर र अन्य भौतिक सामग्रीहरु ०६१ भदौ ७ गते माओवादीले जलाएर नष्ट गरे।

जिविस कार्यालयमा रहेको बा. १ झ ४८८३ नं. को महेन्द्रा जीपमा ०६१ भदौ १९ गते माओवादीले आगो लगाए।

नेपालगञ्जस्थित औद्योगिक विकास क्षेत्र भवनको पश्चिमपट्टि ०६१ भदौ २१ गते माओवादीले बम विस्फोट गराउँदा सो भवन वरिपरिका घरहरुका झ्यालका शिशाहरु फुटेका थिए। पिपरीस्थित कृषि विकास तालिम केन्द्रमा माओवादीले ०६१ असोज ४ गते सिलिण्डर बम विस्फोट गराउँदा कार्यालय प्रमुखको कोठा ध्वस्त भयो।

कालाफाँटा गाविस भवनका कागजपत्र ०६१ असोज ५ गते दिउँसो माओवादीले जलाइदिए।

सुर्खेत रोडस्थित कर कार्यालयका भे. १ झ ७४ मारुती जिप्सी गाडी कर कार्यालयको प्राङ्गणमा राखेको अवस्थामा ०६१ असोज ९ गते माओवादीले आगो लगाई ध्वस्त पारे।

बाँकेको खजुराबाट ब्याकवार्ड सोसाइटी एजुकेशन (वेस) द्वारा मुक्त कमैयाका बालवालिकालाई वितरण गर्न भनी लगिएको १ सय १८ जोर ड्रेस, कपी, कलम, पेन्सिल, इरेजर आदि सामग्री ०६१ असोज ९ गते माओवादीले लुटेर लगे।

बम विस्फोटमा घाइते भएका मञ्जु घरु र सुनिता बानिया

गंगापुर गाविस भवनको कागजपत्र, फर्निचर र दराज एकैं ठाउँमा जम्मा गरी ०६१ असोज १० गते माओवादीले आगो लगाइदिए।

कोहलपुरस्थित इलाका वन कार्यालयमा ०६१ कार्तिक २० गते राति माओवादीले बम विस्फोट गराए।

उढरापुर कृषि सेवा केन्द्रमा ०६१ पुस ४ गते माओवादीले बम विस्फोट गराई कार्यालय भवनमा क्षति पुऱ्याए।

कोहलपुर इलाका प्रहरी कार्यालयमा ०६१ पुस १६ गते राति माओवादीहरुले बम विस्फोट गराई इलाका प्रहरी कार्यालय ध्वस्त पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

फत्तेपुर गाविस-७ सरीका ४६ वर्षीय माघु थारुलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६० पुस २१ गते गस्तिमा आएका संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी एक महिनापछि तारेखमा रिहा गरे।

फत्तेपुर गाविसका केशमबहादुर थारु र ५३ वर्षीय मनबहादुर घर्तीलाई ०६० पुस २९ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी क्याम्पमा यातना दिई ३० दिनसम्म राखे। ०६१ जेठ ३ गते अदालतले निर्दोष ठहर गरी पीडितहरुलाई रिहा गर्ने आदेश दिएपश्चात् जेलबाट ०६१ जेठ ४ गते मुक्त भई घर जाने सिलसिलामा कारागार परिसरबाट बाहिर निस्कदै गर्दा पुन: जिप्रकाबाट आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये थारु रिहा भए भने घर्ती जेलमा नै छन्।

फत्तेपुर गाविस-८ का ५८ वर्षीय सुहनिया थारु, ४५ वर्षीय मानबहादुर बुढा, ३५ वर्षीय जनकबहादुर थारु, ३७ वर्षीय सुरेश राणा, ३९ वर्षीय कृष्णबहादुर चौधरी, २७ वर्षीय धनबहादुर चौधरी र ५३ वर्षीय लछु पुनलाई माओवादीको आरोपमा ०६० माघ १४ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। सुरक्षाकर्मीले वन कार्यालयका कर्मचारी लक्ष्मण थारु र सोही गाउँका प्रताप थारुलाई कुटपिट गरी घाइते पारे। कुटपिटबाट प्रतापको पेटमा गहिरो चोट लागेको थियो।

दाङ जिल्ला उरहरी गाविस-८ बेलगनारीका २२ वर्षीय देशुराम चौधरीलाई ०६० फागुन ६ गते बिहान नेपालगञ्ज नपा-३ पुष्पलाल चोकस्थित राप्ती होटलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। आफ्नी आमालाई भारतको लखनउमा उपचार गराई फर्कने क्रममा होटलमा बास बसेका अवस्थामा गाडीसहित सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितलाई ०६१ असार ७ गते रिहा गरियो।

नेपालगञ्ज नपा-१६ कोरियनपुरका भूपू प्रहरी जवान ३१ वर्षीय कर्णविक्रम खड्का र बर्दिया जिल्ला मगरागाडी गाविस-६ सिउनीया घर भई हाल नेपालगञ्ज नपा-१६ मा डेरा गरी बस्दै आएका ३३ वर्षीय ईश्वर रिजाललाई माओवादीको आरोपमा ०६० फागुन २३ गते राति आ-आफ्नै कोठामा सुतिरहेको समयमा सुरक्षाकर्मीले घर सर्च गरी गिरफ्तार गरे। ईश्वरीलाई ०६१ जेठ ४ गते र कर्णविक्रमलाई ०६१ असार ४ गते रिहा गरियो।

कोहलपुर गाविस-३ की १८ वर्षीय कल्पना चापागाईंलाई ०६० फागुन २३ गते दिउँसो आफ्नै घर अगाडि बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालयमा राखी सोधपुधपश्चात् नेपालगञ्ज जेलमा राखे। पीडितलाई ०६१ पुस ३ गते रिहा गरियो।

नेपालगञ्ज नपा-१३ गोसाईंगाउँका ५४ वर्षीय कृष्णप्रसाद भण्डारीलाई ०६० चैत १८ गते बिहान धम्बोजीस्थित वीरेन्द्र प्रहरी व्यायामशाला गुल्मका प्रहरीले सिद्धार्थ म:म सेन्टरबाट गिरफ्तार गरी एक हप्तापछि तारेखमा रिहा गरे।

माओवादीको बाँके जिल्ला जनसरकार उप-प्रमुख एवम् मधेशी मुक्ति मोर्चा जिल्ला अध्यक्ष ३२ वर्षीय परमानन्द

वर्मा, प्रभुदयाल राढ, विनोद र सग्रामीन नामक माओवादी कार्यकर्ताहरुलाई बाँकेको सोनपुर गाविस-२ कलनसन गाउँवाट ०६१ वैशाख १७ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे।

बेलहरी गाविस-२ का हजारी कुर्मी र सोही गाविस-४ का रक्षाराम कुर्मीलाई माओवादीको आशंकामा ०६१ असार १ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा साउन ३२ गते पुनरावेदन अदालतको आदेशमा रिहा गरियो।

फत्तेपुर गाविस-७ का सिद्धेश्वर मावि फत्तेपुर कक्षा ४ मा अध्ययनरत १३ वर्षीय अर्जुन चौधरीलाई ०६१ असार ११ गते सोनवर्सा वेस क्याम्पवाट गएका सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिन सेनाको ब्यारेकमा राखी ०६१ असार १५ गते जेल चलान गरे।

नौवस्ता गाविस-६ का रामगोपाल थारु, केशरबहादुर ओली, खेमनारायण थारु (जुगे), फण्डा थारु, जगलाल थारु, आशाराम थारु र पल्टा थारुलाई ०६१ असार ३० गते सर्चको क्रममा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी साउन ५ गते तारेखमा आउने गरी रिहा गरे।

अनेमसंघ (क्रान्तिकारी) सुर्खेत-दैलेख जिल्ला संगठन कमिटीका अध्यक्ष १९ वर्षीय सुशीला खडका र दैलेख जिल्ला द्वारी गाविस-१ का २३ वर्षीय चन्द्रा र सुर्खेत जिल्ला सहारे गाविस-१ कुर्मीगाउँकी भगवतीलाई ०६१ साउन ११ गते नेपालगञ्जस्थित एक क्लिनिकमा औषधी गराउन आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नेपालगञ्ज जेलमा राखिएको छ।

कान्तिपुर दैनिकका बाँके समाचारदाता जनक नेपाल र अछामस्थित समाचारदाता वेदप्रसाद तिमिल्सिना एवम् स्थानीय नयाँ संरचना दैनिकका प्रधान सम्पादक गोपी बुढालाई ०६१ साउन १४ गते सेनाले एक घण्टासम्म नियन्त्रणमा लिई सोधपुछपश्चात् रिहा गरे।

बेलहरी गाविस-७ का ४५ वर्षीय प्रल्हाद शर्मालाई ०६१ साउन २५ गते बकसपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ २१ गते रिहा गरियो।

विस्फोटमा परी घाइते भएका आसिराम खटिक

बेलहरी गाविस-३ गुरुवागाउँका ३६ वर्षीय देवेन्द्रकुमार बर्मा र सोही गाविस-२ का ४८ वर्षीय लल्लुराम कुर्मीलाई ०६१ साउन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा जिप्रकामा प्रत्येक महिना हाजिर हुनेगरी लल्लुरामलाई ०६१ असोज १९ गते रिहा गरे भने देवेन्द्रकुमारको स्थिति अज्ञात छ।

वर्दिया जिल्ला कालिका गाविस-३ का २१ वर्षीय निर्जनी भनिने विना चौधरी र वनियाभार गाविस-२ का २० वर्षीय रेखालाई ०६१ साउन २३ गते सुरक्षाकर्मीले बर्दियाको डेउढाकलावाट गिरफ्तार गरे। सोही जिल्ला बेलवा गाविस-४ का ३२ वर्षीय दुर्जन चौधरीलाई ०६१ वैशाख १ गते नेपालगञ्जबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरुलाई ०६१ असोज ४ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दिए तापनि ०६१ असोज ५ गते जेलवाट निस्कन नपाउँदै सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी जेल चलान गरियो।

बेतहनी सनतलियाका ३८ वर्षीय सत्यनारायण बर्मा, २५ वर्षीय मनोजकुमार कुर्मी र ३५ वर्षीय नरेन्द्रकुमार कुर्मीलाई ०६१ भदौ ६ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। सत्यनारायण र नरेन्द्रकुमार ०६१ भदौ ७ गते रिहा भए भने मनोजकुमारलाई ०६१ भदौ १६ गते जेल चलान गरियो।

फत्तेपुर गाविस-६ सब्बरी खाँलाई ०६१ भदौ ७ गते, बाँकेका घनश्याम थारुलाई १७ गते, हेमराज योगीलाई भदौ २० गते, कोहलपुर भरैयाका जग्गु थारु र गंगापुरका छोटेलाल राढलाई भदौ २३ गते, वर्दिया जिल्ला बगनाहाका वीरवहादुर थारुलाई १५ गते र रामवहादुर थारुलाई भदौ २० गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दिएकोमा सुरक्षाकर्मीले पुन: गिरफ्तार गरे। जग्गु र हेमराजनाथलाई ०६१ मंसिर ७ गते अदालतको आदेशअनुसार परिवारको रोहवरमा रिहा गरियो।

पिप्रहवा गाविस-८ का हिरालाल खटिकलाई ०६१ भदौ ९ गते नेपालगञ्ज भन्सार कार्यालय अगाडिको चिया पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भदौ १६ गते जेल चलान गरियो।

हिरमिनिया गाविस-१ का ३५ वर्षीय राजेन्द्रप्रसाद लोनिया, २६ वर्षीय नन्कौ भनिने अर्जुन लोनिया र सोही गाविस-९ कालावञ्जरका ४४ वर्षीय ढोडे कोरीलाई माओवादीको आरोपमा ०६१ साउन १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई ०६१ भदौ ११ गते ५ सय रुपैयाँ धरौटी राख्न लगाएर छोड्ने आदेश जिल्ला प्रशासन कार्यालयबाट दिइए तापनि रिहा गरिएन। ०६१ भदौ १६ गते नजरबन्दमा राखियो। ०६१ कार्तिक २४ गते पुनरावेदन अदालतले निर्दोष रहेको भनी छोड्ने आदेश दिइए तापनि सुरक्षाकर्मीले गिरफ्तार गरी पुन: जेल चलान गर्‍यो।

वर्दियाकी सरिता सापकोटा र जुम्लाका मकर कार्कीलाई पुनरावेदन अदालतको ०६१ भदौ २५ गते रिहा गर्ने आदेश अनुसार ०६१ भदौ २८ गते रिहा हुने वित्तिकै सुरक्षाकर्मीहरुले पुन: गिरफ्तार गरी हिरासतमा राखेर केही दिनपछि पुन: जेल चलान गरे।

वेतहनी गाविस-५ का जीमदार केवट र केशवराम केवटलाई अदालतले रिहा गर्ने आदेश दिएपछि ०६१ भदौ २८ गते सुरक्षाकर्मीले जेल परिसरबाट नै पुन: गिरफ्तार गरे। दुवै पीडित हाल जेलमा रहेका छन्।

माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका लोकबहादुर रोकाया

उढरापुर गाविस-७ का पन्नालाल तमौली र रनियापुर गाविस-९ का अकलाम खाँलाई ०६१ असोज ८ गते तथा रुपा गडरिया भनिने सृजना बर्मालाई ०६१ असोज १९ गते राति सुरक्षाकर्मीले उनीहरुकै घरबाट गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

बैजापुर गाविसका कालपृष्ठ दैनिकका हकर २८ वर्षीय भरत वलीलाई ०६१ असोज १९ गते पत्रिका वितरण गरिरहेको बेला सुरक्षाकर्मीले गिरफ्तार गरी पश्चिम पृतना हेडक्वाटर राँझामा राखे। पीडितलाई १२ घण्टा पछि रिहा गरियो।

नरैनापुर गाविस-४ का अलिअहमद खाँ, नवी खाँ, घोरेह भनिने इब्राहिम खाँ, शाविर खाँ र लक्ष्मणपुर गाविस वेचहवा गाउँका नौरङ्गी सुनारलाई माओवादीको आशंकामा ०६१ असोज २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोनवर्सा क्याम्प ल्यायो। अली अहमद र नवीलाई ०६१ कार्तिक ३ गते रिहा गरियो भने अन्यलाई ०६१ कार्तिक २ गते जेल चलान गरियो।

सितापुर गाविस-७ का २२ वर्षीय प्रदीप पुनलाई माओवादीको आरोपमा ०६१ कार्तिक १५ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित पश्चिम पृतना हेड क्वाटर राँझा व्यारेकमा रहेको सुरक्षाकर्मीले बताएको पारिवारिक स्रोतले जनायो।

नरैनापुर गाविस-४ का ४० वर्षीय बाबु खाँलाई ०६१ कार्तिक १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस १५ गते जेल चलान गऱ्यो।

वर्दिया जिल्ला जमुनी घर भई हाल नेपालगञ्ज नपा बेलासपुरमा डेरा गरी बस्ने ३६ वर्षीय भोजराज सुवेदीलाई ०६१ मंसिर २३ गते प्रहरीले गिरफ्तार गरेकोमा ०६१ पुस ४ गते जेल चलान गरियो।

वेलहरी गाविस-६ का १६ वर्षीय झुरी तेलीलाई ०६१ भदौ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। ०६१ मंसिर १४ गते पुनरावेदन अदालतले रिहा गरे तापनि सुरक्षाकर्मीले पुन: गिरफ्तार गरी जेल चलान गरे।

सोहनपुर गाविस-८ गोदहानाका ३५ वर्षीय हसमद खाँ, ५० वारिस खाँ, ५० वर्षीय नुरुद्धिन खाँ र ३० वर्षीय छब्बु दर्जीलाई ०६१ मंसिर २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। हसमदलाई सोही दिन र छब्बुलाई ०६१ पुस २ गते रिहा गरियो भने अन्यलाई ०६१ पुस ९ गते जेल चलान गरियो।

चिसापानी गाविस-१ का उपभोक्ता महासंघ जिल्ला शाखा बाँकेका सहजकर्ता कृपाल चौधरी र सोही स्थानका मनोज चौधरीलाई ०६१ मंसिर २५ गते नागरिक समाजद्वारा आयोजित शान्ति ऱ्याली र मानवअधिकार भेलामा सहभागी भई घर फर्कने सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ मंसिर २७ गते रिहा गरे।

बालअधिकार

सीतापुर गाविस-९ सि गाउँकी ६ वर्षीय एक बालिकालाई ०६० फागुन २४ गते दिउँसो आफ्नै घरमा बसिरहेको अवस्थामा इन्द्रपुर गाविस-१ का पूर्वप्रहरी २८ वर्षीय हर्कबहादुर खड्काले नियन्त्रणमा लिई घरदेखि टाढा ढटेनापुर भन्ने ठाउँमा पुऱ्याई बलात्कार गरे। पीडितलाई बेहोस अवस्थामा भेटाएको कुरा बालिकाका बाबुले बताए। बालिकाको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भएको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गऱ्यो।

उढरापुर गाविस-६ लोनीयापुरर्वा गाउँकी ७ वर्षीय एक बालिकालाई ०६० फागुन २४ गते बेलुका सोही ठाउँका मुतई लोनीयाले बलात्कार गरी फरार भए। बालिकालको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा उपचार भयो।

बनकटुवा गाविस-९ पार्वतीपुरकी ५ वर्षीय बालिकालाई ०६१ साउन १७ गते, सोही ठाउँकीसाढे ३ वर्षीय एक बालिकालाई ०६१ साउन २७ गते सोही गाउँका १७ वर्षीय नरे बुढाले बलात्कार गरी फरार भए। पीडितहरुलाई सिभिक्टले उपचार गऱ्यो।

रामनगरका ११ वर्षीय ओमप्रकाश बर्मालाई ०६१ भदौ २९ गते उनकै परिवारले पन्यू तताएर शरीरको विभिन्न भागमा डामे। घरमा राखेको पैसा पटक-पटक चोरेको आरोपमा उनका बुबा ३५ वर्षीय रामदन बर्माले घाइते हुने

गरी शरीरको विभिन्न भागमा पन्यू तताएर डामेका तथा फलामको रडले नराम्ररी कुटेका कारण ती बालक धेरै दिनसम्म हिँडडुल गर्न नसक्ने अवस्थामा थिए।

महादेवपुरी गाविस-६ का सुस्त मनस्थिति भएकी १३ वर्षीय एक बालिकालाई सोही गाउँका ५६ वर्षीय टंकबहादुर खड्काले ०६१ कार्तिक २२ गते बलात्कार गरी फरार भए। पीडितको उपचार नेपालगञ्ज मेडिकल कलेजमा गरियो। पीडित परिवारले कोहलपुर इलाका प्रहरी कार्यालयमा उजुरी दर्ता गराए।

चोरीको आरोपमा कुटपिट गरी यातना दिइएका ओमप्रकाश बर्मा

इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्जले एक प्रेस विज्ञप्ति जारी गरी सयौं बिरामी तथा सर्वसाधारण नागरिकहरुको प्रत्यक्ष सरोकारको स्वास्थ्यजस्तो सार्वजनिक तथा संवेदनशील क्षेत्रमा बम राखिएको अमानवीय घटनाप्रति भर्त्सना गर्‍यो।

अतिरिक्त जानकारीहरू
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर ३१ जनाको मृत्यु भयो। आगो लगाई ३ जनाको मृत्यु भयो भने पानीमा डुबेर ६ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा १ महिला र ४ पुरुषको मृत्यु भयो भने २९ पुरुष घाइते भए।

बैजापुर गाविस-२ बेलासपुरका १५ वर्षीय इन्द्रकुमारी चौधरीको ०६० माघ २ गते दिउँसो बेवारिसे अवस्थामा रहेको बम विस्फोट हुँदा मृत्यु भयो। सोही दिन दिउँसो गाउँ नजिकै राप्ती नदीको किनारमा दाउरा लिन गएको समयमा बेवारिसे अवस्थामा भेटिएको बमलाई फलामको डल्लो ठानी दाउरा बोक्ने भाडो (छिटवा) मा राखेर घरमा ल्याई नुनसँग साट्ने भनी घरभित्र राख्न खोज्दा एक्कासी विस्फोट हुँदा घटनास्थलमै मृत्यु भएको थियो।

जिल्लाको अति विकट र पिछडिएको राप्ती पारीको बघौडा क्षेत्रका पूर्वी भागमा पर्ने नरैनापुर गाविसको वडा नं ८ र ९ को घोडदौडीयाका ९२ घर र बेतहनी गाविसका २१ घरमा ०६० चैत १८ गते दिउँसो आगजनी भयो।

परसपुर गाविस-४ जमुनाहस्थित भन्सार कार्यालयको सुरक्षार्थ खटिएका सैनिक जवानको हतियारबाट ०६० चैत २७ गते एक्कासी गोली चल्दा भन्सार कार्यालयका पियन ३९ वर्षीय कृष्णराज बमको बायाँ कोखामा गोली लागी सामान्य घाइते भए। घाइतेलाई नजिकैको क्लिनिकमा उपचार गरियो।

बैजापुर गाविस-५ बनघुसरी भन्ने ठाउँमा ०६१ जेठ ९ गते बेलुका साइकलबाट लड्दा आफैले बोकिराखेको बम विस्फोट हुँदा दुई माओवादी कार्यकर्ताको घटनास्थलमा मृत्यु भयो। प्रत्यक्षदर्शीका अनुसार, लाश माओवादीले नै त्यहीं नजिकै दाहसंस्कार गरेका थिए।

कोहलपुर मदनचोकअगाडि ०६१ मंसिर १० गते आफैले बोकेको बम विस्फोट भई नाम खुल्न नसकेका एक माओवादी सख्त घाइते भए। घाइतेलाई अन्य माओवादीले बोकेर कोहलपुरदेखि पश्चिमतिर लिएर गएको प्रत्यक्षदर्शीहरुले बताए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार
पारिवारिक हिंसा

नौवस्ता गाविस-४ उत्तरलौराकी २४ वर्षीय सरस्वती बुढालाई उनका पति चक्रबहादुर बुढाले कुटपिट गरी घर निकाला गरे। हालसम्म ४ वटा विवाह गरिसकेका र बाँकीलाई छाडेर कान्छी पत्नीलाई सँगै राखेका बुढाविरुद्ध पीडितले बहुविवाहसम्बन्धी मुद्दा दिएकी छन्।

दूर्व्यवहार

शम्शेरगञ्ज गाविस-२ अकलघरुवाकी एक महिलालाई माओवादी कार्यकर्तासँग अनैतिक यौनसम्पर्क गरेको आरोपमा ०६१ वैशाख ३१ गते माओवादीले चारपाटे कपाल काटेर कुटपिट गरी गाउँ घुमाएका थिए।

विविध
प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपालगञ्ज नपा वीपी चोकस्थित शिक्षण अस्पताल भवनभित्र सकेट बम राखिएको घटनाप्रति ०६१ पुस ३ गते

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका प्रभु दयाल र युवराज गिरी

हिरमिनिया गाविस-२ का शहादत अली शाह (हगन) को घरमा बाह्रबोर बन्दुक लिन पुगेका माओवादीका एरिया सदस्य २५ वर्षीय सन्तोष गोडीयासहित ७ जना माओवादीहरु बाह्रबोर बन्दुक नभेटाएपछि त्यहाँबाट फर्केको आधा घण्टापछि ५/६ फायरिङ् भएकोमा बिहान गाउँ नजिकै सन्तोषको लाश भेटिएको थियो। उनलाई कसले मारेको हो भन्ने थाहा हुन सकेन।

विगतको अनुगमन

फत्तेपुर गाविस-९ डाँडाटेपरीका १३ वर्षीय बर्माद्धिन गोडियालाई माओवादीको आरोपमा ०६० कार्त्तिक २३ गते गंगापुर गाविसको दोन्द्रा गाउँमा आफ्नी दिदीको घरमा गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कोहलपुर गाविस-८ पिपरीका ४० वर्षीय भोजराज ढकाललाई ०६० भदौ २५ गते माओवादीले अपहरण गरेर बेपत्ता पारेकोमा उनको मृत्यु भइसकेको माओवादीले सार्वजनिक गरे।

कोहलपुर गाविस-५ का राप्रपा कार्यकर्ता ४२ वर्षीय प्रेमबहादुर वलीलाई ०६० भदौ २२ गते राति माओवादीले घरबाट अपहरण गरेर लगेको पीडितकी पत्नी सुमित्रा वलीले बताइन्। अपहरण गरेर लगेको एक हप्तापछि माओवादीले भौतिक कारवाही गरिसकेको पर्चा तथा पम्प्लेट छरे।

फत्तेपुर गाविस-९ का १६ वर्षीय हनुमान गोडीयालाई सुराकीको आरोपमा ०६० असोज ३ गते माओवादीले अपहरण गरेर बेपत्ता पारेका थिए। हाल उनको मृत्यु भइसकेको छ।

फत्तेपुर गाविस-६ लालपुरका ४० वर्षीय मनोज शाहीलाई ०६० असोज ७ गते माओवादीले अपहरण गरेर बेपत्ता पारेका थिए। हाल उनको मृत्यु भइसकको छ।

कोहलपुर -८ पिपरीका ४६ वर्षीय धनबहादुर खड्कालाई ०६० कार्तिक ८ गते माओवादीले अपहरण गरी बेपत्ता पारेका थिए। हाल उनी मुक्त भइसकेका छन्।

४.७ बर्दिया



जनसंख्या	४२६६७५
साक्षरता प्रतिशत	४५.४१
महिला साक्षरता प्रतिशत	३५.६४
क्षेत्रफल (वर्ग कि. मि.)	२०२५
गाविस/नपा संख्या	३१/१
निर्वाचन क्षेत्र	३
विद्यालय	२४४
क्याम्पस/उच्च मा.वि.	१/५
अस्पताल/स्वास्थ्य चौकी	१/३३
टेलिफोन लाइन	११३२
मोटर सडक (कि. मि.)	१८३
प्रहरी कार्यालय संख्या	१
हुलाक संख्या	३३
मानव विकास सूचकांक	०.४२९
प्रति परिवार सरदर संख्या	७.१६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

जमुनी गाविस-३ का २५ वर्षीय खगेन्द्र कटुवाल ०६० माघ २३ गते दिउँसो महेन्द्र राजमार्गमा पर्ने बबई नदी नजिक बाटोमा विद्युतीय धराप थाप्न लागेको आरोपमा सुरक्षाकर्मीको कारवाहीमा मारिए। लाशको पोष्टमार्टम गरिएन र आफन्तलाई पनि दिइएन।

धधवार गाविस-७ का २९ वर्षीय परशुराम खनाल माओवादीको आशंकामा ०६० माघ १९ गते दिउँसो सुरक्षाकर्मीद्वारा महम्मदपुर गाविस-८ भैसाहीबाट लखेट्दै गुलरिया नपा-६ बालापुरमा गोली प्रहार गरी मारिए। सुरक्षाकर्मीले पीडितबाट ६६ हजार ३ सय रुपैयाँ, १ थान

पेस्तोल, ४ थान गोली फेला पारेको बताएको छ। पीडितको दुवै हात र पेटमा गोली लागेको थियो। जिल्ला अस्पतालमा लाशको पोष्टमार्टम गरियो।

राजापुर गाविस-६ अनन्तपुरमा ०६० माघ २० गते माओवादीको आरोपमा सरक्षाकर्मीको कारवाहीमा नाम थाहा नभएका एक थारु जाति जस्तो देखिने एक व्यक्तिको मृत्यु भयो। पीडितको लाश कहाँ फालियो थाहा भएन।

दैलेख जिल्ला दुल्लु गाविसका माओवादी कार्यकर्ता २० वर्षीय निराजन भनिनेको ०६० फागुन ८ गते दिउँसो सुरक्षाकर्मीको टोलीले महम्मदपुर गाविस-८ भैसाहीमा गोली प्रहारबाट मृत्यु भयो। लाशको पोष्टमार्टम गरिएन। सो घटनामा सुरक्षाकर्मीले चार थान पेस्तोल र ४० थान गोली बरामद गरेको बताए।

वगनाह गाविस-१ का ४३ वर्षीय हस्तबहादुर चलाउने माआवादीको आरोपमा ०६० फागुन १४ गते बिहान घरबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए। पीडितको लाश आफन्तले पाएनन् भने पोष्टमार्टम पनि गरिएन। सुरक्षाकर्मीले यस घटना दोहोरो भिडन्तमा भएको बताए पनि उक्त दिन दोहोरो भिडन्त नभएको स्थानीय व्यक्तिहरुले बताए।

शिवपुर गाविस-८ मा विगलु भनिने आशारानी चौधरी र जीवन्त भनिने जीतबहादुर चौधरीलाई माओवादीको आरोपमा ०६० फागुन १६ गते बेलुका सुरक्षाकर्मीद्वारा शिवपुर गाविस-८ बाट गिरफ्तार गरी गोली हानी मारिए। लाशको पोष्टमार्टम भएन।

गोला गाविस-७ का १६ वर्षीय टिकाराम थारु ०६० फागुन १४ गते दिउँसो नयाँगाउँ गाविस-१ मा गस्तिमा गएको सुरक्षाकर्मीको टोलीलाई देखेर भागेपछि गोली प्रहारबाट मारिए। लाशको पोष्टमार्टम भएन, आफन्तले पनि पाएनन्।

धधवार गाविस-५ का पाञ्चजन्य मावि कक्षा ९ मा अध्ययनरत १५ वर्षीय अनिलकुमार चौधरी र बानियाभार गाविस-८ का २६ वर्षीय रामप्रसाद थारु माओवादीको आशंकामा ०६० चैत २ गते पदनाह गाविस-९ मा साइकलमा हिंडिरहेको अवस्थामा गुलरियाबाट गएको संयुक्त सुरक्षाकर्मीद्वारा गोली प्रहार गर्दा मारिए। पीडितहरुको लाश सुरक्षाकर्मीले पदनाह गाविस-९ फत्तेपुर गाउँदेखि २ सय मिटर पूर्व कुलामा वालुवाले पुरेर छोडेका थिए। लाशको पोष्टमार्टम गरिएन।

गुलरिया नपा-२ का २२ वर्षीय अमर चौधरीलाई ०६० चैत १५ गते दिउँसो सोही ठाउँको गुजराना गाउँमा सुरक्षाकर्मीलाई देखी भागेका कारण सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडितको पोष्टमार्टम गरियो। लाश सुरक्षाकर्मीले नै जलाए।

मनाउ गाविस-५ का १८ वर्षीय बलबहादुर थारुलाई माओवादीको आरोपमा ०६० चैत ६ गते भिम्मापुर गाविस-३ गोडियानास्थित नेपाल राष्ट्रिय प्रस्तावित माध्यमिक विद्यालय गोडियानाबाट सुरक्षाकर्मीले हतियारसहित गिरफ्तार गरे। सुरक्षाकर्मीको घेरा तोडी भाग्न खोज्दा सुरक्षाकर्मीद्वारा गोली प्रहार गरेपछि उनको मृत्यु भयो। पीडितको टाउकोमा गोली लागेको थियो। लाश सो विद्यालयदेखि २०/३० मिटर पश्चिम बाटोको किनारमा सुरक्षाकर्मीले गाडिदिए। लाशको पोष्टमार्टम गरिएन।

मोतिपुर गाविस-५ की २४ वर्षीय मैयारानी चौधरीलाई ०६० चैत २२ गते दिउँसो पदनाह गाविस-९ बाट माओवादीको आरोपमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२		२	१५	३२			३२	३४	२३	६	१	३०
घाइते					६	९	२	८	१९	३	५	१		६
गिरफ्तारी/यातना										३७	३६	२		३८
बेपत्ता										२	२			२
कुटपिट	२	२		२	७	१३	१		१४	२	४			४
धम्की					३	२१			२१					
जातीय विभेद	१	१		१										
भूमिहीन/सुकुम्बासी समस्या										१	१			१
महिलाअधिकार	४		४	४										
बालअधिकार	४	९	३	१२	१			१	१					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार										१	३			३
अपहरण					२८	३२	१		३३					
जम्मा	१३	१४	७	२१	६०	१०७	४	९	१३०	८०	७४	९	१	८४

दिन कुसुम्वाघाट नजिक नर्सरीमा पुऱ्याई गोली हानी मारिए। लाश सोही नर्सरीमा गाडिदिए। तर यस सम्वन्धमा सुरक्षाकर्मीलाई गोली माओवादीले गोली चलाएपछि प्रतिकारमा चलाउँदा मृत्यु भएको र पीडितवाट एक थान पेस्तोल र ४ थान गोली भेट्टाएको सुरक्षाकर्मीले वताए।

मगरागाडी गाविस-४ का २० वर्षीय तीर्थ थारु र वाँके जिल्ला खजुरा गाविस-५ की २२ वर्षीय निरु भनिने अरुणा आचार्य ०६० चैत २ गते बेलुका गुलरियाबाट गएको संयुक्त सुरक्षाकर्मीको टोलीद्वारा माओवादीको आरोपमा मगरागाडी गाविस-१ बाट गिरफ्तार गरी सोही दिन गोली हानी मारिए। सुरक्षाकर्मीले दुवै जनाको लाश मगरागाडी गाउँ नजिक रहेको खोलाको डिलमा गाडेका थिए।

कालिका गाविस-४ की १८ वर्षीय जुनकिरी थापालाई ०६० चैत ४ गते बेलुका गुलरियाबाट गएको संयुक्त सुरक्षाकर्मीको टोली पदनाह गाविस-९ वाट गिरफ्तार गरी पीडितलाई सोही दिन कोदालो बोकाई पदनाह गाविस-८ नजिक रहेको नर्सरीमा खाल्डो खन्न लगाई सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। लाश सोही खाल्डोमा पुरिदिए। लाशको पोष्टमार्टम भएन।

पाताभार गाविस-६ का २० वर्षीय विनोद चौधरी ०६१ वैशाख १४ गते बिहान घरमा टिकापुरबाट आएको सुरक्षाकर्मीको टोलीलाई देखी भागेर गोला गाविस-२ स्थित एक घरमा पसेको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीद्वारा घरभित्रै गोली हानी मारिए। लाश सुरक्षाकर्मीले घटनास्थलमै छाडेका थिए।

कैलाली जिल्ला हसुलिया गाविसका २६ वर्षीय जगतप्रसाद सतगैया ०६० चैत १९ गते दिउँसो दौलतपुर गाविस-६ मा रहेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गर्दा मारिए। लाशको पोष्टमार्टम गरिएन, आफन्तलाई पनि दिएन।

गोरखा जिल्ला घर भएका ५२ वर्षीय प्रखर भनिने हरि श्रेष्ठ ०६१ असार १३ गते विहान पदनाह गाविस-२ बाट माओवादीको आरोपमा गुलरियाबाट गएका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही दिन ४ बजे पदनाह गाविस-९ स्थित

सुरक्षाकर्मीद्वारा मारिएका अनिलकुमार चौधरी

सामुदायिक वनमा पुऱ्याई गोली हानी मारिए। लाश सुरक्षाकर्मीले घटनास्थलमै छोडेका थिए।

मोतिपुर गाविस-७ का वलराम चौधरी र ताराताल गाविस-५ का निर्दोष भनिने माओवादी कार्यकर्ता ०६१ असार २९ गते दिउँसो संयुक्त सुरक्षाकर्मीको टोलीलाई देखेर भागेपछि महम्मदपुर गाविस-८ मा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। सुरक्षाकर्मीले लाश घटनास्थलमै छोडेकाले माओवादीले भोलिपल्ट उक्त लाश भैसाही गाउँ नजिक रहेको नदीको डिलमा आफ्नो पार्टीको झण्डा ओडाएर गाडेका थिए।

सोरहवा गाविस-९ की २० वर्षीय संगीता भनिने लक्ष्मी थारुलाई ०६१ वैशाख २२ गते दिउँसो पदनाह गाविस-९ स्थित खेतमा मुसुरो काटिरहेको अवस्थामा गुलरियाबाट गएको सुरक्षाकर्मीको टोलीले माओवादीको आरोपमा गोली चलाउँदा खुट्टामा गोली लागेको थियो। पीडितको उपचारका लागि जमुनी गाविसतिर लाँदालाँदै बाटोमा वैशाख २३ गते मृत्यु भयो। माओवादीले लाश जमुनी गाविस-२ वठनीमा गाडिदिए।

माओवादीबाट

सानोश्री गाविस-६ का २९ वर्षीय वेदबहादुर ओलीलाई ०६० फागुन २० गते बेलुकातिर सोही गाविस-३ लालिवजारबाट माओवादीले अपहरण गरेकोमा ०६० चैत १८ गते पुनः सोही ठाउँमा ल्याई हत्या गरेको सार्वजनिक गरे। हत्या कुन मिति र ठाउँमा भएको हो, भन्ने सार्वजनिक गरेनन्। लाश पीडितका आफन्तले पाएनन्।

सूर्यपटुवा गाविस-४ का २९ वर्षीय खुमवहादुर थापालाई सुराकीको आरोपमा ०६० माघ २० गते बगनाहा गाविसमा जन्ती गएर घर फर्किरहेको अवस्थामा ठाकुरद्वारा गाविस-४ मा माओवादीले गोली हानी हत्या गरे। पीडितको कन्चटमा गोली लागेको थियो। लाश माओवादीले घटनास्थलमै छोडेका थिए, पोष्टमार्टम गरिएन।

कालिका गाविस-४ का ३३ वर्षीय नारायण सापकोटा र सोही ठाउँमा ३६ वर्षीय दिलु खड्कालाई ०६० चैत २ गते बेलुका घरबाट माओवादीले अपहरण गरे। यस घटनाका सम्वन्धमा माओवादीका बाँके/बर्दियाको सेक्रेटरी किशोरले ०६० चैत १६ गते प्रेस विज्ञप्तिमार्फत् उनीहरु नक्कली माओवादी बनेको र सुराकीको आरोपमा चैत २ गते हत्या गरेको सार्वजनिक जानकारी गराए। पीडितका आफन्तले लाश नपाएका कारण काजकिरिया गरेका छैनन्।

सिन्धुपाल्चोक जिल्ला घर भई जिप्रका बर्दियामा कार्यरत असई ३१ वर्षीय युवध्वज खड्का, तनहुँ जिल्लाका प्रहरी जवानहरु २४ वर्षीय राजु नेपाली, सानोश्री गाविस-९ का यमवहादुर सबैगार, वगनाह गाविस-९ का अमरबहादुर शाही, वगनाहा गाविस-७ का रामप्रसाद थारुलाई ०६१

वैशाख ३१ गते दिउँसो २ बजे नेपालगञ्ज-गुलरिया जोड्ने हुलाकी सडकमा पर्ने भादा पुलमा चेकपोष्टमा खटिएका सुरक्षाकर्मीहरुलाई सादा पोशाकमा मोटरसाइकल चढी आएका १२/१५ जना माओवादीले घेरा हाली गोली हानी हत्या गरे। उक्त घटनामा प्रहरी हवल्दार कुलबहादुर रानाभाट, प्रहरी जवान नरबहादुर भण्डारी र प्रहरी जवान अमरबहादुर थापा घाइते भएका थिए। घाइते प्रहरीको उपचार जिल्ला अस्पताल गुलरियामा गरियो। माओवादीले उक्त घटनाबाट एक थान सञ्चार सेट, एक थान रिभल्वर र ६ थान राइफल लुटेर लगे।

नेउलापुर गाविस-२ का ४८ वर्षीय विपतराम थारुलाई ०६१ जेठ २४ गते बिहान घरमै रहेको अवस्थामा माओवादीले सुराकीको आरोपमा एक छिन काम छ भनी घरदेखि पश्चिममा रहेको खोलामा पुऱ्याई गोली हानी हत्या गरे। हत्या गर्नुअघि माओवादीले पीडितलाई कुटपिट पनि गरेका थिए। माओवादीले लाश घटनास्थलमा छोडेका थिए। लाशको पोष्टमार्टम भएन।

धधवार गाविस-६ का ४० वर्षीय शेरबहादुर चन्दलाई सुराकीको आरोपमा ०६१ असार १९ गते राति घरमा सुतेको अवस्थामा माओवादीले घरदेखि केही पर पुऱ्याई गोली हानी हत्या गरे। हत्या गर्नुअघि पीडितलाई माओवादीले कुटपिटसमेत गरे। लाशको पोष्टमार्टम असार २० गते जिल्ला अस्पतालमा गरियो।

गुलरिया नपा-८ का मनोनित पूर्व नगरप्रमुख ५० वर्षीय राजेन्द्र श्रीवास्तवलाई ०६१ साउन १८ गते दिउँसो सोही नपा-१२ का सहजमान यादवको मलामी गएर घर फर्किरहेको अवस्थामा गुलरिया नपा-१२ मा कब्जामा लिई धारिलो हतियारले घाँटी रेटी हत्या गरे। पीडितको लाश सहजमान यादवकै चितामा जलाइदिए। भोलिपल्ट पीडितका परिवारले जलेको अस्तु ल्याएर काजकिरिया गरे।

मोतिपुर गाविस-८ का ६५ वर्षीय ज्ञानबहादुर नेपाली र उनका छोरी ज्वाइँ भारत घर भएका ३५ वर्षीय राजु मुसलमानलाई ०६१ भदौ २२ गते राति सोरहवा गाविस-२ मा आफ्नो कब्जाबाट भाग्न खोजेको आरोपमा माओवादीले गोली हानी हत्या गरे। माओवादीले लाश कहाँ फाले आफन्तले थाहा पाएनन्। माओवादीले ज्वाइँ-ससुरालाई भदौ २० गते मोतिपुर गाविस-८ बाँसगढी बजारबाट चिप्ले भूतको आरोपमा कब्जामा लिएका थिए। उक्त समयमा जिल्लामा शरिरभरि चिल्लो पदार्थ घसेर चोरीका घटना भएका थिए। सो चोरको समूहलाई चिप्ले भूतको नामाकरण गरिएको थियो।

मोतिपुर गाविस-८ बाँसगढी बजारमा आफूलाई माओवादी बताउँदै चन्दा उठाएको र महिलामाथि थुप्रै अभद्र

सुरक्षाकर्मीद्वारा मारिएका अमर चौधरी

व्यवहार गरेको आरोपमा घर ठेगाना थाहा नभएका अन्दाजी ३५ वर्षीय देवबहादुर पुनलाई ०६१ असार २२ गते माओवादीले हत्या गरे।

बाँके जिल्ला टिटहरिया गाविस घर भई हाल रम्मापुर सुरक्षाबलमा कार्यरत प्रहरी जवान २५ वर्षीय दयाराम चौधरीलाई ०६१ मंसिर १३ गते दिउँसो सोही सुरक्षा क्याम्पदेखि केही पश्चिम मगरागाडी गाविस-८ मा निःशस्त्र अवस्थामा रहेको बेला माओवादीले गोली हानी हत्या गरे।

रुकुम जिल्ला बाँफिकोट गाविसका २७ वर्षीय नरेन्द्र विश्वकर्मालाई ०६१ मंसिर १७ गते बेलुका नेउलापुर गाविस-५ मा माओवादीले सुराकीको आरोपमा गोली हानी हत्या गरे। पीडितको बाटोमा राखिएको लाश कसैले उठाएनन्। गाउँ नजिक रहेको सो लाश मंसिर २२ गते राति माओवादीले बाटोको एक छेउमा गाडिदिए।

गुल्मी जिल्ला हाडहाडे गाविस-४ घर भई ठाकुरद्वारास्थित सैनिक ब्यारेकमा कार्यरत प्रहरी जवान २६ वर्षीय सूर्यबहादुर सिज र ढोढरी गाविस घर भई सोही ब्यारेकमा कार्यरत प्यूठ शिवप्रसाद चौधरी ०६१ मंसिर १२ गते दिउँसो शिवपुर गाविसको मोतिपुर गाउँमा माओवादीद्वारा गराइएको बाटो अवरोध हटाउँदै गरेको समयमा माओवादीद्वारा विछ्याइएको विद्युतीय धरापमा परी सूर्यबहादुरको घटनास्थलमै मृत्यु भयो भने शिवप्रसादको उपचार हुँदाहुँदै मृत्यु भयो। सोही घटनामा परी एक जना नाम थाहा नभएका सैनिक घाइते भए।

दोहोरो भिडन्त

धधवार गाविस-८ बेलभार जंगलमा ०६१ जेठ १० गते बिहान सुरक्षाकर्मी र माओवादीबीच एक घण्टासम्म

भएको दोहोरो भिडन्तमा माओवादीतर्फ नाम थाहा नभएका चार जनाको सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। एक जनाको लाश सुरक्षाकर्मीले नदीमा फालिदिए भने अन्य तीन जनाको लाश माओवादीले बोकेर लगेका थिए। यस घटनामा सुरक्षाकर्मीले आफ्नोतर्फ कुनै क्षति नभएको बताए।

बगनाह गाविस-३ का मुक्त कमैया ३० वर्षीय शिवप्रसाद थारुको ०६१ असार २७ गते झरसेलुवा सामुदायिक वनमा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा गोली लागी मृत्यु भयो। पीडित सामुदायिक वनका चौकिदार थिए। भिडन्त भएपछि सेनाले घटनास्थलमा सर्च गर्दा शिवप्रसादलाई वनमा देखेर माओवादीको आरोपमा गिरफ्तार गोली हानिएको स्थानीय बासिन्दाहरुले बताए। पीडितका आफन्तले असार ३० गते घटनाको छानबिन गरी पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारवाहीको माग राखी राष्ट्रिय मानवअधिकार आयोग र जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। पीडित परिवारले हालसम्म क्षतिपूर्ति पाएका छैनन्।

बानियाभार गाविसमा पर्ने महेन्द्र राजमार्गस्थित बुढीखोलानजिक ०६१ मंसिर ५ गते रम्मापुरबाट गएको सुरक्षाकर्मीको टोली र माओवादीबीच भएको दोहोरो भिडन्तमा नाम, ठेगाना थाहा नभएका एक माओवादीको गोली लागी मृत्यु भयो। माओवादीले महेन्द्र राजमार्ग अवरुद्ध गरेका कारण सुरक्षाकर्मी अवरोध हटाउन गएका थिए।

सिन्धुपाल्चोक जिल्ला पाल्चोक गाविसका २५ वर्षीय धोर्चे लामा र पिपलाडी गाविस-७ का २६ वर्षीय जयबहादुर बमको ०६१ मंसिर २० गते ना. २ ख ६०७३ नम्बरको यात्रुवाहक बस चढी महेन्द्रनगरतिर गइरहेको अवस्थामा महेन्द्र राजमार्गमा पर्ने बगनाह गाविस-८ सैनवारमा माओवादी र सुरक्षाकर्मी बीच दोहोरो भिडन्त हुँदा गोली लागि मृत्यु भयो। भिडन्तमा परी सिन्धुपाल्चोक जिल्ला पाल्चोक गाविसका ६० वर्षीय मैता लामालगायत केही यात्रुहरु घाइते भए। तीन दिनसम्म घटनास्थलमा लाश रह्यो। मंसिर २३ गते स्थानीय व्यक्तिहरुको सहयोगमा दुवै लाश पोष्टमार्टमका लागि गुलरिया ल्याइयो। भिडन्तमा बस पूर्णरुपमा क्षति भएको थियो।

सुरक्षाकर्मीद्वारा मारिएका परशुराम खनाल

बर्दिया र कैलालीको सीमा क्षेत्र महेन्द्र राजमार्गमा पर्ने कर्णाली चिसापानी पुलमा ०६१ पुस ७ गते बेलुका माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा ध्रुवराज शाही, शंकरदत्त जोशी, कृष्ण शर्मा, भूपेन्द्र घर्ती मगरसहित ५ जना सर्वसाधारणको मृत्यु भयो। भिडन्तमा सुरक्षाकर्मीतर्फ नाम थाहा नभएका ५ जना र माओवादीतर्फ दैलेख जिल्ला जम्बुकाँद गाविस-३ का विद्रोही भनिने २२ वर्षीय नवीन कुमार शाही र सोही जिल्ला पिपलकोट गाविसका नाम थाहा नभएका एक माओवादी कार्यकर्ताको मृत्यु भयो भने ४ जना घाइते भए। भिडन्तमा मिना थापा मगर, लक्ष्मी शाहीसहित आठजना सर्वसाधारण घाइते भएका थिए। सोही घटनामा डेउढाकला गाविस-९ घर भई चिसापानीमा कार्यरत सैनिक धर्मेन्द्रकुमार अधिकारीसहित ५ सुरक्षाकर्मी हराएका थिए। हराएका ५ सुरक्षाकर्मीमध्ये २ सुरक्षाकर्मीलाई आफूहरुले अपहरण गरेको माओवादीले स्वीकार गरी २ जनालाई सुर्खेत जिल्लाबाट केही दिनपछि मुक्त गरे। मृतक सर्वसाधारणका परिवारले अझैसम्म क्षतिपूर्ति पाएका छैनन्। घाइते सर्वसाधारणको पनि आर्थिक अभावका कारण थप उपचार हुन सकेको छैन। हराएका तीन सुरक्षाकर्मी अझैसम्म अज्ञात छन्।

अन्यबाट

गुलरिया नपा-१४ का ३५ वर्षीय घिराउ यादवलाई ०६१ भदौ २० गते राति सोही नपा-४ मा अज्ञात व्यक्तिको समूहले गोली हानी हत्या गरे। सोही दिन अज्ञात व्यक्तिहरुले नाम थाहा नभएका तीन माओवादी कार्यकर्तालाई गोली हानी घाइते पारेका थिए। घटनास्थल नजिक सकेट बम राखिएको थियो। उक्त बम भोलिपल्ट बिहान सेनाले निस्कृय पारेका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

गुलरिया नपा-२ का ४० वर्षीय काम्त गोडियालाई ०६० माघ ९ गते राति सोही नपा-१ मा भारतबाट घरायसी सामान लिएर साइकलमा घर आइरहेको बेला सुरक्षाकर्मीको टोलीले माओवादीको आशंकामा गोली चलाउँदा पीडितको दायाँ गालाबाट गोली पसेर कानको छेउबाट निस्केको थियो। सुरक्षाकर्मीकै सहयोगमा घाइतेलाई उपचारको लागि जिल्ला अस्पतालमा लगियो।

ठाकुरद्वारा गाविस-५ की ४० वर्षीय गोपी चुनारा ०६१ मंसिर १६ गते राति माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीको गोली लागी घाइते

भए। टाउकोमा चोट लागेका चुनारालाई भेरी अञ्चल अस्पतालमा उपचार गरियो। सोही घटनामा ठाकुरद्वारा गाविस-५ का अक्कलवहादुरका ९ र ११ वर्षीय छोराहरु पनि सामान्य घाइते भए।

माओवादीबाट

मोतिपुर गाविस-२ का ६० वर्षीय पुनाराम थारुलाई ०६० माघ २५ गते विहान घरवाट बाँकेतिर गइरहेको अवस्थामा सोही गाविस-८ बाँसगढी वजार नजिक महेन्द्र राजमार्गमा माओवादीले विछ्याएको वेवारिसे वम कुल्चिदा वम विस्फोट भई घाइते भए। पीडितको वाँया खुट्टाको घुँडादेखि तलको भाग छियाछिया भएको थियो। घाइतेको नेपालगञ्ज र कोहलपुरमा उपचार गरियो।

स्याङ्जा जिल्ला घर भई राजापुर बेस क्याम्पमा कार्यरत सैनिक हवल्दार २७ वर्षीय नारायण थापालाई ०६१ असार २७ गते दिउँसो २ वजे राजापुर गाविस-१ स्थित एक होटलमा वसी खाजा खाइरहेको अवस्थामा माओवादीले टाउकोमा गोली हानी घाइते पारे। पीडितको उपचार स्थानीय औषधी पसलमा गरियो।

सिन्धुपाल्चोक जिल्ला मेलम्चीका १९ वर्षीय हरिवहादुर तामाङ र काठमाडौंकी ४० वर्षीय श्रीदेवी महर्जनलाई ०६१ मंसिर ११ गते विहान महेन्द्र राजमार्गमा पर्ने ववई नदी नजिक तीर्थयात्रीको व्यानर सहित ना. २ ख २२३७ र ना. २ ख ६३४२ नम्वरको वसमा माओवादीले गोली हानेपछि घाइते भए। घाइतेमध्ये हरिबहादुरको वाँया खुट्टाको तिघ्रामा र श्रीदेवीको वाँया हातको पाखुरामा गोली लागेको थियो। सोही दिन माओवादीले महेन्द्र राजमार्गका विभिन्न ठाउँमा रुख ढालेर, माटो ढुंगा थुपारेर वाटो अवरुद्ध पारेका थिए। तीर्थयात्रुहरुले वाटो खोल्दै गइरहेका थिए।

दोहोरो भिडन्त

वगनाह गाविस-९ का आमा छोरा क्रमश: ३५ र ११ वर्षीय मीना वढुवाल र शेरु वढुवाल ०६१ मंसिर २० गते दिउँसो उपचार गरी नेपालगञ्जवाट यात्रुवाहक वसमा घर फर्किरहेको अवस्थामा महेन्द्र राजमार्गमा पर्ने सैनवारमा माओवादी र सुरक्षाकर्मीवीच भएको दोहोरो भिडन्तमा गोली लागी घाइते भए। मीनाको छातीमा र शेरुको ओठमा गोली लागेको थियो। घाइते दुवैको उपचार जिल्ला अस्पताल गुलरियामा गरियो।

जेल र बन्दीहरु

'ग' श्रेणीको बर्दिया जेलको बन्दी क्षमता १ सय जनाको छ। यस वर्षको अन्त्यसम्ममा १७ जना कैद नतोकिएका र ४२ जना कैद तोकिएका गरी ५९ जना बन्दी छन्। जसमा ४ जना महिला र ५५ जना पुरुष छन्। माओवादीको आरोपमा ९ जनालाई नजरबन्दमा राखिएको छ। महिला पुरुष अलग-अलग बस्ने व्यवस्था भएको यस जेलमा हप्ताको दुई पटक सोमबार र विहीबार भेटघाट गर्न दिइन्छ भने टाढावाट आएकालाई सँधै भेट गर्न दिने व्यवस्था छ। साधारण विरामी भएको खण्डमा अहेब वोलाई कारागारमा उपचार गर्ने र आपतकालीन अवस्थामा जिल्ला अस्पताल पठाउने व्यवस्था छ। जेलमा सीपमूलक तालिमको आवश्यकता भएको महिला बन्दीहरु बताउँछन्। महिला बन्दीतर्फ धारामा पानी राम्रोसँग नआउने गरेको र चामल धेरै मोटो भएकोले खान नसकिएको वन्दीहरुले बताए। बन्दीहरु आफ्नै लगानीमा ढाका टोपीहरु बुन्ने गरेका छन् तर उत्पादित टोपी वजार व्यवस्थाको अभावका कारण पर्याप्त मात्रामा नबिक्ने बन्दीहरुको गुनासो छ।

सानोश्री गाविस-९ का ४५ वर्षीय नन्दवहादुर गुरुङको ०६१ कार्तिक १३ गते राति कारागारभित्र सुतेको अवस्थामा अचानक राति हृदयघात भएर मृत्यु भएको जेलर रोहित श्रेष्ठ बताउँछन्। गुरुङलाई ०५७ सालमा हात्तीको दाँत ओसार-पसार गरेको आरोपमा निकुञ्जले गिरफ्तार गरेको थियो।

दोहोरो भिडन्तमा मारिएका धोर्चे लामा र जयबहादुर बम

बेपत्ता / अपहरण

राज्यबाट

पाताभार गाविस-६ का २१ वर्षीय योगेन्द्र चौधरीलाई ०६१ वैशाख १४ गते जन्ती जान लागेको बेला घर नजिकैबाट सुरक्षाकर्मीले नाम सोधी माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पारे।

दौलतपुर गाविस-६ का २८ वर्षीय बालकृष्ण चौधरीलाई माओवादीको आरोपमा ०६१ वैशाख ११ गते विहान घर नजिक काम गरिरहेको अवस्थामा टिकापुरबाट आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

धधवार गाविस-५ का राप्रपा कार्यकर्ता ३८ वर्षीय राजेन्द्र सिंहलाई ०६० फागुन २४ गते बानियाभारबाट घर जाँदै गर्दा माओवादीले मगरागाडी गाविस-३ बाट अपहरण गरी फागुन २७ गते आफ्नै गाउँ नजिक पुर्‍याई मुक्त गरे। पीडितले फागुन २८ गते आफू कुनै पार्टीमा नभएको भनी विज्ञप्ति जारी गरे।

डेउढाकला गाविस-९ का २० वर्षीय उत्तमप्रसाद थारु र सोही ठाउँका २० वर्षीय प्रेम थारुलाई सुराकीको आरोपमा ०६० चैत ४ गते राति माओवादीले घर नजिक बाटोबाट अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

जमुनी गाविस-४ का नेकाँ कार्यकर्ता ४८ वर्षीय भीमराज श्रीवास्तवलाई ०६० चैत १९ गते बेलुका घरबाट सादा पोशाकमा आएका माओवादीले "एक छिन काम छ" भनी अपहरण गरे। पीडितलाई माओवादीले घरदेखि नजिक रहेको विद्यालयम पुर्‍याई कुटपिट समेत गरे।

बगनाह गाविस-७ का कानुन व्यवसायी ३५ वर्षीय सन्तराम थारुलाई ०६० चैत १२ गते सानोश्री गाविसस्थित कुसुम्बाघाटबाट माओवादीले अपहरण गरी पाँच दिनभित्र आफ्नो पेशा र सदरमुकाम छोडी घर गई वस्ने कागज गराई चैत १३ गते विहान मुक्त गरे। आफ्नो नियन्त्रणमा राख्दा उनलाई मार्ने निर्णय भएको माओवादीले वताएको पीडितले जनाए।

दोहोरो भिडन्तमा घाइते भएका छोरा शेरु बढुवाल र आमा मीना बढुवाल

डेउढाकला गाविस-९ का २३ वर्षीय खेमराज चौधरीलाई माओवादीले सुराकीको ०६० चैत ४ गते घर नजिक बाटोबाट आरोपमा अपहरण गरे। पीडितलाई हात बाँधी, आँखामा पट्टी बाँधेर राखियो र शरीरमा नीलडाम हुने गरी लाठीले कुटपिट गरी चैत ५ गते सोही गाविसको तौरया गाउँबाट मुक्त गरियो।

भिम्मापुर गाविस-२ घर भई सोही गाविसको कार्यालयमा कार्यरत प्राविधिक सहायक ३० वर्षीय ऋषिराम शर्मालाई ०६१ वैशाख २० गते बेलुका आफ्नै घरमा बसेको अवस्थामा माओवादीले गाउँमा आई मालपोत उठाएको आरोपमा अपहरण गरे। पीडितलाई आइन्दा गाउँ आएर मालपोत नउठाउने शर्तमा वैशाख २५ गते मानपुरटपरा गाविसबाट मुक्त गरे।

मनाउ गाविस-५ का एमाले कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ५३ वर्षीय गोपाल सिलवाललाई ०६१ वैशाख २५ गते बेलुका आफ्नै घरमा रहेको अवस्थामा माओवादी पार्टीको बदनाम गरेको आरोप लगाई सादा पोशाकमा आएका माओवादीले अपहरण गरे। पीडितलाई अबदेखि गाउँमै बस्ने शर्तमा वैशाख ३१ गते घरमा ल्याई मुक्त गरे।

पाताभार गाविस-५ का शिक्षक ३५ वर्षीय कर्णकुमार चौधरीलाई ०६१ जेठ ८ गते दिउँसो घरबाट माओवादीले कार्यक्रममा जाउँ भनी अपहरण गरे। पीडितलाई जेठ १३ गते मुक्त गरे।

मनाउ गाविस-४ का ३७ वर्षीय शक्तबहादुर खड्का, सोही ठाउँका ४२ वर्षीय देवन्द्रराज हमाल र २८ वर्षीय मनेराम थापालाई ०६१ वैशाख २५ गते बेलुका घरवाट "काम छ बाहिर आउनुहोस्" भनी सादा पोशाकमा आएका माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट पशुपतिनगरमा भएको माओवादीको कार्यक्रममा सहभागी गराई उनीहरुको कार्यक्रममा नियमित जानु पर्ने शर्तमा वैशाख २८ गते गोला गाविसबाट मुक्त गरे।

पाताभार गाविस-५ का शिक्षक ३३ वर्षीय केदारनाथ शर्मालाई ०६१ जेठ ८ गते दिउँसो आफ्नै घरबाट, गोला गाविस-२ का शिक्षक ३८ वर्षीय केशवराज शर्मा, राजापुर क्षेत्रका अन्य शिक्षकहरु क्रमश: खुसीराम चौधरी, ज्ञानेन्द्र दहित, सोमप्रसाद देवकोटा, रघुनाथ अधिकारी, भरत चौधरी, कृष्णप्रसाद ढकाल, भीमप्रसाद पौडेल, हर्कबहादुर धामी, मानवहादुर चौधरी, नारायणप्रसाद पौडेल, क्षेत्रबहादुर चलाउने, मुकुन्द शर्मा, धनराज चौधरी र हंशबहादुर धामीलाई ०६१ जेठ ८ गते घर-घरमा रहेको अवस्थामा माओवादीले आफ्नो कार्यक्रममा लैजान अपहरण गरे। पीडितहरुलाई जेठ १३ गते मुक्त गरे।

माओवादीद्वारा अपहरण गरिएका उत्तमप्रसाद थारु, नीरज यादव र कृष्णबहादुर अधिकारी

कञ्चनपुर जिल्ला महेन्द्रनगर नपा-१२ घर भई कालिका गाविसका सचिव ५२ वर्षीय हरिदत्त जोशी र कालिका गाविस-७ घर भई सोही गाविसका पियन ३२ वर्षीय दिलबहादुर घर्तीलाई ०६१ जेठ २४ गते गाउँमै बसी कार्यालयको काम गरेको आरोपमा माओवादीले अपहरण गरे। गाउँ बसी कार्यालयको काम नगर्ने शर्तमा दुवै जनालाई सोही दिन बेलुका मुक्त गरे।

गुलरिया नपा-९ का १६ वर्षीय नारायण सुनारलाई ०६१ असार २७ गते राजापुर गाविस-१ स्थित वागेश्वरी होटलबाट सुरक्षाकर्मीको आरोपमा सादा पोशाकमा हतियारसहित आएका माओवादीले अपहरण गरी निलडाम हुने गरी लाठीले कुटे। पीडितलाई माओवादीले ०६१ भदौ २ गते आइन्दा जागिर नखाने शर्तमा मुक्त गरे।

डेउढाकला गाविस-९ का २७ वर्षीय अर्जुन अधिकारीलाई ०६१ असार २८ गते बेलुका घरमा सुतिरहेको अवस्थामा "फोन गर्नु छ" भनी माओवादीले बोलाई अपहरण गरे। पीडितलाई आइन्दा सुराकी नगर्ने र ३० हजार रुपैयाँ चन्दा दिने शर्तमा असार ३० गते मोतिपुर गाविसबाट मुक्त गरे। अपहरित अवस्थामा पीडितलाई माओवादीले शरीरभरि नीलडाम हुने गरी कुटपिट गरेका थिए। पीडितको उपचार स्थानीय औषधी पसलमा गरियो।

डेउढाकला गाविस-९ का २६ वर्षीय कृष्णप्रसाद अधिकारीलाई सुराकीको आरोपमा ०६१ साउन ३ गते दिउँसो सोही गाविस-७ बाट क्यारेमबोर्ड खेलिरहेको अवस्थामा सादा पोशाकमा आएका हतियारधारी माओवादीले अपहरण गरे। पीडित सुर्खेत जिल्लास्थित सैनिक क्याम्पमा कार्यरत भएको र ०६० पुसदेखि जागिर छोडी घर बसेको पीडितका परिवारले बताए।

गुलरिया नपा-१४ घर भई जिप्रका बर्दियामा कार्यरत प्रहरी जवान २६ वर्षीय रतनसिंह थारुलाई ०६१ साउन १८ गते सोही नपा-१२ का सहजमान यादवको मलामी गएर जिप्रका फर्किरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई जागिर नखाने शर्तमा सोही दिन राति भारतको जंगलबाट मुक्त गरे।

मोतिपुर गाविस-७ का सैनिक जवान २८ वर्षीय मोहन शाहलाई ०६१ साउन ८ गते राति ८ बजे ससुराली घर जमुनी गाविस-८ बाट माओवादीले सुरक्षाकर्मीको आरोपमा अपहरण गरी एक हप्तापछि मुक्त गरे।

नेउलापुर गाविस-८ का ३५ वर्षीय नवराज न्यौपानेलाई ०६१ साउन ३२ गते बिहान अनैतिक कार्य गर्न खोजेको आरोपमा माओवादीले सोही गाविस-५ बाट अपहरण गरे। पीडितलाई भदौ २ गते मुक्त गरे।

मोरङ जिल्ला विराटनगर उमनपा-१२ घर भई राजापुर भन्सार कार्यालयमा कार्यरत ४१ वर्षीय टिकाप्रसाद घिमिरे र सोही कार्यालयमा कार्यरत ४० वर्षीय खगेन्द्रप्रसाद कोइरालालाई ०६१ असोज ५ गते माओवादीले कार्यालयको कामको सिलसिलामा जमुनी गाविस-१ मा गएको अवस्थामा अपहरण गरे। पीडितहरुलाई आइन्दा सरकारी काममा गाउँ नआउने शर्तमा असोज ६ गते बेलुका भौलागौडीबाट मुक्त गरे।

गुलरिया नपा-१० का ३० वर्षीय राजेश थारु र मोतिपुर गाविस-८ का ३५ वर्षीय रेशम वादीलाई ०६१ भदौ २० गते मोतिपुर गाविस-८ बाट चिप्ले भुतको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरुमध्ये रेशमलाई भदौ २३ गते र राजेशलाई भदौ ३० गते मुक्त गरे।

गुलरिया नपा-२ का २१ वर्षीय नीरज यादवलाई प्रतिकार समितिमा बसेको आरोपमा ०६१ कार्तिक १२ गते दिउँसो ताराताल गाविस-७ मा मोटरसाइकलमा गइरहेको अवस्थामा बाटोबाट माओवादीले मोटरसाइकलसहित अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

मोतिपुर गाविस-८ का ५५ वर्षीय चक्रपाणि पौडेललाई ०६१ कार्तिक १७ गते बिहान घरबाट "केही बुझ्नु छ" भनी सादा पोशाकमा आएका माओवादीले अपहरण गरी एक महिना भित्र छोरा झिकाई बुहारी भित्राउने शर्तमा ०६१ कार्तिक १८ गते रिहा गरे।

ताराताल गाविस-५ की १९ वर्षीय अनिता विकलाई ०६१ असोज ९ गते बेलुका घरमा रहेको अवस्थामा सादा पोशाकमा आएका चारजना माओवादीले नक्कली माओवादी बनी चन्दा उठाएको आरोपमा अपहरण गरे। पीडितको

काखमा तीन महिनाको बच्चा रहेको थियो। माओवादीले अनितालाई अपहरण गरेपछि अरु सुत्केरी महिलाको दुध खुवाएर बच्चा हुर्काइरहेको अनिताका पतिले बताए। पीडितको अवस्था हालसम्म अज्ञात छ।

मोतिपुर गाविस-६ का ४० वर्षीय शेखर सापकोटालाई ०६१ मंसिर २६ गते माओवादीले अपहरण गरे। पीडितलाई मंसिर २८ गते मुक्त गरे।

पशुपतिनगर गाविस-८ का नेकाँ कार्यकर्ता ४२ वर्षीय उमाकान्त पाण्डेलाई ०६१ पुस ५ गते बिहान आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितको मुक्तिका लागि पुस ७ गते नेकाँ जिल्ला सभापति सञ्जय गौतमले विज्ञप्ति मार्फत् अनुरोध गरेका थिए।

डेउढाकला गाविस-९ का एमाले कार्यकर्ता ४० वर्षीय तोयनाथ अधिकारीलाई ०६१ मंसिर २७ गते बेलुका ५ बजे घरबाट माओवादीले "केही सोधपुछ गर्नु छ" भनी अपहरण गरे। पीडितलाई मंसिर २८ गते काठ लिएर जानेहरुको नामावली लिएर आउने शर्तमा मुक्त गरियो। पीडित स्थानीय सामुदायिक वन समितिका अध्यक्ष हुन्।

मनाउ गाविस-७ का एमाले कार्यकर्ता ३२ वर्षीय हुर्मत चौधरीलाई ०६१ मंसिर २६ गते घरबाट सादा पोशाकमा आएका माओवादीले "सोधपुछ गर्नु छ" भनी अपहरण गरे। माओवादीकै नियन्त्रणमा भएको अवस्थामा कैलालीको रामशिखरझाला गाविसको रतिपुरमा पुस १४ गते हुर्मतलाई माओवादीले छोडेर गएपछि सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितले आफ्नो परिचय र घटना विवरण बताएपछि भोलिपल्ट जमानीमा रिहा गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

राजापुर गाविस-१ का ४० वर्षीय हेमन्त रेग्मी, सोही ठाउँका ४५ वर्षीय उत्तम रेग्मी र ३८ वर्षीय यमप्रसाद श्रेष्ठलाई ०६१ असार २७ गते राजापुरस्थित सुरक्षा बेस क्याम्पका सुरक्षाकर्मीले कुटपिट गरे। घाइतेहरुको स्थानीय औषधी पसलमा उपचार गरियो।

महम्मदपुर गाविस-८ का २५ वर्षीय शंकरप्रसाद थारुलाई ०६१ साउन १३ गते बेलुका खेतमा काम गरिरहेको अवस्थामा मकैबारीमा गोरु गएपछि दौड्दा सुरक्षाकर्मीले आफूलाई देखी माओवादी भागेको आरोपमा बुटले ढाडमा हिर्काए। पीडित करिब तीन महिनासम्म ढाड दुखेर हिँडडुल गर्न सकेनन्। घाइतेको स्थानीय औषधी पसलमा उपचार गरियो।

माओवादीबाट

धधवार गाविस-५ का राप्रपा कार्यकर्ता ३६ वर्षीय राम भरोसे थारुलाई राजाको अभिनन्दनमा गएको आरोपमा ०६० फागुन २३ गते घरमा रहेको बेला बेलुका माओवादीले "एकछिन काम छ" भनी घरदेखि केही पर पुऱ्याई लाठी, हात र खुट्टाले शरीरमा नीलडाम हुनेगरी कुटपिट गरे।

बदलापुर गाविस-२ का ३१ वर्षीय कोमलप्रसाद चौधरी र गुलरिया नपा-६ का २४ वर्षीय कृष्ण गौतमलाई ०६१ जेठ १० गते कार्यक्रम अनुगमन गर्न राजापुर गएको अवस्थामा माओवादीले काम गर्ने अनुमति नलिएको भनी जेठ १५ गतेसम्म कतै नजानु भनी कोमलप्रसादकै घरमा दुवैजनालाई बन्द गरी . जीटीजेडको निलो प्लेटको मोटरसाइकल लगे।

गुलरिया नपास्थित सम्पूर्ण सरकारी कार्यालयका अधिकृतस्तरका कर्मचारीहरुलाई ०६१ वैशाख २३ गतेदेखि २८ गतेसम्म कार्यालय नजान माओवादीले धम्की दिए। फोनमार्फत् दिइएको धम्कीका कारण कर्मचारी कार्यालय गए पनि काम भने भएन।

गुलरियास्थित सम्पूर्ण सरकारी कार्यालयका सुब्बा र खरदारहरुलाई ०६१ वैशाख २९ गतेदेखि जेठ ५ गतेसम्म कार्यालय नजाने धम्की माओवादीले फोनबाट दिएपछि कर्मचारीहरु कार्यालय गए पनि काम भने भएन।

पदनाहा गाविस-९ का ४० वर्षीय हरिराम थारु, सोही ठाउँकै ३५ वर्षीय कल्लु थारुलगायत १२ जनालाई सुराकीको आरोपमा ०६१ साउन २४ गते बेलुका माओवादीले सबैलाई एकै ठाउँमा भेला गराई कुटपिट गरे। माओवादीले सबैलाई १५ सयदेखि ५ हजारसम्म जरिवाना तिर्नुपर्ने बताएका थिए।

बगनाहा गाविस-६ का २५ वर्षीय ऋतुराज लम्साल, सोही ठाउँका लोकराज बजगाई, बुधराम थारु, उदयराज उपाध्यायसमेत ५ जनालाई ०६१ असार ३१ गते बेलुका माओवादीले सबैलाई ऋतुराजको घरमा भेला गराई लिस्ट हेर्दै शरीरमा नीलडाम हुनेगरी लाठीले कुटपिट गरे।

मैनापोखर गाविस-१ का २५ वर्षीय जैनुल खाँ र सोही ठाउँका २३ वर्षीय सुभास झालाई नक्कली गिरोहको आरोपमा ०६१ असार २२ गते माओवादीले कुटपिट गरे।

सोरहवा गाविस-३ का ३३ वर्षीय कृष्ण भण्डारीलाई ०६१ भदौ २ गते माओवादी विरोधी कार्य गरेको र स्थानीय जनतासँग घूस लिएको आरोपमा माओवादीले घरदेखि केही पर रहेको स्कूलमा पुऱ्याई लाठी र बुटले शरीरभरि नीलडाम हुनेगरी कुटपिट गरे।

सानोश्री गाविस सचिव भरत न्यौपानेलाई ०६१ भदौ २२ गते राजीनामा नदिए पूर्व नगरप्रमुखको जस्तै हत्या गर्ने भनी माओवादीले धम्की दिएपछि गाविस सचिवबाट राजिनामा दिए। सोही दिन महम्मदपुर गाविसका अर्जुन सुवेदी, ढोढरीका प्रेमकुमार श्रेष्ठ, तारातालका रामबहादुर

थापा र वेलवाका धनवीर रावतले गाविस अध्यक्ष पदवाट राजीनामा दिए। त्यसैगरी माओवादी धम्कीका कारण भदौ २७ गते दौलतपुरका कृष्णलाल आचार्य, नयाँगाउँका ठाकुरप्रसाद चौधरीलगायत १५ गाविस सचिवहरुले संयुक्तरुपमा पदवाट राजीनामा दिए। अहिले जिल्लाका सवै गाविस गुलरिया रहेका छन्।

ठाकुरद्वारा गाविस-१ का १६ वर्षीय विमल उपाध्यायलाई सुराकीको आरोपमा ०६१ कार्तिक ९ गते माओवादीले गालामा नीलडाम हुनेगरी पिटे। माओवादीले पीडितलाई "मंसिर महिना काट्न पाउँदैनस्" भनी धम्की दिएपछि पीडित नेपालगञ्ज वस्दै आएका छन्।

गुलरिया नपा-४ का ३५ वर्षीय रामचन्द्र यादवलाई ०६१ असार १९ गते दिउँसो घर नजिक रहेको भारतको जंगलमा काठ लिन गएको अवस्थामा माओवादीले विना कारण कुटपिट गरे। घटनापश्चात् पीडित डरले सदरमुकाम वजार क्षेत्रमा विस्थापन भएर वसेका छन्।

अन्यबाट

गुलरिया नपा-१ का ४५ वर्षीय विश्वनाथ यादवलाई ०६१ असार १० गते राति आफूलाई माओवादी बताउने १२/१५ जनाको हतियारसहितको समूहले चन्दा नदिएको आरोपमा घरदेखि केही पर पुऱ्याई लाठी, हात-खुट्टाले शरीर भरि नीलडाम हुनेगरी कुटपिट गरे। घाइतेको उपचार भारतको वहराइचमा गरियो। त्यो समूह घटनापश्चात् चन्दा लिन आउँदा पीडितले १० हजार रुपैयाँ दिए, रसिद पाएनन्।

मोतिपुर गाविस-८ का ३० वर्षीय हिरालाल थारुलाई ०६१ जेठ २५ गते वेलुका चन्दा नदिएको आरोपमा घरदेखि नजिक रहेको नर्सरीमा लगी शरीर भरि नीलडाम हुने गरी अज्ञात समूहले कुटपिट गरे। सो समूहले पीडितसँग १ लाख रुपैयाँ माग गरेको थियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कालिका गाविस-७ स्थित एमाले गाउँ पार्टी कार्यालयको झण्डा ०६० फागुन ५ गते सुरक्षाकर्मीले कार्यालय माथिवाट निकालेर लगे। यस घटना सम्वन्धमा सो पार्टीका जिल्ला सचिव श्यामप्रसाद ढकालले ०६० फागुन ८ गते प्रेस विज्ञप्ति मार्फत पार्टीको झण्डा चिन्दाचिन्दै सुरक्षाकर्मीले गैरजिम्मेवारपूर्ण काम गरेको जनाए।

बालिकामाथि यौन दुर्व्यवहार गर्ने कृष्णबहादुर केसी

ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस) जिल्ला शाखा वर्दियालाई ०६१ साउन २५ गते माओवादीद्वारा गठित जिल्ला जनसरकार प्रमुख विष्णु चौधरीद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमार्फत् बेसले पिछडिएको समुदायको नाम बेची भ्रष्टाचार गरेको आरोपमा बेसका कुनै पनि गतिविधि वर्दिया जिल्लामा संचालन गर्न प्रतिबन्ध लगाइयो। अटेर गरी काम गरे माओवादीको नियमअनुसार कारवाही गर्ने धम्कीसमेत उक्त विज्ञप्तिमार्फत् दिइएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई वर्षसम्म फैसला नभएका मुद्दाहरु ६ वटा छन् जसमा अंशसम्बन्धी ४, फैसला वदर १ र जग्गा सम्बन्धी १ मुद्दा छन्। यस वर्ष दर्ता भएका मुद्दाहरु १ सय ३० र जिम्मेवारी सरेर आएका १ सय १३ गरी जम्मा २ सय ४३ मुद्दा दर्ता भए। दर्ता भएकामध्ये यस वर्षको दर्ताबाट ७ मुद्दा र जिम्मेवारी सरेर आएकाबाट १६ गरी यस वर्ष २३ मुद्दा फैसला भए। अदालतमा २ सय २० मुद्दा फैसला हुन बाँकी छन्। मगरागाडी गाविसका रवीलाल पुरी, सोही ठाउँका जनजिरे थारु, लिलबहादुर बुढासमेत २२ जनालाई ०५५ सालदेखि लागेको ज्यान मुद्दा ०६१ असार १४ गते वर्दिया जिल्ला अदालतले निर्दोष भनी सफाइ दिएको छ। ५ वर्षसम्म फैसला नभएको यो मुद्दा यसै वर्ष फर्स्यौट भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

कृषि मजदुर संघ नेपाल, वर्दिया जिल्ला अध्यक्ष भक्तवहादुर विकलगायत् जिल्लास्थित सम्पूर्ण भूमिहीन/सुकुम्वासीहरुका समस्या र त्यसका लागि अविलम्व गरिनु पर्ने कामहरुको वारेमा पेश गरेको मागहरुका सम्वन्धमा सरकार उदासीन र अनुत्तरदायी भएको भन्दै ०६१ वैशाख २० गते भूमिसुधार कार्यालय बर्दियामार्फत् भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा मुक्त कमैया पहिचान गरी नाम समावेश गर्ने, भूमिहीन सुकुम्बासीहरुलाई अहिले बसिरहेको ठाउँमा वा अन्यत्र सुरक्षित र पायक पर्ने ठाउँमा जग्गा उपलब्ध गराइनु पर्ने लगायत्का ९ वटा माग राखी ०६१ जेठ महिनाभित्र समस्या समाधान गरियोस् भनी माग पत्र पेश गरिएको थियो।

धधवार गाविस-८ का ४२ वर्षीय जग्गु थारुलाई ०५२ सालको कमैया लगतमा नाम समावेश भए पनि सरकारले हालसम्म कमैयाले पाउने सुविधा, कार्ड

केही पनि उपलव्ध गराएको छैन। पीडितले जेठ १५ गते भूमिसुधार कार्यालयमा परिचय पत्र पाउँ भनी निवेदन दिए। जिल्लामा छूट भएका मुक्त कमैयाहरुले भूमिसुधार कर्यालयमा निवेदन दिए। सरकारले ०५७ साउन २ गते कमैया मुक्तको घोषणा गरे पनि उचित वसोवासको व्यवस्था नभएका कारण मुक्त कमैयाहरु पुन कमैया वस्न थालेका छन्।

सोरहवा गाविसका दिना थारु, खैरीचन्दनपुर गाविसका सियाराम थारुलगायत करिव ६ सय मुक्त कमैयाहरुले सरकारले उचित वसोवासको व्यवस्था नगरेका कारण देखाउँदै ०६१ साउन १६ गते कालिका गाविसमा रहेको कपास विकास समितिको जग्गा कव्जा गरी टहरा वनाइ वसे। अहिले भूमिसुधार कार्यालयले जग्गाधनी पूर्जा दिए पनि जग्गाको टुंगो नलागेका थुप्रै मुक्त कमैया अलपत्रमा परेका छन्।

विस्थापन

धधवार गाविस-५ का ४५ वर्षीय भग्गु थारुको पक्की भवन भएको घरमा ०६० फागुन २५ गते माओवादीले वम विस्फोट गराए। घरमा रहेका लत्ता-कपडा, अन्नबाली सबैमा आगो लगाइ दिएपछि फागुन २६ गतेदेखि भग्गुको १४ जना परिवार सदरमुकाम गुलरियामा विस्थापित भए।

महम्मदपुर गाविस-८ का ३७ वर्षीय रामवली थारु, ४० वर्षीय रामगुलाव थारुलगायत् १३ घरका व्यक्तिहरुलाई माओवादीले ०६१ असार ३१ गते बेलुका सवै घरमुलीलाई गाउँकै एक ठाउँमा भेला गराई उनीहरुको छोरा सुरक्षाकर्मीमा भएको र सुराकी गरेका कारण भोलि वेलुका गाउँ छाड्ने धम्की दिएपछि १३ घरका १ सय १४ व्यक्ति ०६१ साउन १ गते सदरमुकाम गुलरिया लत्ता-कपडा, अन्न, भाँडाकुँडा लिएर सदरमुकाम गुलरियामा विस्थापित भए। पीडितहरुलाई इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि, पत्रकार महासंघ र अन्य मानवअधिकार संस्थाको संयुक्त पहलमा साउन ६ गते घर फर्काइयो। सोही गाविस-७ का विक्रम थारुका १५ परिवारलाई पनि साउन ३ गते माओवादीले विस्थापित गराएका थिए। उनलाई पनि साउन ६ गते घर फर्काइयो।

पदनाह गाविस-९ का ५५ वर्षीय गोहनी चौधरीलाई सुराकीको आरोपमा ०६१ असार २७ गते माओवादीले घरमा वसे मार्ने धम्की दिएपछि भारतस्थित आफ्नै माइतमा विस्थापित भइन्। हाल उनी घर फर्किएकी छिन्। माओवादीले असार २५ गते पीडितलाई धारिलो हतियारले हिर्काएका थिए।

मानपुर टपरा गाविस-८ का ३४ वर्षीय विष्णुप्रसाद थारुलाई ०६१ पुस १ गते राति माओवादीले घरमा भएका लत्ताकपडालगायत् सम्पूर्ण सामान लगी घरमा ताला लगाइदिएपछि पीडितका ५ जनाको परिवार हाल सदरमुकाममा विस्थापित भएको छ।

जिल्ला प्रशासन कार्यालयको तथ्यांक अनुसार माओवादीका कारण विस्थापित भएकाहरुको घर संख्या २ सय ७७ छ। सो कार्यालयका अनुसार राजनीतिक कार्यकर्ता, सुरक्षाकर्मीमा छोराछोरी भएका र विस्थापित भएकाहरु र विस्थापित भएकाहरु सदरमुकाम गुलरिया र जिल्ला छोडी बाँके नेपालगञ्ज, काठमाडौं, कैलाली टिकापुर र भारतसमेत गएका छन् र थुप्रै विस्थापितहरुलाई आफ्नो जग्गाको अन्न वाली माओवादीले ल्याउन दिएका छैनन्।

आर्थिक अधिकार

मनाउ गाविस-५ का ४२ वर्षीय गणेशराज ज्ञवालीको नाममा रहेको ९ विगाह १६ धुर नम्वरी जग्गा ०६१ जेठ ११ गते माओवादीले कव्जा गरी सो जग्गाको वाली ल्याउन दिएनन्। पीडितका अनुसार, माओवादीले सो जग्गा मुक्त कमैया सुकुम्बासीलाई बाँडेका छन्। पीडित हाल सदरमुकाम गुलरियामा ५ जनाको परिवारसहित विस्थापित भएका छन्। माओवादीले जिल्लामा रहेका थुप्रै जग्गा कव्जा गरी सो जग्गाको अन्नबाली खेत मालिकलाई दिएका छैनन्।

मानपुरटपरा गाविसस्थित मानपुर युवा समाजको ०६१ असार १० गते संस्थाको सम्पूर्ण फर्निचर, कागजपत्र माओवादीले लुटे। हाल संस्थाको कार्यालय सदरमुकाम गुलरियामा विस्थापित भएको छ।

संरचना/सम्पत्ति क्षति

यस वर्ष माओवादीले एक व्यक्तिगत घरमा वम विस्फोट गराई ध्वस्त पारे। त्यसैगरी ०६० माघ २२ गते कृषि विकास वैंक र माघ २४ गते छोटी भन्सार कार्यालयमा वम विस्फोट गराए भने ०६१ वैशाख २७ गते भन्सार कार्यालय, राजापुरमा आगजनी गरे। सो आगजनीमा २ सरकारी गाडी ध्वस्त भए। यस वर्ष माओवादीले भे. १ ख ६०१ नम्वरको एक ट्रक र युपी ७८ पी ६५०० नम्वरको भारतीय जीप पनि आगो लगाई ध्वस्त पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गुलरिया नपा-१२ का २५ वर्षीय दीपु शुक्ला र सोही ठाउँका २७ वर्षीय कल्लु शुक्लालाई माओवादीको आरोपमा ०६० पुस २९ गते दिउँसो घरवाट प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई माघ १२ गतेदेखि सार्वजनिक सुरक्षा ऐन अन्तर्गत वर्दिया जेलमा राखियो।

कालिका गाविस-४ का ३३ वर्षीय नारायण सापकोटालाई माओवादीको आरोपमा ०६० फागुन ८ गते घरमा बसिरहेको अवस्थामा संयुक्त सुरक्षाकर्मीको टोलीले गिरफ्तार गरी सोही महिनाको अन्तिम हप्ता रिहा गरे।

दैलेख जिल्ला नौमुलेका १९ वर्षीय चन्द्रबहादुर मगरलाई माओवादीको आरोपमा ०६० फागुन ८ गते दिउँसो महम्मदपुर गाविस-८ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित बर्दिया जेलमा थुनामा छन्।

मगरागाडी गाविस-४ का ३३ वर्षीय जलवीर चौधरी र सोही ठाउँका ३२ वर्षीय तीर्थ थारुलाई ०६० चैत २ गते सोही गाविस-२ बाट सुरक्षाकर्मीले काठसम्बन्धी मुद्दा लगाई गिरफ्तार गरे। पीडित दुवैलाई तीन दिनसम्म कसैसँग भेटघाट गर्न नदिई बाँकेको चिसापानी सैनिक ब्यारेकमा राखी माओवादी भन्दै शरीरमा प्लास्टिकको पाइप र लाठीले नीलडाम हुने गरी यातना दिइयो। पीडितहरुमध्ये जलवीरलाई चैत ६ गते बाँके चिसापानी सैनिक ब्यारेकबाट रिहा गरियो भने तीर्थलाई बाँके जेलमा नजरबन्दमा राखिएको छ।

ढोढरी गाविस-२ की गुलिया चौधरीलाई माओवादीको आरोपमा ०६० चैत २२ गते दिउँसो पदनाह गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ दिनसम्म कसैसँग भेटघाट गर्न नदिई सिद्धिबक्स गुल्ममा राखी ०६१ असोजमा रिहा गरियो।

पाताभार गाविस-३ का एमाले जिल्ला कमिटी सदस्य २८ वर्षीय बमबहादुर रावललाई ०६० चैत ५ गते सोही गाविस-४ बाट कैलालीबाट आएका सशस्त्र प्रहरीले "एसपी सरले बोलाउनु भएको" भनी गिरफ्तार गरी चैत ७ गते पाँच दिनसम्म तारेखमा आउने शर्तमा रिहा गरे।

बगनाह गाविस-८ का रतिराम थारुलाई माओवादीको आरोपमा ०६१ जेठ ३० गते दिउँसो खेतमा काम गरिरहेको अवस्थामा ठाकुरद्वाराबाट गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असार ६ गते सोही गुल्मबाट उनको बाबुको जमानीमा तारेखमा रिहा गरियो।

नेउलापुर गाविस-९ का २७ वर्षीय दुर्गा चौधरीलाई माओवादीको आरोपमा ०६१ जेठ ३२ गते दिउँसो घर नजिकै खेतमा काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असार ५ गते रिहा गरियो।

पाताभार गाविस-१ का ३९ वर्षीय घनश्याम सबैलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ असार ११ गते बिहान घर नजिकै खेतमा काम गरिरहेको अवस्थामा कैलालीबाट आएका सशस्त्र प्रहरीले गिरफ्तार गरे। पीडितलाई टिकापुर, कैलालीस्थित बेस क्याम्पमा राखिएको थियो।

गुलरिया नपा-१४ का २६ वर्षीय नरेन्द्र शर्मा र सोही ठाउँका २४ वर्षीय ओमप्रकाश लोधलाई माओवादीको आरोपमा ०६१ साउन २१ गते भारतस्थित बहराइच जिल्ला मिहिपुरुवाबाट भारतीय प्रहरीले गिरफ्तार गरी जिप्रका बर्दियालाई बुझाए। पीडितहरुलाई हाल बर्दिया जेलमा राखिएको छ।

कालिकोट जिल्ला छाप्रे गाविस-१ का २१ वर्षीय विष्णु भण्डारीलाई माओवादीको आरोपमा ०६१ वैशाख ९ गते धधवार गाविस-९ बाट सुरक्षाकर्मीले मोटरसाइकलसहित गिरफ्तार गरे। पीडितलाई १७ दिनसम्म गुलरियास्थित सैनिक क्याम्पमा राखियो। हिरासतमा लाठी र बुटले सुरक्षाकर्मीले पिटेको पीडितले बताए। पीडितलाई ०६१ असोज १९ गते पुनरावेदन अदालत नेपालगञ्जको आदेशानुसार रिहा गर्ने भने तापनि प्रहरीले इन्सेक, सिभिक्ट, पत्रकार महासंघ, बार एशोसिएसन, हुरिकोकको जिम्मामा रिहा गऱ्यो।

बाँके जिल्ला टिटिहरिया गाविस-४ का १७ वर्षीय ठाकुरसिंह चौधरीलाई माओवादीको आरोपमा ०६१ वैशाख ९ गते धधवार गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई वैशाख १६ गते बर्दिया जेलमा लगी ०६१ कार्तिकको अन्तिम हप्ता रिहा गरियो।

महम्मदपुर गाविस-४ का १७ वर्षीय लल्लु मनिहारलाई माओवादीको आशंकामा ०६० माघ ५ गते सोही गाविस-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

भारत बहराइच जिल्ला घर भई महम्मदपुर गाविस-४ मा इँट्टाभट्टामा काम गर्ने २४ वर्षीय कादिन खानलाई माओवादीको आरोपमा ०६० माघ ५ गते महम्मदपुर गाविस-२ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

दाङ जिल्ला सतवरिया गाविस-८ का २५ वर्षीय प्रेमकुमार कुमाललाई ०६१ भदौ २० गते पुनरावेदन अदालतको निर्णय अनुसार बर्दिया जिल्लाबाट मुक्त गरेको लगत्तै सोही कार्यालयको गेटबाट प्रहरीले पुन: गिरफ्तार गरे। पीडितलाई भदौ २३ गते फेरि कारागार पठाइयो र ०६१ असोज ५ गते जमानीमा रिहा गरियो।

गुलरिया नपा-४ का ४२ वर्षीय मोहरसिंह बन्जारालाई माओवादीको आरोपमा ०६१ साउन ३० गते बिहान ११ बजे घरबाट दक्षिणतिर रहेको भारतको जंगलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल बर्दिया जेलमा नजरबन्दमा राखिएको छ। पुनरावेदन अदालतबाट रिहा गर्ने आदेश आए तापनि आफू हालसम्म रिहा नभएको पीडितले बताए।

कैलाली जिल्ला धनसिङपुर गाविस-३ का २० वर्षीय मुरारी चौधरीलाई ०६१ भदौ २० गते पुनरावेदन अदालत नेपालगञ्जको आदेशअनुसार बर्दिया जिल्ला अदालतको रोहवरमा रिहा गरिएको लगत्तै प्रहरीले अदालतको गेट

बाहिरबाट पुन: गिरफ्तार गरे। पीडितलाई भदौ २३ गते बाबुको जिम्मामा रिहा गरियो।

धधवार गाविस-६ का २५ वर्षीय पुरन चौधरीलाई ०६१ भदौ २० गते पुनरावेदन अदालत, नेपालगञ्जको आदेशअनुसार बर्दिया जिल्ला अदालतबाट रिहा गरेको लगत्तै प्रहरीले पुन: अदालतको गेट बाहिरबाट गिरफ्तार गरे। पीडितलाई असोजको अन्तिम हप्ता इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधिको रोहवरमा रिहा गरियो।

गुलरिया नपा-४ का २२ वर्षीय राजबहादुर बञ्जारालाई माओवादीको आरोपमा ०६१ मंसिर २ गते राति घर नजिकको बाटोबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल बर्दियामा जेलमा राखिएको छ। राजबहादुरसँगै गिरफ्तार भएका सोही नपा-३ का सञ्जय बञ्जारालाई मंसिर ५ गते रिहा गरियो।

राजापुर गाविस-१ का बाफू थारुलाई माओवादीको आरोपमा ०६१ मंसिर २ गते बिहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस ७ गते बर्दिया जेल लगियो। बीचको समयमा पीडितलाई राजापुरस्थित संयुक्त बेस क्याम्पमा राखिएको थियो।

पदनाह गाविस-९ की १९ वर्षीय सुनिता चौधरीलाई माओवादीको आरोपमा ०६१ मंसिर २० गते दिउँसो आफ्नै गाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई मंसिर २२ गतेदेखि बर्दिया जेलमा नजरबन्दमा राखियो।

कैलाली जिल्ला दरख गाविस-९ का २६ वर्षीय टिकाराम चौधरीलाई माओवादीको आरोपमा ०६१ मंसिर २० गते दिउँसो पदनाह गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल बर्दिया जेलमा राखिएको छ।

गुलरिया नपा-२ का ३२ वर्षीय इस्माइल गुजरलाई माओवादीको आरोपमा ०६१ मंसिर १५ गते भारतीय जंगल क्षेत्रबाट भारतीय सुरक्षाकर्मीले गिरफ्तार गरी नेपालका सुरक्षाकर्मीलाई बुझाए। पीडितलाई मंसिर २१ गतेदेखि बर्दिया जेलमा नजरबन्दमा राखिएको छ।

नेउलापुर गाविस-९ का २५ वर्षीय भागिराम चौधरीलाई माओवादीको आरोपमा ०६० फागुन ८ गते घरमा रहेको अवस्थामा ठाकुरद्वाराका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ मंसिर १४ गतेदेखि बर्दिया जेलमा राखिएको छ। बीचको करिब १० महिनासम्म सुरक्षाकर्मीले ठाकुरद्वारा स्थित सैनिक गणमा राखी बेला-बेलामा माओवादी भन्दै लाठी र बुटले कुटपिट गरेको पीडितले बताए।

बानियाभार गाविस-२ का २४ वर्षीय बुद्धिराम थारु, सोही ठाउँका १९ वर्षीय हिमबहादुर चौधरीसहित सोही ठाउँका ८ जनालाई माओवादीको आरोपमा ०६१ मंसिर २० गते पदनाह गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा सबैलाई मंसिर २१ गते तारेखमा रिहा गरियो।

पाताभार गाविस-९ का १९ वर्षीय ओमकार चौधरीलाई माओवादीको आरोपमा ०६१ वैशाख २१ गते घरबाट कैलाली जिल्ला टिकापुरबाट आएका सशस्त्र प्रहरीले गिरफ्तार गरे। पीडित धनगढी जेलमा भएको आफन्तले बताए। प्रहरीले ओमकारसँगै गिरफ्तार गरेका सोही ठाउँका रामराज चौधरी, चन्द्रबहादुर चौधरी, महेश चौधरीलाई भने क्रमश: ३ हजार, २ हजार ५ सय र २ हजार रुपैयाँ धरौटी लिई सोही हप्ता रिहा गरे।

नेउलापुर गाविस-३ का २४ वर्षीय चेतमान चौधरीलाई माओवादीको आरोपमा ०६१ साउन २७ गते दिउँसो महेन्द्र राजगर्मामा पर्ने चिसापानीमास्थित सैनिक चेक पोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ मंसिर १४ गतेदेखि कारागार शाखा बर्दियामा राखिएको छ। बीचको समयमा पीडितलाई कसैसँग भेटघाट गर्न नदिई ठाकुरद्वारास्थित सैनिक हिरासतमा राखिएको थियो।

बालअधिकार

धधवार गाविस-८ की ७ वर्षीय सोविना चौधरी ०६१ जेठ १६ गते बाख्रा चराउन सोही वडाको बबई नदी छेउको जंगलमा गएको अवस्थामा बेवारिसे बम खेलाउँदा विस्फोट भई हातखुट्टा र कुममा चोट लागेको थियो। पीडितको उपचार नेपालगञ्जस्थित भेरी अस्पतालमा गरियो। घटनास्थलमा जेठ १० गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) ले ०६१ जेठ २४ देखि असार ५ गतेसम्म शहर-बजारमुखी गरेको शैक्षिक आन्दोलनका कारण गुलरिया नपाका सबै विद्यालय र राजापुर गाविसस्थित एक उच्च माविमा अध्ययनरत बालबालिका शिक्षाको अधिकारबाट वञ्चित भए।

जमुनी गाविस-५ का ६ वर्षीय र ५ वर्षीय दुई बालिकालाई ०६१ पुस २ गते दिउँसो सोही ठाउँका ४२ वर्षीय कृष्णबहादुर केसीले पैसा र भात खान दिने प्रलोभन देखाई बाटोमा खेल्न लागेको बेला आफ्नै घरमा बोलाई ढोकाको चुकुल लगाई सिरानीमा लठ्ठी राखी करायौ भने पिट्छु भनी यौन दूर्व्यवहार गरे। मलद्वारमा घाउ भएको र दिसा गर्दा दुख्ने गरेको पीडितद्वयले बताए। पीडकलाई माओवादीले पुस ५ गते कुटपिट गरी मोसो दली डाफेगाउँ घुमाए। पीडितका अभिभावकले जिप्रकामा निवेदन दिए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

पदनाह गाविस-९ की १९ वर्षीय एक युवतीलाई ०६१ वैशाख ११ गते दिउँसो गाउँ नजिकै नर्सरीमा गुलरिया नपा-७ का २२ वर्षीय ओमबहादुर सुनारले बलात्कार प्रयास

गरे। यस घटना सम्वन्धमा ०६१ वैशाख १२ गते जिप्रकामा पीडकलाई आइन्दा यस्तो कार्य नगर्ने र १० हजार रुपैयाँ जरिवाना पीडितलाई दिनुपर्ने भनी कागज गराइयो।

सबै प्रकारका जातीय विभेद

ताराताल गाविस-१ का ३५ वर्षीय चन्द्रवहादुर विकलाई ०६१ पुस ४ गते सोही गाविस-२ को गोकुल विकको लाश जलाउन लगिरहेको काठ सानुश्री गाविस-३ का रमाकान्त अधिकारीले खोसेर घरमा राखे। यस सम्वन्धमा तारातालवासी दलित परिवारले पुस १६ गते चन्द्रबहादुर विकका नामवाट एक प्रेस विज्ञप्ति मार्फत् दलितहरुमाथि गरेको ज्यादतिको विरोधमा पीडकलाई सामाजिक अपराधीको रुपमा कारवाही गरी पाउँ भनी सम्वन्धित निकायसमक्ष अनुरोध गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सरकारद्वारा मुक्तिको घोषणा गरिएको चार वर्ष पूरा गरी पाँच वर्षमा प्रवेश गर्दासमेत मुक्त कमैयाको व्यवस्थित पुनर्स्थापना नभई बिचल्लीमा परेको भन्दै ०६१ साउन १७ गते मुक्त कमैया समाज र सम्पूर्ण मुक्त कमैयाहरुले सुरक्षित वासस्थानका लागि कपास विकास समितिको जग्गा पाउनु पर्नेलगायत्का माग राखी जिल्ला प्रशासन कार्यालयलाई जानकारीपत्र पेश गरे।

राष्ट्रिय दादुरा खोप अभियान जिल्लास्तरीय सञ्जालद्वारा ०६१ पुस ७ गते एक अपिल प्रकाशित गरी दोस्रो चरणको राष्ट्रिय दादुरा खोप अभियानमा सहयोग पुऱ्याउन राज्य तथा माओवादीसमक्ष अपिल गरिएको थियो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा आत्महत्या गर्नेहरुको संख्या ४८ रह्यो। जसमा भुण्डिएर ९ महिला र १२ पुरुष गरी २१ तथा विष सेवन गरी ६ महिला, २१ पुरुषले आत्महत्या गरेका थिए। त्यसैगरी सवारी दुर्घटनाका ११ वटा घटनामा ६ पुरुष, ३ नावालक र २ महिला गरी ११ जनाको मृत्यु भयो।

४.८ सुर्खेत



जनसंख्या	: २९८५८७
साक्षरता प्रतिशत	: ६३.९७
महिला साक्षरता प्रतिशत	: ५०.१०
क्षेत्रफल (वर्ग कि. मि.)	: २४५१
गाविस/नपा संख्या	: ५०/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४८६
क्याम्पस/उच्च मा.वि.	: २/६
अस्पताल/स्वास्थ्य चौकी	: १/५०
टेलिफोन लाइन	: २३५०
मोटर सडक (कि. मि.)	: ३०८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५१
मानव विकास सूचकांक	: ०.४८६
प्रति परिवार सरदर संख्या	: ५.८८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

माओवादी वाँके जिल्ला कमिटीका सदस्य २६ वर्षीय कमला भट्टराई ०६१ वैशाख २५ गते सुरक्षाकर्मीद्वारा सुर्खेत जिल्लाको मैनतडा गाविसबाट गिरफ्तार गरी गोली हानी मारिइन्।

दशरथपुर गाविसमा ०६१ जेठ ५ गते सुरक्षाकर्मीको कारवाहीमा माओवादी कार्यकर्ता ४६ वर्षीय सिंहवीर रोका र सविता भनिने सोही गाविसकी १८ वर्षीय सीता बोहराको घटनास्थलमै मृत्यु भयो। सोही गाविस-९ का परशुराम बराइलीलाई माओवादीले अपहरण गरी लगेको थाहा पाई परिचालित सुरक्षाकर्मीले गोली चलाउँदा उनीहरुको घटनास्थलमै मृत्यु भएको थियो।

तरंगा गाविसका नाम ठेगाना नखुलेका एक माओवादी कार्यकर्ताको ०६१ जेठ २५ गते सुर्खेतको पश्चिम क्षेत्रमा पर्ने विद्यापुर गाविसमा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

गुमी र मैनतडा गाविसको बीच भागमा पर्ने जरेघाटको पुल नजिकै ०६१ असार ५ गते छिन्चुस्थित सुरक्षाबेस क्याम्पबाट खटिएका सुरक्षाकर्मीको कारवाहीमा माओवादी कार्यकर्ता दावाको घटनास्थलमै मृत्यु भयो। पीडित सुरक्षाकर्मीलाई देखी भाग्न खोज्दा सुरक्षाकर्मीले गोली चलाएका थिए।

माओवादी कार्यकर्ताहरु गर्जन भनिने ३२ वर्षीय विपिन सिंह, विजय भनिने ३४ वर्षीय भीमबहादुर बस्नेत र आरसी भनिने २८ वर्षीय दलबहादुर बुढा ०६१ असार ५ गते सुरक्षाकर्मीद्वारा मैनतडा गाविसको पुलजीप र मेहलकुनाबाट नियन्त्रणमा लिई मारिए।

माओवादी महिला कार्यकर्ता सदीक्षा भनिने १९ वर्षीय प्रमिला क्षेत्री र रचना भनिने १५ वर्षीय पवित्रा नेपाली ०६१ साउन २ गते सुरक्षाकर्मीद्वारा रामघाट गाविस-४ बाट नियन्त्रणमा लिई दशरथपुर गाविसको पुलजीपमा पुऱ्याई गोली हानी मारिए।

माओवादी कार्यकर्ता अर्जुन नेपाली ०६१ कार्तिक १५ गते गस्तिमा गएका सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिए।

दशरथपुर गाविस-३ का माओवादी कार्यकर्ता ४२ वर्षीय टेकबहादुर अधिकारी र खानिखोला गाविसका माओवादी जिल्ला सदस्य ४५ वर्षीय सुरेन्द्र सिंह विटालु ०६१ कार्तिक १७ गते सुरक्षाकर्मीद्वारा लेखफर्सामा नियन्त्रणमा लिई गोली हानी मारिए।

लाटीकोइली गाविस-१ भाङघारी नजिकैको जंगलमा ०६१ पुस १ गते गस्तिमा गएका सुरक्षाकर्मीले गोली चलाउँदा नाम नखुलेका एक माओवादी कार्यकर्ताको मृत्यु भयो।

वीरेन्द्रनगर नपा-६ स्थित बजारमा ०६१ पुस ६ गते आक्रमण गर्न आएका सशस्त्र छापामारद्वय शिशिर र तेजिल सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतमा कार्यरत प्रहरी जवान नवराज पुन, मधु श्रेष्ठ र दिव्यजंग शाहसँगको सामान्य विवादका कारण ०६१ पुस १२ गते उत्तरगंगा गाविस-९ मसुरीखेतका कलाकार २४ वर्षीय चित्रबहादुर रौनियार छुरा प्रहार गरी मारिए।

माओवादीबाट

हरिहरपुर गाविसको पाग्मा भन्ने स्थानमा ०६० पुस ३० गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धरापमा परी सशस्त्रका असई ३२ वर्षीय गोविन्द सिंह खत्रीको घटनास्थलमै मृत्यु भयो।

रानीबास गाविसमा ०६० पुस २८ गते नाम नखुलेका मानसिक सन्तुलन केही बिग्रिएका एक व्यक्तिलाई सुराकीको आरोपमा माओवादीले हत्या गरे।

हरिहपुर गाविस-४ का एमाले कार्यकर्ता ६० वर्षीय शेरबहादुर वलीलाई ०६१ वैशाख २० गते माओवादीले आफ्नो कब्जामा लिई वैशाख २३ गते तरंगा गाविसमा पुऱ्याई हत्या गरे।

हरिहरपुर गाविस-४ का एमाले कार्यकर्ता २४ वर्षीय गोकुल बस्नेतलाई सुराकीको आरोपमा ०६१ वैशाख २१ गते माओवादीले आफ्नो कब्जामा लिई वैशाख २४ गते तरंगा गाविसमा पुऱ्याई हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	४	६	१०	११	१५	१		१६	१३	११	४	४	१९
घाइते					१६	१६	३	१५	३४	१		१	३	४
गिरफ्तारी/यातना										८३	१०५	७	१३	१२५
बेपत्ता										१६	१५	१	३	१९
कुटपिट	४	२	२	४	१८	१७	१	१	१९	४०	३६	४		४०
धम्की					११	९	१	७०	८०	८	६	१	१	८
भेला/संगठित हुने अधिकार										६	६		१०	१६
महिलाअधिकार					१		१		१					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१					
अमानवीय व्यवहार					१	१			१	२	२			२
अपहरण					३०२	२८२	१०	३६५	६५७					
जम्मा	१४	६	८	१४	३६१	३४१	१७	४५१	८०९	१६८	१६१	१८	३४	२३३

नवलपरासी जिल्ला घर भएका २५ वर्षीय विष्णु बोहरा र चितवन जिल्ला घर भएका २२ वर्षीय रामबहादुर क्षेत्रीलाई ०६१ जेठ २१ गते माओवादीले गोली हानी हत्या गरे। हवाई सुरक्षा मंगलागढी सेनामा कार्यरत सैनिक जवानद्वय रेडियो नेपाल, सुर्खेतमा सुरक्षाको लागि जाने क्रममा एटिचोक नजिकै गोली हानी हत्या गरिएको थियो।

बाबियाचौर गाविसमा ०६१ जेठ २५ गते गस्तिमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीद्वारा थापिएको विद्युतीय धराप विस्फोट हुँदा सैनिक जवान तारा पाण्डेको घटनास्थलमै मृत्यु भयो।

मंगलागढी ब्यारेकमा कार्यरत सैनिक प्युठ २६ वर्षीय कर्णबहादुर चन्दको ०६१ साउन २४ गते माओवादीको गोलीबाट घटनास्थलमै मृत्यु भयो। सो घटनामा अन्य दुई जना सुरक्षाकर्मी घाइते भए।

रामघाट गाविस-७ की ५० वर्षीय प्रेमकली अधिकारीको ०६१ कार्तिक १८ गते माओवादीको कुटपिटका कारण मृत्यु भयो। पीडितलाई चन्दा नदिएको आरोपमा ०६१ असार ६ गते घरमै मरणासन्न हुने गरी कुटपिट गरिएको थियो।

मैनतडा गाविस-४ का १८ वर्षीय दुर्गाबहादुर खत्री, सोही गाविस-१ का २० वर्षीय रत्नबहादुर खत्री र सोही गाविसका १९ वर्षीय तुलाराम घर्तीलाई सेनामा भर्ना हुन खोजेको आरोपमा ०६१ कार्तिक २५ गते माओवादीले वीरेन्द्रनगर नपा-७ इत्राममा गोली हानी हत्या गरे।

छिन्चुस्थित सुरक्षा बेस क्याम्पमा कार्यरत पर्वतका सैनिक जवान २८ वर्षीय रामचन्द्र गोदार र अनिल अधिकारीको ०६१ मंसिर ५ गते माओवादीले मैनतडा गाविस घारीवनमा थापेको विद्युतीय धरापमा परी मृत्यु भयो।

दोहोरो भिडन्त

जर्बुटा गाविस-१ धुलियाविटमा सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीलाई आक्रमण गरी भाग्ने क्रममा सुरक्षाकर्मीले गरेको जवाफी कारवाहीमा ०६० पुस २८ गते एक नाम नखुलेका माओवादी कार्यकर्ताको मृत्यु भयो। सुरक्षाकर्मीको गोलीबाट घाइते भएका पीडितलाई माओवादीले लैजाँदै गर्दा बाटैमा मृत्यु भएको थियो। सोही घटनामा नाम ठेगाना नखुलेका अन्य दुई जना माओवादी, सशस्त्र प्रहरी जवान २४ वर्षीय कालिसिंह खडायत र स्थानीय बासिन्दा ३० वर्षीय गोमा खड्का घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

माओवादीको गोलीबाट ०६१ साउन २४ गते सैनिक जवान केशवसिंह बोहरा र तिलक गुरुङ सख्त घाइते भए।

माओवादीद्वारा मारिएका दुर्गाबहादुर खत्री, रत्नबहादुर खत्री र तुलाराम घर्ती

वीरेन्द्रनगर नपा-६ का नेकाँ (प्रजातान्त्रिक) क्षेत्र नं. २ का सभापति ५२ वर्षीय कर्णबहादुर रानालाई ०६१ भदौ २० गते वीरेन्द्रनगरको बीच बजारमा दुईजना माओवादीले गोली हानी सख्त घाइते पारे।

मैनतडा गाविस-४ का १८ वर्षीय कविराम खड्कालाई सेनामा भर्ना हुन खोजेको आरोपमा ०६१ कार्तिक २५ गते माओवादीले वीरेन्द्रनगर नपा-७ इत्राममा गोली हानी घाइते पारे।

वीरेन्द्रनगर नपा-११ की ४० वर्षीय बालकुमारी रोकाया र उनकी छोरी १४ वर्षीय नन्दकुमारी रोकाया ०६० माघ २४ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी राखेको विद्युतीय धराप विस्फोट हुँदा घाइते भए।

हरिहपुरको पाग्मा भन्ने ठाउँमा ०६० पुस ३० गते माओवादीले राखेको विद्युतीय धरापमा परी सैनिक जवान २८ वर्षीय जनक तामाङ, २६ वर्षीय अमृत थापा र ३० वर्षीय नारायण सिलवाल घाइते भए।

राकम गाविस-७ का ५ वर्षीय मोती सिंह र ७ वर्षीय धनबहादुर नेपाली ०६० फागुन ५ गते, गर्पन गाविस-५ का ९ वर्षीय श्याम विक, ८ वर्षीय प्रकाश बोहोरा र ११ वर्षीय देवराज सापकोटा ०६० फागुन १८ गते माओवादीले छोडेको बम खेलाउँदा विस्फोट भई घाइते भए।

मैनतडा गाविस-४ का १८ वर्षीय कविराम खड्कालाई सुरक्षाकर्मी हुन खोजेको आरोपमा ०६१ कार्तिक २५ गते माओवादीले गोली हानी घाइते बनाए।

बाबियाचौर गाविस-५ मा ०६१ जेठ २५ गते र लाटीकोइली गाविस-१ धुलियाविट चेकपोष्टमा ०६१ जेठ ५ गते सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले विछ्याइएको विद्युतीय धरापमा परी १६ जना सुरक्षाकर्मी घाइते भए।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता रहेको जेलमा ४० जना बन्दीहरु छन्। जसमध्ये कैद तोकिएका २५ र नतोकिएका १५

जना छन्। ३ जना महिला माओवादी सहित ४ जनालाई कर्तव्य ज्यान मुद्दामा चार वर्ष अघिदेखि राखिएको भए पनि उनीहरुको मुद्दाका बारेमा हालसम्म कुनै टुंगो लागेको छैन।

अनेरास्ववियु (क्रान्तिकारी) १६ औं सुर्खेत जिल्ला सम्मेलन आयोजक समितिका सहसंयोजक नरेन्द्र कार्की, रामघाट गाविस-७ का निरज भण्डारी र माओवादी कार्यकर्ता भक्तबहादुर रोकायलगायत् १४ जनालाई नजरबन्दमा राखिएको छ।

झण्डै तीन दशकअघि बनेको जेल भवन दिनप्रतिदिन जीर्ण बन्दै गएको छ। जेलर बस्ने निवास छैन। ०६० असार महिनासम्म जेलरको आवास खर्चको लागि मासिक १ सय ५० रुपियाँ दिने गरे पनि त्यसयता नदिएको, ०५८ माघ २ गते ३० जना माओवादी बन्दी सुरुङ खनेर भागेयता भौतिक अवस्थामा केही परिवर्तन गरिएको भए पनि सुरक्षाकर्मी आवासको समेत उचित व्यवस्था हुन नसकेको जेलर श्यामलाल लामिछानेले बताए। बन्दीहरुको चाप बढे पनि खानेपानी, मनोरञ्जनका साधन र पत्रपत्रिका उपलब्ध गराइएको छ।

बेपत्ता / अपहरण

राज्यबाट

तातापानी गाविसस्थित कुइनेपानीको पुलबाट एक नाम नखुलेका माओवादीलाई ०६० पुस २५ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिई बेपत्ता पारे। प्रत्यक्षदर्शीका अनुसार, ती कार्यकर्ता सो पुलमा सेन्ट्री बसेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

बाबियाचौर गाविस-६ का व्यापारी ४० वर्षीय लोकबहादुर शाहीलाई माओवादीको आरोपमा ०६० पुस २५ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी बेपत्ता पारे।

कुनाथरी गाविस-४ बड्डीचौरबाट ०६१ पुस १५ गते माओवादी कार्यकर्ता विक्रम भनिने रवीन्द्र थापालाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका यामबहादुर सुनार

वीरेन्द्रनगर नपा-५ चिसापानीका पूर्व माओवादी कार्यकर्ता २० वर्षीय तुलबहादुर राम्जालीलाई ०६० चैत १ गते, वीरेन्द्रनगरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

मुम्रा गाविस-७ कालिकोटका २२ वर्षीय दीर्घबहादुर बुढालाई माओवादीको आरोपमा ०६० चैत ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित वीरेन्द्र बहुमुखी क्याम्पस सुर्खेतमा अध्ययनरत थिए। उनको अवस्था अज्ञात छ।

दाङ जिल्ला हेकुली गाविस-४ का १९ वर्षीय राहुल डिसीलाई माओवादीको आरोपमा ०६१ जेठ २२ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित दाजुलाई भेट्न आएका थिए। उनको स्थिति अज्ञात छ।

काप्रिचौर गाविस-१ का ३६ वर्षीय पूर्णसिंह खत्रीलाई माओवादीको आरोपमा ०६१ जेठ २२ गते सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

वीरेन्द्रनगरबाट नाम नखुलेका एक माओवादी कार्यकर्तालाई ०६१ असार २ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा अवस्था अज्ञात छ।

लेखपराजुल गाविस-१ का ४५ वर्षीय दरबहादुर बुढालाई ०६१ भदौ १४ गते वीरेन्द्रनगरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

बाबियाचौर गाविस-५ का ४२ वर्षीय चन्द्रबहादुर सार्की र नाम नखुलेका एक माओवादी कार्यकर्तालाई ०६१ मंसिर ६ गते, नाम नखुलेका अर्का दुई माओवादी कार्यकर्तालाई ०६१ मंसिर ३ गते, बाबियाचौर गाविस-४ का १८ वर्षीय डब्बलसिं वडुवाल र अर्का जनालाई ०६१ मंसिर ६ गते र नाम ठेगाना नखुलेका दुई माओवादी कार्यकर्तालाई ०६१ मंसिर ११ गते छिन्चुबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये चन्द्रबहादुर र डब्बलसिं बाहेक अरुको स्थिति सार्वजनिक गरिएको छैन।

साटाखानी गाविस-६ झुप्राबाट ०६१ पुस ४ गते नाम नखुलेका दुईजना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा अवस्था अज्ञात छ।

माओवादीबाट

कुनाथरी गाविस-४ का ३५ वर्षीय रवीलाल कोइराला र सोही गाविस-३ का ४० वर्षीय टिकाराम आचार्यलाई बहुविवाह गरेको आरोपमा ०६० पुस १८ गते माओवादीले अपरहण गरे। पीडितहरुमध्ये रवीलाललाई तीन दिनपछि र टिकारामलाई पाँच दिनपछि मुक्त गरे।

कुनाथरी गाविस-४ का सर्वसाधारण ४१ वर्षीय मणिराम अधिकारीलाई सुराकीको आरोपमा माओवादीले अपहरण गरेकोमा दुई दिनपछि मुक्त गरे।

मटेला गाविस-७ का राप्रपा कार्यकर्ता ५६ वर्षीय

नन्दराम जैसीलाई सुराकीको आरोपमा ०६० फागुन २६ गते माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

गुटु गाविस-२ गुटुवजारका व्यापारी ४५ वर्षीय गजराज वयकलाई सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६० चैत ४ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

विद्यापुर गाविस-४ का व्यापारी ३५ वर्षीय मानवहादुर श्रेष्ठलाई सुराकीको आरोपमा ०६० चैत ४ गते माओवादीले अपहरण गरी कुटपिट गरेर एक दिनपछि मुक्त गरे।

गुमी गाविस-२ शिवनगरका २० वर्षीय गान्धारी अर्यालसहित ५ जनालाई ०६० चैत २५ गते माओवादीले अपहरण गरी सोही दिन मुक्त गरे।

एमालेका जिल्ला सचिव ४१ वर्षीय ऋषिप्रसाद शर्मा सहित २६ जना कार्यकर्तालाई ०६१ वैशाख ६ गते माओवादीले अपहरण गरे। इन्सेक वर्ष पुस्तक प्रतिनिधिको पहलमा वैशाख १० गते सबै मुक्त भए।

साटाखानी गाविस-४ भुटचोकको १८ वर्षीय अनिता थापालाई सुरक्षाकर्मीकी पत्नी भएको आरोपमा ०६१ वैशाख १५ गते माओवादीले अपहरण गरे। पीडित सोही दिन माओवादीको कब्जाबाट भागेर फर्किन।

वजेडीचौर गाविस-६ का १५ वर्षीय अशोक रावतलाई ०६१ वैशाख १५ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

हरिहरपुर गाविस-४ का एमाले कार्यकर्ता ४५ वर्षीय रुपलाल भण्डारीलाई ०६१ वैशाख १८ गते माओवादीले अपहरण गरे। पीडित जेठ २ गते मुक्त गरे।

स्वास्थ्यका लागि स्वच्छ खानेपानी (नेवा) नेपालगञ्जमा कार्यरत ओभरसियर २७ वर्षीय जीवन पाण्डेलाई माओवादीले साटाखानी गाविस-५ चौराँसेबाट अपहरण गरे। पीडित दुई हप्तापछि मुक्त भए।

साटाखानी गाविस-८ का शिक्षक ३५ वर्षीय बलबहादुर वृकट्टालाई आफ्नो कार्यक्रममा जानु पर्ने भनी ०६१ वैशाख २२ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

साटाखानी गाविस-८ का शिक्षक ४२ वर्षीय टिकाराम सोमै र सोही गाविस-७ का शिक्षक प्रेमबहादुर सोमैलाई आफ्नो कार्यक्रममा लैजान ०६१ वैशाख २३ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये टिकारामलाई चार दिन र प्रेमबहादुरलाई पाँच दिनपछि मुक्त गरे।



सुरक्षाकर्मीद्वारा यातना दिइएका सूर्यबहादुर राना

साटाखानी गाविस-८ का ३६ वर्षीय निरक तामालाङीलाई ०६१ वैशाख १४ गते माओवादीले घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

राकम गाविस-६ पुलजीपका ५५ वर्षीय नरवहादुर शाहीलाई ०६१ वैशाख २६ गते माओवादीले अपहरण गरे। पूर्व माओवादी कार्यकर्ता एवम् सो गाविसमा माओवादीद्वारा गठित जनसरकार प्रमुखसमेत रहेका पीडितलाई दुई हप्तापछि मुक्त गरियो।

मैनतडा गाविस-५ का राप्रपा कार्यकर्ता ५७ वर्षीय शशीराम डाँगीलाई ०६१ वैशाख २८ गते माओवादीले अपहरण गरे। पीडितसँग रकम असुली दुई हप्तापछि मुक्त गरे।

उत्तरगंगा गाविस-२ का ३५ वर्षीय गञ्जवहादुर सुनारलाई ०६१ वैशाख २८ गते माओवादीले कुनाथरीबाट अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

अवलचिङ गाविस-७ का ३६ वर्षीय लिलावती जिसीलाई दोस्रो विवाह गरी भागेको आरोपमा ०६० वैशाख ३१ गते माओवादीले तातापानी गाविसबाट अपहरण गरे। पीडितलाई लामो समयसम्म "श्रमकैद" मा राखी मुक्त गरे।

लालीकाँडा गाविस-८ का राप्रपा कार्यकर्ता ३६ वर्षीय धनसिंह खड्कालाई ०६१ जेठ १ गते माओवादीले अवलचिङबाट अपहरण गरेकोमा एक महिनापछि मुक्त गरे।

सालकोट गाविस-६ का ४५ वर्षीय वीरबहादुर दमाईलाई आर्थिक हिनामिना गरेको आरोपमा ०६१ जेठ ४ गते माओवादीले कब्जामा लिए। सालकोट सहित चार गाविस सम्मिलित माओवादीको मोडेल इलाका प्रमुख दमाईलाई हप्तादिनसम्म "श्रमकैद" मा राखी मुक्त गरे।

दशरथपुर गाविस-९ का सर्वसाधारण २६ वर्षीय परशुराम बराइलीलाई सुराकीको आरोपमा ०६१ जेठ ४ गते माओवादीले अपहरण गरे। पीडित सुरक्षाकर्मीले सर्च गरेपछि माओवादीको कब्जाबाट भागेर फर्किए।

गढी गाविस-४ का खानेपानी कार्यालयका चौकिदार ३० वर्षीय कमल पौडेललाई सुराकीको आरोपमा ०६१ जेठ ६ गते राति माओवादीले घरवाटै अपहरण गरे। पीडित ६ महिनापछि मुक्त भए।

गढी गाविस-४ की २२ वर्षीय सुशीला ढुंगाना र ३० वर्षीय कमल पौडेललाई सुराकीको आरोपमा ०६१ जेठ ७ गते माओवादीले घरवाटै अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

विद्यापुर गाविस-४ का ४३ वर्षीय यामलाल बास्तोलालाई सामुदायिक वनको रकम हिनामिना गरेको आरोपमा ०६१ जेठ

७ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

कर्णाली राजमार्ग र यान्त्रिक कार्यालय, सुर्खेतका पियन ३२ वर्षीय भक्तवहादुर खड्का, ३५ वर्षीय यामवहादुर खड्का र ४२ वर्षीय वालाराम शर्मालाई ०६१ जेठ १० गते माओवादीले अपहरण गरी केही समयपछि मुक्त गरे। बम विस्फोट गराउन आएका माओवादीले पीडितहरुलाई अपहरण गरेका थिए।

भेरी मावि घुमखहरेका शिक्षक चन्द्रवहादुर वली सहित तीनजना शिक्षक र १५ जना विद्यार्थीलाई ०६१ जेठ १४ गते जनसैन्य मार्च अभियानमा संलग्न गराउन विद्यालयबाटै माओवादीले अपहरण गरे। पीडितहरुलाई पाँच दिनपछि मुक्त गरियो।

आनन्द उच्च मावि, गुमीका ५० वर्षीय विक्रम रानासहित तीनजना शिक्षक र ४७ जना विद्यार्थीलाई ०६१ जेठ १५ गते विद्यालयबाटै माओवादीले अपहरण गरे। पीडितहरुलाई माओवादीको जनसैन्य मार्च अभियानमा संलग्न गराउन लगिएकोमा पाँच दिनपछि मुक्त गरियो।

दहचौर गाविस-२ स्थित नेरा प्रमावि, ज्यामिरेका ३३ वर्षीय नरवहादुर थापासहित तीनजना शिक्षक र ४२ जना विद्यार्थीहरु, खानीखोला गाविसस्थित मावि चोल्पाका ३४ वर्षीय तीर्थबहादुर शाहीसहित दुई शिक्षक र आनन्द उच्च मावि, गुमीका ५५ वर्षीय शेरबहादुर गुरुङसहित पाँच शिक्षकलाई ०६१ जेठ १६ गते विद्यालयबाटै माओवादीले अपहरण गरे। पीडितहरुलाई माओवादीको जनसैन्य मार्च अभियानमा संलग्न गराउन लगिएकोमा पाँच दिनपछि मुक्त गरियो।

भेरी मावि, घुमखहरेका ३६ वर्षीय प्रधानाध्यापक पूर्णप्रसाद आचार्यसहित १० शिक्षकलाई ०६१ जेठ १८ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

वसचालक ४० वर्षीय शंकर लामासहित १७ जना यातायात मजुदरहरुलाई ०६१ जेठ १८ गते माओवादीले सुर्खेतबाट दैलेख जाने क्रममा जनसैन्य मार्च अभियानमा सहभागी गराउन अपहरण गरे। पीडितहरुलाई दुई दिनपछि मुक्त गरे।

वीरेन्द्रनगर नपा-१ का ग्रामीण स्वास्थ्य कार्यकर्ता ४६ वर्षीय नारायण गुरुङलाई ०६१ जेठ १८ गते चुप्रा वजारबाट माओवादीले उनीहरुको जनसैन्य मार्च अभियानमा संलग्न गराउन अपहरण गरे। पीडितलाई ७ दिनपछि मुक्त गरे।

अवलचिङ गाविस-२ का ३५ वर्षीय धनबहादुर रानालाई सुराकीको आरोपमा ०६१ जेठ १८ गते माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

माओवादीद्वारा अपहरण गरिएका मानवअधिकारकर्मी तथा पत्रकार दुर्गा थापा

मैनतडा गाविस-१ का राप्रपाका पूर्व कार्यकर्ता ५८ वर्षीय सोमबहादुर वलीलाई सुराकीको आरोपमा ०६१ जेठ १९ गते माओवादीले घरवाटै अपहरण गरे। पीडितलाई दुई हप्तापछि मुक्त गरे।

लालिकाँडा गाविसका २१ वर्षीय गोविन्द जिसीलाई ०६१ जेठ १९ गते माओवादीले उनीहरुको जनसैन्य मार्च अभियानमा संलग्न गराउन अवलचिङबाट अपहरण गरे। पीडित दुई दिनपछि माओवादी कब्जाबाट भागे।

कल्याण प्राविका शिक्षक ३६ वर्षीय टोपबहादुर वृकट्टासहित ५५ जना विद्यार्थीहरुलाई ०६१ जेठ २३ गते माओवादीले उनीहरुको जनसैन्य मार्च अभियानमा संलग्न गराउन अपहरण गरे। पीडितहरुलाई पाँच दिनपछि मुक्त गरे।

दहचौर गाविस-२ का ३६ वर्षीय दानसिंह नेपालीलाई सुराकीको आरोपमा ०६१ जेठ २४ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

लेखफर्सा माविका ५१ वर्षीय भीमबहादुर धामीसहित ४ शिक्षक र ४७ जना विद्यार्थीहरुलाई ०६१ जेठ २४ गते माओवादीले उनीहरुको जनसैन्य मार्च अभियानमा सहभागी गराउन अपहरण गरी दुई दिनपछि मुक्त गरे।

लेखफर्सा माविका शिक्षक ३६ वर्षीय दुर्गा गौतमसहित पाँच शिक्षकलाई ०६१ जेठ २५ गते माओवादीले जनसैन्य मार्च अभियानमा संलग्न गराउन विद्यालयबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

रामघाट गाविस-४ का पूर्व प्रहरी ५५ वर्षीय भीमबहादुर शाहीलाई सुराकीको आरोपमा ०६१ जेठ २५ गते र सोही गाविस-७ का ४८ वर्षीय हर्कबहादुर थापालाई ०६१ जेठ २७ गते माओवादीले अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

रामघाट गाविस-८ का एमाले कार्यकर्ता २५ वर्षीय तेजप्रकाश डिसी र दीपक डिसीलाई ०६१ जेठ २६ गते, सोही गाविस-७ का एमाले कार्यकर्ता ५२ वर्षीय कर्णबहादुर अधिकारीलाई ०६१ जेठ २८ गते, साटाखानी गाविस-८ का ३८ वर्षीय लालवहादुर ताम्लाङ्गी मगरलाई ०६१ जेठ २५ गते, सोही गाविस-५ का २८ वर्षीय नरेश पौडेललाई ०६१ जेठ २६ गते, सोही गाविसका २८ वर्षीय कमल रेग्मीलाई ०६१ जेठ २७ गते र कल्याण गाविस-१ का विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५२ वर्षीय ऐनबहादुर घर्तीलाई ०६१ जेठ २९ गते माओवादीले विभिन्न आरोप लगाई

अपहरण गरे। पीडितहरुमध्ये तेजप्रकाश र दीपक डिसीलाई १५ दिनपछि, कर्णबहादुरलाई सोही दिन र अन्यलाई केही दिनपछि मुक्त गरे।

कल्याण गाविस-१ स्थित प्राविका शिक्षक ३९ वर्षीय खुमप्रसाद चपाईसहित ३३ जनालाई ०६१ जेठ २८ गते माओवादीले उनीहरुको जनसैन्य मार्च अभियानमा संलग्न गराउन अपहरण गरेकोमा दुई दिनपछि मुक्त गरे।

कल्याण गाविसस्थित कल्याण माविका व्यवस्थापन समितिका अध्यक्ष ५१ वर्षीय पूर्णप्रसाद जैसीलाई ०६१ जेठ ३० गते र सोही विद्यालयका प्रधानाध्यापक ५२ वर्षीय मानबहादुर अधिकारीसहित १५ जनालाई ०६१ जेठ ३१ गते माओवादीले अपहरण गरेकोमा दुई दिनपछि मुक्त गरे।

गढी गाविस-४ स्थित प्राविका शिक्षक ४० वर्षीय नगेन्द्रप्रसाद न्यौपानेलाई ०६१ असार ३ गते, गढी गाविस-४ का ३८ वर्षीय मोतिप्रसाद पौडेललाई ०६१ असार ६ गते, अवलचिङ गाविस-२ का ५४ वर्षीय खड्कबहादुर रानालाई ०६१ असार ७ गते, गढी गाविसका प्राविधिक सहायक २२ वर्षीय रामचन्द्र गौतमलाई ०६१ असार १० गते, गढी गाविस-४ का शिक्षक ३५ वर्षीय भुपेन्द्र सिंहलाई ०६१ असार ११ गते, राकम गाविस-६ का पूर्व माओवादी कार्यकर्ता ५५ वर्षीय चित्रबहादुर सिंहलाई ०६१ असार १८ गते, बजेडीचौर गाविस-६ का एमाले कार्यकर्ता २८ वर्षीय दडे दमाईलाई ०६१ असार २५ गते र लेखगाउँ गाविस-३ का वनका चौकीदार ५६ वर्षीय बिर्खबहादुर शाहीलाई ०६१ असार २१ गते माओवादीले विभिन्न आरोपमा अपहरण गरे। पीडितहरुमध्ये नगेन्द्रप्रसादलाई ६ महिनापछि र अन्यलाई केही दिनपछि मुक्त गरे।

बजेडीचौर गाविस-९ का शिक्षक ४३ वर्षीय डिल्ली महत्तारालाई सुराकीको आरोपमा ०६१ असार २४ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई २४ दिनपछि मुक्त गरे।

साटाखानी गाविस-४ चन्द्रपुरका सर्वसाधारण ७२ वर्षीय कमल रावललाई ०६१ असार २६ गते माओवादीले अपहरण गरे। पीडितलाई छोरा प्रहरीमा भएको आरोपमा अपहरण गरिएकोमा कुटपिट गर्नुका साथै ५६ हजार रुपैयाँ बुझाएपछि मुक्त गरे।

काफलकोट गाविस-२ का पूर्व गाविस अध्यक्ष ५० वर्षीय निर्मलसिंह ठकुरीलाई सुराकीको आरोपमा ०६१ असार २६ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई तीन महिनापछि मुक्त गरे।

साटाखानी गाविस-४ बढीपाटीका ५५ वर्षीय मानवहादुर शाहीलाई दुई छोरा सेनामा भएको आरोपमा ०६१ असार २८ गते माओवादीले कुटपिट गर्नुका साथै घर छाड्नुपर्ने धम्की दिए। माओवादीले पीडितसँग ५० हजार रुपैयाँ मागेका थिए।

खानीखोला गाविस-२ का ३७ वर्षीय लक्ष्मण शाहीलाई ०६१ असार २५ गते उनकै घरबाट, काफलकोट गाविस-४ का शिक्षक ५३ वर्षीय लालबहादुर शाहीलाई ०६१ असार २२ गते उनकै घरवाट, सोही गाविस-२ का एमाले कार्यकर्ता २५ वर्षीय गंगाराम थापालाई ०६१ असार १८ गते, अवलचिङ गाविस-९ का स्थानीय प्रावि शिक्षक ३२ वर्षीय नरबहादुर रानालाई ०६१ साउन ४ गते, मटेला गाविस-३ का शिक्षक २४ वर्षीय वीरबहादुर चन्दलाई ०६१ साउन १० गते, रानीवास गाविस-४ का ३० वर्षीय केशरबहादुर थापालाई ०६१ साउन २२ गते घरबाट, काप्रिचौर गाविस-३ का ५० वर्षीय डम्बरबहादुर शाहीलाई ०६१ साउन २४ गते घरबाट, रानीवास गाविस-६ का शिक्षक ३८ वर्षीय लोकबहादुर रोकाय सहित अवलचिङ मटेलाका दुई जना र रानीवास गाउँका दुई दर्जन शिक्षकहरुलाई ०६१ साउन २६ गते विद्यालयबाट, कुनाथरी गाविस-९ का शिक्षक ३२ वर्षीय धर्मराज कार्कीलाई ०६१ साउन ३० गते घरबाट, दहचौर गाविस-३ का ३६ वर्षीय दोमनबहादुर गाहालाई ०६१ भदौ १ गते, कुनाथरी गाविस-४ का ३८ वर्षीय नारायण सिग्देललाई ०६१ भदौ २ गते, गुमी गाविस-२ का शिक्षक ५६ वर्षीय कविराम गुरुङलाई ०६१ भदौ १० गते, लेखफर्सा गाविस-६ का शिक्षक ५८ वर्षीय लिलाधर पाण्डेलाई ०६१ भदौ ११ गते, रजेना गाविस-२ का शिक्षक ५० वर्षीय दीर्घबहादुर गुरुङलाई ०६१ भदौ १३ गते, सहारे गाविस-२ का शिक्षक ४४ वर्षीय धनबहादुर वलीलाई ०६१ भदौ २४ गते, घुमखहरे गाविस-३ का ५२ वर्षीय दुमान खत्रीलाई ०६१ भदौ २५ गते, सोही गाविसका विद्यार्थी २८ वर्षीय लालबहादुर नेपालीलाई ०६१ भदौ २६ गते र दहचौर गाविस-४ का कर्मचारी ३३ वर्षीय रामबहादुर रानालाई विभिन्न आरोप लगाई माओवादीले अपहरण गरे। पीडितहरुलाई अपहरित दिनदेखि दुई महिनाको अवधिमा मुक्त गरे।

राकम गाविस-६ का पूर्व गाविस अध्यक्ष तथा नेकाँ कार्यकर्ता ५० वर्षीय वकिल पुन मगरलाई ०६१ असार ३० गते घरबाट, लेखपराजुल गाविस-२ का स्थानीय निमाविका व्यवस्थापन समितिका अध्यक्ष ४० वर्षीय बलबहादुर वलीलाई ०६१ साउन १ गते घरबाट, गर्पन गाविस-२ का नाम नखुलेका एक युवकलाई ०६१ साउन ८ गते साटाखानी गाविसबाट, अवलचिङ गाविस-८ का व्यापारी २७ वर्षीय रामबहादुर डाँगीलाई ०६१ असार २९ गते घरबाट, कल्याण गाविस-४ का ३१ वर्षीय देवबहादुर रानामगरलाई ०६१ भदौ ९ गते, साटाखानी गाविस-५ का ४२ वर्षीय शिवप्रसाद उपाध्यायलाई ०६१ भदौ ११ गते, छाप्रे गाविस-९ का ३० वर्षीय गोपाल बुचालाई ०६१ भदौ २६ गते घरबाट,

लाटीकोइली गाविस-४ का १८ वर्षीय दानवहादुर वली र १६ वर्षीय गगनवहादुर विसीलाई ०६१ असोज १३ गते घरवाट माओवादीले विभिन्न आरोपहरु लगाई अपहरण गरे। पीडितहरुमध्ये वकिल पुनलाई दुई महिनापछि, रामवहादुरलाई तीन महिनापछि र अन्यलाई सोही दिनदेखि एक महिनाको अवधिमा मुक्त गरे।

अवलचिङ गाविस-९ का ३२ वर्षीय चेतवहादुर खत्रीलाई सुराकीको आरोपमा ०६१ साउन ७ गते घरवाटै माओवादीले अपहरण गरे। पीडितलाई हाल "श्रमकैद" मा राखिएको छ।

राकम गाविस-६ का ६१ वर्षीय इमानसिं ठकुरीलाई ०६१ साउन १३ गते घरवाट र राकम गाविस-६ का ५२ वर्षीय नरवहादुर शाहीलाई ०६१ साउन २३ गते घरवाट माओवादीले विभिन्न आरोप लगाउँदै अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

दहचौर गाविस-२ सुवाघाट घर भएका मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि तथा नेपाल समाचार पत्र दैनिकका सम्वाददाता ३६ वर्षीय दुर्गा थापालाई ०६१ साउन १६ गते माओवादीले अपहरण गरे। माओवादीद्वारा अपहरण गरिएका व्यक्तिहरुको स्थिति बुझ्न र मुक्तिको लागि पहल गर्न सुर्खेतवाट कान्तिपुर टेलिभिजनका कमल पन्त, सुर्खेत स्थित इन्सेकका मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि तथा समाचारपत्र दैनिकका सम्वाददाता दुर्गा थापा, समय साप्ताहिकका देवकुमार सुवेदी, वुलवुले दैनिकका गणेश कार्की, कर्णाली एफएमका रत्न शाही र श्रीवहादुर भण्डारीको टोली रानीवास गाविस-३ रहकुल पुगेको थियो। ०६१ साउन १३ गते वीरेन्द्रनगरवाट हिंडेको टोली १४ गते साँझ रानीवास पुगेको थियो। साउन १५ गते माओवादीहरुसँगै उक्त टोलीले मानवअधिकारका विभिन्न विषयमा छलफल गरेको थियो। साउन १६ गते दिउँसो ३ वजे वीरेन्द्रनगर फर्कने समयमा एक्कासी माओवादीहरुले टोली दुर्गा थापालाई जनसत्ता विरोधी कार्य गरेको भनी सोधपुछका लागि २५ दिनसम्म कव्जामा लिने गरी पूर्जी दिई नियन्त्रणमा लिए। पीडितलाई मानवअधिकारकर्मी र सञ्चारकर्मीको प्रयासमा ०६१ साउन ३१ गते नेटा गाविसको नेटावाट मुक्त गरियो।

लेखपराजुल गाविस-५ का १८ वर्षीय धनसरी बुढा मगरलाई ०६१ असोज ८ गते, सोही गाविस-३ का ३० वर्षीय लक्ष्मीराम थापा र २८ वर्षीय वीना थापालाई ०६१ असोज ९ गते घरवाट, छाप्रे गाविस-९ का २८ वर्षीय तुलवीर सहकारीलाई ०६१ भदौ २७ गते सोही गाविस-१ वाट, वावियाचौर गाविस-२ का ३४ वर्षीय वीरवहादुर शाहीलाई ०६१ भदौ ३१ गते, दशरथपुर गाविस-५ की ५० वर्षीय जानकी दमाईसहित सोही गाउँका ६० जना महिलालाई ०६१ असोज १० गते घर-घरवाट, दहचौर गाविस-९ का ५० वर्षीय दुर्गावहादुर घर्तीलाई ०६१ असोज ७ गते घरवाट, सोही गाविस-२ का १८ वर्षीय माधव नेपालीलाई ०६१ असोज १५ गते, सोही गाविस-२ का पूर्व सशस्त्र प्रहरी २१ वर्षीय गगनवहादुर दर्लामीलाई ०६१ असोज १६ गते, कुनाथरी गाविस-६ का ३६ वर्षीय राजकुमार थापालाई ०६१ असोज २१ गते, दहचौर गाविस-३ का १८ वर्षीय टोपवहादुर खत्रीलाई ०६१ असोज २० गते घरवाट, कुनाथरी गाविस-६ का ३८ वर्षीय तुलवहादुर वस्नेतलाई ०६१ असोज २२ गते र लेखफर्सा गाविस-९ का जनमोर्चाका कार्यकर्ता ४२ वर्षीय हरि नेपालीलाई ०६१ असोज २४ गते घरवाट विभिन्न आरोप लगाई माओवादीले अपहरण गरे। पीडितहरुलाई सोही दिनदेखि दुई महिनासम्मको अवधिमा मुक्त गरे।

दहचौर गाविस-३ का २२ वर्षीय देववहादुर नेपालीलाई ०६१ असोज १८ गते, लेखगाउँ गाविस-४ का शिक्षक ३६ वर्षीय रत्नबहादुर थापालाई ०६१ असोज २९ गते, सोही ठाउँकी गाविस-४ की १८ वर्षीय सावित्री कार्कीलाई ०६१ असोज ३० गते र मेहेलकुना गाविस-१ की २१ वर्षीय वीणा वादीलाई ०६१ कार्तिक ३ गते घरवाट माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुको अवस्था अज्ञात छ।

दहचौर गाविस-२ का १६ वर्षीय इन्द्रवहादुर रोकालाई ०६१ असोज २५ गते, सोही गाविस-२ का १५ वर्षीय टेकवहादुर थापा र ४२ वर्षीय कर्णवहादुर मल्ललाई ०६१ असोज २६ गते, लेखफर्सा गाविस-९ का खड्कवहादुर ठाडा, ३४ वर्षीय प्रेमवहादुर गुरुङ, ३२ वर्षीय लोकवहादुर ठाडालाई ०६१ असोज २८ गते, सोही गाविस-६ का ३९ वर्षीय यज्ञवहादुर गाहालाई ०६१ असोज ३० गते घरवाट, दहचौर गाविस-२ का १७ वर्षीय भुपेन्द्र थापालाई ०६१ असोज २९ गते घरबाट, कुनाथरी गाविस-९ का शिक्षक ३० वर्षीय धर्मराज कार्कीलाई ०६१ साउन २० गते घरवाट, कुनाथरी गाविस-९ का ३३ वर्षीय उदयवहादुर लामिछानेलाई ०६१ भदौ २० गते, सोही गाविसका ५० वर्षीय नयाराम वोहरालाई ०६१ असोज ४ गते, दहचौर गाविस-२ का १६ वर्षीय भरत मल्ललाई ०६१ कार्तिक १ गते घरवाट विभिन्न आरोप लगाई माओवादीले अपहरण गरे। पीडितहरुलाई सोही दिनदेखि १५ दिनभित्र मुक्त गरे।

दहचौर गाविस-२ का पूर्व प्रहरी २० वर्षीय भीमवहादुर गिरी र सोही ठाउँका १४ वर्षीय रमेश गिरीलाई ०६१ कार्तिक २ गते आ-आफ्नै घरवाट, दहचौर गाविस-२ का १६ वर्षीय पारस रानालाई ०६१ कार्तिक ४ गते घरवाट, दहचौर गाविस-२ का १७ वर्षीय मदन थापालाई ०६१ कार्तिक ५ गते घरवाट, दशरथपुर गाविसस्थित जीवन ज्योति माविका प्रधानाध्यापक ५२ वर्षीय भानु शर्मा र सोही ठाउंका

शिक्षक ४६ वर्षीय यज्ञप्रसाद रेग्मीलाई ०६१ कार्तिक १० गते, गुमी गाविस-२ का ५५ वर्षीय हस्तवहादुर पुन, ५२ वर्षीय खगेन्द्र घर्ती, सोही गाविस-४ का ५६ वर्षीय प्रेमवहादुर घले र सोही गाविस-१ का कविराम गुरुङलाई ०६१ कार्तिक ७ गते घरवाट, लेखफर्सा गाविसका शिक्षक ५४ वर्षीय हर्षवहादुर पुन र सोही ठाउँका शिक्षक ४८ वर्षीय लीलाधर पाण्डेलाई ०६१ कार्तिक ६ गते, दहचौर गाविस-२ का शिक्षक ४० वर्षीय शशीविक्रम मल्ललाई ०६१ कार्तिक ८ गते, मेहेलकुना गाविस-१ का शिक्षक ५२ वर्षीय चुडामणि शर्मा र सोही गाविस-५ का एमाले कार्यकर्ता ५३ वर्षीय प्रताप पुनलाई ०६१ कार्तिक ७ गते र घुमखहरे गाविस-५ का एमाले कार्यकर्ता ४८ वर्षीय मानवहादुर खत्रीलाई ०६१ कार्तिक १० गते घरवाट विभिन्न आरोप लगाई माओवादीले अपहरण गरे। पीडितहरुलाई दुई दिनदेखि १० दिनभित्र मुक्त गरे।

मेहेलकुना गाविस-१ का व्यापारी ५२ वर्षीय गंगाप्रसाद थामीलाई ०६१ कार्तिक ११ गते र साहारे गाविस-५ का शिक्षक ५२ वर्षीय अर्जुन शाहीलाई ०६१ कार्तिक १२ गते घरवाट विभिन्न आरोप लगाई माओवादीले अपहरण गरे। पीडितहरुलाई मुक्त गरिएको छ।

वावियाचौर गाविस-५ का १८ वर्षीय डम्बलसिंह बडुवाललाई स्थानीय एक युवकको हत्या गरेको आरोपमा ०६१ कार्तिक १९ गते माओवादीले घरवाटै अपहरण गरे। पीडित माओवादीको "श्रमकैद" मा सजाय भोगिरहेको एक महिनापछि सुरक्षाकर्मीको सहयोगमा मुक्त भए।

दहचौर गाविस-६ की पूर्व माओवादी कार्यकर्ता २२ वर्षीय दीपा केसीलाई सुराकीको आरोपमा ०६१ कार्तिक १८ गते घरवाटै माओवादीले अपहरण गरे। पीडित १० दिनपछि माओवादीको कब्जावाट भागेर फर्किइन्।

उत्तरगंगा गाविस-५ ठौरीका २१ वर्षीय दुर्गावहादुर चौधरी, २१ वर्षीय रामवहादुर चौधरी र २० वर्षीय गुप्तबहादुर रासकोटीलाई ०६१ कार्तिक २८ गते, मेहेलकुना गाविस-५ गैलेका शिक्षक ४६ वर्षीय चित्रबहादुर रेग्मीलाई ०६१ कार्तिक २९ गते, हरिहरपुर मावि कक्षा ८ मा अध्ययनरत १३ वर्षीय मदन गौलीसहित ११ जना विद्यार्थीलाई ०६१ मंसिर २ गते, उत्तरगंगा गाविस-५ ठौरीका २० वर्षीय लिलाराम काम्कोटीलाई ०६१ कार्तिक २८ गते, दहचौर गाविस-१ राइकेका ४० वर्षीय गंगावहादुर घर्तीलाई ०६१ मंसिर ७ गते, दहचौर गाविस-४ का ३७ वर्षीय इन्द्रवहादुर थापालाई ०६१ मंसिर ८ गते, सोही गाविस-९ का ५२ वर्षीय इमानसिं गंरजालाई ०६१ मंसिर ८ गते, सोही गाविस-४ का ४५ वर्षीय पूर्णबहादुर गुरुङलाई ०६१ मंसिर १० गते, लाटीकोइली गाविस-४ का ४० वर्षीय तिलक राजीलाई ०६१ मंसिर १२ गते र दहचौर गाविस-४ का ४२ वर्षीय रणवहादुर घर्तीलाई ०६१ मंसिर १३ गते विभिन्न आरोपमा माओवादीले अपहरण गरे। पीडितहरुलाई सोही दिनदेखि एक हप्ताभित्र मुक्त भए।

साहारे गाविस-८ वोटेचौरका एमाले कार्यकर्ता ४० वर्षीय पूर्णप्रसाद ढकाललाई ०६१ मंसिर १५ गते, सोही गाविस-८ का ३९ वर्षीय युवराज गौतमलाई ०६१ मंसिर १६ गते, सालकोट गाविस-८ का शिक्षक ३६ वर्षीय रणबहादुर घर्तीलाई ०६१ मंसिर १६ गते, मेहेलकुना गाविस-९ का शिक्षक ४३ वर्षीय धनवहादुर वलीलाई ०६१ मंसिर १७ गते, साहारे गाविस-४ का शिक्षक ५२ वर्षीय लिलाराम थापालाई ०६१ मंसिर २० गते, सोही गाविस-५ का शिक्षक ३९ वर्षीय लालबहादुर खत्रीलाई ०६१ मंसिर २० गते, मालापानी गाविस-३ की शिक्षिका ३२ वर्षीय कुश्मा शाहीलाई ०६१ मंसिर २१ गते, दशरथपुर गाविस-५ का ३४ वर्षीय सुनिल विकलाई ०६१ मंसिर २२ गते, साहारे गाविस-२ का शिक्षक ३५ वर्षीय सुकदेव पौडेलललाई ०६१ मंसिर २३ गते, मालारानी गाविस-९ का शिक्षक ४० वर्षीय रिमबहादुर डाँगीलाई ०६१ मंसिर २४ गते, साहारे गाविस-७ का शिक्षक ३६ वर्षीय ०६१ मंसिर २४ गते, मालारानी गाविस-३ का शिक्षक २९ वर्षीय हरिराम पौडेलललाई ०६१ मंसिर २६ गते र सोही गाविस-७ का शिक्षक ५० वर्षीय गगनबहादुर थापालाई ०६१ मंसिर २८ गते विभिन्न आरोपमा माओवादीले अपहरण गरे। पीडितहरु सोही दिनदेखि एक हप्ताभित्र मुक्त भए।

लाटीकोइली गाविस-२ का पुजारी ५२ वर्षीय टंकबहादुर राजीलाई ०६१ पुस १ गते, दहचौर गाविस-६ का ४० वर्षीय कर्णबहादुर चुनारालाई ०६१ पुस ६ गते, दहचौर गाविस-२ का ३८ वर्षीय दानवहादुर नेपालीलाई ०६१ पुस ७ गते, कल्याण गाविस-६ का ५२ वर्षीय लालबहादुर सार्कीलाई ०६१ पुस ८ गते, दहचौर गाविस-२ का शिक्षक ४० वर्षीय सम्मरवहादुर मल्ललाई ०६१ पुस ९ गते, घुमखहरे गाविस-९ का शिक्षक ३७ वर्षीय विष्णुप्रसाद पौडेलललाई ०६१ पुस ९ गते, सोही गाविस-७ का ३९ वर्षीय नगेन्द्रप्रसाद चालिसे र सोही ठाउँका शिक्षक ३२ वर्षीय नरेन्द्र पौडेलललाई ०६१ पुस १० गते, कल्याण गाविस-६ का २८ वर्षीय इन्द्रवहादुर सार्कीलाई ०६१ पुस १० गते, दहचौर गाविस-२ का ग्रामीण स्वास्थ्य कार्यकर्ता ५९ वर्षीय नरेन्द्र मल्ललाई ०६१ पुस १२ गते, दहचौर गाविस-२ का ४६ वर्षीय अम्बरवहादुर थापालाई ०६१ पुस १३ गते र घुमखहरे गाविस-३ का ४० वर्षीय गंगावहादुर खत्रीलाई ०६१ पुस १४ गते विभिन्न आरोपमा माओवादीले अपहरण गरे। पीडितहरु सोही दिनदेखि एक हप्ताभित्र मुक्त भए।

कुनाथरी गाविस-४ का २५ वर्षीय विष्णु पौडेलसहित नाम नखुलेका अन्य ४ जनालाई ०६१ मंसिर १ गते, सोही गाविस-५ का नाम नखुलेका ५ जनालाई ०६१

मंसिर ४ गते, कुनाथरी गाविस-६ का २५ वर्षीय वीरवहादुर अधिकारीलाई ०६१ मंसिर १४ गते, गढी गाविस-८ का २३ वर्षीय पूर्णप्रसाद गौतमलाई ०६१ मंसिर १८ गते, सोही गाविस-८ का २४ वर्षीय प्रेमवहादुर गौतमलाई ०६१ मंसिर १९ गते र रतु गाविस-९ का नेकाँ कार्यकर्ता ३९ वर्षीय भूपलाल दाहाललाई ०६१ पुस ९ गते विभिन्न आरोपमा माओवादीले अपहरण गरे। पीडितहरुको अवस्था हाल अज्ञात छ।

लाटीकोइली गाविस-४ का पूर्व प्रहरी हवल्दार ५५ वर्षीय शिवप्रसाद जैसीलाई ०६१ पुस २ गते माओवादीले घरवाटै कव्जामा लिई कुटपिट गरे। पीडितलाई २ दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

वीरेन्द्रनगर नपा-८ का पत्रकार ३० वर्षीय सूर्यमणि गौतमलाई ०६० पुस २१ गते आफ्नो घरतर्फ जाँदै गर्दा सोही ठाउँमा सुरक्षार्थ खटिएका प्रहरीले गोली हानी उडाइदिने धम्की दिए।

रौतहट जिल्ला घर भएका जेटिए ३० वर्षीय महेश साहलाई माओवादीको आरोपमा ०६० पुस २८ गते सुरक्षाकर्मीले ज्यानमार्ने धम्की दिए।

जर्वुटा गाविस-१ धुलियाविटका ३४ वर्षीय कुम्भप्रसाद पौडेल र ६० वर्षीय दुर्गाप्रसाद लामिछानेलाई ०६० पुस २८ गते, साटाखानी गाविस-४ स्थित प्रस्तावित निमाविका शिक्षक एवम् सम्पूर्ण विद्यार्थीलाई ०६० पुस २८ गते, तरंगा गाविस-३ का ३० वर्षीय खड्कवहादुर विसीलाई ०६० पुस २७ गते, कुनाथरी गाविस-१ चेपाङकाका ३५ वर्षीय यामवहादुर मिंजालीलाई ०६० पुस २५ गते, राकम गाविस-२ जाम्नेवजारकी ३६ वर्षीय खिमा शाहीलाई ०६० पुस ८ गते, वीरेन्द्रनगर नपा-७ का पत्रकार ३० वर्षीय सूर्यमणि गौतम, स्पेशटाइमका कलेन्द्र सेजुवाल र वुलवुले दैनिकका नवराज शर्मालाई ०६० फागुन १७ गते, अवलचिङ गाविस-९ की २२ वर्षीय मिना रोकायलाई ०६० चैत २० गते, जर्वुटा गाविस-२ की २० वर्षीय कमला ढकाललाई ०६० चैत २० गते, जर्वुटा गाविस-१ सुब्बाकुवाका ५० वर्षीय मानवहादुर तामाङ र उनका ७ जनाको परिवारलाई ०६१ वैशाख ४ गते सुरक्षाकर्मीले ज्यानमार्ने धम्की दिए। पीडितहरुलाई विभिन्न आरोपहरु लगाइएको थियो।

तरंगा गाविस-३ का ४० वर्षीय मानवहादुर थापालाई ०६० पुस २७ गते, सोही गाविसका ६५ वर्षीय केयरसिं कडायत, ३८ वर्षीय भद्रवहादुर थापा र ३६ वर्षीय मणिराम थापालाई ०६० पुस २८ गते, वीरेन्द्रनगर नपा-१ का पूर्व नगरप्रमुख ५५ वर्षीय वालाराम शर्मालाई ०६० फागुन ७ गते, सोही नपा-४ का पूर्वमन्त्री यमलाल कँडेल सहित २४ जनालाई ०६० फागुन ७ गते र साटाखानी गाविस-५ का ३५ वर्षीय डम्वर चपाईलाई ०६० चैत ५ गते विभिन्न आरोपमा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

वीरेन्द्रनगर नपा-६ का ३६ वर्षीय मुस्ते वकसलाई अनुमति विना हिंडडुल तथा भैंसी खरिद-विक्री गरेको आरोपमा ०६० चैत ८ गते माओवादीले वड्डीचौर वजारमा एक दिन कव्जामा लिई कुटपिट गरे।

लेखगाउँ गाविस-६ का कृषक ४६ वर्षीय यामवहादुर सुनारलाई छोरा सेनामा गएको आरोपमा ०६० चैत १२ गते घरमै माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे। कुटपिटवाट पीडितको दायाँ खुट्टा भाँचिएकोमा सुर्खेत अस्पतालमा उपचार गरिएको थियो।

वजेडीचौर गाविस-३ का एमाले कार्यकर्ता ३६ वर्षीय कुलवहादुर रोकाय र ४२ वर्षीय तेजवहादुर चन्दलाई ०६० चैत १३ गते घरवाटै माओवादीले अपहरण गरी कुटपिटपछि मुक्त गरे।

वजेडीचौर गाविस-३ वजेडाका एमाले कार्यकर्ता ४५ वर्षीय साउने रोकाय र सर्वसाधारण ४० वर्षीय जयराम नेपालीलाई ०६० चैत १४ गते माओवादीले अपहरण गरी कुटपिट गरेर दुई दिनपछि मुक्त गरे।

दशरथपुर गाविस-५ का पूर्व प्रधानपञ्च ५० वर्षीय तोयानाथ शर्मालाई चन्दा नदिएको आरोपमा ०६० चैत १७ गते माओवादीले धम्की दिनुका साथै घरमा लुटपाट पनि गरे।

कल्याण गाविस-२ का स्वास्थ्य चौकीका पियन ३६ वर्षीय पियन खुमवहादुर डाँगीलाई चन्दा नदिएको आरोपमा ०६० चैत १८ गते माओवादीले धम्की दिए।

घुमखहरे गाविस-९ भेडावारीका गाउँ स्वास्थ्य कार्यकर्ता ५२ वर्षीय सोमवहादुर खड्कालाई मदिरा सेवन गरेको आरोपमा ०६० चैत १९ गते माओवादीले भेरी नदीमा फ्याँकेर मारिदिने धम्की दिए।

कुनाथरी गाविस-४ का ५२ वर्षीय झक्कडवहादुर वस्नेतलाई ०६१ जेठ ९ गते माओवादीले ज्यानमार्ने धम्की दिए। पीडितलाई गाविसमा माओवादीको इजाजत विना साना किसान सहकारी संस्था सञ्चालन गरेको आरोपमा त्यस्तो धम्की दिइएको थियो।

दहचौर गाविस-२ का २५ वर्षीय राजु मल्ललाई आफ्नो पार्टीको विरोधमा उत्रेको आरोपमा ०६१ जेठ २३ गते माओवादीले कव्जामा लिई कुटपिट गरे।

जाजरकोट जिल्ला कार्कीगाउँ गाविसका ४६ वर्षीय चक्रु सिंहलाई ०६१ जेठ २२ गते माओवादीले कव्जामा लिई मानसिक यातना दिए। पीडितलाई दुई छोरा प्रहरीमा भएको

आरोपमा माओवादीले सम्पूर्ण परिवारलाई असार १२ गतेसम्म ज्यानमार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा लगायत सुर्खेतका ५० गाविसका सचिवहरुलाई ०६१ भदौ ४ गते माओवादीले राजीनामा दिनु भनी धम्की दिए।

साहारे गाविस-८ का एमाले कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ४९ वर्षीय देवबहादुर खत्रीलाई माओवादीको नीति विरुद्ध उत्रेको आरोपमा ०६१ भदौ २९ गतेदेखि एक गाउँबाट अर्को गाउँमा जान नपाउने गरी माओवादीले स्थानहद तोके।

मेहेलकुना गाविस-५ का एमाले कार्यकर्ता ५२ वर्षीय प्रताप पुन र सोही ठाउँका नेकाँ कार्यकर्ता ५६ वर्षीय टेकबहादुर खत्रीलाई माओवादी पार्टीको नीतिविरुद्ध उत्रेको आरोपमा ०६१ कार्तिक ४ गतेदेखि माओवादीले गाउँमै स्थानहद तोके।

घुमखहरे गाविस-८ का एमाले कार्यकर्ता ४६ वर्षीय कुलबहादुर घर्तीलाई राजनीतिक प्रतिशोधका कारण ०६१ भदौ ३० गतेदेखि माओवादीले घरमै स्थानहद तोके। पीडित उक्त धम्की तोडी वीरेन्द्रनगर आइपुगे।मेहेलकुना गाविस-९ का पूर्व गाविस अध्यक्ष तथा नेकाँ कार्यकर्ता ५६ वर्षीय उदय कामीलाई माओवादीविरुद्ध उत्रेको आरोपमा ०६१ कार्तिक ६ गतेदेखि माओवादीले एक गाउँबाट अर्को गाउँमा जान नपाउने गरी स्थानहद राखे।

छिन्चु गाविस-८ की १८ वर्षीय चन्द्रा नेपालीलाई पति सशस्त्र प्रहरीमा भएको आरोपमा ०६१ कार्तिक ८ गते घरबाटै माओवादीले अपहरण गरे। पीडित ६ घण्टापछि माओवादी कब्जाबाट भागेर फर्किइन।

मटेला गाविस-३ का एमाले सुर्खेत जिल्ला सदस्य ५० वर्षीय बखतबहादुर खत्रीलाई माओवादी पार्टीको नीति विरुद्ध उत्रेको आरोपमा ०६१ कार्तिक ९ गतेदेखि एक गाउँबाट अर्को गाउँमा जान नपाउने गरी माओवादीले घरमै स्थानहद तोके।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आन्दोलनरत पाँच दलद्वारा ०६० माघ ९ गते, फागुन ११ गते, फागुन ७ गते, माघ १४ गते, असार १४ गते र कार्तिक १६ गते निकालिएको जुलुशमाथि प्रहरीले हस्तक्षेप गर्दा अनेरास्ववियुका पूर्व केन्द्रीय सदस्य टेकेन्द्र वस्नेत, जिल्ला अध्यक्ष घनश्याम पाण्डे, नेविसंघका देवकुमार सुवेदीलगायत् दर्जनौंलाई प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरे।

प्रतिगमनका विरुद्ध भनी आन्दोलनमा उत्रेको आरोपमा ०६१ पुस ५ गते उत्तरगंगा गाविस-८ का ३१ वर्षीय देवकुमार सुवेदी, जर्बुटा गाविस-१ का ३९ वर्षीय डण्ड ढकाल र वीरेन्द्रनगर नपा-६ की ४२ वर्षीय चन्द्र खड्कालाई प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत सुर्खेतमा विगतका वर्षको जिम्मेवारी सरेर आएको र यस वर्ष परेकासहित विविध देवानी ३१, फौजदारी व्यक्तिवादी १५, फौजदारी सरकारवादी २०, निषेधाज्ञा ३, परामादेश १, साधक १ र बन्दीप्रत्यक्षीकरणको २ वटा मुद्दा रहेका छन्। ती मध्ये जिम्मेवारी सरी आएकोसहित विविध देवानी ६, फौजदारी व्यक्तिवादी ५, फौजदारी सरकारवादी ३, निषेधाज्ञा २ र बन्दी प्रत्यक्षीकरणको २ वटा मुद्दा फर्स्यौट भएका छन्। जिम्मेवारी सरी आएकोसहित यस वर्ष विविध देवानी २५, फौजदारी व्यक्तिवादी १०, फौजदारी सरकारवादी १७, निषेधाज्ञा २, परमादेश १ र साधक १ गरी ५४ मुद्दा फर्स्यौट हुन बाँकी रहेको छ। अदालतमा म्याद नाघेका मुद्दाहरु नरहेको अदालतले जनाएको छ।

जिल्ला अदालत सुर्खेतमा विगतका वर्षको जिम्मेवारी सरेर आएको र यस वर्षको समेत गरी साधारण देवानी १ सय २१, सरकारवादी फौजदारी ५८, दुनियावादी फौजदारी २८, विशेष फौजदारी १० र संक्षिप्त फौजदारी ३० वटा मुद्दा पर्न आएकोमा क्रमश: २६, ११, ७, ६ र १२ वटा मत्र मुद्दा फर्स्यौट भएका छन्। बढ्दो असुरक्षा, जनयुद्ध आदि जस्ता कारण साधारण देवानीतर्फको ९५, सरकारवादी फौजदारी ४७, दुनियावादी फौजदारी २१, विशेष फौजदारी ४ र संक्षिप्त फौजदारी १८ गरी १ सय ८५ वटा मुद्दा फर्स्यौट हुन नसकेको तथा म्याद तामेली गर्नमा अवरोध पुग्नु मुद्दाको अंग नपुग्नुले यस वर्ष अदालतमा मुद्दा कम पर्न आएको सो अदालतले जनाएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुर्खेत जिल्लामा ५० हजारभन्दा बढी भूमिहीन छन्। यस वर्ष माओवादी अवरोधका कारण अपाङ्ग, विधवा, अशक्तले पाउने भत्ता नियमित रुपले पाउन सकेनन्।

आर्थिक अधिकार

रामघाट गाविस-५ का हुलाकी ३६ वर्षीय नरवहादुर थापालाई चन्दा नदिएको आरोपमा ०६० चैत १८ गते माओवादीले मानसिक यातना दिनुका साथै २५ हजार नगद लुटे।

नेटा गाविस-८ की ५० वर्षीय मैसरा नेपालीलाई सुराकीको आरोपमा ०६० चैत १९ गते माओवादीले मानसिक यातना दिई सर्वश्वहरण गरे।

विस्थापन

यस वर्ष माओवादी द्वन्द्वका कारण सुरक्षाकर्मीका परिवार, जनप्रतिनिधि, भिन्न मत राख्ने राजनीतिक दलका कार्यकर्तासमेत गरी पाँच दर्जनभन्दा बढीको माओवादीले सर्वश्वहरण गरे। सर्वश्वहरण गरिएकामध्ये अधिकांशको माओवादीले कारवाही फिर्ता गरेपछि गाउँमै फर्किसकेका छन् भने कारवाही फिर्ता नगरिएको घुमखहरे गाविस-८ का ५० वर्षीय कुलवहादुर घर्ती लगायत एक दर्जन विस्थापितहरु हाल पनि वीरेन्द्रनगरमा बसोवास गर्दै आएका छन्।

माओवादी गतिविधिबाट त्रसित भएर मध्य-पश्चिमाञ्चलको क्षेत्रीय सदरमुकाम सुर्खेतमा यस वर्ष विस्थापन हुनेको संख्या अत्यधिक बढ्यो। यस वर्ष जुम्ला जिल्लाको विराट गाविस-२ बाट मात्रै एकै चोटी ३५ घर परिवारका १ सय ४०, कनकासुन्दरी गाविसका ५ घरपरिवारका ३६, बोटामालिका गाविसका ५ घरपरिवारका ४२, वुर्मामाडीचौर गाविसको ६ घरपरिवारका ३२, ताम्की गाविसका २ घरपरिवारका ९, मुगु जिल्ला रारा गाविसका एक घरपरिवारका १०, श्रीकोट गाविसको २ घर परिवारका ६, हुम्ला जिल्ला श्रीनगर गाविसका दुई घर परिवारका २२, दैलेख जिल्लाका ५६ घर परिवारका ३ सय ९२, जाजरकोटका ४ वटा गाविसका ७ घर परिवारका ४६ जना सुर्खेतमा विस्थापित भए। त्यस्तै कालिकोटका १७ घर परिवारका १ सय २ जना सुर्खेतमा विस्थापन भएका छन्। ६ सय २० आन्तरिक र वाह्य जिल्लाका गरी २ सय ५० भन्दा बढी घरपरिवारका ४ हजार ५ सय भन्दा बढी सुर्खेतमा विस्थापित जीवन बिताउँदै आएका छन्।

यस जिल्लामा जिल्ला प्रशासन कार्यालयले आन्तरिक विस्थापित १ सय ८४, दैलेखका १९ र जुम्लाका २१ घर परिवारलाई ५ लाख ८४ हजार रुपैयाँ बराबरको राहत सहयोग वितरण गर्‍यो।

संरचना सम्पत्ति क्षति

माओवादीले ०६१ जेठ १० गते सुर्खेत-जुम्ला सडक आयोजना र यान्त्रिक कार्यालय सुर्खेतमा विस्फोट गराई १ करोड ५५ लाख रुपैयाँको भौतिक संरचनामा क्षति पुऱ्याए। ०६१ कार्तिक २९ गते रामघाट र दशरथपुर जोड्ने झोलुङ्गे पुल, ०६१ वैशाख ३० गते बागनारामा २ वटा ट्रक, एक यात्रुवाहक बसलाई आगो लगाए भने ०६१ पुस ९ गते वीरेन्द्रनगर नपा भवनमा, कार्तिक १२ गते क्षेत्रीय कृषि निर्देशनालय भवनमा ०६० फागुन र चैतमा लाटीकोइली र उत्तरगंगा गाविस भवनमा माओवादीले आक्रमण गरी एक करोड रुपैयाँ बराबरको क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बाबियाचौर गाविस-५ का २० वर्षीय कीर्तबहादुर साउद, २३ वर्षीय भानुभक्त जोशी, १७ वर्षीय कृष्णबहादुर सार्की, ४५ वर्षीय भीमबहादुर सार्की र ३५ वर्षीय शेरे बुढालाई माओवादीको आरोपमा ०६० पुस २७ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडितहरुलाई सुरक्षाकर्मीले दुई दिनको पैदल बाटो वीरेन्द्रनगरसम्म हतियार खरखजानासहित मालसामान बोकाई रिहा गरे।

कुनाथरी गाविस-९ का २१ वर्षीय गगन पुलामीलाई माओवादीको आरोपमा ०६० पुस २७ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी यातना दिए।

दैलेख जिल्ला लेकटोलका ३६ वर्षीय हेमराज ढकाललाई माओवादीको आरोपमा सुरक्षाकर्मीले नियन्त्रणमा लिई यातना दिई रिहा गरे। सुरक्षाकर्मीको यातनाबाट पीडितको मानसिक सन्तुलन ठीक नभएको उनका आफन्तले बताए।

साटाखानी गाविस-५ चौरासेबाट पार्वती भनिने १६ वर्षीय माओवादी कार्यकर्तालाई ०६० फागुन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

साटाखानी गाविस-५ का माओवादी कार्यकर्ता २० वर्षीय रुद्रप्रसाद चपाईलाई ०६० फागुन १८ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित बन्दी प्रत्यक्षीकरणको रिट दायरपछि पुनरावेदन अदालतको आदेशानुसार रिहा भए।

अवलचिङ गाविस-९ की २३ वर्षीय मीना रोकाय, १९ वर्षीय गणेश रोकायालाई ०६० चैत ७ गते वीरेन्द्रनगरबाट, लेखपराजुल गाविस-९ का ३१ वर्षीय हरिबहादुर खड्कालाई ०६० चैत ९ गते वीरेन्द्रनगरबाट, नाम नखुलेका १९ वर्षीय एक युवकलाई ०६० चैत १९ गते वीरेन्द्रनगर नपा-६ बाट माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई केही दिनपछि रिहा गरियो।

अवलचिङ गाविस-९ का माओवादी कार्यकर्ता ५ वर्षीय भक्तबहादुर रोकायलाई ०६० चैत ७ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडितलाई हाल सुर्खेत कारागारमा राखिएको छ।

लाटीकोइली गाविस-९ की ५१ वर्षीय रम्मा कोइराला, ३५ वर्षीय कोकिला सुनार र १९ वर्षीय सुमित्रा गिंदेललाई ०६० चैत २२ गते, जर्बुटा गाविस-१ का २६ वर्षीय गोविन्द सापकोटा, पाम्का गाविस-२ का २२ वर्षीय रत्नबहादुर चलाउने र अवलचिङ गाविस-९ का १९ वर्षीय गणेश रोकायलाई ०६० चैत २३ गते वीरेन्द्रनगरबाट, वराह गाविस-६ दैलेखका २२ वर्षीय नयाराम शाहीलाई ०६० चैत

२७ गते, गढी गाविस-१ की माओवादी कार्यकर्ता १६ वर्षीय शान्ति विश्वकर्मालाई ०६१ वैशाख २ गते दैलेखको डुङ्गेश्वर वजारवाट, वीरेन्द्रनगर नपा-१ का ३० वर्षीय लक्ष्मीप्रसाद आचार्यलाई ०६१ वैशाख ३ गते, लेखपराजुल गाविस-१ मनमकाँडाका एमाले कार्यकर्ता २३ वर्षीय टेकवहादुर सार्कीलाई ०६१ वैशाख ४ गते वीरेन्द्रनगरवाट, अवलचिङ गाविस-१ का ३० वर्षीय भक्तवहादुर रानालाई ०६१ वैशाख ७ गते वीरेन्द्रनगरबाट, रानीवास गाविस-६ का एमाले कार्यकर्ता ३२ वर्षीय तुलसिंह खड्कालाई ०६१ वैशाख ८ गते वीरेन्द्रनगरबाट, अवलचिङ गाविस-१ का ५० वर्षीय रुद्रवहादुर राना, २३ वर्षीय रामवहादुर राना र सोही गाविस-३ का २९ वर्षीय अम्मरबहादुर रानालाई ०६१ वैशाख ९ गते वीरेन्द्रनगरवाट, जर्बुटा गाविस-४ का २७ वर्षीय अस्वीर राम्जाली, घुमखहरेका १४ वर्षीय महेन्द्र पौडेललाई ०६१ वैशाख ९ गते वीरेन्द्रनगरबाट, ल्याटी गाविस-७ दैलेखका २२ वर्षीय भगत शाहीलाई ०६१ वैशाख १५ गते वीरेन्द्रनगरवाट र अवलचिङ गाविस-२ का नेकाँ कार्यकर्ता ४५ वर्षीय सूर्यबहादुर रानालाई ०६१ वैशाख १३ गते वीरेन्द्रनगरवाट विभिन्न आरोपहरु लगाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई सोही दिनदेखि दुई महिनाभित्र रिहा गरियो।

छाप्रे गाविस-६ का २३ वर्षीय बलवहादुर बुढालाई ०६१ जेठ १० गते र सोही ठाउँका २५ वर्षीय भद्रबहादुर बुढालाई माओवादीको आरोपमा ०६१ जेठ ११ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरवाट गिरफ्तार गरे। पीडितहरु चार महिनापछि रिहा भए।

रामघाट गाविस-७ का ४० वर्षीय दलजित भण्डारी र २४ वर्षीय निमराज भण्डारीलाई माओवादीको आरोपमा ०६१ जेठ १७ गते आ-आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये दलजित एक महिनापछि रिहा भए भने निमराज जेलमा छन्।

उत्तरगंगा गाविस-८ तातोपानीका २८ वर्षीय गंगाप्रसाद जैसीलाई माओवादीको आरोपमा ०६१ जेठ १९ गते सुरक्षाकर्मीले घरवाटै गिरफ्तार गरे। पीडित १५ दिनपछि रिहा भए।

माओवादीद्वारा क्षति पुऱ्याइएको रामघाट र दशरथपुर जोड्ने झोलुङ्गे पुल

उत्तरगंगा गाविस-९ की २६ वर्षीय गीता खत्रीलाई ०६१ जेठ १ गते घरवाट, वीरेन्द्रनगर नपा-६ का रत्नवहादुर नेपालीलाई ०६१ जेठ १ गते पसलवाट, सोही नपा-११ का ३२ वर्षीय भीमवहादुर चौधरी सहित ९ जनालाई ०६१ जेठ ५ गते पिपिरा चोकवाट, सोही नपा-६ का २१ वर्षीय वलवहादुर मल्ल र २० वर्षीय सुरेन्द्र खड्कालाई ०६१ जेठ ८ गते, सोही ठाउँका ३९ वर्षीय रत्नप्रकाश नेपालीलाई ०६१ जेठ ११ गते घरवाट, जनमोर्चा दैलेखका जिल्ला अध्यक्ष ३६ वर्षीय जगत रेग्मीलाई ०६१ असार १ गते, अवलचिङ गाविसका नेकाँ कार्यकर्ता ४५ वर्षीय सूर्यबहादुर रानालाई ०६१ वैशाख १३ गते, दहचौर गाविस-१ राईकेका पूर्व प्रहरी २० वर्षीय गगन थापालाई ०६१ असार ५ गते मेहेलकुना बजारवाट, नेकाँ सुर्खेतका सभापति एवम् लाटीकोइली गाविस-८ का ५२ वर्षीय डम्वर जिसीसहित तीन जनालाई ०६१ असार १४ गते विभिन्न आरोपहरु लगाई गिरफ्तार गरे। पीडितहरुलाई सोही दिनदेखि चरणबद्धरुपमा रिहा गरियो।

रामघाट गाविस-७ की १७ वर्षीय रेखा वलीलाई ०६१ साउन २ गते रामघाटवाट, गर्पन गाविस-४ का ३५ वर्षीय शेरसिं खड्का र २४ वर्षीय अम्मरबहादुर वलीलाई ०६१ साउन १० गते लाटीकोइली गाविस-९ बाट, गर्पन गाविस-४ का ४२ वर्षीय रमेश पौडेललाई ०६१ साउन १० गते, सोही गाविसका ३६ वर्षीय लोकवहादुर खत्रीलाई ०६१ साउन ११ गते वीरेन्द्रनगरवाट, लाटीकोइली गाविसका बस ड्राइभर २७ वर्षीय दुखिराम थारुलाई ०६१ साउन २८ गते, छाप्रे गाविस-९ का २३ वर्षीय बलवहादुर वुढा र २५ वर्षीय भद्रवहादुर वुढालाई ०६१ भदौ १४ गते सुर्खेत कारागारबाट, बाँके जिल्ला कोहलपुरका ३० वर्षीय कमल शाही र उनकी पत्नी शर्मिला शाहीलाई ०६१ भदौ १४ गते वीरेन्द्रनगरबाट, कुनाथरी गाविसका माओवादीद्वारा गठित गाजस उपप्रमुख ४२ वर्षीय भक्तवहादुर सुवेदीलाई ०६१ कार्तिक १४ गते कुनाथरीवाट र वीरेन्द्रनगर नपा-३ का नेकाँ जिल्ला उपसभापति ५२ वर्षीय खड्क बस्यालसहित चार जनालाई ०६१ कार्तिक १६ गते वीरेन्द्रनगरवाट विभिन्न आरोपहरु लगाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरु सोही दिनदेखि ७ दिनभित्र रिहा भए।

दैलेख जिल्ला वराह गाविस-५ का २५ वर्षीय बमवहादुर शाहीलाई अन्य व्यक्तिसँग झगडा गरेको आरोपमा ०६१ कार्तिक १३ गते वीरेन्द्रनगरवाट सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनछि रिहा गरे।

कुनाथरी गाविस-४ का ४० वर्षीय दलवहादुर

पुनलाई माओवादीको आरोपमा ०६१ मंसिर ११ गते वड्डीचौरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित माओवादी गाजस प्रमुख रहेकोमा हाल उनले आत्मसमर्पण गरेका छन्।

जर्वुटा गाविस-१ का खिमप्रसाद चपाईलाई ०६१ मंसिर १८ गते, कल्याण गाविस-८ का खिमवहादुर विक र २६ वर्षीय हरिश्वर वराईलीलाई ०६१ मंसिर २५ गते र छिन्चु गाविस-७ का १९ वर्षीय धनवहादुर शाहीलाई ०६१ मंसिर २६ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधिको पहलमा रिहा गरियो।

छिन्चु गाविस-७ का पत्रकार २५ वर्षीय सुरेन्द्र सिंहलाई ०६१ मंसिर २७ गते र साटाखानी गाविस-४ का २९ वर्षीय प्रेमवहादुर नेपालीलाई ०६१ मंसिर ३० गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरु हाल रिहा भइसकेका छन्।

रतु गाविस-७ का एमाले कार्यकर्ता ४५ वर्षीय भीमसेन खत्रीलाई माओवादीको आरोपमा ०६१ वैशाख २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६१ पुस ८ गते रिहा भए।

नेटा गाविस-६ गिढेटोलका १३ वर्षीय निरकवहादुर घर्तीलाई माओवादीको आरोपमा ०६१ मंसिर २९ गते सुरक्षाकर्मीले छिन्चुको मदानेचौरवाट गिरफ्तार गरे। पीडितलाई ११ दिनपछि रिहा गरियो।

बालअधिकार

लाटीकोइली गाविस-९ पदमपुरका १५ वर्षीय दुर्गाप्रसाद कोइराला, ७ वर्षीय टेकराज कोइराला र १२ वर्षीय रामवहादुर सुनारलाई कांक्रेविहारको जंगलमा घाँस काट्न गएको आरोपमा ०६० चैत २२ गते वन सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई यातना दिई दुई दिनपछि रिहा गरियो।

वजेडीचौर गाविस-६ पिल्कका १५ वर्षीय विद्यार्थी अशोक रावतलाई जनमिलिसियामा भर्ना गर्न भनी ०६१ वैशाख १५ गते माओवादीले घरवाटै अपहरण गरे। पीडित १५ दिनपछि मुक्त भए।

अवलचिङ गाविस-८ का १३ वर्षीय डिकेन्द्र खड्कालाई ०६१ जेठ १८ गते, दहचौर गाविस-२ का १५ वर्षीय टेकवहादुर थापालाई ०६१ असोज २६ गते, दहचौर गाविस-२ का १६ वर्षीय इन्द्रवहादुर रोकालाई ०६१ असोज २५ गते, दहचौर गाविस-२ का १६ वर्षीय पोरस रानालाई ०६१ कार्तिक ४ गते, दहचौर गाविस-२ का १४ वर्षीय रमेश गिरीलाई ०६१ कार्तिक २ गते र सोही गाविस-२ का १६ वर्षीय भरत मल्ललाई ०६१ कार्तिक १ गते माओवादीले विभिन्न वहानामा अपहरण गरे। पीडितहरुलाई केही दिनपछि मुक्त गरे।

लाटीकोइली गाविस-४ का १६ वर्षीय गगनवहादुर विसीलाई ०६१ असोज १३ गते माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

लाटीकोइली गाविस-४ की २८ वर्षीय देवी खड्कालाई सोही ठाउँका ४० वर्षीय भीमवहादुर बुढाले ०६१ वैशाख ८ गते वलात्कार गरी निर्ममतापूर्वक हत्या गरे।

पारिवारिक हिंसा

लेखफर्सा गाविस-९ की ३७ वर्षीय लिलावती फौजालाई परपुरुषसँग यौन सम्पर्क गरेको आरोपमा ०६१ साउन १ गते उनकै पति ५० वर्षीय हर्कबहादुर फौजाले वञ्चरो प्रहार गरी हत्या गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

वीरेन्द्रनगर नपा-११ का १ सय ४० घर-परिवारले श्री ५ को सरकारले हयाङ्गर निर्माणको लागि जग्गा अधिग्रहण गरेको विरोधमा अधिकरणको निर्णय फिर्ता लिनु पर्ने माग राखी जग्गा अधिकरण पीडित समन्वय समितिले ०६१ पुस १० गते अपिल जारी गऱ्यो।

इन्सेक मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि दुर्गा थापालाई विभिन्न आरोपमा ०६१ साउन १६ गते माओवादीले अपहरण गरेको घटनाप्रति आपत्ति जनाउँदै पत्रकार महासंघ, प्रेस युनियन, प्रेस चौतारी, एमाले, नेकाँ, जनमोर्चा, नेमकिपालगायत् सुर्खेतस्थित दुई दर्जन संघसंस्थाले ०६१ साउन १८ देखि २१ गतेसम्म विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर १० जना महिलासहित १३ जनाले, विष सेवन गरी ८ जना महिला सहित १२ जनाले नदीमा हाम फालेर २ जना महिलाले आत्महत्या गरे। व्यक्तिगत रिसइवीका कारण १० जनाको हत्या भयो।

विगतको अनुगमन

माओवादीको आरोपमा ०६० पुस १ गते सुरक्षाकर्मीद्वारा गिरफ्तारपछि छिन्चुस्थित सुरक्षा क्याम्पमा राखिएका दहचौर गाविस-५ का ३३ वर्षीय तसवहादुर पुन ०६१ जेठ १२ गते रिहा भए।

४.९ जाजरकोट



जनसंख्या	: १४४१६२
साक्षरता प्रतिशत	: ३९.३६
महिला साक्षरता प्रतिशत	: २८.९३
क्षेत्रफल (वर्ग कि. मि.)	: २२३०
गाविस/नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २३८
क्याम्पस/उच्च मा.वि.	: १/१
अस्पताल/स्वास्थ्य चौकी	: २/३२
टेलिफोन लाइन	: २
मोटर सडक (कि. मि.)	: १०७
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: १
मानव विकास सूचकांक	: ०.३४३
प्रति परिवार सरदर संख्या	: ५.९८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

पजारु गाविस-२ स्याङ्ग्रीका २८ वर्षीय जयबहादुर चलाउनेको ०६० माघ ६ गते दिउँसो जुँगाथापाचौर गाविस-७ नाहाडामा सुरक्षाकर्मीले हेलिकप्टरद्वारा आक्रमण गर्दा गोली लागी मृत्यु भयो।

जगतीपुर गाविस-१ जगतीपुरकी सुष्मा शर्मा र अर्की एक माओवादी कार्यकर्ता ऊर्जा भनिनेको ०६० माघ ९ गते बिहान सुरक्षाकर्मीद्वारा साल्मा गाविस-२ साल्मामा गरिएको कारवाहीमा मृत्यु भयो।

साल्मा गाविस-१ कालालेखमा दुई जना माओवादी कार्यकर्ताको ०६० माघ १० गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

सल्यान जिल्ला घर भएका माओवादी कार्यकर्ता मुनाल भनिने खलंगाबाट गएका सुरक्षाकर्मीले रुकुम जिल्लाको विजेश्वरी गाविस-५ पिपलचौतारा बजारबाट ०६१ वैशाख २१ गते गिरफ्तार गरी सोही दिन दिउँसो खलंगा गाविस-४ पासागार जंगलमा गोली प्रहार गर्दा मृत्यु भयो।

खलंगा गाविस-६ रिठापानी घर भई त्रिभुवन उच्चमावि खलंगामा कक्षा ८ मा अध्ययनरत १३ वर्षीय चन्द्रवीर विक ०६१ असोज ३ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी खलंगा गाविस-२ तल्लो थाप्लोस्थित जंगलमा गोली हानी मारिए।

खलंगा गाविस-६ रिसाङ्गस्थित संयुक्त सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा ०६१ कार्तिक १५ गते बिहान डोल्पा जिल्ला घर भएका निषेध भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडितलाई घाइते अवस्थामा नियन्त्रणमा लिइएको थियो।

माओवादीबाट

देशरा गाविस-८ का ९ वर्षीय गगन सिंहको ०६० पुस १८ गते दिउँसो माओवादीले उनको घरमा छोडेको बम खेलाउँदा विस्फोट भई मृत्यु भयो।

ढिमे गाविस-१ पाँचकाटियाका २८ वर्षीय नरसिंह नेपाली, १६ वर्षीय कालीबहादुर नेपाली र ६ वर्षीय किशोर नेपालीको ०६१ चैत ३० गते माओवादीद्वारा केही महिना अगाडिदेखि घरमा छोडेर गएको गाग्री बम विस्फोट हुँदा मृत्यु भयो भने सोही ठाउँका ३ वर्षीय बालक डण्डे नेपाली गम्भीर घाइते घए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

जुङ्गाथापाचौर गाविस-७ नाडामा ०६० माघ ६ गते दिउँसो सुरक्षाकर्मीले हेलिकप्टरबाट आक्रमण गर्दा डाडागाउँ गाविस-४ का ४५ वर्षीय गगन परियार र पजारु गाविस-१ का ४२ वर्षीय लालबहादुर रावत गोली लागी घाइते भए।

रग्दा गाविस-९ चौफामा हेलिकप्टरबाट ०६१ वैशाख १६ गते दिउँसो सुरक्षाकर्मीले गोली प्रहार गर्दा सोही ठाउँका ३८ वर्षीय भद्रकुमारी रावत देब्रेहातमा गोली लागी घाइते भइन्।

दह गाविस-१ दहस्थित पुतली प्रावि नेपानेमा ०६१ भदौ २८ गते सुरक्षाकर्मीले हेलिकप्टरबाट गोली चलाउँदा उक्त विद्यालयमा अध्यनरत १२ वर्षीय लक्षे बुढा गोली लागी गम्भीर घाइते भए। पीडितको दुवै खुट्टामा गोली लागेकोमा स्थानीयस्तरमै आफन्तहरुले उपचार गरे।

माओवादीबाट

खलंगा गाविस-२ तल्लो थाप्लेका गोरखा जिल्ला घर भई हाल शाही नेपाली सेनाको भैरवी दल गण 'घ' गुल्म जाजरकोटमा कार्यरत नावय थपबहादुर खड्का र सर्लाही जिल्ला घर भई हाल सोही गुल्ममा कार्यरत सिपाही रामबहादुर खुलाललाई ०६० माघ १६ गते खलंगा गाविस-२ तल्लोथाप्लेमा माओवादीले विद्युतीय धरापमा पारी घाइते पारे।

भैरवी दल 'घ' गुल्ममा कार्यरत सैकि जवान दिलिप भुजेललाई ०६१ असोज ३ गते दिउँसो माओवादीले खलंगा गाविस-२ थाप्लेमा गोली हानी घाइते पारे।

भैरवीदल 'घ' गुल्ममा कार्यरत सहसेनानी ध्रुव दाहाल, प्युठ गजबहादुर राना, गोविन्द राना, सिपाही रमेश केसी र चेतनारायण श्रेष्ठ ०६१ मंसिर २० गते राति माओवादीले खलंगा गाविस-२ ठाँटीबजारमा थापेको विद्युतीय धरापमा परी घाइते भए।

जेल र बन्दीहरू

२५ जना बन्दी क्षमता रहेको यस जिल्लाको जेल 'घ' श्रेणीको हो। यस जेलमा १ जना पुरुष मात्र थुनुवा छन्। जेलको बाहिरी कम्पाउण्ड घेरिए तापनि त्यति फराकिलो भने छैन। जेल कम्पाउण्ड भित्र बन्दीलाई बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म छोड्ने गरिएको छ। जेलभित्र पुस्तकालयलगायत् अन्य खेलकुदका सामग्री छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

कार्कीगाउँ गाविस-३ घर भई हाल जुङ्गाथापाचौर गाविसमा कार्यरत सचिव दीपबहादुर सिंहलाई ०६० पुस १८ गते माओवादीले अपहरण गरी पुस २३ गते मुक्त गरे।

पैक गाविस-३ मेलविसाउनकी कौशीला गिरीलाई गाउँमा महिला विकास शाखाको कार्यक्रम संचालन गरेको आरोपमा ०६० पुस २४ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरे।

खलंगा गाविस-६ वाहुनथानका कलुसिंह ठकुरीलाई ०६० माघ २५ गते माओवादीले विभिन्न आरोप लगाउँदै अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरे।

रुकुम जिल्ला घर भई हाल खलंगा गाविस-२ ठाटीबजारमा बस्दै आएका खड्कबहादुर परियारलाई ०६० माघ २५ गते माओवादीले खलंगा गाविस-६ बाहुनथानबाट अपहरण गरे। पीडितलाई माघ २८ गते मुक्त गरे।

खलंगा गाविस-४ बोहोरागाउँका २५ वर्षीय कृष्ण मल्ललाई नाका तोडेको आरोपमा ०६० फागुन ६ गते माओवादीले अपहरण गरी चारदिनपछि मुक्त गरे।

खलंगा गाविस-१ घर भई हाल डाडागाउँ गाविस-६ कैन स्थित स्वाथ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता दीपकजंग शाहलाई ०६० फागुन ८ गते माओवादीले अपहरण गरेकोमा फागुन ११ गते मुक्त गरे।

पुन्मा गाविस-६ पुन्माका भीमबहादुर शाहीलाई सोही ठाउँकी एक महिलासँग यौन सम्पर्क गरेको आरोपमा ०६० फागुन १९ गते माओवादीले आफ्नो कब्जामा लिए। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

भाप्रा गाविस-१ ढुंङ्गीलकी २१ वर्षीय नैनसरा खड्कालाई गर्भपतन गराएको आरोपमा ०६१ भदौ २३ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					२	४			४	६	४	४	८
घाइते	१	१		१	५	१०			१०	३	३	१	४
बम विस्फोट					५			५	५				
गिरफ्तारी / यातना										१०	१४		१४
कुटपिट					७	७	१		८				
धम्की					८	८			८				
भेला / संगठित हुने अधिकार					२		१	१	२				
महिलाअधिकार	१३		१४	१४									
बालअधिकार	४६	८७		८७						३	४		४
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					२१	२०	१		२१				
अमानवीय व्यवहार					१		१		१				
अपहरण					८४	११०	११	७२०	८४१				
जम्मा	६०	८८	१४	१०२	१३५	१५९	१५	७२६	९००	२२	२५	५	३०

माओवादीले अपहरण गरे। पीडितलाई तीन महिनापछि मुक्त गरे।

झापा गाविस-२ का भिमवहादुर थापालाई ०६१ मंसिर २८ गते, पुन्मा गाविस-७ खलटाकुराका २५ वर्षीय लालबहादुर चन्दलाई ०६१ मंसिर ७ गते, पैंक गाविस-८ जनतालाका २४ वर्षीय कृष्णवहादुर सिंहलाई ०६१ मंसिर ६ गते, डाँडागाउँ गाविस-८ का २८ वर्षीय दलवहादुर पुनलाई ०६१ मंसिर ५ गते, खलंगा गाविस-९ का २४ वर्षीय मदे वादीलाई ०६१ असोज २० गते, खलंगा गाविस-६ वाहुनथानका कमान खड्कालाई ०६१ कार्तिक १९ गते, सोही गाविस-६ का २८ वर्षीय टिकाराम खड्कालाई ०६१ कार्तिक २१ गते जगतीपुर गाविस-१ खोलाबाट, झापा जिल्ला घर भई खलंगा गाविस-२ ठाँटीका ४५ वर्षीय सेवन सिवाकोटीलाई ०६१ कार्तिक २० गते जगतिपुर गाविस-१ मटेलाबाट, खलंगा गाविस-६ घर भई सोही गाविस-१ मा वस्दै आएका ३३ वर्षीय पूर्णबहादुर खड्कालाई ०६१ कार्तिक १९ गते र दशेरा गाविस-४ लेवाका जयवहादुर बुढालाई ०६१ भदौ १४ गते माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुलाई अपहरण गरिएको दुई दिनदेखि २२ दिनभित्र मुक्त गरियो।

जगतीपुर गाविस-१ मटेलाका हरिप्रसाद शर्मालाई ०६१ मसोज ५ गते डाँडागाउँ गाविस-२ वाट, पुनमा गाविस-५ भेरेका ५८ वर्षीय दलवहादुर खड्कालाई ०६१ असोज १७ गते घरबाट, सोही गाविस-५ भेरेका २८ वर्षीय धनसरी खड्कालाई ०६१ भदौ २८ गते, भगप्रा गाविस-८ नल्फुका प्रेमवहादुर खड्कालाई ०६१ साउन ८ गते घरवाट, कार्कीगाउँ गाविस-६ थानवाडाका ४२ वर्षीय लालवहादुर खत्रीलाई ०६१ भदौ ७ गते झाप्रा गाविस-७ कारुलाबाट, झापा गाविस-७ कारुलाका गणेशवहादुर शाहलाई ०६१ भदौ ९ गते, सोही गाविस-७ का २६ वर्षीय शान्तवहादुर शाहलाई ०६१ भदौ ९ गते, जगतिपुर गाविस-१ मटेलाका ३१ वर्षीय यज्ञ गौतमलाई ०६१ साउन २५ गते घरवाट, झाप्रा गाविस-१ का ३३ वर्षीय निमवहादुर खत्रीलाई ०६१ साउन १४ गते, पजारु गाविस-३ सेरा घर भई जिविसमा कार्यरत प्राविधिक सहायक कृष्ण खत्रीलाई ०६१ साउन १६ गते, भूर गाविस-९ नुवागाउँका ३८ वर्षीय दीपक बुढालाई ०६१ असार २९ गते माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुलाई अपहरण गरिएको दुई-तीन दिनदेखि एक महिनाभित्र मुक्त गरियो।

सुरक्षाकर्मीद्वारा मारिएकी सुष्मा आचार्य (शर्मा)

भुर गाविस-२ पौरीका ३८ वर्षीय गोपाल नेपालीलाई ०६१ असार २९ गते, सोही ठाउँका २९ वर्षीय नविन केसीलाई ०६१ असार २५ गते, सोही गाविस-१ घोरनेटाका ४० वर्षीय पूर्णप्रसाद शर्मालाई ०६१ असार २३ गते, लहँ गाविस-४ खालचौरका ३१ वर्षीय जयबहादुर रावललाई ०६१ जेठ २५ गते रग्दा गाविस-७ घ्यारगाउँबाट, खलंगा गाविस-२ गणेशटोलका २० वर्षीय राजन शाहलाई ०६१ असार १८ गते खलंगा गाविस-१ घोरेनेटीबाट, पजारु गाविस-६ रौतनगाउँका ३८ वर्षीय मानबहादुर केसीलाई ०६१ असार २५ गते घरबाट, सुवानाउली गाविस-४ अफगानका ४६ वर्षीय प्रेमबहादुर खड्कालाई ०६१ असार १३ गते, दशेरा गाविस-८ वडावनका भाग्योदय प्राविका शिक्षक शान्तबहादुर शाहीलाई ०६१ असार १२ गते, खलंगा गाविस-२ स्याँलाका ३५ वर्षीय भरत शाहलाई ०६१ साउन ६ गते राति ८ वजे घरवाट, कार्कीगाउँ गाविस-७ का जयबहादुर कार्कीलाई ०६१ असार २७ गते घरबाट, ढिमे गाविस-८ समाईलाका २८ वर्षीय नरेन्द्र थागेलाई ०६१ असार १५ गते, दशेरा गाविस-३ गैरीखोलाका प्रेमबहादुर थापालाई ०६१ असार ११ गते माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुलाई अपहरण गरिएको एक दिनदेखि हप्ता दिनभित्र मुक्त गरियो।

पजारु गाविस-४ रतनगाउँका प्रकाश खत्रीलाई ०६१ जेठ ३२ गते घरवाट, कार्कीगाउँ गाविस-७ का त्रिभुवन उच्चमाविका शिक्षक गणेश बस्नेतलाई ०६१ असार १६गते, सोही गाविस-७ थानवाडाका ५५ वर्षीय जितबहादुर बस्नेतलाई ०६१ असार १३ गते घरबाट, झाप्रा गाविस-९ काँडाका २१ वर्षीय गोपी रोकायालाई ०६१ असार १८ गते घरवाट, झाप्रा गाविस-१ सिम्लीका १८ वर्षीय सीता रावतलाई ०६१ असार १७ गते घरबाट, सुवानाउली गाविसं मनोनित पूर्व अध्यक्ष वीरवहादुर थापालाई ०६१ जेठ १८ गते, रोकाया गाविस-९ लिम्साका १८ वर्षीय विमला रोकायालाई ०६१ असार १७ गते विहान घरवाट, जगतीपुर गाविस-८ कुढुका ३८ वर्षीय नीरज आचार्यलाई ०६१ जेठ २० गते घरवाट, रग्दा गाविस-८ तल्लुका स्थानीय विकास कोषका सहजकर्ता नारद गिरीलाई ०६१ जेठ १४ गते, लहँ गाविस-३ थाप्लाका जिविसका मनोनित पूर्व उपसभापति चन्द्रबहादुर रावललाई ०६१ जेठ ८ गते खगेनकोट गाविस-१ दल्लीबाट, लहँ गाविस-२ थाप्लाका लहँ गाविस मनोनित अध्यक्ष वलिभद्र

खड्कालाई ०६१ जेठ ६ गते घरबाट माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुलाई अपहरण गरिएको दुई दिनदेखि २१ दिनभित्र मुक्त गरियो।

पुन्मा गाविस-३ गंगटीयाका धर्मबहादुर शाहीलाई ०६१ वैशाख २५ गते, सीमा गासिव-९ छेडाखोलाका ५५ वर्षीय चक्रसिंह ठकुरी, उनकी पत्नी ४५ वर्षीय नैनसरा ठकुरी, उनकी छोरी १८ वर्षीय राधिका सिंह ठकुरी, १६ वर्षीय कस्तुरा सिंह ठकुरीलाई ०६१ वैशाख २३ गते घरबाट, सक्ला गाविस-२ का इन्द्रबहादुर कुमाईलाई ०६० चैत २७ गते, रोकायागाउँ गाविस-७ का तप्तबहादुर घर्तीलाई ०६० चैत २६ गते घरबाट र रामीडाँडा गाविस-१ का ऐनबहादुर थापालाई ०६१ चैत २५ गते माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुलाई अपहरण गरिएको एक हप्तादेखि एक महिनाभित्र मुक्त गरियो।

रग्दा गाविस-१ ताँत्रका गोरखबहादुर सिंहलाई ०६० चैत १२ गते, शान्ति प्रजातन्त्रको लागि पैदलयात्रामा हिंडेका एमाले भेरी अञ्चल सचिव लक्ष्मण ज्ञवाली, जिल्ला सचिव लालबहादुर महतारा, उपसचिव डम्बरबहादुर सिंह, सदस्यहरु भैरबसुन्दर श्रेष्ठ, कृष्णबहादुर विसी, नीरज आचार्य, कालुमाल, नगेन्द्र शाह र खिमबहादुर शाहीलाई ०६० चैत २ गते दिउँसो १ बजे सक्ला गाविस-९ लामितराबाट, ढिमे गाविस-९ का रामबहादुर सिंहलाई ०६० चैत ५ गते, ढिमे गाविस-४ घरड्गाका भक्तबहदुर सिंहलाई ०६० चैत ५ गते र ढिमे गाविस-७ सुवाकोटका कालिबहादुर सिंहलाई ०६० चैत ५ गते माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुलाई अपहरण गरिएको तीन दिनदेखि एक हप्ताभित्र मुक्त गरियो।

ढिमे गाविस-७ सुमकोटका कालीबहादुर सिंहलाई ०६० चैत ५ गते, खलंगा गाविस-४ बोहोरागाउँका पुरुषोत्तम भट्टराईलाई ०६० चैत १२ गते जगतिपुर गाविस-१ मटेलाबाट, खलंगा गाविस-४ बोहारागाउँका ३४ वर्षीय धनबहादुर चन्दलाई ०६० चैत १२ गते जगतिपुर गाविस-१ बाट माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे। पीडितहरुलाई अपहरण गरिएको तीनदेखि ५ दिनभित्र मुक्त गरियो।

पैंक गाविस-५ ठाँटीचौरका गोरखबहादुर सिंहलाई ०६१ साउन २१ गते माओवादीले घरबाटै अपहरण गरेकोमा ७० हजार रुपैयाँ लई मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

खलंगा गाविस-८ रिम्नका ४८ वर्षीय प्रेमबहादुर थापालाई ०६० फागुन २ गते राति ८ बजे माओवादीले सुरक्षाकर्मीलाई सहयोग गरेको आरोपमा कुटपिट गरे।

खलंगा गाविस-८ रिम्नाका ३६ वर्षीय कल्पना थापालाई ०६० फागुन २ गते माओवादीले सुरक्षाकर्मीलाई सहयोग गरेको आरोपमा घरमै कुटपिट गरे।

रोकायागाउँ गाविस-७ घ्यारगाउँका विष्णु गिरी र पत्नी मैसरी गिरीलाई ०६० फागुन ६ गते माओवादीले आफ्नो अनुमतिविना स्थानीय एक महिलालाई विवाह गराएको आरोपमा गाउँ निकाला गरे।

यो जिल्लामा यस वर्ष माओवादीले राजनीतिक पार्टीका कार्यकर्ता एवम् पूर्व जनप्रतिनिधिहरुलाई घरमै स्थानहद तोकिदिए। जस्मा-

मजकोट गाविसका नरवीर कार्कीलाई ०६० माघ २७ गते, दह गाविसका नरजीत शाहीलाई ०६० माघ २७ गते, सिमा गाविसका धनपति रानालाई ०६० फागुन ३ गते, थालारैकर गाविसका प्रेमबहादुर शाहीलाई ०६० फागुन ४ गते, जुड्गाथापाचौर गाविसका बले बुढा थापा, साल्मा गाविसका कालीबहादुर बुढा, थालारैकर गाविसका हरिबहादुर बुढालाई ०६० फागुन ५ गते, नायकबाडा गाविसका जसवीर सिंह, रोकायागाउँ गाविसका भीमबहादुर सिंहलाई ०६० फागुन ७ गते, रोकायागाउँ गाविसका नरबहादुर रोकायालाई ०६० फागुन ८ गते, पुन्मा गाविसका मधु चन्दलाई ०६० फागुन १० गते, रामिडाँडा गाविसका रतनबहादुर खड्कालाई ०६० फागुन १४ गते, टालेगाउँ गाविसका तप्तबहादुर सिंलाई ०६० फागुन १२ गते, मझकोट गाविसका किर्तिबहादुर चन्दलाई ०६० फागुन २ गते, साल्मा गाविसका मनवीर बुढालाई ०६१ फागुन ५ गते, कोत्राङ गाविसका सुरेन्द्रबहादुर शाहीलाई ०६० फागुन ८ गते, गर्खाकोट गाविसका वीरजीत बस्नेतलाई ०६० फागुन ९ गतेदेखि माओवादीले घरमै बस्न दबाब दिएका थिए।

ढिमे गाविसका कर्णबहादुर थापालाई ०६० फागुन १ गते, सीमा गाविसका लालबहादुर थापालाई ०६० फागुन २ गते, झाप्रा गाविसका धर्म गिरीलाई ०६० फागुन ६ गते माओवादीले घरमै स्थन हदमा राखेकोमा कर्णबहादुरलाई पाँच महिनापछि, लालबहादुरलाई फागुनको तेस्रो सातामा नजरबन्द फुकुवा गरे भने धर्म गिरी पनि हाल भइसकेका छन्।

नायकबाडा गाविस-४ गोठगाउँका मानबहादुर चलाउनेलाई ०६१ असोज ४ गते, नायकबाडा गाविस-४ गोठागाउँका दानबहादुर सिंहलाई ०६१ कार्तिक १ गते र सोही गाविस-१ का गोरखबहादुर सिंहलाई ०६१ असोज १ गते माओवादीले घर नफर्के घरमा तालाबन्दी गर्ने धम्की दिए।

नायकबाडा गाविस-६ तोलखानाका एमाले जिल्ला उपसचिव डम्बरबहादुर सिंहको घरमा ०६१ भदौ १० गते माओवादीले एक सूचना जारी गर्दै ०६१ कार्तिक १

गतेसम्ममा घर नफर्के घरमा तालावन्दी गर्ने धम्की दिए।

झाप्रा गाविस-२ का वीरबहादुर थापा, यज्ञराज थापा, सोही गाविस-१ का नरबहादुर थापा, सोही गाविस-३ का वीरबान रावत, रेशम सिंह, सोही गाविस-४ का कर्णबहादुर रावत, सेलुसिंह ठकुरी, सोही गाविस-५ का रामबहादुर पुन, सोही गाविस-६ काबहादुर पुन, भोटे कामी, पंचे दमाई, जयबहादुर खड्का, सोही गाविस-७ का तुलबहादुर बुढा, मानसिंह बुढा, तुलवीर परियार, सोही गाविस-८ का हरिलालनाथ योगी, लालबहादुर खत्री, सेतुनाथ योगी, सोही गाविस-९ का विक्रम थापा, रत्नबहादुर रोकाया, नजरी बुढा मगर र सोही गाविस-५ का बहादुर बुढालाई ०६१ मंसिर २८ गते माओवादीले सार्वजनिक सूचना जारी गर्दै अनिश्चितकालीन नजरबन्द गरे।

झाप्रा गाविस-२ का भीमबहादुर थापा, सोही ठाउँका भक्तबहादुर थापा र गोरखबहादुर कार्कीलाई ०६१ मंसिर २८ गते, जिविसका मनोनित पूर्व उपभापति चन्द्रबहादुर रावललाई ०६१ जेठ १९ गतेदेखि खगेनकोट गाविस-१ दल्लीमा, लहँ गाविस-२ थाप्लाका बलिभद्र खड्कालाई ०६१ जेठ १० गते, खलंगा गाविस-६ बाहुनथानाका लालबहादुर चन्दलाई ०६० चैत २ गते, सोही गाविस-६ बाहुनथानका गणेश थापालाई ०६० चैत २ गते, सोही गाविस-६ का बले पुनलाई ०६० चैत २ गते, सोही ठाउँका ललितबहादुर सिंहलाई ०६० चैत २ गतेदेखि माओवादीले अनिश्चितकालीन स्थानहदमा राखे। पीडितहरु मध्ये लालबहादुर, गणेश थापा, बले पुन, ललितवहादुरको भने स्थानहद फुकुवा गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

यस वर्ष यस जिल्लामा सञ्चालित विभिन्न सामुदायिक समूहका कागजपत्रहरु माओवादीले कब्जामा लिई संस्था सञ्चालनमा प्रतिबन्ध लगाए।

रिसाङ महिला सामुदायिक समूह, स्याँलापाखा सामुदायिक विकास समूह, महिला सामुदायिक संस्था, दलित महिला सामुदायिक समूह, पासनाउला सामुदायिक समूह, साँङ्गर सामुदायिक समूह, चिउरी सामुदायिक समूह, पालोकल्पत सामुदायिक समूह, संगठित सामुदायिक समूहका कागजपत्रहरु कब्जामा लिई संस्था सञ्चालनमा प्रतिबन्ध लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जम्मा ९ वटा मुद्दा मात्र दर्ता भए। जसमध्ये फौजदारी सरकारवादी १ वटा, दुनियावादी फौजदारी ५ मध्ये ३ वटा फर्स्योट भए भने दुनियावादी देवानी ३ वटा मुद्दामा एउटा फर्स्योट भइसकेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सरकारद्वारा वितरण गरिदै आएको बृद्ध, अपांग, विधवा भत्ता यस वर्ष माओवादी प्रतिबन्धका कारण सम्बन्धित व्यक्तिहरुले पाउन सकेनन्।

जिल्लामा पटक-पटक गठन भएका सुकुम्बासी आयोगबाट १ सय ४० जनाले लालपूर्जा लिएका छन्।

जिल्ला प्रशासन कार्यालय जाजरकोटद्वारा ०६१ कार्तिक २० गते एक सूचना प्रकाशित गरी खलंगा १, २, ३ मा देउसी भैलो खेल्न प्रतिबन्ध लगायो।

आर्थिक अधिकार

सक्ला गाविस-२ कोलमेनीका टंकबहादुर सिंहको सम्पूर्ण घरजग्गा ०६० फागुन ४ गते माओवादीले कब्जामा लिई सर्वश्वहरण गरे।

सदरमुकाम खलंगालाई ०६० पुस २८ गतेदेखि माओवादीले आर्थिक नाकाबन्दी लगाएकोमा माघ १५ गते नाका खुला गरे।

सदरमुकाम खलंगालाई ०६० माघ २५ गतेदेखि माओवादीले पुन: अनिश्चितकालीन नाकाबन्दी लगाए।

डाँडागाउँ गाविसका मनोनित पूर्व अध्यक्ष धनवीर नेपालको ०६१ जेठ २२ गते, जिविसका मनोनित सदस्य एवम् सिमा गाविस-२ का रामबहादुर नेपालीको ०६१ जेठ ५ गते, दशेरा गाविस-८ का जिविसका मनोनित सदस्य पदमबहादुर शाहीको ०६१ असार २६ गते, पुन्मा गाविस-७ सालटाकुराका सोही गाविसका पूर्व अध्यक्ष कटु चन्दको ०६१ जेठ १६ गते, लहँ गाविस-४ का जिविस उपसभापति चन्द्रबहादुर रावलको ०६१ जेठ ५ गते, नायकवाडा गाविस-२ जिरीका सोही गाविस मनोनित अध्यक्ष दलजीत

माओवादीद्वारा अपहरण गरिएका प्रेमबहादुर खड्का र शान्तबहादुर शाही

बोहराको ०६१ जेठ ६ गते, जिविस सदस्य एवम् झ्याप्रा गाविस-४ का जयबहादुर गिरीको ०६१ वैशाख २१ गते, जिविसका पूर्व सदस्य एवम् पैंक गाविस-७ जन्तालाका इन्द्रबहादुर सिंहको ०६१ वैशाख २१ गते, पजारु गाविस-१ का पूर्व जिविस सभापति धनबहादुर अधिकारीको ०६१ वैशाख २१ गते, झ्यापा गाविस-१ का शेरबहादुर रावतको ०६१ पुस १२ गते माओवादीले घरजग्गा आफ्नो कब्जामा लिई सर्वश्वहरण गरेको घोषणा गरे।

पुन्मा गाविस-५ भेरेका ५८ वर्षीय दलबहादुर खड्गालाई ०६१ कार्तिक १८ गते, सोही गाविस-५ का २८ वर्षीय धनसरी खड्कालाई ०६१ कार्तिक १७ गते, जगतिपुर गाविस-१ मटेलाका कालिका चन्दलाई ०६१ भदौमा सोही गाविस-१ का जीतबहादुर गिरीको घर ०६१ भदौ २६ गते, सोही ठाउँका धनवीर घर्तीको घरमा ०६१ भदौ २५ गते, सोही ठाउँका मनजीत रोकायको घरमा ०६१ भदौ २४ गते, कालप्रसाद शर्माको घरमा ०६१ भदौ २३ गते, हरिप्रसाद शर्माको घरमा ०६१ भदौ २३ गते, ज्ञानीप्रसाद आचार्यको घरमा ०६१ भदौ २ गते, सत्यदेव शर्माको घरमा ०६१ भदौ २१ गते, यज्ञ गौतमको घरमा ०६१ भदौ २० गते माओवादीले सम्पूर्ण परिवारलाई घर निकाला गरे। पीडितहरु मध्ये दलबहादुर, धनसरी, कालिकाको सम्पूर्ण परिवारबाहेक अन्यलाई घर फिर्ता बोलाए।

माओवादीद्वारा बम विस्फोट गराई क्षति पुऱ्याइएको जिल्ला हुलाक कार्यालय

जिल्ला सदरमुकाम खलंगामा ०६१ कार्तिक १५ गतेदेखि माओवादीले अनिश्चितकालीन नाकाबन्दी गरेकोमा दुई महिनापछि नाकाबन्दी खुल्ला गरे।

विस्थापन

जिल्लाका विभिन्न गाविसबाट १ हजार भन्दा बढी स्थानीय वासीहरु विस्थापित भए पनि हाल माओवादीको कारण देखाई ८६ जना साधारण घरपरिवारले स्थानीय प्रशासन समक्ष निवेदन दिएका छन्।

संरचना/सम्पत्ति क्षति

दशेरा गाविस-८ का महेन्द्र सिंहको घरमा ०६० पुस १८ गते माओवादीले राखेको बम विस्फोट हुँदा घर क्षतिग्रस्त भयो।

जुङ्गाथापाचौर गाविस-७ नाडाप्रहारका कर्णबहादुर महतारा र देवसिंह महताराको घरमा ०६० माघ ६ गते सेनाले हेलिकप्टरबाट बम प्रहार गर्दा क्षतिग्रस्त भयो।

खलंगा गाविस-२ ठाँटीस्थित जिल्ला हुलाक कार्यालयको भवनमा ०६१ जेठ ८ गते माओवादीले दुई शक्तिशाली बम विस्फोट गराई भवनमा क्षति पुऱ्याए भने पुन: ०६१ मंसिर १३ गते राति बम विस्फोट गराए।

जगतिपुर गाविस-१ मटेलमा रहेको एकमात्र पुनरो पुलका स्टीलडेगहरु ०६१ असार २८ गते माओवादीले उप्काई क्षति पुऱ्याए। उक्त एटिल्डेजहरु केही महिनापछि माओवादीले निर्माण गरे।

खलंगा गाविस-१ भगवती टोलस्थित नेपाल बैंक लिमिटेड उपशाखा कार्यालयमा ०६१ असोज ७ गते राति, जिल्ला कृषि विकास बैंक कार्यालयमा ०६१ असोज ७ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

खलंगा गाविस-३ रामजानकी टोलस्थित जिल्ला कृषि विकास कार्यालयमा ०६१ कार्तिक १६ गते राति माओवादीले बम विस्फोट गराउँदा १ लाख बराबरको क्षति भयो।

खलंगा गाविस-३ रामजानकी टोलस्थित कोष तथा लेखा नियन्त्रण कार्यालयमा ०६१ मंसिर ४ गते राति माओवादीले बम विस्फोट गराई ५ लाख बराबरको क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

साल्मा गाविस-२ साल्माका कर्णबहादुर बुढा, सोही ठाउँका खड्गबहादुर रावतलाई ०६० माघ ९ गते बिहान

घरमै बसिरहेको अवस्थामा दैलेख जिल्लाबाट आएको सुरक्षाकर्मीले माओवादीको आरोपमा गरिफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

दैलेख जिल्ला लाँकुरी गाविस-३ घर भई हाल उपस्वास्थ्य चौकी साल्मामा कार्यरत वालकृष्ण विष्टलाई ०६० माघ ९ गते दैलेख जिल्लावाट आएको सुरक्षाकर्मीले साल्मा गाविस-२ साल्माबाट गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

खलंगा गाविस-७ का पूर्व गाविस अध्यक्ष टोपबहादुर थापालाई ०६० माघ १४ गते सुरक्षाकर्मीले खलंगा गाविस-२ ठाटीबजारवाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई माघ १५ गते बिहान रिहा गरियो।

जगतिपुर गाविस-१ मटेलाका २६ वर्षीय मनोहर जंग शाहलाई ०६० फागुन २ गते बिहान सदरमुकाम खलंगाबाट गस्तिमा गएका सुरक्षाकर्मीले मटेला पुलबाट गिरफ्तार गरी बीच बाटोमा निर्मम यातना दिए। पीडितलाई सोही दिन रिहा गरियो।

खलंगा गाविस-१ का भेरी प्राविका प्रधानाध्यापक मधुकर शाक्यलाई ०६० फागुन ४ गते प्रहरीले विद्यालय बन्द गरेको आरोपमा गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई यातना दिई तीन दिनपछि रिहा गरियो।

खलंगा गाविस-९ कालेगाउँका नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा सदस्य वीरबहादुर बस्नेतलाई ०६० फागुन ५ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

खलंगा गाविस-९ रावतगाउँका गपे वादीलाई ०६० फागुन ८ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई हिरासतमा निर्मम यातना दिए। यातनापछि पीडितलाई प्रत्येक दिन जिप्रकामा हाजिर हुने गरी एक हप्तापछि रिहा गरियो।

खलंगा गाविस-२ स्याँलाका जिल्ला हुलाक कार्यालयमा कार्यरत हुलाकी खिमबहादुर सिंहलाई ०६१ जेठ ८ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी प्रत्येक दिन सुरक्षा कार्यालयमा हाजिर हुने गरी तारेखमा रिहा गरे।

खलंगा गाविस-३ रामजानकीटोलका २९ वर्षीय वेदबहादुर शाहलाई ०६१ साउन १९ गते ५ बजे खलंगा गाविस-१ गैरीखालीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बीच बाटोमा निर्मम कुटपिट गरी साउन २० गते रिहा गरे।

त्रिभुवन उच्चमावि, खलंगाका प्राचार्य गोरखबहादुर सिंहलाई ०६१ असोज ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तारेखमा रिहा गरे।

बालअधिकार

ढिमे गाविस-९ नारेका १३ वर्षीय रामबहादुर शाही र सोही ठाउँकी १२ वर्षीय डिलमाया थापालाई ०६० माघ १० गते आफ्ना अभिभावकहरुले विवाह गराई वाल विवाह गराए।

खलंगा गाविस-८ पिपेका १४ वर्षीय पूर्णबहादुर राना, १३ वर्षीय देवबहादुर रानालाई त्रिभुवन उच्चमाविमा ०६० फागुन १५ गते देखि माओवादीले माटो बोक्ने कार्यमा गराई बालश्रम शोषण गरे।

पुन्मा गाविस-३ गंगाटीयाका १२ वर्षीय रामबहादुर नेपालीलाई ०६० चैत १ गतेदेखि जिविसद्वारा श्रममा संलग्न गराई बालश्रम शोषण गरे।

अनेरास्ववियु (क्रान्तिकारी) ले ०६१ जेठ २९ गतेदेखि गरेको आम शैक्षिक हड्तालको कारण विद्यालयको पठनपाठनमा अवरोध उत्पन्न भयो।

खलंगा गाविस-६ वाहुनथाना स्थित शंकर भवन माविमा माओवादीले ०६१ जेठ १३ गते देखि विद्यालयमा तालाबन्दी गरी विद्यालयको पठनपाठनमा अवरोध पुऱ्याए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा/बहुविवाह

खलंगा गाविस-८ पिपेका २८ वर्षीय बुद्धि राना र पति हेमन्तबहादुर बस्नेतको बैंवाहिक सम्बन्ध ०६१ वैशाख २८ गतेदेखि माओवादीले विच्छेद गराए।

ढिमे गाविस-८ समाइलाका २८ वर्षीय नरेन्द्र घागेले घरमा पत्नी हुँदाहुँदै ०६१ असार १० गते अर्को विवाह गरे।

साल्मा गाविस-४ का धनबहादुर बुढाले घरमा पत्नी हुँदाहुँदै ०६१ असार १८ गते अर्को विवाह गरे।

डाँडागाउँ गाविस-२ कल्पतका धनबहादुर शाहीले घरमा पत्नी हुँदाहुँदै ०६१ भदौ २१ गते अर्को विवाह गरे।

ढिमे गाविस-८ समाइलाका ३१ वर्षीय जयबहादुर घर्तीले घरमा पत्नी हुँदाहुँदै ०६१ कार्तिक २९ गते अर्को विवाह गरे।

ढिमे गाविस-८ समाईलाका २९ वर्षीय दलबहादुर घर्तीले घरमा पत्नी हुँदाहुँदै ०६१ कार्तिक २२ गते अर्को विवाह गरे।

यस वर्ष यो जिल्लामा ९ वटा बहुविवाहका घटना सार्वजनिक जानकारीमा आयो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीको जिल्ला जनपरिषद्ले ०६१ भदौ २ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी विद्यालय निर्माणको लागि जगतिपुर गाविस-७ मा गएका माओवादी जिल्ला जनपरिषद् सदस्य भीमप्रसाद आचार्य, उपप्रमुख पृथीबहादुर बस्नेत,

राजेश बिसी, तेजबहादुर बटाला, भुपबहादुर खत्री र तुलाराम खत्री, सुरक्षाकर्मीद्वारा गिरफ्तार गरेकोमा ससम्मान रिहाइको माग गऱ्यो।

अनेरास्ववियु (क्रान्तिकारी) ले ०६१ असोज ५ गते एक प्रेस विज्ञप्ति जारी गर्दै त्रिभुवन उच्च मावि, खलंगामा अध्ययनरत विद्यार्थी चन्द्रबहादुर विकको सुरक्षाकर्मीद्वारा हत्या गरिएको जनाउँदै घटनाको छानबिन गरी दोषीमाथि कारवाहीको माग गर्दै उक्त घटनाको घोर भर्त्सना गऱ्यो।

४.१० दैलेख



जनसंख्या : २४२२३९
साक्षरता प्रतिशत : ४७.४
महिला साक्षरता प्रतिशत : ३१.८
क्षेत्रफल (वर्ग कि. मि.) : १५०२
गाविस/नपा संख्या : ५५/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३५५
क्याम्पस/उच्च मा.वि. : २/५
अस्पताल/स्वास्थ्य चौकी : १/६२
टेलिफोन लाइन . २००
मोटर सडक (कि. मि.) : १६८
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ५६
मानव विकास सूचकांक : ०.३८१
प्रति परिवार सरदर संख्या : ५.८८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

तिलेपाट गाविस-५ का पूर्व शिक्षक तथा माओवादी कार्यकर्ता दिप्तप्रकाश शाहीको ०६१ वैशाख १० गते टुनीबगर बजारमा चिया खाइरहेको अवस्थामा गस्तिमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी राकमकर्णालीको जाक्सिमा गोली प्रहार गर्दा मृत्यु भयो।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला समिति सदस्य प्रकाश न्यौपानेलगायत् पाँचजना ०६१ असार २२ गते सुरक्षाकर्मीद्वारा तोली गाविसमा गिरफ्तार गरी गोली हानी मारिए। अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष शिवराज खनालले ०६१ असार २७ गते विज्ञप्तिमार्फत् जारी उक्त घटना सार्वजनिक गरे।

नारायण नपा-३ खुर्सानीबारी घर भएका माओवादीद्वारा गठित जिल्ला जनसरकार सदस्य कमल भनिने ५५ वर्षीय कविराज शर्मा र तारा नेपाली ०६१ भदौ २७ गते खरिगैरा गाविस-१ मा सुरक्षाकर्मीको कारवाहीमा मारिए।

नारायण नपा स्थित भवानी बक्स गणबाट गएका सुरक्षाकर्मीद्वारा ०६१ असोज २२ गते तोली गाविस-६ मा घेरा हाली माओवादी कार्यकर्ता धीरेन्द्र भनिने वीरेन्द्र विष्टलगायत दुई जना र ४ जना महिला मारिए। पीडितहरुको नाम ठेगाना खुल्न सकेन।

भवानी गाविस-४ मा पर्ने छान्ना बजारमा भीषण भनिने एक माओवादी कार्यकर्ता ०६१ कार्तिक २२ गते गस्तिमा गएका सुरक्षाकर्मीको कारवाहीमा मारिए।

दुल्लु गाविस-१ का ३७ वर्षीय राजु गुवाजु ०६१ कार्तिक २३ गते सुरक्षाकर्मीद्वारा दुल्लु कृतिखम्बमा गोली हानी मारिए।

लाकुरी गाविस-७ का माओवादी कार्यकर्ता राजेश थापा लगायत नाम खुल्न नसकेका एक जनाको ०६१ कार्तिक १५ गते तोली गाविस-६ मा पर्ने तोलीडाँडामा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

पादुका गाविस-३ का सूर्य भनिने रविन्द्रनाथ योगीलाई ०६१ असार १६ गते जम्बुकाँध गाविस-४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ मंसिर २२ गते राति भवानी बक्स गणको हिरासतबाट भाग्न खोज्दा गोली चलाउँदा मृत्यु भएको जानकारी सुरक्षास्रोतले दियो।

माओवादीबाट

नारायण नपा-७ साँढु घर भई शिक्षाका लागि खाद्य कार्यक्रम पौष्टिक आहार कार्यक्रममा जिन्सी सहायकमा कार्यरत जगतबहादुर खड्कालाई सुराकीको आरोपमा ०६१ जेठ २२ गते राति उनकै घरबाट माओवादीले अपहरण गरी नारायण नपा-९ र कालभैरव गाविसको बीचमा पर्ने कोटिला भन्ने ठाउँमा पुऱ्याई घाँटी रेटी हत्या गरे।

विन्ध्यवासिनी गाविस-४ काँडाका कृषक ४७ वर्षीय रुद्रबहादुर वडवालाई ०६१ साउन ४ गते सशस्त्र माओवादी

समूहले कुटपिट गरी हत्या गरे। तीन छोराहरु प्रहरीमा जागिर खाएकाले उनीहरुको राजीनामा दिलाउने र ३५ हजार रुपैयाँ चन्दा दिनुपर्ने माग राख्दै पीडितलाई पहिले पनि तीन पटक अपहरण गरिसकेका थिए। माओवादी धम्कीका कारण प्रहरीको भान्से नोकरीबाट राजीनामा दिएका मृतकका छोरा २१ वर्षीय मानबहादुर बडवालका अनुसार माओवादीले साउन ३ गते अपरान्ह ३५ वर्षीय गर्भवती आमा र बाबु रुद्रबहादुरलाई मरणासन्न हुनेगरी कुटपिट गरे।

विन्ध्यावासिनी गाविस-३ का २८ वर्षीय रुपबहादुर कटुवाललाई सुराकी र बलात्कार गरेको आरोपमा ०६१ साउन ४ गते माओवादीले कुटपिट गरी शरीरमा ग्रिनेट विस्फोट गराई हत्या गरे।

गोगनपानी गाविस-९ का सरस्वती नेरा प्राविका अपाङ्ग शिक्षक ५० वर्षीय लक्ष्मण गिरीलाई चन्दा नदिएको आरोपमा ०६१ साउन १५ गते बेलुका ८ बजे माओवादीले घरबाट अपहरण गरी हत्या गरे।

रेडियो नेपालका दैलेख सम्वाददाता एवम् मानवअधिकार तथा शान्ति समाज जिल्ला समितिका सल्लाहकार ३६ वर्षीय डेकेन्द्रराज थापालाई ०६१ असार १२ गते माओवादीले अपहरण गरेकोमा ०६१ साउन २७ गते सफाया गरिएको भनी ०६१ साउन ३२ गते विज्ञप्ति सार्वजनिक गरे। उक्त विज्ञप्ति थापाको गाउँ नारायण नपा-२ भारकोट वरपर भेटिएको थियो। पीडितको परिवारलाई लाश समेत दिइएन। हत्या कहाँ भएको हो त्यो पनि खुल्न सकेको छैन। घटनाको सर्वत्र विरोध भएपछि माओवादीले आफ्नो तर्फबाट गल्ती भएको प्रेस विज्ञप्ति जारी गरे।

चौराठा गाविस-३ का १९ वर्षीय अमरबहादुर चन्दलाई ०६१ साउन २३ गते माओवादीले अपहरण गरी भदौ १२ गते हत्या गरे।

तिलेपाटा गाविस-५ का नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य ४७ वर्षीय भद्रबहादुर शाहीलाई ०६१ भदौ २२ गते माओवादीले घाँटी रेटी हत्या गरे।

जिल्ला कारागारमा कार्यरत प्रहरी हवल्दार गोबर्द्धन राईलाई ०६१ असोज १ गते माओवादीले गोली हानी हत्या गरे।

छिउडी गाविस-१ का ३९ वर्षीय रवी खड्का र ३५ वर्षीय बलबहादुर खड्कालाई ०६१ असोज १२ गते माओवादीले अपहरण गरे। पीडितलाई "केही सोधपुछ गर्नुछ" भनी अपरहण गरेकोमा असोज २७ गते माओवादीले एक विज्ञप्ति जारी गरी हत्या गरेको जनाए।

गमौडी गाविस-४ का खड्गबहादुर खड्काको ०६१ मंसिर २२ गते माओवादीले ग्रिनेट प्रहार गरी हत्या गरे। सोही घटनामा १२ जना घाइते भए।

सल्लेरी गाविस-४ का ८ वर्षीय अशोक गुरुङ, ६० वर्षीय वलवीर गुरुङ, ५५ वर्षीय दुर्गाबहादुर खड्काको ०६१ मंसिर ४ गते माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

चौराठा गाविसमा ०६१ कार्तिक १३ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा माओवादीका चट्याङ भनिने कृष्ण हमाल र यात्री भनिने सञ्जय थापाको मृत्यु भयो।

०६१ मंसिर ३० गते माओवादी र सुरक्षाकर्मीबीच नौमुले गाविस-५ नौगाउँमा दोहोरो भिडन्त हुँदा १७ जना माओवादीको मृत्यु भएको सुरक्षास्रोतले जानकारी दियो। तर माओवादीका जिल्ला कमिटी सदस्यले उक्त कुरा गलत भएको, आफ्ना तीन जना कार्यकर्ता मात्र घाइते भएको सार्वजनिक जानकारी दिए। दोहोरो भिडन्तको क्रममा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१	४	१३	१९	३		२२	१६	१८	७	२१	४६
घाइते	३	४		४	४	४		१८	२२	१		१		१
गिरफ्तारी/यातना										३३	५१	२		५३
बेपत्ता										४	२		६	८
कुटपिट					२०	२५	१		२६	३	६			६
धम्की					७	४२	२		४४					
महिलाअधिकार	६		६	६										
बालअधिकार	२	२	१	३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२८	३४	५		३९					
अपहरण					१००	३०६	४८	३४४	६९८					
जम्मा	१५	९	८	१७	१७२	४३०	५९	३६२	८५१	५७	७७	१०	२७	११४

माओवादीको तर्फबाट नौमुले गाविस-५ का ५२ वर्षीय दलबहादुर रामजाली र उनका छोरा १ वर्षीय नैनसिं रामजालीको मृत्यु भएको सुरक्षास्रोतले बतायो तर माओवादीका अनुसार आफ्ना कार्यकर्ताहरुले झुक्किएर पीडितहरुको खुट्टामा गोली हानेका तर उनीहरुको घिसारेर लग्दा मृत्यु भएको जानकारी दिए। सोही घटनामा भद्रबहादुर रामजाली र बल रामजाली घाइते भए। पीडितहरु नौमुले गाविस-५ नौगाउँका बासिन्दा हुन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

नारायण नपा-३ काडाचौरका पूर्णा रेग्मी ०६० चैत २ गते घाँस काट्दै गर्दा अचानक बम विस्फोट भई पिठ्यु र खुट्टामा चोट लागी घाइते भइन्। उक्त बम पीडितको घर नजिकै बसेको सैनिक सुरक्षाको लागि रुखमा झण्डा गाडी राखेका थिए।

माओवादीबाट

नारायण नपा- ३ मा ०६१ असार १७ गते विद्युतीय धराप विस्फोट हुँदा ६ जना सैनिक घाइते भए। घाइतेहरुमध्ये ५ जनालाई हेलिकप्टरबाट नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा पुऱ्याइयो। घाइते एक जनाको दैलेख अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

कूल १६ जना बन्दी क्षमता भएको यस जिल्लाको जेल 'ङ' श्रेणीको हो। हाल ३ जना कर्तव्य ज्यान मुद्दाका बन्दीहरु छन्। सय वर्ष पुरानो यस जेलमा ०६१ जेठ २० गते माओवादीले बम विस्फोट गराएका थिए। जेलको भौतिक अवस्था नाजुक छ।

बेपत्ता / अपहरण

राज्यबाट

तोलीजैसी गाविस-४ का ४५ वर्षीय खडके कामीलाई माओवादीको गाजसमा रहेको आरोपमा ०६० माघ १ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा अवस्था अज्ञात छ।

माओवादीबाट

लकान्द्र गाविस-५ घर भई सोही गाविसस्थित कृष्ण प्रमाविका शिक्षक हस्तबहादुर शाहीलाई माओवादीविरुद्ध गतिविधि गरेको आरोपमा ०६० माघ १ गते माओवादीले "केही बुझ्नु छ" भनी आफ्नै घरबाट अपहरण गरी जगन्नाथ गाविसबाट पाँच दिनपछि मुक्त गरे।

कुशापानी गाविस-७ का गंगाराम शर्मा, हरिप्रसाद लामिछाने र धर्मराज सर्मीलाई ०६० माघ १ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई माघ ५ गते मेहेलतोली गाविसबाट मुक्त गरे।

कुशापानी गाविस-९ का जयप्रसाद पौड्याल, झक्कडबहादुर गुरुङ, चक्रबहादुर गुरुङ र विष्णुप्रसाद कँडेललाई ०६० माघ २ गते घरबाटै माओवादीले अपहरण गरी माघ ६ गते भवानी गाविसबाट मुक्त गरे।

चौराठा गाविस-७ स्थित बाउँढे प्राविका शिक्षक जनक शर्मालाई ०६० माघ २ गते दिउँसो विद्यालयबाटै माओवादीले अपहरण गरी माघ ४ गते जाजरकोट जिल्लाको पुह भन्ने ठाउँबाट मुक्त गरे।

सल्लेरी गाविस-२ भलायाडाँडाका पूर्व गाविस उपाध्यक्ष तथा एमाले कार्यकर्ता ४५ वर्षीय मिनबहादुर गुरुङलाई ०६० माघ ३ गते दिउँसो घरबाटै माओवादीले अपहरण गरी जाजरकोट जिल्लाको जुङ्गाथापाचौर भन्ने ठाउँमा पुऱ्याई माघ ६ गते मुक्त गरे।

कुशापानी गाविस-८ का गैरासरु प्रनिमाविका शिक्षक नेत्रबहादुर बुढा र सोही ठाउँका तिलक आचार्यलाई आफ्नो पार्टीविरुद्ध गतिविधि सञ्चालन गरेको आरोपमा ०६० माघ ३ गते माओवादीले अपहरण गरेकोमा माघ ६ गते मुक्त गरे।

चौराठा गाविस घर भई अमला प्राविका शिक्षक कमलराज अधिकारी र मानबहादुर चन्दलाई ०६० माघ ४ गते दिउँसो विद्यालयबाटै माओवादीले अपहरण गरी माघ ७ गते जाजरकोट र दैलेख जिल्लाको सीमानामा पर्ने जंगलबाट मुक्त गरे।

तोलीजैसी गाविस-८ घर भई लकान्द्र गाविसस्थित कृष्ण प्रमाविका शिक्षक टेकबहादुर रोकायालाई चन्दा नदिएको र आफ्नो कार्यक्रममा सहभागी हुन नमानेको आरोपमा ०६० फागुन ८ गते राति माओवादीले अपहरण गरे। पीडितलाई फागुन २० गते मुक्त गरे।

चौराठा गाविस-७ का एमाले गाउँ कमिटी सचिव ४२ वर्षीय विष्णुप्रसाद शर्मालाई ०६० फागुन १९ गते दिउँसो ११ बजे चौराठा तिनको वाङ्दे भन्ने ठाउँबाट माओवादीले अपहरण गरे। पीडित फागुन २१ गते गाडा भन्ने ठाउँको जंगलबाट माओवादी कब्जाबाट भागेर फर्किए।

चौराठा गाविस-२ कात्रेगैराका २५ वर्षीय देवीराम शर्मालाई ०६० फागुन २० गते उनकै घरबाट माओवादीले अपहरण गरेकोमा फागुन २३ गते राति सल्लेरी गाविसबाट मुक्त गरे।

काशीकाँध गाविस-५ उत्तीसेनीका ३८ वर्षीय टोपबहादुर विकले दुई विवाह गरेको आरोपमा ०६० फागुन २३ गते माओवादीद्वारा गठित जिल्ला जनसरकार प्रमुखले

फैसला सुनाई उनलाई श्रमजेल सजाय भनी भैरीकालीकाथुम गाविसको डाँडमाडीबाट अपहरण गरे।

भैरीकालिकाथुम गाविस-८ घर भई हाल सामाजिक सेवा केन्द्र (एलआरपी) नामक गैरसरकारी संस्थामा वनविकास तथा गैरकाष्टपैदावर स्थानीय स्रोत व्यक्तिको पदमा कार्यरत १९ वर्षीय शारदा शाहीलाई ०६० फागुन ४ गते भेरीकालिकाथुम गाविस-९ डाग्रा भन्ने ठाउँबाट बैठक बसाली वनसम्बन्धी छलफल गरिरहेको अवस्थामा माओवादीले अपहरण गरी ०६० फागुन २४ गते सोही गाविसबाट मुक्त गरे।

चामुण्डा गाविस-४ का शकुन्तला शाहीलाई बहुविवाह गरेको आरोपमा ०६० चैत ४ गते बडलम्जी गाविसको भुवाटाकुरा भन्ने ठाउँबाट माओवादीले अपहरण गरे।

चामुण्डा गाविस-४ का विष्णुबहादुर शाहीलाई बहुविवाह गरेको आरोपमा ०६० चैत ६ गते बिहान आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ०६१ चैत ८ गते मुक्त गरे।

पगनाध गाविस-१ घर भई हाल कहि गाविसमा कार्यरत कर्मचारी गणेशबहादुर थापालाई ०६० चैत ९ गते घरबाटै माओवादीले अपहरण गरे। पीडितलाई ०६० चैत १५ गते मुक्त गरे।

नारायण नपा-३ खुर्सानीबारीका गंगाराम शर्मा र देवीराम न्यौपानेलाई ०६० चैत १० गते माओवादीले अपहरण गरेकोमा चैत १५ गते दैलेख र जाजरकोटको सिमाना पर्ने कचाली जंगलबाट मुक्त गरे।

नारायण नपा-३ खुर्सानीबारीका प्रावि पञ्चदेवल पियन बलिराम आचार्यलाई ०६० चैत १२ गते बिहान माओवादीले अपहरण गरे। पीडितलाई चैत १६ गते दैलेखको बालुवाटार गाविसबाट मुक्त गरे।

विसालाबहाकोट गाविसका शिक्षक राम तिमिल्सेनालाई ०६० चैत २० गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई यसभन्दा अघि पनि अपहरण गरिएको थियो। पीडितलाई चैत २५ गते मुक्त गरे।

नारायण नपा-३ कालिमाटीका हाल जिल्ला मालपोत कार्यालय दैलेखका खरिदार कृष्णबहादुर खत्रीलाई ०६० चैत २४ गते घरवाटै माओवादीले अपहरण गरे। पीडितलाई चैत ३० गते भवानी गाविस-३ वाट मुक्त गरे।

तिलेपाटा गाविस-५ का धीरेन्द्र शाहीलाई आत्मसमर्पण गरेको आरोपमा ०६० चैत २५ गते राति १० बजे माओवादीले अपहरण गरे। पीडित चैत २० गते राति माओवादी कब्जावाट भागेर आए।

जम्बुकाँध गाविस-५ का १८ वर्षीय विष्णुप्रसाद रेग्मीलाई ज्यान मारेको आरोपमा ०६१ वैशाख १३ गते वेलुका माओवादीले अपहरण गरे। पीडित वैशाख १८ गते दैलेखको नौमुले गाविसबाट भागेर आए।

काशीकाँध गाविस-५ का पूर्व गाविस अध्यक्ष तथा एमाले जिल्ला कमिटी सदस्य जंगबहादुर शाहीलाई ०६१ वैशाख १३ गते माओवादीले अपरहण गरे। पीडितलाई वैशाख २४ गते रानीवन गाविसबाट मुक्त गरे।

कुशापानी गाविस-७ गावुगौडाका एमाले जिल्ला कमिटी सदस्य तथा पूर्व गाविस अध्यक्ष प्रेमबहादुर बुढा, डाँडापराजुल गाविस माथिल्लो डुढेश्वरका होटल मालिक डिलबहादुर शाही र उनका छोरालाई ०६१ वैशाख १७ गते कुशापानी गाविसको खम्बगाडे भन्ने ठाउँबाट मओवादीले अपहरण गरे। पीडितहरुमध्ये प्रेमबहादुरलाई वैशाख २१ गते काशीकाँध गाविसको टिम्बुरेबाट मुक्त गरे भने डिलबहादुर र उनका छोरालाई वैशाख २३ गते रानीवन गाविसबाट मुक्त गरे।

नारायण नपा-७ बिजौराका राधा घर्तीलाई ०६१ वैशाख १९ गते बिहान आफ्नै घरबाट माओवादीले अपहरण गरी वैशाख २३ गते चौराठा गाविसबाट मुक्त गरे।

नारायण नपा-८ बिजौरा घर भई प्रावि भैरवस्थानका शिक्षक पदमबहादुर घर्तीलाई ०६१ वैशाख २४ गते बिहान आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा वैशाख २८ गते विन्दवासिनी गाविसबाट मुक्त गरे।

दुल्लु गाविसस्थित विजया उच्च माविका शिक्षक वासुदेव कार्की, उपेन्द्रध्वज शाह, केशव भण्डारी, नरेन्द्र बोहोरा, नोमबहादुर शाही, डिल्ली पाण्डे र कक्षा ८ देखि माथिका विद्यार्थीसमेत ३ सय ५० जनालाई ०६१ जेठ ११ गते दिउँसो १ बजे हतियारसहित आएका ३७ जना माओवादीले अपहरण गरे। पीडितहरुलाई जेठ २४ गते मालिका गाविसको बैंक भन्ने ठाउँबाट मुक्त गरे।

माओवादीद्वारा मारिएका नेपाली काँग्रेसका क्षेत्रीय सदस्य भद्रबहादुर शाही

मालिका गाविस-३ स्थित माविका शिक्षक डम्वर खत्री, जयप्रसाद तिमिल्सेना, प्रधानाध्यापक नारायण लम्सालगायत् शिक्षक र विद्यार्थी गरी १ सय ५० जनाभन्दा बढीलाई ०६१ जेठ ११ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। पीडितहरुलाई जेठ १४ गते मालिकालेकबाट मुक्त गरे।

माओवादीद्वारा मारिएका पत्रकार डेकेन्द्रराज थापा

जगनाथ गाविस-८ का जनमोर्चा नेपालका कार्यकर्ता रामबहादुर थापा, सोही गाविस-३ का नारायण अधिकारी, खेमराज अधिकारी र दीपक अधिकारी, सोही गाविस-९ का पदमबहादुर थापालाई ०६१ जेठ १५ गते बिहान माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। पीडितहरुलाई ०६१ जेठ २० गते सोही गाविस-८ बाट मुक्त गरे।

लाकुरी गाविस-५ का नेमकिपाका कार्यकर्ताहरु वीरबहादुर खत्री, ललीत विष्ट, हस्तबहादुर विष्ट, वीरेन्द्र नेपाली, गंगा विष्ट र निरक ख़त्री तथा बेलपाटा गाविस-३ का टेकबहादुर खत्री, हरिबहादुर विष्ट, मानबहादुर, गंगाबहादुर थापा र वीरेन्द्र नेपालीलाई ०६१ जेठ १८ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई एक हप्तापछि मुक्त गरे।

मध्यपश्चिम डिभिजन सडक कार्यालय, सुर्खेतमा कार्यरत ओभरसियर ३६ वर्षीय हरिलाल न्यौपानेलाई ०६१ जेठ १८ गते दैलेखबाट माओवादीले जनसैन्य मार्च अभियानमा संलग्न गराउन अपहरण गरे। पीडितलाई सात दिनपछि मुक्त गरे।

डाँडापराजुल गाविस-७ माथिल्लो डुङ्केश्वरबाट ०६१ जेठ १८ गते दिउँसो भे. अ ख ५९७ नम्बरको गाडी चालक इन्द्रबहादुर काफ्ले र हेल्पर दीपकबहादुर, भे. अ ख ६७० का रामबहादुर चौधरी, हेल्पर जीतबहादुर गुरुङ, ना. अ ख ३८०४ का चालक बालकृष्ण चौधरी, हेल्पर खड्ग वली, ना. अ ख ५७४७ का चालक होमबहादुर मगर, ना ख ख ३७१३ का चालक दिनेश खड्का र रुमप्रसाद पंगेनी, ना अ ख ७८०२ का चालक जयप्रसाद चौधरी र हेल्पर हरि चौधरीलाई माओवादीले अपहरण गरेकोमा जेठ २६ गते मुक्त गरे।

कालभैरव गाविस-४ घर भई हाल डाँडापराजुल गाविस-७ डुङ्केश्वर बजारमा व्यापार गरी बस्ने दीपेन्द्रकुमार शाही र डाँडापराजुल गाविस-८ घर भई सोही बजारमा होटल गरी बस्ने मनबहादुर आलेमगरलाई ०६१ जेठ ५ गते राति माओवादीले घरबाटै अपहरण गरी केही दिनपछि लाकुरी गाविस-५ बाट मुक्त गरे।

पगनाथ गाविस-४ का सोही गाविसका सचिव बलबहादुर थापालाई ०६१ जेठ २० गते दिउँसो माओवादीले गाविसको काम कारवाही सम्वन्धी जानकारी लिन भनी अपहरण गरे। पीडितलाई ०६१ जेठ २५ गते मुक्त गरे।

गौमडी गाविस-२ घर भई हाल दैलेख बजारमा कार्यरत संस्थाहरु, आरसीडब्लु र आरएपीको साझेदारी कार्यक्रममा कार्यरत प्राविधिक जगतबहादुर हमाल र वाग्लुङ नपाका प्रमोद शर्मालाई ०६१ जेठ २३ गते बेलपाटा गाविस र नारायण नपाको सीमानामा पर्ने चुप्रालोहोरे खोलाबाट माओवादीले अपहरण गरी जेठ २६ गते लालीकाँडा गाविसबाट मुक्त गरे।

राप्रपाका क्षेत्रीय अध्यक्ष गणेश शाहीलाई ०६१ जेठ २६ गते राति आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा असार ५ गते नौमुले गाविसबाट मुक्त गरे।

भवानी गाविस-५ छान्नाबजारका सानकुमारी काफ्ले र नारायण नपा-४ का दुर्गा सिंहलाई माओवादीको नियम विपरीत विवाह गरेको आरोपमा ०६१ जेठ २ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये सानकुमारी जेठ ३१ गते भागेर आइन् भने दुर्गालाई ०६१ असारमा मुक्त गरे।

पिलाडी गाविस-८ जोरेवाजका राप्रपाका क्षेत्रीय सदस्य डिलबहादुर शाहीलाई ०६१ जेठ २४ गते माओवादीले अपहरण गरे। पीडितलाई माओवादीको श्रम शिविरमै राखिएको छ।

गोगनपानी गाविस-६ का राप्रपा कार्यकर्ता शेरबहादुर शाहीलाई ०६१ जेठ २४ गते राति माओवादीले सोही गाविसको कान्छिबजारबाट अपहरण गरे। पीडितलाई असारमा मुक्त गरे।

कालभैरव गाविस-७ स्थित छिउडी पुसाकोट प्राविका शिक्षक खगेन्द्र मल्ललाई ०६१ असार १ गते दिउँसो माओवादीले अपहरण गरी असार ५ गते नेपा गाविस-७ बाट मुक्त गरे।

गमौडी गाविस-४ स्थित गमौडी माविका शिक्षक छविदेव पुरीलाई ०६१ असार २ गते दिउँसो विद्यालय नजिकैबाट माओवादीले अपहरण गरी असार ५ गते मालिका गाविसबाट मुक्त गरे।

रावतकोट गाविस-५ घर भई जिविसमा कार्यरत ओभरसियर तथा सोरुयाक नामक स्थानीय संस्थाका प्रमुख हिरासिंह थापा र सोरुयाककै मानबहादुर थापालाई ०६१ असार ३ गते संस्थाको कार्यक्रममा गइरहेको अवस्थामा बडलम्जी र रावतकोट गाविसको बीच सीमाबाट

माओवादीले “केही काम छ” भनी अपहरण गरेकोमा असार ६ गते कुसापानी गाविसबाट मुक्त गरे।

गमौडी गाविस-२ घर भई हाल मालिका गाविस-८ विगुर प्राविमा कार्यरत शिक्षक प्रेमबहादुर भण्डारीलाई ०६१ असार ७ गते दिउँसो विद्यालय नजिकैबाट माओवादीले अपहरण गरे। पीडितलाई असार १० गते बेलुका नेपा गाविस-७ बाट मुक्त गरे।

पादुका गाविस-३ र नारायण नपा-३ घर भई हाल जिविस दैलेखमा कार्यरत कर्मचारी मनिराम जैसी र विष्णुप्रसाद सर्मीलाई ०६१ असार १५ गते दिउँसो ३ बजे माओवादीले अपहरण गरी असार १७ गते कुसापानी गाविसको खम्बगाडेबाट मुक्त गरे।

जम्बुकाँध गाविस-१ का १७ वर्षीय सीता शाहीलाई ०६१ साउन ६ गते माओवादीले अपहरण गरे। पीडितलाई भदौमा मुक्त गरे।

पादुका गाविस-६ का १६ वर्षीय विनयकुमार दाहाललाई ०६१ साउन ८ गते माओवादीले अपहरण गरे। पीडितलाई साउन २५ गते मुक्त गरे।

चौराठा गाविस-३ का ६० वर्षीय देवीसरा चन्दलाई ०६१ साउन २२ गते माओवादीले घरबाट अपहरण गरी लगे। पीडितलाई साउन २५ गते मुक्त गरे।

तिलेपाटा गाविस-४ का एमाले दैलेख जिल्ला कमिटी सदस्य ३६ वर्षीय ओमजंग शाहीलाई ०६१ भदौ १० गते माओवादीले अपहरण गरे। पीडित ०६१ पुस २१ गते माओवादी कब्जाबाट भागेर फर्किए।

पिलाडी गाविस-९ का ४३ वर्षीय डम्बरवहादुर ओलीलाई ०६१ भदौ १६ गते राति माओवादीले अपहरण गरे। पीडितलाई भदौ २८ गते मुक्त गरे।

छिउडी गाविस-६ का ७० वर्षीय नौले जैसीलाई ०६१ असोज १२ गते माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरे।

गोगनपानी गाविस-६ का राप्रपा जिल्ला समिति सदस्य भयनबहादुर मल्ललाई ०६१ पुस ३ गते राति १२ बजे माओवादीले अपहरण गरे। पीडितको स्थिति हालसम्म अज्ञात छ।

बडाखोला गाविस-४ का नेपाल रेडक्रस सोसाइटीका इलाका उपसभापति अमरबहादुर थापा र नेराप्राविका शिक्षक भीमबहादुर खड्कालाई ०६१ पुस ४ गते माओवादीले आफ्नो पार्टी विरुद्ध जनतालाई प्रतिकारमा उतार्न खोजेको भनी अपहरण गरे। पीडितहरुलाई पुस २९ गते नौमुलेबाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जम्बुकाँध गाविस-७ का ३० वर्षीय कमलबहादुर कार्कीलाई कर्फ्यूको समयमा बाहिर निस्केको भनी ०६१ भदौ ६ गते सुरक्षाकर्मीको गस्ति टोलीले कुटपिट गरे।

माओवादीबाट

कल्टि गाविस-२ सानीगाउँका ५१ वर्षीय नानकला सिंहलाई उनका आफन्तहरुले नेपाल प्रहरीमा नोकरी गरेको र घरमा नबोलाएको र पतिलाई भगाएको आरोपमा ०६० फागुन १७ गते हतियारसहित आएका माओवादीले टाउको, पिठ्यु र खुट्टामा बुट, लाठीले कुटपिट गरी घाइते पारे। पीडितको उपचार गर्न बाहिर लानेलाई समेत बाँकी नराख्ने धम्की दिए।

तोलीजैसी, सिगसैन र तिलेपाटा श्रोतकेन्द्र कालिका मावि तिलेपाटामा ०६० फागुन २५ गतेबाट अंग्रेजी विषयको १० दिने प्राविस्तरको तालिम सञ्चालन गर्न गएका प्रशिक्षक काशीराम सापकोटा र धर्मराज उपाध्यायलाई सो कार्यक्रम नगर्न धम्की दिई रोके। सो तालिममा ३३ विद्यालयका ३३ जना शिक्षक उपस्थित थिए।

लयारी बिन्द्रासैनी गाविस-३ का धीरबहादुर शाहीलाई वन उपभोक्ता समितिको अध्यक्ष भएर पैसा हिनामिना गरेको भनी ०६१ साउन १ गते माओवादीले कुटपिट गरे।

जम्बुकाँध गाविस-२ नाउलाका २६ वर्षीय चन्द्रबहादुर शाहीलाई ०६१ साउन २ गते माओवादीले कुटपिट गरे।

भैरीकालिका धुम गाविस-४ का बलिराम थापालाई सुराकीको आरोपमा ०६१ साउन ४ गते माओवादीले कुटपिट गरे।

वासी गाविस-४ का ४० वर्षीय कर्णबहादुर शाही र सोही गाविस-३ का शिक्षक कृष्ण बुढालाई ०६१ साउन

माओवादीद्वारा मारिएका जगतबहादुर खड्का

१३ गते दिउँसो घरबाटै माओवादीले अपहरण गरी ५ सय मिटर टाढा पुऱ्याई पालैपालो कुटपिट गरे।

वासी गाविस-३ का २८ वर्षीय रणबहादुर बुढालाई ०६१ साउन १५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी दुई किलोमिटर टाढा पुऱ्याई कुटपिट गरे।

गौरी गाविस-७ लान्सुका ३६ वर्षीय पूर्णप्रसाद लम्साललाई आफ्नो पार्टीको विरोध गरेको भन्दै ०६१ भदौ १४ गते माओवादीले कुटपिट गरे।

गमौडी गाविस-४ का नाविस्थानका पुजारी ७० वर्षीय भगवानदास योगीलाई ०६१ भदौ २१ गते माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए।

डाँडापराजुल गाविस-५ बेस्तडा माविका प्रधानाध्यापक हिमालयजंग शाहीलाई आफ्नो पार्टीको विपक्षमा काम गरेको भनी ०६१ भदौ २४ गते दिउँसो स्कुलमा पढाइरहेको अवस्थामा माओवादीले स्कुल बाहिर चौरमा पुऱ्याई कुटपिट गरे।

दुल्लु गाविस-३ का पूर्व गाविस उपाध्यक्ष ५५ वर्षीय प्रेमबहादुर भण्डारीलाई ०६१ असोज १२ गते माओवादीले कुटपिट गरे।

कालाभैरव गाविस-४ का ३५ वर्षीय डिल्ली न्यौपानेलाई ०६१ असोज ७ गते माओवादीले कुटपिट गरे।

दुल्लु गाविस-८ का शिक्षक ४१ वर्षीय मोतिराम रिजाललाई ०६१ असोज १० गते माओवादीले मालिडाँडामा पुऱ्याई कुटपिट गरे।

दुल्लु गाविस-४ का ३५ वर्षीय सूर्यबहादुर भण्डारीलाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०६१ असोज ३ गते माओवादीले कुटपिट गरे।

पादुका गाविस-४ का ३७ वर्षीय हरिबहादुर खत्रीलाई ०६१ कार्तिक १३ गते माओवादीले कुटपिट गरे।

तोली गाविस-५ का २१ वर्षीय तुलबहादुर सुनारलाई ०६१ पुस ११ गते सोही गाविसको ढाडखोला भन्ने ठाउँमा

माओवादीद्वारा कुटपिट गरी खुट्टा भाँचिएका नाविस्थानका पुजारी भगवानदास योगी

माओवादीले बन्दुकको कून्दा र लात्तीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जनमोर्चा नेपालद्वारा दैलेखको दुल्लुमा ०६१ भदौ २२ गते आयोजित आमसभामा माओवादीहरुले आक्रमण गरे। आक्रमणबाट जनमोर्चा नेपालका महासचिव नवराज सुवेदी, उपाध्यक्ष मनोज भट्ट, केन्द्रीय सदस्य यमुना भुसाल, पूर्व सांसद तथा केन्द्रीय सदस्य हरि आचार्य, केन्द्रीय सदस्य जनकराज शर्मा, जनमोर्चा समर्थित अनेकिसंघका हरिकृष्ण पाण्डे, अनेरास्ववियु (एकीकृत) का क्षेत्रीय संयोजक कृष्णराज पाण्डे, जनमोर्चाका दैलेख जिल्ला अध्यक्ष जगत रेग्मीलगायत् तीन दर्जनभन्दा बढी नेता-कार्यकर्ताहरु गम्भीररुपमा घाइते भए। प्रतिगमनविरुद्ध तथा माओवादी ज्यादतीको भण्डाफोरका लागि जिल्लाव्यापीरुपमा कार्यक्रमको आयोजना गरिएको अवस्थामा माओवादीहरुले खुँडा, खुकुरीलगायत्का हतियार प्रयोग गरी आक्रमण गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जम्मा ३० मुद्दामध्ये ११ वटा फर्स्यौट भई १९ मुद्दा बाँकी रहे। यस वर्ष सम्बन्ध विच्छेदका ६ मध्ये ५ फर्स्यौट भई एउटा बाँकी रह्यो। त्यसैगरी ज्यान मुद्दा २ मध्ये दुवै फर्स्यौट भइसकेका छन्। ठगी १ मध्ये फर्स्यौट भएको छैन। बहुविवाहको १ दायर भएको तर फर्स्यौट भएन। लुटपाटका २ मध्ये १ फर्स्यौट भई १ बाँकी छ। जालसाज २ मध्ये दुवै फर्स्यौट हुन बाँकी छन्। गाली बेइज्जतीमा १ फर्स्यौट हुन बाँकी छ। निर्णय दर्ता बदर हककायमका ४ मध्ये ४ वटै फर्स्यौट हुन बाँकी छन्। लेनदेनका ३ मध्ये १ फर्स्यौट भइसकेको र २ बाँकी छन्। सार्वजनिक भोगचलन ३ मध्ये ३ वटै फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

लयारी बिन्द्रासैनी गाविस-७ का पूर्व जिविस सदस्य राजबहादुर शाहीको मूल घरबाट ०६० फागुन १८ गते राति माओवादीले २५ तोला सुन, अन्न ११ मुरी, ४ वटा बाखा र नगद ४ हजार रुपैयाँ, लत्ताकपडा र भाडावर्तन लुटे। माओवादीले पीडितकी कान्छी पत्नी बस्ने घरसमेत कब्जामा लिए।

गोगनपानी गाविस-६ का शेरबहादुर शाही आफ्नो पार्टी विरुद्ध काम गरेको भनी ०६१ पुस ४ गते माओवादीले सर्वश्वहरण गरे।

खड्गावाडा गाविस-४ काफलतोलीका राप्रपा जिल्ला कमिटी सदस्य तथा केन्द्रीय परिषद् सदस्य रतिमान

खड्काको खड्गावाडा गाविस-४ स्थित घर माओवादीले कब्जा गरी २४ मुरी गहुँ, ४५ क्वीन्टल चामल, ३५ बाख्रा, ५ भैंसी, २ राँगा, ८ गाईबाच्छा, ४ गोरु, अन्दाजी २० तोला सुन र भाँडावर्तन लगायत सोलार सेट माओवादीले कब्जा गरी परिवारलाई ०६० वैशाख २५ गते गाउँबाट निकाले।

पादुका गाविस-७ का ५५ वर्षीय घनश्याम गिरीको बाली ०६१ भदौ ८ गते माओवादीले कब्जामा लिए।

सिगैडी गाविस-५ टुनिबगरमा पसल गरी बस्ने अछाम जिल्ला घर भैख गाविस-३ का ४१ वर्षीय हेमबहादुर विसीको पसल ०६१ भदौ १८ गते माओवादीले लुटे।

चामुण्डा गाविस-५ का पुर्व सभापति ४० वर्षीय हिमबहादुर शाही र २५ वर्षीय विनिबहादुर शाहीको ०६१ भदौ २१ गते माओवादीले सर्वश्वहरण गरे।

डाँडापराजुल गाविस-५ का एमाले जिल्ला कमिटी सदस्य ४८ वर्षीय लोकेन्द्रजंग शाहीको ०६१ भदौ २४ गते माओवादीले सर्वश्वहरण गरे।

डाँडापराजुल गाविस-८ का ४० वर्षीय मोहनबहादुर झाले ०६१ भदौ २१ गते माओवादीले सर्वश्वहरण गरे।

रुम गाविस-१ का ४० वर्षीय केशबहादुर शाही र लल्लेरी गाविस-२ का ४० वर्षीय गोविन्दप्रसाद उपाध्यायको ०६१ भदौ २१ गते राति माओवादीले सर्वश्वहरण गरे।

खरिगैरा गाविस-४ का राप्रपा कार्यकर्ता ३५ वर्षीय भक्तबहादुर मल्लको ०६१ भदौ २१ गते माओवादीले सर्वश्वहरण गरे।

पादुका गाविस-६ का शिक्षक ४१ वर्षीय हिरण्य दाहाल, मालिका गाविस-४ का पूर्व जिविस उपसभापति ४१ वर्षीय ढकेन्द्रबहादुर शाही र कुशापानी गाविस-५ का शिक्षक ४४ वर्षीय पदममणि पौडेलको ०६१ भदौ २१ गते माओवादीले सर्वश्वहरण गरे।

कट्टि गाविस-९ का व्यापारी ३४ वर्षीय नन्दबहादुर खड्काको बेसतडा बजारमा रहेको पसलर मालिका गाविस-२ का ३५ वर्षीय जगतबहादुर शाहीको पसल ०६१ भदौ २१ गते माओवादीले लुटपाट गरे।

सल्लेरी गाविस-४ का शिक्षक ३७ वर्षीय नगेन्द्रबहादुर सिंहको सोही गाविस नौमुलेस्थित पसल र कुसापानी गाविस-४ का ४४ वर्षीय राजेन्द्र हरिजनको औषधी पसल ०६१ भदौ २१ गते माओवादीले लुटपाट गरे।

काशीकाँध गाविस-६ का ५० वर्षीय पदमबहादुर शाहीको ०६१ भदौ २२ गते, दुल्लु गाविस-१ का ६५ वर्षीय कृष्णबहादुर शाहको ०६१ भदौ २३ गते, सात्तला गाविस-१ का ३२ वर्षीय प्रेमबहादुर विष्टको ०६१ भदौ २१ गते, डाँडापराजुल गाविस-८ का ३५ वर्षीय यामबहादुर मल्ल र खरिगैरा गाविस-४ का ४० वर्षीय हरिप्रसाद उपाध्यायको ०६१ भदौ २१ गते माओवादीले सर्वश्वहरण गरे।

गमौडी गाविस-७ का पूर्व गाविस उपाध्यक्ष ३० वर्षीय हर्कबहादुर खड्काको ०६१ भदौ २३ गते माओवादीले सर्वश्वहरण गरे।

सल्लेरी गाविस-४ का सचिव ८ वर्षीय दिलबहादुर केसी र रानिवन गाविस-९ का ४३ वर्षीय राजबहादुर शाहीको ०६१ भदौ २५ गते माओवादीले सर्वश्वहरण गरे।

भैरिकालिका थुम गाविस-१ का ३५ वर्षीय हिक्मत विकको पसल ०६१ भदौ ३० गते माओवादीले लुटे।

लकान्द्र गाविस-५ का एमाले दैलेख जिल्ला कमिटी सदस्य ४० वर्षीय धीरबहादुर शाहीको ०६१ भदौ ३१ गते, पिपलकोट गाविस-६ का पूर्व गाविस अध्यक्ष ४१ वर्षीय शेरबहादुर लामिछानेको ०६१ असोज १ गते, दुल्लु गाविस-८ का पूर्व गाविस अध्यक्ष ३८ वर्षीय तिलकप्रसाद रिजालको ०६१ असोज २ गते र तोलीजैसी गाविस-७ का एमाले दैलेख जिल्ला कमिटी सदस्य ३९ वर्षीय राजबहादुर शाहीको माओवादीले सर्वश्वहरण गरे।

विन्ध्यावासिनी गाविस-२ का ४५ वर्षीय ढालबहादुर विष्टको ०६१ भदौ ३१ गते, द्वारी गाविस-६ का ३२ वर्षीय बलिराम थापाको ०६१ भदौ ३१ गते र नौमुले गाविस-६ का ३४ वर्षीय लिलाबहादुर रामजालीको ०६१ भदौ ३१ गते माओवादीले बाली कब्जामा लिए।

संरचना/सम्पत्ति क्षति

बेलपाटा गाविसको चुप्राबजारमा ०६० फागुन २५ गते दिउँसो आरआरएन क्षेत्रीय कार्यालय नेपालगञ्जबाट ०६० फागुन २६ गते संचालन हुने स्वास्थ्य शिविरको लागि औषधी बोकेर गएका भे. १ त ४४५ र मे. १ त ४८३ नम्बरका दुई गाडीमा डिजेल छर्की माओवादीले आगो लगाए। सो शिविरमा जुम्ला, कालिकोट र दैलेखमा गरी जम्मा ४ हजार जति मानिस उपचार गर्न आएका थिए।

नारायण नपा-७ गिमुगाउँस्थित कृषि अनुसन्धान केन्द्र, दैलेखको तीनतले पक्की भवनमा ०६१ वैशाख ३१ गते राति माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। उक्त विस्फोटबाट ५/६ लाख रुपैयाँ बराबरको क्षति भएको कार्यालय प्रमुख तुलाबहादुर पुनले बताए। माओवादीले गत वर्ष पनि सोही कार्यालयमा बम विस्फोट गराएका थिए।

नारायण नपा पुरानो बजारस्थित जिल्ला प्रशासन कार्यालयको भवनमा ०६१ जेठ ५ गते राति माओवादीले प्रेसरकुकर बम विस्फोट गराए। विस्फोटबाट नागरिकता फाँट, प्रशासनफाँट, राहदानी फाँटसहित ९ कोठामा क्षति पुग्यो भने ६० लाख रुपैयाँ बराबरको नोक्सान भयो।

नारायण नपा-८ ठालुडाँडास्थित नेपाल विद्युत

प्राधिकरणको कार्यालय नजिक रहेको ट्रान्समिटर र फिटिङ सदनमा ०६१ जेठ १९ गते माओवादीले बम बिस्फोट गराई क्षति पुऱ्याए। उक्त विस्फोटबाट ५० लाख रुपैयाँ बराबरको क्षति भयो।

नारायण नपा-१ पुरानोबजारस्थित जेलमा ०६१ जेठ २० गते राति माओवादीले बम बिस्फोट गराए। उक्त विस्फोटबाट भवनको छाना र तीन कोठामा क्षति पुग्यो। विस्फोटबाट ५५ हजार रुपैयाँको क्षति भयो। जेलमा केही समय पहिलेबाटै राति कोही पनि बस्दैनथे।

नारायण नपा-१ नयाँबजारस्थित सनराइज बोर्डिङ स्कूलमा ०६१ जेठ २१ गते राति माओवादीले बम विस्फोट गराए। विस्फोटबाट कुर्सी, बेञ्च लगायतका फर्निचरहरु नष्ट भए।

नारायण नपा-९ मा पर्ने चुप्रा खोलाको पुल ०६१ भदौ २१ गते माओवादीले फालिदिए।

नारायण नपा-९ र लाकुरी गाविस-३ मा पर्ने लोहोरे खोलाको पुल ०६१ भदौ २८ गते माओवादीले भत्काई फालिदिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तोलीजैसी गाविस-४ का टंकप्रसाद जैशी र केवले जैसीलाई ०६० माघ २ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ६ गते तारेखमा रिहा गरे। पीडित माघ १५ गते हाजिर हुन जाँदा पुनः गिरफ्तार गरी एक महिनापछि रिहा गरियो।

तोलीजैसी गाविस-४ का पूजा जैशी र प्रेमप्रसाद उपाध्यायलाई माओवादीको आरोपमा ०६० माघ ७ गते दिउँसो घर नजिकैबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ १४ गते पछि रिहा गरे।

रुम गाविस-२ माझगाउँका २६ वर्षीय सुनबहादुर शाहीलाई भारतको भलाली भन्ने ठाउँबाट ज्याला मजदुरी गरी फर्कँदै गरेको अवस्थामा माओवादीको आरोपमा ०६० माघ २५ गते दैलेख बसेका सुरक्षाकर्मीले गिरफ्तार गरी आवश्यक छानविन पछि माघ २६ गते रिहा गरे।

पिपलाकोट गाविस-३ का ५० वर्षीय वीरबहादुर भारपाटे मगरलाई केही समय पहिले माओवादीहरुले गाजसमा राखेका कारण ०६० फागुन १ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरे।

पिपलकोट गाविस-३ का ६० वर्षीय प्रताप पुडी र सोही गाविस-१ का २८ वर्षीय मानबहादुर सलामी मगरलाई केही समय पहिले माओवादीले गाजसमा राखिदिएको कारण ०६० फागुन २ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये प्रतापलाई फागुन १२ गते र मानबहादुरलाई ०६० जेठ ८ गते रिहा गरे।

तोलीजैसी गाविस-३ का बमबहादुर विष्ट र ददे टमटोलाई माओवादीको आरोपमा ०६० फागुन ८ गते दिउँसो घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन १५ गते तारेखमा रिहा गरे।

पिपलकोट गाविस-३ का ४० वर्षीय दन्तबहादुर बस्नेतलाई घरबाट नजिकै मेलामा घाँस काटिरहेको अवस्थामा, सोही गाविस-१ का रंगबहादुर सलामीलाई वनमा गई बाख्रा चराउन गएको अवस्थामा, ऐवर सलामीलाई घरबाटै, कर्णबहादुर लामिछानेलाई जंगलमा दाउरा चिर्दै गरेको अवस्थामा र कर्णबहादुर तारामीलाई घर नजिकैको बारीबाट माओवादीलाई सहयोग गरेको आरोपमा ०६० फागुन ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा कालिकोट जिल्लाको कोटवाडा भन्ने ठाउँमा भारी बोकाई रिहा गरे।

पिपलकोट गाविस-७ का गोटु शाही, सोही गाविस-५ का रणबहादुर बलामी मगर, सोही गाविस-३ का मानसिंह पुन मगर, सोही गाविस-६ का मणिराम मिजारलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० फागुन १ गते बिहान घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी ७ दिनपछि कालिकोट जिल्ला मान्मघाटसम्म भारी बोकाई रिहा गरे।

सुर्खेत जिल्ला गोठीडाँडाकी माओवादी कार्यकर्ता १९ वर्षीय अर्चनालाई ०६१ वैशाख ५ गते सुरक्षाकर्मीले डाँडापराजुल गाविसस्थित माथिल्लो डुङगेश्वर बजारबाट गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

तोलीजैसी गाविस-६ का मालिक प्रावि पाचलाका शिक्षक मिनबहादुर शाहीलाई ०६१ जेठ ५ गते बेलुकी "केही बुझ्नु छ" भनी सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा जेठ २७ गते रिहा गरे।

नारायण नपा-३ भूतिका २९ वर्षीय रत्नादेवी रेग्मीलाई ०६१ मंसिर ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा अश्लील अपमानजनक व्यवहार र शब्द प्रयोग गर्दै लात्तीले ढाड, काँध र छातीमा हिर्काइ लात्ती र बुटले कुटपिट गरे। पीडितलाई सोही दिन राति रिहा गरियो।

नारायण नपा-३ का जिल्ला पशु कार्यालयका पियन नरुराज धमलालाई ०६१ मंसिर २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल सैनिक हिरासतमा राखिएको छ।

कुसापानी गाविस-६ का माओवादी कार्यकर्ता १५ वर्षीय गुरुप्रसाद अधिकारीलाई ०६१ मंसिर १६ गते जम्बुकाँध गाविस-४ नुवाकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल सैनिक हिरासतमा राखिएको छ।

दुल्लु गाविस-२ का शिक्षक प्रेमबहादुर भण्डारीलाई

०६१ मंसिर ३० गते प्रहरीले दैलेख सदरमुकामबाट गिरफ्तार गरे।

जम्बुकाँध गाविस-४ का ४० वर्षीय लक्ष्मी वोहोरा र सोही गाविस-३ का २१ वर्षीय राजबहादुर खड्कालाई दैलख सदरमुकामदेखि घडेरी किन्ने सिलसिलामा पैसा बोकेर सुर्खेततिर गइरहेको अवस्थामा सुरक्षाकर्मीहरुले संयुक्त सुरक्षाकर्मीले ०६१ पुस ५ गते रानीमत्ताबाट गिरफ्तार गरी पुस ८ गते रिहा गरे।

नारायण नपा-६ भूर्तिका त्रिभुवन उच्च माविका शिक्षक केशवराज रेग्मीलाई माओवादीको आरोपमा ०६१ पुस ११ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सैनिक हिरासतमा राखिएको छ।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीले दैलेख जिल्लामा गरेको हत्या, अपहरण, कुटपिट, सर्वश्वहरण, बाली कब्जा, सदरमुकाम नाकाबन्दी, पुल काट्ने, बलपूर्वक एक घर एक डब्लूटी बनाउने, आवतजावतका लागि अनुमति लिनुपर्ने, शिक्षकलाई पूर्णकालीन कार्यकर्ता बनाउने, २७ जना राजनीतिकर्मीलाई भौतिक सफाया गर्ने धम्की दिएको, गाविस सचिवलाई राजीनामाको धम्की दिएको, चाडपर्व रीतिरिवाज, धर्मसंस्कृति, सामाजिक संस्कार, मूल्य र मान्यतामाथि गरिएको हस्तक्षेपको विरोधमा नेकपा (एमाले) का कार्यवाहक जिल्ला सचिव राजबहादुर बुढाले ०६१ कार्तिक १५ गते एक विज्ञप्ति जारी गरी त्यस्तो गतिविधिको पूर्ण विपक्षमा रहेको भन्दै विरोध जनाए।

नेराप्रावि बडाखोलाका शिक्षक अमरबहादुर धावा र भीमबहादुर खड्कालाई ०६१ पुस ४ गते राति घरबाटै माओवादीले अपहरण गरेको भन्दै दैलेखस्थित विभिन्न मानवअधिकार संघसंस्थाले संयुक्त विज्ञप्ति प्रकाशित गरी अपहरित शिक्षकलाई तत्काल मुक्त गर्न माग गर्दै ०६१ पुस ११ गते विज्ञप्ति प्रकाशित गरे।

पत्रकार तथा मानवअधिकारकर्मी डेकेन्द्रराज थापालाई माओवादीले हत्या गरेको विरोधमा मानवअधिकारकर्मी तथा पत्रकारहरुले विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

नौमुले गाविस-४ मा विस्फोटक पदार्थ जम्मा गरी काम-कारवाही गरिरहेको बेला अकस्मात बम विस्फोट हुँदा तीन महिला र एक पुरुष माओवादी कार्यकर्ताहरुको ०६० माघ ९ गते घटनास्थलमै मृत्यु भयो।

४.११ डोल्पा



जनसंख्या	३१५६९
साक्षरता प्रतिशत	३४.६६
महिला साक्षरता प्रतिशत	१९.६१
क्षेत्रफल (वर्ग कि. मि.)	७८८९
गाविस/नपा संख्या	२३/०
निर्वाचन क्षेत्र	१
विद्यालय	११३
क्याम्पस/उच्च मा.वि.	१/२
अस्पताल/स्वास्थ्य चौकी	०/२४
टेलिफोन लाइन	१५२
मोटर सडक (कि. मि.)	२
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	१८
मानव विकास सूचकांक	०.३७९
प्रति परिवार सरदर संख्या	५.४३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

रिमी गाविस-५ का माओवादीद्वारा गठित गाजस प्रमुख २५ वर्षीय दन्तबहादुर रोकायाको ०६१ जेठ २ गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। सोही घटनामा परी माओवादी एरिया सेक्रेटरी घाइते भएको जनाइयो।

माओवादीबाट

रामेछाप जिल्ला घर भई चन्दननाथ गुल्मअन्तर्गत जुफाल विमानस्थलमा कार्यरत शाही नेपाली सेनाका सिपाही २१ वर्षीय भीमबहादुर सुनुवारको ०६० चैत २८ गते बिहान सर्चमा गइरहेको अवस्थामा माझफाल गाविसको लाहारागाउँ नजिकै बाटोमा माओवादीको विद्युतीय धराप विस्फोट हुँदा मृत्यु भयो।

माझफाल गाविस-२ का २१ वर्षीय जनक बुढालाई ०६१ असार १५ गते राति माओवादीले घरबाट "एक छिन काम छ" भनी अपहरण गरी जुफाल गाविस-२ मा पर्ने मूल बाटोमा असार १६ गते ढुंगामाथि गर्दन राखी ढुंगाले नै रेटेर हत्या गरे। पीडितले ६ महिनाअघि प्रहरी प्रशासनसमक्ष आत्मसमर्पण गरेका कारण सुराकीको आरोप लगाउँदै पार्टीले कारवाही गरेको माओवादीले सार्वजनिक रुपमा जनाए।

जेल र बन्दीहरु

माओवादी आक्रमणमा ०५७ असोज ८ गते राति ध्वस्त भएपछि बन्दीविहीन बन्न पुगेको जेल पुनर्निमाणको काम करिब पूरा भए पनि हालसम्म सुरक्षा गार्डको व्यवस्था नगरिएकाले बन्दीहरु नराखिएको जेलर मानदत्त न्यौपानेले बताए। 'घ' श्रेणीको डोल्पा जेलमा एकजना बन्दी छन्। तर बन्दीलाई जेलमा नराखेर जिप्रकाको हिरासतकक्षमा राखिएको छ। प्रहरी हिरासतमा रहँदा बन्दीले पाउने सुविधाबाट वञ्चित भएको गुनासो बन्दी रमेश रोकायाको छ। बन्दीले प्रहरी जवानहरुको मेसमा खाएर जिप्रकाका अरु प्रहरी जवान सरह मासिक पैसा तिर्नु परेको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

सर्मी गाविस-३ का २८ वर्षीय प्रेमबहादुर बुढालाई ०६० पुस १७ गते दिउँसो आफ्नो पार्टीसँग असहमति भएको आरोपमा उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई भनेको मान्ने शर्तमा ६ दिनपछि मुक्त गरे।

त्रिपुराकोट गाविस-२ नेकाँ महासमिति सदस्य ४७ वर्षीय टंकप्रसाद उपाध्यायलाई ०६० फागुन १९ गते राजनीतिक प्रतिशोधका कारण उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई आफ्नो पार्टीविरुद्ध नलाग्ने चेतावनीसहित फागुन २६ गते मुक्त गरे।

कालिका गाविस-५ का ल्हाँ गाविसका सचिव ४८ वर्षीय रुपलाल रोकायालाई ०६० फागुन २४ गते गाविसको बजेट हिनामिना गरेको आरोपमा ल्हाँ गाविसको खदाङ्गबाट माओवादीले अपहरण गरे। माओवादीलाई रकम बुझाउने शर्तमा ०६१ वैशाख २७ गते मुक्त गरे। रकम दिन नसकेपछि पीडित हाल सदरमुकाममा विस्थापित जीवन बिताइरहेका छन्।

काठमाडौं जिल्ला घर भई उत्तरी पहाडी क्षेत्र संरक्षण योजना डोल्पामा कार्यरत ४२ वर्षीय तिलक ढकाललाई ०६१ वैशाख १ गते राति माओवादीले "सोधपुछ गर्नु छ" भनी अपहरण गरे। पीडितलाई ९ दिनपछि ल्हाँ गाविसको सिउडेनीबाट मुक्त गरे।

त्रिपुराकोट गाविस-६ का पूर्व गाविस अध्यक्ष ५८ वर्षीय हस्तबहादुर बुढा र सोही गाविस-५ का जिल्ला प्रशासन कार्यालयका पियन ४५ वर्षीय लालबहादुर थापालाई सुराकीको आरोपमा ०६१ मंसिर ८ गते राति घरबाट माओवादीले अपहरण गरे। पीडितहरुमध्ये लालबहादुरलाई तीन दिनपछि र हस्तबहादुरलाई पुस ५ गते एक महिनाको तारेखमा मुक्त गरे।

दुनै गाविस-९ का पूर्व उपाध्यक्ष ५९ वर्षीय चेतबहादुर रोकाया, सोही गाविस-३ का पूर्व गाविस अध्यक्ष ५३ वर्षीय नरबहादुर बुढा, सोही गाविस-२ का पूर्व कार्यवाहक अध्यक्ष ५४ वर्षीय जगतबहादुर बुढा, सोही गाविस-४ का नेकाँका कार्यकर्ता ४३ वर्षीय चन्द्रबहादुर शाही, सोही गाविस-७ का ३५ वर्षीय भुवनेश्वर रोकाया, सोही गाविस-६ का ५० वर्षीय विष्णुबहादुर रोकाया र सोही गाविस-८ का ३० वर्षीय नरबहादुर विकलाई ०६१ मंसिर २६ गते माओवादीले उनीहरुकै घरबाट अपहरण गरे। पीडितहरुलाई ९ दिनपछि मुक्त गरे।

रिमी, काइगाउँ, सर्मी, नर्कु, कालिका, ल्हाँ, सूँ आदि गाविसबाट ०६१ कार्तिक महिनामा चार महिने अभियान भनी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित		
	अन्यबाट			माओवादीबाट						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	२	२	२	२	२		२	१	१	१
घाइते								१	१	१
बम विस्फोट				३		७	७			
कुटपिट				२	२		२	१	१	१
भेला/संगठित हुने अधिकार								१	२	२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				३	५		५			
अपहरण				६	१३		१३			
जम्मा	२	२	२	१६	२२	७	२९	४	५	५

८०/९० जना सर्वसाधारण तथा शिक्षकहरुलाई माओवादीले आफूसँग लिएर गए। पीडितहरुलाई हालसम्म मुक्त गरिएको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

ललितपुर जिल्ला सुनाकोठी गाविस-८ घर भई डोल्पा जिल्ला विमानस्थल सुरक्षार्थ खटिएका असई ३२ वर्षीय जय थापालाई रक्सी खाएको मान्छेलाई आफ्नो आदेश विना छाडिदियो भन्ने आरोपमा ०६१ साउन ३२ गते प्रहरी निरीक्षक राजकुमार सिलवालले निधारमा गहिरो घाउ र शरीरभरी नीलडाम हुनेगरी कुटपिट गरे। पीडितलाई रातभरि हत्कडी लगाई राखियो।

माओवादीबाट

त्रिपुराकोट गाविस-२ का ४६ वर्षीय कालीबहादुर बुढालाई ०६१ वैशाख १ गते राति उत्तरी पहाडी क्षेत्र संरक्षण आयोजना प्रमुख तिलक ढकाललाई अपहरण गर्न आएका माओवादीले "ढकाल सर हुनुहुन्न" भनी झुट बोलेको आरोपमा उत्तरी पहाडी क्षेत्र संरक्षण आयोजनाको साइड अफिस त्रिपुराकोटमा कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रतिगमन विरुद्ध शान्तिपूर्ण रुपमा विरोध जुलुशका सहभागी राजनीतिक कार्यकर्ताहरु नेकाँका ४७ वर्षीय टंकप्रसाद उपाध्याय, ३७ वर्षीय देवीकृष्ण उपाध्यायलगायतका नेता तथा कार्यकर्ताहरुलाई ०६१ वैशाख २५ गते प्रहरीले हस्तक्षेप गरी कार्यक्रम सम्पन्न गर्न बाधा पुऱ्याए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा न्यायाधीशको अनुपस्थितिका कारण कुनै पनि मुद्दा फर्स्यौट भएनन्। गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ९, फौजदारी १६ गरी जम्मा २५ र यस वर्ष दर्ता भएका फौजदारी ५ वटा गरी ३० मुद्दा छन्। जिल्ला प्रशासन

माओवादीद्वारा मारिएका जनक बुढा

माओवादीद्वारा बम विस्फोट गराई क्षति पुऱ्याइएको जैरीगाड साना जलविद्युत केन्द्र

कार्यालयमा यस वर्ष मुद्दा दर्ता भएनन्। ६ वर्ष नाघेका २ वटा मुद्दा यो वर्ष पनि फर्स्यौट भएनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

लिकु गाविस-४ का ५२ वर्षीय पूर्वराज्यमन्त्री मोतिप्रसाद पहाडीको घरबाट ०६१ वैशाख २७ गते माओवादीले पशु, धनमाल, लत्ताकपडा, अन्नपात सबै लुटे। पीडितलाई घरमा आउन बन्देज लगाएको माओवादीले सार्वजनिक जानकारी गराए।

दुनै गाविस-१ का जिविसका पूर्व सभापति ३३ वर्षीय धनबहादुर बुढा, शहरतारा गाविसका ५६ वर्षीय ह्याच्या र ४१ वर्षीय तिब्बतीयन व्यापारी प्यामा छुताकलाई यार्सागुम्बा कर छलेको र आफ्नो पार्टीको विरुद्ध सेना परिचालन गराएको आरोपमा ०६१ भदौ १ गते धो गाविसको सिसोलको बाटोमा खच्चरमा यार्सागुम्बा लादेर तिब्बततर्फ लाँदै गरेको अवस्थामा माओवादीले ५ करोड रुपैयाँ बराबरको यार्सागुम्बा, धनबहादुर बुढाका ११ वटा खच्चर र प्यामा छुताकबाट १३ लाख ५० हजार रुपैयाँ नगद लुटे।

त्रिपुराकोट गाविस-१ का सूँ गाविसका गाविस सचिव ४७ वर्षीय बौद्धसिंह कठायत आफूले भनेको नमानेको आरोपमा ०६१ कार्तिक १५ गते दिउँसो घरमा रहेको अन्नपात, धनमाल, लत्ताकपडा र पशुहरु माओवादीले लुटे। माओवादीले सर्वश्वहरण गरेपछि पीडितका परिवार सदरमुकाम दुनैमा विस्थापित जीवन बिताइरहेका छन्।

पाहाडा गाविस-१ छलका भष्टा भवानीका धामी ६४ वर्षीय मोहनवीर रोकायालाई देउताको आडमा अत्याचार गरेको आरोपमा ०६१ मंसिर १० गते धनमाल, अन्नपात, लत्ताकपडा र पशु सबै अपहरण गरे। माओवादीले सर्वश्वहरण गरेपछि पीडितका परिवार सदरमुकाम दुनैमा विस्थापित जीवन बिताइरहेका छन्।

सदरमुकाम दुनै र विमानस्थल जुफाल बजारमा

सुरक्षाकर्मी बसेको र तिनीहरुलाई अभाव सृजना गर्ने नाउँमा ०६१ मंसिर १५ गतेदेखि यी दुई बजारमा पैदल बाटो खच्चर र मानिसबाट ल्याइने दैनिक उपभोग्य सम्पूर्ण सामान ल्याउन नपाउने गरी माओवादीले आर्थिक नाकाबन्दी गरे।

विस्थापन

माओवादी द्वन्द्वका कारण यस जिल्लाका १७ घर परिवार विस्थापित भएका छन्। यी १७ घर परिवारका १ सय १० जना सदरमुकाममा, ४ जना नेपालगञ्जमा, २ जना भारतमा विस्थापित भएका छन्।

संरचना/सम्पत्ति क्षति

दुनै गाविस-५ स्थित साना जलविद्युत केन्द्र जैरीगाड डोल्पाको मुख्य ट्रान्सफर्मरमा ०६१ जेठ ४ गते बिहान माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। ट्रान्सफर्मर ध्वस्त भएका कारण विद्युत वितरण बन्द भयो। केही दिनलाई सीमित मात्रामा २ नं. ट्रान्सफर्मरबाट विद्युत वितरण गरियो। एक महिनापछि उक्त ट्रान्सफर्मर पनि मर्मत गरी विद्युत वितरण शुरु भयो।

दुनै गाविस-५ स्थित साना जलविद्युत केन्द्र जैरीगाडमा ०६१ कार्तिक १६ गते बिहान माओवादीले प्रेसर कुकर बम विस्फोट गराई विद्युत गृह ध्वस्त पारे। त्यसपछि विद्युत वितरण बन्द भई केवल टिभी, फ्याक्स, कम्प्युटर, फोटोकपी आदि सेवा बन्द भए। विद्युत आपूर्ति बन्द भएपछि दुई गाविसका २ सय घर परिवारमा बत्ती बलेन।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा झाडापखालाबाट ३१ जनाको मृत्यु भयो भने एक जनाको मोटरबाटो बनाउँदा रुखले किचेर मृत्यु भयो। व्यक्तिगत रिसइवीका कारण भएका हत्याका घटनामा २ पुरुषको मृत्यु भयो।

यस वर्ष माओवादीका एरिया कमाण्डर धनजीत कार्की, एरिया इन्चार्ज सूर्यबहादुर धराला, छापामार रामबहादुर परियार, मनबहादुर रोकायालगायत् २१ जना माओवादी कार्यकर्ताले जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरे।

विगतको अनुगमन

सन् २००४ को मानवअधिकार वर्ष पुस्तकको विगतको अनुगमन शीर्षकमा राज्यवाट बेपत्ता भनिएका नन्दप्रसाद न्यौपाने र प्रसाद बुढाको अवस्था हालसम्म पनि अज्ञात छ।

४.१२ जुम्ला



जनसंख्या	: ९५४२७
साक्षरता प्रतिशत	: ३४.४५
महिला साक्षरता प्रतिशत	:१८.२०
क्षेत्रफल (वर्ग कि. मि.)	: २५३१
गाविस/नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १२५
क्याम्पस/उच्च मा.वि.	: १/०
अस्पताल/स्वास्थ्य चौकी	: १/३८
टेलिफोन लाइन	: ३
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३१
मानव विकास सूचकांक	: ०.३४८
प्रति परिवार सरदर संख्या	: ६.०२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

कार्तिकस्वामी गाविस-४ का माओवादी कार्यकर्ता २९ वर्षीय धर्मराज न्यौपाने ०६० माघ २९ गते सुरक्षाकर्मीद्वारा तलिहुम गाविस-२ मा घेरा हाली भाग्ने क्रममा गोली हानी मारिए। पीडित माओवादी पार्टीका इलाका कमिटी सदस्य भएको माओवादीले सावर्जनिक गरे।

तलिहुम गाविस-२ श्रीदुस्का र उमखालाको बीचमा ०६० फागुन १९ गते सुरक्षाकर्मीद्वारा घेरा हाली कार्तिकस्वामी गाविस-२ बोहोरा गाउँका पदम देवकोटालाई गोली हानी मारिए। पीडित माओवादीद्वारा जुम्लाबाट प्रकाशित हुने काञ्जीरुवा पाक्षिकका सम्वाददाता भएको माओवादीले सार्वजनिक गरे।

तातोपानी गाविस-४ तातोपानी गाउँमा ०६० चैत १७ गते सदरमुकामबाट गएका सुरक्षाकर्मीले कारवाही गर्दा एकजना आस्था भनिने माओवादी कार्यकर्ताको गोली लागि मृत्यु भयो। पीडित माओवादी पार्टीमा सञ्चार क्षेत्रमा कार्यरत भएको बुझियो।

तातोपानी गाविस-६ मा माओवादी कार्यकर्ता २२ वर्षीय विन्दु ०६१ असार १ गते दिउँसो सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडितले घेरा तोडेर भाग्न प्रयास गर्दा गोली चलाएको सुरक्षास्रोतले बतायो।

लाम्रा गाविस-५ को दुर्गा मावि लाम्रामा ०६१ असार १ गते माओवादी कार्यकर्ता २८ वर्षीय कृष्ण भण्डारी, लाम्राकै १९ वर्षीय संगीता भनिने निर्मला न्यौपाने र २ जना नाम नखुलेका माओवादी कार्यकर्ताहरु खाना पकाइरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा घेरा हाली कारवाही गर्दा मृत्यु भयो।

माओवादीबाट

तलिहुम गाविस-१ का ५१ वर्षीय चन्द्रबहादुर हमाललाई सुराकी र पुलिस प्रशासनलाई सहयोग गरेको आरोपमा ०६० फागुन १२ गते राति पीडितकै घरबाट माओवादीले अपहरण गरी गोली हानी हत्या गरे।

कार्तिकस्वामी गाविस-४ का ३६ वर्षीय पूर्ण खत्रीलाई वर्ल्ड भिजनको योजनामा दिइएको चामल हिनामिना गरेको आरोपमा आवश्यक छानबिन गर्न भनी ०६१ वैशाख १८ गते राति माओवादीले उनको घरबाट अपहरण गरेकोमा पीडितको हत्या गरिसकेको जानकारी सार्वजनिक भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

महत गाविस-१ छिनासाउ पुल नजिक ०६१ साउन १५ गते बजार आउन लाग्दा माओवादीले थापेको विद्युतीय धराप विस्फोट भई चन्दननाथ गाविस-६ का ३५ वर्षीय बेला सुनार, कार्तिकस्वामी गाविस-३ का पार्वती गिरी र सोही ठाउँका २५ वर्षीय बलबहादुर गिरी घाइते भए।

तलिहुम गाविस-६ का ५ वर्षीय मुगा धराला र ५ वर्षीय धिराज धरालाको ०६१ मंसिर ५ गते भैरव प्रावि धुपिढुस्का विद्यालय कोठाको झ्यालमा राखेको बम खेलाउँदा विस्फोट भएर मृत्यु भयो। सो बम माओवादी कार्यकर्ताले झ्यालमा राखी आफू फुटबल खेल्न थालेपछि बच्चाहरु गई चलाउँदा विस्फोट भएको थियो। यस घटनामा माओवादीले आफ्नो गल्ती स्वीकार गरे।

महत गाविस-१ विजयनगर जिप्रका अगाडि हनुमान मन्दिरमा ०६१ कार्तिक २ गते माओवादीले छोडेको बम विस्फोट हुँदा कृष्ण सुनारको घटनास्थलमा नै मृत्यु भयो भने लाम्रा गाविस-१ का ९ वर्षीय बालिका जयलक्ष्मी चौलागाई, बुजरी गाविस-६ का ८ वर्षीय निर्मला बुढा, चन्दननाथ गाविस-९ का ६ वर्षीय गोरे सार्की र सोही गाविस-९ का ८ वर्षीय बालकृष्ण सुनार घाइते भए।

जेल र बन्दीहरू

यस जिल्लाको जेलमा ०५९ कार्तिक २८ गते माओवादीले आक्रमण गरेपछि हालसम्म पूर्ण रुपमा व्यवस्थित हुन सकेको छैन। हाल चन्दननाथ गाविसको चन्दननाथ माध्यमिक विद्यालय नजिक भाडाको घरमा काम चलाउन जेलको स्थापना गरिएको छ। सुरक्षाको दृष्टिकोणले व्यवस्थित हुन नसकेको कारण देखाई जुम्ला जेलमा कुनै पनि बन्दी राखिएको छैन। जेलमा रहेका सम्पूर्ण बन्दीहरुलाई ०६१ मंसिर १७ गते नेपालगञ्ज जेलमा पठाइयो। हाल कर्मचारीहरु कार्यालयमा हाजिर गरेर बसिरहेका छन्। अधिकांश कर्मचारीहरु जिल्ला प्रशासन कार्यालयमा काम गरिरहेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

कार्तिकस्वामी गाविस-६ का ३० वर्षीय वीरेन्द्र

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट			माओवादीबाट									
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				९	११			११	५	५	३		८
घाइते				४	१२	३		१५					
गिरफ्तारी / यातना									३९	३०		३३०	३६०
कुटपिट	२	३	३	६	६			६	३	४	१		५
धम्की				१	१			१					
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार				१	२			२					
अपहरण	१	१	१	३८	६८	४	११३३	११९३					
जम्मा	३	४	४	६०	१०९	६	११३३	१३४९	३६	३९	४	३३०	३६३

शाहीलाई सदरमुकाम वसी सुरक्षा निकायलाई सहयोग गरेको आरोपमा ०६० पुस २५ गते घरमा विहान खाना खाइरहेको अवस्थामा माओवादीले अपहरण गरी कुटपिट गरे। पीडितलाई ६ दिनपछि मुक्त गरे।

वुम्रु माडीचौर गाविस-३ का ३० वर्षीय दल रावललाई सुराकीको आरोपमा ०६० माघ ३ गते उनकै घरबाट अपहरण गरी कुटपिट गरेर १८ दिनपछि मुक्त गरे।

तलिहुम गाविस-१ का ५१ वर्षीय चन्द्रबहादुर हमाललाई माओवादी प्रतिकार समितिमा बसेको आरोमा ०६० फागुन १२ गते माओवादीले उनकै घरबाट अपहरण गरे।

तलिहुम गाविस-१ का ३० वर्षीय सिहप्रसाद उपाध्यायलाई सुराकीको आरोपमा ०६० फागुन १२ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई ५ महिना कब्जामा राखी मुक्त गरे।

तलिहुम गाविस-१ श्रीदुस्काका ३५ वर्षीय प्रकाश उपाध्यायलाई सुराकीको आरोपमा ०६० फागुन १५ गते माओवादीले उनकै घरबाट अपहरण गरी ५ महिना कब्जामा राखी मुक्त गरे।

तलिहुम गाविस-२ का २८ वर्षीय दत्तबहादुर रावललाई पार्टी गतिविधि विरुद्ध लागेको र सरकारलाई सहयोग गरेको आरोपमा ०६० फागुन १९ गते उनकै घरबाट माओवादीले अपहरण गरे। माओवादी सुतिरहेको अवस्थामा राति पिसाब गर्ने निहुँमा पीडित भागेर आए।

कर्णाली प्राविधिक शिक्षालयका ६ शिक्षक, १ सय ८४ जना विद्यार्थी र चौकीदार गरी १ सय ९१ जनालाई ०६१ जेठ ८ गते माओवादीले भेरी-कर्णाली जनमार्च सैन्य अभियानमा सरिक गराउन भनी अपहरण गरे। पीडितहरूलाई जिल्लाका विभिन्न भाग घुमाई ६ दिनपछि मुक्त गरे।

महत गाविस-७, ८ र ९ का जनतालाई ०६१ जेठ ११ गते जनसैन्य मार्चमा सहभागी बनाउनका लागि अपहरण गरेकोमा स्थानीय दुर्गा मावि, लाम्रामा भाषण सुनाइरहेको अवस्थामा जिल्लाबाट गएको सुरक्षाकर्मीको टोलीले घेरा हाली सबैलाई सकुशल मुक्त गराए। सुरक्षाकर्मीले एकजना माओवादीलाई गिरफ्तार गरे।

कार्तिकस्वामी गाविस-२ का ७२ वर्षीय महाशंकर देवकोटालाई राजावादी र माओवादी विरोधी भएको आरोपमा ०६१ जेठ १९ गते माओवादीले अपहरण गरी मुक्त गरे।

कार्तिकस्वामी गाविस-७ का ४९ वर्षीय मदनमोहन देवकोटालाई राप्रपामा सक्रिय भएको आरोपमा ०६० जेठ १९ गते माओवादीले अपहरण गरी सोधपुछपछि मुक्त गरे।

महत गाविस-६ का ४५ वर्षीय देवीजंग महतलाई मागेजति चन्दा नदिएको आरोपमा ०६१ जेठ १० गते राति माओवादीले अपहरण गरी जिल्लाका विभिन्न भागमा घुमाएपछि मुक्त गरे। साथमा पीडितकी पत्नी पनि थिइन्।

महत गाविस-४ का २२ वर्षीय कालीबहादुर महतलाई दरवारवादी र राप्रपामा सक्रिय भएको आरोपमा ०६० जेठ २९ गते माओवादीले अपहरण गरी जिल्लाका विभिन्न भाग घुमाई एक हप्तापछि मुक्त गरे।

महत गाविस-५ का ४० वर्षीय राजु महत र ३० वर्षीय महेन्द्र शाहीलाई मागेको समयमा चन्दा नदिएको आरोपमा ०६१ जेठ २९ गते राति उनकै घरबाट माओवादीले अपहरण गरी बेलुका तलिहुम गाविस-५ उमगाडबाट मुक्त गरे।

गर्जाङ्कोट गाविस-१ का पूर्व सभापति ४८ वर्षीय तीर्थबहादुर बुढालाई राजनीतिक प्रतिशोधका कारण ०६१ भदौ ५ गते राति माओवादीले अपहरण गरी ०६१ भदौ १३ गते मुक्त गरे।

कार्तिकस्वामी गाविस-७ का ४५ वर्षीय शिक्षक मदनबहादुर शाहीलाई माओवादी विरोधी गतिविधिमा संलग्न भएको, विद्यालयमा राम्रो पठनपाठन नगराएको र मदिरा सेवन गरेको आरोपमा ०६१ जेठ ८ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडित कालिकोटको चिलखायाबाट राति भागे। हाल जिल्ला सदरमुकाममा बसेका छन्।

देपालगाउँ गाविस-४ का ५१ वर्षीय मणिकृष्ण न्यौपानेलाई आमसभामा सहभागी बनाउन ०६१ जेठ १३ गते माओवादीले घरबाट अपहरण गरी दुई दिनपछि मुक्त गरे।

देपाल गाउँ गाविस-५ का ५६ वर्षीय भवनीप्रसाद न्यौपानेलाई जिविसबाट दिएको योजनाबाट ३० हजार रुपैयाँ कमिशन खाई कसैलाई ठेक्का नदिएको र राप्रपामा सक्रिय राजनीति गरेको आरोपमा ०६१ असार २७ गते माओवादीले अपहरण गरे। पीडितलाई ५ दिनपछि मुक्त गरे।

चन्दननाथ गाविस-१ का १३ वर्षीय नउमती गुरुङ, ३६ वर्षीय हकबहादर गुरुङ, १८ वर्षीय सरस्वती गुरुङ, २६ वर्षीय कलबहादुर गुरुङ र १३ वर्षीय गोविन्दबहादुर गुरुङ, १३ वर्षीय उमादेवी गुरुङ, २७ वर्षीय कमल गुरुङलाई विभिन्न

बम विस्फोटमा परी मृत्यु भएका कृष्णबहादुर सुनुवार

आरोपमा ०६१ असार २९ गते माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

लाम्रा गाविस-५ दुर्गा मावि लाम्राका शिक्षक र २० जना विद्यार्थीहरूलाई ०६१ साउन ५ गते जनसैन्य मार्च अभियानमा संलग्न गराउन भनी माओवादीले अपहरण गरी जिल्लाका विभिन्न भाग घुमाएर ५ दिनपछि मुक्त गरे।

तलिहुम गाविस-९ का २६ वर्षीय गोर्खबहादुर रोकायालाई माओवादीले आफ्नो विरुद्ध गतिविधिहरु संचालन गरेको आरोपमा ०६१ साउन २५ गते अपहरण गरी ५ दिनपछि मुक्त गरे।

डिल्लीचौर गाविस-३ का २४ वर्षीय रुपकली वुढालाई सुरक्षाकर्मीसँग नजिक भएको र गस्तिमा गएको बेला सुरक्षा निकायलाई सहयोग गरेको आरोपमा ०६१ साउन ७ गते घरबाट अपहरण गरी सख्त घाइते हुनेगरी कुटपिट गरी मुक्त गरे।

कार्तिकस्वामी गाविस-७ का ४० वर्षीय त्रिणमोक्ष मावि डिल्ली चौरमा कार्यरत शिक्षक जंगबहादुर शाहीलाई कुखुरा चोरेको र स्थानीय केटीसँग यौन सम्पर्क राखेको आरोप लगाई ०६१ भदौ १० गते उनकै घरबाट अपहरण गरी सोधपुछपछि मुक्त गरे।

कार्तिक स्वामी गाविस-५ का ३० वर्षीय शिक्षक मानबहादुर खत्रीलाई माओवादी कार्यकर्तासँग यौन सम्वन्ध राखेको र भगाउने प्रयाससमेत गरेको आरोपमा माओवादीले ०६१ भदौ २४ गते उनकै घरबाट अपहरण गरी भदौ ३० गते मुक्त गरे।

महत गाविस-५ महतगाउँका २८ वर्षीय एकराज महतलाई सोधपुछ गर्न भनी ०६१ असोज १८ गते माओवादीले घरबाट राति अपहरण गरी चार दिनपछि मुक्त गरे। पीडित कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र नेपालद्वारा संचालित जुम्ला-सुर्खेत मोटरवाटोको सुपरभाइजर हुन्।

महत गाविस-९ का ४५ वर्षीय नेत्रबहादुर खत्रीलाई उनकै नातेदारहरुले माओवादीसमक्ष हालेको उजुरीका कारणल आर्थिक लेनदनसम्वन्धी हिसाब किताव प्रष्ट पार्नको लागि भनी ०६१ असोज २० गते राति उनकै घरवाट अपहरण गरी लगे। पीडितलाई ०६१ कार्तिक २५ गते मुक्त गरे।

सदरमुकाम खलंगामा दोस्रो पटक ०६१ भदौ ५ गते आक्रमणपछि ४२ वर्षीय कृषि कार्यालय निमित्त प्रमुख विष्णुवहादुर महत, मालपोत कार्यालयका निमित्त प्रमुख उदयसिंह रावल, प्रहरी हवल्दारद्वय ३६ वर्षीय सूर्यनारायण झा हवल्दार ३२ वर्षीय धनबहादुर देउजा, प्रहरी जवान ३५ वर्षीय किशोर थापा, प्रहरी जवानहरु ३५ वर्षीय दीलबहादुर रोकाया, २६ वर्षीय नन्दबहादुर वुढा, ३८ वर्षीय राजबहादुर थापा, ३४ वर्षीय किशोर थापा, प्रहरी जवान अर्जुन उप्रेती र हुलाकका कर्मचारी ३४ वर्षीय मस्करनाथ योगीलाई अपहरण गरेको इन्सेक वर्ष पुस्तक प्रतिनिधि र पत्रकार महासंघ प्रतिनिधिको रोहवरमा कालिकोटको सबैजडीचौरबाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कुडारी गाविस-६ राउतवाडा स्थित जुम्ला बहुमखी क्याम्पसका स्ववियु सभापति रतननाथ योगीलाई ०६१ भदौ ३ गते क्याम्पस प्रमुखलाई अपशब्द प्रयोग गरी जथाभावी गाली गलौज गरेको आरोप लगाई प्रहरीले क्याम्पस हाताभित्र पेस्तोल देखाएर कुटपिट गरे।

माओवादीबाट

कार्तिकस्वामी गाविस-३ गैरागाउँका ४० वर्षीय टेकवहादुर भण्डारीलाई मादक पदार्थ सेवन गरी जथाभावी गरेको, माओवादीविरुद्ध लागेको र छोरालाई आत्मसमर्पण गर्न सहयोग गरेको आरोपमा ०६१ साउन २ गते माओवादीले उनकै घरवाट बाहिर बोलाई सख्त घाइते हुनेगरी कुटपिट गरे।

कार्तिकस्वामी गाविस-३ पिपलगाउँका ३१ वर्षीय विष्णु गिरी र ३० वर्षीय लिलराज भण्डारीलाई आफ्नो विरोध गरेको र आफ्नो काम नगरेको आरोपमा ०६१ साउन ९ गते माओवादीले घाइते हुनेगरी कुटपिट गरे।

महत गाविस-१ मा बम विस्फोटमा परी घाइते भएका बालबालिका




माओवादीद्वारा जिल्ला सदरमुकाम आक्रमणका क्रममा ध्वस्त पारिएका पुनरावेदन अदालत र जिल्ला मालपोत कार्यालय

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जुम्ला जिविसको १३ औं परिषद्को उद्घाटन गर्न जुम्ला गएका स्थानीय विकासमन्त्री कमल थापाको विरोधमा पाँच राजनीतिक पार्टीहरुले विरोध जुलुश प्रदर्शन गर्दा जिल्ला परिषद्को चौरबाट ०६० चैत ६ गते २४ जना नेता कार्यकर्ताहरुलाई प्रहरीले गिरफ्तार गरे भने एक जनालाई सख्त घाइते हुनेगरी बुट तथा लाठी प्रहार गरी कुटपिट गरे। पीडितलाई उपचारार्थ नेपालगञ्ज लगियो।

पाण्डगुफा गाविस-४ का २५ वर्षीय प्रकाश शाही र २० वर्षीय कमल बुढालाई विभिन्न नारा लगाएको र शान्ति ऱ्यालीको अगुवा भएको आरोपमा ०६१ असार २२ गते प्रहरीले गिरफ्तार गरे। जुलुशका अन्य २ हजार ५ सय सहभागीलाई पनि नियन्त्रणमा लिइएकोमा रिहा गरे।

सिजा क्षेत्रका जनताहरू माओवादीको धम्कीका कारण विस्थापित हुन थालेपछि जुम्ला विमानस्थल नेपालगञ्जका लागि टिकटमा धाँधली गरी सर्वसाधारण जनतालाई टिकट नदिई टाठाबाठालाई मात्र टिकट वितरण गरिएको सम्बन्धमा आवाज उठाउँदा बडकी गाविस-७ का ४७ वर्षीय कर्ण थकाली र ३० वर्षीय दामोदर आचार्यलाई ०६१ साउन १४ गते दिउँसो प्रहरीले सख्त घाइते हुनेगरी कुटपिट गरेको विरोधमा सर्वसाधारणले ऱ्याली आयोजना गरी जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जुम्ला सदरमुकाममा ०६१ भदौ ५ गते माओवादीले दोस्रो पटक आक्रमण गर्दा जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला अदालत र पुनरावेदन अदालतमा आगो लगाई सम्पूर्ण कागजातहरु नष्ट पारे। यसपछिको स्थितिमा जिल्ला अदालतमा ज्यान मुद्दा १ र चोरी मुद्दा १ गरी जम्मा २ वटा मुद्दा दर्ता भए भने पुनरावेदन अदालतमा कुनै पनि मुद्दा दायर भएका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

महत गाविस-३ का ५५ वर्षीय कृष्णबहादुर महत र सोही गाविसका ५९ वर्षीय देवीबहादुर रावलको घरमा ०६१ भदौ ५ गते राति सदरमुकाम आक्रमण गर्न माओवादी टोलीले फर्केपछि घरमा रहेका लत्ता कपडा र भाँडाकुडा लुटे। कृष्णबहादुर महतबाट दुई लाख र देवीबहादुर रावलबाट तीन लाख लुटे। पीडितहरुलाई पूर्व सामन्तीको दर्जा दिँदै घर लुटिएको कुरा माओवादीको एफएमले प्रशारण गरेको थियो।

विस्थापन

माओवादीले बेला-बेलामा संचालन गर्ने अभियान, आमसभा र जुलुशमा जनतालाई जबरजस्ती लैजाने, कुटपिट गर्ने, चन्दा माग्ने तथा जिल्लाबाट गएका सुरक्षाकर्मीले माओवादीको आरोपमा जनतालाई दु:ख दिने जस्ता क्रियाकलापहरु भएपछि मानिसहरु विस्थापित हुने क्रम बढेको छ। यस वर्ष सदरमुकाममा २ सय मानिस विस्थापित भएका छन् भने ३ हजार मानिस जिल्लाबाट बाहिरिएका छन्। जिल्ला प्रशासनको विस्थापन परिचय पत्र लिनेहरुको संख्या १ सय ७ छ। कूल ३ हजार ७ सय जना मानिस विस्थापित भएका छन्। यता मुगुहुँदै सुर्खेततर्फ जाने विस्थापितको संख्या ८ घरका ४५ जना छ। सनिगाउँ गाविस काँडागाउँका १ सय ५९ जना विस्थापितहरुलाई इन्सेक वर्ष पुस्तक प्रतिनिधि र पत्रकार महासंघको पहलमा उनीहरुकै घरमा फर्काइयो।

संरचना/सम्पत्ति क्षति

माओवादीले ०६१ भदौ ५ गते राति सदरमुकाममा आक्रमण गरी जिल्ला कृषि कार्यालय, सरकारी वकिल कार्यालय, जिल्ला मालपोत कार्यालय, जिल्ला अदालत, जिविस, जिप्रका, जिल्ला हुलाक कार्यालय, महत गाविस हेल्थपोष्ट, जिल्ला वनस्पति कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय लगायत्का कार्यालयहरु क्षतिग्रस्त पारे।



माओवादीद्वारा सदरमुकाम आक्रमणको क्रममा क्षति पुऱ्याइएको जिविस कार्यालय

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तातोपानी गाविस-५ का ३५ वर्षीय जनक रावललाई माओवादीलाई खाना खान, बस्न र सामान ढुवानी गरी सहयोग गरेको आरोपमा ०६० पुस १८ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडित हाल रिहा भइसकेका छन्।

महत गाविस-३ का २३ वर्षीय डम्बरबहादुर थापालाई कर्फ्यू आदेश उल्लंघन गरेको आरोपमा ०६० पुस २४ गते गस्तिमा गएको प्रहरीले गिरफ्तार गरी सख्त घाइते हुने गरी कुटपिट गरी बिहान रिहा गरे।

हाँकु गाविस-६ गिडीखोलाका ३० वर्षीय मोतिराम नेपालीलाई माओवादीलाई सञ्चार, खान-बस्न सहयोग गरेका आरोपमा ०६० पुस २५ गते जुम्ला बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी रिहा गरे।

चन्दननाथ गाविस-६ का २३ वर्षीय गजेन्द्र बुढाथापालाई कर्फ्यू आदेश तोडेको आरोपमा ०६० पुस २९ गते जुम्लाबजारको भारतीवाडाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितलाई भोलिपल्ट बिहान रिहा गरे।

तलिहुम गाविस-५ का ३५ वर्षीय कर्णबहादुर धरालालाई माओवादीको जिल्ला जनअदालतको संयोजक भएको आरोपमा ०६० माघ ३ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई तारेखमा रिहा गरे।

हाँकु गाविस-३ का ५१ वर्षीय शिवशंकर न्यौपानेलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६० माघ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भइसके।

हाँकु गाविस-३ का गाविस सचिव ५१ वर्षीय गौरी न्यौपानेलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० माघ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई गाविसको सामान बुझाउनुपर्छ भनी माओवादीले पठाएको पत्र उनको साथबाट भेटाएको अर्को आरोप पनि लगाइएको थियो। पीडित दुई महिनाको तारेखमा रिहा भए।

हाँकु गाविस गौतमवाडाका ३२ वर्षीय पत्रकार केबी जुम्ली (खड्कबहादुर स्वाँर) लाई माओवादीका पत्र गाविस सचिवहरूलाई बाँडेको र "गाविसको रकम शहरमा सखाप" भन्ने शीर्षकमा लेखिएको समाचार छापेको आरोप लगाई ०६० चैत ३२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सैनिक हिरासतपछि ९० दिन जेलमा राखिएको थियो। पीडितलाई असार २५ गते रिहा गरियो।

तलिहुम गाविस-४ का ३९ वर्षीय सुरतबहादुर शाहीलाई माओवादीलाई सहयोग गरेको र सरकार विरोधी गतिविधिमा संलग्न भएको आरोपमा ०६० जेठ १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितले आफू त्यस्तो कार्यमा संलग्न नभएको र अनावश्यक दुःख दिएको बताए।

दुर्गा मावि लाम्राका ४२ वर्षीय शिक्षक बलराम शाहलाई माओवादी गतिविधिमा संलग्न रहेको, चिट्ठी आदान प्रदान गर्ने, खाना खान-बस्न दिनेजस्ता आरोपमा ०६१ जेठ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सोही दिन अन्य २१ जना शिक्षकलाई पनि गिरफ्तार गरिएको थियो। शिक्षक युनियनले व्यापक विरोध गरेपछि सबैलाई तारेखमा रिहा गरियो भने बलराम शाहलाई २ दिनपछि रिहा गरे।

बुमुमडिचौर गाविस-९ का ३७ वर्षीय कमल बुढालाई माओवादीलाई बस्न, खान, सञ्चार र सामान खरिदमा सहयोग गरेको आरोपमा ०६१ जेठ २५ गते जुम्ला खलंगा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ७ दिनपछि रिहा गरे।

लाम्रा गाविस-४ लाम्रा गाउँमा ३० वर्षीय विष्णु भनिने माओवादीका बटालिएन कमाण्डरलाई ०६१ साउन ४ गते जिल्लाबाट गएको सुरक्षाकर्मीको टोलीले भेटाउँदा गिरफ्तार गरे। पीडितलाई सैनिक हिरासतमा राखिएको छ।

महत गाविस-१ पार्वती होटलबाट लाम्रा गाविस-४ लाम्राका ३५ वर्षीय हरि चौलागाईं राति सुतिरहेको अवस्थामा मदिरा सेवन गरी खाई कोठामा जथाभावी गरेको आरोपमा ०६१ साउन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी रातभरी जिप्रका राखिएको थियो। पीडित रिहा भइसके।

महत गाविस-१ का २५ वर्षीय लोकराज डाँगी र २० वर्षीय रामदेवी डाँगी र चन्दननाथपुर गाविस-६ का ४७ वर्षीय शिवलाल डाँगीलाई माओवादीले आक्रमण गर्न आएको अवस्थामा बिरामीलाई औषधी उपचारमा सहयोग गरेको र घरमा शिविर संचालन गर्न दिएको आरोपमा ०६१ भदौ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित रिहा भइसके।

तातोपानी गाविस-५ का ४० वर्षीय नरेन्द्रराज डाँगीलाई माओवादी खाद्य व्यवस्थापन समितिमा रहेको र

सक्रिय माओवादीको आरोपमा ०६१ भदौ ११ गते बिहान उनकै घरवाट गिरफ्तार गरी निर्ममतापूर्वक कुटपिट गरे। पीडितलाई हाल जेलमा राखिएको छ।

डिल्लीचौर गाविस-३ का २८ वर्षीय कालो बोहोरालाई जुम्ला बजारबाट ०६१ भदौ ११ गते माओवादीलाई आवश्यक सामग्रीहरु खरिद गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी हाल रिहा गरे।

महत गाविस-६ का ३७ वर्षीय अमरबहादुर महत र ३० वर्षीय कमला बुढालाई माओवादीको आक्रमणबाट ध्वस्त भएको सदरमुकाम हेर्न गएको बेला हेर्न पाईंदैन भनी ०६१ भदौ ६ गते बिहान प्रहरीले सख्त घाइते हुने गरी कुटपिट गरी गिरफ्तार गरेका थिए। पीडित सर्वसाधारणको पहलमा रिहा भए।

जुम्लाको पश्चिम क्षेत्रका सम्पूर्ण शिक्षक, विद्यार्थी, सर्वसाधारणलाई शान्ति जुलुशमा जान माओवादीले बाध्य बनाई पठाएपछि जिल्ला सदरमुकाम पुग्ने बेलामा सुरक्षाकर्मीले ७ सयमध्ये सबैलाई फकाई २ सय जनालाई गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

हाँकु गाविस-४ का २३ वर्षीय धर्मराज न्यौपानेलाई ०६१ असोज ८ गते जुम्ला बजारमा सामान खरिद गरिरहेको अवस्थामा मिल्ट्री जुत्ता र गजेट २-२ सेट किन खरिद गरिस्, माओवादीलाई दिन होला भनेर सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी २१ दिनछि रिहा गरे। पीडित सर्वसाधारण नागरिक हुन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कर्णाली प्राविधिक शिक्षालय जुम्लाले अपहरित आफ्ना विद्यार्थीहरुलाई मुक्त गराउन माओवादीलाई अपिल गरी पहलका लागि मानवअधिकार संघसंस्था तथा पत्रकारहरुलाई सहयोग गरिदिनका लागि अनुरोध गर्दै ०६१ जेठ ९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरेको थियो।

जिल्ला सदरमुकाम दोस्रो पटक आक्रमण गरेपछि अपहरित प्रहरी तथा सर्वसाधारणहरुको रिहाइको माग गर्दै विभिन्न संघसंस्था तथा पीडित परिवारहरुले रिहाइको लागि माग गरी ०६१ भदौ ६ गते प्रेस विज्ञप्ति प्रकाशित गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

तातोपानी गाविस-७ का ४२ वर्षीय धनकृष्ण न्यौपानेलाई ०६० फागुन १६ गते माओवादीले आम सभामा जानुपर्छ भनी अपहरण गरी वाटोमा कुटपिट सहन नसकी दिसा गर्न जाने निहुँमा पत्तिले नसा काटी आत्महत्या गरेको कुरा सार्वजनिक भयो।

तलिहुम गाविसका ४३ वर्षीय मुनप्रसाद उपाध्यायलाई ०६० फागुन १९ गते खाना खाई रहेको अवस्थामा माओवादी विरोधी गतिविधिमा संलग्न भएको र सुराकीको आरोपमा घरवाट अपहरण गरेकोमा बाटोमा नदीमा हाम फालेर आत्महत्या गरे। पीडित पूर्व गाविस अध्यक्ष हुन्।

४.१३ कालिकोट



जनसंख्या	: ११३०७८
साक्षरता प्रतिशत	: ३१.५
महिला साक्षरता प्रतिशत	: १६.९६
क्षेत्रफल (वर्ग कि. मि.)	: १७४१
गाविस/नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २५६
क्याम्पस/उच्च मा.वि.	: ०/२
अस्पताल/स्वास्थ्य चौकी	: १
टेलिफोन लाइन	: ७
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: १
मानव विकास सूचकांक	: ०.३२२
प्रति परिवार सरदर संख्या	: ६.१२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

खिन गाविस-९ का माओवादी कार्यकर्ता २८ वर्षीय राजेन्द्रको ०६० फागुन ३ गते सुरक्षाकर्मीको हवाई

आक्रमणवाट मृत्यु भयो। सोही दिन माओवादी र सुरक्षाकर्मी वीच दोहोरो भिडन्त भएको थियो।

भर्ता गाविस-८ का २९ वर्षीय डिल्लीवहादुर शाही माओवादीको आरोपमा ०६० कार्तिक १८ गते सर्वसाधारणको रुपमा आएका सुरक्षाकर्मीद्वारा आफ्नो नियन्त्रणमा लिई गोली हानी मारिए। माओवादीद्वारा जवरजस्ती सेन्ट्री वसाइएका शाहीले भरियाको भेषमा आएका सुरक्षाकर्मीसँग माओवादीद्वारा जारी अनुमति पत्र मागेपछि उनलाई नियन्त्रणमा लिएर गोली प्रहार गरिएको थियो। सुरक्षास्रोतले भने यस घटनालाई दोहोरो भिडन्तमा भएको वतायो।

जुविथा गाविस-८ का २० वर्षीय डिल्लीबहादुर शाही, दाँहा गाविस-४ की १२ वर्षीय जयन्ती शाही र छाप्रे गाविस-९ का १८ वर्षीय शान्त विक ०६१ मंसिर १४ गते दाँहा गाविस-१ मा माओवादीद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

गोरखा जिल्ला घर भएका शाही नेपाली सेनाका सहायक सेनानी ३० वर्षीय सुवास थापालाई ०६० फागुन ३ गते माओवादीले गोली हानी हत्या गरे।

भर्ता गाविस-८ का ८ वर्षीय नवीन्द्र विक ०६१ असोज १० गते आफ्नै घर आँगनमा माओवादीले राखेको बम विस्फोट हुँदा मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

कोटवाडा गाविस-३ की ६३ वर्षीय जौकला विष्ट ०६० फागुन ४ गते आफ्नै घर छेउमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले प्रहार गरेको लन्चरवाट गोली लागी घाइते भइन्।

कोटवाडा गाविस-२ की ४८ वर्षीय होइजाली विष्ट, ६० वर्षीय मायासरी विष्ट र ६० वर्षीय सर्पजित विष्ट ०६० फागुन ५ गते आफ्ना घर नजिकै काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीको गोली लागी घाइते भए।

भर्ता गाविस-८ का २९ वर्षीय डिल्लीवहादुर शाहीको सुरक्षाकर्मीद्वारा हत्या गरेपछि मृत शरीरमा सुरक्षाकर्मीले वम राखेको थाहा पाई माओवादी कार्यकर्ता रोशनले ०६१ कार्तिक १८ गते लाश चलाउँदा वम विस्फोट भई रोशनको दायाँ आँखामा गम्भीर चोट लाग्यो।

माओवादीबाट

जिप्रका कालिकोटमा कार्यरत वाँकेका २५ वर्षीय सुमन भुजेल, दैलेखका २७ वर्षीय जयवहादुर मल्ल, प्युठानका २८ वर्षीय शान्ताराम उपाध्याय, बाँकेका २५ वर्षीय रवीन्द्र विसी र २६ वर्षीय अमर बुढा ०६१ जेठ २५ गते माओवादीले विछ्याएको विद्युतीय धराप निस्क्रिय पार्न लाग्दा एक्कासी विस्फोट भई घाइते भए। पीडितहरुलाई उपचारको लागि नेपालगञ्ज लगियो।

लालु गाविस-१ का २७ वर्षीय प्रकाशवहादुर शाही ०६० फागुन २८ गते गस्तिमा गएको क्रममा रुप्सा गाविसको खोलामा माओवादीको विद्युतीय धरापमा परी घाइते भए। पीडितलाई उपचारको लागि नेपालगञ्ज लगियो। पीडितको अवस्था हाल सामान्य छ।

अछाम जिल्ला घर भई कालिकोट जिप्रकामा कार्यरत २७ वर्षीय निरक वस्नेत ०६० फागुन २८ गते माओवादीको विद्युतीय धरापमा परी घाइते भए। पीडितको उपचार नेपालगञ्जमा गरियो। पीडितको अवस्था हाल सामान्य छ।

स्युना गाविस-५ का ५५ वर्षीय नरबहादुर शाहीलाई सुराकीको आरोपमा ०६० फागुन २८ गते माओवादीको विद्युतीय धरापमा पारी घाइते पारे। पीडितको अवस्था हाल सामान्य छ।

भर्ता गाविस-८ का ३५ वर्षीय वल्कोसा विक ०६१ कार्तिक १० गते माओवादीले राखेको वम विस्फोट हुँदा सख्त घाइते भए। पीडितको उपचार माओवादीले नै गरे।

दाहा गाविस-२ राताडावमा ०६१ साउन ४ गते सदरमुकाम मान्माबाट गएको सुरक्षाकर्मीको गस्ति टोलीमाथि लक्षित गरी माओवादीले बम प्रहार गर्दा सुरक्षाकर्मी तेजबहादुर वुढा सख्त घाइते भए। पीडितलाई उपचारको लागि नेपालगञ्ज लगियो।

दोहोरो भिडन्त

कोटवाडा गाविस-१ मा सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा ०६० फागुन ३ गते सुरक्षाकर्मीका तीन जवान माओवादीको गोली लागी घाइते भए। पीडितहरुलाई उपचारको लागि नेपालगञ्ज लगियो।

जेल र बन्दीहरू

०५७ भदौदेखि सुरक्षाका कारण वन्दीलाई नेपालगञ्ज जेलमा सारेपछि अहिले जेलमा कुनै पनि वन्दी छैनन्।

बेपत्ता / अपहरण

माओवादीबाट

थिर्पु गाविस-४ का सरस्वती मावि थिर्पुका प्रधानाध्यापक ३८ वर्षीय पहलसिंह बमलाई माओवादी पीडितको पत्नीलाई तलव खुवाएको आरोपमा ०६० चैत २६

गते आफ्नै घरबाट माओवादीले अहपरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरे।

राम्नाकोट गाविस-५ का ४५ वर्षीय दीपबहादुर बमलाई सदरमुकाम बसेको आरोपमा ०६० चैत २४ गते माओवादीले अपहरण गरे। पीडित ९ दिनपछि माओवादीको कब्जाबाट भागेर सदरमुकाम आए।

थिर्पु गाविस-८ का ३० वर्षीय चैते विकलाई नक्कली माओवादी बनी चोरी गरेको आरोपमा ०६० चैत २६ गते माओवादीले अपहरण गरेकोमा एक हप्तापछि मुक्त गरे।

थिर्पु गाविस-४ का १८ वर्षीय कलबहादुर बमलाई ०६१ वैशाख २३ गते माओवादीले अपहरण गरे। पीडितका दाजुले माओवादी परित्याग गरी प्रशासनसमक्ष आत्मसमर्पण गरेका थिए। पीडितलाई १५ दिनपछि मुक्त गरे।

मान्म गाविस-१ का ५० वर्षीय वीरबहादुर विष्टलाई वडाअध्यक्षमा बसेको भनी ०६१ जेठ ५ गते माओवादीले अपहरण गरे। पीडितलाई ८ महिनापछि मुक्त गरे।

मान्म गाविस-१ का ३० वर्षीय पदमबहादुर विष्टलाई माओवादी प्रतिकार समितिको अध्यक्ष भएको आरोपमा ०६१ जेठ ५ गते माओवादीले अपहरण गरे। पीडितलाई हाल मुक्त गरे।

दाहा गाविस-७ का ३२ वर्षीय हर्षबहादुर शाही, भर्ता गाविस-६ का ३५ वर्षीय गिरीप्रसाद पाण्डे, सोही गाविस-२ का ३० वर्षीय दिलबहादुर शाही, सोही गाविस-१ का ३३ वर्षीय गंगाराम धिताल, नवलपरासी जिल्लाका ४० वर्षीय दुर्गादत्त भट्ट, भर्ता गाविस-२ का ३५ वर्षीय आत्माराम पौडेल, मान्म गाविस-५ का ३२ वर्षीय मीनबहादुर शाही, सोही गाविस-६ का टक्कबहादुर शाही, सोही गाविस-४ का ३८ वर्षीय रामप्रसाद आचार्य, सोही गाविस-५ का नेत्रबहादुर बोहोरा, ठेगाना थाहा नभएका शिक्षक अम्मर ओली, भर्ता गाविस-३ का धर्मदत्त अधिकारीलाई विभिन्न आरोपमा ०६० जेठ २३ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई १२ दिनपछि सशर्त मुक्त गरे।

मुग्राह गाविस-७ का ३० वर्षीय वरेकबहादुर शाही, सुकाटिया गाविस-७ का ३१ वर्षीय धर्मबहादुर शाही, रुद्रपुर गाविस-८ रुपन्देहीका ४० वर्षीय सोमनाथ सापकोटा, सुकाटिया गाविस-९ की ३२ वर्षीय जयरुपा शाही, दाहा गाविस-५ का ३२ वर्षीय अग्रबहादुर शाही, सप्तरीका देवनारायण चौधरी, नानिकोट गाविस-७ का ३६ वर्षीय शंकरबहादुर शाही, फुकोट गाविस-७ का ३७ वर्षीय मनिराज बराल, सिरहाका ५० वर्षीय सूर्यनारायण सिंह, लालु गाविस-५ का ५० वर्षीय कालिबाहन विष्ट, दाहा गाविस-५ का ४२ वर्षीय नरबहादुर शाही, राम्नाकोट गाविस-५ का ३० वर्षीय जय सेजुवाल, मौवाहा गाविस-६ सप्तरीका ३० वर्षीय मोहन साह, लालु गाविस-९ का वजेन्द्र विष्ट, नानिकोट गाविस-७ का ३७ वर्षीय धीरबहादुर शाही, कोखाडा गाविस-६ का ४० वर्षीय शेरबहादुर विष्ट, बाँसगढी, बर्दियाका बोधराज अधिकारी, लालु गाविस-९ का विन्दमान विष्ट र कुमालगाउँ गाविस-८ का जयबहादुर बुढालाई विभिन्न आरोपमा ०६१ जेठ २४ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई एक हप्तापछि मुक्त गरियो।

मान्म गाविस-५ का ५० वर्षीय छत्रबहादुर शाही, ३५ वर्षीय रण खड्का, ३६ वर्षीय चीनबहादुर शाही, ३८ वर्षीय नउलासिंह खड्का, ३२ वर्षीय हर्ष खड्का, २५ वर्षीय मान खड्का, २७ वर्षीय हिक्मतबहादुर शाही, २७ वर्षीय पदमबहादुर शाही, ३० वर्षीय दुर्ग शाही, धीरबहादुर शाही, ३१ वर्षीय धीरबहादुर शाही, ४५ वर्षीय पदम शाही, ५० वर्षीय भोटे दमाई, ३५ वर्षीय प्रदीप दमाई, ४५ वर्षीय जौ दमाई, ३८ वर्षीय धनञ्जय विक, सोही गाविस-४ का १७ वर्षीय वीरेन्द्र शाही, ४० वर्षीय रण शाही, २७ वर्षीय शिरी बराल, १८ वर्षीय नन्द बराल, ३० वर्षीय कैले बराल, २८ वर्षीय भीम बराल, ३२ वर्षीय नवराज शाही, सोही गाविस-५ का २५ वर्षीय दीपराज शाही, सोही गाविस-१ का ५० वर्षीय

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या				२	२			२	५	४	३	७
घाइते				८	१४			१४	५	२	३	५
गिरफ्तारी / यातना									४	२	४	७
कुटपिट	१	१	१	१४	१४			१४	६	७		७
महिलाअधिकार	३	३	३									
बालअधिकार									१		१	१
अपहरण				३०	९१	२	१०५७	११५०				
जम्मा	४	४	४	५४	१२१	२	१०५७	११८०	२१	१६	११	२७

कृष्ण विष्ट, २५ वर्षीय वीरेन्द्र विष्ट, सोही गाविस-८ का ५५ वर्षीय रंगवीर पाण्डे, २६ वर्षीय चक्रवहादुर शाही, २२ वर्षीय नरजंग शाही, ५५ वर्षीय भियाल कामी, १८ वर्षीय लालमौन कामी, २२ वर्षीय सन्तोष कामी, २५ वर्षीय दान विक, सोही गाविस-९ का २२ वर्षीय रामप्रसाद पाण्डे, २८ वर्षीय लक्ष्मी पाण्डे, २८ वर्षीय पुरी पाण्डे, ४० वर्षीय देवी पाण्डे, सोही गाविस-६ का ३८ वर्षीय गुरुप्रसाद आचार्य, २८ वर्षीय नन्द ऋषि आचार्य, २७ वर्षीय पुने आचार्य, ४५ वर्षीय देवीलाल आचार्यलाई माओवादी प्रतिकार समूहको विभिन्न पदमा वसेको आरोपमा ०६१ जेठ २४ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई १० दिनपछि मुक्त गरियो।

थिर्पु गाविस-४ का राप्रपा कार्यकर्ता ३८ वर्षीय तिलकवहादुर बमलाई राजनीतिक प्रतिशोधका कारण ०६१ जेठ १८ गते आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा एक हप्तापछि मुक्त गरे।

दाहाँ गाविस-५ का प्ररायुसंघ जिल्ला कमिटीका पूर्व अध्यक्ष ३७ वर्षीय कमलवहादुर शाहीलाई राजनीतिक प्रतिशोधका कारण ०६१ जेठ १९ गते माओवादीले अपहरण गरेकोमा तीन दिनपछि मुक्त गरे।

वदालकोट गाविस-२ का २० वर्षीय धीरबहादुर शाहीलाई भाइ माओवादीबाट भागेको आरोपमा ०६१ जेठ २१ गते माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

वदालकोट गाविस-२ का भवानी प्रावि जिम्जेडीका शिक्षक ३० वर्षीय सुरेन्द्रबहादुर शाहीलाई माओवादीविरुद्ध विभिन्न समूहमा लागी पैसा खाएको आरोपमा ०६१ जेठ २२ गते माओवादीले अपहरण गरेकोमा ८ दिनपछि मुक्त गरे।

भर्ता गाविस-१ का पूर्व गाविस अध्यक्ष ४० वर्षीय भरत धितालला‍ई राजनीतिक प्रतिशोधका कारण ०६१ जेठ २० गते सोही ठाउँबाट माओवादीले अपहरण गरेकोमा तीन दिनपछि मुक्त गरे।

भर्ता गाविस-२ का गोविन्द रोकाय, सोही गाविस-८ का अलिबहादुर शाही, सुकाटिया गाविस-१ का नैनु शाही, दीपराज शाही, जनक शाही, रामवहादुर शाही, खकेन्द्र विक, ददिराम चौलागाईं, सुकाटिया गाविस-३ का देवीराम सुनार, सोही गाविस-४ का वलवहादुर शाही, सोही गाविस-५ का दीपराज रोकाया, हस्तवहादुर रोकाया, रामवहादुर वोहोरा, विष्णु आचार्य, सोही गाविस-६ का धनवहादुर शाही, मलिकराज शाही, सोही गाविस-८ का ऋषिप्रसाद आचार्य, सोही गाविस-९ का कमलवहादुर शाही, जनक शाही, सोही गाविस-४ का गंगा उपाध्याय, सोही गाविस-३ का दल सुनारलाई माओवादीविरुद्धको संगठनमा सदस्यता लिएको आरोपमा ०६१ जेठ १७ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई १३ दिनपछि मुक्त गरे।

माओवादीद्वारा अपहरण गरिएका कमलबहादुर शाही

मान्म गाविस-५ का २८ वर्षीय बहादुरे टमाटा सहित ७ जनालाई ०६१ भदौ १७ गते माओवादीले अपहरण गरी भदौ १९ गते मुक्त गरे।

मान्म गाविस-५ का ४० वर्षीय विर्के विष्ट सहित ९ जनालाई आफ्नो कार्यक्रममा नजाने गरेको आरोपमा ०६१ भदौ २० गते माओवादीले अपहरण गरे। पीडितहरुलाई भदौ २१ गते दिउँसो मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कोटवाडा गाविस-३ का ५० वर्षीय दया विष्टलाई माओवादीको आरोपमा ०६० फागुन १४ गते गस्तिमा गएको सुरक्षाकर्मीले उनकै घरमा कुटपिट गरे।

गेला गाविस घर भई हाल विस्थापन भई सदरमुकाममा बसेका राजेन्द्र थापालाई ०६१ असार २२ गते प्रहरीले कुटपिट गरी हिरासतमा राखे। पीडितलाई केही घण्टापछि रिहा गरियो।

पाँखा गाविस-४ घर भई हाल सदरमुकाममा बस्दै आएका २८ वर्षीय सयरुप मल्ल र २० वर्षीय विष्णुबहादुर मल्ललाई माओवादीसँग मिलेको आरोपमा ०६१ कार्तिक ७ गते शाही नेपाली सेनाका जवानले कानको जाली फुट्नेगरी कुटपिट गरे।

जिप्रका कालिकोटमा कार्यरत धीरवहादुर चन्दलाई सादा पोशाकमा आएका सेनाका जवानले नियन्त्रणमा लिएको आरोपमा ०६१ कार्तिक २ गते हतियारसहित भवानीबक्स गण तादिका सैनिक जवानले कुटपिट गरी सख्त घाइते बनाए। पीडितको उपचार नेपालगञ्जमा गरियो। पीडितको अवस्था हाल सामान्य छ।

जुम्ला जिल्ला घर भई कालिकोट जिप्रकामा भान्सेको रुपमा कार्यरत दलवहादुर बुढालाई आफूलाई नटेरेको आरोपमा ०६१ कार्तिक २८ गते शाही नेपाली सेनाले बन्दुकको कून्दाले मुखभित्र घोच्नुकासाथै कान फुटालिदिए। पीडितलाई उपचारार्थ नेपालगञ्ज लगियो। पीडितको अवस्था हाल सामान्य छ।

माओवादीबाट

थिर्पु गाविस-४ का ४८ वर्षीय पटकवहादुर बमलाई छोरालाई

प्रशासनसमक्ष आत्मसमर्पण गराएको भनी ०६१ वैशाख २३ गते माओवादीले कुटपिट गरे।

मान्म गाविस-९ का ५० वर्षीय चैते कामीलाई राति अपहरण गर्ने समयमा सुरक्षाकर्मीलाई बोलाएको भनी ०६१ जेठ २४ गते माओवादीले कुटपिट गर्दा आँखामा गम्भीर चोट लाग्यो।

भर्ता गाविस-६ का ३५ वर्षीय गिरी पाण्डेलाई माओवादी प्रतिकार समूह (पारस) दलको सदस्य बनेको आरोपमा ०६१ जेठ २६ गते माओवादीले कुटपिट गरे।

मान्म गाविस-६ का सालडाँडा प्रावि शिक्षक ४० वर्षीय लक्ष्मीप्रसाद आचार्यलाई माओवादी प्रतिकार समूहको पैसा खाएको भन्ने आरोपमा ०६१ जेठ २७ गते जुम्लाको पातरखोला भन्ने ठाउँमा माओवादीले कुटपिट गरे।

सिरहा जिल्ला घर भई हाल श्री सरस्वती मावि भिट्टा नानिकोटमा कार्यरत शिक्षक सूर्यनारायण सिंहलाई चन्दा नदिएको आरोपमा ०६१ असार २ गते माओवादले कुटपिट गरे।

सप्तरी जिल्ला घर भई हाल पञ्चदेवल मावि मेहलमुडामा कार्यरत शिक्षक देवनारायण चौधरीलाई टिभिमा माओवादी विरुद्ध अन्तर्वार्ता दिएको आरोपमा ०६१ असार ५ गते माओवादीले कुटपिट गरे।

लाल गाविस-५ का नन्दादेवी माविका प्रधानाध्यापक ५० वर्षीय कालिबहादुर विष्टलाई चन्दा नदिएको आरोपमा ०६१ असार ८ गते माओवादीले कुटपिट गरे।

फुकोट गासिव-७ का बोडेमालिका माविका शिक्षक ३२ वर्षीय मनिराज बराललाई माओवादीविरुद्ध सञ्चालित (पारस) दलको सदस्य बनेको भन्ने आरोपमा ०६१ असार १० गते माओवादीले कुटपिट गरे।

राम्नाकोट गाविस-५ का ज्ञानोदय माविका शिक्षक ३० वर्षीय जय सेजुवाललाई ०६१ असार १५ गते, लालु गाविस-९ का ४० वर्षीय विन्दमान विष्टलाई ०६१ जेठ ३० गते, मान्म गाविस-५ का रेडिक्रस जिल्ला शाखाका सदस्य ५० वर्षीय छत्रबहादुर शाहीलाई ०६१ जेठ २४ गते, मान्म गाविस-५ का ३५ वर्षीय रन खड्कालाई ०६१ जेठ २६ गते, मान्म गाविस-५ का ३८ वर्षीय नउलासिंह खड्कालाई ०६१ जेठ २७ गते, मान्म गासिव-५ का जिविस कालिकोटका पियन ३२ वर्षीय हर्ष खड्कालाई ०६१ असार ३ गते, मान्म गाविस-५ का २५ वर्षीय मानबहादुर खड्कालाई ०६१ जेठ २८ गते, सोही ठाउँका २७ वर्षीय हिक्मतबहादुर शाहीलाई ०६१ जेठ २९ गते, सोही ठाउँका पूर्व प्रहरी २७ वर्षीय पदमबहादुर शाहीलाई ०६१ जेठ ३१ गते जुम्ला जिल्लाको पातर खोला भन्ने ठाउँमा, मान्म गाविस-५ का प्राविधिक पदमा कार्यरत ३० वर्षीय धीरबहादुर शाहीलाई ०६१ जेठ ३० गते, सोही ठाउँका ५० वर्षीय भोटे दमाईलाई ०६१ असार २१ गते, सोही ठाउँका ३५ वर्षीय प्रदिप दमाइलाई ०६१ असार ३ गते माओवादीले विभिन्न आरोप लगाई कुटपिट गरे।

मान्म गाविस-५ का ४५ वर्षीय जौ दमाईलाई ०६१ असार १ गते, सोही ठाउँका ३८ वर्षीय धनजय विकलाई ०६१ असार ४ गते, सोही गाविस-४ का १७ वर्षीय वीरेन्द्र शाही, ४० वर्षीय रन शाही, २७ वर्षीय शिरी बराल, १८ वर्षीय नन्द बराल, ३० वर्षीय कैले बराल र २८ वर्षीय भीम बराललाई ०६१ असार ५ गते, सोही गाविस-८ का मानवअधिकार संस्था हुरेन्डेकका सामाजिक परिचालक २५ वर्षीय दानबहादुर विकलाई ०६१ असार ४ गते, बर्दिया बाँसगढी घर भई हाल जनप्रभात निमावि माल्कोटका शिक्षक ३५ वर्षीय बोधराज अधिकारीलाई ०६१ असार ९ गते, लालु गाविस-९ का ३५ वर्षीय बजेन्द्र विष्टलाई ०६१ असार ११ गते, रुपन्देही जिल्ला घर भई श्री कालासिला निमावि कुमालगाउँमा शिक्षक ४० वर्षीय सोमनाथ सापकोटालाई ०६१ असार १० गते, कुमालगाउँ गाविस-८ का कालासिला निमाविका शिक्षक ३८ वर्षीय जयबहादुर बुढालाई ०६१ असार १३ गते, बदालकोट गाविस-२ का भवानी प्रावि जिम्जेडीका शिक्षक ३० वर्षीय सुरेन्द्रबहादुर शाहीलाई ०६१ असार १५ गते, मौबाहा गाविस-६ सप्तरीका ३५ वर्षीय मोहन साहलाई ०६१ असार १७ गते, नानीकोट गाविस-७ का ३७ वर्षीय धीरबहादुर शाहीलाई ०६१ असार १४ गते माओवादीले विभिन्न आरोप लगाई कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

इन्सेकको सहयोगमा शान्तिका लागि कर्णाली दौड कार्यक्रममा जुट्नु भएका शान्तिका लागि कर्णाली दौडका धावक लालबहादुरलाई इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि र हुरेन्डेकको संयुक्त आयोजनामा स्वागत कार्यक्रमको गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यस जिल्लाका अदालतमा जम्मा १८ वटा मुद्दा दर्ता भए। जस्मा देवानी ५, सरकारवादी १२, संक्षिप्त १ छन् भने ३ वटा फर्स्योट भएका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

कोटवाडा गाविस-३ का २८ वर्षीय मानबहादुर विष्टको घर ०६० फागुन ६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा आगो लगाए।

कोटवाडा गाविस-३ का ५० वर्षीय कले विष्टको

घर माओवादीको आरोपमा ०६० फागुन ५ गते सुरक्षाकर्मीले माओवादीको सामान राखेको भनी आगो लगाए।

कोटवाडा गाविस-३ का जोखे विष्टको घर माओवादीको सहयोगी भन्ने आरोपमा ०६० फागुन १४ गते सुरक्षाकर्मीले आगो लगाए।

कोटवाडा गाविस-३ का ३५ वर्षीय रणवहादुर विष्टको घर र सोही गाविस-२ का ३८ वर्षीय दण्ड विष्टको घर माओवादीको आरोपमा ०६० फागुन ४ गते सुरक्षाकर्मीले आगो लगाए।

राकमस्थित गस्तिमा कालिकोटको कोठवाडावाट गस्तिमा गएको सुरक्षाकर्मीले ०६० फागुन ५ गते माओवादीद्वारा निर्माण गरिएका कोटवाडा गाउँका ६ वटा घरमा आगो लगाए। उक्त घरहरु सर्वसाधारणका र माओवादीको सहयोगमा निर्माण गरिएका थिए।

कोटवाडा गाविस-३ का ५० वर्षीय कृष्ण विष्टको घर माओवादीको आरोपमा ०६० फागुन ४ गते सुरक्षाकर्मीले आगो लगाए।

विस्थापन

सशस्त्र द्वन्द्वका कारण पाँखा गाविस-४ घर भएका ६० वर्षीय भद्रे सार्की वालवच्चा सहित १२ जना परिवार ०६१ असार ३ गतेदेखि सदरमुकाममा विस्थापित भए। पीडितलाई कुनै धम्की नदिएको र विस्थापित सार्कीलाई माओवादीले घर फर्कन हाल आह्वान गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जुविथा गाविस-७ का ३० वर्षीय कलमबहादुर शाहीलाई भलिवल खेलमा धाधली गरी प्रहरीसँग प्रतिरोध गरेको आरोपमा ०६१ असार २२ गते प्रहरीले जिविस प्राङ्गनमा गिरफ्तार गरे। पीडितहरुलाई केही समयपछि रिहा गरियो।

राम्नाकोट गाविस-८ का ३० वर्षीय तुलाराज कठायतलाई माओवादीको आरोपमा ०६१ जेठ १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितले विभिन्न किसिमको कागजी नोट र सिक्काहरु वोकेर सदरमुकाम आएका थिए।

दाहा गाविस-३ की १३ वर्षीय वसन्ती शाही, १६ वर्षीय वेलकोशा विक, छप्रे गाविसकी १५ वर्षीय जन्पुरा चौलागाई, दाँहा गाविस-४ का ११ वर्षीय भक्तवहादुर शाही, सोही ठाउँकी १२ वर्षीय केस्मता शाहीलाई माओवादीको आरोपमा ०६१ मंसिर १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पत्रकार र मानवअधिकारकर्मीको रोहवरमा रिहा गरे।

बालअधिकार

दाँहा गाविस-५ घर भई हाल मान्मामा वस्दै आएकी ११ वर्षीय सुशीला शाहीलाई जिप्रका कालिकोटका इन्स्पेक्टरले ०६१ कार्तिक १० गते कपाल समाती कुट्दै जिप्रकामा पुऱ्याई तीन घण्टा नियन्त्रणमा राखे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

ताडी गाविस-९ मान्मकी २० वर्षीय एक महिलालाई ०६० फागुन २० गते बदालकोट गाविस-२ का २० वर्षीय धीरबहादुर शाहीले सियाला भन्ने ठाउँमा बलात्कार प्रयास गरे।

जिप्रका कालिकोटमा कार्यरत २८ वर्षीय हरिलाल थापाले ०६१ साउन ४ गते चिलखाया गाविस-४ घर भई हाल सदरमुकाम मान्मा बस्दै आएका २० वर्षीय ६ महिनाको गर्भवती एक महिलालाई मदिरा सेवन गरी बलात्कार प्रयास गरे।

दूर्व्यवहार

दाङ जिल्ला घर भई हाल कालिकोट राष्ट्रिय अनुसन्धान कार्यालयमा कार्यरत सई ३३ वर्षीय शिवशंकर कार्कीले ०६१ वैशाख ५ गते लालु गाविस-१ की एक महिलालाई मदिरा सेवन गरी अश्लील व्यवहार गरी वेइज्जत गरे। पीडकलाई सार्वजनिकरुपमा माफी माग्न लगाइएको थियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राज्य तथा माओवादी पक्षवाट व्यापक मानवअधिकार उल्लंघनका घटना बढेको कारण दुवै पक्षलाई मानवअधिकारको पालना गर्न ध्यानाकर्षण गराउँदै जिल्ला स्थित सम्पूर्ण गैरसरकारी संघसंस्थाले ०६१ असोज ६ गते एक सार्वजनिक विज्ञप्ति प्रकाशित गरे।

संरचना/सम्पत्ति क्षति

भर्ता गाविस र मान्म गाविसको वीचमा पर्ने राराघाट पुल माओवादीले बीचको आधा भाग क्षतिग्रस्त पारेका छन्। सदरमुकाममा अवस्थित नयाँ जिविस भवन माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष पाँख गाविस-४ का २८ वर्षीय जसे

लोहारको रुखमा दाउरा काट्न जाँदा ०६० पुस ३० गते रुखवाट खसेर मृत्यु भयो।

विगतको अनुगमन

मानवअधिकार वर्ष पुस्तक २००४ मा प्रकाशित पाँखा गाविस-८ का तिलवहादुर शाहीको फोटो क्याप्सनमा माओवादीद्वारा हत्या गरिएको भनी प्रकाशित भएकोमा सच्चाइएको छ। माओवादी वा अपहरण पनि नपरेको र हत्या पनि नभएकोमा माओवादीद्वारा हत्या गरिएका तिलबहादुर शाही पर्न गएकोले सच्चाइएको छ।

४.१४ मुगु



जनसंख्या	: ४७३५४
साक्षरता प्रतिशत	: २७.७९
महिला साक्षरता प्रतिशत	: ९.१९
क्षेत्रफल (वर्ग कि. मि.)	: ३५३५
गाविस/नपा संख्या	: २४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १२४
क्याम्पस/उच्च मा.वि.	: ०/२
अस्पताल/स्वास्थ्य चौकी	: १/२५
टेलिफोन लाइन	: १३
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: २
मानव विकास सूचकांक	: ०.३०४
प्रति परिवार सरदर संख्या	: ५.७३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

हुम्ला जिल्ला वरगाउँ गाविस घर भएका माओवादीका जिल्ला कमिटी सदस्य मेहम्बर भनिने नर्वुछिरिङ लामा, मुगु जिल्ला कोटडाँडा गाविसका माओवादी इलाका कमिटी सदस्य प्रवेश भनिने महेश कार्की, रोवा गाविस-७ का परिवर्तन भनिने भीमसेन वुढा र पुलु गाविस रिउसका मिलन भनिने कार्मा छिरिङ लामा ०६१ मंसिर २६ गते माग्री गाविसमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

रारा गाविस-९ मुर्माका २८ वर्षीय धनराज रोकायालाई आफ्नो पार्टीविरुद्ध सुराकी गरेको भनी ०६० फागुन २८ गते दिउँसो घरको काम गरिरहेको अवस्थामा माओवादीका तीन जना कार्यकर्ताले तपाईसँग केही कुरा छ भनी अपहरण गरे। पीडितलाई ०६१ जेठ २ गते बाजुरा जिल्लाको सीमाना नजिक झुगला पुलमा पुऱ्याई दुवै हातखुट्टा काटेर गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

पिना गाविसको पिना गाउँमा ०६१ असोज १४ गते कार्कीवाडा गाविसका तीन जनालाई माओवादीले अपहरण गरेपछि अपहरणमा परेकालाई मुक्त गर्न गएका सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा माओवादी कार्यकर्ता धर्मेन्द्र भनिने दानबहादुर बानियाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

माओवादीद्वारा सदरमुकाम गमगढीमा ०६१ कार्तिक १५ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा माओवादी कार्यकर्ता नवीन भनिने मदन कार्कीको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

कार्कीवाडा गाविस-६ का ३६ वर्षीय लालवहादुर भामलाई अपहरित बाबुलाई मुक्त गराउन सुरक्षाकर्मी लगाएको र प्रहरीको ठेक्कापट्टा लिएको आरोपमा ०६१ कार्तिक १५ गते सुतिरहेको अवस्थामा माओवादीले हानेको गोली हानी देब्रे हातमा लागी घाइते भए। पीडितलाई उपचारको लागि नेपालगञ्ज लगियो।

शाही नेपाली सेनाको मुगुस्थित कालिदल गुल्म नजिक रारा गाविसको माँझ घट्टमा आगलागी भएपछि आगो निभाउन गएको सुरक्षा गस्तिलाई लक्षित गरी ०६० चैत १४ गते माओवादीले थापेको विद्युतीय धरापमा परी सुरक्षा

गस्तिका कमान्डर असई सुरज बानियाँ दाहिने हातमा विद्युतीय धरापको छर्रा लागी घाइते भए।

दोहोरो भिडन्त

रारा गाविस-८ का १९ वर्षीय दंगाली रोकायाको आफ्नो गाउँ भन्दा तल मायकघट्ट भन्ने ठाउँमा ०६१ मंसिर ६ गते सुतिरहेको अवस्थामा सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा गोली लागी देब्रे खुट्टा भाँचियो। पीडितलाई उपचारको लागि नेपालगञ्ज लगियो।

पिना गाविस-४ का ३० वर्षीय लक्ष्मी देवी बम र उनकै एक वर्षीय छोरा दिनेश बमको ०६१ कार्तिक १४ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा माओवादीको बमको छर्रा आमाको देब्रे हात र छोराको दाहिने खुट्टामा लागी घाइते भए। पीडितहरुलाई उपचारार्थ नेपालगञ्ज लगियो।

जेल र बन्दी

कूल १५ जनाको क्षमता भएको 'घ' श्रेणीको जेल यस वर्ष जिल्ला सिंचाई कार्यालयको भवन अवस्थित भए पनि बन्दी विहीन छ।

बेपत्ता / अपहरण

माओवादीबाट

श्रीनगर गाविसका जिविसमा कार्यरत सबओभरसियर २८ वर्षीय विष्णुभक्त हितान र रोवा गाविस घर भई माग्री गाविसका गाविस सचिव ४७ वर्षीय धनबहादुर रोकायालाई माग्री गाविसको छायल गाउँको पेल्ट्रिक सेट जडान गर्न गएको अवस्थामा आफ्नो स्वीकृती नलिई किन काम गरेको भनी ०६० चैत ६ गते छायल गाउँबाट माओवादीले अपहरण गरे। पीडितलाई १० दिनसम्म आफ्नो कब्जामा राखी माग्रीगाउँमा चर्पी बनाउने काम लगाई आइन्दा गाविसको काम गर्दा आफ्नो अनुमति लिएर गर्नु भन्ने चेतावनी दिई मुक्त गरे।

रारा गाविस-४ का ४० वर्षीय जंग रोकाया, ३६ वर्षीय कर्णबहादुर रावल र ४५ वर्षीय जनक कार्कीलाई सुराकीको आरोपमा ०६१ वैशाख २७ गते माओवादीले अपहरण गरी वैशाख ३० गते मुक्त गरे।

सुकाढिक गाविस-५ का ५० वर्षीय रुपशिला रोकायालाई गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार २८ गते बुबा विरामी भएकोले बाजुरा जिल्लाको वाई गाविस गएको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई दुई महिनापछि मुक्त गरे पनि हाल सदरमुकाम आउन प्रतिबन्ध लगाइएको छ।

श्रीनगर गाविस-२ का ५० वर्षीय नरवीर दमाई, ४० वर्षीय पानसिंह दमाई, २२ वर्षीय सिद्ध नेपालीलाई मादक पदार्थ सेवन गरी माओवादीलाई गाली गरेको आरोपमा ०६१ कार्तिक ३ गते घरबाटै माओवादीले अपहरण गरी कार्तिक ६ गते मुक्त गरे।

कार्कीवाडा गाविस-६ का मक्क भाम, ४० वर्षीय हरि रोकाया र कार्कीवाडा गाविस-२ का ४५ वर्षीय बोचे महतरालाई ०६१ असोज १३ गते माओवादीले अपहरण गरी असोज १४ गते सुरक्षाकर्मीले मुक्त गराए।

पिना गाविस-९ का जिल्ला अदालतमा कार्यरत ५५ वर्षीय भीमबहादुर शाहीलाई ०६१ पुस १४ गते आफ्नो ससुराली घर कालिकोट जिल्ला धौलागाह गाविसबाट फर्किने क्रममा जुम्ला जिल्ला बोतामालिकाबाट माओवादीले अपहरण गरे। पीडित माओवादीको कब्जाबाट चार दिनपछि भागेर आए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					१	१		१	३	६		६
घाइते	१	१		१	३	३	१	४				
गिरफ्तारी / यातना									२१	४९		४९
कुटपिट	२	५		५	२०	२८	२	३०	२७	२९	१	३०
धम्की					१८	३१	३	३४	१	१		१
महिलाअधिकार	२		२	२								
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					९	१०	२	१२				
अपहरण					१०	१९	१	२०				
जम्मा	५	६	२	८	६१	९३	९	१०१	५२	८५	१	८६

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कार्कीवाडा गाविस-२ का १८ वर्षीय धनप्रसाद भामलाई ०६० फागुन १२ गते दिउँसो गाई गोरु चराइरहेको अवस्थामा "हिजो बम विस्फोट गराउन तँ पनि गएको थिइस्" भनी सुरक्षाकर्मीले मुक्का र लात्तीले हानी हतकडी लगाउने धम्की दिए।

कार्कीवाडा गाविस-८ का २१ वर्षीय कृष्ण कार्कीलाई ०६० फागुन ३ गते भैंसी चराइरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे।

कार्कीवाडा गाविस-३ का २६ वर्षीय एकमाया रावललाई ०६० फागुन १८ गते दिउँसो घरमा बसिरहेको अवस्थामा "तेरो पति कहाँ छ" भनी सोध्दा आफूलाई थाहा नभएको बताएपछि सुरक्षाकर्मीले कुटपिट गरे। पीडितका पति एक वर्ष नै माओवादी परित्याग गरी हालसम्म सम्पर्क विहीन छन्।

रोवा गाविस-७ का चंखेली मानवअधिकार शिक्षा रेडियो श्रोता क्लवका अध्यक्ष ३५ वर्षीय ज्ञानसिंह बुढालाई आफ्नो खेतमा जोतिरहेको अवस्थामा ०६१ कार्तिक २३ गते 'अघि दौड्ने तैं होइनस्" भनी सुरक्षाकर्मीले बन्दुकको कून्दा र लात्तीले कुटपिट गरे।

रोवा गाविस-८ का २२ वर्षीय लोकबहादुर विकलाई ०६१ कार्तिक २३ गते आफ्नो फुपुको घरबाट सदरमुकाम आउँदै गरेको अवस्थामा सैनिक क्याम्पनजिक परिचयपत्र देखाउँदा "यस्ता परिचयपत्र दुनियाँको हुन्छ" भनी सुरक्षाकर्मीले लात्ती र बन्दुकको कून्दाप्रहार गरी कुटपिट गरे।

माओवादीबाट

चैना गाविस-४ का ३५ वर्षीय कमला थापाको पति नन्दुजैसी गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ जेठ १६ गते माओवादीले घर लुटी गाउँ छोड्न धम्की दिए।

रारा गाविस-४ का ५५ वर्षीय रड्कबहादुर रावललाई चन्दा नदिएको आरोपमा ०६१ असार २२ गते माओवादीले कुटपिट गरी हात भाँचे।

माओवादीद्वारा अपहरण गरिएका बोचे महतरा र मक्क भाम

गम्था गाविस-७ का बिजुली शाहलाई छोरालाई सशस्त्र प्रहरीको असईमा भर्ना गराएको र छोरीलाई आईएनजीओमा जागिर खुवाएको आरोपमा ०६१ असार २४ गते माओवादीले घर लुटी घरमा नवस्न धम्की दिए।

पुलु गाविसका २८ वर्षीय छिरिङ फोन्जोक लामालाई ०६१ वैशाख ५ गते रोवा गाविस-८ लुम्समा माओवादीले कुटपिट गरी सोही गाविस-९ कम्फागाउँमा ७ घण्टासम्म भेडा थुन्ने खोरभित्र राखी मुक्त गरे।

कार्कीवाडा गाविस-३ का २४ वर्षीय हस्तबहादुर भाम र २६ वर्षीय नरबहादुर रावललाई तास खेलेको भनी ०६१ असार १६ गते माओवादीले हात बाँधी कुटपिट गरे।

रुघा गाविस-४ का ४६ वर्षीय रुपसिंह लावड र सोही गाविस-३ का ४८ वर्षीय भक्तिराम बोहोरालाई वडाध्यक्षमा मनोनित भएको आरोपमा कुटपिट गरी राजीनामा दिन चेतावनी दिए।

पिना गाविस कोटिलाका २५ वर्षीय जय कुलाललाई आत्मसमर्पण गरेको आरोपमा ०६१ वैशाख २० गते माओवादीले सोही गाउँका शिक्षक अंखलाल कुलालको घरमा कुटपिट गरे।

श्रीकोट गाविस-५ का ३१ वर्षीय जौमती रावललाई पति गाविस उपाध्यक्षमा मनोनित भएको र पतिलाई घर बोलाउन नमानेको आरोपमा ०६१ साउन ५ गते माओवादीले मुसल लगाई कुटपिट गरे। पीडित १५ दिनसम्म बाहिर आउन सकिनन्।

पिना गाविस-१ का ७० वर्षीय लालवीरे कामीलाई माओवादीविरुद्ध सुरक्षाकर्मीलाई जानकारी दिई सुराकी गरेको आरोपमा ०६१ भदौ १ गते माओवादीले कुटपिट गरे। पीडितको एक महिनापछि मृत्यु भयो।

सेरी गाविस-२ का १६ वर्षीय वाचु बुढालाई जनमिलिसियामा राखेपछि तालिम गर्न नजानेको आरोपमा ०६१ असोज २९ गते माओवादीले लाठी र लात्तीले कुटपिट गरे। पीडित भागेर सदरमुकाम आइपुगे।

सेरी गाविस-२ का ५१ वर्षीय नरिवान बुढालाई भागेर सदरमुकाम गएका परिवारको गाई-गोरु चराएको आरोपमा ०६१ असोज ११ गते माओवादीले मुसल लगाई कुटपिट गरे।

कालै गाविस-५ का २२ वर्षीय ताराचन्द्र चौलागाईं, २४ वर्षीय रामकृष्ण चौलागाई, २६ वर्षीय भक्ति चौलागाई, २३ वर्षीय मानबहादुर शाहीले माओवादी तर्साउन टेन्टी पड्काएको, झोला खोसेको र २३ वर्षीय लोकबहादुर शाहीले सदरमुकाम गमगढी आउँदा सिफारिस नलिएको आरोपमा माओवादीले हात पछाडि बाँधी लाठी

प्रहार गर्दैकुटपिट गरे। पीडित भागेर चार दिनपछि सदरमुकाम गमगढी पुगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतका न्यायाधीशले सर्वोच्च अदालतमा काजमा बसेका कारण गत वर्षका बाँकी १२ र यो वर्षका २ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्लाका २४ गाविसका ४ सय ४३ जना अशक्त, बृद्ध, ६ सय १८ जना विधुवा, ५६ जना अपांगले पाउनुपर्ने रकम आर्थिक वर्ष ०५९/६० देखि हालसम्म पाएका छैनन्।

विस्थापन

जुम्ला जिल्ला विराट गाविस-२ का ३५ घरका १ सय ९० जना परिवारलाई आफ्नो पार्टीकोविरुद्ध आवाज उठाएको र पूर्णकालीन कार्यकर्ता नहुने भनेपछि ०६१ भदौ २० गते माओवादीले गाउँ निकाला गरे। यसैगरी भदौ २४ गते सोही जिल्ला कनकासुन्दरी गाविस-१ का ३७, धापा गाविस-४ का १६ परिवारलाई माओवादीले गाउँ निकाला गरी मुगु जिल्लाको गमगढी आइपुगेपछि असोज १८ गते इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधिको पहलमा पुनर्स्थापना गरियो।

मगसेरी गाविस-२ का ६ घरका ३६ परिवारलाई माओवादीले अनिवार्य पूर्णकालीन कार्यकर्ता हुने दवाव दिएपछि ०६१ असोज १० गते भागी सदरमुकाम गमगढी आए। पीडितहरु हाल विस्थापित भई नेपालगञ्जमा वसेका छन्।

यो वर्ष जिल्लाका २४ गाविसबाट ९६ जना सदरमुकाम गमगढी र अन्यत्र विस्थापित भई बसेका छन्।

आर्थिक अधिकार

पुलु गाविस-८ का ४० वर्षीय गरु छवाङ तामाङलाई गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार २९ गते माओवादीले घरको सम्पूर्ण धनमाल आफ्नो कव्जामा लिई घर छाड्ने धम्की दिए।

रुगा गाविस-३ का ५० वर्षीय पुरीलाल सावदलाई र रोवा गाविसका ३६ वर्षीय रामबहादुरलाई. गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ साउन २ गते माओवादीले धनमाल लुट्नुका साथै गाउँ छाड्न धम्की दिए।

श्रीकोट गाविस-२ का ३८ वर्षीय खड्कबहादुर शाही राजनीतिक विचार फरक र भाइ दीपवहादुर शाही जिविस सदस्यमा मनोनित भएको आरोपमा ०६१ असार १ गते माओवादीले घर लुटे।

माग्री गाविस-७ का ४८ वर्षीय छिरिङ क्याप्ने लामालाई जिविस सभापतिमा मनोनित भएको आरोपमा ०६१ असार २५ गते, सुराढक गाविस-१ का शिक्षक ४३ वर्षीय कविराज कार्कीलाई सुरक्षाकर्मीलाई सहयोग गरेको आरोपमा ०५९ साउन २५ गते, जिमा गाविस-५ का ४५ वर्षीय लोकबादुर शाहीलाई राजनीतिक विचार फरक भएको आरोपमा ०६१ असार २२ गते, रारा गाविस-१ का दानवहादुर शाहीलाई गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार २७ गते, माग्री गाविस-७ का पेमा लुण्डुप लामालाई राजनीतिक विचार फरक भएको आरोपमा ०६१ असार २५ गते, जिमा गाविस-१ का ४९ वर्षीय कर्ण सिंह बुढालाई गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार २२ गते, सेरी गाविस-९ का ४६ वर्षीय सिंहबहादुर मल्ललाई गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार २३ गते, श्रीकोट गाविस-१ का ३२ वर्षीय गोकर्ण शाहीको भाइलाई गाविस अध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार १ गते, सुराढीक गाविस-१ का ५० वर्षीय छविलाल कार्कीलाई जिविस सदस्यमा मनोनित भएको आरोपमा ०६१ असार २२ गते, सुकाढीक गाविस-५ का ५५ वर्षीय रामलाल रोकायलाई पत्नी गाविस उपाध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार २३ गते र सेरी गाविस-२ का ४० वर्षीय रणचन्द्र बुढालाई गाविस उपाध्यक्षमा मनोनित भएको आरोपमा ०६१ असार १ गते माओवादीले गाउँ छोड्न धम्की दिनुका साथै घरमा लुटपाट गरे।

खमाले गाविस-६ का एमालेवाट निर्वाचित गाविस अध्यक्ष ६० वर्षीय रत्नलाल बुढाका ५ परिवार, सोही गाविस-६ का ७१ वर्षीय हरिलाल बुढाका ६ परिवार, सोही ठाउँका ३० वर्षीय सेतु वढाका तीन परिवार र सोही गाविस-६ का २६ वर्षीय डिलबहादुर बुढाका तीन जनाको परिवारलाई राजनीतिक विचार फरक भएको आरोपमा ०६१ साउन २८ गते माओवादीले गाउँ निकाला गरे।

पिना गाविस-३ का २१ वर्षीय प्रेमबहादुर शाही र २१ वर्षीय सुरेश शाहीलाई ०६१ साउन ६ गते परीक्षाको फारम भर्न जुम्ला गएको वेला माओवादीले विना कारण कुटपिट गरी घर फर्कन लगाए।

कार्कीवाडा गाविस-३ का ३० वर्षीय सूर्यबहादुर रावलको ०६१ साउन १८ गते विभिन्न संघसंस्थावाट व्यक्तिगत स्वार्थ पूरा गरेको र विमानस्थलमा सुरक्षाकर्मीलाई खाना खुवाउने गरेको आरोपमा माओवादीले सोलार, टिभी, कुकर, लत्ताकपडा लुटे।

जुम्ला जिल्ला वोतामालिका गाविस-१ का ५८

वर्षीय हरिचन्द्र, ४० वर्षीय लालबहादुर रावल, ४२ वर्षीय वीरबहादुर रावल, ४६ वर्षीय पुरिलाल रावललाई माओवादीमा प्रवेश गराउने भनी नमानेको आरोपमा ०६१ साउन २६ गते माओवादीले घरजग्गा आफ्नो नियन्त्रणमा लिई गाउँ निकाला गरे।

जुम्ला जिल्ला डिल्लीचौरका २८ वर्षीय भरत बुडाथापा, ३० वर्षीय चन्द्र अधिकारी, २६ वर्षीय डिल्लीराज अधिकारी, ३६ वर्षीय कत्र बुढाथापा र ३२ वर्षीय कत्र नेपालीलाई आफ्नो अनुमतिविना यार्सागुम्वा खोज्न गएको भनी माओवादीले कुटपिट गरी यार्सागुम्वा जफत पनि गरे।

मुगु जिल्ला युएमएन क्लस्टरमा कार्यरत फिलल्याण्डकी ४५ वर्षीय क्रिस्टी क्रियाभाइननबाट ०६१ असोज १५ गते माओवादीले नगद ५० हजार, मोवाइल सेट, स्लिपिङ ब्याग, थापा बोर्डिङ स्कुलकी शिक्षिका सुमित्रा थापाबाट ९ हजार र शिक्षिका प्रनिता खनालबाट ५ हजार रुपैयाँ माओवादीले लुटे।

जुम्ला जिल्ला पटमारा गाविसका ४० वर्षीय जिपराज बुढा, ३५ वर्षीय जंगबहादुर बुढा, ३९ वर्षीय हर्कबहादुर बुढालाई ०६१ असोज ८ गते नाकाबन्दीमा सामान ढुवानी गरेको आरोपमा २ लाख रुपैयाँसम्मको दैनिक उपभोग्य सामान लुट्नुका साथै ढुवानी गराउने खच्चड तीन दिन आफ्नो कब्जामा लिई मुक्त गरे।

संरचना/सम्पत्ति क्षति

कार्कीवाडा गाविसद्वारा संचालित भिस्याट टेलिफोन र ताल्चा विमानस्थलका दुईवटा भवनमा ०६१ जेठ ४ गते माओवादीले बम र आगो लगाई ध्वस्त पारे।

रारा राष्ट्रिय निकुञ्जको फाँका पोष्टमा ०६१ साउन २० गते माओवादीले आगो लगाई दुईवटा भवन नष्ट गरे।

रुगा गाविस-६ स्थित माओवादीको निर्माणाधीन चंखेली बैंक ०६१ मंसिर १२ गते सुरक्षाकर्मीले ध्वस्त पारे।

जिविसको भवनमा ०६१ असोज ४ गते माओवादीले कुकुर बम विस्फोट गराई क्षति पुऱ्याए।

जिल्ला खानेपानी कार्यालयमा ०६१ असोज २५ गते माओवादीले आगो लगाई पूर्णरुपमा क्षति पुऱ्याए।

जिल्ला प्रशासन कार्यालय, जिप्रका, जिविसको कार्यालय, वन कार्यालय, मालपोत कार्यालय, हुलाक कार्यालय, सप्रोस नेपाल, सीएसपी, किड्राक र स्थानीय राजबहादुर मल्ल र रमेश हमालको घरमा ०६१ असोज १५ गते माओवादीले आगो लगाई ध्वस्त पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नार्थबु गाविसका गाविस सचिव ४९ वर्षीय दलबहादुर शाहीलाई ०६० फागुन ११ गते राति गमगढी स्थित आफ्नो डेरावाट सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माओवादीलाई गाविसको रकम किन विना सित्तै दिएको भनी एक महिनासम्म थुनामा राखी चैत १२ गते माओवादीलाई दिएको रकम असुल गर्ने भन्ने शर्तमा रिहा गरे।

कालै गाविसका २४ वर्षीय ललिजंग शाहीलाई ०६० चैत १९ गते एसएलसी परीक्षामा चिट चोराउन गएको भनी खुट्टा माथि टाउको जमिनमा टेकाई आँखामा कालो पट्टी बाँधी चार घण्टासमम प्रहरी कार्यालयमा राखी रिहा गरे।

श्रीकोट गाविस-५ का गाविस अध्यक्ष ३० वर्षीय जयनन्द रावललाई ०५९ वैशाख २७ गते माओवादीलाई १ लाख १३ हजार रुपैयाँ दिएको भनी ०६० चैत २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। त्यसैगरी सोही गाविसका सचिव कोटवाडा गाविस-९ का ४२ वर्षीय मणिचन्द्र कार्कीलाई सोही रकम हिनामिनाको कारणमा दिउँसो नास्ता खाइरहेको अवस्थामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी दिउँसो आँखामा पट्टी बाँध्ने र राति खुलाउने गरी चार दिनपछि रिहा गरे।

कालै गाविस-२ का शिक्षक ३५ वर्षीय जनकबहादुर शाही, महाकाली उच्चमाविका पियन ज्ञानबहादुर शाहीलाई ०६० चैत १३ गते एसएलसी परीक्षा सञ्चालन भइरहेको बेला अनुमति नलिई प्रवेश गरेको भनी परीक्षाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले ३ घण्टासम्म हात पछाडि बाँधी यातना दिए।

रोवा गाविसका जिल्ला सिंह सावदलाई ०६० चैत १२ गते अर्काको परीक्षा दिन जान लागेको भनी सुरक्षाकर्मीले लात्तीले हानी सेनाको व्यारेकमा पुऱ्याई बयलढिड्ग गराउने, पानीमा डुबाउने र सेनासँग लड्न लगाउने जस्ता यातना दिए। पीडितलाई भोलिपल्ट रिहा गरियो।

पुल गाविस-१ का माओवादी कार्यकर्ता १६ वर्षीय कार्मा सोनाम लामालाई ०६१ भदौ ३ गते रोवा गाविस-४ मा सेन्ट्री बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ पुस ६ गते रिहा गरे पनि हाल सुरक्षाकर्मीको नियन्त्रणमा रहेका छन्।

रारा गाविस-४ का २२ वर्षीय लोकहादुर बुढालाई ०६१ असोज २० गते सदरमुकाम आएको अवस्थामा वजार गस्तिमा रहेका प्रहरीले गिरफ्तार गर्न खोजेपछि भाग्न लाग्दा गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

कालै गाविस-२ का १८ वर्षीय रुपबहादुर शाही, १७ वर्षीय प्रेमबहादुर शाही, सोही गाविस-३ का १८ वर्षीय मानबहादुर शाही, १८ वर्षीय नवराज शाहीलाई माओवादीको आरोपमा ०६१ कार्तिक १३ गते सुरक्षाकर्मीले सुनिरहेको

अवस्थामा गिरफ्तार गरे। पीडितलाई कार्तिक २२ गते रिहा गरे।

सेरी गाविस-८ का २२ वर्षीय सिंगमल बुढा, रारा गाविस-१ का १९ वर्षीय मिने बम, कालै गाविस-२ का २० वर्षीय घनबहादुर शाही, सोही गाविस-४ का २४ वर्षीय हरिचन्द्र मल्ल गाउँबाट सदरमुकाम गमगढी हुँदै भारत जाने भनेर आएको अवस्थामा ०६१ कार्तिक १३ गते सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर १२ गते रिहा गरे।

रारा गाविस-८ का २२ वर्षीय सन्तसिंह रोकायालाई माओवादीको आरोपमा ०६१ मंसिर ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

रारा गाविस-९ का १९ वर्षीय विजलाल रोकाया, २० वर्षीय सुकलाल रोकाया र २४ वर्षीय गोर्ख रोकायालाई माओवादीको आरोपमा ०६१ मंसिर १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

रोवा गाविस-७ का २२ वर्षीय मुनामान बुढा, २४ वर्षीय प्रेम बुढा, १९ वर्षीय धुर्व बुढा, २४ वर्षीय हस्तबहादुर साउद र २५ वर्षीय गोपालदत्त बुढालाई माओवादीको आरोपमा ०६१ कार्तिक २३ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी मंसिर १३ गते रिहा गरे।

क्रिमी गाविस-८ का ३० वर्षीय छोईटुप लामा, ३५ वर्षीय तण्डुप लामालाई व्यापार गर्न हुम्ला जाने क्रममा रुगा गाविस-७ बाट र रुगा गाविस-५ का २५ वर्षीय रुपदल विक, २२ वर्षीय रतनबहादुर खड्का, सोही गाविस-७ का २१ वर्षीय दिपराज बडुवाल, २३ वर्षीय भुमिनन्द बडुवाल र २१ वर्षीय भुमे खड्कालाई माओवादीको आरोपमा ०६१ मंसिर १३ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेपछि छोईटुप लामा र तण्डुव लामालाई ०६१ पुस ६ गते रिहा गरियो भने अन्य ५ जनालाई पाँच दिनपछि रिहा गरे।

जिमा गाविस-१ का १२ वर्षीय रतनबहादुर शाही, सोही गाविस-४ का शिक्षक राजबहदुर मल्ललाई ०६१ भदौ १३ गते सुरक्षाकर्मीले सदरमुकामवाट गिरफ्तार गरी ५३ दिनपछि रिहा गरे।

नार्थवु गाविस-२ का जिल्ला कृषि कार्यालयमा कार्यरत ३० वर्षीय महेन्द्र शाहीलाई माओवादीसँग साठगाँठ भएको आरोपमा ०६१ पुस ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

दूर्व्यवहार

श्रीनगर गाविस-५ की घरेलु कार्यालयमा कार्यरत २८ वर्षीय तारादेवी मण्डललाई कार्यालय प्रमुख कमल कार्कीले विना कारण हाजिर गर्न नदिने, हाजिर फाइल लुकाउने, फाँटमा काम गर्न अवरोध गर्नुका साथै ०६१ साउन ६ गते आफ्नो फाँटमा बोलाई जगल्टा समाई कुटपिट गरे।

पारिवारिक हिंसा

पिना गाविस-३ का २२ वर्षीय रुपबहादुर शाहीले घरमा पत्नी हुँदाहुँदै छोरा नभएको आरोपमा आफ्नै भतिजी पर्नेलाई दोस्रो पत्नीको रुपमा घरमा भित्र्याए।

नार्थवु गाविस-२ का २६ वर्षीय सुरेन्द्र शाहीले आफ्नो पत्नी सत्तादेवी शाहीलाई जन्मेको बच्चा आफ्नो होइन भनी ०६० माघ २ गते घर निकाला गरे।

सबै प्रकारका जातीय विभेद

श्रीनगर गाविस-३ का २७ वर्षीय धनमान सिंह नेपाली, २२ वर्षीय सिद्ध नेपाली र १८ वर्षीय दत्तलाल नेपालीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६१ जेठ १० गते सोही गाउँका दशरथ मल्ललगायत्ले हात पछाडि बाँधी आधा घण्टासम्म घरको छतमा लडाई राखी आईन्दा मादक पदार्थ सेवन नगर्ने चेतावनी दिए।

विविध

शान्तिका लागि कर्णाली दौडका धावक लालबहादुर क्षेत्रीलाई इन्सेक प्रतिनिधिको आयोजनामा ०६१ कार्तिक २६ गते स्वागत कार्यक्रमको आयोजना गरियो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष समयमै औषधी उपचार र स्वास्थ्यकर्मी जिल्लाका विभिन्न ठाउँमा नपुगेका कारणले रुगा गाविसका १६ जनाको मृत्यु भयो।

पिना गाविस-४ का २६ वर्षीय मानवहादुर रावलले रारा तालमा हाम फाली आत्महत्या गरे।

कार्कीवाडा गाविस-५ का ३५ वर्षीय विछया कामीको ०६१ जेठ ७ गते रुवलिनबाट मृत्यु भयो।

४.१५ हुम्ला



जनसंख्या	:४३७८६
साक्षरता प्रतिशत	:२६.६२
महिला साक्षरता प्रतिशत	:११.५२
क्षेत्रफल (वर्ग कि. मि.)	:५६५५
गाविस/नपा संख्या	:२७
निर्वाचन क्षेत्र	:१
विद्यालय	:११२
क्याम्पस/उच्च मा.वि.	:०/१
अस्पताल/स्वास्थ्य चौकी	:१/२६
टेलिफोन लाइन	:१५०
मोटर सडक (कि. मि.)	:०
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:१
मानव विकास सूचकांक	:०.३६७
प्रति परिवार सरदर संख्या	:६.३०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सिमीकोट गाविस-७ बुराउसे गाउँ नजिकैको खोलामा ०६१ साउन २२ गते सुरक्षाकर्मीद्वारा गाउँ घेरा हाली माओवादीका कार्यकर्ता आक्रोश भनिने डवल रावल र गर्जित नेपाली सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिई गोली हानी मारिए। घटनामा १ थान दूरवीन, सकेट वम र दस्तावेजहरु वरामद गरेको सुरक्षाकर्मीले वताए।

माओवादीबाट

वरगाउँ गाविस-६ की ६५ वर्षीय छम्जाम्वु लामालाई माओवादी पार्टीमा लाग्ने युवायुवतीलाई जान नहुने भनी प्रतिकार गरेकालगायत् १० वटा आरोपमा ०६१ असोज २० गते राति माओवादीले उनकै घरमै कुटेर हत्या गरे। पीडितको पत्नीलाई घरको खम्वामा बाँधी यातना पनि दिए।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। २० जनासम्म वन्दी क्षमता भएको जेलको अवस्था जीर्ण छ। पुरुप र महिला फरक-फरक राख्ने व्यवस्था भए पनि हालसम्म पुरुप वन्दी मात्र छन्। यस वर्ष कैद तोकिएका १ र कैद नतोकिएका ४ जना वन्दी थिए, जसमध्ये कैदी वन्दी गत असार महिनामा नेपालगञ्ज जेल चलान भए भने अर्का वन्दी जिल्लास्थित राजनीतिक दलका नेता एवम् मानवअधिकारकर्मीको रोहवरमा असोज महिनामा रिहा भए। हाल जेलमा ३ जना बन्दी छन्। बन्दीलाई पत्रपत्रिका टिभी, रेडियो कुनै पनि सञ्चार माध्यम उपलव्ध छैन। बन्दीहरुले टोपी वुनी बिक्री वितरण गर्ने गरेका छन्। वर्षको दुई पटक लुगा दिइन्छ। वन्दी विरामी भए जिल्ला अस्पताल हुम्लामा उपचार गरिन्छ।

बेपत्ता / अपहरण

माओवादीबाट

दार्मा गाविस-८ का ३८ वर्षीय कालीवहादुर भण्डारी र सोही गाविस-९ का ४० वर्षीय नन्दवीर वोहरालाई आफ्नो गतिविधिविरुद्ध लागेको आरोपमा ०६० माघ १३ गते माओवादीले घरवाट अपहरण गरे। पीडित दुवैलाई गाउँमा वाटो निर्माण गर्न लगाई दुई हप्तापछि मुक्त गरे।

कालिका गाविस-४ का ३१ वर्षीय दलसुर लुहार र सोही गाउँका २४ वर्षीय मेघनाथ शाहीले ०६० माघ १५ गते सोही गाउँकी दुई युवतीलाई भगाई विवाह गरी भारततर्फ लैजान खोज्दा माओवादीले हुमैछाल कवाडीमा फेला पारी अपहरण गरे। पीडितहरु चारैजना विवाहित हुन्। पुरुष दुवैलाई ६ महिनासम्म माओवादीले श्रम शिविरमा राखे भने महिलाहरुलाई २ महिनापछि मुक्त गरे।

हेप्का गाविस-१ की २२ वर्षीय खान्डोली लामालाई ०६० माघ २४ गते माओवादीले कार्यक्रमको लागि भनी २ हप्तासम्म पार्टीमा लाग्न भनी कव्जामा राखे। पीडित राति भागेर सदरमुकाम आई हाल विस्थापित भएकी छिन्।

स्याडा गाविस-४ का डाँडाफया गाविसका सचिव ४१ वर्षीय पूर्णसिंह वुढालाई जिल्लामा संचालित घुम्ती सेवा कार्यक्रममा गाविसमा आएको आरोपमा ०६० फागुन २५ गते माओवादीले घरमा गएको बेला अपहरण गरी कुटपिट गरे। पीडितलाई सदरमुकाम नजाने शर्तमा मुक्त गरे।

वरगाउँ गाविस-१ का ४० वर्षीय चित्र लामालाई सुराकीको आरोपमा ०६० फागुन २५ गते माओवादीले अपहरण गरे। पीडित ६ महिना पछि मुक्त भए।

बराई गाविस-६ घर भई सिद्धार्थ निमावि बुराउसेमा काजमा रहेका शिक्षक ३९ वर्षीय संग्राम ऐडीलाई ०६० चैत ८ गते दिउँसो विद्यालयबाटै माओवादीले अपहरण गरे। पीडित भदौ महिनामा भागेर आई सदरमुकाममा विस्थापित जीवन बिताइरहेका छन्।

मैला गाविस-३ का २७ वर्षीय लंक कोलीलाई कामको लागि खाद्यान्न कार्यक्रमको सञ्चालक उपभोक्ता समितिमा बसी हिनामिना गरेको भनी ०६० चैत १ गते माओवादीले अपहरण गरे। पीडित १५ दिन पछि मुक्त भए।

लाली गाविस घरभई बरगाउँ स्वास्थ्य चौकीका अहेब ३५ वर्षीय बुँदे बुढालाई गाउँमा अर्काकी पत्नीसँग यौन सम्बन्ध राखेको आरोपमा ०६१ वैशाख ६ गते माओवादीले अपहरण गरे। पीडित भागेर सदरमुकाम आए।

गोठी गाविस-५ का ५८ वर्षीय धर्म रोकायालाई ०६१ वैशाख १ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई केही दिन पछि मुक्त गरे।

खमाल गाविस-१ का भूपू अध्यक्ष एवम् मनोनित जिविस सदस्य विष्णु लामासहित उनकै गाउँका १७ जनालाई ०६१ वैशाख २७ गते माओवादीले अपहरण गरे। पीडितहरु एक हप्तापछि मुक्त भए। विष्णुले सपथ र पद ग्रहण गरेनन्।

जैर गाविस-४ का २७ वर्षीय नन्द रोकायालाई ०६१ जेठ २७ गते माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

मैला गाविस-२ का ३१ वर्षीय विसे जैसीलाई सदरमुकाममा लामो समयसम्म बसेको आरोपमा ०६१ जेठ २८ गते माओवादीले अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरियो।

कालिका गाविस-३ की २८ वर्षीय बुर्की रावत र सोही गाउँका २९ वर्षीय पालि रावललाई अवैध यौन सम्पर्क गरेको आरोपमा ०६१ जेठ २० गते माओवादीले अपहरण गर्न खोज्दा पाली भागेर काठमाडौ गए भने पीडित बुर्की रावतलाई एक महिनासम्म माओवादीले श्रम शिविरमा राखे।

बराई गाविस-१ का ४८ वर्षीय हंश ऐडीलाई माओवादी महिला कार्यकर्तासँग यौन सम्पर्क गरेको आरोपमा ०६१ असार १० गते माओवादीले अपहरण गरे। पीडित केही महिना पछि मुक्त भए।

सदरमुकाम बाहिरका शिक्षक, विधार्थी र अभिभावकलाई ०६१ साउन २८ गते देखि माओवादीले जन एकीकृत नामक अभियानमा सहभागी गराउन अपहरण गरी ४५ दिनसम्म गाउँ गाउँमा डुलाएर फर्काए। सो अवधिमा विद्यालयहरुमा पठन पाठन बन्द भएको थियो।

सिमिकोट गाविस-७ का सिद्धार्थ निमावि बुराउसेका शिक्षक ३६ वर्षीय लालबहादुर लामालाई ०६१ भदौ २८ गते माओवादीले दिउँसो विद्यालयबाटै अपहरण गरे। पीडितलाई भोलिपल्ट बरगाउँबाट मुक्त गरियो।

ठेहे गाविस-६ की १४ वर्षीय लामु भण्डारीलाई ०६१ कार्तिक २० गते माओवादीले "एक घर एक सदस्य" भनी जबरजस्ती लगे। पीडित दैलेख जिल्लामा बिरामी भएपछि मुक्त गरियो।

ठेहो गाविस-६ का १६ वर्षीय जय बोहरालाई ०६१ कार्तिक २२ गते माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले अछाम जनसरकार प्रमुखले सोधपुछ गरी मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सिमिकोट गाविस घर भई जिल्ला कृषि विकास कार्यालयमा कार्यरत ४८ वर्षीय भक्तबहादुर रोकायालाई निषेधित ठाउँमा प्रवेश गर्न खोजेको आरोपमा ०६१ मंसिर २१ गते विमानस्थल सुरक्षा गार्डले कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट			माओवादीबाट									
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				१		१		१	१			२	२
घाइते				१			२	२					
बम विस्फोट				१			१	१					
गिरफ्तारी / यातना									१६	२५	१	३	२९
कुटपिट				१	१			१	१			१	१
धम्की				३		१	२	३					
महिलाअधिकार	३	३	३										
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार				४	४			४					
अपहरण				३६	६३	८	२७२	३४३					
जम्मा	३	३	३	४७	६८	१०	२७७	३५५	१८	२५	१	६	३२

माओवादीबाट

लाली गाविस-५ का ४५ वर्षीय मोतीकला विष्टलाई मनोनित जिविस सदस्य पद ग्रहण गर्न सदरमुकाम गएको बेला ०६१ वैशाख १० गते माओवादीले लालीस्थित उनको घर कब्जा गर्ने धम्की दिए। पीडितले पछि पद त्याग गरिन्।

खार्पुनाथ गाविस-३ का ७० वर्षीय जीतबहादुर शाहीलाई ०६१ असोज ७ गते माओवादीले घरबाट बोलाई कुटपिट गरे। पीडितको दायाँ हात भाँचिएकोले उपचारार्थ नेपालगञ्ज पुऱ्याइयो।

माओवादीले हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटमा आक्रमण गर्ने भनी ०६१ कार्तिक र मंसिर महिनामा धम्की दिए। सदरमुकामस्थित निजी घरमा रहेका कार्यालयहरु तुरुन्त सार्न भनी घर धनीहरुलाई धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सदरमुकाम बाहिरका विद्यालयका शिक्षक, विद्यार्थीलाई ०६१ भदौ २५ र २६ गते शान्ति ऱ्याली गर्न सदरमुकाम जाँदा सुरक्षाकर्मीले जुलुशलाई प्रवेश गर्न नदिई बीच बाटोबाटै फर्काइदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा विगत वर्षदेखि रहेका ७ वटा मुद्दामध्ये देवानीतर्फ ३, सरकारवादी ३ र फौजदारी १ छन्। यस वर्ष दुनियावादी १ बटा मुद्दा पऱ्यो। तर फर्स्यौट भएन। वादी प्रतिवादी सम्पर्क गर्न असहज भएको अदालतका कर्मचारीले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ०५१ सालमा जिल्ला सुकुम्बासी समस्या समाधान आयोग गठन हुँदा २७ वटै गाविसबाट आई भूमिहीन भएको भनी ३ सय जनाले निवेदन दिएकोमा सरकार परिवर्तनका कारण त्यससम्वन्धी कुनै कार्य भएको छैन।

कोष तथा लेखा नियन्त्रण कार्यालय हुम्लाले दिएको तथ्यांक अनुसार, यो वर्ष जिल्लामा सरकारी कार्यालयको भ्रमण खर्च वापत ४२ लाख रकम भुक्तानी भएको छ। सदरमुकाम भन्दा बाहिर कुनै कार्यक्रम सञ्चालन भएको छैन नत कुनै कर्मचारी नै कुनै गाउँमा पुगे।

सांस्कृतिक अधिकार

सदरमुकाम सिमीकोटमा परम्परागत रुपमा मनाउदै आएको चैतला पर्व ०६० फागुन १३ गते राति केटाकेटी डेउडा गाउँदै गर्दा सुरक्षाकर्मीले कर्फ्यु उल्लंघन हुने भनी रमाइरहेका केटाकेटीलाई धकेलेर खेल बन्द गराए। यस वर्ष गाउँमा मनाइने धार्मिक मेला, पर्व, धामी नाच, दमाहा बाजा देवी देवताको मन्दिरमा पूजा अर्चना, विवाह, छैठी, काज किरिया जस्ता चलनहरु माओवादीका कारण पूर्णरुपमा बन्देज भए।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका मेघबहादुर शाही, रनबहादुर शाही, मंगलबहादुर शाही र अमर शाही

आर्थिक अधिकार

मैला गाविस-१ का ४२ वर्षीय पूर्व जिविस सदस्य शिवराज शर्माको घरमा ०६० पुस १७ गते माओवादीले घरमा भएका गाई, भैसी, बाखा गोरुसहित जग्गा-जमिन अधिकरण गरे। पीडित शर्माको सबै परिवार जिल्ला बाहिर छ।

जिविस पूर्व सभापति ४८ वर्षीय वीरजंग शाहीको ०६० चैत ४ गते माओवादीले मैला गाविसबाट ४० वटा भेंडाबाखा र ७ क्वीन्टल खाद्यान्न लुटे। पीडित शाहीले आफ्नो पार्टीको रकम हिनामिना गरेका कारण असुल उपर गरेको माओवादीले बताए।

खार्पूनाथ गाविस-२ स्थित राजसभा सदस्य ६० वर्षीय शुरवीर शाहीको पुर्ख्यौली घरमा ०६१ वैशाख २१ गते माओवादीले घरमा भएका घोडा गाईवस्तु सरसामानहरु र घरसमेत कब्जा गरी आफूहरुले प्रयोग गरेका छन्। हाल शाहीका परिवार त्यस ठाउँमा बस्दैनन्।

राया गाविस-४ का ४८ वर्षीय चाउरे बुढा र सोही गाविस-५ का प्रेमबहादुर बुढाको घरमा भएका सामानहरु गाईवस्तु ०६१ जेठ १२ गते माओवादीले कब्जा गरे।

श्रीनगर गाविस-४ का पूर्व जिविस उपसभापतिको श्रीनगरस्थित घरमा भएका सामान जग्गाहरु माओवादीले लुटे, त्यसैगरी मदना गाविस घर भई एमाले हुम्लाका कार्यालय सचिव सुरेन्द्र कार्की, त्यसैगरी कालिका गाविस-२ का पूर्व जिविस सदस्य कलबहादुर हमालको घरमा

माओवादीले भएका जग्गा चल अचल सम्पत्ति भागवण्डा गरी लुटी लगे। पीडितहरु सवै विस्थापन भए।

जरै गाविस-५ का नेत्रवहादुर रावतको घरमा ०६१ भदौ माओवादीले जग्गा, कपडा, कव्जा गरे। पीडित विगत वर्षदेखि विस्थापित भई वसेका छन्।

विस्थापन

मुगु गाविस-९ का ४८ वर्षीय खार्कप लामा कामको लागि खाद्यान्य कार्यक्रम अन्तगरत हिस्सा सिमकोट मोटर वाटोको उपभोक्ता समिति अध्यक्ष भई अनियमितता गरेको भनी माओवादीले ०६१ भदौ २९ गते घरमा भएका मालसामान पशु लुटेर लगे। पीडित हाल सदरमुकाममा विस्थापित भएका छन्।

खार्पुनाथ गाविस ६ का ४० वर्षीय वालकृष्ण शाहीका ३, तिल शाहीका ४ जना र स्याडा गाविस-५ जाँड खोल्सीका रसी लामाका २ र मसाङ्ग लामाका ३ जनाको परिवारलाई छोराहरुलाई पार्टीमा समावेश गर्नुपर्ने भनी माओवादीले भनेपछि लगाएको वाली छोडेर ०६१ कार्तिक महिनामा विस्थापित भई भारत, काठमाडौं पलायन भए।

संरचना/सम्पत्ति क्षति

जिविसको कार्यालयमा ०६० फागुन ७ गते राति माओवादीले वम विस्फोट गराए। सो घटनावाट ७ लाख वरावरको क्षति भयो।

शाही नेपाल वायु सेवा निगमको शाखा कार्यालयमा ०६१ कार्तिक १६ गते राति माओवादीले वम विस्फोटन गराए। कार्यालयको झ्याल ढोकासहित पर्खालमा पनि क्षति पुग्यो।

डाडाँफया र हेप्का गाविस जोड्ने २ वटा काठे पुल माओवादीले ०६१ पुस ७ गते काटेर फाले।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सुकिदेउ गाविस उनापानी देवकोटा प्राविका शिक्षक ३५ वर्षीय अकिल कार्कीलाई माओवादी गतिविधिमा संलग्न रहेको शंकामा ०६० चैत ३ गते सदरमुकाम आएको वेला प्रहरीले गिरफ्तार गरे। पीडित दैनिक हाजिर हुने गरी रिहा भए। हाल उनी सदरमुकाममा काजमै छन्।

माओवादीद्वारा अपहरण गरिएका संग्राम ऐडी

छिप्रा गविस-४ का २१ वर्षीय ज्ञानवहादुर हमाललाई ०६० चैत २५ गते सदरमुकाम वजारमा सामान खरीद गर्दा प्रहरीले गिरफ्तार गरी पीडितलाई भोलिपल्ट रिहा गरियो।

सप्तरी जिल्ला घर भई शिवशंकर प्रावि चरीगाउँमा कार्यरत शिक्षक ३५ वच्चुलाल चौधरीलाई माओवादीसँग निकट भएको शंकामा ०६१ साउन २७ गते डेरावाट सेनाले गिरफ्तार गरी व्यारेकमा लगे। डेरावाट २० हजार नगद सहित भलिवल, शिल्ड वरामद गरी लगे। पीडितलाई ४ दिनपछि शिक्षा कार्यालयका रोहवरमा तारेखमा रिहा गरियो। हाल उनी सदरमुकाममा काजमा छन्।

माओवादी कार्यकर्ता जोशिला भनिने सिद्धान्त, शिवप्रसाद जैसी र गण्डकी भन्ने इकप्रसाद उपाध्याय भागेर सदरमुकाम आउदा ०६१ पुस ९ गते जिप्रकामा एक रात राखियो। पीडितहरु भोलिपल्ट मानवअधिकारकर्मीको रोहवरमा रिहा भए।

स्याडा गाविस-८ का ३२ वर्षीय मेघवहादुर शाही, १८ वर्षीय रनवहादुर शाही, सोही गाविस-९ का १८ वर्षीय मंगलबहादुर शाही र अमन शाहीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६१ पुस १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। भोलिपल्ट इन्सेक वर्ष पुस्तक प्रतिनिधि र किडार्कका प्रतिनिधिको रोहवरमा रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

दार्म गाविस-८ की एक महिलालाई ०६० माघ १५ गते आफ्नै देवर नाता पर्ने सोही गाउँका जयवहादुर बोहराले वलात्कार गरे। पीडित महिलाले माओवादीसमक्ष उजुर गरेपछि पीडकलाई माओवादीले लगी वाटो खन्न लगाए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

एक महिला प्रहरीले आत्महत्या गरिन्। झाडापखालाका कारण २६ जनाको ज्यान गयो। जसमा कालिका गाविसका ११ जना, श्रीनगर गाविस-४, मैला गाविसि-६ र स्याडा गाविस-५ जनाको मृत्यु भयो। आगलागीका ५ वटा भए। चोरीका एउटा घटना भयो भने वर्षात्का कारण ४ वटा काठे पुल वगे।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ वैतडी

५.९ दार्चुला

५.१ कैलाली



जनसंख्या	: ७१६४६७
साक्षरता प्रतिशत	: ५२
महिला साक्षरता प्रतिशत	: ३२
क्षेत्रफल (वर्ग कि. मि.)	: ३२३५
गाविस/नपा संख्या	: ४२/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ६३५
क्याम्पस/उच्च मा.वि.	: ३/४
अस्पताल/स्वास्थ्य चौकी	: २/४९
टेलिफोन लाइन	: २५३६
मोटर सडक (कि. मि.)	: २३७.४
प्रहरी कार्यालय संख्या	: २९
हुलाक संख्या	: ५७
मानव विकास सूचकांक	: ०.४१३
प्रति परिवार सरदर संख्या	: ७.५९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

फूलबारी गाविस-७ बहुलियामा माओवादीका महिला छापामार मिना भुजेल ०६० फागुन १३ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिइन। मिनालाई हात माथि उठाउन लगाई गोली हानी मारिएको प्रत्यक्षदर्शीले बताए।

धनगढी नपा-७ पटेलाका हिरा चौधरी र तुफान भनिने ३२ वर्षीय धर्मराज चौधरी माओवादीको आरोपमा ०६० फागुन १८ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

कैलालीमा माओवादीद्वारा गठित जिल्ला जनसरकार प्रमुख जगत रत्टौयाको ०६० चैत १९ गते बर्दिया जिल्लाको भलईटागाएमा सुरक्षा कारवाहीमा मृत्यु भयो।

माओवादीका क्षेत्रीय ब्यूरो सदस्य हर्षबहादुर शाही ०६१ जेठ ९ गते बलियाको लम्कीमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादी क्षेत्रीय ब्यूरो सदस्य प्रभाव भनिने हेमन्त शाहीको ०६१ जेठ ९ गते लम्कीमा सुरक्षा कारवाहीमा मृत्यु भयो। बलिया गाविस तिलकपुरस्थित एक घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा घेरा हाली नियन्त्रण लिएर गोली प्रहार गरिएको थियो। घेरा हालेको थाहा पाएपछि भाग्दै गर्दा रोरा नदी किनारमा सुरक्षाकर्मीले गोली प्रहार गरेको प्रत्यक्षदर्शीले बताए।

बसौटी गाविसअन्तर्गत पर्ने बसौटी जंगल नजिकै सुरक्षाकर्मीको कारवाहीमा एकजना नाम नखुलेका माओवादी कार्यकर्ताको ०६१ साउन २४ गते मृत्यु भयो। सर्चमा गएका सुरक्षाकर्मीमाथि सकेट बम प्रहार गरी भाग्ने क्रममा मृत्यु भएको सुरक्षा निकायले जनायो।

हसुलिया गाविस नजिकैको गाउँबाट नि:शस्त्र अवस्थामा रहेका चार माओवादी कार्यकर्तालाई ०६१ साउन २४ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिई एकजनालाई गोली प्रहार गर्दा मृत्यु भयो। अन्य तीजनाको स्थिति अज्ञात रहेको माओवादीले सार्वजनिक गऱ्यो।

उर्मा गाविस-६ की १९ वर्षीय जानकी चौधरी माओवादीको आरोपमा ०६१ असोज ११ गते धनगढी नपाअन्तर्गत सञ्चालित सिलाई-कटाई तालिम केन्द्रबाट तालिम लिई रासन ल्याउनका लागि घर गइरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा मनहेरावेली नजिकै नियन्त्रणमा लिई गोली हानी मारिइन।

बलिया गाविस र चुहा गाविसबीचको तल्लापानी भनिने चुरे क्षेत्रमा ०६१ मंसिर ३ गते सुरक्षाकर्मीको कारवाहीमा माओवादी कार्यकर्ता दिक्षा र कोपिलाको मृत्यु भयो। उनीहरुले लुकेर सकेट बम प्रहार गरी भाग्ने क्रममा सुरक्षा कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले जनायो भने उनीहरुलाई नियन्त्रणमा लिई हत्या गरिएको माओवादीले सार्वजनिक गरे।

चौमाला गाविस-७ राजीपुरको महेन्द्र राजमार्गमा सुरक्षाकर्मीको कारवाहीमा ०६१ मंसिर ४ गते माओवादीका अनमोल भनिने रामबहादुर साउद, अशोक चौधरी र खुसिराम चौधरीको मृत्यु भयो। सुरक्षाकर्मीलाई लक्षित गरी सकेटबम प्रहार गरी भाग्न खोज्दा सुरक्षा कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले बतायो। पीडितहरुलाई नियन्त्रणमा लिई हत्या गरेको माओवादीले सार्वजनिक गरे।

हसुलिया र फूलबारी गाविसको बीचमा पर्ने मोहना नदी नजिक ०६१ मंसिर १४ गते सुरक्षाकर्मीको कारवाहीमा माओवादी सेक्सन कमान्डर विकास भनिने प्रकाश धामीको मृत्यु भयो। सुरक्षास्रोतका अनुसार सुरक्षाकर्मीलाई लक्षित गरी सकेट बम प्रहार गरी भाग्न खोज्दा सुरक्षाकर्मीको कारवाहीमा

मृत्यु भएको थियो। उनलाई नि:शस्त्र अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिई हत्या गरेको माओवादीले सार्वजनिक गरे।

डोटी जिल्ला मन्नाकापडी गाविस-१ वरल गाउँका हाल धनगढी नपा-८ अनामनगवस्ने ३२ वर्षीय चक्रराज जोशी आफ्नो कामको सिलसिलामा धनगढी नपा-८ अनामनगरमा निस्कँदा ०६१ मंसिर २७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीद्वारा कब्जामा लिइए। घर-परिवारले खोज्दै जाँदा तीन दिनपछि सोही ठाउँको जंगलमा पीडितको लास पुरेको अवस्थामा फेला परेको थियो। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले गरेको स्थलगत अध्ययनले जोशीको मृत्युका सम्बन्धमा नेकाँ र सेनाको विपरीत धारणा रहेको कुरा सार्वजनिक गरी थप छानबिनका निम्ति राष्ट्रिय मानव अधिकार आयोगलाई अनुरोध गऱ्यो। तेघरी व्यारेकका उच्च सैनिक अधिकारीले चक्रराज जोशीले सुरक्षाकर्मीमाथि सकेट वम प्रहार गर्न खोज्दा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भएको दावी गरे।

करैचाको जंगल नजिकै सुरक्षाकर्मीको कारवाहीमा ०६१ पुस १२ गते सन्दिप भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो।

खैलाड गाविसअन्तर्गत पर्ने धनौरा जंगलमा सर्चमा गएका सुरक्षाकर्मीको टोलीमाथि सकेट वम फाल्ने माओवादी कार्यकर्ता गण्डक भनिने धनवहादुर विक, सागर भनिने सीताराम चौधरी र शिखर भनिने किरण चौधरी भाग्दै गर्दा सुरक्षाकर्मीको कारवाहीमा घटनास्थलमै मृत्यु भयो।

माओवादीबाट

धनगढी नपा-३ ट्राफिक चौराहमा ड्युटीमा वसेका ट्राफिक प्रहरी प्रेमसिंह कुँवर, शालिकराम शर्मा, दानेश्वर लामिछाने र वीरसिंह कुँवरलाई ०६० पुस २६ गते माओवादीले गोली हानी हत्या गरे।

वडा प्रहरी कार्यालय, धनगढीमा कार्यरत प्रहरी नादल धामीलाई ०६१ वैशाख ४ गते माओवादीले गोली हानी हत्या गरे।

सशस्त्र प्रहरी वल उग्रतारा गणमा कार्यरत प्रहरी जवान सुरेन्द्र चन्दलाई ०६१ वैशाख २५ गते टीकापुर वजारमा माओवादीले गोली हानी हत्या गरे।

जिप्रकामा कार्यरत सुरक्षाकर्मीहरु गस्तिमा गई फर्किरहेको अवस्थामा ०६१ वैशाख २८ गते धनगढी नपा-१ क्याम्पस रोड नजिक माओवादीले गोली हानी प्रहरी जवान देवी तिरुवाको हत्या गरे। माओवादीको गोलीद्वारा असई मनोज रावल र प्रहरी जवान देववहादुर भण्डारी घाइते भए।

जिप्रकामा कार्यरत प्रहरी असई कृतवहादुर चन्दलाई ०६१ जेठ ८ गते धनगढी पाइमोडमा माओवादीले गोली हानी हत्या गरे।

पण्डौन गाविस-४ पण्डौनका मीनवहादुर वोहोरालाई सुरक्षाकर्मीलाई वाटो देखाएको आरोपमा ०६१ जेठ २७ गते माओवादीले गोली हानी हत्या गरे।

धनगढी नपाका प्रमुख तथा राप्रपा केन्द्रीय सदस्य धनवहादुर वमलाई ०६१ असार २८ गते माओवादीले नपाको गेट नजिकै गोली हानी हत्या गरे भने गाडी चालक काशीराम अर्याललाई घाइते पारे।

टिकापुरस्थित सशस्त्र प्रहरी गणमा कार्यरत प्रहरी असई कृष्णजंग ठकुरीलाई ०६१ साउन ७ गते माओवादीले दुर्गौलीमा अपहरण गरी वालिया गाविस नजिकैको जंगलमा लगी गोली हानी हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	८	४	१२	२४	३१	१	१५	४७	२४	२७	७	३६	७०
घाइते	८	९	१	१०	२३	३६	१	१८	५५	५	४		२६	३०
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										१७	५४	४		५८
वेपत्ता										११	१२			१२
कुटपिट	२३	२५	६	३१	५	८			८	१८	१२१	३	४	१२८
धम्की	६	४	१	५	४	५	२	४२	४९					
जातीय विभेद	२	२	४	६										
महिलाअधिकार	८		८	८										
वालअधिकार	३		३	३	१	५			५					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	१	१	२	३	२		१	३					
अपहरण	२	१	१	२	२८	२५०	२०८	१७३९	२१९७					
जम्मा	६२	५०	२९	७९	९८	३३७	२१२	१८१५	२३६४	७६	२१९	१४	६६	२९९

दिनेश ट्राभल्सको से. १ ख ४७० नम्वरको वसमा ०६१ साउन २७ गते माओवादीले राखेको वम विस्फोट हुँदा वस चालक नवराज भट्टको मृत्यु भयो।

जिप्रका नजिकै ०६१ भदौ २४ गते माओवादीले हानेको गोली लागी दाङ जिल्लाका २६ वर्षीय नन्द पुन मगरको मृत्यु भयो। जिप्रकामा कार्यरत प्रहरी सई द्रोणाचार्य वोगटी र स्थानीय तरकारी व्यापारी अम्विका प्रधान गम्भीर घाइते भए। प्रत्यक्षदर्शीका अनुसार, माओवादीले कृष्णजन्माष्टमी मनाइरहेको अवस्थामा हजारौं मानिसलाई मानव ढाल वनाई प्रहरीलाई लक्षित गरी गोली प्रहार गरेका थिए।



सुरक्षाकर्मीद्वारा मारिएका चक्रराज जोशी

वलिया गाविसका सुनिल भनिने सुरेन्द्र गिरीलाई सुराकीको आरोपमा ०६१ भदौ २६ गते माओवादीले हत्या गरे।

पूर्व माओवादी कार्यकर्ता समस्या भनिने सरस्वती साउदलाई सुराकीको आरोपमा ०६१ असोज १३ गते माओवादीले नियन्त्रणमा लिई मनुवा गाविस-३ नजिक पर्ने जोशीपुर लिंक सडक खण्डमा हत्या गरे। पीडितको लाश वेवारिसे अवस्थामा फ्याँकेका थिए। लाशमा माओवादीले वम राखिदिएका थिए। सुरक्षाकर्मीले ०६१ असोज १४ गते सो लाश उठाउन साधारणलाई लगाएका कारण उक्त कार्य गर्दै गर्दा वम विस्फोट भई मनुवाका ५० वर्षीय भौरुहवा थारुको मृत्यु भयो भने ४० वर्षीय छुनकलाल चौधरी, ३३ वर्षीय किसरी थारु र २५ वर्षीय तिलकराज थारु घाइते भए।

वैतडी जिल्ला तल्लो सुडार भुर्काली घर भएका प्रहरी हवल्दार केशव साउदलाई ०६१ असोज २६ गते कैलालीको लम्कीवाट माओवादीले अपहरण गरी ०६१ असोज २७ गते घाँटी रेटी हत्या गरे। विदाको वेलामा घर गइरहेको वखत माओवादीले अपहरण गरेका थिए।

सुर्खेत जिल्ला घर भएका शाही सेनामा कार्यरत वमवहादुर आलेमगरलाई सुराकीको आरोपमा ०६१ असोज २६ गते भल्कावाट माओवादीले अपहरण गरी चुहा गाविसमा हत्या गरे।

कालिदास गुल्म, वोराडाँडीमा कार्यरत सैनिक जवान २५ वर्षीय लोकेन्द्र भट्टलाई ०६१ कार्तिक ३० गते माओवादीले नियन्त्रणमा लिई गोली हानी हत्या गरे। कार्तिक २९ गते वहिनीसँग टिका थापी फर्कने क्रममा उनी र उनको नाता पर्ने भाई लोकेन्द्रराज पनेरुलाई माओवादीले अपहरण गरेका थिए। पीडितको लाश धनगढी नपा-७ स्थित कैलाली वहुमुखी क्याम्पसको पूर्व गेटनजिकै फेला परेको थियो भने अपहरित पनेरुलाई केही दिनपछि मुक्त गरियो।

सुरक्षाकर्मीद्वारा मारिएका तुफान भनिने धर्मराज चौधरी

वैतडी जिल्ला दशरथचन्द नपा-९ घर भई धनगढी नपास्थित वडा प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार नवीन चन्दलाई ०६१ मंसिर १८ गते माओवादीले पुरानो एयरपोर्ट अगाडि गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

गदरिया गाविस लम्की फाँटामा सुरक्षाकर्मी र माओवादीबीच ०६१ असोज ५ गते दोहोरो भिडन्त हुँदा नाम खुल्न नसकेका ६ जना माओवादीको मृत्यु भयो। मारिने माओवादीमा ३ महिला र ३ पुरुष रहेको सुरक्षा निकायले जनायो।

सशस्त्र प्रहरी गण, वनभेडावाट सर्चमा आएका सुरक्षाकर्मी र माओवादीबीच ०६१ असोज १० गते उर्मा गाविस-३ मा दोहोरो भिडन्त हुँदा प्रहरी जवान नरसिंह कार्की घाइते भए।

वसौटी गाविसको लक्कडमा दोहोरो भिडन्त हुँदा प्रहरी इन्स्पेक्टर वीरेन्द्र शाही ०६१ असोज १४ गते गोली लागी घाइते भए। गस्तिमा गएका सुरक्षाकर्मीमाथि माओवादीले एक्कासी आक्रमण गरेपछि भिडन्त भएको सुरक्षाकर्मीले जनाए।

वलिया गाविसको भोलगा वजारवाट पाँच किलोमिटर उत्तरमा सुरक्षाकर्मी र माओवादीवीच ०६१ असोज २६ गते दोहोरो भिडन्त हुँदा वसन्त, जयकुमार र रमेश भनिने माओवादीको मृत्यु भयो।

धनगढी-डडेल्धुरा राजमार्गको भासुक्षेत्रमा ०६१ कार्तिक २६ गते भएको दोहोरो भिडन्तमा ३ महिला र ३ पुरुष माओवादीको मृत्यु भयो। उनीहरुको नाम खुल्न सकेन। पहलमानपुर गाविसस्थित महेन्द्र राजमार्ग खण्डको आमखैया जंगलमा ०६१ मंसिर १ गते भएको दोहोरो भिडन्तमा सैनिक जवान नवराज थापा, रामनाथ योगी, जनपद प्रहरी प्रजापति गौतम, सशस्त्र प्रहरी प्रेम ऐर, अमर कडायत र रमेश वोहराको माओवादीको गोलीले मृत्यु भयो भने अन्य तीनजना सुरक्षाकर्मी घाइते भए।

माओवादीतर्फ प्लाटुन कमान्डर आदर्शको मृत्यु भयो भने अन्य ३ जना घाइते भए।

पण्डौनको वजारी जंगलमा ०६१ मंसिर ५ गते भएको दोहोरो भिडन्तमा सैनिक हवल्दार भ्कपट बस्नेत, उदय विक, अमल्दार भरत थापा, निकेतन चौधरी, सिपाही हिक्मत हिमाल, सूर्य खड्का, घनश्याम सुनवार, इन्द्र पौडेल, मानबहादुर आले र भरत श्रेष्ठको मृत्यु भयो भने १८ जना सुरक्षाकर्मी गोली लागि घाइते भए। माओवादीतर्फ १६ जनाको मृत्यु भयो। सुरक्षास्रोतले सयौं माओवादीहरु मारिएको भएको दावी गऱ्यो।

धनगढी नपा-९ क्याम्पसरोडमा ड्युटीमा रहेका प्रहरीमाथि ०६१ मंसिर ११ गते माओवादीले गोली चलाउँदा धनगढी नपा-८ मनहेरा कमैया शिविरका १४ वर्षीय राजकुमार चौधरीको छातीमा गोली लागी मृत्यु भयो भने प्रहरी जवान रामसिंह बोहरा, धनसिंह ऐर र दुर्गा खाती घाइते भए। हत्या गरिएका राजकुमार चौधरीको मृत्यु कुन पक्षको गोलीबाट भन्ने पहिचान भएन।

चिसापानी बजारक्षेत्रमा ०६१ पुस ७ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा युनिफाइड कमान्डका प्रहरी असई कुमार बस्नेत, प्रहरी हवल्दार बलराम भण्डारीलगायत् अन्य तीन जना सुरक्षाकर्मी तथा सर्वसाधारण १३ वर्षीय भुपेन्द्र घर्तीमगर, सुर्खेतका कृष्ण शर्मा, बस चालक शंकर जोशी, दैलेखका युवराज शाही र नाम नखुलेका एक व्यक्ति र एकजना माओवादीको गोली लागि घटनास्थलमै मृत्यु भयो भने सहायक लेफ्टिनेन्ट रमेशकुमार वञ्जारा र एक प्रहरी हवल्दारलाई माओवादीले अपहरण गरे। वञ्जारा र हवल्दारलाई केही दिन पछि इन्सेक लगायत्का मानवअधिकारकर्मी संस्थाको रोहवरमा सुर्खेत जिल्लाबाट मुक्त गरियो।

सुरक्षाकर्मीद्वारा मारिएकी जानकी चौधरी (इन्सेटमा) र उनलाई गाडिएको ठाउँ

दोदोधारा र. दरख गाविसको उत्तरी क्षेत्रमा पर्ने रानीकुण्ड जंगलमा ०६१ पुस १५ गते सुरक्षाकर्मी र माओवादीवीच दोहोरो भिडन्त हुँदा सिपाही मुकेश तामाङ घाइते भए। सुरक्षास्रोतले माओवादीतर्फ पनि हताहत भएको दावी गऱ्यो तर माओवादीबाट घटनाका बारेमा जानकारी सार्वजनिक भएन।

रामशिखरभ्काला अन्तर्गत पर्ने रतिपुरमा ०६१ पुस १४ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा आदेश भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

धनगढी नपा-४ चटकपुरका ज्ञानेश अर्याल ०६० पुस २८ गते पसलबाट घरतिर जाने क्रममा सुरक्षाकर्मीको गोली लागि घाइते भए। अकस्मात गोली पड्किएको सुरक्षा निकायले जनायो।

टिकापुर नपा-६ की मिना आचार्य ०६१ भदौ ७ गते उग्रतारा सशस्त्र प्रहरी गण, टिकापुरका सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भइन्।

माओवादीबाट

टिकापुर नपा-२ का २७ वर्षीय ललित कुँवर ०६० माघ १ गते माओवादीको गोलीबाट घाइते भए।

धनगढी नपा-८ का २४ वर्षीय कल्लु राना माओवादीले धनगढी नपा-१ स्थित सेतोपुलमाथि गराएको बम विस्फोटमा परी घाइते भए।

हसुलिया बेस क्याम्पमा कार्यरत सैनिक जवान हर्कबहादुर बुढालाई ०६१ वैशाख ४ गते माओवादीले गोली हानी घाइते वनाए।

संयुक्त सुरक्षा बेस क्याम्प भजनीमा कार्यरत सैनिक प्युठ केशर अधिकारी ०६१ साउन १३ गते माओवादीको गोली प्रहारबाट घाइते भए। उनको दुवै खुट्टामा गोली लागेको थियो।

धनगढी नपा-३ मिलनगरका सुनिल चौधरी ०६१ मंसिर २३ गते माओवादीले प्रहार गरेको सकेट बममा परी घाइते भए।

जेल र बन्दीहरू

वि.सं. १९९७ सालमा निर्माण गरिएको कैलाली जेलको क्षमता ७५ जनाको छ। यहाँ यस वर्षको अन्त्यसम्ममा १ सय ६८ जना बन्दीहरु राखिएको छ। जसमध्ये ६५ जना पुरुष र ५ जना महिला गरी ७० जना आस्थाका बन्दी छन् भने ४३ जना पुरुष र ३ जना महिला गरी ४६ जना कैद तोकिएकाहरु छन्। अन्य ५२ जना थुनुवा रहेका छन्।

जानकीनगर गाविस-७ खुर्गौलीका ३५ वर्षीय रामचन्द्र चौधरीलाई माओवादीको आरोपमा गिरफ्तार गरिएकोमा ०६० माघ ५ गते हिरासतमा नै आत्महत्या गरे।

बेपत्ता / अपहरण

राज्यबाट

पहलमानपुर गाविस-९ का २५ वर्षीय लक्ष्मण चौधरीलाई माओवादीको आरोपमा धनगढी नपा-८ देवरियाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

पण्डौन गाविस-५ बुंकाका २५ वर्षीय मिनबहादुर बुचामगरलाई ०६१ जेठ १५ गते सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बझाङ जिल्ला रिठापाटा गाविस-६ देवलका १६ वर्षीय वीरेन्द्रबहादुर खड्कालाई ०६१ असार १६ गते आफ्नो काम विशेषले धनगढी आइरहेको अवस्थामा गोदावरी गाविसबाट माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

धनगढी नपा-३ का पर्यावरण संरक्षण एवम् वन पैदावर व्यवसायी संघका जिल्ला अध्यक्ष कमानसिंह धामीलाई माओवादीको आरोपमा ०६१ साउन १६ गते सोही नपाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

धनगढी नपा-७ मनहेराकी ३५ वर्षीय जानकी रानालाई ०६१ भदौ २० गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी बेपत्ता पारे।

धनगढी नपा-६ का २८ वर्षीय चौधरीप्रसाद चौधरीलाई माओवादीको आरोपमा ०६१ मंसिर ४ गते नपा परिसरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। सुरक्षा निकायले पीडितलाई आफ्नो नियन्त्रणबाट भागेको दाबी गऱ्यो।

फूलबारी गाविस-१ का ३१ वर्षीय लिलानाथ सापकोटालाई माओवादीको आरोपमा ०६१ मंसिर २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

फूलबारी गाविस-७ एचगाउँका ३२ वर्षीय मणिराज जोशीलाई ०६१ मंसिर ३० गते आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

फूलबारी गाविस-४ ईगाउँका २६ वर्षीय टंक बास्कोटालाई माओवादीको आरोपमा ०६१ पुस १ गतेसुरक्षाकर्मीले विना पूर्जी घर घेरा हाली गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

धनगढी नपा-१२ जुगेडाका विष्णु थापालाई ०६० पुस २३ गते माओवादीले अपहरण गरी माघ ६ गते धनगढीको बेलीबाट मुक्त गरे।

धनगढी नपा-१० का पुल्टु रानालाई ०६० पुस २५ गते माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

गोदावरी गाविस-९ ओलानीका हर्कबहादुर नेपालीलाई सेनामा जागिर खान लागेको आरोपमा ०६० पुस २५ गते माओवादीले अपहरण गरी माघ ६ गते मुक्त गरे।

सुगरखाल गाविस बडीगाउँस्थित त्रिवेणी मावि स्रोत केन्द्रका २३ विद्यालयबाट ४९ जना शिक्षकहरुलाई ०६० फागुन १८ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

दुर्गौली गाविस-२ घर भएका सशस्त्र प्रहरी बल वनभेडामा कार्यरत प्रहरी जवान २५ वर्षीय शंकरप्रसाद चौधरीलाई ०६१ साउन १४ गते घर परिवारसँग भेट गरी फर्कने क्रममा नलिमा गाविस स्याउलेबाट माओवादीले अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरे।

लम्कीस्थित घरमा बिरामी परेर सुतिरहेका कृपाराम भट्टराईलाई विनाकारण ०६१ साउन ३० गते माओवादीले अपहरण गरे। पीडितलाई ३ दिनपछि मुक्त गरे।

साडेपानी गाविस-१ का बगलैयाबाट १ सय जनालाई ०६१ भदौ १२ गते माओवादीले अपहरण गरी ७ दिनपछि मुक्त गरे।

मालखेती गाविस-७ अत्तरियाका २३ वर्षीय मानबहादुर कडायतलाई ०६१ कार्तिक ३० गते विराटनगर जानेक्रममा मसुरिया क्षेत्रमा गाडी रोकी माओवादीले अपहरण गरे। पीडितलाई मंसिर १५ गते मुक्त गरियो।

रुकुम जिल्ला गोतामकोट गाविसका कर्णबहादुर बोहरालाई ०६१ कार्तिक ३० गते कैलाली जिंल्ला धनगढी नपा-२ सन्तोषी टोलका बहिनीको घरमा टिका लगाई घर फर्कदै गर्दा माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

दिनेश ट्राभल्सका ९ वटा यात्रुवाहक बसहरु ०६१ मंसिर ३० गते माओवादीले सहजपुर खण्डमा रोकी यात्रुहरुलाई ओराली बस तथा बसका सम्पूर्ण स्टापहरुलाई अपहरण गरे। सोही ट्राभल्सका ३ बस तथा स्टाफहरुलाई

माओवादीद्वारा मारिएका धनगढी नगरप्रमुख धनबहादुर बम

०६१ मंसिर ३० गते पुन: माओवादीले अपहरण गरी पुस ४ गते मुक्त गरे।

धनगढी नपाका ३४ वर्षीय पदमराज पाण्डेलाई ०६१ पुस १ गते से. १ प १७६४ नम्बरको मोटरसाइकलसहित माओवादीले अपहरण गरी पुस ३ गते मुक्त गरे।

वहुनिया गाविस-६ का नेकाँ उपसभापति वीरवहादुर हमाललाई ०६१ पुस ३ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी ११ दिनपछि मुक्त गरे।

चुहा गाविसका पुष्पराज रेग्मी र रतन रेग्मीलाई चुहा गाविसस्थित आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीको आशंकामा ०६१ पुस ३ गते माओवादीले अपहरण गरी पुस ५ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पहलमानपुर गाविस पहलमानपुर वजारका दुर्गा ढकाललाई ०६१ जेठ २९ गते सुरक्षा बेस क्याम्प सुख्खडका सुरक्षाकर्मीले कुटपिट गरे।

हसुलिया गाविस भडरी गाउँका लालबहादुर चौधरीलाई माओवादीको आरोपमा ०६१ भदौ २ गते सुरक्षाकर्मीले कुटपिट गरे।

सुख्खड गाविसको सुख्खड वजारमा कृषि भवन निर्माण कार्यमा संलग्न रामकुमार चौधरी, राजकुमार चौधरी, रामवहादुर चौधरी र ट्युसन पढेर फर्केका ८ विद्यार्थी, व्यापारी, सर्वसाधारण र डाक्टर तिलकप्रसाद चापागाईंलाई ०६१ भदौ ८ गते सुरक्षाकर्मीले कुटपिट गरे।

धनगढी नपा-३ का २८ वर्षीय किरुप्रसाद चौधरीलाई ०६१ भदौ २३ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरे।

धनगढी नपा-७ वेलीका भरतनाथ योगी, घुम्मन राना र खुशीराम चौधरीलाई माओवादी नदेखाएको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरी घाइते वनाए।



माओवादीद्वारा गोली हानी घाइते बनाइएका जिविस निवर्तमान सभापति छेदालाल चौधरी

धनगढी नपा-७ का १५ वर्षीय रमेश पौडेल, १६ वर्षीय प्रकाश पौडेल र १८ वर्षीय नवीन मगर्लाई माओवादीलाई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरे।

धनगढी नपा-३ चटकपुरका २५ वर्षीय हेमवहादुर वोहरालाई सुरक्षाकर्मीलाई साइकल नदिएको आरोपमा ०६१ मंसिर ८ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

टिकापुर नपाका प्रमुख पदमवहादुर रावल र उपप्रमुख भीमबहादुर चौधरीलाई ०६० माघ ३ गते माओवादीले पदवाट राजीनामा नदिए ज्यानमार्ने धम्की दिए।

मोहन्याल गाविस-१ घनकोटका ६० वर्षीय धोजबहादुर वम र उनकी पत्नी ५५ वर्षीय इन्द्रादेवी बमलाई छोरालाई आफ्नो पार्टी विरुद्ध लगाएको आरोपमा ०६१ असोज १५ गते माओवादीले कुटपिट गरी गाउँ निकाला गर्ने धम्की दिए।

फूलवारी गाविस-९ एचगाउँका सुब्बा मगरलाई शाही सेनामा भर्ना हुन लागेको आरोपमा ०६१ कार्तिक २२ गते माओवादीले अपहरण गरी कुटपिट गरे। पीडित सोही दिन माओवादीको कव्जावाट भाग्न सफल भए।

सुगुरखाल गाविस ओडेकोटका मनराजे कुँवरलाई आफ्नो पार्टीको अभियानमा नगएको भनी ०६१ मंसिर १२ गते माओवादीले घरमा आई मरणासन्न हुनेगरी कुटपिट गरे।

कैलाली जिल्लाका सम्पूर्ण गाविस सचिवहरुलाई आफ्नो पदवाट राजीनामा दिन धम्की दिँदै ०६१ मंसिर २२ गते माओवादीले एक विज्ञप्ति जारी गरे। राजीनामा नदिएमा भौतिक कारवाही हुने धम्की दिइएको थियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच दलद्वारा सञ्चालित आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै आन्दोलन गरेका अनेरास्ववियु (एकीकृत) का भोजराज गौतम, देवराज ओफा, खड्क ताम्राकार र नरेन्द्र रानालाई प्रहरीले गिरफ्तार गरी कुटपिट गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

चौमाला गाविस-८ वनभेहडाका ३३ वर्षीय श्यामवहादुर खड्काको से. १ त १८९६ नम्बरको ट्याक्टर देउमनी चौधरीले चलाएर लगेको अवस्थामा ०६१ जेठ ८ गते माओवादीले चालकसहित अपहरण गरे। चालकलाई राजीपुर

गाविसको जंगलवाट सोही दिन मुक्त गरे भने ट्याक्टर हालसम्म अज्ञात छ।

धनगढी नपा कार्यालयको जीप ०६१ मंसिर २ गते नपाका अधिकृत शिवराज कोइरालाको घर अगाडिवाट माओवादीले लुटे।

टिकापुर नपाका कुराज भट्टराईको से. १ त २०३९ नम्वरको ट्याक्टर ०६१ मंसिर १७ गते माओवादीले लुटे। हालसम्म ट्याक्टर फिर्ता गरेका छैनन्।

ग्रामीण विकास वैंकका कर्मचारीले उठाएको ७ हजार रुपैयाँ ०६१ मंसिर १४ गते धनगढी नपा-८ धनगढीगाउँमा माओवादीले लुटे।

संरचना/सम्पत्ति क्षति

टिकापुर नपास्थित नपाका कार्यालय, नवजीवन बैंक, गोबर ग्याँस कम्पनी र मालिका विकास बैंकका प्रवन्धक सितारामको घरमा ०६१ भदौ २५ गते माओवादीले आगो लगाए। त्यसैगरी टिकापुर नपाका कार्यालयका २ वटा टेक्टर समेत लुटे।

दिनेश ट्राभल्सको से. १ ख ४५८ नम्वर र से. १ ख ४६१ नम्वरको यात्रुवाहक वसलाई ०६१ असोज २९ गते सैनिकलाई ओसार-पसार गरेको आरोपमा माओवादीले वसमा आगो लगाई क्षति पुऱ्याए।

धनगढी नपा-८ क्याम्पसरोड चोकमा माओवादीले सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी ०६१ मंसिर १ गते राति गरेको वम विस्फोटवाट सरोज चौधरीको घरका शिशा फुटेर क्षति भयो भने सुरक्षाकर्मीले चलाएको अन्धाधुन्ध गोली लागी राजेन्द्र लामिछाने र चित्रबहादुर छेडालको पसलमा क्षति पुग्यो।

धनगढी नपाका नरेन्द्र कुंवरको से. १ प २३९३ र लालबहादुर भण्डारीको से. १ प २१६२ को ट्याक्टरलाई माओवादीले ०६१ मंसिर २३ गते जलाई ध्वस्त पारे।

चौमाला गाविसका लालबहादुर सापकोटा, सोही ठाउँका प्रकाश सापकोटा, कैलाली जिल्ला धनगढी नपा-८ का सरोज चौधरी र सोही नपा-७ वेलीका डवल चौधरीका ट्याक्टर ०६१ मंसिर २३ गते माओवादीले आगो लगाई क्षतिग्रस्त पारे।

चौमाला गाविस कार्यालय भवनमा ०६१ मंसिर २८ गते माओवादीले वम विस्फोट गराई ध्वस्त पारे।

नारायणपुर गाविस-४ नारायणपुर चौराहमा व्यापार गरी वस्ने देवीवहादुर राईको पसल ०६१ मंसिर ३० गते माओवादीले तोडफोड गरी करिव ५ लाख रुपैयाँ वरावरको सामान लुटेर लगे।

टिकापुरका रामेश्वर उपाध्यायको घरमा रहेको नेपाल बैंक लिमिटेड शाखा कार्यालयमा ०६१ पुस ३ गते



माओवादीद्वारा गोली प्रहार गरी घाइते बनाइएका काशिराम अर्याल

विहान माओवादीले प्रेसरकुकर वम विस्फोट गरी क्षति पुऱ्याए।

जानकीनगर गाविसका ३२ वर्षीय मोहनबहादुर चन्द तथा वैनीमा गाविसका जगत चौधरी आफ्नो काम विशेषले भगरहिया गइरहेको अवस्थामा माओवादीले ०६१ पुस ३ गते कुटपिट गर्नुका साथै उनीहरुसँग भएको नगद पनि लुटे।

श्रीपुर गाविस भवनमा ०६१ पुस ६ गते राति माओवादीले आगो लगाई भौतिक सामग्री र कागजपत्र क्षतिग्रस्त पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सुगरखाल गाविस फलेबिसौनाका चन्द्रबहादुर बस्नेतलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० चैत २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

टिकापुर हवाई मैदान कव्जा गरी वसेका मुक्त कमैया जीतबहादुर चौधरी, रतीया थारु, रामलाल थारु, वावुराम चौधरी, नाथुराम चौधरी, प्रेम डगौरा, रामगुलाव थारु र वुझावन थारुलाई ०६१ साउन १५ गते माओवादीको आरोपमा उग्रतारा गण टिकापुरका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई ०६१ साउन १६ गते रिहा गरे।

फूलबारी गाविस-६ का २५ वर्षीय यमबहादुर सीकेलाई माओवादीको आरोपमा ०६१ भदौ १० गते धनगढी नपा मनहरावाट सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

धनगढी नपा-८ का १७ वर्षीय भक्तबहादुर जोशीलाई माओवादीको आरोपमा ०६१ भदौ ११ गते वासुदेवी माविबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ १२ गते रिहा गरे।

उर्मा गाविस-७ घुर्जन्नाका २० वर्षीय गुलिराम चौधरीलाई माओवादीको आशंकामा ०६१ भदौ १४ गते

धनगढी नपा देवरीयाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित क्याम्पस अध्ययन गरी घर फर्कन लागेको अवस्थामा गिरफ्तार गरेका थिए।

वेलापुर गाविस-१ धनचौरीका १८ वर्षीय गणेशराज पन्तलाई माओवादीको आरोपमा ०६१ भदौ २४ गते क्याम्पस छुट्टि भएपछि घर फर्कने अवस्थामा धनगढी नपा-७ देहोरियाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असोज १ गते रिहा गरियो।

कैलाली बहुमुखी क्याम्पसमा अध्ययनरत २१ वर्षीय गोपाल ओझालाई माओवादीको आरोपमा ०६१ भदौ २८ गते धनगढीस्थित क्याम्पस रोडबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

बेलादेवीपुर गाविस-१ का २६ वर्षीय शेरबहादुर बोहोरा र २७ वर्षीय गणेबहादुर नेमीलाई माओवादीको आरोपमा ०६१ असोज २५ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई केही दिन रिहा गरियो।

पवेरा गाविस-६ वैजपुरका गोविन्दप्रसाद चौधरी र फुलरामू चौधरीलाई माओवादीको आरोपमा ०६१ असोज २९ गते छिमेकीको घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे।

बलिया गाविस-५ का २४ वर्षीय पूर्णप्रसाद धमला र ३० वर्षीय चक्रबहादुर विष्टलाई माओवादीको आरोपमा ०६१ कार्तिक १ गते भोल्कास्थित आफ्नै पुस्तक पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई केही दिनपछि रिहा गरे।

मालाखेती गाविस-९ का २८ वर्षीय योगेन्द्र कुवँरलाई माओवादीको फोटो धुलाई गरेको आरोपमा ०६१ मंसिर ५ गते अत्तरियास्थित हिमाल फोटो स्टुडियोबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

सुगुरखाल गाविस-९ का १६ वर्षीय लिलाराज शर्मालाई ०६१ मंसिर ११ गते त्रिवेणी मावि बडीगाउँको परिसरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर २० गते रिहा गरे।

दरख गाविस-५ सुखडका २३ वर्षीय केशरसिंह बोहरालाई ०६१ पुस १० गते आफ्नै पसलमा बसिरहेको अवस्थामा "तपाईसँग कुरा बुझ्नु पर्नेछ" भनी सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल आफ्नो कब्जामा रहेको जानकारी उनकी पत्नीलाई सुरक्षाकर्मीले दिए।

बालअधिकार

फूलबारी गाविस-५ की ८ वर्षीय एक बालिकालाई मिठाईको प्रलोभन देखाई ०६१ साउन १२ गते सोही ठाउँका ६५ वर्षीय कुलबहादुर थापाले बलात्कार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार / बलात्कार प्रयास

थापापुर गाविस कृष्णपुरकी ५५ वर्षीय एक महिलालाई ०६१ साउन १८ गते राति १० बजे आफ्नै घरमा अज्ञात व्यक्तिले बलात्कार गरी हत्या गरे।

नारायणपुर गाविस-९ की १६ वर्षीय दमाई थरकी एक युवतीलाई सोही ठाउँका २० वर्षीय नयाँ साउदले विवाह गर्ने प्रलोभनमा फसाई पटक-पटक यौन सम्पर्क गरेको र पीडितको गर्भ रहेको थाहा पाएपछि विवाह गर्ने आश्वासन दिई गर्भपतन नगरेमा मार्ने धम्की दिएकोले पीडितले ०६१ भदौ १२ गते नारायणपुर गाविस-९ अन्तर्गत पर्ने खेतबारीमा नवजात शिशुलाई बेवारिसे अवस्थामा फालिन्।

पारिवारिक हिंसा

फूलबारी गाविस-७ बी गाउँकी ५० वर्षीय तुल्क्षादेवी ओझालाई ०६१ साउन २२ गते आफ्नै पति ५८ वर्षीय हरिप्रसाद ओझा र बुहारी हिमादेवी ओझाले लाटी, फोहरी भनी अमानवीय व्यवहार गरी घरबाट अलग गराए।

पहलवानपुर गाविस-२ की ३१ वर्षीय नरुदेवी धामीलाई छोरो नजन्माएको आरोपमा ०६१ भदौ ८ गते उनका पति धनबहादुर धामीले कुटपिट गरे। पीडक पत्नीलाई सुत्केरी अवस्थामा नै छोडी भारत गए।

दूर्व्यवहार

चौमाला गाविस-३ स्थित कमैया शिविरकी ५० वर्षीय बेफनी चौधरीलाई बोक्सीको आरोपमा ०६१ असोज २० गते राति आफ्नो घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरुले कुटपिट गरी गम्भीर घाइते बनाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

हसुलिया गाविस निमुवाबोझीका ४५ वर्षीय प्रल्हाद चौधरीको ०६० माघ १६ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। गस्तिमा गएका सुरक्षाकर्मीले मादकपदार्थ सेवन गरी ठट्टा गर्दै ख्याल-ख्यालमा गोली हान्दा बन्दुक पड्किएर कम्मर र खुट्टामा गोली लागेका कारण मृत्यु भएको थियो।

५.२ अछाम



जनसंख्या : २४५८६५
साक्षरता प्रतिशत : ३८
महिला साक्षरता प्रतिशत : १९
क्षेत्रफल (वर्ग कि. मि.) : १६८०
गाविस/नपा संख्या : ७५/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३७७
क्याम्पस/उच्च मा.वि. : २/४
अस्पताल/स्वास्थ्य चौकी : २/७६
टेलिफोन लाइन : २३
मोटर सडक (कि. मि.) : ८६
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ७९
मानव विकास सूचकांक : ०.३५०
प्रति परिवार सरदर संख्या : ५.५९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

तिमिल्सैन गाविस-४ का कैलाश भनिने १९ वर्षीय मनोज जोशी माओवादीको आरोपमा ०६० फागुन १९ गते बददिवी गाविसस्थित जयगढ बजारमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

दुनी गाविस-४ का माओवादी कार्यकर्ता अजय र बसन्त भनिने दुईजना ०६० पुस २३ गते सुरक्षाकर्मीद्वारा घेरा हाली गिरफ्तार गरी मारिए।

रामारोशन र कालिकोट जिल्लाको सीमानामा नाम ठेगाना खुल्न नसकेका तीन माओवादी कार्यकर्ताको ०६० फागुन २५ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरुको लाश भेटिएन।

विनायक गाविस-६ विद्यामन्दिर उच्च माविको प्रांगणमा सञ्चालित माओवादीको जनमार्च सांस्कृतिक कार्यक्रम भइरहेको बेला ०६० चैत ३० गते सुरक्षाकर्मीले हेलिकप्टरद्वारा गोली प्रहार गर्दा ढकारी गाविस-७ का शिक्षक प्रभुनाथ रिमाल, तोषी गाविसका २० वर्षीय नौरता चलाउने, विनायक गाविसका १२ वर्षीय नेत्र कडायत, गलातीकोट गाविस-४ तालिकाका १५ वर्षीय भीम परियार, बारला गाविसका रतनबहादुर विक, ढुंगाचाल्ना गाविस-६ का नर ढोली र दुईजना नाम नखुलेका ढोली गरी जम्मा ७ जनाको मृत्यु भयो। घटनामा मलातीकोट गाविसकी नन्दा साउद, सुकी साउद, कुईका गाविस-८ की पदमकला ढकाल, सोही गाविस-६ का हितराज धमला, देवराज तिमिल्सैना, बारला गाविस-८ का पंख शाही, तोषी गाविसका पारु विक, बयालाका जंगे नेपाली, कर्ण ढकाल, रानीवन गाविसका खड्कबहादुर शाही, भाटाकाटिया गाविसकी सेतु साउद, सान्तडाका कमानसिंह टमटा, विनायकका टंककला अधिकारी, तालीका लोकबहादुर तारामी मगर र नाम नखुलेका ११ जना गरी ३० जना गोलीद्वारा घाइते भए। यसबाहेक ४७ जना विद्यालय वरिपरिको काँढेतारबाट घाइते भए। घाइतेहरुमध्ये एकजना माओवादी र अन्य सर्वसाधारण रहेको स्थानीय बासिन्दाले बताए।

घुघुरकोट गाविसस्थित ठाँटीमा एक नाम नखुलेका व्यक्ति ०६१ भदौ ३ गते माओवादीको आरोपमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। पीडितलाई ०६१ भदौ १ गते साँफेबगर हाटबजारबाट गिरफ्तार गरिएको प्रत्यक्षदर्शीले बताए। पीडित आफ्नो पार्टीको कार्यकर्ता नरहेको माओवादीले सार्वजनिक गरे।

माओवादीबाट

कुन्तीबडाली गाविसका २१ वर्षीय सन्तोष बोगटीलाई ०६० माघ २३ गते कैलालीको टिकापुरबाट आफ्नै घर फर्किरहेको अवस्थामा सशस्त्र प्रहरी भएको आरोप लगाई पुन्यपाटाबाट माओवादीले अपहरण गरी ०६० फागुन २७ गते रामारोशनमा हत्या गरे।

कालिका गाविस-२ का १६ वर्षीय भरत ढोलीलाई सुराकीको आरोपमा ०६० चैत १० गते माओवादीले कैलाशमुढबाट अपहरण गरी कुटपिट गर्दा ०६१ वैशाख ८ गते मृत्यु भयो।

कालिका गाविस-२ का १६ वर्षीय भरत ढोलीलाई सुराकीको आरोपमा ०६० चैत १० गते कैलाशमुढबाट माओवादीले अपहरण गरेकोमा भाग्न खोज्दा हत्या गरे।

सशस्त्र प्रहरी हवल्दार २२ वर्षीय उग्रसेन चौधरी, बर्दिया जिल्लाका २० वर्षीय प्रहरी जवान रमेश चौधरी र रिडीरकोट गाविस-३ का १४ वर्षीय सँगे नेपालीलाई ०६१ असार १० गते बिहान सिद्धेश्वर गाविसस्थित पुलमा

माओवादीले गोली प्रहार गरी हत्या गरे भने कैलालीका प्रहरी जवान रामवावु चौधरी र मप्टमाण्डौ गाविस-३ का १३ वर्षीय सन्तोप नेपालीलाई घाइते पारे। घाइतेहरुको उपचार नेपालगञ्जमा गरियो।

रामारोशन गाविस नेटाकोटस्थित यशोदा माविका शिक्षक डवलवहादुर साउदलाई सुराकीको आरोपमा ०६१ भदौ २१ गते माओवादीले अपहरण गरेकोमा हत्या गरेको जानकारी ०६१ कार्तिकको पहिलो हप्ता माओवादीले सार्वजनिक गरे। पीडितको हत्या कहिले र कहाँ गरिएको भन्ने कुरा खुलाएनन्।

दोहोरो भिडन्त

भाटाकाटिया गाविसमा एक माओवादी कार्यकर्ताको ०६० फागुन २३ गते सर्चमा गएको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भएको सुरक्षाकर्मीले जानकारी दिए। स्थानीय जनताले त्यहाँ कुनै पनि कारवाही नभएको बताए।

रामारोशन गाविसस्थित जंगलमा ०६० फागुन २४ गते सुरक्षाकर्मीको सर्च अभियानमा दुई माओवादीको मृत्यु भएको सुरक्षाकर्मीले बताए। तर उक्त समयमा कुनै पनि माओवादीको मृत्यु नभएको स्थानीय वासिन्दाले वताए।

चण्डिका गाविस-३ सल्लेनी बजारमा सुरक्षाकर्मी र माओवादीबीच ०६१ साउन २३ गते दोहोरो भिडन्त हुँदा माओवादी कार्यकर्ता शक्ति भनिने घाइते भए। सुरक्षाकर्मीतर्फ कुनै क्षति भएन। घटनामा ८ जना माओवादीको मृत्यु भएको सुरक्षाकर्मीले वताए।

विनायक गाविसस्थित विनायकमा सुरक्षाकर्मी र माओवादीवीच ०६१ भदौ २७ गते दोहोरो भिडन्त हुँदा माओवादी कार्यकर्ता श्यामको मृत्यु हुनुका साथै वहुवीर र पहाड घाइते भए। सोही घटनामा एकजना सैनिक घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मलातिकोट गाविसका ३८ वर्षीय वहादुरसिंह साउद ०६० पुस १९ गते आफ्नै घर नजिकै सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भए। पीडितको पाखुरामा गोली लागेको थियो। पीडितको उपचार स्थानीय उपस्वास्थ्य चौकीमा गरियो।

हिच्मा गाविस-२ रुपनाका २४ वर्षीय हर्क विकलाई माओवादीको आरोपमा ०६१ जेठ २१ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा पाखुरामा गोली लागी घाइते भए। पीडित धान रोप्न खेततिर गइरहेको अवस्थामा सुरक्षाकर्मीलाई देखी दौडेपछि सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए। पीडितको उपचार स्थानीय जडिवुटीबाट गरियो।

माओवादीबाट

नवाठाना गाविस- की २८ वर्षीय सरस्वती आउजी, १५ वर्षीय सुल आउजी, ०६० फागुन २९ गते गाईभैंसी हेरिरहेको अवस्थामा पिपलचौतारामा माओवादीले राखेको वम विस्फोट भई घाइते भए। पीडितहरुको उपचार नेपालगञ्जमा गरियो।

सिद्धेश्वर गाविसस्थित हाटवजारमा माओवादीले राखेको गाग्री बम विस्फोट हुँदा ०६१ असोज ५ गते स्थानीय व्यापारी टेकबहादुर भण्डारी सामान्य घाइते भए। पीडितको उपचार साँफेबगरमा नै भयो।

जनालीवडाली गाविस-४ सिजाखादका ४५ वर्षीय पाना थ्यात र ३८ वर्षीय पार्वती थ्यात ०६१ पुस १३ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२		२	५	८			८	९	४६	१	१	४८
घाइते	२	२	२	४	४	३	३		६	४	२		४	६
गिरफ्तारी / यातना										६	१०	२	२३	३५
बेपत्ता										१	१			१
कुटपिट	२	२		२	६	९		६	१५	५	८	१	२५	३४
धम्की					४	५	१	१	७	३	३			३
महिलाअधिकार					१		४		४	१		१		१
बालअधिकार	२	१	१	२										
अपहरण					२९	१४८	४४	३१७	५०९					
जम्मा	८	७	३	१०	४९	१७३	५२	३२४	५४९	२९	७०	५	५३	१२८

अज्ञात समूहले छोडेको बम विस्फोट हुँदा घाइते भए। सो बम माओवादीले राखेको पीडितले बताए। उनको उपचार जिल्ला स्वास्थ्य कार्यालयमा भयो।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता भएको अछाम जेल 'घ' श्रेणीको हो। ०५८ फागुन ४ गते राति माओवादी आक्रमणका कारण जेल भवन भत्किएको छ। भवन भत्किएपछि शान्ति सुरक्षाका कारण बन्दीहरुलाई जिल्ला प्रहरी कार्यालय नजिक बंकरमा राखिएको छ। यहाँ ११ जना बन्दी छन्। बन्दीहरुमध्ये १० जना पुरुष र १ जना महिला छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

पायल गाविस वैद्यनाथ माविका शिक्षक दीपक कुँवर, डम्वर शाह, देवेन्द्र बोहरा, मणिराज जोशी र मष्टमाण्डौ प्रावि पाटालका नवीनराज जोशीलाई ०६० माघ २७ गते परीक्षा सञ्चालन भइरहेको अवस्थामा स्कूलबाट माओवादीले अपहरण गरे। विद्यार्थीहरु स्वास्थ्य तथा शारीरिक विषयको परीक्षा दिनबाट वञ्चित भए। पीडितहरुलाई फागुन १ गते मुक्त गरे।

विनायक गाविस-८ का हरिप्रसाद अधिकारीलाई छोरालाई प्रहरी समक्ष आत्मसमर्पण गराएको आरोपमा ०६० फागुन १२ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई छोराले लिएको ४२ हजार रुपैयाँ र एक ग्रिनेटको पैसा भन्दै ५.४ हजार रुपैयाँ लिएर ०६१ वैशाख ८ गते मुक्त गरे।

तिमिल्सैन गाविस-३ का राष्ट्रिय अनुसन्धान विभागका असई हर्क बोहरालाई प्रहरीमा काम गरेको आरोपमा ०६० फागुन १४ गते राति घरबाट माओवादीले अपहरण गरे। पीडितलाई २५ हजार रुपैयाँ राखेर मुक्त गरे।

डोटी जिल्ला काष्ठमाण्डौ गाविसका व्यापारी जहरसिं बोगटी र अछाम जिल्ला दुनी गाविस-५ का जया साउदलाई सुराकीको आरोपमा ०६० फागुन १४ गते चौखुट्टे बजारबाट माओवादीले अपहरण गरे। पीडित माओवादीको कब्जाबाट तीन महिनापछि भाग्न सफल भए।

सिउडी गाविसका शिक्षक रवीन्द्र शाहलाई ०६० फागुन २७ गते माओवादीले कार्यक्रममा जबरजस्ती लगी चैत १ गते मुक्त गरे।



माओवादीद्वारा अपहरण गरिएकी टेलिभिजन कार्यक्रम प्रस्तोता शिवानी सिंह थारु

तिमिल्सैन गाविस-३ का जिल्ला प्रशासन कार्यालयका खरिदार मिनदत्त जोशीलाई ०६० फागुन ३० गते माओवादीले बर्दादेवी गाविसको जयगढ बजारबाट अपहरण गरे। पीडितलाई सोधपुछपछि ०६० चैत ८ गते मुक्त गरे।

बान्नातोली गाविसका जिविस सदस्य इन्द्र रावललाई स्थानीय निकायमा बसेको आरोपमा ०६० चैत ९ गते राति माओवादीले घरबाट अपहरण गरी एक महिनापछि मुक्त गरे।

कालिका गाविस-२ का २७ वर्षीय मिन हुड्के र ४१ वर्षीय चन्द्र ढोलीलाई सुराकीको आरोपमा ०६० चैत १० गते कैलाशमुढबाट माओवादीले अपहरण गरे। पीडितहरुमध्ये मिनलाई मुक्त गरे भने चन्द्र माओवादीको कब्जाबाट भागे।

गाञ्जा गाविस-९ भार्सेका जनज्योति प्राविका प्रधानाध्यापक तेजबहादुर बोहरालाई ०६० चैत १८ गते बेलुका ७ बजे माओवादीले घरबाट अपहरण गरे। पीडित हाल मुक्त भइसकेका छन्।

कालिका गाविस-२ का जिल्ला खानेपानी कार्यालयका प्राविधिक टंक रावललाई सुराकीको आरोपमा ०६० चैत २१ गते भाइको काजकिरिया गरिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

वीरपथ गाविस-९ का ७१ वर्षीय प्रेमबहादुर शाहीलाई सुराकीको आरोपमा ०६१ जेठ २५ गते राति माओवादीले घरबाट अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

जनालीवडाली गाविस-६ की ३१ वर्षीय माता दमाई, १८ वर्षीय काली दमाईलाई ०६१ जेठ १२ गते र पदमा भण्डारीलाई वेश्यावृत्तिमा संलग्न भएको आरोपमा जेठ ८ गते माओवादीले अपहरण गरे। पीडित काली जेठ १७ गते भागेर मुक्त भइन् भने अन्य दुईजनालाई कपाल खौरी ०६१ जेठ १९ गते मुक्त गरियो।

सिउडी गाविस-८ का ३५ वर्षीय खन्टे लुहार र सोही गाविस-९ का ३४ वर्षीय कर्ण थापालाई ०६१ जेठ २८ गते माओवादीले सोही ठाउँका शंकर थापाको हत्या गरेको आरोपमा अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

जनालीवडाली गाविसका २४ वर्षीय हरिकला भण्डारी, ३२ वर्षीय गोरेप्रसाद भण्डारी, सोही गाविस-९ का २४ वर्षीय भोज विक, २२ वर्षीय राजु विक, सोही गाविस-१ का ४८ वर्षीय रामप्रसाद भण्डारी, ३२ वर्षीय भूमिराज भण्डारी र सोही गाविस-६ का ३५ वर्षीय सुमन वादीलाई ०६१ असोज ५ गते माओवादीले जनालीवडाली गाविसको ठूलासैन बजारबाट अपहरण गरे। पीडितहरुलाई

एक हप्तापछि मुक्त गरियो भने हरिकलालाई मुक्त गरिएको छैन।

जनालीकोट गाविसका २२ वर्षीय डेनी स्वारलाई ०६१ असोज १५ गते राति ९ बजे आफूहरु विरुद्ध गतिविधि गरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई मंसिर ८ गते तारेखमा मुक्त गरियो।

नेपाल टेलिभिजनकी कार्यक्रम प्रस्तोता शिवानीसिंह थारुलाई राष्ट्रिय अनुसन्धान विभागको इन्स्पेक्टर पदमा कार्यरत भएको आरोपमा ०६१ पुस २ गते विनायकबाट माओवादीले अपहरण गरे। पीडितलाई आफू सो पदमा कार्यरत रहेको र अबदेखि उक्त जागिर छोड्ने शर्तको पत्रमा हस्ताक्षर गराई ०६१ पुस ९ गते मुक्त गरियो। उक्त विभाग र शिवानी स्वयम्ले उक्त पदमा कार्यरत नभएको सार्वजनिक गरे। शिवानीले आफूलाई मानसिक यातना दिएर उक्त पत्रमा हस्ताक्षर गराइएको बताइन्।

जनालीवडाली गाविसका जाल्पादेवी प्राविका शिक्षक सेतबहादुर भण्डारीलाई सुराकीको आरोपमा ०६१ पुस १६ गते माओवादीले अपहरण गरेकोमा तीन हप्तापछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दर्ना गाविस-९ का रुपबहादुर रावतलाई माओवादीको आरोपमा ०६० पुस २६ गते सुरक्षाकर्मीले घर खानतलासी गरी ज्यानमार्ने धम्की दिए। पीडितको प्रमाणपत्र, नागरिकता आदि कागजपत्र जलाइदिए।

वर्ढादेवी गाविस-६ जयगढवजार व्यवस्थापन समितिका अध्यक्ष टेकबहादुर साउदलाई राष्ट्रिय मानव अधिकार आयोगबाट स्थलगत अध्ययनमा आएको टोलीसँग सम्पूर्ण वस्तुस्थिति जानकारी गराएको विरोधमा ०६० फागुन ८ गते प्रहरी इन्स्पेक्टर सिंहले ज्यानमार्ने धम्की दिए।

जाल्पादेवी गाविसका कान्तिपुर दैनिकका सम्वाददाता सुरज कुवँरलाई समाचार सम्प्रेषण गरेको आरोपमा ०६० चैत १२ गते सशस्त्र प्रहरी वल बेस क्याम्पका इन्स्पेक्टर धनबहादुर सिंहले ट्वाइलेटमा लगि कुटपिट गर्ने धम्की दिए।

सिद्धेश्वर गाविसस्थित साँफेबगर हाटवजारमा ०६१ असार ११ गते माओवादीलाई लुकाएर राखेको आरोपमा २५ जना व्यापारीलाई सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

वस्ती गाविस-९ का २२ वर्षीय विनोद थापालाई "विद्यालयमा बालवालिका अपहरण" शीर्षकमा समाचार छापेको आरोपमा ०६० फागुन १५ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

विनायक गाविस-५ का जगनाथ अधिकारी, सोही गाविस-६ का सहदेव न्यौपाने, सोही गाविस-८ का दिलबहादुर धामी र जमुना अधिकारीलाई सैनिक कार्यक्रममा विनायक घटनाको बारेमा बोल्न लगाएको आरोपमा ०६१ वैशाख ११ गते माओवादीले ज्यानमार्ने धम्की दिए। पीडित हाल विस्थापित भएका छन्।

चाल्सा गाविस-६ का २१ वर्षीय ज्वाले कामी, २६ वर्षीय आउसे कामी, सोही गाविस-४ का रण कामी, सोही गाविस-७ का दाने कामी, ३२ वर्षीय बाले सुनार र २७ वर्षीय ढक्कले कामीलाई हलिया बसेको आरोपमा ०६१ असार ६ गते माओवादीले पशुपति माविको कक्षा कोठामा काठले खुट्टा पेली यातना दिए। पीडितको उपचार इन्सेक वर्ष पुस्तक प्रतिनिधिको पहलमा सिभिक्टबाट भयो। पीडकलाई कारवाही गरिएको माओवादीले जनाए।

षोडषा गाविसका पूर्व गाविस उपाध्यक्ष वलवहादुर खड्कालाई राजनीतिक प्रतिशोधका कारण ०६१ भदौ १८ गते माओवादीले कुटपिट गरे।

भैरवस्थान गाविसका पुरुषोत्तम रामचन्द्र प्राविका प्रधानाध्यापक चन्द्रबहादुर बुढालाई आर्थिक हिनामिना गरेको आरोपमा ०६१ भदौ २१ गते माओवादीले कुटपिट गरे।

अन्यबाट

मुली गाविस सचिव कृष्णबहादुर खत्रीलाई विना कारण ०६१ जेठ १४ गते सोही गाविसका दिनेश शाहले जिविसको प्रांगणमा कुटपिट गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ४ वटा मुद्दा दर्ता भए। विगत वर्षको जिम्मेवारी सरेर आएको १ र यस वर्ष दर्ता भएका २ वटा मुद्दा फर्स्यौट भए। हाल अदालतमा फर्स्यौट हुन बाँकी २ मुद्दा संख्या छन्।



माओवादीद्वारा अपहरण गरी कपाल मुण्डन गरिएकी पदमा भण्डारी

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना/सम्पत्ति क्षति

मंगलसेनस्थित जिप्रका भवनमा ०६० फागुन ६ गते बेलुका माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

वयालपाटास्थित स्वबियुका कागजपत्रहरु ०६० फागुन १४ गते राति माओवादीले जलाइदिए।

सदरमुकाम मंगलसेनका रामवहादुर वुढाको घरमा ०६१ साउन २४ गते माओवादीले वम विस्फोट गराई क्षति पुऱ्याए।

भागेश्वर गाविस-४ रिठागाउँका ४६ वर्षीय अभीरसिंह रावलको घरमा ०६१ भदौ १२ गते माओवादीले लुटपाट गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

दुनी गाविस-४ का धनबहादुर सुनार, १४ वर्षीय चेतन र १३ वर्षीय शान्तिलाई माओवादीको आरोपमा ०६० पुस २० गते गाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुको अवस्था अज्ञात छ।

विनायक केन्द्र र कालागाउँ केन्द्रका एसएलसी परीक्षा दिन आएका परीक्षार्थीलाई परीक्षाको अन्तिम दिन ०६० चैत २३ गते विद्यार्थीलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई सोधपुछपछि रिहा गरे।

बयाला गाविस-७ का २२ वर्षीय भक्त विष्ट, सोही गाविस-४ का ३० वर्षीय कर्णवहादुर कडायत, मुली गाविस-३ का जगत कामी, धमाली गाविसका जैसिङ कामी र चाल्सा गाविसका मोहनसिं थापालाई माओवादीको आरोपमा ०६१ असार ११ गते सुरक्षाकर्मीले चाल्सा गाविसको स्थानीय वजारवाट गिरफ्तार गरे। पीडितहरुलाई ०६१ असार १८ गते रिहा गरे।

बालअधिकार

भाग्यश्वर गाविस-९ डोटेकी १५ वर्षीय एक वालिकालाई सोही गाविस-९ का नाता पर्ने ६५ वर्षीय कृष्णप्रसाद जैशीले आफ्नै घरमा वोलाई ०६१ वैशाख १४ गते वलात्कार प्रयास गरे। पीडकलाई गाउँलेले सामाजिक वहिष्कार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

जनाली बडाली गाविस-८ विपलगाउँकी २२ वर्षीय सुशिला जैसीलाई ज्वाल दल गणका सैनिक हवल्दार ढाने

हलिया बसेको आरोपमा माओवादीद्वारा कुटपिट गरिएका चाल्साका सर्वसाधारणहरु

मगरले गर्भधारण गराएपछि ०६१ जेठ २७ गते स्थानीय माता दमाईले गर्भपतन गराउँदा पीडित सख्त घाइते भइन्। गर्भपतन गराउन पीडकले ४ हजार रुपैयाँ दिएको पीडित आफैले बताइन्। आवश्यक उपचारको अभावका कारण पीडितको मृत्यु भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष लुटपाटका २ वटा घटना भए। ३ जनाले आत्महत्या गरे। गाडी तोडफोडका २ वटा घटना भए।

विगतको अनुगमन

रामेछाप जिल्ला पकरवास गाविस-३ का ज्वाल दल गणमा कार्यरत सैनिक जवान २१ वर्षीय चित्रवहादुर मानन्धरलाई ०६० असोज १२ गते वीरपथ गाविसको स्याउलेबाट माओवादीले अपहरण गरे। पीडितलाई इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि, एलायन्स नेपाल र लाइफ नेपालका प्रतिनिधिहरुको रोहवरमा ०६१ असोज १४ गते जयगढ वजारवाट मुक्त गरियो।

५.३ डोटी



जनसंख्या	: २२५३६८
साक्षरता प्रतिशत	: ४३
महिला साक्षरता प्रतिशत	: २०
क्षेत्रफल (वर्ग कि. मि.)	: २०२५
गाविस/नपा संख्या	: ५०/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२६
क्याम्पस/उच्च मा.वि.	: १/६
अस्पताल/स्वास्थ्य चौकी	: ४/५१
टेलिफोन लाइन	: ५००
मोटर सडक (कि. मि.)	: २३५
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ५३
मानव विकास सूचकांक	: ०.४२०
प्रति परिवार सरदर संख्या	: ६.१८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

पोखरी गाविस-५ का २१ वर्षीय भीम कामी ०६० फागुन ४ गते आफ्नै घर अगाडि सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

गडसेरा गाविसका ५५ वर्षीय तेजबहादुर विष्ट माओवादीको आरोपमा ०६० चैत ११ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

लाटामाण्डौ गाविसअन्तर्गत गोपघाट भन्ने ठाउँमा कैलाश चौधरी ०६१ जेठ ४ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

वर्छेन गाविसकी २८ वर्षीय निर्मला चन्द ०६१ असोज ९ गते घरमै सुरक्षाकर्मीद्वारा गोली हानी मारिइन्। सुरक्षाकर्मीको गोलीद्वारा पीडितका एक बालकसमेत घाइते भए।

वाजककानी गाविसमा माओवादी कार्यकर्ता खड्कबहादुर खड्का र पदमबहादुर सावद ०६१ असोज २५ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

लक्ष्मीनगर गाविस-१ का १८ वर्षीय भीमबहादुर खत्रीलाई भनेको ठाउँमा नगएको आरोपमा ०६० चैत १७ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी हत्या गरे।

अछाम जिप्रकामा कार्यरत प्रहरी इन्स्पेक्टर कर्णबहादुर रावलको वर्छेन गाविसको मेलटा भन्ने ठाउँमा ०६१ जेठ २७ गते माओवादीले राखेको विद्युतीय धरापमा परी मृत्यु भयो। सोही घटनामा असई करवीर सिंह, जवानहरु राजेन्द्रसिंह महता र नन्द रावल घाइते भए।

लक्ष्मीनगर गाविस-६ का भक्तबहादुर थापालाई घरबाट माओवादीले अपहरण गरी ०६१ भदौ १४ गते हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
माओवादीबाट

मान्नाकापडी गाविसका प्रेम वोहरा माओवादीको सकेट बम प्रहारबाट ०६१ असार १६ गते घाइते भए। पीडितको धनगढीमा उपचार गरियो।

भूमिराजमाण्डौ गाविस पुलुडीका सिद्धराज भाट ०६१ असार १८ गते माओवादीको सकेट बम प्रहारबाट गम्भीर घाइते भए। पीडितको खुट्टामा गम्भीर चोट लागेको हुँदा उपचारार्थ भारत लगियो।

बेपत्ता / अपहरण
राज्यबाट

छपाली गाविस-६ का माने लुहारलाई माओवादीको जनसरकार उपप्रमुख भएको आरोपमा ०६१ कार्तिक १६ गते गस्तिमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

माओवादीबाट

काडमाण्डौ गाविस-२ का ४५ वर्षीय जहरसिं वोगटीलाई ०६० फागुन १५ गते आफ्नै पसलबाट माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

गडसेरा गाविस घर भई वर्छेन गाविसमा होटल व्यवसाय गर्ने ५८ वर्षीय दानबहादुर विष्टलाई ०६० फागुन २७ गते माओवादीले अपहरण गरे। पीडितलाई १० दिनपछि मुक्त गरे।

सरस्वतीनगर गाविसको शिवपुर माविका

विद्यार्थीलाई ०६० चैत ६ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

तिजाली गाविसका विभिन्न गाउँबाट सयौं मानिसहरुलाई ०६१ वैशाख १ गते माओवादीले अपहरण गरेकोमा आफ्नो कार्यक्रममा सहभागी गराई मुक्त गरे।

तिजाली गाविस-९ का खड्के दमाई, पाउनु भूल र प्रेम भूललाई ०६१ वैशाख २ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरी केही दिनपछि मुक्त गरे।

तिजाली गाविसका ३८ वर्षीय कृष्णबहादुर कामीलाई ०६१ वैशाख १० गते माओवादीले अपहरण गरेकोमा केही दिनपछि मुक्त गरे।

तिजाली गाविस-१ का ४० वर्षीय ढाट ऐर र ४२ वर्षीय गोरे ऐरलाई ०६१ वैशाख १० गते माओवादीले उनीहरुकै घरबाट अपहरण गरी एक हप्तापछि मुक्त गरे।

तिजाली गाविसस्थित राधाकृष्ण माविमा कक्षा ७ मा अध्ययनरत विद्यार्थी दीपक ओझा, दिनेश जोशी र धरणी फुलारालाई ०६१ वैशाख १६ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

पचनाती गाविस-९ का भवनराज भट्ट, खेमराज भट्ट र तपराज भट्टलाई ०६१ वैशाख १६ गते उनकै घरबाट माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे।

मुढभरा गाविस-७ का चक्रवहादुर मल्ल, मानबहादुर मल्ल र गणेशप्रसाद जोशीलाई ०६१ जेठ ६ गते माओवादीले अपहरण गरी जेठ १० गते मुक्त गरे।

पचनाली गाविस-३ का यज्ञराज फुलारालाई ०६१ जेठ ६ गते, सोही ठाउँका शिक्षक ४८ वर्षीय वेणीमाधव फुलारा, मुढभरा गाविसका ३० वर्षीय गंगाराम भट्ट, गढसेरा गाविस-९ का २८ वर्षीय तीर्थराज भण्डारी, पचनाली गाविस-९ का ४० जयराज भट्ट, मुडभरा गाविस-१ का शिक्षक ४० वर्षीय ठेकराज जोशी, तिजाली गाविसका शिक्षक ३६ वर्षीय लक्ष्मीराज ओझा र अन्य ४ जना शिक्षकलाई ०६१ जेठ ६ गते माओवादीले विभिन्न स्थानबाट अपहरण गरी जेठ १३ गते मुक्त गरे।

सरस्वतीनगर गाविस-४ का २२ वर्षीय मानबहादुर खड्का, सोही गाविस- ३ का २३ वर्षीय पदमराज अवस्थी, सोही गाविस-२ का ४७ वर्षीय शिवराम ओझा र सोही गाविस-४ का २४ वर्षीय ओमबहादुर मल्ललाई ०६१ जेठ ११ गते माओवादीले अपहरण गरी जेठ १९ गते मुक्त गरे।

सानागाउँ गाविस-४ का २८ वर्षीय देवबहादुर खड्कालाई ०६१ साउन ४ गते राति उनकै घरबाट माओवादीले अपहरण गरी साउन ७ गते मुक्त गरे। आफूलाई राजनीतिक गतिविधिमा संलग्न नहुन भनी धम्की दिइएको पीडितले बताए।

कालिकास्थान गाविसका पूर्व उपाध्यक्ष गोपाल थापालाई ०६१ साउन २१ गते माओवादीले आफ्नै घरबाटै अपहरण गरी एक हप्तापछि मुक्त गरे।

निरौली गाविस-५ का १६ वर्षीय मिनबहादुर बोहरालाई ०६१ भदौ २ गते माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

लक्ष्मीनगर गाविस-४ का प्रेमराज जोशीलाई सुराकीको आरोपमा ०६१ भदौ ६ गते घरैबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

मुढभरा गाविस-१ र ९ का शिक्षकहरुलाई ०६१ असोज ३ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

सरस्वतीनगर गाविसकी २२ वर्षीय मीना जोशीलाई ०६१ असोज ८ गते उनकै घरबाट माओवादीले अपहरण गरी तीन महिनापछि मुक्त गरे।

घटनाको प्रकार	जैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१	३	३			३	५	५	१	६
घाइते					३	५			५				
गिरफ्तारी/यातना										८	१४		१४
वेपत्ता										१	१		१
कुटपिट	२		२	२	९	१३			१३	४	१९		१९
धम्की	२	२		२	३	१		८	९	१	१		१
जातीय विभेद	१	१		१									
महिलाअधिकार	३		३	३									
बालअधिकार	१		१	१						१		२	२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार										१	१		१
अपहरण					३०	३९	१	१८७८	१९१८				
जम्मा	१०	४	६	१०	४८	६१	१	१८८६	१९४८	२१	४१	३	४४

लक्ष्मीनगर गाविस-१ का १८ वर्षीय चक्रबहादुर खत्रीलाई ०६१ असोज १० गते माओवादीले उनकै घरबाट अपहरण गरी दुई हप्तापछि मुक्त गरे।

लक्ष्मीनगर गाविस-५ का २८ वर्षीय गजेन्द्र बोगटीलाई ०६१ कार्तिक ८ गते उनकै घरबाट माओवादीले अपहरण गरी दुई हप्तापछि मुक्त गरे।

जेल र बन्दी

यस वर्ष जेलमा जम्मा २१ कैदी रहेका छन्। जसमध्ये ११ पुरुष र १ महिला गरी १२ जना आस्थाका बन्दी छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खातिवडा गाविस नाराका गौतम रोकायालाई ०६१ साउन ९ गते बेलुकी सादा पोशाकमा आएका सुरक्षाकर्मीले बिनाकारण अपशब्द प्रयोग गरी ज्यानमार्ने धम्की दिए।

दिपायल सिलगढी नपा-४ का २६ वर्षीय दीपकराज गहतराजलाई ०६१ भदौ ३० गते युनिफाइड कमान्डका असई लोकेन्द्रबहादुर मल्लले बिना कारण कुटपिट गरे।

कोटभैरव गाविस बझाङ जिल्ला घर भई हाल डोटी जिल्लामा सामुदायिक विकास केन्द्रमा कार्यरत शिवराज जोशीलाई ०६१ भदौ २५ गते सुरक्षाकर्मीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

माओवादीबाट

कैलाली जिल्ला घर भई चनुकाडा इलाका कृषि कार्यालयका जेटिए रामनारायण चौधरी र होमप्रसाद नेउरेलाई सुराकीको आरोपमा ०६० माघ २३ गते माओवादीले कुटपिट गरे।

तिजाली गाविस-३ का ४२ वर्षीय कमल सावदलाई सुराकीको आरोपमा ०६० फागुन १८ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले खुकुरी प्रहार गरी कुटपिट गरे। पीडितको उपचार डडेल्धुरामा गरियो।

मुढभरा गाविसअन्तर्गत देवाली र धुर्कोट क्षेत्रका प्रत्येक घरबाट १/१ जना माओवादीमा पठाउनुपर्ने र ती प्रत्येकलाई विभिन्न निर्माण कार्यमा लगाउने, उपस्थित नहुने परिवारका सदस्यलाई भौतिक कारवाही गरिने भनी ०६० चैत २ गते माओवादीले पत्रमार्फत् धम्की दिए।

लक्ष्मीनगर गाविस-३ का ४५ वर्षीय विरम्जन ओली र उनका दुई छोरालाई ०६० चैत १३ गते आफ्नै घरमा माओवादीले कुटपिट गरे। पीडितहरुको धनगढीमा उपचार गरियो।

सानागाउँ गाविसका ५५ वर्षीय रणबहादुर खड्कालाई ०६० चैत २० गते आफ्नै घरबाट माओवादीले अपहरण गरी सांही गाविस-८ मा पुऱ्याई कुटपिट गरे। पीडितको जिल्ला अस्पताल, डांटीमा उपचार गरियो।

छयाली गाविस-२ का ५२ वर्षीय मोहनबहादुर देउवाको घरबाट ०६१ बैशाख १२ गते माओवादीले विभिन्न धनमाल लुट्नुका साथै उनका छोरा १८ वर्षीय नरबहादुर देउवा र भतिजा २२ वर्षीय वीरबहादुर देउवालाई कुटपिट गरे।

सरस्वतीनगर गाविस-५ का ४५ वर्षीय पुष्पराज जोशीलाई आफ्नो कार्यक्रममा नगएको भनी ०६१ वैशाख १८ गते माओवादीले कुटपिट गरे।

मुढभरा गाविस-५ का नभा भट्टलाई खाना नदिएको आरोपमा ०६१ वैशाख २३ गते माओवादीले कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार गरियो।

लक्ष्मीनगर गाविस-३ का ३६ वर्षीय डम्बर पाललाई ०६१ असार २९ गते माओवादीले ५० हजार रुपैयाँ सात दिनभित्र ल्याउनुपर्ने नल्याएमा ज्यानमार्ने धम्की दिए। पीडित माओवादीका डरले सपरिवार विस्थापित भए।

मुढभरा गाविस-१ का ५५ वर्षीय काशीनाथ जोशीलाई सुराकीको आरोपमा ०६१ असोज ५ गते माओवादीले कुटपिट गरे। पीडितलाई उपचार गर्नसमेत नदिने धम्की दिइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

सरस्वतीनगर गाविस रावतकडेकी टिका वादीको घरमा ०६० चैत २२ गते दिपायलबाट आएका सुरक्षाकर्मीको गस्ति टोलीले माओवादीको आरोपमा घरको सामान जलाई १ हजार ५ सय रुपैयाँ लुटेर लगेको प्रत्यक्षदर्शीले बताए। पीडितका ९ वटा मादलसमेत तोडफोड गरिदिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

मुढभरा गाविस-७ का २४ वर्षीय लिलाधर जोशी र २३ वर्षीय रामचन्द्र जोशीलाई माओवादीको आरोपमा ०६० माघ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पुष्पलाल श्रेष्ठको जनवादी गीतिमाला नामक पुस्तक बोकेका कारण उनीहरुलाई गिरफ्तार गरिएको थियो। पीडितहरुलाई केही समयपछि रिहा गरियो।

मुढभरा गाविस-२ का शिवबहादुर सार्कीलाई माओवादीको आरोपमा ०६१ जेठ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई डोटी जेलमा नजरबन्दमा राखिएको छ। आफूलाई कुन अपराध गरेबापत गिरफ्तार

गरिएको हो भन्ने बारे कुनै जानकारी नभएको पीडितले वताए।

मुढभरा गाविस-२ का शिववहादुर सार्कीलाई ०६१ जेठ ९ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी तीन महिनापछि रिहा गरे।

सरस्वतीनगर गाविसका मानवहादुर खड्का, पदमराज अवस्थी, शिवराज ओइवा र ओमवहादुर मल्ललाई ०६१ जेठ १९ गते सरस्वतीनगर गाविस-२ बाट गिरफ्तार गरे। माओवादीले अपहरण गरी लगेका चारै जनालाई केही दिनपछि मुक्त गरेपछि आफ्नो घर जाने क्रममा बीच बाटोमा सुरक्षाकर्मीसँग भेट भएपछि गिरफ्तारीमा परेका थिए। पीडितहरुलाई दह ब्यारेक डडेल्धुरामा राखिएको छ।

लामिखाल गाविसका २६ वर्षीय पदम खत्री, गिरिचौका गाविसका २७ वर्षीय कर्ण बोहरा र छपाली गाविसका २८ वर्षीय चक्र पुजारालाई ०६१ भदौ ३० गते होटलमा सुतिरहेको अवस्थामा गस्तिमा गएका सुरक्षाकर्मीले होटलको ढोका खोल्न लगाई सबैको आँखामा पट्टी वाँधी कुटपिट गरी गिरफ्तार गरे। पीडितहरुलाई दुई घण्टापछि रिहा गरे।

गिरिचौका गाविस-७ का २५ वर्षीय भक्तबहादुर अधिकारीलाई माओवादीको आरोपमा ०६१ असोज १९ गते सिलगढी मालपोत कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

कालिकास्थान गाविसका पूर्व उपाध्यक्ष गोपाल थापालाई माओवादी जनसरकार उपप्रमुख भएको आरोपमा ०६१ मंसिर १६ गते सिलाडीवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन दिनपछि मुक्त गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

काप्ठमाण्डौ गाविस-५ की १७ वर्षीय एक युवतीलाई ०६० पुस २० गते अज्ञात व्यक्तिले वलात्कार गर्ने प्रयास गरी कुटपिट गरे। घटनामा संलग्न रहेको भनी सोही गाविसका टिके लुहारलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखिएकोमा अदालतवाट रिहा भए।

भूमिराजमाण्डौ गाविस-५ की २६ वर्षीय एक महिलालाई ०६१ वैशाख १० गते राति ससुरा जोगी नायकले वलात्कार गरे। प्रहरीले पीडकलाई गिरफ्तार गरी पुर्पक्षको लागि थुनामा राखिएकोमा जिल्ला अदालतले ५ वर्षको कैद फैसला गरेको छ।

पारिवारिक हिंसा

मुढभरा गाविस-७ की २० वर्षीय रम्भादेवी मल्ललाई परपुरुषसँग शारीरिक सम्पर्क गरेको आरोपमा ०६० चैत १० गते पति यामबहादुर मल्ल र ससुरा गोरखवहादुर मल्लले गरगहना, कपडा खोसी कुटपिट गरी घरवाट निकाले। पीडित माइतीमा वसेकी छन्।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

मुढभरा गाविस र तिजाली गाविसका विद्यालय क्रमश: शारदा उच्च मावि र राधाकृष्ण माविका कक्षा ६, ७ र ८ का विद्यार्थीहरुको संस्कृत विषयको प्रश्नपत्र ०६० चैत ५ गते माओवादीले जलाएर नष्ट गरे।

५.४ बाजुरा

५.४ बाजुरा



जनसंख्या	: ११७७५१
साक्षरता प्रतिशत	: ३५
महिला साक्षरता प्रतिशत	: १९
क्षेत्रफल (वर्ग कि. मि.)	: २११८
गाविस/नपा संख्या	: २७/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २०१
क्याम्पस/उच्च मा.वि.	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/२७
टेलिफोन लाइन	: १२९
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: २
मानव विकास सूचकांक	: ०.३१०
प्रति परिवार सरदर संख्या	: ५.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

ब्रम्तोला गाविस-२ डुग्रीका ८ वर्षीय मंगल थापाको ०६० माघ १ गते सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। गस्तिमा गएका सुरक्षाकर्मीको गोलीबाट उनको मृत्यु भएको आशंका परिवार तथा स्थानीय बासिन्दाले गरे भने सुरक्षाकर्मीले तत्काल उक्त घटनाको बारेमा इन्कार गरी माओवादीबाट गोली प्रहार गरिएको बताए।

तोली गाविस-२ पुर्बुताका ३१ वर्षीय गोरख शाही माओवादीको आरोपमा ०६० माघ १ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी ब्रम्तोलाको डुग्रीमा पुऱ्याई गोली हानी मारिए।

दउकोट गाविस-३ अम्लिसका माओवादी कार्यकर्ता १९ वर्षीय भीमबहादुर रोकाया ०६० माघ १८ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी गोली हानी मारिए।

ब्रम्तोला गाविस-२ द्वारीमा गस्तिमा गएका सुरक्षाकर्मीसँग भौतिक भनिने माओवादी कार्यकर्ताको ०६० फागुन १९ गते जम्काभेट हुँदा भाग्न खोजेपछि सुरक्षाकर्मीले चलाएको गोलीबाट घटनास्थलमै मृत्यु भयो।

कैलाशमाण्डौ गाविसको कालापानी गाउँका माओवादी कार्यकर्ता २८ वर्षीय भुकम्प भनिने रामबहादुर बम ०६१ असार २ गते सर्चमा रहेका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी सोही ठाउँमा गोली हानी मारिए।

आटिचौर गाविसस्थित दशरथ माविमा ०६१ साउन २६ गते सुरक्षाकर्मीको कारवाहीमा परी अछाम जिल्ला रिसीदह गाविसका देवु धामी, सोही ठाउँका डम्बर धामी, बाजुरा जिल्ला छताराका भाना बुढा र कालिकोट जिल्ला सिउनाका पहलमान दर्जीको मृत्यु भयो। पीडितहरुमध्ये तीनजना माओवादीको कार्यक्रममा आएका सर्वसाधारण भएको माओवादीले सार्वजनिक जानकारी गराए।

बुढिगंगा गाविसको जडाङ्गामा ०६१ साउन २८ गते सुरक्षाकर्मीको कारवाहीमा शैलजा र कैलाश भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो।

जगन्नाथ गाविस-७ मा ०६१ साउन २९ गते कालिकोट जिल्ला सिउनाका सुनिल भनिने माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

काँडा गाविसस्थित काँडाभवानी माविनजिकै ०६१ भदौ ४ गते सुरक्षाकर्मीको कारवाहीमा माओवादी कार्यकर्ता भक्तराज न्यौपानेको मृत्यु भयो।

माओवादीबाट

कोल्टी गाविस-३ देवीगौडाका एमालेका जिल्ला कमिटी उपसचिव ४१ वर्षीय ताराचन्द्र रेग्मीलाई ०६० फागुन २३ गते एमालेद्वारा सञ्चालित "शान्ति र प्रजातन्त्रका लागि जनअभियान" कार्यक्रमका क्रममा माओवादीले अपहरण गरी गोली हानी हत्या गरे। पीडितलाई ०६१ चैत ७ गते मारिएको माओवादीले सार्वजनिक जानकारी गराए। यस घटनाका सम्वन्धमा अध्ययन गर्न गएको इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिसमेतको एक टोलीलाई माओवादीले रोक लगाएका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

दोहोरो भिडन्त

कैलाशमाण्डौ गाविस-९ पैमामा सुरक्षाकर्मी र माओवादीबीच ०६१ असार २ गते भिडन्त हुँदा दुईजना सुरक्षाकर्मी घाइते भए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१	१	१			१	९	११	३	१४
घाइते					४	४	१		५				
गिरफ्तारी / यातना										१२	१२		१२
बेपत्ता										१	१		१
कुटपिट	१	१		१	१५	१४	१		१५	२४	२०	२	२२
धम्की	२				१३	१४			१४	१३	१०	१	११
महिलाअधिकार	१		१	१									
बालअधिकार										१		१	१
अपहरण					७१	१७१	३४	६७५	८८०				
जम्मा	५	२	१	३	१०४	२०४	३६	६७५	९१५	६०	५४	७	६१

वृढिगंगा गाविस-७ जडाङ्गाकी २८ वर्षीय हुडी खड्का घर नजिकैको बारीमा माओवादीले छोडेको बम विस्फोट हुँदा ०६१ असार १५ गते घाइते भइन्। उनको उपचार चन्दा उठाएर नेपालगञ्जमा गरिएको थियो।

कोल्टीबाट गएको सुरक्षाकर्मीको गस्ति पाण्डुसेनस्थित अगाउपानीमा पुग्दा माओवादीले राखेको विद्युतीय धराप विस्फोट भई ०६१ असार २६ गते सशस्त्र प्रहरी हवल्दार लक्ष्मण राई घाइते भए।

मार्तडीस्थित सैनिक व्यारेकमा कार्यरत हुद्दा कर्णबहादुर चन्द ०६१ असार २ गते वृढिगंगाको बल्देमा माओवादीसग भएको भिडन्तमा गोली लागी घाइते भए।

जेल र बन्दीहरू

२५ जना क्षमता रहेको बाजुरा जेलको अवस्था जीर्ण छ। हाल ४ जना कैद तोकिएका बन्दी छन्। तीमध्ये २ जना ज्यान मुद्दा, १ आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत र १ बलात्कार मुद्दा छन्। पुरुष र महिलाको लागि अलग-अलग २ वटा भवन छन्। हाल बिजुली बत्तीसमेत नभएकोले उनीहरुलाई समस्या परेको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

मार्तडी गाविस रावलबाडाका १८ वर्षीय मनबहादुर रावललाई सुराकीको आरोपमा ०६० पुस २५ गते माओवादीले उनकै घरबाट अपहरण गरी एक हप्तापछि मुक्त गरे।

ब्रम्तोला गाविस-१ ताप्राका पूर्व जिविस सभापति ३५ वर्षीय लालबहादुर थापालाई ०६० फागुन २३ गते माओवादीले कुल्देवमाण्डौको मौरेबाट अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरे।

पाण्डुसेन गाविस सेलकाटियाका शिक्षक ३५ वर्षीय विसे लोहारलाई चन्दा नदिएको आरोपमा ०६० चैत २० गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई ०६१ वैशाख ३ गते मुक्त गरे।

पाण्डुसेन गाविसका ३० वर्षीय रमेश रोकायालाई ०६० चैत २० गते माओवादीले उनकै घरबाट अपहरण गरी चार दिनपछि मुक्त गरे।

बाग्बीस गाविस-५ प्रतोलाका ७२ वर्षीय भक्तबहादुर शाहलाई ०६१ वैशाख २० गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई जेठ २९ गते बाग्बीसमा इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि, पत्रकार र नेमाधिसंका जिल्ला सभापतिको रोहबरमा मुक्त गरे।

वृढिगंगा गाविस-७ का पूर्व प्रधानपञ्च ६८ वर्षीय कालुसिंह बढुवाललाई ०६१ जेठ २९ गते माओवादीले जडाङ्गबाट अपहरण गरी एक महिनापछि मुक्त गरे।

वृढिगंगा गाविस-७ जडाङ्गाका २४ वर्षीय सूर्य बढुवाललगायत् १६ जना सर्वसाधारणलाई सुराकीको आरोपमा ०६१ असार ७ गते राति सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी ९ दिनपछि मुक्त गरे।

काँडा गाविस-१ सिंगडाका ३० वर्षीय वीरबहादुर रावललाई सुराकीको आरोपमा ०६१ मंसिर ११ गते माओवादीले उनकै घरबाट अपहरण गरी पुस १ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तोली गाविस-३ का ४० वर्षीय शेरबहादुर शाहीलाई माओवादीको आरोपमा ०६० माघ २० गते सुरक्षाकर्मीले ब्रम्तोलाको सेरामा धम्क्याई उनीसँग भएको एमालेको संगठित सदस्यता परिचयपत्र समेत खोसे।

कालिकोट जिल्लाको नानीकोट गाविस घर भई बाजुरा जिल्लामा कार्यरत पत्रकार २५ वर्षीय हरिनारायण सञ्ज्याललाई ०६० फागुन ७ गते निमित्त प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले आफ्नो समाचार सम्प्रेषण गरेको आरोपमा जिल्ला छाड्न धम्की दिए।

ब्रम्तोला गाविस-२ डुग्रीका शिक्षक कृष्ण थापालाई ०६० पुस २ गते, तोली गाविस-५ का ५५ वर्षीय माने साउदलाई ०६० फागुन ९ गते र तोली गाविस-५ का ५० वर्षीय गोरे साउदलाई ०६० फागुन १० गते सुरक्षाकर्मीले विभिन्न आरोप लगाउँदै कारवाही गर्ने धम्की दिए।

तोली गाविस-८ का ३५ वर्षीय कृष्ण ऐडी, सोही गाविस- का ६० वर्षीय जोगी साउदलाई ०६० फागुन १० गते र सोही गाविसका ३४ वर्षीय बजिरे मिजार, सोही गाविस पुर्वुताका ६० वर्षीय दलबहादुर शाही र सोही गाविस-२ पुर्वुताका ५५ वर्षीय तिते शाहीलाई ०६० माघ ९ गते सर्चमा गएको सुरक्षाकर्मीले विभिन्न आरोपहरु लगाउँदै कुटपिट गरे।

साप्पाटा गाविस-४ घर भई मार्तडीमा होटल व्यवसाय गरी बस्ने २६ वर्षीय नृप विष्टलाई ०६० चैत १० गते र कैलाशमाण्डौ गाविसका ३२ वर्षीय प्रेमबहादुर थापालाई ०६० चैत २३ गते सुरक्षाकर्मीले विभिन्न आरोप लगाउँदै कुटपिट गरे।

कोटिला गाविस-८ का ४२ वर्षीय प्रताप आउजीलाई ०६१ साउन ४ गते कोल्टीस्थित सुरक्षाकर्मीले चामल लिन आएको अवस्थामा हातपात गरे।

मार्तडी गाविस-५ मा बस्दै आएकी ३० वर्षीय रामदेवी शाहीलाई ०६१ साउन ९ गते घरमा गई

सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई भोलिपल्ट पत्रकार र मानवअधिकारकर्मीको पहलमा सुरक्षाकर्मीले १ हजार रुपैयाँ क्षतिपूर्ति दिएका थिए। घटनामा सुरक्षाकर्मीले गल्ती गरेको सुरक्षा निकायका प्रमुखहरुले स्वीकार गरे।

छतारा गाविस-९ छताराका शिक्षक ३९ वर्षीय युवराज न्यौपानेलाई ०६१ साउन २८ गते सुरक्षाकर्मीले सोधपुछ गर्ने क्रममा मार्तडी चेकपोष्टमा कुटपिट गरे। पीडितलाई बाटोमा माओवादी भए/नभएको बारेमा सोधिएको र आफूले नदेखेको बताएपछि कुटपिट गरिएको पीडितले बताए।

मार्तडी गाविस-५ रजातोलीका ३५ वर्षीय हरिचन्द्र उपाध्यायलाई ०६१ साउन ३२ गते चामल लिन आएको अवस्थामा सामुदायिक प्रहरीका एक हवल्दारले भीड नियन्त्रण गर्ने निहुँमा कुटपिट गरे। घटना सार्वजनिक भएपछि पीडकलाई विभागीय कारवाही गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुखले बताए।

मार्तडी गाविस-४ रावलबाडाका ५० वर्षीय प्रकाश रावललाई ०६१ भदौ २० गते मार्तडीस्थित सामुदायिक प्रहरीका हवल्दारले टाउकोमा हानी घाइते बनाए। पीडितको एक हप्तासम्म स्थानीय अस्पतालमा उपचार गरियो।

कैलालीको निगाली गाविस घर भई मार्तडीमा होटल व्यवसाय सञ्चालन गरी बसेका ३२ वर्षीय चक्रबहादुर सिंहलाई ०६१ पुस ५ गते राति मार्तडीस्थित प्रहरीका असईले विनाकारण कुटपिट गरेको पीडितले बताए।

माओवादीबाट

छतारा गाविस-६ का ७० वर्षीय जोगी विकलाई ०६० चैत ४ गते आफ्नै घरमा, तोली गाविस-६ पिपलसैनका ४० वर्षीय जंग साउदलाई ०६० चैत ४ गते, छतारा गाविस-६ का ५५ वर्षीय प्रदीप विक र तोली गाविस-६ का ४५ वर्षीय गमी विकलाई ०६० चैत ५ गते आफ्नै घरमा, तोली गाविस-४ का ४५ वर्षीय साउने ऐंडीलाई ०६० चैत ६ गते, बारबीस गाविस सिमलकोटका ४० वर्षीय सुरत केसीलाई ०६१ वैशाख २२ गते र बारबीस गाविस-६ वासुरेका ७० वर्षीय शेरबहादुर शाहीलाई ०६१ जेठ २८ गते माओवादीले विभिन्न आरोप लगाउँदै कुटपिट गर्नुका साथै कडा कारवाही गर्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष जम्मा ९ वटा मुद्दा परे। गत वर्षबाट जिम्मेवारी सरेका मुद्दाको संख्या ७ थियो। तीमध्ये एउटा मात्र फर्स्यौट भयो। अदालतमा फर्स्यौट हुन बाँकी मुद्दा संख्या १५ वटा रह्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जेष्ठ नागरिक, अशक्त, विधवा, अपांग गरी २ हजार ८ सय २३ जनाको लागि ४८ लाख ४ हजार ४ सय २५ रुपैयाँ छुट्याइएकोमा अर्धवार्षिक समयमा २५ लाख ३० हजार २० रुपैयाँ जिविसले निकासा गरेको थियो। तर गाविस सचिवहरु गाउँ छोडेर सदरमुकाममा बस्न थालेपछि उनीहरुलाई नियमित रकम लिन कठिनाई भयो।

आर्थिक अधिकार

विश्व खाद्य कार्यक्रमको काम गरेबापत प्राप्त चामल मार्तडी गाविस-२ जिल्लीका बासिन्दाले साँफेबाट ल्याउँदै गर्दा ०६१ वैशाख ५ गते बारबीसको बतासे पिपलबाट १ सय ४८ क्वीन्टल चामल माओवादीले लुटेपछि ५० भन्दा बढी परिवार पीडित भए।

विश्व खाद्य कार्यक्रमअन्तर्गत श्रमिकले काम गरी कमाएको ४४ क्वीन्टल चामल सेराबाट माओवादीले ०६१ वैशाख ५ गते लुटेर लगे।

माओवादीले यस जिल्लाको सदरमुकाम जाने दैनिक उपभोग्य सामानमा व्यापारीहरुबाट ८ प्रतिशतका दरले रकम लिँदै आएका छन्।

संरचना/सम्पत्ति क्षति

मार्तडीस्थित साना जलविद्युत केन्द्रमा माओवादीले ०६१ पुस ४ गते राति बम विस्फोट गराए। जसबाट सदरमुकाममा विद्युत सेवा बन्द भएको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कोल्टी गाविसका नेपाल समाचारपत्र दैनिकका बाजुरा समाचारदाता २४ वर्षीय छक्क मल्ललाई झुठा समाचार सम्प्रेषण गरेको आरोपमा ०६० पुस २६ गते प्रहरीले गिरफ्तार गरी धम्कीसमेत दिए। पीडितलाई दोस्रो दिन रिहा गरियो।

दाङ जिल्ला घर भई राष्ट्रिय अनुसन्धान कार्यालयमा कार्यरत कर्मचारी ३६ वर्षीय दिनेश ओलीलाई ०६० माघ ३ गते प्रहरीले गिरफ्तार गरी सिस्नो पानीले कुटपिट गरे।

ब्रम्तोला गाविस-७ का ३३ वर्षीय रामबहादुर रानालाई ०६० फागुन १८ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई माओवादीसँग मिलेर जिविसको चामल लुटाएको आरोप लगाइएको थियो।

ब्रम्तोला गाविस सेराका व्यापारी ३४ वर्षीय राजेन्द्र अधिकारीलाई माओवादीले लुटेको चामल खरिद गरेको

आरोपमा ०६० फागुन १८ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गरे।

वारवीस गाविस-७ घर भई जिविसमा कार्यरत कर्मचारी २७ वर्षीय कृष्ण वानियालाई माओवादीलाई चामल लुटाउने कार्यमा संलग्न रहेको आरोपमा ०६० फागुन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे।

कुल्देवमाण्डौ गाविस-४ नवाघरका एमाले कार्यकर्ता २६ वर्षीय भरत थापालाई सुरक्षाकर्मीविरुद्ध चर्को भाषा वोलेको आरोपमा ०६० चैत २२ गते मार्तडीवाट सुरक्षाकर्मीले गिरफ्तार गरी दुई घण्टापछि रिहा गरे।

आटिचौर गाविस-५ का २६ वर्षीय प्रेम खड्कालाई माओवादीको सत्तामा बसेको आरोपमा ०६१ मंसिर २१ गते मार्तडीवाट सुरक्षाकर्मीले गिरफ्तार गरी ७ दिनपछि तारेखमा रिहा गरे।

वाई गाविस-९ छापुका माओवादी कार्यकर्ता २५ वर्षीय लोकराज नाथलाई ०६१ पुस ७ गते सुरक्षाकर्मीले मार्तडीमा गिरफ्तार गरे। माओवादीका सैन्य कम्पनी उपकमान्डर रहेका लोकराजलाई काठमाडौं पठाइएको सुरक्षाकर्मीले वताए।

दहकोट गाविस-६ रनेडाका ३० वर्षीय लालवहादुर रोकायालाई सुराकीको आरोपमा ०६१ पुस १२ गते सुरक्षाकर्मीले मार्तडीवाट गिरफ्तार गरी पुस १७ गते रिहा गरे।

बालअधिकार

मार्तडी गाविस-८ मार्तडीकी १५ वर्षीय एक वालिकालाई ०६१ असार २५ गते आफ्नै घरमा सुरक्षाकर्मीले डरधम्की देखाई ललाई-फकाई बलात्कार गरे। यस घटनामा पीडित पक्षले डरका कारण कतै उजुरी गरेनन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मार्तडीको विद्युत संरचना माओवादीले क्षतिग्रस्त पारेपछि स्थानीय पत्रकार तथा मानवअधिकारकर्मीले विरोध गरे। विश्व मानवअधिकार दिवसका क्रममा शान्तिका लागि अपिल गर्दै मार्तडीमा र्‍याली सम्पन्न भयो।

५.५ बझाङ



जनसंख्या	:१७९५२९
साक्षरता प्रतिशत	: ३५
महिला साक्षरता प्रतिशत	: २०
क्षेत्रफल (वर्ग कि. मि.)	: ३४२२
गाविस/नपा संख्या	: ४७/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २८८
क्याम्पस/उच्च मा.वि.	:१/६
अस्पताल/स्वास्थ्य चौकी	:१/४५
टेलिफोन लाइन	:१२६
मोटर सडक (कि. मि.)	:६०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	:१५
मानव विकास सूचकांक	:०.३४३
प्रति परिवार सरदर संख्या	:६.२८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

लेकगाउँ गाविसका माओवादी कार्यकर्ता २० वर्षीय कुवेरवहादुर विक र कोटभैरव गाविस डिक्लाका १९ वर्षीय टेकेन्द्र नेपाली ०६१ भदौ १३ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

व्यासी गाविस पौवाखोलाका १० वर्षीय भागिरथी खड्काको ०६० चैत १ गते माओवादीले लुकाएर राखेको सकेट वम घाँस काट्न लाग्दा विस्फोट भई घटनास्थलमै मृत्यु भयो। सोही घटनामा पीडितका काका पर्ने श्यामवहादुर खड्का घाइते भए।

चैनपुर गाविस-५ धामीलेकका ५० वर्षीय अफिलाल जैसी र सोही ठाउँका ५५ वर्षीय हिरालाल जैसी ०६१ असार २२ गते जिविसमा काम गरिरहेको अवस्थामा माओवादीले राखेको वम विस्फोट हुँदा हिरालालको उपचारका क्रममा मृत्यु भयो भने अफिलाल सख्त घाइते भए।

रिठापाठा गाविस-४ खिमखेतका ४२ वर्षीय वेदप्रसाद जोशीलाई प्रहरी र सेनाको रासन ठेकेदार भएको र आफ्नै गाउँका २/३ जना माओवादी कार्यकर्तालाई आत्मसमर्पण गराएको आरोपमा ०६१ भदौ १ गते माओवादीले टाउकोमा धारिलो ढुंगाले हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

चैनपुर गाविस-८ का १४ वर्षीय भूमिराज जोशी र धामीलेक गाविस-५ का १० वर्षीय सन्तु जोशी ०६१ असार ३ गते माओवादीले विद्यालयमा थापेको वम सेनाले निस्कृय पार्न खोज्दा विस्फोट भई छर्रा लागी घाइते भए।

तनहुँ जिल्ला घर भएका कालीजंग गुल्म वझाङमा कार्यरत २६ वर्षीय यामवहादुर अधिकारी ०६१ भदौ २४ गते माओवादीले एयरपोर्टमा राखेको वम विस्फोटमा हुँदा सख्त घाइते भए।

जेल र बन्दीहरु

'घ' श्रेणीको २५ जना बन्दी क्षमता भएको वझाङ जेलमा हाल ११ पुरुष र २ महिला गरी १३ जना थुनुवा छन् भने ६ जना पुरुष १ जना महिला गरी ७ जना वन्दी छन्। यसवाहेक २ बालक, १ वालिका र २ नावालक आश्रित रुपमा रहेका छन्।

यस जेलमा कैदीहरुलाई ७ सय ग्राम चामल र दैनिक ३० रुपैयाँका दरले दिने गरिएको छ। बन्दीका आफन्तले भेट्न चाहेमा कार्यालय समयभित्र भेट्न दिइन्छ। वन्दीलाई चिठी पठाउने व्यवस्था गरिएको छ। जेलमा पानी, चर्पी र भवनको अत्यन्त आवश्यक छ। माओवादीको आरोपमा थुनिएका वन्दीहरु आधा जेलमै छन् भने आधा व्यारेकमा राखिएका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

रिठापाटा गाविस-८ का १९ वर्षीय विनोद धामी र उनकै वाबु नाता पर्ने ५० वर्षीय धर्म धामीलाई ०६० चैत २३ गते राति माओवादीले अपहरण गरी कुटपिट गरी दुई दिनपछि मुक्त गरे।

रिठापाटा गाविस-४ का ४० वर्षीय लक्ष्मीराज जोशीलाई सुराकीको आरोपमा ०६० चैत २३ गते माओवादीले अपहरण गरी कुटपिट गरी वायाँ हातको बुढी औंला भाँची ७ दिनपछि मुक्त गरे।

हेमन्तवाडा गाविस- का ४३ वर्षीय खड्कबहादुर खड्कालाई एमालेको "शान्ति र प्रजातन्त्रका लागि जनअभियान" कार्यक्रममा सहभागी भएको अवस्थामा ०६० चैत २८ गते माओवादीले अपहरण गरी १४ घण्टाकैलाश गाविसवाट मुक्त गरे।

रिलु गाविस सैरुपैल गाउँबाट २० वर्षीय ईश्वरी नेपाली र उनकै भाइ राजेन्द्र नेपालीलाई सुराकीको आरोपमा ०६१ वैशाख ९ गते माओवादीले अपहरण गरे। पीडितहरु ६ दिनपछि माओवादीको कब्जाबाट भागेर मुक्त भए।

माझी मेल्तडीका ६६ वर्षीय हीरेन्द्र रावललाई सुराकीको आरोपमा ०६१ वैशाख ७ गते माओवादीले अपहरण गरी २ नं. क्षेत्रको धेरैजसो ठाउँ घुमाई मुक्त गरे।

माझी गाविस मेल्तडीका २७ वर्षीय ओमप्रकाश रावललाई ०६१ वैशाख ४ गते, सोही ठाउँका २६ वर्षीय

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित		
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	३	३		३	३	४			४	१	२	२
घाइते					३	४			४			
गिरफ्तारी/यातना										५	५	५
कुटपिट	६	६	१	७	७	९	३		१२	४	४	४
धम्की	२	३	२	५	४	९		१	१०	१	१	१
महिलाअधिकार	१		१	१								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					६	४		२	६	१	१	१
अमानवीय व्यवहार	१	१		१								
अपहरण					३७	३५	१	३४६	३८२			
जम्मा	१३	१३	४	१७	५०	६५	४	३४९	४१८	१२	१३	१३

आईते रावललाई ०६१ वैशाख ४ गते, चैनपुर गाविस-७ काप्डीकेट्टका सुनिपिपलचौर मावि सुवेडाका प्रधानाध्यापक ३५ वर्षीय विष्णुभक्त जोशीलाई ०६० चैत ६ गते, रायल गाविस-५ का २५ वर्षीय पदमबहादुर विष्ट र बाँज गाविसका २३ वर्षीय गजेन्द्रबहादुर मल्ललाई ०६० माघ २८ गते माओवादीले विभिन्न आरोप लगाई अपहरण गरे।

देउलीकोट गाविस-३ का ४५ वर्षीय ललितबहादुर सिंहलाई विरोधी भएको आरोपमा ०६१ जेठ २८ गते माओवादीले अपहरण गरे।

बाँके जिल्ला नेपालगञ्ज घर भएका जिल्ला प्राविधिक कार्यालयमा कार्यरत इन्जिनियर ३५ वर्षीय मनिष अर्याल र सोही कार्यालयमा कार्यरत ओभरसियर बझाङ जिल्ला कोटदेवलका ३२ वर्षीय लालबहादुर थापालाई ०६१ असार २१ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

मष्टा गाविसका ३८ वर्षीय हंसबहादुर खड्कालाई ०६१ भदौ १७ गते जिविस बझाङले गाविस उपाध्यक्ष पदमा मनोनित गर्ने निर्णय गरेपछि माओवादीले अपहरण गरी मुक्त गरे।

सुवेडा गाविसको सुनिपिपलचौर मावि सुवेडाका कक्षा ६ देखि १० सम्मका विद्यार्थी र शिक्षक गरी ६७ जनालाई ०६१ भदौ २४ गते माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

लामातोला गाविस-१ देहलीका ४९ वर्षीय अर्जुनबहादुर थापालाई उनले लेखेको “कम्युनिष्ट आन्दोलनको एक झलक” नामक किताबमा माओवादीको व्यक्ति हत्या प्रवृत्तिको आलोचनामा गरेको आरोपमा ०६१ भदौ २४ गते माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे।

भातेखोला गाविस-२ का ४१ वर्षीय जोगबहादुर धामीलाई गाविस अध्यक्षमा मनोनित गरेकोमा ०६१ भदौ ३१ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

दौलिचौर गाविस-५ गैरीगाउँका ३५ वर्षीय मदनबहादुर विकलाई गाउँलेबाट ढुवानिको ठेक्कामा सर्वसाधारणलाई ठगेको आरोपमा ०६१ भदौ ३१ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

रिठापाटा गाविस-६ का ५२ वर्षीय झिल्के खड्कालाई छोरालाई आत्मसमर्पण गराएर घरमै राखी सुराकी गरेको आरोपमा ०६१ असोज १ गते राति पसलसहित भएको दुई तले घरमा ९/१० लाखसम्मको क्षति हुने गरी आगो लगाई अपहरण गरे। पीडितलाई ६ दिनपछि मुक्त गरे।

माओवादीद्वारा अपहरण गरिएका अर्जुन बहादुर थापा

सुवेडा गाविस सुनिपिपलचौर माविका शिक्षक ३० वर्षीय मदनराज उपाध्याय, ३५ वर्षीय ज्ञानबहादुर खड्का, २३ वर्षीय रतनबहादुर विष्ट, ३३ वर्षीय प्रयागराज जोशी, ३० वर्षीय युवराज जोशी, ३८ वर्षीय धनपति जोशी, ३४ वर्षीय मकरबहादुर कठायतलगायत् प्रधानाध्यापक विष्णुभक्त जोशीलाई ०६१ असोज ८ गते आफ्नो कुनै पनि कार्यक्रममा विद्यालय बन्द नगरेको आरोपमा माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

चैनपुर गाविस-१ का २९ वर्षीय दीपकबहादुर सिंहलाई आफ्नो अभियान चलिरहेको अवस्थामा कार्यालयको फिल्डको काम गरेको आरोपमा ०६१ असोज ८ गते माओवादीले अपहरण गरी ७ दिनपछि मुक्त गरे।

सुवेडा गाविसका २९ वर्षीय मदनराज जोशीलाई आफ्नो अभियान चलिरहेको अवस्थामा संस्थाको काम गरेको आरोपमा ०६१ असोज ८ गते अपहरण गरी सदरमुकाममा रहेको कार्यालयमा नजाने भन्ने धम्की दिई तीन दिनपछि मुक्त गरे।

डडेल्धुरा जिल्ला जोगबुढाका ३० वर्षीय डम्वर अवस्थीलाई ०६१ असोज १० गते माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे।

रायल गाविसमा माओवादीले आफ्नो अभियानमा दार्चुला, वैतडीका, विद्यार्थीहरु ल्याई विद्यार्थीहरुले “अब हामी योभन्दा माथि जान सक्दैनौ” भनेको भनी ०६१ मंसिर १७ गते कुटपिट गरी केही दिनपछि मुक्त गरे।

यस जिल्लाका सम्पूर्ण विद्यार्थी, दलित तथा शिक्षकहरुलाई ०६१ मंसिर २० गते आफ्नो अभियानका लागि माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

चैनपुर गाविस-८ साइलावगरका १९ वर्षीय राजेन्द्र खड्का, रिठापाटा गाविस-२ का हर्कबहादुर विक, हेमन्तवाडा गाविस-६ का केशव विष्ट र बाजुरा जिल्लाका पुलिन्दराज गिरीलाई नेपाल प्रहरीमा छनोट भई दिपायल जाने क्रममा ०६१ मंसिर ८ गते माओवादीले अपहरण गरी ०६१ मंसिर २० गते मुक्त गरे।

व्यासी गाविस-५ स्थित शान्ति उच्च मावि चौधानपाटाका १५ वर्षदेखि माथिका ९, १० र ११ कक्षामा अध्ययनरत २५ जना विद्यार्थीलाई ०६१ मंसिर २६ गते माओवादीले जनवादी शिक्षा अभियानका लागि अछाम जिल्लाको रामारोशन भन्ने ठाउँमा लगी केही दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट/लुटपाट

राज्यबाट

रिठापाटा गाविस-९ का २२ वर्षीय भीमवहादुर वोहोरालाई घरेलु रक्सी सदरमुकाम लगेको अवस्थामा चेकपोष्टमा बसेका सुरक्षाकर्मीले ०६१ साउन १९ गते ५ लिटर रक्सी खान र नुहाउन लगाई कुटपिट गरे।

डडेल्धुरा जिल्ला भद्रपुर गाविस घर भई जिप्रकामा कार्यरत प्रहरी जवान ३० वर्षीय इन्द्रवहादुर मल्ललाई ०६१ साउन ३० गते राति सोही कार्यालयमा कार्यरत दुई जना असईहरुले कुटपिट गरे।

चैनपुर गाविस-५ धामीलेकका ३९ वर्षीय शिवभक्त जोशीलाई डुग्रीवाट घर आइरहेको अवस्थामा ०६१ असोज २८ गते मादक पदार्थ सेवन गरेको आरोपमा सुरक्षाकर्मीले करङ भाँचिनेगरी कुटपिट गरे।

माओवादीबाट

पाराकाट्ने गाविस कुचका पूर्व जिविस सभापति ६० वर्षीय दीपकबहादुर सिंहको घरमा ०६० फागुन २० गते माओवादीले ताला लगाउनुका साथै उनलाई घर बोलाउनु पर्ने, अन्यथा आफूहरुले जहाँ पनि हत्या गर्न सक्छौं भनी धम्की दिए। पीडित मनोनित सभापति भएपछि माओवादीले घरमा ताला लगाएका थिए।

हेमन्तवाडा गाविस-१ का २५ वर्षीय केशबहादुर खड्का, ३६ वर्षीय कट्या जोशी २० वर्षीय कल्पना खड्का, २३ वर्षीय मिना खड्का र १९ वर्षीय जोग्यानी खड्कालाई पसलको सामान ल्याइरहेको अवस्थामा ०६१ साउन ३ गते माओवादीले कुटपिट गरी १३ हजार रुपैयाँ लुटे।

चैनपुर गाविस-६ डाँडागाउँका ४७ वर्षीय दिग्या सार्कीलाई ०६१ साउन १४ गते भाँडेवजारबाट दैनिक उपभोग्य सामान लिई आइरहेको अवस्थामा माओवादीले कुटपिट गरे।

अन्यबाट

मष्टा गाविस-२ का २८ वर्षीय गंगावहादुर रावललाई मादक पदार्थ सेवन गरी आइमाईको शरीरमा झुण्डिएको आरोपमा ०६१ मंसिर २९ गते कोटदेवल गाविसका वासिन्दाहरुले कुटपिट गरी कपाल चारपाटा मुडेर गाउँ डुलाए। उनीहरुले २ तोला सुन, ४ हजार २ सय नगद, १ तोला सुनको औठी र ४ हजार रुपैयाँ बरावरको घडी लुटेर लगेको उनले वताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दा ४२ र फौजदारी मुद्दा १८ गरी जम्मा ६० मुद्दा दर्ता भए भने देवानी मुद्दा २ र फौजदारी ३ वटा फर्स्यौट भई ४५ वटा वाँकी रहे। मुद्दा दर्ता हाल धेरै कम मात्रामा भएको भनी अदालतका कर्मचारी वताउँछन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दौलीचौर गाविस-८ का ६५ वर्षीय सुके वोहोराको घरवाट ०६० फागुन २६ गते माओवादीले तीन वटा बन्दुक, १ तोला सुन र १ बोरा धान लुटे।

सैनपसेला गाविस-९ का १९ वर्षीय देववहादुर जाग्रीले सदरमुकाममा मासु पसल खोलीसदरमुकाममासेना पुलिसलाई खुवाएको आरोपमा ०६१ असार १४ गते गाउँबाट खरिद गरी ल्याएका ३६ वटा खसी माओवादीले लुटेर लगे।

कोटदेवल गाविस-५ का ५६ वर्षीय फोनबहादुर खड्काले आफ्नो पसलका १२ जना भरिया पठाई सामान ल्याउने क्रममा वीच बाटोवाट भरियालाई फिर्ता गरी नगद ३५ हजारसम्मको सामान माओवादीले लुटेर लगे।

काँडा गाविस-७ का २४ वर्षीय जगतबहादुर तामाङले भरियाको हातमा सामान ल्याउन भनी दिएको १५ हजार रुपैयाँ नगद भरियावाट ०६० माघ २२ गते माओवादीले लुटेर लगे।

भातेखोला गाविस-३ का २४ वर्षीय गगनवहादुर बुढा र ४२ वर्षीय रामबहादुर बुढालाई व्यापारीको सामान वोकेर आउने क्रममा ०६१ साउन १८ गते माओवादीले कुटपिट गरी ९ हजार ६ सय ८० रुपैयाँ लुटे।

सूर्मा गाविस-१ का ३५ वर्षीय वकिल वोहोरा र कैले वोहोरालाई माओवादीले कुटपिट गरी ४ हजार रुपैयाँ लुटे।

मालुमेला गाविसको बजारमा व्यापार गरी वसेका रामभक्त गिरी, रमेश गिरीलगायत् १५ जना व्यापारीहरुलाई आफूले गरेको सदरमुकाम नाकावन्दीभित्र सामान पास गरेको आरोपमा माओवादीले ०६१ भदौ २३ गतेदेखि व्यापारीको तालामाथि आफ्नो ताला लगाई नखोल्न धम्की दिए। ०६१ असोज ७ गते ताला खोलिदिए।

माओवादीको नाकावन्दीका कारण गाडी पुगिरहेको ठाउँबाट चामल, तेल, गहुँ आदि सामान सदरमुकाम ल्याउनवाट चैनपुर, हेमन्तवाडा, सुवेडा, लुयाटा र कैलाश गाविसका जनता पूर्णरुपमा वञ्चित भए।

विस्थापन

मष्टा गाविस भातखोलाका ५५ वर्षीय लालगिरी धामीलाई धामी-झाँक्री भएका कारण ०६१ वैशाख १० गते माओवादीले कपालको लट्टा काटिदिनुका साथै मन्दिर

भत्काउने र मन्दिर चल्न नपाउने धम्की दिए। पीडित हाल सदरमुकाम बसिरहेका छन्।

संरचना सम्पत्ति क्षति

चैनपुर र रिठापाटा गाविसस्थित भोलुङ्गे पुल यस वर्ष माओवादीले बम प्रहार गरी नष्ट गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

रायल गाविस देउराका १९ वर्षीय दीपकबहादुर विष्टलाई एसएलसी परीक्षा दिइरहेको अवस्थामा माओवादीको आरोपमा ०६० चैत २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

चैनपुर गाविस-८ भोपुर वडाबासीलाई माओवादीले पुरानो ब्यारेकमा राखेको बम सुरक्षाकर्मीले निस्कृय बनाइसकेपछि ०६१ वैशाख १३ गते प्रत्येक घरबाट एक जनाका दरले गिरफ्तार गरी ब्यारेकमा ६ घण्टा राखी रिहा गरे।

हेमन्तवाडा गाविस-४ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २८ वर्षीय धर्मेन्द्रबहादुर रोकायालाई ०६१ पुस १२ गते रिलु गाविसको सेरुपोइल भन्ने ठाउँमा सुरक्षाकर्मीले गिरफ्तार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

सुवेडा गाविस-४ सुवेडीकी २७ वर्षीय पारुदेवी थापा पारिवारिक हिंसाका कारण ०६१ मंसिर १६ गते आफ्नो दुई वर्षको बच्चा लगी हराइन्।

सबै प्रकारका जातीय विभेद

चैनपुर गाविसकी २६ वर्षीय सुनिताकुमारी रसाइलीलाई ०६० पुस २३ गते नास्ता खान भनी गएको अवस्थामा सुर्मा गाविस घर भई सदरमुकाम चैनपुरमा होटल थापी बसेका वीरजित वोहोराले जातीय भेदभावका कारण गाली बेइज्जति गरी बाहिर निकालिदिए। पीडित महिलाले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिंदा प्रमुख जिल्ला अधिकारीले पीडकलाई बोलाएर "आइन्दा यस्तो गर्ने छैन" भन्ने कागज बनाई छोडे।

मष्टा गाविस-५ खिकालाका २० वर्षीय साउने कामीलाई सोही गाविस खेतकोटका गैरदलितले गाउँमा लाग्ने मेला अवधिभित्र हिंड्ने बाटो छोएको आरोपमा ०६१ साउन २८ गते गाली-बेइज्जती गरी सदरमुकाम जान नदिई फिर्ता पठाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष बझाङ जिल्लामा २ जनाको हाम फालेर मृत्यु भयो। झुन्डिएर ५ जनाको मृत्यु भयो भने सवारी दुर्घटनामा परी १ जनाको मृत्यु भयो।

विगतको अनुगमन

व्यासी गाविस-६ का ३९ वर्षीय ऐनबहादुर दर्जीलाई माओवादीलाई चन्दा दिएको आरोपमा ०६० भदौ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६१ साउन ३ गते रिहा गरे।

खिरातडी गाविस-९ स्थित जंगलमा ०६० कार्तिक ३० गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी प्रकाश भनिने एकजना माओवादी कार्यकर्ताको घटनास्थलमै मृत्यु भयो।

मानवअधिकार वर्ष पुस्तक २००४ मा स्थानीय गाउँलेहरुको भनाइअनुसार, अन्दाजी २५ जनाको मृत्यु भएको भनाइलाई गलत भन्दै सोही घटना भएको समयका माओवादीको जनादेश पत्रिकाका पत्रकार विलाश भनिने गरेका कार्यकर्ताले "एक जना मात्रै हो" भनी दावी गरे। उक्त घटना भएको १० दिनपछि दोस्रो भिडन्त भई विरामी परेका १ जना डाक्टरसहित ३ जनाको मृत्यु भएको उनले बताए।

५.६ कञ्चनपुर



जनसंख्या	: ४३९०३६
साक्षरता प्रतिशत	: ६०
महिला साक्षरता प्रतिशत	: ४५
क्षेत्रफल (वर्ग कि. मि.)	: १६१०
गाविस/नपा संख्या	: १९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३१४
क्याम्पस/उच्च मा.वि.	: ८/१७
अस्पताल/स्वास्थ्य चौकी	: २/२१
टेलिफोन लाइन	: ४०००
मोटर सडक (कि. मि.)	: २१५
प्रहरी कार्यालय संख्या	: १४
हुलाक संख्या	: २३
मानव विकास सूचकांक	: ०.४६३
प्रति परिवार सरदर संख्या	: ७.३०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

कृष्णपुर गाविस-३ सुदर्शनपुरका १९ वर्षीय वीरेन्द्र चौधरी माओवादीको आरोपमा ०६१ जेठ ३१ गतेसोही गाविसको गुलरियामा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए। स्थानीय गुलरिया वजारको दीप मेडिकलमा उपचार गर्न आएका वीरेन्द्र चौधरीलाई सुरक्षाकर्मीले घेरा हाल्ने क्रममा भाग्दा सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए। पीडित आफ्नो पार्टीको शुभचिन्तक भएका र नि:शस्त्र अवस्थामा हत्या गरिएको माओवादीले सार्वजनिक गरे।

कञ्चनपुर जेलमा ०६१ मंसिर २३ गते मेसको विषयलाई लिएर वन्दीहरुवीच विवाद भइरहेका वेला प्रहरी जवान सुरेशसिंह थापाले गोली चलाउँदा डडेल्धुराको शीर्ष गाविस घर भएका माओवादीको आरोपमा रहेका वन्दी हरिसिंह मालको घटनास्थलमै मृत्यु भयो। प्रहरीकै गोलीवाट वन्दीहरु शिवलाल राना, धीरेन्द्र कठायत र वीरेन्द्र कठायन घाइते भए। वन्दीहरुकै आपसी झडपमा माओवादी वन्दी क्षेत्रप्रसाद जोशी, शिवप्रसाद चौधरी, रामप्रसाद चौधरी, गोदु राना र आशाराम चौधरी घाइते भए। माओवादीले उक्त घटनालाई षड्यन्त्र वताउँदै दोषीमाथि कारवाहीको माग सार्वजनिक गऱ्यो। उक्त घटनाको छानविन गर्न नागरिकस्तरवाट गठित आयोगले गोली चलाउने अवस्था नरहेको अवस्थामा घटना भएको भन्दै दोषीमाथि कारवाही हुनुपर्ने ठहर गऱ्यो। स्थानीय प्रशासनले प्रहरी जवान सुरेश सिंहलाई न्यायिक निकायमा पुऱ्याउने आश्वासन दिएपनि यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमै राखिएको छ।

कालिकोट जिल्ला घर भएका माओवादी कार्यकर्ता आकाश ०६१ भदौ २१ गते झलारी गाविसको झलारी बजारमा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी मारिए। झालारी वजारमा चन्दा उठाइरहेका वेला स्थानीय वासिन्दाले समातेर कुटपिट गरेका कारण उपचारार्थ महेन्द्रनगर लैजाँदा वाटोमा मृत्यु भएको सुरक्षा निकायले जनायो।

देखतभूली गाविस-९ जाँइमा ०६१ असोज २२ गते सुरक्षाकर्मीले गोली प्रहार गरी एक जना नाम नखुलेका माओवादी कार्यकर्ताको मृत्यु भयो। उक्त घटनामा स्थानीय ३५ वर्षीय घुम्नी राना र ८ वर्षीय सन्तोष राना घाइते भए। सुरक्षाकर्मीले उक्त स्थानमा दोहोरो भिडन्त भएको जनाए पनि त्यहाँ भिडन्त नभएको प्रत्यक्षदर्शीहरुले बताए।

माओवादीबाट

शाही शुक्ला फाँटा वन्यजन्तु आरक्षको वावा तालनजिक ०६० चैत ३ गते माओवादीले थापेको विद्युतीय धरापमा परी ८ सर्वसाधारण र ३ आरक्षका कर्मचारीको मृत्यु भयो भने अन्य ४ जना घाइते भए। उक्त घटनामा मृत्यु हुने सर्वसाधारणहरु कृष्णपुर गाविस-८ मुक्त कमैया शिविरका मोहनलाल कठायत, फिरुलाल चौधरी, मायाराम डगौरा, राजीव चौधरी, दशिराम चौधरी, कृष्णपुर गाविसका कृष्ण रोकाया, देखतभूली गाविस-९ का जीतबहादुर चौधरी र वझाङ जिल्ला घर भएका हरिश महरा ०६० फागुन १० र ११ गते काठ चोरीको आरोपमा गिरफ्तार गरी आरक्षको हिरासतमा राखिएका व्यक्तिहरु हुन्। घटनामा मनपा-४ का आरक्ष गेमस्कट लालवहादुर कुवँर, आरक्षकै भान्से नरेश विष्ट र आरक्षका जीप चालक धीरेन्द्र महर्जनको पनि मृत्यु भयो। आरक्षका सहायक संरक्षक अधिकृत बुद्धिसागर पौडेल, गेम स्कट राजेन्द्रसिंह कार्की, जीप चालक ज्ञानुकाजी महर्जन र अनुसन्धानका क्रममा हिरासतमा रहेका भीमबहादुर विष्ट घाइते भए। काठ चोरीको अभियोगमा गिरफ्तार परेकाहरुलाई तस्करी हुने नाका चिनाउन लैजाँदै गर्दा जीप

विद्युतीय धरापमा परेको दावी आरक्ष प्रशासनले गरे पनि वावा ताल सफाई गर्न लगिएको पीडित पक्षको आरोप छ।

शंकरपुर गाविस-९ कसुवागाउँमा ०६१ असार १२ गते माओवादीले वोकेको वम विस्फोट हुँदा सोही गाउँका ९ वर्षीय लहौरा राना र केवुल भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो। माओवादीले वोकेको वममा पानी परेपछि सफा गर्ने क्रममा भएको उक्त विस्फोटमा परी कसुवा गाउँका ११ वर्षीय रामसिंह राना, १० वर्षीय राम समन राना, २२ वर्षीय धर्मसिंह राना, सोही गाविस-५ नन्दगाउँका ३० वर्षीय मायाँराम राना, माओवादी कार्यकर्ता वहादुर राना र किसन घाइते भए। सोही घटनामा गम्भीर घाइते भएका रामसिंह, राम समज र मायाँरामलाई इन्सेक क्षेत्रीय कार्यालयको पहलमा उपचारका लागि सिभिक्टको क्षेत्रीय कार्यालय नेपालगञ्ज पठाइयो।

कालिका गाविस-९ का ५३ वर्षीय रामबहादुर तामाङको आफ्नै घर छेउको सडकमा ०६१ असार १७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो।

शाही नेपाली सेनाको चण्डिदल गुल्म मझगाउँबाट गस्तिमा गएको सुरक्षाकर्मीको टोलीमाथि बेल्डाडी गाविस-९ मा ०६१ साउन २९ गते माओवादीले आक्रमण गरी तीन सैनिक जवानको हत्या गरे। उक्त घटनामा एक सैनिक जवान घाइते भए।

कृष्णपुर गाविस-६ का २३ वर्षीय उद्धव धामीलाई ०६१ साउन २९ गते माओवादीले अपहरण गरी १० दिनपछि धारिलो हतियारले घाँटी रेटी हत्या गरे। गाउँमा गस्ति गरेर फर्कने क्रममा धामीलाई विनाकारण अपहरण गरिएको पीडित पक्षले बताए।

वझाङ जिल्ला द्वारी गाविस घर भई ससुराली आएका २५ वर्षीय हरि कठायतलाई सुराकीको आरोपमा०६१ भदौ ३० गते माओवादीले कालिका गाविस-५ मोतिवस्तीमा धारिलो हतियारले घाँटी रेटी हत्या गरे। भारतमा नोकरी गर्ने पीडित मजदुर खोज्न कालिका आएको अवस्थामा हत्या गरिएको पीडित पक्षले वताए।

झलारी गाविस-४ का पूर्व माओवादी कार्यकर्ता १९ वर्षीय ममता महरलाई सुराकीको आरोपमा ०६१ भदौ २२ गते दैजी चौराहमा माओवादीले धारिलो हतियार प्रयोग गरी हत्या गरे।

त्रिभुवन वस्ती गाविस-२ का १९ वर्षीय जयबहादुर खड्कालाई ०६१ पुस ३ गते सुराकीको आरोपमा माओवादीले घरवाट अपहरण गरी कालिका गाविसको बजारमा गोली हानी हत्या गरे। पीडित २० दिन अघि मात्र भारतबाट घर आएका थिए। उनीसँगै अपहरण गरिएका उनका दाजु रामबहादुर खड्का भागेर बाँच्न सफल भए।

गोरखा जिल्लाको पालुङटार घर भई शाही नेपाली सेनाको सूर्यदल गुल्म भगतपुरमा कार्यरत सैनिक जवान राजेन्द्र श्रेष्ठलाई ०६१ पुस १० गते भगतपुरस्थित डेराबाट माओवादीले अपहरण गरी भोलिपल्ट दैजीको चम्फापुर चौराहमा धारिलो हतियारले घाँटीमा छिया पारी हत्या गरे।

शाही नेपाली सेनाको देवी बक्स गुल्म अर्जुनियामा कार्यरत सहसेनानी प्रमोद पौडेल र सैनिक जवान राजकुमार ताजपुरीयाको ०६१ पुस ९ गते कृष्णपुर गाविस-२ अन्तर्गत बनरापुल नजिक माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। उक्त घटनामा सैनिकका सुवेदार निरजकुमार श्रेष्ठ र जवान किशोर धामी घाइते भए।

अन्यबाट

माओवादीद्वारा गठित जनसरकारका सदस्य दीपक विक, तामाङ मुक्ति मोर्चाका केन्द्रीय सदस्य मोहन तामाङ र माओवादीका जनसेना किरण भनिनेलाई ०६० चैत २५ गते त्रिभुवनवस्ती गाविस-१ प्रतिभानगर वजारमा स्थानीय

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१६	१७	४	२१	१३	३५	१		३६	४	३		१	४
घाइते					८	३३	२		३५	१	१	१		२
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										१२	१८	२	४६	६६
कुटपिट	७	११		११	४	४			४	३	४			४
धम्की					३	६		१२	१८	१	१			१
महिलाअधिकार	२		३	३										
बालअधिकार	३	१	२	३	१	१			१					
अपहरण					११	१२		३	१५					
हत्या	२८	२९	९	३८	२८	७१	३	१५	८९	२२	२८	३	४७	७८

वासिन्दाले लाठी र भाला प्रहार गरी हत्या गरे। सो ठाउँका सुमन नेपाललाई अपहरण गर्न आएका माओवादीले एक्कासी फायरिङ गरेपछि, भेला भएका स्थानीय वसिन्दाले हत्या गरेका थिए।

परासन गाविस चगाउँमा सेल्टर लिएर वसेका माओवादी कार्यकर्ता सपना चौधरी, दिनेश, आइटम र लक्ष्मण भनिनेलाई जनतालाई सताएको आरोपमा ०६० चैत २६ गते दिउँसो स्थानीय जनताले कुटपिट गरी हत्या गरे। माओवादीले दुई दिनअघि शंकरपुरको बल्मीमा आयोजित कार्यक्रममा लैजान जवरजस्ती गरेको स्थानीय वासिन्दाको आरोप छ। माओवादीले भने दुवै घटनामा एमाले, जनमोर्चा नेपाल र राप्रपाका नेता तथा कार्यकर्ताको संलग्नताको आरोप लगाए।

रामपुर विलासीपुर गाविस-८ का पूर्व माओवादी कार्यकर्ता २९ वर्षीय सुमन रानालाई ०६० चैत २९ गते अज्ञात समूहले कुटपिट गरी हत्या गर्‍यो। घटनास्थलमा “पार्टीमा विद्रोह गरेकोले हत्या गरिएको” भन्ने पर्चा छरिए पनि उक्त घटनामा आफ्नो संलग्नता नरहेको माओवादीले सार्वजनिक गरे।

पिपलाडी गाविस-७ का ५५ वर्षीय नन्दलाल रानालाई ०६० चैत ९ गते रामपुर गाविस-९ टिसियन खोला नजिक अज्ञात व्यक्तिले हत्या गरे। हत्याको अभियोग लागेका रामपुर गाविस-५ का मनु राना, उनका छोरा लालु र बहादुर माओवादी गतिविधिमा संलग्न रहेको स्थानीय बासिन्दाहरुले वताए।

दैलेख जिल्लाको विसल्ला गाविस घर भएका २१ वर्षीय शिवराज शाहीलाई ०६० वैशाख १७ गते महेन्द्रनगरको भानुचोकस्थित एक लजमा अज्ञात व्यक्तिले छुरा प्रहार गरी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

कालिका गाविस-१ अरनिको वस्तीका ४८ वर्षीय शुकवहादुर तामाङलाई ०६० वैशाख १६ गते माओवादीले गोली प्रहार गरी घाइते पारे। गाउँमा गस्ति गरेर फर्किरहेको अवस्थामा माओवादीले तामाङकै घरमा गोली प्रहार गरेका थिए। घाइते तामाङको काठमाडौंमा उपचार गरियो।

महेन्द्रनगर नपा-१० गड्डाचौकीस्थित प्रहरी विटमा माओवादीले राखेको वम विस्फोट हुँदा ०६१ मंसिर १४ गते इलाका प्रहरी कार्यालय गड्डाचौकीमा कार्यरत प्रहरी जवान केशववहादुर पाल घाइते भए। उनको महाकाली अञ्चल अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरु

'ग' श्रेणीको ७५ जना क्षमता भएको यस जिल्लाको जेलमा ६६ थुनुवा, ३८ बन्दी, र नजरबन्दमा १७ गरी जम्मा १ सय २१ जना वन्दी छन्। जसमा ८ महिला छन्। हातहतियार तथा खरखजाना ऐनमा १७ थुनुवा, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत २ महिलासहित १४, नजरवन्दमा १ महिला सहित १७ जना बन्दी छन्। त्यस्तै ज्यान मुद्दामा बन्दी र थुनुवा गरी ३० जना छन्।

कञ्चनपुर जेलमा रहेका ४ जना बन्दीहरुले मंसिर २३ गते जेलमा भएको गोलीकाण्डको न्यायिक छानविन हुनुपर्ने, जेलभित्र ट्युववेलको व्यवस्था हुनुपर्ने, बन्दीहरुलाई उपलब्ध गराइने कपडावापत नगद भुक्तानी दिइनुपर्ने लगायत्का ९ सूत्रीय माग राखी आमरण अनशन शुरु गरे। स्थानीय प्रशासन, जेल प्रशासन र बन्दीहरुबीच केही माग पूरा गर्ने सहमतिपछि अनशन तोडियो।

०६१ भदौ २६ गते जेल तोडेर १९ माओवादी बन्दीसहित २१ जना फरार भए। फरार भएकामध्ये माओवादीका जिल्ला सदस्य रामबहादुर चौधरी जेलको चार किमि दक्षिण शाही शुक्ला फाँटा वन्यजन्तु आरक्ष किनारमा मृत अवस्थामा फेला परे। उनलाई जेल तोड्ने क्रममा भएको झडपमा गोली लागेको आशंका गरिएको छ।

बेपता / अपहरण

माओवादीबाट

महेन्द्रनगर नपा-१९ बागफाँटाका ३२ वर्षीय धर्मराज जोशीलाई ०६० माघ १९ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

पुर्नवास क्षेत्रका परासन, त्रिभुवनवस्ती र कालिका गाविसका बासिन्दालाई ०६० चैत २४ गते शंकरपुर गाविसको वल्मीमा आयोजित अनेकिसंघ (क्रान्तिकारी) घोषणासभामा लैजान जबरजस्ती गरे। माओवादीले गाउँबाट जसरी भए पनि कार्यक्रमम जानुपर्ने उर्दी जारी गरेपछि झण्डै ५ हजार वासिन्दा सीमावर्ती भारतीय बजार वसहीमा विस्थापित भए। माओवादीले जिल्ला सदरमुकाम आक्रमण गर्न जनता लान खोजेको हल्ला चलेपछि स्थानीय वासिन्दा आतंकित भई भारत विस्थापित भएका थिए।

परासन गाविस चगाउँका शुकवहादुर तामाङलाई ०६० चैत २५ गते हतियारसहित आएका माओवादीले अपहरण गरे। अपहरणपछि त्रिभुवनवस्ती गाविस-३ को एक स्कूलमा बाँधिएका तामाङलाई सोही राति स्थानीय बासिन्दाले मुक्त गराए। सोही दिन त्रिभुवनवस्ती गाविस-१ प्रतिभानगरका सुमन नेपाललाई पनि माओवादीले अपहरणको प्रयास गरेका थिए।

कालिका गाविस-४ का नेपाल मगर संघका जिल्ला सदस्य दुर्गा राना मगरलाई ०६१ वैशाख २५ गते माओवादीले

पुनर्वास घटनामा संलग्न रहेको आरोपमा अपहरण गरी एक हप्तापछि मुक्त गरे।

वाइसीविचवा र त्रिभुवनवस्ती जोड्ने दोदा नदीमा पुल निर्माण गर्ने कार्यमा संलग्न कालिका कन्स्ट्रक्सन प्रालि, चितवनका इन्जिनियर यज्ञवहादुर तिमिल्सिना, एकाउन्टेन्ट ठाकुर बराल र भण्डारी घरका ड्राइभरलाई जनसत्ताको अवज्ञा गरेको आरोपमा पुल निर्माण स्थलवाट ०६१ जेठ २० गते माओवादीले अपहरण गरी जेठ २२ गते मुक्त गरे।

श्रीपुर गाविसको महाकाली मावि, वेलौरीका प्रधानाध्यापक प्रेमसिंह वोहरालाई रकम हिनामिना गरेको आरोपमा ०६१ जेठ २१ गते श्रीपुर गाविस-३ स्थित घरवाट माओवादीले अपहरण गरी ०६१ पुस १८ गते मुक्त गरे।

महेन्द्रनगर नपा-६ का १९ वर्षीय वीरवल वोहरालाई सुराकीको आरोपमा ०६१ भदौ २४ गते कृष्णपुरको गुलरियावाट माओवादीले अपहरण गरेकोमा ५ दिनपछि घेरा तोडी भाग्न सफल भए।

श्रीपुर गाविसका पूर्व अध्यक्ष मदन विष्टलाई ०६१ असोज ६ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

दैजी गाविस-१ घर भई दीपेन्द्र आवासीय प्रहरी विद्यालय, धनगढीमा कार्यरत प्रहरी हवल्दार दीपेन्द्रप्रसाद पनेरुलाई ०६१ मंसिर २३ गते हजुरआमाको अन्तिम संस्कारका लागि आएका वेला माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

पिपलाडी गाविस-९ का २० वर्षीय नरेन्द्रवहादुर वोहरालाई सुराकीको आरोपमा ०६१ पुस ९ गते झलारी गाविस-९ कलुवारपुरवाट माओवादीले अपहरण गरी १५ दिनपछि मुक्त गरे।

दैजी गाविस-९ चथरीका १९ वर्षीय जोगी सार्कीलाई सुराकीको आरोपमा ०६१ पुस १२ गते कृष्णपुर गाविस-२ वाँणीवाट माओवादीले अपहरण गरी १२ दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

वाइसी विचवा गाविसको चकमली बजारमा जनमोर्चा नेपालको सम्पर्क कार्यालयमा वसेका अखिल नेपाल जनवादी युवा लिगका जिल्ला सदस्य उत्तमप्रसाद सुवेदीलाई ०६० फागुन २ गते गस्तिमा आएका सुरक्षाकर्मीले माओवादीको आशंकामा दोदा खोला किनारमा कुटपिट गरे।

महेन्द्रनगर नपा-४ वैजनाथ उच्च माविका विद्यार्थी कुवेर चन्द र कर्मचारी हरि पार्कीलाई ०६० चैत १५ गते विदाई समारोहमा भाग लिइरहेको अवस्थामा प्रहरीले कुटपिट गरे।

माओवादीबाट

त्रिभुवनवस्ती गाविस-१ प्रतिभानगर र पराग्मन गाविस चगाउँमा ०६० चैत २५ र २६ गते आफ्ना ७ कार्यकर्ताको हत्या गरेको घटनामा संलग्न रहेको आरोप लगाउँदै ०६१ वैशाख ३ गते एमाले जिल्ला सदस्य रामचन्द्र नेपाल, जीवनराज थापा, इलाका सदस्य शालिग्राम शर्मा, जनमोर्चा नेपालका पूर्व केन्द्रीय सदस्य लोकेन्द्र लम्साल, राप्रपाका क्षेत्रीय सदस्य शिव भट्ट, स्थानीय व्यापारी विन्द् श्रेष्ठ, कृष्णवहादुर तामाङ, सर्वसाधारण शुकवहादुर तामाङ, अनुप भट्ट र खुशीराम तामाङलाई माओवादीले ज्यानमार्ने धम्की दिए। तर पीडितहरु सबैले उक्त घटनामा आफ्नो संलग्नता नरहेको दावी गरे।

शाही शुक्ला फाँटा वन्यजन्तु आरक्षको वेल्डाडी क्याम्पमा कार्यरत ३५ वर्षीय गेमस्कट गौतम भुजेललाई सुराकीको आरोपमा ०६१ असोज ३ गते वेल्डाडी गाविस-७ स्थित आफ्नै घरमा वसेको अवस्थामा माओवादीले कुटपिट गरी हातखुट्टा भाँचे।

श्रीपुर गाविस-७ का जनमोर्चाका कार्यकर्ता हरिप्रसाद चौधरीलाई ०६१ पुस १२ गते स्थानीय नवलपुर रेञ्जपोष्टमा माओवादीले कुटपिट गरी घाइते बनाए। माओवादीले उक्त घटनामा आफ्ना दुई कार्यकर्तालाई स्थानीय वासिन्दाले कुटपिट गरेपछि झडप भएको सार्वजनिक गऱ्यो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रतिगमनका विरुद्ध जुलुश प्रदर्शन गरिरहेका अनेरास्ववियुका केन्द्रीय सदस्य जनकराज अवस्थी र जिल्ला अध्यक्ष खेमराज ऐंडीलाई ०६० माघ १४ गते महेन्द्रनगरको मदनचोकवाट प्रहरीले गिरफ्तार गरी चार घण्टापछि रिहा गरे।

चार दलको घोषित कार्यक्रम अनुसार ०६१ असार २३ गते महेन्द्रनगरमा निकालिएको मशाल जुलुशमाथि प्रहरीले हस्तक्षेप गरी नेविसंघका तत्कालीन केन्द्रीय सदस्य पदमराज पन्त, जिल्ला अध्यक्ष गोपी उपाध्याय, अनेरास्ववियु (एकीकृत) का जिल्ला अध्यक्ष विद्यानाथ अधिकारीलगायत् ६ जनालाई प्रहरीले गिरफतार गरी ५ घण्टापछि रिहा गरे।

चार दलको घोषित कार्यक्रमअनुसार ०६१ मंसिर १६ गते महेन्द्रनगरमा निकालिएको मशाल जुलुशमाथि प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा ९ जना प्रदर्शनकारी सामान्य घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी र फौजदारी गरी

३ सय ११ मुद्दा रहे। जसमा देवानीतर्फ सरेर आएका १ सय ६० तथा फौजदारीतर्फ १ सय ६१ मुद्दा फर्स्यौट हुन बाँकी छन्। गत ६ महिनाको अवधिमा देवानीतर्फ ३२ र फौजदारीतर्फ २९ गरी ६१ मुद्दा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षबाट विस्थापित भई कृष्णपुर गाविस-२ को वनहरा नदी किनारमा छाप्रो बनाई बसेका सुकुम्बासीका ६० घर/छाप्रा ०६१ मंसिर १२ गते स्थानीय बासिन्दाहरुले भत्काए। आरक्षबाट ०५८ सालमा विस्थापित भई विभिन्न सामुदायिक वन क्षेत्रमा अस्थायी शिविर बनाई बसेका सुकुम्बासीहरुले पटक-पटक सरकारसँग बसोबासको व्यवस्था मिलाउन माग गरे पनि समस्या समाधान भएको छैन।

त्यस्तै छूट लगतमा पहिचान गरिएका करिब डेढ हजार मुक्त कमैयाहरुको अझै पुनर्स्थापना हुन सकेको छैन। वर्षौंदेखि झलारीको अर्जुनीमा सुकुम्बासीहरुले भोग चलन गर्दै आएको जमिनमा सशस्त्र प्रहरीको गण स्थापना भएपछि करिब १ सय परिवार विस्थापित भए।

संरचना/सम्पत्ति क्षति

इराकमा आतंककारीहरुद्वारा १२ नेपाली मारिएको विरोधमा महेन्द्रनगरमा ०६१ भदौ १६ गते निस्किएको जुलुशले महेन्द्रनगरमा रहेको मुस्लीम समुदायको मस्जिद तोडफोड गरी क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

परासन गाविस-१ उदरीमा सेल्टर लिइरहेका अनेकिसंघ (क्रान्तिकारी) जिल्ला अध्यक्ष नारायण राना र सदस्य जोगन चौधरीलाई ०६० चैत २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हाल सैनिकक हिरासतमा राखिएको छ।

कालिका गाविस-९ का एमाले कार्यकर्ता भज्जन रानालाई माओवादीको आशंकामा ०६१ वैशाख २१ गते काम विशेषले सदरमुकाम आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

कृष्णपुर गाविस-१ निगालीमा माओवादीले आफ्नो अभियानमा लगेका डडेल्धुराको शिर्ष र जोगबुढा गाविसका केही सर्वसाधारणसहित ४५ जनालाई माओवादीको आरोपमा ०६१ भदौ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। तीमध्ये २९ जनालाई १७ दिनपछि रिहा गरियो भने १४ लाई रिहा गरिएको छैन।

महेन्द्रनगर नपा- ३ घर भई मानवअधिकार तथा शान्ति समाज कञ्चनपुरका सदस्य रहेका कर्णबहादुर विष्टलाई माओवादीको आशंकामा ०६१ भदौ १८ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी नजरबन्दमा राखेर ५ महिनापछि तारेखमा रिहा गरे।

डडेल्धुराको जोगबुढा गाविस- का २६ वर्षीय टेकबहादुर बुढा र २८ वर्षीय मानबहादुर धामीलाई ०६१ भदौ ३१ गते जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा तारेख बुझाउन आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी तीनदिन पछि रिहा गरे। उनीहरुलाई ०६१ भदौ १ गते जोगबुढाबाट माओवादीको आशंकामा गिरफ्तार गरी १७ दिनपछि तारेखमा रिहा गरिएको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष वसन्त चौधरी र अनेकिसंघ (क्रान्तिकारी) जिल्ला सदस्य अमिन दहितलाई ०६१ असोज १७ गते देखतभूली गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २६ दिनपछि मात्र स्थिति सार्वजनिक गरियो।

लक्ष्मीपुर गाविस-२ का १९ वर्षीय लोकबहादुर मिजार र उनका भाइ नाता पर्ने नाम नखुलेका अर्का एक सर्वसाधारणलाई माओवादीको आशंकामा ०६१ पुस ३ गते कालिकाको आइवीआरडी बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

बालअधिकार

महेन्द्रनगरको सब्जीमण्डीमा रहेको होटल बालकुमारीमा काम गर्ने ११ वर्षीय एक बालकलाई ०६० माघ ३ गते महेन्द्रनगर नपा-४ मा डेरा गरी बस्ने २४ वर्षीय लालबहादुर विष्टले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

कालिका गाविस-५ अशुवर्मा वस्तीकी ११ वर्षीय एक दलित बालिकालाई ०६० फागुन ८ गते सोही ठाउँका रामबहादुर गुरुङले घर नजिकैको जंगलबाट दाउरा लिएर फर्कदै गरेको अवस्थामा बलात्कार गरे। पीडकलाई स्थानीय बासिन्दाले समातेर प्रहरीलाई बुझाए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

दूर्व्यवहार

रैकवार विचवा गाविस कलुवापुरकी ६० वर्षीय घुमनी रानालाई बोक्सीको आरोपमा ०६१ जेठ २२ गते उनकै छिमेकी जानकी राना र ससुरा घुम्ना रानाले कुटपिट गरे। पीडकहरुले पीडितको परिवारका अन्य सदस्यहरुलाई पनि कुटपिट गरेका थिए।

५.७ डडेल्धुरा



जनसंख्या	: १३५८६७
साक्षरता प्रतिशत	: ५१.६२
महिला साक्षरता प्रतिशत	: ३३.०६
क्षेत्रफल (वर्ग कि. मि.)	: २०२५
गाविस/नपा संख्या	: २०/१
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २२६
क्याम्पस/उच्च मा.वि.	: १/७
अस्पताल/स्वास्थ्य चौकी	: २/२५
टेलिफोन लाइन	: ३७०
मोटर सडक (कि. मि.)	: २१०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ३०
मानव विकास सूचकांक	: ०.४३४
प्रति परिवार सरदर संख्या	: ६.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

जोगबुडा गाविस-४ भूमिथलामा कल्पना भनिने माओवादी कार्यकर्ताको ०६० फागुन १४ गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

अमरगढी नपा-५ भुर्कालीका ३० वर्षीय प्रकाश रोस्यारा ०६१ जेठ ८ गते माओवादीले अपहरण गरेकोमा मुक्त भई घर फर्किरहेको अवस्थामा सुरक्षा कारवाहीमा गाङ्खेतस्थित हगुल्टेमा गोली हानी मारिए।

जोगबुडा गाविस-४ गजलेगडाका ३६ वर्षीय नरबहादुर बुढा र ६० वर्षीय रतन बुढा माओवादीको आरोपमा ०६१ भदौ १ गते सुरक्षाकर्मीले उनीहरुकै घरबाट गिरफ्तार गरी करिब दुई सय मिटर तलको जंगलमा पुऱ्याई यातना दिई गोली हानी मारिए।

गङ्खेत गाविसस्थित माओवादी कार्यकर्ता देवराज जोशीको ०६१ कार्तिक १४ गते सोही गाविसको हर्तोलामा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। माओवादीले अपहरण गरेका सैनिक जवान तर्क रानाभाट, सुरत खत्री, अमृत खड्का, शुक्रराज जोशी र डोलाराज रेग्मीलाई सुरक्षाकर्मीले सकुशल मुक्त गरे।

जोडबुडा गाविस-६ गाइबाघेमा माओवादी कार्यकर्ता लोकबहादुर कुवँरको ०६१ कार्तिक २१ गते सुरक्षाकर्मीलाई देखी भाग्दै गरेको अवस्थामा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

जोगबुडा गाविस-६ गाइबाघेका अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष धर्मराज जोशी ०६१ कार्तिक २१ गते आफ्नै घरबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी कार्तिक २६ गते सोही गाविस-१ पुन्तुरा खोलामा पुऱ्याई गोली हानी मारिए।

जिल्ला सदरमुकाम बागबजारबाट माओवादी कार्यकर्ता गणेश जोरा ०६१ कार्तिक २७ गते बिहान सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी मंसिर १६ गते बगरकोट गाविस-७ बगरकोटमा पुऱ्याई गोली हानी मारिए।

माओवादीबाट

जिल्ला अदालतमा कार्यरत अर्दली ४९ वर्षीय ठिमसिंह विष्टको ०६० फागुन २४ गते माओवादीले जिल्ला अदालतमा बम विस्फोट गराउँदा कार्यालयभित्र सुतिरहेको अवस्थामा बमको छर्रा लागि मृत्यु भयो। विस्फोटबाट कार्यालय भवन पूर्ण रुपले क्षतिग्रस्त भयो।

जोगबुढा गाविस-१ फुन्तुरा पुलनजिक ०६१ साउन ७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी एकजना सैनिक जवानको घटनास्थलमै मृत्यु भयो।

दोहोरो भिडन्त

शीर्ष गाविस-७ रातामाटाको जंगलमा ०६० चैत २७ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा एक जना सैनिक जवानको घटनास्थलमै मृत्यु भयो।

डडेल्धुरा र डोटी जिल्लाको सीमानामा पर्ने हगुल्टे लेकमा ०६१ जेठ ६ गते माओवादी र सुरक्षाकर्मी बीच दोहोरो भिडन्त हुँदा ६ जना सुरक्षाकर्मीको मृत्यु भयो। मृत्यु हुनेहरुमा लेफ्टिनेन्ट लक्ष्मण अधिकारी अमल्दार होमबहादुर फुयाँल, प्युठ रुपक रानामगर, सिपाहीहरु प्रेमबहादुर घर्ती, शुकमान बरामलगायत् छन्। भिडन्तमा माओवादीतर्फ भएको क्षति यकीन भएन। माओवादीले एक जनामात्र घाइते भएको सार्वजनिक गरेका छन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

बैतडी जिल्ला पाटन क्याम्पसका प्राध्यापक २९ वर्षीय योगेन्द्र अवस्थी ०६१ वैशाख ११ गते राति डडेल्धुरा बागबजारस्थित आकाशदीप होटलमा बास बसेको बेलामा राति पिसाब फेर्न बाहिर निस्केको अवस्थामा कर्फ्यू उल्लंघन गरेको आरोपमा सुरक्षाकर्मीले गोली चलाउँदा बायाँ हत्केलामा गोली लागी घाइते भए।

माओवादीबाट

बगरकोट गाविस-३ सिराडका २८ वर्षीय बमबहादुर थापालाई ५० हजार रुपैयाँ चन्दा माग गर्दा दिन नसकेकाले ०६१ जेठ २८ गते घरबाटै माओवादीले अपहरण गरी जेठ ३० गते शीर्ष गाविस-७ कटालमा पुऱ्याई गोली हानी घाइते पारे। पीडितलाई यस अघि सुरक्षाकर्मीले गिरफ्तार गरी एक महिनासम्म राखेका थिए।

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय डडेल्धुरामा ड्युटीमा रहेका सुरक्षागार्ड ५४ वर्षीय इन्द्रसिंह तमौलीलाई ०६१ असोज १३ गते दिउँसो माओवादीले गोली प्रहार गरी घाइते पारे।

जेल र बन्दीहरु

कूल २५ जना क्षमता भएको डडेल्धुरा जेलमा हाल कैद तोकिएका १३ जना र नतोकिएका ८ जना गरी कूल २१ जना पुरुष बन्दी छन्। २१ जनामध्ये ८ जना माओवादीको आरोपमा, १ जना सैनिक ऐन अन्तर्गत र बाँकी १२ जना कर्तव्य ज्यान मुद्दाअन्तर्गत थुनामा छन्।

०६१ जेठ १ गते माओवादीले जेलमा आक्रमण गर्ने प्रयास गरेपछि असुरक्षाको कारण देखाई प्रशासनले सदरमुकामस्थित किरमेडवाट मल्लो खलंगा जिल्ला प्रशासन अघिल्तिर घर भाडामा लिएर जेल सञ्चालन गरिरहेको छ। भाडामा सञ्चालित उक्त जेल भवनमा कूल ६ वटा कोठामध्ये तीन वटा कोठामा बन्दीहरु सुत्ने गरेका छन् भने तीन वटा अन्य प्रयोजनका लागि प्रयोग भइरहेका छन्। तर शौचालय एउटै भए पनि घर बाहिर भएको र राति प्रत्येक कोठामा ताला लाग्ने भएका कारण राति दिसापिसाब लाग्यो भने भित्रै भाँडामा फेर्नु पर्ने बाध्यता भएका कारण ठूलो मर्का भोगिरहनु परेको कुरा बन्दीहरु बताउँछन्। त्यसैगरी साँघुरा कोठामा ७/८ जना बन्दीहरु मिलेर सुत्नु पर्ने बाध्यता छ। थप ८ जना माओवादी बन्दीहरुले ओढ्ने विछ्याउने कपडा नपाउँदा अधिकांश बन्दीहरु हिउँदको चिसोका कारण बिरामी परे।

जेलमा दुईवटा टिभी छन्, पत्रपत्रिका बन्दीहरुले नै किनेर पढ्ने गरेका छन्। जेलभित्र कुनै पनि सीपमुलक तालिम छैन। बन्दीहरुले हप्ताको दुई दिन बाहिर चिठी पठाउन पाउने व्यवस्था छ। बन्दीका आफन्तहरुले भेट्न चाहेमा ५ मिनेट मात्र कुराकानी गर्ने अवसर दिने व्यवस्था गरिएको छ।

बेपता / अपहरण

माओवादीबाट

जोगबुडा गाविस-६ का एमाले गाउँ कमिटी सदस्य ३५ वर्षीय गम्भीरसिंह ठगुन्ना र कुले भाट सामुदायिक वनका अध्यक्ष करे थामीलाई ०६० फागुन २२ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई माओवादीले पार्टीको प्रचार-प्रसारका लागि जबरजस्ती अभियानमा लगेका थिए। पीडितहरुलाई १० दिनपछि मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट										
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२		२	५	५		५	१०	६	६	१		७
घाइते					३	४			४	२	२			२
गिरफ्तारी यातना										१६	१९	१		२०
कुटपिट	१	१		१	३०	३३	३		३६	१०	४१			४१
धम्की					१४	१४	१		१५	१	१			१
भेला संगठित हुने अधिकार										३	१		२३	२४
जातीय विभेद	२	३		३										
महिलाअधिकार	४		४	४						१		१		१
बालअधिकार	१	१		१										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१८	३१		३१										
अमानवीय व्यवहार					६	१७	२		१९					
अपहरण					२६	२५६	३५४	४२०	१०३०					
जम्मा	३८	३८	४	४२	८५	३२९	३६०	४२५	१११४	४०	७१	३	२३	९६

जोगवुडा गाविस-५ करेनीका ४० वर्षीय भुन्टु धामी र ४५ वर्षीय जम्व धामीलाई ०६० फागुन २३ गते माओवादीले जवरजस्ती घरवाट अपहरण गरी प्रचार-प्रसारमा लगी पाँच दिनपछि मुक्त गरे।

जोगवुडा गाविस-५ जमरेनीका ३५ वर्षीय केशव नेगी र ३४ वर्षीय गणेश नेगीलाई ०६० फागुन २४ गते माओवादीले अपहरण गरी प्रचार-प्रसारमा लगी १२ दिनपछि मुक्त गरे।

जोगवुडा गाविस-५ जमरेनीका ४८ वर्षीय कृष्ण कार्कीलाई ०६० फागुन २५ गते माओवादीले जवरजस्ती प्रचार-प्रसारमा हिंडाई चार दिनपछि मुक्त गरे।

अमरगढी नपा-५ भुर्कालीका ३० वर्षीय प्रकाश रोस्यारालाई सुरक्षाकर्मीको आरोपमा ०६१ जेठ ४ गते माओवादीले असीग्राम-भेलखर्कवाट अपहरण गरी चार दिनपछि मुक्त गरे।

आलिताल गाविस-५ गोदामवाट ०६१ असार १६ गते दिउँसो सशस्त्र प्रहरीका २२ वर्षीय जवान हर्कवहादुर वोहरालाई वस चढेर घर गइरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडित एक हप्तापछि माओवादी कव्जावाट भागेर मुक्त भए।

शीर्ष गाविस-८ निङ्लाडीवाट ०६१ साउन २० गते वैतडी जिल्ला खोडपे सशस्त्र प्रहरी वेस क्याम्पमा कार्यरत प्रहरी जवान २० वर्षीय हर्कवहादुर वोहरालाई माओवादीले अपहरण गरे। पीडितलाई यसभन्दा अघि पनि माओवादीले अपहरण गरेकोमा उनीहरुको कव्जावाट भागेर मुक्त भए।

जोगवुडा गाविस-४ जमरेनीका १९ वर्षीय अक्कल नेगीलाई सुराकीको आरोपमा ०६१ भदौ १७ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

जोगवुडा गाविस-३ तातापानीस्थित सिद्धनाथ मावि चन्दनीमा कक्षा १० मा अध्ययनरत छात्रा १८ वर्षीय वासु खडायतलाई सुराकीको आरोपमा ०६१ भदौ २० गते माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे।

जोगवुडा गाविस-४ लामिगाडाका पूर्व माओवादी कार्यकर्ता महेश जोशीलाई ०६१ भदौ २० गते माओवादीले अपहरण गरे। पीडित माओवादीको कव्जावाट भागेर आए।

महिला तथा वालवालिकाका लागि विकेन्द्रित कार्य योजना (डकाउ) कार्यक्रमकी ग्रामीण सहजकर्ता २६ वर्षीय कमला गुरुङलाई सुराकीको आरोपमा ०६१ भदौ २६ गते माओवादीले गाङखेत गाविस-९ दिपलमारेवाट अपहरण गरी १६ दिनपछि मुक्त गरे।

वगरकोट गाविस-७ वगरकोटकी ४० वर्षीय वासु सार्कीलाई अवैध यौन व्यापार गरेको आरोपमा ०६१ असोज ४ गते माओवादीले अपहरण गरी कुटपिट गरे। पीडित गाउँमा वस्न नसकी अन्यत्र विस्थापित भएका छन्।

आलिताल गाविस-४ वेतन्नाका जनमोर्चा नेपाल गाउँ कमिटी अध्यक्ष भगिरथ सिंहलाई ०६१ असोज १९ गते माओवादीले घरवाटै अपहरण गरी २ दिनपछि मुक्त गरे।

गाङखेत गाविस-९ निकानीस्थित भुवनेश्वरी निमावि हर्तोलाकी शिक्षिका २५ वर्षीय पार्वती गुरुङलाई सुराकीको आरोपमा ०६१ असोज २७ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

जनमोर्चा नेपाल जिल्ला कमिटी सचिव धनवहादुर पार्की र अखिल नेपाल जनवादी युवा लिगका जिल्ला अध्यक्ष प्रेमवहादुर घर्तीलाई ०६१ असोज ३० गते पार्टीको कामको सिलसिलामा आलिताल गाविस-४ हमतड गएकोमा माओवादीले अपहरण गरे। पीडितहरुलाई सोही वडाको मौरी भन्ने ठाउँ पुर्‍याएर सोही दिन मुक्त गरे।

जिल्ला वन कार्यालयमा कार्यरत रेन्जर ३५ वर्षीय परशुराम पौडेल र २८ वर्षीय राजकुमार मल्ललाई ०६१ पुस ४ गते माओवादीले आलिताल गाविस-५ गोदामबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

जिल्ला वन कार्यालयका रेन्जर ५२ वर्षीय प्रेमसिंह वोहरा, वनरक्षकहरु ५० वर्षीय गोरी चन्द, ४० वर्षीय गोरे खड्का र ३० वर्षीय पद्म थापालाई ०६१ पुस ११ गते कार्यालयको कामको सिलसिलामा गइरहेको अवस्थामा जोगवुडा गाविस-४ सादनीवाट माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सदरमुकामस्थित वागवजार वसपार्कमा खोका थापेर वसेका ३० वर्षीय केशव ओलीलाई साइकल नदिएका कारण ०६० फागुन १२ गते दिउँसो दह व्यारेक डडेल्धुरामा कार्यरत सेनाका जवान वसन्त सावदले कुटपिट गरी घाइते वनाए।

जिल्ला कारागार डडेल्धुरामा रहेका १० जना माओवादी बन्दीहरुलाई ०६० चैत १७ गते डडेल्धुरा जेलवाट कञ्चनपुर जेल सरुवा गर्ने क्रममा सुरक्षाकर्मीले कुटपिट गरे। कुटपिटवाट सीपी जोशीको हातमा गम्भीर चोट लागेको थियो।

समैजी गाविस-१ वैलडाँडाका व्यापारी २३ वर्षीय माधवराज भट्ट र ४४ वर्षीय डम्वरराज भट्टलाई माओवादीको आरोपमा ०६० चैत १३ गते विहान सुरक्षाकर्मीले कुटपिट गरी आफ्नो भारी वोकाएर अजयमेरु गाविसवाट वेलुका रिहा गरे।

अमरगढी नपा-५ तुफानडाँडा वजारमा होटल गरी वस्ने ४४ वर्षीय जोगीसिंह ऐर र सोही होटलमा काम गर्ने २८ वर्षीय शिवराज ऐरलाई ०६० चैत २४ गते रक्सी नदिएको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरे।

नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाका लेखापाल ३२ वर्षीय भोजराज पाण्डेलाई ०६० चैत २५ गते, वागबजारका व्यापारी छत्र जोशीलाई ०६१ वैशाख ३० गते आफ्नै घरमा, नवदुर्गा गाविस-८ का प्रेम बोहरालाई ०६० चैत २८ गते, अमरगढी नपा-६ दामडाका १६ वर्षीय कृष्णवहादुर कैनीलाई ०६१ जेठ ५ गते, जोगबुडा गाविस-७ जोजलाका २६ वर्षीय प्रेम भाटलाई पसलमा बसिरहेको अवस्थामा ०६१ कार्तिक ८ गते, जोगबुडा गाविस-७ भित्तेसालका २० वर्षीय अक्कल धामीलाई ०६१ कार्तिक ९ गते र डडेल्धुरा वागवजारका १५ वर्षीय सागर ऐर, १६ वर्षीय इन्द्रबहादुर ऐर, १९ वर्षीय प्रकाश ऐर, २६ वर्षीय मनोज जोशी, डिल्लीराज जोशीलगायत् २१ जनालाई विभिन्न आरोपहरु लगाउँदै सुरक्षाकर्मीले कुटपिट गरे।

समैजी गाविस-९ वैडाका ४० वर्षीय श्यामबहादुर भण्डारीलाई माओवादीको आरोपमा ०६१ पुस १६ गते समैजी गाविस अनारखोली बजारमा घ्यू बेचेर फर्किरहेको अवस्थामा बजारभन्दा एक किलोमिटर टाढा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

बगरकोट गाविस-८ ढिमौलाका ४० वर्षीय दिलबहादुर साउदलाई ०६० फागुन १८ गते राति आलिताल गाविस-७ घरेलुका ३२ वर्षीय मानवहादुर बोहरा, २७ वर्षीय शेरवहादुर बोहरा, ३२ वर्षीय नरबहादुर बोहरालाई ०६० फागुन २३ गते माओवादीले विभिन्न आरोपहरु लगाउँदै कुटपिट गरे।

रुपाल गाविस पिडासाहुका ६० वर्षीय सिताराम ठकुरीलाई ०६० चैत २६ गते, जोगबुडा गाविस-९ का ६० वर्षीय कृष्णानन्द भट्टलाई ०६० चैत १४ गते, रुपाल गाविसका एमाले जिल्ला कमिटी सदस्य ४५ वर्षीय रुपसिंह ठकुरीलाई ०६० चैत २६ गते, समैजी गाविस-८ का २० वर्षीय गणेश साउद र २८ वर्षीय राजबहादुर साउदलाई ०६१ वैशाख ४ गते, कोटेली गाविस-२ का २७ वर्षीय लक्ष्मण कामी, २२ वर्षीय लक्ष्मण बोहरा र २८ वर्षीय तारी लोहारलाई ०६१ वैशाख ८ गते विभिन्न आरोप लगाउँदै माओवादीले कुटपिट गरे।

वगरकोट गाविस-४ का ५५ वर्षीय लालवहादुर साउद र २० वर्षीय जगदीश साउदलाई ०६१ वैशाख २६ गते, जिल्ला रेडक्रस शाखाका सामाजिक परिचालक शिव साउदलाई ०६१ भदौ ३ गते, आलिताल गाविस-४ का टेकबहादुर राउतलाई ०६१ भदौ ६ गते, बगरकोट गाविस-९ पदमसिंह तमौलीलाई ०६१ भदौ १० गते, सोही गाविस-७ का खड्ग केसीलाई ०६१ असोज ९ गते र मणिलेक गाविस-९ का एमाले कार्यकर्ता ४० वर्षीय नगेन्द्र शाहीलाई ०६१ असोज २६ गते माओवादीले विभिन्न आरोपहरु लगाई धम्की दिए भने केहीलाई मोसो दलिएको थियो।

जोगबुडा गाविस-९ का ३० वर्षीय राम विष्टलाई ०६१ जेठ २८ गते, बालकल्याण प्रावि बाहिरीसैनका शिक्षक रामदत्त जोशीलाई ०६१ भदौ ७ गते, भागेश्वर गाविस-३ का ४२ वर्षीय ऐनबहादुर शाहीलाई ०६१ भदौ २८ गते, सोही गाविस-१ का ३० वर्षीय ललित शाहीलाई ०६१ भदौ २९ गते, बगरकोट गाविस-७ का ४५ वर्षीय टेकबहादुर केसीलाई ०६१ असोज ९ गते, सोही गाविस स्थित सरस्वती माविका प्रधानाध्यापक भानदेव भट्टलाई ०६१ असोज १० गते र कोटेली गाविस-३ का जनमोर्चा नेपालका कार्यकर्ता २३ वर्षीय मदनराज भट्टलाई ०६१ कार्तिक २० गते माओवादीले विभिन्न आरोपमा कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलहरुले ०६१ वैशाख १० गते आयोजना गरेको विरोध कार्यक्रममा उग्र नारा लगाएको आरोपमा सुरक्षाकर्मीले अनेरास्ववियुका पूर्व जिल्ला अध्यक्ष लोकेन्द्र विष्ट र नेविसंघका नवराज मडैलाई गिरफ्तार गरी भोलिपल्ट दिन रिहा गरे।

एमाले, नेकाँ (प्रजातान्त्रिक) को संयुक्त आयोजनामा निस्केको जुलुशमा प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुका पूर्व जिल्ला अध्यक्ष लोकेन्द्र विष्ट, कान्तिपुर दैनिकका सम्वाददाता डीआर पन्त, नेविसंघका करुणा भट्ट र तारक बुढाऐरलाई ०६१ वैशाख ४ गते गिरफ्तार गरी दोस्रो दिन रिहा गरे।

पाँच राजनीतिक पार्टीहरुले ०६१ वैशाख २८ गते आयोजना गरेको देशव्यापी आमहड्तालको सिलसिलामा डडेल्धुरा बागबजारस्थित पसलहरु बन्द गर्न अनुरोध गरिरहेको अवस्थामा प्रहरीले एमाले, नेकाँ र जनमोर्चा नेपालका १८ जना कार्यकर्तालाई गिरफ्तार गरी सोही दिन वेलुका रिहा गरे।

पाँच राजनीतिक दलद्वारा ०६१ वैशाख २८ गते दिउँसो दुई दिने नेपाल बन्दको सिलसिलामा निकालिएको जुलुशमाथि डडेल्धुरा तुफानडाँडामा प्रहरीहरुले हस्तक्षेप गरी अन्धाधुन्ध बन्दुकको कुन्दा र लाठी प्रहार गर्दा नेकाँ जिल्ला कार्य समिति सदस्य हेमराज चटौतको खुट्टा भाँचियो भने ८ जना घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष दर्ता भएका १२ मुद्दा र पुराना १३ गरी कूल २८ मुद्दा रहे। जसमध्ये ७ वटा फर्स्यौट

भए भने १८ वटा बाँकी रहे। देवानी १९ मध्ये फर्स्यौट भएका ७ र बाँकी १२ मुद्दा छन्। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा ४ मध्ये सबै फर्स्यौट हुन बाँकी छन् भने दुनियावादी फौजदारी मुद्दा २ मध्ये २ वटै बाँकी छन्। दुई वर्ष नाघेका २ फौजदारी मुद्दा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा यस वर्ष हलिया प्रथाविरुद्ध अभियान शुरु भयो। हलिया बनाइएका विभिन्न व्यक्तिहरुले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकोमा विभिन्न समयमा ३६ जना हलियाहरु मुक्त भए।

आर्थिक अधिकार

रुपाल गाविस-६ का हिम्मत ठकुराठीको बयलपाटस्थित घरमा ०६१ भदौ १८ गते माओवादीले लुटपाट गरी धनमाल लुटे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

भद्रपुर गाविस-८ नौलाकोटका पूर्व माओवादी कार्यकर्ता २२ वर्षीय टेकराज पनेरु आत्मसमर्पणका लागि जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा जाँदा ०६० पुस १७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई एक महिनासम्म थुनामा राखी माओवादी पुनर्स्थापना केन्द्र, ढकालटार पठाइयो।

नवदुर्गा गाविस दावलीकी पूर्व माओवादी कार्यकर्ता हेमा हमाललाई ०६० पुस २२ गते दिउँसो बागबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही समय हिरासतमा राखी माओवादी पुनर्स्थापना केन्द्र ढकालटार पठाइयो।

शिक्षा क्याम्पस डडेल्धुरामा बीएड प्रथम वर्षमा अध्ययनरत २२ वर्षीय वेदप्रकाश पनेरुलाई माओवादीको आरोपमा ०६० माघ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ६ महिनापछि मुक्त गरे।

गाङ्खेन गाविस-७ सेलाका १६ वर्षीय मानबहादुर खत्रीलाई माओवादीको आरोपमा ०६० माघ २८ गते काम विशेषले डडेल्धुरा सदरमुकाम बागबजार आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेलमा राखिएको छ।

अमरगढी नपा-७ पोखराका २६ वर्षीय खेमराज भट्टराईलाई माओवादीको आरोपमा ०६० चैत २ गते सेनाले घरबाटै गिरफ्तार गरी बन्दी बनाए।

बगरकोट गाविस सिराडका स्थानीय महाभारत युवा क्लबका सदस्य २२ वर्षीय बमबहादुर थापालाई माओवादीको आरोपमा ०६० चैत ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक महिनापछि रिहा गरे।

डोटी जिल्ला सरस्वतीनगर गाविसका २८ वर्षीय पदमराज अवस्थी, २७ वर्षीय मानबहादुर खड्का र २९ वर्षीय शिवराज ओझालाई माओवादीको आरोपमा ०६१ जेठ १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई डडेल्धुरा जेलमा राखिएको छ।

जोगबुडा गाविस-४ का ३० वर्षीय टेकबहादुर धामी र २२ वर्षीय मानबहादुर बुढालाई ०६१ भदौ १ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै गिरफ्तार गरे। पीडितहरुलाई १७ दिनपछि रिहा गरे।

अमरगढी नपा-४ तल्लो खलंगाका २८ वर्षीय खड्क थापालाई माओवादीको आरोपमा ०६१ असोज ७ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी चार महिनासम्म प्रहरी हिरासतमा राखी रिहा गरे।

जोगबुडा गाविस पुन्तुराबाट ०६१ असोज २२ गते भीम मडै नाम गरेका माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरे।

जोगबुडा गाविस- कुणाका ३५ वर्षीय जैशीलाई ०६१ कार्तिक १४ गते जोगबुडा लालढुंगा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

जोगबुडा गाविस-२ का २० वर्षीय खडक धामीलाई माओवादीको आरोपमा ०६१ कार्तिक १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

बालअधिकार

तुफानडाँडास्थित एक होटलमा १० वर्षीय बालक धीरेन्द्र पाण्डे ०६१ साउन ३२ गते विगत दुई वर्षदेखि मासिक ३ सय रुपैयाँमा होटलमा भाँडा माझ्दै आएका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार / बलात्कार प्रयास

जोगबुढा गाविस-४ की ३० वर्षीय एक महिलालाई ०६१ भदौ १ गते सुरक्षाकर्मीले गोठमा लगी सामूहिक बलात्कार गरे।

पारिवारिक हिंसा

आलिताल गाविस-५ डोलाचिरानका ३० वर्षीय चन्द्रबहादुर चुनाराले दोस्रो विवाह गरी आफ्नी पत्नी पुनादेवी चुनारालाई ०६१ जेठ २० गते कुटपिट गरी घरबाट निकाले।

५.८ बैतडी



जनसंख्या	: २४९२९३
साक्षरता प्रतिशत	: ५१.५५
महिला साक्षरता प्रतिशत	: ३३.४३
क्षेत्रफल (वर्ग कि. मि.)	: १५१९
गाविस/नपा संख्या	: ६२/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७५
क्याम्पस/उच्च मा.वि.	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/७०
टेलिफोन लाइन	: १९७
मोटर सडक (कि. मि.)	: १५५
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: १३
मानव विकास सूचकांक	: ०.३९१
प्रति परिवार सरदर संख्या	: ६.१७

सबै प्रकारका जातीय विभेद

अमरगढी नपा-७ पोखरावजारका व्यापारी पदमराज ऐरले सोही ठाउँका २४ वर्षीय डम्वर कैनीलाई दलित भनी ०६० माघ २५ गते होटल प्रवेश गर्न दिएनन्।

आलिताल गाविस-८ हमतडका २१ वर्षीय दलित गणेश कामी र सोही ठाउँका १८ वर्षीय लक्ष्मी कुँवरले ०६१ वैशाख २० गते अन्तर्जातीय विवाह गरेपछि गाउँलेले दुवैजनालाई गाउँ निकाला गरे।

अमरगढी नपा-७ स्थित वाल विद्या निकेतन विद्यालयमा पढाउन गएका डम्वर कैनीलाई ०६१ जेठ ११ गते चियानास्ता, पानी अलग दिई दलित भनी भेदभाव गरे।

समैजी गाविस-१ का चिया पसले २८ वर्षीय देवराज भट्ट र १९ वर्षीय कमलराज भट्टले सोही ठाउँ वस्ने ३१ वर्षीय रामवहादुर चुनारा र १९ वर्षीय धनवहादुर चुनारालाई ०६१ पुस २ गते दलित भनी चिया नदिएपछि पीडितले पक्षले कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

यस वर्ष र ३ पुरुष, १ महिला गरी ४ जनाले आत्महत्या गरे। सवारी दुर्घटनामा २ पुरुषको मृत्यु भयो भने २ जना घाइते भए। व्यक्तिगत रिसइवीका कारण २ पुरुष र १ महिला गरी ३ जनाको हत्या भयो।

आलिताल गाविस-४ चौडस्थित एक स्थानीय व्यक्तिको घरमा वसिरहेका माओवादी कार्यकर्ताको ०६१ जेठ ४ गते आफैले वोकेको वम विस्फोट हुँदा मृत्यु भयो। सोही घटनामा परी दुई जना वालक घाइते भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

दशरथचन्द नपा-८ झुलाघाटवाट माओवादीको आरोपमा गिरफ्तार गरिएका सुर्खेत जिल्ला घर भएका नाम नखुलेका २५ वर्षीय एक माओवादी कार्यकर्ता ०६१ वैशाख ५ गते भाग्न खोजेको आरोपमा सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

वासुलिङ् गाविस-७ को सतवाज चौराहमा इन्चुक भनिने दलित मुक्ति मोर्चा (क्रान्तिकारी) का जिल्ला सदस्य माओवादी कार्यकर्ता १८ वर्षीय राजेन्द्र विक ०६१ कार्तिक ८ गते सुरक्षाकर्मीद्वारा गोली हानी मारिए।

माओवादीबाट

दशरथचन्द नपा-८ भुलाघाट भन्सार कार्यालयका परिचर ५५ वर्षीय जयदत्त जोशीलाई सुराकीको आरोपमा ०६१ भदौ ३ गते दिउँसो कार्यालय परिसरमै माओवादीले खुकुरीले घाँटी रेटी हत्या गरे।

दोहोरो भिडन्त

शिखरपुर गाविस-४ दुदलाखान इलाकामा गस्तिमा रहेका सुरक्षाकर्मी र माओवादीबीच ०६१ असार ३१ भएको दोहोरो भिडन्तमा तीनजना नाम नखुलेका माओवादी कार्यकर्ताको मारिएको सुरक्षास्रोतले जनायो। माओवादीले भिडन्तमा आफ्नो एक जना पनि कार्यकर्ता नमरेको सार्वजनिक गरे। लाखान इलाकामा जमिनमा रगत देखेको स्थानीय व्यक्तिले बताए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

सलेना गाविस-९ बागगोठको सिलाखोला जंगल इलाकामा गस्तिमा रहेका सुरक्षाकर्मीमाथि लक्षित गरी ०६० फागुन २६ गते विहान माओवादीले विछ्याएको विद्युतीय धरापमा परी ४ जना सुरक्षाकर्मी घाइते भए। घाइतेहरुलाई तत्काल सलेना गाविस-२ मल्कुलाबाट हेलिकप्टरमा उपचारार्थ नेपालगञ्ज लगियो।

दशरथचन्द नपा-८ भुलाघाटस्थित भन्सार कार्यालयको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीलाई लक्षित गरी ०६१ भदौ ११ गते माओवादीले प्रहार गरेको गोली लागी भारतका भुलाघाट पुल नजिकै खेलिरहेकी दुई वर्षीय भारतीय वालिका गुड्डी गढकोटी घाइते भइन्। पीडितको उपचार पिथौरागडस्थित अस्पतालमा गरियो।

शिखरपुरको मेलारवान इलाकामा जयपृथ्वीबहादुर सिंह सडक खण्ड खोडपे-बभाङ सडकमा सुरक्षाकर्मीहरुलाई लक्षित गरी माओवादीले राखेको सकेट वम विस्फोट हुँदा सडकमा काम गर्ने मजदुर सिद्धेश्वर गाविस-३ का २८ वर्षीय कमलसिंह विष्ट ०६१ भदौ १५ गते घाइते भए। उनको उपचार डडेल्धुराको टिम अस्पतालमा भयो।

दशरथचन्द नपा-१ गोठलापानीस्थित पुष्पाञ्जली होटल एण्ड लजमा ०६१ कार्तिक १८ गते माओवादीले गराएको वम विस्फोटमा परी रौलेश्वर गाविस- का ५२ वर्षीय घौलसिंह विष्ट, सोही ठाउँका ३३ वर्षीय गुमानसिंह विष्ट, ३५ वर्षीय मदनसिंह विष्ट र सोही गाविस-९ का ३७ वर्षीय कालुसिंह विष्ट घाइते भए। घाइतेहरुमध्ये दुईजनाको स्थिति गम्भीर भएकोले र उपचार गर्न नेपालगञ्जतर्फ लगियो। पीडितहरु भूसंरक्षण जिल्ला कार्यालयद्वारा आयोजना गरिएको पाँच दिने तालिममा सहभागी हुन सदरमुकाम आई उक्त होटलमा डेरा गरी वसेका थिए।

अन्यबाट

महादेवस्थान गाविस-३ का १२ वर्षीय महेशबहादुर बम घरबाट एक किलोमिटर दूरीको जंगल नजिक बेवारिसे वम खेलाउँदा ०६० चैत ४ गते विस्फोट भई घाइते भए। पीडितलाई उपचार गर्न भारतको पिथौरागढ लगियो। उक्त बम माओवादीले विस्फोट गराएको प्रत्यक्षदर्शीले बताए।

जेल र बन्दीहरु

वैतडी जेल 'घ' श्रेणीको हो। कूल २५ जना वन्दी क्षमता भएको जेलमा १ महिला र १५ पुरुष गरी जम्मा १६ जना वन्दी छन्। ५ जना थुनुवा र १२ वन्दी छन्। माओवादी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित			
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१		२	१	१			१	२	२		२
घाइते	१	१			१	४	५	१	४	१०				
गिरफ्तारी / यातना											१४	२१		२१
बेपत्ता											१		२	२
कुटपिट	१	१			१	९	१५	१		१६	६	८		८
धम्की						१३	१३			१३				
जातीय विभेद	३	४			४									
महिलाअधिकार	३		३		३									
बालअधिकार	१	१			१									
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार	१			१	१									
अमानवीय व्यवहार						६	८			८				
अपहरण						१९	८६	१	४३३	५०९				
जम्मा	११	८	४	१	१३	५१	१३६	३	४३६	५५६	३३	३१	२	३३

गतिविधिमा संलग्न रहेका बझाङ जिल्लाका १८ वर्षीय दीपकबहादुर सिंह र कैलाली जिल्लाका १९ वर्षीय तेजवहादुर चौधरी पनि जेलमै छन्।

जेलभित्र २ वटा चर्पी भित्र र २ वटा वाहिर रहेका छन्। २ वटा पानीका धाराहरु छन्। रेडियो, पत्रपत्रिकाको व्यवस्था रहेको यस जेलमा नियमित रुपमा वन्दीहरुका आफन्तहरुलाई भेटघाट गर्न दिइने व्यवस्था गरेको जेलरले बताए। गर्मी र जाडो गरी वर्षमा दुईपटक लुगा दिने व्यवस्था छ भने जेलभित्र टोपी, स्वीटर आदि बुन्ने तालिम समेत दिने व्यवस्था छ। बन्दीहरुको स्वास्थ्य उपचारको लागि डाक्टरद्वारा स्वास्थ्य परीक्षण गराइने गरिएको छ।

बेपता / अपहरण

राज्यबाट

सिलंगा गाविस-४ का १७ वर्षीय माया ऐडी र बझाङ जिल्ला सनस्युका १८ वर्षीय जानकी मल्ललाई ०६१ मंसिर १८ गते सुरक्षाकर्मीले सिलंगा गाविस विनाडीबाट गिरफ्तार गरे। डडेल्धुरा जिल्लाको व्यारेकमा थुनामा राखेको जानकारी सुरक्षास्रोतले दियो।

माओवादीबाट

डिलासैनीका पूर्व जिविस सदस्य ४३ वर्षीय नरेन्द्रराज जोशीलाई ०६० चैत १३ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

सलेना गाविस-१ भोरासलेनाका पूर्व गाविस अध्यक्ष ४० वर्षीय भानबहादुर चन्दलाई ०६० चैत १४ गते "केही कुरा बुझ्नु छ" भनी घरबाट माओवादीले अपहरण गरे। पीडितलाई गाविसको हिसाब किताब प्रष्ट पार्ने शर्तमा एक हप्तापछि मुक्त गरे।

दशरथचन्द नपा-१२ र १३ को बीचमा पर्ने नतडीका २७ वर्षीय शंकर पन्त, सोही ठाउँका ४६ वर्षीय माधव सिंह ठगुन्ना र ४२ वर्षीय घनसिंह ठगुन्नालाई सुराकीको आरोपमा ०६१ जेठ १ गते माओवादीले घरवाटै अपहरण गरे। पीडितहरुमध्ये शंकर र घनसिंहलाई तीन दिनपछि र माधवलाई दुई हप्तापछि मुक्त गरे।

सिलंगा माविका प्रधानाध्यापक ५० वर्षीय घनश्याम पन्तलाई ०६१ असार ५ गते, रौलेश्वर गाविसका पूर्व अध्यक्ष केशव भडै सहित ४२ जनालाई ०६१ साउन १५ गते, गिरेगाडा गाविस-४ रन्तोलीका ३७ वर्षीय परमलसिंह भण्डारीलाई ०६१ असार २० गते, नागार्जुन गाविस-२ वरतोलिका ३५ वर्षीय मानसिंह भण्डारीलाई ०६१ असार २८ गते, दशरथचन्द नपा-७ गरुडीका ६० वर्षीय दशरथ कार्कीलाई ०६१ भदौ ७ गते, जिल्ला शिक्षा कार्यालयका ५० वर्षीय धनबहादुर वम, महारुद्रकी ४० वर्षीय सरु दयाललाई ०६१ असोज २९ गतेर माओवादीले अपहरण गरी आफ्नो कार्यक्रममा संलग्न गराई केही दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सलेना गाविस-२ का २९ वर्षीय वीरबहादुर चन्द, सोही ठाउँका पदमबहादुर चन्द र ४१ वर्षीय गोविन्दराज जोशीलाई माओवादीलाई सहयोग र समर्थन गरेको आरोपमा ०६० फागुन २७ गतेसुरक्षाकर्मीले कुटपिट गरे। सोही समयमा सलेना गाविसका दर्जनौं सर्वसाधारण जनतालाई सुरक्षाकर्मीहरुले कुटपिट तथा अमानवीय व्यवहार गरेको प्रत्यक्षदर्शीले बताए।

दशरथचन्द नपा-६ सिमायल घर भई जिविसमा कार्यरत ३० वर्षीय चक्रबहादुर चन्दलाई कार्यालयबाट घर जान लागेको समयमा ०६१ वैशाख २६ गते बेलुका ६ बजे सोही नपा-१ गढीदेखि गोठालापानी जाने बाटोमा सादा पोशाकमा रहेका दुई जना सुरक्षाकर्मीले लात्तीले १३/१४ पटक पेटमा प्रहार गरे।

देहीमाण्डौ गाविस-७ बजारमा पसल गरी बस्ने ४१ वर्षीय जयबहादुर बोहरालाई माओवादीको सहयोगी भनी ०६१ साउन २ गते सुरक्षाकर्मीले कुटपिट गरे।

पाटन गाविस-९ डोबराका ३५ वर्षीय पदमे पहरीलाई दशैंको समयमा पाटनको उदयदेव ठाकुर मन्दिरमा राँगाको बली नचढाएको आरोपमा ०६१ कार्तिक ६ गते सशस्त्र प्रहरीले कुटपिट गरे। उक्त समयमा खसी राँगाको बली दिन माओवादीले रोक लगाएका थिए।

माओवादीबाट

कोटपेटरा गाविस-६ पन्थ्यउडा ३० वर्षीय विष्णु बोहरालाई वैशाख २९ गते सशस्त्र प्रहरीमा कार्यरत उनका भाइलाई घरमा नबोलाएको भनी जुनसुकै कारवाही पनि हुन सक्ने भनी ०६१ वैशाख ४ गते माओवादीले धम्की दिए।

पाटन गाविस-९ टुणिगैरका ४१ वर्षीय शंकर विष्ट, सोही ठाउँका ५० वर्षीय ध्वजबहादुर विष्ट, सोही ठाउँका ३० वर्षीय नरेन्द्र भण्डारी, ३० वर्षीय हरिवोल भट्टराई र नाम नखुलेका अन्य ४ जनालाई ०६१ जेठ १९ गते राति माओवादीले कुटपिट गरे।

देउलेख गाविसका पूर्व अध्यक्ष ३५ वर्षीय चक्रबहादुर कार्कीलाई विभिन्न आरोपमा ०६१ असार २६ गते माओवादीले धम्की दिए। पीडित असुरक्षाका कारण सपरिवार विस्थापित भई तराइतिर बसिरहेका छन्। पीडितको घर माओवादीले कब्जामा लिए।

सित्तड गाविस-७ घड्गालीका ४३ वर्षीय

कृष्णवहादुर कार्कीलाई छोरा सुरक्षाकर्मीमा भर्ना गरेको आरोपमा ०६१ मंसिर ६ गते माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शिखरपुर गाविस-३ का एमाले इलाका नं. ४ का सदस्य ३४ वर्षीय चक्रवहादुर महरालाई ०६१ असार २८ गतेदेखि राजनीतिक गतिविधि गर्न माओवादीले रोक लगाउँदै गाउँ नछोड्न धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा ७ वटा छन्। जजमा फर्स्यौट भएका ४ छन् भने देवानी १३ वटा रहेका र ८ वटा फर्स्यौट भए। दुनियावादी फौजदारी मुद्दा ६ वटा रहेकोमा २ वटा मात्र फर्स्यौट भए। संक्षिप्त फौजदारी मुद्दा २ वटा मध्ये २ वटै फर्स्यौट भए। विशेष फौजदारी मुद्दा १ मा १ फर्स्यौट भएको छ।

यस वर्ष १९ वटा मुद्दा दर्ता भएकोमा हालसम्म १७ वटा फर्स्यौट भई १२ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सरकारद्वारा वितरण गरिने बृद्ध भत्ता नियमित वितरण भएको छैन।

आर्थिक अधिकार

माओवादीले ०६१ वैशाख १ गतेदेखि असोज २३ गतेसम्म ६ महिना जिल्ला सदरमुकाम नाकावन्दी गरे। जसको सदरमुकामवासीहरुले अत्यन्त चर्को मूल्यमा उपभोग्य सामानहरुको खरिद गर्नु परेको थियो। मानवअधिकारकर्मी, पत्रकार, उद्योग र व्यापारीहरुको पहलमा उक्त नाकाबन्दी फिर्ता गरिएको थियो।

कुवाकोट गाविस-६ का ४० वर्षीय पदमबहादुर कुवँरको घर ०६१ भदौ ८ गते माओवादीले कब्जा गरे। पीडित विगत दुई वर्षदेखि धम्कीका कारण आफूलाई असुरक्षित ठानी परिवारसहित भारतको पिथौडागढमा वसिरहेका छन्।

विस्थापन

भूमिराज प्रावि कुवाकोटका शिक्षक ३८ वर्षीय ध्वजवहादुर कुवँरलाई पार्टी विरोधी गतिविधि गरेको आरोपमा ०६० माघ १२ गते माओवादीले धम्की दिएकाले सपरिवार सदरमुकाममा विस्थापित भए।

कुलाउ माविका शिक्षक ४२ वर्षीय गोरखवहादुर चन्दलाई पार्टी विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा ०६० फागुन ४ गते माओवादीले धम्की दिएकाले सपरिवार सदरमुकाममा विस्थापित भएका छन्।

समाली गाविसका पूर्व अध्यक्ष ४० वर्षीय हजारीसिंह साउदलाई वहुविवाह गरेको आरोपमा ०६१ भदौ १३ गते माओवादीले कुटपिट गरी गाउँ घुमाएपछि केही आर्थिक दण्ड समेत तोकेका कारण पीडित हाल घर छोडी तराइतिर विस्थापित भए।

शिवलिङ गाविस-२ सिलिङका २१ वर्षीय लक्ष्मण विक र सोही ठाउँका १८ वर्षीय बेलमती बोहराले प्रेम विवाह गर्दा जातीय विभेदका कारण ०६१ असोज २६ गते घरवाट निकाले। पीडितहरुलाई घरमा वस्न नदिएकाले घर छोडी भारतको पिथौरागढमा विस्थापित भए।

मैलौली कुमथलाका शिक्षक ५५ वर्षीय गम्भीरबहादुर चन्दको पुरानो सत्ताको समर्थक र सामन्ती भएको आरोपमा माओवादीले घर-सम्पत्ति कब्जा गरेको सूचना ०६१ असोज १ गते सार्वजनिक गरे। पीडितका परिवार हाल विस्थापित भई तराईतिर बसेका छन्।

कैलपालका ५६ वर्षीय नारायणवहादुर चन्दलाई सुराकी र सामन्तीको आरोपमा ०६१ असोज १५ गते घर सम्पत्ति माओवादीले कब्जामा लिए। पीडितका परिवार तराईतिर विस्थापित भए।

कुवाकोट गाविस-७ का ३८ वर्षीय हर्कबहादुर कुवँरलाई पुरानो सत्ताको समर्थक भनी ०६१ कार्तिक ८ गते माओवादीले अमानवीय व्यवहार गरे। माओवादीले पीडितको घर समेत माओवादीले कव्जा गरे।

संरचना/सम्पत्ति क्षति

यस वर्ष जिविस, अतिथिगृह, विद्युत विभाग, राष्ट्रिय वाणिज्य वैंक र वनविभागको भवन गरी ५ वटा सरकारी कार्यालयहरुमा माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। त्यसैगरी दशरथचन्द नपा-१ गोठलापानीस्थित पुष्पाञ्जली होटल एण्ड लजमा माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

श्रीकोट गाविस-३ का २७ वर्षीय वीरवहादुर ऐडीलाई माओवादीको आरोपमा ०६० पुस २५ गते दशरथचन्द नपा-१ गोठलापानीवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएकोमा हाल रिहा गरियो।

गोकुलेश्वर गाविस-७ का ४६ वर्षीय कृष्ण नाथलाई माओवादीको आरोपमा ०६१ साउन ८ गते घरवाट

सदरमुकाम आएको समयमा दशरथचन्द नपा-१ गोठलापानीवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

शिखरपुर गाविस-४ दोराका २२ वर्षीय प्रतापसिंह महरालाई माओवादीको आरोपमा ०६१ कार्तिक २२ गते खोडपेबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

सित्तड गाविस-४ पन्ज्युनयाँका ३२ वर्षीय भानसिंह महरालाई माओवादीको आरोपमा ०६१ कार्तिक १८ गते सुरक्षाकर्मीले सदरमुकामबाट गिरफ्तार गरे। पीडितलाई एक हप्ता थुनामा राखी रिहा गरे।

कैलपाल गाविस-७ का ५५ वर्षीय हजारी चन्द र सोही ठाउँका १५ वर्षीय लोकेन्द्रवहादुर चन्दलाई माओवादीको आरोपमा ०६१ मंसिर २० गते देहीमाण्डौको कडपतेवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एकहप्तापछि रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

दशरथचन्द नपा-१ ववेतकी १८ वर्षीय डम्वरी ओडलाई ०६१ भदौ ४ गते पति २९ वर्षीय अन्तराम ओडले लगाएका सवै गहना फुकालेर कुटपिट गरी घरवाट निकालिदिए। पीडित हाल दशरथचन्द नपा-८ सिमलेकस्थित आफ्नो माइतीमा वसिरहेकी छन्।

दशरथचन्द नपा-१ तोलीका १८ वर्षीय भागरथी ओडको शरीरमा ०६१ कार्तिक १९ गते उनका पति ३७ वर्षीय हरिराम ओडले शरीरमा मट्टितेल छर्केर आगो लगाए। पीडितको वैतडी जिल्ला अस्पतालमा उपचार भएको थियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीले वैतडी जिल्ला सदरमुकाममा गरेको नाकावन्दी फिर्ता लिन अनुरोध गर्दै ०६१ साउन १८ गते एक पटक र ०६१ असोज १५ गते दोस्रो पटक हुसेक वैतडीले प्रेस विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भयो। हामफालेर २ जनाले आत्महत्या गरे भने झुण्डिएर ३ जनाको मृत्यु भयो। वाढी-पहिरोवाट १ जना महिलाको मृत्यु भयो भने १ जना महिला घाइते भइन्। भदौ महिनामा सुर्नयगाडमा आएको वाढीवाट सिद्धेश्वर मावि मेल्चौरामा पढ्ने वसन्तपुर गाविस ओदालीका ४ जना छात्राहरुको मृत्यु भयो।

५.९ दार्चुला



जनसंख्या	: १३११२३
साक्षरता प्रतिशत	: ५०.२१
महिला साक्षरता प्रतिशत	: ३३
क्षेत्रफल (वर्ग कि. मि.)	: २३२२
गाविस / नपा संख्या	: ४१/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २६५
क्याम्पस / उच्च मा.वि.	: १/६
अस्पताल / स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: १८४
मोटर सडक (कि. मि.)	: १८
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४३
मानव विकास सूचकांक	: ०.४११
प्रति परिवार सरदर संख्या	: ६.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

गुल्जर गाविसमा ०६० माघ ६ गते गस्ति गएका सुरक्षाकर्मीको कारवाहीमा नाम र ठेगाना नखुलेका २ जना माओवादी कार्यकर्ता मारिए।

माओवादी कार्यकर्ता कलावती वडाल र कालुराम टमटालाई ०६० चैत २ गते सोही ठाउँको एक घरमा चन्दा उठाइरहेको अवस्थामासुरक्षाकर्मीद्वारा घेरा हाली नियन्त्रणमा लिई करिव २ किमि पर टिमुरवाडा भन्ने ठाउँमा पुऱ्याई गोली हानी मारिए।

माओवादीबाट

ब्रम्हदेव गाविस-७ मा ०६० चैत १९ गते

माओवादीले राखेको विद्युतीय धराप विस्फोट हुँदा सैनिक जवान लोकराज पाण्डेको मृत्यु भयो भने खम्वसिंह राना घाइते भए।

अन्यबाट

हिकिला गाविस-५ का ४६ वर्षीय जयसिंह वडाललाई ०६१ भदौ २ गते काठ काट्न नजिकैको जंगलमा गएको अवस्थामा काठ काट्न पाइँदैन भनी एक जना माओवादी कार्यकर्ताले ज्यानमार्ने धम्की दिएपछि हात हालाहाल हुँदा नाम नखुलेका ती माओवादी कार्यकर्ताकै सकेट वम खोसी टाउकोमा प्रहार गरेपछि माओवादी कार्यकर्ताको घटनास्थलमै मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

छापरी गाविस-७ का कक्षा ९ मा अध्ययनरत जगतसिंह धामी र खलंगा गाविस-५ का १९ वर्षीय करनराम पार्की ०६१ जेठ २५ गते खलंगा गाविस-५ वाङ्गावगरमा माओवादीले राखेको विद्युतीय धराप विस्फोट हुँदा घाइते भए।

जेल र बन्दीहरु

०२२ सालमा स्थापना भएको दार्चुला जेलको बन्दी क्षमता ४० जना छ। हाल यहाँ २८ जना बन्दी रहेका छन्। वन्दीहरुमध्ये कर्तव्य ज्यानका १७, चोरीका २, वन्यजन्तु सम्वन्धी २ र सार्वजनिक सुरक्षा ऐनअन्तर्गत ७ जना रहेका छन्। कैद तोकिएका २१ जना पुरुष र कैद नतोकिएका ७ पुरुष रहेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

छापरी गाविस-७ का १९ वर्षीय देवसिंह धामी र भगवती गाविस- का २३ वर्षीय इन्द्रसिंह धामीलाई ०६० फागुन ७ गते खार गाविस-१ दल्लेखमा फोटो खिचिरहेको अवस्थामा माओवादीले "फोटो खिच्न पाइँदैन" भनी २ वटा क्यामरा, १० वटा सादा रिल, ४ वटा रंगीन रिल र नगद १ हजार ३ सय रुपैयाँ लुट्नुका साथै अपहरणसमेत गरे। पीडितहरु सोही दिन वेलुका भागेर भागेर फर्किए।

सिप्टी नमुना गाविसका सचिव पदमराज जोशीलाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०६१ असार १९ गते राति खलंगा गाविस-५ बाट माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

धुलिगडा गाविस-९ का ३८ वर्षीय धनसिंह ठगुन्नालाई ०६१ वैशाख ७ गते माओवादीले घरमै आई घर ख़ानतलास गरी घरमा जग्गा 'किन्न राखेको ५ लाख रुपैयाँ लुट्नुका साथै ६० हजार रुपैयाँ वरावरका तमसुक जलाई अपहरण गरे। पीडितलाई सोही दिन विहान ९ बजेदेखि २ बजेसम्म लाठीले हात र पैतलामा अमानवीय तरिकाले कुटपिट गरी वेलुका ६ बजे मुक्त गरे।

ब्रम्हदेव गाविस-६ का २० वर्षीय करणवहादुर बमलाई ०६१ भदौ ४ गते माओवादीले "हामीलाई तल्लो गाउँसम्म पुऱ्याई दिनुहोस्" भनी अपहरण गरी २० दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

काटै गाविस-८ का शिक्षक ४० वर्षीय माधवप्रसाद

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१	१	१			१	२	३	१	४
घाइते	१	१		१	३	४			४				
वम विस्फोट					१			१	१				
गिरफ्तारी/यातना										४	५		५
कुटपिट	२	१	१	२	९	१०	२		१२	२	७		७
धम्की	१		१	१	२	२			२				
जातीय विभेद	३	४		४									
वालअधिकार					१		१		१				
अपहरण					११	९	२	५५०	५६१				
जम्मा	८	७	२	९	२८	२६	५	५५१	५८२	८	१५	१	१६

भट्टलाई ०६१ जेठ २५ गते घरबाट वजार आइरहेको अवस्थामा सदरमुकाम वाङ्गावगरमा सुरक्षाकर्मीले "माओवादी देख्नु भयो कतै ?" भन्ने कुरा सोधेपछि "देखिन सर" भन्दा "अरुले देख्ने, तपाई नदेख्ने" भन्दै एक दुईजना सुरक्षाकर्मीले मुखमा बुट र राइफलको कून्दा प्रहार गरी कुटपिट गरे।

खलंगा गाविस-५ वाङ्गाबगरका व्यापारीहरु कृष्णसिंह ठगुन्ना, दिवानसिंह बुदियाल, हरमल ठगुन्ना, धनसिंह ठगुनना, गौरसिंह ठगुन्ना र झुपुरसिंह कार्कीलाई पसल बन्द नगरेको आरोपमा ०६१ साउन २४ गते बेलुका सुरक्षाकर्मीले कुटपिट गरे। पीडितहरुलाई कुटपिट गरिसकेपछि सुरक्षाकर्मीले आफूहरुबाट गल्ती भएको स्वीकार गरे।

माओवादीबाट

काटै गाविस-९ का ३७ वर्षीय धनसिंह महरलाई भैंसी खोज्न खार गाविसको जामिरमा गएको बेला ०६० फगुन ९ गते सुराकी भनी माओवादीले अपहरण गरी लैजाँदै गर्दा भागेपछि माओवादीले ज्यानमार्ने धम्की दिए।

पिपलचौरी गाविस-५ का २५ वर्षीय आनसिंह महरलाई भनेजति चन्दा नदिएको आरोपमा ०६० चैत ४ गते घरमै आई माओवादीले कुटपिट गरे।

काटै गाविसका ४२ वर्षीय नरेन्द्र कुवँर र खलंगा गाविस-८ का २८ वर्षीय वीरसिंह महरलाई चन्दा नदिएको आरोपमा ०६१ असार ३० गते खलंगा गाविस-८ स्थित बिजुली पावर हाउसमा माओवादीले कुटपिट गरे।

छापरी गाविस-७ का १८ वर्षीय आनसिंह धामीलाई पसलबाट चाउचाउ तथा पैसा दिन नमानेको भनी ०६१ असार ३० गते माओवादीले कुटपिट गरे।

हिकिला गाविस-१ का ३० वर्षीय सुरेन्द्रसिंह बडाललाई नाकाबन्दीको नियम तोडेको आरोपमा ०६१ साउन १५ गते काटै गाविस-६ स्थित बाटोमा माओवादीले कुटपिट गरे।

काटै गाविसस्थित बजारका रणवीरबहादुर बम, गोविन्द महर, रामसिंह महर, पदम महर, राजेन्द्र जोशी, रामसिंह महर, हरिराम लुहार र करनसिंह नगाललाई सुरक्षाकर्मीको गस्ति टोली आउँदा खबर नगरेको आरोपमा ०६१ साउन १९ गते माओवादीले कुटपिट गरे।

काटै गाविस-४ का ३० वर्षीय दिलिपसिंह साहु र सोही ठाउँका ३६ वर्षीय रामसिंह धामीलाई सुराकीको आरोपमा ०६१ साउन २७ गते खार गाविसमा माओवादीले कुटपिट गरे।

छापरी गाविस-७ का १८ वर्षीय शंकरसिंह धामी र सोही ठाउँका २० वर्षीय धनसिंह बडाललाई स्कूल जाँदै गरेको अवस्थामा दादागिरी गरेको भनी विना कारण ०६१ भदौ १५ गते काटै गाविस-९ मा माओवादीले कुटपिट गरे।

खलंगा गाविस-२ का ५० वर्षीय भवानसिंह डाँगालाई ०६१ वैशाख १६ गते माओवादीले १० हजार रुपैयाँ चन्दा नदिएमा ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलहरुद्वारा ०६१ वैशख २९ गते हड्ताल तथा जुलुश प्रदर्शन कार्यक्रमको पूर्व सन्ध्यामा एमाले जिल्ला कमिटी उपसचिव रामदत्त जोशी र नेकाँ जिल्ला कार्यसमिति सचिव मदन गिरीलाई प्रहरीले बिहान आ-आफ्नो घरबाट गिरफ्तार गरी ११ बजेतिर रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष विभिन्न प्रकृतिका २९ वटा मुद्दा दर्ता भए। तीमध्ये १५ वटा फर्स्यौट भए भने १४ वटा बाँकी रहे। दुनियावादी देवानी ८ र सरकारवादी फौजदारी २१ वटा मुद्दा परेका थिए। फर्स्यौट भएकामध्ये देवानी ८ र सरकारवादी फौजदारी ७ वटा रहेका छन्।

माओवादीद्वारा बम विस्फोट गरी क्षति पुऱ्याइएको खानेपानी र जिविस कार्यालय

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

हिकिला गाविसका ५५ वर्षीय द्रौपतीदेवी बडाल, उनकै बुहारी ३४ वर्षीय कलावती बडाल र कलावतीका १७ वर्षीय छोरा पदम सिंह बडाललाई ०६१ भदौ १६ गते बिहान माओवादीले कुटपिट गर्दै घर निकाला गर्नुका साथै घर फर्केमा ज्यान मार्ने धम्की दिए। पीडितहरु हाल विस्थापित भई सदरमुकाममा बसेका छन्।

संरचना सम्पत्ति क्षति

जिविस कार्यालयमा ०६१ जेठ ७ गते र ०६१ असार १९ गते गरी दुई पटक माओवादीले बम विस्फोट गरी आगजनी गरे। विस्फोट तथा आगजनीबाट करिब ८ लाख ३५ हजार रुपैयाँ बराबरको क्षति भएको जनाइयो।

जिल्ला खानेपानी कार्यालयमा ०६१ जेठ १७ गते माओवादीले बम विस्फोट तथा आगजनी गरे। विस्फोट तथा आगजनीबाट १ लाख १० हजार रुपैयाँ बराबरको क्षति भएको बताइयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

काटै गाविस-५ का ३१ वर्षीय नाराणदत्त भट्टलाई ०६१ वैशाख ३० गते खलंगा बजारबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ २ गते तारेखमा रिहा गरे।

शेरी गाविसका २६ वर्षीय गम्भीरसिंह डडाललाई माओवादीको आरोपमा ०६१ असार १४ गते सुरक्षाकर्मीले खलंगा गाविस-८ बाट गिरफ्तार गरी मंसिर ४ गते रिहा गरे।

रिठाचौपाटा गाविस- का २२ वर्षीय जीतेन्द्र बोहरालाई माओवादीको आरोपमा ०६१ असार १४ गते सुरक्षाकर्मीले दन्तु गाविसको दन्तु भन्ने ठाउँबाट गिरफ्तार गरी तीन महिनासम्म सैनिक ब्यारेकमा राखी मंसिर १४ गते जेलमा पठाए। पीडित हाल जेलमा छन्।

बालअधिकार

खलंगा गाविस-५ का गणेशराम भुल, बीरसिंह बोहरा र शिवशंकरले सोही ठाउँ बस्ने १६ वर्षीय एक युवतीलाई फकाई ०६१ पुस १० गते बेच्न भारत लैजाँदै गर्दा पिथौरागढमा गिरफ्तार भए। पीडित हाल सकुशल घर फर्किसकेकी छन्।

सबै प्रकारका जातीय विभेद

छापरी गाविस-७ का २१ वर्षीय गगनराम टमटालाई सोही ठाउँका नरसिंह धामीले०६० माघ १२ गते श्रीपञ्चमीका दिन विद्यालयमा पूजा गरिरहेको अवस्थामा तल्लो जाति भनी अपमानित गरे।

काटै गाविस-४ का २९ वर्षीय बीरराम विश्वकर्मालाई र सोही ठाउँका २४ वर्षीय दानीराम कामीलाई ०६१ भदौ ४ गते सोही ठाउँको एक होटलमा चिया खाएर गिलास नमाझेको भनी सोही ठाउँका ३६ वर्षीय सुरेश साहुले गालीगलौज गरी "आइन्दा यसो गरेमा राम्रो हुने छैन" भनी जबरजस्ती गिलास माझ्न लगाए।

खार गाविस-५ का ३४ वर्षीय सुभास टमटालाई ०६१ साउन ३१ गते आफ्नो होटलमा खाना खाएर भाँडा नमाझी छोड्दै गर्दा सोही ठाउँका ३२ वर्षीय सुमन बोहराले "तँ डूम (लुहार) बढी भएको" भनी बल्दै गरेको दाउरा प्रहार गरी कुटपिट गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ६ जनाले आत्महत्या गरे। जसमध्ये २ जनाले शरीरमा आगो लगाएर १ जनाले झुण्डिएर र ३ जनाले नदीमा हाम फाली आत्महत्या गरे।

अनुसूची २

मानवअधिकार उल्लंघन तथ्याङ्क २००४

परिशिष्ट १.१ : नेपाल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या															
घाटी रेटेर	९	६	४		१०	२०	१९	१		२०					
घाटी थिचेर	६		६		६										
घाटी काटेर	४	३	१		४	१	१			१					
ढुगाले किचेर	३	२	१		३	४	५			५					
बम विस्फोटनबाट	८	७	३		१०	७१	१०४	१७		१२१	१	१			१
बलात्कारपछि	१४		१४		१४						१		१		१
दोहोरो भिडन्तमा	१	१			१	३९	३३१	२	३५	३६८	६३	१२९	२०	२५७	४०६
आगो लगाएर	१		१		१										
झुण्डाएर	५	२	३		५	३	३			३					
विद्युतीय धरापमा परी	१	१			१	४६	१०२	४	६	११२	१	१			१
विष खुवाएर	६	२	४		६										
लठ्ठी प्रहारबाट	११	१२	१		१३										
यातना दिई	५	२	४		६	६	६	१		७	२	३			३
कुटपिट गरी	७१	८०	१५	१	७६	२०	२१	४		२५	१	१			१
गोली हानी	६०	६४	४	१	६९	३२८	३८८	१४	५	४०७	६६३	९२१	१८२	७८	११८१
खुकुरी तथा अन्य धारिलो हतियार प्रहारबाट	१०४	९२	२६	१	११९	५०	५१	५	१	५७	२	४			४
हत्याको प्रकृति नखुलेको	४९	३९	१४	१	५४	३१	३९	२		४१	५	४	२		६
जम्मा	३५८	३९३	१०१	४	३९८	६२९	९८०	५०	४७	१०७७	७२९	१०६४	२०५	३३५	१६०४
आफ्नै कारणले मृत्यु															
आफ्नै बम विस्फोटनबाट	३	४	१		५	१८	२५	३	४	३२	२	२			२
आफ्नै विद्युतीय धरापमा परी						२	४			४					
जम्मा	३	४	१		५	२०	२९	३	४	३६	२	२			२
घाइते															
बम विस्फोटबाट	९	१४	२		१६	१३३	२५७	५०	३८	३४५	२	१	१		२
भिडन्तमा घाइते	१	२			२	१८	४१	५	१४	६०	३	२		४	६
विद्युतीय धरापमा परी						८५	२२१	८	७०	२९९					
कुटपिटबाट	१४	१५	१		१६	९	११	१		१२	१०	२६	१		२७
गोलीबाट	५१	६८	४		७२	९०	१५८	६	२१	१८५	६३	६३	१७	६१	१४१
धारिलो हतियार प्रहारबाट	२४	३३	६		३९	६	६			६	३	४			४
हवाई फायरका क्रममा गोलीद्वारा						३	२२			२२	५	१०	२		१२
आफ्नै बम विस्फोटनबाट						६	३	२	३	८	२	४			४
जम्मा	९९	१३२	१३		१४५	३५०	७१९	७२	१४६	९३७	८७	१२०	२१	६५	२०६
बम विस्फोटबाट आतंकित						४८	३		४९	५२					
गिरफ्तारी यातना											१२२९	१८५४	२२०	५०५	२५८९
हिरासत थुनामा मृत्यु											७	७			७
बेपत्ता अपहरण															
बेपत्ता											२२१	२८२	२१	१०	३१३
अपहरण	६५	६८	११	१	८०	१९९१	५०१२	११७३	१९९९५	२६१८१					
जम्मा	६५	६८	११	१	८०	१९९१	५०१२	११७३	१९९९५	२६१८१	२२१	२८२	२१	१०	३१३
कुटपिट धम्की															
कुटपिट	१६४	२०४	३६	१	२४१	३२७	४३१	४५	९	४८५	३३५	७१२	४०	७४	८२६
हात-खुट्टा भाँचेको						२	२			२					
ज्यानमार्ने धम्की	९	८	३		११	३१	७७	३	७५	१५५	४	३	१		४
धम्की	२३	१९	४	२	२५	१७८	१३६७	१४	५४७	१९२८	४४	४०	५	१	४६
जम्मा	१९६	२३१	४३	३	२७७	५३८	१८७७	६२	६३१	२५७०	३८३	७५५	४६	७५	८७६
भेला संगठित हुने अधिकार															
शान्तिपूर्ण भेलामा अवरोध											२५	१२८	२	३७	१६७
शान्तिपूर्ण भेलामा लाठीचार्ज											३६	८२	६	६	९४
जम्मा											६१	२१०	८	४३	२६१

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
जातीय विभेद															
जातीय कारणले जागिरमा मरुवा	१	३			३										
सार्वजनिकस्थलमा प्रवेश गर्न वञ्चित	६	६	४	२५०	२६०										
अन्तरजातीय विवाह गर्दा दुर्व्यवहार	७	९	३		१२						१		१		१
सार्वजनिकस्थलमा दुर्व्यवहार	२१	३८	२०		५८						१	१			१
व्यक्तिगत अवसरबाट वञ्चित	३	५	१	१	७										
अन्तरजातीय विवाहका कारण विस्थापन	१	२			२										
जातीय छुवाछुतका कारण विस्थापन	१	१०	२		१२										
जम्मा	५०	७२	३०	२५१	३५४						२	१	१		२
महिलाअधिकार															
महिला बेचबिखन	९		११		११										
बेचबिखन प्रयास	३		७		७										
बोक्सीको आरोपमा दुर्व्यवहार	२७		२९		२९	१		१		१	१		१		१
बलात्कार	५७		६५		६५	१		४		४	४		८		८
बलात्कार प्रयास	१७		१८		१८						१		३		३
यौन दुर्व्यवहार	६		७		७	१		१		१	१		१		१
बहुविवाहका कारण हिंसा	५०		५१		५१										
पारिवारिक हिंसा	६६		६७		६७										
महिला भएकै कारण यातना	१७		१९		१९						१		१		१
जबर्जस्ती गर्भपतन	५		५		५										
जम्मा	२५७		२६९		२६९	३		६		६	८		१४		१४
बालअधिकार															
बालबालिका बेचबिखन	९	१६	११		२७	१		१		१					
व्यक्तिगतस्तरबाट बेपत्ता	२	१	१		२										
व्यक्तिगतस्तरबाट अपहरण	५	५			५										
बलात्कार	५५		६१		६१						६		७		७
यौन दुराचार	४७	७	५२		५९						३		३		३
जघन्य बालश्रममा हिंसा	५१	११६	१		११७						३	४			४
बालविवाह	९	५	६		११										
नवजात शिशुको हत्या	८	१	२	५	८										
गम्भीर कुटपिट	१०	४	१०		१४	१	१			१	१		१		१
अन्य किसिमका घटनामा पीडित	३	१	१	१५१	१५३	४	५		८४	८९	३		१	६	७
जम्मा	१९९	१५६	१४५	१५६	४५७	६	६	१	८४	९१	१६	४	१२	६	२२
आर्थिक सामाजिक सांस्कृतिक अधिकार															
ज्यालाबाट वञ्चित	४	९	९	१	१९	१	१			१					
आफ्नो सम्पत्तिको अधिकारबाट वञ्चित	१	२			२	१५९	२२१	२३	१	२५५	३	१६			१६
जागिरबाट निष्काशन						१			४५	४५					
धार्मिक स्वतन्त्रता	२	८	१		९						१	१			१
विभिन्न सामाजिक अधिकार हननबाट पीडित	२२	२६	१		२७	८	६	१	३	१०	४	६		१०५	१११
जम्मा	३०	४५	११	१	५७	१६९	२२८	२४	४९	३११	८	२२		१०५	१२८
अमानवीय व्यवहार															
बोक्सीको आरोप लगाई दुर्व्यवहार	२	४			४	१	७			७					
मासु जुत्ताको माला लगाएको	७	८			८	१५	२२	३		२५					
कपाल खौरिएको	१	१	१		२	२	१	१		२					
विभिन्न आरोपमा शारीरिक दुर्व्यवहार कष्ट	१२	११	३		१४	८	१०	४		१४	८	६		८	१४
जम्मा	२२	२४	४		२८	२६	४०	८		५८	८	६		८	१४
कुल जम्मा	१२७९	१०२६	६२८	४१८	२०९०	२६८०	८११५	१२९९	२१००५	३१३१९	२६८१	४३२८	५५८	११५२	६०३८
द्वन्द्वका कारण आन्तरिक विस्थापन	१४	४	१	२२०२	२२०७	१३६	१२४	९५०	७५४३	९८८७	१			७०	७०

द्वन्द्वबाट उत्पन्न त्रासका कारण विस्थापित

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
भौतिक संरचना क्षति															
जिल्ला वन कार्यालय						९				९					
इलाका वन कार्यलय						५				५					
रेन्जपोस्ट						७				११					
विद्यालय						१०				१०					
स्वास्थ्य केन्द्र						२				२					
सञ्चार संस्था						४				६					
सडक						१				१					
पुल						९				८					
खाद्य संस्थान						१				१					
अन्य संस्थानका कार्यालय	१				१	६				६					
खानेपानी संस्थान तथा संरचना						४				४					
सरकारी सवारी साधानहरु	१				१	१७				२६					
सरकारी कार्यालयहरु						६७				७३					
सामुदायिक भवन						१				१					
गैर सरकारी संस्था						१				१					
नीजि क्षेत्रको कार्यालय	४				६३	५				५					
एम्बुलेन्स						१				१					
ऐतिहासिक स्थल						१				१					
बैंक कार्यालय						९				९					
नागरिक उड्ययन कार्यालय						२				२					
दूरसञ्चार टावर						२				२					
मालपोत कार्यालय						४				४					
नीजि घर	१				१	५१				५४	१४	१६			१६
नीजि सवारी साधन	२				२	४३				८३					
पेट्रोल पम्प						१				१					
उद्योग						३				३					
जिविस भवन						७				८					
नगरपालिका भवन						१५				१५					
गाविस भवन						५२				१४८					
विद्युत कार्यालय						३				३					
जलविद्युत आयोजना						४				४					
प्रहरी चौकी						११				२७					
जिल्ला सिंचाई कार्यालय						२				२					
जिल्ला शिक्षा कार्यालय						५				५					
कृषि उपकेन्द्र						९				९					
हुलाक कार्यालय						५				९					
जम्मा	९				६८	३७९				५५९	१४	१६			१६

परिशिष्ट १.२ : नेपाल - पीडितको प्रकार र संख्या उमेरको आधारमा

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	अन्य	जम्मा
राजनीतिक कार्यकर्ता				८५५	१५७	४	१०१६
स्वास्थ्य कार्यकर्ता				२०	२		२२
सुरक्षाफौज				२			२
सेना				१६८			१६८
सामाजिक कार्यकर्ता				२२	८		३०
इन्जीनियर				४			४
मानवअधिकारकर्मी				५			५
मजदुर	१४	१२	२६	४१५	७४		४८९
भारतीय प्रहरी				२			२
नखुलेको	९१	८५	१७६	८८०	१३४		१०१४
जागिरे / कर्मचारी				५८२	३१		६१३
फोटोग्राफर				३			३
पत्रकार				८५			८५
प्रहरी				२१६	४		२२०
विद्यार्थी	१९२	८५	२७७	६५०	२३३		८८३
शिक्षक				५६२	२७		५८९
उद्योग व्यवसायी				५०४	५४	१	५५९
कृषक				२५३७	४९१		३०२८
कानुन व्यवसायी				१८			१८
गृहिणी				२	२१		२३
शरणार्थी		१	१	४	१		५
अन्य	१		१	१७			१७
जम्मा	२९८	१८३	४८१	७५५३	१२३७	५	८७९५

पीडितको प्रकार	४५ वर्ष भन्दा माथि			उमेर नखुलेको	जम्मा			
	पुरुष	महिला	जम्मा	जम्मा	पुरुष	महिला	अन्य	जम्मा
राजनीतिक कार्यकर्ता	३१७	१	३१८	१३५५	१८७०	२५०	५६९	२६८९
स्वास्थ्य कार्यकर्ता	७		७	६	३१	३	१	३५
सुरक्षाफौज				७५	६०		१७	७७
सेना	३		३	३४२	४२६		८७	५१३
सामाजिक कार्यकर्ता	२१		२१	१	४३	९		५२
इन्जीनियर					४			४
मानवअधिकारकर्मी	१		१	४	१०			१०
मजदुर	२५	८	३३	२१५	५११	११३	१३९	७६३
भारतीय प्रहरी	१		१		३			३
नखुलेको	११३	१२	१२५	२०६०२	३९०३	२०६४	१३५४३	२१९१७
जागिरे/कर्मचारी	१२५	१	१२६	१४१०	१८९५	३४	२२०	२१४९
फोटोग्राफर	१		१		४			४
पत्रकार	४		४	३५	११२		१२	१२४
प्रहरी	६		६	२८७	४८७	६	२०	५१३
विद्यार्थी	९		९	९६८०	११३३	३५०	९३६६	१०८४९
शिक्षक	१०२	१	१०३	६३६७	१२७३	३२	५७५४	७०५९
उद्योग व्यवसायी	९२	५	९७	७४३	७७५	६२	५६२	१३९९
कृषक	५८५	१०२	६८७	६१०	३३०९	६३०	३८६	४३२५
कानुन व्यवसायी	४		४	२	२४			२४
गृहिणी	१	४	५	३	३	२८		३१
शरणार्थी		१	१		४	३		७
अन्य				४	२१		१	२२
जम्मा	१४१७	१३५	१५५२	४१७४१	१५९०१	३५८४	३०६७७	५२५६९

परिशिष्ट १.३ : नेपाल - पीडित हुनेहरूको संख्या, घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	२२४	२८३	५२९	१९७	३५५	१८४	१९६	२०४	२१३	१५४	२४६	३३७	३१२२
घाइते	९४	१२५	१४६	८६	१९९	१२९	७७	८५	७०	४१	१३१	९५	१२८८
बम विस्फोटन		१९	४	३	१३	४	१	१	२	२		३	५२
हिरासत वा थुनामा मृत्यु	१	१					१			१	१	२	७
गिरफ्तारी यातना	२०४	१८२	१४८	१२६	५५४	१६६	१६५	२४०	१८७	१४५	१९८	१६४	२५८९
बेपत्ता	४५	१६	२६	२०	३६	१८	२३	२८	२१	१०	२९	४१	३१३
कुटपिट	९८	१५३	१२५	११४	१५७	१५२	२१८	१२२	१२३	८७	१४७	५८	१५५४
धम्की	५८	३८	७४	५७	४६	४३२	८१	१८३	७२	१३	९९७	११८	२१६९
भेला संगठित हुने अधिकार	४९	११	१०	१४	१०८	२२		२४	९			१४	२६१
जातीय विभेद	६	१५	११	९	२	६	४	९	११	२५५	३	११	३४२
भूमिहीन/सुकुम्वासी समस्या				१०			१				४२		५३
अनमेल विवाह			१										१
महिलाअधिकार	१६	३३	२६	२२	२८	२५	४०	३६	१३	२१	१४	२१	२९५
वालअधिकार	४३	६४	१०	१२	१५	२८	२२३	२५	१५	१६	१९	९७	५६७
आर्थिक सामाजिक/सांस्कृतिक अधिकार	८	२१	१९	१९	३०	४६	१२८	३१	५०	२२	८५	३६	५०६
अमानवीय व्यवहार	५	३	२	७	६	१३	१९	१६	१५	७		११	१०४
अपहरण	४१७	५१२	१२८१	१९०७	४८८४	४२५८	२२६९	१५९६	४८०७	६४६	१६२०	१९६४	२६२६१
जम्मा	१२६८	१४७६	२४१२	२६०३	६४३३	५४९३	३५६६	२६००	५६०८	१४२१	३५३२	२९७२	३९४८४

परिशिष्ट १.४ : पूर्वाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०४	८६	३०		११६	१२७	१८३	९	२	१९४	१८६	२६५	३६	४५	३४६
घाइते	१८	३०	२		३२	४९	९४	४	११	१०९	१८	३१	४		३५
बम विस्फोट						३			३	३					
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी/यातना											३०९	४५३	६१	४	५१८
बेपत्ता											४७	७५	३		७८
कुटपिट	२०	४४	१२		५६	६८	९२	१८	१	१११	७५	१३१	१०	१४	१५५
धम्की	७	५	२	२	९	४३	१००		४६४	५६४	७	१०			१०
भेला संगठित हुने अधिकार											१४	३३		५	३८
जातीय विभेद	१७	२५	५	२५१	२८१						१	१			१
भूमिहीन सुकुम्वासी समस्या	२	४६	६		५२										
महिलाअधिकार	६९		७६		७६						३		५		५
वालअधिकार	४३	३	४४	४	५१						४		४		४
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	३	५			५	१८	४७	७		५४	२	३			३
अमानवीय व्यवहार	९	१०	१		११	५	६	२		८	१			६	६
अपहरण	९	७	२		९	४३०	१२९९	२७९	३१९०	४७६८					
जम्मा	३११	२६१	१८०	२५७	६९८	७४३	१८२१	३१९	३६७१	५८११	६६८	१००३	१२३	७४	१२००

परिशिष्ट १.५ : मध्यमाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	११७	९१	३३	२	१२६	२१४	३३९	१८	५	३६२	२४०	३४३	५८	११	४१२
घाइते	४७	५९	४		६३	११२	२५७	३१	३५	३२३	२२	२२	५	३५	६२
बम विस्फोट						२१	१		२०	२१					
हिरासत वा थुनामा मृत्यु											३	३			३
गिरफ्तारी यातना											३२८	४९४	२४	१७९	७०७
बेपत्ता											१०३	१२६	८		१३४
कुटपिट	३६	३९	४	१	४४	२९	३१	६		३७	५२	१२२	११		१३३
धम्की	२	२			२	२५	९७२	१	२	९७५	६	५	१		६
भेला/संगठित हुने अधिकार											२९	१४६	५	३	१५४
जातीय विभेद	९	१४	८		२२										
अनमेल विवाह	१		१		१										
महिलाअधिकार	७९		८७		८७						३		७		७
बालअधिकार	५५	४५	५६	१	१०२	२	१		८३	८४	३		१	६	७
आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार	६	१६	१०		२६	१०	१५	२		१७	१	१			१
अमानवीय व्यवहार	७	६	२		८						२	२			२
अपहरण	२२	२०	२		२२	२९६	७५२	२१	१९४८	२७२१					
जम्मा	३९१	३०३	२०७	५	५१५	७१०	२३६८	७९	२०९३	४५४०	७९२	१२७४	१३०	२३४	१६३८

परिशिष्ट १.६ : पश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६६	६१	१६		७७	१४८	२३५	११	१५	२६१	१३७	२००	५७	२११	४६८
घाइते	११	१५	१		१६	६२	१२३	१५	३०	१६८	१४	२६	३		२९
बम विस्फोट						४	१		३	४					
गिरफ्तारी यातना											१३९	१९४	६६		२६०
बेपत्ता											२४	२७	५		३२
कुटपिट	२५	३८	५		४३	२९	४४	४		४८	३३	१०८	६	२८	१४२
धम्की	९	१०	१		११	२३	११३	५		११८	३	१	३		४
भेला संगठित हुने अधिकार											३	१४	२		१६
जातीय विभेद	९	६	७		१३						१		१		१
महिलाअधिकार	३२		३६		३६										
बालअधिकार	२१	२	१९	१	२२	१	१			१	१		१		१
आर्थिक सामाजिक सांस्कृतिक अधिकार						२८	३६	४		४०					
अमानवीय व्यवहार	६	४	४		८	१	१			१					
अपहरण	१०	१५	४		१९	२७८	६६१	१०३	३४५२	४२१६					
जम्मा	१८९	१५१	९३	१	२४५	५६४	१२१५	१४२	३५००	४८५७	२५४	५६०	१५४	२२९	९६३

परिशिष्ट १.७ : मध्य पश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३७	२३	१५	१	३९	११०	१८३	१३	९	१९५	११८	१५२	४०	३०	२२२
घाइते	११	१५	३		१८	७७	१५९	१४	४६	२१९	२०	२२	८		३०
बम विस्फोट						१९	१		२२	२३					
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी यातना											३६२	५५७	५०	२५१	८५८
बेपत्ता											४३	४१	३	८	५२
कुटपिट	२८	३५	५		४०	११२	१४१	७	२	१५०	१०१	११९	७	३	१२९
धम्की	१	१			१	६१	१९१	७	९२	२९०	१२	१०	१	१	१२
भेला, संगठित हुने अधिकार										२	११	१४	१	११	२६
जातीय विभेद	३	२	४		६										
भूमिहीन सुकुम्वासी समस्या											१	१			१
महिलाअधिकार	५१		५४		५४	१		१		१					
बालअधिकार	६५	१००	१६	१५०	२६६	१			१	१	६	४	३		७
आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार	१	१			१	१०६	१३४	११	४६	१९१	३	१७		१०५	१२२
अमानवीय व्यवहार	२	३			३	७	१८	५		२३	५	४		२	६
अपहरण	१२	१५	२		१७	७२६	१२९५	१२५	५२५५	६६७५					
जम्मा	२११	१९५	९९	१५१	४४५	१२२०	२११२	१८३	५४६३	७७६०	६८३	९४२	११३	४११	१४६६

परिशिष्ट १.८ : सुदूर पश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३६	३६	९		४५	४९	७९	२	२०	१०१	६०	१०६	१४	३८	१५८
घाइते	१२	१३	३		१६	५०	८८	८	२२	११८	११	१०	१	२९	४०
बम विस्फोट						१			१	१					
हिरासत वा थुनामा मृत्यु											२	२			२
गिरफ्तारी यातना											९३	१५८	९	६९	२३६
बेपत्ता											१५	१५	२		१७
कुटपिट	४५	४८	१०		५८	९२	१२५	१०	६	१४१	७५	२३२	६	२९	२६७
धम्की	१३	९	४		१३	५८	६८	४	६४	१३६	२०	१७	१		१८
भेला संगठित हुने अधिकार											५	३		२४	२७
जातीय विभेद	१०	१४	४		१८										
महिलाअधिकार	२२		२३		२३	१		४		४	२		२		२
बालअधिकार	११	४	७		११	३	६	१		७	२		३		३
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	२१	३२	१	१	३४	९	६		३	९	२	२			२
अमानवीय व्यवहार	१	१			१	१३	२५	२		२७					
अपहरण	२	१	१		२	२६२	१००६	६४५	६१५०	७८०१					
जम्मा	१७३	१५८	६२	१	२२१	५३८	१४०३	६७६	६२६६	८३४५	२८७	५४५	३८	१८९	७७२

परिशिष्ट १.९ : नेपाल - सन् २००४ डिसेम्बर महिनासम्म जेलमा रहेका बन्दीहरुको संख्या

क्र.सं.	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	बालबालिका	जम्मा
१.१	झापा	१७६	१६५	३२३	१८	१	३४२
१.२	इलाम	५४	३७	७५	१६	१	९२
१.३	पाँचथर	२९	१५	३८	६		४४
१.४	ताप्लेजुङ	१२	९	२१			२१
१.५	मोरङ	३४५	२०७	४२५	२७	१	५५३
१.६	सुनसरी	जेल छैन					
१.७	धनकुटा	१४	३६	४८	२		५०
१.८	तेह्रथुम	५	१४	१४	५		१९
१.९	भोजपुर	४	२८	२६	६		३२
१.१०	संखुवासभा	८	२४	२९	३		३२
१.११	सप्तरी	५०	६०	१०८	२		११०
१.१२	सिरहा·	२८	४६	७०	४		७४
१.१३	उदयपुर	२१	२९	४८	२		५०
१.१४	खोटाङ	९	१	९	१		१०
१.१५	ओखलढुंगा	२४	६	२५	५		३०
१.१६	सोलुखुम्बु	बन्दी नरहेको					
२.१	धनुषा	जेल छैन					
२.२	महोत्तरी	११७	८७	१९२	१२	६	२१०
२.३	सर्लाही	६९	१६	८१	४		८५
२.४	सिन्धुली	१४	२७	३८	३		४१
२.५	रामेछाप	२	११	७	६		१३
२.६	दोलखा	३२	१२	३८	६		४४
२.७	रौतहट	९३	२३	११०	६		११६
२.८	बारा	जेल छैन					
२.९	पर्सा	३७५	१९२	५३३	३४	५	५७२
२.१०	चितवन	५४	१४२	१९६	१५	२	१९८
२.११	मकवानपुर	४०	२७	६४	३		६७
२.१२	ललितपुर	१६८	९५	२६१			२६१
२.१३	काभ्रे	४४	४६	९०			९०
२.१४	भक्तपुर	जेल छैन					
२.१५	काठमाडौं	८८४	८१२	१६००	१०१	५	१७०६
२.१६	धादिङ	११	२२	३३			३३
२.१७	सिन्धुपाल्चोक	२२	३०	४९	३	१	५३
२.१८	नुवाकोट	८	८	१५	१		१६
२.१९	रसुवा	८	११	१८	१		१९

क्र.सं.	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	बालबालिका	जम्मा
३.१	तनहुँ	१२	३६	४८			४८
३.२	गोरखा	३	४	७			७
३.३	लमजुङ	५	२५	२९	१		३०
३.४	स्याङ्जा	५	३०	३५			३५
३.५	कास्की	१२२	६५	१५९	२८	१	१८८
३.६	मनाङ		१	१			१
३.७	नवलपरासी	२२	३६	५३	५		५८
३.८	रुपन्देही	८४	७९	१६३			१६३
३.९	पाल्पा	२०	१२३	१२४	१९	२	१४५
३.१०	कपिलवस्तु	४४	३९	७६	७		८३
३.११	अर्घाखाँची	जेल छैन					
३.१२	गुल्मी			२५	५		३०
३.१३	बाग्लुङ	२०	२१	३५	६		४१
३.१४	पर्वत	८	१९	२४	३		२७
३.१५	म्याग्दी	बन्दी नरहेको					
३.१६	मुस्ताङ		२	२			२
४.१	दाङ	३७	५८	८६	९	७	१०५
४.२	प्युठान	११	१४	२५			२५
४.३	रोल्पा	६	४	८	२		१०
४.४	सल्यान	६	१४	१८	२	३	२३
४.५	रुकुम	बन्दी नरहेको					
४.६	बाँके	१३२	१२६	२५८	२९	४	२७८
४.७	बर्दिया	१७	४२	५५	४५	४	५९
४.८	सुर्खेत	१५	२५	३६	४		४०
४.९	जाजरकोट	१		१			१
४.१०	दैलेख		३	३			३
४.११	डोल्पा	बन्दी नरहेको					
४.१२	जुम्ला	बन्दी नरहेको					
४.१३	कालिकोट	बन्दी नरहेको					
४.१४	मुगु	बन्दी नरहेको					
४.१५	हुम्ला	४	१	५			५
५.१	कैलाली	१२२	४६	१६०	८		१६८
५.२	अछाम		१०	१			११
५.३	डोटी	१२	९	२०	१		२१
५.४	बाजुरा		४	४			४
५.५	बझाङ	१३	७	१७	३	३	२३
५.६	कञ्चनपुर	८३	३८	११२	९		१२१
५.७	डडेल्धुरा	८	१३	२१			२१
५.८	बैतडी	५	१२	१६	१		१७
५.९	दार्चुला	७	२१	२८			२८
	जम्मा	३५४४	३१६५	६१३९	४७९	४६	६८०४

अनुसूची ३

सन् २००४ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरूको धारणा

नेपाली काँग्रेस

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाल मजदुर किसान पार्टी

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपाली काँग्रेस (प्रजातान्त्रिक)

जनमोर्चा नेपाल

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

नेपाली काँग्रेस

विगत केही वर्षदेखि नेपाली जनताले दुईतिरबाट तेर्सिएका बन्दुकको नालबाट छुटेको गोलीको आमुन्ने-सामुन्ने उभिएर निरन्तर रुपमा मानवअधिकार उल्लंघनका अनेक वीभत्स र हृदयविदारक घटनाहरुलाई बेहोरिरहनु परेको छ। यस्ता घटनाहरुलाई न्यून पार्दै लगेर मानिसको बाँच्न पाउने हकको सम्वर्द्धन हुनुपर्नेमा, प्रत्येक वर्ष अझ मानवअधिकार उल्लंघनका यस्ता अनेकौं निर्मम घटनाहरु बढ्दै जानु निश्चय नै अत्यन्त दुःखदायी विषय हो।

हामीले सन् २००४ को मानवअधिकार उल्लंघनका यस्ता घटनाहरुको चर्चा गर्दा, सन् २००२ लाई २००३ ले उछिनेको छ र २००३ बाट २००४ मा आइपुग्दा यस्ता घटनाहरु अझ विकराल रुपमा बढेका छन्। गत माघ १९ वा २००५ को फेब्रुवरी १ को राजाको घोषणाले मानिसका यावत अधिकारहरुको अपहनन् गरेको छ। यही परिस्थिति अरु लम्बियो भने सन् २००५ मानवअधिकार उल्लंघनको उत्कर्ष वर्ष हुने कुरामा कुनै सन्देह छैन।

वास्तवमा प्रजातान्त्रिक पद्धति नै मानवअधिकारको आधारपक्ष हो। प्रजातान्त्रिक पद्धतिमाथि आघात पर्दा त्यसको पहिलो चोट मानवअधिकारमाथि नै पर्छ। ०५९ को जेठमा षडयन्त्रपूर्ण तवरले संसदलाई विघटन गरेपछि प्रजातान्त्रिक अधिकारहरु कुण्ठित हुँदै गए। ०५९ असोज १८ मा प्रजातन्त्रको मर्ममाथि प्रहार गरियो। त्यसपछि मानवअधिकार उल्लंघनका घटनाहरु एकपछि अर्को प्रत्येक दिन अझ थपिदै गए। केही पत्रपत्रिका र मानवअधिकारवादी केही संघसंस्थाहरुले त्यसमा आवाज उठाए पनि तीप्रति सजग र संवेदनशील हुनुपर्ने दायित्वबोधको निर्वाह सरकारबाट भएन। सरकारले प्रत्येक दिन अझ निरंकुश रुपको प्रदर्शन गर्दै गयो र मानवअधिकारको हदैसम्म पुगेर उल्लंघन गर्‍यो।

कति मानिसलाई पक्राउ गरेर बेपत्ता पार्ने, अमानुषिक तवरले यातना दिने, पक्राउ परेकालाई कुनै कानुनी उपचारको सुविधा नदिने, औषधी-उपचारको कुनै व्यवस्था नगरिदिने, अस्वस्थकर स्थानमा कष्टकर रुपमा राख्ने, आफ्ना परिवारजन र अन्य कसैसित भेटघाट गर्न नदिने, अदालतको आदेशको पनि अवज्ञा गर्ने र अदालतसमक्ष झुट्टा विवरण दिने जस्ता कार्यले सन् २००४ मानवअधिकार उल्लंघनको अत्यन्त भयावह र कहालीलाग्दो वर्ष भएको छ।

माओवादीहरुबाट त्यसरी नै अति क्रूर तवरले हत्या गर्ने, अपहरण गर्ने, निहत्था मानिसलाई अति निर्मम तवरले अंगभंग हुने गरी कुटपिट गर्ने, महिला, बालबालिकाहरुलाई जबरजस्ती युद्धमा सरिक गराउने जस्ता ज्यादै नृशंस कार्यहरु भइरहेका छन्। यी सबैबाट मानवोचित अधिकारहरु दुईतिरको मारमा परेर सम्पूर्ण रुपमा क्षतविक्षत भएका छन्।

यसरी नै हाम्रो देशमा मानवअधिकार उल्लंघनका घटनाहरु हरेक वर्ष तीव्रस्तर रुपले बढ्दै गइरहेका छन्। यो प्रत्येक नेपालीहरुको निमित्त ठूलो चिन्ताको कुरा हो। ०६१ माघ १९ गतेपछि नेपाल अझ ठूलो संकटमा धकेलिएको छ। त्यसदेखि यता अत्यन्त निर्लज्ज, अत्यन्त निरंकुश र मुलुकलाई नै हठात् यातना शिविरमा परिणत गरिदियो। देशभरी फोन लाइनहरु अवरुद्ध गरिए, सञ्चार माध्यमहरुलाई कडा नियन्त्रण गरियो। देशको एक भागबाट अर्को भागमा जावत-आवत गर्न बन्द गरियो र राजनीतिक पार्टीका नेता र कार्यकर्ताहरुलाई पक्राउ गरेर, उनीहरुलाई सामान्य मानवोचित सुविधाहरुबाट पनि वञ्चित गरे, कसैलाई पनि भेट्न नदिएर राखियो।

प्रजातान्त्रिक अधिकार बहालीको माग गरेर शान्तिपूर्ण तवरले विरोध प्रदर्शन गर्ने अनेकौंलाई अत्यन्त निर्मम तवरले कुटपिट गरियो र घाइते अवस्थाका ती कतिलाई पक्राउ गरेर अज्ञात स्थानमा राखियो। सञ्चार माध्यमप्रतिको कडा नियन्त्रणले जिल्ला-जिल्लामा भएका यस्ता अनगिन्ति मानवअधिकार उल्लंघनको कहालिलाग्दो दृश्य पटललाई सन् २००५ ले उग्र रुपमा उछिनेर जाने यथार्थप्रति सजग भएर रोकथामका प्रभावकारी उपायहरु अपनाउन नेपाली काँग्रेस सम्पूर्ण मानवअधिकारवादी संघसंस्थालाई आग्रह गर्दछ।

पुरुषोत्तम बस्नेत
प्रेस प्रमुख

नेकपा (एमाले)

सन् २००४ को सन्दर्भमा मानवअधिकारको स्थितिमा कुनै सकारात्मक परिवर्तन आएको छैन। यस वर्ष पनि मानवअधिकारको बिग्रँदो स्थितिले निरन्तरता पाएको छ र यो थप गम्भीर बन्दै गएको छ। यो स्थितिलाई निम्न आधारमा उल्लेख गर्न सकिन्छ।

१. संविधानमाथिको प्रहार,
२. नकारात्मक कानुनको निर्माण,
३. मानवअधिकार उल्लंघनकारी कामकारवाहीहरू र
४. प्रभावकारी अनुगमनको अभाव।

१. संविधानमाथिको प्रहार

नेपाल अधिराज्यको संविधान २०४७ ले प्रस्तावना मार्फत् "प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने" प्रष्ट प्रतिबद्धता व्यक्त गरेको छ र तदनुरुप संविधानमै यस सम्बन्धी कतिपय व्यवस्थाहरू गरिएका छन्।

तर ०५९ साल असोज १८ को शाही घोषणा र त्यसपश्चात्का काम-कारवाहीहरूले संविधानमाथि नै गम्भीर प्रहार गरेको छ। परिणामस्वरुप संविधानका मूलभूत आधारस्तम्भहरू ध्वस्त भएका छन् र नेपाली जनताको संविधानद्वारा प्रत्याभूत आधारभूत मानवअधिकारहरू गम्भीररुपमा प्रभावित बन्न पुगेका छन्।

देश अहिलेसम्म जनप्रतिनिधिविहीन अवस्थामा छ। भङ्ग भएको प्रतिनिधिसभा र अवधि समाप्त भएको स्थानीय निकायको निर्वाचन हुने संकेतसम्म छैन। स्थायी सदनको रुपमा रहेको राष्ट्रिय सभालाई क्रमश: अस्तित्वविहीन वन्ने दिशातर्फ उन्मुख बनाइएको छ। प्रतिगमनको परिणामस्वरुप मुलुकमा पारदर्शीता र जवाफदेहीताको प्रणाली समाप्त भएको छ। स्वतन्त्र र सक्षम न्याय प्रणाली माथि समेत गम्भीर प्रहार भएको छ। असवैधानिक, अप्रजातान्त्रिक र निरंकुश कदमको परिणामस्वरुप देशमा अहिले जनादेशविहीन सरकार क्रियाशील छ। मुलुक अहिले पनि नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२७ को असवैधानिक र औचित्यहीन प्रयोगण्डामार्फत् संचालित छ। यस्तो अवस्था मानवअधिकारका लागि नकारात्मक हुने प्रष्ट छ।

२. नकारात्मक कानुनको निर्माण

नेपाल अधिराज्यको संविधान, २०४७ निर्माण भई लागू भएदेखि नै मानव अधिकार अनुकूलका नयाँ कानूनहरूको निर्माण गर्न र प्रचलित कानूनहरूलाई संशोधन गर्न हामीले आवाज उठाएका हौं। मानवअधिकारकर्मी लगायत नागरिक समाजले पनि गम्भीररुपमा यस सम्बन्धमा प्रश्न उठाएका हुन्। तर कानून निर्माणको क्षेत्रमा रहेको यो अभाव तथा कमजोरीलाई अहिलेसम्म पनि सच्याउन सकिएको छैन। उदाहरणको रुपमा व्यापक दबावको वावजुद धर्म तथा भाषाको क्षेत्रमा रहेको भेदभाव यथावत कायम छन्। महिला विरुद्धका ऐन तथा नियममा रहेका असमानता कायम नै छन्। जनजाति तथा दलितहरूको हकमा कुनै विशेष व्यवस्था हुन सकेन। महिला, जनजाति र दलितको हकमा प्रतिबद्धताको बावजुद आरक्षणको व्यवस्था हुन सकेन। बालबालिका तथा बृद्ध बृद्धाको हकमा पनि केही हुन सकेन।

उल्लेख गरिएअनुसार मानवअधिकारको पक्षमा कानुन निर्माणको क्षेत्रमा कुनै सकारात्मक काम हुन सकेको छैन भने यस सम्वन्धमा विशेषत: निम्न दुईवटा गम्भीर प्रकृतीका नकारात्मक कार्यहरू भने भएका छन्।

क. आतङ्ककारी तथा विध्वंसात्मक कार्य सम्वन्धी तात्कालीन कानुनमा परिवर्तन गरी यस अवधिमा स्वेच्छाचारी नजरवन्दको व्यवस्थालाई एकदमै व्यापक बनाइएकोछ। तत्काल प्रचलित कानुन बमोजिम "नब्बे दिनसम्म" नजरबन्द राख्ने आदेश जारी गर्न सकिने व्यवस्था भएकोमा ०६१ असोज २७ गते जारी गरिएको "आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१" को दफा ९ ले सुरक्षा अधिकारीले "६ महिनासम्म" र गृह मन्त्रालयको स्वीकृति लिएर "थप ६ महिना सम्म" गरी १ वर्षसम्म नजरबन्द राख्नसक्ने व्यवस्था गरिदिएको देखिन्छ। स्वेच्छाचारी ढंगले लामो अवधिसम्म नजरवन्द राख्ने व्यवस्था गर्ने प्रस्तुत कानुनको निर्माणलाई यस अवधिमा भएको एउटा उल्लेखनीय नकारात्मक उदाहरण मान्न सकिन्छ।

ख. यस क्रममा "शाही नेपाली सैनिक कल्याणकारी कोष नियमावली २०६१" लाई पनि उल्लेख गर्न सकिन्छ। कोषको रकम प्रयोग गरी सवै प्रकारको उद्योग व्यवसाय संचालन गर्ने र सवै प्रकारका आयमूलक कार्य गर्न सकिने व्यवस्था नियमावलीले गरेको छ। यो समेतको अन्य व्यवस्थाले अन्तत: नागरिक प्रशासनलाई कमजोर बनाउने र परिणामत: नेपाली जनताको मानवअधिकार नकारात्मकरुपमा प्रभावित बन्ने प्रष्ट छ।

३. मानवअधिकार उल्लंघनकारी काम-कारवाहीहरू

विगतमा झैं यसपटक पनि संविधान, कानुन र स्थापित मान्यताहरू विपरीत व्यापक रुपमा मानवअधिकार उल्लघनका कामकारवाहीहरू भएका छन्। यसलाई निम्न उपशीर्षकहरू अन्तर्गत चर्चा गरिएको छ।

(क) राज्यका ज्यादतीहरू र

(ख) माओवादीका ज्यादतीहरू।

(क) राज्यका ज्यादतीहरू

१. नेकपा (एमाले) सिरहा जिल्ला कमिटीका सदस्य एवं निवर्तमान सांसद हेमनारायण यादवलाई ०६० माघ १९ गते अपहरण गरी कायरतापूर्वक हत्या गरियो। एमाले नेता एवम् निवर्तमान सांसद यादवको हत्यालाई लिएर राष्ट्रिय मानवअधिकार आयोग तथा जिम्मेवार मानव अधिकार संस्थाहरूले छानबिन गरी आफ्ना निष्कर्षहरू सार्वजनिक गरेका छन्। नेकपा (एमाले) ले वैकल्पिक स्थायी कमिटी सदस्य अशोक राईको संयोजकत्वमा छानबिन समिति गठन गरी आफ्नो ठोस निष्कर्षलाई सार्वजनिक गरिसकेको छ। ठोस तथ्यहरूले सुरक्षाकर्मीहरूतर्फ औंल्याएको छ। तर दण्डहीनताको स्थिति अहिलेसम्म कायम छ। मानव अधिकार उल्लंघनको क्षेत्रमा यस वर्षको गम्भीर घटनाको रुपमा यसलाई उल्लेख गर्न सकिन्छ।

२. सन् २००४ मा पनि नागरिक तथा राजनीतिक

अधिकारमाथि राज्यको तर्फबाट प्रहार गर्ने काम यथावत जारी रहेको देखिएको छ। यस क्रममा नेपाली जनताको सम्मानितरुपले बाँच्न पाउने अधिकारमाथि प्रहार गर्दै दोहोरो भिडन्तको नाममा सुरक्षाकर्मीहरूबाट ठूलो संख्यामा निर्दोष र निःशस्त्र व्यक्तिहरूको हत्या भएको छ। देशका विभिन्न स्थानमा विभिन्न समयमा भएका यस्ता घटनाहरूमध्ये कतिपय व्यक्तिहरूलाई गिरफ्तारीपश्चात् हत्या गरेको, कतिपयलाई सुतिरहेको अवस्थामा गोली प्रहार गरेको र कतिपयलाई राजमार्गमा शिवरात्री पर्व मनाउन गाडीका स्टाफहरूसँग पैसा माग्दाको अवस्थामा अन्धाधुन्ध गोली हिर्काएको देखिएको छ। इलामका टेकबहादुर राई, सोनम लावती, बाराका सुरेश पटेल, चितवनका विराज गुरुङ, सुनिल गुरुङ, तिर्की प्रजा, मकवानपुरका सुकमाया वन, राजकुमार धलान, ललितपुरकी शोभालक्ष्मी तामाङ, काभ्रेकी रिना रसाइली, सिन्धुलीका ज्ञानबहादुर रम्तेल, दलबहादुर रम्तेल र कास्कीका मुना अधिकारी, हर्कबहादुर पुनलगायत्का व्यक्तिहरूको हत्यालाई प्रस्तुत सन्दर्भमा उदाहरणको रुपमा उल्लेख गर्न सकिन्छ। यसरी नै इलाम जिल्लाको चुलाचुली गाविस नागरिक सुरक्षा समितका मणिकुमार राईको सुरक्षाफौजद्वारा गोली प्रहार गरी भएको हत्यालाई पनि यहाँ उल्लेख गर्न सकिन्छ।

३. राज्यको तर्फबाट हुने मानवअधिकार उल्लंघनका घटनाहरूमा नागरिक बेपत्ता पार्ने कार्यले बढी ठाउँ पाएको देखिएको छ। यसपटक पनि त्यसले निरन्तरता पाएको छ। गैरकानुनी ढङ्गले गिरफ्तार गर्ने, गैरकानुनी हिरासतमा राख्ने र अन्ततः बेपत्ता पार्ने कामकारवाहीहरू राज्यका तर्फबाट यो वर्ष पनि अत्यधिकरुपमा भएको देखिएको छ। उपत्यका बाहिर जिल्लाहरूमा गिरफ्तार गरिएकादेखि राजधानी काठमाडौंमा गिरफ्तार गरिएका व्यक्तिहरूसम्म बेपत्ता पारिएका छन्। उदाहरणको लागि गोरखाका सूर्यप्रसाद वस्ताकोटी तथा विनय पोखरेल, नुवाकोटका नारायणध्वज महत तथा रामचन्द्र भण्डारी, नवलपरासीका लोकप्रसाद भुर्तेल, काभ्रेका शिक्षक भीमसेनकुमार गौतम, झापाका ओमप्रकाश निमिल्सिना, तनहुँका कानुन व्यवसायी वासुदेव सिग्देल, पाँचथरका पदम राई, मकवानपुरका देव स्याङ्बो र धादिङका विनोद सिलवाललगायत्का व्यक्तिहरू सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता बनाइएका केही उदाहरणहरू हुन्। यस क्रममा सर्वोच्च अदालतलकै परिसरबाट गिरफ्तार गरी• बेपत्ता बनाइएका शेषकान्त शर्मा (चापागाई) को उदाहरण विशेष उल्लेखनीय छ।

४. राज्यको तर्फबाट कानुन विपरीत स्वेच्छाचारी ढङ्गले गिरफ्तारी गरिएका घटनाहरू व्यापक छन्। यस्ता घटनाहरू देशव्यापीरुपमा भएका छन्। आधार प्रमाण वेगर कानुनी प्रकृया पूरा नगरी व्यापक गिरफ्तारी गरिएका छन्। गिरफ्तारीपश्चात् कानुन व्यवसायी तथा आफन्तहरूलाई भेटन समेत दिइएको छैन। प्रस्तुत सन्दर्भमा सर्वोच्च अदालतले गैरकानुनी थुनाबाट मुक्त गर्ने आदेश दिएपश्चात् पुनः अदालत परिसरभित्रैबाट गिरफ्तार गरिएका भरतपुरका निलकण्ठ अधिकारी र नवलपरासीका शोभाकर अधिकारीसमेतका उदाहरणहरूले स्थितिको गम्भिरतालाई प्रष्ट पार्छ।

५. राज्यको तर्फबाट गिरफ्तार गरिएकाहरूलाई शारीरिक र मानसिक यातनासमेत दिइएको छ। कतिपय अवस्थामा पक्राउ गर्दा साथ कालो पट्टी लगाइदिने र हिरासतमा समेत लामो समय कालो पट्टी लगाएर राख्ने गरिएको देखिन्छ। हिरासतमा कतिपयलाई आफन्त तथा आफ्ना कानुन व्यवसायीहरूलाई भेटन दिइएको छैन। स्वास्थ्य जाँचको व्यवस्था गरिएको छैन। संक्षेपमा, राज्यको तर्फबाट व्यवस्थित ढंगले व्यापक रुपमा यातना दिइएको देखिन्छ।

६. राज्यको तर्फबाट यस वर्ष विनाहातहतियार शान्तिपूर्वक भेला हुने र विचार तथा अभिव्यक्ति दिने अधिकारमाथि समेत प्रहार भएको देखियो। यस क्रममा संविधानअन्तर्गत क्रियाशील राजनीतिक दलहरू र यिनीहरूसँग सम्बन्धित युवा-विद्यार्थीहरूको शान्तिपूर्ण जुलुश प्रदर्शन तथा सभाहरूमा समेत राज्यले क्रुरतापूर्वक हस्तक्षेप गरेको पाइन्छ। उदाहरणको लागि ०६० पुस २३ मा काठमाडौं रत्नपार्कमा आयोजना गरिएको शान्तिपूर्ण जुलश प्रदर्शनको क्रममा युवा-विद्यार्थीमाथि भएको प्रहरी लाठी प्रहार र ०६० माघ १४, ०६० माघ १८ तथा ०६० माघ १९ गते राजधानीका बागबजार, पुरानो बसपार्क र उपत्यकाका विभिन्न ठाउँमा शान्तिपूर्ण विरोध प्रदर्शनमाथि भएका बर्बर लाठी प्रहारका घटनाहरूलाई लिन सकिन्छ। यस अवधिमा देशव्यापीरुपमा राज्यको तर्फबाट शान्तिपूर्ण विरोध प्रदर्शनविरुद्ध निरंकुश दमनका कारवाहीहरू गरिएका थिए।

७. हिरासतमा रहेका व्यक्तिहरूको जिम्मेवारी राज्यको भएकोमा विवाद छैन। तर यसपटक राज्यको

हिरासतमा रहेका व्यक्तिहरूको शंकास्पद अवस्थामा भएको मृत्यु पनि उल्लेखनीय रहेको देखिएको छ। उदाहरणको लागि हिरासतमा रहेका ललितपुरका खड्गबहादुर घर्तिमगर र गोरखाका तोपबहादुर आलेमगरको मृत्यु बिरामीको कारण भनिए पनि निजहरूको मृत्युबारे गम्भीर प्रश्नहरू उठाएको पाइन्छ। यसरी नै धादिङका शिक्षक चक्रबहादुर श्रेष्ठ र गोरखा निवासी प्रशान्त भनिने साधुराम देवकोटाको सुरक्षा नियन्त्रणमा भएको भनिएको आत्महत्यालाई कसैले पनि स्वाभाविक मानेको पाइएन।

८. राज्यले महिला, जनजाति र दलितको विषयलाई गम्भीरतापूर्वक नलिएर औपचारिकता मात्र निर्वाह गरेको देखिन्छ। उदाहरणको रुपमा शिक्षामा महिला, जनजाति र दलितको हकमा सरकारले आरक्षणको व्यवस्था गरेको थियो। तर, कानुनको निर्माण नगरी आरक्षण गरेकोमा सर्वोच्च अदालतले यसलाई खारेज गरिदिएको छ। यसरी नै जनजाति प्रतिष्ठानलाई सुदृढ गर्ने प्रतिवद्धता सर्वदलीय सरकारको न्यूनतम साझा कार्यक्रममा उल्लेख भए पनि बजेट घोषणामा भने जनजाति प्रतिष्ठानलाई दिइ आएको बजेट घटाइनुलाई यस अवधिमा भएको एउटा गम्भीर नकारात्मक घटनाको रुपमा उल्लेख गर्न सकिन्छ।

(ख) माओवादीका ज्यादतीहरू

१. सन २००४ को वर्षमा पनि माओवादी पक्षले अन्य राजनीतिक दलका नेता एवम् कार्यकर्ता, निवर्तमान जनप्रतिनिधि र निर्दोष एवम् निःशस्त्र व्यक्तिहरूको क्रुरतापूर्वक हत्या गर्ने कार्यलाई निरन्तरता दिएको पाइन्छ। यसक्रममा माओवादी पक्षले कसैलाई अपहरण गरी क्रुरतापूर्वक कुटपिट गरी हत्या गरेका छन् भने कसैलाई गोली हानी हत्या गरेका छन्। वीरगञ्ज उपमहानगरपालिकाका मनोनित मेयर गोपाल गिरी, काठमाडौंका गणेश चिलुवाल, सिन्धुपाल्चोकका युक्तवहादुर अधिकारी, नुवाकोटका धनसिंह तामाङ (निवर्तमान गाविस अध्यक्ष-बुर्तोङ), नवलपरासीका खेमनारायण फौजदार (पूर्व सांसद), पर्वतका हरिदत्त तिवारी, दाङका पूर्णबहादुर वली तथा जुम्लाका मनप्रसाद उपाध्यायलगायत्का व्यक्तिहरूलाई माओवादी पक्षले फरक राजनीतिक आस्था राखेकै कारण हत्या गरेका छन् र यी उल्लेखित अवधिमा गरिएका हत्याका केही उदाहरणहरू मात्र हुन्। यस अवधिमा माओवादीले थापेको धरापमा परेर पनि केही निःशस्त्र सर्वसाधारण व्यक्तिहरूको मृत्यु भएको छ। उदाहरणको रुपमा काभ्रेका बाबु लामा समेत ७ जनाको मृत्यु र कञ्चनपुरका ११ जना आरक्ष कर्मचारी तथा सर्वसाधारणको मृत्युलाई लिन सकिन्छ।

२. माओवादी पक्षले देशव्यापीरुपमा अन्य राजनीतिक दलका नेता एवम् कार्यकर्ता र निर्दोष एवम् निशस्त्र व्यक्तिहरूलाई जबर्जस्ती लैजाने र बेपत्ता पार्ने काम यस अवधिमा गरेका छन्। उदाहरणको रुपमा सल्यानका नोखीराम वली, बर्दियाका वेदबहादुर ओली, डोल्पाका टंकप्रसाद उपाध्याय, मुगुका धनराज रोकाया र जुम्लाका प्रकाश उपाध्याय समेतका व्यक्तिहरूलाई लिन सकिन्छ। माओवादी पक्षले शिक्षक, विद्यार्थी तथा अन्य सर्वसाधारणलाई सयौंको संख्यामा अपहरण गरेर लैजाने गरेका छन्। यस्तो अपहरण देशव्यापीरुपमा गरिएको देखिन्छ।

३. माओवादी पक्षले गैरसैनिक क्षेत्रमा समेत बम विष्फोट गराएका छन्। उदाहरणको रुपमा भक्तपुरको वडा कार्यालयमा भएको बम विष्फोट र त्यसमा परी विनोद खड्का तथा पूर्णबहादुर लवजु घाइते भएकोलाई लिन सकिन्छ। यस्ता कार्यहरू देशव्यापी रुपमा भएका छन्।

४. माओवादी पक्षले अन्य राजनीतिक दलहरू र सर्वसाधारण जनता समेतलाई असर पार्ने गरी नाकाबन्दी लगायतका कार्यहरू गरेका छन्। यस क्रममा सामान्य जनतालाई समेत आवतजावतमा प्रतिबन्ध लगाएका छन्। कतिपयलाई बसोवासको क्षेत्रबाट जबर्जस्ती विस्थापित गरेका छन्।

५. माओवादी पक्षले आफ्नो क्षेत्रमा धार्मिक तथा साँस्कृतिक गतिविधीलाई जबर्जस्ती रोक लगाएका छन्। सर्वसाधारण जनतालाई आफ्नो परम्परागत रितिथिती चाडपर्व मनाउने कुरामा निषेध गरिएको छ।

६. माओवादी पक्षले आफ्नो क्षेत्रमा अन्य राजनीतिक दलका नेता एवम् कार्यकर्ताहरूको सबै प्रकारका राजनीतिक गतिविधिहरूलाई पूर्णतः निषेध गरेका छन्।

७. माओवादी र राज्य दुवै पक्षको कारण पीडित बन्न पुगेकाहरूको ठूलो संख्या आन्तरिक विस्थापनको पीडा भोग्न बाध्य देखिएका छन्।

८. सैनिक प्रयोजनको लागि माओवादी पक्षले बालबालिकालाई प्रयोग गरिरहेको देखिएको छ।

४. प्रभावकारी अनुगमनको अभाव

मुलुकमा मानवअधिकारको प्रत्याभूतिका लागि निरन्तर अनुगमनको प्रभावकारी व्यवस्था आवश्यक हुन्छ

भन्ने कुरामा विवाद छैन। प्रस्तुत सन्दर्भमा गैरसरकारी मानवअधिकारवादी संस्थाहरू र कानुनद्वारा स्थापित राष्ट्रिय मानवअधिकार आयोग दुवैलाई क्रियाशील र प्रभावकारी वनाइनु पर्छ भन्नेमा पनि विवाद छैन। तर सशस्त्र द्वन्द्वका दुवै पक्ष यस प्रति व्यवहारमा प्रतिवद्ध देखिएनन्। सिङ्गो देशले "मानवअधिकार आचारसंहिता" मा हस्ताक्षर गर्न आग्रह गर्दा पनि राज्य र माओवादी पक्ष यसवारे सकारात्मक देखिएका छैनन्। साथै दुवै पक्ष सवैले एक स्वरमा अगाडि सारेको "वालवालिका शान्त क्षेत्र हुन्" भन्ने प्रतिवद्धतामा हस्ताक्षर नगरी विद्यालय परिसरमा बङ्कर खन्न, बारुदी सुरुङ्ग विच्छ्याउन र सैनिक क्याम्प खडा गर्न लागि रहेका छन्। समग्रमा, दुवै पक्ष प्रभावकारी अनुगमनका उल्लेखित संयन्त्रहरूलाई सकारात्मक ढंगले सहयोग गर्न तयार देखिएका छैनन्। यो अवस्था मानवअधिकारको सन्दर्भमा निश्चय पनि सकारात्मक होइन।

निष्कर्ष

संक्षेपमा, उल्लेख गरिए अनुसार सन् २००४ को मानवअधिकारको स्थिति सकारात्मक छैन र यो थप जटिल वन्न पुगेको देखिन्छ।

काशीनाथ अधिकारी
कार्यालय सचिव

नेपाल मजदुर किसान पार्टी

समाजमा आर्थिक शोषण रहेसम्म व्यापक जनताले पूर्ण मानवअधिकारको उपभोग गर्न पाउने छैनन् किनभने मानवअधिकारको प्रश्न आर्थिक समानतासँग जोडिएको हुन्छ। पूँजीवादी व्यवस्थामा आर्थिक शोषण, राजनीतिक दमन र सामाजिक अत्याचार जस्ता सवै किसिमका अन्याय हुन्छन्। व्यक्तिलाई आर्थिक शोषण गर्ने छूट हुन्छ भने त्यसको संरक्षण गर्ने काम राज्यले गर्दछ। यस्तै प्रकारका स्वतन्त्रतालाई पूँजीपति वर्गले प्रजातन्त्र वा मानवअधिकार भनी परिभाषा गर्छ। यथार्थमा व्यापक दृष्टिले गरिव जनताले 'मानव अधिकार' पाएका हुँदैनन्। शासक वर्गले दिएको 'दया-माया' वा स्वेच्छाले दिएका अधिकारहरु मात्रै जनताले प्राप्त गर्छन्। त्यसैले पूँजीवादी व्यवस्थामा तुलनात्मकरुपले वहुमत कामदार जनता गरिव हुन्छन् भने सीमित मानिसहरु मात्रै धनी हुन्छन्। त्यस व्यवस्थामा हरेक कुरा आर्थिक लाभ वा नाफालाई मापदण्ड वनाइन्छ र सम्पत्तिकै आधारमा सवै किसिमका वर्गभेद हुन्छ। पूँजीवादीहरु वृद्ध भत्ता, वेरोजगार भत्ता, आरक्षणजस्ता कुरा गर्छन्। ती वन्दोवस्तले मौलिक परिवर्तन आउँदैन वरु, त्यो त प्यास लागेको मानिसलाई एक चम्चा पानी जस्तो मात्रै हो।

समाजवादी व्यवस्थामा मात्रै व्यापक जनताले साँचो स्वतन्त्रता र समानता प्राप्त गर्नेछन्। काम र मामको सुनिश्चितता, व्यक्तित्व विकासमा समान अवसर, महिला र पुरुषवीच समानता, अनिवार्य शिक्षा र निःशुल्क स्वास्थ्य उपचारको हक, उत्पादनका मुख्य-मुख्य साधनहरु राष्ट्रियकरण वा सामाजिकीकरण, शोषणविरुद्धको हक जस्ता महत्वपूर्ण विषयहरु समाजवादमा मात्र हुन्छ। सम्पूर्ण जनतालाई वाक र प्रकाशन स्वतन्त्रता प्राप्त हुने तथा कामदार वर्गका सम्पूर्ण जनतालाई दुःख र कष्टबाट मुक्ति दिने व्यवस्था नै समाजवादी व्यवस्था हो। वर्गीय शोषण, अन्याय र अत्याचार समाजवादी व्यवस्थाका शत्रु हुन्। त्यसैले व्यापक जनतालाई स्वतन्त्रता, समानता र मानवअधिकारको सुनिश्चितता प्राप्त हुने समाजवादी व्यवस्था कामदार वर्गको 'स्वर्ग' हो।

नेपालको वर्तमान व्यवस्था पूँजीवादी व्यवस्था हो र पूँजीपति वर्ग यो व्यवस्थालाई 'सर्वोत्कृष्ट' व्यवस्थाको रुपमा प्रचार गर्छ। व्यक्तिले आर्थिक शोषण गरेर वा सामाजिक र राजनीतिक थिचोमिचो गरेर जतिसुकै सम्पत्ति पनि थुपार्न पाउने यो व्यवस्था शोषक वर्गको लागि 'स्वर्ग' हो। तिनीहरु त्यसप्रकारको आफ्ना स्वतन्त्रतामा अलिकति पनि आघात पुगेको हेर्न चाहँदैनन्। नयाँ-नयाँ कानुनहरु बनाएर आफ्नो नाफा, सहुलियत र धनलाई सुरक्षित गर्छन्। तिनीहरु आफ्नो फाइदामा अलिकतिमात्रै नोक्सान हुने देखेमा निर्दयीतापूर्वक दमन गर्न, अत्याचार गर्न र हिंसा मच्चाउन पनि पछि पर्दैनन्। सन् २००४ मा नेपालको मानवअधिकारको स्थितिलाई यही रुपमा हेर्न सकिन्छ।

सन् २००४ को प्रारम्भमा प्रतिगमनको निरन्तरताका रुपमा आएको सूर्यवहादुर थापाको सरकार वहाल थियो। १८ असोज ०५९ को शाही कदमको विरुद्ध निरन्तर शान्तिपूर्ण संघर्षमा जुटेका नेमकिपा, नेकाँ, एमाले, जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) प्रजातन्त्र पुनःस्थापना नहुञ्जेल आन्दोलनमा थिए। आन्दोलनले उचाइ प्राप्त गर्दै थियो। शान्तिपूर्ण संयुक्त जनआन्दोलनप्रति जनताको विश्वास वढ्दै गयो। कानुन व्यवसायी, डाक्टर, नर्स, पत्रकार, प्राध्यापक, अपाङ्ग, महिला, युवा, विद्यार्थीलगायत् सवैजसो पेशागत संस्थाहरुले आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गरे।

शान्तिपूर्ण जनआन्दोलनप्रति व्यापक जनताको समर्थनले थापा सरकार डगमगायो। सरकारले आन्दोलनकारी नेता, कार्यकर्ता र सर्वसाधारण जनतालाई डर, धम्की र त्रास देखाउन थाल्यो। हाकाहाकी विक्री वितरण भइरहेका विश्व सर्वहारा वर्गका महान नेता कार्ल मार्क्स, एंगेल्स, लेनिन,

स्तालिन र माओत्सेतुङका तस्वीरहरु झिक्न र पुस्तक पसलहरुवाट पुस्तकहरु हटाउन लगाइयो। ०६० माघ २० गते भक्तपुर सिपाडोल गाविसमा सिपाहीहरुले खानतलासी गर्ने क्रममा जनतालाई आन्दोलनरत दलका शीर्षस्थ नेताहरुमध्ये एक नेपाल मजदुर किसान पार्टीका नेता नारायणमान विजुक्छेको तस्वीरहरु च्यात्न र जलाउन भने तथा 'क्रान्तिकारी' शब्द भएका प्रकाशनहरु नराख्न धम्की दिए। यस घटनाको पार्टीले तत्काल विरोध गरेपछि सेनाका सम्बन्धित अधिकारीले पार्टी कार्यालयमा फोन गरेर दुःख व्यक्त गरेका थिए।

थापा सरकारले शान्तिपूर्ण भेला हुन पाउने संविधान प्रदत्त अधिकारबाट समेत जनतालाई वञ्चित गऱ्यो। ०६० माघ १६ गते पाँच दलको आयोजनामा काठमाडौंमा भएको शहीदहरुप्रति श्रद्धाञ्जली सभामा प्रहरी हस्तक्षेप भयो। प्रहरी दमनमा परी नेमकिपाका केन्द्रीय सदस्यहरु का. बुद्धिकुमार गोसाइँ, प्रेम सुवाललगायत् पाँच दलका धेरै नेता र कार्यकर्ताहरु घाइते भए।

शान्ति सुव्यवस्था कायम गर्न थापा सरकार पूर्णतः असफल भयो। शान्तिपूर्ण जनआन्दोलनप्रति बढ्दो जनसमर्थन देखेर थापा सरकारले ०६० चैत १९ गतेदेखि काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रहरुमा दंगाग्रस्त क्षेत्र घोषणा गऱ्यो र भेला, जुलुस एवम् सभाहरु गर्न रोक लगायो। चैत २० गते पाँच दलका नेता तथा कार्यकर्ताहरुले सरकारद्वारा जारी निषेधाज्ञाको हाकाहाकी उल्लंघन गरे। काठमाडौंमा शान्तिपूर्ण भेला भएका नेता तथा कार्यकर्ताहरुमाथि प्रहरीले अश्रुग्याँस, लाठ्ठी, पानीको फोहरामात्रै प्रयोग गरेन, गोलीसमेत प्रहार गऱ्यो। निर्ममतापूर्वक गरिएको त्यस दमनमा परी आन्दोलनरत दलका नेता, कार्यकर्ताहरु र धेरै सर्वसाधारण जनता घाइते भए। तत्काल पाँच दलले चैत २१ गते उपत्यका वन्दको घोषणा गरे। त्यो पूर्णतः सफल भयो। चैत २२ गते काठमाडौंमा भेला भएका जनसमुदायमाथि पुनः प्रहरी हस्तक्षेप भयो र नेमकिपाका राजेन्द्र दुमरु, कलम शाहीलगायत् पाँच दलका धेरै नेता र कार्यकर्ताहरु घाइते भए। ०६० चैत २७ गते प्रतिगमनविरुद्ध शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सहभागी दलका शीर्षस्थ नेताहरुमाथि पनि प्रहरीले लाठ्ठी र अश्रुग्याँस प्रहार गरी धेरैलाई घाइते वनायो। नेमकिपाका अध्यक्ष का. नारायणमान विजुक्छेलाई प्रहरीले लछारपछार गऱ्यो भने नेकाँका सभापति गिरिजाप्रसाद कोइराला, जनमोर्चा नेपालका उपाध्यक्ष लीलामणि पोखरेल, एमालेका नेता वामदेव गौतमलाई टाउकोमा लठ्ठीले प्रहार गरी घाइते वनायो। प्रतिगमनविरुद्ध काठमाडौं केन्द्रित शान्तिपूर्ण संयुक्त जनआन्दोलनको क्रममा ०६० चैत १९ गतेदेखि ०६१ जेठ ४ गतेसम्म नेमकिपाका अध्यक्ष का. नारायणमान विजुक्छे (रोहित) लगायत् पार्टीका केन्द्रीय सदस्यहरु बुद्धिकुमार गोसाइँ, प्रेम सुवाल, चैत्यराज शाक्य, सुनिल प्रजापति, नवराज कोइराला, डिल्लीप्रसाद काफ्ले, गीता केसीसहित पार्टीका २ सय ४८ जना नेता, कार्यकर्ताहरु तथा पार्टीका जनवर्गीय संगठनहरुप्रति प्रतिबद्ध ३९ जना गरी कूल २ सय ८७ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। सो क्रममा प्रहरी दमनमा परी नेमकिपाका १३ जना नेता, कार्यकर्ताहरु घाइते भए भने पाँच दलका सयौं आन्दोलनकारीहरु घाइते भए। गिरफ्तारमा परेका कैयौं आन्दोलनकारीहरुलाई सरकारले खाना र पानीसम्म पनि नदिई अमानवीय व्यवहार गऱ्यो। यो क्रम ०६१ बैशाख २१ गते राति १२ वजे सरकारले दंगाग्रस्त क्षेत्र घोषणा फिर्ता नलिएसम्म जारी रह्यो।

दमनको भरमा कुनै पनि शासक लामो समयसम्म टिक्न सक्दैन। जनआन्दोलनसामू थापा सरकार टिक्न सकेन। ०६१ बैशाख २५ गते प्रधानमन्त्री पदवाट सूर्यवहादुर थापाले राजीनामा दिए। थापाको राजीनामापछि पनि आन्दोलन अगाडि बढ्यो। ०६१ बैशाख २९ र ३० गते दुई दिने आम हड्ताल व्यापक जनसमर्थनको कारण सफल भयो।

०६१ जेठ २७ गते राजदरवारवाट प्रधानमन्त्रीको लागि एउटा सूचना जारी गऱ्यो। आन्दोलनरत दलहरुमध्ये नेमकिपा, नेकाँ, जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टी दरबारको सूचनाले आन्दोलनरत पार्टीहरुलाई सम्बोधन नगरेको, पार्टी र नेताहरुको हुर्मत लुट्ने काम गरेको हुँदा सो सूचनाअनुसार प्रधानमन्त्रीको नाम सिफारिस गर्न नहुने पक्षमा उभिए भने एमालेले कुनै पनि हालतमा दलहरुले प्रधानमन्त्रीको लागि बिन्तीपत्र राख्नुपर्ने अडान लियो। अन्ततः एमाले अन्य चार दललाई सडकमै छोडेर 'प्रतिगमन आंशिक सच्चिएको' बताउँदै देउवाको नेतृत्वमा गठित प्रतिगामी सरकारमा सामेल भयो र आन्दोलनलाई विश्वासघात गरी दरवारसमक्ष आत्मसमर्पण गऱ्यो।

माओवादीसँगको सफल वार्ताविना देशमा शान्ति सम्भावना थिएन। देउवा-नेपालको संयुक्त सरकार गठनपश्चात् 'नोकरहरुसँग वार्ता नगर्ने' माओवादीको प्रतिक्रियाले वार्ताको सम्भावना क्षीण भयो। हत्या र हिंसाका घटनाहरु बढे। देउवा-माधव नेपाल सरकार गठनपछि सन् २००४ को अन्तसम्म सात महिनाको अवधिमा करिव १,६०० नागरिकको ज्यान गयो। देशको करोडौंको सम्पत्ति ध्वस्त भयो। नेपाली नागरिकहरुले शान्तिको अनुभव गर्न पाएनन्।

देउवा-माधव नेपाल सरकारका मन्त्रीहरु देशमा मानवअधिकारको संरक्षण र शान्ति बहालभन्दा पनि कमिसन खानेतर्फ केन्द्रित भए। सरकारले जनविरोधी र प्रतिगामीहरुलाई फाइदा पुग्ने काममात्र गऱ्यो। सडकमा

रहँदा पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा आन्दोलन गर्ने एमालेसहितको सरकारले ५ महिना (पुस १६ गतेसम्म) भित्र तीन-तीन पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गऱ्यो, भ्रष्टाचारी र कालावजारीयाहरुसँग मिलेर चिनीको कृत्रिम अभाव सृजना गऱ्यो, आतङ्कारी तथा विध्वंसात्मक कार्य (अपराध तथा सजाय) अध्यादेश संशोधनको नाममा कुनै पनि नेपाली नागरिकलाई अदालतमा पेश नगरी १ वर्षसम्म हिरासतमा राख्ने कानुन बनायो, म्यानपावर कम्पनी र साम्राज्यवादीहरुसँग मिली अवैध ढंगले नेपाली नागरिकहरुलाई इराकमा पठाई हत्या गराउने काम गऱ्यो र सेनालाई व्यापार गर्ने अधिकार दिएर रक्षा मामिलामा जटिलता थप्ने काम गऱ्यो। विकास निर्माणको खर्च कटौती गरी निःशुल्क स्वास्थ्य र अनिवार्य शिक्षामा लगाउने बजेट सेना र दरबारको खर्च वृद्धि गरी विरोधलाई उल्टाउने जस्ता शान्ति, प्रजातन्त्र र जनविरोधी कार्यहरु त्यस सरकारले गऱ्यो।

देउवा-नेपाल सरकारले संसद नभएको अवस्थामा छिमेकी देश भारतसँग सांस्कृतिक तथा खेलकुदसम्वन्धी सहयोग सम्झौता, पेट्रोलियमको पाइप लाइन विछ्याउनेसम्वन्धी सम्झौता, माओवादी गतिविधि नियन्त्रण गर्ने सम्झौता तथा सीमा क्षेत्रमा विशेष सुरक्षा सतर्कता अपनाउन सहमति गऱ्यो। जनसमर्थन नभएको र अप्रजातान्त्रिक सरकारसँग त्यस्ता सन्धिहरु गर्ने अधिकार हुँदैन। देउवा भारत भ्रमण (भदौ २३ गते) को क्रममा गरेका ती सन्धि-सम्झौताहरुले नेपालको सुरक्षा नीति र परराष्ट्र मामिला भाग्नको नियन्त्रणमा जाने खतरा बढ्यो। भारत सरकार एक-एक पाइला गर्दै नेपाललाई भुटान हुँदै सिक्किम बनाउन चाहन्छ। भारतको चाहनाअनुसारको काम देउवा-एमाले सरकारबाट भयो। यो राष्ट्र र नेपाली जनताको हितविपरीतको काम हो।

भदौ महिनामा नेपाल-भारत संयुक्त सुरक्षा फौजले सीमा क्षेत्रका जिल्लाहरु रुपन्देही, कपिलवस्तु र नवलपरासीमा माओवादी गतिविधि नियन्त्रण गर्ने नाउँमा संयुक्त सैन्य कारवाही गऱ्यो। नेपालको भूमिमाथि भारतीय सेना आउनाले हाम्रो आन्तरिक मामिलामाथि हस्तक्षेप हुँदा तत्कालै नेपाली जनताले त्यसको विरोध गरे। तर, सरकार त्यसबारे मौन बस्यो।

माओवादीहरुको तर्फबाट फरक विचार राख्ने नागरिकहरुलाई डर, धम्की र त्रास देखाई चन्दा असुल गर्ने, खाना खाने, जबरजस्ती आफ्नो कार्यक्रममा सहभागी गराउने, आफ्नो निर्देशन पालना नगर्नेहरुमाथि कुटपिट गर्ने, अपहरण गर्ने र हत्या गर्नेसम्मका कार्यहरु यस वर्ष पनि जारी रह्यो। नेमकिपा, दैलेख जिल्ला समितिका सदस्य वमबहादुर सिंह र नेमकिपा पादुका गाविसका ऐनबहादुर शाहीलाई क्रमशः ०६१ जेठ १ र ५ गते माओवादीहरुले आ-आफ्नै घरबाट अपहरण गरे भने सन् २००४ मा मात्रै नेमकिपाका साढे चार दर्जनभन्दा बढी कार्यकर्ताहरुलाई अपहरण गरे। कार्तिक २९ गते अपहरण भएका नेमकिपा दैलेख, गोगनपानी गाविसका अध्यक्ष कर्णबहादुर महतारा 'माओवादी' हरुबाट चार महिनापछि मात्र रिहा भए।

प्रतिगमन र मूल्यवृद्धिको विरोधमा गाउँ-गाउँमा अभियान सञ्चालन गर्ने क्रममा ०६१ भदौ २२ गते दैलेखको लकान्द्रा गाविसमा भएको कार्यक्रममा माओवादीहरुले हस्तक्षेप गरी नेमकिपाका केन्द्रीय सदस्य हर्कबहादुर शाही, दैलेख जिल्ला समितिका अध्यक्ष तर्कबहादुर वडुवाल, नेमकिपा कैलाली जिल्ला समितिका सदस्य ज्योति वडुवाल, अन्य कार्यकर्ताहरु बजीरसिंह विश्वकर्मा, बखतबहादुर थापा, प्रेमबहादुर थापालगायत्लाई अपहरण गरे। कार्यक्रम सञ्चालन गरिरहेकै बखत माओवादीहरुले ठाउँ-ठाउँमा बम विस्फोट गराउनुका साथै हवाई फायरसमेत गरी कार्यक्रममा सहभागी जनतालाई आतंकित पारी भाग-दौड मच्चाए। बमका छर्रा लागेर एकजना सहभागी घाइते भए भने माओवादीहरुले सौर्य कामीलाई कुटपिट गरी नराम्रोसित घाइते बनाए। प्रतिगमनविरोधी आन्दोलन गाउँ-गाउँमा पुऱ्याउने अभियानमा नेमकिपाका कार्यकर्ताहरुले माओवादीसँग कडा वैचारिक संघर्ष गरे। तिनीहरुको अगाडि झुकेनन्। यस क्रममा जुम्ला, दैलेख, कालिकोट र कैलाली लगायत्का जिल्लाहरुमा ४८ जना नेमकिपाका नेता र कार्यकर्ताहरु माओवादीको अपहरणमा परे तथा तिनीहरुको कुटपिटबाट घाइते भए।

नेपाल मजदुर किसान पार्टी माओवादी गतिविधिलाई अराजकतावादी गतिविधि मान्दछ। अराजकतावादी गतिविधिको विरोधमा नेमकिपाले शुरुदेखि नै वैचारिक संघर्ष गर्दै आएको छ।

राजनीतिक संकटको निकास ननिस्केसम्म मानवअधिकार उल्लंघनका यस्ता घटनाहरु बढ्ने क्रम जारी रहनेछ। नेमकिपा संकटको निकास प्रजातन्त्र पुनः स्थापनाबाट मात्रै हुनेमा विश्वास गर्छ। यसको लागि सर्वोच्च अदालतबाट प्रतिनिधिसभाको पुनः स्थापना, संसदबाट सर्वदलीय सरकारको गठन, त्यस सरकारले सर्वपक्षीय भेला बोलाई माओवादीसहितको अन्तरिम सरकारको गठन र त्यही सरकारले संविधान परिमार्जन वा संविधान सभाबारे जनमतसंग्रह गराउनु उपयुक्त विकल्प रहने नेमकिपाको दृष्टिकोण छ। हत्या र हिंसाबाट देशलाई मुक्ति दिने यो नै सबैभन्दा उचित र सहज विकल्प पनि हो। त्यसैको लागि नेपाल मजदुर किसान पार्टी शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय छ।

मानवअधिकार संरक्षणको हिसाबले सन् २००४

असफल वर्षकै रुपमा वित्यो। यो वर्ष अशान्ति, निराशा, अभाव, महंगी, हत्या, हिंसाको वर्ष तथा कालो वर्षको इतिहासका रुपमा रहिरहने छ।

सुनील प्रजापति
सचिव

राष्ट्रिय प्रजातन्त्र पार्टी

अवरुद्ध प्रजातान्त्रिक अभ्यासको पताका मुनी अस्मिना रञ्जितले ०६० मंसिर १३ गते बालमन्दिर नक्सालमा समकालिन नेपालको तस्वीर सटिक कलात्मक अभिव्यक्तिबाट प्रस्तुत गरेको र त्यसलाई मानवअधिकार वर्ष २००४ को आवरण बनाइएकोमा तपाईको राष्ट्रप्रतिको ममता उद्वेलित भएको मैले ठानेको छु। आज तपाईको मानवअधिकार वर्ष पुस्तक २००५ को निम्ति पार्टीको अभिलेख पठाउने तपाईको अनुनयले मेरो खाटा पर्छ कि भनेको घाउलाई पुन: कोट्याएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्रले हामीलाई पछ्याएको, हाम्रो सोचप्रति चासो देखाएको र मिलन विन्दुको खोजीमा पूर्ण सदाशयतातर्फ उत्सर्ग रहेको मेरो पूर्वानुमानलाई पुष्टि गरेको छ। महाभारतको युद्धमा जो मरे पनि कृष्ण भनिए झैं आज कंक्रिटको जङ्गल र सतिसालको जङ्गल दुवैको छातीमा नेपाली पुत्रका शव नै यत्रतत्र विखरिएको मौजुदा अवस्था छ।

सन् २००३ मा आतंककारीद्वारा १८ वर्षभन्दा मुनिका वालवालिकाको हत्या ५२ प्रतिशत र राज्यवाट ४८ प्रतिशतको स्वीकारोक्तिको मसीसितै आतंककारीवाट वेपत्ता पारिएकाहरुको संख्या ७७ प्रतिशत र राज्यबाट २३ प्रतिशत मात्र रहेको धरातलीय यथार्थमा राज्यले धेरै नै गम खाएको चित्र क्यानभासमा लतपतिएको छ। ०५९ असोज १८ गतेको शाही कदमले ०४६ सालको जनआन्दोलनवाट प्राप्त सीमित प्रजातान्त्रिक अधिकार पनि लुटिएको भन्ने कथित मेधावीहरुले प्रजातान्त्रिक आचरण, सिद्धान्तनिष्ठता र स्वच्छताको फाँटमा लेशमात्र पनि इमान्दारिता देखाउन नसकेको आज हाम्रो प्रजातन्त्र रुग्ण वन्दै मृत्यु शैय्यामा छटपटाउन पुगेको हो भन्ने हामीले सोचेका छौं। नेपालमा राज मुगल सम्राटझैं सयौं योञ्जनवाट दशौं हजार घोडा र हजारौं हात्तीमाथि सवार भएर आएका अलेक्जेण्डर वा मुगल सम्राट जस्तो नभई यसै देशका सच्चा राष्ट्रवादी र एकताका प्रतीक हुन भन्ने हाम्रो धारणा छ। विजेता नभएर एकाताका प्रतीक मात्र हुन् भन्ने हाम्रो अवधारणा छ। विभिन्न जात, धर्म र वर्णलाई एकीकरण गर्न सक्ने पुरुषार्थीको रगत राजाको धमनीभित्र हुनु पर्छ भन्ने हामीले ठानेका छौं। जनतावाट जनताद्वारा एक सुयोग्य सवल, सक्षम नेतृत्व जनतासामू स्पष्टरुपमा मुखरित हुनु पर्दछ। अवेगहरु त छाल सरह हुन्छन्। क्षण भंगुर हुन्छन्। एक दशक पनि नकाटी निस्तेज हुन्छन्।

यो एक वर्षभित्र बनेका सरकारहरुमा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरुको वाहुल्यता छायो होला। कोही फगत एक्लो भएको अत्तोमा कमजोर रहे त कोही सर्वाधिकार सम्पन्न भएर पनि वढी घमण्डका कारण आफ्नै पार्टीवाट धपाइए, पन्छाइए। वृहत् शब्दको शाब्दिक खोल ओडेर न्यानो खोज्नेहरु हुरी वतास छेक्न नसक्ने तममय पार्टी भित्र लम्पसारिन पुगे। आजको वर्तमानमा भ्रष्टाचारले सिङ्गै मुलुकलाई आक्रान्त पारेको कटु यथार्थता निर्विवाद छ।

आज नेपाली जनताहरु कङ्गोका जनताहरु भन्दा कम प्रताडित छैनन्। तर आफ्नै रगत पसिनाले ठड्याइएको प्रगतिका प्रतीकहरुलाई नामेट पार्ने कुकृत्य देखेर कङ्गो निवासी पनि छक्कै परेका होलान्। प्रेम र युद्धमा सवै कुरो जायज भन्न खोजिएला तर दोस्रो विश्वयुद्धमा रसियाले अख्तियार गरेको 'सेवोटेज' को नीति अनुरुप २१ औं शताब्दीमा आएर ५० सौं वर्ष लगाएर तयार गरिएका विकासका थुम्काहरुलाई भत्काउनुले आज विश्वसमक्ष सुरवीर कहलिएका नेपालीको मुहारमा कालिख पोतिएको छ।

विगत १५ वर्षमा १५ वटै सरकार वने पनि मानवअधिकारलाई क्षतविक्षत हुनबाट जोगाउन कसैले जमर्को गर्न सकेनन्। राष्ट्रिय प्रजातन्त्र पार्टीको गत वर्षको जीवन कालखण्डमा ११ वटा जिल्लामा मात्रै ४,८५,५४,६६७।- को धनमाल नष्ट र कैयौं घर ध्वस्त पारिनुकोसाथै २० वटा जिल्लामा २६,५८,८००।- रुपैयाँको लुट र राष्ट्रिय प्रजातन्त्र पार्टीका ४८ जना कार्यकर्ताहरुको आतककारीहरुद्वारा नृशंस तरिकाले पाशविक हत्या भएको छ। हातखुट्टा भाँचिने र विस्थापित हुनेको संख्या त अलग थलग छ। आज देश अनाथ, अपुता, विधुर, विधवा, टुहुरा र अपाङ्गहरुको साम्राज्य बनेको छ। वाल सेना भर्ती, वारुदे सुङ्गको प्रकोप र यौनजन्य हिंसाले मुलुक छियाछिया परेको छ।

एक भयानक र प्रलयकारी मिथक बनेको "युद्ध र प्रेममा सवै कुरा क्षम्य हुन्छ" भनी थोपरिएको मान्यताले गर्दा संयुक्त राष्ट्र संघले ६ ठूला महासन्धि र ती महासन्धिद्वारा प्रत्याभूत मानवअधिकार आज फगत लिपिवद्ध मौन भएर रहेको छ। अन्तिम पटक वि.सं. ०४८ वैशाख ३१ गते नेपालद्वारा अनुमोदित यातना तथा अन्य

क्रूर अपमानजनक व्यवहारविरुद्धको महासन्धि पनि आज नेपालमा विडम्वना मात्र सावित भएको छ। असफल राज्य वन्न आँटिसकेको, चुनाव र शान्तिको कामना दुरुह भएको अवस्थामा हठात् राजनीतिक परिवर्तन भएपछि संविधानले प्रत्याभूत गरेका मौलिक अधिकार र सम्पत्तिको अधिकार समेत खारेज भएको अवस्था दोहोऱ्याइ रहन परेन। वर्तमान द्वन्द्व, माओवादीसितको द्वन्द्व र पार्टीसितको द्वन्द्वलाई प्रज्ज्वलित गर्न खोज्ने जननेताहरु आज लज्जित भएका छन्।

अन्त्यमा, आज प्रतिसंहरण र वर्जित भएका मानवअधिकारहरुको फुकुवा भई हाल केही समययता देखिएको वैराग शान्ति सँधैको निमित्त सु:ख-शान्तिमा रुपान्तरित हुन सकोस्।

शिवहरि पौड्याल
कार्यालय, प्रमुख

नेकाँ (प्रजातान्त्रिक)

नेपालमा सन् २००३ को वर्षसरह नै सन् २००४ को वर्ष पनि मानवअधिकार संरक्षण र सम्बर्द्धनमा सन्तोषजनक वर्षका रुपमा रहेन। मानवअधिकारसम्बन्धी, विश्वव्यापी घोषणापत्रहरुको प्रावधानहरुको उल्लंघनका उल्लेख्य घटनाहरु मात्र यस वर्ष दोहोरिएनन्, झन् नयाँ-नयाँ प्रकृतिका थप घटनाहरु पनि बढ्न पुगे। दश वर्षदेखि देशमा प्रारम्भ भएको सशस्त्र विद्रोह र ०५९ असोज १८ गतेको प्रतिगमनकारी शाही घोषणाको सेरोफेरोमा नै नेपालको सन् २००४ को मानवअधिकारको समग्र पक्ष समेटिएको छ। यसर्थ, यिनै दुई जनविरोधी कार्यको सेरोफेरोले नै गत वर्षको मानवअधिकारको स्थिति निर्धारण गरेको छ।

सशस्त्र विद्रोही पक्षवाट यस वर्ष पनि मानवअधिकारका उल्लंघनका जघन्य घटनामा कुनै कमी भएन। पृथक राजनीतिक विचार राख्ने सयौं राजनीतिकर्मीदेखि लिएर सर्वसाधारण नागरिक, शिक्षक, पत्रकार, विद्यार्थीहरुसमेत सशस्त्र विद्रोहीहरुको निर्मम शिकार बन्न पुगे।

नेपाली काँग्रेस (प्रजातान्त्रिक) नवलपरासी जिल्ला सभापति एवम् राष्ट्रिय सभाका पूर्व सांसद खेमनारायण फौजदार, वाराका पार्टी जिल्ला कार्य समितिका सदस्य रामवावु शाह रौनियार, सुर्खेतका हरिदत्त तिवारी, धनुषाका दिपनारायण शाह र रामप्रसाद चौधरी, वाराका नगेन्द्रप्रसाद तेली, वाग्लुङका गोपालबहादुर गौतम र पृथ्वीवहादुर गौतम दुई दाजुभाई, वाराका सन्तुवहादुर लामा, सिन्धुली जिल्ला पार्टी उपसभापति नवराज भट्टराई, दैलेखका पार्टी जिल्ला सदस्य भद्रवहादुर शाही, मोरङ्गका फागुलाल यादवलगायत् नेपाली काँग्रेस (प्रजातान्त्रिक) का दर्जनौं निर्दोष राजनीतिकर्मीहरुको अत्यन्त वर्बर र पाशविक तरिकावाट हत्या गर्ने काम भयो। यसैगरी धनगढीका नगर प्रमुख धनवहादुर वम, कास्की नगर प्रमुख हर्कबहादुर गुरुङ्गको पनि निर्ममतापूर्वक हत्या गरियो। राजनीतिकर्मीका अलवा गोरखाका १९ वर्षीय चक्रवहादुर वराम र इश्वरलाल तामाङ, पूर्व शिक्षक पदम हमाल, भोजपुरका ८३ वर्षीय समाजसेवी दानवहादुर कार्की, दैलेखका रेडियो पत्रकार डेकेन्द्रराज थापासमेत कैयन् निर्दोषहरु पनि विद्रोहीको हत्याको निशाना वने। नेपाल माओवादी पीडित संघका अध्यक्ष गणेश चिलवालको आफ्नै कार्यकक्षमा निर्मम हत्या भयो। यसैगरी सशस्त्र विद्रोहीहरुवाट सर्वसाधारण नागरिकहरुको मानवअधिकारको सम्मानमा समेत ध्यान पुऱ्याउने कार्य भएन। जथाभावी विस्फोटन र सार्वजनिक सवारी साधनमा आक्रमण गरिँदा कैयन् निर्दोष वालवालिका, महिला र सर्वसाधारणको ज्यान जान पुग्यो। विद्रोहीवाट सडकमा रख ढालेर, वारुदी सुरुङ र विद्युतीय धराप थापेर सार्वजनिक यातायात निरन्तर अवरोध खडा गर्ने काम भयो। दाङको तुल्सीपुरवाट काठमाडौंतर्फ आइरहेको यात्रुवाहक वसमा विद्रोहीद्वारा अन्धाधुन्ध आक्रमण गरी २ वर्षीय अवोध वालकसहित ४ जना निर्दोष नागरिकको दु:खद हत्या गरिनु, नारायणगढको व्यस्त बजारमा बम विस्फोट गराई अवोध वालक इन्जन श्रेष्ठको निधन र उनका वावु सहित निर्दोष ६ जना नागरिक गम्भीर घाइते वनाउनु मानवअधिकारको उललंघनका गम्भीर घटना घट्यो। यसैगरी पार्टीका महोत्तरी जिल्लाका सक्रिय कार्यकर्ता नसुरुद्दिन शाहलाई आक्रमण गरी उहाँको हात र खुट्टा काटी अङ्गभङ्ग गरी मरणासन्न पारिनु, वाग्लुङमा महिलाहरुलाई काठ प्वाल पार्ने वर्माले विभिन्न अङ्गमा छेडेर यातना दिनु मध्ययुगीन पाशविक वर्बरताको नाङ्गो नमूना हो।

गत वर्ष विद्रोही पक्षवाट मानव हत्या र अङ्गभङ्गका अलावा अपहरण, कुटपिट, कथित सम्पत्ति कव्जा, म्यादी पूर्जी जारी गरिनुलगायत्का मानवअधिकार उल्लंघनका अनेक घटनाहरुको संख्यामा पनि अझ वढी तीव्रता आएको पाइयो। कैयन्लाई अपहरणपश्चात् वेपत्ता पारिएको थियो। पार्टी केन्द्रीय सदस्य एवम् पूर्व मन्त्री वलवहादुर केसीको सोलुखुम्वु सल्यान गाविसस्थित घर कव्जा गरी स्पष्टीकरणसहित पार्टी जिल्ला सभापति प्रभुनारायण वस्नेतसमेत कैयन् जनालाई हाजिर हुने, म्यादी पूर्जी कव्जा गरिनु जस्ता कैयन् घटना गत वर्ष पनि निरन्तर जारी रही रहे। कथित उपत्यका नाकावन्दीवाट उपत्यकावासी नागरिकहरुको दैनिक जीवनमा

संकट सृजना गरी सर्वसाधारण किसानहरुद्वारा उत्पादित कृषि तथा दुग्ध पदार्थहरु सडकमै फ्याक्नुपर्ने स्थितिको सृजना गरिनु, उद्योग कलकारखाना बन्द गर्न चेतावनी दिनुजस्ता मानवअधिकार उल्लंघनका जघन्य घटनाहरु भए। धादिङ्ग, बैतडी, कञ्चनपुर, डडेलधुरा, रौतहट, गोरखा, काभ्रे र झापालगायत्का जिल्लाहरुबाट राजनीतिक दलका कैयन् कार्यकर्ताहरुलगायत् सयौं शिक्षक र नाबालक विद्यार्थीहरुलाई समेत अपहरण गरी जबर्जस्ती सैन्य प्रशिक्षणमा सहभागी बनाउने तथा अन्य किसिमका आफ्नो कार्यक्रममा सहभागी बनाउने कार्य पनि उल्लेख्य रुपमा बढेको पाइयो। स्थानीय तहमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहलाई जबर्जस्ती राजीनामा दिन बाध्य पारियो। परिणामस्वरुप आफ्नो पुर्ख्यौली बासस्थान छाडेर गत वर्ष पनि हजारौं नेपाली सुरक्षित स्थानको खोजीमा विभिन्न शहर, सदरमुकाम र भारतमा पलायन हुन बाध्य भए। यसरी सन् २००४ को वर्षमा पनि विद्रोही पक्षबाट मानवअधिकारको सम्मानप्रति कुनै पनि चासो देखाइएको पाइएन।

वि. सं. ०५९ असोज १८ गतेको प्रतिगमनकारी शाही कदमको श्रृंखलाबद्ध कडीकै रुपमा जनताको समर्थन र प्रतिनिधित्व नै नरहेका व्यक्ति र दलहरुलाई चयन गरेर सरकारमा समेत गरी कठपुतली शासन संचालन गर्ने मनसायलाई परिपूर्ति गर्ने क्रम जारी नै रह्यो। फलस्वरुप जनताका नैसर्गिक मौलिक अधिकारउपर त्यस्तो सरकारको कुनै हेक्का नै रहेन उल्टै जनताको अधिकारको स्थापनाको लागि गरिएको शान्तिपूर्ण आन्दोलनका सहभागीहरुलाई प्रशासनद्वारा गोली हान्ने, अश्रुग्याँस, लाठी प्रयोग गरी घाइते बनाउने, प्रमुख राजनीतिक दलका नेता तथा कार्यकर्तालाई गिरफ्तार गरी उचित मानवीय व्यवहारसमेत नगरिनाले मानवअधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रमा जनाइएको अनुमोदनको ठाडो उल्लंघन गर्ने काम हुन पुग्यो। नेपाल अधिराज्यको संविधान २०४७ को आफ्नो अनुकूल व्याख्या गर्ने र उल्लंघन गर्ने कार्यले निरन्तरता पाउन थाल्यो।

मानवअधिकार तथा नेपाल अधिराज्यको संधिवान २०४७ द्वारा प्रत्याभूत मौलिक अधिकारको उल्लंघनको अर्को पक्षको रुपमा रहेको ०५९ असोज १८ गतेको प्रतिगमनकारी शाही कदम र त्यसपछिका सूचीबद्ध घटनाक्रमहरु हुन्। जननिर्वाचित सरकारलाई असंवैधानिक किसिमकाबाट सैनिक शक्तिको बलमा अपदस्थ गरेर नेपाली नागरिकद्वारा राज्यकोषमा संकलित राष्ट्रिय सम्पत्तिको प्रयोग गरी नेपाल नागरिकका संविधान प्रदत्त मौलिक हक तथा मानवअधिकारको ठाडो उल्लंघन गर्ने कार्य भयो। वर्तमान पिढीको जानकारीमा नै नरहेका इतिहासका अलोकप्रिय पात्रहरुलाई ब्यूँझाएर सरकार गठन गर्ने कार्य भयो। एकपछि अर्को गर्दै परीक्षण र विस्थापन गर्ने परिपाटीको सूत्रपात गरियो। देशका प्रमुख जनसमर्थन प्राप्त राजनीतिक दलबाट असोज १८ को शाही कदमका विरुद्धमा अधिराज्यव्यापीरुपमा निरन्तर प्रदर्शन र विरोध आन्दोलन जारी राखियो। यस क्रममा प्रमुख राजनीतिक दलका नेताहरुलाई पटक-पटक गिरफ्तार गर्ने काम भयो। शान्तिपूर्ण प्रदर्शनलाई बाधा पुऱ्याउने उद्देश्यले कथित निषेधाज्ञाको आदेश जारी गरी संविधान प्रद्धत मौलिक हकउपर ठाडो आक्रमण गरियो।

पत्रकारहरुलाई गिरफ्तार गरी राजनीतिक दलका नेताहरु भेट्न जाँदा भेट गर्नसमेत दिइएन। ०६० चैत १९ गते निकालिएको विरोध जुलुसमा गोली प्रहार तथा बर्बरतापूर्वक लाठी प्रहार गरी कैयन्लाई घाइते बनाइयो। प्रतिगमनको विरोध एवम् प्रमुख राजनीतिक दलहरुको आन्दोलनको समर्थनमा पेशागत संघसंगठनद्वारा गरिएको शान्तिपूर्ण प्रदर्शनमा आदरणीय गुरुजनहरुप्रति अमानवीय दमन र बल प्रयोग गरी ज्यादतीपूर्ण व्यवहार गरियो। शान्तिपूर्ण प्रदर्शनमा गिरफ्तार गरिएका पार्टीका नेता एवम् कार्यकर्ताहरुलाई उचित मानवीय व्यवहारसमेत गरिएन। भेडा-बाखा थुन्ने स्थानमा बयोवृद्ध नेताहरुलाई थुन्ने लज्जास्पद कार्य हुन गयो। अन्ततः प्रमुख राजनीतिक दल निरन्तरको दबावका कारण ०६१ जेठ २० गतेका दिन देशका प्रमुख चार राजनीतिक दलहरुको सहभागितामा संयुक्त सरकारको गठन भयो। यसपछिका दिनमा मानवअधिकारको संरक्षणमा सरकार थप चनाखो भए पनि यस दिशामा खासै उल्लेख्य सुधारको अनुभूति हुन सकेन। विद्रोही पक्षको हिंसात्मकलगायत्का गतिविधि कायमै रहे भने राज्यकातर्फबाट मानवअधिकारको उल्लंघनमा केही सुधार भने पक्कै भएको थियो। ईस्लामिक उग्रवादीद्वारा इराकमा १२ जना नेपालीहरुको निर्मम हत्यापश्चात् सृजित घटना क्रमबाट देशको सञ्चार, कुटनीति कार्यालय, धार्मिक केन्द्र, विदेशी रोजगार केन्द्रहरुमा गरिएको नियोजित आक्रमणबाट संयुक्त सरकारलाई असफल बनाई प्रतिगमनकारी कदमलाई नै सहयोग पुऱ्याउन खोजेको देखियो। सरकारको अधीनस्थ निकायहरु सरकारकै नियन्त्रण र निर्देशनको पालना नगरेको जस्ता घटनाक्रम पनि देखिए। सैनिक अधिकृतबाट आफ्ना सिपाहीलाई "गोली ठोक" भनी सिधै आदेश गरेका सजीव समाचार पनि प्रकाशित भए। यसरी सन् २००४ को वर्ष सन् २००४ को घटनामा आमनागरिकहरुका लागि अझ बढी संकटपूर्ण र असामान्य रह्यो।

नेपाल अधिराज्यको संविधान २०४७ का पक्षधर संसदवादी राजनीतिक दलहरु र यस संविधानको मनपरि व्याख्या गर्ने/गराउने र आफू शक्तिशाली शासक बन्न खोज्नेबीचको एकातर्फको लडाइँ र बन्दूक, बमको भरमा आतंक मच्चाउने विद्रोहीको अर्को मारमा नेपाली नागरिकले सन् २००४ को वर्ष अत्यन्त पीडा, कष्ट, तनाव र

अन्यौलतामा व्यतित गर्नु पर्‍यो।

अन्त्यमा, दुईथरी निरंकुशताको चक्रमा पिल्सिरहेका नेपाली नागरिकहरु सन् २००४ को अन्त्यमा आजका दिनसम्म आइपुग्दा थप संकट, अन्यौलता र मानवअधिकार उल्लंघनका जघन्य घटनाहरु बेहोर्न बाध्य भएका छन्। केही नाटकीय घटनाहरु घटाई नेपाली जनताहरुलाई कैयन् वर्ष पनि मानवअधिकारको संरक्षण र सम्मान भएको अनुभव गर्न सक्ने स्थिति आउन नदिने कोशिश भइरहेको देखिन्छ। जसका विरुद्ध सबै एकजुट हुनु आवश्यक छ र द्वन्द्वको शान्तिपूर्ण समाधानका उपायहरु यथाशीघ्र खोजिनु पर्दछ।

यसरी सन् २००४ मा माथि उल्लिखित केही घटनाक्रमहरुबाट देशको मानवअधिकार स्थितिको सूचकांक तयार पार्न र भविष्यको बारेमा अनुमान लगाउनसमेत सकिन्छ।

जीवनप्रेम श्रेष्ठ

मुख्य सचिव

जनमोर्चा नेपाल

नेपाली समाजमा मानवअधिकारको फराकिलो परिभाषा गर्न सकिन्न। त्यसो गर्दा सुकुम्बासी सर्वहारा, दलित, महिला, कतिपय अल्पसंख्यक जाति एवम् जनजाति, द्वन्द्व पीडितहरु स्कूल प्रवेश गर्ने अवसरबाट वञ्चित मुलुकभरका झण्डै एक तिहाई बालबालिका यी सबै आधारभूत मानवअधिकारबाट वञ्चित नै छन्। अर्थात् ती सबै नेपालीहरु विश्वस्तरमा परिभाषित मानवअधिकारको मापदण्डबाट बाहिरै छन्, जो देशको नीति निर्माण प्रक्रिया र स्रोत साधनको बाँडफाँडको अवसरबाट वञ्चित छन्।

इन्सेकको यो पत्र मेरो हातमा लेख दाखिला गरी सक्नुपर्ने म्याद फागुन १५ पनि गुज्रेको झण्डै एक महिनापछि (चैत १२ गते) मात्र हात पर्‍यो। त्यसो हुनुको कारण म स्वयम् राज्यद्वारा लखेटिनु वा आफ्नै घर डेराबाट निर्वासित भएर रहनु पर्नु हो। केवल जनताको मौलिक अधिकार एवम् आधारभूत अधिकारको बारेमा बोलेबापत् गिरफ्तार गरिनु, नजरबन्द गरिनु घर डेराबाट निर्वासित गरिनु, सञ्चार सम्पर्कबाट वञ्चित गरिनु परिवारलाई उत्पीडित र भयभित गरिनु आदि यति बेला हाम्रो देशको नियति बनेको छ। इन्सेकले आफ्नो वार्षिक प्रतिवेदन पुस्तिकालाई सन् २००४ को लागि सीमाबद्ध गरेको हुँदा मैले त्यही समयको सीमामा रहेर अनि खास-खास घटनालाई सन्दर्भ बनाएर लेख्नुपर्ने हो। तर म यति बेला सन्दर्भ सामग्रीको सुलभताभित्र छैन।

सन् २००४ लाई फर्केर हेर्दा यति बेला मेरो अगाडि धेरै सामग्री केही नभए पनि एउटै तथ्यांक पर्याप्त छ, त्यो हो नागरिक बेपत्ता पार्ने देशको सूचीमा नेपाल प्रथम स्थानमा रहनु। राज्य र विद्रोही पक्षबाट बेपत्ता गरिएका करिब १३ सय नागरिकको सूची नै एउटा सभ्य एवम् कानुनी राष्ट्रका लागि ठूलो चुनौती हो। तीमध्ये कतिले भयानक शारीरिक र मानसिक यातनापछि आत्मसमर्पण गरेर जीवनदान पाए होलान्, कति यातना खाँदै होलान्, कति घायल र अपाङ्ग अवस्थामा एकान्त वन्दीगृहमा होलान्, कति नक्कली मुठभेडमा मारिए होला र कति जीउँदै खाल्डोमा पुरिए होलान्। ती जो अपहरित भए र बेपत्ता पारिए, के नै भन्न सकिन्छ तिनको जीउने अधिकारबारे ? यसमा मुख्य दोषी राज्यपक्ष रहेको छ।

तर अर्को एउटा पक्ष भने अलि ओझेलमा परेझैं लागेको छ, त्यो हो द्वन्द्वरत पक्षद्वारा कब्जामा लिनु र हत्या गरिनु। नि:शस्त्र त के सशस्त्र प्रतिपक्षलाई समेत कब्जामा लिएपछि हत्या गरिनु युद्ध अपराधको कोटीमा पर्दछ। तर हाम्रो देशमा दोहोरो भिडन्तको नाममा प्रकाशमा आउने गरेका अधिकांश घटनाहरुमा प्रतिपक्षलाई कब्जामा लिइसकेपछि हत्या गरेको बुझिन्छ। मूलत: राज्यपक्षले आशंकित विद्रोहीमाथि यस्तो गर्दै आएको छ। आतंकवादी भएको आशंकामा मात्र घेरामा पारी कब्जामा लिइएकाहरुलाई यसरी मार्नु क्षम्य हुन सक्तैन। जहाँसम्म विद्रोही पक्षको कुरा, उसले पनि सुराकीको आशंकामा कब्जामा लिएर केही समय बन्द कोठामा बयान लिएकै आधारमा मृत्युदण्डको फैसला गर्ने र ज्यान लिनसमेत गर्ने गर्दछ। बाहिरबाट भएको कडा विरोधले पनि होला, गएको वर्ष विद्रोही पक्षले आफ्ना यस प्रकारका घटनामा केही कमी ल्याए पनि प्रक्रिया पूरै रोकिएको भने छैन। यो पनि चिन्ताकै विषय हो।

युद्ध प्रभावित क्षेत्रमा नागरिकहरुले वैचारिक स्वतन्त्रतासहित पनि द्वन्द्वमा प्रत्यक्ष संलग्नता नराखी तटस्थ बस्न पाउनु पर्दछ। तर हाम्रो देशको स्थिति यस्तो रहेन। विद्रोही पक्षले करबलले आफ्नो वैचारिक सांगठनिक पक्षमा लगाउन खोज्ने र राज्यले गोप्यरुपमा गाउँ सुरक्षा दलहरु खोल्न लगाउनु विद्रोही पक्षको दमनको निम्ति प्रयोग गर्न नागरिकहरुकै बीचमा विभाजन र भीडन्तको स्थिति तयार गर्नुले ग्रामीण जनजीवन बढी असुरक्षित एवम् कष्टकर बन्दै गएको छ। दैलेख, सर्लाही, नवलपरासी आदिका जनता-जनताबीचकै तनाव र भिडन्तका घटनाहरु यस्तै अवस्थाबाट सृजना भएका हुन्। यो प्रक्रिया बढ्दै गयो भने युद्ध राज्य र विद्रोही पक्षमा मात्र सीमित नरही सिङ्गै समाज अराजकता र रक्तपातपूर्ण द्वन्द्वको चपेटामा आउन सक्ने सम्भावना बढ्दै गएको छ।

द्वन्द्व प्रभावित एवम् विस्थापित बालक, वृद्ध, अपाङ्ग,

रोगी र अशक्तहरुको जीवन धरापमा परेको छ। राज्य पक्षले केही आत्मसमर्पण गरेकाहरुलाई पुन: स्थापना केन्द्रमा राखेको छ। तर ती पुन: स्थापना केन्द्र नभएर बन्दी गृह नै सावित भएका छन्। फलत: त्यहाँ शरण लिएकाहरुले त्यहींवाट मुक्त हुन बारम्बार अनसनसमते गर्ने गरेका छन्।

आज देशमा मानवअधिकार उल्लंघनको विरुद्ध आवाज उठाउने एवम् कानुन निर्माण गर्ने संसदलगायत् कुनै पनि जननिर्वाचित संस्थाहरु छैनन्। अदालत पूर्ण स्वतन्त्र र निष्पक्ष छ भन्ने कुरामा नागरिकहरु विश्वस्त देखिँदैनन्। मौलिक अधिकार र नागरिक स्वतन्त्रता कुण्ठित भएको र एकपछि अर्को अध्यादेशमार्फत् देशको शासन चलिरहेको सशस्त्र द्वन्द्वग्रस्त मुलुकमा कुनै एउटा कुरामा थोरबहुत तल-माथि गर्दैमा मानवअधिकारको स्थितिमा सुधार आउन सक्तैन। हाम्रो ध्यान बढी जसो सतहमा देखिने घटनाहरुमा केन्द्रित हुने गरेको पाइन्छ। यस वर्ष घटेका प्रत्यक्ष मानवअधिकार हननका घटनाहरुको मूल कारण पनि सशस्त्र द्वन्द्व हो भने सशस्त्र द्वन्द्वको जरो कारण चाहिँ समाजमा विद्यमान वर्गभेद, जातिभेद, लिङ्गभेद र क्षेत्रभेदजस्ता सामाजिक भेदभाव एवम् असमानता नै हो। मंसिर १९ गते चितवन भरतपुरस्थित बेङ्कटेश मन्दिर प्रवेश कार्यक्रममा प्रहरी प्रशासनकै संरक्षणमा रहेका कथित उपल्लो जातिका लठैतहरुले दर्जनौं दलितहरुलाई आक्रमण गरी मरणासन्न अवस्थामा पुऱ्याएको घटना यति बेला पनि झल्झली सम्झना भइरहेको छ। के हाम्रा प्रतिवेदनहरु मानवअधिकार हननका अध्ययनको निम्ति हामो सामाजिक अशान्तिको गहिराईसम्म पुग्न सहायक होलान् ?

घनश्याम शर्मा पौड्याल
सचिव

नेपाल सद्भावना पार्टी (आ.)

सन् १९४८ मा संयुक्त राष्ट्रसंघले जारी गरेको मानवअधिकारको विश्वव्यापी घोषणामा निहीत अवधारणाले मानवअधिकारलाई सवै प्रकारको सीमावाट मुक्त राखेको तथ्य सर्वविदितै छ। सो घोषणाले परिकल्पना गरेको मानवअधिकारको पालन, संरक्षण, प्रवर्द्धन, विकास र हनन्को विरोध गर्ने कार्यप्रति कतिपय सदस्य राष्ट्रहरुले तत्काल प्रभावदेखि सहमति व्यक्त गरे भने कतिले सोको पालनको कार्य केही समयभित्रै आरम्भ गर्ने बचनवद्धता व्यक्त गरेको तथ्य स्पष्ट छ। हाम्रो देश नेपालको सन्दर्भमा मानव अधिकारको विश्वव्यापी घोषणामा निहीत भावनाको पूर्णरुपले पालन गर्ने कार्यको आरम्भ सन् १९९० अर्थात् वि. सं. ०४६ को राष्ट्रिय जनआन्दोलनको परिणामस्वरुप पुनर्स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्था र त्यसपछि जारी भएको नेपाल अधिराज्यको संविधान ०४७ (सन् १९९०) ले संवैधानिक रुपले प्रदान गरेको मानव, नागरिक, प्रजातान्त्रिक र विविध प्रकारका अधिकारहरुको जनतावाट पूर्णत: उपभोग हुन थालेपछिका दिनहरुमा मात्रै भएको मानिन्छ।

नेपाल अधिराज्यको संविधान २०४७ (सन् १९९०) ले संवैधानिक रुपमा प्रत्याभूत गरेको मानवअधिकार, नागरिक अधिकार र वैयक्तिक स्वतन्त्रताका पक्षहरु अत्यन्त प्रजातान्त्रिक रहेको पाइन्छ। एउटा नेपालीको रुपमा २०४७ को संविधानले मौलिक, नागरिक, प्रजातान्त्रिक, वैयक्तिक र सार्वभौम अधिकार नेपाली जनतालाई प्रदान गरे तापनि देशको आधि जनसंख्या ओगटने मधेशी समुदायको लागि पञ्चायती कालो संविधानभन्दा खासै फरक-फरक भएको अनुभूति यसकारण पनि हुनसकेन।

०४६ सालको परिवर्तनपछि नागरिकता प्रमाण-पत्रवाट वञ्चित लाखौं मधेशी समुदायका नेपालीहरुले नयाँ संविधानमा उनीहरुलाई नागरिकता प्रमाण-पत्र दिइने खालका प्रावधानहरु समावेश गरिएला भन्ने अपेक्षाका गरिरहेका थिए। तर त्यस मामिलामा हाम्रा प्रजातन्त्रवादी नेताहरु पञ्चहरुको भन्दा फरक, प्रगतिशील वा उदार भएर प्रस्तुत हुन सकेनन्। ०४७ सालको संविधानले केही निकायहरु वाहेक राष्ट्रिय महत्वका र संवैधानिक निकायहरुका नामसमेत यथास्थितिमा राखिएन र सम्पूर्ण संरचना नै परिवर्तन गरियो तर प्राय: मधेशी समुदायका नेपालीहरुको पीडा झैं रहेका नागरिकता प्रमाण-पत्रको प्रावधानलाई पञ्चायती संविधान कै प्रावधानहरुको हवाला मात्र दिइएन, सार्ने काम मात्र गरिएन कि सो मृत संविधानका सोही मात्र धारालाई ईंगित नै गरियो अर्थात् यदि कसैले नागरिकता प्रमाण-पत्र प्राप्त गर्नुछ भने उसले मृत पञ्चायती संविधानका नागरिकतासम्वन्धी धारालाई हेर्नुपर्ने हुन्छ। नागरिकताविहीनता राष्ट्रविहीनता हो। कुनैपनि व्यक्तिलाई राष्ट्रविहीन बनाउनुपनि उसको व्यैक्तिक स्वतन्त्रताको हनन हो।

मानवअधिकारवादी संगठनहरुसमेतले लाखौं मधेशी समुदायका नेपालीहरुले भोगिरहेका राष्ट्रविहीनताको पीडालाई हालसम्म छुनमात्र पनि चाहेको छैन। मधेशमा बोक्सीदेखि छुवाछूतसम्म सहजै देख्नसक्ने स्वदेशी तथा विदेशी स्वयंसेवी सामाजिक संघसंस्थादेखि विविध प्रकारका प्रगतिशील संगठनहरुले समेत त्यस समस्यालाई हार्दिकता र संवेदनशीलतापूर्वक उठाउनसम्म सकेनन्। त्यो काम अब गरिनु पर्दछ र यस समस्यालाई राष्ट्रिय एजेन्डा बनाइनु पर्दछ। यसरी पीडितवर्गको समस्याको अपहेलना गरिनु उसको

नागरिक हकको हनन हो जुन मानवअधिकारको हननको दायराभित्र पर्नु पर्दछ।

०४८ सालको प्रथम संसदीय निर्वाचनपछि देशमा सत्तापक्ष र प्रतिपक्षबीच असंसदीय र असहिष्णु वातावरण र गतिविधिहरु हुने गरेको परिप्रेक्ष्यमा नेपाल सदभावना पार्टीले जनताका जिविकासँग प्रत्यक्ष सरोकार रहने र देशमा वर्तमानमा उठिरहेका जल्दावल्दा समस्याहरुलाई आफ्नो कर्तव्य ठानी सत्याग्रहको प्रकृति र शान्तिपूर्ण आन्दोलनको माध्यमबाट अघिसार्ने कामहरु गरेको कुरा कुनै पनि सजग र राजनीतिप्रति चासो राख्ने नेपाली नागरिकबाट छिपेको छैन। ती जनसरोकारका शान्तिपूर्ण आग्रहहरुको बेवास्तामात्र गरिएन कि शान्तिपूर्ण आन्दोलनको उत्कर्ष मानिने आमरण अनसन समेतलाई राज्यले कुनै महत्व दिएको पाइएन्। शान्तिपूर्ण आन्दोलनका मागहरुलाई सम्बोधन गर्नुको सट्टा बेवास्ता गर्ने कामहरु भए।

३० वर्षे पञ्चायतकाल र सोभन्दा पहिलेदेखिका सामाजिक विकृति र विसंगतिहरुलाई बोकेर हठात् अगाडि बढ्न खोजियो। तर सो अवधिमा सामाजिक, आर्थिक लगायत्का अन्य समस्याहरु र कुसंस्कारहरुलाई समाप्त पार्ने र समाजभित्र रहेका समस्याहरुलाई राज्यले सम्बोधन गर्न नसक्दा र शान्तिपूर्ण आन्दोलनको उत्कर्षसमेतलाई सम्बोधन गर्न नसक्दाको परिणामस्वरुप ०५२ सालको फागुन १ गतेबाट एउटा रक्तपातपूर्ण जनयुद्धरुपी नयाँ अध्यायमा देशलाई धकेलियो। नेकपा (माओवादी) को नामले शुरु भएको विद्रोहको बहानामा देशमा आफ्नै इच्छानुसारका शासनतन्त्र लाद्ने काम समेत हुँदै गयो तर विद्रोहलाई कसरी साम्य पार्ने भन्ने कुरामा राज्यले सम्वेदनशील भएर लागेको अनुभूतिसम्म होला जस्तो लाग्दैन। यसप्रकार समस्याहरुलाई नै राज्य संयन्त्र कब्जा गर्ने मानसिकताको अन्त्य किन हुन सकिरहेको छैन ? यो व्यक्तिको मौलिक हकको हनन् हो, जसलाई मानव अधिकारको हनन् भएको मानिनु पर्दछ।

हतियारबन्द द्वन्द्वको बीच विकसित नयाँ राजनीतिक परिस्थिति र सम्वैधानिक शक्तिहरुहरुबीच बढ्दो असमझदारीले देशको राजनीति एउटा गन्तव्यहिन यात्राको रुप लिइरहेको परिप्रेक्ष्यमा सन् २००४ मा मानव अधिकारको स्थितिलाई हेर्ने नेसपा (आनन्दीदेवी) को दृष्टिकोण पहिलेदेखि पार्टीले बनाएको यसप्रतिको दृष्टिकोणभन्दा अन्यथा नभएको तथ्य यहाँ स्पष्ट गर्नु आवश्यक छ।

सन् २००४ को अन्तसम्ममा वि.सं. ०४६ सालको जनआन्दोलनको उपलब्धी तथा ०४७ सालको संविधान, बहुदलीय संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र जनताको अकुण्ठित मौलिक हक जस्ता संविधानका निर्देशक सिद्धान्तहरुलाई लत्याइँदै संविधानभित्र रहेका एउटा सर्वथा आपतकालीन, आकस्मिक र क्षणिक प्रकृतिको संविधानको धारा १२७ को निरन्तरको प्रयोग जारी नै रह्यो। यसर्थ धारा १२७ आफैले लज्जित र बलात्कृत हुने बेला मात्र होइन, देशको सम्पूर्ण संरचना र कानुनी राज्यको अवधारणा पनि छताछुल्ल पारिएको छ। यसरी संविधानका निर्देशक सिद्धान्तहरुलाई लत्याइनु व्यक्तिको संवैधानिक हक र अधिकारको हनन् भयो जुन एक प्रकारले मानव अधिकारको हनन् हो।

सन् २००४ मा असंख्य नेपालीहरु घरवारविहीन हुन पुगे भने हजारौंको संख्यामा मारिए। कोही माओवादीको नाममा त कोही सुरक्षाकर्मीको नाममा, कोही सुराकीको आरोपमा त कोही सेल्टर दिएको आरोपमा यस्तै कोही विद्रोहीलाइ भात ख्वाएका कारण सुरक्षाकर्मीद्वारा मारिए त कोही भात नख्वाएका कारण विद्रोहीबाट। यसरी व्यक्तिको बाँच्न पाउने अधिकार हनन् हुनु मानवअधिकार कै हनन् हो।

यसरी सन् २००४ को अन्तसम्ममा एकातर्फ राज्य र नेकपा (माओवादी) बीचको सशस्त्र द्वन्द्वबाट मानवअधिकार हननको दृष्टिले नेपाल विश्वमै निकृष्ट स्थान ओगटिनै रहने स्थिति रहन पुग्यो भने अर्कोतर्फ देशका जिम्मेवार र जनउत्तरदायी राजनीतिक दल र नेताहरुबीच फूट र वैमनस्यता श्रृजना गर्ने, दलीय व्यवस्था, जनताको मतदान गर्नपाउने प्रजातान्त्रिक अधिकार, जनप्रतिनिधिको निर्वाचित हुने र शासन गर्न पाउने अधिकार, आफ्नो माग र आग्रहलाई शान्तिपूर्ण आन्दोलनको माध्यमबाट राख्न पाउने अधिकारहरु माथी नाङ्गो प्रहार गरियो। पार्टी र नेताहरुलाई बदनाम गर्ने, प्रेस स्वतन्त्रता हरण गर्ने, एक-अर्को धर्म, संस्कृति र समुदायसँग असामाजिक, अमानवीय र अनैतिक व्यवहार गर्ने र गर्न लगाउने, अल्पसंख्यकको धार्मिक आस्थाको केन्द्रमाथि आक्रमण गर्ने र गराउने, लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको पक्षमा स्पष्टसँग उभिने प्रेस र सञ्चार जगत समेतलाई आतंकित पार्ने जस्ता काम वास्तवमा शान्तिपूर्ण आग्रहहरु माथिकै आक्रमण थियो र त्यो वास्तवमा सम्बन्धित पक्षको मानवअधिकार कै हनन हो।

जाति, धर्म, संस्कृति, भाषा र राजनीतिक आस्थाका आधारमा मात्र होइन समाजका विविध तह, पेशा र सेवाका व्यक्ति, संघसंस्था र संगठनहरु समेतलाई राज्य र विद्रोही दुवैले मानव अधिकारको निर्वाध उपभोगमा बाधा र अवरोध गरे। विभिन्न समयमा पत्रकार, मानवअधिकारकर्मी, युवा, विद्यार्थी, महिला तथा विभिन्न पेशाकर्मीहरुको शान्तिपूर्ण विरोध प्रदर्शन गर्नेमाथि आक्रमण गर्ने, थुन्ने, यातना दिने र अभिव्यक्ति माथि रोक लगाउने काम उल्लेख्य रुपमा भयो।

आस्था, आग्रह, सेवा तथा पेशाको आधारमा भइरहने र भइरहेको द्वन्द्व, जुलुस प्रदर्शन, विरोध कार्यक्रम वा एकतर्फी आक्रमणको त कुरै नगरौं, घर-घरबाट निर्दोष साधारण जनता समेतलाई बलपूर्वक उठाएर लग्ने, बेपत्ता पार्ने,

सांघातिक आक्रमण गर्ने, धम्की दिने, अल्टिमेटम दिएर मार्ने जस्ता काम कारवाहीहरु जनतालाई अधिकार सम्पन्न तुल्याउने आफ्नो आदर्श भएको वताउने हतियारसँग खेल्न नामुद विद्रोही पक्ष र जनता कै मिहिनेतको कमाईवाट आर्जन हुने करको रकमवाट पोपित र जनताकै सुरक्षाको जिम्मा लिएर बसेका राज्यपक्ष दुवैबाट भए।

यस प्रकारका घटनाहरु मधेशमा अति नै क्रूर र पासविक ढंगबाट मञ्चित गरिएका तथ्यहरु समेत सार्वजनिक भएको पाइयो। सुरक्षामा खटिएर मधेश जानेहरु त्यहाँका अशिक्षित, गरिब र निमुखा जनताको मातृभाषा नवुझ्ने र ती सर्वसाधारणहरु आफ्ना अधिकार र दायित्व नयाँ नौलो आकार प्रकारका व्यक्तिहरुको अगाडि उनीहरुले बुझ्न सक्ने भापामा तीनका वास्तविकता र सत्यतथ्यहरु अभिव्यक्तसम्म गर्न नसक्नुको कारण, मधेशका सामाजिक, संस्कृतिक, रितिस्थिति, चाडपर्व, बिहावारी, धर्मोत्सव, झुला-भिझिया, किर्तन-भजन, आराधना-प्रार्थना जस्ता चाडपर्व र महिलाहरु घरकम्पाउन्ड बाहिर शौचादीको प्रयोजनको निमित्त घर वाहिरका खेतबारीमा राती मात्र जानसक्ने स्थानीय अतिनै निकृष्ट र अव्यक्त सुक्ष्म समस्या विद्धमान रहेको अवस्था, राज्यको सुरक्षा संयन्त्रमा एक वर्ग विशेषको मात्र पहुँच भएकोले त्यस्ता स्थिति र समस्यासँग परिचितसम्म नहुने अवस्थाका कारण, आफ्नो संस्कृति र समुदायबाहिरको स्थानीय व्यक्ति हुँदा स्वाभाविक आत्मियता, स्नेह र सहिष्णुताको अभावका कारण कतिपय घटनाहरु घटेको हुनसक्छ। एउटा समुदायलाई राज्यको खासखास प्रशासनिक र सुरक्षासंयन्त्रको विविध अंगमा प्रवेश नदिनु उसको नागरिक हकमाथि आघात हो र यस्तो कार्यलाई सो नागरिकको मानवअधिकारको हनन मानिनु पर्दछ। राज्यसँग मात्र होइन यस्ता घटना, समस्या र द्वन्द्व विद्रोहीहरुमाफ र उनीहरुबाट पनि हुने र भए गरेको पाइन्छ।

यसप्रकार सन् २००४ लाई समग्रमा भन्नुपर्दा विविध कारणले विगतदेखि मानवअधिकार हननको आकाशिंदो सूचक र स्थिति झन्-झन् विकराल र भयावह रुपमा बढेको तथ्य स्पष्ट र सवैसामू छर्लङ्ग हुन्छ।

अन्त्यमा राज्यका सम्वन्धित र जिम्मेवार निकाय, अधिकारी र कर्मीहरुबीच समन्वय, समझदारी, धैर्य, न्यूनतम नैतिक मूल्य र मान्यता, मानवअधिकार लगायत्का राज्यले राष्ट्रिय-अन्तर्राष्ट्रिय रुपले व्यक्त गरेका प्रतिवद्धता, मान्यता तथा घोषणाहरु, अत्यन्त निकृष्ट प्रकारका द्वन्द्वको स्थितिमा समेत पालन गर्नुपर्ने न्यूनतम आचारसंहिता, जाति, धर्म, संस्कृति, क्षेत्र र सामुदायिक विविधताको सम्मान गर्दै संविधान, कानुन र नियमको यथार्थ व्याख्या र द्वन्द्व समाधानका निम्ति इमान्दार प्रयासको खाँचो छ।

विश्वकै सबैभन्दा बढी मानवअधिकारको हनन् र मानवअधिकारको नाजुक अवस्था भएको देशको रुपमा नेपाललाई सधैंभरि राख्न नचाहने राष्ट्रभक्त र राष्ट्रवादीहरुले गम्भीर भएर सोच्ने समय आएको छ।

देशमा चाहे जुन कारण र माध्यमवाट वर्तमानको परिस्थिति आएको हो यसलाई एउटा आमालाई हुने प्रसव पिडाको वेदना सरह मानेर मातृत्वपूर्ण कष्टको रुपमा लिएर देशको समग्र सामाजिक, आर्थिक, भाषिक, सांस्कृतिक, क्षेत्रीय, सामुदायिक र राजनीतिक स्वायतता र पूर्ण प्रजातन्त्रको युगान्तकारी लक्ष्य प्राप्तिको दिशातर्फ अग्रसरहुने विश्वासको वातावरणलाई सवै क्षेत्र, समुदाय र आम नागरिकसम्म पुऱ्याउने प्रतिबद्धताका साथ मानवअधिकारको हनन्को मामिलामा आगामी दिनहरुले न्यूनता ल्याउने विश्वास गरौं।

अनिलकुमार झा
सह-महासचिव

अनुसूची ४

सन् २००४ को मानवअधिकार स्थितिबारे विभिन्न निकायहरूको धारणा

परराष्ट्र मन्त्रालय

गृह मन्त्रालय

राष्ट्रिय मानव अधिकार आयोग

नेपाल बार एशोसिएसन

मानवअधिकार प्रबर्द्धन केन्द्र

शाही नेपाली सेना

सशस्त्र प्रहरी बल

नेपाल प्रहरी

राष्ट्रिय दलित आयोग

परराष्ट्र मन्त्रालय

संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेखित मानवअधिकारको आधारभूत सिद्धान्त र मान्यतालाई स्वीकार गर्न र नेपाल अधिराज्यको संविधान २०४७ मा अंगिकार गरिएको मानवअधिकार तथा नागरिक स्वतन्त्रतालाई आत्मसात गर्न नेपालले प्रतिवद्धता जनाएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा आधारित रहि अन्तर्राष्ट्रिय सन्धि अभिसन्धि मा व्यक्त प्रतिवद्धता अनुरुप नेपाली नागरिकहरुलाई संविधानले नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गरेको छ। राज्यको निर्देशक सिद्धान्तले यी अधिकारको प्राप्ति राज्यको श्रोत साधनको परीधिभित्र रहेर क्रमिकरुपमा कानूनी ढंगले प्राप्त गर्न सक्ने व्याख्या गरेको छ।

मानवअधिकारको सम्मान र नागरिकको आधारभूत अधिकारको व्यवस्थाले राज्यको वैदेशिक नीतिका साथसाथै आर्थिक तथा सामाजिक विकासको नीतिमा प्रमुख भूमिका खेल्दछ। यसै भावना अनुरुप नेपाल १६ वटा अन्तर्राष्ट्रिय अभिसन्धिको पक्ष राष्ट्र भएको छ। यसमा ६ वटा प्रमुख अन्तर्राष्ट्रिय सन्धिहरु समेत रहेका छन। यसवाहेक नेपालले हस्ताक्षर गरेका ऐच्छिक अभिसन्धिहरुमा सशस्त्र द्वन्द्वमा वालवालिकाको प्रयोग सम्वन्धी वालअधिकार अभिसन्धि, वालवालिका वेचविखन तथा वालवेश्यावृति विरुद्धको अभिसन्धि तथा महिला विरुद्ध हुने हिंसाको ऐच्छिक अभिसन्धिहरु रहेका छन्।

श्री ५ को सरकारले अन्तर्राष्ट्रिय अभिसन्धिमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई प्रचलित कानुनमा समावेश गर्न र पूर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन तथा कानुनको संशोधन, र नयाँ कानुनको तर्जुमा गर्न तदारुकता साथ लागि रहेको छ। यसै अनुरुप वालवालिका ऐन र यसको कार्यान्वयन, वालमजदुर उन्मूलन र नियन्त्रण ऐन, महिलाहरुको अधिकार सुरक्षित गर्ने ऐन मुलुकी ऐन ११ औ संशोधन, कानुनी सहायता ऐन, यातनासम्बन्धी क्षतिपूर्ति ऐन तथा अन्य यस्तै खाले ऐनको कार्यान्वयन विनेका वर्षहरुमा गरिएको छ।

श्री ५ को सरकारले विभिन्न श्रम सम्वन्धी अभिसन्धिहरुमा समेत प्रतिवद्धता व्यक्त गरेको छ। निश्चित रुपमा यी प्रयासहरुवाट नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुगेको छ। श्री ५ को सरकारले मानवअधिकारको सवाललाई आफ्ना योजनाहरु तथा कार्यक्रमहरुमा प्रमुख महत्वका साथ समावेश गरेको छ। यसका साथै नेपालको मानवअधिकार प्रतिको प्रतिवद्धतालाई कार्यान्वयन गर्न र जनताको मानवअधिकार संस्कृतिको सम्मान गर्ने प्रमुख उद्देश्यका साथ नेपालले राष्ट्रिय मानव अधिकार कार्ययोजनाको Draft Action Plan लाई अन्तिम रुप दिएको छ। कार्ययोजनाले नागरिक तथा राजनीनिक अधिकारको साथसाथै आर्थिक सामाजिक र साँस्कृतिक अधिकार सुदृढीकरणको लागि अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिमा व्याख्या गरिएका र संविधानले व्यवस्था गरेका प्रतिवद्धताहरुमा रहँदै मानव अधिकारका विभिन्न क्षेत्रमा ठोस सुधार गर्न गम्भिर रहेको छ। यसका साथसाथै पिछडिएका, जनजाति तथा दलित, वृद्ध नागरिक महिला तथा वालवालिकाहरु तथा विशेष क्षमता भएका व्यक्तिहरुका अधिकारहरु लागि सकारात्मक कदम चालिएको छन्।

श्री ५ को सरकारले राष्ट्रिय मानव अधिकार आयोग को क्षमता अभिवृद्धिको लागि ठोस कदम चालेको छ। सन् २००० मा एक स्वायत्त संस्थाको रुपमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले मानवअधिकार उल्लंघनका घटनाहरुमा सचेतना अभिवृद्धि गर्ने काममा महत्वपूर्ण योगदान पुऱ्याएको छ साथै सम्वन्धित अधिकारीहरुलाई यस्ता खाले मानवअधिकार हननको क्षेत्रमा घचघच्याउने काम गरेको छ।

श्री ५ को सरकारले प्रधानमन्त्रीको कार्यालयमा मानवअधिकार प्रवर्धन केन्द्रको स्थापना गरेको छ। जसको प्रमुख उद्देश्य नेपालले अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता जाहेर गरेका विभिन्न मानवअधिकारको सन्धि अभिसन्धिको पूर्णरुपमा पालनको लागि तथा मानवअधिकारको संरक्षण तथा प्रर्वद्धनको लागि विभिन्न सरकारी निकायहरुसँग आपसी सहयोग र सहकार्य गर्न रहेको छ। मानवअधिकारको संचेतना तथा वकालत गर्न तथा नागरिकको मानवअधिकारको रक्षार्थ आवश्यक कदम चाल्न विभिन्न सुरक्षा निकायहरुमा मानवअधिकार सेलको गठन गरिएको छ।

महिला तथा दलितको कार्य गर्न गठित छुट्टै आयोग तथा सरकारीस्तरका विभिन्न आयोगहरु जसले जनजाति तथ पिछडिएकाको विकासको लागि गरेका कार्यहरुले मानवअधिकारको सम्वर्द्धन तथा प्रवर्द्धनमा ठोस योगदान पुऱ्याएका छन्।

श्री ५ को सरकारले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनलाई लागू गर्न सन् २००४ मार्च २६ मा पुन: प्रतिवद्धता व्यक्त गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगको क्षमता अभिवृद्धि गर्न श्री ५ को सरकारले संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तसँग सन् २००४ डिसेम्वर ३ मा एक समभ्रदारीपत्रमा हस्ताक्षर गरेको छ।

सन् २००४ मा श्री ५ को सरकारले विभिन्न मानवअधिकार संयन्त्रका तर्फबाट गरिएका भ्रमणमा आतिथ्य प्रदान गऱ्यो। वर्किङ ग्रुप अन इन्फोर्स्ड अर इन्भोलुन्टरी डिस्अपियरेन्सेज (डब्लुजीईआईडी) का अध्यक्षको नेतृत्वमा एक टोलीले श्री ५ को सरकारको निमन्त्रणामा डिसेम्वर ६ देखि १४ तारिखसम्म नेपालको भ्रमण गरी यहाँको मानवअधिकार स्थितिवारे जानकारी लियो। गैरसरकारी संस्थाहरुका प्रतिनिधिहरुले पनि मानवअधिकार स्थितिवारेमा जानकारी लिन नेपालको भ्रमण गरे।

संयुक्त राष्ट्रसंघको विशेष व्यवस्था अधिकारीहरुलाई स्वागत गर्न नेपाल सिद्धान्ततः सहमत भएको छ। यस सन्दर्भमा श्री ५ को सरकारले यातनासम्वन्धी विशेष प्रतिनिधि र आन्तरिक विस्थापित व्यक्तिहरुवारेमा संयुक्त राष्ट्र संघका महासचिवका प्रतिनिधिलाई दुवै पक्षको लागि उपयुक्त समयमा भ्रमण गर्न निमन्त्रणा गरिसकेको छ।

संयुक्त राष्ट्रसंघका विशेष प्रतिनिधिहरुद्वारा वैयक्तिक उजुरी प्रक्रियामार्फत् व्यक्त जिज्ञाशाहरुलाई श्री ५ को सरकारले गम्भीरतापूर्वक लिएको छ। यस्ता प्रायः जिज्ञाशाको सरकारले जवाफ दिएको छ। यस सन्दर्भमा, सरकारले वेपत्ता पारिएका भनिएका घटनाको छानविन गर्न एक छानविन समिति समेत गठन गरिसकेको छ। उक्त समितिले वेपत्ता पारिएका भनिएका ३ सय ८२ घटनाहरु वारेमा पाँच वटा प्रतिवेदन दिइसकेको छ। यसले आफ्नो कार्य जारी राखेको छ।

मानवअधिकारका प्रमुख ६ अन्तर्राष्ट्रिय अभिसन्धिहरुमा राज्यले व्यक्त गरेका प्रतिवद्धताहरुको नियमित रुपमा संयुक्त राष्ट्रसंघमा पठाउनुपर्ने प्रतिवेदनहरुप्रति श्री ५ को सरकारको प्रयास उल्लेख्य रहिआएको छ। महिलामाथि हुने भेदभाव विरुद्धको अभिसन्धिअन्तर्गत नेपालको दोश्रो तथा तेश्रो समष्ठिगत प्रतिवेदन गत जनवरी १४, २००४ मा न्यूयोर्कमा प्रस्तुत गरिएको थियो । साथै जातीय भेदभाव विरुद्धको प्रतिवेदन गत मार्च ४ र ५ मा प्रस्तुत गरिएको थियो।

यातना विरुद्धको अभिसन्धिको नेपालको पहिलो दोश्रो र तेश्रो प्रतिवेदन संयुक्त राष्ट्रसंघका महासचिवमार्फत् प्रस्तुत गरिसकिएको छ। नागरिक तथा राजनीतिक अधिकार अभिसन्धिसम्वन्धी पहिलो दोश्रो तथा तेश्रो प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको छ। आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी अनुवन्धको आवधिक प्रतिवेदन सन् २००६ मा प्रस्तुत गर्न नेपालको तयारी शुरु भइसकेको छ।

संयुक्त राष्ट्रसंघ महाशाखा

गृह मन्त्रालय

शान्ति सुव्यवस्था कायम राख्न सर्वसाधारणाको जीउधनको सुरक्षा गर्न सुरक्षा सहयोग उपलब्ध गराउन र आतंककारी क्रियाकलाप नियन्त्रण गर्न प्रशासनिक एवम् सुरक्षा निकायहरुलाई प्रभावकारीरुपमा परिचालन गरिएको साथै, सर्वसाधारणलाई छिटो छरितो र सुलभ तरिकाबाट सेवा पुऱ्याउन सरकारी संयन्त्रलाई सक्रिय तुल्याइएको छ। संकटकालको अवस्थाको आदेश जारी भएपछि शान्ति सुरक्षाको स्थितिमा सुधार हुँदै गएको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई सम्मान गर्नुका साथै मानवअधिकारको संरक्षण, सम्वर्द्धन एवम् परिपोषण गर्ने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग, एम्नेष्टी इन्टरनेशनल जस्ता मानवअधिकारसम्वन्धी अन्तर्राष्ट्रिय संघ-संस्थाहरुले प्रस्तुत गरेका सुझावलाई मार्गदर्शनको रुपमा लिने गरिएको छ। मानवअधिकार सम्वर्द्धनका लागि कार्य सम्पादन गर्ने क्रममा निर्धारित आचरण अनुशरण गर्न स्थानीय प्रशासन र अन्तर्गतका सुरक्षा निकायहरुलाई सजग तुल्याउने गरिएको छ। सुरक्षाकर्मीहरुबाट कसैलाई अनाहकमा दुःख दिने र हिरासतमा राखिएका व्यक्तिहरुलाई दिने जस्ता कार्यहरु हुन नदिन विशेष सतर्कता अपनाइएको छ।

श्री ५ को सरकारद्वारा केही क्षेत्रमा राज्यबाट केही व्यक्तिहरुलाई बेपत्ता पारियो भनी उठाइएका कुरालाई गम्भिरताका साथ लिई बेपत्ता पारिए। भनिएका व्यक्तिहरुका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न छानविन समिति गठन गरियो। गत असार महिनामा गठित सो समितिले आजसम्म पाँच प्रतिवेदन पेश गरी ३८२ जना व्यक्तिहरुको स्थिति सार्वजनिक गरिसकेको छ। समितिको कार्यलाई निरन्तरण दिन समितिको कार्य अवधि थप गरिएको छ।

माओवादीको हत्या, हिंसा, अपहरण, आतंकको क्रियाकलाप यथावत छ। अर्कोतिर उक्त समूहमा रहेका व्यक्तिहरु आतंककारी क्रियाकलाप परित्याग गरी सामान्य जीवन यापन गर्न स्थानीय प्रशासन तथा सुरक्षा निकायहरुसमक्ष आत्मसमर्पण गर्ने क्रम पनि जारी रहेको छ। गत ०६० साल पुस ३ गतेदेखि हालसम्म १ हजार ६ सय ८१ जनाले आत्मसमर्पण गरिसकेका छन्। कथित जनयुद्धको नाममा संचालित आतंककारी गतिविधिको कारण पडित हुन पुगेका व्यक्तिहरुको लागि राहत कार्यक्रम संचालन भइरहेको छ। आतंककारीहरुको आक्रमणवाट मारिएका सर्वसाधारणका परिवारलाई १ लाख ५० हजार रुपियाँ आर्थिक सहयोग, विधवाहरुलाई उमेरका वन्देज नलगाई मासिक १ सय रुपियाँ,

सन्ततिहरुलाई छात्रवृत्ति, घाइतेहरुलाई उपचार खर्च र धन सम्पत्तिमा क्षति भएका व्यक्तिहरुलाई आर्थिक सहयोग प्रदान गर्ने गरिएको छ। साथै पीडित व्यक्तिहरुको परिवारलाई विदेशी रोजगारको व्यवस्थासमेत गरिएको छ।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ अन्तरगत नजरबन्दमा हिंसा, हत्या र आतंकमा लागेका व्यक्तिहरुका सम्बन्धमा छानविन तथा अनुसन्धान गर्ने प्रयोजनका लागि काठमाडौं सुन्दरीजलमा छानविन तथा अनुसन्धान केन्द्र स्थापना गरी संचालन गरिएको छ। सो केन्द्रमा रहेका बन्दीहरुसँग मानवअधिकारसँग सम्बद्ध, संगठनहरुका प्रतिनिधिहरुलाई भेट्न नदिएको भन्ने कुरा विदेशी मिडियामा उल्लेख गरेको कुराप्रति यस मन्त्रालयको ध्यान आकृष्ट भएको छ। बन्दीहरुका नातेदार, राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग र अन्तर्राष्ट्रिय रेडक्रस समितिका पदाधिकारीहरुलाई निर्वाधरुपमा भेटघाट गर्न दिने गरिएको छ। साथै, राष्ट्रिय मानव अधिकार आयोग र अन्तर्राष्ट्रिय रेडक्रस समितिका पदाधिकारीहरुलाई केन्द्रभित्र निरीक्षणसमेत गर्न दिने गरिएको छ।

साथै, दण्ड प्रणालीमा सुधार गर्ने क्रममा सामुदायिक सेवा र खुला कारागार सेवा लागू गर्ने प्रक्रिया अगाडि बढाइएको छ। यस सन्दर्भमा कारागार नियमावलीमा संशोधन गरिन लागेको छ।

गोपेन्द्रबहादुर पाण्डे
प्रवक्ता

राष्ट्रिय मानव अधिकार आयोग

यस वर्ष पनि विगतका वर्षहरूमा झैं मानवअधिकारको संरक्षणको स्थिति त्यति सन्तोषजनक रहेन। मानवअधिकार उल्लंघनका घटनाहरूको बारेमा आयोगमा उजुरीहरू बढ्ने क्रम जारी नै रहयो र त्यसमा पनि अधिकांश उजुरीहरू बेपत्ता, गैरकानुनी थुना, हत्या आदिसँग सम्बन्धित रहे। ती उजुरीहरूको छिनोफानो गर्ने चुनौती आयोगसमक्ष रहयो भने अधिराज्यभर सबै ठाउँमा मानवअधिकारको अनुगमन गर्न नसकिएकोले मानव अधिकारको समग्र स्थिति पत्ता लगाउने कार्य पनि चुनौतीपूर्ण नै रहयो।

सरकारी पक्षमा मानव अधिकारप्रतिको प्रतिबद्धताको कार्यान्वयनको कमी र विद्रोही पक्षको गैरजिम्मेवारीपनको स्थितिले गर्दा नेपाली जनताको मानव अधिकारको संरक्षण र सम्बर्द्धनको स्थिति निराशाजनक रहेको छ। विद्रोहीहरूले जहाँतहीं ट्रेञ्च खन्ने, विष्फोटक पदार्थ बिछ्याउने, शिक्षक तथा विद्यार्थीहरूलाई अपहरण गर्ने र जुन बेला पायो त्यही बेला आम हड्तालको घोषणा गरी शिक्षा क्षेत्रलाई आतङ्कित पार्नेजस्ता कार्यलाई निरन्तरता दिनुका साथै बाटो बन्द, आम हडताल, नाकाबन्दी जस्ता कार्यहरूबाट सर्वसाधारण जनताले कठिनाई भोग्नुपर्‍यो। आफूसँग विमति राख्नेहरूलाई गाउँबाटै विस्थापित गर्ने, अपहरण गर्ने, सुराकीको नाममा हत्या गर्ने, जस्ता कार्यमा कुनै कमी आएको महसुस जनताले गर्न सकेनन्। यी कार्यहरूबाट जनतालाई शान्ति सुरक्षाको अनुभूति दिनुपर्ने सरकारको प्रमुख दायित्व हुनेमा उक्त दायित्व सरकारले पूरा गर्न सकेको देखिएन।

यसैगरी सरकारी पक्षबाट पनि पक्राउ परेकाहरूलाई कानुनी प्रक्रियामा नलैजाने, बेपत्ता बनाउने, थुनुवाहरूसँग उनीहरूका आफन्तजन तथा कानुन व्यवसायीलाई भेटघाट गर्न नदिने, यातना दिने जस्ता कार्यहरूमा अपेक्षित रूपमा कमी आउन नसकेबाट पनि मानव अधिकारको संरक्षणमा निकै चुनौती खडा भयो।

नेपाली जनताको जिउ ज्यान असुरक्षित त छँदैछ, बालबालिकाको शिक्षा, जनताको स्वास्थ्य उपचारको सुविधा र दैनिक ज्यालादारी गरी खाने मजदुरमा परेको प्रतिकूल प्रभावले गर्दा जनताको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संरक्षणको स्थिति पनि गम्भीर नै रह्यो। देशको उद्योग, पर्यटन तथा यातायात व्यवसायहरू द्वन्द्वको कारणले गर्दा धराशायी हुने स्थितिमा पुगे।

द्वन्द्वमै अल्मलिएर जनताका आधारभूत मानवअधिकार "गाँस, बास र कपास" तर्फ ध्यान पुगेन। मानवअधिकारलाई जग बनाएर प्रजातन्त्र अगाडि बढाउनुपर्नेमा आमचुनाव र संसद्को अधिवेशनलाई मात्र प्रजातन्त्र मान्ने प्रचलनले गर्दा जनताको स्थितिमा कुनै सुधार भएन। जनतामा निराशा र प्रजातन्त्रप्रति नै वितृष्णा समेत आई देश हिंसात्मक आन्दोलको भुँमरीमा पर्‍यो।

यो वर्ष नेपालको मानवअधिकार संरक्षण अन्तर्राष्ट्रिय चासोको विषय पनि भयो। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, मानव अधिकार सम्बन्धी विभिन्न विषयका समाधिक्षकहरू, एम्नेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, इन्टरनेशनल कमिसन अफ जुरिष्ट्स जस्ता अन्तर्राष्ट्रिय निकाय तथा गैरसरकारी संस्थाहरूले नेपालको मानवअधिकारको विषयमा निरन्तर चासो राखे।

द्वन्द्वको अवस्थामा पनि मानवअधिकारको संरक्षणको लागि न्यूनतम रूपमा पालन गर्नुपर्ने सर्तहरूको बारेमा आयोगले श्री ५ को सरकारलाई पठाएको सुझावबमोजिम श्री ५ को सरकारबाट ०६० चैत २६ मा जारी मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनबारे श्री ५ को सरकारको प्रतिबद्धता दस्तावेजको रूपमा आउनुलाई आयोगले सकारात्मक रूपमा लिएको छ। यसैगरी

नेकपा (माओवादी)ले पनि ०६० चैत ३ मा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको परिपालनामा आफ्नो प्रतिबद्धता जाहेर गरेकोलाई पनि आयोगले सकारात्मक रूपमा लिएको छ। यी दुवै कदम यस वर्षको मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण खुड्किलो भए पनि व्यावहारिक रूपमा त्यसको कार्यान्वयन हुन नसक्नु भने ज्यादै दु:खलाग्दो पक्ष भएको छ। यसबाहेक आयोगले श्री ५ को सरकारलाई मानव अधिकार सम्बन्धी विभिन्न विषयमा सुझाव तथा सिफारिस समेत गरेको छ। त्यस्ता सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा पनि समस्या यथावत् देखिएको छ।

यस वर्ष शान्ति स्थापनाका लागि केही प्रयासहरू भएका भए पनि मानवअधिकारका सवालहरूप्रतिको उदासीनता र दण्डहीनतालाई बेवास्ता गर्दा शान्तिले गति लिन सकेन। द्वन्द्वरत पक्षहरू बीच वार्ता र समझदारी भई हिंसात्मक द्वन्द्वको अन्त्य होला र मानवअधिकारको स्थितिमा पनि सुधार आउला भन्ने आशा निराशामा परिणत भएको छ।

केदारप्रसाद पौडेल

का.मु. सचिव

नेपाल बार एशोसिएसन

नेपाल बार एशोसिएसन आफ्नो स्थापना कालदेखि नै प्रजातन्त्र, मानवअधिकार र कानूनी शासनप्रति प्रतिबद्ध रहँदै आएको छ। देशमा क्रमश: बढ्दै गएको हिंसा र मानवअधिकार उल्लंघनप्रति मध्यनजर राख्दै नर्वेजियन बार एशोसिएसनको सहयोगमा सन् २००३ देखि नेपाल बार एशोसिएसनले मानवअधिकार परियोजनाको स्थापना गरेको छ। जुन परियोजनाका ५ क्षेत्रीय कार्यालयहरू क्रमश: हेटौंडा, पोखरा, महेन्द्रनगर, नेपालगञ्ज र विराटनगरमा संचालित छन् भने ३५ वटा जिल्ला नेटवर्किङ्ग कमिटी रहेका छन्। आफ्ना ५ क्षेत्रीय कार्यालय र नेटवर्किङ्ग कमिटीमार्फत अधिराज्यभरि मानवअधिकारका उल्लंघन र दुरुपयोगका घटनाहरूको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र तथ्यांक संकलन गर्ने काम यस परियोजनाले आफ्नो स्थापनाकालदेखि नै गर्दै आइरहेको छ।

सन् २००४ मा नेपालको मानवअधिकार स्थिति अत्यन्त नाजुक रहन गएको छ। विशेषत: देशमा विद्यमान द्वन्द्वका कारण नेपाली नागरिकहरूको न्यूनतम मानवअधिकार र मानवीय मूल्य मान्यताको गम्भीर उल्लंघन हुन पुगेको देखिन्छ। सन् २००४ मा नेपाल बार एशोसिएसन मावनअधिकार परियोजनाले १ सय ९५ वटा गैरकानूनी हत्या, ४२ वटा हत्या, १ सय ६० वटा अपहरण, २ सय ४ वटा बेपत्ता र ९३ वटा गैरकानूनी थुनाजस्ता घटनाहरूको तथ्य संकलन गरेको छ। त्यस्तै गरेर नेपाल बार एशोसिएसन मानवअधिकार नेटवर्किङ्ग कमिटीमार्फत् पनि ८७ वटा गैरकानूनी हत्या, २७ वटा हत्या, ४१ वटा अपहरण, २९ वटा गैरकानूनी थुना र ५ वटा बेपत्ताका घटनाहरूको तथ्य संकलन गरिएको छ। तसर्थ सन् २००४ मा नेपालमा दुवै पक्षबाट गैरकानूनी हत्या, हत्या, अपहरण, बेपत्ता र गैरकानूनी थुनाजस्ता घटनाहरू अधिकतमरुपमा घट्न पुगेको देखिन्छ।

यसका अलावा दोहोरो भिडन्तमा घाइते र मृत्यु, बम विस्फोटनमा मृत्यु र घाइते हुने व्यक्तिहरूको पनि संख्या कम छैन। यसरी दुवै पक्षबाट निरन्तररुपमा न्यूनतम मानवअधिकार र मानवीय कानूनको ठाडोरुपमा उल्लंघन हुँदै आइरहेको छ। श्री ५ को सरकारले हालसम्म १६ वटाभन्दा बढी मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनीको पक्षराष्ट्र भई आफ्नो राष्ट्रभित्रका नागरिकहरूको मानवअधिकार संरक्षण गर्ने प्रतिबद्धता जनाइसकेको छ। यति हुँदाहुँदै पनि गैरकानूनी हत्या, बेपत्ता, गैरकानूनी थुनाजस्ता अमानवीय एवम् पाशविक घटनाहरूले नेपालको मानवअधिकार स्थिति अत्यन्त नाजुक हुन पुगेको छ। त्यस्तै द्वन्द्वरत पक्षमध्ये माओवादीले पनि बारम्बार सार्वजनिकरुपमा मानवीय कानूनको पालनाप्रति प्रतिबद्धता व्यक्त गरे तापनि हत्या, अपहरण, बम विस्फोटनजस्ता घटनाबाट सर्वसाधारण नागरिकहरूको न्यूनतम अधिकारमा बारम्बार आघात पुऱ्याउँदै आएको देखिन्छ। त्यस्तै सर्व साधारणको मानवअधिकार मात्र नभई मानवअधिकारको क्षेत्रमा काम गर्ने मानवअधिकार संरक्षकहरूको र मानवअधिकारवादीहरूको मानवअधिकारसमेत खतरामा पर्न गएको छ। जसले पनि वर्तमान मावनअधिकार अवस्थालाई प्रष्टरुपमा देखाउँछ।

त्यस्तै नेपाल बार एशोसिएसनअन्तर्गत विगत १६-१७ वर्षदेखि अनवरतरुपमा नि:शुल्क कानूनी सहायता पुऱ्याउँदै आएको कानूनी सहायता परियोजनाले पनि मानवअधिकारसम्बन्धी विशेष गरेर बन्दी प्रत्यक्षीकरणका मुद्दाहरूमार्फत् मानवअधिकारको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको छ। सन् २००४ नेपाल बार एशोसिएसन कानूनी सहायता परियोजनामा ८० वटा बन्दी प्रत्यक्षीकरणका मुद्दाहरु सर्वोच्च अदालतमा दायर गरिएका छन्, जसमध्ये कतिपय चलिरहेका छन् भने कतिपयमा बन्दीहरु मुक्त भइसकेका छन्। अदालतको फैसलाबाट छुटिसकेका कतिपय बन्दीहरु पुन: पक्राउ पर्ने समस्या पनि सन् २००४ मा गम्भीररुपमा देखिन पुगेको छ। जसबाट एक व्यक्तिको मानवअधिकारको गम्भीर उल्लंघन मात्र नभई अदालतको

सर्वोच्चता र स्वतन्त्रतामा समेत गम्भीर असर पुग्न गएको देखिन्छ।

समग्रमा भन्नुपर्दा, सन् २००४ मा संवैधानिक सर्वोच्चता, कानूनी शासन र स्वतन्त्र न्यायपालिकाको अवधारणा विपरीत कैयौं काम कारवाहीहरु देखा पर्नु दुःखको विषय बनेको छ। संविधानको प्रस्तावनामा नै उल्लेखित वर्तमान संविधानको प्राप्तिको रुपमा रहेको ०४६ सालको जन आन्दोलनको स्थापित गरेको वर्तमान संविधानलाई निस्कृय र निस्प्रभावी बनाइएको घटनाप्रति नेपाल बार एशोसिएसन गम्भीर र चिन्तित छ। कानुनको शासन र संवैधानिक सर्वोच्चता तथा मानवअधिकारको पूर्ण परिपालनाबाट सभ्य समाज र सभ्य शासकको परीक्षण हुने कुरा निर्विवाद छ। सबै समस्याको समाधान सहकार्य, सहअस्तित्व र संवादबाटै सम्भव छ र आजको राज्य मानवअधिकार र कानुनी शासनबाट अलग रहन सक्दैन भन्ने कुरामा नेपाल बार एशोसिएसनको दृढ धारणा रहिआएको छ।

शम्भु थापा
अध्यक्ष

मानवअधिकार प्रबर्द्धन केन्द्र

सन् २००४ मा पनि सशस्त्र द्वन्द्व कायम नै रहिरहेको परिप्रेक्ष्यमा यस वर्ष पनि नेपालमा धनजनको क्षति पाएको पाइन्छ।

आतंककारी गतिविधिमा संलग्न भएको माओवादी विद्रोहीहरुले निर्दोष सर्वसाधारण, महिला, गर्भवती महिला, बालबालिका, बिरामी, अशक्त, किरियामा बसेका मानिस, घर बिदामा बसेका एवम् अवकाशप्राप्त सुरक्षाकर्मी तथा युद्धमा प्रत्यक्ष संलग्न नभएका व्यक्तिलगायत् जेनेभा महासन्धिले Civilian भनी तोकेका व्यक्तिहरुउपर समेत हत्या, अपहरण, यातना, सम्पत्ती कब्जालगायत्का गैरकानुनी कार्यहरुलाई यस वर्ष अझ निरन्तरता दिएको पाइयो।

राज्यपक्षबाट संविधान, प्रचलित नेपाल कानुन, नेपाल पक्ष भएका मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सन्धिहरुले प्रदान गरेका हक अधिकारहरुको प्रचलनका लागि यस वर्ष विभिन्न प्रयास गरिए, ती प्रयास यसप्रकार छन् :

(क) राज्यद्वारा बेपत्ता पारिएको भनिएका (संयुक्त राष्ट्रसंघीय समाधिक्षकहरु, एम्नेष्टी इन्टरनेशनल लगायत् अन्य विभिन्न संघसस्थाहरुको निवेदनका आधारमा बेपत्ता भएका भनी उल्लेख भएका) व्यक्तिहरुका सम्बन्धमा खोजविन गरी यथार्थ स्थिति पत्ता लगाउन गृह मन्त्रालयका सहसचिवहरुको अध्यक्षतामा एक सीमिति गठन गरी कार्य गरिरहेको र हालसम्म पटक पटक गरी पाँच पटकमा ३ सय ८२ जनाको स्थिति सार्वजनिक गरिसकिएको छ।

(ख) छुट्टै कानुनद्वारा स्वतन्त्र र सक्षम निकायको रुपमा स्थापित राष्ट्रिय मानवअधिकारको कामलाई अझ सबल र सशक्त बनाउन उक्त आयोगलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन श्री ५ को सरकार र संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगबीच एक सहयोगसम्बन्धी Memorandum मा हस्ताक्षर भइसकेको छ। त्यस्तै राष्ट्रिय मानव अधिकार आयोगलाई अझ सबल र सशक्त बनाउन सरकारले भौतिक, आर्थिक लगायत्का सहयोग प्रदान गर्ने आयोगको निर्णयलाई यथाशीघ्र कार्यान्वयनलाई सरकारले विशेष ध्यान दिएको छ।

(ग) मानवअधिकारको उल्लंघन गर्ने कार्यमा संलग्न प्रहरी तथा सैनिक अधिकृत एवम् जवानहरु उपर विभागीय कारवाही एवम् जेल सजायका साथ अन्य कारवाही गरिएको छ।

(घ) मानवअधिकारको उल्लंघन भएका व्यक्ति तथा निजका परिवारहरुलाई क्षतिपूर्ति उपलब्ध गराइएको छ।

(ङ) नेपाल प्रहरीपट्टि महानिरीक्षकको अधिनमा रहने गरी एक मानवअधिकार सेल गठन गरिएको छ भने सेनापट्टि शाही नेपाली जंगी अड्डामा तथा सेनाको प्रत्येक पृतना (क्षेत्रीय कार्यालय) हरुमा मानवअधिकार सेल गठन भई सुरक्षाकर्मीहरुलाई मानवअधिकार र मानवीय कानुनका बारेमा सचेतना प्रदान गर्ने तथा मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कार्य भइरहेको छ।

(च) Six Core Documents को State Report तयार गर्ने क्रममा हाल ICCPR / ICESCR को प्रतिवेदन तयार गर्ने कार्य भइरहेको छ।

(छ) सन् १९९३ को भियना सम्मेलनले प्रत्येक राष्ट्रले मानवअधिकार राष्ट्रिय कार्ययोजना बनाई लागू गर्न आह्वान गरे बमोजिम नेपालले यसै वर्ष मानवअधिकारको राष्ट्रिय कार्य योजना तयार गरी लागू गरिसकेको छ। यो लागू गर्ने नेपाल दक्षिण एसियामा नै पहिलो मुलुक हुन गएको छ। National Action Plan लागू गर्न प्रत्येक मन्त्रालयमा एक Focal Point स्थापना भई कार्य भइरहेको छ।

(ज) दशौं योजनामा (२०५९-६४) मानवअधिकारलाई छुट्टै शिर्षकमा राखी मानवअधिकारको संरक्षण र सम्वर्द्धनलाई राष्ट्रिय योजना अन्तर्गत नै समावेश गरिएको छ।

(झ) मानवअधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धमा श्री ५ को सरकारका विभिन्न निकायहरु बीच भएका क्रियाकलापहरुलाई समन्वय गर्न तथा राष्ट्रिय मानव अधिकार आयोगका निर्णयहरुलाई प्रभावकारी कार्यान्वयनलाई

सघाउ पुऱ्याउने लगायत्का विषयमा कार्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी केन्द्रीयस्तरको मानवअधिकारको Focal Point का रुपमा मानवअधिकार प्रवर्द्धन केन्द्रको स्थापना भई काम कारवाही भइरहेको छ।

यी सवै क्रियाकलापहरु श्री ५ को सरकारले मानवअधिकारको संरक्षण र सम्वर्द्धनका क्षेत्रमा गरेका प्रयासहरु हुन्। तर वर्तमान द्वन्द्वको समयमा विद्रोहीहरुवाट मानवअधिकारको उल्लंघनका घटनाहरु वारम्वार दोहोरिइरहेको र यसमा श्री ५ को सरकारको प्रयास मात्र अपर्याप्त हुने भएवाट गैरसरकारी संस्थाका रुपमा रहेका एम्नेष्टी इन्टरनेशनल, आईसीआरसी, इन्सेक जस्ता संस्थाहरुको प्रयास पनि महत्वपूर्ण हुन जान्छ। अत: मानवअधिकार र मानवीय कानुनको पूर्ण पालना गराउने तर्फ त्यस्ता संस्थाहरुको सहयोगको सरकार सदा स्वागत गर्दछ।

दिवाकर पन्त
निर्देशक

शाही नेपाली सेना

देश, नरेश र जनताप्रति सदा समर्पित रहँदै आएको शाही नेपाली सेना देशमा आतंककारी गतिविधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गर्न परिचालन भएको विद्यमान कठिन एवम् चुनौतिपूर्ण अवस्थामा सामान्य नागरिकको नैसर्गिक हक, अधिकार एवं नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको प्रजातान्त्रिक अधिकारको सुरक्षार्थ कारवाहीहरुको दौरानमा आफ्नो प्रयासलाई केन्द्रिकृत गर्न कटिवद्ध रहेको छ। विद्यमान द्वन्द्वको परिस्थितिमा शाही नेपाली सेना मानवअधिकारको संरक्षण र सम्वर्द्धन एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न दृढ प्रतिवद्ध रहेको छ। श्री ५ को सरकारको मानवअधिकार संरक्षण र सम्वर्द्धन गर्ने नीति तथा प्रतिवद्धता एवं नेपाल अधिराज्य जेनेभा महासन्धि १९४९ को हस्ताक्षर र अनुमोदनकर्ता समेत भएको हुँदा सो महासन्धिको मर्म अनुरुप कार्यान्वयन गर्न र जेनेभा महासन्धिको साझा धारा ३ को परिपालना गर्न शाही नेपाली सेना प्रतिवद्ध रहेको छ।

मानवअधिकारको संरक्षण र प्रवर्द्धनको निमित्त अवलम्वन गर्नुपर्ने कार्यविधि सम्वन्धमा सम्माननीय प्रधानसेनापतिको स्पष्ट निर्देशन सेनाको हरेक तहमा जारी गरिसकिएको छ। जसमा कारवाहीको दौरान निर्दोष नागरिकको जीउधनको क्षति सकेसम्म नहोस् भन्नेतर्फ शाही नेपाली सेनाको सवै दर्जाहरुले सतर्कता अपाउनुपर्ने निर्देशनसमेत उल्लेख गरिएको छ। यसका अतिरिक्त द्वन्द्वको समयमा मानवअधिकार र मानवीय कानुन पालना गर्ने सम्वन्धी निर्देशिका, Rule of Engagement, पालना गर्नुपर्ने आचारसंहिता (Soldiers code of conduct) वितरण भएको छ। त्यसैगरी शाही नेपाली सेनाको हरेक तहमा सञ्चालित तालिमहरुमा मानवअधिकार र मानवीय कानुनसम्वन्धी पाठ्यक्रमहरु समावेश गरी अध्ययन अध्यापन गराइरहेको छ। यसवाट शाही नेपाली सेनाको सवै व्यक्तिहरुमा मानवअधिकार र मानवीय कानुनको पालना गर्नमा वढी सजग र सर्तक रहँदै आएको र यस वारेमा सवै दर्जाहरुमा ज्ञानको अभिवृद्धिसमेत भएको पाइएको छ।

शाही नेपाली सेनाले राष्ट्रिय मानवअधिकार आयोग, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ, संस्था, व्यक्तिलगायत् मिडियाहरुसँग मानवअधिकार संरक्षण र प्रवर्द्धनको निमित्त निरन्तररुपमा अन्तरक्रिया, सेमिनार तथा गोष्ठी सञ्चालन गर्दै र यस प्रकारको कार्यक्रममा शाही नेपाली सेनाको सहभागिता समेत हुँदै आएवाट शाही नेपाली सेनाले मानवअधिकारको सवालमा सवै निकायसँग सहकार्य गरी आपसी सहयोगको विस्तार गर्दै आइरहेको छ।

शाही नेपाली जंगी अड्डा लगायत् सवै पृतना र वाहिनी अड्डाहरुमा मानवअधिकार शाखा/प्रशाखा स्थापना गरी मानवअधिकार संरक्षण र प्रवर्द्धनको निमित्त गरिने कार्यको क्षेत्रलाई व्यापक र प्रभावकारी वनाइएको छ।

शाही नेपाली जंगी अड्डामा हालसालै गठित मानवअधिकार विशेष कार्यदलले मुलुकको हरेक विकास क्षेत्र र अञ्चल सदरमुकाममा स्थलगत भ्रमण गरी मानवअधिकारको संरक्षण र प्रवर्द्धनको निमित्त शाही नेपाली सेनाका कमाण्डरहरुको अलावा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, सरकारी अधिवक्ता, सशस्त्र प्रहरीवल तथा नेपाल प्रहरीका उच्च अधिकृतहरुसँग अन्तरक्रिया गर्नुको अतिरिक्त मानवअधिकारको संरक्षण र प्रवर्द्धनको निमित्त भएका कार्यहरुको अनुगमन गर्नुको साथै मानवअधिकारवादी संघसंस्थाहरुवाट औंल्याइएका मानवअधिकार उल्लंघनका घटनाहरुको सम्वन्धमा भइरहेको अनुसन्धान कार्यको प्रगति विवरणवारे समेत छलफल गरियो। जसवाट मानवअधिकार सम्वन्धमा जारी निर्देशनहरुलाई पालना भए/नभएको अनुगमन गर्न र छानविन प्रक्रियालाई अझै तिव्रता दिन समेत मद्दत पुग्न गएको छ।

मानवअधिकार उल्लंघनका घटनाहरुमा शाही

नेपाली सेनाले गम्भीर तवरले छानविन तथा अनुसन्धान गर्ने गरेको छ। त्यस्ता घटनाहरुमा सम्मिलित शाही नेपाली सेनाका व्यक्तिहरुलाई कानुनसम्मत तवरले सैनिक ऐन २०१६ मुताविक कारवाही गरिएको छ। मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न शाही नेपाली सेना परिचालित भएपश्चात् हालसम्म मानवअधिकार उल्लंघनका घटनामा संलग्न शाही नेपाली सेनाका व्यक्तिहरुलाई निम्नानुसार कानुनी कारवाही गरिएको छ, यसबाट शाही नेपाली सेनामा दण्डहीनताको अवस्था नरहेको पुष्टि हुन आउँछ।

(क) जेल सजाय गरिएको संख्या- ४४ जना

(ख) सेवाबाट बर्खास्त गरिएको संख्या- ३१ जना

(ग) घटुवा गरिएको संख्या- १२ जना

(घ) ग्रेड कट्टा गरिएको संख्या- ४ जना

(ङ) बढुवा रोक्का- ९ जना

(च) नसियत दिइएको संख्या- ८ जना

(छ) स्थानीय अदालतमा पठाइएको (करणी)- १ घटना

मानवअधिकार उल्लंघनका घटनाहरुमा राज्य पक्षलाई लगाइएका लाञ्छनाहरुको पुष्ट्याई विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्था, कुटनीतिक नियोगहरु लगायत् संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगलाई निरन्तर तवरले उपलब्ध गराउनुको साथै श्री ५ को सरकारको मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने नीति तथा प्रतिवद्धताबारे अन्तर्राष्ट्रिय जगतमा विभिन्न माध्यमद्वारा (वेवसाइट, विदेशस्थित सैनिक सहचारी, पत्रपत्रिका) उच्च प्राथमिकताका साथ उजागर गर्ने प्रयास गरिएको छ।

संक्षेपमा, एकातर्फ राज्यको तर्फबाट मानवअधिकारको संरक्षण र प्रवर्द्धनका निमित्त भएका माथि उल्लेखित संस्थागत प्रयासहरु ज्यादै उत्साहजनक छन् भने विद्रोही माओवादीको विगत र वर्तमानको आचरण र क्रियाकलापले मुलुकलाई अत्यन्तै कहाली लाग्दो कालखण्डतर्फ धकेली रहेको तितो सत्य आम नेपाली जनताको सामु छर्लङ्ग नै रहेको छ।

राजु नेपाली
प्रमुख, मानवअधिकार सेल

सशस्त्र प्रहरी बल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले "मानवअधिकार वर्ष पुस्तक २००५" प्रकाशित गरी सन् २००४ मा नेपालको मानवअधिकार स्थितिबारे जानकारी गराउने उद्देश्य लिएकोमा हामीलाई खुशी लागेको छ। साथै विगतका वर्षहरुमा निरन्तररुपमा प्रकाशित हुँदै आएको मानवअधिकार वर्ष पुस्तकले मानवअधिकारको संरक्षणमा पुऱ्याएको योगदान ज्यादै नै उल्लेखनीय रहेको छ।

विगत एक दशकदेखि देशमा शुरु भएको हत्या, हिंसा, अपहरण, लुटपाट, आगजनी, चन्दा आतंक आदि जस्ता अमानवीय र अशोभनीय क्रियाकलापहरुले गर्दा राष्ट्र चरम विद्रोहको अवस्थाबाट गुज्रिरहेको छ। ०५७ साल चैत २० गते पुनः अध्यादेश जारी भई ०५८ साउन २८ गते संशोधनसहित विधेयक पारित भई नेपालमा शान्ति सुरक्षा कायम गरी जनताको जीउधनको संरक्षण गर्न अर्धसैनिक बलको रुपमा स्थापना भएको सशस्त्र प्रहरी बलले मानवअधिकारको विषयलाई गम्भीर चासोको रुपमा लिँदै आएको छ।

सोहीअनुरुप सशस्त्र प्रहरी बलबाट जस्तोसुकै परिस्थितिमा पनि नागरिकहरुको मानवअधिकारको हनन नहोस् भन्ने उद्देश्यले केन्द्रीयस्तरको मानवअधिकार सेल सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक, स्वयम्भुमा ०५९ पुस २९ गते गठन गरी मानवअधिकार सम्बन्धी विविध विषयमा कार्य सञ्चालन गर्दै आइरहेको छ।

विगतका वर्षहरुमा झैं विद्रोही पक्षले सन् २००४ मा पनि देशका विभिन्न स्थानहरुमा आम जनताका दैनिक जीवनसँग निकट रुपमा सरोकार रहेका विकासका संरचनाहरु ध्वस्त पार्ने, देशको कुनै निश्चित क्षेत्र, अञ्चल, जिल्ला र राजमार्ग अनिश्चतकालसम्म बन्द गर्ने हत्या, अपहरण, लुटपाट गर्नेजस्ता गैरकानुनी कार्य गरी नागरिकहरुलाई अन्यौल तथा अस्तव्यस्तमा जीवन गुजार्न बाध्य गराए, जसले गर्दा नागरिकहरुको बाँच्न पाउने अधिकार कुण्ठित हुन पुग्यो।

"शान्ति सुरक्षा प्रतिवद्धता" को मूलमन्त्रलाई आत्मसात गर्दै आफ्नो जिम्मेवारी निर्वाहमा सदा कटिवद्ध रही मानव प्रतिष्ठाको सम्मान र रक्षा गरी आधारभूत मानवअधिकारको संरक्षणको लागि विशेष सतर्कता अपनाई नेपाल अधिराज्यको शान्ति सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न निरन्तर संलग्न सशस्त्र प्रहरी बलको अथक प्रयासको बावजुद पनि सशस्त्र प्रहरी बलका सदस्यहरुद्वारा मानवअधिकार हनन सम्बन्धीका छिटफुट घटनाहरु नघटाइएका होइनन् यसैले त्यस्ता घटनाहरु उपर गहिरिएर आवश्यक छानबिन गरी दोषीउपर आवश्यक कारवाही गरी मानवअधिकार हननका घटना पुनः नदोहोरियोस् भन्ने स्पष्ट धारणा सशस्त्र प्रहरी बलले लिएको छ र भविष्यमा पनि यसतर्फ सचेत रहनेछ।

सशस्त्र प्रहरी बल मानवअधिकार सेलमा सन् २००४ मा पनि सरकारी निकाय, मानवअधिकार सम्बन्धी संघसंस्था लगायत् राजनीतिक पार्टीहरुले विभिन्न व्यक्तिहरुको खोजतलास सम्बन्धी पत्राचार गरी जानकारी माग गरेकोमा उक्त व्यक्तिहरुको बारेमा आवश्यक खोजतलास कारवाही गरी सोको जानकारी सम्बन्धित निकायलाई गराउन सशस्त्र प्रहरी

वल मानवअधिकार सेलले सक्रिय भूमिका निभाएको थियो।

मानवअधिकार सम्वन्धी सदा चिन्तनशील रहने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नागरिकहरुको मानवअधिकारको सम्वर्द्धनमा रहेको संवेदनशीलता अझ प्रभावकारी रुपमा आउँदा दिनहरुमा पनि विना भेदभाव स्वतन्त्रतापूर्वक कार्यान्वयन हुँदै जानेछ भन्ने दृढ विश्वासका साथ यस वर्ष प्रकाशित हुन लागेको "मानवअधिकार वर्ष पुस्तक २००५" को प्रकाशनको सफलताको कामना गर्दछौं।

राघव सिंह थापा
सशस्त्र प्रहरी नायव उपरीक्षक
प्रधान कार्यालय, स्वयम्भु

नेपाल प्रहरी

नेपाल प्रहरीले स्थापनाकालदेखि नै नागरिकहरुको हकहित तथा अधिकारको संरक्षण कार्यलाई मुलभूत दायित्वको रुपमा अंगिकार गर्दै सार्वजनिक सुरक्षाप्रति सदैव सचेत र सजग रही नेपाल अधिराज्यभर शान्ति, सुव्यवस्था र अमनचयन कायम राख्ने गहन जिम्मेवारी वहन गर्दै आएको छ। आज समग्र राष्ट्र हत्या र हिंसाको भूमरीमा परी जुन अवस्थावाट गुज्रिरहेको छ त्यसले आम नागरिकहरुको नैसर्गिक हक अधिकारहरुलाई समेत अघात पुऱ्याएको छ। द्वन्द्वग्रस्त सामाजिक परिवेशमा मानवअधिकारको सम्वर्द्धन र संरक्षण गर्ने कार्य जति महत्वपूर्ण हुन्छ त्यति नै चुनौतिपूर्ण पनि छ। हत्या र हिंसाको श्रृङ्खलावद्ध घटनाहरुले देशमा उत्पन्न अशान्ति र असुरक्षाको कारण एकातर्फ नागरिकहरुको बाँच्न पाउने न्यूनतम अधिकार पनि संकटमा परेको छ भने अर्कोतर्फ हामी सुरक्षाकर्मीहरुको काँधमा ती अधिकारहरुको संरक्षण गर्ने जिम्मेवारी अझै संवेदनशील रुपमा बढ्दै गएको छ। हिंसाकै कारणले गर्दा आज नेपालका कुना-काप्चामा वसोवास गर्ने नेपाली नागरिकहरु सुरक्षाको खोजीमा अन्यत्र विस्थापित हुन पुगेका छन्। परिणामस्वरुप, यसले देशको स्थापित मूल्य-मान्यता, विकास, संस्कृति तथा आर्थिक समुन्नतिको वाटोमा असहय चोट पुऱ्याएको यथार्थवाट सवै नेपाली मर्माहित भएका छन्।

वर्तमान कठिन परिस्थितिमा पनि नेपाल प्रहरीका कर्मचारीहरु आफ्नो कर्तव्यपथबाट किंचित पनि विमुख नभई श्री ५ महाराजाधिराज सरकारवाट देशमा शान्ति स्थापनार्थ वक्स भएको अठोटलाई शिरोधार्य गरी नागरिकहरुको शान्तिपूर्वक जीवनयापन गर्न पाउने अधिकारको सुरक्षार्थ पूर्ण इमान्दारी र वफादारीका साथ मन, वचन र कर्मले समर्पित भएका छन्। तोकिएको जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रहरी कर्मचारीबाट मानवअधिकारको हनन हुन नदिन नेपाल प्रहरी कटिवद्ध छ र कुनै पनि प्रकारका अमानवीय कार्यहरुलाई नियन्त्रण एवं निरुत्साहित गर्न प्रहरी संगठन प्रमुखको पहलमा नेपाल प्रहरीभित्र उच्च प्रहरी अधिकृतहरुको सुपरिवेक्षणमा प्रभावकारी संयन्त्रको विकास भइसकेको छ। नेपाल प्रहरि अन्तर्गतको मानवअधिकार सेलले मानवअधिकारको प्रवर्द्धन एवम् संरक्षणको निमित्त प्रहरी कर्मचारीहरुलाई मानवअधिकारको सम्मान गर्न अभिप्रेरित गर्नुका साथै विभागीय नीति निर्देशन विपरीत मानवअधिकारको हनन् हुन नदिन प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिँदै अवज्ञा गर्ने प्रहरी कर्मचारीलाई कडा कारवाही गर्ने व्यवस्थाको विकास गरेको छ।

अहिलेको विश्व समुदायमा मानव जातिको सवैभन्दा संवेदनशील पक्ष भनेको नै मानवअधिकारको सम्मान हो र सर्वोत्कृष्ट मानवीय धर्म पनि यही हो। त्यसैले यसको प्रवर्द्धन र संरक्षणमा सबैको योगदानको उत्तिकै खाँचो छ। प्रत्येक नागरिकले आफूले कुनै कार्य गर्दा कहिँ अर्काको अधिकारको हनन भएको त छैन ? भन्ने कुरालाई प्राथमिकताका साथ दृष्टिगत गरी आफ्नो निर्देशित लक्ष्यतर्फ अग्रसर हुन सकेमा यही नै मानवअधिकारको वास्तविक आदर्श हुनेछ र यस सन्दर्भमा विशेष गरी मानवअधिकार संरक्षणका निमित्त समर्पित अग्रपंक्तिमा रहेका बुद्धिजीवीहरुबाट निष्पक्ष रुपमा राष्ट्रिय हितलाई सर्वोपरी राखी आफ्नो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने मेरो मान्यता छ।

अन्त्यमा, इन्सेकले मानवअधिकारको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै "मानवअधिकार वर्ष पुस्तक २००५" सकारात्मक परिवर्तनको सम्वाहक हुने विश्वासका साथ यसको सफलताको कामना गर्दछु।

रमेशचन्द ठकुरी
प्रहरी वरिष्ठ उपरीक्षक
प्रवक्ता, नेपाल प्रहरी

राष्ट्रिय दलित आयोग

लामो कालखण्डदेखि मौजुदा छुवाछूत र भेदभावलाई निर्मुल पार्न दलित उत्पीडित समुदायको नेतृत्वदायी संघ-संगठनवाट आन्दोलनहरु निरन्तर रुपमा संचालन हुँदै आएका छन्। दलित आन्दोलनको कम्पावाट वेलावेलामा राज्यलाई यो समुदायका हकहितका लागि सोच्नु पर्ने वाध्यता श्रृजना गराइएका छन्। त्यसैको परिणाम ०५८

चैत ६ गते दलित जनताको सर्वोपरी हित उन्नतिको उद्देश्यसहित राष्ट्रिय दलित आयोगको गठन भयो। गठित आयोगले प्रारम्भ कालमा आफ्नो आन्तरिक प्रशासनिक संरचना खडा गर्नेदेखि ऐन कानुनमा व्यवस्था भएका कुराहरुलाई समेटेर पुस्तक प्रकाशन गर्ने, आयोगको ऐन तर्जुमा गर्न विधेयकको व्यवस्था, द्वन्द्वबाट पीडित दलितहरुको अवस्थाको अन्वेषण, आरक्षणको मोडल तयारी र जातीय अनुसूची निर्माण जस्ता महत्वपूर्ण कामहरु सम्पादन गऱ्यो। ०६० चैत ६ देखि पूर्व आयोगका पदाधिकारीहरुको म्याद सकिएपछि ०६१ माघसम्म आयोग पदाधिकारी विहीन रहन पुग्यो। श्री ५ को सरकारले ०६१ माघ १४ गतेको मन्त्रिपरिषद्को निर्णयबाट वर्तमान आयोगका पदाधिकारीहरुको चयन गरेको छ। यो वर्तमान आयोगले नेपाली दलित उत्पीडित समुदायको सर्वोपरीहितको लागि स्पष्ट दृष्टिकोणसहित केही योजनाहरु अगाडि सारेको छ।

१) आयोगको ऐन तर्जुमा गर्ने सम्बन्धमा

युगौंदेखि समाजमा अकण्टक रुपमा रहेको छुवाछूत र भेदभावको समस्या समाधानको लागि राज्यले खडा गरेको आयोग अधिकार सम्पन्न, स्वायत्त, उच्चस्तरीय र स्रोतसाधनले युक्त हुनु पर्छ। राज्यले व्यवस्था गरेका अन्य आयोगको तुलनामा राष्ट्रिय दलित आयोग कमजोर अवस्थामा छ। राज्यले गठन आदेशबाट सीमित अधिकार र स्रोत उपलब्ध गराए र दलितहरुको आयोग दलितहरु जस्तै कमजोर बनाएपछि आशातित परिणाम प्राप्त गर्न सकिँदैन। तसर्थ अध्यादेशमार्फत् भए पनि आयोगलाई उच्चस्तरीय अधिकार सम्पन्न स्वायत्त र अन्य आयोग सो सरह बनाउनका लागि ऐन अनिवार्य रुपमा बन्नु पर्छ। यसका लागि आयोग प्रकृयागत ढंगबाट अगाडि बढिरहेको छ।

२) दलितहरुको यथार्थ तथ्यांक संकलन र लक्षित समुदायको पहिचान

अहिले पनि दलितहरुको यथार्थ जनसंख्याको आँकडा हामीसँग छैन। त्यसका साथसाथै दलितहरुको आर्थिक, शैक्षिक, राजनीतिक अवस्था कस्तो छ ? यी सबै कुराको वास्तविक तथ्याङ्क नभएसम्म दलित उत्थानका लागि बन्ने योजनाहरु प्रभावकारी हुन सक्दैनन् र गरिबीका रेखामुनि रहेका लक्षित समूहमा प्रतिफल पुऱ्याउन असम्भव हुन्छ। यसका लागि दलितहरुको यथार्थ तथ्याङ्क लिएर गरिबीको पहिचान गरी विपन्न दलित सुविधा परिचयपत्र उपलब्ध गराई राज्यको सुविधा उत्पीडित समुदायको अति विपन्न वर्गलाई उपलब्ध गराउनु पर्छ। तदअनुरुप गर्न गराउनको लागि राष्ट्रिय दलित आयोगले विपन्न दलित सुविधा परिचय पत्र लागू गर्ने कार्यक्रमलाई अगाडि बढाउन सम्बन्धित निकायसँग समन्वयात्मक तवरबाट अगाडि बढिरहेको छ।

३) आरक्षण सम्बन्धमा

लामो समयदेखि समाज र राज्यबाट बढी बहिष्कृतपूर्ण जीवन जिउनु पर्दा दलित समुदाय सबै कुराबाट बञ्चितीकरणको अवस्थामा गुज्रिदै आएका छन्। यस अवस्थाले दलित समुदायको मानसिक, भौतिक, आर्थिक र सामाजिक क्षति भएको छ। सो क्षतिले गर्दा समाजमा दलितहरु अत्यन्त कमजोर नागरिकको स्तरमा रहेका छन्। त्यसकारण दलितहरुलाई क्षतिपूर्तिबापत आवधिक आरक्षणको व्यवस्था गरी अन्य नागरिक सरह सबल बनाउन आरक्षण नितान्त र अपरिहार्य भएकोले गरिबवर्गका दलितहरुलाई अधिकतम उत्थान गर्ने स्वरुपको आरक्षण लागू गर्न दलित आयोग योजनाबद्ध ढंगले अगाडि बढ्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराइरहेको छ।

४) छुवाछूत उन्मूलन सरोकार समिति

भेदभाव र छुवाछूतजस्तो निकृष्ट कुचलनले दलित उत्पीडित समुदायको मानमर्दन त स्वभाविक रुपले भएकै छ। यसको साथसाथै मानिस मानिसबीच छुइनु नहुने सामाजिक प्रावधानले सिङ्गो राष्ट्रको छवीमा धव्वा लाग्न गई सामाजिक एकतामा समेत बाधा पुग्ने काम भएको छ। २१ औं शताव्दीमा राष्ट्रको इज्जत र सम्मानमा आँच पुऱ्याउने गलत मान्यतालाई खण्डित गर्न दलितहरुको मात्र एकल प्रयत्न कामयावी बन्न सक्दैन। यसका निम्ति राष्ट्रिय अठोट र संकल्पको खाँचो टड्कारो रुपमा देखापरेको छ। राष्ट्रका प्रत्येक तह तप्काका आम नागरिकले चासो र सरोकार राखेमात्र छुवाछूत समस्या खण्डहरमा परिणत हुँदै जानेछ। यसका लागि आम नागरिकहरुको उत्सुकता, चासो र सरोकारको अपेक्षा गरी दलित आयोगसँग सम्बद्ध रहने गरी छुवाछूत उन्मूलन सरोकार समिति गठन गर्ने निर्णय आयोगले गरी सकेको छ। यो समितिमा मानवशास्त्री र समाजशास्त्री, कानुनविद्, राजनीतिक चिन्तक, धार्मिक, मानवअधिकारवादी, साहित्यकार र महिला रहनेछन् जसको काम, कर्तव्य छुवाछूत उन्मूलनका साथै दलित मानवाधिकार संरक्षणका लागि प्रभावशाली भूमिका खेल्न सक्ने अपेक्षा राखिएको छ।

५. आन्तरिक भेदभाव उन्मूलन अभियान

छुवाछूत समस्या कथित दलित र गैरदलितमा मात्र हैन दलित-दलित बीचमा पनि मौजूद छ। दलितहरुबीचमा रहेको छुवाछूतलाई यथाशीघ्र नहटाइकन दलित मुक्ति असम्भव छ। तसर्थ आन्तरिक छुवाछूत निर्मूल गर्न अनिवार्य ठानी आन्तरिक भेदभाव उन्मूलन अभियान संचालन गर्ने

आयोगको नीतिगत कुरालाई महत्वका साथ अगाडि वढाइरहेको छ।

६. ग्रामीण मध्यस्थकर्ताको व्यवस्था

छुवाछूतको प्रभाव शहर वजारमा भन्दा ग्रामीण भेगमा व्याप्त छ। दलितहरुको वसोबास पनि शहरमा भन्दा गाउँमा वाक्लो छ। दैनानुदिन छुवाछूतवाट सृजित हुने घटना असंख्य मत्रामा वढी रहेका छन्। ग्रामीण तहमा घट्ने त्यस्ता घटनाहरुको सम्वन्धित निकायमा जानकारीसमेत नभएको अवस्था विद्यमान छ। गाउँमा छुवाछूत प्रथालाई न्यून गराउन जागरणमूलक कामहरु गर्ने र घटेका छुवाछूतको घटनाका पीडक पीडितको वीचमा मध्यस्थताको भूमिका निर्वाह गर्ने, त्यस्ता घटनालाई यथासमयमा नै सम्वन्धित निकायमा आधिकारिक तवरवाट सम्प्रेषण गर्नका लागि प्रत्येक गाविस र नपामा ग्रामीण मध्यस्थताकर्ताको व्यवस्था गर्ने कामलाई महत्वका साथ उठाइएको छ।

७. छुवाछूत नियन्त्रण विशेष अदालत

नेपाली समाजमा लैङ्गिक विभेद, क्षेत्रीय असन्तुलन, गरिवीजस्ता समस्यावाट कथित दलित, गैरदलित सवै प्रभावित छन्। यसर्थ यो एक प्रकारको सामान्य र साझा समस्या हो। यसको अलावा दलित समुदायले अन्य समस्यासँगसँगै थप अपमानकारी छुवाछूतको समस्या भोग्नु परेको छ। यो विशिष्ट प्रकृतिको समस्या हो। समस्या विशिप्ट भएपछि त्यसलाई निदान गर्ने राज्यका नीति, ऐन कानुन र त्यसलाई कार्यान्वयन गराउने संयन्त्र पनि विशिप्ट हुनुपर्छ। त्यसो भएको खण्डमा मात्र समस्या समाधानमा पहुँच पुग्न सक्छ। त्यसैको निम्ति राप्ट्रिय दलित आयोगले हाल भएका श्रम अदालत, अन्य विशेप अदालत जस्तै छुवाछूत नियन्त्रण विशेप अदालतको जरुरी महसुस गरी आन्तरिक गृहकार्य प्रारम्भ गरिरहेको छ।

८. प्रभावकारी अनुगमन

जातिभेद, रंगभेद र मानवअधिकारको हननलाई निर्मूल वनाउन अन्तर्राप्ट्रिय मञ्चहरुमा व्यक्त भएका र व्यवस्था भएका प्रतिवद्धताहरुलाई पक्ष राप्ट्रले कार्यान्वयन गर्ने/गराउने सवालमा उत्सुकता र चासो कति लिएको छ, आफ्नो राष्ट्रमा छुवाछूतजन्य अपराधलाई निपेध गर्न के-कस्ता नीति, योजना, ऐन-कानुन तर्जुमा गरिएका छन्, यी सवै कुराको प्रभावकारी अनुगमनको अत्यन्त जरुरी छ। यसलाई मध्यनजर राख्दै दलित आयोगले छुवाछूत उन्मूलनदेखि दलित समुदाको चौतर्फी उत्थानमा लागिरहेका सरकारी, गैरसरकारी संघ-संस्थाको आवधिक अनुगमन गर्ने सम्वन्धमा उचित ध्यान दिइरहेको छ।

९. दलित अन्तरजातीय विवाहलाई प्रोत्साहन

समाजवाट वहिप्कृत भएका दलित समुदायलाई सामाजिक अन्तरघुलनमार्फत् मर्यादापूर्ण सामाजिक जीवनको प्रत्याभूति दिन अन्तरजातीय विवाह एउटा राम्रो विकल्प हो। सामाजिक अवरोधका कारण अन्तरजातीय विवाह गर्न उत्सुक पक्षहरु तिरस्कृत छन्। राप्ट्रिय दलित आयोग, दलित अन्तरजातीय विवाह गर्ने दम्पत्तिहरुलाई उत्साहित गर्न उनीहरुवाट जन्मेको २ वटा मात्र सन्तानलाई राज्यले उच्च शिक्षासम्म नि:शुल्क अध्ययन गराउने व्यवस्था गरी पुरस्कृत गराउने प्रावधानका लागि जोड दिइरहेको छ।

"२१ औं शताव्दीको सन्देश, छुवाछूत प्रथामाथि पूर्ण वन्देज" भन्ने मूल नाराका साथ नेपाली समाजको कलङ्क छुवाछूत प्रथालाई निर्मूल वनाउन आफ्नो लक्ष्य उद्देश्यलाई सहयोग पुऱ्याउन राप्ट्रिय अन्तर्राप्ट्रिय सवै पक्षसँग आयोगले सहयोगको अपेक्षा पनि गरेको छ।

भागवत विश्वासी
अध्यक्ष

अनुसूची ५

क्रिया/प्रतिक्रिया

इन्सेकले नियमित रुपमा प्रकाशन गर्दै आएको मानवअधिकार वर्ष पुस्तक निकै सराहनीय र प्रशंसनीय छ। यसले मानवअधिकार सम्वन्धी चासो राख्ने सबैलाई सुसूचित गर्नका लागि अहम् भूमिका निर्वाह गरेको छ र यथार्थपरक ढंगवाट घटनाको विश्लेषण गरी सामग्री प्रकाशित गर्ने कार्यमा आगामी दिनमा यसको भूमिका अझ सशक्त हुँदै जाओस्। इन्सेकको सकारात्मक प्रयासलाई हामी सराहना गर्दछौं।

दीपककुमार जोशी, प्रमुख जिल्ला अधिकारी, सिरहा

पुस्तकमा मानवअधिकार उल्लंघन, हननका घटनाहरुको समग्र अभिलेख राखिएको पाइयो। राज्य तथा आतंककारीबाट भएका घटनाहरुको ऐतिहासिक दस्तावेजको रुपमा पुस्तकमा सबै कुरा समेटेको पाइयो। आगामी दिनहरुमा अझ परिमार्जित गर्दै सत्यतथ्यको गहिराइमा पुगी पुस्तक प्रकाशन होस् भन्ने कामना गरिन्छ। घटनाहरुलाई अझै विश्लेषणात्मक रुपमा विवरण प्रेषित गर्न जिल्ला प्रतिनिधिको ध्यान जाओस् भनी शुभकामना व्यक्त गर्दछु।

बालकृष्ण थापा, प्रहरी नायव उपरीक्षक, सर्लाही

मानवअधिकारको हनन वा मानवअधिकार उल्लंघन जस्तो अत्यन्तै संवेदनशील विषयलाई समेटेर तयार गरिएको यो मानवअधिकार वर्ष पुस्तकको महत्व आफैंमा गहन छ। आगामी दिनहरुमा मानवअधिकार उल्लंघनसम्बन्धी विषयमा यसैगरी आवाज उठाउन इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

नरबहादुर खड्का, प्रशासकीय अधिकृत
जिल्ला प्रशासन कार्यालय, सर्लाही

हालको जटिल सामाजिक परिस्थितिमा पनि विभिन्न जोखिम उठाउँदै यस संस्थावाट विभिन्न घटनाहरुलाई जस्ताको त्यस्तै पुस्तकमा समेट्दै मानवअधिकार र शान्तिको पक्षमा प्रेरणादायी सन्देश प्रशारण गरेकोमा आगामी दिनमा यस क्षेत्रमा इन्सेकलाई अझ सफलता प्राप्त होस् र पुस्तक प्रकाशनको निरन्तरताको शुभकामना व्यक्त गर्दछु।

निमित्त जिल्ला शिक्षा अधिकारी, सर्लाही

"सुन्दर, शान्त, विशाल" भनिने गरेको हाम्रो मुलुकमा आम नेपाली जनताको मानवअधिकारको स्थिति दिनानुदिन अत्यन्त पीडादायक र अकल्पनीय गन्तव्यतर्फ उन्मुख भइरहेको र दण्डहीनताको अवस्था पनि विकराल हुँदै गएको तथ्यलाई यस वर्ष पुस्तकले प्रशस्त मात्रामा उजागर गरेको देखिन्छ। मानवअधिकारको वर्तमान अवस्था सबैको लागि प्राथमिक चासोको विषय बन्नुपर्दछ भन्ने कुरामा



कसैको पनि विमति नहोला। तर, जसरी इन्सेकले अनवरत रुपमा आफ्नो साधनस्रोतअनुसार यस क्षेत्रमा समयसापेक्ष जिम्मेवारी स्वत:स्फूर्त रुपमा वहन गर्दै आइरहेको छ। निश्चय पनि मानवअधिकारबाट वञ्चित पीडित समुदाय वा वर्गका व्यक्तिहरुले यथोचित उपचार प्राप्त गर्नु पनि उनीहरुको मानवअधिकार भित्रकै अन्तरवस्तु हो। यसमा मौन वा प्रतिक्रियाहीन वा संवेदनहीन रहनु पनि मानवअधिकारलाई अझ अभिसप्त तुल्याउनु सरह हुन जान्छ। अत: समानता व्याप्त हुँदै गएको मौनता (संवादहीनता) को संस्कृतिलाई न्यून गराउँदै मानवअधिकारप्रतिको सचेतनतालाई विस्तार गर्दै लगनमा यो वर्ष पुस्तक सहयोगी बनोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

उदयप्रकाश चापागाई, जिल्ला न्यायाधीशं, सर्लाही

जिल्लामा भएका मानवअधिकार उल्लंघनसम्बन्धी घटनाहरुलाई व्यवस्थित ढंगले अभिलेख राखेको पाइयो। जिल्लामा जनताका माझ सत्य तथ्य राख्न सफल भएको छ। आगामी दिनमा पनि राम्रो गर्नुहुनेछ भन्ने मेरो आशा र विश्वास छ।

महेन्द्र साह, सभापति, नेपाली काँग्रेस, सर्लाही

राज्यपक्ष तथा गैरराज्यपक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरुलाई पुस्तकमा राम्रोसँग चित्रण गरेको पाइयो। देशमा जनप्रतिनिधिहरु विद्यमान

नरहेको वर्तमान परिप्रेक्ष्यमा इन्सेकले प्रकाशन गर्ने गरेको यो महत्वपूर्ण अभिलेखले मानवअधिकार हननको चपेटामा परेकाहरुको पीडालाई साझेदारी गर्ने काम गरेको छ। यतिमात्र होइन मानवअधिकार उल्लंघनको घटनालाई निरुत्साहित गर्ने काममा समेत पुस्तक अग्रपंक्तिमा छ। अतः पुस्तकको सफलताको लागि जिल्लास्थित प्रतिनिधिहरुको सक्रियताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। त्यसैले वर्ष पुस्तक प्रतिनिधिको लगनशिलता र कार्यनिष्ठाको म सम्मान गर्न चाहन्छु।

हरिकृष्ण बोहरा, प्रेस चौतारी, सर्लाही

इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक विगत एक दशकदेखि अध्ययन गर्दै आइरहेकोमा गत वर्षको पुस्तकले धेरै क्षेत्रलाई समेटी व्यवस्थित र प्रभावकारीरुपले आफ्नो पहिचानलाई दरिलो बनाउँदै आएको पाइयो। ऐतिहासिक दस्तावेजको रुपमा रहेको मूल्यवान पुस्तकले सिंगो मुलुकमा भए गरेका मानवअधिकार हननका घटनाहरुको फेहरिस्त प्रस्तुत गरेको पाइयो। कतिपय घटनाहरु अझै जानकारीमा नआएर बाहिर ल्याउन नसकिएको जस्तो देखिएको छ।

केशव ढुंगाना, सचिव, नेकपा (एमाले), सर्लाही

पुस्तकले यस जिल्लालगायत् अन्य जिल्लाहरुमा राज्यपक्ष, माओवादी पक्ष, दोहोरो भिडन्तलगायत् अन्य जानकारीहरु आम जनतामा फैलाउन गरेको कोसिस सराहनीय लाग्यो। साथै, यस्तै सूचना/तथ्यांकमार्फत् आउँदा दिनहरुमा समेत यस्तै किसिमको पुस्तक प्रकाशनको लागि शुभकामना व्यक्त गर्दछु।

रामबलमप्रसाद साह, कार्यकारी अधिकृत, जिविस, सर्लाही

वर्ष पुस्तकमा देशभरिकै मानवअधिकारसम्बन्धी विविध खालका घटनाहरुलाई समेटी लिपीवद्ध गरिएको पाइयो। जिल्लाको सन्दर्भमा भन्नुपर्दा सबै किसिमका घटनाहरु व्यवस्थित रुपमा दर्ज भएका थिए। जिल्ला प्रतिनिधिको सक्रियतालाई धन्यवाद नदिइरहन सकिदैन। आगामी दिनमा अझ यसले विविध क्षेत्रलाई समेटी पुस्तकको वजनलाई अझै वढी कसिलो बनाउने नै छ भन्ने हार्दिक शुभेच्छा प्रकट गरिन्छ।

सुरेन्द्र लामा, अध्यक्ष, चेतना सन्देश नेपाल, सर्लाही

मानवअधिकार वर्ष पुस्तकले राष्ट्रको एउटा महत्वपूर्ण आवश्यकता पूरा गरेको छ। हाल देशमा जनप्रतिनिधि विहिन रहेको सन्दर्भमा जनआवाजलाई टेवा पुऱ्याउने काममा वर्ष पुस्तकको योगदान झन ठूलो छ।

चूडामणि वाग्ले, प्रकाशक/कार्यकारी सम्पादक
नवपरिचर्चा साप्ताहिक, सर्लाही

द्वन्द्वको अवस्थामा राज्यपक्ष र विद्रोही पक्षवाट भएको मानवअधिकार उल्लंघनका घटना तथ्यगत रुपमा समावेश थिए। व्यवस्थित रुपमा मानवअधिकारको स्थितिलाई छर्लंग पार्नु पुस्तकको उपलव्धी हो।

अमन कोइराला, नेपाल पत्रकार महासंघ, सर्लाही

जिल्ला-जिल्लामा भएका समीक्षा गोष्ठीहरू

मानवअधिकार वर्ष पुस्तक २००४ को प्रकाशनपछि देशका विभिन्न स्थानमा पुस्तकसम्बन्धी समीक्षा गोष्ठीहरू सम्पन्न भए। ती कार्यक्रमहरू देशका नौवटा जिल्लामा ०६१ जेठ र असार महिनामा भएका थिए। समीक्षा गोष्ठीको उद्देश्य वर्ष पुस्तकलाई देशका विभिन्न क्षेत्रमा कसरी मूल्याङ्कन गरिएको छ तथा यसलाई मानवअधिकारको प्रवर्द्धनका लागि अझ उपयोगी बनाउन के-कस्ता सुझाव आउँछन् भन्ने बुझ्ने रहेको थियो।

सबै कार्यक्रममा वर्ष पुस्तकका मुख्य संयोजक एवम् इन्सेकका महासचिव कुन्दन अर्यालले भाग लिनु भएको थियो। मानवअधिकार हनन गर्नेहरू एक न एक दिन कठघरामा उभिनैपर्ने र त्यस्तो बेलामा उनीहरूलाई दण्ड दिलाउनका लागि पनि प्रमाण नभई नहुने हुनाले मानवअधिकारसम्बन्धी हरेक घटना अभिलेखित हुनु पर्ने तथ्यलाई पनि महासचिव अर्यालले प्रकाश पार्नु भएको थियो। मानवअधिकार वर्ष पुस्तक एउटा सामान्य पुस्तक मात्र नभई नेपालको मानवअधिकार दस्तावेज भएकाले यसलाई तथ्यपूर्ण एवम् वस्तुनिष्ठ बनाउनु पर्ने चर्चा गर्दै अर्यालले त्यसका लागि सबैको सहयोग आवश्यक पर्नेमा जोड दिनु भएको थियो।

समीक्षा गोष्ठी भएका मिति र जिल्ला

क्र.सं.	मिति	जिल्ला
१	जेठ १३	इलाम
२	जेठ १५	दाङ
३	जेठ २२	कैलाली
४	जेठ २४	डोटी
५	जेठ २७	बाँके
६	असार ६	बारा
७	असार १०	म्याग्दी
८	असार १५	उदयपुर
९	असार १८	काभ्रे

पुस्तकमा प्रकाशित राज्यपक्ष र गैर राज्यपक्षवाट भएका घटनाहरुको स्पष्टसँग बुझ्ने अवसर पुस्तकले दिएको छ। अहिले राज्यपक्ष र गैर राज्यपक्ष दुइटै युद्धरत रहेको अवस्थामा यस पुस्तकमा जिल्ला प्रतिनिधिले खेल्नु भएको भूमिकाको उच्च कदर गर्न चाहन्छु। आगामी दिनमा पनि यस्ता पुस्तकहरुको निरन्तरताको लागि अनुरोध गर्दछु।

प्रशान्त आचार्य, अध्यक्ष जागरण अभियान नेपाल, सर्लाही

मानवअधिकार वर्ष पुस्तक २००४ नजिकवाट अध्ययन गर्ने सुअवसर प्राप्त भयो। पुस्तकमा राज्य र विद्रोही पक्षवाट नागरिकका हनन भएका मानवअधिकारहरु वैचारिक धरातलभन्दा माथि उठी निष्पक्ष र न्यायसंगत ढंगवाट समावेश भएको पाइयो।

नवराज भण्डारी, अध्यक्ष वाग्मती सेवा समाज, सर्लाही

द्वन्द्वको अवस्थामा पनि ठाउँ-ठाउँमा गई घटनाहरुलाई संकलन गर्नु जोखिमपूर्ण कार्य हो। तर मानवअधिकार कहीं कतैबाट उल्लंघन नहोस् तथा भइरहेको घटनाहरु संकलन भविष्यमा पनि भइनै रहने छ भनी आशा व्यक्त गर्दछु।

अध्यक्ष, वार एशोसिएसन इकाई, सर्लाही

वर्ष पुस्तक २००४ प्रारम्भदेखि अन्तिमसम्म अध्ययन गरी हेर्दा अन्य वर्षको भन्दा २००४ को मानवअधिकार वर्ष पुस्तकमा मानवअधिकार बिग्रिएको यथार्थ घटना समेटिएको पाइयो। यसरी राज्य द्वन्द्वको चपेटामा परी घटनास्थलमा गएर मानवअधिकार प्रतिनिधिले घटनाको निरीक्षण गरी यथार्थ प्रतिवेदन तयार गर्न नसक्ने परिस्थितिमा पनि इन्सेकले नेपाल मानवअधिकार वर्ष पुस्तक २००४ मा राज्य र विद्रोही पक्ष वा अन्य पक्षले घटाएको घटनाको यथार्थ खवर आम नागरिकसमक्ष पुऱ्याएको पाउँदा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रति आभार व्यक्त गर्दै यस कार्यले निरन्तरता पाइरहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

जंगबहादुर राई, अध्यक्ष, नेपाल वार एशोसिएसन, सिन्धुली

मानवअधिकार वर्ष पुस्तक २००४ ले नेपालको कहाली लाग्दो मानवअधिकारको स्थितिलाई उजागर गरेर मानवअधिकारको उल्लंघन नै आफ्नो पौरख ठान्ने उल्लंघनकर्ताहरुको मर्ममा प्रहार गरेको छ। मानवअधिकार उल्लंघनका श्रृङ्खलावद्ध अपराध गर्नेहरुलाई नैतिक दवाव दिन इन्सेकको यो प्रकाशन सफल छ। यसले निरन्तरता पाओस्। शुभकामना।

विषमलाल अधिकारी दनुवार, उपसचिव, एमाले, सिन्धुली

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरु उपर भएका अतिक्रमणलाई घटाउन यस पुस्तकका प्रयासहरु प्रशंसनीय छन्। यस कार्यमा अझ वढी जीवन्तता प्रदान गर्न सकियोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

जयमुकुन्द खनाल, प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवअधिकार वर्ष पुस्तकले देशको कुना काप्चासम्म प्रत्येक मानवअधिकार उल्लंघनका घटना सम्वन्धमा चासो राख्ने प्रत्येक नागरिकहरुलाई महत्वपूर्ण सामग्री भएको छ।

जयबहादुर चन्द, का.वा. प्रहरी उपरीक्षक जिल्ला प्रहरी कार्यालय, हेटौंडा

राज्य र विद्रोहीपक्षबाट मानवअधिकार हनन हुँदा सम्वन्धित ठाउँवाट न्याय नपाइएता पनि पुस्तकको रुपमा प्रकाशित विवरणमा पीडित पक्षले केही राहतको अनुभव गर्ने गरेको छ। यस दिशामा यो पुस्तक आगामी दिनमा झनै परिस्कृत र मानवअधिकार जस्तो ज्वलन्त विषयमा झनै चनाखो भई अघि बढ्न सफलताकको शुभकामना गर्दछु।

रघुनाथ खुलाल, सचिव, नेकपा (एमाले)

वर्ष पुस्तक २००४ ले मानवअधिकार र सामाजिक न्यायको संरक्षणका लागि राज्य र विद्रोहीलाई खवरदारी गरेको छ। यो कार्यले निरन्तरता पाओस् भनी शुभकामना व्यक्त गर्दछु।

मंगलनारायण मानन्धर, सभापति, नेकाँ, मकवानपुर

पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षवाट भएका मानवअधिकार उल्लंघनका घटनाहरु सार्वजनिक भएबाट पीडकहरु निरुत्साहित हुने भई मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा ठोस योगदान पुग्ने छ भन्ने अपेक्षा राखेको छु।

'माइकल' रामचन्द्र अर्याल, सभापति, नेकाँ (प्रजातान्त्रिक), मकवानपुर

समग्रमा हेर्दा मानवअधिकार वर्ष पुस्तकले सवै विषयलाई समेटेर सन्तुलित ढंगले प्रकाशित गरिएको छ। यो नेपालको मानवअधिकार अवस्थाको दस्तावेजका रुपमा रहेको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

नवराज विष्ट, सहसचिव, राप्रपा, मकवानपुर

जुनसुकै पक्षवाट भएका मानवअधिकारका उल्लंघन सम्वन्धी घटनाहरुको यथार्थ चित्रण गर्न यस पुस्तकले प्रयास

गरेको हुँदा मानवअधिकारका हिमायतीलगायत् सवैलाई यस पुस्तकले अमूल्य योगदान पुऱ्याएको छ भन्ने मलाई लागेको छ।

बलराम बल, अध्यक्ष, जनमोर्चा नेपाल

समग्रमा हेर्दा मानवअधिकार वर्ष पुस्तकले समेटेका मानवअधिकारसम्वन्धी सवै विषयवस्तुहरु सराहनीय छन्। मानवअधिकार उल्लंघनका घटना रोक्न वर्ष पुस्तक आफै असमर्थ भए तापनि मानवअधिकार उललंघनका घटनालाई सार्वजनिक गर्न यो वर्ष पुस्तक सफल भएको छ।

तेजबहादुर गोदार, सभापति, मानवअधिकार तथा शान्ति समाज, मकवानपुर

इन्सेकले मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरेर मुलुकको मानवअधिकारको अवस्थाबारे सुसूचित गरेर सराहनीय कार्य गरेको छ। राजनीतिक दलहरुवाट स्वतन्त्र भएर विदेशीको सहयोगमा चनाखो रहेर देश र जनताको पक्षमा निरन्तर रुपमा यस्ता पुस्तकहरु प्रकाशन गर्न शुभकामना व्यक्त गर्दछु।

रामनारायण बिडारी अध्यक्ष, मानवअधिकार संरक्षण मञ्च, मकवानपुर

मानवअधिकार संरक्षणको लागि स्थानीय प्रशासन एवम् सुरक्षाकर्मीलगायत् अन्य क्षेत्रहरुमा यस जिल्लामा मानवअधिकारकर्मीहरुबाट प्राप्त सहयोग प्रशंसनीय छ। मानवअधिकारको क्षेत्रमा तथ्यपरक समाचारलगायत् वास्तविक, निष्पक्ष एवम् तटस्थ रुपमा प्रकाशित गरी सुसूचित गराउन इन्सेक सक्षम रहन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

गेहनाथ भण्डारी, प्रमुख जिल्ला अधिकारी, भक्तपुर

वर्ष पुस्तक २००४ ले मानवअधिकारमाथि वर्तमान द्वन्द्वको आडमा राज्यपक्ष एवम् विद्रोही पक्षबाट हुने अतिक्रमणको यथार्थ चित्रण गर्नुका साथै विभिन्न वहानामा अन्य पक्षहरुबाट हुने गरेका मानवअधिकार उल्लंघनका घटनाहरुलाई समेत यथास्थान उल्लेख गरिदिएवाट यसको माध्यमले नेपाल चियाउन र बुझ्न मद्दत मिलेको छ, जसको लागि इन्सेकद्वारा गरिएको प्रयास अत्यन्त सराहनीय छ।

विवेकराज ढुंगेल, अध्यक्ष नेपाल वार एशोसिएसन, भक्तपुर

मानवअधिकार संरक्षणमा राज्यको गहन जिम्मेवारी हुँदाहुँदै पनि राज्यले गर्न नसकेका कतिपय कार्यहरु इन्सेकवाट भइरहेको यथार्थ यसै पुस्तकवाट स्पष्ट हुन्छ। वास्तवमा मानवअधिकारको प्रत्याभूति जनस्तरसम्म महसुस गराइनु तथा जनचेतना फैलाउने जुन प्रयास छ, त्यसमा निरन्तर अगाडि बढ्न इन्सेकको सफलता हो। प्रस्तुत पुस्तकवाट वर्षभरिमा राज्य र गैरराज्यवाट भए/गरेका सम्पूर्ण मानवअधिकार उल्लंघनका घटनाहरु केलाई सत्यतथ्य प्रकाश पार्ने काम भएको छ। देशमा विद्यमान मानवअधिकारको सही वस्तुस्थिति अध्ययन गरी तयार पारिएको एउटा दस्तावेजको रुपमा यस पुस्तकलाई लिंदा अत्युक्ति नहोला। देश आज प्रसव पीडावाट गुज्रिरहेको अवस्थामा जनताका पीडाहरुको संग्रह गरी मानवअधिकारको वकालत गर्न यो पुस्तक अग्रसर देखिएको यथार्थ कसैले पनि नकार्न मिल्दैन। तर महिला हिंसाका घटनाहरु बढी मात्रामा खोज गर्दै पुस्तकमा समावेश गरियोस्।

दीपिका थापा
संस्थापक प्रिन्सिपल, सिद्धार्थ विद्यापिठ भक्तपुर

पुस्तकले मानवअधिकार हननका घटनाहरु खोजतलास गरी प्रकाशित गर्न सक्नु आफैमा निष्पक्षता र निर्भिकताको परिचायक मान्न सकिन्छ। पुस्तकमा तथ्य घटनाहरुसमेत समावेश भई प्रकाशित गरे आगामी आउँदा दिनमा मानवअधिकार उल्लंघनको कार्यमा कमी आउने छ भन्ने विश्वास लिएको छु।

प्रेमबहादुर केसी, जिल्ला न्यायाधीश, भक्तपुर

मानवअधिकारसम्वन्धी जानकारीको लागि वर्ष पुस्तक उपयोगीसिद्ध भएको पाइन्छ। त्यसैले मानवअधिकार संरक्षण र सम्बर्द्धनको लागि सूचना संकलन, वास्तविक सत्यतथ्य र यथार्थमा आधारित बनाई स्वतन्त्र र निष्पक्ष ढंगले प्रस्तुत गरी निरन्तरता र विश्वसनियता स्थापित होस् भन्ने अपेक्षासहित उत्तरोत्तर प्रगतिको शुभकामना दिन चाहन्छु।

कृष्णमुरारी खनाल, कानुन व्यवसायी, भक्तपुर

प्रत्येक वर्ष मानवअधिकार उल्लंघनका घटनालाई समावेश गरी मानवअधिकार वर्ष पुस्तक प्रकाशित गरिँदै आएकोमा आउँदा दिनहरुमा पनि निर्भिक भएर मानवअधिकार उल्लंघनका घटनाहरु एकमुष्ठ रुपमा एकै पुस्तकमा समेट्ने अथक प्रयास वर्ष २००५ मा पनि रहने विश्वास लिँदै यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

प्रभाकर खनाल, अधिवक्ता, भक्तपुर

वर्ष पुस्तकमा आफू कार्यरत धादिङ जिल्लामा भएका विविध मानवअधिकार विषयका प्रस्तुतिहरु अध्ययन गर्ने अवसर पाएँ। सो पुस्तकमा लेखिएका एक वर्षभित्र राज्यपक्षवाट गराइएका भनेका घटना सुरक्षाकर्मीवाट गोली हानी हत्या गरिएको भन्ने लेखिएको पाइएकोमा त्यस्ता घटनाहरु अधिकांश दोहोरो भिडन्तमा मारिएको भनी सुरक्षा

निकायबाट जानकारी प्राप्त हुने गरेको छ। त्यस्तै सो पुस्तकमा बेपत्ता अपहरण भनिएकोमा जिल्लास्थित सुरक्षा निकायहरुबाट पक्राउ गरी पेश भएका व्यक्तिहरुलाई आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण ऐन अनुसार थुनुवा पूर्जी दिई राखिएकोमा पछि क्रमश: छोडिएको छ। त्यसरी पूर्जी प्राप्त गरी छोडिएका व्यक्तिहरुमा कुम्पुर गाविस-३ का पुष्पराज थपलिया, थाक्रे गाविस-३ का ज्ञानेन्द्र बिडारी, नौविसे गाविस-१ का घनश्याम अधिकारी, सोही ठाउँका सुदर्शन रेग्मी रहेका छन्। अन्य व्यक्तिहरु (पुस्तकमा लेखिएका) को विषयमा यस कार्यालय र मातहतका निकायमा कुनै जानकारी नरहेको पाइयो।

माओवादीद्वारा हत्या गरिएका भनिएका अधिकांश व्यक्तिहरु सर्वसाधारण रहेको, केही व्यक्ति सामान्य राजनीतिक कार्यकर्ता रहेका र सुरक्षा निकायहरुसँग कुनै पनि हिसाबले सम्पर्क र सम्बन्धमा रहेको पाइएको छैन। अन्य विषयहरु खासगरी बालअधिकार लगायत् भेदभाव/दूर्व्यवहार विषयमा पुस्तकले आगामी दिनमा अरु बढी प्रचार-प्रसार गर्ने प्रयास गरी उनीहरुको अधिकार स्थापित गर्न योगदान पुऱ्याउने विश्वास लिइन्छ। सुरक्षा निकायहरु लगायत् स्थानीय प्रशासन जिल्लावासी सम्पूर्ण नागरिकहरुको मानवअधिकारप्रति सचेत र सचेष्ट रहेको छ।

चक्काजाम, बन्द, नाकाबन्दी र बम विस्फोट गराई सरकारी एवम् सर्वसाधारण व्यक्तिहरुको ज्यान धनमा क्षति पुऱ्याउने गतिविधिहरु हालैका समयमा बढी मात्रामा वृद्धि भई सर्वसाधारणको जीवन् अरु कष्टकर तुल्याउने काम भएको छ। यसबाट सर्वसाधारणको हिंडडुल गर्ने, अर्थोपार्जन गर्ने लगायत् मूलत: बाँच्न पाउने अधिकारमाथि अत्यन्त ठूलो आघात पुग्न गएको सन्दर्भमा द्वन्द्वमा संलगन मूलपक्ष माओवादीबाट समस्या समाधान एवं शान्ति स्थापनामा विशेष पहल हुनु पर्ने देख्दछु। मानवअधिकार वर्ष पुस्तक २००४ उपलब्ध गराई दिनु भएकोमा धन्यवाद व्यक्त गर्दछु।

जीवनप्रसाद वली, प्रमुख जिल्ला अधिकारी, धादिङ

माओवादी जनयुद्धले देश आक्रान्त भएको छ। सरकार र माओवादी दुवैतर्फबाट मानवअधिकारको उल्लंघन भएको छ। देशमा दिनप्रतिदिन संकट थपिंदै गएको अवस्थामा मानवअधिकार वर्ष पुस्तक २००४ मा मानवअधिकार हननका घटनाहरुको खोजी गर्दै वास्तविकताको आधारमा वर्ष भरिमा राज्य र गैरराज्य पक्षबाट भए गरेका सबै कुरा यस वर्ष पुस्तकमा प्रकाशित गरी सबैलाई सुसूचित गराउन सफल भएको हुँदा इन्सेक धन्यवादको पात्र भएको छ।

कृष्णप्रसाद अर्याल, कार्यालय सचिव, एमाले, धादिङ

मानवअधिकार वर्ष पुस्तक २००४ समग्रमा राम्रो छ। तर यसमा पत्रपत्रिकामा आएका घटनामात्र उजागर भएको जस्तो लाग्यो। समाजभित्र भूसको आगोझैं फैलिरहेको घरेलु हिंसा, बालविवाह, अनमेल विवाह र बहुविवाह जस्ता घटनाहरुलाई पनि समेट्न सके "सुनमा सुगन्ध, उखुमा फल" भनेजस्तो हुने थियो। इन्सेकको अभियानलाई हार्दिक साधुवाद।

केशव दुवाडी, पत्रकार तथा अध्यक्ष गैसस महासंघ, धादिङ

मानवअधिकार वर्ष पुस्तक आफैमा एउटा ऐतिहासिक दस्तावेज हो। सिंगो मुलुकको मानवअधिकार उल्लघनका घटना संकलन गरी सम्पादन गर्नु कम चुनौतिपूर्ण कार्य होइन। यसको लागि बधाइको पात्र छ, इन्सेक परिवार। पुस्तक प्रकाशित गर्नु अघि र पुस्तक प्रकाशित भएपछि पनि जिल्ला जिल्लामा यसबारे व्यापक छलफल चलाउन् सकेको भए राम्रो हुने थियो। यसो गर्दा कुनै घटना पनि छुट्ने थिएनन् र सहभागीहरुबाट प्राप्त सुझावलाई समेत पुस्तकमा समावेश गर्न सकिन्थ्यो।

राजेन्द्रप्रताप शाह, सभापति, नेपाल पत्रकार महासंघ, धादिङ

देशमा विद्यमान असहज परिस्थिति, राजनीतिक अन्योलता, संविधानको निस्कृयता र प्रतिगमनको विकास एवम् विस्तार भइरहेको बेलामा पनि जीवनको आहुति दिंदै मानवअधिकारको तथ्यांक संकलन गर्ने इन्सेक सहकर्मीहरुको योगदान कदरयोग्य छ। आफू मरेर पनि अरुको हक-अधिकार प्राप्तिको लागि संघर्षरत मानवअधिकारकर्मीहरुको तर्फबाट यस पुस्तकको निरन्तरताको कामना गर्दछु। वर्षपुस्तक मानवअधिकारविरोधी क्रियाकलापमा संलग्न भएकाहरुलाई दण्ड सजाय दिन मद्दत पुऱ्याउने लिखित नजीरको रुपमा स्थापित होस् भन्ने चाहन्छु।

केशव अधिकारी "श्रमिक", महासचिव, ग्लिक

जुनसुकै पक्षबाट भएको मानवअधिकार उल्लंघनलाई प्रस्तुत पुस्तकले समेटेर मानवअधिकारबारे सूचित गरिनु यस पुस्तकका उल्लेख्य पक्ष हुन्। मुलुकमा गैरन्यायिक हत्या र मानवअधिकार उल्लंघन बढ्दो छ। त्यसकारण वर्ष पुस्तकमा स-साना घटनाहरुलाई उल्लेख गरिरहनुभन्दा महत्वपूर्ण घटनाको चर्चा गरिनु आवश्यक छ। विगतमा उल्लेख गरिएका घटनाबारे अनुगमनसमेत समावेश हुनु राम्रो पक्ष हो। सरकार र माओवादी वार्ताका क्रममा दुवै पक्षका प्रस्तावहरु प्रकाशन गरेर ऐतिहासिक दस्तावेजलाई संग्रहित गरिनु पुस्तकको उल्लेखनीय पक्ष बनेको छ। जिल्लाका घटनाहरुलाई प्रकाशन गरिनुअघि जिल्लाभित्र क्रियाशील मानवअधिकारकर्मी संघसंस्थाहरुसग अन्तरक्रिया गरिएमा सम्पूर्ण तथ्य-तथ्यांकहरु यथार्थपरक बन्नेछन्।

विशाल अधिकारी, अध्यक्ष, महिला कानुनी साक्षरता तालिम कार्यक्रम, धादिङ

आज देश अत्यन्त संकटपूर्ण अवस्थावाट गुज्रिरहेको छ। विगतझैं यस वर्ष पनि देशमा भएका मानवअधिकार उल्लंघनका घटनाहरु पुस्तकमा समावेश गरी प्रकाशन हुन सकोस् भन्ने धारणा व्यक्त गर्न चाहन्छु। विगत दश वर्षदेखि देशमा माओवादी विद्रोहीहरुद्वारा जारी हत्या, हिंसा र त्यसको विरुद्ध राज्यद्वारा सञ्चालित प्रतिहिंसावाट देशमा सुरक्षाकर्मी मात्र नभई सर्वसाधारण विद्यार्थीलगायत् निमुखा वालवालिकाले समेत ज्यान गुमाउनु परेको यथार्थ जानकारी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुऱ्याउने जोखिमपूर्ण कार्यको लागि हार्दिक धन्यवाद समेत दिन चाहन्छु।

भुपेन्द्रबहादुर थापा, सभापति, नेकाँ, सिन्धुपाल्चोक

वर्तमान अवस्थामा हिंसात्मक द्वन्द्ववाट मुलुक आक्रान्त छ। हिंसात्मक द्वन्द्वले मुलुकको राजनीतिक, आर्थिक, शैक्षिक, सामाजिक र सांस्कृतिक सबै पक्षलाई अत्यन्तै प्रभावित गरेको छ। मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघन हुने गर्दछ। मुलुकको यस्तो कठिन र जटिल परिस्थितिमा मानवअधिकारको क्षेत्रमा इन्सेक प्रतिनिधि र इन्सेकले खेलेको भूमिका अत्यन्तै महत्वपूर्ण छ। मानवअधिकार उल्लंघनका घटना जोसुकैवाट भए पनि त्यसलाई वर्ष पुस्तकको माध्यमवाट सर्वसाधारणमा पुऱ्याउने प्रयत्न अत्यन्तै प्रशंसनीय छ। वर्ष पुस्तकले जनचेतना जगाउनुका साथै नागरिक समाजलाई सुसूचित गराएको छ। अव प्रकाशित हुने वर्ष पुस्तक विगतको भन्दा अझ वढी स्थलगत अध्ययनको आधारमा तथ्यगत जानकारी गराई, आम नागरिकलाई मानवअधिकारप्रति सचेत गराउने दिशामा सफलता मिलोस्।

सुभाष कर्माचार्य, सचिव, एमाले, सिन्धुपाल्चोक

मानवअधिकार वर्ष पुस्तक २००४ सरसर्ती अध्ययन गर्ने अवसर प्राप्त भयो। पुस्तकमा उल्लेख गरिएका मानवअधिकार उल्लंघन तथा हननका घटनाहरुलाई वस्तुनिष्ठ आधारमा सत्यतथ्यको नजिक गई प्रकाशित गरिँदा पीडित पक्ष तथा सम्वन्धित सवैलाई वढी सुसूचित र तथ्य नजिक पुग्न सहयोग पुग्ने देखिन्छ। यस कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को कार्यलाई सराहनीय मान्नुपर्दछ। आगामी दिनमा मानवअधिकार हननको घटनाको तथ्यगत विवरणको साथमा पीडित तथा पीडक पक्षहरु वीच पुगी अझ वढी यथार्थपरक घटनाहरुलाई समेटेर पुस्तक प्रकाशित गरिएमा पुस्तक अझ वढी परिमार्जित र आधिकारिक हुनेछ भन्ने आशा राख्दछु।

रुद्रनाथ बस्याल, प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक

मानवअधिकारको संस्थागत विकासको निम्ति इन्सेकको कदम अत्यन्त सराहनीय छ। यसको भूमिका तथा परिच्छेदवाट वर्षको सवैभन्दा मुख्य-मुख्य घटनाको विश्लेषण गरी अनुसूचीअनुसारका जिल्लाको घटनाहरुवाट देशमा भइरहेको मानवअधिकार उल्लंघन र ज्यादतिको घटनाका वारेमा सर्वसाधारण र चासो राख्ने जनताले पनि थाहा पाएका छन्। उनीहरुले पनि सुधिने मौका प्राप्त गर्छन्। केही घटनाहरु प्रतिनिधिको जानकारीमा नआएर हो वा सान्दर्भिक नभएर हो छुट्टिरहेका छन्। सबै पक्षलाई समेट्न सके इतिहासको लागि समेत संग्रहणीय हुनेछ।

भुमराज तिवारी, अध्यक्ष, रिलेक, नुवाकोट

इन्सेकद्वारा हरेक वर्ष प्रकाशन गरिने नेपाल मानवअधिकार वर्ष पुस्तकले देशमा जुनसुकै पक्षवाट हुने गरेका मानवअधिकार उल्लंघनका घटनाहरुलाई समेटी समाजमा उजागर गरिदिने गरेकाले हरेक पक्षलाई मानवअधिकार संरक्षण गर्नेतर्फ सजग र सर्तक बनाएको छ जसले गर्दा मानवअधिकार हननका घटनामा केही कमी आउने देखेको छु।

क्षेत्रबहादुर भण्डारी, प्रमुख जिल्ला अधिकारी, नुवाकोट

सन् २००४ वर्षभरि माओवादी पक्षवीचको द्वन्द्वको कारण र परिणाम सामान्य नागरिकको मानवअधिकारको असामान्यरुपले उल्लंघन भएको विभिन्न प्रकारका घटना, पीडित र पीडक व्यक्तिको पहिचान स्थलगतरुपमा सत्यतथ्यको खोजी र संकलन गरी मानवअधिकारको राष्ट्रिय स्थितिको प्रकाशन गरिएबाट द्वन्द्वरत पक्षको भनाइ र गराइमा रहेको फरक सर्वसाधारणलाई जानकारी गराउन मानवअधिकार वर्ष पुस्तक २००४ सफल रहेको देखिन्छ। संक्षिप्तमा मानवअधिकारको संरक्षणका विभिन्न पक्षको वर्णन गरिएको र वर्तमान द्वन्द्वको समाधानका उपायको सुझाव पनि दिएको पाइयो। मानवअधिकारको वर्तमान स्थितिको राजनैतिक दलहरुको विचार र विभिन्न निकायको अवधारणा पनि समाहित गरिएवाट पुस्तकको महत्व अभिवृद्धि भएको छ। समग्रमा, मानवअधिकारप्रति आम नागरिकमा जागरुकता वढाउन, चेतना जगाउन, मानवअधिकारको उल्लंघनमा न्यूनीकरण ल्याउन यो पुस्तक प्रेरणादायक हुनेछ। इन्सेक र यसका परिवारका सदस्यमा हार्दिक शुभकामना।

बलरामप्रसाद अधिकारी, जिल्ला न्यायाधीश, नुवाकोट

वर्ष पुस्तक २००४ अध्ययन गर्दा समेटिएका घटनाहरु लथ्यगत र कतिपय घटनाको नजिक पुग्न खोज्दा खोज्दै पनि छुट हुन गएको देखिन्छ। तथापि आगामी दिनमा मानवको स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने नैसर्गिक अधिकारउपर हुने अनिक्रमणलाई घटाउन यस पुस्तकको माध्यमबाट सवैलाई बल पुग्नेछ भन्ने आशा र विश्वासका

साथ सफलताको शुभकामना व्यक्त गर्दछु।

निर्माणकुमार पोखरेल, जेलर, कारागार शाखा, नुवाकोट

मानवअधिकारको क्षेत्रमा लामो समयदेखि क्रियाशील संस्था इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकले जुनसुकै पक्ष वा जुनसुकै तरहबाट भए गरेको मानवअधिकारको उल्लंघन कार्यलाई दृढताका साथ तथ्य संकलन गरी यथार्थताको नजिक पुग्न खोजेको छ। अझै तथ्यपरक र यथार्थका घटनालाई उजागर गर्दै नेपालको मानवअधिकार आन्दोलनलाई सशक्त नेतृत्व दिन सकोस्, शुभकामना।

लक्ष्मण नेउपाने, प्रहरी उपरीक्षक, रसुवा

मानवअधिकार वर्ष पुस्तक २००४ अध्ययन गर्ने अवसर प्राप्त गर्दा खुशी लाग्यो। पुस्तक मानवअधिकारको पक्षमा आफ्नो धारणा प्रस्तुत गर्न र मानवअधिकार विरुद्धका अधिकांश घटना समेटेर प्रकाशन गर्न सफल रहेछ। पुस्तकको प्रकाशन मानवअधिकारको क्षेत्रमा प्रशंसनीय कार्य हो। पुस्तकको प्रकाशनको निरन्तरताका साथ सर्वशुलभ हुन सकेमा मानवअधिकारको क्षेत्रमा थप बल पुग्ने देखिन्छ।

स्थानेश्वर दुवाडी, सभापति, मानवअधिकार तथा शान्ति समाज, गोरखा

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, सन्धि-अभिसन्धि तथा नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको मानवअधिकार आज संकटमा परेको छ। मानवअधिकार हनन गर्ने राज्य र गैरराज्य गम्भीर देखिँदैनन्। यसरी संकटमा परेको मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न इन्सेक र वर्ष पुस्तक सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

पुण्य भुसाल, सचिव, एमाले, स्याङ्जा

शान्तिप्रिय नेपालीहरुको मातृभूमि नेपाल केही वर्ष यता हिंसा र द्वन्द्वका कारण अशान्ति र पीडाले रन्थनिएको छ। मान्छेले मान्छेकै सुखशान्ति र उपयोगिताको भूमिका बढाउने उद्देश्यबाट प्रकाशन हुन लागेको यस वर्ष पुस्तकले नेपाल अधिराज्यको संविधान २०४७ ले आकांक्षा राखेको मानवअधिकारको सम्वर्द्धन र संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वासका साथ उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना प्रकट गर्दछु।

चित्रदेव जोशी, जिल्ला न्यायाधीश, स्याङ्जा

नेपाल मानवअधिकार वर्ष पुस्तक २००४ ले अधिराज्य भरिका विविध सूचना संकलन गरी यसबारेमा विस्तृत जानकारी गराउने प्रयास अत्यन्तै स्तुत्य छ। देश अहिले ठूलो हत्या र हिंसाको चपेटामा परेको छ। जनतातै मानवीय भावना अहित भएको छ। मानवको रगतको खोलो बगेको छ। सही र सत्य समाचारहरुको प्रकाशनले कहाँ के कस्तो परिस्थिति सिर्जना भएको रहेछ थाहा पाउन सजिलो हुन्छ। जो मरे पनि नेपाली नै मर्ने भएकाले द्वन्द्वरत पक्षले धैर्य र संयम अपनाउन अत्यन्त आवश्यक छ।

खगेन्द्रराज रेग्मी, सभापति नेका स्याङ्जा

नेपाल अहिले इतिहासकै सबभन्दा जटिल र गम्भीर द्वन्द्वमा फसेको छ। दिनहुँ मानवअधिकार उल्लंघनका घटनाहरु सुन्न र देख्न परिरहेको छ। यस परिवेशमा यस्ता किसिमका पुस्तकहरुले द्वन्द्वरत पक्षहरुलाई मानवअधिकारको सम्मान र रक्षा गर्न आँखा देखाउन सफल हुनेछ भन्ने आशा गर्दछु। साथै नियमितरुपमा यो पुस्तिका प्रकाशन गरेर इन्सेकले मानवअधिकारको जगेर्ना गर्न ठूलो गुन लगाएकोमा आभारसमेत प्रकट गर्न चाहन्छु।

दुर्गाप्रसाद पोखरेल, प्रमुख जिल्ला अधिकारी, स्याङ्जा

वर्तमान मुलुकको पहिलो समस्या भनेको मानवअधिकारको प्रश्न भएको छ। विगत केही वर्षदेखि राष्ट्रले द्वन्द्वको सामना गर्न परिरहेको छ। र, युद्धरत पक्षहरुबाट पटक-पटक हुने मानवअधिकार उल्लंघनका घटनाहरुले देशमा असहज परिस्थितिको वातावरण सृजना भइरहेको छ। जसको कारणले गर्दा स्वतन्त्र भएर बाँच्न पाउने अधिकार त समाप्त भए-भए यहाँसम्मकी विपत्तिमा धित मरुन्जेल रुनसमेत नपाइने भएको छ। मानवअधिकार प्रायः समाप्त भएको यस विषम परिस्थितिमा नेपाली जनताको विश्वास योग्य संस्थाको रुपमा इन्सेकले आफूलाई उभ्याउन सफल रहोस्।

खिमबहादुर रानामगर, अध्यक्ष, जनमोर्चा नेपाल, स्याङ्जा

मानवअधिकार वर्ष पुस्तक २००५ प्रकाशन हुन लागेकोमा खुशी लागेको छ। यसले विस्तृत जानकारी जनमानसमा हुने अपेक्षा लिएको छु। जो-जसबाट मानवअधिकार जस्तो संवेदनशील कुरा हनन नहोस् र यस संस्थाले पनि निष्पक्ष रुपमा मानवअधिकार उल्लंघनका घटनाहरु जनमानसमा पुऱ्याउन सकोस् भन्दै शुभकामना व्यक्त गर्दछु।

कृष्णबहादुर कार्की, कार्यालय प्रमुख, कारागार शाखा, स्याङ्जा

इन्सेकद्वारा नियमितरुपमा प्रकाशित हुँदै आएको मानवअधिकार वर्ष पुस्तक मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा ज्यादै सराहनीय, उपयोगी एवम् फलदायी रहेका छन्। आगामी दिनमा निस्कने यस्ता वर्ष पुस्तकहरुले

मानवअधिकारको संरक्षण एवम् विकासमा अझ वढी योगदान दिनसक्ने छ भन्ने मैले आशा राखेको छु।

बलराम त्रिपाठी, जिल्ला न्यायाधीश, स्याङ्जा

अहिले देश आन्तरिक सशस्त्र द्वन्द्ववाट गुज्रिरहेको छ। मानवअधिकारका थुप्रै सन्धिहरुको पक्ष भएको राज्य पक्षले ठाडोरुपमा मानवअधिकारको उल्लंघन गर्दा पीडादायी छ। जनताका लागि लडेको भन्ने माओवादीले जनतालाई प्रत्यक्ष तत्काल असर पर्ने वन्द, नाकावन्दी गर्ने विडम्वना अर्कोतिर छ। यसका साथै दुई पक्षले वेला-वेलामा अन्तर्राष्ट्रिय मानवीय कानुनको आफू पक्ष भएको र सम्मान गर्ने घोषणा गर्छन् तर व्यवहारमा मानवअधिकार रक्षकहरुलाई नै दुःख दिने मात्र नभई ज्यानसम्म लिने त्यो पनि बर्बर तवरवाट यस्तो परिस्थितिमा मानवअधिकारको संरक्षण गर्न साथै सत्यतथ्य घटना ल्याउन कठिन छ। यति हुँदाहुँदै पनि यसमा समेटिएका घटनाहरुलाई हेर्दा देशको कुना-कुनावाट समाचार आएको बुझ्न सकिन्छ यो प्रशंसनीय छ। इन्सेकले अझ वढी संवेदनशील बनी अझ कुना कुनामा पुगी घटना संकलन गर्नुको साथै मानवअधिकार संरक्षणमा वढी लाग्नु पर्ने देखिएको छ।

राजेश शर्मा, अध्यक्ष, रिलेक जिल्ला शाखा, कास्की

जनताको वाँच्न पाउने अधिकार कुण्ठित भइरहेको अवस्थामा इन्सेकको पहल सराहनीय छ। यो कार्य निरन्तर रहिरहोस् भन्ने पूर्ण विश्वासका साथ समग्र मानवअधिकारका घटनाहरु समेटिने छन् भन्ने कुरामा विश्वास लिएको छु।

लिला गिरी, सचिव, एमाले, रुपन्देही

मानवअधिकार वर्ष पुस्तक २००४ मा प्रकाशित समग्र घटनाहरु यथार्थपरक रहेको पाइयो। यसले देशको कुना-काप्चामा भएका घटनाहरु संगालेर पुस्तकको रुपमा जनमानसमा ल्याई मानवअधिकारप्रति नेपाली जनतालाई जागरुक र सचेत पार्ने काम गरेकाले पुस्तकको प्रकाशन प्रशंसनीय एवम् सान्दर्भिक छ।

सुरेशप्रसाद शर्मा, सचिव नेकाँ (प्रजातान्त्रिक), रुपन्देही

नेपालीको "काम विनाको वेफुर्सदी" र पुस्तकको ठूलो आकारको कारणले पुस्तकको सम्पूर्ण गहिराईमा पुग्न सकिएन। तर पनि इन्सेकले आफ्ना जिल्लास्तरीय प्रतिनिधि मार्फत् देशव्यापी उल्लंघन भएका मानवअधिकारका घटनाहरुलाई पुस्तकमा एकत्रित गरी जसरी सार्वजनिक गरेको छ सम्वन्धित जिम्मेवार पक्षले साच्चै नै मनन गर्ने हो भने सन् २००५ देखि मानवअधिकार उल्लंघनका घटना निःसन्देह रुपमा कम हुँदै जानेछन् भन्ने आशा गर्दछु।

मनवीर गर्बुजा मगर, अध्यक्ष, मानवअधिकार संरक्षण मञ्च, रुपन्देही

मुलुक आन्तरिक द्वन्द्वमा रुमलिरहेको वर्तमान समयमा विभिन्न पक्षवाट मानवअधिकार उल्लंघनका घटनाहरु समेट्न सफल देखिएको प्रस्तुत पुस्तकको प्रकाशनले प्रत्येक व्यक्तिको मानवअधिकारप्रति सम्मान गर्दै आगामी दिनमा मानवअधिकार उल्लंघनका घटना दोहोरिन नदिन सम्वद्ध पक्ष सजग र सचेत रहन प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

यादवराज पाण्डेय, जेलर, जिल्ला कारागार, रुपन्देही

वर्तमान अवस्थामा द्वन्द्व समेतका कारण मानवअधिकारको प्रत्याभूतिको अवस्था कहालिलाग्दो अवस्थामा रहेको र इन्सेकजस्ता मानवअधिकार संस्थाको काम तथा दायित्व व्यापक बन्दै गएको छ भने यस अभियानमा लाग्नु आफैमा कष्टकर छ। यस्तो जटिल परिस्थितिको बीच पनि यस जिल्लाका वर्ष पुस्तक प्रतिनिधिको अनवरत प्रयास सराहनीय छ। अझ खोज तथा तथ्यपरक लेखनको अपेक्षा गर्दछु।

हुमनाथ पाण्डे, अध्यक्ष उपभोक्ता हित संरक्षण मञ्च नेपाल, कपिलवस्तु

वर्ष पुस्तक सन् २००४ को मानवअधिकारको हनन र उल्लंघन गर्ने पक्षलाई जनताको नजरमा कठघरामा खडा गर्न सफल भएको छ। हामी आशावादी छौं। आगामी दिनमा यसको महत्व शान्ति स्थापनाको मार्गमा अझै वढ्नेछ।

भेषराज पाण्डे, कार्यालय सचिव एमाले, कपिलवस्तु

दुःखद् घटनाहरुलाई समेटिएको प्रस्तुत वर्ष पुस्तक २००४ को ठूलो महत्व रहेको छ। यस संस्थाले स्थानीय प्रतिनिधिहरुको जोखिमलाई दृष्टिगत गरी सेवा सुविधा विकेन्द्रीकरण गरिदिएमा अझ प्रष्टरुपमा सचित्र तथ्यांकहरु प्राप्त भई यस पुस्तकको महत्व अझ वढ्ने थियो। अधिकांश घटनाहरुको अनुगमनमा सहकार्यसमेत गरेको हुँदा यस पुस्तकमा सम्पूर्ण घटनाहरु अधिकांश समेटिएको पाइएको छ।

ओमप्रकाश अर्याल, अध्यक्ष, मासम, कपिलवस्तु

मानवअधिकार वर्ष पुस्तका २००४ प्राप्त गरी अध्ययन गर्ने अवसर प्राप्त भयो। इन्सेकको यस प्रयासको सराहना गर्दछु। यस प्रयासको निरन्तरताको शुभेच्छा प्रकट गर्दछु। शान्ति मात्रको स्थापनाको अपरिहार्यता प्रदर्शन भइरहेको वर्तमान समयमा मुलुकमा शान्ति उपलब्धीमा प्रकाशन रुपी यस अभियानले आफ्नो भूमिका स्थापना गरेको देख्ने चाहना राख्दै शुभकामना व्यक्त गर्न चाहन्छु।

मोदराज डोटेल, प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

राज्य र विद्रोही द्वन्द्वरत रहेको वर्तमान अवस्थामा मानवअधिकारको व्यापक उल्लंघन हुन जानु निश्चय नै राम्रो कुरा होइन। यस्तो कठिन घडीमा मानवअधिकार उल्लंघनका क्षेत्रहरु पहिचान गरी त्यसको उजागर गर्दै गएकोले अवश्य पनि मानवअधिकारको जगेर्नामा सहयोग पुगेको छ। वर्ष पुस्तकको सफलताको शुभकामना।

अवधविहारीप्रसाद सिन्हा, जिल्ला न्यायाधीश, गुल्मी

इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तकहरुको म नियमित पाठक हुँ। यसले आफूलाई क्रमश: वास्तविकतातर्फ डोऱ्याउँदै लगेको पाउँदा खुशी लागेको छ। आशा छ भविष्यमा पनि यो थाकेको अनुभूति गर्नुपर्ने छैन। मानवअधिकारको संरक्षणमा यसले खेलेको भूमिका सराहनीय छ।

प्रेमनारायण शर्मा, प्रमुख जिल्ला अधिकारी, वाग्लुङ

मानवअधिकार वर्ष पुस्तक २००४ मैले सरसर्ती अध्ययन गर्दा मुलुकमा राज्यपक्ष र विद्रोही पक्षबाट भएका मानवअधिकार हननका घटनाहरुलाई खोजविन गरी इन्सेकले यथार्थता चित्रण गर्ने जमर्को गरेको देखियो। मानवअधिकारको विषयमा यस पुस्तकबाट दिइएको सन्देश प्रसंशनीय छ। अझ भोलिका दिनमा मानवअधिकार हननका घटनालाई यथार्थपरक ढंगले सशक्त रुपमा प्रस्तुत गर्न सफलता मिलोस्। साथै यो पुस्तक मानवअधिकार संरक्षणको सन्देश वाहक पुस्तक वन्न सकोस् भन्ने मेरो धारणा रहेको छ।

रामकृष्ण खनाल, जिल्ला न्यायाधीश, पर्वत

अहिलेको अवस्थामा नेपाल अधिराज्यमा जुनसुकै पक्षबाट, जुनसुकै बेला पनि मानवअधिकारको उल्लंघन भइरहेको अवस्थामा विभिन्न ठाउँमा घटेका सत्यतथ्य घटनाहरुलाई समेटेर प्रकाशन भएको मानवअधिकार वर्ष पुस्तक २००४ प्रकाशन गरी मानवाधिकार रक्षाका लागि पहल गर्दै शान्तिको कामना गर्दै अगाडि बढेको इन्सेकलाई धन्यवादका साथै इन्सेकले मानवअधिकार हनन विरुद्ध गरेको प्रयास सफल र सार्थक रहोस्। विगतमा घटेका घटनाहरुलाई लिएर आगामी दिनमा मानवअधिकार वर्ष पुस्तक अझ अगाडि प्रभावकारी तरिकाले वढोस् भन्ने सुभेच्छा सहित इन्सेकको उत्तरोत्तर प्रगतिको कामना।

शिवप्रसाद तिवारी "निराशी", शंकरपोखरी, पर्वत

मानवअधिकार वर्ष पुस्तक २००४ सरसर्ती अध्ययन गरियो। पुस्तकमा उल्लेखित घटनाक्रमहरु यथार्थ परक र वास्तविक छन्। इन्सेकको यो सराहनीय कार्यप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। मानवअधिकारको ज्ञान दिलाउने र जनतालाई सचेत गराउने काममा इन्सेकलाई पूर्ण सफलता मिलोस् हार्दिक शुभकामना।

मोतिप्रसाद पौडेल, सचिव, एमाले, पर्वत

शान्तिको स्थापना बन्दूकको गोलीबाट हुन्छ भन्ने दानवी मतबाट अभिप्रेरित देशका दुवै शक्तिहरु आफ्नो अहंकारको मदमा मात्तिएर चौतर्फीरुपमा मानवअधिकारको उल्लंघन गरिरहेको वर्तमान अवस्थामा यस वर्ष पुस्तकले कुना-कुनामा घटेका घटनाहरुलाई सबैका साम् उदाङ्गो पारी नङ्ग्याउने काम गरेको छ। यसले आउँदा दिनहरुमा अझै वास्तविकता केलाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

तुलसीराम शर्मा, कार्यक्रम अधिकृत, जिविस कार्यालय, पर्वत

मानवअधिकार वर्ष पुस्तक २००४ को सरसर्ती अध्ययन गर्दा भएका २००३ मा देशभरि भएका मानवअधिकारसँग सम्बन्धित सम्पूर्ण घटनाहरुको सूक्ष्म अध्ययन गरी तथ्यमूलक प्रतिवेदन प्रकाशित गरेको छ। उक्त वर्ष पुस्तक अध्ययन गर्ने जो-कोहीलाई पनि वर्तमान द्वन्द्वात्मक स्थितिले समाज र देशमा पारेका नकारात्मक असर र तयसले भविष्यमा निम्त्याउने दुस्परिणामको लेखाजोखा गर्न सहयोग पुऱ्याउने कुरामा पुस्तक उत्कृट रहेको महसुस गरेको छु। भविष्यमा देशभरि घटेका मानवअधिकारसँग सम्वन्धित सम्पूर्ण घटनाहरुको सत्यतथ्यमा आधारित खोजमूलक एवम् वस्तुपरक विषयमा वर्ष पुस्तक प्रकाशन गर्न सफलता हासिल गर्दै जाओस् भन्ने हार्दिक शुभकामना समेत व्यक्त गर्न चाहन्छु।

भरत लम्साल, उपरजिष्ट्रार, पुनरावेदन अदालत, दाङ

मानवअधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले नेपालको मानवअधिकारको उल्लंघनलाई मात्र उजागर गर्दैन अपितु यो नेपालको सम्पूर्ण जिल्लाको मानवअधिकारसँग जोडिने विषयवस्तुसँग सम्बन्धित दस्तावेज हुनुका साथै राष्ट्रिय मूल नागरिकको मुद्दालाई समेत उजागर गर्ने स्थायी दस्तावेज हुन पुगेकोमा विवाद छैन। वर्तमान द्वन्द्ववाट आक्रान्त नेपाली जनताको मानवअधिकार हननकर्तालाई सार्वजनिक गरी दण्डहीनता विरुद्ध आवाज उठाउने कुरामा अझ वढी क्रियाशील भई जिल्ला भित्रका मानवअधिकार उल्लंघनका घटना प्रस्तुत गर्दा मुख्य सहायक र सामान्य गरी त्यससँग सम्वन्धित तस्वीर संयोजनमा कमी देखिएको छ भने संवैधानिक र कानुनी रिक्तताको समयमा मानवअधिकार कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन, प्राकृतिक न्यायका सिद्धान्तलाई तल्लो स्तरको गाउँ-वस्तीमा पुग्नसक्ने उपायहरुको खोजी भएमा वर्ष पुस्तकको सान्दर्भिकता अरु

वढ्न जाने थियो। उपरोक्त कुरामा अझ वढी क्रियाशील हुन सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

पदमप्रसाद वैदिक, पुनरावेदन वार इकाई, तुल्सीपुर, दाङ

आजको एक्काईशौं शताव्दीमा दिनानुदिन चर्कंदै गएको द्वन्द्वात्मक अवस्थालाई मध्यनजर राखी राज्यपक्षवाट हुने काम-कारवाहीहरु सहज र सुलभ तरिकाले मानवअधिकारको पूर्ण पालना गर्न यस कार्यालयवाट नागरिकहरुको जीउज्यानको सुरक्षाप्रति प्रतिवद्धताका साथ काम-कारवाही गरिँदै आइरहेको व्यहोरा अवगत गराउन चाहन्छु। कुनै पनि घटना सम्वन्धमा सुरक्षाकर्मी, निहत्था, सर्वसाधारण, वृद्ध, अशक्त, विद्यार्थी, पत्रकार, राजनीतिकर्मीहरुको मानवअधिकार हनन हुँदा इन्सेकले मानवअधिकार हनन सम्वन्धमा चलाएको विरोध प्रयासलाई उल्लेखनीय मान्न सकिन्छ। यस किसिमका विरोध कार्यक्रमहरु भविष्यमा इन्सेकलगायत् अन्य संघसंस्थाहरुले पनि गर्दै जाउन भन्नेतर्फ उत्प्रेरित गर्न चाहन्छु।

विश्वराज सिंह शाही, प्रहरी उपरीक्षक, जिप्रका, दाङ

प्रकाशनको प्रारम्भदेखि नै वर्ष पुस्तकको मानवअधिकारको संरक्षणमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ। राज्यपक्ष होस् वा विद्रोही पक्ष वा व्यक्तिगत रिसइवीका कारण मानवअधिकार उल्लंघनका घटनाहरुप्रति वर्ष पुस्तक विना भेदभाव पेस हुन सफल भएको छ। पुस्तक प्रकाशन पूर्व जिल्लागत प्रतिवेदनलाई जिल्लामै गोष्ठी प्रवचनद्वारा परिमार्जित र परिस्कृत गर्न सकेमा पुस्तक अझ प्रभावकारी हुने थियो।

ठाकुर डिसी, अधिवक्ता, दाङ

मानवअधिकारजस्तो आधारभूत नैसर्गिक तथा मौलिक अधिकारको हनन् जुनसुकै क्षेत्रवाट भएको भए पनि त्यो राम्रो कुरा होइन। पुस्तकमा प्रकाशित घटना विवरणहरुले सम्वन्धित सवैलाई आगामी दिनहरुमा त्यस्ता घटना नदोहोऱ्याउन प्रेरणा प्रदान गर्नेछन् भन्दै प्रकाशनको निरन्तरताको कामना गर्दछु।

डोलराज ढकाल, कामु प्रमुख, जिल्ला अधिकारी, प्युठान

सवै क्षेत्रवाट भए गरिएका मानवअधिकार उल्लंघन सम्वन्धी घटनाहरुलाई उजागर गरी मानवअधिकारको समग्र स्थितिको जानकारीको सम्वन्धमा जनसमुदायसम्म पुऱ्याउन, आम नागरिकलाई मानवअधिकार घटनाप्रति सजग र जागरुक वनाउनुका साथै मानवअधिकारको क्षेत्रमा भएका कमी कमजोरीहरुलाई भविष्यमा दोहोऱ्याउन नदिन सरोकारवालाहरुलाई सचेत तुल्याउन प्रस्तुत प्रकाशनको प्रयास प्रशंसनीय छ।

रामलाल श्रेष्ठ, स्थानीय विकास अधिकारी, प्युठान

प्रत्येक वर्ष नेपालमा भए/गरेका मानवअधिकारसँग सम्वन्धित घटनाहरु संकलन गरेर मानवअधिकारसम्वन्धी जनचेतना जागृत गराउँदै वर्ष पुस्तकले मानवअधिकार संरक्षण र सम्वर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ। मानवअधिकार सम्वन्धमा भए/गरेका यथार्थ घटनाहरु यस पुस्तकमा स्पष्ट पाउन सकिन्छ। प्रत्येक नागरिक, राज्यपक्ष र गैरराज्यपक्षलाई मानवअधिकार सम्वन्धमा स्पष्ट ज्ञान हुनुका साथै आफू र आफ्ना क्रियाकलाप, नीति, नियमले मानवअधिकार संरक्षणमा कतिको प्रभाव पर्दछ भन्ने कुराको स्पष्ट जानकारी हुनु अत्यावश्यक छ। मानवअधिकार घटनाहरुबारे यथार्थ विवरण संकलन गरी निष्पक्ष तवरले प्रस्तुत गर्न सके वर्ष पुस्तक अझ वढी प्रभावकारी हुने देखिन्छ।

मोहनराज जोशी, प्रहरी नायव निरीक्षक, प्युठान

इन्सेकले मानवअधिकारको रक्षार्थ आफ्ना शुरुका दिनदेखि नै महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ। वर्तमान मुलुकको विषम परिस्थितिमा तथ्यपरक एवम् निष्पक्ष भूमिका निर्वाह गर्नु जरुरी देखिन्छ।

कमलराज पन्थी, जिल्ला न्यायाधिवक्ता, प्युठान

पुस्तकले मानवअधिकार उल्लंघनका घटनाका सम्वन्धमा तितामिठा कुराहरु समावेश गरेको छ। आगामी दिनमा गाउँ-गाउँमा पुगी सर्वसाधारण जनताको राय वुझी सत्यतथ्य मानवअधिकार उललंघनका घटनाका सम्वन्धमा वुझी वोल्न र त्यस्ता पीडितहरुलाई संरक्षण गर्न निरन्तरता देओस् भन्ने हाम्रो पार्टी अपेक्षा राख्दछ।

धर्मप्रसाद आचार्य, का.वा. सभापति नेकाँ (प्र.), सुर्खेत

मानवअधिकार वर्ष पुस्तक एउटा तथ्यांक मात्र होइन, यो मानवअधिकार हननका घटनाको इतिहास हो। यो पुस्तकवाट देशकै मानवअधिकारको हननका घटना बुझ्न सकिने हुँदा यो आँखीझ्याल पनि हो। यस पुस्तक प्रकाशनमा सत्यतथ्य घटना नछुटोस् भन्नेतर्फ ध्यान जाओस्। वर्ष सन् २००५ मा मानवअधिकार क्षेत्रमा कार्यरत सवैको क्रियाशीलताले मानवअधिकार उल्लंघनका घटनामा कमी आउनेतर्फ इन्सेकले सशक्त आवाज उठाउन सफल होस्।

डम्वर जिसी, सभापति, नेकाँ, सुर्खेत

प्रजातन्त्रमा जनताको हक अधिकारको संरक्षण सम्वर्द्धन गर्नु समाजका सवै प्रवुद्ध वर्गको कर्तव्य हो। यसका निम्ति जनचेतना अभिवृद्धि गर्न विभिन्न खाले कार्यक्रमहरु र

माध्यमहरु अपनाइँदै आएका छन्। इन्सेक पनि त्यसै श्रेणीमा पर्दछ। हाल मानवअधिकार वर्ष पुस्तकले सही र तथ्यगत विवरणहरु निष्पक्षरुपमा जनसमक्ष ल्याउन सफल बनोस्, यही शुभकामना।

टिकाराम अर्याल, क्षेत्रीय प्रशासक, सुर्खेत

यस वर्ष पुस्तकले संकटकाल र त्यसपछिका समयमा पनि राज्यपक्ष, विद्रोही पक्षलगायत् अन्य पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरुलाई समाज र राष्ट्रका सामु ल्याई मानवअधिकार उल्लंघनकर्ता र सम्बन्धित निकायलाई सचेत हुन प्रभावकारी भूमिका निर्वाह गरेको छ। मानवअधिकार उल्लंघन बारेमा दैलेख सुर्खेतका कतिपय रिपोर्टमा त्रुटी भएका छन्। आगामी दिनमा तथ्यपरक घटना र रिपोर्ट सकलनमा ध्यान दिन आग्रह गर्दछौं।

रत्नविक्रम राना प्यासी, उपाध्यक्ष, जनमोर्चा नेपाल, सुर्खेत

इन्सेकजस्ता मानवअधिकार संघसंस्था र संगठनहरुले निष्पक्ष वस्तुनिष्ट इमान्दार तथा सत्यतथ्य घटनामा आधारित मानवअधिकार र हननका घटनालाई खोजविन गरी मानवअधिकार सम्वर्द्धन एवम् संरक्षणको दिशामा भएका प्रयासहरुलाई समेत तटस्थरुपमा स्वच्छता दिन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

श्यामलाल लामिछाने, जेलर, कारागार शाखा सुर्खेत

मानवअधिकारको क्षेत्रमा उल्लेखनीय कार्य गर्दै आएको इन्सेकबाट प्रकाशित पुस्तक उपयोगी लाग्यो। आगामी वर्ष पनि पुस्तक प्रकाशन गर्दा गाउँस्तरमा भएका मानवअधिकार उल्लंघनका घटनाहरुको ठोस र वस्तुनिष्ट रुपमा प्रकाशन गर्न सकोस् र मानवअधिकारको चेतना गाउँस्तरमा समेत पुऱ्याउन सकोस् भन्ने कामना गर्दछु।

रामजीप्रसाद त्रिपाठी, का.मु. मुख्य न्यायाधीश, पुनरावेदन अदालत, सुर्खेत

मानवअधिकार वर्ष पुस्तक २००४ सरसर्ती अध्ययन गर्ने अवसर पाए। मानवअधिकारसम्बन्धी क्रियाकलापहरुको सोधखोज र सम्प्रेषण गर्ने कार्य सराहनीय छ। मानवअधिकारका घटना विवरणहरु प्रस्तुत गर्दा दुवै पक्षको भनाइहरु समावेश गर्दा यथार्थपरक र पारदर्शी हुन्छ र घटना विवरणमा कसैको व्यक्तिगत मानमर्दन नहुने गरी सम्मानजक ढगबाट प्रकाशन हुनुपर्दछ। यो प्रकाशनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

तिलकराम शर्मा, प्रमुख जिल्ला अधिकारी, सुर्खेत

राज्य र विद्रोही पक्षबाट सन् २००३ मा हत्या, हिंसा, आगजनी, कुटपिट, लुटपिट, अपहरण, यातना, आतंक जस्ता कामहरु प्रशस्त भएको देखियो। विद्रोही पक्षले धेरै मानिसलाई अपहरण गरेको र राज्यपक्षबाट धेरै मानिस मारेको देखियो। बन्द हड्तालले सामाजिक जीवनका सबै क्षेत्रमा प्रभाव पारेको देखियो। डरत्रासको वातावरण असाध्यै बढ्यो। राज्यका कामहरु साँघुरिए। कानुनी राजको अभाव देखियो। मानवअधिकारको व्यापक उल्लंघनको स्थिति देखियो। यी कहालिलाग्दा अवस्थालाई वर्ष पुस्तकले राम्रोसँग जानकारी गराएको छ।

कृष्णबहादुर हमाल, अध्यक्ष, पुनरावेदन बार इकाई, सुर्खेत

मानवअधिकार उल्लंघनका घटनाहरुलाई व्यवस्थित रुपमा प्रकाशित गरी समग्र नागरिकलाई सुसूचित गर्ने अग्रणी स्थान यो वर्ष पुस्तकले राखेको अनुभव गरेको छु। सांस्कृतिक एवम् आर्थिक क्षेत्रबाट हुने नागरिक अधिकारको हननबारे पनि जनताले जानकारी प्राप्त गर्दा त्यसतर्फ सचेत हुन पाउने कुराको अभाव खड्कन नदिन भूमिकालाई अझै प्रभावकारी बनाउन जरुरी हुन्छ। नागरिकलाई आफ्नो अधिकारप्रति तथ्य-तथ्यांकसहित सुसूचित गरी मानिसका नैसर्गिक अधिकारलाई स्थापित गर्न वर्ष पुस्तकले निर्वाह गरेको भूमिकाको हामी सह्राना गर्दछौं।

ऋषिप्रसाद शर्मा, सचिव, एमाले, सुर्खेत

वर्ष पुस्तकहरुमा २००४ का सन्दर्भमा नेपालको मानवअधिकारको वस्तुस्थिति संकलित रुपमा सबैका सामु जानकारीका रुपमा प्राप्त गर्न पाउदा वर्ष पुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। मुलुकको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक क्षेत्रका अधिकारहरुको हनन र वर्तमान संवैधानिक संकटका साथै माओवादी र राज्यपक्ष बीचको द्वन्द्वका कारण धेरै जनधनको क्षतिसहित राष्ट्रिय संकटको स्थिति छ। यस क्रममा भएका घटनाहरुलाई व्यक्तिगत घटनाक्रमभन्दा पृथक राखी क्षेत्रगत घटना (राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक र संवैधानिक) घटनाक्रमलाई २००५ को अंकमा घटनाका पक्ष, घटनाको विषय, घटनास्थल, घटनाका कारण खुलाई विगतका अंकहरुभन्दा विशेष प्रकारले व्यवस्था गर्नुपर्ने देखिन्छ। राष्ट्रियता, प्रजातन्त्र र मानवअधिकारको संरक्षणमा विशेष भूमिका निर्वाह गर्ने पक्षहरुको गतिविधि संक्षेपमा भए पनि प्रकाशित हुनु आवश्यक देखिन्छ।

भानुभक्त भारती, मानवअधिकारकर्मी, सुर्खेत

मानवअधिकार उल्लंघनका घटनाहरु दिन-प्रतिदिन बढ्दै जान थालेका छन्। ती सम्पूर्ण घटनाक्रमहरुबाट नै मानवअधिकार उल्लंघनको प्रवृत्ति बुझ्न सकिन्छ। त्यसका लागि इन्सेकले सबैलाई गुण लगाएको छ। मानवअधिकार वर्ष

पुस्तकको प्रकाशनबाट करिव मुलुकैभरि इन्सेकको कार्य सञ्जाल विस्तार भएको देखिन्छ। वर्ष पुस्तकका प्रतिनिधिहरुले ठूलो जोखिम उठाएर मानवअधिकार उल्लंघनका घटनाहरु संकलन गरेको पाइन्छ। सीमित साधन र स्रोतबाटै इन्सेक प्रतिनिधिहरुको मेहनतलाई कम आंक्न सकिँदैन। तैपनि वर्ष पुस्तकमा गलत तथ्यांकहरु नपरुन भनने तर्फ प्रकाशक संस्था इन्सेक सजग हुनु वाञ्छनीय छ। द्वन्द्वको अवस्थामा त्यस्ता तथ्यांकहरु यथार्थपरक हुन सकेनन् भने त्यसले झन् ठूलो खतरा निम्त्याउन सक्छ। धेरै परिश्रम गर्दागर्दै पनि वर्ष पुस्तकमा केही घटनाहरुले यथार्थता प्राप्त गर्न सकेको छैन। विद्यमान परिस्थितिमा नेपालको मानवअधिकारको प्रतिविम्व देख्न वर्ष पुस्तक नै सहयोगी सामग्री वनेको छ।

कमलेश डिसी, सभापति, नेपाल पत्रकार महासंघ सुर्खेत

मानवअधिकार जस्तो पवित्र उद्देश्य वोकेको मानवअधिकार संस्था इन्सेकले प्रकाशन गर्ने गरेको वर्ष पुस्तकहरुमा मानवअधिकार उल्लंघनकारी घटनालाई छर्लङ्ग पारेको भए पनि मानवअधिकार संरक्षण तथा पुनर्स्थापनाका लागि सम्वन्धित निकाय तथा सर्वसाधारण जनताले के-कस्ता कार्य तथा प्रयास जारी राख्नुपर्छ भन्ने सम्वन्धी लेख सामग्री पनि प्रकाशित गर्नुका साथै पुस्तक सर्वसुलभ तरिकाले सर्वसाधारण पाठक वर्गमा पुऱ्याउन सके पुस्तकको महत्व अझ वढ्नुका साथै इन्सेकले आफ्नो पवित्र उद्देश्य पूरा गर्न सफल हुने थियो।

कमलकुमार आचार्य, जिल्ला अदालत, डोल्पा

विभिन्न जिल्लामा द्वन्द्वको चपेटामा परेका मानिसहरुको तस्वीरजन्य प्रस्तुतिले सम्पूर्ण पाठकहरुको हृदय छुन्छ, पढ्दा पढ्दै विह्वल बनाउँछ। आगामी वर्ष यस्तो लेख्नु नपरोस् भन्ने अध्यक्षको कलम यादगर रहिरहन्छ। यस प्रकारका हृदयविदारक घटनाहरु हुनुको पछाडिका वास्तविक कारण पीडित र पीडक पक्ष दुवैको स्थितिलाई केलाई घटनाको वास्तविकता जनसमक्ष आएमा साँच्चिकै महत्वपूर्ण, ऐतिहासिक यो दस्तावेजको लोकप्रियता अझ बढ्ने छ।

सूर्यप्रसाद भण्डारी, प्रमुख जिल्ला अधिकारी, डोल्पा

मानवअधिकार र कानुनी राज्यको वारेमा इन्सेक परिवारले खेलेको भूमिका स्वागतयोग्य र अतुलनीय छ। अवरुद्ध प्रजातान्त्रिक अभ्यासलाई स्वभाविक अवस्थामा नफर्काउन्जेलसम्म मानवअधिकार, सामाजिक न्याय, सार्वभौमिकतामा खासै सुधार नआउने भएकोले यसतर्फ हामी सवैको सामूहिक प्रयास अपरिहार्य भएको यस पुस्तकवाट देखिन्छ।

झक्कलबहादुर थापा, कामु जिल्ला न्यायाधीश, डोल्पा

मानवअधिकार वर्ष पुस्तक २००४ मा ठूला-साना घटनाहरु समेटिएको पाइयो। तर, राजनीतिको नाममा गरिएको माओवादी दमन, चन्दा माग्ने काम र सरकारवाट भएका गैरकानुनी वा विना कसुर निमुखा जनतालाई थुनछेक दमनजस्ता काम दुवै पक्षवाट गरेको पाइएको छ तर मुलुकमा मानवीय मूल्य र प्रजातान्त्रिक संस्कारको संरचनाको ठोस पहल नभएको महसुस गरिन्छ।

श्रीबहादुर शाही, सभापति, नेकाँ, डोल्पा

वर्तमान जटिल अवस्थामा पनि घटनालाई प्रकाशित गर्नु राम्रो लाग्यो। अझै हुने मानवअधिकार उल्लंघनका घटनालाई समेटोस् भन्ने शुभकामना दिन चाहन्छु।

पृथ्वीबहादुर रावत, नि. श्रेस्तेदार, जिल्ला अदालत, हुम्ला

अनुसूची ६

वर्ष पुस्तक २००५ तयारीका क्रममा संलग्न व्यक्तिहरु

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद २ : अलमलिएको शान्ति प्रक्रिया

लेखक: योगीश खरेल

परिच्छेद ३

३.१ न्यायपालिका

लेखक: विद्या चापागाईं

३.२ कार्यपालिका

लेखक: प्रेक्षा ओझा

३.३ व्यवस्थापिका

लेखक: जीवन्त वाग्ले

परिच्छेद ४ : माओवादी विद्रोह र त्रास

लेखक: विजयराज गौतम

परिच्छेद ५ : सशस्त्र द्वन्द्व र जेनेभा महासन्धिको साझा धारा ३

लेखक: प्रकाश ज्ञवाली

परिच्छेद ६ : वञ्चित समुदाय र विशेष व्यवस्था

लेखक: लुमासिंह विश्वकर्मा

जिल्लागत प्रतिवेदन तथा तथ्यांक रुजु

१. गणेश भण्डारी

२. जीवन्त वाग्ले

जिल्ला प्रतिनिधिहरु

१. पूर्वाञ्चल

१.१ झापा - अर्जुन वस्नेत
१.२ इलाम - प्रकाश अधिकारी
१.३ पाँचथर - कृष्ण ओझा
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दीपेन नेउपाने
१.६ सुनसरी - राम कोइराला
१.७ धनकुटा - पर्शुराम नेपाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - चित्राङ्गत चौलागाईं
१.१० संखुवासभा - लिलाप्रसाद श्रेष्ठ
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिराहा - देवराज पोखेल
१.१३ उदयपुर - कुशलबाबु वस्नेत
१.१४ खोटाङ - युवराज राई
१.१५ ओखलढुंगा - गुरुवहादुर वस्नेत
१.१६ सोलुखुम्बु - आङगेलु शेर्पा

२. मध्यमाञ्चल

२.१ धनुषा - रोशनदीप ढकाल
२.२ महोत्तरी - ईश्वरी काफ्ले
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपिन गौतम
२.८ वारा - रुद्र धिताल
२.९ पर्सा - प्रेम कार्की
२.१० चितवन - मुकुन्द दाहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - जीवन्त वाग्ले
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - गणेश भण्डारी
२.१६ धादिङ - सिताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिवाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - भीमलाल श्रेष्ठ
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - निर्मला तिवारी
३.५ कास्की - श्यामनाथ कुँवर
३.६ मनाङ - कमानवहादुर गुरुङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - भीष्मराज पन्थी
३.९ पाल्पा - कृष्णप्रसाद वस्याल
३.१० कपिलवस्तु - नन्दराम पौडेल
३.११ अर्घाखाँची - खिमप्रसाद मरासिनी
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ वाग्लुङ - गोविन्द गौनम
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - चन्द्रवहादुर गुरुङ

४. **मध्यपश्चिमाञ्चल**

४.१ दाङ - विमलकुमार अधिकारी

४.२ प्युठान - महेन्द्रप्रसाद श्रेष्ठ

४.३ रोल्पा - घनश्याम आचार्य

४.४ सल्यान - रोमप्रकाश थापा

४.५ रुकुम - जीवन खड्का

४.६ वाँके - सृजना सिंह

४.७ वर्दिया - नारायण सुवेदी

४.८ सुर्खेत - दुर्गा थापा

४.९ जाजरकोट - राजुकुमार शाक्य

४.१० दैलेख - नमनकुमार शाही/सूर्यवहादुर शाही

४.११ डोल्पा - विष्णुलाल वुढा

४.१२ जुम्ला - राजेन्द्र महत

४.१३ कालिकोट - कालिवहादुर मल्ल

४.१४ मुगु - जीवन सिजवाल

४.१५ हुम्ला - रमेश ऐडी

५. **सुदूर पश्चिमाञ्चल**

५.१ कैलाली - कृष्ण विक

५.२ अछाम - रतनवहादुर रावल

५.३ डोटी - लोकेन्द्र जोशी

५.४ वाजुरा - अर्जुन शाह

५.५ वझाङ - प्रकाश विक

५.६ कंचनपुर - युवराज घिमिरे

५.७ डडेलधुरा - केशव वोहोरा

५.८ वैतडी - शेरवहादुर चन्द

५.९ दार्चुला - मदनसिंह धामी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. पोपराज अधिकारी २. पिताम्वर न्यौपाने

मध्यमाञ्चल

१. सम्झा श्रेष्ठ २. विनिता न्यौपाने

पश्चिमाञ्चल

१. सोमराज थापा २. मधु पन्थी

मध्य पश्चिमाञ्चल

१. भोला महत २. भजन चौधरी

सुदूर पश्चिमाञ्चल

१. खड्कराज जोशी २. राजकुमार चौधरी

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येवाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य पाँच जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरुप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सवै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ७०००।-, "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ५०००।- र प्रशंसापत्र रहेको छ।



सर्वोत्कृष्ट
सिताराम अधिकारी, धादिङ

उत्कृष्ट
दीपेन नेउपाने, मोरङ

उत्कृष्ट
माधवराज पाण्डे, पर्वत

उत्कृष्ट
नन्दराम पौडेल, कपिलवस्तु

उत्कृष्ट
दुर्गा थापा, सुर्खेत

उत्कृष्ट
शेरवहादुर चन्द, वैतडी

अनुसूची ७

सन् 2004 मा राज्य पक्षद्वारा पीडित भएकाहरुको संख्या

राज्यपक्षद्वारा पीडित भएकाहरुको संख्या- जम्मा ६ हजार १ सय ३६ जना

इन्सेक पुस्तक १२३/२०६१

इन्सेकद्वारा सन् २००४ मा "निर्भय जनताको सशक्त पहल, दिगोका शान्तिको बाटो" शीर्षकमा राष्ट्रव्यापी पोस्टर प्रतियोगिताको आयोजना गरिएको थियो। प्रतियोगिताबाट छानिएका उत्कृष्ट १५ पोस्टरहरुमध्येको एक राजु पीठाकोटेको सृजनाले **'मानवअधिकार वर्ष पुस्तक २००५'** को आवरण सजाइएको छ।

सरकारद्वारा दुईपटक आतंककारी घोषित माओवादीलाई वार्तामा ल्याउन सजिलो थिएन। त्यसमाथि वार्ताका सम्बन्धमा सरकारमा सहभागी दलहरुबीच मतैक्य कायम हुन सकेन। फलस्वरूप वर्ष २००४ मा पनि परिणाममुखी शान्ति प्रक्रिया प्रारम्भ भएन।

तत्कालीन सरकारले केही त्यस्ता निर्णय गर्‍यो, जसले शान्ति वार्ताको शुरुवातका निम्ति प्रतिकूल वातावरण सृजना गर्न मद्दत पुर्‍यायो। ०६१ असोज २७ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ जारी गर्नु त्यस्तै प्रकृतिको निर्णय थियो। अध्यादेशको पूर्व रूप आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ मा कुनै पनि व्यक्तिलाई न्यायिक प्रक्रिया विना तीन महिनामात्र नजरबन्दमा राख्ने प्रावधान रहेको थियो। पछिल्लो अध्यादेशमा नजरबन्दमा राख्न सकिने अवधि बढाएर एक वर्ष पुर्‍याइयो।

ISBN 999338585-9

इन्सेक insec
मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र पञ्जुषा : २७२६, काठमाडौं
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
ईमेल : insec@insec.org.np
वेभ साइट : www.insec.org.np
www.inseconline.org